१

# उत्पत्ति

## सृष्टिको वर्णन

१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि
गर्नुभयो । २पृथ्वी आकारविहीन र रित्तो
थियो, अथाह समुद्रमाथि अन्धकार थियो, अनि
परमेश्वरको आत्मा पानीमाथि घुमिरहनुभएको
थियो ।
३ अनि परमेश्वरले भन्नुभयो, “उज्यालो
होस्,” अनि उज्यालो भइहाल्यो ।
४परमेश्वरले उज्यालोलाई राम्रो देख्नुभयो,
अनि उहाँले उज्यालोलाई अँध्यारोबाट
अलग गर्नुभयो । ५परमेश्वरले उज्यालोलाई
“दिन” भन्नुभयो, अनि उहाँले अँध्यारोलाई
“रात” भन्नुभयो । साँझ पर्‍यो, अनि
बिहान भयो– पहिलो दिन ।
६ अनि परमेश्वरले भन्नुभयो, “पानीलाई
पानीबाट अलग गर्नलाई पानीहरूको
बीचमा एउटा अन्तर होस् ।” ७यसरी
परमेश्वरले अन्तर बनाउनुभयो अनि
अन्तरमुनिको पानी र अन्तरमाथिको
पानीलाई अलग गर्नुभयो । अनि त्यस्तै
भयो । ८परमेश्वरले अन्तरमाथिलाई
“आकाश” भन्नुभयो । साँझ पर्‍यो, अनि
बिहान भयो– दोस्रो दिन ।
९ अनि परमेश्वरले भन्नुभयो, “आकाशमुनि
भएका पानी एक ठाउँ जम्मा होस् र
ओबानो भूमि देखा परोस् ।” अनि त्यस्तै
भयो । १०परमेश्वरले ओबानो भूमिलाई
“जमिन,” अनि जम्माभएको पानीलाई
उहाँले “समुद्र” भन्नुभयो । अनि
परमेश्वरले त्यसलाई असल देख्नुभयो ।
११तब परमेश्वरले भन्नुभयो, “भूमिले
वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र
आ-आफ्नो किसिमको बीउ हुने फल फल्ने
वृक्षहरू पृथ्वीमा उमारोस् ।” अनि
त्यस्तै भयो । १२भूमिले बीउ भएका
बोटबिरूवाहरू अनि आफूभित्र बीउ
भएका रूखहरू, अनि आफ्ना आफ्नै
जातअनुसारका वनस्पति उमार्‍यो । अनि
परमेश्वरले त्यसलाई असल देख्नुभयो ।
१३अनि साँझ पर्‍यो, अनि बिहान भयो–
तेस्रो दिन ।
१४ अनि परमेश्वरले भन्नुभयो, “आकाशको
अन्तरमा दिन र रात छुट्याउनलाई
ज्योतिहरू होऊन्, अनि तिनीहरू
ऋतुहरू, दिनहरू अनि वर्षहरू बताउने
चिन्हहरू होऊन्, १५अनि पृथ्वीमा ज्योति
दिनलाई तिनीहरू आकाशका अन्तरमाथि
ज्योतिहरू होऊन् ।” अनि त्यस्तै भयो ।
१६परमेश्वरले दुईओटा ठूला ज्योतिहरू
बनाउनुभयो- ठूलो ज्योति दिनमाथि प्रभुत्व
गर्नलाई अनि सानो ज्योति रातमाथि
प्रभुत्व गर्नलाई । उहाँले ताराहरू पनि
बनाउनुभयो । १७परमेश्वरले पृथ्वीमा
उज्यालो दिन तिनीहरूलाई आकाशको
अन्तरमा राख्नुभयो, १८दिन र रातमाथि
प्रभुत्व गर्नलाई, अनि उज्यालोलाई
अँध्यारोबाट अलग गर्नलाई । परमेश्वरले
हेर्नुभयो, त्यो असल थियो । १९अनि साँझ
पर्‍यो र बिहान भयो– चौथो दिन ।
२० अनि परमेश्वरले भन्नुभयो, “पानी जीवित
प्राणीहरूले भरिऊन्, र चराहरूको
वर्गमा पर्ने आकाशको अन्तरमा
उडून् ।” २१यसरी परमेश्वरले समुद्रमा
भएका विशाल प्राणीहरू अनि जीवित र
चलहल गर्ने समुद्रको प्रत्येक चीजलाई,
तिनीहरूका आफ्नै किसिमका गरी, र

---

१:३ –२ कोरिन्थी ४:६.

उड़ने प्रत्येक चरालाई आफ्नै किसिमको
गरी, सृष्टि गर्नुभयो । अनि परमेश्वरले
त्यसलाई असल भएको देख्नुभयो ।
**२२**परमेश्वरले तिनीहरूलाई आशिष् दिएर
भन्नुभयो, "फल्दै-फुल्दै अनि सङ्ख्यामा
वृद्धि हुँदै समुद्रको पानीमा भरिँदै जाओ,
र चराहरू पृथ्वीमा वृद्धि हुँदै जाऊन् ।"
**२३**अनि साँझ पऱ्यो र बिहान भयो– पाँचौं
दिन ।

**२४** अनि परमेश्वरले भन्नुभयो, "जमिनले
आफ्ना आफ्नै किसिमका जीवित प्राणीहरू
अर्थात्– पाल्तु-पशुहरू, घस्रने जन्तुहरू,
र जङ्गली जनावरहरू उत्पन्न गरोस् ।"
अनि त्यस्तै भयो । **२५**परमेश्वरले जङ्गली
जनावरहरूलाई आफ्नै किसिमका, पाल्तु
पशुहरू आफ्नै किसिमका, र जमिनमा
चलहल गर्ने सबै प्राणीहरू आफ्नै
किसिमका गरी बनाउनुभयो । अनि
परमेश्वरले ती असल भएको देख्नुभयो ।

**२६**तब परमेश्वरले भन्नुभयो, "हामी
मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै
प्रतिरूपमा बनाऔं, अनि तिनीहरूले
समुद्रका माछाहरू, आकाशका चराहरू,
पाल्तु पशुहरू, सारा पृथ्वी, अनि जमिनमा
चलहल गर्ने सबै प्राणीहरूमाथि अधिकार
गरून् ।"

**२७** यसरी परमेश्वरले मानिसलाई उहाँको
आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो,
परमेश्वरको स्वरूपमा उहाँले त्यसलाई
सृष्टि गर्नुभयो; उहाँले तिनीहरूलाई
नर र नारी सृष्टि गर्नुभयो ।

**२८**परमेश्वरले तिनीहरूलाई आशिष्
दिएर भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै,
पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा
पार्दैजाओ । समुद्रका माछाहरू, आकाशका
चराहरू अनि जमिनमा चलहल गर्ने
प्रत्येक प्राणीहरूमाथि अधिकार गर ।"

**२९**तब परमेश्वरले भन्नुभयो, "हेर, म
तिमीहरूलाई सम्पूर्ण पृथ्वीमा भएको बीउ
भएको बोटबिरूवाहरू अनि फलमा बीउ
भएको प्रत्येक रूख दिन्छु । ती
तिमीहरूका भोजनको निम्ति हुनेछन् ।
**३०**अनि पृथ्वीमा भएका सबै जन्तुहरू
अनि आकाशमा भएका सबै चराहरू
अनि जमिनमा चलहल गर्ने सबै प्राणीहरू,
अर्थात् प्राण भएका प्रत्येकको निम्ति
म आहाराको लागि हरियो वनस्पति
दिन्छु ।" अनि त्यस्तै भयो ।

**३१**आफूले बनाउनुभएका सबै परमेश्वरले
देख्नुभयो, अनि ती अति असल थिए ।
अनि साँझ पऱ्यो र बिहान भयो– छैटौं
दिन ।

**२** यसरी आकाश र पृथ्वी अनि तिनमा
भएका सबै कुरा बनाइसकिए ।
**२** आफूले गरिरहनुभएको काम परमेश्वरले
छैटौँ दिनसम्ममा सक्नुभयो र सातौँ दिनमा
उहाँले आफ्ना सबै कामहरूबाट विश्राम
लिनुभयो । **३**अनि परमेश्वरले सातौं
दिनलाई आशिष् दिनुभयो र त्यसलाई
पवित्र तुल्याउनुभयो, किनकि त्यस दिन
उहाँले आफूले सृष्टि गर्नुभएका सबै
कामहरूबाट विश्राम लिनुभयो ।

### आदम र हव्वा

**४**आकाश र पृथ्वी सृष्टि गरिएको वृतान्त
यही हो ।

परमप्रभु परमेश्वरले पृथ्वी र आकाश
बनाउनुहँदा– **५**पृथ्वीमा खेतका कुनै झाडीहरू
अनि कुनै बोटबिरूवाहरू पनि उम्रेका थिएनन्,
किनकि परमप्रभु परमेश्वरले पृथ्वीमा पानी
पठाउनुभएको थिएन र जमिनमा काम गर्ने
कुनै मानिस थिएन, **६**तर पृथ्वीबाट मूल फुटेर
पानी निस्की जमिनको सम्पूर्ण बाहिरी भागलाई

**१:२६**–१ कोरिन्थी ११:७. **१:२७**–मत्ती १९:४; मर्कूस १०:६. **१:२७–२८**–उत्पत्ति५:१-२. **२:२**–हिब्रू ४:४,१०.
**२:२–३**–प्रस्थान २०:११.

भिजाउँथ्यो । **७**परमप्रभु परमेश्‍वरले मानिसलाई
जमिनको माटोबाट बनाउनुभयो अनि त्यसको
नाकको प्वालबाट जीवनको सास फुकिदिनुभयो
र मानिस जिउँदो प्राणी भयो ।

**८**अब, परमेश्‍वरले पूर्वमा भएको अदनमा
एउटा बगैँचा लगाउनुभएको थियो; अनि
आफूले बनाउनुभएको मानिसलाई उहाँले त्यहाँ
राख्नुभयो । **९**अनि परमप्रभु परमेश्‍वरले भूमिबाट
सबै किसिमका रूखहरू, अर्थात् हेर्नमा राम्रो
र खानलाई असल रूखहरू उमार्नुभयो ।
बगैँचाको बीचमा जीवनको रूख अनि असल
र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो ।

**१०**बगैँचालाई भिजाउने एउटा नदी अदनबाट
बहन्थ्यो; त्यहाँबाट त्यो चार भागमा बाँड़िएको
थियो । **११**पहिलोको नाउँ पीशोन हो; जो
हवीलाको समस्त मुलुकभएर बग्दछ, जहाँ सुन
पाइन्छ । **१२**(त्यस देशको सुन असल हुन्छ;
त्यहाँ वासना आउने खोटो र ओनिक्स
पत्थरहरू पनि पाइन्छन् ।) **१३**दोस्रो नदीको
नाउँ गीहोन हो; यो कूशको समस्त मुलुक
भएर बग्दछ । **१४**तेस्रो नदीको नाउँ टाइग्रिस
हो; यो अश्‍शूरको पूर्वतिर भएर बग्दछ । अनि
चौथो नदीचाहिँ यूफ्रेटिस हो ।

**१५**परमप्रभु परमेश्‍वरले मानिसलाई लगेर
अदनको बगैँचामा काम गर्न अनि त्यसलाई
हेरचाह गर्न भनी त्यहाँ राख्नुभयो । **१६**अनि
परमप्रभु परमेश्‍वरले मानिसलाई यस्तो आज्ञा
दिनुभयो, "यस बगैँचामा भएका रूखहरूबाट
जे पनि खान तिमी स्वतन्त्र छौ; **१७**तर तिमीले
असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ
नखानू, किनकि तिमीले त्यसबाट खायौ भने
तिमी अवश्य मर्नेछौ ।"

**१८**परमप्रभु परमेश्‍वरले भन्नुभयो, "मानिसलाई
एक्लो रहन असल हुँदैन । म त्यसलाई सुहाउने
एउटा सहयोगी बनाउनेछु ।"

**१९**परमप्रभु परमेश्‍वरले भूमिबाट जमिनका
सबै पशुहरू अनि आकाशका सबै चराहरू
बनाउनुभएको थियो । मानिसले तिनीहरूको
नाउँ के राख्दोरहेछ भनी हेर्न तिनीहरूलाई
मानिसकहाँ ल्याउनुभयो; अनि जसरी मानिसले
प्रत्येक प्राणीलाई बोलाए, त्यही त्यसको नाउँ
भयो । **२०**यसरी मानिसले सबै पाल्तु पशुहरू,
आकाशका सबै चराहरू अनि जमिनका सबै
पशुहरूलाई नाउँ दिए ।

तर आदमको लागि कुनै सुहाउँदो सहायक
पाइएन । **२१**यसकारण, परमप्रभु परमेश्‍वरले
मानिसलाई मस्त निद्रामा पार्नुभयो; अनि जब
तिनी सुतिरहेका थिए, उहाँले मानिसका
करङ्गहरूमध्येबाट एउटा निकालेर त्यस ठाउँलाई
मासुले भरिदिनुभयो । **२२**त्यसपछि परमप्रभु
परमेश्‍वरले मानिसबाट निकालिएको करङ्गबाट
एउटी स्त्री बनाउनुभयो अनि तिनलाई
मानिसकहाँ ल्याउनुभयो ।

**२३**मानिसले भने,

"अब यो मेरा हाड़हरूका हाड़
अनि मेरा मासुका मासु हो;
तिनलाई 'स्त्री' भनिनेछ,
किनकि तिनी मानिसबाट निकालिएकी
हुन् ।"

**२४**यसैकारणले मानिसले आफ्ना आमाबाबुलाई
छोड़ेर आफ्नी स्वास्नीसित मिलिरहनेछ, अनि
तिनीहरू एउटै शरीर हुनेछन् ।

**२५**मानिस र तिनकी स्वास्नी दुवै नाङ्गा भएका
भएपनि तिनीहरू लजाउँदैनथे ।

## मानिसको पतन

**३** अब परमप्रभु परमेश्‍वरले बनाउनुभएका
बन-पशुहरूमध्ये सर्प बढी धूर्त थियो ।
त्यसले स्त्रीलाई भन्यो, "के परमेश्‍वरले साँच्चै
'यस बगैँचाका कुनै पनि रूखका फल
तिमीहरूले नखानू' भनी भन्नुभयो ?"

**२**स्त्रीले सर्पलाई भनिन्, "हामी बगैँचामा
भएका रूखहरूका फल खान सक्छौं, **३**तर

---

**२:७**–१ कोरिन्थी १५:४५ **२:९**–प्रकाश २:७; २२:२,१४. **२:२४**–मत्ती १९:५; मर्कूस १०:७-८; १ कोरिन्थी ६:१६; एफिसी५:३१. **३:१**–प्रकाश १२:९; २०:२.

परमेश्वरले यो पनि भन्नुभयो, 'तिमीहरूले
बगैँचाको बीचमा भएको रूखको फल नखानू,
अनि तिमीहरूले त्यो नछुनू, नत्रता तिमीहरू
मर्नेछौं ।'"

**४**सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू कदापि
मर्नेछैनौ । **५**किनकि परमेश्वर जान्नुहुन्छ कि
तिमीहरूले यो खायौ भने तिमीहरूका आँखा
उघ्रनेछन्, अनि तिमीहरू पनि असल र खराब
जान्ने भई, परमेश्वरजस्तै हुनेछौ ।"

**६**जब स्त्रीले त्यस रूखको फल खानलाई
असल अनि हेर्नमा रहरलाग्दो, अनि बुद्धि प्राप्त
गर्नलाई चाहिने देखिन्, तिनले केही फल टिपेर
खाइन् । तिनले आफ्नो लोग्नेलाई पनि केही
दिइन्, जो तिनीसँगै थिए, अनि तिनले पनि
खाए । **७**अनि ती दुवैका आँखा उघ्रिए र
तिनीहरूले आफू नाङ्गो भएको थाहा पाए अनि
तिनीहरूले नेभाराका पातहरू गाँसेर आफ्ना
निम्ति ढाक्ने कुराहरू बनाए ।

**८**तब दिनको शितल समयमा जसै
परमप्रभु परमेश्वर बगैँचामा डुल्दै हुनुहुन्थ्यो,
मानिस र तिनकी स्वास्नीले उहाँको सोर सुने,
अनि तिनीहरू परमप्रभु परमेश्वरदेखि बगैँचाका
रूखहरूबीच लुके । **९**तर परमप्रभु परमेश्वरले
मानिसलाई बोलाउँदै भन्नुभयो, "तिमी
कहाँ छौ ?"

**१०**तिनले जवाफ दिए, "मैले बगैँचामा
तपाईंको सोर सुनें, अनि मलाई डर लाग्यो
किनकि म नाङ्गो थिएँ र म लुकें ।"

**११**अनि उहाँले भन्नुभयो, "तिमी नाङ्गो छौ
भनेर कसले भन्यो ? के तिमीले मैले नखानू
भनी आदेश दिएको रूखबाट खायौ ?"

**१२**मानिसले भने, "तपाईंले मसित सँगै
बस्नको लागि दिनुभएकी स्त्रीले त्यस रूखबाट
मलाई केही फल दिइन्, र मैले खाएँ ।"

**१३**तब परमप्रभु परमेश्वरले स्त्रीलाई
भन्नुभयो, "तिमीले यो के गऱ्यौ ?"

त्यस स्त्रीले जवाफ दिइन्, "सर्पले मलाई
छल गऱ्यो, अनि मैले खाएँ ।"

**१४**यसकारण परमेश्वरले सर्पलाई भन्नुभयो,
"तैंले यसो गरेको कारण,

"तँ सबै पाल्तु पशुहरू अनि
सबै बन-पशुहरूभन्दा श्रापित भएको
छस् !
तेरो जीवनकालभरि तँ आफ्नो पेटले
घस्रनेछस्,
अनि तैंले धूलो खानेछस् ।
**१५** अनि म तँ र स्त्रीबीच,
अनि तेरा सन्तान र स्त्रीको सन्तानबीच;
दुश्मनी हालिदिनेछु ।
त्यसले तेरो शिर कुच्याउनेछ,
अनि तैंले त्यसको कुर्कुच्चा डस्नेछस् ।"
**१६** स्त्रीलाई उहाँले भन्नुभयो,
"म तेरो प्रसव-वेदना धेरै बढ़ाइदिनेछु;
कष्टसाथ तैंले नानीहरू जन्माउनेछस् ।
तेरो इच्छा तेरो लोग्नेप्रति रहनेछ,
अनि त्यसले तँमाथि शासन गर्नेछ ।"

**१७**आदमलाई उहाँले भन्नुभयो, "किनकि
तैंले आफ्नी स्वास्नीको कुरा सुनिस् अनि मैले
'तँलाई नखानू' भनेको रूखबाट खाइस्,

"तेरो कारण भूमि श्रापित भएको छ;
तेरो जीवनकालभरि तैंले कष्टदायक
परिश्रम गरेर त्यसबाट खानेछस् ।
**१८** त्यसले तेरो निम्ति काँढ़ा र सिउँड़ी
उमार्नेछ,
अनि तैंले जमिनका बोटबिरूवाहरू
खानेछस् ।
**१९** जबसम्म तँ जमिनमा फर्किजाँदैनस्,
तेरो निधारको पसिनाद्वारा
तैंले आफ्नो भोजन खानेछस्,
किनकि तँ माटो होस्
अनि तँ माटैमा फर्किजानेछस्,
किनकि यसैबाट तँ निकालिएको थिइस् ।"

**२०**आदमले आफ्नी पत्नीको नाउँ हव्वा
राखे, किनकि तिनीनै सबै जीवितहरूकी आमा
हुनेछिन् ।

---

**३:१३**–२ कोरिन्थी ११:३; १ तिमोथी २:१४. **३:१५**–प्रकाश १२:१७. **३:१७-१८**–हिब्रू ६:८.

**२१**परमप्रभु परमेश्वरले आदम र तिनकी
पत्नीको निम्ति छालाको लुगा बनाएर
लगाइदिनुभयो । **२२**अनि परमप्रभु परमेश्वरले
भन्नुभयो, “मानिस अब हामीजस्तै असल र
खराब जान्ने भएको छ । उसलाई आफ्नो
हात बढ़ाएर जीवनको रूखबाट पनि टिपेर
खान र अनन्तसम्म बाँच्ने हुन दिनुहुन्न ।”
**२३**यसकारण परमप्रभु परमेश्वरले तिनलाई जुन
भूमिबाट बनाउनुभएको थियो त्यहीँ काम गर्नु
भनी अदनको बगैँचाबाट निकालिदिनुभयो ।
**२४**उहाँले मानिस र स्त्रीलाई धपाइदिनुभएपछि,
उहाँले अदनको बगैँचाको पूर्वपट्टि करूब अनि
ज्वालामय तरवार राखिदिनुभयो जसले
चारैतिर घुमेर जीवनको रूखमा जाने बाटोको
रक्षा गर्थे ।

## कयिन र हाबिल

**४** आफ्नी पत्नी हव्वासित आदमको सहवास
भयो, अनि तिनी गर्भवती भइन् र
कयिनलाई जन्माइन् । तिनले भनिन्,
“परमप्रभुको सहायताले मैले एक जना
मानिसलाई जन्म दिएँ ।” **२**त्यसपछि तिनले
कयिनको भाइ हाबिललाई जन्माइन् ।

अब हाबिल भेड़ा-गोठाला भए, अनि
कयिनचाहिँ खेतको काम गर्ने भए । **३**केही
समय बितेपछि कयिनले परमप्रभुलाई भेटीस्वरूप
खेतका केही उब्जनी ल्याए । **४**तर हाबिलले
आफ्ना बगालका पहिले जन्मेका मोटा
पशुहरूबाट केही असल भागहरू ल्याए ।
परमप्रभुले हाबिल र तिनको भेटीलाई निगाहको
दृष्टिले हेर्नुभयो, **५**तर कयिन र तिनको भेटीलाई
चाहिँ निगाहको दृष्टिले हेर्नुभएन । यसकारण
कयिन अति रीसाए, अनि तिनको अनुहार
अँध्यारो भयो ।

**६**तब परमप्रभुले कयिनलाई भन्नुभयो, “तँ
किन रीसाउँछस् ? तेरो अनुहार किन अँध्यारो
छ ? **७**तैँले जे ठीक छ सो गरिस् भने के तँ
ग्रहण हुँदैनस् ? तर तैँले जे ठीक छ सो
गरिनस् भने, पाप तेरो ढोकैमा ढुकिबसेको छ;
त्यसले तँलाई पाउने इच्छा राख्छ, तर तैँले
त्यसलाई अधीन गर्नैपर्छ ।”

**८**अब कयिनले आफ्नो भाइ हाबिललाई
भने, “आऊ, हामी बाहिर खेतमा जाऔं ।”
अनि जब तिनीहरू खेतमा थिए, कयिनले आफ्नो
भाइ हाबिलमाथि आक्रमण गरे अनि तिनलाई
मारे ।

**९**तब परमप्रभुले कयिनलाई सोध्नुभयो,
“तेरो भाइ हाबिल कहाँ छ ?”

तिनले जवाफ दिए, “म जान्दिनँ । के म
मेरो भाइको गोठालो हुँ ?”

**१०**परमप्रभुले भन्नुभयो, “तैँले के गरिस् ?
सुन् ! तेरो भाइको रगतले जमिनबाट मलाई
पुकार्दैछ । **११**अब तँलाई श्राप लागेको छ, अनि
तेरो हातबाट तेरो भाइको रगत लिनलाई जुन
जमिनले आफ्नो मुख खोलेको छ त्यो जमिनबाट
तँ धपाइएको छस् । **१२**तैँले जब जमिनमा
काम गर्छस्, यसले तेरो लागि अन्न
उमार्नेछैन । तँ पृथ्वीमा एक जना विनाचैनको
डुलुवा हुनेछस् ।”

**१३**कयिनले परमप्रभुलाई भने, “मेरो दण्ड
मैले सहन सक्ने भन्दा बढ़ी भएको छ । **१४**आज
तपाईंले मलाई यस ठाउँबाट निकाल्नुहुँदैछ,
अनि म तपाईंको उपस्थितिबाट लुकाइएको
हुनेछु; म यस पृथ्वीमा एक जना विनाचैनको
डुलुवा हुनेछु, अनि जसले मलाई भेटाउँछ त्यसले
मलाई मार्नेछ ।”

**१५**तर परमप्रभुले तिनलाई भन्नुभयो, “यस्तो
हुनेछैन, यदि कसैले कयिनलाई मार्‍यो भने
त्यसको सात गुणा बढ़ता बदला त्यसले
भोग्नेछ ।” तब तिनलाई कसैले भेटेर नमारून्
भनी परमप्रभुले कयिनलाई एउटा छाप
लगाइदिनुभयो । **१६**यसरी कयिन परमप्रभुको
उपस्थितिबाट अदनको पूर्वतिरको नोद भन्ने
ठाउँमा बस्न लागे ।

**१७**आफ्नी स्वास्नीसित कयिनको सहवास
भयो अनि तिनी गर्भवती भइन् र हनोकलाई

**३:२२**–प्रकाश २२:१४. **४:४**–हिब्रू ११:४. **४:८**–मत्ती २३:३५; लूका ११:५१; १ यूहन्ना ३:१२. **४:१०**–हिब्रू १२:२४.

जन्माइन् । तब कयिनले एउटा शहर बनाए र
आफ्नो छोराको नाउँमा त्यस शहरको नाउँ
हनोक राखे । **१८**हनोकबाट ईरादको जन्म भयो,
अनि ईरादचाहिँ महूयाएलका पिता भए, अनि
महूयाएलचाहिँ मतूशाएलका पिता भए, अनि
मतूशाएलचाहिँ लेमेखका पिता भए ।

**१९**लेमेखले दुईओटी स्त्रीहरूलाई विवाह
गरे, एउटीको नाउँ आदा र अर्कीको नाउँ सिल्ला
थिए । **२०**आदाले याबाललाई जन्माइन्, जोचाहिँ
पालहरूमा बसेर पशु पालन गर्नेहरूका पुर्खा
थिए । **२१**तिनको भाइको नाउँ यूबाल थियो,
जोचाहिँ बीणा र बाँसुरी बजाउनेहरूका पुर्खा
थिए । **२२**सिल्लाको पनि एउटा छोरा भयो,
तूबल-कयिन जसले काँसा र फलामका सबै
किसिमका हात-हतियारहरू बनाउँथे । तूबल-
कयिनकी बहिनी नामा थिइन् ।

**२३**लेमेखले आफ्नी पत्नीहरूलाई भने,

"आदा र सिल्ला, मेरो कुरा सुन;
लेमेखकी पत्नी हो, मेरा वचनहरू सुन ।
मलाई आघात पुऱ्याउने मानिसलाई मैले
मारेको छु,
मलाई चोट लाउने जवान मानिसलाई ।
२४ यदि कयिनको साटो सात गुणा हो भने,
लेमेखको चाहिँ सतहत्तर गुणा लिइनेछ ।"

**२५**आदमको आफ्नी पत्नीसित फेरि सहवास
भयो, अनि तिनले एउटा छोरा जन्माइन् अनि
उसको नाउँ यसो भन्दै शेत राखिन्, "कयिनले
हाबिललाई मारेपछि परमेश्वरले मलाई उसको
सट्टामा अर्को छोरा दिनुभयो ।" **२६**शेतको पनि
एउटा छोरा भयो, अनि तिनले उसको नाउँ
एनोश राखे ।

त्यस बेला मानिसहरूले परमप्रभुको नाउँको
पुकारा गर्नथाले ।

## आदमदेखि नूहसम्मको वंशावली

**५** आदमको वंशको लिखित वृतान्त यही
हो ।

जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो,
उहाँले तिनलाई परमेश्वरको स्वरूपमा
बनाउनुभयो । **२**उहाँले तिनीहरूलाई नर
र नारी बनाउनुभयो अनि तिनीहरूलाई आशिष्
दिनुभयो । अनि तिनीहरूको सृष्टि हुँदा उहाँले
तिनीहरूलाई "मानिस" नाउँ दिनुभयो ।

**३**आदम एक सय तीस वर्षको हुँदा, तिनी
जस्तै तिनको आफ्नै स्वरूपमा एउटा छोरा
भयो, अनि तिनले उसको नाउँ शेत राखे ।
**४**शेतको जन्मपछि, आदम आठ सय वर्षसम्म
बाँचे अनि तिनका अरू छोराछोरीहरू भए ।
**५**आदम जम्मा नौ सय तीस वर्षसम्म बाँचे,
अनि तिनी मरे ।

**६**शेतको उमेर एक सय पाँच वर्षको हुँदा,
तिनी एनोशका पिता भए । **७**अनि तिनी एनोशका
पिता भएपछि, शेत आठ सय सात वर्ष बाँचे
अनि तिनका अरू छोराछोरीहरू भए । **८**शेत
जम्मा नौ सय बाह्र वर्षसम्म बाँचे, अनि तिनी
मरे ।

**९**एनोशको उमेर नब्बे वर्षको हुँदा, तिनी
केनानका पिता भए । **१०**अनि तिनी केनानका
पिता भएपछि, एनोश आठ सय पन्ध्र वर्ष बाँचे
अनि तिनका अरू छोराछोरीहरू भए । **११**एनोश
जम्मा नौ सय पाँच वर्षसम्म बाँचे, अनि तिनी
मरे ।

**१२**केनानको उमेर सत्तरी वर्षको हुँदा, तिनी
महलेलका पिता भए । **१३**अनि तिनी महलेलका
पिता भएपछि, केनान आठ सय चालीस वर्ष
बाँचे र तिनका अरू छोराछोरीहरू भए ।
**१४**केनान जम्मा नौ सय दश वर्षसम्म बाँचे,
अनि तिनी मरे ।

**१५**महलेलको उमेर पैंसट्ठी वर्षको हुँदा,
तिनी येरेदका पिता भए । **१६**अनि तिनी येरेदका
पिता भएपछि, महलेल आठ सय तीस वर्ष
बाँचे अनि तिनका अरू छोराछोरीहरू भए ।
**१७**महलेल जम्मा आठ सय पन्चानब्बे वर्षसम्म
बाँचे, अनि तिनी मरे ।

**१८**येरेदको उमेर एक सय बैसट्ठी वर्षको

---

**४:२४**–मत्ती १८:२२. **५:१-३२**–१ इतिहास १:१-४. **५:१-२**–उत्पत्ति १:२७-२८. **५:२**–मत्ती १९:४; मर्कूस १०:६.

हुँदा तिनी हनोकका पिता भए । **१९**अनि तिनी
हनोकका पिता भएपछि, येरेद आठ सय वर्ष
बाँचे अनि तिनका अरू छोराछोरीहरू भए ।
**२०**येरेद जम्मा नौ सय बैसट्ठी वर्षसम्म बाँचे,
अनि तिनी मरे ।

**२१**हनोकको उमेर पैंसट्ठी वर्षको हुँदा, तिनी
मतूशेलहका पिता भए । **२२**अनि तिनी
मतूशेलहका पिता भएपछि, हनोक परमेश्वरसित
तीन सय वर्ष हिँड़डुल गरे अनि तिनका अरू
छोराछोरीहरू भए । **२३**हनोक जम्मा तीन
सय पैंसट्ठी वर्षसम्म बाँचे । **२४**हनोक
परमेश्वरसित हिँड़डुल गरे, अनि तिनी रहेनन्;
किनकि परमेश्वरले तिनलाई उठाइलानुभयो ।

**२५**मतूशेलहको उमेर एक सय सतासी
वर्षको हुँदा, तिनी लेमेखका पिता भए । **२६**अनि
तिनी लेमेखका पिता भएपछि, मतूशेलह सात
सय बयासी वर्ष बाँचे अनि तिनका अरू
छोराछोरीहरू भए । **२७**मतूशेलह जम्मा नौ सय
उनान्सत्तरी वर्षसम्म बाँचे, अनि तिनी मरे ।

**२८**लेमेखको उमेर एक सय बयासी वर्षको
हुँदा, तिनको एउटा पुत्र भयो । **२९**तिनले उसको
नाउँ नूह राखे अनि भने, “परमप्रभुले श्राप
दिनुभएको भूमिमा हाम्रा हातले गरेको काम र
कष्टदायक परिश्रममा यसले हामीलाई सान्त्वना
दिनेछ ।” **३०**नूह जन्मेपछि, लेमेख पाँच सय
पन्चानब्बे वर्ष बाँचे अनि तिनका अरू
छोराछोरीहरू भए । **३१**लेमेख जम्मा सात सय
सतहत्तर वर्षसम्म बाँचे, अनि तिनी मरे ।

**३२**नूहको उमेर पाँच सय वर्षको हुँदा, तिनी
शेम, हाम र येपेतका पिता भए ।

## नूह र जलप्रलय

**६** जब पृथ्वीमा मानिसहरूको सङ्ख्या
बढ्‌नथाल्यो अनि तिनीहरूका छोरीहरू
जन्मे, **२**परमेश्वरका छोराहरूले मानिसहरूका
छोरीहरूलाई सुन्दरी देखे, अनि तिनीहरूले
छानीछानी तिनीहरूलाई विवाह गरे । **३**तब
परमप्रभुले भन्नुभयो, “मेरो आत्माले सधैंभरि
मानिससित विवाद गरिरहनेछैन, किनकि त्यो
मरणशील हो; त्यसको आयु एक सय बीस वर्ष
हुनेछ ।”

**४**ती दिनहरूमा र त्यसपछि पनि पृथ्वीमा
नफिलीमहरू थिए, जब परमेश्वरका छोराहरू
मानिसहरूकी छोरीहरूकहाँ गए अनि
तिनीहरूबाट छोराछोरीहरू जन्मे । तिनीहरू
पुरानो समयका शूरवीर र नाउँ चलेका
मानिसहरू थिए ।

**५**परमेश्वरले पृथ्वीमा मानिसहरूको दुष्टता
अति बढ़ेको, अनि सब समय हृदयको विचार
दुष्टतातिर ढल्केको देख्नुभयो । **६**पृथ्वीमा आफूले
मानिस बनाउनुभएकोमा परमेश्वर दु:खी
हुनुभयो, अनि उहाँको हृदय दु:खले भरियो ।
**७**यसकारण परमप्रभुले भन्नुभयो, “मैले सृष्टि
गरेको मानिस जातिलाई, मानिसहरू अनि
जमिनमा चलहल गर्ने पशुहरू र प्राणीहरू,
अनि आकाशका चराहरू, सबैलाई पृथ्वीबाट
म नाउँ निशानै मेटिदिनेछु, किनकि तिनीहरूलाई
बनाएकोमा मलाई दु:ख लागेको छ ।” **८**तर
नूहले चाहिँ परमप्रभुको निगाह प्राप्त गरेका
थिए ।

**९**नूहको वृतान्त यही हो ।

आफ्नो समयमा मानिसहरूबीच नूह एक
धार्मिक र निर्दोष मानिस थिए, अनि तिनी
परमेश्वरसँग हिँड्थे । **१०**नूहका तीन छोराहरू
थिए: शेम, हाम र येपेत ।

**११**परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको
अनि उपद्रवले भरिएको थियो । **१२**परमेश्वरले
पृथ्वी अति भ्रष्ट भएको देख्नुभयो, किनकि
पृथ्वीका सबै मानिसहरूले आफ्ना चालहरू
भ्रष्ट पारेका थिए । **१३**यसकारण परमेश्वरले
नूहलाई भन्नुभयो, “म सबै मानिसहरूको अन्त
गर्दैछु, किनकि तिनीहरूको कारणले पृथ्वी
उपद्रवले भरिएको छ । म निश्चयनै
तिनीहरूलाई र पृथ्वीलाई नष्ट गर्दैछु ।
**१४**यसकारण गोपेर काठको एउटा जहाज

**५:२४**–हिब्रू ११:५. **६:५–८**–मत्ती २४:३७; लूका १७:२६; १ पत्रुस ३:२०. **६:९**–२ पत्रुस २:५.

बनाउनू; अनि त्यसमा कोठाहरू बनाएर
त्यसलाई भित्र र बाहिर अलकत्रले लिप्नू ।
**१५**त्यो तैंले यसरी बनाउनू– त्यो जहाज चार
सय पचास फूट लामो, पचहत्तर फूट चौड़ा
अनि पैंतालीस फूट अग्लो होस् । **१६**त्यसको
धुरी बनाएर त्यसलाई टुप्पोबाट अठार इन्च
छोड़ेर टुंग्याउनू । जहाजको एक छेउमा एउटा
ढोका राखेर, तल्लो, बीचको र माथिल्लो
तलाहरू बनाउनू । **१७**म आकाशमुनि भएका
सम्पूर्ण प्राण, पृथ्वीमा भएका जीवनका सास
हुने प्रत्येक प्राणीलाई नाश गर्नलाई जलप्रलय
गराउनेछु । पृथ्वीमा भएको प्रत्येक चीज नष्ट
हुनेछ । **१८**तर तँसित म मेरो करार स्थापित
गर्नेछु, अनि तँ जहाजभित्र पस्नेछस्– तँ र
तेरा छोराहरू अनि तेरी स्वास्नी अनि तेरा
बुहारीहरू । **१९**तैंले जहाजभित्र सबै जीवित
जीवजन्तुहरूका दुईओटा, भाले र पोथी, तँसित
जीवित रहनलाई ल्याउनू । **२०**प्रत्येक किसिमका
चरा, जमिनमा चलहल गर्ने दुई दुईओटा गरी
तँसित जीवित रहनलाई आउनेछन् । **२१**तैंले
आफ्नो लागि अनि तिनीहरूको लागि खान र
जम्मा गरिराख्नको लागि प्रत्येक किसिमको
खानेकुरा ल्याउनू ।”

**२२**परमेश्वरले नूहलाई आज्ञा गर्नुभएबमोजिम
तिनले सबै गरे ।

**७** तब परमेश्वरले नूहलाई भन्नुभयो, “तँ
अनि तेरो सम्पूर्ण परिवार जहाजभित्र
जाओ, किनकि मैले तँलाई यस पुस्तामा धर्मी
पाएको छु । **२**तँसित शुद्ध पशुहरूमध्ये भाले र
पोथी गरी सात जोड़ी, अशुद्ध पशुहरूबाट
भाले र पोथी गरी दुईओटा लानू, **३**अनि प्रत्येक
किसिमका पंक्षीहरूबाट सातओटा गरी, अर्थात्
भाले र पोथी, तिनीहरूका विभिन्न जाति पृथ्वी
रहेसम्म जीवित रहून् भनी लानू । **४**आजको
सात दिन पछिबाट म पृथ्वीमा चालीस दिन र
चालीस रात पानी बर्षाउनेछु, अनि म पृथ्वीबाट
मैले बनाएको प्रत्येक जीवित प्राणीको नाउँ
निशानै मेटिदिनेछु ।”

**५**अनि परमेश्वरले तिनलाई आज्ञा
गर्नुभएबमोजिम नूहले सबै गरे ।

**६**पृथ्वीमा जलप्रलय हुँदा नूह छ सय वर्ष
पुगेका थिए । **७**अनि जलप्रलयको पानीबाट
बाँच्नको लागि नूह अनि तिनका छोराहरू अनि
तिनकी स्वास्नी र तिनका बुहारीहरू जहाजभित्र
पसे । **८**अनि साथमा शुद्ध र अशुद्ध पशुहरू,
पंक्षीहरू अनि जमिनमा चलहल गर्ने सबै
प्राणीहरूका जोड़ीहरू, **९**अर्थात् भाले र पोथी
गरी परमेश्वरले आज्ञा गर्नुभएझैँ जहाजभित्र
पसे । **१०**अनि सात दिन बितेपछि पृथ्वीमा
जलप्रलय भयो ।

**११**नूहको जीवनको छ सय वर्षको दोस्रो
महिनाको सत्रौं दिनमा अगाधका सबै मूलहरू
फुटे, अनि आकाशका वृष्टि-झ्यालहरू खोलिए ।
**१२**अनि पृथ्वीमा चालीस दिन र चालीस रात
पानी पर्‍यो ।

**१३**त्यसै दिन नूह अनि तिनका छोराहरू
शेम, हाम अनि येपेत, आफ्नी स्वास्नी र तिनका
तीन बुहारीहरू जहाजभित्र पसे । **१४**तिनीहरूसित
आफ्नै जातअनुसारका सबै जङ्गली जनावरहरू,
आफ्नो-आफ्नो जातअनुसारका सबै पाल्तु
पशुहरू, जमिनमा चलहल गर्ने प्राणीहरू अनि
आफ्नै जातअनुसारका उड्ने प्रत्येक पंक्षी
थिए । **१५**जीवनको सास हुने सबै प्राणीका
जोड़ी-जोड़ी गरी नूहकहाँ जहाजमा आए ।
**१६**भित्र पसेका जन्तुहरूमध्ये परमेश्वरले नूहलाई
आज्ञा गर्नुभएबमोजिम प्रत्येक जीवित प्राणीका
भाले पोथी थिए । तब परमप्रभुले तिनलाई
भित्र राखी ढोका थुनिदिनुभयो ।

**१७**चालीस दिनसम्म पृथ्वीमा जलप्रलय
भइरह्यो, अनि जसै पानी बढ़दै गयो त्यसले
जहाजलाई पृथ्वीमाथि उचाल्दै लग्यो । **१८**पानी
पृथ्वीमाथि भरिँदै गयो अनि जहाज पानीको
सतहमाथि उत्रन थाल्यो । **१९**पानी पृथ्वीमा बढ़दै
गयो, अनि आकाशमुनि भएका सबै पर्वतहरू
ढाकिए । **२०**पानी बढ़ेर पर्वतहरूलाई बीस
फूटभन्दा बढ़ी ढाकिदियो । **२१**पृथ्वीमा चहलपहल

**६:२२**–हिब्रू ११:७. **७:११**–२ पत्रुस ३:६.

गर्ने प्रत्येक जीवित प्राणी, अर्थात् चराहरू,
पाल्तु पशुहरू, बन पशुहरू, पृथ्वीमा भएका
सबै प्राणीहरू अनि सारा मानिसहरू नष्ट
भए । **२२**ओबानो भूमिमा हुने नाकको प्वालमा
सास भएका प्रत्येक प्राणी नष्ट भए । **२३**पृथ्वीमा
भएको प्रत्येक कुरो, अर्थात् मानिसहरू, पशुहरू,
जमिनमा चहलपहल गर्ने प्राणीहरू र आकाशका
चराहरू सबैको पृथ्वीबाट नाउँ निशानै
मेटियो । खालि नूह अनि तिनीसित जहाजभित्र
भएकाहरू मात्र बाँकी रहे ।

**२४**पानीले पृथ्वी एक सय पचास दिनसम्म
डुबिरहचो ।

**८** तर परमेश्वरले नूह अनि तिनीसित
जहाजभित्र भएका सबै बन-पशुहरू
अनि पाल्तुपशुहरूलाई सम्झनुभयो, अनि
पृथ्वीमाथि बतास पठाइदिनुभयो, अनि पानी
घट्न थाल्यो । **२**अब अगाधका मूलहरू अनि
आकाशका वृष्टि-झ्यालहरू बन्दभएका थिए,
अनि आकाशबाट पानी पर्न छाड़िसकेको
थियो । **३**पृथ्वीबाट पानी लगातार घट्दै गयो ।
एक सय पचासौँ दिनको अन्त्यमा पानी कम्ती
भएर गयो, **४**अनि सातौँ महिनाको सत्रौँ दिनमा
जहाज आरारात पर्वतमा अड़ियो । **५**पानी दसौँ
महिनासम्म लगातार घट्दै गयो, अनि दशौँ
महिनाको पहिलो दिन पर्वतका टाकुराहरू
देखिनथाले ।

**६**चालीस दिनपछि नूहले आफूले जहाजमा
बनाएको झ्याल खोले, **७**अनि एउटा कागलाई
बाहिर पठाइदिए, अनि त्यो पृथ्वीबाट पानी
नसुकुञ्जेल यताउता उड़िरहचो । **८**तब तिनले
पृथ्वीको सतहमा पानी घट्यो कि घटेन भनेर
हेर्नलाई एउटा ढुकुर बाहिर पठाइदिए । **९**तर
पृथ्वीको सतहमा पानी भएकोले त्यस ढुकुरले
आफ्नो खुट्टा जमिनमा राख्ने ठाउँ नपाएर
नूहकहाँ जहाजमा फर्किआयो । तिनले आफ्नो
हात बड़ाएर ढुकुरलाई पक्रेर जहाजमा
आफूकहाँ ल्याए । **१०**तिनले अरू सात दिन
पर्खिए अनि त्यस ढुकुरलाई फेरि जहाजबाट
बाहिर पठाइदिए । **११**बेलुका जब त्यो ढुकुर
तिनी भएको ठाउँमा फर्केर आयो, त्यसको
चुच्चोमा भर्खरै टिपेको भद्राक्षको पात थियो !
तब नूहलाई पृथ्वीबाट पानी घटेर गएको थाहा
भयो । **१२**तिनले अरू सात दिन पर्खेर ढुकुरलाई
फेरि बाहिर पठाइदिए, तर यसपल्ट त्यो
तिनीकहाँ फर्केर आएन ।

**१३**नूहको जीवनको छ सय एक वर्षको
पहिलो महिनासम्ममा पृथ्वीबाट पानी सुकिसकेको
थियो । तब नूहले जहाजको छाना खोलिदिए
अनि पृथ्वीको सतह ओबानो देखे । **१४**दोस्रो
महिनाको सत्ताइसौँ दिनसम्ममा पृथ्वी पूरै
ओबानो भएको थियो ।

**१५**तब परमेश्वरले नूहलाई भन्नुभयो, **१६**"तँ
र तेरी स्वास्नी अनि तेरा छोराहरू र तिनीहरूकी
स्वास्नीहरू जहाजबाट निस्किआओ । **१७**तँसित
भएका प्रत्येक किसिमको जीवित प्राणी,
चराहरू, पशुहरू अनि जमिनमा चलहल गर्ने
सबै प्राणीहरूलाई बाहिर निकाल र तिनीहरू
पृथ्वीमा फैँलदै फलदायक हुँदै अनि सङ्ख्यामा
वृद्धि हुँदै जाऊन् ।"

**१८**यसकारण नूह, आफ्ना छोराहरू अनि
स्वास्नी र बुहारीहरूसित बाहिर निस्के ।
**१९**जमिनमा चलहल गर्ने सबै पशुहरू अनि
प्राणीहरू अनि सबै चराहरू, अर्थात् पृथ्वीमा
चलहल गर्ने सबै, आफ्ना आफ्नै जातिअनुसार
जहाजबाट बाहिर निस्किआए ।

**२०**तब नूहले परमप्रभुको निम्ति एउटा वेदी
बनाए अनि, शुद्ध पशुहरूबाट र पंक्षीहरूबाट
केही लिएर, त्यसमाथि होमबलि चढ़ाए ।
**२१**परमप्रभुले त्यो सुगन्ध सुँघ्नुभयो अनि आफ्नो
मनमा भन्नुभयो: "बाल्यवस्थादेखि नै मानिसको
हृदय दुष्टतातिर ढल्केको भएता पनि मानिसको
कारण म धर्तीलाई फेरि कहिल्यै श्राप
दिनेछैन । अनि अहिले मैले गरेजस्तै सबै जीवित
प्राणीहरूलाई अबदेखि म कहिल्यै नाश गर्नेछैनँ ।

**२२** "पृथ्वी रहेसम्म,
बीउ छर्ने र कटनीको समय,
जाडो र गर्मी,
ग्रीष्मकाल र शीतकाल,
दिन र रातको
कहिल्यै अन्त हुनेछैन ।"

## नूहसँग परमेश्वरको करार

**९** तब परमेश्वरले यसो भन्दै नूह अनि तिनका
छोराहरूलाई आशिष् दिनुभयो, “फलदायक
हुँदै सङ्ख्यामा वृद्धि हुँदै पृथ्वीमा भरिँदै जाओ ।
**२**पृथ्वीका सबै पशुहरू अनि आकाशका सबै
चराहरू, जमिनमा हलचल गर्ने हरेक प्राणी
अनि समुद्रका माछाहरू सबैमाथि तेरो डर र
त्रास रहनेछ । तिनीहरू तेरा हातमा दिइएका
छन् । **३**जीवित अनि हिँड्डुल गर्ने सबै थोक
तेरा भोजनका निम्ति हुन् । मैले तँलाई हरियो
बोटबिरूवाहरू दिएझैँ, अब म तँलाई सबै
थोक दिन्छु ।

**४**“तर तैंले मासु जीवनरक्तसँग नखानू ।
**५**अनि तेरो जीवनरक्तको निम्ति म निश्चय
लेखा लिनेछु । हरेक पशुदेखि म प्राणको साटो
लिनेछु, र हरेक मानिसदेखि पनि आफ्नो दाज्यू-
भाइका प्राणको साटो म लिनेछु ।

**६** “जसले मानिसको रक्तपात गर्छ,
मानिसबाटै त्यसको पनि रक्तपात हुनेछ;
किनकि आफ्नै स्वरुपमा
परमेश्वरले मानिसलाई बनाउनुभएको
हो ।

**७**तर तँचाहिँ, फलदायक हुँदै र सङ्ख्यामा वृद्धि
हुँदै; पृथ्वीमा फैलिँदै यसमा बढ़दै जानू ।”

**८**तब परमेश्वरले नूह अनि तिनीसित भएका
छोराहरूलाई भन्नुभयो: **९**“अब म तँसित अनि
तेरा पछिका सन्तानहरूसित मेरो करार स्थापित
गर्नेछु, **१०**अनि तँसित भएका प्रत्येक जीवित
प्राणी अर्थात् चराहरू, पाल्तु पशुहरू अनि
तँसित जहाजबाट बाहिर निस्किआएका पृथ्वीका
वन-पशुहरू सबैसित । **११**म तँसित मेरो करार
स्थापित गर्नेछु: अबदेखि उसो सबै प्राणीहरू
जलप्रलयको पानीले मारिने छैनन्; अबदेखि उसो
पृथ्वीलाई नष्ट पार्ने जलप्रलय हुनेछैन ।”

**१२**अनि परमेश्वरले भन्नुभयो, “मैले तँसित
र तँसित भएको प्रत्येक जीवित प्राणी अनि
समस्त भावी पुस्ताको लागि स्थापित गरेको
करारको चिन्ह यही हो: **१३**मैले बादलमा
मेरो इन्द्रेनी राखेको छु, अनि मेरो र पृथ्वीबीच
बाँधेको करारको चिन्ह यही हुनेछ । **१४**जहिले
म पृथ्वीमाथि बादल ल्याउनेछु र बादलमा
इन्द्रेनी देखा पर्नेछ, **१५**म तँसित अनि हरेक
किसिमका जीवित प्राणीसित मैले बाँधेको
मेरो करार सम्झनेछु । अबदेखि उसो जीवन
समाप्त गर्नलाई कहिल्यै जलप्रलय हुनेछैन ।
**१६**जहिले बादलमा इन्द्रेनी देखापर्छ, म त्यसलाई
देख्नेछु अनि परमेश्वर र पृथ्वीमा भएका हरेक
किसिमका सबै जीवित प्राणीहरूसित भएको
अनन्तको करारलाई सम्झनेछु ।”

**१७**यसरी परमेश्वरले नूहलाई भन्नुभयो,
“मैले मेरो अनि पृथ्वीमा भएका सबै
प्राणीहरूबीच स्थापित गरेको करारको चिन्ह
यही हो ।”

## नूहका छोराहरू

**१८**जहाज बाहिर निस्केर आउने नूहका
छोराहरू शेम, हाम र येपेत थिए । (हामचाहिँ
कनानका पिता थिए ।) **१९**नूहका तीन छोराहरू
यिनै थिए, अनि यिनीहरूबाटै समस्त पृथ्वी
भरियो ।

**२०**खेती गर्ने नूहले, एउटा दाखबारी लगाए ।
**२१**तिनले केही दाखमद्य पिएपछि, तिनी मात्तिए
अनि आफ्नै पालभित्र नाङ्गै सुते । **२२**कनानका
पिता हामले आफ्ना पिताको नग्नता देखे अनि
बाहिर भएका आफ्ना दुई दाज्यूभाइहरूलाई
बताइदिए । **२३**तर शेम र येपेतले आफ्ना काँधमा
एउटा लुगा लिएर, पछिल्तिर हिँड़ेर गई आफ्ना
पिताको नग्नता ढाकिदिए । तिनीहरूका अनुहार
अर्कोपट्टि फर्केका हुनाले तिनीहरूले आफ्ना
पिताको नग्नता देख्न सक्दैनथे ।

**२४**जब मद्यबाट नूहको होश खुल्यो अनि
तिनले आफ्नो कान्छा छोराले ऊसित के
गरेका थिए थाहा पाए, **२५**तिनले भने,

---

**९:१**–उत्पत्ति १:२८. **९:४**–लेवी १९:२६; व्यवस्था १२:१६,२३; १५:२३. **९:६**–उत्पत्ति १:२६; प्रस्थान २०:१३.
**९:७**–उत्पत्ति १:२८.

"श्रापित होस् कनान !
त्यो आफ्ना दाज्यूभाइहरूबीच
सबैभन्दा तुच्छ दास हुनेछ ।"
**२६**तिनले यो पनि भने,
"शेमका परमेश्‍वर धन्यका होऊन्
कनानचाहिँ शेमको दास होस् !
**२७** परमेश्‍वरले येपेतका इलाका फैलाइदेऊन्;
येपेत शेमका पालहरूमा बसोस्,
अनि कनानचाहिँ शेमको दास होस् ।"

**२८**जलप्रलयपछि नूह तीन सय पचास वर्ष
बाँचे । **२९**नूह जम्मा नौं सय पचास वर्षसम्म
बाँचे, अनि तिनी मरे ।

### जाति-जातिहरूका तालिका

**१०** नूहका छोराहरू शेम, हाम र येपेतको
वृतान्त यही हो । जलप्रलयपछि
तिनीहरू आफैका पनि छोराहरू भए ।

### येपेतका वंशहरू

**२** येपेतका छोराहरू:
गोमेर, मागोग, मादे, यवान, तूबल,
मेशेक र तीरास ।
**३** गोमेरका छोराहरू:
अशकनज, रीपत र तोगर्मा ।
**४** यावानका छोराहरू:
एलीशा, तर्शीश, कित्तीम र रोदानीम ।
**५**(यिनीहरूबाट नै समुद्र
तटवासीहरू आफ्नै जातिहरूभित्र
आफ्नै भाषा लिएर छरिएर गए ।)

### हामका वंशहरू

**६** हामका छोराहरू:
कूश, मिश्राइम, पूत र कनान ।
**७** कूशका छोराहरू:
सेवा, हवीला, सब्ता, रामाह र सब्तका ।
रामाहका छोराहरू:
शेबा र ददान ।
**८**कूश निम्रोदका पिता थिए, निम्रोद पृथ्वीमा
एक शक्तिशाली लड़ाकु भए । **९**तिनी परमप्रभुको
अगि एक जना शक्तिशाली शिकारी थिए; जुन
कारणले यसो भनिएको छ, "परमप्रभुको अगि
निम्रोदझैँ, एक जना शक्तिशाली शिकारी ।"
**१०**तिनका राज्यका पहिला केन्द्रहरू बेबिलोन,
एरेक, अक्कद र कल्नेह, जुन शिनार देशमा
छन् । **११**त्यस देशबाट तिनी अश्शूरमा गए
जहाँ तिनले निनवे, रहोबोत-इर, **१२**अनि निनवे
र कालहको बीचमा भएको ठूलो शहर रेशेत
बनाए ।

**१३** मिश्राइमचाहिँ लूदी, अनामी, लहाबी, नप्तूही,
**१४**पत्रुसी, कस्लूही (जसबाट पलिश्तीहरू
आए) र कप्तोरीहरूका पिता थिए ।
**१५** कनानचाहिँ
आफ्ना जेठा छोरा सीदोन अनि हित्ती,
**१६**यबूसी, एमोरी, गिर्गाशी, **१७**हिव्वी,
अरकी, सिनी, **१८**अर्वादी, समारी र
हमातीहरूका पिता थिए ।

पछिबाट कनानी वंश छरपुष्ट भयो, **१९**अनि
कनानी सिमानाहरू सीदोनदेखि गरारतिर
गाजासम्म, अनि सदोम, गमोरा, आदमा,
सबोयीम भएर लाशासम्म थियो ।
**२०**तिनीहरूका देश अनि जातिमा कुल र
भाषाअनुसार हामका छोराहरू यिनै हुन् ।

### शेमका वंशहरू

**२१**शेमका छोराहरू जन्मिए, अनि शेमचाहिँ
येपेतका भाइ थिए । शेमनै एबेरका सबै
छोराहरूका पुर्खा थिए ।

**२२** शेमका छोराहरू:
एलाम, अश्शूर, अर्पक्षद, लूद र अराम ।
**२३** अरामका छोराहरू:
ऊज, हुल, गेतेर र मेशेक ।
**२४** अर्पक्षद शेलहका पिता थिए,
अनि शेलह एबेरका पिता थिए ।
**२५** एबेरका दुई छोराहरू जन्मिए:
एउटाको नाउँ पेलेग राखियो, किनकि

---

**१०:१-३२**–१ इतिहास १:५-२३.

पृथ्वी तिनकै पालोमा विभाजन भएको थियो;
तिनको भाइको नाउँ योक्तान राखियो ।
२६ योक्तानचाहिँ
अल्मोदद, शेलेप, हसर्मबेत र येरह,
२७हदोराम, ऊजाल, दिक्ला,
२८ओबाल, अबमाएल, शेबा, २९ओपीर,
हवीला अनि योबाबहरूका पिता थिए ।
यी सबै योक्तानका छोराहरू थिए ।

३०तिनीहरू बसेका ठाउँ पूर्वीय पहाड़ी देशमा
भएका सपारातिरका मेशासम्म फैलिएको
थियो ।

३१तिनीहरूका देश अनि जातिमा कुल र
भाषाअनुसार शेमका छोराहरू यिनै हुन् ।

३२तिनीहरूका जातिभित्र, वंशअनुसार नूहका
छोराहरूका सन्तानहरू यिनै हुन् । जलप्रलयपछि
यिनीहरूबाटै जातिहरू पृथ्वीभरि छरिए ।

## बाबेलको धरहरा

११ अब सारा पृथ्वीभरि एउटै भाषा र एउटै
बोली थियो । २मानिसहरू जसै पूर्वतिर
सर्दै गए, तिनीहरूले शिनार देशमा एउटा मैदान
भेटाए र त्यहीं बसोबासो गरे ।

३तिनीहरूले आपसमा भने, "आओ, हामी
ईंटाहरू बनाएर त्यसलाई पोलौं ।" तिनीहरूले
ढुङ्गाको सट्टामा ईंटा अनि हिलोको ठाउँमा अलकत्र
प्रयोग गरे । ४तब तिनीहरूले भने, "आओ, हामी
आकाशसम्म पुग्ने धरहरा पनि भएको एउटा
शहर आफै बनाऔं, र हाम्रो नाउँ रहोस् अनि
हामीलाई पृथ्वीभरि छरिएर जान नपरोस् ।"

५तर मानिसहरूले बनाइरहेको शहर अनि
धरहरा हेर्न भनी परमप्रभु तल ओर्लेर
आउनुभयो । ६परमप्रभुले भन्नुभयो, "यदि एउटै
भाषा बोल्ने जाति भएर तिनीहरूले यो गर्न
थालेका छन् भने, तिनीहरूले गर्छौं भनेर योजना
गरेको केही पनि तिनीहरूको लागि असम्भव
हुनेछैन । ७आओ, हामी तल ओर्लेर गई
तिनीहरूको भाषा खलबल गरिदिऔं, र
तिनीहरूले एका-अर्काको कुरा बुझ्ने छैनन् ।"

८यसरी परमेश्वरले तिनीहरूलाई त्यहाँबाट
सारा पृथ्वीभरि छरपष्ट पारिदिनुभयो, अनि
तिनीहरूले शहर बनाउने काम छाड़िदिए ।
९त्यसैकारण त्यसलाई बाबेल भनिन्छ किनकि
परमप्रभुले त्यहाँ नै सारा पृथ्वीको भाषा
खलबल गरिदिनुभएको थियो । त्यहाँबाट
परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि
छरपुष्ट पारिदिनुभयो ।

## शेमदेखि अब्रामसम्म

१०शेमको वृतान्त यही हो ।

जलप्रलय भएको दुई वर्षपछि, जब शेम
एक सय वर्ष पुगे, तिनी अर्पक्षदका पिता भए ।
११अनि तिनी अर्पक्षदका पिता भएपछि,
शेम पाँच सय वर्ष बाँचे र तिनका अरू
छोराछोरीहरू भए ।

१२जब अर्पक्षद पैंतीस वर्ष पुगे, तिनी
शेलहका पिता भए । १३अनि तिनी शेलहका
पिता भएपछि, अर्पक्षद चार सय तीन वर्ष बाँचे
र तिनका अरू छोराछोरीहरू भए ।

१४जब शेलह तीस वर्ष पुगे, तिनी एबेरका
पिता भए । १५अनि तिनी एबेरका पिता भएपछि,
शेलह चार सय तीन वर्ष बाँचे र तिनका अरू
छोराछोरीहरू भए ।

१६जब एबेर चौंतीस वर्ष पुगे, तिनी पेलेगका
पिता भए । १७अनि तिनी पेलेगका पिता भएपछि,
एबेर चार सय तीस वर्ष बाँचे र तिनका अरू
छोराछोरीहरू भए ।

१८जब पेलेग तीस वर्ष पुगे, तिनी रऊका
पिता भए । १९अनि तिनी रऊका पिता भएपछि,
पेलेग दुई सय नौं वर्ष बाँचे र तिनका अरू
छोराछोरीहरू भए ।

२०जब रऊ बत्तीस वर्ष पुगे, तिनी सरूगका
पिता भए । २१अनि तिनी सरूगका पिता भएपछि,
रऊ दुई सय सात वर्ष बाँचे र तिनका अरू
छोराछोरीहरू भए ।

---

**११:१०-२६**–१ इतिहास २४:२७.

**२२**जब सरूग तीस वर्ष पुगे, तिनी
नाहोरका पिता भए। **२३**अनि तिनी नाहोरका
पिता भएपछि, सरूग दुई सय वर्ष बाँचे र
तिनका अरू छोराछोरीहरू भए।

**२४**जब नाहोर उनान्तीस वर्ष पुगे तिनी
तेरहका पिता भए। **२५**अनि तिनी तेरहका
पिता भएपछि नाहोर एक सय उन्नाइस वर्ष
बाँचे र तिनका अरू छोराछोरीहरू भए।

**२६**जब तेरह सत्तरी वर्ष पुगे तिनी अब्राम,
नाहोर अनि हारानका पिता भए।

**२७**तेरहको वृतान्त यही हो।

तेरह अब्राम, नाहोर अनि हारानका पिता
भए। अनि हारान लूतका पिता भए। **२८**आफ्ना
पिता तेरह जिउँदो हुँदै हारान आफू जन्मेको
ठाउँ कल्दीहरूको ऊरमा मरे। **२९**अब्राम अनि
नाहोर दुवैले विवाह गरे। अब्रामकी स्वास्नीको
नाउँ साराई थियो, अनि नाहोरकी स्वास्नीको
नाउँ मिल्का थियो; मिल्काचाहिँ हारानकी
छोरी थिइन्, जुन हारान मिल्का र यिस्का
दुवैका पिता थिए। **३०**अब साराईचाहिँ बाँझी
थिइन्, अनि तिनका छोराछोरी थिएनन्।

**३१**तेरहले अब्राम, हारानको छोरा लूत अर्थात्
आफ्नो नाती, अनि आफ्नी बुहारी साराई, अर्थात्
तिनको आफ्नै छोरा अब्रामकी स्वास्नीलाई लिए
र सबै मिलेर कल्दीहरूको ऊरबाट कनान
जानलाई निस्के। तर हारानमा आइपुगेपछि
तिनीहरूले त्यहीँ बसोबासो गरे।

**३२**तेरह दुई सय पाँच वर्ष बाँचे, अनि
हारानमै मरे।

### अब्रामको बोलावट

**१२** परमप्रभुले अब्रामलाई भन्नुभएको थियो,
"तेरो देश, तेरा जाति अनि तेरा पिताका
घरानालाई छोड़िदे र त्यस देशमा जा जो म
तँलाई देखाउनेछु।

२ "म तँलाई एउटा महान् जाति बनाउनेछु
अनि म तँलाई आशिष् दिनेछु;
म तेरो नाउँ महान् बनाउनेछु,
अनि तँ स्वयम् एउटा आशिष् हुनेछस्।
३ तँलाई आशिष् दिनेहरूलाई म आशिष्
दिनेछु,
अनि जसले तँलाई श्राप दिन्छ, म
त्यसलाई श्राप दिनेछु;
अनि पृथ्वीका सारा जातिहरूले
तँद्वारा आशिष् पाउनेछन्।"

**४**यसकारण परमप्रभुले अब्रामलाई
भन्नुभएझैँ, तिनी गए; अनि लूत पनि तिनीसित
गए। अब्राम हारानबाट निस्कदा पचहत्तर वर्ष
पुगेका थिए। **५**तिनले आफ्नी पत्नी साराई,
आफ्नो भतिजो लूत, अनि तिनीहरूले जम्मा
गरेका सबै सम्पत्ति, अनि तिनीहरूले हारानमा
प्राप्त गरेका मानिसहरू लिए, अनि तिनीहरू
सबै कनान देशतिर लागे, अनि त्यहाँ पुगे।

**६**अब्राम त्यस देशबाट यात्रा गर्दै मोरेका
फलाँटको रूख भएको ठाउँ शेकेममा
आइपुगे। त्यस बेला त्यस देशमा कनानीहरू
बस्थे। **७**परमप्रभु अब्रामकहाँ देखापर्नुभयो, अनि
तिनलाई भन्नुभयो, "म तेरा सन्तानलाई यो
देश दिनेछु।" यसकारण तिनीकहाँ देखापर्नुहुने
परमप्रभुको निम्ति तिनले त्यहाँ एउटा वेदी
बनाए।

**८**त्यहाँबाट तिनी बेथेलको पूर्वपट्टिका
पहाड़हरूतिर बढ़ेर गए अनि बेथेललाई पश्चिम
र ऐलाई पूर्व पारेर पाल टाँगे। त्यहाँ तिनले
परमप्रभुको निम्ति एउटा वेदी बनाए अनि
परमप्रभुको नाउँको पुकारा गरे। **९**तब अब्राम
निस्के अनि नेगेवतिर यात्रा गरे।

### अब्राम मिश्रदेशमा

**१०**अब त्यस देशमा अनिकाल पऱ्यो, अनि
अब्राम केही समयसम्म मिश्रदेशमा बस्नलाई
निस्के किनकि अनिकाल ठूलो थियो। **११**तिनी
जसै मिश्रदेशमा प्रवेश गर्न लागेका थिए, तिनले
आफ्नी स्वास्नी साराईलाई भने, "तिमी कति
सुन्दरी छचौ भनी म जान्दछु। **१२**जब मिश्रीहरूले
तिमीलाई देख्नेछन्, तिनीहरूले भन्नेछन्, 'यिनी

**१२:१**–प्रेरित ७:२-३; हिब्रू ११:८. **१२:३**–गलाती ३:८. **१२:७**–प्रेरित ७:५; गलाती ३:१६.

त त्यसकी स्वास्नी हुन्।' तब तिनीहरूले मलाई
मार्नेछन् तर तिमीलाई चाहिँ जीवित राख्नेछन्।
**१३**तिमीले आफैलाई मेरी बहिनी हूँ भन, र
तिम्रो खातिर मैले राम्रो व्यवहार पाउनसकूँ
अनि तिम्रो कारणले मेरो जीवन जोगिनेछ।"
**१४**जब अब्राम मिश्रदेशमा आए, मिश्रीहरूले
तिनलाई एउटी अति सुन्दरी स्त्रीको रूपमा
देखे। **१५**अनि जब फिरऊनका अधिकारीहरूले
तिनलाई देखे, तिनीहरूले फिरऊनको अगि
तिनको प्रशंसा गरे, र तिनी उनको महलमा
लगिइन्। **१६**उनले तिनको खातिर अब्रामसित
उत्तम व्यवहार गरे, अनि अब्रामले भेड़ा
अनि पशुहरू, गधा र गधैनीहरू, कमाराहरू
र कमारीहरू अनि ऊँटहरू प्राप्त गरे।
**१७**तर परमप्रभुले अब्रामकी स्वास्नी साराईको
कारण फिरऊन र तिनको परिवारमा ठूला
रोगहरू पठाउनुभयो। **१८**यसकारण फिरऊनले
अब्रामलाई बोलाइपठाए। तिनले भने, "तिमीले
मसित के गऱ्यौ ? तिनी तिम्री स्वास्नी हो भनी
तिमीले किन भनेनौ ? **१९**तिमीले किन 'तिनी त
मेरी बहिनी हुन्' भनी भन्यौ ? त्यसैले मैले
तिनलाई स्वास्नी बनाउनलाई लगें। अब तिम्री
स्वास्नी यहाँ छिन्। तिनलाई लिएर गइहाल !"
**२०**तब फिरऊनले अब्रामको विषयमा आफ्ना
मानिसहरूलाई भने, अनि तिनीहरूले तिनलाई
आफ्नी स्वास्नी र आफूसित भएका सबै
कुराहरूसहित पठाइदिए।

### अब्राम र लूत छुट्टिएका

**१३** यसरी अब्राम आफ्नी स्वास्नी अनि
आफूसित भएका सबै कुराहरू लिएर
मिश्रदेशबाट नेगेवमा गए र लूत पनि तिनीसितै
गए। **२**अब्राम पाल्तु पशु अनि सुन-चाँदीमा
अति धनवान् भएका थिए।
**३**नेगेवबाट धेरै ठाउँहरू हुँदै तिनी बेथेलमा
आइपुगे, अर्थात् बेथेल र ऐको बीचमा जहाँ
पहिले तिनको पाल टाँगिएको थियो, **४**र जहाँ
तिनले पहिले एउटा वेदी बनाएका थिए। त्यहाँ
अब्रामले परमेश्वरको नाउँको पुकारा गरे।
**५**अब अब्रामसितै हिँड़िरहने लूतको पनि
भेड़ा-बाखा, गाईबस्तु अनि पालहरू थिए।
**६**तर तिनीहरू एकैसाथ बस्न जमिन तिनीहरूका
निम्ति पर्याप्त हुन सकेन, किनकि तिनीहरूका
सम्पत्ति यति धेरै थिए कि तिनीहरू मिलेर बस्न
सकेनन्। **७**अनि अब्रामका गोठालाहरू र लूतका
गोठालाहरूबीच झगड़ा शुरू भयो। त्यस
बेला त्यस देशमा कनानीहरू र परिज्जीहरू
पनि बस्थे।
**८**यसकारण अब्रामले लूतलाई भने, "तिम्रो
र मेरो बीचमा, अनि तिम्रा गोठालाहरू र
मेरा गोठालाहरूबीच झगड़ा नहोस्, किनकि
हामी नातेदार हौं। **९**के सम्पूर्ण देश तिम्रै
सामने छैन ? हामी अलग हौं। तिमी देब्रेतिर
गयौ भने, म दाहिनेतिर जानेछु; तिमी दाहिनेतिर
गयौ भने, म देब्रेतिर जानेछु।"
**१०**लूतले आँखा उठाएर हेरे अनि यर्दनको
समस्त बेंसीलाई परमप्रभुको बगैँचाझैँ पानी
प्रशस्त भएको, अनि सोअरतिर भएको मिश्रको
देशजस्तै देखे। (योचाहिँ परमेश्वरले सदोम र
गमोरालाई नष्ट गर्नु अघिको कुरा थियो।)
**११**यसकारण लूतले आफ्नो निम्ति यर्दनका सबै
बेँसीहरू चुने अनि पूर्वतिर लागे। यी दुई
मानिसहरू एक अर्काबाट अलग भए। **१२**अब्राम
कनान देशमा बसे, अनि लूतचाहिँ बेंसीका
शहरहरूमध्ये एउटामा बसे अनि तिनले आफ्नो
पालहरू सदोमको छेउमा लगाए। **१३**अब
सदोमका मानिसहरू दुष्ट थिए अनि परमेश्वरको
विरुद्धमा पाप गरिरहन्थे।
**१४**लूत अलग भएपछि परमेश्वरले
अब्रामलाई भन्नुभयो, "तँ जहाँ छस् त्यहाँबाट
आँखा उठाएर उत्तर र दक्षिण, पूर्व र पश्चिमतिर
हेर्। **१५**तैंले जति जमिन देख्छस् त्यो म सधैंको
लागि तँलाई र तेरो सन्तानलाई दिनेछु।
**१६**म तेरा सन्तानलाई पृथ्वीको धूलोझैँ बनाउनेछु
र कसैले धूलो गन्नसक्यो भने मात्र तेरा
सन्तानलाई गन्नसक्नेछ। **१७**जा, त्यस देशको

---

**१२:१३**–उत्पत्ति २०:२; २६:७.

लमाइ र चौड़ाइ वारपार हिँड्, किनकि यो म
तँलाई दिँदैछु ।”
**१८**यसकारण अब्रामले आफ्नो पाल सारे
अनि हेब्रोनमा मम्रेका ठूला रूखहरूको छेउमा
बस्नलाई गए, जहाँ तिनले परमप्रभुको निम्ति
वेदी बनाए ।

### अब्रामद्वारा लूतलाई छुट्कारा

**१४** त्यसबेला शिनारका राजा अम्रापेल,
एल्लासारका राजा अर्योक, एलामका
राजा कदोर्लाओमेर अनि गोयीमका राजा तिदाल
मिलेर **२**सदोमका राजा बेरा, गमोराका राजा
बिर्शा, अदमाका राजा शिनाब, सबोयीमका
राजा शेमेबेर अनि बेलाका राजा (अर्थात्
सोअर) का विरुद्धमा लड़ाइँ गर्न गए । **३**यी
पछिल्ला राजाहरू सबै एक भएर सिद्दीम
(खारा समुद्र) को बेंसीमा भेला भए । **४**यिनीहरू
बाह्र वर्षसम्म कदोर्लाओमेरका अधीनमा बसेका
थिए, तर तेह्रौं वर्षमा तिनीहरूले विद्रोह गरे ।
**५**चौधौं वर्षमा, कदोर्लाओमेर अनि तिनीसित
मिलेका राजाहरू भएर गई अस्तेरोत-कर्णेममा
रपाईहरूलाई, हाममा जूजीहरूलाई, शावे-
किर्यातैममा एमीहरूलाई **६**र होरीहरूलाई सेइरको
पहाड़ी देशमा मरुभूमीतिर भएको एल-पारानसम्म
परास्त गरे । **७**तब तिनीहरू पछि फर्केर एन-
मिशापात (अर्थात् कादेश) मा गए, अनि
तिनीहरूले अमालेकीहरू सम्पूर्ण देश साथसाथै
होसेसोन-तामारमा बसोबासो गर्ने एमोरीहरूलाई
पराजित गरे ।
**८**त्यसपछि सदोमका राजा, गमोराका राजा,
अदमाका राजा, सबोयीमका राजा अनि बेला
(अर्थात् सोअर) का राजा निस्किगए र सिदीमको
बेँसीमा **९**एलामका राजा कदोर्लाओमेर, गोयीमका
राजा तिदाल, शिनारका राजा अम्रापेल र
एल्लासारका राजा अर्योकको विरुद्धमा अर्थात्
पाँचका विरुद्धमा चार राजाहरूले युद्धको मोर्चा
बाँधे । **१०**अब सिद्दीमको बेँसीचाहिँ अलकत्राको
धापले पूर्ण थियो, अनि जब सदोम र गमोराका
राजाहरू भागे, कति मानिसहरू ती धापहरूमा
खसे अनि बाँकी रहेकाहरूचाहिँ पहाड़तिर भागे ।
**११**ती चार राजाहरूले सदोम र गमोराका सबै
सामानहरू अनि खानेकुराहरू समेत आफ्नो
हातमा पारे र गइहाले । **१२**अब्रामका भतिजो
लूत सदोममा बसेकाले तिनीहरूले तिनलाई
अनि तिनका सम्पत्ति पनि लिएर गए ।
**१३**एक जना उम्केको व्यक्तिले आएर यो
कुरा हिब्रू अब्रामलाई बताइदियो । अब्रामचाहिँ
आफूसित मित्रतामा रहेका एश्कोल अनि
आनेरका भाइ एमोरीका मम्रेका ठूला रूखहरूको
छेउमा बसोबासो गर्दैथिए । **१४**जब अब्रामले
आफ्नो नातेदारलाई कैद गरेर लगेका छन् भन्ने
सुने, तिनले आफ्नो घरानामा जन्मेका तीन
सय अठार जना तालिम प्राप्त मानिसहरूलाई
बोलाएर दानसम्मै लखेट्दै गए । **१५**रातीको
समयमा अब्रामले तिनीहरूलाई आक्रमण गर्नलाई
आफ्ना मानिसहरूलाई विभाजन गरे, अनि
दमस्कसको उत्तरमा भएको होबासम्म लखेटेर
निमिटचान्न पारे । **१६**तिनले सबै माल-
सामानहरू फेरि प्राप्त गरे अनि स्त्रीहरू र
अरू मानिसहरूसित आफ्नो नातेदार लूत र
तिनका सम्पत्ति फर्काएर ल्याए ।
**१७**अब्राम कदोर्लाओमेर र तिनीसित मिलेका
राजाहरूलाई जितेर फर्केपछि, सदोमका राजा
शावेको बेँसी (अर्थात् राजाको बेँसी) मा तिनलाई
भेट्न निस्किआए ।
**१८**तब शालेमका राजा मल्कीसेदेक रोटी
अनि दाखमद्य लिएर आए । तिनी सर्वोच्च
परमेश्वरका पूजाहारी थिए, **१९**अनि तिनले
अब्रामलाई यसो भन्दै आशिष् दिए,

> “सर्वोच्च परमेश्वर, आकाश र
> पृथ्वीका सृष्टिकर्ताबाट,
> अब्रामलाई आशिष् मिलोस् ।
> **२०** अनि सर्वोच्च परमेश्वर धन्यका होऊन्,
> जसले तपाईंका शत्रुहरूलाई तपाईंका
> हातमा सुम्पिदिनुभयो ।”

---

**१४:१८–२०**–हिब्रू ७:१-१०.

तब अब्रामले तिनलाई हरेक कुराको दशांश
दिए ।
२१सदोमका राजाले अब्रामलाई भने, "मलाई
मानिसहरू दिनुहोस् अनि सामानहरू तपाईं
आफै राख्नुहोस् ।"
२२तर अब्रामले सदोमका राजालाई भने,
"मैले आफ्नो हात परमप्रभु सर्वोच्च परमेश्वर,
आकाश र पृथ्वीका सृष्टिकर्तातिर उचालेको
छु, अनि शपथ खाएको छु २३कि म तिम्रो केही
कुरो पनि ग्रहण गर्नेछैनँ, अँ एउटा धागो
अथवा जुत्ताको फित्तासम्म पनि, ताकि
तिमीले 'मैले अब्रामलाई धनी बनाएँ'
भन्न नपाऊ । २४म केही पनि ग्रहण गर्नेछैनँ,
तर खालि मेरा मानिसहरूले जे खाएका छन्
अनि मसित आनेर, एश्कोल र मम्रेमा
जानेहरूको भाग मात्र । तिनीहरूले आफ्ना
भाग लिऊन् ।"

### अब्रामसित परमेश्वरको करार

१५ त्यसपछि, दर्शनमा परमप्रभुको यो
वचन अब्रामकहाँ आयो:

"अब्राम, तँ नडरा ।
म नै तेरो ढाल हुँ,
र तेरो इनाम अत्यन्त ठूलो हुनेछ ।"

२तर अब्रामले भने, "हे सर्वसत्ताधारी सम्पन्न
परमप्रभु, तपाईंले मलाई के दिनसक्नुहुन्छ,
किनकि म निसन्तान छु, र मेरा सम्पत्ति
अधिकार गर्ने व्यक्ति त दमस्कसको एलीएजर
नै हुनेछ ?" ३अनि फेरि अब्रामले भने, "तपाईंले
मलाई छोराछोरी दिनुभएन; यसकारण मेरै
घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी
हुनेछ ।"
४तब परमप्रभुको वचन फेरि तिनकहाँ
आयो: "यो मानिस तेरो उत्तराधिकारी हुनेछैन,
तर तेरै शरीरबाट निस्कने एउटा छोरा तेरो
उत्तराधिकारी हुनेछ ।" ५उहाँले तिनलाई बाहिर
लगेर भन्नुभयो, "आकाशतिर हेरेर ताराहरू
गन् ।" उहाँले तिनलाई भन्नुभयो, "तेरा
सन्तानहरू पनि त्यस्तै हुनेछन् ।"
६अनि अब्रामले परमप्रभुमाथि विश्वास
गरे, र यो तिनको निम्ति धार्मिकता गनियो ।
७उहाँले तिनलाई यो पनि भन्नुभयो, "म नै
परमप्रभु हुँ, जसले तँलाई कल्दीहरूको ऊरबाट
यो देश अधिकार गर्न भनी ल्याएँ ।"
८तर अब्रामले भने, "हे सर्वसत्ताधारी
सम्पन्न परमेश्वर, मैले यसको अधिकार
पाउनेछु भनी म कसरी जानूँ ?"
९यसकारण परमप्रभुले तिनलाई भन्नुभयो,
"मकहाँ एउटा कोरली, एउटा बाख्रा अनि एउटा
भेड़ा, प्रत्येक तीन वर्षको अनि साथमा एउटा
ढुकुर र एउटा परेवाको बच्चा ले ।"
१०अब्रामले यी सबै उहाँकहाँ ल्याए,
तिनीहरूलाई दुई टुक्रा गरी काटे अनि आधा
भागलाई एक अर्काको विपरित दिशामा मिलाएर
राखे; तर चराहरूलाई चाहिँ तिनले आधा गरी
काटेनन् । ११तब चील र गिद्धहरू शिकारमाथि
झम्टेर आए, तर अब्रामले तिनीहरूलाई धपाए ।
१२घाम जसै डुब्दै थियो, अब्राम घोर निद्रामा
परे, अनि घोर र भययुक्त अन्धकारले तिनलाई
छोप्यो । १३तब परमप्रभुले तिनलाई भन्नुभयो,
"तैंले यो निश्चय जान् कि तेरो सन्तान अर्काको
देशमा प्रवासी हुनेछन्, अनि तिनीहरू दास-
दासी बनाइनेछन् र तिनीहरूले चार सय
वर्षसम्म अनुचित व्यवहार सहनेछन् । १४तर
म तिनीहरूले दास-दासी भई सेवा गरेको
देशलाई दण्ड दिनेछु, अनि पछिबाट तिनीहरू
त्यहाँबाट धेरै सम्पत्ति लिएर निस्किआउनेछन् ।
१५तर तँचाहिँ तेरा पुर्खाहरूकहाँ शान्तिमा
जानेछस् अनि पूरा बूढेसकालमा तँ गाड़िनेछस् ।
१६चौथो पुस्तामा तेरा सन्तानहरू यहाँ फर्केर
आउनेछन्, किनकि एम्मोरीहरूका पाप
अहिलेसम्म पूरा भइसकेको छैन ।"
१७घाम डुबेपछि जब अँध्यारो भयो, एउटा
बलिरहेको आगो भएको धूवाँले भरिएको मकल

**१५:५**–रोमी ४:१८; हिब्रू ११:१२. **१५:६**–रोमी ४:३; गलाती ३:६; याकूब २:२३. **१५:१३**–प्रस्थान १:१-१४; प्रेरित ७:६. **१५:१४**–प्रस्थान १२:४०-४१; प्रेरित ७:७

देखा परेर ती टुक्राहरूको बीचबाट छिरिगयो ।
**१८**त्यसै दिन परमप्रभुले अब्रामसित एउटा
करार बाँधेर भन्नुभयो, "मैले तेरा सन्तानलाई
यो देश दिएको छु, अर्थात् मिश्रदेशको नदीदेखि
महानदी यूफ्रेटिससम्म, **१९**जुन देश केनी,
कनज्जी, कदोमोनी, **२०**हित्ती, परिज्जी, रपाई,
**२१**एमोरी, कनानी, गिर्गाशी अनि यबूसीहरूका
हुन् ।"

## हागार र इश्माएल

**१६** अब अब्रामकी पत्नी साराईबाट तिनको
लागि कुनै सन्तान भएन । तर तिनीसित
हागार नाउँ भएकी एउटी मिश्री दासी
थिइन्; **२**साराईले अब्रामलाई भनिन्, "परमप्रभुले
मलाई छोराछोरी दिनुभएन । यसकारण जानुहोस्,
मेरी दासीसित सुत्नुहोस्; शायद त्यसबाट
मेरो निम्ति सन्तान हुनसक्छ कि ।"

साराईले जे भनिन् त्यसमा अब्राम सहमत
भए । **३**यसरी अब्राम कनानमा दश वर्ष बसेपछि,
तिनकी पत्नी साराईले आफ्नी मिश्री दासी
हागारलाई लिएर आफ्नो लोग्नेलाई तिनकी
पत्नी हुनालाई दिइन् । **४**अनि तिनी हागारसित
सुते, र तिनी गर्भवती भइन् ।

जब त्यसले आफू गर्भवती भएकी थाहा
पाई, तब त्यसले आफ्नी मालिकनीलाई तुच्छ
ठान्न थालि । **५**तब साराईले अब्रामलाई भनिन्,
"मैले भोगिरहेको कष्टको लागि तपाईं जिम्मेवार
हुनुहुन्छ । मैले मेरी दासीलाई तपाईंको हातमा
दिएँ, अब उसले आफू गर्भवती भएकी थाहा
पाएर मलाई तुच्छ ठान्छे । परमप्रभुले नै तपाईं
र मेरो बीचमा इन्साफ गरिदेऊन् ।"

**६**अब्रामले भने, "तिम्री दासी तिम्रै हातमा
छे । तिमीलाई जस्तो उचित लाग्छ ऊसित
त्यसै गर ।" तब साराईले हागारसित दुर्व्यवहार
गरिन्; अनि त्यो तिनको सामुन्नेबाट भागेर
गई ।

**७**परमप्रभुको दूतले हागारलाई उजाड़-
स्थानमा एउटा पानीको मूलको छेउमा भेटे;
त्यो मूल शूरतिर जाने बाटोको छेउमा थियो ।
**८**अनि तिनले भने, "साराईकी दासी हागार, तँ
कहाँबाट आएकी, अनि कता जान लागेकी ?"

त्यसले जवाफ दिई, "म मेरी मालिकनी
साराईको सामुन्नेबाट भाग्दैछु ।"

**९**तब परमप्रभुका दूतले त्यसलाई भने,
"आफ्नी मालिकनी कहाँ जा अनि तिनको
अधीनमा बस् ।" **१०**दूतले फेरि भने, "म तेरो
सन्तानलाई यति धेरै बनाइदिनेछु कि तिनीहरू
गन्न सकिने छैनन् ।"

**११**परमप्रभुको दूतले त्यसलाई यो पनि भने:

"तँ गर्भवती छेस्
अनि तेरो एउटा छोरा हुनेछ ।
तैंले त्यसको नाउँ इश्माएल राख्नेछस्,
किनकि परमप्रभुले तेरो कष्टबारे
सुन्नुभएको छ ।
**१२** मानिसहरूमा त्यो एउटा जङ्गली गधा
हुनेछ;
त्यसको हात हरेकको विरुद्धमा हुनेछ,
अनि हरेकको हात त्यसको विरुद्धमा
हुनेछ;
र त्यो आफ्ना दाज्यूभाइहरूप्रति शत्रुता
लिएर जिउनेछ ।"

**१३**हागारले आफूसित बोल्नुहुने परमप्रभुलाई
यो नाउँ दिई, "तपाईं मलाई देख्नुहुने परमेश्‍वर
हुनुहुन्छ," किनकि त्यसले भनी, "अब मलाई
देख्नुहुनेलाई मैले देखेकी छु ।" **१४**त्यसैकारण
त्यस कुवालाई बेअर-लहै-रोइ भनियो; जुनचाहिँ
कादेश र बेरेदको बीचमा अझै छ ।

**१५**यसरी हागारले अब्रामको निम्ति एउटा
छोरा जन्माई, अनि त्यसले जन्माएको छोरालाई
अब्रामले इश्माएल नाउँ दिए । **१६**हागारले तिनको
लागि इश्माएल जन्माउँदा अब्राम छयासी वर्ष
पुगेका थिए ।

## खतनाको करार

**१७** अब्राम उनन्सय वर्ष पुग्दा, परमप्रभु
तिनीकहाँ देखा परेर भन्नुभयो, "म

**१५:१८** –प्रेरित ७:५. **१६:१५** –गलाती ४:२२.

सर्वशक्तिमान् परमेश्वर हुँ; निर्दोष बन् र
मेरो सामुन्ने हिँड् । **२**मेरो र तेरो बीचमा
भएको करारलाई म पक्का गर्नेछु अनि तेरो
सङ्ख्याको ठूलो वृद्धि गर्नेछु ।"

**३**अब्राम घोप्टेर लड़े, अनि परमेश्वरले
तिनलाई भन्नुभयो, **४**"हेर्, यो मेरो करार तँसँगै
छ । तँ धेरै जातिहरूका पिता हुनेछस् । **५**अबदेखि
उसो तँ अब्राम भनिनेछैनस्, तेरो नाउँ अब्राहाम
हुनेछ, किनकि मैले तँलाई धेरै जातिहरूका
पिता बनाएको छु । **६**म तँलाई धेरै फलदायक
बनाउनेछु; म तँबाट जातिहरू बनाउनेछु, अनि
तँबाट राजाहरू निस्कनेछन् । **७**मेरो करारलाई
मेरो र तेरो बीचमा अनि तँपछिका तेरा सन्तानको
बीचमा र आउने पुस्ताको लागि तेरा परमेश्वर
हुनलाई र तँपछिका तेरा सन्तानका परमेश्वर
हुनलाई अनन्तको करार भनी म स्थापित
गर्नेछु । **८**तँ अहिले प्रवासी भएर बसेको सम्पूर्ण
कनान देश, म तँलाई र तँपछिका तेरा
सन्तानलाई अनन्त करारको रूपमा दिनेछु;
अनि म तिनीहरूका परमेश्वर हुनेछु ।"

**९**तब परमेश्वरले अब्राहामलाई भन्नुभयो,
"तेरो विषयमा चाहिँ, तैंले मेरो करार पालन
गर्नुपर्छ, तँ अनि तँपछिका तेरा सन्तानले आउँदा
पुस्ताहरूसम्मको लागि । **१०**तँ अनि तँपछिका
तेरा सन्तानहरूसितको मेरो करार यही हो,
अर्थात् तिमीहरूले पालन गर्नुपर्ने करार:
तिमीहरूका प्रत्येक पुरुषको खतना हुनुपर्छ ।
**११**तिमीहरूका खतना हुनुपर्छ, अनि योचाहिँ
तँसित भएको मेरो करारको चिन्ह हुनेछ ।
**१२**आउने पुस्ताको लागि आठ दिन उमेर भएको
प्रत्येक पुरुष अनि तेरा घरानामा जन्मेकाहरूका
र तेरा आफ्नै सन्तान होइन तर विदेशीहरूबाट
पैसा दिएर किनेका सबैको खतना हुनुपर्छ ।
**१३**चाहे तेरा घरानामा जन्मेका होऊन् अथवा
तेरा पैसाले किनेका होऊन् तिनीहरू सबैको
खतना हुनुपर्छ । तेरो शरीरमा गरिएको मेरो
करार अनन्तको करार हुनुपर्छ । **१४**खतना
नभएको कुनै पनि पुरुष, जसको शरीरमा खतना
भएको छैन, त्यो आफ्नो जातिहरूबाट अलग
गरिनेछ; किनकि त्यसले मेरो करार भङ्ग
गरेको छ ।"

**१५**परमेश्वरले अब्राहामलाई यो पनि
भन्नुभयो, "तेरी स्वास्नी साराईको विषयमा
चाहिँ, तैंले त्यसलाई अबदेखि उसो साराई
भन्नेछैनस्, त्यसको नाउँ सारा हुनेछ । **१६**म
त्यसलाई आशिष् दिनेछु अनि म निश्चय तँलाई
ऊबाट एउटा छोरा दिनेछु । म उसलाई आशिष्
दिनेछु र त्यो धेरै जातिहरूकी आमा हुनेछे,
जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न
हुनेछन् ।"

**१७**तब अब्राहाम घोप्टे; अनि हाँसेर आफैलाई
भने, "के एक सय वर्ष पुगेका मानिसको पनि
छोरा जन्मनेछ ? के नब्बे वर्ष पुगेकी साराले
छोरा जन्माउनेछिन् ?" **१८**अनि अब्राहामले
परमेश्वरलाई भने, "तपाईंको आशिष्मुनि
इश्माएलमात्र बाँचिरहे त हुन्छ ।"

**१९**तब परमेश्वरले भन्नुभयो, "हो, तर
तेरी पत्नी साराले तेरोनिम्ति एउटा छोरा
जन्माउनेछे, र तैंले त्यसलाई इसहाक भनि
बोलाउनेछस् । म मेरो करार त्यससित अनि
त्यसपछिका सन्तानहरूका निम्ति अनन्त
करारको रूपमा स्थापित गर्नेछु । **२०**अनि
इश्माएलको विषयमा चाहिँ, मैले तेरो कुरा
सुनेको छु: म निश्चय त्यसलाई आशिष् दिनेछु,
म त्यसलाई फलदायक बनाउनेछु अनि त्यसको
सङ्ख्याको धेरै वृद्धि गर्नेछु । ऊ बाह्र
शासकहरूका पिता हुनेछ, अनि म त्यसबाट
एउटा महान् जाति खड़ा गर्नेछु । **२१**तर मेरो
करार त म, साराले आउँदो वर्ष यही समयमा
तेरो निम्ति जन्माउने इसहाकसित स्थापित
गर्नेछु ।" **२२**तिनीसित परमेश्वरले कुरा
गरिसक्नुभएपछि उहाँ तिनीदेखि गइहाल्नुभयो ।

**२३**त्यही दिन परमेश्वरले तिनलाई
भन्नुभएझैं अब्राहामले आफ्नो छोरा इश्माएल
र आफ्ना घरानामा जन्मेका सबै अनि आफ्नो
पैसाले किनेका हरेक पुरुषको खतना गरे ।

---

**१७:५**–लूका १:५५. **१७:८**–प्रेरित ७:५. **१७:१०**–प्रेरित ७:८; रोमी ४:११.

२४आफ्नो खतना हुँदा अब्राहाम उनान्सय वर्षका
थिए, २५अनि तिनका छोराचाहिँ तेह्र वर्षका
थिए । २६अब्राहाम अनि तिनका छोरा
इश्माएलको खतना एकै दिनमा भएको थियो ।
२७अनि अब्राहामका घरानाका र तिनका
घरानामा जन्मेको अथवा विदेशीबाट किनिएको
प्रत्येक पुरुषको खतना तिनीसितै भयो ।

### तीन आगन्तुकहरू

१८ दिउँसोको गर्मीमा मम्रेका ठूला
रूखहरूको छेउमा आफ्नो पालको
प्रवेशद्वारमा अब्राहाम बसिरहेको बेला परमप्रभु
तिनीकहाँ देखापर्नुभयो । २अब्राहामले आँखा
उठाएर हेरे र तीन जना मानिसहरूलाई नजीकै
उभिरहेका देखे । जब तिनले उहाँहरूलाई देखे,
तिनी उहाँहरूलाई भेट्न भनी हतारसाथ आफ्नो
पालको प्रवेशद्वारबाट गए, र भूइँसम्म निहुरेर
दण्डवत् गरे ।

३तिनले भने, "हे मेरा प्रभु, यदि मैले तपाईंको
दृष्टिमा निगाह पाएको छु भने, तपाईंको दासबाट
तर्केर नजानुहोस् । ४केही पानी ल्याउन दिनुहोस्,
अनि तपाईंहरू सबैले आफ्ना खुट्टाहरू धोएर
यस रूखमुनि विश्राम गर्नुहोस् । ५अब तपाईंहरू
आफ्ना दासकहाँ आउनुभएकोले मलाई केही
खानेकुरा ल्याउन दिनुहोस्, अनि तपाईंहरूको
थकाइ मरेपछि आफ्नो बाटो लाग्नुहोस् ।"

तिनीहरूले भने, "ठीकै छ, तिमीले भनेभैँ
गर ।"

६यसकारण अब्राहाम हतारसाथ पालभित्र
साराकहाँ गए । तिनले भने, "भट्टै पाँच पाथी
मसिनो पीठो तयार गरी मुछेर रोटी बनाऊ ।"

७तब तिनी बगाल भएको ठाउँमा दौड़ेर
गई एउटा कलिलो र असल बाछा छानेर एक
जना नोकरलाई दिए, जसले चाँड़ो गरी
पकाउन थाल्यो । ८तब तिनले केही दही अनि
दूध र पकाएको बाछा ल्याए, अनि उहाँहरूको
अगि टक्र्याए । उहाँहरूले खाइरहनुहुँदा, तिनी
उहाँहरूको छेउमा एउटा रूखमुनि उभे ।

९उहाँहरूले तिनलाई सोधे "तिम्री पत्नी
सारा कहाँ छिन् ?"

तिनले भने, "त्यहाँ पालभित्र छिन् ।"

१०परमप्रभुले भन्नुभयो, "निश्चयनै म आउँदो
वर्ष तिमीकहाँ यस ठाउँमा फर्किआउनेछु, अनि
तिम्री पत्नी साराको एउटा छोरा हुनेछ ।"

अब साराले चाहिँ यो कुरा उहाँको पछिल्तिर
भएको पालको प्रवेशद्वारबाट सुनिरहेकी
थिइन् । ११अब्राहाम अनि सारा निकै बूढ़ा-बूढ़ी
भइसकेका थिए, अनि साराले बच्चा जन्माउने
उमेर पार गरिसकेकी थिइन् । १२यसकारण
सारा मनमनै हाँसिन् अनि भनिन्, "म
गलिसकेकी छु अनि मेरा स्वामी वृद्ध हुनुहुन्छ,
अब के मलाई यो सुख प्राप्त होला ?"

१३तब परमप्रभुले अब्राहामलाई भन्नुभयो,
"साराले हाँसेर किन भनिन्, 'म बूढ़ी भइसकेकीले
के साँच्चै बच्चा जन्माउन सकूँला ?' १४के
परमेश्वरको निम्ति कुनै कुरो कठिन छ र ?
म तोकिएको समयमा अर्को वर्ष तँकहाँ
फर्किआउनेछु अनि साराको एउटा छोरा
हुनेछ ।"

१५सारा डराइन् र ढाँटेर भनिन्, "म
हाँसिनँ ।"

तर उहाँले भन्नुभयो, "हो, तिमी हाँस्यौ ।"

### अब्राहामले सदोमको पक्ष लिएका

१६जब ती मानिसहरू जानलाई तयार भए,
तिनीहरूले सदोमको तलको भागतिर हेरे, अनि
अब्राहाम उहाँहरूलाई परसम्म पुऱ्याउनलाई
उहाँहरूसितै हिँडेर गए । १७तब परमप्रभुले
भन्नुभयो, "म जे गर्न लागेको छु के त्यो
अब्राहामबाट लुकाऊँ ? १८अब्राहाम त निश्चयनै
एउटा महान् अनि शक्तिशाली जाति हुनेछ र
पृथ्वीका सबै जातिहरूले ऊद्वारा आशिष्
पाउनेछन् । १९किनकि मैले त्यसलाई चुनेको
छु, र त्यसले आफ्ना छोराछोरीहरूलाई अनि
त्यो पछिका त्यसका घरानाकाहरूलाई जे ठीक
र न्यायसङ्गत छ सो गरेर परमप्रभुको वचनको

---

**१८:२** –हिब्रू १३:२. **१८:१०** –रोमी ९:९. **१८:१२** –१ पत्रुस ३:६. **१८:१४** –लूका १:३७

पालन गर्ने आदेश दिनेछ र परमप्रभुले
अब्राहामलाई प्रतिज्ञा गर्नुभएझैँ त्यसको निम्ति
पूरा गर्नुहुनेछ ।"
**२०**तब परमप्रभुले भन्नुभयो, "सदोम र
गमोराको विरुद्धमा उठेको आवाज यति ठूलो
छ अनि पाप यति शोचनीय छ, **२१**कि म तल
ओर्लेर गई तिनीहरूले के गरेका छन् त्यो
मकहाँ आइपुगेको आवाज जतिकै नराम्रो छ
कि छैन सो हेर्नेछु । यदि छैन भने, म
जान्नेछु ।"
**२२**यसकारण ती मानिसहरू फर्केर सदोमतिर
गए, तर अब्राहामचाहिँ परमप्रभुको सामुन्ने
उभिबसे । **२३**तब अब्राहाम उहाँको नजीक
गएर भने: "के तपाईंले दुष्टसित धर्मीलाई पनि
ध्वंश पार्नुहुन्छ ? **२४**यदि त्यस शहरमा पचास
जना धर्मीहरू भए के गर्नुहुन्छ ? तपाईंले त्यस
शहरमा भएका पचास धर्मीहरूको साँच्चै ध्वंश
पार्नुहुनेछ ? **२५**धर्मीलाई पापीसित मार्ने, अनि
धर्मी र पापीलाई एकै कुरा गर्ने काम तपाईंबाट
नहोस् । तपाईंबाट यस्तो पटक्कै नहोस् ! के
पृथ्वीभरिका न्यायकर्ताले ठीक काम गर्दैनन् ?"
**२६**परमप्रभुले भन्नुभयो, "यदि मैले सदोम
शहरमा पचास जना धर्मी मानिसहरू भेटाएँ
भने, म तिनीहरूको खातिर सम्पूर्ण ठाउँलाई
छोड़िदिनेछु ।"
**२७**त्यसपछि अब्राहामले फेरि भने: "हुन त
म धूलोबाहेक केही होइनँ, अब यदि मसित
परमप्रभुसित बोल्ने यतिको साहस छ भने,
**२८**यदि त्यस शहरमा पाँच कम पचास जना
धर्मी मानिसहरू छन् भने के गर्नुहुन्छ ? के
पाँच जना धर्मी कम भएको कारण तपाईंले
सम्पूर्ण शहरलाई ध्वंश पार्नुहुनेछ ?"
उहाँले भन्नुभयो, "यदि मैले पैंतालीस जना
भेटाएँ भने म त्यसलाई ध्वंश पार्नेछैनँ ।"
**२९**एकपल्ट फेरि तिनले भने, "यदि चालीस
जनामात्र भेटाइए भने के गर्नुहुन्छ ?"
उहाँले भन्नुभयो, "चालीस जनाको खातिर
म त्यसो गर्नेछैनँ ।"
**३०**तब तिनले भने, "परमप्रभुलाई रीसानी
नभए म अझै बोल्नेछु । यदि तीस जनामात्र
भेटाइए भने के गर्नुहुन्छ ?"
उहाँले जवाफ दिनुभयो "यदि मैले तीस
जना भेटाएँ भने त्यसो गर्नेछैनँ ।"
**३१**अब्राहामले भने, "अब म परमप्रभुसित
कुरा गर्न यति साहसी भएको छु, यदि त्यहाँ
बीस जनामात्र भेटाइए भने के गर्नुहुन्छ ?"
उहाँले भन्नुभयो, "बीस जनाको खातिर म
त्यसलाई नाश गर्नेछैनँ ।"
**३२**तब तिनले भने, "परमप्रभु रीसानी माफ
पाऊँ, तर एक पल्टमात्र बोल्न पाऊँ । यदि दश
जनामात्र त्यहाँ भेटाइए भने के गर्नुहुन्छ ?"
उहाँले भन्नुभयो, "दश जनाको खातिर म
त्यसलाई नाश पार्नेछैनँ ।"
**३३**अब्राहामसित कुरा गरिसक्नुभएपछि
परमप्रभु गइहाल्नुभयो, अनि अब्राहामचाहिँ
आफ्नो घर फर्के ।

## सदोम र गमोराको विनाश

**१९** ती दुई स्वर्गदूतहरू बेलुका सदोममा
आइपुगे, अनि लूतचाहिँ शहरको
मूल ढोकामा बसिरहेका थिए । जब तिनले
तिनीहरूलाई देखे, तिनी उनीहरूलाई भेट्नलाई
उठे अनि घोप्टो परेर दण्डवत् गरे । **२**तिनले
भने, "मेरा हजूर हो, दयासाथ मेरो घरमा
पाल्नुहोस् । तपाईंहरू खुट्टा धोएर रात बिताउनुहोस्
अनि भोलि बिहानै जान सक्नुहुन्छ ।"
तिनीहरूले भने, "होइन, हामी चोकमा
रात बिताउँनेछौं ।"
**३**तर तिनले यति धेरै कर लाए कि तिनीहरू
तिनीसित गए र तिनको घरभित्र पसे । तिनले
उनीहरूको निम्ति खमीर नमिसाएको रोटी
पकाएर भोजन तयार पारे, अनि तिनीहरूले
त्यो खाए । **४**तिनीहरू सुत्न जानअघि, सदोम
शहरका सबै भागहरूबाट बुढ़ा अनि जवान
सबै मानिसहरू आएर त्यस घरलाई घेरे ।
**५**तिनीहरूले कराएर लूतलाई भने, "आज राती
तिमीकहाँ आएका मानिसहरू कहाँ छन् ?
तिनीहरूलाई बाहिर ल्याऊ र हामी तिनीहरूसित
सम्भोग गर्नेछौं ।"
**६**लूत तिनीहरूलाई भेट्न बाहिर निस्के अनि

तिनले आफ्नो पछि भएको ढोका थुनिदिए, **७**अनि
भने, “होइन, मेरा मित्रहरू हो । यस्तो दुष्ट काम
नगर्नूहोस् । **८**हेर, मानिसहरूसित कहिल्यै सहवास
नभएका मेरा दुईओटी छोरीहरू मसित छन् ।
म तिनीहरूलाई तिमीहरूकहाँ बाहिर ल्याउनेछु,
अनि तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित
व्यवहार गर्नुहोस् । तर यी मानिसहरूलाई केही
नगर्नुहोस्, किनकि तिनीहरू मेरो छानामुनि
संरक्षणमा आएका मेरा पाहुना हुन् ।”

**९**तिनीहरूले जवाफ दिए, “हाम्रो बाटो
छोड़ ।” अनि तिनीहरूले भने, “यो मानिस
यहाँ एक विदेशीको रूपमा आएर अब यहाँ
न्यायकर्ता हुन खोज्दैछ । हामी तिमीसित ती
मानिसहरूसित भन्दा नराम्रो व्यवहार गर्नेछौं ।”
तिनीहरूले लूतमाथि दबाब लाउन थाले अनि
ढोका भत्काउनलाई अगि बढ़े ।

**१०**तर भित्र भएका मानिसहरू बाहिर निस्के
अनि लूतलाई भित्र तानेर ढोका थुनिदिए ।
**११**तब तिनीहरूले ढोकामा भएका जवान अनि
बूढ़ा, सबै मानिसहरूलाई अन्धा बनाइदिए र
तिनीहरूले ढोका भेटाउन सकेनन् ।

**१२**ती दुई मानिसहरूले लूतलाई भने,
“तिमीसित यहाँ कोही छन्- जुवाइँहरू, छोरा
अथवा छोरीहरू, अथवा यस शहरमा तिम्रा
आफ्ना कोही छन् ? तिनीहरूलाई यहाँबाट
निकाल, **१३**किनकि हामी यस ठाउँलाई नाश
गर्न लागेका छौं । यहाँका मानिसहरूको
विरुद्धमा परमप्रभुको अगि उठेको आवाज यति
ठूलो छ, कि उहाँले हामीलाई यसलाई नाश
गर्न पठाउनुभएको छ ।”

**१४**यसकारण लूत बाहिर गए र आफ्ना
छोरीहरूसित मगनी भएका जुवाइँहरूसित
कुरा गरे । तिनले भने, “चाँड़ो गरी यस ठाउँबाट
निस्क, किनकि परमप्रभुले यस शहरलाई नाश
गर्न लाग्नुभएको छ ।” तर तिनका जुवाइँहरूलाई
त तिनले ठट्टा गरेजस्तो लाग्यो ।

**१५**बिहान हुन लाग्दा, ती दूतहरूले लूतलाई
यसो भनेर बिन्ती गरे, “चाँड़ो गर ! यहाँ
भएका तिम्री स्वास्नी र दुई छोरीहरू लिएर
गइहाल, नत्रता यस शहरले दण्ड पाउँदा तिमीहरू
पनि ध्वंश हुनेछौ ।” **१६**जब तिनी हिच्किच्याए,
ती मानिसहरूले तिनको अनि तिनकी स्वास्नीको
र दुई छोरीहरूका हातहरू समाते र सुरक्षापूर्वक
शहरदेखि बाहिर लगे, किनकि परमप्रभु
तिनीहरूप्रति कृपालु हुनुहुन्थ्यो । **१७**तिनीहरूले
उनीहरूलाई बाहिर निकालेर ल्याउनसाथ, ती
दुईमध्ये एक जनाले भने, “आफ्ना प्राण
बचाउनलाई भाग ! पछि फर्केर नहेर र बेंसीमा
कतै नरोक ! पहाड़हरूतिर भाग, नत्रता
तिमीहरू ध्वंश हुनेछौ !”

**१८**तर लूतले तिनीहरूलाई भने, “मेरा
प्रभुहरू, त्यसो नहोस्, ! **१९**तपाईंहरूका दासले
तपाईंहरूको दृष्टिमा निगाह पाएको छ, अनि
मेरो प्राण जोगाउनमा तपाईंहरूले मलाई
ठूलो कृपा देखाउनुभएको छ । तर म भागेर
पहाड़हरूमा पुग्न सक्दिनँ; यस विपत्तिले मलाई
भेट्नेछ, अनि म मर्नेछु । **२०**हेर्नुहोस्, दौड़ेर
जानलाई यहाँ नजीकै एउटा शहर छ, अनि यो
सानो छ । मलाई त्यसमा भागेर जानदिनुहोस्-
यो सानो पनि छ, होइन र ? तब मेरो प्राण
बाँच्नेछ ।”

**२१**तिनले उनलाई भने, “ठीकै छ, मैले
तेरो यो बिन्ती पनि मञ्जूर गरें । तिमीले बताएको
शहरलाई म नाश गर्नेछैनँ । **२२**तर चाँड़ो
गरी त्यसमा भागेर जाऊ । किनकि तिमी
त्यहाँ नपुगिञ्जेल म केही गर्न सक्दिनँ ।”
(त्यसैकारण त्यस शहरलाई सोअर भनियो ।)

**२३**लूत सोअर पुग्दा, त्यस ठाउँमा सूर्य
उदाइसकेको थियो । **२४**तब परमप्रभुले स्वर्गबाट
सदोम र गमोरामाथि बल्दै गरेको गन्धक
खन्याइदिनुभयो । **२५**यसरी उहाँले ती शहरहरू
अनि त्यस शहरमा बस्नेहरू लगायत समस्त
बेंसीहरू र त्यस ठाउँका बनस्पति सबै नाश
गरिदिनुभयो । **२६**तर लूतकी स्वास्नीले पछि

---

**१९:५-८**–न्यायकर्ता १९:२२-२४. **१९:११**–२ राजा ६:१८. **१९:१६**–२ पत्रुस २:७. **१९:२४-२५**–मत्ती १०:१५; ११:२३-२४; लूका १०:१२; १७:२९; २ पत्रुस २:६; यहूदा ७.

फर्केर हेरिन्, अनि तिनी नूनको खाँबो
भइहालिन् ।
**२७**भोलिपल्ट बिहानै अब्राहाम उठेर त्यस
ठाउँमा गए जहाँ तिनी परमप्रभुको सामुन्ने
उभिएका थिए । **२८**तिनले तल सदोम र
गमोरातिर, अनि बेंसीका सबै ठाउँहरूतिर
हेरे र तिनले भट्टीबाट धूवाँ उठेझैँ, त्यस ठाउँबाट
बाक्लो धूवाँ उठिरहेका देखे ।
**२९**यसरी परमेश्वरले बेँसीका शहरहरू
नाश गर्नुभएपछि, उहाँले अब्राहामलाई
सम्झनुभयो, अनि उहाँले लूत बसेको शहरहरू
नाश भएको ठाउँबाट लूतलाई विनाशबाट
बाहिर निकाल्नुभयो ।

## लूत र तिनका छोरीहरू

**३०**लूत अनि तिनका दुई छोरीहरूले सोअर
छोड़े अनि पहाड़हरूतिर बसोबासो गर्नथाले,
किनकि तिनी सोअरमा बस्न डराउँथे । तिनी र
तिनका छोरीहरू एउटा ओड़ारमा बस्नथाले ।
**३१**एक दिन ठूली छोरीले कान्छी छोरीलाई भनिन्,
"हाम्रा बाबु वृद्ध हुनुभएको छ, अनि संसारको
रीतिबमोजिम हामीकहाँ आउने पृथ्वीमा कुनै
मानिस छैन । **३२**यसैले हामी आफ्ना बाबुलाई
मद्य खुवाएर उहाँसित सुतौं, र आफ्ना बाबुबाट
सन्तान खड़ा गरौं ।"
**३३**त्यस रात तिनीहरूले आफ्ना बाबुलाई
मद्य पिलाए अनि ठूलीचाहिँ गएर आफ्ना
बाबुसित सुतिन् । उनी कति बेला सुतिन् वा
कति बेला उठिन् तिनलाई पत्तै भएन ।
**३४**भोलिपल्ट ठूली छोरीले सानीलाई भनिन्,
"हिजो राती म आफ्नो बाबुसित सुतें । आज
राती पनि हामी तिनलाई मद्य पिलाऔं, अनि तँ
भित्र गएर तिनीसित सुत् र यसरी हामी आफ्ना
बाबुबाट सन्तान खड़ा गरौं ।" **३५**यसरी त्यस
रात पनि तिनीहरूले आफ्ना बाबुलाई मद्य
पिलाए, अनि सानी छोरी गएर तिनीसित
सुतिन् । फेरि पनि उनी कति बेला सुतिन् वा
कति बेला उठिन् तिनलाई पत्तै भएन ।
**३६**यसरी लूतका दुवै छोरीहरू आफ्ना
पिताबाट गर्भवती भए । **३७**ठूली छोरीले एउटा
छोरा जन्माइन्, अनि उनले त्यसको नाउँ मोआब
राखिन् । उनै आजका मोआबीहरूको पुर्खा हो ।
**३८**कान्छी छोरीले पनि एउटा छोरा जन्माइन्,
अनि उनले त्यसको नाउँ बेन-अमी राखिन् ।
उनै आजका अम्मोनीहरूको पुर्खा हो ।

## अब्राहाम र अबीमेलेक

**२०** अब अब्राहाम त्यहाँबाट अगि बढ़ेर
नेगेवका इलाकामा गए अनि कादेश
र शूरको बीचमा बसोबासो गरे । तिनी केही
समयसम्म गरारमा बसे, **२**अनि त्यहाँ अब्राहामले
आफ्नी स्वास्नी साराको विषयमा भने,
"यिनी मेरी बहिनी हुन् ।" तब गरारका राजा
अबीमेलेकले सारालाई झिकाए अनि आफूसित
राखे ।
**३**तर एक रात परमेश्वर सपनामा
अबीमेलेककहाँ आउनुभयो अनि तिनलाई
भन्नुभयो, "तैंले ल्याएको स्त्रीको कारण तँ
मरेतुल्य छस्; ऊ एउटी विवाहिता स्त्री हो ।"
**४**अब अबीमेलेक तिनको नजीक पनि गएका
थिएनन्, र तिनले भने, "परमप्रभु, के तपाईंले
एउटा निर्दोष जातिलाई नष्ट गर्नुहुनेछ ? **५**के
उनले मलाई 'यिनी मेरी बहिनी हुन्' भनेनन्
र ? अनि के तिनले पनि 'यिनी मेरा दाज्यू हुन्'
भनिनन् र ? मैले यो शुद्ध विवेक र शुद्ध
हातले नै गरेको हुँ ।"
**६**तब परमप्रभुले सपनामा अबीमेलेकलाई
भन्नुभयो, "हो, तैंले यो शुद्ध विवेकले गरेको
होस् भनी म जान्दछु, यसकारण मैले तँलाई
मेरो विरुद्धमा पाप गर्नदेखि रोकें । यसैकारण
मैले तँलाई त्यसलाई छुन दिइनँ । **७**अब त्यस
मानिसकी स्वास्नी फर्काइदे, किनकि ऊ एक
अगमवक्ता हो र उसले तेरो निम्ति प्रार्थना
गर्ने छ । तर यदि तैंले यसलाई फर्काइनस् भने,
यो निश्चय जान् कि तँ र तेरा जति छन् सबै
मर्नेछन् ।"

---

**२०:२**–उत्पत्ति १२:१३; २६:७.

**८**भोलि बिहानै अबीमेलेकले आफ्ना सबै
अधिकारीहरूलाई बोलाए, अनि तिनले जे भएका
थिए तिनीहरूलाई बताए, तब तिनीहरू साह्रै
डराए । **९**तब अबीमेलेकले अब्राहामलाई
भित्र बोलाए अनि भने, "तपाईंले हामीलाई के
गर्नुभयो ? मैले तपाईंको के बिगार गरें र तपाईंले
म र मेरो राज्यमाथि यस्तो दोष ल्याउनुभयो ?
तपाईंले मसित नगर्नुपर्ने कुरा गर्नुभयो ।" **१०**अनि
अबीमेलेकले फेरि अब्राहामलाई सोधे, "के सम्झेर
तपाईंले मसित यस्तो काम गर्नुभयो ?"

**११**अब्राहामले जवाफ दिए, "मैले त सोचेको
थिएँ, 'यस ठाउँमा निश्चय पनि परमेश्वरको
डर छैन, अनि मेरी स्वास्नीको कारण तिनीहरूले
मलाई मार्नेछन् ।' **१२**यसबाहेक, तिनी मेरी साक्खै
बहिनी हुन्, अर्थात् मेरा पिताकी छोरी तर
मेरी आमाकी छोरीचाहिँ होइन, र तिनी मेरी
स्वास्नी भइन् । **१३**अनि जब परमेश्वरले मलाई
मेरा पिताको घरानाबाट परदेशीझैं घुम्नलाई
निकाल्नुभयो, मैले तिनलाई भने, 'तिमीले
यसरीनै मलाई आफ्नो प्रेम देखाउनेछौ: हामी
जहाँ गए तापनि, मेरो विषयमा "यिनी मेरा
दाज्यू हुन्" भन्नू है ।'"

**१४**तब अबीमेलेकले भेड़ाहरू र पाल्तु-
पशुहरू अनि पुरुष र स्त्री दास-दासीहरू ल्याए
अनि ती अब्राहामलाई दिए अनि तिनकी
पत्नी सारालाई तिनीकहाँ फर्काइदिए । **१५**अनि
अबीमेलेकले भने, "मेरो देश तपाईंको सामुन्ने
छ, तपाईंलाई जहाँ मनपर्छ, बस्नुहोस् ।"

**१६**सारालाई तिनले भने, "म तिम्रा दाज्यूलाई
एक हजार शेकेल चाँदी दिँदैछु । योचाहिँ
तिमीसित भएका सबैको सामुन्ने तिमीप्रति भएको
कसूरको हर्जानास्वरूप हो, तिमी सम्पूर्ण
तवरले साँचो ठहरिएकी छयौ ।"

**१७**तब अब्राहामले परमेश्वरसित प्रार्थना
गरे अनि परमेश्वरले अबीमेलेक, तिनकी
पत्नी अनि तिनकी दासी-केटीहरूलाई फेरि
छोराछोरी हुन सकून् भनेर निको पार्नुभयो,
**१८**किनकि परमेश्वरले अब्राहामकी पत्नी
साराको कारण अबीमेलेकको घरानाको प्रत्येक
गर्भ बन्द गरिदिनुभएको थियो ।

### इसहाकको जन्म

**२१** अब आफूले भन्नुभएझैँ परमप्रभु
साराप्रति कृपालु हुनुहुन्थ्यो, अनि
परमप्रभुले आफूले प्रतिज्ञा गर्नुभएझैँ साराको
लागि गर्नुभयो । **२**सारा गर्भवती भइन्
अनि अब्राहामको वृद्धावस्थामा तिनको निम्ति
परमप्रभुले प्रतिज्ञा गर्नुभएको समयमा एउटा
छोरा जन्माइन् । **३**साराले अब्राहामको निम्ति
जन्माएको छोरालाई तिनले इसहाक नाउँ दिए ।
**४**तिनको छोरा इसहाक आठ दिनको भएपछि,
परमेश्वरले तिनलाई आज्ञा दिनुभएबमोजिम
अब्राहामले त्यसको खतना गरे । **५**आफ्नो
छोरा इसहाकको जन्म हुँदा अब्राहाम सय वर्ष
पुगेका थिए ।

**६**साराले भनिन्, "परमेश्वरले मलाई हाँसो
दिनुभयो अनि जसले यो कुरा सुन्छ त्यो मसित
हाँस्नेछ ।" **७**अनि तिनले अझ भनिन्, "साराले
छोराछोरीलाई दूध खुवाउनेछ भनेर अब्राहामलाई
कसले भनेको थियो होला ? र पनि मैले
उहाँको वृद्धावस्थामा उहाँको निम्ति एउटा
छोरा जन्माएँ ।"

### हागार र इश्माएल खेदिएका

**८**बालक बढ़दै गयो अनि दूध खान छाड्यो,
अनि त्यसले दूध खान छाड़ेको दिन अब्राहामले
एउटा ठूलो भोज आयोजना गरे । **९**तर
अब्राहामको निम्ति मिश्री हागारले जन्माएको
छोराले ठट्टा गरिरहेको साराले देखिन्, **१०**अनि
तिनले अब्राहामलाई भनिन्, "त्यस दासी स्त्री
अनि उसको छोरालाई निकालिदिनुहोस्, किनकि
त्यस दासीको छोराले मेरो छोरा इसहाकसित
कहिल्यै उत्तराधिकारको हिस्सा पाउनेछैन ।"

**११**यस विषयले अब्राहामलाई धेरै विचलित
तुल्यायो किनकि तिनका छोरासित यस कुराको
सम्बन्ध थियो । **१२**तर परमेश्वरले अब्राहामलाई

**२१:२**–हिब्रू ११:११. **२१:४**–उत्पत्ति १७:१२; प्रेरित ७:८. **२१:१०** –गलाती ४:२९-३०.

भन्नुभयो, "त्यस केटो अनि तेरी दासीको
विषयमा यति विचलित नहोओ । साराले जे
भने पनि सुन किनकि इसहाकबाट नै तेरो
वंशको नाउँ रहनेछ । **१३**म त्यस दासीको
छोरालाई पनि एउटा ठूलो जाति बनाउनेछु,
किनकि ऊ तेरै सन्तान हो ।"

**१४**भोलि बिहानै अब्राहामले केही भोजन र
एक मसक पानी लिएर हागारलाई दिए। तिनले
ती उसका काँधमा राखिदिएर उसलाई केटोसित
पठाइदिए। त्यो आफ्नो बाटो लागेर बेर्शेबाका
मरुभूमी हुँदो यताउता डुल्नलागी ।

**१५**जब मशकको पानी सकियो, उसले केटोलाई
एउटा झाड़ीमुनि राखी। **१६**तब त्यो गएर एक
काँड़को दूरी जति टाढ़ो गएर बसि, किनकि त्यसले
सोचि, "म यो केटा मरेको हेर्न सक्दिनँ ।"
अनि हागार छेवैमा बसेर रून लागी ।

**१७**परमेश्वरले त्यो केटा रोइरहेको सुन्नुभयो,
अनि परमप्रभुको दूतले स्वर्गबाट हागारलाई
बोलाएर भने, "हागार, के भयो ? नडरा। त्यो
केटा त्यहाँ सुतेर रोएको परमेश्वरले सुन्नुभएको
छ । **१८**त्यस केटोलाई उठा र त्यसको हात
बलियो गरी पक्री, किनकि म त्यसबाट एउटा
ठूलो जाति खड़ा गर्नेछु ।"

**१९**तब परमेश्वरले त्यसका आँखा
खोलिदिनुभयो अनि त्यसले पानीको एउटा कुवा
देखी । यसकारण त्यो गई र मसकमा पानी
भरेर त्यस केटोलाई पिउन दिई ।

**२०**त्यो केटा जसै बढ़दै गयो, परमेश्वर
त्यससित हुनुहुन्थ्यो । त्यो मरुभूमीमा बस्थ्यो
अनि एउटा धनुर्धारी बन्यो । **२१**त्यो पारानको
मरुभूमीमा हुँदा, त्यसकी आमाले मिश्रदेशबाट
त्यसको निम्ति एउटी पत्नी ल्याइदिई ।

### बेर्शेबामा सन्धी

**२२**त्यस बेला अबीमेलेक अनि तिनका
सेनापति पीकोलले अब्राहामलाई भने, "तपाईंले
गरेका सबै कुराहरूमा परमेश्वर तपाईंको
साथमा हुनुहुन्छ। **२३**अब परमेश्वरको सामुन्ने
मसित शपथ खानुहोस् कि तपाईंले मसित अथवा
मेरा छोराछोरीहरूसित अथवा मेरा सन्तानसित
झूटो व्यवहार गर्नुहुनेछैन । मैले तपाईंसित
जुन दया देखाएको छु त्यस्तै दया तपाईंले मलाई
अनि अहिले तपाई विदेशी भएर बस्नुभएको
देशलाई देखाउनुहोस् ।"

**२४**अब्राहामले भने, "हुन्छ, म यस्तो शपथ
खान्छु ।"

**२५**तब अब्राहामले अबीमेलेकका दासहरूले
पानीको कुवा जबर्जस्ती खोसेको विषयमा
अबीमेलेकसित गुनासो पोखे, **२६**तर अबीमेलेकले
भने, "यो कसले गरेको हो म जान्दिनँ। तपाईंले
मलाई भन्नुभएन, अनि मैले यस विषयमा
आजमात्र सुनें ।"

**२७**यसकारण अब्राहामले भेड़ाहरू अनि
गाईबस्तुहरू ल्याए अनि ती अबीमेलेकलाई दिए,
अनि दुई मानिसहरूले सन्धी गरे। **२८**अब्राहामले
सातओटा पाठीहरू बगालबाट छुटचाएर राखे,
**२९**अनि अबीमेलेकले अब्राहामलाई सोधे, "तपाईंले
यी सातओटा पाठीहरू छुटचाएर राख्नुभएको
अर्थ के हो ?"

**३०**तिनले जवाफ दिए, "मैले यो कुवा खनें
भन्ने साक्षीस्वरूप यी सातओटा पाठीहरू मेरा
हातबाट स्वीकार गर्नुहोस् ।"

**३१**यसकारण त्यस ठाउँलाई बेर्शेबा भनियो,
किनकि ती दुई मानिसहरूले त्यहाँ एउटा शपथ
खाएका थिए ।

**३२**बेर्शेबामा सन्धी गरिएपछि, अबीमेलेक
अनि तिनका सेनापति पीकोल पलिश्तीहरूको
देशमा फर्के । **३३**अब्राहामले बेर्शेबामा एउटा
झ्याऊको बोट रोपे, अनि त्यहाँ तिनले
परमप्रभु अनन्तका परमेश्वरको पुकारा गरे ।
**३४**अनि अब्राहाम धेरै समयसम्म पलिश्तीहरूको
देशमा बसे ।

### अब्राहामको विश्वासको जाँच

**२२** केही समयपछि परमेश्वरले अब्राहामलाई
जाँच गर्नुभयो । उहाँले तिनलाई

**२१:१२** –रोमी ९:७; हिब्रू ११:१८. **२१:२२** –उत्पत्ति २६:२६. **२२:१-१३** –हिब्रू ११:१७-१९.

बोलाउनुभयो, "अब्राहाम !"
तिनले जवाफ दिए, "म यहाँ छु ।"
**२**तब परमेश्वरले भन्नुभयो, "तैंले माया
गर्ने, तेरो एकमात्र छोरा, इसहाकलाई लिएर
मोरीयाहको देशमा जा । म तँलाई जुन डाँड़ा
बताउनेछु त्यहाँ त्यसलाई होमबलि गर् ।"
**३**भोलिपल्ट बिहानै अब्राहाम उठे अनि
गधामा काठी कसे । तिनले आफूसित आफ्ना
नोकरहरूमध्ये दुई जना र आफ्नो छोरा
इसहाकलाई लगे । जब तिनले होमबलिको
लागि पर्याप्त दाउरा काटिसके, तिनी परमप्रभुले
तिनलाई भन्नुभएको ठाउँतिर लागे । **४**तेस्रो
दिनमा अब्राहामले आँखा उठाएर हेरे अनि त्यस
ठाउँलाई केही टाढ़ाबाट देखे । **५**तिनले आफ्ना
नोकरहरूलाई भने, "म र मेरो छोरा त्यहाँ जानेछौं
अनि तिमीहरूचाहिँ गधासित यहीं बस । हामी
पूजा गरेर तिमीहरूकहाँ फर्किआउनेछौं ।"
**६**अब्राहामले होमबलिको दाउरा लिए र
त्यसलाई आफ्नो छोरा इसहाकलाई बोक्न दिए,
अनि तिनी आफैले आगो र छुरी बोके । ती दुई
जसै सँगै जाँदैथिए, **७**इसहाकले आफ्ना बाबु
अब्राहामलाई भने, "बुबा ?"
अब्राहामले जवाफ दिए, "हजुर, मेरो छोरा ?"
इसहाकले भने, "आगो र दाउरा त यहाँ
छन्, तर होमबलिको लागि थुमाचाहिँ खोइ ?"
**८**अब्राहामले जवाफ दिए, "मेरो छोरा,
होमबलिको निम्ति थुमा परमेश्वरले नै
जुटाउनुहुनेछ ।" अनि दुई जना सँगै हिँड़न
लागे ।
**९**जब तिनलाई परमेश्वरले भन्नुभएको
ठाउँमा तिनीहरू पुगे, अब्राहामले त्यहाँ एउटा
वेदी बनाए अनि त्यसमाथि दाउरा मिलाए ।
तिनले आफ्नो छोरा इसहाकलाई बाँधे अनि
वेदीमा दाउरामाथि राखे । **१०**तब तिनले आफ्नो
छोरालाई मार्न भनी हात लम्काएर छुरी लिए ।
**११**तर परमप्रभुका दूतले स्वर्गबाट तिनलाई यसो
भनी बोलाए, "अब्राहाम ! अब्राहाम !"
तिनले जवाफ दिए, "म यहाँ छु ।"
**१२**उहाँले भन्नुभयो, "केटोमाथि हात
नउठा । त्यसलाई केही नगर् । अब मलाई तैंले
परमेश्वरको डर मान्दो रहेछस् भनी थाहा
भयो, किनकि तैंले आफ्नो छोरा, अर्थात् तेरो
एउटै छोरालाई मबाट रोकेर राखिनस् ।"
**१३**अब्राहमले माथि हेरे अनि झाड़ीमा सीङ
अल्झेर बसेको एउटा भेड़ा देखे । तिनी त्यहाँ
गएर भेड़ालाई लिए अनि त्यसलाई आफ्नो
छोराको सट्टा होमबलि चढ़ाए । **१४**यसकारण
अब्राहामले त्यस ठाउँलाई परमप्रभुले जुटाउनुहुन्छ
भने । अनि आजको दिनसम्म "परमप्रभुको
पहाड़मा जुटाइनेछ" भन्ने चलन छ ।
**१५**परमप्रभुका दूतले स्वर्गबाट दोस्रोपल्ट
अब्राहामलाई बोलाए, **१६**अनि भने, "म आफ्नै
नाउँको शपथ खान्छु भनी परमप्रभु घोषणा
गर्नुहुन्छ, कि तैंले यो गरिस् अनि तेरो छोरा,
तेरो एउटै छोरालाई रोकेर नराखेको कारण,
**१७**म निश्चय तँलाई आशिष् दिनेछु अनि तेरा
सन्तानलाई आकाशका ताराहरू अनि समुद्रको
किनारका बालुवा जतिकै धेरै बनाउनेछु ।
तेरा सन्तानले आफ्ना शत्रुहरूका शहरहरूमाथि
अधिकार गर्नेछन्, **१८**अनि तेरा सन्तानद्वारा
पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन्,
किनकि तैंले मेरो आज्ञा पालन गरिस् ।"
**१९**तब अब्राहाम आफ्ना नोकरहरूकहाँ फर्केर
आए, अनि तिनीहरूसँगै बेर्शेबातिर लागे । अनि
अब्राहाम बेर्शेबामै बसे ।

### नाहोरका छोराहरू

**२०**केही समयपछि अब्राहामलाई भनियो,
"मिल्का पनि एउटी आमा हुन्, जसले तपाईंका
दाजू नाहोरको छोरा जन्माइन्: **२१**ऊजचाहिँ
जेठो, बूज त्यसको भाइ, कमूएल (अरामका
पिता), **२२**केसेद, हजो, पिलदाश, यिदलाप र
बतूएल ।" **२३**बतूएल रिबेकाका पिता भए । यी
आठै छोरालाई अब्राहामका भाइ नाहोरबाट

---

**२२:२**–२ इतिहास ३:१. **२२:९**–याकूब २:२१. **२२:१६-१७**–हिब्रू ६:१३-१४. **२२:१७**–हिब्रू ११:१२.
**२२:१८**–प्रेरित ३:२५.

मिल्काले जन्माइन्। **२४**तिनको भित्रीनी, जसको
नाउँ रूमा थियो, तिनले पनि छोराहरू जन्माईः
तेबह, गहम, तहस र माका।

## साराको मृत्यु

**२३** सारा एक सय सत्ताईस वर्षसम्म
बाँचिन्। **२**तिनी कनान देशको किर्यत
अर्बा (अर्थात्, हेब्रोन) मा मरिन्। अनि अब्राहाम
साराको निम्ति विलाप गर्न र रुन भनी गए।
**३**तब अब्राहाम आफ्नी मरेकी पत्नीको
छेउबाट उठे अनि हित्तीहरूसित कुरा गरे।
तिनले भने, **४**"म त तपाईंहरूबीच एक विदेशी
र प्रवासी हुँ। म आफ्नो लाशलाई गाड्न पाऊँ
भनेर गाड्ने ठाउँको लागि तपाईंहरूका केही
जमिन मलाई बेच्नुहोस्।"
**५**हित्तीहरूले अब्राहामलाई भने, **६**"महाशय,
हाम्रो कुरा सुन्नुहोस्। तपाईं हामीबीच
एउटा शक्तिशाली राजकुमार हुनुहुन्छ। हाम्रा
चिहानहरूमध्ये सबैभन्दा असलचाहिँ छानेर
आफ्नो मृतकलाई गाड्नुहोस्। तपाईंको
मृतकलाई गाड्नको लागि हामी कसैले पनि
इन्कार गर्नेछैनौं।"
**७**तब अब्राहाम उठेर त्यस देशका मानिस,
हित्तीहरूको अगि घोप्टो परे। **८**तिनले
उनीहरूलाई भने, "यदि तपाईंहरूले मलाई
मेरो लाशलाई गाड्न दिनुहुन्छ भने, मेरो
कुरा सुन्नुहोस् अनि सोहोरको छोरो एप्रोनसित
मेरोनिम्ति बिन्ती गरिदिनुहोस् **९**कि उसले आफ्नो
जमिनको एक छेउमा भएको मक्पेलाको ओढ़ार
मलाई बेचोस्। तपाईंहरूको बीचमा चलिआएको
पूरा दाममा त्यो मलाई बेचोस् भनी उसलाई
भनिदिनुहोस्।"
**१०**शहरको मूल ढोकामा हित्तीहरू आएका
थिए अनि तिनीहरूका बीचमा हित्ती एप्रोन
पनि बसिरहेका थिए। जसले सबैले सुन्ने
गरी अब्राहामलाई जवाफ दियो। **११**उसले भन्यो,
"होइन मेरा प्रभु, मेरो कुरा सुन्नुहोस्; म तपाईंलाई
जमिन दिन्छु अनि त्यसमा भएको ओढ़ार पनि।
म मेरा मानिसहरूको उपस्थितिमा तपाईंलाई
दिन्छु। तपाईं आफ्नो मरेकी स्त्रीलाई त्यहीं
गाड्नुहोस्।"
**१२**फेरि अब्राहाम त्यस देशका मानिसहरूको
अगि घोप्टे **१३**र तिनले सबैले सुन्ने गरी एप्रोनलाई
भने, "तपाईंले चाहनुहुन्छ भने, मेरो कुरा
सुन्नुहोस्। म जमिनको दाम तिर्नेछु। यो
मबाट स्वीकार गर्नुहोस् र म यो लाशलाई
त्यहाँ गाड्न सकूँ।"
**१४**एप्रोनले अब्राहामलाई जवाफ दिए, **१५**"हे
मेरा प्रभु, मेरो कुरा सुन्नुहोस्; त्यस जमिनको
दाम चाँदीको चार सय शेकेल मात्र छ, तर
मेरो र तपाईंको बीचमा यो के हो र? तपाईं
यो लाशलाई गाड्नुहोस्।"
**१६**हित्तीहरूले सुन्ने गरी एप्रोनले राखेको
शर्त अब्राहामले मानिलिए अनि उसको निम्ति
उसले तोकेको दाम चार सय चाँदीको शेकेल
चुक्ता गरिदिए, जुनचाहिँ त्यस बेलाका
व्यापारीहरूबीच चल्ने मुद्रा थियो।
**१७**यसरी मम्रेको छेउमा भएको एप्रोनको
मक्पेलाको जमिन, अर्थात् जमिन र ओढ़ार
दुवै, अनि जमिनका चारैतिर भएका रूखहरूलाई
**१८**शहरको मूल ढोकामा आएका सबै हित्तीहरूको
उपस्थितिमा अब्राहामको सम्पत्ति हुन् भनी पक्का
गरी दर्ता गरियो। **१९**त्यसपछि कनान देशमा
भएको मम्रे (अर्थात् हेब्रोन) को छेउमा भएको
मक्पेलाको जमिनमा भएको ओढ़ारमा अब्राहामले
आफ्नी स्वास्नी सारालाई गाड़े। **२०**यसरी त्यो
जमिन र त्यसमा भएको ओढ़ारलाई गाड्ने
ठाउँको रूपमा हित्तीहरूद्वारा अब्राहामको नाउँमा
दर्ता गरिदिए।

## इसहाक र रिबेका

**२४** अब अब्राहाम निकै उमेर खाएर वृद्ध
भएका थिए, अनि परमेश्वरले तिनलाई
हर किसिमले आशिष् दिनुभएको थियो। **२**तिनले
आफ्ना घरानाको मुख्य दासलाई भने, जो तिनका
सबै कुराको जिम्मामा थिए, "मेरो तिघ्रामुनि

**२३:४** –हिब्रू ११:९, १३; प्रेरित ७:१६.

आफ्नो हात राख् । **३**म तँलाई आकाश र पृथ्वीका
परमप्रभु परमेश्वरको नाउँमा शपथ खान
लाउँछु, कि तैंले म अहिले बसोबास गर्दै आएको
कनानीहरूका बीचबाट मेरो छोराको निम्ति
एउटी स्वास्नी ल्याउनेछैनस्, **४**तर तँ मेरो देश
अनि मेरा कुटुम्बहरूकहाँ गएर मेरो छोरा
इसहाकको निम्ति एउटी स्वास्नी ल्याउनेछस् ।"

**५**त्यस दासले तिनलाई सोध्यो, "यदि त्यस
स्त्रीले मसित यस देशमा आउन मानिन भने म
के गरूँ ? त्यसो भए के म तपाईंको छोरालाई
तपाईं आउनुभएको देशमा लैजान सक्छु ?"

**६**अब्राहामले भने, "यो पक्का गर कि तैंले
मेरो छोरालाई त्यहाँ फर्काएर लानेछैनस् ।"
**७**मलाई मेरा पिताको घरानाबाट अनि मेरो
जन्मस्थलबाट बाहिर निकालेर ल्याउनुहुने र
मसित बोलेर 'तेरो सन्तानलाई म यो देश
दिनेछु' भन्ने शपथमा प्रतिज्ञा गर्नुहुने स्वर्गको
परमप्रभु परमेश्वरले नै तेरो अगि दूत
पठाउनुहुनेछ र तैंले मेरो छोराको लागि त्यहाँ
एउटी स्वास्नी भेटाउनेछस् । **८**यदि त्यो स्त्री
तँसित यता आउन मानिन भने, तैंले मसित
खाएको शपथबाट मुक्त हुनेछस् । खालि मेरो
छोरालाई त्यहाँ फर्काएर नलैजा ।" **९**यसकारण
त्यस दासले आफ्ना मालिक अब्राहामको
तिघ्रामुनि हात राख्यो अनि यस विषयमा
तिनीसित शपथ खायो ।

**१०**तब त्यस दासले आफ्ना मालिकका
दशओटा ऊँटहरू लियो अनि आफूसित आफ्ना
मालिकबाट सबै किसिमका असल थोकहरू
लिएर हिँड्यो । ऊ अराम-नहरैम जान भनी
हिँड्यो अनि नाहोरको शहरतिर लाग्यो । **११**उसले
शहरको बाहिर एउटा कुवाको छेउमा ती
ऊँटहरूलाई घुँडा टेकेर बिसाउन लायो ।
त्योचाहिँ स्त्रीहरू पानी भर्नलाई बाहिर निस्कने
साँझको समय थियो ।

**१२**तब त्यसले मनमनै प्रार्थना गर्‍यो, "हे
मेरा मालिक अब्राहामका परमप्रभु परमेश्वर,
मलाई आज सफलता दिनुहोस्, अनि मेरा
मालिक अब्राहाममाथि दया देखाउनुहोस् ।
**१३**हेर्नुहोस्, म यस पानीको मूलमा उभेको छु,
अनि शहरवासीहरूका छोरीहरू निस्केर पानी
भर्न आउँदैछन् । **१४**यसो हुन दिनुहोस् कि जब
म एउटी केटीलाई 'तिम्रो गाग्रो ढल्काउ र म
पानी पिऊँला,' भनेर भनूँला, अनि उसले
'पिउनुहोस्, अनि म तपाईंका ऊँटहरूलाई पनि
पिलाउँला' भनोस्, त्यहीँचाहिँ तपाईंले आफ्नो
दास इसहाकको निम्ति चुन्नुभएको होस् ।
यसबाट म तपाईंले मेरा मालिकप्रति दया
देखाउनुभएको हो भनी म जान्नेछु ।"

**१५**त्यसले प्रार्थना गरिसक्नुअघि, रिबेका
आफ्नो काँधमा गाग्रो लिएर आइन् । त्योचाहिँ
अब्राहामका भाइ नाहोरकी स्वास्नी मिल्काको
छोरा, बतूएलकी छोरी थिइन् । **१६**ती केटी कुनै
मानिससित कहिल्यै पनि सहवास नभएकी, अति
सुन्दरी कन्या थिइन् । तिनी ओर्लेर कुवामा गइन्,
अनि आफ्नो गाग्रो भरेर फेरि माथि आइन् ।

**१७**त्यो दास हतारहतार उसलाई भेट्न गयो
अनि त्यसले भन्यो, "दयासाथ मलाई तिम्रो
गाग्रोबाट अलिकता पानी देऊ ।"

**१८**उसले भनिन्, "पिउनुहोस्, मेरा हजूर,"
अनि गाग्रो आफ्नो हातसम्म झारेर उसलाई
पिउन दिइन् ।

**१९**उसलाई पिउन दिएपछि तिनले भनिन्,
"म तपाईंका ऊँटहरूलाई पनि तिनीहरूले
पिइनसकुन्जेल पानी उघाइदिनेछु ।" **२०**यसरी
उनले चाँडो गरी आफ्नो गाग्रो डूँड़मा
खन्याएर, अझ धेरै पानी उघाउन कुवातिर
दगुरिन्, अनि उसका ऊँटहरूको लागि प्रशस्त
पानी उघाइन् । **२१**केही नबोली, त्यो मानिसचाहिँ
परमप्रभुले आफ्नो यात्रा सफल गरिदिनुभएको
हो कि होइन भनी तिनलाई हेरिरह्यो ।

**२२**जब ऊँटहरूले पिइसके, त्यस मानिसले
आधा शेकेल तौलको सुनको एउटा नत्थ र
दश शेकेल तौलको दुईओटा बाला झिके ।
**२३**तब उसले सोध्यो, "तिमी कसकी छोरी हौ ?
मलाई दयासाथ भन के तिम्रो पिताको घरमा
हामीलाई आज रात बिताउने ठाउँ छ ?"

**२४**उसले त्यसलाई जवाफ दिइन्, "म
मिल्काले नाहोरको निम्ति जन्माएको बतूएलकी
छोरी हुँ ।" **२५**अनि उनले अझ थपिन्, "हामीसित

पर्याप्त पराल र घाँस छन्, साथै तपाईंलाई रात बिताउनलाई ठाउँ पनि छ।"

२६तब त्यस मानिसले घोप्टेर परमप्रभुलाई दण्डवत् गऱ्यो, २७अनि भन्यो, "मेरा मालिक अब्राहामका परमेश्वरलाई प्रशंसा होस्, जसले मेरो मालिकप्रति आफ्नो दया अनि विश्वासयोग्यता त्याग्नुभएको छैन। मेरो विषयमा त, परमप्रभुले मेरा मालिकका कुटुम्बको घरानामा आउने यात्रामा मलाई अगुवाइ गर्नुभयो।"

२८केटी दगुरेर गइन् अनि आफ्नी आमाको घरानालाई यी कुराहरू बताइदिइन्। २९अब रिबेकाको एउटा लाबान नाउँको दाज्यू थियो, अनि ऊ कुवामा भएको मानिसकहाँ चाँड़ो गरी गयो। ३०उसले नत्थ, अनि आफ्नी बहिनीका हातमा बाला देख्नासाथ, अनि रिबेकाले उसलाई त्यस मानिसले भनेका कुरा सुन्नासाथ, ऊ बाहिर निस्किगएर त्यस मानिसलाई कुवाको छेउमा ऊँटहरूसित उभिरहेको देख्यो। ३१उसले भन्यो, "हे परमप्रभुका आशीर्वादी जन, भित्र आउनुहोस्। तपाईं किन यहाँ बाहिर उभिरहनुभएको? मैले तपाईंको निम्ति घर अनि ऊँटहरूको निम्ति एउटा ठाउँ तयार पारेको छु।"

३२यसकारण त्यो मानिस घरभित्र गयो, अनि ऊँटहरूका भारी निकालिदियो। ऊँटहरूको निम्ति पराल र घाँस अनि उसको निम्ति पानी ल्याइयो। अनि उसका मानिसहरूले आफ्ना खुट्टाहरू धोए। ३३तब उसको अगि भोजन राखियो, तर उसले भन्यो, "मैले तपाईंहरूलाई जे भन्नुछ त्यो नभनुञ्जेल म खानेछैनँ।"

लाबानले भने, "त्यसोभए भन्नुहोस्।"

३४यसकारण उसले भन्यो, "म अब्राहामको दास हुँ। ३५परमप्रभुले मेरा मालिकलाई प्रशस्त आशिष् दिनुभएको छ अनि तिनी धनी भएका छन्। उहाँले तिनलाई भेड़ाहरू अनि गाईवस्तु, सुन र चाँदी, कमारा र कमारीहरू, अनि ऊँटहरू र गधाहरू दिनुभएको छ। ३६मेरा मालिककी पत्नी साराले आफ्नो वृद्धावस्थामा तिनको निम्ति एउटा छोरा जन्माइन्, अनि उहाँले तिनलाई आफूसित भएका सबै कुराहरू दिनुभएको छ। ३७अनि मेरा मालिकले मलाई शपथ खान लाएर यसो भन्नुभयो, 'तैंले म बसेको कनान देशबासीहरूका छोरीहरूबाट मेरो छोराको निम्ति पत्नी नल्याउनू, ३८तर मेरा पिताका घरानामा अनि मेरो आफ्नै कुलमा जा, अनि मेरो छोराको लागि एउटी पत्नी ले।'

३९"तब मैले मेरा मालिकलाई सोधें, 'यदि त्यस स्त्री मसित आइनन् भने के गर्नु?'

४०"तिनले जवाफ दिए, 'म जुन परमप्रभुको अगि हिँड़डुल गर्छु, उहाँले नै आफ्ना दूतलाई तँसित पठाउनुहुनेछ अनि तेरो यात्रा सफल तुल्याउनुहुनेछ, र तैंले मेरो छोराको निम्ति मेरो आफ्नै कुल र मेरा पिताको घरानाबाट एउटी स्वास्नी ल्याउनेछस्। ४१तब, तँ मेरो कुलमा गएपछि, तिनीहरूले उसलाई तँलाई दिन नमाने तापनि तँ मेरो शपथबाट छुटकारा पाउनेछस्।'

४२"आज म कुवामा आएपछि मैले भनें, 'हे परमप्रभु, मेरा मालिक अब्राहामका परमेश्वर, तपाईंको इच्छा भए, म आएको यात्रा दया गरी सफल गराइदिनुहोस्। ४३हेर्नुहोस्, म यस कुवाको छेउमा उभेको छु; यदि कोही स्त्री यहाँ पानी भर्न आइन् अनि मैले उनलाई भनें, "मलाई दयासाथ तिम्रो गाग्रोबाट केही पानी पिउन देऊ," ४४अनि यदि उसले मलाई "पिउनुहोस्, म तपाईंका ऊँटहरूका निम्ति पनि पानी उघाइदिनेछु," भनिन् भने, त्यही स्त्री परमप्रभुले मेरा मालिकका छोराको निम्ति चुन्नुभएको होस्।'

४५"मैले आफ्नो हृदयमा प्रार्थना गरिनसक्दै रिबेका आफ्नो गाग्रो काँधमा बोकेर आइन्। उनीले कुवामा ओर्लेर पानी उघाइन्, अनि मैले उनलाई भनें, 'मलाई अलिकता पानी पिउन देऊ।'

४६"उनले झट्ट आफ्नो काँधबाट गाग्रो तल झारिन् अनि भनिन्, 'पिउनुहोस्, अनि म तपाईंका ऊँटहरूलाई पनि पिलाउनेछु।' यसकारण मैले पिएँ र उनले ऊँटहरूलाई पनि पानी पिउन दिइन्।

४७"मैले उसलाई सोधें, 'तिमी कसकी छोरी हौ?'

"उनले भनिन्, 'म नाहोरको छोरा बतूएलकी छोरी हुँ र मिल्काद्वारा जन्मिएकी हुँ ।'

"तब मैले उसको नाकमा नत्थ अनि हातमा
बालाहरू लगाइदिएँ, **४८**अनि मैले घोप्टेर
परमप्रभुलाई दण्डवत् गरें । मैले मेरा मालिक अब्राहामका परमप्रभु परमेश्वरको प्रशंसा गरें, जसले मेरा मालिकका छोराको निम्ति तिनका भाइकी नातीनी ल्याउनलाई ठीक
बाटोमा डोऱ्याउनुभयो । **४९**अब यदि तपाईंले
मेरा मालिकप्रति दया र विश्वस्तता देखाउनुहुन्छ भने, मलाई भन्नुहोस्; अथवा होइन भने पनि भन्नुहोस्, र म कता लाग्नुपर्ने हो भनी जान्नसकूँ ।"

**५०**लाबान र बतूएलले जवाफ दिए,
"यो परमप्रभुबाट नै भएको हो; हामी तपाईंहरूलाई हो अथवा होइन केही भन्न
सक्दैनौं । **५१**रिबेका यहीं छिन्; उसलाई लिएर
जाऊ, अनि परमप्रभुले आदेश दिनुभएझैँ उसलाई तिम्रा मालिकको छोराकी स्वास्नी हुनदेऊ ।"

**५२**तिनीहरूले भनेका कुरा अब्राहामको
नोकरले सुनेपछि, ऊ परमप्रभुको सामुन्ने
भुइँमा निहुऱ्यो । **५३**तब त्यस नोकरले सुन र
चाँदीका गहना अनि लुगाफाटा निकाल्यो र ती रिबेकालाई दियो; उसले तिनका दाज्यू र आमालाई पनि बहुमूल्य उपहारहरू
दियो । **५४**तब उसले अनि ऊसित भएका
मानिसहरूले खानपिन गरे र त्यो रात त्यहीं बिताए ।

जब तिनीहरू भोलिपल्ट बिहानै उठे, उसले भन्यो, "मलाई मेरा मालिककहाँ जान बिदा दिनुहोस् ।"

**५५**तर रिबेकाका दाज्यू र आमाले भने,
"हाम्री छोरी हामीसित दश दिन जति बसोस्; अनि त्यसपछि जाओस् ।"

**५६**तर उसले तिनीहरूलाई भन्यो, "मलाई
परमप्रभुले मेरो यात्रा सफल तुल्याइदिनुभएपछि अब मलाई रोकेर नराख्नुहोस् । मलाई मेरो यात्रामा जानलाई बिदा दिनुहोस् र म मेरा मालिककहाँ जानेछु ।"

**५७**तब तिनीहरूले भने, "हामी रिबेकालाई
बोलाएर यसबारे उसैलाई सोधौं ।" **५८**तब
तिनीहरूले रिबेकालाई बोलाएर सोधे, "के तिमी यस मानिससित जान्छ्यौ ?"

उसले भनिन्, "म जानेछु ।"

**५९**यसकारण तिनीहरूले आफ्नी बहिनी
रिबेकालाई तिनकी सेविकासँगै अब्राहामको नोकर अनि उसका मानिसहरूसित बाटो
लगाइदिए । **६०**अनि तिनीहरूले रिबेकालाई
आशिष् दिएर भने,

"हाम्री बहिनी,
तिमी हजारौं हजारमा बढ्दै जाऊ;
तिम्रा सन्तानले शत्रुहरूका शहरहरू
कब्जा गर्दै जाऊन् ।"

**६१**तब रिबेका र तिनकी सहेलीहरू तयार
भए र ऊँटमाथि चढ़े अनि त्यस मानिसको पछि लागे । यसरी त्यस नोकरले रिबेकालाई लिएर गयो ।

**६२**अब इसहाक बेअर-लहै-रोइबाट आएका
थिए, किनकि तिनी नेगेवमा बस्दैथिए ।
**६३**एक साँझ तिनी ध्यान गर्न बाहिर खेतमा
गए अनि तिनले जसै आँखा उठाएर हेरे, तिनले
ऊँटहरू आइरहेका देखे । **६४**रिबेकाले पनि
आँखा उठाएर हेरिन् अनि इसहाकलाई देखिन् । तिनी आफ्नो ऊँटबाट ओर्लिन्,
**६५**अनि त्यस नोकरलाई सोधिन्, "हामीलाई
भेट्न आउँदै गरेका खेतमा भएका त्यो मानिस को हुन् ?"

त्यस नोकरले जवाफ दियो, "तिनी मेरा मालिक हुन् ।" तब उनले घुम्टो हालेर आफ्नो अनुहार छोपिन् ।

**६६**तब त्यस नोकरले आफूले गरेका सबै
कुराहरू इसहाकलाई भनिदियो । **६७**इसहाकले
रिबेकालाई आफ्नी आमा साराको पालभित्र ल्याए, अनि तिनलाई विवाह गरे । यसरी उनी तिनकी स्वास्नी भइन्, अनि तिनले उनलाई प्रेम गरे र आफ्नी आमाको मृत्युपछि इसहाकले सान्त्वना पाए ।

### अब्राहामको मृत्यु

**२५** अब्राहामले अर्की स्वास्नी ल्याए जसको
नाउँ कतूरा थियो । **२**उसले तिनको
निम्ति जिम्रान, योक्षान, मदान, मिद्यान, यिशबाक
र शूहलाई जन्माइन् । **३**योक्षान शेबा र ददानका
पिता थिए । ददानका सन्तान नै अश्शूरीम,
लतूशी र लऊम्मीहरू थिए । **४**मिद्यानका
छोराहरूचाहिँ एपा, एपेर, हनोक, अबीदा र
एल्दा थिए । यी सबै कतूराकै सन्तान थिए ।

**५**अब्राहामले आफूसित भएका सबै थोक
इसहाकलाई छोड़िदिए । **६**तर तिनी जीवत छँदै,
आफ्नी उपपत्नीका छोराहरूलाई उपहारहरू
दिएर इसहाकदेखि छुट्टाएर पूर्वको देशमा
पठाइदिए ।

**७**अब्राहाम जम्मा एक सय पचहत्तर वर्ष
बाँचे । **८**तब अब्राहाम आफ्नो पूरा बुढ़ेसकालमा
मरे, र आफ्ना पुर्खाहरूसित मिल्न गए । **९**तिनका
छोराहरू इसहाक र इश्माएलले तिनलाई हित्ती
सोहोरको छोरा एप्रोनको खेतमा, मम्रेको छेउमा
भएको, मक्पेलाको ओढ़ारमा गाड़े । **१०**त्यो
खेत अब्राहामले हित्तीहरूबाट किनेका थिए ।
त्यहाँ अब्राहाम आफ्नी स्वास्नी सारासित
गाड़िए । **११**अब्राहामको मृत्युपछि, परमेश्वरले
तिनका छोरा इसाहाकलाई आशिष् दिनुभयो
अनि तिनी बेअर-लहै-रोइको नजीक बसे ।

### इश्माएलका छोराहरू

**१२**साराकी दासी मिश्री हागारले
अब्राहामको निम्ति जन्माएका, अब्राहामको
छोरा, इश्माएलको वृतान्त यही हो ।

**१३**इश्माएलका छोराहरूको जन्म क्रमअनुसार
नाउँ-सूची यी हुन्: इश्माएलको जेठो छोरा
नबायोत, केदार, अदबेल, मिब्साम, **१४**मिश्मा,
दुमा, मस्सा, **१५**हदद, तेमा, यतूर, नापीश र
केदमा । **१६**इश्माएलका छोराहरू यिनै हुन्,
अनि गाउँ र छाउनीअनुसार बाह्र कुलका
नायकहरूका नाउँ यिनै हुन् । **१७**इश्माएल जम्मा
एक सय सैंतीस वर्ष बाँचे । तिनी मरे, अनि
आफ्ना पुर्खाहरूसित मिल्नगए । **१८**तिनका
सन्तानहरू अश्शूरतिर जाँदा भेटिने मिश्रको
सिमाना छेउ हवीलादेखि शूरसम्मका ठाउँहरूमा
बसोबासो गर्ने भए । अनि तिनीहरू आफ्ना
दाज्यूभाइहरूसित दुश्मनी लिएर बसे ।

### याकूब र एसाव

**१९**अब्राहामको छोरा इसहाकको वृतान्त यही
हो ।

अब्राहाम इसहाकका पिता भए, **२०**अनि
अरामी लाबानकी बहिनी अनि पद्दन-अरामका
अरामी बतुएलकी छोरी रिबेकासित विवाह हुँदा
इसहाक चालीस वर्षका थिए ।

**२१**आफ्नी स्वास्नी बाँझी भएकाले, उसको
पक्षमा इसहाकले परमप्रभुसित प्रार्थना गरे ।
परमप्रभुले तिनको प्रार्थनाको जवाफ दिनुभयो,
अनि तिनकी स्वास्नी रिबेका गर्भवती भइन् ।
**२२**तिनको गर्भमा भएका बालकहरूले एक-
अर्कासँग लड़न्त गर्न लागे । "मलाई किन
यस्तो हुँदैछ ?" भनी तिनले परमप्रभुसँग सोध्न
लागिन् ।

> **२३**परमप्रभुले तिनलाई भन्नुभयो,
> "तिम्रो गर्भमा दुई राष्ट्रहरू छन्,
> अनि तिमी भित्रबाट दुई जातिहरू
> छुटचाइनेछन्;
> एउटा जाति अर्कोभन्दा बलियो हुनेछ,
> अनि जेठोले कान्छोको सेवा गर्नेछ ।"

**२४**जब तिनले जन्माउने समय आयो,
तिनको गर्भमा जुम्ल्याह बालकहरू थिए ।
**२५**पहिला निस्कने रातो थियो, अनि त्यसको
सम्पूर्ण शरीर रौंको वस्त्रझैँ थियो; र तिनीहरूले
उसको नाउँ एसाव राखे । **२६**त्यसपछि उसको
भाइ एसावको कुर्कुच्चा समातेर बाहिर निस्क्यो;
यसकारण त्यसको नाउँ याकूब राखियो ।
रिबेकाले तिनीहरूलाई जन्माउँदा इसहाक साठी
वर्ष पुगेका थिए ।

**२७**ती बालकहरू बढ़दै गए, अनि एसाव

---

**२५:१-४**–१ इतिहास १:३२-३३. **२५:१०**–उत्पत्ति २३:३-१६. **२५:१२-१६**–१ इतिहास १:२८-३१. **२५:२३**–रोमी ९:१२.

एउटा सिपालु शिकारी अनि यताउता डुलिहिँड्ने
भए, तर याकूबचाहिँ पालहरूमै बसिरहने शान्त
स्वभावका थिए । **२८**इसहाक शिकार खान
रूचाउने हुनाले एसावलाई माया गर्थे, तर
रिबेकाले चाहिँ याकूबलाई मन पराउँथिन् ।
**२९**एकपल्ट याकूबले सुरुवा पकाइरहेको बेला,
एसाव बाहिरबाट साह्रै भोकाएर आए । **३०**तिनले
याकूबलाई भने, "मलाई झट्टै त्यो रातो सुरुवा
देऊ ! म भोकले मर्नै लागें !" (त्यसैकारण
तिनलाई एदोम पनि भनिन्थ्यो ।)

**३१**याकूबले जवाफ दिए, "पहिले मलाई तिम्रो
जेष्ठ-अधिकार बेच ।"

**३२**एसावले भने, "हेर, म त मर्नै आँटेको
छु । मेरोनिम्ति जेष्ठ-अधिकार के हो र ?"

**३३**तर याकूबले भने, "पहिले शपथ खाएर
मलाई भन ।" यसकारण तिनले शपथ खाएर
आफ्नो जेष्ठ-अधिकार याकूबलाई बेचे ।

**३४**तब याकूबले एसावलाई केही रोटी अनि
मुसुरी दालको सुरुवा दिए । तिनले त्यो खाए,
पिए अनि उठेर गइहाले ।

यसरी एसावले आफ्नो जेष्ठ-अधिकारलाई
लत्याए ।

### इसहाक र अबीमेलेक

**२६** अब अब्राहामको समयमा पहिले भएको
बाहेक त्यस देशमा अर्को एउटा
अनिकाल पर्‍यो, अनि इसहाक गरारमा भएका
पलिश्तीहरूका राजा अबीमेलेककहाँ गए ।
**२**परमप्रभु इसहाककहाँ देखा पर्नु भएर भन्नुभयो,
"मिश्र देशमा नजा; तर मैले तँलाई बस्नु भनेको
देशमा गएर बस् । **३**यस देशमा केही समय
बस्, अनि म तँसित हुनेछु र तँलाई आशिष्
दिनेछु । किनकि म तँलाई अनि तेरा सन्तानलाई
यी सबै देशहरू दिनेछु र मैले तेरा पिता
अब्राहामसित खाएको शपथ पक्का गर्नेछु ।
**४**म तेरा सन्तानलाई आकाशका ताराहरूझैँ
असंख्य तुल्याउनेछु अनि तिनीहरूलाई यी सबै
देशहरू दिनेछु, र तेरै सन्तानद्वारा सबै जातिहरूले
आशिष् पाउनेछन्, **५**किनकि अब्राहामले मेरा
आज्ञापालन गर्‍यो अनि मैले चाहेका कुराहरू,
मेरा आज्ञाहरू, मेरा नियमहरू र मेरा
व्यवस्थाहरू पालन गर्‍यो ।" **६**यसकारण इसहाक
गरारमा बसे ।

**७**जब त्यस ठाउँका मानिसहरूले तिनलाई
रिबेकाको विषयमा सोधपूछ गर्दा तिनले
'यिनी मेरी बहिनी हुन्' भने । किनकि
"रिबेकाको खातिर त्यस ठाउँका मानिसहरूले
मलाई मारिहाल्लान्" भनी रिबेकालाई आफ्नी
पत्नी भन्न तिनी डराए । किनकि रिबेका अत्यन्तै
सुन्दरी थिइन् ।

**८**जब इसहाक त्यहाँ बसेको धेरै भएको
थियो, पलिश्तीहरूका राजा अबीमेलेकले
झ्यालबाट हेरे अनि तिनले इसहाकलाई
आफ्नी पत्नी रिबेकासित प्रेम-क्रीड़ा गरिरहेका
देखे । **९**यसकारण अबीमेलेकले इसहाकलाई
बोलाइपठाएर भने, "यिनी त वास्तवमा तिम्री
पत्नी रहिछन् । मलाई तिमीले किन 'यिनी
मेरी बहिनी हुन्' भन्यौ ?"

इसहाकले तिनलाई जवाफ दिए, "किनकि
मेरी पत्नीको कारण मैले आफ्नो ज्यान गुमाउँला
कि भनी मैले सोचें ।"

**१०**तब अबीमेलेकले भने, "यो तिमीले
हामीप्रति के गर्‍यौ ? यी मानिसहरूमध्ये कोही
तिम्री पत्नीसित कुकर्म गर्दो हो त तिमीले
हामीमाथि दोष ल्याउनेथियौ ।"

**११**यसकारण अबीमेलेकले सबै मानिसहरूलाई
यसो भनी आदेश दिए: "यस मानिस अथवा
यिनकी स्वास्नीलाई छुने व्यक्तिले मृत्युदण्ड
पाउनेछ ।"

**१२**इसहाकले त्यस देशमा अन्न बाली लगाए
अनि परमप्रभुले तिनलाई आशिष् दिनुभएकोले
त्यही वर्ष तिनले सय गुणा कटनी गरे । **१३**तिनी
धनवान् भए, अनि तिनको सम्पत्ति लगातार
बढ़ेर तिनी अति नै धनी भए । **१४**तिनीसित
यति धेरै बगाल अनि गाईबस्तु र नोकर-चाकर
भए कि पलिश्तीहरूले तिनीसित डाह गरे ।

---

**२५:३३** –हिब्रू १२:१६. **२६:३-४** –उत्पत्ति २२:१६-१८. **२६:७** –उत्पत्ति १२:१३; २०:२.

१५यसकारण तिनका पिता अब्राहामको समयमा,
तिनका पिताका नोकरहरूले खनेका सबै
कुवाहरू पलिश्तीहरूले माटोले भरेर बन्द गरि
दिए ।
१६तब अबीमेलेकले इसहाकलाई भने,
"हामीदेखि टाढ़ो गइहाल; किनकि तिमी
हाम्रोनिम्ति अति शक्तिशाली भएका छौ ।"
१७यसकारण इसहाक त्यहाँबाट गइहाले
अनि गरारको बेंसीमा गएर पाल टाँगे अनि
त्यहीँ बसोबासो गरे । १८अब्राहामको मृत्युपछि,
पलिश्तीहरूले बन्द गरिदिएका कुवाहरू जुन
तिनका पिता अब्राहामको समयमा खनिएका
थिए, ती इसहाकले फेरि खोले, अनि तिनीहरूलाई
तिनका पिताले दिएकै नाउँहरू दिए ।
१९इसहाकका नोकरहरूले बेंसीमा खने अनि
स्वच्छ पानीको एउटा कुवा पत्तो लगाए ।
२०तर गरारका गोठालाहरूले इसहाकका
गोठालाहरूसित झगड़ा गरेर भने, "यो पानी
हाम्रो हो !" यसकारण तिनले त्यस कुवाको
नाउँ एसेक राखे, किनकि तिनीहरूले उनीहरूसित
झगड़ा गरेका थिए । २१तब तिनीहरूले अर्को
कुवा खने, तर तिनीहरूले त्यसमाथि पनि झगड़ा
गरे; यसकारण तिनले त्यसको नाउँ सित्ना
राखे । २२तिनी त्यहाँबाट अझ अगि बढ़े र
अर्को कुवा खने, अनि कसैले पनि त्यसमाथि
झगड़ा गरेन । तिनले त्यसको नाउँ यसो भनेर
रहोबोत राखे, "अब परमप्रभुले हामीलाई ठाउँ
दिनुभएको छ र हामी यस देशमा उन्नति
गर्नेछौं ।"
२३त्यहाँबाट तिनी बेर्शेबासम्म गए । २४त्यस
रात परमप्रभु तिनीकहाँ देखा परेर भन्नुभयो,
"म तेरा पिता अब्राहामका परमेश्वर हुँ ।
नडरा, किनकि म तँसित छु; म तँलाई आशिष्
दिनेछु अनि मेरा दास अब्राहामको खातिर म
तेरो सन्तानको सङ्ख्या बढ़ाउनेछु ।"
२५इसहाकले त्यहाँ एउटा वेदी बनाए अनि
परमप्रभुको नाउँको पुकारा गरे । त्यहाँ
तिनले आफ्नो पाल टाँगे, अनि त्यहाँ तिनका
नोकरहरूले एउटा कुवा खने ।
२६त्यसैबेला, अबीमेलेक गरारबाट आफ्ना
व्यक्तिगत सल्लाहकार अहुज्जत अनि आफ्ना
सेनाका कप्तान पीकोलसित तिनीकहाँ आए ।
२७इसहाकले तिनीहरूलाई सोधे, "तपाईंहरूले
मसित दुश्मनी गरेर मलाई धपाइदिनुभएपछि,
तपाईंहरू अहिले किन मकहाँ आउनुभयो ?"
२८तिनीहरूले जवाफ दिए, "तपाईंसित
परमप्रभु हुनुभएको हामीले स्पष्ट गरी देख्यौं; र
हामीले भन्यौं, 'तपाईंसित हाम्रो एउटा शपथ
हालिएको सम्झौता हुनुपर्ने थियो'- हामी अनि
तपाईंबीच । हामी तपाईंसित एउटा सन्धि गरौं,
२९कि हामीले तपाईंलाई कुव्यवहार नगरी सधैँ
तपाईंसित राम्रो कुरा गरेर शान्तिसित तपाईंलाई
पठाइदिएझैँ तपाईंले हामीलाई कुनै हानि
गर्नुहुनेछैन । अनि अब तपाईंले परमप्रभुबाट
आशिष् पाउनुभएको छ ।"
३०तब इसहाकले तिनीहरूको निम्ति एउटा
भोज तयार पारे, अनि तिनीहरूले खाए र
पिए । ३१अर्को दिन बिहानै ती मानिसहरूले
एक अर्कासित शपथ खाए । तब इसहाकले
तिनीहरूलाई आफ्नो बाटो लगाइदिए, अनि
तिनीहरूले तिनलाई शान्तिमा छोड़िदिए ।
३२त्यस दिन इसहाकका नोकरहरूले
तिनलाई उनीहरूले खनेको कुवाको विषयमा
बताए । तिनीहरूले भने, "हामीले पानी भेट्टाएका
छौं !" ३३तब तिनले त्यसलाई शिबा भने, अनि
आजसम्मै त्यस शहरको नाउँ बेर्शेबा रहेको
छ ।
३४एसाव चालीस वर्षको हुँदा, हित्ती बेरीकी
छोरी यहूदीतलाई अनि हित्ती एलोनकी छोरी
बासमतलाई पनि विवाह गरे । ३५तिनीहरूचाहिँ
इसहाक र रिबेकाको निम्ति सन्तापको स्रोत
भए ।

## याकूबले इसहाकको आशिष् पाएको

२७ इसहाक वृद्ध भएर तिनको आँखा देख्न
नसक्ने गरी कमजोर भएपछि तिनले

**२६:२६** –उत्पत्ति २१:२२.

आफ्नो जेठा छोरा एसावलाई बोलाएर भने, "मेरो छोरा ।"

तिनले जवाफ दिए, "म यहाँ छु ।"

२इसहाकले भने, "अब म एउटा वृद्ध मानिस
हुँ अनि म आफ्नो मृत्युको दिन जान्दिनँ ।
३त्यसैले अब, तेरा हतियार अर्थात् तेरो काँड़को
ठोक्रो र धनु लिएर वनमा मेरो निम्ति शिकार
खेल्न जा । ४मेरोनिम्ति मैले मन पराउने भोजन
बनाएर मलाई खान ल्याइदे, र म मर्नुअघि
मेरो आशिष् तँलाई दिऊँ ।"

५अब इसहाक आफ्नो छोरा एसावसित
कुरा गर्दैगर्दा रिबेकाले सुनिरहेकी थिइन् । जब
एसाव वनमा शिकार गरेर ल्याउन भनी गए,
६रिबेकाले आफ्नो छोरा याकूबलाई भनिन्,
"हेर्, मैले तेरा बाबुले तेरा दाज्यू एसावलाई
यसो भन्दै गरेको सुनें, ७'मलाई केही शिकार
ल्याएर मेरोनिम्ति स्वादिष्ट भोजन खानलाई
तयार गर्, र म मर्नभन्दा पहिले म परमप्रभुको
उपस्थितिमा मेरो आशिष् तँलाई दिऊँ ।' ८अब,
मेरो छोरा, ध्यानपूर्वक सुन् अनि म तँलाई जे
भन्छु सो गर्: ९बगाल भएको ठाउँमा जा अनि
तैंले खुबै असल ठानेका दुईओटा पाठा मलाई
ल्याइदे, र म तेरा बाबुले मन पराउने स्वादिष्ट
भोजन बनाइदिनेछु । १०तब त्यसलाई लगेर
तेरा बाबुलाई खानदे, र आफू मर्न अघि तिनले
आफ्नो आशिष् तँलाई देऊन् ।"

११याकूबले आफ्नी आमा रिबेकालाई भने,
"तर मेरा दाज्यू एसाव त रौं भएका मानिस
हुन्, अनि मचाहिँ चिल्लो छाला भएको
मानिस हुँ । १२मेरा बाबुले मलाई छोए भने म
के गरूँ ? मैले त उहाँलाई छल गरेको जस्तो
हुन्छ अनि मैले आफैमाथि आशिष्को साटो
श्राप पो ल्याउँला ।"

१३तिनकी आमाले तिनलाई भनिन्, "मेरो
छोरा, त्यो श्राप ममाथि परोस्, मैले भनेझैँ
गर्; जा र ती मेरोनिम्ति लिएर आइज ।"

१४यसकारण तिनी गए र ती ल्याए अनि
आफ्नी आमाकहाँ लिएर आए, र आमाचाहिँले
बाबुले मन पराउने किसिमको भोजन तयार
पारिन् । १५तब रिबेकाले आफूसित भएको आफ्नो
जेठा छोरा एसावका असल लुगा ल्याइन्,
जुनचाहिँ तिनको घरमा थियो, अनि ती आफ्नो
कान्छा छोरा याकूबलाई लगाइदिइन् । १६तिनले
याकूबका हातहरू अनि घिच्रोका चिल्ला
भागहरू बाखाका छालाले छोपिदिइन् । १७तब
आफूले तयार पारेका स्वादिष्ट भोजन र रोटी
तिनले आफ्नो छोरा याकूबलाई दिइन् ।

१८तिनी आफ्ना बाबुकहाँ गएर भने,
"मेरा बाबु ।"

तिनले जवाफ दिए, "भन्, मेरो छोरा, तँ
को होस् ?"

१९याकूबले आफ्ना बाबुलाई भने, "म
तपाईंको जेठा छोरा एसाव हुँ । मैले तपाईंले
भन्नुभएझैँ गरें । दया गरी बस्नुहोस् अनि
मेरा शिकारबाट केही खानुहोस्, र मलाई आफ्नो
आशिष् दिनुहोस् ।"

२०इसहाकले आफ्नो छोरालाई सोधे,
"मेरो छोरा, तैंले यति चाँड़ो यसलाई कसरी
भेटिस् ?"

तिनले जवाफ दिए, "मलाई तपाईंका
परमप्रभु परमेश्वरले सफलता दिनुभयो ।"

२१तब इसहाकले याकूबलाई भने, "मेरो
छोरा, मेरो छेउमा आइज, र म तँलाई
छामेर, मेरो छोरा एसाव होस् कि होइनस्
भनी जान्नसकूँ ।"

२२याकूब आफ्नो बाबु इसहाकको छेवैमा
गए, जसले तिनलाई छोएर भने, "सोरचाहिँ
याकूबको हो, तर हातचाहिँ एसावको हो ।"
२३तिनका हातहरू तिनका दाज्यू एसावकै
हातजस्तै रौं नै रौं भएका हुनाले इसहाकले
तिनलाई चिनेनन् । तब इसहाकले याकूबलाई
आशिष् दिए । २४इसहाकले तिनलाई सोधे, "के
तँ साँच्चै मेरो छोरा एसाव नै होस् त ?"

तिनले जवाफ दिए, "हो, म साँच्चै हुँ ।"

२५तब तिनले भने, "मेरो छोरा, मलाई
तेरो शिकारबाट खानलाई केही दे, र म तँलाई
मेरो आशिष् दिऊँ ।"

याकूबले ती उनीकहाँ ल्याए अनि तिनले
ती खाए; अनि उनले केही दाखमद्य पनि ल्याए
अनि तिनले त्यो पिए । २६तब उनका बाबु

इसहाकले उसलाई भने, "मेरो छोरा, यता
आइज, अनि मलाई म्वाइँ खा ।"
**२७**यसकारण उनी तिनीकहाँ गएर तिनलाई
म्वाइँ खाए । जब इसहाकले लुगाको बास्ना
पाए, तब तिनले उनलाई आशिष् दिएर भने,

"अहो, मेरो छोराको बास्ना त
परमप्रभुले आशिष् दिनुभएको खेतभैँ
छ ।
**२८** परमेश्वरले तँलाई आकाशको शीतबाट
अनि पृथ्वीको प्रचूरताबाट–
प्रशस्त अन्न अनि नयाँ दाखमद्य
देऊन् ।
**२९** जाति-जातिहरूले तेरो सेवा गरून्
अनि मानिसहरू तेरोअगि दण्डवत्
गरून् ।
तेरा दाज्यूभाइहरूमाथि तेरो प्रभुत्व होस्,
अनि तेरी आमाका छोराहरूले तँलाई
दण्डवत् गरून् ।
तँलाई श्राप दिनेहरू श्रापित होऊन्
अनि तँलाई आशिष् दिनेहरू सबैले
आशिष् पाऊन् ।"

**३०**इसहाकले तिनलाई आशिष् दिइसकेपछि
याकूब आफ्ना बाबुको उपस्थितिबाट गइसकेका
मात्र थिए, तिनका दाज्यू एसाव शिकारबाट
आएर भित्र पसे । **३१**तिनले पनि केही स्वादिष्ट
भोजन तयार पारे अनि आफ्ना बाबुकहाँ
ल्याए । तब तिनले भने, "मेरा बाबु, उठेर
बस्नुहोस् अनि मेरा शिकारबाट केही खानुहोस्,
र मलाई तपाईंको आशिष् दिनुहोस् ।"
**३२**तिनका पिता इसहाकले सोधे, "तँचाहिँ
को होस् ?"
तिनले जवाफ दिए, "म तपाईंको छोरा हुँ,
तपाईंको जेठा छोरा एसाव ।"
**३३**इसहाक जोरसित काँपे अनि भने,
"त्यसो भए, त्योचाहिँ को हो जसले
शिकार गरेर मकहाँ ल्यायो ? तँ आउनभन्दा
अघि मात्र मैले त्यो खाएँ र त्यसलाई
आशिष् दिएँ, अनि त्यसले निश्चय आशिष्
पाउनेछ ।"
**३४**जब एसावले आफ्नो बाबुको कुरो सुने,
तिनी नमीठो गरी जोरसित रोए अनि आफ्ना
बाबुलाई भने, "मेरा बुबा, मलाई पनि आशिष्
दिनुहोस् !"
**३५**तर तिनले भने, "तेरो भाइले छलसित
आएर तेरो आशिष् लगिहाल्यो ।"
**३६**एसावले भने, "के त्यसले याकूब भन्ने
नाउँ ठीकसित पाएको छैन ? त्यसले मलाई
दुई पल्ट छल गरेको छ: त्यसले मेरो जेष्ठ-
अधिकार लग्यो, अनि अहिले त्यसले मेरो आशिष्
लग्यो !" तब तिनले सोधे, "के तपाईंले मेरो
निम्ति केही आशिष् साँचिराख्नु भएको
छैन ?"
**३७**इसहाकले एसावलाई जवाफ दिए, "मैले
त्यसलाई तेरा मालिक बनाएको छु, अनि त्यसका
आफन्तहरूलाई त्यसका दास बनाएको छु, र
अन्न र दाखमद्यले त्यसलाई तृप्त पारेको छु ।
यसकारण मेरो छोरा, म तेरो लागि सम्भवत
के गर्नसक्छु ?"
**३८**एसावले आफ्ना बाबुलाई भने, "मेरा बुबा,
के तपाईंसित एउटामात्र आशिष् छ ? बुबा,
मलाई पनि आशिष् दिनुहोस् !" तब तिनी
जोरसित रोए ।
**३९**तिनका पिता इसहाकले तिनलाई जवाफ
दिए,

"तेरो बसोबासो पृथ्वीको प्रशस्तताबाट
बाहिर हुनेछ,
माथि आकाशका शीतदेखि टाढ़ो
**४०** तँ तरवारको भरमा जिउनेछस्
अनि तैंले तेरो भाइको सेवा गर्नेछस् ।
तर तँ विचलित भएपछि,
तैंले त्यसको जुवा आफ्नो काँधबाट
फ्याँक्नेछस् ।"

---

**२७:२७–२९**–हिब्रू ११:२०. **२७:२९**–उपत्ति १२:३. **२७:३६**–उत्पत्ति २५:२९-३४. **२७:३८**–हिब्रू १२:१७.
**२७:३९–४०**–हिब्रू ११:२०. **२७:४०**–उत्पत्ति ३६:८; २ राजा ८:२०.

### याकूब लाबानकहाँ भागेका

**४१**आफ्ना पिताले याकूबलाई आशिष्
दिनुभएको कारण एसावले याकूबसित शत्रुता
गरे । तिनले मनमनै भने, “मेरा पिताको मर्ने
बेला नजीकै छ; त्यसपछि म मेरो भाइ
याकूबलाई मार्नेछु ।”

**४२**आफ्नो जेठा छोराले भनेका कुरा जब
रिबेकालाई भनियो, तिनले आफ्नो कान्छा
छोरा याकूबलाई बोलाइपठाइन् अनि तिनलाई
भनिन्, “तेरो दाज्यूले तँलाई मार्छु भन्ने विचार
लिएर आफैलाई सान्त्वना दिइरहेछ । **४३**अब,
मेरो छोरा, म जे भन्छु त्यही गर: तँ हारानमा
भएका मेरा दाज्यू लाबानकहाँ झट्टै भागेर
जा । **४४**तेरो दाज्यूको रीस नमरुन्जेल तँ केही
समय त्यहीं बस् । **४५**तेरो दाज्यूको रीस
मरेपछि अनि तैंले तिनलाई जे गरेको थिइस्
सो त्यसले बिर्सेपछि, म तँलाई त्यहाँबाट यता
आउनू भनी खबर पठाउनेछु । म किन एकै
दिनमा तिमीहरू दुवैलाई गुमाउनू ?”

**४६**तब रिबेकाले इसहाकलाई भनिन्, “म
यी हित्ती स्त्रीहरूसित बस्दाबस्दा वाक्क
भइसकें । यदि याकूबले यस ठाउँकी स्त्रीहरूबाट
अर्थात् यस्ता हित्ती स्त्रीहरूबाट स्वास्नी ल्यायो
भने, म बाँचेर केही फाइदा हुँदैन ।”

**२८** यसकारण इसहाकले याकूबलाई
बोलाइपठाए अनि आशिष् दिए र यस्तो
आज्ञा दिए: “कनानी स्त्रीलाई विवाह नगर्नू ।
**२**एकचोटी पद्दन–अराममा तेरी आमाका पिता
बतूएलको घरमा जा । आफ्नोलागि तेरी आमाका
दाज्यू लाबानका छोरीहरूमध्ये एउटीलाई आफ्नी
स्वास्नी बनाउनू । **३**सर्वशक्तिमान् परमेश्वरले
तँलाई आशिष् देऊन् अनि तँ जातिहरूका
एक समुदाय नभएसम्म तँलाई फलदायक
बनाएर तेरा सङ्ख्याको वृद्धि गरून् । **४**उहाँले
तँलाई अनि तेरा सन्तानलाई अब्राहमलाई
दिइएको आशिष् देऊन्, र अब्राहामलाई
परमेश्वरले दिनुभएको ठाउँ जसमा तँ अहिले
परदेशी भई बसेको छस्, त्यसमा तैंले अधिकार
गर्नू ।” **५**तब इसहाकले याकूबलाई बाटो
लगाइदिए, अनि तिनी याकूब र एसावकी आमा,
रिबेकाका दाज्यू अर्थात् अरामी बतूएलको
छोरा, लाबानकहाँ पद्दन-अराममा गए ।

**६**अब इसहाकले याकूबलाई आशिष् दिएर
पद्दन-अरामबाट स्वास्नी ल्याउनू भनी त्यहाँ
पठाएको, अनि तिनलाई आशिष् दिँदा “कुनै
कनानी स्त्रीलाई विवाह नगर्नू,” भन्ने आज्ञा
दिएको, **७**र याकूबले आफ्ना बाबु र आमाको
आज्ञा पालन गरेर पद्दन-अराम गएको कुरा
एसावले थाहा पाए । **८**जब तिनका पिता
इसहाकलाई कनानी स्त्रीहरू कतिको मन नपर्दो
रहेछ भनी एसावले थाहा पाए; **९**तब तिनी
इश्माएलकहाँ गए अनि आफूसित भएका
स्वास्नीहरूबाहेक तिनले अब्राहामको छोरा,
इश्माएलकी छोरी, नबायोतकी बहिनी,
महलतलाई विवाह गरे ।

### बेथेलमा याकूबको सपना

**१०**याकूब बेर्शेबा छोड़ेर हारानतर्फ लागे ।
**११**तिनी कुनै एक ठाउँ आइपुगेपछि, सूर्य
अस्ताइसकेकोले रात बिताउन त्यहीं रोकिए ।
त्यहाँ एउटा ढुङ्गा लिएर त्यसको सिह्रानी लगाएर
तिनी सुते । **१२**तिनले एउटा सपना देखे
जसमा तिनले पृथ्वीमा अड़ेको, अनि टुप्पोचाहिँ
स्वर्गसम्म पुगेको, एउटा भऱ्याङ देखे, अनि
परमेश्वरका दूतहरू त्यसमा उक्लँदै र ओर्लँदै
थिए । **१३**त्यसमाथि चाहिँ परमप्रभु उभिनुभएको
थियो, अनि उहाँले भन्नुभयो: “म परमप्रभु तेरा
पिता अब्राहाम र इसहाकका परमेश्वर हुँ । तँ
सुतिरहेको ठाउँ म तँलाई र तेरा सन्तानलाई
दिनेछु । **१४**तेरा सन्तान पृथ्वीको धूलोसरह
हुनेछन्, अनि तिमीहरू पश्चिम अनि पूर्वतिर,
अनि उत्तर र दक्षिणतिर फैलिनेछौ । पृथ्वीको
सबै जातिहरूले तँ र तेरा सन्तानद्वारा आशिष्
पाउनेछन् । **१५**म तँसँग छु अनि तँ जहाँ गए
पनि तँमाथि नजर राख्नेछु, र तँलाई यस देशमा
फर्काएर ल्याउनेछु । मैले तँसित प्रतिज्ञा पूरो

---

**२८:४**–उत्पत्ति १७:४-८. **२८:१२**–यूहन्ना १:५१. **२८:१३**–उत्पत्ति १३:१४-१५. **२८:१४**–उत्पत्ति १२:३; २२:१८.

नगररून्जेल म तँलाई छोड्नेछैनँ ।"
१६जब याकूब निद्राबाट ब्युँझे, तिनले सोचे,
"निश्चय नै परमप्रभु यस ठाउँमा हुनुहुन्छ,
अनि मलाई यो थाहा थिएन ।" १७तिनी डराए
अनि भने, "यो ठाउँ कति श्रद्धापूर्ण छ ! यो
परमेश्वरको घरबाहेक अरू होइन; यो स्वर्गको
ढोका हो ।"
१८भोलिपल्ट बिहानै याकूबले आफूले सिह्रानी
राखेको ढुङ्गा लिए अनि त्यसलाई खाँबोझैँ
ठड्याए अनि टुप्पोमा तेल खन्याए । १९त्यस
शहरको नाउँ लूज भए तापनि, तिनले त्यस
ठाउँको नाउँ बेथेल राखे ।
२०तब याकूबले यसो भनेर भाकल गरे,
"यस यात्रामा यदि परमेश्वर मेरो साथमा
रहनुभयो, ममाथि नजर राख्नुभयो, मलाई
खानलाई भोजन र लाउनलाई लुगा दिनुभयो,
२१र म मेरा पिताको घरमा सुरक्षित फर्केर
आउन सकें भने, परमप्रभु मेरा परमेश्वर
हुनुहुँदोरहेछ, २२अनि मैले खाँबोझैँ खड़ा
गरेको ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ र
तपाईंले मलाई दिनुहुने सबै कुराको म तपाईंलाई
दशांश दिनेछु ।"

### याकूब पद्दन-अराममा आइपुगेको

२९ तब याकूब लगातार यात्रामा रहे अनि
पूर्वका जातिहरूको देशमा आए । २त्यहाँ
उनले खेतमा एउटा कुवा देखे, जसको छेउमा
तीन बगाल भेड़ाहरू बसिरहेका थिए किनकि ती
बगाललाई त्यस कुवाबाट पानी पिलाइन्थ्यो ।
कुवाको मुखमा भएको ढुङ्गा ठूलो थियो । ३जब
सबै बगाल त्यहाँ भेला हुन्थे, गोठालाहरूले
कुवाको मुखबाट ढुङ्गा हटाइदिन्थे अनि
भेड़ाहरूलाई पानी पिलाउँथे । त्यसपछि
तिनीहरूले त्यस ढुङ्गा फेरि कुवाको मुखमा
फर्काएर त्यसको ठाउँमा राखिदिन्थे ।
४याकूबले ती गोठालाहरूलाई सोधे,
"मेरा भाइ हो, तपाईंहरू कुन ठाउँबाट
आउनुभएको हो ?"
तिनीहरूले जवाफ दिए, "हामी हारानबाट
आएका हौं ।"
५तिनले तिनीहरूलाई भने, "के तपाईंहरू
नाहोरका नाति लाबानलाई चिन्नुहुन्छ ?"
तिनीहरूले जवाफ दिए, "हो, हामी उहाँलाई
चिन्छौं ।"
६तब याकूबले तिनीहरूलाई सोधे, "के उहाँ
कुशलै हुनुहुन्छ ?"
तिनीहरूले भने, "ज्यू, उहाँ कुशलै हुनुहुन्छ,
अनि उहाँकी छोरी राहेल भेड़ाहरूसित
आउँदैछिन् ।"
७तिनले भने, "हेर्नुहोस्, घाम अझसम्म
आकाशमाथि नै छ । यतिखेर बगाललाई भेला
गराउने समय भएको छैन । भेड़ाहरूलाई पानी
पिलाउनुहोस् र चराउन लानुहोस् ।"
८तिनीहरूले भने, "सबै बगाल भेला
नभएसम्म कुवाको मुखबाट हामी ढुङ्गा हटाउन
सक्दैनौं । त्यसपछि हामी भेड़ाहरूलाई पानी
पिलाउँछौं ।"
९तिनी उनीहरूसित कुरा गर्दै गर्दा राहेल
आफ्ना पिताका भेड़ाहरू लिएर आइन्, किनकि
तिनी गोठाल्नी थिइन् । १०जब याकूबले आफ्नी
आमाका दाज्यू लाबानकी छोरी राहेल अनि
लाबानका भेड़ाहरू देखे, तिनी गए अनि कुवाको
मुखबाट ढुङ्गा हटाएर आफ्नो मामाका भेड़ाहरूलाई
पानी पिलाए । ११तब याकूबले राहेललाई म्वाइँ
खाए अनि जोरसित रुनलागे । १२तिनले राहेललाई
तिनी उनका पिताका नातेदार अनि रिबेकाका
छोरा हुन् भनेका थिए । यसकारण उनी
दगुरेर गइन् अनि आफ्ना पितालाई भनिन् ।
१३लाबानले जसै आफ्नी बहिनीको छोरा
याकूबको विषयमा खबर सुने, तिनी उनलाई
भेट्न हतारसाथ गए । तिनले उसलाई अङ्कमाल
गरे अनि म्वाइँ खाए अनि तिनलाई घरमा
ल्याए अनि याकूबले तिनलाई त्यहाँ यी सबै
कुराहरू बताइदिए । १४तब लाबानले भने,
"तिमी मेरै शरीर र रगत हौ ।"

### याकूबले लेआ र राहेललाई विवाह गरेको

याकूब तिनीसित एक महिना पूरै बसेपछि,
१५लाबानले तिनलाई भने, "तिमी मेरा नातेदार
हौ भन्दैमा तिमी सित्तैमा मेरो काम गर्ने ?

तिम्रो तलब कति हुनुपर्ने हो मलाई भन ।"
१६अब लाबानका दुई छोरीहरू थिए; जेठीको
नाउँ लेआ, अनि कान्छीको नाउँ राहेल थियो ।
१७लेआको आँखा कमजोर थियो, तर राहेलचाहिँ
मनपर्दो आकृति भएकी, र सुन्दरी थिइन् ।
१८याकूबले राहेललाई प्रेम गर्थे र भने, "म
तपाईंकी कान्छी छोरी राहेलको खातिर सात
वर्ष काम गर्नेछु ।"
१९लाबानले भने, "मैले यसलाई अरू
मानिसलाई दिनुभन्दा त तिमीलाई दिनु नै असल
हो । मसित यहीं बस ।" २०यसकारण राहेललाई
प्राप्त गर्नलाई याकूबले सात वर्ष सेवा गरे,
तर तिनले राहेललाई प्रेम गरेको कारण तिनको
लागि ती केही दिनजस्तो मात्र लाग्यो ।
२१तब याकूबले लाबानलाई भने, "मलाई
मेरी पत्नी दिनुहोस् । मेरो समय पूरा भयो,
अनि म तिनीसँग बिहे गर्न चाहन्छु ।"
२२यसकारण लाबानले त्यस ठाउँका सबै
मानिसहरूलाई एकसाथ बोलाएर भोज दिए ।
२३तर जब साँझ भयो, तिनले आफ्नी छोरी
लेआलाई बोलाए अनि याकूबसित बिहेगरि दिए,
अनि याकूब तिनीसित सुते । २४अनि लाबानले
आफ्नी दासी जिल्पालाई आफ्नी छोरीकी
कमारी हुनलाई दिए ।
२५जब बिहान भयो, लेआ पो त्यहाँ
थिइन् ! यसकारण याकूबले लाबानलाई
भने, "यो तपाईंले मलाई के गर्नुभयो ? के मैले
राहेलको निम्ति तपाईंको सेवा गरेको होइन ?
तपाईंले मलाई किन धोखा दिनुभयो ?"
२६लाबानले जवाफ दिए, "यहाँ हाम्रो
परम्पराअनुसार कान्छीको विवाह जेठीको भन्दा
पहिले हुँदैन । २७यस छोरीको दुलहीको एक
साता पूरा गर; तब तिमीले अर्को सात वर्ष
काम गर, यसको सट्टामा हामी तिमीलाई कान्छी
छोरी पनि दिनेछौं ।"
२८अनि याकूबले त्यस्तै गरे । तिनले
लेआसित एक हप्ता बिताए, अनि लाबानले
आफ्नी छोरी राहेललाई तिनकी पत्नी हुनलाई
दिए । २९लाबानले आफ्नी दासी बिल्हालाई
आफ्नी छोरी राहेलकी कमारी हुनलाई दिए ।
३०याकूब राहेलसित पनि सुते, अनि
तिनले लेआलाई भन्दा राहेललाई बढ़ी प्रेम
गरे । अनि तिनले अर्को सात वर्ष लाबानको
सेवा गरे ।

### याकूबका छोराछोरी

३१जब परमप्रभुले लेआले प्रेम नपाएकी
देख्नुभयो, तब उहाँले तिनको गर्भ खोलिदिनुभयो,
तर राहेलचाहिँ बाँझी थिइन् । ३२लेआ गर्भवती
भइन् अनि तिनले एउटा छोरा जन्माइन् ।
तिनले उसको नाउँ रूबेन राखिन्, किनकि
तिनले भनिन्, "योचाहिँ परमप्रभुले मेरो
कष्ट देख्नुभएको कारणले हो । निश्चय नै
मेरा पतिले अब मलाई प्रेम गर्नुहुनेछ ।"
३३तिनी फेरि गर्भवती भइन्, अनि अर्को
छोरा जन्माउँदा तिनले भनिन्, "किनकि मैले
प्रेम पाइनँ भनेर परमप्रभुले सुन्नुभयो र उहाँले
मलाई यो पनि दिनुभयो ।" यसकारण तिनले
त्यसको नाउँ शिमियोन राखिन् ।
३४तिनी फेरि गर्भवती भइन्, अनि अर्को
छोरा जन्माउँदा तिनले भनिन्, "अब आखिरमा
मेरा पति मसँगै मिल्न आउनुहुनेछ, किनकि
मैले उहाँको निम्ति तीनओटा छोराहरू
पाइसकें ।" यसकारण त्यसको नाउँ लेवी
राखियो ।
३५तिनी फेरि गर्भवती भइन्, अनि त्यो
छोरो जन्माउँदा तिनले भनिन्, "यसपल्ट म
परमप्रभुको प्रशंसा गर्नेछु ।" यसकारण तिनले
त्यसको नाउँ यहूदा राखिन् । त्यसपछि तिनले
छोराछोरी जन्माउन छोड़िन् ।

३० जब आफूले याकूबको निम्ति सन्तान
जन्माउन नसकेकी राहेलले देखिन्,
तिनले आफ्नी दिदीसित डाह गर्न लागिन् ।
यसकारण तिनले याकूबलाई भनिन्, "मलाई
छोराछोरी दिनुहोस्, नत्रता म मर्नेछु !"
२याकूब तिनीसित रीसाए र भने, "के म
परमेश्वरको स्थानमा छु, जसले तिमीलाई
छोराछोरी जन्माउन दिनुभएको छैन ।"
३तब तिनले भनिन्, "मेरी दासी बिल्हा
यहीं छे । त्यससँग सुत्नुहोस् र त्यसले मेरो
निम्ति छोराछोरी जन्माओस् अनि त्यसबाट

म पनि एउटा परिवार निर्माण गर्न सकूँ ।"
**४**यसकारण तिनले उनलाई आफ्नी दासी
बिल्हालाई पत्नी हुनलाई दिइन् । याकूब त्यससँग
सुते, **५**अनि त्यो गर्भवती भई र तिनको लागि
एउटा छोरा जन्माई । **६**तब राहेलले भनिन्,
"परमप्रभुले न्याय गर्नुभएको छ; उहाँले मेरो
विनय सुन्नुभएको छ र मलाई एउटा छोरो
दिनुभयो ।" यसकारणले तिनले त्यसको नाउँ
दान राखिन् ।

**७**राहेलकी दासी बिल्हा फेरि गर्भवती भई
अनि त्यसले याकूबबाट दोस्रो छोरा पाई ।
**८**तब राहेलले भनिन्, "मेरी दिदीसित मेरो ठूलो
संघर्ष भयो, अनि मैले जितें ।" यसकारण तिनले
त्यसको नाउँ नप्ताली राखिन् ।

**९**जब लेआले आफूले छोराछोरी जन्माउन
छोड़ेको देखेर तिनले आफ्नी दासी जिल्पालाई
लगेर याकूबकी पत्नीको रूपमा दिइन् ।
**१०**लेआकी दासी जिल्पाले याकूबलाई एउटा
छोरा जन्माइदिइन् । **११**तब लेआले भनिन्, "कस्तो
असल भाग्य !" यसकारण तिनले त्यसको
नाउँ गाद राखिन् ।

**१२**लेआकी दासी जिल्पाले याकूबबाट दोस्रो
छोरा जन्माई । **१३**तब लेआले भनिन्, "म कति
प्रसन्न छु ! स्त्रीहरूले मलाई सुखी भन्नेछन् ।"
यसकारण तिनले त्यसको नाउँ आशेर राखिन् ।

**१४**गहुँको कटनीको समयमा, रूबेन खेततिर
गएका थिए अनि केही दूधेफलहरू पाए, जुन
उनले आफ्नी आमा लेआकहाँ ल्याए । राहेलले
लेआलाई भनिन्, "मलाई तिम्रा छोराका
दूधेफलबाट केही देऊ ।"

**१५**तर तिनले उनलाई भनिन्, "तिमीले
मेरो लोग्ने लग्यौ, के यही पर्याप्त होइन ?
तिमीले मेरो छोराको दूधेफल पनि लाने ?"
राहेलले भनिन्, "ठीकै छ, तिम्रो छोराको
दूधेफलको सट्टामा आज राती उहाँ तिमीसित
सुत्नुहुनेछ ।"

**१६**त्यसकारण जब याकूब खेतबाट साँझमा
आए, लेआ तिनलाई भेट्न गइन् । तिनले
भनिन्, "तपाईं मसँग सुत्नुपर्छ । मेरा छोराका
दूधेफलहरूसँग मैले तपाईंलाई भाड़ामा लिएकी
छु ।" यसकारण याकूब त्यस रात लेआसित
सुते ।

**१७**परमेश्वरले लेआको बिन्ती सुन्नुभयो, अनि
तिनी गर्भवती भएर याकूबबाट पाँचौ छोरा
जन्माइन् । **१८**तब लेआले भनिन्, "मैले मेरी
दासी आफ्नो पतिलाई दिएको कारण परमेश्वरले
मलाई इनाम दिनुभएको छ ।" यसकारण तिनले
त्यसको नाउँ इस्साकार राखिन् ।

**१९**लेआ फेरि गर्भवती भइन् अनि याकूबबाट
छैटौं छोरा जन्माईन् । **२०**तब लेआले भनिन्,
"परमेश्वरले मलाई एउटा बहुमूल्य उपहार
दिनुभएको छ । यसपल्ट मेरा पतिले मप्रति
सम्मानको व्यवहार गर्नुहुनेछ, किनकि मैले
उहाँलाई छओटा छोराहरू जन्माइदिएकी छु ।"
यसकारण तिनले त्यसको नाउँ जबूलून राखिन् ।
**२१**केही समयपछि तिनले एउटी छोरी
जन्माइन् अनि त्यसको नाउँ दीना राखिन् ।
**२२**तब परमप्रभुले राहेललाई सम्झनुभयो;
उहाँले तिनको बिन्ती सुन्नुभयो अनि तिनको
कोख खोलिदिनुभयो । **२३**तिनी गर्भवती भइन्
अनि एउटा छोरो जन्माइन् र भनिन्,
"परमेश्वरले मेरो अपमान हटाइदिनुभएको
छ ।" **२४**तिनले त्यसको नाउँ यूसुफ राखिन्,
अनि भनिन्, "परमप्रभुले मलाई अर्को छोरा
पनि देऊन् ।"

## याकूबको बगालको बृद्धि

**२५**राहेलले यूसुफ जन्माएपछि, याकूबले
लाबानलाई भने, "मलाई मेरो बाटो लाग्न
दिनुहोस् र म आफ्नै ठाउँमा फर्केर जानसकूँ ।
**२६**मलाई मेरा पत्नीहरू र छोराछोरीहरू
दिनुहोस्, जसको लागि मैले तपाईंको सेवा
गरें, अनि म जान पाऊँ । मैले तपाईंको लागि
कति धेरै काम गरें तपाईं जान्नुहुन्छ ।"
**२७**तर लाबानले तिनलाई भने, "यदि मैले
तिमीबाट निगाह प्राप्त गरेको छु भने दया
गरी बस । मैले दिव्य दर्शनद्वारा जानेको छु कि
परमप्रभुले मलाई तिमीद्वारा आशिष् दिनुभएको
छ ।" **२८**तिनले अझ भने, "मलाई तिम्रो ज्याला
बताऊ, अनि म ती दिनेछु ।"

२९याकूबले तिनलाई भने, “मैले तपाईंको
निम्ति कसरी काम गरें अनि तपाईंका गाईबस्तु
मेरो देखरेखमा कसरी सप्रेका छन् सो तपाईं
जान्नुहुन्छ। ३०म आउनुअघि तपाईंसित भएका
थोरैको धेरै बृद्धि भएको छ, अनि म जहाँ भए
तापनि परमप्रभुले तपाईंलाई आशिष् दिनुभएको
छ । तर अब, के म मेरा आफ्नै परिवारको
निम्ति केही गर्न सक्छु ?”

३१तिनले सोधे, “म तिमीलाई के दिऊँ ?”

याकूबले जवाफ दिए, “मलाई केही
नदिनुहोस् । तर यदि तपाईंले मेरो निम्ति यो
एउटा कुरा गर्नुभयो भने, म तपाईंको बगाल
चराएर त्यसको हेरचाह गरिरहनेछु । ३२आज
मलाई तपाईंका बगालमा गई दाग भएको र
थोप्ला भएको भेड़ा, प्रत्येक कालो रङ्गको थुमा
अनि प्रत्येक थोप्ले र दाग भएको बाख्रालाई
बगालबाट अलग गर्न दिनुहोस् । ती नै मेरो
ज्याला हुनेछन् । ३३अनि जहिलेजहिले तपाईंले
मलाई दिनुभएको ज्याला जाँच्नुहुनेछ, भविष्यमा
मेरो इमान्दारीले मेरो साक्षी दिनेछ । मसित
भएको दाग वा थोप्ला नभएको कुनै पनि बाख्रा
अथवा कालो रङ्ग नभएको कुनै पनि थुमा
चोरी गरिएको ठानिनेछ ।”

३४लाबानले भने, “मञ्जूर छ । तिमीले
भनेझैँ होस् ।” ३५त्यसै दिन तिनले धर्के अथवा
थोप्ले सबै बाख्राहरू, अनि दाग भएका अथवा
थोप्ला भएका सबै बाख्रीहरू (जिउमा शेता
भएका सबै), अनि सबै कालो रङ्गका थुमाहरू
अलग गरे, अनि तिनीहरूलाई आफ्ना छोराहरूको
जिम्मामा दिए । ३६अनि तिनी याकूबदेखि तीन
दिनको यात्राको दुरीमा बसे, जब कि याकूबचाहिँ
लाबानका बाँकी बगालको हेरचाह गर्दै बसे ।

३७तरैपनि, याकूबले, लहरे पीपल, हाड़े-बदाम
र चिनारका रूखहरूका भर्खर काटिएका हाँगाहरू
लिए, अनि त्यसका बोक्रा ताछेर शेता धर्काहरू
बनाई हाँगाका भित्री शेतो काठ निकालिदिए ।
३८तब तिनले ती ताछिएका हाँगाहरू पानी पिउने
डूँड़मा यस्तो किसिमले राखिदिए, कि बगालले
पानी पिउन आउँदा ती हाँगाहरू तिनीहरूका
ठीक सामने होऊन् । जब बगालको मिसिने
समय आउँथ्यो अनि तिनीहरू पिउन आउँथे,
३९तिनीहरू ती हाँगाहरूको सामने मिसिन्थे ।
अनि तिनीहरूले धर्के, दाग भएका अनि थोप्ले
बच्चाहरू जन्माउँथे । ४०याकूबले बगालका
बच्चाहरू आफै छुटचाउँथे, तर रहेकोलाई चाहिँ
लाबानका धर्के र कालो रङ्गका पशुहरूपट्टि
फर्कन लाउँथे । यसरी तिनले आफ्नो लागि
बेग्लै बगाल बनाए अनि तिनीहरूलाई लाबानका
पशुहरूसित राखेनन् । ४१जहिले-जहिले बलिया
पाठीहरूको मिसिने बेला आउँथ्यो, याकूबले
ती हाँगाहरू पानीको डूँड़मा पशुहरूको
सामुन्ने राखिदिन्थे र तिनीहरू ती हाँगाहरूको
सामुन्ने मिसिन्थे, ४२तर ती पशुहरू कमजोर
भएमा, तिनले तिनीहरूलाई त्यहाँ राख्दैनथे ।
यसरी कमजोर पशुहरू लाबानकहाँ अनि
बलियाहरूचाहिँ याकूबकहाँ गए । ४३यसरी यी
मानिस अति सम्पन्न भए अनि तिनी एउटा
ठूलो बगाल, दास दासीहरू, ऊँटहरू र
गधाहरूका मालिक भए ।

### याकूब लाबानदेखि भागेका

३१ याकूबले लाबानका छोराहरूले यसो
भनेका सुने, “याकूबले हाम्रा पिताका
सबै कुराहरू लिएका छन् । हाम्रो पितासित जे
थिए त्यसबाट यी सबै धन कमाएका छन् ।”
२अनि याकूबले लाबानको उनीप्रतिको व्यवहार
पहिलेझैँ नरहेको देखे ।

३तब परमप्रभुले याकूबलाई भन्नुभयो,
“आफ्नो बाबुको देशमा, तेरा नातेदारहरूकहाँ
जा, र म तँसित हुनेछु ।”

४यसकारण याकूबले आफ्नो बगाल भएको
खेतबाट लेआ र राहेललाई बोलाइपठाए ।
५तिनले उनीहरूलाई भने, “तिमीहरूका पिताको
मप्रतिको निगहा पहिलेझैँ नभएको म देख्छु,
तर मेरा पिताका परमेश्वर सधैँ मसितै हुनुभएको
छ । ६मैले तिमीहरूका पिताको निम्ति मेरा
सम्पूर्ण बलले काम गरेको तिमीहरू जान्दछौ,
७र पनि तिमीहरूका पिताले दशपल्ट मेरो
ज्याला बदली गरेर मलाई छल्नुभएको छ ।
तरै पनि, परमेश्वरले उहाँलाई मलाई हानि

गर्न दिनुभएन। ८उहाँले 'दाग भएका पशुहरू तिम्रो ज्याला हुनेछ' भन्नुभयो भने, सबै बगालले दाग भएकै बच्चा जन्माए, अनि उहाँले 'धर्के पशुहरू तिम्रो ज्याला हुनेछ' भन्नुभयो भने सबै बगालले धर्के बच्चाहरू नै जन्माए।
९यसरी परमेश्वरले तिमीहरूका पिताका गाईबस्तुहरू लिएर ती मलाई दिनुभयो।

१०"मिसिने ऋतुमा मैले एकपल्ट एउटा सपना देखें कि बगालसित मिसिने बोकाहरू धर्के, दाग भएका अथवा थोप्लेहरू थिए।
११परमप्रभुको दूतले मलाई सपनामा भन्नुभयो, 'याकूब।' मैले जवाफ दिएँ, 'म यहाँ छु।'
१२अनि उहाँले भन्नुभयो, 'आँखा उठाएर हेर् कि बगालसित मिसिने सबै बोकाहरू धर्के, दाग भएका अथवा थोप्ले छन्, किनकि लाबानले तँप्रति जे गरिरहेका छन् त्यो मैले देखेको छु।
१३म बेथेलका परमेश्वर हुँ, जहाँ तैंले एउटा खाँबोमा तेल खन्याएको थिइस् अनि मसित एउटा भाकल गरेको थिइस्। अब झट्टै यो देश छोड् अनि तेरो आफ्नो जन्मस्थलमा फर्केर जा।'"

१४अनि लेआ र राहेलले भने, "के हाम्रा पिताका पैतृक सम्पत्तिमा हाम्रो अझ केही हिस्सा छ र?
१५के उहाँले हामीलाई विदेशीझैँ व्यवहार गर्नुहुन्न? उहाँले हामीलाई बेच्नुमात्र भएन, तर हाम्रो निम्ति दिइएको मूल्य पनि उहाँले नै चलाइसक्नुभयो।
१६हाम्रा पिताबाट परमेश्वरले लैजानुभएको सबै सम्पत्ति हाम्रा अनि हाम्रा सन्तानका हुन्। यसकारण परमेश्वरले तपाईंलाई जे-जे भन्नुभएको छ, त्यो गर्नुहोस्।"

१७तब याकूबले आफ्ना बालबच्चाहरू, अनि स्वास्नीहरूलाई ऊँटमा चढ़ाए,
१८अनि पद्दन-अराममा तिनले थुपारेका सबै कुराहरूसितै आफ्ना सबै वस्तुहरू आफ्नो अगिअगि धपाउँदै कनान देशमा भएका आफ्नो पिता इसहाककहाँ जान निस्के।

१९जब लाबान आफ्ना भेड़ाहरूको ऊन कत्रन गएका थिए, राहेलले आफ्ना पिताका घर-देवताहरू चोरिन्।
२०यसबाहेक, याकूबले अरामी लाबानलाई आफू भागेर जाँदै गरेको कुरा नभनेर धोखा दिए।
२१यसकारण आफूसित भएका सबै कुरा लिएर तिनी भागे, अनि नदी तरेर, तिनी गिलादको पहाड़ी मुलुकतर्फ लागे।

## लाबान याकूबको पछि लागेका

२२तेस्रो दिनमा याकूब भागे भनी लाबानलाई भनियो।
२३आफ्ना नातेदारहरूलाई लिएर, तिनी सात दिनसम्म याकूबका पछि लागे अनि तिनलाई गिलादको पहाड़ी मुलुकमा भेटे।
२४तब परमेश्वर राती सपनामा अरामी लाबानकहाँ आएर तिनलाई भन्नुभयो, "होशियार होओ, याकूबलाई असल वा खराब केही पनि नभन्नू।"

२५लाबानले याकूबलाई भेट्टाउँदा तिनले गिलादको पहाड़ी मुलुकमा पाल टाँगेका थिए, अनि लाबान तिनका नातेदारहरूले पनि त्यहीँ पाल टाँगे।
२६त्यसपछि लाबानले याकूबलाई भने, "तिमीले के गऱ्यौ? तिमीले मलाई धोका दिएर मेरा छोरीहरूलाई लड़ाइँका कैदीहरूझैँ लग्यौ।
२७तिमीले किन गुप्तमा भागेर मलाई धोका दियौ? तिमीले मलाई किन भनेनौ, नत्र म तिमीहरूलाई आनन्दसाथ खैंजड़ी र वीणाको सङ्गीतको गीतसहित बिदा गर्ने थिएँ?
२८तिमीले मलाई मेरा नातिनातिना अनि छोरीहरूलाई बिदाको म्वाइँ पनि खान दिएनौ। तिमीले एउटा मूर्ख काम गऱ्यौ।
२९मसित तिमीलाई हानि गर्ने शक्ति छ, तर हिजो राती तिम्रा पिताका परमेश्वरले मलाई भन्नुभयो, 'होशियार हो, याकूबलाई असल कि खराब केही नभन्नू।'
३०अब तिमी गइहालेका छौ किनकि तिमीले आफ्ना पिताको घरमा फर्कने इच्छा धेरै दिनदेखि राखेका थियौ। तर तिमीले किन मेरा घर-देवताहरू चोऱ्यौ?"

३१याकूबले लाबानलाई जवाफ दिए, "मलाई डर लाग्यो, किनकि तपाईंले आफ्ना छोरीहरू

---

**३१:१३**–उत्पत्ति २८:१८-२२.

मदेखि बलपूर्वक लैजानुहुनेछ भनी मैले
सम्झें। ३२तर तपाईंले आफ्ना देवताहरू कसैकहाँ
भेटाउनुभयो भने, ऊ बाँच्नेछैन । हाम्रा
नातेदारहरूको उपस्थितिमा, यहाँ मसित तपाईंका
केही चीज छन् भने आफै हेर्नुहोस्; अनि छन्
भने, लैजानुहोस् ।" अब ती देवताहरू राहेलले
चोरेकी छन् भन्ने याकूबलाई थाहा थिएन ।

३३यसकारण लाबान याकूबको पालमा अनि
लेआको पालमा अनि दुई दासीहरूका पालमा
गए, तर तिनले केही भेटाएनन् । लेआको
पालबाट बाहिर आएपछि, तिनी राहेलको पालमा
गए । ३४अब राहेलले चाहिँ घर-देवताहरू
लिएर तिनीहरूलाई आफ्नो ऊँटको काठीभित्र
राखेर आफू त्यसमाथि बसिरहेकी थिइन् ।
लाबानले पालभित्र प्रत्येक कुरोमा खोजे तर
केही भेटाएनन् ।

३५राहेलले आफ्ना पितालाई भनिन्,
"हजूर, म तपाईंको उपस्थितिमा खड़ा हुन
सक्तिनँ भनी मसित नरिसाउनुहोस्; किनकि म
रजस्वलाको समयमा छु ।" यसकारण तिनले
खोजे तर ती घर-देवताहरू भेटाउन सकेनन् ।

३६याकूब रिसाए अनि लाबानलाई हप्काएर
सोधे, "मेरो अपराध के हो ? मैले कुन पाप
गरेको छु र तपाईं मेरो खेदो गर्नुहुन्छ ? ३७अब
तपाईंले मेरा सबै चीजहरूभित्र खोज्नुभयो र
तपाईंको घरानाको केचाहिँ भेटाउनुभयो ? ती
कुराहरू तपाईं र मेरा नातेदारहरूको सामुन्ने
राख्नुहोस्, अनि तिनीहरूले तपाईं र मेरो बीचमा
फैसला गरिदेऊन् ।

३८"म तपाईंसित बीस वर्षदेखि छु। तपाईंका
भेड़ा अनि बाखाका गर्भ तुहेनन्, नता मैले
तपाईंका बगालबाट साँढ़े भेड़ाहरू नै खाएँ ।
३९मैले तपाईंलाई वन-पशुहरूले फहराएका
पशुहरू ल्याइदिइनँ; तर ती हानिहरू मैले नै
भोगें । अनि दिउँसो वा राती जे कुरो पनि
चोरी भएको मूल्य तपाईंले मबाट दाबी
गर्नुभयो। ४०मेरो स्थिति यस्तो थियो: कि दिउँसो
मलाई गर्मीले अनि राती चिसोले सताउँथ्यो,
अनि मेरा आँखाबाट निद्रा भाग्थ्यो । ४१म
तपाईंको घरानामा बीस वर्ष बस्दा यस्तै
भइरह्‍यो। मैले तपाईंका दुई छोरीहरूका निम्ति
चौध वर्ष अनि तपाईंको बगालको निम्ति छ
वर्ष काम गरें । तपाईंले मेरो ज्याला दश पल्ट
बदली गरिदिनुभयो । ४२मेरा पिताका परमेश्वर,
अब्राहामका परमेश्वर, इसहाकको 'भय' मसित
नहुनुभएको भए, तपाईंले मलाई निश्चय रित्तो
हात पठाउनुहुनेथियो । तर परमेश्वरले मेरो
कष्ट र हातको परिश्रम देख्नुभयो, अनि हिजो
राती तपाईंलाई हप्काउनुभयो ।"

४३लाबानले याकूबलाई जवाफ दिए, "यी
स्त्रीहरू मेरा छोरीहरू हुन्, यी छोराछोरीहरू
मेरा छोराछोरीहरू हुन्, अनि यी बगाल मेरा
बगाल हुन् । तिमीले देखेका जति सबै मेरै हुन्
र पनि आज यी मेरा छोरीहरूको विषयमा,
अनि यिनीहरूले जन्माएका यी छोराछोरीहरूको
विषयमा म के गर्न सक्छु र ? ४४अब आऊ,
तिमी र म मिली एउटा करार बाँधौं अनि
यसले हामीबीच एउटा साक्षीको काम गरोस् ।"

४५यसकारण याकूबले एउटा ढुङ्गा लिए
अनि त्यसलाई खाँबोजस्तो खड़ा गरे । ४६तिनले
आफ्ना नातेदारहरूलाई भने, "केही ढुङ्गाहरू
बटुल्नुहोस् ।" यसकारण तिनीहरूले ढुङ्गाहरू
लिएर तिनीहरूलाई एक थुप्रो गरी राखे, अनि
तिनीहरूले त्यस थुप्रोको नजीक खानपान
गरे। ४७लाबानले त्यसलाई यगर-सहदूता भन्ने
नाउँ दिए तर याकूबले चाहिँ गलेद भने ।

४८लाबानले भने, "यो थुप्रो आज तिम्रो र
मेरो बीचमा साक्षी छ ।" त्यसैकारण त्यसलाई
गलेद भनियो। ४९त्यसलाई मिस्पा पनि भनियो,
किनकि तिनले भने, "हामी एक अर्कादेखि अलग
रहे तापनि परमप्रभुले तिमी र मलाई हेरचाह
गरून् । ५०यदि तिमीले मेरा छोरीहरूप्रति
कुव्यवहार गर्‍यौ, अथवा मेरा छोरीहरूबाहेक
तिमीले अरू पत्नीहरू ल्यायौ भने, हामीसित
कोही नभए तापनि, यो याद राख कि परमेश्वर
तिम्रो र मेरो बीचमा साक्षी हुनुहुन्छ ।"

५१लाबानले याकूबलाई यसो पनि भने, "मैले
तिम्रो र मेरो बीचमा खड़ा गरेको थुप्रो यहाँ
छ, अनि त्यो खाँबो त्यहाँ छ । ५२यो थुप्रो
एउटा साक्षी छ, अनि यो खाँबो एउटा साक्षी

छ, कि म यस थुप्रोलाई पार गरेर तिम्रो ठाउँतिर
तिमीलाई हानि गर्न जानेछैनँ अनि तिमी यस
थुप्रो र खाँबोलाई पार गरेर मेरो ठाउँतिर
मलाई हानि गर्न आउनेछैनौ । **५३**अब्राहामका
परमेश्‍वर अनि नाहोरका परमेश्‍वर, तिनीहरूका
पिताका परमेश्‍वरले हाम्रो बीचमा इन्साफ
गरून् ।"

यसकारण याकूबले आफ्ना पिता इसहाकको
भय मानेर तिनको नाउँमा शपथ खाए ।
**५४**तिनले त्यस डाँड़ाको मुलुकमा एउटा
बलिदान चढ़ाए अनि आफ्ना नातेदारहरूलाई
खानपान गर्न बोलाए । तिनीहरूले खानपान
गरिसकेपछि, तिनीहरूले रात त्यहीं बिताए ।

**५५**भोलिपल्ट बिहानै लाबानले आफ्ना नाति-
नातिनाहरूलाई अनि छोरीहरूलाई म्वाइँ खाए
अनि तिनीहरूलाई आशिष् दिए । तब तिनी
त्यस ठाउँलाई छोड़ेर घर फर्के ।

### याकूब एसावलाई भेट्न तयार भएको

**३२** याकूब पनि आफ्नो बाटो लागे, अनि
परमेश्‍वरको दूतहरूले तिनलाई भेटे ।
**२**जब याकूबले तिनीहरूलाई देखे, तिनले भने,
"यो त परमेश्‍वरको छाउनी हो !" यसकारण
तिनले त्यस ठाउँको नाउँ महनोम राखे ।

**३**याकूबले आफूभन्दा अगाडि एदोम देशमा
भएको सेइर भन्ने ठाउँमा तिनका दाज्यू
एसावकहाँ दूतहरू पठाए । **४**तिनले तिनीहरूलाई
आदेश दिए: "तिमीहरूले मेरा मालिक
एसावलाई यसो भन्नू: 'तपाईंको दास याकूब
भन्छन्, म लाबानसित बस्दैथिए अनि अहिलेसम्म
त्यहीं बसें । **५**मसित गाईबस्तु, अनि गधाहरू,
भेड़ाहरू र बाखाहरू, दास-दासीहरू छन् ।
अब म मेरा मालिककहाँ यो समाचार पठाउँदैछु,
कि मैले उहाँको दृष्टिमा निगाह पाऊँ ।'"

**६**जब ती दूतहरू याकूबकहाँ फर्के,
तिनीहरूले भने, "हामी तपाईंका दाज्यू
एसावकहाँ गयौं । तिनी तपाईंलाई भेटन्
आइरहेका छन्, अनि तिनीसित चार सय
मानिसहरू छन् ।"

**७**ठूलो डर अनि संकटको कारण याकूबले
आफूसित भएका मानिसहरू अनि बगाल र
बथान अनि ऊँटहरूलाई दुई भागमा विभक्त
गरे । **८**तिनले सोचे, "यदि एसावले आएर
एउटा दललाई आक्रमण गरे भने, बाँकी भएको
दल भाग्न सक्छ ।"

**९**त्यसपछि याकूबले प्रार्थना गरे, "हे मेरा
पिता अब्राहामका परमेश्‍वर, मेरा पिता
इसहाकका परमेश्‍वर, हे परमप्रभु, जसले मलाई
'तँ आफ्नो देश र आफ्ना नातेदारहरूकहाँ जा,
अनि म तेरो उन्नति गराउँछु' भन्नुभयो,
**१०**तपाईंले आफ्नो दासप्रति देखाउनुभएको कृपा
र विश्‍वासयोग्यताको योग्य म छैनँ । मैले यस
यर्दनलाई पार गर्दा मसित खालि मेरो लाठोमात्र
थियो, तर अब मसित दुईओटा दलहरू भएका
छन् । **११**म बिन्ती गर्छु, मलाई मेरा दाज्यू एसावको
हातबाट बचाउनुहोस्, किनकि तिनले आएर
मलाई अनि यी आमाहरूलाई तिनीहरूका
छोराछोरीसितै आक्रमण गर्नेछन् भनी मलाई
डर लागेको छ । **१२**तर तपाईंले भन्नुभएको छ,
'म निश्‍चय तेरो उन्नति गर्नेछु अनि तेरा
सन्तानलाई समुद्रको बालुवाझैँ, गन्न नसकिने
बनाउनेछु ।'"

**१३**तिनले त्यो रात त्यहीं बिताए, अनि
आफूसित जे थिए तीबाट तिनले आफ्नो दाज्यू
एसावको निम्ति उपहार छुटचाए: **१४**अर्थात्
दुई सय बाख्री र बीस बोकाहरू, दुई सय भेड़ी
र बीसओटा भेड़ाहरू, **१५**तीसओटा दुहुना
ऊँटहरूको साथमा तिनीहरूका बच्चा,
चालीसओटा गाईहरू अनि दशओटा गोरुहरू,
बीसओटा गधैनीहरू अनि दशओटा गधाहरू ।
**१६**तिनले ती आफ्ना नोकरहरूको जिम्मामा
दिए, अर्थात् आ-आफ्नै बथानको हिसाबले, अनि
आफ्ना चाकरहरूलाई भने, "मेरा अगिअगि र
बथानहरूको बीचमा केही दूरी राख ।"

**१७**तिनले सबैभन्दा अघिल्लोलाई भने:
"मेरा दाज्यू एसावले तँलाई भेटेर 'तँ कसका

---

**३२:१२**–उत्पत्ति २२:१७.

मानिस होस्, अनि कहाँ जाँदैछस्, र तेरा अगि
लागेका यी पशुहरूका मालिक को हुन् ?'
भनी सोधे भने, **१८**तैंले यसो भन्नू, 'यी तपाईंका
दास याकूबका हुन् । यी मेरा मालिक एसावलाई
पठाइएका उपहार हुन्, अनि उहाँ हाम्रापछि
आउनुहुँदैछ ।'"

**१९**बथानहरूका पछि-पछि लागेका दोस्रो,
तेस्रो अनि अरूहरूलाई पनि तिनले भने:
"एसावलाई भेटेपछि तिमीहरूले पनि त्यसै
भन्नू । **२०**अनि 'तपाईंका दास याकूब हाम्रापछि
आउनुहुँदैछ' भनेर अवश्य भन्नू ।'" किनकि
तिनले सम्झेका थिए, "म यी उपहारहरू
अगिअगि पठाएर तिनलाई शान्त गराउनेछु;
अनि मैले पछिबाट, तिनलाई भेट्दाखेरि शायद
तिनले मलाई ग्रहण गर्लान् ।" **२१**यसरी याकूबका
उपहारहरू तिनीभन्दा अघि गए, तर तिनी
आफैले चाहिँ त्यो रात पालमै बिताए ।

### याकूबले परमेश्वरसित कुश्ती लड़ेका

**२२**त्यस रात याकूब उठे अनि आफ्ना दुई
पत्नीहरू, दुई दासीहरू अनि एघार छोराहरूलाई
लिएर यब्बोकको जँघार तरे । **२३**तिनीहरूलाई
खोला पारी पठाइसकेपछि, तिनले आफ्ना सबै
कुराहरू पठाए । **२४**यसरी याकूब एक्लै छाड़िए,
अनि एक जना मानिसले तिनीसित बिहान
नभइञ्जेल कुश्ती खेले । **२५**जब आफूले याकूबलाई
जित्न नसकेको ती मानिसले देखे, तिनले याकूबको
कम्मरको खोक्रो भाग छोए अनि ती मानिससित
कुश्ती खेल्दा खेल्दै याकूबको कम्मरको गेड़ी
फुस्क्यो । **२६**तब ती मानिसले भने, "मलाई
जान देऊ, किनकि उज्यालो हुनलाग्यो ।"

तर याकूबले जवाफ दिए, "मलाई आशिष्
नदिएसम्म म तपाईंलाई जान दिनेछैनँ ।"

**२७**ती मानिसले तिनलाई सोधे, "तिम्रो
नाउँ के हो ?"

तिनले जवाफ दिए, "याकूब ।"

**२८**तब ती मानिसले भने, "तिम्रो नाउँ
अबदेखि याकूब होइन, तर इस्राएल हुनेछ,
किनकि तिमीले परमेश्वर र मानिसहरूसँग
लड़ाइँ गऱ्यौ अनि विजयी भयौ ।"

**२९**याकूबले भने, "दयागरी मलाई तपाईंको
नाउँ के हो भन्नुहोस् ।"

तर तिनले जवाफ दिए, "तिमी किन मेरो
नाउँ सोध्छौ ?" तब उहाँले त्यहाँ तिनलाई
आशिष् दिनुभयो ।

**३०**यसकारण याकूबले त्यस ठाउँलाई यसो
भनेर पनीएल नाउँ राखे, "किनकि मैले
परमेश्वरलाई साक्षात देखें, र पनि मेरो प्राण
बाँच्यो ।"

**३१**तिनी पनीएलबाट जाँदा सूर्योदय भइसकेको
थियो, अनि आफ्नो कम्मरको कारण तिनी
खोच्याउँदै हिँड़े । **३२**यसकारण तिनको
कम्मरको नसो छोइएको हुनाले आजसम्म
इस्राएलीहरू कम्मरको नसो खाँदैनन् ।

### याकूबले एसावलाई भेटेको

**३३** याकूबले आँखा उठाएर हेर्दा एसावलाई
आफ्ना चार सय मानिसहरूसित
आइरहेका देखे; अनि तिनले छोराछोरीहरूलाई
लेआ, राहेल र दुई दासीहरूबीच भाग गरे ।
**२**तिनले दासीहरू र तिनीहरूका बालबच्चालाई
सामुन्ने राखे, त्यसपछि लेआ र तिनका
बालबच्चालाई अनि राहेल र यूसुफलाई राखे ।
**३**तिनी आफै अगि बढेर आफ्ना दाज्यूको नजीक
आइपुग्दा तिनले भूइँसम्मै घोप्टेर सातपल्ट
निहुरे ।

**४**तर एसावले याकूबलाई भेटन् दौड़ेर गई
तिनलाई अङ्कमाल गरे र तिनको घिच्रोको
चारैतिर आफ्ना हातको घेरा हालेर तिनलाई
म्वाइँ खाए । अनि तिनीहरू रोए । **५**तब
एसावले आँखा उठाएर हेरे अनि ती स्त्रीहरू र
बालबच्चाहरूलाई देखे । तिनले सोधे, "तिमीसित
भएका यिनीहरू को हुन् ?"

याकूबले जवाफ दिए, "यी परमेश्वरले कृपा
गरी तपाईंको दासलाई दिनुभएका छोराछोरीहरू
हुन् ।"

---

**३२:२४-२६**–होशे १२:३-४. **३२:२८**–उत्पत्ति ३५:१०. **३२:२९**–न्यायकर्ता १३:१७-१८.

६तब ती दासीहरू र तिनीहरूका छोराछोरीले
पनि नजीक आएर ढोगे। ७त्यसपछि, लेआ र
तिनका छोराछोरीले आएर ढोगे। आखिरमा
यूसुफ र राहेलले पनि आएर ढोगे।

८एसावले सोधे, "मैले भेटेका यी सबै
बथानको मतलब के हो ?"

तिनले भने, "मैले मेरा मालिकको दृष्टिमा
निगाह पाऊँ भनेर हो।"

९तर एसावले भने, "मेरा भाइ, मसित प्रशस्त
छँदैछ। तिमीसित भएका आफूसितै राख।"

१०याकूबले भने, "होइन, यदि मैले तपाईंको
दृष्टिमा निगाह प्राप्त गरेको छु भने, मबाट यो
उपहार दयागरी ग्रहण गर्नुहोस्। अब तपाईंले
मलाई यति ठूलो निगाह देखाएर ग्रहण
गर्नुभएकोले, तपाईंको दर्शन पाउनु त
परमेश्वरको दर्शन पाएझैँ हो। ११तपाईंकहाँ
ल्याइएको उपहार ग्रहण गर्नुहोस्, किनकि
परमेश्वर मप्रति कृपालु हुनुभएको छ अनि
मसित चाहिएका सबै कुरा छन्।" अनि याकूबले
कर गरेको कारण, एसावले त्यो ग्रहण गरे।

१२तब एसावले भने, "हामी बाटो लागौं;
अनि म तिमीसित जानेछु।"

१३तर याकूबले भने, "मेरा मालिकलाई थाहा
छ कि यी केटाकेटीहरू कलिला छन् र मैले
बच्चाहरूलाई दूध खुवाउने भेड़ी र गाईहरूको
हेरचाह गर्नु परेको छ। तिनीहरूलाई एक दिन
पनि जोरसित हिँड़ाएँ भने सबै पशुहरू
मर्नेछन्। १४यसकारण म हजूरलाई बिन्ती
गर्दछु, कि तपाईं नै मभन्दा अगि जानुहोस्।
मचाहिँ बथानहरूलाई अगि लाएर तिनीहरू र
बालबच्चासित बिस्तारै कदम मिलाएर म मेरा
मालिककहाँ सेइरमा आइनपुगुञ्जेल हिँड़नेछु।"

१५एसावले भने, "त्यसो भए म मेरा केही
मानिसहरू तिमीसित छोड़िदिनेछु।"

याकूबले सोधे, "तर किन त्यसो गर्नु ?
मलाई खालि मेरा मालिकको दृष्टिमा निगाह
पाउन दिनुहोस्।"

१६यसकारण त्यस दिन एसाव सेइर फर्कन
आफ्नो बाटोतिर लागे। १७तर याकूबचाहिँ
सुक्कोतमा गए जहाँ तिनले आफ्नै लागि अनि
आफ्ना गाईबस्तुको लागि बस्ने ठाउँ बनाए।
यसैकारण त्यस ठाउँलाई सुक्कोत भनियो।

१८याकूब पद्दन-अरामबाट आएपछि, तिनी
कनानको शकेम शहरमा सुरक्षित आइपुगे अनि
त्यस शहरको छेवैमा पाल टाँगेर बसे। १९तिनले
शकेमका बाबु, हामोरका छोराहरूबाट, एक
सय चाँदीका टुक्राहरू तिरेर एक टुक्रा जमिन
किने जहाँ तिनले आफ्नो पाल टाँगे। २०त्यहाँ
तिनले एउटा वेदी खड़ा गरे र त्यसलाई एल
एलोहे इस्राएल भने।

### दीना अनि शकेमबासीहरू

३४ अब लेआले याकूबलाई जन्माइदिएकी
छोरी दीना, त्यस देशकी स्त्रीहरूलाई
भेट गर्न गइन्। २जब त्यस इलाकाका शासक
हिव्वी हामोरको छोरा, शकेमले तिनलाई देखे,
तिनले उनलाई लगेर तिनलाई अनादर गरे।
३तिनको हृदय याकूबकी छोरी दीनाप्रति आकर्षित
भयो। तिनले त्यस केटीलाई प्रेम गरे र उनीसित
मीठामीठा कुरा गरे। ४अनि शकेमले आफ्ना
पिता हामोरलाई भने, "यस केटीलाई मेरी पत्नी
हुन ल्याइदिनुहोस्।"

५जब याकूबले आफ्नी छोरी दीनालाई अशुद्ध
तुल्याएको सुने, तिनका छोराहरू तिनका
गाईबस्तुसित खेतमा थिए; यसकारण तिनीहरू
घर नआउञ्जेल तिनी चूप रहे।

६तब शकेमका पिता हामोर याकूबसित
कुरा गर्न निस्केर गए। ७अब जे भएको थियो
त्यो सुन्नेबित्तिकै याकूबका छोराहरू खेतबाट
घरमा आएका थिए। तिनीहरू विचलित र
क्रुद्ध भए, किनभने याकूबकी छोरीलाई
बिगारेर शकेमले इस्राएलको बेइज्जत गरिदिएका
थिए। यस्तो काम गर्नु उचित थिएन।

८तर हामोरले तिनीहरूलाई भने, "मेरो
छोरा शकेमले आफ्नो हृदय तपाईंकी छोरीमा
लगाएको छ। दयागरी उसलाई त्यसकी स्वास्नी

---

३३:१९–यहोशू २४:३२; यूहन्ना ४:५.

हुनदिनुहोस् । ९हामीसित अन्तर-विवाह गर्नुहोस्;
हामीलाई तपाईंहरूका छोरीहरू दिनुहोस्
अनि हाम्रा छोरीहरू तपाईंहरूले लानुहोस् ।
१०तपाईंहरू हामीसित यहाँ बस्नुहोस् । यो देश
तपाईंको लागि खुला छ । यहीं बसोबास गर्नुहोस्,
व्यापार गर्नुहोस् र सम्पत्ति जोड्नुहोस् ।"

११त्यसपछि शकेमले दीनाका पिता अनि
दाज्यूभाइहरूलाई भने, "मैले तपाईंहरूको दृष्टिमा
निगाह पाऊँ, अनि तपाईंहरूले जे माग्नुहुन्छ म
दिनेछु । १२दुलहीको र मैले तपाईंहरूकहाँ ल्याउनपर्ने
उपहार जति भए पनि मूल्य तोक्नुहोस् ।
तपाईंहरूले जति माग्नुहुन्छ म तिर्नेछु । केवल
त्यो कन्यासँग मलाई विवाह गर्न दिनुहोस् ।"

१३आफ्ना बहिनी दीना अशुद्ध पारिएकोले
शकेम र तिनका पिता हामोरसित कुरा गर्दा,
याकूबका छोराहरूले छलसित जवाफ दिए ।
१४तिनीहरूलाई उनीहरूले भने, "हामी यस्तो
कुरो गर्न सक्दैनौं; हामी आफ्ना बहिनीलाई
खतना नभएका मानिसलाई दिन सक्दैनौं । त्यो
हाम्रोनिम्ति अपमानजनक हुनेछ । १५हामी खालि
एउटै शर्तमा हाम्रो स्वीकृति दिनेछौं, अर्थात्
तपाईंहरूका सबै पुरुषहरू खतना गरेर हामीजस्तै
भए मात्र । १६तब हामी हाम्रा छोरीहरू दिनेछौं
अनि आफ्नैलागि तपाईंहरूका छोरीहरू
लिनेछौं । हामी तपाईंहरूबीच बसोबासो गर्नेछौं,
तपाईंहरूसित एउटै जाति हुनेछौं । १७तर यदि
तपाईंहरू खतना हुन सहमत हुनुभएन भने,
हामी हाम्रा बहिनीलाई लिएर जानेछौं ।"

१८हामोर अनि तिनको छोरा शकेमलाई
तिनीहरूका प्रस्ताव राम्रो जस्तो लाग्यो ।
१९आफ्ना पिताका घरानामा सबैभन्दा बढ़ी
सम्मान पाएका यो जवान मानिसले, तिनीहरूले
भनेबमोजिम गर्नलाई समय खेर फालेन, किनकि
तिनले याकूबकी छोरीलाई खूबै मन पराएका
थिए । २०यसकारण हामोर अनि तिनका छोरा
शकेम आफ्ना नगरवासीहरूलाई भन्नलाई
आफ्ना शहरको मूल ढोकामा गए । २१तिनीहरूले
भने, "यी मानिसहरू हामीप्रति मित्रतुल्य छन् ।
तिनीहरू हाम्रो देशमा बसून् अनि व्यापार गरून्;
यस देशमा तिनीहरूको निम्ति प्रशस्त ठाउँहरू
छन् । हामीले तिनीहरूका छोरीहरू विवाह
गर्न सक्छौं अनि तिनीहरूले हाम्रा छोरीहरू ।
२२तर ती मानिसहरूले तिनीहरू आफैभैँ हाम्रा
पुरुषहरूले पनि खतना गरून् भन्ने शर्तमा
मात्र हामीसित एकै जाति भएर बस्ने
स्वीकृति दिनेछन् । २३के तिनीहरूका गाईबस्तु,
तिनीहरूका सम्पत्ति अनि तिनीहरूका सबै
पशुहरू हाम्रा हुँदैनन् र ? यसकारण हामी
तिनीहरूलाई आफ्ना स्वीकृति दिऊँ र तिनीहरू
हामीसित बसोबासो गर्नेछन् ।"

२४शहरका मूल ढोकाबाहिर निस्कने सबै
मानिसहरू हामोर र तिनका छोरा शेकेमसित
सहमत भए, अनि शहरमा भएको प्रत्येक
पुरुषको खतना भयो ।

२५तीन दिन बितेपछि, तिनीहरूलाई कष्ट
भइरहेकै बेला दीनाका दाज्यूहरू, याकूबका
दुई छोराहरू, शिमियोन र लेवीले आफ्नो
तरवार लिएर शङ्का नगरी बसेको शहरमाथि
आक्रमण गरे र प्रत्येक पुरुषलाई मारे ।
२६तिनीहरूले हामोर र तिनका छोरा शकेमलाई
तरवारले मारे अनि दीनालाई शकेमको घरबाट
लिएर गए । २७याकूबका छोराहरू लाशहरू
भएको ठाउँमा आए र तिनीहरूका बहिनी
अशुद्ध पारिएको शहरलाई लुटे । २८तिनीहरूले
उनीहरूका बगालहरू, बथानहरू, गधाहरू अनि
शहरभित्र र खेतहरूमा भएका तिनीहरूको
प्रत्येक कुरो नै आफ्नो अधीनमा ल्याए ।
२९तिनीहरूले उनीहरूका सबै धन, सबै स्त्री र
छोराछोरीहरू, र घरमा भएको प्रत्येक कुरो
लुटको मालभैँ लगेर गए ।

३०तब याकूबले शिमियोन र लेवीलाई भने,
"तिमीहरूले यस इलाकामा बसोबासो गर्ने
मानिसहरू अर्थात् कनानी र परिज्जीहरूसित
मलाई अप्रिय बनाएर विपत्ति ल्यायौ । हामी
अल्प सङ्ख्यामा छौं । तिनीहरू मेरो विरुद्धमा
एक भएर मलाई आक्रमण गरे भने, म र
मेरा घराना नष्ट हुनेछौं ।"

३१तर तिनीहरूले जवाफ दिए, "के
तिनीहरूले हाम्री बहिनीलाई एउटी वेश्याभैँ
व्यवहार गर्नुहुने थियो त ?"

### याकूब बेथेलमा फर्केका

**३५** तब परमेश्वरले याकूबलाई भन्नुभयो,
"बेथेलसम्म गएर त्यहीँ बसोबासो
गर्, र तँ तेरा दाज्यू एसावदेखि भागेको बेला
तँकहाँ देखा पर्नुहुने परमेश्वरको लागि त्यहाँ
एउटा वेदी बना ।"
**२**यसकारण याकूबले आफ्नो घरानालाई र
आफूसित भएका सबैलाई भने, "तिमीहरूसित
भएका विदेशी देवताहरू त्याग, अनि आफैलाई
शुद्ध पारेर आफ्ना वस्त्र फेर । **३**त्यसपछि आओ,
हामी बेथेलसम्म जाऔं, जहाँ म मेरो सङ्कटमा
मलाई जवाफ दिनुहुने अनि म जहाँ गए पनि
मेरो साथमा हुनुहुने परमेश्वरको निम्ति, एउटा
वेदी बनाउनेछु ।" **४**यसकारण तिनीहरूले
आफूसित भएका सबै विदेशी देवताहरू अनि
आफ्ना कानका कुण्डलहरू याकूबलाई दिए ।
याकूबले शकेममा भएको फलाँटको रूखमुनि
ती गाड़िदिए । **५**त्यसपछि तिनीहरू त्यहाँबाट
हिँड़े, र तिनीहरू गएको चारैतिरका शहरहरूमा
परमेश्वरको त्रास फैलियो । त्यसकारण कसैले
पनि तिनीहरूलाई खेदेनन् ।
**६**याकूब र तिनीसित भएका सबै मानिसहरू
कनानमा भएको लूज (अर्थात्, बेथेल) मा
आए । **७**त्यहाँ तिनले एउटा वेदी बनाए, अनि
तिनले त्यस ठाउँलाई एल-बेथेल भने, किनकि
तिनी आफ्ना दाज्यूदेखि भागेर जाँदा त्यहाँ
परमेश्वरले आफैलाई तिनीकहाँ प्रकट गर्नुभएको
थियो ।
**८**अब रिबेकाकी धाई, दबोरा, मरिन् र
बेथेलको मुन्तिर फलाँटको रूखमुनि गाड़िइन् ।
यसकारण त्यसको नाउँ अल्लोन-बकुत राखियो ।
**९**याकूब पद्दन-अरामबाट फर्केपछि परमेश्वर
तिनीकहाँ फेरि देखापर्नुभयो अनि तिनलाई
आशिष् दिनुभयो । **१०**परमेश्वरले तिनलाई
भन्नुभयो, "तेरो नाउँ याकूब हो, तर अबदेखि
उसो तँलाई याकूब भनिनेछैन, तर तेरो नाउँ
इस्राएल हुनेछ ।" यसरी उहाँले तिनको नाउँ
इस्राएल राख्नुभयो ।
**११**अनि परमेश्वरले तिनलाई भन्नुभयो, "म
सर्वशक्तिमान् परमेश्वर हुँ; फलदायक भई
सङ्ख्यामा वृद्धि होस् । तँबाट एउटा जाति अनि
जाति-जातिहरूको एउटा समुदाय निस्कनेछ ।
तेरो शरीरबाट राजाहरू निस्कनेछन् । **१२**मैले
अब्राहाम र इसहाकलाई दिएको देश म तँलाई
पनि दिनेछु, र यो देश म तेरोपछि तेरा सन्तानलाई
दिनेछु ।" **१३**त्यसपछि परमेश्वर जुन ठाउँमा
आफूले तिनीसित कुरा गर्नुभएको थियो, त्यस
ठाउँबाट जानुभयो ।
**१४**याकूबले तिनीसित परमेश्वरले कुरा
गर्नुभएको ठाउँमा एउटा खाँबो खड़ा गरे अनि
त्यसमाथि तिनले अर्घवलि चढ़ाए; अनि
त्यसमाथि तेल पनि खन्याए । **१५**परमेश्वरले
तिनीसित कुरा गर्नुभएको त्यस ठाउँको नाउँ
याकूबले बेथेल राखे ।

### राहेल र इसहाकको मृत्यु

**१६**त्यसपछि तिनीहरू बेथेलबाट अगि
बढ़े । तिनीहरू एप्रातदेखि टाढ़ो छँदै, राहेललाई
प्रसूति वेदनाले छोप्यो अनि तिनलाई असाध्यै
पीड़ा भयो । **१७**अनि तिनलाई प्रसूति वेदनाले
कष्ट दिँदा, सुँड़ेनीले तिनलाई भनिन्, "तपाईं
नडराउनुहोस्, किनकि तपाईंको एउटा अर्को
छोरा हुनेछ ।" **१८**जसै तिनी मर्ने अवस्थामा थिइन्,
तिनले अन्तिम सास फेरिरहेको समयमा, तिनले
आफ्नो छोराको नाउँ बेन-ओनी राखिन् । तर
त्यसको बाबुले त्यसको नाउँ बिन्यामिन राखे ।
**१९**यसरी राहेल मरिन् र एप्रात (अर्थात्
बेथलेहेम) जाने बाटोमा गाड़िइन् । **२०**तिनको
कबरमाथि याकूबले एउटा खाँबो खड़ा गरे,
अनि आजसम्मै त्यस खाँबोले राहेलको
कबरको चिन्ह बताउँछ ।
**२१**इस्राएल अझ अगि बढ़े र आफ्नो पाल
मिग्दल-एदेरको पारीपट्टि टाँगे । **२२**इस्राएल त्यस
प्रान्तमा बसोबासो गरेको बेला, रूबेन भित्र

---

**३५:१**–उत्पत्ति २८:११-१७. **३५:१०**–उत्पत्ति ३२:२८. **३५:११-१२**–उत्पत्ति १७:४-८.
**३५:१४-१५**–उत्पत्ति २८:१८-१९. **३५:२२** –उत्पत्ति ४९:४.

पसे अनि आफ्ना बाबुकी उप-पत्नी बिल्हासित
सुते, र इस्राएलले त्यो सुने ।

याकूबका बाह्र छोराहरू थिए:

२३ लेआका छोराहरू:
रूबेन, जो याकूबका जेठा छोरा थिए,
शिमियोन, लेवी, यहूदा, इस्साकार र
जबूलून् ।
२४ राहेलका छोराहरू:
यूसुफ र बेन्यामीन ।
२५ राहेलकी दासी बिल्हाका छोराहरू:
दान र नप्ताली ।
२६ लेआकी दासी जिल्पाका छोराहरू:
गाद र आशेर ।

पद्दन-अराममा जन्मेका याकूबका छोराहरू
यिनै थिए ।

**२७**याकूब अब्राहाम र इसहाक बसेका
किर्यत-अर्बा (अर्थात्, हेब्रोन) को नजीक मम्रेमा
आफ्ना पिता इसहाककहाँ आए । **२८**इसहाक
एक सय अस्सी वर्ष बाँचे । **२९**तब इसहाकको
मृत्यु भयो । तिनी वृद्ध र पूरा दिन पुगेका भई
आफ्ना पिता-पुर्खाहरूसँग मिल्न गए । अनि
तिनका छोराहरू एसाव र याकूबले तिनलाई
गाड़े ।

### एसावका सन्तान

**३६** एसाव (अर्थात्, एदोम) को वृतान्त यही
हो ।

**२**एसावले कनानी स्त्रीहरूबाट हित्ती एलोनकी
छोरी आदा अनि हिव्वी सिबोनकी नातिनी र
अनाकी छोरी ओहोलीबामा, **३**र नबायोतकी
बहिनी इश्माएलकी छोरी बासमतलाई पनि
आफ्ना स्वास्नी तुल्याए ।

**४**एसावको निम्ति आदाले एलिपज, बासमतले
रुएल, **५**अनि ओहोलीबामाले येऊश, यालाम र
कोरह जन्माइन् । यिनीहरू एसावका कनानमा
जन्मेका छोराहरू थिए ।

**६**एसावले आफ्ना पत्नीहरू, छोराहरू,
छोरीहरू, आफ्ना घरानाका सदस्यहरू, साथसाथै
बस्तुभाव र आफ्ना सबै पशुहरू अनि तिनले
कनानमा प्राप्त गरेका सबै कुराहरू लिएर आफ्नो
भाइ याकूबदेखि केही टाढ़ा सरेर गए । **७**एक
साथ रहनलाई तिनीहरूका धन-सम्पत्ति साह्रै
धेरै थिए । तिनीहरूका बस्तुभावको कारण
तिनीहरू बसोबासो गरेको देशमा दुवैको निर्वाह
हुन सकेन । **८**यसकारण एसाव (अर्थात्, एदोम)
सेइरको पहाड़ी मुलुकमा बसोबासो गरे ।

**९**सेइरको पहाड़ी मुलुकमा भएका
एदोमीहरूका पुर्खा एसावको वृत्तान्त यही हो ।

१० एसावका छोराहरूका नाउँ यिनै हुन्:
एसावकी पत्नी आदाका छोरा एलीपज,
र एसावकी पत्नी बासमतका छोरा
रुएल ।
११ एलीपजका छोराहरू:
तेमान, ओमार, सपो, गाताम र केनज ।
**१२**एसावको छोरा एलीपजको एउटी उप-
पत्नी पनि थिइन् जसको नाउँ तिम्ना
थियो, जसले तिनको निम्ति अमालेकलाई
जन्माइन् । यिनीहरू एसावकी पत्नी
आदाका नातीहरू थिए ।
१३ रूएलका छोराहरू:
नहत, जेरह, शम्मा र मिज्जा ।
यिनीहरू एसावकी पत्नी बासमतका
नातीहरू थिए ।
१४ अनाकी छोरी र सिबोयोनकी नातिनी
ओहोलीबामाले एसावको निम्ति जन्माएका
छोराहरू:
येऊश, यालाम र कोरह ।

**१५**एसावका सन्तानमध्ये मुख्यहरू यिनै हुन्:
एसावका जेठा छोरा एलीपजका
छोराहरू:
मुखियाहरू तेमान, ओमार, सपो, कनज,
**१६**कोरह, गाताम र अमालेक ।
यिनीहरू एदोममा भएका एलीपजका
मुख्य सन्तान थिए; तिनीहरू आदाका

**३५:२७**–उत्पत्ति १३:१८. **३६:१-१९**–१ इतिहास १:३४-३७. **३६:२**–उत्पत्ति २६:३४. **३६:३**–उत्पत्ति २८:९.

नातीहरू थिए ।
१७ एसावको छोरा रूएलका छोराहरू:
मुखियाहरू नहत, जेरह, शम्मा र
मिज्जा । यिनीहरू एदोममा भएका
रूएलका मुख्य सन्तान थिए; तिनीहरू
एसावकी पत्नी बासमतका नातिहरू
थिए ।
१८ एसावकी पत्नी ओहोलीबामाका छोराहरू:
मुखियाहरू येऊश, यालाम र कोरह ।
यिनीहरू अनाकी छोरी ओहोलीबामा
अर्थात् एसावकी पत्नीबाट आएका
सन्तानका मुखियाहरू थिए ।

**१९**यिनीहरू एसाव (अर्थात्, एदोम) का
छोराहरू थिए, र यिनीहरू तिनीहरूका
मुखियाहरू थिए ।

**२०**त्यस इलाकामा बस्ने, होरी सेइरका
छोराहरू यिनै थिए:

लोतान, शोबाल, सिबोन, अना, **२१**दीशोन,
एसेर, र दीशान । एदोमबासी सेइरका यी
छोराहरू होरीवंशी मुखियाहरू थिए ।
२२ लोतानका छोराहरू:
होरी र हेमान । तीम्ना लोतानकी बहिनी
थिइन् ।
२३ शोबालका छोराहरू:
अल्बान्, मानहत, एबाल, शपो र
ओनाम ।
२४ सिबोनका छोराहरू:
अय्या र अना । यो त्यही अना हो,
जसले आफ्ना पिता सिबोनका गधाहरू
चराउँदै गर्दा वनमा तातो पानीका मूल
पत्ता लाएका थिए ।
२५ अनाका छोराछोरीहरू:
दीशोन र अनाकी छोरी आहोलीबामा ।
२६ दीशोनका छोराहरू:
हेमदान, एश्बान्, यित्रान र करान ।
२७ एसेरका छोराहरू:
बिल्हान्, जाबान् र अकान ।
२८ दीशानका छोराहरू:
ऊज र आरान ।
२९ यिनीहरू होरीवंशी मुखियाहरू थिए:
लोतान्, शोबाल, सिबोन, अना, **३०**दीशोन,
एसेर र दीशान । यिनीहरू होरीवंशी
मुखियाहरू थिए, जो सेइर देशमा
तिनीहरूका खलकअनुसार थिए ।

## एदोमका शासकहरू

**३१**कुनै इस्राएली राजाले राज्य गर्न अगि
एदोममा राज्य गर्ने राजाहरू यिनै थिए:

**३२**बओरका छोरा बेला एदोमका राजा
भए । तिनको शहरको नाउँ दिन्हावा
थियो ।
३३ बेलाको मृत्युपछि बोज्रामा बस्ने जेरहका
छोरा योबाब तिनको ठाउँमा राजा भए ।
३४ योबाबको मृत्युपछि तेमानीहरूको देशमा
बस्ने हूशाम तिनको ठाउँमा राजा भए ।
३५ हूशामको मृत्युपछि मोआबको देशमा
मिद्यानलाई जित्ने बददका छोरा, हदद
तिनको ठाउँमा राजा भए । तिनको
शहरको नाउँ अवीत राखियो ।
३६ हददको मृत्युपछि मस्रेकामा बस्ने
शम्ला तिनको ठाउँमा राजा भए ।
३७ शम्लाको मृत्युपछि नदीको किनारको
रहोबोतका शौल तिनको ठाउँमा राजा
भए ।
३८ शौलको मृत्युपछि अकबोरका छोरा बाल-
हानान तिनको ठाउँमा राजा भए ।
३९ अकबोरका छोरा बाल-हाननको
मृत्युपछि, हदद तिनको ठाउँमा राजा
भए । तिनको शहरको नाउँ पाऊ
राखियो । तिनकी पत्नीको नाउँ महेतबेल
थियो, जो मत्रेदकी छोरी र मे-जाहाबकी
नातिनी थिइन् ।

**४०**तिनीहरूका कुल र इलाकाअनुसार
एसावको सन्तानका मुखियाहरूका नाउँ यिनै
हुन्:

**३६:२०–३०**–१ इतिहास १:३८-४२. **३६:३१–४३**–१ इतिहास १:४३-५४.

तीम्न, अल्वा, यतेत, **४१**ओहोलीबामा,
एलाह, पीनोन, **४२**कनज, तेमान,
मिब्सार, **४३**मग्दीएल र ईराम ।
तिनीहरूले कब्जा गरेका देशमा
तिनीहरूका बासस्थानअनुसार एदोमका
मुखियाहरू यिनै थिए ।

एदोमीहरूका पुर्खा एसाव यिनै थिए ।

### यूसुफका सपनाहरू

**३७** याकूब तिनका पिता बसेको देश
कनानमा बसे ।

**२**याकूबको वृतान्त यही हो ।
यूसुफ सत्र वर्षको हुँदा तिनका दाज्यूहरूसँग
भेड़ाबाख्राहरूका बगाल चराउँथे । एक दिन
तिनले आफ्ना पिताका पत्नीहरू बिल्हा र
जिल्पाका छोराहरूको खराब व्यवहारको
कुरा आफ्ना बाबुकहाँ ल्याए ।
**३**अब इस्राएलले यूसुफलाई आफ्ना अरू
छोराहरूभन्दा बढ़ी माया गर्थे, किनकि तिनी
उनको लागि आफ्नो वृद्धकालमा जन्मेका थिए,
अनि तिनले उनको लागि एउटा राम्रो बुट्टेदार
लबेदा बनाइदिएका थिए । **४**तिनका दाज्यूहरूले
आफ्ना पिताले तिनलाई तिनीहरूभन्दा बढ़ी
माया गरेका देखेर, तिनीहरूले उनलाई घृणा
गर्थे अनि तिनीसँग बोल्दैनथे ।
**५**यूसुफले एउटा सपना देखे, अनि त्यो तिनले
आफ्ना दाज्यूहरूलाई भनेपछि, तिनीहरूले
उनलाई अझ बढ़ी घृणा गरे । **६**तिनले
उनीहरूलाई भने, "मैले देखेको सपना सुन्नुहोस्:
**७**हामी बाहिर खेतमा अन्नका बिटा बाँधिरहेका
थियौं, र मेरो बिटा उठेर सीधा खड़ा भयो,
जब कि तपाईंहरूका बिटाहरू मेरा बिटाका
चारैतिर जम्मा भएर मेरो बिटालाई दण्डवत्
गरे ।"
**८**तिनका दाज्यूहरूले तिनलाई भने, "के तँ
हामीमाथि शासन गर्ने इच्छा गर्छस् ? के तैंले
हामीमाथि शासन गर्नेछस् ?" अनि त्यस सपना
र तिनले भनेका कुराको कारण तिनीहरूले
उनलाई अझ बढ़ी घृणा गरे ।
**९**त्यसपछि तिनले अर्को सपना देखे, अनि
तिनले त्यो आफ्ना दाज्यूहरूलाई भने । तिनले
भने, "सुन्नुहोस्, मैले अर्को सपना देखें, र
यसपल्ट सूर्य, चन्द्र र एघार ताराहरूले मलाई
ढोगिरहेका थिए ।"
**१०**जब तिनले आफ्ना दाज्यूहरूलाई भनेझैँ
त्यो आफ्ना पितालाई पनि भने, तिनका पिताले
तिनलाई हकारेर भने, "तैंले यो सपना देखेको
के हो ? के तेरी आमा र म अनि तेरा दाज्यूहरूले
साँच्चै आएर तेरोअगि भूईंसम्मै निहुरेर तँलाई
ढोग्नुपर्ने हो त ?" **११**तिनका दाज्यूहरू तिनीप्रति
डाही भए, तर तिनका पिताले यस कुरोलाई
मनमै राखे ।

### यूसुफ दाज्यूहरूद्वारा बेचिएका

**१२**अब तिनका दाज्यूहरू आफ्ना पिताका
बगाल चराउन शकेमको नजीक गएका थिए,
**१३**अनि इस्राएलले यूसुफलाई भने, "तँलाई थाहै
छ कि तेरा दाज्यूहरू शकेमको नजीक
बगालहरू चराउँदैछन् । आइज, म तँलाई
तिनीहरूकहाँ पठाउन लागेको छु ।"
तिनले भने, "ठीकै छ ।"
**१४**यसकारण तिनले उनलाई भने, "जा र
तेरा दाज्यूहरू बगालसित ठीकै छन् कि छैनन्
हेर्, अनि मेरोमा खबर लिएर आइज ।" तब
तिनले उनलाई हेब्रोनको बेंसीबाट पठाइदिए ।
जब यूसुफ शेकेममा आए, **१५**एक जना
मानिसले तिनलाई खेततिर यताउति घुमिरहेको
देखे अनि सोधे, "तिमी के खोज्दैछौ ?"
**१६**तिनले जवाफ दिए, "म मेरा दाज्यूहरूलाई
खोज्दैछु । तिनीहरूले बगाल कहाँ चराउँदैछन्
के तपाईं मलाई भन्नसक्नुहुन्छ ?"
**१७**त्यस मानिसले जवाफ दिए, "तिनीहरू
यहाँबाट गएका छन् । तिनीहरूले हामी 'दोतानमा
जाऊँ' भन्दै गरेको मैले सुनेको थिएँ ।"
यसकारण यूसुफ आफ्ना दाज्यूहरूका
पछिपछि गएर तिनीहरूलाई दोतानको नजीक

**३७:११** –प्रेरित ७:९.

भेट्टाए । **१८**तर तिनीहरूले उनलाई टाढ़ैबाट
देखे, अनि तिनी उनीहरूकहाँ आइपुग्नु अघिनै,
तिनीहरूले उनलाई मार्ने षड़यन्त्र रचे ।
**१९**तिनीहरूले आपसमा भने, “त्यो सपना
देख्ने आउँदैछ । **२०**अब आओ, हामी त्यसलाई
मारौं अनि त्यसलाई एउटा खाड़लमा फ्याँकिदिऔं
र एउटा डरलाग्दो जनावरले त्यसलाई खायो
भनेर भनिदिऔं । तब हामी त्यसको सपना के
हुँदो रहेछ भनी हेर्नेछौं ।”
**२१**जब रूबेनले यो सुने तिनले उनलाई
तिनीहरूका हातबाट छुटाउने कोशिश गरे ।
तिनले भने, “हामीले त्यसको ज्यानचाहिँ
नलिऔं । **२२**रक्तपात नगरौं । त्यसलाई यस
मरुभूमिमा एउटा खाड़लमा फ्याँकिदिऔं, तर
त्यसमाथि हात नलगाऔं ।” रूबेनले तिनलाई
तिनीहरूका हातबाट छुटचाएर तिनलाई आफ्ना
पिताकहाँ लगिदिनको लागि यसो भनेका
थिए ।
**२३**यसकारण जब यूसुफ आफ्ना दाज्यूहरूकहाँ
आए, तिनीहरूले तिनका लबेदा खोसे, अर्थात्
तिनले लगाएका राम्रो बुट्टेदार लबेदा, **२४**अनि
तिनीहरूले तिनलाई लगेर एउटा खाड़लमा
फ्याँकिदिए । अब त्यो खाड़ल रित्तो थियो; अनि
त्यसभित्र पानी थिएन ।
**२५**तिनीहरू जसै खान बसे, तिनीहरूले आँखा
उठाएर हेरे अनि इश्माएलीहरूको एक दललाई
गिलादबाट आइरहेको देखे । तिनीहरूका
ऊँटहरू मसलाहरू, सुगन्धित लेप अनि मुर्र
इत्यादिले लादिएका थिए, अनि तिनीहरू ती
चीजहरू तल मिश्र देशमा लैजानलाई यात्रा
गरिरहेका थिए ।
**२६**यहूदाले आफ्ना दाज्यूभाइहरूलाई भने,
“हामीले आफ्नो भाइलाई मारेर त्यसको रगत
लुकाएर के फाइदा हुन्छ र ? **२७**आऊ, हामी
यसलाई यी इश्माएलीहरूलाई बेचिदिऔं र
यसमाथि हात नहालौं; जे भए पनि, यो हाम्रै
भाइ, हाम्रै मासु र रगत हो ।” तिनका
दाज्यूभाइहरू सहमत भए ।
**२८**यसकारण जब ती मिद्यानी व्यापारीहरू
नजीक आइपुगे, तिनका दाज्यूहरूले यूसुफलाई
खाड़लबाट तानेर माथि ल्याए अनि तिनलाई
चाँदीका बीस टुक्रामा इश्माएलीहरूलाई
बेचिदिए, जसले तिनलाई मिश्रदेशमा लगे ।
**२९**जब रूबेन खाड़लमा फर्केर आए तब
यूसुफलाई त्यहाँ देखेनन् । तिनले आफ्ना लुगा
च्याते । **३०**तिनी आफ्ना भाइहरूकहाँ गएर भने,
“केटो त्यहाँ छैन ! अब म के गरूँ ?”
**३१**त्यसपछि तिनीहरूले यूसुफको लबेदा
लिए, एउटा बाखा मारे अनि त्यस लबेदालाई
त्यस रगतमा चोपे । **३२**तिनीहरूले त्यस बुट्टेदार
लबेदा फर्काएर आफ्ना पिताकहाँ लगे अनि
भने, “हामीले यो भेट्टायौं । यो तपाईंको
छोराको लबेदा हो कि होइन जाँच्नुहोस् ।”
**३३**तिनले त्यो चिने अनि भने, “यो मेरो
छोराको लबेदा हो ! कुनै डरलाग्दो जनावरले
त्यसलाई खाएछ । यूसुफलाई टुक्रा-टुक्रा
पारिदियो होला ।”
**३४**तब याकूबले आफ्नो लुगा च्याते,
भाङ्ग्रा ओढ़े अनि आफ्नो छोराको लागि धेरै
दिनसम्म विलाप गरे । **३५**तिनका सबै
छोराछोरीहरू तिनलाई सान्त्वना दिन आए,
तर तिनी शान्त हुन मानेनन् । तिनले भने,
“होइन, म यो विलापमा नै मेरो छोराकहाँ
चिहानमा जानेछु ।” यसरी तिनका पिताले
तिनको निम्ति बिलौना गरे ।
**३६**यसै बीचमा, ती मिद्यानीहरूले यूसुफलाई
मिश्रदेशमा फिरऊनका अधिकृत, अङ्गरक्षकका
कप्तान पोतीफरलाई बेचिदिए ।

## यहूदा र तामार

**३८** त्यसबेला, यहूदा आफ्ना दाज्यूभाइहरूलाई
छाड़ेर हीरा नाउँ भएको अदुल्लामका
एक जना मानिसकहाँ बस्नलाई गए । **२**त्यहाँ
यहूदाले शूआ नाउँ भएको एक जना कनानी
मानिसकी छोरीलाई भेटे । तिनले उनलाई विवाह
गरे र तिनीकहाँ गए; **३**तिनी गर्भवती भइन्

**३७:२८** –प्रेरित ७:९.

अनि एउटा छोरा जन्माइन्, जसको नाउँ एर्
राखियो । **४**तिनी फेरि गर्भवती भइन् अनि
एउटा छोरा जन्माइन् र त्यसको नाउँ ओनान
राखिन् । **५**तिनले अझ अर्को छोरा जन्माइन्
अनि त्यसको नाउँ शेलह राखिन् । तिनले
उसलाई कजीबमा जन्माइन् ।

**६**यहूदाले आफ्नो जेठा छोरा, एर्को लागि
एउटी स्वास्नी ल्याइदिए, अनि तिनको नाउँ तामार
थियो । **७**तर यहूदाको जेठा छोरा परमप्रभुको
दृष्टिमा दुष्ट थिए, यसकारण परमप्रभुले तिनलाई
मार्नुभयो ।

**८**तब यहूदाले ओनानलाई भने, "तेरी
भाउज्यूकहाँ जा अनि देवरले गर्नुपर्ने कर्तव्य
गर् र तेरो दाज्यूको निम्ति सन्तान उत्पन्न
गर् ।" **९**तर त्यो सन्तान तिनको आफ्नो हुनेछैन
भनी ओनानले जाने, यसकारण जहिलेजहिले
तिनी भाउज्यूकहाँ सुत्न गए तिनले दाज्यूको
निम्ति सन्तान उत्पन्न नगर्नको लागि आफ्नो
वीर्य भूइँमा खसालिदिन्थे । **१०**तिनले जे गरे त्यो
परमप्रभुको दृष्टिमा दुष्ट थियो; यसकारण उहाँले
तिनलाई पनि मार्नुभयो ।

**११**त्यसपछि यहूदाले आफ्नी बुहारी
तामारलाई भने, "मेरो छोरा शेलह ठूलो
नभएसम्म तिमी आफ्ना पिताको घरमा विधवा
भई बस ।" किनकि तिनले "त्यो पनि उसका
दाज्यूहरूजस्तै गरी मर्छ होला" भनेर सोचेका
थिए । यसकारण तामार आफ्ना पिताको
घरमा बस्नलाई गइन् ।

**१२**धेरै समयपछि शूआकी छोरी, यहूदाकी
स्वास्नी मरिन् । जब यहूदा आफ्नो शोकबाट
उत्रिए, तिनी तिम्नामा मानिसहरूले तिनका
भेड़ाहरूको ऊन कत्रेको ठाउँमा गए, अनि तिनीसित
तिनका मित्र अदुल्लामबासी हीरा पनि गए ।

**१३**जब "तिम्रा ससुरा आफ्ना भेड़ाहरूको
ऊन कत्रनलाई तिम्नातिर आउँदैछन्" भनेर
तामारलाई बताइयो, **१४**तिनले आफ्नो विधवाको
पोशाक फुकालिन्, र आफूलाई नचिन्ने
बनाउनको लागि आफैलाई घुम्टोले छोपिन्,
अनि तिम्ना जाने बाटोमा भएको एनैमको प्रवेश-
द्वारमा बसिन्, किनकि शेलह ठूलो भइसकेर
पनि तिनलाई उसकी स्वास्नी हुन दिइएको छैन
भनी तिनले देखिन् ।

**१५**जब यहूदाले तिनलाई देखे, तिनले मुख
छोपेकी हुनाले, यहूदाले तिनलाई वेश्या हुन्
भनी सम्झे । **१६**तिनलाई आफ्नै बुहारी हुन्
भनी थाहा नपाएर, तिनी बाटोको किनारमा
तिनकहाँ गएर भने, "अहिले आऊ, र मलाई
तिमीसित सुत्न देऊ ।"

"अनि म तपाईंसित सुतेकोमा मलाई के
दिनुहुनेछ ?" तिनले सोधिन् ।

**१७**उनले भने, "म मेरा बथानबाट तिमीलाई
एउटा पाठा पठाइदिनेछु ।"

तिनले सोधिन्, "तपाईंले त्यो नपठाउञ्जेल
मलाई बन्धकको रूपमा केही कुरा दिनुहुन्छ ?"

**१८**तिनले भने, "म तिमीलाई बन्धक के
दिऊँ ?"

तिनले जवाफ दिइन्, "तपाईंको छाप-औँठी
र त्यसको डोरी अनि तपाईंको हातमा भएको
लौरो ।" यसकारण तिनले ती उनलाई दिए
अनि उनीसित सुते र उनी तिनीबाट गर्भवती
भइन् । **१९**तिनी गइन् अनि आफ्नो घुम्टो फुकालेर
आफ्नो विधवाको लुगा फेरि लगाइन् ।

**२०**त्यसपछि यहूदाले आफ्नो अदुल्लामबासी
मित्रको हातबाट एउटा कलिलो पाठा त्यस
स्त्रीबाट आफ्ना बन्धक फिर्ता गराउनलाई त्यस
स्त्रीकहाँ पठाए, तर उनले तिनलाई भेट्टाएनन् ।
**२१**उनले त्यहाँ बस्ने मानिसहरूलाई "एनैम
मन्दिरको बाटोको छेउमा बस्ने वेश्या कहाँ
छ ?" भनी सोधे ।

तिनीहरूले भने, "मन्दिरमा बस्ने कुनै वेश्या
यहाँ छैन ।"

**२२**यसकारण तिनी यहूदाकहाँ फर्किगएर
भने, "मैले तिनलाई भेट्टाइनँ । यसबाहेक त्यहाँका
मानिसहरूले भने, 'यहाँ मन्दिरमा बस्ने कुनै
वेश्या छैन ।'"

**२३**तब यहूदाले भने, "उसले आफूसित भएका
कुराहरू राखोस्, नत्रता हामी हाँसोको पात्र
हुनेछौं । जे भए पनि, मैले उसलाई यो कलिलो
पाठो पठाएकै हुँ, तर तिमीले उसलाई
भेटाएनौ ।"

**२४**प्राय: तीन महिनापछि यहूदालाई
“तपाईंकी बुहारी तामार वेश्याबृद्धिको दोषी
ठहरिएकी छ, अनि त्यसको फलस्वरूप तिनी
अहिले गर्भवती भएकी छिन्” भनियो ।

यहूदाले भने, “तिनलाई बाहिर निकाल अनि
जलाएर मारिदेओ ।”

**२५**तिनलाई जसै बाहिर निकालिँदै थियो,
तिनले आफ्नो ससुरालाई एउटा खबर पठाइन् ।
“म यी कुराहरूका मालिकबाट गर्भवती भएकी
छु,” तिनले भनिन् । अनि तिनले अझ थपेर
भनिन्, “तपाईंले यो छाप-औंठी, डोरी, र
लौरो कसका हुन् भनी चिन्नसक्नुहुन्छ कि ?”
**२६**यहूदाले ती चिनेर भने, “तिनी त मभन्दा
धार्मिक रहिछिन्, किनकि मैले तिनलाई आफ्नो
छोरो शेलह तिनका पति हुनलाई दिइनँ ।”
अनि तिनी उनीसित फेरि सुतेनन् ।

**२७**जब तिनले जन्माउने बेला आयो, तिनका
गर्भमा जुम्ल्याहा छोराहरू थिए । **२८**तिनले
जसै जन्माउदैथिइन्, तीमध्ये एउटाले आफ्नो
हात बाहिर निकाल्यो; यसकारण सुँड़ेनीले एउटा
रातो डोरी लिएर त्यसको नाड़ीमा बाँधिदिइन्
र भनिन्, “योचाहिँ पहिले निस्क्यो ।” **२९**तर
जब त्यसले आफ्नो हात पछि तान्यो, त्यसको
भाइचाहिँ बाहिर निस्क्यो, अनि त्यसले भनिन्,
“तँ यसरी बल लगाएर बाहिर आइस् !” अनि
त्यसको नाउँ पेरेज राखियो । **३०**तब आफ्नो
नाड़ीमा रातो डोरी लिएको त्यसको भाइ बाहिर
आयो र त्यसको नाउँ जेरह राखियो ।

## यूसुफ र पोतीफरकी पत्नी

**३९** यूसुफ मिश्रदेशमा लगिएका थिए ।
फिरऊनका अधिकारी र अङ्गरक्षकका
कप्तान पोतीफरले, तिनलाई त्यहाँ लैजाने
इश्माएलीहरूबाट तिनलाई किने ।

**२**परमप्रभु यूसुफसित हुनुहुन्थ्यो अनि तिनले
उन्नति गरे र तिनी आफ्ना मिश्री मालिकको
घरमा बस्न लागे । **३**जब तिनका मालिकले
परमेश्वर तिनीसित हुनुभएको र तिनले गरेका
सबै कुरामा अशिष् दिनुभएको देखे, **४**यूसुफले
तिनको दृष्टिमा कृपा पाएर तिनी उनका सेवक
भए । पोतीफरले तिनलाई घरानाको जिम्मा
दिएर राखे र तिनीसित भएका सबै कुराहरूमाथि
हेरचाह गर्ने जिम्मेवारी सुम्पे । **५**उनले तिनलाई
आफ्ना घराना अनि आफूसित भएका सबै
कुरोको जिम्मा दिएको समयदेखि, परमप्रभुले
यूसुफको खातिर त्यस मिश्रीलाई आशिष्
दिनुभयो । परमप्रभुको आशिष् पोतीफरसित
भएका सबै कुराहरूमा, अर्थात् घरभित्र र खेतमा
भएका दुवै कुराहरूमाथि थियो । **६**यसकारण
तिनले आफूसित भएका सबै कुराहरू यूसुफको
देखरेखमा छाड़िदिए; तिनले आफूले खाने
भोजनबाहेक कुनै कुरोमा पनि वास्ता गरेनन् ।

यूसुफ हेर्नमा राम्रा र सुन्दर थिए, **७**अनि
केही समयपछि तिनका मालिककी पत्नीले
तिनीमाथि नजर लगाइन् र “मसित ओछ्यानमा
आऊ,” भनिन् ।

**८**तर तिनले अस्वीकार गरे । तिनले उनलाई
भने, “म जिम्मामा रहेकोले मेरा मालिकले
घरका कुनै कुराको पनि चिन्ता गर्नुहुन्न ।
उहाँसित भएका सबै कुरा उहाँले मेरै देखरेखमा
राखिदिनुभएको छ । **९**यस घरमा मभन्दा ठूलो
अरू कोही छैनन् । तपाईं उहाँकी पत्नी
हुनुभएकोले, मेरा मालिकले तपाईंबाहेक अरू
कुनै कुरा पनि मदेखि अलग राख्नुभएको छैन ।
त्यसोभए कसरी म यस्तो दुष्ट काम गरेर
परमेश्वरको विरुद्धमा पाप गर्नू ?” **१०**अनि
तिनले दिनदिनै यूसुफलाई त्यसो भने तापनि
तिनले तिनीसित सुत्न अथवा तिनको छेउमा
हुनसम्म पनि अस्वीकार गरे ।

**११**एक दिन तिनी आफ्नो काम गर्न भनी
घरभित्र गए, अनि घरका कोही नोकर
चाकरहरू भित्र थिएनन् । **१२**तिनले यूसुफलाई
लुगामा समातेर भनिन्, “मसित ओछ्यानमा
आऊ !” तर तिनले आफ्नो लुगा उनको हातमा
छाड़ेर घरदेखि बाहिर भागे ।

**१३**जब यूसुफले आफ्नो लुगा उनको हातमा

---

**३९:२**–प्रेरित ७:९.

छाड़ेर घरदेखि बाहिर भागेको देखिन्,
१४तिनले आफ्ना घरका नोकरहरूलाई बोलाएर
तिनीहरूलाई भनिन्, "हेर, यस हिब्रूलाई त
हाम्रो बेइज्जत गर्न भनेर पो हामीकहाँ ल्याइएको
रहेछ ! ऊ यहाँ भित्र मसित सुत्नलाई आयो,
अनि म चिच्च्याएँ। १५जब त्यसले म सहायताको
लागि चिच्च्याएको सुन्यो, तब त्यसले आफ्नो
लुगा मेरो छेउमा छोड़ेर घरदेखि बाहिर भाग्यो।"

१६तिनले त्यो लुगा आफ्नो स्वामी नआउञ्जेल
आफ्नो छेउमा राखिन्। १७तब तिनले उनलाई
यो कथा भनिन्: "तपाईंले ल्याउनुभएको त्यो
हिब्रू दास मेरो बेइज्जत गर्न भनी मकहाँ
आयो। १८तर म जसै सहायताको लागि
चिच्च्याएँ, त्यसले आफ्नो लुगा मेरो छेउमा
छोड़ेर घरदेखि बाहिर भाग्यो।"

१९जब तिनका स्वामीले आफ्नी पत्नीले यसो
भनेको कथा सुने, "तपाईंको दासले मसित यस्तै
व्यवहार गऱ्यो," तिनी रिसले आगो भए।
२०यूसुफका मालिकले तिनलाई लिएर, राजाका
कैदीहरू बन्द गरिएका झ्यालखानमा हालिदिए।

तर यूसुफ त्यस झ्यालखानमा हुँदा,
२१परमप्रभु तिनीसित हुनुहुन्थ्यो अनि उहाँले
तिनीमाथि दया देखाउनुभयो र झ्यालखानका
हाकिमको दृष्टिमा निगाह प्राप्त गराइदिनुभयो।
२२यसकारण त्यस हाकिमले यूसुफलाई
झ्यालखानमा थुनेर राखिएका सबैमाथि
देखरेख गर्ने जिम्मा दिए, अनि तिनलाई त्यहाँ
गरिने सबै कुराहरूको जिम्मेवारी सुम्पिदिए।
२३त्यस हाकिमले यूसुफको जिम्मामा रहेका
कुनै कुरामाथि पनि ध्यान दिँदैनथे, किनकि
परमप्रभु यूसुफसित हुनुहुन्थ्यो अनि तिनले जे
गरे पनि उहाँले तिनलाई सफलता दिनुभयो।

### पकाउने र पियाउने

४० केही समयपछि, मिश्रका राजाका मुख्य
पियाउने र पकाउनेले आफ्ना मालिक,
मिश्रको राजालाई रीस उठाए। २फिरऊन
आफ्ना दुई पदाधिकारी, अर्थात् मुख्य
पियाउने अनि मुख्य पकाउनेहरूसित रीसाए,
३अनि तिनीहरूलाई यूसुफलाई थुनेकै
झ्यालखानमा अङ्गरक्षकका कप्तानको घरमा
थुनामा राखिदिए। ४अङ्गरक्षकका कप्तानले
तिनीहरूलाई यूसुफको जिम्मा लगाइदिए, अनि
तिनले उनीहरूको हेरचाह गरे।

तिनीहरू केही समय थुनामा रहेपछि, ५ती
दुई मानिसहरू, अर्थात् मिश्रका राजाका पियाउने
अनि पकाउने, जो झ्यालखानमा परेका थिए,
ती दुवैले एकै रात एउटा सपना देखे, र प्रत्येक
सपनाको आफ्ना आफ्नै अर्थ थियो।

६भोलिपल्ट यूसुफ तिनीहरूकहाँ जाँदा,
तिनीहरू उदास थिए। ७यसकारण तिनले आफ्ना
मालिकका घरमा आफूसित थुनामा परेका
फिरऊनका पदाधिकारीहरूलाई सोधे, "आज
तिमीहरूका अनुहार किन यति उदास छन्?"

८तिनीहरू दुवैले जवाफ दिए, "हामी दुवैले
सपना देख्यौं, अनि त्यसको अर्थ खोलिदिने कोही
छैनन्।"

तब यूसुफले तिनीहरूलाई भने, "के
सबै अर्थहरू परमेश्वरकै होइनन्? मलाई
तिमीहरूका सपना भन।"

९यसकारण मुख्य पियाउनेले यूसुफलाई आफ्नो
सपना भने। तिनले उनलाई भने, "मेरो सपनामा
मैले आफ्नो सामुन्ने एउटा दाखको बोट देखें,
१०अनि त्यस बोटमा तीनओटा हाँगाहरू थिए।
त्यसमा टुसा पलाएर फूल फुली त्यसका झुप्पाहरू
पाकेर दाख भए। ११फिरऊनको कचौरा मेरो
हातमा थियो, अनि मैले दाखहरू लिएँ, तिनीहरूलाई
फिरऊनको कचौराभित्र निचोरिदिएँ र त्यो
कचौरा तिनको हातमा टक्र्याइदिएँ।"

१२यूसुफले तिनलाई भने, "यसको अर्थ यही
हो। तीन हाँगाहरू तीन दिन हुन्। १३तीन
दिनभित्र फिरऊनले तिम्रो शिर खड़ा गर्नेछन्,
अनि तिमीलाई आफ्नो काममा फेरि लाउनेछन्,
र तिमी तिनको पियाउने हुँदा जसरी गर्थ्यौ,
त्यसरीनै तिमीले फिरऊनको कचौरा तिनको
हातमा टक्र्याउनेछौ।" १४तर जब तिमीलाई

३९:२१ –प्रेरित ७:९

सबै कुरा असल हुन्छन्, तब मलाई सम्झ र
ममाथि दया देखाऊ; फिरऊनलाई मेरो विषयमा
बताऊ अनि मलाई यस झ्यालखानबाट बाहिर
निकाल। **१५**किनकि मलाई हिब्रूहरूको देशबाट
बलपूर्वक निकालिएको हो, अनि यहाँ पनि मैले
झ्यालखानमा हालिने कुनै काम गरेको छैनँ।"

**१६**यूसुफले असल अर्थ खोलिदिएको जब
मुख्य पकाउनेले देखे, तिनले यूसुफलाई भने,
"मैले पनि एउटा सपना देखें: मेरा शिरमा रोटीले
भरिएका तीन टोकरीहरू थिए। **१७**माथिल्लो
टोकरीमा फिरऊनको लागि पकाइएका सबै
किसिमका रोटीहरू थिए, तर चराहरूले ती मेरा
शिरमा भएको टोकरीबाट खाइरहेका थिए।"

**१८**यूसुफले भने, "यसको अर्थ यही हो। ती
तीन टोकरीहरू तीन दिन हुन्। **१९**तीन दिनभित्र
फिरऊनले तिम्रा शिर खड़ा गर्नुहुनेछ र
तिमीलाई एउटा रूखमा झुन्ड्याइदिनेछन्।
अनि चराहरूले तिम्रो मासु खानेछन्।"

**२०**तीन दिनपछि फिरऊनको जन्मदिन थियो,
अनि तिनले आफ्ना सबै पदाधिकारीहरूलाई
भोज दिए। तिनले आफ्ना पदाधिकारीहरूको
उपस्थितिमा आफ्ना मुख्य पियाउने र मुख्य
पकाउनेका शिर खड़ा गरे: **२१**तिनले मुख्य
पियाउनेलाई फेरि तिनकै काम दिए, र तिनले
फेरि कचौरा फिरऊनको हातमा टक्र्याए,
**२२**तर यूसुफले तिनीहरूलाई अर्थ बताइदिएझैँ,
फिरऊनले मुख्य पकाउनेलाई झुन्ड्याइदिए।

**२३**तैपनि, मुख्य पियाउनेले, यूसुफलाई
सम्झेनन्; तर तिनले उनलाई बिर्सिहाले।

## फिरऊनको सपनाहरू

**४१** पूरा दुई वर्ष बितेपछि, फिरऊनले
एउटा सपना देखे: तिनी नील नदीमा
उभिरहेका थिए, **२**जब नदीबाट सातओटा चिल्ला
र मोटा गाईहरू निस्केर आए, अनि तिनीहरू
काँसको घारीमा चर्न लागे। **३**तिनीहरूपछि,
सातओटा कुरूप अनि दुब्ला अरू गाईहरू, नील
नदीबाट बाहिर निस्किआए र ती पहिलेकाहरूको
छेउमा किनारमा उभिए। **४**अनि ती कुरूप र
दुब्ला गाईहरूले ती चिल्ला र मोटाहरूलाई
खाइदिए। त्यसपछि फिरऊन ब्यूँझे।

**५**तिनी फेरि निदाए अनि दोस्रो सपना देखे:
अन्नका सातओटा भरिला र असल बालाहरू
एउटै डाँठमा फलिरहेका थिए। **६**तिनीहरूपछि,
अन्नका सातओटा सेप्रा अनि पूर्वीय बतासले
ओइलाएका बालाहरू उम्रे। **७**ती सेप्रा बालाहरूले
सातओटा भरिला बालाहरूलाई निलिदिए।
त्यसपछि फिरऊन ब्यूँझे, त्यो त सपना थियो।

**८**बिहान तिनको मन विचलित भयो, अनि
तिनले मिश्रका सबै जादूगर अनि ज्ञानी
मानिसहरूलाई बोलाइपठाए। फिरऊनले
तिनीहरूलाई आफ्ना सपनाहरू भने, तर कसैले
पनि तिनको निम्ति अर्थ खोलिदिन सकेनन्।

**९**तब त्यस मुख्य पियाउनेले फिरऊनलाई
भने, "आज मलाई मेरो भूल याद भयो।
**१०**एकपल्ट फिरऊन आफ्ना नोकरहरूसँग
रिसाउनुभएको थियो, अनि उहाँले मलाई अनि
मुख्य पकाउनेलाई अङ्गरक्षकका कप्तानको
घरको झ्यालखानमा हाल्नुभयो। **११**हामी दुवैले
एकै रात सपना देख्यौं, र प्रत्येक सपनाको
आफ्नै अर्थ थियो। **१२**त्यहाँ हामीसँग एउटा
हिब्रू जवान अङ्गरक्षकका कप्तानको नोकर
थिए। हामीले तिनलाई आफ्ना सपना बतायौं,
अनि तिनले हामी प्रत्येकलाई आफ्नो सपनाको
अर्थ बताइदिए। **१३**अनि घटनाहरू तिनले
हामीलाई अर्थ खोलिदिएजस्तै भए। म काममा
फेरि लगाइएँ, तर अर्को मानिस झुन्ड्याइयो।"

**१४**यसकारण फिरऊनले यूसुफलाई
बोलाइपठाए अनि तिनलाई झट्टै झ्यालखानबाट
बाहिर ल्याइयो। दाह्री खौरेर आफ्नो वस्त्र
फेरेपछि, तिनी फिरऊनको सामुन्ने आए।

**१५**फिरऊनले यूसुफलाई भने, "मैले एउटा
सपना देखें, अनि कसैले पनि त्यसको अर्थ
बताउन सक्दैनन्। तर तिमीले त सपना सुनेपछि
त्यसको अर्थ खोल्न सक्छौ भनी मैले तिम्रो
विषयमा सुनें।"

---

**४१:८**–दानिएल २:२

**१६**यूसुफले फिरऊनलाई जवाफ दिए, "म
यो गर्न सक्दिनँ, तर परमेश्वरले फिरऊनले
चाहेको जवाफ दिनुहुनेछ ।"
**१७**तब फिरऊनले यूसुफलाई भने, "मेरो
सपनामा म नील नदीको किनारमा उभिरहेको
थिएँ, **१८**जब नदीबाट सातओटा चिल्ला र मोटा
गाईहरू निस्केर आए, अनि तिनीहरू काँसको
घारीमा चर्न लागे । **१९**तिनीहरूपछि, सातओटा
कुरूप र अति दुब्ला गाईहरू निस्किआए । मैले
मिश्र देशमा यस्ता कुरूप गाईहरू कहिल्यै
देखेको थिइनँ । **२०**ती दुब्ला र कुरूप गाईहरूले
पहिले आएका ती सातओटा मोटा गाईहरूलाई
खाइदिए । **२१**तर तिनीहरूले ती खाइसकेपछि
पनि, तिनीहरूले त्यसो गरेका छन् भनी कसैले
भन्न सकेनन् । तिनीहरू पहिलेझैँ कुरुप
देखिन्थे । त्यसपछि म ब्यूझेँ ।
**२२**"मेरो दोस्रो सपनामा मैले भरिला र असल
अन्नका सातओटा बालाहरू एउटै डाँठमा
फलिरहेका पनि देखें । **२३**तिनीहरूपछि सेप्रा र
पूर्वीय बतासले ओइलाएका अन्नका सातओटा
बालाहरू उम्रे । **२४**ती सेप्रा अन्नका बालाहरूले
ती असल बालाहरूलाई निलिहाले । मैले यो
कुरा जादूगरहरूलाई भनें, तर कसैले पनि मलाई
यो वर्णन गर्न सकेन ।"
**२५**तब यूसुफले फिरऊनलाई भने,
"फिरऊनका सपनाहरू एउटै र एकै हुन् ।
परमेश्वरले के गर्न लाग्नुभएको छ सो
फिरऊनलाई प्रकाश गरिदिनुभएको छ । **२६**ती
सातओटा गाईहरू सात वर्ष हुन्, र ती सातओटा
असल बालाहरू सात वर्ष हुन्; यो एउटै
र एकै सपना हो । **२७**ती पछिबाट आउने
सातओटा दुब्ला र कुरूप सात वर्ष हुन्, ती
व्यर्थका र पूर्वीय बतासले ओइलाएका सातओटा
बालाहरूजस्तै । ती अनिकालका सात वर्ष हुन् ।
**२८**"यो मैले फिरऊनलाई भनेझैँ हो:
परमेश्वरले जे गर्न लाग्नुभएको छ सो
फिरऊनलाई प्रकाश गरिदिनुभएको छ । **२९**मिश्र
देशभरि सात वर्षको सहकाल आइरहेको छ,
**३०**तर त्यसपछि सात वर्षको अनिकाल
आइरहेको छ । तब मिश्रदेशमा भएका सबै
सहकाल बिर्सिनेछन्, अनि अनिकालले देश
संहार गर्नेछ । **३१**आउनेवाला अनिकाल अति
कठोर भएकोले देशमा भएको सहकालको
स्मरण हुनेछैन । **३२**फिरऊनलाई दुई रूपमा
सपना दिइएको कारणचाहिँ यो हो, यो विषय
परमेश्वरद्वारा दृढ़तापूर्वक निश्चय गरिएको
छ, अनि परमेश्वरले यो चाँड़ै गर्नुहुनेछ ।
**३३**"अब फिरऊनले ठीक बेठीक छुटचाउन
सक्ने र बुद्धिमान् मानिस खोजेर तिनलाई
मिश्रदेशको जिम्मा दिएर राखून् । **३४**ती सात
वर्षका सहकालको समयमा मिश्रको उब्जनीको
पाँचौं भाग बटुल्नको लागि फिरऊनले मिश्रको
लागि हाकिमहरू नियुक्त गरून् । **३५**तिनीहरूले
यी आउने असल वर्षहरूका सबै अन्नहरू जम्मा
गरेर शहरहरूमा भोजनको निम्ति प्रयोग
गरिनलाई फिरऊनको अख्तियारमा थुपार्नुपर्छ ।
**३६**यो अन्नचाहिँ मिश्रदेशमा आउने सात वर्षका
अनिकालको समयमा प्रयोग गरिनलाई देशको
निम्ति भण्डारमा जोगाइराख्नुपर्छ, र देश
अनिकालले नष्ट नपारिओस् ।"
**३७**त्यो योजना फिरऊन अनि तिनका
सबै पदाधिकारीहरूलाई असल लाग्यो ।
**३८**यसकारण फिरऊनले तिनीहरूलाई सोधे, "के
परमेश्वरको आत्मा भएको यिनीजस्ता मानिस
अरू पाउनसक्छौं ?"
**३९**तब फिरऊनले यूसुफलाई भने,
"परमेश्वरले तिमीलाई यी सबै जान्न दिनुभएको
कारण, ठीक बेठीक छुटचाउने र बुद्धिमान्
मानिस तिमीझैँ अरू कोही छैनन् । **४०**मेरो
राजमहल तिम्रो जिम्मामा र मेरा सबै प्रजा
तिम्रो हुकुमको अधीनमा बस्नुपर्नेछ । सिंहासनको
विषयमा मात्र म तिमीभन्दा ठूलो हुनेछु ।"

## यूसुफ मिश्रको अधिकारी

**४१**यसकारण फिरऊनले यूसुफलाई भने,
"अब सम्पूर्ण मिश्रदेश तिम्रो जिम्मामा

---

**४१:४०** –प्रेरित ७:१०.

हुनेछ ।" ४२तब फिरऊनले आफ्नो औंलाबाट
छाप-औंठी झिकेर यूसुफका औंलामा
लगाइदिए । तिनले उनलाई मलमलको लबेदा
पहिऱ्याइदिए र उनको गलामा सुनको सिक्री
लगाइदिए । ४३तिनले उनलाई आफ्ना दोस्रो
अधिकारीको हैसियतमा रथमा सवार गराए,
अनि मानिसहरू उनका अगिअगि "बाटो
छोड़िदेऊ !" भन्दै कराए । यसरी तिनले उनलाई
सम्पूर्ण मिश्र देशमाथि अख्तियारवाला बनाए ।
४४तब फिरऊनले यूसुफलाई भने, "म
फिरऊन हुँ, तर तिम्रो हुकुमविना मिश्रभरि
कसैले पनि हात अथवा खुट्टा उठाउनेछैन ।"
४५फिरऊनले यूसुफलाई सापनान-पानेह नाउँ
दिए अनि तिनकी स्वास्नी हुनालाई, ओनाको
पूजाहारी, पोतिफेराकी छोरी आसनत तिनलाई
दिए । तब यूसुफले मिश्र देशभरि भ्रमण गरे ।
४६मिश्रको राजा फिरऊनको सेवामा प्रवेश
गर्दा यूसुफ तीस वर्ष पुगेका थिए । अनि यूसुफ
फिरऊनको उपस्थितिबाट निस्किगए र मिश्रभरि
भ्रमण गरे । ४७सात वर्षको सहकालमा देशले
प्रशस्त उब्जनी दियो । ४८यूसुफले ती सात
वर्षहरूमा मिश्र देशले प्रशस्त गरी उब्जाएका
सबै अन्न जम्मा गरे र शहरहरूमा सञ्चय
गरे । प्रत्येक शहरका छेउछाउका खेतहरूले
उब्जाएका अन्न तिनले ती शहरहरूमा राखे ।
४९यूसुफले समुद्रको बालुवासरह धेरै परिमाणमा
अन्न सञ्चय गरे । त्यो यति धेरै थियो कि
नाप्न पनि नसकेकोले तिनले त्यसको हिसाबै
राख्न छोड़िदिए ।
५०अनिकालका वर्षहरू आउनअघि, ओनका
पूजाहारी, पोतिफेराकी छोरी, आसनतबाट
यूसुफका दुई छोराहरू जन्मे । ५१यूसुफले जेठोको
नाउँ मनश्शे राखेर यसो भने, "योचाहिँ
परमेश्वरले मेरा सबै कष्ट अनि मेरा पिताका
सबै घरानालाई बिर्सन दिनुभएको कारणले गर्दा
हो ।" ५२दोस्रो छोराको नाउँ तिनले एप्रेम राखे
अनि भने, "योचाहिँ मेरो कष्टको देशमा
परमेश्वरले मलाई फलिफाप गराउनुभएको
कारणले गर्दा हो ।"
५३मिश्रदेशमा सात वर्षको सहकाल समाप्त
भयो, ५४अनि यूसुफले भनेझैँ सात वर्षको
अनिकाल शुरू भयो । अरू सबै देशहरूमा
अनिकाल भयो, तर मिश्र देशभरि भोजन
थियो । ५५जब सारा मिश्र देशले अनिकाल
अनुभव गर्नथाले, मानिसहरू भोजनको लागि
फिरऊनसित बिलौना गर्नलागे । तब फिरऊनले
सबै मिश्रवासीहरूलाई भने, "यूसुफकहाँ जाओ
र तिनले तिमीहरूलाई जे भन्छन् ती गर ।"
५६जब अनिकाल सारा देशभरि फैलियो,
यूसुफले भण्डारहरू खोलिदिए अनि मिश्रवासी-
हरूलाई अन्न बेचे, किनकि मिश्रभरि अनिकाल
फैलिएको थियो । ५७अनि सबै देशहरू यूसुफबाट
अन्न किन्नलाई मिश्रदेशमा आए, किनकि
संसारभरि नै भयङ्कर अनिकाल परेको थियो ।

### यूसुफका दाज्यूहरू मिश्रदेशमा गएका

४२ जब याकूबलाई मिश्रदेशमा अन्न छ
भन्ने थाहा भयो, तिनले आफ्ना
छोराहरूलाई भने, "तिमीहरू किन एक
अर्कालाई मात्र हेर्छौ ?" २तिनले थपे,
"मिश्रदेशमा अन्न छ भन्ने मैले सुनेको छु ।
हामीहरू जीवितै रहने हो भने त्यहाँ गएर
हाम्रा निम्ति अन्न किनेर ल्याओ ।"
३तब यूसुफका दश जना दाज्यूहरू मिश्रबाट
अन्न किन्नलाई तल झरे । ४तर याकूबले
यूसुफको भाइ बेन्यामीनलाई, अरूसित
पठाएनन्, किनकि त्यसमाथि जोखिम आउला
भन्ने डर तिनलाई भयो । ५यसकारण अन्न
किन्न जानेहरूमा इस्राएलका छोराहरू पनि
थिए, किनकि कनानमा पनि अनिकाल लागेको
थियो ।
६त्यस बेला यूसुफचाहिँ मिश्र देशका
अधिपति थिए, अनि आफ्ना सबै मानिसहरूलाई
अन्न बेच्ने तिनी नै थिए । यसकारण जसै
यूसुफका दाज्यूहरू आइपुगे, तिनीहरूले आफ्ना
अनुहार भूइँतिर पारेर तिनलाई ढोगे । ७यूसुफले

---

**४१:४२**–दानिएल ५:२९. **४१:५५**–यूहन्ना २:५. **४२:२**–प्रेरित ७:१२.

आफ्ना दाज्यूहरूलाई देख्नासाथ, तिनीहरूलाई
चिने, तर नचिनेको भान पारेर कठोर सोरमा
तिनीहरूसित बोले । तिनले सोधे, "तिमीहरू
कहाँबाट आयौ ?"

तिनीहरूले जवाफ दिए, "कनान देशबाट,
अन्न किन्नलाई आएका ।"

**८**यूसुफले आफ्ना दाज्यूहरूलाई चिने तापनि
तिनीहरूले चाहिँ तिनलाई चिनेनन् । **९**तब तिनले
तिनीहरूको विषयमा तिनको सपना सम्झे अनि
तिनीहरूलाई भने, "तिमीहरू जासूस हौ !
तिमीहरू हाम्रो देश कुन ठाउँमा असुरक्षित छ
भनी हेर्न आएका हौ ।"

**१०**तिनीहरूले जवाफ दिए, "मेरा प्रभु, त्यसो
होइन । तपाईंका दास हामीहरू अन्न किन्न
आएका हौं । **११**हामी सबै एउटै मानिसका
छोराहरू हौं । तपाईंका दासहरू जासूस होइनौं,
तर ईमानदार मानिसहरू हौं ।"

**१२**तिनले तिनीहरूलाई भने, "होइन !
तिमीहरू हाम्रो देश कहाँ असुरक्षित छ भनी
हेर्न आएका हौ ।"

**१३**तर तिनीहरूले जवाफ दिए, "तपाईंका
दासहरू कनान देशमा बस्ने एउटै मानिसका बाह्र
जना दाज्यूभाइहरू थिए । कान्छो अहिले हाम्रा
पितासित छ, अनि एक जनाचाहिँ अब छैन ।"

**१४**यूसुफले तिनीहरूलाई भने, "मैले
तिमीहरूलाई भनेझैँ तिमीहरू जासूसहरू हौ ।
**१५**अनि तिमीहरू यसरी जाँचिने छौ: फिरऊनको
जीवनको शपथ खाएर म भन्छु, तिमीहरूको
कान्छा भाइ यहाँ नआएसम्म तिमीहरू यस
ठाउँबाट जान पाउनेछैनौ । **१६**तिमीहरूमध्ये
एक जनालाई आफ्ना भाइ लिन पठाओ;
अनि अरूहरू झ्यालखानमा राखिनेछन्, ताकि
तिमीहरूले साँचो भनेका हौ भनी तिमीहरूका
कुराको जाँच होस् । तिमीहरूले साँचो भनेका
होइनौ भने, फिरऊनको जीवनको शपथ खाएर
म भन्छु, कि तिमीहरू जासुस हौ !" **१७**अनि
तिनीहरू सबैलाई तीन दिनको लागि तिनले
थुनामा राखे ।

**१८**तेस्रो दिन, यूसुफले तिनीहरूलाई भने,
"तिमीहरू यसो गर र तिमीहरू बाँच्नेछौ,
किनकि म परमेश्वरको डर राख्छु: **१९**तिमीहरू
ईमानदार मानिसहरू हौ भने, तिमीहरूका
दाज्यूभाइहरूमध्ये एक जना यहाँ बसोस्; अनि
अरूचाहिँ अन्न लिएर भोकले ग्रस्त भएका
तिमीहरूका परिवारकहाँ जाऊन् । **२०**तर
तिमीहरूले आफ्नो कान्छा भाइलाई मकहाँ
ल्याउनुपर्छ, अनि तिमीहरूका कुरा साँचो
ठहरियोस् र तिमीहरू मर्न नपरोस् ।" तिनीहरूले
त्यसै गरे ।

**२१**तिनीहरूले आपसमा भने, "यो त निश्चय
हामीले आफ्नो भाइको निम्ति दण्ड पाएका
हौं । जब त्यसले आफ्नो प्राणको भिक्षा
मागिरहेथ्यो हामीले त्यसलाई कति दु:खित
भएका देख्यौं, तर हामीले सुनेनौं; त्यसैकारण
यो विपत्ति हामीमाथि आएको हो ।"

**२२**रूबेनले जवाफ दियो, "के मैले
तिमीहरूलाई त्यस केटोको विरुद्धमा पाप
नगरौं भनिनँ ? तर तिमीहरूले सुनेनौ । अब
हामीले त्यसको रगतको हिसाब दिनुपर्नेछ ।"
**२३**यूसुफले दोभासे प्रयोग गरेका हुनाले,
तिनीहरूले यूसुफले तिनीहरूका कुरा बुझ्दैछन्
भनेर थाहा पाएनन् ।

**२४**तिनी उनीहरूदेखि उता फर्केर रुन थाले,
तर फेरि तिनीहरूतिर फर्केर कुरा गरे । तिनले
उनीहरूबाट शिमियोनलाई उनीहरूकै आँखाको
सामुन्ने बाँधनलाए ।

**२५**यूसुफले तिनीहरूका थैलाहरूमा अन्न
भरिदिने, र प्रत्येकको रुपियाँ आफ्ना आफ्नै
थैलोमा हालिदिने र यात्राको निम्ति खाने
कुराको प्रवन्ध गरिदिने हुकुम गरे । तिनीहरूका
निम्ति यी सबै गरिसकेपछि, **२६**तिनीहरूले
आफ्ना गधाहरूमाथि आफ्ना अन्नहरू बोकाएर
गए ।

**२७**तिनीहरू राती वास बस्ने ठाउँमा
रोकिएपछि तिनीहरूमध्ये एक जनाले आफ्नो
गधालाई खानेकुरो दिनलाई आफ्नो थैलो खोले,

---

**४२:९**–उत्पत्ति ३७:५-१०. **४२:२२**–उत्पत्ति ३७:२१-२२.

अनि थैलोको मुखैमा आफ्नो रुपियाँ देखे ।
२८तिनले आफ्ना दाज्यूभाइहरूलाई भने, "मेरो
रुपियाँ फर्काइएको रहेछ । हेर, त्यो यहाँ मेरो
थैलोमा छ ।"

तिनीहरू अति डराए अनि काँप्दै एक-अर्कातिर हेरेर तिनीहरूले भने, "परमेश्वरले हामीलाई यो के गर्नुभएको हो ?"

२९जब तिनीहरू कनान देशमा आफ्ना पिता
याकूबकहाँ आइपुगे, तिनीहरूले आफूमाथि केके
घटना घटेका थिए सबै भने, ३०"त्यस देशमा
मालिकले हामीसित कठोरतापूर्वक कुरा गरे
अनि हामी त्यस देशमा जासूसी गर्न गएझैँ
व्यवहार गरे । ३१तर हामीले तिनलाई भन्यौं,
'हामी जासूस होइनौं; तर ईमानदार मानिसहरू
हौं । ३२हामी एउटै बाबुका छोराहरू बाह्र जना
दाज्यूभाइहरू हौं । एक जना अब छैन, अनि
कान्छोचाहिँ अहिले कनानमा हाम्रा बाबुसित
छ ।'

३३"तब त्यस देशका मालिकले हामीलाई
भने, 'तिमीहरू ईमानदार मानिसहरू हौ भनी
म यसरी जान्नेछु: तिमीहरूका दाज्यूभाइहरूमध्ये
एक जनालाई यहाँ मसित छोड़, अनि
तिमीहरूका भोकले ग्रस्त भएको घरानाको
निम्ति भोजन लिएर जाऊ । ३४अनि तिमीहरूको
कान्छा भाइलाई मकहाँ ल्याऊ र तिमीहरू
जासूस होइनौ तर ईमानदार मानिसहरू हौ
भनी म जान्नेछु । तब म तिमीहरूका यस
भाइलाई तिमीहरूकहाँ फर्काइदिनेछु, र तिमीहरू
यस देशमा लेनदेन गर्न सक्नेछौ ।'"

३५तिनीहरूले जसै आफ्ना थैलाहरू खाली
गर्दै थिए, त्यहाँ प्रत्येक मानिसको थैलोभित्र
आफ्नो रुपियाँको पोका रहेछ ! जब तिनीहरूले
अनि तिनीहरूका पिताले पैसाको पोका देखे,
तिनीहरू तर्से । ३६तिनीहरूका पिता याकूबले
तिनीहरूलाई भने, "तिमीहरूले मलाई मेरा
छोराहरूदेखि वञ्चित गरायौ । यूसुफ छैन
अनि अब शिमियोन पनि रहेन । तैपनि अब
तिमीहरू बिन्यामिनलाई लैजान चाहन्छौ । सबै
कुरा म विरुद्ध छन् ।"

३७तब रूबेनले आफ्ना पितालाई भने, "यदि
मैले यसलाई फर्काइल्याउन सकिनँ भने तपाईंले
मेरा दुवै छोराहरूलाई मार्न सक्नुहुन्छ । यसलाई
मेरो देखरेखमा जिम्मा दिनुहोस्, म यसलाई
फर्काइल्याउनेछु ।"

३८तर याकूबले भने, "मेरो छोरा तँसित
त्यहाँ जान सक्दैन; यसको दाज्यू मरिगयो र
यो एउटा मात्र रहेको छ । तँ जुन यात्रामा
जाँदैछस्, त्यहाँ यसमाथि कुनै जोखिम आयो
भने, तैंले मेरो फुलेको केश भएको शिरलाई
चिहानको दु:खमा लैजानेछस् ।"

## मिश्रतिरको दोस्रो यात्रा

४३ देशमा अनिकाल अझ प्रचण्ड भयो ।
२यसकारण जब तिनीहरूले मिश्रबाट
ल्याएको अन्न खाइसके, तिनीहरूका पिताले
तिनीहरूलाई भने, "फेरिजाऊ अनि हामीलाई
अझ केही अन्न किनेर ल्याऊ ।"

३तर यहूदाले तिनलाई भने, "त्यस मानिसले
हामीलाई गम्भीरतापूर्वक चेतावनी दिएका छन्,
'तिमीहरूको भाइ तिमीहरूसित छैन भने
तिमीहरूले मेरो अनुहार फेरि देख्नेछैनौ ।'
४तपाईंले हाम्रो भाइलाई हामीसित पठाउनुभयो
भने, हामी जानेछौं र तपाईंको लागि अन्न
किन्नेछौं । ५तर तपाईंले त्यसलाई पठाउनुभएन
भने, हामी तल जानेछैनौं, किनकि त्यस मानिसले
हामीलाई भने, 'तिमीहरूको भाइ तिमीहरूसित
छैन भने तिमीहरूले मेरो अनुहार फेरि
देख्नेछैनौ ।'"

६इस्राएलले सोधे, "त्यस मानिसलाई
तिमीहरूको अर्को भाइ छ भनेर तिमीहरूले
ममाथि किन यो विपत्ति ल्यायौ ?"

७तिनीहरूले जवाफ दिए, "त्यस मानिसले
हामी र हाम्रो परिवारको विषयमा केरकार
गरे । तिनले सोधे, 'के तिमीहरूका पिता अझ
जिउँदै छन् ? के तिमीहरूसित अर्को भाइ छ ?'
हामीले केवल तिनका प्रश्नहरूको जवाफ
दियौं । तिनले 'तिमीहरूका भाइलाई यहाँ तल
ल्याऊ' भन्नेछन् भनेर हामीले कसरी जान्नू ?"

८तब यहूदाले आफ्नो पिता इस्राएललाई
भने, "त्यस केटोलाई मसित पठाउनुहोस् अनि

हामी झट्ट त्यहाँ जानेछौं, र हामी, तपाईं र
हाम्रा छोराछोरी मर्ने छैनन् तर बाँच्नेछन् । **९**म
आफै त्यसको सुरक्षाको जमानी बस्छु ।
त्यसको लागि तपाईंले म आफैलाई जिम्मेवार
ठहराउनसक्नुहुन्छ । यदि मैले त्यसलाई तपाईंकहाँ
फर्काइल्याएर तपाईंको सामने खड़ा गराउन
सकिनँ भने म आफ्नो जीवनभरि त्यो दोष
तपाईंको अगि खप्नेछु । **१०**हामीले ढिलो
नगरेको भए हामी दुईपल्ट गएर फर्किआउनसक्ने
थियौं ।”

**११**तब तिनीहरूका पिता इस्राएलले
तिनीहरूलाई भने, “यदि यस्तै हुने हो भने,
यसो गर: यस देशका उत्तम उब्जनीका केही
आफ्ना थैलाहरूमा हाल, अर्थात् केही सुगन्धित
लेप, अलिकता मह, सुगन्धित मसला, मूर्,
अनि अलिकता पेस्ता र हाड़े बदाम, त्यस
मानिसको निम्ति सौगातको रूपमा लैजाऊ ।
**१२**तिमीहरूका थैलाहरूका मुखमा फर्काएर
हालिदिएका रुपियाँ तिमीहरूले फर्काउन
परेकोले, आफूसित दोबर रुपियाँ लैजाऊ ।
शायद त्यो एउटा भूल थियो । **१३**तिमीहरूको
भाइ पनि लगेर त्यस मानिसकहाँ झट्टै जाऊ ।
**१४**अनि सर्वशक्तिमान् परमेश्‍वरले त्यस
मानिसको सामने तिमीहरूमाथि दया गरून् र
तिनले तिमीहरूको अर्को भाइ र बेन्यामीनलाई
तिमीहरूसित फर्केर आउन देऊन् । म त यसै
असहाय, उसै असहाय ।”

**१५**यसकारण ती मानिसहरूले सौगातहरू,
दोबर रुपियाँ र बेन्यामीनलाई पनि लगे ।
तिनीहरू हतारहतार मिश्रतिर लागे अनि
यूसुफकहाँ आफैलाई हाजिर गराए । **१६**जब
यूसुफले तिनीहरूसित बेन्यामीनलाई देखे, तिनले
घरका कार्यकर्तालाई भने, “यी मानिसहरूलाई
मेरो घरमा लैजाऊ, एउटा पशु मारेर
भोज तयार पार; तिनीहरूले दिउँसो मसित
खानेछन् ।”

**१७**त्यस मानिसले यूसुफले तिनलाई भनेझैँ
गरे अनि ती मानिसहरूलाई यूसुफको घरमा
लगे । **१८**ती मानिसहरू आफूलाई यूसुफको
घरमा लगिएको कारण आत्तिए । तिनीहरूले
सोचे, “हामीलाई यहाँ ल्याएको चाहिँ प्रथमचोटि
हाम्रा थैलाहरूमा रुपियाँ फर्काएर हालिदिएको
कारणले गर्दा हो । तिनी हामीमाथि आक्रमण
गरी हामीलाई दमन गरेर हामीलाई
दासहरूको रूपमा पक्रेर हाम्रा गधाहरू लैजान
चाहन्छन् ।”

**१९**यसकारण तिनीहरू यूसुफका कारिन्दा-
कहाँ गए अनि घरभित्र पस्ने ठाउँमा तिनीसित
कुरा गरे । **२०**तिनीहरूले भने, “महाशय, दया
गर्नुहोस्, हामी यहाँ प्रथम पल्ट अन्न किन्न
आयौं । **२१**तर हामी वास बसेको ठाउँमा राती
हामीले थैलाहरू खोल्यौं र हामी प्रत्येकले
थैलाको मुखमा आ-आफ्ना रुपियाँ ठीक
परिमाणमा पायौं । यसकारण हामीले त्यसलाई
आफूसित फर्काएर ल्याएका छौं । **२२**हामीले
अन्न किन्नलाई अझ धेरै पनि ल्याएका छौं ।
हाम्रा रुपियाँ कसले हाम्रा थैलाहरूमा लगाए
हामी जान्दैनौं ।”

**२३**तिनले भने, “ठीकै छ, नडराऊ ।
तिमीहरूका परमेश्‍वर, तिमीहरूका पिताका
परमेश्‍वरले नै, तिमीहरूका थैलाहरूमा
धनराशि दिनुभएको छ; मैले तिमीहरूका रुपियाँ
पाएँ ।” तब तिनले शिमियोनलाई तिनीहरूकाहाँ
बाहिर ल्याए ।

**२४**त्यस कारिन्दाले ती मानिसहरूलाई
यूसुफको घरमा लगे, तिनीहरूलाई खुट्टा धुने
पानी दिए अनि तिनीहरूका गधाहरूलाई
दानापानी दिए । **२५**दिउँसो यूसुफको आगमनको
लागि तिनीहरूले आफ्ना सौगात तयार पारे,
किनकि तिनीहरूले त्यहीं भोजन गर्नुपर्छ भनी
सुनेका थिए ।

**२६**जब यूसुफ घरमा आए, तिनीहरूले
आफूले घरभित्र ल्याएका सौगातहरू तिनलाई
टक्राए, अनि तिनीहरू तिनको सामने भूइँसम्मै
निहुरे । **२७**तिनले तिनीहरूका हालखबर
सोधे, अनि भने, “तिमीहरूले मलाई भनेका
तिमीहरूका वृद्ध पिता कस्तो हुनुहुन्छ ? उहाँ
अझै जिउँदै हुनुहुन्छ ?”

**२८**तिनीहरूले जवाफ दिए, “तपाईंका दास,
हाम्रा पिता अझ जिउँदै र ठीकै हुनुहुन्छ ।”

अनि तिनलाई सम्मान गर्न तिनीहरू तलसम्म निहुरे ।

२९चारैतिर हेरेपछि, तिनले आफ्नै आमाका छोरा तिनको भाइ बेन्यामीनलाई देखेर तिनले सोधे, "तिमीहरूले मलाई जसको विषयमा भन्यौ, के तिमीहरूका कान्छा भाइ यही हो ?" अनि तिनले भने, "मेरो छोरा, परमेश्वर तिमीप्रति अनुग्रही होऊन् ।" ३०आफ्नो भाइलाई देखी अति भावाकुल भएर, यूसुफ हतारसाथ रुने ठाउँ खोज्नलाई बाहिर गए । तिनी आफ्नो निजी कोठामा गएर रोए ।

३१तिनले आफ्नो अनुहार धोएपछि, तिनी बाहिर निस्किआए र आफैलाई सम्भालेर भने, "अब खाना ल्याओ ।"

३२तिनीहरूले तिनलाई अलग्गै, ती दाज्यू-भाइहरूलाई अलग्गै अनि तिनीसित खाने मिश्रीहरूलाई अलग्गै भोजन पस्के, किनकि हिब्रूहरूसित भोजन गर्नु मिश्रीहरूको लागि घृणित कुरा हुनाले, तिनीहरूले हिब्रूहरूसित खान हुँदैन थियो । ३३ती मानिसहरू तिनको अगि जेठोदेखि कान्छोसम्म आफ्नो उमेरअनुसार बसाइए, अनि तिनीहरूले छक्क परेर एक अर्कालाई हेरे । ३४जब तिनीहरूलाई यूसुफको टेबुलदेखि भाग पस्किए, बेन्यामीनको भाग अरू प्रत्येकको भन्दा पाँच गुणा बढ़ी थियो । यसरी तिनीहरूले तिनीसित खुलस्त रूपले भोज खाए अनि पिए ।

### थैलोमा चाँदीको कचौरा

४४ यूसुफले आफ्नो घरको भण्डारेलाई यस्तो हुकुम दिए: "यी मानिसहरूका थैलाहरूमा तिनीहरूले बोक्नसक्ने अन्न भरिदेऊ, अनि प्रत्येकको थैलोको मुखमा आ-आफ्ना रुपियाँ हालिदेऊ । २त्यसपछि मेरा चाँदीको कचौरा, त्यस कान्छोको थैलोको मुखमा त्यसको अन्नको रुपियाँसितै राखिदेऊ ।" अनि तिनले यूसुफले भनेझैँ गरे ।

३बिहान भएपछि, ती मानिसहरू आफ्ना गधाहरूसित पठाइए । ४तिनीहरू शहरदेखि धेरै टाढ़ा पुगेका थिएनन्, यूसुफले आफ्ना भण्डारेलाई भने, "झट्टै ती मानिसहरूको पछि लाग, अनि तिमीले तिनीहरूलाई भेटेपछि तिनीहरूलाई भन, 'तिमीहरूले किन असलको साटो खराबी गऱ्यौ ? ५यही कचौरा होइन जसबाट मेरा मालिक पिउनुहुन्छ र जसद्वारा उहाँलाई शकून-अपशकून पनि हुन्छ ? यो त तिमीहरूले खराब काम गऱ्यौ ।'"

६जब तिनी उनीहरू भए ठाउँ पुगे, तिनले तिनीहरूलाई ती शब्दहरू दोहोऱ्याए । ७तर तिनीहरूले तिनलाई भने, "मेरा मालिकले किन यस्तो कुरा भन्नुहुन्छ ? यस्ता किसिमका कामहरू त तपाईंका दासहरूबाट दूर रहोस् । ८हामीले त कनान देशबाट हाम्रा थैलाहरूका मुखमा हामीले पाएका रूपियाँ पनि तपाईंकहाँ फर्काएर ल्यायौं । यसकारण हामी तपाईंका मालिकको घरबाट किन सुन अथवा चाँदी चोर्थ्यौं ? ९यदि तपाईंका दासहरूमध्ये कसैसित त्यो भएको पाइयो भने, त्यो मर्नेछ; अनि हामी बाँकीचाहिँ मेरा मालिकका दासहरू हुनेछौं ।"

१०तिनले भने, "त्यसोभए ठीकै छ, तिमीहरूले भनेझैँ होस् । जससित त्यो पाइनेछ त्यो मेरो दास हुनेछ; अनि तिमीहरू बाँकीचाहिँ दोषमुक्त हुनेछौ ।"

११तिनीहरूमध्ये हरेकले आफ्नो थैलो भूइँमा झारेर खोले । १२अनि त्यस कारिन्दाले जेठोदेखि शुरू गरेर कान्छोसम्मको तलासी लियो । अनि त्यो कचौरा बेन्यामीनको थैलोमा पाइयो । १३यसरी तिनीहरूले आफ्ना लुगा च्याते । तब तिनीहरूले आफ्ना गधाहरूमा भारी कसे अनि शहरतिर फर्के ।

१४यहूदा र तिनका दाज्यूभाइहरू फर्केर आउँदा यूसुफ घरमै थिए, अनि तिनीहरू तिनको सामने भूइँमै लम्पसार परे । १५यूसुफले तिनीहरूलाई भने, "यो तिमीहरूले के गऱ्यौ ? म जस्तो मानिसले अन्तर्ज्ञानद्वारा सबै कुरा पत्तो लाउनसक्छु भनी तिमीहरू जान्दैनौ ?" १६"हामी मेरा मालिकलाई के भन्न सक्छौं ?" यहूदाले जवाफ दिए, हामी के भन्नसक्छौं ? हामी आफ्नो निर्दोष कसरी प्रमाणित गर्नसक्छौं ? परमेश्वरले तपाईंका दासहरूको अपराध

उघारिदिनुभएको छ । हामी अब मेरा मालिकका
दासहरू हौं, अर्थात् हामी आफै र जससित त्यो
कचौरा भेट्टाइयो ।"

**१७**तर यूसुफले भने, "यस्तो काम मबाट
कहिल्यै हुनेछैन ! जुन मानिससित मेरो
कचौरा भेट्टाइयो, त्यो मात्र मेरो दास हुनेछ ।
अरूहरू आफ्ना पिताकहाँ शान्तिमा जाओ ।"

**१८**तब यहूदाले तिनीकहाँ गएर भने:
"मेरा मालिक, तपाईंको दासलाई एक शब्द
बोल्न दिनुहोस् । तपाईं फिरऊन समान हुनुभए
तापनि, नरिसाइदिनुहोला । **१९**मेरा मालिकले
आफ्ना दासहरूलाई 'तिमीहरूका पिता वा भाइ
छन् भनी सोध्नुभयो ।' **२०**अनि हामीले जवाफ
दियौं, 'हाम्रो एक जना वृद्ध पिता हुनुहुन्छ,
अनि उहाँको वृद्धावस्थामा जन्मेको कलिलो
छोरा छ । त्यसका दाज्यू मरे, अनि त्योचाहिँ
तिनकी आमाका बाँचेको एउटै छोरा हो, अनि
त्यसका पिताले त्यसलाई माया गर्नुहुन्छ ।'

**२१**"तब तपाईंले आफ्ना दासहरूलाई
भन्नुभयो, 'त्यसलाई यहाँ मकहाँ ल्याऊ र म
आफै त्यसलाई हेर्नसकूँ ।' **२२**अनि हामीले
मेरा मालिकलाई भन्यौं, 'त्यस केटोले आफ्ना
पितालाई छोड्न सक्दैन, त्यसले उहाँलाई छाड्यो
भने, उहाँ मर्नुहुनेछ ।' **२३**तर तपाईंले आफ्ना
दासहरूलाई भन्नुभयो, 'तिमीहरूसित आफ्नो
कान्छो भाइ आएन भने, तिमीहरूले मेरो अनुहार
फेरि देख्नेछैनौ ।' **२४**हामी जब तपाईंको दास
मेरा पिताकहाँ गयौं, हामीले उहाँलाई मेरा
मालिकले भन्नुभएको कुरा भन्यौं ।

**२५**"तब हाम्रा पिताले भन्नुभयो, 'फर्केर
गई अझ केही अन्न किन ।' **२६**तर हामीले
भन्यौं, 'हामी जानसक्दैनौं । हामीसित हाम्रो
कान्छा भाइ छ भने मात्र हामी जानेछौं । हाम्रो
कान्छा भाइ हामीसित छैन भने हामी त्यस
मानिसको अनुहार हेर्न पनि पाउनेछैनौं ।'

**२७**"तपाईंको दास मेरा पिताले हामीलाई
भन्नुभयो, 'मेरी पत्नीले मेरो निम्ति दुई
छोराहरू जन्माएकी थिइन् भनेर तिमीहरू
जान्दछौ । **२८**तीमध्ये एक जना मबाट गइहाल्यो,
अनि मैले भनें, "त्यो निश्चय पनि टुक्रा टुक्रा
भयो होला ।" त्यस बेलादेखि त्यसलाई मैले
देखेको छैन् । **२९**तिमीहरूले मबाट यसलाई
पनि लग्यौ र यसमाथि जोखिम आयो भने,
तिमीहरूले मेरो फूलेको कपाललाई अफसोसमा
चिहानमा ल्याउनेछौ ।'

**३०**"यसकारण अब, तपाईंको दास मेरा
पिताकहाँ म जाँदा यो केटा हामीसित छैन भने
मेरा पिता, जसको जीवन यस केटोसित घनिष्ठ
रूपमा बाँधिएको छ, **३१**यस केटोलाई नदेख्दा
मर्नेछन् । तपाईंका दासहरूले हाम्रा पिताका
फूलेको कपाललाई चिहानमा अफसोसमा
ल्याउनेछन् । **३२**तपाईंको दास आफ्नो पिताकहाँ
यस केटोको सुरक्षाको जमानी बसेको छ ।
मैले भनें, 'यदि मैले यसलाई तपाईंकहाँ फर्काएर
ल्याइनँ भने, म मेरो जीवनभरि तपाईं, मेरो
पिताको सामने दोष खप्नेछु !'

**३३**"यसर्थ अब, दयागरी यस केटोको सट्टामा
तपाईंको दासलाई मेरा मालिकको चाकर भई
बस्न दिनुहोस्, अनि यस केटोलाई आफ्ना
दाज्यूहरूसित फर्कन दिनुहोस् । **३४**यो केटो
मसित छैन भने म आफ्ना पिताकहाँ कसरी
जानसक्छु ? होइन ! मलाई मेरा पितामाथि
आउने सन्ताप हेर्न नदिनुहोस् !"

### यूसुफ आफैलाई प्रकट गर्छन्

**४५** तब यूसुफले आफ्ना सबै कर्मचारीहरूको
सामुन्ने आफैलाई वशमा राख्न
सकेनन्, अनि तिनी "सबै जना मबाट
गइहाल !" भनेर कराए । यसकारण यूसुफले
आफ्ना दाज्यूभाइहरूकहाँ आफैलाई प्रकट गर्दा
तिनीसित अरू कोही थिएनन् । **२**अनि तिनी
यति जोरसित रोए कि मिश्रीहरूले सुने, र
फिरऊनका परिवारले पनि यस विषयमा सुने ।

**३**यूसुफले आफ्ना दाज्यूभाइहरूलाई भने,
"म यूसुफ हुँ ! के मेरा पिता अझ जीवित
हुनुहुन्छ ?" तर तिनका दाज्यूभाइहरूले तिनलाई

**४५:१** –प्रेरित ७:१३.

जवाफै दिन सकेनन्, किनकि तिनीहरू उनको
उपस्थितिमा डराएका थिए ।
**४**त्यसपछि यूसुफले आफ्ना दाज्यू-
भाइहरूलाई भने, "मेरा नजीक आउनुहोस् ।"
जब तिनीहरूले त्यसै गरे, तब तिनले भने, "म
यूसुफ हुँ, जसलाई तपाईंहरूले मिश्रदेशमा
बेचिपठाउनुभयो । **५**अब दु:खित नहुनुहोस्,
अनि मलाई यहाँ बेच्नुभएकोमा आफैसित
नरिसाउनुहोस् किनकि प्राण रक्षाको लागिनै
परमेश्वरले मलाई तपाईंहरूको अगि
पठाउनुभयो । **६**देशमा दुई वर्षदेखि अनिकाल
भएको छ, अनि आगामी पाँच वर्षहरूमा जोत्ने
र कटनी गर्ने काम हुनेछैन । **७**तर तपाईंहरूको
लागि एउटा बाँकी रहेको भाग जोगाइराख्न
अनि एउटा महान् छुटकाराद्वारा तपाईंहरूको
प्राण बचाउनको लागि परमेश्वरले मलाई
तपाईंहरूको अगि पठाउनुभयो ।
**८**"यसर्थ, मलाई यहाँ पठाउनुहुने तपाईंहरू
होइन तर परमेश्वरनै हुनुहुन्छ । उहाँले
मलाई फिरऊनका बाबुसरह, उहाँको सम्पूर्ण
परिवारका मालिक र मिश्रभरिका शासक
बनाउनुभयो । **९**अब झट्टै मेरा पिताकहाँ
फर्किजानुहोस् र यसो भन्नुहोस्, 'तपाईंको
छोरा यूसुफ यसो भन्छ: परमप्रभुले मलाई
सम्पूर्ण मिश्रका मालिक बनाउनुभएको छ ।
ढिलो नगरी मकहाँ आउनुहोस् । **१०**तपाईंहरू,
अर्थात् तपाईं, तपाईंका छोराछोरीहरू अनि
तपाईंका नाति-नातिनाहरू, तपाईंका पशुहरूका
बगाल र बथान अनि तपाईंसित भएका सबै
गोशेनको प्रान्तमा, मेरो छेवैमा बस्नुहुनेछ ।
**११**किनकि पाँच वर्षको अनिकाल आउन बाँकी
नै छ, त्यहाँ म तपाईंको निम्ति प्रबन्ध
गरिदिनेछु । नत्रता तपाईं, तपाईंको परिवार र
तपाईंका सबै जना अभावग्रस्त हुनेछन् ।'
**१२**"यो साँच्चै म बोल्दैछु भनेर तपाईंहरू
आफैले, अनि मेरो भाइ बेन्यामीनले पनि देख्न
सक्छ । **१३**मेरा पितालाई मिश्रदेशमा मलाई
दिइएको सम्मानको विषयमा तपाईंहरूले
देख्नुभएको प्रत्येक कुराको विषयमा भन्नुहोस् ।
अनि मेरा पितालाई झट्ट यहाँ तल
ल्याउनुहोस् ।"
**१४**तब तिनले आफ्नो भाइ बेन्यामीनलाई
अङ्गालो हाले अनि रोए, अनि बेन्यामीनले पनि
रुँदै, तिनलाई अङ्गालो हाल्यो । **१५**अनि तिनले
सबैलाई म्वाइँ खाए अनि तिनीहरूको लागि
रोए । त्यसपछि तिनका दाज्यूहरूले पनि तिनीसित
कुरा गरे ।
**१६**यूसुफका दाज्यूभाइहरू आएका छन् भन्ने
खबर जब फिरऊनको महलमा पुग्यो,
फिरऊन र तिनका सबै अधिकारीहरू खुशी
भए । **१७**फिरऊनले यूसुफलाई भने, "तिम्रा
दाज्यूभाइहरूलाई यसो गर्नु भन: 'तिमीहरूका
पशुहरूमा भारी लाद अनि कनान देशमा फर्क,
**१८**अनि तिमीहरूका पिता र तिमीहरूका
परिवारहरू फर्काएर मकहाँ ल्याऊ । म
तिमीहरूलाई मिश्रको सबैभन्दा असल जमिन
दिनेछु र तिमीहरूले यस देशको असल चीजहरू
उपभोग गर्न सक्नेछौ ।'
**१९**"तिनीहरूलाई यसो गर्नु भन्ने आदेश
पनि म दिन्छु: 'तिमीहरूका छोराछोरीहरू,
स्वास्नीहरूको लागि मिश्रबाट केही गाड़ाहरू
लैजाऊ, र तिमीहरूका पितालाई यहाँ लिएर
आऊ । **२०**तिमीहरूका आफ्ना माल-समानका
केही वास्ता नगर, किनकि मिश्रका सबैभन्दा
असल कुराहरू तिमीहरूका हुनेछन् ।'"
**२१**यसकारण इस्राएलका छोराहरूले त्यसै
गरे । फिरऊनले हुकुम दिएझैँ यूसुफले
तिनीहरूलाई गाड़ाहरू दिए, अनि तिनले यात्रामा
तिनीहरूलाई चाहिने कुराहरू प्रबन्ध गरिदिए ।
**२२**तिनीहरू प्रत्येकलाई तिनले नयाँ लुगा दिए,
तर बिन्यामिनलाई तिनले चाँदीका तीन सय
शेकेल र पाँच जोर लुगा दिए । **२३**अनि तिनले
आफ्ना पितालाई यी कुराहरू पठाइदिए: मिश्रका
सबैभन्दा असल कुराहरूले लादिएका दशओटा
गधाहरू, अन्न, रोटी र तिनलाई यात्रामा चाहिने
अरू सामग्रीले लादिएका दशओटा गधैनीहरू ।

---

**४५:९**–प्रेरित ७:१४.

२४तब तिनले आफ्ना दाज्यूभाइहरूलाई पठाइदिए,
अनि तिनीहरू जान लाग्दा तिनले उनीहरूलाई
भने, "बाटोमा झगड़ा नगर्नुहोला ।"

२५यसरी तिनीहरू मिश्रदेखि हिंड़े र कनान
देशमा आफ्ना पिता याकूबकहाँ आए ।
२६तिनीहरूले तिनलाई भने, "यूसुफ अझै जिउँदो
छ, अनि वास्तवमा, तिनी समस्त मिश्रका शासक
हुन् ।" याकूब आश्चर्य-चकित भए अनि तिनले
तिनीहरूका कुरा पत्याएनन् । २७तर जब
यूसुफले तिनीहरूलाई भनेका सबै कुराहरू
तिनलाई भने र जब तिनले यूसुफले तिनलाई
यात्राको लागि पठाएका गाड़ाहरू देखे,
तिनीहरूका पिता याकूबको होश फर्क्यो ।
२८इस्राएलले भने, "मेरो छोरा यूसुफ अझै जीवित
छ भन्ने मलाई विश्वास भयो । म मर्नअघि
गएर त्यसलाई भेट्ने छु ।"

### याकूब मिश्रदेशमा जान्छन्

४६ यसकारण आफूसित भएका सबै लिएर
इस्राएलले यात्रा शुरू गरे, अनि तिनी
बेर्शेबा पुगेपछि, तिनले आफ्ना पिता इसहाकका
परमेश्वरका निम्ति बलिदान चढ़ाए ।

२अनि राती एउटा दर्शनमा परमेश्वर
इस्राएलसित बोलेर यसो भन्नुभयो, "याकूब !
याकूब !"

तिनले जवाफ दिए, "म यहाँ छु !"

३उहाँले भन्नुभयो, "म परमप्रभु तेरा पिताका
परमेश्वर हुँ । मिश्रदेशमा जानदेखि नडरा,
किनकी म त्यहाँ तँबाट एउटा ठूलो जाति
बनाउनेछु । ४म तँसित मिश्रदेशमा जानेछु, र
म निश्चय तँलाई फेरि फर्काएर ल्याउनेछु ।
अनि यूसुफका आफ्नै हातले तेरा आँखा बन्द
गर्नेछ ।"

५तब याकूबले बेर्शेबा छोड़े, अनि इस्राएलका
छोराहरूले आफ्ना पिता याकूब अनि तिनीहरूका
छोराछोरीहरू, तिनीहरूका पत्नीहरूलाई
फिरऊनले तिनलाई सवार हुनलाई पठाइदिएका
गाड़ाहरूमा लगे । ६तिनीहरूले आफूसित आफ्ना
गाईबस्तु अनि तिनीहरूले कनानमा कमाएका
सम्पत्तिहरू पनि लगे, अनि याकूब र तिनका
सबै सन्तान मिश्र गए । ७तिनले मिश्रदेशमा
आफूसित आफ्ना छोराहरू अनि नातिहरू अनि
आफ्ना छोरीहरू र नातिनीहरू अर्थात् आफ्ना
सबै सन्तान लगे ।

८इस्राएलका मिश्रदेशमा जाने छोराहरू
(याकूब अनि तिनका सन्तान) का नाउँहरू
यिनै हुन्:

याकूबका जेठा छोरा रूबेन ।
९ रूबेनका छोराहरू:
हानोक, पल्लु, हेस्रोन र कर्मी ।
१० शिमियोनका छोराहरू:
यमूएल, यामीन, ओहद, याकीन, सोहोर
र कनानी स्त्रीतर्फको छोरा शौल ।
११ लेवीका छोराहरू:
गेर्शोन, कहात र मरारी ।
१२ यहूदाका छोराहरू:
एर्, ओनान, शलह, जेरह र फारेस
(तर एर् र ओनान कनान देशमा नै
मरेका थिए) ।
पेरेजका छोराहरू:
हेस्रोन र हामूल थिए ।
१३ इस्साकारका छोराहरू:
तोला, पुवा, याशूब र शिम्रोन ।
१४ जबूलुनका छोराहरू:
सेरेद, एलोन र यहलेल ।

१५यिनीहरूचाहिँ याकूबको निम्ति लेआले
पद्दन-अराममा जन्माएका छोराहरू थिए,
यसबाहेक तिनकी छोरी दीना पनि थिइन् ।
तिनका छोराछोरीहरू जम्मा तेत्तीस जना थिए ।

१६ गादका छोराहरू:
सेफोन, हाग्गी, शूनी, यसबोन, एरी,
अरोदी अनि अरेली ।
१७ आशेरका छोराहरू:
यिम्ना, यिश्वा, यिश्वी अनि बरीआ ।

---

**४६:६**–प्रेरित ७:१५.

तिनीहरूकी बहिनी सेरह थिइन् ।
बरीआका छोराहरू:
हेबेर र मल्कीएल थिए ।
**१८**लाबानले आफ्नी छोरी लेआलाई दिएका
कमारी जिल्पापट्टीका याकूबका छोराछोरीहरू
यी नै हुन् । यिनीहरू जम्मा सोह्र जना
थिए ।

**१९** याकूबकी पत्नी राहेलका छोराहरू:
यूसुफ र बेन्यामीन । **२०**मिश्रदेशमा
ओनका पूजाहारी पोतीफेराकी छोरी
आसनद्वारा मिश्रमा जन्मेका यूसुफका
छोराहरू मनश्शे र एप्रेम थिए ।
**२१** बेन्यामीनका छोराहरू:
बेला, बेकेर, अस्बेल, गेरा, नामान,
एही, रोश, मुप्पीम, हुप्पीम र आर्द ।

**२२**राहेलबाट जन्मेका याकूबका छोराहरू
यी नै हुन । यिनीहरू जम्मा चौध जना थिए ।

**२३** दानका छोरा:
हुशीम
**२४** नप्तालीका छोराहरू:
यहसेल, गुनी, येसेर र शिल्लेम ।

**२५**यिनीहरूचाहिँ लाबानले आफ्नी छोरी
राहेलको निम्ति दिएका बिल्हाद्वारा जन्मेका,
याकूबका छोराहरू जम्मा सात जना थिए ।

**२६**मिश्रदेशमा याकूबसित जाने सबै, अर्थात्
तिनका छोराहरूका पत्नीहरूबाहेक तिनीहरू,
जो तिनका खास सन्तान थिए, छयसट्ठी जना
थिए । **२७**मिश्रदेशमा जन्मेका यूसुफका दुई
छोराहरू लगायत, मिश्रदेशमा जाने याकूबको
परिवार जम्मा, सत्तरी जना थिए ।

**२८**गोशेनमा जाने निर्देशन पाउनलाई
याकूबले आफ्नो अगि यहूदालाई यूसुफकहाँ
पठाए । जब तिनीहरू गोशेनको प्रान्तमा
आइपुगे, **२९**यूसुफले आफ्नो रथ तयार गरे र
आफ्ना पिता इस्राएललाई भेट्न गोशेन गए ।
यूसुफ तिनको सामने पुग्नासाथ, तिनले आफ्ना
पितालाई अङ्गालो हालेर धेरै बेरसम्म रोइरहे ।

**३०**इस्राएलले यूसुफलाई भने, “मैले तँ अझै
जीवित रहेको आफैले देखेको हुनाले अब म
सन्तोषसित मर्छु ।”

**३१**तब यूसुफले आफ्ना दाज्यूभाइहरू र
आफ्ना पिताको घरानालाई भने, “म गएर
फिरऊनसित कुरा गरेर भन्नेछु, ‘कनान देशमा
बसिरहेका, मेरा दाज्यूभाइहरू र मेरा पिताका
घराना मकहाँ आएका छन् । **३२**ती मानिसहरू
गोठालाहरू हुन्; अनि पशुपालन गर्छन्,
अनि तिनीहरूले आफूसित बगाल, बथान र
भएभरका सबै कुराहरू लिएर आएका छन् ।’
**३३**जब फिरऊनले तपाईंहरूलाई भित्र बोलाएर
‘तिमीहरूका काम-धन्धा के हो ?’ भनी सोध्छन्,
**३४**तपाईंहरूले भन्नुहोस्, ‘हाम्रा पुर्खाहरूले
गरेझैँ, हामी बालककालदेखि नै गाईबस्तु
पाल्दै आएका छौं ।’ तब तपाईंहरूलाई
गोशेनको प्रान्तमा बसोबासो गर्न दिइनेछ,
किनकि मिश्रीहरूको नजरमा गोठालाहरू घृणित
हुन् ।”

# ४७

यूसुफ गए अनि फिरऊनलाई भने,
“मेरा पिता अनि मेरा दाज्यूभाइहरू,
आफूसित भएका बगाल र बथान अनि
भएभरका कुराहरू लिएर, कनान देशबाट
आएका छन् अनि अहिले गोशेनमा छन् ।”
**२**तिनले आफ्ना पाँच जना दाज्यूभाइहरू छानेर
तिनीहरूलाई फिरऊनकहाँ उपस्थित गराए ।

**३**फिरऊनले ती दाज्यूभाइहरूलाई सोधे,
“तिमीहरूको कामधन्धा के हो ?”

तिनीहरूले फिरऊनलाई जवाफ दिए,
“तपाईंका दासहरू हाम्रा पुर्खाहरूझैँ गोठाला
हौं ।” **४**तिनीहरूले तिनलाई यो पनि भने,
“कनानमा अनिकाल ज्यादै भएकोले, हामी यहाँ
केही समयको लागि बस्नलाई आएका छौं,
अनि तपाईंका दासहरूका बगालको लागि खर्क
छैन । यसकारण अब तपाईंका दासहरूलाई
गोशेनमा बसोबासो गर्न दिनुहोस् ।”

**५**फिरऊनले यूसुफलाई भने, “तिम्रा पिता
र तिम्रा दाज्यूभाइहरू तिमीकहाँ आएका छन्,

**४६:२०**–उत्पत्ति ४१:५०-५२. **४६:२७**–प्रेरित ७:१४.

**६**मिश्रदेश तिम्रो सामने छ; तिम्रा पिता र तिम्रा
दाज्यूभाइहरूलाई देशको सबैभन्दा असल
भागमा बस्न देऊ । तिनीहरू गोशेनमा
बसून् । तिनीहरूमध्ये कोही विशेष क्षमता भएका
छन् भन्ने तिमी जान्दछौ भने, तिनीहरूलाई
मेरै गाइबस्तुको जिम्मा देऊ ।"

**७**तब यूसुफले आफ्ना पिता याकूबलाई
भित्र ल्याए अनि तिनलाई फिरऊनको सामुन्ने
उपस्थित गराए । याकूबले फिरऊनलाई
आशीर्वाद दिएपछि, **८**फिरऊनले तिनलाई सोधे,
"तपाईंको उमेर कति भयो ?"

**९**अनि याकूबले फिरऊनलाई भने, "मेरा
प्रवासकालका वर्षहरू एक सय तीस हुन् ।
मेरा वर्षहरू एकदम थोरै र कष्टपूर्ण रहेका
छन्, तर ती मेरा पुर्खाहरूका प्रवासकालका
वर्षहरू जति छैनन् ।" **१०**तब याकूबले
फिरऊनलाई आशीर्वाद दिए अनि तिनको
उपस्थितिबाट बाहिर निस्किगए ।

**११**यसकारण यूसुफले आफ्ना पिता अनि
आफ्ना दाज्यूभाइहरूलाई मिश्रदेशमा स्थापित
गरे अनि फिरऊनले आदेश दिएअनुसार,
देशको सबैभन्दा असल भाग अर्थात् रामसेसको
इलाकामा तिनीहरूलाई जग्गा-जमिन दिए ।
**१२**यूसुफले आफ्ना पिता, आफ्ना दाज्यूभाइहरू
र आफ्ना पिताका सबै घरानालाई
तिनीहरूका बालबच्चाको सङ्ख्याअनुसार
भोजन जुटाइदिए ।

## यूसुफ र अनिकाल

**१३**तर अनिकाल ज्यादै कडा भएकोले सम्पूर्ण
क्षेत्रमा भोजन थिएन । मिश्र र कनान दुवै
अनिकालको कारण ग्रस्त भए । **१४**यूसुफले
मिश्र र कनानले अन्नको लागि तिरेका सबै
पैसा थुपारे, अनि तिनले त्यो फिरऊनको
महलमा ल्याए । **१५**जब मिश्र र कनानका
मानिसहरूका पैसा सकिए, मिश्रका सबै जना
यूसुफकहाँ आएर भने, "हामीलाई भोजन
दिनुहोस् । हामी किन तपाईंको आँखाकै सामुन्ने
मर्नु ? हाम्रो पैसा सिद्धियो ।"

**१६**यूसुफले भने, "त्यसोभए गाईबस्तु लिएर
आओ । तिमीहरूका पैसा सिद्धिएको कारण, म
तिमीहरूका गाईबस्तुको साटो भोजन बेच्नेछु ।"
**१७**यसकारण तिनीहरूले आफ्ना गाईबस्तु
यूसुफकहाँ, ल्याए अनि तिनले तिनीहरूका घोड़ा,
तिनीहरूका भेड़ा-बाखा, तिनीहरूका गाईवस्तु
र गधाहरूको सट्टा तिनीहरूलाई भोजन दिए ।
तिनले उनीहरूका गाईबस्तुको सट्टा भोजन दिएर
तिनीहरूलाई त्यो वर्ष पार गराए ।

**१८**त्यो वर्ष बितेपछि, तिनीहरू अर्को वर्ष
तिनीकहाँ आएर भने, "हामी हाम्रा मालिकबाट
यो सत्य कुरा लुकाउन सक्दैनौं, हाम्रा पैसा
सकिए अनि हाम्रा गाईबस्तु तपाईंका भइसकेकाले
हामीसित आफ्ना शरीर र जमिनबाहेक हाम्रा
मालिकलाई दिने केही छैन । **१९**हामी, अर्थात्
हामीसाथै हाम्रा जमिनहरू तपाईंको आँखाकै
सामने किन नष्ट हुने ? हामी र हाम्रा जमिन
भोजनको साटो किन्नुहोस्, अनि हामी आफ्ना
जमिनसितै फिरऊनको दासत्वमुनि पर्नेछौं ।
हामीलाई बीउ दिनुहोस् र हामी नमरौं तर
बाँचौ, अनि देश उजाड़ नहोस् ।"

**२०**यसकारण यूसुफले मिश्रका सबै जमिनहरू
फिरऊनको निम्ति किने । मिश्रीहरूको लागि
अनिकाल साह्रै प्रचण्ड भएकोले, तिनीहरू
हरेकले आफ्ना खेतहरू बेचे । ती जमिनहरू
फिरऊनका भए, **२१**अनि यूसुफले मिश्रको एक
कुनादेखि अर्को कुनासम्मका मानिसहरूलाई
दासत्वको बन्धनमा परे । **२२**तैपनि, तिनले
पूजाहारीहरूका जमिनचाहिँ किनेनन्, किनकि
तिनीहरूले फिरऊनबाट नियमित रूपले हिस्सा
पाउँथे र फिरऊनले तिनीहरूलाई दिएका
हिस्साबाट तिनीहरूको निम्ति पर्याप्त भोजन
थियो । यही कारणले गर्दा तिनीहरूले आफ्ना
जमिन बेचेनन् ।

**२३**यूसुफले मानिसहरूलाई भने, "अब मैले
आज तिमीहरू र तिमीहरूका जमिनहरू
फिरऊनको निम्ति किनेको छु, तिमीहरूको
निम्ति यहाँ बीउ छ । यसकारण तिमीहरूले
खेतमा उब्जनी लगाउन सक्छौ । **२४**तर फसल
भएपछि, त्यसको पाँचौं भाग फिरऊनलाई
देऊ । पाँच भागको चार भागचाहिँ खेतको लागि

बीउ र तिमीहरू आफै, तिमीहरूका घराना, र
तिमीहरूका छोराछोरीहरूको लागि राख ।"
**२५**तिनीहरूले भने, "तपाईंले हाम्रा प्राण
रक्षा गर्नुभयो । हामीले हाम्रा मालिकको दृष्टिमा
निगाह पाऊँ; हामी फिरऊनका दासत्वमुनि
बस्नेछौं ।"
**२६**यसकारण यूसुफले मिश्रदेशमा जमिनको
विषयमा यो कानून स्थापित गरे- जुन आजसम्म
छँदैछ- कि उब्जनीको पाँचौ हिस्सा फिरऊनको
हुन्छ । केवल पूजाहारीहरूको जमिनमात्र
फिरऊनका भएनन् ।
**२७**इस्राएलीहरू मिश्रदेशमा गोशेनको
प्रान्तमा बसोबासो गरे । त्यहाँ तिनीहरूले जग्गा
जमिन र सम्पत्ति प्राप्त गरे अनि फलदायक
भई सङ्ख्यामा धेरै वृद्धि गरे ।
**२८**याकूब मिश्रदेशमा सत्र वर्ष बसे र तिनी
एक सय सतचालीस वर्षका भए । **२९**जब
इस्राएलको मरण नजीक आयो, तिनले आफ्नो
छोरा यूसुफलाई बोलाइपठाएर तिनलाई भने,
"मैले तेरो दृष्टिमा निगाह पाएको छु भने,
तेरो हात मेरो तिघ्रामुनि राखेर मलाई दया र
विश्वासयोग्यता देखाउनेछु भनी प्रतिज्ञा गर ।
मलाई मिश्रदेशमा नगाड्नू, **३०**तर म आफ्ना
पिता-पुर्खाहरूसित विश्राममा पसिगएपछि, मलाई
मिश्रदेखि बाहिर निकालेर तिनीहरू गाड़ेको
ठाउँमा गाड़नू ।"
तिनले भने, "म तपाईंले भन्नुभएझैँ गर्नेछु ।"
**३१**तिनले भने, "मसित शपथ खा ।" तब
यूसुफले तिनीसित शपथ खाए, अनि आफ्नो
लौरोको टुप्पोमा अढ़ेसा लागेर इस्राएलले
आराधना गरे ।

### मनश्शे र एप्रेम

**४८** केही समयपछि यूसुफलाई "तपाईंका
पिता बिरामी हुनुहुन्छ" भनियो ।
यसकारण तिनले आफ्ना दुई छोराहरू मनश्शे
र एप्रेमलाई आफूसित लगे । **२**जब इस्राएललाई
"तपाईंको छोरा यूसुफ आएको छ" भनियो,
तब उनी बल गरेर खाटमा बसे ।
**३**याकूबले यूसुफलाई भने, "सर्वशक्तिमान्
परमेश्वर कनान देशको लूजमा मसित
देखापर्नुभयो र त्यहाँ उहाँले मलाई आशिष्
दिनुभयो, **४**र मलाई भन्नुभयो, 'म तँलाई फलदायक
बनाएर तेरो सङ्ख्यामा वृद्धि गराउनेछु । म
तँलाई जातिहरूका समुदाय बनाउनेछु, अनि
म यस देशलाई तँपछि तेरा सन्तानलाई सधैँको
निम्ति अधिकारको रूपमा दिनेछु ।'
**५**"अब, म यहाँ आउनुभन्दा पहिले
मिश्रदेशमा जन्मेका तेरा दुई छोराहरू मेरै
भनिनेछन्; रूबेन र शिमियोन मेरा भएझैँ एप्रेम
र मनश्शे पनि मेरै हुन् । **६**तिनीहरूभन्दा पछि
जन्मेका तेरा छोराहरू तेरै हुनेछन्; तिनीहरूले
पैतृक अधिकारस्वरूप पाएको प्रदेशमा तिनीहरू
आफ्ना दाज्यूभाइहरूकै नाउँले चिनिनेछन् ।
**७**म पद्दनबाट फर्कंदै गर्दा, हामी एप्रातकै छेउमा
हुँदा मलाई शोकित तुल्याई राहेल कनान देशमा
मरिन् । यसकारण मैले तिनलाई त्यहाँ एप्रात
(अर्थात्, बेथलेहेम) जाने बाटोमा गाड़े ।"
**८**जब इस्राएलले यूसुफका छोराहरूलाई देखे,
तिनले "यिनीहरू को हुन् ?" भनी सोधे ।
**९**यूसुफले आफ्ना पितालाई भने, "यिनीहरू
परमेश्वरले मलाई यहाँ दिनुभएका छोराहरू
हुन् ।"
तब इस्राएलले भने, "तिनीहरूलाई मकहाँ
ल्याऊ र म तिनीहरूलाई आशिष् दिऊँ ।"
**१०**इस्राएलका आँखा वृद्धावस्थाको कारण
धमिला भएका थिए, अनि तिनले राम्ररी देख्न
सक्दैन थिए । यसकारण यूसुफले आफ्ना
छोराहरूलाई तिनका नजीक ल्याए, अनि तिनका
पिताले तिनीहरूलाई म्वाइँ खाए अनि अङ्गालो
हाले ।
**११**इस्राएलले यूसुफलाई भने, "मैले तेरो
अनुहार फेरि देख्न पाउँला भनेर कहिले पनि
चिताएको थिइनँ, अब परमेश्वरले मलाई
तेरा छोराछोरीहरू पनि देख्नदिनुभयो ।"
**१२**तब यूसुफले तिनीहरूलाई इस्राएलका
घुँड़ाबाट हटाए अनि आफ्नो अनुहार भूइँतिर

---

**४७:२९-३०**–उत्पत्ति ४९:२९-३२; ५०:६. **४८:३-४**–उत्पत्ति २८:१३-१४. **४८:७**–उत्पत्ति ३५:१६-१९.

पारेर निहुरे। **१३**अनि यूसुफले ती दुवैलाई लिए,
एप्रेमलाई आफ्नो दाहिनेपट्टि तर इस्राएलको
देब्रेपट्टि र मनश्शेलाई आफ्नो देब्रेपट्टि तर
इस्राएलको दाहिनेपट्टि पारेर तिनका नजीक
ल्याए। **१४**तर इस्राएलले आफ्नो दाहिने हात
बढ़ाएर एप्रेम कान्छो भए तापनि, त्यसको शिर
माथि राखे र आफ्नो देब्रे हात अर्को हातबाट
छिराएर, मनश्शे जेठो भए तापनि, त्यसको
शिरमाथि राखे।
**१५**तब तिनले यूसुफलाई आशीर्वाद दिएर भने,

> "जुन परमेश्वरको सामुन्ने मेरा पिता
> अब्राहाम र इसाहाक हिँड्थे,
> जुन परमेश्वर मेरो जीवनभरि,
> आजसम्म मेरो गोठालो हुनुभएको छ।
> **१६** ती स्वर्गदूत, जसले मलाई सबै खराबीबाट
> जोगाउनुभएको छ,
> उहाँले नै यी बालकहरूलाई आशिष्
> देऊन्।
> यिनैमा मेरो नाउँ अमर भइरहोस्,
> र मेरा पिता अब्राहाम र इसहाकका
> नाउँहरूले सम्बोधन गरिऊन्,
> अनि यिनीहरू पृथ्वीमा धेरै सङ्ख्यामा
> बृद्धि होऊन्।"

**१७**आफ्नो पिताले तिनको दाहिने हात
एप्रेमको शिरमा राख्नुभएको जब यूसुफले देखे
तिनी अप्रसन्न भए; यसकारण तिनले एप्रेमको
शिरबाट मनश्शेको शिरमाथि सारिदिनलाई
आफ्ना पिताको हात समाते। **१८**यूसुफले तिनलाई
भने, "होइन, मेरा पिता, योचाहिँ जेठो हो; तपाईंको
दाहिने हात यसको शिरमाथि राख्नुहोस्।"

**१९**तर तिनका पिताले अस्वीकार गरेर भने,
"मलाई थाहा छ, मेरो छोरा, मलाई थाहा छ।
त्यो पनि एउटा जाति हुनेछ, त्यो पनि महान्
हुनेछ। तरै पनि, त्यसको कान्छो भाइ त्योभन्दा
महान् हुनेछ, अनि त्यसका सन्तान जातिहरूको
एक समूह हुनेछ।" **२०**त्यस दिन तिनले
तिनीहरूलाई आशिष् दिएर भने,

> "तिमीहरूकै नाउँमा इस्राएलले यो आशिष्
> उच्चारण गर्नेछ:
> 'परमेश्वरले तिमीहरूलाई एप्रेमझैँ अनि
> मनश्शेझैँ बनाऊन्।'"

यसरी तिनले एप्रेमलाई मनश्शेको अगि
राखे।

**२१**तब इस्राएलले यूसुफलाई भने, "म मर्न
लागेको छु, तर परमेश्वर तँसित हुनुहुनेछ अनि
तँलाई आफ्ना पिता-पुर्खाहरूको देशमा फर्काएर
लानुहुनेछ। **२२**तँ, आफ्ना दाज्यूभाइहरूभन्दा
माथि भएकोले, तेरोलागि मैले एमोरीहरूदेखि
मेरा तरवार र धनुले हात पारेको डाँड़ाको
ठाउँ दिन्छु।"

## याकूबले आफ्ना छोराहरूलाई आशिष् दिएका

**४९** तब याकूबले आफ्ना छोराहरूलाई
बोलाइपठाए अनि भने: "यहाँ भेला
भएर बस र आउने दिनहरूमा के हुनेछन् म
भन्नसकूँ।

> **२** "याकूबका छोराहरू, भेला भएर सुन;
> तिमीहरूका पिता इस्राएलका कुरा सुन।
> **३** "रूबेन, तँ मेरो जेठो छोरा होस्,
> मेरो शक्ति, मेरो बलको पहिलो चिन्ह,
> सम्मानमा विशिष्ट, शक्तिमा विशिष्ट।
> **४** पानीझैँ अशान्त, तँ विशिष्ट रहनेछैनस्,
> किनकि तँ आफ्ना पिताको पलङ्गमा चढ़िस्,
> मेरो पलङ्गमा चढ़िस् र त्यसलाई
> अशुद्ध पारिस्।
> **५** "शिमियोन र लेवी दाज्यूभाइहरू हुन्—
> तिनीहरूका तरवार हिंसाका हतियारहरू
> हुन्।
> **६** म तिनीहरूका सभामा नपसूँ,
> म तिनीहरू भेला भएको ठाउँमा सामेल
> नबनूँ,
> किनकि तिनीहरूले रीसको झोंकमा
> मानिसहरू मारेका छन्।

---

**४८:२०**—हिब्रू ११:२१.

अनि आफूलाई खुशी लागेबमोजिम
गोरुहरूका ढोड़-नशा काटेका छन् ।
७ तिनीहरूका यति डरलाग्दो रीस,
तिनीहरूका यति निष्ठूर क्रोध, श्रापित होस् !
म तिनीहरूलाई याकूबमा छरपष्ट पार्नेछु
र इस्राएलमा तितर-बितर पार्नेछु ।
८ "यहूदा, तेरा दाज्यूभाइहरूले तँलाई प्रशंसा गर्नेछन्;
तेरा हात तेरा शत्रुहरूका गर्दनमा हुनेछ;
तेरा पिताका छोराहरूले तँलाई ढोग्नेछन् ।
९ ए यहूदा, तँ सिंहका डमरु होस्;
मेरो छोरा, तँ शिकारबाट फर्कनेछस् ।
त्यो सिंहझैँ पल्टनेछ,
अँ सिंहनीझैँ- कसले त्यसलाई जगाउने आँट गर्ला ?
१० यहूदाको हातबाट राजदण्ड हट्नेछैन,
नता शासकको लौरो त्यसका खुट्टाहरूको बीचबाट हट्नेछ,
जबसम्म त्यसका मालिक आउँदैनन् ।
र जातिहरू उहाँको आज्ञाकारी बन्नेछन् ।
११ त्यसले आफ्नो गधालाई दाखको बोटमा,
र गधाको बछेड़ालाई त्यसले मन परेको हाँगामा बाँध्नेछ;
त्यसले आफ्नो वस्त्र दाखमद्यमा,
आफ्नो लबेदा दाखको रसमा धुनेछ ।
१२ त्यसका आँखा दाखमद्यभन्दा गाढ़ा रङ्गका,
र त्यसका दाँतहरू दूधभन्दा सेता हुनेछन् ।
१३ "जबूलून समुद्रको किनारमा बस्नेछ
अनि जहाजहरूको लागि बन्दरगाह हुनेछ,
त्यसको सिमाना सीदोनतिर फैलिनेछ ।
१४ "इस्साकार काठीका दुई थैलाहरूबीच
पस्रिरहेको बलियो गधा हो ।
१५ जब त्यसले आफू बिसाएको ठाउँ कति असल छ
र आफ्नो देश कति रमाइलो छ भनी देख्छ,
त्यसले आफ्नो काँध भारितिर निहुराउँछ
र बेगारीको काम गर्छ ।
१६ "दानले आफ्ना मानिसहरूलाई
इस्राएलका एउटा कुलको हैसियतले इन्साफ दिनेछ ।
१७ दान बाटो छेउको एउटा सर्प,
अनि गोरेटोमा बसेको सर्प हो,
जसले घोड़ाको कुर्कुच्चा डस्छ
र घोड़चढ़ी पछिल्तिर पछारिन्छ ।
१८ "हे प्रभु, म तपाईंको छुटकाराको अपेक्षा गर्छु ।
१९ "गादलाई आक्रमणकारीहरूको एक दलले आक्रमण गर्नेछ,
तर त्यसले तिनीहरूलाई खेदेर आक्रमण गर्नेछ ।
२० "आशेरको भोजन उत्तम हुनेछ;
त्यसले राजालाई सुहाउने स्वादिलो भोजन जुटाउनेछ ।
२१ "नप्ताली फुकाएकी मुडुली मृग हो
जसले सुन्दर पाठो जन्माउँछे ।
२२ "यूसुफ एउटा फलदायक दाखको बोट हो
पानीको मूलनेरभएको दाखको बोट,
जसका हाँगाहरू पर्खाल माथि-माथि फैलिन्छन् ।
२३ धनुर्धारीहरूले निर्दयतासाथ त्यसलाई आक्रमण गरे;
तिनीहरूले दुश्मनीसाथ त्यसलाई काँढ़ले हाने ।
२४ तर त्यसको धनु स्थिर रह्यो;
त्यसका बलिया पाखुराहरू फुर्तिला रहे;
त्यो याकूबका सर्वशक्तिमान्को हातको कारणले थियो;
गोठाला अर्थात् इस्राएलका चट्टानको कारणले थियो,
२५ तेरा पिताका परमेश्वर, जसले तँलाई सहायता गर्नुहुन्छ,
सर्वशक्तिमान्, जसले तँलाई माथि

---

**४९:९**–गन्ती २४:९; प्रकाश ५:५.

स्वर्गका आशिष्हरू,
तल भएको समुद्रका आशिषहरू,
स्तन र गर्भका आशिष्हरू दिनुहुन्छ ।
२६ तेरा पिताका आशिष्हरू प्राचीन
पहाड़हरूभन्दा र पुराना पर्वतहरूभन्दा
महान् छन्;
यी सबै आशिष्हरू यूसुफका शिरमा होऊन्,
आफ्ना दाज्यूभाइहरूबीच भएको
राजकुमारका आँखीभौमाथि बसून् ।
२७ "बेन्यामीन साह्रै भोकाएको ब्वाँसो हो;
बिहान त्यसले शिकार खान्छ,
साँझमा त्यसले लुटको माल बाँड्छ ।"

**२८**इस्राएलका बाह्र कुल यी सबै नै हुन्, र
तिनीहरूका पिताले प्रत्येकलाई सुहाउँदो
आशीर्वाद दिए ।

### याकूबको मृत्यु

**२९**तब तिनले तिनीहरूलाई यी निर्देशनहरू
दिए: "म आफ्ना मानिसहरूसित मिल्न जान
लागेको छु । मलाई हित्ती एप्रोनको खेतमा
भएको ओढ़ारमा मेरा पिता-पुर्खाहरूसित गाड़,
**३०**जुन ओढ़ारचाहिँ कनानमा मम्रेको छेउमा
मक्पेलाको खेतमा छ, अनि त्यो अब्राहामले
हित्ती एप्रोनबाट गाड़ने ठाउँको लागि खेतसमेत
किने । **३१**त्यहीँ नै अब्राहाम र तिनकी स्वास्नी
सारा गाड़िए, त्यहीँ इसहाक र तिनकी स्वास्नी
रिबेका गाड़िए, र त्यहीँ मैले लेआलाई गाड़ें ।
**३२**त्यो खेत र त्यो ओढ़ार हित्तीहरूबाट
किनिएका थिए ।"

**३३**जब याकूबले आफ्ना छोराहरूलाई
निर्देशनहरू दिइसकेका थिए, तिनले आफ्ना
खुट्टा पलङ्गमा तानेर आफ्नो प्राण त्यागे र
आफ्ना जनहरूसित मिल्न गए ।

### याकूबलाई गाड़ेको

**५०** यूसूफ आफ्ना पितामाथि घोप्टो परेर
रोए र तिनलाई म्वाइँ खाए । **२**तब
यूसुफले आफ्ना सेवामा खटाइएका वैद्यहरूलाई
आफ्ना पिता इस्राएललाई सुगन्धित लेप मल्न
लाए । यसकारण ती वैद्यहरूले **३**चालीस दिन
लगाएर सुगन्धित लेप मले, किनकि लेप
लगाउन त्यति समयनै लाग्थ्यो । अनि
मिश्रीहरूले तिनको निम्ति सत्तरी दिन शोक
मनाए ।

**४**शोकका दिनहरू बितेपछि, यूसुफले
फिरऊनलाई भने, "यदि मैले तपाईंको दृष्टिमा
निगाह पाएको छु भने, फिरऊनसित मेरो लागि
बोलिदिनुहोस् । उहाँलाई भन्नुहोस्, **५**'मेरा पिताले
मलाई शपथ खान लाउनुभयो र भन्नुभयो,
"म मर्न लागेको छु; मलाई कनान देशमा म
आफैले खनेको चिहानमा गाड़नू ।" अब मलाई
आफ्ना पितालाई गाड़न जानदिनुहोस्; त्यसपछि
म फर्कनेछु ।'"

**६**फिरऊनले भने, "जाऊ र तिम्रा पिताले
तिमीलाई शपथ खानलाएझैं तिनलाई गाड़ ।"

**७**यसकारण यूसुफ आफ्ना पितालाई गाड़न
गए । फिरऊनका सबै राजकर्मचारीहरू, अर्थात्
सभाका सम्मानित व्यक्तिहरू अनि मिश्रका सबै
सम्मानित व्यक्तिहरू तिनीसित गए । **८**यसबाहेक
यूसुफका घरानाका सबै सदस्यहरू, तिनका
दाज्यूभाइहरू र तिनका पिताका घरानाका पनि
सबै गए । गोशेनमा बालबच्चाहरू, बगाल र
बथान मात्र छोड़िए । **९**रथहरू र घोड़सवारहरू
पनि तिनीसित गए । त्यो एउटा ठूलो समूह
थियो ।

**१०**जब तिनीहरू यर्दनको छेउमा भएको
आतादको खलामा पुगे, तिनीहरूले जोरसित
नमीठो किसिमले विलाप गरे; अनि त्यहाँ यूसुफले
आफ्ना पिताको निम्ति सात दिनसम्म शोक
गरे । **११**जब त्यहाँ बस्ने कनानीहरूले आतादको
खलामा गरिएको शोक देखे, तिनीहरूले भने,
"यो त मिश्रीहरूको भारी विलाप रहेछ ।"
त्यसैकारण यर्दनको नजीकको त्यस ठाउँलाई
हाबिल-मिश्राइम भनिन्छ ।

**१२**यसरी याकूबका छोराहरूले तिनले आज्ञा

**४९:३०**–उत्पत्ति २३:३-२०. **४९:३१**–उत्पत्ति २५:९-१०; ३५:२९. **४९:३३**–प्रेरित ७:१५. **५०:५**–उत्पत्ति ४७:२९-३१.

दिएबमोजिम गरेः **१३**तिनीहरूले तिनलाई
कनानमा पुऱ्याए अनि अब्राहामले हित्ती एप्रोनबाट
गाड्ने ठाउँ भनेर खेतसितै किनेका मम्रेको
छेउमा मक्पेलाको खेतमा भएको ओढारमा
गाड़े । **१४**आफ्ना पितालाई गाड़ेपछि, यूसुफ,
दाज्यूभाइहरू र तिनका पितालाई गाड्न गएका
अरू सबैसित मिश्रदेशमा फर्के ।

## यूसुफले आफ्ना दाज्यूभाइहरूलाई आश्वासन दिएको

**१५**तिनीहरूका पिताको मृत्युभएको देखेर,
यूसुफका दाज्यूभाइहरूले भने, "कतै यूसुफले
हामीले ऊप्रति गरेका सबै खराबीको साटो
हामीसित वैरभाव गरेर हामीलाई पनि त्यसै
गर्ला कि ?" **१६**यसकारण तिनीहरूले यूसुफकहाँ
यसो भनेर खबर पठाए, "आफू मर्नभन्दा अघि
तपाईंका पिताले यस्तो अर्ति छोड़िराख्नुभएको
छः **१७**'तिमीहरूले यूसुफलाई यसो भन्नुः
तेरा दाज्यूभाइहरूका पापहरू र तिनीहरूले
विगतमा तँप्रति गरेका खराबीलाई क्षमा
गरिदिनु भनी म भन्दछु ।' अब तपाईंका पिताका
परमेश्वरका दासहरूका पापहरू दयागरी क्षमा
गरिदिनुहोस् ।" त्यो खबर तिनीकहाँ पुगेपछि
यूसुफ रोए ।

**१८**तब तिनका दाज्यूभाइहरू तिनीकहाँ
आएर तिनका अगि घोप्टो परेर भने, "हामी
तपाईंका दासहरू हौं ।"

**१९**तर यूसुफले तिनीहरूलाई भने,
"नडराउनुहोस् । के म परमेश्वरको स्थानमा
छु र ? **२०**तपाईंहरूले मलाई हानि गर्ने विचार
गर्नुभयो, तर अहिले धेरैको प्राण बाँच्ने जुन
काम भइरहेको छ, त्यसो गर्नलाई परमेश्वरले
भलाइको लागि विचार गर्नुभयो । **२१**यसकारण,
अब नडराउनुहोस् । म तपाईंहरू अनि
तपाईंहरूका बालबच्चाहरूको लागि प्रबन्ध
गर्नेछु ।" अनि तिनले तिनीहरूलाई फेरि
सान्त्वना दिए र तिनीहरूसित दयासाथ
कुराकानी गरे ।

## यूसुफको मृत्यु

**२२**यूसुफ आफ्ना पिताका परिवारसित
मिश्रदेशमा बसे । तिनी एक सय दश वर्षसम्म
बाँचे । **२३**अनि एप्रेमका छोराछोरीहरूका
पनातिसम्म देखे । मनश्शेको छोरा माकीरका
छोराछोरीहरूलाई पनि तिनीहरूको जन्मको
समयमा यूसुफका घुँड़ाहरूमा राखिए ।

**२४**तब यूसुफले आफ्ना दाज्यूभाइहरूलाई
भने, "म मर्न लागेको छु । तर परमेश्वर निश्चय
तपाईंहरूलाई सहायता दिन आउनुहुनेछ अनि
तपाईंहरूलाई यस देशबाट उहाँले अब्राहाम,
इसहाक र याकूबलाई शपथद्वारा प्रतिज्ञा
गर्नुभएको देशमा लैजानुहुनेछ ।" **२५**अनि यूसुफले
इस्राएलका छोराहरूलाई शपथ खान लाएर
भने, "परमेश्वर निश्चय तपाईंहरूको
सहायताको लागि आउनुहुनेछ, र तपाईंहरूले
मेरो अस्थि यस ठाउँबाट माथि लैजानुपर्छ ।"

**२६**यसरी यूसुफको मृत्यु एक सय दश वर्षको
उमेरमा भयो । अनि तिनीहरूले तिनलाई
सुगन्धित लेप हालेपछि, बाकसमा हालेर
मिश्रदेशमा नै राखे ।

**५०:१३** –प्रेरित ७:१६. **५०:२५**–प्रस्थान १३:१९; यहोशू २४:३२; हिब्रू ११:३२.

# प्रस्थान

## मिश्रमा इस्राएलीहरूमाथि अत्याचार

**१** याकूबसित आ-आफ्नो परिवारसहित
मिश्रमा जाने इस्राएलका छोराहरूका नाउँ
यिनै हुन्: **२**रूबेन, शिमियोन, लेवी र यहूदा;
**३**इस्साकार, जबूलून र बेन्यामीन, **४**दान र
नप्ताली, गाद र आशेर । **५**याकूबका सन्तान
जम्मा सत्तरी जना थिए; यूसुफ अघिबाटै मिश्रमा
थिए ।

**६**यूसुफ, तिनका दाज्यूभाइहरू र त्यो
पुस्ताका सबै जना मरे, **७**तर इस्राएलीहरू
फलदायक भई सङ्ख्यामा अति धेरै हुँदैगए,
यहाँसम्म कि सारा देश तिनीहरूद्वारा भरियो ।

**८**अब मिश्रमा यूसुफलाई नचिन्ने, एक
जना नयाँ राजा खड़ा भए । **९**तिनले आफ्ना
मानिसहरूलाई भने, "हेर, इस्राएलीहरू हाम्रो
निम्ति सङ्ख्यामा र बलमा अति धेरै भएका
छन् । **१०**अब हामीले तिनीहरूसित बुद्धि पुऱ्याएर
व्यवहार गर्नुपर्छ, नत्रता तिनीहरू अझ धेरै
हुनेछन्, र यदि युद्ध भइहाल्यो भने, तिनीहरू
हाम्रा शत्रुहरूसित लागेर हाम्रो विरुद्धमा लड़ाइँ
गरी देशलाई छोड़िदिनेछन् ।"

**११**यसकारण तिनीहरूले उनीहरूलाई
जबरजस्ती कामले लदाएर सताउनको लागि
उनीहरूमाथि दास-हाकिमहरू खटाए, अनि
तिनीहरूले फिरऊनको निम्ति पिताम र रामसेस
भन्ने भण्डारका शहरहरू बनाए । **१२**तर उनीहरू
जति धेरै सताइन्थे, त्यतिनै अझ धेरै हुँदै छरिँदै
जान्थे । यसकारण मिश्रीहरू इस्राएलीहरूसित
डराउनथाले, **१३**अनि तिनीहरूलाई कठोरतापूर्वक
काममा लगाए । **१४**तिनीहरूले उनीहरूलाई
इँटा, हिलो र खेतका सबै किसिमका कठोर
परिश्रम गर्न लाएर उनीहरूको जीवन नै तीतो
बनाइदिए; तिनीहरूका सबै गाह्रो काममा
मिश्रीहरूले उनीहरूलाई कठोरतापूर्वक प्रयोग
गरे ।

**१५**मिश्रका राजाले शिप्रा र पूआ नाउँ
गरेका हिब्रू सुँड़ेनीहरूलाई बोलाएर भने, **१६**"जब
तिमीहरूले हिब्रू स्त्रीहरूलाई प्रसवको समयमा
सहायता गर्छौ र जन्माएका हेर्छौ, तब त्यो
बालक छोरा हो भने, मारिदिनू; तर छोरी हो
भने, त्यो बाँचोस् ।" **१७**तर ती सुँड़ेनीहरू
परमेश्वरसित डराउँथे । मिश्रको राजाले
अह्राएबमोजिम तिनीहरूले गरेनन् र तिनीहरूले
छोराहरूलाई बाँच्नदिए । **१८**तब मिश्रको राजाले
ती सुँड़ेनीहरूलाई बोलाएर सोधे, "तिमीहरूले
यस्तो किन गऱ्यौ ? तिमीहरूले ती छोराहरूलाई
किन बाँच्नदियौ ?"

**१९**ती सुँड़ेनीहरूले फिरऊनलाई जवाफ दिए,
"हिब्रू स्त्रीहरू मिश्री स्त्रीहरूजस्ता छैनन्, तिनीहरू
हट्टाकट्टा हुन्छन् अनि सुँड़ेनीहरू आइपुग्न अघि
नै जन्माइसक्छन् ।"

**२०**यसकारण परमेश्वर ती सुँड़ेनीहरूप्रति
कृपालु हुनुभयो; अनि ती मानिसहरू बढ़े र
अझ धेरै भए । **२१**ती सुँड़ेनीहरू परमेश्वरसित
डराएका हुनाले उहाँले तिनीहरूलाई आफ्नै
परिवारहरू दिनुभयो ।

**२२**तब फिरऊनले आफ्ना सबै मानिसहरूलाई
यो आज्ञा दिए: "जन्मेका प्रत्येक हिब्रू
छोरालाई तिमीहरूले नील नदीमा फ्याँकिदिनू,
तर प्रत्येक छोरीलाई भने जीवितै राख्नू ।"

## मोशाको जन्म र बाल्यवस्था

**२** लेवीका घरानाको एक जना मानिसले
एउटी लेवी स्त्रीसित नै विवाह गरे । **२**तिनी
गर्भवती भइन् र एउटा छोरा जन्माइन् । जब
तिनले त्यस बालकलाई सुन्दर देखिन्, तिनले

---

**१:१-४**–उत्पत्ति ४६:८-२७. **१:७**–प्रेरित ७:१७. **१:८**–प्रेरित ७:१८. **१:१०**–प्रेरित ७:१९. **१:२२**–प्रेरित ७:१९

त्यसलाई तीन महिनासम्म लुकाइराखिन्। **३**तर
जब तिनले त्यसलाई अझै लुकाउन सकिनन्,
तब तिनले त्यसको निम्ति एउटा कुशको
टोकरी ल्याइन् र त्यसलाई लिसाइलो माटो र
अलकत्राले लिपिन्। तब तिनले त्यस बालकलाई
त्यसमा हालेर नील नदीको किनारतिर भएका
कुशहरूको बीचमा राखिदिइन्। **४**त्यसलाई के
हुँदो रहेछ भनेर हेर्नलाई तिनकी दिदी टाढ़ामा
उभिइन्।

**५**तब फिरऊनकी छोरी नुहाउनलाई नील
नदीमा आइन्, अनि तिनका सहेलीहरू नदीका
किनारतिर हिँड़दैथिए। तिनले कुशहरूको
बीचमा टोकरी देखिन् र आफ्नी दासीलाई त्यो
लिन पठाइन्। **६**तिनले त्यो खोल्दा बालकलाई
देखिन्। त्यो रुँदैथियो, र तिनलाई त्यसप्रति
दु:ख लाग्यो। तिनले भनिन्, "यो त हिब्रूहरूका
बालकहरूमध्ये एउटा हो।"

**७**तब बालककी दिदीले फिरऊनकी
छोरीलाई भनिन्, "के यस बालकलाई दूध
खुवाउनको निम्ति म गएर हिब्रू स्त्रीहरूमध्ये
कसैलाई तपाईंको निम्ति ल्याइदिऊँ ?"

**८**तिनले जवाफ दिइन्, "हुन्छ, जा।" अनि
ती केटी गएर त्यस बालककी आमालाई लिएर
आइन्। **९**फिरऊनकी छोरीले तिनलाई भनिन्,
"यस बालकलाई लिएर मेरो निम्ति दूध खुवाऊ,
र म तँलाई ज्याला दिनेछु।" यसकारण त्यस
स्त्रीले बालकलाई लिएर दूध खुवाउने गरिन्।
**१०**बालक ठूलो भएपछि तिनले त्यसलाई
फिरऊनकी छोरीकहाँ लगिन् अनि उनी तिनका
छोरा भए। "मैले यसलाई पानीबाट बाहिर
निकालेकी हुँ" भन्दै तिनले त्यसको नाउँ मोशा
राखिन्।

### मोशा भागेर मिद्यान गएका

**११**मोशा ठूलो भएपछि, एक दिन, तिनी
आफ्ना मानिसहरू भएतिर गएर तिनीहरूले
कठोर परिश्रम गरेको हेरे। तिनले एक जना
मिश्रीले तिनको अर्थात् हिब्रू जातिको एक
जनालाई हिर्काइरहेको देखे। **१२**तिनले यताउता
हेर्दा कसैले पनि नदेखेपछि, तिनले त्यस
मिश्रीलाई मारेर बालुवामुनि लुकाए। **१३**अर्को
दिन तिनी बाहिर गए र दुई जना हिब्रूहरूलाई
झगड़ा गर्दैगरेका देखे। तिनले अन्याय
गर्नेचाहिँलाई सोधे, "तिमी आफ्नै हिब्रू
साथीभाइलाई किन हिर्काउँछौ ?"

**१४**त्यस मानिसले भन्यो, "तिमीलाई कसले
हामीमाथि शासक र न्यायाधीश तुल्यायो ? के
तिमीले त्यस मिश्रीलाई मारेझैँ मलाई पनि
मार्ने विचार गर्दैछौ ?" तब मोशा डराए र
सोचे, "मैले जे गरें त्यो सबैलाई थाहा भइसक्यो
होला !"

**१५**जब फिरऊनले यो सुने, तिनले मोशालाई
मार्न खोजे, तर मोशा फिरऊनदेखि भागे अनि
मिद्यानमा बस्नलाई गए, र त्यहाँ तिनी एउटा
कुवाको छेउमा बसे। **१६**मिद्यानका एक जना
पूजाहारीका सात जना छोरीहरू थिए। तिनीहरू
पानी उघाउन र आफ्ना पिताका बगाललाई
पानी पियाउनलाई डूँड़मा पानी भर्न आए।
**१७**त्यहाँ केही गोठालाहरू पनि आए र
तिनीहरूलाई धपाए, तर मोशा उठेर तिनीहरूको
सहायताको लागि आए र तिनीहरूका बगाललाई
पानी पिउनदिए।

**१८**जब ती केटीहरू आफ्ना पिता रूएलकहाँ
फर्किगए तब तिनले तिनीहरूलाई सोधे, "आज
तिमीहरू किन यति चाँड़ै फर्क्यौ ?"

**१९**तिनीहरूले जवाफ दिए, "एक जना मिश्रीले
हामीलाई गोठालाहरूका हातबाट बचाए।
तिनले त हाम्रा निम्ति पानी पनि उघाइदिए
अनि बगाललाई समेत पिउनदिए।"

**२०**तिनले आफ्ना छोरीहरूलाई सोधे, "अनि
तिनी कहाँ छन् ? तिमीहरूले तिनलाई किन
छोड़िदियौ ? तिनलाई केही खानलाई निम्तो
देऊ।"

**२१**मोशा ती मानिससित बस्न राजी भए, र
तिनले आफ्नी छोरी सिप्पोरालाई मोशासित
विवाह गरिदिए। **२२**सिप्पोराले एउटा छोरा

---

**२:१०** –प्रेरित ७:२१. **२:११** –हिब्रू ११:२४. **२:११-१४** –प्रेरित ७:२३-२८. **२:१५** –प्रेरित ७:२९.

जन्माइन्, र मोशाले “म अर्काको मुलुकमा
प्रवासी भएँ” भनेर त्यसको नाउँ गेर्शोम राखे ।
**२३**त्यस लामो अवधिमा, मिश्रको राजा
मरे । आफ्ना दासत्वमा इस्राएलीहरूले
सुस्केरा हालेर पुकारा गर्नथाले । दासत्वको
कारण तिनीहरूले सहायताको लागि गरेको
चित्कार परमेश्वरकहाँ पुग्यो । **२४**परमेश्वरले
तिनीहरूका सुस्केरा सुन्नुभयो अनि उहाँले
अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको
आफ्नो करार सम्झनुभयो । **२५**यसकारण
परमेश्वरले इस्राएलीहरूमाथि दृष्टि लगाउनुभयो
अनि तिनीहरूको वास्ता गर्नुभयो ।

### मोशा र जलिरहेको पोथ्रा

**३** मोशाले आफ्ना ससुरा मिद्यानका पूजाहारी
यित्रोका भेड़ा-बाखा चराउँथे । आफ्नो
बगाललाई उजाड़-स्थानको पल्लो छेउतिर लगेर
तिनी परमेश्वरको पर्वत होरेबमा आए । **२**त्यहाँ
परमप्रभुका दूत जलिरहेको पोथ्राको आगोको
ज्वालामा तिनीकहाँ देखा परे । मोशाले त्यो
पोथ्रा जलिरहेको भए तापनि भस्म नभएको
देखे । **३**तिनले सोचे, “यो अनौठो दृश्य म त्यहीं
गएर हेर्नेछु– यो पोथ्रा जलेर पनि किन भष्म
भएको छैन ।”
**४**जब तिनी त्यहाँ हेर्न भनी गएको परमप्रभुले
देख्नुभयो, तब परमेश्वरले त्यस पोथ्राभित्रबाट
तिनलाई बोलाएर भन्नुभयो, “मोशा ! ए मोशा !”
अनि मोशाले भने, “म यहाँ छु ।”
**५**परमेश्वरले भन्नुभयो, “यसभन्दा नजीक
नआइज । तेरो जुत्ता फुकाल्, किनकि तँ उभिएको
ठाउँ पवित्र भूमि हो ।” **६**तब उहाँले भन्नुभयो,
“म तेरा पिता-पुर्खाका परमेश्वर हुँ, अब्राहामका
परमेश्वर, इसहाकका परमेश्वर र याकूबका
परमेश्वर ।” यो सुनेर मोशाले आफ्नो अनुहार
लुकाए, किनकि तिनी परमेश्वरलाई हेर्न
डराएका थिए ।
**७**परमप्रभुले भन्नुभयो, “मैले मिश्रमा भएका
मेरा मानिसहरूको कष्ट साँच्चै देखेको छु ।
आफ्ना दास-हाकिमहरूका कारण तिनीहरूले
गरेको चित्कार मैले सुनेको छु, र तिनीहरूका
दुःखप्रति मेरो वास्ता छ । **८**यसकारण म
तिनीहरूलाई मिश्रीहरूको हातबाट छुटाउन र
त्यो देशबाट निकालेर एउटा असल र ठूलो
देश, दूध र मह बग्ने जो कनानी, हित्ती,
एमोरी, परिज्जी, हिब्बी र यबूसीहरूको देश
हो, त्यहाँ ल्याउनलाई म ओर्लिएको छु ।
**९**अब इस्राएलीहरूको चित्कार ममा आइपुगेको
छ, र कसरी मिश्रीहरूले तिनीहरूलाई
सताइरहेका छन् त्यो मैले देखेको छु ।
**१०**यसकारण अब जा । म मेरा मानिसहरू अर्थात्
इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउन तँलाई
फिरऊनकहाँ पठाउँदैछु ।”
**११**तर मोशाले परमेश्वरलाई भने,
“फिरऊनकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट
बाहिर निकालेर ल्याउने म को हुँ र ?”
**१२**तब परमेश्वरले भन्नुभयो, “म तँसित
हुनेछु । तँलाई पठाउने म नै हुँ भनी देखाउने
चिन्ह यो हुनेछः जब तैंले मानिसहरूलाई
मिश्रबाट बाहिर निकालेर ल्याउनेछस्, तब
तिमीहरूले यस पर्वतमा परमेश्वरको आराधना
गर्नेछौ ।”
**१३**मोशाले परमेश्वरलाई भने, “यदि मैले
गएर इस्राएलीहरूलाई ‘तिमीहरूका पिता-
पुर्खाहरूका परमेश्वरले मलाई तिमीहरूकहाँ
पठाउनुभएको हो’ भनूलाँ, अनि तिनीहरूले
मलाई ‘उहाँको नाउँ के हो ?’ भनी सोधे भने,
म तिनीहरूलाई त्यस बेला के भनूँ ?”
**१४**परमेश्वरले मोशालाई भन्नुभयो, “म हुँ
जो म हुँ । तैंले इस्राएलीहरूलाई भन्नूः ‘म हुँ’
भन्नेले नै मलाई तिमीहरूकहाँ पठाउनुभएको
हो ।’”
**१५**परमेश्वरले मोशालाई यसो पनि भन्नुभयो,
“इस्राएलीहरूलाई भन्नू, ‘तिमीहरूका पिता-
पुर्खाहरूका परमप्रभु, अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वरले
मलाई तिमीहरूकहाँ पठाउनुभएको हो ।’ मेरो

**२:२४**–उत्पत्ति १५:१३-१४. **३:२-१०**–प्रेरित ७:३०-३४. **३:१३**–प्रस्थान ६:२-३. **३:१४**–प्रकाश १:४,८.

नाउँ सदा यही रहनेछ, र सबै पुस्तासम्म
मेरो नाउँको सम्झना यही हुनेछ ।
**१६**"जा, इस्राएलका बूढ़ा-पाकाहरूलाई
जम्मा गरेर तिनीहरूलाई भन्, 'परमप्रभु,
तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वर,
अब्राहाम इसहाक र याकूबका परमेश्वर मकहाँ
देखा परेर भन्नुभयो: मैले तिमीहरूमाथि दृष्टि
लगाएको छु र तिनीहरूले तिमीहरूलाई मिश्रमा
केके गरे सो देखेको छु । **१७**मैले तिमीहरूलाई
मिश्रको दु:खदेखि बाहिर निकालेर कनानी, हित्ती,
एमोरी, परिज्जी, हिब्बी र यबूसीहरूको देशमा
ल्याउनलाई प्रतिज्ञा गरेको छु, जो दूध र मह
बग्ने देश हो ।'

**१८**"इस्राएलका बूढ़ा-पाकाहरूले तेरो कुरा
सुन्नेछन् । तब तँ र बूढ़ा-पाकाहरू मिश्रको
राजाकहाँ गएर यसो भन्नुपर्छ, 'परमप्रभु,
हिब्रूहरूका परमेश्वरले हामीसित भेट गर्नुभयो ।
हामीलाई तीन दिनको बाटो उजाड़-स्थानमा
गएर परमप्रभु हाम्रा परमेश्वरकहाँ बलिदान
चढ़ाउन जान दिनुहोस् ।' **१९**तर म जान्दछु कि
शक्तिशाली हातले त्यसलाई बाध्य नगराएसम्म
मिश्रको राजाले तिमीहरूलाई जानदिनेछैन ।
**२०**यसकारण म आफ्नो हात पसारेर मैले
मिश्रीहरूबीच गरेर देखाउने सबै अचम्मका
कामहरूले तिनीहरूलाई प्रहार गर्नेछु । त्यसपछि,
त्यसले तिमीहरूलाई जानदिनेछ ।

**२१**"म मिश्रीहरूलाई यस जातिप्रति निगाह
राख्ने बनाउने छु, र तिमीहरू निस्कँदा खाली
हात निस्कनेछैनौ । **२२**प्रत्येक स्त्रीले आफ्ना
छिमेकीसित र उसको घरमा बसेकी कुनै
पनि स्त्रीसित सुन र चाँदीका चीजहरू र
लुगाफाटाहरू माग्नेछ, अनि ती तिमीहरूका
छोराछोरीहरूलाई लगाइदिनेछौ । यसरी
तिमीहरूले मिश्रीहरूलाई लुट्नेछौ ।"

### मोशाको निम्ति चिन्हहरू

**४** मोशाले जवाफ दिए, "यदि तिनीहरूले
मलाई विश्वास गरेनन् अथवा मेरा कुरा
सुनेनन् र 'परमप्रभु तिमीसित देखापर्नुभएको
होइन' भनेर जवाफ दिए भने, के गर्ने ?"
**२**तब परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो
हातमा भएको त्यो के हो ?"

तिनले भने, "एउटा लहुरो ।"

**३**परमप्रभुले भन्नुभयो, "त्यसलाई भूइँमा
फालिदे ।"

मोशाले त्यसलाई भूइँमा फालिदिए र त्यो
सर्प भयो, अनि तिनी त्यसदेखि भागे । **४**तब
परमप्रभुले तिनलाई भन्नुभयो, "आफ्नो हात
पसारेर त्यसलाई पुच्छरमा समात् ।" यसकारण
मोशाले हात पसारेर त्यस सर्पलाई समाते र
त्यो तिनको हातमा पहिलेझैँ लहुरो भइगयो ।
**५**परमप्रभुले भन्नुभयो, "यो परमप्रभु तिनीहरूका
पिता-पुर्खाका परमेश्वर, अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर
तँकहाँ देखापर्नुभएको हो भनी तिनीहरूले
विश्वास गरून् भनेर हो ।"

**६**तब परमप्रभुले भन्नुभयो, "तेरो हात
तेरो लबेदाभित्र हाल् ।" यसकारण मोशाले
आफ्नो हात आफ्नो लबेदाभित्र हाले र जब
तिनले त्यसलाई बाहिर निकाले, तब त्यसमा
कोर लागेर हिउँझैँ भएको थियो ।

**७**उहाँले भन्नुभयो, "अब त्यसलाई आफ्नो
लबेदाभित्र फेरि हाल् ।" यसकारण मोशाले
आफ्नो हात फेरि लबेदाभित्र हाले र जब तिनले
त्यसलाई बाहिर निकाले, त्यो निको भएर
शरीरका अरू भागझैँ भइहाल्यो ।

**८**तब परमप्रभुले भन्नुभयो, "यदि तिनीहरूले
तँलाई विश्वास गरेनन् अथवा पहिलो आश्चर्यमय
चिन्हमा ध्यान दिएनन् भने, तिनीहरूले दोस्रोमा
विश्वास गर्न सक्नेछन् । **९**तर यदि तिनीहरूले
यी दुई चिन्हहरूमाथि विश्वास गरेनन् अथवा
तेरा कुरा सुनेनन् भने, नील नदीबाट केही पानी
लिएर त्यसलाई ओबानो भूमिमा पोखाइदिन् ।
तैंले नदीबाट लिएको पानी भूमिमा रगत हुनेछ ।"
**१०**मोशाले परमप्रभुलाई भने, "हे प्रभु, म
बोल्नमा उस्तो सिपालु छैनँ, नता अघि म

---

**३:२१-२२**–प्रस्थान १२:३५-३६.

सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि म
सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो
चलाउनमा ढीलो छु ।"

**११**परमप्रभुले तिनलाई भन्नुभयो, "मानिसलाई
त्यसको मुख कसले दियो ? कसले त्यसलाई
बहिरो र लाटो बनाउँछ ? कसले त्यसलाई
देख्ने वा अन्धा बनाउँछ ? के त्यो म परमप्रभुले
नै होइन र ? **१२**अब जा; म तँलाई बोल्न
सघाउनेछु र तैंले भन्नुपर्ने कुरा सिकाउनेछु ।"

**१३**तर मोशाले भने, "हे प्रभु, दया गरी यो
गर्न अरू कसैलाई पठाउनुहोस् ।"

**१४**तब मोशाप्रति परमप्रभुको क्रोध दन्क्यो
र उहाँले भन्नुभयो, "तेरो दाज्यू लेवी कुलको
हारून कसो होला ? त्यसले राम्रो गरी बोल्नसक्छ
भनी म जान्दछु । त्यो तँसित भेट गर्न आउनलाई
हिँड़िसकेको छ र तँलाई देखेर त्यसको हृदय
प्रसन्न हुनेछ । **१५**तँ त्यससित बोल्नेछस् र
त्यसको मुखमा शब्द हालिदिनेछस् । म तिमीहरू
दुवैलाई बोल्न सघाउनेछु र के गर्नुपर्छ सो
सिकाउनेछु । **१६**त्यसले तेरो निम्ति मानिसहरूसित
कुरा गर्नेछ र त्यो तेरो मुखपात्र हुनेछ, अनि तँ
त्यसको निम्ति ईश्वरतुल्य हुनेछस् । **१७**तर यो
लहुरो तेरो हातमा लिएर जा र तैंले यसद्वारा
आश्चर्यपूर्ण चिन्हहरू गर्नेछस् ।"

### मोशा मिश्रदेशमा फर्केका

**१८**तब मोशा आफ्ना ससुरा यित्रोकहाँ
फर्किगएर तिनलाई भने, "मेरा आफ्नै दाज्यू-
भाइहरू मिश्रमा कोही जीवितै छन् कि भनेर
हेर्नलाई मलाई त्यहाँ जानदिनुहोस् ।"

यित्रोले भने, "जाऊ, म तिम्रो भलो
चिताउँछु ।"

**१९**परमप्रभुले मोशालाई मिद्यानमा भन्नुभएको
थियो, "मिश्रमा फर्केर जा किनकि तँलाई मार्न
चाहनेहरू सबै मरिसके ।" **२०**यसकारण मोशाले
आफ्ना स्वास्नी र छोराहरू लिए र तिनीहरूलाई
गधामा चढ़ाएर मिश्रतिर लागे । अनि तिनले
परमेश्वरको लहुरो आफ्नो हातमा लिए ।

**२१**परमप्रभुले मोशालाई भन्नुभयो, "जब
तँ मिश्रमा फर्कनेछस्, तब तैंले सबै अचम्मका
कामहरू, जसको लागि मैले तँलाई शक्ति
दिएको छु, फिरऊनको सामुन्ने गर्न नभूल्नू ।
तर म त्यसको हृदय कठोर पारिदिनेछु र
त्यसले मानिसहरूलाई जान दिनेछैन । **२२**तब
फिरऊनलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः
इस्राएल मेरो जेठो छोरो हो, **२३**अनि मैले भनें,
"मेरो छोरालाई जान दे, र त्यसले मेरो सेवा
गरोस् ।" तर तैंले त्यसलाई जान दिएनस्,
यसकारण म तेरो जेठो छोरालाई मार्नेछु ।'"

**२४**बाटोको एउटा बास बस्ने ठाउँमा
परमप्रभुले मोशालाई भेटेर मार्न आँट्नुभएको
थियो । **२५**तर सिप्पोराले एउटा चकमकको
चक्कु लिएर, आफ्नो छोराको खलड़ी च्वाट्ट
काटेर त्यसले मोशाको खुट्टा छोइदिइन् । तिनले
भनिन्, "तपाईं निश्चय मेरो निम्ति रगतको
दुलहा हुनुहुन्छ ।" **२६**यसकारण परमप्रभुले
तिनलाई छोड़िदिनुभयो । (त्यसबेला तिनले
खतनालाई दर्शाउँदै "रगतको दुलहा" भनिन् ।)

**२७**परमप्रभुले हारूनलाई भन्नुभयो,
"मोशालाई भेट्न उजाड़-स्थानमा जा ।"
यसकारण तिनले मोशालाई परमेश्वरको
पर्वतमा भेटे र तिनलाई म्वाँइ खाए ।
**२८**तब मोशाले तिनलाई परमप्रभुले जे भन्न
पठाउनुभएको थियो त्यो हरेक कुरा र तिनलाई
उहाँले गर्नु भनेर हुकुम गर्नुभएका सबै अचम्मका
चिन्हहरूको विषयमा हारूनलाई बताए ।

**२९**मोशा र हारूनले इस्राएलका सबै
बुढ़ा-पाकाहरूलाई एकै ठाउँमा ल्याए, **३०**अनि
हारूनले तिनीहरूलाई परमप्रभुले मोशालाई
भन्नुभएको सबै कुरा भनिदिए । तिनले
मानिसहरूका अगि चिन्हहरू पनि देखाए, **३१**र
तिनीहरूले विश्वास गरे । अनि तिनीहरूले
जब परमप्रभुले तिनीहरूप्रति वास्ता राख्नुभएको
छ र उहाँले तिनीहरूको कष्ट देख्नुभएको
छ भनी सुने, तब तिनीहरूले निहुरेर भक्ति
चढ़ाए ।

---

**४:२३**–प्रस्थान १२:२९.

## परालविनाका इँटाहरू

**५** त्यसपछि मोशा र हारून फिरऊनकहाँ
गएर भने, "परमप्रभु इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छ: 'मेरा मानिसहरूलाई मेरो निम्ति
उजाड़-स्थानमा चाड़ मनाउनलाई जानदे ।'"
**२**फिरऊनले भने, "परमप्रभु को हुनुहुन्छ,
र म उहाँको हुकुम पालन गरूँ अनि
इस्राएलीहरूलाई जानदिऊँ ? म परमप्रभुलाई
चिन्दिनँ र म इस्राएलीहरूलाई जान दिनेछैनँ ।"
**३**तब तिनीहरूले भने, "हिब्रूहरूका
परमेश्वरले हामीलाई भेट्नुभयो । अब हामीलाई
तीन दिनको यात्रा गरी उजाड़-स्थानमा गई
परमप्रभु हाम्रा परमेश्वरको निम्ति बलिदान
चढ़ाउन जान दिनुहोस्, नत्रता उहाँले हामीलाई
रुढ़ीले अथवा तरवारले प्रहार गर्नुहुनेछ ।"
**४**तब मिश्रका राजाले तिनीहरूलाई भने,
"ए मोशा र हारून, तिमीहरू यी मानिसहरूका
काममा किन बाधा गर्छौ ? तिमीहरू आफ्ना
काममा लाग !" **५**अनि फिरऊनले भने,
"हेर, देशका मानिसहरू अब धेरै भएका
छन्, र तिमीहरू तिनीहरूलाई काम गर्नदेखि
रोकिरहेका छौ ।"
**६**त्यही दिन फिरऊनले कामदारहरू र
तिनका नाइकेहरूलाई यस्तो हुकुम दिए:
**७**"अबदेखि उसो तिमीहरूले ती मानिसहरूलाई
इँटाहरू बनाउनलाई पराल नदिनू; तिनीहरू
गएर आफ्ना पराल आफै बटुलून् । **८**तर
तिनीहरूलाई पहिलेकै सङ्ख्यामा इँटाहरू
बनाउन भन्नू; त्यसको सङ्ख्या नघटाउनू ।
तिनीहरू अल्छी छन्; यसैले तिनीहरू 'हामीलाई
आफ्ना परमेश्वरको निम्ति बलिदान चढ़ाउन
जान दिनुहोस्' भनी कराउँदैछन् । **९**ती
मानिसहरूको निम्ति काम अझ कठोर
पारिदिनू र तिनीहरूले खुरुखुरु काम गरेर झूटा
कुराहरूतिर ध्यान नदेऊन् ।"
**१०**तब ती कामदारहरू र नाइकेहरू गएर
मानिसहरूलाई भने, "फिरऊन यसो भन्नुहुन्छ:
'म तिमीहरूलाई अबदेखि पराल दिनेछैनँ ।
**११**जाओ अनि जहाँबाट पाउन सकिन्छ त्यहाँबाट
आफ्नो लागि पराल ल्याओ, तर तिमीहरूका
कामचाहिँ कदापि घटाइनेछैन ।'" **१२**यसकारण
ती मानिसहरू परालको लागि काम चलाउन
टुक्राटाक्रीहरू बटुल्नलाई मिश्रभरि छरिए ।
**१३**ती कामदारहरूले तिनीहरूलाई यसो भन्दै
दवाव दिए, "तिमीहरूसित पराल हुँदा गरेझैँ,
तिमीहरूबाट प्रतिदिन चाहिएका काम पूरा
गर ।" **१४**फिरऊनका कामदारहरूबाट नियुक्त
गरिएका इस्राएली नाइकेहरूलाई तिनीहरूले
पिटे र यसो भन्दै सोधे, "तिमीहरूले हिजो
आज आफ्ना इँटाको परिमाण किन पहिलेझैँ
पुऱ्याएनौ ?"
**१५**तब इस्राएली नाइकेहरू गएर फिरऊनकहाँ
उजूर गरे: "हजूरले आफ्ना दासहरूसित
किन यस्तो व्यवहार गर्नुभएको ? **१६**हजूरका
दासहरूलाई पराल दिइँदैन, र पनि हामीलाई
'इँटा बनाओ' भनिन्छ । हजूरका दासहरू
पिटिँदैछन्, तर अपराध त हजूरकै मानिसहरूको
हो ।"
**१७**फिरऊनले भने, "अल्छेहरू, तिमीहरू
अल्छेहरू हौ ! यसैकारण तिमीहरू 'हामीलाई
परमप्रभुको निम्ति बलिदान चढ़ाउन जान
दिनुहोस्' भनिबस्छौ । **१८**अब काममा लाग ।
तिमीहरूलाई कत्ति पनि पराल दिइनेछैन, तर
तिमीहरूले पूरा सङ्ख्यामा इँटाहरू बनाउनु-
पर्नेछ ।"
**१९**जब तिनीहरूलाई "तिमीहरूले प्रतिदिन
बनाउनुपर्ने इँटाको सङ्ख्या घटाइने छैन" भनियो
इस्राएली नाइकेहरूले तिनीहरू सङ्कटमा परेका
थाहा गरे । **२०**तब तिनीहरू फिरऊनकहाँबाट
निस्कँदा, तिनीहरूले मोशा र हारून तिनीहरूलाई
भेट्न पर्खिरहेका भेटे, **२१**अनि तिनीहरूले भने,
"परमप्रभुले तपाईंहरूमाथि दृष्टि गरून् र इन्साफ
देऊन् ! तपाईंहरूले हामीलाई फिरऊन र तिनका
अधिकारीहरूको अगि घृणित बनाउनुभयो र
हामीलाई मार्नलाई तिनीहरूका हातमा तरवार
राखिदिनुभयो ।"

## परमेश्वरले छुटकाराको प्रतिज्ञा गर्नुभएको

**२२**मोशा फर्केर परमप्रभुकहाँ गए र भने,
"हे प्रभु, तपाईंले यस प्रजामाथि किन सङ्कट

ल्याइदिनुभयो ? के तपाईंले मलाई यसकै लागि
पठाउनुभयो ? **२३**म फिरऊनकहाँ तपाईंको
नाउँमा बोल्न गएकै बेलादेखि तिनले यी प्रजामाथि
सङ्कट ल्याएका छन्, अनि तपाईंले आफ्नो
प्रजालाई पटक्कै छुटकारा दिनुभएको छैन ।"

**६** तब परमप्रभुले मोशालाई भन्नुभयो, "अब
म फिरऊनलाई के गर्नेछु तैंले देख्नेछस्:
मेरा शक्तिशाली हातको कारण त्यसले
तिनीहरूलाई जानदिनेछ; मेरा शक्तिशाली
हातको कारण त्यसले तिनीहरूलाई आफ्नो
देशबाट धपाइदिनेछ ।"

**२**परमेश्वरले मोशालाई यसो पनि भन्नुभयो,
"म परमप्रभु हुँ । **३**म अब्राहाम, इसहाक र
याकूबकहाँ सर्वशक्तिमान् परमेश्वरको रूपमा
देखा परें, तर परमप्रभु मेरो नाउँले त मैले
आफैलाई तिनीहरूसित परिचित गराइनँ । **४**मैले
तिनीहरूसित तिनीहरू प्रवासी भई बसेको कनान
देश तिनीहरूलाई दिनेछु भनी मेरो करार पनि
स्थापित गरें । **५**यसबाहेक, मैले मिश्रीहरूले
दास बनाइराखेका इस्राएलीहरूका सुस्केरा
सुनेको छु, र मैले आफ्नो करार सम्झेको छु ।

**६**"यसकारण, इस्राएलीहरूलाई भन्: 'म
परमप्रभु हुँ, र म तिमीहरूलाई मिश्रीहरूको
जुवामुनिदेखि निकालेर ल्याउनेछु । म
तिमीहरूलाई तिनीहरूका दासहरू हुनदेखि मुक्त
गर्नेछु, अनि म तिमीहरूलाई हात पसारेर
इन्साफको पराक्रमी कामले छुटकारा दिनेछु ।
**७**म तिमीहरूलाई मेरो आफ्नै मानिसहरूझैँ
लिनेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।
तब तिमीहरूले जान्नेछौ, कि म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई
मिश्रीहरूको दासत्वको जुवामुनिबाट बाहिर
निकाली ल्यायो । **८**अनि म तिमीहरूलाई मैले
अब्राहाम, इसहाक र याकूबलाई हात उठाएर
शपथ खाएर दिनेछु भनेको देशमा ल्याउनेछु ।
म त्यो तिमीहरूलाई अधिकारस्वरूप दिनेछु ।
म परमप्रभु हुँ ।'"

**९**मोशाले इस्राएलीहरूलाई यो बताइदिए,
तर तिनीहरूको निराशा र निष्ठूर दासत्वको
कारण तिनीहरूले तिनका कुरा सुनेनन् ।

**१०**तब परमप्रभुले मोशालाई भन्नुभयो,
**११**"जा, अनि मिश्रको राजा फिरऊनलाई
इस्राएलीहरूलाई त्यसको देशबाट बाहिर जान
दे भनी भन् ।"

**१२**तर मोशाले परमप्रभुलाई भने, "यदि
इस्राएलीहरूले नै मेरा कुरा सुन्दैनन् भने
फिरऊनले त झन् मेरा कुरा कसरी सुन्लान्
र, किनकि म भकभकाउँदै बोल्छु ?"

### मोशा र हारूनको परिवारको वृतान्त

**१३**अब परमप्रभु इस्राएलीहरू र मिश्रका राजा
फिरऊनका विषयमा मोशा र हारूनसित बोल्नुभयो,
अनि उहाँले तिनीहरूलाई इस्राएलीहरूलाई
मिश्रबाट बाहिर लैजाने आज्ञा दिनुभयो ।

**१४**तिनीहरूका परिवारहरूका मुख्य-मुख्य
मानिसहरू यिनीहरू नै हुन्:

इस्राएलका जेठा छोरा रुबेनका छोराहरू
हनोक र पल्लु, हेस्रोन र कर्मी थिए । रुबेनका
वंशहरू यी नै हुन् ।

**१५**शिमियोनका छोराहरू यमूएल, यामीन,
ओहद, याकीन्, सोहर र एउटी कनानी स्त्रीको
छोरा शावल थिए । शिमियोनका वंशहरू यी
नै हुन् ।

**१६**तिनीहरूका वृतान्तअनुसार लेवीका
छोराहरूका नाउँ यी नै हुन्: गेर्शोन, कहात र
मरारी । लेवी एक सय सैँतीस वर्षसम्म बाँचे ।

**१७**वंशअनुसार गेर्शोनका छोराहरू लिब्नी
र शिमी थिए ।

**१८**कहातका छोराहरू अम्राम, यिसहार,
हेब्रोन र उज्जीएल थिए । कहात एक सय
तेत्तीस वर्षसम्म बाँचे ।

**१९**मरारीका छोराहरू महली र मूशी थिए ।

तिनीहरूका वृतान्तअनुसार लेवीका वंशहरू
यिनै थिए ।

---

**६:२–३**–उत्पत्ति १७:१; २८:३; ३५:११; प्रस्थान ३:१३-१५. **६:१६–१९**–गन्ती ३:१७-२०; २६:५७-५८;
१ इतिहास ६:१६-१९.

**२०**अम्रामले आफ्ना बाबुकी बहिनी
योकेबेदलाई विवाह गरे, जसले तिनको निम्ति
हारून र मोशालाई जन्माइन् । अम्राम एक
सय सैँतीस वर्षसम्म बाँचे ।
**२१**यिसहारका छोराहरू कोरह, नेपेग र
जिक्री थिए ।
**२२**उज्जीएलका छोराहरू मीशाएल,
एलसाफान र सिथ्री थिए ।
**२३**हारूनले अम्मीनादाबकी छोरी र
नहशोनकी बहिनी एलिशेबालाई विवाह गरे,
अनि तिनले उनको निम्ति नादाब, अबीहू,
एलाजार र ईतामारलाई जन्माइन् ।
**२४**कोरहका छोराहरू अस्सीर, एल्काना र
अबिआसाप थिए । यिनीहरू नै कोरहका वंशहरू
हुन् ।
**२५**हारूनका छोरा एलाजारले पतीएलकी
छोरीहरूमध्ये एक जनालाई विवाह गरे, र
तिनले उनको लागि पीनहासलाई जन्माइन् ।
लेवीहरूका परिवारका मुख्य-मुख्य मानिसहरू
तिनीहरूका वंश-वंशअनुसार यी नै हुन् ।
**२६**यी तिनै हारून र मोशा थिए जसलाई
परमप्रभुले भन्‍नुभयो, "इस्राएलीहरूलाई मिश्रबाट
दल-दल बनाई बाहिर ल्याउनू ।" **२७**मिश्रका
राजा फिरऊनसित इस्राएलीहरूलाई मिश्रबाट
बाहिर ल्याउने विषयमा कुरा गर्नेहरू यिनीहरू
नै थिए । यी तिनै मोशा र हारून थिए ।

### हारून मोशाको वक्ता

**२८**परमप्रभुले मिश्रमा मोशासित बोल्नुहुँदा,
**२९**उहाँले तिनलाई भन्‍नुभयो, "म परमप्रभु हुँ ।
मैले तँलाई जे-जे कुरा भन्‍न लागेको छु, ती
सबै मिश्रको राजा फिरऊनलाई भन् ।"
**३०**तर मोशाले परमप्रभुलाई भने, "म
भकभके जिब्रो लिएर बोल्ने हुनाले फिरऊनले
मेरा कुरा किन सुन्थे होला र ?"

**७** तब परमप्रभुले मोशालाई भन्‍नुभयो,
"हेर्, मैले तँलाई फिरऊनको निम्ति
ईश्वरतुल्य बनाएको छु, र तेरो दाज्यू हारून
तेरो अगमवक्ता हुनेछ । **२**मैले तँलाई आज्ञा
गरेको प्रत्येक कुरा तैंले भन्‍नुपर्छ, र तेरा
दाज्यू हारूनले फिरऊनलाई इस्राएलीहरूलाई
त्यसको देशबाट बाहिर जान दिनू भन्‍नुपर्छ ।
**३**तर म फिरऊनको हृदय कठोर पारिदिनेछु र
मैले मिश्रमा मेरा अचम्मका चिन्हहरू धेरै
गरे तापनि, **४**त्यसले तेरो कुरा सुन्‍नेछैन । तब
म मिश्रमाथि मेरो हात पसार्नेछु, अनि
इन्साफका शक्तिशाली कामहरूसित म मेरा
प्रजा इस्राएलीहरूलाई दलदल गरी मिश्रदेशबाट
बाहिर ल्याउनेछु । **५**जब म आफ्नो हात मिश्रको
विरुद्धमा पसारेर इस्राएलीहरूलाई त्यहाँबाट
निकाली बाहिर ल्याउनेछु, तब मिश्रीहरूले म
नै परमप्रभु हुँ भनी जान्‍नेछन् ।"
**६**मोशा र हारूनले परमप्रभुले तिनीहरूलाई
आज्ञा दिनुभएझैँ गरे । **७**तिनीहरूले फिरऊनसित
कुरा गर्दा मोशा असी वर्षका र हारून त्रियासी
वर्षका थिए ।

### हारूनको लहुरो सर्पमा परिवर्तन भएको

**८**परमप्रभुले मोशा र हारूनलाई भन्‍नुभयो,
**९**"जब फिरऊनले तिमीहरूलाई 'एउटा आश्चर्य-
कर्म गर' भन्छ, तब हारूनलाई 'तपाईंको
लहुरो लिएर फिरऊनको सामुन्‍ने भूइँमा
फालिदिनुहोस्' भन्‍नू, र त्यो एउटा सर्प हुनेछ ।"
**१०**यसकारण मोशा र हारून फिरऊनकहाँ
गएर परमप्रभुले आज्ञा गर्नुभएझैँ गरे । हारूनले
फिरऊन र तिनका अधिकारीहरूको सामुन्‍ने
आफ्नो लहुरो भूइँमा फालिदिए, अनि त्यो
एउटा सर्प भयो । **११**तब फिरऊनले बुद्धिमान्
मानिसहरू र टुना-मुना गर्नेहरूलाई बोलाइपठाए,
अनि मिश्रका जादूगरहरूले पनि आफ्ना गुप्त
कलाद्वारा त्यस्तै कामहरू गरे: **१२**प्रत्येकले
आफ्नो लहुरो भूइँमा फाल्यो अनि त्यो सर्प
भयो । तर हारूनको लहुरोले तिनीहरूका
लहुरोहरूलाई निलिदियो । **१३**तैपनि फिरऊनको
हृदय कठोर भयो र परमप्रभुले भन्‍नुभएझैँ,
तिनले तिनीहरूका कुरा सुनेनन् ।

**७:३**–प्रेरित ७:३६.

## रगतको विपत्ति

**१४**तब परमप्रभुले मोशालाई भन्नुभयो,
“फिरऊनको हृदय नसुन्ने भएको छ; त्यसले
मानिसहरूलाई जान दिँदैन। **१५**बिहान फिरऊन
नदीमा गएको बेला त्यसकहाँ जा। नील नदीको
किनारमा त्यससित भेट् गर्नलाई पर्खी, र सर्पमा
परिणत भएको त्यो लहुरो हातमा लगेर जा।
**१६**तब त्यसलाई भन्, ‘परमप्रभु, हिब्रूहरूका
परमेश्वरले मलाई तपाईंकहाँ यसो भन्न
पठाउनुभएको छ: मेरा मानिसहरूलाई उजाड़-
स्थानमा मेरो सेवा गर्नलाई जानदे । तर
अहिलेसम्म तैंले सुनेको छैनस् । **१७**परमप्रभु
यसो भन्नुहुन्छ: यसद्वारा तैंले म परमप्रभु हुँ
भनी जान्नेछस्; म मेरो हातमा भएको लहुरोले
नील नदीको पानीलाई हिर्काउनेछु, र त्यो रगतमा
परिणत हुनेछ । **१८**नील नदीका माछाहरू
मर्नेछन्, अनि नदीको पानी साह्रै गन्हाउनेछ, र
मिश्रीहरूले यसको पानी पिउन सक्नेछैनन्।’”
**१९**परमप्रभुले मोशालाई भन्नुभयो, “हारूनलाई
भन्, ‘तेरो लहुरो लिएर मिश्रमा भएका
पानीहरूमाथि– नदी, नाला, पोखरी अनि सबै
जलाशयहरूमाथि तेरो हात पसार्,’ र ती सबै
रगत भइजानेछन् । मिश्रका सबै ठाउँहरूमा,
यहाँसम्म कि काठका बाल्टी र ढुङ्गाका
घड़ाहरूमा समेत रगतैरगत हुनेछ ।”
**२०**मोशा र हारूनले परमप्रभुले आज्ञा
दिनुभएबमोजिम गरे। तिनले फिरऊन र तिनका
अधिकारीहरूको उपस्थितिमा आफ्नो लहुरो
उठाए अनि नील नदीको पानीलाई हिर्काए, र
सबै पानी रगतमा परिणत भयो। **२१**नील नदीमा
भएका माछाहरू मरे र नदी यति नराम्रो
गन्हायो, कि मिश्रीहरूले त्यसको पानी पिउन
सकेनन्। मिश्रभरिको सबै पानी रगत भयो ।
**२२**तर मिश्रका जादूगरहरूले पनि आफ्ना
गुप्त कलाद्वारा त्यस्तै काम गरे, अनि फिरऊनको
हृदय कठोर भयो; र परमप्रभुले भन्नुभएझैँ
तिनले मोशा र हारूनका कुरा सुनेनन्। **२३**बरु
तिनी फर्केर आफ्ना महलमा गए, र यसतिर
ध्यानै दिएनन्। **२४**अनि सारा मिश्रीहरूले पिउने
पानीको लागि नील नदीको वरिपरि खने, किनकि
तिनीहरूले नदीको पानी पिउन सकेनन् ।
**२५**परमप्रभुले नील नदीमाथि प्रहार
गर्नुभएपछि सात दिन बिते ।

## भ्यागुताहरूको विपत्ति

**८** फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
“फिरऊनकहाँ गएर त्यसलाई भन्,
‘परमप्रभु यसो भन्नुहुन्छ: मेरा मानिसहरूलाई
जानदे, र तिनीहरूले मेरो सेवा गरून्। **२**यदि
तैंले तिनीहरूलाई जान दिइनस् भने, म तेरो
सम्पूर्ण देशमा भ्यागुताहरू पठाएर विपत्ति
ल्याउनेछु। **३**नील नदी भ्यागुताले भरिनेछ। ती
तेरो महलभित्र, तेरो सुत्ने कोठामा, तेरो खाटमा,
तेरो अधिकारीहरूका घरमा, तेरो प्रजामाथि,
तेरो चुल्हा र पीठो मुछ्ने भाँड़ाहरूमा उक्लेर
आउनेछन् । **४**ती भ्यागुताहरू तँमाथि, तेरो
प्रजामाथि र तेरा सबै अधिकारीहरूमाथि पनि
आउनेछन्।’”
**५**तब परमप्रभुले मोशालाई भन्नुभयो,
“हारूनलाई भन्, ‘आफ्नो लहुरो लिएर तपाईंको
हात नदी, नाला, पोखरीहरूमाथि पसार्नुहोस्,
र मिश्रदेशमा भ्यागुताहरू उक्लेर आऊन्’।”
**६**यसकारण हारूनले मिश्रका पानीहरूमाथि
आफ्नो हात पसारे, र भ्यागुताहरू आएर देश
ढाके । **७**तर जादूगरहरूले पनि आफ्ना गुप्त
कलाद्वारा त्यसै गरे; तिनीहरूले पनि भ्यागुताहरू
मिश्रदेशमा आउन लगाए ।
**८**फिरऊनले मोशा र हारूनलाई
बोलाइपठाएर भने, “म र मेरा मानिसहरूबाट
भ्यागुताहरू लैजाऊन् भनेर परमप्रभुसित बिन्ती
गर्, अनि म तिम्रा मानिसहरूलाई परमप्रभुको
निम्ति बलिदान चढ़ाउनलाई जानदिनेछु ।”
**९**मोशाले फिरऊनलाई भने, “मैले तपाईंको
निम्ति, तपाईंका अधिकारीहरू र तपाईंका
प्रजाको निम्ति नील नदीमा भएका भ्यागुताहरू-
बाहेक यी भ्यागुताहरूदेखि तपाईं र तपाईंका

---

**७:१७**–प्रकाश १६:४.

घरहरू मुक्त होऊन् भनेर प्रार्थना गरिदिने समय ठहराउने सम्मानचाहिँ म तपाईंलाई नै दिन्छु ।"

**१०**फिरऊनले भने, "भोलि ।"

मोशाले जवाफ दिए, "तपाईंले भन्नुभएझैँ नै हुनेछ, र तपाईंले परमप्रभु हाम्रा परमेश्‍वर झैँ अरू छैन भन्‍ने जान्‍नसक्‍नुहुनेछ । **११**यी
भ्यागुताहरूले तपाईं, तपाईंका घरहरूलाई, तपाईंका अधिकारीहरूलाई र तपाईंका मानिसहरूलाई छोड्नेछन्; तर नील नदीमा मात्र तिनीहरू रहनेछन् ।"

**१२**मोशा र हारून फिरऊनकहाँबाट गएपछि, मोशाले परमप्रभुकहाँ उहाँले फिरऊनमाथि ल्याउनुभएका भ्यागुताहरूका निम्ति पुकारा गरे । **१३**अनि परमप्रभुले मोशाले
मागे अनुसार गरिदिनुभयो । ती भ्यागुताहरू घरहरूमा, आँगनहरूमा र खेतहरूमा मरे ।
**१४**तिनीहरूले ती बटुलेर थुप्रो लगाए र देशै दुर्गन्धले ढाक्यो । **१५**तर जब फिरऊनले सबै
शान्त भएको देखे, तब तिनले आफ्नो हृदय कठोर पारे र परमप्रभुले भन्नुभएझैँ मोशा र हारूनका कुरा सुनेनन् ।

## भुसुनाको विपत्ति

**१६**फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई भन्, 'तपाईंको लहुरो पसारेर जमिनको धूलोलाई हिर्काउनुहोस्,' अनि मिश्र देशभरिका धूलो भुसुना भइजानेछन् ।"
**१७**तिनीहरूले त्यसै गरे, जब हारूनले लहुरो उठाएर जमिनका धूलोलाई हिर्काए, तब भुसुनाहरू मानिसहरू र पशुहरूमाथि आए । मिश्र देशभरिको धूलो भुसुना भए । **१८**तर जब
ती जादूगरहरूले तिनीहरूका गुप्त कलाद्वारा भुसुना निकाल्न खोजे, तिनीहरूले सकेनन् । अनि ती भुसुनाहरू मानिसहरू र पशुहरूमाथि रहे ।

**१९**ती जादूगरहरूले फिरऊनलाई भने, "यो त परमेश्‍वरकै हातको काम हो ।" तर फिरऊनको हृदय परमप्रभुले भन्नुभएझैँ कठोर थियो, र तिनले सुन्‍न मानेनन् ।

## झीँगाको विपत्ति

**२०**फेरि परमप्रभुले मोशालाई भन्नुभयो, "बिहानै उठ् र फिरऊन नदीमा जाँदा त्यसलाई सामना गरेर त्यसलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः मेरा मानिसहरूलाई जान दे, र तिनीहरूले मेरो सेवा गरून् । **२१**तैँले मेरा
मानिसहरूलाई जान दिइनस् भने म तँमाथि र तेरा अधिकारीहरूमाथि, तेरा मानिसहरूमाथि अनि तेरा घरहरूमा हूलका हूल झीँगाहरू पठाउनेछु । मिश्रीहरूका घरहरू र तिनीहरू बसेका जमिन पनि झीँगाले भरिनेछ ।

**२२**"'तर त्यस दिन म मेरा मानिसहरू बस्ने गोशेनको प्रान्त प्रति बेग्लै किसिमले व्यवहार गर्नेछु; त्यहाँ झीँगाको कुनै हूल हुनेछैन, र तैँले जान्‍नेछस् कि, म परमप्रभु, यस देशमा छु ।
**२३**म मेरा मानिसहरू र तेरा मानिसहरूमा भिन्‍नता पार्नेछु । यो आश्‍चर्यपूर्ण चिन्ह भोलि हुनेछ ।'"

**२४**अनि परमप्रभुले त्यसै गर्नुभयो । फिरऊनको महलमा र तिनका अधिकारीहरूका घरहरूभित्र धेरै मात्रामा झीँगाका हूल खनिए, र सम्पूर्ण मिश्रदेश झीँगाहरूद्वारा बरबाद भयो ।

**२५**तब फिरऊनले मोशा र हारूनलाई बोलाइपठाएर भने, "जाओ, र यस देशभित्रै आफ्ना परमेश्‍वरको निम्ति बलिदान चढ़ाओ ।"

**२६**तर मोशाले भने, "यो ठीक नहोला । हामीले परमप्रभुलाई चढ़ाएको बलिदान मिश्रीहरूले घिन मान्छन् । हामीले तिनीहरूका दृष्टिमा घिन लाग्ने बलिदान चढ़ायौं भने के तिनीहरूले हामीलाई ढुङ्गाले हान्‍नेछैनन् र ?
**२७**हामीलाई परमप्रभुले आज्ञा गर्नुभएझैँ, हामीले तीन दिनको यात्रा गरेर उजाड़-स्थानमा गई उहाँको निम्ति बलिदान चढ़ाउनुपर्छ ।"

**२८**फिरऊनले भने, "म तिमीहरूलाई उजाड़-स्थानमा गएर परमप्रभु तिमीहरूका

---

**८:१९**–लूका ११:२०.

परमेश्वरको निम्ति बलिदान चढ़ाउन जानदिनेछु,
तर धेरै टाढा नजाओ। अब मेरो निम्ति प्रार्थना
गरिदेओ।"
**२९**मोशाले जवाफ दिए, "म तपाईंबाट जाने
बित्तिकै, म परमप्रभुसित प्रार्थना गर्नेछु र भोलि
यी भ्भींगाहरूले तपाईं, तपाईंका अधिकारीहरू
र तपाईंका मानिसहरूलाई छोड़ेर जानेछन्।
तर यी मानिसहरूलाई परमप्रभुको निम्ति
बलिदान चढ़ाउन जान नदिएर तपाईंले फेरि
छलपूर्ण काम नगर्न निश्चय गर्नुहोला।"
**३०**तब मोशा फिरऊनकहाँबाट गएर
परमप्रभुलाई प्रार्थना चढ़ाए, **३१**परमप्रभुले
मोशाले मागेअनुसार गरिदिनुभयो: ती भ्भींगाहरू
फिरऊनलाई, तिनका अधिकारीहरूलाई र
तिनका मानिसहरूलाई छोड़ेर गइहाले;
एउटै भ्भींगा पनि रहेन। **३२**तर यस पल्ट पनि
फिरऊनले आफ्नो हृदय कठोर पारे र
मानिसहरूलाई जान दिएनन्।

### गाईवस्तुमाथि विपत्ति

**९** फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"फिरऊनकहाँ गएर त्यसलाई भन्,
'परमप्रभु, हिब्रूहरूका परमेश्वर यसो भन्नुहुन्छ:
"मेरा मानिसहरूलाई जान दे, र तिनीहरूले मेरो
आराधना गरून्।" **२**तैंले तिनीहरूलाई जान
नदिएर रोकिराखिस् भने, **३**परमप्रभुको हातले
तेरा खेतमा भएका पशुहरू– तेरा घोड़ाहरू,
गधाहरू, ऊँटहरू र तेरा गाईवस्तु र भेड़ा-
बाखामाथि एउटा डरलाग्दो रूढ़ी ल्याउनेछ।
**४**तर परमप्रभुले इस्राएलका गाईवस्तु अनि मिश्रका
गाईवस्तुको बीचमा एउटा भिन्नता पार्नुहुनेछ,
र इस्राएलीहरूका कुनै पनि पशु मर्नेछैन।'"
**५**परमप्रभुले एउटा निश्चित समय ठहराएर
भन्नुभयो, "भोलि यस देशमा परमप्रभुले यो
गर्नुहुनेछ।" **६**अनि भोलिपल्ट परमप्रभुले त्यो
गर्नुभयो: मिश्रका सबै गाईवस्तु मरे, तर
इस्राएलीहरूका एउटै पशु पनि मरेन।
**७**फिरऊनले यो जाँच गर्न मानिसहरू पठाए
अनि इस्राएलीहरूका एउटै पनि पशु नमरेको
थाहा पाए। तर पनि तिनको हृदय कठोर रह्यो
र तिनले मानिसहरूलाई जानदिएनन्।

### खटिराको विपत्ति

**८**फेरि परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, "भट्टीबाट आफ्ना-आफ्ना हातमा
खरानी लेओ अनि मोशाले फिरऊनको
उपस्थितिमा त्यो छरिदेओस्। **९**त्यो मिश्रदेशभरि
मसिनो धूलो हुनेछ, अनि देशभरिका मानिसहरूमा
र पशुहरूमा अति कष्टदायक खटिरा
निस्कनेछन्।"
**१०**यसकारण तिनीहरू भट्टीबाट खरानी
लिएर फिरऊनको सामुन्ने खड़ा भए। मोशाले
त्यसलाई हावामा छरिदिए, अनि मानिसहरू र
पशुहरूमा अति कष्टदायक खटिरा निस्के।
**११**ती खटिरा जादूगरहरू र सारा मिश्रीहरूमाथि
भएको कारण ती जादूगरहरू मोशाको सामुन्ने
खड़ा रहन सकेनन्। **१२**तर परमप्रभुले
फिरऊनको हृदय कठोर पारिदिनुभयो र
परमप्रभुले मोशालाई भन्नुभएभैँ, तिनले मोशा
र हारूनका कुरा सुनेनन्।

### असिनाको विपत्ति

**१३**फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"बिहान सबेरै उठ, अनि फिरऊनलाई सामना
गरेर त्यसलाई भन्, 'परमप्रभु, हिब्रूहरूका
परमेश्वर यसो भन्नुहुन्छ: मेरा मानिसहरूलाई
जान दे, र तिनीहरूले मेरो आराधना गरून्,
**१४**नत्र यसपल्ट म मेरो सम्पूर्ण विपत्तिहरू
तँमाथि, तेरा अधिकारीहरू, तेरा मानिसहरूको
विरुद्धमा पठाउनेछु, र तिमीहरूले सारा पृथ्वीमा
मजस्तो अरू कोही छैन भनी जान्नेछौ।
**१५**किनकि अहिले सम्ममा मैले आफ्नो हात
पसारेर तँ र तेरा मानिसहरूमाथि विपत्तिले
प्रहार गर्नसक्ने थिएँ, जसले तिमीहरूलाई
संसारबाट नाउँ निशानै मेटिदिनेथियो। **१६**तर
मैले त आफ्नो शक्ति तँलाई देखाऊँ र मेरो

---

**९:१०**–प्रकाश १६:२. **९:१६**–रोमी ९:१७.

नाउँ पृथ्वीभरि घोषणा गरियोस् भन्ने उदेश्यले
तँलाई खड़ा गरेको छु । **१७**तैंले त अझ पनि
मेरा मानिसहरूलाई जान नदिनको लागि
तिनीहरूको विरुद्धमा आफैलाई खड़ा गरेको
छस् । **१८**यसकारण, भोलि यस समयमा म
यस्तो भयानक असिना पठाउनेछु, जुन मिश्र
देश स्थापित भएको समयदेखि अहिलेसम्म
खसेको छैन । **१९**यसकारण तेरा गाईवस्तु,
तेरा खेतमा भएको हरेक कुरा एउटा सुरक्षित
ठाउँमा ल्याउन भनी अहिले हुकुम दे, किनकि
भित्र नल्याइएका अनि खेतमै रहेको प्रत्येक मानिस
र पशुमाथि असिना बर्सिनेछ, र ती मर्नेछन् ।'"
**२०**परमप्रभुको वचनदेखि डराउने फिरऊनका
अधिकारीहरूले आफ्ना दासहरू र पशुहरूलाई
भित्र ल्याउन हतार गरे । **२१**तर परमप्रभुको
वचनको अवहेलना गर्नेहरूले आफ्ना दासहरू
र पशुहरू खेतमै छोड़िराखे ।
**२२**तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो हात आकाशतिर पसार् र मिश्रमा
मानिसहरूमाथि, पशुहरूमाथि र मिश्रको खेतमा
बढ़दै गरेको प्रत्येक कुरामाथि असिना परोस् ।"
**२३**जब मोशाले आफ्नो लहुरो आकाशतिर
पसारे, तब परमप्रभुले गर्जन र असिना
पठाउनुभयो, अनि बिजुली चम्केर जमिनसम्मै
पऱ्यो । यसरी परमप्रभुले मिश्रदेशमा असिना
वर्षाउनुभयो; **२४**असिना खसे, र बिजुली जतातते
चम्कयो । मिश्रदेश एउटा राष्ट्र भएदेखि परेको
असिनामा यो सबैभन्दा नराम्रो थियो । **२५**समस्त
मिश्रभरि असिनाले खेतमा भएका सबै कुराहरू,
मानिसहरू र पशुहरू दुवैलाई प्रहार गऱ्यो;
यसले खेतमा बढ़िरहेका सबै कुरालाई चुट्यो
र प्रत्येक रूखलाई नाङ्गो बनायो । **२६**असिना
नपरेको ठाउँ इस्राएलीहरू बसेको गोशेनको
प्रान्त मात्र थियो ।
**२७**तब फिरऊनले मोशा र हारूनलाई
बोलाइपठाए । तिनले उनीहरूलाई भने,
"यसपल्ट मैले पाप गरें । परमप्रभु ठीक हुनुहुन्छ,
अनि म र मेरा मानिसहरू भूलमा छौं ।
**२८**परमप्रभुसित बिन्ती गरिदेओ, किनकि
हामीलाई गर्जन र असिना ज्यादै भयो । म
तिमीहरूलाई जानदिनेछु; तिमीहरू अब एकै
क्षण पनि बस्न पर्दैन ।"
**२९**मोशाले जवाफ दिए, "म यस शहरबाट
बाहिर गइसकेपछि, म परमप्रभुसित बिन्ती गर्दै
आफ्ना हात पसार्नेछु । गर्जन थामिनेछ, असिना
फेरि पर्नेछैन र तपाईंले यो पृथ्वी परमप्रभुकै
हो भनी चिन्नुहुनेछ । **३०**तर म जान्दछु कि
तपाईं र तपाईंका अधिकारीहरू अझ पनि
परमप्रभु परमेश्वरको डर मान्नुहुन्न ।"
**३१**(जौका बाला निस्केका र सनपाटका फूल
फुलेका हुनाले ती नष्ट भए । **३२**तर गहुँ र
कठिया-गहुँ ढिलो पाक्ने हुनाले नष्ट भएनन् ।)
**३३**तब मोशा फिरऊनकहाँबाट निस्केर शहर
बाहिर गए । तिनले आफ्ना हात परमप्रभुतिर
फैलाए; गर्जन र असिना थामिए र देशमा
पानी पर्न छाड्यो । **३४**जब फिरऊनले पानी,
असिना र गर्जन थामिएका देखे तब तिनले
फेरि पाप गरे: उनले र उनका अधिकारीहरूले
आफ्ना हृदय कठोर गरे । **३५**फिरऊनको हृदय
कठोर भयो, परमप्रभुले मोशालाई भन्नुभएझैं
तिनले इस्राएलीहरूलाई जान दिएनन् ।

## सलहहरूको विपत्ति

**१०** फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
"फिरऊनकहाँ जा, किनकि मैले त्यसको
हृदय र त्यसका अधिकारीहरूका हृदयहरू
कठोर तुल्याइदिएको छु ताकि म तिनीहरूमाथि
आफ्ना यी अचम्मका चिन्हहरू गर्नसकूँ, **२**अनि
मैले मिश्रीहरूसित कति कड़ा व्यवहार गरें र
मैले कसरी तिनीहरूबीच मेरो चिन्हहरू गरें
भनी तैंले आफ्ना छोराछोरीहरू र नाति-
नातिनीहरूलाई भन्नेछस्, र तिमीहरूले म नै
परमप्रभु हुँ भनी जान्नेछौ ।"
**३**यसकारण मोशा र हारून फिरऊनकहाँ
गएर तिनलाई भने, "परमप्रभु, हिब्रूहरूका
परमेश्वर यसो भन्नुहुन्छ: 'मेरो अगि आफैलाई

**९:२४** –प्रकाश ८:७; १६:२१.

नम्र तुल्याउन तँ कहिलेसम्म अस्वीकार
गर्छस् ? मेरा मानिसहरूलाई जान दे, र
तिनीहरूले मेरो आराधना गरून् । **४**तैंले
तिनीहरूलाई जानदिन अस्वीकार गरिस् भने,
म भोलि तेरो देशमा सलहहरू ल्याउनेछु ।
**५**तिनीहरूले जमिन नदेखिने गरी ढाक्नेछन् ।
असिनापछि अलिअलि जे छोड़िएका छन्
तिनीहरूले ती सबै र तिमीहरूका खेतहरूमा
बढ़दै गरेका प्रत्येक रूखलाई खाइदिनेछन् ।
**६**तिनीहरूले तेरा घरहरू, तेरा सबै
अधिकारीहरूका र सारा मिश्रीहरूका घरहरू
भर्नेछन्, जो नता तेरा पिताले, नता तेरा पिता-
पुर्खाहरूले यस देशमा बसोबास गरेको
समयदेखि अहिलेसम्म देखेका छन् ।'" तब मोशा
फर्के अनि फिरऊनलाई छोड़ेर गए ।

**७**फिरऊनका अधिकारीहरूले तिनलाई भने,
"यो मानिस कहिलेसम्म हाम्रो निम्ति पासो बन्ने ?
यी मानिसहरू जाऊन् र परमप्रभु तिनीहरूका
परमेश्वरको आराधना गरून् । मिश्रदेश नाश
भइसकेको के तपाईं अझ थाहा गर्नुहुन्न ?"

**८**तब मोशा र हारून फिरऊनकहाँ फर्काएर
ल्याइए । तिनले भने, "जाओ, गएर परमप्रभु
तिमीहरूका परमेश्वरको आराधना गर । तर
जानेहरूचाहिँ को-को हुन् ?"

**९**मोशाले जवाफ दिए, "हामी आफ्ना
सानाठूलासित, आफ्ना छोराछोरीहरूसित, आफ्ना
बगाल र बथानसित जानेछौं, किनकि हामीले
परमप्रभुको निम्ति चाड़ मनाउनुपर्छ ।"

**१०**फिरऊनले भने, "परमप्रभु तिमीहरूसित
होऊन् । के मैले तिमीहरूलाई आफ्ना स्त्रीहरू
र छोराछोरीहरूसमेत जानदिने ? तिमीहरूले
दुष्ट चाल चल्दैछौ भन्ने कुरा स्पष्ट छ ।
**११**होइन ! लोग्नेमानिसहरू मात्र गएर परमप्रभुको
आराधना गरून्, जसको लागि तिमीहरूले बिन्ती
गरिरहेका छौ ।" तब मोशा र हारून
फिरऊनको उपस्थितिबाट निकालिए ।

**१२**अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"तेरो हात मिश्रमाथि पसार् र सलहहरूको हूल
यस देशमा आएर खेतमा बढ़िरहेका सबै
कुराहरू, असिनाले छोड़ेका सबै कुरा खाऊन् ।"

**१३**यसकारण मोशाले आफ्नो लहुरो मिश्रमाथि
पसारे, अनि परमप्रभुले देशको चारैतिर दिनभरि
र रातभरि पूर्वीय बतास चलाइदिनुभयो ।
बिहानसम्ममा बतासले सलहहरू ल्याएको थियो;
**१४**तिनीहरूले सम्पूर्ण मिश्रलाई आक्रमण गरे
र देशका सबै भागहरूमा धेरै सङ्ख्यामा
बसे । यसअघि कहिल्यै पनि सलहको यस्तो
विपत्ति भएको थिएन, नता फेरि त्यो कहिल्यै
हुनेछ । **१५**तिनीहरूले सम्पूर्ण जमिनलाई कालो
हुनेगरी ढाके । तिनीहरूले असिनाले छोड़ेका
सबै अर्थात् खेतमा उम्रेका हरेक कुरा र रूखमा
भएका सबै फलहरू खाए । मिश्र देशभरिका
रूखहरू अथवा बोटबिरूवाहरूमा हरियो केही
रहेन ।

**१६**फिरऊनले तुरुन्तै मोशा र हारूनलाई
बोलाइपठाएर भने, "मैले परमप्रभु तिमीहरूका
परमेश्वर र तिमीहरूको विरुद्धमा पाप गरेको
छु । **१७**अब फेरि एकपल्ट मेरो पाप क्षमा
गरिदेओ र यो घातक विपत्ति मबाट लगिदेऊन्
भनी परमप्रभु तिमीहरूका परमेश्वरसित बिन्ती
गरिदेओ ।"

**१८**तब मोशा फिरऊनलाई छोड़ेर गइहाले
र परमप्रभुसित प्रार्थना गरे । **१९**अनि परमप्रभुले
बतासलाई प्रचण्डसित पश्चिमे बतासमा
परिणत गरिदिनुभयो, जसले सलहहरूलाई
समातिकन उड़ाएर लाल समुद्रमा पुऱ्याइदियो ।
मिश्रमा कतैपनि एउटै सलह पनि छोड़िएन ।
**२०**तर परमप्रभुले फिरऊनको हृदय कठोर
पारिदिनुभयो, र तिनले इस्राएलीहरूलाई जान
दिएनन् ।

### अन्धकारको विपत्ति

**२१**तब परमेश्वरले मोशालाई भन्नुभयो,
"तेरो हात आकाशतिर पसार् र मिश्रमाथि
अँध्यारो फैलियोस्– छाम्दा पनि थाहा पाउने जस्तो
अन्धकार ।" **२२**यसकारण मोशाले आफ्नो हात

**१०:१४-१५**–प्रकाश ९:२-३. **१०:२२**–भजनसंग्रह १०५:२८; प्रकाश १६:१०.

आकाशतिर पसारे, र मिश्रभरि तीन दिनसम्म
घनघोर अन्धकार भयो । **२३**तीन दिनसम्म
कसैले अरूलाई देख्नसकेन र आफ्नो ठाउँ छोड्न
सकेन । तरै पनि इस्राएलीहरूका निम्ति त
तिनीहरू बसेको सबै ठाउँमा उज्यालो थियो ।
**२४**तब फिरऊनले मोशालाई बोलाइपठाए
र भने, "जाऊ, परमप्रभुको आराधना गर ।
तिमीहरूका स्त्रीहरू र छोराछोरीहरू पनि
तिमीहरूसित जानसक्छन्; केवल तिमीहरूका
बथान र बगाल मात्र पछि छोड़िराख ।"
**२५**तर मोशाले भने, "तपाईंले हामीलाई
परमप्रभु हाम्रा परमेश्‍वरको निम्ति बलिदान र
होमबलि चढ़ाउन दिनुपर्छ । **२६**हाम्रा गाईवस्तु
पनि हामीसित जानुपर्छ र एउटा खूरसम्म
पनि पछि छाड़िनेछैन । हामीले तीमध्ये
कुनैकुनै परमप्रभु हाम्रा परमेश्‍वरलाई पुज्नलाई
चलाउनुपर्छ, जबसम्म हामी त्यहाँ पुग्दैनौं
तबसम्म हामीलाई थाहा हुँदैन कि के-के चढ़ाएर
हामीले परमप्रभुलाई पुज्नुपर्छ ।"
**२७**तर परमप्रभुले फिरऊनको हृदय कठोर
पारिदिनुभयो, अनि उनीहरूलाई जान दिन तिनी
राजी भएनन् । **२८**फिरऊनले मोशालाई भने,
"मेरो दृष्टिदेखि हटिजा ! अब फेरि मेरो सामुन्ने
तँ देखा पर्दै नपर् ! तैंले मेरो अनुहार देखेको
दिन तँ मर्नेछस् ।"
**२९**मोशाले जवाफ दिए, "तपाईंले भन्नुभएझैँ
म फेरि तपाईंको सामुन्ने देखापर्नेछैनँ ।"

## जेठाहरूमाथि विपत्ति

**११** फेरि परमेश्‍वरले मोशालाई भन्नुभयो,
"म फिरऊन र मिश्रमाथि अझै एउटा
विपत्ति ल्याउनेछु । त्यसपछि, त्यसले तिमीहरूलाई
जानदिनेछ, जब त्यसले जानदिनेछ, त्यसले
तिमीहरूलाई पूर्णरूपले निकालिदिनेछ ।
**२**मानिसहरूलाई पुरुष र स्त्री दुवैले आफ्ना
छिमेकीहरूसँग चाँदी र सुनका चीजहरू माग्नू
भनेर भन् ।" **३**(परमप्रभुले मिश्रीहरूलाई यी
मानिसहरूप्रति निगाहपूर्ण व्यवहार गर्ने
तुल्याउनुभयो, मोशा आफैले पनि फिरऊन र
तिनका अधिकारीहरू र मानिसहरूद्वारा अति
मानसम्मान पाएका थिए ।)
**४**यसकारण मोशाले भने, "परमप्रभु यसो
भन्नुहुन्छ: 'मध्यराततिर म मिश्रको बीचबाट
भएर जानेछु । **५**मिश्रमा भएको प्रत्येक जेठो
छोरा मर्नेछ । सिंहासनमा बस्ने फिरऊनको
जेठा छोरादेखि लिएर, जाँतो पिँध्ने दासीको
जेठा छोराहरूसम्म, र पशुहरूको पनि प्रत्येक
जेठो सबै मर्नेछन् । **६**मिश्रभरि चर्को विलाप
हुनेछ, पहिले कतै भएकोभन्दा र पछि कतै
हुनेभन्दा पनि दु:खदायक । **७**तर इस्राएलीहरूका
बीचमा भने कुनै मानिसलाई अथवा पशुलाई
एउटा कुकुरले पनि भुक्नेछैन ।' तब तिमीहरूले
जान्नेछौ, कि परमप्रभुले मिश्र र इस्राएलको
बीचमा भिन्नता राख्नुहुन्छ । **८**तेरा यी सबै
अधिकारीहरू मकहाँ मलाई दण्डवत् गर्दै यसो
भन्दै आउनेछन्, 'तपाईं र तपाईंका पछि
लाग्ने मानिसहरू जानुहोस् !' त्यसपछि म
निस्किजानेछु ।" तब अत्यन्त क्रोधित भएर
मोशा फिरऊनकहाँबाट गइहाले ।
**९**परमप्रभुले मोशालाई भन्नुभएको थियो,
"मिश्रमा मेरा अचम्मका कामहरू बढ़दैजाऊन्
भनेर फिरऊनले तेरो कुरा सुन्न इन्कार
गर्नेछ ।" **१०**मोशा र हारूनले फिरऊनको अगि
यी सबै अचम्मका कामहरू गरे, तर परमप्रभुले
फिरऊनको हृदय कठोर पारिदिनुभयो, र
तिनले इस्राएलीहरूलाई आफ्नो देशबाट जान
दिएनन् ।

## निस्तार-चाड़को स्थापना

**१२** परमप्रभुले मोशा र हारूनलाई मिश्रमा
भन्नुभयो, **२**"यो महिना तिमीहरूको
लागि महिनाहरूको शुरू, वर्षको पहिलो महिना
हुनेछ । **३**इस्राएलका सम्पूर्ण समुदायलाई प्रत्येक
मानिसले यो महिनाको दशौं दिनमा आफ्नो
परिवारको लागि प्रत्येक घरानाअनुसार एउटा
थुमा लिनुपर्छ भनी भन् । **४**कुनै घराना एउटा

---

**१२:१-१३**–लेवी २३:५; गन्ती ९:१-५; २८:१६; व्यवस्था १६:१-२.

सिङ्गै थुमाको लागि एकदमै सानो छ भने,
तिनीहरूले मानिसहरूको सङ्ख्याको हिसाबले
एउटा थुमा आफ्नो नजीकैको छिमेकीसित मिलेर
खाऊन् । हरेक मानिसले कति खानसक्छ भन्ने
हिसाबले थुमा कति चाहिन्छ भनी तैंले निर्णय
गर्नू । **५**तैंले रोज्नुपर्ने पशु खोटरहितको एकवर्षे
पाठो हुनुपर्छ, अनि तैंले त्यो भेड़ा कि बाख्राबाट
लिन सक्नेछस् । **६**तिनीहरूलाई तिमीहरूले
महिनाको चौधौं दिनसम्म देखरेख गर्नू, र
इस्राएलको समुदायका सबै मानिसहरूले
तिनीहरूलाई साँझपख मारून् । **७**तब तिनीहरूले
केही रगत लिएर जुन घरमा तिनीहरूले थुमा
खान्छन् त्यसका चौकोसका दुईपट्टिका र
माथिल्ला खामाहरूमा लगाऊन् । **८**त्यही रात
तिनीहरूले त्यो मासु आगोमा पोलेर, तीते साग
र खमीर नहालेका रोटीसित खाऊन् । **९**त्यो
मासु काँचो अथवा पानीमा पकाएर नखानू,
तर त्यसलाई आगोमा पोल्नू– टाउको, खुट्टाहरू
अनि भित्री भागहरू । **१०**त्यसको केही भाग पनि
बिहानसम्म नराख्नू; बिहानसम्म केही रहचो
भने, त्यसलाई जलाइदिनू । **११**त्यसलाई तिमीहरूले
यसरी खानू: तिमीहरूका लबेदा पटुकामा
सिउरेर, खुट्टामा जुत्ता लगाएर र तिमीहरूका
लहुरो हातमा लिएर । त्यसलाई हतारसित खानू;
यो परमप्रभुको निस्तार-चाड़ हो ।

**१२**"त्यही रात म मिश्रबाट भएर जानेछु
अनि मानिसहरू र पशुहरूका प्रत्येक जेठोमाथि
प्रहार गर्नेछु र मिश्रका सबै देवताहरूमाथि
इन्साफ ल्याउनेछु । म परमप्रभु हुँ । **१३**त्यो
रगत तिमीहरू बसेका घरहरूमा चिन्ह हुनेछ;
अनि जब म रगत देख्नेछु, म तिमीहरूलाई
छोड़ेर जानेछु । मैले मिश्रमाथि प्रहार गर्दा
तिमीहरूलाई कुनै पनि नाश गर्ने विपत्तिले
छुनेछैन ।

**१४**"यस दिनलाई तिमीहरूको स्मरणमा
राख्नू; अनि आउने पुस्ताको निम्ति तिमीहरूले
यसलाई परमप्रभुको चाड़को हिसाबले मान्नू–
यो सदाको निम्ति एउटा धार्मिक विधि हो ।
**१५**सात दिनसम्म तिमीहरूले खमीर नहालेको
रोटी खानू । पहिलो दिन आफ्ना घरहरूबाट
खमीर निकाल्नू, किनकि जसले पहिलो दिनदेखि
लिएर सातौं दिनसम्म खमीर हालेको केही खान्छ
त्यो इस्राएलदेखि बहिष्कृत होस् । **१६**पहिलो
दिन एउटा पवित्र सभा आयोजना गर, र अर्को
सभा सातौं दिनमा गर । प्रत्येकले खानलाई
भोजन तयार गर्नुबाहेक यी सबै दिनहरूमा
पटक्कै काम नगर्नू; भोजन बनाउने काममात्र
तिमीहरू गर्न सक्छौ ।

**१७**"अखमीरे रोटीको चाड़ मनाओ, किनकि
यो त्यही दिन हो जसमा मैले तिमीहरूका
दलहरूलाई मिश्रबाट ल्याएँ । यस दिनलाई
भावी पुस्ताको लागि एउटा अनन्तको धार्मिक
विधिस्वरूप मनाओ । **१८**पहिलो महिनाको चौधौं
दिनको साँझदेखि एक्काइसौं दिनको साँझसम्म
तिमीहरूले खमीर नहालेको रोटी खानू । **१९**सात
दिनसम्म तिमीहरूका घरहरूमा खमीर पटक्कै
नभेटियोस् । अनि जसले खमीर मिसाएर केही
कुरा खान्छ, त्यो परदेशी होस् वा स्वदेशमै
जन्मेको होस्, त्यसलाई इस्राएलको समुदायबाट
बहिष्कार गर्नू । **२०**खमीर मिसाएर केही कुरा
पनि नखानू । तिमीहरू जहीं बसे तापनि खमीर
नमिसाएको रोटीनै खानू ।"

**२१**तब मोशाले इस्राएलका सबै बूढाप्रधान-
हरूलाई बोलाएर तिनीहरूलाई भने, "झट्टै गएर
तिमीहरूका परिवारहरूका निम्ति पशुहरू
रोज र निस्तार-चाड़को पाठो मार । **२२**हिसपको
एउटा झुप्पा लिएर भाँड़ामा भएको रगतमा
चोप, र केही रगत चौकोसका माथिल्लो र
दुवैतिरका खामामा लगाऊ । बिहानसम्म आफ्नो
घरदेखि कोही पनि बाहिर ननिस्किोस् । **२३**जब
परमप्रभु मिश्रीहरूलाई प्रहार गर्नलाई यस
देशबाट भएर जानुहुनेछ, उहाँले चौकोसका
माथिल्ला र दुई छेउका खामाहरूमा रगत
देख्नुहुनेछ, अनि उहाँले त्यस ढोकालाई
नाघेर जानुहुनेछ र नाशकर्तालाई नाश गर्न
तिमीहरूका घरमा पस्न दिनुहुनेछैन ।

---

**१२:१४–२०**–प्रस्थान २३:१५; ३४:१८; लेवी २३:६-८; गन्ती २८:१७-२५; व्यवस्था १६:३-८. **१२:२३**–हिब्रू ११:२८.

**२४**"यस निर्देशनलाई तिमीहरू र
तिमीहरूका सन्तानको लागि एउटा अनन्तको
धार्मिक विधिस्वरूप पालन गर्नू । **२५**जब
तिमीहरू परमप्रभुले प्रतिज्ञा गर्नुभएको देशमा
प्रवेश गर्नेछौ, यस उत्सवलाई मनाओ । **२६**अनि
जब तिमीहरूका छोराछोरीहरूले तिमीहरूलाई
'तपाईंहरूको निम्ति यस उत्सवको अर्थ के
हो ?' भनी सोध्छन्, **२७**तब तिनीहरूलाई भन्नू,
'यो परमप्रभुको निम्ति निस्तारको बलिदान हो,
उहाँले मिश्रमा इस्राएलीहरूका घरहरूलाई
छोड्नुभयो र मिश्रीहरूलाई प्रहार गर्नुहुँदा
हाम्रा परिवारहरूलाई जोगाइराख्नुभयो' ।" तब
मानिसहरूले शिर निहुराएर आराधना गरे ।
**२८**इस्राएलीहरूले परमप्रभुले मोशा र हारूनलाई
आज्ञा गर्नुभएबमोजिम नै गरे ।

**२९**मध्यरातमा परमप्रभुले सिंहासनमा बस्ने
फिरऊनको जेठा छोरादेखि लिएर झ्यालखानमा
भएको कैदीको जेठा छोरा, र सबै गाईबस्तुहरूका
पहिला जन्मेकाहरू समेत, मिश्रदेशका पहिलो
जन्मेकाहरू सबैलाई मार्नुभयो । **३०**फिरऊन र
तिनका सबै अधिकारीहरू र सारा मिश्रीहरू राती
नै उठे, र मिश्रमा ठूलो रुवाबासी भयो, किनकि
त्यहाँ कोही नमरेको एउटै पनि घर थिएन ।

### प्रस्थान

**३१**रातको समयमा फिरऊनले मोशा र
हारूनलाई बोलाइपठाएर भने, "तिमीहरू र
सारा इस्राएलीहरू उठ ! अनि मेरा
मानिसहरूलाई छोड़िदेओ ! जाओ, र तिमीहरूले
बिन्ती गरेझैँ परमप्रभुको आराधना गर ।
**३२**तिमीहरूका बगाल र बथान पनि तिमीहरूले
भनेझैँ लगेर जाओ अनि मलाई पनि आशिष्
देओ ।"

**३३**मिश्रीहरूले ती मानिसहरूलाई झट्टै देश
छोड़िदिनु भनेर बिन्ती गरे । तिनीहरूले भने,
"नत्रता हामी सबै मर्नेछौं !" **३४**यसकारण
मानिसहरूले आफ्ना मुछेको पीठो खमीर हाल्न
अघि नै मुछ्ने भाँड़ामा लुगाले बेह्रेर आफ्ना
काँधमा बोके । **३५**इस्राएलीहरूले मोशाले भनेझैँ
गरे अनि मिश्रीहरूबाट चाँदी र सुनका
सामग्रीहरू अनि लुगाहरू मागे । **३६**परमप्रभुले
मानिसहरूलाई मिश्रीहरूको निगाहमा राखि-
दिनुभयो र तिनीहरूले उनीहरूले मागेका सबै
कुराहरू दिए; यसरी तिनीहरूले मिश्रीहरूलाई
लुटे ।

**३७**इस्राएलीहरूले रामसेसदेखि सुक्कोतसम्म
यात्रा गरे । स्त्री र केटाकेटीहरू छोड़ेर त्यहाँ
लगभग छ लाख पैदल हिँड़ने मानिसहरू
थिए । **३८**अरू धेरै मानिसहरूका पनि साथसाथै
बगाल र बथानसित गाईवस्तुको ठूलो हूल
पनि तिनीहरूसित लागे । **३९**मिश्रबाट ल्याएका
मुछेको पीठोबाट तिनीहरूले खमीर नहालेका
रोटीहरू पकाए । त्यो मुछेको पीठो खमीर
रहित थियो, किनकि तिनीहरू मिश्रबाट
धपाइएका थिए र तिनीहरूसित आफ्ना भोजन
बनाउने समय पनि थिएन ।

**४०**इस्राएलीहरू मिश्रमा बसेको चार सय
तीस वर्ष भइसकेको थियो । **४१**चार सय तीस
वर्षको अन्त्यमा, त्यही दिन, परमप्रभुको सम्पूर्ण
दलले मिश्र छोड़े । **४२**तिनीहरूलाई मिश्रबाट
बाहिर निकाल्नलाई त्यस रात परमप्रभुले
हेरचाह गर्नुभएको कारण, सारा इस्राएलीहरू
पनि भावी पुस्तामा परमप्रभुलाई सम्मान दिनको
निम्ति त्यस रात जागा रहनुपर्छ ।

### निस्तार-चाड़का नियमहरू

**४३**परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
"निस्तार-चाड़को नियमहरू यिनै हुन्:

"यसबाट कुनै विदेशीले खानु हुँदैन ।
**४४**तिमीहरूले किनेका हरेक कमाराले
तिमीहरूले त्यसलाई खतना गरिदिएपछि यसबाट
खाओस्, **४५**तर केही दिन बस्ने मानिस र
ज्यालादारी नोकरले यसबाट नखाओस् ।

**४६**"त्यो एउटै घरभित्र खाइनुपर्छ; मासुबाट

---

**१२:२९**–प्रस्थान ४:२२-२३. **१२:३५-३६**–प्रस्थान ३:२१-२२. **१२:४०**–उत्पत्ति १५:१३; गलाती ३:१७.
**१२:४६**–गन्ती ९:१२; यूहन्ना १९:३६.

अलिकता पनि घरबाट बाहिर नलैजानू। त्यसका
कुनै हाड़ पनि नभाँच्नू । **४७**इस्राएलका सम्पूर्ण
समुदायले त्यो उत्सव मनाउनु नै पर्छ ।
**४८**"तिमीहरूसित बस्ने कुनै परदेशीले
परमप्रभुको निस्तार-चाड़को उत्सव मनाउन
चाहन्छ भने त्यसले आफ्नो परिवारका सबै
पुरुषहरूको खतना गराउनुपर्छ; तब त्यसले
स्वदेशमा जन्मेकाले झैँ त्यसमा भाग
लिनसक्छ। खतना नभएको कुनै पुरुषले यसबाट
खान पाउनेछैन। **४९**तिमीहरूसित बस्ने स्वदेशी
अनि विदेशीको लागि यही नियम लाग्ने छ।"
**५०**सारा इस्राएलीहरूले परमप्रभुले मोशा
र हारूनलाई आज्ञा दिनुभएबमोजिम गरे ।
**५१**अनि त्यही दिन परमप्रभुले इस्राएलीहरूलाई
मिश्रबाट तिनीहरूका दलअनुसार बाहिर
निकालेर ल्याउनुभयो ।

### जेठा-जेठाहरूको अर्पण

**१३** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"पहिले
जन्मेका प्रत्येक पुरुषलाई मेरो निम्ति
अर्पण गर् । इस्राएलीहरूबीच गर्भको हरेक–
पहिलो फल मेरो हो, चाहे त्यो मानिस होस्
वा पशु ।"
**३**तब मोशाले मानिसहरूलाई भने, "यस
दिनलाई सम्झना गर, जुन दिन तिमीहरू
मिश्रबाट, अर्थात् दासत्वको देशबाट निस्केर
आयौ, किनकि परमप्रभुले तिमीहरूलाई शक्तिशाली
हातले त्यसबाट बाहिर निकालिल्याउनुभयो ।
खमीर भएको कुनै कुरा नखाओ । **४**आज,
आबीब महिनामा, तिमीहरू निस्कँदैछौ । **५**जब
परमप्रभुले तिमीहरूलाई कनानीहरू, हित्तीहरू,
एमोरीहरू, हिव्वीहरू अनि यबूसीहरूको देश–
उहाँले तिमीहरूका पिता-पुर्खाहरूलाई दिनेछु
भनेर शपथ खानुभएको दूध र मह बहने देशमा
ल्याउनुहुनेछ, तब तिमीहरूले यही महिनामा
यो उत्सव मनाउनुपर्छ; **६**सात दिनसम्म खमीर
नहालेको रोटी खानू र सातौं दिनमा परमप्रभुको
निम्ति चाड़ मनाउनू । **७**ती सात दिनहरूमा
खमीर नहालेको रोटी खानू; तिमीहरूका
साँधसिमानाभित्र खमीर भएका चीज र खमीर
देखिनुहुँदैन । **८**त्यस दिन तिमीहरूले आफ्ना
छोरालाई भन्नू, 'म मिश्रबाट निस्केर आउँदा
परमप्रभुले मेरो लागि जे गर्नुभयो त्यसको लागि
म यो गर्छु।' **९**परमप्रभुको व्यवस्था तिमीहरूका
ओठमा रहोस् भनी यो रीति तिमीहरूको हातमा
एउटा चिन्हस्वरूप र तिमीहरूको निधारमा
एउटा सम्झना दिलाउने कुरो हुनेछ । किनकि
परमप्रभुले तिमीहरूलाई मिश्रबाट उहाँको
शक्तिशाली हातले निकालेर ल्याउनुभयो ।
**१०**तिमीहरूले यो रीति वर्षैपिच्छे तोकिएको
समयमा पालन गर्नुपर्छ ।
**११**"उहाँले तिमीहरू र तिमीहरूका पिता-
पुर्खाहरूसित शपथद्वारा प्रतिज्ञा गर्नुभएझैँ,
परमप्रभुले तिमीहरूलाई कनानीहरूको देशमा
ल्याएर त्यो तिमीहरूलाई दिनुभएपछि,
**१२**तिमीहरूले प्रत्येक गर्भको पहिलो फल
परमप्रभुलाई दिनुपर्छ । तिमीहरूका पशुका
पहिले जन्मेका सबै परमप्रभुकै हुन् । **१३**पहिले
जन्मेको गधालाई एउटा पाठो दिएर छुटाउनू,
तर तिमीहरूले त्यसलाई छुटाएनौ भने, त्यसको
घाँटी भाँचिदिनू । तिमीहरूका छोराहरूमध्ये
जेठालाई छुटाउनू ।
**१४**"भविष्यमा जब तिमीहरूका छोराले
'यसको अर्थ के हो ?' भनी सोध्नेछ तब
त्यसलाई भन्नू, 'परमप्रभुले हामीलाई शक्तिशाली
हातले दासत्वको देश मिश्रबाट निकालेर
ल्याउनुभयो । **१५**जब फिरऊनले हठी भएर
हामीलाई जान दिएनन्, परमप्रभुले मिश्रमा
मानिस र पशुबाट पहिले जन्मेका हरेकलाई
मार्नुभयो। यसैकारण म प्रत्येक गर्भको पहिलो
फललाई परमप्रभुको निम्ति बलिदान गर्छु र
मेरा पहिला जन्मेका प्रत्येक छोरालाई
छुटाउँछु।' **१६**अनि परमप्रभुले हामीलाई मिश्रबाट
शक्तिशाली हातले निकालिल्याउनुभयो भन्ने
यो तिमीहरूका हातमा चिन्हस्वरूप र
निधारमा संकेतस्वरूप हुनेछ ।"

---

**१३:२**–गन्ती ३:१३; लूका २:२३. **१३:१२**–प्रस्थान ३४:१९-२०; लूका २:२३.

### इस्राएलीहरूको एथामसम्मको यात्रा

**१७**जब फिरऊनले ती मानिसहरूलाई
जानदिए, परमप्रभुले तिनीहरूलाई पलिश्तीहरूको
देश भएर डोऱ्याउनुभएन, यद्यपि त्यो छोटो
थियो । किनकि परमेश्वरले भन्नुभयो,
"तिनीहरूले युद्धको सामना गर्नुपऱ्यो भने,
तिनीहरूले आफ्ना मन परिवर्तन गरेर
मिश्रतिरै फर्कन सक्छन् ।" **१८**यसकारण
परमेश्वरले मानिसहरूलाई घुमाएर लाल
समुद्रतिर जाने उजाड़-स्थानको बाटोमा
डोऱ्याउनुभयो। इस्राएलीहरू मिश्रबाट लड़ाइँको
लागि हात-हतियारले सुसज्जित भई निस्के ।
**१९**मोशाले आफूसित यूसुफको अस्थि लगे,
किनकि यूसुफले इस्राएलका छोराहरूलाई शपथ
खान लाएका थिए । तिनले भनेका थिए,
"परमेश्वर निश्चय तिमीहरूको सहायताको
निम्ति आउनुहुनेछ, र तिमीहरूले मेरो अस्थि
यस ठाउँबाट आफूसित लैजानपर्छ ।"
**२०**सुक्कोत छोड़ेपछि तिनीहरू उजाड़-
स्थानको नजीकै एथाममा पाल टाँगेर बसे ।
**२१**तिनीहरू दिन र रात यात्रा गर्न सकून्
भनेर दिउँसो परमप्रभु तिनीहरूलाई बाटोमा
डोऱ्याउनलाई बादलको खामोमा र राती
तिनीहरूलाई प्रकाश दिनलाई आगोको खामोमा
तिनीहरूका अगिअगि जानुभयो। **२२**नता दिउँसो
बादलको खामोले नता राती आगोको खामोले
मानिसहरूका अगिअगि जान कहिल्यै छोड्यो।
**१४** तब परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूलाई पछि फर्केर मिग्दोल
र समुद्रको बीचमा पी-हहीरोतको छेउमा पाल
टाँगेर बस्नू भन् । तिनीहरू बाल-सेफोनको
ठीक विपरीत समुद्रनेर डेरा हालेर बसून् ।
**३**फिरऊनले विचार गर्नेछ, 'इस्राएलीहरू त
उजाड़-स्थानमा थुना परेर अस्तव्यस्त भई देशमा
यताउता निरुद्देश्य भई– डुलिरहेका छन् ।'
**४**अनि म फिरऊनको हृदय कठोर पार्नेछु, र
त्यसले तिनीहरूलाई खेद्नेछ । तर म फिरऊन
र त्यसका फौजबाट आफ्नो महिमा लिनेछु, अनि
मिश्रीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।"
यसकारण इस्राएलीहरूले त्यसै गरे ।
**५**जब मिश्रको राजालाई ती मानिसहरू
भागे भनी बताइयो, फिरऊन अनि तिनका
अधिकारीहरूले तिनीहरूको विषयमा आफ्ना
मन बदले र भने, "हामीले यो के गऱ्यौं ?
हामीले इस्राएलीहरूलाई जान दिएर तिनीहरूका
सेवा गुमायौं !" **६**यसकारण तिनले आफ्नो रथ
तयार गराए, अनि आफ्नो फौज आफूसित
लिए । **७**तिनले आफ्ना उत्तम रथहरूमध्ये
छ सयओटा लिए, र साथमा मिश्रका अरू
रथहरूमाथि पदाधिकारीहरू सवार गराए ।
**८**परमप्रभुले मिश्रको राजा फिरऊनको हृदय
कठोर पारिदिनुभयो, र तिनले साहससित
अगि बढ़िरहेका इस्राएलीहरूलाई खेदे ।
**९**मिश्रीहरू– फिरऊनका सबै घोड़ाहरू, रथहरू,
घोड़सवारहरू र सेनाले इस्राएलीहरूलाई खेदे
र बाल-सेफोनको विपरीत पी-हहीरोतको नजीक
समुद्रनेर डेरा हालेर बसेको बेलामा तिनीहरूलाई
भेटे ।
**१०**फिरऊन नजीक आइपुग्दा, इस्राएलीहरूले
आँखा उठाएर हेरे, र मिश्रीहरूलाई तिनीहरूको
पछि आइरहेका देखे । तिनीहरू साह्रै डराएर
परमप्रभुलाई पुकारा गरे । **११**तिनीहरूले
मोशालाई भने, "के मिश्रमा चिहानहरू थिएनन्
र तपाईंले हामीलाई यस उजाड़-स्थानमा मर्न
भनी ल्याउनुभयो ? हामीलाई मिश्रबाट यहाँ
ल्याएर तपाईंले हामीलाई यो के गर्नुभएको ?
**१२**के हामीले मिश्रमा तपाईंलाई 'हामीलाई त्यसै
छोड़िदिनुहोस्; हामीलाई मिश्रीहरूको सेवा गर्न
दिनुहोस्' भनेका थिएनौं र ? यस उजाड़-स्थानमा
मर्नभन्दा त हामीलाई मिश्रीहरूको सेवा गर्नु
असल हुने थियो ।"
**१३**मोशाले मानिसहरूलाई जवाफ दिए,
"नडराओ । दृढ़तासाथ खड़ा रहो । आज
परमप्रभुले तिमीहरूमा ल्याउनुहुने छुटकारा
तिमीहरूले देख्नेछौ । तिमीहरूले आज देखेका
मिश्रीहरूलाई फेरि कहिल्यै देख्नेछैनौ ।

---

**१३:१९**–उत्पत्ति ५०:२५; यहोशू २४:३२.

**१४**परमप्रभुले तिमीहरूको पक्षमा युद्ध गर्नुहुनेछ;
तिमीहरू केवल शान्त भई बस्न खाँचो छ।"
**१५**तब परमप्रभुले मोशालाई भन्नुभयो,
"तिमीहरू किन मेरो पुकारा गर्छौ ?
इस्राएलीहरूलाई अगि बढ्न भन् । **१६**तेरो
लहुरो उठा, र इस्राएलीहरू समुद्र भएर ओबानो
जमिनबाट जाऊन् भनेर पानी दुई भाग गर्नलाई
तेरो हात पसार् । **१७**म मिश्रीहरूको हृदय
कठोर पारिदिनेछु र तिनीहरू उनीहरूको
पछिपछि समुद्रभित्र जानेछन् । अनि म
फिरऊन र त्यसका फौजद्वारा, त्यसका रथहरू
र त्यसका घोड़सवारहरूद्वारा महिमित हुनेछु।
**१८**जब फिरऊन, त्यसका रथहरू र त्यसका
घोड़सवारहरूद्वारा मेरो महिमा हुनेछ, तब
मिश्रीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्।"
**१९**त्यसपछि इस्राएली फौजको अगिअगि
यात्रा गरिरहेका परमेश्वरका स्वर्ग दूत पछि
सरेर तिनीहरूका पछिल्तिर गए । बादलको
खामो पनि अघिल्तिरबाट सरेर तिनीहरूका
पछिल्तिर उभियो, **२०**अनि मिश्र र इस्राएलीहरूका
फौजका बीचमा आयो। रातभरि त्यस बादलले
एकातिर अँध्यारो र अर्कोतिर उज्यालो ल्यायो।
यसकारण, रातभरि एकपट्टिको मानिस अर्कोपट्टि
गएन।
**२१**तब मोशाले समुद्रमाथि आफ्ना हात
पसारे र रातभरि परमप्रभुले शक्तिशाली पूर्वीय
बतास चलाएर समुद्रलाई पछिल्तिर ठेलिदिनुभयो,
अनि त्यसलाई ओबानो जमिनमा परिणत
गरिदिनुभयो । पानी दुई भाग भयो, **२२**अनि
इस्राएलीहरू समुद्रबीच ओबानो जमिनबाट भएर
गए, तिनीहरूका दाहिने र देब्रेतिर पानीका
पर्खाल खड़ा भयो।
**२३**ती मिश्रीहरूले तिनीहरूलाई खेदे र
फिरऊनका सबै घोड़ाहरू, रथहरू र घोड़-
सवारहरूले तिनीहरूलाई समुद्रमा पछ्याए।
**२४**रातको पछिल्लो पहरमा परमप्रभुले आगो
र बादलको खामोबाट मिश्री फौजलाई तल
हेर्नुभयो र तिनीहरूलाई अलमल्ल पारिदिनुभयो।
**२५**उहाँले रथहरूका पाङ्ग्राहरू फुस्काइदिनुभयो
र तिनीहरूलाई कुदाउन कठिन पऱ्यो । अनि
मिश्रीहरूले भने, "हामी इस्राएलीहरूदेखि
भागौं ! परमप्रभु तिनीहरूको पक्षमा भई
मिश्रीहरूको विरुद्धमा युद्ध गर्दैहुनुहुन्छ।"
**२६**तब परमप्रभुले मोशालाई भन्नुभयो,
"पानी मिश्रीहरू, तिनीहरूका रथहरू र
घोड़सवारहरूमाथि पछिल्तिर फर्केर ओइरियोस्
भनेर तेरो हात समुद्रमाथि पसार्।" **२७**मोशाले
आफ्ना हात समुद्रमाथि पसारे र बिहान समुद्र
फेरि आफ्नो ठाउँमा सऱ्यो। मिश्रीहरू त्यतैपट्टि
भाग्दैथिए र परमप्रभुले तिनीहरूलाई सोहोरेर
समुद्रमा हालिदिनुभयो। **२८**पानी पछिल्तिर बह्यो
र इस्राएलीहरूलाई समुद्रमा पछिबाट लखेट्न
रथहरू र घोड़सवारहरू, अर्थात् फिरऊनको
सम्पूर्ण फौजलाई ढाकिदियो । तिनीहरूमध्ये
एउटै पनि बाँचेन।
**२९**तर इस्राएलीहरू त तिनीहरूका दाहिने
र देब्रेतिर पानीका पर्खाल भएकाले समुद्रबाट
ओबानो जमिन भएर गए । **३०**त्यस दिन
परमप्रभुले इस्राएलीहरूलाई मिश्रीहरूका हातबाट
बचाउनुभयो, अनि इस्राएलीहरूले मिश्रीहरूलाई
किनारमा मरेर पल्टिरहेका देखे । **३१**जब
परमप्रभुले मिश्रीहरूको विरुद्धमा महान् शक्ति
देखाउनुभएको इस्राएलीहरूले देखे, तब मानिसहरू
परमप्रभुसित डराए र आफ्नो भरोसा परमप्रभु
र उहाँको दास मोशामाथि राखे।

### मोशा र मिरियमको स्तुति

**१५** तब मोशा र इस्राएलीहरूले परमप्रभुको
निम्ति यो स्तुति गाए:

"म परमप्रभुको निम्ति गाउनेछु,
किनकि उहाँ अति उच्च पारिनुभएको
छ।
घोड़ा र त्यसको सवारलाई
उहाँले समुद्रमा फालिदिनुभएको छ।
२ परमप्रभु नै मेरो बल र गीत हुनुहुन्छ;
अनि उहाँ मेरा उद्धार हुनुभएको छ।

**१४:२२**–१ कोरिन्थी १०:१-२; हिब्रू ११:२९. **१५:१**–प्रकाश १५:३. **१५:२**–भजनसंग्रह ११८:१४; यशैया १२:२.

उहाँ मेरा परमेश्‍वर हुनुहुन्छ, र म
उहाँको प्रशंसा गर्नेछु,
मेरा पिता-पुर्खाका परमेश्‍वर,
अनि म उहाँको नाउँलाई उच्च
पार्नेछु ।
३ परमप्रभु नै योद्धा हुनुहुन्छ;
उहाँको नाउँ परमप्रभु हो ।
४ फिरऊनका रथहरू र त्यसका फौजलाई
उहाँले समुद्रमा फालिदिनुभएको छ ।
फिरऊनका सर्वोत्तम पदाधिकारीहरू
लाल समुद्रमा डुबाइएका छन् ।
५ गहिरा पानीले तिनीहरूलाई छोपे,
तिनीहरू गहिराइमा ढुङ्गाझैँ डुबिगएका
छन् ।

६ "तपाईंको दाहिने हात, हे परमप्रभु,
शक्तिमा गौरवशाली थियो ।
तपाईंको दाहिने हातले, हे परमप्रभु,
शत्रुलाई छरपष्ट पारिदियो ।
७ तपाईंका गौरवको महानतामा
तपाईंलाई विरोध गर्नेहरूलाई तपाईंले
फ्याँकिदिनुभयो ।
तपाईंले आफ्नो क्रोधको ज्वाला
पोखाउनुभयो;
त्यसले तिनीहरूलाई ठोसाझैँ भष्म
पारिदियो ।
८ तपाईंका नाकको सासको वेगले
पानीको थुप्रो लाग्यो,
तरङ्गले भरिएका पानीहरू दृढ
पर्खालझैँ खड़ा भए;
गहिरो पानी समुद्रको गहिराइमा
जमिहाल्यो ।

९ "शत्रुले यसरी घमण्ड गर्‍यो,
'म तिनीहरूलाई खेद्नेछु, म
तिनीहरूलाई भेट्नेछु,
म लुटिएका सामानहरू बाँड्नेछु;
म तिनीहरूलाई चेपारोमा पार्नेछु ।
म आफ्नो तरवार थुत्नेछु
र मेरो हातले तिनीहरूलाई नाश
पार्नेछु ।'
१० तर तपाईंले आफ्नो सास फुक्नुभयो,
अनि समुद्रले तिनीहरूलाई ढाकिहाल्यो ।
तिनीहरू शक्तिशाली पानीमा सीसाझैँ
डुबे ।

११ "हे परमप्रभु, देवताहरूमा को तपाईंझैँ
छ र ?
पवित्रतामा अति गौरवशाली,
महिमामा भययोग्य,
अनि अचम्मका काम गर्नुहुने
तपाईंजस्तै को छ र ?
१२ तपाईंले आफ्नो दाहिने हात पसार्नुभयो
अनि पृथ्वीले तिनीहरूलाई निलिहाल्यो ।

१३ "तपाईंले आफ्नो नटुङ्गिने प्रेमले
आफूले छुटकारा दिएका मानिसहरूलाई
डोर्‍याउनुहुनेछ ।
तपाईंको शक्तिमा तपाईंले तिनीहरूलाई
आफ्नो पवित्र बासस्थानमा अगुवाइ
गर्नुहुनेछ ।
१४ जातिहरूले सुन्नेछन् र काँप्नेछन्;
पलिश्ती देशका मानिसहरूलाई बेदनाले
पक्रनेछ ।
१५ एदोमका अधिपतिहरू भयभीत हुनेछन्,
मोआबका अगुवाहरूलाई कम्पले पक्रनेछ,
कनानका सारा मानिसहरू बिलिजानेछन्;
१६ हे प्रभु, तपाईंका प्रजा पार नहोउञ्जेल,
तपाईंले किन्नुभएका प्रजा पार नहोउञ्जेल
तपाईंका पाखुराको शक्तिले उनीहरू
पत्थरझैँ अचल रहनेछन् ।
१७ तपाईंले तिनीहरूलाई भित्र ल्याएर
तपाईंको आफ्नो अधिकारको पर्वतमा
रोप्नुहुनेछ,
त्यो ठाउँमा, हे परमप्रभु, जसलाई तपाईंले
आफ्नो लागि बासस्थान बनाउनुभयो,
त्यो पवित्रस्थानमा, हे परमप्रभु, जसलाई
तपाईंका हातहरूले स्थापित गरे ।
१८ परमप्रभुले सदासर्वदै राज्य गर्नुहुनेछ ।"

**१९**जब फिरऊनका घोड़ाहरू, रथहरू र
घोड़सवारहरू समुद्रभित्र पसे, तब परमप्रभुले
समुद्रको पानी फर्काएर तिनीहरूमाथि

ल्याइदिनुभयो, तर इस्राएलीहरू त समुद्रबीचबाट
ओबानो जमिनमाथि हिँडे । २०तब हारूनकी
दिदी, अगमवादिनी मिरियमले आफ्नो हातमा
एउटा खैँजड़ी लिइन्, अनि अरू स्त्रीहरूले पनि
खैँजड़ी लिएर नाच्तै तिनको पछि लागे ।
२१मिरियमले तिनीहरूको निम्ति गीत गाइन्:

"परमप्रभुको निम्ति स्तुति गाओ,
किनकि उहाँ उच्च पारिनुभएको छ ।
घोड़ा र त्यसको सवारलाई
उहाँले समुद्रमा फालिदिनुभएको छ ।"

## मारा र एलीमका पानी

२२तब मोशाले इस्राएललाई लाल समुद्रबाट
लगे र तिनीहरू सूरको उजाड़-स्थानभित्र पसे ।
तीन दिनसम्म तिनीहरू उजाड़-स्थानमा पानी
नपाई यात्रा गरे । २३जब तिनीहरू मारा आइपुगे,
तिनीहरूले पानी पिउन सकेनन्, किनकि त्यो
तीतो थियो । (त्यसैकारण, त्यस ठाउँलाई
मारा भनिन्छ ।) २४यसकारण मानिसहरू
मोशाको विरुद्धमा यसो भन्दै गनगनाए, "हामीले
के पिउने ?"

२५तब मोशाले परमप्रभुको पुकारा गरे, र
परमप्रभुले तिनलाई एउटा काठको टुक्रा
देखाउनुभयो । तिनले त्यसलाई पानीमा
फालिदिए, अनि त्यो पानी मीठो भयो ।

त्यहाँ परमप्रभुले तिनीहरूको निम्ति एक
विधि र विधान बनाउनुभयो, अनि त्यहाँ
तिनीहरूको जाँच गर्नुभयो । २६उहाँले भन्नुभयो,
"तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरको
आवाज ध्यानसित सुन्यौ र उहाँको दृष्टिमा जे
ठीक छन् ती गर्‍यौ, तिमीहरूले उहाँका आज्ञाहरूमा
ध्यान दियौ र उहाँका सबै विधिहरू पालन गर्‍यौ
भने, मैले मिश्रीहरूमाथि ल्याएका रोगहरू म
तिमीहरूमाथि ल्याउनेछैनँ, किनकि म परमप्रभु
हुँ, जसले तिमीहरूलाई निको पार्नुहुन्छ ।"

२७तब तिनीहरू एलीममा आइपुगे, जहाँ
बाह्रओटा पानीका मूलहरू र सत्तरीओटा
खजूरका रूखहरू थिए । अनि तिनीहरू पानीको
नजीक पाल टाँगेर बसे ।

## मन्न र बट्टै चराहरू

१६ इस्राएलीहरूका सारा समुदाय एलीमबाट
यात्रा शुरू गरेर, मिश्रबाट तिनीहरू
निस्केर आएको दोस्रो महिनाको पन्ध्रौं दिनमा
एलीम र सीनैको बीचमा भएको सीनको उजाड़-
स्थानमा आइपुगे । २उजाड़-स्थानमा सारा समुदाय
मोशा र हारूनको विरुद्धमा गनगनाए ।
३इस्राएलीहरूले तिनीहरूलाई भने, "हामी
मिश्रमै परमप्रभुका हातद्वारा मरेका भए पनि
हुनेथियो ! त्यहाँ हामी मासुका भाँड़ाको
वरिपरि बस्थ्यौं र हामीले चाहेका सबै भोजनहरू
खान्थ्यौं, तर तपाईंले हामीलाई निकालेर यस
उजाड़-स्थानमा यो सारा समुदायलाई भोकले
मार्नलाई ल्याउनुभयो ।"

४तब परमप्रभुले मोशालाई भन्नुभयो,
"म तिमीहरूको लागि स्वर्गबाट रोटी
बर्षाइदिनेछु । मानिसहरू हरेक दिन बाहिर
गएर त्यस दिनको लागि पर्याप्त बटुलून् । यस
किसिमले म तिनीहरूले मेरा आज्ञाहरू मान्छन्
कि मान्दैनन् भनी तिनीहरूलाई जाँच्नेछु । ५छैटौं
दिनमा तिनीहरूले जे भित्र ल्याउनेछन् त्यसलाई
तयार पारिराखून्, र त्यो अरू दिन बटुलेको
भन्दा दोबर होस् ।

६यसकारण मोशा र हारूनले सारा
इस्राएलीहरूलाई भने, "बेलुका तिमीहरूले
जान्नेछौ कि तिमीहरूलाई मिश्रदेखि निकालेर
ल्याउनुहुने परमप्रभु नै हुनुहुन्छ, ७अनि बिहान
तिमीहरूले परमप्रभुको महिमा देख्नेछौ, किनकि
तिमीहरूले उहाँको विरुद्धमा गनगनाएको उहाँले
सुन्नुभएको छ । हामी को हौं, र तिमीहरू
हाम्रो विरुद्धमा गनगनाउँछौ ?" ८मोशाले यो
पनि भने, "जब परमप्रभुले तिमीहरूलाई बेलुका
खानलाई मासु र चाहे जति रोटी बिहान
दिनुहुन्छ, त्यो दिनुहुने परमप्रभुनै हुनुहुन्छ भनी
तिमीहरूले जान्नेछौ, किनकि तिमीहरूले उहाँको

१६:४–यूहन्ना ६:३१.

विरुद्धमा गनगनाएको उहाँले सुन्नुभएको छ । हामी त को हौं र ? तिमीहरू हाम्रो विरुद्धमा गनगनाइरहेका छैनौ, तर परमेश्‍वरको विरुद्धमा गनगनाइरहेका छौ ।"

**९**तब मोशाले हारूनलाई भने, "इस्राएलका सारा समुदायलाई भन्नुहोस्, 'परमप्रभुको सामुन्ने आओ, किनकि उहाँले तिमीहरूको गनगन सुन्नुभएको छ ।'"

**१०**हारून सारा इस्राएली समुदायसित बोलिरहेको बेला तिनीहरूले उजाड़-स्थानतिर हेरे, अनि त्यहाँ बादलमा परमप्रभुको महिमा देखियो ।

**११**परमप्रभुले मोशालाई भन्नुभयो, **१२**"मैले
इस्राएलीहरूको गनगन सुनेको छु । तिनीहरूलाई भन्, 'बेलुकी तिमीहरूले मासु खानेछौ र बिहान तिमीहरू रोटीले तृप्त हुनेछौ । तब तिमीहरूले म नै परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ भनी तिमीहरूले थाहा पाउनेछौ ।"

**१३**त्यस बेलुकी बट्टै चराहरू आएर छाउनी नै ढाके, अनि बिहान छाउनीको चारैतिर शीत
पर्‍यो । **१४**शीत सुकेपछि, उजाड़-स्थानको
जमिनमा तुसारो जस्ता डल्लाहरू देखापरे ।
**१५**जब इस्राएलीहरूले त्यसलाई देखे, तिनीहरूले आपसमा भने, "यो के हो ?" किनकि त्यो के थियो तिनीहरू जान्दैनथिए ।

मोशाले तिनीहरूलाई भने, "यो परमप्रभुले खान भनी तिमीहरूलाई दिनुभएको रोटी हो ।
**१६**परमप्रभुले यसो भनी आज्ञा दिनुभएको छः 'हरेकले आफूलाई चाहिएजति बटुल्नू । तिमीहरूसित पालभित्र भएका हरेक व्यक्तिको निम्ति एक ओमेर लिनू ।'"

**१७**इस्राएलीहरूले तिनीहरूलाई भनेझैँ गरे; कसैले धेरै बटुले, कसैले थोरै । **१८**जब तिनीहरूले
त्यो ओमेरले नापे, तब धेरै बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन । तिनीहरू हरेकले आफूले खाने जति नै बटुले ।

**१९**अनि मोशाले तिनीहरूलाई भने, "कसैले पनि यसको केही भाग बिहानसम्म नराखोस् ।"

**२०**तैपनि, कोहीकोहीले मोशाको कुरामा ध्यान दिएनन्; र त्यसको केही भाग बिहानसम्म राखे । तर त्यो कीरा लागेर गन्हाउनथाल्यो । यसकारण मोशा तिनीहरूसित क्रोधित भए ।

**२१**प्रत्येक बिहान हरेकले आफूलाई चाहिनेजति बटुल्थे, अनि घाम छिप्पिएपछि त्यो
बिलाइहाल्थ्यो । **२२**छैटौं दिनमा भने, तिनीहरूले दोब्बर, अर्थात् हरेकको लागि दुई ओमेर बटुले, अनि समुदायका अगुवाहरूले यो कुरा मोशालाई
भनिदिए । **२३**तिनले उनीहरूलाई भने, "परमप्रभुले यसो भनी आज्ञा गर्नुभएको छः 'भोलि परमप्रभुको निम्ति पवित्र विश्राम-दिन हुनुपर्छ, । तिमीहरू जे पकाउन चाहन्छौ त्यो पकाओ अनि जे उमाल्न चाहन्छौ उमाल । जे उब्रिन्छ त्यो बिहानसम्म राख ।'"

**२४**यसकारण तिनीहरूले त्यसलाई मोशाले भनेझैँ बिहानसम्म राखे र त्यो गन्हाएन अथवा
त्यसमा कीरा परेन । **२५**मोशाले भने, "त्यो आज खाऊ, किनकि आज परमप्रभुको निम्ति विश्राम-दिन हो । तिमीहरूले त्यसको केही
भाग पनि आज मैदानमा पाउनेछैनौ । **२६**छ
दिन तिमीहरूले त्यो बटुल्नुपर्छ, तर सातौं दिन, अर्थात् विश्राम-दिनमा केही पनि पाइनेछैन ।"

**२७**तैपनि, केही मानिसहरू ती बटुल्नलाई सातौं दिनमा बाहिर गए, तर तिनीहरूले केही
भेटेनन् । **२८**तब परमप्रभुले मोशालाई भन्नुभयो, "कहिलेसम्म तिमीहरू मेरा आज्ञा र अर्तीहरू
पालन गर्न अस्वीकार गर्नेछौ ? **२९**यो कुरा मनमा राख कि परमप्रभुले तिमीहरूको निम्ति विश्राम-दिन दिनुभएको छ; यसैकारण छैटौं दिनमा उहाँले तिमीहरूलाई दुई दिनको लागि रोटी दिनुभएको छ । सातौं दिन तिमीहरू हरेक जहाँ छौ त्यहीँ बस; कोही बाहिर
नजाओस् ।" **३०**यसकारण मानिसहरूले सातौं दिनमा विश्राम गरे ।

**३१**अनि इस्राएलका मानिसहरूले त्यस रोटीलाई मन्न भने । त्यो धनियाँको बीउजस्तो सेतो देखिन्थ्यो भने स्वादचाहिँ मह मिसाएर

---

**१६:१५**–१ कोरिन्थी १०:३. **१६:१८**–२ कोरिन्थी ८:१५. **१६:२३**–प्रस्थान २०:८-११. **१६:३१**–गन्ती ११:७-८.

बनाएको बाबरजस्तो थियो । **३२**मोशाले भने,
“परमप्रभुले यसो भनी आज्ञा दिनुभएको छः
‘एक ओमेर मन्न लिएर आउने पुस्ताको लागि
राख्नू र तिनीहरूले मैले तिमीहरूलाई मिश्रदेखि
निकालेर ल्याउँदा उजाड़-स्थानमा तिमीहरूलाई
खानदिएको रोटी देखून् ।’”

**३३**यसकारण मोशाले हारूनलाई भने,
“एउटा भाँड़ा लिएर त्यसमा एक ओमेर
मन्न हाल्नुहोस् । अनि आउने पुस्ताको लागि
परमप्रभुको सामुन्ने त्यसलाई राख्नुहोस् ।”

**३४**परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ,
हारूनले त्यस मन्नलाई जोगाएर राख्न भनी
साक्षी-पाटीको सामुन्ने राखे । **३५**इस्राएलीहरूले
तिनीहरू बसोबास गर्ने देश कनानसम्म
आइनपुञ्जेल चालिस वर्षसम्म मन्न खाईरहे ।

**३६**(एक ओमेर भनेको एपाको दशौं खण्ड
हो ।)

### चट्टानबाट पानी

**१७** इस्राएलीहरूको सारा समुदाय परमप्रभुले
आज्ञागर्नुभएझैँ एक ठाउँदेखि अर्को ठाउँ
यात्रा गर्दै जानलाई सीनको उजाड़-स्थानबाट
निस्के । तिनीहरूले रपीदीममा डेरा बनाए, तर
त्यहाँ मानिसहरूका निम्ति पिउने पानी थिएन ।
**२**यसकारण तिनीहरूले मोशासित झगड़ा
गरेर भने, “हामीलाई पिउने पानी दिनुहोस् ।”

मोशाले जवाफ दिए, “तिमीहरू किन मसित
झगड़ा गर्छौ ? तिमीहरू किन परमप्रभुलाई
जाँच गर्छौ ?”

**३**तर ती मानिसहरू त्यहाँ पानीको निम्ति
तिर्खाएका थिए, अनि तिनीहरू मोशाको विरुद्धमा
गनगनाए । तिनीहरूले भने, “तपाईंले किन
मिश्रबाट निकालेर हामी, हाम्रा छोराछोरीहरू
र गाईबस्तुलाई तिर्खाले मर्न भनी ल्याउनुभयो ?”

**४**तब मोशाले परमप्रभुको पुकारा गरे, “म
यी मानिसहरूलाई के गरूँ ? तिनीहरू मलाई
ढुङ्गाले हिर्काउन तयार छन् ।”

**५**परमप्रभुले मोशालाई जवाफ दिनुभयो,
“इस्राएलीहरूका धर्म-गुरुहरूमध्ये कतिलाई
साथमा लिएर मानिसहरूका अगिअगि जा, र
तैंले नील नदीलाई हिर्काएको तेरो लहुरो पनि
आफ्नो हातमा लिएर जा । **६**त्यहाँ म होरेबमा
भएको चट्टानमा तेरो सामुन्ने उभिनेछु । त्यस
चट्टानलाई हिर्का, अनि त्यसबाट मानिसहरूले
पिउनलाई पानी निस्कनेछ ।” यसकारण मोशाले
इस्राएलका बूढ़ा-प्रधानहरूको सामुन्ने त्यसै
गरे । **७**“परमप्रभु हाम्रा बीचमा हुनुहुन्छ कि
हुनुहुन्न” भन्ने इस्राएलीहरूका झगड़ाको
कारण र तिनीहरूले परमप्रभुको परीक्षा
गरेको कारण त्यस ठाउँको नाउँ तिनले मस्सा
र मरीबा राखे ।

### अमालेकीहरू परास्त भएका

**८**अमालेकीहरूले आएर रपीदीममा
इस्राएलीहरूमाथि आक्रमण गरे । **९**मोशाले
यहोशूलाई भने, “हाम्रा मानिसहरूमध्ये केहीलाई
छानेर अमालेकीहरूसित लड़ाइँ गर्न जाऊ ।
भोलि म परमेश्वरको लहुरो हातमा लिएर
डाँड़ाको टाकुरामा खड़ा हुनेछु ।”

**१०**यसकारण मोशाले हुकुम गरेझैँ यहोशूले
अमालेकीहरूसित युद्ध गरे; अनि मोशा, हारून
र हूरचाहिँ डाँड़ाको टाकुरामा गए । **११**मोशाले
आफ्ना हातहरू उचालिरहुञ्जेल इस्राएलीहरूले
जित्थे, तर तिनले आफ्ना हातहरू तल
झार्नासाथ अमालेकीहरूले जित्थे । **१२**जब
मोशाका हातहरू गले, तिनीहरूले एउटा ढुङ्गा
लिएर त्यसलाई तिनी मुन्तिर राखिदिए र तिनी
त्यसमाथि बसे । हारून र हूरले सूर्यास्तसम्म
तिनका हातहरू स्थिर भइरहून् भनेर तिनका
हातहरू एक जनाले एकापट्टि र अर्कोले अर्कोपट्टि
पक्रिराख्थे । **१३**यसरी यहोशूले तरवारद्वारा
अमालेकीहरूको फौजलाई जिते ।

**१४**तब परमप्रभुले मोशालाई भन्नुभयो,
“यसलाई सम्झनपर्ने कुरास्वरूप एउटा

---

**१६:३३**–हिब्रू ९:४. **१६:३५**–यहोशू ५:१२. **१७:१-७**–गन्ती २०:१-१३. **१७:१४**–व्यवस्था २५:१७-१९;
१ शमूएल १५:२-९.

पुस्तकमा लेख्, अनि यहोशूले यो पक्कै सुनेकै
हुनुपर्छ, किनकि म अमालेकीहरूको सम्झना
आकाशमुनिदेखि बिलकुलै मेटिदिनेछु ।"
**१५**मोशाले एउटा वेदी बनाएर त्यसलाई
'परमप्रभु मेरा झण्डा हुनुहुन्छ' भने ।
**१६**तिनले भने, "परमप्रभुको सिंहासनतिर हातहरू
उचालिएकाले परमप्रभुले पुस्ता-पुस्तासम्म
अमालेकीहरूको विरुद्धमा लड़ाइँ गर्नुहुनेछ ।"

## यित्रोको मोशासित भेट

**१८** परमेश्‍वरले मोशा र आफ्नो प्रजा
इस्राएलको निम्ति गर्नुभएका सबै
कुराहरू र कसरी परमप्रभुले इस्राएलीहरूलाई
मिश्रदेशबाट बाहिर निकालिल्याउनुभएको थियो,
सो मिद्यानका पूजाहारी, मोशाका ससुरा यित्रोले
सुने ।
**२**मोशाले आफ्नी स्वास्नी सिप्पोरालाई
पठाइदिएपछि तिनका ससुरा यित्रोले सिप्पोरा,
**३**अनि तिनका दुई छोराहरूलाई लिए । एउटा
छोराको नाउँ गेर्शोम राखिएको थियो, किनकि
मोशाले "म परदेशमा प्रवासी भएको छु" भनेका
थिए; **४**अनि अर्कोको नाउँ एलीएजेर राखिएको
थियो, किनकि तिनले भने, "मेरा पिताका
परमेश्‍वर मेरो सहायक हुनुहुन्छ; उहाँले मलाई
फिरऊनको तरवारबाट बचाउनुभयो ।"
**५**मोशाका छोराहरू र पत्नी लिएर मोशाका
ससुरा यित्रो परमेश्‍वरको पर्वत नजीक मोशा
पाल टाँगेर बसेको उजाड़-स्थानमा आए ।
**६**यित्रोले मोशाकहाँ "म, तिम्रा ससुरा यित्रो,
तिम्री स्वास्नी र तिम्रा दुई छोराहरूसित तिमीकहाँ
आउँदैछु" भनेर खबर पठाएका थिए ।
**७**यसकारण मोशा निस्केर आफ्ना ससुरालाई
भेट्न गए र ढोगे अनि तिनलाई म्वाइँ खाए ।
तिनीहरू आपसमा अभिवादन गरेर पालभित्र
गए । **८**मोशाले आफ्ना ससुरालाई इस्राएलीहरूको
खातिर परमप्रभुले फिरऊन र मिश्रीहरूलाई
के गर्नुभएको थियो, तिनीहरूले बाटोमा कस्ता
कष्टहरू भोग्नुपरेको थियो, र कसरी परमप्रभुले
तिनीहरूलाई बचाउनुभएको थियो भन्‍ने विषयमा
हरेक कुरा बताए ।
**९**परमेश्‍वरले इस्राएलीहरूलाई मिश्रीहरूको
हातबाट छुटाउनलाई तिनीहरूको निम्ति कस्ता-
कस्ता असल कुराहरू गर्नुभएको थियो भन्‍ने
विषयमा सुनेर यित्रो आनन्दित भए । **१०**अनि
तिनले भने, "तिमीलाई मिश्रीहरू र फिरऊनका
हातबाट अनि मानिसहरूलाई मिश्रीहरूका
हातबाट छुटाउनुहुने परमप्रभुको प्रशंसा होस् ।
**११**अब मलाई थाहा भयो कि परमप्रभु अरू सबै
देवताहरूभन्दा महान् हुनुहुन्छ, किनकि उहाँले
इस्राएलीहरूसित अभिमानी व्यवहार गर्नेलाई यो
व्यवहार गर्नुभयो ।" **१२**तब मोशाका ससुरा यित्रोले
परमप्रभुको निम्ति एउटा होमबलि र अरू
बलिदानहरू ल्याए, अनि परमेश्‍वरको उपस्थितिमा
मोशाका ससुरासित रोटी खान भनी हारून
इस्राएलका अरू बूढ़ा-प्रधानहरूसित आए ।
**१३**भोलिपल्ट मोशा मानिसहरूको न्याय
गर्नलाई बसे, अनि मानिसहरूचाहिँ बिहानदेखि
बेलुकासम्म मोशाको वरिपरि उभिए ।
**१४**मोशाले मानिसहरूको लागि ती गरिरहेका
जब तिनका ससुराले देखे, तिनले भने, "तिमीले
मानिसहरूको लागि यो के गरिरहेका छौ ? यी
मानिसहरू बिहानदेखि बेलुकीसम्म तिम्रा
चारैतिर उभिरहँदा तिमी मात्र एक्लै किन
न्यायकर्ता भएर बसिरहन्छौ ?"
**१५**मोशाले आफ्ना ससुरालाई भने, "किनकि
मानिसहरू मकहाँ परमेश्‍वरको इच्छा खोज्न
आउँछन् । **१६**जब तिनीहरूबीच मतभेद हुन्छ,
तब त्यो मकहाँ ल्याउँछन् र मैले दुवै पक्षहरूको
बीचमा निर्णय गरेर तिनीहरूलाई परमेश्‍वरको
नियम र व्यवस्था बताइदिन्छु ।"
**१७**मोशाका ससुराले तिनलाई भने, "तिमीले
जे गर्दैछौ त्यो ठीक छैन । **१८**तिमी र तिमीकहाँ
आउने यी मानिसहरूले खालि आफैलाई मात्र
घोटाउनेछन् । यो काम तिम्रो निम्ति अति
गाह्रो छ; र तिमी एक्लैले यो गर्न सक्दैनौ ।
**१९**अब मेरो कुरा सुन, र म तिमीलाई केही

---

**१८:२–३**–प्रस्थान २:२१-२२. **१८:३**–प्रेरित ७:२९. **१८:१३–२७**–व्यवस्था १:९-१८.

सल्लाह दिनेछु, र परमेश्वर तिमीसित होऊन्।
तिमी परमेश्वरको सामुन्ने मानिसहरूका
प्रतिनिधि भएर तिनीहरूका मतभेदहरू उहाँकहाँ
लैजानू। **२०**तिनीहरूलाई नियम र व्यवस्थाहरू
सिकाऊ, अनि तिनीहरूलाई जिउने तरीका र
तिनीहरूले पालन गर्नुपर्ने कर्तव्य देखाइदेऊ।
**२१**तर सबै मानिसहरूबाट योग्य मानिसहरू,
अर्थात् परमेश्वरको डर मान्ने मानिसहरू,
बेइमानीसित लाभ गर्न घृणा गर्ने भरपर्दा
मानिसहरू रोज र तिनीहरूलाई हजार-हजार,
सय-सय, पचास-पचास र दश-दश जनामाथि
नायक नियुक्त गर। **२२**सब समय मानिसहरू-
माथि तिनीहरूले न्यायकर्ता भई सेवा गरून्,
तर तिनीहरूले हरेक गाह्रो मुद्दाहरूचाहिँ
तिम्रोसामु ल्याऊन्; तर सानासाना आफै निर्णय
गरून्। यसले तिम्रो भारी हलुङ्ग पारिदिनेछ,
किनकि त्यो तिमीसित तिनीहरूले पनि बोक्नेछन्।
**२३**तिमीले यसो गर्‍यौ र परमेश्वरले यस्तै आज्ञा
दिनुभयो भने, तिमीले भार उठाउन सक्नेछौ अनि
यी मानिसहरू सन्तुष्ट भई घर फर्कनेछन्।"

**२४**मोशाले आफ्ना ससुराको कुरा ध्यानसित
सुने अनि तिनले भनेका हरेक कुरा गरे।
**२५**तिनले इस्राएलभरिबाट योग्य मानिसहरू चुने
र तिनीहरूलाई मानिसहरूमाथि अगुवा अर्थात्
हजार-हजार, सय-सय, दश-दशजनामाथि
अधिकारीहरू तुल्याइदिए। **२६**तिनीहरूले हर
समय मानिसहरूमाथि न्यायकर्ताको रूपमा सेवा
गर्थे। कठिन मुद्दाहरू तिनीहरूले मोशाकहाँ
ल्याउँथे, तर हरेक मामूली कुरा तिनीहरू आफैले
इन्साफ गर्थे।

**२७**तब मोशाले आफ्ना ससुरालाई बिदा
गरे, अनि यित्रो आफ्नो देशको बाटो लागे।

### सीनै पर्वतमा

**१९** इस्राएलीहरूले मिश्र छाड़ेको तेस्रो
महिनाको ठीक त्यसै दिन तिनीहरू
सीनैको उजाड़-स्थानमा आए। **२**तिनीहरू
रपीदीमबाट हिँड़ेपछि सीनैको उजाड़-स्थानमा
प्रवेश गरे र इस्राएलीहरूले त्यही पर्वतको
सामुन्ने उजाड़-स्थानमा पाल टाँगेर बसे।

**३**तब मोशा परमेश्वरकहाँ माथि गए, अनि
परमप्रभुले पर्वतबाट तिनलाई हपारेर भन्नुभयो,
"तैँले याकूबको घरानालाई भन्नुपर्ने र
इस्राएलका मानिसहरूलाई बताउनुपर्ने यही
हो: **४**'मैले मिश्रलाई के गरें, मैले कसरी
तिमीहरूलाई गरुडको पखेटामा उड़ाएर म
आफैकहाँ ल्याएँ, त्यो तिमीहरू आफैले देखेका
छौ। **५**अब तिमीहरूले सम्पूर्ण रूपले मेरा
कुरा सुन्यौ र मेरा आज्ञाहरू पालन गर्‍यौ भने,
सबै जातिहरूमा तिमीहरू मेरा निज धन
हुनेछौ। सम्पूर्ण पृथ्वी मेरै भए तापनि, **६**तिमीहरू
मेरा निम्ति पूजाहारीहरूको एउटा राज्य र
एउटा पवित्र जाति हुनेछौ।' तैंले इस्राएलीहरूलाई
भन्नुपर्ने कुराहरू यिनै हुन्।"

**७**मोशा फर्किगए र मानिसहरूका बूढ़ा-
प्रधानहरूलाई बोलाइपठाए, अनि परमप्रभुले
तिनलाई भन्नु भनेर आज्ञा गर्नुभएका सबै
कुराहरू तिनीहरूका सामुन्ने राखिदिए। **८**ती
सबै मानिसहरूले एकसाथ जवाफ दिए,
"परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी
गर्नेछौं।" यसकारण मोशाले तिनीहरूका जवाफ
परमप्रभुकहाँ फर्काइल्याए।

**९**परमप्रभुले मोशालाई भन्नुभयो, "म तँकहाँ
बाक्लो बादलमा आउनेछु, ताकि मानिसहरूले
म तँसित कुरा गरेको सुनून् र तिनीहरूले
सधैं आफ्ना भरोसा तँमाथि राखून्।" तब मोशाले
परमप्रभुलाई मानिसहरूले भनेका कुरा भनिदिए।

**१०**अनि परमप्रभुले मोशालाई भन्नुभयो,
"मानिसहरूकहाँ गएर तिनीहरूलाई आज र
भोलि शुद्ध गर्। तिनीहरूले आफ्ना लुगा
धोऊन्, **११**अनि तेस्रो दिनको लागि तिनीहरू
तयार रहून्, किनकि त्यस दिन परमप्रभु सबै
मानिसहरूको दृष्टिमा सीनै पर्वतमा झरेर
आउनुहुनेछ। **१२**पर्वतको चारैतिर मानिसहरूका

**१९:५**–व्यवस्था ४:२०; ७:६; १४:२; २६:१८; तीतस २:१४. **१९:५-६**–१ पत्रुस २:९. **१९:६**–प्रकाश १:६; ५:१०.
**१९:१२-१३**–हिब्रू १२:१८-२०.

लागि सिमाना लगाएर तिनीहरूलाई भन्, 'होशियार रहो, तिमीहरू पर्वतमाथि नचढ़नू र त्यसको फेद नछुनू । जसले पर्वतलाई छुन्छ त्यो निश्चय मारिनेछ ।
**१३**त्यसलाई निश्चय ढुङ्गाले हानिनेछ अथवा काँड़ाहरूले हानिनेछ; कसैले त्यसमाथि हात उठाउनेछैन । मानिस होस् वा पशु, त्यो जीवित रहनेछैन ।' केवल तुरही लामो गरी बज्दा मात्र तिनीहरू पर्वतसम्म जाऊन् ।"

**१४**मोशा पर्वतबाट तल मानिसहरूकहाँ ओर्लेर आएपछि तिनले उनीहरूलाई शुद्ध गरे, अनि तिनीहरूले आफ्ना लुगा धोए ।
**१५**तब तिनले मानिसहरूलाई भने, "आफैलाई तेस्रो दिनको लागि तयार पार्नू । यौन सम्पर्कबाट अलग रहनू ।"

**१६**तेस्रो दिनको बिहान गर्जन भयो, बिजुली चम्क्यो र पर्वतमा बाक्लो बादल देखियो, अनि चर्को सोरले तुरही बजेको सुनियो । छाउनीमा भएको हरेक व्यक्ति काँप्यो ।
**१७**तब मोशाले मानिसहरूलाई परमेश्वरसित भेट्नलाई छाउनीबाहिर निकाले, अनि तिनीहरू पर्वतको फेदमा उभिए ।
**१८**सीनै पर्वत धूवाँले भरिएको थियो, किनकि परमप्रभु त्यहाँ आगोमा ओर्लनुभएको थियो । त्यस ठाउँबाट भट्टीबाट आएझैँ धूवाँको मुस्लो उठिरहेको थियो, सम्पूर्ण पर्वत जोरसित काँप्यो,
**१९**र तुरहीको सोर अझ चर्को हुँदै गयो । तब मोशा बोले र परमेश्वरको आवाजले तिनलाई जवाफ दियो ।

**२०**परमप्रभु सीनै डाँड़ाको टाकुरामा ओर्लनुभयो र मोशालाई डाँड़ाको टाकुरामा बोलाउनुभयो । यसकारण मोशा माथि गए,
**२१**अनि परमप्रभुले तिनलाई भन्नुभयो, "तल गएर मानिसहरूलाई चेतावनी दे र परमप्रभुलाई हेर्न भनी तिनीहरू बलपूर्वक नआऊन् र तिनीहरूमध्ये धेरै नमरून् ।
**२२**परमप्रभुको नजीकमा आउने पूजाहारीहरूसमेतले आफैलाई शुद्ध गरून् नत्रता परमप्रभुले तिनीहरूलाई तत्कालै नाश गर्नुहुन्छ ।"

**२३**मोशाले परमप्रभुलाई भने, "मानिसहरू सीनै पर्वतमाथि आउन सक्दैनन्, किनकि तपाईं आफैले हामीलाई 'पर्वतका चारैतिर सिमाना लगाएर त्यसलाई पवित्र गरी अलग गर्नू' भनी चेतावनी दिनुभएको छ ।"

**२४**परमप्रभुले जवाफ दिनुभयो, "तल गएर हारूनलाई आफूसित माथि ले । तर पूजाहारीहरू र मानिसहरू परमप्रभुकहाँ जबर्जस्ती गरेर नआऊन्, नत्र उहाँले तिनीहरूलाई तत्कालै नाश गर्नुहुन्छ ।"

**२५**यसकारण मोशा तल मानिसहरूकहाँ गए, र तिनीहरूलाई यी कुरा बताइदिए ।

### दश आज्ञा

**२०** इस्राएलीहरूलाई परमेश्वरले यी कुराहरू भन्नुभयो:

**२**"म परमप्रभु तेरा परमेश्वर हुँ, जसले तँलाई मिश्रबाट, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ ।

**३** "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू ।

**४** "तैंले आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि स्वर्गमा अथवा मुनि पृथ्वीमा अथवा तल पानीमा भएका कुनै आकृतिको मूर्ति नबनाउनू ।
**५**तँ तिनीहरूको सामुन्ने ननिउरनू अथवा तिनीहरूको पूजा नगर्नू; किनकि म, परमप्रभु तेरा परमेश्वर, बाबुहरूका पापको दण्ड छोराछोरीमाथि अनि मलाई घृणा गर्नेहरूका तेस्रो र चौथो पुस्तामाथि दिने डाही परमेश्वर हुँ,
**६**तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेका हजारौं पुस्तामाथि प्रेम देखाउने परमेश्वर हुँ ।

**७** "तैंले परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ

**१९:१६**–प्रकाश ४:५. **१९:१६–१८**–व्यवस्था ४:११-१२. **२०:१–१७**–व्यवस्था ५:१-२१. **२०:४–५**–प्रस्थान ३४:१७; लेवी १९:४; २६:१; व्यवस्था ४:१५-१८; २७:१५. **२०:५–६**–प्रस्थान ३४:६-७; गन्ती १४:१८; व्यवस्था ७:९-१०. **२०:७**–लेवी १९:१२.

व्यर्थैमा लिनेलाई परमप्रभुले निर्दोष
ठहराउनुहुनेछैन ।
८ "विश्राम-दिनलाई पवित्र राखेर त्यसको
सम्झना गर्नू । **९**छ दिनसम्म तैंले
परिश्रम गरेर आफ्ना सबै काम गर्नू, **१०**तर
सातौं दिन परमप्रभु तेरा परमेश्वरको
निम्ति विश्रामको दिन हो । यस दिन तैंले
केही काम नगर्नू, नता तैंले, तेरा छोरा
वा छोरीले, न तेरा कमारा वा कमारीले,
न तेरा पशुहरूले, न तेरा मूल ढोकाभित्र
भएका परदेशीले, न कसैले केही काम
गर्नू । **११**किनकि छ दिनमा परमप्रभुले
आकाश र पृथ्वी, समुद्र र त्यसमा भएका
सबै थोकहरू बनाउनुभयो, तर सातौं दिनमा
उहाँले विश्राम लिनुभयो । यसकारण,
परमप्रभुले विश्राम-दिनलाई आशिष् दिनुभयो
र त्यसलाई पवित्र बनाउनुभयो ।
१२ "तैंले आफ्ना बाबु र आमाको आदर गर्नू,
कि परमप्रभु तेरा परमेश्वरले तँलाई
दिनुहुने देशमा तेरो आयु लामो होस् ।
१३ "तैंले हत्या नगर्नू ।
१४ "तैंले व्यभिचार नगर्नू ।
१५ "तैंले चोरी नगर्नू ।
१६ "तैंले आफ्नो छिमेकीको विरुद्धमा झूटो
साक्षी नदिनू ।
१७ "तैंले तेरो छिमेकीको घरको लालच
नगर्नू । तैंले आफ्नो छिमेकीकी स्वास्नीको
लालच नगर्नू, आफ्नो छिमेकीको कमारा,
कमारी, गोरु, गधा, अथवा त्यससित भएको
कुनै कुराको पनि लालच नगर्नू ।"

**१८**जब सारा मानिसहरूले गर्जन, बिजुली
देखे अनि तुरहीको सोर सुने र पर्वत धूवाँले
भरिएको देखे, तब तिनीहरू डरले काँपे ।
तिनीहरू टाढ़ै बसे, **१९**अनि मोशालाई भने,
"हामीसित तपाईंनै बोल्नुहोस् र हामी सुन्नेछौं ।
तर परमेश्वर हामीसित नबोलून् नत्रता हामी
मर्नेछौं ।"

**२०**मोशाले मानिसहरूलाई भने, "नडराओ,
किनकि तिमीहरूलाई पाप गर्न नदिनको लागि
परमेश्वरको डर तिमीहरूमा रहोस् भनेर
परमेश्वर तिमीहरूलाई जाँच गर्न आउनुभएको
छ ।"

**२१**मानिसहरू टाढ़ै उभिरहे । परमेश्वर
हुनुभएको त्यो बाक्लो बादलमा उहाँको नजीक
मोशा गए ।

### मूर्तिहरू र वेदीहरू

**२२**तब परमप्रभुले मोशालाई भन्नुभयो,
"इस्राएलीहरूलाई यसो भन्: 'मैले तिमीहरूसित
स्वर्गबाट बोलेको तिमीहरू आफैले सुनेका छौ:
**२३**मसँगसँगै तिमीहरूले अरू देवताहरू नबनाउनू
अथवा तिमीहरूका लागि चाँदीका अथवा सुनका
देवताहरू नबनाउनू ।

**२४**"'मेरो निम्ति माटोको एउटा वेदी
बनाउनू र त्यसमाथि तिमीहरूका होमबलि,
मेलबलि, तिमीहरूका भेड़ा-बाख्राहरू र पशुहरू
बलिदान गर्नू । जहाँजहाँ म मेरो नाउँको
आदर गराउनेछु, त्यहाँ म तिमीहरूकहाँ आएर
तिमीहरूलाई आशिष् दिनेछु । **२५**यदि तिमीहरूले
मेरो निम्ति ढुङ्गाको वेदी बनायौ भने, त्यसलाई
कुँदेका ढुङ्गाहरूले नबनाउनू, किनकि तिमीहरूले
त्यसमा हतियार प्रयोग गर्दा त्यसलाई अशुद्ध
पार्नेछौ । **२६**अनि तिमीहरूको नग्नता वेदीमा
नदेखिओस् भनेर त्यसमा खुड्किला बनाएर
नउक्लनू ।'

---

**२०:८**–प्रस्थान १६:२३-३०; ३१:१२-१४. **२०:९-१०**–प्रस्थान २३:१२; ३१:१५; ३४:२१; लेवी २३:३.
**२०:११**–उत्पत्ति २:१-३; प्रस्थान ३१:१७. **२०:१२**–व्यवस्था २७:१६; मत्ती १५:४; १९:१९; मर्कूस ७:१०; १०:१९;
लूका १८:२०; एफिसी ६:२-३. **२०:१३**–उत्पत्ति ९:६; लेवी २४:१७; मत्ती ५:२१; १९:१८; मर्कूस १०:१९;
लूका १८:२०; रोमी १३:९; याकूब २:११. **२०:१४**–लेवी २०:१०; मत्ती ५:२७; १९:१८; मर्कूस १०:१९;
लूका १८:२०; रोमी १३:९; याकूब २:११. **२०:१५**–लेवी १९:११; मत्ती १९:१८; मर्कूस १०:१९; लूका १८:२०;
रोमी १३:९. **२०:१६**–प्रस्थान २३:१; मत्ती १९:१८; मर्कूस १०:१९; लूका १८:२०. **२०:१७**–रोमी ७:७; १३:९.
**२०:१८-१९**–हिब्रू १२:१८-१९. **२०:१८-२१**–व्यवस्था ५:२२-३३. **२०:२५**–व्यवस्था २७:५-७; यहोशू ८:३१.

२१ "तैंले तिनीहरूको सामुन्ने स्थापना गर्नपर्ने व्यवस्थाहरू यिनै हुन्:

### हिब्रू कमाराहरू

२ "तिमीहरूले एउटा हिब्रू कमारा किन्यौ
भने, त्यसले छ वर्षसम्म तिमीहरूको सेवा
गरोस्। तर सातौं वर्षमा, त्यसले केही नतिरी
स्वतन्त्र होस्। ३त्यो एक्लै आएको भए, त्यो
एक्लै स्वतन्त्र भएर जाओस्, तर त्यो आउँदा
त्यससँग पत्नी पनि थिई भने, ऊ पनि
त्यससितै जाओस्। ४यदि त्यसका मालिकले
त्यसलाई एउटी पत्नी दिएका भए र त्यसले
छोराछोरीहरू जन्माई भने, त्यो स्त्री र त्यसका
छोराछोरीहरू मालिकका हुनेछन्, र त्यो मानिस
मात्र स्वतन्त्र भएर जाओस्।

५"तर त्यस चाकरले 'म मेरा मालिक,
आफ्ना पत्नी र छोराछोरीहरूलाई माया
गर्छु अनि स्वतन्त्र भएर जान चाहन्नँ' भनेर
भन्यो भने, ६त्यसका मालिकले त्यसलाई
न्यायकर्ताहरूको सामुन्ने लगोस्। तिनले
उसलाई ढोका अथवा ढोकाको खाँबोमा लगेर
त्यसका कान सुतारोले छेड़ोस्। तब त्यो
जीवनभरिको लागि उनको कमारा हुनेछ।

७"यदि कुनै मानिसले आफ्नी छोरीलाई
कमारीको रूपमा बेच्छ भने, ऊ पुरुष
कमाराहरूझैँ स्वतन्त्र भएर जान पाउनेछैन।
८त्यसलाई ल्याएर पनि त्यसको मालिकलाई त्यो
असल लागेन भने मोल तिरेर त्यो छुटोस्।
मालिकले त्यससँग कुव्यवहार गरेको कारण
त्यसलाई विदेशीको हातमा बेच्ने त्यसलाई अधिकार
हुनेछैन। ९तिनले उसलाई आफ्नो छोराको लागि
चुन्छन् भने, तिनले उसलाई एउटी छोरीको
अधिकार दिनुपर्छ, १०तर त्यसले अर्की पत्नी ल्यायो
भने, त्यसले जेठीलाई भोजन, लुगाफाटा र
वैवाहिक अधिकारदेखि वञ्चित नगरोस्। ११यदि
त्यसले उसलाई यी तीन कुराहरू दिँदैन भने,
त्यो कुनै मोल नतिरी स्वतन्त्र भएर जाओस्।

### व्यक्तिगत हानि-नोक्सानी

१२"कसैले कुनै मानिसलाई हिर्काएर उसलाई
माऱ्यो भने त्यो पनि मारिनैपर्छ। १३तरै पनि,
यदि त्यसले जानी बुझी त्यसो गर्दैन, तर
परमेश्वरले नै त्यसो हुनदिनुभयो भने, जुन
ठाउँ म तोक्नेछु त्यो त्यसमा भागेर जाओस्।
१४तर कुनै मानिसले योजना बनाएर इच्छापूर्वक
अर्को मानिसलाई मार्छ भने, त्यसलाई मेरो
वेदीबाट लगेर मार्नैपर्छ।

१५"जसले आफ्नो बाबु कि आमामाथि
आक्रमण गर्छ, त्यो मारिनैपर्छ।

१६"जसले अर्कोलाई अपहरण गर्छ वा
बिक्री गर्छ अथवा त्यो पक्राउ पर्दा ऊ
त्यससितै रहेको अवस्थामा भेटियो भने त्यो
मारिनैपर्छ।

१७"जसले आफ्नो बाबु कि आमालाई
सराप्छ, त्यो मारिनैपर्छ।

१८"यदि मानिसहरू झगडा गर्दा एउटाले
अर्कोलाई ढुङ्गा अथवा मुक्काले हिर्कायो र त्यो
नमरेर ओछ्यान पऱ्यो, १९अनि उठेर आफ्नो
लहुरोको सहायताले बाहिरतिर हिँड्नथाल्यो
भने, त्यो हिर्काउने मानिस जिम्मेवार ठहर्दैन;
तरै पनि, त्यसले घाइते मानिसको खेर गएको
समयको लागि पैसा देओस् र त्यो पूरा निको
नभएसम्म त्यसले त्यसको उपचार गरोस्।

२०"एउटा मानिसले आफ्नो कमारा वा
कमारीलाई लहुरोले पिट्यो र त्यो कमारा
त्यही कारणले मऱ्यो भने, त्यसले दण्ड
पाउनैपर्छ, २१तर त्यो कमारा एक वा दुई दिनमा
उठ्यो भने, त्यसले दण्ड पाउनेछैन, किनकि
त्यो कमारा त्यसकै सम्पत्ति हो।

२२"मानिसहरू झगडा गर्दा कुनै गर्भवती
स्त्रीलाई लाग्यो र तिनले समय नभई जन्माइन्
तर धेरै गम्भीर चोट लागेको छैन भने, त्यस
कसुरदारले त्यस स्त्रीको लोग्नेले तोकेको र
अदालतले अनुमति दिएबमोजिम जरिमाना
तिरोस्। २३तर यदि धेरै चोट लागेको छ भने,

---

**२१:१-११**–व्यवस्था १५:१२-१८. **२१:२-६**–लेवी २५:३९-४६. **२१:१२**–लेवी २४:१७. **२१:१३**–गन्ती ३५:१०-३४; व्यवस्था १९:१-१३; यहोशू २०:१-९. **२१:१६**–व्यवस्था २४:७. **२१:१७**–लेवी २०:९; मत्ती १५:४; मर्कूस ७:१०.

तिमीहरूले प्राणको सट्टा प्राण लिनू, **२४**आँखाको
सट्टा आँखा, दाँतको सट्टा दाँत, हातको सट्टा
हात, खुट्टाको सट्टा खुट्टा, **२५**डामको सट्टा डाम,
कुटाइको सट्टा कुटाइ र चोटको सट्टा चोट ।
**२६**"एउटा मानिसले कमारा वा कमारीलाई
आँखामा हिर्काएर नष्ट पारिदियो भने, त्यसले
आँखाको क्षतिपूर्तिस्वरूप त्यसलाई स्वतन्त्र
भएर जानदेओस् । **२७**त्यसले एउटा कमारा वा
कमारीको दाँत झारिदियो भने, त्यसको
दाँतको क्षतिपूर्तिस्वरूप त्यसलाई स्वतन्त्र भएर
जानदेओस् ।

**२८**"एउटा गोरुले एउटा मानिस वा स्त्रीलाई
सीङ्गले हानेर मारिदियो भने, त्यस गोरुलाई
ढुङ्गाले हानेर मार्नू, अनि त्यसको मासु नखानू ।
तर त्यस गोरुको मालिक त्यसको जिम्मेवार
हुनेछैन । **२९**तर, यदि त्यस गोरुको हान्ने स्वभाव
थियो र त्यस मालिकलाई चेतावनी दिइएको
थियो, तर उसले त्यसलाई बाँधेर राख्दैन र
त्यसले कुनै मानिस वा स्त्रीलाई माऱ्यो भने,
त्यो गोरुलाई ढुङ्गाले हानेर मार्नू अनि त्यो
मालिक पनि मारिनुपर्छ । **३०**तर, त्यसबाट पैसा
नै मागियो भने, त्यो आफ्नै प्राणको निम्ति
तोकिएको रकम तिरेर छुटोस् । **३१**गोरुले छोरा
वा छोरीलाई सीङ्गले हान्यो भने पनि यही नियम
लागू हुन्छ । **३२**गोरुले कमारा वा कमारीलाई
हान्यो भने गोरुको मालिकले कमारा वा
कमारीको मालिकलाई चाँदीको तीस शेकेल
तिरोस्, अनि गोरु ढुङ्गाले हानेर मारिओस् ।
**३३**"कुनै मानिसले खाड़ल खुलै राख्यो अथवा
खनेर त्यसलाई छोप्न बिर्स्यो अनि त्यसभित्र
कुनै गोरु अथवा गधा पऱ्यो भने, **३४**त्यस
खाड़लको मालिकले त्यस नोक्सानीको साटो
पैसा तिरोस् । उसले त्यसको मालिकलाई पैसा
तिरोस् अनि त्यो मरेको पशु त्यसैको हुनेछ ।
**३५**"कुनै मानिसको गोरुले अर्को गोरुलाई
चोट पाऱ्यो अनि त्यो मऱ्यो भने, तिनीहरूले
जिउँदो गोरुलाई बेचून् अनि पैसा र मरेको
पशु बराबर भाग गरून् । **३६**तर, त्यस गोरुको
हान्ने बानी छ भन्ने जानेर पनि उसले त्यसलाई
बाँधेन भने, त्यस मालिकले पशुको सट्टा पशु
तिरोस्, अनि मरेको पशुचाहिँ त्यसको नै होस् ।"

## सम्पत्तिको सुरक्षा

**२२** "कुनै मानिसले एउटा गोरु वा भेड़ा
चोरेर त्यसलाई मार्छ वा बिक्री गर्छ
भने, त्यसले त्यस गोरुको सट्टा पाँच गोरुहरू
र त्यस भेड़ाको सट्टा चारओटा भेड़ाहरू देओस् ।
**२**"कुनै चोर घर फोर्दै गरेको फेला पऱ्यो
र हिर्काउँदा त्यो मऱ्यो भने, त्यो हिर्काउने
मानिस रगतको दोषी ठहरिनेछैन; **३**तर यस्तो
घटना घाम झुल्केपछि भयो भने, त्यो रगतको
दोषी ठहरिनेछ ।

"चोरले निश्चय पनि हर्जाना तिर्नुपर्छ, तर
त्यससित केही छैन भने, त्यसलाई बेचेर
चोरीको मूल्य चुकाइयोस् ।
**४**"चोरिएको पशु त्यसको अधीनमा जिउँदै
पाइयो भने– चाहे त्यो गोरु अथवा गधा अथवा
भेड़ा जेसुकै होस्– त्यसले दोब्बर फर्काउनुपर्छ ।
**५**"कुनै मानिसले आफ्नो गाईवस्तु खेतमा
अथवा दाखबारीमा चराउँछ अनि तिनीहरूलाई
यताउता घुम्न दिन्छ र तिनीहरू अर्को मानिसको
खेतमा चर्न थाले भने, त्यसले त्यसको
क्षतिपूर्ति आफ्नो सबैभन्दा असल खेत अथवा
दाखबारीबाट देओस् ।
**६**"यदि काँढ़ाघारीमा आगलागी भई त्यो
फैलिँदै गएर अन्न थुपारेर राखेको ठाउँ अथवा
खेतको अन्न अथवा सम्पूर्ण खेत भस्म
गरिदियो भने, आगो लगाउने व्यक्तिले त्यसको
क्षतिपूर्ति गरिदिनैपर्छ ।
**७**"कुनै मानिसले आफ्नो छिमेकीलाई चाँदी
अथवा चीजबीज सुरक्षापूर्वक राख्नलाई दियो
अनि ती कुराहरू छिमेकीको घरबाट चोरी
भयो भने, त्यो चोर पक्राउ परेको खण्डमा,
त्यसले त्यसको दोब्बर तिरोस् । **८**तर त्यो चोर
पक्राउ परेन भने, त्यस घरको मालिक
त्यसले नै अर्को मानिसको सम्पत्तिमाथि आफ्नो

---

**२१:२४**–लेवी २४:१९-२०; व्यवस्था १९:२१; मत्ती ५:३८.

हात लगायो कि भनेर निर्णय गर्नको लागि न्यायकर्ताहरूको सामुन्ने देखापरोस् । **९**गोरु, गधा, भेड़ा, लुगा अथवा कसैले 'यो मेरो हो' भनेका कुनै पनि किसिमको सम्पत्ति कसैकहाँ अवैध रूपमा पाइयो भने यस्ता सबै मुद्दाहरू दुवै पक्षले न्यायकर्ताहरूको सामुन्ने ल्याऊन् । न्यायकर्ताले जसलाई दोषी ठहर गर्छ त्यसले नै आफ्नो छिमेकीलाई दोब्बर तिरोस् ।

**१०**"कुनै मानिसले गधा, गोरु, भेड़ा अथवा अरू पशुहरू आफ्नो छिमेकीलाई सुरक्षापूर्वक राख्नदिएको छ र त्यो मर्‍यो अथवा त्यसलाई चोट लाग्यो अथवा कसैले ध्यान नदिएको बेला कसैले लग्यो भने, **११**दुई जनाबीचको यो विषय त्यस छिमेकीले अर्को मानिसको सम्पत्तिमा आफ्नो हात लगाएन भनेर परमप्रभुको सामुन्ने शपथ खाएर मिलाउनुपर्छ । त्यस मालिकले त्यो स्वीकार गरोस् अनि क्षतिपूर्ति तिर्ने खाँचो पर्दैन । **१२**तर त्यो पशु छिमेकीबाट चोरिएको हो भने त, त्यसले त्यसको मालिकलाई क्षतिपूर्ति तिरोस् । **१३**त्यसलाई कुनै जङ्गली जनावरले टुक्राटुक्रा पारेको छ भने, त्यसले ती बाँकी रहेका अङ्गहरू प्रमाणको लागि ल्याओस् अनि त्यसले टुक्राटुक्रा पारिएको पशुको मोल तिर्न नपरोस् ।

**१४**"यदि कुनै मानिसले आफ्नो छिमेकीबाट एउटा पशु पैँचो लियो अनि मालिक नभएको बेलामा त्यसलाई चोट लाग्यो अथवा त्यो मर्‍यो भने, उसले क्षतिपूर्ति तिरोस् । **१५**तर मालिक पशुसितै छ भने, पैँचो लानेले उसलाई क्षतिपूर्ति तिर्नुपर्दैन । त्यो पशु भाडामा लिइएको थियो भने, भाडाको त्यो पैसाले सो नोक्सानी बेहोर्छ ।

### सामाजिक जिम्मेवारी

**१६**"कुनै मानिसले विवाह गर्ने भाकलमा नपरेकी कन्यालाई फकाइफुस्ल्याइ गरेर त्यससित सुत्यो भने, त्यसले दुलहीको मूल्य तिरोस् र त्यो त्यसकी पत्नी हुनेछ । **१७**त्यसका बाबुले त्यसलाई सो मानिससित पटक्कै जानदिएनन् भने पनि, त्यसले कन्याको दुलहीको मूल्य तिर्नैपर्छ ।

**१८**"मन्त्रतन्त्र गर्ने स्त्रीलाई जीवित नराख ।

**१९**"जसले पशुसित यौन सम्बन्ध राख्छ, त्यो मारिनैपर्छ ।

**२०**"जसले परमप्रभुबाहेक अरू देवताहरूको निम्ति बलिदान चढ़ाउँछ त्यसलाई नाश गरिओस् ।

**२१**"कुनै प्रवासीसित दुर्व्यवहार नगर अथवा त्यसलाई नसताओ, किनकि तिमीहरू पनि मिश्रदेशमा प्रवासी थियौ ।

**२२**"कुनै विधवा अथवा टुहुराटुहुरीबाट फाइदा नउठाओ । **२३**यदि तिमीहरूले फाइदा उठायौ र तिनीहरूले मेरो पुकारा गरे भने, म निश्चय तिनीहरूका पुकारा सुन्नेछु । **२४**मेरो क्रोध दन्कनेछ, अनि म तिमीहरूलाई तरवारले मार्नेछु; तिमीहरूका पत्नीहरू विधवा हुनेछन् र तिमीहरूका छोराछोरी बाबुरहित हुनेछन् ।

**२५**"तिमीहरूले आफूसित भएका अभावग्रस्त मेरा मानिसलाई पैसा ऋण दियौ भने, साहुकारजस्ता नहोओ; त्यससित व्याज नलेओ । **२६**तिमीहरूले आफ्नो छिमेकीको लुगा बन्धकमा लिएका छौ भने, सूर्यास्त हुनअघि नै त्यो त्यसलाई फर्काइदेओ, **२७**किनकि आफ्नो शरीर ढाक्नलाई त्यससित त्यो लुगा मात्र छ । त्यसले के लगाएर सुत्ला ? जब त्यसले मेरो पुकारा गर्छ, म सुन्नेछु, किनकि म दयालु छु ।

**२८**"ईश्वर-निन्दा नगर अथवा आफ्ना मानिसहरूका शासकलाई नसराप ।

**२९**"तिमीहरूका ढुकुटी अथवा कुण्डबाट दिनपर्ने भेटी रोकिनराख ।

"तिमीहरूले तिमीहरूका छोराहरूमध्येबाट जेठाचाहिँ मलाई दिनुपर्छ । **३०**तिमीहरूका गाईवस्तु र भेड़ाहरूबाट पनि त्यसै गर ।

---

**२२:१६-१७**–व्यवस्था २२:२८-२९. **२२:१८**–व्यवस्था १८:१०-११. **२२:१९**– लेवी १८:२३; २०:१५-१६; व्यवस्था २७:२१. **२२:२०**–व्यवस्था १७:२-७. **२२:२१-२२**–प्रस्थान २३:९; लेवी १९:३३-३४; व्यवस्था २४:१७-१८; २७:१९. **२२:२५**–लेवी २५:३५-३८; व्यवस्था १५:७-११; २३:१९-२०. **२२:२६-२७**–व्यवस्था २४:१०-१३. **२२:२८**–प्रेरित २३:५.

तिनीहरूलाई आफ्ना आमासित सात दिन
बस्नदेओ, तर आठौं दिन ती मलाई देओ ।
**३१**"तिमीहरू मेरा पवित्र जाति हुनेछौ ।
यसकारण जङ्गली जन्तुहरूले चिथोरेको पशुको
मासु नखाओ, त्यसलाई कुकुरहरूको निम्ति
फालिदिनू ।

## इन्साफ र दयाको व्यवस्था

**२३** "झूटा गवाही नदेओ । दोष पूर्ण साक्षी
बनेर दुष्ट मानिसलाई नसघाउनू ।
**२**"खराबी गर्न भीड़को अनुसरण नगर्नू ।
कानूनी मुद्दामा साक्षी दिँदा भीड़तिर लागेर
इन्साफ नबिगार्नू, **३**अनि गरीब भन्दैमा मुद्दामा
त्यसको पनपक्ष नगर् ।
**४**"तिमीहरूका शत्रुका गोरु अथवा गधा
तर्केर जाँदै गरेका देख्यौ भने, त्यसलाई निश्चय
त्यसकहाँ लगिदिनू । **५**यदि तिमीहरूलाई घृणा
गर्नेको गधा भारीले थिचेर लड़ेको देख्यौ भने,
त्यसलाई त्यहाँ नछोड़, त्यसलाई सहायता देओ ।
**६**"मुद्दामा आफ्ना गरीब मानिसहरूलाई
इन्साफ गरिदिन इन्कार नगर । **७**झूटा
अभियोगसित तिमीहरूको केही सम्बन्ध नहोस्
अनि कुनै निर्दोष अथवा ईमानदार व्यक्तिलाई
मृत्युको लागि नसुम्पनू, किनकि म दोषीलाई
त्यसै छोड़नेछैनँ ।
**८**"घूस स्वीकार नगर, किनकि घूसले आँखा
देख्नेहरूलाई अन्धा बनाइदिन्छ र धार्मिकताको
कुरालाई बङ्ग्याइदिन्छ ।
**९**"प्रवासीलाई अत्याचार नगर; प्रवासी हुनु
कस्तो हुन्छ त्यो तिमीहरू आफैलाई थाहा छ,
किनकि तिमीहरू मिश्रदेशमा प्रवासी थियौ ।

## विश्राम-दिनका नियमहरू

**१०**"छ वर्षसम्म तिमीहरूको आफ्ना खेतमा
छरेर फसलको कटनी गर, **११**तर सातौं वर्षमा
खेत विना जोतपोत र विनाप्रयोग छोड़िदेओ ।
तब तिमीहरूमध्ये गरीबहरूले त्यसबाट भोजन
पाउनेछन्, र तिनीहरूले छोड़ेको जङ्गली
पशुहरूले खानेछन् । तिमीहरूका दाखबारी र
भद्राक्षबारीलाई पनि त्यसै गर ।
**१२**"छ दिनसम्म आफ्ना काम गर तर सातौं
दिनमा काम नगर, र तिमीहरूका गोरु र गधाले
विश्राम पाऊन्, अनि तिमीहरूका घरमा जन्मेका
कमाराहरू र प्रवासीहरू पनि ताजा होऊन् ।
**१३**"मैले तिमीहरूलाई भनेका प्रत्येक कुरा
पालन गर्न होशियार होओ । अरू देवी-
देवताहरूको नाउँ नलेओ; तिनीहरूका नाउँ
तिमीहरूको मुखबाट उच्चारण नै नहोस् ।

## तीनओटा वार्षिक चाड़हरू

**१४**"वर्षमा तीनपल्ट तिमीहरूले मेरो निम्ति
चाड़ मनाओ ।
**१५**"अखमीरे रोटीको चाड़ मनाओ; मैले
तिमीहरूलाई आज्ञा दिएझैं सात दिनसम्म खमीर
नहालेको रोटी खाओ । यो तिमीहरूले आबीब
महिनाको तोकिएको समयमा गर, किनकि त्यही
महिना तिमीहरू मिश्रबाट निस्केर आएका
थियौ ।

"मकहाँ कोही पनि खाली हात नआओस् ।
**१६**"तिमीहरूले आफ्ना खेतमा छरेका अन्नको
पहिलो फलले कटनीको चाड़ मनाओ ।

"वर्षको आखिरमा तिमीहरूले खेतबाट
आफ्ना अन्न बटुल्दा अन्न भित्र्याउने चाड़
मनाओ ।
**१७**"वर्षमा तीनपल्ट सबै पुरुषहरू
सर्वसत्ताधारी परमप्रभुकहाँ देखा परून् ।
**१८**"खमीर भएको कुरोसित मेरो निम्ति
बलिदानको रगत नचढाओ ।

"मेरा चाड़को बलिको बोसोहरू बिहानसम्म
रहन नदेओ ।

---

**२२:३१**–लेवी १७:१५. **२३:१**–प्रस्थान २०:१६; लेवी १९:११-१२; व्यवस्था ५:२०. **२३:३**–लेवी १९:१५. **२३:४-५**–व्यवस्था २२:१-४. **२३:६-८**–लेवी १९:१५; व्यवस्था १६:१९. **२३:९**–प्रस्थान २२:२१; लेवी १९:३३-३४; व्यवस्था २४:१७-१८; २७:१९. **२३:१०-११**–लेवी २५:१-७. **२३:१२**–प्रस्थान २०:९-११; ३१:१५; ३४:२१; ३५:२; लेवी २३:३; व्यवस्था ५:१३-१४. **२३:१४-१९**–प्रस्थान ३४:१८-२६; व्यवस्था १६:१-१७. **२३:१५**–प्रस्थान १२:१४-२०; लेवी २३:६-८; गन्ती २८:१७-२५. **२३:१६**–लेवी २३:१५-२१, ३९-४३; गन्ती २८:२६-३१.

**१९**"तिमीहरूका माटोबाट उब्जेका सबैभन्दा
असल पहिलो फल परमप्रभु तिमीहरूका
परमेश्‍वरको घरमा ल्याओ ।

"बाख्राको पाठो त्यसको माउको दूधमा
नपकाउनू ।

### परमेश्‍वरका दूतद्वारा बाटो तयार

**२०**"हेर, तिमीहरूलाई बाटोमा रक्षा गर्न
मैले तयार पारिराखेको ठाउँमा तिमीहरूलाई
ल्याउनलाई म एउटा दूत तिमीहरूको अगिअगि
पठाउँदैछु । **२१**तिनीतिर ध्यान दिनू अनि तिनले
भनेका कुरा सुन्‍नू । तिनको विरोध नगर्नू; तिनले
तिमीहरूको विद्रोह क्षमा गर्नेछैनन्; किनकि
मेरो नाउँ तिनमा छ । **२२**यदि तिमीहरूले
तिनले भनेका कुरा ध्यानपूर्वक सुन्यौ र मैले
तिमीहरूलाई भनेका सबै गर्‍यौ भने, म
तिमीहरूका शत्रुहरूका शत्रु हुनेछु अनि
तिमीहरूलाई विरोध गर्नेहरूलाई म विरोध
गर्नेछु । **२३**मेरो दूत तिमीहरूका अगिअगि जानेछन्
र तिमीहरूलाई एमोरीहरू, हित्तीहरू, परिज्जीहरू,
कनानीहरू, हिब्बीहरू र यबूसीहरूको देशमा
ल्याउनेछन्, अनि म तिनीहरूका नाउँ निशानै
मेटिदिनेछु । **२४**तिनीहरूका देवताहरूलाई
नढोग्नू, तिनीहरूलाई नपुज्नू अथवा तिनीहरूका
रीतिहरूअनुसार नचल्नू । तिमीहरूले ती
भत्काइदिनू र तिनीहरूका पवित्र ढुङ्गाहरू
टुक्राटुक्रा पारेर भाँचिदिनू । **२५**परमप्रभु
तिमीहरूका परमेश्‍वरलाई पूज, अनि तिमीहरूका
अन्‍न-पानीमा उहाँको आशिष् रहनेछ । म
तिमीहरूका बीचदेखि रोगहरू हटाइदिनेछु,
**२६**अनि तिमीहरूका देशमा कसैको गर्भ तुहुनेछैन
र कोही बाँझी हुनेछैन । म तिमीहरूलाई पूरा
आयु जिउनदिनेछु ।

**२७**"म तिमीहरूको अगिअगि मेरो आतङ्क
पठाउनेछु र तिमीहरूले सामना गर्ने प्रत्येक
राष्‍ट्रलाई खल्बलाइदिनेछु । म तिमीहरूका सबै
शत्रुहरूलाई पिठ्यूँ फर्काएर भाग्ने तुल्याउनेछु ।
**२८**म हिब्बीहरू, कनानीहरू र हित्तीहरूलाई
तिमीहरूको बाटोदेखि धपाउनको निम्ति
तिमीहरूका अगिअगि अरिङ्गाल पठाउनेछु । **२९**तर
म तिनीहरूलाई एकै वर्षमा धपाउनेछैनँ, नत्रता
देश उजाड़ हुनेछ र जङ्गली जनावरहरू
तिमीहरूका लागि सङ्ख्यामा ज्यादै हुनेछन् ।
**३०**म तिमीहरू सङ्ख्यामा बढ़ेर देशमाथि
अधिकार गर्नसक्ने नभएसम्म तिनीहरूलाई
तिमीहरूकै सामुन्‍ने अलिअलि गर्दै धपाउनेछु ।

**३१**"म तिमीहरूका सीमाना लाल समुद्रदेखि
पलिश्तीहरूका समुद्रसम्म, अनि उजाड़-
स्थानदेखि यूफ्रेटिस नदीसम्मै स्थापित गर्नेछु ।
म त्यस देशमा बसोबासो गर्ने मानिसहरूलाई
तिमीहरूका हातमा पारिदिनेछु र तिमीहरूले
तिनीहरूलाई आफ्नो सामुन्‍नेबाट धपाउनेछौ ।
**३२**तिनीहरूसित र तिनीहरूका देवताहरूसित
करार नबाँध्नू । **३३**तिनीहरूलाई तिमीहरूको
देशमा बस्न नदिनू, नत्रता तिनीहरूले
तिमीहरूलाई मेरो विरुद्धमा पाप गर्न लाउनेछन्,
किनकि तिनीहरूका देवताहरूका सेवा गर्नु
निश्‍चय नै तिमीहरूका निम्ति पासो हुनेछ ।"

### करार पक्का भएको

**२४** त्यसपछि उहाँले मोशालाई भन्‍नुभयो,
"तँ र हारून, नादाब र अबीहू,
अनि इस्राएलका सत्तरी जना बूढ़ा-प्रधानहरू
परमप्रभुकहाँ माथि उक्लेर आओ । तिमीहरू
टाढ़ै रहेर भक्ति चढ़ाओ, **२**तर मोशामात्र
परमप्रभुको नजीक आओस्; अरू कोही पनि
नजीक नआऊन् । अनि मानिसहरू पनि त्योसित
माथि उक्लेर नआऊन् ।"

**३**जब मोशाले गएर मानिसहरूलाई
परमप्रभुका सबै वचनहरू र व्यवस्थाहरू
भनिदिए, तब तिनीहरूले एकै सोरले जवाफ
दिए, "परमप्रभुले भन्‍नुभएको प्रत्येक कुरा हामी
गर्नेछौं ।" **४**तब मोशाले परमप्रभुले भन्‍नुभएको
प्रत्येक कुरा लेखे ।

तिनी भोलिपल्ट बिहानै उठे र पर्वतको
फेदीमा एउटा वेदी बनाए अनि इस्राएलका

---

**२३:१९**–प्रस्थान ३४:२६; व्यवस्था १४:२१; २६:२.

बाह्र कुलको प्रतिनिधित्व गर्नलाई बाह्रओटा
ढुङ्गाका खाँबाहरू स्थापना गरे। ५तब तिनले
जवान इस्राएली मानिसहरूलाई पठाए, र
तिनीहरूले परमप्रभुको निम्ति होमबलि चढ़ाए
र मेलबलिको रूपमा जवान गोरुहरू बलिदान
गरे। ६मोशाले आधा रगत लिएर भाँड़ाहरूमा
हाले र अर्को आधा भाग वेदीमाथि छर्के। ७तब
तिनले करारको पुस्तक लिएर मानिसहरूलाई
पढ़ेर सुनाए। तिनीहरूले जवाफ दिए,
"परमप्रभुले भन्नुभएको प्रत्येक कुरा हामी
गर्नेछौं; हामी ती पालन गर्नेछौं।"

८तब मोशाले रगत लिएर मानिसहरूमाथि
छर्के र भने, "यो रगत यी वचनहरूको
आधारमा परमप्रभुले तिमीहरूसित गर्नुभएको
करारको रगत हो।"

९मोशा, हारून, नादाब, अबीहू, र इस्राएलका
सत्तरी जना बूढ़ा-प्रधानहरू माथि गए, १०अनि
इस्राएलका परमेश्वरलाई देखे। उहाँको खुट्टामुनि
नीलम पत्थरले छापेको, आकाशझैँ सफा
पेटीजस्तो चीज थियो। ११तर परमेश्वरले
इस्राएलका ती अगुवाहरुको विरुद्धमा आफ्नो
हात उठाउनुभएन; तिनीहरूले परमेश्वरलाई
देखे र उहाँको उपस्थितीमा खानपीन गरे।

१२परमप्रभुले मोशालाई भन्नुभयो, "मकहाँ
पर्वतमा उक्लेर आइज र यहाँ बस्, अनि
तिनीहरूको शिक्षाको निम्ति मैले लेखेका व्यवस्था
र आज्ञाका ढुङ्गाका पाटीहरू म तँलाई दिनेछु।"

१३तब मोशा र तिनका सेवक यहोशू उठेर
परमेश्वरको पर्वतमा गए। १४तिनले बूढ़ा-
प्रधानहरूलाई भने, "हामी तिमीहरूकहाँ
नआउञ्जेल तिमीहरू यहीं हामीलाई पर्खिबस।
हारून र हूर तिमीहरूसँग छन्, अनि कसैको
केही विवाद भए तिनीहरूकहाँ जाऊन्।"

१५जब मोशा उक्लेर पर्वतमाथि गए, तब
बादलले त्यसलाई ढाक्यो, १६अनि परमप्रभुको
महिमा सीनै पर्वतमा रहचो। छ दिनसम्म
बादलले पर्वतलाई ढाकिरहचो, र सातौं
दिनमा परमप्रभुले बादलभित्रबाट मोशालाई
बोलाउनुभयो। १७इस्राएलीहरूको निम्ति
परमप्रभुको महिमा पर्वतको टाकुरामा भष्म
पार्ने आगोझैँ देखियो। १८मोशा पर्वतमाथि
उक्लँदै गएर बादलभित्र प्रवेश गरे। अनि तिनी
पर्वतमाथि चालीस दिन र चालीस रात रहे।

### पवित्रस्थानका निम्ति भेटीहरू

२५ परमप्रभुले मोशालाई भन्नुभयो,
२"इस्राएलीहरूलाई मेरो निम्ति भेटी
ल्याउनु भनेर भन्नू। मेरो निम्ति हृदयदेखि नै
दिने इच्छा गर्ने प्रत्येक मानिसबाट तैंले भेटी
ग्रहण गर्नू। ३तिनीहरूबाट तैंले ग्रहण गर्नुपर्ने
भेटीहरू यिनै हुन्: सुन, चाँदी र पीतल; ४नीलो,
बैगुने र रातो मिहीन सुती कपडा; बाखाको
भुत्ला; ५रातो रङ्गले रङ्गाएको भेड़ाको छालाहरू
र सीलका छालाहरू; बबुलका काठ; ६बत्तीको
निम्ति जैतूनको तेल; अभिषेकको तेलको निम्ति
र सुगन्धित धूपका निम्ति मसालाहरू; ७अनि
एपोद र छातीपाता जड्नको निम्ति गोमेद पत्थर
र अरू रत्नहरू।

८"तब तिनीहरूलाई मेरो निम्ति एउटा
पवित्रस्थान बनाउन लगा, अनि म तिनीहरूबीच
बास गर्नेछु। ९पवित्रस्थान र त्यसका सामानहरू
म तँलाई जस्तो गरी देखाउनेछु ठीक त्यही
नमूनाअनुसार बनाउनू।

### सन्दूक

१०"तिनीहरूले बबुल काठको अढ़ाइ हात
लामो, डेढ़ हात चौड़ा, अनि डेढ़ हात अग्लो
सन्दूक बनाऊन्। ११त्यसलाई भित्र र बाहिर
दुवैतिर निखुर सुनले मोहोर्नू, अनि त्यसको
चारैतिर सुनको बिट बनाउनू। १२त्यसको निम्ति
सुनका चारओटा मुन्द्रा ढालेर त्यसका चार
खुट्टामा बाँध्नू– दुई मुन्द्राहरू एकापट्टि अनि
दुईओटा अर्कोपट्टि। १३तब बबुल काठका
डण्डाहरू बनाएर ती सुनले मोहोर्नू। १४ती

**२४:८**–मत्ती २६:२८; मर्कूस १४:२४; लूका २२:२०; १ कोरिन्थी ११:२५; हिब्रू ९:१९-२०; १०:२९.
**२४:१८**–व्यवस्था ९:९. **२५:१-९** –प्रस्थान ३५:४-९. **२५:१०-२२** –प्रस्थान ३७:१-९.

डण्डाहरू सन्दूक बोक्नलाई त्यसका दुवैतिर
भएका मुन्द्राहरूमा लगाउनू। **१५**ती डण्डाहरू
त्यस सन्दूकका मुन्द्राहरूमै रहून्; तिनीहरूलाई
ननिकाल्नू । **१६**त्यस सन्दूकभित्र मैले तँलाई
दिने साक्षी-पाटी राख्नू ।

**१७**"तैंले निखुर सुनको अढ़ाइ हात लामो र
डेढ़ हात चौडा एउटा कृपा-आसन बनाउनू।
**१८**त्यस कृपा-आसनका दुई छेउहरूमा सुन पिटेर
दुईओटा करूबहरू बनाउनू । एउटा करूब
त्यस कृपा-आसनको एकापट्टि अनि अर्को करूब
अर्कोपट्टि बनाउनू । **१९**ती करुबहरू कृपा-
आसनसित एउटै टुक्राको गरी दुवैतिर बनाउनू।
**२०**ती करुबहरूका पखेटाहरू कृपा-आसनलाई
ढाक्ने गरी, उभोतिर फर्केका होऊन् । ती
करुबहरू कृपा-आसनतिर हेर्दै एक अर्कोपट्टि
फर्केका होऊन् । **२१**त्यस कृपा-आसनलाई
सन्दूकको माथिपट्टि राख्नू, अनि मैले तँलाई
दिने साक्षी-पाटी त्यसभित्र हाल्नू । **२२** त्यहाँ,
करारको सन्दूकमाथि भएका दुई करुबहरूको
बीचमा भएको कृपा-आसनमाथि म तँलाई
भेट्नेछु अनि इस्राएलीहरूको निम्ति मेरा सबै
आज्ञाहरू तँलाई दिनेछु ।

### टेबुल

**२३**"तैंले बबुल काठको एउटा टेबुल– दुई
हात लामो, एक हात चौड़ा र डेढ़ हात अग्लो
बनाउनू। **२४**त्यसलाई तैंले निखुर सुनले मोहोर्नू
र त्यसका चारैतिर सुनको बिट बनाउनू ।
**२५**साथै त्यसका चारैतिर चार अङ्गूल चौड़ा
एउटा घेरा बनाउनू र त्यसमा सुनको बिट
लगाउनू। **२६**टेबलको लागि सुनका चारओटा
मुन्द्राहरू बनाएर तिनीहरूलाई चार कुनाहरूमा
भएका खुट्टाहरूमा बाँध्नू। **२७**टेबुल बोक्नलाई
चलाइने डण्डाहरूलाई समातिराख्नलाई ती
मुन्द्राहरू घेराका छेवैमा होऊन् । **२८**बबुल
काठका डण्डाहरू बनाएर त्यसलाई सुनले मोहोर्नू
अनि तिनीहरूद्वारा टेबल बोक्नू । **२९**त्यसका
थालहरू र कचौराहरू, साथै करूवाहरू र
भेटी खन्याउने कचौराहरू पनि निखुर सुनको
बनाउनू। **३०**यस टेबलमाथि उपस्थितिको रोटी
मेरो सामुन्ने हर समय राख्नू ।

### सामदान

**३१**"तैंले निखुर सुनको एउटा सामदान
बनाउनू; घनले पिटेर त्यसको आधार र
डण्डा बनाउनू; त्यसका फूलजस्ता कचौराहरू,
कोपिलाहरू र फूलहरू त्यससित एउटै टुक्राबाट
बनिएका होऊन् । **३२**तीनओटा एकपट्टि अनि
तीनओटा अर्कोपट्टि गरेर जम्मा सामदानका
दुई छेउमा छओटा हाँगाहरू निस्केका होऊन्।
**३३**एउटा हाँगामा फूल र कोपिला भएको बदामको
फूलजस्तै आकारका तीनओटा कचौराहरू
होऊन्, अर्को हाँगामा तीनओटा र यसै
गरी पानसबाट निस्केका छओटै हाँगाहरूमा
होऊन् । **३४**अनि पानसमा फूल र कोपिला
भएको बदामको फूलको आकारमा चारओटा
कचौराहरू हुनुपर्छ। **३५**पहिलो फूल पानसबाट
निस्केको हाँगाको पहिलो जोड़ीमुनि होस्, दोस्रो
फूल दोस्रो जोड़ीमुनि र तेस्रो फूल तेस्रो जोड़ीमुनि
गरेर जम्मा छओटा हाँगाहरू । **३६**ती फूल र
हाँगाहरू पानससित एउटै टुक्राबाट घनले
पीटेको सुनले बनिएको होस् ।

**३७**"तब त्यसका सातओटा दियोहरू बनाउनू
र त्यसको सामुन्नेका ठाउँमा उज्यालो देखिओस्
भनेर तिनलाई त्यसमाथि राख्नू । **३८**त्यसको
सलेतो ठीक गर्ने चिम्टा र मोसोदानी निखुर
सुनका होऊन्। **३९**पानस र त्यसका सबै पात्रहरू
एक तोड़ा निखुर सुनको बनियोस्। **४०**ती सब
मैले तँलाई पर्वतमा देखाएको नमूनाअनुसार
बनाउनू ।

### पवित्रस्थान

**२६** "तैंले दशओटा पर्दा भएको पवित्र
वासस्थान बनाउनू। ती पर्दा मसिनो

**२५:१७**–हिब्रू ९:५. **२५:२३–३०**–प्रस्थान ३७:१०-१६. **२५:३०**–लेवी २४:५-८. **२५:३१–४०**–प्रस्थान ३७:१७-२४.
**२५:४०**–प्रेरित ७:४४; हिब्रू ८:५. **२६:१–३७**–प्रस्थान ३६:८-३८.

गरी बाटेको सूती कपड़ाका र नीलो, बैजनी र
रातो रङ्गको धागोका होऊन् । तिनमा सिपालु
शिल्पकारको काम भएका करूबहरूसमेत तैंले
बनाउनू । २सबै पर्दाहरू एकै नापका होऊन्–
अट्ठाईस हात लामो र चार हात चौड़ा ।
३पाँचओटा पर्दाहरू एकसाथ गाँस्नू, अनि अर्को
पाँचओटालाई पनि त्यसै गर्नू । ४पहिलो पाँच
पर्दाहरूका अन्तिम पर्दाको किनारकिनारमा
नीलो रङ्गको सुर्काउनी बनाउनू, अनि अर्को
पाँच पर्दाहरूका अन्तिम पर्दामा पनि त्यसै
गर्नू । ५एउटा पर्दामा पचासओटा सुर्काउनीहरू
बनाउनू, अनि अर्को पाँच पर्दाहरूको अन्तिम
पर्दामा पचासओटा सुर्काउनी बनाउनू । ती
सुर्काउनीहरू आमुन्नेसामुन्ने होऊन् । ६तब
सुनका पचासओटा अङ्कूसहरू बनाएर
तिनीहरूलाई पर्दाहरू एकसाथ बाँध्ने काममा
प्रयोग गर्नू र यसरी पवित्रस्थान सम्पूर्ण रूपले
एउटै होस् ।

७"पवित्रस्थानमाथिको पालको लागि बाख्राको
भुत्लाका जम्मा एघारओटा पर्दाहरू बनाउनू ।
८ती एघारैओटा पर्दाहरू एउटै नापका होऊन्–
तीस हात लामो र चार हात चौडा । ९पाँचओटा
पर्दाहरू एकसाथ गाँस्नू र बाँकी छओटा पर्दा
एकसाथ गाँस्नू । पालको अगिल्तिर छैटौं पर्दालाई
दोब्बर गरी पटयाउनू । १०पहिलो गाँसिएको
समूहको अन्तिम पर्दाको किनारमा पचासओटा
सुर्काउनीहरू बनाउनू अनि अर्को गाँसिएको
समूहको अन्तिम पर्दाको किनारमा पनि
पचासओटा सुर्काउनीहरू बनाउनू । ११त्यसपछि
पीतलका पचासओटा अङ्कुसहरू बनाएर
सुर्काउनीहरूमा लगाउनू र पाललाई एउटै
बनाउनको लागि कस्ने काममा प्रयोग गर्नू ।
१२पालका पर्दाहरूको उब्रेको लम्बाइको
विषयमा, उब्रेको आधा पर्दा पवित्रस्थानको
पछिल्तिर झुण्डियोस् । १३पालका पर्दाहरू दुवै
छेउ अझ एक-एक हात बढ़ी लामो
होऊन् र लम्बाइबाट उब्रेका एक हात भाग
पवित्रस्थानलाई ढाक्नलाई त्यसका दुवै छेउमा
झुण्डिरहून् । १४पालको निम्ति रातो रङ्गाइएको
भेड़ाको छालाबाट छत बनाउनू, र त्यसमाथि
सीलको छालाको छत बनाउनू ।

१५"पवित्रस्थानको लागि बबुल काठको ठाड़ो
फल्याकहरू बनाउनू । १६प्रत्येक फल्याक दश
हात लामो र डेढ़ हात चौड़ा होस्,
१७त्यसमा एकाअर्कामा समानान्तर रहेका
दुईओटा चोसाहरू होऊन् । पवित्रस्थानका
सबै फल्याकहरू यस किसिमले नै बनाउनू ।
१८पवित्रस्थानको दक्षिणपट्टिको लागि बीसओटा
फल्याकहरू बनाउनू, १९अनि तीमुनि हुनको
लागि एउटा फल्याकको लागि दुईओटा
आधारहरू, प्रत्येक चोसाको मुनि एउटा गरी
जम्मा चालीसओटा चाँदीका आधारहरू
बनाउनू । २०अर्कोपट्टि, पवित्रस्थानको उत्तरपट्टि
बीसओटा फल्याकहरू बनाउनू, २१अनि प्रत्येक
फल्याकको मुनि दुईओटा गरी चाँदीका
चालीसओटा आधारहरू बनाउनू । २२अन्तिमको
भाग जो पवित्रस्थानको पश्चिमतिरको भाग
हो, त्यसका लागि छओटा फल्याकहरू बनाउनू,
२३अनि अन्तिम भागमा भएका कुनाहरूका
लागि दुईओटा फल्याकहरू बनाउनू । २४यी
कुनाहरूमा फेददेखि टुप्पोसम्म ती दोब्बर
खप्टिएका होऊन्, अनि एउटै मुन्द्रामा जोड़िएका
होऊन्; दुवै यस्तै हुनेछन् । २५यसरी प्रत्येक
फल्याकमा दुईओटा गरी जम्मा आठओटा
फल्याकहरू अनि चाँदीका सोह्रओटा आधारहरू
हुनेछन् ।

२६"बबुल काठका बारहरू पनि बनाउनू:
पवित्रस्थानको एकातिरको फल्याकहरूको लागि
पाँचओटा, २७अर्कोतिरका फल्याकहरूको लागि
पाँचओटा, अनि पवित्रस्थानको पश्चिमका अन्तिम
भाग फल्याकहरूको लागि पाँचओटा ।
२८बीचको बार फल्याकको बीचमा एक छेउदेखि
अर्को छेउसम्म पुगोस् । २९फल्याकहरूलाई
सुनले मोहोर्नू अनि बारहरू अड़काउनको लागि
सुनका मुन्द्राहरू बनाउनू । ती बारहरूलाई
पनि सुनले मोहोर्नू ।

३०"पवित्रस्थान मैले तँलाई पर्वतमा देखाएको
नमूनाअनुसार खड़ा गर्नू ।

३१"नीलो, बैगुने अनि रातो धागो र मिहीन
गरी बाटेको सुती कपड़ा अनि सिपालु

शिल्पकारले बनाएका करूबहरू भएको एउटा
पर्दा बनाउनू। **३२**चाँदीका चारओटा आधारहरूमा
खड़ा भएका र सुनले मोहोरेका बबुल
काठका चारओटा खाँबाहरूमा त्यसलाई सुनका
अङ्कुसेहरूले झुण्डयाउनू । **३३**पर्दालाई
अङ्कुसेले झुण्डयाएर साक्षी-पाटीको सन्दूकलाई
पर्दापछाडि राख्नू। त्यस पर्दाले पवित्रस्थानलाई
महा-पवित्रस्थानबाट अलग गर्नेछ । **३४**महा-
पवित्रस्थानमा साक्षी-पाटीको सन्दूकको माथि
कृपा-आसन राख्नू । **३५**टेबुललाई पर्दा बाहिर
पवित्रस्थानको उत्तरतिर राख्नू र सामदानलाई
त्यसको विपरीततिर दक्षिणपट्टि राख्नू ।

**३६**"पाल प्रवेशद्वारको लागि नीलो, बैगुने,
रातो रङ्गको धागो र मिहीन गरी बाटेको
सुती कपड़ाले बुट्टा भर्नेको शिल्पकारी भएको
एउटा पर्दा बनाउनू । **३७**त्यस पर्दाको लागि
सुनका अङ्कुसेहरू र सुनले मोहोरेका
बबुलका पाँचओटा खाँबाहरू बनाउनू । अनि
तिनीहरूका लागि पीतलका पाँचओटा
आधारहरू बनाउनू ।

### होमबलिको वेदी

**२७** "तैंले बबुल काठको तीन हात अग्लो
एउटा वेदी बनाउनू; त्यो पाँच हात
लामो र पाँच हात चौड़ा भएको वर्गाकार
होस् । **२**चार कुनामा एकएक ओटा सीङ
बनाउनू, ताकि सीङहरू र वेदी एउटै टुक्राको
होस्, अनि वेदीलाई पीतलले मोहोर्नू। **३**त्यसका
सबै पात्रहरू पीतलको बनाउनू– त्यसका
खरानी उठाउने भाँड़ाहरू र त्यसका बेल्चाहरू,
पानी छर्कने बाटाहरू, मासुको लागि काँटाहरू
र आगो राख्ने पात्रहरू । **४**त्यसको लागि
पीतलको जालीबाट एउटा झिँझिरी बनाउनू
जालीका चारै कुनामा एकएकओटा पीतलका
मुन्द्राहरू बनाउनू । **५**त्यसलाई वेदीको
फेददेखिमाथि बीच भागमा पर्ने गरी वेदीको
मुन्तिर बिट राख्नू । **६**वेदीको निम्ति बबुल
काठका डण्डाहरू बनाएर तिनीहरूलाई पीतलले
मोहोर्नू। **७**डण्डाहरूलाई मुन्द्रामा यस्तो किसिमले
छिराउनू, कि वेदीलाई बोक्दा तिनीहरू वेदीका
दुई छेउमा होऊन् । **८**वेदी फल्याकसितै खोक्रो
गरी बनाउनू। यो तँलाई पर्वतमा देखाइदिएजस्तै
गरी बनाउनू ।

### पवित्र वासस्थानको चोक

**९**"पवित्रस्थानको लागि एउटा चोक
बनाउनू। त्यसको दक्षिणी भाग एक सय हात
लामो होस् र त्यसमा मिहीन गरी बाटेको
सुती कपड़ाको पर्दा होस् । **१०**त्यस पर्दाका
लागि बीसओटा खाँबा र पीतलका बीसओटा
आधारहरू होऊन् अनि ती खाँबाहरूमा चाँदीका
अङ्कुसे र फित्ताहरू होऊन्। **११**उत्तरको भाग
पनि एक सय हात लामो होस् र त्यसमा
पर्दाहरू होऊन् अनि ती पर्दाहरूका लागि
बीसओटा खाँबाहरू र पीतलका बीसओटा
आधारहरू अनि ती खाँबाहरूमा चाँदीका
अङ्कुसे र फित्ताहरू होऊन् ।

**१२**"चोकको पश्चिमी भाग पचास हात
चौड़ा होस् र त्यसमा दशओटा खाँबाहरू अनि
दशओटा आधारहरू र पर्दाहरू भएका होऊन्।
**१३**पूर्वपट्टि, घाम झुल्कनेतिर पनि चोक पचास
हात चौड़ा होस्। **१४**प्रवेशद्वारको एकतिर पन्ध्र
हात लामो पर्दाहरू हुनेछन् जसका तीनओटा
खाँबाहरू र तीनओटा आधारहरू होऊन्,
**१५**अनि तीनओटा खाँबाहरू र तीनओटा
आधार भएका पन्ध्र हात लामो पर्दाहरू अर्कोतिर
होऊन् ।

**१६**"चोकमा जाने प्रवेशद्वारको लागि
चारओटा खाँबाहरू र चारओटा आधारहरू
भएको, नीलो, बैगुने, रातो रङ्गको धागो र
मसिनो बाटेको सुती कपड़ामा बुट्टा भर्नेको
शिल्पकारी भएको बीस हात लामो एउटा
पर्दा बनाउनू । **१७**चोकको चारैतिरका सबै
खाँबाहरूमा चाँदीका अङ्कुसे र फित्ता अनि
पीतलका आधारहरू होऊन् । **१८**चोक एक
सय हात लामो र पचास हात चौडा रहोस्,

---

**२६:३३**–हिब्रू ६:१९; ९:३-५. **२७:१–८**–प्रस्थान ३८:१-७. **२७:९–१९**–प्रस्थान ३८:९-२०.

त्यसमा पीतलको आधार भएका मसिनो
बाटेका सुती कपड़ाका पाँच हात अग्ला पर्दाहरू
होऊन् । **१९**पवित्रस्थानको सेवामा प्रयोग
गरिने बाँकी सबै सामानहरू, पालका
कीलाहरू, चोकका कीलाहरू लगायत सबै चाहे
तिनीहरूका काम जेसुकै होस्, ती सबै पीतलका
होऊन् ।

### सामदानको लागि तेल

**२०**"प्रकाशको लागि दियाहरू निरन्तर
बलिरहून्, इस्राएलीहरूलाई पेलिएको भद्राक्षको
शुद्ध तेल तँकहाँ ल्याउने आदेश दिनू । **२१**भेट
हुने पालमा साक्षी-पाटीको सामुन्ने भएको पर्दा
बाहिर, हारून र त्यसका छोराहरूले परमप्रभुको
सामुन्ने साँझदेखि बिहानसम्मै दियाहरू
बलिरहेका हुनदिनुपर्छ । यो इस्राएलीहरूको
बीचमा आउने पुस्तौं पुस्ताको लागि अनन्तको
धार्मिक विधि होस् ।

### पूजाहारीका पोशाकहरू

**२८** "इस्राएलीहरूका बीचबाट तेरा दाज्यू
हारून अनि त्यसका छोराहरू नादाब,
अबीहू, एलाजार र ईतामार पूजाहारी भई मेरो
सेवा गरून् भनेर तँकहाँ ल्याइऊन् । **२**तेरा
दाज्यू हारूनलाई मर्यादा र सम्मान दिनलाई,
तिनको निम्ति पवित्र पोशाकहरू बनाउनू ।
**३**मैले यस्ता कामको लागि बुद्धि दिएका सबै
सिपालु मानिसहरूलाई हारूनको निम्ति त्यसले
पूजाहारी भई मेरो सेवा गरोस् भनेर त्यसको
स्थापनाको लागि पोशाकहरू बनाउन भन् ।
**४**तिनीहरूले बनाउनुपर्ने पोशाकहरू यिनै हुन्:
छातीको पाता, एउटा एपोद, एउटा अलखा,
कोठे लबेदा, एउटा फेटा र एउटा पटुका ।
तिनीहरूले पवित्र पोशाकहरू तेरा दाज्यू
हारून र त्यसका छोराहरूको निम्ति तिनीहरूले
पूजाहारी भई मेरो सेवा गरून् भनेर बनाऊन् ।
**५**तिनीहरूले सुन, नीलो, बैगुने र रातो धागो
अनि मिहीन सुती कपडा चलाऊन् ।

### एपोद

**६**"तिनीहरूले एपोदचाहिँ सुन, नीलो, बैगुने
र रातो धागोका अनि मिहीन बाटेको सुती
कपडाका सिपालु शिल्पकारको काम भएको
बनाउनू । **७**त्यसमा दुई कुनामा जोड़िएका
अनि बाँध्न सकिने काँधका दुईओटा टुक्राहरू
होऊन् । **८**त्यसको सिपालु गरी बुनेको पटुका
सुनको अनि एपोदसित एउटै भएको, र त्यो
सुन अनि नीलो, बैगुने र रातो धागो र
मिहीनसित बाटेको सुती कपड़ाले बनिएको
होस् ।
**९**"दुईओटा गोमेद पत्थर लिएर त्यसमा
इस्राएलका छोराहरूका नाउँ खोप्नू । **१०**ती
तिनीहरूका जन्मको क्रमानुसार एउटा
पत्थरमा छओटा नाउँहरू र अर्कोमा बाँकी
रहेको नाउँहरू खोप्नू । **११**इस्राएलका छोराहरूका
नाउँहरू दुई पत्थरहरूमा पत्थर खोप्ने
शिल्पकारले जसरी छाप खोप्छ त्यसरी नै
खोप्नू । त्यसपछि ती पत्थरहरू सुनका रत्न
जडिने मणिघरमा जड़न लगाउनू, **१२**अनि
तिनीहरूलाई इस्राएलका छोराहरूको निम्ति
सम्झना पत्थरझैँ एपोदका काँधे टुक्रामा
कसिदिनू । हारूनले ती नाउँहरू सम्झनाझैँ
परमप्रभुको सामने आफ्नो काँधमा बोकोस् ।
**१३**तैंले सुनले जड़ेको मणिघर बनाउनू,
**१४**अनि निखुर सुनका डोरीझैँ बाटेका दुईओटा
सिक्रीहरू बनाएर ती सिक्रीहरूलाई मणिघरमा
लगाउनू ।

### छाती-पाता

**१५**"न्याय लिनको लागि एउटा छाती-पाता
बनाउनू एक जना सिपालु शिल्पकारद्वारा त्यो
बनाइचोस् । त्यसलाई एपोदझैँ सुनको, नीलो,
बैगुने र रातो धागो अनि मिहीन गरी बाटेको
सुती कपड़ाको बनाउनू । **१६**त्यो एक बित्ता
लामो र एक बित्ता चौड़ा वर्गाकार बनाई
दोबारेर पटचाइको होस् । **१७**त्यसपछि त्यसमा
चार लहर बहुमूल्य पत्थरहरू जड्नू । पहिलो

---

**२७:२०-२१**–लेवी २४:१-४. **२८:१-१४** –प्रस्थान ३९:१-७. **२८:१५-३०** –प्रस्थान ३९:८-२१.

लहरमा सार्डियस, पुष्पराज र पन्ना; **१८**दोस्रो लहरमा नीलम, लाल र हीरा; **१९**तेस्रो लहरमा धूम्रकान्त, सूर्यकान्त र मर्तिश; **२०**चौथो लहरमा पिरोज, गोमेद र स्फटिक होऊन्। तिनीहरूलाई सुनको मणिघरमा जड्नू। **२१**इस्राएलका छोराहरूका प्रत्येक नाउँको लागि जम्मा बाह्रओटा पत्थरहरू होऊन्, अनि प्रत्येकलाई इस्राएलका बाह्र कुलमध्ये एउटा एउटा नाउँको हिसाबले औंठीको छापमा भएझैं खोप्नू।

**२२**"छाती-पाताको निम्ति डोरीजस्तै निखुर सुनको बाटेका सिक्रीहरू बनाउनू। **२३**त्यसको लागि सुनका दुईओटा मुन्द्रीहरू बनाएर छाती-पाताका दुई कुनामा बाँध्नू। **२४**सुनका ती दुई सिक्रीहरूलाई छाती-पाताका कुनाहरू भएका मुन्द्रीमा बाँध्नू, **२५**अनि सिक्रीका अरू छेउहरूलाई अगिल्तिर भएको एपोदका काँधे टुक्राहरूसित मिलाएर दुवैलाई मणिघरहरूमा बाँध्नू। **२६**सुनका दुईओटा मुन्द्री बनाएर एपोदको अर्कोतिर भित्री किनारमा भएको छाती-पाताका अर्का छेउहरूमा लगाउनू। **२७**सुनका अझ अरू अगिल्तिर दुईओटा मुन्द्रीहरू बनाएर एपोदको पटुकाको ठीक मास्तिर जोड़िएको भागको नजीक काँधे टुक्राको फेदमा लगाइदिनू। **२८**छाती-पाताका मुन्द्रीहरू, छाती-पाता एपोदबाट यताउता नहल्लिओस् भनेर, त्यसलाई कम्मरको पटुकासित जोड़ेर एपोदको मुन्द्रीसित नीलो धागोले बाँध्नू।

**२९**"जहिलेजहिले हारून पवित्रस्थानमा प्रवेश गर्नेछ, त्यसले परमप्रभुको सामुन्ने सधैंको सम्झनाको रूपमा इस्राएलका छोराहरूका नाउँहरू आफ्नो हृदयमा निर्णयको छाती-पातामा राख्नेछ। **३०**जहिलेजहिले हारून परमप्रभुको उपस्थितिमा पस्छ, ऊरीम र तुम्मीम पनि त्यसको हृदयमा रहोस् भनेर तिनलाई पनि छाती-पातामा लगाउनू। यसरी हारूनले इस्राएलीहरूको निर्णय लिने साधनलाई परमप्रभुको सामुन्ने सधैं आफ्नो हृदयमाथि बोकोस्।

## पूजाहारीका अरू पोशाकहरू

**३१**"एपोदको लबेदा सम्पूर्ण नीलो कपड़ाको बनाउनू। **३२**त्यसको बीचमा टाउको छिराउनको लागि खुला भाग राख्नू। त्यो नच्यातिओस् भनेर त्यस खुला भागको चारैतिर बुनेको बिट होस्। **३३**लबेदाको बिटको चारैतिर बीचबीचमा सुनको घण्टी राखेर नीलो, बैजनी र रातो धागोका दारीमहरू बनाउनू। **३४**सुनका घण्टीहरू अनि दारीमहरू एउटाको पछि अर्को गरेर लबेदाको बिटको चारैतिर होऊन्। **३५**हारूनले सेवा गर्दा त्यो अवश्य लगाओस्। जब ऊ परमप्रभुको उपस्थितिमा पवित्रस्थानभित्र र बाहिर निस्कँदा, ती घण्टीहरूका आवाज सुनिओस् र हारून नमरोस्।

**३६**"तैंले निखुर सुनको एउटा पाता बनाएर औंठीको छापमा खोपेझैं 'परमप्रभुको निम्ति पवित्र' भनेर खोप्नुपर्छ। **३७**त्यसलाई टोपीमा लगाउनको लागि त्यसमा नीलो डोरी कस्नू। यो टोपीको अगिल्तिर होस्। **३८**यो हारूनको निधारमा हुनेछ, र इस्राएलीहरूले जुनै भेटी चढ़ाए पनि, तिनीहरूले पवित्र भेटीहरू चढ़ाएको काममा रहेको दोष हारूनले बोक्नेछ। तिनीहरू परमप्रभुकहाँ ग्रहण योग्य होऊन् भनेर त्यो सधैं हारूनको निधारमा रहनेछ।

**३९**"लबेदा मिहीन सुती कपड़ाले बुन्नू र टोपी मिहीन सुती कपड़ाको बनाउनू। पटुका बुट्टा भर्नेले गरेको काम होस्। **४०**हारूनका छोराहरूको निम्ति तिनीहरूलाई मर्यादा र सम्मान दिनलाई, लबेदा, पटुका र टोपी बनाउनू। **४१**तैंले आफ्ना दाज्यू हारून र त्यसका छोराहरूलाई यी वस्त्रहरू लगाइदिएपछि, तिनीहरूलाई अभिषेक गरेर स्थापना गर्नू। तिनीहरूले पूजाहारी भई मेरो सेवा गरून् भनेर तिनीहरूलाई अर्पण गर्नू।

**४२**"नग्नता ढाक्नलाई कम्मरदेखि जाँघसम्म पुग्ने सुतीका भित्री पोशाकहरू बनाउनू। **४३**हारून र त्यसका छोराहरूले जहिलेजहिले भेट हुने पालभित्र पस्छन् अथवा पवित्रस्थानमा

**२८:३०**–गन्ती २७:२१; व्यवस्था ३३:८; एज्रा २:६३; नहेम्याह ७:६५. **२८:३१-४३**–प्रस्थान ३९:२२-३१.

सेवा गर्न वेदीको छेउमा जान्छन्, ती लगाऊन् र तिनीहरू दोष लागेर नमरून् ।

"यो हारून र त्यसका सन्तानको निम्ति सधैँको धार्मिक विधि हुनेछ ।

### पूजाहारीहरूको अर्पण

२९ "तिनीहरूले पूजाहारीको रूपमा मेरो सेवा गरून् भनेर तिनीहरूलाई यसरी अर्पण गर्नू: एउटा गोरु र दुईओटा निस्खोट भेड़ाहरू ल्याउनू । **२**अनि गहुँको मिहीन पीठोबाट, खमीर नहाली रोटी र तेल मिसाएको बाबर अनि तेल छर्केको फुलौरो बनाउनू । **३**तिनीहरूलाई एउटा टोकरीमा हाल्नू र त्यो गोरु र दुईओटा भेड़ाहरू सहित प्रस्तुत गर्नु । **४**त्यसपछि हारून र त्यसका छोराहरूलाई भेट हुने पालको प्रवेश द्वारमा ल्याउनू र तिनीहरूलाई पानीले नुहाइदिनू । **५**पोशाकहरू लिएर हारूनलाई लबेदा, एपोदको पोशाक, एपोद र छातीपाता लगाइदिनू । निपूणतासित बुट्टा काढ़ेको पटुकाले त्यसको शरीरमा एपोद बाँधिदिनू । **६**त्यसको शिरमा फेटा लगाएर त्यसमा पवित्र मुकुट लगाइदिनू । **७**अभिषेक गर्ने तेल लिएर त्यसको शिरमा त्यो खन्याएर त्यसलाई अभिषेक गर्नू । **८**अनि त्यसका छोराहरूलाई ल्याएर तिनीहरूलाई लबेदा पहिराइदिनू, **९**र तिनीहरूलाई शिरमा टोपी लगाइदिनू । त्यसपछि हारून र त्यसका छोराहरूलाई पटुका बाँधिदिनू। सधैँको धार्मिक-विधिद्वारा पूजाहारी पद तिनीहरूकै हो । यस किसिमले तैँले हारून र त्यसका छोराहरूलाई अभिषेक गर्नू ।

**१०**"त्यस गोरुलाई भेट हुने पालको सामुन्ने ल्याउनू, अनि हारून र त्यसका छोराहरूले त्यसमाथि आफ्ना हात राख्नेछन् । **११**बाछ्ालाई परमप्रभुको उपस्थितिमा भेट हुने पालको प्रवेश-द्वारमा बलि चढ़ाउनू । **१२**त्यस बाछ्ाको रगतबाट केही लिएर त्यसलाई तेरो औँलाले वेदीका सीङहरूमाथि लगाउनू, अनि बाँकी रहेको रगत वेदीको जगमा खन्याउनू । **१३**त्यसपछि भित्री अङ्गहरूका वरिपरि भएका सबै बोसो, कलेजोलाई छोप्ने जालो, अनि दुवै मिर्गौलाहरू र त्यसमाथि भएका बोसोसमेत लिएर वेदीमाथि जलाउनू । **१४**तर बाछ्ाको मासु, त्यसको छाला र त्यसको गोबर छाउनी बाहिर जलाउनू । यो एउटा पापबलि हो ।

**१५**"ती दुईमध्ये एउटा भेड़ा लिनू, अनि हारून र त्यसका छोराहरूले त्यसको शिरमाथि हात राख्नेछन् । **१६**त्यसलाई मार्नू र त्यसको रगत लिएर त्यसलाई वेदीको सम्पूर्ण भित्तामा छर्कनू । **१७**भेड़ालाई टुक्राटुक्रा गरी काटेर त्यसका भित्री भागहरू र खुट्टाहरू धुनू अनि तिनीहरूलाई टाउको र अरू टुक्राहरूसित राख्नू । **१८**त्यसपछि सम्पूर्ण भेड़ालाई वेदीमा जलाउनू । योचाहिँ परमप्रभुलाई मन पर्ने मीठो बास्ना भएको, आगोद्वारा चढ़ाइएको होमबलि हो ।

**१९**"तैँले अर्को भेड़ा लिनू, हारून र त्यसका छोराहरूले त्यसको शिरमा हात राख्नेछन् । **२०**त्यसलाई मार्नू, त्यसबाट केही रगत लिएर हारून र त्यसका छोराहरूका दाहिने कानका लोतीमा, तिनीहरूका दाहिने हातका बूढ़ी औँलामा, र दाहिने खुट्टाका बूढ़ी औँलामा लगाउनू । त्यसपछि वेदीका चारै भित्तामा रगत छर्कनू । **२१**त्यसपछि वेदीको केही रगत र केही अभिषेक गर्ने तेल लिएर त्यसलाई हारून र त्यसका पोशाकहरूमा, त्यसका छोराहरू र तिनीहरूका पोशाकहरूमा छर्कनू । त्यसपछि त्यो, त्यसका छोराहरू र तिनीहरू सबैका पोशाकहरूसमेत पवित्र हुनेछन् ।

**२२**"त्यस भेड़ाबाट बोसो, बोसेपुच्छर, भित्री भागहरूलाई छोप्ने बोसो, कलेजो बाहिरको जाली, दुवै मिर्गौलाहरू र तिनीहरूमाथिका बोसोसमेत र दाहिने फिला लिनू । (यो भेड़ा अर्पणको लागि हो ।) **२३**परमप्रभुको सामुन्ने राखिएको टोकरीको खमीर नहालेको रोटीबाट एउटा, अनि तेलमा पोलेको एउटा फुलौरो र

---

**२९:१-३७**–लेवी ८:१-३६. **२९:१८**–एफिसी ५:२; फिलिप्पी ४:१८.

एउटा बाबर लिनू । **२४**यी सबैलाई हारून र त्यसका छोराहरूका हातमा दिएर परमप्रभुको सामुन्ने भेटीको रूपमा ल्याउनू । **२५**त्यसपछि ती सबैलाई उनीहरूका हातबाट लिएर, परमप्रभुको निम्ति मनपर्दो बास्ना, परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइएको भेटीका साथमा वेदीमाथि जलाइदिनू । **२६**हारूनको अभिषेकको निम्ति तैंले भेड़ाको ह्याकुला लिएपछि त्यसलाई भेटीको रूपमा परमप्रभुको सामुन्ने ल्याउनू, अनि त्यो तेरो भाग हुनेछ ।

**२७**"अभिषेक गर्ने भेड़ाका ती भागहरू जुन हारून र त्यसका छोराहरूका भाग हो त्यसलाई अर्पण गर्नू: ल्याइएको ह्याकुला र चढ़ाइएको फिला । **२८**त्यो इस्राएलीहरूका तर्फबाट हारून र त्यसका छोराहरूका निम्ति नियमित भाग हो । यो इस्राएलीहरूले आफ्ना मेलबलिबाट परमप्रभुलाई चढ़ाउनपर्ने भाग हो ।

**२९**"हारूनका पवित्र लुगाहरू त्यसका सन्तानहरूका निम्ति हुनेछन् ताकि तिनीहरू त्यसैमा अभिषेक र अर्पण होऊन् । **३०**त्यसको पछि पूजाहारीको उत्तराधिकारी हुने छोराले पवित्रस्थानमा सेवा गर्न भेट हुने पालमा आउँदा ती लुगाहरू सात दिनसम्म लगाओस् ।

**३१**"अभिषेकको भेड़ा लिएर त्यसको मासु एउटा पवित्र ठाउँमा पकाउनू । **३२**भेट हुने पालको प्रवेश द्वारमा हारून र त्यसका छोराहरूले त्यस भेड़ाको मासु र टोकरीमा भएको रोटी खाऊन् । **३३**तिनीहरूले आफ्ना अभिषेक र अर्पणको लागि प्रायश्चित गरिएका ती भेटीहरू खाऊन् । तर अरू कसैले पनि ती नखाओस्, किनकि ती पवित्र हुन् । **३४**यदि अभिषेकको भेड़ाको मासुको केही भाग अथवा केही रोटी बिहानसम्म उब्रियो भने, त्यसलाई जलाइदिनू । त्यो खान हुँदैन, किनकि त्यो पवित्र छ ।

**३५**"तँलाई मैले दिएको आज्ञाबमोजिम हारून र त्यसका छोराहरूलाई सात दिन लगाएर नियुक्त गर्नू । **३६**प्रायश्चित गर्नको लागि प्रत्येक दिन पापबलिको रूपमा एउटा गोरु बलिदान गर्नू । प्रायश्चित गरेर वेदीलाई शुद्ध गर्नू, त्यसलाई पवित्र गर्नको लागि अभिषेक गर्नू । **३७**सात दिनसम्म वेदीको लागि प्रायश्चित गर्नू र त्यसलाई पवित्र पार्नू । तब वेदी महापवित्र हुनेछ, अनि त्यसलाई छुने जे सुकै पनि पवित्र हुनेछ ।

**३८**"तैंले वेदीमा प्रत्येक दिन नियमित रूपले चढ़ाउनुपर्ने कुराहरू यिनै हुन्: एक वर्षे दुईओटा थुमाहरू । **३९**एउटा बिहान अनि अर्को साँझमा चढ़ाउनू । **४०**पहिलो थुमाको साथमा एपाको दशौं भाग मसिनो पीठोसित पेलिएको भद्राक्षको चौथाइ हिनतेल मिसाएर, र अर्घवलिको रूपमा चौथाइ हिन दाखमद्य चढ़ाउनू । **४१**अर्को थुमालाई पनि साँझमा बिहानजस्तै अन्नबलि र अर्घबलिका साथमा चढ़ाउनू, जुन परमप्रभुलाई मनपर्दो बास्नाको रूपमा आगोद्वारा चढ़ाइएको बलि त्यो होस् ।

**४२**"आउने पुस्ताको लागि यो होमबलि भेट हुने पालको प्रवेश द्वारमा परमप्रभुको निम्ति नियमित रूपले चढ़ाइयोस् । त्यहाँ म तँलाई भेट्नेछु, अनि तँसित बोल्नेछु; **४३**त्यहाँ म इस्राएलीहरूसित पनि भेट गर्नेछु, अनि त्यो ठाउँ मेरो महिमाले पवित्र हुनेछ ।

**४४**"यसरी म भेट हुने पाललाई र वेदीलाई पवित्र पार्नेछु, अनि मेरो निम्ति पूजाहारी भई सेवा गर्नलाई हारून र त्यसका छोराहरूलाई पवित्र गर्नेछु । **४५**तब म इस्राएलीहरूबीच बास गर्नेछु र तिनीहरूका परमेश्वर हुनेछु । **४६**म तिनीहरूबीच बास गरूँ भनेर, तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउने, म परमप्रभु तिनीहरूका परमेश्वर हुँ भनी तिनीहरूले जान्नेछन् । म परमप्रभु तिनीहरूका परमेश्वर हुँ ।

## धूपको वेदी

**३०** "तैंले धूप बाल्नलाई बबुल काठको एउटा वेदी बनाउनू । **२**त्यो एक हात लामो, एक हात चौड़ा वर्गाकार होस्, र त्यसको

---

**२९:३८-४६**–गन्ती २८:१-८. **३०:१-५**–प्रस्थान ३७:२५-२८.

उचाइ दुई हात होस्, त्यसका सीङहरू त्यससित
एउटै टुक्राको होस् । **३**त्यसको टुप्पो र सबै
भित्ताहरू र सीङ्हरूलाई निखुर सुनले मोहोर्नू,
अनि त्यसको चारैतिर सुनको बिट बनाउनू ।
**४**वेदीलाई बोक्ने डण्डाहरू अड़काउनलाई
बिटको मुन्तिर दुवैतिर दुईओटा मुन्द्राहरू
बनाउनू । **५**ती डण्डाहरू बबुल काठका बनाउनू
र तिनीहरूलाई सुनले मोहोर्नू । **६**वेदीलाई साक्षी-
पाटीको सन्दूकको अघिल्तिर भएको पर्दाको
सामुन्ने राख्नू– साक्षी-पाटीको माथि रहेको
प्रायश्चित-आसनको सामुन्ने, जहाँ म तँसित
भेट गर्नेछु ।

**७**"हारूनले प्रत्येक बिहान बत्तीहरू सच्याउँदा
वेदीमा सुगन्धित धूप जलाओस् । **८**त्यसले
साँझमा बत्तीहरू बाल्दा फेरि धूप जलाओस् र
आउने पुस्ताहरूको लागि परमप्रभुको सामुन्ने
धूप नियमित रूपले जल्नेछ । **९**त्यस वेदीमा
अरू कुनै किसिमका धूप अथवा होमबलि अथवा
अन्नबलि नचढ़ाउनू र त्यसमाथि कुनै अर्घबलि
पनि नचढ़ाउनू । **१०**सीङहरूमा हारूनले वर्षमा
एकपल्ट प्रायश्चित गरोस् । यो वार्षिक
प्रायश्चित आउने पुस्ता-पुस्ताका लागि
प्रायश्चितको पापबलिको रगतसित गरोस् ।
परमप्रभुको निम्ति यो अति पवित्र हुनेछ ।"

## प्रायश्चितको मोल

**११**त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो,
**१२**"जब तैंले इस्राएलीहरूको गन्ती लिनलाई
तिनीहरूको जनगणना गर्नेछस्, तब प्रत्येकले
आफ्नो गन्तीको समयमा त्यसको प्राणको लागि
परमप्रभुलाई छुटकाराको मोल तिरोस् । तब
तैंले तिनीहरूलाई गन्ती गर्दा तिनीहरूमाथि
कुनै विपत्ति आउनेछैन । **१३**हरेक जो गन्ती
भइसकेकाहरूपट्टि पार गरेर जान्छ त्यसले
पवित्रस्थानको शेकेलको हिसाबले आधा शेकेल
दिनुपर्नेछ– (एक शेकेल बराबर बीस गेरा
हुन्छ) । त्यो आधा शेकेल परमप्रभुको निम्ति
भेटी हो । **१४**बीस वर्ष र त्यसदेखि माथिका
जति जना गनिन्छन्, सबैले परमप्रभुको
निम्ति एउटा भेटी देऊन् । **१५**तिमीहरूले
आफ्नो प्रायश्चितको लागि परमप्रभुलाई भेटी
चढ़ाउँदा धनीहरूले आधा शेकेलभन्दा बढ़ी
अनि गरीबहरूले त्यसभन्दा कम नदेओस् ।
**१६**इस्राएलीहरूबाट प्रायश्चितको पैसा लिएर
त्यसलाई भेट हुने पालको सेवाको निम्ति प्रयोग
गर्नू । तिमीहरूले आफ्ना प्राणको प्रायश्चित
गर्दा परमप्रभुको सामुन्ने, इस्राएलीहरूको निम्ति
यो एउटा सम्झनास्वरूप हुनेछ ।"

## धुनको लागि बाटा

**१७**तब परमप्रभुले मोशालाई भन्नुभयो,
**१८**"धुनको लागि पितलको खुट्टाभएको पीत्तलकै
बाटा बनाउनू । त्यसलाई भेट हुने पाल र
वेदीको बीचमा राखेर त्यसमा पानी भर्नू ।
**१९**हारून र त्यसका छोराहरूले त्यसमा
भएको पानीले आफ्ना हातखुट्टाहरू धोऊन् ।
**२०**जहिलेजहिले तिनीहरू भेट हुने पालभित्र
पस्छन्, कि वेदीनेर सेवा गर्नलाई परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाइने बलि जलाउनलाई
आउँछन्, **२१**तब तिनीहरूले यही पानीले हात-
गोड़ा धोऊन् र तिनीहरू नमरून् । यो हारून
र त्यसका सन्तानको निम्ति तिनीहरूका
पुस्ताभरिको लागि अनन्तको धार्मिक विधि
होस् ।"

## अभिषेक गर्ने तेल

**२२**तब परमप्रभुले मोशालाई भन्नुभयो,
**२३**"निम्नलिखित असल मसाला लिनू: पाँच सय
शेकेल तरल मूर्, त्यसको आधा अथवा अढ़ाइ
सय शेकेल बास्ना आउने दालचिनी, अढ़ाइ
सय शेकेल सुगन्धित काठ, **२४**पाँच सय शेकेल
तेजपात– सबै पवित्रस्थानको शेकेलको हिसाबले
र एक हिन भद्राक्षको तेल । **२५**यी सबैबाट
एउटा अभिषेकको पवित्र तेल बनाउनु, जो
अत्तर बनाउने सिपालु व्यक्तिले बनाएको बास्ना
युक्त मिश्रण होस् । त्यो अभिषेक गर्ने पवित्र

---

**३०:१३** –प्रस्थान ३८:२५-२६; मत्ती १७:२४. **३०:१८**–प्रस्थान ३८:८. **३०:२२–३८**–प्रस्थान ३७:२९.

तेल हुनेछ । **२६**तब त्यस तेललाई भेट हुने
पाल, साक्षीको सन्दूक, **२७**टेबल र त्यसमा
भएका सम्पूर्ण सामग्रीहरू, सामदान र त्यसका
अरू उपकरणहरू, धूपको वेदी, **२८**र होमबलिको
वेदी र त्यसका सबै भाँड़ाहरू र बाटा र
त्यसलाई उभ्याउने चीजसमेत सबैलाई अभिषेक
गर्नलाई प्रयोग गर्नू । **२९**तैंले यी सबै कुराहरू
पवित्र गर्नू र तिनीहरू अति पवित्र हुनेछन् ।
जेसुकैले तिनीहरूलाई छोए पनि त्यो पवित्र
हुनेछ ।

**३०**"हारून र त्यसका छोराहरूलाई अभिषेक
गरेर पवित्र गर्नू र तिनीहरूले पूजाहारीको
रूपमा मेरो सेवा गरून् । **३१**इस्राएलीहरूलाई
भन्नू, 'यो आउने पुस्ताहरूको लागि मेरो पवित्र
अभिषेकको तेल होस् । **३२**यसलाई मानिसहरूका
शरीरहरूमा नखन्याउनू अनि यही तरीकाले
कुनै तेल नबनाउनू । यो पवित्र हो, र तैंले
यसलाई पवित्र ठान्नुपर्छ । **३३**जसले यस्तै
सुगन्धित तेल बनाउँछ र जसले यसलाई
पूजाहारीबाहेक अरूमाथि लगाउँछ, त्यसलाई
आफ्ना मानिसहरूबाट बहिष्कार गरिनुपर्छ ।'"

### सुगन्धित धूप

**३४**तब परमप्रभुले मोशालाई भन्नुभयो,
"सुगन्धित मसालाहरू– कुन्द, धूप, नखी र
सालधूप अनि शुद्ध मूर्र सबै एकै परिमाणमा
लिनू, **३५**अनि अत्तर बनाउनमा सिपालु
व्यक्तिद्वारा सुगन्धित धूपको मिश्रण बनाउनू ।
त्यसमा नून हाल्नुपर्छ र त्यो शुद्ध अनि
पवित्र हुनुपर्छ । **३६**त्यसका केही भाग पिँधेर
पीठो बनाउनू र त्यसलाई भेट हुने पालको
साक्षीपाटीको सामुन्ने राख्नू, जहाँ म तँलाई
भेट्नेछु । यो तेरो निम्ति अति पवित्र हुनेछ ।
**३७**यस तरीकाले तिमीहरूले आफ्नो निम्ति कुनै
धूप नबनाउनू; यसलाई परमप्रभुको निम्ति पवित्र
ठान्नू । **३८**जसले यसको सुगन्धको आनन्द
लिनलाई यस्तो बनाउँछ त्यसलाई आफ्ना
मानिसहरूबाट बहिष्कार गरिनुपर्छ ।"

### बजलेल र ओहोलिआब

**३१** तब परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"हेर्, मैले यहूदा कुलको हूरको नाति,
ऊरीको छोरा बजलेललाई चुनेको छु, **३**अनि
मैले त्यसलाई परमेश्वरको आत्माले, सीप,
योग्यता अनि कारीगरीका सबै ज्ञानले भरेको
छु । **४**त्यसले सुन, चाँदी र पीतलका कामहरू,
**५**पत्थर काटेर जड़ने काम, काठको काम, र
सबै किसिमका कारीगरी गर्नेछ । **६**यसबाहेक,
त्यसलाई सघाउन भनी मैले दानको कुलको
अहीसामाकको छोरा ओहोलिआबलाई नियुक्त
गरेको छु । मैले तँलाई आज्ञा गरेका हरेक
कुरो बनाउनलाई सबै कारीगरहरूलाई पनि
मैले सीप दिएको छु: **७**भेट हुने पाल, साक्षीपाटीको
सन्दूक, त्यसमाथि भएको प्रायश्‍चित-आसन र
पालका अरू सबै सामग्रीहरू– **८**टेबुल र
त्यसका सामग्रीहरू, निखुर सुनको सामदान
र त्यसका सबै उपकरणहरू, धूपको वेदी,
**९**होमबलिको वेदी र त्यसका सबै पात्रहरू,
बाटा र त्यसलाई उभ्याउने चीजहरू, **१०**बुनेका
पोशाकहरू पनि, हारून पूजाहारीका पवित्र
पोशाकहरू, पूजाहारी भई सेवा गर्दा लाउने
तिनका छोराहरूका पोशाकहरू, **११**अभिषेक
गर्ने तेल र पवित्रस्थानको लागि सुगन्धित
धूप । तिनीहरूले यी सबै कुराहरू ठीक मैले
तँलाई आज्ञा दिएअनुसार नै बनाऊन् ।"

### विश्राम-दिन

**१२**तब परमप्रभुले मोशालाई भन्नुभयो,
**१३**"इस्राएलीहरूलाई भन्, 'तिमीहरूले मेरो
विश्राम-दिन पालन गर्नू । आउने पुस्ताहरूको
लागि यो मेरो र तिमीहरूको बीचको चिन्ह
हुनेछ, र तिमीहरूले जान्नेछौ, कि म परमप्रभु
हुँ, जसले तिमीहरूलाई पवित्र बनाउँछ ।
**१४**"'विश्राम-दिन मान, किनकि यो
तिमीहरूको लागि पवित्र छ । जसले यसलाई
अपवित्र पार्छ त्यो मारिनुपर्छ, जसले यस दिनमा
काम गर्छ, त्यसलाई मानिसहरूबाट बहिष्कार

---

**३१:१-११**–प्रस्थान ३५:३०-३६:१.

गरिनुपर्छ । **१५**छ दिनसम्म काम गरिनुपर्छ, तर
सातौं दिन विश्राम-दिन हो, जुन परमप्रभुको
निम्ति पवित्र छ । जसले विश्राम-दिनमा काम
गर्छ त्यो मारिनुपर्छ । **१६**इस्राएलीहरूले विश्राम-
दिनलाई आउने पुस्ताहरूको लागि सधैंको
करारको रूपमा मनाऊन् । **१७**यो मेरो र
इस्राएलीहरूको बीचमा अनन्तको लागि चिन्ह
हुनेछ, किनकि परमप्रभुले छ दिनमा आकाश
र पृथ्वी बनाउनुभयो, अनि सातौं दिनमा उहाँले
काम गर्नुभएन र विश्राम लिनुभयो ।'"

**१८**परमेश्वरले मोशासित सीनै पर्वतमा
कुरा गरिसक्नुभएपछि, उहाँका आफ्ना औंलाले
लेखेका साक्षीका दुईओटा पाटीहरू उहाँले
तिनलाई दिनुभयो ।

### सुनको बाछा

**३२** जब मानिसहरूले मोशा पर्वतबाट
झरेर आउन यति ढिलो गरेका देखे,
तब तिनीहरू हारूनका वरिपरि भेला भएर
भने, "आउनुहोस्, हाम्रा अगिअगि जानलाई
हाम्रो निम्ति देवताहरू बनाउनुहोस् । हामीलाई
मिश्रबाट बाहिर निकालेर ल्याउने यो मानिस
मोशालाई के भएको छ हामी जान्दैनौं ।"

**२**हारूनले तिनीहरूलाई जवाफ दिए,
"तिमीहरूका पत्नीहरू तिमीहरूका छोराछोरीहरूले
लगाइराखेका सुनका कानका कुण्डलहरू फुकालेर
मकहाँ ल्याओ ।" **३**यसकारण सबै मानिसहरूले
आफ्ना कुण्डलहरू फुकालेर हारूनकहाँ ल्याए ।
**४**तिनीहरूले दिएका ती चीजहरू तिनले लिए
र त्यसलाई ढालेर हतियारले खोपेर त्यसबाट
एउटा बाछोको मूर्ति बनाए । तब तिनीहरूले
भने, "हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट
निकालेर ल्याउने देवताहरू यिनै हुन् ।"

**५**जब हारूनले यो देखे, तिनले त्यस बाछाको
सामुन्ने एउटा वेदी बनाएर घोषणा गरे, "भोलि
परमप्रभुको निम्ति एउटा चाड़ हुनेछ ।"
**६**यसकारण भोलिपल्ट मानिसहरू बिहानै उठेर
होमबलि चढ़ाए र मेलबलि पनि ल्याए ।
त्यसपछि तिनीहरू खानपान गर्न बसे अनि
मोज गर्न उठे ।

**७**तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल
जा, किनकि तैंले मिश्रबाट निकालेर ल्याएका
तेरा मानिसहरू भ्रष्ट भएका छन् । **८**तिनीहरूले
मैले तिनीहरूलाई दिएका आज्ञाहरूबाट
अर्कोतिर लाग्न हतार गरेका छन् र तिनीहरू
आफैले एउटा बाछोको रूपमा एउटा मूर्ति
बनाएका छन् । तिनीहरूले त्यसलाई ढोगेर
बलिहरू चढ़ाएर भनेका छन्, 'हे इस्राएली हो,
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने
तिमीहरूका देवताहरू यिनै हुन् ।'

**९**परमप्रभुले मोशालाई भन्नुभयो, "मैले यी
मानिसहरूलाई देखेको छु, यिनीहरू हठी
मानिसहरू हुन् । **१०**अब मलाई नरोक्, र
मेरो क्रोध यिनीहरूको विरुद्धमा दन्किओस् अनि
म यिनीहरूलाई भस्म पार्नेछु । तब म तँबाट नै
एउटा महान् जाति बनाउनेछु ।"

**११**तर मोशाले परमप्रभु आफ्ना परमेश्वरबाट
निगाह मागेर भने, "हे परमप्रभु, तपाईंले महान्
शक्ति र सामर्थी हातले मिश्रबाट ल्याउनुभएको
आफ्नो जातिको विरुद्धमा तपाईंको क्रोध किन
यति साह्रो दन्केको छ ? **१२**'उहाँले तिनीहरूलाई
पहाड़ी ठाउँहरूमा मारेर यस पृथ्वीबाट
तिनीहरूको नाउँ निशानै मेटिदिने नराम्रो विचार
लिएर तिनीहरूलाई निकालेर ल्याउनुभयो,' भनेर
मिश्रीहरूले किन भन्न पाऊन् ? तपाईंको
भयानक क्रोध त्याग्नुहोस्; कोमल हुनुहोस् अनि
आफ्नो जातिमाथि विपत्ति नल्याउनुहोस् ।
**१३**तपाईंका दासहरू अब्राहाम, इसहाक र
याकूबलाई सम्झनुहोस्, जसलाई तपाईंले यसो
भनी आफ्नै नाउँमा शपथ खानुभएको थियो:
'म तेरा सन्तानहरूलाई आकाशका ताराहरूझैँ
धेरै बनाउनेछु र तेरा सन्तानहरूलाई मैले
तिनीहरूसित प्रतिज्ञा गरेको देश दिनेछु,
अनि त्यो अनन्तसम्मको लागि तिनीहरूको

---

**३१:१५**–प्रस्थान २०:८-११; २३:१२; ३४:२१; ३५:२; लेवी २३:३; व्यवस्था ५:१२-१४. **३१:१७**–प्रस्थान २०:११.
**३२:१**–प्रेरित ७:४०. **३२:१–३५**–व्यवस्था ९:६-२९. **३२:४**–१ राजा १२:२८; प्रेरित ७:४१.
**३२:६**–१ कोरिन्थी १०:७. **३२:११–१४**–गन्ती १४:१३-१९.

उत्तराधिकार हुनेछ ।'" **१४**तब परमप्रभु शान्त
हुनुभयो र आफूले धम्की दिनुभएको विपत्ति
आफ्ना मानिसहरूमाथि ल्याउनुभएन ।

**१५**मोशा फर्केर आफ्नो हातहरूमा साक्षीका
दुईओटा पाटीहरू लिएर पर्वतदेखि तल गए ।
ती अगि र पछि, दुवैतिर खोपिएका थिए ।
**१६**ती पाटीहरू परमेश्वरका काम थिए; त्यो
लेखोट पाटीहरूमा खोपिएको परमेश्वरको
लेखोट थियो ।

**१७**यहोशूले मानिसहरू चिच्च्याएको हल्ला
सुनेर मोशालाई भने, "तल छाउनीमा त
लड़ाइँको सोर सुनिँदैछ ।"

**१८**मोशाले जवाफ दिए:

"यो सोर न त जित्नेहरूको
न हार्नेहरूको हो;
तर म त गाउनेहरूको सोर पो सन्दैछु ।"

**१९**जब मोशा छाउनीमा पुगेर बाछो र नाच
देखे, तब तिनी रीसले आगो भए अनि
तिनले ती पाटीहरूलाई आफ्ना हातहरूबाट
फ्याँकिदिएर पर्वतको फेदीमा टुक्राटुक्रा पारेर
फुटाइदिए । **२०**तिनले उनीहरूले बनाएको बाछा
लिएर त्यसलाई आगोमा जलाइदिए र धूलोपीठो
पारिदिए, अनि त्यसलाई पानीमा छरिदिए र
इस्राएलीहरूलाई त्यो पिउन लाए ।

**२१**तिनले हारूनलाई भने, "यी मानिसहरूले
तपाईंलाई के गरे र तपाईंले तिनीहरूलाई यस्तो
ठूलो पाप गर्न लाउनुभयो ?"

**२२**हारूनले जवाफ दिए, "मेरो हजूर,
नरिसाउनुहोस् । यी मानिसहरू दुष्टतातिर
कतिका झुकेका छन् त्यो तपाईं जान्नुहुन्छ ।
**२३**तिनीहरूले मलाई भने, 'हाम्रो अगिअगि
जानलाई हाम्रो निम्ति देवताहरू बनाउनुहोस् ।
हामीलाई मिश्रबाट बाहिर निकालेर ल्याउने
मोशाको विषयमा तिनलाई के भयो हामी
जान्दैनौं ।' **२४**यसकारण मैले तिनीहरूलाई
भनें, 'जस-जससित केही सुनका गहना छन्,
ती फुकाल ।' तब तिनीहरूले मलाई सुन दिए,
मैले ती आगोमा फालिदिएँ र त्यसबाट यो
बाछा निस्क्यो ।"

**२५**मोशाले मानिसहरू असभ्य भइरहेका र
हारूनले तिनीहरूलाई अधीनबाहिर जानदिएर
तिनीहरूका शत्रुको निम्ति हाँसोको पात्र बनेका
देखे । **२६**यसकारण तिनी छाउनीको प्रवेश
द्वारमा उभिएर भने, "जो-जो परमप्रभुपट्टि छ,
मकहाँ आओस् ।" अनि सबै लेवीहरू तिनीकहाँ
भेला भए ।

**२७**तब तिनले उनीहरूलाई भने, "परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: 'प्रत्येक
मानिसले तरवार भिर्नू । छाउनीको अगि र
पछि एक छेउदेखि अर्को छेउसम्म प्रत्येकले
आफ्नो दाज्यूभाइ, मित्र र छिमेकीलाई मार्दै
जाऊ ।'" **२८**लेवीहरूले मोशाले हुकुम दिएझैँ
गरे, अनि त्यस दिन प्राय: तीन हजार मानिसहरू
मरे । **२९**तब मोशाले भने, "आज तिमीहरू
परमप्रभुको निम्ति अलग गरिएका छौ, किनकि
तिमीहरू आफ्नै छोराहरू र दाज्यूभाइहरूका
विरुद्धमा भयौ, अनि उहाँले आजको दिन
तिमीहरूलाई आशिष् दिनुभएको छ ।"

**३०**भोलिपल्ट मोशाले मानिसहरूलाई भने,
"तिमीहरूले एउटा ठूलो पाप गरेका छौ । तर
अब म परमप्रभुकहाँ माथि जानेछु; शायद म
तिमीहरूका पापको प्रायश्चित गर्न सक्छु होला ।"

**३१**यसकारण मोशा फर्केर परमप्रभुकहाँ
गएर भने, "हाय, यी मानिसहरूले कति ठूलो
पाप गरेका छन् ! तिनीहरूले आफ्ना निम्ति
सुनका देवताहरू बनाएका छन् । **३२**तर अब,
तिनीहरूका पाप क्षमा गरिदिनुहोस् । यदि
गरिदिनुभएन भनेता, तपाईंले लेख्नुभएको
पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस् ।"

**३३**परमप्रभुले मोशालाई भन्नुभयो, "जस-जसले
मेरो विरुद्धमा पाप गरेका छन् तिनीहरूलाई म
मेरो पुस्तकबाट मेटिदिनेछु । **३४**अब जा,
मानिसहरूलाई मैले भनेको ठाउँमा डोर्‍याएर
लैजा, अनि मेरा दूत तेरो अगिअगि जानेछन् ।
तरै पनि, जब मैले दण्ड दिने समय आउँछ, म

---

**३२:१३**–उत्पत्ति २२:१६-१७; १७:८. **३२:३२**–भजनसंग्रह ६९:२८; प्रकाश ३:५.

तिनीहरूका पापको निम्ति तिनीहरूलाई दण्ड दिनेछु ।"

**३५**अनि तिनीहरूले हारूनले बनाएको बाछालाई जे गरेका थिए त्यसको कारण परमप्रभुले मानिसहरूलाई रूढ़ीले मार्नुभयो ।

### मोशाको अन्तर्बिन्ती

**३३** तब परमप्रभुले मोशालाई भन्नुभयो, "तँ अनि तैंले मिश्रबाट निकालेर ल्याएका मानिसहरू यो ठाउँ छोड़ेर मैले अब्राहाम, इसहाक र याकूबलाई शपथद्वारा 'म यो तिमीहरूका सन्तानहरूलाई दिनेछु' भनेको देशमा जाओ । **२**म एउटा दूतलाई तिमीहरूको अगिअगि पठाउनेछु र कनानी, एमोरी, हित्ती, परिज्जी, हिब्बी र यबूसीहरूलाई धपाइदिनेछु । **३**दूध र मह बहने देशमा जाओ । तर म तिमीहरूसित जानेछैन, किनकि तिमीहरू हठी मानिसहरू भएकाले सायद म तिमीहरूलाई बाटैमा नाश गरूँला ।"

**४**जब मानिसहरूले यस्ता कष्टदायक कुरा सुने, तिनीहरूले शोक गर्नथाले अनि कसैले पनि कुनै गहना लगाएन । **५**किनकि परमप्रभुले मोशालाई भन्नुभएको थियो, "इस्राएलीहरूलाई यसो भन्, 'तिमीहरू हठी मानिसहरू हौ । यदि म केही समयको लागि मात्र पनि तिमीहरूसित जानुपर्‍यो भने, म तिमीहरूलाई भस्म पार्नेछु । अब तिमीहरूका आफ्ना गहनाहरू फुकाल र तिमीहरूलाई के गर्नुपर्छ म निर्णय गर्नेछु ।'" **६**यसकारण इस्राएलीहरूले होरेब पर्वतमा आफ्ना सबै गहनाहरू फुकाले ।

### भेट हुने पाल

**७**मोशाले एउटा पाल लिएर त्यसलाई "भेट हुने पाल" भनेर छाउनीबाहिर अलि पर टाँग्ने गर्थे । कसैले परमप्रभुसित केही सोध्नुपरे छाउनीबाहिर भएको भेट हुने पालमा जान्थे । परमप्रभुसित भेट गर्न चाहने जो पनि छाउनीबाहिर भएको भेट हुने पालमा जान्थ्यो । **८**अनि जहिलेजहिले मोशा बाहिर पालमा जान्थे, तब सबै मानिसहरू मोशा पालभित्र नपसुञ्जेल हेर्दै आफ्ना पालहरूका प्रवेश द्वारहरूमा उभिरहन्थे । **९**मोशा पालभित्र गएपछि परमप्रभु तिनीसित बोल्नुहुँदा बादलको खामो ओर्लेर पालको ढोकामा खड़ा रहन्थ्यो । **१०**जबजब बादलको खामो पालको ढोकामा खड़ा भएको देख्थे, तिनीहरू आफ्नाआफ्ना पालको ढोकामा उभिएर भक्ति चढ़ाउँथे । **११**कुनै मानिस आफ्नो मित्रसित बोलेझैँ परमप्रभु मोशासित आमुन्ने-सामुन्ने कुरा गर्नुहुन्थ्यो । त्यसपछि मोशा छाउनीमा फर्कन्थे, तर तिनको जवान सहायक नूनको छोरो यहोशूले पाल छोड़दैनथे ।

### मोशा र परमप्रभुको महिमा

**१२**मोशाले परमप्रभुलाई भने, "तपाईंले मलाई 'यस मानिसहरूलाई डोर्‍याउन्,' भन्दै आउनुभएको छ, तर तपाईंले मसित को पठाउनुहुनेछ त्यो भन्नुभएको छैन । तपाईंले भन्नुभयो छ, 'म त तँलाई तेरो नाउँले नै चिन्छु र तँमाथि मेरो निगाह भएको छ ।' **१३**यदि तपाईं मसित प्रसन्न हुनुहुन्छ भने, मलाई तपाईंका मार्ग सिकाउनुहोस् र म तपाईंलाई चिन्नसकूँ अनि तपाईंको निगाह पाइरहनसकूँ । स्मरण रहोस्, यो जाति तपाईंकै हो ।"

**१४**परमप्रभुले जवाफ दिनुभयो, "मेरो उपस्थिति तँसित जानेछ, अनि म तँलाई विश्राम दिनेछु ।"

**१५**तब मोशाले उहाँलाई भने, "यदि तपाईंको उपस्थिति हामीसित जाँदैन भनेता हामीलाई यहाँबाट नलैजानुहोस् । **१६**तपाईं हामीसित नगएसम्म म र तपाईंका यी मानिसहरूले तपाईंको निगाह पाएका छौं भनेर हामीले कसरी जान्ने ? अरू के कुराले म र तपाईंका मानिसहरू पृथ्वीका सारा मानिसहरूदेखि भिन्नै हुन्छौं ?"

**१७**तब परमप्रभुले मोशालाई भन्नुभयो, "तैंले भनेकै कुरा म गर्नेछु, किनकि तैंले मेरो दृष्टिमा निगाह पाएको छस् र मैले तँलाई तेरो नाउँले नै चिनेको छु ।"

---

**३३:१**–उत्पत्ति १२:७; २६:३; २८:१३.

**१८**तब मोशाले भने, "अब मलाई तपाईंको
महिमा देखाउनुहोस् ।"
**१९**परमप्रभुले भन्नुभयो, "म तेरै सामुन्ने
मेरो सारा श्रेष्ठता देखाउनेछु, र तेरै सामुन्ने
'परमप्रभु' नाउँको घोषणा गर्नेछु । जसलाई म
अनुग्रह गर्न चाहान्छु, त्यसलाई म अनुग्रह
गर्नेछु । जसलाई म कृपा देखाउन चाहान्छु,
त्यसलाई म कृपा देखाउनेछु ।" **२०**उहाँले
भन्नुभयो, "तर तैंले मेरो अनुहार हेर्न सक्दैनस्,
किनकि मेरो अनुहार हेरेर मानिस जीवित
रहनसक्दैन ।"
**२१**त्यसपछि परमप्रभुले भन्नुभयो, "मेरो
छेउमा एउटा ठाउँ छ जहाँ तँ चट्टानमाथि
खड़ा रहनसक्छस् । **२२**जब मेरो महिमा
त्यताबाट भएर जान्छ, म तँलाई चट्टानको
धाँदोमा राख्नेछु, अनि म नगइञ्जेल तँलाई
आफ्नो हातले छोपिराख्नेछु । **२३**त्यसपछि म
आफ्नो हात हटाउनेछु र तैंले मेरो पिठिउँ
देख्नेछस्, तर मेरो अनुहारचाहिँ देखिनेछैन ।"

## ढुङ्गाका नयाँ पाटीहरू

**३४** परमप्रभुले मोशालाई भन्नुभयो, "छिनुले
पहिलेजस्तै दुईओटा पाटीहरू काट्,
अनि म तिनीहरूमा तैंले फुटाएका पहिलो
पाटीहरूमा भएकै शब्दहरू लेखिदिनेछु । **२**बिहान
तयार भएर सीनै पर्वतमा उक्लेर आइज ।
पर्वतको टाकुरामा आफैलाई मकहाँ हाजिर
गराउनू । **३**पर्वतमा तँसित कोही पनि नआओस्
अथवा पर्वतका कुनै ठाउँमा देखा पनि
नपरोस्; कुनै बगाल र बथानसम्म पनि पर्वतको
सामुन्ने नचरोस् ।"
**४**यसकारण मोशाले पहिलेका झैँ ढुङ्गाका
दुईओटा पाटीहरू छिनुले काटेर निकाले र
परमप्रभुले आज्ञा दिनुभएझैँ बिहानै सीनै पर्वतमाथि
उक्ले । तिनले ढुङ्गाका दुईओटा पाटीहरू हातमा
बोके । **५**तब परमप्रभु बादलमा तल आउनुभयो
र त्यहाँ तिनीसित उभिनुभयो अनि आफ्नो नाउँ
परमप्रभु भनी घोषणा गर्नुभयो । **६**अनि उहाँ
मोशाको सामुन्ने यसो भनेर घोषणा गर्दै
जानुभयो, "परमप्रभु, परमप्रभु, दयालु र
अनुग्रही परमेश्‍वर, रीस गर्नमा ढिलो, प्रेम र
विश्‍वासयोग्यताले भरपूर हुनुहुन्छ । **७**उहाँले
हजारौंसित प्रेम कायम राख्नुहुने, अनि दुष्टता,
विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तरै पनि उहाँले
दोषीलाई दण्ड नदिई छाड्नुहुन्न । पिता-
पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी,
नातिनातिना अनि तेस्रो र चौथो पुस्तासम्म
दिनुहुन्छ ।"
**८**तब मोशाले तुरून्तै भूइँसम्म निहुरेर
परमेश्‍वरको आराधना गरे । **९**तिनले भने, "हे
परमप्रभु, यदि मैले तपाईंको दृष्टिमा निगाह
पाएको छु भने, परमप्रभु नै हामीसित जानुहोस् ।
यो एउटा हठी जाति भए तापनि हाम्रा दुष्टता
र पापहरू क्षमा गरिदिनुहोस्, अनि हामीलाई
आफ्नो निज सम्पत्तिको रूपमा लिनुहोस् ।"
**१०**तब परमप्रभुले भन्नुभयो, "म तँसित
एउटा करार बाँध्नेछु । म तेरा सबै मानिसहरूको
सामुन्ने यस संसारमा भएका कुनै जातिको
बीचमा कहिल्यै पनि नगरिएका आश्चर्य
कामहरू गर्नेछु । तँ जुन मानिसहरूसित
बस्दछस्, तिनीहरूले म, परमप्रभुले कस्तो महान्
काम तिमीहरूको निम्ति गर्नेछु, त्यो देख्नेछन् ।
**११**म तँलाई आज जे आज्ञा दिन्छु त्यो पालन
गर्नू । म तेरो सामुन्ने एमोरी, कनानी, हित्ती,
परिज्जी, हिब्बी र यबूसीहरूलाई धपाउनेछु ।
**१२**तिमीहरू जाने देशमा बस्नेहरूसित सन्धी
नगर्न होशियार हुनू, नत्रता तिनीहरू तिमीहरूका
निम्ति पासो हुनेछन् **१३**तिनीहरूका वेदीहरू
भत्काइदिनू, तिनीहरूका पवित्र पत्थरहरू
चकनाचुर पारिदिनू र तिनीहरूका अशेरा
देवताका खामाहरू काटेर ढालिदिनू । **१४**अरू
कुनै देवतालाई नपूज्नू, किनकि परमप्रभु,
जसको नाउँ डाही हो, डाह गर्ने परमेश्‍वर नै
हुनुहुन्छ ।

---

**३३:१९**–रोमी ९:१५. **३४:१-९**–व्यवस्था १०:१-५. **३४:६-७**–प्रस्थान २०:५-६; गन्ती १४:१८; व्यवस्था ५:९-१०; ७:९-१०. **३४:१०-२६**–प्रस्थान २३:१४-१९; व्यवस्था ७:१-५; १६:१-१७. **३४:१३** –व्यवस्था १६:२१.

**१५**“त्यस देशमा बस्नेहरूसित सन्धी
नगर्नलाई होशियार हुनू, किनकि तिनीहरूले
आफ्ना देवताहरूका अगि व्यभिचार गर्दा
र तिनीहरूको लागि बलिदान चढ़ाउँदा
तिमीहरूलाई निम्तो दिनेछन् अनि तिमीहरूले
तिनीहरूका बलिदानबाट खानेछौ। **१६**अनि जब
तिमीहरूले तिनीहरूका कोही छोरीहरूलाई
आफ्ना छोराहरूको निम्ति पत्नी बनाउन
रोज्नेछौ र ती छोरीहरूले आफ्ना देवताहरूसित
व्यभिचार गर्नेछन्, तब तिनीहरूले तिमीहरूका
छोराहरूलाई त्यसै गर्न डोऱ्याउनेछन् ।

**१७**“तिमीहरूले आफ्ना निम्ति ढलौटे मूर्तिहरू
नबनाउनू ।

**१८**“अखमिरी रोटीको चाड़ मनाउनू। सात
दिनसम्म, मैले तिमीहरूलाई आज्ञा दिएझैँ, खमीर
नहालेको रोटी खानू । यो आबीब महिनाको
तोकिएको समयमा गर्नू, किनकि तिमीहरू त्यही
महिनामा मिश्रदेशबाट निक्लेर आएका हौ ।

**१९**“प्रत्येक गर्भको पहिलो फल मेरो हो ।
तिमीहरूका पशुका सबै भाले, गाईवस्तुका
र भेड़ाबाखाका पहिले जन्मेका मेरै हुन् ।
**२०**गधैनीको पहिले जन्मेको बछेड़ालाई पाठो
दिएर छुटाउनू, तर तिमीहरूले छुटाएनौ
भने त्यसको मुण्टो भाँचिदिनू । तिमीहरूका
सबै जेठा छोराहरूलाई सट्टामा केही दिएर
छुटाउनू ।

“मेरो सामुन्ने कोही खाली हात देखा
नपरोस् ।

**२१**“छ दिनसम्म काम गर्नू, तर सातौं दिनमा
विश्राम गर्नू; जोत्ने र कटनी गर्ने समयमा पनि
विश्राम गर्नू ।

**२२**“गहुँको कटनीबाट पहिलो फल लिएर
हप्ताको चाड़ मनाउनू, अनि वर्षको आखिरमा
अन्न भित्र्याउने चाड़ मनाउनू । **२३**वर्षमा
तीनपल्ट तेरा मानिसहरू सार्वभौम परमप्रभु,
इस्राएलका परमेश्वरको सामुन्ने देखा परून् ।
**२४**म तिमीहरूका सामुन्ने जातिहरूलाई
धपाइदिनेछु र तिमीहरूका सिमाना ठूलो
बनाइदिनेछु अनि वर्षमा तीनपल्ट तिमीहरू
परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने देखा
पर्न जाँदा कसैले पनि तिमीहरूका जमिनको
लोभ गर्नेछैन ।

**२५**“तिमीहरूले मलाई बलिदानको रगतसित
खमिर भएको कुनै पनि कुरा नचढ़ाउनू, र
निस्तार चाडको बलिबाट कुनै पनि भाग
बिहानसम्म रहन नदिनू ।

**२६**“तिमीहरूका जमिनको सबैभन्दा असल
पहिलो फल परमप्रभु तिमीहरूका परमेश्वरको
भवनमा ल्याउनू ।

“कुनै बाखाको पाठालाई त्यसको माऊको
दूधमा नपकाउनू ।”

**२७**त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो,
“यी कुराहरू लेख, किनकि यिनै कुराअनुसार
मैले तँ र इस्राएलसित करार बाँधेको छु ।”
**२८**मोशा त्यहाँ रोटी नखाई र पानी नपिई
परमेश्वरसित चालीस दिन र चालीस रातसम्म
रहे । तिनले ती साक्षी पाटीहरूमा त्यस
करारका वचन, अर्थात् ती दश आज्ञाहरू लेखे ।

### मोशाको अनुहारको चमक

**२९**जब मोशा सीनै पर्वतबाट आफ्ना
हातहरूमा साक्षीका पाटीहरू लिएर तल आए,
तब परमप्रभुसित तिनले कुरा गरेकाले आफ्ना
अनुहार चम्कँदैछ भन्ने तिनलाई थाहा भएन ।
**३०**जब हारून र सबै इस्राएलीहरूले मोशालाई
देखे, तिनको अनुहार चम्कँदै थियो, अनि
तिनीहरू उनको नजीक आउन डराए । **३१**तर
मोशाले तिनीहरूलाई बोलाए; अनि हारून र
समुदायका सबै नाइकेहरू तिनीकहाँ फर्केर
आए, र तिनले उनीहरूसित कुरा गरे ।
**३२**त्यसपछि सबै इस्राएलीहरू तिनको नजीक
आए, अनि तिनले तिनीहरू सबैलाई परमप्रभुले

**३४:१७**–प्रस्थान २०:४; लेवी १९:४; व्यवस्था ५:८; २७:१५. **३४:१८**–प्रस्थान १२:१४-२०; लेवी २३:६-८; गन्ती २८:१६-२५. **३४:१९**–प्रस्थान १३:२. **३४:२०**–प्रस्थान १३:१३. **३४:२१**–प्रस्थान २०:९-१०; २३:१२; ३१:१५; ३५:२; लेवी २३:३; व्यवस्था ५:१३-१४. **३४:२२**–लेवी २३:१५-२१; ३९:४३; गन्ती २८:२६-३१. **३४:२५**–प्रस्थान १२:१०. **३४:२६**–व्यवस्था २४:२१; २६:२. **३४:२९-३५**–२ कोरिन्थी ३:७-१६.

तिनलाई सीनै पर्वतमा दिनुभएका सबै आज्ञाहरू दिए ।

३३मोशाले तिनीहरूसित कुरा गरिसकेपछि तिनले आफ्नो अनुहारमाथि घुम्टो लगाए । ३४तर जब तिनी परमप्रभुसित कुरा गर्न उहाँको उपस्थितिमा जान्थे, आफू बाहिर ननिस्कूञ्जेल घुम्टो उतार्थे । अनि तिनी बाहिर आएर तिनले के आज्ञा पाए सो इस्राएलीहरूलाई भन्दा, ३५तिनीहरूले तिनको अनुहार चम्केको देख्थे । तब परमप्रभुसित कुरा गर्न भित्र नगएसम्म मोशाले त्यो घुम्टो फेरि आफ्नो अनुहारमाथि लगाउँथे ।

### विश्रामका नियमहरू

३५ मोशाले इस्राएलका सारा समुदायलाई भने, "परमप्रभुले तिमीहरूलाई गर्नू भनेर आज्ञा गर्नुभएका कुराहरू यिनै हुन्: २छ दिनसम्म काम गरिओस्, तर सातौं दिन तिमीहरूका निम्ति पवित्र हो । त्यो परमप्रभुको निम्ति विश्राम-दिन हो । कसैले त्यस दिन काम गऱ्यो भने त्यो मारिओस् । ३तिमीहरूका वासस्थानहरूमा विश्रामको दिन आगो नबाल्नू ।"

### पवित्रस्थानका सामानहरू

४मोशाले सारा इस्राएली समुदायलाई भने, "परमप्रभुले दिनुभएको आज्ञा यही हो: ५तिमीहरूसित भएकोबाट परमप्रभुको निम्ति भेटी ल्याओ । दिने इच्छा गर्ने हरेकले परमप्रभुकहाँ सुन, चाँदी र पीतल, ६नीलो, बैगुने र रातो धागो अनि मिहीन सुती कपड़ा; बाख्राको भुत्ला; ७भेड़ाको रातो रङ्गले रङ्गाएको छाला; सीलको छाला; बबुल काठ; ८प्रकाशको निम्ति भद्राक्षको तेल; अभिषेक गर्ने तेलको निम्ति र सुगन्धित धूपको निम्ति मसला; ९एपोद र छातीपातामा जड्नका निम्ति सुलेमानी पत्थर र अरू मणिहरू ल्याउनू ।

१०"तिमीहरूमध्ये सीप भएकाहरू आएर परमप्रभुले आज्ञा गर्नुभएको हरेक कुरा बनाउनू: ११पवित्रस्थान अनि त्यसका पाल र छत, सुर्काउनीहरू, फल्याक, बारहरू, खामाहरू र आधारहरू; १२सन्दूक र त्यसका डण्डाहरू अनि प्रायश्चित-आसन र त्यसलाई छेक्ने पर्दा; १३टेबल, त्यसका डण्डाहरू र त्यसका सामग्रीहरू अनि उपस्थितिको रोटी; १४प्रकाशको निम्ति सामदान र त्यसका उपकरणहरू, बत्तीहरू र प्रकाशको निम्ति तेल; १५धूपको वेदी, त्यसका डण्डाहरू, अभिषेक गर्ने तेल र सुगन्धित धूप; पवित्रस्थानको प्रवेश द्वारको ढोकानेरका लागि पर्दा; १६होमबलिको वेदी र त्यसका पीतलका झिँझिरी, त्यसका डण्डाहरू र सबै पात्रहरू; पीतलका बाटा र त्यसका खुट्टासमेत; १७चोकका पर्दाहरू, त्यसका खामा र आधारसमेत, अनि चोकको प्रवेश द्वारको निम्ति पर्दा; १८पवित्रस्थानको चोकको लागि पालका कीलाहरू र तिनीहरूका डोरीहरू; १९पवित्रस्थानभित्र सेवा गर्नलाई बुनेका पोशाक, अर्थात् पूजाहारी हारूनको निम्ति पवित्र पोशाकहरू अनि तिनका छोराहरूले पूजाहारी भई सेवा गर्दा लगाउने पोशाकहरू ।"

२०तब इस्राएलका सारा समुदाय मोशाको उपस्थितिबाट गए, २१अनि इच्छा गर्ने हरेक र हृदयदेखि प्रेरित भएका हरेक आए अनि भेट हुने पालको कामको निम्ति, त्यसका सबै सेवाहरू र पवित्र पोशाकहरूको निम्ति परमप्रभुकहाँ भेटी ल्याए । २२पुरुष र स्त्रीहरू दुवै, जो दिन राजी थिए, आएर सबै किसिमका सुनका गहनाहरू: मुन्द्री, कुण्डल, औंठी र गहनाहरू ल्याए । तिनीहरू सबैले भेटीको रूपमा परमप्रभुलाई सुन चढ़ाए । २३हरेक जससित नीलो, बैगुने, रातो धागो अथवा मिहीन सुती कपड़ा अथवा बाख्राको भुत्ला, रातो रङ्गले रङ्गाएको भेड़ाको छाला अथवा सीलका छाला थिए, उसले यी चीजहरू ल्याए । २४जतिले चाँदी र पीतलका भेटीहरू ल्याए, त्यसलाई परमप्रभुको निम्ति भेटी भनेर

---

**३५:२**–प्रस्थान २०:८-११; २३:१२; ३१:१५; ३४:२१; लेवी २३:३; व्यवस्था ५:१२-१४. **३५:४-९**–प्रस्थान २५:१-९. **३५:१०-१९**–प्रस्थान ३९:३२-४३.

ल्याए अनि जससित कामको लागि बबुल काठ
थियो, उसले त्यो ल्यायो । **२५**हरेक सिपालु
स्त्रीले आफ्नै हातले कातेका नीलो, बैगुने अथवा
रातो धागो अथवा मिहीन सुती कपड़ा
ल्याइन् । **२६**अनि इच्छा भएका र सीप भएका
सबै स्त्रीहरूले बाख्राका भुत्ला काते । **२७**एपोद
र छातीपातामा जड्नका लागि नाइकेहरूले
सुलेमानी पत्थर र अरू मणिहरू ल्याए ।
**२८**तिनीहरूले प्रकाशको लागि र अभिषेक गर्ने
तेल र सुगन्धित धूपको लागि मसालाहरू र
भद्राक्षका तेल पनि ल्याए । **२९**राजीखुशी भएका
सबै इस्राएलीहरू, पुरुष र स्त्री, दुवैले परमप्रभुले
मोशाद्वारा तिनीहरूलाई आज्ञा गर्नुभएबमोजिम
सबै कामहरूको निम्ति परमप्रभुकहाँ स्वेच्छा
भेटी ल्याए ।

### बजलेल र ओहोलिआब

**३०**तब मोशाले इस्राएलीहरूलाई भने,
"हेर, परमप्रभुले यहूदाको कुलको हूरको नाति
ऊरीका छोरा बजलेललाई चुन्नुभएको छ, **३१**र
तिनलाई परमेश्वरको आत्माले सीप, योग्यता
र सबै किसिमका कारीगरीको ज्ञानले भर्नुभएको
छ, **३२**सुन, चाँदी र पीतलका सुन्दर बुट्टा
बनाउने, **३३**पत्थरहरू काटेर लगाउने, काठको
बुट्टा भर्ने र सबै किसिमका सुन्दर कारीगरी
गर्ने कामहरू । **३४**अनि उहाँले तिनलाई र दानको
कुलका अहीसामाकका छोरा ओहोलिआब
दुवैलाई अरूलाई सिकाउने योग्यता दिनुभएको
छ । **३५**उहाँले तिनीहरूलाई कारीगर र
नमूनाकार; नीलो, बैगुने र रातो धागो अनि
मिहीन सुती कपड़ामा बुट्टा काढ्ने र बुन्ने
काममा, सबै किसिमका निपुण शिल्पकारीको
काम गरून् भनी सीपले भर्नुभएको छ ।

### पवित्रस्थानको सरसामानको तयारी

**३६** "यसकारण बजलेल, ओहोलिआब र
हरेक सिपालु व्यक्तिले, जसलाई परमप्रभुले
पवित्रस्थानको निर्माणका सबै कामहरू गर्ने
सीप र योग्यता दिनुभएको छ, परमप्रभुले आज्ञा
दिनुभएअनुसार सबैले काम गरून् ।"
**२**तब मोशाले बजलेल, ओहोलिआब र
परमप्रभुले योग्यता दिनुभएको र इच्छुक जति
हरेकलाई आएर काम गर्नु भनेर बोलाइपठाए ।
**३**तिनीहरूले पवित्रस्थान निर्माण गर्नको लागि
इस्राएलीहरूले ल्याएका सबै भेटीहरू मोशाबाट
प्राप्त गरे । अनि मानिसहरूले बिहानैपिच्छे
स्वेच्छा भेटी ल्याइरहे । **४**यसकारण पवित्रस्थानको
काम गर्ने सबै सिपालु कारीगरहरूले काम
रोके, **५**अनि मोशालाई भने, "परमप्रभुले गर्नु
भनी आज्ञा दिनुभएको कामको लागि मानिसहरूले
चाहिएको भन्दा धेरै ल्याउँदैछन् ।"
**६**तब मोशाले एउटा आदेश जारी गरे र
तिनीहरूले छाउनीभरि यो घोषणा पठाए: "कुनै
मानिस अथवा स्त्रीले पवित्रस्थानको भेटीको
लागि अरू केही नबनाओस् ।" यसरी मानिसहरू
अझै धेरै ल्याउनदेखि रोकिए, **७**किनकि
तिनीहरूसित भएका चीजहरू सबै काम गर्नलाई
चाहिएको भन्दा बढ़ी नै भइसकेका थिए ।

### पवित्रस्थान

**८**काम गर्ने मानिसहरूमध्ये सबै सिपालु
मानिसहरूले मिहीन गरी बाटेको सुती कपड़ाका
दशओटा पर्दाहरू अनि नीलो, बैगुने र रातो
धागोका सामग्रीहरूबाट सिपालु कारीगरले
बनाएका करूबहरू भएका दशओटा पर्दाहरूबाट
पवित्रस्थान बनाए । **९**सबै पर्दाहरू एकै नापका
थिए, अठाइस हात लामो र चार हात चौड़ा ।
**१०**तिनीहरूले पर्दाहरूमध्ये पाँचओटालाई एकसाथ
जोड़े अनि अरू पाँचओटा पनि त्यसै गरे ।
**११**तब तिनीहरूले पहिले गाँसेको पर्दाको
अन्तिम किनारका बिटहरूमा नीलो सामग्रीका
सुर्काउनीहरू बनाए, अनि अर्को गाँसेको पर्दाको
अन्तिम किनारमा पनि त्यसै गरे । **१२**सुर्काउनीहरू
एक अर्काका सामुन्ने हुने गरी, तिनीहरूले एउटा
पर्दामा पचासओटा सुर्काउनीहरू अनि अर्को
दलको अन्तिम पर्दामा पचासओटा सुर्काउनीहरू

**३५:३०–३६:१**–प्रस्थान ३१:१-११. **३६:८–३८**–प्रस्थान २६:१-३७.

बनाए। **१३**त्यसपछि तिनीहरूले पवित्रस्थान एउटै
एकाइ होस् भनेर दुईओटा गाँसिएका पर्दाहरूलाई
जोड़नलाई सुनका पचासओटा अङ्कुसेहरू
बनाएर त्यस काममा प्रयोग गरे ।

**१४**तिनीहरूले पवित्रस्थानमाथिको पालको
निम्ति बाख्राको भुत्लाका जम्मा एघारओटा
पर्दाहरू बनाए। **१५**ती एघारओटा पर्दाहरू एकै
नापका, तीस हात लामो र चार हात चौड़ा
थिए। **१६**तिनीहरूले पाँचओटा पर्दाहरूलाई एक
साथ जोड़े अनि अर्को छ ओटालाई एकसाथ
जोड़े । **१७**त्यसपछि तिनीहरूले एक साथ
जोड़िएका पहिलो पर्दाको अन्तिम किनारमा
पचासओटा सुर्काउनीहरू बनाए अनि अर्को
गाँसिएको पर्दाको अन्तिम किनारमा पनि त्यसै
गरे । **१८**पाललाई एउटै एकाइ बनाएर
कस्नको लागि तिनीहरूले पीतलका पचासओटा
अङ्कुसेहरू बनाए। **१९**तब तिनीहरूले पालको
लागि रातो रङ्गले रङ्गाएको भेड़ाको छालाको
छत बनाए, र त्यसमाथि सीलका छालाहरूको
अर्को छाना बनाए ।

**२०**तिनीहरूले पवित्रस्थानको निम्ति बबुल
काठका ठाड़ो फल्याकहरू बनाए । **२१**प्रत्येक
फल्याक दश हात लामो र डेढ़ हात चौड़ा
थियो, **२२**जसमा दुई चूलघरहरू आपसमा
समानान्तर गरी राखिएका थिए । तिनीहरूले
पवित्रस्थानका सबै फल्याकहरू यसरी बनाए।
**२३**तिनीहरूले पवित्रस्थानको दक्षिणपट्टिको लागि
बीसओटा फल्याकहरू बनाए, **२४**अनि प्रत्येक
फल्याकको निम्ति दुईओटा आधारहरू, प्रत्येक
चूलको मुन्तिर एउटा गरी जम्मा चाँदीका
चालीसओटा आधारहरू बनाए। **२५**पवित्रस्थानको
अर्कोपट्टिको लागि, अथवा उत्तरपट्टिको लागि
तिनीहरूले बीसओटा फल्याकहरू बनाए,
**२६**अनि एउटा फल्याकमुनि दुईओटा गरी
चाँदीका चालीसओटा आधारहरू बनाए ।
**२७**तिनीहरूले पछाडिपट्टि, पवित्रस्थानको पश्चिम
भागको लागि छ ओटा फल्याकहरू बनाए,
**२८**अनि पवित्रस्थानको पछाडिपट्टिको कुनाको
लागि दुईओटा फल्याकहरू बनाए । **२९**यी दुई
कुनाहरूमा फल्याकहरू फेदैदेखि टुप्पैसम्म
दोब्बर थिए र ती एउटै मुन्द्रामा लगाइएका
थिए । दुवै एकै किसिमका थिए । **३०**यसरी
जम्मा आठओटा फल्याक भए र तिनका निम्ति
चाँदीका सोह्रओटा आधार बनाइए । प्रत्येक
फल्याकको मुन्तिर आधार थिए ।

**३१**तिनीहरूले बबुल काठका बारहरू पनि
बनाए: पवित्रस्थानको एकापट्टिको फल्याकको
लागि पाँचओटा बार, **३२**अर्कोपट्टिको लागि
पाँचओटा, अनि पवित्रस्थानको पश्चिमतिर
पछाडिपट्टि सुदूर छेउमा भएका फल्याकहरूका
लागि पाँचओटा बार । **३३**तिनीहरूले बीचको
बार फर्माहरूका बीचमा एक छेउदेखि अर्को
छेउसम्म पुग्ने गरी बनाए । **३४**तिनीहरूले
बारलाई अड्काउनको लागि सुनका मुन्द्राहरू
बनाए र फल्याकहरूलाई सुनले मोहोरे ।
तिनीहरूले बारहरूलाई पनि सुनले मोहोरे ।

**३५**तिनीहरूले नीलो, बैगुने र रातो धागो
अनि मिहीन गरी बाटेको सुती कपड़ाको पर्दा
बनाए, जसमा सिपालु कारीगरले बनाएका
करूबहरू थिए। **३६**तिनीहरूले त्यसको लागि
बबुल काठका चारओटा खामाहरू बनाएर
तिनीहरूलाई सुनले मोहोरे। तिनीहरूको लागि
उनीहरूले सुनका अङ्कुसेहरू बनाए र चाँदीका
चारओटा आधारहरू बनाए। **३७**पालको प्रवेश
द्वारको निम्ति तिनीहरूले नीलो, बैगुने र रातो
धागो अनि मिहीन गरी बाटेको सुती कपड़ाको
एउटा पर्दा बनाए, जुन बुट्टा भर्नेको काम थियो;
**३८**अनि तिनीहरूले अङ्कुसे भएका पाँचओटा
खामाहरू बनाए । तिनीहरूले त्यसका लागि
खामाहरूका टुप्पा र जोर्नीहरूलाई सुनले
मोहोरे र तिनीहरूले पाँचओटा आधारहरू
पीतलका बनाए ।

## सन्दूक

**३७** बजलेलले बबुल काठको अढ़ाइ हात
लामो, डेढ़ हात चौड़ा र डेढ़ हात

**३७:१-९**–प्रस्थान २५:१०-२२.

अग्लो सन्दूक बनाए। २तिनले त्यसको भित्र र
बाहिर निखुर सुनले मोहोरे, र चारैतिर सुनका
बिट लगाए। ३तिनले त्यसको निम्ति सुनका
चारओटा मुन्द्राहरू ढालेर बनाए र तिनीहरूलाई
त्यसका चारओटा खुट्टाहरूमा, दुईओटा मुन्द्राहरू
एकापट्टि र दुईओटा अर्कोपट्टि हुनेगरी बाँधे।
४तब तिनले बबुल काठका डण्डाहरू बनाए
र तिनीहरूलाई सुनले मोहोरे। ५अनि सन्दूक
बोक्नको लागि तिनले ती डण्डाहरूलाई त्यसका
छेउका मुन्द्राहरूभित्र घुसारिदिए।

६तिनले निखुर सुनका अढाइ हात लामो,
डेढ़ हात चौड़ा कृपा-आसन बनाए। ७तब
तिनले कृपा-आसनको आखिरी भागमा घनले
पिटेको सुनबाट दुईओटा करूबहरू बनाए।
८तिनले एउटा करूब एक किनारमा अनि अर्को
करूब अर्को किनारमा बनाए; तिनले ती दुवै
किनारहरूमा कृपा-आसनसितै मिलेको एउटै
टुक्राले बनाए। ९ती करूबहरूका पखेटाहरू
माथिल्तिर फैलिएका र कृपा-आसनलाई ढाक्ने
किसिमका थिए। ती करूबहरू एक अर्कातिर
फर्केका र कृपा-आसनतिर हेरिरहेका थिए।

## टेबुल

१०तिनीहरूले बबुल काठका दुई हात लामो,
एक हात चौड़ा र डेढ़ हात अग्लो टेबुल
बनाए। ११तब तिनीहरूले त्यसलाई निखुर सुनले
मोहोरे र चारैतिर सुनका बिटहरू बनाए।
१२तिनीहरूले त्यसका चारैतिर चार औंला चौड़ा
भएको किनारा पनि बनाए र त्यसमा सुनको
बिट बनाए। १३तिनीहरूले टेबुलको निम्ति
सुनका चारओटा मुन्द्राहरू बनाएर खुट्टाहरू
भएका चार कुनाहरूमा तिनीहरूलाई बाँधे।
१४टेबुललाई बोक्ने काममा चलाउने डण्डाहरू-
लाई पक्रनलाई ती मुन्द्राहरू बिटका नजीकै
लगाइए। १५टेबुललाई बोक्ने डण्डाहरू बबुल
काठका बनाइएका थिए र तिनीहरू सुनले
मोहोरिएका थिए। १६अनि तिनीहरूले टेबुलका
सामग्रीहरू अर्थात् थालहरू, कचौराहरू, बाटाहरू
र पिउने भेटीहरू खन्याउने करुवाहरू निखुर
सुनका बनाए।

## सामदान

१७तिनीहरूले निखुर सुनको सामदान बनाए
र त्यसैबाट घनले पिटेर, त्यसका आधार र
डण्डा; फूलजस्ता कचौराहरू, कोपिला र फूलहरू
सबै सामदानसित एउटै टुक्राले बनाए।
१८सामदानका दुवै छेउतिर तीनतीनओटा गरी
छओटा हाँगाहरू निस्केका थिए। १९एउटा
हाँगामा फूल र कोपिलासमेत भएका बदामका
फूलहरूजस्तै तीनओटा कचौराहरू थिए, अनि
अर्को हाँगामा पनि तीनैओटा कचौरा गरी
सामदानबाट निस्केका छओटै हाँगाहरूमा त्यस्तै
थिए। २०अनि सामदानमा फूल र कोपिलासमेत
भएका बदामका फूलहरूजस्तै चारओटा
कचौराहरू थिए। २१पहिलो फूल सामदानबाट
निस्केका पहिलो जोड़ी हाँगाहरूमुनि थियो, दोस्रो
फूल दोस्रो जोड़ामुनि र तेस्रो फूल तेस्रो जोड़ामुनि—
जम्मा छओटा हाँगाहरू। २२ती फूलहरू र
हाँगाहरू सामदानसित एउटै टुक्राका थिए र
निखुर सुनबाट घनले पिटेर बनाइएका थिए।
२३तिनीहरूले त्यसका सातओटा
सामदानहरू, साथसाथै सलेतो छाँट्ने चिम्टाहरू
र मोसोदानीहरू निखुर सुनका बनाए।
२४तिनीहरूले सामदान र त्यसका सबै पात्रहरू
एक तोड़ा निखुर सुनका बनाए।

## धूप-वेदी

२५तिनीहरूले धूप-वेदी बबुल काठको
बनाए। त्यो एक हात लामो, एक हात चौड़ा
भएको वर्गाकार र दुई हात अग्लो थियो— र
त्यसका सीङ्हरू पनि त्योसँग एउटै टुक्राबाट
बनिएका थिए। २६तिनीहरूले त्यसको टुप्पो,
सबै छेउहरू र सीङ्हरू निखुर सुनले मोहोरे,
अनि त्यसका चारैतिर सुनका बिटहरू बनाए।
२७तिनीहरूले बिटको मुन्तिर विपरीत दिशामा
त्यसलाई बोक्ने डण्डाहरू अल्झाउनलाई सुनका

---

**३७:१०-१६**—प्रस्थान २५:२३-३०. **३७:१७-२४**—प्रस्थान २५:३१-४०. **३७:२५-२८**—प्रस्थान ३०:१-५.

दुईओटा मुन्द्राहरू बनाए । २८तिनीहरूले ती डण्डाहरू बबुल काठका बनाएर तिनीहरूलाई सुनले मोहोरे ।

२९तिनीहरूले अभिषेकको पवित्र तेल र अत्तर बनाउनेले बनाएको जस्तै सुगन्धित शुद्ध धूप बनाए ।

### होमबलिको वेदी

३८ तिनीहरूले बबुल काठको पाँच हात लामो र पाँच हात चौड़ा वर्गाकार, र तीन हात अग्लो होमबलिको वेदी बनाए । २तिनीहरूले प्रत्येक चार कुनामा एकएकओटा गरी, चारओटा सीङ्हरू वेदीसित एउटै टुक्राको हुनेगरी बनाए, अनि तिनीहरूले वेदीलाई पीतलले मोहोरे । ३तिनीहरूले त्यसका सबै सामानहरू, त्यसका भाँड़ाहरू, बेल्चाहरू, छर्कने बाटाहरू, काँटाहरू र आगो राख्ने धूपौराहरू पीतलका बनाए । ४तिनीहरूले वेदीको मुन्तिर तहमा, आधा उँचाइमा राख्नको लागि पीतलको जालीदार झिँझिरी बनाए । ५तिनीहरूले पीतलको झिँझिरीका चारै कुनालाई पक्रनलाई पीतलकै मुन्द्राहरू ढालेर बनाए । ६तिनीहरूले बबुल काठका डण्डाहरू बनाए र तिनीहरूलाई पीतलले मोहोरे । ७वेदी बोक्नलाई त्यसका किनारहरूमा डण्डाहरू रहून् भनेर तिनीहरूले ती डण्डाहरू मुन्द्राहरूमा घुसारे । तिनीहरूले त्यो वेदी फल्याकहरूबाट खोक्रो हुने गरी बनाए ।

### धुने कामको लागि बाटा

८तिनीहरूले भेट हुने पालको प्रवेश द्वारमा सेवा गर्ने स्त्रीहरूका दर्पणबाट पीतलको बाटा र त्यसका लागि पीतलको खुट्टा बनाए ।

### चोक

९त्यसपछि तिनीहरूले चोक बनाए । त्यसको दक्षिणी भाग एक सय हात लामो थियो र त्यसमा मिहीन गरी बाटेको सुती कपड़ाका पर्दाहरू थिए, १०जसमा बीसओटा खामाहरू र बीसओटा पीतलका आधारहरू, ती खामाहरूमा चाँदीका अङ्कुसेहरू र फित्ताहरू थिए । ११उत्तरको भाग पनि एक सय हात लामो थियो । त्यसमा बीसओटा खामाहरू र बीसओटा पीतलका आधारहरू, ती खामाहरूमा चाँदीका अङ्कुसे र फित्ताहरू थिए ।

१२पश्चिमको भाग पचास हात चौडा थियो र त्यसमा चाँदीका अङ्कुसेहरू अनि फित्ताहरू भएका दशओटा खामाहरू र दशओटा आधारहरू भएका पर्दाहरू थिए । १३सूर्योदयपट्टिको पूर्वीय भाग पनि पचास हात चौड़ा थियो । १४प्रवेश द्वारको एकापट्टि पन्ध्र हात लामो पर्दाहरू थिए, जसमा तीनओटा खामाहरू र तीनओटा आधारहरू थिए । १५चोकको प्रवेश द्वारको अर्कोपट्टि पन्ध्र हात लामो पर्दाहरू थिए, जसमा तीनओटा खामाहरू र तीनओटा आधारहरू थिए । १६चोकका चारैतिरका पर्दाहरू मिहीन बाटेको सुती कपड़ाका थिए । १७खामाहरूका आधारहरू पीतलका थिए । खामाहरूमा भएका अङ्कुसे र फित्ताहरू चाँदीका थिए । तिनका टुप्पाहरू चाँदीले मोहोरिएका थिए; यसरी चोकका सबै खामाहरूमा चाँदीका फित्ताहरू थिए ।

१८चोकको प्रवेश द्वारको पर्दा नीलो, बैगुने र रातो धागोको अनि मिहीन बाटेको सुती कपड़ाको थियो, जुन बुट्टा भर्ने सिपालुको काम थियो । त्यो बीस हात लामो र चोकका पर्दाहरूझैँ पाँच हात अग्लो थियो, १९जसमा चारओटा खामाहरू र पीतलका चारओटा आधारहरू थिए । तिनीहरूका अङ्कुसेहरू र फित्ताहरू चाँदीका थिए अनि टुप्पाहरू चाँदीले मोहोरिएका थिए । २०पवित्रस्थानका र चोकका चारैतिरका सबै कीलाहरू पीतलका थिए ।

### प्रयोग गरिएका सामानहरू

२१मोशाको आज्ञाले पूजाहारी हारूनका छोरा ईतामारको निर्देशनमा लेवीहरूद्वारा दर्ता गरिएको पवित्रस्थान, साक्षीपाटीको

---

**३७:२९**–प्रस्थान ३०:२२-३८. **३८:१-७**–प्रस्थान २७:१-८. **३८:८**–प्रस्थान ३०:१८. **३८:९-२०**–प्रस्थान २७:९-१९.

पवित्रस्थानमा प्रयोग गरिएका सामानहरूको
परिमाण यही हो: २२(यहूदा कुलका हूरका
नाति ऊरीका छोरा बजलेलले परमप्रभुले
मोशालाई आज्ञा दिनुभएका सबै चीजहरू बनाए;
२३तिनीसित दानको कुलका अहीसामाकका
छोरा ओहोलीआब थिए, जो कारीगर र
नमूनाकार; नीलो, बैगुने, रातो धागो र मिहीन
सुती कपड़ाका बुट्टा काढ्ने र बुन्ने थिए ।)
२४पवित्रस्थानका सबै कामहरूमा प्रयोग भएका
भेटीबाट उठेको सुन जम्मा उन्नतीस तोड़ा र
सात सय तीस शेकेल थियो । त्यो पवित्रस्थानको
शेकेलअनुसार थियो ।

२५जन गणनाको समयमा गनिएका
समुदायमा भएकाहरूबाट प्राप्त भएको चाँदी
एक सय तोड़ा र एक हजार सात सय पचहत्तर
शेकेल, पवित्रस्थानको शेकेलअनुसार थियो,
२६यो परिमाण ती गनिएकाहरूमा, बीस वर्ष
अथवा त्यसभन्दामाथि उमेर भएकाहरू जम्मा
छ लाख तीन हजार पाँच सय पचास जना
थिए, तिनीहरू हरेकबाट एक बेका अर्थात्
पवित्रस्थानको शेकेलअनुसार आधा शेकेलको
थियो । २७एक सय तोड़ा चाँदी पवित्रस्थान र
पर्दाको निम्ति आधारहरू ढालेर बनाउने काममा
प्रयोग भयो, एउटा आधारको निम्ति एक
तोड़ाको हिसाबले सय आधारको निम्ति सय
तोड़ा । २८तिनीहरूले एक हजार सात सय
पचहत्तर शेकेल खामाहरूको निम्ति अङ्कुसे
बनाए, खामाहरूका टुप्पोहरू मोहोरे र
तिनीहरूका फित्ताहरू बनाए ।

२९ल्याइएका भेटीबाट सत्तरी तोड़ा र दुई
हजार चार सय शेकेल पीतल उठ्यो ।
३०तिनीहरूले त्यसलाई भेट हुने पालको
प्रवेश द्वारका आधारहरू बनाउन, पीतलको
झिँझिरीसहित पीतलकै वेदी र त्यसका सबै
सामानहरूको निम्ति, ३१चारैतिर घेर्ने चोकका
आधारहरू, प्रवेश द्वारका आधारहरू र
पवित्रस्थान अनि चारैतिर घेर्ने चोकका
कीलाहरूको निम्ति प्रयोग गरे ।

### पूजाहारीका पोशाकहरू

३९ पवित्रस्थानभित्र सेवा गर्नको निम्ति
तिनीहरूले नीलो, बैगुने र रातो
धागोबाट बुनेका पोशाकहरू बनाए । तिनीहरूले
हारूनको निम्ति परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएका पवित्र पोशाकहरू पनि बनाए ।

### एपोद

२तिनीहरूले सुनको, नीलो, बैगुने र रातो
धागोको अनि मिहीन बाटेको सुती कपड़ाको
एपोद बनाए । ३तिनीहरूले सुनलाई घनले पिटेर
पातलो पाताहरू बनाए । अनि नीलो, बैगुने र
रातो धागो र मिहीन सुती कपड़ामा लगाउनलाई
तारहरू काटे, जुन काम सिपालु कारीगरको
थियो । ४तिनीहरूले एपोदको निम्ति काँधमा
राख्ने टुक्राहरू बनाए र ती कसिएर बसून् भनेर
त्यसका कुनाहरूमध्ये दुईओटा जोड़िदिए ।
५त्यसको सीप लगाएर बुनिएको पटुका,
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ, एपोदसित
मिलेको सुन, नीलो, बैगुने र रातो धागो; अनि
मिहीन बाटेको सुती कपड़ाले बनिएको थियो ।
६तिनीहरूले सुनका मणिघरहरूमा गोमेद
पत्थर जड़े र त्यसमा इस्राएलका छोराहरूका
नाउँ खोपेर एउटा छापझैँ बनाए । ७तब
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ तिनीहरूले
इस्राएलका छोराहरूको सम्झना-पत्थरको
रूपमा एपोदको काँधमा राख्ने टुक्रामा कसिदिए ।

### छाती-पाता

८तिनीहरूले सिपालु कारीगरद्वारा छाती-
पाताको आकार निकाले । तिनीहरूले त्यो
एपोदजस्तै सुनको, नीलो, बैगुने र रातो धागोको
र मिहीन बाटेको सुती कपड़ाको बनाए । ९त्यो
एक बित्ता लामो र एक बित्ता चौड़ाको वर्गाकार
थियो र दोब्बर गरी पटयाइएको थियो ।
१०त्यसपछि तिनीहरूले त्यसमा चार लहर
बहुमूल्य पत्थरहरू जड़े । पहिलो लहरमा
सार्डियस, पुष्पराज र पन्ना; ११दोस्रो लहरमा

---

**३८:२५-२६**–प्रस्थान ३०:११-१६. **३८:२६**–मत्ती १७:२४. **३९:१-७**–प्रस्थान २८:१-१४. **३९:८-२१**–प्रस्थान २८:१५-३०.

नीर, लाल र हीरा; **१२**तेस्रो लहरमा धूम्रकान्त,
सूर्यकान्त र मर्तिस; **१३**चौथो लहरमा पिराजा,
गोमेद र स्फटिक थिए । तिनीहरू सुनका
घरहरूमा जड़िएका थिए । **१४**इस्राएलका प्रत्येक
छोराको नाउँको लागि एउटा गरी त्यहाँ जम्मा
बाह्रओटा पत्थरहरू थिए, र प्रत्येकमा बाह्र
कुलमध्ये एउटाको नाउँ छापझैँ खोपिएको
थियो ।

**१५**छाती-पाताको निम्ति तिनीहरूले डोरीजस्तो
बाटेको सुनको सिक्री बनाए । **१६**तिनीहरूले
सुनका दुईओटा तारहरू र सुनका दुईओटा
मुन्द्रीहरू बनाए, र मुन्द्रीहरूलाई छाती-पाताका
दुवै कुनाहरूमा बाँधे । **१७**तिनीहरूले सुनका
दुईओटा सिक्रीहरूलाई छाती-पाताका कुनाहरूमा
भएका मुन्द्रीहरूमा बाँधे, **१८**अनि सिक्रीका अर्को
छेउहरूलाई दुईओटा मणिघरहरूमा एपोदको
सामुन्नेतिर काँधे-टुक्रासित बाँधे । **१९**तिनीहरूले
सुनका दुईओटा मुन्द्रीहरू बनाएर एपोदको
अर्कोतिरको भित्री किनारसित जोड़िदिए । **२०**तब
तिनीहरूले सुनका अझ दुईओटा मुन्द्रीहरू
बनाए र त्यसलाई एपोदको पटुकाको ठीक
मास्तिरको जोर्नीको छेउमा भएको एपोदको
अघिल्तिरको काँधे-टुक्राको फेदमा बाँधे ।
**२१**तिनीहरूले छाती-पाताका मुन्द्रीहरूलाई
एपोदका मुन्द्रीहरूसित नीलो धागोले पटुकासित
जोड़ेर परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैँ
छाती-पाता एपोददेखि यताउता नहल्लिओस्
भनी बाँधे ।

## पूजाहारीका अरू पोशाकहरू

**२२**तिनीहरूले एपोदको लबेदा, सम्पूर्ण नीलो
लुगाको बुनेर बनाए, **२३**जसमा कण्ठको खुला
भागझैँ लबेदाको बीचमा खुला ठाउँ राखे, र
त्यो नफाटोस् भनेर त्यसको चारैतिर बिट
बनाए । **२४**तिनीहरूले लबेदाको किनारमा
चारैतिर नीलो, बैगुने र रातो धागो अनि मिहीन
बाटेको सुती कपड़ाका दारीमहरू बनाए ।
**२५**अनि तिनीहरूले निखुर सुनका घण्टीहरू
बनाएर तिनीहरूलाई दारीमहरूको बीचमा
किनारमा चारैतिर लगाइदिए । **२६**परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैँ, सेवा गर्दा लाउनुपर्ने
लबेदाको किनारका चारैतिर घण्टीहरू र
दारीमहरू एकपछि अर्को गरी राखिए ।

**२७**हारून र तिनका छोराहरूका निम्ति,
तिनीहरूले मिहीन सुती कपड़ाका बुनेका अलखा
बनाए– **२८**अनि तिनीहरूले मिहीन सुती
कपड़ाका फेटा, सुती कपड़ाका शिर-फित्ता र
मिहीन बाटेका सुती कपड़ाका भित्री लुगाहरू
पनि बनाए । **२९**पटुका परमप्रभुले मोशालाई
आज्ञा दिनुभएझैँ, बुट्टाकारद्वारा मिहीन बाटेको
सुती कपड़ा र नीलो, बैगुने अनि रातो धागोको
बनिएको थियो ।

**३०**तिनीहरूले पाता र पवित्र मुकुट निखुर
सुनको बनाए, र त्यसमा छापको खोपाइझैँ
'परमप्रभुको निम्ति पवित्र' भनी खोपे ।
**३१**अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैँ,
तिनीहरूले त्यसलाई फेटासित जोड़नलाई
त्यसमा एउटा नीलो धागो बाँधे ।

## मोशाद्वारा भेट हुने पालको निरीक्षण

**३२**यसरी पवित्रस्थान, भेट हुने पालका सबै
कामहरू समाप्त भए । इस्राएलीहरूले परमप्रभुले
मोशालाई आज्ञा दिनुभएअनुसार सबै कुरा ठीक
त्यसरी नै गरे । **३३**तब तिनीहरूले पवित्र-
स्थानलाई मोशाकहाँ ल्याए: पाल र त्यसका
सबै सामानहरू, अड़काउनेहरू, फल्याकहरू,
बारहरू, खामाहरू र आधारहरू; **३४**रातो
रङ्गमा रङ्गाएको भेड़ाको छालाले बनिएको
आवरण र सीलको आवरण र छेक्ने पर्दा;
**३५**साक्षी-पाटीको सन्दूक, त्यसका डण्डाहरू
र कृपा-आसनसमेत; **३६**टेबल, त्यसका सबै
सामग्रीहरू, उपस्थितिको रोटी; **३७**निखुर सुनको
सामदान, त्यसमा भएका बत्तीका लहर,
त्यसका सबै उपकरणहरू, प्रकाशको निम्ति
तेल; **३८**सुनको वेदी, अभिषेक गर्ने तेल,
सुगन्धित धूप, पालको प्रवेश द्वारको निम्ति

**३९:२२-३१**–प्रस्थान २८:३१-४३. **३९:३२-४३**–प्रस्थान ३५:१०-१९.

पर्दा; **३९**पीतलको वेदी र त्यसको पीतलको
झिँझिरी, त्यसका डण्डाहरू अनि त्यसका सबै
सामानहरू; बाटा र त्यसका खुट्टा; **४०**चोकका
पर्दाहरू, त्यसका खम्बाहरू र आधारहरू,
चोकको प्रवेश द्वारको पर्दा; चोकको निम्ति
डोरीहरू र पालका कीलाहरू; भेट हुने पाल,
पवित्र वासस्थानको निम्ति सेवाका सबै
सामग्रीहरू, **४१**पवित्रस्थानभित्र सेवा गर्दा लगाउने
बुनेका पोशाकहरू, हारून पूजाहारीका पवित्र
पोशाकहरू र पूजाहारी काम गर्दा लगाइने
तिनका छोराहरूका पोशाकहरू ।

**४२**इस्राएलीहरूले सबै कामहरू परमप्रभुले
मोशालाई आज्ञा दिनुभएबमोजिम ठीक त्यसै
गरी गरे । **४३**तब मोशाले ती कामहरूको
जाँच गरे, र तिनीहरूले परमप्रभुले आज्ञा
दिनुभएअनुसारै गरेका देखे । यसकारण मोशाले
तिनीहरूलाई आशिष् दिए ।

### पवित्रस्थान खड़ा गर्ने काम

**४०** तब परमप्रभुले मोशालाई भन्नुभयो:
**२**"पवित्रस्थान, भेट हुने पाललाई
पहिलो महिनाको पहिलो दिनमा खड़ा गर्नू ।
**३**साक्षी-पाटीको सन्दूकलाई त्यसभित्र राखेर
सन्दूकलाई पर्दाले छेक्नू । **४**टेबललाई भित्र ल्याएर
त्यसका सबै कुराहरू त्यसमा मिलाउनू । तब
सामदान भित्र ल्याएर त्यसमा बत्तीहरू तयार
गर्नू । **५**सुनको धूप-वेदीलाई साक्षी-पाटीको
सन्दूकको सामुन्ने राखेर पवित्रस्थानको प्रवेश
द्वारमा पर्दा लगाउनू ।

**६**"होमबलिलाई पवित्रस्थान, भेट हुने पालको
प्रवेश द्वारको सामुन्ने राख्नू; **७**बाटालाई भेट
हुने पाल र वेदीको बीचमा राखेर त्यसमा
पानी हाल्नू । **८**त्यसका चारैतिर चोक बनाउनू
र चोकको प्रवेश द्वारमा पर्दा लगाउनू ।

**९**"अभिषेक गर्ने तेल लिएर पवित्रस्थान र
त्यसमा भएका सबै थोकहरूलाई अभिषेक गर्नू;
अनि त्यसलाई र त्यसका सबै सामग्रीहरूलाई
पवित्र गर्नु अनि ती पवित्र हुनेछन् । **१०**तब
होमबलिको वेदी त्यसको सबै सामानसमेत
अभिषेक गरेर त्यसलाई पवित्र गर्नू र त्यो अति
पवित्र हुनेछ । **११**बाटा र त्यसका खुट्टाहरूलाई
अभिषेक गरेर तिनीहरूलाई अर्पण गर्नू ।

**१२**"त्यसपछि हारून र त्यसका छोराहरूलाई
भेट हुने पालको प्रवेश द्वारमा ल्याएर तिनीहरूलाई
पानीले नुहाउनू । **१३**त्यसपछि हारूनलाई पवित्र
पोशाक लगाइदिनू, त्यसलाई अभिषेक गर्नू र
त्यसले पूजाहारीको रूपमा मेरो सेवा गरोस्
भनेर त्यसलाई अर्पण गर्नू । **१४**त्यसका
छोराहरूलाई ल्याएर तिनीहरूलाई अलखा
लगाइदिनू । **१५**तिनीहरूका बाबुलाई तैंले अभिषेक
गरेझैँ तिनीहरूलाई पनि अभिषेक गर्नू र
तिनीहरूले पूजाहारीको रूपमा मेरो सेवा
गरून् । तिनीहरूको अभिषेक भावी पुस्तासम्म
भइरहने पूजाहारी पदको निम्ति हो ।" **१६**मोशाले
सबै कुराहरू परमप्रभुले तिनलाई आज्ञा दिनुभएझैँ
गरे ।

**१७**यसरी पवित्रस्थान दोस्रो वर्षको पहिलो
महिनाको पहिलो दिन खड़ा भयो । **१८**जब
मोशाले पवित्रस्थान खड़ा गरे, तब तिनले
आधारहरू ठीक ठाउँमा राखे, फल्याकहरू खड़ा
गरे, बारहरू घुसारे अनि खामाहरू खड़ा
गरे । **१९**तब तिनले पवित्रस्थानमाथि पाल फिँजाए
र परमप्रभुले तिनलाई आज्ञा गर्नुभएझैँ पालमाथि
छाना लगाइदिए ।

**२०**तिनले साक्षी-पाटी लिएर त्यसलाई
सन्दूकभित्र राखे, सन्दूकसित डण्डाहरू जोड़िदिए
र त्यसमाथि कृपा-आसन लगाइदिए । **२१**तब
परमप्रभुले तिनलाई आज्ञा गर्नुभएझैँ, तिनले
सन्दूकलाई पवित्रस्थानभित्र ल्याए अनि छेक्ने
पर्दा झुण्ड्याएर साक्षी-पाटीको सन्दूकलाई
छेकिदिए ।

**२२**मोशाले टेबललाई पर्दाको बाहिर पवित्र-
स्थानको उत्तरतिर भेट हुने पालमा राखे, **२३**अनि
परमप्रभुले तिनलाई आज्ञा दिनुभएझैँ रोटीलाई
त्यसमाथि परमप्रभुको सामुन्ने राखिदिए ।

**२४**तिनले पानसलाई भेट हुने पालमा
टेबलको विपरीत पवित्रस्थानको दक्षिणतिर
राखे, **२५**अनि परमप्रभुले तिनलाई आज्ञा
गर्नुभएझैँ परमप्रभुको सामुन्ने बत्तीहरू राखे ।

**२६**मोशाले सुनको वेदी भेट हुने पालमा

पर्दाको सामुन्ने राखे, **२७**अनि परमप्रभुले तिनलाई
आज्ञा दिनुभएझैँ, सुगन्धित धूप बाले । **२८**तब
तिनले पर्दालाई पवित्रस्थानको प्रवेश द्वारमा
लगाए ।

**२९**तब तिनले भेट हुने पाल, अर्थात्
पवित्रस्थानको ढोकामा होमबलिको वेदी राखेर
त्यसमा होमबलि र अन्नबलि चढ़ाए, जस्तो
परमप्रभुले तिनलाई आज्ञा गर्नुभएको थियो ।

**३०**तिनले बाटालाई भेट हुने पाल र वेदीको
बीचमा राखे अनि त्यसमा धुनलाई पानी हाले,
**३१**अनि मोशा र हारून र तिनका छोराहरूले
त्यसलाई आफ्ना हातखुट्टा धुने काममा चलाए ।
**३२**परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैँ
जहिलेजहिले तिनीहरू भेट हुने पालमा प्रवेश
गर्थे अथवा वेदीको नजीक जान्थे, तिनीहरूले
आफ्ना हात-खुट्टा धुने गर्थे ।

**३३**तब मोशाले चोकलाई पवित्रस्थानको र
वेदीको चारैतिर चोकको घेरा खड़ा गरे र
चोकको प्रवेश द्वारमा पर्दा लगाए । यसरी
मोशाले काम सिध्याए ।

### परमप्रभुको महिमा

**३४**तब भेट हुने पाललाई बादलले ढाक्यो,
र परमप्रभुको महिमाले पवित्रस्थानलाई
भरिदियो । **३५**मोशा भेट हुने पालभित्र पस्न
सकेनन्, किनकि त्यसमाथि बादल बसिरहेको
थियो, र परमप्रभुको महिमाले पवित्रस्थान
भरिएको थियो ।

**३६**इस्राएलीहरूको सम्पूर्ण यात्राहरूमा,
जबजब पवित्रस्थानबाट बादल हटेर जान्थ्यो,
तिनीहरू हिँड़ने गर्थे; **३७**तर बादल माथि उठेन
भने, जुन दिनसम्म त्यो उठ्दैनथ्यो तिनीहरू
हिँड़दैनथिए । **३८**यसरी दिउँसो पवित्रस्थानमाथि
परमप्रभुको बादल रहन्थ्यो, र राती त्यसमाथि
आगो रहन्थ्यो, जुन सम्पूर्ण यात्राभरि इस्राएलको
घरानाको नजरमा देखिइरहयो ।

---

**४०:३४–३८**–गन्ती ९:१५-२३. **४०:३४**–१ राजा ८:१०-११; यशैया ६:४; इजकिएल ४३:४-५; प्रकाश १५:८.

# लेवी

## होमबलि

१ परमप्रभुले मोशालाई बोलाउनुभयो र भेट
हुने पालबाट तिनीसित कुरा गर्नुभयो ।
उहाँले भन्नुभयो, २“इस्राएलीहरूसित कुरा
गरेर तिनीहरूलाई भन्: ‘तिमीहरूमध्ये कसैले
परमप्रभुको निम्ति दान ल्याउँदा तिमीहरूको
दान गाईबस्तुका बथान अथवा भेड़ाबाख्राका
बगालबाट ल्याउनू ।
३“‘त्यो बथानबाटको होमबलि हो भने,
त्यसले निष्खोट बोका चढ़ाओस् । त्यसले त्यो
भेट हुने पालको प्रवेशद्वारमा ल्याओस्, र त्यो
परमप्रभुको निम्ति ग्रहणयोग्य होस् । ४त्यसले
त्यस होमबलिको शिरमाथि आफ्नो हात राखोस्,
र त्यो त्यसको प्रायश्‍चितको लागि त्यसको
पक्षमा ग्रहणयोग्य हुनेछ । ५त्यसले त्यस
जवान साँढ़ेलाई परमप्रभुको सामुन्ने मारोस्,
र हारूनका पूजाहारी छोराहरूले रगत ल्याएर
त्यसलाई भेट हुने पालको प्रवेशद्वारमा वेदीको
सबैतिर भित्तामा छर्कोस् । ६त्यसले होमबलिको
छाला काढ़ेर त्यसलाई टुक्रा टुक्रा पारोस् ।
७पूजाहारी हारूनका छोराहरूले वेदीमा
दाउराहरू मिलाएर आगो लगाऊन् । ८त्यसपछि
हारूनका पूजाहारी छोराहरूले शिर र बोसोसमेत
ती टुक्राहरूलाई वेदीमा जलिरहेका दाउरामाथि
मिलाऊन । ९त्यस मानिसले भित्री भागहरू र
खुट्टाहरू पानीले धोओस्, र पूजाहारीले ती सबै
वेदीमाथि जलाओस् । यो आगोद्वारा चढ़ाइएको
होमबलि हो, जुन परमप्रभुको निम्ति मनपर्दो
बास्ना हो ।
१०“‘यदि त्यसको बलि बगालबाट भेड़ा वा
बाख्राको होमबलि हो भने, त्यसले निष्खोट
थुमा वा पाठोचाहिँ चढ़ाओस् । ११त्यसलाई
वेदीको उत्तरपट्टि परमप्रभुको सामुन्ने त्यसले
मारोस् र हारूनका पूजाहारी छोराहरूले त्यसको
रगत वेदीको सबै भित्ताहरूमा छर्कोस् । १२त्यस
मानिसले त्यसलाई टुक्रा-टुक्रा पारोस्, र
पूजाहारीले तिनीहरूलाई शिर र बोसोसमेत
वेदीमाथि जलिरहेको दाउरामाथि मिलाओस् ।
१३त्यस मानिसले भित्री भाग र खुट्टाहरू पानीले
धोओस्, र पूजाहारीले ती सबै ल्याएर वेदीमाथि
जलाओस् । यो आगोद्वारा चढ़ाइएको होमबलि
हो, जुन परमेश्वरलाई मनपर्दो बास्ना हो ।
१४“‘परमप्रभुको निम्ति बलि पक्षीहरूबाटको
होमबलि हो भने, त्यसले ढुकुर कि परेवा
चढ़ाओस् । १५पूजाहारीले त्यसलाई वेदीमा ल्याएर
शिर निमोठेर वेदीमाथि जलाओस् र त्यसका
रगत वेदीका किनारमा निथारिदिओस् । १६त्यसले
घुस्यौटी र त्यसभित्र भएको सबै निकालेर वेदीको
पूर्वतिर खरानी भएको ठाउँमा फ्याकोस् ।
१७त्यसले त्यसलाई नटुक्राइकन पखेटाको बीचमा
चिरोस्, अनि पूजाहारीले त्यसलाई वेदीमाथि
भएको दाउरामाथि जलाओस् । यो आगोद्वारा
चढ़ाइएको होमबलि हो, जुन परमप्रभुलाई
मनपर्दो बास्ना हो ।

## अन्नबलि

२ “‘कसैले परमप्रभुको निम्ति अन्नको दान
ल्याउँछ भने, त्यो दान मसिनो पीठोको
होस् । त्यसले त्यसमाथि तेल खन्याओस् र
त्यसमा धूप हालोस्, २अनि त्यसलाई हारूनका
पूजाहारी छोराहरूकहाँ ल्याओस् । पूजाहारीले
एक मुठी मसिनो पीठो र तेल धूपसित लिएर
त्यसलाई सम्झनाको भागको हिसाबमा वेदीमा
जलाउनेछ, जुन परमप्रभुलाई मनपर्दो बास्ना
हुनेगरी आगोद्वारा चढ़ाइएको दान हो ।
३अन्नबलिको बाँकी भाग हारून र तिनका
छोराहरूको हो; यो परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाइएका दानहरूको सबैभन्दा पवित्र
भाग हो ।
४“‘तिमीहरूले चुलोमा पकाएको अन्नबलि

ल्यायौ भने, ती मसिनो पीठोका खमीर नहालेका
र तेल मिसाएका फुलौराहरू अथवा तेल दलेका
अखमिरी बाबर होस् । ५तिमीहरूका अन्नबलि
तावामा पकाएको हो भने, त्यो खमीर नहालेको
र तेल मिसाएको पीठोबाट बनिएको होस् ।
६त्यसलाई टुक्रा-टुक्रा पारेर त्यसमाथि तेल
खन्याउनू, त्यो अन्नबलि हो । ७तिमीहरूका
अन्नबलि ताप्केमाथि पकाएको हो भने, त्यो
मसिनो पीठो र तेलबाट बनाएको होस् । ८यी
कुराहरूले बनिएको अन्नबलि परमप्रभुकहाँ
ल्याउनू र त्यो पूजाहारीलाई दिनू जसले त्यसलाई
वेदीमा ल्याओस् । ९त्यसले अन्नबलिबाट
सम्झनाको भाग निकालेर परमप्रभुको निम्ति
मनपर्दो बास्नाझैं आगोद्वारा चढ़ाइएको दानको
रूपमा वेदीमाथि जलाओस् । १०अन्नबलिबाट
उब्रेको भाग हारून र त्यसका छोराहरूको
हो, यो आगोद्वारा परमप्रभुलाई चढ़ाइएको दानको
सबैभन्दा पवित्र भाग हो ।

११"'तिमीहरूले परमप्रभुकहाँ ल्याउने प्रत्येक
अन्नबलि खमीर नहाली बनाएको होस्,
किनकि परमप्रभुकहाँ आगोद्वारा चढ़ाइने दानमा
तिमीहरूले कुनै खमीर अथवा मह नजलाऊनू ।
१२तिमीहरूले ती परमप्रभुकहाँ पहिलो फलको
रूपमा ल्याउन सक्छौं, तर तिनीहरूलाई
वेदीमा मनपर्दो बास्नाको रूपमा नजलाऊनू ।
१३तिमीहरूका सबै अन्नबलिहरूमा नून मल्नू ।
तिमीहरूका परमेश्वरको करारको नूनलाई
तिमीहरूको अन्नबलिदेखि अलग नराख्नू;
तिमीहरूका सबै दानहरूमा नून मिसाउनू ।

१४"'परमप्रभुको निम्ति अगौटे फलहरूको
अन्नबलि चढ़ाउने इच्छा भए, आफ्ना अगौटे
फलहरूका अन्नबलिको निम्ति पिँधेका र
आगोमा पिल्स्याएका ताजा अन्नका बालाहरू
चढ़ाउनू । १५त्यसमा तेल हाल्नू र धूप राख्नू;
यो अन्नबलि हो । १६पिंधेको अन्न र तेलको
सम्झनाको भाग सबै धूपसित परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाएको सम्झनाको भाग
आगोद्वारा परमप्रभुको निम्ति चढ़ाएको दानको
रूपमा पूजाहारीले जलाओस् ।

## मेलबलि

३ "'कसैले मेलबलिको दान चढ़ाउँदैछ, र
त्यसले बथानबाट भाले वा पोथी पशु
चढ़ाउँछ भने, त्यसले परमप्रभुको सामुन्ने
निष्खोट पशु चढ़ाओस् । २त्यसले आफ्नो दानको
शिरमाथि आफ्नो हात राखेर त्यसलाई भेट
हुने पालको प्रवेशद्वारमा मारोस् । त्यसपछि
हारूनका पूजाहारी छोराहरूले वेदीको चारैतिर
रगत छर्कून् । ३मेलबलिबाट त्यसले परमप्रभुको
निम्ति आगोद्वारा बलिदान चढ़ाओस्, अर्थात्
आन्द्रा-भुँड़ी ढाक्ने बोसो र आन्द्रामाथिको
बोसो सबै ल्याओस् । ४त्यसले कम्मरनेरको
बोसोसमेतका दुवै मिर्गौलाहरू र मिर्गौलाहरूदेखि
छुटचाएर कलेजोलाई छोप्ने भाग पनि
ल्याओस् । ५त्यसपछि हारूनका छोराहरूले
त्यसलाई परमप्रभुलाई मनपर्दो बास्ना हुनेगरी
आगोद्वारा चढ़ाइएको दानझैं वेदीमा होमबलिको
टुप्पोमा, जल्दै गरेको दाउरामाथि जलाओस् ।

६"'यदि त्यसले परमप्रभुको निम्ति बगालबाट
मेलबलिको रूपमा एउटा पशु चढ़ाउँछ भने,
त्यसले भाले वा पोथीबाट निष्खोट चढ़ाओस् ।
७त्यसले थुमा चढ़ाउँछ भने, परमप्रभुको सामुन्ने
चढ़ाओस् । ८त्यसले आफ्नो दानको शिरमाथि
आफ्नो हात राखेर त्यसलाई भेट हुने पालको
सामुन्ने मारोस् । त्यसपछि हारूनका छोराहरूले
त्यसको रगत वेदीका चारैतिर छर्कून् ।
९मेलबलिबाट त्यसले परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाइएको बलिदान ल्याओस्, त्यसको
बोसो, डँड़ाल्नुको छेउदेखि काटेको बोसे
पुच्छरको सम्पूर्ण भाग, भित्री भागहरूलाई
छोप्ने सबै बोसोहरू अथवा त्यससित जोड़िएका
बोसोहरू, १०कम्मरनेरका दुवै मिर्गौलाहरू
बोसोसमेत अनि मिर्गौलासितै छुटचाएर कलेजो
छोप्ने भाग । ११पूजाहारीले तिनीहरूलाई वेदीमाथि
भोजनझैं, परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाइएको दानझैं जलाओस् ।

१२"'त्यसको दान बोका हो भने, त्यसले
परमप्रभुको सामुन्ने त्यसलाई चढ़ाओस् ।
१३त्यसले त्यसको शिरमाथि हात राखेर त्यसलाई
भेट हुने पालको सामुन्ने मारोस् । त्यसपछि

हारूनका छोराहरूले त्यसको रगत वेदीको
चारैतिर छर्कून् । १४त्यसले जेबाट चढ़ाउँछ,
त्यो दान परमप्रभुलाई आगोद्वारा त्यसले
चढ़ाओस्, अर्थात् भित्री भाग अथवा त्यससित
गाँसिएका भागहरूलाई छोप्ने सबै बोसोहरू,
१५कम्मरनेरको दुवै मिर्गौलाहरूसमेत त्यसका
बोसोहरू, अनि कलेजोलाई छोप्ने भाग जसलाई
त्यसले मिर्गौलाहरूबाट छुटचाउने छ ।
१६पूजाहारीले तिनीहरूलाई भोजनभैँ आगोद्वारा
चढ़ाइएको मनपर्दो बास्नाको रूपमा वेदीमा
जलाओस् । सबै बोसोहरू परमप्रभुकै हुन् ।
१७"'तिमीहरू जहाँ बसे तापनि, आउने
पुस्ताको लागि यो एउटा अनन्तको विधि हो,
तिमीहरूले कुनै बोसो अथवा कुनै रगत खानु
हुँदैन ।'"

## पापबलि

४ परमप्रभुले मोशालाई भन्नुभयो,
२"इस्राएलीहरूलाई यसो भन्नू: 'कसैले
अजानमा पाप गर्छ, र परमप्रभुको आज्ञाअनुसार
निषेध गरिएको काम गर्छ भने-
३"'यदि अभिषिक्त पूजाहारीले पाप गर्छ र
मानिसहरूमाथि दोष ल्याउँछ भने, त्यसले
आफूले गरेको पापको निम्ति मेलबलिको रूपमा
परमप्रभुकहाँ एउटा जवान साँढ़े ल्याओस् ।
४त्यसले त्यस साढ़ेलाई भेट हुने पालको प्रवेश-
द्वारमा परमप्रभुको सामुन्ने प्रस्तुत गरोस् । त्यसले
आफ्नो हात त्यसको शिरमाथि राखेर त्यसलाई
परमप्रभुको सामुन्ने मारोस् । ५त्यसपछि
अभिषिक्त पूजाहारीले साढ़ेको रगतबाट केही
लिएर त्यसलाई भेट हुने पालभित्र ल्याओस् ।
६त्यसले आफ्नो औंला रगतमा चोपेर त्यसबाट
केही पवित्रस्थानको पर्दाको सामु परमप्रभुको
अगिल्तिर सातपल्ट छर्कोस् । ७त्यसपछि
पूजाहारीले रगतको केही भाग भेट हुने
पालमा परमप्रभुको सामु भएको सुगन्धित धूपको
वेदीका सीङहरूमाथि लगाओस् । साढ़ेको उब्रेको
रगतलाई त्यसले भेट हुने पालको प्रवेशद्वारमा
भएको होमबलिको वेदीको फेदमा खन्याओस् ।
८त्यसले पापबलिको साँढ़ेबाट सबै बोसो
भिकोस्, भित्री भाग अथवा त्यससित गाँसिएको
भागलाई छोप्ने बोसो, ९कम्मरनेर भएका
बोसोसहितका दुवै मिर्गौलाहरू र कलेजोलाई
छोप्ने भागहरू जो त्यसले मिर्गौलाहरूसितै
निकालोस्– १०अर्थात् मेलबलिको निम्ति बलिदान
गरिएको साँढेबाट बोसो निकालेभैँ । त्यसपछि
पूजाहारीले त्यसलाई होमबलिको वेदीमाथि
जलाओस् । ११तर त्यस साढ़ेको छाला र त्यसका
सबै मासु अनि शिर र खुट्टाहरू, भित्री भागहरू
र गोबर । १२अर्थात्, साँढ़ेका सबै उब्रेका भागहरू
त्यसले छाउनीको बाहिर विधिपूर्वक शुद्ध गरिएको
ठाउँमा, खरानी फ्याँक्ने ठाउँमा फ्याकेर त्यसलाई
खरानीको थुप्रोमाथि दाउराको आगोमा जलाओस् ।
१३"'यदि सारा इस्राएलीहरूले अजानमा पाप
गर्छ, र परमप्रभुको आज्ञाहरूमध्ये निषेध
गरिएको कुनै काम गर्छ भने, त्यो समुदाय
अज्ञानी भएता पनि तिनीहरू दोषी हुन् ।
१४जब तिनीहरूलाई आफूले गरेका पाप
थाहा हुन्छ, समुदायले पापबलिस्वरूप एउटा
जवान साँढ़े ल्याएर भेट हुने पालको सामुन्ने
प्रस्तुत गर्नुपर्छ । १५समुदायका बूढ़ाप्रधानहरूले
परमप्रभुको सामुन्ने साढ़ेको शिरमाथि आफ्ना
हातहरू राखेपछि त्यो साँढ़े परमप्रभुको सामुन्ने
मारिओस् । १६त्यसपछि अभिषिक्त पूजाहारीले
त्यस रगतबाट केही लिएर भेट हुने पालभित्र
ल्याओस् । १७त्यसले आफ्नो औंला रगतमा
चोपेर परमप्रभुको अघि पर्दाको सामुन्ने सातपल्ट
छर्कोस् । १८त्यसले केही रगत भेट हुने पालमा
परमप्रभुको सामुन्ने भएको वेदीका सीङहरूमा
लगाओस् । बाँकी रहेको रगत त्यसले भेट हुने
पालको प्रवेशद्वारमा भएको होमबलिको वेदीको
फेदमा खन्याओस् । १९त्यसले सबै बोसोहरू
त्यसबाट निकालोस् अनि त्यसलाई वेदीमाथि
जलाओस्, २०अनि त्यस साढ़ेलाई पापबलिको
साँढ़ेलाई गरेभैँ गरोस् । यस किसिमले
पूजाहारीले तिनीहरूको निम्ति प्रायश्चित गरून्
अनि तिनीहरूलाई क्षमा गरिनेछ । २१त्यसपछि
त्यसले साँढ़ेलाई छाउनीको बाहिर लैजाओस् र
त्यसलाई पहिलो साँढ़ेलाई जस्तै जलाओस् । यो
समुदायको निम्ति पापबलि हो ।

**२२**"'जब कुनै अगुवाले अजानमा पाप गर्छ
र परमप्रभु आफ्नो परमेश्वरका आज्ञाहरूमध्ये
निषेध गरेको कुनै काम गर्छ, त्यो दोषी हो ।
**२३**जब त्यसले गरेको पाप त्यसलाई प्रकट
गराइनेछ, त्यसले दानको रूपमा एउटा
निष्खोट बोका ल्याउनुपर्छ । **२४**त्यसले बोकाको
शिरमाथि आफ्नो हात राखोस्, र त्यसलाई
परमप्रभुको सामुन्ने होमबलि मारिने ठाउँमा
मार्नुपर्छ । यो पापबलि हो । **२५**त्यसपछि
पूजाहारीले पापबलिको रगतबाट आफ्नो औंलाले
केही लिएर होमबलिको वेदीका सीङहरूमा
लगाओस्, र बाँकी रहेको रगत वेदीको फेदमा
खन्याओस् । **२६**त्यसले सबै बोसोहरू आफूले
मेलबलिलाई गरेझैं वेदीमाथि जलाओस् ।
यसरी पूजाहारीले त्यस मानिसको पापको
प्रायश्चित गर्नेछ, अनि त्यसले क्षमा पाउनेछ ।

**२७**"'समुदायको एक जनाले अजानमा पाप
गर्छ, र परमप्रभुका आज्ञाहरूमध्ये निषेध
गरेको कुनै काम गर्छ भने, त्यो दोषी हो ।
**२८**जब त्यसलाई आफूले गरेको पाप प्रकट
गराइन्छ, त्यसले आफ्नो पापको निम्ति
दानस्वरूप एउटा निष्खोट पाठी ल्याओस् ।
**२९**त्यसले त्यस पापबलिको शिरमाथि आफ्नो
हात राखेर त्यसलाई होमबलि चढ़ाउने ठाउँमा
मारोस् । **३०**त्यसपछि पूजाहारीले आफ्नो औंलाले
त्यसबाट केही रगत लिएर होमबलिको वेदीका
सीङहरूमा लगाओस्, र बाँकी रहेको रगत
वेदीको फेदमा खन्याओस् । **३१**मेलको बलिबाट
बोसो निकालेझैं, त्यसले सबै बोसोहरू झिकोस्
र पूजाहारीले त्यसलाई परमप्रभुलाई मनपर्दो
बास्नाको रूपमा वेदीमाथि जलाओस् । यस
किसिमले पूजाहारीले त्यसको निम्ति प्रायश्चित
गर्नेछ, र त्यसले क्षमा पाउनेछ ।

**३२**"'त्यसले आफ्नो पापबलिको रूपमा
एउटा थुमा ल्याउँछ भने, त्यसले निष्खोट पाठी
ल्याओस् । **३३**त्यसको शिरमाथि त्यसले आफ्नो
हात राखेर त्यसलाई पापबलिको रूपमा
होमबलि मारिने ठाउँमा मारोस् । **३४**त्यसपछि
पूजाहारीले आफ्नो औंलाले पापबलिको रगतबाट
केही लिएर होमबलिको वेदीका सीङहरूमा
लगाओस्, र बाँकी रहेको रगत वेदीको फेदमा
खन्याओस् । **३५**मेलबलिको थुमाबाट बोसो
निकालेझैं त्यसले सबै बोसोहरू झिकोस् । अनि
पूजाहारीले त्यसलाई परमप्रभुलाई आगोद्वारा
चढ़ाउने दानहरूको वेदीमाथिको टुप्पोमा
जलाओस् । यस किसिमले पूजाहारीले त्यसको
लागि त्यसले गरेको पापको प्रायश्चित गर्नेछ,
र त्यसले क्षमा पाउनेछ ।

**५** "'कुनै व्यक्तिले यस्तो किसिमको पाप
गर्‍यो, कि साक्षी भईकन आफूले देखेको
र जानेको विषयमा जनसाधारणअगि बोल्नुपर्दा
पनि त्यो मानिसले केही बोलेन भने, त्यो त्यसको
लागि जिम्मेवार ठहराइनेछ ।

**२**"'कुनै व्यक्तिले विधिपूर्वक अशुद्ध कुरो–
अर्थात् कुनै अशुद्ध बनपशुहरूका कि
अशुद्ध गाईवस्तुका वा जमिनमा हिँड़डुल गर्ने
जन्तुहरूको लाश– आफ्नो अज्ञानतामै भए
तापनि छोयो भने, त्यो अशुद्ध हुन्छ र त्यो
दोषी ठहरिनेछ ।

**३**"'अथवा त्यसले मानिसको अशुद्धि,
त्यसलाई अशुद्ध तुल्याउने कुनै पनि कुरा, आफ्नो
अज्ञानतामै भए तापनि छोयो भने, त्यसलाई
त्यो थाहा भयो भने, त्यो दोषी ठहरिनेछ ।

**४**"'अथवा कसैले असल वा खराब केही
गर्छु भनेर विचारै नगरी किरिया हाल्यो, अथवा
असावधान भएर कुनै कुरामा शपथ खायो भने,
त्यसलाई त्यसको ज्ञानै नभए तापनि, जुनसुकै
कुरामा पनि त्यसलाई त्यो थाहा भयो भने,
त्यो दोषी ठहरिनेछ ।

**५**"'कोही यीमध्ये कुनै चालमा दोषी छ
भने, त्यसले कुन कुरामा पाप गरेको छ,
त्यो त्यसले मानिलिनुपर्छ, **६**र त्यसले गरेको
पापको दण्डस्वरूप त्यसले परमप्रभुकहाँ
बगालबाट थुमा कि बाख्राको पाठी ल्याओस्,
र पूजाहारीले त्यसको पापको लागि त्यसको
निम्ति प्रायश्चित गर्नेछ ।

---

**४:२७-३१**–गन्ती १५:२७-२८.

**७**"'त्यसले थुमा ल्याउन सक्दैन भने, त्यसले
कलिला दुईओटा ढुकुर वा परेवा, एउटा
पापबलिको निम्ति र अर्को होमबलिको निम्ति,
परमप्रभुको सामुन्ने ल्याओस् । **८**त्यसले ती
पूजाहारीकहाँ ल्याओस्, जसले पहिला एउटालाई
पापबलिको निम्ति चढ़ाउनेछ । त्यसले त्यसको
शिरलाई नचुँड़ाइकन घाँटी निमोठोस्, **९**त्यसका
केही रगत पापबलिको रूपमा वेदीको छेउमा
छर्कोस् । बाँकी रहेको रगत वेदीको फेदमा
निथारिओस् । यो पापबलि हो । **१०**त्यसपछि
पूजाहारीले अर्कोलाई होमबलिस्वरूप तोकिएको
विधिअनुसार चढ़ाओस्, अनि त्यसले गरेको
पापको लागि त्यसको निम्ति प्रायश्चित गर्नेछ,
र त्यसले क्षमा पाउनेछ ।

**११**"'तर त्यसले दुईओटा कलिला ढुकुर कि
परेवा ल्याउन सक्दैन भने, त्यसले आफ्नो पापको
लागि पापबलिस्वरूप एपाको आधा पाथी मसिनो
पीठो ल्याओस् । त्यो पापबलि भएको हुनाले
त्यसले त्यसमा तेल र धूप नहालोस् । **१२**त्यसले
त्यो पूजाहारीकहाँ ल्याओस्, जसले त्यसबाट
सम्झनाको भागको निम्ति एक मूठी लिएर
परमप्रभुलाई आगोद्वारा चढ़ाउने दानहरूको
वेदीमाथिको टुप्पोमा जलाओस् । यो पापबलि
हो । **१३**यस किसिमले पूजाहारीले त्यसको निम्ति
त्यसले यी पापहरूमध्ये कुनै पनि पापको लागि
प्रायश्चित गर्नेछ, र त्यसले क्षमा पाउनेछ ।
अन्नबलिको कुरामा झैं बाँकी रहेको दान
पूजाहारीको हुनेछ ।'"

### दोषबलि

**१४**फेरि परमप्रभुले मोशालाई भन्नुभयो:
**१५**"जब कसैले आज्ञा उल्लङ्घन गरेर अजानमा
परमप्रभुका पवित्र कुराहरूमा पाप गर्छ, त्यसले
परमप्रभुकहाँ पवित्रस्थानको शेकेलअनुसार
चाँदीको उचित मूल्य बराबरको निष्खोट भेड़ा
आफ्नो बगालबाट दण्डस्वरूप ल्याओस् । यो
दोषबलि हो । **१६**त्यसले पवित्र चीजहरूको
विषयमा जुन कुरा पूरा गर्न सकेन, त्यसको
निम्ति त्यसले हर्जाना तिरोस्, अर्थात् त्यसले
त्यस मूल्यको पाँचौं भाग थपेर पूजाहारीलाई
देओस्, जसले दोषबलिको रूपमा भेड़ा लिएर
त्यसको निम्ति प्रायश्चित गर्नेछ, र त्यसले
क्षमा पाउनेछ ।

**१७**"यदि कसैले पाप गर्छ, र परमप्रभुका
आज्ञाहरूमध्ये कुनै पनि निषेध गरेको काम
अजानमा गर्छ भने, त्यो दोषी हो र त्यो जिम्मेवार
ठहरिनेछ । **१८**त्यसले दोषबलिस्वरूप आफ्नो
बगालबाट निष्खोट र उचित मूल्यको एउटा
भेड़ा पूजाहारीकहाँ ल्याओस् । यस किसिमले
त्यसले अजानमा गरेको अपराधको लागि
पूजाहारीले प्रायश्चित गर्नेछ र त्यसले क्षमा
पाउनेछ । **१९**यो दोषबलि हो; त्यसले परमप्रभुको
विरुद्धमा गरेको अपराधको त्यो दोषी छ ।"

**६** परमप्रभुले मोशालाई भन्नुभयो: **२**"कसैले
त्यसलाई सुम्पेको केही चीज अथवा
त्यसको जिम्मामा राखेको कुनै चीज अथवा
चोरी भएको खण्डमा आफ्नो छिमेकीलाई ठगेर
पाप गर्छ र परमप्रभुप्रति अविश्वासी हुन्छ भने,
**३**अथवा त्यसले कुनै हराएको सम्पत्ति पाएर
त्यस विषयमा झूट बोल्छ, अथवा झूटा
किरिया खान्छ, अथवा मानिसहरूले गर्ने जस्ता
पाप गर्छ, **४**जब त्यो यसरी पाप गर्छ, त्यसले
चोरेको अथवा लुटेको चीज, अथवा त्यसलाई
सुम्पेको चीज अथवा हराएको चीज त्यसले
भेट्टाएको, **५**अथवा जुनसुकै कुरा जसको बारेमा
त्यसले झुटा किरिया हालेको छ, त्यसले यी
सबै कुरा यिनीहरूमा पाँचौं हिस्सा थपेर पूरा
फर्काइदिनुपर्छ । त्यसले दोषबलि चढ़ाउने दिनैमा
त्यो माल जसको हो, उसैलाई त्यसले दिनुपर्छ ।
**६**अनि दण्डस्वरूप त्यसले पूजाहारीकहाँ, अर्थात्
परमप्रभुकहाँ आफ्नो दोषबलि, आफ्नो बगालबाट
निष्खोट र उचित मूल्यको एउटा भेड़ा
ल्याओस् । **७**यस किसिमले पूजाहारीले परमप्रभुको
सामुन्ने त्यसको निम्ति प्रायश्चित गर्नेछ, र
आफूलाई दोषी ठहराउने कामबाट त्यसलाई
क्षमा मिल्नेछ ।"

---

**६:१-७**–गन्ती ५:५-८.

### होमबलि

८परमप्रभुले मोशालाई भन्नुभयो: ९“हारून
र त्यसका छोराहरूलाई यो आज्ञा दिनू:
‘होमबलिका नियमहरू यी हुन् । होमबलि
दाउरामाथि रातभरि, बिहानसम्मै वेदीमा
रहिरहोस् र वेदीमा आगो बलिरहोस् ।
१०त्यसपछि पूजाहारीले आफ्ना सुतीको
पोशाकहरू र भित्री सुती पोशाकहरू शरीरमा
लगाएर आगोले वेदीमा जलाएको होमबलिका
खरानीहरू निकालेर वेदीको छेउमा राखोस् ।
११तब त्यसले यी वस्त्र फुकालेर अर्को वस्त्र
लगाई छाउनीदेखि बाहिर एउटा चोखो ठाउँमा
त्यो खरानी बोकेर लैजाओस् । १२वेदीमाथिको
आगो जली नै रहोस् र त्यो निभ्न नपाओस् ।
प्रत्येक बिहान पूजाहारीले त्यसमा दाउरा थपेर
होमबलिलाई आगोमाथि मिलाओस् र त्यसमाथि
मेलबलिको बोसो जलाओस् । १३वेदीमाथि आगो
निरन्तर जली नै रहोस्, त्यो कहिल्यै ननिभोस् ।

### अन्नबलि

१४“‘अन्नबलिका नियमहरू यिनै हुन् ।
हारूनका छोराहरूले त्यसलाई परमप्रभुको अगि
वेदीको सामुन्ने ल्याओस् । १५पूजाहारीले एक
मुठी मसिनो पीठो र तेल अनि सबै धूपहरू
त्यस अन्नबलिमाथि लिएर सम्झनाको भाग
परमप्रभुलाई मनपर्दो बास्नाको रूपमा वेदीमाथि
जलाओस् । १६अनि बाँकी रहेको भाग हारून र
त्यसका छोराहरूले खानेछन्, तर त्यो
खमीरविना एउटा पवित्र ठाउँमा, भेट हुने पालको
चोकमा खाइनुपर्छ । १७त्यसलाई खमीरविना नै
पकाइनुपर्छ । त्यो मलाई आगोद्वारा चढ़ाइएको
दानहरूबाट तिनीहरूको भागस्वरूप मैले
तिनीहरूलाई दिएको छु । पापबलि र दोषबलिझैँ
त्यो अति पवित्र छ । १८हारूनवंशी कुनै पुरुषले
त्यो खान सक्छ । परमप्रभुलाई आगोद्वारा
चढ़ाइएको दानहरूबाट त्यो तिनीहरूका आउने
पुस्ताहरूका निम्ति नियमित भाग हो । त्यसलाई
छोएको सबै चीज पवित्र हुन्छ ।”
१९फेरि परमप्रभुले मोशालाई भन्नुभयो,
२०“हारूनको अभिषेक भएको दिन त्यसले र
त्यसका छोराहरूले यो दान परमप्रभुकहाँ
ल्याओस्: मसिनो पीठो आधा पाथी नियमित
अन्नबलिको रूपमा बिहान आधा र बेलुका
आधा । २१त्यसलाई तेलसित ताप्केमा तयार
पारेर राम्रो गरी मिसाएर ल्याउनू र त्यो
अन्नबलि टुक्रा-टुक्रा गरी भाँचेर परमप्रभुलाई
मनपर्दो बास्नाको रूपमा प्रस्तुत गर्नू । २२जुन
छोराले त्योपछि अभिषिक्त पूजाहारीको रूपमा
कार्यभार सम्हाल्नेछ त्यसैले त्यो तयार गरोस् ।
त्यो परमेश्वरको नियमित भाग हो र त्यसलाई
पूरा जलाइओस् । २३पूजाहारीको प्रत्येक अन्न
बलि सबै जलाइओस् । यो खानुहुँदैन ।”

### पापबलि

२४परमप्रभुले मोशालाई भन्नुभयो,
२५“हारून र त्यसका छोराहरूलाई यसो भन्:
‘पापबलिका नियमहरू यिनै हुन्, पापबलिलाई
होमबलि मारिएको ठाउँमा परमप्रभुको सामुन्ने
मारिओस्, त्यो अति पवित्र ठाउँ हो । २६जुन
पूजाहारीले त्यो चढ़ाउँनेछ, त्यसैले त्यो खानेछ,
त्यसलाई एउटा पवित्र ठाउँमा, भेट हुने पालको
चोकमा खाइओस् । २७जुन कुरोले यो मासुलाई
छुन्छ, त्यो पवित्र हुनेछ र रगतको कुनै पनि
भाग कुनै पोशाकमा छर्कियो भने, तिमीहरूले
त्यसलाई कुनै पवित्र ठाउँमा धुनुपर्छ । २८मासु
पकाएको माटोको भाँडा फुटाइनुपर्छ; तर यदि
त्यसलाई पीतलको भाँड़ामा पकाइयो भने, त्यस
भाँड़ालाई राम्ररी माझेर पानीमा पखाल्नुपर्छ ।
२९पूजाहारीको परिवारको कुनै पनि पुरुषले
त्यो खान सक्छ, त्यो अति पवित्र हो ।
३०तर कुनै पापबलिको रगत पवित्र ठाउँमा
प्रायश्चितको लागि भेट हुने पालभित्र ल्याइयो
भने, त्यसलाई खान हुँदैन तर जलाइनुपर्छ ।”

### दोषबलि

७ “‘दोषबलिका नियमहरू यिनै हुन्, जो
अति पवित्र छ: २दोषबलिलाई होमबलि
मारिएको ठाउँमा मारिओस् अनि त्यसको रगत
वेदीको चारैतिर छर्किओस् । ३त्यसका सबै
बोसोहरू चढ़ाइनुपर्छ, बोसे पुच्छर र भित्री

भागलाई छोप्ने बोसो, ४कम्मरनेरका दुवै
मिर्गौलाहरू र ती नजीकको बोसो, कलेजोलाई
छोपेको बोसो जसलाई मिर्गौलाहरूसितै
निकाल्नुपर्छ । ५पूजाहारीले तिनीहरूलाई
परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइएको दानभैँ
वेदीमाथि जलाउनेछ । यो दोषबलि हो ।
६पूजाहारीको परिवारको कुनै पुरुषले त्यो खान
सक्छ, तर त्यसलाई एउटा पवित्र ठाउँमा
खाइओस्; त्यो अति पवित्र छ ।

७"'पापबलि जस्तो हो, दोषबलि पनि त्यस्तै
हो । तिनका निम्ति एउटै व्यवस्था छ । जुन
पूजाहारीले त्यो चढ़ाएर प्रायश्चित गर्छ, त्यो
त्यसैको होस् । ८कसैको लागि होमबलि चढ़ाउने
पूजाहारीले त्यसको छाला आफ्नै निम्ति राख्न
सक्छ । ९चुलोमा पकाएको अथवा ताप्के अथवा
तावामा पकाएको प्रत्येक अन्नबलि त्यसलाई
चढ़ाउने पूजाहारीको हो । १०अनि तेलसित
मिसाएको अथवा सुक्खा अन्नबलि हारूनका
छोराहरूका निम्ति बराबर भाग हुनेछ ।"

## मेलबलिका नियमहरू

११"'परमप्रभुको निम्ति चढ़ाइने मेलबलिका
नियमहरू यिनै हुन्:

१२"'यदि त्यो धन्यवाद व्यक्त गर्नलाई त्यसले
चढ़ाएको हो भने, आफ्नो धन्यवादी दानको
साथमा खमीरविनाको र तेल मिसाएर पकाएको
रोटी, खमीरविनाको तेल दलेर बनाएको
बराबर राम्रो गरी मुछेर तेल मिसाएको
फुलौरो चढ़ाओस् । १३आफ्नो धन्यवादको
मेलबलिसित त्यसले खमीर मिसाएको बाबरको
दान चढ़ाओस् । १४त्यसले प्रत्येक किसिमको
एक-एक गरी बलिस्वरूप, परमप्रभुको निम्ति
दानस्वरूप ल्याओस्, त्यो मेलबलिको रगत छर्कने
पूजाहारीको हो । १५त्यसको धन्यवादी मेलबलिको
मासु त्यसलाई चढ़ाएको दिनमै खाओस्; त्यसले
त्यसको केही भाग पनि बिहानसम्म नराखोस् ।

१६"'तरै पनि त्यसको दान भाकलको
कारणले गर्दा अथवा स्वेच्छापूर्वक दान हो भने,
त्यो बलिदान त्यसलाई चढ़ाइएकै दिन खाइओस्;
तर केही उब्रियो भने, भोलिपल्ट खाइओस् ।
१७तेस्रो दिनसम्म उब्रेका बलिदानको मासु
जलाओस् । १८मेलबलिको केही मासु उब्रेको
तेस्रो दिनमा खायो भने, त्यो ग्रहणयोग्य
हुनेछैन । त्यो अशुद्ध भएकोले त्यसलाई
चढ़ाउनेले त्यो चढ़ाएको मान्यता पाउनेछैन ।
त्यसलाई खाने व्यक्ति जिम्मेवार ठहरिनेछ ।

१९"'विधिपूर्वक अशुद्ध ठहरिएको कुनै पनि
कुरोलाई छोएको मासु खान हुन्न, तर त्यो
जलाइओस् । अर्को मासुको विषयमा, विधिपूर्वक
शुद्ध ठहरिएको जोसुकैले पनि खानहुन्छ । २०तर
कुनै अशुद्ध व्यक्तिले मेलबलिको परमप्रभुको
भाग खायो भने, त्यस मानिसलाई समाजबाट
बहिष्कार गरोस् । २१यदि कसैले कुनै अशुद्ध
कुरो अर्थात् मानिसको अशुद्धता अथवा अशुद्ध
पशु अथवा कुनै घृणित कुरो छोएर मेलबलिको
परमप्रभुको भाग खायो भने, त्यस व्यक्तिलाई
समाजबाट बहिष्कार गरिओस् ।'"

## निषेध गरिएको बोसो र रगत खाने काम

२२परमप्रभुले मोशालाई भन्नुभयो,
२३"इस्राएलीहरूलाई भन्: 'कुनै गाईबस्तु, भेड़ा
अथवा बोकाको बोसो नखानू । २४मरेको अथवा
वन पशुद्वारा मारिएर फहराइएको पशु भेटाइयो
भने, त्यसको बोसोलाई अर्को काममा लगाउन
सकिन्छ, तर तिमीहरूले त्यो नखानू । २५जुन
पशुबाट परमप्रभुको निम्ति आगोद्वारा बलिदान
चढ़ाइएको छ, त्यसको बोसो खाने व्यक्ति आफ्नो
समाजबाट बहिष्कार गरिओस् । २६अनि
तिमीहरू जहीँ बसे तापनि तिमीहरूले चरा-
चुरुङ्गी अथवा पशुको रगत नखानू । २७जुन
व्यक्तिले रगत खान्छ, त्यसलाई समाजबाट
बहिष्कार गर्नू ।'"

## पूजाहारीको भाग

२८परमप्रभुले मोशालाई भन्नुभयो,
२९"इस्राएलीहरूलाई भन्: 'जसले परमप्रभुको

---

**७:२६–२७**–उत्पत्ति ९:४; लेवी १७:१०-१४; १९:२६; व्यवस्था १२:१६,२३; १५:२३.

निम्ति मेलबलि ल्याउँछ, त्यसले त्यसको केही
भाग परमप्रभुको निम्ति आफ्नो बलिदानस्वरूप
ल्याओस् । **३०**त्यसले परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाइएको दान आफ्नै हातले
ल्याओस् । त्यसले बोसो ह्याकुलोसितै
ल्याओस्, अनि त्यस ह्याकुलोलाई बलिस्वरूप
परमप्रभुको सामुन्ने ल्याओस् । **३१**पूजाहारीले
बोसो वेदीमाथि जलाओस्, तर ह्याकुलो हारून
र त्यसका छोराहरूको हो । **३२**दाहिने फिलाचाहिँ
तिमीहरूले आफ्नो मेलबलिबाट भेटीको रूपमा
पूजाहारीलाई दिनू । **३३**हारूनको जुन छोराले
मेलबलिको रगत र बोसो चढ़ाउँछ, त्यो दाहिने
फिलाको हकदार हुनेछ । **३४**मैले इस्राएलीहरूको
मेलबलिबाट ल्याएको ह्याकुलो र चढ़ाएको
फिला लिएर ती हारून र त्यसका छोराहरूलाई
इस्राइलीहरूबाट नियमित भागस्वरूप दिएको
छु ।'"

**३५**परमप्रभुकहाँ आगोद्वारा चढ़ाइएको दानको
भाग यही हो, जुन पूजाहारी भई सेवा गर्नलाई
हारून र त्यसका छोराहरूलाई प्रस्तुत
गरिएको दिन तिनीहरूको निम्ति भाग
लगाइएको थियो । **३६**तिनीहरूको अभिषेक भएको
दिन परमप्रभुले इस्राएलीहरूलाई पुस्तौँसम्म
आफ्नो नियमित भाग तिनीहरूलाई दिनू भनी
आज्ञा दिनुभयो ।

**३७**यसकारण होमबलि, अन्नबलि, पापबलि,
दोषबलि, अर्पणबलि, दान र मेलबलिका
नियमहरू यिनै हुन्, **३८**जसलाई परमप्रभुले
मोशालाई सीनै पर्वतमा दिनुभएको थियो,
जुन दिन सीनैको मरुभूमिमा परमप्रभुले
इस्राएलीहरूलाई उहाँको निम्ति दान ल्याउने
आज्ञा गर्नुभएको थियो ।

## हारून र तिनका छोराहरूको अर्पण

**८** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"हारून
र त्यसका छोराहरूलाई, तिनीहरूका
पोशाकहरू, अभिषेक गर्ने तेल, पापबलिको
निम्ति साँढ़े, दुईओटा भेड़ाहरू र खमीरविनाको
रोटी भएका डालो ल्याउनू, **३**अनि सारा
समुदायलाई भेट हुने पालको प्रवेशद्वारमा भेला
गराउनू ।" **४**तब परमप्रभुले आज्ञा गर्नुभएझैँ
मोशाले गरे र भेट हुने पालको प्रवेशद्वारमा
समुदाय भेला भयो ।

**५**मोशाले समुदायलाई भने, "परमप्रभुले यसो
गर्नु भन्ने आज्ञा दिनुभएको छ ।" **६**तब मोशाले
हारून र तिनका छोराहरूलाई ल्याएर पानीले
नुहाइदिए । **७**तिनले हारूनलाई अलखा लगाइदिए,
तिनलाई पटुका बाँधिदिए, तिनलाई लबेदा
लगाएर एपोद पहिऱ्याइदिए । तिनले उनमा
कुशल शिल्पकारद्वारा तयार गरिएको पटुकाले
एपोद पनि बाँधिदिए । यसरी त्यो तिनमा
कसियो । **८**तिनले उनीमाथि छाती-पाता लगाएर
त्यसमा ऊरीम र तुम्मीम लगाइदिए । **९**त्यसपछि
तिनले हारूनको शिरमा फेटा लगाइदिए, अनि
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ तिनले
सुनको पाता र पवित्र मुकुट त्यसको सामुन्ने
लगाइदिए ।

**१०**त्यसपछि मोशाले अभिषेक गर्ने तेल लिएर
पवित्रस्थान र त्यसभित्र भएका प्रत्येक चीजलाई
अर्पण गरे र सबै कुराहरू पवित्र गरे । **११**तिनले
वेदी र त्यसका सबै भाँड़ाकुँड़ा, बाटा र त्यसको
खम्बालाई अर्पण गर्नलाई अभिषेक गर्दै केही
तेल वेदीमाथि सातपल्ट छर्के । **१२**तिनले अभिषेक
गर्ने तेलबाट केही लिएर हारूनलाई अर्पण
गर्नको लागि तिनको शिरमाथि खन्याए ।
**१३**त्यसपछि तिनले हारूनका छोराहरूलाई
सामुन्ने ल्याएर तिनीहरूलाई लबेदा लगाइदिए,
तिनीहरूलाई पटुका बाँधिदिए, र परमप्रभुले
मोशालाई आज्ञा दिनुभएझैँ, तिनीहरूको
शिरमा फेटा बाँधिदिए ।

**१४**त्यसपछि तिनले पापबलिको साँढ़े प्रस्तुत
गरे अनि हारून र तिनका छोराहरूले
त्यसको शिरमाथि हात राखे । **१५**मोशाले त्यस
साँढ़ेलाई मारे, अनि केही रगत लिएर वेदीलाई
शुद्ध पार्नलाई आफ्ना औँलाले वेदीका सबै
सीङहरूमाथि छर्के । तिनले उब्रेको रगत वेदीको

---

**८:१-३६**—प्रस्थान २९:१-३७.

फेदमा खन्याइदिए । यसरी तिनले प्रायश्चित
गर्नलाई त्यसलाई अर्पण गरे । **१६**मोशाले भित्री
भागका चारैतिरका बोसो, कलेजोलाई छोप्ने
आवरण, दुवै मिर्गौला र बोसोसमेत लिए,
अनि ती सबैलाई वेदीमाथि जलाइदिए । **१७**तर
साँढ़ेलाई त्यसको छाला र मासु र काम नलाग्ने
चीजसमेत जसरी परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएको थियो, त्यसरी तिनले छाउनी बाहिर
जलाइदिए ।

**१८**त्यसपछि तिनले होमबलिको भेड़ा प्रस्तुत
गरे, अनि हारून र तिनका छोराहरूले त्यसको
शिरमाथि हात राखे । **१९**तब मोशाले त्यस
भेड़ालाई मारे, अनि वेदीका चारैतिर रगत
छर्के । **२०**तिनले भेड़ालाई टुक्रा-टुक्रा गरी काटे,
अनि शिर, टुक्राहरू र बोसो जलाए । **२१**मोशाले
आन्द्रा-भुँड़ी र खुट्टाहरू पानीले पखाले, र त्यो
परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइएको, मीठो
बास्नाको होमबलि स्वरूप तिनले सिङ्गै भेड़ा
वेदीमा जलाए, जसरी परमप्रभुले मोशालाई
आज्ञा गर्नुभएको थियो ।

**२२**त्यसपछि तिनले अर्को भेड़ा, अर्पणको
भेड़ालाई, प्रस्तुत गरे, अनि हारून र तिनका
छोराहरूले त्यसको शिरमाथि हात राखे ।
**२३**मोशाले भेड़ालाई मारे, अनि त्यसको रगतबाट
केही लिएर त्यसलाई हारूनको दाहिने
कानको लोतीमा, तिनको दाहिने हातको बुढ़ी
औंलामा र तिनको दाहिने खुट्टाको बुढ़ी औंलामा
लगाइदिए । **२४**मोशाले हारूनका छोराहरूलाई
पनि सामुन्ने ल्याए, केही रगत लिएर तिनीहरूका
दाहिने कानका लोतीहरूमा, तिनीहरूका दाहिने
हातका बुढ़ी औंलाहरूमा र तिनीहरूका दाहिने
खुट्टाका बुढ़ी औंलाहरूमा लगाइदिए । त्यसपछि
तिनले रगत वेदीका चारैतिर छर्किदिए ।
**२५**बोसो, भित्री भागका वरिपरि भएका आन्द्रा-
भुँड़ी चारैतिरका बोसो, कलेजोको आवरण,
बोसोसमेतका दुवै मिर्गौलाहरू र दाहिने
फिला लिए । **२६**त्यसपछि तिनले परमप्रभुको
सामुन्नेभएको खमीर नहालेको रोटीको डालोबाट
एउटा फुरौला र तेल मिसाएर बनाएको एउटा
रोटी र बाबर लिएर तिनले ती बोसोको भाग
र दाहिने फिलामा हाले । **२७**तिनले ती सबै
हारून र तिनका छोराहरूका हातमा राखे
अनि परमप्रभुको सामुन्ने दानझैं ल्याए ।
**२८**त्यसपछि मोशाले ती तिनीहरूका हातबाट
लिएर वेदीमाथि भएको होमबलिको टुप्पोमा
अर्पणबलिको दानस्वरूप, परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाइएको मनपर्दो बास्नाझैं उहाँलाई
चढ़ाए । **२९**तिनले ह्याकुला, अर्पण गरिएको
भेड़ाबाट मोशाको भाग पनि लिए र परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैं दानस्वरूप
परमप्रभुको सामुन्ने ल्याए ।

**३०**त्यसपछि मोशाले अभिषेकको तेलबाट
केही तेल र वेदीबाट रगत लिएर ती हारून र
तिनका पोशाकहरूमाथि र तिनका छोराहरू
र तिनीहरूका पोशाकहरूमाथि छर्के । यसरी
तिनले हारूनलाई उनका पोशाकहरू र उनका
छोराहरूलाई र उनीहरूका पोशाकहरूसमेत
पवित्र गरे ।

**३१**त्यसपछि मोशाले हारून र उनका
छोराहरूलाई भने, "भेट हुने पालको
प्रवेशद्वारमा मासु पकाएर 'हारून र तिनका
छोराहरूले यो खानू,' भन्दै मैले आज्ञा
दिएझैं तिमीहरूले त्यहाँ अर्पणबलिको डालोको
रोटीसित खानू । **३२**त्यसपछि उब्रेका मासु र
रोटी जलाइदिनू । **३३**तिमीहरूको अर्पण सात
दिनसम्म हुने हुनाले तिमीहरूका अर्पण समाप्त
नहोउञ्जेल भेट हुने पालको प्रवेशद्वारलाई सात
दिनसम्म नछोड़नू । **३४**आज जे गरियो, त्यो
तिमीहरूको प्रायश्चित गर्नको लागि परमप्रभुले
आज्ञा गर्नुभएको थियो । **३५**तिमीहरू भेट हुने
पालको प्रवेशद्वारमा सात दिनसम्म दिउँसो र
राती बस्नू र परमप्रभुले चाहेझैं गर्नू र तिमीहरू
मर्नेछैनौ, किनकि मलाई यही आज्ञा भएको
छ ।" **३६**यसकारण हारून र तिनका छोराहरूले
परमप्रभुले मोशाद्वारा आज्ञा गर्नुभएझैं प्रत्येक
कुरो पालन गरे ।

### हारून र उनका छोराहरूको अभिषेक

**९** आठौँ दिनमा मोशाले हारून र तिनका
छोराहरू र इस्राएलका धर्म-गुरुहरूलाई

बोलाइपठाए। **२**तिनले हारूनलाई भने, "तिमीले
आफ्नो पापबलिको निम्ति एउटा बाछा र आफ्नो
होमबलिको निम्ति एउटा भेड़ा दुवै निष्खोट
ल्याऊ अनि तिनीहरूलाई परमप्रभुको सामुन्ने
प्रस्तुत गर्नू। **३**त्यसपछि इस्राएलीहरूलाई भन्नू:
'पापबलिको निम्ति एउटा बोका, होमबलिको
निम्ति एउटा बाछो र एउटा थुमा, दुवै एक
वर्ष र निष्खोट भएको ल्याउनू, **४**अनि मेलबलिको
निम्ति एउटा साँढ़े र एउटा भेड़ा तेलसित
मिसाएको अन्नबलिको साथमा परमप्रभुको
सामुन्ने बलिदान गर्न ल्याउनू, किनकि आज
परमप्रभु तिमीहरूकहाँ देखा पर्नुहुनेछ।'"

**५**तिनीहरूले मोशाले आज्ञा गरेका चीजहरू
भेट हुने पालको सामुन्ने लगे, अनि सारा समुदाय
नजीक आएर परमप्रभुको सामुन्ने उभिए। **६**तब
मोशाले भने, "परमप्रभुको महिमा तिमीहरूकहाँ
देखा परोस् भनेर तिमीहरूले के गर्नुपर्छ भनी
परमप्रभुले आज्ञा दिनुभएको यही हो।"

**७**मोशाले हारूनलाई भने, "वेदीमा आऊ
र आफ्नो पापबलि र आफ्नो होमबलि चढ़ाऊ,
अनि तिमी आफ्नै र मानिसहरूको निम्ति
प्रायश्चित गर। जुन दान मानिसहरूको निम्ति
हो, त्यसलाई चढ़ाऊ र परमप्रभुले आज्ञा
गर्नुभएझैं, तिनीहरूको निम्ति प्रायश्चित गर।"

**८**यसकारण हारून वेदीमा आए र आफ्नै
निम्ति पापबलिस्वरूप बाछा मारे। **९**तिनका
छोराहरूले तिनको निम्ति रगत ल्याए, र
आफ्नो औंला रगतमा चोपेर त्यसलाई वेदीका
सीङहरूमा लगाए, र उब्रेको रगत तिनले
वेदीको फेदमा खन्याइदिए। **१०**वेदीमा तिनले
पापबलिबाट बोसो, मिर्गौलाहरू र कलेजोको
आवरण, परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैं
जलाए। **११**मासु र छाला तिनले छाउनीबाहिर
आगोमा जलाए।

**१२**तब हारूनले होमबलि मारे र उनका
छोराहरूले रगत तिनीकहाँ ल्याइदिए। अनि तिनले
त्यसलाई वेदीका चारैतिर छर्के। **१३**तिनीहरूले
तिनलाई होमबलिको टुक्रा-टुक्रा टाउकोसमेत
दिए, तिनले ती वेदीमाथि जलाइदिए। **१४**तिनले
भित्री भागहरू र खुट्टाहरू धोएर वेदीमाथि भएको
होमबलिको टुप्पोमा राखेर जलाइदिए।

**१५**त्यसपछि मानिसहरूका निम्ति बलि ल्याएर
तिनीहरूका पापबलिको बोका हारूनले मारे, र
पहिलेको जस्तै पापबलिको लागि त्यो चढ़ाए।

**१६**तिनले होमबलि ल्याएर विधिपूर्वक त्यो
चढ़ाए। **१७**अनि तिनले अन्नबलि पनि ल्याए,
त्यसबाट एक मुठी लिएर बिहानको होमबलि-
बाहेक त्यसलाई पनि वेदीमाथि चढ़ाए।

**१८**तिनले साँढ़े र भेड़ालाई मानिसहरूको
मेलबलिस्वरूप मारे। तिनका छोराहरूले
तिनलाई रगत दिए र तिनले त्यसलाई वेदीका
चारैतिर भित्ताहरूमा छर्के। **१९**तर साँढ़े र
भेड़ाका बोसोका भागहरू, बोसेपुच्छर, बोसोको
पत्र, मिर्गौलाहरू र कलेजोको आवरण,
**२०**तिनीहरूले ह्चाकुलोहरूमाथि राखे र त्यसपछि
हारूनले बोसोलाई वेदीमाथि जलाइदिए।
**२१**हारूनले ह्चाकुलाहरू र दाहिने फिला
मोशाले आज्ञा दिएझैं परमप्रभुको सामुन्ने
बलिस्वरूप ल्याए।

**२२**तब हारूनले आफ्ना हात मानिसहरूतिर
उठाएर तिनीहरूलाई आशीर्वाद दिए। यसरी
पापबलि, होमबलि र मेलबलि चढ़ाएर उनी
तल ओर्ले।

**२३**त्यसपछि मोशा र हारून भेट हुने
पालभित्र गए। जब तिनीहरू बाहिर निस्के,
तिनीहरूले मानिसहरूलाई आशीर्वाद दिए, र
परमप्रभुको महिमा सबै मानिसहरूकहाँ देखा
पऱ्यो। **२४**परमप्रभुको उपस्थितिबाट आगो
निस्केर आयो र वेदीमाथि भएको होमबलि र
बोसोलाई भष्म पारिदियो। अनि जब सबै
मानिसहरूले त्यो देखे, तिनीहरू हर्षले चिच्चाए,
र घोप्टो परेर लोटे।

### नादाब र अबीहूको मृत्यु

**१०** हारूनका छोराहरू नादाब र अबीहूले
धूपौरो लिएर त्यसमा आगो हालेर

---

**९:७**–हिब्रू ७:२७. **९:१८**–लेवी ३:१-११. **९:२२**–गन्ती ६:२२-२६.

त्यसमाथि धूप थपे, अनि तिनीहरूले परमप्रभुको
आज्ञाको विपरीत निषेध गरिएको आगो
परमप्रभुको सामुन्ने चढ़ाए । **२**यसकारण
परमप्रभुको उपस्थितिबाट आगो निस्केर आयो,
र तिनीहरूलाई भष्म पाऱ्यो र तिनीहरू
परमप्रभुको सामुन्ने मरे । **३**तब मोशाले
हारूनलाई भने, "परमप्रभुले भन्नुभएको कुरा
यही हो:

'मेरो नजीक आउनेहरूमा
म आफैलाई पवित्र देखाउनेछु,
अनि सबै मानिसहरूका सामुन्ने
म महिमित हुनेछु ।'"

हारून चूप बसे ।

**४**मोशाले हारूनका काका उज्जीएलका
छोराहरू मीशाएल र एलसाफानलाई
बोलाइपठाए र तिनीहरूलाई भने, "यहाँ आऊ,
तिमीहरूका भाइहरूलाई बोकेर छाउनीबाहिर
पवित्रस्थानको सामुन्नेबाट टाड़ो लैजाओ ।"
**५**यसकारण तिनीहरू आएर तिनीहरूलाई लबेदा
लगाएकै अवस्थामा मोशाले हुकुम गरेझैं
छाउनीबाहिर बोकेर लगे ।

**६**त्यसपछि मोशाले हारून र तिनका
छोराहरू एलाजार र ईतामारलाई भने,
"तिमीहरूका केश खुल्ला नछोड़नू र आफ्ना
लुगा नच्यात्नू नत्रता तिमीहरू मर्नेछौ र
परमप्रभु सारा समुदायमाथि रिसाउनुहुनेछ ।
तर तिमीहरूका आफन्तहरू, इस्राएलका
सारा घरानाले परमप्रभुले आगोद्वारा नष्ट
गर्नुभएकाहरूको निम्ति विलाप गर्न सक्छन् ।
**७**भेट हुने पालको प्रवेशद्वारबाट कतै नजानू
नत्रता तिमीहरू मर्नेछौ, किनकि परमप्रभुको
अभिषेकको तेल तिमीहरूमाथि छँदैछ ।"
यसकारण तिनीहरूले मोशाले हुकुम गरेझैं
गरे ।

**८**त्यसपछि परमप्रभुले हारूनलाई भन्नुभयो,
**९**"तँ र तेरा छोराहरूले भेट हुने पालभित्र
पस्दा मद्य अथवा मातिने चीज मिसाएको
कुरा नपिउनू, नत्रता तिमीहरू मर्नेछौ । यो
भावी पुस्तासम्मको लागि अनन्तको विधि हो ।
**१०**तिमीहरूले पवित्र र साधारणको बीचमा,
अशुद्ध र शुद्धको बीचमा भिन्नता राख्नू, **११**अनि
तैंले परमप्रभुले मोशाद्वारा दिनुभएका सबै
हुकुमहरू इस्राएलीहरूलाई सिकाउनुपर्छ ।"

**१२**मोशाले हारून र तिनका रहेका
छोराहरू एलाजार र ईतामारलाई भने,
"परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइएको
अन्नबलिबाट उब्रेको भाग वेदीको छेउमा
रहेका दानहरू खानू, किनकि त्यो अति पवित्र
छ । **१३**त्यसलाई एउटा पवित्र ठाउँमा खानू,
किनकि यो परमप्रभुलाई आगोद्वारा चढ़ाइएको
दानहरू तिम्रो र तिम्रा छोराहरूको भाग हो,
किनकि मलाई यस्तै आज्ञा भएको छ । **१४**तर
तिमी र तिम्रा छोराछोरीहरूले ल्याएको
हृयाकुलो र चढ़ाइएको फिला खान सक्छन् ।
तिनीहरूलाई विधिपूर्वक शुद्ध पारिएको एउटा
ठाउँमा खानू । तिमी र तिम्रा छोराछोरीहरूलाई
इस्राएलीहरूको मेलबलिहरूबाट ती तिमीहरूका
भाग हुन् । **१५**चढ़ाइएको फिला र ल्याएको
हृयाकुलो दानस्वरूप परमप्रभुको निम्ति
आगोद्वारा चढ़ाइएको दानहरूको भागसित
ल्याउनुपर्छ । परमप्रभुले आज्ञा गर्नुभएझैं यो
तिम्रो र तिम्रा छोराछोरीहरूको नियमित भाग
हुनेछ ।"

**१६**जब मोशाले पापबलिको बोकाको विषयमा
सोधखोज गरे, र त्यसलाई जलाइसकेको थाहा
पाए, हारूनका रहेका छोराहरू एलाजार र
ईतामारसित तिनी रिसाए र सोधे, **१७**"तिमीहरूले
पापबलिलाई पवित्रस्थानको हातामा किन
खाएनौ ? यो पवित्र हो, यो तिमीहरूलाई
परमप्रभुको सामुन्ने समुदायको निम्ति प्रायश्चित
गरेर तिनीहरूको दोष हटाउनको लागि दिइएको
थियो । **१८**त्यसको रगत पवित्रस्थानभित्र
नलगिएको कारण, मैले तिमीहरूलाई आज्ञादिएझैं
तिमीहरूले त्यस बोकालाई पवित्रस्थानको
इलाकाभित्र खानुपर्ने थियो ।"

---

**१०:१२-१३**–लेवी ६:१४-१८. **१०:१४-१५**–लेवी ७:३०-३४. **१०:१७**–लेवी ६:२४-२६.

**१९**हारूनले मोशालाई जवाफ दिए, “आज
तिनीहरूले आफ्ना पापबलि र होमबलि
परमप्रभुको सामुन्ने चढ़ाए, तर यस्तो कुरा
ममाथि घटेर आयो । मैले आज त्यो पापबलि
खाएको भए, के परमप्रभु मसित प्रसन्न हुनुहुने
थियो ?” **२०**यो सुनेपछि मोशा सन्तुष्ट भए ।

## शुद्ध र अशुद्ध भोजन

**११** परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
**२**“इस्राएलीहरूलाई भन्, ‘जमिनमाथि
रहने सबै पशुहरूमध्ये तिमीहरूले खानहुने
यिनीहरू हुन्: **३**खूर चिरिएको र फारिएको र
उग्राउने जुनै पशु पनि तिमीहरू खान सक्छौ ।
**४**“‘कतिपय, जसले उग्राउँछन् मात्र अथवा
खूर मात्र चिरिएका हुन्छन्, ती नखानू । ऊँट
जसले उग्राउँछ, तर त्यसको खूर चिरिएको
हुँदैन, त्यो तिमीहरूको लागि विधिपूर्वक अशुद्ध
हो । **५**शापान, जसले उग्राउँछ, तर त्यसको
खूर चिरिएको हुँदैन, त्यो तिमीहरूको निम्ति
अशुद्ध हो । **६**खरायो, जसले उग्राउँछ, तर
त्यसको खूर चिरिएको हुँदैन, त्यो तिमीहरूको
निम्ति अशुद्ध हो । **७**अनि सुँगुर त्यसको खूर
पूरा फारिएको भए तापनि त्यसले उग्राउँदैन,
त्यो तिमीहरूको निम्ति अशुद्ध हो । **८**तिमीहरूले
त्यसको मासु खान हुँदैन अथवा त्यसको सिनु
छुनु हुँदैन: ती तिमीहरूको लागि अशुद्ध हुन् ।
**९**“‘समुद्र र खोलाहरूमा बस्ने जन्तुहरूमध्ये
पखेटा र कत्लाभएका जति जुनै पनि तिमीहरूले
खानसक्छौ । **१०**तर समुद्र र खोलाहरूमा बस्ने
सबै जन्तुहरू जसका पखेटा र कत्ला छैनन्,
चाहे उड़ने होस्, वा पानीका अरू जन्तु होस्,
तिमीहरूले घिन मान्नुपर्छ । **११**अनि तिमीहरूले
तिनीहरूलाई घिनाउनु परेकोले तिमीहरूले
तिनीहरूका मासु नखानू, र तिनीहरूका सिनुलाई
घिनाउनू ।
**१२**पानीमा बस्ने जुनसुकै पनि जसको पखेटा,
कत्ला हुँदैन, त्यो तिमीहरूको निम्ति घृणित
हो ।
**१३**“‘यी चरा-चुरुङ्गीहरू घृणित हुनाले
तिमीहरूले ती नखानू र घिनाउनू, गरुड, गिद्ध,
कालो गिद्ध, **१४**रातो चील, कुनै पनि किसिमको
कालो चील, **१५**सबै किसिमका काग, **१६**सिङ
हुने लाटोकोसेरो, चिच्याउने लाटोकोसेरो,
जल कुखुरा, सबै किसिमका बाज, **१७**सानो
लाटोकोसेरो, समुद्री कौवा, भुल्का, **१८**सेतो
लाटोकोसेरो, मरुभूमीको लाटोकोसेरो, हाड़फोड़ा,
**१९**सारस सबै किसिमका बकुल्ला, फाप्रेचरो र
चमेरो ।
**२०**“‘उड़ने चारै खुट्टाले हिँड़ने सबै
किराहरू तिमीहरूको निम्ति घृणित हुनुपर्छ ।
**२१**तरै पनि पखेटा भएका जीवहरू जो
चार खुट्टाले हिँड़छन् ती तिमीहरूले खान
सक्छौ, जोर्नीहरूसहित खुट्टा भएका, भूइँमा
उफ्रिहिँड़नेहरू । **२२**यस्ताहरूबाट तिमीहरूले
सबै किसिमका सलह, खुइले सलह, किथ्रो र
फटेङ्ग्रा तिमीहरूले खान सक्छौ । **२३**तर पखेटा
भएका अरू सबै जीवहरू जसका चार खुट्टाहरू
छन्, ती तिमीहरूले घिनाउनू ।
**२४**“‘तिमीहरूले यिनीहरूद्वारा आफैलाई
अशुद्ध पार्छौ, जसले यिनीहरूका सिनु छुन्छ,
त्यो साँझसम्म अशुद्ध हुनेछ । **२५**जसले
तिनीहरूका सिनु उठाउँछ, त्यसले आफ्नो लुगा
धुनुपर्छ र त्यो साँझसम्म अशुद्ध हुनेछ ।
**२६**“‘प्रत्येक जन्तु जसको खुर चिरिएको
छ, तर पूरा गरी फारिएको छैन, अथवा जसले
उग्राउँदैन, त्यो तिमीहरूको लागि अशुद्ध हो ।
यस्तामध्येका कुनैको सिनु जसले छुन्छ, त्यो
अशुद्ध हुनेछ । **२७**चार खुट्टाले हिँड़ने सबै
जन्तुहरूमध्ये जसले पन्जाले टेकेर हिँड़छन्,
ती तिमीहरूको लागि अशुद्ध हुन् । जसले
तिनीहरूका सिनु छुन्छ, त्यो साँझसम्म अशुद्ध
हुनेछ । **२८**जसले तिनीहरूका सिनु उठाउँछ,
त्यसले आफ्नो लुगा धुनुपर्छ, अनि त्यो साँझसम्म
अशुद्ध हुनेछ । ती तिमीहरूको निम्ति अशुद्ध
हुन् ।
**२९**“‘जमिनमा हिँड़डुल गर्ने पशुहरूमा यी

---

**११:१-४७**–व्यवस्था १४:३-२१.

तिमीहरूको निम्ति अशुद्ध हुन, न्याउरी-मुसो,
मुसो, सबै किसिमको ठूलो छेपारो,
**३०**माउसुली, गोहोरो, भालेमुङ्ग्रो, बालुवामा
बस्ने छेपारो र रङ्ग बद्ली गर्ने छेपारो ।
**३१**जमिनमा हिँड्डुल गर्ने यी सबै तिमीहरूको
लागि अशुद्ध हुन् । मरेका यस्ताहरूलाई जसले
छुन्छ, त्यो साँझसम्म अशुद्ध हुनेछ । **३२**जब
तीमध्ये कुनै मर्छ, अनि कुनै कुरोमाथि खस्छ
भने, त्यो कुरो जुनै काममा आउने भए पनि
चाहे त्यो काठबाट बनिएको होस्, अथवा त्यो
लुगा, छाला अथवा भाङ्ग्रा होस्, त्यो अशुद्ध
हुनेछ । त्यसलाई पानीमा हाल्नू, त्यो साँझसम्म
अशुद्ध रहनेछ अनि त्यो शुद्ध हुनेछ । **३३**तीमध्ये
एउटा माटोको भाँडाभित्र खस्यो भने, त्यसमा
भएका प्रत्येक चीज अशुद्ध हुनेछ, अनि
तिमीहरूले त्यो भाँडा फोरिदिनू । **३४**कुनै खाने
कुरामा त्यस भाँड़ाको पानी परेको छ भने,
त्यो अशुद्ध हो, अनि त्यसबाट पिउने कुनै तरल
पदार्थ अशुद्ध हो । **३५**जुनसुकै कुरोमाथि
तिनीहरूमध्ये एउटाको सिनु खस्यो भने, त्यो
अशुद्ध हुन्छ; चुल्हो अथवा पकाउने भाँड़ालाई
फुटाउनुपर्छ । ती अशुद्ध हुन् र तिमीहरूले
तिनीहरूलाई अशुद्धै ठहराउनुपर्छ । **३६**तरै पनि
खोला, अथवा पानी जम्मा गर्ने कुण्ड शुद्धै
रहन्छ, तर यस्ता कुनै सिनु छुने व्यक्ति अशुद्ध
हो । **३७**सिनु कुनै रोप्नपर्ने बीउहरूमाथि खस्यो
भने, ती शुद्ध रहन्छन् । **३८**तर त्यस बीउमा
पानी हालिएको छ, अनि त्यसमाथि सिनु खस्यो
भने, त्यो तिमीहरूको लागि अशुद्ध हो ।

**३९**"'तिमीहरूले खानुहुने कुनै पशु मर्छ"
कसैले त्यसको सिनु छुन्छ भने, त्यो साँझसम्म
अशुद्ध रहनेछ । **४०**कसैले सिनुबाट केही खान्छ
भने, त्यसले आफ्नो लुगा धुनुपर्छ, अनि त्यो
साँझसम्म अशुद्ध हुनेछ । कसैले सिनु उठाउँछ
भने, त्यसले आफ्नो लुगा धुनुपर्छ, त्यो साँझसम्म
अशुद्ध हुनेछ ।

**४१**"'जमिनमा घस्रने प्रत्येक जन्तु घृणायोग्य
हो, त्यो खानु हुँदैन । **४२**जमिनमा घस्रने जुनै
पनि प्राणी चाहे त्यो पेटको भरले घस्रने होस्,
अथवा चार खुट्टाले घस्रने होस्, अथवा धेरै
खुट्टाहरूले घस्रने होस्, त्यो घृणायोग्य हो, र
तिमीहरूले त्यो नखानू । **४३**तिमीहरूले यस्ता
प्राणीहरूद्वारा आफैलाई अशुद्ध नपार्नू ।
तिमीहरूले आफैलाई तिनीहरूको कारण अथवा
तिनीहरूद्वारा अशुद्ध नपार्नू । **४४**म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ, तिमीहरूले आफैलाई
अर्पण गर, अनि पवित्र बन किनकि म पवित्र
छु । जमिनमा घस्रने कुनै प्राणीद्वारा आफैलाई
अशुद्ध नपार । **४५**तिमीहरूका परमेश्वर हुनलाई
मिश्रबाट बाहिर निकाली ल्याउने म परमप्रभु
हुँ । यसकारण पवित्र बन किनकि म पवित्र छु ।

**४६**"'पशुहरू, चरा-चुरुङ्गीहरू, पानीमा बस्ने
प्रत्येक जीवित प्राणी अनि जमिनमा घस्रने प्रत्येक
प्राणीको विषयमा नियमहरू यिनै हुन् ।
**४७**तिमीहरूले अशुद्ध र शुद्धको बीचमा, खान
हुने र खान नहुने जीवित प्राणीको बीचमा
भिन्नता राख्नुपर्छ ।'"

## शिशु-जन्मपछिको शुद्धिकरण

**१२** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूलाई भन्: 'जुन स्त्रीले
गर्भवती भएर एउटा छोरा जन्माउँछे, त्यो आफ्नो
रजस्वलाको समयमा अशुद्ध रहेझैँ सात दिनसम्म
विधिपूर्वक अशुद्ध रहन्छे । **३**आठौं दिनमा त्यस
केटोको खलड़ीको खतना होस् । **४**त्यसपछि
आफ्नो रगतबाट शुद्ध हुनको लागि त्यस स्त्रीले
तेत्तीस दिन पर्खनुपर्छ । त्यसले कुनै पवित्र
कुरो नछोओस्, अथवा आफ्नो शुद्धिकरणको
समय पूरा नभइञ्जेल पवित्रस्थानमा नजाओस् ।
**५**त्यसले एउटी छोरी जन्माई भने, आफ्नो
रजस्वलाको समयमा झैँ त्यो दुई हप्तासम्म अशुद्ध
हुन्छे । त्यसपछि आफ्नो रगतबाट शुद्ध हुनको
लागि त्यसले छयसट्ठी दिनसम्म पर्खनुपर्छ ।

**६**"'आफ्नो छोरा अथवा छोरीको लागि
त्यसका शुद्धिकरणको दिनहरू पूरा भएपछि
त्यसले भेट हुने पालको प्रवेशद्वारमा

**११:४४**–लेवी १९:२; १ पत्रुस १:१६. **१२:३**–उत्पत्ति १७:१२; लूका २:२१.

पूजाहारीकहाँ होमबलिको निम्ति एक वर्षे थुमा
अनि पापबलिको निम्ति एउटा कलिलो परेवा
अथवा ढुकुर ल्याओस् । **७**त्यसले त्यसलाई
आफ्नो प्रायश्चितको निम्ति चढ़ाउनुपर्छ,
त्यसपछि त्यो आफ्नो रक्तप्रवाहबाट विधिपूर्वक
शुद्ध हुन्छे ।
"'कुनै स्त्रीले छोरा वा छोरी जन्माएको
विषयमा नियमहरू यिनै हुन् । **८**त्यससित थुमा
ल्याउने औकात छैन भने, त्यसले दुईओटा
ढुकुरहरू अथवा दुईओटा कलिला परेवाहरू,
एउटा होमबलिको निम्ति अर्को पापबलिको
निम्ति, ल्याओस् । यस किसिमले पूजाहारीले
त्यसको निम्ति प्रायश्चित गर्नेछ, र त्यो शुद्ध
हुन्छे ।'"

### छालाका सरुवा रोगसम्बन्धी विधि

**१३** परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
**२**"कसैको छाला फुलियो अथवा त्यसमा
चिन्ह देखियो, अथवा चहकिलो दाग देखापर्‍यो
भने त्यो छालाको सरुवा रोग हुनसक्छ, त्यसलाई
पूजाहारी हारून अथवा तिनका पूजाहारी
छोराहरूमध्ये एक जनाकहाँ ल्याइओस् । **३**त्यस
पूजाहारीले त्यसको छालाको घाउ हेरोस् ।
यदि त्यस घाउको रौं सेतो भएको छ, र त्यो
घाउ छालाभन्दा गहिरो देखिन्छ भने, त्यो एउटा
सरूवा रोग हो । पूजाहारीले त्यसलाई जाँचेपछि
त्यसले उसलाई विधिपूर्वक अशुद्ध ठहराओस् ।
**४**त्यसको छालाको दाग सेतो छ, तर छालाभन्दा
गहिरो देखिँदैन, र त्यसमा भएको रौं सेतो
भएको छैनन् भने, पूजाहारीले त्यस्ता रोग
लागेको व्यक्तिलाई सात दिनसम्म अलग्गै
राखोस् । **५**सातौं दिनमा पूजाहारीले त्यसलाई
जाँच गर्दा त्यो घाउ बदली नभएको अथवा
छालामा नफैलिएको देख्यो भने, त्यसले उसलाई
अर्को सात दिनसम्म अलग्गै राखोस् । **६**सातौं
दिनमा पूजाहारीले त्यसलाई फेरि जाँच गर्दा,
त्यो घाउ मत्थर भएको छ र छालामा फैलिएको
छैन भने, पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्,
त्यो एउटा दाग मात्र हो । त्यस मानिसले आफ्ना
लुगाहरू धोओस् र त्यो शुद्ध हुनेछ । **७**तर शुद्ध
ठहरिनलाई त्यसले आफैलाई पूजाहारीकहाँ
देखाइसकेपछि त्यो खस्रोपन छालामा फैलिएको
छ भने, त्यो फेरि पूजाहारीको सामुन्ने देखा
पर्नुपर्छ । **८**पूजाहारीले त्यसलाई जाँच गर्दा,
त्यो दाग छालामा फैलिएको छ भने, त्यसले
उसलाई अशुद्ध ठहराओस्, त्यो सरुवा रोग हो ।
**९**"कसैलाई छालाको सरुवा रोग लागेको
छ भने, त्यसलाई पूजाहारीकहाँ ल्याइओस् ।
**१०**पूजाहारीले त्यसलाई जाँच गर्दा छाला
फुलिएकोले रौं सेतो भएको, र फुलिएको ठाउँमा
आलो मासु छ भने, **११**त्यो छालाको एउटा
जीर्ण रोग हो, अनि पूजाहारीले त्यसलाई अशुद्ध
ठहराओस् । त्यसले उसलाई अलग्गै नराखोस्,
किनकि त्यो पहिलेबाटै अशुद्ध भइसकेको छ ।
**१२**"त्यो रोग पूजाहारीले देख्नसकेसम्म त्यस
रोगीको सम्पूर्ण छालामा शिरदेखि खुट्टासम्म
ढाकेर फैलिएको छ भने, **१३**पूजाहारीले त्यसलाई
जाँच गर्दा, रोगले त्यसको सम्पूर्ण शरीर
ढाकेको छ भने, त्यसले त्यस व्यक्तिलाई शुद्ध
ठहराओस् । त्यो सम्पूर्ण सेतो भएकोले त्यो
शुद्ध छ । **१४**तर त्यसमा आलो मासु देखापर्‍यो
भने त्यो अशुद्ध हुनेछ । **१५**पूजाहारीले आलो
मासु देखेपछि, त्यसलाई अशुद्ध घोषणा गर्नेछ ।
आलो मासु अशुद्ध हो, त्यो सरुवा रोग हो ।
**१६**त्यो आलो मासु बदलिएर सेतो भयो भने,
त्यो पूजाहारीकहाँ जाओस् । **१७**पूजाहारीले
त्यसलाई जाँच गर्दा घाउहरू सेता भएका छन्
भने, पूजाहारीले त्यस रोगीलाई शुद्ध ठहराओस्
तब त्यो शुद्ध हुनेछ ।
**१८**"कसैको छालामा पिलो निस्केर निको
भयो, **१९**र पिलो भएको ठाउँमा सेतो फुलिएको
अथवा रातो-सेतो किसिमको दाग देखापर्‍यो भने,
त्यो आफै पूजाहारीकहाँ जाओस् । **२०**पूजाहारीले
त्यो जाँच गरोस्, अनि त्यो छालाभन्दा गहिरो
देखापर्‍यो र त्यसमा भएको रौं सेतो भएको छ
भने, पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस् ।

**१२:८**–लूका २:२४.

त्यो एउटा सरुवा छालाको रोग हो, जुन त्यो पिलोभएको ठाउँमा उब्जिएको हो । २१तर पूजाहारीले त्यसलाई जाँच गर्दा यदि त्यसमा सेतो रौँ छैन, अनि त्यो छालाभन्दा गहिरो छैन, अनि मत्थर भएको छ भने, पूजाहारीले त्यसलाई सात दिनसम्म अलग्गै राखोस् । २२त्यो छालामा फैलिएको छ भने, पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस्, त्यो सरुवा रोग हो । २३तर दाग बदली भएको र फैलिएको छैन भने, त्यो पिलोबाट भएको एउटा दाग मात्र हो, र पूजाहारीले त्यसलाई शुद्ध ठहराओस् ।

२४"कसैको छाला जलेको छ, र रातो-सेतो किसिमको अथवा सेतो दाग जलेको ठाउँको आलो मासुमा देखियो भने, २५पूजाहारीले त्यस ठाउँलाई जाँच गरोस्, र त्यसमा भएको रौँ सेतो भएको छ, अनि त्यो छालाभन्दा गहिरो देखिन्छ भने, त्यो जलेको ठाउँबाट निस्केको सरुवा रोग हो । पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस्, त्यो एउटा सरुवा चर्मरोग हो । २६तर पूजाहारीले त्यसलाई जाँच गर्दा त्यस ठाउँमा सेतो रौँ छैन र त्यो छालाभन्दा गहिरो छैन र त्यो मत्थर भएको छ भने, पूजाहारीले त्यसलाई सात दिनसम्म अलग्गै राखोस् । २७सातौँ दिनमा जाँच गर्दा, त्यो छालामा फैलिएको छ भने, पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस्, त्यो एउटा सरुवा छालाको रोग हो । २८तरै पनि, त्यो दाग बदलिएको छैन, छालामा फैलिएको छैन र मत्थर भएको छ भने, त्यो जलेको कारणले फुलिएको हो, अनि पूजाहारीले त्यसलाई शुद्ध ठहराओस्, त्यो केवल जलेको घाउबाट भएको दाग हो ।

२९"कुनै पुरुष अथवा स्त्रीको शिरमा अथवा च्यापुमा घाउ छ भने, ३०पूजाहारीले त्यस घाउलाई जाँच गर्दा, त्यो छालाभन्दा गहिरो देखिन्छ र त्यसमा भएको रौँ पहेँलो र पातलो छ भने, पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस्, त्यो शिर अथवा च्यापुको सरुवा रोग लुतो हो । ३१तर पूजाहारीले यस्ता किसिमको घाउ जाँच गर्दा, त्यो छालाभन्दा गहिरो देखिँदैन र त्यसमा कुनै कालो रौँ छैन भने, पूजाहारीले त्यस रोगीलाई सात दिनसम्म अलग्गै राखोस् । ३२सातौँ दिनमा पूजाहारीले त्यस घाउलाई जाँच गर्दा त्यो लुतो फैलिएको छैन, अनि त्यसमा कुनै पहेँलो रौँ छैन, त्यो छालाभन्दा गहिरो देखिँदैन भने, ३३त्यो घाउ भएको ठाउँलाई छोड़ेर त्यसलाई खौरोस् र पूजाहारीले त्यसलाई अर्को सात दिनसम्म अलग्गै राखोस् । ३४सातौँ दिनमा पूजाहारीले त्यस लुतोलाई जाँच गर्दा, त्यो छालामा फैलिएको छैन, त्यो छालाभन्दा गहिरो छैन भने, पूजाहारीले त्यसलाई शुद्ध ठहराओस् । त्यसले आफ्नो लुगा धोओस् र त्यो शुद्ध हुनेछ । ३५तर त्यो शुद्ध ठहरिएपछि पनि त्यो लुतो छालामा फैलियो भने, ३६पूजाहारीले त्यसलाई जाँच गर्दा, लुतो छालामा फैलिएको छ भने, पूजाहारीलाई पहेँलो रौँ हेर्न आवश्यक छैन, त्यो व्यक्ति अशुद्ध हो । ३७तरै पनि उसको सोचाइअनुसार त्यो बदलिएको छैन र त्यसमा कालो रौँ उम्रेको छ भने, त्यो लूतो निको भएको छ त्यो शुद्ध हो, र पूजाहारीले त्यसलाई शुद्ध ठहराओस् ।

३८"कुनै पुरुष अथवा स्त्रीको छालामा सेतो दाग हुँदा, ३९पूजाहारीले तिनीहरूलाई जाँच गर्दा ती दागहरू हल्का सेता छन् भने, त्यो हानि नगर्ने चर्मरोग हो, जुन छालामा उब्जिएको छ; त्यो मानिस शुद्ध हो ।

४०"कुनै मानिसको केश झरेर उसको शिर खुइलेको छ भने, त्यो शुद्धै हो । ४१त्यसको केश त्यसको टाउकोको अघिल्तिर खुइलिएकोले त्यसको निधार खुइलिएको छ भने, त्यो शुद्ध हो । ४२तर त्यसको तालु अथवा खुलिएको निधारमा रातो-सेतो किसिमको घाउ छ भने, त्यो त्यसको तालु अथवा निधारबाट उब्जिएको सरुवा रोग हो । ४३पूजाहारीले त्यसलाई जाँचोस्; त्यसका तालु अथवा निधारमा भएको त्यसको फुलिएको घाउ सरुवा चर्मरोगझैँ रातो-सेतो किसिमको छ भने, ४४त्यो मानिस रोगग्रस्त र अशुद्ध हो । त्यसको शिरमा भएको घाउको कारण पूजाहारीले त्यसलाई अशुद्ध ठहराओस् ।

४५"यस्ता सरुवा रोग भएको मानिसले च्यातिएको लुगा लगाउनुपर्छ, त्यसको केश

नकोरिएको हुनुपर्छ, त्यसले आफ्नो अनुहारको
तल्लो भाग छोपेर 'अशुद्ध ! अशुद्ध !' भनी
कराओस् । **४६**त्यो सरुवा रोग त्यसमा भएसम्म
त्यो अशुद्ध रहनेछ । त्यो एक्लै बस्नुपर्छ; त्यो
छाउनीदेखि बाहिर बसोस् ।

### ढुसीबारे नियमहरू

**४७**"कुनै लुगा ढुसी परेको छ– ऊनी अथवा
सुती, **४८**ऊनका अथवा कपासका तुनेर वा
बुनेर बनाइएका सामग्री, छालाका वा छालाले
बनिएका कुनै चीज– **४९**लुगा, छाला अथवा
तुनेका वा बुनेका सामग्री अथवा छालाका कुनै
सामग्रीमा भएका दूषित कुरा हरियो किसिमको
अथवा रातो किसिमको छ भने, त्यो
फैलँदैगरेको ढुसी हो, अनि त्यसलाई
पूजाहारीकहाँ देखाओस् । **५०**पूजाहारीले त्यस
ढुसीलाई जाँच गर्दा त्यो दाग लागेको चीजलाई
सात दिनसम्म अलग्गै राखोस् । **५१**सातौँ दिनमा
त्यसले त्यो जाँच गर्दा यदि त्यो ढुसी लुगामा
अथवा तुनेको वा बुनेको कुरोमा वा कुनै काममा
प्रयोग गरिने छालामा फैलिएको छ भने, त्यो
खतरनाक ढुसी हो, अनि त्यो चीज अशुद्ध छ ।
**५२**त्यसले ढुसी परेका लुगा अथवा तुनेका अथवा
बुनेका ऊनी वा सुती सामग्री अथवा छालाका
कुनै पनि चीजलाई जलाइदेओस्, किनकि त्यो
कुहाउने ढुसी हुनाले त्यो चीज जलाइनुपर्छ ।

**५३**"तर पूजाहारीले जाँच गर्दा ढुसी लुगामा
बुनेका कुरामा अथवा छालाका चीजमा
फैलिएको छैन भने, **५४**त्यसले त्यो ढुसी परेको
चीजलाई धुने आज्ञा देओस् । त्यसपछि त्यसलाई
अर्को सात दिनसम्म त्यसले अलग्गै राखोस् ।
**५५**त्यो असर गरेको चीजलाई धोएपछि
पूजाहारीले त्यसलाई जाँचोस्, अनि ढुसी नफैलिएर
त्यसको रूप बदलिएको नभए पनि, त्यो अशुद्ध
हो । ढुसीले एकपट्टि वा अर्कोपट्टि असर पारेको
भए तापनि त्यसलाई आगोले जलाइदिनू ।
**५६**पूजाहारीले त्यसलाई जाँच गर्दा त्यो चीज
धोएपछि ढुसी हराउँदै गएको छ भने, त्यसले
त्यो फोहोर लागेको भागलाई त्यस लुगा वा
छाला अथवा बुनेका चीजबाट च्यातिदेओस् ।
**५७**तर लुगामा वा बुनेका चीजमा अथवा
छालाको चीजमा फेरि देखापऱ्यो भने, त्यो
फैलिरहेको छ, र ढुसी परेको जुनसुकै कुरो
पनि आगोद्वारा जलाइनुपर्छ । **५८**धोएर
ढुसीरहित बनाइएका लुगा, तुनेको वा बुनेको
चीज वा छालाका कुनै चीजलाई फेरि धोइओस्
र त्यो शुद्ध हुनेछ ।"

**५९**ऊनी अथवा सुती लुगाहरू, तुनेका वा
बुनेका चीजहरू अथवा छालाका कुनै चीजलाई
ढुसीले दूषित पारेको विषयमा शुद्ध अथवा अशुद्ध
भनी ठहराउनलाई यिनै विधिहरू हुन् ।

### सरुवा चर्मरोगबाट शुद्धिकरण

**१४** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"रोगग्रस्त मानिसको शुद्धिकरणको
समयमा त्यसलाई पूजाहारीकहाँ ल्याउने
समयका नियमहरू यिनै हुन् । **३**त्यसलाई जाँच
गर्न पूजाहारी छाउनीबाहिर जाओस् । यदि त्यो
मानिस आफ्नो सरुवा चर्मरोगबाट निकोभएको
छ भने, **४**पूजाहारीले दुईओटा शुद्ध जिउँदो
पक्षीहरू, केही देवदारुका काठ, रातो धागो
अनि हिसप शुद्ध हुन चाहनेको निम्ति ल्याउने
हुकुम गरोस् । **५**त्यसपछि पूजाहारीले ती दुई
पक्षीहरूमध्ये एउटालाई माटोको भाँड़ामा भएको
ताजा पानीमाथि मार्ने हुकुम गरोस् । **६**त्यसपछि
त्यसले जिउँदो पक्षीलाई लिएर त्यसलाई
देवदारुको काठ, रातो धागो अनि हिसपसित
ताजा पानीमाथि मारिएको पक्षीको रगतमा
चोपोस् । **७**त्यसले त्यस सरुवा रोगबाट शुद्ध
हुनुपर्ने व्यक्तिलाई सातपल्ट छर्केर त्यसलाई
शुद्ध ठहराओस् । त्यसपछि त्यसले जिउँदो
पक्षीलाई खुला मैदानहरूमा छोड़िदेओस् ।

**८**"शुद्ध हुनुपर्ने त्यस मानिसले आफ्ना लुगा
धोओस्, आफ्ना सबै केश खौरोस् र पानीले
नुहाओस्, र त्यो विधिपूर्वक शुद्ध हुनेछ । त्यसपछि
त्यो छाउनीभित्र आउनसक्छ, तर त्यो सात

---

**१४:२**–मत्ती ८:४; मर्कूस १:४४; लूका ५:१४; १७:१४.

दिनसम्म आफ्नो पालको बाहिर बस्नुपर्छ ।
**९**सातौँ दिनमा त्यसले आफ्नो शिर, आफ्नो दाह्री
आफ्ना आँखीभौँमा रहेका आफ्ना रौँ खौरोस् ।
त्यसले आफ्नो लुगा धोओस्, अनि आफैलाई
पानीले नुहाओस्, अनि त्यो शुद्ध हुनेछ ।

**१०**"आठौँ दिनमा त्यसले भेड़ाका दुईओटा
पाठाहरू र एउटी पाठी, दुवै एक वर्षे र निष्खोट
र अन्नबलिको निम्ति डेढ़ पाथी भागमा तीन
भाग मसिनो पीठो तेलसित मिसाएको र आधा
माना तेल ल्याओस् । **११**त्यसलाई शुद्ध भनी
ठहराउने पूजाहारीले शुद्ध हुनुपर्ने व्यक्ति र
दानहरू दुवैलाई परमप्रभुको सामुन्ने भेट हुने
पालको प्रवेशद्वारमा प्रस्तुत गरोस् ।

**१२**"तब पूजाहारीले त्यो आधा मानाको
तेलसमेत पाठाहरूमध्ये एउटालाई लिएर
दोषबलिस्वरूप चढ़ाओस्, बलिको निम्ति
ती परमप्रभुको सामुन्ने ल्याओस् । **१३**त्यसले
त्यस पाठालाई पवित्रस्थानमा पापबलि र
होमबलि मारिने ठाउँमा मरोस् । पापबलिझैँ
दोषबलि पूजाहारीको हो, त्यो अति पवित्र हो ।
**१४**पूजाहारीले दोषबलिको रगतबाट केही लिएर
शुद्ध हुनपर्ने व्यक्तिको दाहिने कानको लोतीमा,
त्यसको दाहिने बुढ़ी-औँलामा अनि त्यसको
दाहिने खुट्टाको बुढ़ी-औँलामा लगाओस् ।
**१५**त्यसपछि पूजाहारीले एक माना तेलबाट केही
लिएर आफ्नै देब्रे हातको हत्केलामा खन्याओस्,
**१६**त्यसको हत्केलामा भएको तेलमा अफ्नो चोर
औँलाले चोपोस्, र आफ्नो औँलाले त्यसबाट
केही परमप्रभुको सामुन्ने सातपल्ट छर्कोस् ।
**१७**पूजाहारीले आफ्नो हत्केलामा उब्रेको तेलबाट
केही शुद्ध हुनपर्ने व्यक्तिको दाहिने कानको
लोतीमा त्यसको दाहिने हातको बुढ़ी औँलामा
अनि त्यसको दाहिने खुट्टाको बुढ़ी औँलामा
दोषबलिको रगतको माथिल्लोपट्टि छर्कोस् ।
**१८**पूजाहारीको हत्केलाको बाँकी तेल त्यसले
शुद्ध हुनपर्नेको शिरमा लगाएर त्यसको निम्ति
परमप्रभुको सामुन्ने प्रायश्चित गरोस् ।

**१९**"त्यसपछि पूजाहारीले पापबलि चढ़ाएर
आफ्नो अशुद्धिबाट शुद्ध हुनुपर्नेको निम्ति
प्रायश्चित गरून् । त्यसपछि पूजाहारीले
होमबलि मारून् । **२०**अनि त्यसलाई अन्नबलिसित
वेदीमा चढ़ाओस्, अनि त्यसको लागि प्रायश्चित
गरून् र त्यो शुद्ध हुनेछ ।

**२१**"त्यसो भए तापनि यदि त्यो गरीब छ,
र यी चीजहरू ल्याउनसक्दैन भने, त्यसले आफ्नो
प्रायश्चितको निम्ति दोषबलिस्वरूप एउटा
भेड़ाको पाठाको साथमा अन्नबलिस्वरूप तेल
मिसाएर एक पाथी भाग मसिनो पीठो अनि
आधा माना तेल ल्याओस् । **२२**अनि त्यसले
ल्याउन सक्ने हिसाबले दुईओटा ढुकुर अथवा
दुईओटा कलिला परेवा एउटा पापबलिको निम्ति
र अर्को होमबलिको निम्ति ल्याओस् ।

**२३**"आठौँ दिनमा त्यसले ती कुराहरू
आफ्नो शुद्धिकरणको निम्ति पूजाहारीकहाँ भेट
हुने पालको प्रवेशद्वारमा परमप्रभुको सामुन्ने
ल्याओस् । **२४**पूजाहारीले दोषबलिको निम्ति
ल्याएको पाठा आधा माना तेलसित लिएर
बलिस्वरूप परमप्रभुको सामुन्ने ल्याओस् ।
**२५**त्यसले पाठालाई दोषबलिको निम्ति
मारोस्, अनि त्यसको केही रगत लिएर शुद्ध
हुनुपर्ने व्यक्तिको दाहिने कानको लोतीमा,
त्यसको दाहिने हातको बुढ़ी औँलामा अनि त्यसको
दाहिने खुट्टाको बुढ़ी औँलामा लगाओस् ।
**२६**पूजाहारीले तेलबाट केही आफ्नो देब्रे हातको
हत्केलामा खन्याओस्, **२७**आफ्नो दाहिने चोर
औँलाले आफ्नो हत्केलाबाट केही तेल परमप्रभुको
सामुन्ने सातपल्ट छर्कोस् । **२८**त्यसको हत्केलाको
केही तेल त्यसले दोषबलिको रगत लगाएझैँ
त्यसले ती ठाउँहरूमा, अर्थात् शुद्ध हुनपर्नेको
दाहिने कानको लोतीमा त्यसको दाहिने हातको
बुढ़ी-औँलामा अनि त्यसको दाहिने खुट्टाको
बुढ़ी औँलामा लगाओस् । **२९**पूजाहारीले आफ्नो
हत्केलामा बाँकी रहेको तेल शुद्ध हुनपर्ने
व्यक्तिको शिरमा परमप्रभुको सामुन्ने त्यसको
प्रायश्चित गर्नको निम्ति लगाओस् । **३०**त्यसपछि
त्यसले आफ्नो औकातअनुसार ढुकुरहरू अथवा
कलिला परेवाहरू बलि चढ़ाओस् । **३१**एउटा
पापबलिस्वरूप अनि अर्को होमबलिस्वरूप
अन्नबलिसित चढ़ाओस् । यस किसिमले
पूजाहारीले त्यस शुद्ध हुनुपर्ने व्यक्तिको पक्षमा

परमप्रभुको सामुन्ने प्रायश्चित गर्नेछ ।”
**३२**सरुवा चर्मरोग भएको मानिस अनि
आफ्नो शुद्धीकरणको निम्ति नियमित दान
चढ़ाउने औकात नभएको मानिसको निम्ति
नियमहरू यिनै हुन् ।

## ढुसीबाट शुद्धीकरण

**३३**परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
**३४**“मैले तिमीहरूलाई अधिकारको रूपमा दिने
कनान देशमा तिमीहरू पुगेपछि अनि त्यस
देशको एउटा घरमा मैले फैलिने ढुसी
लगाइदिएपछि, **३५**त्यस घरको मालिकले गएर
पूजाहारीलाई ‘मैले मेरो घरमा ढुसीजस्तै देखिने
केही देखेको छु’ भनोस् । **३६**पूजाहारीले आफू
त्यस घरमा ढुसी जाँच गर्न जान अघि त्यस
घरलाई खाली गर्ने हुकुम देओस् र त्यस घर
भित्र भएको कुनै चीज पनि अशुद्ध भनी घोषित
नहोस् । **३७**त्यसले भित्तातिर ढुसीलाई जाँचोस्,
र यदि त्यहाँ हरियो किसिमको अथवा रातो
किसिमका खाल्डोहरू भित्ताको सतहभन्दा
गहिरा देखिनेछन् भने, **३८**पूजाहारी घरको ढोका
छेउबाट बाहिर गएर त्यसलाई सात दिनसम्म
बन्द गरिदेओस् । **३९**सातौं दिनमा पूजाहारी त्यस
घरलाई जाँच्नलाई फर्कोस् । यदि ढुसी भित्तामा
फैलिएको छ भने, **४०**त्यसले दूषितभएका ढुङ्गाहरू
भित्ताबाट उप्काएर शहर बाहिरको एउटा अशुद्ध
ठाउँमा फ्याँकिदिने हुकुम गरोस् । **४१**त्यसले
घरको सबै भित्ताहरू खुर्कन र खुर्किएका
सामग्रीहरू शहरबाहिर कुनै अशुद्ध ठाउँमा थुप्रो
पार्न लाओस् । **४२**त्यसपछि तिनीहरूले ती खाली
ठाउँहरू भर्नलाई अरू ढुङ्गाहरू ल्याओस्, र
नयाँ माटो ल्याएर घर लिपोस् ।
**४३**“यदि ढुङ्गाहरू उप्काइसकेर घर खुर्किएर
लिपिसकेपछि ढुसी फेरि देखापर्‍यो भने,
**४४**पूजाहारीले गएर त्यसलाई जाँचोस्, अनि
ढुसी घरमा फैलिएको छ भने, त्यो एउटा
नष्टकारक ढुसी हो, र त्यो घर अशुद्ध हो ।
**४५**त्यो भत्काइनुपर्छ, अर्थात् त्यसका ढुङ्गाहरू,
काठहरू र सबै लेपहरू भत्काएर शहरबाहिर
कुनै अशुद्ध ठाउँमा फालिओस् ।
**४६**“त्यो घर बन्दभएको बेला जो त्यसभित्र
पस्छ, त्यो साँझसम्म अशुद्ध रहनेछ । **४७**त्यस
घरभित्र सुत्ने अथवा खानेले आफ्नो लुगा
धोओस् ।
**४८**“तर यदि पूजाहारीले त्यसलाई जाँच्न
आउँदा, त्यस घरलाई लिपेपछि ढुसी फैलिएको
छैन भने, त्यसले घरलाई शुद्ध भनी घोषित
गरोस्, किनकि त्यो ढुसी गइसकेको छ । **४९**त्यस
घरलाई चोख्याउनलाई त्यसले दुईओटा पक्षीहरू,
अनि देवदारुका केही काठहरू सिन्दूरे रङ्गको
धागो र हिसप लेओस् । **५०**त्यसले दुईमध्ये
एउटा चरालाई माटोको भाँड़ामा भएको ताजा
पानीमाथि मारोस् । **५१**त्यसपछि त्यसले
देवदारुको काठ, हिसप, सिन्दूरे रङ्गको धागो र
जिउँदो चरालाई लिएर तिनीहरूलाई त्यस चराको
रगत र ताजा पानीमा चोपोस्, र घरलाई
सातपल्ट छर्कोस् । **५२**त्यस घरलाई त्यस
चराको रगत, ताजा पानी, जिउँदो चरा, देवदारुको
काठ, हिसप र रातो धागोले चोख्याओस् ।
**५३**त्यसपछि त्यसले त्यस जिउँदो चरालाई शहर
बाहिर खुला मैदानहरूमा छोड़िदेओस् । यस
किसिमले त्यसले त्यस घरको निम्ति प्रायश्चित
गर्नेछ र त्यो शुद्ध हुनेछ ।”
**५४**कुनै सरुवा चर्मरोगको लागि लूतोको
लागि, **५५**लुगामा अथवा घरमा भएको ढुसीको
लागि, **५६**अनि फुलिएको र खस्रो र चहकिलो
दागको लागि, **५७**कुनै कुरोलाई अशुद्ध वा शुद्ध
ठहराउनको लागि यी नियमहरूनै हुन् ।
छालामा सरुवा रोगहरू अनि ढुसीको निम्ति
नियमहरू यिनै हुन् ।

## प्रमेह–रोगद्वारा हुने अशुद्धि

**१५** परमप्रभुले मोशा र हारूनलाई
भन्नुभयो, **२**“इस्राएलीहरूसित कुरा
गरेर तिनीहरूलाई भन्नू, ‘कुनै मानिसको
शरीरबाट वीर्य-पतन भयो भने, त्यो पतन
अशुद्ध हो । **३**त्यो त्यसको शरीरबाट बहिरहयो
अथवा थामियो भने, पनि त्यसले उसलाई अशुद्ध
बनाउँछ । त्यसको वीर्य-पतनले त्यसलाई
यसरी अशुद्ध बनाउँछ:

**४**"'वीर्य-पतनभएको मानिस सुतेको
ओछ्यान अशुद्ध हुनेछ, अनि जेमाथि त्यो बसे
तापनि त्यो कुरो अशुद्ध हुनेछ । **५**त्यसको
ओछ्यान छुने जोसुकैले आफ्ना लुगाहरू धोओस्,
अनि पानीले नुहाओस् । अनि त्यो साँझसम्म
अशुद्ध रहनेछ । **६**वीर्य-पतनभएको मानिस
बसेको ठाउँमा जो बसे तापनि त्यसले आफ्ना
लुगाहरू धोओस् र पानीले नुहाओस्, र त्यो
साँझसम्म अशुद्ध रहनेछ ।

**७**"'वीर्य-पतनभएको मानिसलाई जसले
छुन्छ, त्यसले आफ्नो लुगा धोओस्, र पानीले
नुहाओस्, र त्यो साँझसम्म अशुद्ध रहनेछ ।

**८**"'यदि वीर्य-पतनभएको मानिसले कुनै शुद्ध
मानिसलाई थुक्यो भने, त्यस मानिसले आफ्नो
लुगा धोओस्, अनि पानीले नुहाओस्, र त्यो
साँझसम्म अशुद्ध रहनेछ ।

**९**"'त्यो मानिस सवार हुँदा बसेको प्रत्येक
चीज अशुद्ध हुनेछ, **१०**र त्यसको मुन्तिरभएको
जुनसुकै कुरो पनि जसले छुन्छ, त्यो साँझसम्म
अशुद्ध रहनेछ । जसले ती कुराहरू उठाउँछ,
त्यसले आफ्ना लुगाहरू धोओस्, र पानीले
नुहाओस्, त्यो साँझसम्म अशुद्ध रहनेछ ।

**११**"'वीर्य-पतनभएको मानिसको आफ्नो हात
पानीले नधोइकन कुनै मानिसलाई छोयो भने,
त्यसले आफ्ना लुगाहरू धोओस्, र पानीले
नुहाओस् र त्यो साँझसम्म अशुद्ध रहनेछ ।

**१२**"'त्यस मानिसले माटोको कुनै भाँड़ा
छोयो भने, त्यो फुटाओस् अनि काठको कुनै
कुरो हो भने, पानीले पखालिओस् ।

**१३**"'कुनै मानिस वीर्य-पतनबाट शुद्ध
पारियो भने, त्यसले आफ्नो विधिपूर्वक
शुद्धिकरणको लागि सात दिन गनोस् । त्यसले
आफ्ना लुगा धोओस् र नुहाओस् अनि त्यो
शुद्ध हुनेछ । **१४**आठौं दिनमा त्यसले दुईओटा
ढुकुरहरू अथवा दुईओटा कलिला परेवाहरू
लिएर परमप्रभुको सामुन्ने भेट हुने पालको
प्रवेशद्वारमा आओस्, र ती पूजाहारीलाई
देओस् । **१५**पूजाहारीले तिनीहरूलाई चढ़ाओस्,
अर्थात् एउटालाई पापबलिस्वरूप अनि अर्कोलाई
होमबलिस्वरूप । यस किसिमले त्यसले त्यस
मानिसको वीर्य-पतनको कारण परमप्रभुको
सामुन्ने प्रायश्चित गर्नेछ ।

**१६**"'कुनै मानिसको वीर्य त्यसै निस्क्यो भने,
त्यसले आफ्नो सम्पूर्ण शरीर पानीले नुहाओस्,
र त्यो साँझसम्म अशुद्ध रहनेछ । **१७**कुनै लुगा
अथवा छालामा वीर्य लागेको छ भने, त्यसलाई
पानीले धोइओस् र त्यो साँझसम्म अशुद्ध
रहनेछ । **१८**कुनै मानिस एउटी स्त्रीसित सुत्दा
वीर्य-पतन भयो भने, दुवैले पानीले नुहाओस् र
तिनीहरू साँझसम्म अशुद्ध रहनेछन् ।

**१९**"'कुनै स्त्रीको नियमित रजस्वलाभएको
छ भने, त्यसको त्यस रजस्वलाको सात दिनसम्म
रहनेछ, र त्यसलाई छुने जो पनि साँझसम्म
अशुद्ध रहनेछ ।

**२०**"'आफ्नो रजस्वलाको समयमा त्यो
जेमाथि सुत्छे, त्यो अशुद्ध हुनेछ, र जेमाथि
त्यो बस्छे, त्यो अशुद्ध हुनेछ । **२१**जसले त्यसको
ओछ्यान छुन्छ, त्यसले आफ्ना लुगाहरू धोओस्
र पानीले नुहाओस्, र त्यो साँझसम्म अशुद्ध
रहनेछ । **२२**जसले त्यो बसेको चीज छुन्छ,
त्यसले आफ्ना लुगाहरू धोओस्, र पानीले
नुहाओस्, र त्यो साँझसम्म अशुद्ध रहनेछ ।
**२३**त्यो बसेको कुरो चाहे ओछ्यान होस्, कि
केही होस्, त्यसलाई कसैले छोयो भने, त्यो
साँझसम्म अशुद्ध रहनेछ ।

**२४**"'यदि कुनै मानिस त्यससित सुत्यो, अनि
त्यसको रजस्वलाको रगतले त्यसलाई छोयो
भने, त्यो सात दिनसम्म अशुद्ध रहनेछ । त्यो
सुतेको जुनै ओछ्यान पनि अशुद्ध हुनेछ ।

**२५**"'यदि कुनै स्त्रीको आफ्नो रजस्वलाको
समयबाहेक अर्को समयमा धेरै दिनसम्म रगत
बगिरहयो, अथवा आफ्नो रजस्वला नथामिएर
रगत बगिरहयो भने, उसको रजस्वलाको
समयमा झैं त्यो रगत बगिरहेको बेलामा त्यो
अशुद्ध हुनेछ । **२६**त्यसको रक्त-प्रवाहभएको
समयमा त्यसको रजस्वलाको समयमा झैं त्यो
सुतेको जुनै ओछ्यान पनि अशुद्ध हुनेछ, अनि
त्यसको रजस्वलाको समयमा झैं त्यो जेमाथि
बसे पनि त्यो अशुद्ध हुनेछ । **२७**जसले ती
चीजहरूलाई छुन्छ, त्यो अशुद्ध हुनेछ । त्यसले

आफ्ना लुगाहरू धोओस्, अनि पानीले नुहाओस्
र त्यो साँझसम्म अशुद्ध रहनेछ ।
**२८**“‘आफ्नो प्रवाहबाट त्यो शुद्धभएपछि,
त्यसले सात दिन गनोस्, अनि त्यसपछि त्यो
विधिपूर्वक शुद्ध हुनेछ । **२९**आठौं दिनमा त्यसले
दुईओटा ढुकुरहरू अथवा दुईओटा कलिला
परेवाहरू लिएर ती भेट हुने पालको प्रवेश-
द्वारमा पूजाहारीकहाँ ल्याओस् । **३०**पूजाहारीले
तीमध्ये एउटालाई पापबलिको रूपमा अनि
अर्कोलाई होमबलिको रूपमा बलिदान गरोस् ।
यस किसिमले त्यसले उसको निम्ति उसको
प्रवाहको अशुद्धिको लागि परमप्रभुको सामुन्ने
प्रायश्चित गर्नेछ ।
**३१**“‘तिमीहरूले इस्राएलीहरूलाई तिनीहरूलाई
अशुद्ध तुल्याउने कुराहरूदेखि अलग्गै राख र
तिनीहरूबीच भएको मेरो बासस्थानलाई अपवित्र
तुल्याएको कारण तिनीहरू आफ्ना अशुद्धिमा
मर्ने छैनन् ।’”
**३२**कुनै मानिसको वीर्य-पतनको निम्ति,
वीर्य-पतनभएको कारण कोही अशुद्धभएको
निम्ति, **३३**मासिक रजस्वलामा भएकी स्त्रीको
निम्ति, अथवा कुनै पुरुषको वीर्य-पतन अथवा
स्त्रीको रक्त-प्रवाहको निम्ति र विधिपूर्वक अशुद्ध
रहेकी स्त्रीसित सुत्ने पुरुषको निम्ति नियमहरू
यी नै हुन् ।

## प्रायश्चितको दिन

**१६** हारूनका दुई छोराहरू परमप्रभुको
नजीकजाँदा मरेपछि, परमप्रभु मोशासित
बोल्नुभयो, **२**परमप्रभुले मोशालाई भन्नुभयो:
“तेरो दाज्यू हारूनलाई उसले मनपरेको बेला
सन्दूकमाथिभएको प्रायश्चित आवरणको सामुन्ने
भएको पर्दाको पछाडिको महापवित्रस्थानमा
नआउनु भन्नू, नत्रता त्यो मर्नेछ, किनकि
प्रायश्चित आवरणमाथि म बादलमा देखापर्छु ।
**३**“हारूनले पवित्रस्थानको इलाकामा यसरी
प्रवेश गर्नुपर्छ, अर्थात् पापबलिको लागि एउटा
साँढ़े र होमबलिको निम्ति एउटा भेड़ा लिएर
आओस् । **४**त्यसले पवित्र सुति लबेदा र भित्री
पोशाकहरू लगाओस् । त्यसले आफ्नो चारैतिर
सुती पटुका कसोस्, र सुती फेटा लगाओस् ।
यी पोशाकहरू पवित्र हुनाले त्यसले आफैलाई
पानीले नुहाएर मात्र ती लगाओस् । **५**त्यसले
इस्राएलीहरूको समुदायबाट पापबलिको निम्ति
दुईओटा बोकाहरू र होमबलिको निम्ति एउटा
भेड़ा ल्याओस् ।
**६**“त्यसपछि हारूनले आफ्नो पापबलिको
निम्ति साँढ़े चढ़ाओस्, अनि आफ्नो र आफ्नो
घरानाको निम्ति प्रायश्चित गरोस् । **७**त्यसपछि
त्यसले ती दुई बोकाहरू लिएर परमप्रभुको
सामुन्ने भेट हुने पालको प्रवेशद्वारमा प्रस्तुत
गरोस् । **८**त्यसले ती दुई बोकाहरूको लागि
चिट्ठा हालोस्, एउटा चिट्ठा परमप्रभुको निम्ति
र अर्को छाड़ा छोडि्ने बोकाको निम्ति ।
**९**हारूनले परमप्रभुको निम्ति चिटठ्ा परेको बोका
ल्याएर त्यसलाई पापबलिस्वरूप चढ़ाओस् ।
**१०**तर छाड़ा छोड्ने बोकाको निम्ति चिट्ठा
परेको बोकालाई छाड़ा हुनको निम्ति मरुभूमिमा
पठाएर प्रायश्चित गरिनुको लागि जिउँदै
परमप्रभुको सामुन्ने प्रस्तुत गरोस् ।
**११**“हारूनले आफ्नो पापबलिको साँढ़े
ल्याओस्, अनि आफ्नो र आफ्नो घरानाको
निम्ति प्रायश्चित गरोस् । अनि त्यसले आफ्नो
प्रायश्चितको निम्ति साँढ़ेलाई मारोस् ।
**१२**त्यसले वेदीबाट जल्दै गरेको कोइलाले
भरिएको धूपौरो अनि दुई मुट्ठी मसिनो गरी
पिँधेको सुगन्धित धूप परमप्रभुको सामुन्ने ल्याएर
ती पर्दाको पछि लैजाओस् । **१३**त्यसले परमप्रभुको
सामुन्ने आगोमा धूप हालोस् अनि धूपको
धूवाँले साक्षीमाथि भएको प्रायश्चित आवरणलाई
ढाकिदिनेछ र त्यो मर्नेछैन । **१४**त्यसले त्यस
साँढ़ेको रगतबाट केही लिएर आफ्नो औंलाले
प्रायश्चित आवरणको सामुन्ने छर्कोस्, र
त्यसले त्यसको केही भाग औंलाले प्रायश्चित
आवरणको अघिल्तिर सातपल्ट छर्कोस् ।
**१५**“त्यसपछि त्यसले मानिसहरूका निम्ति

**१६:२**–हिब्रू ६:१९. **१६:३**–हिब्रू ९:७. **१६:१५**–हिब्रू ९:१२.

पापबलिको बोका मारोस्, अनि त्यसको रगत
पर्दाको पछिल्तिर लगेर त्यसलाई साँढ़ेको
रगतलाई गरेझैँ गरोस्, अर्थात् त्यसलाई साँढ़ेको
प्रायश्चित आवरणको सामुन्ने त्यसले त्यसमाथि
छर्कोस्। **१६**यस किसिमले त्यसले इस्राएलीहरूका
पाप जे भए तापनि तिनीहरूका अशुद्धि र
विद्रोहको लागि महा-पवित्रस्थानको निम्ति
प्रायश्चित गर्नेछ। त्यसले तिनीहरूका अशुद्धिको
बीचमा तिनीहरूबीच भएको भेट हुने पालको
निम्ति पनि त्यसै गर्नेछ । **१७**हारून महा-
पवित्रस्थानभित्र प्रायश्चित गर्न गएको बेलादेखि
त्यसले आफ्नो, आफ्नो घराना र इस्राएलका
सारा समुदायको निम्ति प्रायश्चित गरेर
बाहिर नआएसम्म कोही पनि भेट हुने पालभित्र
हुनुहुँदैन ।

**१८**"त्यसपछि, त्यो निस्केर परमप्रभुको
सामुन्नेभएको वेदीमा आउनेछ, अनि त्यसको निम्ति
प्रायश्चित गरोस् । त्यसले साँढ़ेको रगतबाट
अनि बोकाको रगतबाट केही लिएर त्यसलाई
वेदीका सीङहरूमाथि लगाओस्। **१९**त्यसले केही
रगत आफ्नो औँलाले त्यसमाथि सातपल्ट
छर्कोस् र त्यसलाई शुद्ध गरोस्, अनि त्यसलाई
इस्राएलीहरूको अशुद्धिबाट पवित्र गरोस् ।

**२०**"हारूनले महा-पवित्रस्थान, भेट हुने पाल
अनि वेदीको निम्ति प्रायश्चित गरिसकेपछि
त्यसले जिउँदो बोका ल्याओस् । **२१**त्यसले दुवै
हात त्यस जिउँदो बोकाको शिरमाथि राखेर
त्यसमाथि इस्राएलका सबै दुष्टता र विरोध
अनि तिनीहरूका सबै पाप स्वीकार गरोस्,
अनि ती त्यस बोकाको शिरमाथि राखिदेओस्।
त्यसले त्यस बोकालाई त्यस कामको लागि
खटाइएको मानिसको जिम्मामा टाड़ो मरुभूमिमा
पठाइदेओस्। **२२**यसरी त्यस बोकाले तिनीहरूका
सारा अधर्म एकलास ठाउँमा बोकेर लैजाओस्,
र त्यस मानिसले त्यस बोकालाई उजाड़-
स्थानमा छोड़िदेओस् ।

**२३**"त्यसपछि हारून भेट हुने पालभित्र
जाओस्, अनि त्यसले महा-पवित्रस्थानभित्र
जानअघि लगाएका सुती पोशाकहरू फुकाएर
तिनीहरूलाई त्यहीँ छोड़िदेओस् । **२४**त्यसले
आफैलाई एउटा पवित्र ठाउँमा पानीले नुहाओस्,
अनि आफ्नो नियमित वस्त्र लगाओस्। त्यसपछि
बाहिर निस्केर त्यसले आफ्नै र मानिसहरूको
निम्ति प्रायश्चित गर्नलाई आफ्नै निम्ति होमबलि
र मानिसहरूको निम्ति होमबलि चढ़ाओस् ।
**२५**त्यसले पापबलिको बोसो पनि वेदीमाथि
जलाओस् ।

**२६**"त्यस बोकालाई छाड़ास्वरूप छोड़िदिने
मानिसले आफ्ना लुगाहरू धोएर आफैलाई
पानीले नुहाओस्, अनि त्यसपछि त्यो छाउनीभित्र
आउन सक्छ । **२७**प्रायश्चितको लागि महा-
पवित्रस्थानभित्र जसको रगत ल्याइएको थियो,
पापबलिको त्यो साँढ़े र बोकालाई छाउनीबाहिर
लगेर तिनीहरूका छाला, मासु र गोबर
जलाइओस्। **२८**तिनीहरूलाई जलाउने मानिसले
आफ्ना लुगाहरू धोएर त्यो आफै पानीले
नुहाओस् र त्यसपछि त्यो छाउनीभित्र आउन
सक्छ ।

**२९**"तिमीहरूको लागि यो एउटा अनन्तको
विधि होस्, अर्थात् सातौँ महिनाको दशौँ
दिनमा तिमीहरूले आफैलाई इन्कार गर्नू अनि
तिमीहरूले, चाहे स्वदेशमै जन्मेका अथवा
तिमीहरूबीच बस्ने परदेशीनै होस्, कुनै काम
नगर्नू, **३०**किनकि यही दिन तिमीहरूलाई
शुद्ध पार्नलाई तिमीहरूको निम्ति प्रायश्चित
गरिनेछ। त्यसपछि तिमीहरू परमप्रभुको सामुन्ने
तिमीहरूका सबै पापहरूबाट शुद्ध हुनेछौ ।
**३१**यो विश्रामको दिन हो, अनि तिमीहरूले
आफैलाई इन्कार गर्नुपर्छ। यो एउटा अनन्तको
विधि हो । **३२**आफ्नो बाबुको पछि प्रधान-
पूजाहारी हुनलाई जसको पद-प्रदान र नियुक्ति
भएको छ, त्यसले प्रायश्चित गर्नुपर्छ। त्यसले
पवित्र सुती पोशाक लगाओस्, **३३**अनि
महा-पवित्रस्थानको निम्ति, भेट हुने पाल र
वेदीको निम्ति, अनि सबै पूजाहारीहरू र
समुदायको निम्ति प्रायश्चित गरोस् ।

---

**१६:२३**–इजकिएल ४४:१९. **१६:२७**–हिब्रू १३:११. **१६:२९-३४**–लेवी २३:२६-३२; गन्ती २९:७-११.

**३४**“यो तिमीहरूको निम्ति अनन्तको विधि
होस् । अर्थात् इस्राएलीहरूका सबै पापहरूको
निम्ति प्रायश्चित वर्षमा एकपल्ट हुनुपर्छ ।”
अनि परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएबमोजिम नै गरिए ।

### रगत खानलाई मनाही

**१७** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**“हारून र त्यसका छोराहरू अनि
सारा इस्राएलीहरूसित कुरा गर्, अनि
तिनीहरूलाई भन्, ‘परमप्रभुले यस्तो आज्ञा
दिनुभएको छः **३**कुनै इस्राएलीले साँढ़े, थुमा अथवा
बोकालाई परमप्रभुको पवित्रस्थानको सामुन्ने
उहाँलाई दानस्वरूप प्रस्तुत गर्नलाई भेट हुने
पालको प्रवेशद्वारमा नल्याएर तिनीहरूलाई
छाउनीभित्र अथवा त्यसको बाहिर बलि गर्छ
भने, **४**त्यो मानिस रक्तपातको दोषी ठहरिनेछ,
अर्थात् त्यसले रगत बगाएकोले त्यो आफ्ना
मानिसहरूदेखि अलग गरिनुपर्छ । **५**यो आज्ञा
यस हेतुले दिइएको हो, कि इस्राएलीहरूले आफ्ना
बलि बाहिर मैदान हुँदो नचढ़ाऊन् । तिनीहरूले
पूजाहारीकहाँ भेट हुने पालमा ल्याएर ती
परमप्रभुकहाँ मेलबलिको रूपमा चढ़ाउनुपर्छ ।
**६**पूजाहारीले त्यो रगत भेट हुने पालको प्रवेश-
द्वारमा परमप्रभुको वेदीमाथि छर्कोस् अनि
बोसोलाई परमप्रभुलाई मनपर्दो बास्नास्वरूप
जलाओस् । **७**तिनीहरूले अब बाखारुपी
मूर्तिहरूलाई पुजेर आफ्ना बलिदानले आफैलाई
वेश्या नबनाऊन् । तिनीहरू र तिनीहरूका पुस्तौं-
पुस्तौंका निम्ति यो अनन्तको विधि होस् ।’
**८**“तिनीहरूलाई भन्, ‘कुनै इस्राएली अथवा
तिनीहरूसित बस्ने कुनै परदेशी जसले होमबलि
अथवा बलिदान चढ़ाउँदा, **९**अनि त्यसलाई
परमप्रभुको निम्ति बलिदान गर्नलाई भेट
हुने पालको प्रवेशद्वारमा ल्याउँदैन भने, त्यो
मानिसलाई आफ्ना मानिसहरूबाट बहिष्कार
गरिओस् ।’
**१०**“‘कुनै इस्राएलीहरू वा तिनीहरूसित बस्ने
कुनै पनि परदेशी, जसले रगत खान्छ, म त्यस
रगत खानेको विरोध गर्छु, अनि म त्यसलाई
त्यसका मानिसहरूदेखि बहिष्कार गर्नेछु ।
**११**किनकि जीवधारीको प्राण त्यसको रगतमा
हुन्छ, अनि मैले त्यो वेदीमा तिमीहरू आफ्नै
प्रायश्चित गर्नु भनेर तिमीहरूलाई दिएको छु,
रगतद्वारा नै कसैको प्राणको निम्ति प्रायश्चित
गरिन्छ । **१२**यसकारण म इस्राएलीहरूलाई भन्छु,
“तिमीहरू कसैले पनि रगत नखानू, औ नता
तिमीहरूबीच वास गर्ने कुनै परदेशीहरूले
रगत खाओस् ।”
**१३**“‘कुनै इस्राएली अथवा तिमीहरूबीच
बसोबासो गर्ने कुनै परदेशीले खानुहुने कुनै
पशु वा पक्षीको शिकार गऱ्यो भने, त्यसले
रगत निथारेर माटोले छोपोस्, **१४**किनकि
हरेक जीवधारीको प्राण त्यसको रगतै हो ।
यसैकारणले इस्राएलीहरूलाई भनेको छु,
“तिमीहरूले कुनै प्राणीको पनि रगत नखानू,
किनकि जीवधारीको प्राण त्यसको रगतै हो,
त्यो खाने सबैलाई बहिष्कार गरिनेछ ।”
**१५**“‘स्वदेशमा जन्मेको अथवा परदेशमा
जसले मरेको भेटाइएको अथवा पशुद्वारा
फहराइएको जेसुकै पनि खान्छ, त्यसले आफ्ना
लुगाहरू धोओस्, र पानीले नुहाओस्, त्यसपछि
त्यो शुद्ध हुनेछ । **१६**तर यदि त्यसले आफ्ना
लुगाहरू धोएन, अनि आफै नुहाएन भने, त्यो
जिम्मेवार ठहराइनेछ ।’”

### अवैध यौन-क्रिया

**१८** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**“इस्राएलीहरूसित कुरा गरेर
तिनीहरूलाई भन्: ‘म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ । **३**तिमीहरूले प्रवास गरेको
मिश्रीका रीतिथिति नमान्नु । अनि अब म
तिमीहरूलाई कनान देशमा लैजाँदैछु, यसकारण
त्यहाँका रीतिथिति र विधिहरू पनि नमान्नू ।
**४**तिमीहरूले मेरा विधि विधानहरू पालन गर्नू
अनि मेरा हुकुमहरूअनुसार चल्नुमा होशियार

---

**१७:१०**–उत्पत्ति ९:४; लेवी ७:२६-२७; १९:२६; व्यवस्था १२:१६,२३; १५:२३. **१७:११**–हिब्रू ९:२२.

हुनू । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।
५मेरा विधि विधानहरू अनि आज्ञाहरू पालन
गर्नू किनकि ती पालन गर्ने मानिस त्यसद्वारै
जिउनेछ । म परमप्रभु हुँ ।
६"'तिमीहरूमध्ये कसैले पनि आफ्नो
नजीकको नातेदारसँग सहवास नगरोस् । म
परमप्रभु हुँ ।
७"'आफ्नी आमासित सहवास गरेर आफ्ना
बाबुको अपमान नगर्नू । ऊ तेरी आमा हो,
ऊसित यस्तो सम्बन्ध नराख्नू ।
८"'तैंले आफ्नो बाबुको अरू पत्नीसित
सहवास नगर् । त्यसो गर्नाले तैंले आफ्ना बाबुको
अपमान गर्छस् ।
९"'आफ्नी बहिनीसित, अर्थात् आफ्ना बाबुको
छोरी अथवा सानी आमाकी छोरी, चाहे त्यो
एउटै घरमा वा कहीँ जन्मेकी होस्, त्यससित
सहवास नगर्नू ।
१०"'आफ्नो छोराको छोरीसित अथवा आफ्नी
छोरीकी छोरीसित सहवास नगर्नू त्यसले तेरो
अपममान हुनेछ ।
११"'आफ्नी सानी आमापट्टिबाट तेरा
बाबुद्वारा जन्मिएकी छोरीसित सहवास नगर्नू,
त्यो तिम्रो बहिनी हो ।
१२"'आफ्ना बाबुको दिदी-बहिनीसित
सहवास नगर्नू, त्यो तेरा बाबुका नजीकको
नातेदार हो ।
१३"'आफ्नी आमाकी दिदी-बहिनीसित
सहवास नगर्नू, किनकि त्यो तेरी आमाकी
नजीकको नातेदार हो ।
१४"'आफ्ना बाबुको भाइकी स्वास्नीकहाँ
सहवासको लागि गएर काकाको अपमान नगर्नू,
त्यो तिम्री काकी हो ।
१५"'आफ्नी बुहारीसित सहवास नगर्नू ।
त्यो तेरो छोराकी स्वास्नी हो, त्यससित यस्तो
सम्बन्ध नराख्नू ।
१६"'आफ्नो दाज्यूकी स्वास्नीसित सहवास
नगर्नू, त्यसले तेरो दाज्यूको अपमान हुनेछ ।
१७"'कुनै स्त्री र त्यसकी छोरी दुवैसित
सहवास नगर्नू । त्यसको छोराकी छोरीसित
अथवा त्यसकी छोरीकी छोरीसित सहवास नगर्नू,
ती नजीकका नातेदार हुन् । त्यो दुष्टता हो ।
१८"'आफ्नी स्वास्नीको जीवनकालमा त्यसकी
दिदी वा बहिनीलाई सौता ल्याएर सहवास
नगर् ।
१९"'कुनै स्त्रीको रजस्वलाको अशुद्धिमा त्यस
स्त्रीकहाँ सहवासको लागि नजानू ।
२०"'आफ्नो छिमेकीको स्वास्नीसित सहवास
गरेर आफैलाई अपवित्र नबनाउनू ।
२१"'आफ्ना बाल-बच्चाहरूलाई मोलेकको
निम्ति बलिदान गर्न नदिनू, किनकि तिमीहरूले
आफ्ना परमेश्वरको नाउँ अपवित्र तुल्याउनु
हुँदैन । म नै परमप्रभु हुँ ।
२२"'स्त्रीहरूसँगझैँ पुरुषसँग सम्भोग
नगर् । त्यो घृणित कार्य हो ।
२३"'कुनै पशुसित सहवास गरेर आफैलाई
त्यससित अपवित्र नतुल्याउनू । कुनै स्त्रीले पनि
सहवासको निम्ति पशुकहाँ नजानू, त्यो
अस्वाभाविक दुराचरण हो ।
२४"'तिमीहरूले यी कुराहरूमध्ये कुनैमा
पनि आफैलाई अशुद्ध नतुल्याउनू, किनकि
तिमीहरूको सामुन्ने म जुन जातिलाई बाहिर
धपाउँदैछु, तिनीहरू यस्तै किसिमले अपवित्र
भए । २५त्यो देशसमेत अपवित्र भयो,
यसकारण मैले तिनीहरूको पापको निम्ति
तिनीहरूलाई दण्ड दिएँ, अनि त्यस देशले आफ्ना
देशवासीहरूलाई ओकलेर फालिदियो । २६तर
तिमीहरूले मेरा विधि विधान र आज्ञाहरू पालन
गर्नू । स्वदेशमा जन्मेका अथवा तिमीहरूसित
बस्ने परदेशीहरूले यस्ता घिनलाग्दा कामहरू-
मध्ये कुनै पनि नगर्नू, २७किनकि यी कुराहरू

---

**१८:५**–नहेम्याह ९:२९; इजकिएल १८:९; २०:११-१३; लूका १०:२८; रोमी १०:५; गलाती ३:१२. **१८:८**–लेवी २०:११; व्यवस्था २२:३०; २७:२०. **१८:९**–लेवी २०:१७; व्यवस्था २७:२२. **१८:१२-१४**–लेवी २०:१९-२०. **१८:१५**–लेवी २०:१२. **१८:१६**–लेवी २०:२१. **१८:१७**–लेवी २०:१४; व्यवस्था २७:२३. **१८:१९**–लेवी २०:१८. **१८:२०**–लेवी २०:१०. **१८:२१**–लेवी २०:१-५. **१८:२२**–लेवी २०:१३. **१८:२३**–प्रस्थान २२:१९; लेवी २०:१५-१६; व्यवस्था २७:२१.

त तिमीहरूभन्दा अघि त्यस ठाउँमा बस्ने
मानिसहरूले गरेका थिए, अनि देश अपवित्र
भयो । **२८**अनि यदि तिमीहरूले देशलाई
अपवित्र तुल्यायौ भने, त्यसले तिमीहरूभन्दा
पहिलेका जातिहरूलाई उकेलेर फालिदिएझैँ
तिमीहरूलाई पनि ओकलेर फालिदिनेछ ।

**२९**"'कसैले यीमध्ये कुनै घृणित काम गऱ्यो
भने त्यो आफ्ना मानिसहरूबाट बहिष्कार
गरिओस् । **३०**मैले राखेका अनिवार्यताहरू पूरा
गर्नू, अनि तिमीहरू आउनभन्दा पहिले
गरिएका घिनलाग्दा कामहरूको अनुसरण नगर्नू,
अनि तिमीहरूले त्यस्ता कुराहरूसित आफैलाई
अपवित्र नतुल्याउनू । म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ ।'"

### विभिन्न व्यवस्थाहरू

**१९** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलका सारा समुदायलाई भन्,
'तिमीहरू पवित्र होओ, किनकि म परमप्रभु
तिमीहरूका परमेश्वर पवित्र छु ।

**३**"'तिमीहरू प्रत्येकले आफ्ना आमाबाबुलाई
आदर गर्नू, अनि तिमीहरूले मेरो विश्रामलाई पालन
गर्नू । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

**४**"'मूर्तिहरूतिर नर्फकनू अथवा धातुहरू
ढालेर आफ्नो निम्ति देवताहरू नबनाउनू । म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

**५**"'तिमीहरूले आफ्ना परमप्रभुको निम्ति
मेलबलि चढ़ाउँदा यस्तो किसिमले चढ़ाओ, कि
त्यो तिमीहरूको पक्षमा ग्रहणयोग्य होस् ।
**६**त्यसलाई तिमीहरूले चढ़ाएकै दिन अथवा
भोलिपल्ट खाइओस्, तेस्रो दिनसम्म केही बाँकी
रहयो भने, त्यो जलाइओस् । **७**यदि त्यसबाट
केही तेस्रो दिनमा खाइयो भने त्यो अशुद्ध
भएको हुनाले ग्रहण हुनेछैन । **८**त्यसलाई जसले
खान्छ, त्यो जिम्मेवार हुनेछ, किनकि त्यसले
जुन कुरो परमप्रभुको निम्ति पवित्र थियो,
त्यसलाई अशुद्ध तुल्याएको छ । त्यो मानिस
आफ्नो जातिबाट बहिष्कार गरिओस् ।

**९**"'तिमीहरूले आफ्नो जमिनबाट कटनी
गर्दा त्यसको किनारसम्मै नकाट्नू अथवा
तिमीहरूका कटनीको शिला बाला नबटुल्नू ।
**१०**तिमीहरूले आफ्नो दाखबारीमा दोस्रोपल्ट
नजानू अथवा झरेका अङ्गूरहरू नटिप्नू । ती
गरीबहरू र परदेशीहरूको निम्ति छोड़िदिनू ।
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

**११**"'तिमीहरूले चोरी नगर्नू ।

"'तिमीहरूले झूट नबोल्नू ।

"'तिमीहरू एकले अर्कोलाई धोखा नदिनू ।

**१२**"'तिमीहरूले मेरो नाउँमा झूटा शपथ
खाएर आफ्ना परमेश्वरको नाउँ अपवित्र
नतुल्याउनू । म परमप्रभु हुँ ।

**१३**"'तिमीहरूले आफ्ना छिमेकीलाई
थिचोमिचो नगर्नू अथवा नलुट्नू ।

"'तिमीहरूका ज्यालादारी मानिसको ज्याला
रातीसम्म रोकी नराख्नू ।

**१४**"'तिमीहरूले बहिरालाई नसराप्नू अथवा
अन्धाको सामुन्ने ठेस लाग्ने कुरो नराख्नू, तर
परमेश्वरको डर मान्नू । म परमप्रभु हुँ ।

**१५**"'तिमीहरूले न्याय नबिगार्नू, गरीबलाई
पक्षपात नगर्नू अनि धनीलाई विशेष कृपा
नदेखाउनू, तर आफ्ना छिमेकीको इन्साफ
ठीकसित गर्नू ।

**१६**"'आफ्ना मानिसहरूको बीचमा
बदनामीका कुराहरू फैलाउँदै यताउति
डुलिनहिँड़नू ।

"'आफ्ना छिमेकीको जीवन खतरामा पर्ने
किसिमको कुनै काम पनि नगर्नू । म परमप्रभु
हुँ ।

**१७**"'तिमीहरूका दाज्यू-भाइलाई आफ्नो
हृदयमा घृणा नगर्नू । बरु आफ्नो छिमेकीलाई
खुलस्त रूपले हप्काउनू र त्यसको दोषमा
तिमीहरूको कुनै भाग नहोस् ।

---

**१९:२**–लेवी ११:४४-४५; १ पत्रुस १:१६. **१९:३**–प्रस्थान २०:८,१२; व्यवस्था ५:१२,१६. **१९:४**–लेवी २६:१; प्रस्थान २०:२३; ३४:१७; व्यवस्था २७:१५. **१९:९-१०**–लेवी २३:२२; व्यवस्था २४:१९-२२. **१९:११**–प्रस्थान २०:१५-१६; व्यवस्था ५:१९-२०. **१९:१२**–प्रस्थान २०:७; व्यवस्था ५:११; मत्ती ५:३३. **१९:१३**–व्यवस्था २४:१४-१५. **१९:१४**–व्यवस्था २७:१८. **१९:१५**–प्रस्थान २३:६-८; व्यवस्था १६:१९. **१९:१७**–मत्ती १८:१५.

**१८**“‘आफ्ना मानिसहरूको विरुद्धमा बदला
नलिनू अथवा डाह नगर्नू, तर आफ्ना
छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नू । म
परमप्रभु हुँ ।

**१९**“‘मेरा नियमहरू पालन गर्नू ।

“‘बेग्ला बेग्लै जातिका पशुहरूबीच यौन
सम्पर्क नगराउनू ।

“‘आफ्नो जमिनमा दुई किसिमका बीउहरू
नलगाउनू । दुई किसिमका सामग्रीहरूले
बनिएको वस्त्र नलगाउनू ।

**२०**“‘मगनी भएकी तर छुटकारा नपाएकी
तथा स्वतन्त्र नभएकी कमारीसित कसैले सहवास
गऱ्यो भने, त्यसबारे जाँचपड़ताल गरिओस् ।
तिनीहरूलाई मार्नुचाहिँ हुँदैन, किनभने त्यो
फुक्का थिइन । **२१**तरै भए तापनि त्यस मानिसले
परमप्रभुको निम्ति दोषबलिस्वरूप भेट हुने
पालको प्रवेशद्वारमा एउटा भेड़ा ल्याओस् ।
**२२**दोषबलिको त्यो भेड़ालाई लिएर पूजाहारीले
त्यसको निम्ति त्यसले गरेको पापको लागि
परमप्रभुको सामुन्ने प्रायश्चित गरोस्, अनि
त्यसको पाप क्षमा गरिनेछ ।

**२३**“‘तिमीहरूले त्यस देशमा प्रवेश गरेर
त्यहाँ कुनै किसिमको फलको रूख रोपेपछि,
त्यसको फललाई खानु नहुने ठान्नू । तीन
वर्षसम्म तिमीहरूले त्यसलाई खान नहुने ठान्नू,
त्यो खानु हुँदैन । **२४**चौथो वर्षमा त्यसका सबै
फलहरू पवित्र र परमप्रभुको निम्ति प्रशंसाको
दान हुनेछ । **२५**तर पाँचौं वर्षमा त्यसको फल
खान हुन्छ । त्यस किसिमले तिमीहरूका
फसलको वृद्धि हुनेछ । म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ ।

**२६**“‘कुनै मासु रगतभएको अवस्थामा
नखानू ।

“‘तिमीहरूले जोखाना हेर्नें र तन्त्र-मन्त्र
गर्ने कामहरू नगर्नू ।

**२७**“‘तिमीहरूले आफ्नो कन्चटको कपाल
नकाट्नू, अनि आफ्नो दाह्रीका कुना-कुना
नछाँट्नू ।

**२८**“‘तिमीहरूले मरेकाहरूको निम्ति आफ्ना
शरीरलाई नकाट्नू अथवा आफैमा खोपेको
छापहरू नबनाउनू । म परमप्रभु हुँ ।

**२९**“‘तिमीहरूले आफ्ना छोरीहरूलाई वेश्या
बनाएर तिनीहरूको स्तर नघटाइदिनू नत्रता
देशनै वेश्यावृत्तिमा लागेर दुष्टताले भरिनेछ ।

**३०**“‘मेरो विश्रामदिनलाई पालन गर्नू र मेरो
पवित्रस्थानको आदर गर्नु । म परमप्रभु हुँ ।

**३१**“‘धामी-झाँक्रीजस्ता मध्यस्थहरूतिर ध्यान
नदिनू ।’ नता तन्त्र-मन्त्र गर्नेहरूलाई खोज्नू,
किनकि तिनीहरूद्वारा तिमीहरू अपवित्र
तुल्याइनेछौ । म परमप्रभु तिमीहरूका परमेश्वर
हुँ ।

**३२**“‘बूढ़ा-पाकाहरूका सम्मानमा उठ,
प्रौड़हरूप्रति आदर देखाउनू अनि तिमीहरूका
परमेश्वरको अति आदर गर्नू । म परमप्रभु
हुँ ।

**३३**“‘कुनै परदेशी तिमीहरूको देशमा
तिमीहरूसित बस्छ भने, त्यससित नराम्रो
व्यवहार नगर्नू । **३४**तिमीहरूसित बस्ने परदेशीलाई
स्वदेशमा जन्मेकालाई झैँ व्यवहार गर्नुपर्छ ।
त्यसलाई आफैलाई झैँ प्रेम गर, किनकि
तिमीहरू पनि मिश्रमा परदेशी थियौ । म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

**३५**“‘तिमीहरूले नाप्दा, जोख्दा र भर्दा छल
नगर्नू । **३६**ठीक तराजू र ठीक ढक, ठीक नाप
र ठीक तौल चलाउनू । तिमीहरूलाई मिश्रबाट
निकालेर ल्याउने म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ ।

**३७**“‘तिमीहरूले मेरा सबै आदेशहरू र
मेरा सबै व्यवस्थाहरू मान्नू र ती पालन गर्नू ।
म परमप्रभु हुँ ।’”

---

**१९:१८**–मत्ती ५:४३; १९:१९; २२:३९; मर्कूस १२:३१; लूका १०:२७; रोमी १३:९; गलाती ५:१४; याकूब २:८.
**१९:१९**–व्यवस्था २२:९-११. **१९:२६**–उत्पत्ति ९:४; लेवी ७:२६-२७; १७:१०-१४; व्यवस्था १२:१६,२३; १५:२३;
१८:१०. **१९:२७–२८**–लेवी २:५; व्यवस्था १४:१. **१९:२९**–व्यवस्था २३:१७. **१९:३०**–लेवी २६:२.
**१९:३१**–व्यवस्था १८:११; १ शमूएल २८:३; २ राजा २३:४; यशैया ८:१९. **१९:३३–३४**–प्रस्थान २२:२१;
व्यवस्था २४:१७-१८; २७:१९. **१९:३५–३६**–व्यवस्था २५:१३-१६; हितोपदेश २०:१०; इजकिएल ४५:१०.

## पापको निम्ति दण्ड

**२०** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**“इस्राएलीहरूलाई भन्: ‘आफ्ना
छोराछोरीहरू मोलेक देवतालाई चढ़ाउने कुनै
इस्राएली अथवा इस्राएलमा बस्ने कुनै पनि
परदेशी मारिनुपर्छ । समुदायका मानिसहरूले
त्यसलाई ढुङ्गाले हानून् । **३**म आफ्नो अनुहार
त्यस मानिसको विरुद्धमा पार्नेछु, अनि म
त्यसलाई त्यसका मानिसहरूदेखि अलग गर्नेछु,
किनकि त्यसले आफ्ना छोराछोरीहरू मोलेक
देवतालाई दिएर मेरा पवित्रस्थान बिटुलो
पारेको छ, अनि मेरो पवित्र नाउँलाई अपवित्र
तुल्याएको छ । **४**यदि समुदायका मानिसहरूले
कुनै मानिसले आफ्ना छोराछोरीहरू मोलेक
देवतालाई दिएकोमा आँखा चिम्म गरे, अनि
त्यसलाई मारेनन् भने, **५**म आफ्नो अनुहार त्यस
मानिस र त्यसको परिवारको विरुद्धमा पार्नेछु,
अनि म त्यसलाई अनि आफैलाई मोलेकसित
व्यभिचार गर्नुमा त्यसको पछि लाग्ने सबैलाई
तिनीहरूका जातिदेखि अलग गर्नेछु ।

**६**“‘जुन व्यक्तिले तिनीहरूको पछि लागेर
आफैलाई वेश्यावृत्तिमा लगाउँछ अनि धामी-
झाँक्रीजस्ता जोखना हेर्नेहरू तथा तन्त्र-मन्त्र
गर्नेहरूतिर फर्कन्छ, त्यसदेखि म आफ्नो
अनुहार लुकाउनेछु, अनि म त्यसलाई त्यसका
मानिसहरूदेखि अलग गर्नेछु ।

**७**“‘आफैलाई अर्पण गरेर पवित्र होओ,
किनकि म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।
**८**मेरा हुकुमहरू पालन गर, अनि तिनीहरूको
अनुकरण गर । म परमप्रभु हुँ, जसले
तिमीहरूलाई पवित्र पार्नुहुन्छ ।

**९**“‘यदि कसैले आफ्ना बाबुलाई अथवा
आमालाई सराप्छ भने त्यो मारिओस् । त्यसले
आफ्नो बाबु अथवा आमालाई सरापेको छ,
अनि त्यसको रगत त्यसकै शिरमाथि परोस् ।

**१०**“‘यदि कुनै मानिसले अर्को मानिसको
पत्नी, अर्थात् आफ्नो छिमेकीको पत्नीसित
व्यभिचार गर्छ भने त्यो व्यभिचारी र
व्यभिचारिणी दुवै मारिओस् ।

**११**“‘यदि कुनै मानिसले आफ्नो बाबुको
पत्नीसित सहवास गऱ्यो भने, त्यसले आफ्नो
बाबुको अपमान गरेको छ । त्यो मानिस र स्त्री
दुवै मारिओस्, तिनीहरूका रगत तिनीहरूकै
आफ्नै शिरहरूमाथि परोस् ।

**१२**“‘यदि कुनै मानिसले आफ्नी बुहारीसित
सहवास गऱ्यो भने, ती दुवै मारिऊन् । तिनीहरूले
जे गरेका छन् त्यो दुर्व्यवहार हो, तिनीहरूका
रगत तिनीहरूकै शिरहरूमाथि परोस् ।

**१३**“‘यदि कुनै मानिसले स्त्रीसँग सहवास
गरेझैँ अर्को पुरुषसित गऱ्यो भने त्यो घृणित
काम हो । तिनीहरू मारिनैपर्छ । तिनीहरूको
अपराध तिनीहरूकै शिरमाथि परोस् ।

**१४**“‘यदि कुनै मानिसले आमा र छोरी दुवैलाई
विवाह गर्छ भने, त्यो दुष्टता हो । त्यसलाई ती
दुवैसँग जलाइनुपर्छ र तिमीहरूका बीचमा कुनै
दुष्टता नरहोस् ।

**१५**“‘यदि कुनै मानिसले पशुसित सहवास
गरेको छ भने, त्यो मारिओस् अनि तिमीहरूले
त्यस पशुलाई पनि मारिदिनू ।

**१६**“‘यदि कुनै स्त्री सहवासको निम्ति कुनै
पशुकहाँ जान्छे भने, त्यस स्त्री र पशु दुवै
मारिओस् । तिनीहरू मारिनैपर्छ, तिनीहरूका
रगत तिनीहरूकै शिरमाथि परोस् ।

**१७**“‘यदि कुनै मानिसले आफ्नी बहिनी,
अर्थात् आफ्नो बाबु अथवा आमाकी छोरीलाई
विवाह गर्छ अनि त्यससित सहवास गर्छ भने,
त्यो एउटा कलङ्क हो । तिनीहरू आफ्ना
मानिसहरूको दृष्टिमा बहिष्कृत हुनपर्छ । त्यसले
आफ्नी बहिनीको अपमान गरेको छ अनि त्यो
जिम्मेवार ठहराइनेछ ।

**१८**“‘यदि कुनै मानिस एउटी स्त्रीसित त्यसको
रजस्वलाको समयमा सहवास गऱ्यो भने, त्यसले

---

**२०:९**–प्रस्थान २१:१७; मत्ती १५:४; मर्कूस ७:१०. **२०:१०**–प्रस्थान २०:१४; लेवी १८:२०; व्यवस्था ५:१८. **२०:११**–लेवी १८:८; व्यवस्था २२:३०; २७:२०. **२०:१२**–लेवी १८:१५. **२०:१३**–लेवी १८:२२. **२०:१४**–लेवी १८:१७; व्यवस्था २७:२३. **२०:१५–१६**–प्रस्थान २२:१९; लेवी १८:२३; व्यवस्था २७:२१. **२०:१७**–लेवी १८:९; व्यवस्था २७:२२. **२०:१८**–लेवी १८:१९.

उसको रक्तप्रवाहको मूललाई उदाङ्गो बनाएको
छ अनि त्यसले पनि त्यो खोलिदिएकी छ । ती
दुवै आफ्ना मानिसहरूबाट बहिष्कृत हुनुपर्छ ।
**१९**"'आफ्नी आमाकी अथवा बाबुकी दिदी-
बहिनीसित सहवास नगर्नू, किनकि त्यसद्वारा
आफ्नो नजीकको नातेदारको अपमान् हुनेछ ।
तिमीहरू दुवै त्यसको जिम्मेवार हुनेछौ ।
**२०**"'यदि कुनै मानिसले आफ्नी काकी अथवा
माइज्यूसित सहवास गऱ्यो भने, त्यसले काका
अथवा मामाको अपमान गर्छ । तिनीहरू
त्यसको जिम्मेवार हुनेछन् र तिनीहरू निसन्तान
हुनेछन् ।
**२१**"'यदि कुनै मानिसले आफ्ना दाज्यू-भाइकी
स्वास्नीलाई विवाह गऱ्यो भने, त्यो अशुद्ध काम
हो, त्यसले आफ्ना दाज्यू-भाइको अपमान्
गरेको छ । तिनीहरू निसन्तान हुनेछन् ।
**२२**"'मेरा सबै आदेशहरू र नियमहरू
पालन गरेर त्यसको अनुसरण गर्नू र मैले
तिमीहरू बस्नलाई जुन ठाउँमा लैजाँदैछु
त्यसले तिमीहरूलाई बान्ताझैँ नफालिदेओस् ।
**२३**तिमीहरू मैले तिमीहरूको सामुन्नेबाट
धपाइदिन आँटेको जातिहरूको रीतिअनुसार
नचल्नू । यसैकारण मैले तिनीहरूलाई घृणा
गरें । **२४**तर मैले तिमीहरूलाई भनेको छु;
'तिमीहरूले तिनीहरूको देश अधिकार गर्न
पाउनेछौ । म त्यसलाई, अर्थात् दूध र मह
बग्ने देशलाई अधिकारस्वरूप तिमीहरूलाई
दिनेछु । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ
जसले तिमीहरूलाई अरू जातिहरूबाट अलग
गरेको छु ।
**२५**"'यसकारण तिमीहरूले शुद्ध र अशुद्ध
पशुहरूको बीचमा अनि शुद्ध र अशुद्ध
पक्षीहरूको बीचमा भिन्नाता राख्नुपर्छ ।
जमिनमा हिँड्ने अनि मैले तिमीहरूको निम्ति
अशुद्ध भनी अलग गरेको जुनै पनि पशु अथवा
पक्षी केही कुराद्वारा तिमीहरूले आफैलाई अशुद्ध
नतुल्याउनू । **२६**तिमीहरू पवित्र हुनुपर्छ किनकि
म परमप्रभु, पवित्र छु अनि मैले तिमीहरूलाई
मेरो आफ्नै बनाउनलाई अरू जातिहरूबाट
अलग गरें ।
**२७**"'तिमीहरूका बीचमा भएको कुनै पुरुष
अर्थात् स्त्रीले धामी-झाँक्रीझैँ मध्यस्थको अथवा
तन्त्र-मन्त्रको काम गऱ्यो भने त्यो मारिनैपर्छ ।
तिमीहरूले त्यसलाई ढुङ्गाले हिर्काएर मार्नू,
अनि तिनीहरूको रगत तिनीहरूका आफ्नै
शिरहरूमाथि परोस् ।'"

## पूजाहारीहरूको निम्ति नियमहरू

**२१** परमप्रभुले मोशालाई भन्नुभयो,
"हारूनका छोराहरू, पूजाहारीहरूलाई
यसो भन्न्: 'आफ्ना जातिबाट कोही मर्दा
पूजाहारीले आफैलाई अशुद्ध नतुल्याओस्, **२**तर
आफ्नो साक्खै अर्थात् आफ्ना आमाबाबु आफ्ना
छोरा-छोरी, दाज्यू-भाइ, **३**अथवा आफ्नी साक्खै
कन्या दिदी-बहिनीको निम्ति मात्र त्यसले
आफूलाई अशुद्ध तुल्याओस् । **४**वैवाहिक
सम्बन्धद्वारा भएका आफन्तहरूका निम्ति
त्यसले आफैलाई अशुद्ध बनाएर, त्यो अपवित्र
नबनोस् ।
**५**"'पूजाहारीहरूले आफ्ना शिरहरू र दाह्रीका
किनार नखौरन्, र आफ्ना शरीरमा चोट
नपारून् । **६**आफ्ना परमेश्वरको निम्ति तिनीहरू
पवित्र रहून्, अनि आफ्ना परमेश्वरको नाउँ
अपवित्र नगरून्, किनकि तिनीहरूले परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाइने बलि, अर्थात्
परमेश्वरको भोजन चढ़ाउने गर्दछन् ।
यसकारण तिनीहरू पवित्रै रहून् ।
**७**"'तिनीहरूले वेश्यावृत्तिको कारण
अशुद्धभएकी अथवा लोग्नेद्वारा त्यागिएकी
स्त्रीहरूलाई विवाह नगरून् किनकि पूजाहारीहरू
आफ्ना परमेश्वरको निम्ति पवित्र हुन् ।
**८**तिमीहरूले पूजाहारीहरूलाई पवित्र मान,
किनकि तिनीहरूले आफ्ना परमेश्वरको भोजन
चढ़ाउने गर्दछन् । तिनीहरू तिमीहरूका निम्ति
पवित्र होऊन्, किनकि तिमीहरूलाई पवित्र
बनाउने म, परमप्रभु, पवित्र छु ।

---

**२०:१९-२०** –लेवी १८:१२-१४. **२०:२१** –लेवी १८:१६. **२१:५** –लेवी १९:२७-२८; व्यवस्था १४:१.

**९**“‘यदि कुनै पूजाहारीको छोरीले वेश्या भएर आफैलाई अपवित्र पारी भने, त्यसले आफ्नो बाबुलाई कलङ्कित पार्छे । त्यो आगोमा जलाइओस् ।

**१०**“‘आफ्ना दाज्यू-भाइहरूमध्ये आफ्नो शिरमाथि अपर्णको तेल खन्याइएको, अनि पूजाहारीका पोशाकहरू लगाउने पद-प्रदानभएको प्रधान पूजाहारीले आफ्नो केश खुला नछोड़ोस्, र आफ्ना लुगा नच्यातोस् । **११**त्यो कुनै मुर्दाभएको ठाउँमा नपसोस् । त्यसले आफ्ना बाबुआमाकै निम्ति पनि आफैलाई अशुद्ध नपारोस्, **१२**नता त्यसले पवित्रस्थानलाई छोड़ोस्, अथवा त्यसलाई दुषित पारोस्, किनकि त्यसलाई त्यसको परमेश्वरको अभिषेकको तेलले अर्पण गरिएको छ । म परमप्रभु हुँ ।

**१३**“‘त्यसले विवाह गर्ने स्त्री कन्या हुनुपर्छ । **१४**त्यसले विधवा, त्यागिएकी स्त्री अथवा वेश्यावृत्तिद्वारा कलङ्कित स्त्रीलाई विवाह गर्नुहुँदैन, तर केवल आफ्नै जातिबाटको कन्यालाई मात्र, **१५**यसरी त्यसले आफ्नो जातिबीच बाल-बच्चालाई अशुद्ध नतुल्याओस् । म परमप्रभु हुँ, जसले त्यसलाई पवित्र तुल्याउनेछु ।’”

**१६**परमप्रभुले मोशालाई भन्नुभयो, **१७**“हारूनलाई भन्: ‘भावी पुस्ताको निम्ति तेरो सन्तानबाट खोटभएको कुनै व्यक्ति पनि आफ्नो परमेश्वरको भोजन चढ़ाउनलाई नजीक नआओस् । **१८**खोटभएको कुनै मानिस पनि नजीक नआओस्, वा अन्धा, वा लङ्गड़ा, वा विकृत औ बेरूप, **१९**अपाङ्ग खुट्टा वा हातभएको मानिस, **२०**वा कुप्रो पुड़को, वा आँखामा खोटभएको, वा कुहेको हात र आलो घाउ वा गुप्ताङ्ग दानामा चोट लागेको व्यक्ति । **२१**पूजाहारी हारूनको सन्तानमा कुनै पनि खोटभएको व्यक्ति परमप्रभुलाई आगोद्वारा चढ़ाइएको दान प्रस्तुत गर्न नजीक नआओस् । त्यससित खोट हुनाले आफ्नो परमेश्वरको भोजन चढ़ाउन नजीक नआओस् । **२२**त्यसले आफ्नो परमेश्वरको अति पवित्र भोजन खान सक्छ, **२३**तरै पनि त्यसको खोटभएको हुनाले त्यो मेरो पवित्रस्थानलाई दुषित पार्नलाई पर्दाको नजीक नआओस्, अथवा वेदीलाई नछोओस् । म परमप्रभु हुँ, जसले तिनीहरूलाई पवित्र पारेको छु ।’”

**२४**यसकारण मोशाले हारून र उनका छोराहरूलाई अनि सारा इस्राएलीहरूलाई यी कुरा सुनाए ।

# २२

परमप्रभुले मोशालाई भन्नुभयो, **२**“हारून र त्यसका छोराहरूलाई इस्राएलीहरूले मलाई पवित्र दानहरू अर्पण गरेका कुराहरूप्रति आदरपूर्वक व्यवहार गर्नू भनेर भन्नू, र तिनीहरूले मेरो नाउँ अपवित्र नगर्नू । म परमप्रमभु हुँ ।

**३** “तिनीहरूलाई भन्: ‘पुस्तौंसम्मको लागि, यदि तिमीहरूका सन्तानका कोही विधिपूर्पक शुद्ध छैन र पनि त्यो इस्राएलीहरूले परमप्रभुकहाँ चढ़ाएका पवित्र दानहरूको नजीक आउँछ भने, त्यस मानिसलाई मेरो उपस्थितिबाट अलग गर्नुपर्छ । म परमप्रभु हुँ ।

**४**“‘यदि हारूनको कोही सन्तानको सरुवा चर्मरोग अथवा वीर्यपतन भएको छ भने, शुद्ध नभएसम्म त्यसले पवित्र दानबाट नखाओस् । त्यसले मुर्दाद्वारा अथवा वीर्यपात भएको कसैद्वारा अशुद्ध पारिएको केही छोयो भने, पनि त्यो अशुद्ध हुनेछ । **५**अथवा त्यसले आफूलाई अशुद्ध पार्ने कुनै घस्रने चीज छोयो भने, अथवा त्यसलाई अशुद्ध पार्ने कुनै व्यक्तिलाई छोयो भने, जस्तै अशुद्धि भए तापनि त्यो अशुद्ध हुनेछ । **६**जसले यी कुरामध्ये जे छोए पनि साँझसम्म अशुद्ध रहनेछ । त्यसले आफैलाई पानीले ननुहाएसम्म कुनै पनि पवित्र दानहरू नखाओस् । **७**घाम डुबेपछि त्यो शुद्ध हुनेछ, अनि त्यसले पवित्र दानहरू खान सक्नेछ, किनकि ती त्यसकै भोजन हो । **८**त्यसले मरेको भेटिइएको कुनै कुरो अथवा पशुले फहराएको केही खाएर त्यसबाट अशुद्ध नहोस् । म परमप्रभु हुँ ।

**९**“‘पूजाहारीहरूले मेरा आज्ञाहरू पालन गरून् र तिनीहरूले मेरा आज्ञा घृणा गरेको कारण तिनीहरू दोषीभएर नमरून् । म परमप्रभु हुँ, जसले तिमीहरूलाई पवित्र तुल्याउनेछु ।

**१०**“‘पूजाहारीको परिवारबाहेक बाहिरको कसैले पनि पवित्र दानहरू नखाओस्, औ

नता पूजाहारीको पाहुना अथवा ज्यालादारी
मजदूरले त्यो खाओस् । **११**तर यदि कुनै
पूजाहारीले पैसाले एउटा चाकर किन्यो, अथवा
कुनै चाकर त्यसको घरानामै जन्मेको हो भने,
त्यस चाकरले त्यसको भोजन खान सक्छ ।
**१२**यदि कुनै पूजाहारीको छोरीले पूजाहारी होइन्,
तर अरूसितै विवाह गरेकी छ भने, त्यस स्त्रीले
अंश नखाओस् । **१३**तर यदि कुनै पूजाहारीको
छोरी विधवा भइन्, वा त्यागिएकी भइन् र
पनि त्यो निसन्तान छिन्, त्यो आफ्नो बाबुको
घरमा फर्किआएर आफ्नो बाबुको भोजन
खानसक्छे । तरै पनि, अधिकार नपाएको कुनै
व्यक्तिले पनि त्यसबाट केही खान सक्तैन ।

**१४**"'यदि कसैले भूलले पवित्र दान खाइहाले
त्यसले पूजाहारीलाई ती दानहरूको हर्जाना
दिओस्, र त्यसमाथि त्यसको मूल्यको पाँचौं
भाग थपेर देओस् । **१५**इस्राएलीहरूले परमप्रभुलाई
चढ़ाएको पवित्र दानहरू पूजाहारीहरूले अपवित्र
नपारून् । **१६**तिनीहरूलाई खान दिएर अपवित्र
पारेर मूल्य चुकाउनुपर्ने दोष तिनीहरूमाथि
नल्याओस् । म परमप्रभु हुँ, जसले तिनीहरूलाई
पवित्र तुल्याउनेछु ।'"

## अयोग्य बलिदानहरू

**१७**परमप्रभुले मोशालाई भन्नुभयो, **१८**"हारून,
त्यसका छोराहरू र सारा इस्राएलीहरूलाई भन्:
'तिमीहरूमध्ये कोही, अर्थात् कुनै इस्राएली अथवा
इस्राएलमा बस्ने परदेशीले भाकल पूरा गर्नलाई
अथवा स्वेच्छापूर्वक दानस्वरूप परमप्रभुको
निम्ति होमबलिको लागि कुनै दान चढ़ाउँछ
भने, **१९**तिमीहरूले गाईबस्तुबाट, भेड़ा अथवा
बाखाबाट तिमीहरूको पक्षमा त्यो ग्रहण
होस्, भनेर एउटा निष्खोट पाठा चढ़ाउनू ।
**२०**खोटभएको कुनै पनि नल्याउनू, किनकि त्यो
तिमीहरूको पक्षमा ग्रहण हुनेछैन । **२१**यदि कसैले
आफ्नो विशेष भाकल पूरा गर्नलाई अथवा
स्वेच्छापूर्वक दानस्वरूप परमप्रभुकहाँ बथान
अथवा बगालबाट मेल बलि ल्याउँछ भने,
ग्रहणयोग्य हुनलाई त्यो कुनै दोष र खोटरहित
होस् । **२२**परमप्रभुकहाँ अन्धा, चोट लागेको,
अङ्ग-भङ्ग भएको, चर्मरोगी, कुहेको घाउभएको,
आलो घाउ भएकाहरू परमप्रभुलाई नचढ़ाउनू ।
यस्ता कुनैलाई पनि परमप्रभुकहाँ आगोद्वारा
चढ़ाइएको बलिदानस्वरूप वेदीमाथि नराख्नू ।
**२३**तरै पनि, तिमीहरूले स्वेच्छापूर्वक दानस्वरूप
अङ्ग-भङ्ग भएको र चोट भएको साँढ़े अथवा
भेड़ा चढ़ाउन सक्छौ, तर भाकल पूरा गर्ने
विषयमा त्यो ग्रहण हुनेछैन । **२४**तिमीहरूले
परमप्रभुकहाँ गुप्ताङ्गको दानामा चोट लागेको,
थेप्चिएको च्यात्तिएको अथवा काटिएको पशु
चढ़ाउनु हुँदैन । तिमीहरूले आफ्नै देशमा यस्तो
गर्नुहुँदैन् । **२५**अनि तिमीहरूले यस्ता पशुहरू
परदेशीको हातबाट ग्रहण गरेर तिनीहरूलाई
आफ्ना परमेश्वरको भोजनस्वरूप नचढ़ाउनू ।
ती तिमीहरूको पक्षमा ग्रहण गरिनेछैनन्,
किनकि ती बेरूप र दोषसहित छन् ।'"

**२६**परमप्रभुले मोशालाई भन्नुभयो, **२७**"एउटा
बाछा, भेड़ा अथवा बाखा जन्मँदा, त्यो त्यसकी
आमासित सात दिनसम्म रहनुपर्छ । आठौँ दिनदेखि
उसो त्यो परमप्रभुको निम्ति आगोद्वारा
चढ़ाइएको दानस्वरूप ग्रहण गरिनेछ । **२८**गाई
अथवा भेड़ा अनि तिनीहरूका बच्चाहरूलाई
एकै दिन नमार्नू ।

**२९**"तिमीहरूले आफ्ना धन्यवादी दान
परमप्रभुको निम्ति बलिदान गर्दा, त्यो तिमीहरूको
पक्षमा ग्रहणयोग्य हुने गरी बलि चढ़ाओ ।
**३०**त्यो त्यही दिन खाइनुपर्छ; त्यसको केही पनि
बिहानसम्म नराख्नू । म परमप्रभु हुँ ।

**३१**"मेरा आज्ञाहरू पालन गर्नू, र त्यसअनुसार
चल्नू । म परमप्रभु हुँ । **३२**मेरो पवित्र नाउँलाई
अपवित्र नबनाउनू । म पवित्र छु भनी,
इस्राएलीहरूले जानून् म परमप्रभु हुँ, जसले
तिमीहरूलाई पवित्र बनाउनुहुन्छ । **३३**अनि
म तिमीहरूका परमेश्वर हुनलाई तिमीहरूलाई
मिश्रबाट निकाली ल्याउने म नै हुँ । म
परमप्रभु हुँ ।"

---

**२२:२०**–व्यवस्था १७:१.

# २३

परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूलाई भन्, 'तेरा
तोकिएका चाड़हरू अर्थात् परमप्रभुका तोकिएका
चाड़हरू यिनै हुन्, जसलाई तिमीहरूले पवित्र
सभा भनी घोषणा गर्नू ।

### विश्राम-दिन

**३**"'तिमीहरूले हप्तामा छ दिनसम्म काम
गर्नू, तर सातौं दिन विश्रामको दिन हो, त्यसमा
तिमीहरूले काम नगर्नू; तिमीहरू जहीँ बसे
तापनि यो परमप्रभुको निम्ति विश्राम दिन
हो ।'

### निस्तार अनि अखमिरी रोटी

**४**"'परमप्रभुका तोकिएका चाड़हरू यिनै
हुन्, अर्थात् पवित्र सभाहरू जसलाई तिमीहरूले
तिनीहरूका तोकिएका समयमा घोषणा गर्नू ।
**५**परमप्रभुको निस्तार पहिलो महिनाको चौधौं
दिनको साँझमा शुरू हुन्छ । **६**त्यस महिनाको
पन्ध्रौं दिनमा परमप्रभुको अखमिरी रोटीको
चाड़ शुरू हुन्छ; सात दिनसम्म तिमीहरूले
खमीर हालेको रोटी खानू । **७**अनि यस चाड़को
पहिलो दिन, आफ्ना कामहरूबाट विश्राम लिँदै
आराधना गर्न एकसाथ भेला हुनू । **८**सात
दिनसम्म परमप्रभुलाई आगोद्वारा चढ़ाउने
बलिदान चढ़ाउनू । अनि सातौं दिनमा एउटा
पवित्र सभा राख्नू, अनि नियमित काम
नगर्नू ।'"

### पहिलो फलहरू

**९**परमप्रभुले मोशालाई भन्नुभयो,
**१०**"इस्राएलीहरूलाई भन्: 'मैले तिमीहरूलाई
दिन लागेको देशमा तिमीहरू पसेर त्यहाँ कटनी
गर्दा तिमीहरूले कटनी गरेका पहिलो अन्नको
एक बिटा पूजाहारीकहाँ ल्याउनू । **११**त्यसले
त्यो परमप्रभुको सामुन्ने ल्याओस्, र त्यो
तिमीहरूको पक्षमा ग्रहण गरिनेछ । पूजाहारीले
त्यसलाई विश्रामको भोलिपल्ट ल्याओस् ।
**१२**तिमीहरूले बिटा ल्याएको दिन तिमीहरूले
परमप्रभुको निम्ति एउटा निष्खोट एक वर्षे
थुमा होमबलिस्वरूप चढ़ाउनू । **१३**त्यससित
एक पाथी मसिनो पीठो तेलसित मिसाएर
अन्नबलि आगोद्वारा परमप्रभुलाई मनपर्दो
बास्ना हुने गरी अनि एक माना दाखमद्य
अर्घबलिस्परूप चढ़ाउनू । **१४**यी बलिहरू
परमेश्वरमा नल्याएसम्म तिमीहरूले कुनै
रोटी, भुटेको अन्न अथवा नयाँ अन्न नखानू ।
तिमीहरू जहीँ बसे तापनि यो भावी पुस्ताको
लागि एउटा अनन्तको नियम हुनेछ ।

### हप्ताहरूको चाड़

**१५**"'विश्रामको भोलिपल्ट, अर्थात् तिमीहरूले
बलिको बिटा ल्याएको दिनदेखि पूरा सात
हप्ता गन्नू । **१६**सातौं विश्रामसम्म पचास
दिन गन्नू, अनि नयाँ अन्नको दान परमप्रभुकहाँ
चढ़ाउनू । **१७**तिमीहरू जहाँ बसेको भए तापनि,
त्यहाँबाट एपाको दश भागको दुई भाग
मसिनो पीठोले बनाएको खमीर हालेको
दुईओटा रोटीहरू पहिलो फलको बलिस्वरूप
परमप्रभुकहाँ ल्याउनू । **१८**त्यस रोटीसित भेड़ाका
निष्खोट एक वर्षे सातओटा पाठा एउटा बाछा
र एउटा भेड़ा ल्याउनू । ती तिनीहरूका
अन्नबलि र अर्घबलि, अर्थात् परमप्रभुको निम्ति
मीठो बास्नाझैँ आगोद्वारा चढ़ाइएको दानसित
परमप्रभुको निम्ति होमबलि हुनेछ । **१९**त्यसपछि
पापबलिको निम्ति एउटा बोका र मेलबलिको
निम्ति भेड़ाका एक वर्षे दुईओटा पाठाहरू
चढ़ाउनू । **२०**पूजाहारीले ती दुई पाठाहरूलाई
अगौटे फलको रोटीसित बलिस्वरूप ल्याओस् ।
पूजाहारीको निम्ति ती परमप्रभुकहाँ पवित्र
दान हुन् । **२१**त्यही दिन तैंले एउटा पवित्र सभा
बोलाउनू अनि नियमित काम नगर्नू । तिमीहरू
जहाँ बसे तापनि, यो पुस्तौं पुस्ताको लागि
एउटा अनन्तको नियम हो ।

---

**२३:३**–प्रस्थान २०:८-१०; २३:१२; ३१:१५; ३४:२१; ३५:२; व्यवस्था ५:१२-१४. **२३:५**–प्रस्थान १२:१-१३; व्यवस्था १६:१. **२३:६-८**–प्रस्थान १२:१४-२०; २३:१५; ३४:१८; व्यवस्था १६:३-८. **२३:५-१४**–गन्ती २८:१६-२५. **२३:१५-२१**–प्रस्थान २३:१६; ३४:२२; व्यवस्था १६:९-१२; **२३:१५-२२**–गन्ती २८:२६-३१.

**२२**"'तिमीहरूले आफ्नो जमिनको कटनी
गर्दा जमिनको किनारसम्म नकाट्नू, अथवा
आफ्नो कटनीको शिला-बाला नबटुल्नू । ती
गरीबहरू र परदेशीहरूको निम्ति छोड़िदिनू ।
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।'"

## तुरहीको चाड़

**२३**परमप्रभुले मोशालाई भन्नुभयो,
**२४**"इस्राएलीहरूलाई भन: 'सातौं महिनाको
पहिलो दिन तिमीहरूले विश्राम लिनुपर्छ ।
त्यस दिन सम्झनाको लागि तुरही फुकेर पवित्र
सभा राखिओस् । **२५**नियमित काम नगर्नू, तर
आगोद्वारा चढ़ाउने दान परमप्रभुकहाँ चढ़ाउनु ।'"

## प्रायश्चितको दिन

**२६**परमप्रभुले मोशालाई भन्नुभयो, **२७**"यस
सातौं महिनाको दशौं दिन प्रायश्चितको दिन
हो । एउटा पवित्र सभा बोलानू अनि
आफैलाई इन्कार गर्नू र आगोद्वारा चढ़ाउने
दान परमप्रभुकहाँ चढ़ाउनू । **२८**त्यस दिन कुनै
काम नगर्नू, किनकि त्यो परमप्रभु तिमीहरूका
परमेश्वरको सामुन्ने तिमीहरूको निम्ति
प्रायश्चित गरिने प्रायश्चितको दिन हो ।
**२९**त्यस दिन आफैलाई इन्कार नगर्नेलाई आफ्नो
जातिबाट बहिष्कार गर्नू । **३०**त्यस दिन कुनै
काम गर्नेलाई म त्यसका मानिसहरूबाट नाश
गर्नेछु । **३१**तिमीहरूले कुनै काम नगर्नू । तिमीहरू
जहाँ बसे तापनि भावी पुस्ताको लागि यो
अनन्तको नियम हो । **३२**यो तिमीहरूको निम्ति
विश्रामको दिन हो, अनि तिमीहरूले आफैलाई
इन्कार गर्नू । त्यस महिनाको नवौं दिनको
साँझदेखि भोलिपल्टको साँझसम्म तिमीहरूले
आफ्नो विश्राम-दिन पालन गर्नू ।"

## झुप्रो-वासको चाड़

**३३**परमप्रभुले मोशालाई भन्नुभयो,
**३४**"इस्राएलीहरूलाई भन: 'सातौं महिनाको पन्ध्रौं
दिनमा परमप्रभुको झुप्रो-वासको चाड़ शुरू
हुन्छ, अनि यो सात दिनसम्म रहनेछ ।
**३५**पहिलो दिन पवित्र सभा हो, त्यसमा नियमित
काम नगर्नू । **३६**सात दिनसम्म परमप्रभुकहाँ
आगोद्वारा चढ़ाउने दान चढ़ाउनू, र आठौं दिनमा
एउटा पवित्र सभा राख्नू, र परमप्रभुकहाँ
आगोद्वारा चढ़ाउने दान चढ़ाउनू । यो समाप्तीको
सभा हो, त्यसमा नियमित काम नगर्नू ।
**३७**("'परमप्रभुका तोकिएका चाड़हरू यिनै
हुन् जसलाई तिमीहरूले परमप्रभुकहाँ आगोद्वारा
चढ़ाउने दान, अर्थात् होमबलि र अन्नबलि र
प्रतिदिन चढ़ाइनुपर्ने बलिदानहरू अनि अर्घबलिहरू
ल्याउनेको निम्ति पवित्र सभा भनी घोषणा
गर्नू । **३८**यी दानहरू परमप्रभुको विश्रामका
दानहरू, र तिमीहरूका उपहारहरू, र तिमीहरूका
भाकलका दानहरू र तिमीहरूले परमप्रभुलाई
दिने स्वेच्छापूर्वक दानहरूबाहेकका हुन् ।)
**३९**"'यसकारण, सातौं महिनाको पन्ध्रौं दिन
तिमीहरूले देशको बाली बटुली सकेपछिदेखि
शुरू गरेर परमप्रभुको निम्ति सात दिनसम्म
चाड़ मनाउनू । पहिलो दिन विश्रामको दिन हो
अनि आठौं दिन पनि विश्रामको दिन हो ।
**४०**पहिलो दिन तिमीहरूले रूखका असल
फलहरू, खजूरको हाँगाहरू, पातसरीका
हाँगाहरू र लहरे-पीपल लिएर आफ्ना परमप्रभु
तिमीहरूका परमेश्वरको सामुन्ने सात दिनसम्म
आनन्द मनाउनू । **४१**यो उत्सव तिमीहरूले
परमप्रभुको निम्ति सात दिनसम्म हरेक वर्ष
मनाउनू । यो भावी पुस्ताको निम्ति अनन्तको
एउटा नियम हो, यसलाई तिमीहरूले सातौं
महिनामा मनाउनू । **४२**तिमीहरू सात
दिनसम्म झुप्राहरूमा बस्नू । स्वदेशमा जन्मेका
सबै इस्राएलीहरू झुप्राहरूमा बस्नू, **४३**अनि
तिमीहरूका सन्तानले जान्नेछन्, कि मैले
इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउँदा,
तिनीहरूलाई झुप्रोमा बस्न लगाएको थिएँ । म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।'"

---

**२३:२२**–लेवी १९:९-१०; व्यवस्था २४:१९-२२. **२३:२३–२५**–गन्ती २९:१-६. **२३:२६–३२**–गन्ती २९:७-११.
**२३:३३–३६**–व्यवस्था १६:१३-१५. **२३:३३–४४**–गन्ती २९:१२-४०.

४४यसकारण मोशाले इस्राएलीहरूलाई
परमप्रभुका तोकिएका चाड़हरू घोषणा गरिदिए।

## परमप्रभुको सामुन्ने तेल र रोटी टक्रचाइएका

२४ परमप्रभुले मोशालाई भन्नुभयो,
२"बत्तीहरू लगातार बलिरहून् भनेर
उज्यालोको निम्ति कुटेको भद्राक्षको चोखो तेल
तँकहाँ ल्याउनू भनी इस्राएलीहरूलाई हुकुम
गर्। ३भेट हुने पालको पर्दाको बाहिर हारूनले
बेलुकादेखि बिहानसम्म लगातार परमप्रभुको
सामुन्ने बत्तीहरूको देखरेख गरिरहोस् । यो
भावी पुस्ताको लागि अनन्तको नियम हो ।
४परमप्रभुको सामुन्नेको निखुर सुनको पानसका
बत्तीहरूको देखरेख लगातार भइरहनुपर्छ ।

५"प्रत्येक रोटीको लागि एपाको दश भागको
दुई भाग गरेर पीठोको बाह्रओटा रोटीहरू
पकाउनू। ६तिनीहरूलाई एक लहरमा छ ओटा
गरेर दुई लहरमा, परमप्रभुको सामुन्ने निखुर
सुनको मेचमा मिलाएर राख्नू। ७परमप्रभुकहाँ
आगोद्वारा चढ़ाइएको दान हुनदिनलाई अनि
रोटीको प्रतिनिधित्व गर्नलाई सम्झनाको
भागस्वरूप प्रत्येक लहरमा केही शुद्ध धूप
लगाउनू । ८यी रोटीलाई इस्राएलीहरूको
पक्षमा अनन्तको करारस्वरूप परमप्रभुको
सामुन्ने विश्राम दिनैपिछे नियमित रूपले
टक्रचाउनुपर्छ । ९त्यो हारून र त्यसका
छोराहरूको हो, जसले त्यो एउटा पवित्र ठाउँमा
खानुपर्छ, किनकि त्यो परमप्रभुकहाँ आगोद्वारा
चढ़ाइएको दानको तिनीहरूको नियमित खण्डको
अति पवित्र भाग हो ।"

## ईश्वर-निन्दकलाई ढुङ्गाले हिर्काइयो

१०इस्राएली आमा औ मिश्री बाबुको छोरा
इस्राएलीहरूको बीचमा गयो, अनि त्यसको र
इस्राएलीहरूबीचको छाउनीमा झगड़ा शुरू
भयो । ११इस्राएली आमाको छोराले सरापेर
पवित्र नाउँको निन्दा गऱ्यो र तिनीहरूले त्यसलाई
मोशाकहाँ ल्याए । (त्यसकी आमाको नाउँ
शलोमीत थियो जो दानवंशी दिब्रीको छोरी
थिइन्) । १२तिनीहरूले त्यसलाई परमप्रभुको इच्छा
तिनीहरूलाई स्पष्ट नभएसम्म थुनामा राखे ।

१३तब परमप्रभुले मोशालाई भन्नुभयो:
१४"यस ईश्वर-निन्दकलाई छाउनीबाहिर
लैजानू। त्यसले बोलेका सुन्नेहरू सबैले त्यसको
शिरमाथि हात राखून्, अनि सारा समुदायले
त्यसलाई ढुङ्गाले हानून् । १५इस्राएलीहरूलाई
भन्: 'यदि कसैले आफ्नो परमेश्वरलाई
सराप्यो भने, त्यो जिम्मेवार ठहरिनेछ। १६यदि
कसैले परमप्रभुको नाउँको निन्दा गर्छ भने,
त्यो मारिओस्। सारा समुदायले त्यसलाई ढुङ्गाले
हानून्। चाहे परदेशी होस् वा स्वदेशमा जन्मेको
होस्, कसैले पवित्र नाउँको निन्दा गऱ्यो भने,
त्यो मारिओस् ।

१७"'यदि कसैले मानिसको हत्या गऱ्यो भने,
त्यो मारिनुपर्छ । १८कसैले कसैको पशुलाई
माऱ्यो भने, त्यसले हर्जाना तिर्नुपर्छ, प्राणको
साटो प्राण। १९यदि कसैले आफ्नो छिमेकीलाई
चोट पाऱ्यो भने, त्यसले उसलाई जे गरेको छ,
त्यसलाई पनि त्यसै गरिओस्: २०अर्थात् हाड़
भाँचिदिएको साटो हाड़, आँखाको साटो आँखा,
दाँतको साटो दाँत । जसरी त्यसले अरूलाई
चोट पारेको छ, त्यसरी नै त्यसलाई पनि चोट
पार्नुपर्छ । २१जसले कुनै पशु मार्छ, त्यसले
हर्जाना तिर्नुपर्छ, तर जसले मान्छे मार्छ, त्यो
मारिनैपर्छ। २२परदेशमा वा स्वदेशमा जन्मेको
मानिसको निम्ति तिमीहरूको एउटै कानून
हुनुपर्छ । म परमप्रभु तिमीहरूका परमेश्वर
हुँ ।'"

२३त्यसपछि मोशाले इस्राएलीहरूसित कुरा
गरे, अनि तिनीहरूले त्यस ईश्वर निन्दकलाई
छाउनी बाहिर लगे, अनि ढुङ्गाले हिर्काए ।
इस्राएलीहरूले परमप्रभुले मोशालाई आज्ञा
गर्नुभएझैं गरे ।

---

**२४:१-४**–प्रस्थान २७:२०-२१. **२४:५-६**–प्रस्थान २५:३०. **२४:९**–मत्ती १२:४; मर्कूस २:२६; लूका ६:४. **२४:१७**–प्रस्थान२१:१२. **२४:२०**–प्रस्थान २१:२३-२५; व्यवस्था १९:२१; मत्ती ५:३८. **२४:२२**–गन्ती १५:१६.

## विश्राम वर्ष

**२५** परमप्रभुले मोशालाई सीनै पर्वतमा
भन्नुभयो, **२**“इस्राएलीहरूलाई भन्:
‘मैले तिमीहरूलाई दिनलागेको देशमा तिमीहरूले
प्रवेश गरेपछि, त्यस देश आफैले पनि परमप्रभुको
निम्ति विश्राम-दिन पालन गर्नुपर्छ । **३**छ वर्षसम्म
तिमीहरूका जमिनमा छर्ने काम गर्नू, अनि छ
वर्षसम्म तिमीहरूका दाखबारी छिमल्नू, अनि
दाख बटुल्नू । **४**तर सातौं वर्षमा त्यस जमिनमा
छर्ने काम र दाखबारी छिमल्ने काम नगर्नू ।
परमप्रभुको निम्ति त्यस जमिनले विश्राम
पाओस् । **५**त्यसमा आफै उब्जेका कुराहरूको
कटनी नगर्नू अथवा तिमीहरूले नस्याहारेको
अङ्गूरको कटनी नगर्नू । जमिनले विश्राम वर्ष
पाओस् । **६**विश्राम वर्षमा जमिनले जे उब्जाउँछ
त्यो तिमीहरूको आफ्नै लागि, तिमीहरूका दास-
दासी अनि नोकर-चाकर र तिमीहरूसित
केही समय बस्ने व्यक्तिहरू, **७**साथसाथै
तिमीहरूका गाईबस्तु अनि तिमीहरूका
जमिनमा भएका पशुपक्षीहरूको निम्ति हुनेछ ।
तसर्थ जमिनले जे उब्जाउँछ, त्यो खाए हुन्छ ।

## पुनर्स्थापनको वर्ष

**८**“‘सात विश्राम वर्षहरू, अर्थात् सात गुणा
सात वर्षहरू उनन्चास वर्ष पुग्ने गरी गन्नू ।
**९**त्यसपछि सातौं महिनाको दशौं दिन चारैतिर
तुरही फुक्न लगाउनू । प्रायश्चितको दिन
तिमीहरूको देशभरि तुरही फूक्नू । **१०**पचासौं
वर्षलाई अर्पण गरेर देशभरिका बासिन्दाहरूलाई
स्वतन्त्रताको घोषणा गर्नू । यो तिमीहरूको
निम्ति पुनर्स्थापनको वर्ष हुनेछ । प्रत्येक आफ्नो
परिवारको सम्पत्तितिर अनि प्रत्येक आफ्नो
घरानातिर फर्कोस् । **११**पचासौं वर्ष तिमीहरूको
निम्ति पुनर्स्थापनको वर्ष होस्, बीउ नछर्नू, आफै
उब्जेका चीजको कटनी नगर्नू अथवा हेरचाहा
नगरेको अङ्गूरको कटनी नगर्नू । **१२**किनकि यो
पुनर्स्थापनको वर्ष हो, र तिमीहरूको निम्ति पवित्र
हुनुपर्छ । जमिनबाट सीधै ल्याइएको मात्र खानू ।
**१३**“‘त्यस पुनर्स्थापनको वर्षमा हरेक मानिस
आफ्नै सम्पत्तितिर फर्केर जानुपर्छ ।

**१४**“‘यदि तिमीहरूले आफ्नै देशवासीहरूमध्ये
कसैलाई आफ्नो जमिन बेच्यौ भने, अथवा
त्यसबाट किन्यौ भने, आपसमा फायदा
नउठाउनू । **१५**पुनर्स्थापनको वर्षको पछिका
वर्षहरू हिसाब गरेर तिमीहरूले छिमेकीसित
किन्नू, र बाँकी वर्षको उब्जनीको हिसाब गरेर
त्यसले तिमीहरूलाई बेचोस् । **१६**वर्षहरू बेसी
छन् भने, तिमीहरूले दाम बढ़ाउनू, र वर्षहरू
थोरै छन् भने, तिमीहरूले दाम घटाउनू, किनकि
त्यसले तँलाई जे बेच्दैछ, त्यो बालीहरूको
सङ्ख्या बेचेको हो । **१७**एक-आपसमा फायदा
नउठाउनू, तर आफ्ना परमेश्वरको डर
मान्नू । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

**१८**“‘मेरा आदेशहरू मान्नू, र मेरा
व्यवस्थाहरू पालन गर्न होशियार हुनु, र
तिमीहरू यस देशमा सुरक्षित रहनेछौ, **१९**अनि
देशले प्रशस्त फल दिनेछ, र तिमीहरू तृप्त
भइञ्जेल खानेछौ, अनि त्यसमा सुरक्षित भएर
रहनेछौ । **२०**तिमीहरूले सोध्न सक्छौ “यदि
हामीले रोपेनौं, र अन्नको कटनी गरेनौं भने,
सातौं वर्षमा हामीले के खाने ?” **२१**म तिमीहरूमा
छैटौं वर्षमा यस्तो आशिष् पठाउनेछु कि जमिनले
तीन वर्षसम्म प्रशस्त उब्जनी दिनेछ ।
**२२**तिमीहरूले आठौं वर्षमा रोप्दा तिमीहरूले
पुरानै अन्न खानेछौ, र नवौं वर्षको कटनी
नभएसम्म त्यसबाट खाइरहनेछौ ।

**२३**“‘जमिन सधैंको निम्ति बेच्नु हुँदैन,
किनकि जमिन मेरो हो, र तिमीहरू परदेशी र
पाखुरेहरू हौ । **२४**तिमीहरूले अधिकार गरेको
देशभरि तिमीहरूले जमिनको छुट्काराको
मोलको प्रबन्ध गर्नुपर्छ ।

**२५**“‘यदि तिमीहरूका देशवासीहरूमध्ये
कोही गरीब भएर जग्गा-जमिन बेच्यो भने,
त्यसको सबैभन्दा नजीकको नातेदारले आएर
आफ्नो देशवासीले जे बेचेको छ, त्यसलाई
छुड़ाउनुपर्छ । **२६**तरै पनि कुनै मानिसको

---

**२५:१-७**–प्रस्थान २३:१०-११. **२५:१-७**–व्यवस्था १५:१-११.

त्यसलाई आफ्नो निम्ति छुड़ाइदिने कोही छैन,
अनि त्यो आफैले उन्नति गरेर त्यसलाई छुड़ाउने
पर्याप्त साधन जुटायो भने, **२७**त्यसले आफूले
बेचेको समयदेखि वर्षहरूको मूल्य ठहराओस्,
अनि जुन मानिसलाई त्यो बेचिएको छ, त्यसलाई
बाँकी पैसा फर्काइदेओस्, र त्यो आफ्नो
सम्पत्तितिर फर्केर जान सक्छ । **२८**तर यदि
त्यसले उसलाई तिर्ने साधन जुटाउन सकेन
भने पुनर्स्थापनको वर्षसम्म किन्नेकै हातमा
त्यो जमिन रहनेछ । अनि पुनर्स्थापनको वर्षमा
त्यो फिर्ता गरिओस् । त्यसपछि त्यो मानिसचाहिँ
आफ्नो सम्पत्तिमा फर्केर जान सक्छ ।

**२९**"'कसैले पर्खाल लाएको शहरभित्र भएको
आफ्नो घर बेच्यो भने, बेचेको एक वर्षभित्र
त्यो निखन्न पाउनेछ । त्यसलाई यो अधिकार
एक वर्षसम्म हुन्छ । **३०**तर एक वर्षभित्रमा त्यो
निखन्न सकेन भने किन्ने र त्यसका भावी
सन्तानका निम्ति त्यो घर स्थायी सम्पत्ति
बनोस् । पुनर्स्थापनको वर्षमा पनि त्यो फिर्ता
हुनेछैन । **३१**तर पर्खालले नघेरिएका गाउँका
घरहरूलाई चाहिँ खुला गाउँ भनी ठान्नू । ती
निखन्न सकिन्छ, अनि पुनर्स्थापनको वर्षमा
फिर्ता गर्न सकिन्छ ।

**३२**"'लेवी कुलको अधिकारका आफ्नै
शहरहरूमा भएका घरहरूचाहिँ तिनीहरूले जुनै
बेला पनि छुड़ाउन सक्छन् । **३३**यसरी लेवीहरूका
सम्पत्ति अर्थात् तिनीहरूको अधीनमा भएको
शहरमा भएको बेचिएको घर, छुड़ाउन
सकिन्छ, अनि त्यो पुनर्स्थापनको वर्षमा
फर्काइनुपर्छ, किनकि लेवीका शहरहरूमा भएका
घरहरू इस्राएलीहरूबीच तिनीहरूका सम्पत्ति
हुन् । **३४**तर तिनीहरूका शहरहरूमा भएका
खर्क नबेचिओस्, त्यो तिनीहरूको स्थायी सम्पत्ति
हो ।

**३५**"'यदि तिमीहरूका देशवासीहरूमध्ये
कोही गरीब भयो, र त्यसले तिमीहरूबीच
आफ्नो जीविका निर्वाह गर्न असमर्थ भयो भने,
तिमीहरूले परदेशी र केही समय बस्नेलाई
जसरी सहायता गर्ने थियौ, त्यसलाई पनि
त्यसरीनै सहायता गर्नू र त्यो तिमीहरूसित
बसिरहन पाओस् । **३६**त्यसबाट कुनै किसिमको
ब्याज नलिनू, तर आफ्ना परमेश्वरको डर मान्नू
र तिमीहरूको देशवासीहरू जस्तै गरी त्यो
तिमीहरूसित बसिरहन पाओस् । **३७**तिमीहरूले
त्यसलाई ब्याजमा ऋण नदिनू अथवा नाफा
गरेर त्यसलाई भोजन नबेच्नू । **३८**म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई
कनानदेश दिन र तिमीहरूका परमेश्वर हुनलाई
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने म
परमप्रभु हुँ ।

**३९**"'यदि तिमीहरूका देशबासी तिमीहरूमध्ये
गरीब भएर आफैलाई तिमीहरूको हातमा
बेचिदियो भने, त्यसलाई चाकरझैँ काममा
नलगाउनू । **४०**त्यो तिमीहरूसँग कमाराजस्तै
भएर बसोस्, र पुनर्स्थापनको वर्षसम्म
तिमीहरूसँग बसी त्यसले तिमीहरूको चाकरी
गरोस् । **४१**त्यसपछि त्यसलाई अनि त्यसका
छोराछोरीहरूलाई छाड़िदिनुपर्छ, अनि त्यो
आफ्नै घराना र त्यसका पिता-पुर्खाहरूका
सम्पत्तिहरूतिर जान सक्नेछ । **४२**इस्राएलीहरू
मिश्रबाट ल्याएका मेरै दास दासीहरू हुनाले
तिनीहरू कमारा कमारीहरूझैँ बेचिनु हुँदैन ।
**४३**तिनीहरूमाथि निर्ममतापूर्वक शासन नगर्नू,
तर तिमीहरूका परमेश्वरको डर मान्नू ।

**४४**"'तिमीहरूका कमारा कमारीहरू
तिमीहरूका चारैतिरका जातिहरूबाट आओस्,
तिनीहरूबाटै तिमीहरूले कमारा कमारीहरू
किन्नू । **४५**तिमीहरूले आफ्नोबीच केही समयको
निम्ति बसेकाहरू अनि तिमीहरूको देशमा
जन्मेका तिनीहरूको परिवारका सदस्यहरूलाई
पनि किन्न सक्छौ, अनि तिनीहरू तिमीहरूका
सम्पत्ति हुनेछन् । **४६**तिमीहरूले तिनीहरूलाई
आफ्ना छोराछोरीहरूको निम्ति पैतृक अधिकार
स्वरूप इच्छा पत्र गरेर दिन सक्छौ, अनि

---

**२५:३५**–व्यवस्था १५:७-८. **२५:३७**–प्रस्थान २२:२५; व्यवस्था २३:१९-२०. **२५:३९-४६**–प्रस्थान २१:२-६; व्यवस्था १५:१२-१८.

तिनीहरूलाई जीवन पर्यन्त कमारा कमारी
बनाउन सक्छौ, तर तिमीहरूले आफ्ना
सङ्गी इस्राएलीहरूलाई निर्ममतापूर्वक व्यवहार
नगर्नू ।
**४७**“‘यदि तिमीहरूबीच भएको परदेशी
अथवा केही समयको लागि बसेको व्यक्ति धनी
भयो, अनि तिमीहरूको देशबासीमध्ये कोही
गरीब भएर त्यसले आफैलाई तिमीहरूबीच
भएको परदेशी अथवा त्यस परदेशीको
आफन्तको हातमा बेच्यो भने, **४८**त्यसले
आफैलाई बेचेपछि छुटकाराको अधिकार
आफैसँग राखेको हुन्छ । त्यसका कुनै आफन्तले
त्यसलाई छुड़ाउन सक्छ । **४९**काका–मामा
अथवा दाज्यू-भाइ पर्ने अथवा त्यसको घरानाका
कुनै रगतको साइनो भएकोले त्यसलाई छुड़ाउनु
सक्छ । अथवा यदि त्यसले उन्नति गऱ्यो भने,
आफैलाई छुड़ाउन सक्छ । **५०**त्यसले अनि
त्यसलाई किन्नेले त्यसले आफैलाई बेचेको
समयदेखि पुनर्स्थापनको वर्षसम्म गनून् । त्यसको
छुटकाराको मूल्य त्यतिका वर्षहरूसम्म त्यस
ज्यालादार मानिसलाई दिएको दरको आधारमा
हुनुपर्छ । **५१**यदि अझ धेरै वर्ष रहेको छ भने,
त्यसले आफ्नो छुटकाराको लागि आफ्नो मूल्यको
ठूलो भाग तिर्नुपर्छ । **५२**यदि पुनर्स्थापनको
वर्षसम्म केही वर्ष मात्र रहेको छ भने, त्यसले
त्यो गनोस्, र आफ्नो छुट्काराको मोल त्यस
किसिमले नै तिरोस् । **५३**त्यसलाई वर्षैपिच्छे
ज्यालामा लिएको मानिसझैँ ठान्नुपर्नेछ ।
त्यसका मालिकले त्यसलाई निर्दयतापूर्वक
व्यवहार नगरोस् भनी तिमीहरूले याद राख्नू ।
**५४**“‘यदि त्यसको छुटकारा यी कुनै पनि
तरीकाले भएन भने, त्यसको र त्यसका
छोराछोरीहरूको छुटकारा पुनर्स्थापनको
वर्षमा हुनपर्छ । **५५**किनकि इस्राएलीहरू दास-
दासीहरूस्वरूप मेरा हुन् । तिनीहरू मेरा दास-
दासीहरू हुन्, जसलाई मैले मिश्रबाट निकालेर
ल्याएँ । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।

### आज्ञापालनको निम्ति इनाम

**२६** “‘तिमीहरूले मूर्ति नबनाउनू अथवा
कुनै आकृति अथवा पवित्र ढुङ्गा आफ्नो
निम्ति खड़ा नगर्नू अथवा तिमीहरूको देशमा
ढुङ्गा खोपेर त्यसलाई राखेर त्यसको सामुन्ने
घोप्टो नपर । म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ ।
**२**“‘मेरा विश्रामहरू पालन गर्नू अनि मेरो
पवित्रस्थानलाई आदर गर्नू । म परमप्रभु हुँ ।
**३**“‘यदि तिमीहरू मेरा आदेशअनुसार चल्यौ,
र मेरा आज्ञाहरू पालन गर्न होशियार भयौ
भने, **४**म तिमीहरूलाई त्यसको समयमा वर्षा
पठाउनेछु, र जमिनले उब्जनी दिनेछ, र खेतका
रूखहरूले फल फलाउनेछन् । **५**तिमीहरूको
अन्न झाँट्ने काम अङ्गूरको कटनीसम्म
चलिरहनेछ, अनि अङ्गूरको कटनी रोप्ने
समयसम्म चलिरहनेछ, अनि तिमीहरूले आफूले
चाहेजत्ति भोजन खानेछौ, अनि आफ्नो देशमा
सुरक्षित रहनेछौ ।
**६**“‘म देशमा शान्ति राखिदिनेछु, र
तिमीहरू ढल्कनेछौ, र कसैले तिमीहरूलाई
डर देखाउनेछैन । म देशबाट हिंस्रक पशुहरू
हटाइदिनेछु, र तिमीहरूको देशमा तरवार
चल्नेछैन । **७**तिमीहरूले आफ्ना शत्रुहरूलाई
खेद्नेछौ, र तिनीहरू तिमीहरूको सामुन्ने
तरवारद्वारा ढल्नेछन् । **८**तिमीहरूका पाँच जनाले
एक सय जनालाई लखेट्ने छ, र तिमीहरूका
एक सयले एक हजारलाई लखेट्नेछ, अनि
तिमीहरूका शत्रुहरू तिमीहरूको सामुन्ने
तरवारद्वारा ढल्नेछन् ।
**९**“‘म तिमीहरूलाई निगाहको दृष्टिले हेर्नेछु,
र तिमीहरूलाई फलदायक बनाउनेछु, अनि
तिमीहरूको सङ्ख्याको वृद्धि गर्नेछु, र मैले
तिमीहरूसित गरेको करार स्थिर गर्नेछु ।
**१०**तिमीहरूले बितेको वर्षको उब्जनी खाइरहेको
हुँदा नै तिमीहरूले त्यसलाई पर सारेर नयाँ
उब्जनीको निम्ति ठाउँ बनाउनुपर्नेछ । **११**म

---

**२६:१**–प्रस्थान २०:४; लेवी १९:४; व्यवस्था ५:८; १६:२१-२२; २७:१. **२६:३–१३**–व्यवस्था ७:१२-२४; २८:१-१४.
**२६:३–५**–व्यवस्था ११:१३-१५; २८:१-१४.

आफ्नो बासस्थान तिमीहरूबीच राख्नेछु, र म
तिमीहरूलाई घृणा गर्नेछैनँ। **१२**म तिमीहरूबीच
हिँड्डुल गर्नेछु, र तिमीहरूका परमेश्वर हुनेछु,
अनि तिमीहरू मेरा प्रजा हुनेछौ। **१३**म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ, र तिमीहरू मिश्रिहरूका
कमारा कमारीहरू नहोओ भनेर मैले तिमीहरूलाई
मिश्रबाट निकाली ल्याएँ । मैले तिमीहरूका
जुवाका काठ भाँचेर तिमीहरूलाई शिर ठाडो
पारेर हिँड्ने योग्यको तुल्याएको छु ।"

### अनाज्ञाकारिताको निम्ति दण्ड

**१४**"'तर यदि तिमीहरूले मेरा कुरा सुनेनौ,
र यी सबै आज्ञा पालन गरेनौ, **१५**अनि यदि
तिमीहरूले मेरा आदेशहरू खण्डन गर्‍यौ, र
मेरा आज्ञाहरूलाई घृणा गर्‍यौ, अनि मेरा
आज्ञाअनुसार चल्न असफल भयौ, र यसरी
मेरा करार भङ्ग गर्‍यौ भने, **१६**म तिमीहरूमा
अचानक आतङ्क, क्षीण पार्ने रोगहरू र
ज्वरोहरू फैलाउनेछु, जसले तिमीहरूका दृष्टि
नष्ट गरिदिनेछन्, र तिमीहरूका प्राणलाई शिथिल
पार्नेछन् । तिमीहरू व्यर्थैमा रोप्नेछौ, किनकि
ती तिमीहरूका शत्रुहरूले खाइहाल्नेछन् ।
**१७**म आफ्नो अनुहार तिमीहरूको विरुद्धमा
पार्नेछु, र तिमीहरू आफ्ना शत्रुहरूद्वारा
पराजित हुनेछौ। तिमीहरूलाई घृणा गर्नेहरूले
तिमीहरूमाथि शासन गर्नेछन्, र कसैले नखेदे
तापनि तिमीहरू भाग्नेछौ ।
**१८**"' यदि तिमीहरूले अझैं मेरा कुरा सुनेनौ
भने, म तिमीहरूलाई आफ्ना पापको लागि सात
गुणा बढ़ी दण्ड दिनेछु। **१९**म तिमीहरूका हठीपूर्ण
अभिमान चूर पार्नेछु, र तिमीहरू माथिभएको
आकाशलाई फलामझैँ, र तिमीहरूमुनि भएको
जमिनलाई पीतलझैँ बनाउनेछु। **२०**तिमीहरूले
व्यर्थमा परिश्रम गर्नेछौ, किनकि तिमीहरूको
माटोले त्यसको उब्जनी दिनेछैन, औ नता
तिमीहरूका जमिनका रूखहरूले आफ्नो फल
दिनेछन् ।
**२१**"'यदि तिमीहरू मप्रति विरोधी भइरहचौ,
र मेरो कुरा सुन्न इन्कार गर्‍यौ भने, म
तिमीहरूका पापको योग्य तिमीहरूका कष्टहरू
सात गुणा बढ़ी बढ़ाइदिनेछु। **२२**म तिमीहरूका
बीचमा जङ्गली जनावरहरू पठाइदिनेछु, जसले
तिमीहरूका नानीहरूलाई खाइदिनेछन्, र
तिमीहरूका गाईबस्तुहरूलाई नाश गर्नेछन्, अनि
तिमीहरूको सङ्ख्या यति थोरै बनाउनेछन् कि
तिमीहरूका बाटो सूनसान हुनेछन् ।
**२३**"'यी सबै भएपछि पनि यदि तिमीहरूले
मेरा सुधारलाई ग्रहण गरेनौ र मप्रति विरोधी
भइरहचौ भने, **२४**म आफै तिमीहरूको विरुद्धमा
हुनेछु, र तिमीहरूलाई आफ्ना पापको निम्ति
सात गुणा कष्ट दिनेछु । **२५**म तिमीहरूमाथि
युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको
बदला म चुकाउनेछु। तिमीहरू आफ्नो-आफ्नो
शहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका
बीचमा रूढ़ी पठाउनेछु, अनि तिमीहरू
आफ्ना शत्रुहरूका हातमा पर्नेछौ । **२६**म
तिमीहरूको अन्न यति साह्रो घटाइदिनेछु कि
एउटै घरको चुलोमा दश घरका आइमाईहरूले
पकाउनेछन्, अनि पकाएर भाग लगाउँदा यति
थोरै हुनेछ कि कसैलाई पनि पुग्नेछैन ।
**२७**"'यदि भएपछि पनि तिमीहरूले मेरा
कुरा सुनेनौ, तर मप्रति विरोधी भइरहयौ भने,
**२८**म आफ्नो क्रोधमा तिमीहरूप्रति विरोधी हुनेछु,
र म आफैले तिमीहरूका पापको लागि सात
गुणा बढ़ी दण्ड दिनेछु । **२९**तिमीहरूले
आफ्नै छोराछोरीहरूको मासु खानुपर्नेछ। **३०**म
तिमीहरूका डाँड़ाका ठाउँहरू भत्काउनेछु,
तिमीहरूका धूपका वेदीहरू काटेर ढालिदिनेछु,
अनि तिमीहरूका निष्प्राण शरीरलाई तिमीहरूका
निर्जीव मूर्तिहरूमाथि थुप्रो लगाइदिनेछु, र म
तिमीहरूलाई घृणा गर्नेछु । **३१**म तिमीहरूका
शहरहरूलाई उजाड़ पारिदिनेछु, र तिमीहरूका
धर्मस्थलहरूलाई शुन्य पारिदिनेछु अनि म
तिमीहरूका दानहरूका मनपर्दो सुगन्धमा
प्रसन्न हुनेछैनँ। **३२**म देशलाई उजाड़ पारिदिनेछु
र त्यहाँ बस्ने तिमीहरूका शत्रुहरू पनि छक्क

---

**२६:१२**–२ कोरिन्थी ६:१६. **२६:१४-४६**–व्यवस्था २८:१५-६८.

पर्नेछन् । **३३**मचाहिँ तिमीहरूलाई जाति-जातिहरूका
बीचमा तितरबितर पारिदिनेछु, र नाङ्गो तर
वार लिएर तिमीहरूलाई खेद्नेछु । तिमीहरूको
देश सूनसान र तिमीहरूका शहरहरू उजाड़
हुनेछन् । **३४**तब देशले त्यसका विश्राम वर्षहरू
त्यो उजाड़ रहेको समयभरि र तिमीहरू शत्रुका
देशमा हुँदाखेरि उपभोग गर्नेछ । तब देशले
बिसाएर आफ्नो विश्रामहरू उपभोग गर्नेछ ।
**३५**आफै उजाड़ रहेको समयभरि देशले तिमीहरू
त्यसमा बस्दा नपाएको विश्राम पाउनेछ ।
**३६**"'शत्रुको देशमा हुने बाँकी मानिसको
हृदय म यति कमजोर पारिदिनेछु कि पात
खसेको आवाज सुन्दा पनि तिनीहरू शत्रुले
खेदेझैँ भाग्नेछन् र कसैले नखेदे तापनि तिनीहरू
लोट्नेछन् । **३७**कसैले नखेदेतापनि तिनीहरू
तरवारबाट भागेझैँ, एक-अर्कामाथि ठक्कर खाँदै
लोट्नेछन् । यसरी तिमीहरू आफ्ना शत्रुहरूको
सामुन्ने खड़ा हुन सक्नेछैनौ । **३८**तिमीहरू
जातिहरूबीच नष्ट हुनेछौ; तिमीहरूका शत्रुहरूको
देशले तिमीहरूलाई निल्नेछ । **३९**बाँकी रहेकाहरू
चाहिँ शत्रुहरूको देशमा आफ्नै र आफ्ना
पुर्खाहरूका अधर्मले गर्दा नष्ट भएर जानेछन् ।
**४०**"'तर यदि तिनीहरूले आफ्नै र आफ्ना
पिता-पुर्खाका पाप, र मेरो विरुद्धमा तिनीहरूले
विश्वासघात गरेको अधर्म र मप्रति देखाएको
शत्रुता स्वीकार गरे भने– **४१**जसले गर्दा म
तिनीहरूप्रति शत्रु भएँ र मैले तिनीहरूलाई
तिनीहरूका शत्रुहरूको देशमा पठाएँ– यदि
आफ्ना दुष्ट हृदय नम्र तुल्याई आफ्ना पापका
लागि सजाय भोगे भने, **४२**याकूब, इसहाक र
अब्राहामसँग गरेको मेरो करारको साथै त्यो
देशलाई पनि म सम्झनेछु । **४३**किनकि देश
तिनीहरूद्वारा त्यागिएको हुनेछ, र तिनीहरू
नभएकाले देश उजाड़भएको बेला त्यसले
आफ्ना विश्रामहरू उपभोग गर्नेछ । तिनीहरूले
आफ्ना पापहरूको मूल्य चुकाउनुपर्नेछ, किनकि
तिनीहरूले मेरा व्यवस्थाहरूलाई तिरष्कार
गरे, र मेरा आदेशहरूलाई घृणा गरे । **४४**तर
यी सबै भए तापनि तिनीहरू आफ्ना शत्रुहरूको
देशमा हुँदा तिनीहरूसित मैले गरेको करार
भङ्ग गर्दै तिनीहरूलाई सम्पूर्ण तौरले नष्ट गर्ने
हिसाबले म तिनीहरूलाई तिरष्कार गर्नेछैनँ
अनि घृणा गर्नेछैनँ । म परमप्रभु तिनीहरूका
परमेश्वर हुँ । **४५**तर, म तिनीहरूको खातिर
तिनीहरूका पुर्खाहरूसित बाँधेको करारलाई
सम्झनेछु, जोहरूलाई मैले धेरै जातिहरूको
दृष्टिमा तिनीहरूका परमेश्वर हुनलाई मैले
मिश्रबाट निकालेर ल्याएँ । म परमप्रभु हुँ ।'"
**४६**परमप्रभुले सीनै पर्वतमा मोशाद्वारा आफ्नै
र इस्राएलीहरूको बीचमा स्थापित गर्नुभएका
आदेशहरू, व्यवस्थाहरू र नियमहरू यिनै हुन् ।

## जे परमप्रभुका हुन् ती छुट्ट्याइएका

**२७** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूलाई भन्: 'यदि कसैले
विशेष भाकल गरेर परमप्रभुको निम्ति मानिसहरू
दिने कुरामा त्यसको मूल्य बराबरको केही
दिन्छ भने, **३**बीस वर्षदेखि साठी वर्षको पुरुषको
पवित्रस्थानको शेकेलबमोजिम चाँदीका पचास
शेकेल तोक्नू, **४**अनि त्यो स्त्री हो भने, त्यसको
मूल्य तीस शेकेल तोक्नू । **५**यदि पाँचदेखि बीस
वर्षसम्मको छ भने, पुरुषको मूल्य बीस शेकेल
र स्त्रीको दश शेकेल तोक्नू । **६**त्यो व्यक्ति एक
महिनादेखि पाँच वर्षसम्मको छ भने, पुरुषको
मूल्य चाँदीको पाँच शेकल अनि स्त्रीको चाँदीको
तीन शेकेल तोक्नू । **७**यदि त्यो व्यक्ति साठी
वर्ष र त्योभन्दा बढ़ी उमेरको छ भने, पुरुषको
मूल्य पन्ध्र शेकेल र स्त्रीको दश शेकेल
तोक्नू । **८**यदि भाकल गर्ने कोही तोकिएको
मूल्य तिर्नको लागि अति गरीब छ भने, त्यसले
त्यस व्यक्तिलाई पूजाहारीकहाँ ल्याओस्, जसले
त्यसको निम्ति भाकल गर्ने मानिसले तिर्न सक्ने
हिसाबले मूल्य तोकिदिनेछ ।
**९**"'यदि त्यसले भाकल गरेको कुरो दानको
रूपमा परमप्रभुकहाँ ग्रहणयोग्य पशु हो भने,
परमप्रभुलाई दिइएको यस्तो पशु पवित्र हुन्छ ।

**२६:४२**–उत्पत्ति १७:७-८; २६:३-४; २८:१३-१४.

१०त्यसले असलको साटो खराब अथवा खराबको
साटो असल गरी त्यसलाई नसाटोस् । यदि
त्यसले एउटा पशुको साटो अर्को दिन चाहन्छ
भने, ती दुवै पशु पवित्र हुन्छन् । ११यदि त्यसले
भाकल गरेको पशु विधिपूर्वक अशुद्ध, अर्थात्
परमप्रभुको निम्ति दानस्वरूप ग्रहणयोग्य छैन
भने, त्यो पशु पूजाहारीकहाँ ल्याउनुपर्छ, १२जसले
त्यो असल छ कि खराब छ भनी जाँच गर्नेछ ।
त्यसपछि पूजाहारीले जति मूल्य तोक्नेछ, त्यो
त्यतिनै हुनेछ । १३यदि त्यसको मालिकले
त्यसलाई छुड़ाउन चाहन्छ भने, त्यसले त्यसको
मूल्यमा पाँचौं भाग थपिदेओस् ।

१४"'कसैले परमप्रभुलाई आफ्नो घर अर्पण
गर्छ भने पूजाहारीले त्यो घर राम्रो छ कि छैन
सो हेरेर त्यसको मोल तोकिदेऊन् । पूजाहारीले
जति तोक्छन् त्यसको मोल त्यति नै होस् ।
१५यदि आफ्नो घर अर्पण गर्ने मानिसले त्यसलाई
छुड़ाउँछ भने, त्यसले त्यसमा मूल्यको पाँचौं भाग
थप्नुपर्छ, अनि त्यो घर फेरि त्यसैको भइहाल्छ ।

१६"'यदि कुनै मानिसले आफ्नो जमिनको
केही भाग परमप्रभुकहाँ अर्पण गर्छ भने, त्यसको
मूल्य त्यसको लागि चाहिने बीउको परिमाणको
आधारमा तोकिनुपर्छ, अर्थात् एक मुरी जौको
पचास शेकल चाँदी । १७यदि त्यसले आफ्नो
जमिन पुनर्स्थापनको वर्षमा अर्पण गर्छ भने,
तोकिएकै मूल्य रहनेछ । १८तर त्यसले आफ्नो
जमिन पुनर्स्थापनको वर्षपछि अर्पण गर्छ भने,
पुनर्स्थापनको वर्ष आउनलाई कति बाँकी छ
पूजाहारीले हिसाब गर्नुपर्छ, अनि तोकिएको
मूल्य कम हुनेछ । १९यदि आफ्नो जमिन अर्पण
गर्ने मानिसले त्यसलाई छुड़ाउने इच्छा गर्छ
भने, त्यसले त्यसको मूल्यमा पाँचौं भाग थप्नुपर्छ,
अनि त्यो जमिन फेरि उसैको भइहाल्छ ।
२०तरै पनि यदि त्यसले त्यस जमिनलाई
छुड़ाउँदैन भने, अथवा त्यसले त्यो कसैलाई
बेचिसकेको छ भने, त्यो कहिले पनि छुड़ाइन
सकिनेछैन । २१पुनर्स्थापनको वर्षमा जमिन छुड़ाइयो
भने, त्यो परमप्रभुकहाँ समर्पित जमिनझैं पवित्र
हुनेछ । त्यो पूजाहारीहरूको सम्पत्ति हुनेछ ।

२२"'यदि कुनै मानिसले आफ्नो परिवारको
हिस्सा होइन, तर आफैले किनेको जमिन
परमप्रभुकहाँ अर्पण गर्छ भने, २३पूजाहारीले
पुनर्स्थापनका वर्षको हिसाब गरेर त्यसको जति
मूल्य तोक्छन् त्यसले परमप्रभुको निम्ति पवित्र
ठानेर त्यसै दिन दिओस् । २४पुनर्स्थापनको वर्षमा
त्यो जमिन जसकोबाट त्यसले किनेको थियो
त्यसलाई फर्काइदिइनेछ, अर्थात् जसको त्यो
जमिन थियो त्यसैलाई फिर्ता गरिओस् । २५प्रत्येक
मूल्य पवित्रस्थानको शेकेलअनुसार, अर्थात् बीस
गेराको एक शेकेलको हिसाबले तोकिनुपर्छ ।

२६"'तरै पनि कसैले कुनै पशुको पहिलो
सन्तान अर्पण नगरोस्, किनकि पहिलो सन्तान
त पहिलेबाटै परमप्रभुको हो, चाहे त्यो साँढ़े
होस्, अथवा भेड़ा, त्यो परमप्रभुकै हो । २७यदि
त्यो कुनै अशुद्ध पशु हो भने, त्यसले त्यसलाई
तोकिएको मूल्यमा अझ पाँचौं भाग थपेर फिर्ता
गरी किनोस् । यदि त्यसले त्यसलाई छुड़ाउँदैन
भने, त्यो त्यसको तोकिएको मूल्यमा बेचिओस् ।

२८"'तर कसैले पनि आफूसित भएको आफ्नै
कुरो चाहे त्यो मानिस होस् अथवा पशु अथवा
परिवारको जमिन होस्, त्यो परमप्रभुकहाँ अर्पित
गरिएको छ भने, त्यसलाई नबेचोस्, अथवा
नछुड़ाओस् । यसरी समर्पित गरिएको प्रत्येक
कुरो परमप्रभुकहाँ अति पवित्र हुन्छ ।

२९"'नाशको निम्ति अर्पण गरिएको कुनै
मानिसलाई पनि नछुड़ाउनू, त्यो मारिनैपर्छ ।

३०"'जमिनबाट आएको प्रत्येक कुरो चाहे
त्यो माटोबाटको होस्, अथवा रूखबाटको फल
होस्, त्यसको दशांश परमप्रभुको हो, त्यो
परमप्रभुको निम्ति पवित्र हो । ३१यदि कुनै
मानिसले आफ्नै दशांश छुड़ाउँछ भने, त्यसले
त्यसमा त्यसको पाँचौं खण्ड थप्नुपर्छ । ३२बथान
र बगालका सम्पूर्ण दशांश, अर्थात् गोठालोको
लट्ठीबाट छिरेर जाने प्रत्येक दशांश पशु
परमप्रभुको निम्ति पवित्र हुनेछ । ३३त्यसले
असललाई खराबबाट नछुटचाओस् अथवा

**२७:२८**–गन्ती १८:१४. **२७:३०-३३**–गन्ती १८:२१; व्यवस्था १४:२२-२९.

साटासाट् नगरोस् यदि साटचो भने, पनि त्यो पशु र साट्ने पशु दुवै पवित्र हुन्छन्, ती छुड़ाइन हुँदैनन् ।'"

**३४**परमप्रभुले सीनै पर्वतमा इस्राएलीहरूको निम्ति मोशालाई दिनुभएका आज्ञाहरू यी नै हुन् ।

# गन्ती

### जनगणना

१ इस्राएलीहरू मिश्रबाट निस्किआएपछि दोस्रो
वर्षको दोस्रो महिनाको पहिलो दिन सीनैको
उजाड़-स्थानमा भेट हुने पालमा परमप्रभु
मोशासित बोल्नुभयो । उहाँले भन्नुभयो:
२"सारा इस्राएलीहरूको जनगणना तिनीहरूका
वंश र परिवारअनुसार एक-एक जना मानिसको
नाउँको सूची बनाएर गर्नू । ३तैंले र हारूनले
तिनीहरूको दलअनुसार इस्राएलका बीस वर्षका
र त्यसभन्दा धेरै उमेरका लड़ाइँमा जान
सक्नेहरूको गन्ती लिनू । ४प्रत्येक कुलबाट
प्रत्येक परिवारको एक जना मुखियाले
तिमीहरूलाई सघाओस् । ५तिनीहरूलाई सघाउने
मानिसहरूका नाउँ यी नै हुन्:

रूबेनको वंशबाट शदेऊरको छोरा एलीसूर;
६ शिमीयोनको वंशबाट सूरीशद्दैको छोरा शलूमीएल;
७ यहूदाको वंशबाट अम्मीनादाबको छोरा नहशोन;
८ इस्साकारको वंशबाट सूआरको छोरा नथनिएल;
९ जबूलूनको वंशबाट हेलोनको छोरा एलीआब;
१० यूसुफका छोराहरूबाट,
अर्थात् एप्रेमको वंशबाट अम्मीहूदको छोरा एलीशामा;
मनश्शेको वंशबाट पदासूरको छोरा गमलिएल;
११ बेन्यामीनको वंशबाट गिदोनीको छोरा अबीदान;
१२ दानको वंशबाट अमीशद्दैको छोरा अहीएजेर;
१३ आशेरको वंशबाट ओक्रानको छोरा पगीएल;
१४ गादको वंशबाट दूएलको छोरा एलीआसाप;
१५ नप्तालीको वंशबाट एनानको छोरा अहीरा ।"

१६समुदायबाट नियुक्त भएका मानिसहरू,
अर्थात् तिनीहरूका पुर्खाहरूका कुलका अगुवाहरू
यिनीहरू नै थिए । तिनीहरू इस्राएलका वंशका
मुखियाहरू थिए ।

१७नाउँ दिइएका यी मानिसहरूलाई मोशा
र हारूनले लिए, १८र तिनीहरूले दोस्रो महिनाको
दिन सारा समुदायलाई एकसाथ बोलाए ।
मानिसहरूले आफ्ना वंश र परिवारद्वारा आफ्ना
पुर्ख्यौली बताए, र बीस वर्ष अथवा त्यसभन्दा
धेरै उमेर भएका मानिसहरू नाउँद्वारा एक-
एक गरी, १९परमेश्वरले मोशालाई जसरी आज्ञा
गर्नुभएको थियो, त्यसरी नै तिनले तिनीहरूलाई
सीनैको उजाड़-स्थानमा गन्ती गरे:

२०इस्राएलको जेठा छोरा रूबेनको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए । २१रूबेनको कुलबाटको सङ्ख्या
छयालीस हजार, पाँच सय थियो ।

२२शिमीयोनको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता

---

**१:१-४६**—गन्ती २६:१-५१.

गरिए। **२३**शिमीयोनको कुलबाटको सङ्ख्या
उनन्साठी हजार, तीन सय थियो।

**२४**गादको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **२५**गादको कुलबाटको सङ्ख्या
पैंतालीस हजार, छ सय पचास थियो।

**२६**यहूदाको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **२७**यहूदाको कुलबाटको सङ्ख्या
चौहत्तर हजार, छ सय थियो।

**२८**इस्साकारको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **२९**एस्साकारको कुलबाटको
सङ्ख्या चवन्न हजार चार सय थियो।

**३०**जबूलूनको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **३१**जबूलूनको कुलबाटको सङ्ख्या
सन्ताउन्न हजार चार सय थियो।

**३२**यूसुफका छोराहरूबाट:
एफ्राइमका सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **३३**एफ्राइमको कुलबाटको सङ्ख्या
चालीस हजार पाँच सय थियो।

**३४**मनश्शेको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **३५**मनश्शेको कुलबाटको सङ्ख्या
बत्तीस हजार दुई सय थियो।

**३६**बेन्यामीनको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **३७**बेन्यामीनको कुलबाटको
सङ्ख्या पैंतीस हजार चार सय थियो।

**३८**दानको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **३९**दानको कुलबाटको सङ्ख्या
बासठ्ठी हजार सात सय थियो।

**४०**आशेरको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जान सक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **४१**आशेरको कुलबाटको सङ्ख्या
एक चालीस हजार पाँच सय थियो।

**४२**नप्तालीको सन्तानबाट:
बीस वर्ष र माथिका लड़ाइँमा जानसक्ने
सबै मानिसहरूलाई नाउँद्वारा एक-एक
गरी तिनीहरूका वंश र परिवारको
ऐतिहासिक प्रमाणको आधारमा दर्ता
गरिए। **४३**नप्तालीको कुलबाटको सङ्ख्या
त्रिपन्न हजार चार सय थियो।

**४४**मोशा, हारून र इस्राएलका बाह्र जना
अगुवाहरूले आफ्ना परिवारको प्रतिनिधित्व
गरी गनेका मानिसहरू यी नै थिए। **४५**बीस

वर्ष र माथिका लड़ाइँमा जान सक्ने सबै
इस्राएलीहरूलाई तिनीहरूका परिवारअनुसार
गनिए। **४६**जम्मा सङ्ख्या छ लाख तीन हजार
पाँच सय पचास थियो।

**४७**तरै पनि लेवीको कुललाई अरूसित
गनिएन। **४८**परमप्रभुले मोशालाई भन्नुभएको
थियो: **४९**"तैंले लेवीको कुललाई नगन्नू अथवा
अरू इस्राएलीहरूसित गणनामा सामेल नगर्नू।
**५०**त्यसको सट्टामा लेवीहरूलाई साक्षीको पवित्र
वासस्थानको जिम्मेवार अर्थात् त्यसमा भएका
सबै सर-सामानहरू र त्यसका हरेक कुरामाथि
नियुक्त गर्नू। तिनीहरूले पवित्र वासस्थान र
त्यसका सबै सर-सामानहरू बोकून्। तिनीहरूले
त्यसको हेरचाह गरून् र त्यसको अघि
चारैतिर छाउनी हालेर बसून्। **५१**पवित्र
वासस्थान अघि बढ़ाउँदा लेवीहरूले त्यसलाई
उखेलून् र पवित्र वासस्थान खड़ा गर्दा त्यो
लेवीहरूले नै गरून्। जो त्यसको नजीक जान्छ,
त्यो मारिओस्। **५२**इस्राएलीहरूले प्रत्येक
मानिसको आफ्नो झण्ड़ामुनि आफनै छाउनीमा
दल-दल गरी आफ्ना आफ्नै पालहरू खड़ा
गरून्। **५३**तरै पनि लेवीहरूले चाहिँ इस्राएली
समुदायमाथि क्रोध नपरोस् भनेर आफ्ना
पालहरू साक्षीको पवित्र वासस्थानको वरिपरि
खड़ा गरून्। लेवीहरू साक्षीको पवित्र
वासस्थानको हेरचाहको लागि जिम्मेवार
रहनेछन्।"

**५४**इस्राएलीहरूले यी सबै परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैं गरे।

### कुल-कुलका छाउनीको प्रबन्ध

**२** परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो:
**२**"इस्राएलीहरूको प्रत्येक मानिस आफ्नो
परिवारको ध्वजासित आफ्नो झण्डामुनि भेट
हुने पालको चारैतिर त्यसदेखि केही टाढ़ा
छाउनीमा बसून्।"

**३**पूर्व अर्थात् सूर्योदयको दिशामा
यहूदाका दलहरूले आफ्नो झण्डामुनि
छाउनी हालून्। यहूदाका मानिसहरूका
अगुवा अम्मीनादाबको छोरा नाशोन हो।
**४**त्यसको दलको सङ्ख्या चौहत्तर हजार
छ सय थियो।

**५**इस्साकारको कुलले त्यसको छेउमा
छाउनी हालोस्। इस्साकारका मानिसहरूका
अगुवा सूआरको छोरा नथनिएल हो।
**६**त्यसको दलको सङ्ख्या चवन्न हजार चार
सय थियो।

**७**जबूलूनका कुल त्यसको छेउमा
रहनेछ। जबूलूनका मानिसहरूका अगुवा
हेलोनको छोरा एलीआब हो। **८**त्यसको
दलको सङ्ख्या सन्ताउन्न हजार चार सय
थियो।

**९**यहूदाको छाउनीमा आफ्ना दलअनुसार
राखिएका मनिसहरूको सङ्ख्या एक लाख
छयासी हजार चार सय थियो। पहिले
तिनीहरू अगिअगि हिँड़ेर जानेछन्।

**१०**दक्षिणमा आफ्ना झण्डामुनि रूबेनको
मानिसहरूको छाउनीका दलहरू हुनेछन्।
रूबेनका मानिसहरूको अगुवा शदेऊरको
छोरा एलीसूर हुनेछ। **११**त्यसको दलको
सङ्ख्या छयालीस हजार पाँच सय थियो।

**१२**शिमीयोनको कुलले तिनीहरूको
नजीक छाउनी लाउने छ। शिमियोनका
मानिसहरूको अगुवा सूरीसद्दैको छोरा
शलूमीएलको हो। **१३**त्यसको दलको सङ्ख्या
उनन्साठी हजार तीन सय थियो।

**१४**त्यसको नजीक गादको कुल हुनेछ।
गादका मानिसहरूको अगुवा दुएलको
छोरा एल्यासाप हो। **१५**त्यसको दलको
सङ्ख्या पैत्तालीस हजार छ सय पचास
थियो।

**१६**रूबेनको छाउनीमा राखिएका सबै
मानिसहरू आफ्ना दलअनुसार एक लाख
एकाउन्न हजार चार सय पचास थियो।
तिनीहरू दोस्रो लहरमा हिँड़नेछन्।

**१७**त्यसपछि भेट हुने पाल र लेवीहरूको
छाउनी ती छाउनीहरूको बीचमा
हिँड़नेछन्। तिनीहरू आफ्नो छाउनी हालेकै
क्रममा, अर्थात् आफ्नै ठाउँमा आफ्नै
झण्ड़ामुनि हिँडून्।

१८पश्चिममा एप्रेमको छाउनीका
दलहरू आफ्ना झण्डामुनि हुनेछन् । एप्रेमका
मानिसहरूको अगुवा अमीहूदको छोरा
एलीशामा हुनेछ । १९त्यसको दलको सङ्ख्या
चालीस हजार पाँच सय छ ।

२०मनश्शेको कुल तिनीहरूको नजीक
हुनेछ । मनश्शेका मानिसहरूको अगुवा
पेदासूरको छोरा गमलीएल हुनेछ ।
२१त्यसको दलको सङ्ख्या बत्तीस हजार
दुई सय थियो ।

२२बेन्यामीनको कुल त्यसको नजीक
हुनेछ । बेन्यामीनका मानिसहरूको अगुवा
गिदोनीको छोरा अबीदान हुनेछ । २३त्यसको
दलको सङ्ख्या पैंत्तीस हजार चार सय
थियो ।

२४एप्रेमको छाउनीमा राखिएका सबै
मानिसहरूको सङ्ख्या, तिनीहरूका
दलअनुसार एक लाख आठ हजार एक सय
थियो । तिनीहरूको तेस्रो लहरमा हिँडून् ।

२५उत्तरमा दानको छाउनीका दलहरू
आफ्ना झण्डामुनि हुनेछन् । दानका
मानिसहरूको अगुवा अम्मीशद्दैको छोरा
अहीएजेर हो । २६त्यसको दलको सङ्ख्या
बैसट्ठी हजार सात सय थियो ।

२७आशेरको कुल तिनीहरूको नजीक
हुनेछ । आशेरका मानिसहरूको अगुवा
ओक्रानको छोरा पगीएल हुनेछ । २८त्यसको
दलको सङख्या एकचालीस हजार पाँच सय
थियो ।

२९नप्तालीको दल त्यसको नजीक
हुनेछ । नप्तालीका मानिसहरूको अगुवा
एनानको छोरा अहीरा हुनेछ । ३०त्यसको
दलको सङ्ख्या त्रीपन्न हजार चार सय
थियो । ३१दानको छाउनीमा राखिएका सबै
मानिसहरूको सङ्ख्या एक लाख सन्ताउन्न
हजार छ सय थियो । तिनीहरू आफ्ना
झण्डामुनि सबै भन्दा पछि हिँड्नेछन् ।

३२आफ्ना परिवारअनुसार गनिएका
इस्राएलीहरू यिनीहरूनै हुन् । छाउनीहरूमा
दलअनुसार भएका सबैको सङ्ख्या छ
लाख तीन हजार पाँच सय पचास
थियो । ३३तरै पनि लेवीहरूचाहिँ, परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैँ अरू
इस्राएलीहरूसित गनिएनन् ।

३४यसरी इस्राएलीहरूले परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैँ गरे । तिनीहरूले
त्यही किसिमले आफ्ना झण्डामुनि छाउनी हाले,
अनि त्यही किसिमले तिनीहरू प्रत्येक आफ्नो
वंश र परिवारसित हिँड़े ।

### लेवीहरू

३ परमप्रभु मोशासित सीनै पर्वतमा कुरा
गर्नुभएको बेला मोशा र हारूनको
परिवारको बृतान्त यही हो ।

२हारूनका छोराहरूका नाउँहरू, जेठा
नादाब, अबीहू, एलाजार र ईतामार थिए ।
३अभिषेक भएका पूजाहारीहरू जुनहरूलाई
पूजाहारी भई सेवा गर्नलाई पद प्रदान गरिएको
थियो, हारूनका ती छोराहरूका नाउँहरू यी
नै थिए । ४तरै पनि सीनको उजाड़-स्थानमा
परमप्रभुको सामुन्ने आज्ञा नगरिएको आगोमा
भेटी चढ़ाउँदा नादाब र अबीहूको मृत्यु उहाँको
सामुन्ने भयो । तिनीहरूका कुनै छोराहरू थिएनन्,
यसकारण एलाजार र ईतामारले मात्र आफ्नो
बाबु हारूनको जीवनभरि पूजाहारीको रूपमा
सेवा गरे ।

५परमप्रभुले मोशालाई भन्नुभयो, ६"लेवीको
कुललाई ल्याएर तिनीहरूलाई पूजाहारी
हारूनलाई सघाउन भनी त्यसलाई दिइहाल्नू ।
७तिनीहरूले भेट हुने पालमा पवित्र वासस्थानको
काम गरेर त्यसको र सारा समुदायको निम्ति
कर्तव्य पालन गरून् । ८तिनीहरूले पवित्र
वासस्थानको काम गरेर इस्राएलीहरूप्रतिको
दायित्व पूरा गर्दै भेट हुने पालका सर-
सामानहरूको हेरचाह गरून् । ९लेवीहरू हारून
र त्यसका छोराहरूलाई दिइहाल्नू, तिनीहरू

३:२–गन्ती २६:६०. ३:४–लेवी १०:१-२; गन्ती २६:६१.

ती इस्राएलीहरू हुन् जुनहरू तिनलाई सम्पूर्ण
रूपले दिइनुपर्छ । **१०**हारून र त्यसका
छोराहरूलाई पूजाहारी काम गर्नलाई नियुक्त
गर्नू, अरू कोही जो पवित्रस्थानको नजीक जान्छ
त्यो अवश्य मारिनुपर्छ ।"

**११**परमप्रभुले मोशालाई यो पनि भन्नुभयो,
**१२**"मैले लेवीहरूलाई इस्राएलीहरूबाट प्रत्येक
इस्राएली स्त्रीको जेठो छोराको सट्टा लिएको
छु । लेवीहरू मेरा हुन्, **१३**किनकि सबै जेठाहरू
मेरा हुन् । मिश्रमा मैले सबै जेठाहरूलाई प्रहार
गर्दा मैले इस्राएलमा मानिस होस् कि पशु,
प्रत्येक जेठोलाई आफ्नो निम्ति अलग गरें ।
अनि ती मेरा हुनुपर्छ । म परमप्रभु हुँ ।"

**१४**परमप्रभुले सीनैको उजाड़-स्थानमा
मोशालाई भन्नुभयो, **१५**"लेवीहरूलाई आफ्नो-
आफ्नो परिवार र वंश गरी गन्ती गर् । एक
महिना र त्यसभन्दा माथिको प्रत्येक पुरुषलाई
गन्नू ।" **१६**यसरी आफूले आज्ञा पाएझैं परमप्रभुको
वचनअनुसार मोशाले तिनीहरूको गन्ती गरे ।

**१७** लेवीका छोराहरूका नाउँहरू यी नै थिए:
गेर्शोन, कहात र मरारी ।
**१८** गेर्शोनको वंशका नाउँहरू यी नै थिए:
लिब्नी र शिमी ।
**१९** कहातको वंशका:
अम्राम, यिसहार, हेब्रोन र उज्जीएल,
**२०** मरारीको वंशका:
महली र मूशी ।

आफ्ना परिवारअनुसार लेवीको वंशका
नाउँहरू यी नै थिए ।

**२१**गेर्शोनीबाट लिब्नि र शिमीहरूका वंश
भए; गेर्शोनका वंशहरू यी नै हुन् । **२२**एक
महिना र माथिका गनिएका सबै पुरुषहरूको
सङ्ख्या सात हजार पाँच सय थियो । **२३**गेर्शोनी
वंशकाहरूले पश्चिममा, पवित्र वासस्थानको
पछिल्तिर छाउनी लाउन पर्ने थियो । **२४**गेर्शोनीका
परिवारहरूको अगुवा लाएलको छोरा एल्यासाप
थिए । **२५**भेट हुने पालमा गेर्शोनीहरू पवित्र
वासस्थान र पाल, त्यसका आवरणहरू, भेट
हुने पालको प्रवेशद्वारमा भएका पर्दाहरू,
**२६**चोकका पर्दाहरू, पवित्र वासस्थान र वेदीको
चारैतिरका चोकको प्रवेशद्वारामा भएका पर्दाहरू
र तिनीहरूका प्रयोग सम्बन्धी हरेक कुराको
हेरचाहका जिम्मेवार थिए ।

**२७**अम्रामी, यिसहारी, हेब्रोनी र उज्जीएलीका
वंशहरू कहातका थिए, ती कहाती वंशकाहरू
थिए । **२८**एक महिना र माथिका सबै पुरुषहरूको
सङ्ख्या आठ हजार छ सय थियो । कहातीहरू
पवित्रस्थानको हेरचाहका जिम्मेवारहरू थिए ।
**२९**कहाती वंशकाहरूले पवित्र वासस्थानको
दक्षिणतिर छाउनी लाउनुपर्ने थियो । **३०**कहाती
वंशका परिवारहरूको अगुवा उज्जीएलको
छोरा एलीसापान थियो । **३१**तिनीहरू सन्दूक,
मेच, पानस, वेदीहरू सेवा गर्दा चलाउने
पवित्रस्थानका सामानहरू, पर्दा अनि प्रयोग
गरिने प्रत्येक कुराका हेरचाहका जिम्मेवार
थिए । **३२**लेवीहरूका प्रमुख अगुवा पूजाहारी
हारूनका छोरा एलाजार थिए । तिनी
पवित्रस्थानको हेरचाह गर्नेहरूमाथि नियुक्त
भएका थिए ।

**३३**महली र मूशीहरूका वंशहरू मरारीका
थिए, ती मरारी वंशका थिए । **३४**एक महिना
र माथिका गनिएका सबै पुरुषहरूको सङ्ख्या
छ हजार दुई सय थियो । **३५**मरारी वंशको
परिवारहरूको अगुवा अबीहेलको छोरा सूरीएल
थिए; तिनीहरूले पवित्र वासस्थानको उत्तरतिर
छाउनी लाउनुपर्ने थियो । **३६**मरारीहरू पवित्र
वासस्थानको फर्माहरू, त्यसका बारहरू,
खामाहरू, आधारहरू, त्यसका सबै सर-
सामानहरू र प्रयोगमा आउने प्रत्येक कुरा,
**३७**साथसाथै चारैतिरका चोक र त्यसका
आधारहरू, पालका खुटी र डोरीहरूको
हेरचाह गर्न नियुक्त भएका थिए ।

**३८**मोशा र हारून अनि तिनका छोराहरूले
पूर्वपट्टि सूर्योदयतिर पालको सामने छाउनी
लाउनुपर्ने थियो । तिनीहरू इस्राएलीहरूको

---

**३:१३**–प्रस्थान १३:२.

पक्षमा पवित्रस्थानको हेरचाह गर्नको लागि
जिम्मेवार थिए । पवित्र वासस्थानको नजीक
जो गए पनि त्यो मारिनुपर्ने थियो ।
**३९**परमप्रभुको आज्ञाअनुसार लेवीहरूलाई
तिनीहरूका वंशसहित एक महिना र माथिका
प्रत्येक पुरुषलाई मोशा र हारूनले गनेको
सङ्ख्या बाइस हजार थियो ।
**४०**परमप्रभुले मोशालाई भन्नुभयो, “एक
महिना र माथिका सबै जेठा इस्राएलीहरूलाई
गनेर तिनीहरूका नाउँको एउटा सूची
बनाउनू । **४१**इस्राएलीहरूका जेठाहरूको सट्टा
लेवीहरू र इस्राएलीहरूका जेठा गाईबस्तुको
सट्टा लेवीहरूका गाईबस्तु मेरो निम्ति
ल्याउनू । म परमप्रभु हुँ ।”
**४२**यसकारण परमप्रभुले तिनलाई आज्ञा
गर्नुभएझैँ मोशाले इस्राएलीहरूका जेठाहरूको
गन्ती लिए । **४३**एक महिना र माथिका जेठा
पुरुषहरूको सङ्ख्या नाउँद्वारा दर्ता गराएअनुसार
बाईस हजार दुई सय त्रीहत्तर थियो ।
**४४**परमप्रभुले मोशालाई यो पनि भन्नुभयो,
**४५**“इस्राएलीहरूका सबै जेठाहरूको सट्टामा
लेवीहरूलाई र तिनीहरूका गाईबस्तुको सट्टामा
लेवीहरूका गाईबस्तु लिनू । लेवीहरू मेरा
हुन् । म परमप्रभु हुँ । **४६**लेवीहरूको सङ्ख्याभन्दा
बढ़ी भएका दुई सय त्रीहत्तर जना जेठाहरूको
छुटकाराको निम्ति, **४७**प्रत्येकको लागि पाँच
शेकेल उठाउनू, अर्थात् पवित्रस्थानको
शेकेलबमोजिम जुनचाहिँ बीस गेड़ा हुन्छ ।
**४८**अनि थप गरिएका इस्राएलीहरूका
छुटकाराको दामचाहिँ तैँले हारून र त्यसका
छोराहरूलाई दिनू ।”
**४९**यसकारण मोशाले लेवीहरूद्वारा
छुटकारा पाएका इस्राएलीहरूको सङ्ख्या भन्दा
धेरै भएकाहरूबाट छुटकाराको मोल उठाए ।
**५०**इस्राएलीहरूका जेठाहरूबाट तिनले
पवित्रस्थानको शेकेलबमोजिम एक हजार तीन
सय पैँसठ्ठी शेकेल ओजन चाँदी बटुले । **५१**मोशाले
त्यो छुटकाराको मोल परमप्रभुको वचनले
तिनलाई आज्ञा गरेझैँ हारून र तिनका
छोराहरूलाई दिए ।

## कहातीहरू

**४** परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो:
**२**“लेवीहरूका कहाती शाखालाई
तिनीहरूका वंश र परिवारअनुसार गन्ती
गर्नू । **३**भेट हुने पालमा सेवा गर्न आउने तीसदेखि
पचास वर्षसम्मकाहरू सबैलाई गन्ती गर्नू ।
**४**“भेट हुने पालमा कहातीहरूले गर्ने काम
यही हो: अर्थात् महा-पवित्र चीजहरूको
हेरचाह । **५**छाउनी अघि बढ्दा हारून र त्यसका
छोराहरूले भित्र गएर छेक्ने पर्दा तल झारून्
र त्यसले साक्षीको सन्दूक ढाकून् । **६**त्यसपछि
तिनीहरूले त्यसलाई सीलको छालाले ढाकेर
त्यसमाथि पूरै नीलो लुगा फिँजाइदेऊन् र
डण्डाहरू ठीक ठाउँमा राखिदेऊन् ।
**७**“उपस्थितिको टेबुलमाथि तिनीहरूले नीलो
लुगा ओछ्याएर त्यसमाथि थालहरू, कचौराहरू
र बाटाहरू अनि अर्घबलिको कलश राखून् ।
त्यहाँ रहिरहनुपर्ने रोटी त्यसमाथि हुनुपर्छ ।
**८**यी कुराहरूमाथि तिनीहरूले एउटा रातो लुगा
ओछ्याऊन् र त्यसलाई सीलको छालाले ढाकेर
त्यसका डण्डाहरू ठीक ठाउँमा राखून् ।
**९**“तिनीहरूले एउटा नीलो लुगा लिएर
प्रकाशको निम्ति राखिएको पानसलाई त्यसका
बत्तीहरू, त्यसका सलेतो मिलाउने चिम्टाहरू,
मोसोदानी र तेल राख्ने कलशसमेत छोपून् ।
**१०**त्यसपछि तिनीहरूले त्यसलाई त्यसका सर-
सामानहरूसितै सीलका छालाले लपेटेर एउटा
बोक्ने फर्मामा राखून् ।
**११**“सुनको वेदीमाथि तिनीहरूले एउटा नीलो
लुगा फिँजाएर त्यसलाई सीलको छालाले छोपेर
डण्डाहरूलाई त्यसका ठीक ठाउँमा राखून् ।
**१२**“तिनीहरूले पवित्र वासस्थानमा सेवा गर्दा
प्रयोग गरिने सबै सामानहरू लिएर तिनीहरूलाई
सीलको छालाले छोपेर तिनीहरूलाई बोक्ने
फर्मामा राखून् ।
**१३**“तिनीहरूले काँसाको वेदीबाट खरानीहरू
निकालेर त्यसमाथि एउटा बैजनी वस्त्र
फिँजाइदेऊन् । **१४**त्यसपछि तिनीहरूले त्यसमाथि
वेदीमा सेवा गर्दा प्रयोग गरिने सबै भाँड़ा-
कुँड़ाहरूको साथमा आगो झिक्ने पन्यूँहरू,

मासु तान्ने काँटाहरू, बेल्चाहरू र पानी छर्कने
बाटाहरू राखिदेऊन् । त्यसमाथि तिनीहरूले
सीलको छालाको छोप्ने फिँजाइदिएर डण्डाहरू
ठीक ठाउँमा राखून् ।

**१५**"हारून र त्यसका छोराहरूले पवित्र
सर-सामानहरू र सबै पवित्र चीजहरू
छोपिसकेपछि र छाउनी अघि सर्न तयार भएपछि
ती बोक्ने कामको लागि कहातीहरू आऊन् ।
तर तिनीहरूले पवित्र कुराहरू नछोऊन् नत्रता
तिनीहरू मर्नेछन् । कहातीहरूले भेट हुने
पालभित्र भएका चीजहरू बोकून् ।

**१६**"पूजाहारी हारूनको छोरा एलाजार,
प्रकाशको निम्ति तेल, सुगन्धित धूप, नियमित
अन्नबलि अनि अभिषेकको तेलको जिम्मामा
रहनेछ । त्यो सम्पूर्ण पवित्रस्थान अनि त्यसमा
भएको प्रत्येक कुरा लगायत त्यसका पवित्र
सर-सामान र चीजहरूको जिम्मामा रहनेछ ।"

**१७**परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
**१८**"कहाती कुलका वंशहरू लेवीहरूबाट अलग
नगरिऊन् भन्ने कुरामा ध्यान दिनू । **१९**.अनि
महा-पवित्र कुराहरूको नजीक आउँदा तिनीहरू
नमरून् तर बाँचून्; तिनीहरूको निम्ति यो
गर्नू: हारून र त्यसका छोराहरू पवित्रस्थानभित्र
गएर प्रत्येक मानिसलाई त्यसको काम
सुम्पिदेऊन् र त्यसले के बोक्नुपर्छ त्यो
जिम्मा लगाइदेऊन् । **२०**तर कहातीहरू पवित्र
कुराहरू हेर्नको निम्ति एकै क्षण भए पनि भित्र
नजाऊन्, नत्रता तिनीहरू मर्नेछन् ।"

## गेर्शोनीहरू

**२१**परमप्रभुले मोशालाई भन्नुभयो,
**२२**"गेर्शोनीहरूलाई पनि तिनीहरूका परिवार
र वंशअनुसार गन्ती गर्नू । **२३**तीस वर्ष र
माथिका भेट हुने पालमा काम गर्न आउने सबै
मानिसहरूलाई गन्नू ।

**२४**"गेर्शोनीहरूले काम गर्दा र भारी बोक्दा
तिनीहरूका वंशको सेवा यही हो: **२५**तिनीहरूले
यी कुराहरू बोकून्, अर्थात् पवित्र वासस्थानका
पर्दाहरू, भेट हुने पाल, त्यसको आवरण र
सीलको छालाका बाहिरी आवरणहरू भेट हुने
पालको प्रवेशद्वारका पर्दाहरू, **२६**वासस्थान र
वेदीका चारैतिरको चोकका पर्दाहरू, ढोकाको
पर्दा, डोरीहरू त्यसका काममा प्रयोग गरिने
सबै सामानहरू । यी कुराहरूद्वारा गरिने सबै
कामहरू गेर्शोनीहरूले गरून् । **२७**तिनीहरूका
सबै सेवाहरू, चाहे बोक्ने अथवा अरू कामहरू
हारून र त्यसका छोराहरूको निर्देशनमा
गरिऊन् । तिनीहरूले बोक्ने सबै कुराहरू तैंले
तिनीहरूको जिम्मामा लगाइदिनू । **२८**भेट हुने
पालमा गेर्शोनी वंशका सेवाहरू यही हो ।
तिनीहरूका कर्तव्यहरू पूजाहारी हारूनको
छोरा ईतामारको निर्देशनमा होऊन् ।"

## मरारीहरू

**२९**"मरारीहरूलाई तिनीहरूका वंश र
परिवारअनुसार गन्नू । **३०**भेट हुने पालमा
सेवा गर्न आउने तीस वर्ष र माथिका सबै
मानिसहरूलाई गन्नू । **३१**भेट हुने पालमा
तिनीहरूले आफ्ना काम गर्दा तिनीहरूको कर्तव्य
यही हो: अर्थात् पवित्र वासस्थानका फर्माहरू,
त्यसका कोठे बारहरू, खामाहरू अनि
आधारहरू बोक्नू, **३२**अनि चारैतिर चोकका
खामाहरू, त्यसका आधारहरू, पालका
खुट्टीहरू, डोरीहरू, सबै सामानहरू र प्रयोग
गरिने सबै कुराहरू बोक्नु । प्रत्येक मानिसलाई
उसले बोक्नुपर्ने कुरो तोकिदिनू । **३३**हारून
पूजाहारीको छोरा ईतामारको निर्देशनमा
मरारी वंशहरूले भेट हुने पालमा काम गर्दा
गर्नु पर्ने सेवा यही हो ।"

## लेवी वंशहरूको गन्ती

**३४**मोशा, हारून र समुदायका अगुवाहरूको
कहातीहरूलाई तिनीहरूका वंश र परिवारहरूको
आधारमा गन्ती गरे । **३५**भेट हुने पालमा सेवा
गर्न आउने तीसदेखि पचास वर्षसम्मका
सबै मानिसहरू थिए । **३६**तिनीहरूका वंशअनुसार
गनिएकाहरू दुई हजार सात सय पचास
थिए । **३७**भेट हुने पालमा सेवा गर्ने कहाती
वंशहरूको जम्मा सङ्ख्या यही थियो ।
मोशाद्वारा आएको परमप्रभुको आज्ञाअनुसार

मोशा र हारूनले तिनीहरूलाई गने ।

**३८**गेर्शोनीहरू तिनका पुर्खाका घराना र परिवार गरी गनिएका थिए । **३९**तीस वर्षको उमेरदेखि पचास वर्षसम्म उमेरको जो जो भेट हुने पालको कामको निम्तिको सेवामा भर्ना भए, **४०**तिनका पुर्खाका घराना र परिवार गरी गनिएका दुई हजार छ सय तीस थिए । **४१**भेट हुने पालको काम गर्ने सबै गेर्शोनीहरूका परिवारको सङ्ख्या यही थियो । परमप्रभुको आज्ञाअनुसार मोशा र हारूनले तिनीहरूलाई गनेका थिए ।

**४२**मरारीहरू तिनीहरूका वंश र परिवारअनुसार गनिए । **४३**भेट हुने पालमा सेवा गर्न आउने तीसदेखि पचास वर्षसम्मका सबै मानिसहरू, **४४**तिनीहरूका वंशअनुसार गनिएकाहरू तीन हजार दुई सय थिए । **४५**मरारी वंशकाहरूको सङ्ख्या जम्मा यही थियो । मोशाद्वारा आएको परमप्रभुको आज्ञा-अनुसार मोशा र हारूनले तिनीहरूलाई गने ।

**४६**यसरी मोशा, हारून र समुदायका अगुवाहरूले सबै लेवीहरूलाई तिनीहरूका वंश र परिवारअनुसार गन्ती गरे । **४७**काम गर्न आउने र भेट हुने पाल बोक्ने तीसदेखि पचास वर्षसम्मका सबै मानिसहरूको सङ्ख्या **४८**आठ हजार, पाँच सय, असी थियो । **४९**मोशाद्वारा आएको परमप्रभुको आज्ञामा प्रत्येकलाई उसको काम र के बोक्नुपर्छ त्यो सुम्पियो ।

यसरी तिनीहरू परमप्रभुले मोशालाई आज्ञा गर्नुभएअनुसार गनिए ।

## छाउनीको शुद्धता

**५** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"जसको सरूवा चर्मरोग अथवा कुनै किसिमको वीर्य-पतनको रोग छ अथवा मर्दाको कारणले विधिपूर्वक अशुद्ध छ भने त्यसलाई छाउनीबाट निकालिदिनू भनेर इस्राएलीहरूलाई हुकुम दिनू । **३**तिनीहरू पुरुष अथवा स्त्री जोसुकै भए पनि निकालिदिनू; तिनीहरूलाई छाउनीबाट बाहिर निकालिदिनू र म तिनीहरूबीच बस्ने छाउनी तिनीहरूले अशुद्ध नपारून् । **४**इस्राएलीहरूले त्यसै गरेर तिनीहरूलाई छाउनीबाहिर निकालिदिए । तिनीहरूले परमप्रभुले मोशालाई हुकुम गर्नुभएझैँ गरे ।

## अपराधका लागि क्षतिपूर्ति

**५**परमप्रभुले मोशालाई भन्नुभयो, **६**"इस्राएलीहरूलाई भन्: 'कुनै पुरुष अथवा स्त्रीले कसैप्रति कुनै किसिमको अपराध गरेर परमप्रभुप्रति अविश्वासी भयो भने त्यो व्यक्ति दोषी हो, **७**र त्यसले आफूले गरेको पाप मानिलिनुपर्छ । त्यसले आफ्नो अपराधको सम्पूर्ण क्षतिपूर्ति तिर्नुपर्छ, त्यसमा पाँचौ भाग थपेर त्यसले अपराध गरेको व्यक्तिलाई दिनुपर्छ । **८**तर त्यस अपराधको निम्ति क्षतिपूर्ति दिनलाई त्यस मानिसको नजीकको कुनै नातेदार छैन भने, त्यो क्षतिपूर्ति परमप्रभुको हुनेछ र त्योचाहिँ त्यसको निम्ति प्रायश्‍चित गरिने भेड़ासित पूजाहारीलाई दिनुपर्छ । **९**इस्राएलीहरूले पूजाहारीकहाँ ल्याएका सबै पवित्र अशं-भेटीहरू पूजाहारीकै हुनेछ । **१०**प्रत्येक मानिसको पवित्र उपहारहरू त्यसका आफ्नै हुन्, तर त्यसले पूजाहारीलाई जे दिन्छ त्यो पूजाहारीकै हुनेछ ।'"

## अविश्‍वासयोग्य स्वास्नीको जाँच

**११**त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, **१२**"इस्राएलीहरूलाई भन्: 'यदि कुनै मानिसको पत्नी बरालिएर त्यसले आफ्नो लोग्नेप्रति विश्‍वासघात गरेर, **१३**अर्को मानिससित सुतेर लोग्नेप्रति अविश्‍वासयोग्य भई र त्यो लोग्नेले थाहा पाएन र (त्यस स्त्रीको विरुद्धमा कुनै साक्षी नभएकोले र कुकर्म गर्दै गर्दा पक्रा नपरेकीले) त्यसको अशुद्धता गुप्तमै रहेको छ भने, **१४**र त्यसको लोग्नेमा डाहाको भावना जागेकोले त्यसकी स्वास्नी अशुद्ध छ भन्ने शंका गरेकोले, अथवा त्यसमा डाह जागेकोले त्यसकी

---

**५:५-८**–लेवी ६:१-७.

स्वास्नी अशुद्ध नभए तापनि शंका गरेकोले
**१५**त्यसले आफ्नी स्वास्नीलाई पूजाहारीकहाँ
लैजाओस्। त्यसले त्यसको पक्षमा एपाको दशौँ
भाग जौंको पीठोको भेटी पनि ल्याओस्। त्यसले
त्यसमा तेल नखन्याओस् र सुगन्ध पनि
नहालोस्, किनकि त्यो डाहको निम्ति अन्नबलि
अर्थात् दोषप्रति ध्यान आकर्षित गर्न सम्झाउने
अन्नबलि हो।

**१६**"'पूजाहारीले त्यस स्त्रीलाई ल्याएर
परमप्रभुको सामुन्ने उभिन लाओस्। **१७**त्यसपछि
त्यसले एउटा माटोको कलशमा केही पवित्र
पानी लिएर त्यसमा पवित्र वासस्थानको भूइँबाट
केही धूलो हालोस्। **१८**पूजाहारीले त्यस स्त्रीलाई
परमप्रभुको सामुन्ने उभ्याइसकेपछि त्यसले
उसको केश खोलिदिएर त्यसको हातमा रहेको
भेटी, अर्थात् डाहको अन्नबलि राखिदेओस्
अनि आफैले चाहिँ श्राप ल्याउने तीतो पानी
पक्रोस्। **१९**त्यसपछि पूजाहारीले त्यस स्त्रीलाई
शपथको अधीनमा राखोस् अनि त्यसलाई भनोस्
'यदि अरू कुनै मानिस तँसित सुतेको छैन अनि
तेरो विवाह तेरो लोग्नेसित भएपछि तँ
बरालिएर अशुद्ध भएकी छैनस् भने, श्राप ल्याउने
यो तीतो पानीले तँलाई हानि नगरोस्। **२०**तर
आफ्नो लोग्नेसित विवाह भएपछि तँ बरालिएर
आफ्नो लोग्नेबाहेक अर्को मानिससित सुतेर
तैंले आफैलाई अशुद्ध पारेकी छस् भने" **२१**यहाँ
पूजाहारीले त्यस स्त्रीलाई यस श्रापको अधीनमा
राखोस्, "परमेश्वरले तेरो फिला कुहुन र
तेरो पेट फुलिन लाउनुहुँदा उहाँले तेरा
मानिसहरूलाई तँलाई सराप्न अनि धिक्कार्न
लाऊन् **२२**श्राप ल्याउने यो पानी तेरो शरीर
भित्र पसोस् र तेरो पेट फुलिओस् र तेरो
फिला कुहिजाओस्।"

"'त्यसपछि त्यस स्त्रीले 'आमेन ! यस्तै
होस्।' भनोस्।"

**२३**"'पूजाहारीले यो श्राप एउटा बेहेरूवामा
लेखेर त्यसलाई त्यस तीतो पानीमा
पखालिदेओस्। **२४**श्राप ल्याउने त्यो पानी त्यसले
त्यस स्त्रीलाई पिउन देओस्, अनि त्यस पानीले
त्यसभित्र पसेर कष्ट ल्याउनेछ। **२५**पूजाहारीले
त्यसको हातबाट डाहको अन्नबलि लिएर
त्यसलाई परमप्रभुको सामुन्ने त्यसलाई
वेदीमा ल्याओस्। **२६**त्यसपछि पूजाहारीले त्यस
अन्नबलिबाट एक मुठी सम्झना भेटीको रूपमा
लिएर त्यसलाई वेदीमा जलाओस्; त्यसपछि
त्यसले त्यस स्त्रीलाई त्यो पानी पिउन
लाओस्। **२७**यदि आफ्नो लोग्नेप्रति अविश्वासी
भएर त्यसले आफैलाई अशुद्ध पारेकी छ भने
श्राप ल्याउने त्यो पानी त्यसलाई पिउन दिएपछि
त्यसले त्यो भित्र पसेर कष्ट ल्याउनेछ। त्यसको
पेट सुनिने छ र फिला कुहुनेछ अनि त्यो
आफ्ना मानिसहरू बीच श्रापित हुनेछे।
**२८**तर यदि त्यसले आफैलाई अशुद्ध पारेकी
छैन र अशुद्धताबाट मुक्त छे भने त्यो आफ्नो
दोषबाट मुक्त भएर बालबच्चाहरू जन्माउन
सक्ने हुनेछे।

**२९**"'यसकारण, डाहको नियम यही हो जब
आफ्नो लोग्नेसित विवाह भइसकेपछि कुनै स्त्रीले
बरालिएर आफैलाई अशुद्ध पार्छे, **३०**अथवा जब
कुनै मानिसले आफ्नी स्वास्नीप्रति शंका गरेर
डाहको भावना त्यसभित्र आउँछ। पूजाहारीले
त्यस स्त्रीलाई परमप्रभुको सामुन्ने उभिनु लाएर
त्यसमाथि यो सम्पूर्ण नियम लगाउनुपर्छ। **३१**तब
त्यो लोग्ने कुनै अधर्मबाट निर्दोष ठहरिन्छ,
तर त्यो स्त्रीले चाहिँ आफ्नो अधर्मको दण्ड
बोक्नेछे।'"

## नाजिरी

**६** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूलाई भन्: 'यदि कुनै पुरुष
अथवा स्त्रीले विशेष भाकल, अर्थात् नाजिरीको
रूपमा परमप्रभुको निम्ति अलग हुनलाई भाकल
गर्ने इच्छा गर्छ भने, **३**त्यसले आफैलाई दाखमद्य
र अरू मद्यबाट अलग राख्नुपर्छ अनि दाखमद्य
अथवा मात्ने कुरोबाट बनिएको सिर्का पिउनु
हुँदैन। **४**जति दिनसम्म त्यो नाजिरी भएर

**६:३**–लूका १:१५.

अलग बस्छ, त्यसले दाखका बीउदेखि लिएर
बोक्रासम्म केही नखाओस् ।

**५**"'अलग रहने भाकल गरेको सम्पूर्ण
समयभरि त्यसको शिरमा छुरा नलाइओस् ।
परमप्रभुको निम्ति अलग रहेन समय समाप्त
नभएसम्म त्यो पवित्र रहोस्, त्यसले आफ्नो
केश लामो बढ़न देओस् । **६**परमप्रभुको निम्ति
अलग रहने समयभरि त्यो कुनै मुर्दाको नजीक
नजाओस् । **७**त्यसको आफ्नै बाबु अथवा आमा
अथवा दाज्यूभाइ अथवा दिदीबहिनी मर्दा पनि
तिनीहरूको कारण त्यसले आफैलाई विधिपूर्वक
अशुद्ध नपारोस् किनकि त्यो परमप्रभुको निम्ति
अलग भएको चिन्ह यसको शिरमा छ । **८**त्यो
त आफ्नो अलग कालको समयभरिको लागि
परमप्रभुमा अर्पित भएको छ ।

**९**"'यदि कोही त्यसको उपस्थितिमा अचानक
मरेर त्यसको केशलाई अशुद्ध पार्‍यो भने त्यसले
आफ्नो शुद्धिकरणको दिन, अर्थात् सातौँ दिन
आफ्नो कपाल खौरोस् । **१०**त्यसपछि आठौं दिनमा
त्यसले दुईओटा ढुकुरहरू अथवा दुईओटा
कलिला परेवाहरू पूजाहारीकहाँ भेट हुने पालको
प्रवेशद्वारमा ल्याओस् । **११**मुर्दाको नजीक भएर
त्यसले पाप गरेको हुनाले पूजाहारीले त्यसको
निम्ति प्रायश्चित गर्नलाई तीबाट एउटा पापबलि,
अर्कोचाहिँ होमबलि गरी चढ़ाऊन् । अनि त्यही
दिन त्यसले आफ्नो शिर चोख्याओस् । **१२**आफू
अलग रहने समय होउञ्जेल त्यसले परमप्रभुको
लागि आफैलाई अर्पण गरोस्, र दोषबलिको
निम्ति एक वर्षे थुमा ल्याओस् । त्यसको अलग
रहेको समय अशुद्ध भएको हुनाले, ती अघिका
दिनहरूको गन्ती हुनेछैन ।

**१३**"'नाजिरीको लागि उसको अलग रहने
समय पूरा भएपछिको नियम यही हो । त्यसलाई
भेट हुने पालको प्रवेशद्वारमा ल्याउनू । **१४**त्यहाँ
त्यसले परमप्रभुको निम्ति आफ्नो भेटी ल्याओस्
अर्थात् होमबलिको निम्ति भेड़ाको एक वर्षे
निस्खोट पाठा, पापबलिको निम्ति भेड़ाको एक
वर्षे निस्खोट पाठी, मेलबलिको निम्ति एउटा
निस्खोट भेड़ा, **१५**साथसाथै तिनहिरूका
अन्नबलिहरू एक डालो रोटी, अर्थात् तेलबलि
मिसाएर बनाएका मसिनो पीठोका फुलौराहरू
र तेल दलेका बाबरहरू ।

**१६**"'तब पूजाहारीले परमेश्वरको सामुन्ने
ती प्रस्तुत गरोस् अनि पापबलि र मेलबलि
चढ़ाओस् । **१७**त्यसले परमप्रभुको सामुन्ने
अखमीरे रोटीको डालो प्रस्तुत गरोस् र अन्नबलि
र अर्घबलिको साथमा सङ्गति-बलिस्वरूप भेड़ा
चढ़ाओस् ।

**१८**"'त्यसपछि भेट हुने पालको प्रवेशद्वारमा
नाजिरीले आफूले अर्पण गरेको केश खौरोस् ।
त्यसले केश लिएर त्यसलाई मेलबलिको मुन्तिर
भएको आगोमा हालिदेओस् ।

**१९**"'नाजिरीले आफ्नो समर्पणको केश
खौरेपछि पूजाहारीले त्यसको हातमा भेड़ाको
उसिनेको काँध र डालोबाट खमीर नहालेको
फुलौरो र बाबर राखिदेओस् । **२०**त्यसपछि
पूजाहारीले तिनीहरूलाई बलिस्वरूप परमप्रभुको
सामुन्ने ल्याओस् । ती पवित्र छन् र
ल्याइएको ह्याकुला र चढ़ाइएको फिलासितै
ती पूजाहारीका हुन् । त्यसपछि नाजिरीले
दाखमद्य पिउनसक्छ ।

**२१**"'नाजिरीले दिन सक्ने अरू कुराबाहेक
त्यसले आफ्नो अलग हुने कामको अनुसार
त्यसले परमप्रभुलाई भाकल गरेको भेटीको
विषयमा त्यसको लागि यही नियम हो ।
नाजिरीको नियमअनुसार त्यसले गरेको भाकल
पूरा गर्नुपर्छ ।'"

## पूजाहारीले दिने आशीर्वाद

**२२**परमप्रभुले मोशालाई भन्नुभयो, **२३**"हारून
र त्यसका छोराहरूलाई भन्, 'तिमीहरूले
इस्राएलीहरूलाई आशीर्वाद दिँदा यसो भन्नू:

**२४** "'"परमप्रभुले तिमीहरूलाई आशिष्
देऊन्
र तिमीहरूलाई रक्षा गरून्;

**६:१३-२१**–प्रेरित २१:२३-२४.

२५ परमप्रभुले आफ्नो अनुहार
तिमीहरूप्रति चम्काऊन्
र तिमीहरूप्रति अनुग्रही बनून्,
२६ परमप्रभुले आफ्नो अनुहार
तिमीहरूतिर फर्काऊन्
र तिमीहरूलाई शान्ति देऊन् ।"'

२७"यसरी तिनीहरूले मेरो नाउँ
इस्राएलीहरूमा राखून्, र म तिनीहरूलाई
आशिष् दिनेछु ।"

### वासस्थानको समर्पणमा भेटीहरू

७ मोशाले वासस्थान खड़ा गरिसकेपछि
तिनले त्यसलाई र त्यसका सर-
सामानहरूलाई अभिषेक गरेर पवित्र तुल्याए ।
तिनले वेदी र त्यसका सबै भाँड़ाकुँड़ाहरूलाई
पनि अभिषेक गरेर पवित्र तुल्याए । २त्यसपछि
इस्राएलका अगुवाहरू, गन्ती गरिएका
परिवारहरूका कुलनायकहरूले भेटीहरू
चढ़ाए । ३तिनीहरूले परमप्रभुको सामने आफ्ना
उपहारस्वरूप छओटा छोपिएका गाड़ाहरू र
बाह्रओटा गोरुहरू अर्थात् प्रत्येक अगुवाबाट
एउटा गोरु र दुई अगुवाहरूबाट एउटा गाड़ा
गरी ल्याए । तिनीहरूले ती पवित्र वासस्थानको
सामने प्रस्तुत गरे ।

४परमप्रभुले मोशालाई भन्नुभयो,
५"तिनीहरूलाई भेट हुने पालको काममा प्रयोग
गर्नको निम्ति तिनीहरूबाट ती ग्रहण गर्नू ।
प्रत्येक मानिसको कामको खाँचोअनुसार ती
लेवीहरूलाई दिनू ।"

६यसकारण मोशाले गाड़ाहरू र गोरुहरू
लिएर लेवीहरूलाई ती दिए । ७गेर्शोनीहरूलाई
तिनीहरूको कामको खाँचोअनुसार तिनले
दुईओटा गाड़ाहरू र चारओटा गोरुहरू दिए,
८र मरारीहरूलाई तिनीहरूको कामको
खाँचोअनुसार चारओटा गाड़ाहरू र आठओटा
गोरुहरू दिए । तिनीहरू सबै पूजाहारी हारूनका
छोरा ईतामारको निर्देशनको अधीनमा थिए ।
९तर मोशाले कहातीहरूलाई केही पनि दिएनन्,
किनकि तिनीहरूको जिम्मामा रहेभैँ तिनीहरूले
आफ्ना काँधमा पवित्र कुराहरू बोक्नुपर्ने
थियो ।

१०वेदीको अभिषेक भएपछि अगुवाहरूले
तिनीहरूका भेटीहरू समर्पणको लागि ल्याए र
तिनीहरूलाई वेदीको सामुन्ने प्रस्तुत गरे ।
११किनकि परमेश्वरले मोशालाई भन्नुभएको
थियो, "वेदीको समर्पणको निम्ति प्रत्येक दिन
एक जना अगुवाले आफ्नो भेटी ल्याओस् ।"

१२पहिलो दिन आफ्नो भेटी लिएर आउनेचाहिँ
यहूदाको कुलको अम्मिनादाबका छोरा नाशोन
थिए ।

१३तिनको भेटी यही थियो,
अर्थात् पवित्रस्थानको शेकेलको तौलअनुसार
एक सय तीस शेकेल तौलको चाँदीको
एउटा थाल र सत्तरी शेकेल तौलको एउटा
छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप तेल
मिसाएको मसिनो पीठोले भरिएको; १४धूपले
भरिएको दश शेकेल तौलको सुनको एउटा
कचौरा; १५होमबलिको निम्ति एउटा बाछा,
एउटा भेड़ा र एउटा एक वर्षे थुमा;
१६पापबलिको निम्ति एउटा बोका; १७र
मेलबलिस्वरूप चढ़ाउनलाई दुईओटा
गोरुहरू, पाँचओटा एक वर्षे थुमाहरू ।
योचाहिँ अम्मिनादाबका छोरा नाशोनको
भेटी थियो ।

१८दोस्रो दिन इस्साकारका अगुवा सूआरका
छोरा नथनिएलले आफ्ना भेटी ल्याए ।

१९तिनको भेटी यही थियो, अर्थात्,
पवित्रस्थानको शेकेलको तौलअनुसार तीस
शेकेल तौलको चाँदीको एउटा थाल र
सत्तरी शेकल तौलको चाँदीको छर्कने बाटा,
प्रत्येक अन्नबलि स्वरूप तेल मिसाएको
मसिनो पीठोले भरिएको; २०एउटा दश शेकेल
तौलको धूपले भरिएको सुनको कचौरा;
२१होमबलिको निम्ति एउटा बाछो एउटा
भेड़ा र एउटा एक वर्षे थुमा २२पापबलिको
निम्ति एउटा बोका; २३र मेलबलिस्वरूप
चढ़ाउनलाई दुईओटा गोरुहरू, पाँचओटा
भेड़ाहरू, पाँचओटा बोकाहरू, एक वर्षे

पाँचओटा थुमाहरू । सूआरको छोरा
नथलिएलका भेटीहरू यी नै हुन् ।

२४तेस्रो दिन जबूलूनका मानिसहरूका अगुवा
हेलोनका छोरा एलीआबले आफ्नो भेटी ल्याए ।
२५तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको एउटा छर्कने
बाटा र प्रत्येक अन्नबलिस्वरूप तेल
मिसाएको मसिनो पीठोले भरिएको; २६धूपले
भरिएको दश शेकेल तौलको सुनको
एउटा कचौरा; २७होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा र एउटा
एक वर्षे थुमा; २८पापबलिको निम्ति
एउटा बोका; २९र मेलबलि चढ़ाउनको
निम्ति दुईओटा गोरुहरू, पाँचओटा भेड़ाहरू,
पाँचओटा बोकाहरू, पाँचओटा एक वर्षे
थुमाहरू । हेलोनका छोरा एलिआबको भेटी
यही थियो ।

३०चौथो दिन रूबेनका मानिसहरूका अगुवा
सदेऊरका छोरा एलीसूरले आफ्नो भेटी ल्याए ।
३१तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
३२धूपले भरिएको दश शेकेल तौलको सुनको
एउटा कचौरा; ३३होमबलिको निम्ति एउटा
बाछा, एउटा भेड़ा र एउटा एक वर्षे
थुमा; ३४पापबलिको निम्ति एउटा बोका;
३५र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
सदेऊरका छोरा एलीसूरका भेटी यही
थियो ।

३६पाँचौँ दिन शिमीयोनका मानिसहरूका अगुवा
सूरीशद्दैका छोरा शलूमीएलले आफ्नो भेटी
ल्याए ।
३७तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको,
३८धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा, ३९होमबलिको निम्ति
एउटा बाछा एउटा भेड़ा र एउटा एक वर्षे
थुमा, ४०पापबलिको निम्ति एउटा बोका;
४१र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
सूरीशद्दैका छोरा शलूमीएलले चढ़ाएको
भेटी यही थियो ।

४२छैटौँ दिन गादका मानिसहरूका अगुवा
रूएलका छोरा एल्यासापले आफ्नो भेटी
ल्याए ।
४३तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको,
४४धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा, ४५होमबलिको निम्ति
एउटा बाछा एउटा भेड़ा र एउटा एक वर्षे
थुमा, ४६पापबलिको निम्ति एउटा बोका;
४७र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
रूएलका छोरा एल्यासापले ल्याएको भेटी
यही थियो ।

४८सातौँ दिन एप्रेमका मानिसहरूका अगुवा
अम्मीहूदका छोरा एलीशामाले आफ्नो भेटी
ल्याए ।
४९तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा

थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
**५०**धूपले भरिएको दश शेकेल तौलको सुनको
एउटा कचौरा; **५१**होमबलिको निम्ति एउटा
बाछा, एउटा भेड़ा र एउटा एक वर्षे थुमा;
**५२**पापबलिको निम्ति एउटा बोका; **५३**र
मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
अम्मीहूदका छोरा एलीशामाको भेटी यही
थियो ।

**५४**आठौँ दिन मनश्शेका मानिसहरूका अगुवा
पदासूरका छोरा गमलीएलले आफ्नो भेटी
ल्याए ।

**५५**तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको,
**५६**धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा, **५७**होमबलिको
निम्ति एउटा बाछा, एउटा भेड़ा र एउटा
एक वर्षे थुमा, **५८**पापबलिको निम्ति एउटा
बोका, **५९**र मेलबलि चढ़ाउनको निम्ति
दुईओटा गोरुहरू, पाँचओटा भेड़ाहरू,
पाँचओटा बोकाहरू र पाँचओटा एक वर्षे
थुमाहरू । पदासूरका छोरा गमलीएलको
भेटी यही थियो ।

**६०**नवौँ दिन बेन्यामीनका मानिसहरूका अगुवा
गिदोनीका छोरा अबीदानले आफ्नो भेटी
ल्याए ।

**६१**तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
**६२**धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा; **६३**होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा र एउटा एक वर्षे
थुमा; **६४**पापबलिको निम्ति एउटा बोका;
**६५**र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
गिदानीका छोरा अबीदानको भेटी यही
थियो ।

**६६**दशौँ दिन दानका मानिसहरूका अगुवा
अम्मीशद्दैका छोरा अहीएजेरले आफ्नो भेटी
लिएर आए ।

**६७**तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
**६८**धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा; **६९**होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा र एउटा एक
वर्षे थुमा; **७०**पापबलिको निम्ति एउटा बोका;
**७१**अनि मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्षे थुमाहरू ।
अम्मीशद्दैका छोरा अहीएजेरको भेटी यही
थियो ।

**७२**एघारौँ दिन आशेरका मानिसहरूका अगुवा
आक्रोनका छोरा पगीएलले आफ्नो भेटी
ल्याए ।

**७३**तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
**७४**धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा; **७५**होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा र एउटा एक

वर्ष थुमा; **७६**पापबलिको निम्ति एउटा बोका;
**७७**र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्ष थुमाहरू।
आक्रोनका छोरा पगीएलको भेटी यही
थियो ।

**७८**बाह्रैं दिन नप्तालीका मानिसहरूका अगुवा
एनानका छोरा अहीराले आफ्नो भेटी ल्याए ।

**७९**तिनको भेटी यही थियो, अर्थात्
पवित्रस्थानको शेकेलको तौलअनुसार एक
सय तीस शेकेल तौलको चाँदीको एउटा
थाल र सत्तरी शेकेल तौलको चाँदीको
एउटा छर्कने बाटा र प्रत्येक अन्नबलिस्वरूप
तेल मिसाएको मसिनो पीठोले भरिएको;
**८०**धूपले भरिएको दश शेकेल तौलको
सुनको एउटा कचौरा; **८१**होमबलिको निम्ति
एउटा बाछा, एउटा भेड़ा र एउटा एक
वर्ष थुमा; **८२**पापबलिको निम्ति एउटा बोका;
**८३**र मेलबलि चढ़ाउनको निम्ति दुईओटा
गोरुहरू, पाँचओटा भेड़ाहरू, पाँचओटा
बोकाहरू र पाँचओटा एक वर्ष थुमाहरू।
एनानका छोरा अहीराको भेटी यही थियो।

**८४**वेदीको अभिषेक हुँदा त्यसको समर्पणको
निम्ति इस्राएली अगुवाहरूको भेटी यही थियो,
अर्थात् चाँदीका बाह्रओटा थालहरू, चाँदीका
बाह्रओटा छर्कने बाटाहरू र सुनका बाह्रओटा
कचौराहरू । **८५**पवित्रस्थानको शेकेलअनुसार
चाँदीको प्रत्येक थालको तौल एक सय तीस
शेकेल, र चाँदीका प्रत्येक छर्कने बाटाको तौल
सत्तरी शेकेल थियो। चाँदीका थाल-बाटाहरूको
जम्मा तौल पवित्रस्थानको शेकेलअनुसार
दुई हजार चार सय शेकेल थियो । **८६**धूपले
भरिएको सुनका बाह्रओटा कचौराहरूको तौल
पवित्रस्थानको शेकेलअनुसार प्रत्येक दश शेकल
थियो। सुनका कचौराहरूको जम्मा तौल एक
सय बीस शेकेल थियो। **८७**होमबलिको निम्ति
आएका पशुहरूको जम्मा सङ्ख्या बाह्रओटा
बाछाहरू, बाह्रओटा भेड़ाहरू, बाह्रओटा एक
वर्ष थुमाहरू थिए, जसको साथमा तिनीहरूका
अन्नबलि पनि थियो । बाह्रओटा बोकाहरू
पापबलिको निम्ति प्रयोग गरिए। **८८**मेलबलिको
निम्ति चढ़ाइएका पशुहरूको जम्मा सङ्ख्या
चौबीसओटा गोरुहरू, साठीओटा भेड़ाहरू,
साठीओटा बोकाहरू र साठीओटा एक वर्षे
थुमाहरू थिए। वेदीको अभिषेक भएपछि त्यसको
समर्पणको निम्ति आएका भेटीहरू यी नै थिए।
**८९**मोशा परमप्रभुसित कुरा गर्न भेट हुने
पालभित्र पसेपछि तिनले साक्षीको पाटीमाथि
भएको प्रायश्चित आवरणमाथि भएका दुई
करूबहरूबीच तिनीसित बोलिरहेको आवाज
सुने ।

### बत्ती बाल्ने काम

**८** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"हारूनलाई
भन्, 'तैंले सातओटा बत्तीहरू बाल्दा
तिनीहरूले सामदानको अघिल्तिरको ठाउँमा
प्रकाश देऊन् ।'"

**३**अनि हारूनले त्यसै गरे । परमप्रभुले
मोशालाई आज्ञा गर्नुभएझैं सामदानको अगिल्तिर
प्रकाश दिने गरी तिनले बत्ती बाले। **४**सामदान
यसरी बनिएको थियो, त्यो फेददेखि फूलहरूसम्म
पिटिएको सुनले बनिएको थियो । सामदान
परमप्रभुले मोशालाई देखाउनुभएको नमूनाको
दुरुस्तै बनाइएको थियो ।

### लेवीहरूलाई अलग गरिएको

**५**परमप्रभुले मोशालाई भन्नुभयो:
**६**"लेवीहरूलाई अरू इस्राएलीहरूबाट लिएर
तिनीहरूलाई विधिपूर्वक शुद्ध गर्नू। **७**तिनीहरूलाई
शुद्ध गर्नको निम्ति यसो गर्नू: तिनीहरूमाथि
शुद्ध गर्ने पानी छर्कनू र तिनीहरूलाई आफ्ना
सम्पूर्ण शरीर खौरेर आफ्ना लुगाहरू धोएर
आफैंलाई शुद्ध पार्न दिनू । **८**तिनीहरूलाई
तेल मिसाएको मसिनो पीठोको अन्नबलिसित
एउटा बाछा लिन लाउनू र तैंले पापबलिस्वरूप

---

**८:१-४**–प्रस्थान २५:३१-४०; ३७:१७-२४.

दोस्रो बाछा लिनू । ९लेवीहरूलाई भेट हुने
पालको सामुन्ने ल्याउनू र सारा इस्राएली
समूदायलाई भेला गर्नू । १०तैंले लेवीहरूलाई
परमप्रभुको सामुन्ने ल्याउनू र इस्राएलीहरूले
तिनीहरूमाथि आफ्ना हात राखून् । ११हारूनले
लेवीहरूलाई इस्राएलीहरूबाट ल्याउने बलिस्वरूप
परमप्रभुको सामुन्ने प्रस्तुत गरोस्, ताकि
तिनीहरू परमप्रभुको काम गर्न तयार होऊन् ।
१२"लेवीहरूले साँढ़ेहरूमाथि आफ्ना हात
राखिसकेपछि तिनीहरूको प्रायश्‍चितको निम्ति
एउटालाई परमप्रभुको निम्ति पापबलिस्वरूप
र अर्कोलाई चाहिँ होमबलिस्वरूप प्रयोग गर्नू ।
१३लेवीहरूलाई हारून र त्यसका छोराहरूको
सामुन्ने उभिन लाएर तिनीहरूलाई बलिस्वरूप
परमप्रभुकहाँ प्रस्तुत गर्नू । १४यस किसिमले
तैंले लेवीहरूलाई अरू इस्राएलीहरूबाट अलग
गर्नू, र लेवीहरू मेरा हुनेछन् ।
१५"तैंले लेवीहरूलाई शुद्ध गरेर तिनीहरूलाई
बलिस्वरूप प्रस्तुत गरिसकेपछि तिनीहरू भेट
हुने पालमा आफ्ना काम गर्न आउन् ।
१६तिनीहरू मलाई सम्पूर्ण रूपले दिइएका
इस्राएलीहरू हुनुपर्छ । मैले तिनीहरूलाई
जेठाहरू, अर्थात् प्रत्येक इस्राएली स्त्रीको पहिलो
छोरोको सट्टामा मेरो आफ्नै भनी लिएको छु ।
१७इस्राएलमा जन्मेको प्रत्येक जेठो चाहे त्यो
मानिस होस् अथवा पशु, मेरै हो । मैले मिश्रमा
सबै जेठाहरूमाथि प्रहार गर्दा मैले तिनीहरूलाई
आफ्नै लागि अलग गरें । १८अनि मैले इस्राएलका
सबै छोराहरूको सट्टामा लेवीहरूलाई लिएको
छु । १९इस्राएलीहरू पवित्रस्थानको नजीक
जाँदा तिनीहरूमाथि कुनै विपत्ति नआओस्
भनेर सारा इस्राएलीहरूमा मैले लेवीहरूलाई
इस्राएलीहरूको पक्षमा भेट हुने पालमा काम
गर्नु र तिनीहरूका निम्ति प्रायश्‍चित गर्नु भनेर
तिनीहरूलाई हारून र त्यसका छोराहरूलाई
उपहारस्वरूप दिएको छु ।"
२०परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैं
मोशा, हारून र सारा इस्राएली समुदायले
लेवीहरूसित त्यसै गरे । २१लेवीहरूले आफैलाई
शुद्ध गरेर आफ्ना लुगाहरू धोए । त्यसपछि
हारूनले तिनीहरूलाई परमप्रभुको सामुन्ने
बलिस्वरूप प्रस्तुत गरेर तिनीहरूलाई शुद्ध
गर्नलाई तिनीहरूको निम्ति प्रायश्‍चित गरे ।
२२त्यसपछि लेवीहरू हारून र तिनका
छोराहरूको देखरेखमा भेट हुने पालमा
काम गर्नलाई आए । तिनीहरूले लेवीहरूसित
परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं गरे ।
२३परमप्रभुले मोशालाई भन्नुभयो,
२४"लेवीहरूको विषयमा यस्तो हुनेछ, पच्चीस
वर्ष र माथिका मानिसहरू भेट हुने पालको
काममा हिस्सा लिन आऊन्, २५तर पचास वर्ष
पुगेपछि तिनीहरू आफ्ना नियमित सेवादेखि
अवकाश प्राप्त गरून् र बढ़ी समय काम
नगरून् ।
२६तिनीहरूले आफ्ना दाज्यूभाइहरूलाई भेट
हुने पालमा तिनीहरूका काममा सहायता
दिन सक्छन्, तर तिनीहरू आफैले चाहिँ
काम गर्नुहुँदैन । यसकारण तैंले लेवीहरूको
उत्तरदायित्व यसरी नै सुम्पनू ।"

## निस्तार-चाड़

९ तिनीहरू मिश्रबाट निस्किआएको दोस्रो
वर्षको पहिलो महिनामा परमप्रभु सीनैको
उजाड़-स्थानमा मोशासित बोल्नुभयो । उहाँले
भन्नुभयो, २"इस्राएलीहरूलाई तोकिएको समयमा
निस्तार-चाड़ मनाउन लगाउनू । ३त्यसलाई
तोकिएको समयमा अर्थात् त्यसका सबै नियम
र विधिअनुसार त्यस महिनाको चौधौं दिनको
साँझमा मान्नू ।"
४यसकारण मोशाले इस्राएलीहरूलाई
निस्तार-चाड़ मनाउनू भने, ५अनि तिनीहरूले
सीनैको उजाड़-स्थानमा पहिलो महिनाको
चौधौं दिनको साँझमा त्यो गरे । इस्राएलीहरूले
परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं गरे ।
६तर तिनीहरूमध्ये कतिले मुर्दाको कारण
विधिपूर्वक अशुद्ध भएकाले त्यस दिन त्यो मनाउन

---

८:१७–प्रस्थान १३:२. ९:१-५–प्रस्थान १२:१-१३.

सकेनन् । यसकारण तिनीहरू त्यही दिन मोशा
र हारूनकहाँ आए, **७**अनि मोशालाई भने, "हामी
मुर्दाको कारण अशुद्ध भएका छौं, तर तोकिएको
समयमा अरू इस्राएलीहरूसित परमप्रभुको भेटी
चढ़ाउन हामीले किन नपाउने ?"

**८**मोशाले तिनीहरूलाई जवाफ दिए,
"परमप्रभुले तिमीहरूको विषयमा के आज्ञा
दिनुहुन्छ त्यो मैले नपाएसम्म पर्खनू ।"

**९**त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो,
**१०**"इस्राएलीहरूलाई यसो भन्: 'तिमीहरूमध्ये
कोही अथवा तिमीहरूका सन्तानहरू मुर्दाको
कारण अशुद्ध रहेका छन् अथवा यात्रामा बाहिर
गएका होलान्, तरै पनि तिनीहरूले परमप्रभुको
निस्तार-चाड़ मनाउन सक्छन् । **११**तिनीहरूले
त्यो दोस्रो महिनाको चौधौं दिनको साँझमा
मनाऊन् । तिनीहरूले थुमालाई खमीर नहालेको
रोटी र तीते सागसित खाऊन् । **१२**तिनीहरूले
त्यसको केही अशं पनि बिहानसम्म नराख्नू
अथवा त्यसको कुनै हाड़ नभाँच्नू । तिनीहरूले
निस्तार चाड़ मनाउँदा तिनीहरूले सबै नियमहरू
पालन गर्नुपर्छ । **१३**तर यदि विधिपूर्वक शुद्ध
भएर यात्रामा पनि नगएको मानिसले निस्तार
मनाएन भने त्यसले तोकिएको समयमा
परमप्रभुको रोटी प्रस्तुत नगरेको कारण त्यस
मानिसलाई आफ्ना मानिसहरूबाट बहिष्कार
गर्नुपर्छ । त्यस मानिसले आफ्नो पापको फल
भोग्नुपर्छ ।

**१४**"'तिमीहरूबीच बस्ने परदेशीले परमप्रभुको
निस्तार चाड़ मनाउन चाहे त्यसका नियम र
विधिअनुसार त्यसो गर्नुपर्छ । तिमीहरूले
परदेशी र स्वदेशीको निम्ति एउटै नियम
राख्नुपर्छ ।'"

## वासस्थानमाथि बादल

**१५**वासस्थान र साक्षीको पाल खड़ा गरेको
दिन त्यसलाई बादलले ढाक्यो । साँझदेखि
बिहानसम्म पवित्र वासस्थानको मास्तिर भएको
बादल आगोझैँ देखियो । **१६**बादलले त्यसलाई
ढाक्ने र राती त्यो आगोझैँ देखिने काम
त्यस किसिमले भइरह्यो । **१७**जब-जब बादल
पालबाट हट्थ्यो, तब तब इस्राइलीहरू प्रस्थान
गर्थे, जब-जब बादल स्थिर रहन्थ्यो, तब तब
इस्राएलीहरूले छाउनी हाल्थे । **१८**परमप्रभुको
आज्ञामा इस्राएलीहरू प्रस्थान गर्थे, र उहाँकै
आज्ञामा तिनीहरूले छाउनी हाल्थे । **१९**पवित्र
वासस्थानमाथि बादल लामो समयसम्म रहँदा
इस्राएलीहरूले परमप्रभुको आज्ञा मानेर
प्रस्थान गर्दैनथे । **२०**कोही बेला बादल पवित्र
वासस्थानमाथि केही दिनको लागि मात्र रहन्थ्यो,
र परमप्रभुको आज्ञामा तिनीहरूले छाउनी हाल्थे
र त्यसपछि उहाँकै आज्ञामा तिनीहरू प्रस्थान
गर्थे । **२१**कोही बेला बादल साँझदेखि बिहानसम्म
मात्र रहन्थ्यो र बिहान त्यो हटेपछि तिनीहरू
प्रस्थान गर्थे । दिउँसो होस् अथवा राती जहिले
बादल हट्थ्यो तिनीहरू प्रस्थान गर्थे । **२२**पवित्र
वासस्थानमाथि बादल दुई दिन अथवा एक
महिना, अथवा एक वर्षैसम्म रहे तापनि
इस्राएलीहरू प्रस्थान नगरेर छाउनीमै बस्थे,
तर त्यो हटेपछि तिनीहरू प्रस्थान गर्थे ।
**२३**परमप्रभुको आज्ञामा तिनीहरूले छाउनी हाले
र परमप्रभुकै आज्ञामा तिनीहरूले प्रस्थान गरे ।
मोशाद्वारा परमप्रभुले दिनुभएको आज्ञाअनुसार
तिनीहरूले उहाँको आज्ञा पालन गरे ।

## चाँदीका तुरहीहरू

**१०** परमप्रभुले मोशालाई भन्नुभयो: **२**"चाँदी
पिटेर दुईओटा तुरही बनाउनू र
समुदायलाई एक साथ आउनको लागि र छाउनी
प्रस्थान गराउनको लागि प्रयोग गर्नू । **३**ती दुवै
बज्दा सारा समुदाय भेट हुने पालको प्रवेश-
द्वारमा तँकहाँ जम्मा होऊन् । **४**यदि एउटा
मात्रै बज्यो भने अगुवाहरू अर्थात् इस्राएलका
कुलका अगुवाहरू जम्मा होऊन् । **५**जब दोस्रो
पल्ट जनाउ-ध्वनी बजाइन्छ, तब पूर्वपट्टिका
छाउनीकाहरू प्रस्थान गरून् । **६**दोस्रो पल्ट
बज्दा दक्षिणपट्टिका छाउनीहरू प्रस्थान गरून् ।

---

**९:१२**–प्रस्थान १२:४६; यूहन्ना १९:३६. **९:१५–२३**–प्रस्थान ४०:३४-३८.

त्यो ध्वनि, प्रस्थान गर्ने सङ्केत हो। ७समुदायलाई
भेला गराउँदा, तुरही बजाउनू, तर त्यही सङ्केत
जस्तैचाहिँ होइन।

८"हारूनका पूजाहारी छोराहरूले तुरही
फुकून्। यो तिमीहरू र तिमीहरूका भावी
पुस्ताको लागि अनन्तको विधि होस्। ९तिमीहरू
आफ्नै देशमा तिमीहरूमाथि अत्याचार गर्ने कुनै
शत्रुसित लड़ाइँ गर्न जाँदा तुरही फुक्नू। तब
तिमीहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरले
स्मरण गरेर तिमीहरूका शत्रुहरूबाट
छुटाउनुहुनेछ। १०तिमीहरूले आनन्द मनाउने
समयहरू अर्थात् तिमीहरूका तोकिएका
चाड़हरूमा र औंसीका चाड़हरूमा तिमीहरूका
होमबलिहरूमाथि र मेलबलिहरूमाथि तिमीहरूले
तुरही बजाउनू र ती तिमीहरूको निम्ति
परमप्रभुको सामुन्ने सम्झनास्वरूप हुनेछन्।
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।"

### सीनैबाट इस्राएलीहरूको प्रस्थान

११दोस्रो वर्षको दोस्रो महिनाको बीसौँ दिन
साक्षीको पवित्र वासस्थानबाट बादल हट्यो।
१२तब इस्राएलीहरू सीनैको उजाड़-स्थानबाट
प्रस्थान गरे र पारानको उजाड़-स्थानमा बादल
नअड़ेसम्म एक ठाउँदेखि अर्को ठाउँ यात्रा गर्दै
गए। १३पहिलोपल्ट तिनीहरू मोशाद्वारा
परमप्रभुको आज्ञामा प्रस्थान गरे।

१४आफ्नो झण्डामुनि यहूदाको दल पहिले
हिँड्यो अनि यसका नायक अम्मिनादबको
छोरा नाशोन थिए। १५सूअरको छोरा नथनिएल
इस्साकारको कुलको जिम्मामा थिए, १६अनि
हेलोनको छोरा एलीआब जबूलूनको कुलको
दलको जिम्मामा थिए। १७तब पवित्र वासस्थान
उठाइयो अनि त्यो बोकेर गेर्शोनी र मरारीहरू
अगि हिँड़े।

१८त्यसको पछि रूबेनको छाउनीको दल
आफ्नो झण्डामुनि थियो। शदेऊरको छोरा
एलीसूरचाहिँ यस दलका नायक थिए।
१९शिमीयोनको कुलको दलमाथि सूरीशद्दैको
छोरा शलूमीएल थिए, २०र गादको कुलको
दलमाथि रूएलको छोरा एल्यासाप थिए। २१त्यस
पछि पवित्र चीजहरू बोकेर कहातीहरू हिँड़े।
तिनीहरू आइपुग्नुअघि पवित्र वासस्थान खड़ा
गरिनुपर्ने थियो।

२२त्यसपछि एप्रेमको छाउनीको दल आफ्नो
झन्डा उठाएर अगि बढ्यो। अम्मीहूदको
छोरा एलीशामा यस दलका नायक थिए।
२३मनश्शेको कुलको दलमाथि पदासूरको
छोरा गमलीएल थिए, २४अनि बेन्यामीनको
कुलको दलमाथि गिदोनीको छोरा अबदान
थिए।

२५अन्त्यमा, दानको कुलको दल पछिल्लो
रक्षा-दलस्वरूप आफ्नो झण्डामुनि प्रस्थान
गर्‍यो। अम्मीशद्दैको छोरा अहीएजेर नायक
थिए। २६आशेरको दलमाथि आक्रोनको छोरा
पगीएल थिए, २७अनि नप्तालीको कुलको
दलमाथि एनानको छोरा अहीएर थिए।
२८इस्राएलीहरू प्रस्थान गर्दा हिँड्न पर्ने क्रम
यही थियो।

२९मोशाले आफ्नो ससुरा मिद्यानी रूएलको
छोरा होबाबलाई भने, "परमप्रभुले हामीलाई
दिनेछु भन्नुभएको ठाउँमा हामी जाँदैछौं। तपाईं
पनि हामीसितै आउनुहोस्, हामी तपाईंलाई हित
नै गर्नेछौं, किनकि परमप्रभुले इस्राएलको
बारेमा शुभ प्रतिज्ञा गर्नुभएको छ।"

३०तब उनले तिनलाई भने, "म जान्नँ। म
आफ्नै देश र आफ्नै कुटुम्बकहाँ फर्कनेछु।"

३१तर मोशाले भने, "दया गरी हामीलाई
नछोड्नुहोस्। हामीले उजाड़-स्थानमा कहाँ
छाउनी हाल्नुपर्छ भनी तपाईं जान्नुहुन्छ, र
तपाईं हाम्रा आँखा हुन सक्नुहुन्छ। ३२यदि
तपाईं हामीसित आउनुभयो भने परमप्रभुले
हामीलाई जुन असल कुराहरू दिनहुन्छ ती
तपाईंसित बाँड़चुँड़ गर्नेछौं।"

३३यसरी तिनीहरू परमप्रभुको पर्वतबाट
हिँड़े र तीन दिनसम्म यात्रा गरे। तिनीहरूको
निम्ति बिसाउने ठाउँ भेट्टाउनको निम्ति ती
तीन दिनहरूमा परमप्रभुको करारको सन्दूक
तिनीहरूका अगिअगि गयो। ३४तिनीहरू
छाउनीबाट हिँड़्दा परमप्रभुको बादल दिउँसो
तिनीहरूमाथि रहन्थ्यो।

**३५**जहिले-जहिले सन्दूक अगि बढ्थ्यो, मोशाले भन्थे,

“उठ्नुहोस्, हे परमप्रभु !
तपाईंका शत्रुहरू तितरबितर होऊन्;
तपाईंका शत्रुहरू, तपाईंका अगिअगि
भागून् ।”

**३६** जहिले-जहिले त्यो बिसाउँथ्यो, तिनी भन्थे,
“हे परमप्रभु,
“इस्राएलका गन्न नसकिने हजारौं
हजारकहाँ फर्केर आउनुहोस् ।”

## परमप्रभुबाटको आगो

**११** यतिखेर परमप्रभुको कानमा पुग्ने गरी ती मानिसहरू आफ्ना कष्टको विषयमा गनगनाउन थाले । जब उहाँले त्यो सुन्नुभयो, तब उहाँको क्रोध दन्क्यो र परमप्रभुबाटको आगो सल्केर छाउनीको पल्लो भाग भष्म पारिदियो ।
**२**मानिसहरूले मोशासित पुकारा गर्दा तिनले परमप्रभुकहाँ बिन्ती गरे र आगो निभ्यो ।
**३**यसकारण त्यस ठाउँलाई तबेरा भनियो, किनकि परमप्रभुबाटको आगो तिनीहरूबीच जलेको थियो ।

## परमप्रभुबाटका बट्टै चराहरू

**४**तिनीहरूसित भएको एउटा नीच दलले अरू भोजनको निम्ति साह्रै तिर्सना गर्न थाल्यो र फेरि इस्राएलीहरूले विलाप गर्दै भने, “हामीसित खानलाई मासु मात्र भइदिए त हुन्थ्यो !
**५**हामी मिश्रमा हामीले विनामूल्य माछा खाएका सम्झन्छौं, र काँक्रा, खरबुजा, कन्दमूल प्याज र लसून पनि ।
**६**तर अब हाम्रो रुचि घटिसक्यो, हामी यो मन्नबाहेक अरू केही देख्दैनौं !”
**७**मन्नचाहिँ धनियाँको बीउजस्तो थियो र हेर्दा चोपजस्तो देखिन्थ्यो ।
**८**मानिसहरू त्यसलाई बटुल्नबाहिर जान्थे र त्यसलाई जाँतोमा पिँध्थे अथवा ओखलीमा कुट्थे । तिनीहरूले त्यसलाई भाँड़ामा पकाएर फुलौरो बनाउँथे । अनि त्यसको स्वाद भद्राक्षको तेलमा पकाएको जस्तो हुन्थ्यो ।
**९**राती छाउनीमा शीत झर्दा मन्न पनि खस्थ्यो ।
**१०**मोशाले प्रत्येक परिवारका मानिसहरू आफ्नो पालको प्रवेशद्वारमा विलाप गरिरहेको सुने । परमप्रभु असाध्यै रिसाउनुभयो र मोशा बिचलित भए ।
**११**तिनले परमप्रभुलाई सोधे, “तपाईंले आफ्नो दासमाथि किन यो विपत्ति ल्याउनुभयो ? मैले तपाईंलाई कुन कुरामा अप्रसन्न तुल्याएँ र तपाईंले यी सबै मानिसहरूको भार ममाथि राखिदिनुभयो ?
**१२**के यी मानिसहरूलाई मैले कोखमा राखें ? के यिनीहरूलाई मैले जन्माएको हुँ ? तपाईंले यिनीहरूका पुर्खाहरूसित शपथ खानुभएको देशमा मैले यिनीहरूलाई एउटी धाईले बालकलाई बोकेझैं यिनीहरूलाई मेरो हातमा बोक्नू भनी तपाईं मलाई किन भन्नुहुन्छ ?
**१३**मैले यी सबै मानिसहरूको निम्ति मासु कहाँ पाउनु ? यिनीहरू ‘हामीलाई मासु खान देऊ !’ भनेर मसित बिलौना गरिरहन्छन् ।
**१४**यी मानिसहरूलाई म एक्लै बोक्न सक्दिनँ, यो भार मेरो लागि अति गह्रौं भएको छ ।
**१५**तपाईं मसित यस्तै व्यवहार गर्नुहुन्छ भने, र मैले तपाईंको निगाह पाएको छु भने, बिन्ती छ, बरू मलाई मारिदिनुहोस् र मैले आफ्नो विनाश आफै हेर्न नपरोस् ।”
**१६**परमप्रभुले मोशालाई भन्नुभयो: “तैंले मानिसहरूका अगुवाहरू र अधिकृतहरू भनी जानेका सत्तरी जना धर्म-गुरुहरू मकहाँ ल्याउनू ।
**१७**म तल ओर्लिआएर त्यहाँ तँसित कुरा गर्नेछु र म तँमा भएको आत्माबाट लिएर त्यो आत्मा तिनीहरूमा हालिदिनेछु । तिनीहरूले तँलाई मानिसहरूको भार बोक्न सघाउनेछन् र तँ एक्लैले त्यसलाई बोक्न पर्ने छैन ।
**१८**“मानिसहरूलाई भन्, ‘भोलि तिमीहरूले मासु खाने तयारीको निम्ति आफैलाई पवित्र बनाउनू । तिमीहरूले ‘हामीसित खानलाई मासु मात्र भइदिए त ! हामीलाई मिश्रमा अझ

**१०:३५**–भजनसंग्रह ६८:१. **११:७–८**–प्रस्थान १६:३१. **११:९**–प्रस्थान १६:१३-१५.

असल थियो !' भनेर विलाप गरेको परमप्रभुले सुन्नुभयो । अब परमप्रभुले तिमीहरूलाई मासु दिनुहुनेछ र तिमीहरूले त्यो खानेछौ ।
**१९**तिमीहरूले त्यो खालि एक दिन मात्र, अथवा दुई दिन, अथवा पाँच, दश अथवा बीस दिनसम्म मात्र खाने छैनौ,
**२०**तर पूरा एक महिनासम्म अर्थात् नाक लागेर वाक्क भइञ्जेल खानेछौ, किनकि तिमीहरूले आफू बीच हुनुभएको परमप्रभुलाई इन्कार गरेका छौं, अनि उहाँको सामने, 'हामीले किन मिश्र छोड़यौं ? भनेर बिलाप गरेका छौं ।'"

**२१**तर मोशाले भने, "यहाँ म पैदल हिँड्ने छ लाख मानिसहरूसित छु, अनि तपाईं तिनीहरूलाई खानलाई एक महिनासम्म मासु दिनेछु' भनी भन्नुहुन्छ ।
**२२**के तिनीहरूको लागि बगाल र बथान मारे पनि पर्याप्त गरी पुग्ला ? के समुद्रमा भएका सबै माछा तिनीहरूको लागि पक्रिए तापनि तिनीहरूले यथेष्ट गरी पाउलान् ?"

**२३**परमप्रभुले मोशालाई जवाफ दिनुभयो, "के परमप्रभुको हात अति छोटो छ ? म जे भन्छु त्यो तिमीहरूको निम्ति साँचो हुन्छ, कि हुँदैन अब तैंले देख्नेछस् ।"

**२४**यसकारण मोशा बाहिर गएर परमप्रभुले भन्नुभएको कुरा मानिसहरूलाई भनिदिए । तिनले तिनीहरूका धर्म-गुरुहरूमध्ये सत्तरी जनालाई एक साथ ल्याएर तिनीहरूलाई पालको चारैतिर उभ्याए ।
**२५**त्यसपछि परमप्रभु बादलमा ओर्लिआउनुभएर तिनीसित कुरा गर्नुभयो, अनि उहाँले तिनमा भएका आत्मा लिएर सत्तरी जना धर्म-गुरुहरूमाथि लगाइदिनुभयो । जब आत्मा तिनीहरूमाथि बस्नुभयो, तिनीहरूले अगमवाणी बोले, तर तिनीहरूले फेरि त्यसो गरेनन् ।

**२६**तरै पनि, एल्दाद र मेदाद नाउँ भएका दुई जना मानिसहरूचाहिँ छाउनीमै बसेका थिए । तिनीहरू धर्म-गुरुहरूमध्ये दर्ता भएका थिए, तर बाहिर छाउनीमा गएनन् । तरै पनि आत्मा तिनीहरूमाथि बस्नुभयो, अनि तिनीहरूले छाउनीमै अगमवाणी गरे ।
**२७**एक जना जवान मानिसले दौडेर गई मोशालाई भने, "एल्दाद र मेदादले अगमवाणी गरिरहेका छन् ।"

**२८**नूनको छोरा यहोशू जो युवावस्थादेखि नै मोशाका सहायक थिए, तिनले भने, "मेरा प्रभु मोशा, तिनीहरूलाई रोक्नुहोस् !"

**२९**तर मोशाले जवाफ दिए, "के तिमी मेरो खातिर डाही भएका छौ ? परमप्रभुले आफ्ना आत्मा आफ्ना सबै मानिसमाथि राखिदिएर ती सबै अगमवक्ता भइदिए त कति असल हुनेथियो !"
**३०**त्यसपछि मोशा र इस्राएलका धर्म-गुरुहरू छाउनीमा फर्के ।

**३१**परमप्रभुबाट बतास निस्केर गयो अनि समुद्रबाट बट्टै चराहरू धपाइल्यायो । त्यसले तिनीहरूलाई छाउनीको चारैतिर भूइँदेखि तीन फूट माथिसम्म चारैतिर एक दिनको बाटोसम्म झारेर ल्यायो ।
**३२**त्यस दिनभरि, अनि रातभरि र भोलिपल्ट दिनभरि मानिसहरूले बाहिर गएर बट्टै चरा बटुले । कसैले पनि दश होमेरभन्दा कम्ती बटुलेन । त्यसपछि तिनीहरूले ती छाउनीको चारैतिर फिँजाए ।
**३३**तर मासु तिनीहरूका दाँतको बीचमा छँदै त्यसलाई खानुअघि नै परमप्रभुको क्रोध मानिसहरूमाथि दन्क्यो अनि उहाँले तिनीहरूलाई ठूलो बिपत्तिले मार्नुभयो ।
**३४**यसकारण त्यस ठाउँको नाउँ किब्रोथ-हत्तावा राखियो । किनकि त्यहाँ तिनीहरूले भोजनको निम्ति अति तिर्सना गर्नेहरूलाई गाड़ेका थिए ।

**३५**किब्रोथ-हत्तावाबाट मानिसहरू यात्रा गरे अनि हसेरोतमा गएर त्यहाँ बसे ।

## मिरियम र हारूनले मोशाको विरोध गरेका

**१२** मोशाले एउटी कूशी स्त्रीसित विवाह गरेको कारण त्यस कूशी स्वास्नीको निम्ति मिरियम र हारूनले मोशाको विरुद्धमा कुरा गर्न थाले ।
**२**तिनीहरूले सोधे, "के परमप्रभु मोशाद्वारा मात्र बोल्नुभएको छ ? के उहाँ हामीद्वारा बोल्नुभएको छैन ?" अनि परमप्रभुले यो सुन्नुभयो ।

**३**(मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए ।

**४**परमप्रभुले तत्कालै मोशा, हारून र

मिरियमलाई भन्नुभयो, "तिमीहरू तीनै जना
बाहिर भेट हुने पालमा आऊ।" यसकारण ती
तीनै जना बाहिर आए। ५त्यसपछि परमप्रभु
एउटा बादलको खामोमा ओर्लेर आउनुभयो।
उहाँ पालको प्रवेशद्वारमा उभिनुभयो अनि उहाँले
हारून र मिरियमलाई बोलाइपठाउनुभयो। ती
दुवै अगि आएपछि, ६उहाँले भन्नुभयो, "मेरा
कुरा सुन:

"परमप्रभुको अगमवक्ता तिमीहरूसित हुँदा,
म आफैलाई दर्शनमा त्यसकहाँ प्रकट गराउँछु;
म त्यससित सपनामा कुरा गर्छु।
७ तर मेरो दास मोशाको विषयमा त,
यो कुरा सत्य होइन
त्यो त मेरो सारा घरानामा विश्वासयोग्य छ।
८ त्यससित त म आमुन्नेसामुन्ने कुरा गर्छु,
गुप्त रीतिले होइन तर स्पष्ट गरी;
त्यसले परमप्रभुको आकृति देख्छ;
त्यसो भए तिमीहरू मेरो दास मोशाको
विरुद्धमा बोल्न किन डराएनौ ?"

९परमप्रभुको क्रोध तिनीहरूको विरुद्धमा
दन्क्यो अनि उहाँ तिनीहरूबाट गइहाल्नुभयो।
१०पालमाथिबाट बादल हटेपछि मिरियम
हिउँझैं कोरी भई त्यहाँ उभिरहेकी थिइन्।
हारून तिनीतर्फ फर्के अनि तिनलाई कोर
लागेको देखे, ११अनि तिनले मोशालाई भने,
"मेरा प्रभु, बिन्ती छ, हामीले यति मूर्खतापूर्वक
गरेको पाप हाम्रो विरुद्धमा रहन नदिनुहोस्।
१२यिनलाई आमाको गर्भैबाट आधा मासु कुहेर
मरेतुल्य जन्मेको शिशुझैं हुन नदिनुहोस्।"
१३यसकारण मोशाले, "हे परमप्रभु, यिनलाई
निको पारिदिनुहोस् !" भनी परमप्रभुको
पुकारा गरे !
१४परमप्रभुले मोशालाई जवाफ दिनुभयो,
"त्यसको बाबुले त्यसको मुखमा थुकिदिएका
भए के त्यो सात दिनसम्म कलङ्कित हुनेथिइन ?
त्यसलाई सात दिनसम्म छाउनीबाहिर थुनामा
राख्नू; अनि त्यसपछि त्यसलाई फर्काइल्याए
हुन्छ।" १५यसकारण मिरियम सात दिनसम्म
छाउनीबाहिर थुनामा रहिन्, अनि तिनलाई
फर्काएर नल्याएसम्म मानिसहरू अगि बढ़ेनन्।
१६त्यसपछि, मानिसहरूले हसेरोतलाई छोड़ेर
पारानको उजाड़-स्थानमा छाउनी हाले।

### कनानको खोजीमा

१३ परमप्रभुले मोशालाई भन्नुभयो, २"मैले
इस्राएलीहरूलाई दिन लागेको कनान
देशको बारेमा पत्तो लगाउनलाई केही मानिसहरू
पठाउनू। प्रत्येक पुर्ख्यौली कुलबाट एक-एक
जना अगुवा पठाउनू।"
३यसकारण परमप्रभुको आज्ञामा मोशाले
तिनीहरूलाई पारानको उजाड़-स्थानबाट
पठाए। ती सबै इस्राएलीहरूका अगुवाहरू
थिए। ४तिनीहरूका नाउँ यी नै हुन्:

रूबेनको कुलबाट जक्कूरका छोरा शम्मूअ;
५ शिमीयोनको कुलबाट होरीका छोरा शाफात;
६ यहूदाको कुलबाट यपून्नेका छोरा कालेब;
७ इस्साकारको कुलबाट यूसुफका छोरा यिगाल;
८ एप्रेमको कुलबाट नूनका छोरा होशे;
९ बेन्यामीनको कुलबाट रफूका छोरा पल्ती;
१० जबूलूनको कुलबाट सोदीका छोरा गद्दीएल;
११ मनश्शेको कुल (यूसुफको एउटा कुल) बाट सूसीका छोरा गद्दी;
१२ दानको कुलबाट गमल्लीका छोरा अम्मीएल;
१३ आशेरको कुलबाट माखाएलका छोरा सतूर;
१४ नप्तालीको कुलबाट वोफ्सीका छोरा नहबी;
१५ गादको कुलबाट माकीका छोरा गूएल।

**१२:७**–हिब्रू ३:२. **१२:१४**–गन्ती ५:२-३. **१३:१-३३**–व्यवस्था १:१९-३३.

**१६**मोशाले त्यस देशको पत्तो लगाउन पठाएका
मानिसहरूका नाउँ यी नै हुन् । (मोशाले नूनका
छोरा होशेलाई यहोशू नाउँ दिए) ।
**१७**मोशाले तिनीहरूलाई कनान देशको
बारेमा पत्तो लगानउन पठाउँदा, तिनले भने,
“नेगेवबाट अगि बढ़ेर पहाड़ी मुलुकमा जानू ।
**१८**त्यो देश कस्तो छ, त्यहाँ बस्ने मानिसहरू
बलिया छन् कि कमजोर छन्, कम्ती छन् कि
धेरै छन् हेर्नू । **१९**तिनीहरू बस्ने देश कस्तो
किसिमको छ ? यो असल छ कि खराब छ ?
तिनीहरू बसेको शहरहरू कस्ता किसिमका
छन् ? ती पर्खालरहित अथवा पर्खालसहित
छन् ? **२०**माटो कस्तो छ ? त्यो मलिलो छ कि
रूखो छ ? त्यहाँ रूखपात छन् कि छैनन् ?
तिमीहरूले त्यस देशको फल ल्याउने भरपूर
कोशिश गर्नू । (त्योचाहिँ अङ्गूरको पहिलो
फसलको समय थियो ।)
**२१**यसकारण तिनीहरू उक्लेर गई सीनको
उजाड़-स्थानबाट लेबो हमाततिरको रहोबसम्मै
त्यस देशको बारेमा पत्तो लगाए । **२२**तिनीहरू
नेगेवबाट भएर गए अनि अनाकीहरूका
सन्तानहरू अहीमान, शेशै अनि तल्मै बस्ने
ठाउँ हेब्रोनमा आइपुगे । (हेब्रोनचाहिँ मिश्रमा
भएको सोअनभन्दा सात वर्ष पहिला निर्माण
गरिएको थियो) । **२३**तिनीहरू एश्कोलको बेँसी
पुगेपछि तिनीहरूले एउटै झुप्पा अङ्गूर
भएको एउटा हाँगा काटे । तिनीहरूमध्ये
दुई जनाले त्यसलाई एउटा घोचामा हालेर
केही दारीम र नेभाराहरूसित बोके । **२४**त्यस
ठाउँमा इस्राएलीहरूले अङ्गूरको झुप्पा काटेको
कारण त्यसलाई एश्कोलको बेँसी भनिन्थ्यो ।
**२५**चालीस दिनको अन्तमा तिनीहरू त्यस देशको
बारेमा पत्तो लगाएर फर्के ।

### पत्तो लगाएको वर्णन

**२६**तिनीहरू फर्केर पारानको मरुभूमि भएको
कादेशमा मोशा, हारून र इस्राएलीका सारा
समुदायकहाँ आए, र सारा समुदायलाई सम्पूर्ण
वृतान्त बताइदिए, अनि तिनीहरूलाई त्यस देशका
फलफूल देखाए । **२७**तिनीहरूले मोशालाई यो
वृतान्त दिए: “तपाईंले हामीलाई पठाउनुभएको
देशमा हामी गयौं अनि त्यहाँ दूध र मह बग्दो
रहेछ ! त्यसको फल यही हो । **२८**तर त्यहाँ
बस्ने मानिसहरू शक्तिशाली रहेछन् र
शहरहरू पर्खालले घेरिएका र धेरै ठूला
रहेछन् । हामीले त्यहाँ अनाकवंशीहरू पनि
देख्यौं । **२९**अमालेकीहरू नेगेवमा बस्दा रहेछन्,
यबूसीहरू अनि एमोरीहरू पहाड़ी मुलुकमा
बस्दा रहेछन् र कनानीहरू समुद्रको छेउ र
यर्दनमा किनारहुँदो बस्दा रहेछन् ।”
**३०**तब कालेबले मोशाको सामुन्ने
मानिसहरूलाई चूप बनाएर भने, “हामी उक्लेर
गई त्यस देशमाथि अधिकार गर्नुपर्छ, किनकि
हामीले यो निश्चय गर्न सक्छौं ।”
**३१**तर तिनीसित जाने मानिसहरूले भने,
“हामीले ती मानिसहरूलाई आक्रमण गर्न
सक्दैनौं; तिनीहरू हामीभन्दा बलिया छन् ।”
**३२**भेद लिन गएको देशबाट नराम्रो खबर सुनाएर
तिनीहरूले इस्राएलीहरूलाई भने, “हामीले भेद
लिएर आएको देशले त आफ्नै बासिन्दाहरूलाई
निलिहाल्दोरहेछ, र हामीले त्यहाँ देखेका
मानिसहरू दैत्यजस्ता रहेछन् । **३३**हामीले त्यहाँ
नपीलीहरूलाई देख्यौं (नपीलीहरूबाट अनाकका
सन्तानहरू आएका हुन्) । हामी त आफ्नै दृष्टिमा
फटेंग्राहरूझैं देखा पर्‍यौं, र तिनीहरूको दृष्टिमा
पनि हामी त्यस्तै देखिन्थ्यौं ।”

### मानिसहरूको विद्रोह

**१४** त्यस रात समुदायका सबै मानिसहरू
ठूलो सोरले कराएर जोरसित रोए ।
**२**सबै इस्राएलीहरूले मोशा र हारूनका विरुद्धमा
गनगन् गरे अनि सारा समुदायले तिनीहरूलाई
भने, “हामी मिश्रमै अथवा यस उजाड़-स्थानमै
मरिगए त हुनेथियो ! **३**परमप्रभुले हामीलाई
किन यस देशमा तरवारद्वारा मारिनको निम्ति
ल्याउनुहुँदैछ ? हाम्रा स्वास्नी र बालबच्चाहरू

---

**१३:३३**–उत्पत्ति ६:४.

लुटको मालझैं लगिनेछन् । हामीलाई मिश्रमै
फर्किजानु असल हुने थिएन र ? **४**अनि तिनीहरूले
आपसमा भने, "हामीले एउटा अगुवा छानेर
मिश्रमा फर्किजानुपर्छ ।"

**५**त्यसपछि मोशा र हारून त्यहाँ भेला
भएका सारा इस्राएली समुदायको सामुन्ने घोप्टो
परे । **६**ती मानिसहरूसित त्यस देशको बारेमा
जानकारी लिन जाने नूनको छोरा यहोशू र
यपून्नेको छोरा कालेबले आफ्ना लुगा च्याते,
**७**अनि सारा इस्राएली समुदायलाई भने, "हामीले
गएर अनुसन्धान गरेको देश अति उत्तम छ ।
**८**यदि परमप्रभु हामीसित प्रसन्न हुनुहुन्छ भने,
उहाँले हामीलाई त्यस देशमा अर्थात् दूध र
मह बग्ने देशमा डोऱ्याएर लैजानुहुनेछ,
अनि त्यो हामीलाई दिनुहुनेछ । **९**परमप्रभुको
विरुद्धमा विद्रोहचाहिँ नगर । अनि त्यस
देशका मानिसहरूसित नडराओ, किनकि हामी
तिनीहरूलाई निलिहाल्नेछौं । तिनीहरूको
सुरक्षा गइसकेको छ, तर परमप्रभु त हामीसित
हुनुहुन्छ । तिनीहरूसित नडराओ ।"

**१०**तर सारा समुदायले त तिनीहरूलाई
ढुङ्गाले हिर्काउने कुरा गरे । तब परमप्रभुको
महिमा भेट हुने पालमा इस्राएलीहरू कहाँ
देखा पऱ्यो । **११**परमप्रभुले मोशालाई भन्नुभयो,
"यी मानिसहरूले कहिलेसम्म मेरो अनादर
गरिरहनेछन् ? मैले तिनीहरूको बीचमा यति
धेरै अचम्मका कामहरू गरिसकें, तापनि
तिनीहरूले कहिलेसम्म ममाथि विश्वास गर्न
अस्वीकार गर्नेछन् ? **१२**म तिनीहरूलाई विपत्तिहरूले
प्रहार गरेर ध्वंस पार्नेछु, तर म तँलाईचाहिँ
तिनीहरूभन्दा महान् र बलियो जाति बनाउनेछु ।"

**१३**मोशाले परमप्रभुलाई भने, "मिश्रीहरूले
यो सुने भने के भन्लान् ? उनीहरूका बीचबाट
आफ्नो शक्ति देखाएर तपाईंले नै यिनीहरूलाई
ल्याउनुभएको हो । **१४**यस देशका बासिन्दाहरूलाई
मिश्रीहरूले यो कुरा बताउनेछन् । तपाईं
परमप्रभु यिनीहरूका बीचमा हुनुहुन्छ भन्ने
कुरा उनीहरूले सुनिसकेका छन्, तपाईं
आमुन्नेसामुन्ने नै देखा पर्नुभएको छ, र तपाईंको
बादल यिनीहरूमाथि खड़ा हुन्छ अनि दिनमा
बादलको खामो र रातमा आगोको खामो भएर
तपाईं यिनीहरूका अगिअगि जानुहुन्छ । **१५**यदि
तपाईं यी मानिसहरूलाई एकै पल्टमा नाश
गर्नुहुन्छ भने तपाईंको विषयमा यो वृतान्त
सुन्ने जातिहरूले भन्नेछन् **१६**'परमप्रभुले यी
मानिसहरूलाई दिनेछु भनी शपथद्वारा प्रतिज्ञा
गर्नुभएको देशमा ल्याउन नसक्नु भएकोले उहाँले
तिनीहरूलाई उजाड़-स्थानमा मारिदिनुभयो ।'

**१७**"अब परमप्रभुको शक्ति प्रदर्शन गरिओस्,
जसरी तपाईंले घोषणा गर्नुभएको थियो:
**१८**'परमप्रभु रीस गर्नमा ढीलो, प्रेमले भरपूर
अनि पाप र विद्रोह क्षमा गर्नुहुने हुनुहुन्छ ।
तरै पनि उहाँले दोषीलाई दण्ड नदिई
जान दिनुहुन्न, उहाँले पिता-पुर्खाहरूको दण्ड
तिनीहरूका सन्तानहरूमाथि तेस्रो र चौथो
पुस्तासम्म दिनुहुन्छ ।' **१९**तपाईंको महान्
प्रेमअनुसार, यिनीहरूले मिश्र छोड़ेर आएकोदेखि
अहिलेसम्म तपाईंले क्षमा दिनुभएझैं, यी
मानिसहरूका पाप क्षमा गरिदिनुहोस् ।"

**२०**परमप्रभुले जवाफ दिनुभयो, "मैले तेरो
बिन्तीअनुसार तिनीहरूलाई क्षमा दिएँ ।
**२१**तरै पनि म जिएझैं, अनि परमप्रभुको महिमाले
सम्पूर्ण पृथ्वी भरिएझैं, **२२**मेरो महिमा अनि
मैले मिश्रमा र उजाड़-स्थानमा गरेका
अचम्मका कामहरू देखेर पनि मेरो आज्ञा
नमान्ने अनि मलाई दशपल्ट जाँच गर्ने एक
जना पनि, **२३**अर्थात् तिनीहरूमध्ये एकै जनाले
पनि मैले तिनीहरूका पुर्खाहरूलाई शपथद्वारा
प्रतिज्ञा गरेको देशलाई कहिल्यै देख्नेछैन । मलाई
अनादर गर्ने कुनै व्यक्तिले पनि त्यसलाई कहिल्यै
देख्नेछैन । **२४**तर मेरो दास कालेबमा अर्कै आत्मा
भएको र सम्पूर्ण हृदयले मलाई पछ्याएकोले
त्यो गएर आएको देशमा म त्यसलाई लानेछु र
त्यसका सन्तानले त्यसलाई अधिकार गर्नेछन् ।

---

**१४:९**–हिब्रू ३:१६. **१४:१३-१९**–प्रस्थान ३२:११–१४. **१४:१८**–प्रस्थान २०:५-६; ३४:६-७;
व्यवस्था ५:९-१०; ७:९-१०. **१४:२१-२३**–हिब्रू ३:१८. **१४:२४**–यहोशू १४:९-१२.

२५बँसीहरूमा अमालेकीहरू र कनानीहरू
बसोबासो गरिरहेका हुनाले भोलि फर्केर लाल
समुद्रतिरको उजाड़-स्थान भएपट्टि लाग् ।"
२६परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो:
२७"यो दुष्ट समुदाय कहिलेसम्म मेरो विरुद्धमा
गन्गनाउने ? मैले यी गन्गनाउने इस्राएलीहरूको
गुनासो सुनेको छु। २८यसकारण तिनीहरूलाई
भन्, 'परमप्रभु घोषणा गर्नुहुन्छ, म जिएझैं,
मैले तिमीहरूले भनेका सुनेझैँ म तिमीहरूसित
गर्नेछु । २९गणनाको समयमा गनिएका बीस
वर्ष र माथिका मेरो विरुद्धमा गन्गनाउने प्रत्येक
व्यक्तिको शरीर यस उजाड़-स्थानमा नष्ट
हुनेछ । ३०यपून्नेको छोरा कालेब र नूनको
छोरा यहोशूबाहेक तिमीहरूमध्ये एउटै पनि
मैले हात उठाएर शपथ खाएर तिमीहरूका
घर होस् भनेर दिने देशमा पस्नेछैनौ ।
३१तिमीहरूका आफ्ना छोराछोरीहरू लुटको
मालझैं लगिनेछन् भनेको विषयमा चाहिँ म
तिनीहरूलाई तिमीहरूले तिरष्कार गरेको
देशमा ल्याउनेछु । ३२तर तिमीहरू, अर्थात्
तिमीहरूका शरीरहरूचाहिँ यही उजाड़-स्थानमा
नष्ट हुनेछन् । ३३तिमीहरूका बालबच्चाहरू
तिमीहरूको अन्तिम शरीर उजाड़-स्थानमा नष्ट
नभएसम्म, तिमीहरूका अविश्वासको फल
भोग्दै यहाँ चालीस वर्षसम्म गोठालाहरू भएर
रहनेछन्। ३४तिमीहरूले त्यस देशको भेद लिन
चालीस दिन बिताएका थियौ, यसकारण दिनको
एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले
आफ्नो अधर्मको फल भोग्दै रहनेछौ र
तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा
पाउनेछौ ।' ३५यो बोल्ने म परमप्रभु हुँ
र मेरो विरुद्ध भेला हुने यस दुष्ट समुदायलाई
म यसै गर्नेछु। यसै उजाड़-स्थानमा तिनीहरू
मरेर मेटिजानेछन् ।"
३६मोशाले त्यस देशको बारेमा पत्तो लगाउन
पठाएका मानिसहरू आएर खराब समाचार
दिएर जम्मै समुदायलाई मोशाको विरुद्धमा बोल्न
लगाए । ३७ती मानिसहरूले अनुसन्धान गरेर
आएको देशको बारेमा खराब समाचार दिएका
हुनाले रूढीद्वारा परमप्रभुको सामुन्ने तिनीहरूको
मृत्यु भयो। ३८त्यस देशको बारेमा पत्तो लगाउन
जाने मानिसहरूमध्ये नूनको छोरा यहोशू र
यपून्नेको छोरा कालेब मात्र बाँचे ।
३९मोशाले यो सारा इस्राएलीहरूलाई
बताएपछि तिनीहरू दु:खी भई शोक मनाए ।
४०भोलिपल्ट बिहानै, तिनीहरू अग्लो डाँड़ामा
भएको ठाउँतिर उक्ले। तिनीहरूले भने, "हामीले
पाप गरेका छौं । हामी परमप्रभुले प्रतिज्ञा
गर्नुभएको ठाउँमा उक्लनेछौं ।"
४१तर मोशाले भने, "तिमीहरू किन
परमप्रभुको आज्ञा उलङ्घन गर्दैछौ ? यो सफल
हुनेछैन ! ४२माथि नउक्ल, परमप्रभु तिमीरूसित
हुनुहुन्न। तिमीहरू आफ्ना शत्रुहरूद्वारा परास्त
हुनेछौ, ४३किनकि त्यहाँ अमालेकीहरू र
कनानीहरूले तिमीहरूको सामना गर्नेछन् ।
तिमीहरू परमप्रभुदेखि तर्किगएकोले, उहाँ
तिमीहरूसित हुनुहुन्न अनि तिमीहरू तरवारद्वारा
मारिनेछौ ।"
४४तरै पनि तिनीहरू आफ्नै विचार लिएर
माथि पहाड़ी मुलुकतिर उक्ले यद्यपि नता मोशा
नता परमप्रभुको करारको सन्दूकनै छाउनीबाट
अघि बढ़ेका थिए। ४५तब त्यस पहाड़ी मुलुकमा
बस्ने अमालेकीहरू र कनानीहरू तल ओर्लिआएर
तिनीहरूलाई आक्रमण गरेर तिनीहरूलाई
होर्मासम्मै पिट्दै ल्याए ।

## अतिरिक्त भेटीहरू

१५ परमप्रभुले मोशालाई भन्नुभयो,
२"इस्राएलीहरूलाई भन्: 'मैले
तिमीहरूलाई जन्मभूमिस्वरूप दिने देशमा
तिमीहरू पुगेपछि, ३विशेष भाकलको लागि
अथवा स्वेच्छापूर्वक भेटीहरू, अथवा चाड़का
भेटीहरू बथान अथवा बगालबाट परमप्रभुलाई
मनपर्दो बास्नाभएका भेटीहरू आगोद्वारा
चढ़ाउछौ, ४तब, जसले आफ्नो भेटी ल्याउँछ
त्यसले परमप्रभुकहाँ एक चौथाईं हीन तेल

**१४:२९**–हिब्रू ३:१७. **१४:३३**–प्रेरित ७:३६. **१४:३९-४५**–व्यवस्था १:४१-४६.

मिसाएको एपाको दशौँ भाग मसिनो पीठोको
अन्नबलि चढ़ाओस् । ५होमबलिको अथवा
बलिदानको प्रत्येक थुमासित अर्घबलिस्वरूप
हीनको चौथाइ भाग दाखमद्य तयार पार्नू ।
६"'एउटा भेड़ासित अन्नबलि तयार पार्नू,
जसमा यी कुराहरू होऊन्, अर्थात् एक तिहाइ
हीन तेल मिसाएको एपाको दश खण्ड्को दुइ
खण्ड मसिनो पीठो, ७अनि अर्घबलिस्वरूप हीनको
एक तिहाइ दाखमद्य । त्यसलाई परमप्रभुलाई
मनपर्दो बास्नास्वरूप चढाउनू ।
८"'तैंले विशेष भाकलको निम्ति अथवा
परमप्रभुको निम्ति मेल बलिस्वरूप एउटा बाछा
तयार पार्दा ९त्यस बाछासित आधा हीन तेल
मिसाएको एपाको दश खण्डको तीन खण्ड
मसिनो पिठोको अन्नबलि ल्याउनू । १०आधा
हीन दाखमद्य पनि अर्घबलिस्वरूप ल्याउनू ।
योचाहिँ परमप्रभुलाई म नपर्दो बास्नाझैँ
आगोद्वारा चढाइएको भेटी हुनेछ । ११प्रत्येक
बाछा अथवा भेड़ा अथवा कलिलो पाठालाई यस
किसिमले तयार पार्नुपर्छ । १२योचाहिँ जत्ति जनाको
लागि तयार पार्छौ; त्यो प्रत्येकको लागि गर्नू ।
१३"'स्वदेशमा जन्मेको प्रत्येकले परमप्रभुको
निम्ति मनपर्दो बलि आगोद्वारा चढाउँदा यसै
गरोस् । १४भावी पुस्तामा पनि तिमीहरूबीच
बस्ने कुनै परदेशी अथवा कसैले पनि परमप्रभुलाई
मनपर्दो बास्ना आगोद्वारा चढ़ाइने भेटी
ल्याउँदा त्यसले, ठीक तिमीहरूले गरेझैँ
गरोस् । १५समुदायसित तिमीहरूको निम्ति र
तिमीहरूसित बस्ने परदेशीहरूको निम्ति
एकै नियमहरू होस्; यो भावी पुस्ताको लागि
अन्नतको विधि हो । तिमीहरू अनि परदेशीहरू
परमप्रभुको सामुन्ने एकै हौ । १६तिमीहरू र
तिमीहरूसित बस्ने परदेशीहरू दुवैको निम्ति
एकै नियमहरू लागू हुनेछन् ।'"
१७परमप्रभुले मोशालाई भन्नुभयो,
१८"इस्राएलीहरूलाई भन्: 'मैले तिमीहरूलाई
लगिरहेको देशमा तिमीहरू पुगेपछि १९अनि
तिमीहरूले त्यस देशको भोजन खाँदा एउटा
भाग भेटीस्वरूप परमप्रभुलाई चढ़ाउनू ।
२०तिमीहरूले पहिलो पीठोबाट बनाएको एउटा
फुलौरा खलाबाटको भेटीस्वरूप चढ़ाउनू ।
२१भावी पुस्ताभरि तिमीहरूले आफ्नो पहिलो
पीठोबाटको यो भेटी चढ़ाउने गर्नू ।

**अजानमा गरिएका पापहरूको निम्ति भेटी**

२२"'यदि तिमीहरूले परमप्रभुले मोशालाई
दिनुभएको आज्ञाहरूमध्ये कुनैलाई अजानमा
पूरा गर्न सकेनौ भने– २३अर्थात् परमप्रभुले
उद्धार दिनुभएको दिनदेखि यसो अनि भावी
पुस्तामा पनि दिइरहनुहुने कुनै पनि आज्ञा–
२४अनि समुदायले थाहै नपाई अजानमा त्यो
गऱ्यो भने, सारा समुदायले परमप्रभुको निम्ति
मनपर्दो बास्ना एउटा बाछा होमबलिको
निम्ति तोकिएको अन्नबलि र अर्घबलि अनि
पापबलिस्वरूप एउटा बोकासित चढ़ाउनू ।
२५पूजाहारीले सारा इस्राएली समुदायको निम्ति
प्रायश्चित गरोस् र तिनीहरूले क्षमा पाउनेछन्,
किनकि त्यो जानी-जानी गरिएको थिएन अनि
तिनीहरूले आफ्ना भूलको निम्ति परमप्रभुकहाँ
आगोद्वारा चढ़ाइने भेटी र पापबलि ल्याएका
छन् । २६सबै मानिसहरू त्यस अजान भूलमा
संलग्नभएको कारण सारा इस्राएली समुदाय
अनि तिनीहरूसित बस्ने परदेशीहरूले क्षमा
पाउनेछन् ।
२७"'तर यदि एक जनाले अजानमा पाप
गऱ्यो भने त्यसले बाखाको एउटा एक
वर्षे पाठी पापबलिको निम्ति ल्याओस् ।
२८पूजाहारीले अजानमा पाप गरेर भूल गर्ने
त्यस व्यक्तिको निम्ति परमप्रभुको सामुन्ने
प्रायश्चित गरोस्, अनि त्यसको निम्ति प्रायश्चित
भइसकेपछि त्यसले क्षमा पाउनेछ । २९अजानमा
पाप गर्ने प्रत्येक, अर्थात् स्वदेशमा जन्मेको
इस्राएली अथवा परदेशीको निम्ति एउटै अनि
यही नियम पालन गरिनेछ ।
३०"'तर यदि कसैले, अर्थात् स्वदेशमा
जन्मेको अथवा परदेशीले अनादरपूर्वक पाप

**१५:१६**–लेवी २४:२२. **१५:२७-२८**–लेवी ४:२७-३१.

गऱ्यो अनि परमप्रभुको नाउँको निन्दा गऱ्यो
भने, त्यस व्यक्तिलाई समाजबाट बहिष्कार
गर्नुपर्छ। **३१**त्यसले परमप्रभुको वचन तिरष्कार
गरेर उहाँको आज्ञाहरू उलङ्घन गरेको
कारण त्यस व्यक्तिलाई निश्चय नै बहिष्कार
गर्नुपर्छ, त्यसको दोष त्यसमाथि नै रहन्छ।'"

### विश्राम भङ्ग गर्ने मारिएको

**३२**इस्राएलीहरू उजाड़-स्थानमा हुँदा एक
जना मानिस विश्राम-दिनमा दाउरा बटुलिरहेको
फेला पऱ्यो। **३३**त्यसले दाउरा बटुलिरहेको
फेला पार्नेहरूले त्यसलाई मोशा, हारून र
सारा समुदायकहाँ ल्याए। **३४**त्यसलाई के
गर्नुपर्ने स्पष्ट नभएकोले तिनीहरूले त्यसलाई
थुनामा राखे। **३५**तब परमप्रभुले मोशालाई
भन्नुभयो, "त्यो मानिस मर्नै पर्छ। सारा समुदायले
त्यसलाई छाउनीबाहिर ढुङ्गाले हिर्काउनुपर्छ।"
**३६**यसकारण समुदायले त्यसलाई छाउनीबाहिर
लगेर परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैं
ढुङ्गाले हिर्काएर मारे।

### वस्त्रहरूमा झुम्का

**३७**परमप्रभुले मोशालाई भन्नुभयो,
**३८**"इस्राएलीहरूलाई भन: 'भावी पुस्ताभरि
तिमीहरूले प्रत्येक झुम्कामा नीलो धागो भएका
झुम्काहरू तिमीहरूका वस्त्रहरूका कुनामा
बनाउनू। **३९**तिमीहरूका यी झुम्काहरू हेर्नलाई
हो, जसद्वारा तिमीहरूले परमप्रभुका आज्ञाहरू
सम्झौला अनि तिमीहरू आफ्ना हृदय र आँखाका
अभिलाषाको पछि लागेर आफै वेश्यावृत्ति
नगरेर आज्ञाहरू पालन गरौला। **४०**तब
तिमीहरूले मेरा सबै आज्ञाहरू पालन गर्न
सम्झनेछौ र तिमीहरूका परमेश्वरप्रति पवित्र
हुनेछौ। **४१**म परमप्रभु तिमीहरूका परमेश्वर
हुँ, जसले तिमीहरूका परमेश्वर हुनलाई
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउनुभयो।
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।'"

### कोरह, दातान र अबीराम्

**१६** लेवीको छोरा कहात, त्यसको छोरा
यिसहारको छोरा कोरह अनि केही
रूबेनवंशी एलीआबका छोराहरू दातान र
अबीराम अनि पेलेतको छोरा ओन अट्टेरी भए,
**२**अनि मोशाको विरुद्धमा उठे। तिनीहरूसित
महासभामा नियुक्त गरिएका दुई सय पचास
जना इस्राएली मानिसहरू, अर्थात् समुदायका
सुपरिचित अगुवाहरू थिए। **३**तिनीहरू मोशा
र हारूनको विरोध गर्नको निम्ति एक दल
भएर आए अनि तिनीहरूलाई भने, "तपाईंहरूले
सीमा नाघ्नुभयो! सारा समुदाय, अर्थात् प्रत्येक
व्यक्ति पवित्र छ, अनि परमप्रभु तिनीहरूसित
हुनुहुन्छ। त्यसो भए तपाईंहरू किन आफैलाई
परमप्रभुको समुदायभन्दा उच्च पार्नुहुन्छ?"
**४**मोशाले यो सुनेपछि प्रार्थना गर्नलाई घुँडा
टेके। **५**अनि तिनले कोरह र उसका सब दललाई
यसो भने, "भोलि बिहान को उहाँको हो, को
पवित्र छ र कसलाई उहाँले आफ्नो नजीक आउन
दिनुहुन्छ सो परमप्रभुले नै देखाइदिनुहुन्छ।
**६**तँ, कोरह र तेरा पछि लाग्नेहरूले यसो गर्नू,
धूपौराहरू लिनू, **७**अनि भोलि परमप्रभुको सामुन्ने
आगो र धूप हाल्नू। परमप्रभुले छान्नुहुने मानिस
नै पवित्र हो। तिमी लेवीहरूले सीमा नाघेका
छौ!"
**८**मोशाले कोरहलाई यो पनि भने, "अब हे
लेवी हो सुन! **९**इस्राएलका परमेश्वरले
तिमीहरूलाई पवित्र वासस्थानमा परमप्रभुको
काम गर्न अनि समुदायको सेवा गर्न तिनीहरूको
सामने उभिनको लागि इस्राएलका बाँकी
समुदायदेखि अलग गर्नुभएर तिमीहरूलाई उहाँकै
नजीक ल्याउनुभएको के पर्याप्त भएन?
**१०**उहाँले तिमीहरू अनि तिमीहरूका सङ्गी
लेवीहरूलाई आफ्नै नजीक ल्याउनुभयो, तर
अब तिमीहरू पूजाहारी पद पनि पाउने कोशिश
गर्दैछौ। **११**तँ र तेरा पछि लाग्नेहरू एक दल
भएको परमप्रभुको विरोध हो। हारून को हो
र तिमीहरू तिनको विरुद्धमा गन्गनाउँछौ?"

---

**१५:३६**–व्यवस्था २२:२१. **१६:१**–यहूदा ११.

१२त्यसपछि मोशाले एलीआबका छोराहरू
दातान र अबीरामलाई बोलाइपठाए । तर
तिनीहरूले भने, "हामी आउनेछैनौं ! १३के
तपाईले हामीलाई दूध र मह बग्ने देशबाट
उजाड़-स्थानमा मार्नलाई ल्याउनुभएको प्रयाप्त
भएन ? अनि अब तपाईं के हाम्रा मालिक पनि
बन्न चाहनुहुन्छ ? १४यसबाहेक, तपाईंले
हामीलाई दूध र मह बग्ने देशमा ल्याउनुभएको
छैन, औ नता हामीलाई जग्गाजमिन र
दाखबारीहरूको अधिकार नै दिनुभएको छ । के
तपाईं यी मानिसहरूका आँखा निकाल्नुहुन्छ ?
होइन, हामी आउनेछैनौं !"

१५तब मोशा अति रिसाए अनि तिनले
परमप्रभुलाई भने, "तिनीहरूको भेटी ग्रहण
नगर्नुहोस् । मैले तिनीहरूबाट एउटा गधासम्म
लिएको छैन, नता मैले तिनीहरूको हानि नै
गरेको छु ।"

१६मोशाले कोरहलाई भने, "तँ र तेरो पछि
लाग्ने सबै भोलि परमप्रभुको सामुन्ने देखा
पर्नुपर्नेछ, अर्थात् तँ र तिनीहरू अनि हारून् ।
१७प्रत्येक मानिसले धूपौरो, अर्थात् धूप हालेर
त्यसलाई परमप्रभुको सामुन्ने चढ़ाउनू । तैंले
र हारूनले पनि तिमीहरूका धूपौराहरू
चढ़ाउनू ।" १८यसकारण प्रत्येक मानिसले आफ्नो
धूपौरो लिएर त्यसमा आगो र धूप हाले
अनि मोशा र हारूनसित भेट हुने पालको
प्रवेशद्वारमा उभिए । १९जब कोरहले तिनीहरूको
विरुद्धमा आफ्नो पछि लाग्नेहरूलाई भेट हुने
पालको प्रवेशद्वारमा भेला गराए, परमप्रभुको
महिमा सारा समुदायमा देखा पऱ्यो ।
२०परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
२१"यस समुदायबाट आफैलाई अलग गर, र
म तिनीहरूलाई तत्कालै समाप्त गर्न सकूँ ।"

२२तर मोशा र हारून घुँडाटेकी प्रार्थना
गरेर भने, "हे परमेश्वर, सारा मानव जातिका
आत्माहरूका परमेश्वर, के एक जना मानिसले
मात्र पाप गर्दा, के तपाईं सारा समुदायमाथि
रिसाउनुहुन्छ ?"

२३त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो,
२४"समुदायलाई भन, 'कोरह, दातान र
अबीरामका पालहरूदेखि भागिजाओ ।"'

२५मोशा उठे अनि दातान, अबीराम र
इस्राएलका धर्म-गुरुहरू तिनको पछि लागे ।
२६तिनले समुदायलाई चेतावनी दिए, "यी
दुष्ट मानिसहरूका पालहरूबाट गइहाल !
तिनीहरूका कुनै कुरा पनि नछुनू, नत्रता
तिनीहरूका पापको कारण तिमीहरू घ्वंस
पारिनेछौ । २७यसकारण तिनीहरू कोरह,
दातान र अबीरामका पालहरूबाट हटिगए ।
दातान र अबीरामचाहिँ बाहिर आएर आफ्ना
पालका प्रवेशद्वारमा आफ्ना स्वास्नीहरू र
बालबच्चाहरूसित उभिरहेका थिए ।

२८तब मोशाले भने, "परमप्रभुले यी सबै
कुराहरू गर्नू भनी पठाउनभएको हो र यो
मेरो विचार होइन भनी तिमीहरूले यसरी
जान्नेछौ । २९यदि यी मानिसहरू स्वाभाविक
मृत्युमा मरे र मानिसहरूलाई साधारणत: जे
हुन्छ त्यो मात्र अनुभव गरे भने परमप्रभुले
मलाई पठाउनुभएको होइन । ३०तर यदि
परमप्रभुले कुनै सम्पूर्ण नयाँ कुरा ल्याउनुभयो
र धर्ती फाटेर त्यसले तिनीहरूलाई अनि
तिनीहरूसित भएका सबैलाई निलिहाल्यो र
तिनीहरू जिउँदै पातालमा भित्रै गइहाले भने
यी मानिसहरूले परमेश्वरप्रति अनादरपूर्वक
व्यवहार गरेका छन् भनी तिमीहरूलाई थाहा
हुनेछ ।"

३१तिनले त्यो भनिसक्नासाथै तिनी मुन्तिरको
जमिन दुई भाग भएर फाट्यो । ३२अनि
धरतीले आफ्नो मुख खोल्यो र तिनीहरूलाई
अनि तिनीहरूका सबै घरानाहरू अनि कोरहका
सबै मानिसहरू र तिनीहरूका सबै सम्पत्तिसितै
निलिहाल्यो । ३३तिनीहरू आफ्ना प्रत्येक चीजसितै
जिउँदै पातालभित्र गए, तिनीहरूमाथि धरती
बन्द भइहाल्यो र तिनीहरू नष्ट भए ।
३४समुदायबाट तिनीहरूका छेउछाउमा भएका
सबै इस्राएलीहरू यसरी चिच्याउँदै भागे,
"धरतीले हामीलाई पनि निल्छ होला !"

३५अनि परमप्रभुबाट आगो वर्षेर धूप
चढ़ाइरहेका ती दुई सय पचास जना
मानिसहरूलाई भष्म पाऱ्यो ।

**३६**परमप्रभुले मोशालाई भन्नुभयो, **३७**"हारून
पूजाहारीका छोरा एलाजारलाई जलिरहेको
अवशेषबाट धूपौराहरू लिएर कोइलाहरू केही
टाढ़ामा टक्टक्याउनु भन्, किनकि ती
धूपौरोहरू पवित्र छन्, **३८**अर्थात् आफ्ना प्राणलाई
समेत तुच्छ ठानेर पाप गर्ने ती मानिसहरूका
धूपौराहरू । ती धूपौराहरूलाई घनले पिटेर
वेदीलाई मोहोर्ने पाताहरू बनाउनू, किनकि
तिनीहरू परमप्रभुको सामुन्ने चढ़ाइएका हुन्
र पवित्र भएका छन् इस्राएलीहरूको निम्ति ती
एउटा चिन्ह होऊन् ।"

**३९**यसकारण पूजाहारी एलाजारले ती जलेर
नष्ट हुनेहरूले ल्याएका काँसाका धूपौराहरू
बटुले र वेदीलाई मोहोर्नको निम्ति तिनीहरूलाई
पिटेर, **४०**परमप्रभुले मोशाद्वारा तिनलाई आज्ञा
गर्नुभएझैँ बनाए । योचाहिँ इस्राएलीहरूलाई
सम्झना गराउनको निम्ति थियो, कि हारूनका
सन्तानहरूबाहेक अरू कोही पनि परमप्रभुको
सामने धूप जलाउन नआओस्, नत्रता त्यो
कोरह र त्यसलाई पछ्याउनेहरूझैँ हुनेछ ।

**४१**भोलिपल्ट इस्राएलका सारा समुदाय मोशा
र हारूनको विरुद्धमा गन्गनाए । तिनीहरूले
भने, "तिमीहरूले परमप्रभुका मानिसहरूलाई
मार्‍यौ ।"

**४२**तर समुदाय मोशा र हारूनको विरुद्धमा
भेला भएर भेट हुने पालतिर फर्कंदा अचानक
त्यसलाई बादलले ढाक्यो र परमप्रभुको महिमा
देखा पर्‍यो । **४३**तब मोशा र हारून भेट हुने
पालको सामुन्ने गए, **४४**अनि परमप्रभुले मोशालाई
भन्नुभयो, **४५**"यस समुदायबाट अलग भइहाल
र म झट्टै यिनीहरूको अन्त्य गरिदिऊँ ।" अनि
तिनीहरू घोप्टो परेर प्रार्थना गर्न थाले ।

**४६**त्यसपछि मोशाले हारूनलाई भने,
"आफ्नो धूपौरो लिएर वेदीबाटको आगोसित
धूप हाल्नुहोस् र समुदायको निम्ति प्रायश्चित
गर्नलाई झट्टै तिनीहरूकहाँ जानुहोस् । परमप्रभुबाट
क्रोध आएको छ; विपत्ति शुरू भइसकेको
छ, ।" **४७**यसकारण हारूनले मोशाले भनेझैँ
गरे अनि दगुरेर समुदायको बीचमा गए ।
मानिसहरूबीच विपत्ति शुरू भइसकेको थियो,
तर हारूनले धूप चढ़ाएर तिनीहरूको प्रायश्चित
गरे । **४८**तिनी जीवित र मृतकहरूबीच उभिए
अनि विपत्ति थामियो । **४९**तर कोरहको कारण,
मरिसकेकाहरूबाहेक चौध हजार सात सय
व्यक्तिहरू विपत्तिमा मरे । **५०**त्यसपछि हारून
भेट हुने पालको प्रवेशद्वारमा मोशाकहाँ
फर्किगए, किनकि विपत्ति थामिसकेको थियो ।

### हारूनको लहुरोमा कोपिला लागेको

**१७** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीसित कुरा गर् अनि
तिनीहरूका पुर्ख्यौली कुलका प्रत्येक अगुवाबाट
एउटा-एउटा गरी तिनीहरूबाट बाह्रओटा
लौराहरू लिनू । प्रत्येक मानिसको नाउँ त्यसको
लौरोमा लेख्नू । **३**लेवीको लौरोमा चाहिँ हारूनको
नाउँ लेख्नू, किनकि प्रत्येक पुर्ख्यौली
कुलको अगुवाको निम्ति एउटा लहुरो हुनुपर्छ ।
**४**तिनीहरूलाई भेट हुने पालमा साक्षीको सामुन्ने
राख्नु, जहाँ म तँसित भेट गर्छु । **५**म तिनीहरूको
जुन लहुरोलाई रोज्नेछु त्यसमा टुसा पलाउने
छ र तेरो विरुद्धमा इस्राएलीहरूले गर्ने सधैँको
गनगनदेखि तँ आफैलाई मुक्त गर्नेछु ।"

**६**यसकारण मोशाले इस्राएलीहरूसित कुरा
गरेर तिनीहरूका अगुवाहरूले तिनीहरूका
प्रत्येक पुर्ख्यौली कुलबाट एउटा गरी बाह्रओटा
लहुराहरू तिनलाई दिएर तीमध्ये हारूनको
पनि एउटा थियो । **७**मोशाले ती लौराहरू
साक्षीको पालमा परमप्रभुको सामुन्ने राखे ।

**८**भोलिपल्ट मोशा साक्षीको पालभित्र पसे
अनि लेवीको घरानालाई प्रतिनिधित्व गर्ने
हारूनको लहुरोमा टुसा पलाएको मात्र होइन
तर त्यसमा कोपिला लागेर फूल पनि फूलेर
कागजी बदामसमेत पाकिसकेको रहेछ ।
**९**त्यसपछि मोशाले ती लहुराहरू परमप्रभुको
उपस्थितिबाट सबै इस्राएलीहरूकहाँ ल्याए ।
तिनीहरूले ती हेरे अनि प्रत्येक मानिसले आफ्नो

**१७:८-१०**–हिब्रू ९:४.

लहुरो लिए ।
**१०**परमप्रभुले मोशालाई भन्‍नुभयो, “हारूनको
लहुरो विद्रोहीहरूको चिन्हस्वरूप रहनको लागि
साक्षीको सामुन्‍ने राख्नू । यसले मेरो विरुद्धमा
तिनीहरूको गनगन समाप्‍त गरिदिनेछ र
तिनीहरू मर्नेछैनन् ।” **११**मोशाले परमप्रभुले
तिनलाई आज्ञा दिनुभएझैँ गरे ।
**१२**इस्राएलीहरूले मोशालाई भने, “हामी
मर्नेछौं ! हामी नष्‍ट भयौं, हामी नष्‍ट भयौं !
**१३**पवित्र वासस्थानको नजीक आउने जो पनि
मर्नेछ । के हामी सबै मर्नेछौं ?”

## पूजाहारीहरू र लेवीहरूको कर्तव्य

**१८** परमप्रभुले हारूनलाई भन्‍नुभयो, “तँ,
तेरा छोराहरू र तेरा बाबुका
परिवारले पवित्रस्थानको विरुद्धका अपराधहरूको
जिम्मेवारी उठाउनुपर्छ र पूजाहारीगिरीको
विरुद्धका अपराधहरूको जिम्मेवारी तँ र तेरा
छोराहरूले मात्र उठाउनुपर्छ । **२** तैंले र तेरा
छोराहरूले साक्षीको पालमा सेवा गर्दा
तिमीहरूसित मिल्न अनि तिमीहरूलाई
सघाउनलाई तेरा पुर्ख्यौली कुलबाट तेरा
लेवीहरूलाई ल्याउनू । **३**तिनीहरू तँप्रति
जिम्मेवार हुनुपर्छ, र तिनीहरूले पालका सबै
कर्तव्यहरू गर्नुपर्छ, तर तिनीहरू पवित्रस्थानको
सर-सामानहरू अथवा वेदीको नजीक नजाऊन्
नत्रता, तिनीहरू र तिमीहरू दुवै मर्नेछौ ।
**४**तिनीहरू तिमीहरूसित मिलुन् अनि भेट
हुने पाल, अर्थात् पालका सबै कामहरूको
देखरेखको जिम्मेवार होऊन्, र तिमीहरूभएको
ठाउँमा अरू कोही पनि नआओस् ।
**५**“तँ पवित्रस्थान र वेदीको देखरेखको
जिम्मेवार हुनेछस्, ताकि इस्राएलीहरूमाथि
फेरि क्रोध नपरोस् । **६**म आफैले तेरा सङ्गी-
इस्राएलीहरूलाई इस्राएलीहरूबीच देखि तँलाई
उपहारस्वरूप छानेको छु र भेट हुने पालमा
काम गरून् भनेर परमप्रभुलाई अर्पण गरेको
छु । **७**तर वेदी र पर्दाभित्र सबै कुराको सम्बन्धमा
तँ र तेरा छोराहरूले मात्र पूजाहारीको रूपमा
सेवा गर्न सक्छौ । म तँलाई पूजाहारीगिरीको
सेवा उपहारस्वरूप दिँदैछु । पवित्रस्थानको
नजीक आउने अरू जो भए पनि मारियोस् ।”

## पूजाहारीहरू र लेवीहरूको निम्ति भेटीहरू

**८**त्यसपछि परमप्रभुले हारूनलाई भन्‍नुभयो,
“मलाई चढ़ाएका भेटीहरूको जिम्मा म आफैले
तँलाई सुम्पेको छु । इस्राएलीहरूले मलाई दिएका
सबै पवित्र भेटीहरू मैले तिमीहरूको भाग र
नियमित अंशस्वरूप तँ र तेरा छोराहरूलाई
दिएको छु । **९**आगोबाट छुट्‌याइएका महा पवित्र
भेटीहरू तिमीहरूले राख्नू । तिनीहरूले मेरो
निम्ति ल्याएका महा पवित्र भेटीहरू, अर्थात्
अन्‍नबलि अथवा पापबलि अथवा दोषबलि त्यो
भाग तँ र तेरा छोराहरूको हो । **१०**त्यसलाई
महा पवित्र ठानेर खानू । प्रत्येक पुरुषले त्यो
खानू । तिमीहरूले त्यसलाई पवित्र ठान्‍नू ।
**११**“यो पनि तेरै हो, अर्थात् इस्राएलीहरूका
सबै बलिहरूका उपहारहरूबाट जे पनि अलग
गरिएका छन् । म यसलाई तिमीहरूका नियमित
भागस्वरूप तँलाई अनि तेरा छोराछोरीहरूलाई
दिन्छु । तेरा घरानामा विधिपूर्वक शुद्ध रहेका
जोसुकैले पनि त्यो खान सक्छ ।
**१२**“म तँलाई तिनीहरूले परमप्रभुलाई
तिनीहरूका कटनीबाट चढ़ाएका सबै असल
भद्राक्षको तेल, अति असल नयाँ दाखमद्य अनि
अन्‍न तँलाई दिन्छु । **१३**तिनीहरूले परमप्रभुकहाँ
ल्याएका देशका सबै पहिला फलहरू तिमीहरूकै
हुनेछन् । तेरा घरानामा विधिपूर्वक शुद्ध रहेका
प्रत्येकले त्यो खान सक्छन् ।”
**१४**“इस्राएलमा परमप्रभुलाई चढ़ाएको प्रत्येक
कुरा तेरै हो । **१५**मानिस होस् वा पशु, गर्भको
प्रत्येक पहिलो फल जो परमप्रभुलाई चढ़ाइएको
छ त्यो तेरै हो । तर तैंले प्रत्येक जेठा छोरा
अनि अशुद्ध पशुहरूका प्रत्येक जेठा पाठालाई
मोलद्वारा छुटाउनुपर्छ । **१६**तिनीहरू एक
महिना हुँदा तैंले तिनीहरूलाई पवित्रस्थानको

---

**१८:१४**–लेवी २७:२८.

शेकेलअनुसार तोकिएको पाँच शेकेल
छुटकाराको मोल तिरेर छुटाउनुपर्छ । एक
शेकेलको तौलचाहिँ बीस गेरा हुन्छ ।”
**१७**“तर तैंले गोरु, भेड़ा अथवा बाखालाई
मोल तिरेर छुटाउनु हुँदैन, तिनीहरू पवित्र
हुन् । तिनीहरूको रगत वेदीमाथि छर्कनू र
तिनीहरूको बोसोचाहिँ आगोद्वारा चढ़ाउने
बलिस्वरूप परमप्रभुको निम्ति मीठो बास्ना
हुने गरी जलाउनू । **१८**बलिको ह्याकुला
र दाहिने फिला तेरो भएझैं तिनीहरूका मासु
पनि तेरै होस् । **१९**इस्राएलीहरूले परमप्रभुलाई
चढ़ाएका पवित्र भेटीहरूबाट अलग गरिएका
जत्ति म तिमीहरूको नियमित भागस्वरूप तँलाई
र तेरा छोराछोरीहरूलाई दिन्छु । यो तेरो अनि
तेरा सन्तान दुवैको निम्ति परमप्रभुको सामुन्ने
अनन्तको नूनको करार हो ।”
**२०**परमप्रभुले हारूनलाई भन्नुभयो, “तिनीहरू-
को देशमा तेरो कुनै उत्तराधिकार हुनेछैन,
नता तिनीहरूबीच तिमीहरूको कुनै हिस्सा नै
हुनेछ । इस्राएलीहरूबीच म नै तिमीहरूका
हिस्सा र तिमीहरूका उत्तराधिकार हुँ ।
**२१**“लेवीहरूले भेट हुने पालमा सेवा गर्दा
काम गरेको साटो म तिनीहरूलाई इस्राएलमा
तिनीहरूको उत्तराधिकारस्वरूप सबै दशांश
दिन्छु । **२२**अबदेखि उसो इस्राएलीहरू भेट
हुने पालको नजीक नजाउन् नत्रता तिनीहरूले
आफ्ना पापको फल भोगेर मर्नेछन् । **२३**लेवीहरूले
नै भेट हुने पालमा काम गरून् र त्यसको
विरुद्धमा भएका अपराधहरूको जिम्मा तिनीहरू
नै लिऊन् । भावी पुस्ताको निम्ति यो अनन्तको
विधि हो । इस्राएलीहरूबीच तिनीहरूले कुनै
उत्तराधिकार पाउने छैनन् । **२४**यसको सट्टा म
लेवीहरूलाई तिनीहरूका उत्तराधिकारस्वरूप
इस्राएलीहरूले परमप्रभुकहाँ चढ़ाएका दशांश
दिन्छु । यसैकारण मैले तिनीहरूको विषयमा
यसो भनें: ‘इस्राएलीहरूबीच तिनीहरूले कुनै
उत्तराधिकार पाउने छैनन् ।’”
**२५**परमप्रभुले मोशालाई भन्नुभयो,
**२६**“लेवीहरूलाई भन्, ‘तिमीहरूले इस्राएलीहरू-
बाट आफ्ना उत्तराधिकारस्वरूप दशांश पाएपछि
तिमीहरूले त्यस दशांशको दशांश परमप्रभुको
भेटीस्वरूप चढ़ाउनू । **२७**तिमीहरूको बलि
खलाबाटको अन्न र कोलबाटको दाखरसझैं
गनिनेछ । **२८**यस किसिमले तिमीहरूले इस्राएली-
हरूबाट पाएका सबै दशांशबाट तिमीहरूले
पनि परमप्रभुलाई भेटी चढ़ाउँछौ । यी
दशांशबाट तिमीहरूले परमप्रभुको भाग हारून
पूजाहारीलाई दिनुपर्छ । **२९**तिमीहरूलाई दिइएको
प्रत्येक कुराबाटको सर्वोत्तम र महा पवित्र खण्ड
तिमीहरूले परमप्रभुको भागस्वरूप चढ़ाउनुपर्छ ।’
**३०**लेवीहरूलाई भन्: ‘तिमीहरूले सर्वोत्तम
भाग चढ़ाउँदा त्यसलाई तिमीहरूको खलाको
अथवा कोलको उत्पादन भनेर हिसाब
राखिनेछ । **३१**तँ अनि तेरा घरानाले त्यसको
रहेको भाग जहाँ पनि खान सक्छौ, किनकि
त्यो तिमीहरूले भेट हुने पालमा गरेको कामको
ज्याला हो । **३२**त्यसको सर्वोत्तम भाग चढ़ाउँदा
यस विषयमा तिमीहरू दोषी हुनेछैनौ, तब
तिमीहरूले इस्राएलीहरूका भेटीहरू अशुद्ध
पार्नेछैनौ, र तिमीहरू मर्नेछैनौ ।’”

## शुद्ध गर्ने पानी

**१९** परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो:
**२**“परमप्रभुले आज्ञा दिनुभएको व्यवस्थाको
आवश्यकता यही हो; कहिल्यै जुवा नपरेको,
खोट अथवा दाग नभएको रातो कोरली तँकहाँ
ल्याउनू भनी इस्राएलीहरूलाई भन् । **३**त्यो
पूजाहारी एलाजारलाई दिनू । त्यसलाई छाउनीको
बाहिर लगेर त्यसको उपस्थितिमा मार्नू ।
**४**त्यसपछि पूजाहारी एलाजारले त्यसको केही
रगत आफ्नो औंलामा लिएर भेट हुने पालको
सामने सातपल्ट छर्कोस् । **५**त्यसले हेर्दा हेर्दै
त्यो कोरली, अर्थात् त्यसको छाला, मासु,
रगत र गोबर जलाइदिनू । **६**पूजाहारीले
देवदारुका केही काठ, हिसप अनि रातो ऊन्
लिएर जल्दै गरेको कोरलीमाथि फ्याँकिदेओस् ।

**१८:२१**–लेवी २७:३०-३३; व्यवस्था १४:२२-२९.

७त्यसपछि पूजाहारीले आफ्ना लुगाहरू धोओस्
र आफैलाई पानीले नुहाओस् । त्यसपछि त्यो
छाउनीभित्र आउन सक्छ, तर त्यो साँझसम्म
विधिपूर्वक अशुद्ध रहनेछ । ८त्यसलाई जलाउने
मानिसले पनि आफ्नो लुगा धुनू र नुहाउनुपर्छ,
अनि त्यो पनि साँझसम्म अशुद्ध रहनेछ ।

९"एक जना शुद्ध मानिसले त्यस कोरलीको
खरानी बटुलोस् र त्यसलाई इस्राएली समुदायले
शुद्ध गर्ने पानीमा चलाउनको निम्ति राखोस्,
त्यो पापबाट शुद्धिकरणको निम्ति हो ।
१०कोरलीको खरानी बटुल्ने त्यो मानिसले पनि
आफ्नो लुगा धोओस् र त्यो पनि साँझसम्म
अशुद्ध रहनेछ । इस्राएलीहरू र तिनीहरूसित
बस्ने परदेशी दुवैको निम्ति यो एउटा अनन्तको
धर्म-विधि हुनेछ ।

११"कसैको मुर्दा छुने व्यक्ति सात दिनसम्म
अशुद्ध रहनेछ । १२त्यसले तेस्रो दिनमा अनि
सातौं दिनमा आफैलाई पानीले चोख्याओस्,
त्यसपछि त्यो शुद्ध हुनेछ । तर त्यसले आफैलाई
तेस्रो र सातौँ दिनमा चोख्याएन भने त्यो शुद्ध
हुनेछैन । १३मुर्दा छोएपछि जसले आफैलाई
चोख्याउँदैन त्यसले परमप्रभुको पवित्र वास-
स्थानलाई अशुद्ध तुल्याउँछ । त्यस व्यक्तिलाई
इस्राएलबाट बहिष्कार गर्नुपर्छ । त्यसमाथि शुद्ध
गर्ने पानी नछर्किएको हुनाले त्यो अशुद्ध हो,
त्यसको अशुद्धता त्यसमा रहिरहन्छ ।

१४"कुनै व्यक्ति आफ्नो पालभित्र मऱ्यो भने,
यो नियम लाग्छ । त्यस पालभित्र पस्ने जो
कोही र त्यसभित्र हुने जो कोही पनि
सात दिनसम्म अशुद्ध रहनेछ, १५अनि ढकनी
नलगाएको रहेक खुला भाँड़ा अशुद्ध हुनेछ ।

१६"खुला ठाउँमा तरवारद्वारा मारिएको व्यक्ति
अथवा स्वाभाविक मृत्युले मरेको व्यक्तिलाई
छुने जोसुकै पनि सात दिनसम्म अशुद्ध हुनेछ ।

१७"अशुद्ध व्यक्तिको निम्ति जलाइएको
शुद्धिकरणको भेटीबाट केही खरानी एउटा
कलशमा हालेर त्यसमा ताजा पानी खन्याउनू ।
१८त्यसपछि विधिपूर्वक शुद्ध रहेको एउटा
मानिसले हिसप लिएर त्यसलाई त्यस पानीमा
चोपेर पाल, त्यसका सबै सर-सामानहरू अनि
त्यहाँ भएका सबै मानिसहरूमाथि छर्कोस् ।
मानिसको हाड़ अथवा चिहान अथवा मारिएको
कसैलाई अथवा स्वाभाविक मृत्युद्वारा मरेको
कसैलाई छुने जोसुकैलाई पनि त्यसले छर्कोस् ।
१९त्यस शुद्ध मानिसले अशुद्ध व्यक्तिलाई तेस्रो
अनि सातौँ दिनमा छर्कोस्, र सातौँ दिनमा
त्यसले चोख्याओस् । शुद्ध भइरहेको व्यक्तिले
आफ्नो लुगा धुनु र पानीले नुहाउनुपर्छ अनि
त्यस साँझ त्यो शुद्ध हुनेछ । २०तर यदि कुनै
अशुद्ध व्यक्तिले आफैलाई चोख्याउँदैन भने
त्यसलाई समाजबाट बहिष्कार गर्नुपर्छ, किनकि
त्यसले परमप्रभुको पवित्रस्थानलाई अशुद्ध तुल्याएको
छ । शुद्ध गर्ने पानी त्यसमाथि छर्किएको छैन,
अनि त्यो अशुद्ध छ । २१यो तिनीहरूको निम्ति
एउटा अनन्तको धर्म-विधि हो ।

"शुद्ध गर्ने पानी छर्कने मानिसले पनि आफ्ना
लुगाहरू धुनुपर्छ, र शुद्ध गर्ने पानी छुने जोसुकै
पनि साँझसम्म अशुद्ध हुनेछ । २२एक जना
अशुद्ध व्यक्तिले छोएको जेसुकै पनि अशुद्ध हुन्छ,
अनि त्यसलाई छुने जोसुकै पनि साँझसम्म
अशुद्ध हुन्छ ।"

### चट्टानबाट पानी

२० पहिलो महिनामा सारा इस्राएली
समुदाय सीनको उजाड़-स्थानमा
आइपुग्यो, अनि तिनीहरू कादेशमा बसे । त्यहाँ
मिरियम मरिन् अनि गाड़िइन् ।

२त्यहाँ समुदायको निम्ति पानी थिएन अनि
मानिसहरू मोशा र हारूनको विरोधमा भेला
भए । ३तिनीहरूले मोशासित झगड़ा गरेर भने,
"हाम्रा दाज्यूभाइहरू परमप्रभुको सामुन्ने मरेको
बेला हामी पनि मरिगएका भए त हुनेथियो !
४तपाईंले परमप्रभुको समुदायलाई हामी र
हाम्रा गाईबस्तु मरून् भनी किन हामीलाई यस
उजाड़-स्थानमा ल्याउनुभयो ? ५तपाईंले हामीलाई
मिश्रबाट निकालेर यस डरलाग्दो ठाउँमा किन

१९:९–हिब्रू ९:१३. २०:१–१३–प्रस्थान १७:१-७.

ल्याउनुभयो ? यसमा केही अन्न, नेभारा, अङ्गूर अथवा दारीम छैनन् । अनि पिउनलाई पानी पनि छैन !"

**६**मोशा र हारून त्यस समुदायबाट भेट हुने पालको प्रवेशद्वारमा गए अनि घोप्टो परेर लडे अनि परमप्रभुको महिमा तिनीहरूमा देखा पऱ्यो । **७**परमप्रभुले मोशालाई भन्नुभयो, **८**"त्यो लहुरो लिएर तँ अनि तेरा दाज्यू हारूनले समुदायलाई एक साथ भेला गराउनू । तिनीहरूको आँखाकै सामुन्ने त्यस चट्टानलाई आज्ञा दिनू अनि त्यसले आफ्नो पानी खन्याइदिनेछ । तैंले समुदायको लागि चट्टानबाट पानी निकालिदिनेछस् र तिनीहरू अनि तिनीहरूका गाईबस्तुले पानी पिउनेछन् ।"

**९**यसकारण मोशाले परमप्रभुले आज्ञा गर्नुभएझैं उहाँको उपस्थितिमा लहुरो लिए । **१०**तिनले र हारूनले समुदायलाई चट्टानको सामुन्ने भेला गराए अनि मोशाले तिनीहरूलाई भने "तिमी बागीहरूले सुन, के हामीले तिमीहरूको निम्ति यस चट्टानबाट पानी निकाल्नुपर्छ ?" **११**त्यसपछि मोशाले आफ्नो हात उचाले अनि त्यस चट्टानलाई आफ्नो लहुरोले दुईपल्ट हिर्काए । पानी जोड़सित निस्केर आयो अनि समुदाय र गाईबस्तुले पिए ।

**१२**तर परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "तिमीहरूले मलाई पूरा भरोसा गरेर इस्राएलीहरूको सामुन्ने पवित्रतासाथ आदर नगरेको कारण तिमीहरूले यस समुदायलाई मैले तिनीहरूलाई दिने देशमा पुऱ्याउन पाउनेछैनौ ।"

**१३**यो पानी मरीबाको थियो, जहाँ इस्राएलीहरूले परमप्रभुसित झगड़ा गरेका थिए, र त्यहाँ उहाँले तिनीहरूबीच आफैलाई पवित्र देखाउनुभएको थियो ।

### एदोमले इस्राएलीहरूलाई बाटो नदिएको

**१४**मोशाले कादेशबाट एदोमका राजाकहाँ यसो भनेर दूतहरू पठाए:

"तपाईंका इस्राएली दाज्यूभाइहरू यसो भन्छन्: हामीमाथि परिआएको संकष्ट तपाईं जान्नुहुन्छ । **१५**हाम्रा पुर्खाहरू मिश्रमा झरेर गएका थिए, र हामी त्यहाँ धेरै वर्षसम्म बस्यौं । मिश्रीहरूले हामी र हाम्रा पुर्खाहरूप्रति दुर्व्यवहार गरे, **१६**तर जब हामीले परमप्रभुलाई पुकारा गऱ्यौं, उहाँले हाम्रो पुकारा सुन्नुभयो र एउटा स्वर्गदूत पठाईकन हामीलाई मिश्रबाट बाहिर निकालेर ल्याउनुभयो ।

"अब हामी यहाँ तपाईंको प्रान्तको सिमाना कादेशमा छौं । **१७**दया गरी हामीलाई तपाईंको देश भएर जान दिनुहोस् । हामी कुनै खेत अथवा दाखबारीबाट भएर जानेछैनौं, अथवा कुनै कुवाबाट पानी पिउने छैनौं । हामी राजाको मूलबाटो भएर जानेछौं अनि तपाईंको प्रान्तबाट भएर गइनसकुन्जेल हामी दाहिने अथवा देब्रेतिर फर्कनेछैनौं ।"

**१८**तर एदोमले जवाफ दिए:

"तिमीहरू यहाँबाट भएर जान सक्दैनौ; तिमीहरूले कोशिश गऱ्यौ भने हामी तिमीहरूको विरुद्ध युद्ध-यात्रा गरेर तिमीहरूमाथि तरवारले आक्रमण गर्नेछौं ।"

**१९**इस्राएलीहरूले जवाफ दिए:

"हामी मूलबाटो भएर जानेछौं, अनि यदि हामीले अथवा हाम्रा गाईबस्तुले तपाईंको केही पानी मात्र पियौं भने हामी त्यसको मोल तिर्नेछौं । हामी खालि छिरेर जान मात्र चाहन्छौं, अरू केही होइन ।"

**२०**फेरि तिनीहरूले जवाफ दिए:

"तिमीहरू छिरेर जान पाउँदैनौ ।"

तब एदोम तिनीहरूको विरुद्धमा एउटा ठूलो र शक्तिशालि सेना लिएर निस्के । **२१**एदोमले तिनीहरूलाई आफ्नो प्रान्तबाट छिरेर जान नदिएकोले इस्राएल तिनीहरूबाट फर्किगए ।

### हारूनको मृत्यु

**२२**इस्राएलको सारा समुदाय कादेशबाट हिंडे अनि होर पर्वतमा आइपुगे । **२३**होर पर्वतमा, एदोमको सिमानाको छेउमा परमप्रभुले

मोशा र हारूनलाई भन्नुभयो, २४"हारून
आफ्ना मानिसहरूकहाँ मिलाइनेछ । त्यो मैले
इस्राएलीहरूलाई दिने देशमा पस्नेछैन, किनकि
तिमीहरू दुवैले मरीबाको पानीमा मेरो आज्ञाको
विरोध गरेका थियौ । २५हारून र त्यसका छोरा
एलाजारलाई लिएर होर पर्वतसम्म लैजाऊ ।
२६हारूनका वस्तुहरू उतारेर ती त्यसका छोरा
एलाजारलाई लगाइदिनू, किनकि हारून आफ्ना
मानिसहरूसित मिलाइनेछ, त्यो त्यहाँ मर्नेछ ।"

२७मोशाले परमप्रभुले आज्ञा दिनुभएझैं
गरे । सम्पूर्ण समुदायको नजरमा तिनीहरू
होर पर्वतमा उक्ले । २८मोशाले हारूनका
वस्त्रहरू उतारेर ती तिनका छोरा एलाजारलाई
लगाइदिए । अनि त्यहाँ पर्वतको टाकुरामा हारून
मरे । अनि मोशा र एलाजार पर्वतबाट तल
आए, २९अनि हारून मरे भनेर सारा समुदायले
सुनेपछि इस्राएलका सारा समुदायले तिनको
निम्ति तीस दिन शोक मनाए ।

## अरादको नाश

२१ जब नेगेवमा बस्ने अरादको कनानी
राजाले इस्राएलीहरू अटारीम जाने
बाटो भएर आउँदैछन् भन्ने सुने, तिनले
इस्राएलीहरूमाथि आक्रमण गरेर कतिलाई पक्रेर
कैद गरे । २तब इस्राएलीहरूले परमप्रभुमा यो
भाकल गरे: "यदि तपाईंले यी मानिसहरूलाई
हाम्रा हातमा सुम्पिदिनुभयो भने, हामी तिनीहरूका
शहरहरू सम्पूर्ण रूपले नाश गरिदिनेछौं ।"
३परमप्रभुले इस्राएलीहरूको बिन्ती सुन्नुभयो,
अनि ती कनानीहरूलाई तिनीहरूकहाँ
सुम्पिदिनुभयो । तिनीहरूले तिनीहरूलाई अनि
तिनीहरूका शहरहरूलाई सम्पूर्ण रूपले नाश
गरिदिए; र त्यस ठाउँको नाउँ होर्मा राखियो ।

## काँसाको सर्प

४एदोमलाई फेरो मारेर जानलाई तिनीहरूले
होर पर्वतबाट लाल समुद्रतिरको बाटो भएर
यात्रा गरे । तर बाटोमा मानिसहरू अधिरजी
बने । ५परमेश्वर अनि मोशाको विरुद्धमा बोलेर
तिनीहरूले भने, "तपाईंले हामीलाई मिश्रबाट
उजाड़-स्थानमा मर्नलाई किन ल्याउनुभयो ?
यहाँ रोटी छैन, यहाँ पानी छैन ! हामी यस
तुच्छ भोजनलाई घिन गर्छौं !"

६तब परमप्रभुले तिनीहरूबीच विषालु
सर्पहरू पठाउनुभयो; तिनीहरूले मानिसहरूलाई
डसे अनि धेरै इस्राएलीहरू मरे । ७ती मानिसहरू
मोशाकहाँ आएर भने, "हामीले परमप्रभु अनि
तपाईंको विरुद्धमा बोल्दा पाप गरेका छौं । यी
सर्पहरू हामीबाट हटाइदेऊन् भनी परमप्रभुसित
बिन्ती गरिदिनुहोस् ।" यसकारण मोशाले
मानिसहरूको लागि बिन्ती गरिदिए ।

८परमप्रभुले मोशालाई भन्नुभयो, "एउटा
सर्प बनाएर त्यसलाई एउटा खामोमा राखिदिनू
र डसिएका जो सुकैले पनि त्यसलाई हेरेर
बाँचोस् ।" ९यसकारण मोशाले काँसाको
एउटा सर्प बनाएर त्यसलाई एउटा खामोमा
राखिदिए । तब जसलाई सर्पले ड़स्थ्यो, त्यसले
काँसाको सर्पलाई हेरेर बाँच्थ्यो ।

## मोआबतिरको यात्रा

१०इस्राएलीहरू अघि बढ़दै गए अनि
ओबोतमा पाल टाँगे । ११त्यसपछि, तिनीहरू
ओबोतबाट निस्के अनि पूर्वतिर मोआबको
सामनेको उजाड़-स्थानमा भएको इये अबारीममा
पाल टाँगे । १२त्यहाँबाट तिनीहरू अघि बढ्दै
गए अनि येरेदको बँसीमा पाल टाँगे । १३तिनीहरू
त्यहाँबाट यात्रामा निस्के अनि एमोरीहरूको
प्रान्तसम्म फैलिएको उजाड़-स्थानमा भएको
अर्नोनको किनारमा पाल टाँगे । अर्नोनचाहिँ
मोआब र एमोरीहरूको बीचमा भएको मोआबको
सिमाना हो । १४त्यसैकारण परमप्रभुका
योद्धाहरूको पुस्ताले यसो भन्छ:

"सूपामा भएको वाहेब अनि कन्दराहरू,
अर्नोन, १५अनि कन्दराहरूका भीरहरू,

२०:२८–प्रस्थान २९:२९; गन्ती ३३:३८; व्यवस्था १०:६. २१:१–गन्ती ३३:४०. २१:४–व्यवस्था २:१.
२१:५-६ –१ कोरिन्थी १०:९. २१:९ –२ राजा १८:४.

जो आरको शहरतिर लागेर मोआबको
सीमानासम्म गएको छ ।"

१६त्यहाँबाट तिनीहरू अगि बढ्दै बेअरमा अर्थात् त्यस कूवामा जहाँ परमप्रभुले मोशालाई भन्नुभयो, "मानिसहरूलाई एकसाथ भेला गर्नू अनि म तिनीहरूलाई पानी दिनेछु ।"

१७ तब इस्राएलीहरूले यो गीत गाए:

"ए कूवा, फूटेर निस्की !
यसको विषयमा गीत गा,
१८ राजकुमारहरूले खनेको कूवाको विषयमा
मानिसहरूका मुखियाहरूले खनेको
कूवाको विषयमा ती मुखियाहरूले जससित
राजदण्ड र लहुरो थिए ।"

त्यसपछि तिनीहरू यसरी अगि बढे, अर्थात्
उजाड़-स्थानबाट मत्तानामा, १९मत्तानाबाट
नहलीएलमा, नहलीएलबाट बामोतमा, २०अनि
बामोतबाट मोआबको बँसीमा जहाँ पिसगाको टाकुराबाट उजाड़भूमि देखिन्छ ।

### सीहोन र ओग परास्त भएका

२१इस्राएलले एमोरीहरूका राजा सीहोनकहाँ यसो भन्नलाई दूतहरू पठाए:

२२"हामीलाई तपाईंको देशबाट भएर छिर्न दिनुहोस् । हामी कुनै खेत अथवा दाखबारीतिर फर्कनेछैनौं अथवा कुनै कूवाबाट पनि पानी पिउनेछैनौं । हामी तपाईंको प्रान्तबाट भएर नछिरेसम्म राजाको मूलबाटो भएर यात्रा गर्नेछौं ।"

२३तर सीहोनले आफ्नो प्रान्तबाट भएर इस्राएलीहरूलाई छिर्न दिएनन् । तिनले आफ्नो सम्पूर्ण सेनालाई भेला गरे अनि इस्राएलीहरूको विरुद्धमा उजाड़-स्थानतिर युद्धयात्रा गरे । यहाँसम्म आइपुगेर तिनले इस्राएलसित युद्ध
गरे । २४तरै पनि इस्राएलले तिनलाई तरवारले अनि अर्नोनदेखि यब्बोकसम्म तिनको देश कब्जा गरे, तर अम्मोनीहरूको सिमानासम्म मात्र, किनकि तिनीहरूको सिमाना बलियो थियो ।
२५इस्राएलले एमोरीहरूका सबै शहरहरू कब्जा गरे अनि तिनीहरूमा बसे, जसमा हेश्बोन अनि त्यसका छेउछाउका सबै बस्तीहरू पनि सामेल
थिए । २६हेश्बोनचाहिँ एमोरीहरूका राजा सीहोनको शहर थियो, जसले मोआबको पहिलेको राजाको विरुद्धमा युद्ध गरेर अर्नोनसम्म तिनका सबै देश तिनीबाट लिएका थिए ।

२७त्यसैकारण कविहरू भन्छन्:

"हेश्बोनमा आऊ, अनि यो फेरि बनिओस्
सीहोनको शहर पुनर्स्थापित होस् ।

२८ "हेश्बोनबाट आगो निस्केर गयो,
सीहोनको शहरबाट एउटा ज्वाला
यसले मोआबको आरलाई भष्म पाऱ्यो
अर्नोनका शिखरका नागरिकहरूलाई ।
२९ धिक्कार छ तँलाई, ए मोआब !
तिमीहरू नष्ट भयौ, ए कमोशका प्रजा,
त्यसले आफ्ना छोराहरूलाई भगुवाझैं,
अनि आफ्नी छोरीहरूलाई कैदीझैं
एमोरीहरूको राजा सीहोनलाई दिएको
छ ।

३० "तर हामीले तिनीहरूलाई जितेका छौं;
हेश्बोनचाहिँ दिबोनसम्मै नष्ट भएको छ ।
हामीले तिनीहरूलाई नोपासम्मै
भत्काइदिएका छौं,
जुनचाहिँ मेदेबासम्म फैलिएको छ ।"

३१यसरी इस्राएल एमोरीहरूको देशमा बसोबासो गरे ।

३२मोशाले याजेरमा भेद लिने मानिसहरू पठाएपछि इस्राएलीहरूले त्यसका चरैतिरका बस्तीहरू कब्जा गरे, अनि त्यहाँभएका
एमोरीहरूलाई धपाइदिए । ३३त्यसपछि तिनीहरू फर्केर बाशानतिरको बाटो भएर उक्ले अनि बाशानको राजा ओग आफ्नो सम्पूर्ण सेना लिएर तिनीहरूलाई एद्रेइमा लड़ाइँमा भेट्न भनी युद्ध-यात्रामा निस्के ।

---

२१:२१-३०–व्यवस्था २:२६-३:११. २१:२८-२९–यर्मिया ४८:४५-४६.

**३४**परमप्रभुले मोशालाई भन्नुभयो, "त्यससित नडरा, किनकि मैले त्यसलाई त्यसको सबै सेना र देशसमेत तेरो हातमा सुम्पिदिएको छु। हेश्बोनमा शासन गर्ने एमोरीहरूका राजालाई गरेझैं त्यसलाई पनि गर्नू ।"

**३५**यसकारण तिनले तिनलाई आफ्नो पछि कोही पनि नहुने गरी तिनका छोराहरू र सम्पूर्ण सेनासितै मारे । अनि तिनीहरूले त्यस देशमाथि अधिकार गरे ।

### बालाकले बालामलाई बोलाइपठाएका

**२२** त्यसपछि इस्राएलीहरू मैदानहरूमा यात्रा गरेर गए र यरीहोको नजीक यर्दनको किनारामा पाल टाँगेर बसे ।

**२**सिप्पोरको छोरा बालाकले इस्राएलीहरूले एमोरीहरूसित गरेका सबै देखे, **३**अनि त्यहाँ धेरै मानिसहरू भएकोले मोआब आतङ्कित भयो । वास्तवमा, मोआब इस्राएलीहरूको कारण आतङ्कले भरियो ।

**४**मोआबीहरूले मिद्यानका धर्म-गुरुहरूलाई भने, "यस दलले गोरुले खेतको घाँस खाएझैं, हाम्रा चारैतिर भएका प्रत्येक कुरा स्वाहा पार्नेछ ।"

यसकारण त्यस बेला मोआबका राजा रहेका सिप्पोरका छोरा बालाकले, **५**आफ्नो जन्मस्थलमा नदीको छेउमा भएको पतोरमा बसेको बओरका छोरा बालामलाई बोलाइपठाउन भनी दूतहरू पठाए । बालाकले भने:

> "मिश्रमा एउटा जाति निस्केर आएको छ, तिनीहरू मुलुकै ढाकेर मेरै नजीक आएर बसेका छन् । **६**अब आएर यी मानिसहरूलाई सराप्नुहोस्, किनकि तिनीहरू मेरो निम्ति अति नै शक्तिशाली छन् । तब शायद म तिनीहरूलाई जित्न सकूँला । किनकि म जान्दछु कि तपाईंले जसलाई आशिष् दिनुहुन्छ तिनीहरूले आशिष् पाउँछन्, अनि जसलाई तपाईं सराप्नुहुन्छ, त्यसले श्राप पाउँछ ।"

**७**मोआब र मिद्यानका धर्म-गुरुहरू आफूसित जोखनाको दक्षिणा लिएर गए । बालामकहाँ पुगेपछि तिनीहरूले तिनलाई बालाकले भनेका कुरा भनिदिए ।

**८**बालामले तिनीहरूलाई भने, "आज राती यहीं बस्नुहोस् । अनि परमप्रभुले मलाई दिनुभएको जवाफ म तपाईंहरूकहाँ ल्याउनेछु ।" यसकारण मोआबी राजकुमारहरू तिनीसित वास बसे ।

**९**परमप्रभुले बालमकहाँ आएर सोध्नुभयो "तँसित भएका यी मानिसहरू को हुन् ?"

**१०**बालामले परमप्रभुलाई भने, "मोआबका राजा सिप्पोरका छोरा बालाकले यो समाचार पठाएको छ: **११**'मिश्रबाट एउटा जाति आएर मुलुकै ढाकेको छ । अब आएर मेरो निम्ति तिनीहरूलाई सराप्नुहोस् । तब शायद म तिनीहरूसित युद्ध गरेर तिनीहरूलाई धपाउन सकूँला ।'"

**१२**तर परमप्रभुले बालामलाई भन्नुभयो, "तँ तिनीहरूसित नजानू । तैंले ती मानिसहरूलाई नसराप्नू, किनकि तिनीहरू आशिषित् छन् ।"

**१३**भोलिपल्ट बिहानै बालाम उठेर बालाकका राजकुमारहरूलाई भने, "आफ्नो देशमा फर्किजानुहोस्, किनकि परमप्रभुले मलाई तपाईंहरूसित जान दिन अस्वीकार गर्नुभयो ।"

**१४**यसकारण मोआबी राजकुमारहरूले बालाककहाँ फर्किगएर भने, "बालामले हामीसित आउन अस्वीकार गरे ।"

**१५**त्यसपछि बालाकले पहिलेको भन्दा धेरै अनि अझ प्रतिष्ठित राजकुमारहरू पठाए । **१६**तिनीहरू बालामकहाँ आए अनि भने:

> "सिप्पोरका छोरा बालाक यसो भन्नुहुन्छ: 'कुनै कुरोले पनि तपाईंलाई मकहाँ आउनदेखि नरोकोस्, **१७**किनकि म तपाईंलाई यथेष्ट उपहारहरू दिनेछु, अनि तपाईंले जे भन्नुभए पनि गर्नेछु । आउनुहोस्, अनि मेरो निम्ति यी मानिसहरूलाई सराप्नुहोस् ।"

**१८**तर बालामले तिनीहरूलाई जवाफ दिए,

---

**२२:५**–गन्ती ३१:८; २ पत्रुस २:१५-१६; यहूदा ११.

“यदि बालाकले मलाई चाँदी र सुनले भरिएको
आफ्नो महलै दिए तापनि म परमप्रभु मेरा
परमेश्वरको आज्ञादेखि बाहिर ठूलो वा सानो
केही गर्न सक्दिनँ । **१९**अब आज राती अरू
बसेझैँ यहाँ बस्नुहोस् अनि म परमप्रभुले अरू
केही भन्नुहुन्छ कि पत्तो लाउनेछु ।”

**२०**त्यस रात परमप्रभु बालामकहाँ
आउनुभएर भन्नुभयो, “यी मानिसहरू तँलाई
बोलाउन आएको कारण, तिनीहरूसित जा तर
मैले तँलाई भनेको मात्र गर्नू ।”

### बालामको गधा

**२१**बालाम बिहानै उठेर आफ्नो गधामा काठी
कसे अनि मोआबका राजकुमारहरूसित गए ।
**२२**तर तिनी गएकोमा परमप्रभु साह्रै रिसाउनुभयो
अनि तिनको विरोध गर्नलाई परमप्रभुका दूत
बाटोमा उभिए । बालाम आफ्नो गधामाथि
चढ़ेका थिए अनि तिनका दुई चाकरहरू
तिनीसितै थिए । **२३**जब त्यस गधाले परमप्रभुको
दूतलाई थुतेको तरवार हातमा लिएर बाटोमा
उभिरहेको देख्यो, त्यो बाटो छोड़ेर खेतमा
गयो । त्यसलाई बाटोमा ल्याउनलाई बालामले
त्यसलाई पिटे ।

**२४**तब परमप्रभुको दूत दुईओटा दाखवारी-
हरूको बीचमा एउटा साँघुरो बाटोमा उभिए,
जसका दुवैतिर पर्खालहरू थिए । **२५**त्यस गधाले
परमप्रभुको दूतलाई देखेर त्यो बालामको खुट्टा
त्यसको विरुद्धमा चेप्टाउँदै पर्खालको नजीकतिर
ठेल्दै गयो । यसकारण तिनले त्यसलाई फेरि
पिटे ।

**२६**तब परमप्रभुको दूत अगि सरे अनि दाहिने
अथवा देब्रेतिर घुम्ने ठाउँ नै नभएको साँघुरो
ठाउँमा उभिए । **२७**त्यस गधाले परमप्रभुको
दूतलाई देखेर त्यो बालाममुनि थचक्क
बस्यो अनि तिनी रिसाएर त्यसलाई आफ्नो
लहुरोले पिटे । **२८**तब परमप्रभुले गधाको मुख
खोलिदिनुभयो, अनि त्यसले बालामलाई भन्यो,
“मैले तपाईंलाई के गरेको छु र तपाईंले मलाई
यसरी तीनपल्ट हिर्काउनुभयो ?”

**२९**बालामले गधालाई जवाफ दिए, “तैंले मलाई
मूर्ख तुल्याइस् ! यदि मेरो हातमा एउटा तरवार
भएको भए म तँलाई अहिले नै मार्ने थिएँ ।”

**३०**त्यस गधाले बालामलाई भन्यो, “के
तपाईंले आजसम्म चढ़नुभएको गधा म नै
होइन ? के यस्तो गर्ने मेरो स्वभाव थियो ?”

तिनले भने, “थिएन ।”

**३१**त्यसपछि परमप्रभुले बालामका आँखा
खोलिदिनुभयो अनि तिनले परमप्रभुको दूतलाई
थुतेको तरवार लिएर बाटोमा उभिरहेका देखे ।
यसकारण तिनी भूइँसम्मै घोप्टेर लड़े ।

**३२**परमप्रभुको दूतले तिनलाई सोधे, “तैंले
आफ्नो गधालाई किन यसरी तीनपल्ट
हिर्काइस् ? म यहाँ तेरो विरोध गर्न आएको छु
किनकि तेरो चाल मेरो सामुन्ने असावधान
छ । **३३**यस गधाले मलाई देखेर मदेखि यसरी
तीनपल्ट उता तर्क्यो । त्यो नतर्केको भए
अहिलेसम्म म तँलाई मारिसक्ने थिएँ ।”

**३४**बालामले परमप्रभुको दूतलाई भने, “मैले
पाप गरें । तपाईं मलाई विरोध गर्नलाई बाटोमा
उभिरहनुभएको मैले थाहा गरिनँ । अब तपाईं
असन्तुष्ट हुनुहुन्छ भने म फर्केर जानेछु ।”

**३५**परमप्रभुको दूतले बालामलाई भने “यी
मानिसहरूसित जा तर मैले तँलाई भनेको
मात्र भन्नू ।” यसकारण बालाम बालाकका
राजकुमारहरूसित गए ।

**३६**बालाम आउँदैछन् भनेर बालाकले सुनेपछि
तिनी उनलाई आफ्नो प्रान्तमा किनारमा अर्नोनको
सिमानामा भएको मोआबी शहरमा भेट्नलाई
निस्के । **३७**बालाकले बालामलाई भने, “के मैले
तपाईंलाई जरूरी सन्देश पठाइनँ ? तपाईं मलाई
भेट्नलाई किन आउनुभएन ? के म साँच्चै
तपाईंलाई उपहार दिन असमर्थ छु ?”

**३८**बालामले जवाफ दिए, “ठीकै छ, अब म
आइहालेको छु ।” “तर के म जेसुकै भन्न
सक्छु र ? मैले त परमप्रभुले मेरो मुखमा जे
हालिदिनुहुन्छ त्यही मात्र भन्न सक्छु ।”

**३९**त्यसपछि बालाम बालाकसित कीरीयथ
हुस्सोतमा गए । **४०**बालाकले गाईबस्तु
अनि भेड़ा मारे अनि बालाम र तिनीसित
हुने राजकुमारहरूलाई केही दिए ।

**४१**भोलिपल्ट बिहानै बालाकले बालामलाई
बामेत बालको शिखरसम्म लगे अनि त्यहाँबाट
तिनले मानिसहरूको केही भाग देखे ।

### बालामको पहिलो अगमवाणी

**२३** बालामले भने, "मेरो निम्ति यहाँ
सातओटा वेदीहरू बनाइदिनुहोस्, र
मेरो निम्ति सातओटा साँढ़े र साताओटा भेड़ा
तयार पारिदिनुहोस् ।" **२**बालामले भनेझैँ
बालाकले गरेर तीमध्ये दुई जनाले प्रत्येक वेदीमा
एउटा साँढ़े र एउटा भेड़ा चढ़ाए ।

**३**त्यसपछि बालामले बालाकलाई भने,
"तपाईं यहाँ आफ्नो भेटीको नजीक बस्नुहोस्
र म अलि पर जान्छु । शायद परमप्रभु मसित
भेट गर्न आउनुहुनेछ होला । उहाँले मलाई जे
प्रकाश गर्नुहुन्छ, म तपाईंलाई भन्नेछु ।" तब
तिनी एउटा उजाड़-डाँड़ामा गए ।

**४**परमेश्वरले तिनीसित भेट गर्नुभयो, र
बालामले भने, "मैले सातओटा वेदीहरू बनाएँ
र प्रत्येक वेदीमा एउटा साँढ़े र एउटा भेड़ा
चढ़ाएँ ।"

**५**परमप्रभुले बालामको मुखमा एउटा सन्देश
हालिदिनुभएर भन्नुभयो, "बालाककहाँ फर्किगएर
त्यसलाई यो सन्देश दिनू ।"

**६**यसकारण तिनी उनीकहाँ फर्केर गएर
उनलाई मोआबका सबै राजकुमारहरूसित
आफ्नो भेटीको छेउमा उभिरहेका भेट्टाए: **७**तब
बालामले आफ्नो अगमवाणी उच्चारण गरे:

"बालाकले मलाई अरामबाट,
अर्थात् मोआबले पूर्वको पर्वतहरूबाट
ल्याए ।
तिनले भने, 'आउनुहोस्' र मेरो निम्ति
याकूबलाई सराप्नुहोस्:
आउनुहोस् र इस्राएलको निन्दा गर्नुहोस् ।'
**८** परमप्रभुले जुनहरूलाई सराप्नुभएन मैले
कसरी सराप्नु ? परमप्रभुले जुनहरूको
निन्दा गर्नुभएन मैले कसरी निन्दा गर्नु ?
**९** चट्टानभएको शिखरबाट म
तिनीहरूलाई देख्दछु,
अग्ला ठाउँहरूबाट म तिनीहरूलाई
हेर्दछु, म एउटा अलग्गै बस्ने जातिलाई
देख्दछु, जुनहरूले आफैलाई अरू
जातिझैँ ठान्दैनन् ।
**१०** याकूबको धूलोलाई कसले गन्न सक्छ,
अथवा इस्राएलको चौथो भागलाई
कसले गन्न सक्छ ?
म धार्मिकको मृत्युझैँ पाऊँ र मेरो
अन्त तिनीहरूझैँ होस् !"

**११**बालाकले बालामलाई भने, "तपाईंले मलाई
के गर्नुभयो ? मैले तपाईंलाई मेरा शत्रुहरूलाई
सराप्नलाई बोलाएँ तर तपाईंले त केही
नगरेर तिनीहरूलाई आशिष् पो दिनुभयो !"

**१२**तिनले जवाफ दिए, "के मैले परमप्रभुले
जे मेरो मुखमा हालिदिनुभएको छ, त्यही
बोल्नुपर्दैन ?"

### बालामको दोस्रो अगमवाणी

**१३**त्यसपछि बालाकले तिनलाई भने, "मसित
अर्को ठाउँमा आउनुहोस्, जहाँबाट तपाईंले
तिनीहरूलाई देख्न सक्नुहुन्छ, तपाईंले तिनीहरू
सबैलाई होइन तर केही भाग मात्र देख्न
सक्नुहुन्छ । अनि त्यहाँबाट तिनीहरूलाई
मेरो निम्ति सराप्नुहोस् ।" **१४**यसकारण उनले
तिनलाई पिस्गाको टुप्पोमा सोफिमको
मैदानमा लगेर त्यहाँ सातओटा वेदीहरू बनाए
र प्रत्येक वेदीमा एउटा साँढ़े र एउटा भेड़ा
चढ़ाए ।

**१५**बालामले बालाकलाई भने, "मैले उहाँलाई
त्यहाँ पर भेट्दा तपाईं आफ्नो भेटीको नजीक
बस्नुहोस् ।"

**१६**परमप्रभुले बालामसित भेट गर्नुभयो र
तिनको मुखमा एउटा सन्देश हालिदिएर
भन्नुभयो, "बालाककहाँ फर्किगएर त्यसलाई
यो सन्देश दिनू ।"

**१७**यसकारण तिनी उनीकहाँ गएर उनलाई
मोआबका राजकुमारहरूसित आफ्नो भेटीको
छेउमा उभिरहेका भेट्टाए । बालाकले तिनलाई
सोधे, "परमप्रभुले के भन्नुभयो ?"

**१८**तब तिनले आफ्नो अगमवाणी उच्चारण
गरेः

"ए बालाक उठ् र सुन्;
ए सिप्पोरका छोरा मेरा कुरा सुन् ।
१९ परमेश्‍वर कुनै मानिस हुनुहुन्‍न,
कि उहाँले झूट बोलुन्,
नता कुनै मानिसको पुत्र कि उहाँले
आफ्नो मन बदली गरून् ।
के उहाँले बोलेर कामचाहिँ गर्नहुन्‍न,
के उहाँले प्रतिज्ञा गरेर पूरा गर्नुहुन्‍न ?
२० मैले आशिष् दिने एउटा आज्ञा दिएँ,
उहाँले आशिष् दिनुभयो,
र म यसलाई बदली गर्न सक्दिनँ ।

२१ "याकूबमा कुनै अनिष्‍ट देखिँदैन,
इस्राएलमा कुनै विपत्ति देखिँदैन ।
परमप्रभु तिनीहरूका परमेश्‍वर
तिनीहरूसित हुनुहन्छ;
राजाका जय-ध्वनि तिनीहरूबीच छ ।
२२ परमेवरले तिनीहरूलाई मिश्रबाट
निकाली ल्याउनुभयो;
तिनीहरूसित अर्नाको शक्ति छ ।
२३ याकूबको विरुद्धमा कुनै टुनामुना छैन,
इस्राएलको विरुद्धमा कुनै जोखना
छैन ।
अब याकूबको विषयमा र इस्राएलको
विषयमा यसो भनिनेछ,
'परमेश्‍वरले के गर्नुभएको छ त्यो हेर !'
२४ यो जाति सिंहझैँ उठ्छ;
तिनीहरूले आफैलाई उत्तेजित सिंहझैँ
जगाउनेछन्,
जसले आफ्नो शिकार नखाउञ्जेल
विश्राम लिनेछैन ।"

**२५**तब बालाकले बालामलाई भने,
"तिनीहरूलाई सराप्दै नसराप्नुहोस् नता
तिनीहरूलाई आशिष् नै दिनुहोस् !"
**२६**बालामले भने, "के मैले परमप्रभुले जे
भन्‍नुहुन्छ त्यही मैले भन्‍नुपर्छ भनेर तपाईंलाई
भनिनँ र ?"

### बालामको तेस्रो अगमवाणी

**२७**त्यसपछि बालाकले बालामलाई भने,
"आउनुहोस्, म तपाईंलाई अर्को ठाउँमा
लैजाऊँ । शायद परमप्रभु त्यहाँबाट तपाईंले
तिनीहरूलाई सरापेकोमा खुशी हुनुहुन्छ
होला ।" **२८**तब बालाकले बालामलाई पोरको
टुप्पामा लगे, जहाँदेखि उजाड़-भूमि देखिन्थ्यो ।
**२९**बालामले भने, "मेरो निम्ति यहाँ
सातओटा वेदीहरू बनाउनुहोस् र मेरो निम्ति
सातओटा साँढ़ेहरू र सातओटा भेड़ाहरू तयार
पार्नुहोस् ।" **३०**बालाकले बालामले भनेझैँ
गरेर प्रत्येक वेदीमा एउटा साँढ़े र एउटा भेड़ा
चढ़ाए ।

**२४** अब परमप्रभुले इस्राएललाई आशिष्
दिनुमा खुशी मान्‍नुभएको बालामले
देखेर तिनी अघिझैँ टुनामुनातिर लागेनन्
तर तिनले आफ्नो अनुहार उजाड़-स्थानतिर
फर्काए । **२**बालामले हेरिपठाउँदा इस्राएललाई
कुलअनुसार पाल टाँगेर बसेको देखेपछि
परमप्रभुको आत्मा तिनीमाथि आउनुभयो, **३**र
तिनले आफ्नो अगमवाणी उच्चारण गरेः

"बओरको छोरा बालामको अगमवाणी,
आँखाले स्पष्‍ट गरी देख्‍नेको अगमवाणी,
४ त्यसको अगमवाणी जसले परमेश्‍वरको
वचन सुन्छ,
जसले सर्वशक्तिमान्‌बाट दर्शन देख्छ,
जो लम्पसार पर्छ र जसका आँखा
खुला छन्ः

५ "हे याकूब, तेरा पालहरू कति सुन्दर
छन् !
तेरा पवित्र वासस्थानहरू, हे इस्राएल !

६ "बँसीजस्तै ती फैलिएका छन्,
नदीको छेउमा भएका बगैंचाहरूझैँ,
परमप्रभुले रोप्‍नुभएका घिउकुमारीहरूझैँ
पानीको छेउमा भएका देवदारुहरूझैँ ।
७ तिनीहरूका बाल्टीहरूबाट पानी बगेर
निस्कनेछन्;
तिनीहरूका बिउले प्रशस्त पानी पाउनेछ ।

"तिनीहरूका राजा अगागभन्दा महान्
हुनेछन्;
तिनीहरूको राज्य उच्च पारिनेछ ।

८ "परमेश्‍वरले तिनीहरूलाई मिश्रबाट
निकालेर ल्याउनुभयो;
तिनीहरूसित अर्नाको शक्ति छ ।
तिनीहरूले दुश्मन राष्ट्रहरूलाई निल्छन्
अनि तिनीहरूका हाड़हरू टुक्रा-टुक्रा
पार्छन्;
तिनीहरूका काँड़ले तिनीहरूले छेंड़छन् ।
९ तिनीहरू सिंहझैँ थचक्क बस्छन् र
ढल्कन्छन्,
अँ, एउटी सिंहनीझैँ,
तिनीहरूलाई उत्तेजित पार्ने आँट
कसले गर्छ ?

"जसले तिमीहरूलाई आशिष् दिन्छन्,
तिनीहरूले आशिष् पाऊन्
अनि जसले तिमीहरूलाई सराप्छन्,
तिनीहरू श्रापित होऊन् !"

**१०**त्यसपछि बालाकको क्रोध बालामप्रति
दन्क्यो । तिनले आफ्ना हातहरू एकसाथ
ठटाएर बालामलाई भने, "मैले तपाईंलाई
मेरा शत्रुहरूलाई सराप्न बोलाएँ, तर
तपाईंले तिनीहरूलाई यसरी तीनपल्ट आशिष्
दिनुभयो । **११**अब झट्टै यस ठाउँलाई छोड़ेर घर
गइहाल्नुहोस् ! मैले तपाईंलाई प्रशस्त उपहार
दिउँला भनें, तर परमप्रभुले तपाईंलाई उपहार
लिनबाट रोक्नुभयो ।"

**१२**बालामले बालाकलाई जवाफ दिए, "के
तपाईंले पठाउनुभएका दूतहरूलाई मैले **१३**'यदि
बालाकले मलाई चाँदी र सुनले भरिएको आफ्नो
महल नै दिए तापनि परमप्रभुको आज्ञादेखि बाहिर
असल वा खराब म आफ्नो तर्फबाट केही गर्न
सक्दिनँ, अनि मैले परमप्रभुले भन्नुभएको मात्र
भन्नुपर्छ भनेर भनिनँ ? **१४**अब म आफ्नै
मानिसहरूकहाँ जाँदैछु, तर आउनुहोस्, र आउने
दिनहरूमा यस जातिले तपाईंको जातिलाई के
गर्नेछन्, त्यो चेतावनी म तपाईंलाई दिऊँ ।"

## बालामको चौथो अगमवाणी

**१५**त्यसपछि तिनले आफ्नो अगमवाणी
उच्चारण गरे:

"बओरका छोरा बालामको अगमवाणी,
आँखाले स्पष्ट गरी देख्नेको अगमवाणी,
१६ त्यसको अगमवाणी जसले परमेश्‍वरको
वचन सुन्छ;
जससित सर्वोच्चबाटको ज्ञान छ,
जसले सर्वशक्तिमान्‌बाट दर्शन देख्छ,
जो लम्पसार पर्छ अनि जसका आँखा
खुला छन्:
१७ "म उहाँलाई देख्छु तर अहिले होइन;
म उहाँलाई हेर्छु तर नजीक त होइन ।
याकूबबाट एउटा तारा निस्कनेछ;
इस्राएलबाट एउटा राजदण्ड उठ्नेछ ।
अनि मोआबका निधारहरू,
र सेतका सबै छोराहरूका खप्पर
कुच्याउनेछ ।
१८ एदोम परास्त हुनेछ;
त्यसको शत्रु सेइर परास्त हुनेछ,
तर इस्राएलचाहिँ बलियो हुनेछ ।
१९ याकूबबाट एउटा शासक निस्कनेछ
र शहरमा बाँचेकाहरूलाई नाश गर्नेछ ।"

## बालामको अन्तिम अगमवाणीहरू

**२०**तब बालामले अमालेकलाई देखे र आफ्नो
अगमवाणी उच्चारण गरे:

"अमालेक जातिहरूमा पहिलो थियो,
तर अन्तमा त्यसको विनाश आउनेछ ।"

**२१**तब तिनले केनीहरूलाई देखे, अनि आफ्नो
अगमवाणी उच्चारण गरे:

"तेरो पवित्र वासस्थान सुरक्षित छ,
तेरो गुँड़ चट्टानमा लगाइएको छ;

---

**२४:९**–उत्पत्ति १२:३; ४९:९.

२२ तरै पनि अश्शूरले तिमीहरूलाई कैद गरेर लैजाँदा,
तिमी केनीहरू नष्ट हुनेछौ ।"

२३तब तिनले आफ्नो अगमवाणी उच्चारण गरे:

"अहो, परमप्रभुले यसो गर्नुहुँदा को बाँच्न सक्छ ?
२४ जहाजहरू कित्तीमका किनारबाट आउनेछन्;
तिनीहरूले अश्शूर र एबेरलाई दमन गर्नेछन्
तर तिनीहरू पनि नष्ट हुनेछन् ।"

२५त्यसपछि बालाम उठे अनि घर फर्के र बालाक आफ्नो बाटो लागे ।

### मोआबले इस्राएललाई भ्रष्ट पारेको

२५ इस्राएल शित्तीममा हुँदा मानिसहरू
मोआबी स्त्रीहरूसित व्यभिचार गर्न
लागे, २जुन स्त्रीहरूले तिनीहरूलाई तिनीहरूको
निम्ति भेटीहरू चढ़ाउनलाई निम्तो दिए । ती
मानिसहरूले ती देवताहरूको सामुन्ने खाए र
शिर झुकाए । ३यसरी इस्राएल पोरको बाल
देवताको आराधनामा सहभागी भए । अनि
परमेश्‍वरको क्रोध तिनीहरूको विरुद्धमा भड्क्यो ।
४परमप्रभुले मोशालाई भन्नुभयो, "यी
मानिसहरूका सबै अगुवाहरूलाई लगेर मार्नू
र दिउँसोको चर्को घाममा परमप्रभुको अघि
प्रकट गरिदिनु ताकि परमप्रभुको भयानक क्रोध
इस्राएलबाट हटोस् ।"
५यसकारण मोशाले इस्राएलका
न्यायकर्ताहरूलाई भने, "तिमीहरू प्रत्येकले
पोरको बालको आराधनामा सहभागी हुने
तिमीहरूका मानिसहरूलाई मारिदिनू ।"
६इस्राएलीहरू भेट हुने पालको प्रवेशद्वारमा
रोइरहेको बेला एक जना इस्राएलीले मोशा र
इस्राएलको सारा समुदायको आँखाकै सामुन्ने
एउटी मिद्यानी स्त्रीलाई आफ्नो परिवारमा
ल्याए । ७जब एलाजारका छोरा, हारूनका
नाति पीनहासले त्यो देखे, तब तिनले समुदायको
मध्यबाट उठेर आफ्नो हातमा भाला लिए, ८अनि
त्यस इस्राएलीको पछिपछि पालभित्र गए ।
तिनले ती दुवै अर्थात् इस्राएली र त्यस स्त्रीको
शरिरलाई रोपिदिए । तब इस्राएलीहरूको
विरुद्धको विपत्ति थामियो, ९तर त्यस विपत्तिमा
मर्नेहरूको सङ्ख्या चौबिस हजार थियो ।
१०परमप्रभुले मोशालाई भन्नुभयो,
११"पूजाहारी हारूनको नाति, एलाजारको
छोरा पीनहासले इस्राएलीहरूबाट मेरो क्रोध
हटाइदियो, किनकि तिनीहरूबीच मेरो
आदरको निम्ति त्यो मजत्तिकै जोशिलो थियो
र मैले आफ्नो जोशमा तिनीहरूलाई सर्वनाश
पारिनँ । १२यसकारण त्यसलाई म आफ्नो
शान्तिको करार त्यससित बाँध्दैछु भनेर भन् ।
१३त्यो अनि त्यसका सन्तानले अनन्त
पूजाहारीगिरीको करार पाउनेछन्, किनकि त्यो
आफ्नो परमेश्‍वरको आदरको निम्ति जोशिलो
थियो र त्यसले इस्राएलीहरूको लागि प्रायश्‍चित
गऱ्यो ।"
१४मिद्यानी स्त्रीसित मारिने इस्राएलीको नाउँ
जिम्री थियो, जो शिमीयोनको परिवारको अगुवा
सालूको छोरो थियो । १५अनि त्यो मारिने मिद्यानी
स्त्रीको नाउँ कोज्बी थियो, जो मिद्यानी
परिवारको कुलपति सूरकी छोरी थिई ।
१६परमप्रभुले मोशालाई भन्नुभयो,
१७"मिद्यानीहरूसित शत्रुझैँ व्यवहार गरेर
तिनीहरूलाई मार्नू, १८किनकि पोरको विषयमा
र पोरको कारण विपत्ति आउँदा मारिने स्त्री
अर्थात् मिद्यानी अगुवाकी छोरी र तिनीहरूकी
बहिनी कोज्बाको विषयमा तिमीहरूलाई धोका
दिँदा तिनीहरूले तिमीहरूसित शत्रुताको व्यवहार
गरेका थिए ।

### दोस्रो जनगणना

२६ विपत्तिपछि परमप्रभुले मोशा र
पूजाहारी हारूनका छोरा एलाजारलाई

२६:१-५१–गन्ती १:१-४६.

भन्नुभयो, २"सारा इस्राएलीहरूलाई तिनीहरूका
परिवार-परिवार गरी, अर्थात् बीस वर्ष र
माथिका इस्राएलका सेनामा सेवा गर्न
सक्नेहरूको जनगणना गर्नू । ३यसकारण
यरीहोदेखि उसो यर्दनको छेउमा भएको
मोआबको मैदानमा मोशा र पूजाहारी
एलाजारले तिनीहरूसित कुरा गरेर भने,
४"परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं बीस
वर्ष र माथिका मानिसहरूको जनगणना
गर्नू ।"

मिश्रबाट निस्किआएका इस्राएलीहरू यी नै थिए:

५इस्राएलका जेठा छोरा रूबेनका सन्तान यी नै थिए:

हनोकबाट हनोकीहरूको वंश;
पल्लूबाट पल्लूकीहरूको वशं;
६हिस्रोनबाट हिस्रोनीहरूको वशं;
कर्मीबाट कर्मी वंश;

७रूबेनको वंश यी नै थिए; अर्थात् गनिएकाहरूको सङ्ख्या त्रिचालीस हजार सात सय तीस थियो ।

८पल्लूको छोरा एलीआब थिए, ९र
एलीआबका छोराहरू नमूएल, दातान र
अबीराम थिए । यी नै दातान र अबीराम
समुदायका अधिकृतहरू थिए, जसले मोशा र
हारूनको विरूद्धमा खड़ा भएर परमेश्वरको
विरोध गर्दा तिनीहरू कोरहका पछि लागेका
थिए । १०धरतीले आफ्नो मुख खोलेर
तिनीहरूलाई कोरहसितै निलेकी थिइन्, जुन
कोरहका पछि लाग्नेहरू आगोले दुई सय पचास
जना मानिसहरूलाई नष्ट गर्दा मरेका थिए ।
अनि तीचाहिँ चेतावनीको चिन्हस्वरूप भए ।
११तरै पनि कोरहको वंशचाहिँ लोप भएर
गएन ।

१२आफ्ना वंशअनुसार शिमीयोनका सन्तान यी नै थिए:

नमूएलबाट नमूएलीको वंश;
यामीनबाट यामीनीको वंश;
याकीनबाट याकीनीको वंश;
१३ जेरहबाट जेरहीको वंश;
शाऊलबाट शाऊलीको वंश ।

१४शिमीयोनका वंशहरू यी नै थिए, तिनीहरू बाईस हजार दुई सय मानिसहरू थिए ।

१५आफ्ना वंशअनुसार गादका सन्तान यी नै थिए:

सपोनबाट सपोनीहरूको वंश;
हाग्गैबाट हाग्गीहरूको वंश;
शूनीबाट शूनीहरूको वंश;
१६ ओजनीबाट ओजनीहरूको वंश;
एरीबाट एरीयीहरूको वंश;
१७ अरोदीबाट अरोदीहरूको वंश;
अरेलीबाट अरेलीहरूको वंश ।

१८गादका वंशहरू यी नै थिए, जसको सङ्ख्या चालीस हजार पाँच सय थियो ।

१९एर र ओनान यहूदाका छोराहरू थिए तर तिनीहरू कनानमै मरे ।

२०आफ्ना वंशअनुसार यहूदाका सन्तान यी नै थिए:

शेलाबाट शेलानीहरूको वंश;
पेरेसबाट पेरेसीहरूको वंश;
जेरहबाट जेरहीहरूको वंश ।
२१ पेरेसका सन्तान यी नै थिए:
हेस्रोनबाट हेस्रोनीहरूको वंश;
हमूलबाट, हमूलीको वंश ।

२२यहूदाका वंशहरू यी नै थिए: जसको सङ्ख्या छयाहत्तर हजार पाँच सय थियो ।

२३आफ्ना वंशअनुसार इस्साकारका सन्तानहरू यी नै थिए:

तोलाबाट तोलाहीहरूको वंश;
पुवाबाट पुवातीहरूको वंश ।
२४ याशूबबाट याशूबीहरूको वंश;
शिम्रोनबाट शिम्रोनीहरूको वंश ।

२५इस्साकारका वंशहरू यी नै थिए; जसको सङ्ख्या चौसठ्ठी हजार तीन सय थियो ।

२६आफ्ना वंशअनुसार जबूलूनका सन्तानहरू यी नै थिए,

सेरेदबाट सेरेदीहरूको वंश;

एलोनबाट एलोनीहरूको वंश;
यहलेलबाट यहलेलीहरूको वंश ।
२७जबूलूनका वंशहरू थिनै थिए, जसको सङ्ख्या
साठी हजार पाँच सय थियो ।
२८मनश्शे र एप्रेमबाट, युसूफका सन्तान यी
नै थिए ।

२९ मनश्शेका सन्तान:
माकीरबाट माकीरीहरूको वंश; (माकीर
गिलादका पिता थिए);
गिलादबाट गिलादीहरूको वंश ।
३० गिलादका सन्तान यी नै थिए:
ईएजेरबाट ईएजेरीहरूको वंश;
हेलेकबाट हेलेकीहरूको वंश ।
३१ अस्रीएलबाट अस्रीएलीहरूको वंश;
शेकेमबाट शेकेमीहरूको वंश ।
३२ शमीदाबाट शमीदीहरूको वंश;
हेपेरबाट हेपेरीहरूको वंश ।
३३ (हेपेरका छोरा सलोफादका कुनै
छोराहरू थिएनन् । तिनका छोरीहरू
मात्र थिए, जसका नाउँहरू महला,
नोआ, होग्ला, मिल्का र तिर्सा थिए ।)
३४मनश्शेका वंशहरू यी नै थिए; जसको
सङ्ख्या बाउन्न हजार सात सय थियो ।

३५आफ्ना वंशअनुसार एप्रेमका सन्तान यी नै
थिए:

शूतेलाबाट शूतेलीहरूको वंश;
बेकेरबाट बेकेरीहरूको वंश;
तहनबाट तहनीहरूको वंश ।
३६ शूतेलाका सन्तान यी नै थिए,
एरानबाट एरेनीहरूको वंश भयो ।
३७एप्रैमका वंशहरू यी नै थिए, जसको सङ्ख्या
बत्तीस हजार पाँच सय थियो ।

आफ्ना वंशअनुसार यूसुफका सन्तान यी नै
थिए ।

३८आफ्ना वंशअनुसार बेन्यामीनका सन्तान यी
नै थिए:
बेलाबाट बेलाहीहरूको वंश;
अश्बेलबाट अश्बेलीहरूको वंश;
अहीरामबाट अहीरामीहरूको वंश ।
३९ शूपामबाट शूपामीहरूको वंश;
हूपामबाट हूपामीहरूको वंश ।
४० अर्द र नामानबाट बेलाका सन्तान यी नै
थिए:
अर्दबाट अर्दीहरूको वंश;
नामानबाट नामानीहरूको वंश ।
४१बेन्यामीनका वंशहरू यी नै थिए जसको
सङ्ख्या पैतालीस हजार छ सय थियो ।

४२आफ्ना वंशअनुसार दानका सन्तान यी नै
थिए:

शूहामबाट, शूहामी वंश, दानका वंशहरू
यी नै थिए । ४३तिनीहरू सबै शूहामी वंशहरू
थिए र तिनीहरूको सङ्ख्या चौसट्ठी हजार चार
सय थियो ।

४४आफ्ना वंशअनुसार आशेरका सन्तान यी
नै थिए:
यिम्नाबाट यिम्नीहरूको वंश;
यिश्वीबाट यिश्वीहरूको वंश;
बेरियाबाट बेरियीहरूको वंश ।
४५ अनि बेरियाका सन्तानबाट:
हेबेरबाट हेबेरीहरूको वंश;
मल्किएलबाट मल्किएलीहरूको वंश ।
४६ (आशेरको सेरह नाउँ भएकी एउटी
छोरी थिइन् ।)
४७आशेरका वंशहरू यी नै थिए, जसको सङ्ख्या
त्रिपन्न हजार चार सय थियो ।

४८आफ्ना वंशअनुसार नप्तालीका सन्तान यी
नै थिए:

यहसेलबाट यहसेलीहरूको वंश;
गुनीबाट गुनीहरूको वंश ।
४९ येसेरबाट येसेरीहरूको वंश;
शिल्लेमबाट शिल्लेमीहरूको वंश ।
५०नप्तालीका वंशहरू यी नै थिए, जसको
सङ्ख्या पैतालीस हजार चार सय थियो ।

५१इस्राएलका सम्पूर्ण मानिसहरूको सङ्ख्या छ
लाख एक हजार सात सय तीस थियो ।

**५२**परमप्रभुले मोशालाई भन्नुभयो,
**५३**“देशचाहिँ अधिकारस्वरूप तिनीहरूलाई
नाउँको सङ्ख्याको आधारमा बाँड़िदिनू। **५४**ठूलो
दललाई ठूलो अंश र सानो दललाई सानै अंश
दिनू। प्रत्येकले आफ्नो अंश सूचीमा चढ़ाएको
संङ्ख्याअनुसार पाओस्। **५५**जमिन अवश्यै गोला
हालेरनै बाँड्नू। प्रत्येक दलले पाउने अंश
त्यसको पैतृक कुलको नाउँअनुसार हुनेछ।
**५६**प्रत्येक अंश ठूला र साना दलबीच गोला
हालेर बाँड़िओस्।

**५७**आफ्नो वंशअनुसार गनिएका लेवीहरू
यिनीहरू नै थिए:

गेर्शोनीबाट गेर्शोनीहरूको वंश;
कहातबाट कहातीहरूको वंश;
मरारीबाट मरारीहरूको वंश।

**५८** यिनीहरू पनि लेवी वंशनै थिए:
लिब्नीहरूको वंश,
हेब्रोनीहरूको वंश,
महलीहरूको वंश,
मूशीहरूको वंश,
कोरहीहरूको वंश।

(कहातचाहिँ अम्रामका पुर्खा थिए,
**५९**अम्रामकी स्वास्नीको नाउँ योकेबेद थियो,
जुनचाहिँ लेवीकी सन्तान थिइन्, जो
मिश्रमा लेवीहरूकहाँ जन्मेकी थिइन्।
तिनले अम्रामबाट हारून, मोशा र
तिनीहरूकी दिदी मिरियमलाई जन्माइन्।
**६०**हारूनचाहिँ नादाब, अबीहू, एलाजार
र ईतामारका पिता थिए। **६१**तर नादाब
र अबीहू तिनीहरूले परमप्रभुको सामुन्ने
भेटी चढ़ाउँदा आगोले मरे।)

**६२**एक महिना र माथिका पुरुष लेवीहरूको
सङ्ख्या तेईस हजार थियो। तिनीहरू अरू
इस्राएलीहरूसित गनिएनन्, किनकि तिनीहरूले
उनीहरूबीच अंश पाएनन्।

**६३**मोशा र पूजाहारी एलाजारले यरीहोपारी
यर्दनको छेउको मोहाबको मैदानमा गनेका
इस्राएलीहरू यिनीहरू नै हुन्। **६४**मोशा र
पूजाहारी हारूनले सीनको उजाड़-स्थानमा गनेका
इस्राएलीहरू एउटै पनि त्यहाँ थिएनन्। **६५**किनकि
परमप्रभुले ती इस्राएलीहरूलाई तिनीहरू निश्चय
उजाड़-स्थानमा मर्नेछन् भनी भन्नुभएको थियो,
र यपून्नेको छोरा कालेब र नूनको छोरा
यहोशूबाहेक एकै जना पनि रहेको थिएन।

### सलोफादका छोरीहरू

**२७** यूसुफका छोरा मनश्शेको वंशमा
माकीरको छोरा गिलाद, जसको
छोरा हेपेर, जसको छोरा सलोफादका छोरीहरू
महला, नोआ, होग्ला, मिल्का र तिर्सा थिए।
**२**तिनीहरू भेट हुने पालको प्रवेशद्वारमा आए
अनि मोशा, पूजाहारी एलाजार, अगुवाहरू र
सारा समुदायको सामुन्ने उभिए अनि भने, **३**“हाम्रा
बाबु उजाड़-स्थानमा मरे। तिनी परमप्रभुको
विरुद्धमा दल बनाउने कोरहसित थिएनन् तर
तिनी आफ्नै पापको कारण मरे अनि आफ्नो
पछि कुनै छोराहरू पनि छोड़ेनन्। **४**हाम्रा
बाबुका छोराहरू छैनन् भनेर, तिनको नाउँ
आफ्नो वशंबाट किन हराउने? हामीलाई आफ्ना
बाबुका आफन्तहरूबीच सम्पत्ति दिनुहोस्।”

**५**यसकारण मोशाले तिनीहरूको मुद्दा
परमप्रभुको सामुन्ने ल्याए, **६**अनि परमप्रभुले
तिनलाई भन्नुभयो, **७**“सलोफादका छोरीहरूले
जे भने, त्यो ठीक हो। तैंले तिनीहरूलाई
निश्चय नै तिनीहरूका बाबुका आफन्तहरूबीच
अंशस्वरूप सम्पत्ति दिनुपर्छ, अनि तिनीहरूका
बाबुको अंश दिलाइदिनुपर्छ। **८**इस्राएलीहरूलाई
भन्, ‘यदि कुनै मानिस छोराविनै मऱ्यो भने,
त्यसको अंश त्यसकी छोरीको बनाइदिनू।
**९**त्यसको छोरी पनि नभए त्यसको अंश त्यसका
दाज्यूभाइहरूलाई दिनू। **१०**यदि त्यसका
दाज्यूभाइहरू छैनन् भने त्यसको अंश त्यसका
बाबुका दाज्यूभाइहरूलाई दिनू। **११**यदि त्यसका

---

**२६:५२–५६**–गन्ती ३४:१३; यहोशू १४:१-२. **२६:६०**–गन्ती ३:२. **२६:६१**–लेवी १०:१-२; गन्ती ३:४.
**२६:६५**–गन्ती १४:२६-३५. **२७:७**–गन्ती ३६:२.

बाबुका दाज्यूभाइहरू छैनन् भने, त्यसको अशं त्यसको वंशमा भएको सबैभन्दा नजीकको आफन्तलाई दिनू, र त्यसले त्यो आफ्नो बनाओस् । परमेश्वरले मोशालाई आज्ञा दिनुभएझैं इस्राएलीहरूको निम्ति यो एउटा कानूनी आवश्यकता होस् ।'"

### मोशाको उत्तराधिकारी यहोशू

**१२**परमप्रभुले मोशालाई भन्नुभयो, "अबारीम श्रेणीको यस पहाड़मा उक्लेर जा अनि मैले इस्राएलीहरूलाई दिएको देशलाई हेर । **१३**तैंले त्यो देखेपछि तँ पनि तेरा दाज्यू हारूनझैं आफ्ना मानिसहरूसित मिलाइनेछस् । **१४**किनकि सीनको उजाड़-स्थानमा पानीको लागि समुदायले विद्रोह गर्दा तिमीहरू दुवैले तिनीहरूको नजरमा मलाई पवित्रताका साथ आदर गर्नुपर्नेमा आज्ञा तोड़ेका थियौ ।" (यो सीनको उजाड़-स्थानमा कादेशको मरीबाको पानीको विषयमा थियो ।)

**१५**मोशाले परमप्रभुलाई भने, **१६**"परमप्रभु, समस्त मानव-जातिका आत्माका परमेश्वरले यस समुदायमाथि एक जना मानिस नियुक्त गरून्, **१७**जो तिनीहरूका सामुन्ने भित्र आओस् र बाहिर जाओस्, जसले तिनीहरूलाई अगुवाइ गरेर बाहिर लैजाओस् र भित्र ल्याओस्, र परमप्रभुका मानिसहरू गोठालाविनाका भेड़ाहरूझैं नहोऊन् ।"

**१८**यसकारण परमप्रभुले मोशालाई भन्नुभयो, "नूनको छोरा यहोशू, जुन मानिसमा मेरो आत्मा छ, त्यसलाई लैजा अनि त्यसमाथि तेरो हात राख् । **१९**त्यसलाई पूजाहारी एलाजार र सारा समुदायको सामने खड़ा गर, र तिनीहरूको उपस्थितिमा त्यसलाई दायित्व सुम्पिदे । **२०**त्यसलाई तेरा केही अधिकार दिनू र सारा इस्राएली समुदायले त्यसलाई मानोस् । **२१**त्यो एलाजार पूजाहारीको अगि खड़ा होस् जसले परमप्रभुको सामुन्ने ऊरीमद्वारा त्यसको निम्ति निर्णय प्राप्त गर्नेछ । त्यसको आज्ञामा सारा इस्राएली समुदाय बाहिर जानेछन्, र त्यसकै आज्ञामा तिनीहरूभित्र आउनेछन् ।"

**२२**मोशाले परमप्रभुले तिनलाई आज्ञा गर्नुभएझैं गरे । तिनले यहोशूलाई लिएर तिनलाई पूजाहारी एलाजार अनि सारा समुदायको सामुन्ने खड़ा गरे । **२३**त्यसपछि तिनले आफ्ना हात तिनीमाथि राखेर परमप्रभुले मोशाद्वारा आज्ञा दिनुभएझैं दायित्व सुम्पे ।

### दैनिक भेटीहरू

**२८** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"इस्राएलीहरूलाई यो आज्ञा दिएर भन्: 'तोकिएको समयमा तिमीहरूले मेरो निम्ति मलाई मनपर्ने बास्नास्वरूप आगोद्वारा चढ़ाइएको भेटीको लागि मलाई भोजन चढ़ाउन नभुल्नू ।' **३**तिनीहरूलाई भन्: 'तिमीहरूले परमप्रभुको निम्ति आगोद्वारा चढ़ाउन पर्ने भेटी यही हो, प्रतिदिन नियमित रूपले चढ़ाउने होमबलिस्वरूप दुईओटा एक वर्षे खोटरहित थुमाहरू । **४**एउटा थुमा बिहान तयार गर्नु र अर्कोचाहिँ साँझमा, **५**त्यससित एपाको दशांश खण्ड मसिनो पीठोसित कुटेको भद्राक्षको तेलको हिनको चौथाइ खण्ड पनि मिसाएर चढ़ाउनू । **६**परमप्रभुकहाँ आगोद्वारा चढ़ाइएको भेटी अर्थात् मनपर्दो बास्नास्वरूप सीनैमा स्थापित गरिएको नियमित होमबलि यही हो । **७**त्यससित चढ़ाइने अर्घबलिचाहिँ प्रत्येक थुमासित हिनको चौथाइ खण्ड कड़ा दाखमद्य होस् । परमप्रभुको निम्ति त्यो अर्घबलि पवित्रस्थानमा खन्याउनू । **८**साँझमा दोस्रो थुमालाई बिहानको अन्नबलि र अर्घबलि तयार गरेको किसिमले नै तयार गर्नू । यो आगोद्वारा चढ़ाइएको भेटी, परमप्रभुलाई मनपर्दो बास्ना हो ।

### विश्राम-भेटी

**९**"'विश्राम-दिनमा अर्घबलि अनि तेलसित मिसाएको एक एपा मसिनो पीठोको अन्नबलिसित

**२७:१२-१४**–व्यवस्था ३:२३-२७; ३१:१-८; ३२:४८-५२. **२७:१७**–१ राजा २२:१७; इजकिएल ३४:५; मत्ती ९:३६; मर्कूस ६:३४. **२७:१८**–प्रस्थान २४:१३. **२७:२१**–प्रस्थान २८:३०; १ शमूएल १४:४१; २८:६. **२७:२३**–व्यवस्था ३१:२३. **२८:१-८**–प्रस्थान २९:३८-४६.

दुईओटा एक वर्षे निष्खोट थुमाहरूको भेटी
चढ़ाउनू । **१०**योचाहिँ नियमित होमबलि र
त्यसको अर्घबलिबाहेक प्रत्येक विश्राममा
चढ़ाउने होमबलि हो ।

### मासिक भेटी

**११**"'प्रत्येक महिनाको पहिलो दिन
परमप्रभुकहाँ दुईओटा साँढ़े, एउटा भेड़ा अनि
सातओटा एक वर्षे थुमाहरू, सबै निष्खोट
भएकाहरूलाई होमबलि चढ़ाउनू । **१२**प्रत्येक
साँढ़ेसित एपाको दश खण्ड़को तीन खण्ड़
मसिनो पीठो तेलमा मिसाएर चढ़ाएको अन्नबलि
र एउटा भेड़ासित एपाको दश खण्डको दुई
खण्ड मसिनो पीठो तेलमा मिसाएको अन्नबलि
हुनुपर्छ; **१३**अनि प्रत्येक थुमासित एपाको दश
खण्डको एक खण्ड़ मसिनो पीठो तेलसित
मिसाएको अन्नबलि हुनुपर्छ । योचाहिँ
होमबलिको निम्ति परमप्रभुलाई मनपर्दो
बास्नास्वरूप आगोद्वारा परमप्रभुलाई चढ़ाएको
भेटी हो । **१४**प्रत्येक साँढ़ेसित आधा हिन
दाखमद्यको अर्घबलि होस्, भेड़ासित एक तिहाइ
हिन अनि प्रत्येक थुमासित एक चौथाइ हिन
होस् । योचाहिँ वर्षभरिमा प्रत्येक औंसीमा
चढ़ाउने मासिक होमबलि हो । **१५**अर्घबलिसितको
साथमा चढ़ाइने नियमित होमबलिबाहेक
परमप्रभुको सामुन्ने पापबलिस्वरूप एउटा बोका
पनि चढ़ाइनुपर्छ ।

### निस्तार

**१६**"'पहिलो महिनाको चौधौँ दिनमा
परमप्रभुको निस्तार मनाइनुपर्छ । **१७**त्यस
महिनाको पन्ध्रौँ दिनमा एउटा चाड़ मनाउनू,
सात दिनसम्म खमिर नहालेको रोटी खानू ।
**१८**पहिलो दिन एउटा पवित्र सभा राख्नू
र नियमित काम नगर्नू । **१९**परमप्रभुकहाँ
होमबलिद्वारा एउटा भेटी, अर्थात् दुईओटा
बाछाहरू, एउटा भेड़ा र सातओटा एक
वर्षे थुमाहरू, सबै निष्खोट भएकाहरूको होमबलि
चढ़ाउनू । **२०**प्रत्येक साँढ़ेसित एपाको दश
खण्ड़को तीन खण्ड़ मसिनो पीठो तेलसित
मिसाएको, भेड़ासित दश खण्डको दुई खण्ड,
**२१**अनि सातओटा थुमाहरूमध्ये प्रत्येकसित दश
भागको एक भाग अन्नबलि तयार गर्नू ।
**२२**पापबलिस्वरूप एउटा बोका तिमीहरूको
प्रायश्चितको लागि सामेल गराउनू । **२३**यी
बिहानको नियमित होमबलिबाहेक तयार गर्नू ।
**२४**यस किसिमले परमप्रभुलाई मनपर्दो बास्नास्वरूप
सात दिनसम्म प्रत्येक दिन आगोद्वारा चढ़ाइने
भेटीको लागि भोजन तयार गर्नू । योचाहिँ
नियमित होमबलि र त्यसको अर्घबलिबाहेक
तयार गर्नुपर्छ । **२५**सातौँ दिनमा एउटा पवित्र
सभा राख्नू अनि नियमित काम नगर्नू ।

### हप्ताको चाड़

**२६**"'अगौटे फलको दिनमा, हप्ताको चाड़को
समयमा तिमीहरूले परमप्रभुकहाँ नयाँ अन्नको
भेटी चढ़ाउँदा एउटा पवित्र सभा राख्नू र
नियमित काम नगर्नू । **२७**दुईओटा बाछा, एउटा
भेड़ा र सातओटा एक वर्षे थुमाहरूको होमबलि
परमप्रभुलाई मनपर्दो गरी चढ़ाउनू । **२८**प्रत्येक
साँढ़ेसित एपाको दश खण्डमा तीन खण्ड मसिनो
पीठो तेलसित मिसाएको, भेड़ासित दश खण्डको
दुई खण्ड, **२९**र सातओटा थुमाहरूको प्रत्येकसित
दश खण्डको एक खण्ड गरी अन्नबलि
चढ़ाउनू । **३०**तिमीहरूको प्रायश्चितको निम्ति
एउटा बोका पनि सामेल गराउनू । **३१**यी
कुराहरू तिनीहरूका अर्घबलिसित तयार
गर्नू । योचाहिँ नियमित होमबलि र अन्नबलि
बाहेक हो । ती पशुहरूचाहिँ निष्खोट हुनुपर्छ ।

### तुरहीको चाड़

**२९** "'सातौँ महिनाको पहिलो दिन एउटा
पवित्र सभा राख्नू र नियमित काम
नगर्नू । यो तिमीहरूले तुरही फुक्ने दिन हो ।

**२८:१६**–प्रस्थान १२:१-१३; व्यवस्था १६:१-२. **२८:१६-२५**–लेवी २३:५-१४.
**२८:१७-२५**–प्रस्थान १२:१४-२०; २३:१५; ३४:१८; व्यवस्था १६:३-८.
**२८:२६-३१**–प्रस्थान २३:१६; ३४:२२; लेवी २३:१५-२२; व्यवस्था १६:९-१२. **२९:१-६**–लेवी २३:२३-२५.

**२**परमप्रभुलाई मनपर्दो एउटा बाछा, एउटा
भेड़ा र सातओटा एक वर्षे थुमाहरू, सबै निष्खोट
भएकाहरूको होमबलि तयार गर्नू। **३**साँढ़ेसित
एपाको दश खण्डको मसिनो पीठोमा तेल
मिसाएको, भेड़ासित दश खण्डको दुई खण्ड,
**४**र सातओटा थुमाहरूको प्रत्येकसित दश
खण्डको एक खण्ड मिसाएर अन्नबलि तयार
गर्नू। **५**तिमीहरूको प्रायश्चितको निम्ति एउटा
बोका पनि सामेल गराउनू। **६**यी कुराहरू
तोकिएको मासिक र दैनिक होमबलि,
तिनीहरूका अन्नबलि र अर्घबलिबाहेक हुन्।
ती परमप्रभुलाई मनपर्दो गरी आगोद्वारा
चढ़ाइएका भेटीहरू हुन्।

## प्रायश्चितको दिन

**७**"'यो सातौँ महिनाको दशौँ दिन एउटा
पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार
गर्नू अनि कुनै काम नगर्नू। **८**परमप्रभुलाई
मनपर्दो बास्नास्वरूप एउटा बाछा, एउटा
भेड़ा अनि सातओटा एक वर्षे थुमाहरू, सबै
निष्खोट भएकाहरूको होमबलि चढ़ाउनू।
**९**साँढ़ेसित एपाको दश खण्डको तीन खण्ड
मसिनो पीठो तेलसित मिसाएको, भेड़ासित दश
खण्डको दुई खण्ड, **१०**अनि सातओटा थुमाहरू
प्रत्येकसित दश खण्डको एक खण्डको हिसाबले
अन्नबलि तयार गर्नू। **११**त्यसमा पापबलिस्वरूप
एउटा बोका पनि सामेल गर्नू। योचाहिँ
प्रायश्चितको निम्ति पापबलि, अनि नियमित
होमबलिसितको अन्नबलि र अर्घबलिबाहेक हो।

## छाप्रो-वासको चाड़

**१२**"'सातौँ महिनाको पन्ध्रौँ दिन एउटा पवित्र
सभा राख्नू र नियमित काम नगर्नू। परमप्रभुको
निम्ति सात दिनसम्म चाड़ मनाउनू।
**१३**परमप्रभुलाई मनपर्दो बास्नास्वरूप आगोद्वारा
चढ़ाइने भेटी, अर्थात् तेह्रओटा बाछाहरू, दुईओटा
भेड़ाहरू अनि चौधौओटा एक वर्षे थुमाहरू,
सबै निष्खोट भएकाहरूको होमबलि चढ़ाउनू।
**१४**तेह्रओटा बाछाहरूमध्ये प्रत्येकसित एपाको
दश खण्डको तीन खण्ड मसिनो पीठोसित तेल
मिसाएको, दुई खण्ड, **१५**अनि चौधओटा
थुमाहरूमध्ये प्रत्येकसित दश खण्डको एक
खण्डको हिसाबले अन्नबलि तयार गर्नू।
**१६**त्यसमा पापबलिस्वरूप एउटा बोका पनि सामेल
गराउनू। योचाहिँ नियमित होमबलिसितको
अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।
**१७**"'दोस्रो दिन बाह्रओटा बाछा, दुईओटा
भेड़ा अनि चौधओटा एक वर्षे थुमा, सबै निष्खोट
भएकाहरू तयार गर्नू। **१८**ती बाछाहरू, भेड़ाहरू
र थुमाहरूसित सङ्ख्या तोकिएको अनुसार
तिनीहरूका अन्नबलि र अर्घबलि तयार गर्नू।
**१९**त्यससित पापबलिस्वरूप एउटा बोका पनि
सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको
अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।
**२०**"'तेस्रो दिन एघारओटा बाछा, दुईओटा
भेड़ा र चौधओटा एक वर्षे थुमाहरू, सबै निष्खोट
भएकाहरू तयार गर्नू। **२१**ती बाछाहरू, भेड़ाहरू
र थुमाहरूसित सङ्ख्या तोकिएको अनुसार
तिनीहरूका अन्नबलि र अर्घबलितयार गर्नू।
**२२**त्यससित पापबलिस्वरूप एउटा बोका पनि
सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको
अन्नबलि र तिनीहरूका अर्घबलिबाहेक हो।
**२३**"'चौथो दिन दशओटा बाछा, दुईओटा
भेड़ा र चौधओटा एक वर्षे थुमाहरू, सबै निष्खोट
भएकाहरू तयार गर्नू। **२४**ती बाछाहरू, भेड़ाहरू
अनि थुमाहरूसित सङ्ख्या तोकिएकोअनुसार
तिनीहरूका अन्नबलि र अर्घबलि तयार गर्नू।
**२५**त्यससित पापबलिस्वरूप एउटा बोका पनि
सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको
अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।
**२६**"'पाँचौँ दिन नौओटा बाछा, दुईओटा
भेड़ा अनि चौधओटा एक वर्षे थुमाहरू,
सबै निष्खोट भएकाहरू तयार गर्नू। **२७**तिनका
अन्नबलि र अर्घबलि बाछाहरू, भेड़ाहरू
र थुमाहरूको सङ्ख्याअनुसार चढ़ाउनु।
**२८**त्यससित पापबलिस्वरूप एउटा बोका पनि

---

**२९:७–११**–लेवी १६:२९-३४; २३:२६-३२. **२९:१२–४०**–लेवी २३:३३-४४.

सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।

२९"'छैटौं दिन आठओटा बाछा, दुईओटा भेड़ा अनि चौधओटा एक वर्षे थुमाहरू, सबै निष्खोट भएकाहरू तयार गर्नू। ३०ती बाछाहरू अनि थुमाहरूसित सङ्ख्या तोकिएकोअनुसार तिनीहरूका अन्नबलि र अर्घबलि तयार गर्नू। ३१त्यससित पापबलिस्वरूप एउटा बोका पनि सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।

३२"'सातौं दिन सातओटा बाछा, दुईओटा भेड़ा अनि चौधओटा एक वर्षे थुमाहरू, सबै निष्खोट भएकाहरू तयार गर्नू। ३३ती बाछाहरू, भेड़ाहरू अनि थुमाहरूसित सङ्ख्या तोकिएकोअनुसार तिनीहरूका अन्नबलि र अर्घबलि तयार गर्नू। ३४त्यससित पापबलिस्वरूप एउटा बोका पनि सामेल गर्नू। योचाहिँ नियमित होमबलिसितको अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।

३५"'आठौं दिन एउटा पवित्र सभा राख्नू अनि नियमित काम नगर्नू। ३६परमप्रभुलाई मनमर्दो बास्नास्वरूप एउटा बाछा, एउटा भेड़ा अनि सातओटा एक वर्षे थुमाहरू, सबै निष्खोट भएकाहरू, भेड़ाहरू अनि थुमाहरूसित सङ्ख्या तोकिएकोअनुसार तिनीहरूका अन्नबलि र अर्घबलि तयार गर्नू। ३७तिनीहरूका अन्नबलि र अर्घबलि, बाछा, भेड़ा र थुमाहरूको सङ्ख्या-अनुसार चढ़ाउनू। ३८त्यससित पापबलिस्वरूप एउटा बोका पनि सामेल गर्नू। योचाहिँ नियममित होमबलिसितको अन्नबलि र तिनीहरूको अर्घबलिबाहेक हो।

३९"'तिमीहरूले गरेका भाकल अनि स्वेच्छापूर्वकका भेटीहरूबाहेक तिमीहरूका तोकिएका चाड़हरूमा परमप्रभुको निम्ति यी तयार गर्नू, अर्थात् तिमीहरूका होमबलिहरू, अन्नबलिहरू, अर्घबलिहरू र मेलबलिहरू।'"

४०मोशाले तिनलाई परमप्रभुले आज्ञा दिनुभएझैं सबै कुरा इस्राएलीहरूलाई बताइदिए।

### भाकलहरू

३० मोशाले इस्राएलका कुलहरूका मुखियाहरूलाई भनेः "परमप्रभु यस्तो आज्ञा दिनुहुन्छः २कुनै मानिसले परमप्रभुसित भाकल गर्‍यो अथवा शपथ खाएर बाचा बाँध्यो भने त्यसले आफ्नो वचन नतोड़ोस् तर त्यसले भनेको प्रत्येक कुरा गरोस्।

३"आफ्नो बाबुकै घरमा बसिरहेकी कुनै जवान स्त्रीले परमप्रभुसित भाकल गरिन् अथवा आफैलाई वाचाबन्धनमा पारिन्, ४अनि त्यो भाकल वा वाचाबन्धन सुनेर पनि त्यसका बाबु चूप लागी बस्छन्, तब त्यो शपथ वा वाचाबन्धन कायम रहनेछ। ५तर यदि त्यसका बाबुले त्यो सुनेर त्यसलाई मनाही गर्‍यो भने त्यसले गरेको भाकल अथवा आफैलाई पारेको वाचाबन्धन कुनै पनि ठहर्नेछैन। त्यसका बाबुले त्यसलाई मनाही गरेका कारण परमप्रभुले त्यसलाई मुक्त गरिदिनुहुनेछ।

६"यदि भाकल गरेपछि त्यसले विवाह गरी अथवा त्यसका ओठले त्यसलाई बन्धनमा पार्ने नसोची गरेको प्रतिज्ञा उच्चारण गरी, ७र त्यसको लोग्नेले त्यो सुनेर त्यसलाई केही भनेन भने, त्यसका भाकलहरू अथवा त्यसले आफैलाई पारेका वाचाबन्धनहरू ठहरिनेछन्। ८त्यसका लोग्नेले त्यस विषयमा सुनेर त्यसलाई मनाही गर्‍यो भने त्यसले उसलाई वाचाबन्धनमा पार्ने भाकल अथवा त्यसलाई वाचाबन्धनमा पार्ने नसोची गरिएको प्रतिज्ञालाई रद्द गर्छ, अनि परमप्रभुले त्यस स्त्रीलाई मुक्त गर्नुहुन्छ।

९"विधवा अथवा लोग्नेबाट त्यागिएकी स्त्रीले गरेका भाकल अथवा प्रतिज्ञा त्यसमाथि कायम रहनेछ।

१०"यदि आफ्नो लोग्नेसितै बसिरहेकी स्त्रीले एउटा भाकल गरिन् अथवा शपथद्वारा आफैलाई वाचाबन्धनमा पारिन्, ११अनि त्यसको लोग्नेले त्यस विषयमा सुन्यो तर त्यसलाई केही भनेन अनि त्यसलाई मनाही गरेन भने त्यसको भाकल त्यसले आफैलाई पारेका वाचाबन्धन

**३०:२**–व्यवस्था २३:२१-२३; मत्ती ५:३३.

ठहरिनेछ । **१२**तर यदि आफ्नो लोग्नेले
तिनीहरूको विषयमा सुनेर ती रद्द गर्छन् भने
त्यस स्त्रीको ओठबाट निस्केको कुनै पनि भाकल
अथवा प्रतिज्ञा ठहरिनेछैन । त्यसका लोग्नेले
ती रद्द गरिदिएका छन् अनि परमप्रभुले
त्यसलाई मुक्त गरिदिनुहुनेछ । **१३**कुनै स्त्रीले
आफैलाई कष्ट दिनलाई गरेको भाकल अथवा
शपथद्वारा गरिएको प्रतिज्ञालाई उसको लोग्नेले
कायम राख्न अथवा रद्द गर्न सक्नेछ । **१४**तर
यदि उसको लोग्नेले उसलाई दिन प्रतिदिन त्यस
विषयमा केही भनेन भने त्यसले त्यस स्त्रीमाथि
लागू हुने सबै भाकल अथवा प्रतिज्ञाहरू कायम
राख्छ । त्यसले तिनीहरूको विषयमा सुनेर
उसलाई केही नभनेर तिनीहरूलाई कायम
राख्छ । **१५**तरै पनि, यदि त्यसले ती सुनेका
केही समय पश्चात तिनीहरूलाई रद्द गर्‍यो
भने त्यस स्त्रीको दोषको जिम्मेवार त्यो आफै
हुनेछ ।”

**१६**कुनै मानिस र त्यसकी स्वास्नीबीच अनि
बाबु र उसकै घरमा बसेकी जवान छोरीबीचको
सम्बन्धको विषयमा परमप्रभुले मोशालाई
दिनुभएका नियमहरू यी नै हुन् ।

## मिद्यानीहरूमाथि बदला

**३१** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**“इस्राएलीहरूको निम्ति मिद्यानीहरू-
माथि बदला लिनू । त्यसपछि तँ आफ्ना
मानिसहरूकहाँ लगिनेछस् ।” **३**यसकारण
मोशाले मानिसहरूलाई भने, “मिद्यानीहरूसित
लड़ाइँ गर्नु अनि तिनीहरूमाथि परमप्रभुको
बदला लिन तिमीहरूमध्ये केही मानिसहरूले
आफैलाई हतियारले सुसज्जित बनाउनू ।
**४**इस्राएलका प्रत्येक कुलबाट एक हजार
मानिसहरू लड़ाइँमा पठाउनू । **५**यसकारण
प्रत्येक कुलबाट एक हजारको हिसाबले,
इस्राएलका वंशहरूबाट लड़ाइँको निम्ति
सुसज्जित पारिएका बाह्र हजार मानिसहरू
खटिए । **६**मोशाले तिनीहरूलाई प्रत्येक कुलबाट
एक हजार गरी लड़ाइँमा पठाए, जसमा एलाजार
पूजाहारीका छोरा पिनहास पनि थिए; जसले
आफूसित पवित्रस्थानबाट सामग्रीहरू र सङ्केतको
लागि तुरहीहरू लगे ।

**७**परमप्रभुले मोशालई आज्ञा गर्नुभएझैँ,
तिनीहरू मिद्यानीहरूको विरुद्धमा लड़े अनि
प्रत्येक मानिसलाई मारे । **८**तिनीहरूका हातबाट
मर्नेहरूमध्ये मिद्यानका पाँच राजाहरू, अर्थात्
एवी, रेकेम, सूर, हूर र रेवा थिए । तिनीहरूले
बओरका छोरा बालामलाई पनि तरवारले
मारे । **९**इस्राएलीहरूले मिद्यानी स्त्रीहरू र
बालबच्चाहरूलाई पक्रे र मिद्यानी बथान, बगाल
अनि सामानहरू लूटको मालसरह लगे ।
**१०**तिनीहरूले मिद्यानीहरू बसोबासो गरेका सबै
शहरहरू र छाउनीहरू जलाइदिए । **११**तिनीहरूले
लूटेका र खोसेका सबै मालहरू अनि मानिसहरू
र पशुहरू सबै लगे, **१२**अनि कैदीहरू र लुटेका
मालहरू यरीहोको छेउमा यर्दनको किनारमा
मोआबको मैदानमा भएका तिनीहरूका
छाउनीमा भएका मोशा र पूजाहारी एलाजार
र इस्राएली समुदायकहाँ ल्याए ।

**१३**मोशा, पूजाहारी एलाजार अनि समुदायका
सबै अगुवाहरू तिनीहरूलाई भेट्न छाउनीबाहिर
आए । **१४**मोशा सेनाका अधिकृतहरू, अर्थात्
लडाइँबाट फर्कने हजारौंका सेनापतिहरू र
सयकड़ौंका सेनापतिहरूसित रिसाए ।

**१५**तिनले तिनीहरूलाई सोधे, “के तिमीहरूले
सबै स्त्रीहरूलाई जीवितै रहन दियौ ?
**१६**तिनीहरू नै थिए, जसले बालामको सल्लाह
सुनेर इस्राएलीहरूलाई परमप्रभुदेखि तर्केर जाने
साधन बनाएका थिए; अनि पोरमा घटेको घटनामा
एउटा विपत्तिले परमप्रभुका मानिसहरूलाई
प्रहार गर्‍यो । **१७**अब सबै केटाहरूलाई मार ।
अनि मानिससित सुतेकी प्रत्येक स्त्रीलाई मार,
**१८**तर कुनै मानिससित नसुतेकी प्रत्येक केटीलाई
तिमीहरूले आफ्नै निम्ति बचाइराख ।

**१९**“कसैलाई मार्ने अथवा मरेको कसैलाई
छुने तिमीहरू सबै छाउनीबाहिर सात दिनसम्म

---

**३१:१६**–गन्ती २५:१-९.

बस । तेस्रो र सातौँ दिनहरूमा तिमीहरूले आफैलाई र तिमीहरूका कैदीहरूलाई शुद्ध पार्नुपर्छ । **२०**प्रत्येक वस्त्र र छालाले अथवा बाख्राको रौंले अथवा काठले बनिएको प्रत्येक कुरोलाई शुद्ध गर्नू ।"

**२१**त्यसपछि पूजाहारी एलाजारले लड़ाइँमा जाने योद्धाहरूलाई भने, "मोशालाई परमप्रभुले दिनुभएको व्यवस्थाको माग यो छः **२२**सुन, चाँदी, काँसा, फलाम, टीन, सीसा, **२३**अथवा आगोले नष्ट नहुने जेसुकै पनि आगोमा पार गराउनू र त्यो शुद्ध हुनेछ । तर त्यसलाई चोख्याउने पानीले पनि शुद्ध पार्नुपर्छ । अनि आगोले भष्म पार्ने जेसुकैलाई पनि त्यस पानीबाट पार गराउनू । **२४**सातौँ दिनमा आफ्ना लुगाहरू धुनू र तिमीहरू शुद्ध हुनेछौ । त्यसपछि तिमीहरू छाउनीभित्र आउन सक्नेछौ ।"

## लूटको माल बाँड़ेका

**२५**परमप्रभुले मोशालाई भन्नुभयो, **२६**"तँ र पूजाहारी एलाजार अनि समुदायका परिवारका मुखियाहरूले पक्रिएका सबै मानिसहरू र पशुहरू गन्ती गर्नू । **२७**लुटिएका मालहरू लडाइँमा भाग लिने योद्धाहरू र बाँकी रहेका समुदायको बीचमा बाँड़नू । **२८**लड़ाइँमा गएर युद्ध गर्ने योद्धाहरूबाट परमप्रभुको निम्ति करस्वरूप मानिस होस् अथवा वस्तु-भाव, गधा, भेड़ा अथवा बाख्रा होस् प्रत्येक पाँच सयबाट एउटा अलग गर्नू । **२९**तिनीहरूको आधा हिस्साबाटको यो कर लिएर परमप्रभुको भागस्वरूप पूजाहारी एलाजारलाई दिनू । **३०**इस्राएलीहरूको आधाबाट मानिसहरू, वस्तु-भाव, गधा, भेड़ा, बाख्रा अथवा अरू पशु जे पनि होस्, त्यसको प्रत्येक पचासबाट एउटा गरी लिनू । ती कुराहरू पवित्रस्थानको देखरेखको जिम्मामा रहेका लेवीहरूलाई दिनू ।" **३१**यसकारण मोशा र पूजाहारी एलाजारले परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ गरे ।

**३२**योद्धाहरूको लुटका धनमालबाहेक उब्रेका कुरामा छ लाख पचहत्तर हजार भेड़ाहरू, **३३**बहत्तर हजार वस्तु-भाव, **३४**एकसट्ठी हजार गधाहरू, **३५**अनि कुनै मानिससित नसुतेका बत्तीस हजार स्त्रीहरू थिए ।

**३६**लड़ाइँमा युद्ध गर्नेहरूका आधा हिस्सा यस्तो थियोः

तीन लाख सैँतीस हजार पाँच सय
भेड़ाहरू, **३७**जसमा परमप्रभुको निम्ति
करचाहिँ छ सय पचहत्तर थिए;
**३८** छत्तीस हजार वस्तु-भाव,
जसमा परमप्रभुको निम्ति करचाहिँ
बहत्तर थिए;
**३९** तीस हजार पाँच सय गधाहरू,
जसमा परमप्रभुको निम्ति करचाहिँ
एकसट्ठी थिए ।
**४०** सोह्र हजार मानिसहरू,
जसमा परमप्रभुको निम्ति करचाहिँ
बत्तीस थिए ।

**४१**मोशाले कर परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ परमप्रभुको भागस्वरूप पूजाहारी एलाजारलाई दिए ।

**४२**मोशाले योद्धाहरूको भागबाट छुट्याएका इस्राएलीहरूको भागको आधा, **४३**अर्थात् समुदायको आधा भागचाहिँ तीन लाख सैँतीस हजार पाँच सय भेड़ाहरू, **४४**छत्तीस हजार वस्तु-भाव, **४५**तीस हजार पाँचसय गधाहरू, **४६**र सोह्र हजार मानिसहरू । **४७**इस्राएलीहरूको आधाबाट, परमप्रभुले तिनलाई आज्ञा दिनुभएझैँ, मोशाले प्रत्येक पचास व्यक्तिहरू र पशुहरूबाट एउटा छाने र ती लेवीहरूलाई दिए, जुनहरू परमप्रभुको पवित्रस्थानको देखरेखको जिम्मामा थिए ।

**४८**त्यसपछि सेनामाथिका अधिकृतहरू, अर्थात् हजारौं माथिका कप्तानहरू अनि सयकड़ौंमाथिका कप्तानहरू मोशाकहाँ गए, **४९**अनि तिनलाई भने, "तपाईंका दासहरूले हाम्रो जिम्मामा रहेका योद्धाहरूलाई गनेका छन् र एक जना पनि हराएको छैन । **५०**यसकारण, हामी प्रत्येकले पाएका सुनका चीजहरू, अर्थात् बाजू, बाला, छाप-औंठी, कुण्डल र कण्ठमाला परमप्रभुको सामुन्ने हामी आफैका प्रायश्चित

गर्नको लागि, हामीले परमप्रभुका निम्ति
भेटीस्वरूप ल्याएका छौं ।"
**५१**मोशा र पूजाहारी एलाजारले तिनीहरूबाट
सुनका सबै गहनाहरू स्वीकार गरे । **५२**मोशा
र एलाजारले हजारौंमाथिका कप्तानहरू र
सयकड़ौंमाथिका कप्तानहरूबाट परमप्रभुको
निम्ति उपहारस्वरूप चढ़ाएका सबै सुनको तौल
सोह्र हजार सात सय पचास शेकेल थियो ।
**५३**प्रत्येक योद्धाले लूटको माल आफ्नै निम्ति
लिएका थिए । **५४**मोशा र पूजाहारी एलाजारले
हजारौंमाथिका कप्तानहरू र सयकड़ौंमाथिका
कप्तानहरूबाट सुन स्वीकार गरे र त्यसलाई
परमप्रभुको सामुन्ने इस्राएलीहरूको निम्ति एउटा
सम्झनास्वरूप भेट हुने पालभित्र ल्याए ।

## यर्दनपारिका कुलहरू

**३२** धेरै बथान, बगाल भएका रूबेनीहरू
र गादीहरूले याजेर र गिलादको देश
पशुपालनको निम्ति उपयुक्त देखे । **२**यसकारण
तिनीहरू मोशा र पूजाहारी एलाजार र
समुदायका अगुवाहरूकहाँ आएर भने,
**३**"अतारोत, दीबोन, याजेर, निम्रा, हेश्बोन,
एलाले, शबाम, नबो र बओन, **४**अर्थात्
परमप्रभुले इस्राएलीहरूको सामुन्ने अधीन
गर्नुभएको देश पशुपालनको निम्ति उपयुक्त
छन् र तपाईंका दासहरूसित गाईबस्तु छन् ।"
**५**तिनीहरूले भने, "यदि हामीले तपाईंहरूको
दृष्टिमा निगाह पाएका छौं भने, यो ठाउँ तपाईंका
दासहरूलाई हाम्रा सम्पत्ति हुनलाई दिइयोस् ।
हामीलाई यर्दनपारि जान नलगाउनुहोस् ।"
**६**मोशाले गादीहरू र रूबेनीहरूलाई भने,
"के तिमीहरू यहाँ बस्दा तिमीहरूका देशवासीहरू
लड़ाइँमा जाऊन् ? **७**इस्राएलीहरूलाई परमप्रभुले
दिनुभएको देशमा जान दिनको निम्ति तिमीहरू
किन तिनीहरूलाई निराश तुल्याउँछौ ? **८**मैले
तिनीहरूलाई कादेश-बर्नेबाट त्यस देशलाई हेर्न
पठाउँदा तिनीहरूका बाबुहरूले यसै गरेका
थिए । **९**तिनीहरू एश्कोलको बेँसीमा पुगेर त्यस
देशलाई हेरेपछि तिनीहरूले इस्राएलीहरूलाई
दिनुभएको देशमा प्रवेश गर्नमा निराश बनाए ।
**१०**त्यस दिन परमप्रभुको क्रोध दन्क्यो र उहाँले
यो शपथ खानुभयो, **११**'मैले अब्राहाम, इसहाक
र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देशमा
मिश्रबाट आएका बीस वर्ष र माथिका कोही
पनि पस्न पाउनेछैन, किनकि तिनीहरूले पूर्ण
रूपले मलाई पछ्याएनन् । **१२**कनज्जी यपून्नको
छोरा कालेब र नूनको छोरा यहोशू मात्र पस्न
पाउनेछन्, किनकि यिनीहरूले चाहिँ सम्पूर्ण
रूपले परमप्रभुलाई पछ्याए ।' **१३**परमप्रभुको
क्रोध इस्राएलको विरुद्धमा दन्क्यो र उहाँले
तिनीहरूलाई, उहाँको दृष्टिमा काम गर्ने सम्पूर्ण
पुस्ता नमरेसम्म उजाड़-स्थानमा चालीस वर्ष
घुमाउनुभयो ।
**१४**"अनि हे पापीहरूका सन्तान, परमप्रभुलाई
इस्राएलसित अझ बढ़ी रीस उठाउनलाई
तिमीहरूचाहिँ यहाँ छौ । **१५**यदि तिमीहरूले उहाँलाई
पछ्याउनछाड़्यौ भने, उहाँले फेरि यी मानिसलाई
उजाड़-स्थानमै छोड़िदिनुहुनेछ, र तिनीहरूको
विनाशको कारण तिमीहरू नै हुनेछौ ।"
**१६**तब तिनीहरू तिनीसम्म आएर भने,
"हामी यहाँ आफ्ना गाईबस्तुको लागि
गोठ र हाम्रा स्त्रीहरू र छोराछोरीहरूको
लागि शहरहरू बनाउन चाहन्छौं । **१७**तर
हामी आफैचाहिँ इस्राएलीहरूलाई तिनीहरूको
ठाउँमा नल्याएसम्म हतियार लिएर तिनीहरूको
अगिअगि जान तयार छौं । यस अवधिमा
हाम्रा स्त्रीहरू र छोराछोरीहरूचाहिँ यहाँका
बासिन्दाहरूबाट जोगिनको लागि सुरक्षित
शहरहरूमा बस्नेछन् । **१८**प्रत्येक इस्राएलीले
आफ्नो उत्तराधिकार नपाएसम्म हामी आफ्ना
घरहरूमा फर्कनेछैनौं । **१९**हामी यर्दनपारि
तिनीहरूसित कुनै उत्तराधिकार लिनेछैनौं,
किनकि हामीले यर्दनको पूर्वपट्टि उत्तराधिकार
पाइसकेका छौं ।"
**२०**तब मोशाले तिनीहरूलाई भने, "यदि
तिमीहरूले यसो गऱ्यौ भने, अर्थात् यदि

---

**३२:१-४२** –व्यवस्था ३:१२-२२. **३२:८-९** –गन्ती १३:१७-३३. **३२:१०-१३** –गन्ती १४:२६-३५.

तिमीहरूले परमप्रभुको सामुन्ने लड़ाइँको निम्ति हतियार भिर्‍यौ भने, **२१**अनि यदि तिमीहरू सबै हतियार भिरेर उहाँले आफ्ना शत्रुहरूलाई उहाँकै सामुन्ने नखेदिञ्जेल उहाँको सामुन्ने यर्दनपारि जान्छौ भने, **२२**परमप्रभुको सामने देश अधीनमा आएपछि तिमीहरू फर्कन सक्छौ र परमप्रभुप्रति र इस्राएलप्रति तिमीहरूको बन्धनबाट तिमीहरू मुक्त हुनेछौ। अनि यो देश परमप्रभुको सामुन्ने तिमीहरूको सम्पत्ति हुनेछ।

**२३**"तर यदि तिमीहरूले यसो गरेनौ भने, तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गरिरहेका हुनेछौ र तिमीहरूका पापले तिमीहरूलाई फेला पार्नेछ भनी तिमीहरूले निश्‍चय जान्नेछौ। **२४**आफ्ना स्त्रीहरू र छोराछोरीहरूको निम्ति शहरहरू र तिमीहरूका बगालको निम्ति गोठहरू बनाऊ, तर तिमीहरूले गरेका प्रतिज्ञा पनि पूरा गर।"

**२५**गादीहरू र रूबेनीहरूले मोशालाई भने, "हामी तपाईंका दासहरूले हाम्रा मालिकले आज्ञा गर्नुभएझैँ गर्नेछौं। **२६**हाम्रा छोराछोरी र स्वास्नीहरू, हाम्रा बगाल र बथानहरू यहाँ गिलाद शहरमा रहनेछन्। **२७**तर तपाईंका दासहरू, अर्थात् लडाइँका लागि हतियार भिरेका प्रत्येक मानिस हाम्रा मालिकले भनेझैँ परमप्रभुको सामुन्ने युद्ध गर्न पारी जानेछौं।"

**२८**तब मोशाले तिनीहरूको विषयमा पूजाहारी एलाजार र नूनको छोरा यहोशूलाई र इस्राएली कुलहरूका मुखियाहरूलाई हुकुम दिए। **२९**तिनले उनीहरूलाई भने, "यदि गादीहरू र रूबेनीहरूका प्रत्येक मानिसले लडाइँको लागि हतियार भिरेर परमप्रभुको सामुन्ने तिमीहरूसित यर्दनपारि गए भने, तिमीहरूको सामने त्यो देश अधीनमा आएपछि गिलादको मुलुक तिनीहरूलाई तिनीहरूको अधिकारस्वरूप दिनू। **३०**तर यदि तिनीहरू हतियार भिरेर तिमीहरूका साथमा पारि जान मानेनन् भने, तिनीहरूले तिमीहरूसँग कनान देशमै अधिकारको हिस्सा पाउनेछन्।"

**३१**गादीहरू र रूबेनीहरूले जवाफ दिए, "तपाईंका दासहरूले परमप्रभुले भन्‍नुभएझैँ गर्नेछन्। **३२**हामी परमप्रभुको सामने हतियार भिरेर पारि कनानसम्मै जानेछौं तर हामीले पाउने सम्पत्तिचाहिँ यर्दनको पारि नै हुनेछ।"

**३३**त्यसपछि मोशाले गादीहरू, रूबेनीहरू र यूसुफको छोरा मनश्शेको आधा कुललाई एमोरीहरूका राजा सिहोनको राज्य अनि बाशानका राजा ओगको राज्य, अर्थात् सम्पूर्ण देश त्यसका शहरहरू र तिनीहरूका चारैतिरका प्रान्तहरू दिए।

**३४**गादीहरूले दीबोन अतारोत, अरोएर, **३५**अतारोत-शोपान, याजेर, योगबहा, **३६**बेथानिम्रा र बेथ-हारानहरूलाई सुरक्षित शहरहरूझैँ बनाए अनि तिनीहरूका बगालको निम्ति गोठहरू बनाए। **३७**अनि रूबेनीहरूले हेश्बोन, एलाले र किर्यातैम, **३८**साथसाथै नबो र बालमोन (यी नाउँहरू बदली भए) र सिब्ना पुनर्निर्माण गरे। तिनीहरूले आफूले पुनर्निर्माण गरेका शहरहरूका नाउँ राखे।

**३९**मनश्शेका छोरा माकीरका सन्तानहरू गिलादमा गए र त्यसलाई अधीनमा ल्याएर त्यहाँका एमोरीहरूलाई खेदिदिए। **४०**यसकारण मोशाले मनश्शेका सन्तान, माकीरीहरूलाई गिलाद दिए र तिनीहरू त्यहीं बसोबासो गरे। **४१**मनश्शेको एउटा सन्तान याईरले तिनीहरूका बस्तीहरू आफ्नो अधीनमा ल्याए र तिनीहरूलाई हव्वोत-याईर भने। **४२**अनि नोबहले केनात र त्यसका वरिपरिका बस्तीहरू आफ्नो अधीनमा पारे र त्यसलाई आफ्नै नाउँअनुसार नोबह भने।

### इस्राएलको यात्राको विवरणहरू

**३३** मोशा र हारूनको नेतृत्वमा इस्राएलीहरू मिश्रबाट दल बाँधेर निस्केर यात्रा गरेका विवरणहरू यस्ता छन्। **२**परमप्रभुको आदेशमा मोशाले तिनीहरूको यात्राका विवरणहरू दर्ता गरे। विवरणअनुसार

---

**३२:२८-३२**–यहोशू १:१२-१५.

तिनीहरूको यात्रा यस प्रकार छ:

**३**इस्राएलीहरू रामसेसबाट निस्तार-
चाड़को भोलिपल्ट पहिलो महिनाको पन्ध्रौँ
दिनमा हिँड़े । सारा मिश्रीहरूले हेर्दाहेर्दै
तिनीहरूले साहसपूर्वक प्रस्थान गरे । **४**ती
मिश्रीहरू त तिनीहरूका देवताहरूमाथि
परमप्रभुले इन्साफ ल्याएका हुनाले
परमप्रभुले प्रहार गर्नुभएका तिनीहरूका
जेठा छोराहरू पो गाड़दैथिए ।

**५**इस्राएलीहरूले रामसेस छोड़ेर
सुक्कोतमा किनारमा भएको एताममा
छाउनी हाले ।

**६**तिनीहरू सुक्कोतबाट हिँड़ेर उजाड़-
स्थानको किनारमा भएको एताममा छाउनी
हाले ।

**७**तिनीहरू एतामबाट हिँड़े र बालसपोनको
पूर्वपट्टि भएको पीहहीरोतमा फर्के र
मिग्दोलको छेउमा छाउनी हाले ।

**८**तिनीहरू पीहहीरोतबाट हिँड़े र
समुद्रबाट भएर उजाड़-स्थानमा गए, र
तिनीहरू तीन दिनसम्म एतामको उजाड़-
स्थानमा हिँड़ेपछि तिनीहरूको मारामा
छाउनी हाले ।

**९**तिनीहरू माराबाट हिँड़ेर एलीममा
आए जहाँ बाह्रओटा पानीका मूल र
सत्तरीओटा खजूरका रूख थिए, र तिनीहरूले
त्यहाँ छाउनी हाले ।

**१०**एलीमबाट हिँड़ेर तिनीहरूले समुद्रनेर
छाउनी हाले ।

**११**लाल समुद्रबाट हिँड़ेर तिनीहरूले
सीनको उजाड़-स्थानमा छाउनी हाले ।

**१२**सीनको उजाड़-स्थानबाट हिँड़ेर
तिनीहरूले दोफकामा छाउनी हाले ।

**१३**दोफकाबाट हिँड़ेर तिनीहरूले
आलूशमा छाउनी हाले ।

**१४**आलूशबाट हिँड़ेर तिनीहरूले रपीदीममा
छाउनी हाले, जहाँ मानिसहरूको निम्ति
पिउने पानी थिएन ।

**१५**रपीदीमबाट हिँड़ेर तिनीहरूले सीनैको
उजाड़-स्थानमा छाउनी हाले ।

**१६**सीनको उजाड़-स्थानबाट हिँड़ेर
तिनीहरूले किब्रोथ-हत्तावामा छाउनी
हाले ।

**१७**किब्रोथ-हत्तावाबाट हिँड़ेर तिनीहरूले
हसेरोतमा छाउनी हाले ।

**१८**हसेरोतबाट हिँड़ेर तिनीहरूले रित्मामा
छाउनी हाले ।

**१९**रित्मामा हिँड़ेर तिनीहरूले रिम्मोन-
पेरेसमा छाउनी हाले ।

**२०**रिम्मोन-पेरेसबाट हिँड़ेर तिनीहरूले
लिब्नामा छाउनी हाले ।

**२१**लिब्नाबाट हिँड़ेर तिनीहरूले रिस्सामा
छाउनी हाले ।

**२२**रिस्साबाट हिँड़ेर तिनीहरूले
केहेलातामा छाउनी हाले ।

**२३**केहेलाताबाट हिँड़ेर तिनीहरूले शेपेर
पर्वतमा छाउनी हाले ।

**२४**शेपेर पर्वतबाट हिँड़ेर तिनीहरूले
हरादामा छाउनी हाले ।

**२५**हरादाबाट हिँड़ेर तिनीहरूले
मखेलोतमा छाउनी हाले ।

**२६**मखेलोतबाट हिँड़ेर तिनीहरूले
ताहातमा छाउनी हाले ।

**२७**ताहातबाट हिँड़ेर तिनीहरूले तेरहमा
छाउनी हाले ।

**२८**तेरहबाट हिँड़ेर तिनीहरूले मित्कामा
छाउनी हाले ।

**२९**मित्काबाट हिँड़ेर तिनीहरूले
हशमोनामा छाउनी हाले ।

**३०**हशमोनाबाट हिँड़ेर तिनीहरूले
मसेरोतमा छाउनी हाले ।

**३१**मसेरोतबाट हिँड़ेर बेनियाकानमा
छाउनी हाले ।

**३२**बेनियाकानबाट हिँड़ेर तिनीहरूले
होरहगिद-गादमा छाउनी हाले ।

**३३**होरहगिद-गादबाट हिँड़ेर तिनीहरूले
योतबातामा छाउनी हाले ।

**३४**योतबाताबाट हिँड़ेर तिनीहरूले
अब्रोनामा छाउनी हाले ।

**३५**अब्रोनबाट हिँड़ेर तिनीहरूले एस्योन-
गेबेरमा छाउनी हाले ।
**३६**एस्योन-गेबेरबाट हिँड़ेर तिनीहरूले
सीनको उजाड़-स्थानमा भएको कादेशमा
छाउनी हाले ।
**३७**कादेशबाट हिँड़ेर तिनीहरूले एदोमको
सिमानामा होर पर्वतमा छाउनी हाले ।
**३८**परमप्रभुको हुकुमअनुसार पूजाहारी
हारून होर पर्वतमा उक्ले, जहाँ इस्राएलीहरू
मिश्रबाट निस्किआएको चालीसौँ वर्षको
पाँचौँ महिनाको पहिलो दिन तिनी मरे ।
**३९**होर पर्वतमा हारूनको मृत्यु हुँदा तिनी
एक सय तेईस वर्षका थिए ।
**४०**कनानको नेगेवमा बस्ने कनानी
राजा अरदले इस्राएलीहरू आउँदैछन् भनेर
सुने ।
**४१**होर पर्वतबाट हिँड़ेर तिनीहरूले
सलमोनामा छाउनी हाले ।
**४२**सलमोनाबाट हिँड़ेर तिनीहरूले
पूनोनमा छाउनी हाले ।
**४३**पूनोनबाट हिँड़ेर तिनीहरूले ओबोतमा
छाउनी हाले ।
**४४**ओबोतबाट हिँड़ेर तिनीहरूले
मोआबको सिमानामा भएको इये-अबारीममा
छाउनी हाले ।
**४५**इयेमबाट हिँड़ेर तिनीहरूले दीबोन-
गादमा छाउनी हाले ।
**४६**दीबोन-गादबाट हिँड़ेर तिनीहरूले
अल्मोन दिब्लातैममा छाउनी हाले ।
**४७**अल्मोन दिब्लातैमाबाट हिँड़ेर
तिनीहरूले नबोको छेउमा भएको अबारीमका
पर्वतहरूमा छाउनी हाले ।
**४८**अबारीमका पर्वतहरूबाट हिँड़ेर
तिनीहरूले यरीहोको नजीक यर्दननेर
मोआबको मैदानमा छाउनी हाले । **४९**त्यहाँ
मोआबको मैदानमा तिनीहरूले यर्दनको
किनारमा बेथ-योशिमोतदेखि आबेल-
शीत्तिमसम्म छाउनी हाले ।
**५०**यरीहोको छेउ यर्दनको नजीकै मोआबको
मैदानमा परमप्रभुले मोशालाई भन्नुभयो,
**५१**“इस्राएलीहरूसित कुरा गरेर तिनीहरूलाई
भन्, ‘यर्दन पार गरेर तिमीहरू कनान
पुगेपछि, **५२**तिमीहरूका सामुन्नेबाट त्यहाँका
बासिन्दाहरूलाई निकालिदिनू । तिनीहरूका
खोपेका प्रतिमाहरू र ढालेका मूर्तिहरू सबै
नष्ट गरिदिनू र तिनीहरूका सबै डाँड़ाका
थानहरू भत्काइदिनू । **५३**त्यस देशलाई कब्जा
गरेर त्यसमा बसोबासो गर्नू, किनकि त्यो देश
मैले तिमीहरूलाई अधिकार गर्नलाई दिएको छु ।
**५४**देशलाई तिमीहरूका वंशहरूअनुसार गोला
हालेर बाँड़नू । ठूलो दललाई ठूलो अशं र
सानो दललाई सानै अंश दिनू । तिनीहरूले
गोला हालेर जे पाउँछन्; ती तिनीहरूकै
हुनेछन् । त्यसलाई तिमीहरूका पुर्ख्यौली
कुलअनुसार बाँड़नू ।
**५५**“‘तर यदि तिमीहरूले त्यस देशका
बासिन्दाहरूलाई धपाएनौ भने, तिमीहरूले बस्न
दिएकाहरू नै तिमीहरूका आँखामा छेस्का र
जीउमा बिजेका काँड़ा हुनेछन् । तिनीहरूले
तिमीहरूलाई तिमीहरू बसेको देशमा दुःख
दिनेछन् । **५६**अनि मैले तिनीहरूलाई जे गर्छु
भनी सोचेको छु त्यो म तिमीहरूलाई
गर्नेछु ।’”

### कनानका सिमानाहरू

**३४** परमप्रभुले मोशालाई भन्नुभयो,
**२**“इस्राएलीहरूलाई हुकुम दिएर यसो
भन्: ‘तिमीहरू कनानमा पसेपछि तिमीहरूलाई
अधिकारस्वरूप बाँड़िएको जमिनको सिमाना
यस्तो हुनेछ:
**३**“‘तिमीहरूको दक्षिणमा एदोमको सिमानामा
सीनको केही उजाड़-स्थान पर्नेछ । पूर्वमा,
तिमीहरूको दक्षिणी सिमाना खारा समुद्रको
अन्तदेखि शुरू भएर **४**अक्राबीमको घाटी
पार गरेर सीनतिर अगि बढ़ेर कादेशबर्नेको
दक्षिणसम्म जानेछ । त्यसपछि त्यो हसर-अद्दर

**३३:३८** –गन्ती २०:२२-२८; व्यवस्था १०:६; ३२:५०. **३३:४०** –गन्ती २१:१. **३३:५४** –गन्ती २६:५४-५६.

भएर अस्मोन्सम्म जानेछ, **५**जहाँ त्यो घुमेर
मिश्रको नदीसित मिसिएर समुद्रमा टुंगिनेछ ।
**६**"'तिमीहरूको पश्चिमको सिमाना
महासमुद्रको किनार हुनेछ । तिमीहरूको
पश्चिमको सिमाना यही हुनेछ ।
**७**"'तिमीहरूको उत्तरको सिमानाको लागि
महासमुद्रदेखि होर पर्वतसम्म एउटा रेखा खिँच्नू,
**८**अनि होर पर्वतदेखि लबो हमातसम्म खिँच्नू ।
त्यसपछि सीमाना सदादसम्म जानेछ, **९**र
सिप्रोनसम्म गएर हसर-एनानमा टुंगिनेछ ।
तिमीहरूको उत्तरको सिमाना यही हुनेछ ।
**१०**"'तिमीहरूको पूर्वको सिमानाको लागि
हसर-एनानदेखि एउटा रेखा सपामसम्म
खिँच्नू । **११**त्यो सिमाना सपामदेखि अयीनको
पूर्वीय भागमा भएको रिब्लासम्म तल जानेछ
र किन्नेरेत नदीको पूर्वपट्टिका भीर भएर अगि
बढ़नेछ । **१२**त्यसपछि सिमाना यर्दनको किनार
तिर तल गएर खारा समुद्रमा टुंगिनेछ ।

"'प्रत्येक दिशामा सिमाना भएको यो देश
तिमीहरूको हुनेछ ।'"

**१३**मोशाले इस्राएलीहरूलाई आदेश दिए:
"यस देशलाई पैतृक-सम्पत्तिस्वरूप गोला हालेर
बाँड़नू । परमप्रभुले यसलाई साँढ़े नौ कुलहरूलाई
दिनू भनेर आज्ञा गर्नुभएको छ, **१४**किनकि
रूबेनको कुलको, गादको कुलको र मनश्शेको
आधा कुलका परिवारहरूले तिनीहरूका अंश
पाएका छन् । **१५**यी अढ़ाई कुलहरूले यरीहोको
नजीकको यर्दन नदीको पूर्वपट्टि आ-आफ्नो
अधिकार पाइसकेका छन् ।

**१६**परमप्रभुले मोशालाई भन्नुभयो,
**१७**"उत्तराधिकारस्वरूप तेरो निम्ति देश
बाँड़िदिने मानिसहरूका नाउँ यी नै हुन्,
पूजाहारी एलाजार र नूनको छोरा यहोशू ।
**१८**अनि देश बाँड़न सहायता गर्नलाई प्रत्येक
कुलबाट एक जना अगुवा नियुक्त गर्नू ।
**१९**तिनीहरूका नाउँ यी नै हुन्:

यहूदाको कुलबाट यपून्नेको छोरा कालेब;

**२०** शिमीयोनको कुलबाट अम्मीहूदको
छोरा शेमूएल ।
**२१** बेन्यामीनको कुलबाट किसलोनको
छोरा एलीदाद ।
**२२** दानको कुलबाट अगुवा योग्लीको
छोरा बुक्की ।
**२३** यूसुफको छोरा मनश्शेको कुलबाट
अगुवा एपोदको छोरा हन्नीएल ।
**२४** यूसुफका छोरा एप्रेमको कुलबाट
अगुवा शिप्तानको छोरा कमूएल ।
**२५** जबूलूनको कुलबाट अगुवा पार्नाकको
छोरा एलीशापान ।
**२६** इस्साकारको कुलबाट अगुव
अज्जानको छोरा पल्तिएल ।
**२७** आशेरको कुलबाट अगुवा शलोमीको
छोरा अहीदूद ।
**२८** नप्तालीको कुलबाट अगुवा
अम्मीहूदको छोरा पदहेल ।"

**२९**कनान देशमा इस्राएलीहरूलाई उत्तराधिकार
बाँड़िदिनलाई परमप्रभुले आज्ञा दिनुभएका
मानिसहरू यी नै हुन ।

### लेवीहरूका निम्ति शहरहरू

**३५** यरीहोको नजीक यर्दननेर मोआबको
मैदानमा परमप्रभुले मोशालाई भन्नुभयो,
**२**"इस्राएलीहरूले पाउने उत्तराधिकारबाट
लेवीहरू बस्नको निम्ति तिनीहरूलाई शहरहरू
दिनू भनेर इस्राएलीहरूलाई आदेश दिनू । अनि
तिनीहरूलाई शहरहरूका चारैतिर खर्कको ठाउँ
दिनू । **३**तब तिनीहरूसित बस्ने शहरहरू र
तिनीहरूका गाईबस्तु, बगाल र पशुहरूको निम्ति
खर्क हुनेछन् ।

**४**"'तिनीहरूले लेवीहरूलाई शहरका
चारैतिर दिने खर्क शहरको पर्खालदेखि पन्ध्र
सय फीटसम्म होस् । **५**शहरबाहिर शहरलाई
केन्द्र मानेर पूर्वपट्टि तीन हजार फीट, दक्षिणपट्टि
तीन हजार फीट, पश्चिमपट्टि तीन हजार
फीट र उत्तरपट्टि तीन हजार फीट नाप्नू ।

---

**३४:१३-१५**–यहोशू १४:१-५. **३५:१-८**–यहोशू २१:१-४२.

तिनीहरूले शहरको निम्ति यही ठाउँ खर्कस्वरूप
पाउनेछन् ।

### शरण नगरहरू

६"तिमीहरूले लेवीहरूलाई दिने शहरहरू-
मध्ये छओटाचाहिँ शरण नगरहरू हुनेछन्, जसमा
कसैलाई मार्ने व्यक्ति भागेर जान सक्छ ।
त्यसबाहेक तिनीहरूलाई बयालीसओटा अरू
शहरहरू दिनू। ७तिमीहरूले लेवीहरूलाई जम्मा
अड्चालीसओटा शहरहरू र तिनीहरूका
खर्कहरू दिनू । ८इस्राएलीहरूले अधिकार गर्ने
जमिनबाट तिमीहरूले लेवीहरूलाई शहरहरू
दिँदा ती प्रत्येक कुलको अनुपातमा होस्, अर्थात्
धेरै हुने कुलबाट धेरै शहरहरू र थोरै हुने
कुलबाट थोरै दिनू ।"

९त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो:
१०"इस्राएलीहरूसित कुरा गरेर तिनीहरूलाई
भन्: 'तिमीहरू यर्दन तरेर कनानमा पसेपछि,
११तिमीहरूका शरण नगरहरू हुनको निम्ति
केही शहररू छान्नू, जहाँ कुनै व्यक्तिले
कसैलाई संयोगवश मार्‍यो भने त्यो भागेर
जान सकोस् । १२ती बद्ला लिनेबाट शरण
लिने ठाउँहरू हुनेछन्, र हत्याको आरोप लागेको
व्यक्ति समुदायको सामुन्ने जाँच नभई मर्न
नपरोस् । १३तिमीहरूले दिने यी छओटा
शहरहरू तिमीहरूकै शरण नगर हुनेछन् ।
१४तीनओटा यर्दनवारि र तीनओटा कनानमा
शरण नगरस्वरूप दिनू । १५यी छओटा
शहरहरू इस्राएलीहरू, परदेशीहरू र तिनीहरूसित
बस्ने जुनै मानिसहरूको निम्ति पनि शरण
नगरहरू हुनेछन्, ताकि कसैलाई संयोगवश
मार्ने व्यक्ति त्यहाँ भागेर जान सकोस् ।

१६"'यदि कुनै मानिसले कसैलाई फलामको
चीजले हिर्काउँदा मर्‍यो भने त्यो हत्यारा हो,
त्यो हत्यारा मारिनुपर्छ । १७अथवा कसैको
हातमा ढुङ्गा छ जसले मार्न सकिन्छ र त्यसले
कसैलाई हिर्काउँदा त्यो मर्‍यो भने, त्यो
हत्यारा हो, त्यो हत्यारा मारिनुपर्छ । १८अथवा
कसैसित काठको कुनै चीज छ जसले मार्न
सकिन्छ र त्यसले कसैलाई हिर्काउँदा त्यो मर्‍यो
भने; त्यो हत्यारा हो, त्यो हत्यारा मारिनुपर्छ ।
१९रगतको बदला लिन चाहने व्यक्तिले त्यस
हत्यारालाई मारोस् । त्यसलाई भेट्ने बित्तिकै
उसले हत्यारालाई मारोस् । २०यदि कसैले
इर्ष्याको कारण कसैलाई घचेट्यो अथवा
जानी-जानी त्यसमाथि केही फ्याँक्यो र त्यो
मर्‍यो भने, २१अथवा शत्रुताको कारण त्यसले
उसलाई मुक्का हान्यो र त्यो मर्‍यो, त्यो
मानिस हत्यारा हो, त्यो मारिनुपर्छ । रगतको
बदला लिनेले त्यसलाई भेट्यो भने त्यसले
मारोस् ।

२२"'तर यदि कसैले कसैलाई अजानमा
घचेटेर मार्‍यो, अथवा केही कुरा हानिपठाउँदा
लागेर त्यो मर्‍यो भने, २३अथवा दुश्मनी
नभएको र हानी गर्न नचाहने व्यक्तिले हानेको
ढुङ्गाले लागेर कोहो मर्‍यो भने, २४समुदायले
त्यसको रगतको बदला लिनेको बीचमा यस
नियमअनुसार इन्साफ गर्नुपर्छ । २५समुदायले
त्यस ज्यानमारालाई रगतको साटो लिन
चाहनेको हातबाट छुटाओस् र भागेर गएको
शरण-नगरमा नै त्यसलाई पठाइदिओस् ।
अनि पवित्र तेलले अभिषेक भएको प्रधान
पूजाहारीको मृत्यु नहोउन्जेल त्यो त्यहीँ
रहोस् ।

२६"'तर त्यो आरोप लागेको व्यक्ति आफू
भागेर गएको शरण नगरको सिमानादेखि बाहिर
गयो, २७अनि रगतको साटो फेर्न चाहनेले त्यसलाई
यसरी बाहिर फेला पारेर ज्यानमारालाई मार्‍यो
भने, त्यो रगतको दोषी हुनेछैन । २८आरोप
लागेको त्यो व्यक्ति प्रधान पूजाहारीको मृत्यु
नभएसम्म आफ्नो शरण नगरमा बसोस् । प्रधान
पूजाहारीको मृत्यु भएपछि मात्र त्यो आफ्नो
सम्पत्तितिर फर्कोस् ।

२९"'तिमीहरू जहाँ बसे तापनि यो
तिमीहरूको निम्ति भावी पुस्तासम्म मान्नु पर्ने
विधि-विधान हुनेछ ।

---

**३५:९-३४**–व्यवस्था १९:१-१३; यहोशू २०:१-९.

**३०**“‘कसैले कसैको हत्या गऱ्यो भने त्यसलाई
साक्षीहरूको गवाहीबाट मात्र हत्यारा भनी
मार्नू । तर एक जना साक्षीको गवाहीबाट मात्र
कसैलाई नमार्नू ।
**३१**“‘मारिने योग्यको हत्याराको जीवनको
निम्ति छुटकाराको मोल स्वीकार नगर्नू । त्यो
निश्चय नै मारिओस् ।
**३२**“‘शरण नगरमा भागेर गएको व्यक्तिबाट
प्रधान पूजाहारीको मृत्यु नभईकन; त्यसलाई
आफ्नै जमिनमा फर्केर आउने अनुमति दिँदै
छुटकाराको मोल स्वीकार नगर्नू ।
**३३**“‘तिमीहरू बसेको ठाउँलाई दुषित्
नपार्नू । रक्तपातले देशलाई दुषित् पार्छ,
र रक्तपात गर्नेको रगतले बाहेक अरूद्वारा
प्रायश्चित गर्न सकिँदैन । **३४**तिमीहरू
बसेको र मैले बास गरेको देशलाई अशुद्ध
नपार्नू किनकि म, परमप्रभु इस्राएलीहरूबीच
वास गर्दछु ।’”

### सलोफादका छोरीहरूको उत्तराधिकार

**३६** यूसुफका सन्तानहरूबाट आएका
मनश्शेको छोरा माकीरको छोरा
गिलादका वंशका परिवारका मुखियाहरू आएर
मोशा अनि अगुवाहरू र इस्राएली परिवारहरूका
मुखियाहरूको सामुन्ने कुरा गरे । **२**तिनीहरूले
भने, “परमप्रभुले इस्राएलीहरूलाई अधिकार
स्वरूप यस देशलाई गोला हालेर दिनु
भनेर मेरा मालिकलाई आज्ञा दिनुहुँदा उहाँले
हाम्रा दाज्यू सलोफादको उत्तराधिकार तिनका
छोरीहरूलाई दिनु भनेर तपाईंलाई आज्ञा
दिनुभयो । **३**अब मानिलिनुहोस्; तिनीहरूले अरू
कुलका मानिसहरूसित विवाह गरे भने तिनीहरूका
उत्तराधिकार हाम्रा पुर्ख्यौली अधिकारबाट खोसिएर
तिनीहरूले विवाह गरेको कुलमा थपिनेछ ।
यसरी हामीलाई दिइएको उत्तराधिकारको केही
अशं खोसिनेछ । **४**इस्राएलीहरूको लागि
उत्सव वर्ष आउँदा तिनीहरूको उत्तराधिकार
तिनीहरूले विवाह गरेका कुलमा थपिनेछ, र
तिनीहरूको सम्पत्ति हाम्रा पुर्खाहरूका कुलका
उत्तराधिकारबाट खोसिनेछ ।”
**५**तब परमेश्वरको आज्ञामा मोशाले
इस्राएलीहरूलाई यो आदेश दिए: “यूसुफका
सन्तानहरूले जे भने त्यो ठीकै हो । **६**परमप्रभु
सलोफादका छोरीहरूको निम्ति यस्तो आज्ञा
दिनुहुन्छ: तिनीहरूले आफ्ना पिताका कुलका
वंशका जसलाई पनि आफ्ना खुशीअनुसार
विवाह गर्न सक्छन् । **७**इस्राएलमा कुनै
उत्तराधिकार पनि एउटा कुलबाट अर्को कुलमा
जान पाउँदैन, किनकि प्रत्येक इस्राएलीले
आफ्ना पुर्खाहरूबाट पाएका कुलको जमिन
राख्नुपर्छ । **८**इस्राएलीहरूको कुनै पनि कुलमा
उत्तराधिकारको हिस्सा पाउने युवतीले त्यसकै
बाबुपट्टिको कुलमा विवाह गरोस्, र हरेक
इस्राएलीले आफ्नै पैतृक-सम्पत्तिको हिस्सा
पाओस् । **९**कुनै पनि पैतृक-सम्पत्ति एउटा
कुलबाट अर्को कुलमा नसारिओस्, तर हरेक
इस्राएली आफ्नै पुर्खाका कुलको पैतृक-
सम्पत्तिभित्रै बसोस् ।”
**१०**यसकारण सलोफादका छोरीहरूले
परमप्रभुले मोशालाई आज्ञा गर्नुभएझैँ गरे ।
**११**सलोफादका छोरीहरू महला, तिर्सा,
होग्ला, मिल्का र नोआहले आफ्नो बाबुका
दाज्यूभाइहरूका छोराहरूसित विवाह गरे ।
**१२**तिनीहरूले यूसुफका छोरा मनश्शेका
सन्तानहरूका वंशभित्रै विवाह गरे, र तिनीहरूका
उत्तराधिकार तिनीहरूका बाबुकै वंश र कुलमा
रहयो ।
**१३**परमप्रभुले यरीहोनेर यर्दनको किनारमा
मोआबको मैदानमा इस्राएलीहरूलाई मोशाद्वारा
दिनुभएका आज्ञाहरू र नियमहरू यही हुन् ।

---

**३५:३०**–व्यवस्था १७:६; १९:१५. **३६:२**–गन्ती २७:७.

# व्यवस्था

### होरेब छोड्ने आदेश

**१** पारान, तोफेल, लाबान, हसेरोत र दीसाहाबको बीचमा यर्दन पारि पूर्वपट्टिको उजाड़-स्थानमा समस्त इस्राएलीहरूलाई मोशाले भनेका वचनहरू यी नै हुन् । **२**(सेईर पर्वतको बाटो भएर होरेबबाट कादेशबर्नेसम्म जान एघार दिन लाग्छ) ।

**३**चालीसौँ वर्षको एघारौँ महिनाको पहिलो दिन परमेश्‍वरले इस्राएलीहरूको विषयमा मोशालाई आज्ञा दिनुभएका सबै कुरा तिनले इस्राएलीहरूलाई घोषणा गरिदिए । **४**योचाहिँ तिनले हेश्‍बोनमा राज्य गर्ने एमोरीहरूका राजा सीहोन र अश्‍तारोतमा राज्य गर्ने बाशानको राजा ओगलाई एद्रेईमा हराएपछिको कुरा हो ।

**५**यर्दनको पूर्वतिर मोआबको राज्यमा मोशाले यो व्यवस्था व्याख्या गर्दै भने:

**६**परमप्रभु हाम्रा परमेश्‍वरले हामीलाई होरेबमा भन्‍नुभयो, "तिमीहरू यस पर्वतमा धेरै समयसम्म बस्यौ । **७**छाउनी उठाएर एमोरीहरूको पहाड़ी मुलुकतिर अघि बढ़ र अराबा, पर्वतहरू, पश्‍चिमका तराईहरू, नेगेव र किनारका ठाउँहरू हुँदै कनानीहरूको देशमा अनि लबानोनमा यूफ्रेटिस नदीसम्मै भएका इलाकाका मानिसहरूकहाँ जाऊ । **८**हेर, मैले यो ठाउँ तिमीहरूलाई दिएको छु । परमप्रभुले तिमीहरूका पुर्खा, अर्थात् अब्राहाम, इसाहाक र याकूब अनि तिनीहरूका सन्तानलाई दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देशमा गएर त्यसलाई अधिकार गर ।"

### अगुवाहरूको नियुक्ति

**९**त्यस बेला मैले तिमीहरूलाई भने, "म एक्लैले तिमीहरूको भार उठाउन सक्दिनँ । **१०**परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूको सङ्ख्या बढ़ाएर आकाशका ताराहरूझैँ बनाइदिनुभएको छ । **११**परमप्रभु तिमीहरूका पिता-पुर्खाहरूका परमेश्‍वरले प्रतिज्ञा गर्नुभएझैँ उहाँले तिमीहरूलाई हजार गुणा बढ़ाएर आशिष् देऊन् ! **१२**तर म आफैले मात्र तिमीहरूका समस्याहरू र तिमीहरूका भारहरू र तिमीहरूका झगड़ाहरू कसरी बोक्‍न सकूँला ? **१३**तिमीहरूका कुलहरूबाट केही बुद्धिमान्, समझदार र इज्जतदार मानिसहरू रोज र म तिनीहरूलाई तिमीहरूमाथि खटाउनेछु ।"

**१४**तिमीहरूले मलाई जवाफ दियौ, "तपाईंले दिनुभएको सल्लाह राम्रो छ ।"

**१५**यसकारण मैले तिमीहरूका कुलहरूबाट अघि सर्ने, बुद्धिमान् र इज्जतदार मानिसहरूलाई लिएर तिनीहरूलाई हजारहरूमाथि, सयहरूमाथि, पचासहरूमाथि र दशहरूमाथि कप्तान हुनलाई कुलका नायकहरूको रूपमा तिमीहरूमाथि अधिकार दिएर नियुक्त गरें । **१६**अनि त्यस बेला मैले तिमीहरूका न्यायकर्ताहरूलाई यसो भनेर जिम्मा दिएँ, 'तिमीहरूका भाइहरूका झगड़ा सुन्‍नू र त्यो मुद्दा इस्राएली भाइहरूबीचको होस् वा तिनीहरूमध्ये एक जना र परदेशीबीचको होस् त्यो इन्साफ उचित रूपले गर्नू । **१७**इन्साफ गर्दा पक्षपात नगर्नू, ठूला र साना दुवैका कुरा एकै किसिमले सुन्‍नू । इन्साफ परमेश्‍वरकै हुनाले कुनै मानिससित नडराउनू । तिमीहरूको निम्ति अति कठिन भएको मुद्दा मकहाँ ल्याउनू अनि त्यसलाई म सुन्‍नेछु । **१८**अनि तिमीहरूले गर्न पर्ने प्रत्येक कुरा मैले त्यस बेला तिमीहरूलाई भनें ।"

---

**१:४**–गन्ती २:२१-३५. **१:९-१८**–प्रस्थान १८:१३-२७.

### भेद लिने मानिसहरू पठाइए

**१९**त्यसपछि, परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई हुकुम गर्नुभएझैँ, हामी होरेबबाट
निस्केर तिमीहरूले देखेका डरलाग्दो उजाड़-
स्थानबाट भएर हामी एमोरीहरूको पहाडी
मुलुकमा गयौं र कादेशबर्ने पुग्यौं । **२०**तब मैले
तिमीहरूलाई भने, "तिमीहरू परमप्रभु हाम्रा
परमेश्वरले हामीलाई दिनुहुने एमोरीहरूको
पहाड़ी मुलुकमा आइपुगेका छौ । **२१**हेर,
परमप्रभु तिमीहरूका परमेश्वरले यो देश
तिमीहरूलाई दिनुभएको छ । जाऊ, अनि परमप्रभु
तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वरले
तिमीहरूलाई भन्नुभएझैँ त्यसमाथि अधिकार
गर । नडराउनू र हताश नहुनू ।"
**२२**तब तिमीहरू सबै मकहाँ आएर भन्यौ,
"हाम्रो निम्ति त्यस देशको भेद लिन अनि हामी
कुन बाटो जानुपर्ने र हामी पुग्ने शहरहरू
कस्ता छन् भन्ने, समाचार ल्याउनलाई हाम्रो
अघि भेद लिने मानिसहरू पठाऔं ।" **२३**यो
कुरो मलाई राम्रो लाग्यो । अनि मैले हरेक
कुलबाट एक-एक जना गरी बाह्र जना मानिस
छानें । **२४**तिनीहरू पहाड़तिर लागे र एश्कोलको
मैदान पत्ता लगाए । **२५**तिनीहरूले त्यस देशका
केही फलफूल ल्याए । अनि "हामीलाई
परमप्रभु हाम्रा परमेश्वरले दिनुहुने देश राम्रो
रहेछ" भन्ने खबर तिनीहरूले दिए ।

### परमप्रभुको विरुद्धमा विद्रोह

**२६**तर तिमीहरूले उक्लेर जाने इच्छा
गरेनौ र तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञाको विरुद्धमा विद्रोह गर्‍यौ ।
**२७**आफ्ना पालहरूभित्र गनगनाएर तिमीहरूले
भन्यौ, "परमप्रभुले हामीलाई घृणा गर्नुहुन्छ र
उहाँले हामीलाई एमोरीहरूद्वारा नष्ट हुनालाई
तिनीहरूका हातमा दिनालाई हामीलाई मिश्रबाट
निकालेर ल्याउनुभयो । **२८**हामी कहाँ जान
सक्छौं ? हाम्रा दाज्यूभाइहरूले हामीलाई हरेस
खान लाए । तिनीहरू भन्छन्, 'ती मानिसहरू
हामीभन्दा बलिया र अग्ला छन् । ती शहरहरू
आकाशसम्म पुगेका पर्खालहरू भएका छन्,
हामीले त्यहाँ अनाकीहरूलाई पनि देख्यौं ।"
**२९**तब मैले तिमीहरूलाई भनें,
"आतङ्कित नहोओ, तिनीहरूसित नडराओ ।
**३०**तिमीहरूका सामुन्ने जानुहुने परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूकै आँखाको
अघि र उजाड़-स्थानमा युद्ध गर्नुभएझैँ
तिमीहरूको पक्षमा युद्ध गर्नुहुनेछ । **३१**त्यहाँ
कसरी परमप्रभु तिमीहरूका परमेश्वरले बाबुले
आफ्नो छोरालाई बोकेझैँ तिमीहरू यस ठाउँसम्म
नआइपुगेसम्म तिमीहरूलाई तिमीहरूका
मार्गभरि बोक्नुभएको तिमीहरूले देख्यौ ।"
**३२**यसो भए तापनि तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरमाथि भरोसा राखेनौ, **३३**जो
तिमीहरूले छाउनी हाल्ने ठाउँहरू खोज्न र
तिमीहरू हिँड्ने बाटो देखाउन तिमीहरूको
मार्गमा राती आगोमा र दिउँसो बादलमा
तिमीहरूका सामने जानुभयो ।
**३४**तिमीहरूले भनेका कुरा परमप्रभुले
सुन्नुभएपछि उहाँले रिसाएर शपथ खानुभयो,
**३५**"मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिनेछु
भनी प्रतिज्ञा गरेको उत्तम देशलाई यस दुष्ट
पुस्ताको एउटै मानिसले देख्नेछैन, **३६**खालि
यपून्नेको छोरा कालेबले मात्र देख्नेछ ।
त्यसले त्यो देख्नेछ, र म त्यसलाई र त्यसका
सन्तानलाई त्यसले आफ्नो पाइला टेकेको देश
दिनेछु, किनकि त्यसले परमप्रभुलाई आफ्नो
सम्पूर्ण हृदयले पछ्याएको छ ।"
**३७**तिमीहरूकै कारण परमप्रभु मसित पनि
रिसाउनुभयो र भन्नुभयो, "तँ पनि त्यसमा
प्रवेश गर्नेछैनस् । **३८**तर नूनको छोरा, तेरो
सहायक यहोशूले त्यहाँ प्रवेश गर्नेछ । त्यसलाई
उत्साहित बनाउनू, किनकि त्यसले त्यस
ठाउँमाथि अधिकार गर्नालाई इस्राएललाई
डोऱ्याउनेछ । **३९**अनि तिमीहरूले कैदमा

---

**१:१९-३३**–गन्ती १३:१-३३. **१:२६**–व्यवस्था ९:२३; हिब्रू ३:१६. **१:३१**–प्रेरित १३:१८. **१:३२**–हिब्रू ३:१९.
**१:३४-४५**–गन्ती १४:२०-४५. **१:३४-३५**–हिब्रू ३:१८.

लगिनेछन् भनेका सानाहरू, असल र खराब
छुट्याउन नसक्ने तिमीहरूका छोराछोरीहरू
त्यस देशमा प्रवेश गर्नेछन्। म त्यो तिनीहरूलाई
दिनेछु अनि तिनीहरूले त्यसलाई अधिकार
गर्नेछन्। **४०**तर तिमीहरूको निम्ति ता, तिमीहरू
फर्केर लाल समुद्रतिर जाने उजाड़-स्थानको
बाटो लाग।"

**४१**तब तिमीहरूले मलाई भन्यौ, "हामीले
परमप्रभुको विरुद्धमा पाप गरेका छौं। परमप्रभु
हाम्रा परमेश्‍वरले आज्ञा गर्नुभएझैं हामी उक्लेर
गई लड़ाइँ गर्नेछौं।" यसरी तिमीहरू हरेकले
त्यस पहाड़ी मुलुकमा उक्लेर जान सजिलो छ
भनेर आफ्ना हतियारहरू भिर्‍यौ।

**४२**तर परमप्रभुले मलाई भन्नुभयो,
"तिनीहरूलाई भन्, 'तिमीहरू लड़ाइँ गर्न नजाओ,
किनकि म तिमीहरूसित हुनेछैनँ। तिमीहरू
आफ्ना शत्रुहरूद्वारा पराजित हुनेछौ।'"

**४३**यसकारण मैले तिमीहरूलाई भने, तर
तिमीहरूले सुनेनौ। तिमीहरूले परमप्रभुको
आज्ञाको विरोध गर्‍यौ, र आफ्ना घमण्डमा
आज्ञाको विरोध गर्‍यौ, र आफ्ना घमण्डमा
तिमीहरू त्यस पहाड़ी मुलुकमा युद्ध गर्न
उक्ल्यौ। **४४**ती पहाड़हरूमा बस्ने एमोरीहरू
तिमीहरूको विरुद्ध निस्किआए, र तिनीहरूले
तिमीहरूलाई मौरीहरूले झैं खेदे, अनि
तिमीहरूलाई सेईरदेखि होर्मासम्मै पिटे।
**४५**तिमीहरू फर्किआएर परमप्रभुको सामुन्ने
रोयौ, तर उहाँले तिमीहरूको रूवाइमा ध्यानै
नदिएर तिमीहरूप्रति कानै फर्काउनुभएन।
**४६**यसकारण तिमीहरूले त्यहाँ कादेशमा धेरै
दिन बिताउनुपर्‍यो।

### उजाड़-स्थानमा घुमिरहेका

**२** त्यसपछि हामी पछि फर्क्यौं र परमप्रभुले
मलाई हुकुम गर्नुभएझैं लाल समुद्र जाने
बाटो भएर उजाड़-स्थानतिर लाग्यौं। धेरै लामो
समयसम्म हामी सेईरको पहाडी देशको
चारैतिर हिँड़िरहयौं।

**२**तब परमप्रभुले मलाई भन्नुभयो,
**३**"तिमीहरू यस पहाड़ी देशमा घुमेको धेरै
भयो, अब उत्तरतिर फर्क। **४**मानिसहरूलाई
यो हुकुम दिनू 'तिमीहरू एसावका सन्तान
अर्थात् सेईरमा बस्ने तिमीहरूका दाज्यूभाइहरूका
इलाकाबाट भएर जान आँटेका छौ। तिनीहरू
तिमीहरूदेखि डराउनेछन् तर होशियार हुनू।
**५**तिनीहरूलाई लड़ाइँ गर्न नउस्काउनू, किनकि
म तिमीहरूलाई तिनीहरूको देशको कुनै भाग
पनि, अँ, खुट्टा टेक्नेसम्मको भाग पनि दिनेछैनँ।
मैले सेईरको पहाड़ी देश एसावलाई त्यसको
आफ्नै हुने गरी दिएको छु। **६**तिमीहरूले खाएको
भोजन र पिएको पानीको लागि तिमीहरूले
तिनीहरूलाई चाँदी दिएर तिर्नुपर्छ।'"

**७**परमप्रभु तिमीहरूका परमेश्‍वरले
तिमीहरूका हातका सबै कामहरूमा आशिष्
दिनुभएको छ। यस विशाल उजाड़-स्थानबाट
भएर जाने तिमीहरूको यात्रामा उहाँले
तिमीहरूको हेरचाहा गर्नुभएको छ। यी चालीस
वर्षहरूमा परमप्रभु तिमीहरूका परमेश्‍वर
तिमीहरूसित हुनुभएको छ, र तिमीहरूलाई
कुनै कुराको अभाव भएन।

**८**यसरी हामी सेईरमा बस्ने हामीहरूका
दाज्यूभाइहरू, अर्थात् एसावका सन्तानलाई
छोड़ेर अघि बढयौं। एल्यत र एस्योन-
गेबेरबाट आउने अराबाको बाटो भएर हामी
फर्केर मोआबको उजाड़-स्थानको बाटोमा यात्रा
गर्‍यौं।

**९**तब परमप्रभुले मलाई भन्नुभयो,
"मोआबलाई दु:ख-कष्ट नदिनू अथवा
तिनीहरूलाई युद्धको हाँक नदिनू, किनकि म
तिमीहरूलाई तिनीहरूको देशको कुनै भाग
पनि दिनेछैनँ। मैले लूतका सन्तानलाई
अधिकारस्वरूप आर शहर दिएको छु।

**१०**(त्यहाँ अनाकी जस्तै अग्ला, बलिया र
सङ्ख्यामा धेरै भएका एमीहरू बस्थे।
**११**अनाकीहरूझैं तिनीहरू पनि रपाईहरू नै
भनिन्थे, तर मोआबीहरूले तिनीहरूलाई एमीहरू

---

**२:१**–गन्ती २१:४. **२:४**–उत्पत्ति ३६:८. **२:९**–उत्पत्ति १९:३७.

भन्थे । **१२**सेईरमा होरबंशीहरू बस्थे, तर
एसावका सन्तानले तिनीहरूलाई धपाइदिए ।
इस्राएलीहरूले तिनीहरूलाई परमप्रभुले अधिकार
गर्न दिनुभएको देशमा गरेझैं तिनीहरूले होर
बंशीहरूलाई धपाएर तिनीहरूका ठाउँमा
बसोबासो गरे ।)

**१३**अनि परमप्रभुले भन्नुभयो, "अब उठेर
जेरेद खोल्सा पार गर ।" यसकरण हामीले
खोल्सा पार गर्‍यौं ।

**१४**हामीले कादेशबर्ने छाड़ेकोदेखि जेरेह
खोल्सा पार गर्दासम्म अड्तीस वर्ष बित्यो ।
त्यस बेलासम्म, परमप्रभुले तिनीहरूसित शपथ
खानुभएझैं, लड़ाइँ गर्नसक्ने सबै मानिसहरू
नाश भइसकेका थिए । **१५**तिनीहरूलाई
छाउनीबाट सम्पूर्ण रूपले नाश नगरेसम्म
परमप्रभुको हात तिनीहरूको विरुद्धमा थियो ।

**१६**अब लड़ाइँ गर्न सक्ने यी मानिसहरूबाट
अन्तिम मानिस मरिसकेपछि, **१७**परमप्रभुले
मलाई भन्नुभयो, **१८**"आज तिमीहरू आरमा
मोआबको इलाका भएर पार हुनुपर्छ । **१९**जब
तिमीहरू अम्मोनीकहाँ आउँछौ, तिनीहरूलाई
दु:ख नदिनू अथवा लड़ाइँको लागि नउस्काउनू,
किनकि म तिमीहरूलाई अम्मोनीहरूको देशको
कुनै भाग पनि अधिकार गर्न दिनेछैनँ । मैले
त्यसलाई लूतका सन्तानलाई अधिकार गर्न
दिएको छु ।"

**२०**(त्यो पनि त्यहाँ बस्ने रपाइँहरूको देश
थियो भनिन्छ, तर अम्मोनीहरूले तिनीहरूलाई
जमजुम्मीहरू भन्थे । **२१**तिनीहरू बलिया र
धेरै सङ्ख्यामा भएका अनि अनाकीहरूझैं
अग्ला जाति थिए । परमप्रभुले तिनीहरूलाई
अम्मोनीहरूको सामुन्नेबाट नष्ट गरिदिनुभयो,
जुनहरूले तिनीहरूलाई धपाएर तिनीहरूको
ठाउँमा बसोबासो गरे ।

**२२**सेईरमा बस्ने एसावका सन्तानहरूप्रति
पनि परमप्रभुले त्यसै गर्नुभयो, जब उहाँले होर
बंशीहरूलाई तिनीहरूको सामुन्नेबाट नष्ट
गरिदिनुभयो । तिनीहरूले तिनीहरूलाई धपाईदिए
अनि आजसम्म त्यहाँ बसेका छन् । **२३**अनि
गाजासम्म टाढ़ाका गाउँहरूमा बस्ने अव्वीहरूलाई
चाहिँ कप्तोरबाट आएका कप्तोरीहरूले नाश
गरे, र तिनीहरूका ठाउँमा बसोबासो गरें ।

### हेश्बोनका राजा सीहोनको पराजय

**२४**"अब यात्रा शुरू गरेर अर्नोनको खोल्सा
पार गर । हेर, मैले हेश्बोनको राजा एमोरी
सीहोन र त्यसको देशलाई तिमीहरूको हातमा
दिएको छु । त्यसलाई अधिकार गर्न शुरू
गर, अनि त्यसलाई युद्धमा नष्ट पार । **२५**आजको
यसै दिन म आकाशमुनि भएका सबै जातिहरूमा
तिमीहरूको आतङ्क र डर हालिदिनेछु ।
तिनीहरूले तिमीहरूको विषयमा समाचार
सुन्नेछन् र काँम्नेछन् अनि तिमीहरूको कारण
विचलित हुनेछन् ।"

**२६**कदेमोतको उजाड़-स्थानदेखि मैले
हेश्बोनको राजा सीहोनकहाँ मिलापको कुरा
लिएर दूतहरू पठाएर भनें, **२७**"हामीलाई
तपाईंको देशबाट भएर जान दिनुहोस् । हामी
मूलबाटोमा बस्नेछौं, र हामी दाहिने अथवा
देब्रेतिर फर्कनेछैनौं । **२८**हामीलाई खानलाई
भोजन र पिउनलाई पानी चाँदीको मूल्यमा
बेच्नुहोस् । हामीलाई खालि यस ठाउँ भएर जान
मात्र दिनुहोस्, **२९**जसरी हामीलाई परमप्रभु हाम्रा
परमेश्वरले दिनुभएको देशमा हामी नपुगेसम्म
सेईरमा बस्ने एसावका सन्तान र आरमा बस्ने
मोआबीहरूले हामीलाई जान दिए ।" **३०**तर
हेश्बोनका राजा सीहोनले हामीलाई त्यहाँबाट
भएर जान अस्वीकार गरे । किनकि परमप्रभु
तिमीहरूका परमेश्वरले तिनलाई तिमीहरूको
हातमा दिनलाई तिनको आत्मालाई हठी र
हृदयलाई अट्टेरी बनाइदिनुभयो । अनि आजको
दिनसम्म त्यो तिमीहरूकै हातमा छ ।

**३१**परमप्रभुले मलाई भन्नुभयो, "हेर, मैले
सीहोन र त्यसको देशलाई तेरो हातमा दिन
थालेको छु । अब त्यसलाई जितेर अधिकार
गर्न शुरू गर ।"

---

**२:१४**–गन्ती १४:२८-३५. **२:१९**–उत्पत्ति १९:३८. **२:२६–३७**–गन्ती २१:२१-३०.

३२जब सीहोन र तिनका सेना हामीलाई
युद्धमा भेट्न भनी यहसा भन्ने ठाउँमा निस्केर
आए, ३३परमप्रभु हाम्रा परमेश्वरले तिनलाई
हामीकहाँ सुम्पिदिनुभयो, अनि हामीले तिनलाई,
तिनका छोराहरू र सारा सेनालाई समेत मार्‍यौं।
३४त्यस बेला हामीले तिनका सबै शहरहरू
लियौं र तिनीहरूलाई, अर्थात् मानिसहरू, स्त्रीहरू
अनि छोराछोरीहरू सबैलाई पूर्ण रूपले नष्ट
गरिदियौं । हामीले कसैलाई पनि जीवित
छोड़ेनौं । ३५तर हामीले कब्जा गरेका
शहरहरूका गाईबस्तु र लूटका मालहरूचाहिँ
हामीले आफ्नै लागि लिएर गयौं । ३६अर्नोन
खोल्साको मुखैमा भएको अरोएरदेखि र खोल्सामा
भएको शहरदेखि गिलादसम्मै भएका कुनै शहर
पनि हाम्रा निम्ति धेरै शक्तिशाली थिएन ।
परमप्रभु हाम्रा परमेश्वरले ती सबै हामीलाई
दिनुभयो । ३७तर परमप्रभु हाम्रा परमेश्वरको
आज्ञाअनुसार तिमीहरूले अम्मोनीहरूका, अथवा
यब्बोकका किनारका देश अथवा पहाड़का
छेउछाउका शहरहरूलाई मिचेनौं ।

### बाशानका राजा ओगको पराजय

३ त्यसपछि हामी फर्केर बाशान जाने बाटोतिर
उक्ल्यौं र बाशानका राजा ओग आफ्नो
सारा फौज लिएर हामीलाई एद्रईमा युद्धमा
भेट्न निस्किआए। २परमप्रभुले मलाई भन्नुभयो,
"त्योदेखि नड़रा, किनकि मैले त्यसलाई त्यसका
सारा फौज र त्यसको देशसमेत तिमीहरूका
हातमा दिएको छु । हेश्बोनमा राज गर्ने
एमोरीहरूका राजा सीहोनलाई जे गरिस्, त्यही
त्यसलाई पनि गर ।"

३यसरी परमप्रभु हाम्रा परमेश्वरले
बाशानका राजा ओग र तिनका सारा फौजलाई
हाम्रा हातमा दिनुभयो । हामीले तिनीहरू
एउटैलाई पनि जीवित नछाड़ी मार्‍यौं। ४त्यस
बेला हामीले एउटै नछोड़ी उनका सबै साठी
शहरहरू कब्जा गर्‍यौं, बाशानमा ओगको
राज्य अर्गोबको सम्पूर्ण इलाकासमेत । ५ती
सबै शहरहरू अग्ला-अग्ला पर्खालले घेरिएका,
आग्लाहरू र मूल ढोकाहरू भएका थिए ।
त्यहाँ पर्खाल नभएका धेरै गाउँहरू पनि थिए।
६अनि हेश्बोनका राजा सीहोनलाई गरेझैं
उनीहरूका सबै शहर, पुरुष, स्त्री र बालक-
हरूलाई सम्पूर्ण रूपले हामीले नाश गर्‍यौं ।
७तर शहरका सबै गाईबस्तु र लूटका
मालचाहिँ हामीले आफ्नै निम्ति लिएर गयौं ।

८यसरी त्यस बेला हामीले यी दुई एमोरी
राजाहरूबाट यर्दनका पूर्वमा भएको प्रान्त,
अर्थात् अर्नोन खोल्सादेखि हर्मोन पर्वतसम्मै
हात पार्‍यौं। ९(सीदोनीहरूले हर्मोनलाई सिर्योन
र एमोरीहरूले सेनिर भन्छन् ।) १०हामीले
तराईका सबै शहरहरू, र सम्पूर्ण गिलाद,
अनि सलका र एद्रईसम्मका सम्पूर्ण बाशान,
अर्थात् बाशानमा भएका ओगको राज्य लियौं।
११(रपाईहरूमा बाशानका राजा ओग मात्र
जीवित रहे। तिनको पलङ्ग फलामबाट बनिएको
थियो, र त्यो तेह्रफीट लामो र छ फीट चौड़ा
थियो। त्यो अझसम्म अम्मोनीहरूको रब्बामा
छ) ।

### देश भाग लगाउने काम

१२त्यस बेला हामीले हात पारेको देशबाट
मैले रूबेनी र गादीहरूलाई गिलादको पहाड़ी
मुलुकको आधा भाग र त्यसका शहरहरूसमेत
गरी अर्नोन खोल्साको छेउमा भएका अरोएरका
उत्तरको प्रान्त दिएँ। १३गिलादमा रहेको भाग
र ओगको राज्य बाशानचाहिँ मैले मनश्शेको
कुललाई दिए । (बाशानको अर्गोबका सम्पूर्ण
इलाकालाई रपाईहरूको देश भनिन्थ्यो ।
१४मनश्शेको सन्तानको याईरले अर्गोबको
समस्त इलाका अर्थात् गशूरी र माकातीहरूका
सिमानासम्म लिए अनि त्यसलाई आफ्नै नाउँ
दिए र आजसम्मै बाशानलाई शब्बोन-याईर
भनिन्छ।) १५अनि मैले गिलादचाहिँ माकीरलाई
दिएँ । १६तर रूबेनी र गादीहरूलाई मैले
गिलाददेखि फैलिएर अर्नोन खोल्सासम्म गएको

३:१-११—गन्ती २१:३१-३५. ३:१२-२२—गन्ती ३२:१-४२.

प्रान्त दिएँ, (खोल्साको बीचचाहिँ सिमाना
रहयो) र अम्मोनीहरूको सिमाना यब्बोक
नदीसम्म दिएँ। **१७**त्यसको पश्चिमी सिमानाचाहिँ
अराबामा यर्दन थियो, अर्थात् किन्नरेतदेखि
पिस्गाको भीरको मुन्तिर अराबाको समुद्रसम्म
(अराबाको अर्को नाउँ खारा समुद्र हो ।)

**१८**त्यस बेला मैले तिमीहरूलाई यसरी आज्ञा
दिएँ: "परमप्रभु तिमीहरूका परमेश्वरले यो
देश तिमीहरूले अधिकार गर्नु भनेर दिनुभएको
हो । तर तिमीहरूका सबै बलिया मानिसहरू
युद्धको निम्ति हतियार भिरेर तिमीहरूका
इस्राएली दाज्यूभाइहरूको अगि पार भएर
जानुपर्छ । **१९**तरै पनि तिमीहरूका पत्नीहरू,
छोराछोरीहरू र तिमीहरूका गाईबस्तु
(तिमीहरूसित धेरै गाईबस्तु छन् भनी म
जान्दछु)– चाहिँ, **२०**परमप्रभुले तिमीहरूलाई
झैँ तिमीहरूका दाज्यूभाइहरूलाई विश्राम
नदिनुभएसम्म र तिनीहरूले पनि परमप्रभुले
तिनीहरूलाई यर्दन पारि दिनुहुने देश प्राप्त
नगरेसम्म मैले तिमीहरूलाई दिएका शहरहरूमा
बस्न सक्छन् । त्यसपछि तिमीहरू हरेक मैले
तिमीहरूलाई अधिकार दिएको देशमा फर्केर
आउन सक्छौ ।"

## मोशालाई यर्दन पार गर्न नदिइएको

**२१**त्यस बेला मैले यहोशूलाई आज्ञा गरें,
"परमप्रभु तिमीहरूका परमेश्वरले ती दुई
राजाहरूलाई के गर्नुभयो, तिमीले सबै आफ्नै
आँखाले देखेका छौ । तिमी जहाँ गइरहेका छौ
त्यहाँका सबै राज्यहरूलाई पनि परमप्रभुले
त्यसै गर्नुहुनेछ । **२२**तिनीहरूसित नड़राऊ ।
परमप्रभु तिम्रा परमेश्वर स्वयम् तिम्रो निम्ति
लड्नुहुनेछ ।"

**२३**अनि त्यस बेला मैले परमप्रभुसित
यसरी बिन्ती गरें, **२४**"हे सबै कुराका मालिक
परमप्रभु, तपाईंले आफ्नो दासलाई महान्ता र
आफ्नो बलियो हात देखाउन थाल्नुभएको छ ।
किनकि स्वर्ग अथवा पृथ्वीमा कुनचाहिँ देव छ,
जसले तपाईंले गर्नुभएका कार्य र शक्तिशाली
कामहरू गर्न सक्छ ? **२५**मलाई यर्दन पारिको
त्यो उत्तम देश, त्यो सुन्दर पहाड़ी मुलुक र
लबानोनलाई हेर्न दिनुहोस् ।"

**२६**तर तिमीहरूको कारण परमप्रभु मसित
रिसाउनुभएको थियो, र उहाँले मेरो कुरा
सुन्नुभएन । परमप्रभुले भन्नुभयो, "त्यति भए
पुग्छ । मसित यस विषयमा अझ कुरा नगर् ।
**२७**पिस्गाको टुप्पोमा जा र पश्चिम, उत्तर,
दक्षिण र पूर्वतिर हेर् । तैंले यर्दन पार नगर्ने
हुनाले तैंले आफ्नै आँखाले त्यस देशलाई हेर् ।
**२८**तर यहोशूलाई नियुक्त गर अनि त्यसलाई
उत्साह दिएर बलियो बना, किनकि यस
जातिलाई त्यसले डोऱ्याउँदै पारि पुऱ्याएर
तैंले देखेको देश अधिकार गर्न लाउनेछ ।"
**२९**यसकारण हामी बेथ पोरको बँसीमा बस्यौं ।

## आज्ञाकारी हुने आज्ञा

**४** अब हे इस्राएल, मैले तिमीहरूलाई
सिकाउन लागेका आदेशहरू र व्यवस्थाहरू
सुन । त्यसअनुसार चल अनि तिमीहरू
बाँच्नेछौ र परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने त्यस देशमाथि अधिकार
गर्नेछौ । **२**मैले तिमीहरूलाई जे आज्ञा गरें, त्यसमा
केही नथप्नू र त्यसबाट केही नघटाउनू, तर
मैले दिएका तिमीहरूका परमप्रभु परमेश्वरका
आज्ञाहरू तिमीहरूले पालन गर्नू ।

**३**बाल-पोरमा परमप्रभुले के गर्नुभयो, त्यो
तिमीहरूले आफ्नै आँखाले देखेका छौ ।
पोरको बालको पछि लाग्ने प्रत्येकलाई
तिमीहरूका बीचदेखि परमप्रभु तिमीहरूका
परमेश्वरले नाश गर्नुभयो, **४**तर परमप्रभु
तिमीहरूको परमेश्वरसितै रहनेहरू जति सबै
आज जीवितै छन् ।

**५**तिमीहरूले अधिकार गर्न गइरहेको देशमा
तिमीहरूले पालन गरून् भनेर हेर, मैले

---

**३:१८–२०**–यहोशू १:१२-१५. **३:२३–२७**–गन्ती २७:१२-१४; व्यवस्था ३२:४८-५२. **४:२**–प्रकाश २२:१८-१९.
**४:३** –गन्ती २५:१-९.

परमप्रभु मेरा परमेश्‍वरले मलाई आज्ञा गर्नुभएझैं,
आदेश र व्यवस्थाहरू तिमीहरूलाई सिकाएको
छु । **६**तिमीहरूले ती होशियारीसाथ मान्नू,
किनकि यसले ती जातिहरूलाई तिमीहरूका
बुद्धि र समझशक्ति देखाउनेछ, र तिनीहरूले
यी आदेशहरू सुनेर, "निश्‍चय यो महान् जाति
बुद्धिमान् र समझदार जाति रहेछ" भन्नेछन् ।
**७**हामीले उहाँसित प्रार्थना गर्दा परमप्रभु हाम्रा
नजीक हुनुभएझैं अरू कुनचाहिँ जाति यति महान्
होला जसका ईश्‍वर तिनीहरूको नजीक हुने ?
**८**अनि मैले आज राखेका व्यवस्थाहरूजस्तै
धार्मिक आदेशहरू र व्यवस्थाहरू भएका अर्को
कुनचाहिँ महान् जाति होला ?

**९**केवल होशियार हुनू, अनि आफैलाई
नियालेर हेर्नू, र तिमीहरू बाँचुञ्जेल तिमीहरूका
आँखाले देखेका कुराहरू नबिर्सनू र तिमीहरूका
हृदयबाट यी ननिकाल्नू । **१०**तिमीहरू होरेबमा
परमप्रभु तिमीहरूका परमेश्‍वरको सामुन्ने
उभिएको नबिर्सनू, जब उहाँले मलाई "तिनीहरू
यस देशमा बसुञ्जेल तिनीहरूले सिकून्
र मेरो आदर गरून् अनि तिनीहरूले आफ्ना
बालबच्चाहरूलाई सिकाऊन् भनेर मेरो वचनहरू
सुन्नलाई यी मानिसहरूलाई सिकाऊन्" भनेर
भन्नुभयो । **११**तिमीहरू नजीक आएर पर्वतको
फेदमा उभियौ अनि त्योचाहिँ आकाशसम्मै
आगोले उज्यालो भइरहेको थियो अनि त्यहाँ
कालो बादल र घोर अन्धकार थियो । **१२**तब
परमप्रभु त्यस आगोबाट बोल्नुभयो । तिमीहरूले
शब्दहरूको आवाज सुन्यौ तर कुनै आकृति
देखेनौ, तर त्यहाँ एउटा आवाजमात्र थियो ।
**१३**उहाँले तिमीहरूलाई आफ्नो करार, अर्थात्
दश आज्ञाहरू घोषणा गरिदिनुभयो, जसलाई
तिमीहरूले पालन गर्नू भनेर आज्ञा दिनुभयो,
अनि त्यसपछि तिनीहरूलाई ढुङ्गाका दुईओटा
पाटीहरूमा लेखिदिनुभयो । **१४**अनि त्यस बेला
परमप्रभुले मलाई तिमीहरूले यर्दन पार गरेर
अधिकार गर्ने देशमा पुगेर पालन गर्न आदेशहरू
र व्यवस्थाहरू सिकाउनू भन्ने आज्ञा दिनुभयो ।

### मूर्तिपूजा गर्न निषेध

**१५**होरेबमा परमप्रभु तिमीहरूसित आगोबाट
कुरा गर्नुभएको दिन तिमीहरूले कुनै आकृति
देखेनौं । यसकारण तिमीहरू होशियार बस,
**१६**र तिमीहरू भ्रष्ट भएर आफ्नो लागि कुनै
मूर्ति, अर्थात् मानिसको होस् कि स्त्रीको होस्,
कुनै पनि आकारको मूर्ति नबनाउनू, **१७**अथवा
त्यो पृथ्वीमा भएको कुनै पशुको अथवा
आकाशमा उड्ने कुनै चराको, **१८**अथवा
जमिनमा हिँड्ने कुनै जन्तुको, अथवा पानीमुनि
भएको माछाको, **१९**र तिमीहरूले आकाशतिर
हेर्दा घाम, जुन र ताराहरू र नक्षत्रहरू देख्यौ
भने, तिनीहरूको अघि ननिउरनू र परमप्रभुले
आकाशमुनि भएका सबै जातिहरूलाई दिनुभएका
सबै चीजहरूलाई पूज्नलाई तिमीहरू नलोभिनू ।
**२०**तर तिमीहरूको निम्ति त परमप्रभुले तिमीहरूलाई
अहिले भएझैं उहाँको उत्तराधिकारको जाति
हुनलाई मिश्रको त्यस फलाम पगाल्ने भट्टीबाट
निकालेर ल्याउनुभयो ।

**२१**तिमीहरूको कारण परमप्रभु मसित
रिसाउनुभयो, र परमप्रभु तिमीहरूका परमेश्‍वरले
तिमीहरूलाई पैतृक सम्पत्तीझैं दिनुहुने उत्तम
देशमा पस्नलाई मैले यर्दन पार गर्न पाउनेछैन
भनी उहाँले शपथ खानुभयो । **२२**म त यस
ठाउँमै मर्नेछु, म यर्दन पार गर्ने छैनँ, तर
तिमीहरू त पार भएर त्यस उत्तम देशलाई
अधिकार गर्न आँटेका छौं । **२३**होशियार बस र
परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूसित
गर्नुभएको करार नबिसर्नू, परमप्रभु तिमीहरूका
परमेश्‍वरले तिमीहरूलाई मनाही गर्नुभएको
कुनै पनि मूर्ति नबनाउनू । **२४**किनकि परमप्रभु
तिमीहरूका परमेश्‍वर भष्म गर्ने आगो, अर्थात्
डाह गर्ने परमेश्‍वर हुनुहुन्छ ।

---

**४:११-१२**–प्रस्थान १९:१६-१८; हिब्रू १२:१८-१९. **४:१३**–प्रस्थान ३१:१८; ३४:२८; व्यवस्था ९:१०.
**४:१४**–प्रस्थान २१:१. **४:१६**–प्रस्थान २०:४; लेवी २६:१; व्यवस्था ५:८; २७:१५. **४:१७-१८**–रोमी १:२३.
**४:२०**–प्रस्थान १९:५; व्यवस्था ७:६; १४:२; २६:१८; तीतस २:१४; १ पत्रुस २:९. **४:२१**–गन्ती २०:१२.
**४:२४**–हिब्रू १२:२९.

**२५**तिमीहरूका छोराछोरीहरू र नाति-
नातिनाहरू भएपछि र तिमीहरू त्यस देशमा
बसेको धेरै भएपछि यदि तिमीहरू भ्रष्ट भएर
कुनै किसिमका मूर्ति बनायौ र परमप्रभु
तिमीहरूका परमेश्वरको दृष्टिमा दुष्ट काम
गरेर उहाँलाई रीस उठायौ भने, **२६**म आज
स्वर्ग र पृथ्वीलाई तिमीहरूको विरुद्धमा पुकार्छु
र तिमीहरू नाश हुनेछौ। तिमीहरू त्यहाँ लामो
समयसम्म बस्नेछैनौ तर नष्ट पारिनेछौ।
**२७**परमप्रभुले तिमीहरूलाई जातिहरूबीच
तितरबितर पारिदिनुहुनेछ र तिमीहरूलाई
परमप्रभुले धपाइदिनुभएका जातिहरूमा तिमीहरू
थोरै मात्र जीवित रहनेछौ। **२८**त्यहाँ तिमीहरूले
मानिसहरूले काठ र ढुङ्गाबाट बनाएका देख्न
नसक्ने, सुन्न नसक्ने अथवा सुँघ्न नसक्ने
देवहरूलाई पूज्नेछौ। **२९**तर त्यहाँबाट
तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई
खोज्यौ भने, र तिमीहरूले आफ्ना सारा हृदय
र सारा प्राणले उहाँको बाटो हेर्‍यौ भने,
तिमीहरूले उहाँलाई भेट्टाउनेछौ। **३०**तिमीहरू
विपत्तिमा पर्दा र यी सबै कुराहरू तिमीहरूमा
आइपरेपछि तिमीहरू आखिरमा परमप्रभु
तिमीहरूका परमेश्वरतिर फर्कने र उहाँका
कुरा पालन गर्नेछौ। **३१**परमप्रभु तिमीहरूका
परमेश्वर कृपालु परमेश्वर हुनुभएकोले
उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन अथवा
नाश गर्नुहुनेछैन अथवा उहाँले तिमीहरूका
पुर्खाहरूसित गर्नुभएको र शपथद्वारा दृढ
गर्नुभएको करार बिर्सनुहुनेछैन।

### परमप्रभु नै परमेश्वर हुनुहुन्छ

**३२**अब पहिलेका दिनहरूको विषयमा,
अर्थात् तिमीहरूका समयभन्दा धेरै पहिलेका
समयहरूबाट, परमेश्वरले पृथ्वीमा मानिसलाई
सृष्टि गर्नुभएको समयबाट सोध, आकाशका
एक छेउदेखि अर्कोसम्मबाट सोध। के कुनै
यस्तो महान् कुरा भएको थियो, अथवा के यो
जस्तो कुनै कुरा कहिल्यै सुनिएको थियो?
**३३**तिमीहरूले सुनेझैं के परमेश्वर आगोबाट
बोल्नुभएर पनि मानिसहरू जीवित रहेका
कहिल्यै कुनै अरू जातिले सुनेको थियो? **३४**के
कुनै देवले जाँचहरूद्वारा, अचम्मका चिन्हहरू
र चमत्कारहरूद्वारा, युद्धद्वारा, एउटा शक्तिशाली
हातद्वारा, पसारिएको पाखुराद्वारा, अथवा मिश्रमा
तिमीहरूकै आँखाको सामुन्ने परमप्रभु
तिमीहरूका परमेश्वरले गर्नुभएका भयानक र
महान् कामहरूको साथमा अरू कुराहरू
पनि गर्नुभएर आफ्नै लागि एउटा जातिलाई
अर्को जातिबाट लिने कोशिश कहिल्यै गरेको
छ?

**३५**परमप्रभु नै परमेश्वर हुनुहुन्छ र
उहाँबाहेक अर्को छैन भनी तिमीहरूले जान
भनेर नै तिमीहरूलाई यी कुराहरू देखाइएका
हुन्। **३६**तिमीहरूलाई अनुशासन गर्नको लागि
उहाँले तिमीहरूलाई स्वर्गबाट उहाँको सोर सुन्न
लाउनुभयो। पृथ्वीमा उहाँले तिमीहरूलाई आफ्नो
महान् अग्नि देखाउनुभयो, र आगोको बीचबाट
उहाँका शब्दहरू सुन्यौ।

**३७**उहाँले तिमीहरूका पिता-पुर्खाहरूलाई प्रेम
गर्नुभएर तिनीहरूका सन्तानलाई चुन्नुभएको
कारण उहाँले तिमीहरूलाई उहाँको उपस्थिति-
द्वारा र उहाँको महान् शक्तिद्वारा मिश्रबाट
बाहिर निकालेर ल्याउनुभयो।

**३८**योचाहिँ उहाँले तिमीहरूभन्दा महान् र
बलिया जातिहरूलाई तिमीहरूकै सामने धपाउन
र तिमीहरूलाई तिनीहरूको देशमा ल्याएर त्यो
तिमीहरूलाई पैतृक अधिकारस्वरूप दिनलाई
गर्नुभएको थियो, र जुन आज तिमीहरूसित
छँदैछ।

**३९**परमप्रभु माथि स्वर्गमा र मुनि पृथ्वीमा
परमेश्वर हुनुहुन्छ भनेर तिमीहरूले स्वीकार
गर, अनि यो कुरा आज हृदयमा लेऊ। अरू
कोही पनि छैन।

**४०**मैले आज तिमीहरूलाई दिइरहेका
आदेशहरू र आज्ञाहरू पालन गर, र परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई सधैँको

---

**४:२७–२८**–व्यवस्था २८:३६. **४:२९**–यर्मिया २९:१३. **४:३५**–मर्कूस १२:३२. **४:४१–४३** –यहोशू २०:८-९.

निम्ति दिनुभएको देशमा तिमीहरू र तिमीहरू पछिका सन्तानलाई असल होस् ।

### शरण-नगरहरू

**४१**तब मोशाले यर्दनको पूर्वतिरका तीनओटा शहरहरू अलग गरे । **४२**जसमा यदि कसैले पहिलेबाटै मनमा ठानेर होइन तर कुनै घटनावश आफ्नो छिमेकीलाई मारिहाल्यो भने, त्यहाँ भागेर जान सकोस् । त्यसले यी शहरहरूमध्ये कुनै एउटामा भागेर गएर आफ्नो प्राण बचाउन सकोस् । **४३**ती शहरहरू यिनै थिए, रूबेनीहरूको लागि उजाड़-स्थानको मरुभूमिमा भएको बेसेर, गादीहरूको लागि गिलादमा भएको रामोत र मनश्शेको लागि बाशानमा भएको गोलान् ।

### व्यवस्थाको परिचय

**४४**मोशाले इस्राएलीहरूको सामुन्ने राखिदिएको व्यवस्था यही हो । **४५**तिनीहरू मिश्रबाट निस्केर आउँदा मोशाले तिनीहरूलाई दिएका नियमहरू, आदेशहरू र व्यवस्थाहरू यिनै हुन् । **४६**त्यस बेला तिनीहरू एमोरीहरूका राजा सीहोनको देशमा भएको यर्दनको पूर्वतिरको बेथ पोरको भञ्ज्याङमा थिए, र तिनीहरू मिश्रबाट निस्केर आउँदा मोशाले त्यस राजालाई परास्त गरेका थिए । **४७**तिनीहरूले यर्दनको पूर्वतिर भएका एमोरीहरूका दुई जना राजाहरू अर्थात् सीहोन र बाशानका राजा ओगका देशहरू अधिकार गरे । **४८**यो देश आर्नोन खोल्सामा भएको अरोएरदेखि फैलिएर सीहोन पर्वत (अर्थात् हर्मोन)– सम्म गएको थियो, **४९**अनि पिस्गाको भीरको मुन्तिर अराबाको समुद्रसम्म यर्दनको पूर्वतिरको अराबासम्म थियो ।

### दश आज्ञाहरू

**५** मोशाले सबै इस्राएललाई बोलाइपठाएर भने, "हे इस्राएल, मैले आज तिमीहरूले सुन्ने गरी घोषणा गरेका आदेशहरू र व्यवस्थाहरू सुन । तिनीहरूलाई सिकेर पालन गर्नलाई होशियार होओ । **२**परमप्रभु हाम्रा परमेश्वरले होरेबमा हामीसित एउटा करार बाँध्नुभएको छ । **३**यो करार परमप्रभुले हाम्रा पिता-पुर्खाहरूसित होइन तर हामीसित, अर्थात् आज यहाँ हामी जिउँदै रहेकाहरूसित बाँध्नुभएको छ । **४**त्यस पर्वतमा परमप्रभु तिमीहरूसित आगोबाट आमुन्नेसामुन्ने कुरा गर्नुभयो । **५**(त्यस बेला म परमप्रभुको कुरा तिमीहरूलाई घोषणा गर्नलाई परमप्रभु र तिमीहरूका बीचमा उभेको थिएँ, किनकि तिमीहरू आगोदेखि डराएर पर्वतमा गएनौं ।) अनि उहाँले भन्नुभयो:

**६**"म परमप्रभु तिमीहरूका परमेश्वर हुँ
जसले तिमीहरूलाई मिश्रदेशदेखि,
अर्थात् तिमीहरूको दासत्वको देशदेखि
निकालेर ल्याएँ ।

**७**"मेरा सामुन्ने तेरा अरू कुनै देवी-देवताहरू
हुनेछैनन् ।

**८**"तैंले आफ्ना निम्ति माथि स्वर्गमा अथवा
मुनि पृथ्वीमा अथवा तल पानीमा भएका
कुनै आकृतिको मूर्ति नबनाउनू । **९**तँ
तिनीहरूको सामुन्ने ननिउरिनू अथवा
तिनीहरूको पूजा नगर्नू किनकि म परमप्रभु
तेरा परमेश्वर बाबुहरूका पापको दण्ड
छोराछोरीमाथि अनि मलाई घृणा गर्नेहरूका
तेस्रो र चौथो पुस्तामाथि दिने डाही
परमेश्वर हुँ, **१०**तर मलाई प्रेम गर्ने र
मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं
पुस्तामाथि प्रेम देखाउने परमेश्वर हुँ ।

**११**"तैंले परमप्रभु तेरा परमेश्वरको नाउँ व्यर्थैमा
नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई
परमप्रभुले निदोर्षी ठहराउनुहुनेछैन ।

**१२**"परमप्रभुले तिमीहरूलाई आज्ञा गर्नुभएझैं
विश्राम-दिनलाई पवित्र राखेर त्यसलाई

---

**५:१-२२**–प्रस्थान २०:१-१७. **५:८-९**–लेवी २६:१; व्यवस्था ४:१५-१८; २७:१५. **५:९-१०**–प्रस्थान ३४:६-७; गन्ती १४:१८; व्यवस्था ७:९-१०. **५:११**–लेवी १९:१२.

पालन गर्नू । १३छ दिनसम्म तैंले
परिश्रम गरेर काम गर्नू । १४तर सातौं
दिनचाहिँ परमप्रभु तेरा परमेश्‍वरको निम्ति
विश्रामको दिन हो । यस दिन तैंले, अर्थात्
तँ र तेरा छोरा अथवा छोरीले, तेरा
कमारा अथवा कमारीले, अथवा तेरा गोरु,
तेरा गधा अथवा तेरा अरू पशुहरू अथवा
तेरा ढोकाभित्र भएको परदेशीले कुनै काम
नगर्नू र तेरा कमारा र कमारीहरूले
तैंलेझैँ विश्राम गरून् । १५यो याद राख्नू
कि तिमीहरू मिश्रमा दास-दासीहरू
थियौ र परमप्रभु तिमीहरूका परमेश्‍वरले
तिमीहरूलाई त्यहाँबाट आफ्नो शक्तिशाली
हात र फैलाइएका पाखुराद्वारा निकालेर
ल्याउनुभयो । यसकारण परमप्रभु
तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई
विश्राम-दिन पालन गर्ने आज्ञा दिनुभयो ।

१६"परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई आज्ञा दिनुभएझैँ आफ्ना आमाबाबुलाई आदर गर्नू र तिमीहरू धेरै बाँच्नेछौ र परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई दिनुहुने देशमा तिमीहरूलाई असल हुनेछ ।

१७"तैंले हत्या नगर्नू ।

१८"तैंले व्यभिचार नगर्नू ।

१९"तैंले चोरी नगर्नू ।

२०"तैंले आफ्नो छिमेकीको विरुद्धमा झूटो साक्षी नदिनू ।

२१"तैंले तेरो छिमेकीकी स्वास्नीको लालच नगर्नू । तैंले तेरो छिमेकीको घर अथवा जमिन, त्यसको कमारा, त्यसकी कमारी, त्यसको गोरु अथवा गधा अथवा त्यसका कुनै कुराप्रति पनि लालसा नराख्नू ।"

२२परमप्रभुले पर्वतमा भएको सारा
समुदायलाई आगोभित्रबाट, बादल र घोर
अन्धकारबाट चर्को सोरले घोषणा गर्नुभएका
आज्ञाहरू यिनै हुन्, अनि उहाँले केही
थप्नुभएन । त्यसपछि उहाँले दुईओटा ढुङ्गाका
पाटीहरूमा ती लेखेर ती मलाई दिनुभयो ।

२३पर्वतमा आगो जलिरहेको अवस्थामा
तिमीहरूले अन्धकारबाट आवाज सुन्दा
तिमीहरूका कुलहरूका सबै प्रमुख मानिसहरू
र तिमीहरूका धर्म-गुरुहरू मकहाँ आए ।
२४अनि तिमीहरूले भन्यौ, "परमप्रभु हाम्रा
परमेश्‍वरले हामीलाई उहाँको महिमा र ऐश्‍वर्य
देखाउनुभयो र हामीले आगोबाट उहाँको सोर
सुन्यौं । कुनै मानिससित कुरा गर्नुहुँदा पनि ऊ
बाँच्न सक्छ भन्ने आज हामीले देख्यौं । २५तर
अब हामी किन मर्ने ? यो ठूलो आगोले हामीलाई
भष्म पार्नेछ, र यदि हामीले अझै परमप्रभुको
सोर सुन्यौं भनेता हामी मर्नेछौं । २६किनकि
कुन मरणशील मानिसले हामीले झैं आगोबाट
बोल्नुहुँदै गरेका जिउँदो परमेश्‍वरको सोर
सुनेर पनि जीवित रहेको छ ? २७नजीक
गएर परमप्रभु हाम्रा परमेश्‍वरले भन्नुभएको
सुन्नहोस् । तब परमप्रभु हाम्रा परमेश्‍वरले
तपाईंलाई के भन्नुहुन्छ त्यो हामीलाई
भन्नुहोस् । हामी सुनेर पालन गर्नेछौं ।"

२८तिमीहरूले मसित कुरा गरेको परमप्रभुले
सुन्नुभयो र परमप्रभुले मलाई भन्नुभयो, "मैले
यस जातिले तँलाई भनेको कुरा सुनेको छु ।
तिनीहरूले भनेको प्रत्येक कुरा असल थियो ।
२९ओह, यदि तिनीहरूका हृदय मसित डराउन
चाहेका र मेरा आज्ञाहरू पालन गरेका भए,
तिनीहरू र तिनीहरूका छोराछोरीहरूलाई सधैँ
राम्रो हुने थियो !

**५:१२**–प्रस्थान १६:२३-३०; ३१:१२-१४. **५:१३-१४**–प्रस्थान २३:१२; ३१:१५; ३४:२१; ३५:२; लेवी २३:३. **५:१६**–व्यवस्था २७:१६; मत्ती १५:४; १९:१९; मर्कूस ७:१०; १०:१९; लूका १८:२०; रोमी १३:९; याकूब २:११. एफिसी ६:२,३. **५:१७**–उत्पत्ति ९:६; लेवी २४:१७; मत्ती ५:२१; १९:१८; मर्कूस १०:१९; लूका १८:२०; रोमी १३:९; याकूब २:११. **५:१८**–लेवी २०:१०; मत्ती ५:२७; १९:१८; मर्कूस १०:१९; लूका १८:२०; रोमी १३:९; याकूब २:११. **५:१९**–लेवी १९:११; मत्ती १९:१८; मर्कूस १०:१९; लूका १८:२०; रोमी १३:९. **५:२०** –प्रस्थान २३:१; मत्ती १९:१८; मर्कूस १०:१९; लूका १८:२०. **५:२१**–रोमी ७:७; १३:९. **५:२२-२७**–हिब्रू १२:१८-१९. **५:२३-३३** –प्रस्थान २०:१८-२१.

**३०**जा गएर तिनीहरूलाई आफ्ना पालहरूमा
फर्केर जानू भन् । **३१**तर तँचाहिँ यहाँ मसित
बस् र म तँलाई तिनीहरूलाई अधिकार गर्न
दिने देशमा पालन गर्नुपर्ने सबै आज्ञाहरू,
आदेशहरू र व्यवस्थाहरू तिनीहरूलाई
सिकाउनलाई दिऊँला ।"

**३२**यसकारण परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई आज्ञा गर्नुभएका
कुराहरू गर्नलाई होशियार हुनू र त्यसदेखि
दाहिने अथवा देब्रेतिर नफर्कनू । **३३**परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई आज्ञा
गर्नुभएअनुसार सबै मार्गहरूमा हिँड्नू र
तिमीहरूले अधिकार गर्ने देशमा तिमीहरू
धेरै दिन बस्ने र उन्नति गर्नेछौ ।

### परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्नू

**६** तिमीहरूले यर्दन पार गरेर अधिकार गर्ने
देशमा पालन गर्नलाई सिकाउनू भनेर
परमप्रभु तिमीहरूका परमेश्वरले मलाई आज्ञा
गर्नुभएका, आदेशहरू र व्यवस्थाहरू यिनै हुन्,
**२**र तिमीहरू, तिमीहरूका छोराछोरीहरू अनि
तिनीहरू पछिका छोराछोरीहरूले आफू
बाँचेसम्म मैले तिमीहरूलाई दिएका उहाँका
सबै आदेशहरू र आज्ञाहरू पालन गरेर
परमप्रभुको डर राखून् र तिनीहरूले दीर्घ जीवन
उपभोग गरून् । **३**हे इस्राएल, सुन र पालन
गर्न होशियार होओ र तिमीहरूलाई असल
होस् अनि परमप्रभु तिमीहरूका पिता-पुर्खाहरूका
परमेश्वरले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैँ दूध
र मह बग्ने देशमा तिमीहरूको सङ्ख्या धेरै
बढोस् ।

**४**हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर
एउटै हुनुहुन्छ । **५**परमप्रभु तिमीहरूका
परमेश्वरलाई आफ्ना सारा हृदयले अनि आफ्ना
सारा प्राणले र आफ्ना सारा बलले प्रेम गर ।
**६**मैले आज तिमीहरूलाई दिएका यी आज्ञाहरू
तिमीहरूका हृदयमा हुनुपर्छ । **७**यी तिमीहरूका
बालबच्चाहरूमा अङ्कित गर । तिमीहरू घरमा
बस्दा, र तिमीहरू बाटोमा हिँड्दा, तिमीहरू
ढल्कँदा अनि उठ्दा यसको चर्चा गर ।
**८**यिनीहरूलाई चिन्हस्वरूप तिमीहरूका हातमा
र निधारमा बाँध । **९**यिनीहरूलाई तिमीहरूका
संघार र मूलढोकाहरूमा लेखिराख ।

**१०**जब परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाहरू, अर्थात्
अब्राहाम, इसहाक र याकूबसित शपथ खानुभएको
देश तिमीहरूलाई दिनलाई ल्याउनुहुन्छ,
अर्थात् त्यो ठूलो देश, तिमीहरूले नबनाएका
उन्नतशील शहरहरू **११**तिमीहरूले प्रबन्ध
नगरेका असल कुराहरूले भरिएका घरहरू,
तिमीहरूले नखनेका कुवाहरू, तिमीहरूले
नलगाएका दाखबारीहरू र भद्राक्षका बारीहरूमा
ल्याउनुभएर तिमीहरूले ती खाएर तृप्त भएपछि,
**१२**तिमीहरूले मिश्रबाट अर्थात् दासत्वको
देशबाट तिमीहरूलाई निकालेर ल्याउनुहुने
परमेश्वरलाई कदापि नबिर्सनू ।

**१३**परमप्रभु तिमीहरूका परमेश्वरको डर
मान्नू, अनि उहाँको मात्र सेवा गर्नू अनि
तिमीहरूले उहाँको नाउँमा शपथ खानू । **१४**अरू
देवता-देवीहरू अर्थात् तिमीहरूका चारैतिर
भएका मानिसहरूका देवता-देवीहरूको पछि
नलाग्नू, **१५**किनकि तिमीहरूको बीचमा हुनुभएका
परमप्रभु तिमीहरूका परमेश्वर डाही परमेश्वर
हुनुहुन्छ र उहाँको क्रोध तिमीहरूका बिरुद्धमा
दन्किनेछ र उहाँले तिमीहरूलाई देशबाट
निमिठ्यान्नै पार्नुहुनेछ ।

**१६**मस्सामा तिमीहरूले गरेझैँ तिमीहरूले
परमप्रभुको परीक्षा नगर्नू । **१७**परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू र उहाँले
तिमीहरूलाई दिनुभएका नियमहरू र आदेशहरू
निश्चित रूपमा पालन गर्नू । **१८**परमप्रभुको
दृष्टिमा जे ठीक र असल छ त्यो गर्नू र
तिमीहरूको भलो होस् अनि परमप्रभुले तिमीहरूका
पिता-पुर्खाहरूलाई शपथद्वारा प्रतिज्ञा गर्नुभएको

---

**६:४**–मर्कूस १२:२९. **६:५**–मत्ती २२:३७; मर्कूस १२:३०; लूका १०:२७. **६:६-९**–व्यवस्था ११:१८-२०.
**६:१०**–उत्पत्ति १२:७; २६:३; २८:१३. **६:१३**–मत्ती ४:१०; लूका ४:८. **६:१६**–प्रस्थान १७:१-७; मत्ती ४:७; लूका ४:१२.

उत्तम देशमाथि अधिकार गर्नू, **१९**र परमप्रभुले
भन्नुभएझैं तिमीहरूले आफ्ना सामुन्नेबाट
तिमीहरूका शत्रुहरूलाई निकालिदिनू ।

**२०**भविष्यमा, तिमीहरूका छोराले "परमप्रभुले
तपाईंहरूलाई पालन गर्नू भनी दिनुभएका यी
नियमहरू, आदेशहरू र व्यवस्थाहरूको अर्थ
के हो ?" भनी सोध्यो भने, **२१**त्यसलाई यसो
भन्नू, "हामी मिश्रमा फिरौनका दासहरू थियौं
तर परमप्रभुले हामीलाई शक्तिशाली हातले
मिश्रबाट निकालेर ल्याउनुभयो । **२२**हामीहरूकै
आँखाको सामुन्ने परमप्रभुले मिश्र, फिरौन
र तिनका सबै घरानामाथि अचम्मका
चिन्हहरू अर्थात् महान् र भयानक चिन्हहरू
पठाउनुभयो । **२३**तर उहाँले हामीलाई उहाँले हाम्रा
पिता-पुर्खाहरूसित शपथद्वारा प्रतिज्ञा गर्नुभएको
देश दिनलाई यहाँ ल्याउनुभयो । **२४**परमप्रभुले
हामीलाई यी सबै नियमहरू पालन गर्नु अनि
परमप्रभु हाम्रा परमेश्वरको डर मान्नु भनी
आज्ञा दिनुभयो र हामी अहिले रहेझैं हामी उन्नति
गर्दै बाँचिरहौं । **२५**अनि यदि हामीले उहाँले
आज्ञा गर्नुभएझैं परमप्रभु हाम्रा परमेश्वरको
सामुन्ने यी सबै आज्ञाहरू होशियारसाथ पालन
गर्‍यौं भने त्यही हाम्रो धार्मिकता हुनेछ ।"

### जातिहरू धपाइएका

**७** जब परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई तिमीहरू प्रवेश गर्ने त्यस
देशमा ल्याउनुहुनेछ अनि तिमीहरूभन्दा
ठूला र बलिया जातिहरू, अर्थात् हित्तीहरू,
गिर्गाशीहरू, एमोरीहरू, कनानीहरू, परिज्जीहरू,
हिव्वीहरू र यबूसीहरूलाई तिमीहरूको
सामुन्नेबाट धपाउनुहुनेछ, **२**अनि जब परमप्रभु
तिमीहरूका परमेश्वरले उनीहरूलाई तिमीहरूको
अधीनमा पारिदिनुहुन्छ र तिमीहरूले उनीहरूलाई
परास्त गरेका हुन्छौ, तब तिमीहरूले उनीहरूलाई
सम्पूर्ण रूपले नाश गर्नू । तिमीहरूले
उनीहरूसित सम्झौता नगर्नू, उनीहरूलाई
नटिठ्याउनू । **३**तिनीहरूसित सन्धी नगर्नू अनि
तिनीहरूलाई नटिठाउनू । तिनीहरूसित अन्तर
विवाह नगर्नू । तिमीहरूले आफ्ना छोरीहरू
तिनीहरूका छोराहरूलाई नदिनू अथवा
तिनीहरूका छोरीहरू आफ्ना छोराहरूको लागि
नल्याउनू, **४**किनकि तिनीहरूले तिमीहरूका
छोराहरूलाई अरू देवता-देवीहरूको सेवा
गर्नलाई मलाई पछ्याउनदेखि अलग गर्नेछन्
अनि परमप्रभुको क्रोध तिमीहरूको विरुद्धमा
दन्कनेछ, र उहाँले तिमीहरूलाई तत्कालै नष्ट
पार्नुहुनेछ । **५**तिमीहरूले तिनीहरूलाई गर्न पर्ने
यही हो– तिनीहरूका वेदीहरू भत्काइदिनू,
तिनीहरूका पवित्र ढुङ्गाहरू चक्नाचूर पारिदिनू,
तिनीहरूका अशेरा-देवीका खामाहरू काटेर
ढालिदिनू अनि तिनीहरूका मूर्तिहरू आगोमा
जलाइदिनू । **६**किनकि तिमीहरू परमप्रभु
तिमीहरूका परमेश्वरको निम्ति एउटा पवित्र
जाति हौ । परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई उहाँको प्रजा र बहुमूल्य सम्पत्ति
हुनलाई यस संसारका सबै जातिहरूबाट
चुन्नुभएको छ ।

**७**परमप्रभुले तिमीहरू अरू जातिहरूभन्दा
सङ्ख्यामा धेरै थियौ भनेर तिमीहरूप्रति आफ्नो
स्नेह राख्नुभएको होइन किनकि तिमीहरू त
अरू जातिहरूमध्ये सबैभन्दा थोरै थियौ । **८**तर
परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएकोले अनि
उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित खानुभएको
शपथको कारण उहाँले शक्तिशाली हातद्वारा
तिमीहरूलाई दासत्वको देशबाट, अर्थात् मिश्रको
राजा फिरौनको शक्तिबाट छुटकारा दिएर
निकाली ल्याउनुभयो । **९**यसकारण परमप्रभु
तिमीहरूका परमेश्वर नै परमेश्वर हुनुहुन्छ,
अनि उहाँलाई प्रेम गर्नेहरू र उहाँका आज्ञाहरू
पालन गर्नेहरूका हजारौं पुस्ताप्रति आफ्नो
करार पूरा गर्ने विश्वासयोग्य परमेश्वर हुनुहुन्छ
भनी जान । **१०**तर,

उहाँलाई घृणा गर्नेहरूलाई

---

**७:१–११**–प्रस्थान ३४:११-१६. **७:५**–व्यवस्था १२:३. **७:६**–प्रस्थान १९:५; व्यवस्था ४:२०; १४:२; २६:१८; तीतस २:१४; १ पत्रुस २:९. **७:९–१०**–प्रस्थान २०:५-६; ३४:६-७; गन्ती १४:१८; व्यवस्था ५:९-१०.

उहाँले तिनीहरूका मुखकै सामुन्ने
नाश गरेर साटो फेर्नुहुनेछ;
उहाँलाई घृणा गर्नेहरूलाई तिनीहरूका
मुखकै सामने साटो फेर्न उहाँ विलम्ब
गर्नुहुने छैन ।

**११**यसकारण मैले आज तिमीहरूलाई दिएका
आज्ञाहरू, आदेशहरू अनि व्यवस्थाहरूअनुसार
चल्नलाई होशियार रहनू ।

**१२**यदि तिमीहरूले यी व्यवस्थाहरूमा
ध्यान दियौ र त्यसलाई होशियारीसाथ पालन
गऱ्यौ भने, परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूका पिता-पुर्खाहरूसित शपथ खानुभएको
करार तिमीहरूसित पूरा गर्नुहुनेछ । **१३**उहाँले
तिमीहरूलाई प्रेम गर्नुहुनेछ अनि आशिष्
दिनुहुनेछ, अनि तिमीहरूको सङ्ख्या
बढ़ाइदिनुहुनेछ । उहाँले तिमीहरूका गर्भका
फल, बाली, अन्न, नयाँ दाखमद्य र तेललाई,
तिमीहरूका बथानका बाछ्ाहरूलाई अनि
तिमीहरूका बगालका थुमाहरूलाई तिमीहरूका
पिता-पुर्खाहरूलाई दिन्छु भनेको देशमा आशिष्
दिनुहुनेछ । **१४**तिमीहरूले अरू जातिहरूलेभन्दा
धेरै आशिष् पाउनेछौ, तिमीहरूका कुनै मानिस
र स्त्री नि:सन्तान हुनेछैनन्, नता तिमीहरूका
वस्तु-भाव बच्चाविनाको हुनेछ । **१५**परमप्रभुले
तिमीहरूलाई सबै किसिमका रोगदेखि अलग
राख्नुहुनेछ । उहाँले तिमीहरूमाथि तिमीहरूले
मिश्रमा नै जानेका कुनै पनि डरलाग्दो रोगहरू
हालिदिनुहुनेछैन, तर उहाँले ती तिमीहरूलाई
घृणा गर्नेहरूमाथि लगाइदिनुहुनेछ । **१६**परमप्रभुले
तिमीहरूलाई सुम्पिदिनुभएका सबै जातिहरूलाई
नाश गर्नू । तिनीहरूमाथि दयाको दृष्टि
नलगाउनू, अनि तिनीहरूका देवता-देवीहरूको
सेवा नगर्नू । किनकि त्यो त तिमीहरूको निम्ति
एउटा पासो हुनेछ ।

**१७**तिमीहरूले आफैलाई यसो भनौला, "यी
जातिहरू हामीभन्दा बलिया छन् । हामी
तिनीहरूलाई कसरी धपाउन सक्छौं ?"
**१८**तर तिनीहरूदेखि नडराउनू अनि परमप्रभु
तिमीहरूका परमेश्वरले फिरौन र सारा मिश्रलाई
के गर्नुभयो त्यो सम्झनू । **१९**तिमीहरूले आफ्नै
आँखाले परमप्रभु तिमीहरूमा परमेश्वरले
ठूला जाँचहरू, आश्चर्यपूर्ण चिन्हहरू र
चमत्कारहरू, शक्तिशाली हात र पसारिएका
पाखुराद्वारा तिमीहरूलाई निकालेर ल्याउनुभएको
देखेका छौ । परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरू अहिले डराएका सबै जातिहरूलाई
त्यसै गर्नुहुनेछ । **२०**यसबाहेक, परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूदेखि लुकेर
बाँचेकाहरूमाथि तिनीहरू नाश नभएसम्म
अरिङ्गल पठाउनुहुनेछ । **२१**तिनीहरूदेखि नडराउनू,
किनकि तिमीहरूबीच हुनुहुने परमप्रभु
तिमीहरूका परमेश्वर महान् र भययोग्य
परमेश्वर हुनुहुन्छ । **२२**परमप्रभु तिमीहरूका
परमेश्वरले ती जातिहरूलाई तिमीहरूकै सामुन्ने
अलिअलि गर्दै धपाउनुहुनेछ । तिनीहरूलाई
एकैचोटि निमिठ्यान्न पार्ने अनुमति तिमीहरूलाई
दिइनेछैन, नत्रता तिमीहरूको चारैतिर जङ्गली
पशुहरूको सङ्ख्या बढ़नेछ । **२३**तर परमप्रभु
तिमीहरूका परमेश्वरले तिनीहरू नाश
नभएसम्म तिनीहरूलाई ठूलो खल्बलीमा पारेर
राख्नुहुनेछ । **२४**उहाँले तिनीहरूका राजाहरूलाई
तिमीहरूका हातमा दिनुहुनेछ र तिमीहरूले
तिनीहरूका नाउँ आकाशमुनिबाट मेटिदिनेछौ ।
तिमीहरूको विरुद्धमा एक जना पनि खड़ा
रहन सक्नेछैन, तर तिमीहरूले तिनीहरूलाई
नाश गर्नेछौ । **२५**तिमीहरूले तिनीहरूका देवता-
देवीहरूको मूर्तिहरू आगोमा जलाइदिनू ।
तिनीहरूमा भएका चाँदी र सुनको लालच नगर्नू
अनि ती तिमीहरूले आफ्नै लागि नलिनू, नत्रता
तिमीहरू त्यसद्वारा पासोमा पर्नेछौ, किनकि
त्यो त परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
घृणित कुरा हो । **२६**कुनै घृणित कुरा आफ्नो
घरमा नल्याउनू नत्रता तिमीहरू पनि त्यो जस्तै
नाशको लागि अलग गरिनेछौ । त्यसलाई
अत्यन्तै तिरस्कार र घृणा गर्नू, किनकि त्यो त
नाशको निम्ति अलग गरिएको हो ।

---

**७:१२-१६**–व्यवस्था ११:१३-१७. **७:१२-२४**–व्यवस्था २८:१-१४.

## परमप्रभुलाई नभुल्नू

**८** मैले आज तिमीहरूलाई दिइरहेको प्रत्येक
आज्ञालाई पालन गर्न होशियार हुनू ताकि
परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूसित
शपथद्वारा प्रतिज्ञा गर्नुभएको देशमा पसेर त्यसलाई
अधिकार गरेपछि तिमीहरू त्यसमा बस्न र
बढ्न सक । **२**तिमीहरूले उहाँका आज्ञाहरू
पालन गर्छौ कि गर्दैनौ भनेर तिमीहरूका
हृदय जान्नलाई तिमीहरूलाई जाँच्न र नम्र
बनाउनलाई कसरी परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई उजाड़-स्थानभरि यी
चालीस वर्षसम्म डोऱ्याउनुभयो, सो सम्झ ।
**३**उहाँले तिमीहरूलाई मानिस भोजन मात्रले
जिउँदैन, तर परमप्रभुको मुखबाट निस्केको
प्रत्येक वचनले जिउँछ भनेर सिकाउनलाई
उहाँले तिमीहरूलाई नम्र तुल्याउनलाई भोकमा
पारेर त्यसपछि तिमीहरू र तिमीहरूका पिता-
पुर्खाहरूले नजानेका मन्न खुवाउनुभयो । **४**ती
चालीस वर्षसम्म तिमीहरूका लुगा फाटेनन्,
र तिमीहरूका खुट्टा सुन्निएनन् । **५**यसकारण
तिमीहरूको हृदयमा यो जान कि मानिसले आफ्नो
छोरालाई अनुशासन गरेझैं परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई अनुशासन गर्नुहुन्छ ।

**६**परमप्रभु तिमीहरूका परमेश्वरका
आज्ञाहरू पालन गर्नू, अनि उहाँको मार्गहरूमा
हिँड्दै उहाँको आदर गर्नू । **७**किनकि परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई यस्तो
एउटा उत्तम देशमा ल्याउनुहुँदैछ, जसमा
खोलाहरू र पानीका पोखरीहरू पहाड़ र बँसी
भएर बग्छन्; **८**यस्तो देश जसमा गहूँ र जौं,
अङ्गूर र नेभाराका रूखहरू, दारीम, भद्राक्ष र
मह छन्, **९**यस्तो देश जसमा रोटीको अभाव
छैन र तिमीहरूलाई कुनै कुराको अभाव हुनेछैन,
यस्तो देश जसमा चट्टानहरू फलाम हुन्छन्
अनि तिमीहरूले पहाड़हरूबाट तामा खनेर
निकाल्न सक्छौ ।

**१०**तिमीहरूले खाएर तृप्त भएपछि परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई उत्तम
देश दिनुभएको लागि उहाँको प्रशंसा गर ।
**११**मैले आज तिमीहरूलाई दिइरहेका परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू, उहाँका
व्यवस्थाहरू र उहाँका आदेशहरू पालन
नगरेर उहाँलाई बिर्सने काम कदापि नगर्नू ।
**१२**नत्रता जब तिमीहरू खान्छौ र तृप्त हुनेछौ
अनि जब तिमीहरूले घरहरू बनाएर बसोबासो
गर्नेछौ, **१३**अनि जब तिमीहरूका बथान र
बगालहरू धेरै हुनेछन् अनि तिमीहरूका
चाँदी र सुन धेरै हुनेछन्, र तिमीहरूसित भएका
सबै कुराको वृद्धि हुनेछ, **१४**तब तिमीहरूका
हृदयमा घमण्ड आउनेछ, र तिमीहरूले
तिमीहरूलाई मिश्रबाट अर्थात् दासत्वको देशबाट
निकालेर ल्याउनुहुने परमप्रभु तिमीहरूका
परमेश्वरलाई बिर्सनेछौ । **१५**उहाँले तिमीहरूलाई
त्यस विशाल उजाड़-स्थान, अर्थात् त्यस
भयानक उजाड़-स्थान त्यस तिर्खापूर्ण र
पानीविनाको ठाउँ अनि विषालु सर्प र बिच्छी
भएको ठाउँ बीचबाट डोऱ्याउनुभयो । उहाँले
तिमीहरूलाई त्यस कठोर चट्टानबाट पानी
ल्याइदिनुभयो । **१६**तिमीहरूलाई अन्तमा राम्रो
होस् भनेर उहाँले तिमीहरूलाई नम्र बनाउन
अनि जाँच गर्नलाई तिमीहरूका पुर्खाहरूले
कहिल्यै नजानेको मन्न उजाड़-स्थानमा
खानलाई दिनुभयो । **१७**तिमीहरूले आफैलाई
“मैले आफ्ना हातका शक्ति र बलले आफ्नो
निम्ति यो धन कमाएको छु” भनौला । **१८**तर
परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ जसले
तिमीहरूलाई धन कमाउने क्षमता दिनुहुन्छ,
अनि यसरी आजको दिनसम्म भएझैं उहाँले
तिमीहरूका पुर्खाहरूसित शपथद्वारा गर्नुभएको
करार दृढ़ गर्नुहुन्छ ।

**१९**यदि कुनै दिन तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरलाई बिर्स्यौ अनि अरू
देवता-देवीहरूलाई पछ्याएर तिनीहरूलाई पूज्यौ
र तिनीहरूको सामुन्ने निहुऱ्यौ भने, म आज
तिमीहरूको विरुद्धमा जोड़ दिएर यो भन्छु कि
तिमीहरू निश्चय नाश हुनेछौ । **२०**तिमीहरूकै

---

**८:३**–मत्ती ४:४; लूका ४:४. **८:११-१६**–होशे १३:५-६.

सामुन्ने परमप्रभुले जातिहरूलाई नाश
गर्नुभएझैँ तिमीहरूले पनि परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा पालन नगरेको कारण
तिमीहरू पनि त्यसरी नै नष्ट हुनेछौ ।

### कनानीहरूको विनाश

**९** हे इस्राएली हो, सुन ! अब तिमीहरू
आकाशसम्म पुगेका अग्ला पर्खाल भएका
ठूला शहरहरू भएका तिमीहरूभन्दा ठूला र
बलिया जातिहरूलाई तिमीहरूको अधिकारमा
गर्न यर्दन पार गर्न आँटेका छौ । **२**ती जातिहरू
अर्थात् अनाकीहरू बलिया र अग्ला छन् !
तिमीहरूले तिनीहरूको विषयमा जान्दछौ, अनि
यसो भनिएको सुनेका छौ, "अनाकीहरूको
विरुद्धमा को खड़ा रहन सक्छ ?"

**३**तर आज तिमीहरू निश्चित होओ, कि
परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूका
अघि भष्म गर्ने आगोझैँ जानुहुने परमेश्वर
हुनुहुन्छ । उहाँले तिनीहरूलाई नाश गर्नुहुनेछ ।
उहाँले तिनीहरूलाई तिमीहरूकै सामने अधीनमा
ल्याउनुहुनेछ । परमप्रभुले प्रतिज्ञा गर्नुभएझैँ
तिमीहरूले तिनीहरूलाई धपाउनेछौ अनि
निमिठ्यान्न पार्नेछौ ।

**४**परमप्रभु तिमीहरूका परमेश्वरले
तिनीहरूलाई तिमीहरूको सामुन्नेबाट
धपाइसक्नुभएपछि तिमीहरूले "परमप्रभुले हाम्रो
धार्मिकताको कारण यस देशलाई अधिकार
गर्न भनी हामीलाई यहाँ ल्याउनुभएको हो "
भनेर नभन्नू । होइन यो ता यी जातिहरूका
दुष्टताको कारण यो परमप्रभुले तिनीहरूलाई
तिमीहरूको सामुन्नेबाट धपाउनुहुँदैछ । **५**यो त
तिमीहरूको धार्मिकता अथवा ईमानदारीपनाको
कारण तिमीहरूले तिनीहरूको देश अधिकार
गर्न गइरहेका होइनौ, तर यी जातिहरूको
दुष्टताको कारण परमप्रभुले तिमीहरूका
पुर्खाहरू, अर्थात् अब्राहाम, इसहाक र
याकूबसित शपथ खानुभएको कुरा पूरा गर्नलाई
उहाँले तिनीहरूलाई तिमीहरूको सामुन्नेबाट
धपाउनुहुनेछ । **६**यसकारण यो जान, कि
तिमीहरूको धार्मिकताको कारण परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई यो उत्तम
देश अधिकार गर्नलाई दिनुभएको होइन, किनकि
तिमीहरू त हठी जाति हौ ।

### सुनको बाछो

**७**तिमीहरूले उजाड़-स्थानमा कसरी परमप्रभु
तिमीहरूका परमेश्वरलाई रीस गर्नलाई उस्कायौ
भनी सम्झ अनि कहिल्यै नबिर्स । तिमीहरूले
मिश्र छोड़ेको दिनदेखि यहाँ आउँदासम्म
तिमीहरू परमप्रभुको विरुद्धमा बागी भएर
रहेका छौ । **८**होरेबमा तिमीहरूले परमप्रभुको
क्रोधलाई उत्तेजित पार्‍यौ र उहाँ तिमीहरूलाई
नाश गर्नलाई साह्रै रिसाउनु भएको थियो ।
**९**ढुङ्गाका ती पाटीहरू, अर्थात् परमप्रभुले
तिमीहरूसित गर्नुभएको करारका पाटीहरू
थाप्नलाई म पर्वतमा चढ्न जाँदा म त्यस
पर्वतमा चालीस दिन र चालीस रात बसें अनि
मैले नता रोटी खाएँ नता पानी पिएँ ।
**१०**परमप्रभुले मलाई परमेश्वरको औंलाले
खोपेका ढुङ्गाका दुईओटा पाटीहरू दिनुभयो ।
तिनीहरूमा सभाको दिन परमप्रभुले पर्वतमा
आगोबाट तिमीहरूलाई घोषणा गर्नुभएका सबै
आज्ञाहरू थिए ।

**११**चालीस दिन र चालीस रातको अन्त्यमा
परमप्रभुले मलाई ढुङ्गाका ती दुई पाटीहरू,
अर्थात् करारका पाटीहरू दिनुभयो । **१२**तब
परमप्रभुले मलाई भन्नुभयो, "यहाँबाट झट्टै
तल गइहाल, किनकि तैंले मिश्रबाट निकालेर
ल्याएका तेरा मानिसहरू भ्रष्ट भएका छन् ।
तिनीहरू मैले तिनीहरूलाई आज्ञा गरेको
कुराबाट तर्किगएका छन् र आफ्ना लागि ढलौटे
मूर्ति बनाएका छन् ।"

**१३**अनि परमप्रभुले मलाई भन्नुभयो, "मैले
यस जातिलाई देखेको छु, अनि तिनीहरू साँच्चै
हठी जाति हुन् ! **१४**मलाई छाड़िदे, र म
तिनीहरूलाई नाश गर्नेछु, अनि म तिनीहरूका

**९:१**–प्रस्थान २४:१८.

नाउँ आकाशमुनिबाट मेटिदिनेछु । अनि म तँलाई नै तिनीहरूभन्दा बलियो र धेरै सङ्ख्याको जाति बनाउनेछु ।"

**१५**यसकारण म फर्किएँ र पर्वत आगोले
जलिरहेकै बेला त्यहाँबाट तल झरें । अनि
करारका ती दुई पाटीहरू मेरा हातमै थिए ।
**१६**मैले जसै हेरें, मैले तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्‍वरको विरुद्धमा पाप गरेका देखें । तिमीहरूले आफ्नो निम्ति बाछ्राको आकारमा एउटा ढलौटे मूर्ति बनाएका थियौ । परमप्रभुले दिनुभएको आज्ञाबाट तिमीहरू यति
चाँड़ै तर्किगएका थियौ । **१७**यसकारण मैले ती
दुई पाटीहरू लिएर आफ्ना हातबाट फ्याँकिदिएर तिमीहरूका आँखाकै सामुन्ने टुक्रा-टुक्रा गरी फुटाइदिएँ ।

**१८**त्यसपछि परमपभुको सामुन्ने चालीस दिन
र चालीस रातसम्म लम्पसार परें । मैले नता रोटी खाएँ नता पानी पिएँ, किनकि तिमीहरूले परमप्रभुको दृष्टिमा जे खराब थियो त्यो गरेर सबै पापहरू गर्‍यौ, अनि उहाँलाई रीस गर्नलाई
उस्कायौ । **१९**म परमप्रभुको रीस र क्रोधदेखि
डराएँ, किनकि उहाँ तिमीहरूलाई नाश गर्नलाई साह्रै क्रोधित हुनुभएको थियो । तर फेरि
पनि परमप्रभुले मेरो कुरा सुन्‍नुभयो । **२०**अनि
त्यस बेला परमप्रभु हारूनलाई नाश गर्नलाई तिनीसित साह्रै रिसाउनुभएको थियो, तर त्यस
बेला मैले हारूनको निम्ति पनि प्रार्थना गरें ।
**२१**मैले तिमीहरूको त्यो पापपूर्ण चीज, अर्थात् तिमीहरूले बनाएको बाछ्रा पनि लिएँ अनि त्यसलाई आगोमा जलाइदिएँ । त्यसपछि मैले त्यसलाई कुच्चयाएर धूलोपीठो पारिदिएँ अनि त्यस धूलोलाई पहाड़बाट बगिरहेको एउटा खोलामा फालिदिएँ ।

**२२**तिमीहरूले तबेरामा, मस्सामा र किब्रोथ-हत्तावामा पनि परमप्रभुलाई रीस उठाएका थियौ ।

**२३**अनि परमप्रभुले तिमीहरूलाई कादेश-बर्नेबाट पठाउनुहुँदा उहाँले भन्‍नुभयो, "माथि उक्लेर जाओ र मैले तिमीहरूलाई दिएको देशलाई अधिकार गर ।" तर तिमीहरू परमप्रभु तिमीहरूका परमेश्‍वरको आज्ञाको विरुद्धमा बागी भयौ । तिमीहरूले उहाँमाथि भरोसा राखेनौ, र उहाँको आज्ञा पालन गरेनौ ।
**२४**मैले तिमीहरूलाई जानेदेखि नै तिमीहरू
परमप्रभुको विरुद्धमा बागी भएर रहेका छौ ।

**२५**म ती चालीस दिन र चालीस रातभरि
परमप्रभुको सामुन्ने लम्पसार भइरहें, किनकि परमप्रभुले तिमीहरूलाई नाश गर्छु भन्‍नुभएको
थियो । **२६**मैले परमप्रभुलाई प्रार्थना गरेर भनें,
"हे सबै कुराका मालिक परमप्रभु, तपाईंले आफ्नो महान् शक्तिले छुटाएर शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएको आफ्नो जाति र आफ्नो
निज धनलाई नाश नगर्नुहोस् । **२७**आफ्ना दासहरू
अब्राहाम, इसहाक र याकूबलाई सम्झनुहोस् । यी मानिसहरूका हठीपन, तिनीहरूका दुष्टता र तिनीहरूका पापको वास्ता नगर्नुहोस् ।
**२८**नत्रता तपाईंले तिनीहरूलाई निकालेर
ल्याउनुभएको देशले यसो भन्‍नेछ, 'उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा परमप्रभुले तिनीहरूलाई लैजान नसक्नुभएको कारण, अनि उहाँले तिनीहरूलाई घृणा गर्नुभएको कारण उहाँले तिनीहरूलाई उजाड़-स्थानमा मार्नलाई
निकालेर ल्याउनुभयो ।' **२९**तर तिनीहरू त
तपाईंले आफ्नो महान् शक्ति र आफ्नो पसारिएको पाखुराले निकालेर ल्याउनुभएको तपाईंको जाति र तपाईंको निज धन हुन् ।"

### पहिलेका झैँ पाटीहरू

**१०** त्यस बेला परमप्रभुले मलाई भन्‍नुभयो,
"पहिलेका झैँ ढुङ्गाका दुईओटा पाटीहरू छिनोले खोपेर मकहाँ पर्वतमा आउनू । एउटा
काठको सन्दूक पनि बनाउनू । **२**ती पाटीहरूमा
तैंले फुटाएका पहिलेका पाटीहरूमा लेखिएका कुराहरू नै म लेखिदिनेछु । त्यसपछि तैंले तिनीहरूलाई त्यस सन्दूकमा राख्नू ।"

---

**९:१९**–हिब्रू १२:२१. **९:२२**–गन्ती ११:३;३४; प्रस्थान १७:७. **९:२३**–गन्ती १३:२५-१४:३८; व्यवस्था १:२१;२६; हिब्रू ३:१६. **१०:१-११**–प्रस्थान ३४:१-१०.

**३**यसकारण मैले बबूल काठको सन्दूक
बनाएँ अनि पहिलेको झैँ ढुङ्गाका दुईओटा
पाटीहरू खोपेर निकालें अनि ती दुई पाटीहरू
आफ्ना हातमा लिएर पर्वतमा उक्लें ।
**४**परमप्रभुले ती दुई पाटीहरूमा उहाँले पहिला
लेख्नुभएझैँ, अर्थात् सभाको दिन पर्वतमा
आगोबाट तिमीहरूलाई घोषणा गर्नुभएका
दश आज्ञाहरू लेखिदिनुभयो । अनि परमप्रभुले
ती मलाई दिनुभयो । **५**त्यसपछि म पर्वतबाट
ओर्लिआएँ अनि परमप्रभुले मलाई आज्ञा
गर्नुभएझैँ मैले ती पाटीहरूलाई सन्दूकमा
राखिदिएँ, अनि ती अहिले त्यहीँ छन् ।

**६**(इस्राएलीहरूले याकानीहरूको इनारदेखि
मोसेरासम्म यात्रा गरे । त्यहाँ हारून मरे अनि
तिनका छोरा एलाजारले तिनको पछि
पूजाहारीको जिम्मेवारी सम्हाले । **७**त्यहाँबाट
तिनीहरूले गुद्गुदासम्म यात्रा गरेर खोलाहरू
भएको ठाउँमा गए । **८**त्यस बेला परमप्रभुले
लेवीहरूको कुललाई परमप्रभुको करारको
सन्दूक बोक्न, सेवा गर्नलाई परमप्रभुको सामुन्ने
उभिन अनि उहाँको नाउँमा आशीर्वाद उच्चारण
गर्नको लागि अलग गर्नुभयो, जुन काममा तिनीहरू
आज पनि छँदैछन् । **९**यसैकारण तिनीहरूका
दाज्यूभाइहरूबीच लेवीहरूको सम्पत्तिको
अधिकारको हिस्सा छैन, परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई भन्नुभएझैँ परमप्रभु
नै तिनीहरूका निज हिस्सा हुनुहुन्छ ।)

**१०**पहिलेझैँ म पर्वतमा चालीस दिन र
चालीस रात बसें । अनि यस पल्ट पनि
परमप्रभुले मेरो बिन्ती सुन्नुभयो । उहाँले
तिमीहरूलाई नष्ट गर्न चाहनुभएन । **११**परमप्रभुले
मलाई भन्नुभयो, "जा, अनि मानिसहरूलाई
तिनीहरूको मार्गमा अगुवाइ गर्, ताकि मैले
तिनीहरूका पुर्खाहरूलाई दिनेछु भनी शपथ
खाएको देशमा तिनीहरू प्रवेश गरेर त्यसलाई
अधिकार गरून् ।"

### परमप्रभुको डर मान्नू

**१२**यसकारण अब हे इस्राएली हो, परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूबाट यस
बाहेक के माग्नु हुन्छ ? यही कि परमप्रभु
तिमीहरूका परमेश्वरको डर मान्नू, उहाँका
मार्गहरूमा हिँड्नू, परमप्रभु तिमीहरूका
परमेश्वरको सेवा आफ्ना सारा हृदयले र आफ्नो
सारा प्राणले गर्नू, **१३**अनि मैले आज तिमीहरूकै
भलाइको लागि दिइरहेका परमप्रभुका आज्ञाहरू
र आदेशहरू पालन गर्नू ।

**१४**आकाश-मण्डल र सबैभन्दा माथिल्लो
आकाशहरूसमेत, पृथ्वीमा भएका सबै चीजहरू
परमप्रभु तिमीहरूका परमेश्वरकै हुन् । **१५**तरै
पनि उहाँले तिमीहरूका पिता-पुर्खाहरूलाई स्नेह
गरेर प्रेम गर्नुभयो, अनि तिनीहरूका सन्तान
सबै जातिहरूभन्दा तिमीहरूलाई चुन्नुभयो, अनि
आज पनि यस्तै छ । **१६**यसकारण तिमीहरूको
हृदयको खतना गर र अबदेखि उसो हठी हुन
छोड़ । **१७**किनकि परमप्रभु तिमीहरूका परमेश्वर
देवता-देवीहरूका परमेश्वर, प्रभुहरूका प्रभु, महान्
परमेश्वर, पराक्रमी र भययोग्य जसले पक्षपात
गर्नुहुन्न अनि घूस लिनुहुन्न । **१८**उहाँले अनाथ
र विधवाहरूको पक्ष लिनुहुन्छ अनि परदेशीलाई
प्रेम गरेर त्यसलाई भोजन र वस्त्र दिनुहुन्छ ।
**१९**अनि तिमीहरूले परदेशीहरूलाई प्रेम गर्नुपर्छ,
किनकि तिमीहरू आफै पनि मिश्रमा परदेशी
थियौ । **२०**परमप्रभु तिमीहरूका परमेश्वरको डर
मान्नू अनि उहाँको सेवा गर्नू । उहाँमा लागिरहनू
तिमीहरूका शपथ उहाँकै नाउँमा खानू । **२१**उहाँ
नै तिमीहरूका प्रशंसाको पात्र हुनुहुन्छ । उहाँ नै
तिमीहरूका परमेश्वर हुनुहुन्छ, जसले तिमीहरूका
निम्ति तिमीहरूका आफ्नै आँखाले देखेका ती
महान् र आश्चर्यपूर्ण कार्यहरू गर्नुभयो । **२२**तिमी-
हरूका पिता-पुर्खाहरू जो तल मिश्रमा गएका
थिए, जम्मा सत्तरी जना थिए, र अब परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई आकाशका
ताराहरूझैँ असंख्य बनाइदिनुभएको छ ।

---

**१०:६**–गन्ती २०:२८; ३३:३८. **१०:८**–गन्ती ३:५-८. **१०:१७**–प्रस्थान ३४:२८. **१०:१७**–१ तिमोथी ६:१५; प्रकाश १७:१४; १९:१६; प्रेरित १०:३४; रोमी २:११; गलाती २:६. **१०:२२**–उत्पत्ति १५:५; २२:१७; ४६:२७.

## परमप्रभुलाई प्रेम गर्नू र उहाँका आज्ञा पालन गर्नू

**११** परमप्रभु तिमीहरूका परमेश्‍वरलाई प्रेम गर्नू अनि सधैँ उहाँका मार्ग, उहाँका आदेश, उहाँका व्यवस्थाहरू र उहाँका आज्ञाहरू पालन गर्नू । **२**यो कुरा याद राख्नू कि तिमीहरूका बालबच्चाहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरको अनुशासन, उहाँको ऐश्‍वर्य, उहाँको पराक्रमी हात, उहाँका पसारिएका हात, **३**मिश्रको बीचमा त्यसका राजा फिरौन र त्यसका सम्पूर्ण देशमा उहाँले देखाउनुभएको चिन्ह र गर्नुभएका कामहरू, **४**उहाँले मिश्रको फौजलाई, त्यसका घोड़ाहरू र रथहरूलाई के गर्नुभयो, अनि तिनीहरूले तिमीहरूलाई खेदेर आउँदा उहाँले कसरी तिनीहरूलाई लाल समुद्रको पानीमा डुबाइदिनुभयो, अनि कसरी परमप्रभुले तिनीहरूलाई सधैँको निम्ति नाश गरिदिनुभयो यी सबै कुराहरू देखेका र अनुभव गरेका छैनन् । **५**तिमीहरूका बालबच्चाहरूले त तिमीहरू यहाँ नआएसम्म तिमीहरूको निम्ति उहाँले उजाड़-स्थानमा के गर्नुभयो, **६**अनि उहाँले रूबेनी एलिआबका छोराहरू दातान र अबीरामलाई के गर्नुभयो जब इस्राएलको बीचमा धरती फाटेर तिनीहरूलाई आफ्ना परिवार, तिनीहरूका पालहरू अनि तिनीहरूका हरेक चीजसित निलिहालेका कुराहरू देखेकै छैनन् । **७**तर तिमीहरूले त परमप्रभुले गर्नुभएका यी सबै महान् कामहरू आफ्नै आँखाले देखेका छौ ।

**८**यसकारण मैले आज तिमीहरूलाई दिइरहेका आज्ञाहरू पालन गर्नू ताकि तिमीहरूले यर्दन पार गरेर अधिकार गर्न गइरहेको देशलाई गएर प्राप्त गर्ने शक्ति तिमीहरूसित होस्, **९**अनि परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूलाई अनि तिनीहरूका सन्तानलाई दिनेछु भनी शपथ खानुभएको त्यो दूध र मह बग्ने देशमा धेरै समयसम्म तिमीहरू बस्न सक । **१०**तिमीहरूले गएर अधिकार गर्ने देश तिमीहरूले छोड़ेर आएको मिश्रदेशजस्तो होइन जहाँ तिमीहरूले सब्जी बारीमा झैँ बीउ रोपेर खुट्टाले पानी हाल्थ्यौ । **११**तर तिमीहरू यर्दन पार गरेर अधिकार गर्न गइरहेको देश त आकाशबाट पानी झर्ने डाँड़ा र बेँसीहरूको देश हो । **१२**त्यो त परमप्रभु तिमीहरूका परमेश्‍वरले देखरेख गर्ने देश हो, र त्यसमा त परमप्रभु तिमीहरूका परमेश्‍वरका आँखा वर्षको शुरूदेखि अन्त्यसम्मै निरन्तर रहिरहन्छ ।

**१३**यसकारण यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरलाई प्रेम गर्न अनि आफ्ना हृदय र प्राणले उहाँको सेवा गर्न भनेर मैले आज तिमीहरूलाई दिइरहेका आज्ञाहरू विश्‍वासयोग्यतासहित पालन गर्‍यौ भने, **१४**म तिमीहरूको देशमा शरद र बसन्त ऋतुमा वर्षा पठाउनेछु र तिमीहरूले आफ्ना अन्न, नयाँ दाखमद्य र तेल बटुल्ने छौ । **१५**म तिमीहरूका वस्तु-भावको निम्ति घाँस प्रबन्ध गरिदिनेछु, अनि तिमीहरू खानेछौ र तृप्त हुनेछौ ।

**१६**होशियार रहो, नत्रता तिमीहरू धोका खाएर अरू देवता-देवीहरूको सेवा र पूजा गरौला, **१७**तब परमप्रभुको क्रोध तिमीहरूको विरुद्धमा आइपर्नेछ, र उहाँले पानी नपरोस् भनेर आकाश बन्द गरिदिनुहुनेछ, अनि जमिनले उब्जनी दिने छैन, र तिमीहरू परमप्रभुले तिमीहरूलाई दिनुहुने उत्तम देशबाट नष्ट हुनेछौं । **१८**मेरा यी वचनहरू तिमीहरूको हृदय र मनमा गाडिराख्नू, यसलाई तिमीहरूका हातमा चिन्हस्वरूप बाँधिराख्नू, र आफ्ना निधारमा पनि बाँधिराख्नू । **१९**तिमीहरू आफ्ना घरमा बस्दा, तिमीहरू बाटोमा हिँड्दा, तिमीहरू ढल्कँदा र उठ्दा यसको विषयमा कुरा गर्दै आफ्ना बालबच्चाहरूलाई सिकाउनू । **२०**यसलाई तिमीहरूका घरका आँगनहरूमा अनि मूलढोकाहरूमा लेख्नू, **२१**र परमप्रभूले तिमीहरूका पिता-पुर्खाहरूलाई दिनेछु भनी शपथ

---

**११:३**–प्रस्थान ७:८-१२:१३. **११:४**–प्रस्थान १४:२८. **११:६**–गन्ती १६:३१-३२. **११:१३-१७**–लेवी २६:३-५; व्यवस्था ७:१२-१६; २८:१-१४. **११:२०**–व्यवस्था ६:६-९.

खानुभएको देशमा तिमीहरूका दिनहरू र
तिमीहरूका बालबच्चाहरूका दिनहरू पृथ्वीमाथि
आकाश रहेको समयझैं लामो होस् ।

**२२**यदि तिमीहरूले मैले तिमीहरूले पालन
गर्न भनी आज तिमीहरूलाई दिइरहेका आज्ञाहरू,
अर्थात् परमप्रभु तिमीहरूका परमेश्‍वरलाई प्रेम
गर्नू, उहाँका सबै मार्गहरूमा हिँड्नू अनि
उहाँमा लागिरहनू भन्‍ने आज्ञाहरू सबै पालन
गर्‍यौ भने, **२३**परमप्रभुले यी सबै जातिहरूलाई
तिमीहरूको सामुन्‍नेबाट धपाउनुहुनेछ, र
तिमीहरूभन्दा ठूला र सामर्थी जातिहरूलाई
तिमीहरूले हराउनेछौ । **२४**तिमीहरूले आफ्ना
खुट्टाले टेकेको प्रत्येक ठाउँ तिमीहरूको
हुनेछ । तिमीहरूको प्रान्त उजाड़-स्थानदेखि
लबानोनसम्म अनि युफ्रेटिस नदीदेखि पश्‍चिमी
समुद्रसम्म फैलिनेछ । **२५**कुनै मानिस पनि
तिमीहरूको विरुद्धमा खड़ा रहन सक्नेछैन् ।
उहाँले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं परमप्रभु
तिमीहरूका परमेश्‍वरले तिमीहरू जहाँ गए
तापनि सारा देशभरि तिमीहरूको आतङ्क र
डर हालिदिनुहुन्छ ।

**२६**हेर, म आज तिमीहरूको सामुन्‍ने एउटा
आशिष् र एउटा श्राप राख्दैछु । **२७**मैले आज
तिमीहरूलाई दिइरहेका परमप्रभु तिमीहरूका
परमेश्‍वरका आज्ञाहरू तिमीहरूले पालन गर्‍यौ
भने आशिष् पाउनेछौ । **२८**तर तिमीहरूले
नजानेका अरू देवता-देवीहरूलाई पछ्याएर
तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरका
आज्ञाहरू पालन गरेनौ अनि मैले तिमीहरूलाई
आज आज्ञा दिएका कुराहरूबाट तर्किगयौ भने,
श्राप पाउनेछौ । **२९**परमप्रभु तिमीहरूका
परमेश्‍वरले तिमीहरू पस्न लागेको देशमा
तिमीहरूलाई ल्याउनुभएपछि तिमीहरूले
गीरीज्जीम डाँड़ामा आशिष् र एबाल डाँड़ामा
श्राप घोषण गर्नू । **३०**तिमीहरूलाई थाहै छ, कि
यी पर्वतहरू गिलगालको छेउमा अराबामा बस्ने
कनानीहरूको प्रान्त मोरेका हरिया रूखहरूको
छेउमा घाम अस्ताउनेपट्टि बाटोको पश्‍चिममा
यर्दनको पारि छन् । **३१**तिमीहरू परमप्रभु
तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई दिनुहुने
देशमा प्रवेश गर्नु अनि त्यसलाई अधिकार
गर्नलाई यर्दन पार गर्न आँटेका छौ । तिमीहरूले
त्यसलाई लिएर त्यसमा बस्न थालेपछि, **३२**तब
मैले आज तिमीहरूका अघि राखिदिएका सबै
आदेशहरू र व्यवस्थाहरू होशियारीसाथ पालन
गर्नु ।

## आराधना गर्ने एउटै ठाउँ

**१२** परमप्रभु तिमीहरूका पिता-पुर्खाहरूका
परमेश्‍वरले तिमीहरूलाई अधिकार
गर्न दिनुभएको देशमा बसुञ्जेल तिमीहरूले
होशियारसित पालन गर्नुपर्ने आदेशहरू र
व्यवस्थाहरू यिनै हुन् । **२**जुन जातिहरूलाई
तिमीहरूले अधिकार गर्नेछौ, उनीहरूका अल्गा
डाँड़ा र हरेक पर्वत अनि फैलिएको रूखमुनिका
सबै स्थानहरू तिमीहरूले सम्पूर्ण तवरले नाश
गर्नू । **३**तिनीहरूका वेदीहरू भत्काइदिनू,
तिनीहरूका पवित्र ढुङ्गाहरू टुक्रा-टुक्रा
पारिदिनू अनि तिनीहरूका अशेराका
खामाहरू आगोमा जलाइदिनू, तिनीहरूका
देवता-देवीहरूका मूर्तिहरू काटेर ढालिदिनू अनि
तिनीहरूका नाउँ ती ठाउँहरूबाट मेटिदिनू ।

**४**तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्‍वरको आराधना उनीहरूको पाराले
नगर्नू । **५**तर तिमीहरूले त परमप्रभु
तिमीहरूका परमेश्‍वरले आफ्नो बासस्थानको
लागि तिमीहरूका कुलहरूबीचबाट चुन्‍नुभएको
ठाउँलाई खोज्नुपर्छ । त्यस ठाउँमा तिमीहरू
जानुपर्छ । **६**त्यहाँ तिमीहरूले तिमीहरूका
अन्‍नबलि अनि बलिदानहरू, तिमीहरूका दशांश,
तिमीहरूले भाकल गरेका विशेष भेटीहरू अनि
तिमीहरूका स्वेच्छापूर्वक भेटीहरू अनि तिमीहरूका
बगालहरू र बथानहरूका पहिला जन्मेका
पशुहरू ल्याउनू । **७**त्यहाँ परमप्रभु तिमीहरूका
परमेश्‍वरको उपस्थितिमा तिमीहरू र तिमीहरूका
परिवारहरूले खानपिन गर्नेछौ, अनि तिमीहरूले

---

**११:२४-२५**–यहोशू १:३-५. **११:२९**–व्यवस्था २७:११-१४; यहोशू ८:३३-३५. **१२:३**–व्यवस्था ७:५.

हात लगाएको प्रत्येक कुरामा रमाउनेछौ,
किनकि परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई आशिष् दिनुभएको छ ।
**८**आज हामीले यहाँ जसले जे ठीक देख्छ,
त्यसै गरेजस्तो तिमीहरूले गर्नहुँदैन, **९**किनकि
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
दिनुहुने विश्राम-स्थान र उत्तराधिकारमा
तिमीहरू अझसम्म पुगेका छैनौ । **१०**तर तिमीहरू
यर्दन पार गरेर परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई उत्तराधिकारस्वरूप दिनुहुने देशमा
बसोबासो गर्नेछौ, अनि तिमीहरू सुरक्षापूर्वक
बस्नलाई उहाँले तिमीहरूका वरिपरि भएका
शत्रुहरूदेखि विश्राम दिनुहुनेछ । **११**अनि परमप्रभु
तिमीहरूका परमेश्वरले आफ्नो नाउँको खातिर
चुन्नुहुने ठाउँमा तिमीहरूले मैले तिमीहरूलाई
आज्ञा दिएका हरेक चीज, अर्थात् तिमीहरूका
होमबलिहरू र बलिदानहरू, तिमीहरूका दशांश
र विशेष भेटीहरू अनि तिमीहरूले परमप्रभुसित
भाकल गरेका उत्तम कुराहरू त्यहाँ ल्याउनू ।
**१२**अनि त्यहाँ तिमीहरू, तिमीहरूका छोराहरू
र छोरीहरू, तिमीहरूका नोकरहरू र नोकर्नीहरू,
अनि तिमीहरूका शहरहरूका लेवीहरू जसका
आफ्ना कुनै कुरो पनि छैनन्, सबैले परमप्रभु
तिमीहरूका परमेश्वरको सामुन्ने आनन्द
मनाउनू । **१३**होशियार हुनू अनि तिमीहरूका
होमबलिहरू तिमीहरूलाई मन परेका जुनसुकै
ठाउँमा नचढ़ाउनू । **१४**परमप्रभुले तिमीहरूका
कुलहरूमध्ये एउटा चुनेको ठाउँमा मात्र ती
चढ़ाउनू अनि मैले तिमीहरूलाई आज्ञा दिएका
हरेक कुरा त्यहीं मनाउनू ।
**१५**तरै पनि परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई दिनुभएको आशिष्-
अनुसार तिमीहरूले हरिण अथवा मृग जे भए
पनि खाएझैं आफ्ना पशुहरूलाई तिमीहरूका
कुनै पनि शहरमा मारेर तिमीहरूले इच्छा
गरेजति खान सक्छौ । विधिपूर्वक अशुद्ध अथवा
शुद्ध दुवैले खान सक्छन् । **१६**तर तिमीहरूले
रगतचाहिँ नखानू अनि त्यसलाई पानीझैं भूइँमा
खन्याइदिनू । **१७**तिमीहरूले तिमीहरूका अन्न,
नयाँ दाखमद्य र तेलको दशांश अथवा बथान
र बगालका पहिला जन्मेका पशु अथवा
तिमीहरूले दिनेछु भनी भाकल गरेका जेसुकै
पनि अथवा तिमीहरूका स्वेच्छापूर्वक भेटीहरू
अथवा विशेष भेटीहरू तिमीहरूका आफ्नै
शहरहरूमा नखानू । **१८**त्यसको सट्टामा तिमीहरू,
तिमीहरूका छोराहरू र छोरीहरू, तिमीहरूका
नोकरहरू र नोकर्नीहरू अनि तिमीहरूका
शहरहरूका लेवीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको उपस्थितिमा परमप्रभु तिमीहरूका
परमेश्वरले चुन्नुभएको ठाउँमा ती खानू अनि
तिमीहरूले हात लगाएको जेसुकै कुरामा
परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने
आनन्द मनाउनू । **१९**होशियार बस, र आफ्नो
देशमा रहुञ्जेल लेवीहरूको बेवास्ता नगर्नू ।
**२०**परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं उहाँले
तिमीहरूको प्रान्त ठूलो बनाइदिनुभएपछि अनि
तिमीहरूले मासु खान ज्यादै इच्छा गरेर “मलाई
अलिक मासु मन पऱ्यो” भन्यौ भने त्यो
तिमीहरूले चाहेजति खान सक्छौ । **२१**यदि
परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँ
राख्नलाई चुन्नुहुने ठाउँ तिमीहरूदेखि अति टाढ़ा
छ भने, परमप्रभुले तिमीहरूलाई दिनुभएका
आफ्ना बथानहरू र बगालहरूबाट तिमीहरूले
मैले आज्ञा दिएझैं पशुहरू मार्न सक्छौ, अनि
तिमीहरूका आफ्नै शहरहरूमा ती आफूलाई
मन परेजति खान सक्छौ । **२२**ती तिमीहरूले
हरिण र मृग खाएझैं खानू । विधिपूर्वक शुद्ध
भएका र अशुद्ध दुवैले ती खानसक्छन् । **२३**तर
रगतचाहिँ कदापि नखानू, किनकि रगतनै प्राण
हो अनि तिमीहरूले मासु प्राणसितै खानु
हुँदैन । **२४**तिमीहरूले रगत नखानू तर त्यसलाई
पानीझैं भूइँमा खन्याइदिनू । **२५**त्यसलाई नखानू,
किनकि तिमीहरूले परमप्रभुको दृष्टिमा जे ठीक
छ त्यो गरिरहेका हुनेछौ र तिमीहरू अनि
तिमीहरूका बालबच्चाहरूलाई भलो हुनेछ ।

---

**१२:१६**–उत्पत्ति ९:४; लेवी ७:२६-२७; १७:१०-१४; १९:२६; व्यवस्था १५:२३. **१२:२३–२४**–लेवी १७:१०-१४.

**२६**तर तिमीहरूले अर्पण गरेका कुराहरू
अनि तिमीहरूले दिनेछु भनी भाकल गरेको
जेसुकै चीज पनि लिएर परमप्रभुले चुन्नुहुने
ठाउँमा जाओ। **२७**तिमीहरूका होमबलि, अर्थात्
मासु अनि रगत दुवै परमप्रभु तिमीहरूका
परमेश्‍वरको वेदीमा चढ़ाउनू । तिमीहरूका
बलिदानहरूको रगत परमप्रमभु तिमीहरूका
परमेश्‍वरको वेदीको छेउमा खन्याउनू, तर
तिमीहरूले मासुचाहिँ खान सक्छौ । **२८**मैले
तिमीहरूलाई दिइरहेका यी सबै नियमहरू पालन
गर्न होशियार रहनू, किनकि तिमीहरूले
परमप्रभुको दृष्टिमा जे ठीक छ त्यो गरिरहेका
हुनेछौ र तिमीहरू अनि तिमीहरूका
बालबच्चाहरूलाई भलो हुनेछ ।

**२९**तिमीहरूले आक्रमण गरेर धपाउन
लागेका जातिहरूलाई परमप्रभु तिमीहरूका
परमेश्‍वरले तिमीहरूको सामुन्नेबाट अलग
गर्नुहुनेछ तर तिमीहरूले तिनीहरूलाई बाहिर
धपाएर तिनीहरूको देशमा बसोबासो गरेपछि,
**३०**तब होशियार बस, र उनीहरू नष्ट भएपछि
उनीहरूका चालचलनमा तिमीहरू नफस्नू, अनि
"यी जातिहरूले आफ्ना देवताको पूजा कसरी
गर्थे ? हामी पनि त्यसै गर्छौं" भन्दै उनीहरूका
देवताहरूका विषयमा चासो नलिनू ।

**३१**तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्‍वरलाई तिनीहरूको ढाँचाले नपूज्नू,
किनकि आफ्ना देवताहरूलाई पूज्दा तिनीहरूले
परमप्रभुले घृणा गर्नुहुने सबै किसिमका
कुराहरू गर्छन्। तिनीहरूले आफ्ना देवताहरूको
निम्ति बलिदानस्वरूप आफ्ना छोराछोरीहरू
समेतलाई आगोमा जलाउँछन् ।

**३२**मैले तिमीहरूलाई आज्ञा दिएका सबै
कुराहरू अवश्य पालन गर्नू, त्यसमा केही नथप्नू
अनि त्यसबाट केही ननिकाल्नू ।

### मूर्तिपूजाको विरुद्धमा चेताउनी

**१३** यदि एक जना अगमवक्ता अथवा
सपनाद्वारा भविष्य बताउने तिमीहरूमध्ये
कोही निस्केर कुनै अचम्मको चिन्ह र
चमत्कारको घोषणा गर्‍यो, **२**अनि त्यसले भनेका
चिन्ह अथवा चमत्कार साँच्चै भयो, अनि
त्यसले "हामी अरू देवताहरूको पछि लागौं,"
(अर्थात् तिमीहरूले नजानेका देवताहरू) "अनि
तिनीहरूलाई पूजौं'" भन्छ भने, **३**तिमीहरूले
त्यस अगमवक्ता अथवा स्वप्न-दर्शीका कुरा
नसुन्नू । तिमीहरूलाई उहाँले तिमीहरूका
सम्पूर्ण हृदयले अनि आफ्ना सम्पूर्ण प्राणले प्रेम
गर्छौं कि गर्दैनौ भनेर परमप्रभु तिमीहरूका
परमेश्‍वरले थाहा पाउनको लागि तिमीहरूलाई
जाँच्नुभएको हो । **४**तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्‍वरलाई नै पछ्याउनुपर्छ,
अनि तिमीहरूले उहाँकै आदर गर्नुपर्छ। उहाँका
आज्ञाहरू पालन गर्नू, उहाँकै सेवा गर्नू र उहाँमै
लागिरहनू। **५**त्यस अगमवक्ता अथवा स्वप्न-
दर्शी मारिनु नै पर्छ, किनकि त्यसले
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउनुहुने, अनि
तिमीहरूलाई दासत्वको देशबाट छुटकारा दिएर
ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्‍वरको
विरुद्धमा बागी हुने प्रचार गर्‍यो, अनि त्यसले
परमप्रभु तिमीहरूका परमेश्‍वरले मान्नु भनेर
तिमीहरूलाई आज्ञा गर्नुभएका मार्गहरूबाट
फर्काएर लैजाने कोशिश गरेको छ। तिमीहरूले
आफ्नो बीचदेखि दुष्टतालाई निकालिदिनुपर्छ ।

**६**यदि तिमीहरूका आफ्नै दाज्यूभाइले, अथवा
तिमीहरूका छोरा वा छोरीले वा तिमीहरूले
प्रेम गरेकी स्वास्नीले, अथवा तिमीहरूका
घनिष्ट मित्रले तिमीहरूलाई यसो भनेर गुप्तमा
बहकाउँछ भने, कि "हामी जाऊँ अनि अरू
देवताहरूलाई पुजौं" (अर्थात् तिमीहरू र
तिमीहरूका बाबुहरूले नजानेका देवताहरू,
**७**नजीक अथवा टाढ़ा भएका, देशको एक
छेउदेखि अर्को छेउसम्म भएका तिमीहरूका
चारैतिर भएका जातिहरूका देवताहरू),
**८**तिमीहरू त्यसमा नलाग्नू, अथवा त्यसको
कुरा नसुन्नू । त्यसलाई दया नदेखाउनू ।
त्यसलाई बाँकी नराख्नू अथवा त्यसको आड़

---

**१२:३२**–व्यवस्था ४:२; प्रकाश २२:१८-१९.

नलिनू । **९**तिमीहरूले त्यसलाई अवश्य मार्नू ।
त्यसलाई मार्नको लागि तिमीहरूका हात पहिला
उठोस्, अनि मात्र अरूहरूका हातहरू उठून् ।
**१०**त्यसलाई ढुङ्गाले हिर्काएर मार्नू, किनकि
त्यसले तिमीहरूलाई मिश्रबाट अर्थात् दासत्वको
देशबाट निकालेर ल्याउनुहुने परमप्रभु,
तिमीहरूका परमेश्वरदेखि तिमीहरूलाई
अर्कोतिर लैजाने कोशिश गर्‍यो । **११**तब सारा
इस्राएलीहरूले यो सुनेर डर मान्नेछन्, अनि
तिमीहरूको बीचमा कसैले पनि यस्तो दुष्ट
काम फेरि गर्नेछैन ।

**१२**परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने शहरहरूमध्ये कुनै
एउटाको विषयमा यदि तिमीहरूले यस्तो सुन्यौ
भने, **१३**कि तिमीहरूबीच दुष्ट मानिसहरू निस्केर
"हामी जाऔँ अनि अरू देवताहरूलाई पुजौं,
(अर्थात् तिमीहरूले नचिनेका देवताहरू)" भन्दै,
तिनीहरूका शहरका मानिसहरूलाई बहकाएका
छन्, **१४**भने तिमीहरूले त्यसलाई पूर्णरूपले
सोध-खोज, केरकार र छानबीन गर्नू । अनि
यदि तिमीहरूबीच यो घिनलाग्दो काम गरिएको
छ भन्ने प्रमाणित भयो भने, **१५**तिमीहरूले त्यस
शहरमा बस्ने सबैलाई अवश्यै तरवारले मार्नू ।
त्यसलाई सम्पूर्ण रूपले नाश गर्नू, अर्थात्
त्यसका मानिसहरू र वस्तु-भाव दुवैलाई,
**१६**त्यस शहरका सबै लूटका मालहरू जनताको
चोकको बीचमा जम्मा गर्नू अनि त्यस शहर र
त्यसका सबै लूटका मालहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरको निम्ति होमबलिस्वरूप
जलाइदिनू । त्यो सदाको निम्ति भग्नावशेषको
रूपमा रहोस् अनि त्यसको पुनर्निर्माण नहोस् ।
**१७**ती निषेध गरिएका चीजहरू कुनै पनि
तिमीहरूका हातमा नहोस् र परमप्रभुले आफ्नो
क्रोधबाट फर्केर तिमीहरूमाथि कृपा र दया
देखाऊन् अनि उहाँले तिमीहरूका पिता-
पुर्खाहरूसित प्रतिज्ञा गर्नुभएझैं उहाँले तिमीहरूको
वृद्धि गर्नुहुनेछ, **१८**किनकि मैले आज तिमीहरूलाई
दिइरहेका आज्ञाहरू तिमीहरूले पालन गर्छौ
अनि उहाँको दृष्टिमा जे असल छन् ती गर्छौ ।

## शुद्ध र अशुद्ध खानेकुरा

**१४** तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरका सन्तान हौ । मरेकाहरूको
निम्ति तिमीहरूले आफैलाई नकाट्नू अथवा
आफ्नो शिरको अघिल्लो भाग नखौरनू, **२**किनकि
तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरका
निम्ति एउटा पवित्र जाति हौ । सम्पूर्ण पृथ्वीका
सबै जातिहरूबाट परमप्रभुले तिमीहरूलाई
आफ्ना निज धन हुनलाई चुन्नुभएको छ ।

**३**कुनै घृणित कुरा नखानू । **४**तिमीहरूले
खान सक्ने पशुहरू यिनै हुन्, गोरु, भेड़ा, बाखा,
**५**मृग, बराँठ, हरिण, घोरल, साँबर, चित्तल र
थार । **६**पशुहरूमध्ये खुर दुई भागमा
चिरिएको अनि उग्राउने जति खान सक्छौ ।
**७**तरै पनि उग्राउने पशुहरूमध्ये तिमीहरूले
ऊँट, खरायो र शापान नखानू । तिनीहरूले
उग्राए तापनि तिनीहरूका खुर चिरिएका हुँदैनन्,
तिनीहरू तिमीहरूका निम्ति विधिपूर्ण रूपले
अशुद्ध हुन् । **८**सूँगुर पनि अशुद्ध हो, किनकि
त्यसका खूर चिरिएको भए तापनि त्यसले
उग्राउँदैन । तिमीहरूले त्यसको मासु नखानू
अथवा सिनु नछुनू ।

**९**पानीमा बस्ने सबै प्राणीहरूमध्ये पखेटा
र कत्ला भएका जे पनि तिमीहरूले खान
सक्छौ । **१०**तर पखेटा र कत्ला नभएका जेसुकै
पनि तिमीहरूले खान सक्दैनौ, तिमीहरूको
निम्ति त्यो अशुद्ध हो ।

**११**तिमीहरूले कुनै पनि शुद्ध चरा खान
सक्छौ । **१२**तर तिमीहरूले यी नखानू, अर्थात्
चील, गिद्ध र कालो गिद्ध, **१३**रातो बाज, कालो
बाज, कुनै पनि जातका बाज, **१४**कुनै पनि
काग, **१५**शतुर्मुर्ग, हुचील र समुद्री हाँस, कुनै
किसिमका बेसारा, **१६**लाटोकोसेरो, कोइरालो,
उल्लू, **१७**धनेष, सिनु खाने गिद्ध, हाड़गील,

---

**१४:१**–लेवी १९:२८; २१:५. **१४:२**–प्रस्थान १९:५-६; व्यवस्था ४:२०; ७:६; २६:१८; तीतस २:१४;
१ पत्रुस २:९. **१४:३–२१** –लेवी ११:१-४७.

**१८**सारस, कुनै पनि जातको बकुल्लो, फापरे
चरो र चमेरो ।

**१९**दल बाँधेर उड्ने सबै किरा-फटेंग्रा
तिमीहरूको निम्ति अशुद्ध हुन् । **२०**तर पखेटा
भएका कुनै पनि शुद्ध प्राणी तिमीहरूले खान
सक्छौ ।

**२१**मरिसकेको कुनै कुरो पनि तिमीहरूले
नखानू । त्यो तिमीहरूले तिमीहरूका कुनै
शहरमा बस्ने परदेशीहरूलाई दिन सक्छौ अनि
त्यसले त्यो खान सक्छ, अथवा त्यो तिमीहरूले
कुनै परदेशीहरूलाई बेच्न सक्छौ । तर तिमीहरू
त परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
एउटा पवित्र जाति हौ ।

बाख्राको पाठोलाई माउको दूधमा नपकाउनू ।

### दशांश

**२२**तिमीहरूका जमिनले प्रत्येक वर्ष
उब्जाएका सबै कुराको दशांश छुटचाउन
नबिर्सनू । **२३**तिमीहरूका अन्न, नयाँ दाखमद्य
र तेल अनि तिमीहरूका बथान र बगालहरूका
पहिला जन्मेका पशुहरूका दशांश परमप्रभु
तिमीहरूका परमेश्वरको उपस्थितिमा उहाँले
आफ्नो नाउँको लागि चुन्नुहुने ठाउँमा
खानू ताकि तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको आदर सदा गर्न सिकौला । **२४**तर
त्यो ठाउँ अति टाढ़ा छ अनि तिमीहरूलाई
परमप्रभु तिमीहरूका परमेश्वरले आशिष्
दिनुभयो भने, अनि (परमप्रभुले आफ्नो नाउँ
राख्नको लागि चुन्नु हुने ठाउँ अति टाड़ो भएको
कारण) तिमीहरूले आफ्ना दशांश बोक्न सकेनौ
भने, **२५**तिमीहरूले आफ्ना दशांश चाँदीसित
साटेर त्यो चाँदी आफूसित लिएर परमप्रभु
तिमीहरूका परमेश्वरले चुन्नुहुने ठाउँमा जानू ।
**२६**त्यस चाँदीलाई तिमीहरूले मन पराएको
कुरो किन्ने काममा लगाउनू, अर्थात् गोरु,
भेड़ा, दाखमद्य अथवा मर्चा हालेर बनाएका
अरू पिउने पदार्थ अथवा तिमीहरूलाई
मन परेको कुनै पनि कुरो । तब तिमीहरू र
तिमीहरूका घरानाले त्यहाँ परमप्रभु तिमीहरूका
परमेश्वरको उपस्थितिमा खाएर आनन्द
मनाउनू । **२७**अनि तिमीहरूका शहरहरूमा बस्ने
लेवीहरूलाई नभुल्नू, किनकि तिनीहरूका आफ्नै
कुनै अंश र उत्तराधिकार हुँदैनन् ।

**२८**प्रत्येक तेस्रो वर्षको अन्तमा त्यस वर्षको
उब्जनीको दशांशहरू ल्याएर तिमीहरूका
शहरहरूमा थुपार्नू, **२९**ताकि (आफ्नै अंश र
उत्तराधिकार नभएका) लेवीहरू र परदेशीहरू,
तिमीहरूका शहरहरूमा बसेका अनाथ अनि
विधवाहरूले आएर अघाउञ्जेल खाऊन् र
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका
हातका कामहरूमा तिमीहरूलाई आशिष् देऊन् ।

### ऋण माफी गर्ने वर्ष

**१५** प्रत्येक सात वर्षको अन्तमा तिमीहरूले
ऋणहरू माफी गर्नुपर्छ । **२**त्यो यसरी
गर्नू । ऋण दिनेले आफ्नो सङ्गी इस्राएलीलाई
दिएको ऋण माफी गरोस् । त्यसले आफ्नो
सङ्गी इस्राएली अथवा दाज्यूभाइबाट ऋण चुक्ता
गरी नमागोस्, किनकि ऋण माफी गर्ने
परमप्रभुको घोषणाको समय भइसकेको छ ।
**३**तिमीहरूले परदेशीबाट ऋण फिर्ता गरी माग्न
सक्छौ तर तिमीहरूलाई आफ्ना दाज्यूभाइले
तिर्न पर्ने ऋण माफी गर्नुपर्छ । **४**तरै पनि
तिमीहरूको बीचमा कोही पनि गरीब हुनुहुँदैन
किनकि तिमीहरूले अधिकार गर्नु भनेर
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
उत्तराधिकारको रूपमा दिनुहुने देशमा उहाँले
तिमीहरूलाई प्रशस्त गरी आशिष् दिनुहुने छ ।
**५**यदि तिमीहरूले पूर्ण रूपले परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू पालन
गर्‍यौ, अनि मैले आज तिमीहरूलाई दिइरहेका
यी सबै आज्ञाहरू होशियारसाथ पालन गर्‍यौ
भने मात्र । **६**किनकि उहाँले प्रतिज्ञा गर्नुभएझैं
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
आशिष् दिनुहुनेछ अनि तिमीहरूले धेरै
जातिहरूलाई ऋण दिनेछौ तर कसैबाट ऋण

---

**१४:२१**–प्रस्थान २३:१९; ३४:२६. **१४:२२-२९**–लेवी २७:३०-३३; गन्ती १८:२१. **१५:१-११**–लेवी २५:१-७.

लिनेछैनौ। तिमीहरूले धेरै जातिहरूमाथि शासन
गर्नेछौ तर तिमीहरूमाथि कसैले पनि शासन
गर्नेछैन ।
**७**परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशमा कुनै शहरमा यदि
तिमीहरूका दाज्यूभाइहरूमा एक जना गरीब
मानिस छ भने, तिमीहरूका गरीब दाज्यूभाइप्रति
कठोर हृदयका र कञ्जूस नहुनू । **८**बरू आफ्ना
मुठी खोलेर चाहिए जति दिनू । **९**होशियार
होओ, "ऋण माफी गर्ने सातौं वर्ष नजीकै छ"
भन्ने दुष्ट विचार मनमा नलिनू र तिमीहरूले
खाँचोमा परेको आफ्नो दाज्यूभाइप्रति कुभावना
राखेर केही नदेऊला। तब त्यसले परमप्रभुसित
तिमीहरूको विरुद्धमा आवाज उठाउनेछ, अनि
तिमीहरू पापको दोषी भेट्टाइनेछौ। **१०**त्यसलाई
उदारचित्तले दिनू अनि त्योचाहिँ इर्ष्यापूर्ण हृदयले
नगर्नू, र यसको कारण परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूका सबै कामहरूमा अनि
तिमीहरूले हात लगाएका प्रत्येक कुरामा
तिमीहरूलाई आशिष् दिनुहुनेछ । **११**देशमा
गरीब मानिसहरू त सधैँ भइरहन्छन् नै ।
यसकारण म तिमीहरूलाई तिमीहरूका दाज्यू-
भाइहरूप्रति अनि तिमीहरूको देशमा भएका
गरीब र खाँचोमा परेकाहरूप्रति खुल्ला मुठी
भएकाहरू हुनू भनेर आज्ञा दिन्छु ।

## कमाराहरूलाई स्वतन्त्र गर्नू

**१२**यदि आफ्नो सङ्गी हिब्रू पुरुष अथवा स्त्रीले
आफैलाई तिमीहरूकहाँ बेचेर छ वर्षसम्म
तिमीहरूको सेवा गरेको छ भने, तिमीहरूले
त्यसलाई सातौं वर्षमा स्वतन्त्र गरिदिनू। **१३**अनि
तिमीहरूले त्यसलाई जान दिँदा त्यसलाई
रित्तो हात नपठाउनू। **१४**त्यसलाई तिमीहरूका
बगालबाट, तिमीहरूका खलाबाट अनि
तिमीहरूका दाखका कोलबाट उदारचित्तले
दिनू । त्यसलाई परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई दिनुभएझैं दिनू। **१५**यो
याद गर्नू कि तिमीहरू मिश्रमा कमाराहरू
थियौ अनि परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई छुटकारा दिनुभयो । यसैकारण
म तिमीहरूलाई आज यो आज्ञा दिन्छु ।
**१६**तर यदि तिम्रो कमाराले तिमीहरू र
तिम्रो परिवारलाई प्रेम गर्छ, अनि उसलाई
तिमीहरूसित एकदमै असल छ, र त्यसले "म
तपाईंलाई छोड्न चाहँदिनँ" भन्यो भने, **१७**एउटा
सुतारी लिएर, त्यसको कानको लोती ढोकामा
लगेर छेड्नू अनि त्यो जीवनभरि तिमीहरूका
कमारा हुनेछ । यही काम तिमीहरूका
कमारीसित पनि गर्नू ।
**१८**तिमीहरूका कमारालाई स्वतन्त्र भएर
जान दिँदा गाह्रो नमान्नू, किनकि त्यसले
यी छ वर्षहरूमा तिमीहरूलाई दिएको सेवा
ज्यालादारीहरूको भन्दा दोब्बर हुन्छ । अनि
परमरप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूले
गरेको प्रत्येक काममा आशिष् दिनुहुनेछ ।

## पहिला जन्मेका पशुहरू

**१९**तिमीहरूका बथान अथवा बगालमा
पहिला जन्मेका प्रत्येक पाठालाई परमप्रभु
तिमीहरूका परमेश्वरको निम्ति अलग गर्नू ।
तिमीहरूका पहिला जन्मेको गोरुलाई काममा
नलगाउनू अनि पहिले जन्मेको भेड़ाको ऊन
नकत्रनू। **२०**प्रत्येक वर्ष तिमीहरू र तिमीहरूका
परिवारले तिनीहरूलाई परमप्रभु तिमीहरूका
परमेश्वरको उपस्थितिमा उहाँले चुन्नुभएको
ठाउँमा खानू । **२१**यदि कुनै पशुको खोट छ,
अर्थात् त्यो लङ्गड़ा अथवा अन्धा छ, अथवा
त्यसका अरू ठूलो खोट छ भने, त्यसलाई
परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
बलिदान नगर्नू। **२२**त्यसलाई तिमीहरूले आफ्नै
शहरहरूमा खानू। विधिपूर्वक शुद्ध भएका र
अशुद्ध दुवैले त्यसलाई हरिण र मृग खाएझैं
खानू । **२३**तर तिमीहरूले रगतचाहिँ नखाएर
त्यसलाई भूइँमा पानीझैं खन्याइदिनू ।

**१५:७-८**–लेवी २५:३५. **१५:११**–मत्ती २६:११; मर्कूस १४:७; यूहन्ना १२:८. **१५:१२-१८**–प्रस्थान २१:१-११; लेवी २५:३९-४६. **१५:१९**–प्रस्थान १३:१२. **१५:२३**–उत्पत्ति ९:४; लेवी ७:२६-२७; १७:१०-१४; १९:२६; व्यवस्था १२:१६,२३.

## निस्तार-चाड़

**१६** आबीब महिनालाई पालन गरेर त्यसमा निस्तार-चाड़को उत्सव मनाउनू, किनकि उहाँले तिमीहरूलाई आबीब महिनाको राती नै मिश्रबाट निकालेर ल्याउनुभयो ।

**२**परमप्रभुले आफ्नो नाउँको खातिर वासस्थान हुनलाई चुन्नुहुने ठाउँमा परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति निस्तारको बलिदानस्वरूप तिमीहरूका बथान अथवा बगालबाट एउटा पशु बलिदान गर्नू ।
**३**त्यसलाई खमीर हालेको रोटीसित नखानू, तर सात दिनसम्म खमीर नहालेको रोटी अर्थात् कष्टको रोटी खानू, किनकि तिमीहरूले मिश्रलाई हतारसाथ छोड्यौ, ताकि तिमीहरूका जीवनभरि तिमीहरूले मिश्रबाट निस्केको समयलाई स्मरण गर्न सकौला ।
**४**सात दिनसम्म तिमीहरूको देशभरि तिमीहरूसित खमीर नपाइयोस् । तिमीहरूले पहिलो दिनको साँझमा बलिदान गरेको मासुको कुनै पनि भाग बिहानसम्म नरहोस् ।

**५**तिमीहरूले निस्तार-चाड़को बलिदान तिमीहरूलाई परमप्रभुले दिनुहुने जुनसुकै शहरमा नचढाउनू,
**६**तर उहाँले आफ्नो नाउँको लागि चुन्नुहुने ठाउँमा चढ़ाउनुपर्छ, त्यहाँ तिमीहरू मिश्रबाट निस्केर आएको दिनको वार्षिक उत्सवको साँझमा सूर्यअस्ताएपछि तिमीहरूले निस्तार-चाड़को बलिदान चढ़ाउनू ।
**७**त्यसलाई पोलेर परमप्रभु तिमीहरूका परमेश्वरले चुन्नुहुने ठाउँमा खानू । त्यसपछि बिहान तिमीहरू आफ्ना पालहरूमा फर्कनू ।
**८**सात दिनसम्म खमीर नहालेको रोटी खानू र सातौं दिनमा परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति एउटा सभा राख्नू र कुनै काम नगर्नू ।

## हप्ताहरूको चाड़

**९**तिमीहरूले खेतमा रहेका अन्नमा हँसिया लगाउन थालेका समयदेखि सात हप्ता गन्नू ।
**१०**तब परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएको आशिष्को अनुपातमा स्वेच्छापूर्वक भेटी चढ़ाएर परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति हप्ताहरूको चाड़ मनाउनू ।
**११**अनि तिमीहरू, तिमीहरूका छोराहरू र छोरीहरू, तिमीहरूका कमारा र कमारीहरू, तिमीहरूका शहरहरूमा भएका लेवीहरू, र परदेशीहरू, अनाथहरू र तिमीहरूसित बस्ने विधवाहरूले परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँको लागि चुन्नुहुने वासस्थानको ठाउँमा उहाँको सामुन्ने आनन्द मनाउनू ।
**१२**तिमीहरू मिश्रमा कमाराहरू थियौ भन्ने स्मरण गरेर, यी आदेशहरू होशियारसाथ पालन गर्नू ।

## झुप्रो-वासको चाड़

**१३**तिमीहरूले आफ्ना खला र आफ्ना दाखको कोलका उब्जनी बटुलिसकेपछि सात दिनसम्म झुप्रो-वासको चाड़ मनाउनू ।
**१४**तिमीहरू, तिमीहरूका छोराहरू र छोरीहरू, तिमीहरूका कमाराहरू, अनि लेवीहरू, परदेशीहरू, अनाथहरू र तिमीहरूका शहरहरूमा बस्ने विधवाहरू तिमीहरूका चाड़मा आनन्दित हुनू ।
**१५**परमप्रभुले चुन्नुहुने ठाउँमा सात दिनसम्म परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति यो चाड़ मनाउनू । किनकि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका सबै उब्जनीमा र तिमीहरूका हातका सबै कामहरूमा तिमीहरूलाई आशिष् दिनुहुनेछ, र तिमीहरूको आनन्द पूरा हुनेछ ।

**१६**वर्षमा तीन पल्ट, अर्थात् अखमीरे रोटीको चाड़मा, हप्ताहरूको चाड़मा र झुप्रो वासको चाड़मा तिमीहरूका सबै पुरुषहरू परमप्रभु तिमीहरूका परमेश्वरले चुन्नुहुने ठाउँमा देखापर्नुपर्छ । परमप्रभुको सामुन्ने कोही पनि रित्तो हात देखा नपर्नू ।
**१७**प्रत्येकले परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएको अनुपातमा भेटी ल्याउनू ।

---

**१६:१–८**–प्रस्थान १२:१-२०; लेवी २३:५-८; गन्ती २८:१६-२५. **१६:९–१२**–प्रस्थान ३४:२२; लेवी २३:१५-२१; गन्ती २८:२६-३१. **१६:१३–१५**–लेवी २३:३३-४३; गन्ती २९:१२-३८.

१८परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने प्रत्येक शहरमा तिमीहरूले
तिमीहरूको प्रत्येक कुलको निम्ति न्यायकर्ताहरू
र अधिकृतहरू नियुक्त गर्नू र तिनीहरूले
मानिसहरूलाई ठीकसित न्याय गर्नेछन्। १९इन्साफ
नबिगार्नू र पक्षपात नगर्नू। घूस स्वीकार नगर्नू,
किनकि घूसले बुद्धिमान्‌को आँखा अन्धा तुल्याइदिन्छ,
र धर्मात्माका वचनहरू दोबारिदिन्छ। २०इन्साफ
पालन गर्नू, केवल इन्साफ मात्र, र तिमीहरू
बाँच्न सकौला र परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई दिनुहुने देशमाथि
तिमीहरूले अधिकार गरौला।

### अरू देवताहरूको पूजा

२१परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
तिमीहरूले बनाएको वेदीको छेउमा काठको
अशेराको कुनै खामो नराख्नू, २२अनि कुनै पवित्र
ढुङ्गा खड़ा नगर्नू, किनकि परमप्रभुले यी
कुराहरूलाई घृणा गर्नुहुन्छ।

१७ कुनै खोट अथवा दाग लागेको गोरु अथवा
भेड़ा तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरलाई नचढ़ाउनू, किनकि त्यो उहाँको
निम्ति घृणित कुरा हुनेछ।

२यदि परमप्रभुले तिमीहरूलाई दिनुहुने कुनै
पनि शहरमा तिमीहरूबीच बस्ने कुनै पुरुष अथवा
स्त्रीले परमप्रभु तिमीहरूका परमेश्वरको दृष्टिमा
उहाँका करार भङ्ग गर्दै दुष्ट काम गरिरहेको
भेट्टाइयो, ३अनि मेरा आज्ञाहरूको विरुद्धमा अरू
देवताहरूलाई पूजेर तिनीहरूको सामुन्ने र घाम
अथवा जुन आकाशका ताराहरूको सामुन्ने
निहुर्‍यो, ४अनि तिमीहरूको ध्यान यसतिर गयो
भने, तिमीहरूले यसलाई विस्तारपूर्वक छानबीन
गर्नू। यदि यो सत्य हो र इस्राएलमा यस्तो
घिनलाग्दो काम भएको प्रमाणित भयो भने,
५यस्तो दुष्ट काम गर्ने त्यस पुरुष अथवा स्त्रीलाई
तिमीहरूका शहरका मूलढोकामा ल्याएर ढुङ्गाले
हानेर मार्नू। ६दुई वा तीन जनाको साक्षीद्वारा
मानिसलाई मार्नू, तर एक जनाको साक्षीद्वारा
मात्र कसैलाई नमार्नू। ७साक्षीकै हातद्वारा पहिले
त्यसलाई मार्ने काम होस्, र त्यसपछि मात्र
अरू मानिसहरूले हात लगाऊन्। तिमीहरूले
आफ्नो बीचबाट दुष्टता हटाउनू।

### मुद्दा मामिला

८यदि तिमीहरूको सामुन्ने हत्याकाण्ड,
कानूनी-विवाद अथवा कुटपीट जस्ता तिमीहरूले
इन्साफ गर्न गाह्रो पर्ने मुद्दाहरू आए भने,
तिनीहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरले
चुन्नुहुने ठाउँमा लैजानू। ९पूजाहारीकहाँ, जुनहरू
लेवीहरू हुन्, र त्यस बेला कार्यभार सम्हालेर
बसेका न्यायकर्ताकहाँ जानू। तिनीहरूलाई सोध्नू,
र तिनीहरूले फैसला गर्नेछन्। १०तिमीहरूले
परमप्रभुले चुन्नुहुने ठाउँमा तिनीहरूले दिएका
निर्णयअनुसार काम गर्नुपर्छ। तिनीहरूले
तिमीहरूलाई गर्नु भनेको प्रत्येक कुरा गर्न
होशियार हुनू। ११तिनीहरूले तिमीहरूलाई
सिकाएका नियम र तिनीहरूले तिमीहरूलाई
दिएका निर्णयअनुसार काम गर्नू। तिनीहरूले
तिमीहरूलाई भनेको देखि दाहिने अथवा
देब्रेतिर नफर्कनू। १२न्यायकर्ता अथवा परमप्रभु
तिमीहरूका परमेश्वरको सेवा गर्नलाई उभिएका
पूजाहारीको कुरालाई तिरष्कार गर्ने मानिस
मारिनुपर्छ। तिमीहरूले इस्राएलबाट दुष्टता
हटाउनुपर्छ। १३सबै मानिसहरूले यो सुन्नेछन्,
र अनाज्ञाकारी हुनेछैनन्।

### राजा

१४परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशमा तिमीहरू पुगेर
त्यसमाथि अधिकार गरेर त्यसमा बसोबासो
गरेपछि तिमीहरूले "हाम्रा चारैतिर भएका सबै
जातिहरूले झैं हामीले आफैमाथि एउटा राजा
खड़ा गरौं" भनेर भन्यौ भने, १५परमप्रभु
तिमीहरूका परमेश्वरले चुन्नुभएका राजा नै

---

**१६:१९**–प्रस्थान २३:६-८; लेवी १९:१५. **१६:२१**–प्रस्थान ३४:१३. **१६:२२**–लेवी २६:१. **१७:३**–प्रस्थान २२:२०.
**१७:६**–गन्ती ३५:३०; व्यवस्था १९:१५; मत्ती १८:१६; २ कोरिन्थी १३:१; १ तिमोथी ५:१९; हिब्रू १०:२८.
**१७:७**–१ कोरिन्थी ५:१३. **१७:१४**–१ शमूएल ८:५.

आफूमाथि नियुक्त गर्नू । तिनीहरू तिमीहरूकै
दाज्यूभाइहरूमध्येबाट हुनुपर्छ । तिमीहरूले कुनै
परदेशी, अर्थात् जो इस्राएली दाज्यूभाइ होइन,
उसलाई आफूमाथि नराख्नू । **१६**यसबाहेक
राजाले आफ्नो लागि धेरै सङ्ख्यामा घोड़ाहरू
नथुपारोस् अथवा अझ धेरै प्राप्त गर्नलाई
मानिसहरूलाई मिश्रमा फर्केर जान नलाऊन्,
किनकि परमप्रभुले तिमीहरूलाई यसो
भन्नुभएको छ, “तिमीहरू फेरि त्यतातिर फर्केर
नजानू ।” **१७**तिनले आफ्नो लागि धेरै स्वास्नीहरू
नराखून् नत्रता तिनको मन बरालिनेछ ।
तिनले आफ्नो निम्ति धेरै मात्रामा चाँदी र सुन
नथुपारून् ।

**१८**तिनले आफ्नो राज्यको सिंहासन लिएपछि
तिनले एउटा बेहेरूवामा लेवी पूजाहारीबाट
लिइएको यो व्यवस्था आफ्नो निम्ति लेख्नुपर्छ ।
**१९**यो तिनीसित हुनुपर्छ अनि तिनले त्यसलाई
आफ्नो जीवनभरि पढ्नुपर्छ, ताकि तिनले
परमप्रभु तिनको परमेश्वरलाई आदर गर्न, अनि
होशियारसाथ यस व्यवस्थाका सबै वचनहरू
र आदेशहरू पालन गर्न सिकून्, **२०**अनि आफैलाई
आफ्ना दाज्यूभाइहरूभन्दा श्रेष्ठ ठानेर
व्यवस्थाबाट दाहिने तथा देब्रेतिर नफर्कोस् ।
तब तिनले अनि तिनका सन्तानले इस्राएलमा
भएको आफ्नो राज्यमाथि लामो समयसम्म
राज्य गर्नेछन् ।

## पूजाहारीहरू र लेवीहरूको निम्ति भेटीहरू

**१८** पूजाहारीहरू, जुनहरू लेवीहरू हुन्,
वास्तवमा, लेवीको सम्पूर्ण कुलले,
इस्राएलसित कुनै अंश र उत्तराधिकार पाउने
छैन । तिनीहरू परमप्रभुलाई आगोद्वारा चढ़ाएको
भेटीद्वारा नै जिउनेछन् । **२**आफ्ना दाज्यूभाइहरूका
बीच तिनीहरूको कुनै उत्तराधिकार हुनेछैन,
परमप्रभुले प्रतिज्ञा गर्नुभएझैं उहाँ नै तिनीहरूका
उत्तराधिकार हुनुहुन्छ ।

**३**गोरु अथवा भेड़ा बलिदान गर्ने
मानिसहरूबाट पूजाहारीहरूले पाउन पर्ने भाग
यही हो, अर्थात् काँध, चिउँड़ो र भित्री
भागहरू । **४**तिमीहरूले तिनीहरूलाई तिमीहरूका
अन्न र नयाँ दाखमद्य र तेलका पहिलो फल,
तिमीहरूका भेड़ाको ऊन कत्रेकोबाट पहिलो
ऊन दिनुपर्छ, **५**किनकि परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई तिमीहरूका सबै
कुलहरूबाट परमप्रभुको नाउँमा खड़ा भई सेवा
गर्नलाई सधैंको लागि चन्नुभएको छ । **६**यदि
आफू बसेको ठाउँ इस्राएलको कुनै पनि
शहरबाट कुनै लेवी हिँड़ेर परमप्रभुले चुन्नुहुने
ठाउँमा सेवाको भावना लिएर आएछ भने,
**७**त्यसले परमप्रभुको उपस्थितिमा त्यहाँका सङ्गी
लेवीहरूले सेवा गर्ने ठाउँमा परमप्रभु तिनको
परमेश्वरको नाउँमा सेवा गर्न सक्छन् ।
**८**तिनले आफ्नो परिवारको सम्पत्तिको बिक्रीबाट
पैसा पाएको भए तापनि तिनले तिनीहरूका
फायदाबाट बराबर हिस्सा पाउनुपर्छ ।

## घृणित कार्यहरू

**९**परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशमा तिमीहरू पुगेपछि
त्यहाँका जातिहरूका घिनलाग्दा चालहरूको
अनुसरण गर्न नसिक्नू । **१०**तिमीहरूमध्ये कसैलाई
पनि आफ्ना छोरा अथवा छोरीलाई आगोमा
बलिदान गरेको, जोखना हेरेको अथवा मन्त्रतन्त्र
गरेको, भावी बताउने गरेको, बोक्सी विद्यामा
संलग्न रहेको, **११**अथवा मसान जगाउने
गरेको, बिजुवा काम गरेको अथवा झाँक्री
भएको नभेटाइओस् । **१२**यी कुराहरू गर्ने
जोसुकै पनि परमप्रभुको निम्ति घिनलाग्दो
हो, र यस्तै घिनलाग्दा कुराहरूको कारण
परमेश्वरले तिमीहरूको सामुन्नेबाट ती
जातिहरूलाई धपाउनुहुनेछ । **१३**परमप्रभु
तिमीहरूका परमेश्वरको सामुन्ने तिमीहरू
निर्दोष हुनुपर्छ ।

---

**१७:१६**–१ राजा १०:२८; २ इतिहास १:१६; ९:२८. **१७:१७**–१ राजा १०:१४-२२,२७; ११:१-८; २ इतिहास १:१५; ९:२७. **१८:२**–गन्ती १८:२०. **१८:१०**–लेवी १९:२६; प्रस्थान २२:१८. **१८:११**–लेवी १९:३१. **१८:१३**–मत्ती ५:४८.

### अगमवक्ता

**१४**तिमीहरूले अधिकार गर्ने जातिहरू जोखना
हेर्ने र जादूगरी गर्नेहरूका कुरा सुन्छन् । तर
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
चाहिँ यसो गर्न निषेध गर्नुभएको छ ।
**१५**परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको
निम्ति तिमीहरूकै दाज्यूभाइहरूका बीचबाट
मजस्तै एक जना अगमवक्ता खड़ा गर्नुहुनेछ ।
तिमीहरूले त्यसको कुरा सुन्नू । **१६**किनकि
तिमीहरूले सभाको दिन होरेबमा परमप्रभु
तिमीहरूका परमेश्वरसित यसो भनेर बिन्ती
गर्‍यौ, “हामीले अबदेखि उसो परमप्रभु हाम्रा
परमेश्वरको सोर सुन्न नपरोस् औ नता यो ठूलो
आगो नै देख्न परोस्, नत्रता हामी मर्नेछौं ।”

**१७**परमप्रभुले मलाई भन्नुभयो, “तिनीहरूले
ठीकै भनेका छन् । **१८**म तिनीहरूको निम्ति
तिनीहरूकै दाज्यूभाइहरूबीचबाट तँजस्तै एउटा
अगमवक्ता खड़ा गर्नेछु, म मेरा कुराहरू त्यसका
मुखमा हालिदिनेछु, र त्यसले तिनीहरूलाई मैले
त्यसलाई आज्ञा गरेका कुराहरू भन्नेछ । **१९**यदि
कसैले त्यस अगमवक्ताले मेरो नाउँमा बोलेका
मेरा वचनहरू सुनेन भने, म आफैले त्यसको
लेखा लिनेछु । **२०**तर कुनै अगमवक्ताले मैले
त्यसलाई भन्नु भनेर नभनेको जे कुरा पनि
मेरो नाउँमा बोल्ने साहस गर्छ, अथवा कुनै
अगमवक्ताले अरू देवताहरूको नाउँमा बोल्छ
भने, त्यो मारिनुपर्छ ।”

**२१**तिमीहरूले आपसमा यसो भनौला, “कुनै
समाचार परमप्रभुले बोल्नुभएको होइन भनी
हामी कसरी जान्नु ?” **२२**यदि कुनै अगमवक्तले
परमप्रभुको नाउँमा घोषण गरेको पुगेन अथवा
सत्य ठहरिएन भने, त्यो समाचार परमप्रभुले
भन्नुभएको होइन । त्यस अगमवक्ताले त्यो
मनमा सोचेर भनेको हो, त्यसदेखि नडराउनू ।

### शरण नगरहरू

**१९** परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशका
जातिहरूलाई नाश गरिसक्नुभएपछि, र
तिमीहरूले तिनीहरूलाई धपाइसकेर तिनीहरूका
शहरहरू र घरहरूमा बसोबासो गरेपछि,
**२**तिमीहरूले आफ्नो लागि परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई अधिकार गर्न दिनुहुने
देशमा त्यसको बीच भागमा परेका तीनओटा
शहरहरू अलग गर्नू । **३**त्यसमा तिमीहरूले
बाटोहरू बनाउनू र परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई उत्तराधिकार स्वरूप
दिनुहुने देशलाई तीन भाग गर्नु र कुनै
ज्यानमारा त्यहाँ भागेर जान सकोस् ।

**४**कसैले कसैलाई मारेर आफ्नो प्राण
बचाउनलाई त्यहाँ भागेर जाने विषयमा यस्तो
नियम छ, अर्थात् आफ्नो छिमेकीलाई कुनै
इर्ष्याको कारण पहिलेबाटै ठीक गरेर होइन,
तर अन्जानमा मार्ने मानिसको विषयमा ।
**५**उदारहणस्वरूप, कुनै मानिस आफ्नो छिमेकीसित
दाउरा काट्नलाई वनमा जान सक्छ, र त्यसले
रूख ढाल्नलाई आफ्नो बञ्चरो चलाउँदा
त्यसको बिँड़बाट बञ्चरो खुस्केर त्यसको
छिमेकीलाई लागेर त्यो मर्‍यो । त्यो मानिस यी
शहरहरूमध्ये एउटामा भागेर आफ्ना प्राण
बचाउन सक्छ । **६**नत्रता रगतको बदला लिनेले
रीसको झोंकमा त्यसलाई खेद्नेछ, र त्यो
दूरी टाढ़ा छ भने, त्यसलाई भेटेर, त्यसले
आफ्नो छिमेकीलाई कुनै इर्ष्या र पहिलेबाटै
सोचेर नमारेको हुनाले त्यो मृत्युदण्डको योग्य
नभए तापनि त्यसलाई मार्नेछ । **७**यसैकारण म
तिमीहरूलाई आफ्नो लागि तीनओटा शहरहरू
अलग गर्ने आज्ञा दिन्छु ।

**८**यदि परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूका पुर्खाहरूसित शपथद्वारा प्रतिज्ञा
गर्नुभएझैँ उहाँले तिमीहरूका इलाका ठूलो
बनाइदिनुभयो, र उहाँले तिनीहरूसित प्रतिज्ञा
गर्नुभएको सम्पूर्ण देश तिमीहरूलाई दिनुभयो
भने, **९**मैले तिमीहरूलाई आज्ञा गरेका, अर्थात्
परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्नू
र सधैं उहाँकै मार्गमा हिँड्नू भनेर दिएका यी

**१८:१५**–प्रेरित ३:२२; ७:३७. **१८:१९**–प्रेरित ३:२३. **१९:१-१३**–गन्ती ३५:९-२८; यहोशू २०:१-९.

सबै नियमहरू तिमीहरूले होशियारसाथ पालन गर्‍यौ भने, तिमीहरूले अझ तीनओटा शहरहरू अलग गर्नू। **१०**परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई तिमीहरूको उत्तराधिकारस्वरूप दिनुहुने तिमीहरूको देशमा निर्दोषको रगत नबगोस् भनेर तिमीहरूले यसो गर्नू, र तिमीहरू रगतको दोषी हुनेछैनौ। **११**तर यदि कुनै मानिसले आफ्नो छिमेकीलाई घृणा गर्छ, र त्यसलाई ढुकेर कुटपीट गरी मारेर यस्ता कुनै शहरमा भागेर जान्छ भने, **१२**त्यस शहरका धर्म-गुरुहरूले त्यसलाई बोलाइपठाएर त्यसलाई त्यस शहरबाट फर्काएर ल्याउनेछन्, र त्यसलाई मार्नको लागि त्यसको रगतको बदला लिनेको हातमा सुम्पिदिनेछन्। **१३**त्यसमाथि कुनै दया नदेखाउनू। तिमीहरूले इस्राएलबाट निर्दोषको रगत बगाउने दोष हटाउनुपर्छ र तिमीहरूको भलो होस्।

**१४**तिमीहरूलाई परमप्रभु तिमीहरूका परमेश्‍वरले अधिकार गर्न भनी दिनुहुने देशमा तिमीहरूले पाएको उत्तराधिकारमा तिमीहरूका पुर्खाहरूले लगाएको तिमीहरूका छिमेकीका सिमानाको ढुङ्गा नहटाउनू।

### साक्षीहरू

**१५**कुनै अपराध अथवा कसूरको अभियोग लगाइएको व्यक्तिलाई दोषी ठहराउनको लागि एक जना साक्षी पर्याप्त हुँदैन। कुनै पनि अभियोग दुई अथवा तीन जना साक्षीहरूद्वारा स्थापित गरिन्छ।

**१६**यदि कसैमाथि अपराधको अभियोग लगाउनलाई एक जना इर्ष्यापूर्ण साक्षी खड़ा भयो भने, **१७**त्यस झगड़ामा संलग्न रहेका ती दुई मानिसहरू त्यस बेला जिम्मेवारी लिएर बसेका पूजाहारीहरू र न्यायकर्ताहरूको सामुन्ने परमप्रभुको उपस्थितिमा उभिनुपर्छ। **१८**ती न्यायकर्ताहरूले सम्पूर्ण रूपले जाँच गर्नुपर्छ र यदि त्यस साक्षीले आफ्नो दाज्यूभाइको विरुद्धमा झूटा साक्षी दिएर ढाँटेको प्रमाणित भयो भने, **१९**त्यसले आफ्नो दाज्यूभाइप्रति जे गर्ने विचार राखेको थियो, त्यसमाथि पनि त्यही गर्नू। तिमीहरूले आफ्नो बीचबाट दुष्टता हटाउनू। **२०**बाँकी रहेका मानिसहरूले यो सुनेर डराउनेछन् र तिमीहरूबीच यस्तो दुष्ट कुरा कहिल्यै गरिनेछैन। **२१**तिमीहरूले दया नदेखाउनू, प्राणको साटो प्राण, आँखाको साटो आँखा, दाँतको साटो दाँत, हातको साटो हात, खुट्टाको साटो खुट्टा।

### युद्धमा जाने काम

**२०** तिमीहरू आफ्ना शत्रुको विरुद्धमा युद्ध गर्न जाँदा तिमीहरूले घोड़ाहरू र रथहरू र तिमीहरूको भन्दा बढ़ी फौज देख्यौ भने, तिनीहरूदेखि नडराउनू, किनकि तिमीहरूलाई मिश्रबाट बाहिर निकालेर ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्‍वर तिमीहरूसित हुनुहुनेछ। **२**तिमीहरू युद्धमा जान लाग्दा पूजाहारी अघि आउनेछ र फौजलाई सम्बोधन गर्नेछ। **३**त्यसले यसो भन्नेछ, “हे इस्राएल, सुन, आज तिमीहरू आफ्नो शत्रुहरूको विरुद्धमा लड़न जाँदैछौ। आफ्नो मन सानो नगर अथवा नडराओ, आतङ्कित नहोओ अथवा तिनीहरूको सामुन्ने भयभीत नहोओ। **४**किनकि परमप्रभु तिमीहरूका परमेश्‍वर नै तिमीहरूलाई विजयी तुल्याउनलाई तिमीहरूको निम्ति तिमीहरूका शत्रुहरूको विरुद्धमा युद्ध गर्नलाई तिमीहरूसित जानुहुन्छ।”

**५**अधिकृतहरूले फौजलाई यसो भनून्, “के कसैले एउटा नयाँ घर बनाएर त्यसलाई समर्पण नगरेको छ ? त्यो घर जाओस्, नत्रता त्यो युद्धमा मर्नेछ, र अरू कसैले त्यसलाई समर्पण गर्नेछ। **६**के कसैले दाखबारी लगाएर त्यसलाई उपभोग नगरी बसेको छ ? त्यो घर जाओस्, नत्रता त्यो लड़ाइँमा मर्नेछ, र अरू कसैले त्यसलाई उपभोग गर्नेछ। **७**के कसैले कुनै स्त्रीसित विवाहको वचन दिएर त्यसलाई विवाह

---

**१९:१४**–व्यवस्था २७:१७. **१९:१५**–गन्ती ३५:३०; व्यवस्था १७:६; मत्ती १८:१६; २ कोरिन्थी १३:१; १ तिमोथी ५:१९; हिब्रू १०:२८. **१९:२१**–प्रस्थान २१:२३-२५; लेवी २४:१९-२०; मत्ती ५:३८.

नगरी आएको छ ? त्यो घर जाओस्, नत्रता
त्यो लड़ाइँमा मर्नेछ, र अरू कसैले त्यस स्त्रीलाई
विवाह गर्नेछ।" ८त्यसपछि अधिकृतहरूले थपेर
भन्नेछन्, "के कुनै मानिस डरपोक छ ? त्यो
घर जाओस् र त्यसका दाज्यूभाइहरू पनि हताश
नहोऊन् । ९अधिकृतहरूले फौजसित कुरा
गरिसकेपछि तिनीहरूले त्यसमाथि कप्तानहरू
नियुक्त गरून् । १०तिमीहरूले कुनै शहरमाथि
आक्रमण गर्न जाँदा त्यहाँका मानिसहरूसित
शान्तिको प्रस्तावना राख्नू । ११यदि त्यसका
मानिसहरूले त्यो मञ्जूर गरेर तिनीहरूका
मूलढोकाहरू खोलिदिए भने, त्यहाँका सबै
मानिसहरू अधीनमा काम गर्नेहरू भएर
तिमीहरूको निम्ति काम गर्नेहरू हुनेछन् ।
१२यदि तिनीहरूले मिलाप गर्न स्वीकार गरेनन्
भने, त्यस शहरलाई घेरा हाल्नू । १३परमप्रभु
तिमीहरूका परमेश्वरले त्यसलाई तिमीहरूको
हातमा सुम्पिदिनुभएपछि त्यसमा भएका सबै
पुरुषहरूलाई तरवारले मार्नू । १४स्त्रीहरू,
छोराछोरीहरू, गाईबस्तु अनि शहरमा भएको
प्रत्येक कुरोको विषयमा चाहिँ ती तिमीहरूले
आफ्नै लागि लूटको मालस्वरूप लिनू । अनि
तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूका शत्रुहरूबाट तिमीहरूलाई दिनुभएको
लूटको माल प्रयोग गर्न सक्छौ । १५जुन
शहरहरू तिमीहरूका छेउछाउका जातिहरूका
होइनन् तर तिमीहरूदेखि टाढ़ा भएका
शहरहरूसित यस्तै व्यवहार गर्नू ।

१६तरै पनि, तिमीहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरले उत्तराधिकारस्वरूप
दिनुहुने जातिहरूका शहरहरूमा सास भएको
कुनै कुरोलाई पनि जीवित नछोड्नू ।
१७परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
आज्ञा गर्नुभएझैँ तिनीहरूलाई, अर्थात् हित्ती
एमोरी, कनानी, परिज्जी, हिव्वी र यबूसीहरूलाई
सम्पूर्ण रूपले नाश गर्नू । १८नत्रता तिनीहरूले
आफ्ना देवताहरूको पूजा गर्दा गर्ने सबै
घिनलाग्दा कुराहरूको अनुसरण गर्न तिमीहरूलाई
सिकाउनेछन्, र तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको विरुद्धमा पाप गर्नेछौ ।

१९तिमीहरूले कुनै शहरलाई कब्जा गर्नको
लागि त्यसको विरुद्धमा लड़ाइँ गर्दै त्यसलाई
लामो समयसम्म घेरामा राख्दा त्यसका
रूखहरूलाई बञ्चरोले काटेर नाश नगर्नू,
किनकि तिमीहरूले त्यसका फलहरू खान
सक्छौ । तिनीहरूलाई काटेर नढाल्नू । के
खेतका रूखहरू मानिसहरू हुन् र तिमीहरूले
तिनीहरूलाई घेरा हाल्छौ ? २०तरै पनि,
तिमीहरूले फलका रूख होइनन् भनी जानेका
रूखहरूलाई काटेर ढाल्न सक्छौ र तिमीहरूसित
युद्धमा रहेको शहर नढलेसम्म घेरा हाल्ने
कामहरूमा तिमीहरूले ती प्रयोग गर्न सक्छौ ।

## अज्ञात हत्याबारे प्रायश्चित

२१ परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई अधिकार गर्न दिनुहुने
देशमा यदि कुनै मानिसको हत्या भएर त्यो
खेतमा लड़िरहेको छ, र त्यसलाई कसले
मारेको हो भन्ने थाहा लागेको छैन भने,
२तिमीहरूका धर्म-गुरुहरू र न्यायकर्ताहरू गएर
त्यस शरीरदेखि छेउछाउका शहरहरूका दूरी
नापून् । ३त्यसपछि त्यस शरीरको सबैभन्दा
नजीकमा भएका शहरका धर्म-गुरुहरूले कहिल्यै
नजोतेको र जुवा नपरेको एउटा कोरली
ल्याऊन्, ४अनि त्यसलाई कहिल्यै नजोतिएको,
नरोपिएको र पानी बग्दै गरेको एउटा खोल्सामा
लैजाऊन् । त्यहाँ त्यस खोल्सामा तिनीहरूले
त्यस कोरलीको घाँटी भाँचिदेऊन् ।
५पूजाहारीहरू, अर्थात् लेवीका छोराहरू अगि
सरेर आऊन्, किनकि परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई सेवा गर्न र
परमप्रभुको नाउँमा आशिष् उच्चारण गर्न र
झगड़ा र कुटपीटका सबै मुद्दाहरू मिलाउनलाई
चुन्नुभएको छ । ६तब त्यस शरीरको सबैभन्दा
नजीकको शहरका धर्म-गुरुहरूले त्यस
खोल्सामा घाँटी भाँचिदिएको कोरलीमाथि आफ्ना
हातहरू धोऊन्, ७र तिनीहरूले यसरी घोषणा
गरून्, "हाम्रा हातहरूले यो रगत बगाएनन्
र नता हाम्रा आँखाहरूले नै यो गरेका देखे ।
८हे परमप्रभु, तपाईंले छुटकारा दिनुभएका

तपाईंको जाति इस्राएलको निम्ति यो प्रायश्चित
ग्रहण गर्नुहोस्, र यस निर्दोष मानिसको
रगतको लागि तपाईंका मानिसहरूलाई दोषी
नठहराउनुहोस् ।" अनि त्यस रक्तपातको
प्रायश्चित हुनेछ। **९**यसरी तिमीहरूले परमप्रभुको
दृष्टिमा जे ठीक छ, सो गरेकाले निर्दोषको
रगत बगेको दोषबाट आफैलाई शुद्ध पार्नेछौ।

## युद्ध-बन्दी स्त्रीसित विवाह

**१०**जब तिमीहरू आफ्ना शत्रुहरूको विरुद्धमा
युद्ध गर्न जान्छौ, र परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई तिमीहरूको हातमा
सुम्पिदिनुभएर तिमीहरूले युद्ध-बन्दीहरूलाई
लिँदा, **११**यदि ती युद्ध-बन्दीहरूमध्ये एउटी
सुन्दरी स्त्रीलाई देखेर तिमीहरूमध्ये कोही
त्यसप्रति आकर्षित भयौ भने, त्यसलाई आफ्नी
स्वास्नीको रूपमा लिन सक्छौ । **१२**त्यसलाई
आफ्नो घरमा ल्याएर त्यसका केश खौरिदिनू,
त्यसका नङहरू काटेर मिलाइदिनू, **१३**अनि
त्यसलाई पक्रँदा त्यसले लगाएको वस्त्रलाई अलग
गरिदिनू। त्यो घरमा बसेर आफ्ना बाबु र आमाको
निम्ति एक महिनासम्म विलाप गरिसकेपछि
त्यसकहाँ जानसक्छौ, र त्यसको पति हुन सक्छौ
र त्यो तिम्री पत्नी हुन्छे । **१४**यदि तँ त्यससित
खुशी भई रहेनस् भने, त्यो जता जान इच्छा
गर्छे त्यसलाई जान दिनू। तैंले त्यसलाई नबेच्नू
अनि कमारीलाई झैँ व्यवहार नगर्नू, किनकि
तैंले त्यसलाई अनादर गरेको छस् ।

## जेष्ठ-अधिकार

**१५**यदि कुनै मानिसका दुई जना स्वास्नीहरू
छन्, र त्यसले एउटीलाई प्रेम गर्छ, तर अर्कीलाई
चाहिँ गर्दैन, र दुवैले त्यसको निम्ति छोराहरू
जन्माए, र जेठोचाहिँ त्यसले प्रेम नगर्नेको
छोरा भयो भने, **१६**त्यसले आफ्ना छोराहरूलाई
आफ्नो सम्पत्ति इच्छापत्रद्वारा बाँड़िदिँदा त्यसले
मन नपराएकी स्वास्नीको खास जेठा छोराको
अधिकार खोसेर त्यसले मन पराएकी स्वास्नीको
छोरालाई दिनुहुँदैन। **१७**त्यसले आफूसित भएका
सबै कुराको दोब्बर भाग आफूले मन
नपराएकी स्वास्नीको छोरालाई दिएर त्यसलाई
जेठा भनी मान्यता दिनुपर्छ। त्यो छोरा आफ्नो
बाबुको बलको पहिलो चिन्ह हो। जेष्ठ-अधिकार
त्यसको नै हुनेछ ।

## विद्रोही छोरा

**१८**यदि कुनै मानिसको आफ्ना बाबु र
आमाको आज्ञा पालन नगर्ने र त्यसलाई
अनुशासन गर्दा नमान्ने अट्टेरी र विद्रोही
छोरा छ भने, **१९**त्यसका बाबु र आमाले त्यसलाई
समातेर धर्म-गुरुहरूकहाँ शहरको मूलढोकामा
ल्याऊन्। **२०**तिनीहरूले धर्म-गुरुहरूलाई भनून्,
"हाम्रो यो छोरा अट्टेरी र विद्रोही छ, यसले
हाम्रो आज्ञा पालन गर्दैन । त्यो लफङ्गा र
मतवाला छ ।" **२१**तब त्यस शहरका सबै
मानिसहरूले ढुङ्गाले हानेर मारून्। तिमीहरूले
आफ्नो बीचबाट दुष्टता हटाउनुपर्छ । सारा
इस्राएल यो सुनेर डराउनेछन् ।

## विविध-नियमहरू

**२२**यदि गम्भीर कसूरको दोष लागेको मानिस
मारियो, र त्यसको शरीर रूखमा झुण्डचाइएको
छ भने, **२३**तिमीहरूले त्यस शरीरलाई रातभरि
रूखमा नराख्नू। त्यसलाई निश्चित रुपले त्यसै
दिन गाड़िहाल्नू, किनकि रूखमा झुण्डचाइएको
जोसुकै पनि परमेश्वरबाट श्रापित हुन्छ ।
तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई उत्तराधिकारस्वरूप दिनुहुने देश
अशुद्ध नपार ।

**२२** आफ्नो दाज्यूभाइको गोरु वा भेड़ा
यताउता लागेको देखेर पनि नदेखेको
जस्तै नगर । त्यसलाई तिम्रो दाज्यूभाइकहाँ
लगिदेऊ । **२**यदि त्यो दाज्यूभाइ तिमीहरूका
नजीक बस्दैन अथवा ऊ को हो भनी
तिमीहरूलाई थाहा छैन भने, ऊ त्यसलाई
खोज्दै नआएसम्म त्यसलाई आफ्नो घरमा लगेर

---

**२१:२३**–गलाती ३:१३. **२२:१-४**–प्रस्थान २३:४-५.

राख्नू । अनि त्यसको खोजिहुँदा फर्काइदेऊ ।
**३**आफ्ना दाज्यूभाइको गधा अथवा लुगा अथवा
त्यसले हराएको जेसुकै पायौ भने पनि त्यसै
गर्नू र चूप लागेर नबस्नू ।
**४**यदि तिमीहरूले आफ्ना दाज्यूभाइको गधा
अथवा गोरु बाटोमा लड़िरहेको देख्यौ भने,
त्यसको बेवास्ता नगर्नू । त्यसलाई उभिनमा
सहायता गर्नू ।
**५**कुनै स्त्रीले पुरुषको लुगा नलाउनू, नता
पुरुषले स्त्रीको लुगा लाउनू, किनकि यसो
गर्ने जोसुकैलाई पनि परमप्रभु तिमीहरूका
परमेश्‍वरले घृणा गर्नुहुन्छ ।
**६**यदि तिमीहरूले बाटोको छेउमा रूखमा
अथवा भूइँमा चराको गुँड़ भेटाचौ, अनि
माऊचाहिँ बचेरामाथि अथवा फुलमाथि
बसिरहेका देख्यौ भने, तिमीहरूले माऊसित
बचेरा नलैजानू । **७**तिमीहरूले बचेरा लैजान
सक्छौ तर माऊलाई चाहिँ अवश्यै जान दिनू,
र तिमीहरूको भलो होस्, अनि तिमीहरू दीर्घायु
हुनेछौ ।
**८**तिमीहरूले नयाँ घर बनाउँदा त्यसको
छानामा चारैतिर बार लगाउनू र कोही त्यसबाट
खसेकोले तिमीहरूमाथि रक्तपातको दोष
नलागोस् ।
**९**तिमीहरूको दाखबारीमा दुई किसिमका
बीउ नलगाउनू, यदि लगायौ भने, बोट मात्र
होइन, तर त्यस दाखबारीको फल पनि अशुद्ध
हुनेछ ।
**१०**गोरु र गधालाई एउटै जुवामा नारेर
नजोत्नू ।
**११**ऊन र सूती मिसाएर बुनेको लुगा
नलगाउनू ।
**१२**तिमीहरूले लगाउने लुगाको चारै कुनामा
झुम्काहरू बनाउनू ।

### विवाहको नियम उल्लङ्घन

**१३**यदि कुनै मानिसले स्वास्नी ल्याएर
त्यससित सुतेपछि त्यसलाई मन पराउन छाड़्यो
**१४**अनि त्यसको निन्दा गरेर त्यसलाई बदनाम
गरेर, “मैले यस स्त्रीसित विवाह गरें, तर म
त्यसकहाँ जाँदा त्यसमा कुमारीत्वको प्रमाण
पाइनँ” भन्यो भने, **१५**त्यस केटीका बाबु र
आमाले मूलढोकामा शहरका धर्म-गुरुहरूकहाँ
त्यो केटी कुमारी नै थिई भन्ने प्रमाण
ल्याऊन् । **१६**त्यस केटीका बाबुले यसो भनोस्,
“मैले आफ्नी छोरीलाई यस मानिससित विवाह
गरिदिएँ, तर यसले उसलाई मन पराउँदैन ।
**१७**अब यसले उसको निन्दा गरेर, ‘मैले तपाईकी
छोरीलाई कुमारी पाइनँ’ भनेर भन्यो । तर
मेरी छोरीको कुमारीत्वको प्रमाण यहाँ छ ।”
**१८**तब त्यसका बाबु र आमाले शहरका बूढा-
प्रधानहरूले त्यस मानिसलाई लगेर दण्ड
देऊन् । **१९**तिनीहरूले त्यसलाई चाँदीको एक
सय शेकेल दण्ड दिएर त्यो त्यस केटीको
बाबुलाई देऊन् किनकि त्यस मानिसले
इस्राएलकी कुमारीको नाउँ बदनाम गरिदिएको
छ । ऊ त्यसकी स्वास्नी भएर रहनेछ र
त्यसले आफू बाँचेसम्म त्यस केटीलाई त्याग्न
पाउनेछैन ।
**२०**तापनि, यदि त्यो दोष साँचो हो र त्यस
केटीको कुमारीत्वको कुनै प्रमाण पाइएन भने,
**२१**उसलाई आफ्नो बाबुको घरको ढोकामा
ल्याएर उसको शहरका मानिसहरूले ढुङ्गाले
हिर्काएर मारून् । आफ्नो बाबुको घरमा हुँदै
बिग्रिएर उसले इस्राएलमा एउटा शर्मलाग्दो
काम गरेकी छ, तिमीहरूले आफ्नो बीचबाट
दुष्टता हटाउनुपर्छ ।
**२२**यदि कुनै मानिस अर्को मानिसको
स्वास्नीसित सुतिरहेको भेटाइयो भने, त्यससित
सुत्ने मानिस र त्यो स्त्री दुवै मारिनुपर्छ ।
तिमीहरूले इस्राएलबाट दुष्टता हटाउनुपर्छ ।
**२३**यदि कुनै मानिसले शहरमा कसैसित
मगनी भइसकेकी कन्यालाई भेटेर त्यससित
सुत्यो भने, **२४**तिमीहरूले ती दुवैलाई त्यस
शहरको मूलढोकामा लगेर ढुङ्गाले हानेर
मार्नू । केटीलाई चाहिँ यसकारण कि त्यो

**२२:९-११**–लेवी १९:१९. **२२:१२**–गन्ती १५:३७-४१.

शहरमै थिइ र पनि सहायताको लागि चिच्याइन, अनि त्यस मानिसलाई चाहिँ यसकारण कि त्यसले अर्को मानिसको स्वास्नीलाई भ्रष्ट पाऱ्यो। तिमीहरूले आफ्ना बीचबाट दुष्टतालाई हटाउनू।

**२५**तर यदि कुनै मानिसले गाउँको बाहिर निर्जन ठाउँमा एउटी मंगनी भएकी केटीलाई भेटेर त्यसलाई बलात्कार गऱ्यो भने, त्यसो गर्ने मानिसलाई मात्र मार्नू। **२६**त्यस केटीलाई चाहिँ केही नगर्नू, त्यसले मर्न पर्ने किसिमको कुनै पाप गरिन। त्यो मुद्दा कसैले आफ्नो छिमेकीमाथि आक्रमण गरेर त्यसलाई मारेको जस्तै हो, **२७**किनकि त्यस मानिसले त्यस केटीलाई गाउँको बाहिर निर्जन स्थानमा भेट्यो, र त्यस मगनी भएको केटी चिच्याउँदा पनि त्यसलाई छुटाउने कोही थिएन्।

**२८**यदि कुनै मानिसले मगनी नभएकी एउटी कन्यालाई भेटेर त्यसलाई बलात्कार गऱ्यो, र तिनीहरू फेला परे भने, **२९**त्यसले त्यस केटीको बाबुलाई चाँदीको पचास शेकेल तिर्नुपर्छ। त्यसले त्यस केटीलाई विवाह गर्नुपर्छ, किनकि त्यसले उसलाई अपवित्र पारेको छ। आफू बाँचेसम्म त्यसले उसलाई त्याग्न सक्दैन।

**३०**कुनै मानिसले आफ्नो बाबुको अरू स्वास्नीलाई विवाह नगरोस्, त्यसले आफ्नो बाबुको ओछ्यानको अनादर नगरोस्।

## सभाबाट बहिष्कार

**२३** चोट परेको कारण अथवा काटिएको कारण नपुंसक भएको कोही पनि परमप्रभुको सभामा प्रवेश गर्न सक्ने छैन।

**२**निषेध गरिएको विवाहबाट जन्मिएको जोसुकै पनि, अनि त्यसका सन्तान दश पुस्तासम्म परमप्रभुको सभामा प्रवेश गर्न सक्नेछैन।

**३**कुनै अम्मोनी अथवा मोआबी अथवा त्यसको सन्तान दश पुस्तासम्म परमप्रभुको सभामा प्रवेश गर्न सक्नेछैन। **४**किनकि तिमीहरू मिश्रबाट निस्केर आउँदा तिनीहरूले रोटी र दाखमद्य लिएर तिमीहरूलाई बाटोमा भेट्न आएनन्, अनि तिनीहरूले अरम-नाहरैमको पतोरमा बस्ने बओरको छोरा बालामलाई तिमीहरूमाथि श्राप उच्चारण गर्न लाए। **५**तरै पनि परमप्रभु तिमीहरूका परमेश्वरले बालामको कुरा सुन्नुभएन, तर त्यस श्रापलाई आशिष्मा परिणत गरिदिनुभयो, किनकि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई प्रेम गर्नुहुन्छ। **६**तिमीहरू जीवित रहेसम्म तिनीहरूसित मित्रताको सन्धी गर्न नखोज्नू।

**७**कुनै एदोमीलाई घृणा नगर्नू, किनकि त्यो तिमीहरूको दाज्यूभाइ हो। कुनै मिश्रीलाई घृणा नगर्नू, किनकि तिमीहरू त्यसको देशमा परदेशी भएर रहचौ। **८**तिनीहरूबाट जन्मेका तेस्रो पुस्ताका सन्तान परमप्रभुको सभामा पस्न पाउनेछन्।

## छाउनीमा अशुद्धि

**९**तिमीहरू आफ्ना शत्रुहरूको विरुद्धमा छाउनी हालेर बस्दा हरेक अशुद्ध कुराबाट अलग रहनू। **१०**यदि तिमीहरूमध्ये कुनै मानिस स्वप्न-दोषको कारण अशुद्ध छ भने, त्यो छाउनी बाहिर गएर बसोस्। **११**तर साँझ पर्नलाग्दा त्यसले आफैलाई धोओस्, र घाम अस्ताउँदा त्यो छाउनीमा फर्किआउन सक्नेछ।

**१२**दिसा बस्नको निम्ति तिमीहरूले छाउनी बाहिर एउटा ठाउँ ठीक गर्नू। **१३**तिमीहरूका हतियारसँग खन्ने थोक पनि राख, र दिसा बसिसकेपछि त्यसैले खाल्डो खनेर दिसा पुरिदिनू। **१४**किनकि परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूलाई रक्षा गर्न र तिमीहरूका शत्रुहरूलाई तिमीहरूका हातमा सुम्पिदिनको लागि तिमीहरूका छाउनीको चारैतिर हिँड्डुल गर्नुहुन्छ। तिमीहरूको छाउनी पवित्र हुनुपर्छ र उहाँले तिमीहरूमा कुनै फोहोर देख्न नपरोस्, नत्रता उहाँ तिमीहरूदेखि फर्किजानुहुन्छ।

---

**२२:२८-२९**–प्रस्थान २२:१६-१७. **२२:३०**–लेवी १८:८; २०:११; व्यवस्था २७:२०. **२३:३-५**–नहेम्याह १३:१-२. **२३:४** –गन्ती २२:१-६. **२३:५**–गन्ती २३:७-२४:९.

### विविध नियमहरू

१५यदि कुनै कमाराले तिमीहरूसित
आश्रय लिएर बसेको छ भने, त्यसलाई
त्यसको मालिककहाँ नसुम्पिदिनू। १६त्यसलाई
तिमीहरूसित त्यसले रूचाएको जुनसुकै ठाउँमा
र त्यसले छानेको जुनसुकै शहरमा बस्न
दिनू। त्यसलाई नसताउनू।

१७इस्राएलमा कुनै पुरुष अथवा स्त्री
मन्दिरमा बसेर वेश्यावृत्ति गर्ने काम नगरोस्।
१८तिमीहरूले स्त्री वेश्या अथवा पुरुष वेश्या
कुनैको कमाइ पनि तिमीहरूका कुनै भाकल
तिर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरको
घरमा नल्याउनू, किनकि परमप्रभु तिमीहरूका
परमेश्वरले ती दुवैलाई घृणा गर्नुहुन्छ।

१९तिमीहरूले आफ्नो दाज्यूभाइबाट रूपियाँ
अथवा भोजन अथवा व्याज कमाउने कुनै पनि
कुरोका निम्ति व्याज नलिनू। २०तिमीहरूले
परदेशीबाट व्याज लिन सक्छौ, तर आफ्नो
इस्राएली दाज्यूभाइबाट त नलिनू र तिमीहरूले
अधिकार गर्न गइरहेको देशमा परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूले हात
लगाएको जुनै काममा पनि आशिष् देऊन्।

२१यदि तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरसित केही भाकल गर्‍यौ भने, त्यो
तिर्न ढीलो नगर्नू, किनकि परमप्रभु तिमीहरूका
परमेश्वरले त्यो निश्चय पनि तिमीहरूबाट
माग गर्नुहुनेछ, अनि तिमीहरू पापको दोषी
हुनेछौ। २२तर भाकलै गरेका छैनौ भने
तिमीहरूलाई पाप लाग्नेछैन। २३तिमीहरूका
जिब्राले जेसुकै उच्चारण गरे तापनि त्यो
तिमीहरूले अवश्य गर्नू, किनकि तिमीहरूले
आफ्नै मुखले खुशीसाथ परमप्रभु तिमीहरूका
परमेश्वरको निम्ति भाकल गर्‍यौ।

२४यदि तिमीहरू आफ्नो दाज्यूभाइको
दाखबारीमा पस्यौ भने, तिमीहरूले चाहेजति
अङ्गूर खानू तर आफ्नो डालोमा केही नहाल्नू।
२५यदि तिमीहरू आफ्नो छिमेकीको अन्नको
खेतमा पस्यौ भने, तिमीहरूले आफ्ना हातले
बाला टिप्न सक्छौ तर तिमीहरूले खड़ा रहेको
बालीमा हँसिया लगाउनु हुँदैन।

२४ यदि कुनै मानिसले एउटी स्त्रीलाई
विवाह गरेर उसको विषयमा कुनै
फोहोर कुरा थाहा पाएका कारण त्यो उसलाई
मन परिन र त्यागपत्र लेखेर उसलाई दिएर
उसलाई आफ्नो घरबाट पठाइदियो भने, २अनि
यदि उसले त्यसको घर छाड़ेर अर्को मानिसको
स्वास्नी भई, ३र उसको दोस्रो पतिले उसलाई
मन नपराएर त्यागपत्र लेखेर उसलाई दिएर
उसलाई आफ्नो घरबाट पठाइदियो अथवा त्यो
मर्‍यो भने, ४उसलाई त्याग्ने पहिलो पतिलाई
त्यो स्त्री अशुद्ध भएपछि उसलाई फेरि विवाह
गर्ने अनुमति छैन। त्यो परमप्रभुको दृष्टिमा
घिनलाग्दो कुरो हुनेछ। तिमीहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरले उत्तराधिकारस्वरूप
दिनुहुने देशमाथि तिमीहरूले पाप नल्याउनू।

५यदि कुनै मानिसले भर्खरै विवाह गरेको
छ भने, त्यसलाई युद्धमा नपठाउनू अथवा
त्यसमाथि अरू जिम्मेवारी नलगाउनू। किनकि
एक वर्षसम्म घरमा बस्ने र आफूले विवाह
गरेकी स्वास्नीलाई सुख पुर्‍याउनको निम्ति त्यो
स्वतन्त्र छ।

६कुनै जाँतो अथवा त्यसको माथिल्लो भाग
मात्र पनि ऋणको बन्धकस्वरूप नलिनू, किनकि
त्यो त कुनै मानिसको जीविकानै बन्धकस्वरूप
लिएको हुनेछ।

७यदि कुनै मानिसले आफ्नो इस्राएली
दाज्यूभाइलाई अपहरण गरेको अनि त्यसलाई
कमाराझैं व्यवहार गरेको अथवा बेचेको पक्रा
पर्‍यो भने, त्यो अपहणकर्ता मारिनुपर्छ।
तिमीहरूले आफ्नो बीचबाट दुष्टता हटाउनूपर्छ।

८कोरको रोगको विषयमा लेवी
पूजाहारीहरूले तिमीहरूलाई आदेश दिए जस्तै
होशियारसाथ गर्नू। मैले तिनीहरूलाई आज्ञा
दिएझैं पालन गर्नमा होशियार हुनू।

---

**२३:१७**–लेवी १९:२९. **२३:१९-२०**–प्रस्थान २२:२५; लेवी २५:३६-३७; व्यवस्था १५:७-११.
**२३:२१**–गन्ती ३०:१-१६; मत्ती ५:३३. **२४:१**–मत्ती ५:३१; १९:७; मर्कूस १०:४. **२४:७**–प्रस्थान २१:१६.
**२४:८**–लेवी १३:१-१४:५४.

**९**तिमीहरू मिश्रबाट निस्किआएपछि बाटोमा
परमप्रभु तिमीहरूका परमेश्‍वरले मरियमलाई
के गर्नुभयो, त्यो सम्झनू ।

**१०**तिमीहरूले आफ्नो छिमेकीलाई कुनै
किसिमको ऋण दिँदा त्यसले बन्धकस्वरूप दिन
लागेको जेसुकै पनि लिनलाई त्यसको घरभित्र
नपस्नू । **११**तिमीहरू बाहिरै बस्नू र तिमीहरूले
ऋण दिने मानिसले नै त्यो बन्धक तिमीहरूकहाँ
लिएर बाहिर आओस् । **१२**यदि त्यो मानिस
गरीब छ भने, तिमीहरूसित भएको बन्धकसितै
सुत्‍न नजानू । **१३**त्यसको लुगा घाम डुब्‍नभन्दा
पहिलेनै फर्काइदिनू र त्यो त्यसमा सुतोस् तब
त्यसले तिमीहरूलाई धन्यवाद दिनेछ, र त्योचाहिँ
परमप्रभु तिमीहरूको परमेश्‍वरको दृष्‍टिमा
एउटा धार्मिकताको कर्म ठहरिनेछ ।

**१४**तिमीहरूको इस्राएली दाज्यूभाइ होस् कि
तिमीहरूको कुनै शहरमा बस्ने परदेशी होस्,
कुनै गरीब र दरिद्र ज्यालादारी मानिसबाट
नाजायज फाइदा नउठाओ । **१५**त्यसको ज्याला
प्रत्येक दिन घाम डुब्‍न अघिनै दिनू, किनकि
त्यो गरीब छ र त्यसको मन त्यसैमा हुन्छ ।
नत्रता त्यसले तिमीहरूको विरुद्धमा परमप्रभुलाई
पुकार्नेछ, र तिमीहरूलाई पापको दोष लाग्नेछ ।

**१६**छोराछोरीहरूको कारण बाबुहरूलाई र
बाबुहरूको कारण छोराछोरीहरूलाई नमार्नू ।
प्रत्येक आफ्नै पापको लागि मर्नेछ ।

**१७**कुनै परदेशी अथवा अनाथलाई इन्साफदेखि
बञ्‍चित नगर्नू अथवा कुनै विधवाको लुगा
बन्धकस्वरूप नलिनू । **१८**यो स्मरण गर्नू कि
तिमीहरू मिश्रमा कमारा थियौ अनि परमप्रभु
तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई त्यहाँबाट
छुटाउनुभयो । यसैकारण मैले तिमीहरूलाई
यो आज्ञा दिएँ ।

**१९**तिमीहरूले आफ्नो खेतमा कटनी गर्दा
एउटा बिटा नदेखी गयौ भने, त्यसलाई लिनलाई
फर्केर नजानू । त्यसलाई परदेशी, अनाथ र
विधवाहरूको लागि छोड़िदिनू अनि परमप्रभु
तिमीहरूका परमेश्‍वरले तिमीहरूका हातका
सबै कामहरूमा आशिष् देऊन् । **२०**तिमीहरूले
आफ्ना भद्राक्षका बोटहरूबाट फलहरू कुटेर
झारेपछि दोस्रोपल्ट नझार्नू । ती रहेकाहरूचाहिँ
परदेशीहरू, अनाथहरू र विधवाहरूको निम्ति
छोड़िदिनू । **२१**तिमीहरू आफ्ना दाखबारीबाट
अङ्गूरको कटनी गरेपछि फेरि दोहोर्‍याएर कटनी
नगर्नू । रहेका जति परदेशीहरू, अनाथहरू र
विधवाहरूलाई छोड़िदिनू । **२२**यो स्मरण गर्नू कि
तिमीहरू मिश्रमा कमाराहरू थियौ । यसैकारण
म तिमीहरूलाई यसो गर्न आज्ञा दिन्छु ।

**२५** मानिसहरूमा झगड़ा हुँदा त्यस विषयलाई
अदालतमा लैजानू र न्यायकर्ताहरूले
त्यस मुद्दाको फैसला गरेर निर्दोषलाई
छोड़िदिन्छन्, र दोषीलाई सजाय दिन्छन् । **२**यदि
दोषी मानिसले कुटाइ खान सुहाउँछ भने,
न्यायकर्ताले त्यसलाई सुताएर आफ्नै सामुन्ने
त्यसलाई उचित हुने सङ्ख्यामा कोर्रा लगाउन
दिनेछ, **३**तर त्यसले चालीसभन्दा बढ़ी कोर्रा
लगाउन दिनुहुँदैन । यदि त्यसलाई त्यसभन्दा
बढ़ी लगायो भने, तिमीहरूको दृष्‍टिमा
तिमीहरूको भाइको मर्यादा घट्नेछ ।

**४**दाइँ गर्ने गोरुलाई महला नलगाउनू ।

**५**यदि दाज्यूभाइहरू एकैसाथ बसेका छन्,
अनि तीमध्ये एक जनाको छोरा नभई मृत्यु
भयो भने, त्यस विधवाले त्यस परिवारबाहिर
विवाह नगरोस् । त्यसको पतिको भाइले
त्यसलाई लिएर विवाह गरोस्, र त्यसप्रति
देवरको कर्तव्य पूरा गरोस् । **६**त्यसले जन्माएको
पहिलो छोराले त्यो मरेको दाज्यूको नाउँ
राख्‍नेछ, र त्यसको नाउँ इस्राएलबाट मेटिने
छैन ।

**७**तरै पनि यदि कुनै मानिसले आफ्नो
दाज्यूकी स्वास्नीसित विवाह गर्न चाँहदैन भने,

---

**२४:९**–गन्ती १२:१०. **२४:१०-१३**–प्रस्थान २२:२६-२७. **२४:१४-१५**–लेवी १९:१३. **२४:१६**–२ राजा १४:६; २ इतिहास २५:४; इजकिएल १८:२०. **२४:१७-१८**–प्रस्थान २३:९; लेवी १९:३३-३४; व्यवस्था २७:१९. **२४:१९-२१**–लेवी १९:९-१०; २३:२२. **२५:३**–२ कोरिन्थी ११:२४. **२५:४**–१ कोरिन्थी ९:९; १ तिमोथी ५:१८. **२५:५-६**–मत्ती २२:२४; मर्कूस १२:१९; लूका २०:२८. **२५:७-१०**–रूथ ४:७-८.

त्यस स्त्रीले शहरको मूलढोकामा धर्म-गुरुहरूकहाँ
गएर, "मेरो पतिको भाइले आफ्नो दाज्यूको
नाउँ इस्राएलमा राख्न अस्वीकार गर्छ । त्यसले
मप्रति देवरले गर्नुपर्ने कर्तव्य गर्दैन" भनेर
भनोस् । **८**तब शहरका धर्म-गुरुहरूले त्यसलाई
बोलाइपठाएर त्यससित कुरा गरून् । यदि
त्यसले, "म उसलाई विवाह गर्दिनँ" भनेर ढिपी
गर्छ भने, **९**त्यसको दाज्यूको विधवा स्वास्नीले
धर्म-गुरुहरूको उपस्थितिमा त्यसकहाँ गएर
त्यसको एउटा जुत्ता फुकालेर त्यसको मुखमा
थुकेर यसो भनोस्, "आफ्नो दाज्यूको वंश
नराख्ने मानिसलाई यसै गर्नुपर्छ ।" **१०**त्यस
मानिसको घरानालाई इस्राएलमा, "जुत्ता
फुकालिएको घराना" भनिनेछ ।

**११**दुई मानिसहरू झगड़ा गर्दै गरेको बेला
तीमध्येका एक जनाकी स्वास्नीले आएर आफ्नो
पतिलाई बचाउन विरोधीको गुप्त अङ्ग अँठ्याई
भने, **१२**तिमीहरूले त्यसको हात काटिदिनू,
त्यसप्रति कुनै दया नदेखाउनू ।

**१३**तिमीहरूले आफ्ना थैलोमा एउटा गह्रौं
र अर्को हलुङ्गो दुई किसिमका ढकहरू नराख्नू ।
**१४**तिमीहरूका घरमा एउटा ठूलो र अर्को सानो
नाप्ने कुराहरू नराख्नू । **१५**तिमीहरूसित ठीक
अनि छलरहित ढक र नापहरू हुनुपर्छ र
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
दिनुहुने देशमा तिमीहरू धेरै वर्षसम्म बाँच्नेछौ ।
**१६**किनकि यस्ता गर्ने र बेइमान् जोसुकैलाई
पनि परमप्रभु तिमीहरूका परमेश्वरले घृणा
गर्नुहुन्छ ।

**१७**तिमीहरू मिश्रबाट निस्केर आउँदा
बाटोमा तिमीहरूलाई अमालेकीहरूले के गरे
त्यो सम्झ । **१८**तिमीहरू थाकेर हैरान
भएको बेला तिमीहरूको यात्रामा पछि
परेकाहरूलाई तिनीहरूले काटेर मारे। तिनीहरूसित
परमेश्वरको डर थिएन। **१९**परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई उत्तराधिकारस्वरूप
दिनुहुने देशका छेउछाउका तिमीहरूका
शत्रुहरूदेखि उहाँले तिमीहरूलाई विश्राम
दिनुभएपछि तिमीहरूले अमालेकीहरूको
नाउँनिशानै मेटिदिनू । यो कुरा नबिर्सनू !

## पहिलो फल र दशांश

**२६** तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई उत्तराधिकार-
स्वरूप दिनुहुने देशमा पसेर त्यसमाथि अधिकार
गरेर त्यहाँ बसोबासो गर्न थालेपछि, **२**परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुहुने
देशको माटोबाट तिमीहरूले उब्जाएका सबै
पहिला फलहरूबाट केही लिएर डालोमा हाल्नू ।
त्यसपछि परमप्रभु तिमीहरूका परमेश्वरले
आफ्नो नाउँको खातिर बासस्थानस्वरूप चुन्नुहुने
ठाउँमा तिमीहरू जानू, **३**र त्यस समय कार्यभार
सम्हालेका पूजाहारीलाई यसो भन्नू, "म
परमप्रभु तपाईंको परमेश्वरकहाँ परमप्रभुले हाम्रा
पिता-पुर्खाहरूसित हामीलाई दिनेछु भनी शपथ
खानुभएको देशमा आइपुग्यौं भनी घोषणा
गर्छु ।" **४**पूजाहारीले तिम्रा हातबाट त्यो डालो
लिएर परमप्रभु तिमीहरूका परमेश्वरको वेदीको
सामने राखोस् । **५**तब तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरको सामुन्ने यसो भनेर
घोषणा गर्नू, "मेरा पुर्खा एक जना डुलिहिँड़ने
अरामी थिए, र तिनी केही मानिसहरूसित
मिश्रमा ओर्लेर गए, अनि शक्तिशाली र धेरै
सङ्ख्या भएको एउटा जाति भए । **६**तर
मिश्रीहरूले हामीसित दुर्व्यवहार गरेर सताए र
कठोर परिश्रम गर्न लाए । **७**तब हामीले हाम्रा
पुर्खाहरूका परमेश्वरको पुकारा गर्‍यौं, अनि
परमप्रभुले हाम्रो सोर सुन्नुभयो, अनि
हाम्रो कष्ट, परिश्रम र थिचोमिचो देख्नुभयो ।
**८**यसकारण परमप्रभुले शक्तिशाली हात र
पसारिएको हातले भयानक आतङ्क अनि
अचम्मका चिन्ह र चमत्कारहरूसित हामीलाई
मिश्रबाट निकालेर ल्याउनुभयो । **९**उहाँले
हामीलाई यस ठाउँमा ल्याइकन दूध र मह
बग्ने यो देश दिनुभयो, **१०**अनि अब, हे
परमप्रभु, म, तपाईंले दिनुभएको माटोका पहिला

**२५:१३-१६**–लेवी १९:३५-३६. **२५:१७-१९**–प्रस्थान १७:८-१४; १ शमूएल १५:२-९. **२६:२**–प्रस्थान २३:१९.

फलहरू ल्याउँछु ।” परमप्रभु तिमीहरूका
परमेश्वरको सामुन्ने त्यो डालो राखेर उहाँलाई
दण्डवत् गर्नू । **११**अनि तिमीहरू, लेवीहरू
र तिमीहरूका बीचमा भएका परदेशीहरू
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू र
तिमीहरूका घरानालाई दिनुभएका सबै असल
कुराहरूमा रमाहट गर्नू ।

**१२**तिमीहरूले आफ्ना उब्जनीका दशांश
तेस्रो वर्षमा, अर्थात् दशांशको वर्षमा अलग
गरिसकेपछि तिमीहरूले त्यो लेवीलाई,
परदेशीलाई, अनाथलाई, विधवालाई दिनू र
तिनीहरूले तिमीहरूका शहरहरूमा खाऊन्
अनि तृप्त होऊन् । **१३**तब परमप्रभु तिमीहरूका
परमेश्वरलाई भन्नू, “मैले मेरो घरबाट पवित्र
अंश निकालेर त्यो लेवीलाई, परदेशीलाई, अनाथ
र विधवालाई तपाईंका सबै आज्ञाहरूअनुसार
दिएको छु । म तपाईंका आज्ञाहरूबाट
तर्किगएको छैनँ, नता मैले तीमध्ये कुनैलाई
बिर्सेको छु । **१४**मेरो शोकको समयमा मैले
पवित्र अंशबाट केही पनि खाएको छैनँ, नता
म अशुद्ध हुँदा त्यसबाट केही हटाएको छु,
नता मैले त्यसबाट केही मूर्दालाई चढ़ाएको
छु । मैले परमप्रभु मेरा परमेश्वरको आज्ञा
पालन गरेको छु, तपाईंले मलाई आज्ञा गर्नुभएको
प्रत्येक कुरो मैले गरेको छु । **१५**मलाई तपाईंको
पवित्र वासस्थान स्वर्गबाट हेर्नुहोस् अनि तपाईंको
जाति इस्राएललाई र तपाईंले हाम्रा पुर्खाहरूसित
शपथ खानुभएअनुसार हामीलाई तपाईंले
दिनुभएको दूध र मह बग्ने देशलाई आशिष्
दिनुहोस् ।”

### परमप्रभुको आज्ञा पालन गर्नू

**१६**परमप्रभु तिमीहरूका परमेश्वरले आज
तिमीहरूलाई यी आदेशहरू र नियमहरूअनुसार
चल्न र आफ्नो सम्पूर्ण हृदय र आफ्नो सम्पूर्ण
प्राणले होशियारसाथ ती पालन गर्नु भनी
आज्ञा दिनुहुन्छ । **१७**आजको दिन परमप्रभु
तिमीहरूका परमेश्वर हुनुहुन्छ, र तिमीहरू
उहाँका मार्गहरूमा हिँड्नेछौ, र उहाँका
आदेशहरू, आज्ञाहरू र नियमहरू मान्नेछौ र
उहाँका आज्ञाहरू पालन गर्नेछौ भनी घोषणा
गरेका छौ । **१८**अनि आजको दिन परमप्रभुले
तिमीहरू उहाँका मानिसहरू र उहाँले प्रतिज्ञा
गर्नुभएझैँ उहाँका निजधन हौ र तिमीहरूले
उहाँका सबै आज्ञाहरू मान्नुपर्छ भनी घोषणा
गर्नुभएको छ । **१९**उहाँले तिमीहरूलाई उहाँले
बनाउनुभएका सबै जातिहरू भन्दा बढ़ी प्रशंसा,
ख्याति र आदर दिएर राख्नुहुने अनि उहाँले
प्रतिज्ञा गर्नुभएझैँ तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरको निम्ति एउटा पवित्र जाति हुनेछौ
भनी घोषणा गर्नुभएको छ ।

### एबाल पर्वतमा भएको वेदी

**२७** मोशा र इस्राएलका धर्म-गुरुहरूले भने,
“मैले तिमीहरूलाई आज दिएका यी
आज्ञाहरू पालन गर्नू । **२**तिमीहरू यर्दन
पार गरेर परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुहुने देशमा पुगेपछि, केही
ठूला-ठूला ढुङ्गाहरू खड़ा गरेर तिनीहरूलाई
कमेरोले लिप्नू । **३**तिमीहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरले दिनुहुने दूध र मह
बग्ने देशमा परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैँ तिमीहरू
पार भएर प्रवेश गरेपछि तिनीहरूमाथि यस
व्यवस्थाका सबै शब्दहरू लेख्नू । **४**अनि
तिमीहरूले यर्दन पार गरिसकेपछि मैले
तिमीहरूलाई आज्ञा दिएझैँ यी ढुङ्गाहरूलाई
एवाल पर्वतमा खड़ा गर्नू र तिनीहरूलाई
कमेरोले लिप्नू । **५**त्यहाँ तिमीहरूले एउटा
वेदी, अर्थात् परमप्रभुको निम्ति ढुङ्गाहरूको
वेदी बनाउनू । तिनीहरूमा फलामका कुनै
हतियार नचलाउनू । **६**परमप्रभु तिमीहरूका
परमेश्वरको निम्ति तिमीहरूले नकुँदेका
ढुङ्गाहरूको वेदी बनाउनू र त्यसपछि तिमीहरूले

---

**२६:१२**–व्यवस्था १४:२८-२९. **२६:१८**–प्रस्थान १९:५; व्यवस्था ४:२०; ७:६; १४:२; तीतस २:१४;
१ पत्रुस २:९. **२७:२-८**–यहोशू ८:३०-३२. **२७:५-६**–प्रस्थान २०:२५.

परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
होमबलि चढ़ाउनू । ७त्यहाँ सङ्गति-बलि
चढ़ाउनू, र परमप्रभु तिमीहरूका परमेश्वरको
उपस्थितिमा ती खाँदै तिमीहरूले रमाहट गर्नू ।
८अनि तिमीहरूले खड़ा गरेका ढुङ्गाहरूमा यस
व्यवस्थाका शब्दहरू स्पष्ट गरी लेख्नू ।

### एबाल पर्वतबाट श्रापहरू

९तब मोशा र लेवी पूजाहारीहरूले सारा
इस्राएललाई भने, "हे इस्राएल, शान्त होऊ र
सुन ! अब तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरको जाति भएका छौ । १०परमप्रभु
तिमीहरूका परमेश्वरको आज्ञा पालन गर्नू र
आज मैले तिमीहरूलाई दिएका उहाँका आज्ञाहरू
र आदेशहरू पालन गर्नू ।"

११त्यसै दिन मोशाले मानिसहरूलाई
यसरी आज्ञा दिए,

१२तिमीहरूले यर्दन पार गरिसकेपछि
शिमोन, लेवी, यहूदा, इस्साकार, युसूफ र
बेन्यामीनका कुलहरू मानिसहरूलाई आशिष्
दिनलाई गीरीज्जीम डाँड़ामा खड़ा होऊन् ।
१३अनि रूबेन, गाद, आशेर, जबूलून, दान र
नप्तालीका कुलहरूचाहिँ श्राप दिनलाई एबाल
डाँड़ामा खड़ा होऊन् ।

१४लेवीहरूले इस्राएलका सारा मानिसहरूको
निम्ति चर्को सोरले यसरी उच्चारण गरून्:

१५"कारीगरले खोपेको आकृति अथवा
ढालेको मूर्ति अर्थात् परमप्रभुलाई घीन लाग्ने
कुरो बनाउने र त्यसलाई गुप्तमा स्थापित
गर्ने मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

१६"आफ्ना आमा-बाबुलाई अनादर गर्ने
मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

१७आफ्नो छिमेकीको सिमानाको ढुङ्गा
हटाउने मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

१८अन्धालाई उल्टो दिशातिर डोऱ्याउने
मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

१९"परदेशी, अनाथ र विधवाहरूले
पाउनुपर्ने न्याय नदिने मानिस श्रापित
होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

२०आफ्नो बाबुको स्वास्नीसित सुत्ने
मानिस श्रापित होस्, किनकि त्यसले आफ्नो
बाबुको ओछ्यानको अनादर गर्छ ।"

तब सबै जनाले भनून्, "आमेन !"

२१"पशुसित यौन सम्पर्क राख्ने मानिस
श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमने !"

२२"आफ्नी बहिनी, अर्थात् आफ्नो
बाबुको छोरी अथवा आफ्नी आमाकी
छोरीसित सुत्ने मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून, "आमने !"

२३"आफ्नी सासूसित सुत्ने मानिस
श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

२४आफ्नो छिमेकीलाई गुप्तमा मार्ने
व्यक्ति श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

२५"कुनै निर्दोष व्यक्तिलाई मार्न भनी
घूस लिने मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

२६"यस व्यवस्थाका वचन पूरा गरी
पालन नगर्ने मानिस श्रापित होस् ।"

तब सबै जनाले भनून्, "आमेन !"

---

**२७:१२**–व्यवस्था ११:२९; यहोशू ८:३३-३५. **२७:१५**–प्रस्थान २०:४; ३४:१७; लेवी १९:४; २६:१; व्यवस्था ४:१५-१८; ५:८. **२७:१६**–प्रस्थान २०:१२; व्यवस्था ५:१६. **२७:१७**–व्यवस्था १९:१४. **२७:१९**–प्रस्थान २२:२१; २३:९; लेवी १९:३३-३४; व्यवस्था २४:१७-१८. **२७:२०**–लेवी १८:८; २०:११; व्यवस्था २२:३०. **२७:२१**–प्रस्थान २२:१९; लेवी १८:२३; २०:१५. **२७:२२**–लेवी १८:९; २०:१७. **२७:२३**–लेवी १८:१७; २०:१४. **२७:२६**–गलाती ३:१०.

### आज्ञापालनको निम्ति आशिष्‌हरू

**२८** यदि तिमीहरू परमप्रभु तिमीहरूका परमेश्‍वरप्रति आज्ञाकारी भयौ, र आज मैले तिमीहरूलाई दिएका उहाँका सबै आज्ञाहरूअनुसार होशियारसाथ चल्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूभन्दा उच्च तुल्याउनुहुनेछ ।
**२**तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरको आज्ञा पालन गर्‍यौ भने, यी सबै आशिष् तिमीहरूमाथि पर्नेछन् र तिमीहरूसित रहिरहनेछन्:

**३**तिमीहरू त्यस शहरमा र त्यस देशमा आशिषित् हुनेछौ ।
**४**तिमीहरूका गर्भका फल, र तिमीहरूको देशको अन्‍न-बाली अनि तिमीहरूका वस्तु-भावका बच्चाहरू र बगालका थुमाहरू आशिषित् हुनेछन् ।
**५**तिमीहरूका डालो र तिमीहरूको पीठो मुछ्‍ने आरी आशिषित् हुनेछन् ।
**६**तिमीहरू भित्र आउँदा र बाहिर जाँदा आशिषित् हुनेछौ ।

**७**तिमीहरूको विरुद्धका खड़ा हुने शत्रुहरू तिमीहरूकै सामुन्‍ने परास्त हुनलाई परमप्रभु मञ्जूर गर्नहुनेछ । तिनीहरू एउटा दिशाबाट तिमीहरूमाथि आउनेछन् तर तिमीहरूबाट सात दिशातिर भाग्नेछन् ।

**८**परमप्रभुले तिमीहरूका ढुकुटीमा र तिमीहरूले हात लगाएको जेसुकैमा पनि आशिष् पठाउनुहुनेछ । उहाँले तिमीहरूलाई दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ ।

**९**यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरका आज्ञाहरू पालन गर्‍यौ, र उहाँका मार्गहरूमा हिंड्‌यौ भने, उहाँले तिमीहरूसित शपथद्वारा प्रतिज्ञा गर्नुभएझैं परमप्रभुले तिमीहरूलाई एउटा पवित्र जातिको रूपमा स्थापित गर्नुहुनेछ ।
**१०**तब तिमीहरू परमप्रभुको नाउँद्वारा बोलाइएका हौ भनी, यस पृथ्वीका सबै मानिसहरूले देख्‍नेछन्, अनि तिनीहरू तिमीहरूसित डराउनेछन् ।
**११**तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्‍नति दिनुहुनेछ ।

**१२**तिमीहरूको देशमा ठीक समयमा वर्षा पठाउनलाई र तिमीहरूका हातका सबै कामहरूमा आशिष् दिनलाई परमप्रभुले आकाश अर्थात् उहाँका प्रशस्तताको भण्डारलाई खोलिदिनुहुनेछ । तिमीहरूले धेरै जातिहरूलाई ऋण दिनेछौ तर कसैबाट पनि ऋण लिनेछैनौ,
**१३**परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर बनाउनुहुनेछ । यदि तिमीहरूले मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्‍वरका आज्ञाहरूमा ध्यान दियौ र तिनीहरूलाई होशियारसाथ पालन गर्‍यौ भने, तिमीहरू सधैँ फेदमा होइन तर शिखरमा हुनेछौ ।
**१४**मैले आज तिमीहरूलाई दिएका आदेशहरूमध्ये कुनैबाट पनि दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि लागी तिनीहरूको सेवा नगर ।

### अनाज्ञाकारिताको निम्ति श्रापहरू

**१५**तरै पनि, यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरको आज्ञा पालन गरेनौ, र मैले आज तिमीहरूलाई दिइरहेका आज्ञाहरू र आदेशहरू होशियारसाथ पालन गरेनौ भने, यी सबै श्रापहरू तिमीहरूमाथि आईपर्नेछन् र तिमीहरूलाई उछिन्‍नेछन्:

**१६**तिमीहरू शहरमा श्रापित हुनेछौ र देशमा श्रापित हुनेछौ ।
**१७**तिमीहरूका डालो र पीठो मुछ्‍ने आरी श्रापित हुनेछन् ।
**१८**तिमीहरूका गर्भका फल, र तिमीहरूका जमिनका अन्‍न-बाली तिमीहरूका बथानका बाछाहरू र बगालका थुमाहरू श्रापित हुनेछन् ।
**१९**तिमीहरू भित्र आउँदा र बाहिर जादाँ श्रापित हुनेछौ ।

---

**२८:१-१४**–लेवी २६:३-१३; व्यवस्था ७:१२-२४; ११:१३-१७. **२८:१५-६८**–लेवी २६:१४-४६.

**२०**तिमीहरूले उहाँलाई त्यागेर दुष्ट काम
गरेको कारण तिमीहरू नष्ट र ध्वंश नभएसम्म
परमप्रभुले तिमीहरूले हात हालेको जेसुकैमा
पनि श्राप, खलबली र धम्की पठाउनुहुनेछ ।
**२१**तिमीहरूले अधिकार गर्न प्रवेश गरिरहेको
देशमा तिमीहरू नष्ट नभएसम्म परमप्रभुले
तिमीहरूलाई महामारी र रोगहरूले हैरान
बनाउनुहुनेछ । **२२**तिमीहरू नष्ट नभएसम्म
परमप्रभुले तिमीहरूमाथि क्षयरोग, जरो, सूज,
प्रचण्ड ताप र खड़ेरी, वृक्ष ओइल्याउने
र ढुसी पर्ने रोगहरूले प्रहार गर्नुहुनेछ ।
**२३**तिमीहरूमाथिको आकाशहरू काँसा र
तिमीहरूमुनिको जमिन फलामजस्तै हुनेछन् ।
**२४**परमप्रभुले तिमीहरूको देशको वर्षालाई
धूलोपीठोमा परिणत गरिदिनुहुनेछ, र तिमीहरू
नष्ट नभएसम्म आकाशबाट त्यो झर्नेछ ।

**२५**परमप्रभुले तिमीहरूलाई आफ्ना
शत्रुहरूसित हार्न दिनुहुनेछ । तिमीहरू
तिनीहरूमाथि एक दिशाबाट आएर सात
दिशाहरूतिर भाग्नेछौ र तिमीहरू सारा पृथ्वीको
निम्ति घृणाको कुरो हुनेछौ । **२६**तिमीहरूमा
लाशहरू आकाशका सबै चराहरूको निम्ति र
पृथ्वीका जन्तुहरूको निम्ति भोजन हुनेछन् र
तिनीहरूलाई तर्साएर धपाउने कोही हुनेछैन ।
**२७**परमप्रभुले तिमीहरूलाई मिश्रका पीलो, घाउ-
खटीरा, दाद र लूतोले सताउनुहुनेछ जसबाट
तिमीहरू निको हुन सक्नेछैनौ । **२८**परमप्रभुले
तिमीहरूलाई पागलपन, अन्धोपन र मनको
खलबलीले सताउनुहुनेछ । **२९**तिमीहरू मध्यदिनमै
अँध्यारोमा अन्धा मानिसले छामछाम-छुमछुम
गरेझैं गर्नेछौ । तिमीहरूले गरेका जे कुरामा
पनि तिमीहरू असफल हुनेछौ । तिमीहरू
दिनैपिच्छे लुटिनेछौ, र तिमीहरूलाई उद्धार
गर्ने कोही हुनेछैन ।

**३०**कुनै स्त्रीसित तिमीहरूको विवाहको
प्रतिज्ञा भएको हुनेछ, तर त्यसलाई अर्कोले
लगेर बलात्कार गर्नेछ । तिमीहरूले घर
बनाउनेछौ तर तिमीहरू त्यसमा बस्न
पाउनेछैनौ । तिमीहरूले दाखबारी लगाउनेछौ
तर त्यसको फल अलिकति पनि आफै चाख्न
पाउनेछैनौ । **३१**तिमीहरूको गोरु तिमीहरूका
आँखाकै सामुन्ने मारिनेछ तर तिमीहरूले
त्यसबाट केही पनि खान पाउनेछैनौ ।
तिमीहरूको गधा जबरजस्तसँग तिमीहरूबाट
खोसेर लगिनेछ र त्यो फर्काइनेछैन ।
तिमीहरूको भेड़ाहरू तिमीहरूका शत्रुहरूलाई
दिइनेछ र कसैले तिनीहरूलाई छुटाउने छैन ।
**३२**तिमीहरूका छोराछोरीहरू अरू जातिलाई
दिइनेछन् र दिन दिन तिनीहरूको बाटो हेर्दा
तिमीहरूका आँखा टट्टाउनेछन् तर तिमीहरू
आफ्ना हात उठाउन नसक्ने गरी कमजोर
भएका हुनेछौ । **३३**तिमीहरूले नचिनेको जातिले
तिमीहरूको जमिन र परिश्रमले कमाएको
खानेछ तर सधैं थिचोमिचोमा पर्न बाहेक
तिमीहरूसित केही पनि हुनछैन । **३४**तिमीहरूले
देखेका दृष्यहरूले तिमीहरूलाई बौलाहा
बनाइदिनेछन् । **३५**परमप्रभुले तिमीहरूका घुँड़ा
र खुट्टाहरूलाई निको नहुने पीलोले सताउनुहुनेछ,
जुनचाहिँ तिमीहरूका पैतालादेखि शिरको
टुप्पोसम्म फैलेर जानेछन् ।

**३६**परमप्रभुले तिमीहरूलाई र तिमीहरूले
आफूमाथि खड़ा गरेको राजालाई तिमीहरू र
तिमीहरूका पुर्खाहरूले नजानेको एउटा
जातिकहाँ धपाउनुहुनेछ । त्यहाँ तिमीहरूले अरू
देवताहरू, अर्थात् काठ र ढुङ्गाका देवताहरूलाई
पूज्नेछौ । **३७**त्यहाँ तिमीहरूलाई परमप्रभुले
धपाउनुभएका सबै जातिहरूबीच तिमीहरू
तिरष्कारको पात्र, र अनादार र हाँसोका पात्रहरू
हुनेछौ ।

**३८**तिमीहरूले आफ्ना जमिनमा धेरै बीउ
छर्नेछौ, तर कटनीचाहिँ थोरै गर्नेछौ, किनकि
सलहहरूले ती खाइहाल्नेछन् । **३९**तिमीहरूले
दाखबारी लगाएर त्यसको खेती गर्नेछौ, तर
तिमीहरूले मद्य पिउनेछैनौ, अथवा अङ्गूर
बटुल्नेछैनौ, किनकि किराहरूले ती खाइहाल्नेछन्,
**४०**तिमीहरूका देशभरि भद्राक्षका रूखहरू त
हुनेछन्, तर तिमीहरूले तेल प्रयोग गर्नेछैनौ,
किनकि भद्राक्षहरू झरिहाल्नेछन् । **४१**तिमीहरूका
छोराछोरीहरू त हुनेछन्, तर ती तिमीहरूसित
रहनेछैनन्, किनकि ती कैदमा जानेछन् ।

**४२**तिमीहरूको देशका रूखहरू र अन्नबाली-
हरूलाई सलहका दलहरूले स्वाहा पार्नेछन् ।
**४३**तिमीहरूबीच बसेका परदेशी तिमीहरूभन्दा
माथि-माथि उठ्नेछ, तर तिमीहरूचाहिँ तल-
तल होचिनेछौ । **४४**त्यसले तिमीहरूलाई
ऋण दिनेछ, तर तिमीहरूले त्यसलाई ऋण
दिनेछैनौ । त्यो शिर हुनेछ, तर तिमीहरूचाहिँ
पुच्छर हुनेछौ ।
**४५**तिमीहरूमाथि यी सबै श्रापहरू
आउनेछन् । तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा पालन नगरेकोले र
उहाँले तिमीहरूलाई दिनुभएका आज्ञाअनुसार
नचलेकाले तिनीहरूले तिमीहरू नष्ट भएसम्म
तिमीहरूलाई लखेटेर भेट्टाउनेछन् । **४६**तिनीहरू
सधैँको लागि तिमीहरू र तिमीहरूका सन्तानको
निम्ति चिन्ह र चमत्कार हुनेछन् । **४७**तिमीहरूले
आफ्नो उन्नतिको समयमा परमप्रभु तिमीहरूका
परमेश्वरको सेवा हर्ष र खुशीसाथ गरेनौ ।
**४८**यसकारण भोक, प्यास, नग्नता र सबै
चीजको अभावमा परेर परमप्रभुले तिमीहरूका
विरुद्धमा पठाउनुभएका शत्रुहरूको तिमीहरूले
सेवा गर्नेछौ । उहाँले तिमीहरूलाई नाश
नगरेसम्म तिमीहरूको काँधमा चाहिँ फलामको
जुवा हालिदिनुहुनेछ ।
**४९**परमप्रभुले टाढ़ाबाट, अर्थात् पृथ्वीको
पल्लो छेउबाट बेगसित तल झर्ने चीलझैँ एउटा
जातिलाई तिमीहरूको विरुद्धमा ल्याउनुहुनेछ,
जसको भाषा तिमीहरू बुझ्नेछैनौ । **५०**त्यो जाति,
जसले वृद्धहरूको आदर गर्नेछैन र बालकहरूमाथि
दया पनि देखाउनेछैन । **५१**तिमीहरू नष्ट
नभएसम्म तिनीहरूले तिमीहरूका गाईबस्तुका
बच्चाहरू र तिमीहरूको जमिनका अन्नबाली
खानेछन् । तिमीहरू ध्वंस नभएसम्म तिनीहरूले
तिमीहरूको निम्ति कुनै अन्न, नयाँ दाखमद्य र
तेल, औ तिमीहरूका बथानका बाछाहरू अथवा
बगालका थुमाहरू राख्नेछैनन् । **५२**तिमीहरूले
भरोसा राखेका अग्ला र सुरक्षित पर्खालहरू
नभत्केसम्म तिनीहरूले तिमीहरूको देशभरिका
सबै शहरहरूलाई घेरेर राख्नेछन् । परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुहुने
देशभरिका सबै शहरहरूलाई तिनीहरूले
घेर्नेछन् ।
**५३**घेरामा परेको समयमा तिमीहरूको शत्रुले
तिमीहरूलाई दिएको कष्टको कारण तिमीहरूले
आफ्ना गर्भका फल, अर्थात् परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएका
छोराछोरीहरूका मासु खानेछौ । **५४**तिमीहरूको
बीचमा भएका अति भद्र र संवेदनशील मानिसले
पनि आफ्नै दाज्यूभाइ अथवा त्यसले प्रेम गरेकी
स्वास्नी र त्यसका बाँचेका बालबच्चाहरूलाई
टिठ्याउने छैन, **५५**अनि त्यसले तीमध्ये कसैलाई
त्यसले खाँदै गरेको आफ्ना बालबच्चाहरू
दिनेछैन । तिमीहरूका सबै शहरहरू घेरामा
परेको समयमा तिमीहरूको शत्रुले दिएको कष्टको
कारण, त्यससित त्यो मात्र रहेको हुनेछ ।
**५६**तिमीमध्ये भूइँ पनि छुने आँट नगर्नेसम्मको
भद्र र कोमल स्त्रीले आफूले प्रेम गरेको पति र
आफ्नै छोराछोरीहरूसित डाह गर्नेछे, **५७**आफैले
कोखबाट जन्माएका बालबच्चाहरूसित त्यसले
डाह गर्नेछे । किनकि तिमीहरूका शत्रुले
तिमीहरूका शहरहरूमाथि ल्याएका विपत्तिमा
त्यसले तिनीहरूलाई गुप्तमा खाने इच्छा
गर्नेछे ।
**५८**यदि तिमीहरूले यस पुस्तकमा लेखिएका
यस व्यवस्थाका वचनहरू होशियारसाथ पालन
गरेनौ, अनि परमप्रभु तिमीहरूका परमेश्वरको
महिमित र भययोग्य नाउँको आदर गरेनौ भने,
**५९**परमप्रभुले तिमीहरू र तिमीहरूका
सन्तानहरूमाथि कठोर र डरलाग्दा विपत्तिहरू
अनि भयानक र लामो समयसम्म रहने
रोगहरू पठाउनुहुनेछ ।
**६०**उहाँले तिमीहरूमाथि तिमीहरूलाई डर
लाग्ने मिश्रका सबै रोगहरू ल्याउनुहुनेछ अनि
ती तिमीहरूमा टाँसिरहनेछन् । **६१**परमप्रभुले
तिमीहरूमाथि व्यवस्थाको यस पुस्तकमा दर्ता
नभएका प्रत्येक किसिमका रोगहरू र विपत्ति

**२८:५७**–२ राजा ६:२८-२९; विलाप ४:१०.

तिमीहरू नष्ट नभएसम्म ल्याउनुहुनेछ ।
**६२**तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरको
आज्ञा पालन नगरेका हुनाले आकाशका
ताराहरूझैँ असङ्ख्य भएका तिमीहरू घटेर
सङ्ख्यामा थोरै हुनेछौ । **६३**तिमीहरूलाई
उन्‍नतशील बनाउन र सङ्ख्यामा बढ़ाउन
परमेश्‍वरलाई मन परेझैँ तिमीहरूलाई ध्वंस
पार्न र नाश गर्न उहाँलाई मन पर्नेछ ।
तिमीहरूले अधिकार गर्नलाई प्रवेश गरिरहेको
देशबाट तिमीहरू जरैसमेत उखेलिनेछौ ।

**६४**त्यसपछि परमप्रभुले तिमीहरूलाई
पृथ्वीको एक छेउदेखि अर्को छेउसम्म सबै
जातिहरूबीच तितरबितर पार्नुहुनेछ । त्यहाँ
तिमीहरू अरू देवताहरू, अर्थात् काठ र ढुङ्गाका
देवताहरूलाई पूज्‍नेछौ जसलाई नता तिमीहरूले
नता तिमीहरूका पुर्खाहरूले जानेका छन् ।
**६५**ती देशहरूमा तिमीहरूले आफ्ना खुट्टाको
पैतालाको निम्ति आराम र विश्रामस्थल
पाउनेछैनौ । त्यहाँ परमप्रभुले तिमीहरूलाई
मनमा फिक्री र आँखामा प्रतीक्षाको थकावट
र हृदयमा निराशा दिनुहुनेछ । **६६**तिमीहरू
आफ्नो जीवनबारे निश्‍चित नभई दिनरात
डरले भरिएर हरसमय द्विविधामा जिउनेछौ ।
**६७**तिमीहरूको हृदय डरले भरिएको अनि
तिमीहरूका आँखाले देखेका दृश्यहरूको
कारण बिहान तिमीहरूले "त्यो त साँझ
भइदिएको भए हुनेथियो" भन्‍नेछौ र साँझमा
चाहिँ "यो त बिहान भइदिएको भए हुनेथियो"
भनेर भन्‍नेछौ । **६८**परमप्रभुले तिमीहरूलाई मैले
तिमीहरूलाई त्यहाँ कहिल्यै फर्केर नजानू भनेको
मिश्रमा जहाजमा फर्काएर पठाउनुहुनेछ । त्यहाँ
तिमीहरूले आफैलाई तिमीहरूका शत्रुहरूको
हातमा कमारा र कमारीझैँ दिनु राजी हुनेछौ,
तर तिमीहरूलाई कसैले पनि किन्‍नेछैनन् ।

### अर्ती र चेताउनीहरू

**२९** परमप्रभुले इस्राएलीहरूसित होरेबमा
बाँध्नुभएको करारका अतिरिक्त उहाँले
मोआबमा मोशालाई इस्राएलीहरूसित बाँधन
दिनुभएको करारका शर्तहरू यिनै हुन् ।

**२**मोशाले सारा इस्राएलीहरूलाई बोलाइपठाएर
तिनीहरूलाई भने:

परमप्रभुले मिश्रमा फिरौनसित अनि तिनका
भारदारहरूसित र तिनको सारा देशसित
गर्नुभएका सबै तिमीहरूका आँखाले देखेका
छन् । **३**तिमीहरूले आफ्नै आँखाले ती ठूला
जाँचहरू, ती अचम्मका चिन्हहरू र महान्
चमत्कारहरू देखेका छौ । **४**तर आजको
दिनसम्म परमप्रभुले तिमीहरूलाई बुझ्ने मन,
देख्ने आँखा र सुन्‍ने कान दिनुभएको छैन ।
**५**मैले तिमीहरूलाई उजाड़-स्थानमा चालीस
वर्षसम्म डोऱ्याएको समयमा तिमीहरूका लुगा
र तिमीहरूका जुत्ता फाटेनन् । **६**तिमीहरूले
रोटी खाएनौ र मद्य अथवा छिप्पिएको अरू
मद्य पदार्थ पिएनौ । तिमीहरूले म नै परमप्रभु
तिमीहरूका परमेश्‍वर हुँ भनी जान्‍न सक भनेर
नै मैले त्यसो गरें ।

**७**तिमीहरू यस ठाउँमा आइपुग्दा हेश्‍बोनका
राजा हेश्‍बोन अनि बाशानका राजा ओग
हामीसित लड़ाइँ गर्न आए, तर हामीले
तिनीहरूलाई परास्त गऱ्यौं । **८**हामीले तिनीहरूको
देश लियौं, अनि त्यसलाई उत्तराधिकारस्वरूप
रूबेनीहरू, गादीहरू र मनश्शेको आधा
कुललाई दियौं ।

**९**यस करारका शर्तहरूलाई होशियारसाथ
पालन गर र तिमीहरूले जे गरे तापनि उन्‍नति
गर्नेछौ । **१०**आज तिमीहरू सबै अर्थात् तिमीहरूका
अगुवाहरू र मुख्य व्यक्तिहरू, तिमीहरूका धर्म-
गुरुहरू र अधिकृतहरू सबै परमप्रभु तिमीहरूका
परमेश्‍वरको उपस्थितिमा उभिरहेका छौ, **११**अनि
तिमीहरूका बालबच्चाहरू र तिमीहरूका
स्वास्नीहरू, अनि तिमीहरूका दाउरा काट्ने र
पानी बोक्ने तिमीहरूका छाउनीमा बसेका
परदेशीहरू पनि साथमा छन् । **१२**तिमीहरू
यहाँ परमप्रभु तिमीहरूका परमेश्‍वरसित एउटा
करारमा बाँधिनलाई उभेका छौ, जुन करार

**२९:७**–गन्ती २१:२१-३५. **२९:८**–गन्ती ३२:३३.

परमप्रभुले आज शपथद्वारा छाप लगाउँदै
तिमीहरूसित बाँध्नुहुँदैछ, **१३**जसद्वारा उहाँले
तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैँ र उहाँले
तिमीहरूका पुर्खाहरू अब्राहाम, इसहाक र
याकूबसित शपथ खानुभएझैँ तिमीहरू उहाँका
मानिसहरू र उहाँ तिमीहरूका परमेश्वर
हुनुहुन्छ भनी दृढ़ गरिनेछ। **१४**मैले शपथसित
यो करार तिमीहरूसित मात्र बाँधेको छैनँ,
**१५**जुनहरू आज यहाँ परमप्रभु तिमीहरूका
परमेश्वरको उपस्थितिमा उभिरहेका छौ, तर
आज यहाँ नहुनेहरूसित पनि बाँधेको छु।

**१६**हामी मिश्रमा कसरी बस्यौं र यहाँ
आइपुग्नको लागि हामीले कसरी देशहरू पार
गर्‍यौं भनी तिमीहरू आफै जान्दछौ। **१७**तीमध्ये
तिमीहरूले तिनीहरूका घिनलाग्दा आकृतिहरू
अनि काठका र ढुङ्गाका, चाँदी र सुनका मूर्तिहरू
देख्यौ। **१८**परमप्रभु हाम्रा परमेश्वरदेखि तर्किगएर
ती जातिहरूका देवताहरूको पूजा गर्ने हृदय
भएको कुनै पुरुष अथवा स्त्री वंश अथवा कुल
तिमीहरूबीच छैन भन्ने कुरा पक्का गर्नू।
तीतो विष उमार्ने कुनै जरा तिमीहरूबीच छैन
भन्ने कुरा पक्का गर्नू।

**१९**जब कुनै व्यक्तिले यस शपथका शब्दहरू
सुन्छ, त्यसले आफूमाथि आशिष् माग्छ अनि
"म आफ्नै तरीकाले चलिरहेँ भने, पनि म
सुरक्षित नै रहनेछु" भनेर सम्झन्छ। यसले
पानी भएको अथवा ओबानो जमिनमा विपत्ति
ल्याउनेछ। **२०**परमप्रभुले त्यसलाई क्षमा
दिन कहिल्यै इच्छा गर्नुहुन्न। उहाँको क्रोध र
डाह त्यस मानिसको विरुद्धमा जलिरहनेछ।
यस पुस्तकमा लेखिएका सबै श्रापहरू त्यसमाथि
पर्नेछन्, अनि परमप्रभुले त्यसको नाउँ आकाश-
मुनिबाट मेटिदिनुहुनेछ। **२१**व्यवस्थाको पुस्तकमा
लेखिएको करारका सबै श्रापहरूअनुसार
परमप्रभुले त्यसलाई इस्राएलका सबै कुलहरूबाट
विपत्तिको निम्ति छुटयाउनुहुनेछ।

**२२**तिमीहरूभन्दा पछि आउने पुस्ताका
तिमीहरूका बालबच्चाहरू र टाढ़ा देशहरूबाट
आउने परदेशीहरूले यस देशमा परेका
विपत्तिहरू अनि परमप्रभुले यसमा पठाउनुभएका
रोगहरू देख्नेछन्। **२३**सारा देशलाई नून र
गन्धकले डढ़ाएर बर्बाद गर्नेछ। त्यहाँ केही
रोपिने र उम्रने छैन, अनि कुनै वृक्ष हुनेछैन।
यो त परमप्रभुले आफ्नो भयानक क्रोधमा नष्ट
पार्नुभएको सदोम र गमोरा, अदमा र सबोयीमझैँ
हुनेछ। **२४**सबै जातिहरूले "परमप्रभुले यस
देशलाई किन यस्तो गर्नुभयो ? किन यस्तो
डरलाग्दो र बल्दो रीस ?" भनेर सोध्नेछन्।

**२५**अनि जवाफचाहिँ यस्तो हुनेछ, "किनकि
यस जातिले परमप्रभु तिनीहरूका पिता-पुर्खाहरूका
परमेश्वरको करार, अर्थात् उहाँले तिनीहरूलाई
मिश्रबाट ल्याउनुहुँदा तिनीहरूसित बाँध्नुभएको
करार त्यागेका छन्। **२६**तिनीहरू तर्किगएर
अरू देवताहरू, अर्थात् तिनीहरूले नजानेका र
उहाँले तिनीहरूलाई नदिनुभएका देवताहरूलाई
पूजे। **२७**यसकारण परमप्रभुको क्रोध यस देशको
विरुद्धमा दन्क्यो, र उहाँले यस पुस्तकमा
लेखिएका सबै श्रापहरू यसमाथि ल्याउनुभयो।
**२८**भयानक रीस र ठूलो क्रोधमा परमप्रभुले
तिनीहरूलाई आफ्नो देशबाट उखेलेर
तिनीहरूलाई अर्को देशमा फ्याँकिदिनुभयो, जुन
अहिले छँदैछ।"

**२९**रहस्यका कुराहरू परमप्रभुकै हुन्, तर
हामीले यस व्यवस्थाका सबै कुराहरू पालन
गरौं भनेर प्रकाश भएका कुराहरूचाहिँ हाम्रा
र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्।

## परमप्रभुतिर फर्केपछिको उन्नति

**३०** जब मैले तिमीहरूका सामने राखिदिएका
यी सबै आशिष्हरू र श्रापहरू
तिमीहरूमाथि आइपर्नेछन्, अनि तिमीहरूले
ती परमप्रभुले तिमीहरूलाई तितरबितर
पारिदिनुभएका जातिहरूबीच हृदयमा राख्नेछौ,
**२**अनि जब तिमीहरू र तिमीहरूका बालबच्चाहरू
फर्केर परमप्रभु तिमीहरूका परमेश्वरकहाँ
आउँछौ, अनि मैले आज तिमीहरूलाई आज्ञा

**२९:१८**–हिब्रू १२:१५. **२९:२३**–उत्पत्ति १९:२४-२५.

दिएझैँ प्रत्येक कुरोमा आफ्ना सारा हृदयले,
अनि तिमीहरूका सारा प्राणले उहाँका आज्ञा
पालन गर्छौ, **३**तब परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूका सुदिन फर्काइदिनुहुनेछ,
अनि तिमीहरूमाथि दया देखाउनुहुनेछ र
उहाँले तिमीहरूलाई तितरबितर पार्नुभएका
जातिहरूबीचबाट तिमीहरूलाई फेरि भेला
गराउनुहुनेछ। **४**यदि तिमीहरू आकाशमुनिका
टाढ़ा देशमा धपाइएका छौ भने, पनि परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई त्यहाँबाट
भेला गराएर फर्काइल्याउनुहुनेछ । **५**उहाँले
तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाहरूको
देशमा ल्याउनुहुनेछ, अनि त्यसलाई तिमीहरूले
अधिकार गर्नेछौ । उहाँले तिमीहरूलाई
तिमीहरूका पिता-पुर्खाहरूभन्दा उन्नतशील र
असङ्ख्य बनाउनुहुनेछ। **६**परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूका हृदयको अनि तिमीहरूका
सन्तानहरूका हृदयको खतना गर्नुहुनेछ, ताकि
तिमीहरूले उहाँले आफ्ना सारा हृदयले र आफ्ना
सारा प्राणले प्रेम गर अनि बाँच । **७**परमप्रभु
तिमीहरूका परमेश्वरले यी सबै श्रापहरू
तिमीहरूलाई सताउने तिमीहरूका शत्रुहरूमाथि
हालिदिनुहुनेछ। **८**तिमीहरूले फेरि परमप्रभुको
आज्ञा पालन गर्नेछौ, अनि आज मैले
तिमीहरूलाई दिइरहेका उहाँका सबै आज्ञाअनुसार
चल्नेछौ। **९**तब परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूका हातका सबै कामहरूमा अनि
तिमीहरूका गर्भका फलमा, तिमीहरूका वस्तु-
भावका बच्चाहरूमा र तिमीहरूका जमिनका
अन्न-बालीहरूमा तिमीहरूलाई अति उन्नतशील
बनाउनुहुनेछ। उहाँ तिमीहरूका पिता-पुर्खाहरूसित
प्रसन्न हनुभएझैँ परमप्रभु तिमीहरूसित प्रसन्न
हुनुहुनेछ, अनि तिमीहरूलाई उन्नतशील
बनाउनुहुनेछ । **१०**यदि तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञा पालन गर्‍यौ,
अनि व्यवस्थाको यस पुस्तकमा लेखिएका उहाँका
आज्ञाहरू अनि आदेशहरू पालन गर्‍यौ, अनि
आफ्ना सारा हृदय र आफ्ना सारा प्राणले
परमप्रभु तिमीहरूका परमेश्वरतिर फर्क्यौ भने
यस्तो हुनेछ ।

## जीवन र मृत्युको प्रस्ताव

**११**अब आज तिमीहरूलाई जे आज्ञा दिँदैछु,
त्यो तिमीहरूको निम्ति अति कठिन अथवा
गाह्रो छैन। **१२**त्यो माथि स्वर्गमा नभएको हुनाले
तिमीहरूले "स्वर्गमा को उक्लिगएर त्यसलाई
ल्याएर हामीलाई घोषणा गर्नेछ, र हामी त्यसलाई
पालन गरौंला ?" भनेर भन्नु पर्दैन। **१३**त्यो नता
समुद्र पारि नै छ र तिमीहरूले "कसले त्यसलाई
समुद्र पार गरेर ल्याईकन हामीलाई घोषणा गर्ला
र हामी त्यसलाई पालन गरौंला ?" भन्नेछौ।
**१४**होइन, वचन तिमीहरूको एकदमै नजीक छ,
त्यो त तिमीहरूले पालन गर्नलाई तिमीहरूका
मुखैमा छ, र तिमीहरूका हृदयमै छ ।

**१५**हेर, आज म तिमीहरूको सामुन्ने जीवन
र उन्नति, मृत्यु र विनाश राख्दैछु। **१६**किनकि
म आज तिमीहरूलाई परमप्रभु तिमीहरूका
परमेश्वरलाई प्रेम गर्नु, उहाँका मार्गमा हिँड़नु
र उहाँका आज्ञाहरू, आदेशहरू र नियमहरू
पालन गर्नु भन्ने आज्ञा दिन्छु, तब तिमीहरू
बाँच्नेछौ अनि सङ्ख्यामा बढ़नेछौ, र परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूले अधिकार
गर्न प्रवेश गरिरहेको देशमा तिमीहरूलाई
आशिष् दिनुहुनेछ ।

**१७**तर यदि तिमीहरूका हृदय तर्किगएर
तिमीहरू अनाज्ञाकारी भयौ, अनि तिमीहरू अरू
देवताहरूको सामने निहुरिन र तिनीहरूलाई
पूज्नलाई तर्किगयौ भने, **१८**म आज तिमीहरूलाई
यो घोषण गर्दछु, कि तिमीहरू अवश्य नाश
हुनेछौ । तिमीहरूले अधिकार गर्न भनी यर्दन
पार गरेर जाने देशमा तिमीहरू लामो
समयसम्म बाँच्नेछैनौ ।

**१९**आजको दिन म आकाश र पृथ्वीलाई
तिमीहरूको विरुद्धमा साक्षीस्वरुप बोलाउँछु कि
मैले तिमीहरूको सामुन्ने जीवन र मृत्यु, आशिष्
र श्राप राखेको छु। अब जीवन नै रोज अनि

---

**३०:१२-१४**–रोमी १०:६-८.

तिमीहरू र तिमीहरूका छोराछोरीहरू बाँच्न
सकून्, **२०**अनि तिमीहरूले परमेश्‍वरलाई प्रेम
गर्न अनि उहाँको सोर सुन्‍न र उहाँमा
लागिरहन सकौला । किनकि परमप्रभु नै
तिमीहरूका जीवन हुनुहुन्छ, अनि उहाँले
तिमीहरूका पुर्खाहरू अब्राहाम, इसहाक र
याकूबसित दिनेछु भनी शपथ खानुभएको देशमा
उहाँले तिमीहरूलाई धेरै वर्षहरू दिनुहुनेछ ।

### मोशापछि यहोशू

**३१** तब बाहिर गएर मोशाले सारा
इस्राएललाई यी कुराहरू भने, **२**"अब
म एक सय बीस वर्ष पुगेको छु, अनि अब
उप्रान्त म तिमीहरूलाई डोऱ्याउन असमर्थ
छु । परमप्रभुले मलाई "तैंले यर्दन पार
गर्नेछैनस्" भनेर भन्‍नुभएको छ । **३**परमप्रभु
तिमीहरूका परमेश्‍वर आफै तिमीहरूको अगि
पारि जानुहुनेछ । उहाँले तिमीहरूको सामने
यी जातिहरूलाई नष्‍ट गर्नुहुनेछ, अनि तिमीहरूले
तिनीहरूको देशमाथि अधिकार गर्नेछौ ।
परमप्रभुले भन्‍नुभएझैँ यहोशू पनि तिमीहरूको
अगि पारि जानेछ । **४**अनि परमप्रभुले तिमीहरूसित
त्यही गर्नुहुनेछ, जुन उहाँले एमोरीहरूका
राजाहरू सीहोन र ओगसित तिनीहरूका
राज्यसितै तिनीहरूलाई नाश पारेर गर्नुभएको
थियो । **५**परमप्रभुले तिनीहरूलाई तिमीहरूको
हातमा सुम्पिदिनुहुनेछ, अनि तिमीहरूले
तिनीहरूलाई मैले तिनीहरूलाई आज्ञा दिएझैँ
गर्नू । **६**बलियो र साहसी हुनू । तिनीहरूसित
नडराउनू र आतङ्कित नहुनू, किनकि परमप्रभु
तिमीहरूका परमेश्‍वर तिमीहरूसित जानुहुनेछ ।
उहाँले तिमीहरूलाई कहिल्यै छोड्नुहुनेछैन, नता
त्याग्नु नै हुनेछ ।"

**७**तब मोशाले यहोशूलाई बोलाइपठाए, अनि
सारा इस्राएलको उपस्थितिमा तिनलाई भने,
"बलियो र साहसी हुनू, किनकि तिमी यी
मानिसहरूसित परमप्रभुले तिनीहरूका पिता-
पुर्खाहरूलाई दिनेछु भनी शपथ खानुभएको
देशमा जानुपर्छ, अनि तिमीले त्यसलाई
तिनीहरूबीच तिनीहरूका अधिकारस्वरूप
बाँड्दिनुपर्छ । **८**परमप्रभु आफै तिम्रो अगि
जानुहुनेछ, र तिमीसित हुनुहुनेछ । उहाँले
तिमीलाई कहिल्यै छोड्नुहुनेछैन, नता
त्याग्नुहुनेछ । तिमी नडराउनू, निराश नहुनू ।

### व्यवस्था पाठ

**९**मोशाले यो व्यवस्था लेखे, अनि त्यो
लेवीका छोराहरू, अर्थात् करारका सन्दूक बोक्ने
पूजाहारीहरू र इस्राएलका सबै धर्म-गुरुहरूलाई
दिए । **१०**तब मोशाले तिनीहरूलाई यसरी आज्ञा
दिए, "प्रत्येक सात वर्षको अन्तमा, अर्थात् भूप्रो-
वासको चाड़को समय ऋण माफ दिने समयमा,
**११**जब सारा इस्राएल परमप्रभुले चुन्‍नुहुने
ठाउँमा उहाँको उपस्थितिमा देखापर्न आउँछन्,
तिमीहरूले यो व्यवस्था तिनीहरूले सुन्‍ने गरी
पढ़नू । **१२**मानिसहरू, अर्थात् पुरुषहरू, स्त्रीहरू,
बालबच्चाहरू र तिमीहरूका शहरहरूमा
बस्ने परदेशीलाई तिनीहरूले सुनून्, र परमप्रभु
तिमीहरूका परमेश्‍वरको डर मानून्, र यस
व्यवस्थाका वचनहरू होशियारसाथ पालन गरून्
भनी भेला गर्नू । **१३**यस व्यवस्थालाई नजान्‍ने
तिनीहरूका बालबच्चाहरूले यसलाई सुनून्, अनि
तिमीहरूले अधिकार गर्नलाई यर्दन पारि जाँदै
गरेको देशमा तिमीहरू बसुञ्जेल परमप्रभु
तिमीहरूका परमेश्‍वरको डर मान्‍न सिकून् ।"

### इस्राएलको विरोधको अग्रिम सूचना

**१४**परमप्रभुले मोशालाई भन्‍नुभयो, "अब
तेरो मृत्युको दिन नजीकै छ । यहोशूलाई बोला
र तैंले आफैलाई भेट हुने पालमा उपस्थित
गरा, जहाँ म त्यसलाई कार्यभार सुम्पनेछु ।"
यसकारण मोशा र यहोशूले आफैलाई भेट
हुने पालमा उपस्थित गराए ।

**१५**तब परमप्रभु पालमा बादलको खामोमा

---

**३०:२०**–उत्पत्ति १२:७; २६:३; २८:१३. **३१:२**–गन्ती २०:१२. **३१:४**–गन्ती २१:२१-३५. **३१:८**–यहोशू १:५; हिब्रू १३:५. **३१:१०**–व्यवस्था १५:१; १६:१३-१५.

देखा पर्नुभयो, र बादल भेट हुने पालको
प्रवेशद्वारमा खड़ा भयो । **१६**अनि परमप्रभुले
मोशालाई भन्नुभयो, "तँ आफ्ना पिता-
पुर्खाहरूसित विश्राम गर्न जाँदैछस्, अनि यी
मानिसहरूले चाँड़ै तिनीहरू प्रवेश गर्न
आँटेको देशका परदेशी देवताहरूसित व्यभिचार
गर्नेछन् । तिनीहरूले मलाई त्यागेर मैले
तिनीहरूसित बाँधेको करार भङ्ग गर्नेछन् ।
**१७**त्यस दिन म तिनीहरूसित रिसाउनेछु अनि
तिनीहरूलाई त्याग्नेछु । म आफ्नो अनुहार
तिनीहरूदेखि लुकाउनेछु, र तिनीहरू नाश
हुनेछन् । तिनीहरूमाथि धेरै विपत्तिहरू र
संकष्टहरू आइपर्नेछन्, र त्यस दिन तिनीहरूले
'के हाम्रा परमेश्वर हामीसित नहुनुभएकोले नै
यी विपत्तिहरू हामीमाथि आएका होइनन् ?'
भनेर सोध्नेछन् । **१८**अनि तिनीहरू अरू
देवताहरूतिर लागेर दुष्ट भएको कारण म त्यस
दिन तिनीहरूदेखि आफ्नो अनुहार लुकाउनेछु ।
**१९**"अब आफै यो गीत लेख्, अनि इस्राएलीहरूलाई
सिका र तिनीहरूलाई गाउन लगा ताकि
तिनीहरूको विरुद्धमा यो मेरो निम्ति एउटा साक्षी
हुनेछ । **२०**मैले तिनीहरूलाई दूध र मह बग्ने
देशमा, अर्थात् शपथद्वारा तिनीहरूका पिता-
पुर्खाहरूलाई प्रतिज्ञा गरेको देशमा ल्याएपछि,
अनि तिनीहरूले अघाउञ्जेल खाएर बाँचेपछि,
मलाई तिरष्कार गर्दै अनि मेरा करार भङ्ग गर्दै
तिनीहरू अरू देवताहरूतिर लागेर तिनीहरूलाई
पूज्नेछन् । **२१**अनि तिनीहरूमाथि धेरै विपत्तिहरू
र संकष्टहरू आएपछि यस गीतले तिनीहरूको
विरुद्धमा साक्षी दिनेछ, किनकि तिनीहरूका
सन्तानहरूले यसलाई भूलेका हुँदैनन् । मैले
तिनीहरूलाई शपथद्वारा प्रतिज्ञा गरेको देशमा
मैले तिनीहरूलाई ल्याउन अघिनै तिनीहरूले
के गर्ने विचार राखेका छन् भनी म जान्दछु ।"
**२२**यसकारण मोशाले त्यस दिन यो गीत लेखे
अनि इस्राएलीहरूलाई सिकाए ।

**२३**परमप्रभुले नूनका छोरा यहोशूलाई यो
आज्ञा दिनुभयो, "बलियो र साहसी हुन्
किनकि तैंले इस्राएलीहरूलाई मैले तिनीहरूलाई
शपथद्वारा प्रतिज्ञा गरेको देशमा ल्याउनेछस्,
अनि म आफै तँसित हुनेछु ।"

**२४**मोशाले एउटा पुस्तकमा यस व्यवस्थाका
वचनहरू शुरूदेखि अन्तसम्म लेखिसकेपछि,
**२५**तिनले परमप्रभुको करारको सन्दूक बोक्ने
लेवीहरूलाई यो आज्ञा दिए, **२६**"यो पुस्तक
लिएर परमप्रभु तिमीहरूका परमेश्वरको
करारको सन्दूकको छेउमा राख्नू । त्यहाँ यो
तिमीहरूको विरुद्धमा साक्षीस्वरूप रहनेछ ।
**२७**किनकि तिमीहरू कतिको विद्रोही र हठी
छौ भनी म जान्दछु । म जिउँदै र तिमीहरूसितै
हुँदा तिमीहरू परमप्रभुको विरुद्धमा बागी भएर
रहचौ भने, म मरेपछि त तिमीहरूले कतिको
विद्रोह गरौंला ! **२८**मेरो सामुन्ने तिमीहरूका
कुलका सबै धर्म-गुरुहरू र तिमीहरू सबै
अधिकृतहरूलाई भेला गराओ, र म तिनीहरूले
सुन्ने गरी यी वचनहरू बोल्न सकूँ, अनि
आकाश र पृथ्वीलाई तिनीहरूको विरुद्धमा
बोलाऊँ । **२९**किनकि मेरो मृत्युपछि तिमीहरू
अति भ्रष्ट हुनेछौ, अनि मैले तिमीहरूलाई आज्ञा
दिएको मार्गबाट तर्किजानेछौ भनी म जान्दछु ।
आउँदा दिनहरूमा तिमीहरूमाथि विपत्ति
आउनेछ । किनकि तिमीहरूले परमप्रभुको दृष्टिमा
दुष्ट काम गरेर तिमीहरूका हातले बनाएका
कुराहरूद्वारा उहाँलाई रीस उठाउनेछौ ।"

### मोशाको गीत

**३०**अनि मोशाले यस गीतका शब्दहरू
इस्राएलका सारा समुदायले सुन्ने गरी शुरूदेखि
अन्तसम्म उच्चारण गरे:

**३२** हे आकाश, ध्यानसित सुन् अनि म
बोल्ने छु ,
हे पृथ्वी मेरा मुखका वचनहरू सुन् ।
२ मेरो शिक्षा झरीझैं झरून्
अनि मेरा शब्दहरू शीतझैं खसून्,
नयाँ घाँसमा दर्कने पानीझैं कलिला बोट-
बिरुवाहरूमाथि परेको झरीझैं ।

**३१:२३**–गन्ती २७:२३; यहोशू १:६.

३ म परमप्रभुको नाउँको घोषणा गर्नेछु,
अहो ! हाम्रा परमेश्वरको महानताको प्रशंसा गर !
४ उहाँ चट्टान हुनुहुन्छ, उहाँका कामहरू सिद्ध छन्,
अनि उहाँका सबै मार्गहरू न्यायपूर्ण छन् ।
एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्न,
उहाँ सोझो र न्यायपूर्ण हुनुहुन्छ ।
५ तिनीहरूले उहाँप्रति भ्रष्ट व्यवहार गरे;
तिनीहरूको शर्ममा अब तिनीहरू उहाँका सन्तान होइनन्,
तर कुबाटोतिर लागेको भ्रष्ट पुस्ता हुन् ।
६ के यसरी नै तिमीहरूले परमप्रभुलाई कृतज्ञता देखाउँछौ,
हे मूर्ख र बुद्धि नभएका मानिसहरू
तिमीहरूलाई सृष्टि गर्ने र बनाउने
उहाँ नै तिमीहरूका पिता, तिमीहरूका सृष्टिकर्ता हुनुहुन्न र ?
७ ती पुराना दिनहरूलाई सम्झ,
धेरै अघिका पुस्ताहरूलाई बिचार गर ।
तिमीहरूका बाबुलाई सोध,
र तिनले तिमीहरूलाई भन्नेछन्,
तिमीहरूका धर्म-गुरुहरूलाई सोध,
अनि तिनीहरूले तिमीहरूलाई बताइदिनेछन् ।
८ सर्वोच्चले जातिहरूलाई तिनीहरूका उत्तराधिकार दिनुहुँदा,
उहाँले मानव-जातिलाई अलग-अलग गर्नुहुँदा
उहाँले इस्राएलका छोराहरूको सङ्ख्याअनुसार
उहाँले मानिसहरूको सिमाना तोकिदिनुभयो ।
९ परमप्रभुको भाग त उहाँका मानिसहरू नै हुन्,
याकूबचाहिँ उहाँको भागको उत्तराधिकार हो ।
१० उहाँले तिनलाई एउटा उजाड़-स्थानमा भेटाउनुभयो,
एउटा बाँझो र उराठलाग्दो व्यर्थको ठाउँमा ।
उहाँले तिनको रक्षा र हेरचाह गर्नुभयो ।
उहाँले तिनलाई आफ्नै आँखाको नानीलाई झैँ जोगाउनुभयो,
११ एउटा चीलले आफ्नो गुँड़ चलाएझैँ,
अनि आफ्नो बच्चामाथि उड़ेझैँ,
त्यसले तिनीहरूलाई पक्रनलाई आफ्ना पखेटा फैलाएझैँ,
अनि पखेटको टुप्पोमा बोकेझैँ ।
१२ परमप्रभु आफैले तिनलाई डोऱ्याउनुभयो,
कुनै परदेशी देवता तिनीसित थिएन ।
१३ उहाँले तिनलाई जमिनदेखि माथि अग्लोमा सवार गराउनुभयो ।
अनि तिनलाई खेतका फलहरू खुवाउनुभयो ।
उहाँले तिनलाई चट्टानको महले
अनि दर्शन-ढुङ्गाबाटको तेलले पुष्ट पार्नुभयो,
१४ बथान र बगालबाटको दही र दूधले
अनि पुष्टचाएको थुमाहरू र बाख्राहरूले
बाशानका उत्तम भेड़ाहरूले
र गहुँका सर्वोत्तम दानाले ।
तिमीहरूले दाखको रस पियौ ।
१५ यशूरूनले मोटाएर लात हान्यो;
भोजन पूरा भएर त्यो मोटो र चिल्लो भयो ।
त्यसले आफूलाई बनाउने परमेश्वरलाई त्याग्यो, अनि आफ्नो मुक्तिको चट्टानलाई तिरष्कार गऱ्यो ।
१६ तिनीहरूले उहाँलाई आफ्ना परदेशी देवताहरूद्वारा डाही तुल्याए
र आफ्ना घिनलाग्दा मूर्तिहरूद्वारा रीस उठाए ।
१७ तिनीहरूले भूतहरूकहाँ बलिदान चढ़ाए
जुनहरू परमेश्वर होइनन्;

---

**३२:८**–प्रेरित १७:२६.

अर्थात् तिनीहरूले नदेखेका देवताहरू
भर्खरै देखा परेका देवताहरू,
तिमीहरूका पिता-पुर्खाहरूले डर
नमानेका देवताहरू ।
१८ तिमीहरूलाई हुर्काउने चट्टानलाई
तिमीहरूले त्याग्यौ,
तिमीहरूलाई जन्माउने परमेश्वरलाई
तिमीहरूले बिर्स्यौ ।

१९ परमप्रभुले यो देखेर तिनीहरूलाई
त्यागिदिनुभयो,
किनकि उहाँलाई आफ्ना छोराछोरीहरूले
रीस उठाएका थिए ।
२० उहाँले भन्नुभयो, "म तिनीहरूदेखि आफ्नो
अनुहार लुकाउनेछु, र हेर तिनीहरूको
अन्त के हुनेछ,
किनकि तिनीहरू कुबाटोमा लागेको जाति
र अविश्वासयोग्य छोराछोरीहरू हुन् ।
२१ तिनीहरूले मलाई जुन कुरो परमेश्वर
होइन,
त्यसको कारण डाही तुल्याए
र मलाई बेकामको मूर्तिहरूद्वारा रीस
उठाए ।
जुनचाहिँ जाति नै होइन त्यसद्वारा म
तिनीहरूलाई
डाही तुल्याउने छु,
एउटा समझनै नभएको जातिद्वारा
म तिनीहरूलाई रीस उठाउनेछु ।
२२ किनकि मेरो क्रोधद्वारा एउटा आगो
सल्केको छ ।
जुनचाहिँ तल पातालसम्म जलेर पुग्नेछ ।
म पृथ्वी र त्यसको कटनीलाई निल्नेछु,
अनि पर्वतहरूको जगमा आगो
लगाइदिनेछु ।

२३ म तिनीहरूमाथि विपत्तिको पहाड़
खड़ा गरिदिनेछु,
र तिनीहरूमाथि मेरो काँड़हरू खर्च
गर्नेछु ।
२४ म तिनीहरूका विरुद्धमा नाश गर्ने
अनिकाल पठाउनेछु,
क्षय गर्ने महामारी र भयङ्कर रूढ़ी ।
तिनीहरूका विरुद्ध जङ्गली जनावरका
दाह्रा पठाउनेछु,
र भूइँमा घस्रने विषालु सर्पहरू ।
२५ सड़कमा तिनीहरूलाई तरवारले
निस्सन्तान बनाउनेछ,
तिनीहरूका घरमा चाहिँ आतङ्कले राज्य
गर्नेछ ।
जवान मानिस र तरूणी स्त्री नाश हुनेछन्,
शिशुहरू र केश फूलेकाहरू पनि ।
२६ मैले भनें, 'म तिनीहरूलाई तितरबितर
पार्नेछु, र मानिस-जातिबीच
तिनीहरूको सम्झना मेटिदिनेछु ।'
२७ तर मलाई शत्रुको खिसी मन परेन,
कहीं विरोधीले गल्ती सम्झेर भन्ला,
'हाम्रो हातले विजय पायो, परमप्रभुले
यो सब गर्नुभएको होइन ।'
२८ तिनीहरू त समझ नभएको जाति हो,
र तिनीहरूमा केही अन्तर्दृष्टि नै छैन ।
२९ यदि तिनीहरू बुद्धिमानी भएर यो
बुझिदिएको भए त,
र तिनीहरूको अन्त के हुनेछ सो
चिन्न सके त !
३० तिनीहरूका चट्टानले तिनीहरूलाई
नबेचिदिनुभएको भए, तिनीहरूका
परमप्रभुले तिनीहरूलाई नत्याग्नुभएको
भए;
कसरी एक जना मानिसले एक
हजारलाई खेद्न सक्ला
अथवा दुई जनाले दश हजारसित युद्ध
गर्न सक्ला ?
३१ किनकि हाम्रा शत्रुहरूले सम्झेझैँ
तिनीहरूका चट्टान हाम्रा चटानझैँ होइन ।
३२ तिनीहरूका दाख त सदोमको दाखबाट
आउँछ, अनि गमोराका खेतहरूबाट
आएका हुन् । तिनीहरूका अङ्गूरहरू

**३२:१७**–१ कोरिन्थी १०:२०. **३२:२१**–१ कोरिन्थी १०:२२; रोमी १०:१९.

विषले अनि तिनीहरूका झुप्पाहरू
तीतोपनले भरिएका हुन्छन् ।
३३ तिनीहरूका दाखमद्य सर्पका विष हुन्
अर्थात कोब्राको घातक विष ।

३४ के मैले यो जोगाएर राखेको छैन,
र छाप लगाएर मेरो गोदाममा राखेको
छैन ?
३५ बदला लिने काम मेरो हो, म बदला लिनेछु,
ठीक समयमा तिनीहरूका खुट्टा चिप्लनेछन्,
तिनीहरूको विपत्तिको दिन नजीकै छ,
र तिनीहरूको सत्यानाश तिनीहरूमाथि
झम्टँदैछ ।

३६ जब उहाँले आफ्नो जातिको बल घटेको
अनि कमारा र स्वतन्त्र नरहेका देख्नुहुनेछ,
परमप्रभुले तिनीहरूको इन्साफ गर्नुहुनेछ,
र आफ्ना दासहरूप्रति दया
देखाउनुहुनेछ ।
३७ उहाँले भन्नुहुनेछ, "अब तिनीहरूका
देवताहरू अर्थात् तिनीहरूले शरण
लिएको चट्टान कहाँ छन्,
३८ तिनीहरूका बलिदानका बोसोहरू खाने
देवताहरू अनि तिनीहरूका अर्घबलिका
मद्य पिउने देवताहरू कहाँ छन् ?
तिनीहरू तिमीहरूलाई सघाउन उठून
तिनीहरूले तिमीहरूलाई शरण देऊन् !

३९ हेर, म उही नै हुँ, म बाहेक अरू कुनै
ईश्वर छैन ।
म नै मार्दछु, र म नै जीवित पार्दछु,
म नै चोट लाउँछु, अनि म नै निको पार्छु,
अनि कसैले पनि मेरो हातबाट छुटाउन
सक्नेछैन ।
४० म आफ्नो हात स्वर्गतिर उठाएर
घोषण गर्छु,
म सदा निश्चित रूपले जिएझैं;
४१ जब म मेरो चम्किलो तरवारमा सान
लगाउँछु;
अनि इन्साफको लागि मेरो हातले त्यो
पक्रन्छ,
म मेरो विरोधीहरूमाथि बदला लिनेछु,
अनि मलाई घृणा गर्नेहरूलाई साटो
फेर्नेछु;
४२ म मेरा काँड़हरूलाई रगतले मताउनेछु,
अनि मेरा तरवारले चाहिँ मासु खानेछ,
अर्थात मारिएका र कैदमा परेकाहरूको
रगत र शत्रुका अगुवाहरूका शिरहरू ।

४३ हे जातिहरू, उहाँका मानिसहरूसित
रमाओ,
किनकि उहाँले आफ्ना दासहरूको
रगतको बदला लिनुहुनेछ;
उहाँले आफ्ना शत्रुहरूमाथि बदला
लिनुहुनेछ,
अनि उहाँको देश र मानिसहरूको निम्ति
प्रायश्चित गर्नुहुनेछ ।

**४४**मोशा नूनको छोरा यहोशूसित आए;
अनि मानिसहरूले सुन्ने गरी यस गीतका सबै
शब्दहरू भने । **४५**मोशाले सारा इस्राएललाई
यी सबै वचनहरू उच्चारण गरेर सुनाएपछि,
**४६**तिनले तिनीहरूलाई भने, "तिमीहरूले आफ्ना
बालबच्चाहरूलाई यस व्यवस्थाका सबै
वचनहरू होशियारसाथ पालन गर्ने आज्ञा देऊ
भनेर मैले आजको दिन तिमीहरूलाई गम्भीर
रूपले घोषणा गरेका यी सबै वचनहरू हृदयमा
राख्नू । **४७**यी तिमीहरूको निम्ति व्यर्थका
कुरा होइनन् तर तिमीहरूका जीवन नै हुन् ।
तिनीहरूद्वारा नै तिमीहरूले यर्दन पार गरेर
अधिकार गर्न गइरहेको देशमा तिमीहरू धेरै
वर्षसम्म जिउनेछौ ।"

### नेबो पर्वतमा मोशाको मृत्यु

**४८**त्यही दिन परमप्रभुले मोशालाई भन्नुभयो:
**४९**"यरीहोको सामुन्ने मोआब देशमा भएको
अबारीम पर्वत श्रेणीमा उक्लेर जा, अनि मैले
इस्राएलीहरूलाई तिनीहरूका आफ्नै अधिकार

**३२:३५**–रोमी १२:१९; हिब्रू १०:३०. **३२:४३**–रोमी १५:१०; प्रकाश १९:२. **३२:४८–५२**–गन्ती २७:१२-१४; व्यवस्था ३:२३-२७.

हुनलाई दिन लागेको कनान देशलाई हेर् ।
**५०**त्यहाँ तेरा दाज्यू हारून होर पर्वतमा मरेर
आफ्ना मानिसहरूसित मिलेझैं तँ चढ़ेको पर्वतमा
तँ मरेर आफ्ना मानिसहरूसित मिल्नेछस् ।
**५१**योचाहिँ तिमीहरू दुवैले जीनको उजाड़-
स्थानमा भएको कादेश मरीबाको पानीमा
इस्राएलीहरूको उपस्थितिमा मप्रति विश्वासघात
गरेकोले अनि तिमीहरूले इस्राएलीहरूबीच
मेरो पवित्रतालाई कायम नराखेको कारण
हो । **५२**त्यसैकारण, मैले इस्राएलीहरूलाई दिने
त्यस देशलाई तैंले टाढ़ैबाट मात्र देख्नेछस्, तर
त्यहाँ तँ जान पाउनेछैनस् ।"

## मोशाले बाह्र कुललाई आशिष् दिएका

**३३** आफ्नो मृत्यु अघि परमेश्वरका जन
मोशाले इस्राएलीहरूमाथि उच्चारण
गरेको आशिष् यही हो । **२**तिनले भने:

"परमप्रभु सीनैबाट आउनुभयो,
अनि तिनीहरूमाथि सेईरमा झुल्कनुभयो,
उहाँ पारान पर्वतबाट चम्कनुभयो ।
उहाँ दक्षिणबाट, उहाँको पर्वतको
ओह्वालोबाट असङ्ख्य पवित्र
जनहरूसित आउनुभयो ।
३ मानिसहरूलाई प्रेम गर्ने निश्चय तपाईं
नै हुनुहुन्छ,
सबै पवित्र जनहरू तपाईंकै हातमा
छन् ।
तिनीहरू सबै तपाईंको पाउमा
निहुरन्छन्,
अनि तपाईंबाटै अर्ती प्राप्त गर्छन्,
४ अर्थात् मोशाले हामीलाई दिएको व्यवस्था
याकूबको सभाको सम्पत्ति ।
५ इस्राएलका कुलहरूको साथमा
मानिसहरूका अगुवाहरू भेला हुँदा,
उहाँ यशूरूनमा राजा हुनुहुन्थ्यो ।

६ "रूबेन नमरोस, तर बाँचोस्
तिनका मानिसहरू कम्ती नहुन् ।"
७ अनि यहूदाको विषयमा तिनले यो भने,

"हे परमप्रभु यहूदाको पुकारा सुन्नुहोस्,
त्यसलाई आफ्ना मानिसहरूकहाँ
ल्याउनुहोस्,
त्यसले आफ्नो मुद्दाको रक्षा आफ्नै हातले
गर्छ,
अहो, त्यसका शत्रुहरूको विरुद्धमा
त्यसको सहायक हुनुहोस् ।"

८ लेवीको विषयमा तिनी भन्छन्:

"तपाईंको तुम्मीम र ऊरीम
तपाईंले कृपा देखाउनुभएको मानिसका
हुन् ।
तपाईंले त्यसलाई मस्सामा जाँच्नुभयो,
तपाईंले त्यससित मरीबाको पानीमा
झगड़ा गर्नुभयो ।
९ त्यसले आफ्नो बाबु र आमालाई भन्यो,
'तिनीहरूको निम्ति मसित कुनै आदर
छैन ।'
त्यसले आफ्ना दाज्यूभाइहरूलाई चिनेन
अथवा आफ्नै बालबच्चाहरूलाई चिनेन,
तर त्यसले तपाईंको वचनमा ध्यान दियो
अनि तपाईंको करारको रक्षा गर्‍यो ।
१० त्यसले याकूबलाई तपाईंको विधि
र इस्राएललाई व्यवस्था सिकाउँछ ।
त्यसले तपाईंको सामुन्ने धूप
र वेदीमा सम्पूर्ण होमबलि चढ़ाउँछ ।
११ हे परमप्रभु, त्यसका सबै कौशलहरूमा
आशिष् दिनुहोस्,
र त्यसका हातका कामहरूमा प्रसन्न
हुनुहोस् ।
त्यसको विरुद्धमा उठ्नेहरूका जाँघहरूमा
प्रहार गर्नुहोस्
त्यसका शत्रुहरूलाई कहिल्यै नउठ्ने
गरी हिर्काउनुहोस् ।"

१२ बेन्यामीनको विषयमा तिनले भने:

"परमप्रभुको प्रिय उहाँमा सुरक्षित रहोस्
किनकि उहाँले त्यसलाई दिनभरि
ढाकिराख्नुहुन्छ,

**३३:८**–प्रस्थान १७:७; २८:३०; गन्ती २०:१३.

अनि परमप्रभुले प्रेम गर्नुहुनेचाहिँ
उहाँका काँधहरूको बीचमा विश्राम
लिन्छ ।

१३ यूसुफको विषयमा तिनले भने:

"परमप्रभुले त्यसको भूमिलाई माथि
आकाशका बहुमूल्य शीतले अनि तलका
गहिरो पानीले आशिष् देऊन्,
१४ घामले ल्याउने उत्तम कुराहरूले,
अनि जुनद्वारा प्राप्त हुने अति असल
कुराहरूले;
१५ प्राचीन पहाड़हरूका मूल्यवान्
उपहारहरूले,
अनि अनन्त पर्वतहरूका फलदायक
परिपूर्णताले,
१६ पृथ्वीका सर्वोत्तम् उपहार र त्यसको
पूर्णताले,
अनि जल्दै गरेको पोथ्रामा वास
गर्नुहुनेको कृपाले ।
यी सबै युसूफको शिरमाथि,
आफ्ना दाज्यूभाइहरूमध्ये राजकुमारका
निधारमा रहून् ।
१७ ऐश्वर्यमा त्यो ता पहिले जन्मेको
साँड़ेजस्तै छ ।
त्यसका सीङ्हरूचाहिँ अर्नाका
सीङ्हरूझैँ छन् ।
तिनैद्वारा त्यसले जातिहरूलाई हान्नेछ;
अर्थात् पृथ्वीका टाढ़ा-टाढ़ासम्म
भएकाहरूलाई पनि तिनीहरू एप्रेमका
हजारौं हुन्;
तिनीहरू मनश्शेका हजारौं हुन् ।"

१८ जबूलूनको विषयमा तिनले भने:

"जबूलून, तँ बाहिर जाँदा रमा,
अनि इस्साकार, तँ आफ्नो पालभित्र
रमा ।
१९ तिनीहरूले मानिसहरूलाई पर्वतमा
बोलाइपठाउनेछन्,
अनि त्यहाँ धार्मिकताका बलिदानहरू
चढ़ाउनेछन्,
तिनीहरूले समुद्रका प्रचुरताबाट
अनि बालुवामा लुकेका धनराशिबाट
भोज खानेछन् ।"

२० गादको विषयमा तिनले भने:

"गादको राज्य विस्तार गर्ने जन धन्यको
हो !
गाद हात अथवा शिर चिथोर्ने सिंहझैँ
त्यहाँ रहनेछ ।
२१ त्यसले आफ्नो निम्ति सर्वोत्तम ठाउँ
चुन्नेछ,
अगुवाको भाग त्यसकै निम्ति राखिएको
थियो ।
मानिसहरूका मुखियाहरू भेला हुँदा,
त्यसले परमप्रभुका धार्मिक इच्छा
अनि इस्राएलप्रति उहाँको इन्साफ पालन
गऱ्यो ।"

२२ दानको विषयमा तिनले भने:

"दान बाशानबाट आउने सिँहको डमरूझैँ
हो ।"

२३ नप्तालीको विषयमा तिनले भने:

नप्ताली परमप्रभुको कृपाको प्रचुरतमा
छ,
र त्यो आशिष्ले पूर्ण छ,
त्यसले दक्षिणतिरको पोखरीमा अधिकार
गर्नेछ ।"

२४ आशेरको विषयमा तिनले भने:

"छोराहरूमध्ये सबैभन्दा आशिषित्चाहिँ
आशेर हो,
त्यसमाथि त्यसका दाज्यूभाइहरूले कृपा
देखाऊन्,
अनि त्यसले आफ्ना पाउहरू तेलले
नुहाओस् ।
२५ तेरा मूलढोकाका आग्लाहरू फलाम र
काँसा हुनेछन्,
अनि तेरो बलचाहिँ तेरा दिनहरू जत्तिकै
हुनेछ ।
२६ यशूरूनका परमेश्वरझैँ अरू कोही छैन,

जो तँलाई सहायता दिनलाई आकाशमाथि,
अनि आफ्नो ऐश्वर्यमा बादलमा सवार
हुनुहुन्छ ।
२७ तेरो शरणस्थान अनन्तका परमेश्वर
हुनुहुन्छ,
अनि तेरो मुन्तिर अनन्तका हातहरू
छन् ।
उहाँले 'त्यसलाई नष्ट पार् !' भन्दै तेरा
शत्रुहरूलाई
तेरो सामुन्नेबाट धपाउनुहुनेछ ।
२८ यसरी इस्राएल एक्लै सुरक्षामा रहनेछ,
अन्न र नयाँ दाखमद्यको देशमा,
आकाशबाट शीत झर्ने ठाउँमा याकूबको
मूल सुरक्षित रहनेछ ।
२९ हे इस्राएल, तँ धन्यको होस् !
परमप्रभुले बचाउनुभएको तँजस्तो जाति
अरू कुन छ र ?
उहाँ तेरो ढाल र सहायक हुनुहुन्छ,
अनि तेरा महिमित तरवार ।
तेरा शत्रुहरू तेरो सामुन्ने डराएर बस्नेछन्;
अनि तैंले तिनीहरूका अल्गा
स्थानहरूमाथि टेक्नेछस् ।"

## मोशाको मृत्यु

३४ तब मोशा मोआबको मैदानबाट
यरीहोको सामने भएको नबो पर्वतको
पिस्गाको टाकुरामा उक्ले । त्यहाँ परमप्रभुले
तिनलाई सम्पूर्ण देश, अर्थात् गिलाददेखि दान,
२सम्पूर्ण नप्ताली र मनश्शेको प्रान्त पश्चिमी
समुद्रसम्म यहूदाको सम्पूर्ण मुलुक, ३नेगेव, र
यरीहोको भन्ज्याङदेखिको समस्त इलाका,
सोअरसम्मै खजूरका शहरहरू । ४तब परमप्रभुले
तिनलाई भन्नुभयो, "तेरो भावी सन्तानलाई यो
दिनेछु भनी मैले अब्राहाम, इसहाक र याकूबलाई
शपथद्वारा प्रतिज्ञा गरेको देश यही हो । मैले
तँलाई आफ्नै आँखाले यो हेर्न दिएँ, तर तँ पार
भएर त्यसमा जानेछैनस् ।"
५अनि परमप्रभुले भन्नुभएझैं परमप्रभुको
दास मोशाको मृत्यु मोआबको त्यही ठाउँमा
भयो । ६उहाँले तिनलाई बेथ पोरको
सामुन्नेपट्टिको भञ्ज्याङमा गाड्नुभयो, तर
तिनको चिहान कहाँ छ भनी आजको दिनसम्म
कसैले जानेको छैन । ७मोशाको मृत्यु हुँदा
तिनी एक सय बीस वर्ष पुगेका थिए, तर
तिनको आँखाको ज्योति कमजोर भएको थिएन
र बल पनि घटेको थिएन । ८रूने र विलाप
गर्ने समय नसिद्धिएसम्म इस्राएलीहरूले
मोशाको निम्ति मोआबको मैदानमा तीस
दिनसम्म शोक गरे ।
९अब मोशाले तिनीमाथि आफ्ना हात
राखिदिएकाले नूनको छोरा यहोशू बुद्धिका
आत्माले भरिए । यसकारण इस्राएलीहरूले
तिनका कुरा सुने, अनि परमप्रभुले मोशालाई
दिनुभएका आज्ञाहरू पालन गरे ।
१०त्यस समयदेखि उसो इस्राएलमा मोशाझैं
कुनै अगमवक्ता खड़ा भएको छैन, जसलाई
परमप्रभुले अति नजीकबाट चिन्नुहुन्थ्यो ।
११तिनैलाई मिश्रमा फिरौन र उनका सबै
अधिकारीहरू अनि उनको समस्त देशमा आश्चर्य
चिन्ह र अचम्मका कामहरू देखाउनलाई
परमप्रभुले पठाउनुभयो । १२किनकि कसैले पनि
इस्राएलको दृष्टिमा मोशाले देखाएका प्रचण्ड
शक्ति र गरेका भयानक कामहरू कहिल्यै गर्न
सकेका छैनन् ।

**३४:४**–उत्पत्ति १२:७; २६:३; २८:१३. **३४:१०**–प्रस्थान ३३:११.

# यहोशू

**परमप्रभुले यहोशूलाई हुकुम गर्नुभएको**

१ परमप्रभुको दास मोशाको मृत्युपछि
परमप्रभुले नूनको छोरा, मोशाको सहायक
यहोशूलाई यसो भन्नुभयो: २“मेरो दास मोशा
मऱ्यो । यसकारण, अब तँ र यी मानिसहरू
यर्दन नदी तरेर मैले तिनीहरूलाई, अर्थात्
इस्राएलीहरूलाई, दिन लागेको देशमा जान तयार
होओ । ३मैले मोशालाई प्रतिज्ञा गरेझैँ तैंले
पाइला टेकेको प्रत्येक ठाउँ म तँलाई दिनेछु ।
४उजाड़-स्थानदेखि लबानोनसम्म लिएर महानदी,
अर्थात् यूफ्रेटिस नदीदेखि– हित्तीहरूको जम्मै
देश– पश्चिमतिर महासागरसम्मै तिमीहरूको
सिमाना हुनेछ । ५तेरो जीवन कालभरि तेरो
विरुद्धमा कोही खड़ा रहन सक्नेछैन । म
मोशासित भएझैँ, तँसित पनि हुनेछु, म तँलाई
छोड्नेछैनँ र तँलाई त्याग्नेछैनँ ।

६“बलियो र साहसी हो, किनकि मैले यी
मानिसहरूलाई तिनीहरूका पिता-पुर्खाहरूलाई
दिनेछु भनी शपथ खाएको देशमा तैंले
तिनीहरूलाई डोऱ्याएर लैजानेछस् । ७बलियो र
अति साहसी हो। मेरो दास मोशाले तिमीहरूलाई
दिएको व्यवस्था पालन गर्नू, त्यसबाट दाहिने
अथवा देब्रेतिर नलाग्नू र तँ जहीं गए पनि
सफल हुनेछस् । ८व्यवस्थाको यो पुस्तक तेरो
मुखबाट हटेर जान नदिनू, तैंले त्यसमाथि
दिनरात ध्यान गर्नू र त्यसमा लेखिएको प्रत्येक
कुरा गर्न तँ होशियार हुनू र तैंले उन्नति
गर्नेछस् र सफलता पाउनेछस् । ९के मैले तँलाई
बलियो र साहसी हुन आज्ञा दिइनँ ? नड़रा,
निराश नहो, किनकि परमप्रभु तिमीहरूका
परमेश्वर तँ जहाँ गए पनि तँसित हुनुहुनेछ ।”

१०यसकारण यहोशूले मानिसहरूका
अधिकृतहरूलाई हुकुम दिए: ११“छाउनीतिर गएर
मानिसहरूलाई भन, ‘तिमीहरूका सामानहरू
तयार गर । अबको तीन दिनमा परमप्रभुले
तिमीहरूलाई आफ्नै हुने गरी दिनुहुने देशमाथि
अधिकार गर्न तिमीहरू यो यर्दन पारि
जानुपर्छ ।”

१२तर रूबेनीहरू, गादीहरू र मनश्शेको
आधा कुललाई यहोशूले भने, १३“परमप्रभुको
दास मोशाले तिमीहरूलाई दिएका आज्ञा सम्झ:
‘परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलई
विश्राम दिनुहुँदैछ र उहाँ तिमीहरूलाई यो
देश दिन मञ्जूर हुनुभयो ।’ १४तिमीहरूका
स्वास्नीहरू, तिमीहरूका नानीहरू अनि
तिमीहरूका गाईबस्तु, मोशाले तिमीहरूलाई
दिएको यर्दनको पूर्वपट्टिको देशमा बस्न सक्छन्,
तर तिमीहरूका योद्धाहरू हतियारले सुसज्जित
भई तिमीहरूका दाज्यूभाइहरूका अगिअगि पारि
जानुपर्छ । १५परमप्रभुले तिमीहरूलाई विश्राम
दिनुभएझैँ उहाँले तिमीहरूका दाज्यूभाइहरूलाई
विश्राम नदिनुभएसम्म अनि परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई दिनुहुने देशमाथि
तिमीहरूले पनि अधिकार नगरेसम्म, तिमीहरूले
तिनीहरूलाई सहायता दिनु पर्नेछ । त्यसपछि
तिमीहरू परमप्रभुको दास मोशाले यर्दनको
पूर्वमा घाम झुल्कनेतिर तिमीहरूलाई दिएको
देशमा फर्केर गई त्यसलाई कब्जा गर्न जान
सक्नेछौ ।”

१६तब तिनीहरूले यहोशूलाई जवाफ दिए,
“तपाईंले हामीलाई आज्ञा दिनुभएका सबै
कुराहरू हामी गर्नेछौं, र तपाईंले हामीलाई
जहीं पठाउनुभए तापनि हामी जानेछौं । १७हामीले
मोशाको आज्ञा पालन गरेझैँ, हामी तपाईंको

**१:३-५**–व्यवस्था ११:२४-२५. **१:५**–व्यवस्था ३१:६-८; हिब्रू १३:५. **१:६**–व्यवस्था ३१:६-७,२३.
**१:१२-१५**–गन्ती ३२:२८-३२; व्यवस्था ३:१८-२०; यहोशू २२:१-६.

आज्ञा पनि पालन गर्नेछौं। केवल परमप्रभु तपाईंको परमेश्वर मोशासित हुनुभएझैँ तपाईंसित पनि होऊन् । **१८**तपाईंको वचनलाई विरोध गर्ने र पालन नगर्ने अनि तपाईंले आज्ञा दिनुभएको जुनै कुरा पनि नगर्ने जोसुकै मारिनेछ । केवल तपाईं बलियो र साहसी हुनुहोस् !”

## राहाब र जासूसहरू

**२** तब नूनको छोरा यहोशूले शित्तीमबाट दुईजना जासूसहरू गुप्तमा पठाए। तिनले भने, “जाओ, अनि त्यस देशलाई हेर, खास गरी यरीहोलाई, यसकारण तिनीहरू गए अनि राहाब नाउँ भएकी एउटी वेश्याको घरमा पसेर त्यहीँ बास बसे ।

**२**यरीहोको राजालाई यसो भनिएको थियो, “हेर्नुहोस् ! आज राति यस देशको भेद लिन भनी केही इस्राएलीहरू यहाँ आएका छन् ।” **३**यसकारण यरीहोको राजाले राहाबकहाँ यो समाचार पठाए: “तिमीकहाँ आएर तिम्रो घर भित्र पसेका मानिसहरूलाई बाहिर ल्याऊ, किनकि तिनीहरू सारा देशको भेद लिन आएका हुन् ।”

**४**तर ती स्त्रीले त ती दुई पुरुषहरूलाई लुकाएकी थिइन् । तिनले भनिन्, “हो, ती मानिसहरू मकहाँ आएका थिए, तर तिनीहरू कहाँबाट आएका हुन् भन्ने मलाई थाहा भएन । **५**साँझमा शहरको मूल ढोका बन्द हुने समयमा ती मानिसहरू गइहाले। तिनीहरू कुन बाटो लागे म जान्दिनँ। झट्टै तिनीहरूको पछि लाग्नुहोस् । तपाईंहरूले तिनीहरूलाई भेट्टाउनुहुन्छ होला ।” **६**(तर ती स्त्रीले तिनीहरूलाई माथि कौसीमा लगेर आफूले मिलाएर राखेको सनका डाँठहरूमा लुकाएकी थिइन् ।) **७**यसकारण ती मानिसहरू ती जासूसहरूलाई खेद्दै यर्दनको घाटतिर जाने बाटोमा गए, अनि ती खेद्नेहरू गइसक्नासाथ मूल ढोका बन्द भइहाल्यो ।

**८**ती जासूसहरूले रातीको विश्राम लिनुअघि ती स्त्री माथि कौसीमा उक्लेर गइन्, **९**अनि भनिन्, “परमप्रभुले यो देश तपाईंहरूलाई दिनुभएको छ र तपाईंहरूको भयङ्कर डर हामीमा परिसकेको छ र यस देशमा बस्ने सबै, तपाईंहरूको कारण डरले बिलाईसकेका छन् भनी म जान्दछु । **१०**तपाईंहरू मिश्रबाट निस्किआउँदा परमप्रभुले कसरी तपाईंहरूका निम्ति लाल समुद्रलाई सुकाइदिनुभयो अनि यर्दनको पूर्वतिरका, तपाईंहरूले सर्वनाश पार्नुभएका एमोरीहरूका दुई जना राजाहरू, सीहोन र ओगलाई के गर्नुभयो भनी हामीले सुनेका छौं । **११**यो सुनेपछि तपाईंहरूको कारण हामी भयाकुल भयौं र हाम्रो आँटै हराइहाल्यो; किनकि परमप्रभु तपाईंका परमेश्वर माथि स्वर्ग अनि तल पृथ्वीका परमेश्वर हुनुहुन्छ ।

**१२**त्यसोभए अब मैले तपाईंहरूप्रति दया देखाएको कारण तपाईंहरूले मेरो परिवारप्रति दया देखाउनुहुनेछ भनी मसित परमप्रभुको नाउँमा शपथ खानुहोस् । मलाई एउटा पक्का चिन्ह दिनुहोस्, **१३**कि तपाईंहरूले मेरो बाबुको र आमाको, मेरा दाज्यूभाइहरू र दिदीबहिनीहरूको अनि तिनीहरूका सबैको प्राणको रक्षा गरिदिनुहुनेछ र हामीलाई मृत्युबाट बचाउनुहुनेछ ।”

**१४**ती मानिसहरूले तिनलाई यसरी सान्त्वना दिए, “तिमीहरूको प्राणको बदला हाम्रो प्राण ! हामीले के गरिरहेका छौं भनी तिमीले भनिनौ भने परमप्रभुले यो देश हामीलाई दिनुभएपछि हामी तिमीसित दया र विश्वासयोग्य व्यवहार गर्नेछौं ।”

**१५**यसकारण तिनले तिनीहरूलाई झ्यालबाट एउटा डोरीद्वारा तल झारिदिइन्, किनकि तिनी बसेको घर शहरको पर्खालको एउटा भाग थियो । **१६**तिनले तिनीहरूलाई भनेकी थिइन्, “पहाड़हरूतिर जानुहोस् र खेद्नेहरूले तपाईंहरूलाई भेट्टाउनेछैनन् । तिनीहरू फर्केर नआएसम्म त्यहीँ तीन दिनसम्म लुकिबस्नुहोस्, अनि मात्र आफ्नो बाटो लाग्नुहोस् ।”

---

**२:१**–हिब्रू ११:३१; याकूब २:२५. **२:१०**–प्रस्थान १४:२१; गन्ती २१:२१-३५.

**१७**ती मानिसहरूले तिनलाई भने, "तिमीले
हामीलाई खान लगाएको शपथअनुसार चल्न
हामीलाई कर छैन, **१८**जबसम्म हामी यस देशमा
प्रवेश गर्दा तिमीले हामीलाई निकालेको झ्यालमा
यो रातो डोरी बाँध्दैनौ अनि तिमीले आफ्नो
बाबुआमा, तिम्रा दाज्यूभाइहरू र तिम्रो सम्पूर्ण
परिवारलाई तिम्रो घरभित्र ल्याउँदिनौ। **१९**यदि
कोही तिम्रो घरबाट बाहिर सड़कमा गयो भने,
त्यसको रगत त्यसकै शिरमा खस्नेछ र हामी
जिम्मेवार हुनेछैनौं। घरभित्र तिमीसित हुनेहरूको
विषयमा चाहिँ कसैले ऊमाथि हात लगायो
भने त्यसको रगत हाम्रो शिरमाथि पर्नेछ ।
**२०**तर हामीले के गर्दैछौं त्यो तिमीले बतायौ
भने, तिमीले हामीलाई खानलगाएको शपथबाट
हामी मुक्त हुनेछौं ।"

**२१**तिनले जवाफ दिइन्, "म राजी छु ।
तपाईंहरूले जसो भन्नुहुन्छ त्यसै होस् ।"
यसरी तिनले तिनीहरूलाई पठाइदिइन् र
तिनीहरू गइहाले। अनि तिनले झ्यालमा एउटा
रातो डोरी बाँधिन् ।

**२२**तिनीहरू गएपछि ती खेद्नेहरूले बाटोतिर
खोजेर तिनीहरूलाई नभेटेर फर्किनगएसम्म
तिनीहरू पहाड़हरूमा गएर त्यहाँ तीन दिनसम्म
बसिरहे । **२३**तब ती दुई मानिसहरू फर्कन
थाले। तिनीहरू पहाड़बाट ओर्लेर नदी तरेर
नूनको छोरा यहोशूकहाँ आए अनि तिनीहरूलाई
के के भएको थियो, तिनलाई बताइदिए ।
**२४**तिनीहरूले यहोशूलाई भने, "परमप्रभुले सम्पूर्ण
देश हाम्रो हातमा दिनुभएको छ; सबै मानिसहरू
हाम्रो कारण भयभीत भएका छन् । "

### यर्दन पार गरेका

**३** बिहान सबेरै यहोशू अनि इस्राएलीहरू
शित्तीम छोड़ेर यर्दनमा गए जहाँ तिनीहरूले
पार गर्न अगि छाउनी हालेका थिए । **२**तीन
दिनपछि अधिकृतहरू सबै छाउनीहरूतिर गए,
**३**अनि मानिसहरूलाई यसरी हुकुम दिए: "जब
तिमीहरूले परमप्रभुको करारको सन्दूक अनि
लेवी पूजाहारीहरूले त्यसलाई बोकेका देखौला,
तिमीहरू आफ्ना ठाउँबाट बाहिर निस्केर
त्यसलाई पछ्याउनू । **४**अनि तिमीहरू कता
जाने सो जान्नेछौ, किनकि तिमीहरू पहिले
यताबाट भएर गएका छैनौ । तर तिमीहरू
र सन्दूकको बीचमा एक हजार गजको
दूरी राख्नू, अनि त्यसको छेउमा नजानू ।"

**५**यहोशूले मानिसहरूलाई भने, "तिमीहरूले
आफैलाई अर्पण गर्नू, किनकि भोलि परमप्रभुले
तिमीहरूका बीचमा एउटा अचम्मको काम
गर्नुहुनेछ ।"

**६**यहोशूले पूजाहारीहरूलाई भने, "करारको
सन्दूक लिएर मानिसहरूको अगिअगि जाओ।"
यसकारण तिनीहरूले त्यसलाई लिएर
तिनीहरूका अगिअगि हिँड़े ।

**७**अनि परमप्रभुले यहोशूलाई भन्नुभयो,
"आज म तँलाई सबै मानिसहरूको दृष्टिमा
उच्च पार्नेछु र म मोशासित भएझैँ तँसित छु
भनेर तिनीहरूले जानून् । **८**करारको सन्दूक
बोक्ने पूजाहारीहरूलाई तैंले यस्तो आज्ञा गर्नू,
'तिमीहरू यर्दनको पानीनेर आइपुग्नासाथ
यर्दनमा खड़ा रहनू ।'"

**९**यहोशूले इस्राएलीहरूलाई भने, "यता आएर
परमप्रभु तिमीहरूका परमेश्वरका कुरा सुन ।
**१०**जिउँदो परमेश्वर तिमीहरूका बीचमा हुनुहुन्छ
र उहाँले तिमीहरूको अगि कनानी, हित्ती, हिव्वी,
परिज्जी, गिर्गाशी, एमोरी र यबूसीहरूलाई
बाहिर धपाउनुहुनेछ भनी तिमीहरूले यसरी
जान्नेछौ । **११**हेर, सारा पृथ्वीका परमप्रभुको
करारको सन्दूक तिमीहरूका अगिअगि यर्दनमा
जानेछ। **१२**त्यसोभए, इस्राएलको प्रत्येक कुलबाट
एक-एक गरी बाह्र जना मानिसहरू छान्नू ।
**१३**अनि जसै सारा पृथ्वीका परमप्रभुको करारको
सन्दूक बोक्ने पूजाहारीहरूका खुट्टाले यर्दनमा
टेक्नेछन्, तब तल बग्दै गरेको पानी रोकिएर
एक थुप्रो भई खड़ा हुनेछ ।"

**१४**यसकारण, जब यर्दन तर्न भनी
मानिसहरूले छाउनी भत्काए, करारको सन्दूक
बोक्ने पूजाहारीहरू तिनीहरूका अगि गए ।
**१५**यर्दनचाहिँ कटनीको समयमा पानीले भरिएको
हुन्छ । तापनि करारको सन्दूक बोक्ने
पूजाहारीहरू यर्दनमा पुगेर तिनीहरूका खुट्टाले

पानीको किनार छुने बित्तिकै, १६माथिबाट
बगिरहेको पानी बग्न छोड्यो । त्यो धेरै पर
सार्तानको नजीक आदम भनिने शहरनेरै एक
थुप्रो भई जम्मा भयो र अराबा समुद्रमा जाने
ओह्रालो बग्दै गरेको पानीचाहिँ पूर्ण रूपले
सुकिगयो । यसरी मानिसहरू यरीहोको अर्को
पट्टिबाट पार तरे । १७परमप्रभुको करारको
सन्दूक बोक्ने पूजाहारीहरू यर्दनको बीचमा
दृढ़ भई उभिरहे र सारा इस्राएलीहरू ओबानो
जमिनबाट सम्पूर्ण रूपले पार नभएसम्म स्थिर
भई खड़ा रहे ।

४ सम्पूर्ण जातिले यर्दन पार गरिसकेपछि,
परमप्रभुले यहोशूलाई भन्नुभयो,
२"प्रत्येक कुलबाट एक-एक गरी मानिसहरूबाट
बाह्र जना मानिसहरू चुन्नू, ३अनि तिनीहरूलाई
यर्दनको बीचबाट ती पूजाहारीहरू उभिएका
ठाउँबाट, बाह्रओटा ढुङ्गाहरू लिएर तिनीहरूलाई
तँसित लगेर आज राती तिमीहरू बस्ने ठाउँमा
राख्नू भन्नू ।"

४यसकारण यहोशूले प्रत्येक कुलबाट एक-
एक गरी तिनले नियुक्त गरेका बाह्र जना
मानिसहरूलाई बोलाए, ५अनि तिनीहरूलाई भने,
"परमप्रभु तिमीहरूका परमेश्वरको करारको
सन्दूकको अगि यर्दनको बीचमा जाओ । तिमीहरू
प्रत्येकले इस्राएलका कुलहरूको सङ्ख्याअनुसार
आफ्नो काँधमा एउटा ढुङ्गा राख्नू, ६तिमीहरूका
बीचमा यो एउटा चिन्ह रहोस् । भविष्यमा
यदि तिमीहरूका छोराछोरीहरूले 'यी ढुङ्गाहरूको
अर्थ के हो ?' भनी सोधेछन् भने, ७तिनीहरूलाई
यसो भन्नू, 'परमप्रभुको करारको सन्दूकको
सामुन्ने यर्दनको बग्दै गरेको पानी बन्द भएको
थियो । यो पार हुँदा यर्दनको पानी बन्द भएको
थियो ।' यी ढुङ्गाहरू इस्राएलका मानिसहरूको
निम्ति सधैंको लागि एउटा स्मारकको रूपमा
रहनेछन् ।"

८यसकारण यहोशूले तिनीहरूलाई आज्ञा
गरेझैं इस्राएलीहरूले गरे । परमप्रभुले यहोशूलाई
आज्ञा गर्नुभएझैं तिनीहरूले इस्राएलका
कुलहरूको सङ्ख्याअनुसार यर्दनको बीचबाट
बाह्रओटा ढुङ्गाहरू बोकेर आफ्ना छाउनीमा
ल्याएर राखे । ९करारको सन्दूक बोक्ने
पूजाहारीहरू उभेका ठाउँ, यर्दनको बीचबाट,
बाह्रओटा ढुङ्गाहरूलाई यहोशूले खड़ा गरे ।
अनि ती आजको दिनसम्मै छँदैछन् ।

१०मोशाले यहोशूलाई निर्देशन दिएकै
अनुसार, परमप्रभुले यहोशूलाई आज्ञा दिनुभएझैं
मानिसहरूले गरिनसकेसम्म सन्दूक बोक्ने
पूजाहारीहरू यर्दनको बीचमै उभिरहे ।
मानिसहरूले चाँड़ो चाँडो गरेर पार गरे,
११अनि तिनीहरू सबै पार हुनासाथ, मानिसहरूले
हेरिरहेको बेला, परमप्रभुको सन्दूक र
पूजाहारीहरू अर्कोपट्टि आए । १२रूबेनका,
गादका र मनश्शेको कुलका आधा मानिसहरू
मोशाले तिनीहरूलाई निर्देशन दिएझैं हतियार
सितै इस्राएलीहरूको अर्कोपट्टि आइपुगे । १३युद्धको
निम्ति हतियार भिरेका प्राय: चालीस हजार
पार भएर लड़ाइँको निम्ति परमप्रभुको सामुन्ने
यरीहोको मैदानतिर गए ।

१४त्यस दिन परमप्रभुले यहोशूलाई
इस्राएलको दृष्टिमा उच्च पार्नुभयो र तिनीहरूले
मोशाको भय मानेझैं तिनको जीवनभरि तिनको
भय माने ।

१५तब परमप्रभुले यहोशूलाई भन्नुभयो,
१६"साक्षीको सन्दूक बोक्ने पूजाहारीहरूलाई
यर्दनबाट निस्केर आउनू भनी हुकुम गर् ।"
१७यसकारण यहोशूले, "यर्दनबाट उक्लेर
बाहिर आओ" भनेर पूजाहारीहरूलाई आज्ञा गरे ।
१८अनि पूजाहारीहरू परमप्रभुको करारको
सन्दूक बोकेर नदीबाट उक्लेर बाहिर आए ।
तिनीहरूका खुट्टाले ओबानो भूमिमा टेक्नासाथै
यर्दनको पानी आफ्नो ठाउँमा फर्केर आयो र
पहिलेझैं भरिएर बग्न थाल्यो ।

१९पहिलो महिनाको दशौं दिनमा मानिसहरू
यर्दनबाट उक्लेर गए अनि यरीहोको पूर्वीय
सिमाना गिलगालमा छाउनी हाले । २०अनि
तिनीहरूले यर्दनबाट ल्याएका बाह्रओटा ढुङ्गाहरू
यहोशूले गिलगालमा खड़ा गरे । २१तिनले
इस्राएलीहरूलाई भने, "भविष्यमा तिमीहरूका
बालबच्चाहरूले आफ्ना बाबुहरूलाई 'यी
ढुङ्गाहरूको अर्थ के हो ?' भनी सोधे भने,

**२२**तिनीहरूलाई यसो भन्नू, 'इस्राएलले ओबानो
भूमिमाथि यर्दन तऱ्यो ।' **२३**किनकि परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरू पार नभएसम्म
यर्दनलाई सुकाइदिनुभयो । हामीले लाल समुद्र
पार नगरेसम्म परमप्रभु परमेश्वरले लाल
समुद्रलाई सुकाइदिनुभएझैं उहाँले यर्दनलाई
पनि गर्नुभयो । **२४**उहाँले त्यो गर्नुभयो ताकि
सारा पृथ्वीका मानिसहरूले परमप्रभुका हात
शक्तिशाली छन् भनी जानून्, अनि तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरको भय मान्नू ।"

## गिलगालमा भएको खतना

**५** अब यर्दनको पश्चिमतिर भएका एमोरी
राजाहरू र त्यसका किनारका सबै
कनानी राजाहरूले हामीले यर्दन पार नगरेसम्म
कसरी परमप्रभुले त्यसलाई इस्राएलीहरूका
अघि सुकाइदिनुभएको थियो भन्ने सुने, तब
तिनीहरूको मनै मऱ्यो र इस्राएलीहरूको सामना
गर्न तिनीहरूको साहसै रहेन ।

**२**त्यसबेला परमप्रभुले यहोशूलाई भन्नुभयो,
"पत्थरका कर्दहरू बनाएर इस्राएलीहरूलाई
फेरि खतना गर्नू ।" **३**यसकारण यहोशूले
पत्थरका कर्दहरू बनाएर इस्राएलीहरूलाई
गिबियथ-हाअरालोथमा खतना गरे ।

**४**तिनले यसो गरेको कारण यो थियो: कि
मिश्रबाट निस्किआएका लड़ाइँमा जानसक्ने
उमेर भएका सबै मानिसहरू मिश्रबाट
आएपछि उजाड़-स्थानको बाटैमा मरिगए ।
**५**निस्किआएका ती सबै मानिसहरूको खतना
भइसकेको थियो, तर मिश्रबाट आएपछि उजाड़-
स्थानको यात्रामा जन्मेका सबै मानिसहरूको
चाहिँ भएको थिएन । **६**मिश्र छोड्दा लड़ाइँमा
जानसक्ने उमेर भएका सबै मानिसहरूले
परमप्रभुको आज्ञा पालन नगरेकाले मरिनगएसम्म
इस्राएलीहरू चालीस वर्षसम्म उजाड़-स्थानमा
यात्रा गरिबसे । किनकि दूध र मह बग्ने देश
हामीलाई दिनुहुनेछ, भनी तिनीहरूका पिता-
पुर्खाहरूसित शपथ खाएर प्रतिज्ञा गर्नुभएको
देश तिनीहरूले देख्न पाउनेछैनन् भनी उहाँले
तिनीहरूसित शपथ खानुभएको थियो ।
**७**यसकारण उहाँले तिनीहरूको ठाउँमा तिनीहरूका
छोराहरूलाई उत्पन्न गर्नुभयो र यिनीहरूको
खतना यहोशूले गरे । बाटोमा खतना नभएकोले
तिनीहरू बेखतने थिए । **८**अनि सम्पूर्ण जातिको
खतना भएपछि तिनीहरू निको नभएसम्म तिनी
आफू बसेका छाउनीमै बसे ।

**९**तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "आज
मैले तिमीहरूबाट मिश्रको अपमान गुड़ाइदिएको
छु ।" यसकारण आजको दिनसम्मै त्यस ठाउँको
नाउँ गिलगाल भनिन्छ ।

**१०**त्यस महिनाको चौधौं दिनको साँझ
यरीहोको मैदानमा छाउनी हालेको बेला
इस्राएलीहरूले निस्तार-चाड़ मनाए । **११**निस्तार
चाड़पछिको दिन, ठीक त्यही दिन, तिनीहरूले
त्यस देशको अन्न, खमीर नहालेको रोटी र
भुटेको अन्न खाए । **१२**तिनीहरूले त्यस देशको
यो अन्न खाएकै दिनदेखि मन्न खस्न थामियो ।
इस्राएलीहरूको लागि अब केही मन्न थिएन,
तर त्यस वर्ष तिनीहरूले कनान देशको उब्जनी
खाए ।

## यरीहोको पतन

**१३**अब यहोशू यरीहोको नजीक हुँदा तिनले
हेरे, र तिनले आफ्नो सामुन्ने एक जना
मानिसलाई आफ्नो हातमा तरवार लिएर
उभिरहेका देखे । यहोशू उक्लेर तिनीकहाँ गएर
सोधे, "तपाईं हाम्रो पक्षमा कि हाम्रा शत्रुहरूको
पक्षमा हुनुहुन्छ ?"

**१४**"तिनले जवाफ दिए, कुनैको पक्षमा पनि
होइन, तर म अहिले परमप्रभुको फौजको
कप्तान भएर आएको छु ।" तब यहोशूले
डराएर भूइँमा घोप्टो परेर भने, "परमप्रभुको
दासको निम्ति उहाँको के सन्देश छ ?"

**१५**परमप्रभुको फौजका कप्तानले भने,
"तेरा जुत्ता फुकाल्, किनकि तँ उभिएको ठाउँ
पवित्र छ ।" अनि यहोशूले त्यसै गरे ।

---

**५:६**–गन्ती १४:२८-३५. **५:१०**–प्रस्थान १२:१-१३. **५:१२**–प्रस्थान १६:३५.

६ यरीहो इस्राएलीहरूको कारण बिल्कुलै
बन्द गरिएको थियो । कोही भित्र बाहिर
गर्न पाउँदैनथ्यो ।
२तब परमप्रभुले यहोशूलाई भन्नुभयो,
“हेर्, मैले यरीहोलाई, त्यसका राजा र
योद्धाहरूसमेत तेरो हातमा सुम्पेको छु । ३सबै
हतियारधारी मानिसहरूसित एक पल्ट त्यस
शहरलाई फेरो मार्नू । यो छ दिनसम्म गर्नू ।
४सन्दूकको सामुन्ने भेड़ाका सीङका तुरही
लिएका सात जना पूजाहारीहरू राख्नू । सातौँ
दिनमा शहरको चारैतिर सातपल्ट फेरो मार्नू,
अनि पूजाहारीहरूले तुरही फुकून् । ५जब
तिमीहरूले लामो गरी तुरही फुकेको सुनौला,
सबै मानिसहरू चर्को सोरले कराऊन्, अनि
शहरको पर्खाल ढल्नेछ र हरेक मानिस आफ्नो
अगि सीधै बढ़ेर जाऊन् ।”
६यसकारण नूनको छोरा यहोशूले
पूजाहारीहरूलाई बोलाएर तिनीहरूलाई भने,
“परमप्रभुको करारको सन्दूक लिनू, र सात
जना पूजाहारीहरूलाई त्यसको अगि तुरही
बोकाएर पठाउनू ।” ७अनि तिनले मानिसहरूलाई
हुकुम दिए, “अगि बढ़ ! शहरको चारैतिर
हिँड़, र हतियारधारी मानिसहरूचाहिँ परमप्रभुको
सन्दूकको अगि हिँडून् ।”
८यहोशूले पूजाहारीहरूसित कुरा गरिसकेपछि,
परमप्रभुको अगाडि सातओटा तुरही बोक्ने सात
जना पूजाहारीहरू तुरही बजाउँदै अगि बढ़े र
पछि परमप्रभुको करारको सन्दूक थियो ।
९हतियारधारी अङ्गरक्षकहरू तुरही फुक्ने
पूजाहारीहरूको अगि थिए । अनि पछिल्तिरका
अङ्गरक्षकहरूचाहिँ सन्दूकको पछि थिए । यस
समयभरि तुरहीहरू बजिरहेका थिए । १०तर यहोशूले
मानिसहरूलाई यसो भनी आज्ञा दिएका थिए,
“मैले तिमीहरूलाई जोरसित कराउनू नभनेको
दिनसम्म युद्ध-ध्वनि ननिकाल्नू, तिमीहरूका
सोर नउचाल्नू अनि एकै शब्द पनि नभन्नू ।
त्यसपछि जोरसित कराउनू !” ११यसरी तिनले
परमप्रभुको सन्दूकलाई बोकाएर एकपल्ट
शहरको फेरो मार्न लगाए । तब मानिसहरू
छाउनीमा फर्किआएर त्यहाँ रात बिताए ।
१२भोलि बिहानै यहोशू चाँड़ै उठे र
पूजाहारीहरूले परमप्रभुको सन्दूक उठाए ।
१३सातओटा तुरही बोक्ने सात जना
पूजाहारीहरू परमप्रभुको सन्दूकको अगि
तुरही बजाउँदै हिँड़े । हतियारधारी मानिसहरू
तिनीहरूका अगि गए अनि पछिल्तिरका
अङ्गरक्षकहरू परमप्रभुको सन्दूकको पछि हिँड़े
र तुरहीहरू बजिरहेका थिए । १४यसरी दोस्रो
दिन तिनीहरूले शहरको फेरो मारे र छाउनीमा
फर्के । यो तिनीहरूले छ दिनसम्म गरे ।
१५सातौँ दिन एका बिहानै तिनीहरू
उठे, अनि त्यही रीतिले शहर घुमे, केवल
त्यस दिन तिनीहरूले सात चोटि शहर घुमे ।
१६सातौँपल्टमा जब पूजाहारीले तुरही फुके,
यहोशूले मानिसहरूलाई यसरी आज्ञा दिए,
“चिच्याओ ! किनकि परमप्रभुले यो शहर
तिमीहरूलाई दिइसक्नुभएको छ ! १७यो शहर
अनि यसमा भएका जम्मै कुराहरू परमप्रभुलाई
अर्पण गर्नुपर्छ । केवल राहाब वेश्या र
त्यसको घरमा भएका सबैलाई छोड़िदिनुपर्छ,
किनकि त्यसले हामीले पठाएका जासूसहरूलाई
लुकाएकी थिई । १८तर अर्पण गरिएका
कुराहरूबाट अलग रहनू, तीबाट केही लिएर
तिमीहरूले आफैमाथि विपत्ति नल्याओ । नत्र
त तिमीहरूले इस्राएलका छाउनीलाई नाश पारेर
त्यसमाथि विपत्ति ल्याउनेछौ । १९सबै चाँदी, सुन,
काँसा र फलामका चीजहरू परमप्रभुको निम्ति
पवित्र छन्, ती उहाँको भण्डारमा जानुपर्छ ।”
२०तुरही बजेपछि मानिसहरू चिच्याए, र
तुरहीको सोरमा जब मानिसहरू जोड़सित
चिच्याए, पर्खाल ढलिगयो; अनि प्रत्येक मानिसले
आक्रमण गरेर सीधै भित्र पसेर शहरलाई
लिए । २१तिनीहरूले शहरलाई परमप्रभुकहाँ
अर्पण गरिदिए र त्यसमा भएको प्रत्येक कुरो,
पुरुष, स्त्रीहरू, जवान, बूढा, गाईबस्तु, भेड़ा र
गधाहरू सबैलाई तरवारले नाश गरिदिए ।

---

**६:२०**–हिब्रू ११:३०.

**२२**त्यस देशको भेद लिने दुई जना
मानिसहरूलाई यहोशूले भने, “त्यस वेश्याको
घरमा गएर तिमीहरूले त्यससित शपथ
खाएअनुसार त्यस स्त्री र त्यससँग भएका
सबैलाई बाहिर निकाल्नू ।” **२३**यसकारण भेद
लिने ती दुई जवान मानिसहरू भित्र गए अनि
राहाब, त्यसका बाबु, आमा र दाज्यूभाइहरू र
त्यसका सबैलाई बाहिर ल्याए । तिनीहरूले
त्यसको सम्पूर्ण परिवारलाई बाहिर ल्याएर
इस्राएलको छाउनी बाहिर एक ठाउँमा राखे ।

**२४**त्यसपछि तिनीहरूले सम्पूर्ण शहर र
त्यसमा भएका हरेक कुरा जलाइदिए, तर
तिनीहरूले चाँदी, सुन, काँसा र फलामका
चीजहरू परमप्रभुको भवनको भण्डारमा
हाले । **२५**तर यहोशूले वेश्या राहाब र त्यसका
परिवार अनि त्यसका सबै कुराहरूलाई
छोड़िदिए, किनकि त्यसले यरीहोमा जासूसी
गर्न पठाएका मानिसहरूलाई लुकाएकी थिई र
तिनका सन्तानहरू आजको दिनसम्म पनि
इस्राएलीहरूबीच रहेको पाइन्छ ।

**२६**त्यसबेला यहोशूले यो गम्भीर शपथ
खाए: “जसले यो शहर यरीहोलाई पुनर्निर्माण
गर्ने जिम्मा लिन्छ; त्यो मानिस परमप्रभुको
सामुन्ने श्रापित होस्:

> “यसको जग बसाल्दा, त्यसको जेठो
> छोरो मर्नेछ;
> यसका मूलढोकाहरू बसाल्दा, त्यसको
> कान्छो छोरो मर्नेछ ।”

**२७**यसरी परमप्रभु यहोशूसित हुनुहुन्थ्यो र
तिनको कीर्ति देशभरि फैलियो ।

### आकानको पाप

**७** तर अर्पित गरिएका चीजहरूको विषयमा
इस्राएलीहरू विश्वासयोग्य भएनन्;
यहूदाको कुलको जेरहको छोरा जिम्री, त्यसको
छोरा कर्मी, त्यसको छोरा आकानले ती
चीजहरूबाट केही कुरा लिए । यसकारण
परमप्रभुको क्रोध इस्राएलहरूमाथि दन्कियो ।

**२**अनि यहोशूले बेथेलको पूर्वतिरको बेथ
आवेनको नजीक भएको ऐमा यरीहोबाट
मानिसहरू पठाएर तिनीहरूलाई भने,
“निस्किगएर त्यसका इलाकाको भेद लेओ ।”
यसकारण ती मानिसहरू गए र ऐको
भेद लिए । **३**तिनीहरू यहोशूकहाँ फर्किआएपछि
तिनीहरूले भने, “ऐको विरुद्धमा सबै मानिसहरू
जानु पर्नेछैन । त्यसलाई लिनलाई दुई अथवा
तीन हजार मनिसहरू पठाउनुहोस् अनि सबै
मानिसहरूलाई दु:ख नदिनुहोस्, किनकि त्यहाँ
थोरै मानिसहरू छन् ।” **४**यसकारण, करीब
तीन हजार मानिसहरू मात्र उक्लेर गए, तर
तिनीहरू ऐका मानिसहरूद्वारा पराजित भए,
**५**जसले तिनीहरूका छत्तीस जना जतिलाई
मारे । तिनीहरूले इस्राएलीहरूलाई शहरको
मूलढोकादेखि ढुङ्गाको खानीसम्म खेदे र
ओह्रालोमा प्रहार गरे । यसपछि मानिसहरूको
हृदय डरले गलेर पानीजस्तै भयो ।

**६**तब यहोशूले आफ्नो वस्त्र च्याते अनि
परमप्रभुको सन्दूकको सामुन्ने भूइँमा घोप्टो
परेर लड़े र साँझसम्मै त्यहीँ रहे । इस्राएलका
बूढ़ा-प्रधानहरूले पनि त्यसै गरे र आफ्ना
शिरहरूमा धूलो छर्के । **७**अनि यहोशूले भने,
“हाय ! सर्वसत्तासम्पन्न परमप्रभु, तपाईंले यी
मानिसहरूलाई एमोरीहरूको हातमा सुम्पिदिएर
नष्ट पार्नलाई किन यर्दन पार गराएर
ल्याउनुभयो ? हामी यर्दनको उतापट्टि बस्नको
लागि सन्तुष्ट भएको भए हुनेथियो ! **८**हे
परमप्रभु, म के भन्न सक्छु र, अब इस्राएल त
आफ्ना शत्रुहरूद्वारा पराजित भएको छ ?
**९**कनानी र यस देशका अरू मानिसहरूले
यसबारे सुन्नेछन्, र तिनीहरूले हामीलाई घेरेर
पृथ्वीबाट हाम्रो नाउँ निशानै मेटिदिनेछन् ।
त्यसबेला तपाईंले आफ्नै महान् नाउँको खातिर
के गर्नुहुनेछ ?”

**१०**परमप्रभुले यहोशूलाई भन्नुभयो, “उठ् !
तँ घोप्टेर के गर्दैछस् ? **११**इस्राएलले पाप

---

**६:२५**–हिब्रू ११:३१. **६:२६**–१ राजा १६:३४.

गरेको छ; तिनीहरूले मैले तिनीहरूलाई पालन
गर्नू भनेर दिएको करार भङ्ग गरेका छन् ।
तिनीहरूले अर्पण गरिएका चीजहरूबाट केही
लिएका छन्; तिनीहरूले चोरेका छन्, तिनीहरूले
झूट बोलेका छन्, तिनीहरूले ती आफ्नै
मालसामानसित राखेका छन् । **१२**यसैकारण
इस्राएलीहरू आफ्ना शत्रुहरूको विरुद्धमा खड़ा
रहन सक्तैनन्; तिनीहरू पिठिउँ फर्काएर भाग्छन्
किनकि तिनीहरूले आफैलाई सर्वनाशको योग्य
बनाएका छन् । तिमीहरूले नाशको निम्ति
अर्पण गरिएका जेसुकै राखेको भए पनि त्यसलाई
नष्ट नगरेसम्म म अबदेखि उसो तिमीहरूसित
हुनेछैन ।

**१३**जा, मानिसहरूलाई शुद्ध पार् ।
तिनीहरूलाई भन्, 'भोलिको तयारीको लागि
आफैलाई शुद्ध बनाओ; किनकि परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः कि हे
इस्राएल, अर्पण गरिएको चीज तिमीहरूसित
छ । तिमीहरूले त्यसलाई नहटाएसम्म
तिमीहरू आफ्ना शत्रुहरूको विरुद्धमा खड़ा
रहन सक्दैनौ ।

**१४**"'बिहानै, तिमीहरूले कुलैपिच्छे आफैलाई
प्रस्तुत गर्नू । परमप्रभुले पक्रनुभएको कुल
वंश-वंश गरी सामुन्ने आओस्, परमप्रभुले
पक्रनुभएको वंश परिवार-परिवार गरी सामुन्ने
आओस्, र परमप्रभुले पक्रनुभएको परिवार
मानिस-मानिस गरी सामुन्ने आओस् । **१५**अर्पण
गरिएका चीजहरूसित पक्राउ पर्ने व्यक्ति,
त्यससित भएका सबै आगोद्वारा नष्ट पारिओस् ।
त्यसले परमप्रभुको करार भङ्ग गरेको छ र
इस्राएलमा एउटा घृणास्पद काम गरेको छ !"

**१६**भोलिपल्ट बिहानै यहोशूले इस्राएललाई
कुल कुल गरी सामुन्ने आउन लगाए र यहूदा
पक्राउ पर्‍यो । **१७**यहूदाका कुलहरू सामुन्ने
आए र जेरहवंशीहरू पक्राउ परे । तिनले
जेरहका वंशहरूलाई परिवार-परिवार गरी
सामुन्ने आउन लगाएर जिम्री पक्राउ पर्‍यो ।
**१८**यहोशूले त्यसको परिवारलाई एक-एक
गरी सामुन्ने आउन लगाएर यहूदाको कुलको
जेरहको छोरा जिम्री, त्यसको छोरा कर्मी,
कर्मीको छोरा आकान पक्राउ पर्‍यो ।

**१९**तब यहोशूले आकानलाई भने, "मेरो
छोरा, परमप्रभु इस्राएलका परमेश्वरलाई महिमा
दे र उहाँलाई नै प्रशंसा दे । तैंले के गरिस्
मलाई भन्, त्यो मदेखि नलुका ।"

**२०**आकानले जवाफ दियो, "यो सत्य हो !
मैले परमप्रभु इस्राएलका परमेश्वरको विरुद्धमा
पाप गरेको छु । मैले गरेको अपराध यही हो:
**२१**लूटको मालमा जब मैले बेबिलोनको एउटा
सुन्दर ओढ़ने, दुई सय शेकेल सुनको एउटा
डण्डा देखें, मलाई लोभ लाग्यो र मैले
ती लिएँ । मेरो पालभित्र भूईंमुनि ती गाड़िएका
छन् र चाँदीचाहिँ सबैभन्दा मुनि छ ।"

**२२**यसकारण यहोशूले दूतहरू पठाए अनि
तिनीहरू दगुरेर पालमा गए र त्यस पालभित्र
ती लुकाइराखिएका थिए अनि चाँदीचाहिँ
सबैभन्दा मुनि रहेछ । **२३**तिनीहरूले पालबाट
ती चीजहरू लिएर यहोशू र सारा
इस्राएलीहरूकहाँ ल्याए, अनि ती परमप्रभुको
सामुन्ने राखिदिए ।

**२४**तब यहोशू र सारा इस्राएलीहरूले
जेरहको छोरा आकान, ती चाँदी, ओढ्ने,
सुनको डण्डा, त्यसका छोराछोरीहरू, त्यसका
गाईबस्तु, गधाहरू र भेड़ाहरू, त्यसको पाल
अनि त्यसका सबै चीजहरूलाई आकोरको
बेँसीमा ल्याए । **२५**यहोशूले भने, "तैंले किन यो
विपत्ति हामीमाथि ल्याइस् ? परमप्रभुले आज
तँमाथि विपत्ति ल्याउनुहुनेछ ।"

त्यसपछि सारा इस्राएलीले त्यसलाई ढुङ्गाले
हाने र तिनीहरूले रहेकाहरूलाई पनि ढुङ्गाले
हानेपछि तिनीहरूलाई जलाइदिए । **२६**तिनीहरूले
आकानमाथि पत्थरहरूको थुप्रो लगाइदिए जुन
आजको दिनसम्मै छँदैछ । त्यसपछि परमप्रभु
आफ्नो भयानक क्रोधबाट फर्कनुभयो ।
यसकारण, त्यस दिनदेखि उसो त्यस ठाउँलाई
आकोरको बेँसी भनिएको छ ।

### ऐ शहरको सर्वनाश

**८** तब परमेश्वरले यहोशूलाई भन्नुभयो,
"नड़रा; निराश नहो । आफूसित सम्पूर्ण

सेना लिनू र उक्लिगएर ऐमाथि आक्रमण
गर्नू । किनकि मैले ऐको राजा, त्यसका
मानिसहरू, त्यसको शहर र त्यसको देशलाई
तेरो हातमा सुम्पिदिएको छु। **२**तैंले ऐ र त्यसको
राजासित त्यसै गर्नू जुन तैंले यरीहो र त्यसको
राजासित गरेको थिइस्, तर भिन्नता यही हुनेछ
कि तैंले त्यसको लूटको माल र गाईबस्तु
तिमीहरू आफ्नैलागि लैजान सक्नेछौ ।
शहरको पछिल्तिर ढुकेर बस्नू ।"

**३**यसकारण यहोशू र सम्पूर्ण फौज ऐमाथि
आक्रमण गर्न निस्के । तिनले आफ्ना
सर्वोत्तम लड़ाकूहरूबाट तीस हजारलाई छानेर
तिनीहरूलाई राती पठाए, **४**अनि यसरी हुकुम
गरे: "ध्यानपूर्वक सुन । तिमीहरू शहरको
पछिल्तिर ढुकिबस्नू । त्यसबाट धेरै टाढ़ा
नजानू । तिमीहरू सबै सावधान रहनू । **५**म र
मसित भएका सबै मानिसहरू शहरतिर बढ्नेछौं,
अनि जब ती मानिसहरू हाम्रो विरुद्धमा
निस्केर पहिलेझैँ आउनेछन् हामी तिनीहरूदेखि
भाग्नेछौं । **६**तिनीहरूलाई हामीले शहरदेखि
टाढ़ासम्म लोभ्याएर नपुऱ्याएसम्म तिनीहरूले
खेद्नेछन्, किनकि तिनीहरूले 'पहिलेझैँ हामीदेखि
तिनीहरू भागिरहेका छन्' भनेर भन्नेछन् ।
यसरी हामी तिनीहरूदेखि भाग्दा, **७**तिमीहरू
लुकेको ठाउँबाट उठेर शहरलाई लिनू ।
परमप्रभु तिमीहरूका परमेश्वरले त्यो तिमीहरूको
हातमा दिनुहुनेछ । **८**तिमीहरूले त्यो शहर
लिइसकेपछि, त्यसमा आगो लगाइदिनू ।
परमप्रभुले भन्नुभएझैँ गर्नू । हेर, तिमीहरूले
मेरो हुकुम पाएका छौ ।

**९**तब यहोशूले तिनीहरूलाई पठाइदिए, अनि
तिनीहरू ढुक्ने ठाउँमा गएर ऐको पश्चिमतिरको
बेथेल र ऐको बीचमा ढुकिबसे, तर यहोशूले
मानिसहरूसित त्यो रात बिताए ।

**१०**भोलिपल्ट बिहानै यहोशूले आफ्ना
मानिसहरूलाई भेला गरे, अनि तिनी र
इस्राएलका अगुवाहरू तिनीहरूका अगि ऐतिर
प्रस्थान गरे । **११**तिनीसित भएको सम्पूर्ण दल
प्रस्थान गरेर शहरको नजीक पुगे र त्यसको
सामुन्ने नै आइपुगे । तिनीहरूले आफू र
शहरको बीचमा बेंसीलाई पारेर ऐको उत्तरतिर
छाउनी हाले । **१२**यहोशूले पाँच हजार जति
मानिसहरू लिएर शहरको पश्चिमतिर बेथेल
र ऐको बीचमा एक धराप बनाई ढुक्न
लगाए । **१३**तिनीहरूले उत्तरपट्टि र ढुकेर
बस्नेहरूलाई चाहिँ शहरको पश्चिमपट्टि
गराए । यहोशूले चाहिँ बँसीमा नै रात बिताए ।

**१४**जब ऐको राजाले यो देखेपछि तिनी
र शहरका सबै मानिसहरू एकाबिहानै
चाँड़ो गरी अराबालाई देख्ने एउटा ठाउँमा
इस्राएलीहरूलाई युद्धमा भेट्न गए । तर तिनको
विरुद्धमा शहरको पछिल्तिरको कुरा तिनलाई
थाहै भएन । **१५**यहोशू र ती मानिसहरू
तिनीहरूको अगि खेदिएका झैँ भएर उजाड़-
स्थानतिर भागे । **१६**ऐका सारा मानिसहरूले
तिनीहरूलाई खेद्ने आह्वान भयो अनि
तिनीहरूले यहोशूलाई खेदे र तिनीहरू
डोऱ्याइएर शहरदेखि टाढ़ा पुऱ्याइए । **१७**ऐ अथवा
बेथेलमा इस्राएलको पछि नलाग्ने मानिस एउटै
पनि थिएन । शहर खुला छोड़ेर तिनीहरू
इस्राएलीहरूको पछि लागे ।

**१८**तब परमप्रभुले यहोशूलाई भन्नुभयो,
"तेरो हातमा भएको भाला ऐतिर पसार, किनकि
म त्यस शहरलाई तेरो अधीनमा सुम्पिदिनेछु ।"
यसकारण यहोशूले आफ्नो भाला ऐतिर
पसारे । **१९**तिनले यसो गर्नासाथै ती ढुकेर
बसेका मानिसहरू आफ्नो ठाउँबाट झट्टै
उठेर अगि बढ़े । तिनीहरूले शहरभित्र पसेर
त्यसलाई कब्जा गरे । अनि झट्टै त्यसमा आगो
लगाइदिए ।

**२०**ऐका मानिसहरूले पछि फर्केर हेरे र
शहरको धूवाँ आकाशतिर गइरहेको देखे तर
तिनीहरूलाई कुनै दिशातिर जाने मौकै थिएन,
किनकि उजाड़-स्थानतिर भाग्दै गरेका
इस्राएलीहरू तिनीहरूलाई खेद्नेहरूको विरुद्धमा
फर्किसकेका थिए । **२१**किनकि यहोशू र सारा
इस्राएलले धरापमा ढुक्नेहरूले शहर कब्जा
गरेको अनि शहरबाट धूवाँ माथि गइरहेको
देखेपछि तिनीहरूले फनक्क फर्केर ऐका
मानिसहरूलाई आक्रमण गरे । **२२**धरापमा ढुक्ने

मानिसहरू पनि तिनीहरूको विरुद्धमा शहरबाट
निस्किआए र तिनीहरू दुवैतिर इस्राएलीहरू
भएको बीचमा थुनिए । इस्राएलीले बाँच्ने र
भाग्ने कसैलाई पनि नछोड़ी सबैलाई काटी
मारे । **२३**तर तिनीहरूले ऐका राजालाई जिउँदै
पक्रे र तिनलाई यहोशूकहाँ ल्याए ।

**२४**इस्राएलीले ऐका मानिसहरूलाई खेतमा
अनि तिनीहरूलाई खेदेको उजाड़-स्थानमा
मारिसकेपछि सारा इस्राएलीहरू ऐमा फर्केर
आए र त्यहाँ भएका सबैलाई पनि मारे ।
**२५**त्यस दिन ऐका सारा मानिसहरू, बाह्र हजार
पुरुष र स्त्रीहरू मारिए । **२६**किनकि ऐमा बस्ने
सबैलाई नाश नपारेसम्म यहोशूले भाला
पसारेको आफ्नो हात तल झारेनन् । **२७**तर
परमप्रभुले यहोशूलाई आज्ञा दिनुभएझैं इस्राएलीले
त्यस शहरको गाईबस्तु र लूटको माल आफ्नै
लागि बोकेर लगे ।

**२८**यसरी यहोशूले ऐलाई जलाएर ध्वंसको
रास बनाइदिए, जो आजको दिनसम्म छँदैछ ।
**२९**तिनले ऐको राजालाई एउटा रूखमा
झुण्डयाइदिए र तिनलाई साँझसम्मै त्यहाँ
छोड़िदिए । सूर्यास्तमा तिनले त्यसको शरीरलाई
रूखबाट उतारेर शहरको ढोकाको सँघारमा
फ्याँकिदिने हुकुम दिए । अनि तिनीहरूले
त्यसमाथि पत्थरहरूको थुप्रो लगाइदिए जुन
आजको दिनसम्म छँदैछ ।

### एबाल डाँड़ामा करार पक्का गरिएको

**३०**तब यहोशूले एबाल डाँड़ामा परमप्रभु
इस्राएलका परमेश्वरको निम्ति एउटा वेदी
बनाए, **३१**जुन परमप्रभुको दास मोशाले
इस्राएलीहरूलाई आज्ञा दिएबमोजिम थियो ।
तिनले मोशाको व्यवस्थामा लेखिएको अनुसार,
फलामको कुनै औजार प्रयोग नगरिएका र
नकाटिएका ढुङ्गाहरूको वेदी बनाए । त्यसमाथि
तिनीहरूले परमप्रभुको निम्ति होमबलि चढ़ाए
र परमप्रभुकहाँ सङ्गति-बलिदानहरू चढ़ाए ।
**३२**इस्राएलीहरूको उपस्थितिमा यहोशूले
ढुङ्गाहरूमा मोशाले लेखेको व्यवस्थाको नक्कल
त्यहाँ उतारे । **३३**सबै इस्राएलीहरू, परदेशीहरू
र नागरिकहरू, तिनीहरूका बूढ़ा-प्रधानहरू,
अधिकृतहरू र न्यायकर्ताहरू परमप्रभुको
करारको सन्दूकका दुवैतिर सन्दूक बोक्ने लेवी
पूजाहारीहरूतिर फर्केर खड़ा भएका थिए ।
इस्राएलका मानिसहरूलाई आशिष् दिने विषयमा
परमप्रभुको दास मोशाले पहिले नै हुकुम दिएझैं
आधा मानिसहरू गीरीज्जीम डाँड़ाको सामुन्ने अनि
आधाचाहिँ एबाल डाँड़ाको सामुन्ने खड़ा भए ।
**३४**त्यसपछि, यहोशूले व्यवस्थाका सबै
शब्दहरू, आशिष्हरू र श्रापहरू, व्यवस्थाको
पुस्तकमा लेखिएकै जस्तो गरी पढ़े । **३५**मोशाले
आज्ञा गरेका सबै शब्दहरू एउटै पनि नछोड़ी
स्त्री र छोराछोरीहरू र तिनीहरूसित बस्ने
परदेशीहरू लगायत इस्राएलका सम्पूर्ण
समाजलाई यहोशूले पढ़ेर सुनाए ।

### गिबोनीहरूको छल

**९** अब यर्दनको पश्चिमतिरका सबै राजाहरू,
पहाडी मुलुकका, पश्चिमका डाँड़ाहरूका
र लबानोनसम्म फैलिएका महासागरका
किनारामा भएका (हित्ती, एमोरी, कनानी,
परिज्जी, हिव्वी अनि यबूसी राजाहरू) ले यी
कुराहरूको विषयमा सुने, **२**तिनीहरू यहोशू र
इस्राएलको विरुद्धमा युद्ध गर्न भनी एकसाथ
आए ।

**३**तैपनि, गिबोनका मानिसहरूले यहोशूले
यरीहो र ऐलाई जे गरेका थिए त्यो सुनेपछि,
**४**तिनीहरूले छल गर्ने विचार गरे: तिनीहरू
शिष्ट-मण्डलीको रूपमा गए जसका गधाहरू
फाटेका बोराहरू र पुराना फाटेका र टालेका
मसकहरूले लादिएका थिए । **५**ती मानिसहरूले
खुट्टामा पुराना टालेका जुत्ताहरू र जीउमा
पुराना लुगाहरू लगाएका थिए । तिनीहरूका
भोजनहरू सुक्खा र ढुसी परेका थिए । **६**तब
तिनीहरू गिलगालमा यहोशूकहाँ गए अनि
तिनीहरूले तिनलाई र इस्राएलका मानिसहरूलाई

---

**८:३०-३१**–व्यवस्था २७:२-८. **८:३१**–प्रस्थान २०:२५. **८:३३-३५**–व्यवस्था ११:२९; २७:११-१४.

भने, “हामी टाढ़ाको देशबाट आएका हौं;
यसकारण हामीसित सन्धि गर्नुहोस् ।”
**७**इस्राएलका मानिसहरूले हिव्वीहरूलाई
भने, “तर सायद तिमीहरू त हाम्रै छेउछाउतिर
बस्नेहरू हौला । त्यसोभए हामी कसरी
तिमीहरूसित सन्धि गर्न सक्छौं ?”
**८**तिनीहरूले यहोशूलाई भने, “हामी तपाईंका
दासहरू हौं ।”
तर यहोशूले सोधे, “तिमीहरू को हौ अनि
कहाँबाट आएका हौ ?”
**९**तिनीहरूले जवाफ दिए: “हामी तपाईंका
दासहरू धेरै टाढ़ो देशबाट परमप्रभु तपाईंका
परमेश्वरको ख्यातिको कारण आएका हौं ।
किनकि उहाँले मिश्रमा गर्नुभएका सबै कुराहरूको
विषयमा हामीले वृतान्त सुन्यौं, **१०**अनि उहाँले
यर्दनको पूर्वमा दुई जना एमोरी राजाहरू
हेश्बोनका राजा सीहोन र अश्तारोतमा राज्य
गर्ने बाशानका राजा ओगलाई के गर्नुभयो,
त्यो सुन्यौं । **११**अनि हाम्रा बूढ़ा-प्रधानहरू र
हाम्रो देशमा बस्ने सबैले हामीलाई भने, “यात्राको
निम्ति चाहिने चीजहरू बोकेर जाऊ र
तिनीहरूलाई भेटेर भन: “हामी तपाईंहरूका
दासहरू हौं, हामीसित सन्धि गर्नुहोस् ।” **१२**हामी
तपाईंहरूलाई भेट्नको निम्ति निस्केको दिन
हामीले पोको पारेको यो हाम्रो रोटी गरमै
थियो । तर अब हेर्नुहोस्, यो कति सुक्खा र
ढुसी परेको छ । **१३**अनि हामीले यी मसकहरू
दाखमद्यले भर्दा यी नयाँ थिए, तर अब हेर्नुहोस्,
यी प्वाल परिगएका छन् । अनि लामो यात्राको
कारण हाम्रा लुगाहरू र जुत्ताहरू थोत्रा
भइसकेका छन् ।”
**१४**इस्राएलका मानिसहरूले तिनीहरूका
खाने पिउने चीजहरू जाँच गरे, तर परमप्रभुलाई
सोधेनन् । **१५**तब यहोशूले तिनीहरूलाई जिउँदै
राख्ने सन्धि तिनीहरूसित गरे र सभामा
अगुवाहरूले त्यसलाई शपथद्वारा दृढ़ पारे ।
**१६**तिनीहरूले गिबोनीहरूसित सन्धि गरेको
तीन दिनपछि त तिनीहरूकै छेउछाउतिर
बस्ने छिमेकीहरू पो रहेछन् भनी थाहा पाए ।
**१७**यसकारण इस्राएलीहरू प्रस्थान गरे र तेस्रो
दिन तिनीहरूका शहरहरू गिबोन, कपीरा,
बेरोत र किर्यत यारीममा आइपुगे । **१८**तर
इस्राएलीहरूले तिनीहरूमाथि आक्रमण गरेनन्,
किनकि समुदायका अगुवाहरूले तिनीहरूसित
परमप्रभु इस्राएलका परमेश्वरको शपथ खाएका
थिए ।
सारा समुदाय ती अगुवाहरूसित गनगनाए,
**१९**तर सबै अगुवाहरूले जवाफ दिए, “हामीले
तिनीहरूलाई परमप्रभु इस्राएलका परमेश्वरको
शपथ दिएका छौं र अब हामी तिनीहरूलाई
छुन सक्दैनौं । **२०**हामी तिनीहरूसित यसो गर्नेछौं:
तिनीहरूसित हामीले शपथ खाएको भङ्ग भएको
कारण हामीमाथि क्रोध नपरोस् भनेर हामी
तिनीहरूलाई जिउँदै राख्नेछौं ।” **२१**तिनीहरूले
अझ भने, “तिनीहरू जीवितै रहून्, तर तिनीहरू
सारा समुदायको निम्ति दाउरे र पनेरे
होऊन् ।” यसरी तिनीहरूसित अगुवाहरूले
गरेको प्रतिज्ञा कायम रह्यो ।
**२२**तब यहोशूले गिबोनीहरूलाई
बोलाइपठाएर भने, “तिमीहरूले ‘हामी टाढ़ा
बस्छौं’ भनेर किन हामीलाई छल्यौ जब कि
तिमीहरू त हाम्रै छेउछाउतिर बस्दा रहेछौ ?
**२३**अब तिमीहरू एउटा श्रापमुनि परेका छौ ।
तिमीहरू मेरा परमेश्वरका भवनमा दाउरे र
पनेरे हुनदेखि कहिल्यै मुक्त हुनेछैनौ ।”
**२४**तिनीहरूले यहोशूलाई भने, “परमप्रभु
तपाईंका परमेश्वरले आफ्नो दास मोशालाई
यो देश जम्मै तपाईंहरूलाई दिने र यस देशका
सारा बासिन्दाहरूलाई नष्ट गर्ने आज्ञा दिनुभएको
थियो । यसकारण तपाईंसँग आफ्नो ज्यानको
साह्रो डर लागेर हामीले यसो गरेका हौं । **२५**अब
हेर्नुहोस्, हामी तपाईंको हातमा छौं । जसो
उचित र भलो लाग्छ, हामीसित गर्नुहोस् ।”
**२६**यसरी यहोशूले तिनीहरूलाई इस्राएली-
हरूबाट जोगाए र तिनीहरूले उनीहरूलाई
मारेनन् । **२७**त्यस दिन तिनले गिबोनीहरूलाई

---

**९:७**–प्रस्थान २३:३२; ३४:१२; व्यवस्था ७:२. **९:१०**–गन्ती २१:२१-३५.

समुदायको निम्ति र परमप्रभुले चुन्नुहुने उहाँको
वेदीको निम्ति दाउरे र पनेरे बनाए । अनि
तिनीहरू आजको दिनसम्मै त्यस्तै छन् ।

## सूर्य स्थिर रहेको

**१०** अब यरीहो र त्यसका राजालाई यहोशूले
जे गरेका थिए, त्यस्तै तिनले ऐका
राजालाई पनि गरे र ऐलाई लिइकन त्यसलाई
सम्पूर्ण रूपले नष्ट गरेको गिबोनका मानिसहरूले
इस्राएलसित शान्तिको सन्धि गरेर तिनीहरूकै
नजीक बस्न थालेको कुरा यरूशलेमका राजा
अदोनीसेदेकले सुने । **२**यसमा तिनी र तिनका
मानिसहरू भयभीत भए किनकि गिबोन राजकीय
शहरहरूमध्ये एउटा थियो, त्यो ऐ भन्दा ठूलो
थियो र त्यसका मानिसहरू असल लड़ाकूहरू
थिए । **३**यसकारण यरूशलेमका राजा
अदोनीसेदेकले हेब्रोनको राजा होहाम, यर्मूतका
राजा पिराम, लाकीशका राजा यापी र
एग्लोनका राजा दबीरकहाँ खबर पठाए ।
**४**तिनले भने, "उक्लिआएर मलाई गिबोनमाथि
आक्रमण गर्न सघाउनुहोस्, किनकि त्यसले
यहोशू र इस्राएलीहरूसित मिलाप गरेको छ ।"

**५**तब पाँच जना एमोरी राजाहरू, अर्थात्
यरूशलेम, हेब्रोन, यर्मूत, लाकीश र एग्लोनका
राजाहरूले एकसाथ दल बाँधे । तिनीहरूले
आफ्ना फौजहरू लिएर गिबोनको विरुद्धमा मोर्चा
बाँधेर त्यसमाथि आक्रमण गरे ।

**६**तब गिबोनीहरूले गिलगालको छाउनीमा
यहोशूकहाँ यसरी खबर पठाए: "तपाईंका
दासहरूलाई नत्याग्नुहोस् । हामीकहाँ चाँड़ो
आएर हामीलाई बचाउनुहोस् ! हामीलाई
सहायता गर्नुहोस्, किनकि पहाड़ी मुलुकबाट
सबै एमोरी राजाहरूले हाम्रो विरुद्धमा दल
बाँधेका छन् ।" **७**यसकारण यहोशूले आफ्ना
सबभन्दा असल लड़ाकूहरूलगायत सम्पूर्ण
फौज लिएर गिलगालबाट युद्ध-यात्रा गरे ।
**८**परमप्रभुले यहोशूलाई भन्नुभयो, "तिनीहरूदेखि
नड़रा; मैले तिनीहरूलाई तेरो हातमा दिएको
छु । तिनीहरूमध्ये कोही पनि तेरो सामुन्ने
टिक्न सक्नेछैन ।"

**९**गिलगालबाट रातभरिको युद्ध-यात्रा गरेर
यहोशू तिनीहरूमाथि अचानक जाइलागे ।
**१०**परमप्रभुले तिनीहरूलाई इस्राएलको सामुन्ने
खैलाबैलामा पारिदिनुभयो र इसाएलीहरूले
तिनीहरूलाई गिबोनको महान् विजयमा परास्त
गरे । इस्राएलीले तिनीहरूलाई बेथ-होरोन जाने
बाटोभरि खेदे अनि तिनीहरूलाई आजेका र
मक्केदासम्म मार्दैगए । **११**तिनीहरू इस्राएलीको
सामुन्ने बेथ-होरोनदेखि आजेकासम्म बाटोमा
भाग्दा परमप्रभुले तिनीहरूमाथि आकाशबाट
ठूला-ठूला असिनाहरू ओइर्‍याइदिनुभयो र
तिनीहरू इस्राएलीहरूको तरवारले भन्दा धेरै
असिनाले मरे ।

**१२**परमप्रभुले एमोरीहरूलाई इस्राएलको
हातमा दिनुभएको दिन यहोशूले इस्राएलीहरूको
उपस्थितिमा परमप्रभुलाई भने:

> "हे सूर्य, तँ गिबोनमाथि
> हे चन्द्र, तँ अय्यालोनको बँसीमाथि
> स्थिर बस् ।"
>
> **१३** यसकारण त्यस जातिले,
> आफ्ना शत्रुहरूमाथि बदला नलिएसम्म
> सूर्य स्थिर रह्यो अनि चन्द्र थामियो ।

यो याशारको पुस्तकमा लेखिएको छ ।

सूर्य आकाशको बीचमा अड़ियो अनि प्राय:
एक दिनभरि नै अस्ताउन ढिलो गर्‍यो ।
**१४**परमप्रभुले एक जना मानिसको कुरा यसरी
सुन्नुभएको त्यस्तो दिन न त पहिले कुनै दिन
थियो, न त पछि । निश्चय नै परमप्रभु इस्राएलको
पक्षमा लड्नुहुँदै थियो !

**१५**त्यसपछि यहोशू सारा इस्राएलीसित
गिलगालको छाउनीमा फर्के ।

## पाँच जना एमोरी राजाहरू मारिए

**१६**ती पाँच जना राजाहरू भागेर मक्केदामा
भएको गुफामा लुकेका थिए । **१७**जब ती

---

**१०:१३**–२ शमूएल १:१८.

पाँचजना राजाहरू मक्केदामा भएको गुफामा
लुकिरहेको कुरा यहोशूलाई बताइयो, **१८**तिनले
भने, "त्यस गुफाको मुखमा ठूला पत्थरहरू
गुड़्याइदिनू, र त्यसलाई कुर्न भनी केही मानिसहरू
खटाइदिनू । **१९**तर नरोकिनू ! तिनीहरूका
शत्रुहरूलाई खेदेर पछिल्तिरबाट आक्रमण गर्नू,
र तिनीहरूलाई आफ्नो शहरमा पुग्न नदिनू,
किनकि तिमीहरूका परमेश्वरले तिनीहरूलाई
तिमीहरूको हातमा दिनुभएको छ ।"

**२०**यसरी यहोशू र इस्राएलीहरूले एउटा
मानिसलाई पनि नछोड़ी तिनीहरूलाई सम्पूर्ण
रूपले नष्ट गरे, खालि छोड़िएका केही मात्र
सुरक्षित शहरहरूमा पुगे । **२१**त्यसपछि सम्पूर्ण
फौज मक्केदामा भएको छाउनीमा यहोशूकहाँ
सुरक्षापूर्वक फर्के र एक जनाले पनि इस्राएलीको
विरुद्धमा एउटै शब्द पनि बोलेन ।

**२२**यहोशूले भने, "गुफाको मुख खोलेर ती
पाँच राजाहरूलाई बाहिर मकहाँ ल्याओ ।"
**२३**यसकारण तिनीहरूले ती पाँच राजाहरूलाई,
यरूशलेम, हेब्रोन, यार्मूत, लाकीश र एग्लोनका
राजाहरूलाई, गुफाबाट बाहिर ल्याए ।
**२४**तिनीहरूले ती पाँच राजाहरूलाई यहोशूकहाँ
ल्याएपछि तिनले इस्राएलका सबै मानिसहरूलाई
बोलाइपठाए अनि तिनीसित आएका सेनाका
कप्तानहरूलाई भने, "यहाँ आएर तिमीहरूका
खुट्टा यी राजाहरूका घिच्राहरूमा राख ।"
यसकारण तिनीहरू सामुन्ने आएर आफ्ना
खुट्टाहरू तिनीहरूका घिच्राहरूमा राखे ।

**२५**यहोशूले तिनीहरूलाई भने, "नड़राओ,
निराश नहोओ । बलियो र साहसी होओ ।
तिमीहरूले लड़ाइँ गर्न जाने सबै शत्रुहरूलाई
परमप्रभुले यसै गर्नुहुनेछ ।" **२६**तब यहोशूले
ती सबै राजाहरूमाथि प्रहार गरेर मारे र
तिनीहरूलाई पाँचओटा रूखहरूमा झुण्डचाइदिए
र तिनीहरू साँझसम्मै रूखमा झुण्डिरहेकै
अवस्थामा छोड़िए ।

**२७**सूर्यास्तको समयमा यहोशूले हुकुम दिए
र तिनीहरूले उनीहरूलाई रूखबाट झारे अनि
तिनी लुकेकै गुफामा फ्याँकिदिए । गुफाको
मुखमा तिनीहरूले ठूला पत्थरहरू राखिदिए,
जुन आजको दिनसम्मै छँदैछ ।

**२८**त्यस दिन यहोशूले मक्केदा लिए । तिनले
शहर र त्यसका राजालाई तरवारद्वारा परास्त
गरे अनि त्यहाँ भएको प्रत्येकलाई सम्पूर्ण रूपले
नष्ट गरे । तिनले बाँचेको एक जना पनि
छोड़ेनन् । अनि तिनले मक्केदाको राजालाई,
तिनले यरीहोको राजालाई गरेजस्तै गरे ।

### दक्षिणका शहरहरू परास्त भएका

**२९**तब यहोशू र तिनीसित भएका सारा
इस्राएली मक्केदाबाट अगि बढ़ेर लिब्नामा गए
र त्यसलाई आक्रमण गरे । **३०**परमप्रभुले त्यस
शहर र त्यसका राजालाई पनि इस्राएलको
हातमा दिनुभयो । यहोशूले त्यो शहर अनि
त्यसमा भएका प्रत्येकलाई तरवारले नाश
गरे । तिनले त्यहाँ कोही पनि जिउँदो राखेनन् ।
तिनले त्यहाँको राजालाई तिनले यरीहोको
राजालाई गरेझैँ गरे ।

**३१**त्यसपछि यहोशू अनि तिनीसित भएका
सारा इस्राएली लिब्नाबाट लाकीशतर्फ अगि बढ़े;
तिनले त्यसको विरुद्धमा मोर्चा बाँधेर त्यसमाथि
आक्रमण गरे । **३२**परमप्रभुले लाकीशलाई
इस्राएलको हातमा सुम्पिदिनुभयो र यहोशूले
त्यसलाई दोस्रो दिन लिए । तिनले लिब्नालाई
गरेझैँ त्यस शहर र त्यसमा भएका प्रत्येकलाई
तरवारले नष्ट गरे । **३३**त्यसैबेला गेजेरका राजा
होराम लाकीशलाई सहायता गर्न उक्लिआएका
थिए, तर यहोशूले तिनलाई र तिनका फौजलाई
एउटै पनि बाँकी नराखी परास्त गरे ।

**३४**त्यसपछि यहोशू र तिनीसित भएका
सारा इस्राएली लाकीशबाट एग्लोन तर्फ अगि
बढ़े; तिनीहरूले त्यसको विरुद्धमा मोर्चा बाँधेर
त्यसमाथि आक्रमण गरे । **३५**तिनीहरूले त्यसलाई
त्यही दिन कब्जा गरे र तिनीहरूले लाकीशलाई
गरेझैँ त्यसमा भएका प्रत्येकलाई तरवारले नष्ट
गरे ।

**३६**त्यसपछि यहोशू र तिनीसित भएका
सारा इस्राएली एग्लोनबाट हेब्रोनतर्फ अगि बढ़े,
र त्यसमाथि आक्रमण गरे । **३७**तिनीहरूले त्यस
शहरलाई लिए अनि त्यसलाई, त्यसका राजा,

त्यसका गाउँहरू र त्यसमा भएका प्रत्येकलाई
समेत तरवारले नष्ट गरे । तिनीहरूले
एउटैलाई पनि जीवित राखेनन् । एग्लोनमा
गरेझैँ तिनीहरूले त्यसलाई र त्यसमा भएका
प्रत्येकलाई नष्ट गरे ।

**३८**त्यसपछि यहोशू र तिनीसित भएका
सारा इस्राएल पछि फर्केर दबीरमाथि आक्रमण
गरे । **३९**तिनीहरूले त्यस शहरलाई, त्यसका
राजालाई र त्यसका गाउँहरूलाई लिए अनि
तिनीहरूलाई तरवारले नष्ट गरे । तिनीहरूले
एउटैलाई पनि जीवित छोड़ेनन् । तिनीहरूले
हेब्रोन र लिब्ना तथा त्यहाँका राजालाई
गरेझैँ, दबीर र त्यसका राजालाई पनि गरे ।

**४०**यसरी यहोशूले त्यस पहाड़ी मुलुक नेगेव,
पश्चिमी तराई, भीर पखेरा अनि त्यहाँका सबै
राजाहरू लगायत सम्पूर्ण इलाकालाई वशमा
पारे । तिनले एउटैलाई पनि जीवित राखेनन् ।
परमप्रभु इस्राएलका परमेश्वरले आज्ञा गर्नुभएझैँ
तिनले सास भएका सबैलाई सम्पूर्ण रूपले
नाश गरे । **४१**यहोशूले तिनीहरूलाई कादेश
बर्नेदेखि गाजासम्म र गोशेनको सम्पूर्ण
इलाकादेखि गिबोनसम्मै तिनीहरूलाई वशमा
पारे । **४२**यी सबै कुराहरू अनि तिनीहरूका
देशहरूलाई यहोशूले एउटै अभियानमा जिते
किनकि परमप्रभु इस्राएलका परमेश्वरले नै
इस्राएलको निम्ति युद्ध गर्नुभयो ।

**४३**त्यसपछि सारा इस्राएलीसित यहोशू
गिलगालमा भएको छाउनीमा फर्के ।

### उत्तरका राजाहरू परास्त भएका

**११** जब हासोरका राजा याबीनले यस
विषयमा सुने तिनले यी राजाहरूलाई
खबर पठाए, अर्थात् मादोनका राजा योआबलाई
अनि शिम्रोन अनि अक्षापका राजाहरूलाई,
**२**अनि पहाड़हरूमा भएका, किन्नरेतको
दक्षिणको अराबामा भएका, पश्चिमी तराईमा
भएका, अनि पश्चिममा नेपोत दोरमा भएका
उत्तरीय राजाहरूलाई, **३**पूर्व र पश्चिमका
कनानीहरूलाई, एमोरीहरू, हित्तीहरू, परिज्जीहरू
र पहाड़ी मुलुकका यबूसीहरूलाई अनि मिस्पा
इलाको हर्मोनको मुन्तिरका हिव्वीहरूलाई ।
**४**तिनीहरू आफ्ना सबै दलहरू, ठूलो सङ्ख्यामा
घोड़ाहरू र रथहरू, समुद्रको किनारका बालुवा
सरह ठूलो सङ्ख्या भएको विशाल फौज, लिएर
निस्किआए । **५**यी सबै राजाहरूले एक दल
भएर इस्राएलको विरुद्धमा लड़ाइँ गर्न भनी
मेरोमको तालमा छाउनी हाले ।

**६**परमप्रभुले यहोशूलाई भन्नुभयो,
"तिनीहरूसित नडरा, किनकि भोलि यस
बेलासम्ममा म तिनीहरू सबैलाई मारिएको
अवस्थामा इस्राएलको हातमा सुम्पिदिनेछु । तैंले
तिनीहरूहरूका घोड़ाहरूका ढोड़नसा काटिदिनू
र तिनीहरूका रथहरू जलाइदिनू ।"

**७**यसकारण यहोशू र तिनका सम्पूर्ण फौजले
मेरोमको तालमा अचानक आएर तिनीहरूमाथि
आक्रमण गरे, **८**र परमप्रभुले तिनीहरूलाई
इस्राएलको हातमा दिनुभयो । तिनीहरूले
उनीहरूलाई परास्त गरेर ठूलो सीदोनसम्म,
मिस्रापोत-मैमसम्म, अनि एउटै पनि जीवित
नरहने गरी पूर्वको मिस्पाको बेँसीसम्मै खेदे ।
**९**यहोशूले परमप्रभुले निर्देशन दिनुभएझैँ गरे ।
तिनले तिनीहरूका घोड़ाहरूका ढोड़नसा
काटिदिए र रथहरू जलाइदिए ।

**१०**त्यस समयमा फर्किआएर यहोशूले हासोर
कब्जा गरे र त्यसका राजालाई तरवारले
मारे । (हासोरचाहिँ यी राज्यहरूका प्रमुख
थियो ।) **११**तिनीहरूले उनीहरूलाई सास हुने
जति एउटैलाई पनि नछोड़ी नष्ट गरे र तिनले
हासोरलाई पनि जलाइदिए ।

**१२**यहोशूले सम्पूर्ण राजकीय शहरहरू
र तिनीहरूका राजाहरूलाई लिए अनि
तिनीहरूलाई तरवारले मारे । परमप्रभुको दास
मोशाले आज्ञा गर्नुभएझैँ यहोशूले तिनीहरूलाई
सम्पूर्ण रूपले नष्ट गरे । **१३**तैपनि यहोशूले
हासोरलाई जलाइदिएको बाहेक इस्राएलले
डाँड़ामा बनाएका कुनै शहर जलाएनन् ।
**१४**इस्राएलीहरूले यी शहरहरूका लूटका मालहरू
र गाईबस्तु सबै आफ्नैलागि लगे तर मानिसहरूमा
सास हुने जति एउटैलाई पनि जीवित नराखेर
सम्पूर्ण रूपले तरवारले मारिदिए । **१५**परमप्रभुले

आफ्नो दास मोशालाई आज्ञा गर्नुभएझैं, मोशाले
यहोशूलाई आज्ञा दिएका थिए अनि यहोशूले
त्यो गरे । परमप्रभुले मोशालाई दिनुभएको
आज्ञा एउटै पनि बाँकी नराखी तिनले गरे ।
**१६**यसरी यहोशूले सम्पूर्ण देश लिए, पहाड़ी
मुलुक, सम्पूर्ण नेगेव, गोशेनको सम्पूर्ण इलाका,
पश्‍चिमी डाँडाहरू, अराबा र तराईसमेत इस्राएलका
पर्वतहरू, **१७**सेइरतिरको हालाक डाँड़ादेखि हर्मोन
पर्वत मुन्तिरको लबानोनमा भएको बँसीको बाल
गादसम्म । तिनले तिनीहरूका सबै राजाहरूलाई
पक्रे र तिनीहरूलाई प्रहार गरेर मारे । **१८**यहोशूले
यी सबै राजाहरूसित लामो समयसम्म युद्ध
गरे । **१९**गिबोनमा बस्ने हिव्वीहरूबाहेक एउटै
शहरले पनि इस्राएलसित शान्तिको सन्धि गरेन
तर तिनीहरूलाई उनीहरूले लड़ाइँमा जिते ।
**२०**किनकि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं
उहाँले तिनीहरूलाई निर्दयतासाथ नाउँ निशानै
मेटिने गरी नाश गर्नको लागि परमप्रभु आफैले
नै इस्राएलसित युद्ध गर्नलाई तिनीहरूको हृदय
कठोर तुल्याइदिनुभयो ।
**२१**त्यस बेला यहोशूले गएर अनाकीहरूलाई
पहाड़ी मुलुक, हेब्रोन, दबीर र अनाब, यहूदाको
पहाड़ी मुलुक र इस्राएलका सम्पूर्ण पहाड़ी
मुलुकदेखि नष्ट गरे । यहोशूले तिनीहरूलाई र
तिनीहरूका शहरहरूलाई सम्पूर्ण रूपले नष्ट
गरे । **२२**इस्राएली प्रान्तमा एउटै अनाकी पनि
बाँचेनन् तर खालि गाजा, गात र अश्दोदमा
कोही कोही बाँचे । **२३**यसरी परमप्रभुले मोशालाई
निर्देशन दिनुभएझैं यहोशूले सम्पूर्ण देश लिए
अनि त्यसलाई तिनीहरूका कुलको भागअनुसार
पैतृक सम्पतिको रूपमा दिए ।

त्यसपछि देशले युद्धबाट विश्राम पायो ।

## परास्त भएका राजाहरूको सूचि

**१२** इस्राएलीहरूले जितेका अराबाको
पूर्वतिरका सबै भागहरू लगायत
अर्नोनको खाड़ीदेखि हर्मोन पर्वतसम्म यर्दनको
पूर्वीय भागका राजाहरू यिनै हुन्:–

**२**एमोरीहरूका राजा सीहोन, जसले
हेश्बोनमा राज्य गरे । तिनले अर्नोन खाड़ीमा
भएको अरोएरदेखि अम्मोनीहरूको सिमानाको
यब्बोक नदीसम्म शासन गरे, त्यसमा गिलादको
आधा भाग पनि पर्थ्यो । **३**तिनले किन्नरेत
समुद्रदेखि अराबा समुद्र (खारा समुद्र) सम्म पूर्वीय
अराबामा बेथ शीमोत र त्यसपछि पिसगाको
भीरमुन्तिर दक्षिणसम्म पनि शासन गरे ।

**४**अनि रपाइँहरूका अन्तिमहरूमध्ये एक
जना बाशानको राजा ओगको प्रान्त, जसले
अस्तारोत र एद्रईमा राज्य गरे । **५**तिनले
हर्मोन पर्वत सलेका र सारा बाशानमा
गशूरीहरू र माकातीहरूको सिमानासम्म अनि
हेश्बोनका राजा सीहोनको सिमानासम्म र
गिलादको आधा भागसम्म राज्य गर्थे ।

**६**परमप्रभुका दास मोशा र इस्राएलीहरूले
तिनीहरूलाई जिते । अनि परमप्रभुको दास
मोशाले तिनीहरूका देश रूबेनीहरू, गादीहरू
र मनश्शेको आधा कुललाई तिनीहरूको
अधिकारस्वरूप दिए ।

**७**यहोशू र इस्राएलीहरूले यर्दनको पूर्वतिर
लबानोनको बँसीमा भएको बाल गाददेखि
सेइरतिर उठेको हालाकका डाँड़ासम्म जितेका
राजाहरू यिनै हुन् (तिनीहरूका देशहरू
इस्राएलीहरूका कुलको भागअनुसार तिनीहरूका
उत्तराधिकारस्वरूप यहोशूले दिए– **८**पहाड़ी
मुलुक, पश्‍चिमी डाँडाहरू अराबा, पहाड़ी
भीरहरू, उजाड़-स्थान र नेगेव, हित्ती, एमोरी,
कनानी, परिज्जी, हिव्वी र यबूसीहरूका
देशहरू):

| | | |
|---|---|---|
| **९** | यरीहोका राजा | एक |
| | ऐका राजा (बेथेलको छेउको) | एक |
| **१०** | यरूशलेमका राजा | एक |
| | हेब्रोनका राजा | एक |
| **११** | यर्मूतका राजा | एक |
| | लाकीशको राजा | एक |
| **१२** | एग्लोनको राजा | एक |

**११:२०**–व्यवस्था ७:१६. **१२:१-५**–गन्ती २१:२१-३५; व्यवस्था २:२६-३१. **१२:६**–गन्ती ३२:३३; व्यवस्था ३:१२.

| | | |
|---|---|---|
| | गेजेरका राजा | एक |
| १३ | दबीरका राजा | एक |
| | गेदेरका राजा | एक |
| १४ | होर्माका राजा | एक |
| | आरादका राजा | एक |
| १५ | लिब्नाका राजा | एक |
| | अदुल्लामका राजा | एक |
| १६ | मक्केदाका राजा | एक |
| | बेथेलका राजा | एक |
| १७ | तप्पूहका राजा | एक |
| | हेपेरका राजा | एक |
| १८ | अपेकका राजा | एक |
| | लश्शारोनका राजा | एक |
| १९ | मादोनका राजा | एक |
| | हासोरका राजा | एक |
| २० | शिम्रोनमोरनका राजा | एक |
| | अक्षापका राजा | एक |
| २१ | तानाकका राजा | एक |
| | मगिद्दोका राजा | एक |
| २२ | कादेशका राजा | एक |
| | कर्मेलको योक्नामका राजा | एक |
| २३ | डोरका राजा (नपोत दोरमा) | एक |
| | गिलगालको गोयीमका राजा | एक |
| २४ | तिर्साका राजा | एक |

जम्मा एकतीस राजाहरू थिए ।

## लिन बाँकी रहेका देशहरू

**१३** यहोशू वृद्ध भएर निकै दिन
ढल्किसकेपछि, परमप्रभुले तिनलाई
भन्नुभयो, "तँ धेरै वृद्ध भएको छस् र लिनु पर्ने
देशहरूका इलाकाहरू अझ धेरै छन् ।

**२**"बाँकी रहेका देशहरू यिनै हुन्:
पलिश्तीहरू र गश्शूरीहरूका समस्त
इलाका: **३**मिश्रको पूर्वको शिहोरदेखि
उत्तरका एक्रोनका इलाकासम्म जसलाई
कनानीहरूको भनिन्छ (गाजा, अश्दोद,
अश्कलोन, गाथ र अब्बीहरूको एक्रोन,
यी पाँच पलिश्ती शासकहरूको इलाका),
**४**दक्षिणदेखि, कनानीहरूका सबै देशहरू,
सीदोनीहरूको आरादेखि एमोरीहरूको
इलाका अपेकसम्म, **५**गबालीहरूको देश,
हर्मन पर्वतको मुन्तिरको बाल गाददेखि
लेबो हमातसम्म सम्पूर्ण लबानोन ।

**६**"लबानोनदेखि मिस्रापोत-मैमसम्म, सारा
सीदोनीहरूको विषयमा, म आफै तिनीहरूलाई
इस्राएलीहरूको सामुन्नेबाट धपाउनेछु । मैले
तँलाई निर्देशन दिएबमोजिम यो देश
इस्राएलीहरूलाई निश्चय उत्तराधिकारस्वरूप
दिनू, **७**अनि यसलाई नौओटा कुलहरू र
मनश्शेका आधा कुलको बीचमा उत्तराधिकार
स्वरूप बाँड़िदिनु ।"

## यर्दन पूर्वका देशहरू बाँड़िएका

**८**मनश्शेको आधा भाग, रूबेनीहरू र
गादीहरूले तिनीहरूलाई मोशाले दिएका यर्दनको
पूर्वतिरका प्रान्तहरू उत्तराधिकारस्वरूप पाएका
थिए, जुनचाहिँ तिनले परमप्रभुको दास भइकन
तिनीहरूलाई तोकिदिएका थिए ।

**९**यो अर्नोनको खाड़ीको किनारमा भएको
अरोएरदेखि र खाड़ीको बीचमा भएको
शहरदेखि फैलिएको थियो अनि यसमा
दिबोनसम्मै मेदबाको टार पनि सामेल
थियो, **१०**अनि हेश्बोनमा राज्य गर्ने राजा
सीहोनका जम्मै शहरहरूदेखि अम्मोनीहरूको
सिमानासम्मै । **११**यसमा गेशूर र माकाका
मानिसहरूको इलाका गिलाद, हर्मोन पर्वत
र सलेकासम्मै सामेल थियो, **१२**अर्थात्,
अश्तारोत र एद्रेईमाथि शासन गर्ने र
रपाइँहरूका अन्तिमहरूमध्ये एक जना
बाशानको राजा ओगको सम्पूर्ण राज्य ।
मोशाले तिनीहरूलाई जितेर तिनीहरूको
देश लिएका थिए । **१३**तर इस्राएलीहरूले
गेशूर र माकाका मानिसहरूलाई धपाएनन्,
यसकारण तिनीहरू आजको दिनसम्मै

---

**१३:६**–गन्ती ३३:५४. **१३:८**–गन्ती ३२:३३; व्यवस्था ३:१२.

इस्राएलीहरूबीच बस्दै आएका छन् ।

**१४**तर तिनले लेवीको कुललाई कुनै
उत्तराधिकार दिएनन् किनकि परमप्रभु इस्राएलका
परमेश्‍वरलाई आगोद्वारा चढ़ाएको भेटी, उहाँले
तिनीहरूलाई प्रतिज्ञा गर्नुभएझैं तिनीहरूको
उत्तराधिकार हो ।

**१५**मोशाले रूबेनको कुललाई वंश गरी दिएका
कुराहरू यिनै हुन्:

**१६**अर्नोनको खाड़ीको किनारमा भएको
अरोएरको र खाड़ीको बीचको शहर अनि
मेदेबाको पल्लोपट्टिको सम्पूर्ण इलाकादेखि
**१७**हेश्‍बोन र टारमा भएका यसका सबै
शहरहरूसम्म, जसमा यी सामेल थिए,
दीबोन, बमोत-बाल, बेथ-बालमोन,
**१८**याहाज, केदेमोत, मेपाथ, **१९**किर्यातैम,
सिब्मा, पहाड़ी बँसीको सेरेथ शेक्षर **२०**बेथ
पोर, पिसगाको भीर र बेथ शीभोत,
**२१**टारका सबै शहरहरू अनि एमोरीहरूको
राजा हेश्‍बोनमा शासन गर्ने सीहोनका सबै
राज्यहरू । मोशाले तिनलाई र मिद्यानका
मुखियाहरू एवी, रेकेम, सूर, हूर र रेवा,
त्यस देशमा बस्ने सीहोनसित मिलेका
राजकुमारहरूलाई, परास्त गरेका थिए ।
**२२**लड़ाइँमा मारिएकाहरू बाहेक इस्राएलीहरूले
बालमको छोरा जोखना हेर्ने बओरलाई
तरवारले मारेका थिए । **२३**रूबेनीहरूको
सिमाना यर्दनको किनार थियो । यी
शहरहरू र गाउँहरूचाहिँ वंश वंश गरेर
रूबेनीहरूका उत्तराधिकार थिए ।

**२४**मोशाले गादको कुललाई वंश वंश गरी
दिएका कुराहरू यिनै हुन्:

**२५**याजेरको इलाका, गिलादका सबै
शहरहरू रब्बाको छेउको अरोएरसम्मको
अम्मोनी देश, **२६**अनि हेश्‍बोनदेखि रामत
मस्पा र बेतोनीमसम्म अनि महानैमदेखि
दबीरको इलाकासम्म, **२७**अनि बँसीमा, बेथ
हाराम, बेथ निम्रा, सुक्कोत र सापोनसितै
हेश्‍बोनको राजा सीहोनका राज्य (यर्दनको
पूर्वतिर किन्नरेथ समुद्रको अन्तमा ।) **२८**यी
शहरहरू अनि गाउँहरू वंश वंश गरी
गादीहरूका उत्तराधिकार थिए ।

**२९**मनश्शेको आधा कुललाई, अर्थात् मनश्शेका
सन्तानहरूका आधा परिवारलाई वंश-वंश
गरी मोशाले दिएका कुराहरू यिनै थिए:–

**३०**बाशान-लगायत महनोमदेखि फैलिएको
इलाका, बाशानका राजा ओगका सम्पूर्ण
राज्य, बाशानमा भएका सबै आवादी,
साठीओटा शहरहरू, **३१**गिलादको आधा
भाग अनि अश्तारोत र एद्रेइ (बाशानको
ओगका राजकीय शहरहरू) । योचाहिँ
मनश्शेको छोरा माकीरका आधा सन्तानको
लागि थियो । माकीरका छोराहरूको वंश-
वंशअनुसार आधा भाग ।

**३२**यरीहोको पूर्वमा भएको यर्दनपारि
मोआबको मैदानमा हुँदा मोशाले दिएको
उत्तराधिकार यही थियो । **३३**तर लेवीको कुललाई
चाहिँ मोशाले कुनै उत्तराधिकार दिएका थिएनन्,
तिनले उनीहरूलाई प्रतिज्ञा गरेझैं परमप्रभु
इस्राएलका परमेश्‍वर नै तिनीहरूका उत्तराधिकार
हुनुहुन्छ ।

### यर्दनको पश्चिमतिरको देश विभाजन

**१४** इस्राएलले कनान देशमा उत्तराधिकार
स्वरूप पाएका इलाकाहरू यिनै हुन्,
जसलाई पूजाहारी एलाजार, नूनको छोरा यहोशू
र इस्राएलका वंशअनुसार कुलका अगुवाहरूले
तिनीहरूलाई भाग गरिदिए । **२**परमप्रभुले
मोशाद्वारा आज्ञा दिनुभएझैं तिनीहरूका
उत्तराधिकार गोला हालेर साँढे नौ कुललाई
सुम्पिदिएका थिए । **३**मोशाले अढ़ाइ कुललाई
तिनीहरूको उत्तराधिकार यर्दनको पूर्वतिर
दिएका थिए, तर बाँकी रहेकाहरूबीच
लेवीहरूलाई कुनै उत्तराधिकार दिएका थिएनन्,

**१३:१४**–व्यवस्था १८:१. **१३:३३**–गन्ती १८:२०; व्यवस्था १८:२. **१४:२**–गन्ती २६:५२-५६; ३४:१३.
**१४:३** –गन्ती ३२:३३; ३४:१४-१५; व्यवस्था ३:१२-१७.

४किनकि यूसुफका छोराहरू दुईओटा कुलहरू
भएका थिए, मनश्शे र एप्रेम। लेवीहरूले देशको
कुनै हिस्सा पाएनन् तर बस्नलाई शहरहरू र
तिनीहरूका बगाल र बथानको निम्ति खर्कमात्र
पाए । ५यसरी परमप्रभुले मोशालाई आज्ञा
दिनुभएझैं इस्राएलीहरूले देशलाई बाँडे ।

## कालेबलाई हेब्रोन दिएको

६यहूदाका मानिसहरूले गिलगालमा
यहोशूलाई भेटे र कनज्जी यपुन्नेको छोरा
कालेबले तिनलाई भने, "परमेश्वरको जन
मोशालाई कादेश बर्नेमा परमप्रभुले तपाईं र
मेरो विषयमा भन्नुभएको कुरा तपाईंलाई थाहै
छ। ७परमप्रभुको दास मोशाले मलाई यो देश
पत्तो लगाउनलाई कादेश बर्नेबाट पठाउँदा म
चालीस वर्ष उमेरको थिएँ। अनि मैले तिनलाई
आफ्नो विश्वासअनुसार समाचार ल्याइदिएँ,
८तर मसित उक्लिजाने मेरा दाज्यूभाइहरूले
मानिसहरूको हृदयमा डर हालिदिए, तर मैले
परमप्रभु मेरा परमेश्वरलाई सम्पूर्ण हृदयले
पछ्याएँ। ९त्यसकारण त्यस दिन मोशाले मसित,
तेरा खुट्टाले टेकेको देश सधैंको निम्ति तेरो र
तेरा छोराछोरीको उत्तराधिकार हुनेछ, किनकि
तैंले परमप्रभु मेरा परमेश्वरलाई सम्पूर्ण हृदयले
पछ्याइस् भनेर त्यस दिन शपथ खाएका थिए।
१०"त्यसो भए अब, परमप्रभुले प्रतिज्ञा
गर्नुभएझैं, इस्राएल उजाड-स्थानमा हिँड्दा
उहाँले यो कुरा मोशासित भन्नुभएदेखि
यसो उहाँले मलाई पैंतालीस वर्षसम्म जीवित
राख्नुभएको छ र यसरी आज म पचासी वर्ष
उमेरको भएको छु ! ११आज पनि म मोशाले
मलाई बाहिर पठाएको दिनमा झैं बलियो छु,
म लड़ाइँमा जानलाई जतिको प्रबल थिएँ,
त्यतिकै आज पनि छु । १२अब परमप्रभुले
त्यसदिन मसित प्रतिज्ञा गर्नु भएको यो पहाड़ी
मुलुक मलाई दिनुहोस्। अनाकीहरू त्यहाँ छन्
अनि तिनीहरूका शहरहरू ठूला र सुरक्षित
छन् भनी तपाईं आफैले सुन्नुभयो, तर
उहाँले भन्नुभएझै परमप्रभुको सहायताले म
तिनीहरूलाई धपाइदिनेछु ।"
१३तब यहोशूले यपुन्नेको छोरा कालेबलाई
आशिष् दिए र तिनलाई आफ्नो उत्तराधिकार-
स्वरूप हेब्रोन दिए । १४यसरी त्यस दिनदेखि
यसो हेब्रोन कनज्जी यपुन्नेको छोरा कालेबको
भएको छ, किनकि तिनले परमप्रभु इस्राएलको
परमेश्वरलाई सम्पूर्ण हृदयले पछ्याए ।
१५(हेब्रोनलाई अनाकीहरूका सबैभन्दा महान्
पुरुष अर्बाका नाउँमा किर्यत अर्बा भनिन्थ्यो।)
त्यसपछि देशले युद्धबाट विश्राम पायो ।

## यहूदाको भाग

१५ वंशवंश गरी यहूदाको कुलको भाग
एदोमको प्रान्तसम्म, सुदूर दक्षिणमा
जीनको वनसम्म फैलिएको थियो ।

२तिनीहरूको दक्षिण सिमाना खारा
समुद्रको अन्तिम भागमा भएको खाड़ीदेखि
शुरू भएर, ३अक्रब्बीमको घाटीपार भएर
जीनतिर लागेर कादेश बर्नेको दक्षिणसम्म
पुगेको थियो । त्यसपछि त्यो हेस्रोनलाई
छिचलेर अद्दरसम्म पुगेर कर्काको चारैतिर
घुमेको थियो। ४त्यसपछि त्यो अज्मोनतिर
लागेर मिश्रको खोलामा मिसिएर समुद्रमा
अन्त भएको थियो । यो तिनीहरूको
दक्षिणको सिमाना हो ।

५पूर्वीय सिमाना यर्दनको मुखैसम्म
भएको खारा समुद्र हो ।

उत्तरी सिमाना यर्दनको मुखमा समुद्रको
खाड़ीबाट शुरू भएर, ६बेथ-होग्लामा पुगेर
अगि बढ्दै बेथ अराबामा गएर रूबेनको
छोरा बोहनको ढुङ्गासम्म पुग्यो। ७त्यसपछि
सिमाना आकोरको बेँसीबाट दबीरसम्म
पुगेर खाड़ीको दक्षिणतिर अदुम्मीनको
घाटीतिर फर्केको उत्तरतिरको गिलगालमा
पुगेको छ । त्यो एन-शेमेशको पानीतिर
बढ़ेर एनरोगेलमा निस्केको छ। ८त्यसपछि
त्यो यबूसी शहर (अर्थात्, यरूशलेम) को

---

**१४:६**–गन्ती १४:३०. **१४:७**–गन्ती १३:१-३०. **१४:९**–गन्ती १४:२४.

भिरालो ठाउँको दक्षिणमा भएको बेन-
हिन्नोमको बँसी) पुगेको छ । त्यहाँबाट
त्यो रपाईंको बँसीको उत्तरी सिमानामा
हिन्नोम बँसीको टुप्पोमा चढ़ेर गएको छ ।
**९**पहाडको टुप्पोदेखि नेप्तोहको पानीको
मूलतिर लागेर एप्रोन डाँड़ाका शहरहरूमा
निस्केर बाला, (अर्थात्, किर्यत यारीम) तिर
तल झरेको छ । **१०**त्यसपछि त्यो बालाहबाट
पश्चिमतिर घुमेर सेइर पर्वतमा पुगेर
यियरिम पर्वत (अर्थात्, केशालोन) को
उत्तरीय भीरतिर ओह्रालो गएर तिम्नामा
पुगेको छ । **११**त्यो एक्रोनको उत्तरीय भीर
तिर गएर शिकेरोनतिर भएर बालाह
डाँड़ाबाट भएर याब्नेल पुगेको छ । सिमाना
समुद्रमा समाप्त भएको छ ।

**१२**पश्चिमी सिमानाचाहिँ महानदीको
किनार थियो ।

वंशवंश अनुसार यहूदाका मानिसहरूका
चारैतिरका सिमानाहरू यिनै हुन् ।

**१३**यहोशूलाई दिएको आज्ञाअनुसार तिनले
यपुन्नेको छोरा कालेबलाई यहूदामा एउटा भाग,
किर्यात-अर्बा अर्थात् हेब्रोन, दिए । (अर्बाचाहिँ
अनाकका पुर्खा थिए ।) **१४**हेब्रोनबाट कालेबले
तीन जना अनाकीहरू, अर्थात् अनाकका सन्तानहरू,
शेशै, अहीमन र तल्मैलाई धपाए । **१५**त्यहाँबाट
तिनले दबीर (जसलाई पहिला किर्यत-सेफेर
भनिन्थ्यो) मा बस्ने मानिसहरूको विरुद्धमा
युद्धमात्र गरे । **१६**अनि कालेबले भने, "म मेरी
छोरी अक्सालाई किर्यतसेफेरमाथि आक्रमण गरेर
त्यसलाई अधीनमा ल्याउने मानिसलाई विवाह
गर्न दिनेछु ।" **१७**कालेबको भाइ कनजको छोरा
ओत्निएलले त्यसलाई जित्यो र कालेबले आफ्नी
छोरी अक्सालाई उनीसित विवाह गरिदिए ।

**१८**एक दिन अक्सा ओत्निएलकहाँ जाँदा
तिनले ओत्निएललाई आफ्नो बाबुसित एउटा
खेत माग्ने अनुरोध गरिन् । तिनी आफ्नो
गधाबाट ओर्लेपछि कालेबले तिनलाई सोधे,
"म तिम्रो निम्ति के गर्न सक्छु ?"

**१९**तिनले भनिन्, "ममाथि एउटा विशेष
कृपा गर्नुहोस् । तपाईंले मलाई नेगेवमा
जमिन दिनुभयो, मलाई पानीको मुहान पनि
दिनुहोस् ।" यसकारण कालेबले तिनलाई
माथिल्लो र तल्लो पानीका मुहानहरू दिए ।

**२०**यहूदाको कुलको वंशवंश अनुसार
उत्तराधिकार यिनै हुन्:

**२१**एदोमको सिमानातिर नेगेवमा यहूदाको कुलको
सुदूर दक्षिणतिरका शहरहरू यिनै हुन्:

कब्सेल, एदेर, यागूर, **२२**कीना, दीमोना,
अदादा, **२३**केदेश, हासोर, यित्नान, **२४**जीप,
तेलेम, बालोत, **२५**हासोरहादत्ता, किर्योत
हेस्रोन (अर्थात् हासोर), **२६**अमाम, शेमा,
मोलादा, **२७**हसर गद्दा, हेश्मोन, बेथपालेत,
**२८**हसरशूआल, बेर्शेबा, बिज्योत्या, **२९**बाला,
ईम, एसेम, **३०**एल्तोलद, कसील, होर्मा,
**३१**सिक्लग, मद्मन्ना, सन्सन्ना, **३२**लबाओत,
शिल्हीम, ऐन अनि रिम्मोन, जम्मा उन्तीसओटा
शहरहरू र तिनीहरूका गाउँहरू थिए ।

**३३**पश्चिमी डाँडाहरूमा:

एश्तोल सारा, अश्ना, **३४**जानोह,
एनगन्नीम, तप्पूह, एनाम, **३५**यर्मूत,
अदुल्लाम, सोको, आजेका, **३६**शारैम,
अदीतैम, गदेरा, (अथवा गदेरोतेम), चौधओटा
शहरहरू र तिनीहरूका गाउँहरू ।

**३७**सनान, हदाशा, मिग्दलगाद,
**३८**दिलान, मिस्पा, योक्तेल, **३९**लाकीश,
बोस्कत, एग्लोन, **४०**कोब्बन, लहमास,
कितलीश, **४१**गदेरोत, बेथ दागोन, नामा,
र मक्केदा– सोह्रओटा शहरहरू र
तिनीहरूका गाउँहरू थिए ।

**४२**लिब्ना, एतेर, आशान, **४३**यिप्ताह,
अश्ना, नसीब, **४४**कीला, अक्जीब र
मारेशा– जम्मा नौओटा शहरहरू र
तिनीहरूका गाउँहरू थिए ।

---

**१५:१३-१४**–न्यायकर्ता १:२०.

**४५**एक्रोन र त्यसका चारैतिरका आवादी
र गाउँहरू, **४६**एक्रोनको पश्‍चिमका अनि
गाउँहरूसितै अश्दोदको छेउछाउमा भएका
सबै, **४७**अश्दोद र त्यसका चारैतिरका
आवादी र गाउँहरू; गाजा, त्यसका
शहरहरू र आवादीहरूसमेत, मिश्रको नदी
र महानदीको किनारमा भएका सबै ।

**४८**पहाडी मुलुकमा,

शामीर, यत्तीर, सोको, **४९**दन्ना, किर्यत
सन्ना (अर्थात् दबीर), **५०**अनाब, एश्तमो,
अनीम, **५१**गोशेन, होलोन र गीलोह-
एघारओटा शहरहरू र त्यसका गाउँहरू ।

**५२**अरब, दुमा, एशान, **५३**यानीम, वेथ
तप्पूह, अपेका, **५४**हुम्ता, किर्यत अर्बा
(अर्थात्, हेब्रोन) र सीओर– नौओटा
शहरहरू र त्यसका गाउँहरू ।

**५५**माओन, कर्मेल, जीप, युत्ता,
**५६**यिजरेल, योक्दाम, जानोह, **५७**कैन,
गिबा र तिम्ना– दशओटा शहरहरू र
तिनीहरूका गाउँहरू ।

**५८**हल्हूल, बेत्सर, गदोर, **५९**मारात,
बेथनोत र एल्तकोन– छ ओटा शहरहरू
र त्यसका गाउँहरू ।

**६०**किर्यत बाल (अर्थात्, किर्यत यारीम)
अनि रब्बा– दुईओटा शहरहरू र
तिनीहरूका गाउँहरू थिए ।

**६१**उजाड़-स्थानमा:

बेथ अराबा, मिद्दीन, सेकाका, **६२**नूनको
शहर निब्शान र एनगदी– छ ओटा
शहरहरू र तिनीहरूका गाउँहरू ।

**६३**यहूदाले यरूशलेममा बस्ने यबूसीहरूलाई
निकाल्न सकेन । आजको दिनसम्म यबूसीहरू
यहूदाका मानिसहरूसित बस्छन् ।

### एप्रेम र मनश्शेका भागहरू

**१६** यूसुफका सन्तानको भाग यरीहोको
यर्दनदेखि शुरु भयो; यो पूर्वतिरका
पानीदेखि लिएर उकालो उजाड़-स्थान भएर
बेथेलको पहाड़ी देशसम्म पुगेको थियो ।
**२**त्यहाँबाट त्यो बेथेल (अर्थात्, लूज) देखि अगि
बढ़ेर अतारोतमा अरकीको प्रान्तमा पुगेर,
**३**पश्‍चिमतिर झरी तल्लो बेथहोरोनको
इलाकासम्म यल्पेतीहरूको प्रान्तमा पुगेर
गेजेरसम्म गई समुद्रमा सिद्धियो ।

**४**यसरी यूसुफका सन्तान एप्रेम र मनश्शेले
आफ्ना उत्तराधिकार पाए ।

**५**वंशवंश अनुसार एप्रेमको प्रान्त यस्तो थियो:

तिनीहरूको सिमाना पूर्वमा अतारोत
अद्दारदेखि उक्लेर माथिल्लो बेथहोरोनमा
गएर **६**समुद्रसम्म पुग्यो । मिक्मतातबाट
त्यो पूर्वतिर तानतशीलो पुगेर त्यसबाट
भएर पूर्वमा यानोहमा पुग्यो । **७**त्यसपछि
त्यो यानोहबाट तल झरेर अतारोत र
नारामा पुगेर यरीहोलाई छुँदै यर्दनमा
निस्क्यो । **८**तप्पूहबाट त्यो सिमाना
पश्‍चिममा कानाको खोल्सामा पुगेर समुद्रमा
समाप्त भयो । वंश-वंश गरी एप्रेमीहरूको
उत्तराधिकार यही थियो । **९**यसमा
मनश्शेहरूको उत्तराधिकारभित्र एप्रेमीहरूको
लागि अलग गरिएका सबै शहरहरू र
तिनीहरूका गाउँहरू पनि सामेल थिए ।

**१०**तिनीहरूले गेजेरमा बस्ने कनानीहरूलाई
निकालेनन् । आजको दिनसम्म कनानीहरू
एप्रेमका मानिसहरूसित बसेका छन्, तर
तिनीहरूले बेगारीमा काम गर्नुपर्छ ।

**१७** मनश्शेको कुलको भाग यही थियो,
अर्थात्, यूसुफको जेठा छोराको
हैसियतले मनश्शेको छोरा माकीरको भाग ।
माकीरचाहिँ गिलादीहरूका पुर्खा थिए, जसले
गिलाद र बाशान पाएका थिए, किनकि
माकीरहरू महान् योद्धाहरू थिए । **२**यसकारण
यो भाग चाहिँ मनश्शेका बाँकी रहेका,
अबीएजेर, हेलेक, अस्रीएल, शकेम, हेपेर र
शमीदाका वंश-वंशहरूको लागि थियो ।

---

**१५:६३**–न्यायकर्ता १:२१; २ शमूएल ५:६; १ इतिहास ११:४. **१६:१०**–न्यायकर्ता १:२९.

यिनीहरू आफ्ना वंशअनुसार यूसुफका छोरा मनश्शेका सन्तान यी नै हुन् ।

**३**मनश्शेको छोरा माकीर, तिनको छोरा गिलाद, तिनको छोरा हेपेरको छोरा सलोफादका कुनै छोराहरू नभएर छोरीहरू मात्र थिए, जसका नाउँहरू, महला, नोआ, होग्ला, मिल्का र तिर्सा हुन् । **४**तिनीहरू पूजाहारी एलाजार, नूनको छोरा यहोशू र अगुवाहरूकहाँ गए र भने, "हामीलाई हाम्रा दाज्यूभाइहरूका बीचमै अधिकार दिनू भनेर परमप्रभुले मोशालाई आज्ञा दिनुभएको थियो ।" यसकारण यहोशूले परमप्रभुको आज्ञाअनुसार तिनीहरूलाई, तिनीहरूका बाबुका दाज्यूभाइसितै उत्तराधिकार दिए । **५**मनश्शेको भागमा यर्दनको पूर्वतिरको गिलाद र बाशानको छेउमा भएका दशओटा क्षेत्रहरू परेको थियो, **६**किनकि मनश्शेको कुलका छोरीहरूले छोराहरूसितै उत्तराधिकार पाएका थिए । गिलादको देश मनश्शेको बाँकी रहेका सन्तानहरूको भएको थियो ।

**७**मनश्शेको प्रान्त आशेरदेखि शेकेमको पूर्वतिर मिक्मतातसम्म फैलिएको थियो । त्यहाँदेखि सिमाना दक्षिणतिर गएर एन-तप्पूहमा बस्ने मानिसहरूलाई समेत सामेल गराएको थियो । **८**(मनश्शेसित तप्पूहको जमिन थियो, तर मनश्शेको सिमानामा भएको तप्पूहचाहिँ एप्रेमीहरूको थियो) । **९**त्यसपछि त्यो सिमाना दक्षिणतिर अगि बढ़ेर कानाको खोलासम्म पुगेको थियो । त्यहाँ मनश्शेका शहरहरूमा बस्ने एप्रेमीहरूका शहरहरू थिए, तर मनश्शेको सिमाना खोल्साको उत्तरपट्टि थियो र समुद्रमा समाप्त भएको थियो । **१०**दक्षिणमा त्यो देश एप्रेमको थियो र उत्तरमा मनश्शेको थियो । मनश्शेको प्रान्त समुद्रमा पुगेको थियो अनि उत्तरतिर त्यो आशेरको र पूर्वतिर इस्साकारको सिमाना थियो ।

**११**इस्साकार र आशेरभित्र बेथ शान, इब्लिआम, दोर, एन्दोर, तानाक, मगिद्दोका मानिसहरू र चारैतिरका आवदीहरू पनि मनश्शेका थिए (त्यस सूचीमा तेस्रोचाहिँ नापोत छ) ।

**१२**तैपनि मनश्शेका सन्तानले यी शहरहरू ओगट्न सकेनन् किनकि कनानीहरूले त्यस इलाकामा बस्ने निश्चय गरेका थिए । **१३**तर, इस्राएलीहरू बलिया भएपछि तिनीहरूले कनानीहरूलाई बेगारमा खटाए तर तिनीहरूलाई सम्पूर्ण रूपले धपाउन सकेनन् ।

**१४**यूसुफका मानिसहरूले यहोशूलाई भने, "तपाईंले हामीलाई उत्तराधिकारको एउटै भाग र एउटै खण्ड मात्र किन दिनुभयो ? हामी धेरै सङ्ख्या भएका मानिसहरू हौं र परमप्रभुले हामीलाई प्रशस्त गरी आशिष् दिनुभएको छ ।"

**१५**यहोशूले जवाफ दिए, "तिमीहरू धेरै सङ्ख्यामा छौ र एप्रेमको पहाडी मुलुक तिमीहरूको लागि अति सानो भएको छ भने, परिज्जी र रपाइँहरूको देशमा गएर आफ्नोलागि जङ्गल फाँड़ ।"

**१६**यूसुफका मानिसहरूले जवाफ दिए, "त्यो पहाडी मुलुक हाम्रो निम्ति पर्याप्त छैन, अनि मैदानमा, अर्थात् बेथशान अनि त्यसका आबादीहरूमा बस्ने र यिज्रेलको बँसीमा बस्ने सबै कनानीहरूसित फलामका रथहरू छन् ।"

**१७**तर यहोशूले यूसुफको घराना एप्रेम र मनश्शेलाई भने, "तिमीहरू धेरै र अति शक्तिशाली छौ । तिमीहरूको भाग एक मात्र होइन, **१८**तर जङ्गल भएको पहाडी मुलुक पनि छ । त्यसलाई फाँड़, अनि त्यसको अन्तसम्म त्यो तिमीहरूको हुनेछ । कनानीहरूसित फलामका रथहरू भए तापनि र तिनीहरू बलिया भए तापनि तिमीहरूले तिनीहरूलाई धपाउन सक्नेछौ ।"

### बाँकी देशको विभाजन

**१८** इस्राएलका सम्पूर्ण समुदाय शीलोमा भेला भए अनि त्यहाँ भेट हुने पाल खड़ा गरे । त्यो देश तिनीहरूको अधिनमा

**१७:४**–गन्ती २७:१-७. **१७:१२-१३**–न्यायकर्ता १:२७-२८.

ल्याइएको थियो । **२**तर आफ्ना उत्तराधिकार
नपाएका इस्राएलीका सातओटा कुलहरू अभै
थिए ।

**३**यसकारण यहोशूले इस्राएलीहरूलाई भने,
"परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले
तिमीहरूलाई दिनुभएको देश अधिकार गर्न
थाल्न तिमीहरू कहिलेसम्म पर्खिरहन्छौ ?
**४**प्रत्येक कुलबाट तीनजना मानिसहरू नियुक्त
गर्नू । म तिनीहरूलाई देशको निरीक्षण गर्न र
प्रत्येकको उत्तराधिकारको आधारमा त्यसको
वर्णन लेख्न पठाउनेछु । तब तिनीहरू मकहाँ
फर्कनेछन् । **५**यसरी तिमीहरूले त्यस देशलाई
सात भागमा बाँड्नू । यहूदा दक्षिणमा भएको
आफ्नो प्रान्तमा रहोस् र यूसुफको घरानाचाहिँ
उत्तरको आफ्नो प्रान्तमा रहोस् । **६**तिमीहरूले
ती सात भागहरूका वर्णन लेखिसकेपछि
तिनीहरूलाई यहाँ मकहाँ ल्याउनू र म
परमप्रभु हाम्रा परमेश्वरको उपस्थितिमा
तिमीहरूको निम्ति गोला हाल्नेछु । **७**तैपनि
तिमीहरूमा भएका लेवीहरूले तिमीहरूमा
कुनै हिस्सा पाउनेछैनन्, किनकि परमप्रभुका
पूजाहारी सेवा नै तिनीहरूको उत्तराधिकार
हो । अनि गाद, रूबेन र मनश्शेको आधा
कुलले आफ्ना उत्तराधिकार यर्दनको पूर्वतिर
पाएका छन् । परमप्रभुको दास मोशाले त्यो
तिनीहरूलाई दिए ।"

**८**ती मानिसहरू त्यस देशको भूचित्र बनाउन
जानलाग्दा यहोशूले तिनीहरूलाई निर्देशन
दिए, "गएर त्यस देशको निरीक्षण गर्नू र
त्यसको एउटा वर्णन लेख्नु । त्यसपछि मकहाँ
फर्केर आउनू र म यहाँ शीलोमा परमप्रभुको
उपस्थितिमा तिमीहरूको निम्ति गोला हाल्नेछु ।
**९**यसकारण ती मानिसहरू निस्केर त्यस देशभरि
गए । तिनीहरूले त्यसको वर्णन शहरैपिच्छे
सात भागमा गरे र यहोशूकहाँ शीलोमा भएको
छाउनीमा फर्किआए । **१०**त्यसपछि यहोशूले
शीलोमा परमप्रभुको उपस्थितिमा तिनीहरूको
निम्ति गोला हाले र त्यहाँ तिनले तिनीहरूको
कुलको भागअनुसार त्यो देश इस्राएलीहरूलाई
बाँड़िदिए ।

### बेन्यामीनको भाग

**११**बेन्यामीनको कुलको लागि वंश-वंश गरी
गोला हालियो । तिनीहरूको भागमा परेको
प्रान्त यहूदा र यूसुफका बीच पर्‍यो:

**१२**उत्तरतिर तिनीहरूको सिमाना
यर्दनमा शुरू गरी यरीहोका उत्तरीय भीर
भएर बेथ आवनको उजाड़-स्थानमा
निस्केको पहाडी मुलुकमा पश्चिमतिर
लाग्यो । **१३**त्यहाँबाट त्यो पार भएर लूज
(अर्थात्, बेथेल) को दक्षिण भीरमा पुगेर
तल्लो बेथ होरोनको दक्षिणको पहाड़मा
भएको अतारोत अद्दारमा भर्‍यो ।

**१४**दक्षिणतिर भएको बेथहोरोनतिर
फर्केको पहाड़बाट सिमाना पश्चिमतिर भएर
दक्षिणतिर फर्क्यो र किर्यत बाल (अर्थात्,
किर्यत यारीम), यहूदाको एउटा शहरमा
पुग्यो । त्यो पश्चिमी सिमाना थियो ।

**१५**दक्षिणको भाग पश्चिमको
किर्यतयारीमको बाहिरी भागमा शुरू भएर
त्यो सिमाना नेप्तोको पानीको मूलहरूमा
निस्केर आएको थियो । **१६**त्यो सिमाना
रपाईको बँसीको उत्तरमा भएको बेनहिन्नोमको
बँसीतिर फर्केको पहाड़को फेदमा भरेर
गएको थियो । त्यो यबूसी शहर हुँदै हिन्नोम
बँसीमा गएर एन रोगेल पुगेको थियो ।
**१७**त्यसपछि त्यो उत्तरतिर घुमेर एन
शेमेशमा पुगेर अदुम्मीमको घाटीतिर
फर्केको गलिलोतमा निस्की रूबेन वंश
बोहनको ढुङ्गामा पुगेको थियो । **१८**त्यो
बेथ अराबाको उत्तरी भीरतिर बढ़ेर र
अराबामा नै भरेको थियो । **१९**तब त्यो
बेथहोग्लाको उत्तरी भीरमा गएर दक्षिणमा
यर्दनको मुखमा दक्षिणपट्टि भएको खारा
समुद्रको उत्तरी मुहानमा समाप्त भयो ।
त्यो दक्षिणको सिमाना थियो ।

**२०**पूर्वपट्टि यर्दनले सिमाना बनाएको
छ ।

बेन्यामीनको वंशले तिनीहरूको उत्तराधिकारको
चारैतिर बनाएको सिमानाको निशाना यही
हुन् ।

२१वंश-वंश गरी बेन्यामीनको कुलसित यी
शहरहरू थिए:

यरीहो, बेथहोग्ला, एमेक कसीस,
२२बेथअराबा, समारैम, बेथेल, २३अब्बीम,
पारा, ओप्रा, २४कपरअमोनी, ओप्नी, गेबा–
बाह्रओटा शहरहरू र तिनीहरूका गाऊँहरू
थिए ।

२५गिबोन, रामा, बेरोत, २६मिस्पा,
कपीरा, मोशा, २७रेकेम, यिर्पल, तरला,
२८सेला, एलेम, यबूसी शहर (अर्थात्,
यरूशलेम) गिबा, र किर्यत– चौधओटा
शहरहरू र तिनीहरूका गाउँहरू थिए ।

बेन्यामीनका आफ्ना वंशहरूको निम्ति यही नै
उत्तराधिकार थियो ।

### शिमियोनको भाग

**१९** दोस्रो गोला वंशवंश गरी शिमियोनको
कुलको लागि आयो । तिनीहरूको
उत्तराधिकार यहूदाको प्रान्तभित्र परेको
थियो । २त्यसमा यी थिए:

बेर्शेबा (अथवा शेबा), मोलादा, ३हसर
शूआल, बाला, एसेम, ४एल्तोलद, बतूल,
होर्मा ५सिक्लग, बेथ मर्काबोत, हसर्सूसा,
६बेथलबाओत र शारूहेत- तेह्रओटा
शहरहरू र तिनीहरूका गाउँहरू थिए ।

७ऐन, रिम्मोन, एतेर र आशान-
चारओटा शहरहरू र तिनीहरूका गाउँहरू
थिए– ८अनि बालाथ बेर (नेगेवमा रामा)
सम्मै चारैतिरका शहरहरूका सबै गाउँहरू
थिए ।

वंश-वंश गरी शिमियोनको कुलको उत्तराधिकार
यही थियो । ९शिमियोनीहरूको उत्तराधिकार
यहूदाको हिस्साबाट लिइएको थियो, किनकि
यहूदाको भाग तिनीहरूलाई चाहिएकोभन्दा
धेरै थियो । यसरी शिमियोनीहरूले आफ्नो
उत्तराधिकार यहूदाको प्रान्तभित्र पाए ।

### जबूलूनको भाग

१०तेस्रो गोला वंश-वंश गरी जबूलूनको लागि
निस्क्यो:

तिनीहरूको उत्तराधिकारको सिमाना
सारीदसम्म पुग्यो । ११पश्चिमतिर गएर
त्यो मरलामा पुगेर दब्बेशेतलाई छोएर
योक्नामको छेउको खोल्सामा फैलिएको
थियो । १२सारीदबाट त्यो पूर्वपट्टि घुमेर
सूर्योदय हुनेपट्टि किस्लोथ तबोरको प्रान्तमा
पुगेर दाबरतमा गएर यापीमा उक्लिगएको
छ । १३त्यसपछि त्यो पूर्वतिर बढेर गात
हेपेर र इथ कासीनमा पुगेर रिम्मोनमा
निस्केर नेआतिर घुमेको छ । १४अनि त्यो
सिमाना हन्नतोनतिर उत्तरतर्फ घुमेर
यिप्ताह एलको बँसीमा पुगेको थियो ।
१५त्यसमा काथाथ, नहलल, शिम्रोन, इदलाह
र बेथलेहेम– जम्मा बाह्रओटा शहरहरू
र तिनीहरूका गाउँहरू थिए ।

१६यी शहरहरू र तिनीहरूका गाउँहरू नै वंश-
वंश गरी जबूलूनको उत्तराधिकार थियो ।

### इस्साकारको भाग

१७चौथो गोला वंश-वंश गरी इस्साकारको
निम्ति निस्क्यो । १८तिनीहरूको प्रान्तमा यी
सामेल थिए:

यिज्रेल, कसुल्लोत, शूनेम, १९हपरैम,
शीओन, अनाहारत, २०रब्बीत, किश्योन, एबेस,
२१रेमेत, एन गन्नीम, एन हद्दा र बेथ पसेस ।
२२समानाले तबोर, शहसूमा र बेथ-शेमेशलाई
छोएर यर्दनमा समाप्त भयो । त्यहाँ सोह्रओटा
शहरहरू र तिनीहरूका गाउँहरू थिए ।

२३यी शहरहरू र तिनीहरूका गाउँहरू नै
वंश-वंश गरी इस्साकारको कुलको उत्तराधिकार
थियो ।

### आशेरको भाग

२४पाँचौं गोला वंश-वंश गरी आशेरको कुलको
निम्ति निस्क्यो । २५तिनीहरूको प्रान्तमा यी

---

**१९:२-८**–१ इतिहास ४:२८-३३.

सामेल थिए:
हेल्कत, हली, बेतेन, अक्षाप,
**२६**अल्लम्मेलेक, अमाद र मिशाल ।
पश्चिमतिर सिमानाले कर्मेल र शीहोर
लिब्नातलाई छोएको थियो । **२७**त्यसपछि
त्यो पूर्वमा बेथ दागोनतिर फर्केर जबूलून
र यिप्ताह एललाई छोइकन काबूललाई
देब्रेपट्टि पारेर उत्तरतिर बेथ एमेक र
नीएलमा पुगेको छ । **२८**त्यो अब्दन, रहोब,
हम्मोन र कना गएर महा-सीदोनसम्म
पुगेको छ । **२९**त्यसपछि सिमाना रामातिर
फर्केर किल्लासहितको शहर टायरमा पुगेर
होसातिर फर्केर समुद्रतिर निस्किआएको
छ, जुन अक्जीब, **३०**उम्मा, अपेक र
रहोब भएका इलाकामा पर्छ । त्यहाँ
बाइसओटा शहरहरू र तिनीहरूका गाउँहरू
थिए ।
**३१**यी शहरहरू र गाउँहरू नै वंश-वंश अनुसार
आशेरको कुलको उत्तराधिकारमा थिए ।

### नप्तालीको भाग

**३२**छैटौं गोला वंश-वंश गरी नप्तालीको निम्ति
निस्क्यो:
**३३**तिनीहरूको सिमाना हेलेप र
सानन्नीममा भएको ठूलो रूखबाट गएर
अदामी नेकेब र यब्नेल भई लक्कूममा
गएर यर्दनमा समाप्त भयो । **३४**सिमाना
अज्बोथ-तबोरबाट पश्चिमतिर लागेर
हुक्कोकमा निस्किआएको छ । यसले
दक्षिणतिर जबूलूनलाई अनि पश्चिममा
आशेरलाई र पूर्वमा यर्दनलाई छोएको छ ।
**३५**पर्खाल लगाएका शहरहरू सिद्दिम, सेर
हम्मत, रक्कत, किन्नरेत, **३६**अदामा, रामा,
हासोर, **३७**कदेश, एद्रई, एन हासोर,
**३८**यिरोन, मिग्देएल, एलहोरेम, बेथअनात
र बेथशेमेश हुन् । त्यहाँ उन्नाइसओटा
शहरहरू र तिनीहरूका गाउँहरू थिए ।
**३९**यी शहरहरू र तिनीहरूका गाउँहरू नै वंश-
वंश गरी नप्तालीको कुलको उत्तराधिकारमा
थिए ।

### दानको भाग

**४०**सातौं गोला वंश-वंश गरी दानको
कुलको निम्ति हालियो । **४१**तिनीहरूका
उत्तराधिकारका प्रान्तहरूमा यी सामेल थिए:
सोरा, एश्तोल, इर शेमेस, **४२**शालवीन,
अय्यालोन, इल्ला, **४३**एलोन, तिम्ना, एक्रोन,
**४४**एल्तके, गिब्बतोन, बालात, **४५**यहूद, बने
बरक, गात रिम्मोन, **४६**मेयरकोन, रक्कोन
र योप्पातिर फर्केको इलाका ।
**४७**(तर दानवंशीहरूलाई तिनीहरूको
प्रान्तमाथि अधिकार गर्न गाह्रो परेको हुनाले
उक्लिगएर तिनीहरूले लेशेममाथि आक्रमण
गरी त्यसलाई तरवारले नष्ट गरेर त्यसलाई
कब्जा गरे । तिनीहरू लेशेममा बसोबासो
गर्नथाले र तिनीहरूले त्यसलाई आफ्ना पुर्खाको
नाउँमा दान भनी नाउँ राखे ।
**४८**यी शहरहरू र तिनीहरूका गाउँहरू
नै वंश-वंश अनुसार दानको कुलका
उत्तराधिकारमा थिए ।

### यहोशूको भाग

**४९**तिनीहरूले देशलाई खण्डखण्ड गरी भाग
लगाइसकेपछि इस्राएलीहरूले नूनको छोरा
यहोशूलाई तिनीहरूकै बीच उत्तराधिकार दिए,
**५०**यी काम तिनीहरूले परमप्रभुले तिनीहरूलाई
आज्ञा गर्नुभएअनुसार गरे । तिनलाई तिनले नै
मागेका शहर एप्रेमको पहाडी मुलुकमा भएको
तिम्नाथ सेरह तिनीहरूले दिए । अनि तिनले त्यहाँ
शहरलाई थप बनाएर त्यहीं बसोबासो गरे ।
**५१**भेट हुने पालको प्रवेशद्वारमा परमप्रभुको
उपस्थितिमा शीलोमा गोला हालेर पूजाहारी
एलाजार, नूनको छोरा यहोशू र इस्राएलका
कूलका वंशका मुखियाहरूले तोकेका प्रान्तहरू
यिनै हुन् । यसरी तिनीहरूले देशलाई बाँढ्ने
काम सिध्याए ।

---

**१९:४७**–न्यायकर्ता १८:२७-२९.

### शरण नगरहरू

२० त्यसपछि परमप्रभुले यहोशूलाई
भन्नुभयो: २"इस्राएलीहरूलाई मैले
मोशालाई आदेश दिएझैँ शरण नगरहरू नियुक्त
गर्नु भनिदे, ३ताकि कुनै व्यक्तिलाई दुर्घटनावश
अथवा नचिताइकन मार्ने जोसुकैले पनि त्यहाँ
भागेर गई रगतको बदला लिनेबाट सुरक्षा
पाओस्।

४"त्यो यी शहरहरूमध्ये एउटामा भागेर
गएपछि, त्यो शहरको मूलढोकाको प्रवेश-
द्वारमा खड़ा होस् र त्यसले त्यस शहरका
बूढ़ा-प्रधानहरूलाई आफ्नो मुद्दा बताओस्।
तब तिनीहरूले त्यसलाई आफ्नो शहरमा लगेर
त्यसलाई तिनीहरूसित बस्नलाई एउटा ठाउँ
देऊन्। ५यदि रगतको बदला लिनेले त्यसलाई
खेद्यो भने, तिनीहरूले त्यस अभियुक्तलाई
सुम्पिदिनुहुन्न, किनकि त्यसले आफ्नो छिमेकीलाई
इच्छापूर्वक र पहिलेको दुश्मनीको कारणले
मारेको होइन। ६सभाको सामुन्ने न्यायको निम्ति
खड़ा नभएसम्म र त्यस समय सेवा गर्दै गरेको
प्रधान पूजाहारीको मृत्यु नभएसम्म त्यो त्यस
शहरमा बसोस्। त्यसपछि त्यो आफू भागेर
आएको शहरमा आफ्नो घर फर्केर जानसक्छ।"

७यसकारण तिनीहरूले नप्तालीको पहाड़ी
मुलुकमा भएको गालीलमा कादेशलाई र एप्रेमको
पहाड़ी मुलुकमा भएको शेकेमलाई, र यहूदाको
पहाडी मुलुकमा भएको किर्यत-अर्बा (अर्थात्,
हेब्रोन) लाई अलग गरे। ८यरीहोको यर्दनको
पूर्वपट्टि रूबेनको कुलमा भएको बेंसीमाथिको
उजाड़-स्थानको बेसेरलाई, गादको कुलमा
भएको गिलादको रामोतलाई, र मनश्शेको
कुलमा भएको बाशानको गोलानलाई नियुक्त
गरे। ९इस्राएलीहरू अथवा तिनीहरूसित बस्ने
परदेशीहरूमध्ये कसैले कसैलाई दुर्घटनावश
मार्‍यो भने, त्यो नियुक्त गरिएको शहरहरूमा
भागेर जानसक्थ्यो र सभाको सामुन्ने न्यायमा
उभिन अगि त्यसलाई रगतको बदला लिनेले
मार्न पाउँदैन थियो।

### लेवीहरूका शहरहरू

२१ लेवीहरूका परिवारका मुखियाहरू
पूजाहारी एलाजार, नूनको छोरा यहोशू
र इस्राएलका अरू कुलहरूका परिवारका
मुखियाहरूको नजीक आएर २कनानको
शीलोमा भने, "परमप्रभुले हामीलाई हाम्रा
गाईबस्तुको लागि खर्क भएका बस्ने शहरहरू
दिनु भनी तपाईंहरूलाई मोशाद्वारा आज्ञा
गर्नुभयो।" ३यसकारण परमप्रभुले आज्ञा-
गर्नुभएझैँ इस्राएलीहरूले तिनीहरूका आफ्नै
उत्तराधिकारबाट लेवीहरूलाई निम्नलिखित
शहरहरू र खर्कहरू दिए:

४पहिलो गोला वंश-वंश गरी कहातीहरूको
निम्ति निस्क्यो। हारून पूजाहारीका सन्तान
लेवीहरूलाई यहूदा, शिमियोन र बेन्यामीनका
कुलहरूबाट तेह्रओटा शहरहरू भाग
लगाइदिइयो। ५कहातका बाँकी रहेका
सन्तानहरूलाई एप्रेम, दान र मनश्शेका
कुलहरूका वंशबाट दशओटा शहरहरू भाग
लगाइए।

६गेर्शोनका सन्तानहरूलाई इस्साकार,
आशेर, नप्ताली र बाशानमा भएको मनश्शेको
आधा कुलहरूका वंशहरू तेह्रओटा शहरहरू
भाग लगाइए।

७मरारीका सन्तानहरूले वंश-वंश गरी
रूबेन, गाद र जबूलूनका कुलहरूबाट बाह्रओटा
शहरहरू पाए।

८यसरी परमप्रभुले मोशाद्वारा आज्ञा
गर्नुभएझैँ इस्राएलीहरूले लेवीहरूलाई यी
शहरहरू र तिनीहरूका खर्कहरू दिए।

९यहूदा र शिमियोनका कुलहरूबाट यी
शहरहरू नाउँले चिनिने गरी दिए, १०(यी
शहरहरू हारूनका सन्तानहरूलाई दिइयो, जुन
लेवीहरूका कहाती वंशका थिए, किनकि पहिलो
गोला तिनीहरूको नाउँमा हालिएको थियो।)

११तिनीहरूले उनीहरूलाई किर्यत-अर्बा
(अर्थात् हेब्रोन) लाई यहूदामा भएको पहाडी
मुलुकबाट चारैतिरका खर्कहरू समेत

---

**२०:१-९**–गन्ती ३५:६-३२; व्यवस्था ४:४१-४३; १९:१-१३. **२१:२**–गन्ती ३५:१-८.

दिए । (अर्बाचाहिँ अनाकका पुर्खा थिए ।)
**१२**तर त्यस शहरका खेतहरू र गाउँहरूचाहिँ
तिनीहरूले यपुन्नेको छोरा कालेबलाई
तिनको अधिकारस्वरूप दिएका थिए ।
**१३**यसकारण पूजाहारी हारूनका
सन्तानहरूलाई तिनीहरूले हेब्रोन (हत्याको
अभियोग लागेको व्यक्तिको लागि शरण
नगर) लिब्ना, **१४**यत्तीर, एस्तमो, **१५**होलोन,
दबीर, **१६**ऐन, युत्ता र बेथ शेमेश,
तिनीहरूका खर्कसमेत गरी, यी दुई
कुलहरूबाट नौओटा शहरहरू दिए ।
**१७**अनि बेन्यामीनको कुलबाट
तिनीहरूले उनीहरूलाई यी दिए, गिबोन,
गेबा, **१८**अनातोत र अल्मोन, तिनीहरूका
खर्कहरूसमेत, चारओटा शहरहरू ।
**१९**हारूनका सन्तान पूजाहारीहरूको निम्ति सबै
शहरहरू तिनीहरूका खर्कहरूसमेत तेह्रओटा
थिए ।

**२०**लेवीहरूका कहाती वंशहरूका बाँकीलाई
एप्रेमको कुलबाट शहरहरू दिइए:
**२१**एप्रेम पहाड़ी मुलुकमा तिनीहरूलाई
यी शहरहरू दिइए, शेकेम (हत्याको
अभियोग लागेको व्यक्तिको निम्ति शरण
नगर), गेजेर, **२२**किब्सैम र बेथ-होरोन,
तिनीहरूका खर्कहरूसमेत चारओटा
शहरहरू दिए ।
**२३**दानको कुलबाट पनि तिनीहरूले
यी शहरहरू पाए, एल्तके, गिब्बतोन,
**२४**अय्यालोन र गाथ रिम्मोन, तिनीहरूका
खर्कहरूसमेत चारओटा शहरहरू पाए ।
**२५**मनश्शेको आधा कुलबाट तिनीहरूले
यी शहरहरू पाए, तानाक र गातरिम्मोन,
तिनीहरूका खर्कहरूसमेत दुईओटा शहरहरू
पाए ।
**२६**यी सबै शहरहरू र तिनीहरूका खर्कहरू
कहाती वंशका बाँकी रहेकाहरूलाई दिए ।

**२७**लेवी वंशका गेर्शोनीहरूलाई यी शहरहरू
दिए:
मनश्शेको आधा कुलहरूबाट, बाशानमा
भएको गोलान (हत्याको अभियोग लागेको
व्यक्तिको निम्ति शरण नगर) र बेस्तरा,
तिनीहरूका खर्कहरूसमेत दुईओटा,
शहरहरू;
**२८**इस्साकारको कुलबाट, किश्योन, दाबरत,
**२९**यर्मूत र एन गन्नीम, तिनीहरूका
खर्कहरूसमेत, चारओटा शहरहरू दिइयो ।
**३०**आशेरको कुलबाट,
मिशाल, अब्दोन, **३१**हेल्कात र रेहेब,
तिनीहरूका खर्कहरूसमेत, चारओटा
शहरहरू;
**३२**नप्तालीको कुलबाट,
गालीलमा भएको केदेश (हत्याको अभियोग
लागेको व्यक्तिको निम्ति शरण नगर)
हम्मोतदर र कर्तान, तिनीहरूका
खर्कहरूसमेत, तीनओटा शहरहरू;
**३३**गेर्शोनी वंशका सबै शहरहरू, तिनीहरूका
खर्कहरूसमेत तेह्रओटा थिए ।

**३४**(लेवीहरूका बाँकी रहेका भाग) मरारी
वंशकाहरूलाई यी शहरहरू दिइयो:
जबूलूनको कुलबाट, योक्नाम, कर्ता,
**३५**दिम्ना र नहलाल, तिनीहरूका
खर्कहरूसमेत, चारओटा शहरहरू;
**३६**रूबेनको कुलबाट,
बेसेर, याहसा, **३७**कदेमोत र मेपात,
तिनीहरूका खर्कहरूसमेत, चारओटा
शहरहरू;
**३८**गादको कुलबाट,
गिलादको रामोत (हत्याको अभियोग
लागेको व्यक्तिको निम्ति शरण नगर),
महनैम, **३९**हेश्बोन र याजेर, तिनीहरूका
खर्कहरूसमेत जम्मा चारओटा शहरहरू;
**४०**लेवीहरूका बाँकी रहेका सबै मरारी वंशलाई
दिइएका शहरहरू बाह्रओटा थिए ।

**४१**इस्राएलीहरूले अधिकार गरेका प्रान्तमा
लेवीहरूका शहरहरू तिनीहरूका खर्कहरूसमेत,
जम्मा अठ्चालीसओटा थिए । **४२**यी शहरको
चारैतिर खर्कहरू थिए र प्रत्येक शहरमा यस्तै
थियो ।

**४३**यसरी परमप्रभुले इस्राएलीहरूका
पुर्खाहरूलाई दिनेछु भनी शपथ खानुभएको देश
तिनीहरूलाई सबै दिनुभयो र तिनीहरूले तीमाथि
अधिकार गरेर त्यहाँ बसोबासो गर्न थाले ।
**४४**परमप्रभुले तिनीहरूका पुर्खाहरूसित शपथ
खानुभएझैँ उहाँले तिनीहरूलाई प्रत्येक दिशामा
विश्राम दिनुभयो । तिनीहरूका एउटै शत्रु पनि
तिनीहरूको विरुद्धमा खड़ा रहन सकेनन्,
परमप्रभुले तिनीहरूका सबै शत्रुहरूलाई
तिनीहरूको हातमा सुम्पिदिनुभयो । **४५**इस्राएलका
घरानाप्रतिको परमप्रभुका प्रतिज्ञाहरूमध्ये एउटै
पनि विफल भएन, तर प्रत्येक पूरा भयो ।

### पूर्वीय कुलहरू घर फर्केका

२२ तब रूबेनीहरू, गादीहरू र मनश्शेको
कुलको आधा भागलाई यहोशूले
बोलाइपठाए, **२**अनि तिनीहरूलाई भने,
"तिमीहरूले परमप्रभुको दास मोशाले आज्ञा
गरेका सबै गर्‍यौ र तिमीहरूले मैले आज्ञा
दिएको प्रत्येक कुरा पालन गर्‍यौ । **३**धेरै
समयदेखि आजको दिनसम्मै तिमीहरूले आफ्ना
दाज्यूभाइहरूलाई त्यागेनौ तर तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरले दिनुभएका सबै
विशेष कामहरू पूरा गर्‍यौ । **४**अब परमप्रभु
तिमीहरूका परमेश्वरले प्रतिज्ञा गर्नुभएझैँ, उहाँले
तिमीहरूका दाज्यूभाइहरूलाई विश्राम दिनुभएकोले
परमप्रभुको दास मोशाले तिमीहरूलाई यर्दनपारि
दिएका देशमा भएको तिमीहरूका घरहरूमा
फर्केर जाओ । **५**तर तिमीहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरलाई प्रेम गर्नू, उहाँका
आज्ञाहरू पालन गर्नु, उहाँमा लागिरहनु र
आफ्नो सम्पूर्ण हृदय र प्राणले उहाँको सेवा
गर्नु भनी परमप्रभुको दास मोशाले दिएका
आज्ञाहरू होशियारसाथ पालन गर्नू ।"
**६**त्यसपछि यहोशूले तिनीहरूलाई आशिष्
दिएर पठाइदिए र तिनीहरू आफ्ना घरहरूतिर
गए । **७**(मनश्शेको कुलको आधा भागलाई
मोशाले बाशानमा ठाउँ दिएका थिए र कुलको
अर्को आधा भागमा यहोशूले तिनीहरूका
दाज्यूभाइहरूसित यर्दनको पश्चिमतिरको ठाउँ
दिए ।) यहोशूले तिनीहरूलाई घर पठाउँदा
आशिष् दिएर, **८**भने, "तिमीहरू आफ्ना ठूला
सम्पत्ति, गाईबस्तुको ठूलो बथान, चाँदी, सुन,
काँसा, फलाम र धेरै मात्रामा लुगाहरू लिएर
घर फर्क, र तिमीहरूका शत्रुहरूबाट लुटेका
मालहरू आफ्ना दाज्यूभाइहरूबीच भाग गर ।"
**९**यसकारण रूबेनीहरू, गादीहरू र
मनश्शेको कुलको आधा भाग परमप्रभुले
मोशाद्वारा आज्ञा दिनुभएअनुसार तिनीहरूले
प्राप्त गरेको आफ्नै देश गिलादतिर कनानको
शीलोबाट हिँडे ।
**१०**जब तिनीहरू कनान देशको यर्दनको
नजीकमा भएको गलीयोतमा आइपुगे, रूबेनीहरू,
गादीहरू र मनश्शेको आधा कुलले यर्दनको
छेउमा एउटा प्रभावशाली वेदी बनाए । **११**जब
तिनीहरूले कनानको सिमानाको गेलीयोतमा
यर्दनको छेउमा इस्राएलीहरूपट्टि वेदी बनाएको
इस्राएलीहरूले सुने, **१२**इस्राएलका सारा समुदायले
तिनीहरूको विरुद्धमा युद्ध गर्नु भनेर शीलोमा
भेला भए ।
**१३**यसकारण इस्राएलीहरूले पूजाहारी
एलाजारको छोरा पीनहासलाई रूबेनी, गादी,
मनश्शेको कुलको आधा भागकहाँ पठाए ।
**१४**तिनीहरूले उनीहरूसित इस्राएलको प्रत्येक
कुलबाट एकएक जना मुखिया गरी दश जना
पठाए ।
**१५**तिनीहरू गिलादमा रूबेन, गाद र
मनश्शेको आधा कुलकहाँ पुगेपछि तिनीहरूले
उनीहरूलाई भने, **१६**"परमप्रभुको सम्पूर्ण
समुदाय यसो भन्छ: तिमीहरूले कसरी
इस्राएलको परमेश्वरसित यसरी विश्वासघात
गर्न सक्यौ ? तिमीहरू कसरी परमप्रभुदेखि
तर्केर अब उहाँको विरोधमा आफ्नो लागि वेदी
बनायौ ? **१७**के पोरको पाप हाम्रोनिम्ति पर्याप्त
थिएन ? परमप्रभुको समुदायमाथि एउटा मात्र
विपत्ति आइलागे तापनि हामीले आजको

---

**२२:२**–गन्ती ३२:२०-३२; यहोशू १:१२-१५. **२२:१६**–व्यवस्था १२:१३-१४. **२२:१७**–गन्ती २५:१-९.

दिनसम्म आफैलाई त्यस पापदेखि शुद्ध गरेका
छैनौं ! **१८**अनि के अब तिमीहरू परमप्रभुदेखि
तर्किरहेका छौ ?

"'आज तिमीहरू परमप्रभुको विरुद्धमा बागी
भयौ भने, भोलि उहाँ इस्राएलका सम्पूर्ण
समुदायसित क्रोधित हुनुहुनेछ । **१९**तिमीहरूले
अधिकार गरेको देश अपवित्र भएको छ भने,
परमप्रभुको वासस्थान खड़ा भएको देशमा
आओ र हामीसँगै जमिन उपभोग गर । तर
परमप्रभुको वेदीदेखि अर्कै वेदी आफ्नो निम्ति
बनाएर परमप्रभुको र हाम्रो विरुद्धमा बागी
नहोओ । **२०**जब जेरहको छोरा आकानले अर्पण
गरिएका कुराहरूको विषयमा अविश्वासी काम
गऱ्यो, के इस्राएलको सम्पूर्ण समुदायमाथि क्रोध
परेन ? आफ्नो पापको निम्ति मर्ने त्यो मात्र
थिएन ।'"

**२१**तब रूबेन, गाद र मनश्शेको आधा
कुलले इस्राएलका वंशहरूका मुखियाहरूलाई
जवाफ दिए: **२२**"सर्वशक्तिमान्, परमेश्वर,
परमप्रभु ! अँ, सर्वशक्तिमान्, परमेश्वर,
परमप्रभु ! उहाँले नै जान्नुहुन्छ ! अनि इस्राएलले
पनि जानोस् ! यो परमप्रभुविरुद्ध विद्रोह अथवा
अनाज्ञाकारिता हो भने, हामीलाई आज बाँकी
नराख्नुहोस् । **२३**परमप्रभुदेखि तर्केर जानलाई र
यसमाथि होमबलि, अन्नबलि अथवा सङ्गतिबलि
चढ़ाउन भनी हामीले आफ्नै वेदी बनाएका
छौं भने, परमप्रभु स्वयंले हामीबाट लेखा
लिनसक्नुहुन्छ ।

**२४**"होइन ! हामीले त पछि कुनै दिन
तिमीहरूका सन्तानले हाम्रा सन्तानलाई यसो
भन्लान् कि भन्ने डरले पो यसो गरेका हौं,
'इस्राएलका परमप्रभु परमेश्वरसित तिमीहरूको
के सरोकार ? **२५**परमप्रभुले यर्दनलाई तिमीहरू
र हाम्रो बीचमा सिमाना बनाइदिनुभएको छ ।
तिमी रूबेनीहरू र गादीहरू ! परमप्रभुमा
तिमीहरूको कुनै हिस्सा छैन !' यसरी
तिमीहरूका सन्तानले हाम्रा सन्तानलाई
परमप्रभुको डर मान्न छोड्नलाउने छन् ।

**२६**त्यसैकारण हामीले, 'हामी तयार भएर
एउटा वेदी बनाऔं– तर होमबलि र
बलिदानहरूको लागि त होइन' भनेर भन्यौं ।
**२७**तर ठीक विपरीत, हामी आफ्ना होमबलि,
बलिदानहरू र सङ्गतिबलिहरूद्वारा उहाँको
वासस्थानमा परमप्रभुलाई पूजौं भनेर तिमीहरू
र हामीबीच अनि भावी पुस्ताबीच यो एउटा
साक्षी हुनेछ । अनि भविष्यमा तिमीहरूका
सन्तानले हाम्रा सन्तानलाई 'परमप्रभुमा
तिमीहरूको कुनै हिस्सा छैन' भनी भन्नसक्ने
छैनन् ।

**२८**"अनि हामीले भन्यौं, 'यदि कुनै दिन
तिनीहरूले हामीलाई अथवा हाम्रा सन्तानलाई
यसो भनेछन् भने हामी यसो भन्नेछौं, हाम्रा पिता-
पुर्खाहरूले होमबलि र बलिदानहरू चढ़ाउनलाई
होइन तर हाम्रो र तिमीहरूबीच साक्षीस्वरूप
बनाएको परमप्रभुको वेदीको ढ़ाँचालाई हेर ।'
**२९**"उहाँको पवित्रस्थानको सामुन्ने खड़ा
रहेको परमप्रभु हाम्रा परमेश्वरको वेदी होइन
तर अर्कै वेदी बनाएर त्यसमाथि होमबलि,
अन्नबलि र बलिदानहरू चढाएर परमप्रभुको
विरुद्धमा बागी भएर आज उहाँदेखि तर्किजाने
काम हामीबाट टाढ़ै रहोस् ।"

**३०**जब पूजाहारी पीनहास र समुदायका
अगुवाहरू, इस्राएलका वंशहरूका मुखियाहरूले
रूबेन, गाद र मनश्शेले भन्न चाहेका कुरा सुने,
तब तिनीहरू प्रसन्न भए । **३१**अनि पूजाहारी
एलाजारको छोरा पीनहासले रूबेन, गाद र
मनश्शेलाई भने, "परमप्रभु हामीसित हुनुहुन्छ
भनी आज हामी जान्दछौं किनकि यस विषयमा
तिमीहरूले परमप्रभुप्रति अविश्वासी काम
गरेका छैनौ । अब तिमीहरूले इस्राएललाई
परमप्रभुको हातबाट जोगाएका छौ ।"

**३२**तब पूजाहारी एलाजारको छोरा पीनहास
र अगुवाहरू गिलादमा रूबेनी र गादीहरूसित
भेटघाट गरेर कनानमा फर्के र इस्राएलीहरूलाई
त्यसको विवरण दिए । **३३**त्यो विवरण सुनेर
तिनीहरू प्रसन्न भए र परमेश्वरको प्रशंसा

---

**२२:२०**–यहोशू ७:१-२६.

गरे। अनि रूबेनीहरू र गादीहरू बसेको देशमा
गएर त्यसलाई नष्ट पार्नलाई तिनीहरूको
विरुद्धमा युद्ध गर्न जाने कुरा तिनीहरूले फेरि
गरेनन् ।

**३४**अनि रूबेनी र गादीहरूले त्यस वेदीलाई
यो नाउँ दिए: परमप्रभु नै परमेश्वर हुनुहुन्छ
भन्ने हामीबीच एउटा साक्षी ।

### अगुवाहरूलाई यहोशूको बिदा

**२३** धेरै समय बितेपछि र परमप्रभुले
इस्राएललाई तिनीहरूका चारैतिरका
सबै शत्रुहरूदेखि विश्राम दिनुभएपछि,
त्यसबेलासम्म वृद्ध भइसकेका र उमेर धेरै
खाइसकेका यहोशूले **२**सम्पूर्ण इस्राएल,
तिनीहरूका बूढ़ा-प्रधानहरू, अगुवाहरू,
न्यायकर्ताहरू र अधिकृतहरूलाई बोलाएर
तिनीहरूलाई भने: "म वृद्ध भएर उमेर
धेरै खाइसकेको छु । **३**परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूको खातिर यी सबै
जातिहरूलाई गर्नुभएको प्रत्येक कुरा तिमीहरू
आफैले देखेका छौ, परमप्रभु तिमीहरूका
परमेश्वरले नै तिमीहरूको निम्ति युद्ध
गर्नुभयो। **४**मैले जसरी तिमीहरूका कुलहरूको
निम्ति उत्तराधिकारस्वरूप यर्दन र पश्चिमको
महासागरको बीचमा रहेका सबै जातिहरूलाई
जितेर तिनीहरूको देश तिमीहरूको भागमा
लगाइदिएँ, त्यो सम्झ। **५**परमप्रभु तिमीहरूका
परमेश्वर आफैले तिनीहरूलाई तिमीहरूका
मार्गबाट धपाइदिनुहुनेछ। उहाँले तिनीहरूलाई
तिमीहरूकै सामुन्नेबाट निकालिदिनुहुनेछ र
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
प्रतिज्ञा गर्नुभएझैँ तिमीहरूले तिनीहरूको
देशमाथि अधिकार गर्नेछौ ।

**६**"अति बलियो हुनू; मोशाको व्यवस्थाको
पुस्तकमा लेखिएका कुराहरू दाहिने अथवा
देब्रेतिर नफर्की होशियारीसाथ पालन गर्नू ।
**७**तिमीहरूका बीचमा रहेका यी जातिहरूसित
सम्बन्ध नराख्नू, तिनीहरूका देवताहरूको
नाउँ नपुकार्नू ती नाउँहरूमा शपथ नखानू ।
तिमीहरूले तिनीहरूको सेवा नगर्नू अथवा
तिनीहरूको सामुन्ने ननिहुरनू। **८**तर तिमीहरूले
अहिलेसम्म गरेझैँ तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरसित लागिरहनू ।

**९**"परमप्रभुले तिमीहरूको सामुन्नेबाट महान्
र शक्तिशाली जातिहरूलाई धपाइदिनुभयो,
आजको दिनसम्म कोही पनि तिमीहरूको
विरुद्धमा खड़ा रहन सकेको छैन ।
**१०**तिमीहरूमध्ये एक जनाले एक हजारलाई
परास्त गर्न सक्छौ, किनकि उहाँले प्रतिज्ञा
गर्नुभएझैँ परमप्रभुले तिमीहरूको निम्ति युद्ध
गर्नुहुन्छ । **११**यसकारण परमप्रभु तिमीहरूका
परमेश्वरलाई प्रेम गर्नमा ध्यान दिनू ।

**१२**"तर तिमीहरू तर्केर यी जातिहरूबाट
बाँकी भई तिमीहरूका बीचमा रहेकाहरूसित
तिमीहरूले सम्बन्ध राख्यौ र तिमीहरूले
तिनीहरूसित विवाह गर्‍यौ भने, **१३**परमप्रभु
तिमीहरूका परमेश्वरले यी जातिहरूलाई
तिमीहरूका सामुन्नेबाट धपाउनुहुनेछैन भन्ने
कुरा निश्चित छ। बरु, तिनीहरू त परमप्रभु-
द्वारा तिमीहरूको निम्ति फन्दा र पासो,
तिमीहरूका पिठिउँमा कोर्रा र तिमीहरूका
आँखामा काँढ़ा हुनेछन्, जबसम्म तिमीहरू यस
असल देशबाट नष्ट हुँदैनौ ।

**१४**"अब म त सारा पृथ्वीमा लागू
नियमअनुसार जानलागेको छु । परमप्रभु,
तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएको
उत्तम प्रतिज्ञाहरूमध्ये एउटै पनि अपूरो रहेको
छैन भनी तिमीहरू आफ्ना हृदय र प्राणले
जान्दछौ। एउटै पनि अपूरो नरही प्रत्येक प्रतिज्ञा
पूरा भएको छ । **१५**तर परमप्रभु तिमीहरूका
परमेश्वरको प्रत्येक असल प्रतिज्ञा साँचो
ठहरिएझैँ उहाँले तिमीहरूलाई दिनुभएको यो
असल देशबाट तिमीहरूलाई नष्ट नपार्नुभएसम्म
परमप्रभुले तिमीहरूमाथि उहाँले तिमीहरूलाई
धम्काउनुभएका सबै खराब कुराहरू पनि
ल्याउनुहुनेछ । **१६**तिमीहरूले परमप्रभुले

---

**२३:१०**–व्यवस्था ३:२२; ३२:३०.

तिमीहरूलाई आज्ञा दिनुभएका करार भङ्ग गर्‍यौ
र अरू देवताको सेवा गर्दै तिनीहरूको सामुन्ने
निहुर्‍यौ भने परमप्रभुको क्रोध तिमीहरूमाथि
पर्नेछ । अनि उहाँले तिमीहरूलाई दिनुभएको
यस असल देशबाट चाँडै नष्ट हुनेछौ ।"

### शेकेममा करार पुनर्स्थापित गरिएको

२४ तब यहोशूले इस्राएलका सबै
कुलहरूलाई शेकेममा भेला गरे ।
तिनले इस्राएलका बूढाप्रधानहरू, अगुवाहरू,
न्यायकर्ताहरू र अधिकृतहरूलाई बोलाइपठाए
र तिनीहरूले आफैलाई परमप्रभुको सामुन्ने
उपस्थित गराए ।

**२**यहोशूले ती सबै मानिसहरूलाई भने,
"परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
'धेरै अगि अब्राहाम र नाहोरका बाबु तेरह लगायत
तिमीहरूका पिता-पुर्खाहरू नदीपारि बस्थे र
अरू देवताहरूको पूजा गर्थे। **३**तर मैले तिमीहरूका
बाबु अब्राहामलाई नदीपारिको देशबाट ल्याएँ
र कनानभरि डोर्‍याएँ र त्यसलाई धेरै सन्तान
दिएँ । मैले त्यसलाई इसहाक दिएँ । **४**अनि
इसहाकलाई मैले याकूब र एसाव दिएँ, तर
याकूब र त्यसका छोराहरू मिश्रदेशतिर गए ।

**५**"'तब मैले मोशा र हारूनलाई पठाएँ र
मैले त्यहाँ जे गरें त्यसबाट मिश्रीहरूलाई कष्ट
दिएँ र मैले तिमीहरूलाई बाहिर निकालेर
ल्याएँ। **६**मैले तिमीहरूका पुर्खाहरूलाई मिश्रबाट
बाहिर निकाली ल्याउँदा तिमीहरू त्यस समुद्रमा
आइपुग्यौ र मिश्रीहरूले तिनीहरूलाई घोड़ाहरू
र रथहरू लिएर लाल समुद्रसम्मै पछ्याए ।
**७**तर तिनीहरूले सहायताको निम्ति परमप्रभुकहाँ
पुकारा गरे अनि उहाँले तिमीहरू र मिश्रीहरूको
बीचमा अन्धकार राखिदिनुभयो, उहाँले
समुद्रलाई तिनीहरूमाथि ल्याइकन तिनीहरूलाई
छोपिदिनुभयो । मैले मिश्रीहरूलाई जे गरें त्यो
तिमीहरूले आफ्नै आँखाले देख्यौ । त्यसपछि
तिमीहरू उजाड़-स्थानमा लामो समयसम्म
बस्यौ ।

**८**"'मैले तिमीहरूलाई यर्दनको पूर्वमा बस्ने
एमोरीहरूको देशमा ल्याएँ । तिनीहरूले
तिमीहरूसित युद्ध गरे तर मैले तिनीहरूलाई
तिमीहरूका हातमा सुम्पिदिएँ। मैले तिनीहरूलाई
तिमीहरूको सामुन्नेबाट नाश गरिदिएँ र
तिमीहरूले तिनीहरूको देशमाथि अधिकार
गर्‍यौ । **९**मोआबको राजा सिप्पोरको छोरा
बालाकले इस्राएलको विरुद्धमा युद्ध गर्ने
तयारी गर्दा त्यसले तिमीहरूलाई सराप्न भनी
बओरको छोरा बालामलाई बोलाइपठायो ।
**१०**तर मैले बालामको कुरा सुनिनँ । तसर्थ
त्यसले तिमीहरूलाई बारम्बार आशिष् दियो र
मैले तिमीहरूलाई त्यसको हातबाट छुटाएँ ।

**११**"'त्यसपछि तिमीहरू यर्दन पार गरेर
यरीहोमा आयौ । तिनीहरूले तिमीहरूको
विरुद्धमा एमोरीहरू, परिज्जीहरू, कनानीहरू,
हित्तीहरू, गिर्गाशीहरू, हिव्वीहरू र यबूसीहरूले
झैं युद्ध गरे तर मैले तिनीहरूलाई तिमीहरूका
हातमा सुम्पिदिएँ। **१२**मैले तिमीहरूको अगिअगि
अरिङ्गाल पठाइदिएँ जसले तिनीहरूलाई अनि
ती दुई एमोरी राजाहरूलाई पनि तिमीहरूको
सामुन्नेबाट धपाइदिए । त्यो त तिमीहरूले
आफ्नै तरवार र धनुले गरेनौ । **१३**यसरी मैले
तिमीहरूलाई तिमीहरूले परिश्रमै नगरेको देश
र तिमीहरूले नबनाएका शहरहरू दिएँ, अनि
तिमीहरू त्यहाँ बस्यौ अनि तिमीहरूले नरोपेका
दाखबारी र भद्राक्षबारीका फल खाँदैछौ ।'

**१४**"यसकारण अब परमप्रभुको डर मानेर
पूर्ण विश्वासयोग्यतासित उहाँको सेवा गर ।
तिमीहरूका पिता-पुर्खाहरूले नदीपारि र मिश्रमा
पूजेका देवताहरू फ्याँकिदिएर परमप्रभुको सेवा
गर । **१५**तर परमप्रभुको सेवा गर्न तिमीहरूलाई
इच्छा लागेन भने, तिमीहरूले कसको सेवा गर्ने
हो, नदीपारि तिमीहरूका पिता-पुर्खाहरूले पूजेका

**२४:२**–उत्पत्ति ११:२७. **२४:३**–उत्पत्ति १२:१-९; २१:१-३. **२४:४**–उत्पत्ति २५:२४-२६; ३६:८; ४६:१-७; व्यवस्था २:५. **२४:५**–प्रस्थान ३:१-१२:४२. **२४:६-७**–प्रस्थान १४:१-३१. **२४:८**–गन्ती २१:२१-३५. **२४:९-१०**–गन्ती २२:१-२४:२५. **२४:११**–यहोशू ३:१४-१७; ६:१-२१. **२४:१२**–प्रस्थान २३:२८; व्यवस्था ७:२०. **२४:१३**–व्यवस्था ६:१०-११.

देवताहरू कि तिमीहरू अहिले बसिरहेका एमोरीहरूका ठाउँका तिनीहरूका देवता, सो रोज । तर म र मेरो घरानाले त परमप्रभुको सेवा गर्नेछौं ।"

**१६**तब मानिसहरूले जवाफ दिए, "हामीले परमप्रभुलाई त्यागेर अरू देवताहरूको सेवा गर्नु त हामीबाट टाढ़ै रहोस् !
**१७**हामी र हाम्रा पिता-पुर्खाहरूलाई दासत्वको देश मिश्रबाट ल्याउनुहुने र हाम्रा आँखाकै सामुन्ने ती महान् चिन्हहरू गर्नुहुने त परमप्रभु आफै हुनुहुन्छ । हामीले ती सबै जातिहरूबीच भएर आउँदा उहाँले हामीलाई हाम्रो यात्रामा रक्षा गर्नुभयो ।
**१८**अनि परमप्रभुले हाम्रो सामुन्नेबाट यस देशमा बस्ने एमोरीहरूलगायत सबै जातिहरूलाई धपाइदिनुभयो । हामी पनि परमप्रभुकै सेवा गर्नेछौँ किनकि उहाँ हामीहरूका परमेश्वर हुनुहुन्छ ।"

**१९**यहोशूले मानिसहरूलाई भने, "तिमीहरूले परमप्रभुको सेवा गर्न सक्तैनौ । उहाँ पवित्र परमेश्वर हुनुहुन्छ; उहाँ डाही परमेश्वर हुनुहुन्छ । उहाँले तिमीहरूका विद्रोह र पापहरू क्षमा गर्नुहुन्न ।
**२०**तिमीहरूले परमप्रभुलाई त्यागेर परदेशी देवताहरूको सेवा गऱ्यौ भने उहाँले तिमीहरूमाथि अहिलेसम्म गर्नुभएको भलाइबाट फर्केर उहाँले तिमीहरूमाथि विपत्ति ल्याइकन तिमीहरूलाई समाप्त गरिदिनुहुनेछ ।"

**२१**तर मानिसहरूले यहोशूलाई भने, "होइन ! हामी परमप्रभुको सेवा गर्नेछौं ।"

**२२**तब यहोशूले भने, "तिमीहरूले परमप्रभुको सेवा गर्न रोजेको विषयमा तिमीहरू आफै आफ्नो विरुद्धमा साक्षी छौं ।"

तिनीहरूले जवाफ दिए, "हो, हामी साक्षी छौं ।"

**२३**यहोशूले भने, "त्यसोभए, अब तिमीहरूसित भएका परदेशी देवताहरू फ्याँकिदिएर तिमीहरूका हृदय परमप्रभु इस्राएलका परमेश्वरतिर लगाओ ।"

**२४**अनि मानिसहरूले यहोशूलाई भने, "हामी परमप्रभु हाम्रा परमेश्वरको सेवा गर्नेछौं र उहाँकै आज्ञा पालन गर्नेछौं ।"

**२५**त्यस दिन यहोशूले मानिसहरूको निम्ति एउटा करार बाँधे, त्यहाँ शेकेममा तिनीहरूको निम्ति आदेश र नियमहरू बनाए ।
**२६**अनि यहोशूले ती कुराहरू परमेश्वरको व्यवस्थाको पुस्तकमा लेखे । त्यसपछि तिनले एउटा ठूलो ढुङ्गा लिए र त्यसलाई परमप्रभुको पवित्र ठाउँको छेउमा फलाँटको रूखमुनि खड़ा गरे ।

**२७**तिनले सबै मानिसहरूलाई भने, "हेर ! यो ढुङ्गा हाम्रो विरुद्धमा साक्षी छ । परमप्रभुले हामीलाई भन्नुभएका सबै कुराहरू यसले सुनेको छ । तिमीहरू आफ्ना परमेश्वरप्रति साँचो रहेनौ भने यो तिमीहरूको विरुद्धमा साक्षी हुनेछ ।"

### प्रतिज्ञाको देशमा गाड़िएका

**२८**त्यसपछि यहोशूले मानिसहरू प्रत्येकलाई उसको आफ्नै उत्तराधिकारमा पठाइदिए ।

**२९**यी कुराहरूपछि, नूनको छोरा यहोशू, परमप्रभुको दास एक सय दश वर्षको उमेरमा मरे ।
**३०**अनि तिनीहरूले तिनलाई आफ्नो उत्तराधिकारको ठाउँ गाश डाँड़ाको उत्तरमा भएको एप्रेमको पहाड़ी मुलुकको तिम्नाथ सेरामा गाड़े ।

**३१**इस्राएलले यहोशूको जीवनकालभरि र तिनीभन्दा धेरै बाँच्ने, इस्राएलको निम्ति परमप्रभुले गर्नुभएको प्रत्येक कुराको अनुभव गर्ने, बूढा-प्रधानहरूको जीवन कालभरि नै परमप्रभुको सेवा गरे ।

**३२**अनि इस्राएलीहरूले मिश्रबाट ल्याएका यूसुफका हड्डीहरू शेकेमका बाबु हामोरका छोराहरूबाट एक सय चाँदीका टुक्राहरूमा याकूबले किनेको जमिनको भाग शेकेममा गाड़े । त्यो यूसुफका सन्तानको उत्तराधिकार भयो ।

**३३**अनि हारूनका छोरा एलाजार मरे र एप्रेमको पहाडी मुलुकमा तिनको छोरा पीनहासलाई भाग लगाइएको ठाउँ गिबामा गाड़िए ।

---

**२४:३०**–यहोशू १९:४९-५०. **२४:३२**–उत्पत्ति ३३:१९; ५०:२४-२५; प्रस्थान १३:१९; यूहन्ना ४:५; प्रेरित ७:१६.

# न्यायकर्ता

### बाँकी रहेका कनानीहरूको विरुद्ध इस्राएलको युद्ध

**१** यहोशूको मृत्युपछि इस्राएलीहरूले परमप्रभुलाई सोधे, "हाम्रो पक्षमा कनानीहरूको विरुद्ध लड़ाइँ गर्न को पहिला जानेछ ?"

**२**परमप्रभुले जवाफ दिनुभयो, "यहूदा जानेछ; मैले यो देश तिनीहरूको हातमा दिएको छु ।"

**३**यहूदाका मानिसहरूले आफ्ना दाज्यूभाइ शिमोनीहरूलाई भने, "कनानीहरूको विरुद्ध लड़ाइँ गर्नलाई हाम्रो भागमा परेको प्रान्तमा उक्लिआउनुहोस् । यसको सट्टा हामी पनि तपाईंहरूसित तपाईंको भागमा परेको प्रान्तमा जानेछौं ।" यसकारण शिमोनीहरू तिनीहरूसित गए ।

**४**यहूदाले आक्रमण गर्दा परमप्रभुले कनानीहरू र परिज्जीहरूलाई तिनीहरूको हातमा सुम्पिदिनुभयो र तिनीहरूले दश हजार मानिसहरूलाई बेजेकमा मारे । **५**तिनीहरूले अदोनी-बेजेकलाई भेट्टाएको र तिनीसित युद्ध गरेको र कनानीहरू र परिज्जीहरूलाई परास्त गरेको त्यहीं थियो । **६**अदोनी-बेजेक भागे । तर तिनीहरूले तिनलाई खेदेर भेट्टाए र तिनका हातका र खुट्टाका बूढ़ी-औंलाहरू काटिदिए ।

**७**तर अदोनी-बेजेकले भने, "हात र खुट्टाका बूढ़ी-औंलाहरू काटिएका सत्तरी जना राजाहरू मेरो मेचमुनि जूठो टिप्थे । अब परमप्रभुले मलाई मैले तिनीहरूलाई गरेझैं मलाई बदला लिनुभयो ।" तिनीहरूले तिनलाई यरूशलेममा ल्याए र तिनी त्यहीं मरे ।

**८**यहूदाका मानिसहरूले यरूशलेममाथि पनि आक्रमण गरे र त्यसलाई लिए । तिनीहरूले त्यसका मानिसहरूलाई तरवारले मारे र त्यस शहरमा आगो लगाइदिए ।

**९**त्यसपछि यहूदाका मानिसहरू पहाड़ी मुलुक नेगेवमा र पश्चिमी तराईमा बस्ने कनानीहरूको विरुद्धमा लड़ाई गर्न ओर्ले । **१०**तिनीहरू हेब्रोन (पहिले किर्यात-अर्बा भनिने ठाउँ) मा बस्ने कनानीहरूको विरुद्धमा अगि बढ़े र शेशै, अहीमन अनि तत्मैलाई परास्त गरे ।

**११**त्यहाँबाट तिनीहरू दबीर (पहिले किर्यत-सेपेर भनिने ठाउँ) मा बस्ने मानिसहरूको विरुद्धमा अगि बढ़े । **१२**अनि कालेबले भने, "म आफ्नी छोरी अक्सालाई त्यस मानिससित विवाह गरिदिनेछु जसले किर्यत-सेपेरमाथि आक्रमण गरेर त्यसलाई अधीनमा ल्याउँछ ।" **१३**कालेबको भाइ केनाजको छोरा ओत्निएलले त्यसलाई लिए र कालेबले आफ्नी छोरी अक्सालाई तिनीसित विवाह गरिदिए ।

**१४**एक दिन तिनी ओत्निएलकहाँ जाँदा तिनले आफ्नो बाबुबाट एउटा जमिन माग्न भनी उनलाई सुऱ्याए । अक्सा आफ्नो गधाबाट उत्रेपछि कालेबले तिनलाई सोधे, "म तिम्रो निम्ति के गर्न सक्छु ?"

**१५**तिनले जवाफ दिइन्, "ममाथि एउटा विशेष कृपा गर्नुहोस् । तपाईंले मलाई नेगेवमा एउटा जमिन दिनुभएको हुनाले मलाई पानीका मूलहरू पनि दिनुहोस् ।" तब कालेबले तिनलाई माथिल्ला र मुनिका पानीका मूलहरू दिए ।

**१६**मोशाका ससुराका सन्तान, केनीहरू यहूदाका मानिसहरूसँग खजूरका रूखहरूको शहरबाट आराद नजीकको नेगेवमा भएको यहूदाको उजाड़-स्थानमा गए, र त्यहाँका मानिसहरूसँग बसोबास गर्न लागे ।

**१७**तब यहूदाका मानिसहरू आफ्ना दाज्यूभाइ शिमियोनहरूसित गएर सपतमा बस्ने कनानीहरूमाथि आक्रमण गरे र तिनीहरूले शहरलाई सम्पूर्ण रूपले नष्ट पारे । यसकारण त्यसलाई होर्मा भनियो । **१८**यहूदाका मानिसहरूले

गाजा, अश्केलोन र एक्रोनलाई तिनीहरूका
प्रान्तहरूसितै लिए ।
**१९**परमप्रभु यहूदाका मानिसहरूसित
हुनुहुन्थ्यो । तिनीहरूले पहाड़ी मुलुकमाथि
अधिकार गरे, तर तिनीहरू मैदानहरूबाट
मानिसहरूलाई धपाउन असमर्थ भए, किनकि
तिनीहरूसित फलामका रथहरू थिए । **२०**मोशाले
प्रतिज्ञा गरेझैँ हेब्रोनचाहिँ कालेबलाई दिइयो,
जसले अनाकका तीन छोराहरूलाई त्यहाँबाट
धपाएका थिए । **२१**बेन्यामीनीहरूले चाहिँ
यरूशलेममा बस्ने यबूसीहरूलाई धपाउन
सकेनन् र आजको दिनसम्मै यबूसीहरू त्यहाँ
बेन्यामीनीहरूसित बस्छन् ।
**२२**यूसुफका घरानाले बेथेलमाथि आक्रमण
गरे र परमप्रभु तिनीहरूसित हुनुहुन्थ्यो ।
**२३**तिनीहरूले बेथेल (पहिले लूज भनिने ठाउँ)
मा भेद लिने मानिसहरू पठाए । **२४**ती
जासूसहरूले एक जना मानिसलाई शहरबाट
बाहिर निस्कँदै गरेको देखे र तिनीहरूले त्यसलाई
भने, "हामीलाई शहरभित्र कसरी पस्ने देखाइदेऊ
र हामी तिमीप्रति असल व्यवहार गर्नेछौं ।"
**२५**यसकारण त्यसले तिनीहरूलाई देखाइदियो
र तिनीहरूका शहरलाई तरवारले नाश गरे
तर त्यो मानिस र त्यसको परिवारलाई चाहिँ
छोड़िदिए । **२६**त्यसपछि त्यो हित्तीहरूको देशमा
गयो र त्यहाँ एउटा शहर बनायो अनि त्यसको
नाउँ लूज राख्यो । त्यस शहरको नाउँ आजको
दिनसम्म यही छ ।
**२७**तर मनश्शेले बेथशान, तानक, दोर,
इब्लियामका र तिनीहरूका चारैतिरका आबादी
गरेका मानिसहरूलाई धपाएनन् । किनकि
कनानीहरूले त्यस देशमा बस्ने निश्चय
गरेका थिए । **२८**इस्राएल शक्तिशाली भएपछि
तिनीहरूले कनानीहरूलाई बेगार खटाए तर
तिनीहरूले उनीहरूलाई सम्पूर्ण रूपले चाहिँ
निकालेनन् । **२९**नता एप्रैमले नै गेजेरमा बस्ने
कनानीहरूलाई धपाए, तर कनानीहरू त्यहाँ
तिनीहरूसित बसिरहे । **३०**नता जबूलूनले नै
कित्रोन अथवा नहलोलमा तिनीहरूसित बस्ने
कनानीहरूलाई धपाए, तर तिनीहरूले
उनीहरूलाई बेगार खटाए । **३१**नता आशेरले
अक्को, सीदोन, अहलाब, अक्जीब, हेलवा, अपेक
र रेहोबमा बस्नेहरूलाई धपाए, **३२**यसैकारणले
आशेरका मानिसहरू कनानी बासिन्दाहरूसित
बसे । **३३**नता नप्तालीले नै बेथ शेमेस
अथवा बेथ अनातमा बस्नेहरूलाई धपाए
तर नप्तालीहरू पनि त्यस देशका कनानी
बासिन्दाहरूसित बसे र बेथ शेमेस अनि बेथ
अनातमा बस्नेहरू तिनीहरूको निम्ति बेगारमा
काम गर्ने मजदूरहरू भए । **३४**एमोरीहरूले
दानवंशीहरूलाई पहाड़ी मुलुकभित्रै सीमित
राखे र तिनीहरूलाई मैदानमा आउनै दिएनन् ।
**३५**अनि एमोरीहरूले हेरेस डाँड़ा, अय्यालोन र
शाल्बीममै बस्ने निश्चय गरे, यूसुफको
घरानाको शक्ति बढ़ेपछि तिनीहरू पनि
बेगारमा खटिन बाध्य भए । **३६**एमोरीहरूको
सिमाना अक्रब्बीम घाटीदेखि सेला र अझ
टाढ़ासम्म थियो ।

### बोकीममा परमप्रभुका दूत

२ परमप्रभुको दूत गिलगालबाट बोकीममा
उकालो गए र भने, "मैले तिमीहरूलाई
मिश्रबाट माथि ल्याएँ र मैले तिमीहरूका
पितापुर्खाहरूलाई दिनेछु भनी शपथ खाएको
देशमा ल्याएँ । मैले भनें, 'म कहिल्यै
तिमीहरूसितको आफ्नो करार भङ्ग गर्ने छैनँ,
**२**अनि तिमीहरूले यस देशका मानिसहरूसित
करार नबाँध्नू, तर तिमीहरूले तिनीहरूका
वेदीहरू भत्काइदिनू । तापनि तिमीहरूले मेरो
आज्ञा भङ्ग गर्‍यौ । तिमीहरूले यो किन
गर्‍यौ ? **३**यसकारण, अब म तिमीहरूलाई
भन्दछु कि म तिनीहरूलाई धपाउनेछैनँ, ती
तिमीहरूका दुवैतिर काँड़ा र तिनीहरूका
देवताहरू तिमीहरूको निम्ति पासो हुनेछन् ।"

---

**१:२१**–यहोशू १५:६३; २ शमूएल ५:६; १ इतिहास ११:४. **१:२७–२८**–यहोशू १७:११-१३. **१:२९**–यहोशू १६:१०.
**२:२**–प्रस्थान ३४:१२-१३; व्यवस्था ७:२-५.

४परमप्रभुका दूतले सारा इस्राएलीहरूलाई यो भनिसकेपछि मानिसहरू जोरसित रोए, ५र तिनीहरूले त्यस ठाउँलाई बोकीम भने। त्यहाँ तिनीहरूले परमप्रभुको निम्ति बलिदान चढ़ाए।

### अनाज्ञाकारिता र हार

६यहोशूले इस्राएलीहरूलाई बिदा गरेपछि हरेकको आफ्नै उत्तराधिकार बनाउनलाई तिनीहरू देशलाई अधिकार गर्न गए। ७मानिसहरूले यहोशूको जीवनकालभरि र तिनीभन्दा धेरै बाँच्ने र परमप्रभुले इस्राएलको निम्ति गर्नुभएका महान् कामहरू देख्ने धर्म-गुरुहरूको जीवनकालसम्मै परमप्रभुको सेवा गरे।

८परमप्रभुको दास नूनको छोरा यहोशू एक सय दश वर्षको उमेरमा मरे। ९अनि तिनीहरूले तिनलाई तिनको उत्तराधिकारको देश गाश डाँड़ाको उत्तरमा एप्रेमको पहाड़ी मुलुकमा भएको तिम्ना हेरेसमा गाड़े।

१०त्यो सम्पूर्ण पुस्ता आफ्ना पिता-पुर्खाहरूसित मिल्न गइसकेपछि अर्को पुस्ता बढ़ेर आयो जसले नता परमप्रभुलाई चिन्थ्यो, नता उहाँले इस्राएलको निम्ति गर्नुभएका कुराहरू नै जान्दथ्यो। ११तब इस्राएलीहरूले परमप्रभुको दृष्टिमा दुष्ट काम गरे र बालहरूको सेवा गरे। १२तिनीहरूले परमप्रभु तिनीहरूका पिता-पुर्खाहरूका परमेश्वरलाई त्यागे जसले तिनीहरूलाई मिश्रबाट निकालेर ल्याउनुभएको थियो। तिनीहरूले आफ्ना वरिपरिका मानिसहरूका देवताहरू पछ्याए र पूजे। तिनीहरूले परमप्रभुलाई रीस उठाए, १३किनकि तिनीहरूले उहाँलाई त्यागे अनि बाल र अश्तारोतको सेवा गरे। १४इस्राएलप्रति आफ्नो क्रोधमा परमप्रभुले तिनीहरूलाई आक्रमणकारीहरूका हातमा सुम्पिदिनुभयो जसले तिनीहरूलाई लुटे। उहाँले तिनीहरूलाई आफ्ना चारैतिरका शत्रुहरूकहाँ बेचिदिनुभयो जसलाई तिनीहरूले रोक्न सकेनन्। १५जहिले पनि इस्राएल लड़ाइँ गर्न निस्कँदा परमप्रभुले तिनीहरूसित शपथ खानुभएझैँ उहाँका हात तिनीहरूको विरुद्धमा हुन्थ्यो। तिनीहरू ठूलो सङ्कष्टमा परे।

१६तब परमप्रभुले न्यायकर्ताहरू खड़ा गर्नुभयो जसले तिनीहरूलाई ती आक्रमण-कारीहरूका हातबाट बचाउनुभयो। १७तापनि तिनीहरूले आफ्ना न्यायकर्ताहरूका कुरा सुनेनन् तर ती देवताहरूसित वेश्यासँग झैँ व्यभिचार गरे र तिनीहरूलाई पूजे। तिनीहरू आफ्ना पितापुर्खाहरूझैँ थिएनन् तर तिनीहरूका पितापुर्खाहरू परमप्रभुको आज्ञापालनको मार्गमा हिँड़ेझैँ नहिँड़ेर त्यसबाट तर्किगए। १८जब जब परमप्रभुले कुनै न्यायकर्तालाई तिनीहरूको निम्ति खड़ा गर्नुभयो, उहाँ त्यस न्यायकर्ताको साथमा हुनुभयो र त्यो न्यायकर्ता बाँचेसम्म उहाँले तिनीहरूलाई तिनीहरूका शत्रुहरूका हातबाट बचाउनुभयो, किनकि तिनीहरूलाई थिचोमिचो गर्ने र सताउनेहरूको अधीनमा तिनीहरूले जहिले सुस्केरा हाले तापनि परमप्रभुले तिनीहरूलाई टिठ्याउनुभयो। १९तर त्यो न्यायकर्ता मरेपछि ती मानिसहरू अरू देवताहरूको पछि लागेर तिनीहरूलाई पुज्दै आफ्ना पिता-पुर्खाहरूको भन्दा बढ़ी भ्रष्ट चालतिर फर्कन्थे। तिनीहरूले आफ्ना दुष्ट कामहरू र हठी मार्गलाई त्याग्न अस्वीकार गरे।

२०यसकारण परमप्रभु इस्राएलसित अति क्रोधित हुनुभयो र भन्नुभयो: "यस जातिले मैले तिनीहरूका पिता-पुर्खाहरूको निम्ति राखिदिएको करार भङ्ग गरेको र मेरो कुरा नसुनेको कारण, २१म यहोशूले मर्दाखेरि छाड़ेको कुनै जातिलाई पनि तिनीहरूको सामुन्ने अब धपाउने छैन। २२इस्राएललाई जाँच्नलाई म तिनीहरूलाई प्रयोग गर्नेछु, र तिनीहरू परमप्रभुको मार्गलाई मानेर आफ्ना पिता-पुर्खाहरू त्यसमा हिँड़ेझैँ हिँड्नेछन् कि भनेर हेर्नेछु।" २३परमप्रभुले ती जातिहरूलाई रहन दिनुभयो, उहाँले तिनीहरूलाई यहोशूको हातमा पर्न दिएर एकएक गरी धपाउनुभएन।

---

**२:९**–यहोशू १९:४९-५०.

**३** कनानमा कुनै पनि युद्धको अनुभव
नगरेका ती सबै इस्राएलीहरूलाई जाँच्नको
लागि परमप्रभुले छोड़िदिनुभएका जातिहरू यिनै
हुन्, **२**(पहिले लड़ाइँको अनुभव नगरेका इस्राएलीका
सन्तानहरूलाई युद्ध गर्न सिकाउनको निम्ति मात्र
उहाँले यसो गर्नुभएको थियो): **३**यी पाँच जातिहरू
बाल हर्मोन डाँड़ादेखि लेबो हमातसम्मका
लबानोन पर्वतहरूमा बस्ने सबै कनानीहरू,
सीदोनीहरू र हिब्बीहरू थिए । **४**परमप्रभुले
तिनीहरूका पिता-पुर्खाहरूलाई मोशाद्वारा
दिनुभएका उहाँका आज्ञाहरू इस्राएलीहरूले
पालन गर्छन् कि गर्दैनन् भनेर तिनीहरूलाई
जाँच्नलाई यी जातिहरू छोड़िएका थिए ।

**५**यसरी इस्राएलीहरू कनानीहरू, हित्तीहरू,
परिज्जीहरू, हिब्बीहरू र यबूसीहरूका बीचमा
बस्थे । **६**तिनीहरूले तिनीहरूका छोरीहरूसित
विवाह गरे र आफ्ना छोरीहरू तिनीहरूका
छोराहरूलाई दिए र तिनीहरूका देवताहरूका
सेवा गरे ।

### ओत्निएल

**७**इस्राएलीहरूले परमप्रभुको दृष्टिमा दुष्ट
काम गरे; तिनीहरूले परमप्रभु तिनीहरूका
परमेश्वरलाई बिर्से र बाल देवहरू र अशेरा
देवीहरूका सेवा गरे । **८**परमप्रभुको क्रोध
इस्राएलीहरूको विरुद्धमा दन्क्यो र उहाँले
तिनीहरूलाई अरम-नहरैमका राज कूशन-
रिशातैमको हातमा बेचिदिनुभयो जसको
अधीनमा इस्राएलीहरू आठ वर्षसम्म रहे । **९**तर
जब तिनीहरूले परमप्रभुकहाँ पुकारा गरे, उहाँले
तिनीहरूको निम्ति एक जना छुटाउने व्यक्ति,
अर्थात् कालेबको भाइ केनाजको छोरा
ओत्निएललाई खड़ा गर्नुभयो, जसले तिनीहरूलाई
बचाए । **१०**परमप्रभुको आत्मा तिनीमाथि
आउनुभयो र तिनी इस्राएलका न्यायकर्ता भई
युद्धमा गए । परमप्रभुले अरामका राजा कूशन-
रिशातैमलाई ओत्निएलको हातमा सुम्पिदिनुभयो,
जसले तिनलाई परास्त गरे । **११**यसरी केनाजको
छोरा ओत्निएल बाँचेसम्म देशमा चालीस
वर्षसम्म शान्ति रह्यो ।

### एहूद

**१२**फेरि पनि इस्राएलीहरूले परमप्रभुको
दृष्टिमा दुष्टता गरे र तिनीहरूले त्यस्तो दुष्टता
गरेको कारण परमप्रभुले मोआबको राजा
एग्लोनलाई इस्राएलमाथि अख्तियार दिनुभयो ।
**१३**अम्मोनीहरू र अमालेकीहरूलाई आफूसित
मिलाएर एग्लोनले आएर इस्राएलमाथि आक्रमण
गरे र खजूरहरूका शहरमाथि अधिकार गरे ।
**१४**इस्राएलीहरू मोआबको राजा एग्लोनको
अधीनमा अठार वर्षसम्म रहे ।

**१५**इस्राएलीहरूले फेरि परमप्रभुको पुकारा
गरे र उहाँले तिनीहरूलाई एक जना छुटाउने
व्यक्ति, अर्थात् बेन्यामिनी गेराको छोरा देब्रे-
हाते एहूद दिनुभयो । इस्राएलीहरूले तिनलाई
मोआबको राजा एग्लोनकहाँ कर दिएर पठाए ।
**१६**एहूदले डेड़ फूटजति लामो दुई धारे तरवार
बनाएर त्यसलाई आफ्नो दाहिने फिलामा
आफ्नो लुगाभित्र बाँधिराखे । **१७**त्यसपछि तिनी
मोआबका राजा एग्लोनकहाँ कर लिएर गए ।
एग्लोन साह्रै मोटा मानिस थिए । **१८**तिनले त्यो
कर दिएपछि तिनले त्यो बोक्ने मानिसहरूलाई
पठाइदिए । **१९**तिनीचाहिँ गिलगालको छेउमा
मूर्तिहरू भएका ठाउँमा पुगेर फनक्क फर्केर
गई भने, “हे राजा तपाईंको निम्ति मसित
एउटा गुप्त समाचार छ ।”

राजाले भने, “शान्त !” अनि तिनका सबै
चाकरहरूले तिनलाई छोड़ेर गए ।

**२०**तिनी आफ्नो गृष्म-कालीन महलमा
कौसीमा बसिरहेका बेला एग्लोन तिनीकहाँ गएर
भने, “मसित तपाईंको निम्ति परमेश्वरबाट
आएको एउटा समाचार छ ।” राजा जसै आफ्नो
आसनबाट उठे, **२१**एहूदले आफ्नो हात बढ़ाएर
आफ्नो दाहिने फिलामा भएको तरवार थुतेर
राजाको पेटमा रोपिदिए । **२२**तरवार पसेपछि
बीँडसमेत पस्यो र तरवार तिनको पछितिरबाट
निस्क्यो । एहूदले तरवार बाहिर निकालेनन् र
त्यसलाई बोसोले छोपिदियो । **२३**तब एहूद बाहिर
दलानमा निस्के, कौसीको ढोका आफूपछि
थुनिदिएर त्यसमा ताल्चा लगाइदिए ।

**२४**तिनी गइसकेपछि ती नोकरहरू आए र

तिनीहरूले कौसीको ढोकामा ताल्चा मारिएको
भेट्टाए । तिनीहरूले भने, “शायद तिनी घरको
भित्री कोठामा दिसा गर्दैछन् होला ।” **२५**तिनीहरू
पर्खंदा पर्खंदा लज्जित हुँदा पनि तिनले कोठाको
ढोका नखोल्दा तिनीहरूले एउटा साँचो लिएर
ढोकाहरू खोले । त्यहाँ तिनीहरूले तिनीहरूका
मालिकलाई मरेर भूइँमा लड़िरहेका देखे ।

**२६**तिनीहरूले पर्खिरहेको बेला एहूदचाहिँ
भागिहाले । तिनी ती मूर्तिहरूलाई पार गरी
सीरा भन्ने ठाउँमा उम्केर पुगे । **२७**त्यहाँ
आइपुगेर एप्रेमको पहाड़ी मुलुकमा तिनले
तुरही फुके र इस्राएलीहरू त्यस पहाड़बाट
तिनीसित तिनको पछि-पछि ओले ।

**२८**तिनले हुकुम गरे, “मपछि आऊ;
परमप्रभुले तिमीहरूका शत्रु मोआबलाई
तिमीहरूका हातमा दिनुभएको छ ।” यसकारण
तिनीहरूले तिनलाई ओरालोमा पछ्याए र
मोआबतिर जाने यर्दनका घाटहरू लिए र
कसैलाई पनि पारि जान दिएनन् । **२९**त्यस बेला
तिनीहरूले प्राय: दश हजार मोआबीहरूलाई
मारे जो सबै हट्टा-कट्टा र बलियाहरू थिए र
कुनै मानिस पनि उम्केन । **३०**त्यस दिन मोआब
इस्राएलको अधीनमा आयो र देशमा असी
वर्षसम्म शान्ति रहयो ।

### शमगर

**३१**एहूदपछि अनातको छोरा शमगर आए
र तिनले गोरु धपाउने लहुरोले छ सय
पलिश्तीहरूलाई मारे । तिनले पनि इस्राएललाई
उद्धार गरे ।

### दबोरा

**४** एहूद मरेपछि इस्राएलीहरूले फेरि
परमप्रभुको दृष्टिमा दुष्टता गरे ।
**२**यसकारण परमप्रभुले तिनीहरूलाई हासोरमा
राज गर्ने कनानको राजा याबीनका हातमा
बेचिदिनुभयो । तिनको फौजको कप्तानचाहिँ
हेरोशेत हाग्गोयीममा बस्ने सीसरा थियो
**३**त्यससित फलामका नौ सयओटा रथहरू
भएकाले र त्यसले इस्राएलीहरूलाई बीस
वर्षसम्म सताएकोले तिनीहरूले सहायताको
निम्ति परमप्रभुलाई पुकारे ।

**४**त्यस बेला इस्राएलको नेतृत्व लप्पीदोतका
स्वास्नी अगमवादिनी दबोराले गरिरहेकी
थिइन् । **५**एप्रेमको पहाड़ी मुलुकमा रामा र
बेथेलको बीचमा दबोराले खजूरको फेदमा
अदालत चलाउँथिन् र इस्राएलीहरू आफ्नो
झगड़ा मिलाउन तिनीकहाँ आउँथे । **६**तिनले
नप्तालीको केदेशबाट अबीनोअमको छोरा
बाराकलाई बोलाई पठाइन् र तिनलाई भनिन्,
“परमप्रभु इस्राएलका परमेश्वर तिमीलाई यसो
भनी आज्ञा दिनुहुन्छ, ‘आफूसित नप्ताली र
जबूलूनका दश हजार मानिसहरू लिएर जाऊ
र ताबोर डाँड़ामा अगुवाइ गरेर लैजाऊ । **७**म
याबीनको फौजको कप्तान सीसरालाई आफ्ना
रथहरू र सेना लिएर कीशोन नदीमा आउनलाई
उस्काउनेछु, र म त्यसलाई तेरो हातमा
सुम्पिदिनेछु ।’”

**८**बाराकले तिनलाई भने, “तपाईं मसित
जानुभए मात्र म जानेछु, तर तपाईं मसित
जानुभएन भने म जानेछैनँ ।”

**९**दबोराले भनिन्, “ठीकै छ, म तिमीसित
जानेछु । तर तिम्रो यस्तो व्यवहारले गर्दा,
सम्मानचाहिँ तिम्रो हुनेछैन किनकि परमप्रभुले
सीसरालाई एउटी स्त्रीको हातमा दिनुहुनेछ ।”
यसरी दबोरा बाराकसित केदेशमा गइन् **१०**जहाँ
तिनले जबूलून र नप्तालीलाई बोलाइपठाइन् ।
दश हजार मानिसहरू तिनका पछि लागे र
दबोरा पनि तिनीसित गइन् ।

**११**अब केनी हेबेरले अरू केनीहरू, अर्थात्
मोशाका सालो होबाबका सन्तानहरूलाई छाड़ेर
केदेशको छेउमा सानन्नीम भएको ठूलो रूखको
नजीक आफ्नो पाल टाँगेका थिए ।

**१२**जब तिनले सीसरालाई अबीनोआमको
छोरा बाराक ताबोर डाँड़ामा उक्लेर गएको
कुरा बताइदिए । **१३**सीसराले आफ्ना फलामका
नौ सय रथहरू र सबै मानिसहरू एकसाथ
भेला गराए र तिनीहरू हारोशेत हाग्गोयीमबाट
कीशोन खोलामा गए ।

**१४**तब दबोराले बाराकलाई भनिन्, “जाऊ

आजको दिन परमप्रभुले सीसरालाई तिम्रो हातमा
सुम्पिदिनुभएको छ । के परमप्रभु तिमीअगि
जानुभएको छैन ?” यसकारण बाराक तोबोरबाट
ओर्ले र दश हजार मानिसहरू तिनका पछि
लागे । **१५**बाराक अगि बढ्दा परमप्रभुले
सीसरालाई र त्यसका सबै रथहरू र सेनालाई
तरवारले परास्त गर्नुभयो र सीसराले आफ्नो
रथलाई त्यागेर पैदलै भागे । **१६**तर बाराकले
ती रथहरू र सेनालाई हरोशेत हग्गोयीमसम्मै
खेदेर गए । सीसराका सबै फौज तरवारद्वारा
मारिए र एउटै मानिस पनि बाँकी रहेन ।

**१७**तरै पनि सीसराचाहिँ पैदलै भागेर केनी
हेशेरकी स्वास्नी याएलको पालमा गए, किनकि
हासोरका राजा याबीन र केनी हेशेरका वशंबीच
मित्रताको सम्बन्ध थियो ।

**१८**याएलले सीसरालाई भेट्‌न गएर तिनलाई
भनिन्, “मेरा मालिक, भित्रै आउनुहोस् ।
नडराउनुहोस् ।” यसकारण तिनी उनको
पालभित्र पसे र उनले तिनीमाथि एउटा ओढ्ने
ओढ़ाइदिइन् ।

**१९**तिनले भने, “म तिर्खाएको छु ।” मलाई
अलिकता पानी देऊ ।” त्यसले तिनलाई एक
मशक दूध पिउन दिइन् र ओढ्ने ओढ़ाइदिइन् ।

**२०**तिनले उनलाई भने, “पालको ढोकामा
उभिरहनू । यदि कोही आएर तिमीलाई ‘यहाँ
कोही छ ?’ भनी सोधेछ भने, तिमीले ‘छैन’
भनिदिनू ।’”

**२१**तर हेबेरकी स्वास्नी याएलले पालको
एउटा कीला र मुङ्ग्रो लिइन् र बिस्तारै तिनी
थाकेर भुसुक्क निदाएको बेला तिनीकहाँ
गइन् । तिनले त्यो कीला तिनको कन्चट
छिचोलेर भूइँसम्मै गाढ़िदिइन् र तिनी मरे ।

**२२**बाराक सीसरालाई खेद्‌दै आए र याएल
तिनलाई भेट्‌न बाहिर गइन् । तिनले भनिन्,
“आउनुहोस्, तपाईंले खोज्नुभएको मानिसलाई
म तपाईंलाई देखाइदिनेछु ।” यसकारण तिनी
उनीसित भित्र गए र त्यहाँ आफ्नो कन्चटमा
पालको कीला पसेर सीसरा लड़िरहेका भेट्टाए ।

**२३**त्यो दिन परमेश्वरले इस्राएलहरूका
सामुन्ने केनी राजा याबीनलाई अधीनमा
ल्याउनुभयो । **२४**अनि इस्राएलीहरूले याबीनलाई
नष्ट नपारेसम्म तिनीहरूका हात उनीमाथि
बलियो र बलियो हुँदै गयो ।

### दबोराको गीत

**५** त्यस दिन दबोरा र अबीनोआमको छोरा
बाराकले यो गीत गाए:

२ “जब इस्राएलका राजकुमारहरू अगि
सरे,
जब मानिसहरूले स्वेच्छापूर्वक
आफैलाई दिए–
परमप्रभुको प्रशंसा गर !

३ “हे राजाहरू यो सुन ! हे शासकहरू
यो सुन !
म परमप्रभुको निम्ति गाउनेछु, म
गाउनेछु;
म परमप्रभु इस्राएलको परमेश्वरको
निम्ति सङ्गीत बजाउनेछु ।

४ “हे परमप्रभु, तपाईं सेइरबाट बाहिर
जानुहुँदा,
तपाईं एदोमको देशबाट सवार हुनुहुँदा
पृथ्वी काँप्यो, आकाशले वृष्टि झार्‍यो,
बादलले पानी खन्यायो ।

५ परमप्रभुको सामुन्ने, सीनैको परमप्रभुको
सामुन्ने,
परमप्रभु इस्राएलका परमेश्वरको सामुन्ने
परमप्रभुको सामुन्ने पर्वत काँपे ।

६ “अनातको छोरा शमगरको पालोमा
याएलका पालोमा यात्रीहरू
मूलबाटाहरूमा हिँड़ेनन्,
मानिसहरू घुमाउरो बाटाहरूमा हिँड्‌न
लागे ।

७ इस्राएलका गाउँले जीवन समाप्त भयो,
जबसम्म म, दबोरा, खड़ा भइनँ ।
इस्राएलमा एउटी आमाझैँ म खड़ा भएँ ।

---

**५:५**–प्रस्थान १९:१८.

८ जब तिनीहरूले नयाँ-नयाँ देवताहरूसित
मित्रता बाँधे,
शहरका मूल ढोकाहरूमा लड़ाइँ
आइपुग्यो,
र इस्राएलका चालीस हजारसित नता
ढाल न भाला देखिए ।
९ मेरो हृदय इस्राएलका राजकुमारहरूसित
छ,
मानिसहरूबीच भएका इच्छुक
स्वयंसेवकहरूसित
परमप्रभुको प्रशंसा गर !

१० “तिमीहरू, सेता गधाहरूमाथि सवार
हुनेहरू,
जो जीनको गलैंचामाथि बस्छौ,
र तिमीहरू, जो पैदल बाटो लाग्दछौ,
११ यस कुरालाई राम्ररी विचार गर,
गीत गाउनेहरूको सोर सुनिँदैछ,
जहाँ स्त्रीहरू पानी भर्नलाई आउँछन् ।
त्यहाँ तिनीहरू परमप्रभुले गर्नुभएका
धार्मिक कार्यहरूको स्मरण गर्छन्,
इस्राएलमा शूरवीरहरूका धार्मिक
कार्यहरू ।
त्यसपछि परमप्रभुका जनहरू तल
शहरका मूल ढोकाहरूमा गए ।

१२ “ए दबोरा, उठ, तिमी आफै उठ,
तिमी आफै उठ, मुख खोलेर गीत
गाऊ ।
हे अबीनोआमका छोरा बाराक, उठ,
धेरैलाई कैदी बनाऊ ।”

१३ “तब छोड़िएका मानिसहरू
भारदारहरूकहाँ ओलेर आए;
परमप्रभुका मानिसहरू
शक्तिवान् भएर मकहाँ आए ।
१४ कोही एप्रेमबाट आए, जसका जरा
अमालेकमा थिए
बेन्यामीनचाहिँ ती मानिसहरूसित थिए;
जसले तिमीहरूलाई पछ्याए ।
माकीरबाट कप्तानहरू ओली आए,
जबूलूनबाट चाहिँ कप्तानका लौरो बोक्ने
मानिसहरू आए ।
१५ इस्साकारका राजकुमारहरू दबोरासित
थिए;
हो, इस्साकार बाराकसित थिए,
तिनको पछि भन्ज्याङमा हतारिँदै
रूबेनका जिल्लाहरूमा
हृदय छाम्ने काम धेरै भएको थियो ।
१६ गोठालाहरूले बोलाएको तीखो सोर
सुन्नलाई तिमीहरू शिविरका
अग्निहरूमा किन अलमली बस्यौ ?
रूबेनका जिल्लाहरूमा हृदय जाँच्ने
धेरै काम भयो ।
१७ गिलाद यर्दनपारि नै बसे ।
अनि दान, त्यो किन जहाजहरूको छेउमा
अल्मलियो ?
आशेर समुद्र-किनारमा रहचो
र आफ्नै गुफाहरूमा बसे ।
१८ जबूलूनका मानिसहरूले आफ्नो प्राणलाई
जोखिममा पारे ।
त्यसरी नै नप्तालीले पनि रणभूमिका
शिखरहरूमा ।

१९ “राजाहरू आए, तिनीहरूले युद्ध गरे;
कनानका राजाहरूले
मगिद्दोको पानीहरूको छेउमा भएको
तानाकमा युद्ध गरे,
तर तिनीहरूले चाँदी र लूटका माल
लगेनन् ।
२० आकाशबाट ताराहरूले युद्ध गरे,
तिनीहरूका मार्गबाट तिनीहरूले
सीसराको
विरुद्धमा युद्ध गरे ।
२१ कीशोन नदीले तिनीहरूलाई बगाएर
लग्यो
त्यो प्राचीन नदी, कीशोन नदी ।
हे मेरो प्राण अघि बढ, बलियो हो !
२२ तब घोड़ाका टापहरू गर्जिउठे
त्यसका जङ्गी घोड़ाहरू चाँड़ो दगुरे ।
२३ परमप्रभुको दूतले ‘मेरोजलाई सराप’ भने,

'सराप, त्यसका बासिन्दाहरूमाथि
सराप,
किनभने तिनीहरूले परमप्रभुलाई कति
पनि सघाएनन्,
परमप्रभुलाई बलियाहरूका विरुद्ध
सहायता दिएनन् ।'

२४ "याएल स्त्रीहरूमध्ये सबैभन्दा आशिष्
पाएकी होस्,
केनी हेबेरकी स्वास्नी,
पालमा बस्ने स्त्रीहरूमध्ये सबैभन्दा
आशिष् पाएकी ।
२५ तिनले पानी मागेका थिए, र उनले दूध
दिइन्;
भारदाहरूलाई सुहाउँदो बटुकोमा
त्यसले तिनलाई दही ल्याइदिइन् ।
२६ त्यसको हातमा पालको कीला पऱ्यो,
त्यसको दाहिने हातमा काम गर्नेको
मुङ्ग्रो पऱ्यो,
त्यसले सीसरामाथि प्रहार गरिन् र तिनको
शिर कुच्याइदिइन् ।
त्यसले तिनको कन्चटलाई छेंड़ेर
छ्ताछुल्ल पारिदिइन् !
२७ त्यसको खुट्टामा तिनी फसे,
तिनी लोटे र पड़िरहे ।
त्यसको खुट्टामा तिनी फसे र पड़िरहे;
तिनी फसेको ठाउँमा तिनी मरेर त्यसै
पड़िरेहे ।

२८ "सीसराकी आमाले आँखी-झ्यालबाट
चियाइन्;
आँखीझ्यालको पछिल्तिरबाट तिनी
चिच्याइन्,
'तिनका रथ आउन किन ढीलो भएको ?
तिनको रथका खट्खट् आवाज किन ढीलो
भएको ?'
२९ तिनका सबैभन्दा बुद्धिमती स्त्रीले जवाफ
दिइन्;
साँच्चै, त्यसले आफैसित भन्ने गर्छिन्,
३० 'के तिनीहरूले लूटका माल बटुलेर भाग
लगाउँदैनन् र ?
प्रत्येक मानिसको निम्ति एउटी कि
दुईओटी केटीहरू,
सीसराको निम्ति लूटेका रङ्गीन कपड़ाहरू
बुट्टादार रङ्गीन कपड़ाहरू,
मेरो गलाको निम्ति अति बुट्टादार
कपड़ाहरू–
यो सबै लूटसरह हुँदैनन् र ?'

३१ "यसकारण हे परमप्रभु, तपाईंका सबै
शत्रुहरू
नाश भइजाऊन् !
तर तपाईंलाई प्रेम गर्नेहरूचाहिँ आफ्नो
पराक्रममा उदय भएको सूर्यझैं होऊन् ।"

त्यसपछि देशमा चालीस वर्षसम्म शान्ति
रहयो ।

## गिदोन

६ फेरि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा
दुष्टता गरे, र उहाँले तिनीहरूलाई सात
वर्षसम्म मिद्यानीहरूका हातमा सुम्पिदिनुभयो ।
२मिद्यानीहरूको शक्ति अति निष्ठूर भएको
कारण इस्राएलीहरूले आफ्ना लागि शरणस्थान
पहाड़का चेपचापतिर, गुफातिर र किल्लाहरूतिर
बनाएका थिए । ३जहिले-जहिले इस्राएलीहरूले
आफ्ना बाली लाउँथे, मिद्यानीहरू, अमालेकीहरू
र अरू पूर्वीय जातिहरूले देशमाथि आक्रमण
गर्थे । ४तिनीहरूले देशमा छाउनी हालेर
गाजासम्मै बाली नष्ट पारिदिन्थे र इस्राएलको
निम्ति एउटै पनि जीवित प्राणी, अर्थात् भेड़ा,
वस्तु अथवा गधा छोड़दैनथे । ५तिनीहरू आफ्ना
वस्तु र पालहरूसितै सलहका बथानझैं
आउँथे । मानिसहरू र तिनीहरूका ऊँटहरूलाई
गन्न असम्भव थियो । तिनीहरूले देशलाई
लूटपिट गर्नलाई आक्रमण गर्थे । ६मिद्यानीहरूले
इस्राएलीहरूलाई यति साह्रो दरिद्र तुल्याइदिए
कि तिनीहरूले सहायताको निम्ति परमप्रभुलाई
पुकारे ।
७जब इस्राएलीहरूले मिद्यानीहरूको कारण
परमप्रभुको पुकारा गरे, ८उहाँले तिनीहरूकहाँ
एक जना अगमवक्ता पठाइदिनुभयो, जसले यसो

भने, "परमप्रमभु इस्राएलका परमेश्‍वर यसो भन्‍नुहुन्छः मैले तिमीहरूलाई मिश्रबाट निकालेर ल्याएँ । **९**मैले तिमीहरूलाई मिश्रको शक्तिबाट र तिमीहरूमाथि थिचोमिचो गर्नेहरूका हातबाट खोसेर ल्याएँ । मैले तिनीहरूलाई तिमीहरूको सामुन्‍नेबाट धपाएर तिमीहरूलाई तिनीहरूको देश दिएँ । **१०**मैले तिमीहरूलाई भने, 'म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ; तिमीहरूले आफू बसेका एमोरीहरूका देवताहरूलाई नपुज्नू ।' तर तिमीहरूले मेरो कुरा सुनेनौ ।" **११**परमप्रभुका दूत आए र अबीएजरी योआशको ओप्रा भन्‍ने ठाउँको बज्राँठको रूखमुनि बसे, जहाँ तिनको छोरा गिदोनले मिद्यानीहरूबाट जोगाउनलाई दाखको कोलमा गहूँ चुट्दै थिए । **१२**परमप्रभुका दूत गिदोनकहाँ देखा परेर भने, "हे वीर योद्धा, परमप्रभु तँसित हुनुहुन्छ ।"

**१३**गिदोनले जवाफ दिए, "तर महाशय, परमप्रभु हामीसित हुनुभएको भए हामीमाथि यी सबै किन हुन आए ? हाम्रा बाबुहरूले हामीलाई यसो भनेका थिए, 'के परमप्रभुले हामीलाई मिश्रबाट निकालेर ल्याउनुभएन ?' उहाँका ती आश्‍चर्यकर्महरू कहाँ छन् ? तर अब त परमप्रभुले हामीलाई त्याग्नुभएर हामीलाई मिद्यानीहरूका हातमा सुम्पिदिनुभएको छ ।"

**१४**परमप्रभु तिनीतिर फर्कनुभयो र उहाँले भन्‍नुभयोः "तँसित भएको शक्ति लिएर जा र इस्राएललाई मिद्यानीहरूका हातबाट बचा । के मैले तँलाई पठाइरहेको छैनँ ?"

**१५**"तर गिदोनले सोधे, "तर परमप्रभु म इस्राएललाई कसरी बचाउन सकूँला ? मेरो वशं त मनश्शेमा सबैभन्दा कमजोर छ र मेरो परिवारमा म सबैभन्दा तुच्छ छु ।"

**१६**परमप्रभुले जवाफ दिनुभयो, "म तँसित हुनेछु, र तैंले सारा मिद्यानीहरूलाई एउटै मानिसलाई झैँ मार्नेछस् ।"

**१७**गिदोनले जवाफ दिए, "अब यदि मैले तपाईंको दृष्टिमा निगाह पाएको छु भने, मसित बोल्नुहुने साँच्चै तपाईं नै हुनुहुन्छ भनी मलाई एउटा चिन्ह दिनुहोस् । **१८**बिन्ती छ, मैले मेरो भेटी लिएर तपाईंको सामु नचढ़ाउञ्जेल तपाईं यहाँबाट नजानुहोला ।"

अनि परमप्रभुले भन्‍नुभयोः "तँ नफर्केसम्म म पर्खनेछु ।"

**१९**गिदोन भित्र गए एउटा कलिलो खसी तयार गरे, एक एपाभरिको पीठोबाट खमीर नहालेको रोटी बनाए । त्यो मासु एउटा डालोमा र त्यसको झोलचाहिँ एउटा बटुकोमा हालेर तिनले ती बाहिर ल्याए र बज्राँठको रूखमुनि उहाँलाई चढ़ाए ।

**२०**तब परमेश्‍वरका दूतले तिनलाई भने, "यो मासु र अखमिरे रोटी लिएर तिनीहरूलाई यस चट्टानमाथि राख्नू र त्यसमाथि झोल खन्याइदिनू ।" अनि गिदोनले त्यसै गरे । **२१**आफ्नो हातमा भएको लहुरोको टुप्पोले परमप्रभुका दूतले मासु र अखमिरे रोटीलाई छोए । त्यस चट्टानबाट आगो दन्केर निस्क्यो र त्यस मासु र रोटीलाई भस्म पारिदियो । अनि परमप्रभुका दूत अल्पिहाले । **२२**गिदोनले तिनी त परमप्रभुका दूत पो रहेछन् भनी थाहा पाएपछि तिनले लामो सास तानेर भने, "अहो, सर्वसत्तासम्पन्‍न परमप्रभु ! मैले परमप्रभुका दूतलाई आमुन्‍ने-सामुन्‍ने देखें !"

**२३**तर परमप्रभुले भन्‍नुभयोः "शान्ति ! नडरा, तँ मर्नेछैनस् ।"

**२४**यसकारण गिदोनले त्यहाँ परमप्रभुको निम्ति एउटा वेदी बनाएर त्यसलाई 'परमप्रभु शान्ति हुनुहुन्छ' भने, आजको दिनसम्मै त्यो अबीएजेरीको ओर्पामा खड़ा छँदैछ ।

**२५**त्यही रात परमप्रभुले तिनलाई भन्‍नुभयोः "तेरा बाबुको बथानबाट सात वर्षको दोस्रो साँड़े लिनू । तेरा बाबुको बालको वेदी भत्काइदिनू र त्यसको छेउमा भएको अशेराको खाँबो काटिदिनू । **२६**त्यसपछि एउटा उच्च स्थानमा परमप्रभु तेरा परमेश्‍वरको निम्ति एउटा उपयुक्त वेदी बनाउनू । तैंले काटेर ढालेको अशेराको खाँबो प्रयोग गरेर त्यो दोस्रो साँढ़ेलाई होमबलिस्वरुप चढ़ाउनू ।"

**२७**यसकारण गिदोनले आफ्ना दश जना नोकरहरू लिएर परमप्रभुले तिनलाई भन्‍नुभएझैं गरे । तर तिनी आफ्नो परिवार र शहरका

मानिसहरूसित डराएको कारण तिनले त्यो
दिउँसो होइन् तर राती गरे ।
**२८**जब शहरका मानिसहरू बिहानै उठे
तब उनीहरूले बाल देवताको वेदी भत्काइएको
र त्यसको छेउमा भएको अशेरा देवीको मूर्ति
पनि ढालिएको र गिदोनले बनाएको वेदीमा
त्यो दोस्रोचाहिँ साँढ़े होमबलि चढाइएको
देखे ।
**२९**तिनीहरूले आपसमा "यो कसले
गऱ्यो ?" भनेर सोधे ।
तिनीहरूले होशियारीसाथ खोजी गरेपछि
तिनीहरूलाई भनियो,"योआशको छोरा गिदोनले
यो गरेका हुन् ।'
**३०**शहरका मानिसहरूले योआशासित यो
माग गरे, "तिम्रो छोरालाई बाहिर ल्याऊ ।
त्यो मर्न पर्छ; किनकि त्यसले बालको वेदीलाई
भत्काइदिएको र त्यसको छेउको अशेराको
खाँबोलाई काटेर ढालिदिएको छ ।"
**३१**तर योआशले आफ्ना चारैतिरका विरोधी
भीड़लाई जवाफ दिए, "के तिमीहरू बालको
पक्षमा बोल्दछौ ? के तिमीहरू त्यसलाई बचाउने
कोशिश गर्दैछौ ? त्यसको पक्षमा लड़ने जोसुकै
पनि बिहानसम्म मारिनेछ ! बाल आफै
देवता हो भने, कसैले त्यसको वेदी भत्काउँदा
त्यो आफैले आफ्नो रक्षा गर्न सक्नेछ ।"
**३२**यसकारण त्यस दिन तिनीहरूले गिदोनलाई
"बाल आफैले त्यससित लड़ाइँ गरोस्" भने,
किनकि तिनले बालको वेदी भत्काइदिएका
थिए ।
**३३**अब सारा मिद्यानीहरू, अमालेकीहरू र
पूर्वका अरू मानिसहरू एकसाथ भेला भएर यर्दन
तरे र यिज्रेलको भञ्ज्याङमा छाउनी हाले ।
**३४**तब परमप्रभुको आत्मा गिदोनमाथि आउनुभयो
र तिनले तुरही फुकेर अबीएजेरीहरूलाई
तिनको पछि लाग्नलाई बोलाइपठाए । **३५**तिनले
मनश्शेभरि दूतहरू पठाएर तिनीहरूलाई हतियार
भिर्न लगाए । तिनले आशेर, जबूलून र
नप्तालीमा पनि दूतहरू पठाए र तिनीहरू पनि
तिनलाई भेट्न आए ।
**३६**गिदोनले परमप्रभुलाई भने, "तपाईंले
प्रतिज्ञा गर्नुभएझैं तपाईंले इस्राएलीहरूलाई
मेरो हातद्वारा बचाउनुहुन्छ भने– **३७**हेर्नुहोस्,
म खलामा एउटा भेड़ाको ऊन राख्नेछु । त्यस
ऊनमाथि मात्र शीत पऱ्यो र सम्पूर्ण जमिनचाहिँ
सुक्खै रहयो भने, तपाईंले प्रतिज्ञा गर्नुभएझैं
तपाईंले इस्राएललाई मेरो हातद्वारा बचाउनुहुनेछ
भनी म जान्नेछु । **३८**अनि त्यस्तै भयो । गिदोन
भोलिपल्ट बिहानै उठे, तिनले ऊनलाई निचोरेर
एक बटुकोभरि पानी शीतबाट प्राप्त गरे ।
**३९**तब गिदोनले परमेश्वरलाई भने, "मसित
नरिसाउनुहोस् । यस ऊनबाट अझ एउटा
जाँच गर्न मलाई अनुमति दिनुहोस् । यस पल्ट
ऊन सुक्खै रहोस् र जमिनचाहिँ शीतले
ढाकिएको होस् ।" **४०**त्यस रात परमेश्वरले
त्यसै गर्नुभयो । ऊन मात्र सुक्खा थियो, र
सम्पूर्ण जमिन शीतले ढाकिएको थियो ।

### गिदोनले मिद्यानीहरूलाई परास्त गरेका

**७** बिहान सबेरै यरूब्बाल (अर्थात्, गिदोन)
र तिनका सबै मानिसहरूले हेरोदका
मूलमा छाउनी हाले । मिद्यानको छाउनीचाहिँ
तिनीहरूको उत्तरतिर मोरेको डाँड़ाको छेउको
बेंसीमा थियो । **२**परमप्रभुले गिदोनलाई भन्नुभयो:
"मिद्यानलाई तिनीहरूको हातमा दिनलाई
मेरो निम्ति तँसित मानिसहरू अति धेरै छन् ।
इस्राएलले आफ्नै शक्तिले आफैलाई बचाएको
हो भनी मेरो विरुद्धमा घमण्ड नगरोस् भनेर,
**३**अब मानिसहरूलाई सूचित गराउनू, 'डरले
काँप्नेहरू जोसुकै पनि गिलाद डाँड़ालाई छोड़ेर
फर्किजाओस् ।'" यसकारण बाईस हजार गए
र दश हजारचाहिँ रहे ।
**४**तर परमप्रभुले गिदोनलाई भन्नुभयो:
"मानिसहरू अझ पनि धेरै छन् । तिनीहरूलाई
तल पानीमा लैजानू र त्यहाँ म तिनीहरूलाई
तेरो निम्ति छान्नेछु । यदि मैले तँलाई 'योचाहिँ
तँसित जानेछ' भनेछु भने, त्यही जानेछ; तर

---

**७:३**–व्यवस्था २०:८.

यदि मैले 'योचाहिँ तँसित जानेछैन' भनेछु भने, त्योचाहिँ जानेछैन ।"

**५**यसकारण गिदोनले तिनीहरूलाई तल पानीमा लगे । त्यहाँ परमप्रभुले तिनलाई भन्नुभयो: "जसले कुकुरले झैँ जिब्रोले पानी चाटेर पिउँछ, त्यसलाई घुँड़ा टेकेर पिउनेबाट अलग गर्नू ।" **६**तीन सय जनाले आफ्‍ना हात मुखमा लगेर चाटेर पिए। बाँकी सबैले आफ्‍ना घुँड़ा टेकेर पिए ।

**७**परमप्रभुले गिदोनलाई भन्नुभयो: "ती चाट्ने तीन सय जना मानिसद्वारा म तिनीहरूलाई बचाउनेछु र मिद्यानीहरूलाई तिमीहरूका हातमा दिनेछु । अरू सबै मानिसहरू आफ्‍ना-आफ्‍ना ठाउँमा जाऊन् ।" **८**यसकारण गिदोनले बाँकी इस्राएलीहरूलाई तिनीहरूका पालहरूमा पठाइदिए तर तीन सय जनालाई चाहिँ राखे जसले अरूका सामग्री र तुरहीहरू आफ्‍ना जिम्मामा लिए ।

मिद्यानको छाउनीचाहिँ तिनको मुनि बेँसीमा थियो । **९**त्यस रात परमप्रभुले गिदोनलाई भन्नुभयो: "उठ्, र त्यस छाउनीको विरुद्धमा तल झर्, किनकि त्यसलाई म तेरो हातमा दिन लागेको छु । **१०**यदि तँलाई आक्रमण गर्न डर लागेको छ भने, छाउनीमा तेरो दास पूराहसित तल जा, **११**अनि तिनीहरूले के भनिरहेका छन् त्यो सुन् । त्यसपछि तँलाई छाउनीमाथि आक्रमण गर्ने साहस मिल्नेछ । यसकारण तिनी र तिनको दास पूराह छाउनीको बाहिरी भागमा झरे। **१२**मिद्यानीहरू, अमालेकीहरू र पूर्वका अरू मानिसहरू त्यस बेँसीमा सलह जत्तिकै बाक्लो गरी बसेका थिए। तिनीहरूका ऊँटहरू समुद्रको किनारका बालुवाझैँ गन्न नसकिने थिए ।

**१३**एउटा मानिसले त्यसको साथीलाई आफ्‍नो सपना बताइरहेकै बेला गिदोन त्यहाँ आइपुगे। त्यसले भन्दै थियो, "मैले एउटा सपना देखेँ जौको एउटा गोलो रोटी मिद्यानीहरूको छाउनीभित्र गुँड़्दै आयो । त्यसले पाललाई यति जोरसित प्रहार गर्‍यो कि पाल पल्टेर भत्कियो ।"

**१४**त्यसको साथीले जवाफ दियो, "यो त इस्राएली योआशको छोरा गिदोनको तरवारबाहेक अरू केही होइनँ । परमेश्‍वरले मिद्यानीहरू र सम्पूर्ण छाउनीलाई तिनको हातमा दिनुभएको छ ।"

**१५**गिदोनले त्यो सपना र त्यसको अर्थ सुनेपछि तिनले परमेश्‍वरलाई आराधना गरे । तिनी इस्राएलको छाउनीमा फर्केर आए र जोरसित आह्वान गरे, "उठ ! परमप्रभुले मिद्यानी छाउनीलाई तिमीहरूका हातमा दिनुभएको छ।" **१६**ती तीन सय मानिसहरूलाई तीन दलमा भाग गरेर तिनले तुरहीहरू र भित्र राँको भएका रित्ता गाग्राहरू तिनीहरू सबैका हातमा राखिदिए ।

**१७**"तिनले तिनीहरूलाई भने, "मतिर ध्यान देओ। मेरो पछिपछि लाग। जब म छाउनीको किनारमा पुग्छु मैले गरेझैँ गर। **१८**जब म र मसित भएका सबैले आफ्‍ना तुरही बजाउँछौँ, तब छाउनीका चारैतिरबाट तिमीहरूका तुरही बजाएर चिच्याउनू, "परमप्रभुको निम्ति र गिदोनको निम्ति' ।"

**१९**गिदोन र तिनीसँग भएका एक सय मानिसहरू राती दश बजे छाउनीको छेउमा पुगे । पहरा-चौकीको पालो भर्खर फेरेको थियो। तिनीहरूले आफ्‍ना तुरही फुके र आफ्‍ना हातमा भएका गाग्रा फुटाए । **२०**ती तीनै दल सबैले आफ्‍नो-आफ्‍नो तुरही फुके र गाग्रो फुटाए । देब्रे हातमा राँको र दाहिने हातमा तुरही लिएर तिनीहरूले कराए, "परमप्रभुको निम्ति र गिदोनको निम्ति तरवार !" **२१**प्रत्येक मानिसले छाउनीको चारैतिर आफ्‍नो मोर्चा सम्हालेको बेला सबै मिद्यानीहरू चिच्याउँदै दगुर्दै भागे ।

**२२**जब तीन सयओटा तुरहीहरू फुकिए परमप्रभुले मानिसहरूलाई आफ्‍ना तरवार लिएर छाउनीभरि एका-अर्कालाई हमला गर्न लाउनुभयो। त्यो फौज तब्बातको छेउमा भएको अबेल महोलाको सिमानासम्म सरेरातिरको बेथ शित्तामा भाग्यो। **२३**नप्ताली, आशेर र सम्पूर्ण मनश्शेबाटका इस्राएलीहरू बोलाइए र तिनीहरू

मिद्यानीहरूको पछि लागे। **२४**गिदोनले एप्रेमको
पहाड़ी मुलुकभरि यसो भन्दै दूतहरू पठाए,
“मिद्यानीहरूका विरुद्धमा ओर्लिआओ र बेथ-
बरासम्म तिनीहरूको सामुन्ने यर्दनको पानीलाई
घेरा लगाओ ।”
यसरी एप्रेमका सारा मानिसहरूलाई
बोलाइए र तिनीहरूले यर्दनको पानीलाई बेथ
बरासम्मै लिए । **२५**तिनीहरूले मिद्यानीहरूका
दुई जना अगुवाहरू ओरेब र जीवलाई पनि
जीवको दाखको कोलमा पक्रे । तिनीहरूले
मिद्यानीहरूलाई खेदे र त्यस बेला यर्दनमा भएका
गिदोनकहाँ ओरेब र जीवका शिरहरू ल्याए ।

### जेबह र सल्मुन्ना

**८** एप्रेमीहरूले गिदोनलाई सोधे, “तपाईंले
हामीसित किन यस्तो व्यवहार गर्नुभयो ?
तपाईंहरू मिद्यानसित लड़ाइँ गर्न जाँदा हामीलाई
किन बोलाउनुभएन ?” अनि तिनीहरूले तिनलाई
अनेक अभियोग लगाए ।
**२**तर तिनले उनीहरूलाई जवाफ दिए,
अङ्गूरका सिला-बाला अबीएजेरको सम्पूर्ण
दाख कटनीभन्दा असल छैन र ? **३**परमेश्वरले
मिद्यानी अगुवाहरू ओरेब र जीवलाई तिमीहरूको
हातमा दिनुभयो । तिमीहरूसित तुलना गर्दा म
के गर्ने योग्यको थिएँ र ? यसो भनेपछि, तिनको
विरुद्ध तिनीहरूको गुनासो शान्त भयो ।
**४**थकित भए पनि खेद्दै गरेका गिदोन र
तिनका तीन सय जना मानिसहरू यर्दनमा
आइपुगे र त्यसलाई पार गरे । **५**तिनले
सुक्कोतका मानिसहरूलाई भने, “मेरा
सैन्य-दललाई केही रोटी दिनुहोस्, तिनीहरू
गलिसकेका छन्, र म मिद्यानका राजाहरू
जेबह र सल्मुन्नाको पछि अहिले पनि
लागिरहेको छु ।”
**६**तर सुक्कोतका अधिकृतहरूले भने, “के
जेबह र सल्मुन्ना तिम्रा हातमा आइसकेका
छन् र ? हामीले तिम्रो सैन्य-दललाई किन
रोटी दिने ?”
**७**तब गिदोनले जवाफ दिए, “त्यसैको
खातिर, परमप्रभुले जेबह र सल्मुन्नालाई मेरो
हातमा दिइसक्नुभएपछि म तिम्रो मासुलाई
उजाड़-स्थानको काँढ़ा र लुहुँड़े काँढ़ाले
च्यातिदिनेछु ।”
**८**त्यहाँबाट तिनी पनूएलमा गए र
तिनीहरूसित त्यही बिन्ती राखे तर तिनीहरूले
सुक्कोतकै मानिसहरूले झैँ जवाफ दिए ।
**९**यसकारण तिनले पनुएलका मानिसहरूलाई
भने, “म विजयी भएर फर्कदा म यस किल्लालाई
भत्काइदिनेछु ।”
**१०**अब जेबह र सल्मुनाचाहिँ प्राय: पन्ध्र
हजार मानिसहरूको दलसित कार्कोरमा थिए ।
पूर्व देशको फौजबाट बाँचेकाहरू त्यति नै
थिए, एक सय बीस हजार तरवारधारी
मानिसहरूचाहिँ मरिसकेका थिए । **११**नोबह
र योगबहाको पूर्वतिरको घुमफिर गरिहिँड्ने
जातिको बाटो भएर शङ्का नगरी बसेको
फौजमाथि गिदोन जाइलागे । **१२**मिद्यानका दुई
राजाहरू जेबह र सल्मुन्ना भागे, तर तिनी
तिनीहरूको पछि लागे र तिनीहरूलाई पक्रे र
तिनीहरूका सम्पूर्ण फौजलाई पराजित गरे ।
**१३**त्यसपछि योआबको छोरा गिदोन
लड़ाइँबाट हेरेसको घाटी भएर फर्के । **१४**तिनले
सुक्कोतको एक जना जवानलाई पक्रेर
केरकार गरे र त्यस जवानले सुक्कोतका
सतहत्तर जना अधिकृतहरू, शहरका बूढ़ा-
प्रधानहरूका नाउँ लेखिदिए । **१५**त्यसपछि
गिदोन आए र सुक्कोतका मानिसहरूलाई भने,
“जेबह र सल्मुन्ना यहाँ छन् जसको विषयमा
तिमीहरूले ‘के जेबह र सल्मुन्ना तिम्रा हातमा
आइसकेका छन् र ? हामीले तिम्रा गलिसकेका
मानिसहरूलाई किन रोटी दिने ?’ भनेर मेरो
उपहास गरेका थियौ । **१६**तिनले शहरका बूढ़ा-
प्रधानहरूलाई लिए र तिनीहरूलाई उजाड़-
स्थानका काँढ़ाहरू र लुहुँड़े काँढ़ाहरूद्वारा दण्ड
दिएर सुक्कोतका मानिसहरूलाई एउटा पाठ
सिकाए । **१७**तिनले पनुएलको किल्ला पनि

---

**८:३-५**–भजनसंग्रह ८३:११.

भत्काइदिए र त्यस शहरका मानिसहरूलाई
मारे ।
१८तब तिनले जेबह र सल्मुन्नालाई सोधे,
“तिमीहरूले ताबोरमा कस्ता किसिमका
मानिसहरूलाई मार्‍यौ ?”
तिनीहरूले जवाफ दिए, “तिनीहरू तपाईंजस्तै
थिए, हरेकको अनुहार राजकुमारजस्तै थियो ।”
१९गिदोनले जवाफ दिए, “तिनीहरू मेरा
दाज्यूभाइहरू, मेरै आमाका छोराहरू थिए ।
परमप्रभु जिएझैँ तिमीले तिनीहरूका प्राण
जोगाइदिएका भए म तिमीहरूलाई मार्ने
थिइनँ ।” २०आफ्नो जेठा छोरा येतेरतिर फर्केर
तिनले भने, “यिनीहरूलाई मार !” तर येतेरले
आफ्नो तरवार थुतेन, किनकि त्यो बालक नै
भएको कारण डराएको थियो ।
२१जेबह र सल्मुन्नाले भने, “आएर आफैले
यो गर, ‘मानिस जस्तो छ त्यसको बल पनि
त्यस्तै हुन्छ ।’” यसकारण गिदोनले अघि सरेर
तिनीहरूलाई मारे र तिनीहरूका ऊँटहरूका
घाँटीबाट गहनाहरू निकाले ।

## गिदोनको एपोद

२२इस्राएलीहरूले गिदोनलाई भने, “तपाईंले
हामीलाई मिद्यानीहरूबाट बचाउनुभयो । अब
तपाईं हाम्रा शासक हुनुहोस्, तपाईंको छोरा र
तपाईंको नाति ।”
२३तर गिदोनले तिनीहरूलाई भने, “म
तिमीहरूमाथि शासन गर्नेछैनँ, नता मेरो
छोराले तिमीहरूमाथि शासन गर्नेछ । परमप्रभुले
नै तिमीहरूमाथि शासन गर्नुहुनेछ ।” २४अनि
तिनले भने, “मेरो एउटा बिन्ती छ, कि तिमीहरू
प्रत्येकले आफ्ना लूटको मालको भागबाट मलाई
एउटा कुण्डल देओ । (इश्माएलीहरूमा सुनको
कुण्डल लगाउने रीति थियो ।)
२५तिनीहरूले जवाफ दिए, “हामी यी दिन
खुशी छौं । यसकारण तिनीहरूले एउटा लुगा
ओछ्याए र प्रत्येक मानिसले आफ्नो लूटका
मालबाट त्यसमाथि एउटा एउटा गरी
औंठी फ्याँकिदियो । २६तिनले मागेका सुनका
औंठीहरूको ओजन सत्र सय शेकेल थियो,
जसमा गहनाहरू मिद्यानका राजाहरूले लगाउने
कर्णल फूल र बैजनी वस्त्रहरू अथवा ऊँटहरूका
घाँटीमा भएका सिक्रीहरूको हिसाब थिएन ।
२७गिदोनले सुनबाट एउटा एपोद बनाए, जुनचाहिँ
तिनले आफ्नो शहर ओप्रामा राखे । सारा
इस्राएलले त्यसलाई त्यहाँ पूजेर वेश्यासँग झैँ
व्यभिचार गरे, र त्योचाहिँ गिदोन र तिनको
परिवारको निम्ति एउटा पासो भयो ।

## गिदोनको मृत्यु

२८यसरी मिद्यान इस्राएलीहरूको अधीनमा
आयो र त्यसले फेरि आफ्नो शिर उठाएन ।
गिदोनको जीवनकालभरि देशले चालीस वर्षसम्म
शान्ति उपभोग गर्‍यो ।
२९योआशको छोरा यरूब्बाल बस्नको निम्ति
आफ्नो घर फर्के । ३०तिनका धेरै स्वास्नीहरू
भएकाले तिनका आफ्नै सत्तरी जना छोराहरू
थिए । ३१शेकेममा बस्ने तिनकी उप-पत्नीले
पनि तिनको निम्ति एउटा छोरा जन्माइन् जसको
नाउँ तिनले अबीमेलेक राखे । ३२अनि योआशका
छोरा गिदोन पूरा बुढ़ेसकालमा मरे, र आफ्ना
बाबुको चिहानमा अबीएजेरीहरूको ओप्रामा
गाड़िए ।
३३गिदोन मर्नासाथै इस्राएलीहरूले आफैलाई
बालहरूसित वेश्यासँग झैँ व्यभिचार गर्न
थाले । तिनीहरूले आफ्नो देवतास्वरूप बाल-
बरीतलाई खड़ा गरे, ३४अनि चारैतिरबाट आफ्ना
शत्रुहरूका हातबाट तिनीहरूलाई छुटाउनुहुने
परमप्रभु तिनीहरूका परमेश्वरलाई तिनीहरूले
सम्झेनन् । ३५तिनीहरूले यरूब्बाल (अर्थात्
गिदोन) का परिवारलाई पनि तिनले इस्राएलको
निम्ति गरेका असल कुराहरूको निम्ति पनि
दया देखाएनन् ।

## अबीमेलेक

९ यरूब्बालको छोरा अबीमेलेक आफ्नी
आमाका दाज्यूभाइहरूकहाँ शेकेममा
गए, अनि तिनीहरूलाई र आफ्नी आमाका
सबै वंशहरूलाई भने, २“शेकेमका सबै
नागरिकहरूलाई सोध्नुहोस्, ‘तपाईंहरूको निम्ति

तपाईंहरूमाथि यरूब्बालका सत्तरी जना
छोराहरूले शासन गर्नु कि एकै जना मानिसले
शासन गर्नु कुनचाहिँ असल छ ?' म तपाईंहरूकै
मासु र रगत हुँ भनी याद गर्नुहोस् ।"
३जब दाज्यूभाइहरूले शेकेमका नागरिक-
हरूलाई यो सबै दोहो-याइदिए, तिनीहरूले
अबीमेलेकलाई पछ्याउने इच्छा गरे, किनकि
तिनीहरूले भने, "तिनी हाम्रै भाइ हुन् ।"
४तिनीहरूले तिनलाई बाल-बरीतको मन्दिरबाट
सत्तरी शेकेल चाँदी दिए अनि अबीमेलेकले
त्यसलाई बेपर्वाहसित डुलिहिँड्ने मानिसहरूलाई
भाड़ामा लिने काममा लगाए र तिनीहरू तिनका
पछि लागे । ५तिनी आफ्नो बाबुको घर ओप्रामा
गए र एउटा ढुङ्गामाथि आफ्ना सत्तरी जना
दाज्यूभाइहरू, अर्थात् यरूब्बालका छोराहरूको
हत्या गरे । तर यरूब्बालका कान्छा छोरा
योतामचाहिँ लुकेर उम्के । ६तब शेकेम र
बेथ-मिल्लाका सबै नागरिकहरू शेकेमको
खाँबोमा भएको ठूलो रूखको छेउमा
अबीमेलेकलाई राजा अभिषेक गर्न भेला भए ।
७जब योतामलाई यसबारे बताइयो तिनी
गीरीज्जीम डाँड़ाको टाकुरामा चढ़ेर तिनीहरूलाई
यसो भनी कराए, "शेकेमका नागरिकहरू,
मेरा कुरा सुन र परमेश्वरले तिमीहरूका
कुरा सुनून् । ८एक दिन रूखहरू आफ्ना
निम्ति एक जनालाई राजा अभिषेक गर्न
निस्के । तिनीहरूले भद्राक्षको रूखलाई भने,
'हाम्रा राजा हुनुहोस् ।'
९"तर भद्राक्षको रूखले जवाफ दियो, 'के
मैले देवताहरू र मानिसहरूलाई सम्मान दिने
आफ्नो तेललाई त्यागेर रूखहरूमाथि शासन
गर्नु ?'
१०"त्यसपछि ती रूखहरूले नेभाराको
रूखलाई भने, 'आउनुहोस्, र हाम्रा राजा
हुनुहोस् ।'
११"तर नेभाराको रूखले जवाफ दियो, 'के
मैले आफ्नो यति असल र मीठो फललाई त्यागेर
रूखहरूमाथि शासन गर्नु ?'
१२"तब ती रूखहरूले अङ्गूरको बोटलाई
भने, 'आउनुहोस्, र हाम्रा राजा हुनुहोस् ।'
१३"तर अङ्गूरको बोटले जवाफ दियो, 'के
देवताहरू र मानिसहरूलाई खुशी तुल्याउने मेरो
दाखमद्यलाई त्यागेर रूखमाथि शासन गर्नु ?'
१४"आखिरमा ती रूखहरूले काँड़ाको
पोथ्रालाई भने, 'आउनुहोस्, र हाम्रा राजा
हुनुहोस् ।"
१५"त्यस काँडे-पोथ्राले रूखहरूलाई भन्यो,
'यदि तिमीहरूले साँचै मलाई आफूमाथि
राजा अभिषेक गर्न चाहन्छौ भने, आएर मेरो
छत्रछायामा शरण लेओ, तर यदि त्यसो गरेनौ
भने, काँड़े-पोथ्राबाट आगो निस्केर लबानोनका
देवदारुहरूलाई भष्म पारिदेओस् !'
१६"अब यदि तिमीहरूले अबीमेलेकलाई
राजा बनाउँदा सम्मानपूर्वक र ठीक काम
गरेका छौ, अनि यदि तिमीहरू यरूब्बालको
परिवारप्रति न्यायी रहेका छौं भने, अनि
तिमीहरूले तिनलाई सुहाउँदो व्यवहार तिनीप्रति
गरेका छौ भने– १७अनि यो विचार गर कि
मेरो बाबुले तिमीहरूको निम्ति युद्ध गरे,
मिद्यानको हातबाट तिमीहरूलाई छुटाउन भनी
आफ्नै जीवनलाई पनि जोखिममा पारे, १८(तर
तिमीहरू मेरो बाबुको परिवारको विरुद्धमा बागी
भयौ, तिनका सत्तरी जना छोराहरूलाई एउटै
ढुङ्गामाथि हत्या गर्‍यौ, र तिनकी दासीको
छोरा अबीमेलेकलाई शेकेमका नागरिकहरूमाथि
राजा बनायौ, किनकि त्यो तिमीहरूकै भाइ
हो)– १९त्यसोभए यदि तिमीहरूले आज
यरूब्बाल र तिनको परिवारप्रति सम्मानपूर्वक
र ठीक काम गरेका छौ भने, अबीमेलेक
तिमीहरूको आनन्द होस् र तिमीहरूचाहिँ
त्यसका अधीनमा रहो ! २०तर यदि तिमीहरूले
त्यसो गरेका छैनौ भने, अबीमेलेकबाट आगो
निस्केर तिमीहरू शेकेम र बेथ-मिल्लोका
नागरिकहरूलाई भष्म पारोस् अनि तिमीहरू
शेकेम र बेथ-मिल्लोका नागरिकहरूबाट आगो
निस्केर अबीमेलेकलाई भष्म पारोस् !"

**९:५३**–२ शमूएल ११:२१.

**२१**त्यसपछि योताम उम्केर बेर भन्ने ठाउँमा भागे, र त्यहीं बसे, किनकि तिनी आफ्ना दाज्यू अबीमेलेकसित डराएका थिए ।

**२२**अबीमेलेकले इस्राएलमाथि तीन वर्ष शासन गरेपछि, **२३**परमप्रभुले अबीमेलेक र शेकेमका नागरिकहरूका बीचमा एउटा दुष्टात्मा पठाउनुभयो र तिनीहरूले अबीमेलेकलाई विश्‍वासघात गरे । **२४**योचाहिँ यरूब्बालका सत्तरी जना छोराहरूको विरुद्धको अपराध, अर्थात् तिनीहरूको रगत बगाइएको बदला तिनीहरूका दाज्यू अबीमेलेक र त्यसलाई तिनीहरूका दाज्यूभाइहरूको हत्या गर्न सघाउने शेकेमका नागरिकहरूमाथि लिइयोस् भनेर नै परमप्रभुले गर्नुभएको थियो । **२५**तिनको विरुद्धमा शेकेमका ती नागरिकहरूले त्यहाँबाट भएर जाने प्रत्येकलाई ढुकेर लुट्न भनी पहाड़माथि मानिसहरूलाई खटाए, र यो कुरा अबीमेलेकलाई सुनाइयो ।

**२६**अब एबेदको छोरा गाल आफ्ना दाज्यूभाइहरूसित शेकेममा गए र ती नागरिकहरूले तिनीमाथि आफ्नो भरोसा राखे । **२७**तिनीहरू खेतमा गएर अङ्गूरहरू बटुलेर पेलिसकेपछि तिनीहरूले आफ्नो देवताको मन्दिरमा चाड़ मनाए । तिनीहरूले खाँदै-पिउँदै गरेको बेला तिनीहरूले अबीमेलेकलाई सरापे । **२८**तब एबेदको छोरा गालले भने, "अबीमेलेक को हो, अनि शेकेम को हो र हामी त्यसको अधीनमा बस्ने ? के त्यो यरूब्बालको छोरा होइन र जबूल त्यसको नाइके होइन ? शेकेमको बाबु हमोरका मानिसहरूको सेवा गर ! हामीले किन अबीमेलेकको सेवा गर्ने ? **२९**यदि यी मानिसहरू पनि मेरो अधीनमा भएता मात्र ! तब म त्यसलाई पन्साउने थिएँ । म अबीमेलेकलाई 'तेरा सम्पूर्ण फौजलाई बोला !' भनेर आह्‍वान गर्ने थिएँ !'"

**३०**जब त्यस शहरका राज्यपाल जबूलले एबेदको छोरा गालले भनेका कुरा सुने, तिनी साह्रै रिसाए । **३१**तिनले यसो भनेर अबीमेलेककहाँ गुप्त रूपमा दूतहरू पठाए, "एबेदको छोरा गाल र त्यसका दाज्यूभाइहरू शेकेममा आएर शहरलाई तपाईंको विरुद्धमा सुऱ्याउँदैछ । **३२**अब, राती तपाईं र तपाईंका मानिसहरू आएर खेतमा ढुकिरहनुपर्छ । **३३**बिहान सूर्योदयको समयमा शहरको विरुद्धमा अगि बढ़नुहोस् । जब गाल र त्यसका मानिसहरू तपाईंको विरुद्धमा बाहिर निस्किआउँछन्, तपाईंका हातले जे भेट्टाउँछ त्यसै गर्नुहोस् ।"

**३४**यसकारण अबीमेलेक र तिनका सैन्य-दल राती निस्केर चार दल भई लुकेर मोर्चा बाँधे । **३५**अब एबेदको छोराचाहिँ बाहिर गएका थिए अनि अबीमेलेक र तिनका सिपाहीहरू आफ्ना लुकेका ठाउँबाट ठीक निस्केको बेला तिनी शहरको मूल ढोकाको प्रवेशद्वारमा उभिरहेका थिए ।

**३६**गालले तिनीहरूलाई देखेपछि तिनले जबूललाई भने, "हेर्नुहोस्, मानिसहरू डाँड़ाहरूका टाकुराबाट आउँदैछन् !"

जबूलले जवाफ दिए, "तिमीले डाँड़ाको छायालाई मानिसहरू ठान्दैछौ ।

**३७**तर गालले फेरि भने, "हेर्नुहोस्, मानिसहरू देशको बीच भागबाट आउँदैछन् र एक दलचाहिँ जोखना हेर्नेको रूखबाट भएर आइरहेको छ ।

**३८**तब जबूलले तिनलाई भने, "तिम्रा ठूला कुरा खै ? तिमीले त 'अबीमेलेक को हो र हामी त्यसको अधीनमा बस्ने ? भनेर पो भन्थ्यौ । के तिमीले तुच्छ ठानेका मानिसहरू यिनै होइनन् ? बाहिर गएर तिनीहरूसित लड़ाइँ गर त !"

**३९**यसकारण गालले शेकेमका नागरिकहरूलाई लगेर अबीमेलेकसित लड़ाइँ गरे । **४०**अबीमेलेकले तिनलाई खेदे र धेरै जना मूल ढोकाको प्रवेशद्वारसम्मै लड़ाइँमा घाइते भएर लड़े । **४१**अबीमेलेक अरूमाहमा बसे अनि जबूलले गाल र तिनका दाज्यूभाइहरूलाई शेकेमबाहिर धपाइदिए ।

**४२**भोलिपल्ट शेकेमका मानिसहरू बाहिर खेतमा गए र यो समाचार अबीमेलेककहाँ पुऱ्याइयो । **४३**यसकारण तिनले आफ्ना मानिसहरूलाई लिए, तिनीहरूलाई तीन दलमा भाग गरे र खेतहरूमा ढुकिबसे । तिनीले

मानिसहरूलाई शहरदेखि बाहिर आइरहेको
देखेपछि तिनी उनीहरूलाई आक्रमण गर्नलाई
खड़ा भए। **४४**अबीमेलेक र तिनीसित भएका
दलहरू चाँड़ो गरी शहरको मूल ढोकाको
प्रवेशद्वारमा मोर्चा बाँध्न अगि बढ़े। तब दुई
दलहरू खेतमा हुनेहरूमाथि जाइलागे र
तिनीहरूलाई प्रहार गरे। **४५**अबीमेलेकले
दिनभरि त्यस शहरमाथि आक्रमण गरे, र
त्यसलाई कब्जा गरे। तिनले त्यहाँका
मानिसहरूलाई मारे, शहर जलाइदिए र त्यस
ठाउँमा नून छरिदिए।

**४६**जब शकेमको किल्लामा बस्नेहरूले यो
कुरा सुने, तब तिनीहरू एल-बरीतको
मन्दिरको किल्लामा गए। **४७**तिनीहरू त्यहाँ
भेला भएका छन् भनी अबीमेलेकले सुनेपछि,
**४८**तिनी र तिनका सबै सल्मोन डाँड़ामा उक्लेर
गए। तिनले एउटा बञ्चरो लिए र केही
हाँगाहरू काटेर आफ्ना काँधमा चढ़ाए। तिनले
आफूसित भएका मानिसहरूलाई भने, 'मैले जे
गरेको देखेका छौ त्यो झट्ट गरिहाल्नू!' भनेर
हुकुम दिए। **४९**यसकारण सबै मानिसहरूले
हाँगाहरू काटे र अबीमेलेकको पछि लागे।
तिनीहरूले ती किल्लामा अडाएर थुप्रो पारे र
भित्र भएका मानिसहरूमाथि आगो लगाइदिए।
यसकारण शेकेमको किल्लाभित्र भएका सबै
मानिसहरू, अर्थात् प्राय: एक हजार मानिसहरू
र स्त्रीहरू पनि मरे।

**५०**त्यसपछि अबीमेलेक तेबेसमा गए र
त्यसमाथि घेरा हालेर त्यसलाई कब्जा गरे।
**५१**तर, शहरभित्र एउटा बलियो किल्ला थियो
जसमा त्यस शहरका सबै मानिसहरू, अर्थात्
सबै पुरुष र स्त्रीहरू, भागे। तिनीहरू आफैलाई
भित्र बन्द गरे र किल्लाका छानामा चढ़िगए।
**५२**अबीमेलेक किल्लामा गए र त्यसमाथि आक्रमण
गरे। जब त्यसलाई आगो लगाउन भनी जसै
तिनी किल्लाको प्रवेशद्वारमा पुगे, **५३**तब एउटी
स्त्रीले तिनको टाउकोमा जाँतो खसाइदिई र
तिनको खप्पर फोरिदिई।

**५४**तिनले तुरुन्तै आफ्नो हतियार बोक्नेलाई
भने, "आफ्नो तरवार थुतेर मलाई मारिदे र
तिनीहरूले 'एउटी स्त्रीले त्यसलाई मारिन्' भनेर
भन्न पाउनेछैनन्।" यसकारण तिनको
चाकरले तिनलाई वारपार रोपिदियो र तिनी
मरे। **५५**अबीमेलेक मरेको इस्राएलीहरूले
देखेपछि तिनीहरू घरतिर लागे।

**५६**यसरी अबीमेलेकले आफ्ना सत्तरी
जना दाज्यूभाइहरूको हत्या गरेर आफ्ना
पिताविरुद्ध गरेको दुष्टताको बदला परमेश्वरले
तिनीसँग लिनुभयो। **५७**शेकेमका मानिसहरूले
गरेका सबै दुष्टता परमेश्वरले तिनीहरूकै
शिरमाथि खन्याइदिनुभयो। यरूब्बालको छोरा
योतामको श्राप तिनीहरूमाथि नै पऱ्यो।

## तोला

**१०** अबीमेलेकको समयपछि इस्साकारको
एक जना मानिस, अर्थात् दोदोको
छोरा पुवा, त्यसको छोरा तोला इस्राएललाई
बचाउन खड़ा भए। तिनी एप्रेमको पहाड़ी
मुलुकको शामीरमा बस्थे। **२**तिनले तेईस वर्षसम्म
इस्राएलमाथि नेतृत्व गरे, तिनी मरे र शामीरमा
गाड़िए।

## याईर

**३**तिनीपछि गिलादको याईर आए, जसले
इस्राएलमाथि बाईस वर्षसम्म नेतृत्व गरे।
**४**तिनका तीस छोराहरू थिए जो गधामाथि
सवार हुन्थे। तिनीहरूले गिलादमा तीसओटा
शहरहरूमाथि अख्तियार चलाउँथे जसलाई
आजको दिनसम्म हव्वोतयाईर भनिन्छ। **५**याईर
मरेपछि कामोनमा गाड़िए।

## यिप्ता

**६**फेरि पनि इस्राएलीहरूले परमप्रभुको
दृष्टिमा दुष्टता गरे। तिनीहरूले बालहरू अनि
अशेराहरू र मोआबका देवताहरू, अम्मोनीहरूका
देवताहरू र पलिश्तीका देवताहरूको सेवा
गरे। अनि इस्राएलीहरूले परमप्रभुलाई त्यागेर
उहाँको सेवा गर्न छाड़ेको कारण, **७**उहाँ
तिनीहरूसित रिसाउनुभयो। उहाँले तिनीहरूलाई
पलिश्तीहरू र अम्मोनीहरूको हातमा

बेचिदिनुभयो, ८जसले त्यस वर्ष तिनीहरूलाई
दमन गरी सताए। तिनीहरूले अठार वर्षसम्म
सारा इस्राएलीहरूलाई यर्दनको पूर्व एमोरीहरूको
देश गिलादमा थिचोमिचो गरे। ९अम्मोनीहरू
पनि यहूदा, बेन्यामीन र एप्रेमका घरानासित
लड़ाइँ गर्न भनी यर्दन तरे, र इस्राएल ठूलो
सङ्कटमा पऱ्यो। १०तब इस्राएलीहरूले यसो
भनेर परमप्रभुको पुकारा गरे, "हामीले हाम्रा
परमेश्‍वरलाई त्यागेर बालहरूको सेवा गरेर
तपाईंको विरुद्धमा पाप गरेका छौं।"

११परमप्रभुले जवाफ दिनुभयो, "जब मिश्री,
एमोरी, अम्मोनी, पलिश्ती, १२सीदोनी, अमालेकी,
अनि मिद्यानीहरूले तिमीहरूलाई सताए, र
तिमीहरूले सहायताको निम्ति मलाई पुकाऱ्यौ,
के मैले तिमीहरूलाई तिनीहरूका हातबाट
बचाइनँ? १३तर तिमीहरूले मलाई त्यागेर
अरू देवताहरूको सेवा गऱ्यौ, यसकारण अब
म फेरि तिमीहरूलाई बचाउनेछैनँ। १४गएर
तिमीहरूले रोजेका देवताहरूलाई पुकार।
तिमीहरू विपत्तिमा पर्दा तिनीहरूले नै
तिमीहरूलाई बचाऊन्!" १५तर इस्राएलीहरूले
परमप्रभुलाई भने, "हामीले पाप गरेका छौं।
तपाईंलाई जे ठीक लाग्छ त्यो हामीसित गर्नुहोस्,
तर दया गरी अहिले हामीलाई छुटाउनुहोस्।"
१६तब तिनीहरूले तिनीहरूसित भएका परदेशी
देवताहरू फालिदिएर परमप्रभुको सेवा गरे।
अनि उहाँले इस्राएलको कष्ट अरू सहन
सक्नुभएन।

१७जब अम्मोनीहरूलाई हतियार भिर्ने
आह्‍वान भयो र तिनीहरूले गिलादमा छाउनी
हाले, इस्राएलीहरूचाहिँ भेला भएर मिस्पामा
छाउनी हाले। १८गिलादका मानिसहरूका
अगुवाहरूले आपसमा भने, "जसले
अम्मोनीहरूमाथि आक्रमण गर्छ त्यो गिलादमा
बस्ने सबैको मुखिया हुनेछ।"

११ गिलादी यिप्ता एक जना वीर योद्धा
थिए। तिनका बाबु गिलाद थिए र
आमाचाहिँ एक जना वेश्या थिइन्। २गिलादकी
स्वास्नीले पनि तिनको निम्ति छोराहरू जन्माइन्
र तिनीहरू बढ़ेपछि तिनीहरूले यिप्तालाई
धपाइदिए। तिनीहरूले भने, "तैंले हाम्रो
परिवारमा कुनै उत्तराधिकार पाउनेछैनस्, किनकि
तँ अर्कै स्त्रीको छोरा होस्।" ३यसकारण यिप्ता
आफ्ना दाज्यूहरूबाट भागे र तोब देशमा गएर
बसोबासो गर्न थाले, जहाँ एक साहसी दल
तिनीकहाँ आए र तिनको पछि लागे।

४केही समयपछि जब अम्मोनीहरूले
इस्राएलीसित युद्ध गरे, ५तब गिलादका बूढ़ा-
प्रधानहरू यिप्तालाई तोब देशमा भेट्न गए।
६तिनीहरूले भने, "आएर हाम्रो सेनापति
भइदिनुहोस् र हामी अम्मोनीहरूसित युद्ध गर्न
सक्नेछौं।"

७यिप्ताले तिनीहरूलाई भने, "के तपाईंहरूले
मलाई घृणा गरेर मलाई मेरो बाबुको घरबाट
धपाउनुभएन? अब तपाईंहरूमाथि सङ्कष्ट
आउँदा तपाईंहरू किन मकहाँ आउनुहुन्छ?"

८गिलादका बूढ़ा-प्रधानहरूले तिनलाई भने,
"जे भए तापनि अब हामी तपाईंतर्फ
फर्कंदैछौं। अम्मोनीहरूसित लड़ाइँ गर्न हामीसित
आउनुहोस् र गिलादमा बस्ने हामी सबैका
मुखिया तपाईं हुनुहुनेछ।"

९यिप्ताले जवाफ दिए, "भनौं, मलाई
तपाईंहरूले अम्मोनीहरूसित लड़ाइँ गर्न फर्काएर
लैजानुभयो र परमप्रभुले तिनीहरू मलाई
दिनुभयो भने, के म साँच्चै तपाईंहरूको मुखिया
हुनेछु?"

१०गिलादका अगुवाहरूले जवाफ दिए,
"परमप्रभु नै हाम्रा साक्षी हुनुहुन्छ, हामी अवश्य
तपाईंले भन्नुभएझैं गर्नेछौं।" ११यसकारण
यिप्ता गिलादका बूढ़ा-प्रधानहरूसित गए र
मानिसहरूले तिनलाई उनीहरूमाथि मुखिया
र सेनापति बनाए। अनि तिनले आफ्ना
सबै कुराहरू मिस्पामा परमप्रभुको सामुन्ने
दोहोऱ्याए।

१२तब यिप्ताले अम्मोनीहरूका राजाकहाँ
यो प्रश्‍नका साथ दूतहरू पठाए, "हाम्रो विरुद्धमा
तपाईंको के थियो र तपाईंले हाम्रो देशमाथि
आक्रमण गर्नुभयो?"

१३अम्मोनीहरूका राजाले यिप्ताका
दूतहरूलाई जवाफ दिए, "इस्राएल मिश्रबाट

उक्लिआउँदा तिनीहरूले अर्नोनदेखि यबोक र
यर्दनसम्मै मेरो देश लिए । अब शान्तिसित
त्यो मलाई फर्काइदेऊ ।"

**१४**यिप्ताले ती दूतहरूलाई फर्काएर अम्मोनी
राजाकहाँ पठाइदिए, **१५**र भने:

"यिप्ताले यसो भन्छ, 'इस्राएलले मोआब
देश अथवा अम्मोनीहरूको देश लिएन ।
**१६**तर जब तिनीहरू मिश्रबाट निस्किआए,
इस्राएल उजाड़-स्थानबाट भएर लाल
समुद्रमा गए र कादेशमा पुगे । **१७**तब
इस्राएलले एदोमको राजाकहाँ यसो भनेर
दूतहरू पठाए, "हामीलाई तपाईंको देशबाट
भएर जान दिनुहोस्, तर एदोमका राजाले
सुनेनन् । तिनीहरूले मोआबका राजाकहाँ
पनि पठाए र तिनले अस्वीकार गरे ।
यसकारण इस्राएल कादेशमै बस्यो ।

**१८**"त्यसपछि तिनीहरू उजाड़-स्थान
भएर गए अनि एदोमको देश र मोआबको
देशको किनार भएर मोआबको पूर्वीय
भागबाट छिरेर अर्नोनको पल्लोपट्टि छाउनी
हाले । तिनीहरू मोआबको देशमा पसेनन्,
किनकि अर्नोन त्यसको सिमाना थियो ।

**१९**"त्यसपछि इस्राएलले राजा हेश्बोनमा
शासन गर्ने एमोरीहरूका सीहोनकहाँ
दूतहरू पठाए र तिनलाई भने, "हामीलाई
तपाईंको देश भएर हाम्रो आफ्नै ठाउँमा
जान दिनुहोस् ।" **२०**तरै पनि, सीहोनले
आफ्नो प्रान्तबाट भएर जान दिने कुरामा
इस्राएलमाथि भरोसा गरेनन् । तिनले आफ्ना
सबै मानिसहरू भेला गरेर यहसामा छाउनी
हालेर इस्राएलहरूसित लड़ाइँ गरे ।

**२१**"तब परमप्रभु इस्राएलका परमेश्वरले
सीहोन र तिनका सबै मानिसहरूलाई
इस्राएलको हातमा दिनुभयो, र तिनीहरूले
उनीहरूलाई परास्त गरे । इस्राएलले त्यस
देशमा बस्ने एमोरीहरूका सबै देश
लिए । **२२**अनि अर्नोनदेखि यब्बोकसम्म अनि
उजाड़-स्थानदेखि यर्दनसम्म त्यसको सम्पूर्ण
भाग कब्जा गरे ।

**२३**"अब परमप्रभु इस्राएलका परमेश्वरले
उहाँको जाति इस्राएलको सामुन्नेबाट
एमोरीहरूलाई धपाइदिनुभएपछि, त्यसलाई
लिने तपाईंको के अधिकार छ ? **२४**के
तपाईंले आफ्नो देवता कामोशले दिएको
लिनुहुन्न ? त्यस्तै किसिमले परमप्रभु
हाम्रा परमेश्वरले हामीलाई जे दिनुभएको
छ त्यो हामी अधिकार गर्नेछौं । **२५**के
तपाईं मोआबका राजा सिप्पोरको छोरा
बालाकभन्दा असल हुनुहुन्छ ? के तिनले
कहिल्यै इस्राएलसित झगड़ा गरे अथवा
तिनीहरूसित युद्ध गरे ? **२६**तीन सय वर्षसम्म
इस्राएलले हेश्बोन, अरोएर, चारैतिरका
आबादीहरू र अर्नोनको आसपासका सबै
शहरहरू आफ्ना अधीनमा राखे । तपाईंले
तिनीहरूलाई त्यस बेला किन फिर्ता
लिनुभएन ? **२७**मैले तपाईंमाथि अन्याय
गरेको छैनँ तर तपाईंले पो मेरो विरुद्धमा
युद्ध गरेर ममाथि अन्याय गर्नुहुँदैछ ।
न्यायकर्ता परमप्रभुले नै आज इस्राएलीहरू
र अम्मोनीहरूको बीचको यो झगड़ामा
निर्णय गरिदेऊन् ।"

**२८**तरै पनि अम्मोनका राजाले यिप्ताले तिनलाई
पठाएको समाचारमाथि ध्यानै दिएनन् ।

**२९**तब परमप्रभुको आत्मा यिप्तामाथि
आउनुभयो । तिनले गिलाद र मनश्शेलाई पार
गरे । गिलादको मिस्पाबाट भएर गए र त्यहाँबाट
तिनी अम्मोनीहरूको विरुद्धमा अगि बढ़े । **३०**अनि
यिप्ताले परमप्रभुमा यो भाकल गरे, "यदि तपाईंले
अम्मोनीहरूलाई मेरो हातमा दिनुभयो भने,
**३१**म अम्मोनीहरूलाई जितेर फर्कंदा मलाई भेट्न
मेरो घरको ढोकाबाट जो निस्किआउँछ, त्यो
परमप्रभुको हुनेछ र म त्यसलाई परमप्रभुकहाँ
होमबलिस्वरूप चढ़ाउनेछु ।"

**३२**त्यसपछि यिप्ता अम्मोनीहरूसित लड़ाइँ
गर्न गए र परमप्रभुले तिनीहरूलाई तिनको

**११:१७**–गन्ती २०:१४-२१. **११:१८**–गन्ती २१:४. **११:१९-२२**–गन्ती २१:२१-२४. **११:२५**–गन्ती २२:१-६.

हातमा दिनुभयो । **३३**तिनले अरोएरदेखि
मिन्नीतको वरिपरि अबेल-करामीमसम्मै
बीसओटा शहरहरू ध्वंस पारिदिए । यसरी
इस्राएलले अम्मोनलाई अधीनमा ल्याए ।

**३४**जब यिप्ता आफ्नो घर मिस्पामा फर्के
त्यहाँ तिनलाई भेट्न को आइन् ? खैंजड़ीको
धुनमा नाच्दै तिनकी छोरी ! यिनी तिनकी
एउटै छोरी थिइन् । ऊबाहेक तिनका अरू
छोराछोरी थिएनन् । **३५**जब तिनले उनलाई
देखे, तब आफ्नो लुगा च्याते र कराए, "मेरी
छोरी ! तिमीले त मलाई दु:खी र अभागी
तुल्यायौ, किनकि परमप्रभुमा गरेको भाकल म
तोड़न सक्दिनँ ।"

**३६**"तिनले जवाफ दिइन्, "मेरा बुबा तपाईंले
परमप्रभुलाई आफ्नो वचन दिनुभएको छ । अब
परमप्रभुले तपाईंका शत्रुहरू अम्मोनीहरूसित
बदला लिनुभएकोले तपाईंले प्रतिज्ञा गर्नुभएझैं
मलाई गर्नुहोस् । तिनले भनिन्, "तर मेरो यो
एउटा बिन्तीचाहिँ सुनिदिनुहोस् । **३७**मलाई दुई
महिनासम्म मेरा साथीहरूसित डाँड़ाहरूमा
रोएर हिँड़न दिनुहोस्, किनकि मेरो विवाह
कहिल्यै हुनेछैन ।

**३८**तिनले भने, "तिमी जान सक्छौ; अनि
तिनले तिनलाई दुई महिनाको लागि जान
दिए । तिनी र अरू केटीहरू डाँड़ाहरूमा गएर
रोए, किनकि तिनले कहिल्यै विवाह नगर्ने
भइन् । **३९**दुई महिना बितेपछि तिनी आफ्ना
बुवाकहाँ फर्केर आइन् र तिनले आफूले भाकल
गरेझैं गरे । तिनी त कुमारी नै थिइन् ।

त्यहाँबाट इस्राएलीहरूको यो रीति शुरु भयो,
**४०**कि प्रत्येक वर्ष इस्राएलका जवान स्त्रीहरू
गिलादी यिप्ताकी छोरीको स्मृतिमा चार
दिनसम्म बाहिर जाने गर्छन् ।

## यिप्ता र एप्रेम

**१२** एप्रेमका मानिसहरूले आफ्नो सैन्य-
दललाई बोलाएर सापोन पार गरेर
यिप्तालाई भने, "तपाईंसित जान हामीलाई
नबोलाई तपाईं किन अम्मोनीहरूसित लड़ाइँ
गर्न जानुभयो ? हामी तपाईंलाई तपाईंको
घरसमेत जलाइदिनेछौं ।"

**२**यिप्ताले जवाफ दिए, "म र मेरा
मानिसहरू अम्मोनीहरूसितको ठूलो सङ्घर्षमा
व्यस्त थियौं र मैले तपाईंहरूलाई बोलाए
तापनि तपाईंहरूले मलाई तिनीहरूका हातबाट
बचाउनुभएन । **३**तपाईंले सहायता नदिनुहुने
देखेर मैले आफ्नो प्राण हत्केलामा लिएर
तिनीहरूसित लड़ाइँ गर्न पारि गएँ र परमप्रभुले
मलाई तिनीहरूमाथि विजय दिनुभयो । अब
तपाईंहरू किन आज मसित लड़ाइँ गर्न
आउनुहुन्छ ?"

**४**त्यसपछि यिप्ताले गिलादका मानिसहरूलाई
भेला गरे र एप्रेमको विरुद्धमा लड़ाइँ गरे ।
गिलादीहरूले तिनीहरूलाई प्रहार गरे, किनकि
एप्रेमीहरूले 'तिमीहरू गिलादीहरू एप्रेम र
मनश्शेहरूसित मत नमिल्नेहरू हौ' भनेका
थिए । **५**गिलादीहरूले एप्रेमतिर जाने यर्दनको
किल्ला कब्जा गरे र जहिले पनि एप्रेमका
बाँचेका कसैले "मलाई पारि जानदेओ" भन्दा
गिलादका मानिसहरूले त्यसलाई "के तिमी
एप्रेमी हौ ?' भनी सोधे ।" यदि त्यसले "होइन"
भन्यो भने, **६**तिनीहरूले "ठीक छ 'शिब्बोलेत'
भन" भन्थे । त्यसले त्यो शब्द ठीकसित
उच्चारण गर्न नसकेर "सिब्बोलेत" भन्यो भने
तिनीहरूले त्यसलाई पक्रेर यर्दनको किल्लामा
मार्थे । त्यस बेला बयालीस हजार एप्रेमका
मानिसहरू मारिए ।

**७**यिप्ताले इस्राएलमाथि छ वर्षसम्म नेतृत्व
गरे । त्यसपछि गिलादी यिप्ता मरे र गिलादको
एउटा शहरमा गाड़िए ।

## इब्सान, एलोन र अब्दोन

**८**तिनीपछि, बेथलेहेमका इब्सानले
इस्राएलीहरूलाई नेतृत्व गरे । **९**तिनका तीस
छोराहरू र तीस छोरीहरू थिए । तिनले आफ्नी
छोरीहरूको विवाह आफ्नो वंशदेखि बाहिर

**११:३५**–गन्ती ३०:२.

गरिदिए र आफ्ना छोराहरूका स्वास्नीहरूस्वरुप
आफ्नो वंशदेखि बाहिरका तीस जना जवान
स्त्रीहरू ल्याए । इब्सानले इस्राएललाई सात
वर्षसम्म नेतृत्व गरे । **१०**त्यसपछि इब्सान
मरे र बेथलेहेममा गाड़िए ।

**११**तिनीपछि, जबूलूनी एलोनले इस्राएलमाथि
दश वर्षसम्म नेतृत्व गरे । **१२**त्यसपछि एलोन
मरे र जबूलून देशमा भएको अय्यालोनमा
गाड़िए ।

**१३**तिनीपछि पिरातोनी हिल्लेलको छोरा
अब्दोन इस्राएलको नेता भए । **१४**तिनका चालीस
छोराहरू र तीस नातिहरू थिए, जो सत्तरीओटा
गधाहरूमाथि सवार हुन्थे । तिनले इस्राएललाई
आठ वर्षसम्म अगुवाइ गरे । **१५**हिल्लेलको
छोरा अब्दोन मरे र अमालेकीहरूको पहाड़ी
देशमा एप्रैमको पिरातोनमा गाड़िए ।

### शिमशोनको जन्म

**१३** फेरि इस्राएलीहरूले परमप्रभुको
दृष्टिमा दुष्टता गरे र परमप्रभुले
तिनीहरूलाई चालीस वर्षसम्म पलिश्तीहरूको
हातमा सुम्पिदिनुभयो ।

**२**सोरामा बस्ने दानको वंशका मानोह नाउँ
गरेका मानिसकी एउटी बाँझी स्वास्नी थिइन्
जसको कुनै सन्तान थिएन । **३**परमप्रभुका दूत
तिनीकहाँ देखा परे र भने, “तिमी बाँझी र
निस्सन्तान छौ, तर तिमी गर्भवती हुनेछौ र
एउटा छोरा जन्माउनेछौ । **४**अब तिमीले
होशियार भएर कुनै दाखमद्य अथवा अरू कड़ा
मद्य नपिउनू र तिमीले अशुद्ध कुरा नखानू,
**५**किनकि तिमी गर्भवती हुनेछौ र एउटा छोरा
जन्माउनेछौ । त्यसको कपालमा छुरा नलागोस्,
किनकि त्यो बालक बाल्यावस्थादेखि नै मृत्युसम्मै
परमप्रभुको निम्ति अलग गरिएको एक
नाजिरी हुनेछ । त्यसले इस्राएललाई पलिश्तीहरूको
हातबाट छुटाउन शुरू गर्नेछ ।”

**६**तब त्यो स्त्री आफ्नो लोग्ने कहाँ गइन् र
तिनलाई यसो भनिन्, “परमेश्वरका एक जना
मानिस मकहाँ आए । तिनी परमेश्वरका दूतझैं
अति भययोग्य देखिन्थे । मैले तिनलाई तिनी
कहाँबाट आएका हुन् भनी सोधिनँ र तिनले
मलाई आफ्नो नाउँ भनेनन् । **७**तर तिनले मलाई
भने, ‘तिमी गर्भवती हुनेछौ र एउटा छोरा
जन्माउनेछौ । अब तिमीले दाखमद्य अथवा अरू
कड़ा मद्य नपिउनू र कुनै अशुद्ध कुरो नखानू
किनकि त्यो केटो जन्मदेखि त्यसको मृत्युको
दिनसम्मै परमेश्वरको एक नाजिरी हुनेछ ।’”

**८**तब मानोहले परमप्रभुकहाँ प्रार्थना गरे,
“हे परमप्रभु, त्यस जन्मने केटोलाई कसरी
हुर्काउनू भनी हामीलाई सिकाउनको निम्ति
हामीकहाँ पठाइएका परमेश्वरका जन फेरि
आऊन् भनी म तपाईंसित बिन्ती गर्छु ।”

**९**परमप्रभुले मानोहको प्रार्थना सुन्नुभयो,
र त्यो स्त्री खेतमा हुँदा परमेश्वरको दूत
फेरि आए, तर तिनको लोग्ने मानोह तिनीसित
थिएनन् । **१०**आफ्नो लोग्नेलाई “त्यस दिन मकहाँ
देखा पर्ने मानिस यहाँ छन् !” भन्नलाई तिनी
दौढ़ेर गइन् ।

**११**मानोह उठे र आफ्नी स्वास्नीको पछि
लागे । तिनी त्यस मानिसकहाँ आइपुगेपछि
तिनले भने, “के मेरी स्वास्नीसित बोल्ने मानिस
तपाईं नै हुनुहुन्छ ?”

तिनले भने, “म नै हुँ ।”

**१२**यसकारण मानोहले तिनलाई सोधे,
“तपाईंका वचनहरू कहिले पूरा हुनेछन् र
त्यस केटोको जीवन र कामको विषयमा के
नियम छ ?”

**१३**परमप्रभुका दूतले जवाफ दिए, “तिम्री
स्वास्नीले मैले त्यसलाई भनेका सबै कुरा
गर्नुपर्छ । **१४**त्यसले अङ्गूरबाट आएका कुनै
कुरा पनि खान हुँदैन, नता त्यसले केही मद्य
अथवा अरू कड़ा मद्य पिओस् नता कुनै अशुद्ध
कुरा खाओस् । त्यसले मैले आज्ञा दिएको प्रत्येक
कुरा पालन गर्नुपर्छ ।”

**१५**मानोहले परमप्रभुका दूतलाई भने,
“तपाईंको निम्ति एउटा कलिलो खसी हामीले

---

**१३:५**–गन्ती ६:१-५.

तयार नपारेसम्म तपाईं रहनुहोस् भन्ने हामी चाहन्छौं ।"

**१६**परमप्रभुका दूतले जवाफ दिए, "तिमीहरूले मलाई रोके तापनि म तिमीहरूको भोजनबाट केही खानेछैनँ । तर तिमीहरूले होमबलि तयार गर्छौ भने, त्योचाहिँ परमप्रभुलाई चढ़ाऊ ।" (तिनी परमप्रभुका दूत हुन् भनी मानोहलाई थाहा थिएन ।)

**१७**तब मानोहले परमप्रभुका दूतलाई सोधे, "तपाईंको नाउँ के हो ताकि तपाईंको वचन पूरा भएपछि हामी तपाईंलाई सम्मान दिनसकौं ?"

**१८**तिनले जवाफ दिए, "तिमीहरू किन मेरो नाउँ सोध्छौ ? यो त समझदेखि बाहिर छ ।" **१९**तब मानोहले एउटा कलिलो खसी र अन्नबलि लिए र परमप्रभुको निम्ति एउटा चट्टानमा चढ़ाए । मानोह र तिनकी स्वास्नीले हेर्दाहेर्दै परमप्रभुले एउटा अचम्मको काम गर्नुभयो । **२०**त्यो ज्वाला वेदीबाट आकाशतिर जलेर जाँदैगर्दा परमप्रभुका दूत त्यस ज्वालामा उकालो गए । त्यो देखेर मानोह र तिनकी स्वास्नी भूइँमा घोप्टेर लड़े । **२१**परमप्रभुका दूत मानोह र तिनकी स्वास्नीकहाँ फेरि देखा नपरेकाले तिनी त परमप्रभुको दूत पो रहेछन् भनी मानोहले थाहा पाए ।

**२२**तिनले आफ्नी स्वास्नीलाई भने, "हामी अब मर्नेछौं ! हामीले परमेश्‍वरलाई देख्यौं !"

**२३**तर तिनकी स्वास्नीले भनिन्, "परमप्रभुले हामीलाई मार्ने विचार गर्नुभएको भए उहाँले हाम्रा हातबाट होमबलि र अन्नबलि ग्रहण गर्नुहुने थिएन, नता यो कुरा हामीलाई देखाउनुहुने थियो अथवा बताउनुहुने थियो ।"

**२४**त्यस स्त्रीले एउटा छोरा जन्माइन् र त्यसको नाउँ शिमशोन राखिन् । त्यो बढ्यो र परमप्रभुले त्यसलाई आशिष् दिनुभयो, **२५**अनि त्यो सोरा र एश्‍तोलबीचको महनेह-दानमा हुँदा परमप्रभुको आत्माले त्यसलाई प्रेरणा दिन थाल्नुभयो ।

## शिमशोनको विवाह

**१४** शिमशोन तिम्नामा झरे र त्यहाँ तिनले एउटी तरूणी स्त्रीलाई देखे । **२**तिनी फर्केपछि तिनले आफ्ना बाबु र आमालाई भने, "मैले तिम्नामा एउटी पलिश्‍ती स्त्रीलाई देखेको छु, अब त्यसलाई मेरी स्वास्नी हुनलाई ल्याइदिनुहोस् ।"

**३**तिनका बाबु र आमाले जवाफ दिए, "के तिम्रा आफन्तहरूमध्ये अथवा हाम्रा सबै मानिसहरूमध्ये कुनै ग्रहणयोग्य स्त्री छैन ? के तिमी स्वास्नी पाउनलाई बेखतनेहरूकहाँ नै जानुपर्छ ?"

तर शिमशोनले आफ्ना बाबुलाई भने, "मलाई त्यही स्त्री नै ल्याइदिनुहोस् । मेरो लागि त्यो नै उपयुक्त छ । **४**(तिनका बाबुआमालाई यो त परमप्रभुबाट नै भएको थियो भन्ने थाहा थिएन जसले पलिश्‍तीहरूसित भिड्ने एउटा प्रसङ्ग खोजिरहनुभएको थियो, किनकि त्यस बेला तिनीहरूले इस्राएलमाथि शासन गरिरहेका थिए ।) **५**शिमशोन आफ्ना बाबु र आमासित तिम्नामा झरे । तिनीहरू जसै तिम्नामा भएको दाखबारीमा पुगे, अचानक एउटा जवान सिंह गर्जदैं तिनीकहाँ आयो । **६**परमप्रभुको आत्मा तिनीमाथि शक्तिको साथ आउनुभयो र तिनले त्यस सिंहलाई खाली हातले एउटा पाठोलाई झैं च्यातिदिए । तर तिनले जे गरेका थिए, त्यो बाबु वा आमालाई भनेनन् । **७**तब तिनी तल झरे र त्यस स्त्रीसित कुरा गरे र तिनले त्यसलाई मन पराए ।

**८**केही समयपछि तिनी त्यसलाई विवाह गर्न भनी फर्केर जाँदा तिनी त्यही सिंहको सिनु हेर्नलाई एकातिर लागे । त्यसमा एक बथान मौरीहरू र केही मह देखे, **९**जसलाई तिनले आफ्ना हातले उघाएर खाँदै गए । आफ्ना बाबुआमालाई भेटेपछि तिनले तिनीहरूलाई अलिकता मह दिए र तिनीहरूले पनि खाए । तर तिनले त्यो मह सिंहको सिनुबाट निकालेको कुरो तिनले तिनीहरूलाई बताएनन् ।

---

**१३:१८**–उत्पत्ति ३२:२९.

१०तिनका बाबु त्यस स्त्रीलाई हेर्न भनी तल
झरे। अनि शिमशोनले त्यहाँ एउटा भोज दिए,
जुन दुलहाहरूले गर्न पर्ने दस्तुर थियो। ११तिनी
देखा पर्दा तिनलाई तीस जना साथीहरू दिइए।
१२“शिमशोनले तिनीहरूलाई भने, “म
तिमीहरूलाई एउटा अड्को थाप्नेछु। मलाई
त्यसको जवाफ भोजको सात दिनभित्र
तिमीहरूले दिन सक्यौ भने, म तिमीहरूलाई
तीसओटा सुती लुगाहरू र तीस जोर कपड़ाहरू
दिनेछु। १३यदि तिमीहरूले यसको जवाफ दिन
सकेनौं भने, तिमीहरूले मलाई तीसओटा सुती
लुगाहरू र तीस जोर कपड़ाहरू दिनुपर्छ।”

तिनीहरूले भने, “हामीलाई तिम्रो अड्को
भन, हामी सुन्नेछौं।”

१४तिनले जवाफ दिए,

“खानेबाट खानेकुरा निस्क्यो;
बलियोबाट गुलियो कुरो निस्क्यो।”

तीन दिनसम्म तिनीहरूले जवाफै दिन सकेनन्।
१५चौथो दिन तिनीहरूले शिमशोनकी
स्वास्नीलाई भने, “तिम्रो लोग्नेलाई त्यो अड़को
हामीलाई बताइदिनको लागि फका, नत्र तिमी
र तिम्रो बाबुका घरानालाई हामी जलाएर
मार्नेछौं। के तिमीले हामीलाई लुट्नको लागि
यहाँ बोलायौ?”

१६तब शिमशोनकी स्वास्नीले तिनलाई
अङ्गालो हालेर रुँदै भनिन्, “तपाईंले त मलाई
घृणा गर्नुहुँदो रहेछ! तपाईंले मलाई साँच्चै
माया नगर्नुहुँदो रहेछ। मेरा मानिसहरूलाई
तपाईंले अड्को थाप्नुभयो तर मलाईचाहिँ
त्यसको जवाफ बताउनुभएन।”

तिनले जवाफ दिए, “यो त मेरा बाबु र
आमालाई पनि मैले बताएको छैनँ र यो किन
तिमीलाई बताउने?” १७तिनी त भोजको सात
दिनसम्मै रोइबसिन्। यसकारण, आखिरमा तिनले
तिनलाई सातौं दिनमा बताइदिए, किनकि तिनले
तिनलाई कर गरिरहिन्। त्यसले चाहिँ तिनको
अड्को आफ्ना मानिसहरूलाई बताइदिइन्।
१८सातौं दिनको सूर्यास्तको पहिले नै
शहरका ती मानिसहरूले तिनलाई भने,

“महभन्दा गुलियो के हुन्छ र?
सिंहभन्दा बलियो के हुन्छ र?

शिमशोनले तिनीहरूलाई भने,

“यदि तिमीहरूले मेरी कोरलीलाई
नजोतेका भए,
तिमीहरूले मेरो अड्को समाधान गर्ने
थिएनौ।”

१९तब परमप्रभुको आत्मा तिनमा शक्तिसित
आउनुभयो। तिनी तल अश्कलोनमा झरे,
तिनीहरूका तीस जना मानिसहरूलाई मारे,
तिनीहरूका सबै कुरा खोसे र तिनीहरूका
लुगा अड्कोको अर्थ बताउने मानिसहरूलाई
दिए। तिनी रीसले चूर भएर आफ्ना बाबुको
घरमा गए। २०अनि शिमशोनकी स्वास्नी त्यस
विवाहमा सामेल हुने मित्रलाई दिइयो।

## पलिश्तीहरूमाथि शिमशोनको बदला

१५ पछि, गहूँको कट्नीको समयमा,
शिमशोनले एउटा कलिलो बोको लिएर
आफ्नी स्वास्नीलाई भेट्न गए। तिनले भने,
“म आफ्नी स्वास्नीको कोठामा जाँदैछु।” तर
त्यसको बाबुले तिनलाई जान दिएनन्।

२तिनले भने, “तिमीले त्यसलाई घृणा गर्छौ
भन्ने मलाई पक्का थाहा भएकोले मैले त्यसलाई
तिम्रो साथीलाई दिएँ। के त्यसकी बहिनी त्योभन्दा
आकर्षक छैन? बरु त्यसलाई लैजाऊ।”

३शिमशोनले तिनीहरूलाई भने, “यस पाली
त पलिश्तीहरूमाथि बदला लिने अधिकार मलाई
छ। म साँच्चै तिनीहरूको हानि गर्नेछु।”
४यसकारण तिनी बाहिर निस्के र तीन सयओटा
स्यालहरू पक्रेर जोड़ी-जोड़ी गरी तिनीहरूका
पुच्छर बाँधिदिए। ५अनि, प्रत्येक जोड़ी
पुच्छरमा एक राँको सल्काएर तिनीहरूलाई
पलिश्तीहरूका अन्नको खेतमा छोड़िदिए। तिनले
खेतमा रहेको अन्न र बिटा बाँधेर राखेको राश
र दाखबारी र भद्राक्षका बगैंचा जलाइदिए।
६पलिश्तीहरूले “यो कसले गऱ्यो?” भनेर

सोध्दा तिनीहरूलाई “तिम्नीका जुवाइँ
शिमशोनले यो गरेका हुन्, किनकि तिनकी
स्वास्नी तिनका साथीलाई दिइयो” भनेर
भनियो ।

यसकारण पलिश्तीहरू गए र त्यस स्त्री र
त्यसको बाबुलाई जलाइदिए । **७**शिमशोनले
तिनीहरूलाई भने, “तिमीहरूले यो काम गरेको
हुनाले म तिमीहरूमाथि बदला नलिएसम्म
रोकिनेछैनँ ।” **८**तिनीहरूमाथि निर्दयतापूर्वक
आक्रमण गरे र तिनले धेरैलाई मारे । तब
तिनी तल झरेर एतामको पहरामा भएको
गुफामा बसे ।

**९**पलिश्तीहरू उक्लेर गए र यहूदामा छाउनी
हालेर लहीसम्म छरिएर बसे । **१०**यहूदाका
मानिसहरूले “तपाईंहरू किन हामीसित लड़ाइँ
गर्न आउनुभयो ?” भनी सोधे ।

तिनीहरूले जवाफ दिए, “हामी शिमशोनलाई
कैदी बनाउन र तिनले हामीलाई जे गरेका
छन् त्यो तिनीलाई गर्न आएका हौं ।”

**११**तब यहूदाबाट तीन हजार मानिसहरू
एतामको पहरामा भएको गुफामा झरेर गए र
शिमशोनलाई भने, “पलिश्तीहरू हामीमाथि
शासन गर्नेहरू हुन् भनेर के तिमी जान्दैनौ ?
तिमीहरूले हामीमाथि यो के गऱ्यौ ?”

तिनले जवाफ दिए, “मैले त तिनीहरूले
ममाथि जे गरे त्यो मात्र तिनीहरूलाई गरें ।”

**१२**तिनीहरूले तिनलाई भने, “हामी यहाँ
तिमीलाई बाँधेर पलिश्तीहरूको हातमा दिनलाई
आएका छौं ।”

शिमशोनले भने, “तिमीहरूले चाहिँ मलाई
मार्ने छैनौ भनी शपथ खाओ ।”

**१३**तिनीहरूले भने, “हामी राजी छौं । हामी
खालि तिमीलाई बाँधेर तिनीहरूका हातमा
सुम्पिदिनेछौं । हामी तिमीलाई मार्ने छैनौं ।”
यसकारण तिनीहरूले तिनलाई दुईओटा नयाँ
डोरीहरूले बाँधे र त्यस पहराबाट माथि लिएर
गए । **१४**तिनी लहीमा पुग्दा पलिश्तीहरू
तिनीकहाँ चिच्याउँदै आए । परमप्रभुको आत्मा
तिनीमाथि शक्तिसाथ आउनुभयो । तिनका
पाखुरामा भएका डोरीहरू डड़ेका सनपाटझैं
भए र ती बन्धनहरू तिनका पाखुराबाट
खसिहाले । **१५**एउटा गधाको आलो बङ्गरा भेटाएर
तिनले त्यो पक्रे र एक हजार मानिसहरूलाई
मारे ।

**१६**तब शिमशोनले भने,

“एउटा गधाको बङ्गराले मैले
तिनीहरूलाई गधाहरूझैं बनाएँ ।
एउटा गधाको बङ्गराले मैले एक हजार
मानिसहरू मारें ।”

**१७**यति बोलिसकेपछि तिनले त्यो बङ्गरा फ्याँकिदिए
र त्यस ठाउँलाई रामत-लही भनियो ।

**१८**तिनी खूबै तिर्खाएका हुनाले तिनले
परमप्रभुको पुकारा गरे, “तपाईंले आफ्नो दासलाई
महान् विजय दिनुभएको छ । के अब म तिर्खाले
मर्नु र ती बेखतनेहरूका हातमा पर्नु ?” **१९**तब
परमप्रभुले लहीमा एउटा ध्वान्द्रो बनाइदिनुभयो
र त्यहाँबाट पानी निस्किआयो । शिमशोनले
पिएपछि तिनको बल फर्कियो र तिनी ताजा
भए । यसकारण, त्यो मूल फुटेको ठाउँलाई
एन-हक्कोरे भनियो र त्यो अझसम्म लहीमा
छँदैछ ।

**२०**शिमशोनले इस्राएललाई पलिश्तीहरूका
समयमा बीस वर्षसम्म अगुवाइ गरे ।

## शिमशोन र दलीला

**१६** एक दिन शिमशोन गाजामा गए र
त्यहाँ एउटी वेश्यालाई भेटे । तिनी
त्यससित रात बिताउनलाई त्यसकहाँ गए ।
**२**गाजाका मानिसहरूलाई “शिमशोन यहाँ छन्”
भनियो । यसकारण तिनीहरूले त्यस ठाउँलाई
घेरे र रातभरि शहरको मूल ढोकामा तिनलाई
ढुकिबसे । तिनीहरू राती यताउति नगईकन
“बिहानै हामी तिनलाई मार्नेछौं” भन्दै
बसिरहे ।

**३**तर शिमशोन त्यहाँ आधा रातसम्म मात्र
बसे । तब तिनी उठे र शहरको मूल ढोका र
त्यसका दुईओटा खाँबाहरू पक्रेर तिनीहरूका
आग्लो र अरू सबै कुरासमेत उखेलिदिए ।

तिनले ती आफ्ना काँधमा बोके र तिनीहरूलाई
हेब्रोनतिर फर्केको डाँड़ामा लगिदिए ।
४केही समयपछि तिनी सोरेको बेँसीमा
भएकी दलीला नाउँकी स्त्रीसित प्रेममा फँसे ।
५पलिश्तीहरूका शासकहरू उनीकहाँ गए र
भने, "तिमीले तिनलाई आफ्नो महान् शक्तिको
भेद देखाउन र हामीले कसरी तिनलाई जितेर
बाँधीकन तिनलाई अधीनमा ल्याउन सक्छौं,
सो प्रकट गर्न फकाउनू । हामी प्रत्येकले
तिमीलाई एघाह्र सय टुक्रा चाँदी दिनेछौं ।"
६यसकारण दलीलाले शिमशोनलाई भनिन्,
"मलाई तपाईंको महान् शक्तिको विषयमा र
तपाईंलाई कसरी बाँधेर वशमा पार्न सकिन्छ
भनी भन्नुहोस् ।"
७शिमशोनले भने, "कसैले मलाई सातओटा
नसुकाएका छालाका ताजा डोरीहरूले बाँध्यो
भने, म अरू मानिसझैँ कमजोर भइहाल्नेछु ।"
८तब पलिश्तीका शासकहरूले त्यसलाई
नसुकाएका सातओटा ताजा छालाका डोरीहरू
ल्याइदिए र त्यसले तिनलाई तीद्वारा बाँधी ।
९त्यसले मानिसहरूलाई कोठामा लुकाइराखेर
तिनलाई बोलाई, "शिमशोन, पलिश्तीहरू
तिमीमाथि आइलागे !" तर तिनले डोरीहरूलाई
ज्वालामा धागो हाल्दा चुँड़िएझैँ सजिलो गरी
चुँड़ाइदिए । यसरी तिनको बलको भेद थाहा
पाउन सकिएन ।
१०तब दलीलाले शिमशोनलाई भनिन्,
"तपाईंले त मलाई मूर्ख बनाउनुभयो, तपाईंले
मलाई ढाँट्नुभयो । लौ अब तपाईंलाई कसरी
बाँध्न सकिन्छ, मलाई भन्नुहोस् ।"
११तिनले भने, "कसैले मलाई कहिल्यै प्रयोग
नगरिएका नयाँ डोरीहरूले राम्रोसित बाँध्यो
भने, म अरू मानिसझैँ कमजोर भइहाल्नेछु ।"
१२यसकारण दलीलाले नयाँ डोरीहरू
ल्याइन् र तीद्वारा तिनलाई बाँधिन् । तब तिनले
मानिसहरूलाई कोठाभित्र लुकाइराखेर तिनलाई
बोलाइन्, "शिमशोन, पलिश्तीहरू तपाईंमाथि
आइलागे !" तर तिनले ती डोरीहरूलाई धागोझैँ
चुँड़ाइदिए ।
१३तब दलीलाले शिमशोनलाई भनिन्,
"अहिलेसम्म तपाईंले मलाई मूर्ख बनाउँदै ढाँट्दै
हुनुहुन्छ । तपाईंलाई कसरी बाँध्न सकिन्छ
मलाई भन्नुहोस् ।"
तिनले जवाफ दिए, "तिमीले मेरा कपालका
सातओटा लट्टाहरूलाई तानमा बुनेर किलामा
बाँधिदियौ भने, म अरू मानिसझैँ कमजोर
भइहाल्नेछु ।" यसकारण त्यसले तिनी सुतेको
बेला तिनको कपालका सातओटा लट्टाहरू लिएर
बाटिन्, १४त्यसलाई किलामा बाँधिदिइन् । त्यसले
फेरि तिनलाई बोलाइन्, "शिमशोन, पलिश्तीहरू
तपाईंमाथि आइलागे !" तिनी निद्राबाट ब्युँझे
र तानलाई किलासमेत उखेलिदिए ।
१५तब त्यसले तिनलाई भनिन्, "तपाईंले 'म
तिमीलाई प्रेम गर्छु' भनी कसरी भन्न सक्नुहुन्छ
जब तपाईंले मलाई भेद नै बताउनुहुन्न ? तपाईंले
मलाई मूर्ख बनाउनुभएको र आफ्नो महान्
शक्तिको भेद नबताउनुभएको यो तेस्रो पटक
हो ।" १६यस्तो कचकचले दिनदिनै वाक्क पार्दा
आखिरमा तिनी मर्नुजस्तै थकित भए ।
१७यसकारण तिनले सबै कुरा बताइदिए ।
तिनले भने, "मेरो शिरमा कहिल्यै छुरा परेको
छैन, किनकि म त जन्मैदेखि परमेश्वरको निम्ति
अलग गरिएको एउटा नाजिरी रहेर आएको
छु । मेरो कपाल खौरियो भने, मेरो शक्ति
जानेछ र म अरू मानिसझैँ कमजोर हुनेछु ।"
१८तिनले आफूलाई सबै कुरा बताइदिएका
थाहा पाएर दलीलाले पलिश्तीहरूकहाँ यसरी
समाचार पठाइन्, "फेरि एकपल्ट फर्किआउनु
होस् । तिनले मलाई सबै कुरा बताएका
छन् ।" यसकारण पलिश्तीका शासकहरू हातमा
चाँदी लिएर आए । १९तिनलाई आफ्नो काखमा
सुताएर त्यसले कपाल खौरनुको निम्ति एक
जना मानिसलाई बोलाइन् र तिनलाई वशमा
पार्न थालिन् । अनि तिनको शक्ति तिनीबाट
गइहाल्यो ।
२०अनि तिनले बोलाइन् "शिमशोन,
पलिश्तीहरू तपाईंमाथि आइलागे !"
तिनी आफ्नो निद्राबाट ब्युँझे र "पहिलेझैँ
बाहिर गएर आफैलाई स्वतन्त्र तुल्याउनेछु"
भनी सम्झे । तर आफूलाई परमप्रभुले

त्यागिसक्नुभएको थाहै भएन । **२१**तब
पलिश्तीहरूले तिनलाई पक्रेर तिनका आँखाहरू
निकालिदिए र तिनलाई तल गाजामा लगे ।
तिनलाई काँसाका साङलाहरूले बाँधेर
तिनीहरूले तिनलाई झ्यालखानमा जाँतो पिँध्न
लगाए ।

**२२**तर तिनका खौरिसकेका शिरका केश
फेरि बढ्न लाग्यो ।

### शिमशोनको मृत्यु

**२३**तब आफ्नो देवता दागोनकहाँ एउटा
महान् बलिदान चढ़ाउन भनी पलिश्तीहरूका
शासकहरू "हाम्रा देवताले हाम्रो शत्रु
शिमशोनलाई हाम्रो हातमा सुम्पिदिनुभयो" भन्दै
उत्सव मनाउन भेला भए ।

**२४**मानिसहरूले तिनलाई देखेपछि तिनीहरूले
यसो भन्दै आफ्ना देवताको प्रशंसा गरे,

"हाम्रा देवताले हाम्रो शत्रुलाई हाम्रा
हातमा दिएका छन् ।
हाम्रो देशलाई उजाड़ पारिदिने र हाम्रा
धेरैलाई मार्नेलाई ।"

**२५**तिनीहरू साह्रै उत्साहित भएको बेला
तिनीहरू यसो भनेर कराए, "हामीलाई
मनोरञ्जन दिनलाई शिमशोनलाई ल्याओ ।"
यसकारण तिनीहरूले शिमशोनलाई झ्यालखानबाट
बोलाए र तिनले उनीहरूको निम्ति मनोरञ्जन
गरे ।

उनीहरूले तिनलाई खाँबोहरूमा उभ्याएपछि
**२६**शिमशोनले आफ्ना हात पक्रने नोकरलाई
भने, "मलाई मन्दिरलाई थाम्ने खाँबोहरूमा
राख र म तिनमा अढ़ेस लाग्न सकूँ ।" **२७**मन्दिर
पुरुषहरू र स्त्रीहरूले खचाखच भरिएको थियो
र पलिश्तीहरूका सबै शासकहरू त्यहाँ थिए,
र छानामा चाहिँ प्राय: तीन हजार पुरुषहरू र
स्त्रीहरू शिमशोनको प्रदर्शन हेर्दै थिए । **२८**तब
शिमशोनले परमप्रभुसित प्रार्थना गरे, "हे
सर्वसत्तासम्पन्न परमेश्वर, मलाई सम्झनुहोस् ।
हे परमेश्वर, मलाई एकैपल्ट मात्र सामर्थी
तुल्याउनुहोस् र मेरा आँखाहरूको निम्ति
पलिश्तीहरूलाई एकै प्रहारमा बदला
लिनदिनुहोस् ।" **२९**तब शिमशोन मन्दिरलाई
थामिराख्ने दुईओटा खाँबाहरूका बीचमा पुगे ।
तिनीहरूमा बलियोसित अड़ेसिएर आफ्नो दाहिने
हात एउटामाथि र देब्रे हात अर्कोमाथि राखेर
**३०**शिमशोनले "मलाई पलिश्तीहरूसितै मर्न
दिनुहोस्" भने । तब तिनले आफ्नो पूरा शक्ति
लगाएर ठेले र मन्दिर ती शासकहरू र त्यसमा
भएका मानिसहरूमाथि ढल्यो । यसरी तिनले
आफू जिउँदो हुँदाभन्दा मर्दाखेरि झन् बढीलाई
मारे ।

**३१**तब तिनका दाज्यूभाइहरू र तिनका
बाबुका सम्पूर्ण परिवार तिनलाई लिन तल
झरे । तिनीहरूले तिनलाई फर्काएर ल्याए अनि
सोरा र एश्ताओलको बीचमा तिनका बाबु
मानोहको चिहानमा गाड़े । तिनले इस्राएलमाथि
बीस वर्षसम्म नेतृत्व गरे ।

### मीकाका मूर्तिहरू

**१७** एप्रेमको पहाड़ी मुलुकको एक जना
मीका नाउँ भएको मानिसले, **२**आफ्नी
आमालाई भने, "तपाईंबाट लगिएका ती एघार
सय शेकेल चाँदी, जसको विषयमा तपाईंले
श्राप उच्चारण गर्नुभएको मैले सुनें, त्यो चाँदी
मसित छ । त्यो मैले नै लिएँ ।

तब आमाचाहिँले भनिन्, "मेरो छोरो,
परमप्रभुले तँलाई आशिष् देऊन् !"

**३**त्यसले ती एघार सय शेकेल चाँदी आफ्नी
आमालाई फर्काएपछि तिनले भनिन्, "म मेरा
चाँदीलाई मेरो छोराले खोपेको आकृति र ढालेको
मूर्ति बनाओस् भनेर परमप्रभुकहाँ अर्पण गर्छु ।
म यो तँलाई फर्काइदिनेछु ।"

**४**यसरी तिनले ती चाँदी आफ्नी आमालाई
फर्काइदिए । अनि तिनले दुई सय चाँदीका
सिक्का लिएर एउटा सुनारलाई दिइन्, जसले
तीबाट एउटा प्रतिमा र एउटा मूर्ति बनायो, र
ती मीकाको घरमा राखिए ।

**५**ती मानिस मीकाका एउटा देवता-घर
थियो र त्यसले एउटा एपोद र केही मूर्तिहरू
बनाएर आफ्ना छोराहरूमध्ये एक जनालाई

त्यसको पूजाहारी बनाएर राखे । **६**ती दिनहरूमा
इस्राएलका कुनै राजा थिएनन् र प्रत्येकले आफ्नो
दृष्टिमा जे ठीक छ, त्यही गर्थ्यो ।
**७**यहूदाको बेथलेहेमबाट आएका यहूदाका
वंशको बीचमा बस्ने एउटा जवान लेवी थिए ।
**८**तिनले बस्नलाई अर्को कुनै ठाउँको खोजीमा
त्यस शहरलाई छोड़िदिए । आफ्नो यात्रामा
तिनी एप्रेमको पहाड़ी मुलुकमा भएको मीकाको
घरमा आए ।
**९**मीकाले तिनलाई सोधे, "तिमी कहाँबाट
आएका हौ ?"
तिनले भने, "म यहूदाको बेथलेहेमबाट
आएको एक जना लेवी हुँ र बस्नलाई एउटा
ठाउँको खोजीमा छु ।
**१०**तब मीकाले तिनलाई भने, "मसितै
बस्नुहोस् र मेरो बाबु र पूजाहारी हुनुहोस् र
म तपाईंलाई प्रतिवर्ष दश शेकेल चाँदी, तपाईंको
लागि लुगा र भोजन दिनेछु ।" **११**यसकारण त्यो
लेवी त्यससित बस्न राजी भयो र तिनको लागि
त्यो जवान मानिस आफ्नै छोराझैं भयो । **१२**तब
मीकाले त्यस लेवीलाई नियुक्त गर्‍यो र त्यो
जवान मानिस त्यसको पूजाहारी भएर त्यसको
घरमा बस्न थाले । **१३**अनि मीकाले भने,
"परमप्रभु मप्रति असल हुनुहुनेछ भनी अब
मलाई थाहा भयो, किनकि एक लेवी मेरा
पूजाहारी भएका छन् ।

### दानवंशीहरू लेशमा बसोबासो गर्न थालेका

**१८** ती दिनहरूमा इस्राएलका राजा थिएनन् ।
अनि ती दिनहरूमा दानवंशीहरूले
बसोबास गर्नलाई आफ्नै ठाउँ रोजिरहेका थिए,
किनकि तिनीहरू इस्राएलका कुलहरूको बीचमा
आफ्नै उत्तराधिकारमा आइपुगेका थिएनन् ।
**२**यसकारण दानवंशीहरूले सोरा र एश्तोलबाट
त्यो ठाउँ खोजेर भेटाउनको लागि पाँच जना
योद्धाहरूलाई भेद लिन पठाए । यी मानिसहरूले
तिनीहरूका सबै वंशहरूको प्रतिनिधित्व
गरिरहेका थिए । तिनीहरूले यिनीहरूलाई "जाओ,
गएर देशको पत्तो लगाओ" भनेका थिए ।
ती मानिसहरू एप्रेमको पहाड़ी मुलुकमा
आइपुगे र मीकाको घरमा आएर रात बिताए ।
**३**तिनीहरू मीकाको घरको छेउमा हुँदा
तिनीहरूले त्यस जवान लेवीको सोर चिने ।
यसकारण तिनीहरू त्यहाँ पुगेर तिनलाई सोधे,
"तिमीलाई यहाँ कसले ल्यायो ? तिमी यो ठाउँमा
के गर्दैछौ ? तिमी यहाँ के गर्दछौ ?
**४**तिनले आफूलाई मीकाले के गरेको
थियो, त्यो तिनीहरूलाई बताइदिए अनि भने,
"तिनले मलाई ज्यालामा लिएका छन्, म तिनको
पूजाहारी भएको छु ।"
**५**तब उनीहरूले तिनलाई भने, "हाम्रो यात्रा
सफल हुन्छ कि भनी परमप्रभुसित कृपया
सोधिदेओ ।"
**६**त्यस पूजाहारीले तिनीहरूलाई जवाफ
दिए "शान्तिसाथ जाओ, तिमीहरूको यात्रालाई
परमप्रभुले समर्थन गर्नुभएको छ ।"
**७**यसकारण ती पाँच जना मानिसहरू त्यस
ठाउँलाई छोड़ेर लेशमा आए र ती मानिसहरूलाई
सुरक्षामा जिएका देखे, सीदोनीहरूझैं शङ्का नगर्ने
र सुरक्षित पाए । अनि तिनीहरूको देशमा
केही अभाव नभएकोले तिनीहरूले उन्नति
गरेका थिए । तिनीहरू सीदोनीहरूभन्दा टाढ़ा
पनि थिए, र अरू कसैसित केही सम्बन्ध पनि
थिएन् ।
**८**तिनीहरू सोरा र एश्ताओलमा फर्किआएपछि
तिनीहरूका दाज्यूभाइहरूले "तिमीहरूले के
कसो भेट्यौ ?" भनी तिनीहरूलाई सोधे ।
**९**तिनीहरूले जवाफ दिए, "आऊ, हामी
तिनीहरूमाथि आक्रमण गरौं ! हामीले त्यो
देश अति राम्रो भएको देखेका छौं । के तिमीहरू
केही नगर्ने ? त्यहाँ गएर त्यसलाई लिन
नहिचकिचाउनू । **१०**तिमीहरू त्यहाँ पुगेपछि
शङ्का नगर्ने मानिसहरू र फराकिलो ठाउँ
परमेश्वरले तिमीहरूको हातमा दिनुभएको
भेटाउनेछौ, अर्थात् यस्तो देश जसमा कुनै
कुराको पनि अभाव छैन ।"

---

**१७:६**–न्यायकर्ता २१:२५.

**११**तब दानको वंशबाट छ सय मानिसहरू
लड़ाइँको निम्ति हतियार भिरेर सोरा र
एश्तोलबाट निस्के । **१२**बाटोमा तिनीहरूले
यहूदाको किर्यात-यारीममा छाउनी हाले ।
यसैकारण किर्यात-यारीमको पश्चिमतिरको
ठाउँलाई आजको दिनसम्म महनेदान भनिन्छ ।
**१३**त्यहाँबाट तिनीहरू एप्रेमको पहाड़ी मुलुकमा
गए र मीकाको घरमा आए ।

**१४**तब लेशको देशको भेद लिने ती पाँच
जना मानिसहरूले आफ्ना दाज्यूभाइहरूलाई भने,
“के यी घरहरूमध्ये एउटामा एपोद, अरू घर-
देवताहरू, एउटा खोपिएको आकृति र एउटा ढालेर
बनाएको मूर्ति छन् भनेर तिमीहरूलाई थाहा
छ ? अब के गर्नुपर्ने त्यो तिमीहरू जान्दछौ ।”
**१५**यसकारण तिनीहरू त्यहाँ गए र मीकाको
ठाउँमा भएको त्यस जवान लेवीको घरमा
गएर तिनलाई अभिवादन गरे । **१६**छ सय
दानवंशीहरूचाहिँ युद्धको निम्ति हतियार
भिरेर मूल ढोकाको प्रवेशद्वारमा उभिए । **१७**त्यस
देशको भेद लिने ती पाँच जना मानिसहरू
जसले भित्र पसेर खोपिएको आकृति, एपोद,
अरू घर-देवताहरू र छ सय हतियार भिरेका
मानिसहरू मूल ढोकाको प्रवेशद्वारमा उभिरहे ।

**१८**जब ती मानिसहरूले मीकाको घरमा
गएर खोपिएको आकृति, एपोद, अरू घर-
देवताहरू र ढालेर बनाएको मूर्ति लिए, त्यस
पूजाहारीले तिनीहरूलाई भने, “तपाईंहरूले के
गर्नुहुँदैछ ?”

**१९**तिनीहरूले तिनलाई जवाफ दिए, “चूप
लाग्नुहोस् ! एक शब्द पनि नबोल्नुहोस् ।
हामीसित आएर हाम्रा बाबु र पूजाहारी
हुनुहोस् । के एउटा मानिसको घरमा सेवा
गर्नुभन्दा इस्राएलमा कुल र वंशकहाँ
पूजाहारीको रूपमा सेवा गर्नु तपाईंलाई असल
होइन ?” **२०**तब त्यस पूजाहारी खुशी भए ।
तिनले एपोद, घर-देवताहरू र खोपिएको
आकृति लिए र ती मानिसहरूसित गइहाले ।
**२१**तिनीहरूका साना छोराछोरीहरू तिनीहरूका
गाईबस्तु र सर-सामानहरू आफ्ना अगि लगाएर
तिनीहरू फर्केर गइहाले ।

**२२**तिनीहरू मीकाको घरदेखि केही टाढ़ा
पुगेपछि मीकाको छेउछाउमा बस्ने मानिसहरूलाई
एकसाथ बोलाए र तिनीहरू उनीहरूको पछि
लागे । **२३**तिनीहरूले उनीहरूलाई कराएर
बोलाउँदा ती दानवंशीहरूले मीकालाई भने,
“तिमीहरूलाई के भयो र तिमीहरूले
आफ्ना मानिसहरूलाई किन लड़ाइँको लागि
बोलायौ ?”

**२४**तिनले जवाफ दिए, “तपाईंले मैले
बनाएका देवताहरू र मेरा पूजाहारीलाई
लैजानुभयो । अब मसित के रह्यो र ?
तपाईंहरूले ‘तिमीहरूलाई के भयो ?’ भनेर
कसरी सोध्न सक्नुहुन्छ ?”

**२५**दानवंशीहरूले जवाफ दिए, “हामीसित
तर्क नगर नत्रता केही रिसाहा मानिसहरूले
तिमीमाथि आक्रमण गर्लान् र तिमी र
तिम्रो परिवारले आफ्ना प्राण गुमाउनु पर्ला ।”
**२६**यसकारण दानवंशीहरू आफ्नो बाटो लागे
र तिनीहरू आफूभन्दा धेरै बलिया देखेर मीका
फर्केर घरतिर लागे ।

**२७**तब तिनीहरूले मीकाले बनाएका
चीजहरू र तिनको पूजाहारीलाई लिएर
शान्तिप्रिय र शङ्का नगर्ने मानिसहरूको
विरुद्धमा लेशमा गए । तिनीहरूले उनीहरूमाथि
तरवारले आक्रमण गरे र तिनीहरूको शहर
जलाइदिए । **२८**त्यहाँ तिनीहरूलाई छुटाउने कोही
थिएनन् किनकि तिनीहरू सीदोनदेखि धेरै टाढ़ा
बस्थे र अरू कसैसित तिनीहरूको सम्बन्ध
थिएन । त्यो शहर बेथ रेहोबको छेउमा भएको
बेँसीमा थियो ।

दानवंशीहरूले त्यस शहरलाई पुनर्निर्माण
गरेर त्यहीँ बसोबासो गरे । **२९**त्यस शहरलाई
लेश भनिए तापनि तिनीहरूका पुर्खा दानको
नाउँमा दान भनी राखे । **३०**त्यहाँ दानवंशीहरूले
ती मूर्तिहरू खड़ा गरे अनि मोशाको छोरा,
गेर्शोमका छोरा जोनाथान र तिनका
छोराहरूचाहिँ देश कैदमा नलगिएसम्म दानको
कुलका पूजाहारीहरू भएर बसे । **३१**परमेश्वरको
घर शीलोमा भइरहेसम्म तिनीहरूले मीकाले
बनाएका मूर्तिहरू प्रयोग गरिरहे ।

## एक जना लेवी र तिनकी उपपत्नी

**१९** त्यस बेला इस्राएलमा कुनै राजा
थिएनन् । अब एप्रेमको पहाड़ी मुलुकको
एउटा टाढ़ा ठाउँमा बस्ने एक जना लेवीले
यहूदाको बेथलेहेमबाट एउटी उपपत्नी ल्याए ।
**२**तर ती तिनीप्रति विश्वासयोग्य थिइनन् । तिनले
तिनलाई छोड़ेर आफ्ना बाबुको घर यहूदाको
बेथलेहेममा गइन् । तिनी त्यहाँ चार महिनासम्म
बसेपछि, **३**तिनको लोग्नेले तिनीकहाँ गएर
फर्कनको निम्ति आग्रह गरे । तिनीसित आफ्नो
नोकर र दुईओटा गधाहरू थिए । **४**त्यसले
तिनलाई आफ्नो बाबुकहाँ लगिन् र त्यसको
बाबुले तिनलाई देखेपछि ससुरा, अर्थात् त्यस
केटीको बाबुले तिनलाई बस्ने आग्रह गरे र
तिनी तिनीसित तीन दिनसम्म खाँदै, पिउँदै र
सुत्दै रहे ।

**५**चौथो दिन तिनी बिहानै उठे अनि
जानलाई तयार भए तर त्यस केटीको बाबुले
आफ्ना जुवाइँलाई भने, "केही खाएर ताजा भई
जानुहोस् ।" **६**यसैले तिनीहरू दुवै बसेर एकैसाथ
खाए र पिए । तब केटीका बाबुले भने, "एक
रात अझै बसेर रमाइलो गर्नुहोस् ।" **७**जब
तिनी जानलाई उठे तब तिनका ससुराले
तिनलाई बस्ने आग्रह गरे, र तिनी अझै
एक रात बसे । **८**पाँचौं दिन तिनी बिदा
हुनलाई बिहानै उठे । तर केटीका बाबुले भने,
"आफूलाई ताजा बनाउनुहोस् ।" यसैले तिनीहरू
दिउँसो अबेरसम्मै एकसाथ खाँदै र पिउँदै
अल्मलिरहे ।

**९**त्यसपछि त्यो मानिस आफ्नी उपपत्नी र
आफ्नो नोकरसित जानलाई उठेपछि, तिनका
ससुरा, अर्थात् त्यस केटीको बाबुले भने, "अब
त 'हेर्नुहोस्, प्राय: साँझ भइसक्यो । रात यहीं
बिताउनुहोस् किनकि दिन त समाप्त हुनै
लाग्यो । बस्नुहोस् र आनन्द मनाउनुहोस्
भोलि बिहानै तपाईं उठेर आफ्ना घरतिर
लाग्नुहोस् ।" **१०**तर अर्को रात बस्ने इच्छा
नगरेर त्यो मानिस आफ्ना भारी लादेका
दुई गधाहरू र उपपत्नीसित यबूस (अर्थात्
यरूशलेम) तिर लागे ।

**११**तिनीहरू यबूसको छेउमा पुगेपछि दिन
बित्नै आंटेको बेला त्यस नोकरले आफ्ना
मालिकलाई भने, "आउनुहोस्, हामी यबूसीहरूको
यस 'शहरमा बिसाएर रात बिताऔं ।"

**१२**त्यसका मालिकले जवाफ दिए, "होइन
हामी कुनै परदेशी 'शहरभित्र जानेछैनौं जसका
मानिसहरू इस्राएली होइनन् । हामी गिबासम्म
जाऔं ।" **१३**तिनले अझ भने, "आऊ, हामी
गिबा अथवा रामामा पुगेर त्यहाँको कुनै ठाउँमा
रात बिताउने कोशिश गरौं ।" **१४**यसकारण
तिनीहरू हिँड़िरहे र बेन्यामीनमा भएको
गिबाको छेउमा पुग्दा घाम डुबिहाल्यो ।
**१५**त्यहाँ तिनीहरू रात बिताउनलाई बसे ।
तिनीहरू गए र 'शहरको चोकमा बसे, तर
कसैले पनि तिनीहरूलाई रातीको निम्ति
घरभित्र लगेन ।

**१६**त्यस साँझ गिबामा बस्ने वृद्ध मानिस
एप्रेमको पहाड़ी मुलुकबाट खेतको कामबाट
फर्किआए (त्यस ठाउँका मानिसहरू
बेन्यामीनीहरू थिए) । **१७**तिनले त्यस यात्रीलाई
'शहरको चोकमा देखेर त्यस वृद्ध मानिसले
सोधे, "तपाईं कहाँ जानुहुन्छ ? तपाईं कहाँबाट
आउनुभएको ?"

**१८**तिनले भने, "म यहूदाको बेथलेहेमको
निवासी हुँ । हामी बसेको एप्रेमको पहाड़ी
मुलुकको एउटा टाढ़ा ठाउँमा जान लागेका
हौं । म यहूदाको बेथलेहेममा गएको थिएँ र
अब म परमप्रभुको घरमा जाँदैछु । मलाई
कसैले पनि आफ्नो घरमा लगेनन् । **१९**म,
तपाईंकी दासी र हामीसँग भएको यो जवान
मानिसको निम्ति हामीसित रोटी र दाखमद्य
अनि हाम्रा गधाहरूको लागि पराल र दाना
छन्, हामीलाई केही चाहिँदैन ।"

**२०**त्यस वृद्ध मानिसले भने, "तपाईंलाई
मेरो घरमा स्वागत छ । तपाईंलाई जे
चाहिन्छ म दिन पाऊँ । खालि रात चोकमा
नबिताउनुहोस् ।" **२१**यसकारण तिनले त्यसलाई
आफ्नो घरमा लगे र तिनका गधाहरूलाई
खुवाए । तिनीहरूले आफ्ना खुट्टा धोइसकेपछि
तिनीहरूले केही खाए र पिए ।

**२२**तिनीहरूले आनन्द लिइरहेको बेला त्यस शहरका केही दुष्ट मानिसहरूले त्यस घरलाई घेरे । ढोकामा प्रहार गर्दै तिनीहरूले त्यस घरका मालिक त्यस वृद्ध मानिसलाई कराएर भने, "तिम्रो घरमा आउने त्यस मानिसलाई बाहिर ल्याऊ र हामी त्यससित सहवास गर्न चाहन्छौं ।"

**२३**त्यस घरको मालिकले बाहिर आएर तिनीहरूलाई भने, "होइन मेरो मित्र हो, त्यति नीच नहुनुहोस् । यो मानिस मेरा पाहुना भएकाले यो शर्म लाग्दो काम नगर्नुहोस् । **२४**हेर्नुहोस्, यहाँ मेरी कन्ये छोरी र त्यस मानिसकी उपपत्नी छन् । म तिनीहरूलाई अहिले तपाईहरूकहाँ बाहिर ल्याउनेछु र तपाईंहरूले तिनीहरूलाई प्रयोग गरेर तिनीहरूसित जे गर्न इच्छा छ गर्नुहोस् । तर यस मानिसप्रति यस्तो शर्म लाग्दो काम नगर्नुहोस् ।"

**२५**तर ती मानिसहरूले तिनको कुरै सुनेनन् । यसकारण त्यस मानिसले तिनकी उपपत्नीलाई लिएर तिनीहरूकहाँ बाहिर पठाइदिए र तिनीहरूले त्यसलाई रातभरि बलात्कार र दुर्व्यवहार गरे अनि बिहानै त्यसलाई जान दिए । **२६**बिहान त्यो स्त्री आफ्नो स्वामी बसेको घरमा आएर ढोकामा लड़िन् अनि उज्यालो नभएसम्म त्यहीं रहिन् ।

**२७**बिहान त्यसको स्वामीले उठेर घरको ढोका खोलेर आफ्नो यात्रा अघि बढ़ाउनलाई बाहिर निस्कँदा त्यहाँ घरको ढोकामा आफ्नी उपपत्नीलाई हातचाहिँ सँघारमा राखेर लड़िरहेकी देखे । **२८**तिनले त्यसलाई "ऊठ, जाऊँ" भने । तर कुनै जवाफ आएन । तब त्यस मानिसले त्यसलाई आफ्नो गधामा चढ़ाएर घरतिर लागे ।

**२९**घर पुगेर तिनले एउटा छुरी लिए र आफ्नी उपपत्नीलाई अङ्ग-अङ्ग गरी बाह्र टुक्रा पारे अनि तिनीहरूलाई इस्राएलका सारा इलाकाहरूमा पठाइदिए । **३०**त्यसलाई देख्ने प्रत्येकले भने, "इस्राएल मिश्रबाट आएको दिनदेखि आजसम्म यस्तो कुरो देखिएको र सुनिएको छैन । यसबारे सोच्नुहोस् ! विचार गर्नुहोस् ! के गर्नुपर्छ हामीलाई भन्नुहोस् !"

## इस्राएलीहरू बेन्यामीनीहरूसित लड़ाइँ गर्छन्

**२०** तब दानदेखि बेर्शेबासम्म अनि गिलादको देशबाट सबै इस्राएलीहरू एउटै मानिसझैं भएर मिस्पामा परमप्रभुको सामुन्ने भेला भए । **२**इस्राएलका कुलहरूका सबै मानिसहरूका अगुवाहरूले परमेश्वरका मानिसहरूको सभामा स्थान लिए, जसमा तरवार भिरेका चार लाख योद्धाहरू थिए । **३**(बेन्यामीनीहरूले इस्राएलीहरू मिस्पामा गएको कुरा सुने) । तब इस्राएलीहरूले भने, "यो भयानक काण्ड कसरी घट्यो हामीलाई भन ।"

**४**यसकारण त्यो मरेकी स्त्रीको लोग्ने लेवीले भने, "म र मेरी उपपत्नी रात बिताउनलाई बेन्यामीनको गिबामा आयौं । **५**रातको समयमा गिबाका मानिसहरू मेरो पछि आए र मलाई मार्ने विचारले घरलाई घेरे । तिनीहरूले मेरी उपपत्नीलाई बलात्कार गरे र उनी मरिन् । **६**मैले आफ्नी उपपत्नीलाई लिएँ र त्यसलाई टुक्रा-टुक्रा गरी काटेँ र इस्राएलको उत्तराधिकारको प्रत्येक प्रान्तमा एक टुक्रा पठाएँ किनकि तिनीहरूले इस्राएलमा यस्तो अश्लील र शर्मलाग्दो काम गरे । **७**अब तिमीहरू सारा इस्राएलीहरूले बोलेर यसको फैसला गरिदेऊ ।"

**८**सबै मानिसहरू एउटा मानिसझैं भएर यसो भन्दै उठे, "हामी कोही पनि घर जानेछैनौं । होइन, हामीमध्ये कोही पनि आफ्नो घरमा जानेछैन । **९**तर अब हामी गिबालाई यही गर्नेछौं । हामी गोलाले निर्देश दिएअनुसार यसको विरुद्धमा जानेछौ । **१०**हामी इस्राएलका सबै कुलहरूबाट प्रत्येक सय मानिसहरूबाट दश जना र हजारबाट एक सय र दश हजारबाट एक हजार गरी मानिसहरू फौजको निम्ति

**१९:२२-२४**–उत्पत्ति १९:५-८. **१९:२९**–१ शमूएल ११:७.

चाहिने सामान तयार गर्नको निम्ति लिनेछौं।
तब फौज बेन्यामीनको गिबामा आएपछि, यसले
उनीहरूलाई तिनीहरूले इस्राएलमा गरेका सबै
नीच कामको निम्ति पाउने योग्यको कुरा दिन
सक्नेछ।" **११**यसरी इस्राएलका सबै मानिसहरू
त्यस शहरको विरुद्धमा एउटै मानिसझैं एक
भएर भेला भए।

**१२**इस्राएलका कुलहरूले बेन्यामीनको
कुलभरि यसो भन्दै मानिसहरू पठाए,
"तिमीहरूको बीचमा गरिएको यो डरलाग्दो
अपराधचाहिँ के हो?" **१३**अब गिबाका ती दुष्ट
मानिसहरूलाई सुम्पिदेऊ र हामी त्यसलाई
मारेर इस्राएलबाट दुष्टता हटाउनेछौं।"

तर बेन्यामीनीहरूले आफ्ना मानिस
इस्राएलीहरूका कुरा सुनेनन्। **१४**तिनीहरूका
शहरहरूबाट तिनीहरू इस्राएलीहरूसित युद्ध
गर्नलाई एक साथ गिबामा आए। **१५**गिबामा
रहनेहरूबाट सात सय जना चुनिएका
मानिसहरूबाहेक बेन्यामीनीहरूले झट्टै आफ्ना
शहरहरूबाट छब्बीस हजार तरवारधारी
मानिसहरू जम्मा गरे। **१६**ती सबै योद्धाहरूको
बीचमा सात सय छानिएका मानिसहरू देब्रे-
हाते थिए, जसमध्ये प्रत्येकले घुँयेत्रोबाट ढुङ्गा
हान्दा एउटा केशसम्म बिराउँदैनथ्यो।

**१७**बेन्यामीनीहरूबाहेक इस्राएलीहरूले चार
लाख तरवार चलाउने लड़ाकु मानिसहरू
एकत्रित गरेका थिए।

**१८**इस्राएलीहरू बेथेलमा उक्लेर गई
परमप्रभुलाई यसो भनेर सोधे "बेन्यामीनीहरूसित
युद्ध गर्न हामीमध्ये को पहिला जाने?"

परमप्रभुले जवाफ दिनुभयो, "यहूदा पहिला
जाओस्।"

**१९**भोलिपल्ट बिहानै इस्राएलीहरू उठे र
गिबाको छेउमा छाउनी हाले। **२०**इस्राएलका
मानिसहरू बेन्यामीनीहरूसित युद्ध गर्न निस्के
र तिनीहरूको विरुद्धमा गिबामा युद्धको मोर्चा
बाँधे। **२१**बेन्यामीनीहरू गिबामा निस्किआए र
त्यस दिन बाइस हजार इस्राएलीहरूलाई
लड़ाइँको मैदानमा काटेर ढाले। **२२**तर
इस्राएलका मानिसहरूले एका-अर्कालाई उत्साह
दिए र फेरि पहिलो दिन रहेकै ठाउँमा आफ्नो
मोर्चा बाँधे। **२३**इस्राएलीहरू उक्लेर गए
र परमप्रभुको सामुन्ने साँझसम्मै रोए र
तिनीहरूले परमप्रभुलाई यसो भनेर सोधे, "के
हामी आफ्ना दाज्यूभाइ बेन्यामीनीहरूको
विरुद्धमा लड़ाइँ गर्न फेरि जाऔं?"

परमप्रभुले जवाफ दिनुभयो, "तिनीहरूको
विरुद्धमा उक्लेर जाओ।"

**२४**तब इस्राएलीहरू दोस्रो दिन
बेन्यामीनीहरूको छेउमा गए। **२५**यसपल्ट जब
बेन्यामीनीहरू तिनीहरूको विरोध गर्न गिबाबाट
निस्किआए, तिनीहरूले तरवार भिरेका अरू
अठार हजार इस्राएलीहरूलाई काटेर ढाले।

**२६**तब इस्राएलीका सारा मानिसहरू बेथेलमा
उक्लेर गए र त्यहाँ तिनीहरू परमप्रभुको सामुन्ने
बसेर रोइरहे र त्यस दिन तिनीहरू साँझसम्मै
उपवास बसे र परमप्रभुकहाँ होमबलि र सङ्गतिबलि
चढ़ाए। **२७**अनि इस्राएलीहरूले परमप्रभुलाई
फेरि सोधे। (त्यस बेला परमप्रभुको करारको
सन्दूक, **२८**हारूनको छोरा, एलाजारको छोरा
पीनहाससित थियो।) तिनीहरूले सोधे, "हामी
हाम्रा दाज्यूभाइ बेन्यामीनीहरूसित लड़ाइँ गर्न
फेरि उक्लेर जाऊँ कि नजाऊँ?"

परमप्रभुले जवाफ दिनुभयो, "जाओ, किनकि
भोलि म तिनीहरूलाई तिमीहरूका हातमा
दिनेछु।"

**२९**तब इस्राएल गिबाको चारैतिर ढुकिबसे।
**३०**तिनीहरू तेस्रो दिन बेन्यामीनीहरूको विरुद्धमा
उक्लेर गए र पहिलेझैं गिबाको विरुद्धमा मोर्चा
बाँधे। **३१**बेन्यामीनीहरू तिनीहरूलाई भेट्न
निस्किआए र शहरदेखि टाढ़ा भइगए। पहिलेझैं
तिनीहरूले इस्राएलीहरूलाई मार्न थाले र प्राय:
तीस जना मानिसहरू खुला मैदान र बेथेलतिर
जाने र अर्कोचाहिँ गिबातिर जाने बाटाहरूमा
ढले।

**३२**बेन्यामीनीहरूले भने, "हामीले पहिलेझैं
तिनीहरूलाई जितिरहेका छौं" भनेको बेला
इस्राएलीहरूले चाहिँ "हामी पछि सरेर
तिनीहरूलाई शहरदेखि टाढ़ा बाटाहरूमा
लैजाऔं" भन्दै थिए।

३३इस्राएलका सारा मानिसहरू आफ्ना ठाउँबाट सरे र बाल तामारमा मोर्चा बाँधे र इस्राएलका ढुकिबस्नेहरूले गिबाको पश्‍चिमको ठाउँबाट आक्रमण गरे । ३४तब इस्राएलका सबैभन्दा असल दश हजार मानिसहरूले गिबामाथि सोझै आक्रमण गरे । लड़ाइँ यति भयानक थियो, कि बेन्यामीनीहरूले विपत्ति यति नजीक थियो भनेर थाहै पाएनन् । ३५तब परमप्रभुले बेन्यामीनीहरूलाई इस्राएलको सामुन्ने पराजित गर्नुभयो र त्यस दिन इस्राएलीहरूले तरवारधारी पच्चीस हजार एक सय जना बेन्यामीनीहरूलाई मारे । ३६तब बेन्यामीनीहरूले आफू हारेको देखे ।

अब इस्राएलका मानिसहरूले बेन्यामीनीहरूलाई छोड़िदिएका थिए किनकि तिनीहरूले गिबाको छेउमा ढुकिबस्नेहरूमाथि भर परेका थिए । ३७ती ढुकिबस्ने मानिसहरूले अचानक गिबामाथि आक्रमण गरे र तिनीहरू छरिएर सारा शहरलाई तरवारले मारे । ३८इस्राएलका मानिसहरूले ती ढुकुवाहरूसित तिनीहरूले शहरबाट धूवाँको ठूलो बादल पठाउने भनेर मतो गरेका थिए, ३९त्यसपछि इस्राएलका मानिसहरू लड़ाइँमा उत्रने भएका थिए ।

बेन्यामीनीहरूले इस्राएलका मानिसहरू (प्राय: तीस जना) लाई मारेका थिए र तिनीहरूले भने, "हामी तिनीहरूलाई पहिलो लड़ाइँमा झैं जितिरहेका छौं ।" ४०तर जब शहरबाट धूवाँको मुस्लो उठ्न थाल्यो, ती बेन्यामीनीहरूले फर्केर हेरे र सारा शहरको धूवाँ आकाशतिर गइरहेको देखे । ४१तब इस्राएलका मानिसहरू तिनीहरूमाथि जाइलागे र आफूमाथि विपत्ति आइपरेको थाहा पाएर बेन्यामीनका मानिसहरू आतङ्कित भए । ४२यसकारण तिनीहरू इस्राएलीहरूको सामुन्ने उजाड़-स्थानतिर भागे तर तिनीहरू लड़ाइँबाट उम्कन सकेनन् । अनि शहरहरूबाट आएका इस्राएलका मानिसहरूले तिनीहरूलाई त्यहीं मारे । ४३तिनीहरूले बेन्यामीनीहरूलाई घेरे, खेदे र सजिलैसित तिनीहरूलाई पश्‍चिमतिर गिबाको छेउछाउमा उछिने । ४४अठार हजार वीर बेन्यामीनीहरू मरे । ४५तिनीहरू फर्केर उजाड़-स्थानमा भएको रिम्मोनको पहरातिर भाग्दा इस्राएलीहरूले बाटोमा पाँच हजार मानिसहरूलाई मारे । तिनीहरू बेन्यामीनीहरूको पछि गिदोमसम्मै लागिरहे र अरू दुई हजारलाई मारे ।

४६त्यस दिन बेन्यामीनका वीर योद्धा तरवारधारीहरू पच्चीस हजार मरे । ४७तर छ सय मानिसहरूचाहिँ फर्केर उजाड़-स्थानमा भएको रिम्मोनको पहरामा भागे र तिनीहरू त्यहाँ चार महिनासम्म बसे । ४८इस्राएलका मानिसहरू बेन्यामीनमा फर्केर गए र पशुहरू र तिनीहरूले भेट्टाएका जति सबै, सम्पूर्ण शहरहरूलाई तरवारले नष्ट पारे । तिनीहरूले भेटेका सबै शहरहरूलाई तिनीहरूले आगो लगाइदिए ।

## बेन्यामीनीहरूको निम्ति स्वास्नीहरू

२१ इस्राएलका मानिसहरूले मिस्पामा "हामीमध्ये कसैले पनि बेन्यामीनीलाई आफ्नी छोरी विवाह गर्न दिनेछैन" भनेर शपथ खाएका थिए ।

२मानिसहरू बेथेलमा गए र तिनीहरू बेलुकासम्मै आफ्ना सोर उचालेर नमीठो किसिमले रुँदै परमेश्‍वरको सामुन्ने बसे । ३तिनीहरू यसो भनेर कराए, "हे परमप्रभु, इस्राएलका परमेश्‍वर, इस्राएलमा यो किन हुन आयो ? इस्राएलबाट आज किन एउटा कुल हराएर गयो ?"

४भोलिपल्ट बिहानै मानिसहरूले एउटा वेदी बनाएर होमबलि र सङ्गतिबलि चढ़ाए ।

५तब इस्राएलीहरूले सोधे, "इस्राएलका सारा कुलहरूबाट को परमप्रभुको सामुन्ने भेला भएन ?" किनकि तिनीहरूले मिस्पामा परमप्रभुको सामुन्ने भेला नहुने जोसुकै पनि मारिनेछ भनी गम्भीर शपथ खाएका थिए ।

६अब आफ्ना दाज्यूभाइ बेन्यामीनीहरूको लागि इस्राएलीहरूले शोक मनाए । तिनीहरूले भने, "आज इस्राएलबाट एउटा कुल अलग भयो । ७हामीले तिनीहरूलाई आफ्नो कुनै छोरी पनि विवाह गर्न दिनेछैनौं भनी परमप्रभुकहाँ

शपथ खाएको कारण ती छोड़िएकाहरूका
निम्ति हामीले कसरी स्वास्नीहरू प्रबन्ध
गरिदिन सक्छौं ?" **८**तब तिनीहरूले सोधे,
"इस्राएलको कुनचाहिँ कुल मिस्पामा परमप्रभुको
सामुन्ने भेला भएन ? तिनीहरूले याबेश
गिलादबाट कोही पनि सभाको निम्ति छाउनी
हाल्न नआएको थाहा पाए, **९**किनकि तिनीहरूले
मानिसहरूको सङ्ख्या लिँदा याबेश गिलादबाट
एक जना पनि त्यहाँ भेटेनन् ।

**१०**यसकारण सभाले बाह्र हजार योद्धाहरूलाई
याबेश गिलादमा गएर त्यहाँ भएका स्त्री र
छोराछोरीहरूसमेतलाई तरवारले मार्ने हुकुम
दिएर पठायो । **११**तिनीहरूले भने, "तिमीहरूले
हरेक पुरुष र पुरुषसँग सहवास भएकी
स्त्रीलाई मार्नू, तर कन्ये-केटीहरूलाई चाहिँ
छोड़िदिनू ।" **१२**तिनीहरूले याबेश गिलादमा
बस्ने मानिसहरूमा कुनै पनि पुरुषसँग सहवास
नगरेका चार सय जना तरूणी कन्याहरू भेट्टाए
र तिनीहरूले उनीहरूलाई कनानमा शीलोको
छाउनीमा ल्याए ।

**१३**तब सारा समुदायले रिम्मोनको पहरामा
भएका बेन्यामीनीहरूकहाँ मिलापको प्रस्ताव
पठाए । **१४**यसकारण त्यस बेला बेन्यामीनीहरू
फर्के, तिनीहरूलाई याबेश गिलादमा छोड़िएका
ती स्त्रीहरू दिइए । तर तिनीहरू सबैको लागि
तिनीहरू पर्याप्त भएनन् ।

**१५**मानिसहरूले बेन्यामीनको निम्ति शोक
गरे, किनकि परमप्रभुले इस्राएलका कुलहरू बीचमा
एउटा फाटो बनाइदिनुभएको थियो । **१६**अनि
समुदायका बूढ़ा-प्रधानहरूले भने, "बेन्यामीनका
स्त्रीहरू नष्ट भएकोले हामीले छोड़िएका
मानिसहरूको निम्ति कसरी स्वास्नीहरू
प्रबन्ध गरिदिने ? **१७**तिनीहरूले भने, बाँचेका
बेन्यामीनीहरूका उत्तराधिकारीहरू हुनुपर्छ ।
अनि इस्राएलको एउटा कुल मेटिएर नजाओस् ।
**१८**हामी तिनीहरूलाई आफ्ना छोरीहरू दिन
सक्दैनौ, किनकि हामी इस्राएलीहरूले
'बेन्यामीनीलाई स्वास्नी दिने जोसुकै श्रापित
होस्' भनेर शपथ खाएका छौं । **१९**तर हेर्नुहोस्,
बेथेलको उत्तरतिर, र बेथेलबाट शेकेममा
जानेबाटोको पूर्वतिर र लबोनाको दक्षिणतिर
शीलोमा परमप्रभुको वार्षिक चाड़ छ ।"

**२०**यसकारण तिनीहरूले बेन्यामीनीहरूलाई
यसो भनेर आज्ञा दिए, "गएर दाखबारीहरूमा
लुकी बस, **२१**अनि ध्यानपूर्वक हेरिबस्नू । जब
शीलोका केटीहरू नाचमा सामेल हुन निस्कन्छन्,
तिमीहरू दाखबारीहरूबाट झट्ट निस्केर प्रत्येकले
शीलोबाट आएका केटीहरूबाट एउटीलाई
स्वास्नी हुनलाई पक्रनू र बेन्यामीनको
देशमा जानू । **२२**तिनीहरूका बाबुहरू अथवा
दाज्यूभाइहरूले हामीसित उजूर गरे हामी
तिनीहरूलाई यसो भनिदिनेछौं, "तिनीहरूलाई
सहायता दिएर हामीमाथि एउटा दया गर्नुहोस्,
किनकि लड़ाइँको समयमा हामीले तिनीहरूका
निम्ति स्वास्नीहरू दिएनौं र तपाईंहरूले
तिनीहरूलाई आफ्ना छोरीहरू नदिएकाले
तपाईंहरू निर्दोष हुनुहुन्छ ।"

**२३**यसकारण बेन्यामीनीहरूले त्यसै गरे ।
ती केटीहरू नाचिरहेका बेला प्रत्येक मानिसले
एउटा समात्यो र तिनीहरूलाई आफ्नी
स्वास्नी हुनलाई लग्यो । तब तिनीहरू आफ्ना
उत्तराधिकारमा फर्के र शहरहरू पुनर्निर्माण
गरेर तिनीहरूमा बसोबासो गरे ।

**२४**त्यस बेला इस्राएलीहरूले त्यो ठाउँ छोड़े
र घरमा आफ्ना कुलहरू र वंशहरूकहाँ गए,
प्रत्येक आफ्नै उत्तराधिकारमा गए ।

**२५**त्यस बेला इस्राएलमा कुनै राजा थिएन
र प्रत्येकले आफूलाई मन परेअनुसार गर्दथ्यो ।

---

**२१:२५**–न्यायकर्ता १७:६.

# रूथ

## नाओमी र रूथ

१ न्यायकर्ताहरूका शासनकालमा देशमा
अनिकाल पर्‍यो अनि यहूदाको बेथलेहेमबाट
एक जना मानिस आफ्नी स्वास्नी र दुई
छोराहरू लिएर मोआब देशमा केही समयको
निम्ति बस्नलाई गए। २त्यस मानिसको नाउँ
एलीमेलेक थियो, उसकी स्वास्नीको नाउँ नाओमी,
अनि उसका दुई छोराहरूका नाउँ महलोन र
किल्योन थिए। तिनीहरू यहूदाका बेथलेहेमका
एप्राथीहरू थिए। अनि तिनीहरू मोआबमा
गए, र त्यहीं बसे।

३अब नाओमीको लोग्ने एलीमेलेक मरे,
अनि तिनी आफ्नो दुई छोराहरूसित छोड़िइन्।
४तिनीहरूले मोआबी स्त्रीहरूलाई विवाह गरे,
एउटीको नाउँ ओर्पा र अर्कीको नाउँ रूथ
थियो। प्राय दश वर्ष त्यहाँ बसेपछि, ५दुवै
महलोन र किल्योन पनि मरे, अनि नाओमी
उनका दुई छोराहरू र उनको लोग्नेविनाकी
भइन्।

६परमेश्वरले आफ्ना मानिसहरूलाई भोजन
जुटाईकन सहायता गरी राख्नुभएको छ भनी
जब तिनले मोआबमा सुनिन्, नाओमी र तिनका
दुई बुहारीहरू घर फर्कनलाई तयार भए।
७तिनी जहाँ बसिरहेकी थिइन् त्यस ठाउँलाई
छोड़ी आफ्ना दुई बुहारीहरूसित यहूदाको देश
फर्कने बाटोमा लागिन्।

८नाओमीले आफ्ना दुई बुहारीहरूलाई
भनिन्, "तिमीहरू आफ्ना-आफ्ना आमाका
घरमा फर्केर जाओ। जसरी तिमीहरूले आफ्ना
मृतकहरू र मलाई दया देखायौ, उसरी नै
परमप्रभुले तिमीहरूसित पनि दया देखाऊन्।
९परमप्रभुले तिमीहरूलाई तिमीहरूका अर्का
लोग्नेहरूका घरमा विश्राम देऊन्।"

अनि तिनले तिनीहरूलाई म्वाई खाइन्, र
तिनीहरू डाँको छोड़ी-छोड़ीकन रोए, १०अनि
तिनलाई भने, "हामी तपाईंसित तपाईंकै
मानिसहरूकहाँ फर्किजानेछौं।"

११तर नाओमीले भनिन्, "मेरा छोरी हो,
घर फर्क। तिमीहरू मसित किन आउँछौ?
तिमीहरूका लोग्नेहरू हुनलाई के म अझै
छोराहरू जन्माउन सक्छु र? १२मेरा छोरीहरू
हो, घर फर्क; अर्को लोग्ने पाउनलाई म धेरै
बूढ़ी भइसकेकी छु। यद्यपि मेरो निम्ति अझै
आशा छ भनी मैले सोचें– र यदि आज राती
नै लोग्ने पाएँ अनि छोराहरू जन्माएँ भने–
१३तिनीहरू बढुन्जेलसम्म पर्खन्छौ? तिनीहरूका
निम्ति तिमीहरू अविवाहित नै रहन्छौ? होइन,
मेरा छोरीहरू हो! तिमीहरूको भन्दा मेरो
अवस्था खोटो छ, किनकि परमप्रभुको हात
मेरो विरोधमा उठेको छ।"

१४यसमा फेरि तिनीहरू डाँको छोड़ी-
छोड़ीकन रोए। ओर्पाले सासूलाई बिदाइको
चुम्बन गरिन्, तर रूथचाहिँ उनीसितै टाँसिइन्।

१५"हेर," नाओमीले भनिन्, "तिम्रो बहिनी
आफ्नो मानिसहरू र देवताहरूकहाँ फर्किजाँदैछ।
तिमी उनीसितै फर्क।"

१६तर रूथले जवाफ दिइन्, "मलाई
तपाईंलाई छोड्न अथवा तपाईंदेखि जानलाई
कर नगर्नुहोस्। तपाईं जहाँ जानुहुन्छ, म जानेछु,
जहाँ बस्नुहुन्छ, म बस्नेछु। तपाईंका मानिसहरू
मेरा मानिस हुनेछन् अनि तपाईंका परमेश्वर
मेरो परमेश्वर। १७तपाईं जहाँ मर्नुहुन्छ म
त्यहीं मर्नेछु, अनि म त्यहीं गाड़िनेछु। मृत्युले
बाहेक अरू कुनै कुराले तपाईंबाट मलाई अलग
गरेमा परमप्रभुले मसित यसरी नै कठोर
व्यवहार गरून्।" १८रूथले आफूसित जाने
संकल्प गरेकी थाहा पाएर नाओमीले उसलाई
कर गर्न छोड़िन्।

१९यसकारण, दुई स्त्रीहरू बेथलेहेम
नपुगुन्जेलसम्म हिँड़िरहे। सारा शहरमा हलचल

मच्चियो किनकि तिनीहरू बेथलेहेममा
आइपुगेका थिए, अनि स्त्रीहरू आश्चर्य मानेर
भन्नलागे, "के यिनी नाओमी हुन सक्छिन् ?"
**२०**"मलाई नाओमी नभन," तिनले तिनीहरूलाई
भनिन्। "मलाई मारा भन," किनकि सर्वशक्तिमान्‌ले
मेरो जीवन साह्रै तीतो बनाइदिनुभएको छ ।
**२१**म परिपूर्ण भएर गएकी थिएँ, तर परमप्रभुले
मलाई रित्तो फर्काइल्याउनुभयो । मलाई किन
नाओमी भन्छौ ? परमप्रभुले मलाई दु:ख
दिनुभएको छ, सर्वशक्तिमान्‌ले ममाथि दुर्भाग्य
ल्याउनुभएको छ ।"
**२२**यसकारण नाओमी आफ्नो मोआबी
बुहारी रूथसित मोआबदेशबाट फर्किन्, बेथलेहेम
आइपुग्दा जौको कटनी शुरू हुँदै थियो ।

## रूथले बोअजलाई भेटेकी

**२** अब नाओमीको लोग्ने एलीमेलेकको
कुलबाटको एक जना हुनेखाने कुटुम्ब थिए,
जसको नाउँ बोअज थियो ।
**२**अनि मोआबी रूथले नाओमीलाई भनिन्,
"जसले मप्रति निगाह देखाउला उसको पछि
छोड़िएको शिला-बाला बटुल्न मलाई खेतमा
जान दिनुहोस् ।"
नाओमीले उनलाई भनिन्, "जाऊ, मेरी
छोरी ।" **३**यसर्थ, तिनी गइन् अनि कटनी
गर्नेहरूका पछि-पछि शिला-बाला बटुल्न
लागिन्। यस्तो भयो, उनले आफैलाई बोअजको
खेतमा काम गर्दैगरेको पाइन्, जो एलीमेलेकको
कुलका मानिस थिए ।
**४**त्यसै बेला बोअज बेथलेहेमबाट आइपुगे
अनि कटनी गर्नेहरूलाई अभिवादन गरे,
"परमप्रभु तिमीहरूसित होऊन् !"
"परमप्रभुले तपाईंलाई आशिष् देऊन् !"
तिनीहरूले जवाफ दिए ।
**५**कटनी गर्नेहरूका प्रधानलाई बोअजले
सोधे, "यो जवान स्त्री को हुन् ?"
**६**त्यस प्रधानले जवाफ दिए, "ऊ एउटी
मोआबी हो जो नाओमीसित मोआबबाट
फर्किआएकी हुन् । **७**उनले भनिन्, 'दयागरी
मलाई कटनी गर्नेहरूका पछि-पछि बिटाहरूका
बीचमा शिला-बाला बटुल्न दिनुहोस् ।' तिनी
खेतमा गइन् र छहारीमा केही क्षण विश्राम
लिएकी बाहेक बिहानदेखि अहिलेसम्म नबिसाई
काम गरिरहेकी छन् ।"
**८**यसकारण बोअजले रूथलाई भने, "मेरी
छोरी, मेरा कुरा सुन । तिमी यहाँ देखि अर्को
खेतमा शिला-बाला बटुल्न नजाऊ र यहाँबाट
टाढ़ा पनि नजाऊ । मेरा नोकर्नीहरूसित यहीँ
बस । **९**कहाँ मानिसहरूले कटनी गर्दैछन् हेर,
अनि केटीहरूका पछि लाग । तिमीलाई नछुनू
भनी मैले मानिसहरूलाई भनेको छु ।
तिमीलाई तिर्खा लागे मानिसहरूले भरिराखेका
गाग्राहरूबाट पानी पिउनू ।"
**१०**यसमा, तिनले आफ्नो मुहार भूइँतिर
झुकाएर दण्डवत् गरिन् अनि उत्तेजित भइकन
तिनले भनिन्, "म एउटी परदेशी भनी जानेर
पनि किन मैले तपाईंबाट यस्तो निगाह प्राप्त
गरेकी छु ?"
**११**बोअजले जवाफ दिए, "तिम्रो लोग्ने
मरेकोदेखि तिमीले आफ्नो सासूको निम्ति के
गरेकी छौ सबै मलाई बताइएको छ– कसरी
तिमीले आफ्ना आमा-बाबु र आफ्नो जन्मभूमि
छोड़ेर आफूले अघि नचिनेका मानिसहरूसित
बस्नलाई आयौ। **१२**तिमीले जे गरेकी छौ, त्यसको
कारण तिमीलाई परमप्रभुले फिर्ता गरिदेऊन् ।
इस्राएलका परमेश्वर, जसको पखेटामुनि तिमी
आश्रय लिन आएकी छौ, उही परमप्रभुले
तिमीलाई प्रशस्त गरी इनाम देऊन् ।"
**१३**"मैले हजूरको दृष्टिमा निगाह पाइरहन
सकूँ," तिनले भनिन् । "यद्यपि तपाईंका
नोकर्नीहरू जतिको स्तर पनि मेरो छैन, तथापि
तपाईंले मसित नम्रतासाथ बोल्नुभयो र मलाई
सान्त्वना दिनुभयो ।"
**१४**खाना खाने समयमा बोअजले तिनलाई
भने, "यहाँ आऊ । सिर्कामा केही रोटी चोबेर
खाऊ ।"

---

**२:२**–लेवी १९:९-१०; व्यवस्था २४:१९.

जब तिनी कटनी गर्नेहरूसँग बसिन्, उसले
तिनलाई केही भुटेका अन्न दिए। तिनले इच्छा
गरेकी जति खाइन्, अनि उनीसित केही उब्रेको
थियो। **१५**जसै तिनी शिला बटुल्नलाई उठिन्,
बोअजले आफ्ना मानिसहरूलाई हुकुम दिए,
“यदि यिनले बिटाहरूका बीचमा पसेर शिला-
बाला बटुल्छिन् भने पनि, उनलाई नहप्काओ।
**१६**बरु, तिमीहरूले बाँधेका बिटाहरूबाट केही
निकालेर उनलाई बटुल्नका लागि छोड़िदेओ,
अनि उनलाई नहप्काओ।”

**१७**यसैले रूथले बेलुकीसम्म शिला-बाला
बटुलिन्। तिनले बटुलेका जौ माड्दा प्राय:
पाँच पाथी भयो। **१८**त्यो बोकेर तिनी शहर
फर्किन्, अनि तिनले कति धेरै बटुलिछन् सो
तिनकी सासूले देखिन्। अघि आफूले प्रशस्त
खाएर उब्रेका अन्न पनि निकालेर रूथले
तिनलाई दिइन्।

**१९**तिनकी सासूले सोधिन्, “आज तिमीले
शिला-बाला कहाँ बटुल्यौ ? कहाँ काम
गऱ्यौ ? जुन मानिसले तिमीलाई वास्ता गरे
तिनी धन्यका होऊन्।”

यसकारण, जसकहाँ तिनी काम गरीरहेकी
थिइन् उनको विषयमा रूथले आफ्नो सासूलाई
बताइन्। “मैले आज साथै काम गरेको मान्छेको
नाउँ बोअज हो,” तिनले भनिन्।

**२०**“परमप्रभुले उनलाई आशिष् देऊन्,”
नाओमीले आफ्नो बुहारीलाई भनिन्। “जिउँदा
र मरेकाहरूमाथि परमप्रभुले कृपा देखाउन
छोड्नुभएको छैन।” तिनले थपिन्, “ती मानिस
हाम्रो नजीकैको आफन्त हुन्, तिनी हाम्रा
सन्तानका सहायकहरूमध्ये एक जना हुन्।”

**२१**अनि मोआबी रूथले भनिन्, “उनले मलाई
यसो पनि भने, ‘कटनीको काम सबै पूरा
नहोउन्जेल मेरा मानिसहरूसित बस।’”

**२२**नाओमीले आफ्नो बुहारी रूथलाई भनिन्,
“यो तिम्रो लागि असलै हुनेछ, मेरी छोरी, उनका
केटीहरूसित जानू, किनकि अरू कसैको खेतमा
तिमीमाथि हानि आइपर्न सक्छ।”

**२३**यसकारण गहूँ र जौको कटनी पूरा
नहोउन्जेल बोअजका काम गर्ने केटीहरूसँगसँगै
रूथ लागिन्। अनि तिनी आफ्नी सासूसित
बसिन्।

### खलामा रूथ र बोअज

**३** एक दिन रूथकी सासू नाओमीले तिनलाई
भनिन्, “मेरी छोरी, के मैले तिम्रो निम्ति
एउटा घर खोज्ने कोशिश् नगर्नू, जहाँ तिम्रो
निम्ति सबै कुरा जुटाइने छ ? **२**के बोअज
जसका केटीहरूसित तिमी छौ, हाम्रो नातेदार
होइन ? आज राती तिनी खलामा जौ
बत्ताइरहेका हुनेछन्। **३**स्नान गरी अत्तर लगाऊ,
अनि तिम्रो सबैभन्दा असल लुगा लगाऊ।
त्यसपछि तल खलामा जाऊ, तर उनले खानपीन
गरी नसकुन्जेल तिमी त्यहाँ छौ भनी उनलाई
थाहा नदेऊ। **४**जब तिनी सुत्छन्, तिनी सुतेको
ठाउँ याद गर। त्यसपछि जाऊ अनि खुट्टाको
ओढ्ने उठाऊ र ढल्क। के गर्नुपर्छ उनले नै
तिमीलाई बताउनेछन्।”

**५**“तपाईं जे भन्नुहुन्छ म गर्नेछु,” रूथले
भनिन्। **६**यसकारण तिनी तल खलामा गइन्
अनि आफ्नी सासूले बताएको हरेक कुरो तिनले
गरिन्।

**७**जब बोअजले खानपीन गरीसके, तिनी
खुशी थिए, तब तिनी अन्न थुपारेको पल्लो
कुनामा सुत्नलाई गए। रूथ चुपचापसित त्यहाँ
गइन्, तिनका खुट्टाको ओढ्ने उठाएर त्यहीँ
ढल्किन्। **८**मध्यरातमा ती मानिसलाई केही
कुराले झस्कायो, अनि तिनी फर्किए र आफ्नो
खुट्टामा एउटी स्त्री ढल्किरहेकी तिनले थाहा
पाए।

**९**“तिमी को हौ ?” उनले सोधे।

“म तपाईंकी दासी रूथ हुँ,” तिनले भनिन्।
“तपाईंको लुगाको एक कुना मलाई पनि
ओढ़ाइदिनोस् किनकि तपाईं एक जना सहायक
नातेदार हुनुहुन्छ।”

**१०**“मेरी छोरी, परमप्रभुले तिमीलाई आशिष्

---

**२:२०**–लेवी २५:२५.

देऊन्," तिनले जवाफ दिए । "तिमीले पहिले
देखाएको दयाभन्दा यो अझ बढ़ी छः तिमी
जवान मानिसहरूका पछि लागिनौ, चाहे धनी
वा गरीब । **११**अब, मेरी छोरी, नडराऊ ।
तिमीले इच्छा गरेका सबै कुरा म गर्नेछु ।
तिमी एउटी चरित्रवान् स्त्री हौ भन्ने शहरका
मेरा सबै मित्रहरूले जान्दछन् । **१२**यद्यपि यो
सत्य हो कि म नजीकको नातेदार हुँ, तर
मभन्दा पनि अझ नजीकको एक सहायक
नातेदार छ । **१३**आज राती यहीँ बस, अनि
बिहान, यदि तिनले तिमीलाई सहायता गर्ने
इच्छा गरे असलै हुन्छ; तिनले नै सहायता
गरून् । तर यदि तिनी तयार छैनन् भने, म
प्रतिज्ञा गर्छु कि परमेश्वर जीवित हुनुभएझैँ म
गर्नेछु । बिहानसम्म यहीँ ढल्किबस ।"

**१४**यसकारण तिनी बिहानसम्म तिनको
खुट्टानेर ढल्किन्, तर कोही पनि ठम्याउन
नसकिने समयअघि नै उठिन्; अनि बोअजले
भने, "एउटी स्त्री यहाँ खलामा आएकी थिइन्
भनी कसैले थाहा नपाओस् ।"

**१५**तिनले यो पनि भने, "तिमीले ओढ़ेको
खाष्टो यहाँ ल्याऊ अनि समात ।" तिनले त्यसै
गरिन्, र बोअजले छ पाथी जौ हालेर तिनलाई
बोकाइदिए । अनि तिनी शहरतिर फर्के ।

**१६**जब रूथ सासूकहाँ आइन्, नाओमीले
सोधिन्, "मेरी छोरी, के भयो ?"

तिनले बोअजले जे गरेका थिए सबै कुरा
तिनलाई बताइन् **१७**अनि तिनले थपिन्, "उहाँले
मलाई यो छ पाथी जौ दिएर भन्नुभयो, 'तिम्रो
सासूकहाँ खाली हात नजाऊ ।'"

**१८**अनि नाओमीले भनिन्, "मेरी छोरी, अझ
अरू के हुन्छ सो तिमीले थाहा नपाउञ्जेल
पर्खिबस । किनकि आज नै सबै विषयको फैसला
नगरुञ्जेल ती मानिस चुप लागेर बस्ने छैनन् ।"

### बोअजले रूथलाई विवाह गरेका

**४** यसै बीचमा बोअज शहरको मूलढोकामा
गए र त्यहाँ बसे । तिनले बताएको
सहायक नातेदार त्यहाँ आएपछि बोअजले भने,
"मित्र, यहाँ आउनुहोस्, अनि बस्नुहोस् ।"
यसकारण तिनी त्यहाँ गए र बसे ।

**२**बोअजले शहरका दश जना धर्म-गुरुहरूलाई
लगेर भने, "यहाँ बस्नुहोस्," अनि तिनीहरू
बसे । **३**तिनले सहायक नातेदारलाई भने,
"नाओमी, जो मोआबबाट फर्किआएकी छन्, र
तिनले हाम्रो दाज्यू एलीमेलेकको एक टुक्रा
जमिन बेच्दैछिन् । **४**यहाँ बसेकाहरू र हाम्रा
मानिसका बूढ़ा प्रधानहरूका उपस्थितिमा यो
विषयलाई तपाईंहरूको ध्यानमा ल्याई सो जमिन
किन्ने सल्लाह दिनुपर्छ भन्ने मैले सोचें । त्यो
किन्नुहुन्छ भने, किन्नुहोस् । तर किन्नुहुन्न भने,
मलाई भन्नुहोस्, ताकि मलाई थाहा हुनेछ ।
किनकि तपाईंबाहेक यो अधिकार कसैको छैन,
अनि मचाहिँ तपाईंपछिको दोस्रो नातेदार हुँ ।"

"म किन्नेछु," तिनले भने ।

**५**अनि बोअजले भने, "नाओमी र मोआबी
रूथबाट जमिन किनेको दिन, तपाईंले त्यस
मृतकको नाउँ र उसको सम्पत्ति अटल राख्नलाई
मृतकको विधवालाई प्राप्त गर्नुहुनेछ ।"

**६**यो सुनेर ती सहायक नातेदारले भने,
"त्यसो हो भने म किन्न सक्दिनँ किनकि मैले
मेरो आफ्नै सम्पत्तिलाई गुमाउन सक्छु । तपाईं
किन्नुहोस् । म किन्न सक्दिनँ ।"

**७**(अब पहिलेका समयहरूमा, इस्राएलमा
सम्पत्तिलाई छुटाउँदा अनि हस्तान्तरण गर्दा,
एक पक्षले अर्कोलाई आफ्नो जुत्ता खोलेर
दिन्थ्यो । इस्राएलमा लेनदेनको कार्यलाई कानूनी
बनाउने प्रथा यस्तै थियो ।)

**८**यसकारण सहायक नातेदारले बोअजलाई
भने, "तपाईं आफै किन्नुहोस् ।" अनि तिनले
आफ्नो जुत्ता खोले ।

**९**त्यसपछि बोअजले धर्म-गुरुहरू र सबै
मानिसहरूलाई घोषणा गरे, "आज तपाईंहरू
साक्षी हुनुहुन्छ कि मैले किल्योन, महलोन र
एलीमेलेकका सबै सम्पत्ति नाओमीबाट किनेको
छु । **१०**मैले महलोनको विधवा मोआबी रूथलाई

---

**३:१२**–रूथ २:२०. **४:७-८**–व्यवस्था २५:९. **४:१०**–व्यवस्था २५:५-६.

पनि मृतकको नाउँ र सम्पत्ति अटल राख्न, र
तिनको नाउँ परिवारबाट नहराओस् अथवा
शहरबाट नहटोस् भनेर आफ्नी स्वास्नीको
रूपमा प्राप्त गरेको छु । आज तपाईंहरू
साक्षीहरू हुनुहुन्छ ।"
**११**अनि धर्म-गुरुहरू र मूलढोकामा हुनेहरूले
भने, "हामी साक्षीहरू छौं । राहेल र लेआ
जसले मिलेर इस्राएलका घरानालाई निर्माण
गरे, तपाईंको घरमा आउने स्त्रीलाई पनि
परमप्रभुले त्यस्तै तुल्याऊन् । एफ्रातामा तपाईंको
महत्व बढ़ोस् र बेथलेहेममा तपाईंको नाउँ
चलोस् । **१२**यहूदाबाट तामारले जन्माएकी
पेरेसको घरानाजस्तै परमप्रभुले तपाईंलाई
दिनुभएको यस जवान स्त्रीद्वारा तपाईंका सन्तान
होऊन् ।"

### दाऊदको वंशावली

**१३**यसकारण बोअजले रूथलाई लगे र
तिनलाई आफ्नी पत्नी तुल्याए । अनि तिनीहरूको
सहवास भएपछि परमप्रभुले तिनलाई गर्भधारण
गर्ने शक्ति दिनुभयो र तिनले एउटा छोरोलाई
जन्म दिइन् । **१४**स्त्रीहरूले नाओमीलाई भने,
"परमप्रभुको प्रशंसा होस् जसले आज तपाईंलाई
एउटा सहयोगी नातेदारविना छोड्नुभएन ।
इस्राएलभरि तिनी प्रशिद्ध बनून् । **१५**तिनले
तपाईंको जीवनलाई नयाँ बनाउनेछन् अनि
बूढ़ेसकालमा तपाईंको पालन पोषण गर्नेछन् ।
किनकि तपाईंकी बुहारी, जसले तपाईंलाई प्रेम
गर्छिन् र जो सात भाइ छोराहरूभन्दा तपाईंको
निम्ति असल छिन्, तिनले यस बालकलाई
जन्म दिएकी छिन् ।"
**१६**त्यसपछि नाओमीले बालकलाई लिएर
काखमा राखिन् र त्यसको सुसार गरिन् ।
**१७**त्यहाँ बस्ने स्त्रीहरूले भने, "नाओमीको एउटा
छोरो छ ।" अनि तिनीहरूले त्यसको नाउँ
ओबेद राखे । तिनी यिशैका बाबु थिए, र यिशै
दाऊदका बाबु थिए ।

**१८**यही नै पेरेसको वंशावली हो:

हेस्रोनका बाबु पेरेस थिए,
**१९** हेस्रोन आरामका बाबु थिए,
आराम अम्मिनादाबका बाबु थिए,
**२०** अम्मिनादाब नहशोनका बाबु थिए,
नहशोन सल्मोनका बाबु थिए,
**२१** सल्मोन बोअजका बाबु थिए,
बोअज ओबेदका बाबु,
**२२** ओबेद यिशैका बाबु,
अनि यिशै दाऊदका बाबु थिए ।

---

**४:११**–उत्पत्ति २९:३१. **४:१२**–उत्पत्ति ३८:२७-३०.

# शमूएलको पहिलो पुस्तक

### शमूएलको जन्म

१ रामातैमबाटका एक जना सूपी मानिस
एप्रेमको पहाड़ी मुलुकका थिए, जसको
नाउँ एल्काना थियो, जो यरोहामका छोरा, जो
एलीहूका छोरा, जो तोहूका छोरा र जोचाहिँ
एप्रेमी सूपका छोरा थिए । २तिनका दुई
स्वास्नीहरू थिए; एउटीलाई हन्ना र अर्कीलाई
पनिन्ना भनिन्थे । पनिन्नाका छोराछोरीहरू
थिए तर हन्ना निस्सन्तान थिइन् ।

३एल्काना वर्षैपिच्छे आफ्नो शहरबाट
सर्वशक्तिमान् परमप्रभुकहाँ आराधना गर्न र
बलिदान चढ़ाउन शीलोमा उक्लेर जान्थे जहाँ
एलीका दुई छोराहरू होप्नी र पीनहास
परमप्रभुका पूजाहारीहरू थिए । ४एल्कानाले
बलिदान चढ़ाउने दिन जहिले आउँथ्यो तिनले
मासुको भाग आफ्नी स्वास्नी पनिन्ना र उसका
छोराहरू अनि छोरीहरूलाई दिन्थे । ५तर
हन्नालाई चाहिँ तिनले दोब्बर भाग दिन्थे,
किनकि तिनले उनलाई माया गर्थे र परमप्रभुले
तिनको कोख बन्द गरिदिनुभएको थियो । ६अनि
परमप्रभुले तिनको कोख बन्द गरिदिनुभएकोले
तिनकी सौताले तिनलाई रीस उठाउनलाई
गिज्याइरहन्थि । ७यस्तो वर्षैपिछे हुन्थ्यो । हन्ना
जहिले पनि परमप्रभुको भवनमा जान्थिन् र
तिनी रोएर खाना नखाने अवस्थामा नपुगेसम्म
तिनकी सौताले उनलाई गिज्याइरहन्थिन् ।
८तिनको लोग्ने एल्कानाले तिनलाई यसो भन्थे,
“हन्ना तिमी किन रोइरहेकी ? तिमी किन
खाँदिनौ ? तिमी किन उदास छौ ? के म तिम्रो
निम्ति दश छोराहरूभन्दा कम छु र ?”

९एकपल्ट तिनीहरूले शीलोमा खानपीन
गरिसकेपछि हन्ना उठिन् । पूजाहारी एलीचाहिँ
परमप्रभुको मन्दिरको ढोकाको छेउमा
आसनमाथि बसिरहेका थिए । १०हन्ना मनमा
अति व्याकुल भएर धेरै रोएर परमप्रभुकहाँ
प्रार्थना गर्दैथिइन् । ११अनि तिनले यसो भन्दै
भाकल गरिन्, “हे सर्वशक्तिमान् परमप्रभु, यदि
तपाईंले आफ्नी दासीको दुःख मात्र हेरिदिएर
मलाई सम्झेर तपाईंकी दासीलाई नभुलेर
त्यसलाई एउटा छोरा दिनुभयो भने म त्यसलाई
त्यसको जीवनभरिको निम्ति परमप्रभुलाई दिनेछु
र त्यसको शिरमा कहिल्यै छुरा लाग्ने छैन ।”

१२तिनले परमप्रभुसित प्रार्थना गरिरहेको
बेला एलीले तिनको मुख हेरे । १३हन्नाले आफ्नो
हृदयमा प्रार्थना गरिरहेकी थिइन् र तिनका
ओठहरू चलिरहेका थिए तर तिनको सोर
सुनिँदैनथ्यो । एलीले तिनलाई मातेकी सम्झे,
१४अनि तिनलाई भने, “तिमी कति बेर
मातिरहन्छौ ? मद्य त्यागिदेऊ ।”

१५हन्नाले जवाफ दिइन्, “त्यसो होइन
मेरा मालिक, म अति विचलित भएकी स्त्री हुँ ।
मैले मद्य अथवा हल्का मद्य पिएकी छैनँ; म त
आफ्नो प्राणनै परमप्रभुमा पोखाइरहेकी छु ।
१६तपाईंकी दासीलाई एउटी दुष्ट स्त्री नठान्नुहोस्;
मेरो दुःख र कष्ट ज्यादा भएको कारण म
प्रार्थना पो गरिरहेकी छु ।”

१७एलीले जवाफ दिए, “शान्तिसित जाऊ,
र इस्राएलका परमेश्वरले तिमीले उहाँसित
मागेको कुरो मञ्जूर गरून् ।”

१८तिनले भनिन्, “तपाईंकी दासीले तपाईंको
दृष्टिमा निगाह पाओस् । तब तिनी आफ्नो
बाटो लागिन् अनि केही खाइन् र तिनको अनुहार
उदास हुन छाड्यो ।

१९भोलिपल्ट बिहानै उठेर तिनीहरूले
परमप्रभुको सामुन्ने आराधना गरे र आफ्नो घर
रामामा गए । एल्काना आफ्नी स्वास्नी हन्नासित

---

**१:११**–गन्ती ६:५

सुते र परमप्रभुले तिनलाई सम्झनुभयो ।
**२०**यसरी समयमा गर्भवती भएर हन्नाले एउटा
छोरा जन्माइन् । तिनले त्यसको नाउँ शमूएल
राखिन्, किनकि "मैले यसलाई परमप्रभुसँग
मागेकी हुँ" भनी तिनी भन्थिन् ।

### हन्नाले शमूएललाई अर्पण गरेकी

**२१**जब वार्षिक बलिदान चढ़ाउन र आफूले
गरेको भाकल पूरा गर्नलाई एल्काना आफ्ना
जम्मै परिवारसँग माथि उक्लेर गए, **२२**हन्नाचाहिँ
गइनन् । तिनले आफ्नो लोग्नेलाई भनिन्, "बालकले
दूध खान छाड़ेपछि म त्यसलाई लगेर परमप्रभुको
सामुन्ने चढ़ाउनेछु र त्यो सधैं त्यहीं रहनेछ ।"
**२३**तिनको लोग्ने एल्कानाले भने, "तिमीलाई
जे मन पर्छ त्यही गर । तिमीले त्यसलाई दूध
नछुटाएसम्म बस, खालि परमप्रभुले आफ्नो
वचन राखून् ।" यसकारण त्यस स्त्रीले आफ्नो
बालकलाई दूध नछुटाएसम्म घरमै बसेर
त्यसलाई स्याहारिन् ।
**२४**त्यसले दूध छोड़ेपछि तिनले आफ्नो
सानो बालकलाई एउटा तीन वर्षे साँढ़े र एक
एपा पीठो र एक मसक दाखमद्यको साथमा
लगेर शीलोमा परमप्रभुको भवनमा ल्याइन् ।
**२५**तिनीहरूले साँढ़ेलाई मारेपछि तिनीहरूले
बालकलाई एलीकहाँ ल्याए, **२६**अनि हन्नाले
तिनलाई भनिन्, "मेरा मालिक, तपाईं जिउनुभएझैं
साँचो रुपमा म त्यही स्त्री हुँ जो परमप्रभुकहाँ
प्रार्थना गर्दै तपाईंको छेउमा उभिएकी थिएँ ।
**२७**मैले यस बालकको निम्ति प्रार्थना गरें अनि
परमप्रभुले मैले उहाँसित मागेका कुरा मञ्जूर
गर्नुभयो । **२८**यसकारण अब म यो परमप्रभुलाई
दिन्छु । यसको सम्पूर्ण जीवनसम्मको लागि
यसलाई परमप्रभुकहाँ दिइनेछ ।" अनि तिनीहरूले
त्यहाँ परमप्रभुलाई आराधना चढ़ाए ।

### हन्नाको प्रार्थना

**२** तब हन्नाले प्रार्थना गरेर भनिन्:
"मेरो हृदय परमप्रभुमा रमाउँछ;
परमप्रभुमा मेरो शिर ठाड़ो भएको छ ।
मेरो मुखले मेरा शत्रुहरूमाथि घमण्ड
गर्छ,
किनकि म तपाईंको छुटकारामा हर्षित
हुन्छ ।
२ "परमप्रभुबाहेक पवित्र अरू कोही छैन,
तपाईंजस्तै अरू कोही छैन,
हाम्रा परमेश्वरजस्तै अरू कुनै चट्टान
छैन ।
३ "तेरो घमण्ड बन्द गर्,
अहङ्कारको वचन तेरो मुखबाट ननिकाल्,
किनकि परमप्रभु सबै कुराको ज्ञाता
हुनुहुन्छ,
अनि उहाँद्वारा नै सबै काम जोखिन्छ ।
४ "योद्धाहरूका धनुहरू भाँचिएका छन्,
तर ठेस खाएर लड़ेकाहरूले बल प्राप्त
गरेका छन् ।
५ भरिपूर्ण हुनेहरू भोजनको निम्ति
आफैलाई बेच्छन्,
तर भोकाएकाहरू फेरि भोकाउने
छैनन् ।
बाँझी स्त्रीले सात जना नानीहरू
जन्माएकी छे,
तर धेरै छोराहरूकी आमा शिथिल
हुन्छे ।
६ "परमप्रभुले मार्नुहुन्छ र जीवित पार्नुहुन्छ,
उहाँले नै चिहानमा हाल्नुहुन्छ र जीवित
पार्नुहुन्छ ।
७ परमप्रभुले दरिद्रता र धन-सम्पत्ति
पठाउनुहुन्छ;
उहाँले नम्र तुल्याउनुहुन्छ र उहाँले नै
उच्च पार्नुहुन्छ ।
८ उहाँले गरीबलाई धूलोबाट उठाउनुहुन्छ,
अनि खाँचोमा परेकाहरूलाई खरानीको
राशबाट उठाउनुहुन्छ;
उहाँले तिनीहरूलाई राजकुमारहरूसित
बसाउनुहुन्छ,

**२:१-१०**–लूका १:४६-५५.

अनि तिनीहरूलाई आदरको मुकुट
दिनुहुन्छ ।

"किनकि पृथ्वीका जगहरू परमप्रभुकै हुन्,
तीमाथि नै उहाँले पृथ्वीलाई बसाल्नुभएको
छ ।
९ उहाँले आफ्ना सन्तहरूका खुट्टाहरूलाई
सुरक्षित राख्नुहुन्छ,
तर दुष्टहरू त अन्धकारमा चूप
गराइन्छन् ।

"बलको भरमा मात्र कोही खड़ा रहन
सक्दैनन्;
१० परमप्रभुको विरोध गर्नेहरू छिन्नभिन्न
पारिनेछन्,
उहाँले तिनीहरूको विरुद्धमा स्वर्गबाट
गर्जन पठाउनुहुनेछ,
परमप्रभुले नै पृथ्वीको पल्लो छेउसम्म
इन्साफ गर्नुहुनेछ ।

"उहाँले आफ्नो राजालाई सामर्थ दिनुहुनेछ,
अनि आफ्नो अभिषिक्त जनको शिर
खड़ा गर्नुहुनेछ ।"

**११**त्यसपछि एल्काना आफ्नो घर रामामा
गए, तर त्यस बालकले एली पूजाहारीको
अधीनमा परमप्रभुको सामुन्ने सेवा गऱ्यो ।

### एलीका दुष्ट छोराहरू

**१२**एलीका छोराहरू दुष्ट मानिसहरू थिए;
परमप्रभुप्रति तिनीहरूको कुनै श्रद्धा थिएन ।
**१३**अब मानिसहरूसित पूजाहारीहरूको यस्तो
प्रथा थियो, कि जब कसैले भेटी चढ़ाउँथे र
मासु उम्लिरहेको हुन्थ्यो, पूजाहारीको नोकर
हातमा त्रिशूल लिएर आउँथ्यो । **१४**त्यसले
त्यसलाई भाँड़ामा डुबाउँथ्यो र त्यस त्रिशूलले
उठाएर ल्याएको जे जति पनि पूजाहारीले
आफ्नो निम्ति लिन्थे । शीलोमा आउने सबै
इस्राएलीहरूलाई तिनीहरूले त्यसै गर्थे ।
**१५**तर बोसो जलाइनुअघि नै पूजाहारीको
नोकर आएर बलिदान चढ़ाइरहेको मानिसलाई
भन्थ्यो, "भुट्नको लागि पूजाहारीलाई
केही मासु देऊ किनकि तिनले तिमीबाट
उसिनेको मासु होइन तर काँचो मासु मात्र
लिन्छन् ।"
**१६**यदि त्यस मानिसले त्यसलाई "पहिले
बोसो जलिसकोस् र तिमी जति चाहन्छौ त्यो
लैजाऊ" भन्यो भने त्यस नोकरले जवाफ
दिन्थ्यो, "होइन, अहिले नै देऊ । यदि तिमीले
दिएनौ भने म जबरजस्ती लिनेछु ।"
**१७**ती जवान मानिसहरूको यो पाप
परमप्रभुको दृष्टिमा अति ठूलो थियो, किनकि
तिनीहरूले परमप्रभुको भेटीप्रति तुच्छ व्यवहार
गर्थे ।
**१८**तर शमूएल त सुती कपड़ाको
एपोद लगाएर परमप्रभुको सामुन्ने सेवा गर्थे ।
**१९**प्रतिवर्ष तिनकी आमाले तिनको निम्ति एउटा
सानो लबेदा बनाएर उनी आफ्नो लोग्नेसित
वार्षिक बलिदान चढ़ाउन उक्लेर जाँदा त्यसलाई
तिनीकहाँ लगिदिन्थिन् । **२०**एलीले एल्काना र
तिनकी स्वास्नीलाई यसो भन्दै आशीर्वाद दिन्थे,
"यस स्त्रीले परमप्रभुसित छोराको निम्ति प्रार्थना
गरेर त्यसलाई परमप्रभुकहाँ दिएको सट्टामा
उहाँले तिमीलाई यस स्त्रीबाट छोराछोरीहरू
देऊन् ।" तब तिनीहरू घर जान्थे । **२१**अनि
हन्नामाथि परमप्रभु अनुग्रही हुनुभयो र उनी
गर्भवती भएर तीन छोराहरू र दुई छोरीहरू
जन्माइन् । उता बालक शमूएल परमप्रभुको
उपस्थितिमा बढ़दै गए ।
**२२**अब अति वृद्ध भइसकेका एलीले आफ्ना
छोराहरूले सारा इस्राएललाई के-के गर्थे र
भेट हुने पालको प्रवेशद्वारमा सेवा गर्ने
स्त्रीहरूसित कसरी सुत्थे भन्ने कुरा सुने ।
**२३**यसकारण तिनले उनीहरूलाई भने, "तिमीहरू
किन यस्ता काम गर्छौ ? म सबै मानिसहरूबाट
तिमीहरूका यी दुष्ट कामहरूको विषयमा
सुन्दछु । **२४**होइन मेरा छोरा हो, परमप्रभुका
मानिसहरूको बीचमा फैलिरहेको यो खबर
असल होइन । **२५**यदि कुनै मानिसले अर्को
मानिसको विरुद्धमा पाप गऱ्यो भने, परमेश्वरले
त्यसको निम्ति हस्तक्षेप गर्नुहुन्छ, तर यदि कुनै
मानिसले परमप्रभुको विरुद्धमा पाप गऱ्यो भने

कसले त्यसको पक्षमा बोलिदिने ?” तरै पनि
तिनका छोराहरूले आफ्नो बाबुको हप्काइलाई
सुनेनन्, किनकि तिनीहरूलाई मार्ने यो त
परमप्रभुकै इच्छा थियो ।

**२६**अनि बालक शमूएल आकृतिमा अनि
परमप्रभुको र मानिसको निगाहमा बढ़दै गए ।

### एलीको घरानाको विरुद्धमा अगमवाणी

**२७**परमप्रभुका एक जना दास एलीकहाँ
आएर भने, “परमप्रभु यसो भन्नुहुन्छः
‘तिमीहरूका पिता-पुर्खाहरू मिश्रमा फिरऊनको
अधीनमा हुँदा के मैले आफैलाई स्पष्ट
रुपमा तिनीहरूकहाँ प्रकट गराइन ? **२८**मैले
तिमीहरूका पुर्खालाई मेरो पूजाहारी हुन अनि
वेदीमा उक्लेर गई धूप जलाउन र मेरो
उपस्थितिमा एपोद लगाउन भनेर इस्राएलका
सबै कुलहरूबाट चुनें। मैले तिमीहरूका पुर्खाको
घरानालाई इस्राएलीहरूले आगोद्वारा चढ़ाएका
सबै भेटीहरू पनि दिएँ । **२९**तिमीहरूले मैले
मेरो वासस्थानको निम्ति ठहराएका बलिदान
र भेटीको अनादर किन गर्छौ ? मेरा मानिस
इस्राएलले चढ़ाएको प्रत्येक भेटीबाटका असल
भागहरूद्वारा आफैहरूलाई पुष्ट्याएर तैंले किन
आफ्ना छोराहरूलाई मलाई भन्दा बढ़ी आदर
गर्छस् ?’

**३०**“यसकारण परमप्रभु इस्राएलका परमेश्वर
घोषणा गर्नुहुन्छः ‘तेरो घराना र तेरा पुर्खाका
घरानाले सधैँभरि मेरो सेवा गर्नेछौ भनी मैले
प्रतिज्ञा गरें।’ तर अब परमप्रभु घोषणा गर्नुहुन्छ,
‘मबाट यो कुरा टाढ़ो रहोस् ! जसले मलाई
आदर गर्छन्, म तिनीहरूलाई आदर गर्छु तर
मेरो अनादर गर्नेहरू निन्दित नै हुनेछन् । **३१**त्यो
समय आउँदैछ जब म तेरो शक्ति र तेरा
पुर्खाको घरानाको शक्ति घटाइदिनेछु अनि
तेरो परिवारको वंशमा कोही वृद्ध मानिस
हुनेछैन, **३२**अनि तैंले मेरो बासस्थानमा पीडा
देख्नेछस् । इस्राएललाई भलो गरिए तापनि
तेरो परिवारको वंशमा चाहिँ कहिले पनि वृद्ध
मानिस हुनेछैन । **३३**मैले आफ्नो वेदीबाट अलग
नगरेका तिमीहरू प्रत्येकलाई आफ्नो आँखा
रोएर अन्धा बनाउनलाई अनि हृदय दुःखित
पार्नलाई मात्र छोड़िइनेछ, अनि तेरा सबै सन्तान
जवानीमा नै मर्नेछन् ।

**३४**“‘अनि तेरा दुई छोराहरू होप्नी र
पीनहासमाथि जे घट्नेछ त्यो तेरो निम्ति एउटा
चिन्ह हुनेछ, कि तिनीहरू दुवै एकै दिन
मर्नेछन् । **३५**म आफ्नो लागि आफै एक जना
विश्वासयोग्य पूजाहारी खड़ा गर्नेछु जसले
मेरो हृदय र मनमा भएअनुसार गर्नेछ । म
त्यसको घरानालाई दृढ़तासाथ स्थापित गर्नेछु
अनि त्यसले सदा मेरा अभिषिक्तहरूको सामुन्ने
सेवा गर्नेछ । **३६**तब तेरा घरानामा छोड़िएको
प्रत्येकले त्यसको सामुन्ने आएर एक टुक्रा
चाँदी र एक टुक्रा रोटीको निम्ति निहुरेर ‘मलाई
कुनै पूजाहारी काम दिनुहोस् र म खानलाई
रोटी पाउन सकूँ’ भनेर बिन्ती गर्नेछ ।’”

### परमप्रभुले शमूएललाई बोलाउनुभएको

**३** बालक शमूएलले एलीको अधीनमा
परमप्रभुको सामुन्ने सेवा गर्थे । त्यस बेला
परमप्रभुको वचन कम्ती नै थियो अनि दर्शनहरू
पनि धेरै थिएनन् ।

**२**एक रात, आँखा धमिलो भएर देख्न पनि
राम्रो नसक्ने एली आफ्नो सधैँको ठाउँमा
ढल्किरहेका थिए। **३**परमप्रभुको बत्ती निभिसकेको
पनि थिएन अनि शमूएलचाहिँ मन्दिरभित्र
परमेश्वरको सन्दूक भएको ठाउँमा ढल्किरहेका
थिए । **४**त्यस बेला परमप्रभुले शमूएललाई
बोलाउनुभयो ।

शमूएलले जवाफ दिए, “म यहाँ छु ।”

**५**अनि तिनी एलीकहाँ दौडेर गए अनि भने,
“तपाईंले मलाई बेलाउनुभयो; म यहाँ छु ।”

तर एलीले भने, “मैले तिमीलाई बोलाइनँ,
फर्किगएर सुत ।” यसकारण तिनी गए अनि
सुते ।

**६**फेरि पनि परमप्रभुले “शमूएल !” भनेर

---

**२:२६**–लूका २:५२. **२:२८**–प्रस्थान २८:१-४; लेवी ७:३५-३६. **२:३४**–१ शमूएल ४:११.

बोलाउनुभयो । अनि शमूएल उठेर एलीकहाँ
गए र भने, “तपाईंले मलाई बोलाउनुभयो; म
यहाँ छु ।”
एलीले भने, “मेरो छोरा, मैले तिमीलाई
बोलाइनँ, फर्किगएर सुत ।”
**७**शमूएलले चाहिँ परमप्रभुलाई चिनेकै
थिएनन्: परमप्रभुको वचन तिनमा प्रकट भएकै
थिएन ।
**८**परमप्रभुले शमूएललाई तेस्रोपल्ट
बोलाउनुभयो अनि शमूएल उठेर एलीकहाँ गएर
भने, “तपाईंले मलाई बोलाउनुभयो; म यहाँ
छु ।”
तब परमप्रभुले त्यस केटोलाई बोलाउनुभएको
एलीले थाहा गरे । **९**यसकारण एलीले
शमूएललाई भने, “गएर ढल्किबस, अनि यदि
उहाँले तिमीलाई बोलाउनुभयो भने, ‘भन्नुहोस्
परमप्रभु, तपाईंको दासले सुन्दैछ’ भन्नू ।
यसकारण शमूएल गएर आफ्नो ठाउँमा ढल्के ।
**१०**परमप्रभु त्यहाँ आएर उभिनुभयो अनि
पहिलेझैँ बोलाउनुभयो, “शमूएल ! शमूएल !”
तब शमूएलले भने, “भन्नुहोस्, किनकि
तपाईंको दासले सुन्दैछ ।”
**११**अनि परमप्रभुले शमूएललाई भन्नुभयो:
“हेर, मैले इस्राएलमा केही गर्न लागेको छु
जसलाई सुन्नेहरूको कान झन्कनेछ । **१२**त्यस
बेला मैले एली र त्यसको परिवारको विरुद्धमा
भनेको प्रत्येक कुरा, अर्थात् शुरूदेखि
आखिरसम्म गर्नेछु । **१३**किनकि म त्यसको
परिवारलाई त्यसले जानेको पापको कारण इन्साफ
गर्नेछु भनी त्यसलाई थाहा थियो । त्यसका
छोराहरूले आफैलाई नीच तुल्याए अनि त्यसले
तिनीहरूलाई रोक्न सकेन । **१४**यसकारण एलीको
घरानाको विरुद्धमा ‘एलीको घरानाको अपराधको
प्रायश्चित बलिदान अथवा भेटीद्वारा कहिले
पनि हुनेछैन’ भनी मैले शपथ खाएँ ।
**१५**शमूएल बिहानसम्मै सुतिरहे । अनि
त्यसपछि परमप्रभुको भवनका ढोकाहरू
खोले । तिनी एलीलाई दर्शनबारे बताउन
डराएका थिए, **१६**तर एलीले तिनलाई बोलाएर
भने, “शमूएल, मेरो छोरा ।”
शमूएलले जवाफ दिए, “म यहाँ छु ।”
**१७**एलीले सोधे, “उहाँले तिमीलाई के
भन्नुभयो ? यसलाई मसित नलुकाऊ । उहाँले
तिमीलाई भन्नुभएको कुनै पनि कुरा तिमीले
मसित लुकायौ भने उहाँले तिमीसित कठोर
व्यवहार गरून् ।” **१८**यसकारण शमूएलले
तिनीसित केही नलुकाई तिनलाई भनिदिए ।
तब एलीले भने, “उहाँ परमप्रभु हुनुहुन्छ,
उहाँलाई आफ्नो दृष्टिमा जे असल लाग्छ त्यही
गरून् ।
**१९**शमूएल जसै बढ़दै गए, परमप्रभु
तिनीसित हुनुहुन्थ्यो, अनि तिनले उहाँको एउटै
वचन पनि व्यर्थै फालेनन् । **२०**अनि दानदेखि
बेर्शेबासम्मका इस्राएलले शमूएललाई परमप्रभुका
अगमवक्ता हुन् भनी मान्यता दिए । **२१**परमप्रभु
शीलोमा देखा परिरहनुभयो र त्यहाँ उहाँ
शमूएलसित वचनद्वारा प्रकट हुनुभयो ।
**४** अनि शमूएलको वचन इस्राएलभरि नै
आयो ।

### पलिश्तीहरूले सन्दूक खोसेका

अब इस्राएलीहरू पलिश्तीहरूसित लड़ाइँ
गर्न निस्के । इस्राएलीहरूले एबेन-एजेरमा र
पलिश्तीहरूले चाहिँ अपेकमा छाउनी हाले ।
**२**पलिश्तीहरूले आफ्नो सेनालाई इस्राएलीहरूको
सामना गर्नलाई खटाए अनि लड़ाइँ फैलिँदै
जाँदा इस्राएललाई पलिश्तीहरूले जिते र
तिनीहरूले लड़ाइँको मैदानमा उनीहरूका चार
हजार जतिलाई मारे । **३**योद्धाहरू छाउनीमा
फर्केपछि इस्राएलका धर्म-गुरुहरूले सोधे,
“परमप्रभुले किन हामीमाथि पलिश्तीहरूको
सामुन्ने हार ल्याउनुभयो ? हामी शीलोबाट
परमप्रभुको करारको सन्दूक ल्याउँ र हामीसित
गएर यसले हामीलाई आफ्ना शत्रुहरूबाट
बचाओस् ।”
**४**यसकारण, तिनीहरूले शीलोमा मानिसहरू

---

**४:४**–प्रस्थान २५:२२.

पठाए अनि तिनीहरूले करूबहरूको बीचमा
सिंहासनमा विराजमान् हुनुहुने सर्वशक्तिमान्
परमप्रभुको करारको सन्दूक फर्काएर ल्याए।
अनि एलीका दुई छोराहरू होप्नी र पीनहास
त्यहाँ परमेश्वरको करारको सन्दूकसित थिए।
५परमप्रभुको करारको सन्दूक छाउनीमा
आएपछि सारा इस्राएलीहरू जमिन नै
काँप्नेगरी जोरले चिच्च्याए। ६त्यो हल्ला सुनेर
पलिश्तीहरूले सोधे, "हिब्रूहरूको छाउनीमा
भएको यो चर्को सोर के हो ?"
परमप्रभुको सन्दूक छाउनीमा आएको छ
भनी तिनीहरूले जानेपछि, ७पलिश्तीहरू
डराए । तिनीहरूले भने, "त्यस छाउनीभित्र
एउटा देवता आएको छ। हामी संकष्टमा छौं !
यस्तो त पहिले भएको थिएन । ८हाय !
हामीलाई यी पराक्रमी देवताहरूका हातबाट
कसले छुटाउने ? तिनीहरू त्यही देवताहरू
हुन् जुनहरूले मिश्रीहरूलाई उजाड़-स्थानमा
धेरै किसिमका विपत्तिहरूले प्रहार गरेका
थिए। ९पलिश्ती हो, बलिया होओ ! मर्दहरूझैँ
होओ, नत्रता तिनीहरू हिब्रूहरूको अधीनमा
भएझैँ तिमीहरू तिनीहरूको अधीनमा हुनेछौ।
मर्दहरूझैँ भएर लड़ाइँ गर !"
१०यसकारण पलिश्तीहरूले युद्ध गरे अनि
इस्राएलीहरू हारेर प्रत्येक मानिस आफ्नो
छाउनीमा भागे, प्रचण्ड मारकाट भयो अनि
इस्राएलीहरूले तीस हजार पैदल-सेना गुमाए।
११परमप्रभुको सन्दूक खोसियो र एलीका दुई
छोराहरू, होप्नी र पीनहास मरे ।

## एलीको मृत्यु

१२त्यही दिन एक जना बेन्यामीनी लड़ाइँको
मुखबाट दौड़ेर शीलोमा गयो र त्यसको लुगा
फाटेको थियो अनि शिरमा धूलो थियो। १३त्यो
आइपुग्दा त्यहाँ एलीचाहिँ हृदयमा परमेश्वरको
करारको सन्दूकको डर लिएर विचार गर्दै
बाटोको छेउमा आफ्नो कुर्सीमाथि बसिरहेका
थिए । शहरभित्र पसेर त्यस मानिसले के
भएको थियो भनेपछि सारा शहरमा खैलाबैला
मच्चियो ।
१४एलीले त्यो बिलौना सुने र सोधे, "यो
खैलाबैलाको अर्थ के हो ?"
त्यो मानिस एलीकहाँ चाँड़ो गरी गयो,
१५एलीचाहिँ अन्ठानब्बे वर्ष पुगेका अनि आँखा
पनि नदेख्ने भएका थिए । १६त्यसले एलीलाई
भन्यो, "म लड़ाइँको मुखैबाट भर्खरै मात्र आएको
छु । म आजै त्यहाँबाट भागेको हुँ ।"
एलीले सोधे, "मेरो छोरा, के भयो ?"
१७समाचार ल्याउने त्यस मानिसले जवाफ
दिए, "इस्राएल पलिश्तीहरूको सामुन्नेबाट भाग्यो
र फौजले ठूलो नोक्सानी भोगेको छ। तपाईंका
दुई छोराहरू होप्नी र पीनहास मरे अनि
परमेश्वरको करारको सन्दूक पनि खोसियो ।"
१८जब त्यसले परमेश्वरको करारको
सन्दूकको उल्लेख गर्‍यो, एली ढोकाको छेउमा
आफ्नो कुर्सीबाट पछिल्तिर पछारिए । तिनको
मुण्टो भाँचिएर तिनी मरे, किनकि तिनी वृद्ध र
ठूलो शरीर भएका मानिस थिए। तिनी चालीस
वर्षसम्म इस्राएलका अगुवा भएका थिए ।
१९तिनकी बुहारी, अर्थात् पीनहासकी पत्नी
गर्भवती थिइन् अनि उनको प्रसुतीको समय
नजीकै थियो । जब तिनले परमेश्वरको
करारको सन्दूक खोसिएको र आफ्ना ससुरा र
लोग्ने मरेका सुनिन् तिनको प्रसुतीकाल आइपुग्यो
र तिनले बालक जन्माइन्, तर तिनलाई
प्रसववेदनाले साह्रो पार्‍यो। २०तिनी मर्नै लाग्दा
तिनलाई स्याहार्ने स्त्रीहरूले भने, "तिमी
निराश नहोऊ, तिमीले एउटा छोरा जन्माएकी
छौ।" तर तिनले केही जवाफ दिइनन् र ध्यानै
पनि दिइनन् ।
२१तिनले यसो भनेर त्यसको नाउँ 'इकाबोद'
राखिन्, "इस्राएलबाट महिमा उठाइयो", किनकि
परमेश्वरको सन्दूक खोसिएको अनि तिनका
ससुरा र लोग्ने मरेका थिए । २२तिनले
भनिन्, "इस्राएलबाट महिमा हट्यो, किनकि
परमेश्वरको सन्दूक खोसियो ।"

## अश्दोद र एक्रोनमा सन्दूक

५ पलिश्तीहरूले परमेश्वरको सन्दूक कब्जा
गरेपछि तिनीहरूले त्यसलाई एबेन-

एजेरबाट अश्दोदमा लगे । २तब तिनीहरूले
सन्दूकलाई दागोनको मन्दिरमा लगे र त्यसलाई
दागोनको छेउमा स्थापित गरे । ३भोलिपल्ट
अश्दोदका मानिसहरू बिहानै उठ्दा परमप्रभुको
सन्दूकको सामुन्ने दागोन घोप्टो परेर लड़िराखेको
थियो ! तिनीहरूले त्यसलाई उठाएर फेरि त्यसकै
ठाउँमा राखे । ४तर भोलिपल्ट तिनीहरू उठ्दा
दागोन परमप्रभुको सन्दूकको सामुन्ने घोप्टो
परेर लड़िराखेको थियो ! त्यसका शिर र हातहरू
तोड़िएर संघारमा लड़िराखेको थियो अनि
त्यसको शरीर मात्र रहेको थियो । ५यसैकारण
आजको दिनसम्म अश्दोदमा भएको दागोनको
मन्दिरमा पस्ने दागोनका पूजाहारीहरू अथवा
अरूहरूले संघारमा टेक्दैनन् ।

६अश्दोद र त्यसका छेउछाउमा भएका
मानिसहरूमाथि परमप्रभुको बाहुलीको भार
पर्‍यो; उहाँले तिनीहरूमाथि विपत्ति पठाउनुभयो
र तिनीहरूलाई गिर्खाले सताउनुभयो । उनीहरूका
इलाकामा हूलका हूल मूसाहरू निस्के, अनि
उनीहरूका शहरभरि नै मृत्यु र विनाश छायो ।
७जे भइरहेको छ त्यो अश्दोदका मानिसहरूले
देखेर तिनीहरूले भने, "इस्राएलको देवताको
सन्दूक यहाँ हामीसित राख्नुहुँदैन, किनकि उहाँको
बाहुलीको भार हामीमाथि अनि हाम्रो देवता
दागोनमाथि परेको छ ।" ८यसकारण तिनीहरूले
पलिश्तीहरूका सबै शासकहरूलाई बोलाए र
तिनीहरूलाई सोधे, "हामीले इस्राएलका देवताको
सन्दूकलाई के गर्ने ?"

तिनीहरूले जवाफ दिए, "इस्राएलको देवताको
सन्दूकलाई गातमा पठाइदेऊ ।" यसकारण
तिनीहरूले परमेश्वरको सन्दूकलाई सारिदिए ।
९तर तिनीहरूले त्यसलाई सारेपछि परमप्रभुको
बाहुली त्यस शहरको विरुद्धमा उठ्यो र
तिनीहरूमा आतङ्क छायो । उहाँले त्यस शहरका
मानिसहरू, अर्थात् जवान र वृद्ध दुवैमाथि
गिर्खाहरू पठाइदिनुभयो । १०यसकारण, तिनीहरूले
परमेश्वरको सन्दूकलाई एक्रोनमा पठाइदिए ।

परमेश्वरको सन्दूक एक्रोनमा प्रवेश
गरिरहेको बेला एक्रोनका मानिसहरू यसो
भनेर कराए, "तिनीहरूले हामीलाई र हाम्रा
मानिसहरूलाई मार्नलाई इस्राएलको देवताको
सन्दूक हामीकहाँ ल्याएका छन् ।" ११यसकारण
तिनीहरूले पलिश्तीहरूका सबै शासकहरूलाई
एकसाथ बोलाएर भने, "इस्राएलको देवताको
सन्दूक पठाइदेऊ । यो आफ्नै ठाउँमा
फर्केर जाओस्, नत्रता यसले हामी र हाम्रा
मानिसहरूलाई मार्नेछ ।" मृत्युको कारण शहर
आतङ्कले भरिएको थियो; परमेश्वरको बाहुलीको
भार त्यसमाथि परेको थियो । १२नमर्नेहरूलाई
चाहिँ गिर्खाले सताएको थियो र शहरको
रूवाबासी स्वर्गसम्मै पुग्यो ।

## सन्दूक इस्राएलमा फर्काइयो

६ परमप्रभुको सन्दूक पलिश्ती प्रान्तमा
सात महिनासम्म रहँदा, २पलिश्तीहरूले
पूजाहारीहरू र जोखना हेर्नेहरूलाई बोलाइपठाएर
भने, "हामीले परमप्रभुको सन्दूकलाई के
गर्ने ? हामीलाई भन्नुहोस्, हामीले यसलाई
यसको आफ्नै ठाउँमा कसरी पठाउने ?"

३तिनीहरूले जवाफ दिए, "यदि तिमीहरूले
इस्राएलको देवताको सन्दूक पठायौ भने यसलाई
खाली नपठाऊ र कुनै हालतमा पनि उहाँकहाँ
एउटा दोषबलि पठाऊ । तब तिमीहरू निको
हुनेछौ र उहाँको हात तिमीहरूबाट किन उठेको
छैन भनी तिमीहरूले जान्नेछौ ।"

४पलिश्तीहरूले सोधे, "हामी उहाँलाई के
दोषबलि पठाऊँ ?"

तिनीहरूले जवाफ दिए, "पलिश्तीहरूका
शासकहरूको सङ्ख्याअनुसार सुनका पाँचओटा
गिर्खाहरू र सुनका पाँचओटा मुसाहरू किनकि
यी विपत्तिहरूले नै तिमीहरू र तिमीहरूका
शासकहरूलाई प्रहार गरेका थिए । ५देशलाई
नष्ट गरिरहेका गिर्खाहरू र मुसाहरूका नमूना
बनाएर इस्राएलको देवताको सम्मान गर ।
शायद उहाँले तिमीहरूबाट र तिमीहरूका
देवताहरूबाट अनि तिमीहरूको देशबाट आफ्ना
हात उठाउनुहुन्छ होला । ६तिमीहरू मिश्रीहरू
र फिरऊनले गरेझैं किन आफ्नो हृदय कठोर
पार्छौ ? उहाँले तिनीहरूसित कठोर व्यवहार
गर्नुहुँदा के तिनीहरूले इस्राएलीहरूलाई आफ्नो

बाटो लागून् भनेर जान दिएनन् ?
**७**त्यसोभए अब कहिल्यै जुवा नपरेका
दुईओटा दुहुना गाईहरूसित एउटा नयाँ गाड़ा
तयार पार। ती गाईहरूलाई गाड़ामा नार्नू तर
बाछाहरूलाई चाहिँ लगेर गोठमा राख्नू ।
**८**परमप्रभुको सन्दूकलाई लगेर गाड़ामा राख्नू
र त्यसको छेउमा एउटा कन्तुरमा तिमीहरूले
उहाँलाई दोषबलिस्वरुप पठाउन लागेका सुनका
ती सामग्रीहरू हाल्नू। त्यसलाई त्यसको बाटोतिर
पठाउनू, **९**तर त्यसमाथि नजर लगाइराख्नू ।
यदि त्यो बेथ-शेमेसतिर त्यसको आफ्नै प्रान्ततिर
गयो भने यो विपत्ति हामीमाथि परमप्रभुले नै
ल्याउनुभएको रहेछ। तर यदि त्यो त्यता गएन
भने हामीलाई उहाँको हातले प्रहार गरेको
होइन तर हामीमाथि त्यो घटना संयोगवश
भएको रहेछ ।”
**१०**यसकारण तिनीहरूले त्यसै गरे ।
तिनीहरूले त्यस्तै दुईओटा गाईहरू ल्याएर
गाड़ामा नारे अनि तिनीहरूका बाछाहरूलाई
चाहिँ थुनिदिए । **११**तिनीहरूले परमप्रभुको
सन्दूकलाई गाड़ामाथि राखे अनि सुनका मुसा
र गिर्खाहरूका नमूनाहरू भएको कन्तुर पनि
त्यसको छेवैमा राखिदिए। **१२**तब ती गाईहरू
मन्द गतिले बाटो लाग्दै सीधै बेथ-शेमेसतिर
लागे; तिनीहरू दाहिने अथवा देब्रेतिर लागेनन्।
पलिश्तीहरूका शासकहरूले तिनीहरूलाई बेथ-
शेमेसको सिमानासम्मै पछ्याए ।
**१३**अब बेथ-शेमेसका मानिसहरूचाहिँ
भञ्ज्याङमा गहूँ काटिरहेका थिए र तिनीहरूले
माथि हेरेर सन्दूकलाई देखे तब तिनीहरू त्यो
देखेर रमाए । **१४**त्यो गाड़ा बेथ-शेमेसको
यहोशूको खेतमा आयो र त्यहाँ एउटा ठूलो
पहराको छेउमा रोकियो । ती मानिसहरूले
त्यस गाड़ाका काठहरू काटे र ती गाईहरूलाई
चाहिँ परमप्रभुको निम्ति होमबलिस्वरुप बलिदान
गरे। **१५**लेवीहरूले परमप्रभुको सन्दूक ती सुनका
चीजहरू भएको कन्तुरसित झारे र तिनीहरूलाई
त्यस ठूलो पहरामाथि राखे। त्यस दिन बेथ-
शेमेसका मानिसहरूले परमप्रभुकहाँ होमबलि
र बलिदानहरू चढ़ाए। **१६**पलिश्तीहरूका पाँच
जना शासकहरूले यी सबै देखे र त्यही दिन
एक्रोनमा फर्के ।
**१७**पलिश्तीहरूले परमप्रभुको निम्ति
दोषबलिस्वरुप पठाएका सुनका गिर्खाहरू यिनै
थिए– अश्दोद, गाजा, अश्कलोन, गात र
एक्रोनको निम्ति एउटा एउटा थियो । **१८**अनि
सुनका मुसाहरूको सङ्ख्याचाहिँ पाँच जना
शासकहरूका सुरक्षित शहरहरू र त्यसका
गाउँहरूको सङ्ख्याअनुसार थिए । तिनीहरूले
परमप्रभुको सन्दूक राखेको त्यो ठूलो पहराचाहिँ
आजसम्म बेथ-शेमेसको यहोशूको खेतमा
साक्षीस्वरुप छँदैछ ।
**१९**तर बेथ-शेमेसका मानिसहरूले सन्दूकभित्र
हेरेको हुनाले परमेश्वरले तिनीहरूमध्ये कतिलाई,
अर्थात् सत्तरी जनालाई प्रहार गरेर मारिदिनुभयो।
तिनीहरूमाथि परमप्रभुले गम्भीर रुपले प्रहार
गर्नुभएकोले ती मानिसहरू शोकित भए, **२०**अनि
बेथ-शेमेसका मानिसहरूले सोधे, “यस्ता पवित्र
परमेश्वरको सामुन्ने को खड़ा रहन सक्ला ?
अब यो सन्दूक यहाँबाट कसकहाँ जानेछ ?”
**२१**तब तिनीहरूले किर्यात यारीमका
मानिसहरूकहाँ दूतहरू पठाएर भने,
“पलिश्तीहरूले परमप्रभुको करारको सन्दूक
फर्काइदिएका छन् । तल झरेर यसलाई
तिमीहरूको ठाउँमा लैजाऊ ।”
**७** यसकारण किर्यात-यारीमका मानिसहरू
आए र परमप्रभुको सन्दूक माथि लगे ।
तिनीहरूले त्यसलाई डाँड़ामा भएको
अबीनादाबको घरमा लगे अनि तिनको छोरा
एलाजारलाई परमप्रभुको सन्दूकको सुरक्षाको
निम्ति पवित्र गरे ।

### शमूएलले मिस्पामा पलिश्तीहरूलाई अधीनमा ल्याएका

**२**किर्यात-यारीममा सन्दूक रहेको बाईस
वर्षको लामो समय भएको थियो र इस्राएलका

**७:१**–२ शमूएल ६:२-४; १ इतिहास १३:५-७.

सारा मानिसहरूले विलाप गरेर परमप्रभुको
खोजी गरे । ३अनि शमूएलले इस्राएलका सम्पूर्ण
घरानालाई भने, “यदि तिमीहरू आफ्ना सम्पूर्ण
हृदयले परमप्रभुकहाँ फर्किरहेका छौ भने,
तिमीहरूले परदेशी देवताहरू र अश्तारोतलाई
त्यागिदेऊ अनि आफैलाई परमप्रभुकहाँ
समर्पण गरेर उहाँको मात्र सेवा गर र
उहाँले तिमीहरूलाई पलिश्तीहरूको हातबाट
छुटाउनुहुनेछ ।” ४यसकारण इस्राएलीहरूले
आफ्ना बालहरू र अश्तारोतहरूलाई
निकालिदिए, अनि परमप्रभुको मात्र सेवा गरे ।
५तब शमूएलले भने, “सारा इस्राएल
मिस्पामा भेला होओ र म तिमीहरूको निम्ति
परमप्रभुसित अन्तरबिन्ती गर्नेछु ।” ६तिनीहरू
मिस्पामा भेला भएपछि तिनीहरूले पानी उघाएर
परमप्रभुको सामुन्ने खन्याइदिए । त्यस दिन
तिनीहरू उपवास बसे र त्यहाँ “हामीले परमप्रभुको
विरुद्धमा पाप गरेका छौं” भनेर स्वीकार गरे ।
अनि शमूएल मिस्पामा इस्राएलको अगुवा भए ।
७पलिश्तीहरूले इस्राएल मिस्पामा भेला
भएका छन् भनी सुनेपछि पलिश्तीहरूका
शासकहरू तिनीहरूमाथि आक्रमण गर्न आए ।
अनि जब इस्राएलीहरूले यो सुने, तिनीहरू
पलिश्तीहरूको कारण डराए । ८तिनीहरूले
शमूएललाई भने, “परमप्रभु हाम्रा परमेश्वरकहाँ
हाम्रो निम्ति पुकारा गर्न नछाड्नुहोस् र उहाँले
हामीलाई पलिश्तीहरूका हातबाट छुटाऊन् ।”
९तब शमूएलले दूध खाँदैगरेको एउटा पाठो लिएर
त्यसलाई परमप्रभुकहाँ सम्पूर्ण होमबलिस्वरुप
चढ़ाए । तिनले इस्राएलको पक्षमा परमप्रभुकहाँ
पुकारा गरे र परमप्रभुले तिनलाई जवाफ
दिनुभयो ।
१०शमूएलले होमबलि चढ़ाइरहेको बेला
पलिश्तीहरू इस्राएलसित लड़ाइँ गर्न नजीक
आए । तर त्यस दिन परमप्रभु पलिश्तीहरूको
विरुद्धमा जोरसित गर्जनुभयो र तिनीहरू अति
आतङ्कित भएर तिनीहरू इस्राएलीहरूको सामुन्ने
नाश भए । ११इस्राएलका मानिसहरू मिस्पामा
दौडेर आए र पलिश्तीहरूको पछि लागेर
तिनीहरूलाई मार्दै बेथ-कर भन्ने ठाउँको
मुन्तिरसम्म गए ।
१२तब शमूएलले एउटा ढुङ्गा लिएर त्यसलाई
मिस्पा र शेन्को बीचमा खड़ा गरे । तिनले
त्यसलाई “परमप्रभुले हामीलाई यहाँसम्म
सहायता गर्नुभएको छ” भनेर त्यसको
नाउँ एबेन-एजेर राखे । १३यसरी पलिश्तीहरू
अधीनमा आए र तिनीहरूले फेरि इस्राएली
प्रान्तमाथि आक्रमण गरेनन् ।
शमूएलको जीवनकालभरि नै परमप्रभुको
हात पलिश्तीहरूको विरुद्धमा रह्यो ।
१४एक्रोनदेखि गातसम्म इस्राएलबाट पलिश्तीहरूले
खोसेका शहरहरू इस्राएललाई फर्काइदिए
र इस्राएलले छेउछाउका प्रान्तहरूलाई
पलिश्तीहरूका शक्तिबाट छुटाए । अनि इस्राएल
र एमोरीहरूको बीचमा मिलाप भयो ।
१५शमूएल आफ्नो जीवनकालभरि नै
इस्राएलमाथि न्यायकर्ता भइरहे । १६बर्षैपिच्छे
तिनी बेथेलदेखि मिस्पासम्म र त्यहाँबाट
गिलगालसम्म ती सबै ठाउँहरूमा इस्राएलमाथि
न्याय गर्दै डुल्थे । १७तर तिनी सधैँ आफ्नो घर
रामामा फर्कन्थे र तिनले त्यहाँ पनि इस्राएलमाथि
न्याय गर्थे । अनि तिनले त्यहाँ परमप्रभुको
निम्ति एउटा वेदी बनाए ।

## इस्राएलले राजा मागेको

८ शमूएल वृद्ध भएपछि तिनले आफ्ना
छोराहरूलाई इस्राएलमाथि न्यायकर्ता
नियुक्त गरे । २तिनको जेठा छोराको नाउँ
योएल र माहिलाको नाउँ अबियाह थियो, अनि
तिनीहरूले बेर्शेबामा सेवा गर्थे । ३तर तिनका
छोराहरू तिनको मार्गमा हिँड़ेनन् । तिनीहरू
बेठीकसित पैसा कमाउनुतिर लागे र घूस लिएर
न्याय बिगार्न थाले ।
४यसकारण इस्राएलका सारा धर्मगुरुहरू
एकसाथ भेला भएर शमूएलकहाँ रामामा
आए । ५तिनीहरूले तिनलाई भने, “तपाईं वृद्ध

**८:५**–व्यवस्था १७:१४.

हुनुभएको छ र तपाईंका छोराहरू तपाईंको
मार्गमा हिँड़दैनन्; अब अरू जातिहरूसित भएझैँ
हामीलाई डोऱ्याउनलाई एउटा राजा नियुक्त
गर्नुहोस् ।"
**६**तर जब तिनीहरूले "हामीलाई
डोऱ्याउनलाई एउटा राजा हामीलाई दिनुहोस्
भने, शमूएल दु:खी भएर तिनले परमप्रभुसित
प्रार्थना गरे । **७**अनि परमप्रभुले शमूएललाई
भन्नुभयो, "ती मानिसहरूले तँलाई भनेका
सबै कुराहरू सुन्: तिनीहरूले तँलाई इन्कार
गरेका होइनन्, तर तिनीहरूले मलाई नै
तिनीहरूका राजाको रुपमा इन्कार गरेका
हुन् । **८**मैले तिनीहरूलाई मिश्रबाट ल्याएको
देखि आजको दिनसम्म तिनीहरूले मलाई त्यागेर
अरू देवताहरूको सेवा गरेझैँ तिनीहरूले तँसित
पनि गरिरहेका छन् । **९**अहिले तिनीहरूको
कुरा सुन्; तर तिनीहरूमाथि शासन गर्ने
राजाले तिनीहरूलाई के गर्नेछ भनी तिनीहरूलाई
चेतावनी दे ।"
**१०**यसकारण शमूएलले ती राजा माग्ने
मानिसहरूलाई परमप्रभुका सबै वचनहरू
भनिदिए । **११**तिनले भने, "तिमीहरूमाथि शासन
गर्ने राजाले यही गर्नेछन्: तिनले तिमीहरूका
छोराहरू लिनेछन् र तिनीहरूलाई आफ्ना
रथहरू र घोड़ाहरूसित सेवा गर्न लाउनेछन्
र तिनीहरू उनका रथहरूको अगि दगुर्नेछन् ।
**१२**कतिलाई चाहिँ तिनले हजारमाथि र कतिलाई
चाहिँ पचासमाथि कप्तान बनाउनेछन्, अनि
कतिलाई चाहिँ तिनको जमिन जोत्ने र कटनी
गर्नेहरू बनाउनेछन् अनि अझ अरूलाई चाहिँ
लड़ाइँका हतियारहरू र तिनका रथहरूका
सरसामानहरू बनाउन लाउनेछन् । **१३**तिनले
तिमीहरूका छोरीहरूलाई अत्तर बनाउने र
भोजन अनि रोटी पकाउने बनाउनेछन् । **१४**तिनले
तिमीहरूका खेतहरू र दाखबारीहरू अनि
भद्राक्षबारीबाट सबैभन्दा असल कुराहरू लिएर
आफ्ना नोकर-चाकरहरूलाई दिनेछन् । **१५**तिनीले
तिमीहरूको अन्नको र दाखबारीको दशांश
लिएर ती आफ्ना अधिकृतहरू र नोकर-
चाकरहरूलाई दिनेछन् । **१६**तिमीहरूका कमारा-
कमारीहरू र तिमीहरूका उत्तम गाईवस्तु अनि
गधाहरूलाई तिनले आफ्नै प्रयोगको निम्ति
लिनेछन् । **१७**तिनले तिमीहरूका बगालको
दशांश लिनेछन् र तिमीहरू आफै पनि तिनका
कमारा-कमारीहरू हुनेछौ । **१८**त्यो दिन आउँदा
तिमीहरू आफैले चुनेका राजाबाट छुटकारा
पाउनलाई तिमीहरूले पुकारा गर्नेछौ र त्यस
दिन परमप्रभुले कदापि जवाफ दिनुहुनेछैन ।"
**१९**तर मानिसहरूले शमूएलको कुरा सुन्न
इन्कार गरे । तिनीहरूले भने, "होइन ! हामी
त आफैमाथि एउटा राजा चाहन्छौं । **२०**तब
हामी अरू जातिहरूझैँ हुनेछौं र हामीलाई
डोऱ्याउन अनि हाम्रो सामुन्ने गएर हाम्रा युद्धहरू
लड़नलाई हाम्रो पनि राजा हुनेछन् ।"
**२१**शमूएलले ती मानिसहरूले भनेका सबै
सुनेपछि तिनले त्यसलाई परमप्रभुको सामुन्ने
दोहोऱ्याइदिए । **२२**परमप्रभुले जवाफ दिनुभयो,
"तिनीहरूको कुरा सुन्नू र तिनीहरूलाई एउटा
राजा दिनू ।"
तब शमूएलले इस्राएलका मानिसहरूलाई
भने, "प्रत्येक आफ्नो-आफ्नो घरमा जाओ ।"

**शमूएलले शाऊललाई अभिषेक गरेका**

**९** बेन्यामीनका कुलका एक मान्य मानिस
थिए, जसको नाउँ कीश थियो, जो
अबीएलका छोरा थिए, जो जरोरका छोरा थिए,
जो बकोरतको छोरा थिए, जो बेन्यामीनका
ओपीहको छोरा थिए । **२**उनको शाऊल नाउँ
भएको एक जना छोरा थिए, जो आकर्षक थिए
र इस्राएलमा तिनको बराबर कोही थिएन,
अर्थात् जो कोही पनि उँचाइमा तिनको कुमसम्म
मात्र पुग्थे ।
**३**शाऊलको बाबु कीशका गधाहरू हराएका
थिए र कीशले आफ्ना छोरा शाऊललाई भने,
"एक जना चाकरलाई लिएर ती गधाहरूलाई
खोज्न जानू ।" **४**यसकारण तिनी एप्रेमको
पहाड़ी मुलुक र शलीशाको छेउछाउ भएर
गए, तिनीहरूले भेट्टाएनन् । तिनीहरू अगि बढ़ेर
शालीमका जिल्ला हुँदो गए, त्यहाँ पनि ती
गधाहरू थिएनन् । तब तिनी बेन्यामीनको प्रान्त

भएर गए तर पनि भेट्टाएनन् ।
५जब तिनीहरू सूपको जिल्लामा पुगे,
शाऊलले आफूसित भएको चाकरलाई भने,
“हामी फर्कौं, नत्रता मेरो बाबुले गधाहरूको
विषयमा सोच्न छाड़ेर हाम्रो लागि चिन्ता गर्न
लाग्नुहुनेछ ।”
६तर त्यस चाकरले जवाफ दियो, “हेर्नुहोस्,
यस शहरमा एक जना परमेश्वरका जन छन्;
जो अति आदरणीय छन् र तिनले भनेका जुनै
कुरा पनि पुग्छ । अहिले हामी त्यहाँ जाऊँ ।
शायद तिनले हामीलाई कुन बाटो जाने भनी
बताइदेलान् ।”
७शाऊलले आफ्नो चाकरलाई भने, “यदि
हामी गयौं भने हामी त्यस मानिसलाई के दिन
सक्छौं ? हाम्रा थैलाहरूमा भएका खाने कुरा
सकिएको छ । परमप्रभुको जनकहाँ लैजाने
कुनै उपहार पनि हामीसित छैन । हामीसित के
छ र ?”
८त्यस चाकरले तिनलाई फेरि जवाफ दिए,
“मसित चाँदीको चौथाइ शेकेल छ । म
परमेश्वरको जनलाई त्यो दिनेछु र तिनले हामीलाई
कुन बाटो जाने भनी बताउनेछन् । ९(त्यस
बेला इस्राएलमा कोही मानिस परमेश्वरसित
केही सोध्न जान परे “हामी दर्शीकहाँ जाऔं”
भन्थे, किनकि अचेलका अगमवक्तालाई दर्शी
भनिने चलन थियो ।)
१०शाऊलले आफ्नो चाकरलाई भने, “बेस,
लौ हामी जाऔं ।” यसकारण तिनीहरू
परमप्रभुको जन भएको शहरतिर लागे ।
११तिनीहरू जसै त्यस शहरमा जानलाई
डाँड़ामा उक्लिरहेका थिए, तिनीहरूले पानी
भर्न आइरहेका केही केटीहरूलाई भेटे र
तिनीहरूले उनीहरूलाई “के दर्शी घरै
हुनुहुन्छ ?” भनी सोधे ।
१२तिनीहरूले भने, “हुनुहुन्छ । उहाँ
तपाईंहरूभन्दा अगि जाँदैहुनुहुन्छ । अब चाँड़ो
गर्नुहोस्, किनकि यहाँका मानिसहरूले डाँड़ामा
बलिदान गरेकाले उहाँ आज हाम्रो शहरमा
आउनुभएको थियो । १३तपाईंहरू शहरमा
पस्नासाथै उहाँ डाँड़ामा खान जानुभन्दा अघि
नै तपाईंहरूले उहाँलाई भेट्नुहुनेछ । उहाँ
नआइपुगेसम्म मानिसहरूले खान थाल्नेछैनन्,
किनकि उहाँले त्यस बलिदानलाई आशिष् दिनुपर्छ
र मात्र आमन्त्रित व्यक्तिहरूले खानेछन् । अब
झट्ट माथि उक्लनुहोस्; त्यस बेला तपाईंहरूले
उहाँलाई भेट्न सक्नुहुनेछ ।”
१४तिनीहरू त्यस शहरमा उक्ले र तिनीहरू
त्यसमा पस्दैगर्दा त्यहाँ शमूएल डाँड़ामा उक्लदै
तिनीहरूतिर आइरहेका थिए ।
१५शाऊल आउने अघिल्लो दिननै परमप्रभुले
तिनलाई यसरी प्रकट गरिसक्नुभएको थियो:
१६“भोलि यस्तै समयमा म तँकहाँ बेन्यामीनको
देशबाट एउटा मानिसलाई पठाउनेछु । त्यसलाई
मेरो जाति इस्राएलमाथि अगुवा अभिषेक गर्नू ।
त्यसले मेरो जातिलाई पलिश्तीहरूको हातबाट
छुटाउनेछ । मैले मेरो जातिमाथि दृष्टि लगाएको
छु, किनकि तिनीहरूको क्रन्दन मकहाँ पुगेको
छ ।”
१७जब शमूएलले शाऊललाई देखे परमप्रभुले
तिनलाई भन्नुभयो, “मैले तँसित जसको विषयमा
कुरा गरेको थिएँ त्यो मानिस यही हो; यसले नै
मेरो जातिमाथि शासन गर्नेछ ।”
१८शाऊलले शमूएललाई मूलढोकामा भेटेर
सोधे, “दर्शीको घर कहाँ छ भनी के तपाईंले
मलाई भन्नुहुन्छ ?”
१९शमूएलले जवाफ दिए, “दर्शी मनै हुँ ।
मभन्दा अगि त्यस डाँड़ामा जाऊ किनकि आज
तिमीले मसित खानुपर्छ र भोलि बिहानै म
तिमीलाई जान दिनेछु र तिम्रो हृदयमा
भएका सबै कुराहरू बताइदिनेछु । २०अनि
तिमीले तीन दिन अघि हराएका गधाहरूको
विषयमाचाहिँ सुर्ता नगर्नू, किनकि ती भेट्टाइएका
छन् । अनि इस्राएलको सम्पूर्ण इच्छा रहेका
व्यक्ति तिमी र तिम्रा पिताका सम्पूर्ण परिवार
होइन भने अरू को होला र ?”
२१शाऊलले जवाफ दिए, “तर के म त
इस्राएलका सबैभन्दा सानो कुल बेन्यामीनबाट
आएको होइन र के मेरो वंश बेन्यामीन कुलका
सबै वंशहरूमा सानो छैन र ? तपाईं मलाई
किन यस्तो कुरा भन्नुहुन्छ ?”

**२२**तब शमूएलले शाऊल र तिनको
चाकरलाई ठूलो कोठामा ल्याए अनि तिनीहरूलाई
प्राय: तीस जना आमन्त्रित व्यक्तिहरूको बीचमा
प्रमुख-स्थानमा बसाए । **२३**शमूएलले भान्सेलाई
भने, "मैले तिमीलाई अलग राख्नू भनेर दिएको
त्यो मासुको टुक्रा ल्याऊ ।"

**२४**यसकारण, त्यस भान्सेले खुट्टा र त्यससित
जे थियो, त्यो ल्याएर शाऊलको सामुन्ने
राखिदियो । शमूएलले भने, "तिम्रो निम्ति
राखिएको कुरो यही हो । यसलाई खाऊ, किनकि
'मैले पाहुनाहरू नित्याएको छु' भनेर मैले भनेको
समयदेखि यो तिम्रो निम्ति विशेष उपलक्ष्यको
लागि छुट्याइएको थियो ।" अनि त्यस दिन
शाऊलले शमूएलसित खाए ।

**२५**तिनीहरू त्यस डाँड़ादेखि शहरमा
आएपछि शमूएलले आफ्नो घरको छानामा
शाऊलसित कुराकानी गरे । **२६**तिनीहरू
झिसमिसे उज्यालोमा उठे अनि शमूएलले
शाऊललाई छानामा बोलाउँदै भने, "तयार
होऊ र म तिमीलाई पठाउनेछु ।" जब शाऊल
तयार भए तिनी र शमूएल एकसाथ बाहिर
गए । **२७**तिनीहरू शहरको किनारमा जाँदैगर्दा
शमूएलले शाऊललाई भने, "त्यो चाकरलाई
हाम्रो अगि जानू भन" अनि त्यो चाकरले त्यसै
गऱ्यो, "तर तिमीचाहिँ एक छिन् यहीं बस र
म तिमीलाई परमप्रभुबाटको एउटा समाचार
भन्न सकूँ ।"

**१०** तब शमूएलले एउटा ढुँग्रोमा तेल
लिएर त्यसलाई शाऊलको शिरमाथि
खन्याएर तिनलाई चुम्बन गरेर भने, "के
परमप्रभुले तिमीलाई उहाँको उत्तराधिकारमाथि
अगुवा अभिषेक गर्नुभएको छैन ? **२**तिमी आज
मसित छुटेपछि तिमीले दुई जना मानिसहरूलाई
बेन्यामीनको सिमानामा भएको सेल्सामा राहेलको
चिहानको नजीकै भेटाउनेछौ । तिनीहरूले
तिमीलाई भन्नेछन्, "तपाईंले खोज्न भनी
निस्कनुभएका ती गधाहरू भेट्टाइए । अब
तपाईंका बाबुले तिनीहरूको विषयमा सोच्नु
छाड़ेर तपाईंप्रति उहाँ चिन्तित हुनुभएको छ ।
अब त उहाँले 'म आफ्नो छोराको निम्ति के
गरूँ ?' भनेर सोध्नुहुँदैछ ।"

**३**"तब तिमी त्यहाँबाट तबोरको त्यो ठूलो
रूख नपुगेसम्म गइरहनू । त्यहाँ तिमीलाई
बेथेलमा परमेश्वरकहाँ गइरहेका तीन जना
मानिसहरूले भेट्नेछन् । एक जनाले बाख्राका
तीनओटा कलिला पाठाहरू, अर्कोले तीनओटा
रोटीहरू र अर्कोलेचाहिँ एक मसक दाखमद्य
बोकिरहेका हुनेछन् । **४**तिनीहरूले तिमीलाई
अभिवादन गरेर दुईओटा रोटी दिनेछन् जुनचाहिँ
तिमीले तिनीहरूबाट स्वीकार गर्नू ।

**५**त्यसपछि तिमी पलिश्तीहरूको अड्डा
भएको परमेश्वरको गिबामा जानू । शहर
पुगेपछि तिमीले सारङ्गी, खैँजड़ी, बाँसुरी र वीणा
बजाउनेहरूको पछि अगमवाणी गर्दै डाँड़ाबाट
आइरहेका अगमवक्ताहरूको दल भेट्टाउनेछौ ।
**६**परमप्रभुको आत्मा तिमीमाथि शक्तिमा
आउनुहुनेछ र तिमीले तिनीहरूसितै अगमवाणी
गर्नेछौ अनि तिमी परिवर्तन भएर बेग्लै व्यक्ति
हुनेछौ । **७**यी चिन्हहरू एकपल्ट पूरा भएपछि
तिम्रा हातले भेट्टाएका जे पनि गर्नू, किनकि
परमप्रभु तिमीसित हुनुहुन्छ ।

**८**मेरो अगि ओर्लेर गिलगालमा जानू । म
निश्चयनै होमबलि र सङ्गति-बलि चढ़ाउन
तिमीकहाँ आउनेछु, तर म तिमीकहाँ आएर
तिमीले के गर्नुपर्छ भनेर भन्नलाई आउनुअघि
तिमीले सात दिनसम्म पर्खनू ।"

### शाऊल राजा बनाइएका

**९**शमूएललाई छोड़न भनी जसै शाऊल
फर्के, परमेश्वरले तिनको हृदय परिवर्तन
गरिदिनुभयो र त्यस दिन यी चिन्हहरू
पूरा भए । **१०**तिनीहरू गिबामा आइपुगेपछि
अगमवक्ताहरूको एक दलले तिनलाई भेटे ।
परमेश्वरको आत्मा तिनीमाथि शक्तिमा आउनुभयो
र तिनी उनीहरूको अगमवाणीमा सामेल भए ।
**११**जब तिनलाई अघिबाटै चिन्नेहरूले तिनलाई
अगमवक्ताहरूसित अगमवाणी गरिरहेका
देखे, तिनीहरूले आपसमा भने, "कीशको
छोरालाई यो के भयो ? के शाऊल पनि
अगमवक्ताहरूमध्येकै हो ?"

**१२**त्यहाँ बस्ने एक जना मानिसले जवाफ दिए, "अनि तिनीहरूका बाबु को हुन् ?" यसकारण, "के शाऊल अगमवक्ताहरूमध्येकै हो ?" भन्ने उखान नै चल्न लाग्यो। **१३**अगमवाणी गर्न छोड़ेपछि शाऊल डाँड़ामा गए ।

**१४**शाऊलका काकाले तिनलाई र तिनका चाकरलाई सोधे, "तिमीहरू कहाँ थियौ ?"

तिनले भने, "गधाहरू खोजिरहेका थियौं । तर तिनीहरूलाई नभेट्टाउने देखेर हामी शमूएलकहाँ गयौं ।"

**१५**शाऊलका काकाले भने, "शमूएलले तिमीलाई के भने, मलाई बताऊ ।"

**१६**शाऊलले जवाफ दिए, "तिनले गधा पाइए भनेर हामीलाई विश्वास दिलाए ।" तर तिनले शमूएलले राजाको विषयमा भनेका कुरा काकालाई बताएनन् ।

**१७**शमूएलले इस्राएललाई मिस्पामा परमप्रभु-
कहाँ बोलाइपठाए, **१८**अनि तिनीहरूलाई भने,
"परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'मैले इस्राएललाई मिश्रदेशबाट र तिमीहरूलाई खेदो गर्ने सबै राज्यहरूबाट निकालेर माथि
ल्याएँ ।' **१९**तर तिमीहरूले अब तिमीहरूलाई सबै बिपद् र संकष्टहरूबाट बचाउनुहुने परमेश्वरलाई तिरस्कार गरेका छौ । अनि तिमीहरूले 'हामीमाथि एउटा राजा खड़ा गर्नुहोस्' भनेका छौ। यसकारण अब तिमीहरूले आफ्ना कुल र वशं गरी आफैलाई परमप्रभुको सामुन्ने उपस्थित गराओ ।"

**२०**जब शमूएलले इस्राएलका सबै कुलहरूलाई नजीक ल्याए, बिन्यामीनको कुल चुनियो ।
**२१**तब तिनले बेन्यामीनको कुललाई वशं-वशं गरी अगि ल्याए र मत्रीको वशं चुनियो । आखिरमा कीशको छोरा शाऊल चुनिए। तर तिनीहरूले तिनलाई खोज्दा तिनलाई भेट्टाएनन् ।
**२२**यसकारण तिनीहरूले फेरि परमप्रभुलाई सोधे, "के त्यो मानिस यहाँ आइपुगेको छ ?"

अनि परमप्रभुले भन्नुभयो, "हो, त्यसले आफैलाई सामानहरूको बीचमा लुकाई राखेको छ ।"

**२३**तिनीहरू दौड़ेर गए र तिनलाई बाहिर निकाले अनि तिनी मानिसहरूको बीचमा उभिँदा जो पनि तिनका कुमसम्म मात्र पुग्थे ।
**२४**शमूएलले सबै मानिसहरूलाई भने, "के तिमीहरू परमप्रभुले चुन्नुभएको मानिसलाई देख्छौ ? सारा मानिसहरूको बीचमा यिनीजस्ता कोही छैनन् ।"

तब मानिसहरू कराए, "राजा अमर रहून् !"

**२५**शमूएलले मानिसहरूलाई राजपथका नियमहरू बताइदिए। तिनले ती एउटा बेहेरूवामा लेखेर परमप्रभुको सामुन्ने राखिदिए। त्यसपछि शमूएलले मानिसहरूलाई आफ्ना-आफ्ना घरमा पठाइदिए ।

**२६**शाऊल पनि परमेश्वरले हृदय छुनुभएका वीर मानिसहरूसित गिबामा आफ्नो घरमा
गए । **२७**तर कोही कोही बद्माशहरूले भने, यस व्यक्तिले कसरी हामीलाई बचाउनसक्छ र ?" तिनीहरूले तिनलाई अनादार गरे र तिनलाई केही उपहार पनि चढ़ाएनन् । तर शाऊल चूप रहे ।

### शाऊलले याबेशको शहर छुटाएका

**११** अम्मोनी नाहाशले उक्लिगएर याबेश-गिलादलाई घेरे । अनि याबेशका सबै मानिसहरूले तिनलाई भने, "हामीसित सन्धि गर्नुहोस् र हामी तपाईंको अधीनमा हुनेछौं ।"

**२**तर अम्मोनी नाहाशले जवाफ दिए, "म तिमीहरूसित एउटै शर्तमा सन्धि गर्नेछु कि म तिमीहरू प्रत्येकको दाहिने आँखा निकालिदिएर सारा इस्राएलमाथि बेइज्जत ल्याउनेछु ।"

**३**याबेशका धर्म-गुरुहरूले तिनलाई भने, "हामीलाई सात दिनको समय दिनुहोस् । हामी इस्राएलभरि समाचार पठाउन सक्छौं, यदि हामीलाई छुटाउन कोही आएन भने, हामी तपाईंकहाँ आत्मासमर्पण गर्नेछौं ।"

**४**जब शाऊलको गिबामा दूतहरू आएर ती शर्तहरू मानिसहरूलाई बताइदिए तिनीहरू जोरसित रोए। **५**त्यस बेला शाऊलचाहिँ आफ्नो

---

**१०:१२**–१ शमूएल १९:२३-२४.

खेतबाट आफ्ना गोरूहरूको पछि आइरहेका
थिए, र तिनले सोधे, "मानिसहरूलाई के
भयो ? यिनीहरू किन रुँदैछन् ?" तब तिनीहरूले
याबेशका मानिसहरूले भनेका कुरा तिनलाई
दोहोऱ्याइदिए ।
**६**शाऊलले तिनीहरूका कुरा सुनेपछि
परमेश्वरको आत्मा तिनीमाथि शक्तिमा
आउनुभयो र तिनी रीसले चूर भए । **७**तिनले
एक हल गोरूहरू लिए, तिनीहरूलाई टुक्रा-
टुक्रा पारे र दूतहरूद्वारा ती टुक्राहरू इस्राएलभरि
पठाएर यसो भने, "शाऊल र शमूएलका पछि
नलाग्ने प्रत्येकका गोरूहरूको दशा यस्तै
हुनेछ ।" तब मानिसहरूमा परमप्रभुको आतङ्क
छायो र तिनीहरू एक भएर आए । **८**जब
शाऊलले तिनीहरूलाई बेजेकमा भेला गरे त्यहाँ
इस्राएलका मानिसहरू तीन लाख र यहूदाका
मानिसहरू तीस हजार थिए ।
**९**तिनीहरूले त्यहाँ आएका दूतहरूलाई भने,
"याबेश गिलादका मानिसहरूलाई 'भोलि
मध्यान्हभित्रै तिमीहरू छुटाइनेछौ भन्नू' भनेर
भने ।" ती दूतहरूले गएर याबेश-गिलादका
मानिसहरूलाई यो समाचार दिएपछि तिनीहरू
जोशले भरिए । **१०**तिनीहरूले अम्मोनीहरूलाई
भने, "हामी भोलि तपाईंहरूकहाँ समर्पित हुनेछौं
र तपाईंहरूलाईं जे ठीक लाग्छ त्यो गर्न
सक्नुहुन्छ ।"
**११**भोलिपल्ट शाऊलले आफ्ना मानिसहरूलाई
तीन दलमा बाँडे; रातको अन्तिम पहरमा
तिनीहरू अम्मोनीहरूको छाउनीभित्र पसे र
मध्यान्हसम्मै तिनीहरूलाई मारे, बाँचेका
जतिचाहिँ कुनै दुई जना पनि एकसाथ नहुने
गरी छरिए ।

## शाऊल राजाको रुपमा स्थिर भएका

**१२**मानिसहरूले शमूएललाई भने, "'के
शाऊलले हामीमाथि शासन गर्ने ?' भन्ने को
हुन् ? ती मानिसहरू हामीकहाँ ल्याउनुहोस् र
हामी तिनीहरूलाई मार्नेछौं ।"
**१३**तर शाऊलले भने, "आज कोही पनि
मारिनेछैन, किनकि आजको दिन परमप्रभुले
इस्राएललाई छुटाउनुभएको छ ।"
**१४**तब शमूएलको मानिसहरूलाई भने,
"आऊ, हामी गिलगालमा गएर त्यहाँ राजपदलाई
स्थिर गराऊँ ।" **१५**यसकरण सबै मानिसहरू
गिलगालमा गए र परमप्रभुको उपस्थितिमा
शाऊललाई राजाको रुपमा स्थिर गराए । त्यहाँ
तिनीहरूले परमप्रभुको सामुन्ने सङ्गति-बलि
चढ़ाए र शाऊल अनि सारा इस्राएलीहरूले
ठूलो उत्सव मनाए ।

## शमूएलको विदाइ भाषण

**१२** शमूएलले सारा इस्राएललाई भने,
"तिमीहरूले मलाई भनेको प्रत्येक
कुरा मैले सुनें, र तिमीहरूमाथि राजा खड़ा
गरिदिएँ । **२**अब तिमीहरूका अगुवास्वरुप एक
जना राजा छन् । म त वृद्ध भएको छु र मेरा
केश पनि फूलेका छन् अनि मेरा छोराहरू
तिमीहरूसित यहीं छन् । म आफ्नो जवानीदेखिनै
आजसम्म तिमीहरूका अगुवा भएर रहेको छु ।
**३**म यहीं खड़ा छु । परमप्रभु र उहाँको अभिषिक्त
जनको उपस्थितिमा अब मेरो साक्षी देऊ । मैले
कसको गोरू लिएको छु ? मैले कसलाई ठगेको
छु ? मैले कसलाई सताएको छु ? मैले आँखा
बन्द गर्नलाई कसको हातबाट घूस लिएको
छु ? यदि मैले यी कुनै पनि गरेको छु भने, म
त्यो ठीक गर्ने छु ।"
**४**तिनीहरूले जवाफ दिए, "तपाईंले हामीलाई
ठग्नुभएको अथवा सताउनुभएको छैन । तपाईंले
कसैको हातबाट केही पनि लिनुभएको छैन ।"
**५**तब शमूएलले तिनीहरूलाई भने, "मेरो हातमा
तिमीहरूले केही भेट्टाएनौ भनी आजको दिन
परमप्रभु तिमीहरूका विरुद्धमा साक्षी हुनुहुन्छ,
र उहाँका अभिषिक्त जन पनि साक्षी छन् ।"
**६**शमूएलले तिनीहरूलाई भने, "परमप्रभुले
नै मोशा र हारूनलाई नियुक्त गर्नुभयो र
तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट

---

**१२:६**–प्रस्थान ६:२६.

निकालेर माथि ल्याउनुभयो । **७**अब यहाँ खड़ा
होओ, परमप्रभुले तिमीहरू र तिमीहरूका
पिता-पुर्खाहरूको निम्ति गर्नुभएका सबै धार्मिक
कामहरूको प्रमाणको विषयमा तिमीहरूसित
परमप्रभुकै सामुन्ने म तर्क पेश गर्नेछु ।”

**८**याकूब मिश्रदेशमा प्रवेश गरेपछि तिनीहरूले
सहायताको निम्ति परमप्रभुकहाँ पुकारा गरे
अनि परमप्रभुले मोशा र हारूनलाई पठाउनुभयो
जुनहरूले तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रबाट
बाहिर निकालेर तिनीहरूलाई यहाँ बसोबासो
गराए ।

**९**तर तिनीहरूले परमप्रभु तिनीहरूका
परमेश्वरलाई भूलेको कारण, उहाँले तिनीहरूलाई
हासोरको फौजका कप्तान सीसराको हातमा
र पलिश्तीहरूको हातमा अनि मोआबको
राजाको हातमा बेचिदिनुभयो जुनहरूले
तिनीहरूको विरुद्धमा लड़ाइँ गरे । **१०**तिनीहरूले
परमप्रभुलाई पुकारेर भने, “हामीले पाप
गरेका छौं; हामीले परमप्रभुलाई त्यागेर बाल
देवताहरू र अश्तारोत देवताको सेवा गर्‍यौं ।
तर अब हामीलाई हाम्रा शत्रुहरूबाट छुटकारा
दिनुहोस्, अनि हामी तपाईंको सेवा गर्नेछौं ।
**११**तब परमप्रभुले यरूब्बाल, बाराक, यिपेह र
शमूएललाई पठाउनुभयो अनि उहाँले तिमीहरूका
चारैतिर भएका शत्रुहरूका हातबाट तिमीहरूलाई
छुटाउनुभयो र तिमीहरू सुरक्षित रह्यौ ।

**१२**“तर तिमीहरूले अम्मोनीहरूका राजा
नाहाशलाई तिमीहरूको विरुद्धमा आइरहेका
देखेपछि परमप्रभु तिमीहरूका परमेश्वर
तिमीहरूका राजा हुनुहुँदै पनि तिमीहरूले
मलाई भन्यौ, ‘होइन हामीमाथि शासन गर्नलाई
हामीलाई एउटा राजा चाहिन्छ ।’ **१३**अब
तिमीहरूले चुनेका र मागेका राजा यहाँ छन्;
हेर, परमप्रभुले तिमीहरूमाथि एक जना राजा
खड़ा गरिदिनुभएको छ । **१४**यदि तिमीहरूले
परमप्रभुको डर मान्यौ र उहाँका आज्ञा
पालन गर्‍यौ र उहाँका आज्ञाहरूको विरुद्धमा
बागी भएनौ अनि तिमीहरू र तिमीहरूमाथि
शासन गर्ने राजा दुवैले परमप्रभु तिमीहरूका
परमेश्वरलाई पछ्यायौ भने त्यो असल हुन्छ !
**१५**तर यदि तिमीहरूले परमप्रभुको आज्ञा पालन
गरेनौ र यदि तिमीहरू उहाँका आज्ञाहरूको
विरुद्धमा बागी भयौ भने, उहाँका हात
तिमीहरूका पिता-पुर्खाहरूको विरुद्धमा भएझैँ
तिमीहरूको विरुद्धमा पनि हुनेछ ।

**१६**“त्यसो भए अब, चूपचाप खड़ा होऊ र
परमप्रभुले तिमीहरूका आँखाकै सामुन्ने
गर्नुहुने यो महान् कामलाई हेर ! **१७**के अहिले
गहूँको कटनीको समय होइन ? गर्जन र वृष्टि
पठाउनुहोस् भनी म परमप्रभुकहाँ पुकारा
गर्नेछु । अनि तिमीहरूले राजा मागेर परमप्रभुको
दृष्टिमा कस्ता दुष्ट काम गर्‍यौ त्यो तिमीहरूले
थाहा गर्नेछौ ।”

**१८**तब शमूएलले परमप्रभुको पुकारा गरे
अनि त्यसै दिन परमप्रभुले गर्जन र वृष्टि
पठाउनुभयो । यसकारण सबै मानिसहरू परमप्रभु
र शमूएलप्रति भयभीत भएर खड़ा भए ।

**१९**सबै मानिसहरूले शमूएललाई भने,
“हामीहरू नमरौं भनी परमप्रभु तपाईंका
परमेश्वरसित बिन्ती गर्नुहोस्, किनकि राजा
मागेर हामीले आफ्ना अरू पापहरूमाथि अझ
थपेका छौं ।“

**२०**शमूएलले जवाफ दिए, “नडराओ,
तिमीहरूले यी सबै दुष्ट काम गरेका छौ, तापनि
परमप्रभुबाट तर्केर नजाओ तर आफ्नो हृदयले
परमप्रभुको सेवा गर । **२१**व्यर्थका मूर्तिहरूतिर
फर्केर नजाओ । तिनीहरूले तिमीहरूको केही
भलो गर्न सक्दैनन्, नता तिनीहरूले तिमीहरूलाई
छुटाउन नै सक्छन्, किनकि तिनीहरू व्यर्थका
हुन् । **२२**आफ्नो महान् नाउँको खातिर परमप्रभुले
तिमीहरूलाई त्याग्नुहुनेछैन, किनकि उहाँले
तिमीहरूलाई आफ्नै निज प्रजा तुल्याउने
निश्चय गर्नुभएको छ । **२३**मेरो लागि त,
तिमीहरूको निम्ति प्रार्थना गर्न छोड़ेर परमप्रभुको

---

**१२:८**–प्रस्थान २:२३. **१२:९**–न्यायकर्ता ३:१२; ४:२; १३:१. **१२:१०**–न्यायकर्ता १०:१०-१५.
**१२:११**–१ शमूएल ३:२०; न्यायकर्ता ४:६; ७:१; ११:२९. **१२:१२**–१ शमूएल ८:१९.

विरुद्धमा पाप गर्ने कुरा टाढ़ै रहोस् । अनि म
तिमीहरूलाई असल र उचित मार्ग सिकाउनेछु ।
**२४**तर परमप्रभुको सेवा विश्वासयोग्यतासित
र तिमीहरूका सम्पूर्ण हृदयले गर्ने विषयमा
चाहिँ निश्चित हुनू । उहाँले तिमीहरूका निम्ति
कति महान् कार्यहरू गर्नुभयो सो विचार गर्नू ।
**२५**तर यदि तिमीहरूले दुष्ट काम गरिरहयौ भने
तिमीहरू र तिमीहरूका राजा दुवै नष्ट हुनेछौ ।

## शमूएलले शाऊललाई हप्काएका

**१३** राजा हुँदा शाऊल तीस वर्षका थिए र
तिनले इस्राएलमाथि बयालीस वर्षसम्म
शासन गरे ।
**२**शाऊलले तीन हजार मानिसहरू चुने
जसमा दुई हजार तिनीसित मिकमाशमा र
बेथेलको पहाड़ी मुलुकमा थिए अनि एक हजार
चाहिँ जोनाथनसित बेन्यामीनको गिबामा
थिए । बाँकी मानिसहरूलाई तिनले आफ्ना
आफ्ना घर पठाइदिए ।
**३**जोनाथनले गिबामा भएको पलिश्ती
अड्डामाथि आक्रमण गरे र पलिश्तीहरूले
यसको विषयमा सुने । तब शाऊलले देशभरि
तुरही फुक्न लाएर भने, “हिब्रूहरूले सुनून् !”
**४**यसकारण सारा इस्राएलले खबर सुने:
“शाऊलले पलिश्ती अड्डामाथि आक्रमण
गरेको छ र अब इस्राएलचाहिँ पलिश्तीहरूको
निम्ति दुर्गन्ध नै छ ।” अनि मानिसहरूलाई
गिलगालमा शाऊलसित भेला हुनु भनियो ।
**५**पलिश्तीहरू तीन हजार रथहरू छ हजार
सारथीहरू र समुद्र-किनारको बालुवासरी
योद्धाहरूसित इस्राएलको विरुद्धमा लड़ाइँ गर्न
भेला भए । तिनीहरू उक्लेर गए र मिकमाशमा
छाउनी हाले जुनचाहिँ बेथ आबेनको पूर्वपट्टि
थियो । **६**इस्राएलका मानिसहरूले आफ्नो अवस्था
संकटपूर्ण देखेर तिनीहरूको फौजलाई कठिन
परेको जानेर तिनीहरू गुफा, पोथ्रा, चटान, खाड़ल
अनि इनारहरूतिर लुके । **७**कति हिब्रूहरू त यर्दन
तरेर गाद र गिलादका इलाकाहरूतिर गए ।
शाऊलचाहिँ गिलादमा रहे र तिनीसित
भएका सम्पूर्ण दलहरू डरले काँपिरहेका थिए ।
**८**तिनले शमूएलले तोकिदिएझैं सात दिन पर्खे;
तर शमूएल गिलगालमा आएनन् र शाऊलका
मानिसहरू छिन्नभिन्न हुनलागे । **९**यसकारण
तिनले भने, “मकहाँ होमबलि र सङ्गति-बलि
ल्याऊ ।” अनि शाऊलले होमबलि चढ़ाए ।
**१०**तिनले बलिदान चढ़ाइसक्नासाथै शमूएल आइपुगे,
र शाऊल तिनलाई अभिवादन गर्न गए ।
**११**शमूएलले सोधे, “तिमीले के गऱ्यौ ?”
शाऊलले जवाफ दिए, “मैले मानिसहरू
छिन्नभिन्न भइरहेको अनि तपाईं तोकिएको
समयमा नआउनुभएको र पलिश्तीहरू
मिकमाशमा भेला भइरहेको देखेपछि, **१२**मैले
विचार गरें, ‘अब पलिश्तीहरू मेरो विरुद्धमा
गिलगालमा ओर्लेर आउनेछन् र मैलेचाहिँ
परमप्रभुको कृपा मागेकै छैन ।’ यसकारण मैले
होमबलि चढ़ाउन बाध्य भएको थाहा गरें ।”
**१३**शमूएलले भने, “तिमीले मूर्ख काम
गऱ्यौ । तिमीले परमप्रभु तिम्रा परमेश्वरले
तिमीलाई दिनुभएको आज्ञा पालन गरेनौ; यदि
तिमीले गरेका भए उहाँले इस्राएलमाथि तिम्रो
राज्य सधैंको निम्ति स्थापित गर्नुहुनेथियो ।
**१४**तर अब तिम्रो राज्य टिक्नेछैन । परमप्रभुले
आफ्नो इच्छाअनुसारको एक जना मानिस
खोज्नुभएको छ र तिनलाई उहाँका मानिसहरूको
अगुवा नियुक्त गर्नुभएको छ, किनकि तिमीले
परमप्रभुको आज्ञा पालन गरेका छैनौं ।”
**१५**तब शमूएल गिलगालबाट बेन्यामीनको
गिबामा गए र शाऊलले आफूसित भएका
मानिसहरूलाई गने । तिनीहरू प्रायः छ सय
जना थिए ।

## इस्राएल हतियाररहित

**१६**शाऊल र तिनका छोरा जोनाथन अनि
तिनीहरूसित भएका मानिसहरू बेन्यामीनको
गिबामा बसेका थिए र पलिश्तीहरूले
चाहिँ मिकमाशमा छाउनी होलेका थिए ।

---

**१३:८**–१ शमूएल १०:८. **१३:१४**–प्रेरित १३:१२.

१७लुट्नेहरूका दल पलिश्ती छाउनीबाट तीन
झुण्डमा बाहिर निस्के। एउटा शूआलको छेउमा
भएको ओप्रातिर गयो, १८अर्को बेथ-हेरोनतिर
र तेस्रोचाहिँ उजाड़-स्थानतिर फर्केको सबोइमको
भञ्ज्याङ देखिने सिमानाको ठाउँतिर गयो।

१९सारा इस्राएलमा एउटै लोहार पनि
पाइँदैनथ्यो, किनकि पलिश्तीहरूले भनेका
थिए, "नत्रता इस्राएलले तरवार र भालाहरू
बनाउलान्!" २०यसकारण सारा इस्राएल आफ्ना
फाली, कोदालो, बञ्चरो र हँसियाहरू उध्याउन
पलिश्तीहरूकहाँ ओर्लेर जान्थे। २१फाली र
कोदालो धारिलो बनाउने दाम दुई-तिहाइ शेकेल
थियो र गोरू धपाउने अङ्कुसे तीखो पार्ने दाम
एक-तिहाइ शेकेल थियो।

२२यसकारण लड़ाइँको दिन शाऊल र
जोनाथनसित भएको एउटै योद्धाको हातमा पनि
तरवार र भाला थिएन तर शाऊल र तिनका
छोरा जोनाथनसित मात्र थिए।

**जोनाथनले पलिश्तीहरूमाथि आक्रमण गरेका**

२३अब पलिश्तीहरूको एउटा झुण्ड
मिकमाशमा भएको घाटीमा गएको थियो।

१४ एक दिन शाऊलका छोरा जोनाथनले
आफ्नो हतियार बोक्ने जवान
मानिसलाई भने, "आऊ, हामी अर्कोपट्टि भएको
पलिश्तीहरूको अड्डामा जाऊँ।" तर तिनले
आफ्नो बाबुलाई चाहिँ भनेनन्।

२शाऊल गिबाको बाहिरी सिमानामा
मिग्रोममा भएको दारीमको रूखमनि बसिरहेका
थिए। तिनीसित प्राय: छ सय मानिसहरू थिए,
३तीमध्ये एपोद लगाइराखेका अहियाह थिए।
तिनी शीलोमा भएको परमप्रभुको दास एलीको
छोरा पीनहासका छोरा अहीतुबका भाइ
इकाबोदका छोरा थिए। जोनाथन गएको
कसैलाई पनि थाहा थिएन।

४पलिश्तीहरूको अड्डामा पुग्नलाई
जोनाथनले पार गर्न चाहेका घाँटीका दुवैतिर
ठाड़ो पहरा थिए, एउटालाई बोसेर र अर्कोलाई
सेने भनिन्थ्यो। ५एउटा पहरा मिकमाशपट्टि
उत्तरतिर थियो अनि अर्कोचाहिँ दक्षिणमा
गेबातिर खड़ा थियो।

६जोनाथनले आफ्नो हतियार बोक्ने
जवानलाई भने, "आऊ, हामी ती बेखतनेहरूका
अड्डामा जाऊँ। शायद परमप्रभुले हाम्रो पक्षमा
काम गर्नुहुन्छ होला। धेरैले होस् वा थोरैले
होस् कुनै कुराले पनि बचाउने काममा
परमप्रभुलाई रोक्न सक्नेछैन।"

७तिनको हतियार बोक्नेले भन्यो, "तपाईंलाई
जे मन पर्छ गर्नुहोस्। अगि बढ्नुहोस्, म
तनमनले तपाईंसित छु।"

८जोनाथनले भने, "त्यसो भए आऊ, हामी
ती मानिसहरू भएतिर पार भएर जाऊँ र
तिनीहरूले हामीलाई देखून्। ९यदि तिनीहरूले
हामीलाई 'हामी तिमीहरूकहाँ नआएसम्म पर्खनू'
भनेछन् भने, हामी आफू भए ठाउँमै बसौं र
तिनीहरूकहाँ नजाऊँ। १०तर यदि तिनीहरूले
'हामीकहाँ उक्लेर आऊ' भनेछन् भने, हामी
उक्लनेछौं किनकि परमप्रभुले तिनीहरूलाई हाम्रा
हातमा दिनुभएको छ भन्ने हाम्रो निम्ति चिन्ह
हुनेछ।"

११यसकारण ती दुवै पलिश्तीहरूको
अड्डामा देखा परे। पलिश्तीहरूले भने, "हेर!
पलिश्तीहरू आफू लुकेका दुलाहरूबाट
घस्रँदै बाहिर आइरहेका छन्।" १२ अड्डाका
मानिसहरूले जोनाथन र तिनको हतियार
बोक्नेलाई कराएर भने, "हामीकहाँ उक्लेर
आऊ र हामी तिमीहरूलाई एउटा पाठ
सिकाउनेछौं।"

यसकारण जोनाथनले आफ्ना हतियार
बोक्नेलाई भने, "मेरो पछि चढ़दै आऊ,
परमप्रभुले तिनीहरूलाई इस्राएलको हातमा
दिनुभएको छ।"

१३जोनाथन हात र खुट्टा दुवैले उकालो चढ़े
र तिनको हतियार बोक्ने पनि तिनको पछिपछि
उक्ले। पलिश्तीहरू जोनाथनको सामुन्ने लड़े
र तिनको हतियार बोक्नेले तिनीहरूलाई
पछिल्तिरबाट मारे। १४तिनीहरूको त्यस प्रथम
आक्रमणमा जोनाथन र तिनको हतियार बोक्नेले
चार रोपनीको क्षेत्रमा प्राय: बीस जना
मानिसहरूलाई मारे।

### इस्राएलले पलिश्तीहरूलाई परास्त गरेका

**१५**तब समस्त फौजमा, अर्थात् छाउनी र
खेतमा भएकाहरू अड्डा र आक्रमण गर्ने दलमा
भएकाहरूको बीचमा आतङ्क फैलियो र जमिन
हल्लियो । त्यो त परमेश्‍वरद्वारा पठाइएको
आतङ्क थियो ।

**१६**बेन्यामीनको गिबामा भएका शाऊलको
चियो गर्नेहरूले फौजलाई चारैतिर भागिरहेका
देखे । **१७**तब शाऊलले आफूसित भएका
मानिसहरूलाई भने, "दलहरूलाई भेला गर र
कसले हामीलाई छोड़ेर गएछ हेर ।" तिनीहरूले
त्यसै गरे र जोनाथन अनि तिनका हतियार
बोक्ने त्यहाँ थिएनन् ।

**१८**शाऊलले अहियाहलाई भने, "परमेश्‍वरको
सन्दूक ल्याऊ ।" (त्यस बेला त्यो इस्राएलीहरूसित
थियो ।) **१९**शाऊल पूजाहारीसित कुरा
गरिरहेको बेला पलिश्तीहरूको छाउनीमा भएको
खैलाबैला बढ़दै गयो । यसकारण शाऊलले
पूजाहारीलाई भने, "तपाईंको हात पछिल्तिर
तान्नुहोस् ।"

**२०**तब शाऊल र तिनका सबै मानिसहरू
भेला भए अनि लड़ाइँमा गए । तिनीहरूले
पलिश्तीहरूलाई अत्तालिएर एका अर्कालाई
आफ्नो तरवारले प्रहार गरिरहेका देखे ।
**२१**पहिले पलिश्तीहरूसित भएका अनि
तिनीहरूका छाउनीमा गएका हिब्रूहरू शाऊल
र जोनाथनसित भएका इस्राएलीहरूतिर गए ।
**२२**जब एप्रेमको पहाड़ी मुलुकमा लुकिरहेका
इस्राएलीहरूले पलिश्तीहरू भागिरहेका सुने
तिनीहरू पनि जोशको साथ लड़ाइँमा सामेल
भए । **२३**यसरी परमप्रभुले त्यस दिन इस्राएललाई
छुटाएर लड़ाइँ बेथ-आबेनको पारिसम्मै फैलियो ।

### जोनाथनले मह खाएका

**२४**त्यस दिन इस्राएलीहरू साह्रै खिन्न थिए,
किनकि शाऊलले मानिसहरूलाई शपथमा
बाँधेर यसो भनेका थिए, "साँझ पर्न अघि र
मैले मेरा शत्रुहरूमाथि बदला नलिएसम्म भोजन
खाने व्यक्ति श्रापित होस् !" यसकारण कुनै
दलले पनि भोजन चाखेनन् ।

**२५**सम्पूर्ण फौज जङ्गलमा पस्यो र त्यहाँ
भूइँमा मह थियो । **२६**जब तिनीहरू जङ्गलभित्र
पसे तिनीहरूले मह निस्किरहेको देखे र पनि
कसैले आफ्नो मुखमा लगाएनन् किनकि
तिनीहरूलाई शपथको डर थियो । **२७**तर
जोनाथनले त तिनको बाबुले मानिसहरूलाई
एउटा शपथमा बाँध्नुभएको कुरा सुनेका
थिएनन्, यसकारण तिनले आफ्नो हातमा भएको
लहुरोको टुप्पा महको चाकामा डुबाए । तिनले
आफ्ना हात मुखमा पुऱ्याए र तिनमा स्फूर्ति
आयो । **२८**तब एक जना योद्धाले भन्यो, "तपाईंको
बाबुले फौजलाई एउटा शपथमा बाँध्नुभएर
यसो भन्नुभएको छ, 'आज कुनै भोजन खाने
व्यक्ति श्रापित होस् !' त्यसैले मानिसहरू
कमजोर भएका छन् ।"

**२९**जोनाथनले भने, "मेरा बाबुले देशमा
संकट ल्याउनुभएको छ । हेर त मैले यो मह
अलिकता चाखेपछि कस्तो फूर्ति पाएको छु ।
**३०**यदि आज मानिसहरूले आफ्ना शत्रुहरूबाट
लुटेका मालहरूबाट केही खाएका भए कति
असल हुनेथियो ? के पलिश्तीहरूलाई मारेको
अझ महान् हुने थिएन र ?"

**३१**त्यस दिन इस्राएलीहरूले पलिश्तीहरूलाई
मिकमाशदेखि अय्यालोनसम्म प्रहार गरेपछि
तिनीहरू शिथिल भएका थिए । **३२**तिनीहरू
लूटका सामानहरूमाथि झम्टे र भेड़ा,
गाईवस्तु अनि बाछाहरू लिएर तिनीहरूले भूइँमा
तिनीहरूलाई मारे र रगतसितै खाए । **३३**तब
कसैले शाऊललाई भने, "हेर्नुहोस्, मानिसहरूले
रगतसितै मासु खाएर परमप्रभुको विरुद्धमा पाप
गरिरहेका छन् ।"

तिनले भने, "तिमीहरूले विश्‍वासघात
गऱ्यौ । अब झट्टै यहाँ एउटा ठूलो ढुङ्गा पल्टाएर
ल्याऊ ।" **३४**त्यसपछि तिनले भने, "मानिसहरूका
बिचमा जाऊ र तिनीहरूलाई भन, 'तिमीहरू
हरेकले मकहाँ आफ्ना गाईबस्तु र भेड़ा ल्याऊ

---

**१४:३३**–उत्पत्ति ९:४; लेवी ७:२६-२७; १७:१०-१४; १९:२६; व्यवस्था १२:१६,२३; १५:२३.

अनि तिनीहरूलाई यहाँ मार र खाऊ ।
रगतसमेतको मासु खाएर परमप्रभुको विरुद्धमा
पाप नगर ।'"
यसकारण हरेकले त्यस रात आफ्नो गोरू
ल्याएर त्यहाँ मारे । **३५**तब शाऊलले परमप्रभुको
निम्ति एउटा वेदी बनाए; यो तिनले प्रथमपल्ट
गरेका थिए ।
**३६**शाऊलले भने, "हामी राती पलिश्तीहरूकहाँ
जाऔं र तिनीहरूलाई बिहानसम्मै लूटौं र हामी
तिनीहरूलाई एउटै पनि जीवित नछोडौं ।"
तिनीहरूले जवाफ दिए, "तपाईंलाई जे
असल लाग्छ गर्नुहोस् ।"
तर पूजाहारीले भने, "हामी यहाँ
परमेश्वरसित सल्लाह लिऔं ।"
**३७**यसकारण शाऊलले परमेश्वरलाई "के
म पलिश्तीहरूको पछि लाग्नलाई तल झरुँ ?
के तपाईंले तिनीहरूलाई इस्राएलको हातमा
दिनुहुनेछ ?" भनी सोधे । तर त्यस दिन
परमप्रभुले तिनलाई जवाफ दिनुभएन ।
**३८**यसकारण शाऊलले भने, "तिमी फौजका
अगुवाहरू सबै यहाँ आऊ र आज कुनचाहिँ
पाप भएको छ भनी हामी पत्तो लगाऔं ।
**३९**इस्राएललाई छुटाउनुहुने परमप्रभु जिउनुभएझैँ
निश्चित रुपमा यदि त्यो पाप मेरै छोरा
जोनाथनमा छ भने पनि त्यो मर्नैपर्छ ।" तर
कुनै मानिसले पनि एउटै शब्द बोलेनन् ।
**४०**तब शाऊलले सारा इस्राएलीहरूलाई
भने, "तिमीहरू त्यहाँ उभिनू अनि म र मेरो
छोरा जोनाथनचाहिँ यहाँ उभिन्छौं ।"
मानिसहरूले भने, "तपाईंलाई जे असल
लाग्छ त्यही गर्नुहोस् ।"
**४१**तब शाऊलले परमप्रभु इस्राएलका
परमेश्वरसित यसो भनेर प्रार्थना गरे,
"आज तपाईंले आफ्नो दासलाई किन जवाफ
दिनुभएन ? यदि यो दोष म अथवा मेरो छोरा
जोनाथनमा छ भने, चिट्ठामा त्यसको भाग
ऊरीम परोस्, यदि यो दोष तपाईंको प्रजा
इस्राएलमा छ भने त्यसलाई तुम्मीम परोस् ।
मलाई ठीक जवाफ दिनुहोस् ।" अनि
जोनाथन र शाऊलको नाउँमा गोला पऱ्यो र
मानिसहरूलाई स्पष्ट भयो । **४२**शाऊलले भने,
"म र मेरो छोरा जोनाथनको नाउँमा गोला
हाल ।" अनि जोनाथन पक्राउ परे ।
**४३**तब शाऊलले जोनाथनलाई भने, "तिमीले
के गऱ्यौ मलाई भन ।"
यसकारण जोनाथनले भने, "मैले मेरो
लहुरोको टुप्पोले अलिकता मह चाखें मात्र ।
के म अब मर्नैपर्छ ?"
**४४**शाऊलले भने, "जोनाथन, तिमी
मारिएनौ भने परमेश्वरले मसित योभन्दा कठोर
व्यवहार गरून् ।"
**४५**तर मानिसहरूले शाऊललाई भने, "के
इस्राएलमा महान् छुटकारा ल्याउने जोनाथन
मर्नुपर्छ ? यो कदापि हुनेछैन ! परमप्रभु निश्चित
रुपले जिउनुभएझैँ तिनको एउटै केश पनि
भूइँमा खस्न पाउनेछैन, किनकि यो त तिनले
परमेश्वरकै सहायताले गरेका थिए ।"
यसरी मानिसहरूले जोनाथनलाई छुटाए र तिनी
मारिएनन् ।
**४६**त्यसपछि शाऊलले पलिश्तीहरूलाई
खेद्न छाड़िदिए र तिनीहरू आफ्नै देशमा
फर्किगए ।
**४७**शाऊलले इस्राएलमाथि शासन गर्न
थालेपछि तिनले आफ्ना विरुद्धमा चारै दिशामा,
अर्थात् मोआब, अम्मोनीहरू, एदोम, सोबाका
राजाहरू र पलिश्तीहरूको विरुद्धमा युद्ध
गरे । तिनी जतै गए तापनि तिनीहरूलाई
दण्ड दिए । **४८**तिनले वीरतासाथ युद्ध गरेर
अमालेकीहरूलाई परास्त गरे र इस्राएललाई
लूट्नेहरूबाट छुटकारा दिए ।

### शाऊलको परिवार

**४९**शाऊलका छोरा जोनाथन, यिश्वी र
मल्कीशूअ थिए । तिनकी जेठी छोरीको नाउँ
मेराब र कान्छी छोरीकोचाहिँ मीकल थियो ।
**५०**तिनकी पत्नी अहीमासकी छोरी अहीनोम

**१४:४१**–गन्ती २७:२१; १ शमूएल २८:६.

थिइन् । शाऊलको फौजको कप्तान अर्थात्
नेरको छोराको नाउँ अबनेर थियो। **५१**शाऊलका
बाबु कीश र अबनेरका बाबु नेर अबीएलका
छोराहरू थिए ।
**५२**शाऊलका जीवनकाल भरिनै पलिश्ती-
हरूसित नमीठा लड़ाइँहरू भइरहे अनि शाऊलले
कोही बलियो र वीर मानिस देख्नासाथै तिनलाई
आफ्नो सेवामा लिइहाल्थे ।

## परमप्रभुले शाऊललाई राजाको रुपमा त्यागनुभएको

**१५** शमूएलले शाऊललाई भने, "तिमीलाई
परमप्रभुको जाति इस्राएलमाथि राजा
अभिषेक गर्न परमप्रभुले मलाई नै पठाउनु-
भयो। यसकारण अब परमप्रभुकहाँबाट आएको
सन्देश ध्यानपूर्वक सुन । **२**सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छ: 'इस्राएलीहरू मिश्रबाट
उक्ली आउँदा बाटोमा तिनीहरूलाई ढुक्ने
अमालेकीहरूलाई म दण्ड दिनेछु। **३**अब गएर
अमालेकीहरूलाई आक्रमण गर्नू र तिनीहरूका
हरेक कुरालाई सम्पूर्ण रुपले नाश गरिदिनू ।
तिनीहरूलाई बाँकी नराख्नू तर पुरुषहरू,
स्त्रीहरू, छोराछोरीहरू र शिशुहरू, गाईबस्तु
भेड़ाहरू, ऊँटहरू र गधाहरू सबैलाई नष्ट
गरिदिनू ।'"
**४**यसकारण शाऊलले मानिसहरूलाई
बोलाइपठाए र तिनीहरूलाई तेलैममा भेला
गराए जसमा दुई लाख पैदल सेना र यहूदाबाटका
दश हजार मानिसहरू थिए । **५**शाऊल
अमालेकको शहरमा गए र साँघुरो ठाउँमा
ढुकिबसे । **६**तब तिनले केनीहरूलाई भने,
"गइहाल, अमालेकीहरूलाई छोड़ीदेऊ र म
तिमीहरूलाई तिनीहरूसितै नाश नगरुँ, किनकि
इस्राएलीहरू मिश्रबाट उक्लिआउँदा तिमीहरूले
तिनीहरूप्रति दया देखाएका थियौ ।" यसकारण
केनीहरू अमालेकीहरूबाट गइहाले ।
**७**तब शाऊलले अमालेकीहरूमाथि
हबीलादेखि मिश्रको पूर्वमा भएको शूरसम्मै
आक्रमण गरे । **८**तिनले अमालेकीहरूका
राजा अगागलाई जिउँदै पक्रे र तिनका सबै
मानिसहरूलाई तरवारले नष्ट गरे। **९**तर शाऊल
र तिनका फौजले अगाग र उत्तम भेड़ाहरू र
गाईबस्तु, बलिया बाछाहरू र थुमाहरू अनि
हरेक असल कुराहरूलाई चाहिँ बचाइराखे ।
यिनीहरूलाई तिनीहरूले सम्पूर्ण रुपले नष्ट
गर्न राजी भएनन् तर हरेक बेकामका र कमजोर
कुरोलाई तिनीहरूले सम्पूर्ण रुपले नष्ट गरिदिए ।
**१०**तब परमप्रभुको वचन शमूएलकहाँ यसो
भनेर आयो: **११**"शाऊललाई राजा बनाएकोमा
म दु:खी भएको छु, किनकि त्यो मदेखि
तर्किगएको छ र मेरो आदेशलाई पालन
गरेको छैन ।" शमूएल विचलित भए र तिनले
रातभरि परमप्रभुलाई पुकारे ।
**१२**शमूएल बिहानै उठेर शाऊललाई भेट्न
गर तर तिनलाई त यसो भनियो, "शाऊल
कर्मेलमा गएका छन् । त्यहाँ तिनले आफ्नै
सम्मानको निम्ति एउटा स्मारक खड़ा गरेका
छन् र तिनी फर्केर गिलगालमा झरेका छन् ।"
**१३**शमूएल तिनीकहाँ पुगेपछि शाऊलले भने,
"परमप्रभुले तपाईंलाई आशिष् देऊन् ! मैले
परमप्रभुका आदेशहरू पालन गरेको छु ।"
**१४**तर शमूएलले भने, "त्यसोभए मेरो
कानमा भेड़ाहरू कराएको आवाज परेको चाहिँ
के हो ? अनि मैले सुनेको यी गाई-गोरूहरू
कराएको आवाजचाहिँ के हो ?"
**१५**शाऊलले भने, "योद्धाहरूले अमालेकी-
हरूबाट यी ल्याएका हुन्। तिनीहरूले भेड़ाहरू
र गाईबस्तुहरूबाट असल-असलचाहिँ परमप्रभु
तपाईंका परमेश्वरको निम्ति बलिदान गर्नलाई
बचाइराखेका छन्, तर बाँकी सबैलाई हामीले
सम्पूर्ण रुपले नष्ट गर्‍यौं ।"
**१६**शमूएलले शाऊललाई भने, "पर्ख !
परमप्रभुले मलाई हिजो राती के भन्नुभयो त्यो
म तिमीलाई बताऊँ ।"
शाऊलले भने, "भन्नुहोस् ।"
**१७**शमूएलले भने, "एकपल्ट तिमी आफ्नै

---

**१५:१**–१ शमूएल १०:१. **१५:२**–प्रस्थान १७:८-१४; व्यवस्था २५:१७-१९.

दृष्टिमा सानो भए तापनि के तिमी इस्राएलका
कुलहरूका मुखिया भएनौ ? परमप्रभुले तिमीलाई
इस्राएलमाथि राजा अभिषेक गर्नुभयो । **१८**अनि
उहाँले तिमीलाई एउटा जिम्मेवारी दिएर
पठाउनुहुँदा यसो भन्नुभयो, 'जानू र यी
दुष्ट मानिसहरू, अर्थात् अमालेकीहरूलाई
सम्पूर्णरुपले नष्ट गर्नू, तिनीहरूको नाउँनिशानै
नमेटेसम्म तिनीहरूसित युद्ध गर्नू ।' **१९**तिमीले
किन परमप्रभुको आज्ञा पालन गरेनौ ? तिमी
लूटको मालमाथि किन झम्टयौ र परमप्रभुको
दृष्टिमा दुष्टता गर्‍यौ ?"

**२०**शाऊलले भने, "तर मैले त परमप्रभुको
आज्ञा पालन गरें । म परमप्रभुले मलाई
दिनुभएको जिम्मेवारी गर्न गएँ । मैले अमालेकी-
हरूलाई सम्पूर्ण रुपले नष्ट गरें र तिनीहरूका
राजा अगागलाई लिएर फर्कें । **२१**योद्धाहरूले
लूटका मालबाट भेड़ाहरू र गाईवस्तु लिए
अनि त्यसका असलहरूचाहिँ परमप्रभु तपाईंका
परमेश्‍वरको निम्ति गिलगालमा बलिदान गर्नको
लागि समर्पित गरिएका छन् ।"

**२२** तर शमूएलले जवाफ दिए:

"के परमप्रभु उहाँको आवाज पालन
गरेको भन्दा
होमबलि र बलिदानहरूमा प्रसन्न
हुनुहुन्छ ?
आज्ञापालन बलिदानभन्दा उत्तम हो,
अनि ध्यान दिनुचाहिँ साँड़े-भेड़ाको
बोसोभन्दा उत्तम हो ।

**२३** विरोध मन्त्रतन्त्रको पापजस्तै हो,
र हठी हुनुचाहिँ मूर्तिपूजेको दुष्टताझैँ
हो ।
तिमीले परमप्रभुको वचनलाई तिरष्कार
गरेको कारण
उहाँले तिमीलाई राजाको रुपमा तिरष्कार
गर्नुभएको छ ।"

**२४**तब शाऊलले शमूएललाई भने, "मैले
पाप गरेको छु । मैले परमप्रभुको आज्ञा
र तपाईंका आदेशहरू उलङ्घन गरें । म
मानिसहरूसित डराएँ र तिनीहरूको सामुन्ने
झुकें । **२५**अब म तपाईंलाई मेरो पाप
क्षमा गरी मसित आउनुहुन बिन्ती गर्छु र म
परमप्रभुको आराधना गर्न सकूँ ।"

**२६**तर शमूएलले तिनलाई भने, "म तिमीसित
फर्केर जान सक्दिनँ । तिमीले परमप्रभुको
वचनलाई तिरष्कार गरेका छौ र परमप्रभुले
तिमीलाई इस्राएलको राजाको रुपमा तिरष्कार
गर्नुभएको छ !"

**२७**शमूएल फर्केर जानलाग्दा शाऊलले
तिनका लबेदाको किनार पक्रे र त्यो
च्यातियो । **२८**शमूएलले तिनलाई भने,
"परमप्रभुले तिमीबाट आज इस्राएलको राज्य
च्यात्नुभएको छ र त्यसलाई तिम्रो एउटा
छिमेकी, अर्थात् तिमीभन्दा असललाई त्यो
दिनुभएको छ । **२९**उहाँ इस्राएलको महिमा
हुनुहुन्छ र उहाँले झूट बोल्नुहुन्न अनि उहाँले
आफ्नो मन बद्‌ली गर्नुहुन्न; किनकि उहाँ आफ्नो
मन बद्‌ली गर्ने मानिसझैँ हुनुहुन्न ।"

**३०**शाऊलले जवाफ दिए, "मैले पाप गरें,
तर दया गरी मलाई मेरा मानिसहरूका धर्म-
गुरुहरूको सामुन्ने र इस्राएलको सामुन्ने आदर
गर्नुहोस् । मसित फर्केर आउनुहोस् र म
परमप्रभु तपाईंका परमेश्‍वरको आराधना गर्न
सकूँ ।" **३१**यसकारण शमूएल शाऊलसित फर्के
र शाऊलले परमप्रभुको आराधना गरे ।

**३२**तब शमूएलले भने, "अमालेकीहरूका
राजा अगागलाई मकहाँ ल्याऊ ।"

"मृत्युको तितोपना निश्‍चय हटेर गएको
छ" भन्ने सम्झेर अगाग निर्धक्कसित तिनको
सामुन्ने आए ।

**३३** तर शमूएलले भने,

"तिम्रा तरवारले स्त्रीहरूलाई निसन्तान
पारेझैँ,
तिम्री आमा पनि स्त्रीहरूमा निसन्तान
हुनेछिन् ।"

---

**१५:२७–२८**–१ शमूएल २८:१७; १ राजा ११:३०-३१.

अनि शमूएलले अगागलाई गिलगालमा
परमप्रभुकै सामुन्ने मारे ।
**३४**तब शमूएल रामामा गए तर
शाऊलचाहिँ तिनको आफ्ना घर गिबामा उक्लेर
गए । **३५**आफू नमरेसम्म शमूएलले शाऊलको
निम्ति शोक गरे तापनि तिनी उनलाई
हेर्न उनीकहाँ गएनन् । अनि शाऊललाई
इस्राएलमाथि राजा बनाउनुभएकोमा परमप्रभु
दु:खी हुनुभयो ।

### शमूएलले दाऊदलाई अभिषेक गरेका

**१६** परमप्रभुले शमूएललाई भन्नुभयो, "तँ
शाऊलको निम्ति कतिसम्म शोक
गरिबस्छस्, किनकि मैले त्यसलाई इस्राएलको
राजाको रुपमा तिरष्कार गरिसकेको छु ? तँसित
भएको सीङमा तेल भर् र बाटो लाग्; म
तँलाई बेथलेहेमको यिशैकहाँ पठाउँदैछु । मैले
त्यसका छोराहरूमध्ये एक जनालाई राजा
चुनेका छु ।"
**२**तर शमूएलले भने, "म कसरी जान सक्छु ?
शाऊलले यो कुरा सुनेर मलाई मार्नेछन् ।"
परमप्रभुले भन्नुभयो, "आफूसित एउटा
कोरली लिनू र 'म परमप्रभुकहाँ बलिदान
चढ़ाउन आएको छु' भन्नू । **३**यिशैलाई त्यस
बलिदानमा निम्त्याउनू र तैंले के गर्नुपर्नेछ
त्यो म तँलाई बताउनेछु । मैले देखाएको
व्यक्तिलाई तैंले अभिषेक गर्नू ।"
**४**शमूएलले परमप्रभुले भन्नुभएझैं गरे ।
तिनी बेथलेहेममा आइपुग्दा तिनीसित भेट गर्ने
त्यस शहरका धर्म-गुरुहरू काँपे । तिनीहरूले
तिनलाई सोधे, "के तपाईं शान्तिमा आउनुभएको
छ ?"
**५**शमूएलले जवाफ दिए, "हो, शान्तिमा
आएको छु; म परमप्रभुकहाँ बलिदान चढ़ाउन
आएको छु । आफैलाई शुद्ध पार र बलिदानको
निम्ति मसित आऊ ।" तब तिनले यिशै र
तिनका छोराहरूलाई शुद्ध पारे र तिनीहरूलाई
बलिदानमा निम्तो दिए ।
**६**तिनीहरू आइसकेपछि शमूएलले एलीआब-
लाई देखेर 'निश्चयनै परमप्रभुको अभिषिक्त
जन यहाँ परमप्रभुको सामुन्ने खड़ा छन्' भनी
सम्झे ।
**७**तर परमप्रभुले शमूएललाई भन्नुभयो,
"त्यसको रूप र उँचाइमाथि विचार नगर्,
किनकि मैले त्यसलाई तिरष्कार गरेको छु ।
परमप्रभुले मानिसले झैं हेर्नहुन्न । मानिसहरूले
बाहिरी रूप हेर्छन् तर परमप्रभुले त हृदय
हेर्नुहुन्छ ।"
**८**तब यिशैले अबीनादाबलाई बोलाएर
शमूएलको सामुन्नेबाट हिँड़न लाए । तर
शमूएलले भने, "परमप्रभुले यिनलाई पनि
चुन्नुभएको छैन ।" **९**तब यिशैले शम्मालाई
हाजिर गराए, तर शमूएलले भने, "परमप्रभुले
यिनलाई पनि चुन्नुभएको होइन ।" **१०**यिशैको
आफ्ना सात जना छोराहरूलाई शमूएलको
सामुन्नेबाट हिँड़न लाए तर शमूएलले तिनलाई
भने, "परमप्रभुले यिनीहरूलाई चुन्नुभएको
होइन ।" **११**यसकारण तिनले यिशैलाई सोधे,
"के तपाईंसित भएका छोराहरू यति नै हुन् ?"
यिशैले जवाफ दिए, "अँ, कान्छो पनि छ,
तर त्यसले त भेड़ाहरू पो चराउँदैछ ।"
शमूएलले भने, "त्यसलाई बोलाइपठाउनुहोस्,
त्यो नआएसम्म हामी बस्नेछैनौं ।"
**१२**यसकारण तिनले त्यसलाई बोलाएर
ल्याए । तिनी रातोपिरो र सुन्दर देखिने अति
आकर्षक जीउडाल भएका व्यक्ति थिए ।
तब परमप्रभुले भन्नुभयो, "व्यक्ति यही हो,
उठेर त्यसलाई अभिषेक गर् ।"
**१३**यसकारण शमूएलले तेलको सीङ लिएर
तिनलाई तिनका दाज्यूहरूको उपस्थितिमा
अभिषेक गरे र त्यस दिनदेखि तिनीमाथि
परमप्रभुको आत्मा शक्तिमा आउनुभयो ।
त्यसपछि शमूएल रामामा गए ।

### दाऊद शाऊलको सेवामा

**१४**अब परमप्रभुका आत्मा शाऊलबाट
गइसक्नुभएको थियो र परमप्रभुबाटको एउटा
दुष्टात्माले तिनलाई सताउँथ्यो ।
**१५**शाऊलका सेवकहरूले तिनलाई भने,
"हेर्नुहोस्, परमप्रभुबाटको एउटा दुष्टात्माले

तपाईंलाई सताउँदैछ । **१६**हाम्रा मालिकले
आफ्ना चाकरहरूलाई वीणा बजाउने कसैलाई
खोज्ने आज्ञा देऊन् । परमप्रभुबाटको दुष्टात्मा
तपाईंमाथि आउँदा त्यसले बजाओस् र तपाईं
ठीक हुनुहुनेछ ।"

**१७**शाऊलले आफ्ना सेवकहरूलाई भने, "एक
जना राम्रो बजाउनेलाई खोजेर मकहाँ ल्याओ ।"

**१८**सेवकहरूमध्ये एक जनाले भने, "म
बेथलेहेमको यिशैका छोरालाई चिन्दछु जसले
वीणा बजाउन जान्दछ । त्यो साहसी छ र त्यो
एउटा योद्धा हो । त्यो राम्रो गरी बोल्छ र हेर्नमा
सुन्दर छ । अनि परमप्रभु त्यससित हुनुहुन्छ ।"

**१९**तब शाऊलले यिशैकहाँ दूतहरू पठाएर
भने, "भेड़ा चराउने तपाईंको छोरा दाऊदलाई
मकहाँ पठाइदिनुहोस् ।" **२०**यसकारण यिशैले
एउटा गधा लिएर त्यसमा रोटी, एक मसक
दाखमद्य र एउटा कलिलो पाठो लदाएर ती
कुराहरू आफ्नो छोरा दाऊदसित शाऊलकहाँ
पठाइदिए ।

**२१**दाऊद शाऊलकहाँ आए र तिनको सेवामा
लागे । शाऊलले तिनलाई औधी मन पराएर
दाऊद तिनका हतियार बोक्नेहरूमध्ये एक जना
भए । **२२**तब शाऊलले यिशैकहाँ समाचार
पठाएर भने, "दाऊदलाई मेरो सेवामा रहन
दिनुहोस्, किनकि म तिनीसित प्रसन्न छु ।"

**२३**जब-जब परमप्रभुबाटको आत्मा तिनमा
आउँथ्यो, दाऊदले वीणा लिएर बजाउँथे । तब
शाऊलले छुटकारा पाउँथे, तिनी निको हुन्थे र
दुष्टात्मा तिनीबाट गइहाल्थ्यो ।

## दाऊद र गोल्यत

**१७** अब पलिश्तीहरूले युद्धको निम्ति आफ्नो
सेनालाई जम्मा गरेर यहूदाको सोकोहमा
भेला भए । तिनीहरूले सोकोह र अजेकाको
बीचको एपेस-दम्मीममा छाउनी हाले । **२**शाऊल
र इस्राएलीहरू भेला भएर एलाको भञ्ज्याङमा
छाउनी हाले र पलिश्तीहरूलाई भेट्न युद्धको
पंक्ति बाँधे । **३**पलिश्तीहरू एउटा डाँड़ामा बसे
र इस्राएलीहरू अर्कोमा, अनि ती दुईको बीचमा
चाहिँ भञ्ज्याङ थियो ।

**४**पलिश्तीहरूको छाउनीबाट गातको एक
जना गोल्यत नाउँ भएको वीर निस्केर आयो ।
त्यो नौ फूटभन्दा अग्लो थियो । **५**त्यसले आफ्नो
शिरमाथि काँसाको टोप लगाएको थियो र
पाँच हजार शेकेल ओजन भएको काँसाको
झिलम ओड़ेको थियो; **६**आफ्नो पाउमा काँसाको
कवच लगाएको थियो र त्यसको पिठिउँमा
काँसाको बर्छा झुण्डचाइएको थियो । **७**त्यसको
भालाको बिँड़ जुलाहाको डण्डाझैं थियो र
फलामको टुप्पोचाहिँ छ सय शेकेल तौलको
थियो । त्यसको ढाल बोक्ने त्यसको अगिअगि
हिँड्थ्यो ।

**८**गोल्यतले खड़ा भएर इस्राएलका फौजलाई
कराएर भन्यो, "तिमीहरू लड़ाइँ गर्न पंक्ति
बाँधेर आएका ? के म एउटा पलिश्ती
होइन र तिमीहरूचाहिँ शाऊलका चाकरहरू
होइनौ ? एक जना मानिस चुनेर त्यसलाई
मकहाँ पठाऊ । **९**यदि त्यसले मसित लड़ाइँ
गरेर मलाई मार्न सक्यो भने हामी तिमीहरूका
अधीनमा हुनेछौं; तर यदि मैले त्यसलाई जितेर
मारें भने, तिमीहरूले हाम्रो अधीनमा भएर
हाम्रो सेवा गर्नुपर्नेछ ।" **१०**तब त्यस पलिश्तीले
भन्यो, "आज म इस्राएलको फौजलाई तुच्छ
ठान्छु ! मलाई एउटा मानिस देऊ र हामी
आपसमा युद्ध गर्नेछौं ।" **११**त्यस पलिश्तीका
शब्दहरू सुनेर शाऊल र सारा इस्राएलीहरू
आत्तिए र साह्रै खिन्न भए ।

**१२**अब दाऊदचाहिँ यहूदाको बेथलेहेमका
यिशै नाउँभएको एक जना एप्रातीका छोरा
थिए । यिशैका आठ जना छोराहरू थिए र
शाऊलको समयमा तिनी वृद्ध अनि धेरै उमेर
खाइसकेका थिए । **१३**यिशैका तीन जना ठूला
छोराहरू शाऊलसित युद्धमा गएका थिए ।
जेठा एलीआब, माहिला अबीनादाब र साहिँला
शम्मा थिए । **१४**दाऊदचाहिँ कान्छा थिए । तीन
जना ठूलाहरू शाऊलका पछि लागेका थिए,
**१५**दाऊदचाहिँ शाऊलकहाँबाट बेथलेहेममा आफ्नो
बाबुका भेड़ाहरू चराउन जाने आउने गर्थे ।

**१६**चालीस दिनसम्म त्यो पलिश्ती हरेक
बिहान र साँझमा अगि आएर आफ्नो कुरा

भन्थ्यो ।
**१७**यिशैले आफ्नो छोरा दाऊदलाई भने, "एक एपा भुटेको अन्न र यी दशओटा रोटीहरू तेरा दाज्यूहरूको निम्ति लिएर झट्टै तिनीहरूको छाउनीमा जा ।
**१८**तिनीहरूका छाउनीका कप्तानकहाँ यी दशओटा पनीर पनि लिएर जा । तेरा दाज्यूहरू कस्ता छन् त्यो हेरेर तिनीहरूबाट केही सान्त्वनाका चिनो लिएर आइज ।
**१९**तिनीहरू शाऊलसित छन् र इस्राएलका सबै मानिसहरू पलिश्तीहरूसित युद्ध गर्दै एलाको भन्ज्याङमा रहेका छन् ।"

**२०**भोलिपल्ट बिहानै बगाललाई गोठालाहरूसित सुम्पेर यिशैले आदेश दिएअनुसार भारी लिएर निस्के । फौज युद्धको हाँक दिँदै लड़ाइँको पंक्तिमा जाँदैगर्दा तिनी त्यहाँ पुगे ।
**२१**इस्राएली र पलिश्तीहरू आमुन्ने-सामुन्ने पंक्तिवद्ध भएर बस्दै थिए ।
**२२**आफ्ना सामानलाई त्यसलाई देखरेख गर्नेको जिम्मामा छोड़ेर दाऊद दौडेर गई आफ्ना दाज्यूहरूलाई अभिवादन गरे ।
**२३**तिनी उनीहरूसित कुरा गर्दै रहेका बेला गाथको पलिश्ती वीर गोल्यत बाहिर निस्केर अनादरपूर्ण शब्दहरू जोरसित भन्नथाल्यो र दाऊदले यो सुने ।
**२४**इस्राएलीहरूले त्यस मानिसलाई देखेपछि तिनीहरू त्यसदेखि साह्रै डराएर भागे ।

**२५**इस्राएलीहरूले चाहिँ यसो भनिरहेका थिए, "यो मानिस कसरी निस्केर आइरहेको छ देख्दैछौ ? त्यो त इस्राएललाई धम्की दिनलाई आइरहेको छ, त्यसलाई मार्ने मानिसलाई राजाले धेरै धन दिनेछन् । तिनले उसलाई आफ्नी छोरी विवाह गरिदिनेछन् अनि त्यसको परिवारलाई इस्राएलमा कर बुझाउनदेखि पनि छुट दिनेछन् ।"

**२६**दाऊदले आफ्नो छेउमा उभिरहेका मानिसहरूलाई सोधे, "पलिश्तीलाई मार्ने र इस्राएलबाट अपमान हटाउने मानिसको निम्ति के गरिनेछ ? जिउँदो परमेश्वरको फौजलाई धम्की दिने यो बेखतने पलिश्ती को हो र ?"
**२७**तिनीहरूले के भनिरहेका थिए तिनीहरूले त्यसलाई दोहोऱ्याइ दिएर भने, "त्यसलाई मार्ने मानिसको निम्ति यही गरिनेछ ।"

**२८**जब तिनका जेठा दाज्यू एलीआबले तिनी मानिसहरूसित कुरा गरिरहेका सुने तिनी ऊप्रति रीसले आगो भएर सोधे, "तँ किन यहाँ आइस् ? अनि तैंले ती अलिकता भेड़ाहरू उजाड़-स्थानमा कोसित छोड़ेर आइस् ? तँ कति घमण्डी छस् र तेरो हृदय कति दुष्ट छ त्यो म जान्दछु । तँ लड़ाइँ हेर्नलाई मात्र तल झरेको होस् ।"

**२९**दाऊदले भने, "मैले के गरेको छु र ? के म बोल्नु पनि नहुने ?"
**३०**तब तिनले अरूतिर फर्केर त्यही कुरा गरे र ती मानिसहरूले तिनलाई पहिलेझैं जवाफ दिए ।
**३१**दाऊदले जे भने त्यो कसैले सुनेर शाऊललाई भनिदिए अनि शाऊलले तिनलाई बोलाइपठाए ।

**३२**दाऊदले शाऊललाई भने, "यस पलिश्तीको कारण कोही पनि निराश नहोस्; तपाईंको दासले गएर त्यससित लड़ाइँ गर्नेछ ।"
**३३**शाऊलले जवाफ दिए, "तिमी यस पलिश्तीको विरुद्धमा गएर लड़ाइँ गर्न जान सक्दैनौ । तिमी सानो केटा मात्र छौ र त्यो त आफ्नो युवाअवस्थादेखिनै लड़ाइँ गर्दै आएको छ ।

**३४**तर दाऊदले शाऊललाई भने, "तपाईंको दासले आफ्नो बाबुका भेड़ाहरू चराउँदै आएको छ । कुनै सिंह अथवा भालू आएर बगालबाट एउटा भेड़ा उठाएर लैजाँदा,
**३५**म त्यसको पछि लागें अनि त्यसलाई प्रहार गरेर त्यसको मुखबाट भेड़ालाई मैले छुटाएँ । त्यो मतिर फर्कंदा मैले त्यसलाई केशमा पक्रेर प्रहार गरेर मारिदिएँ ।
**३६**तपाईंको दासले सिंह र भालू दुवै मारेको छ । यो बेखतने पलिश्ती पनि तिनीहरूजस्तै एउटा हुनेछ, किनकि त्यसले जीवित परमेश्वरको फौजलाई हाँक दिएको छ ।
**३७**जुन परमेश्वरले मलाई सिंहको पञ्जा र भालूको पञ्जाबाट छुटाउनुभयो उहाँले नै मलाई यस पलिश्तीको हातबाट पनि छुटाउनुहुनेछ ।"

शाऊलले दाऊदलाई भने, "जाऊ, परमप्रभु तिमीसित हुनुहुनेछ ।"

**३८**तब शाऊलले दाऊदलाई आफ्नै जङ्गी पोशाक पहिऱ्याइदिए । तिनले उनलाई झिलम

लगाइदिए र शिरमा काँसाको टोपी लगाइदिए।
**३९**दाऊदले त्यस जङ्गी पोशाकमाथि तिनको
तरवार कसे र यताउती हिँड्ने कोशिश् गरे,
किनकि तिनको ती लगाउने बानी थिएन।

तिनले शाऊललाई भने, “म यससित जान
सक्दिँन किनकि मलाई यसको बानी छैन।”
यसकारण तिनले ती उतारिदिए। **४०**तब तिनले
आफ्नो हातमा आफ्नो लहुरो लिए, खोलाबाट
पाँचओटा चिल्ला ढुङ्गाहरू छाने र ती आफ्ना
गोठाले थैलीमा हाले र हातमा आफ्नो घुँयेत्रो
लिएर त्यस पलिश्तीतिर बढ़े।

**४१**त्यसबेला त्यो पलिश्ती आफ्नो हतियार
बोक्नेलाई अगि लगाएर दाऊदको छेउतिर
आउन लाग्यो। **४२**त्यसले दाऊदलाई नियालेर
हेऱ्यो र त्यसलाई सानै केटा अनि रातो-पिरो
र सुन्दर देखेर तिनलाई खिसी गर्न लाग्यो।
**४३**त्यसले दाऊदलाई भन्यो, “के म कुकुर हुँ र
तँ मतिर लहुरो लिएर आउँदैछस् ?” अनि त्यस
पलिश्तीले दाऊदलाई आफ्नो देवताहरूको
नाउँमा सराप्यो। **४४**त्यसले भन्यो, “यहाँ आइज,
अनि म तेरो मासु आकाशका चराहरू र
जङ्गलका पशुहरूलाई दिनेछु।

**४५**दाऊदले त्यस पलिश्तीलाई भने, “तँ
मेरो विरुद्धमा तरवार, भाला र बर्छा लिएर
आएको छस्, तर म त तेरो विरुद्धमा तैंले
धम्की दिएका इस्राएलको फौजका सर्वशक्तिमान्
परमप्रभु परमेश्वरको नाउँमा आएको छु।
**४६**आजको दिन परमप्रभुले तँलाई मेरो हातमा
सुम्पनुहुनेछ अनि म तँलाई प्रहार गरेर लड़ाउनेछु
र तेरो शिर काटिदिनेछु। आज म पलिश्ती
फौजका लाशहरू आकाशका चराहरू र
पृथ्वीका पशुहरूलाई दिनेछु अनि सारा
संसारले इस्राएलमा एक जना परमेश्वर हुनुहुन्छ
भनेर जान्नेछन्। **४७**यहाँ भेला भएकाहरूले
परमप्रभुले तरवार र भालाले बचाउनुहुन्न,
किनकि युद्ध परमप्रभुकै हो र उहाँले तिमीहरू
सबैलाई हाम्रा हातमा दिनुहुनेछ भन्ने कुरा
जान्नेछन्।”

**४८**जसै त्यो पलिश्ती तिनलाई आक्रमण
गर्न भनी नजीक आयो, दाऊद त्यसलाई भेट्न
लड़ाइँ गर्ने ठाउँमा दौढ़ेर गए। **४९**आफ्नो थैलोमा
हात हालेर एउटा ढुङ्गा निकालेर तिनले घुँयेत्रो
मच्चाएर त्यस पलिश्तीको निधारैमा प्रहार
गरे। त्यो ढुङ्गा त्यसको निधारमा गाड़ियो र
त्यो भूइँमा घोप्टो परेर लड़्यो।

**५०**यसरी दाऊद त्यस पलिश्तीमाथि एउटा
घुँयेत्रो र एउटा ढुङ्गाले विजयी भए; हातमा
कुनै तरवार नभई तिनले त्यस पलिश्तीलाई
लड़ाए र मारे।

**५१**दाऊद दौढ़ेर त्यसमाथि उभिए। तिनले
त्यस पलिश्तीको तरवार पक्रेर त्यसलाई
म्यानबाट थुते। तिनले त्यसलाई मारेपछि त्यस
तरवारले त्यसको शिर काटेर अलग गरिदिए।

पलिश्तीहरूको आफ्नो वीर मारिएको देखेर
तिनीहरू फर्केर भागे। **५२**तब इस्राएल र
यहूदाका मानिसहरू जयध्वनिसाथ अगि बढ़े र
पलिश्तीहरूलाई गातको प्रवेशद्वारसम्म र
एक्रोनको मूलढोकासम्म खेदे। तिनीहरूका
लाशहरू गात र एक्रोनका बाटोहरूतिर जताततै
छरिए। **५३**पलिश्तीहरूलाई खेदेर इस्राएलीहरू
फर्कंदा तिनीहरूले उनीहरूका छाउनी लूटे।
**५४**दाऊदले त्यस पलिश्तीको शिर टिपेर त्यसलाई
यरूशलेममा ल्याए र तिनले त्यस पलिश्तीका
हतियारहरू आफ्नै छाउनीमा राखे।

**५५**दाऊद त्यस पलिश्तीलाई भेट्न जाँदैगर्दा
शाऊलले फौजको कप्तान अबनेरलाई भने,
“अबनेर, त्यो जवान मानिस कसको छोरा
हो ?”

अबनेरले जवाफ दिए, “तपाईं निश्चित
रूपले जिउनुभएझैं, हे राजा, म जान्दिनँ।”

**५६**राजाले भने, “यो जवान मानिस कसको
छोरा हो पत्तो लगाऊ।”

**५७**पलिश्तीलाई मारेर दाऊद फर्किनासाथ
अबनेरले तिनलाई लिएर दाऊदले पलिश्तीको
शिर हातमा लिएकै अवस्थामा शाऊलको
सामुन्ने ल्याए।

---

**१७:५०**–२ शमूएल २१:१९.

**५८**शाऊलले तिनलाई सोधे, “हे जवान
मानिस, तिमी कसका छोरा हौ ?“
दाऊदले भने, “म तपाईंको दास बेथलेहेमको
यिशैको छोरा हुँ ।”

### दाऊदप्रति शाऊलको इर्ष्या

**१८** दाऊदले शाऊलसित कुरा गरिसकेपछि
जोनाथन दाऊदप्रति एकै मनका भएर
तिनलाई आफैलाई झैँ प्रेम गरे । **२**त्यस दिनदेखि
शाऊलले दाऊदलाई आफैसित राखे र तिनलाई
आफ्नो बाबुको घरमा फर्केर जान दिएनन् ।
**३**अनि जोनाथनले दाऊदलाई आफैलाई झैँ
प्रेम गरेकोले तिनले दाऊदसित करार बाँधे ।
**४**जोनाथनले आफूले लगाएको लबेदा फुकालेर
त्यसलाई आफ्नो जङ्गी-पोशाक र आफ्नो
तरवार, आफ्नो धनु अनि पेटीसमेत दाऊदलाई
दिए ।
**५**शाऊलले दाऊदलाई जुनै काम गर्न दिए
पनि तिनले यति सफलतापूर्वक गरे कि
शाऊलले तिनलाई फौजमा उच्च पद दिए ।
यसमा सबै मानिसहरू र शाऊलका अधिकृतहरू
पनि खुशी भए ।
**६**दाऊदले पलिश्तीहरूलाई मारिसकेपछि
जब मानिसहरू घर फर्किरहेका थिए, स्त्रीहरू
इस्राएलका शहरहरूबाट गाउँदै नाच्दै खुशीका
गीतहरू, खैंजड़ी र सारंगीको साथमा शाऊल
राजालाई अभिवादन गर्न निस्के । **७**तिनीहरूले
नाच्दै गर्दा यसरी गीत गाए–

“शाऊलले हजारौंलाई मारे
अनि दाऊदले त लाखौंलाई ।”

**८**शाऊललाई ज्यादै रीस उठ्यो, त्यस गीतले
तिनलाई तितो बनायो । तिनले सोचे, “तिनीहरूले
दाऊदलाई लाखौं मर्यादा दिए तर मलाईचाहिँ
हजारौं मात्र । अब तिनलाई राजा तुल्याउन
मात्र त बाँकी रह्यो ।” **९**अनि त्यस बेलादेखि
उसो शाऊलले दाऊदप्रति इर्ष्या गर्न थाले ।
**१०**भोलिपल्ट परमप्रभुबाटको एउटा दुष्टात्मा
शाऊलमाथि उग्र रूपले आयो । तिनी आफ्नो
घरमा अगमवाणी गरिरहेका थिए र दाऊदचाहिँ
सधैँझैँ वीणा बजाइरहेका थिए । शाऊलको
हातमा एउटा भाला थियो । **११**अनि तिनले आफ्नो
मनमा “म दाऊदलाई भित्तामा टाँसिदिनेछु”
भनेर त्यो हाने, तर दाऊदले तिनलाई दुईपल्ट
छले ।
**१२**शाऊल दाऊददेखि डराउनथाले किनकि
परमप्रभु तिनीसित हुनुहुन्थ्यो र शाऊललाई
चाहिँ त्याग्नुभएको थियो । **१३**यसकारण तिनले
दाऊदलाई आफूदेखि टाढ़ा पठाइदिए र तिनलाई
एक हजारमाथि अधिकृत तुल्याए अनि दाऊदले
फौजलाई तिनीहरूका अभियानहरूमा नेतृत्व
गर्थे । **१४**तिनले गरेको जुनै काममा पनि
तिनी सफल हुन्थे किनकि परमप्रभु तिनीसित
हुनुहुन्थ्यो । **१५**जब शाऊलले तिनलाई यसरी
सफल भएका देखे तब उनी दाऊदसँग डराए ।
**१६**तर सारा इस्राएल र यहूदाले चाहिँ
दाउदलाई प्रेम गर्थे, किनकि तिनले उनीहरूका
अभियानहरूमा डोऱ्याउँथे ।
**१७**शाऊलले दाऊदलाई भने, “मेरी जेठी
छोरी मेराब यहाँ छिन् । म यसलाई तिमीसित
विवाह गरिदिनेछु, तिमीले केवल वीरतासाथ
मेरो सेवा गर्नू र परमप्रभुका युद्धहरू लड्नू ।”
किनकि शाऊलले मनमा “म यिनको विरुद्धमा
हात उठाउनेछैन । पलिश्तीहरूले नै त्यो काम
गरून्” भनेका थिए ।
**१८**तर दाऊदले शाऊललाई भने, “म को
हुँ, अनि मेरो परिवार अथवा मेरा बाबुको वंश
इस्राएलमा के हो र म राजाको जूवाइँ हूँला ?”
**१९**यसकारण जब शाऊलकी छोरी मेराबको
दाऊदसँग विवाह गर्ने बेला आयो तिनलाई
महोलहको अद्रीएलसित विवाह गरिदिइयो ।
**२०**शाऊलकी छोरी मीकलले चाहिँ दाऊदलाई
प्रेम गर्थिन् र जब तिनीहरूले यो कुरा
शाऊललाई भनिदिए तिनी खुशी भए ।
**२१**तिनले यसरी सोचे, “म यसलाई तिनलाई
दिनेछु र यो तिनको निम्ति एउटा पासो होस्

**१८:७**–१ शमूएल २१:११; २९:५.

अनि पलिश्तीहरूको हात तिनका विरुद्धमा
उठोस् ।" यसकारण शाऊलले दाऊदलाई भने,
"अब तिमीलाई मेरो जुवाइँ हुने दोस्रो मौका
मिलेको छ ।"

**२२**तब शाऊलले आफ्ना सेवकहरूलाई
हुकुम दिए: "दाऊदसित गुप्तमा कुरा गरेर
यसरी भन्नू, 'हेर्नुहोस्, राजा तपाईंसित प्रसन्न
हुनुहुन्छ, र उहाँका सबै सेवकहरूले तपाईंलाई
मन पराउँछन् । अब उहाँको जुवाइँ हुनुहोस् ।'"

**२३**तिनीहरूले दाऊदलाई यी शब्दहरू
दोहोऱ्याइदिए । तर दाऊदले भने, "के राजाको
जुवाइँ हुन यति सानो कुरा हो भनी तिमीहरू
सम्झन्छौ ? म त एउटा गरीब मानिस हुँ र म
प्रख्यात पनि छैन ।" **२४**जब शाऊलका
सेवकहरूले तिनलाई दाऊदले भनेका कुरा
भनिदिए, **२५**शाऊलले जवाफ दिए, "दाऊदलाई
यसो भन, 'राजाले दुलहीको दाम शत्रुहरूलाई
बदला लिनको निम्ति पलिश्तीहरूका एक सय
खलड़ीबाहेक अरू केही लिनुहुन्न ।'" शाऊलको
योजनाचाहिँ दाऊद पलिश्तीहरूको हातबाट
मारिओस् भन्ने थियो ।

**२६**ती सेवकहरूले दाऊदलाई यी कुरा
भनेपछि तिनी राजाका जुवाइँ हुन खुशी भए ।
यसकारण तोकिएको समय बित्न अघिनै
**२७**दाऊद र तिनका मानिसहरू निस्के र दुईसय
पलिश्तीहरूलाई मारे । तिनले तिनीहरूका
खलड़ी ल्याए र राजाको जुवाइँ हुनालाई ती
जम्मै सङ्ख्या राजालाई टक्राइदिए । तब
शाऊलले आफ्नी छोरी मीकललाई तिनीसित
विवाह गरिदिए ।

**२८**राजाले परमप्रभु दाऊदसित हुनुहुन्छ र
मीकलले तिनलाई प्रेम गर्छिन् भनेर थाहा
पाएपछि, **२९**तिनी उनीसित अझ डराउन थाले
र तिनी आफ्नो बाँकी जीवनभरिनै उनको शत्रु
भए ।

**३०**पलिश्ती कप्तानहरू लड़ाइँमा निस्किरहन्थे
र जतिपल्ट तिनीहरूले त्यसो गर्थे दाऊदले
शाऊलका अरू अधिकृतहरूभन्दा बढ़ी
सफलता पाउँथे र तिनको नाउँ प्रख्यात हुने
गर्दथ्यो ।

### शाऊल दाऊदलाई मार्न खोज्छन्

**१९** शाऊलले आफ्ना छोरा जोनाथन र सबै
सेवकहरूलाई दाऊदलाई मार्नू भने ।
तर जोनाथनले त दाऊदलाई औधी मन
पराउँथे, **२**अनि तिनले उनलाई चेतावनी दिए,
"मेरा पिता शाऊलले तपाईंलाई मार्ने मौका
हेरिरहनुभएको छ । भोलि बिहान सतर्क
रहनुहोस्; कहीं लुक्न गएर त्यहीं बस्नुहोस् ।
**३**म बाहिर गएर तपाईं हुनुभएको खेतमा
आफ्ना पितासित उभिनेछु । म उहाँलाई तपाईंको
विषयमा कुरा गर्नेछु र मलाई थाहा भएको
कुरा तपाईंलाई भन्नेछु ।"

**४**जोनाथनले आफ्नो पितालाई दाऊदको
पक्षमा कुरा गरेर तिनलाई भने, "राजाको आफ्नो
दास दाऊदलाई हानि नगर्नुहोस्, तिनले तपाईंको
नोक्सान् गरेका छैनन् र तिनले जे गरेका छन्
त्यसबाट तपाईंलाई धेरै लाभ भएको छ । **५**तिनले
त्यस पलिश्तीलाई मार्दा आफ्नो ज्यानसमेत
जोखिममा पारेका थिए । परमप्रभुले सारा
इस्राएलको निम्ति एउटा ठूलो विजय प्राप्त
गर्नुभयो र त्यो देखेर तपाईं प्रसन्न हुनुभयो ।
त्यसो भए तपाईंले दाऊदलाई विनाकारण
मारेर किन तिनीजस्ता निर्दोष मानिसप्रति हानि
पुऱ्याउनुहुन्छ ?"

**६**शाऊलले जोनाथनको कुरा सुनेर यस्तो
शपथ खाए, "परमप्रभु जिएझैं दाऊद मारिने
छैन ।"

**७**यसकारण जोनाथनले दाऊदलाई बोलाएर
सम्पूर्ण कुराकानी भनिदिए । तिनले दाऊदलाई
शाऊलकहाँ ल्याए र दाऊद पहिलेझैं शाऊलसित
रहे ।

**८**एकपल्ट फेरि युद्ध मच्चियो अनि दाऊद
बाहिर निस्के र पलिश्तीहरूसित युद्ध गरे ।
तिनले तिनीहरूमाथि यति ठूलो प्रहार गरे कि
तिनीहरू तिनको सामुन्नेबाट भागे ।

**९**तर शाऊल आफ्नो हातमा भाला लिएर
आफ्नो घरमा बसिरहेको बेला परमप्रभुबाटको
एउटा दुष्टात्मा तिनीमाथि आयो । दाऊदले
वीणा बजाइरहेका बेला, **१०**शाऊलले आफ्नो
भालाले तिनलाई भित्तामा टाँसिदिने कोशिश्

गरे तर शाऊलले भाला भित्तामा पसाउँदा
तिनले छलिदिए। त्यस रात दाऊद भाग्न सफल
भए।

**११**शाऊलले दाऊदलाई भोलि बिहान मार्न
भनी तिनको घरमा चियो गर्ने मानिसहरू
पठाए। तर तिनकी स्वास्नी मीकलले तिनलाई
चेतावनी दिइन्, "यदि आज राती नै तपाईं
आफ्नो ज्यानको लागि भाग्नुभएन भने भोलि
बिहान तपाईं मारिनुहुनेछ।" **१२**यसकारण
मीकलले दाऊदलाई एउटा झ्यालबाट झारिदिइन्
र तिनी भागेर बाँचे। **१३**त्यसपछि मीकलले
एउटा मूर्ति ल्याएर त्यसलाई ओछ्यानमा
सुताएर त्यसलाई लुगाले ढाकिदिइन् र शिरमा
चाहिँ बाखाका केही रौंहरू राखिदिइन्।

**१४**जब शाऊलले दाऊदलाई पक्रन भनी
मानिसहरू पठाए, मीकलले भनिन्, "तिनी
बिरामी छन्।"

**१५**तब शाऊलले दाऊदलाई हेर्न भनी ती
मानिसहरूलाई फेरि पठाएर भने, "तिनलाई
आफ्नो पलङसितै मकहाँ ल्याऊ र म तिनलाई
मार्नेछु।" **१६**तर जब ती मानिसहरू भित्र पसे
त्यहाँ पलङमाथि त्यो मूर्ति थियो र त्यसको
शिरमा चाहिँ बाखाका केही रौंहरू थिए।

**१७**शाऊलले मीकललाई भने, "तैंले किन
मलाई छलेर मेरो शत्रुलाई भगाइस्?"

मीकलले भनिन्, "तिनले मलाई भने, 'मलाई
जानदेऊ। म तिमीलाई किन मार्नु?'"

**१८**दाऊद भागेर उम्केपछि तिनी रामामा
शमूएलकहाँ गए र शाऊलले तिनलाई गरेका
सबै कुराहरू शमूएललाई भनिदिए। तब तिनी
र शमूएल नैयोतमा गए अनि त्यहीं बस्न
थाले। **१९**शाऊलकहाँ यो खबर आयो, "दाऊद
रामाको नैयोतमा छन्।" **२०**यसकारण तिनले
उनलाई पक्रनलाई मानिसहरू पठाए। तर
जब तिनीहरूले एक दल अगमवक्ताहरूलाई
अगमवाणी गरिरहेको र शमूएललाई तिनीहरूको
अगुवा भएर उभिरहेका देखे, परमप्रभुको आत्मा
शाऊलका मानिसहरूमाथि आउनुभयो र
तिनीहरूले पनि अगमवाणी गर्न थाले।
**२१**शाऊललाई यो कुरा भनियो अनि तिनले
अझ बढ़ी मानिसहरू पठाए र तिनीहरूले पनि
अगमवाणी गर्न थाले। शाऊलले तेस्रोपल्ट
मानिसहरू पठाए अनि तिनीहरूले पनि
अगमवाणी गरे। **२२**आखिरमा तिनी आफै
रामातिर लागे र सेकुमा भएको ठूलो कुवामा
आइपुगे। अनि तिनले सोधे, "शमूएल र दाऊद
कहाँ छन्?"

तिनीहरूले भने, "रामाको नैयोतमा छन्।"

**२३**यसकारण शाऊल रामाको नैयोतमा
गए। तर परमप्रभुको आत्मा तिनीमाथि पनि
आउनुभयो र तिनी अगमवाणी गर्दै नैयोत
नआएसम्म हिँड़े। **२४**तिनले आफ्नो राजकीय
पोशाक उतारे अनि शमूएलको उपस्थितिमा
पनि अगमवाणी गरे। तिनले दिन र रातभरि
नै त्यसो गरिरहे। यसैकारण मानिसहरू भन्छन्,
"के शाऊल पनि अगमवक्ताहरूसितै छन्?"

### दाऊद र जोनाथन

**२०** तब दाऊद रामाको नैयोतबाट भागे र
जोनाथनकहाँ गएर सोधे, "मैले के
गरेको छु? मेरो अपराध के हो? मैले तपाईंको
पिताको के खराबी गरेको छु र उहाँले मेरो
प्राण लिन खोज्नुहुन्छ?"

**२**जोनाथनले जवाफ दिए, "कदापि होइन!
तपाईं मर्नुहुनेछैन! हेर्नुहोस्, मेरा पिताले मलाई
नबताई कुनै पनि ठूलो वा सानो काम
गर्नुहुन्न। उहाँले यो कुरा मदेखि किन
लुकाउनुभयो? यस्तो हुनसक्दैन!"

**३**तर दाऊदले शपथ खाएर भने, "मैले
तपाईंको दृष्टिमा निगाह पाएको छु भनी तपाईंका
पिता जान्नुहुन्छ र उहाँले आफैसित यसो
भन्नुभएको छ, 'यो कुरा जोनाथनलाई थाहा
हुनुहुँदैन नत्रता उसलाई दु:ख लाग्नेछ।'
परमप्रभु निश्चय जिएझैं अनि तपाईं जिएझैं
मेरो र मृत्युको बीचमा एक कदमको मात्र
दूरी छ।

---

**१९:११**–भजनसंग्रह ५९. **१९:२४**–१ शमूएल १०:११-१२.

**४**जोनाथनले दाऊदलाई भने, "मैले तपाईंको
निम्ति जे गरेको तपाईं चाहनुहुन्छ म त्यही
गर्नेछु ।"

**५**यसकारण दाऊदले भने, "हेर्नुहोस्, भोलि
औंसीको चाड़ हो र मैले राजासित भोजन
खानु पर्ने हो, तर म पर्सी साँझसम्म खेतमा
गएर लुक्नेछु । **६**यदि तपाईंको पितालाई मेरो
तृष्णा लागेछ भने उहाँलाई यसो भन्नुहोस्,
'आफ्नो शहर बेथलेहेममा चाँड़ो गरी जानलाई
दाऊदले मसित यत्नपूर्वक अनुमति मागे, किनकि
त्यहाँ तिनको सम्पूर्ण वंशको निम्ति एउटा
वार्षिक बलिदान हुने भएको छ ।' **७**यदि उहाँले
'ठीकै छ' भन्नुभयो भने, तपाईंको दास सुरक्षित
छ । तर यदि उहाँलाई रीस उठेछ भने उहाँले
मलाई हानि गर्ने संकल्प गर्नुभएको छ भनी
तपाईं निश्चित हुनुहोस् । **८**तर तपाईंले चाहिँ
आफ्नो दासमाथि दया देखाउनुहोस्, किनकि
तपाईंले उसलाई परमप्रभुको सामुन्ने करारमा
बाँध्नुभएको छ । यदि म दोषी छु भने मलाई
तपाईं आफैले नै मार्नुहोस् ! मलाई तपाईंको
पिताको हातमा किन सुम्पनुहुन्छ ?"

**९**जोनाथनले भने, "यो हुनै सक्दैन ! मेरा
पिताले तपाईंलाई हानि गर्ने कुराको संकेत
मैले अलिकता पनि पाएको भए के म तपाईंलाई
भन्नेथिइनँ र ?"

**१०**दाऊदले सोधे, "तपाईंको पिताले तपाईंसित
निष्ठूरतापूर्वक कुरा गर्नुभएको मलाई कसले
भनिदिने ?" **११**जोनाथनले भने, "आउनुहोस्,
हामी खेतमा जाऊँ ।" यसरी तिनीहरू एक
साथ त्यहाँ गए ।

**१२**तब जोनाथनले दाऊदलाई भने: "परमप्रभु
इस्राएलका परमेश्वरको नाउँमा म यो प्रण
गर्छु कि म पर्सी साँझसम्म आफ्नो पिताको
मन छाम्नेछु ! यदि उहाँ तपाईंप्रति दयालु
हुनुहुन्छ भने के म तपाईंकहाँ खबर पठाएर
यो कुरा तपाईंलाई थाहा दिन्नँ र ? **१३**तर यदि
मेरा पिताले तपाईंको हानि गर्न निश्चय
गर्नुभएको छ भने, मैले तपाईंलाई त्यो बताएर
सुरक्षापूर्वक तपाईंलाई पठाइनँ भने मलाई
परमप्रभुले दण्ड देऊन् । परमप्रभु मेरा पितासित
रहनुभएझैं तपाईंसित पनि रहून् । **१४**तर
म बाँचुञ्जेल मप्रति परमप्रभुले झैँ दया
देखाइरहनुहोस् र म मारिनु नपरोस्, **१५**अनि
परमप्रभुले सारा संसारबाट दाऊदको प्रत्येक
शत्रुलाई नष्ट गर्नुभए तापनि मेरो परिवारबाट
तपाईंको दया नटुटोस् ।"

**१६**यसकारण जोनाथनले दाऊदको घरानासित
करार बाँधेर भने, "परमप्रभुले दाऊदका
शत्रुहरूसित हिसाब लिऊन् ।" **१७**अनि
दाऊदप्रतिको प्रेमको कारण जोनाथनले
दाऊदलाई आफ्नो शपथ दृढ़ गर्न लगाए, किनकि
तिनले उनलाई आफैलाई झैँ प्रेम गर्थे ।

**१८**तब जोनाथनले दाऊदलाई भने: "भोलि
औंसीको चाड़ हो । तपाईंको ठाउँ रित्तो
रहेकोले खल्लो लाग्नेछ । **१९**पर्सी साँझतिर यो
विपत्ति शुरु हुँदा तपाईं लुकेको ठाउँमा गएर
एजेल ढुङ्गामा पर्खनुहोस् । **२०**म त्यतातिर
तीनओटा काँड़हरू कुनै निशानामा हानेझैँ
हान्नेछु । **२१**तब म एउटा केटालाई पठाएर 'ती
काँड़हरू खोज' भनेर भन्नेछु । यदि मैले त्यसलाई
'हेर्, काँड़हरू तेरो यतापट्टि छ, ती यहाँ ले'
भनेंछु भने, तपाईं आउनुहोस्, किनकि परमप्रभु
निश्चय जिएझैँ तपाईं सुरक्षित हुनुहुन्छ, कुनै
खतरा छैन । **२२**तर यदि मैले त्यस केटालाई
'हेर्, काँड़हरू तेरो उतापट्टि छ' भनेंछु भने
तपाईंले जानुपर्छ किनकि परमेश्वरले तपाईंलाई
पठाउनुभएकै हो । **२३**अनि तपाईं र मैले
कुराकानी गरेको कुराको विषयमा चाहिँ, यो
कुरा याद राख्नुहोस् कि परमप्रभु अनन्तसम्म
तपाईं र मेरो बीचमा साक्षी हुनुहुन्छ ।"

**२४**यसकारण दाऊद खेतमा लुके र जब
औंसीको चाड़ आयो राजा खानलाई बसे ।
**२५**तिनी जोनाथनको सामुन्ने आफ्नो नियमित
ठाउँमा भित्ताको छेउमा बसे र अबनेर
शाऊलको छेउमा बसे तर दाऊदको ठाउँ खाली
थियो । **२६**त्यस दिन शाऊलले केही भनेनन्

**२०:५**–गन्ती २८:११. **२०:१५**–२ शमूएल ९:१.

किनकि तिनले सोचेका थिए, “दाऊद कुनै
विधिअनुसार अशुद्ध भएका होलान्, साँच्चै तिनी
अशुद्ध छन् ।” **२७**तर भोलिपल्ट अर्थात् महिनाको
दोस्रो दिन दाऊदको ठाउँ फेरि खालि थियो ।
तब शाऊलले आफ्नो छोरा जोनाथनलाई सोधे,
“यिशैको छोरा हिजो र आज किन भोजनमा
आएनन् ?”

**२८**जोनाथनले जवाफ दिए, “दाऊदले
बेथलेहेम जाने मसित यत्नपूर्वक अनुमति
मागे । **२९**तिनले भने, ‘मलाई जानदिनुहोस् किनकि
मेरो परिवारले शहरमा बलिदान चढ़ाइरहेका
छन् र मेरा दाज्यूले मलाई त्यहाँ हुनू भनेर
हुकुम गर्नुभएको छ । यदि मैले तपाईंको
दृष्टिमा निगाह पाएको छु भने मलाई आफ्ना
दाज्यूहरूलाई हेर्न जानदिनुहोस् ।’ यसैकारण
तिनी राजाको मेचमा आएका छैनन् ।”

**३०**शाऊलको क्रोध जोनाथनप्रति दन्क्यो र
तिनले उनलाई भने, “तँ पतित र विद्रौही स्त्रीको
छोरा ! तैंले आफ्नै शर्मको लागि अनि तँलाई
जन्माउने आमाको शर्मको लागि यिशैको
छोराको पक्ष लिँदैछस् भन्ने के म जान्दिनँ ?
**३१**यिशैको छोरा यस पृथ्वीमा बाँचेसम्म नता
तँ औ नता तेरो राज्य स्थापित हुनेछ । अब
कसैलाई पठाएर त्यसलाई मकहाँ ले, किनकि
त्यो मारिनैपर्छ ।”

**३२**जोनाथनले आफ्ना पितालाई सोधे, “तिनी
किन मारिनुपर्छ ? तिनले के गरेका छन् र ?”
**३३**तर शाऊलले तिनलाई मार्न भनी तिनीतिर
आफ्नो भाला हाने । तब तिनका पिताले
दाऊदलाई मार्ने विचार राखेका रहेछन् भनी
जोनाथनले जाने ।

**३४**जोनाथन साह्रो रिसाएर आफ्नो मेचबाट
उठे; त्यो महिनाको दोस्रो दिन तिनले केही
खाएनन्, किनकि दाऊदप्रति आफ्ना पिताको
शर्मलाग्दो व्यवहारको कारण तिनी दुःखी भएका
थिए ।

**३५**भोलिपल्ट बिहानै जोनाथन दाऊदलाई
भेट्न भनी खेततिर गए । तिनीसित एउटा
सानो केटा थियो, **३६**अनि तिनले त्यस केटोलाई
भने, “मैले हानेको काँड़ खोज्न दौड़ेर जा ।”
त्यो केटा दौड़ेर गएपछि तिनले त्यसको
पछिल्तिर एउटा काँड़ हाने । **३७**जब त्यो केटा
जोनाथनको काँड़ खसेको ठाउँमा आइपुग्यो,
जोनाथनले पछिल्तिरबाट कराएर भने, “के
काँड़ तेरो पल्लोपट्टि छैन ?” **३८**तब तिनले
कराएर भने “चाँड़ो गर् ! छिटो गइहाल् !
नअड़ी !” त्यस केटोले काँड़हरू टिपेर आफ्ना
मालिककहाँ फर्क्यो । **३९**(त्यस केटोले यो केही
बुझेन, तर जोनाथन र दाऊदले मात्र बुझे ।)
**४०**तब जोनाथनले आफ्ना हतियारहरू त्यस
केटोलाई दिएर भने, “जा यिनीहरूलाई
शहरमा लैजा ।”

**४१**त्यो केटो गएपछि दाऊद त्यस ढुङ्गाको
दक्षिणतिरबाट उठे अनि जोनाथनको सामुन्ने
आफ्नो अनुहार भूइँतिर पारेर तीनपल्ट निहुरे ।
तब तिनीहरूले आपसमा म्वाइँ खाएर एक
साथ रोए, तर दाऊदचाहिँ बेसी रोए ।

**४२**जोनाथनले दाऊदलाई भने, “शान्तिसित
जानुहोस् किनकि हामीले परमप्रभुको नाउँमा
आपसमा मित्रताको शपथ खाएर यसो भनेका
छौं, “परमप्रभु सधैंको निम्ति तपाईं र मेरो
बीचमा अनि तपाईंको सन्तान र मेरो सन्तानको
बीचमा साक्षी हुनुहुन्छ ।” तब दाऊद गइहाले
र जोनाथन शहरतिर फर्के ।

### दाऊद नोबमा

२१ दाऊद नोबमा पूजाहारी अबीमेलेमकहाँ
गए । तिनलाई भेटेर अबीमेलेक काँपे
र सोधे, “तपाईं किन एक्लै आउनुभयो ?
तपाईंसित किन कोही पनि छैनन् ?”

**२**दाऊदले पूजाहारी अबीमेलेकलाई जवाफ
दिए, “राजाले मलाई कुनै कुरामा अभियोग
लगाउनु भयो र मलाई भन्नुभयो, ‘तिम्रो कामको
र हुकुमको विषयमा कसैलाई थाहा नहोस् ।’
मानिसहरूको विषयमा चाहिँ मैले तिनीहरूलाई
एउटा ठाउँमा मलाई भेट्नू भनेको छु । **३**त्यसोभए

**२१:१–६**–मत्ती १२:३-४; मर्कूस २:२५-२६; लूका ६:३.

अब तपाईंसित के छ त ? मलाई पाँचओटा रोटी
अथवा तपाईंले जे पाउनुहुन्छ त्यो दिनुहोस् ।"
**४**तर पूजाहारीले दाऊदलाई भने, "मसित
कुनै साधारण रोटी छैन तर केही पवित्र
रोटीहरूचाहिँ छन्, तर यी खाने मानिसले त
आफैलाई स्त्रीहरूबाट अलग हुनुपर्छ ।"
**५**दाऊदले भने, "निश्चयनै जब म बाहिर
निस्कन्छु सदा झैँ स्त्रीहरू मदेखि अलग रहेका
हुन्छन् । मानिसहरूको विशेष जिम्मेवारीहरू
पवित्र नभए तापनि तिनीहरूका चीजहरू त
पवित्र नै हुन्छन् । आज त झन् कति पवित्र
होला !" **६**यसकारण ती पूजाहारीले तिनलाई
पवित्र रोटी दिए, किनकि परमप्रभुको सामुन्नेबाट
हटाइएको उपस्थितिको रोटी अनि त्यो हटाइएको
दिन अर्को ताजा रोटी राखिएको बाहेक अरू
रोटी थिएनन् ।
**७**त्यस दिन शाऊलका एक जना सेवक
त्यहाँ थियो, जो परमप्रभुको सामुन्ने रोकिएर
बसेको थियो; त्योचाहिँ शाऊलको मुख्य गोठाला
एदोमी दोएग थियो ।
**८**दाऊदले अबीमेलेकलाई सोधे, "के
तपाईंसित यहाँ कुनै तरवार अथवा भाला
छैन ? राजाको काम जरूरी भएकोले मैले
आफ्नो तरवार अथवा मेरा कुनै हतियार पनि
ल्याएको छैनँ ।"
**९**पूजाहारीले जवाफ दिए, "तपाईंले एलाको
भन्ज्याङमा मार्नुभएको पलिश्ती गोल्यतको
तरवार यहाँ छ, जसलाई बेह्रेर एपोदको
पछिल्तिर राखिएको छ । तपाईंले चाहनुहुन्छ
भने यही लानुहोस्, किनकि योबाहेक यहाँ अरू
तरवार छैन ।"
दाऊदले भने, "यो जस्तो अरू छँदैछैन,
मलाई यही दिनुहोस् ।"

### दाऊद गातमा

**१०**त्यस दिन दाऊद शाऊलदेखि भागेर गातका
राजा आकीशकहाँ गए । **११**तर आकीशका
चाकरहरूले तिनलाई भने, "के तपाईं त्यस
देशका राजा दाऊद हुनुहुन्न ? के तपाईंकै विषयमा
ती नाचहरूमा यसो भनेर गाएका होइनन् ?

'शाऊलले हजारौंलाई मारे
अनि दाऊदले त लाखौंलाई ।"

**१२**दाऊदले यी कुराहरू हृदयमा लिए र
तिनी गातका राजा आकीशसित औधी डराए ।
**१३**यसकारण तिनले तिनीहरूका सामुन्ने बौलाहा
भएको भान गरे र तिनी उनीहरूका हातमा
छँदा तिनले बौलाहा मानिसले झैँ व्यवहार
गरेर ढोका र मूलढोकाहरूमा दाग लाउँदै आफ्नो
दाह्रीमा राल चुहाउन थाले ।
**१४**आकीशले आफ्ना नोकरहरूलाई भने,
"यस मानिसलाई हेर त ! यो त बौलाहा पो
रहेछ ! यसलाई किन मकहाँ ल्याएका ? **१५**के
मसित बौलाहा मानिसहरूको अभाव छ र यसलाई
मेरो सामुन्ने यस्तो व्यवहार गर्नु ल्याएका ? के
यो मानिस मेरो घरमा आउनुपर्छ ?"

### दाऊद अदुल्लाम र मिस्पामा

**२२** दाऊदले गात छोड़े र उम्केर
अदुल्लामको ओढ़ारमा आए । तिनका
दाज्यूहरू र तिनका पिताका घरानाले जब
यस विषयमा सुने, तिनीहरू तिनीकहाँ ओर्लेर
गए । **२**कष्ट पाएका, ऋणमा परेका अथवा
असन्तुष्ट रहेकाहरू सबै तिनको चारैतिर भेला
भए र तिनी उनीहरूका अगुवा भए । प्राय:
चार सय मानिसहरू तिनीसित भए ।
**३**त्यहाँबाट दाऊद मोआबको मिस्पामा गएर
मोआबका राजालाई भने, "परमेश्वरले मेरो
निम्ति के गर्नुहुनेछ भनी मैले नजानेसम्म के
तपाईंले मेरा बाबु र आमालाई यहाँ आएर
तपाईंसित बस्न दिनुहुन्छ ?" **४**यसकारण तिनले
उनीहरूलाई मोआबका राजासित राखे र दाऊद
आफ्नो किल्लामा रहुञ्जेल तिनीहरू तिनीसितै
बसे ।

---

**२१:६**–लेवी २४:५-९. **२१:९**–१ शमूएल १७:५१. **२१:११**–१ शमूएल १८:७; २९:५. **२१:१२**–भजनसंग्रह ५६.
**२१:१३**–भजनसंग्रह ३४. **२२:१**–भजनसंग्रह ५७; भजनसंग्रह १४२.

**५**तर अगमवक्ता गादले दाऊदलाई भने,
“यस किल्लामा नबस्नू । यहूदाको देशमा
जानू ।” यसकारण दाऊद निस्के र हारेतको
वनमा गए ।

## शाऊलले नोबका पूजाहारीहरूलाई मारेका

**६**दाऊद र तिनका मानिसहरू देखापरेको
कुरा शाऊलले सुने । आफ्नो हातमा भाला
लिएर शाऊलचाहिँ आफ्ना अधिकृतहरूलाई
चारैतिर राखेर गिबाको डाँड़ामा झ्याउको
बोटको फेदमा बसिरहेका थिए । **७**शाऊलले
तिनीहरूलाई भने, “हे बेन्यामीनका मानिस हो
सुन ! के यिशैको छोराले तिमीहरू सबैलाई
खेतहरू र दाखबारीहरू दिनेछ ? के त्यसले
तिमीहरूलाई हजारौंमाथि कप्तानहरू अनि
सयौंमाथि कप्तानहरू बनाउनेछ ? **८**के
यसैकारण तिमीहरूले मेरो विरुद्धमा षड्यन्त्र
गरेका छौ ? मेरो छोराले यिशैको छोरासित
बाचा बाँधेको कुरा कसैले पनि मलाई
भन्दैनन् । मप्रति कसैको वास्ता छैन अथवा
कसैले पनि मेरा छोराले मेरो दासलाई मलाई
ढुकेर बस्न सुच्याएको कुरा मलाई भन्दैन, त्यसले
त आज पनि त्यसै गरिरहेको छ ।”

**९**तर शाऊलका अधिकृतहरूको छेउमा
उभिरहेको एदोमी दोएगले भने, “मैले
यिशैको छोरालाई नोबमा अहीतुबका छोरा
अबीमेलेककहाँ आएको देखें । **१०**अबीमेलेकले
परमप्रभुसित तिनको निम्ति सोधपूछ गरेर तिनले
दाऊदलाई सामानहरू अनि पलिश्ती गोल्यतको
तरवार पनि दिए ।”

**११**अनि राजाले अहीतुबका छोरा पूजाहारी
अबीमेलेक र नोबमा पूजाहारी भएर बसेका
तिनका पिताका सबै परिवारलाई बोलाइपठाए
अनि तिनीहरू सबै राजाकहाँ आए । **१२**शाऊलले
भने, “हे अहीतुबका छोरा, सुन ।”

तिनले जवाफ दिए, “ज्यू, हजूर ।”

**१३**शाऊलले तिनलाई भने, “तिमीले किन
मेरो विरुद्धमा षड्यन्त्र गर्‍यौ, अर्थात् तिमी र
यिशैको छोराले अनि तिमीले त्यसलाई रोटी र
तरवार दियौ र त्यसको निम्ति परमप्रभुसित
सल्लाह लियौ र त्यसले मेरो विरोध गरेर
आजसम्मै मलाई ढुकिबसेका छ ?

**१४**अबीमेलेकले राजालाई जवाफ दिए,
“तपाईंका दासहरूमध्ये राजाका जुवाइँ, तपाईंका
अङ्गरक्षकहरूका कप्तान अनि तपाईंको घरानामा
अति आदरणीय दाऊदझैँ स्वामीभक्त अरू को
छ र ? **१५**के मैले तिनको निम्ति परमप्रभुसित
सल्लाह लिएको त्यो दिन पहिलो पल्ट थियो ?
कदापि होइन ! राजाले आफ्नो दास अथवा
तिनका पिताको परिवारको कसैलाई दोष
नलगाऊन्, किनकि तपाईंको दासलाई यी सबै
कुराहरू केही थाहा छैन ।”

**१६**तर राजाले भने, “हे अबीमेलेक
तिमी अवश्य मर्नेछौ, तिमी र तिम्रा पिताका
परिवार ।”

**१७**तब राजाले आफ्नो छेउमा भएका
रक्षकहरूलाई भने, “फर्केर परमप्रभुका
पूजाहारीहरूलाई मारिदेऊ, किनकि यिनीहरू
पनि दाऊदपट्टि लागेका छन् । तिनी भाग्दैछन्
भनेर यिनीहरूलाई थाहा थियो र पनि यिनीहरूले
मलाई भनेनन् ।”

तर राजाका अधिकृतहरू परमप्रभुका
पूजाहारीहरूमाथि हात उठाउन हिचकिचाए ।

**१८**तब राजाले दोएगलाई हुकुम गरे, “तिमीले
फर्केर यी पूजाहारीहरूमाथि प्रहार गर ।”
यसकारण एदोमी दोइगले फर्केर तिनीहरूलाई
मारे त्यस दिन त्यसले मलमलको एपोद लगाउने
पचासी जना पूजाहारीहरूलाई आफ्नै हातले
मार्‍यो । **१९**त्यसमा भएका मानिसहरू, स्त्रीहरू,
छोराछोरीहरू र शिशुहरू, गाईबस्तु, गधाहरू
र भेड़ाहरू सबैलाई पनि तरवारले मारे ।

**२०**तर अहीतुबका छोरा अबीमेलेकका छोरा
एबीयातारचाहिँ उम्के र दाऊदसित मिल्न भागेर
गए । **२१**त्यसले दाऊदलाई शाऊलले नोबका
पूजाहारीहरूलाई मारेका कुरा भनिदियो । **२२**तब
दाऊदले एबीयातारलाई भने, “त्यस दिन एदोमी

---

**२२:९–१०**–१ शमूएल २१:७-९; भजनसंग्रह ५२.

दोएग त्यहाँ हुँदा त्यसले शाऊललाई निश्चय
भन्नेछ भनी मलाई थाहा थियो। तिम्रा पिताका
सम्पूर्ण परिवारको मृत्युको जिम्मेवार मनै हुँ।
**२३**मसित बस, नडराऊ, तिम्रो प्राण लिन चाहने
मानिसले मेरो प्राण पनि लिन चाहेका छन्।
तिमी मसित सुरक्षित छौ।"

### दाऊदले कीलाहलाई बचाएका

**२३** "हेर्नुहोस्, पलिश्तीहरूले कीलाहको
विरुद्धमा युद्ध गर्दैछन् अनि तिनीहरूले
खलाहरू लुटिरहेका छन्" भनेर दाऊदलाई
भनियो, **२**तिनले 'के म गएर पलिश्तीहरूमाथि
आक्रमण गरूँ?' भनेर परमप्रभुसित सल्लाह
मागे।

परमप्रभुले तिनलाई जवाफ दिनुभयो,
"जा गएर पलिश्तीहरूमाथि आक्रमण गरेर
कीलाहलाई बचा"।

**३**तर दाऊदका मानिसहरूले तिनलाई भने,
"हामी यहाँ यहूदामा डराएर बसेका छौं, र
यदि हामी पलिश्ती फौजको विरुद्धमा कीलाहमा
गयौं भने झन कति डराउनुपर्ला!"

**४**दाउलदले एक पल्ट फेरि परमप्रभुसित
सल्लाह लिए र परमप्रभुले तिनलाई जवाफ
दिनुभयो, "कीलाहमा ओर्लेर जा, किनकि मैले
पलिश्तीहरूलाई तेरो हातमा दिन आँटेको
छु।" **५**यसकारण दाऊद र तिनका
मानिसहरू कीलाहमा गए, पलिश्तीहरूसित
युद्ध गरेर तिनीहरूका गाईबस्तु लिएर गए।
तिनले पलिश्तीहरूलाई ठूलो नोक्सान
पुऱ्याएर कीलाहका मानिसहरूलाई बचाए।
**६**(अबीमेलेकका छोरा एबीयातारले चाहिँ भागेर
कीलाहमा दाऊदकहाँ आउँदा आफूसित एपोद
ल्याएका थिए।)

### शाऊलले दाऊदलाई खेदेका

**७**दाऊद कीलाहमा गएका छन् भनी
शाऊललाई भनियो र तिनले भने, "परमेश्वरले
तिनलाई मेरो हातमा सुम्पिदिनुभएको छ, किनकि
दाऊदले मूलढोकाहरू र बारहरू भएको शहर
भित्र प्रवेश गरेर आफैलाई कैद गरेको छ।
**८**अनि शाऊलले आफ्नो फौजलाई कीलाहमा
ओर्लिएर दाऊद र तिनका मानिसहरूलाई
घेर्नलाई लड़ाइँमा बोलाए।

**९**शाऊलले आफ्नो विरुद्धमा षड्यन्त्र
गरेको दाऊदले थाहा पाएर तिनले पूजाहारी
एबीयातारलाई "एपोद ल्याऊ" भने। **१०**दाऊदले
भने, "हे परमप्रभु इस्राएलका परमेश्वर, शाऊलले
कीलाहमा आएर यस शहरलाई मेरो खातिर
नष्ट पार्ने विचार राखेको तपाईंको दासले सुनेको
छ। **११**के कीलाहका मानिसहरूले मलाई
तिनको हातमा समर्पण गरिदिनेछन्? तपाईंको
दासले सुनेझैं शाऊल तल झरेर आउनेछन्?
हे परमप्रभु इस्राएलका परमेश्वर, तपाईंको
दासलाई भन्नुहोस्।"

अनि परमप्रभुले भन्नुभयो, "त्यो अवश्य
आउनेछ।"

**१२**अनि दाऊदले सोधे, "के कीलाहका
मानिसहरूले मलाई र मेरा मानिसहरूलाई
शाऊलकहाँ समर्पण गरिदिनेछन्?"

अनि परमप्रभुले भन्नुभयो, "तिनीहरूले
त्यसै गर्नेछन्।"

**१३**यसकारण दाऊद र तिनका छ सय जति
मानिसहरूले कीलाह छोड़ेर एक ठाउँदेखि अर्को
ठाउँ बढ़दै गए। दाऊद कीलाहबाट उम्कियो
भनेर शाऊललाई भनिएपछि तिनी त्यहाँ
गएनन्।

**१४**दाऊद उजाड़-स्थानका गढ़ी-गढ़ीहरूमा
अनि जीपका वनको डाँड़ाहरूमा बसे। शाऊलले
दिनदिनै तिनको खोजी गरे तर परमेश्वरले
दाऊदलाई तिनको हातमा दिनुभएन।

**१५**दाऊद जीपको वनमा भएको होरेशमा
हुँदा तिनले शाऊल तिनको प्राण लिन निस्केका
छन् भनी थाहा पाए। **१६**अनि शाऊलका छोरा
जोनाथन दाऊदकहाँ होरेशमा गएर तिनलाई
परमेश्वरमा सामर्थ पाउने कुरामा सघाए।
**१७**तिनले भने, "नडराउनुहोस्, मेरा पिता
शाऊलले तपाईंमाथि हात लगाउनुहुनेछैन।
तपाईं इस्राएलमाथि राजा हुनुहुनेछ। अनि
मचाहिँ तपाईंमुनि दोस्रो स्थानमा हुनेछु। यो
कुरा मेरा पिता शाऊललाई पनि थाहा छ।"

**१८**ती दुई मानिसहरूले परमप्रभुको सामुन्ने वाचा
बाँधे । तब जोनाथन घर गए तर दाऊदचाहिँ
होरेशमै बसे ।
**१९**जीपीहरू गिबामा शाऊलकहाँ उक्लिए
अनि भने, “के दाऊद यशीमोनको दक्षिणतिर
को हकीलाह पर्वतमा होरेशको गढ़ीमा हाम्रो
बीचमा लुकिबसेका छैनन् ? **२०**अब हे राजा
तपाईंलाई खुशी लागे अनुसार तल आउनुहोस्,
अनि तिनलाई राजाको हातमा सुम्पने जिम्मा
हामी लिनेछौं ।”
**२१**शाऊलले जवाफ दिए, “तपाईंहरूको
मप्रतिको सरोकारको निम्ति परमप्रभुले तपाईंलाई
आशिष् देऊन् । **२२**जानुहोस् र अरू तयारी
गर्नुहोस् । दाऊद प्राय: कता जान्छन् र तिनलाई
कसले त्यहाँ देखेको छ पत्तो लगाउनुहोस् ।
तिनी अति चतुर छन् भनी मलाई तिनीहरू
भन्छन् । **२३**तिनी प्राय: लुक्ने ठाउँहरू पत्तो
लगाएर मकहाँ पक्का खबर लिएर आउनुहोस् ।
तब म तपाईंहरूसित जानेछु र यदि तिनी त्यस
इलाकामा छन् भने म तिनलाई यहूदाका सबै
वशंहरूको बीचमा खोजेर निकाल्नेछु ।”
**२४**यसकारण तिनीहरू शाऊलको अगि
जीपतिर लागे । त्यस बेला दाऊद र तिनका
मानिसहरू यशीमोनको दक्षिणमा भएको
अराबाको माओनको वनमा थिए । **२५**शाऊल
र तिनका मानिसहरूले खोज्नथाले र जब यो
कुरा दाऊदलाई भनियो तिनी तल पहरामा
गए र माओनको वनमा बसे । शाऊलले यो
सुनेपछि तिनी दाऊदको खोजीमा माओनको
वनमा गए ।
**२६**शाऊल पर्वतको एक पाखातिर गइरहेका
थिए अनि दाऊद र तिनका मानिसहरूचाहिँ
शाऊलदेखि उम्कनलाई अर्को पाखातिर थिए ।
शाऊल र तिनको फौज दाऊद र तिनका
मानिसहरूलाई पक्रनलाई तिनीहरूको नजीक
आइपुग्दा, **२७**शाऊलकहाँ एक जना सन्देशवाहक
आएर भने, “चाँड़ो आउनुहोस् ! पलिश्तीहरूले
देशमा आक्रमण गरिरहेका छन् । **२८**तब
शाऊलले दाऊदलाई खेद्न छोड़ेर पलिश्तीहरूलाई
भेट्न गए । यसैकारण तिनीहरूले त्यस ठाउँलाई
सेला हम्मालेकोत भने । **२९**अनि दाऊद त्यहाँबाट
उक्लेर गए र एनगदीका गढ़ीहरूमा बसे ।

## दाऊदले शाऊलको जीवन छोड़िदिएका

**२४** शाऊलले पलिश्तीहरूलाई खेदेर
फर्केपछि तिनलाई “दाऊद एन-गदीको
वनमा छन्” भनियो । **२**यसकारण शाऊलले
सारा इस्राएलबाट तीन हजार बलिया मानिसहरू
लिए अनि दाऊद र तिनका मानिसहरूलाई
खोज्न घोरल पहराको छेउतिर लागे ।
**३**तिनी बाटोमा भेड़ी-गोठमा आइपुगे र
शाऊल दिसा बस्नलाई त्यहाँ भएको एउटा
ओढ़ारभित्र गए । दाऊद र तिनका मानिसहरू
त्यस ओढ़ारको निकै भित्र थिए । **४**ती
मानिसहरूले भने, “परमप्रभुले तपाईंलाई ‘म
तेरा शत्रुलाई तेरो हातमा दिनेछु र तैंले जे मन
लाग्छ त्यसलाई त्यसै गर्नू’ भन्नुभएको दिन
यही हो ।” तब दाऊद थाहै नपाई घस्रँदै गएर
शाऊलको राजकीय वस्त्रको किनार काटे ।
**५**पछिबाट तिनको राजकीय पोशाकको
किनार काटेकोमा दाऊदको विवेकले तिनलाई
सतायो । **६**तिनले आफ्ना मानिसहरूलाई
भने, “मलाई परमप्रभुको अभिषिक्तजन, मेरा
मालिकसित यस्तो काम गर्नु अथवा तिनको
विरुद्धमा हात उठाउनुदेखि परमप्रभुले रोकुन्,
किनकि तिनी परमप्रभुद्वारा अभिषेक पाएका
जन हुन् ।” **७**यसो भनेर दाऊदले आफ्ना
मानिसहरूलाई हकारे र शाऊलमाथि केही
गर्न दिएनन् । शाऊल गुफा छोड़ेर आफ्नो
बाटो लागे ।
**८**तब दाऊद ओढ़ारबाट बाहिर निस्केर
शाऊललाई हपारेर भने, “हे मेरा प्रभु
महाराजा !” जब शाऊलले पछि फर्केर हेरे
दाऊद निहुरेर भूइँतिर मुख फर्काएर लम्पसार

**२३:१८**–१ शमूएल १८:३. **२३:१९**–भजनसंग्रह ५४. **२४:३**–भजनसंग्रह ५७; भजनसंग्रह १४२.
**२४:६**–१ शमूएल २६:११.

परे । ९तिनले शाऊललाई भने, "मानिसहरूले
'दाऊदले तपाईंको नोक्सानी गर्ने निश्चय
गरेको छ' भन्दा तपाईंले किन सुन्नुहुन्छ ?"
१०परमप्रभुले यस ओढ़ारमा कसरी तपाईंलाई
मेरो हातमा सुम्पिनुभएको थियो भनी तपाईंले
आफ्नै आँखाले देख्नुभएको छ । कसैले त मलाई
तपाईंलाई मार्ने आग्रह गरे तर मैले तपाईंलाई
छोड़िदिएँ । मैले भनें, 'म आफ्नो मालिकको
विरुद्धमा हात उठाउनेछैन, किनकि उहाँ
परमप्रभुका अभिषिक्त जन हुनुहुन्छ ।' ११हेर्नुहोस्,
मेरा पिता, मेरो हातमा तपाईंको राजकीय
पोशाकको टुक्रा हेर्नुहोस् ! मैले तपाईंको
राजकीय वस्त्रको किनार काटें तर तपाईंलाई
चाहिँ मारिनँ । अब म तपाईंको हानि गर्ने र
विरोधी होइन भनी बुझ्नुहोस् अनि चिन्नुहोस् ।
मैले तपाईंको हानि गरेको छैनँ, तर तपाईंले
चाहिँ मेरो प्राण लिन भनी मलाई खेद्नुहुन्छ ।
१२परमप्रभुले नै तपाईं र मेरो बीचमा इन्साफ
गरिदेऊन् । अनि तपाईंले मेरो नोक्सानी
गर्नुभएको बद्ला परमप्रभुले नै लिऊन् तर
मेरो हातले तपाईंलाई छुनेछैनँ । १३पुरानो
भनाइअनुसार 'दुष्ट काम गर्नेहरूबाट दुष्ट
कामहरू नै निस्कन्छन्', यसकारण मेरो हातले
तपाईंलाई छुने छैन ।

१४"इस्राएलका राजा कसको विरुद्धमा निस्केर
आएको छ ? तपाईं कसलाई खेद्नुहुँदैछ ? के
एउटा मरेको कुकुरलाई ? एउटा उपियाँलाई ?
१५परमप्रभु नै न्यायकर्ता भएर हाम्रो फैसला
गरिदेऊन् । परमप्रभुले नै मेरो मुद्दामाथि विचार
गरेर त्यसलाई रक्षा गरून् । उहाँले नै मलाई
तपाईंको हातबाट मुक्त गरेर मलाई साँचो
ठहराऊन् ।"

१६दाऊदले यति भनिसकेपछि शाऊलले
सोधे, "के यो सोर मेरो छोरा दाऊदको हो ?
अनि तिनी जोरसित रोए । १७तिनले भने, "तिमी
मभन्दा धर्मी छौ । तिमीले मलाई राम्रो व्यवहार
गर्‍यौ, तर मैले त तिमीलाई नराम्रो व्यवहार
गरें । १८तिमीले मप्रति असल गरेको अहिले
तिमीले मलाई भन्यौ; परमप्रभुले मलाई तिम्रो
हातमा सुम्पिदिनुभयो तर तिमीले मलाई
मारेनौ । १९कुनै मानिसले आफ्नो शत्रुलाई भेट्यो
भने, के उसले हानि नगरी त्यसलाई छोड़िदिन्छ
र ? तिमीले मप्रति आज जुन किसिमले व्यवहार
गर्‍यौ त्यसको निम्ति परमप्रभुले तिमीलाई असल
गरी इनाम देऊन् । २०तिमी निश्चय नै राजा
हुनेछौ र इस्राएलको राज्य तिम्रै हातमा स्थापित
हुनेछ भनी म जान्दछु । २१अब तिमीले मेरा
सन्तानलाई अलग गर्नेछैनौ अथवा मेरा पिताको
परिवारबाट मेरो नाउँ मेटिदिनेछैनौ भनी
परमप्रभुको नाउँमा मसित शपथ खाऊ ।"

२२यसकारण दाऊदले शाऊललाई आफ्नो
शपथ दिए । तब शाऊल घर फर्के तर दाऊद
र तिनका मानिसहरू आफ्नो गढ़ीमा उक्लेर
गए ।

### दाऊद, नाबाल र अबीगेल

२५ शमूएल मरे अनि सारा इस्राएल भेला
भएर तिनको निम्ति शोक गरे; अनि
तिनीहरूले तिनलाई रामामा आफ्नै घरमा
गाड़े ।

तब दाऊद माओनको वनमा तल झरे ।
२त्यहाँ माओनमा कर्मेलमा धेरै सम्पत्ति भएका
एक जना निकै धनवान् व्यक्ति थिए । तिनका
एक हजार बाखाहरू र तीन हजार भेड़ाहरू
थिए जसका ऊन तिनले कर्मेलमा कत्रिरहेका
थिए । ३तिनको नाउँ नाबाल थियो र तिनकी
स्वास्नीको नाउँ अबीगेल थियो, तिनी बुद्धिमती
र सुन्दरी स्त्री थिइन्, तर तिनका लोग्ने
कालेबका वंशका एक खस्रो अनि नीच स्वभाव
भएका मानिस थिए ।

४दाऊद वनमा हुँदा तिनले नाबालले ऊन
कत्रँदैछ भनेको सुने । ५यसकारण तिनले दश
जना जवान मानिसहरू पठाएर भने, "कर्मेलमा
नाबालकहाँ उक्लेर जानू अनि तिनलाई मेरो
नाउँमा अभिवादन गर्नू । ६तिनलाई भन्नू,
'तपाईंको दीर्घायु होस् ! तपाईंको र तपाईंको

२४:१४–१ शमूएल २६:२०.

घरानाको स्वास्थ्य असल होस् ! अनि तपाईंका जति सबैका असल स्वास्थ्य होस् !

७“‘यो भेड़ाको ऊन कत्रने समय हो भनी मैले सुनें। तपाईंका गोठालाहरू हामीसित हुँदा, हामीले तिनीहरूसित नराम्रो व्यवहार गरेनौं, र तिनीहरू कर्मेलमा रहुञ्जेल तिनीहरूका केही पनि हराएनन्। ८तपाईंका आफ्नै चाकरहरूलाई सोध्नुहोस् र तिनीहरूले तपाईंलाई भन्नेछन्। यसकारण मेरा यी जवान मानिसहरूप्रति निगाह राखिदिनुहोस्, किनकि हामी उत्सवको समयमा आएका छौं। दया गरेर तपाईंका दासहरूलाई अनि तपाईंको छोरा दाऊदलाई तिनीहरूको निम्ति जे पाउनुहुन्छ दिनुहोस्।’”

९दाऊदका मानिसहरू आइपुगेर तिनीहरूले नाबाललाई दाऊदको नाउँमा यो समाचार दिए। त्यसपछि तिनीहरूले पर्खे।

१०नाबालले दाऊदका दासहरूलाई जवाफ दिए, “यो दाऊद को हो ? यिशैको छोरा यो को हो ? हिजोआज धेरै चाकरहरूले आफ्ना मालिकहरूलाई छोड़दैछन्। ११मेरो खानेकुरा, मेरा ऊन कत्रनेहरूका लागि जुटाएका मासु अज्ञात मानिसहरूलाई मैले किन दिनु ?”

१२दाऊदका मानिसहरू फनक्क फर्केर गइहाले। तिनीहरू आएर दाऊदलाई यी सबै कुरा बताइदिए। १३दाऊदले आफ्ना मानिसहरूलाई भने, “आफ्ना तरवार भीर !” यसकारण तिनीहरूले आफ्ना-आफ्ना तरवार भीरे अनि दाऊदले पनि आफ्नो तरवार भीरे। प्राय: चार सय मानिसहरू दाऊदसित गए अनि दुई सयचाहिँ सामानहरूसित बसे।

१४नोकरहरूमध्ये एक जनाले नाबालकी पत्नी अबीगेललाई भन्यो, “दाऊदले हाम्रा मालिकलाई अभिवादन दिनु भनी वनबाट आफ्ना दूतहरू पठाएका थिए तर तिनले त तिनीहरूको घोर अपमान गरे। १५तर पनि ती मानिसहरू हामीप्रति असल थिए। तिनीहरूले हामीसित नराम्रो व्यवहार गरेनन् अनि हामी तिनीहरूको नजीक चउरहुँदो रहेको पूरा समयमा हाम्रो केही पनि हराएन। १६हामीले तिनीहरूको नजीक आफ्ना भेड़ाहरूको हेरचाहा गरेका समयभरि तिनीहरू दिनरात हाम्रो चारैतिर पर्खालजस्ता थिए। १७अब यसमाथि विचार गरेर तपाईंले के गर्न सक्नुहुन्छ हेर्नुहोस् किनकि हाम्रा मालिक र उहाँका सारा घरानामाथि विपत्ति आइरहेको छ। उहाँ त यस्तो दुष्ट मानिस हुनुहुन्छ, कि कसैले पनि उहाँसित कुरा गर्न सक्दैनन्।”

१८अबीगेलले समय खेरो फालिनन्। तिनले दुई सयओटा रोटी, दुई मसक दाखमद्य, काटकुट गरेर तयार पारेका पाँचओटा भेड़ाहरू, पाँच पाथी चिउरा, एक सय झुप्पा किसमिस, अनि दुई सयओटा नेभारा लिएर तिनीहरूलाई गधाहरूमा लदाइन्। १९तब तिनले आफ्ना नोकरहरूलाई भनिन्, “अगि लाग्दै गर; म तिमीहरूको पछिपछि आउनेछु।” तर तिनले आफ्नो लोग्ने नाबाललाई केही भनिनन्।

२०तिनी जसै आफ्नो गधामाथि चढ़ेर एउटा पहाड़को खोँचमा आइन्, त्यहाँ दाऊद र तिनका मानिसहरू तिनी भएतिर झर्दै थिए अनि तिनले उनीहरूलाई भेटिन्। २१दाऊदले भरखरै मात्र यसो भनेका थिए, “मैले त्यस मानिसका सम्पत्ति वनमा हेरिदिएँ र त्यसको केही पनि हराएन। तर यो त सब व्यर्थै भएछ। त्यसले त मलाई भलाइको साटो खराबी दियो। २२यदि मैले बिहानसम्म त्यससित भएको एउटै पुरुषलाई जिउँदो राखेछु भने परमप्रभुले दाऊदलाई कठोरतापूर्वक व्यवहार गरून्!”

२३अबीगेलले दाऊदलाई देखेपछि तिनी झट्ट आफ्नो गधाबाट ओर्लिन् र आफ्नो अनुहार भूइँतिर पारेर दाउदको सामुन्ने निहुरिन्। २४तिनले उनको पाउमा परेर भनिन्, “हे मेरा प्रभु, दोष मैमाथि नै परोस्। दया गरी तपाईंकी दासीलाई बोल्न दिनुहोस्; तपाईंकी दासीले भनेको सुन्नुहोस्। २५मेरा मालिकले त्यस दुष्ट मानिस नाबालतिर ध्यानै नदेऊन्। त्यो त आफ्नो नाउँजस्तै छ, त्यो त मूर्ख हो, अनि त्यससित अज्ञानता छ। तर मेरो विषयमा त मैले मेरा मालिकले पठाउनुभएका मानिसहरूलाई देखिनँ।

२६“अब परमप्रभुले तपाईं मेरा मालिकलाई रक्तपातदेखि अनि आफ्नै हातले बदला लिनुदेखि

रोक्नुभएकोले, परमप्रभु निश्चय जिउनुभएझैं,
तपाईंका सबै शत्रुहरू र मेरा मालिकको
नोक्सानी गर्न चाहनेहरू सबै नाबालझैं
होऊन् । **२७**अनि मैले मेरा मालिककहाँ ल्याएका
यी कोसेलीहरू तपाईंलाई पछ्याउने
मानिसहरूलाई दिइऊन् । **२८**दया गरी तपाईंकी
दासीका अपराध क्षमा गर्नुहोस् । किनकि
परमप्रभुले निश्चय मेरा मालिकको राजवंश स्थिर
गराउनुहुनेछ कारण उहाँले परमप्रभुको लड़ाइँ
लड़नुहुन्छ । **२९**कसैले तपाईंको प्राण लिनलाई
तपाईंलाई खेदिरहेको भए तापनि मेरा मालिकको
प्राण त परमप्रभु तपाईंका परमेश्वरले आफ्नो
भण्डारमा सुरक्षित राख्नुभएको छ अनि तपाईंका
शत्रुहरूका प्राणचाहिँ उहाँले घुँयेत्रोले झैं
फ्याँकिदिनुहुनेछ । **३०**जब परमप्रभुले मेरा
मालिकको निम्ति उहाँले प्रतिज्ञा गर्नुभएका
हरेक असल कुरो गर्नुहुनेछ जसरी उहाँले
तपाईंलाई इस्राएलमाथि अगुवा नियुक्त गर्नुभयो,
**३१**मेरा मालिकको विवेकमा रक्तपातको र
आफैलाई बदला लिएको दोष रहनेछैन । अनि
परमप्रभुले मेरा मालिकलाई सफलता दिनुभएपछि
तपाईंकी दासीलाई सम्झनुहोला ।"

**३२**दाऊदले अबीगेललाई भने, "परमप्रभु
इस्राएलका परमेश्वरको प्रशंसा होस्, जसले
तिमीलाई मलाई भेट्न आज पठाउनुभयो ।
**३३**आफ्नो असल इन्साफ र मलाई आज
रक्तपात गर्नदेखि अलग राखेको कारण अनि मैले
आफैमाथि आफ्नै हातले बदला लिन नपरेको
कारण तिमी धन्यकी हौ । **३४**नत्रता परमप्रभु
इस्राएलका परमेश्वर निश्चय जिउनुभएझैं,
जसले मलाई तिम्रो नोक्सानी गर्नदेखि
जोगाउनुभयो, यदि तिमी मलाई भेट्न चाँड़ो
गरी नआएकी भए भोलि बिहानसम्ममा
नाबालका एउटै पुरुष जीवित रहनेथिएन ।"

**३५**तब दाऊदले तिनको हातबाट आफूलाई
तिनले ल्याएका चीजहरू ग्रहण गरे अनि भने,
"शान्तिसित घर जाऊ । मैले तिम्रा कुरा सुनेर
तिम्रो बिन्ती मञ्जूर गरें ।"

**३६**अबीगेल नाबालकहाँ पुग्दा त्यसले राजालेझैं
भोज मनाइरहेको थियो । ऊ एकदमै उत्साहित
र मातिएको थियो । यसकारण तिनले बिहान
नभएसम्म उसलाई केही भनिनन् । **३७**भोलिपल्ट
बिहान नाबाल आफ्नो स्वाभाविक रुपमा हुँदा
उसकी पत्नीले यी कुराहरू उसलाई भनिदिइन्
र उसको हृदयगति नै रोकियो र ऊ पत्थरझैं
भइगयो । **३८**प्राय: दश दिन बितेपछि परमप्रभुले
नाबाललाई प्रहार गर्नुभयो र ऊ मऱ्यो ।

**३९**नाबाल मरेको दाऊदले सुनेपछि तिनले
भने, "परमप्रभुको प्रशंसा होस् जसले नाबालले
मप्रति अपमानजनक व्यवहार गरेको कारण
मेरो मुद्दाको रक्षा गर्नुभयो । उहाँले आफ्नो दासलाई
भूल गर्नदेखि रोक्नुभयो अनि नाबालको कुकर्मको
फल त्यसकै शिरमाथि हालिदिनुभयो ।"

तब दाऊदले अबीगेललाई तिनकी स्वास्नी
हुनको निम्ति खबर पठाए । **४०**तिनका
नोकरहरू कर्मेलमा गए र अबीगेललाई भने,
"दाऊदले हामीलाई तपाईंलाई उहाँकी स्वास्नी
हुनलाई लिनपठाउनुभएको छ ।"

**४१**तिनले आफ्नो अनुहार भूइँतिर पारेर
निहुरीकन भनिन्, "तपाईंकी दासी यहाँ छिन् र
ऊ उहाँको सेवा गर्न अनि मेरा मालिकका
पाउ धुन तयार छिन् । **४२**अबीगेल झट्टै
एउटा गधामा चढ़िन् अनि आफ्ना पाँच जना
सहेलीहरूलाई साथमा लिएर दाऊदका दूतहरूको
साथमा गएर दाऊदकी पत्नी भइन् । **४३**दाऊदले
यिज्रेलकी अहीनोमलाई पनि विवाह गरेका थिए
अनि ती दुवै तिनका स्वास्नीहरू भए ।
**४४**तर शाऊलले आफ्नी छोरी दाऊदकी
स्वास्नी मीकललाई गल्लीमका लेशको छोरा
पल्तिएललाई दिएका थिए ।

### दाऊदले फेरि शाऊललाई छोड़िदिएका

**२६** जीपीहरू गिबामा शाऊलकहाँ गएर
भने, "के दाऊद यशीमोनको सामुन्ने
भएको शकीलाको डाँड़ामा लुकिरहेका
छैनन् ?"

**२५:४४**–२ शमूएल ३:१४-१६. **२६:१**–भजनसंग्रह ५४. २६:११ –१ शमूएल २४:६.

२यसकारण शाऊल जीपको वनमा दाऊदलाई
त्यहाँ खोज्न भनी इस्राएलका आफ्ना चुनिएका
तीन हजार मानिसहरूसित ओर्लेर गए ।
३शाऊलले यशीमोनको सामुन्नेको हकीलाको
डाँड़ाको बाटोको छेउमा आफ्नो छाउनी हाले
तर दाऊदचाहिँ वनमै बसे । शाऊलले आफूलाई
त्यहाँ पछ्याएको देखेर, ४तिनले चेवाहरू पठाएर
शाऊल पक्कै आएका रहेछन् भन्ने थाहा
पाए ।

५तब दाऊद निस्केर शाऊलले छाउनी
हालेको ठाउँमा गए । तिनले शाऊल र नेरको
छोरा अर्थात् फौजका कप्तान अबनेर सुतेका
ठाउँ देखे । शाऊलचाहिँ छाउनीभित्र सुतिरहेका
थिए अनि तिनको चारैतिर फौजले छाउनी
हालेका थिए ।

६तब दाऊदले हित्ती अबीमेलेक र योआबको
दाज्यू अर्थात् सरूयाहको छोरा अबीशैलाई सोधे,
"मसित शाऊलको छाउनीमा तल को जाने ?"

अबीशैले भने, "तपाईंसित म जानेछु ।"

७यसकारण दाऊद र अबीशै राती त्यस
फौजकहाँ गए, अनि त्यहाँ शाऊल आफ्नो भाला
आफ्नै शिरको छेउमा गाड़िराखेर छाउनीभित्र
सुतिरहेका थिए । अबनेर र योद्धाहरूचाहिँ तिनको
चारैतिर ढल्किरहेका थिए ।

८अबीशैले दाऊदलाई भने, "आज परमप्रभुले
तपाईंको शत्रुलाई तपाईंको हातमा सुम्पिदिनुभएको
छ । अब मलाई मेरो भालाले यिनलाई भूइँमै
टाँसिदिने अनुमति दिनुहोस्, म यिनलाई दोस्रोपल्ट
प्रहार गर्नेछैनँ ।"

९तर दाऊदले अबीशैलाई भने, "तिनलाई
नष्ट नगर्नू ! कोचाहिँ परमप्रभुको अभिषिक्त
जनमाथि हात लगाएर निर्दोष रहनसक्छ ?"
१०तिनले भने, "परमप्रभु निश्चय जिउनुभएझैँ,
परमप्रभु आफैले तिनलाई प्रहार गर्नुहुनेछ;
तिनी आफ्नो समय आएर मर्नेछन् अथवा तिनी
लड़ाइँमा गएर नष्ट हुनेछन् । ११तर परमप्रभुको
अभिषिक्त जनमाथि हात उठाउनदेखि परमप्रभुले
मलाई रोकून् । अब तिनको शिरको छेउमा
भएको भाला र पानीको सुराही लेऊ र हामी
जाऔँ ।"

१२यसकारण दाऊदले शाऊलको शिरको
छेउमा भएको भाला र पानीको सुराही लिए र
तिनीहरू गए । कसैले पनि यस कुरोलाई
देखेनन् अथवा जानेनन्, औ नता कोही ब्युँझे ।
परमप्रभुले तिनीहरूलाई मस्तनिद्रामा पार्नुभएकोले
तिनीहरू सबै निदाइरहेका थिए ।

१३तब दाऊद अर्कोपट्टि पार गरेर गए र
केही टाढ़ामा डाँड़ाको टुप्पोमा उभिए ।
तिनीहरूको बीचमा ठूलो खाली ठाउँ थियो ।
१४तिनले फौज र नेरको छोरा अबनेरलाई
हपारेर भने, "हे अबनेर के तिमी मलाई जवाफ
नदिने ?"

अबनेरले जवाफ दिए, "राजालाई बोलाउने
तिमी को हौ ?"

१५दाऊदले भने, "तिमी एउटा मानिस हौ
कि होइनौ ? अनि इस्राएलमा तिमीजस्तै अरू
को छ र ? तिमीले तिम्रा मालिक राजाको रक्षा
किन गरेनौ ? तिम्रा मालिक राजालाई नष्ट
गर्न कोही आएको थियो । १६तिमीले जे गर्‍यौ
त्यो ठीक होइन । परमप्रभु निश्चय जिउनुभएझैँ,
तिमी र तिम्रा मानिसहरू मारिने योग्यका छौ,
किनकि तिमीहरूले आफ्ना मालिक अर्थात्
परमप्रभुको अभिषिक्तको रक्षा गरेनौ । तिम्रा
चारैतिर हेर । राजाको शिरको छेउमा भएका
उहाँका भाला र पानीको सुराही कहाँ छ ?"

१७शाऊलले दाऊदको सोर चिनेर भने,
"हे मेरो छोरा दाऊद, के यो तिम्रै सोर हो ?"

दाऊदले भने, "हो हे मेरा मालिक र
महाराजा ।" १८तिनले फेरि थपेर भने, "मेरा
मालिकले आफ्नो दासलाई किन खेदिरहनुभएको
छ ? मैले के गरेको छु, अनि म कुन कुराको
कसूरदार छु ? १९अब मेरा मालिक महाराजाले
आफ्नो दासको कुरा सुनून् । यदि परमप्रभुले
तपाईंलाई मेरो विरुद्धमा सुर्‍याउनुभएको छ
भने, उहाँले एउटा भेटी ग्रहण गरून् । तर यदि
योचाहिँ मानिसहरूले गरेका हुन् भने तिनीहरू
परमप्रभुको सामुन्ने श्रापित होऊन् ! अब
तिनीहरूले मलाई परमप्रभुको उत्तराधिकारमा
भएको मेरो हिस्सादेखि खेदिदिएर यसो भनेको
छ, 'जाऊ अरू देवताहरूको सेवा गर ।' २०अब

मेरो रगत परमप्रभुको उपस्थितिबाट टाढ़ो
रहेको ठाउँमा खस्न नदिनुहोस् । कसैले पहाड़तिर
तित्रालाई खेद्न निस्केझैँ इस्राएलका राजाले एउटा
उपियाँलाई खोज्न निस्किआउनुभएको छ ।"
२१तब शाऊलले भने, "मैले पाप गरें । हे
मेरो छोरा दाऊद फर्किआऊ । तिमीले मेरो
जीवनलाई आज बहुमूल्य ठानेका हुनाले म
फेरि तिमीलाई हानि गर्ने कोशिश् गर्नेछैनँ ।
निश्चय नै मैले एउटा मूर्खले झैँ काम गरेको
छु र ठूलो भूल गरेको छु ।"
२२दाऊदले जवाफ दिए, "राजाको भाला
यहाँ छ । तपाईंका कुनै जवान आएर यो
लैजाओस् । २३परमप्रभुले सधैँ प्रत्येक मानिसलाई
उसको धार्मिकता र विश्वासयोग्यताको निम्ति
इनाम दिनुहुनेछ । परमप्रभुले तपाईंलाई आज
मेरो हातमा सुम्पिदिनुभयो, तर मैले परमप्रभुको
अभिषिक्तमाथि आफ्नो हात लगाइनँ । २४आज
मैले निश्चय तपाईंको प्राणलाई बहुमूल्य ठानेझैँ
परमप्रभुले मेरो प्राणलाई बहुमूल्य ठानेर मलाई
विपत्तिबाट छुटाऊन् ।"
२५तब शाऊलले दाऊदलाई भने, "हे मेरो
छोरा दाऊद, तिमी धन्यको बन; तिमीले महान्
कामहरू गर्नेछौ र निश्चिय नै विजयी हुनेछौ ।"
यसकारण दाऊद आफ्नो बाटो लागे र
शाऊलचाहिँ घरतिर लागे ।

### दाऊद पलिश्तीहरूको बीचमा

२७ तर दाऊदले यस्तो विचार गरे, "एक
दिन त म शाऊलद्वारा नष्ट हुनेनै छु ।
मैले गर्ने उत्तम कार्यचाहिँ पलिश्तीहरूको देशमा
उम्केर जानुनै हुनेछ । तब शाऊलले मलाई
इस्राएलमा कुनै पनि ठाउँमा खोज्न छोड़नेछन्
र म तिनको हातबाट उम्कनेछु ।"
२यसकारण दाऊद अनि तिनीसित भएका
छ सय मानिसहरू गातका राजा माओकका
छोरा आकीशकहाँ गए । ३दाऊद र तिनका
मानिसहरू आकीशसित गातमा बसोबासो गर्न
थाले । प्रत्येक मानिससित आफ्नो परिवार
थियो । अनि दाऊदसित आफ्ना दुईओटी
स्वास्नीहरू यिज्रेलकी अहीनोम र कर्मेलकी
अबीगेल थिए । ४जब शाऊललाई दाऊद गातमा
भागेर गएको कुरा बताइयो तिनले उनलाई
खोज्न छोड़िदिए ।
५तब दाऊदले आकीशलाई भने, "यदि मैले
तपाईंको दृष्टिमा निगाह पाएको छु भने कुनै
गाउँले शहरमा मलाई एउटा ठाउँ दिइयोस् र
म त्यहाँ बसूँला । तपाईंको दास किन तपाईंसित
राजकीय शहरमा बस्ने ?"
६यसकारण त्यस दिन आकीशले तिनलाई
सिकलग दिए अनि त्यस समयदेखि यसो
त्यो ठाउँ यहूदाका राजाहरूको भएको छ ।
७दाऊद पलिश्तीहरूको प्रान्तमा एक वर्ष चार
महिनासम्म बसे ।
८दाऊद र तिनका मानिसहरू उक्लेर गए
अनि गशूरी, गिज्री र अमालेकीहरूलाई लूटपीट
गरे । (पूरानो समयदेखिनै यी मानिसहरू शूर
र मिश्रदेशसम्मै फैलिएको यस देशमा बस्दै
आएका थिए ।) ९दाऊदले कुनै इलाकामा जहिले
आक्रमण गर्दा पनि तिनले कुनै पुरुष अथवा
स्त्रीलाई जिउँदो छोड़दैनथे, तर भेड़ाहरू र
गाईवस्तु, गधाहरू अनि ऊँटहरू र लुगाहरूचाहिँ
लिन्थे । तब तिनी आकीशमा फर्कन्थे ।
१०जब आकीशले "तिमी आज लूटपीट गर्दै
कहाँ गयौ ?" भनी सोद्धा दाऊदले "यहूदाको
नेगेवको विरुद्धमा" अथवा "यरहमीलको
नेगेवको विरुद्धमा" अथवा "केनीहरूको नेगेवको
विरुद्धमा" भन्थे । ११तिनले गातको सामुन्ने
ल्याउनलाई एउटै पुरुष पनि जिउँदो छोड़ेनन्
किनकि तिनले यसरी सम्झन्थे, "तिनीहरूले
हाम्रो विषयमा सूचना दिएर 'दाऊदले यसो गऱ्यो'
भन्नेछन् ।" अनि तिनी पलिश्तीहरूको प्रान्तमा
बसुञ्जेल यस्तै प्रथा रहयो । १२आकीशले
दाऊदमाथि भरोसा राखी सोचेका थिए कि
"तिनी आफ्ना जाति इस्राएलीहरूसित यति
साह्रो घृणित भएका छन् कि तिनी सधैंको
लागि मेरो दास हुनेछन् ।"

### शाऊल र एन्दोरको मन्त्रतन्त्र गर्ने स्त्री

२८ ती दिनहरूमा पलिश्तीहरूले
इस्राएलीहरूसित लड़ाइँ गर्नलाई आफ्ना

फौज भेला गरे । आकीशले दाऊदलाई भने,
“तिमी र तिम्रा मानिसहरू फौजमा मेरो साथमा
हुनुपर्छ भनी तिमीलाई थाहा होस् ।”
**२**दाऊदले भने, “त्यसोभए तपाईंको दासले
के गर्न सक्छ भनी तपाईंले देख्नुहुनेछ ।”
आकीशले जवाफ दिए, “अति उत्तम, म
तिमीलाई जीवनभरिको लागि मेरो अङ्ग रक्षक
बनाउनेछु ।”
**३**अब शमूएल मरिसकेका थिए अनि सारा
इस्राएलले तिनको निम्ति शोक गरे र तिनलाई
तिनको आफ्नै शहर रामामा गाड़े । शाऊलले
मन्त्रतन्त्र गर्ने सबैलाई देशबाट निकालिदिएका
थिए ।
**४**पलिश्तीहरू भेला भएर तिनीहरूले
शूनेममा छाउनी हाले र शाऊलले चाहिँ
सारा इस्राएलीहरूलाई भेला गरेर गिल्बोमा
छाउनी हाले । **५**शाऊलले पलिश्ती फौजलाई
देखेर डराए र तिनको हृदय आतङ्कले भरियो ।
**६**तिनले परमप्रभुसित सल्लाह लिए तर
परमप्रभुले तिनलाई सपना अथवा ऊरीम
अथवा अगमवक्ताद्वारा जवाफ दिनुभएन । **७**तब
शाऊलले आफ्ना सेवकहरूलाई भने, “मेरो
निम्ति एक जना मन्त्रतन्त्र गर्ने स्त्री खोजिदेऊ
र म गएर ऊसित सल्लाह लिनेछु ।”
तिनीहरूले भने, “यस्तो एक जना एन्दोरमा
छ ।”
**८**यसकारण शाऊलले अरू लुगा लगाएर
अर्कै रुप लिए अनि तिनी र दुई जना मानिसहरू
त्यस स्त्रीकहाँ गए । तिनले भने, “मेरो
निम्ति एउटा आत्मासित सल्लाह गरेर मैले
दिएको नाउँको व्यक्तिलाई मेरो निम्ति माथि
ल्याइदेऊ ।”
**९**तर त्यस स्त्रीले भनिन्, “शाऊलले के
गरेका छन् त्यो त तपाईंलाई निश्चय नै थाहा
छ होला । तिनले देशमा मन्त्रतन्त्र गर्नेहरूलाई
अलग्ग गरिदिएका छन् । तपाईंले किन मेरो
मृत्युको पासो थाप्नुभएको ?”
**१०**शाऊलले परमप्रभुको नाउँमा तिनीसित
शपथ खाएर भने, “परमप्रभु निश्चय जिउनुभएझैं
तिमीले यसको दण्ड पाउनेछैनौ ।”
**११**तब त्यस स्त्रीले भनिन्, “म तपाईंको
निम्ति कसलाई माथि ल्याऊँ ?”
तिनले भने, “शमूएललाई माथि ल्याऊ ।”
**१२**त्यस स्त्रीले शमूएललाई देखेर चर्को
सोरले कराएर शाऊललाई भनिन्, “तपाईंले
मलाई किन छल्नुभयो ? तपाईं त शाऊल
हुनुहुँदोरहेछ !”
**१३**राजाले तिनलाई भने, “नडराऊ । तिमी
के देख्दैछ्यौ ?”
त्यस स्त्रीले भनिन्, “म एउटा आत्मालाई
भूइँबाट माथि आइरहेको देख्दैछु ।”
**१४**तिनले सोधे, “त्यो केजस्तो देखिन्छ ?”
तिनले भनिन्, “लबेदा ओढ़ेको एक जना
वृद्ध मानिस माथि आउँदैछ ।”
तब त्यो शमूएल रहेछ भनी शाऊललाई
थाहा भयो र आफ्नो अनुहार भूइँतिर पारेर
तिनी घोप्टेर लम्पसार परे ।
**१५**शमूएलले शाऊललाई भने, “तिमीले
मलाई माथि ल्याएर किन विचलित पार्‍यौ ?
शाऊलले भने, “म ठूलो संकष्टमा छु ।
पलिश्तीहरू मेरो विरुद्धमा लड़ाइँ गरिरहेका
छन्, अनि परमेश्वर मदेखि टाढ़ा हुनुभएको
छ । उहाँले मलाई अगमवक्ता अथवा
दर्शनद्वारा जवाफ दिनछोड़नुभयो । यसकारण
मैले के गर्नु भनी मलाई बताउनलाई तपाईंलाई
पुकारा गरेको हुँ ।“
**१६**शमूएलले भने, “अब परमेश्वर तिमीदेखि
टाढ़ा हुनुभएपछि र तिम्रो शत्रु हुनुभएपछि तिमी
किन मेरो सल्लाह लिन्छौ ? **१७**परमप्रभुले मदेखि
जे भविष्यवाणी गर्नुभयो त्यही गर्नुभएको छ ।
परमप्रभुले राज्यलाई तिम्रो हातबाट टुक्राएर
त्यसलाई तिम्रो एक जना छिमेकी दाऊदलाई
दिनुभएको छ । **१८**तिमीले परमप्रभुको आज्ञा
नमानेको र अमालेकीहरूको विरुद्धमा उहाँको

---

**२८:३**–लेवी २०:२७; व्यवस्था १८:१०-११; १ शमूएल २५:१. **२८:६**–गन्ती २७:२१. **२८:१७**–१ शमूएल १५:२८.
**२८:१८**–१ शमूएल १५:३-९.

प्रचण्ड क्रोध नचलाएकोले परमप्रभुले आज
यो तिम्रो लागि गर्नुभएको छ । **१९**परमप्रभुले
तिमी र इस्राएल दुवैलाई पलिश्तीहरूलाई
दिनुहुनेछ अनि भोलि तिमी र तिम्रा छोराहरू
मसित हुनेछौ । परमप्रभुले इस्राएलको फौजलाई
पनि पलिश्तीहरूको हातमा दिनुहुनेछ ।"

**२०**शमूएलका वचनहरूको कारण डरले
भरिएर शाऊल तत्कालै भूइँमा लम्पसार परे ।
तिनी निर्बल भइहाले, किनकि तिनले दिनभरि
र रातभरि केही खाएका थिएनन् ।

**२१**त्यो स्त्री शाऊलकहाँ आउँदा तिनलाई
जोरसित काँपिरहेका देखेर तिनले भनिन्,
"हेर्नुहोस्, तपाईंकी दासीले तपाईंको आज्ञा पालन
गरेकी छे । मैले आफ्नो प्राण आफ्नो हत्केलामा
राखेर तपाईंले मलाई जे गर्नु भन्नुभयो त्यो
गरें । **२२**अब तपाईंकी दासीको कुरा सुन्नुहोस्
र मलाई केही भोजन दिने अनुमति दिनुहोस् र
तपाईंले खाइकन आफ्नो यात्राको निम्ति बल
प्राप्त गर्नुहोस् ।"

**२३**तिनले अस्वीकार गरेर भने, "म
खानेछैनँ ।" तर ती मानिसहरूले त्यस स्त्रीसित
मिलेर बिन्ती गरे र तिनले तिनीहरूका कुरा
सुने । तिनी भूइँबाट उठे र पलङ्गमा बसे ।

**२४**त्यस स्त्रीसित घरमा एउटा पोस्याएको
बाछा थियो, जसलाई तिनले तुरुन्तै मारिन् ।
तिनले केही पीठो लिएर त्यो मुछिकन खमीर
नहाली रोटी पकाइन् । **२५**तब तिनले त्यसलाई
शाऊल र तिनका मानिसहरूको सामुन्ने
टक्र्याइन् अनि तिनीहरूले त्यो खाए । त्यही
रात तिनीहरू उठेर गइहाले ।

## आकीशले दाऊदलाई सिकलगमा फर्काइदिएका

**२९** पलिश्तीहरूले आफ्ना सबै फौजहरूलाई
अपेकमा भेला गराए र इस्राएलीहरूले
चाहिँ यिज्रेलको पानीको मूल भएको ठाउँमा
छाउनी हाले । **२**जसै पलिश्ती शासकहरूले
आफ्ना सय र हजारका दलहरूसित युद्ध यात्रा
गर्दै थिए, दाऊद र तिनका मानिसहरूचाहिँ
आकीशसित पछिल्तिर हिँड्दै थिए ।
**३**पलिश्तीहरूका कप्तानहरूले "यी हिब्रूहरूलाई
चाहिँ के गर्ने ?" भनेर सोधे ।

आकीशले जवाफ दिए, "के इस्राएलका
राजा शाऊलका अधिकृत यही दाऊद होइनन् ?
यिनी मसित एक वर्षभन्दा बढ़ी समयदेखि छन्
र यिनले शाऊललाई छोड़ेदेखि अहिलेसम्म मैले
यिनमा कुनै दोष भेटाएको छैनँ ।"

**४**तर पलिश्ती कप्तानहरूले तिनीसित
रिसाएर भने, "यस मानिसलाई फर्काइदिनुहोस्
र यिनी तपाईंले यिनको निम्ति ठहराउनुभएको
ठाउँमा जाऊन् । यिनी हामीसित जानहुन्न नत्रता
लड़ाइँको समयमा यिनी हाम्रो विरुद्धमा
हुनेछन् । हाम्रा आफ्नै मानिसहरूका शिर लिएर
आफ्नो मालिककहाँ जानुभन्दा अर्को कुन असल
तरीकाले यिनले आफ्नो मालिकको निगाह फेरि
प्राप्त गर्न सक्लान् ? **५**के तिनीहरूले आफ्ना
नाचमा यही दाऊदकै विषयमा यसो भनेर
गाएका होइनन् ?

"शाऊलले हजारौंलाई मारे,
अनि दाऊदले त लाखौंलाई ।"

**६**यसकारण आकीशले दाऊदलाई बोलाएर
तिनलाई भने, "परमप्रभु निश्चय जिउनुभएझैँ
तपाईं भरपर्दो हुनुहुन्छ र मेरो सेनामा तपाईंको
सेवाले म सन्तुष्ट छु । तपाईं मकहाँ आउनुभएको
दिनदेखि अहिलेसम्म मैले तपाईंमा कुनै दोष
देखेको छैनँ, तर शासकहरू तपाईंसित सहमत
छैनन् । **७**फर्केर शान्तिमा जानुहोस्; पलिश्ती
शासकहरूलाई मन नपर्ने कुनै काम पनि
नगर्नुहोस् ।"

**८**दाऊदले सोधे, "तर मैले के गरेको
छु र ? म तपाईंकहाँ आएको दिनदेखि अहिलेसम्म
तपाईंले आफ्नो दासमा के दोष पाउनुभयो ? म
मेरा मालिक र राजाका शत्रुहरूको विरुद्धमा
किन लड़ाइँ गर्न जान सक्दिनँ ?"

**९**आकीशले जवाफ दिए, "तपाईं मेरो दृष्टिमा

---

**२९:५**–१ शमूएल १८:७; २१:११.

परमेश्‍वरको दूतझैँ मनपर्दो हुनुभएको छ भनी
म जान्दछु; तरै पनि पलिश्ती कप्तानहरूले
'यिनी हामीसित लड़ाइँमा जानुहुँदैन' भनेका
छन् । **१०**अब तपाईंसित आउने तपाईंका
मालिकका दासहरूसित बिहानै उठ्नुहोस्, र
बिहान उज्यालो हुनासाथ गइहाल्नुहोस् ।"

**११**यसकारण दाऊद र तिनका मानिसहरू
पलिश्तीहरूको देशमा फर्किजानलाई बिहानै उठे
अनि पलिश्तीहरूचाहिँ यिज्रेलमा उक्लेर गए ।

**दाऊदले अमालेकीहरूलाई नाश गरेका**

**३०** दाऊद र तिनका मानिसहरू तेस्रो दिन
सिकलग पुगे । अमालेकीहरूले सिकलग
र नेगेवलाई लूटेका थिए । तिनीहरूले
सिकलगमाथि आक्रमण गरेर त्यसलाई आगो
लगाइदिएका थिए, **२**अनि स्त्रीहरू र त्यहाँ भएका
सबैलाई अर्थात् जवान र बूढ़ा-बूढ़ीहरूलाई
कैदी बनाएर लगेका थिए । तिनीहरूले
कसैलाई पनि मारेनन् तर आफ्नो बाटो लाग्दा
तिनीहरूलाई लगे ।

**३**जब दाऊद र तिनका मानिसहरू
सिकलगमा आए तिनीहरूले त्यसलाई आगोद्वारा
नाश गरिएको र तिनीहरूका पत्नीहरू अनि
छोराछोरीहरू कैदी बनाएर लगिएका भेट्टाए ।
**४**यसकारण दाऊद र तिनका मानिसहरू रूने
शक्ति पनि हराइञ्जेल जोरसित रोए । **५**दाऊदका
दुई जना स्वास्नीहरू अर्थात् यिज्रेलकी अहीनोम
र कर्मेलका नाबालकी विधवा अबीगेललाई
पनि पक्रेर लगेका थिए । **६**प्रत्येक मानिस
आफ्ना छोराहरू र छोरीहरूको कारण हृदयमा
बिचलित भएकोले ती मानिसहरूले दाऊदलाई
ढुङ्गाले हान्ने कुरा गरिरहेका हुनाले दाऊद
घोर संकष्टमा परे । तर दाऊदले परमप्रभु
आफ्ना परमेश्‍वरमा शक्ति पाए ।

**७**तब दाऊदले अबीमेलेकको छोरा
पूजाहारी एबीयातारलाई "मलाई एपोद ल्याइदेऊ"
भने । एबीयातारले त्यो तिनीकहाँ ल्याए । **८**अनि
दाऊदले परमप्रभुसित "के म यो लूटपीट गर्ने
दललाई खेदूँ ? के म तिनीहरूलाई भेट्टाउँला ?"
भनेर सल्लाह लिए ।

उहाँले जवाफ दिनुभयो, "तिनीहरूलाई
खेद् । तैंले निश्‍चय तिनीहरूलाई भेट्नेछस् र
छुटाउने काममा सफल हुनेछस् ।"

**९**दाऊद र तिनीसित भएका छ सय
मानिसहरू बसोरको खोल्सामा पुगे अनि त्यहाँ
कति जनाचाहिँ बसे, **१०**किनकि दुई सय
मानिसहरूचाहिँ खोल्सा पार गर्न नसक्ने गरी
साह्रै थाकेका थिए । तर दाऊद र चार सय
जनाले चाहिँ खेद्ने काममा अगि बढ़िरहे ।

**११**तिनीहरूले खेतमा एक जना मिश्रीलाई
भेट्टाएर त्यसलाई दाऊदकहाँ ल्याए । तिनीहरूले
त्यसलाई खानलाई भोजन र पिउनलाई पानी
दिए, **१२**अनि नेभारा र किसमिस पनि दिए ।
त्यसले खायो र ताजा भयो किनकि त्यसले
तीन दिन र तीन रात कुनै भोजन खाएको अनि
पानी पिएको थिएन ।

**१३**दाऊदले त्यसलाई सोधे, "तँ कसको होस्
र कहाँबाट आएको होस् ?"

त्यसले भन्यो, "म एक जना अमालेकीको
चाकर एउटा मिश्री हुँ । म तीन दिन अघि
बिरामी हुँदा मेरा मालिकले मलाई त्यागिदिए ।
**१४**हामीले करेतीहरूको नेगेवलाई र यहूदाको
प्रान्तलाई अनि कालेबको नेगेवलाई लूट्यौं, र
हामीले सिकलगलाई आगो लगाइदियौं ।"

**१५**दाऊदले त्यसलाई सोधे, "के तैंले मलाई
त्यस लूटपीट गर्ने दलकहाँ बाटो देखाएर लैजान
सक्छस् ?"

त्यसले जवाफ दियो, "तपाईंले मलाई
मार्नुहुन्न अनि मलाई मेरा मालिकको हातमा
सुम्पिदिनुहुन्न भनी परमप्रभुको नाउँमा शपथ
खानुहोस् अनि म तपाईंलाई तिनीहरूकहाँ तल
लैजानसक्छु ।"

**१६**त्यसले दाऊदलाई तल लग्यो र त्यहाँ
तिनीहरूले पलिश्तीहरूको देश र यहूदाबाट
लिएका धेरै लूटका मालहरूको कारण तिनीहरू
गाउँमा छरिएर खाँदै, पिउँदै र हर्ष मनाउँदै

---

**३०:५**–१ शमूएल २५:४२-४३. **३०:७**–१ शमूएल २२:२०-२३.

थिए । **१७**दाऊदले तिनीहरूसित साँझदेखि
भोलिपल्टको साँझसम्म युद्ध गरे र ऊँटमा
चढ़ेर भाग्ने चार सय जवानहरूबाहेक
तिनीहरूका कोही पनि भाग्न सकेनन् ।
**१८**दाऊदले आफ्नी दुईओटी स्वास्नीहरू लगायत
अमालेकीहरूले लगेका हरेक कुरो फेरि पाए ।
**१९**तिनीहरूले लगेका जवान अथवा वृद्ध, केटा
अथवा केटी अथवा कुनै कुरो पनि छोड़िएको
थिएन । दाऊदले हरेक कुरो फिर्ता पाए ।
**२०**तिनले सबै बगाल र बथानहरू लिए
अनि तिनका मानिसहरूले तिनीहरूलाई अरू
गाईवस्तुको अगि "यो दाऊदको लूट हो" भन्दै
धपाउँदै लगे ।

**२१**तब दाऊद तिनको पछि लाग्नको निम्ति
अति थकित भएकाले बसोरको खोल्सामा
छोड़िएका ती दुई सय मानिसहरूकहाँ आए ।
तिनीहरू दाऊद र तिनीसित भएका
मानिसहरूलाई भेट्न निस्केर आए । जसै दाऊद
र तिनका मानिसहरू आइपुगे । तिनले
उनीहरूलाई अभिवादन् गरे । **२२**तर दाऊदका
पछि लाग्ने मानिसहरूमध्ये केही दुष्ट मानिसहरू
र बदमाशहरूले भने, "तिनीहरू हामीसित
नगएका हुनाले हामीले लूटेका माल तिनीहरूसित
हामी बाँड्ने छैनौं । तरै पनि प्रत्येक मानिसले
आफ्नी स्वास्नी र बालबच्चाहरू लगेर जान
सक्छ ।"

**२३**दाऊदले जवाफ दिए, "परमेश्वरले
हामीलाई रक्षा गर्नुभयो, यी सब दिनुभयो, र
दुश्मनहरूलाई हाम्रा हातमा दिनुभयो । अब
उहाँले दिनुभएका कुराहरूसँग त्यसो गर्नेछैनौं ।
**२४**तिमीहरूले भनेको कुरा कसले मान्छ र
सामानसित बस्ने मानिसको हिस्सा लड़ाइँमा
जानेको बराबर हुनेछ । सबैले बराबर हिस्सा
पाउनेछन् । **२५**दाऊदले त्यस दिनदेखि आजसम्मै
त्यो नियम बनाए ।

**२६**दाऊद सिकलगमा आएपछि तिनले
लूटको मालबाट केही यहूदाका आफ्ना मित्र
धर्म-गुरुहरूलाई पठाइदिएर भने, "परमप्रभुका
शत्रुहरूसँग लूटिएका कुराहरूबाट यहाँ तपाईंको
निम्ति उपहार छन् ।"

**२७**तिनले ती यी ठाउँहरूमा भएकाहरूकहाँ
पठाए अर्थात् बेथलेहेम, रामोत-नेगेव र
यतीरमा, **२८**अरोएर, सीपमोत र एश्तमोमा,
**२९**अनि राकालमा यरहमैलीहरू र केनीहरूका
शहरमा भएकाहरूलाई, **३०**होर्मा, बोराशान,
अत्ताकमा, **३१**अनि हेब्रोनमा भएकाहरूलाई अनि
दाऊद र तिनका मानिसहरू डुलेका ठाउँहरूमा
बसेको सबैलाई ।

### शाऊलले आत्महत्या गरेका

**३१** पलिश्तीहरूले इस्राएलीहरूसित युद्ध
गरे र इस्राएलीहरू तिनीहरूको
सामुन्नेबाट भागे र धेरैचाहिँ गिल्बो डाँड़ामा
मारिए । **२**पलिश्तीहरू शाऊल र तिनका
छोराहरूको पछि लागे र तिनीहरूले तिनका
छोराहरू जोनाथन, अबीनादाब र मल्कीशूअलाई
मारे । **३**शाऊलको चारैतिर युद्धले भयानक रुप
लियो र धनुर्धारीहरूले तिनलाई भेटेर तिनलाई
सख्त रुपले घाइते बनाए ।

**४**शाऊलले आफ्नो हतियार बोक्नेलाई भने,
"तेरो तरवार थुतेर मलाई रोप् र यी खतना
नभएका दुष्टहरूले निन्दा गरेर मेरो तमाशा
नदेखाऊन् ।"

तर तिनको हतियार बोक्ने आतङ्कित भयो
र त्यसो गर्ने आँट गरेन; यसकारण शाऊलले
आफ्नै तरवार थुतेर त्यसमा उनिएर मरे ।
**५**जब त्यस हतियार बोक्नेले शाऊललाई
मरेको देख्यो, तब त्यो पनि आफ्नै तरवारमा
उनिएर तिनीसितै मर्‍यो । **६**यसरी शाऊल र
तिनका तीन जना छोराहरू र त्यो हतियार
बोक्ने एकैसाथ त्यही दिन मरे ।

**७**त्यस बेँसीमा भएका र यर्दन पारि भएका
इस्राएलीहरूको फौज भागेको र शाऊल अनि
तिनका छोराहरू मरेका देखेर तिनीहरू आफ्ना
शहरहरू त्यागेर भागे । अनि पलिश्तीहरूले
आएर ती आफ्ना अधीनमा पारे ।

---

**३१:१-१३**–१ इतिहास १-१२.

८भोलिपल्ट जब पलिश्तीहरू मरेकाहरूका
माल लूट्नलाई आए, तिनीहरूले शाऊल र
तिनका छोराहरूलाई गिल्बो डाँड़ामा मरेका
भेट्टाए । ९तिनीहरूले तिनका शिर काटे र
तिनका हतियारहरू लिए अनि तिनीहरूले
पलिश्तीहरूको देशभरि तिनीहरूका मूर्तिहरूका
मन्दिरहरू र तिनीहरूका मानिसहरूको
बीचमा यो समाचार घोषणा गर्नलाई दूतहरू
पठाए । १०तिनीहरूले तिनका हतियारहरू
अश्तारोतको मन्दिरमा राखे र तिनको
शरीरलाई बेथशानको भित्तामा कीला ठोकेर
झुण्ड्याए ।

११जब याबेश गिलादका मानिसहरूले
पलिश्तीहरूले शाऊलसित के गरे त्यो सुने,
१२तिनीहरूका वीर मानिसहरू रातभरि यात्रा
गरेर बेथशानमा पुगे । तिनीहरूले शाऊल र
तिनका छोराहरूका शरीरलाई बेथशानको
भित्ताबाट निकाले र याबेशमा गएर तिनीहरूलाई
जलाइदिए । १३तब तिनीहरूले तिनीहरूका
हड्डीहरू लिएर तिनीहरूलाई झ्याउजस्तै
रूखको फेदमा गाड़िदिए र तिनीहरू सात
दिनसम्म उपवास बसे ।

# शमूएलको दोस्रो पुस्तक

**दाऊदले शाऊलको मृत्युको समाचार पाएका**

१ शाऊलको मृत्युपछि दाऊद अमालेकीहरूलाई
जितेर फर्के र सिकलगमा दुई दिन बसे ।
**२**तेस्रो दिन शाऊलको छाउनीबाट एक जना
फाटेको लुगा लगाएको र टाउकोमा धूलो
हालेको मानिस आए । तिनी दाऊदकहाँ आएर
तिनलाई सम्मान दिनलाई भूइँमा घोप्टो परे ।
**३**दाऊदले त्यसलाई सोधे, "तँ कहाँबाट
आएको होस् ?"

त्यसले भन्यो, "म इस्राएलीहरूको छाउनीबाट
उम्केको हुँ ।"

**४**दाऊदले त्यसलाई फेरि सोधे, "के भयो ?
मलाई बता ।"

त्यसले भन्यो, "मानिसहरू लड़ाइँबाट
भागे । तिनीहरूमध्ये धेरै मरे । अनि शाऊल र
तिनका छोरा जोनाथन पनि मरेका छन् ।"

**५**तब तिनीकहाँ यो खबर ल्याउने जवान
मानिसलाई दाऊदले भने, "शाऊल र तिनका
छोरा जोनाथन मरेका छन् भनी तँ कसरी
जान्दछस् ?"

**६**त्यस जवान मानिसले भन्यो, "म गिल्बो
डाँड़ामा पुगेको थिएँ, र शाऊल आफ्नो भालामा
अड़ेसिएका थिए अनि रथहरू र सवारहरूले
तिनलाई भेटाउनै आँटेका थिए । **७**जब तिनी
फर्के अनि मलाई देखेर बोलाए, अनि मैले भनें,
"म के गर्न सक्छु ?"

**८**"तिनले मलाई 'तँ को होस् ?' भनी
सोधे ।

"मैले 'म एक अमालेकी हुँ' भनें ।

**९**"तब उनले मलाई भने, 'मेरो छेउमा
आएर मलाई मार् ! म जिउँदै छु, तरै पनि
मृत्युको मुखैमा पुगिसकेको छु ।'

**१०**"यसकारण म तिनीमाथि उभिएँ र
तिनलाई मारिदिएँ किनकि तिनी लड़ेपछि बाँच्ने
छैनन् भनी मलाई थाहा भयो । अनि मैले
तिनको शिरमाथि भएको मुकुट र तिनको हातमा
भएको बाजु लिएँ, ती मैले मेरो मालिककहाँ
ल्याएको छु ।"

**११**तब दाऊद र तिनीसित भएका सारा
मानिसहरूले आफ्ना लुगा समातेर च्याते ।
**१२**तिनीहरूले शाऊल र तिनका छोरा जोनाथन
अनि परमप्रभुको फौज र इस्राएलको घरानाको
निम्ति साँझसम्म उपवास बसेर शोक मनाए,
किनकि तिनीहरू तरवारद्वारा नाश भएका
थिए ।

**१३**दाऊदले आफूकहाँ खबर ल्याउने त्यस
जवान मानिसलाई भने, "तँ कहाँको होस् ?"
त्यसले जवाफ दियो, "म एउटा परदेशीको
छोरो, एक अमालेकी हुँ ।"

**१४**दाऊदले त्यसलाई सोधे, "परमप्रभुको
अभिषिक्त जनलाई नष्ट पार्नलाई हात उठाउँदा
के तँलाई डर लागेन ?"

**१५**दाऊदले आफ्ना एक जना मानिसलाई
बोलाएर भने, "जाऊ, गएर त्यस मानिसलाई
प्रहार गरेर मारिदेऊ !" यसैले त्यस मानिसले
त्यसलाई हिर्काएर मार्‍यो । **१६**किनकि दाऊदले
त्यसलाई भनेका थिए, "तेरो रगत तेरै
शिरमाथि परोस् । जब तैंले भनिस्, 'मैले
परमप्रभुका अभिषिक्त जनलाई मारें', तब आफ्नै
मुखले तैंले आफैलाई दोषी ठहराइस् ।

**शाऊल र जोनाथनको निम्ति दाऊदको विलाप**

**१७**दाऊदले शाऊल र तिनका छोरा
जोनाथनको निम्ति यसरी विलाप गरे, **१८**अनि
यहूदाका सबै मानिसहरूलाई यो विलापको गीत

---

**१:६-१०**–१ शमूएल ३१:१-६; १ इतिहास १०:१-६. **१:१८**–यहोशू १०:१३.

सिकाइओस् भनेर हुकुम गरे (यो गीत याशारको पुस्तकमा लेखिएको छ):

१९ “हे इस्राएल, तेरो महिमा तेरो शिखरमा
ढालिएको छ ।
पराक्रमी कसरी ढलेको छ !

२० “त्यसलाई गातमा नभन्नू,
त्यसलाई अश्कलोनका सड़कहरूमा
घोषणा नगर्नू,
नत्रता पलिश्तीका छोरीहरू खुशी होलान्
नत्रता बेखतनेका छोरीहरू आनन्दित
होलान् ।

२१ “हे गिल्बोका पहाड़हरू,
तिमीहरूमाथि शीत र वृष्टि नहोस्,
नता अन्न दिने खेत नै होस्,
किनकि त्यहाँ बीरको ढाल अशुद्ध
पारियो,
शाऊलको ढाल तेलविनै निस्तेज भयो ।
२२ किनकि मारिएकाको रगतबाट,
वीरको शरीरबाट,
जोनाथनको धनु कहिल्यै फर्केर आएन,
शाऊलको तरवार म्यानमा कहिल्यै
रित्तै फर्केन ।

२३ “शाऊल र जोनाथन–
जीवनमा तिनीहरू प्रिय र अनुग्रही थिए,
र मृत्युमा तिनीहरू अलग भएनन् ।
तिनीहरू चीलभन्दा फूर्तिला थिए,
तिनीहरू सिंहहरूभन्दा बलिया थिए ।

२४ “हे इस्राएलका छोरीहरू हो,
शाऊलको निम्ति रोओ
जसले तिमीहरूलाई राता र मिहीन
वस्त्र पहिऱ्याए,
जसले तिमीहरूका वस्त्रलाई सुनका
गहनाले सुशोभित पारे ।

२५ “वीर कसरी लड़ाइँमा ढले !
जोनाथन तिम्रा पहाड़मा मारिए ।

२६ जोनाथन मेरो भाइ, म तिम्रो निम्ति
शोक गर्छु ।
तिमी मेरो अति प्रिय थियौ ।
मप्रति तिम्रो प्रेम अचम्मको थियो,
स्त्रीहरूको प्रेमलाई जित्ने ।

२७ “वीर कसरी ढलेको छ ।
लड़ाइँका हतियारहरू नष्ट भएका छन् !”

### दाऊद यहूदाका राजा अभिषेक गरिएका

२ समय बित्दै जाँदा दाऊदले परमप्रभुसित
यसो भनेर सोधे, “के म यहूदाका कुनै
शहरमा जाऊँ ?”

परमप्रभुले भन्नुभयो, “जा ।”

दाऊदले सोधे, “म कहाँ जाऊँ ?”

परमप्रभुले जवाफ दिनुभयो, “हेब्रोनमा ।”

२यसकारण दाऊद त्यहाँ आफ्ना दुईओटी
पत्नीहरू, यिजरेलकी अहीनोम र कर्मेलको
नाबालकी विधवा अबिगेलसित त्यहाँ गए ।
३दाऊदले आफूसित भएका मानिसहरूलाई
पनि प्रत्येकको आफ्नो परिवारसित लगे अनि
तिनीहरू हेब्रोन र त्यसका शहरहरूमा
बसोबासो गरे । ४तब यहूदाका मानिसहरू
हेब्रोनमा आए र तिनीहरूले त्यहाँ दाऊदलाई
यहूदाको घरानामाथि राजा अभिषेक गरे ।

शाऊललाई गाड़नेहरू त याबेश-गिलादका
मानिसहरू रहेछन् भनी दाऊदलाई भनिएपछि,
५तिनले याबेश-गिलादका मानिसहरूकहाँ यसो
भन्नलाई दूतहरू पठाए, “तिमीहरूका मालिक
शाऊललाई गाड़ेर तिमीहरूले उहाँप्रति दया
देखाएकाले परमप्रभुले तिमीहरूलाई आशिष्
देऊन् । ६परमप्रभुले तिमीहरूमाथि दया र
विश्वासयोग्यता देखाऊन् र तिमीहरूले यसो
गरेको कारण म पनि तिमीहरूप्रति निगाह
राख्नेछु । ७त्यसो भए अब बलिया र साहसी
होओ किनकि तिमीहरूका मालिक शाऊल
मरेका छन् र यहूदाको घरानाले मलाई
तिनीहरूमाथि राजा अभिषेक गरेको छ ।”

**२:२**–१ शमूएल २५:४२-४३. **२:४**–१शमूएल ३१:११-१३.

**दाऊद र शाऊलको घरानाबीच युद्ध**

**८**त्यसै बेला शाऊलको फौजका कप्तान
नेरका छोरा अबनेरले शाऊलका छोरा
ईश्बोशेतलाई महनोममा लिएर आए। **९**तिनले
त्यसलाई गिलाद, अशूरी र यिजरेलमाथि अनि
एप्रेम, बेन्यामीन र सारा इस्राएलमाथि पनि
राजा बनाए।

**१०**शाऊलका छोरा ईश्बोशेत इस्राएलमाथि
राजा हुँदा चालीस वर्षका थिए र तिनले दुई
वर्षसम्म शासन गरे। तरै पनि यहूदाको
घरानाले चाहिँ दाऊदलाई नै पछ्यायो।
**११**दाऊदले यहूदाको घरानामाथि हेब्रोनमा शासन
गरेको समय साढ़े सात वर्ष थियो।

**१२**नेरका छोरा अबनेर शाऊलका छोरा
ईश्बोशेतका मानिसहरूसित महनोमबाट
गिबोनमा गए। **१३**सरूयाहको छोरा योआब र
दाऊदका मानिसहरू निस्किगएर तिनीहरूलाई
गिबोनको पोखरीनेर भेटे। एउटा दल पोखरीको
एकातिर र अर्को दलचाहिँ अर्कोतिर बसे।

**१४**तब अबनेरले योआबलाई भने, "हामी
केही जवान मानिसहरूलाई खड़ा गराऔं र
हाम्रो सामुन्ने एक-एक जना गरी लड़न
लगाऔं।"

योआबले भने, "ठीकै छ, तिनीहरूले त्यसै
गरून्।"

**१५**यसकारण तिनीहरू खड़ा भए र गन्ति
गरिए, बेन्यामीन र शाऊलको छोरा ईश्बोशेतको
बाह्र जना र दाऊदको निम्ति बाह्रै जना थिए।
**१६**तब प्रत्येकले आफ्नो विपक्षीलाई शिरमा पक्रेर
त्यस विपक्षीको कोखामा आफ्नो छुरी गाड़िदियो
र तिनीहरू एकैसाथ ढलिगए। यसकारण
गिबोनको त्यस ठाउँलाई हेल्कत-हजुरीम
भनिन्छ।

**१७**त्यस दिनको लड़ाइँ अति भयानक थियो,
र अबनेर अनि इस्राएलका मानिसहरू दाऊदका
मानिसहरूद्वारा परास्त भए।

**१८**त्यहाँ सरूयाहका तीन छोराहरू योआब,
अबीशै र असाहेल थिए। असाहेलचाहिँ मैदानमा
कुदिहिँड्ने मृगझैं फूर्तिला थिए। **१९**तिनले
अबनेरलाई दाहिने-देब्रेतिर नहेरी खेदे।
**२०**(अबनेरले पछि फर्केर हेरे अनि सोधे, "के
यो तिमी असाहेल नै हौ?")

तिनले जवाफ दिए, "ठीकै हो।"

**२१**तब अबनेरले तिनलाई भने, "तिमी दाहिने
अथवा देब्रेतिर फर्क, कुनै जवान मानिसलाई
समात र त्यसको हतियार खोस।" तर
असाहेलले तिनलाई खेद्न छाड़ेनन्।

**२२**फेरि अबनेरले तिनलाई चेतावनी दिए,
"मलाई खेद्न छाड़िदेऊ! म किन तिमीलाई
प्रहार गर्नु? मैले तिम्रा दाज्यू योआबको अनुहार
कसरी हेर्नु?"

**२३**तर असाहेलले खेद्न अस्वीकार गरे,
यसकारण अबनेरले आफ्नो भाला असाहेलको
पेटभित्र हालिदिए र त्यो भाला तिनको पिठिउँबाट
निस्क्यो। तिनी त्यहीं लड़े र ठहरै मरे। अनि
असाहेल लड़ेर मरेको ठाउँमा आइपुग्दा प्रत्येक
मानिस अड़िन्थ्यो।

**२४**तर योआब र अबीशैले चाहिँ अबनेरलाई
खेदिरहे र घाम डुब्नलाग्दा तिनीहरू गिबोनको
उजाड़ ठाउँतिर जाने बाटोको गीहको छेउमा
भएको अम्मा डाँड़ामा आइपुगे। **२५**तब
बेन्यामीनका मानिसहरू अबनेरको पछिल्तिर
भेला भए। तिनीहरूले आफ्नो दल बनाएर
डाँड़ाको टुप्पोमा मोर्चा बाँधे।

**२६**अबनेरले योआबलाई कराएर भने, "के
मारकाट पछिसम्मै भइरहने? के यसको अन्त
तीतोपना मात्र हुनेछ भनी तिमी थाहा गर्दैनौ?
तिमीले आफ्ना मानिसहरूलाई आफ्ना दाज्यू-
भाइहरूलाई खेद्न छोड़ भनेर कहिले भन्ने?"

**२७**योआबले जवाफ दिए, "परमप्रभु निश्चय
जिउनुभएझैं, यदि तिमी नबोलेका भए यी
मानिसहरूले आफ्ना दाज्यूभाइहरूलाई बिहानसम्मै
खेदिरहने थिए।"

**२८**यसकारण योआबले तुरही फुके अनि
सबै मानिसहरू रोकिए। तिनीहरूले इस्राएललाई
खेद्न छोड़िदिए र लड़ाइँ पनि गरेनन्।

**२९**त्यस रातभरि अबनेर र तिनका
मानिसहरू अराबा भएर गए। तिनीहरूले यर्दन
तरे, बिथ्रोनको सम्पूर्ण भागबाट भएर गए अनि
महनोममा आइपुगे।

**३०**तब योआब अबनेरको पछि लाग्न छोड़े
र सबै मानिसहरूलाई भेला गरे। असाहेलबाहेक
दाऊदका उन्नाईस जना मानिसहरू हराएका
थिए। **३१**तर दाऊदका मानिसहरूले अबनेरसित
भएका तीन सय साठी जना बेन्यामीनीहरूलाई
मारेका थिए। **३२**तिनीहरूले असाहेललाई लगे
अनि त्यसका बाबुको चिहान बेथलेहेममा
गाड़े। तब योआब र तिनका मानिसहरू
रातभरि हिँड़ेर मिरमिरे उज्यालो हुँदा हेब्रोनमा
आइपुगे।

**३** शाऊलको घराना र दाऊदको घरानाबीचको
युद्ध लामो समयसम्म चलिरहयो। दाऊद
अझ शक्तिशाली हुँदै गए र शाऊलको
घरानाचाहिँ कमजोर हुँदैगयो।
**२**हेब्रोनमा दाऊदका छोराहरू जन्मे:

तिनका जेठो छोरो अमनोनचाहिँ यिजरेली
अहीनोमका छोरा थिए,
**३** माहिलोचाहिँ किलाब कर्मेलको नाबालकी
विधवा अबिगेलका छोरा थिए;
साहिँलोचाहिँ गशूरका राजा अब्शालोमकी
छोरी माकाका छोरा थिए,
**४** काहिँलोचाहिँ हग्गीतका छोरा अदोनियाह
थिए,
ठाहिँलोचाहिँ अबीतलका छोरा शपत्याह
थिए;
**५** अनि कान्छोचाहिँ दाऊदकी पत्नी एग्लाका
छोरा यित्राम थिए।
दाऊदका यी छोराहरू हेब्रोनमा जन्मिए।

### अबनेर दाऊदको पक्षमा गएका

**६**शाऊलको घराना र दाऊदको घरानाबीचको
युद्धकालमा अबनेरले शाऊलको घरानामा
आफ्नो स्थान बलियो पार्दैथिए। **७**शाऊलकी
एउटी उप-पत्नी थिइन् जसको नाऊँ रिश्पा
थियो जो अय्याकी छोरी थिइन्। अनि ईश्बोशेतले
अबनेरलाई भने, "तपाईं किन मेरो पिताको
उप-पत्नीसित सुत्नुभयो?"

**८**ईश्बोशेतले भनेको कुराको कारण अबनेर
अति रिसाए अनि तिनले जवाफ दिए, "के म
यहूदाको पक्षमा बस्ने एउटा कुकुर हुँ? आजको
यस दिन म तपाईंका पिता शाऊलप्रति अनि
उहाँको परिवार र मित्रहरूप्रति स्वामीभक्त छु।
मैले तपाईंलाई दाऊदकहाँ सुम्पेको छैनँ, र
पनि अहिले तपाईं यस स्त्रीको विषयमा मलाई
दोष लगाउनुहुन्छ! **९**परमप्रभुले अबनेरसित
कठोर व्यवहार गरून्, यदि दाऊदप्रति परमप्रभुले
उहाँसित शपथ खाएर प्रतिज्ञा गर्नुभएझैँ मैले
तिनीसित गरिनँ, **१०**अनि शाऊलको घरानाबाट
राज्य सारेर दानदेखि बेर्शेबासम्म इस्राएल र
यहूदामाथि दाऊदको सिंहासन स्थापित गरिनँ
भने।" **११**ईश्बोशेतले अबनेरलाई अर्को शब्द
भन्ने साहस नै गरेनन् किनकि तिनी तिनीसित
डराए।

**१२**तब अबनेरले आफ्नो पक्षमा दाऊदसित
यसरी भन्नू भनेर दूतहरू पठाए, "यो देश
कसको हो? मसित एउटा सन्धी गर्नुहोस् अनि
म सारा इस्राएललाई तपाईंकहाँ ल्याउनलाई
सहायता गर्नेछु।"

**१३**दाऊदले भने, "असल कुरा हो। म
तिमीसित सन्धी गर्नेछु। तर म तिमीबाट एउटा
कुरा माग गर्छु कि तिमीले मलाई भेट्न
आउँदा शाऊलकी छोरी मीकललाई नलिई
आउनेछैनौ।" **१४**तब दाऊदले शाऊलका
छोरा ईश्बोशेतकहाँ यसरी शर्त गरेर दूतहरू
पठाए, "मैले एक सय पलिश्तीहरूका
खलड़ीहरूको दाम चुकाएर मंगनी गरेकी
मेरी स्वास्नी मीकल मलाई देओ।"

**१५**यसकारण ईश्बोशेतले हुकुम दिए र तिनलाई
आफ्नो लोग्ने लेशका छोरा पल्तिएलकहाँबाट
पठाइदिए। **१६**तरै पनि तिनका लोग्ने तिनको
पछिपछि रूँदै तिनीसित बहूरीमसम्मै गए। तब
अबनेरले तिनलाई भने, "फर्केर घर जाओ!"
यसकारण तिनी फर्केर गए।

**१७**अबनेरले इस्राएलका धर्म-गुरुहरूलाई
भने, "केही समयदेखि तपाईंहरूले दाऊदलाई

---

**३:९-१०**–१ शमूएल १५:२८. **३:१४**–१ शमूएल १८:२७.

राजा बनाउन चाहनुभएको थियो। **१८**अब त्यसै गर्नुहोस् ! किनकि परमप्रभुले दाऊदसित यसरी प्रतिज्ञा गर्नुभयो, 'म आफ्नो दास दाऊदद्वारा मेरो मानिसहरू इस्राएललाई पलिश्तीहरूका हातबाट अनि तिनीहरूका शत्रुहरूका हातबाट छुटाउनेछु' ।"

**१९**अबनेरले बेन्यामीनीहरूसित पनि आफै उपस्थित भएर कुरा गरे । तिनी दाऊदलाई इस्राएल र बेन्यामीनका सम्पूर्ण घरानाले के गर्न चाहेका छन् प्रत्येक कुरा भन्नलाई तिनीकहाँ गए । **२०**जब आफूसित भएका बीस जना मानिसहरू लिएर अबनेर हेब्रोनमा दाऊदकहाँ गए, दाऊदले तिनी र तिनका मानिसहरूको निम्ति एउटा भोज तयार गरे । **२१**अनि अबनेरले दाऊदलाई भने, "मलाई झट्ट गएर सारा इस्राएललाई मेरो मालिक राजाको निम्ति भेला गर्न जानदिनुहोस् र तिनीहरूले हजुरसँग एउटा वाचा गरुन्, अनि तपाईंले आफूले इच्छा गरेकोजति माथि शासन गर्नसक्नुहुनेछ ।" यसकारण दाऊदले अबनेरलाई पठाइदिए र तिनी शान्तिसँग गए ।

### योआबले अबनेरको हत्या गरेका

**२२**लगत्तै दाऊदका मानिसहरू र योआब कुनै ठाउँलाई लूटेर आफूसित धेरै लूटका मालहरू लिएर फर्के। तर अबनेरचाहिँ हेब्रोनमा दाऊदसित थिएनन् किनकि दाऊदले तिनलाई पठाइदिएका थिए र तिनी शान्तिसाथ गएका थिए । **२३**जब योआब र तिनीसित भएका सबै योद्धाहरू आइपुगे, तिनलाई नेरका छोरा अबनेर राजाकहाँ आएका अनि राजाले तिनलाई पठाइदिएका र तिनी शान्तिसाथ गएका कुरा बताइयो ।

**२४**यसकारण राजाकहाँ गएर योआबले भने, "तपाईंले के गर्नुभयो ? हेर्नुहोस्, अबनेर तपाईंकहाँ आए । तपाईंले तिनलाई किन जानदिनुभयो ? अब तिनी त गइहालेका छन् ! **२५**तपाईं नेरका छोरा अबनेरलाई जान्नुहुन्छ, तिनी त तपाईंलाई धोका दिन र तपाईंका गतिविधिको चियो गर्न अनि तपाईंले गरिरहनुभएको प्रत्येक कुरो बुझ्नलाई आएका थिए ।"

**२६**तब योआबले दाऊदलाई छोड़ेर गए अनि अबनेरको पछि दूतहरू पठाए र तिनीहरूले तिनलाई सीराको इनारदेखि फर्काएर ल्याए, तर दाऊदलाई यो कुरा थाहा थिएन । **२७**अबनेर हेब्रोनमा फर्केपछि योआबले तिनलाई गुप्तमा कुरा गर्ने निहुँ गरेर मूलढोकाको एकातिर लगे । अनि त्यहाँ आफ्नो भाइ असाहेलको रगतको बदला लिन तिनको पेटमा धारिलो हतियार रोपिदिए र तिनी मरे ।

**२८**पछिबाट दाऊदले यो सुनेर भने, "नेरका छोरा अबनेरको मृत्युको विषयमा म र मेरो राज्य परमप्रभुको सामुन्ने निर्दोष छौं । **२९**योआब र तिनका पिताका सबै घरानाको शिरमा त्यो दोष परोस् । अनि योआबको घरानामा घाउ-खटिरा हुने वा छालामा सरुवा रोग लाग्ने व्यथाले नछोड़ोस्, लहुरोको सहारामा हिँड्ने अथवा तरवारले मारिने वा रोटीको लागि भीख मागी हिँड्ने सन्तानको अभाव नहोस् ।"

**३०**(योआब र तिनका भाइ अबीशैले अबनेरको हत्या गरे, किनकि तिनले उनीहरूका भाइ असाहेललाई गिबोनको युद्धमा मारेका थिए ।)

**३१**तब दाऊदले योआब र तिनीसित भएका सबै मानिसहरूलाई भने, "तिमीहरूका लुगाहरू च्यातेर भाङरा लगाओ अनि अबनेरको सामुन्ने शोक गर्दै हिँड ।" राजा दाऊद आफै पनि अरथीको पछिपछि हिँड़े । **३२**तिनीहरूले अबनेरलाई हेब्रोनमा गाड़े, राजा अबनेरको चिहानमा जोरसित रोए । सबै मानिसहरू पनि रोए ।

**३३**राजाले अबनेरको निम्ति शोकको यो गीत गाए:

"के अबनेर विद्रोहीझैं भएर मर्नुपर्ने
थियो ?
**३४** तिम्रा हातहरू बाँधिएका थिएनन्,
तिम्रा पाउहरूमा साङ्ला थिएनन्,
तिमी त दुष्ट मानिसहरूको सामुन्ने ढलेझैं
ढल्यौ ।"

अनि सबै मानिसहरू फेरि तिनको निम्ति
रोए ।
३५तब ती सबै मानिसहरू आएर दाऊदलाई
दिन छँदै केही खान आग्रह गरे, तर दाऊदले त
शपथ खाएर यसो भने, "यदि मैले घाम
अस्ताउन अघि रोटी अथवा केही चाखें भने,
परमप्रभुले मप्रति कठोर व्यवहार गरून् !"
३६सबै मानिसहरूले यो कुरा मनमा राखे
र खुशी भए । राजाले गरेको प्रत्येक कुराले
तिनीहरूलाई खुशी तुल्यायो । ३७यसकारण त्यस
दिन सबै मानिसहरू र इस्राएलले नेरका
छोरा अबनेरको हत्यामा राजाको कुनै भूमिका
छैन भनी बुझे ।
३८तब राजाले आफ्ना मानिसहरूलाई भने,
"आजको दिन इस्राएलमा एक जना राजकुमार
र एउटा महान् व्यक्ति मरेका छन् भनी के
तिमीहरूलाई थाहा छैन ? ३९अनि आज म
अभिषिक्त राजा भए तापनि म कमजोर छु र
सरूयाहका यी छोराहरू मेरो निम्ति अति नै
बलवान् छन् । परमप्रभुले यस दुष्ट काम
गर्नेलाई त्यसको दुष्ट कामहरूअनुसार नै प्रतिफल
देऊन् !"

### ईश्बोशेतको हत्या

४ जब शाऊलका छोरा ईश्बोशेतले अबनेर
हेब्रोनमा मरेका कुरा सुने, तिनको आफ्नो
साहसनै हरायो अनि सारा इस्राएल आत्तिए ।
२शाऊलका छोराका लूटपीट गर्ने दलका दुई
जना अगुवाहरू थिए । एक जनाको नाउँ बानाह
र अर्कोको रेकाब थियो । तिनीहरू बेन्यामीन
कुलका बेरोतका रिम्मोनका छोराहरू थिए ।
बेरोतचाहिँ बेन्यामीनकै खण्ड थियो भनेर
मानिन्छ, ३किनकि बेरोतका मानिसहरू
गित्तैममा भागेर आजको दिनसम्मै त्यहाँ
परदेशीझैं बसेका छन् ।
४(शाऊलका छोरा जोनाथनका दुवै खुट्टा
लङ्गड़ा भएको एउटा छोरा थिए । यिजरेलबाट
शाऊल र जोनाथनको खबर आउँदा उनी पाँच
वर्षका थिए । तिनकी धाईले तिनलाई टिपेर
भागिन् तर ऊ हतारसाथ जानलाग्दा तिनी
लड़े र लङ्गड़ा भए । तिनको नाउँ मपीबोशेत
थियो ।)
५बेरोती रिम्मोनका छोराहरू रेकाब र
बानाह इश्बोशेतका घरतिर लागे अनि तिनीहरू
दिनको गर्मीमा तिनी दिउँसोको विश्राम
गरिरहेका बेलामा त्यहाँ पुगे । ६तिनीहरू गहूँ
लिने निहूँ गरेर घरको भित्री भागमा पुगे र
तिनको पेटमा धारिलो हतियार रोपिदिए ।
त्यसपछि रेकाब र तिनको भाइ बानाह सुटुक्क
गइहाले ।
७तिनीहरू त्यस घरभित्र तिनी आफ्नो सुत्ने
कोठामा पलङमाथि सुतिरहेका बेलामा गएका
थिए । तिनीहरूले तिनलाई घोंचेर मारेपछि
तिनीहरूले तिनको शिर काटे । त्यसलाई
आफूसित लगेर तिनीहरू रातभरि अराबाको
बाटो भएर गए । ८तिनीहरूले ईश्बोशेतको
शिर हेब्रोनमा दाऊदकहाँ लगे र राजालाई
भने, "तपाईंको प्राण लिनखोज्ने तपाईंको शत्रु
शाऊलका छोरा ईश्बोशेतको शिर यहाँ छ ।
आजको दिन परमप्रभुले शाऊल र तिनका
छोराको विरुद्धमा मेरा मालिक राजाको बदला
लिनुभएको छ ।"
९दाऊदले बेरोतको रिम्मोनका छोरा रेकाब
र त्यसको भाइ बानाहलाई जवाफ दिए, "मलाई
विपत्तिबाट छुटाउनुहुने परमप्रभु निश्चय
जिउनुभएझैं, १०जब मलाई एक जना मानिसले
'शाऊल मऱ्यो' भन्ने खबर ल्यायो अनि आफैले
असल समाचार ल्याएको ठान्यो मैले त्यसलाई
सिक्लगमा पक्रेर मारिदिएँ । त्यसको खबरको
इनाम त्यसलाई मैले त्यसरी दिएँ ! ११त्यसो
भए, आफ्नो घरमा आफ्नै पलङमा सुतिरहेका
एक जना निर्दोष् मानिसलाई जब दुष्ट
मानिसहरूले मारेका छन् भने, धरतीलाई
तिमीहरूबाट मुक्त गर्नलाई तिमीहरूकै हातबाट
के मैले अरू बढ़ी त्यसको रगतको बद्ला
नमाग्नू ?"

---

**४:४**–२ शमूएल ९:३. **४:१०**–२ शमूएल १:१-१६.

१२यसकारण दाऊदले आफ्ना मानिसहरूलाई हुकुम दिए र तिनीहरूले उनीहरूलाई मारिदिए। तिनीहरूले उनीहरूका हातहरू र खुट्टाहरू काटिदिए अनि तिनीहरूका शरीरहरू हेब्रोनको तलाउको छेउमा झुण्डचाइदिए। तर तिनीहरूले ईश्बोशेतको शिर लिएर त्यसलाई हेब्रोनमा अबनेरको चिहानमा गाड़िदिए।

### दाऊद इस्राएलका राजा भएका

**५** इस्राएलका सबै कुलहरू हेब्रोनमा दाऊदकहाँ आएर भने, "हामी तपाईंकै मासु र रगत हौं। २बितेको समयमा शाऊल हाम्रा राजा हुँदा इस्राएललाई फौजी अभियानमा डोरचाउने तपाईंनै हुनुहुन्थ्यो। अनि परमप्रभुले तपाईंलाई भन्नुभयो, 'तैंले मेरा जाति इस्राएलको हेरचाहा गर्नेछस् र तँ तिनीहरूका शासक हुनेछस्'।"
३इस्राएलका सबै धर्म-गुरुहरू हेब्रोनमा राजा दाऊदकहाँ आएपछि राजाले तिनीहरूसित परमप्रभुको सामुन्ने एउटा सन्धि गरे र तिनीहरूले दाऊदलाई इस्राएलउपर राजा अभिषेक गरे।
४दाऊद राजा हुँदा तीस वर्षका थिए र तिनले चालीस वर्षसम्म राज्य गरे। ५हेब्रोनमा तिनले यहूदामाथि साढ़े सात वर्षसम्म राज्य गरे अनि यरूशलेममा तिनले सारा इस्राएल र यहूदामाथि तेत्तीस वर्षसम्म राज्य गरे।

### यरूशलेममाथि दाऊदको विजय

६दाऊद राजा र तिनका मानिसहरू यरूशलेममा बस्ने यबूसीहरूमाथि आक्रमण गर्नलाई यरूशलेमको युद्ध-यात्रा गरे। यबूसीहरूले दाऊदलाई भने, "तपाईं यहाँ पस्नसक्नुहुन्न, अन्धा र लङ्गड़ाहरूले नै तपाईंहरूलाई धपाउनसक्नेछन्।" तिनीहरूले, "दाऊद यहाँ पस्नसक्नेछैनन्" भनी सोचेका थिए। ७तरै पनि दाऊदले सियोनको गढ़ी, अर्थात् दाऊदको शहर लिइहाले।
८त्यस दिन दाऊदले भने, "यबूसीहरूलाई जित्ने जोसुकैले पनि दाऊदका शत्रुहरू 'लङ्गड़ा र अन्धाहरू' कहाँ पुग्नलाई पानीको पाइप प्रयोग गर्नुपर्नेछ।" त्यसैकारण तिनीहरू भन्दछन्, "अन्धा र लङ्गड़ा" राजमहलमा पस्नेछैनन्।
९त्यसपछि दाऊदले त्यस गढ़ीलाई आफ्नो बासस्थान बनाए अनि त्यसलाई दाऊदको शहर भने। तिनले भित्रतिर पसेका बलिया छानाबाट चारैतिरका इलाका बनाए। १०अनि तिनी अझ शक्तिशाली हुँदै गए, किनकि परमप्रभु सर्वशक्तिमान् परमेश्वर तिनीसित हुनुहुन्थ्यो।
११अब टायरका राजा हीरामले देवदारुका काठहरू अनि सिकर्मी र डकर्मीहरूको साथमा दाऊदकहाँ दूतहरू पठाए र तिनीहरूले दाऊदको निम्ति राजमहल बनाए। १२अनि परमप्रभुले आफूलाई इस्राएलमाथि राजा स्थापित गर्नुभएको र उहाँका प्रजा इस्राएलको खातिर तिनको राज्यको गौरव बढ़ाइदिनुभएको दाऊदले थाहा गरे।
१३हेब्रोन छोड़ेपछि दाऊदले यरूशलेममा अरू उप-पत्नीहरू र पत्नीहरू ल्याए अनि तिनका अरू छोराछोरीहरू जन्मे। १४त्यहाँ जन्मेका तिनका छोराछोरीहरूका नाउँ यिनै हुन्: शम्मूअ, शोबाब, नातान, सुलेमान,
१५इब्हार, एलीशूअ, नेपेग, यापी, १६एलीशामा एल्यादा र एलीपेलेत।

### दाऊदले पलिश्तीहरूलाई परास्त गरेका

१७पलिश्तीहरूले दाऊद इस्राएलमाथि राजा अभिषिक्त भएको सुनेपछि तिनीहरूले तिनको खोजीमा सम्पूर्ण दल लिएर उक्ले तर यो सुनेर दाऊद तल गढ़ीमा गए। १८पलिश्तीहरूचाहिँ आएर रपाईको बेँसीमा छरिएर बसे।
१९यसकारण दाऊदले परमप्रभुसित सल्लाह लिए, "के म गएर पलिश्तीहरूलाई आक्रमण गरूँ ? के तपाईंले तिनीहरूलाई मकहाँ सुम्पिदिनुहुनेछ ?"
परमप्रभुले जवाफ दिनुभयो, "जा, किनकि म पलिश्तीहरूलाई निश्चय तँकहाँ सुम्पिदिनेछु।"

---

**५:१-१०**–१ इतिहास ११:१-९. **५:४-५**–१ राजा २:११; १ इतिहास ३:४; २९:२७. **५:६**–यहोशू १५:६३; न्यायकर्ता १:२१. **५:११-१६**–१ इतिहास १४:१-७. **५:१७-२५**–१ इतिहास १४:८-१७.

**२०**यसकारण दाऊद बाल-पराजीममा गएर त्यहाँ तिनीहरूलाई परास्त गरे । तिनले भने, "पानी फुटेर निस्केझैं परमप्रभु मेरो सामुन्ने मेरा शत्रुहरूको विरुद्धमा बेगसित निस्कनुभयो ।" यसकारण त्यस ठाउँलाई बाल-पराजीम भनियो । **२१**पलिश्तीहरूले तिनीहरूका मूर्तिहरू त्यहीं छोड़े अनि दाऊद र तिनका मानिसहरूले ती लगे ।

**२२**फेरि एकपल्ट पलिश्तीहरू उक्लेर आए अनि रपाईको बेंसीमा छरिएर बसे । **२३**यसकारण दाऊदले परमप्रभुसँग सल्लाह लिए, र उहाँले भन्नुभयो, "यस पल्ट सोझै आक्रमण नगर्, तर लहरे-पीपलका रूखहरूका सामुन्ने पछिल्तिरबाट तिनीहरूलाई आक्रमण गर् । **२४**तिमीहरूले लहरे-पीपलको टुप्पोमा युद्ध-यात्राको जस्तो आवाज सुन्ने बित्तिकै अगि बढ़नू, किनकि यसको अर्थ परमप्रभु पलिश्ती फौजलाई प्रहार गर्नलाई तिमीहरूका अगि जानुभएको छ भन्ने हो ।" **२५**यसकारण दाऊदले परमप्रभुले भन्नुभएझैं गरे अनि तिनले पलिश्तीहरूलाई गिबोनदेखि गेजेरसम्मै प्रहार गरेर मारे ।

### सन्दूक यरूशलेममा ल्याइयो

**६** फेरि दाऊदले इस्राएलबाट तीस हजार चुनिएका मानिसहरूलाई एक साथ ल्याए । **२**तिनी र तिनीसित भएका सबै मानिसहरू सन्दूकमा भएका करूबहरूको बीचमा सिंहासनमा विराजमान् हुनुहुने सर्वशक्तिमान् परमप्रभुको नाउँद्वारा बोलाइएको परमेश्वरको सन्दूकलाई ल्याउन भनी यहूदाको बालाबाट हिंड़े । **३**तिनीहरूले परमेश्वरको सन्दूकलाई एउटा नयाँ गाड़ामा सजाएर त्यसलाई डाँड़ामा भएको अबीनादाबको घरबाट ल्याए । अबीनादाबका छोराहरू उज्जाह र अहियोले **४**परमेश्वरको सन्दूक भएको नयाँ गाड़ालाई डोरयाइरहेका थिए अनि अहियोचाहिँ त्यसको अघिल्तिर हिंड़िरहेका थिए । **५**दाऊद र इस्राएलका सारा घराना गीत र वीणा, सारङ्गी र खैंजड़ी, मृदङ्ग र झ्यालीको साथमा परमप्रभुको सामुन्ने आफ्ना सम्पूर्ण शक्तिले उत्सव मनाइरहेका थिए ।

**६**जब तिनीहरू नाकोनको खलामा आइपुगे उज्जाहले लम्केर परमेश्वरको सन्दूकलाई थामे, किनकि गोरुहरूले ठेस खाएका थिए । **७**उज्जाहको अश्रद्धापूर्ण कामको कारण परमप्रभुको क्रोध तिनीमाथि दन्क्यो । यसकारण परमप्रभुले तिनीमाथि प्रहार गर्नुभयो र तिनी त्यहाँ परमेश्वरको सन्दूकको छेउमा मरे ।

**८**तब परमप्रभुको क्रोध उज्जाहमाथि आइपरेको कारण दाऊद रिसाए अनि आजको दिनसम्मै त्यस ठाउँलाई फारेस-उज्जाह भनिन्छ ।

**९**दाऊद त्यस दिन परमप्रभुसित डराए अनि भने, "परमप्रभुको सन्दूक मेरोमा कहिले आउनसक्ला ?" **१०**तिनी परमप्रभुको सन्दूकलाई दाऊदको शहरमा आफूसित राख्नलाई लैजान राजी भएनन् । यसको सट्टा तिनले त्यसलाई गित्ती ओबेद-एदोमको घरमा लगे । **११**परमप्रभुको सन्दूक गित्ती ओबेद-एदोमको घरमा तीन महीनासम्म रहयो अनि परमप्रमभुले तिनलाई र तिनका सम्पूर्ण घरानालाई आशिष् दिनुभयो ।

**१२**अब दाऊद राजालाई यसो भनियो, "परमप्रभुले ओबेद-एदोमको घरानालाई र तिनीसित भएका सबै कुरोलाई परमेश्वरको सन्दूकको कारण आशिष् दिनुभएको छ ।" यसकारण दाऊदले परमेश्वरको सन्दूकलाई ओबेद-एदोमको घरबाट खुशीयालीको साथ दाऊदको शहरमा ल्याए । **१३**जब परमप्रभुको सन्दूक बोक्नेहरू छ कदम अगि बढ़े तिनले एउटा साँढ़े र एउटा मोटो बाछो बलिदान गरे । **१४**दाऊदचाहिँ मलमलको एपोद लगाएर आफ्नो पूरा शक्तिसित परमप्रभुको सामुन्ने नाचे । **१५**अनि योचाहिँ तिनले अनि इस्राएलका सारा घरानाले कराउँदै र तुरही बजाउँदै परमप्रभुको सन्दूक ल्याउँदा गरिएको थियो ।

---

**६:१-११**–१ इतिहास १३:१-१४. **६:२**–प्रस्थान २५:२२. **६:३**–१ शमूएल ७:१-२. **६:११**–१ इतिहास २६:४-५. **६:१२-२२**–१ इतिहास १५:२५-१६:६,४३.

**१६**परमप्रभुको सन्दुक दाऊदको शहरमा
प्रवेश भइरहेको बेला शाऊलकी छोरी मीकलले
झ्यालबाट हेरिरहेकी थिइन् । अनि जब तिनले
दाऊदलाई परमप्रभुको सामुन्ने उफ्रँदै र नाच्दै
गरेका देखिन्, तिनको हृदयमा दाऊदप्रति घृणा
लागेर आयो ।

**१७**तिनीहरूले परमप्रभुको सन्दूक ल्याएर
दाऊदले त्यसको लागि खड़ा गरेको पालभित्र
त्यसको ठाउँमा सजाएर राखे, अनि दाऊदले
परमप्रभुको सामुन्ने होमबलि र मेलबलि चढ़ाए ।
**१८**तिनले होमबलि र मेलबलि चढ़ाइसकेपछि
तिनले मानिसहरूलाई सर्वशक्तिमान् परमप्रभुको
नाउँमा आशीर्वाद दिए । **१९**तब तिनले सम्पूर्ण
इस्राएली समुदायको प्रत्येक व्यक्तिलाई, अर्थात्
पुरुष र स्त्री दुवैलाई एउटा रोटी, एउटा खजूरको
डल्ला र एउटा किसमिसको झुप्पो दिए । अनि
सबै मानिसहरू आ-आफ्ना घरतिर गए ।

**२०**जब दाऊद आफ्ना घरानालाई आशीर्वाद
दिन घर फर्के, शाऊलकी छोरी मीकल तिनलाई
भेटन् बाहिर निस्केर आइन् र भनिन्, "इस्राएलका
राजाले कसरी आज आफ्ना नोकरहरूका दासी
केटीहरूले देख्ने गरी नीच मानिसले गरेझैं
आफैलाई नाङ्गो तुल्याएका !"

**२१**दाऊदले मीकललाई भने, "तिम्रा पिता
अथवा उहाँका परिवारका कसैलाई होइन तर
मलाई परमप्रभुका मानिसहरू इस्राएलमाथि
शासक नियुक्त गर्नुहुने परमप्रभुको सामुन्ने म
उत्सव मनाउँनेछु । **२२**म त योभन्दा पनि कम
महत्वको हुनेछु, अनि म आफ्नै दृष्टिमा
अपमानित हुनेछु । तर तिमीले कुरा गरेका यी
दासी केटीहरूद्वारा म सम्मान पाउनेछु ।"

**२३**अनि शाऊलकी छोरी मीकलको आफू
मर्ने बेलासम्म छोराछोरी भएनन् ।

### दाऊदलाई परमेश्वरको प्रतिज्ञा

**७** राजा आफ्नो राजमहलमा स्थापित भए
पछि अनि परमप्रभुले तिनलाई आफ्ना
चारैतिरका सबै शत्रुहरूबाट विश्राम दिनुभएपछि,
**२**तिनले अगमवक्ता नातानलाई भने, "म
यहाँ देवदारुको महलमा छु र परमेश्वरको
सन्दूकचाहिँ पालमा छ ।"

**३**नातानले राजालाई जवाफ दिए, "तपाईंको
मनमा जे छ त्यसलाई गर्न अगि बढ़नुहोस्,
किनकि परमप्रभु तपाईंसित हुनुहुन्छ ।"

**४**त्यस रात परमप्रभुको वचन यसो भनेर
नातानकहाँ आयो:

**५**"जा, गएर मेरो दास दाऊदलाई भन्,
'परमप्रभु यसो भन्नुहुन्छ: के म बास
बस्नलाई तैंले नै घर बनाउनेछस् र ?
**६**मैले इस्राएलीहरूलाई मिश्रदेशबाट माथि
ल्याएको दिनदेखि आजको दिनसम्म म कुनै
घरमा बसेको छैन । म त एक ठाउँदेखि
अर्को ठाउँ जाँदा पालकै घरमा बस्दै आएको
छु । **७**म इस्राएलीहरूसित जहाँ जाँदा पनि
के मैले मेरा मानिसहरू इस्राएलका
गोठाला हुने आज्ञा दिएका तिनीहरूका
शासकहरूलाई "मेरो निम्ति तिमीहरूले
किन देवदारुको घर बनाएनौ ?" भनेर
कहिल्यै भनेको छु ?"'

**८**"त्यसोभए अब मेरो दास दाऊदलाई
भन्, 'सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ:
मैले तँलाई खर्क अनि भेड़ाहरूको पछि
लाग्नबाट मेरा मानिसहरू इस्राएलमाथि
शासक हुनलाई लिएँ । **९**तँ जहीं गए
तापनि म तँसितै रहें, अनि मैले तेरा सबै
शत्रुहरूलाई तेरो सामुन्नेबाट अलग
गरिदिएँ । अब म तेरो नाउँलाई संसारका
सबैभन्दा महान् मानिसहरूका नाउँहरूझैं
महान् बनाउने छु । **१०**अनि म मेरा प्रजा
इस्राएलको निम्ति एउटा ठाउँ प्रबन्ध गर्नेछु
अनि तिनीहरूलाई बसाल्नेछु र तिनीहरूका
आफ्नै घर हुनेछ अनि तिनीहरू बिचलित
हुनेछैनन् । दुष्ट मानिसहरूले तिनीहरूलाई
फेरि सताउने छैनन्, जस्तो शुरुमा
तिनीहरूले गरेका थिए, **११**अनि मैले मेरा

---

**६:१९-२०**–१ इतिहास १६:४३. **७:१-१७**–१ इतिहास १७:१-१५.

प्रजा इस्राएलमाथि शासकहरू नियुक्त
गरेदेखि नै यसो गर्दै आएका थिए । म
तिमीहरूलाई आफ्ना सबै शत्रुहरूदेखि पनि
विश्राम दिनेछु ।

"'परमप्रभुले तपाईंलाई यो घोषणा
गर्नुहुन्छ कि उहाँ आफैले नै तपाईंको लागि
एउटा घर स्थापित गर्नुहुनेछ: **१२**तेरा
दिनहरू बितेर तँ आफ्ना पिता-पुर्खाहरूसित
विश्राम गर्न गएपछि म तेरोपछि तेरो
छोरालाई खड़ा गर्नेछु जो तेरो आफ्नै
शरीरबाट आउनेछ र आफ्नो राज्य स्थापित
गर्नेछ । **१३**त्यसले नै मेरो नाउँको खातिर
एउटा भवन बनाउनेछ, अनि म सदाको
निम्ति त्यसको राजकीय सिंहासन स्थापित
गर्नेछु । **१४**म त्यसका पिता हुनेछु अनि
त्यो मेरो छोरा हुनेछ । त्यसले भूल गर्‍यो
भने, मानिसको लट्ठीले म त्यसलाई
सजाय दिनेछु, र मानिसहरूद्वारा त्यसलाई
कोर्राबाजीको प्रहार गर्नेछु । **१५**तर मैले
शाऊलबाट आफ्नो प्रेम हटाएर त्यसलाई
तँदेखि अलग गरेझैं त्यसबाट मेरो प्रेम
हटाउनेछैनँ । **१६**तेरो घराना र तेरो राज्य
सदाको लागि मेरो सामुन्ने रहिरहनेछ ।
तेरो सिंहासन सदाको लागि स्थापित
गरिनेछ ।'"

**१७**नातानले यस प्रकाशका सबै वचनहरू
दाऊदलाई बताइदिए ।

### दाऊदको प्रार्थना

**१८**तब दाऊद राजा भित्र गए अनि
परमप्रभुको सामुन्ने बसे अनि भने:

"हे सर्वशक्तिमान् परमप्रभु, म को हुँ
अनि मेरो परिवार के हो र तपाईंले मलाई
यहाँसम्म ल्याउनुभयो ? **१९**अनि यो
पनि तपाईंको दृष्टिमा कम भएझैं, हे
सर्वशक्तिमान् परमप्रभु, तपाईंले आफ्नो
दासको घरानाको भविष्यको विषयमा पनि
बताइदिनुभयो । हे सर्वशक्तिमान् परमप्रभु,
के मानिससित व्यवहार गर्ने तपाईंको
सामान्य तरिका यस्तै नै हुन्छ ?

**२०**"दाऊदले तपाईंलाई अरू बढ़ी के
भन्नसक्छ र ? किनकि हे सर्वसत्ताधारी
परमप्रभु तपाईंले आफ्नो दासलाई
जान्नुहुन्छ । **२१**तपाईंको वचनको खातिर
अनि तपाईंको इच्छाअनुसार तपाईंले यो
महान् कुरो गर्नुभएको र आफ्नो दासलाई
यसबारे जान्नदिनुभएको छ ।

**२२**"हे सर्वसत्ताधारी परमप्रभु, तपाईं
कति महान् हुनुहुन्छ ! तपाईंजस्तो कोही
छैन र हामीले आफ्नै कानले सुनेझैं
तपाईंबाहेक अरू ईश्वर छैनन् । **२३**अनि
तपाईंको आफ्नै जाति इस्राएलजस्तो अरू
को छ ? पृथ्वीको एउटा त्यस जातिलाई
परमेश्वरले नै आफ्नो निम्ति छुटकारा
दिनुभयो, जसद्वारा तपाईंले आफ्नै नाउँ
फैलाउनुभयो र मिश्रदेशबाट छुट्टयाउनुभएको
आफ्नो प्रजाको बाटोदेखि अरू जातिहरू र
उनीहरूका देवदेवताहरूलाई धपाइदिनुभई
महान् डरलाग्दा र उदेकका कार्यहरू
गर्नुभयो । **२४**तपाईंले सदाको निम्ति आफ्नो
जाति इस्राएललाई स्थापित गर्नुभएको छ
अनि हे परमप्रभु, तपाईं तिनीहरूका
परमेश्वर हुनुभएको छ ।

**२५**"अनि अब, हे परमप्रभु परमेश्वर,
तपाईंले आफ्नो दास र त्यसको घरानाको
विषयमा गर्नुभएको प्रतिज्ञा सदैव कायम
राख्नुहोस् । तपाईंले प्रतिज्ञा गर्नुभए झैं
गर्नुहोस्, **२६**र तपाईंको नाउँ सदा
महान् होस् । तब मानिसहरूले भन्नेछन्,
'सर्वशक्तिमान् परमप्रभु नै इस्राएलमाथि
परमेश्वर हुनुहुन्छ !' अनि तपाईंको दास
दाऊदको घराना तपाईंको सामुन्ने सदाको
निम्ति स्थापित हुनेछ ।

---

**७:१२**–भजनसंग्रह ८९:३-४; १३२:११; यूहन्ना ७:४२; प्रेरित २:३०. **७:१४**–भजनसंग्रह ८९:२६-२७; २ कोरिन्थी ६:१८; हिब्रू १:५. **७:१८-२९**–१ इतिहास १७:१६-२७. **७:२३**–व्यवस्था ४:३४.

**२७**“हे इस्राएलका परमप्रभु, सर्वशक्तिमान्
परमेश्वर, तपाईंले आफ्नो दासलाई ‘म
तेरो घरानाको निम्ति एउटा घर बनाउनेछु’
भनेर यो प्रकट गर्नुभएको छ । यसकारण
तपाईंको दासले यो प्रार्थना चढ़ाउने साहस
पाएको छ । **२८**हे सर्वसत्ताधारी परमप्रभु,
तपाईं परमेश्वर हुनुहुन्छ ! तपाईंका
वचनहरू भरोसायोग्य छन् र तपाईंले
आफ्नो दासको निम्ति यी असल कुराहरू
प्रतिज्ञा गर्नुभएको छ । **२९**अब आफ्नो दासको
घरलाई आशिष् दिन प्रसन्न हुनुहोस्, र
यो तपाईंको दृष्टिमा सदाको निम्ति कायम
रहोस्, किनकि तपाईं सर्वसत्ताधारी परमप्रभु
बोल्नुभएको छ र तपाईंको आशिष्ले तपाईंको
दासको घर सदा आशीषित हुनेछ ।”

## दाऊदका विजयहरू

**८** समय बित्दै जादाँ दाऊदले पलिश्तीहरूलाई
जितेर तिनीहरूमाथि अधिकार जमाए र
तिनले मेथेग-आमाहलाई पलिश्तीहरूको
अधीनताबाट लिए ।

**२**दाऊदले मोआबीहरूलाई पनि जिते । तिनले
तिनीहरूलाई भूइँमा सुत्न लाए र तिनीहरूलाई
एउटा डोरीको नापले नापे । प्रत्येक दुई
नापकाहरू मारिए र तेस्रो नापकाहरूलाई चाहिँ
जीवित रहन दिए । यसरी मोआबीहरू दाऊदको
अधीनमा भए र राजकर तिर्न थाले ।

**३**अझ, दाऊद यूफ्रेटिस नदीको किनारलाई
फेरि आफ्नो अधीनमा ल्याउन जाँदा तिनले
सोबाका राजा, रहोबका छोरा हददेजरसित युद्ध
गरे । **४**दाऊदले तिनका एक हजार रथहरू,
सात हजार सारथिहरू र बीस हजार पैदल
फौजलाई कैद गरे । तिनले एक सयबाहेक अरू
सबै रथका घोड़ाहरूका धर्नासो काटिदिए ।

**५**जब सोबाका राजा हददेजरलाई सघाउनलाई
दमस्कसका अरामीहरू आए, दाऊदले
तिनीहरूका बाइस हजारलाई मारे । **६**तिनले
दमस्कसका अरामी राज्यमा पहरा चौकीहरू
राखे र अरामीहरू तिनका प्रजा भए र राजकर
ल्याउन थाले । दाऊद जहाँ गए तापनि
परमप्रभुले तिनलाई विजय दिनुभयो ।

**७**दाऊदले हेददेजरका अधिकारीहरूका
सुनका ढालहरू लिए र ती यरूशलेममा ल्याए ।
**८**हददेजेरहका शहरहरू तेबह र बेरोतैबाट
दाऊदले धेरै मात्रामा काँसाहरू ल्याए ।

**९**जब हमातका राजा तोऊले दाऊदले
हददेजेरहका सम्पूर्ण फौजलाई परास्त गरेको
कुरा सुने, **१०**तिनले दाऊद राजालाई अभिवादन
गर्न र तोऊसित लड़ाइँ गर्ने हददेजरमाथि युद्धमा
विजयी भएकोमा बधाइ टक्राउन आफ्नो छोरा
योरामलाई पठाए । योरामले आफूसित चाँदी र
सुनका अनि काँसाका चीजहरू ल्याए ।

**११**दाऊद राजाले यी चीजहरू परमप्रभुकहाँ
अर्पण गरे जसरी तिनले अधीन गरेका अरू
राज्यहरूबाट ल्याएका चाँदी र सुनहरूलाई पनि
गरेका थिए । **१२**ती राज्यहरू एदोम र मोआब,
अम्मोनीहरू र पलिश्तीहरू अनि अमालेकीहरू
थिए । तिनले सोबाका राजा रहोबका छोरा
हददेजरबाट लूटेका मालहरू पनि अर्पण गरे ।

**१३**अनि तिनले नूनको भञ्ज्याङमा अठार
हजार एदोमीहरूलाई मारेर फर्केपछि दाऊद
प्रख्यात भए ।

**१४**तिनले एदोमभरि पहरा-चौकीहरू राखे
एदोमीहरू दाऊदका अधीनमा भए । दाऊद
जहाँ गए तापनि परमप्रभुले तिनलाई विजय
दिनुभयो ।

## दाऊदका अधिकारीहरू

**१५**दाऊदले आफ्ना सबै मानिसहरूको निम्ति
न्यायसंगत र असल काम गर्दै सारा इस्राएलमा
राज्य गरे । **१६**सरूयाहका छोरा योआब सेनापति
थिए । अहीलूदका छोरा यहोशापात दर्ता
गर्ने थिए, **१७**अहीतूबका छोरा सादोक र
अबीयाथारका छोरा अहीमेलेक पूजाहारी थिए,
सरायाह सचिव थिए, **१८**यहोयादाका छोरा बनायाह
करेती र पलेथीहरूमाथि देखरेख गर्ने थिए

---

**८:१-१८**–१ इतिहास १८:१-१७. **८:१३**–भजनसंग्रह ६०.

र दाऊदका छोराहरू शाही सल्लाहकारहरू
थिए ।

## दाऊद र मपीबोशेत

**९** दाऊदले सोधे, "जोनाथनको खातिर मैले
कृपा देखाउन सकूँ भनेर शाऊलको
घरानामा के कोही छोड़िएको छ ?"
**२**त्यहाँ शाऊलको घरानाका एक जना सीबा
नाउँभएको नोकर थियो । तिनीहरूले त्यसलाई
दाऊदको सामुन्ने देखा पर्नलाई बोलाए र
राजाले त्यसलाई भने, "के तँ सीबा होस् ?"
त्यसले जवाफ दियो, "म तपाईंको दास
हाजिर छु ।"
**३**राजाले सोधे, "मैले परमेश्वरको कृपा
देखाउनलाई के शाऊलको घरानामा कोही
छोड़िएको छैन ?"
सीबाले राजालाई जवाफ दियो, "जोनाथनको
एक जना छोरा अझै छँदैछन्, तिनी दुवै खुट्टाको
लङ्गड़ा छन् । "
**४**राजाले सोधे, "तिनी कहाँ छन् ?" सीबाले
जवाफ दिए, "तिनी लो-देबारमा अम्मीएलका
छोरा माकीरको घरमा छन् ।"
**५**यसकारण दाऊद राजाले तिनलाई
लो-देबारदेखि अम्मीएलका छोरा माकीरको
घरबाट ल्याउन लगाए ।
**६**जब शाऊलका छोरा जोनाथनका छोरा
मपीबोशेत दाऊदकहाँ आए, तिनी दाऊदलाई
सम्मान दिनलाई निहुरे ।
दाऊदले भने, "मपीबोशेत !"
तिनले जवाफ दिए, "तपाईंको दास हाजिर
छ ।"
**७**दाऊदले तिनलाई भने, "नड़राऊ, किनकि
म तिम्रा पिता जोनाथनको खातिर तिमीमाथि
निश्चयनै कृपा देखाउनेछु । म तिम्रा हजूरबा
शाऊलका सबै जमिन तिमीलाई फर्काइदिनेछु
र तिमीचाहिँ सदा मेरो टेबलमा खानेछौ ।"
**८**मपीबोशेतले निहुरेर भने, "म एउटा
मरेको कुकुरझैँ तपाईंको दासप्रति तपाईंले ध्यान
दिनपर्ने के छ र ?"
**९**तब राजाले शाऊलको नोकर सीबालाई
बोलाइपठाए र त्यसलाई भने, "मैले तेरा
मालिकका नातिलाई शाऊल र तिनका
परिवारका प्रत्येक कुरो दिएको छु । **१०**तैंले
अनि तेरा छोराहरू र तेरा नोकरहरूले तिनको
निम्ति त्यस जमिनमा खेती गर्नू अनि अन्न
ल्याउनू र तेरा मालिकका नातिको खाँचो
पूरा भएको होस् । अनि तेरा मालिकका
नाति मपीबोशेतले चाहिँ सधैँ मेरो टेबलमा
खानेछन् ।" (सीबाकाचाहिँ पन्ध्र छोराहरू र
बीस जना नोकरहरू थिए ।)
**११**तब सीबाले राजालाई भन्यो, "तपाईंको
दासले मेरो मालिक राजाले त्यसलाई जे पनि
आज्ञा गर्नुभएको छ, त्यो सबै गर्नेछ ।" यसरी
मपीबोशेतले राजाकै छोराहरूले झैँ दाऊदको
टेबलमा खाए ।
**१२**मपीबोशेतको मीका नाउँ भएको एउटा
सानो छोरा थियो, अनि सीबाका घरानाका
सबै सदस्यहरू मपीबोशेतका दासहरू थिए ।
**१३**अनि मपीबोशेतचाहिँ यरूशलेममा बस्थे,
किनकि तिनी दुवै खुट्टाका लङ्गड़ा थिए र तिनले
सधैँ राजाको टेबलमा खान्थे ।

## दाऊदले अम्मोनीहरूलाई परास्त गरेका

**१०** केही समय बितेपछि, अम्मोनीहरूका
राजाको मृत्यु भयो र तिनीपछि तिनका
छोरा हानून् राजा भए । **२**दाऊदले सोचे, "तिनका
बाबु नाहाशले मप्रति दया देखाएझैँ म पनि तिनको
छोरा हानून्प्रति दया देखाउनेछु ।" यसकारण
दाऊदले तिनका बाबुको विषयमा संवेदना प्रकट
गर्न भनी एउटा शिष्ट मण्डल पठाए ।
जब दाऊदका मानिसहरू अम्मोनीहरूको
देशमा आए, **३**अम्मोनी भारादारहरूले आफ्ना
मालिकलाई भने, "के दाऊदले तपाईंकहाँ
संवेदना प्रकट गर्नलाई मानिसहरू पठाएर
तपाईंका पितालाई आदर दिइरहेका छन् भनी
तपाईं ठान्नुहुन्छ ? के दाऊदले तिनीहरूलाई

**९:१**–१ शमूएल २०:१५-२०. **९:३**–२ शमूएल ४:४. **१०:१-१९**–१ इतिहास १९:१-१९.

यस शहरको निदो लिएर यसलाई जित्नको लागि
जासूसी गर्न पठाएका होइनन् ?" **४**यसकारण
हानूनले दाऊदका मानिसहरूलाई पक्रे,
तिनीहरूका आधा दाह्री खौरिदिए, तिनीहरूका
जाँघका बीच भागमा तिनीहरूका लुगा काटिदिए
र तिनीहरूलाई त्यहाँबाट पठाइदिए ।

**५**जब यो कुरा दाऊदलाई भनियो, तिनले
ती मानिसहरूलाई भेट्न भनी दूतहरू पठाए,
किनकि तिनीहरू साह्रै अपमानित भएका
थिए । राजाले भने, "तिमीहरूका दाह्री नबढ़ेसम्म
यरीहोमै बस्नू अनि फर्केर आउनू ।"

**६**जब अम्मोनीहरूले आफैलाई दाऊदको
दृष्टिमा मन नपर्दो थाहा पाए, तिनीहरूले बेथ-
रहोब अनि सोबाबाट बीस हजार अरामी पैदल-
सेना भाड़ामा लिए अनि साथसाथै एक हजार
मानिसहरूसहित माकाका राजालाई लिए अनि
तोबबाट पनि बाह्र हजार मानिसहरू लिए ।

**७**यो सुनेर दाऊदले योआबलाई समस्त
लड़ाकु मानिसहरूसित पठाइदिए । **८**अम्मोनीहरू
निस्किआए र तिनीहरूले शहरको मूलढोकाको
प्रवेशद्वारमा युद्धको मोर्चा बाँधे, अनि सोबा र
रहोबका अरामीहरू अनि तोब र माकाका
मानिसहरूचाहिँ खुला मैदानमा रहे ।

**९**योआबले आफ्नो सामुन्ने र पछिल्तिर
युद्धका मोर्चाहरू देखे अनि तिनले इस्राएलमा
भएका केही असल फौजहरूलाई चुने र
तिनीहरूलाई अरामीहरूको विरुद्धमा खटाए ।
**१०**तिनले बाँकी रहेका मानिसहरूलाई आफ्नो
भाइ अबीशैको अधीनमा अम्मोनीहरूको
विरुद्धमा राखे । **११**योआबले भने, "यदि
अरामीहरू मेरो निम्ति अति बलिया छन् भने
तिमीहरू मेरो गुहारको निम्ति आउनू, तर
यदि अम्मोनीहरू तिमीहरूको निम्ति अति
बलिया छन् भने म तिमीहरूको गुहारको निम्ति
आउनेछु । **१२**बलवान् होओ, अनि हामी आफ्ना
मानिसहरू र हाम्रा परमेश्वरका शहरहरूको
निम्ति बीरतापूर्वक युद्ध गरौं । परमप्रभुले आफ्नो
दृष्टिमा जे असल छ त्यो गर्नुहुनेछ ।"

**१३**तब योआब र तिनका फौजहरू
अरामीहरूको विरुद्धमा युद्ध गर्न अगि बढ़े,
अनि तिनीहरू तिनको सामुन्नेबाट भागे । **१४**जब
अम्मोनीहरूले अरामीहरू भागिरहेका देखे
तिनीहरू अबीशैको सामुन्नेबाट भागेर शहरभित्र
पसे । यसकारण योआब अम्मोनीहरूसित युद्ध
गर्नबाट फर्केर यरूशलेममा आए ।

**१५**अरामीहरूले आफैलाई इस्राएलद्वारा
परास्त भएको देखेर तिनीहरू फेरि एकत्रित
भए । **१६**हददेजेरले नदीपारिबाट अरामीहरूलाई
झिकाए, तिनीहरू हददेजेरको फौजको कप्तान
शोबाकको नेतृत्वमा हेलाममा गए ।

**१७**जब दाऊदलाई यो कुरा भनियो, तिनले
समस्त इस्राएललाई भेला गराएर यर्दन तरेर
हेलाममा गए । अरामीहरूले दाऊदलाई भेट्नको
निम्ति युद्धको मोर्चा बाँधे र तिनीसित युद्ध
गरे । **१८**तर तिनीहरू इस्राएलको सामुन्नेबाट
भागे र दाऊदले तिनीहरूका सात सय रथ-
सवारहरू र चालीस हजार पैदल सेनाहरूलाई
मारे । तिनले तिनीहरूका सेनाका कप्तान
शोबाकलाई प्रहार गरे र तिनी त्यहीँ मरे ।
**१९**जब हददेजेरका अधीनमा रहेका सबै
राजाहरूले आफैलाई इस्राएलद्वारा परास्त भएका
देखे, तिनीहरूले इस्राएलसित सन्धि गरे र
तिनीहरू उनीहरूका अधीनमा भए ।

यसकारण अरामीहरूले अम्मोनीहरूलाई
अझ सघाउन डराए ।

### दाऊद र बेतशेबा

**११** बसन्त ऋतुमा राजाहरू युद्धमा जाने
समयमा दाऊदले योआबलाई राजाका
मानिसहरू र इस्राएलका सम्पूर्ण फौजको साथमा
पठाइदिए । तिनीहरूले अम्मोनीहरूलाई नाश
गरे र रब्बालाई घेरे । तर दाऊदचाहिँ
यरूशलेममै रहे ।

**२**एक साँझ दाऊद आफ्नो ओछ्यानबाट
उठे र महलको कौसीमा डुल्नथाले । कौसीबाट
तिनले एउटी स्त्रीलाई नुहाइरहेकी देखे । ती

**११:१**–१ इतिहास २०:१.

स्त्री अति सुन्दरी थिइन्, **३**अनि दाऊदले तिनको
विषयमा जान्न भनी कसैलाई पठाए । त्यस
मानिसले भन्यो, "के तिनी एलीआमकी छोरी र
हित्ती उरियाहकी स्वास्नी बेतशेबा होइनन् ?"
**४**दाऊदले तिनलाई ल्याउन मानिसहरू पठाए,
अनि तिनी आइन् र दाऊदले तिनीसित सहवास
गरे । (तिनले आफ्नो रजस्वलाको बेलापछि
आफैलाई शुद्ध पारेकी थिइन्) । त्यसपछि तिनी
घर फर्किन् । **५**तिनी गर्भवती भइन् र तिनले
"म गर्भवती भएँ" भनेर दाऊदकहाँ खबर
पठाइन् ।

**६**यसकारण दाऊदले योआबकहाँ यो खबर
पठाए "हित्ती उरियाहलाई मकहाँ पठाऊ ।"
अनि योआबले त्यसलाई दाऊदकहाँ पठाइदिए ।
**७**उरियाह तिनीकहाँ आएपछि तिनले त्यसलाई
योआब कस्ता छन्, योद्धाहरू कस्ता छन् र
लड़ाइँ कस्तो चल्दैछ भनी सोधे । **८**त्यसपछि
दाऊदले उरियाहलाई भने, "आफ्नो घरमा गएर
खुट्टा धुनू ।" यसकारण उरियाह महलबाट गए
र एउटा उपहार तिनको पछि पठाइयो । **९**तर
उरियाह त आफ्ना मालिकका नोकरहरूसित
महलको प्रवेशद्वारमा सुते र आफ्नो घर गएनन् ।

**१०**तब दाऊदलाई "उरियाह घर गएनन्"
भनी बताइयो तिनले त्यसलाई सोधे, "के तिमी
टाढ़ाबाट आएको होइनौ ? तिमी किन घर
गएनौ ?"

**११**उरियाहले दाऊदलाई भने, "सन्दूक र
इस्राएल अनि यहूदा पालमा बसिरहेका
छन्, र मेरा मालिक योआब र मेरा स्वामीका
मानिसहरू खुला मैदानमा रहेका छन् । मचाहिँ
कसरी आफ्नो घरमा गएर खानपीन गरी आफ्नी
पत्नीसित सुत्नु ? तपाईं निश्चय जिएझैं म
यस्तो काम गर्ने छैनँ !"

**१२**तब दाऊदले तिनलाई भने, "आज एक
दिन अझ यहाँ बस र भोलि म तिमीलाई
फर्काएर पठाउँला ।" यसकारण उरियाह त्यस
दिन र भोलिपल्टसम्म यरूशलेममा बसे ।
**१३**दाऊदको निम्तोमा तिनले तिनीसित खानपीन
गरे अनि दाऊदले तिनलाई मत्याए । तर साँझमा
उरियाह आफ्ना मालिकका नोकरहरूसित सुत्न
भनी आफ्नै ओछ्यानमा गए । तिनी घर
गएनन् ।

**१४**भोलिपल्ट बिहान दाऊदले योआबलाई
एउटा पत्र लेखे र त्यसलाई उरियाहको हातमा
पठाए । **१५**त्यसमा तिनले यसरी लेखे,
"उरियाहलाई घमासान युद्ध भएको ठाउँको
पहिलो पंक्तिमा राख्नू । त्यसपछि त्यसदेखि
हटेर जानू र त्यो प्रहार खाएर मरोस् ।"

**१६**यसकारण योआबले शहरलाई घेरा
हालेको बेला तिनले उरियाहलाई तिनले
जानेअनुसार बलिया शत्रुहरू भएको ठाउँमा
खटाए । **१७**जब शहरका मानिसहरूले बाहिर
निस्किआएर योआबको विरुद्धमा युद्ध गरे,
दाऊदका फौजका केही मानिसहरू मारिए र
हित्ती उरियाह पनि मारिए ।

**१८**योआबले दाऊदलाई युद्धको सम्पूर्ण
वृत्तान्त पठाए । **१९**तिनले दूतलाई यसरी आदेश
दिए, "तिमीले राजालाई युद्धको यो वृत्तान्त
दिइसकेपछि **२०**राजाको क्रोध दन्किन सक्छ र
उहाँले तिमीलाई यसरी सोध्न सक्नुहुन्छ,
तिमीहरू युद्ध गर्न शहरको त्यति नजीक किन
गयौ ? तिनीहरूले भित्ताबाट काँड़हरू हान्नेछन्
भनी के तिमीहरूलाई थाहा थिएन ? **२१**यरुब-
बेशेतको छोरा अबीमेलेकलाई कसले मार्‍यो ?
के एउटी स्त्रीले भित्ताबाट जाँतोको माथिल्लो
भाग तिनीमाथि खसाइदिएकोले तिनी तेबेसमा
मरेका होइनन् ? तिमीहरू भित्ताको त्यति नजीक
किन गयौ ?' यदि उहाँले तिमीलाई यसरी
सोध्नुभयो भने उहाँलाई 'तपाईंको दास हित्ती
उरियाह पनि मर्‍यो' भनिदिनू ।'"

**२२**त्यो दूत हिँड़े र आइपुगेपछि योआबले
दाऊदलाई जे भन्नु भनी पठाएका थिए, त्यो
भनिदिए । **२३**त्यस दूतले दाऊदलाई भने,
"ती मानिसहरूले हामीलाई मिचे र हाम्रो
विरुद्धमा खुला ठाउँमा आए तर हामीले
तिनीहरूलाई शहरको मूलढोकाको प्रवेशद्वारसम्मै
लखेट्यौं । **२४**तब धनुधारीहरूले भित्ताबाट
तपाईंका दासहरूमाथि काँड़ हाने अनि राजाका
केही मानिसहरू मरे, अँ, तपाईंको दास हित्ती
उरियाह पनि मर्‍यो ।"

**२५**दाऊदले त्यस दूतलाई भने, "योआबलाई यो भन्नू 'यसले तिमीलाई विचलित नपारोस्, तरवारले त एउटाको साथमा अर्कोलाई पनि समाप्त गर्छ । त्यस शहरको विरुद्धमा युद्ध जारी राखेर त्यसलाई नष्ट गरिदेओ ।' योआबलाई उत्साहित पार्नलाई यो भन्नु ।"

**२६**जब उरियाहकी स्वास्नीले आफ्नो लोग्ने मरेको सुनिन्, उनले तिनको लागि शोक
गरिन् । **२७**शोकको समय समाप्त भएपछि दाऊदले उनलाई आफ्नो घरमा ल्याए र ऊ तिनकी स्वास्नी भइन् अनि एउटा छोरा जन्माइन् । तर दाऊदले गरेको यस कामले परमप्रभुलाई अप्रसन्न तुल्यायो ।

## नातानले दाऊदलाई हप्काएका

**१२** परमप्रभुले नातानलाई दाऊदकहाँ पठाउनुभयो । जब तिनी उनीकहाँ आए, तिनले भने, "कुनै एउटा शहरमा दुई मानिसहरू थिए, एक जना धनी र अर्कोचाहिँ गरीब ।
**२**त्यस धनी मानिससित धेरै भेड़ाहरू र गाईबस्तु
थिए, **३**तर त्यस गरीब मानिससित त आफूले किनेको एउटी पाठीबाहेक केही थिएन । त्यसले त्यसलाई आफ्नै छोराछोरीझैँ हुर्कायो अनि त्यो बढ्यो । त्यसले उसकै भोजन खान्थ्यो अनि उसकै प्यालामा पिउँथ्यो अनि उसकै अँगालोमा सुत्दथ्यो । त्यो त उसको निम्ति आफ्नै छोरीजस्तै थिइ ।

**४**"अब त्यस धनी मानिसकहाँ एक जना यात्री आयो, तर त्यस धनी मानिसले आफूकहाँ आएको यात्रीको निम्ति भोजन बनाउनको लागि आफ्नै भेड़ा अथवा गाईबस्तु चलाउने इच्छा गरेनन् । त्यसको सट्टा तिनले त्यस गरीब मानिसको पाठी लिएर आफूकहाँ आएको व्यक्तिको निम्ति भोजन बनाउन दिए ।"

**५**त्यस मानिसको विरुद्धमा रीसले आगो भएर दाऊदले नातानलाई भने, "परमप्रभु निश्चय जिउनुभएझैँ, यसो गर्ने त्यो मानिस
मारिने योग्यको छ ! **६**त्यसले त्यस पाठीको दाम चार गुणा तिर्नुपर्छ, किनकि त्यसले यस्तो काम गर्‍यो अनि त्यसमा कुनै दया थिएन ।"

**७**तब नातानले दाऊदलाई भने, "त्यो मानिस तपाईंनै हुनुहुन्छ ! परमप्रभु इस्राएलका परमेश्‍वर यसो भन्नुहुन्छ: 'मैले तँलाई इस्राएलमाथि राजा अभिषेक गरें र मैले तँलाई
शाऊलको हातबाट छुटाएँ । **८**मैले तँलाई तेरा मालिकको घर दिएँ, र तेरा मालिकका पत्नीहरू तेरो अँगालोमा दिएँ । मैले तँलाई इस्राएल र यहूदाका घराना दिएँ । अनि यदि यी सबै कुराहरू थोरै भएको भए म तँलाई अझ
बढ़ी दिने थिएँ । **९**तैंले उहाँको दृष्टिमा जे दुष्ट छ त्यो गरेर किन परमप्रभुको वचनलाई तुच्छ ठानिस् ? तैंले हित्ती उरियाहलाई तरवारले मारिस् अनि त्यसकी पत्नीलाई आफ्नो बनाइस् । तैंले त्यसलाई अम्मोनीहरूको
तरवारद्वारा मारिस् । **१०**यसकारण अब तेरो घरानाले तरवारबाट विश्राम पाउनेछैन, किनकि तैंले मलाई तुच्छ ठानेर हित्ती उरियाहकी पत्नीलाई ल्याएर आफ्नै बनाइस् ।'

**११**"परमप्रभु यही भन्नुहुन्छ: 'म तेरो आफ्नै घरानाबाट तँमाथि विपत्ति ल्याउँदैछु । तेरो आफ्नै आँखाको सामुन्ने म तेरा स्वास्नीहरू लिएर तेरो एक जना घनिष्टलाई दिनेछु अनि
त्यो तेरा स्वास्नीहरूसित दिउँसै सुत्नेछ । **१२**तैंले
यो गुप्तमा गरिस्, तर म सारा इस्राएलको सामुन्ने यो दिउँसै गर्नेछु ।'"

**१३**तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा पाप गरेको छु ।"

नातानले जवाफ दिए, "परमप्रभुले तपाईंको
पाप लैजानुभयो । तपाईं मर्नुहुनेछैन ।" **१४**तर
तपाईंले यसो गर्नुभएर तपाईंले परमप्रभुका शत्रुहरूलाई उपेक्षा देखाउन दिनुभएकोले तपाईंबाट जन्मने छोराचाहिँ मर्नेछ ।

**१५**नातान घर गइसकेपछि उरियाहकी स्वास्नीले दाऊदको निम्ति जन्माइदिएको छोरालाई परमेश्‍वरले प्रहार गर्नुभयो र त्यो
बिरामी भयो । **१६**दाऊदले त्यस बालकको निम्ति

---

**१२:१**–भजनसंग्रह ५१ (शिर्षक). **१२:११-१२**–२ शमूएल १६:२२.

परमेश्‍वरसित बिन्ती गरे । तिनी उपवास बसे अनि आफ्नो घरभित्र गएर तिनले रातहरू भूइँमा सुतेर बिताए । **१७**तिनका घरानाका प्रधानहरू तिनलाई भूइँबाट उठाउनलाई तिनका छेउमा उभिए, तर तिनले इन्कार गरे अनि तिनले उनीहरूसित केही भोजन खान चाहेनन् ।

**१८**सातौँ दिनमा त्यो बालक मर्‍यो । दाऊदका नोकरहरू तिनलाई बालक मरेको खबर दिन डराए, किनकि तिनीहरूले यसरी सोचे, “बालक जीवित छँदै हामीले दाऊदसित कुरा गर्‍यौं तर उहाँले हाम्रो कुरा सुन्‍नुभएन । हामी बालक मर्‍यो भनेर उहाँलाई कसरी भनौं ? उहाँले आफ्नो हानी गर्न सक्‍नुहुन्छ ।”

**१९**आफ्ना नोकरहरूले आपसमा कानेखुशी गरिरहेको दाऊदले याद गरे अनि बालक मर्‍यो भन्‍ने थाहा पाए । तिनले सोधे, “के बालक मर्‍यो ?”

तिनीहरूले जवाफ दिए, “हो, ऊ मर्‍यो ।”

**२०**तब दाऊद भूइँबाट उठे । तिनले नुहाए र तेल लगाई लुगा बदली गरिसकेपछि तिनले परमप्रभुको भवनभित्र गएर दण्डवत् गरे । त्यसपछि तिनी आफ्नै घरमा गए अनि तिनकै अनुरोधमा तिनीहरूले भोजन ल्याए र तिनले खाए ।

**२१**तिनका नोकरहरूले तिनलाई सोधे, “तपाईं किन यस्तो व्यवहार गर्नुहुन्छ ? बालक जीवित छँदा तपाईंले उपवास बसिकन विलाप गर्नुभयो, तर अब बालक मरिगएपछि तपाईं उठेर खानुहुन्छ !”

**२२**तिनले जवाफ दिए, “बालक जिउँदो छँदा म उपवास बसें अनि रोएँ । मैले सोचें, ‘कसले जान्दछ कि परमप्रभु मप्रति अनुग्रही भई बालकलाई बाँच्न दिनुहुन्छ कि ?’ **२३**तर अब ऊ मरिहाल्यो, र म किन उपवास बस्नु ? के म त्यसलाई फेरि फर्काएर ल्याउन सक्छु र ? म त्यसकहाँ जानेछु, तर त्यो त मकहाँ फर्केर आउनेछैन ।”

**२४**तब दाऊदले आफ्नी पत्‍नी बेतशेबालाई सान्त्वना दिए अनि उनी तिनीकहाँ गएर सुते । तिनले एउटा छोरा जन्माइन् र तिनीहरूले त्यसको नाउँ सुलेमान राखे । परमप्रभुले त्यसलाई प्रेम गर्नुभयो, **२५**अनि परमप्रभुले त्यसलाई प्रेम गर्नुभएको कारण उहाँले अगमवक्ता नातानद्वारा त्यसको नाउँ यददयाह राख्नू भनी वचन पठाउनुभयो ।

**२६**त्यसैबेला योआबले अम्मोनीहरूको रब्बाको विरुद्धमा युद्ध गरे अनि शाही किल्ला कब्जा गरे । **२७**तब योआबले दाऊदकहाँ यसो भनेर दूतहरू पठाए, “मैले रब्बाको विरुद्धमा युद्ध गरेर त्यसको पानीको कुण्ड कब्जा गरें । **२८**अब बाँकी रहेको फौजलाई भेला गरेर त्यस शहरलाई घेरेर कब्जा गर्नुहोस् । नत्रता म त्यस शहरलाई कब्जा गर्नेछु र त्यसलाई मेरो नाउँ दिइनेछ ।”

**२९**यसकारण दाऊदले सम्पूर्ण फौजलाई भेला गरेर रब्बामा गए, अनि त्यसमाथि आक्रमण गरेर त्यसलाई कब्जा गरे । **३०**तिनले तिनीहरूका राजाको शिरबाट मुकुट लिए जसको ओजन सुनको एक तोड़ा थियो र त्यसमा मूल्यवान् पत्थरहरू जड़िएका थिए, र त्यसलाई दाऊदको शिरमाथि राखियो । तिनले त्यस शहरबाट धेरै मात्रामा लूटका मालहरू लिए, **३१**अनि त्यहाँ भएका मानिसहरूलाई बाहिर ल्याए र तिनीहरूलाई आरा लगाउने, गैंती र बञ्चरो चलाउने काममा र इँटा बनाउने काममा लगाए । तिनले सम्पूर्ण अम्मोनी शहरहरूसित त्यसै गरे । त्यसपछि दाऊद र तिनका सम्पूर्ण फौज यरूशलेममा फर्के ।

### अमनोन र तामार

**१३** समय बित्दै जाँदा, दाऊदका छोरा अमनोनको तामारसँग प्रेम बस्यो । तिनी दाऊदकै अर्का छोरा अब्शालोमकी सुन्दरी बहिनी थिइन् ।

**२**अमनोन आफ्नी बहिनी तामारको कारण यति साह्रो निराश भए कि तिनी बिरामी भए,

**१२:२६-३१**–१ इतिहास २०:१-३.

किनकि तिनी कन्यानै भएकी हुनाले तिनीसँग
केही गर्न अमनोनलाई असम्भव थियो ।
३अमनोनको योनादाब नाउँ भएको एक
जना साथी थिए, जो दाऊदको भाइ शिमाहका
छोरा थिए । योनादाब अत्यन्तै चतूर थिए ।
४तिनले अमनोनलाई सोधे, "तिमी राजाको
छोरा भइकन किन दिनदिनै दुब्लाउँदै गएको
देखिन्छौ ? के मलाई नभन्ने ?"

अमनोनले तिनलाई भने, "म मेरो भाइ
अब्शालोमकी बहिनी तामारको प्रेममा फसेको
छु ।"

५योनादाबले भने, "बिरामी भएको बहाना
गरेर ओछ्यानमा जाऊ ।" तिम्रा पिता तिमीलाई
हेर्न आए भने तिनलाई भन्नू, 'म मेरी बहिनी
तामारले आएर मलाई केही खानेकुरो दिएको
चाहन्छु । त्यसले मैले देख्ने गरी भोजन तयार
पारोस् र म देख्नसकूँ अनि म त्यसको हातबाट
त्यो खानेछु ।'"

६यसकारण बिरामी भएको बहाना गरेर
अमनोन सुते । राजा जसै तिनलाई हेर्न आए,
अमनोनले तिनलाई भने, "म मेरी बहिनी तामार
आएर मैले देख्ने गरी केही विशेष रोटी
तयार गरेको चाहान्छु र म त्यसकै हातबाट
खानसकूँ ।"

७दाऊदले महलमा तामारकहाँ यसो भनेर
खबर पठाए: "तिम्रा दाज्यू अमनोनको घरमा
गएर तिनको निम्ति केही भोजन तयार
गरिदेऊ ।" ८यसकारण तामार आफ्नो
दाज्यू अमनोनको घरमा गइन्, जहाँ तिनी
ढल्किरहेका थिए । उनले केही पीठो लिएर
त्यसलाई मुछेर त्यसबाट तिनकै दृष्टिमा रोटी
पकाइन् । ९तब उनले तावा लगेर तिनलाई
रोटी दिइन् तर तिनले खान मानेनन् ।

अमनोनले भने, "यहाँबाट हरेकलाई बाहिर
पठाइदेओ ।" यसकारण हरेक तिनलाई छोड़ेर
गइहाले । १०तब अमनोनले तामारलाई भने,
"रोटी यहाँ मेरो सुत्ने कोठामा ल्याऊ र म
तिम्रो हातबाट खान सकूँ।" अनि तामारले आफूले
बनाएका रोटी लिइन् र त्यसलाई आफ्नो दाज्यू
अमनोनकहाँ तिनको सुत्ने कोठामा लगिन् ।
११तर जसै उनले त्यसलाई तिनले खाऊन् भनेर
तिनीकहाँ लगिन् तिनले उनलाई अँठ्याएर भने,
"हे मेरी बहिनी मकहाँ मेरो ओछ्यानमा आऊ ।"
१२उनले भनिन्, "त्यसो नगर्नुहोस्, मेरो
दाज्यू ।" मलाई कर नलगाउनुहोस् । इस्राएलमा
यस्तो काम गर्नुहुँदैन ! "यस्तो दुष्ट काम
नगर्नुहोस् । १३मेरो चाहिँ के होला ? यस्तो
कलङ्कदेखि मैले कहाँ छुट्कारा पाउनु ? अनि
तपाईंको चाहिँ के होला ? तपाईं इस्राएलमा
एक जना दुष्ट, मूर्खसमान हुनुहुनेछ । दयागरी
राजासित कुरा गर्नुहोस् र उहाँले मलाई
तपाईंसित विवाह हुनदेखि रोक्नुहुनेछैन ।" १४तर
तिनले उनको कुरा सुन्न इन्कार गरे र तिनी
उनीभन्दा बलिया भएकोले तिनले उनलाई
बलात्कार गरे ।

१५तब अमनोनले तिनलाई अति घृणा
गरे । वास्तवमा तिनले उनलाई प्रेम गरेको
भन्दा बढी घृणा गरे । अमनोनले उनलाई भने,
"उठेर गइहाल् !"

१६उनले तिनलाई भनिन्, "अहँ, मलाई
धपाइपठाउनुचाहिँ तपाईंले मलाई जे गरिसक्नु-
भएको छ त्यो भन्दा ठूलो भूल हुनेछ ।"

तर तिनले उनको कुरा सुन्न इन्कार गरे ।
१७तिनले आफ्नो निजी नोकरलाई बोलाएर भने,
"यस स्त्रीलाई यहाँबाट बाहिर निकालेर ढोका
थुनिदे । १८यसकारण तिनको नोकरले उनलाई
बाहिर निकालिदिएर ढोका थुनिदियो । उनले
बहुमूल्य बुट्टेदार पोशाक पहिरेकी थिइन् किनकि
राजाका कन्ये छोरीहरूले त्यस्तै किसिमका
पोशाक लगाउने चलन थियो । १९तामारले
आफ्नो शिरमा खरानी लगाइन् र आफूले
लगाएको बुट्टेदार पोशाक च्यातिन् । उनले
आफ्नो हात आफ्नो शिरमाथि राखेर जोरसित
रुँदै गइन् ।

२०तिनका दाज्यू अब्शालोमले तिनलाई भने,
"के त्यो अमनोन तिम्रो दाज्यू तिमीसित थिए ?
मेरो बहिनी अब चूप लाग, तिनी त तिम्रै दाज्यू
हुन् । यस कुरालाई हृदयमा नराख ।" अनि
तामार एउटी त्यागिएकी स्त्री भई आफ्नो दाज्यू
अब्शालोमको घरमा बस्न थालिन् ।

**२१**जब दाऊद राजाले यी सबै कुरा सुने
तिनी साह्रै रिसाए । **२२**अब्शालोमले आफ्नो
दाज्यू अमनोनलाई राम्रो-नराम्रो केही भनेनन् ।
तिनले अमनोनलाई घृणा गरे किनकि उनले
तिनकी बहिनी तामारलाई कलङ्कित बनाएका
थिए ।

## अब्शालोमले अमनोनलाई मारेका

**२३**दुई वर्ष बितेपछि अब्शालोमका भेड़ाहरूका
ऊन कत्रनेहरू एप्रेमको सिमानाको छेउमा
भएको बाल-हासोरमा भएको बेला तिनले
सबै राजकुमारहरूलाई त्यहाँ आउनु भनी
निम्त्याए । **२४**अब्शालोम राजाकहाँ गए र भने,
"तपाईंको दासका भेड़ाका ऊन कत्रनेहरू आएका
छन् । के राजा र उहाँका अधिकारीहरूले त्यसमा
भाग लिनुहुन्छ ?"

**२५**राजाले जवाफ दिए, "होइन मेरो छोरा,
हामी सबै जाँदैनौं । हामी केवल तिमीमाथि
बोझ मात्र बन्नेछौं ।" अब्शालोमले तिनलाई
बिन्ती गरे तापनि तिनले जान इन्कार गरे, तर
तिनले आफ्नो आशीर्वादचाहिँ दिए ।

**२६**तब अब्शालोमले भने, "यदि त्यसो होइन
भने दया गरी मेरा दाज्यू अमनोनलाई हामीसित
आउन दिनुहोस् ।"

राजाले तिनलाई सोधे, "त्यो तिमीसित किन
जाने ? **२७**तर अब्शालोमले तिनलाई बिन्ती
गरे, यसकारण तिनले ऊसित अमनोन र
राजाका अरू छोराहरूलाई पठाइदिए ।

**२८**अब्शालोमले आफ्ना मानिसहरूलाई
हुकुम दिए, "ध्यानसित सुन ! जब अमनोन
मद्यको पूरा नशामा हुनेछ र म तिमीहरूलाई
'अमनोनलाई प्रहार गरेर ढालिदेओ' भनूँला,
तब त्यसलाई मारिदिनू । नडराउनू ! के मैले नै
तिमीहरूलाई यो हुकुम दिएको होइन ? बलवान्
र साहसी हुनू ।" **२९**यसकारण अब्शालोमका
मानिसहरूले तिनले हुकुम गरेझैँ अमनोनसित
गरे । तब राजाका सबै छोराहरू उठेर आफ्ना
खच्चरहरूमा सवार भए र भागे ।

**३०**तिनीहरू बाटैमा हुँदा दाऊदकहाँ यो खबर
आयो: "अब्शालोमले राजाका सबै छोराहरूलाई
मारेको छ र तिनीहरूमध्ये एउटै पनि छोड़िएको
छैन ।" **३१**राजा उठेर आफ्ना लुगा च्याते अनि
भुइँमा पल्टे, र तिनका सबै नोकरहरूले पनि
आफ्ना लुगा च्यातेर तिनका छेउमा उभिरहे ।

**३२**तर दाऊदको दाज्यू शिमाहका
छोरा योनादाबले भने, "तिनीहरूले सबै
राजकुमारहरूलाई मारे भनी मेरा मालिकले
नसम्झनुहोला, खालि अमनोन मात्र मरेका
छन् । अमनोनले तिनकी बहिनी तामारलाई
बलात्कार गरेको दिनदेखि उसो अब्शालोमको
यो विचार देखिएकै हो । **३३**राजाका सबै
छोराहरू मरेका छन् भन्ने खबरप्रति मेरा
मालिक राजाको वास्ता हुनुहुँदैन । खालि अमनोन
मात्र मरेका छन् ।"

**३४**त्यसै बेला, अब्शालोमचाहिँ भागिहालेका
थिए ।

अब पहरा दिइरहेको मानिसले मास्तिर हेऱ्यो
र आफ्नो पश्चिमतिर भएको बाटोमा धेरै
मानिसहरूलाई डाँड़ाबाट ओह्रालो आइरहेका
देख्यो । त्यो पहरादार गयो र राजालाई भनिदियो,
"म डाँड़ाको छेउमा होरोनैमतिर मानिसहरू
देख्छु ।"

**३५**योनादाबले राजालाई भने, "हेर्नुहोस्,
राजाका छोराहरू यहाँ छन् । तपाईंको दासले
भनेझैँ भयो ।"

**३६**तिनले बोलिसक्नासाथ राजाका छोराहरू
जोरसित रुँदै आए । राजा पनि आफ्ना सबै
नोकरहरूसित जोरसित रोए ।

**३७**अब्शालोम भागेर गशूरका राजा अम्मीहूदका
छोरा तल्मैकहाँ गए । तर दाऊद राजाचाहिँ
आफ्नो छोराको निम्ति दिनहुँ विलाप गर्दैरहे ।

**३८**अब्शालोम भागेर गेशूरमा गएपछि तिनी
त्यहाँ तीन वर्षसम्म बसे । **३९**अनि अमनोनको
मृत्युको विषयमा राजाले सान्त्वना पाएपछि
तिनलाई अब्शालोमकहाँ जाने उत्कट इच्छा
भयो ।

---

**१३:३७**–२ शमूएल ३:३.

## अब्शालोम यरूशलेममा फर्केका

**१४** सरूयाहका छोरा योआबले राजाको
हृदयले अब्शालोमको इच्छा गरेको
थाहा पाए । **२**यसकारण योआबले कसैलाई
तकोमा पठाएर एक जना बुद्धिमती स्त्रीलाई
त्यहाँबाट ल्याए । तिनले उसलाई भने, "आफूलाई
शोकमा डुबेकी बहाना गर्नू । शोकको वस्त्र
लगाउनू र कुनै सुगन्धित तेल नलगाउनू ।
धेरै दिनदेखि कोही मरेको लागि शोक
गरिरहेझैँ बहाना गर्नू । **३**त्यसपछि राजाकहाँ
गएर यी कुराहरू उहाँलाई भन्नू ।" अनि भन्नुपर्ने
कुराहरू योआबले उसलाई भनिदिए ।

**४**तकोबाट गएकी स्त्री राजाको सामुन्ने
हाजिर भई र भूइँसम्मै घोप्टो परी अनि
राजालाई दण्डवत् गरी रुँदै भनी, "हे महाराज,
मलाई गुहार गर्नुहोस् !"

**५**राजाले त्यसलाई सोधे, "तिमीलाई के गाह्रो
पऱ्यो ?"

त्यसले भनिन्, "म वास्तवमा एउटी विधवा
हुँ र मेरा पति मरेका छन् । **६**म तपाईंकी
दासीका दुई छोराहरू थिए । तिनीहरू खेतमा
आपसमा लड़ाइँ गर्न पुगे, र तिनीहरूलाई
छुटाउने त्यहाँ कोही थिएन । एउटाले अर्कोलाई
हिर्काएर मारिदियो । **७**अब सम्पूर्ण वंशनै
तपाईंकी दासीको विरुद्धमा उठेर यसो भन्दैछन्,
'आफ्नो भाइलाई मार्नेलाई हाम्रो हातमा
सुम्पिदेऊ र हामी आफ्नो भाइलाई मारेको
खण्डमा त्यसलाई मार्नेछौं, तब हामीले
उत्तराधिकारीलाई पनि समाप्त गरेका हुनेछौं ।'
तिनीहरूले मसित रहेको एउटै आशाको दीप
पनि निभाइदिएर यस संसारबाट मेरो पतिको
नाउँ निशानै मेटिदिनेछन् ।"

**८**राजाले त्यस स्त्रीलाई भने, "घर जाऊ ।
म तिम्रो पक्षमा एउटा हुकुम जारी गर्नेछु ।"

**९**तर तकोबाट आएकी स्त्रीले तिनलाई
भनिन्, "मेरा मालिक महाराजा, यो दोष मेरो
र मेरो परिवारमाथि परोस्, अनि राजा र उहाँको
सिंहासन दोषरहित रहून् ।"

**१०**राजाले जवाफ दिए, "यदि कसैले तिमीलाई
केही भनेछ भने त्यसलाई मकहाँ ल्याऊ र
त्यसले तिमीलाई फेरि दु:ख दिनेछैन ।"

**११**त्यसले भनी, "त्यसोभए प्रतिशोधीहरूले
अरू खराबी नगरून् भनेर राजाले परमप्रभु
उहाँको परमेश्वरसित बिन्ती गरिदेऊन् र
मेरो छोरा नष्ट हुनेछैन ।

तब राजाले भने, "परमेश्वरको जीवनको
साक्षी, तिम्रो छोराको एउटा कपाल पनि भूइँमा
खस्नेछैन ।"

**१२**तब त्यस स्त्रीले भनिन्, "तपाईंकी
दासीलाई मेरा मालिक महाराजासित एउटा
कुरा भन्न दिनुहोस् ।"

तिनले जवाफ दिए, "भन ।"

**१३**त्यस स्त्रीले भनिन्, "त्यसोभए तपाईंले
किन परमेश्वरका मानिसहरूको विरुद्धमा यस्तो
युक्ति रच्नुभयो ? राजाले यसो भन्नुभएपछि के
उहाँले आफैलाई दोषी ठहराउनुभएन किनकि
राजाले देश निकाला भएका आफ्नो छोरालाई
फर्काएर ल्याउनुभएकै छैन ? **१४**भूइँमा पोखिएको
पानी फेरि प्राप्त गर्न नसकिएझैँ हामी मर्नैपर्छ ।
तर परमेश्वरले प्राण लिनुहुन्न, त्यसको सट्टामा
उहाँले त निकालिएको व्यक्ति उहाँदेखि अलग
भएर नबसोस् भनेर युक्ति पो निकाल्नुहुन्छ ।

**१५**"अनि अब म मेरा मालिक महाराजालाई
यो भन्न आएकी हुँ, किनकि मानिसहरूले मलाई
डर देखाएका छन् । तपाईंकी दासीले सोचिन्,
'म राजासित कुरा गर्नेछु, शायद उहाँले आफ्नी
दासीले चाहेअनुसार गर्नुहुन्छ होला । **१६**शायद
राजा आफ्नी दासीलाई परमेश्वरले हामीलाई
दिनुभएको अधिकारबाट अलग गराउने चेष्टा
गरिरहेको मानिसको हातबाट छुटाउन राजी
हुनुहुन्छ होला ।'

**१७**"अनि अब तपाईंकी दासी भन्छे, 'मेरा
मालिक महाराजको कुराले मलाई शान्ति देऊन्,
किनकि मेरा मालिक महाराज त असल
र खराब छुटयाउनमा परमेश्वरका दूतझैँ
हुनुहुन्छ । परमप्रभु तपाईंका परमेश्वर तपाईंसित

---

**१४:१७**–२ शमूएल १९:२७.

होऊन् ।'"
**१८**तब राजाले त्यस स्त्रीलाई भने, "मैले
तिमीलाई जे सोध्न लागेको छु त्यसको जवाफ
मदेखि नलुकाऊ ।"

त्यस स्त्रीले भनिन्, "मेरा मालिक महाराजले भन्नुहोस् ।"

**१९**राजाले सोधे, "के यी सबै कुराहरूमा
तिमीसित योआबको हात छ ?"

त्यस स्त्रीले जवाफ दिइन्, "तपाईं निश्चय जिउनुभएझैँ, हे मेरा मालिक महाराज, मेरा मालिक महाराजले भन्नुभएको कुराबाट कोही पनि दाहिने अथवा देब्रेतिर फर्कनै सक्दैन । हो, तपाईंको दास योआबले नै मलाई यसो गर्ने हुकुम दिएका हुन् र तिनले नै तपाईंकी दासीको
मुखमा यी कुराहरू हालिदिएका हुन् । **२०**तपाईंको
दास योआबले वर्तमान् स्थितिलाई बदली गर्नलाई नै यसो गरेका हुन् । मेरा मालिकसित परमेश्वरका दूतको झैँ बुद्धि छ, देशमा हुने हरेक कुरा उहाँलाई थाहा छ ।"
**२१**राजाले योआबलाई भने, "ठीक छ, म
यो गर्नेछु, जाऊ र त्यस जवान मानिस अब्शालोमलाई ल्याऊ ।"
**२२**योआबले तिनलाई सम्मान दिनलाई भूइँमा
घोप्टेर राजालाई धन्यको भनेर यसो भने, "आज तपाईंको दासले तपाईंको दृष्टिमा निगाह पाएको थाहा पाएको छ, हे मेरा मालिक महाराज, किनकि राजाले आफ्नो दासको बिन्ती मञ्जुर गर्नुभएको छ ।"
**२३**त्यसपछि योआब गेशूरमा गएर
अब्शालोमलाई यरूशलेममा फर्काएर ल्याए ।
**२४**तर राजाले भने, "त्यो आफ्नै घरमा
जाओस् । त्यसले मेरो अनुहार नहेरोस् ।" यसकारण अब्शालोम आफ्नै घरमा गए अनि राजाको अनुहार हेरेनन् ।
**२५**इस्राएलमा सुन्दरताको निम्ति अति प्रशंसा
पाउने अब्शालोमजस्ता अरू मानिस कोही थिएनन् । शिरको टुप्पोदेखि खुट्टाको पैतालासम्म
तिनको कुनै खोट थिएन । **२६**तिनले आफ्नो
शिरको केश जहिले काट्दा पनि (किनकि आफ्नो निम्ति केश अति गह्रौं हुँदा समय-समयमा तिनले त्यो काट्ने गर्थे) तिनले त्यसलाई जोख्ने गर्थे अनि शाही तौलअनुसार त्यसको ओजन दुई सय शेकेल हुन्थ्यो ।
**२७**अब्शालोमका तीन छोराहरू र एउटी
छोरी भए । छोरीको नाउँ तामार थियो र तिनी एउटी सुन्दरी स्त्री भइन् ।
**२८**राजाको अनुहार दुई वर्षसम्म नहेरी
अब्शालोम यरूशलेममा बसे । **२९**त्यसपछि
तिनलाई राजाकहाँ पठाउन अब्शालोमले योआबलाई बोलाइपठाए तर तिनीकहाँ आउन योआबले इन्कार गरे । यसकारण तिनले दोस्रोपल्ट पनि बोलाइ पठाए तर तिनले आउन
इन्कार गरे । **३०**तब तिनले आफ्ना नोकरहरूलाई
भने, "हेर, योआबको खेत मेरो खेतकै नजीक छ र त्यहाँ तिनको जौ छ । जाऊ र त्यसमा आगो लगाइदेओ । यसैले अब्शालोमका नोकरहरूले त्यस खेतमा आगो लगाईदिए ।
**३१** तब योआबले अब्शालोमको घरमा गएर
तिनलाई भने, "किन तपाईंका नोकरहरूले मेरो खेतमा आगो लगाइदिए ?"
**३२**अब्शालोमले योआबलाई भने, "मैले
तिमीलाई राजाकहाँ यो खबर दिनको निम्ति बोलाइपठाएँ, 'म गेशूरबाट किन आएँ ? म त त्यहीँ भएको भए ठीक हुने थियो । त्यसैले अब, म राजाको अनुहार हेर्न चाहन्छु, र यदि म कुनै कुराको कसूरदार छु भने, उहाँले मलाई मारून् ।"
**३३**यसकारण योआब राजाकहाँ गएर यो
भनिदिए । तब राजाले अब्शालोमलाई बोलाइपठाए र तिनी आएर राजाको सामुन्ने घोप्टो परेर ढोगे । अनि राजाले अब्शालोमलाई म्वाइँ खाए ।

### अब्शालोमको षड्यन्त्र

**१५** समय बित्दै जाँदा अब्शालोमले आफ्नो निम्ति एउटा रथ र घोड़ाहरू अनि आफ्नो अगिअगि हिँड्नलाई पचास जना
मानिसहरू प्रबन्ध गरे । **२**तिनी बिहानै उठेर
शहरको मूलढोकामा जाने बाटोमा उभिन्थे । जहिले पनि कोही व्यक्ति राजाको सामुन्ने आफ्नो

गुनासो निर्णयको लागि राखिऊन् भनेर आउँथे
अब्शालोमले तिनलाई “तिमी कुन शहरका
हौ ?” भनी सोध्ने गर्थे । तीनले जवाफ दिन्थे,
“तपाईंको दास इस्राएलका कुलहरूमध्ये
एउटाबाट आएको हो ।” **३**तब अब्शालोमले
भन्थे, “हेर, तिम्रा दाबीहरू उचित र ठीक
छन्, तर तिम्रो कुरा सुनिदिनलाई राजाका कुनै
प्रतिनिधि छैनन् ।” **४**अनि अब्शालोमले अझ
थपेर भन्थे, “यदि मलाई देशको न्यायकर्ता
नियुक्त गरिदिएको भए त ! तब कसैको कुनै
गुनासो अथवा मुद्दा भए त्यो मकहाँ आउनेथियो
र म त्यसको इन्साफ गरिदिने थिएँ ।”

**५**यसबाहेक, जहिले पनि कोही तिनको अगि
निहुरनलाई आउँथे अब्शालोमले आफ्नो हात
बढ़ाएर तिनलाई समातेर म्वाइँ खान्थे ।
**६**अब्शालोमले राजाकहाँ इन्साफको लागि आउने
सबै इस्राएलीहरूसित यस्तै व्यवहार गरे अनि
तिनले इस्राएलका मानिसहरूका हृदय जिते ।

**७**चार वर्षपछि अब्शालोमले राजालाई भने,
“मलाई हेब्रोनमा गएर मैले परमप्रभुकहाँ
गरेको भाकल पूरा गर्न जानदिनुहोस् । **८**जब
तपाईंको दास अरामको गेशूरमा बसेको बेला
मैले यो भाकल गरेको थिएँ, ‘यदि परमप्रभुले
मलाई यरूशलेममा फर्काएर लैजानुभयो भने,
म हेब्रोनमा परमप्रभुलाई पूज्नेछु ।”

**९**राजाले तिनलाई भने, “तिमी शान्तिसित
जाऊ ।” यसकारण तिनी हेब्रोनमा गए ।

**१०**तब अब्शालोमले इस्राएलभरि मानिस-
हरूलाई यसो भन्नलाई गुप्तमा दूतहरू पठाए,
“तिमीहरूले तुरहीहरूको सोर सुन्ने बित्तिकै
तिमीहरूले भन, ‘अब्शालोम हेब्रोनका राजा
हुनुहुन्छ ।’” **११**यरूशलेमबाट दुई सय मानिसहरू
अब्शालोमको साथमा गएका थिए । तिनीहरू
पाहुनाको रूपमा निम्त्याइएका थिए अनि यस
विषयमा केही नजानेर अजानमै गएका थिए ।
**१२**तिनले बलिदान चढ़ाएरहेको बेला तिनले
दाऊदका सल्लाहकार गिलोनी अहीतोपेललाई
पनि आफ्नो शहर गिलोहबाट आउनलाई खबर
पठाए । यसरी त्यस षड्यन्त्र बलियो भयो अनि
अब्शालोमको पछि लाग्नेहरू बढ़न थाले ।

### दाऊद भागेका

**१३**एक जना दूतले आएर दाऊदलाई भने,
“इस्राएलका मानिसहरूका हृदय अब्शालोमतिर
छन् ।”

**१४**तब दाऊदले यरूशलेममा आफूसित
भएका अधिकृतहरूलाई भने, “आऊ, हामी
भागौं, नत्रता हामी कोही पनि अब्शालोमबाट
उम्कन सक्नेछैनौं । हामी झट्टै हिँड़िहाल्नु पर्छ
नत्रता त्यसले झट्टै आएर हामीलाई भेट्टाउनेछ
र हामीमाथि विनाश ल्याउनेछ र शहरलाई
पनि तरवारले नष्ट पार्नेछ ।

**१५**राजाका अधिकृतहरूले तिनलाई जवाफ
दिए, “तपाईंका दासहरू हाम्रा मालिक महाराजाले
जे गर्न इच्छा गर्नुहुन्छ त्यही गर्न राजी छन् ।”

**१६**राजा निस्किहाले र तिनको पछि तिनका
सारा घराना पनि लागे तर तिनले महलको
हेरचाह गर्नालाई दस जना उप-पत्नीहरू चाहिँ
छाड़िराखे । **१७**यसकारण तिनीहरू निस्के र
तिनको पछि सबै मानिसहरू लागे र तिनीहरू
केही दुरी टाड़ो पुगेर अड़िए । **१८**तिनका सबै
मानिसहरू तिनलाई उछिनेर अगि गए जसमा
करेतीहरू र पलेथीहरू पनि थिए, र तिनीसितै
गातबाट जाने छ सय जना गित्तीहरू सबै पनि
राजालाई उछिनेर अगि बढ़े ।

**१९**राजाले गित्तीका इत्तैलाई भने, “तिमीलाई
किन हामीसित आउनु पर्‍यो ? फर्केर जाऊ र
राजा अब्शालोमसितै बस । तिमी त आफ्नो
स्वदेशबाट निकालिएका एक परदेशी हौ ।
**२०**तिमी त हिजो मात्रै आएका हौ । अनि आज
म तिमीलाई के हामीसित यताउति डुल्न लगाऊँ
जब कि म कहाँ गइरहेछु त्यो नै मलाई
थाहा छैन ? फर्केर जाऊ अनि आफ्ना
देशवासीहरूलाई लैजाऊ । तिमीसित दया र
विश्वासयोग्यता रहोस् ।”

**२१**तर इत्तैले राजालाई जवाफ दिए,
परमप्रभु निश्चय जिउनुभएझैं र मेरा मालिक
महाराजा जिउनुभएझैं, जहाँसुकै मेरा मालिक
महाराजा हुनुहुन्छ, चाहे त्यसको अर्थ मृत्यु नै
होस वा जीवन, तपाईंको दास पनि त्यहीं नै
हुनेछ ।”

**२२**दाऊदले इत्तैलाई भने, “अगि बढ़दै
जाऊ।” यसकारण गित्तीका इत्तै तिनीसित भएका
सबै मानिसहरू र परिवारहरूसितै अगि बढ़े।
**२३**ती सबै मानिसहरू त्यस ठाउँ भएर जादाँ
सम्पूर्ण इलाकानै जोरसित रोए। राजाले पनि
किद्रोन खोल्सा तरे र सबै मानिसहरू उजाड़-
स्थानतिर अगि बढ़े।

**२४**सादोक पनि त्यहाँ थिए र तिनीसित
भएका सबै लेवीहरूले परमेश्वरको करारको
सन्दूक बोकेका थिए। तिनीहरूले परमेश्वरको
सन्दूक राखे र मानिसहरू शहरबाट ननिस्केसम्म
एबियाथारले बलिदानहरू चढ़ाए।

**२५**तब राजाले सादोकलाई भने,
“परमेश्वरको सन्दूकलाई शहरमा फर्काएर
लैजाओ। यदि मैले परमप्रभुको दृष्टिमा
निगाह पाएछु भने, उहाँले मलाई फर्काइल्याएर
फेरि यसलाई र उहाँको वासस्थानलाई देख्न
दिनुहुनेछ। **२६**तर यदि उहाँले ‘म तँसित खुशी
छैनँ’ भन्नुभयो भने म तयार छु, उहाँले मलाई
आफूलाई उचित लागेअनुसार गरून्।”

**२७**राजाले सादोक पूजाहारीलाई यो पनि
भने, “के तिमी भविष्यवक्ता होइनौ?
तिमी आफ्नो छोरा अहीमास र एबियाथारको
छोरा जोनाथनसित शान्तिसाथ शहरमा
फर्किजाऊ। तिमी र एबियाथारले आफ्ना दुई
छोराहरू आफूसित लैजाऊ। **२८**म तिमीबाट
खबर नआएसम्म उजाड़-स्थानको जँघारमा
पर्खनेछु।” **२९**यसकारण सादोक र एबियाथारले
परमेश्वरको सन्दूकलाई यरूशलेममा लगे र
त्यहीं बसे।

**३०**तर दाऊदचाहिँ जैतून पर्वतको उकालो
रुँदै हिँड्न लागे। तिनको शिर ढाकिएको थियो
र खुट्टाचाहिँ नाङ्गो थियो। तिनका साथमा
भएका सबै मानिसहरूले पनि आफ्ना शिरहरू
ढाकेका थिए र तिनीहरू रुँदै हिँड़िरहेका थिए।
**३१**अब दाऊदलाई “अहीतोपेल अब्शालोमसितको
षड्यन्त्रकारीहरूमध्ये छ” भनी भनियो।
यसकारण दाऊदले “हे परमप्रभु, अहीतोपेलको
सल्लाहलाई मूर्खतामा परिणत गरिदिनुहोस्”
भनेर प्रार्थना गरे।

**३२**दाऊद मानिसहरूले परमेश्वरलाई पूज्ने
टाकुरामा आइपुग्दा आफ्नो लुगा च्यातिएको र
शिरमा धूलो लगाइएको अवस्थामा अरकी हूशै
तिनलाई भेट्न आएका थिए। **३३**दाऊदले
तिनलाई भने, “तिमी मसित गयौ भने, तिमी
मेरो निम्ति बोझ हुनेछौ। **३४**तर यदि शहरमा
फर्केर अब्शालोमलाई ‘हे राजा, म तपाईंको
दास हुनेछु। म पहिले तपाईंका पिताका दास
थिएँ, तर अब म तपाईंको दास हुनेछु’ भन्यौ
भने तिमीले अहीतोपेलको सल्लाहलाई निष्फल
तुल्याएर मलाई सहायता गर्नसक्नेछौ। **३५**के
त्यहाँ तिमीसित सादोक र एबियाथार
पूजाहारीहरू हुनेछैनन् र? तिमीले राजाको
महलमा जे सुने तापनि तिनीहरूलाई भन्नू।
**३६**तिनीहरूका दुई छोराहरू सादोकका छोरा
अहीमास र एबियाथारका छोरा जोनाथन त्यहाँ
तिनीहरूसितै छन्। तिमीले सुनेका जुनै कुरा
पनि तिनीहरूसित मकहाँ पठाउनू।”

**३७**यसकारण दाऊदका मित्र हूशै अब्शालोम
शहरमा पस्दै गर्दा यरूशलेममा आइपुगे।

### दाऊद र सीबा

**१६** दाऊद टाकुराबाट केही पर पुग्दा
मपीबोशेतको भण्डारे सीबा त्यहाँ
तिनलाई भेट्न पर्खिरहेका थिए। तिनीसित
जीन-लगाम कसेका गधाहरू थिए जसमा दुई
सय रोटी, किसमिसका एक सय डल्ला, एक
सय डल्ला नेभारा र एक मसक दाखमद्य
लादिएका थिए।

**२**राजाले सीबालाई सोधे, “तिमीले यी किन
ल्यायौ?

सीबाले जवाफ दिए, “यी गधाहरू राजा र
उहाँका घराना सवार हुनलाई, रोटी र फलहरू
मानिसहरूले खानलाई अनि दाखमद्यचाहिँ
उजाड़-स्थानमा साह्रै थाकेकाहरूलाई ताजा
बनाउनलाई हुन्।”

---

**१६:१**–२ शमूएल ९:९-१०.

**३**तब राजाले सोधे, “तिम्रा मालिकका नाति
खोइ ?

सीबाले तिनलाई भने, “तिनी यरूशलेममै
बसेका छन्, किनकि तिनले ‘आज
इस्राएलका घरानाले मलाई मेरा बाजेको राज्य
फर्काइदिनेछन्’ भनी सोचेका छन् ।”

**४**तब राजाले सीबालाई भने, “मपीबोशेतका
जे जति छन् अब तिम्रै हुन् ।”

सीबाले भने, “म नम्रतासाथ निहुरन्छु । हे
मेरा मालिक महाराजा, मैले तपाईंको दृष्टिमा
निगाह पाऊँ ।”

### शिमीले दाऊदलाई सरापेका

**५**जसै दाऊद राजा बहूरीममा आइपुगे, त्यहाँ
शाऊलको परिवारकै वंशका एक जना मानिस
आए । तिनी गेराको छोरा शिमी थिए अनि
तिनले बाहिर निस्केर सराप्न थाले । **६**दाऊदका
दाहिने-देब्रेतिर फौज र विशेष अङ्गरक्षकहरू
भए तापनि तिनले दाऊद र राजाका सबै
अधिकृतहरूमाथि ढुङ्गा वर्षाए । **७**शिमीले
सराप्दै भने, “तँ हिंसक मानिस, बदमाश, तँ
गइहाल, गइहाल ! **८**तैंले शाऊलको घरानामा
रगत बगाएर तिनको ठाउँमा राज्य गरेको
बदला परमप्रभुले तँलाई दिनुभएको छ ।
परमप्रभुले राज्य तेरो छोरा अब्शालोमलाई
दिनुभएको छ । तँ हिँसक भएको कारण तेरो
सर्वनाश आइपुगेको छ ।”

**९**तब सरूयाहका छोरा अबीशैले राजालाई
भने, “यस मरेको कुकुरले किन मेरा मालिक
महाराजालाई सराप्दैछ ? मलाई गएर त्यसको
शिर काट्न दिनुहोस् ।”

**१०**तर राजाले भने, “हे सरूयाहका छोरा
हो, तिमीहरू र ममा के समानता छ ? यदि
यसलाई परमप्रभुले ‘दाऊदलाई सराप’ भन्नुभयो
भने ‘तिमीहरू किन यसो गर्छौ’ ?”

**११**त्यसपछि दाऊदले अबीशै र आफ्ना सबै
अधिकृतहरूलाई भने, “मेरो आफ्नै छोराले
मेरा प्राण लिन खोजिरहेछ । त्यसोभए झन्
यस बेन्यामीनीले त कती बढ़ी गर्लान् ! त्यसलाई
एकलै छोड़िदेऊ, **१२**त्यसले सरापोस् किनकि
परमप्रभुले त्यसलाई त्यसै गर्नु भनेर भन्नुभएको
छ । यो पनि हुन सक्छ कि परमप्रभुले मेरो
दु:ख देखिकन मैले आज पाइरहेको सरापको
निम्ति मलाई असल कुरा दिनुहुनेछ ।”

**१३**यसकारण दाऊद र तिनका मानिसहरू
बाटोमा अगि बढ़िरहे अनि शिमीचाहिँ तिनको
सामुन्नेको डाँड़ाको बाटोतिर तिनलाई सराप्दै
तिनीमाथि ढुङ्गा हान्दै र कसिंगर फ्याँक्दै गए ।
**१४**राजा र तिनका सबै मानिसहरू आफ्नो
गन्तव्यमा थाकेर चूर भई आइपुगे । अनि
त्यहाँ तिनले थकाइ मारे ।

### हूशै र अहीतोपेलको सल्लाह

**१५**त्यसै बेला अब्शालोम र इस्राएलका
सबै मानिसहरू यरूशलेममा आए, अनि
अहीतोपेलचाहिँ तिनीसित थिए । **१६**तब दाऊदका
मित्र अरकी हूशै अब्शालोमकहाँ गएर तिनलाई
भने, “राजा अमर रहून् ! राजा अमर रहून् !’

**१७**अब्शालोमले हूशैलाई भने, “के तिमीले
आफ्नो मित्रसित देखाएको प्रेम यही हो ? तिमी
आफ्नो मित्रसित किन गएनौ ?”

**१८**हूशैले अब्शालोमलाई भने, “होइन, म
त परमप्रभुले अनि यी मानिसहरूले र इस्राएलका
सारा मानिसले चुनेका व्यक्तिको हुनेछु, र म
उहाँकै भएर रहनेछु । **१९**अझ बढ़ी, मैले कसको
सेवा गर्ने ? के मैले छोराको सेवा नगर्नु ? मैले
तपाईंको बाबुको सेवा गरेझैं म तपाईंको सेवा
गर्नेछु ।”

**२०**अब्शालोमले अहीतोपेललाई भने,
“हामीलाई तिम्रो सल्लाह देऊ । हामी कसो
गरौं ?”

**२१**अहीतोपेलले जवाफ दिए, “तपाईंका पिताले
महलको हेरचाहा गर्न भनी छाड़िराख्नुभएका
उहाँका उप-पत्नीहरूसित सुत्नुहोस् । तब तपाईं
आफ्नो पिताको निम्ति घिनलाग्दो भएको
सारा इस्राएलले सुन्नेछ अनि तपाईंसित भएको

---

**१६:३**–२ शमूएल १९:२६-२७.

प्रत्येकका हात बलिया हुनेछन् ।" **२२**यसकारण
तिनीहरूले कौसीमा अब्शालोमको निम्ति एउटा
पाल टाँगिदिए र तिनी सारा इस्राएलले देख्ने
गरी आफ्ना पिताका उप-पत्नीहरूसित सुते ।

**२३**अब ती दिनहरूमा अहीतोपेलले दिएका
सल्लाहचाहिँ परमप्रभुलाई सोधेर लिइएको झैँ
मानिन्थ्यो । दाऊद अनि अब्शालोम दुवैले नै
अहीतोपेलका सल्लाहलाई मानेका थिए ।

**१७** अहीतोपेलले अब्शालोमलाई भने, "म
बाह्र हजार मानिसहरूलाई चुनेर आज
राती दाऊदको खेदोमा जानेछु । **२**तिनी थाकेका
र कमजोर भएका बेलामा म तिनीमाथि
आक्रमण गर्नेछु । म तिनीमाथि आतङ्क हालिदिनेछु
अनि तिनीसित भएका सबै मानिसहरू
भागिजानेछन् । म केवल राजालाई मात्र मार्नेछु,
**३**अनि सबै मानिसहरूलाई तपाईंकहाँ फर्काएर
ल्याउनेछु । तपाईंले खोज्नुभएको मानिसको
मृत्युको अर्थचाहिँ सबै मानिसरू तपाईंतिर
फर्केको हुनेछ, र सबै मानिसहरू चोटरहित
हुनेछन् । **४**यो योजना अब्शालोम र इस्राएलका
सबै धर्म-गुरुहरूलाई राम्रो लाग्यो ।

**५**तर अब्शालोमले भने, "अरकी हूशैलाई
पनि बोलाइपठाऊ र त्यसले के भन्छ हामी
सुनौं ।" **६**हूशै तिनीकहाँ आएपछि अब्शालोमले
तिनलाई भने, "अहीतोपेलले यो सल्लाह दिएका
छन् । के हामी तिनले भनेअनुसार गरौं ? यदि
होइन भने, हामीलाई तिम्रो विचार बताऊ ।"

**७**हूशैले अब्शालोमलाई भने, "यस पल्ट
अहीतोपेलले दिएको सल्लाह ठीक छैन ।
**८**तपाईं आफ्ना पिता र उहाँका मानिसहरूलाई
जान्नुहुन्छ, तिनीहरू लड़ाकुहरू हुन् अनि
तिनीहरू बच्चा खोसिएका जङ्गली भालूझैँ
डरलाग्दा छन् । यसबाहेक तपाईंका पिता एक
जना अनुभवी योद्धा हुनुहुन्छ, उहाँले फौजसित
रात बिताउनुहुनेछैन । **९**अहिले पनि उहाँ कुनै
गुफा अथवा अरू ठाउँमा लुकिरहनुभएको छ ।
यदि उहाँले तपाईंको फौजलाई पहिला
आक्रमण गर्नुभयो भने यो सुन्ने जोसुकैले पनि
"अब्शालोमका पछि लाग्ने फौज मारिएका छन्"
भनेर भन्नेछन् । **१०**तब सिँहको मुटुझैँ हुने
अति बीर योद्धा पनि डरले काँप्नेछ, किनकि
सारा इस्राएललाई तपाईंका पिता लड़ाकु हुनुहुन्छ
अनि उहाँसित भएकाहरू बीर छन् भनी थाहा
छ ।

**११**"यसकारण, दानदेखि बेर्शेबासम्म भएका
समुद्रको किनारका बालुवासरह असङ्ख्य
इस्राएलीलाई तपाईंकहाँ भेला भई तपाईंकै
नेतृत्वमा लड़ाइँमा जाऊन् भनेर म तपाईंलाई
सल्लाह दिन्छु । **१२**तब हामी उहाँलाई जहीं
भेटेता पनि आक्रमण गर्नेछौं अनि हामी उहाँमाथि
भूइँमा शीत जमेझैँ जाइलाग्नेछौं । उहाँ अथवा
उहाँका कुनै मानिस पनि बाँकी रहनेछैनन् ।
**१३**उहाँ कुनै शहरभित्र शरण लिनुभए
तापनि सारा इस्राएलले त्यस शहरलाई
लठारा ल्याएर एउटै ढुङ्गा पनि त्यसको
जगमा नपाइने गरी हामी घिस्स्याएर बँसीमा
पुर्‍याउनेछौं ।"

**१४**अब्शालोम र इस्राएलका सारा मानिसहरूले
भने, "अहीतोपेलको भन्दा अरकी हूशैको सल्लाह
राम्रो छ ।" किनकि अब्शालोममाथि विपत्ति
ल्याउनको निम्ति परमप्रभुले नै अहीतोपेलको
असल सल्लाहहरूलाई विफल बनाउने संकल्प
गर्नुभएको थियो ।

**१५**हूशैले सादोक र एबियाथार
पूजाहारीहरूलाई अहीतोपेलले अब्शालोम र
इस्राएलका धर्म-गुरुहरूलाई दिएको सल्लाह,
अनि आफूले दिएको सल्लाह पनि बताइदिए ।
**१६**अब झट्ट एउटा खबर पठाएर दाऊदलाई
'उजाड़-स्थानको जँघारमा रात नबिताउनू तर
अवश्यै पार भएर जानू नत्रता राजा र उहाँसित
भएका सबै मानिसहरू स्वाहा पारिनेछन्' भनेर
भन्नू ।

**१७**जोनाथन र अहीमासचाहिँ एन-रोगेलमा
बसेका थिए । एउटी दासीले गएर तिनीहरूलाई
सूचना दिन्थी र तिनीहरूले चाहिँ गएर दाऊद
राजालाई भनिदिन्थे, किनकि तिनीहरूले आफू

---

**१६:२२**–२ शमूएल १२:११-१२.

शहरभित्र पस्दै गर्दा देखिने जोखिम उठाउन
सक्दैन थिए। **१८**तर एक जना जवान मानिसले
तिनीहरूलाई देखे र अब्शालोमलाई भनिदिए।
यसकारण ती दुई झट्टै त्यस ठाउँलाई छोड़ेर
बहूरीममा एक जना मानिसको घरमा गए।
तिनको आँगनमा एउटा इनार थियो र तिनीहरू
त्यस भित्र पसे। **१९**तिनकी स्वास्नीले एउटा
छोप्ने ल्याएर त्यस इनारको खुला भागमाथि
फिँजाइदिइन् र त्यसमाथि अन्न छरिदिइन्।
यसको विषयमा कसैलाई थाहा भएन।

**२०**जब अब्शालोमका मानिसहरू त्यस
स्त्रीकहाँ घरमा आए, तिनहरूले सोधे, "अहीमास
र जोनाथन कहाँ छन्?"

त्यस स्त्रीले तिनीहरूलाई जवाफ दिइन्,
"तिनीहरू त खोला तरेर गए।" ती मानिसहरूले
खोजे तर कसैलाई पनि भेटाएनन्। यसकारण
तिनीहरू यरूशलेम फर्के। **२१**ती मानिसहरू
गइसकेपछि ती दुई इनारबाट चढ़ेर निस्किआए
र दाऊद राजालाई खबर दिन गए। तिनीहरूले
तिनलाई भने, "निस्केर झट्ट नदी पारगरि-
हाल्नुहोस्, अहीतोपेलले तपाईंको विरुद्धमा
सल्लाह दिएका छन्।" **२२**यसकारण दाऊद र
तिनीसित भएका सबै मानिसहरू निस्के र
तिनीहरूले यर्दन पार गरे। उज्यालो भइसक्दा
यर्दन पार नगर्ने एक जना पनि रहेन।

**२३**जब अहीतोपेलले आफ्नो सल्लाहअनुसार
काम नभएको देखे तिनले गधामा काठी कसेर
आफ्नो ठाउँमा भएको आफ्नै घरतिर लागे।
तिनले आफ्नो घरका सबै प्रबन्धहरू गरे र
आफैचाहिँ झुण्ड़िए। यसरी तिनी मरे र आफ्नो
बाबुको चिहानमा गाड़िए।

**२४**दाऊद महनोममा गए अनि अब्शालोमले
चाहिँ इस्राएलका सारा मानिसहरूसित यर्दन
पार गरे। **२५**अब्शालोमले अमासालाई योआबको
ठाउँमा फौजको सेनापती नियुक्त गरेका थिए।
अमासाचाहिँ योआबकी आमा सरूयाहकी दिदी
अनि नाहाशकी छोरी अबिगेलसित विवाह गर्ने
एक जना येतेर नाउँ भएका इस्राएलीका छोरा
थिए। **२६**इस्राएलीहरू र अब्शालोमले गिलादको
देशमा छाउनी हाले।

**२७**जब दाऊद महनोममा आए अम्मोनीहरूको
रब्बाका नाहाशका छोरा शोबी, अनि लो-
दोबोरमा बस्ने अम्मीएलका छोरा माकीर अनि
रोगलीममा बस्ने बर्जिल्लैले **२८**ओढ़ने-ओछ्याउने,
बाटा र भाँड़ा-कुँड़ा ल्याए। तिनीहरूले गहुँ,
जौ, पीठो, चिउरा, सिमी र दाल पनि ल्याए।
**२९**तिनीहरूले दाऊद र तिनका मानिसहरूले
खाऊन् भनी मह, दही, भेड़ाहरू र गाईको
दूधबाट बनिएका पनीर पनि ल्याए। किनकि
तिनीहरूले भने, "यी मानिसहरू उजाड़-स्थानमा
भोकाएका, थाकेका अनि तिर्खाएका छन्"।

## अब्शालोमको मृत्यु

**१८** दाऊदले आफूसित भएका मानिसहरूलाई
भेला गरे अनि तिनीहरूका हजार-
हजारमाथि र सय-सयमाथि कप्तानहरू नियुक्त
गरे। **२**दाऊदले फौजलाई योआबको अधीनमा
एक तिहाइ, योआबका भाइ अर्थात् सरूयाहका
छोरा अबीशैको अधीनमा एक तिहाइ, र गित्ती
इत्तैको अधीनमा एक तिहाइ गरी पठाए।
राजाले फौजहरूलाई भने, "म आफै पनि अवश्य
तिमीहरूसित जानेछु।"

**३**तर मानिसहरूले भने, "तपाईं जानु उचित
छैन। यदि हामी भाग्न बाध्य भयौं भने
तिनीहरूले हाम्रो विषयमा वास्ता गर्नेछैनन्।
यदि हामीमध्ये आधानै मारियौं भने पनि
तिनीहरूले वास्ता गर्नेछैनन्, तर तपाईं त हामी
दश हजार जतिकै हुनुहुन्छ। अहिलेलाई तपाईंले
शहरबाटै हामीलाई सहारा दिनुभएको असल
हुनेथियो।"

**४**राजाले जवाफ दिए, "तिमीहरूलाई जे
असल लाग्छ म त्यही गर्नेछु।"

यसकारण राजा मूलढोकाको छेउमै उभिए
र सबै मानिसहरूचाहिँ सय र हजारका
दलहरूमा अगि बढ़े। **५**राजाले योआब, अबीशै
र इत्तैलाई "मेरो खातिर त्यस जवान मानिस
अब्शालोमप्रति भलो हुनू" भनी आज्ञा दिए।
अनि सम्पूर्ण दलहरूले राजाले अब्शालोमको
विषयमा प्रत्येक कप्तानलाई आज्ञा दिएका सुने।
**६**फौज इस्राएलसित युद्ध गर्नलाई मैदानतिर

बढ्यो अनि एप्रेमको जङ्गलमा युद्ध भयो। **७**त्यहाँ
इस्राएलको फौज दाऊदका मानिसहरूद्वारा
परास्त भए अनि त्यस दिन मर्नेहरूको सङ्ख्या
ठूलो थियो, अर्थात् बीस हजार मानिसहरू।
**८**युद्ध समस्त इलाकाभरि फैलिएर गयो अनि
जङ्गलमा मर्नेहरूको सङ्ख्या तरवारले मर्नेहरूको
भन्दा बढ़ी थियो।

**९**अब्शालोमले संयोगवश दाऊदका
मानिसहरूलाई भेटे। तिनी खच्चरमा सवार
भएका थिए अनि जसै खच्चर फलाँटका
बाक्ला हाँगाहरू मुन्तिरबाट छिरिरहेको थियो
अब्शालोमको शिर रूखमा अल्भियो। तिनी
बीचमा हावामा झुण्डिरहे र तिनी सवारभएको
खच्चरचाहिँ अगि बढ़िरहयो।

**१०**जब एक जना मानिसले त्यो देख्यो त्यसले
योआबलाई भन्यो, "मैले भर्खरै अब्शालोमलाई
एउटा फलाँटको रूखमा झुण्डिरहेका देखें"।

**११**आफूलाई त्यसो भन्ने मानिसलाई
योआबले भने, "के! तैंले त्यसलाई देखिस्?
तैंले त्यहीं नै त्यसमाथि प्रहार गरेर किन भूइँमा
नखसाइदिएको? त्यसो भएको भए म तँलाई
चाँदीको दश शेकेल र योद्धाको पेटी दिने
थिएँ।"

**१२**तर त्यस मानिसले जवाफ दियो, "मेरो
हातमा हजार शेकेलनै जोखेर दिइएको भए
पनि म राजाको छोराको विरुद्धमा हात उठाउने
थिइनँ। हामीले सुन्ने गरी राजाले तपाईंलाई,
अबीशैलाई र इत्तैलाई 'मेरो खातिर त्यस जवान
मानिस अब्शालोमलाई रक्षा गर्नू' भनी आज्ञा
दिनुभएको थियो। **१३**अनि यदि मैले आफ्नो
प्राणलाई खतरामा पारेको भए, अनि राजाबाट
केही लुकेको छैन, तपाईं मदेखि अलग्गै
रहनुहुनेथियो।"

**१४**योआबले भने, "म तेरो निम्ति यसरी
पर्खिरहन सक्दिनँ।" यसकारण तिनले आफ्नो
हातमा तीनओटा घोंचा लिए अनि अब्शालोम
रूखमै झुण्डिरहेका बेला ती तिनका मुटुमै
रोपिदिए। **१५**अनि योआबका दश जना हतियार
बोक्नेहरूले अब्शालोमलाई घेरेर तिनीमाथि
प्रहार गरे र तिनलाई मारिदिए।

**१६**तब योआबले तुरही फुके अनि फौजहरूले
इस्राएललाई खेद्न छोड़िदिए किनकि योआबले
तिनीहरूलाई रोकिदिए। **१७**तिनीहरूले
अब्शालोमलाई लिएर तिनलाई जङ्गलमा भएको
एउटा ठूलो खाड़लभित्र फ्याँकिदिए अनि
तिनीमाथि ढुङ्गाका ठूलो थुप्रो लगाइदिए। त्यस
समयमा सारा इस्राएलीहरू आफ्ना-आफ्ना
घरहरूतिर भागिहाले।

**१८**आफ्नो जीवनकालमा अब्शालोमले एउटा
खम्बा लिएर राजाको बँसीमा एउटा स्तम्भ
आफ्नै निम्ति खड़ा गरेका थिए, किनकि तिनले
"मेरो नाउँ कायम राख्नलाई मेरो छोरा छैन"
भनी सोचेका थिए। तिनले त्यस स्तम्भलाई
आफ्नै नाउँ दिए अनि आजको दिनसम्मै त्यसलाई
अब्शालोमको स्तम्भ भनिन्छ।

### दाऊदको शोक

**१९**सादोकका छोरा अहीमासले भने, "म
दौडेर राजाकहाँ गई परमप्रभुले उहाँका
शत्रुहरूका हातबाट उहाँलाई छुटाउनुभएको
छ भन्ने समाचार दिन जान दिनुहोस्।"

**२०**योआबले तिनलाई भने, "यो खबर आज
लैजाने व्यक्ति तिमी होइनौ। तिमीले यो खबर
अर्कोपल्ट लैजाऊ तर तिमीले आजचाहिँ यसो
नगर्नु किनकि राजाका छोरा मरेका छन्।"

**२१**तब योआबले एक जना कूशीलाई भने,
"जा, राजालाई तैंले देखेको कुरा भनिदे।" त्यो
कूशी योआबको अगि दण्डवत् गरेर दगुर्दै
गइहाल्यो।

**२२**सादोकका छोरा अहीमासले फेरि
योआबलाई भने, "जेसुकै भए तापनि मलाई
त्यस कूशीको पछि दगुरेर जानदिनुहोस्।"

तर योआबले जवाफ दिए, "मेरो छोरा, तिमी
किन जान चाहन्छौ? आफैलाई इनाम दिलाउने
किसिमको कुनै खबर तिमीसित छैन।"

**२३**तिनले भने, "जे सुकै होस् म त गइहाल्न
चाहन्छु।"

यसकारण योआबले भने, "दगुर!"
यसकारण अहीमास मैदानको बाटोबाट दगुरेर
त्यस कूशीलाई उछिनेर गए।

**२४**दाऊद भित्री र बाहिरी मूलढोकाहरूका
बीचमा बसिरहेको बेला, पहरादार पर्खालको
छेउमा भएको मूलढोकाको छानामा उक्लेर
गयो। त्यसले हेरिपठाउँदा एक जना मानिसलाई
एक्लै दगुरिरहेको देख्यो। **२५**त्यस पहरादारले
आइकन यो खबर राजालाई भनिदियो।

राजाले भने, “यदि त्यो एक्लै छ भने त
त्यससित राम्रो समाचार हुनपर्छ।” अनि त्यो
मानिस अझ नजीक आउनथाल्यो।

**२६**तब त्यस पहरादारले अर्को मानिस दगुर्दै
आएको देख्यो अनि ढोकेकहाँ आएर भन्यो,
“हेर, अर्को मानिस दगुर्दै आएको!”

राजाले भने, “त्यसले पनि राम्रो समाचार
ल्याउँदैछ होला।”

**२७**त्यस पहरादारले भने, “मलाई त
त्यो पहिला दगुर्ने मानिस सादोकका छोरा
अहीमासजस्तो लाग्दैछ।”

राजाले भने, “तिनी त एक जना असल
मानिस हुन्, तिनले राम्रो समाचार ल्याएको
हुनपर्छ।”

**२८**तब अहीमासले आएर राजालाई भने, “सबै
ठीक छन्।” तिनले राजाको सामुन्ने घोप्टो
परेर भने, “परमप्रभु तपाईंको परमेश्वरलाई
प्रशंसा होस्! उहाँले मेरा मालिक महाराजाको
विरुद्धमा हात उठाउने मानिसहरूलाई तपाईंको
हातमा सुम्पिदिनुभएको छ।”

**२९**राजाले सोधे, “के त्यो जवान मानिस
अब्शालोम सुरक्षित छ? ”

अहीमासले जवाफ दिए, “योआबले राजाका
दास र म तपाईंको दासलाई पठाउनलाग्दा
मैले ठूलो खैलाबैला देखें तर त्यो के थियो म
जान्दिनँ।”

**३०**राजाले भने, “एकातिर उभिएर यहीं
पर्खि।”

**३१**तब ती कूशी आइपुगेर भने, “मेरा मालिक
महाराज, असल समाचार सुन्नुहोस्! परमप्रभुले
तपाईंका विरुद्धमा उठ्ने सबैको हातबाट
तपाईंलाई छुटाउनुभएको छ।”

**३२**राजाले कूशीलाई सोधे, “के त्यो जवान
मानिस अब्शालोम सुरक्षित छ?”

त्यस कुशीले जवाफ दिए, “मेरा मालिक
महाराजका शत्रुहरू अनि तपाईंलाई हानि गर्नलाई
उठ्नेहरू त्यस जवान मानिसझैं होऊन्।”

**३३**राजा काँपे। तिनी मूलढोकामाथि भएको
कोठामा गए अनि रोए। जाँदै गर्दा तिनले भने,
“हे मेरो छोरा अब्शालोम! मेरो छोरा, मेरो
छोरा, अब्शालोम! म तिम्रो सट्टामा मरेको
भए पनि हुनेथियो, हे अब्शालोम, मेरो छोरा,
मेरो छोरा!”

**१९** योआबलाई “राजा त अब्शालोमको निम्ति
रुँदै र विलाप गर्दैछन्” भनेर भनियो।
**२**अनि त्यस दिनको विजय सम्पूर्ण फौजको
निम्ति शोकमा परिवर्तन भयो, किनकि त्यस
दिन फौजले “राजा त आफ्नो छोराको निम्ति
शोक गर्दैछन्” भनेका सुने। **३**त्यस दिन
मानिसहरू लड़ाइँबाट भागेर शर्म मानेझैं शर्मले
चूपचाप शहरभित्र पसे। **४**राजाले आफ्नो
अनुहार छोपेर “हे मेरो छोरा अब्शालोम, हे
अब्शालोम, मेरो छोरा, मेरो छोरा!” भन्दै
जोरसित रोए।

**५**तब योआबले राजाकहाँ घरभित्र गएर
भने, “आज तपाईंले आफ्नो प्राण, अनि तपाईंका
छोराछोरीहरूका प्राण अनि तपाईंका पत्नीहरू
र उप-पत्नीहरूका प्राण बचाउने तपाईंका
सबै मानिसहरूलाई हीन तुल्याउनुभयो। **६**तपाईं
आफूलाई घृणा गर्नेहरूलाई प्रेम गर्नुहुन्छ अनि
तपाईंलाई प्रेम गर्नेहरूलाई घृणा गर्नुहुन्छ।
कप्तानहरू र तिनीहरूका मानिसहरू तपाईंको
निम्ति केही होइन रहेछन् भनी आज तपाईंले
स्पष्ट गरिदिनुभयो। यदि आज अब्शालोम जीवित
अनि हामी सबैचाहिँ मरेका भए तपाईं खुशी
हुनुहुन्थ्यो होला भन्ने म देख्छु। **७**अब बाहिर
गएर आफ्ना मानिसहरूलाई ढाड़स दिनुहोस्।
यदि तपाईं बाहिर जानुभएन भने आज साँझसम्म
तपाईंसित एक जना मानिस पनि रहनेछैन भनी
म परमप्रभुमा शपथ खान्छु। योचाहिँ
तपाईंको जवानीदेखि अहिलेसम्म आएका सबै
विपत्तिहरूभन्दा नराम्रो हुनेछ।”

**८**यसकारण राजा उठे र मूलढोकामा गई
बसे। जब मानिसहरूलाई “राजा मूलढोकामा

बसिरहनुभएको छ" भनी बताइयो, तब तिनीहरू
सबै तिनको सामुन्ने आए ।

### दाऊद यरूशलेममा फर्केका

त्यस बेला इस्राएलीहरू आफ्ना घरमा भागेर
गएका थिए । **९**इस्राएलका कुलहरूमा मानिसहरू
यसो भन्दै तर्क-बितर्क गरिरहेका थिए, "राजाले
हामीलाई शत्रुहरूका हातबाट छुटाउनुभयो,
हामीलाई पलिश्तीहरूका हातबाट छुटाउने उहाँनै
हुनुहुन्छ । तर अब अब्शालोमको कारण उहाँ
देशबाट भाग्नुभएको छ, **१०**अनि हामीले राजा
अभिषेक गरेका अब्शालोम लड़ाइँमा मरिगएका
छन् । यसकारण राजालाई फर्काएर ल्याउने
विषयमा तिमीहरु किन केही पनि भन्दैनौ ?"

**११**दाऊद राजाले सादोक र एबियाथार
पूजाहारीहरूलाई यो खबर पठाए: "यहूदाका
धर्म-गुरुहरूलाई सोध, 'इस्राएलभरि जे कुरा
हुँदैछ त्यो राजाको घरमा पुगिसकेको हुनाले
राजालाई आफ्नो महलमा फर्काएर ल्याउनुमा
तिमीहरू किन पछिल्ला हुने ? **१२**तिमीहरू त
मेरै दाज्यूभाइहरू अर्थात् मेरै मासु र रगत
हौ । यसकारण राजालाई फर्काएर ल्याउनुमा
तिमीहरू किन सबैभन्दा पछिल्ला हुने ?' **१३**अनि
अमासालाई भन्नू, 'के तिमी त मेरै हाड़ र
मासु होइनै र ? यदि तिमी योआबका ठाउँमा
अबदेखि उसो मेरो फौजको कप्तान होइनौ
भने परमेश्वरले मप्रति अति कठोर व्यवहार
गरून्' ।"

**१४**तिनले यहूदाका सबै मानिसहरूका मन
एउटै मानिसको झैँ जिते । तिनीहरूले राजालाई
"तपाईं र तपाईंका सबै मानिसहरू फर्केर
आउनुहोस्" भनी खबर पठाए । **१५**तब राजा
यर्दनसम्मै फर्केर गए ।

अब यहूदाका मानिसहरू राजालाई भेट्न
अनि तिनलाई यर्दन पार गराएर ल्याउन भनी
गिलगालमा गएका थिए । **१६**बहूरीमका
बेन्यामीनी गेराको छोरा शिमी यहूदाका
मानिसहरूसित राजा दाऊदलाई भेट्न हतार-
हतार गए । **१७**तिनीसित शाऊलका घरानाका
सेवक सीबाको साथमा एक हजार बेन्यामीनीहरू
अनि तिनका पन्ध्र जना छोराहरू र बीस जना
नोकरहरू पनि थिए । तिनीहरू यर्दनमा राजा
भएको ठाउँमा हतारसाथ गए । **१८**तिनीहरू
राजाका घरानालाई स्वागत गर्न अनि तिनले
इच्छा गरेको पूरा गर्न भनी जँघार तरेर गए ।

गेराको छोरा शिमीले यर्दन पार गरेपछि
तिनी राजाको सामुन्ने लम्पसार परे । **१९**अनि
तिनले राजालाई भने, "मेरा मालिकले मलाई
दोषी नठराऊन् । मेरा मालिक महाराजाले
यरूशलेम छोड्नुभएको दिन तपाईंको दासले
गरेको भूल नसम्झिदिनुहोला । राजाले त्यसलाई
आफ्नो मनबाट निकालिदिनुहोला । **२०**किनकि
म तपाईंको दासले पाप गरेको छु भनी म
जान्दछु, तर आज यूसुफको सारा घरानामा
मेरा मालिक महाराजालाई भेट्न यहाँ म पहिला
आएको छु ।"

**२१**तब सरूयाहको छोरा अबीशैले भने, "के
यसको लागि शिमी मारिनु पर्दैन ? यसले
परमेश्वरको अभिषिक्त जनलाई सराप्यो ।"

**२२**दाऊदले जवाफ दिए, "सरूयाहका
छोरा हो, तिमीहरू र मेरो के समानता छ र ?
आजको दिन तिमीहरू मेरो विरोधीहरू भएका
छौ ! के आजको दिनमा इस्राएलमा कसैलाई
मृत्यु दण्ड दिनु पर्ने हो र ? के इस्राएलका
राजा म हुँ भनी म जान्दिनँ ? **२३**यसकारण
राजाले शिमीलाई भने, "तिमी मर्नेछैनौ ।" अनि
राजाले तिनीसित शपथ खाए ।

**२४**शाऊलका नाति मपीबोशेत पनि
राजालाई भेट्न झरे । राजा गएको दिनदेखि
तिनी सुरक्षित फर्किनआएसम्म तिनले आफ्ना
खुट्टाको हेरचाह गरेका थिएनन्, आफ्ना
जुङ्गा छाँटेका थिएनन् र आफ्ना लुगा पनि
धोएका थिएनन् । **२५**तिनी राजालाई भेट्न
यरूशलेमबाट आएपछि राजाले तिनलाई सोधे,
"मपीबोशेत तिमी किन मसित गएनौ ?"

**२६**तिनले भने, "मेरा मालिक महाराजा, म

---

**१९:१६**–२ शमूएल १६:५-१३. **१९:२४**–२ शमूएल ९:१-१३; १६:१-४.

तपाईंको दास लङ्गड़ा भएका हुनाले म गधामा
काठी कसेर चढ़ेर तपाईंसित जान सक्छु भनी
मैले भनें । तर मेरो सेवक सीबाले मलाई
धोका दियो । **२७**अनि त्यसले मेरा मालिक
महाराजाको नजरमा तपाईंको दासलाई दोषी
ठहराएको छ । मेरा मालिक महाराजा त
स्वर्गदूतझैं हुनुहुन्छ, यसकारण तपाईंलाई जे
मन पर्छ त्यो गर्नुहोस् । **२८**मेरा बाजेका सबै
सन्तान त मेरा मालिक महाराजाद्वारा मारिने
योग्यका थिए, तर तपाईंले आफ्ना दासलाई
तपाईंको टेबलमा खानेहरूसितै ठाउँ दिनुभयो ।
यसकारण अझ बढ़ी बिन्तीहरू राजासित गर्ने
मेरो के अधिकार छ र ?"

**२९**राजाले तिनलाई भने, "अझ बढ़ी के
भन्नु पर्‍यो ? म सीबा र तिमीलाई खेतहरू
बाँड्ने आज्ञा दिन्छु ।

**३०**मपीबोशेतले राजालाई भने, "मेरा मालिक
महाराज अब सुरक्षित आइपुग्नुभएकोले, त्यसले
हरेक कुरो लैजाओस् ।"

**३१**गिलादी बर्जिल्लै पनि राजासँग यर्दन
पार गर्नलाई र उनलाई त्यहाँबाट आफ्नो
बाटोमा पठाउनलाई रोगलीमबाट तल आए ।
**३२**बर्जिल्लैचाहिँ अस्सी वर्षका साह्रै वृद्ध
मानिस थिए । राजा महनोममा बस्दा तिनले नै
राजालाई खानेकुरा जुटाइदिएका थिए, किनकि
तिनी अति धनी मानिस थिए । **३३**राजाले
बर्जिल्लैलाई भने, "मसँगै पार तरेर जाऊँ, र
मसितै यरूशलेममा बस अनि म तिम्रो निम्ति
बस्ने-खाने प्रबन्ध गरिदिनेछु ।"

**३४**तर बर्जिल्लैले राजालाई जवाफ दिए,
"म अरू कति वर्ष बाँचूला, ताकि म राजासँग
यरूशलेममा जाऊँ ? **३५**अब म अस्सी वर्ष
उमेरको छु । के म कुन असल र कुन असल
होइन भन्नसक्छु र ? के तपाईंको दासले आफूले
के खाएको वा पिएको चाख्न सक्छ र ? के म
अझैं पुरुष र स्त्रीहरूले गाएको सुन्न सक्छु
र ? किन तपाईंको दास राजाको निम्ति थपिएको
बोझ हुने ? **३६**तपाईंको दासले राजासित यर्दन
तरेर केही टाडासम्म जानसक्ला तर राजाले
किन यसरी मलाई इनाम दिने ? **३७**तपाईंको
दासलाई फर्कन दिनुहोस् अनि म मेरा बाबु र
आमाको चिहानको छेउमा मेरो आफ्नै शहरमा
मर्न सकूँ । तर यहाँ तपाईंको दास किमहाम
छ, त्यो मेरा मालिक महाराजासित तरोस् ।
तपाईंलाई जे मन पर्छ त्यससितै गर्नुहोस् ।"

**३८**राजाले भने, "किमहाम मसित पार भएर
जानेछ अनि म तिमीलाई जे मन पर्छ त्यससित
गर्नेछु । अनि तिमीले मदेखि जे इच्छा गरे
तापनि त्यो म तिम्रो निम्ति गर्नेछु ।"

**३९**यसकारण सबै मानिसहरूले यर्दन पार
गरेपछि राजाले पार गरे । राजाले बर्जिल्लैलाई
म्वाइँ खाए र बर्जिल्लै आफ्नो घर फर्के ।

**४०**जब राजा पार भएर गिलगालमा आए,
किमहाम तिनीसँगै पार गरे । यहूदाका सबै
फौजहरू र इस्राएलका आधा फौजले राजालाई
लगेका थिए ।

**४१**चाँड़ै इस्राएलका सबै मानिसहरू राजाकहाँ
यसो भन्दै आइरहेका थिए, "हाम्रा दाज्यूभाइहरू,
अर्थात् यहूदाका मानिसहरूले राजालाई
चोरेर लगे अनि उहाँका सबै मानिसहरूसित
उहाँ र उहाँका घरानालाई पार गराएर किन
ल्याएका ?"

**४२**यहूदाका सबै मानिसहरूले इस्राएलका
मानिसहरूलाई जवाफ दिए, "राजा हाम्रा
नजीकका आफन्त भएकाले यो गर्‍यौं । यस
विषयमा तिमीहरू किन रिसाएका ? के हामीले
राजाका प्रबन्धबाट केही खाएका छौं ? के
हामीले आफ्नै निम्ति केही लिएका छौं ?"

**४३**तब इस्राएलका मानिसहरूले यहूदाका
मानिसहरूलाई जवाफ दिए, "राजामा हाम्रा
दश हिस्सा छन्, अनि यसबाहेक दाऊदमाथि
तिमीहरूको भन्दा हाम्रो दाबी ठूलो छ ।
यसकारण तिमीहरू किन हामीसित निन्दाको
व्यवहार गर्छौ ? के हाम्रा राजालाई फर्काइल्याउने
कुरा हामीले पहिले गरेका होइनौं ?"

तर यहूदाका मानिसहरूले इस्राएलका

---

**१९:३१**–२ शमूएल १७:२७-२९.

मानिसहरूले भन्दा बढ़ी कठोरतासित कुरा गरे ।

### शेबाले दाऊदप्रति विद्रोह गरेको

**२०** त्यहाँ बेन्यामीनी बिक्रीको शेबा नाउँ
भएको बदमाश छोरा थियो । त्यसले
तुरही फुकेर यसरी करायो,

"हाम्रो दाऊदसित कुनै हिस्सा छैन,
यिशैको छोरामा कुनै भाग छैन !
हे इस्राएल तिमीहरू हरेक आफ्नो
घरमा जाऊ !"

**२**यसकारण इस्राएलका सारा मानिसहरूले
बिक्रीको छोरा शेबाको पछि लाग्नलाई दाऊदलाई
त्यागिदिए । तर यहूदाका मानिसहरूचाहिँ
यर्दनदेखि यरूशलेमसम्मै आफ्ना राजासितै बसे ।
**३**जब दाऊद यरूशलेममा आफ्नो महलमा
फर्के तिनले महलको हेरचाह गर्न छोड़ेका दश
जना उप-पत्नीहरूलाई लिए अनि एउटा घरमा
नजरबन्दी गरेर राखे तर तिनी उनीहरूसित
सुतेनन् । तिनीहरूलाई तिनीहरूको मृत्युसम्मै
नजरबन्दीमा विधवाहरूझैँ राखिए ।
**४**तब राजाले अमासालाई भने, "यहूदाका
मानिसहरूलाई तीन दिन भित्रमा मकहाँ
बोलाइल्याउनू र तिमी आफै पनि यहाँ हुनू ।"
**५**तर जब यहूदालाई बोलाउन अमासा गए तिनले
राजाले तिनलाई तोकिदिएको समयभन्दा बेसी
लगाए ।
**६**दाऊदले अबीशैलाई भने, "अब बिक्रीको
छोरा शेबाले हामीलाई अब्शालोमले गरेको
भन्दा पनि ठूलो हानि गर्नेछ । तिम्रा मालिकका
मानिसहरू लिएर त्यसलाई खेद नत्रता त्यसले
सुरक्षित शहरहरू पाएर हामीबाट उम्कनेछ ।"
**७**यसकारण योआबका मानिसहरू अनि करेती
र पलेथीहरू अनि सबै लड़ाकु योद्धाहरू
अबीशैको पछि लागे । तिनीहरू बिक्रीको
छोरो शेबालाई खेद्न यरूशलेमबाट हिँड़े ।
**८**तिनीहरू गिबोनको ठूलो पहरामा हुँदा
अमासा तिनीहरूलाई भेटन् आए । त्यस बेला
योआबले चाहिँ जङ्गी-पोशाक लगाएका थिए,
र त्यसमाथि एउटा पटुका थियो अनि त्यसमा
म्यानसमेतको एउटा छुरी भिरिराखेका थिए ।
जब तिनी अगि बढ़े तब त्यो म्यानबाट खस्यो ।
**९**योआबले अमासालाई भने, "मेरो भाइ
तिमी कस्तो छौ ?" तब योआबले अमासालाई
म्वाइँ खान भनी तिनको दाह्रीमा दाहिने
हातले समाए । **१०**अमासाले योआबको हातको
छुरीतिर ध्यानै दिएन अनि योआबले त्यो तिनको
पेटमा घोचिदिए अनि तिनको आन्द्रा-भुँड़ी भूइँमा
झर्‍यो । दोस्रोपल्ट नरोपीकन अमासा मरिगए ।
तब योआब र तिनको भाइ अबीशैले बिक्रीको
छोरा शेबालाई खेद्न थाले ।
**११**योआबका एक जना मानिसले अमासाको
छेउमा उभेर भने, "जसले योआबलाई मन
पराउँछ अनि जो दाऊदको पक्षमा छ त्यसले
योआबलाई पछ्याओस् !" **१२**अमासाचाहिँ
बाटोको बीचमा रगतमा लड़िबड़ि गरेका थिए
अनि ती मानिसले सम्पूर्ण फौजहरू त्यहाँ आएर
अड़िएका देखे । अमासा भएकोसम्म जोसुकै
पनि आएर अड़िएको जब त्यसले थाहा गर्‍यो
त्यसले तिनलाई घिस्याएर खेतमा लग्यो
अनि तिनीमाथि एउटा लुगा फ्याँकिदियो ।
**१३**अमासालाई बाटोबाट हटाइसकेपछि सबै
मानिसहरू बिक्रीको छोरा शेबालाई खेद्न भनी
योआबसित गए ।
**१४**शेबा इस्राएलका सबै कुलहरूका बीचबाट
भएर हाबिल-बेथ-माकामा गए अनि तिनी
बरीहरूका सम्पूर्ण प्रान्तबाट भएर गए जोहरू
भेला भएर तिनको पछि लागे । **१५**योआबसित
भएका सबै फौजले आएर शेबालाई हाबिल-
बेथ-माकामा घेरे । तिनीहरूले शहरसम्मै एउटा
घेरा-मचान बनाए अनि त्यो शहरका बाहिरी
पर्खालहरूसम्म पुग्यो । जब तिनीहरूले पर्खाल
ढाल्नलाई त्यसमाथि प्रहार गरिरहेका थिए,
**१६**तब एउटी बुद्धिमती स्त्रीले शहरबाट कराएर
भनिन्, "सुन्नुहोस् ! सुन्नुहोस् ! योआबलाई

---

**२०:१**–१ राजा १२:१६; २ इतिहास १०:१६. **२०:३**–२ शमूएल १६:२२.

यहाँ पठाइदिनुहोस् र म तिनीसित कुरा गर्न
सकूँ ।" **१७**तिनी ऊतिर गए अनि उनले सोधिन्,
"तपाईं योआब हुनुहुन्छ ?"
तिनले जवाफ दिए, "मै हुँ ।"
उनले भनिन्, "तपाईंकी दासीले के भन्न
चाहन्छिन् त्यो सुन्नुहोस् ।"
तिनले भने, "म सुन्दैछु ।"
**१८**उनले भनिन्, "उहिले तिनीहरूले 'जवाफ
पाउन हाबिल जानू' भन्थे र फैसला हुन्थ्यो ।
**१९**हाम्रो शहर इस्राएलका शहरहरूमध्ये एक
शान्तिप्रिय र राजभक्त शहर गनिन्छ । त्यो त
इस्राएलमा एउटा आमाजस्तै छ, अनि तपाईंचाहिँ
त्यसलाई नाश गर्न खोज्नुहुन्छ । तपाईं किन
परमप्रभुको सम्पत्ति नष्ट गर्न चाहनुहुन्छ ?"
**२०**योआबले जवाफ दिए, "मबाट यस्तो
नहोस् ! मबाट निल्ने र नाश गर्ने काम नहोस् !
**२१**मुद्दा यो होइन । एप्रेमको पहाड़ी मुलुकका
बिक्रीको छोरा शेबा नाउँ भएको मानिसले
राजाको विरुद्धमा, दाऊदको विरुद्धमा आफ्नो
हात उठाएको छ । त्यस एक जना मानिसलाई
सुम्पिदेऊ र म शहरबाट हटिजानेछु ।"
त्यस स्त्रीले योआबलाई भनिन्, "त्यसको
शिर पर्खालबाट तपाईंकहाँ फ्याँकिदिइनेछ ।"
**२२**तब त्यो स्त्री आफ्नो बुद्धिपूर्ण सल्लाह
लिएर सबै मानिसहरूकहाँ गइन् अनि तिनीहरूले
बिक्रीको छोरा शेबाको शिर काटेर योआबकहाँ
फ्याँकिदिए । यसकारण तिनले तुरही फुके र
सबै मानिसहरू शहरबाट छरिए र आफ्ना-
आफ्ना घरमा गए । अनि योआब यरूशलेममा
राजाकहाँ फर्केर गए ।
**२३**योआब इस्राएलका सम्पूर्ण फौजमाथि
अधिकारी थिए । यहोयादाका छोरा बनायाह
करेतीहरू र पलेथीहरूमाथि अधिकारी थिए,
**२४**अदोनीराम बेगार खटाउनेहरूका जिम्मेवार
थिए, अहीलूदको छोरा यहोशापात दर्ता गर्ने
थिए, **२५**शेभा सचिव थिए । सादोक र अबियाथार
पूजाहारीहरू थिए, **२६**अनि याईरी ईराचाहिँ
दाऊदका पूजाहारी थिए ।

### गिबोनीहरूको बदला लिइएको

**२१** दाऊदको शासनकालमा लगातार तीन
वर्षसम्म अनिकाल पऱ्यो । यसकारण
दाऊदले परमप्रभुको दर्शन मागे । परमप्रभुले
भन्नुभयो, "यो शाऊलको र त्यसको रगतले
मुछिएको घरानाको कारणले गर्दा हो, यो त्यसले
गिबोनीहरूलाई मारेको कारणले गर्दा हो ।"
**२**राजाले गिबोनीहरूलाई बोलाइपठाए र
तिनीहरूसित कुरा गरे । (गिबोनीहरूचाहिँ
इस्राएलको एउटा भाग थिएनन् तर एमोरीहरूबाट
बाँचेकाहरू थिए । इस्राएलीहरूले तिनीहरूलाई
छोड़िदिने शपथ खाएका थिए, तर शाऊलले
चाहिँ इस्राएल र यहूदाप्रतिको जोशको कारण
तिनीहरूको नाउँनिशानै मेटिदिने कोशिश
गरेका थिए ।) **३**दाऊदले गिबोनीहरूलाई
सोधे, "म तिमीहरूको निम्ति के गरूँ ? म
कसरी सुधार गरूँ र तिमीहरूले परमप्रभुको
उत्तराधिकारलाई आशिष् दिनेछौ ?"
**४**गिबोनीहरूले जवाफ दिए, "हामीसित
शाऊल अथवा तिनको परिवारबाट चाँदी अथवा
सुन दाबी गर्ने अधिकार छैन नता हामीसित
इस्राएलमा कसैलाई मार्ने अधिकारनै छ ।"
दाऊदले सोधे, "तिमीहरूको निम्ति म के
गरूँ भनी तिमीहरू चाहन्छौ ?
**५**तिनीहरूले राजालाई जवाफ दिए,
"हामीहरूलाई नष्ट पार्ने अनि हाम्रो विरुद्धमा
षड्यन्त्र गरेर हामीलाई मार्ने र इस्राएलमा
कहीं पनि ठाउँ नपाउने मानिसको विषयमा
चाहिँ, **६**त्यसका पुरुष सन्तानहरूमध्ये सात
जनालाई हामीद्वारा परमप्रभुका चुनिएका
शाऊलको गिबामा परमप्रभुको सामुन्ने
मारिनालाई दिइयोस् ।"
यसकारण राजाले भने, "म तिनीहरूलाई
तिमीहरूकहाँ दिनेछु ।"
**७**राजाले दाऊद र शाऊलका छोरा
जोनाथनका बीचमा परमप्रभुको सामुन्ने भएको
शपथको कारण शाऊलका छोरा जोनाथनका
छोरा मपीबोशेतलाई बचाइराखे । **८**तर राजाले

---

**२१:२**–यहोशू ९:३-१५. **२१:७**–१ शमूएल २०:१५-१७; २ शमूएल ९:१-७. **२१:८**–१ शमूएल १८:१९.

अय्याकी छोरी रिश्पाले शाऊलबाट जन्माएका
दुई छोराहरू आरमोनी र मपीबोशेतको साथमा
शाऊलकी छोरी मेराबले महोलाती बर्जिल्लैका
छोरा अद्रीएलबाट जन्माएका पाँच जना
छोराहरूलाई लिए । **९**तिनले तिनीहरूलाई
गिबोनीहरूकहाँ दिए जोहरूले तिनीहरूलाई
मारेर परमप्रभुको सामुन्ने एउटा डाँड़ामा खुला
राखिदिए। ती सातै जना एकैसाथ मरे। तिनीहरू
कटनीका पहिलेका पाँच दिनमा जौको कटनी
शुरू हुँदा मारिए ।

**१०**अय्याकी छोरी रिश्पाले भाङ्ग्रा लिएर
आफ्नै निम्ति त्यसलाई एउटा पहरामा
ओछ्याइन्। कटनीको शुरूदेखि ती शरीरहरूमाथि
आकाशबाट पानी नपरेसम्म तिनले दिउँसो
आकाशका चराहरूले अनि राती जङ्गली
पशुहरूले तिनीहरूलाई छुन दिइनन् । **११**जब
दाऊदलाई शाऊलकी उप-पत्नी रिश्पा, अर्थात्
अय्याकी छोरीले जे गरेकी थिइन् त्यो बताइयो,
**१२**तिनी गए अनि याबेश गिलादका नगर
बासीहरूबाट शाऊल र तिनका छोरा जोनाथनका
हड्डीहरू लिए । (तिनीहरूले बेथ-शानको
चोकबाट ती सुटुक्कै लगेका थिए, जहाँ
पलिश्तीहरूले शाऊललाई गिल्बोमा मारेपछि
झुण्डयाइदिएका थिए) ।

**१३**दाऊदले त्यहाँबाट शाऊल र जोनाथनका
हड्डीहरू र ती मारिएर खुला छोड़िदिएकाहरूका
हड्डीहरूको थुप्रो लगाए ।

**१४**तिनीहरूले शाऊल र तिनका छोरा
जोनाथनका हड्डीहरूलाई बेन्यामीनमा सला
भन्ने ठाउँमा शाऊलका पिता कीशको चिहानमा
गाड़िदिए, अनि राजाले आज्ञा दिएको प्रत्येक
कुरा गरे। त्यसपछि परमप्रभुले देशको पक्षमा
प्रार्थनाको जवाफ दिनुभयो ।

### पलिश्तीहरूको विरुद्धमा लड़ाइँ

**१५**फेरि एकपल्ट पलिश्तीहरू र इस्राएलीहरूको
बीचमा लड़ाइँ भयो । दाऊद आफ्ना
मानिसहरूसित पलिश्तीहरूको विरुद्धमा लड़न
भनी ओर्ले अनि अति थाके । **१६**अनि रफाका
सन्तान इश्बी-बनोबले जसको काँसाको भाला
तीन सय शेकेल ओजनको थियो, अनि जसले
एउटा नयाँ तरवार भिरेको थियो, दाऊदलाई
मार्छु भन्यो । **१७**तर दाऊदलाई छुटाउन
भनी सरूयाहका छोरा अबीशै आएर त्यस
पलिश्तीलाई प्रहार गरेर मारिदिए। तब दाऊदका
मानिसहरूले तिनीसित शपथ खाएर भने, "अब
फेरि तपाईं हामीसित लड़ाइँमा नजानुहोस् र
इस्राएलको बत्ती ननिभोस् ।"

**१८**समय बित्दै जाँदा गोबमा पलिश्तीहरूसित
अर्को लड़ाइँ भयो । त्यस बेला हूशातीका
सिब्बकैले रफाका सन्तानहरूमध्ये एक जना
सफलाई मारे ।

**१९**पलिश्तीहरूसित गोबमा भएको अर्को
लड़ाइँमा बेथलेहेमबासी यारे-ओरेगीमको
छोरा एल्हानानले गित्ती गोल्यतलाई मारे, जसको
भालाको बिँड़ जुलाहाको लुगा बनाउने ड़ण्ड़ा
जस्तो थियो ।

**२०**गातमा भएको अझ अर्को लड़ाइँमा
हातमा छ ओटा औंलाहरू र खुट्टामा छ ओटा
औंलाहरू भएका, अर्थात् जम्मा चौबीसओटा
औंलाहरू भएको ठूलो आकृतिको मानिस
थियो। त्यो पनि रफाकै बंशको थियो। **२१**जब
त्यसले इस्राएललाई खिसी गर्‍यो दाऊदका दाज्यू
शिमीका छोरा जोनाथनले त्यसलाई मारे ।

**२२**यी चार जना गातमा भएको रफाका
सन्तानहरू थिए अनि तिनीहरू दाऊद र तिनका
मानिसहरूका हातबाट मारिए ।

### दाऊदको प्रशंसाको गीत

**२२** परमप्रभुले दाऊदलाई आफ्ना शत्रुहरूका
हातबाट अनि शाऊलका हातबाट
छुटाउनुहुँदा तिनले परमप्रभुकहाँ यी शब्दहरू
गीतमा गाए । **२**तिनले भने:

"परमप्रभु मेरो चट्टान र किल्ला अनि

---

**२१:१२**–१ शमूएल ३१:८-१३. **२१:१५-२२**–१ इतिहास २०:४-८. **२१:१७**–१ राजा ११:३६; भजनसंग्रह १३२:१७.
**२२:१-५१** –भजनसंग्रह १८.

मलाई छुट्कारा दिने हुनुहुन्छ,
३ मेरो परमेश्वर मेरा चट्टान हुनुहुन्छ
जसमा म शरण लिन्छु,
मेरो ढाल अनि मेरा मुक्तिका सीङ
हुनुहुन्छ ।
उहाँ मेरो गढ़, मेरो शरणस्थान
अनि मेरो मुक्तिदाता हुनुहुन्छ
हिँस्रक मानिसहरूबाट तपाईंले मलाई
बचाउनुहुन्छ ।
४ म परमप्रभुलाई पुकार्छु, जो प्रशंसाका
योग्य हुनुहुन्छ–
अनि म मेरा शत्रुहरूदेखि बचाइन्छु ।

५ "मृत्युका छालहरूले मलाई घेरे,
विनाशका प्रचण्ड स्रोतले मलाई व्याकुल
बनायो ।
६ मेरा चारैतिर चिहानका डोरीहरू
बाँधिएका थिए;
मृत्युका पासोहरूले मलाई घेरे ।
७ मेरो विपत्तिमा मैले परमप्रभुलाई
पुकारें,
मैले मेरा परमेश्वरलाई पुकारें ।
आफ्नो मन्दिरबाट उहाँले मेरो आवाज
सुन्नुभयो;
मेरो चित्कारहरू उहाँका कानमा
पुग्यो ।

८ "पृथ्वी काँप्यो अनि भैंचालो गयो,
स्वर्गका जगहरू हल्लिए;
उहाँ रिसाउनुभएकोले ती काँपे ।
९ उहाँका नाकका प्वालहरूबाट धुवाँ
निस्क्यो;
उहाँको मुखबाट भष्म गर्ने आगो
निस्क्यो,
त्यसबाट जल्दैगरेका कोइलाहरू
दन्केर निस्के ।
१० उहाँ स्वर्ग फटाएर तल आउनुभयो;
कालो बादल उहाँका पाउमुनि थियो ।
११ उहाँ करूबहरूमाथि सवारभएर
उड्नुभयो;
उहाँ बतासका पखेटामा माथि हानिएर
जानुभयो ।
१२ उहाँले अन्धकारलाई आफ्नो चारैतिर
आफूलाई ढाक्ने बनाउनुभयो–
अर्थात् पानी बोकेका आकाशका कालो
बादललाई आफ्नो ओढ्ने बनाउनुभयो ।
१३ उहाँको उपस्थितिको उज्यालोबाट
बिजुली चम्क्यो अनि चट्याङ पड्क्यो ।
१४ परमप्रभु स्वर्गबाट गर्जनुभयो;
सर्वोच्चको आवाज गुञ्जायमान भयो ।
१५ उहाँले काँड हानेर शत्रुहरूलाई छरपष्ट
पारिदिनुभयो,
बिजुली र चटयाङले तिनीहरूलाई स्वाहा
पारे ।
१६ समुद्रका भन्ज्याङहरू उदाङ्गो भए
पृथ्वीका जगहरू नाङ्गो देखा परे
परमप्रभुको हप्काइमा
उहाँका नाकका प्वालहरूबाट निस्केका
झोंकामा ।

१७ "उहाँले माथिबाट मलाई भेट्टाएर
पक्रनुभयो;
उहाँले मलाई गहीरो पानीबाट
निकाल्नुभयो ।
१८ उहाँले मलाई मेरो बलवान् शत्रुबाट
छुटाउनुभयो,
मेरो निम्ति अति बलवान् मेरा
शत्रुहरूबाट ।
१९ तिनीहरूले मेरो विपत्तिका दिनहरूमा
मेरो विरोध गरे,
तर परमप्रभु मेरा सहारा हुनुहुन्थ्यो ।
२० उहाँले मलाई एउटा खुला ठाउँमा
ल्याउनुभयो
उहाँ मसित प्रसन्न हुनुभएकोले उहाँले
मलाई छुटाउनुभयो ।

२१ "परमप्रभुले मप्रति मेरो धार्मिकताअनुसार
व्यवहार गर्नुभयो;
मेरा हातहरूको सफाइअनुसार उहाँले
मलाई इनाम दिनुभएको छ ।
२२ किनकि मैले परमप्रभुको मार्गलाई
पछ्याएको छु;

मैले मेरा परमप्रभुबाट तर्किएर दुष्ट
काम गरेको छैनँ ।
२३ उहाँका सबै व्यवस्थाहरू मेरा सामुन्ने
छन्;
म उहाँका नियमहरूबाट तर्किएको छैनँ ।
२४ म उहाँको सामुन्ने निर्दोष रहेको छु
र म पापदेखि अलग रहेको छु ।
२५ परमप्रभुले मलाई मेरो धार्मिकताअनुसार
इनाम दिनुभएको छ,
उहाँको दृष्टिमा मेरो शुद्धताअनुसार ।
२६ "विश्वासयोग्यहरूप्रति तपाईं
विश्वासयोग्य देखिनुहुन्छ,
निर्दोषहरूप्रति तपाईं निर्दोष देखिनुहुन्छ ।
२७ शुद्धहरूप्रति तपाईं शुद्ध देखिनुहुन्छ
तर बाङ्गाहरूप्रति तपाईं धूर्त
देखिनुहुन्छ ।
२८ तपाईंले नम्रहरूलाई बचाउनुहुन्छ,
तर अभिमानीहरूलाई झुकाउन तपाईंको
नजर तिनीहरूमाथि रहेको हुन्छ ।
२९ हे परमप्रभु, तपाईं मेरा बत्ती हुनुहुन्छ;
परमप्रभुले मेरो अँध्यारोलाई उज्यालोमा
परिणत गर्नुहुन्छ ।
३० तपाईंको सहायताले म एउटा फौजको
विरुद्धमा अगि बढ्नसक्छु;
मेरा परमप्रभुसित म पर्खाल चढ्न
सक्छु ।

३१ "परमप्रभुको लागि, उहाँको मार्ग त
सिद्ध छ;
परमप्रभुको वचन त्रुटिरहित छ ।
उहाँमा शरणलिने सबैका निम्ति उहाँ
एउटा ढाल हुनुहुन्छ ।
३२ किनकि परमप्रभुबाहेक अरू को
परमेश्वर छ र ?
अनि हाम्रा परमप्रभुबाहेक अरू चट्टान
को छ र ?
३३ उहाँ परमप्रभु नै हुनुहुन्छ जसले मलाई
शक्तिले सुसज्जित पार्नुहुन्छ
अनि मेरा मार्गलाई सिद्ध पार्नुहुन्छ ।
३४ उहाँले मेरा पाउलाई मृगका झैँ
बनाउनुहुन्छ
उहाँले मलाई अग्ला ठाउँहरूमा खड़ा
रहनसक्ने बनाउनुहुन्छ ।
३५ उहाँले मेरा हातहरूलाई लड़ाइँको निम्ति
तालिम दिनुहुन्छ;
मेरो पाखुराले काँसाको धनु दोबार्न सक्छ ।
३६ तपाईंले मलाई आफ्नो विजयको ढाल
दिनुहुन्छ;
मलाई महान् बनाउनलाई तपाईं
झुक्नुहुन्छ ।
३७ मेरा गोलीगाँठाहरू नफर्कून् भनेर
तपाईंले मेरो बाटोलाई मेरो मुन्तिर
चौड़ा बनाउनुहुन्छ ।

३८ "मैले आफ्ना शत्रुहरूलाई खेदेर धूलो-
पीठो बनाएँ;
तिनीहरू नष्ट नभएसम्म म पछि फर्किन ।
३९ मैले तिनीहरूलाई खतम पारें,
तिनीहरू फेरि उठ्न सकेनन्;
तिनीहरू मेरा पाउमुनि लोटे ।
४० तपाईंले लड़ाइँको निम्ति मलाई शक्तिले
सुसज्जित पार्नुभयो;
तपाईंले मेरा विरोधीहरूलाई मेरा पाउमा
झुक्ने बनाउनुभयो ।
४१ तपाईंले मेरा शत्रुहरूलाई पिठ्यूँ देखाएर
भाग्ने बनाउनुभयो,
र मैले मेरा शत्रुहरूलाई नष्ट पारें ।
४२ तिनीहरू सहायताको निम्ति कराए,
तर तिनीहरूलाई बचाउने कोही थिएन–
तिनीहरूले परमप्रभुलाई पुकारे,
तर उहाँले जवाफ दिनुभएन ।
४३ मैले तिनीहरूलाई पृथ्वीको धूलोझैँ पीटें;
मैले तिनीहरूलाई सड़कका हिलोझैँ
कुल्चिमिल्चि गरें ।

४४ "तपाईंले मलाई मेरा मानिसहरूका
आक्रमणकारीहरूबाट छुटाउनुभयो;

**२२:३४**–हबकूक ३:१९.

तपाईंले मलाई राष्ट्रहरूको प्रमुखझैँ
जोगाइराख्नुभयो ।
मैले नजानेका मानिसहरू मेरा अधीनमा
छन्,
४५ अनि परदेशीहरू मकहाँ झुकेर आउँछन्;
तिनीहरूले मेरो सोर सुन्नासाथ मेरो आज्ञा
पालन गर्छन् ।
४६ तिनीहरू सबै कातर हुन्छन्;
तिनीहरू आफ्ना किल्लाहरूबाट काँप्दै
निस्कन्छन् ।

४७ "परमप्रभु जिउनुहुन्छ !
मेरा चट्टानलाई प्रशंसा होस् !
परमेश्वर, मेरा चट्टान, मेरा मुक्तिदाता
उच्च पारिऊन् !
४८ उहाँ परमेश्वर हुनुहुन्छ,
जसले मेरो बदला लिनुहुन्छ,
उहाँले नै मानिसहरूलाई मेरो अधीनमा
पार्नुहुन्छ ।
४९ जसले मलाई मेरा शत्रुहरूबाट मुक्त
गर्नुहुन्छ ।
तपाईंले मेरा शत्रुहरूमाथि मलाई
उच्च पार्नुभयो,
हिँस्रक मानिसहरूबाट तपाईंले मलाई
छुटाउनुभयो ।
५० यसैकारण हे परमप्रभु, म तपाईंलाई
जातिहरूको बीचमा प्रशंसा गर्नेछु;
म तपाईंको नाउँको प्रशंसा गाउनेछु ।
५१ उहाँले आफ्ना राजालाई महान्
विजयहरू दिनुहुन्छ;
र उहाँका अभिषिक्त जन दाऊद र तिनका
वंशमाथि
उहाँले सदासर्वदा आफ्नो अचूक करूणा
देखाउनुहुन्छ ।"

## दाऊदका अन्तिम वचनहरू

२३ दाऊदका अन्तिम वचनहरू यिनै हुन्:
"यिशैका छोरा दाऊदका दिव्यवाणी,
सर्वोच्चद्वारा उच्च पारिएका मानिस
याकूबका परमेश्वरद्वारा अभिषेक
गरिएका इस्राएलका गीतहरूका
गायकको दिव्यवाणी:

२ "परमप्रभुको आत्मा मद्वारा बोल्नुभयो;
उहाँको वचन मेरो जिब्रोमा थियो ।
३ इस्राएलका परमेश्वर बोल्नुभयो,
इस्राएलका चट्टानले मलाई भन्नुभयो:
'जसले मानिसहरूमाथि धार्मिकतामा
शासन गर्छ,
जसले परमेश्वरको डर राखेर शासन
गर्छ,
४ त्यो सूर्योदय हुँदा बादलरहितका बिहानको
ज्योतिजस्तै छ,
त्योचाँहि पानी परेपछि जमिनबाट घाँस
उमार्ने उज्यालोजस्तै छ ।"

५ "के मेरो घराना परमेश्वरसित ठीक छैन ?
के उहाँले मसित प्रत्येक भागमा मिलाइएको
अनि सुरक्षित राखिएको सदासर्वदाको
करार बाँध्नुभएको छैन ?
के उहाँले मेरो मुक्तिलाई आनन्दमय
बनाउनुहुने छैन ?
अनि मलाई मेरो प्रत्येक इच्छा पूरा
गर्नुहुन्न ?
६ तर दुष्ट मानिसहरू त काँड़ाझैँ
फालिनेछन्,
जोहरू हातले बटुलिनेछैनन् ।
७ जसले काँड़ालाई छुन्छ
त्यसले फलामको औजार अथवा भालाको
बिँड़ चलाउँछ;
तिनीहरू आफू रहेको ठाउँमै
जलाइन्छन् ।"

## दाऊदका पराक्रमी मानिसहरू

८ दाऊदका पराक्रमी मानिसहरूका नाउँ
यिनै हुन्:
तहकमोनी योशब-बश्शेबत, जो तीन

**२२:५०**–रोमी १५:९.

जनामध्ये मुख्य थिए । तिनले आफ्नो भाला
प्रयोग गरेर एकैपल्टको सामनामा आठ सय
जनालाई मारे ।

**९**तिनको पछि अहोही दोदैका छोरा एलाजार
थिए । तीन जना पराक्रमी मानिसहरूमध्ये एक
जना भएको नाताले तिनीहरूले लड़ाइँको निम्ति
पास-दम्मीममा भेला भएका पलिश्तीहरूलाई
गिज्याउँदा तिनी दाऊदसित थिए । तब
इस्राएलका मानिसहरू पछि सरे, **१०**तर आफ्नै
ठाउँमा खड़ा रहेर आफ्नो हात गलेर तरवारमै
नटाँसेसम्म तिनले पलिश्तीहरूलाई प्रहार
गरिबसे । परमप्रभुले त्यस दिन एउटा ठूलो
विजय ल्याउनुभयो । फौजचाहिँ मरेकाहरूलाई
लुट्नको लागि मात्र एलाजारकहाँ फर्के ।

**११**तिनको पछि हरारी आगीका छोरा शम्मा
थिए । जब पलिश्तीहरू दालको एउटा खेत
भएको ठाउँमा भेला भए, इस्राएली फौज
तिनीहरूबाट भागे । **१२**तर शम्माचाहिँ त्यस
खेतमा स्थिर भएर बसे । तिनले त्यस खेतको
रक्षा गरेर पलिश्तीहरूलाई मारे र परमप्रभुले
एउटा ठूलो विजय ल्याउनुभयो ।

**१३**कटनीको समयमा तीस जना मुखियाहरू-
मध्ये तीन जना अदुल्लामको गुफामा दाऊदकहाँ
आए जब कि एक दल पलिश्तीहरू रपाईमा
भेला भएका थिए । **१४**त्यस बेला दाऊद
किल्लामा थिए अनि पलिश्ती रक्षक-सेनाचाहिँ
बेथलेहेममा थियो । **१५**दाऊदलाई तिर्खा लाग्यो
अनि तिनले भने, "अहो, यदि कसैले बेथलेहेमको
मूलढोकाको छेउमा भएको कुवाको पानी पिउनलाई
मलाई ल्याइदिएको भएता हुनेथियो !"
**१६**यसकारण ती तीन जना पराक्रमी मानिसहरू
पलिश्तीहरूको बीचबाट छिरेर गए, बेथलेहेमको
मूलढोकाको छेउको कुवाबाट पानी उघाए र
त्यसलाई लिएर दाऊदकहाँ फर्किआए । तर
तिनले त्यो पिउन इन्कार गरे । पिउनको
सट्टा तिनले त्यसलाई परमप्रभुको सामुन्ने
खन्याइदिए । **१७**तिनले भने, "हे परमप्रभु मबाट
यस्तो काम गर्नु टाढ़ै रहोस् । के यो आफ्ना
प्राणलाई जोखिममा पारेर जाने मानिसहरूको
रगत होइन ?" अनि दाऊदले त्यो पिएनन् ।

ती तीन जनाको वीरताको काम यस्तै
थियो । **१८**सरूयाहका छोरा योआबको भाइ
अबीशैचाहिँ यी तीनका मुखिया थिए । तिनले
तीन हजार मानिसहरूको विरुद्धमा आफ्नो भाला
उठाएर तिनीहरूलाई मारे र तिनी ती तीन
जनाझैँ प्रख्यात भए । **१९**के ती तीन जनाभन्दा
तिनको बढ़ी आदर भएको थिएन ? तिनी
उनीहरूको बीचमा सम्मिलित नभए तापनि
तिनी उनीहरूका कप्तान भए । **२०**यहोयादाका
छोरा कब्सेलका बनायाह एक जना वीर
योद्धा थिए जसले सराहनीय कामहरू गरेका
थिए । तिनले योआबका दुई जना सर्वोत्तम
मानिसहरूलाई मारे । हिउँ परेको दिन एउटा
खाड़लमा गएर तिनले एउटा सिंहलाई पनि
मारे । **२१**अनि तिनले एक जना ठूलो आकृति
भएको मिश्रीलाई मारे । त्यस मिश्रीको हातमा
एउटा भाला भए तापनि बनायाह त्यसको
विरुद्धमा एउटा लहुरो लिएर गए । तिनले त्यस
मिश्रीको हातबाट भाला खोसे अनि त्यसलाई
त्यसकै भालाले मारे । **२२**यहोयादाका छोरा
बनायाहका उल्लेखनीय कामहरू यस्तै थिए ।
तिनी पनि ती तीन जना पराक्रमी मानिसहरूझैँ
प्रख्यात थिए । **२३**तिनको सम्मान तीस जनाको
भन्दा बढ़ी थियो, तर तिनी ती तीन जनासित
सम्मिलित गरिएनन् । अनि दाऊदले तिनलाई
आफ्ना अङ्ग-रक्षकहरूमाथि मुखिया नियुक्त
गरे ।

**२४**ती तीस जनामा यी व्यक्तिहरू थिए:

योआबका भाइ असाहेल,
बेथलेहेमबासी दोदैका छोरा एल्हानान,
**२५** हरोदी शम्मा,
हरोदी एलीका,
**२६** पल्ती हेलेस,
तकोका इक्केशका छोरा ईरा,
**२७** अनातोतका अबीएजेर,

**२३:८–३९**–१ इतिहास ११:१०-४१.

हूशाती मबुन्ने,
२८ अहोही सल्मोन,
नतोपी महरै,
२९ नतोपाती बनाहका छोरा हेलेद,
बेन्यामीनको गीबाका रीबैका छोरा ईथै,
३० पिरातोनी बनायाह,
गाशका खोल्साका हिद्दै,
३१ अर्बाती अब्बी-अल्बोन,
बरहूमी अज्मावेत ।
३२ शाल्बोनी एल्याहबा,
याशेनका छोराहरू
३३ हरारी शम्माका छोरा जोनाथन,
हरारी शरारका छोरा अहीआम,
३४ माकाती आहसबैका छोरा एलीपेलेत,
गीलोनी अहीतोपेलका छोरा एलीआम,
३५ कर्मेल हेस्रो,
अर्बी पारै,
३६ सोबाका नातानका छोरा यिगाल,
हग्रीका छोरा,
३७ अम्मोनी सेलेक,
बेरोती नहरै, जो सरूयाहका छोरा,
योआबका हतियार बोक्ने थिए,
३८ यित्री ईरा,
यित्ती गारेब
३९ अनि हित्ती उरियाह ।
सबै जम्मा सैंतीस जना थिए ।

**दाऊदले लड़ाकु मानिसहरूका गन्ती लिएका**

२४ फेरि इस्राएलको विरुद्धमा परमप्रभुको
क्रोध दन्क्यो र उहाँले दाऊदलाई
"गएर इस्राएल र यहूदाको जन गणना गर्नू"
भनेर सुऱ्याउनुभयो ।"
२यसकारण दाऊदले योआब र तिनका
अधीनमा भएका फौजका कप्तानहरूलाई भने,
"दानदेखि बेर्शेबासम्म इस्राएलका कुलहरूमा
गएर लड़ाकु मानिसहरूको सङ्ख्या लिनू, र
त्यहाँ कति छन् भनी म जान्न सकूँ ।"
३तर योआबले राजालाई जवाफ दिए,
"परमप्रभु तपाईंका परमेश्वरले तपाईंका
फौजलाई सय गुणा बढ़ाइदेऊन् र मेरा मालिक
महाराजाका आँखाले त्यसलाई देखून् । तर
मेरा मालिक महाराजाले यस्तो काम किन गर्न
चाहानुहुन्छ ?"
४तरै पनि राजाको कुराले योआब र फौजका
कप्तानहरूका कुरालाई काटिदियो । यसकारण
इस्राएलका लड़ाकु मानिसहरूको सङ्ख्या लिन
तिनीहरू राजाकहाँबाट गए ।
५यर्दन पार गरेपछि घाटीमा भएको
शहरको दक्षिणतिर अरोएरको छेउमा तिनीहरूले
छाउनी हाले र तिनीहरू गाद भएर याजेर
पुगे । ६तिनीहरू गिलादमा अनि तातीम-
होदशीको इलाकामा गए अनि त्यहाँबाट दान-
यानको चारैतिरबाट सीदोनपट्टि गए ।
७तब तिनीहरू टायरका किल्ला र हिव्बी र
कनानीहरूका सबै शहरहरूतिर गए । अन्तमा,
तिनी यहूदाको नेगेवमा भएको बेर्शेबामा गए ।
८तिनीहरू देशको सम्पूर्ण भागमा
गइसकेपछि तिनी नौ महिना बीस दिनको
अन्तमा यरूशलेममा फर्केर आए ।
९योआबले राजालाई लड़ाकु मानिसहरूको
सङ्ख्या बताइदिए: इस्राएलमा तरवार
चलाउनसक्ने योग्यका मानिसहरू आठ लाख
र यहूदामा पाँच लाख थिए ।
१०आफूले लड़ाकु मानिसहरूको सङ्ख्या
लिइसकेपछि दाऊदको विवेकले तिनलाई सतायो
र तिनले परमप्रभुलाई भने, "मैले गरेको काममा
मैले ठूलो पाप गरें । अब, हे परमप्रभु, तपाईंको
दासको कसुर लैजानुहोस् । मैले एउटा अति
मूर्ख काम गरें ।"
११भोलि बिहान दाऊद उठ्नअघि परमप्रभुको
वचन अगमवक्ता गाद अर्थात् दाऊदका
भविष्यवक्ताकहाँ यसरी आइसकेको थियो:
१२"गएर दाऊदलाई भन्, "परमप्रभु यसो
भन्नुहुन्छ: म तँलाई तीनओटा कुराहरू चुन्न
दिन्छु । तीमध्ये मेरो निम्ति तेरो विरुद्धमा मैले
गर्नलाई एउटा चुन्नू ।"
१३यसकारण दाऊदकहाँ गएर गादले
तिनलाई भने, "के तपाईंको देशमा तीन
वर्षको अनिकाल आओस् ? अथवा तपाईं तीन
महिनासम्म आफ्ना शत्रुहरूद्वारा खेदिनु परोस् ?

अथवा तपाईंको देशमा तीन दिनको रूढ़ी
आओस् ? त्यसो भए, अब विचार गर्नुहोस् र
मैले मलाई पठाउनुहुनेलाई कसरी जवाफ
दिनुपर्छ त्यो निर्णय लिनुहोस् ।”
**१४**दाऊदले गादलाई भने, “म ठूलो संकष्टमा
परेको छु । हामीलाई परमप्रभुको हातमा पर्न
दिनुहोस्, किनकि उहाँको कृपा महान् छ; तर
मलाई मानिसहरूका हातमा पर्न नदिनुहोस् ।”
**१५**यसकारण परमप्रभुले इस्राएलमाथि त्यस
बिहानदेखि तोकिएको समयसम्म एउटा रूढ़ी
पठाउनुभयो र दानदेखि बेर्शेबासम्म सत्तरी
हजार मानिसहरू मरे । **१६**जब स्वर्गदूतले
यरूशलेमलाई नष्ट गर्न आफ्नो हात पसारे,
परमप्रभुले त्यस विपत्तिको कारण दु:ख
मान्नुभयो र मानिसहरूलाई कष्ट दिइरहेका
त्यस स्वर्गदूतलाई भन्नुभयो, “यथेष्ट भयो !
तिम्रो हात आफूतिर तान ।” त्यस बेला
परमप्रभुको दूत यबूसी अरौनाको खलामा
उभिरहेका थिए ।
**१७**जब दाऊदले मानिसहरूलाई प्रहार
गरिरहेका स्वर्गदूतलाई देखे, तिनले परमप्रभुलाई
भने, “पाप गर्ने र भूल गर्ने व्यक्ति म हुँ ।
यिनीहरू त भेड़ाहरू मात्र हुन् । तिनीहरूले
के गरेका छन् र ? तपाईंको हात म र मेरो
परिवारमाथि परोस् ।”

### दाऊदले वेदी बनाएका

**१८**त्यस दिन गाद दाऊदकहाँ गए र तिनलाई
भने, “माथि गएर यबूसी अरौनाको खलामा
परमप्रभुको निम्ति एउटा वेदी बनाउनुहोस् ।”
**१९**यसकारण परमप्रभुले गादद्वारा आज्ञा गर्नुभएझैं
दाऊद माथि गए । **२०**जब अरौनाले हेरे अनि
राजा र तिनका मानिसहरूलाई आफूतिर
आइरहेका देखे तिनले गएर राजालाई घोप्टेर
दण्डवत् गरे ।
**२१**अरौनाले भने, “मेरा मालिक महाराजा
किन आफ्नो दासकहाँ आउनुभयो ?”
दाऊदले जवाफ दिए, “मानिसहरूमाथि
आएको रुढ़ी थामिओस् भनेर परमप्रभुको निम्ति
एउटा वेदी बनाऊँ भनेर तिम्रो खला किन्नलाई
आएको हुँ ।”
**२२**अरौनाले दाऊदलाई भने, “मेरा मालिक
महाराजालाई खुशी लागेअनुसार लिएर
चढ़ाउनुहोस् । होमबलि चढ़ाउनलाई गोरुहरू
यहाँ छन् र दाउराको निम्ति दाइँ गर्ने काठहरू
र गोरुका जुवा पनि यहाँ छन् । **२३**हे महाराज,
अरौनाले यी सबै राजालाई दिइरहेछ ।”
अरौनाले तिनलाई यो पनि भने, “परमप्रभु
तपाईंका परमेश्वरले तपाईंलाई ग्रहण गरून् ।”
**२४**तर राजाले अरौनालाई जवाफ दिए,
“होइन, म यसको दाम तिमीलाई दिने कुरामा
जोर दिन्छु । म परमप्रभु मेरा परमेश्वरकहाँ
विना मूल्यको होमबलि चढ़ाउनेछैनँ ।”
यसकारण दाऊदले त्यस खला र गोरुहरूको
निम्ति चाँदीका पचास शेकेल दाम हालेर ती
किने । **२५**दाऊदले त्यहाँ परमप्रभुको निम्ति
एउटा वेदी बनाएर त्यसमा होमबलि र मेल
बलि चढ़ाए । तब परमप्रभुले देशको पक्षमा
प्रार्थना सुन्नुभयो र इस्राएलमाथिको रूढ़ी
थामियो ।

# राजाहरूको पहिलो पुस्तक

**अदोनियाहले आफैलाई राजा बनाएका**

**१** जब दाऊद राजा वृद्ध भएर तिनको उमेर
ढल्किसकेको थियो, तिनलाई लुगा
ओढ़ाइदिँदा पनि तिनलाई न्यानो हुँदैनथ्यो ।
**२**यसकारण तिनका नोकरहरूले तिनलाई भने,
“राजालाई रेखदेख गर्न र उहाँको स्याहार-सुसार
गर्नलाई हामी एउटी कन्ये-केटी खोज्नेछौं ।
हाम्रा मालिक महाराजालाई न्यानो पार्न त्यो
हजूरसँगै सुतोस् ।”

**३**तब तिनीहरूले इस्राएलभरि एउटी सुन्दरी
केटीलाई खोजे र शूनम्मी अबीशगलाई भेट्टाएर
त्यसलाई राजाकहाँ ल्याए । **४**ती केटी अति
सुन्दरी थिइन् । तिनले राजाको स्याहार-सुसार
र रेखदेख गरिन्, तर राजाले तिनीसँग घनिष्ट
सम्बन्ध राखेनन् ।

**५**अब अदोनियाहले, जसकी आमा हग्गीत
थिइन्, अगि सरेर भने, “म राजा हुनेछु ।”
यसकारण तिनले रथहरू र आफ्नो अगिअगि
दौड़नलाई पचास मानिसहरू ठीक पारे ।
**६**(तिनका पिताले ‘तँ किन यस्तो व्यवहार
गर्छस् ?’ भनेर कहिले पनि तिनलाई हस्तक्षेप
गरेनन् । तिनी पनि अति सुन्दर थिए र
अब्शालोमको ठीक पछि जन्मेका थिए) ।

**७**अदोनियाहले सरूयाहका छोरा योआब र
पूजाहारी एबीयातारसित कुराकानी गरे अनि
तिनीहरूले तिनलाई आफ्नो समर्थन दिए । **८**तर
पूजाहारी सादोक, यहोयादाका छोरा बनायाह,
अगमवक्ता नातान, शिमी, रेई र दाऊदका
विशेष अङ्गरक्षकचाहिँ अदोनियाहसित मिलेनन् ।

**९**तब अदोनियाहले एन-रोगेलको छेउमा
भएको जोहेलेतको ढुङ्गामा भेड़ा, गाईबस्तु र
पोसेका बाछाहरू बलिदान गरे । तिनले राजाका
छोराहरू, अर्थात् आफ्ना सबै दाज्यूभाइहरूलाई
र यहूदाका सबै शाही अधिकारीहरूलाई
निम्त्याए, **१०**तर तिनले अगमवक्ता नातान अथवा
बनायाह अथवा विशेष अङ्गरक्षक अथवा तिनका
भाइ सुलेमानलाई चाहिँ निम्त्याएनन् ।

**११**तब नातानले सुलेमानकी आमा
बेतशेबालाई सोधे, “के हाग्गीतका छोरा
अदोनियाह तिम्रा स्वामी दाऊदले थाहै नपाई
राजा भएको तिमीले सुनेकी छैनौ ? **१२**अब
तिमीले आफ्नो प्राण र तिम्रा छोरा सुलेमानको
प्राण कसरी बचाउन सकिन्छ सो म तिमीलाई
सल्लाह दिनेछु । **१३**दाऊद राजाकहाँ भित्र गएर
तिनलाई यसो भन्नू, ‘मेरा स्वामी महाराजा, के
तपाईंले म तपाईंकी दासीलाई मपछि तिम्रो छोरा
सुलेमान निश्चय राजा हुनेछ र त्यो मेरो
सिंहासनमा बस्नेछ भनेर शपथ खानुभएको
थिएन ? त्यसोभए अदोनियाह किन राजा भए ?’
**१४**तिमी राजासित कुरा गर्दागर्दै भित्र आएर
तिमीले भनेको कुरालाई म समर्थन गर्नेछु ।”

**१५**यसकारण बेतशेबा वृद्ध भएका राजालाई
भेट्न भित्र तिनको कोठामा गइन् जहाँ शुनम्मी
अबीशगले तिनको स्याहारसुसार गरिरहेकी
थिइन् । **१६**बेतशेबाले राजाको सामुन्ने झुकेर
घुँड़ा टेकिन् ।

राजाले सोधे, “तिमी के चाहन्छ्यौ ?”

**१७**तिनले राजालाई भनिन्, “मेरा स्वामी,
तपाईं आफैले म तपाईंकी दासीलाई ‘तिम्रो
छोरा सुलेमान मपछि राजा हुनेछ र त्यो मेरो
सिंहासनमा बस्नेछ’ भनी परमप्रभु तपाईंका
परमेश्वरको नाउँमा शपथ खानुभएको थियो ।
**१८**तर अब अदोनियाह राजा भएका छन् अनि
तपाईं, मेरा स्वामी महाराजालाई यो कुरा थाहै
छैन । **१९**तिनले धेरै सङ्ख्यामा पशुहरू, पोसेका
बाछाहरू र भेड़ाहरू बलिदान गरेर राजाका

---

**१:५**–२ शमूएल ३:४. **१:११**–२ शमूएल १२:२४.

छोराहरूलाई, पूजाहारी एबीयातारलाई र
तपाईंका फौजका कप्तान योआबलाई निम्तो
दिएका छन्, तर तिनले तपाईंको दास
सुलेमानलाई निम्त्याएका छैनन् । **२०**मेरा स्वामी
महाराजा, सारा इस्राएलले मेरा स्वामी
महाराजा पछि उहाँको सिंहासानमा को बस्नेछ
भनी जान्नलाई तपाईंतिर हेरिरहेका छन् । **२१**नत्र
त मेरा स्वामी महाराजा आफ्ना पुर्खाहरूसित
विश्राममा प्रवेश गर्नासाथै म र मेरो छोरा
सुलेमान अपराधीहरूझैं गनिनेछौं ।"

**२२**तिनी राजासित कुरा गर्दागर्दै अगमवक्ता
नातान आइपुगे । **२३**अनि तिनीहरूले राजालाई
"अगमवक्ता नातान यहाँ हुनुहुन्छ" भनिदिए ।
यसकारण तिनी राजाको सामुन्ने गए अनि
भूइँतिर निहुरेर दण्डवत् गरे ।

**२४**नातानले भने, "के मेरा मालिक
महाराजाले तपाईंपछि अदोनियाह राजा हुनेछन्
र तिनी तपाईंको सिंहासनमा बस्नेछन् भनी
घोषणा गर्नुभएको हो ? **२५**आज तल गएर
तिनले धेरै सङ्ख्यामा पशुहरू, पोसेका
बाछाहरू र भेड़ाहरू बलिदान गरेका छन् ।
तिनले राजाका सबै छोराहरूलाई, फौजका
कप्तानहरूलाई र पूजाहारी एबीयातारलाई
निम्त्याएका छन् । ठीक यसबेला तिनीहरू
उनीसित खाँदै पिउँदै यसो भनिरहेका छन्,
'राजा अदोनियाह अमर रहून् !' **२६**तर तिनले
म तपाईंको दासलाई र पूजाहारी सादोकलाई
अनि यहोयादाका छोरा बनायाहलाई र तपाईंको
दास सुलेमानलाई निम्त्याएनन् । **२७**मेरा मालिक
महाराजापछि उहाँको सिंहासनमा को बस्ने हो
भन्ने कुरा आफ्ना दासहरूलाई नबताई के
राजाले नै यसो गर्नुभएको हो ?"

### दाऊदले सुलेमानलाई राजा बनाएका

**२८**तब राजा दाऊदले भने, "बेतशेबालाई
भित्र बोलाऊ ।" यसकारण तिनी राजाको
उपस्थितिमा आएर तिनको सामुन्ने उभिइन् ।

**२९**तब राजाले एउटा शपथ खाए: "मलाई
प्रत्येक सङ्कष्टबाट छुटाउनुहुने परमप्रभु
निश्चय जिउनुभएझैं, **३०**म परमप्रभु इस्राएलका
परमेश्वरको नाउँमा मैले तिमीलाई शपथ
खाएको कुरा आज अवश्य पालन गर्नेछु ।
तिम्रो छोरा सुलेमान मपछि राजा हुनेछ र त्यो
मेरो ठाउँमा मेरो सिंहासनमा बस्नेछ ।"

**३१**तब बेतशेबाले भूइँतिर निहुरेर राजाको
सामुन्ने घुँड़ा टेकेर भनिन्, "मेरा स्वामी
महाराजा सदा अमर रहून् !"

**३२**दाऊद राजाले भने, "पूजाहारी सादोक,
नातान अगमवक्ता र यहोयादाका छोरा
बनायाहलाई भित्र बोलाऊ ।" जब तिनीहरू
राजाको सामुन्ने आए, **३३**तिनले उनीहरूलाई
भने: "आफ्ना मालिकका दासहरूलाई आफूसित
लैजाऊ र मेरो छोरा सुलेमानलाई मेरो आफ्नै
खच्चरमा चढ़ाएर त्यसलाई तल गीहोनमा
लैजाऊ । **३४**त्यहाँ पूजाहारी सादोक र अगमवक्ता
नातानले त्यसलाई इस्राएलमाथि राजा अभिषेक
गरून् । तुरही फुकेर 'सुलेमान राजा अमर
रहून् !' भनेर कराओ । **३५**तब तिमीहरू त्यससित
उकालो जानू र त्यो आएर मेरो सिंहासनमा
बसोस् अनि मेरो ठाउँमा शासन गरोस् । मैले
त्यसलाई इस्राएल र यहूदामाथि शासन गर्न
नियुक्त गरेको छु । **३६**यहोदाका छोरा बनायाहले
राजालाई जवाफ दिए, "आमेन ! परमप्रभु
मेरा मालिक महाराजाका परमेश्वरले यसरी
नै घोषणा गरून् । **३७**परमप्रभु मेरा मालिक
महाराजासित हुनुभएझैं उहाँ सुलेमानको
सिंहासन मेरा मालिक महाराजा दाऊदभन्दा
महान् बनाउनलाई उहाँसित पनि होऊन् !"

**३८**यसकारण पूजाहारी सादोक, अगमवक्ता
नातान यहोयादाका छोरा बनायाह, करेतीहरू
र पलेतीहरू तल झरे र सुलेमानलाई दाऊदको
खच्चरमाथि चढ़ाएर तिनलाई गीहोनसम्म
तिनलाई सुरक्षापूर्वक लगे । **३९**पूजाहारी सादोकले
पवित्र पालबाट तेलको सीङ लिए अनि
सुलेमानलाई अभिषेक गरे । तब तिनीहरूले
तुरही फुके र सबै मानिसहरू 'राजा सुलेमान
दीर्घायु होऊन्' भनेर कराए । **४०**अनि सबै
मानिसहरू तिनको पछिपछि बाँसुरी बजाउँदै
बढ़ो आनन्द मनाउँदै गए अनि त्यस ध्वनिको
कारण जमिन पनि थर्कियो ।

**४१**अदोनियाह र तिनीसित भएका सबै
पाहुनाहरूले भोज खाइसक्नलाग्दा त्यो सुने ।
तुरहीको ध्वनि सुनेर योआबले भने, “शहरमा
भएको सबै खैलाबैलाको अर्थ के हो ?”
**४२**तिनी बोल्दाबोल्दै एबीयातार पूजाहारीका
छोरा जोनाथन आइपुगे । अदोनियाहले भने,
“भित्र आऊ । तिमीजस्ता योग्य मानिसले असल
खबर नै ल्याएको हुनुपर्छ ।”
**४३**जोनाथनले जवाफ दिए, “पटक्कै होइन !
हाम्रा मालिक दाऊद राजाले सुलेमानलाई
राजा बनाउनुभएको छ । **४४**राजाले तिनीसित
पूजाहारी सादोक, अगमवक्ता नातान, यहोयादाका
छोरा बनायाह, करेती र पलेतीहरूलाई
पठाउनुभएको छ अनि तिनीहरूले उनलाई
राजाको खच्चरमा चढ़ाएका छन् । **४५**अनि
पूजाहारी सादोक र अगमवक्ता नातानले
तिनलाई गीहोनमा राजा अभिषेक गरेका छन् ।
त्यहाँबाट तिनीहरू आनन्द मनाउँदै उकालो
गएका छन् र शहर पनि त्यससितै गुञ्जायमान्
भएको छ । तपाईंले सुन्नुभएको हल्ला
यही हो । **४६**यसबाहेक सुलेमानले आफ्नो
आसन सिंहासनमा जमाएका छन् । **४७**शाही
अधिकृतहरू पनि ‘तपाईंका परमेश्वरले सुलेमानको
नाउँ तपाईंको भन्दा महान् बनाऊन्’ भन्दै
मालिक महाराजा दाऊदलाई बधाइ दिन आएका
छन् ! अनि आफ्नो पलङ्मा आराधनामा
निहुरेर राजाले भने, **४८**“परमप्रभु इस्राएलका
परमेश्वरलाई प्रशंसा होस्, जसले आज मेरो
सिंहासनमा एकजना उत्तराधिकारी मेरो आँखैले
देख्नदिनुभएको छ ।’”
**४९**यसमा अदोनियाहका सबै पाहुनाहरू
आत्तिएर उठे अनि यताउति छरिए । **५०**तर
अदोनियाहले चाहिँ सुलेमानको डरले गएर
वेदीका सिङहरू पक्रे । **५१**तब सुलेमानलाई
यसो भनियो, “अदोनियाह राजा सुलेमानसित
डराएर वेदीका सीङहरू समातेर बसिरहेका
छन् । तिनी भन्छन्, ‘राजा सुलेमानले उहाँको
दासलाई तरवारले मार्नुहुनेछैन भनी मसित शपथ
खाऊन् ।’”
**५२**सुलेमानले जवाफ दिए, “तिनले आफैलाई
योग्य मानिसझैं देखाउँछन् भने तिनको
कपालका एउटै केश पनि भूइँमा खस्नेछैन; तर
तिनमा दुष्टता पाइयो भने तिनी मर्नेछन् ।”
**५३**तब राजा सुलेमानले मानिसहरू पठाए अनि
तिनीहरूले तिनलाई वेदीबाट तल ल्याए ।
अनि अदोनियाहले आएर राजा सुलेमानलाई
दण्डवत् गरे र सुलेमानले तिनलाई भने, “आफ्नो
घरमा जाऊ ।

### दाऊदले सुलेमानलाई जिम्मा दिएका

**२** दाऊदको मर्ने समय नजीक आएपछि
तिनले आफ्नो छोरा सुलेमानलाई
जिम्मेवारी दिए ।
**२**तिनले भने, “म संसारको नियमअनुसार
जान लागेको छु । यसकारण बलियो हुनू,
आफैलाई मर्द देखाउनू, **३**अनि परमप्रभु तेरा
परमेश्वरले चाहनुभएका सबै कुरा पालन गर्नू,
उहाँका मार्गमा हिँड्नू, र मोशाको व्यवस्थामा
लेखिएका उहाँका सबै आज्ञा र नियमहरू अनि
व्यवस्था र चाहिएका कुराहरू सबै पालन गर्नू
ताकि तैंले जे गर्छस् अनि तँ जहाँ जान्छस्
त्यहाँ तेरो उन्नत्ति हुनेछ, **४**अनि परमप्रभुले
तेरा सन्तान होसियारसाथ चले भने, अनि मेरो
सामुन्ने आफ्ना हृदय र प्राणले विश्‍वासयोग्य
भई हिँड़े भने, तँलाई इस्राएलको सिंहासनमा
बस्ने मानिसको अभाव हुनेछैन’ भनी मसित
गर्नुभएको प्रतिज्ञा उहाँले पूरा गर्नुहुनेछ ।”
**५**“सरूयाहका छोरा योआबले मसित के
गरे त्यो तिमी आफैलाई थाहा छ, अर्थात् तिनले
इस्राएलको फौजका दुईजना कप्तानहरू नेरका
छोरा अबनेर र येतेरका छोरा अमासालाई के
गरे । तिनले तिनीहरूको रगत लड़ाइँको समयमा
झैं शान्तिकै समयमा बगाएर तिनीहरूलाई
मारे अनि त्यस रगतले आफ्नो कमरपेटी र
खुट्टाका चप्पल रङ्गाए । **६**त्यससित आफ्नो
बुद्धिअनुसार व्यवहार गर्नू, तर त्यसको फुलेको

**२:५**–२ शमूएल ३:२७; २०:१०.

कपाल शान्तिसित चिहानमा जान नदिनू ।
**७**तर गिलादका बर्जिल्लैका छोराहरूप्रति
दया देखाउनू र तिनीहरू तँसित तेरो टेबुलमा
खानेहरूमध्येकै होऊन् । तेरा दाज्यू अब्शालोम
मदेखि भागेर जाँदा तिनीहरू मेरो पक्षमा थिए ।
**८**अनि यो याद राख्नू कि म महनैममा
गएको दिन बहूरीमको बेन्यामीनी गेराको
छोरा, मलाई सराप्ने शिमी तँसित छ । जब
मलाई यर्दनमा भेट्न आयो मैले त्यससित
परमप्रभुको नाउँमा 'म तँलाई तरवारले मार्नेछैनँ'
भनी शपथ खाएँ । **९**तर अब त्यसलाई निर्दोष
नठान्नू । तँ बुद्धि भएको मानिस होस्, त्यसलाई
के गर्नुपर्छ तँ जान्नेछस् । त्यसको शिरलाई
रगतसितै चिहानमा लगाइदिनू ।"
**१०**तब दाऊद आफ्ना पुर्खाहरूसित विश्राममा
पसे र दाऊदको शहरमा गाड़िए । **११**तिनले
इस्राएलमाथि चालीस वर्षसम्म राज्य गरे, अर्थात्
सात वर्ष हेब्रोनमा र तेंत्तीस वर्ष यरूशलेममा ।
**१२**यसकारण सुलेमान आफ्ना पिता दाऊदका
सिंहासनमा बसे र तिनको शासन दृढ़तासाथ
स्थापित गरियो ।

### सुलेमानको सिंहासन दृढ़ गरिएको

**१३**हग्गीतको छोरा अदोनियाह सुलेमानकी
आमा बेतशेबाकहाँ गए । बेतशेबाले तिनलाई
सोधिन्, "के तिमी शान्तिपूर्वक आएका हौ ?"
तिनले जवाफ दिए, "हो, शान्तिपूर्वक
आएको हुँ ।" **१४**तब तिनले अझ भने, "मैले
तपाईंसित केही भन्नुछ ।"
तिनले जवाफ दिइन्, "तिमी भन्नसक्छौ ।"
**१५**तिनले भने, "यो राज्य मेरो हो भनी
तपाईं जान्नुहुन्छ । सारा इस्राएलले मलाई आफ्नो
राजाको रूपमा हेरेका थिए । तर कुरा बदलियो
र मेरा भाइ सुलेमानको हातमा राज्य गयो;
किनकि यो त तिनीकहाँ परमप्रभुबाटै आएको
हो । **१६**अब मैले एउटा बिन्ती तपाईंसित
गर्नुछ । मलाई अस्वीकार नगर्नुहोस् ।"
तिनले भनिन्, "तिमी बिन्ती चढ़ाउनसक्छौ ।"
**१७**यसकारण तिनले भन्नथाले, "सुलेमान
राजाले तपाईंको कुरा काट्न नसक्ने हुनाले
तपाईं शूनम्मी अबीशगलाई मेरी पत्नी हुनलाई
मलाई दिइयोस् भनी उहाँलाई भनिदिनुहोस् ।"
**१८**बेतशेबाले जवाफ दिइन्, "अति बेस, म
तिम्रो निम्ति राजासित कुरा गर्नेछु ।"
**१९**जब तिनी अदोनियाहको निम्ति राजा
सुलेमानसित कुरा गर्न गइन्, राजा तिनलाई
भेट्न उठे र तिनलाई ढोगेर सिंहासनमा बसे ।
तिनले राजाकी आमाको लागि एउटा सिंहासन
ल्याउन लाए र बेतशेबा तिनको दाहिने हातपट्टि
बसिन् ।
**२०**तिनले भनिन्, "मैले तिमीसित एउटा
सानो बिन्ती गर्नुछ, मलाई इन्कार नगर्नू ।"
राजाले जवाफ दिए, "भन्नुहोस्, मेरी आमा;
म इन्कार गर्नेछैनँ ।"
**२१**यसकारण तिनले भनिन्, "शूनम्मी
अबीशगलाई तिम्रा दाज्यू अदोनियाहसित विवाह
हुन देऊ ।"
**२२**राजा सुलेमानले आफ्नी आमालाई
जवाफ दिए, "तपाईंले शूनम्मी अबीशगलाई
अदोनियाहको निम्ति किन बिन्ती गर्नुहुन्छ ?
तपाईंले तिनको लागि राज्य पनि माग्न
सक्नुहुन्छ किनकि जे भए पनि तिनी मेरा दाज्यू
नै हुन्; हो, तिनको लागि अनि पूजाहारी
एबीयातार र सरूयाहका छोरा योआबको लागि
पनि माग्न सक्नुहुन्छ !"
**२३**तब राजा सुलेमानले परमप्रभुको नाउँमा
यसरी सपथ खाए: "यस बिन्तीको निम्ति
अदोनियाहले आफ्नो प्राण गुमाएन भने,
परमप्रभुले मसित कठोर व्यवहार गरून् !
**२४**अनि अब, मलाई आफ्ना पिता दाऊदको
सिंहासनमा दृढ़तासाथ स्थापित गर्नुहुने र आफूले
प्रतिज्ञा गर्नुभएझैं मेरो निम्ति एउटा वंश स्थापित
गर्नुहुने परमप्रभु निश्चय जिउनुभएझैं, अदोनियाह
आजै मारिनेछ !" **२५**यसकारण राजा सुलेमानले

---

**२:७**–२ शमूएल १७:२७-२९. **२:८**–२ शमूएल १६:५-१३; १९:१६-२३. **२:११**–२ शमूएल ५:४-५;
१ इतिहास ३:४. **२:१२**–१ इतिहास २९:२३. **२:१७**–१ राजा १:३-४.

यहोयादाका छोरा बनायाहलाई हुकुम दिए अनि
तिनले अदोनियाहलाई प्रहार गरे र तिनी मरे।
**२६**पूजाहारी एबीयातारलाई राजाले भने,
“तपाईं आफ्नो खेत अनातोतमा फर्केर
जानुहोस्। तपाईं मर्ने योग्यका हुनुहुन्छ; तर म
अहिले तपाईंलाई मार्दिनँ, किनकि तपाईंले
मेरा पिता दाऊदको सामुन्ने सर्वसत्ताधारी
परमप्रभुको सन्दूक बोक्नुभएको थियो र मेरा
पिताका सबै सङ्कष्टमा साथ दिनुभएको थियो।
**२७**यसकारण एबीयातारलाई परमप्रभुको
पूजाहारी पदबाट हटाइदिएर परमप्रभुले शीलोमा
एलीको घरानाको विषयमा भन्नुभएको कुरा
सुलेमानले पूरा गरे।
**२८**अब्शालोमसित षड्यन्त्र नगरे तापनि
अदोनियाहसित मिलेर षड्यन्त्र गर्ने योआबकहाँ
जब यो खबर पुग्यो, तिनी परमप्रभुको पालमा
भागेर गए अनि वेदीका सीङहरू समाते।
**२९**योआब पालमा भागेर गई वेदीको छेउमा
बसेको कुरा सुलेमानलाई बताइयो। तब
सुलेमानले यहोयादाका छोरा बनायाहलाई “गएर
तिनलाई मारिदेऊ” भन्ने आज्ञा दिए।
**३०**यसकारण बनायाहले परमप्रभुको पालमा
गएर योआबलाई भने, “राजा भन्नुहुन्छ, ‘बाहिर
आऊ!’”

तर तिनले जवाफ दिए, “होइन, म यहीँ
मर्नेछु।”

बनायाहले राजालाई योआबले भनेका
कुरा भनिदिए।
**३१**तब राजाले बनायाहलाई हुकुम दिए,
“त्यसले भनेझैँ गर। तिनलाई प्रहार गरेर
मारिकन गाड़िदेऊ अनि मलाई र मेरा पिताका
घरानालाई योआबले बगाएको निर्दोष रगतको
दोषबाट शुद्ध गरिदेऊ। **३२**परमप्रभुले तिनलाई
आफूले बगाएको रगतको साटो फेर्नुहुन्छ,
किनकि मेरा पिता दाऊदको जानकारीबिनै
तिनले दुईजना मानिसहरूमाथि आक्रमण गरेर
तिनीहरूलाई तरवारले मारे। ती दुवै, अर्थात्
नेरको छोरा इस्राएलको फौजका कप्तान
अबनेर, अनि येतेरका छोरा, यहूदाको फौजका
कप्तान अमासा, जो तिनीभन्दा असल र सोझा
मानिसहरू थिए। **३३**तिनीहरूका रगतको दोष
सदाको निम्ति योआब र त्यसका सन्तानमाथि
रहोस्। तर दाऊद र तिनका सन्तानमाथि,
तिनका घराना र तिनको सिंहासनमाथि चाहिँ
परमप्रभुको शान्ति सदाको निम्ति होइरहोस्।”
**३४**यसकारण यहोयादाका छोरा बनायाहले
माथि गएर योआबलाई प्रहार गरेर मारिदिए
र तिनलाई मरूभूमिको आफ्नै जमिनमा
गाड़िदिए। **३५**राजाले यहोयादाका छोरा
बनायाहलाई योआबको ठाउँमा आफ्नो फौजको
जिम्मा सुम्पिदिए र एबीयातारको स्थानमा
पूजाहारी सादोकलाई राखिदिए।
**३६**त्यसपछि राजाले शिमीलाई बोलाए र
तिनलाई भने, “आफ्नो लागि यरूशलेममा घर
बनाएर बस्नू तर अरू कुनै ठाउँमा नजानू।
**३७**तिमीले किद्रोनको खोल्सा पार गरेको दिन
तिमी मर्नेछौ भनी निश्चय जान्नू र तिम्रो
रगत तिम्रै शिरमाथि पर्नेछ।”
**३८**शिमीले राजालाई जवाफ दिए, “तपाईंले
भन्नुभएको कुरा असल छ। तपाईंको दासले
मेरा मालिक राजाले भन्नुभएझैँ गर्नेछ।” अनि
शिमी धेरै समयसम्म यरूशलेममा बसे।
**३९**तर तीन वर्षपछि शिमीका दुईजना
चाकरहरू गातका राजा माकाको छोरा
आकीशकहाँ भागेर गए अनि शिमीलाई
“तपाईंका चाकरहरू गातमा छन्” भनियो।
**४०**यो सुनेर तिनी आफ्नो गधामा जीन-लगाम
कसेर आफ्ना चाकरहरूलाई खोज्न आकीशकहाँ
गातमा गए। यसरी शिमीले गईकन आफ्ना
चाकरहरूलाई गातबाट फर्काइल्याए।
**४१**जब सुलेमानलाई शिमी यरूशलेमबाट
गातमा गएर फर्केको कुरा बताइयो, **४२**तब
राजाले शिमीलाई बोलाइपठाएर तिलाई भने,
“के मैले तिमीलाई परमप्रभुको नाउँमा शपथ
खानलाएर ‘तिमी आफ्नो ठाउँ छोड़ेर अरू ठाउँ
गएको दिन तिमी मर्नेछौ भनी निश्चय जान्नू’

---

**२:२६**–१ शमूएल २२:२०-२३; २ शमूएल १५:२४. **२:२७**–१ शमूएल २:२७-३६.

भनेर मैले चेतावनी दिइनँ ? त्यसबेला तिमीले ‘तपाईंले भन्नुभएको कुरा असल छ । म यसलाई पालन गर्नेछु’ भनेर मलाई भन्यौ । **४३**त्यसोभए, तिमीले किन परमप्रभुसितको तिम्रो शपथ पालन गरेनौ र मैले तिमीलाई दिएको हुकुम सुनेनौ ?”

**४४**राजाले शिमीलाई यो पनि भने, “तिमीले मेरो पिता दाऊदप्रति गरेका सबै कुकर्महरू तिम्रो हृदयमै छन् । अब परमप्रभुले तिम्रा सबै कुकर्महरूको साटो लिनुहुनेछ । **४५**तर राजा सुलेमानले त आशिष् पाउनेछन् र दाऊदको सिंहासन परमप्रभुको सामुन्ने सदा सुरक्षित रहनेछ ।”

**४६**तब राजाले यहोयादाका छोरा बनायाहलाई हुकुम दिए र तिनले शिमीलाई प्रहार गरेर मारिदिए ।

त्यो राज्य अब सुलेमानको हातमा दृढ़तासाथ स्थापित गरियो ।

### सुलेमानले बुद्धि मागेका

**३** सुलेमानले मिश्रदेशका राजा फिरौनसित मित्रता बाँधे र तिनकी छोरीलाई विवाह गरे । तिनले आफ्नै महल अनि परमप्रभुको भवन र यरूशलेमका चारैतिरका पर्खाल बनाई नसकेसम्म तिनले त्यसलाई ल्याएर दाऊदको शहरमा राखे । **२**तरै पनि मानिसहरूले अझसम्म अग्ला ठाउँहरूमा बलिदान चढ़ाइरहेका थिए किनकि परमप्रभुको नाउँको खातिर एउटा मन्दिर त्यतिञ्जेल बनाइसकिएको थिएन । **३**सुलेमानले अग्ला ठाउँहरूमा बलिदान चढ़ाउनू र धूप बाल्नुबाहेक आफ्ना पिता दाऊदका नियमहरूमा हिँड़ेर परमप्रभुप्रति आफ्नो प्रेम देखाए ।

**४**राजा बलिदान चढ़ाउनलाई गिबोनमा गए किनकि त्यो सबैभन्दा अग्लो ठाउँ थियो र सुलेमानले त्यस वेदीमाथि एक हजार होमबलि चढ़ाए । **५**गिबोनमा परमप्रभु रातीको सपनामा सुलेमानकहाँ देखापर्नु भयो, र परमेश्वरले भन्नुभयो, “मैले तँलाई के दिऊँ भनी तैंले इच्छा गर्छस् त्यो माग् ।

**६**सुलेमानले जवाफ दिए, “तपाईंले आफ्नो दास, मेरा पिता दाऊदमाथि ठूलो दया देखाउनुभएको छ, किनकि उहाँ तपाईंप्रति विश्वासयोग्य अनि धर्मी र हृदयमा सोझा हुनुहुन्थ्यो । तपाईंले उहाँप्रति यो ठूलो दया कायम राख्नुभयो, र आजको दिन उहाँको सिंहासनमा बस्नलाई उहाँलाई एउटा छोरा दिनुभयो ।

**७**“अब हे परमप्रभु मेरा परमेश्वर, तपाईंले मेरा पिता दाऊदको ठाउँमा आफ्नो दासलाई राजा बनाउनुभएको छ । तर म त एउटा सानो बालक मात्र छु, र आफ्नो कर्तव्य कसरी पालन गर्ने त्यो पनि जान्दिनँ । **८**तपाईंको दास यहाँ एउटा गन्न पनि नसकिने तपाईंले चुन्नुभएको ठूलो सङ्ख्या भएको महान् जातिको बीचमा छ । **९**यसकारण ठीक र बेठीक छुटचाउनसक्ने र तपाईंको जातिलाई शासन गर्ने हृदय तपाईंको दासलाई दिनुहोस् । किनकि कसले तपाईंको यो महान् जातिलाई शासन गर्न सक्छ ?”

**१०**सुलेमानले यो रोजेकोमा परमप्रभु प्रसन्न हुनुभयो । **११**यसकारण परमप्रभुले भन्नुभयो, “तैंले आफ्नो लागि जीवन र धन अनि आफ्ना शत्रुहरूको मृत्यु नमागेर यो मागेकोले अनि न्याय पालन गर्नलाई ठीक बेठीक छुटचाउने हृदय मागेकोले, **१२**म तैंले मागेको कुरा गर्नेछु । म तँलाई बुद्धिमान् र ठीक बेठीक छुटचाउने हृदय दिनेछु र तेरो अघि न कोही भए नता तेरो पछि कहिल्यै अरू कोही हुनेछ । **१३**यसबाहेक, म तँलाई तैंले नमागेको कुरा पनि दिनेछु, अर्थात् धन र सम्मान दुवै अनि तेरो जीवनकालमा राजाहरूमध्ये कोही पनि तँ समान नहोस् । **१४**अनि यदि तँ मेरा मार्गहरूमा हिँड़िस् अनि तेरा पिताले झैं मेरा नियमहरू र आज्ञाहरू पालन गरिस् भने, म तँलाई दीर्घायु दिनेछु ।” **१५**तब सुलेमान ब्यूँझे र यो त सपना पो रहेछ भनी थाहा पाए ।

तिनी यरूशलेममा फर्के, परमप्रभुको करारको सन्दूकको सामुन्ने उभे अनि होमबलि

**३:१-१५**–२ इतिहास १:३-१२.

र सङ्गतिबलि चढ़ाए । तब तिनले आफ्ना
घरानालाई भोज खुवाए ।

### बुद्धिपूर्ण शासन

**१६**दुईजना वेश्याहरू आएर राजाको सामुन्ने
उभिए । **१७**तीमध्ये एकजनाले भनी, "मेरा
मालिक, यो स्त्री र म एउटै घरमा बस्छौं । यो
मसित हुँदै मैले एउटा शिशु जन्माएँ । **१८**मेरो
शिशु जन्मेको तेस्रो दिन यस स्त्रीको पनि एउटा
शिशु भयो । हामी एक्लै थियौं । हामी दुईबाहेक
घरमा अरू कोही थिएनन् ।

**१९**रातको समयमा त्यसले आफ्नो शिशुलाई
थिचेकोले त्यो मऱ्यो । **२०**यसकारण यो आधा
रातमा उठी र म निदाइरहेको बेला मेरो छेउबाट
मेरो छोरा लिई । यसले त्यसलाई आफ्नो छातीमा
राखेर आफ्नो मरेको छोरालाई मेरो छातीमा
राखिदिई । **२१**भोलिपल्ट बिहान म आफ्नो
छोरालाई दूध खुवाउन उठें र त्यसलाई मरेको
भेटाएँ । तर मैले त्यसलाई बिहानको उज्यालोमा
निहालेर हेर्दा त त्यो मैले जन्माएको छोरा
होइन रहेछ ।"

**२२**अर्की स्त्रीले भनी, "होइन, त्यो जिउँदोचाहिँ
मेरो, मरेकोचाहिँ उसको हो ।" तर पहिलेकीले
ढिपी गरी, "होइन, मरेकोचाहिँ तिम्रो हो अनि
जिउँदोचाहिँ मेरो हो । अनि यसरी ती दुईले
राजाको सामुन्ने तर्क गरे ।

**२३**राजाले भने, "यसले भन्छे, 'मेरो छोरा
जिउँदो छ र तेरो छोरा मरेको छ ।' अनि
अर्कीले भन्छे, 'होइन, तेरो छोरा मरेको छ र
मेरोचाहिँ जिउँदो छ ।'"

**२४**तब राजाले भने, "मलाई एउटा तरवार
ल्याइदेऊ ।" यसकारण तिनीहरूले राजाको
निम्ति एउटा तरवार ल्याइदिए । **२५**तब 'त्यस
जिउँदो बालकलाई काटेर दुई टुक्रा पारेर आधा
एउटीलाई र आधा अर्कीलाई देऊ' भनेर तिनले
हुकुम गरे ।

**२६**जसको जिउँदो थियो ऊ आफ्नो छोराको
निम्ति दयाले भरिई अनि राजालाई भनी,
"मेरा मालिक, दया गरी त्यस जिउँदो बालक
त्यसलाई दिनुहोस् । त्यसलाई नमार्नुहोस् ।"

तर अर्कीले भनिन्, "यसलाई मैले पनि
नपाऊँ र तैंले पनि नपाएस् । यसलाई दुई
टुक्रा पारिदिनुहोस् ।"

**२७**तब राजाले आफ्नो निर्णय सुनाए, "यो
बालक पहिलो स्त्रीलाई देऊ । यसलाई नमार ।
आमाचाहिँ उही हो ।"

**२८**जब सारा इस्राएलले राजाले गरेको
फैसला सुने तिनीहरूको हृदयमा राजाप्रति भय
मिश्रित श्रद्धा जाग्यो किनकि तिनीहरूले उहाँमा
न्याय गर्न परमेश्वरको बुद्धि देखे ।

### सुलेमानका अधिकृतहरू र राज्यपालहरू

**४** यसरी सुलेमान राजाले इस्राएलभरि राज्य
गरे । **२**अनि तिनका प्रमुख अधिकारीहरू
यिनै थिए:

सादोकका छोरा अजर्याह– पूजाहारी थिए;
**३** शशिका छोराहरू एलीहोरेब र
अहीयाह– सचिवहरू थिए, अहीलूदका
छोरा यहोशापात दर्ता गर्ने थिए ।
**४** यहोयादाका छोरा बनायाह, मुख्य
कप्तान थिए, सादोक र एबीयातार
पूजाहारी थिए ।
**५** नातानका छोरा अजर्याह, जिल्ला
अधिकारीहरूमाथिका अधिकारी थिए,
नातानका छोरा याबूद, पूजाहारी र
राजाका निजी सल्लाकार थिए ।
**६** अहीशार महलका प्रमुख थिए ।
अब्दाका छोरा अदोनीराम, बेगारमा
काम गर्नेहरूलाई खटाउनेका प्रमुख
थिए ।

**७**इस्राएलभरि सुलेमानका बाह्रजना
जिल्लापालहरू थिए जसले राजा र शाही
घरानाको निम्ति सामान जुटाउँथे । प्रत्येकले
वर्षमा एक-एक महिनाको खानेकुरा
जुटाउनुपर्थ्यो । **८**तिनीहरूका नाउँ यिनै हुन्,

एप्रेमको पहाड़ी मुलुकमा, बेन-हूर
**९** माकाश, शाल्बीम, बेतशेमेस र एलोन-
बेथहानानमा बेन-देकेर ।

१० अरूब्बोतमा बनहेसेद (तिनको
जिम्मामा सोको र हेपेरका सबै थिए);
११ नापोत दोरमा बेन-अबिनादाब थिए
(तिनको विवाह सुलेमानकी छोरी
तापतसित भएको थियो);
१२ तानाक, मगिद्दो र यिज्रेलको मन्दिरको
सारतानको छेउमा भएको बेथशान,
अर्थात् बेथशानदेखि योकमामसम्मका
सम्पूर्ण इलाकाको निम्ति एलीहूदका
छोरा बाना थिए;
१३ रामोत-गिलादमा बेनगेबेर थिए (गिलादमा
मनश्शेको छोरा याईरका सबै इलाका
अनि बाशानको अर्गोब जिल्ला र
त्यसका पर्खाल भएका अनि काँसाका
मूलढोका भएका साठीओटा शहरहरू
समेत तिनको अधीनमा थिए);
१४ महनैममा इद्दोका छोरा अहीनादाब थिए;
१५ नप्तालीमा अहीमास थिए (तिनले
सुलेमानकी छोरी बासमतलाई विवाह
गरेका थिए);
१६ आशेर र अलोतमा हूशैका छोरा बाना
थिए;
१७ इस्साकारमा परूवाका छोरा
यहोशापात थिए;
१८ बेन्यामीनमा एलाका छोरा शिमी थिए;
१९ गिलादमा ऊरीका छोरा गेबेर थिए
(एमोरीहरू राजा सीहोनको देश अनि
बाशानका राजा ओगको देश नै
गिलाद थियो) । तिनीचाहिँ जिल्लापाल
मात्र थिए ।

## सुलेमानलाई दैनिक चाहिने सामान

**२०**यहूदा र इस्राएलका मानिसहरू समुद्रका
किनारका बालुवासरह असङ्ख्य थिए । तिनीहरू
खान्थे, पिउँथे र खुसी थिए । **२१**अनि सुलेमानले
(यूफ्रेटिस) नदीदेखि पलिश्तीहरूको देशकासाथै
मिश्रदेशको सीमानासम्मै राज्य गर्थे । यी
देशहरूले राजकर ल्याउँथे र सुलेमानको
जीवनकालभरि तिनका अधीनमा रहे ।

**२२**सुलेमानका दैनिक चाहिने सामान तीस
मुरी मसिनो पीठो र साठी मुरी अन्न, **२३**दशओटा
पालेका गोरुहरू, बीसओटा चराएका गोरुहरू
अनि एक सयओटा भेड़ा-बाख्राको साथमा मृग,
चित्तल, जरायो र पालेका कुखुराहरू थिए ।
**२४**किनकि तिनले नदीको पश्चिमदेखिका सबै
राज्यहरू, अर्थात् तिप्सादेखि गाजासम्म, राज्य
गर्थे अनि चारैतिर शान्ति थियो । **२५**सुलेमानको
जीवनकालभरि दानदेखि बेर्शेबासम्म यहूदा र
इस्राएलमा प्रत्येक मानिस आफ्नै दाख र
नेभाराको रूखमुनि सुरक्षित रहन्थे ।

**२६**सुलेमानका चार हजार रथ-घोडाहरू
तबेलामा रहन्थे र तिनका बाह्र हजार घोड़ाहरू
थिए ।

**२७**प्रत्येक महिना जिल्लाका अधिकृतहरूले
आफ्नो पालोमा सुलेमान राजा र तिनका
मेचमा खानेहरूको निम्ति आवश्यक सामान
जुटाउँथे । कुनै कुराको अभाव हुन नदिनु
तिनीहरूको जिम्मेवारी थियो । **२८**तिनीहरूले
रथका घोडाहरू र अरू घोड़ाहरूका निम्ति
तिनीहरूका ठीक ठाउँमा आफ्नो हिस्साको जौ
र पराल ल्याउँथे ।

## सुलेमानको बुद्धि

**२९**परमेश्वरले सुलेमानलाई बुद्धि र अति
महान् अन्तर्दृष्टि अनि समुद्रको किनारमा
भएको बालुवासरह नाप्न नसकिने समझशक्ति
दिनुभयो । **३०**सुलेमानको बुद्धि पूर्वका सारा
मानिसहरूभन्दा र मिश्रदेशका सम्पूर्ण जनका
बुद्धिभन्दा महान् थियो । **३१**तिनी एज्रही एतान
र माहोलका छोराहरू हेमान, कलकोल र
दर्दाभन्दा बढ़ी बुद्धिमान् थिए, अनि तिनको
ख्याति चारैतिरका जातिहरूमा फिँजियो ।
**३२**तिनले तीनहजार हितोपदेशहरू बोले र
तिनका गीतहरूको सङ्ख्या एक हजार पाँच

---

**४:२१**–उत्पत्ति १५:१८; २ इतिहास ९:२६. **४:२६**–१ राजा १०:२६; २ इतिहास १:१४; ९:२५.
**४:३१**–भजनसंग्रह ८९. **४:३२**–हितोपदेश १:१; १०:१; २५:१; श्रेष्ठगीत १:१.

थियो। **३३**तिनले लबानोनका देवदारुदेखि लिएर
पर्खाल बाहिर उम्रने हिसपसम्मका वर्णन गरे।
तिनले पशुहरू, चराहरू, घस्रने जन्तु र
माछाहरूको विषयमा पनि सिकाए। **३४**संसारका
राजाहरूद्वारा पठाइएका सबै देशका मानिसहरूले
तिनको बुद्धिको विषयमा सुनेर सुलेमानको
बुद्धिका कुरा सुन्न आउँथे।

### मन्दिर निर्माण गर्ने तयारी

**५** जब सुलेमानलाई आफ्ना पिता दाऊदको
उत्तराधिकारीको रूपमा राजा अभिषेक
गरिएको कुरा टायरका राजा हिरामले सुने,
तिनले सुलेमानकहाँ आफ्ना दूतहरू पठाए,
किनकि तिनी सदा दाऊदसित मित्रतामा रहेका
थिए। **२**सुलेमानले हिरामकहाँ जवाफस्वरूप
यो समाचार पठाए:

**३**"मेरा पिता दाऊदका विरुद्धमा
चारैतिरबाट युद्ध गरिएको कारण आफ्ना
शत्रुहरूलाई आफ्नो अधीनमा नल्याएसम्म
उहाँले परमप्रभु आफ्ना परमेश्वरका नाउँको
निम्ति एउटा मन्दिर बनाउन नसक्नुभएको
कुरा तपाईंलाई थाहै छ। **४**तर अब
परमप्रभु मेरा परमेश्वरले मलाई चारैतिर
विश्राम दिनुभएको छ अनि कतै पनि
विरोधी र विपद् छैन। **५**यसकारण परमप्रभु
मेरा परमेश्वरले मेरा पिता दाऊदलाई 'मैले
तेरो ठाउँमा सिंहासनमा राखेको छोराले
मेरो नाउँको खातिर मन्दिर बनाउने छ'
भन्नुभएअनुसार मैले उहाँको निम्ति एउटा
मन्दिर बनाउने विचार गरेको छु।

**६**यसकारण लबानोनको देवदारु मेरो
लागि काटिनको निम्ति हुकुम गर्नुहोस्।
मेरा मानिसहरूले तपाईंसित काम गर्नेछन्
र म तपाईंका मानिसहरूलाई तपाईंले
तोक्नुभएको ज्याला दिनेछु। हामीसित
सीदोनीहरू जस्ता रूख ढाल्ने सिपालु मानिस
छैनन् भनी तपाईंलाई थाहै छ।"

**७**हिरामले सुलेमानको सन्देश सुनेपछि तिनी
अति प्रसन्न भए र भने, "आज परमप्रभुको
प्रशंसा होस्, किनकि उहाँले यो महान् जातिमाथि
शासन गर्न दाऊदलाई एउटा बुद्धिमान् छोरा
दिनुभएको छ।"

**८**यसकारण हिरामले सुलेमानकहाँ यो खबर
पठाए:

"तपाईंले पठाउनुभएको समाचार मैले
पाएँ अनि देवदारु र सल्लाका मुढ़ा दिने
विषयमा म तपाईंले भन्नुभएझैं सबै कुरा
गर्नेछु। **९**मेरा मानिसहरूले ती लबानोनबाट
समुद्रमा खसाइदिनेछन् अनि तिनीहरूलाई
बाँधेर समुद्रमा तपाईंले बताउनुहुने ठाउँसम्म
म बगाइदिनेछु। त्यहाँ म तिनीहरूलाई
छुट्याइदिनेछु र तपाईंले लानसक्नुहुन्छ।
अनि तपाईंले चाहिँ मेरो शाही घरानाको
निम्ति भोजनको जिम्मा लिइदिनुपर्छ।"

**१०**यस किसिमले हिरामले सुलेमानलाई तिनलाई
चाहिएका सबै देवदारु र सल्लाका मूढ़ाहरू
दिइरहे, **११**अनि सुलेमानले हिरामलाई बीस हजार
मुरी भद्राक्षका पेलिएको तेलको साथमा तिनको
घरानाको भोजनको निम्ति बीस हजार मुरी
गहुँ दिए। सुलेमानले हिरामको निम्ति वर्षेनी
यसो गरिरहे। **१२**परमप्रभुले सुलेमानलाई आफूले
प्रतिज्ञा गर्नुभएझैं बुद्धि दिनुभयो। हिराम र
सुलेमानको बीचमा शान्तिपूर्ण सम्बन्ध थियो
अनि दुवैले आपसमा सन्धि गरे।

**१३**राजा सुलेमानले सारा इस्राएलबाट तीस
हजार मानिसहरूलाई बिनातलब काममा
लगाए। **१४**तिनले तिनीहरूलाई एक महिना
लबानोनमा अनि दुई महिना घरमा बस्ने हिसाबले
पालो गरी एक महिनामा दश हजार मानिसहरू
पठाए। अदोनीराम बेतलबी श्रामिकहरूको
जिम्मावाल थिए। **१५**सुलेमानका सत्तरी हजार
ढुङ्गा बोक्ने ज्यामिहरू र अस्सी हजार ढुङ्गा
काट्नेहरू कर्मीहरू पहाड़मा थिए। **१६**यिनीहरूका
साथमा तेत्तीस सय कामदारहरू पनि थिए जसले
कामको रेखदेख गर्दै श्रमिकहरूलाई खटाउँथे।

---

**५:१-१८**–२ इतिहास २:१-१८. **५:५**–२ शमूएल ७:१२-१३; १ इतिहास १७:११-१२. **५:१४**–१ राजा १२:१८.

**१७**राजाको आज्ञाअनुसार मन्दिरको जगको निम्ति
कुँदिएका, असल र ठूला ढुङ्गाहरू तिनीहरूले
खानीबाट निकाले । **१८**सुलेमान र हिरामका
कारीगरहरू र गेबालका मानिसहरूले मन्दिर
निर्माणको निम्ति काठ र ढुङ्गाहरू काटे ।

## सुलेमानले मन्दिर निर्माण गरेका

**६** इस्राएलीहरू मिश्रदेशबाट निस्किआएको
चार सय असीऔं वर्षमा, सुलेमानको
इस्राएलमाथि शासन भएको चौथो वर्ष, दोस्रो
महिना जीवमा तिनले परमप्रभुको मन्दिर निमार्ण
गर्न शुरू गरे ।
**२**परमप्रभुको निम्ति राजा सुलेमानले
बनाएको मन्दिर साठी हात लामो, बीस हात
चौड़ा र तीस हात अग्लो थियो । **३**मन्दिरको
प्रमुख ठूलो कोठाको सामुन्नेको दलान मन्दिर
को चौड़ा भरिको, अर्थात् बीस हात थियो र
मन्दिरको सामुन्नेतिर दश हात लामो
निस्केको थियो । **४**तिनको मन्दिरमा साँघुरा
आँखीझ्यालहरू बनाए । **५**प्रमुख ठूलो कोठा र
भित्री पवित्रस्थानसित जोडेर चारैतिर तिनले
तला बनाए जसका छेउ छेउमा कोठाहरू
थिए । **६**सबैभन्दा तल्लो तला पाँच हात चौड़ा,
बीचको तला छ हात चौड़ा, अनि तेस्रो तला
सात हात चौड़ा थियो । मन्दिरका भित्ताहरूमा
केही पनि घुसार्न नपाऊन् भनेर तिनले
मन्दिरको बाहिर चारैतिर खोपाहरू बनाए ।
**७**मन्दिर बनाउँदा खानीमै कुँदिएका ठूला
ढुङ्गाहरू प्रयोग गरिए अनि मन्दिर बनिँदै गर्दा
त्यस ठाउँमा कुनै घन, छिनु अथवा फलामको
कुनै औजारको आवाज सुनिएन ।
**८**भूइँतलाको प्रवेशद्वार मन्दिरको दक्षिणतिर
थियो; त्यसबाट बीचको तलामा जानको लागि
एउटा घुमेको भऱ्याङ थियो अनि त्यहाँबाट
तेस्रो तलामा जानलाई पनि त्यस्तै प्रबन्ध
थियो । **९**यसरी तिनले मन्दिर बनाएर सिद्ध्याए
अनि त्यसमा देवदारुका फलेक र दलिनहरूका
छाना बनाए । **१०**अनि तिनले मन्दिरको चारैतिर
छेउका कोठाहरू बनाए । प्रत्येकको उँचाइ
पाँच हात थियो र तिनीहरू मन्दिरसित
देवदारुका काठले जोडिएका थिए ।
**११**परमप्रभुको वचन सुलेमानकहाँ आयो:
**१२**"तैंले बनाइरहेको यस भवनको विषयमा चाहिँ,
यदि तैंले मेरा आदेशहरूअनुसार मेरा आज्ञाहरू
र नियमहरू पालन गरिस् अनि आज्ञाकारी भइस्
भने, म तेरा पिता दाऊदलाई गरेको प्रतिज्ञा
तँबाट पूरा गर्नेछु । **१३**अनि म इस्राएलीहरूका
बीचमा वास गर्नेछु र म आफ्नो जाति
इस्राएललाई त्याग्नेछैनँ ।"
**१४**यसकारण सुलेमानले मन्दिर बनाएर
सिद्धाए । **१५**तिनले त्यसका भित्री भित्ताहरूमा
देवदारुका फलेकहरू भूइँदेखि छानासम्मै
लगाइदिए अनि मन्दिरको भूइँचाहिँ सल्लाका
फलेकहरूले ढाकिदिए । **१६**तिनले मन्दिरको
पछिल्लो भागपट्टि बीस हात छुटचाएर देवदारुका
फलेकहरूले भूइँदेखि छानासम्मै छेकिदिएर
मन्दिरभित्रै भित्री पवित्रस्थान, अर्थात् महा-
पवित्रस्थान बनाइदिए । **१७**त्यस कोठाको
सामुन्नेको ठूलो कोठा चालीस हात लामो
थियो । **१८**मन्दिरको भित्री भागचाहिँ देवदारुको
काठमा लौका र फक्रेका फूलका आकारहरू
कुँदेर बनाइएका थिए । प्रत्येक कुरामा देवदारु
नै थियो; कुनैमा पनि ढुङ्गाचाहिँ देखिँदैन थियो ।
**१९**तिनले मन्दिरभित्रको पवित्रस्थानलाई
परमप्रभुको करारको सन्दूक त्यहाँ राख्नको
लागि तयार गरेका थिए । **२०**भित्री पवित्रस्थान
बीस हात लामो, बीस हात चौड़ा, अनि बीस
हात अग्लो थियो । तिनले भित्री भागलाई
सुनले मोहोरे र तिनले देवदारुको वेदीलाई पनि
मोहोरे । **२१**सुलेमानले मन्दिरको भित्री भागलाई
निखुर सुनले ढाकिदिए अनि तिनले सुनका
साङ्लाहरूलाई तन्काएर सुनले मोहोरेको भित्री
पवित्रस्थानको सामुन्ने पुऱ्याइदिए । **२२**यसरी
तिनले सम्पूर्ण भित्री भागलाई सुनले मोहोरे ।
तिनले भित्री पवित्रस्थानको वेदीलाई पनि सुनले
मोहोरे ।

---

**६:१-३८**–२ इतिहास ३:१-१४. **६:१६**–प्रस्थान २६:३३-३४. **६:२२**–प्रस्थान ३०:१-३.

**२३**भित्री पवित्रस्थानमा तिनले भद्राक्षको काठका दश दश हात अग्ला दुईओटा करूबहरू बनाए । **२४**पहिलो करूबको पहिलो पखेटा पाँच हात लामो अनि अर्को पनि पाँचै हात लामो थियो, अर्थात् पखेटाको टुप्पोदेखि अर्को टुप्पोसम्म दश हात थियो । **२५**दोस्रो करूबको नाप पनि दश हात नै थियो, किनकि दुवै करूबहरू आकार र आकृतिमा एकैनासका थिए । **२६**प्रत्येक करूबको उचाइ दश हात थियो । **२७**तिनले करूबहरूलाई मन्दिरको सबैभन्दा भित्री कोठामा तिनीहरूका पखेटा फैलिएको अवस्थामा राखिदिए । एउटा करूबका पखेटाले एउटा भित्तालाई छोएको थियो भने अर्कोको पखेटाले अर्को भित्तालाई छोएको थियो अनि तिनीहरूका पखेटाहरूले कोठाको बीचमा एक अर्कालाई छोएका थिए । **२८**तिनले करूबहरूलाई सुनले मोहोरे ।

**२९**मन्दिरका चारैतिरका भित्ताहरूमा भित्री र बाहिरी कोठाहरू दुवैमा तिनले करूबहरू, खजूरका रूखहरू र फक्रेका फूलहरूका आकारहरू खोपे । **३०**तिनले मन्दिरका भित्री र बाहिरी कोठाहरूका भूइँहरूलाई सुनले ढाकिदिए ।

**३१**भित्री पवित्रस्थानका प्रवेशद्वारको निम्ति पाँचकुने चौखुट भएका भद्राक्षको काठका ढोकाहरू बनाए । **३२**अनि भद्राक्षको काठका दुई ढोकाहरूमा करुबहरू, र खजुरका रूखहरूका आकारहरूमा फक्रेका फूलहरू खोपे अनि करूबहरू र खजुरका रूखहरूलाई पिटेको सुनले मोहोरे । **३३**त्यही किसिमले तिनले प्रमुख ठूलो कोठाको प्रवेशद्वारको निम्ति भद्राक्षको काठका चारकुने चौखट बनाए । **३४**तिनले सल्लाको काठका दुई खापा भएका ढोकाहरू बनाए जुन खोपिल्टाका सहायताले चल्थे । **३५**तिनले तिनीहरूमाथि करूबहरू, खजूरका रूखहरू र फक्रेका फूलहरूका बुट्टा खोपे अनि ती खोपाइहरूमाथि एकनास गरी सुन पिटेर मोहोरिदिए ।

**३६**अनि तिनले काटेको ढुङ्गाका तीन लहर अनि छाँटेका देवदारु काठका एक लहरबाट भित्री चोक बनाए ।

**३७**परमप्रभुको मन्दिरको जग चौथो वर्षको जीव महिनामा राखियो । **३८**एघाह्रौं वर्षको आठौं महिना, अर्थात् बूल महिनामा त्यसको नमूनाअनुसार हरेक कुरो त्यस्तै गरी मन्दिर बनाइसकियो । त्यसलाई बनाउन तिनलाई सात वर्ष लाग्यो ।

### सुलेमानले आफ्नो राज महल बनाएका

**७** यद्यपि सुलेमानलाई आफ्नो महल निमार्ण गर्न तेह्र वर्ष लाग्यो । **२**तिनले जङ्गलको लबानोनको काठले एक सय हात लामो र पचास हात चौड़ा अनि तीस हात अग्लो गरी राजमहल बनाए जसमा काटिएको देवदारुका दलिनलाई थाम्ने देवदारुकै चार लहर खम्बाहरू थिए । **३**खम्बाहरूमाथि अड़िएका दलिनहरूमाथि देवदारुको छाना थियो र एक लहरमा पन्ध्रओटा गरी जम्मा पैंतालीसओटा दलिनहरू थिए । **४**त्यसका झ्यालहरू एक अर्कापट्टि फर्किएका तीनओटा लहरहरू अग्लो गरी बनाइएका थिए । **५**सबै ढोकाहरूका चौखटहरू चारकुने थिए । तिनीहरू एक अर्कापट्टि फर्किएका तीनओटा लहरमा अगाडितिर थिए ।

**६**तिनले पचास हात लामो र तीस हात चौड़ा भएको एउटा स्तम्भमाला बनाए । त्यसको सामुन्ने एउटा दलान थियो अनि त्यसको अगाडि खामाहरू र तिनीहरूलाई ढाक्ने एउटा छाना थियो ।

**७**तिनले सिंहासनको ठूलो कोठा, अर्थात् इन्साफ गर्ने ठूलो कोठा बनाए; जहाँ तिनले इन्साफ गर्नुपर्थ्यो र तिनले त्यसलाई भूइँदेखि छानासम्मै देवदारुले छोपिदिए । **८**अनि अझ पछिल्तिर भएको तिनी आफै बस्ने राजमहल पनि त्यही ढाँचाको थियो । सुलेमानले आफूले विवाह गरेको फिरौनकी छोरीको निम्ति पनि त्यस्तै ठूलो कोठा बनाइदिए ।

---

**६:२३–२८**–प्रस्थान २५:१८-२०. **७:८**–१ राजा ३:१.

९बाहिरदेखि ठूलो चोकसम्म अनि जगदेखि
छतसम्म यी सबै बनौटहरू भित्र र बाहिरपट्टि
आराले काटिएका अनि ठीक नापमा काटिएका
बहुमूल्य पत्थरले बनिएका थिए । **१०**जगहरू
कुनै दश हात अनि कुनै आठ हात नापका
ठूला र असल दर्जाका ढुङ्गाहरूद्वारा बनाइएका
थिए ।

**११**त्यसमाथि ठीक नापमा काटिएका उच्च
दर्जाका ढुङ्गाहरू अनि देवदारुका दलिनहरू
थिए । **१२**ठूलो चोक काटिएका तीन लहर
ढुङ्गाहरू अनि एक लहर देवदारुका खम्बाका
एउटा पर्खालले घेरिएको थियो । परमप्रभुको
मन्दिरको भित्री चोक र त्यसको दलान पनि
त्यस्तै थिए ।

### मन्दिरका श्रृङ्गार-सामानहरू

**१३**राजा सुलेमानले टायरबाट हुरामलाई
बोलाइपठाए, **१४**तिनकी आमा नप्ताली कुलकी
एउटी विधवा थिइन् जसको बाबु टायरका
मानिस र काँसाका कारीगर थिए । हुराम
काँसाको काममा अति सिपालु र अनुभवी
थिए । तिनले राजा सुलेमानकहाँ आएर तिनलाई
सुम्पिएका सबै कामहरू गरे ।

**१५**तिनले अठाह्र हात अग्ला र बाह्र हात
गोलाई भएका दुईओटा काँसाका खामाहरू
पङ्तिमा ढाले । **१६**तिनले ती खामाहरूका
टुप्पामा राख्नलाई काँसाका ढालेका दुईओटा
स्तम्भ-शिराहरू बनाए अनि प्रत्येक स्तम्भ-
शिरा पाँच हात अग्लो थियो । **१७**प्रत्येक
स्तम्भ-शिराको निम्ति सातओटाको हिसाबले
खामाहरूका टुप्पामा साङ्लाका जालीहरूको
फित्ता थिए । **१८**खामाहरूमा टुप्पामा भएका
स्तम्भ-शिराहरूलाई सजाउने प्रत्येक जालीको
चारैतिर दुई लहरमा तिनले दारीमहरू बनाए ।
**१९**दलानमा भएका खामाहरूका टुप्पोमा भएका
स्तम्भ-शिराहरू लिली फूलका आकारमा थिए
जसको उँचाइ चार हात थियो । **२०**जालीको
छेउको कचौरा आकारको भागको मास्तिर
भएका दुवै खामाहरूका स्तम्भ-शिराहरूमा
चारैतिर लहरमा दुई सय दारीमहरू थिए ।
**२१**तिनले खामाहरू मन्दिरको दलानमा खड़ा
गरे । दक्षिणतिरका खामाहरूलाई तिनले याकीन
नाउँ राखे अनि उत्तरतिरकालाई बोअज राखे ।
**२२**टुप्पामा भएका स्तम्भ-शिराहरू लिली फूलको
आकारका थिए । यसरी खामाहरूका काम
सिद्धाइयो ।

**२३**तिनले ढालेको धातुको गोलाकार अनि
एक किनारदेखि अर्को किनारसम्म दश हात र
पाँच हात अग्लो खड्कुँलो बनाए । त्यसको
चारैतिरको नाप लिन तीस हातको धागो
चाहिन्थ्यो । **२४**किनारको मुन्तिर प्रत्येक हातमा
दशओटा गरी लौकाका आकारहरूका घेरा
थिए । ती आकारहरू खड्कुँलोसितै गाँसिएर
दुई लहरमा बनिएका थिए ।

**२५**तीनओटा उत्तरतिर, तीनओटा
पश्चिमतिर, तीनओटा दक्षिणतिर अनि तीनओटा
पूर्वतिर फर्किएका साँढ़ेहरूका आकारहरू माथि
त्यो खड्कुँलो खड़ा थियो । खड्कुँलो तिनीहरूको
टुप्पोमा अड़िएको थियो अनि तिनीहरूका
पछिल्लो भागचाहिँ बीचतिर थियो । **२६**त्यो
मोटाइमा एक बित्ता थियो अनि त्यसको किनार
कचौराको किनारझैँ थियो, अर्थात् फूलेको लिली
फूलझैँ । त्यसमा दुई हजार मुरी अटाउँथ्यो ।

**२७**तिनले प्रत्येक चार हात लामो, चार
हात चौड़ा अनि तीन हात उँचाइ भएका
दशओटा यताउता लैजान सकिने गाड़ाहरू
बनाए । **२८**ती यसरी बनाइएका थिए ।
ती गाड़ाहरूका फलेकहरू ठाड़ो काठसित
गाँसिएका थिए । **२९**ती ठाड़ो काठहरूका बीचमा
सिंहहरू, साँढ़ेहरू र करूबहरू थिए, अनि ती
चीजहरू ठाड़ो काठमा पनि थिए । सिंहहरू र
साँढ़ेहरूका मास्तिर र मुन्तिर पिटेर बनाइएका
हारहरू थिए । **३०**प्रत्येक गाड़ाको चारओटा
काँसाका धुरासहितका काँसाका चारओटा
पाङग्राहरू थिए अनि प्रत्येकको चारओटा
अड्याउने कुरोमाथि राखिएको भाँड़ो थियो

---

**७:१५–२०**–२ इतिहास ३:१५-१७. **७:२३–२६**–२ इतिहास ४:२-५.

जुनचाहिँ प्रत्येक पाटाका हारहरूसहित थिए।
**३१**गाड़ाका भित्रपट्टि एक हात गहिरो भएका
गोलाकार फ्रेमसहितको एउटा कचौरा थियो।
त्यो कचौरा गोलो थियो अनि त्यसको
पीधँसित नाप्दा त्यो डेड़ हात थियो। त्यसको
खुला भागको वरिपरि बुट्टाहरू थिए। गाड़ाका
फलेकहरू गोलो नभएर वर्गाकार थिए। **३२**ती
पाङग्राहरू फलेकमुनि थिए अनि पाङग्राका
धुराहरू गाड़ासित जोडिएका थिए। प्रत्येक
पाङग्राको उँचाइ डेड़ हात थियो। **३३**पाङग्राहरू
रथका पाङग्राझैँ बनाइएका थिए अनि धुराहरू,
किनारहरू, सुइरा र नाभीहरू सबै ढालेका
धातुका थिए।

**३४**प्रत्येक गाड़ाका चारओटा बिँड़हरू थिए
जुन प्रत्येक कुनामा गाड़ाबाट निस्केका थिए।
**३५**गाड़ाको टुप्पोमा एउटा आधा हात गहिरो
फिता थियो। सहारा दिने फलेकहरू गाड़ाका
टुप्पोमा थिए। **३६**तिनले सहारा दिने ठाउँको
सतहमा र फलेकहरूमा करूबहरू, सिंहहरू
र खजूरका रूखहरू खोपे अनि चारैतिर
हारहरू बनाइदिए। **३७**यस किसिमले तिनले
दशओटा गाड़ाहरू बनाए। तिनीहरू सबै एकै
किसिमले ढालिएका अनि नाप र आकृतिमा
एकनासका थिए।

**३८**त्यसपछि तिनले काँसाका दशओटा
बाटाहरू बनाए। प्रत्येकमा आठ सय असी
लिटर अटाउँथ्यो र नापमा चार हात फराकिलो
थियो। ती दशैओटा गाड़ाहरू हरेकमा एउटा
बाटा थियो। **३९**तिनले पाँचओटा गाड़ाहरू
मन्दिरको दक्षिण भागमा अनि पाँचओटाचाहिँ
उत्तर भागमा राखे। तिनले खड्कुँलोलाई
मन्दिरको दक्षिण-पूर्वतिर दक्षिण भागमा राखे।
**४०**तिनले बाटाहरू, बेल्चाहरू र छर्कने भाँड़ाहरू
पनि बनाए।

यसरी परमप्रभुको मन्दिरमा राजा सुलेमानको
निम्ति आफूले जिम्मा लिएका सबै कामहरू
हुरामले सिद्धाए:

**४१** दुई खामाहरू;
खामाहरूका टुप्पोमा बाटा जस्तै
आकारका
दुईओटा स्तम्भ-शिराहरू;
खामाहरूका टुप्पोमा बाटा आकारका
दुईओटा स्तम्भ शिराहरूलाई
सिंगार्ने दुईओटा जालीहरू;
**४२** दुई जालीहरूको निम्ति चार सय
दारीमहरू
(खामाहरूको टुप्पोमा भएका
बाटा-आकारका स्तम्भ शिरालाई
सिंगार्ने प्रत्येक
जालीको निम्ति दुई लहर दारीमहरू);
**४३** दशओटा गाड़ाहरू तिनीहरूका बाटाहरू;
**४४** खड्कुँलो अनि त्यसको मुनिका बाह्रओटा
साँड़ेहरू;
**४५** भाँड़ाहरू, बेल्चाहरू र छर्कने
भाँड़ाहरू।

हुरामले परमप्रभुको भवनको निम्ति राजा
सुलेमानको लागि बनाएका यी सबै कुराहरू
टल्काइएका काँसाका थिए। **४६**राजाले
तिनीहरूलाई सुक्कोत र सारतानको बीचमा
भएको यर्दनको मैदानको धातु गाल्ने ठाउँमा
ढालेका थिए। **४७**सुलेमानले सबै कुराहरूलाई
नतौली राखे किनकि ती धेरै थिए। काँसाको
तौल गर्नै नसकिने थियो।

**४८**सुलेमानले परमप्रभुको मन्दिरमा भएका
सबै श्रृङ्गारका सामानहरू पनि बनाए:

सुनको वेदी;
उपस्थितिको रोटी राख्ने सुनको टेबुल,
**४९** निखुर सुनका सामदानहरू
(भित्री पवित्रस्थानको सामुन्ने पाँचओटा
दाहिनेपट्टि
र पाँचओटा देब्रेपट्टि);
सुनका फूलहरू र बत्ती अनि चिम्टाहरू।
**५०** निखुर सुनका बाटाहरू, सलेदोका

---

**७:३८**–प्रस्थान ३०:१७-२१. **७:४०–५१**–२ इतिहास ४:११-५:१. **७:४८**–प्रस्थान २५:२३-३०; ३०:१-३.
**७:४९**–प्रस्थान २५:३१-४०.

चिम्टाहरू;
छर्कने भाँड़ाकुँड़ाहरू र धूपदानीहरू
सबैभन्दा भित्री कोठा,
अर्थात् महापवित्रस्थानका ढोकाहरूका
निम्ति अनि मन्दिरका प्रमुख ठूलो
कोठाका ढोकाहरूका निम्ति सुनका
खोपिल्टाहरू ।

**५१**परमप्रभुको मन्दिरको निम्ति राजा
सुलेमानले गरेका सबै कामहरू सिद्धिएपछि
तिनले आफ्ना पिता दाऊदले अर्पण गरेका
सबै कुराहरू, अर्थात् सुन र चाँदी अनि सर-
सामानहरू भित्र ल्याए र तिनले ती परमप्रभुको
मन्दिरका भण्डारहरूमा राखे ।

### मन्दिरमा सन्दूक ल्याइएको

**८** तब राजा सुलेमानले इस्राएलका बूढ़ा-
प्रधानहरू, कुलहरूका सबै मुखियाहरू
र इस्राएली परिवारका मुखियाहरूलाई सियोन,
अर्थात् दाऊदको शहरबाट परमप्रभुको करारको
सन्दूक ल्याउनलाई यरूशलेममा आफूकहाँ
बोलाइपठाए । **२**इस्राएलका सबै मानिसहरू
चाड़को समयमा एतानीम, अर्थात् सातौं
महिनामा एकसाथ राजा सुलेमानकहाँ आए ।
**३**इस्राएलका सबै बूढ़ा-प्रधानहरू आइपुगेपछि
परमप्रभुको सन्दूक उठाए, **४**अनि तिनीहरूले
परमप्रभुको सन्दूक अनि भेट हुने पाल र
त्यसमा भएका पवित्रसामानहरू ल्याए, **५**अनि
राजा सुलेमान र तिनका चारैतिर भेला भएका
इस्राएलका सम्पूर्ण समुदायले यति बिध्न भेड़ाहरू
र पशुहरू बलिदान गरे कि त्यसलाई दर्ता गर्न
अथवा गन्न पनि सकिएन ।

**६**त्यसपछि पूजाहारीहरूले परमप्रभुको
करारको सन्दूकलाई त्यसकै ठाउँमा मन्दिरको
भित्री पवित्रस्थानमा, अर्थात् महा पवित्रस्थानमा
ल्याए अनि त्यसलाई करूबहरूका पखेटामुनि
राखिदिए । **७**ती करूबहरूले सन्दूक भएको
ठाउँको मास्तिर आफ्ना पखेटाहरू फैलाएर
सन्दूक र त्यसलाई बोक्ने डण्डाहरूमाथि छाया
पारिदिए । **८**यी डण्डाहरू यति लामा थिए कि
तिनीहरूका टुप्पाहरू भित्री पवित्रस्थानको
सामुन्नेको पवित्रस्थानबाट देख्न सकिन्थ्यो तर
पवित्रस्थानको बाहिरबाट देख्न सकिँदैनथ्यो,
अनि ती आजको दिनसम्मै त्यहीं छन् । **९**त्यस
सन्दूकमा मोशाले होरेब पर्वतमा राखेका ढुङ्गाका
दुईओटा पाटीबाहेक अरू केही थिएन ।
मिश्रदेशबाट इस्राएलीहरू निस्केर आएपछि
परमप्रभुले त्यस पर्वतमै तिनीहरूसित करार
बाँध्नुभएको थियो ।

**१०**ती पूजाहारीहरू पवित्रस्थानबाट हटेपछि
बादलले परमप्रभुको मन्दिरलाई ढाकिदियो ।
**११**अनि पूजाहारीहरूले त्यहाँ बादल भएको हुनाले
सेवा गर्न सकेनन्, किनभने परमप्रभुको महिमाले
मन्दिर भरिएको थियो ।

**१२**तब सुलेमानले भने, “उहाँ बाक्लो
बादलमा विराजमान् हुनुहुनेछ भनी भन्नुभएको
छ; **१३**मैले साँच्चै तपाईंको निम्ति एउटा भव्य
मन्दिर, तपाईं सधैं वास बस्नलाई एउटा ठाउँ
बनाएको छु ।”

**१४**इस्राएलका सारा समुदाय त्यहाँ उभिरहेका
बेला राजाले फर्केर तिनीहरूलाई आशीर्वाद
दिए । **१५**तब तिनले भने:

“परमप्रभुलाई प्रशंसा होस्, अर्थात्
इस्राएलका परमेश्वरलाई, जसले आफ्नै
मुखले मेरा पिता दाऊदलाई प्रतिज्ञा
गर्नुभएको कुरा आफ्नै हातले पूरा गर्नुभयो ।
किनकि उहाँले भन्नुभएको थियो, **१६**‘मैले
आफ्ना मानिसहरूलाई मिश्रदेशबाट बाहिर
निकालेर ल्याएको दिनदेखि यसो मेरो नाउँ
त्यहाँ रहोस् भनेर मेरो नाउँमा मन्दिर
बनाउनलाई इस्राएलको कुनै कुलबाट

---

**७:५१**–२ शमूएल ८:११; १ इतिहास १८:११. **८:१**–२ शमूएल ६:१२-१६; १ इतिहास १५:२५-२९.
**८:१-९**–२ इतिहास ५:२-६:२. **८:२**–लेवी २३:२४. **८:९**–व्यवस्था १०:५. **८:१०-११**–प्रस्थान ४०:३४-३५.
**८:१२**–भजनसंग्रह १८:११; ९७:२. **८:१४-२१**–२ इतिहास ६:३-११. **८:१६**–२ शमूएल ७:४-११;
१ इतिहास १७:३-१०.

एउटा शहर चुनिनँ, तर मैले मेरो जाति
इस्राएलमाथि शासन गर्नलाई दाऊदलाई
चुनेँ ।'

**१७**"मेरा पिता दाऊदको हृदयमा
परमप्रभु इस्राएलका परमेश्‍वरको निम्ति
एउटा मन्दिर बनाउने इच्छा थियो । **१८**तर
परमप्रभुले मेरा पिता दाऊदलाई भन्नुभयो,
'तैंले आफ्नो हृदयमा मेरो नाउँको खातिर
एउटा मन्दिर बनाउने इच्छा राखेको असलै
गरिस् । **१९**तै पनि, तैंले यो मन्दिर
बनाउनेछैनस्, तर तेरो छोरा, तेरो आफ्नै
मासु र रगतको हो, त्यसले नै मेरो नाउँको
खातिर यो मन्दिर बनाउनेछ ।'

**२०**"परमप्रभुले आफ्नो प्रतिज्ञा कायम
राख्नुभयो: म आफ्ना पिता दाऊदको पछि
राजा भएँ अनि अहिले म परमप्रभुले प्रतिज्ञा
गर्नुभएझैँ इस्राएलको सिंहासनमा बसेको छु,
अनि मैले परमप्रभु इस्राएलका परमेश्‍वरको
नाउँको खातिर यो मन्दिर बनाएको छु ।
**२१**मैले सन्दूकको निम्ति त्यहाँ एउटा ठाउँ
राखेको छु, जुन सन्दुकचाहिँ परमप्रभुले
हाम्रा पिता-पुर्खाहरूलाई मिश्रदेशबाट
निकालेर ल्याउनुहुँदा तिनीहरूसित बाँधेको
करार हो ।"

### सुलेमानको अर्पणको प्रार्थना

**२२**तब सुलेमान सम्पूर्ण इस्राएली समुदायको
अगिल्तिर परमप्रभुको वेदीको सामुन्ने उभिए
र आफ्ना हातहरू स्वर्गतिर फैलाए, **२३**अनि
तिनले भने:

"हे परमप्रभु, इस्राएलका परमेश्‍वर,
माथि स्वर्गमा अनि तल पृथ्वीमा तपाईंझैँ
अर्को ईश्‍वर छैन– तपाईं, जसले तपाईंको
मार्गमा सदा सम्पूर्ण हृदयले चल्ने आफ्ना
दासहरूसित बाँध्नुभएको करार कायम
राख्नुहुन्छ । **२४**तपाईंले आफ्नो दास मेरा
पिता दाऊदसित गर्नुभएको प्रतिज्ञा पूरा
गर्नुभएको छ । तपाईंले आफ्नो मुखले प्रतिज्ञा
गर्नुभयो अनि आफ्नो हातले त्यसलाई
पूरा गर्नुभयो, जसरी आज भएको छ ।

**२५**"अब हे परमप्रभु इस्राएलका
परमेश्‍वर, तपाईंले आफ्नो दास मेरा पिता
दाऊदको निम्ति 'तेरा छोराहरू आफ्ना
कामहरू र चालहरूमा तँजस्तै होसियार
रहे भने, मेरो सामुन्ने इस्राएलको सिंहासनमा
बस्नलाई तँलाई कुनै मानिसको अभाव
हुनेछैन' भनेर तपाईंले उहाँसित गर्नुभएको
प्रतिज्ञा पूरा गर्नुहोस् । **२६**अनि अब हे
इस्राएलका परमेश्‍वर, तपाईंले आफ्नो दास
मेरा पिता दाऊदसित प्रतिज्ञा गर्नुभएको
आफ्नो वचन पूरा होस् ।

**२७**"तर के परमेश्‍वर साँचै पृथ्वीमा
वास गर्नुहुन्छ ? स्वर्ग, अँ सबैभन्दा उच्च
स्वर्गले पनि तपाईंलाई राख्नसक्दैन भने,
मैले बनाएको यो मन्दिरले त झन के
सक्ला र ! **२८**तरै पनि हे परमप्रभु मेरा
परमेश्‍वर, आफ्नो दासको प्रार्थना र दयाको
निम्ति चढ़ाएको बिन्तीमा ध्यान दिनुहोस् ।
तपाईंको उपस्थितिमा तपाईंको दासले आज
गरेको पुकार र प्रार्थना सुन्नुहोस् । **२९**यस
मन्दिरमा तपाईंको दृष्टि दिनरात रहिरहोस्,
यस ठाउँमा जसलाई तपाईंले 'मेरो नाउँ
त्यहाँ हुनेछ' भन्नुभएको थियो, र आफ्नो
दासले यसको निम्ति चढ़ाएको प्रार्थना
सुन्नुहोस् । **३०**तपाईंको दास अनि आफ्नो
जाति इस्राएलले यस ठाउँको निम्ति प्रार्थना
गर्दा तिनीहरूको विनय सुन्नुहोस् । तपाईंको
वासस्थान स्वर्गबाट सुन्नुहोस् अनि सुनेर
क्षमा गर्नुहोस् ।

**३१**जब कुनै मानिसले आफ्नो छिमेकीको
हानि गर्छ अनि त्यसलाई शपथ खाने
आवश्यकता परेकोले त्यसले यस मन्दिरको
वेदीको सामुन्ने आएर शपथ खान्छ, **३२**तब
स्वर्गबाट तपाईंले सुनेर काम गर्नुहोस् ।

---

**८:१७–१८**–२ शमूएल ७:१-३; १ इतिहास १७:१-२. **८:१९**–२ शमूएल ७:१२-१३; १ इतिहास १७:११-१२.
**८:२२–५३**–२ इतिहास ६:१२-४२. **८:२५**–१ राजा २:४. **८:२७**–२ इतिहास २:६. **८:२९**–व्यवस्था १२:११.

आफ्ना दासहरूको बीचमा इन्साफ
गरिकन त्यस दोषीलाई अपराधी ठहराएर
त्यसले गरेको काम त्यसकै शिरमाथि
खन्याइदिनुहोस् । निर्दोषलाई दोषी नठहऱ्याएर
त्यसको निर्दोषता स्थापित गरिदिनुहोस् ।
**३३**इस्राएलीहरूले तपाईंको विरुद्धमा पाप
गरेकाले तिनीहरू आफ्ना शत्रुहरूद्वारा
पराजित भएर तिनीहरू तपाईंतिर फर्केर
तपाईको नाउँ स्वीकार गर्दै यस मन्दिरमा
आइकन तपाईंलाई प्रार्थना र विनय गर्छन्
भने, **३४**स्वर्गबाट सुनिकन तपाईंले आफ्नो
जाति इस्राएललाई क्षमा दिनुहोस् अनि
तिनीहरूलाई फर्काएर तपाईंले तिनीहरूका
पिता-पुर्खाहरूलाई दिनुभएको देशमा
ल्याउनुहोस् ।
**३५**तपाईंका जातिले पाप गरेको कारण
आकाश बन्द भएर पानी नपर्दा तिनीहरूले
यस ठाउँमा आएर प्रार्थना गर्दै तपाईंको
नाउँ स्वीकार गरेर तपाईंले तिनीहरूलाई
दु:ख दिनुभएको कारण तिनीहरू आफ्ना
पापबाट फर्कदा, **३६**स्वर्गबाट सुनेर आफ्ना
दासहरू, इस्राएल तपाईंको जातिलाई क्षमा
गर्नुहोस् । तिनीहरूलाई ठीकसित जिउने
मार्ग सिकाउनुहोस्, अनि तपाईंले आफ्नो
जातिलाई उत्तराधिकारस्वरूप दिनुभएको
देशमा पानी पठाइदिनुहोस् ।
**३७**यस देशमा अनिकाल अथवा रूढ़ी
अथवा सुकाउने रोग अथवा ढुसी लाग्दा
अथवा सलह अथवा फटेङ्ग्रा आउँदा अथवा
कुनै शत्रुले तिनीहरूको कुनै शहरमा घेरा
हाल्दा जुनसुकै विपत्ति अथवा रोग आए
तापनि, **३८**प्रत्येकले आफ्नो हृदयमा भएको
कष्टलाई थाहा पाएर आफ्ना हात यस
मन्दिरतिर फैलाएर तपाईंको जाति
इस्राएलका कसैले प्रार्थना र विनय चढ़ाएछ
भने, **३९**तपाईंको वासस्थान स्वर्गबाट
सुन्नुहोस् । तिनीहरूलाई क्षमा दिनुहोस् र
काम गर्नुहोस् । तपाईंले तिनीहरूका हृदय
जान्नुभएकोले (किनकि तपाईं एक्लैले मात्र
मानिसहरूको हृदय जान्नुहुन्छ) प्रत्येक
मानिससित त्यसले गरेको अनुसार व्यवहार
गर्नुहोस् । **४०**तर तपाईंले हाम्रा पिता-
पुर्खाहरूलाई दिनुभएको देशमा तिनीहरूले
तपाईंको भय मानून् ।
**४१**तपाईंको जाति इस्राएलबाट नआएको
तर तपाईंको नाउँ सुनेर टाड़ा देशबाट
आएको परदेशीको विषयमा चाहिँ–
**४२**किनभने मानिसहरूले तपाईंको महान्
नाउँ, तपाईंको शक्तिशाली बाहुली र
पसारेको पाखुराको विषयमा सुन्नेछन्–
जब त्यसले यस मन्दिरतिर फर्केर प्रार्थना
गर्नेछ, **४३**तब आफ्नो वासस्थान स्वर्गबाट
सुन्नुहोस् अनि त्यस परदेशीले जे माग्छ
त्यही गर्नुहोस् ताकि यस पृथ्वीका सबै
मानिसहरूले तपाईंको जाति इस्राएलले झैँ
तपाईंको नाउँ जानून् र भय मानून् अनि
मैले बनाएको यस भवनमा तपाईंको नाउँ
छ भनी जानून् ।
**४४**तपाईंले जहाँ पठाउनुभएको भए
तापनि, तपाईंका मानिसहरूले आफ्ना
शत्रुहरूको विरुद्धमा युद्ध गर्न जाँदा
तिनीहरूले तपाईंले चुन्नुभएको शहर र
मैले तपाईंको नाउँको खातिर बनाएको
यस मन्दिरतिर फर्केर परमप्रभुलाई प्रार्थना
गर्दा, **४५**स्वर्गबाट तिनीहरूका प्रार्थना र
तिनीहरूका विनय सुनेर तिनीहरूको पक्ष
लिनुहोस् ।
**४६**पाप नगर्ने कोही नभएकोले तिनीहरूले
तपाईंको विरुद्धमा पाप गर्दा तपाईंले
तिनीहरूसित रिसाएर तिनीहरूलाई कुनै
शत्रुको हातमा दिनुहुँदा र त्यसले
तिनीहरूलाई टाढ़ा वा नजिकको आफ्नै
देशमा कैद गरेर लैजाँदा, **४७**तिनीहरूले
आफू कैदी भएर बसेको देशमा आफ्ना हृदय
परिवर्तन गरेर तिनीहरूका विजेताहरूको
देशमा तपाईंकहाँ पश्चातापी भई बिन्ती
गरेर 'हामीले पाप गरेका छौं, हामीले भूल
गरेका छौं, हामीले दुष्टतापूर्वक काम
गरेका छौं' भन्छन् भने, **४८**अनि तिनीहरू
आफूलाई कैद गरेर लैजाने शत्रुहरूको देशमा

तपाईंतिर र तिनीहरूका पिता-पुर्खाहरूलाई
दिनुभएको देशतिर फर्केर अनि तपाईंले
चुन्नुभएको शहरतिर फर्केर, अनि मैले
तपाईंको नाउँको खातिर बनाएको मन्दिरतिर
फर्केर, तपाईंलाई प्रार्थना गरेछन् भने,
**४९**तपाईंको वासस्थान स्वर्गबाट तिनीहरूको
प्रार्थना र अर्ज-बिन्ती अनि विनय सुनेर
तिनीहरूको पक्ष लिनुहोस् । **५०**अनि तपाईंको
विरुद्धमा पाप गर्ने आफ्ना मानिसहरूलाई
क्षमा गर्नुहोस्, तिनीहरूले तपाईंका विरुद्धमा
गरेका सबै अपराधहरू क्षमा गर्नुहोस्, र
तिनीहरूलाई जित्नेहरूलाई तिनीहरूमाथि
दया देखाउने बनाइदिनुहोस्, **५१**किनकि
तिनीहरू तपाईंले मिश्रदेशबाट अर्थात् फलाम
पनि गाल्ने भट्टीबाट निकालेर ल्याउनुभएका
तपाईंका जाति हुन् ।

**५२**"तपाईंको नजर आफ्नो दासको अर्ज-
बिन्ती र तपाईंको प्रजा इस्राएलको अर्ज-
बिन्तीको लागि खुला रहोस् अनि तिनीहरूले
तपाईंमा पुकार गर्दा तपाईंले ध्यानसित
सुन्नुहोस् । **५३**किनकि हे सर्वसत्ताधारी
परमप्रभु, तपाईंले हाम्रा पिता-पुर्खाहरूलाई
मिश्रदेशबाट निकालेर ल्याउनुहुँदा आफ्नो
दास मोशासित घोषणा गर्नुभएझैं तपाईंले
तिनीहरूलाई आफ्ना उत्तराधिकार बनाउनलाई
पृथ्वीका सबै जातिहरूबाट अलग गर्नुभएको
थियो ।"

**५४**सुलेमानले परमप्रभुकहाँ यो प्रार्थना र
नम्र-निवेदन गरिसकेपछि आफू घुँडा टेकेर
स्वर्गतिर हात फैलाएर बसेको परमप्रभुको
वेदीको सामुन्ने तिनी उठे । **५५**तिनी खड़ा भए
अनि इस्राएलको सारा समुदायलाई चर्को
सोरले यसो भनेर आशीर्वाद दिए:

**५६**"आफूले प्रतिज्ञा गर्नुभएझैं आफ्नो
जाति इस्राएललाई विश्राम दिनुहुने
परमप्रभुको प्रशंसा होस् । उहाँले आफ्नो
दास मोशाद्वारा दिनुभएका असल प्रतिज्ञाहरूका
एउटै शब्द पनि अपूरो रहेन । **५७**परमप्रभु
हाम्रा परमेश्वर हाम्रा पिता-पुर्खाहरूसित
रहनुभएझैं हामीसित पनि रहून् । उहाँले
हामीलाई नछोडून् अनि नत्यागून् । **५८**उहाँले
हाम्रा पिता-पुर्खाहरूलाई दिनुभएका
आज्ञाहरू, आदेशहरू र नियमहरू पालन
गर्नलाई अनि उहाँकै चालमा हिँड्नलाई
उहाँले हाम्रा हृदयहरू आफूतिर फर्काऊन् ।
**५९**अनि मैले परमप्रभुको सामुन्ने प्रार्थनामा
बोलेका मेरा यी शब्दहरू परमप्रभु हाम्रा
परमेश्वरको नजीक दिनरात रहून् अनि
उहाँले प्रत्येक दिनको खाँचोअनुसार आफ्नो
दासको र आफ्नो जाति इस्राएलको पक्ष
लिऊन्, **६०**अनि पृथ्वीका सारा जातिहरूले
परमप्रभु नै परमेश्वर हुनुहुन्छ र अरू कोही
छैनन् भनी जानून् । **६१**तर तिमीहरूका
हृदय उहाँका आदेशहरूअनुसार अहिलेझैं
चल्न र उहाँका आज्ञाहरू पालन गर्नको
निम्ति पूर्णतया समर्पित हुनैपर्छ ।"

## मन्दिरको समर्पण

**६२**तब राजा र तिनीसँग भएका सारा
इस्राएलले परमप्रभुको सामुन्ने बलिदानहरू
चढ़ाए । **६३**सुलेमानले सङ्गति बलिदानको रूपमा
दुई हजार गाईबस्तु र एक सय बीस हजार
भेड़ा-बाखाहरू चढ़ाए । यसरी राजा अनि
सारा इस्राएलीहरूले परमप्रभुको मन्दिर समर्पण
गरे ।

**६४**त्यसै दिन राजाले परमप्रभुको मन्दिरको
सामुन्ने भएको चोकको बीच भागलाई पवित्र
गरे अनि त्यहाँ तिनले होमबलि, अन्नबलि र
सङ्गतिबलिको बोसो चढ़ाए, किनभने होमबलि,
अन्नबलि र सङ्गतिबलिको बोसो अटाउनलाई
परमप्रभुको सामुन्ने भएको काँसाको वेदी साह्रै
सानो थियो ।

**६५**यसकारण सुलेमानले त्यस बेला तिनीसित
भएको सम्पूर्ण इस्राएल, अर्थात् विशाल समुदाय,
लेवी हमातदेखि लिएर मिश्रको खोल्सासम्मका

**८:५६**–व्यवस्था १२:१०; यहोशू २१:४४-४५. **८:६२–६६**–२ इतिहास ७:४-१०.

मानिसहरूसित चाड़ मनाए। तिनले परमप्रभु
हाम्रा परमेश्वरकै सामुन्ने सात दिन र अझै
सात दिन गरी जम्मा चौध्र दिन उत्सव मनाए।
**६६**भोलिपल्ट तिनले मानिसहरूलाई पठाइदिए।
राजालाई आशीर्वाद दिएर, परमप्रभुले आफ्नो
दास दाऊद र आफ्ना मानिसहरूप्रति गर्नुभएका
सबै असल कुराहरूको कारण आनन्दित र
खुशी हृदय लिएर तिनीहरू घर गए।

### परमप्रभु सुलेमानकहाँ देखा पर्नुभएको

**९** जब सुलेमानले परमप्रभुको मन्दिर र शाही
राजमहल बनाइसके अनि तिनले इच्छा
गरेका सबै कुराहरू गरिसिध्याएपछि, **२**परमप्रभु
तिनीकहाँ गिबोनमा देखापर्नुभएझैं दोस्रोपल्ट
तिनीकहाँ देखा पर्नुभयो। **३**परमप्रभुले तिनलाई
भन्नुभयो:

"तैंले मेरो सामुन्ने चढ़ाएको प्रार्थना र
अर्ज-बिन्ती मैले सुनेको छु। तैंले बनाएको
यस मन्दिरलाई मैले सदाको लागि आफ्नो
नाउँ राखेर पवित्र गरेको छु। मेरा नजर र
मेरो हृदय सधैं त्यहाँ रहनेछ।

**४**"तेरो विषयमा चाहिँ, तँ मेरो सामुन्ने
तेरा पिता दाऊदझैं हृदयमा ईमानदार भएर
सोझो भई हिँड़िस् र मैले आज्ञा दिएका
सबै आज्ञाहरू पालन गरिस् र मेरा
आदेश र व्यवस्थाहरू पालन गरिस् भने,
**५**'इस्राएलको सिंहासनमा बस्नलाई तँलाई
कुनै मानिसको अभाव हुनेछैन' भनेर मैले
तेरा पिता दाऊदलाई प्रतिज्ञा गरेझैं म
इस्राएलमाथि तेरो सिंहासन सदाको लागि
स्थापित गर्नेछु।

**६**"तर तँ अथवा तेरा छोराहरू मदेखि
तर्कीगए र मैले तँलाई दिएका आज्ञाहरू र
आदेशहरू मानेनन् अनि अरू देवताहरूको
सेवा गर्दै तिनीहरूको पूजा गरे भने, **७**म
इस्राएललाई दिएको देशबाट तिनीहरूलाई
अलग गर्नेछु अनि मैले आफ्नो नाउँको
खातिर पवित्र गरेको यस मन्दिरलाई म
इन्कार गर्नेछु। तब इस्राएल एउटा आहान,
सबै जातिहरूको बीचमा हाँसोको पात्र
हुनेछ। **८**अहिले भव्य भए तापनि यसको
छेउबाट जाने सबैले डराएर यस मन्दिरको
खिसी गर्दै भन्नेछन्, 'परमप्रभुले यस
देशलाई र यस मन्दिरलाई किन यसो
गर्नुभएको ?' **९**मानिसहरूले यसो भनेर
जवाफ दिनेछन्, 'किनकि तिनीहरूका
पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर
ल्याउनुहुने परमप्रभुलाई तिनीहरूले त्यागेका
छन् र अरू देवताहरूलाई अपनाएर
तिनीहरूलाई पूजेका छन्। यसैकारण
परमप्रभुले यी सबै विपत्तिहरू तिनीहरूमाथि
ल्याउनुभयो।'"

### सुलेमानका अरू कार्यहरू

**१०**परमप्रभुको मन्दिर अनि शाही राजमहल,
यी दुईओटा भवनहरू बनाएको बीस वर्षको
आखिरमा— **११**राजा सुलेमानले टायरका राजा
हिरामलाई गालीलका बीसओटा शहरहरू दिए,
किनकि हिरामले तिनलाई चाहिएका सबै
देवदारुहरू, सल्ला र सुनहरू दिएका थिए।
**१२**तर जब सुलेमानले तिनलाई दिएका
शहरहरू हेर्नलाई हिराम टायरबाट त्यहाँ गए,
तिनी ती शहरहरूमाथि खुशी भएनन्। **१३**तिनले
सोधे, "मेरा भाइ, तपाईंले मलाई दिनुभएका
शहरहरू कस्ता किसिमका रहेछन् ?" अनि
तिनले तिनीहरूलाई काबूल देश भन्ने नाउँ
दिए जुन नाउँ आजको दिनसम्मै छँदैछ।
**१४**हिरामले सुलेमानलाई एक सय बीस तोड़ा
सुन पठाएका थिए।

**१५**परमप्रभुको मन्दिर, आफ्नै राजमहल,
अड्‍याउने कौसीहरू, यरूशलेमको पर्खाल,
हासोर, मगिद्दो र गेसेर बनाउँदा राजा सुलेमानले
बेगार खटाएका मानिसहरूको वर्णन यस्तो छ।

**९:१-९**–२ इतिहास ७:११-२२. **९:२**–१ राजा ३:५; २ इतिहास १:७. **९:५**–१ राजा २:२-४. **९:८**–२ राजा २५:९; २ इतिहास ३६:१९. **९:१०-१२**–२ इतिहास ८:१-२. **९:१५-२८**–२ इतिहास ८:३-१८.

**१६**(मिश्रदेशका राजा फिरौनले आक्रमण गरेर
गेसेरलाई जितेका थिए र त्यसलाई आगो
लगाइदिएका थिए । त्यसमा भएका कनानी
देशवासीहरूलाई मारेर त्यसलाई सुलेमानकी
पत्नी, आफ्नी छोरीलाई तिनले उपहारस्वरूप
दिए । **१७**अनि सुलेमानले गेसेरलाई फेरि निर्माण
गरे ।) तिनले यी कुराहरू बनाए, तल्लो बेथ
होरोन, **१८**बालाथ र मरुभूमिमा भएको
तादमेर जुन तिनको देशमा पर्थ्यो, **१९**यसको
साथमा तिनका रथहरू र घोड़ाहरूका निम्ति
तिनले भण्डार-शहरहरू र नगरहरू बनाए;
यरूशलेममा, लबानोनमा र तिनले शासन
गरेका सबै प्रान्तहरूमा तिनले यरूशलेमा जे
जति बनाउने इच्छा गरेका थिए ती सबै
कामहरू पूरा गरे ।

**२०**एमोरीहरू, हित्तीहरू, परिज्जीहरू,
हिब्वीहरू, यबूसीहरू (यी मानिसहरू इस्राएली
थिएनन्), **२१**अर्थात् तिनीहरूका सन्तान जो देशमा
बाँकी रहेका थिए र जसलाई इस्राएलीहरूले
स्वाहा पार्न सकेका थिएनन्, तिनीहरूलाई
सुलेमानले आफ्ना काम गर्ने दासहरूको रूपमा
बलपूर्वक लिएका थिए, जुन आजको दिनससम्मै
कायम छँदैछ । **२२**तर सुलेमानले इस्राएलीहरूबाट
कसैलाई पनि चाकर बनाएनन्; तिनीहरू त तिनका
लड़ाकू मानिसहरू, सरकारी अधिकारीहरू,
तिनका अधिकृतहरू अनि तिनका कप्तानहरू
थिए । **२३**तिनीहरू सुलेमानका योजनाहरूका
जिम्मा लिएका अधिकारीहरू पनि थिए, अर्थात्
काम गर्ने ती मानिसहरूलाई रेखदेख गर्ने पाँच
सय पचास जना अधिकारीहरू थिए ।

**२४**दाऊदको शहरबाट फिरौनका छोरी
सुलेमानले बनाएको राजमहलमा आएपछि
तिनले अड्याउने कौसीहरू बनाए ।

**२५**वर्षमा तीनपल्ट सुलेमानले परमप्रभुको
निम्ति आफूले बनाएको वेदीमा होमबलि र
सङ्गतिबलि चढ़ाउँथे अनि तीसँगै परमप्रभुको
सामुन्ने धूप जलाउँथे । यसरी तिनले मन्दिरमा
गर्नुपर्ने कर्तव्यहरू पूरा गरे ।

**२६**राजा सुलेमानले लाल समुद्रको किनारमा
भएको एदोमको एलातको छेउमा भएको एस्योन
गेबेरमा जहाजहरू पनि बनाए । **२७**अनि
हिरामले आफ्ना मानिसहरू, अर्थात् समुद्रलाई
चिनेका नाविकहरूलाई जहाजी-सेनामा
सुलेमानका मानिसहरूसित सेवा गर्न पठाए ।
**२८**तिनीहरू समुद्रीयात्रा गरेर ओपीरमा गए
अनि चार सय बीस तोड़ा सुन आफूसित ल्याए
र ती राजा सुलेमानलाई दिए ।

### शेबाकी रानी सुलेमानकहाँ आएकी

**१०** शेबाकी रानीले जब सुलेमानको ख्याति
अनि परमप्रभुको नाउँप्रति तिनको
सम्बन्धको विषयमा सुनिन्, तिनी कठिन
प्रश्नहरू लिएर तिनलाई जाँच्न आइन् ।
**२**यरूशलेममा तिनी धेरै लामो लावा लस्कर
लिएर, अर्थात् मसालाहरू, धेरै मात्रामा सुन र
दामी पत्थरहरू बोकेर ऊँटहरू लिएर
आइपुगेपछि तिनी सुलेमानकहाँ आइन् अनि
आफ्नो मनमा भएका सबै कुराहरूको विषयमा
तिनीसित कुरा गरिन् । **३**सुलेमानले तिनका
सबै प्रश्नहरूको जवाफ दिए, तिनलाई सबै
कुरा बताइदिन राजाको निम्ति कुनै गाह्रो काम
थिएन । **४**शेबाकी रानीले सुलेमानका सबै बुद्धि
अनि तिनले बनाएका राजमहल, **५**तिनको
टेबुलमा भएको भोजन, तिनका अफिसरहरू
बसेका, लबेदा लगाएका सेवा गर्ने नोकरहरू,
तिनका प्याला टक्राउनेहरू अनि परमप्रभुको
मन्दिरमा तिनले चढ़ाएका होमबलिहरू देखेर
तिनी अवाक् भइन् ।

**६**तिनले राजालाई भनिन्, "मैले आफ्नो
देशमा तपाईंको सफलता र बुद्धिको विषयमा
सुनेको कुरा ठीक रहेछ । **७**तर आइकन आफ्नै
आँखाले नदेखेसम्म मैले यी कुराहरू पत्याएकै
थिइनँ । मलाई त साँच्चै आधा पनि सुनाइएको
रहेनछ । बुद्धि र धनमा त तपाईंले मैले सुनेको

---

**९:२५**–प्रस्थान २३:१७; ३४:२३; व्यवस्था १६:१६. **१०:१-१०**–मत्ती १२:४२; लूका ११:३१.
**१०:१-१३**–२ इतिहास ९:१-१२.

भन्दा बढ़ी देखाइदिनुभयो। ८तपाईंका मानिसहरू
कति सुखी हुनुपर्छ ! तपाईंको सामुन्ने उभिएर
तपाईंका बुद्धिका कुराहरू लगातार सुन्ने
तपाईंका अधिकारीहरू कति सुखी ! ९परमप्रभु
तपाईंका परमेश्वरलाई प्रशंसा होस् जसले
तपाईंसित प्रसन्न भइकन तपाईंलाई इस्राएलको
सिंहासनमा राख्नुभयो। इस्राएलप्रति परमप्रभुको
अनन्तको प्रेमको कारण उहाँले तपाईंलाई
इन्साफ र धार्मिकता कायम राख्नलाई राजा
बनाउनुभयो।

१०अनि तिनले राजालाई एक सय बीस
तोड़ा सुन, धेरै मात्रामा मसालाहरू अनि
बहुमूल्य पत्थरहरू दिइन्। शेबाकी रानीले
राजा सुलेमानलाई दिएको जति धेरै मात्रामा
मसाला फेरि कहिल्यै आएन।

११(ओपीरबाट सुन ल्याउने हिरामका
जहाजहरूले त्यहाँबाट धेरै चन्दनको काठ र
बहुमूल्य पत्थरहरू ल्याउँथे। १२राजाले चन्दनका
काठहरू परमप्रभुको मन्दिर र शाही राजमहलमा
आधार दिने अनि वाद्य-वादकहरूका निम्ति
वीणा र सारङ्गी बनाउने काममा प्रयोग गर्थे।
त्यस दिनदेखि त्यतिको मात्रामा चन्दनको काठ
भित्र ल्याइएको वा देखिएको छैन।)

१३शेबाकी रानीलाई तिनले इच्छा गरेका
र मागेका सबै चीजको साथमा राजा सुलेमानले
आफ्नो शाही प्रशस्तताबाट पनि दिए। तब तिनी
आफ्ना लावालस्करसित आफ्नै देशमा फर्किन्।

## सुलेमानको वैभव

१४सुलेमानले प्रतिवर्ष पाउने सुनको ओजन
छ सय छियासट्ठी तोड़ा थियो, १५यसमा
सौदागर र व्यापारीहरूद्वारा अनि अरबका
राजाहरूद्वारा र देशका राज्यपालहरूद्वारा
ल्याइएका राजकर सामेल थिएन।

१६राजा सुलेमानले पिटेको सुनका दुईओटा
ठूलाठूला ढालहरू बनाए अनि प्रत्येक ढालमा
साढ़े तीन किलोग्राम सुन लागेको थियो।
१७तिनले तीन सयओटा पिटेको सुनका स-साना
ढालहरू बनाए जसमा प्रत्येक ढालमा करीब
ड़ेढ किलोग्राम सुन थियो। राजाले तिनीहरूलाई
लबानोनको जङ्गलको राजमहलमा राखे।

१८त्यसपछि राजाले हात्ती-दाँतको एउटा
ठूलो सिंहासन बनाएर त्यसलाई मिहीन
सुनले मोहोरे। १९त्यस सिंहासनमा छओटा
खुड्किलाहरू थिए अनि त्यसको पछिल्तिरको
भाग टुप्पोमा गोलाकार बनाइएको थियो।
आसनका दुवैतिर हात राख्ने बाहु थिए अनि
प्रत्येकको छेउमा एउटा एउटा सिंह खड़ा भएको
थियो। २०ती छ सयओटा खुड्किलाहरूमा प्रत्येक
खुड्किलामा दुईओटा गरी जम्मा बाह्रओटा
सिंहहरू थिए। कुनै पनि राज्यको निम्ति कहिल्यै
पनि यस्तो बनाइएको थिएन। २१सुलेमान
राजाका सबै कचौराहरू सुनका थिए अनि
लबानोनको जङ्गलको राजमहलका सबै घरका
सामग्रीहरू निखुर सुनका थिए। कुनै कुरो पनि
चाँदीको बनाइएको थिएन, किनकि सुलेमानको
समयमा चाँदी कम्ती मूल्यको ठानिन्थ्यो।
२२हिरामका जहाजहरूको साथमा समुद्रमा
राजाका व्यापारी जहाजको एक दल थियो।
प्रत्येक तीन वर्षमा ती सुन, चाँदी, हात्ती-दाँत
अनि बाँदर र लङ्गूरहरू लिएर आउँथे।

२३राजा सुलेमान धन र बुद्धिमा संसारका
सबै राजाहरूभन्दा महान् थिए। २४सारा विश्व
परमेश्वरले तिनको हृदयमा राखिदिनुभएको बुद्धि
सुन्नलाई तिनको दर्शनको चाहना गर्थ्यो।
२५वर्षैपिच्छे आउने हरेकले उपहारस्वरुप चाँदी
र सुनका सामानहरू, लबेदाहरू, हतियारहरू,
मसालाहरू, घोड़ाहरू र खच्चरहरू ल्याउँथे।

२६सुलेमानले रथहरू र घोड़ाहरू थुपारे;
तिनीसित चौध सय रथहरू अनि बाह्र हजार
घोड़ाहरू थिए, जसलाई तिनले रथहरू
राख्नेशहरहरूमा र आफैसित यरूशलेममा
राखे। २७राजाले यरूशलेममा चाँदीलाई ढुङ्गा
जतिकै साधारण अनि देवदारुलाई चाहिँ
तराईका अञ्जीर जतिकै प्रशस्त बनाइदिए।
२८सुलेमानका घोड़ाहरू मिश्रदेशबाट अनि

**१०:१४-२५**–२ इतिहास ९:१३-२९. **१०:२६**–१ राजा ४:२६. **१०:२८**–व्यवस्था १७:१६.

क्यूएबाट पैठारी हुन्थे । शाही व्यापारीहरूले
ती क्यूएबाट किन्थे । **२९**तिनीहरूले मिश्रदेशबाट
एउटा रथ चाँदीका छ सय शेकेलमा अनि एउटा
घोड़ाचाहिँ एक सय पचास शेकेलमा किने ।
तिनीहरूले ती हित्तीहरूका राजाहरू र
अरामीहरूका राजाहरूलाई निकासी पनि गर्थे ।

### सुलेमानका पत्नीहरू

**११** तरै पनि राजा सुलेमानले फिरौनकी
छोरीबाहेक धेरै परदेशी स्त्रीहरू,
अर्थात् मोआबीहरू, अम्मोनीहरू, एदोमीहरू,
सीदोनीहरू र हित्तीहरूलाई प्रेम गरे । **२**ती
त्यही जातिहरू थिए जसको विषयमा परमप्रभुले
इस्राएलीहरूलाई भन्नुभएको थियो, "तिमीहरूले
तिनीहरूसित आपसमा बिहेबारी नगर्नू, किनकि
तिनीहरूले निश्चय तिमीहरूका हृदयलाई
तिनीहरूका देवताहरूतिर फर्काइदिनेछन् ।"
तरै पनि सुलेमान तिनीहरूको प्रेममा आसक्त
भए । **३**तिनका राज घरानामा जन्मिएका सात
सय पत्नीहरू र तीन सय उप-पत्नीहरू थिए
अनि तिनका पत्नीहरूले तिनलाई कुबाटोमा
लगे । **४**सुलेमानको उमेर बढ़दै जाँदा तिनका
पत्नीहरूले तिनको हृदय अरू देवताहरूतिर
फर्काइदिए र तिनको हृदय तिनका पिता
दाऊदको जस्तै सम्पूर्ण रूपले परमेश्वरप्रति
लागेको थिएन । **५**तिनी सीदोनीहरूकी देवी
अश्तारोत अनि अम्मोनीहरूका घिनलाग्दो देवता
मोलेकका पछि लागे । **६**यसरी सुलेमानले
परमप्रभुको दृष्टिमा दुष्टता गरे । तिनले आफ्ना
पिता दाऊदले परमप्रभुलाई सम्पूर्ण रूपले
पछ्याएझैँ पछ्याएनन् ।

**७**यरूशलेमको पूर्वतिरको पहाड़माथि
सुलेमानले मोआबको घिनलाग्दो देवता कमोश
र अम्मोनीहरूको घिनलाग्दो देवता मोलेकको
निम्ति उच्च स्थान बनाए । **८**आफ्ना देवताहरूको
सामुन्ने धूप जलाउने अनि तिनीहरूलाई बलिदान
चढ़ाउने आफ्ना सबै परदेशी पत्नीहरूका निम्ति
पनि त्यसै गरे ।

**९**तिनीकहाँ दुईपल्ट देखा पर्नुहुने परमप्रभु
इस्राएलका परमेश्वरदेखि तिनी तर्किगएकाले
परमप्रभु सुलेमानसित रिसाउनुभयो । **१०**अरू
देवताहरूको पछि लाग्न मनाही गर्नुभएको भए
तापनि सुलेमानले परमप्रभुको आज्ञा पालन
गरेनन् । **११**यसकारण परमप्रभुले सुलेमानलाई
भन्नुभयो, "तेरो विचार यस्तो भएकोले र मैले
तँलाई आज्ञा गरेका आदेशहरू र मेरो
करार पालन नगरेकोले म निश्चय नै तेरो
राज्यलाई तँदेखि च्यातेर तँभन्दा कम्ती दर्जाको
मानिसहरूमध्ये एकजनालाई त्यो दिनेछु ।
**१२**तैपनि तेरा पिता दाऊदको खातिर म यो
तेरो जीवनकालमा गर्नेछैनँ । म यो राज्य तेरो
छोराको हातबाट खोसिलानेछु । **१३**तापनि म
त्यसबाट सम्पूर्ण राज्य त खोस्ने छैन तर
मेरो दास दाऊदको खातिर अनि मैले चुनेको
यरूशलेमको खातिर म त्यसलाई एउटा
कुलचाहिँ दिनेछु ।

### सुलेमानका शत्रुहरू

**१४**तब परमप्रभुले सुलेमानको विरुद्धमा
एकजना विरोधी खड़ा गर्नुभयो, एदोमको
राजकीय घरानाबाट एदोमी हददलाई । **१५**पहिला
दाऊद एदोमसित लड़ाइँ गरिरहेको बेला
मरेकाहरूलाई गाड़न गएका फौजका कप्तान
योआबले एदोमका मानिसहरूलाई मारेका
थिए । **१६**एदोममा भएका सबै मानिसहरूलाई
नष्ट नपारेसम्म योआब र सारा इस्राएलीहरू
छ महिनासम्म त्यहीँ बसेका थिए । **१७**तर सानै
केटा रहेका हददचाहिँ तिनका पिताको सेवा
गर्ने केही एदोमी अधिकारीहरूसित भागेर
मिश्रदेश पुगे । **१८**उनीहरू मिद्यानबाट निस्की
पारानमा पुगे । तब आफूसित पारानका
मानिसहरू लिएर तिनीहरू मिश्रदेशमा त्यहाँका
राजा फिरौनकहाँ गए, जसले हददलाई एउटा
घर अनि जमिन र भोजन दिए ।

**१९**फिरौन हददसित यति खुशी भए कि
तिनले आफ्नी पत्नी तहपनेसकी बहिनी तिनलाई

---

**११:१**–व्यवस्था १७:१७. **११:१२**–प्रस्थान ३४:१६; व्यवस्था ७:३-४.

विवाह गर्न दिए। **२०**तहपनेसकी बहिनीले गनूबत
नाउँ गरेको एउटा छोरालाई जन्म दिइन् र
शाही महलमा हुर्काइन् । त्यहाँ गनूबत
फिरोनका आफ्नै छोराछोरीसित रहे ।

**२१**तिनी मिश्रदेशमा हुँदा, दाऊद आफ्ना
पुर्खाहरूसित विश्राममा प्रवेश गरेको अनि
फौजका कप्तान योआब पनि मरेका कुरा हददले
सुने । तब हददले फिरौनलाई भने, "मलाई
आफ्नै देशमा फर्केर जानदिनुहोस् ।"

**२२**फिरौनले सोधे, "तपाईंलाई यहाँ केको
अभाव छ र तपाईं आफ्नै देशमा जान
चाहनुहुन्छ ?"

हददले जवाफ दिए, "केहीको अभाव पनि
छैन, तर दया गरी मलाई जानदिनुहोस् ।"

**२३**अनि परमप्रभुले सुलेमानको विरुद्धमा
अर्को विरोधी खड़ा गर्नुभयो, एल्यादाका छोरा
रसोन, जो आफ्ना मालिक सोबाका राजा
हद्देजेरबाट भागेका थिए । **२४**तिनले आफ्ना
चारैतिर मानिसहरू जम्मा गरे अनि दाऊदले
सोबाको फौजलाई ध्वस्त पार्दा विद्रोह गर्नेहरूका
अगुवा भई दमस्कसमा गए जहाँ तिनीहरूले
बसोबासो गरेर त्यसलाई आफ्नो अधीनमा
ल्याए। **२५**सुलेमान बाँचुन्जेल रसोन इस्राएलका
विरोधी रहे अनि हददले ल्याएका सङ्कष्टहरूमाथि
अझ तिनले थपिदिए। तसर्थ, रसोनले अराममा
राज्य गरे र इस्राएलप्रति शत्रु भइरहे ।

### यारोबाम सुलेमानको विरुद्धमा खड़ा भएका

**२६**नबातका छोरा यारोबाम पनि राजाको
विरुद्धमा बागी भए। तिनी सरेदाको एक एप्रेमी
अनि सुलेमानका एउटा अधिकारी थिए र तिनको
सेरूआ नाउँ भएकी विधवा आमा थिइन् ।

**२७**तिनले राजाको कसरी विरोध गरे,
त्यसको वृतान्त यस्तो छ: सुलेमानले आधारका
लागि कौसीहरू बनाएर तिनका पिता दाऊदको
शहरको खाली ठाउँलाई भरिदिएका थिए ।
**२८**यारोबामचाहिँ पक्का मानिस थिए अनि त्यस
जवान मानिसले अति राम्ररी काम गरेको
सुलेमानले देखेर तिनले उनलाई यूसुफको
घरानाका सम्पूर्ण मजदूरहरूमाथि मुखिया
बनाइदिए ।

**२९**त्यसबेला यारोबामचाहिँ यरूशलेमबाट
बाहिर जाँदैथिए अनि बाटोमा तिनलाई नयाँ
खाष्टो ओड़ेका शीलोका अगमवक्ता अहियाहले
भेटे । मैदानमा तिनीहरू दुईजना मात्र थिए,
**३०**अनि अहियाहले आफूले ओड़ेको नयाँ खाष्टो
समातेर त्यसलाई बाह्र टुक्रा गरी च्याते ।
**३१**तब तिनले यारोबामलाई भने, "तिमीले आफ्नो
निम्ति दश टुक्रा लेऊ किनकि परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'हेर्, म
सुलेमानको हातबाट राज्य खोसेर तँलाई दश
कुल दिनेछु। **३२**तर मेरो दास दाऊद र यरूशलेम
शहरको खातिर, जसलाई मैले इस्राएलका
कुलहरूबाट चुनें, त्यससित एउटा कुल
रहनेछ । **३३**म यो गर्नेछु किनकि तिनीहरूले
मलाई त्यागेर सीदोनीहरूकी देवी
अश्तारोतलाई, मोआबीहरूको देवता कमोशलाई
र अम्मोनीमहरूको देवता मोलेकलाई पूजेका
छन् अनि मेरा मार्गहरूमा हिँड़ेका छैनन्। नता
मेरो दृष्टिमा जे ठीक छन् ती गरेका छन् ।
नता सुलेमानका पिता दाऊदले झैं मेरा
नियमहरू, व्यवस्थाहरू पालन गरेका छन् ।

**३४**"'तर म सुलेमानको हातबाट सम्पूर्ण
राज्य त लैजादिनं; मैले चुनेका दाऊदको खातिर
जसले मेरा आज्ञाहरू र नियमहरू पालन गऱ्यो,
मैले सुलेमानलाई त्यसको जीवनकालभरिको
लागि शासक बनाएँ । **३५**म त्यसको छोराको
हातबाट राज्य लिएर तँलाई दश कुल दिन्छु ।
**३६**म एक कुल त्यसको छोरालाई दिनेछु र मैले
आफ्नो नाउँ राख्नलाई चुनेको यरूशलेम
शहरमा मेरो सामुन्ने मेरो दास दाऊदको बत्ती
सधैं बलिरहोस् । **३७**तैपनि, तेरो विषयमा चाहिँ
म तँलाई लिनेछु अनि तैंले आफूले इच्छा गरे
जति सबैमाथि शासन गर्नेछस्। तँ इस्राएलमाथि
राजा हुनेछस् । **३८**मैले आज्ञा दिएका सबै
कुराहरू तैंले पालन गरिस् र मेरा दास दाऊदले
गरेझैं मेरा मार्गहरूमा हिँड़िस् अनि मेरा
नियमहरू पालन गरेर मेरो दृष्टिमा जे ठीक छ
त्यो गरिस् भने, म तँसित हुनेछु। मैले दाऊदको
निम्ति बनाइदिएझैं म तेरो निम्ति एउटा वंश

खड़ा गरिदिनेछु अनि इस्राएल तँलाई दिनेछु ।
**३९**यसैको कारण म दाऊदको सन्तानलाई नम्र
तुल्याउनेछु, तर सधैंको लागि त होइन ।

**४०**सुलेमानले यारोबामलाई मार्न खोजे तर
यारोबाम मिश्रदेशमा राजा शीशककहाँ भागेर
गए अनि सुलेमानको मृत्यु नभएसम्म त्यहीं बसे ।

## सुलेमानको मृत्यु

**४१**सुलेमानका राज्यकालका अरू
घटनाहरूको विषयमा चाहिँ, तिनले गरेका
सबै कामहरू र देखाएका सबै बुद्धिहरूको
विषयमा, के सुलेमानका इतिहासमा ती
लेखिएका छैनन् र ? **४२**सुलेमानले यरूशलेममा
इस्राएलमाथि चालीस वर्ष राज्य गरे । **४३**त्यसपछि
तिनले आफ्ना पिता-पुर्खाहरूसित विश्राम लिए
र तिनका पिता दाऊदको शहरमा गाड़िए ।
अनि तिनीपछि तिनका छोरा रहबाम राजा
भए ।

## इस्राएल रहबामको विरुद्धमा बागी भएको

**१२** रहबाम शेकेममा गए किनकि सारा
इस्राएलीहरू तिनलाई राजा बनाउनलाई
त्यहाँ गएका थिए । **२**जब नबातका छोरा
यारोबामले यो सुने (तिनी राजा सुलेमानदेखि
भागेर गएदेखि मिश्रदेशमा नै थिए) । तब तिनी
मिश्रदेशबाट फर्के । **३**यसकारण तिनीहरूले
यारोबामलाई बोलाइपठाए अनि तिनी र
इस्राएलका समुदाय रहबामकहाँ गएर तिनलाई
भने: **४**"तपाईंका पिताले हामीमाथि गह्रौं
जुवा राखिदिनुभयो, अब उहाँले हामीमाथि
लगाइदिनुभएको त्यस कठोर परिश्रम र गह्रौं
जुवालाई हलुङ्गो बनाइदिनुहोस् अनि हामी
तपाईंको सेवा गर्नेछौं ।"

**५**रहबामले जवाफ दिए, "तीन दिनको निम्ति
जाओ अनि मकहाँ फर्केर आओ ।" यसकारण
मानिसहरू गइहाले ।

**६**तब राजा रहबामले आफ्ना पिता
सुलेमानको जीवनकालमा तिनको सेवा गर्ने
बूढ़ा-प्रधानहरूसित सल्लाह लिए । तिनले सोधे,
"यी मानिसहरूलाई जवाफ दिनलाई तपाईंहरू
के सल्लाह दिनुहुन्छ ?"

**७**तिनीहरूले उत्तर दिए, "तपाईं यी
मानिसहरूका सेवकझैँ भएर तिनीहरूको सेवा
गरेर आज एउटा मनपर्दो जवाफ दिनुभयो भने
तिनीहरू सधैं तपाईंका दासहरू हुनेछन् ।"

**८**तर रहबामले ती बूढ़ा-प्रधानहरूले दिएको
सल्लाह रद्द गरिदिए अनि तिनले आफूसितै हुर्केका
अनि तिनकै सेवामा रहेका जवान मानिसहरूसित
सल्लाह लिए । **९**तिनले तिनीहरूलाई सोधे,
"तिमीहरूको सल्लाह के छ ? 'तपाईंका पिताले
हामीमाथि लगाइदिनुभएको जुवा हलुङ्गो
बनाइदिनुहोस्' भनेर मलाई भन्ने यी
मानिसहरूलाई हामीले कसरी जवाफ दिनू ?"

**१०**तिनीहरूसितै हुर्केका ती जवान
मानिसहरूले जवाफ दिए, "तपाईंलाई
'तपाईंका पिताले हामीमाथि एउटा गह्रौं
जुवा बोकाइदिनुभयो तर हाम्रो जुवा हलुङ्गो
बनाइदिनुहोस्' भन्ने यी मानिसहरूलाई भन्नुहोस्,
'मेरो कान्छी औंला मेरा पिताको कम्मरभन्दा
मोटो छ । **११**मेरा पिताले तिमीहरूलाई गह्रौं
जुवा बोकाउनुभयो, म त त्यसलाई अझ गह्रौं
बनाइदिनेछु, मेरा पिताले तिमीहरूलाई
कोर्राले पिट्नुभयो, म त तिमीहरूलाई बिच्छुले
डस्न लगाउनेछु ।'"

**१२**राजाले "तीन दिनमा मकहाँ फर्केर
आउनु" भनेझैँ तीन दिनपछि यारोबाम र सबै
मानिसहरू रहबामकहाँ आए । **१३**राजाले ती
मानिसहरूलाई कठोरतापूर्वक जवाफ दिए ।
ती बूढ़ा-प्रधानहरूले तिनलाई दिएको सल्लाहलाई
रद्द गर्दै, **१४**तिनले ती जवान मानिसहरूको
सल्लाह माने र भने, "मेरा पिताले तिमीहरूको
जुवा गह्रौं बनाउनुभएको थियो, म त त्यो अझै
गह्रौं बनाइदिनेछु । मेरा पिताले तिमीहरूलाई
कोर्राले पिट्नुभयो, म त तिमीहरूलाई
बिच्छीले डस्न लगाउनेछु ।" **१५**यसरी राजाले
मानिसहरूका कुरा सुनेनन् किनकि परमप्रभुले

---

**११:४१-४३**–२ इतिहास ९:२९-३१. **१२:१-२०**–२ इतिहास १०:१-१९.

शीलोका अहियाहद्वारा नबातका छोरा
यारोबामलाई भन्नुभएको वचन पूरा हुनलाई
यस्तो किसिमले नै घटना घट्नु थियो ।
**१६**जब राजाले तिनीहरूका कुरा नसुनेका
देखे, तब सारा इस्राएलीहरूले राजालाई जवाफ
दिए:

> "दाऊदमा हाम्रो के हिस्सा छ,
> यिशैको छोरामा हाम्रो के भाग छ ?
> हे इस्राएल, तिमीहरूकै पालतिर जाओ !
> हे दाऊद, तिम्रो आफ्नै घर सम्भाल !"

यसकारण इस्राएलीहरू आ-आफ्नो घर गए ।
**१७**तर यहूदामै बसिरहेका इस्राएलीहरूमाथि त
रहबामले शासन गरे ।
**१८**राजा रहबामले बेगारी काममा लगाउनेका
अधिपति अदोनिरामलाई पठाए तर सारा
इस्राएलले तिनलाई ढुङ्गाले हिर्काएर मारे । तैपनि
राजा रहबाम आफ्नो रथमा चढ़ेर यरूशलेममा
भागेर जान सफल भए । **१९**यसकारण इस्राएल
आजको दिनसम्मै दाऊदको घरानाको विरोधमा
नै छ ।
**२०**जब सारा इस्राएलीहरूले यारोबाम
फर्किआएको कुरा सुने, तब तिनीहरूले खबर
पठाएर तिनलाई सभामा बोलाइपठाए र तिनलाई
सारा इस्राएलमाथि राजा बनाए । यहूदाको कुल
मात्र दाऊदको घरानाप्रति विश्‍वासी भई रहे ।
**२१**रहबाम यरूशलेममा आइपुगे पछि तिनले
यहूदाका सम्पूर्ण घराना र बेन्यामीनको
घरानालाई– एक सय अस्सी हजार
लड़ाकूहरूलाई– इस्राएलको घरानासित युद्ध
गर्नलाई अनि त्यो राज्य सुलेमानको छोरा
रहबामको निम्ति फेरि प्राप्त गर्नलाई जम्मा
गरे ।
**२२**तर परमेश्‍वरको यो वचन उहाँको
जन शमायाहकहाँ आयो, **२३**"सुलेमानको
छोरा रहबाम, यहूदाका राजालाई, यहूदा र
बेन्यामीनका सम्पूर्ण घरानालाई अनि बाँकी
रहेका मानिसहरूलाई भन्, **२४**परमप्रभु परमेश्‍वर
यसो भन्नुहुन्छ: आफ्ना दाज्यूभाइ इस्राएलीहरूको
विरुद्धमा लड़ाइँ गर्न नजानू । तिमीहरू प्रत्येक
आफ्ना घर जानू, किनकि यो मैले नै गरेको
हुँ ।" यसकारण तिनीहरूले परमप्रभुको कुरा
सुने अनि परमप्रभुले आज्ञा गर्नुभएझैं फेरि घर
गए ।

### बेथेल र दानमा सुनका बाछाहरू

**२५**तब यारोबामले एप्रेमको पहाड़ी देशमा
भएको शेकेमलाई किल्ला बनाएर सुरक्षित
पारे र त्यहीँ नै बसोबास गरे । त्यहाँबाट तिनी
गएर पनीएल शहर निर्माण गरे ।
**२६**यारोबामले यसरी विचार गरे, "यो
राज्य अब दाऊदको घरानातिर फर्किजान्छ
होला । **२७**यी मानिसहरू बलिदान चढ़ाउनलाई
उक्लेर यरूशलेममा परमप्रभुको मन्दिरमा
गए भने तिनीहरूले आफ्ना राजभक्ति
तिनीहरूका मालिक यहूदाका राजा रहबामलाई
फेरि दिनेछन् । तिनीहरू मलाई मारेर राजा
रहबामतिर फर्कनेछन् ।"
**२८**सल्लाह लिइसकेपछि, राजाले सुनका
दुईओटा बाछाहरू बनाए । तिनले मानिसहरूलाई
भने, "तिमीहरूलाई यरूशलेममा उक्लेर जान
अति गाह्रो पर्छ । हे इस्राएल, तिमीहरूलाई
मिश्रदेशबाट बाहिर निकालेर ल्याउने देवताहरू
यहाँ छन् ।" **२९**तिनले एउटालाई बेथेलमा अनि
अर्कोलाई दानमा खड़ा गरे । **३०**अनि योचाहिँ
पाप भयो; मानिसहरू दानमा भएको बाछालाई
पूज्न त्यति टाढ़ासम्म जान्थे ।
**३१**यारोबामले डाँड़ाहरूमा पूजाका थानहरू
बनाए अनि सबै किसिमका मानिसहरूबाट
तिनीहरू लेवी नभए तापनि पूजाहारीहरू नियुक्त
गरे । **३२**तिनले यहूदामा हुने चाड़जस्तै आठौं
महिनाको पन्ध्रौं दिनमा एउटा चाड़ स्थापना
गरे अनि वेदीमा बलिदानहरू चढ़ाए । यो तिनले
बेथेलमा गरे र त्यहाँ आफूले बनाएका
बाछाहरूकहाँ बलिदान चढ़ाए । अनि बेथेलमा
आफूले बनाएका अग्ला ठाउँहरूमा तिनले

---

**१२:१६**–२ शमूएल २०:१. **१२:२१-२४**–२ इतिहास ११:१-४. **१२:२८**–प्रस्थान ३२:४. **१२:३२-३३**–लेवी २३:३३-३४.

पूजाहारीहरू पनि नियुक्त गरे। **३३**आठौं महिनाको
पन्ध्रौ दिन, आफैले रोजेको महिनामा, तिनले
बेथेलमा आफैले बनाएको वेदीमा बलिदानहरू
चढ़ाए । यसरी तिनले इस्राएलीहरूका निम्ति
त्यो चाड़ स्थापना गरे अनि बलिदानहरू
चढ़ाउन वेदीमा उक्लेर गए ।

### यहूदाबाट आएका परमेश्वरका जन

**१३** यारोबाम भेटी चढ़ाउनलाई वेदीको
छेउमा उभिरहेका बेला, परमप्रभुको
वचनद्वारा परमेश्वरका एक जन यहूदाबाट
बेथेलमा आए । **२**तिनी परमप्रभुको वचनद्वारा
वेदीको विरुद्धमा कराए, "हे वेदी, वेदी !
परमप्रभु यसो भन्नुहुन्छः 'दाऊदको घरानामा
योशियाह नाउँ भएको एउटा छोरा जन्मनेछ ।
अहिले यहाँ अग्ला ठाउँहरूमा बलिदान
चढ़ाइरहेका पूजाहारीहरूलाई त्यसले तँमाथि
बलिदान चढ़ाउनेछ अनि मानिसका हड्डीहरू
तँमाथि जलाइनेछन् ।'" **३**त्यही दिन परमेश्वरका
जनले एउटा चिन्ह दिए, "परमप्रभुले घोषण
गर्नुभएको चिन्हचाहिँ यही होः यो वेदी दुई
भाग हुनेछ अनि यसमाथि भएको खरानी बाहिर
पोखिनेछ ।"

**४**जब राजा यारोबामले परमेश्वरका जनले
बेथेलमा भएको वेदीको विरुद्धमा कराएर भनेको
कुरा सुने, तब तिनले वेदीबाट आफ्नो हात
पसारेर भने, "त्यसलाई समात !" तर त्यस
मानिसतिर पसारिएको हात सुकिगयो अनि
तिनले त्यसलाई पछि तान्न सकेनन् ।
**५**परमप्रभुको वचनद्वारा परमेश्वरका जनले
दिएका चिन्हअनुसार वेदी पनि दुई भाग भयो
अनि खरानीहरू बाहिर पोखिए ।

**६**राजाले परमेश्वरका जनलाई भने, "मेरो
हात ठीक भइजाओस् भनेर परमप्रभु तपाईंको
परमेश्वरसित मेरो निम्ति प्रार्थना गरिदिनुहोस् ।"
यसकारण परमेश्वरका जनले परमेश्वरसित
तिनको पक्षमा बिन्ती गरिदिए अनि राजाको
हात ठीक भएर पहिलेको जस्तै भइहाल्यो ।

**७**राजाले परमेश्वरको जनलाई भने, "मसित
घरमा आएर केही खानुहोस् र म तपाईंलाई
एउटा उपहार दिनेछु ।"

**८**तर परमेश्वरका जनले राजालाई जवाफ
दिए, "तपाईंले मलाई आफ्नो सम्पत्तिको आधा
भागै दिनुभयो भने पनि म तपाईंसित जानेछैनँ,
नता यहाँ रोटी खानेछु र पानी पिउनेछु,
**९**किनकि मलाई परमप्रभुको वचनद्वारा 'तैंले
रोटी नखानू र पानी नपिउनू अनि तँ आएको
बाटो भएर नफर्कनू' भन्ने हुकुम मिलेको छ ।"
**१०**यसकारण तिनी बेथेलमा आएको बाटोबाट
नफर्केर अर्कै बाटो लागे ।

**११**बेथेलमा एकजना वृद्ध अगमवक्ता बस्थे
जसका छोराहरूले परमेश्वरका जनले त्यस
दिन जे गरेका थिए ती सबै आएर तिनलाई
बताइदिए। तिनीहरूले आफ्ना पितालाई तिनले
राजालाई भनेको कुरा पनि बताइदिए ।
**१२**तिनीहरूका पिताले तिनीहरूलाई सोधे, "तिनी
कतातिर गए ?" अनि तिनका छोराहरूले
तिनलाई यहूदाबाट आएका परमेश्वरका जनले
कुन बाटो लिए त्यो देखाइदिए । **१३**यसकारण
तिनले आफ्ना छोराहरूलाई भने, "मेरो निम्ति
गधामा काठी कसिदेऊ ।" अनि तिनीहरूले
उनको निम्ति गधामा काठी कसिदिएपछि, तिनी
त्यसमाथि चढ़े, **१४**अनि परमेश्वरका जनको
पछि लागे । तिनले उनलाई एउटा फलाँटको
रूखमुनि बसिरहेको भेट्टाए अनि सोधे, "के
यहूदाबाट आउने परमेश्वरका जन तपाईं नै
हुनुहुन्छ ?"

तिनले जवाफ दिए, "म नै हुँ ।"

**१५**यसकारण त्यस अगमवक्ताले तिनलाई
भने, "मसित घरमा आएर खाना खानुहोस् ।"

**१६**परमेश्वरका जनले भने, "म तपाईंसित
फर्केर जान सक्दिनँ, नता म रोटी खानसक्छु,
न यस ठाउँमा तिमीसित पानी पिउनसक्छु ।
**१७**मलाई परमप्रभुको वचनद्वारा 'तैंले त्यहाँ
रोटी नखानू, र पानी नपिउनू अनि तँ आएको
बाटो भएर नजानू' भनिएको छ ।"

---

**१३:२**–२ राजा २३:१५-१६.

**१८**त्यस वृद्ध अगमवक्ताले भने, "म पनि
तपाईंझैं एउटा अगमवक्ता हुँ। अनि एकजना
स्वर्गदूतले परमप्रभुको वचनद्वारा 'तिनलाई
आफूसित तिम्रो घरमा फर्काएर ल्याउनू र
तिनले रोटी खाऊन् अनि पानी पिऊन्' भनी
मलाई भनेका छन्। (तर यो त तिनले उनलाई
झूटो बोलेका थिए।) **१९**यसकारण परमेश्वरका
जनले तिनीसित गएर तिनको घरमा खानपान
गरे।

**२०**तिनीहरू टेबुलमा बसिरहेका बेला
परमप्रभुको वचन तिनलाई फर्काएर ल्याउने
ती वृद्ध अगमवक्ताकहाँ आयो। **२१**तिनले
यहूदाबाट आउने परमेश्वरको जनलाई कराएर
भने, "परमप्रभु यसो भन्नुहुन्छः 'तैंले परमप्रभुको
वचनलाई अशुद्ध तुल्याइस् अनि परमप्रभु तेरा
परमेश्वरले तँलाई दिनुभएका आज्ञाहरू पालन
गरिनस्।'" **२२**तँ फर्केर आइस् अनि उहाँले
तँलाई नखानू र नपिउनू भनेको ठाउँमा तैंले
खाइस् अनि पानी पिइस्। यसकारण तेरो
शरीर तेरा पिता-पुर्खाहरूसित गाड़िने छैन।'"

**२३**जब परमेश्वरका जनले खानपान गरे,
तिनलाई फर्काएर ल्याउने त्यस अगमवक्ताले
तिनको निम्ति गधामा काठी कसिदिए। **२४**तिनी
जसै आफ्नो बाटोमा अगि बढ़िरहेका थिए एउटा
सिंहले बाटोमा तिनलाई भेटेर तिनलाई
मारिदियो र तिनको शरीर बाटोमा फ्याँकिदियो
अनि त्यो गधा र सिंहचाहिँ त्यसको छेउमा
उभिरहे। **२५**त्यस ठाउँबाट भएर जाने कति
मानिसहरूले त्यस शरीरलाई बाटोमा फ्याँकिएको
र सिंहचाहिँ त्यस शरीरको छेउमा उभिरहेको
देखे अनि तिनीहरूले शहरमा गएर त्यहाँ बस्ने
त्यस वृद्ध अगमवक्तालाई खबर दिए।

**२६**तिनलाई आफ्नो यात्राबाट फर्काएर ल्याउने
त्यस अगमवक्ताले यस विषयमा सुनेपछि तिनले
भने, "तिनी परमेश्वरका जन नै हुन् जसले
परमप्रभुको वचनको विरोध गरेका थिए।
परमप्रभुले तिनलाई सिंहकहाँ सुम्पिदिनुभएको
छ, अनि परमप्रभुको वचनले चेताउनी दिएझैं
त्यस सिंहले उनलाई फहराएर मारेछ।"

**२७**त्यस अगमवक्ताले आफ्ना छोराहरूलाई
भने, "मेरो निम्ति गधामा काठी कसिदेऊ, "अनि
तिनीहरूले त्यसै गरे। **२८**तब तिनी निस्केर
गए र त्यस शरीरलाई बाटोमा फ्याँकिएको
अनि गधा र सिंह त्यसको छेउमा उभिरहेका
भेटे। सिंहले लासलाई खाएको थिएन र त्यस
गधालाई फहराएको थिएन। **२९**यसकारण ती
अगमवक्ताले परमेश्वरका जनको लाशलाई
उठाएर गधामा राखे, र उनको निम्ति शोक
गर्न र उनलाई गाड्न आफ्नो शहरमा ल्याए।
**३०**तब तिनले त्यस लाशलाई आफ्नै चिहानमा
गाड़े र तिनीहरूले यसो भनेर विलाप गरे,
"हाय, मेरो भाइ!"

**३१**तिनलाई गाड़ेपछि तिनले आफ्ना
छोराहरूलाई भने, "म मरेपछि मलाई
परमेश्वरका जन गाड़िएको ठाउँमा गाड्नू,
मेरा हड्डीहरू तिनका हड्डीहरूको छेउमै
राख्नू। **३२**किनकि बेथेलमा भएको वेदी र
सामरियाका शहरहरूका उच्च ठाउँहरूमा
भएका पूजा गर्ने थानहरूका विरुद्धमा तिनले
परमप्रभुको वचनद्वारा घोषणा गरेको वाणी
निश्चय पूरा हुनेछ।"

**३३**यसपछि पनि यारोबामले आफ्ना दुष्ट
चालहरू बदली गरेनन् अनि तिनले सबै
किसिमका मानिसहरूबाट अग्ला ठाउँहरूका
निम्ति पूजाहारीहरू नियुक्त गरे। पूजाहारी
हुन चाहने जोसुकैलाई पनि तिनले अग्ला
ठाउँहरूका निम्ति अभिषेक गरे। **३४**यारोबामको
घरानाको यही पापले सारा संसारबाट त्यसको
पतन र नाश भयो।

## यारोबामको विरुद्धमा अहियाहको अगमवाणी

**१४** त्यसबेला यारोबामको छोरा अबिया
बिरामी भयो, **२**अनि यारोबामले आफ्नी
पत्नीलाई भने, "जाऊ, तिमी यारोबामकी पत्नी
हो भनी मानिसहरूले नचिन्नलाई आफ्नो भेष
बदली गर। त्यसपछि शीलोमा जाऊ जहाँ
मलाई 'तिमी यी मानिसहरूमाथि राजा हुनेछौ'
भन्ने अगमवक्ता अहियाह छन्। **३**तिम्रो साथमा
दशओटा रोटी, केही फुरौलाहरू र एक सानो

घैंटो मह लिएर तिनीकहाँ जाऊ। त्यस केटोलाई
के हुनेछ भनी तिनले तिमीलाई बताउनेछन्।
४यसकारण यारोबामकी पत्नीले तिनले भनेझैं
गरिन् अनि शीलोमा अहियाहको घरमा गइन्।

त्यस बेला अहियाहले देख्न सक्दैनथिए,
किनभने वृद्धावस्थाले गर्दा तिनका आँखा
धमिलिएका थिए। ५तर परमप्रभुले अहियाहलाई
भन्नुभएको थियो, "यारोबामकी पत्नी आफ्नो
बिरामी छोराको विषयमा तँलाई सोध्न आउँदैछे,
अनि तैंले त्यसलाई यस्तोउस्तो भनी जवाफ
दिनू। त्यो आउँदा आफूलाई अरू कोही भनी
भान पार्नेछे।"

६यसकारण तिनको खुट्टाको आवाज सुनेर
अहियाहले भने, "हे यारोबामकी स्वास्नी, भित्र
आऊ। यस्तो बहाना किन ? म तिमीकहाँ
एउटा नराम्रो खबर लिएर पठाइएको छु।
७जाऊ, गएर यारोबामलाई भनिदेऊ कि
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
"तँलाई मानिसहरूबाट मैले खड़ा गरेँ अनि
तँलाई मेरो जाति इस्राएलमाथि अगुवा बनाएँ।
८मैले दाऊदको घरानाबाट राज्य खोसिदिएँ र
त्यो तँलाई दिएँ, तर तँ त मेरो दास दाऊदझैं
भइनस् जसले मेरा आज्ञाहरू पालन गऱ्यो,
मलाई आफ्नो सम्पूर्ण हृदयले पछ्यायो अनि
मेरो दृष्टिमा जे ठीक थिए ती सबै गऱ्यो।
९तैंले अघिकाहरूभन्दा बढ़ी दुष्टता गरिस्। तैंले
आफ्नो निम्ति अरू देवताहरू, धातुले बनाएका
मूर्तिहरू बनाइस्; तैंले मलाई रीस उठाइस् र
मलाई आफ्नो पिठिउँपट्टि राखेको छस्।

१०"'यसो भएकोले म यारोबामको घरानामा
विपत्ति ल्याउँदैछु। म यारोबामबाट कमारा
होस् कि फुक्का प्रत्येक अन्तिम पुरुषलाई नाश
गर्नेछु। म यारोबामको घरलाई कसैले गोबर
जलाएझैं ती सबै भष्म नभएसम्म जलाउनेछु।
११शहरमा मर्ने यारोबामका जति सबैलाई
कुकुरहरूले खानेछन्, अनि शहरदेखि बाहिर
मर्नेहरू सबैलाई आकाशका पक्षीहरूले
खानेछन्। परमप्रभु बोल्नुभएको छ!'

१२"तिमी चाहिँ घर फर्केर जाऊ। जब
तिमीले आफ्नो शहरमा पाइला हाल्नेछौ, तब
त्यो बालक मर्नेछ। १३सारा इस्राएलले त्यसको
निम्ति बिलौना गर्नेछ र त्यसलाई गाड़नेछ।
यारोबामको सन्तानमा त्यो एकजना मात्र
गाड़िनेछ किनकि यारोबामको घरानाबाट
त्यसमा मात्र परमप्रभु इस्राएलका परमेश्वरले
केही असल पाउनुभएको छ।

१४"परमप्रभुले आफ्नै निम्ति इस्राएलमाथि
एउटा राजा खड़ा गर्नुहुनेछ जसले यारोबामको
परिवारलाई खतम पार्नेछ। त्यो दिन आजै
हो! हो, अहिले नै हो। १५अनि परमप्रभुले
इस्राएलमाथि प्रहार गर्नुहुनेछ र त्यो त पानीमा
हल्लिरहेको नर्कटझैं हुनेछ। उहाँले इस्राएललाई
तिनीहरूका पिता-पुर्खाहरूलाई दिनुभएको यो
असल देशबाट उखेल्नुहुनेछ र तिनीहरूलाई
नदीपारि तितरबितर गरिदिनुहुनेछ, किनकि
तिनीहरूले अशेरा देवीका खामाहरू बनाएर
परमप्रभुलाई रीस उठाएका छन्। १६अनि उहाँले
यारोबामले गरेका पापहरू र तिनले इस्राएललाई
गर्न लगाएका पापहरूको कारण इस्राएललाई
त्याग्नुहुनेछ।"

१७तब यारोबामकी पत्नी उठिन् र तीर्सामा
गइन्। तिनले घरको सङ्घारमा खुट्टा
टेक्नासाथ त्यो केटो मऱ्यो। १८अनि परमप्रभुले
आफ्नो दास अगमवक्ता अहियाहद्वारा भन्नुभएझैं
तिनीहरूले तिनलाई गाड़े अनि सारा इस्राएलले
तिनको निम्ति शोक मनायो।

१९यारोबामको शासनका अरू घटनाहरू,
तिनले लड़ेका युद्धहरू अनि तिनले कसरी शासन
गरे ती इस्राइलका राजाहरूका पुस्तकहरूमा
लेखिएका छन्। २०तिनले बाइस वर्ष राज्य गरे, र
आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश गरे।
अनि तिनीपछि तिनका छोरा नादाब राजा भए।

### यहूदाका राजा रहबाम

२१यहूदामा सुलेमानका छोरा रहबाम राजा
थिए। राजा हुँदा तिनी एकचालीस वर्षका थिए

---

**१४:१०**–१ राजा १५:२९. **१४:२१–३१**–२ इतिहास ११:५-१२:१५.

र तिनले परमप्रभुले सारा इस्राएली कुलहरूबाट
चुन्नुभएको अनि आफ्नो नाउँ राख्नुभएको
यरूशलेमको शहरमा सत्र वर्ष राज्य गरे ।
तिनकी आमाको नाउँ नामा थियो; तिनी एउटी
अम्मोनी थिइन् ।
**२२**यहूदाले परमप्रभुको दृष्टिमा दुष्टता
गरे । आफूले गरेका पापहरूद्वारा तिनीहरूले
उहाँलाई आफ्ना पिता-पुर्खाहरूलेभन्दा बढ़ी डाही
तुल्याए अनि रीस उठाए । **२३**तिनीहरूले
आफ्नो लागि उच्च स्थानहरू, पवित्र ढुङ्गाहरू
र प्रत्येक अग्लो डाँड़ा अनि प्रत्येक
झ्याम्म परेको रूखमुनि अशेराका खामाहरू
पनि खड़ा गरे । **२४**देशमा पूजा गर्ने स्थानहरूमा
पुरुष वेश्याहरू पनि थिए; इस्राएलीहरूको
सामुन्नेबाट परमप्रभुद्वारा धपाइएका जातिहरूका
घिनलाग्दा रीतिहरू मान्नमा मानिसहरू व्यस्त
थिए ।
**२५**राजा रहबामको पाँचौं वर्षमा मिश्रदेशका
राजा शीशकले यरूशलेममाथि आक्रमण गरे ।
**२६**तिनले परमप्रभुको मन्दिरका बहुमूल्य चीजहरू
र राजमहलका बहुमूल्य चीजहरू लगेर गए ।
सुलेमान राजाले बनाएका सुनका ढालहरू लगायत
प्रत्येक कुरो तिनले लगे । **२७**यसकारण
तिनीहरूको सट्टामा रहबामले काँसाका ढालहरू
बनाए अनि तिनीहरूलाई राजमहलको
प्रवेशद्वारको रक्षा गर्ने रक्षकहरूका कप्तानहरूलाई
जिम्मा लगाइदिए । **२८**राजा जहिले पनि
परमप्रभुको मन्दिरमा जाँदा ती रक्षकहरूले
ती ढालहरू बोक्थे र त्यसपछि तिनीहरूले ती
रक्षकहरूका कोठामा फर्काइदिन्थे ।
**२९**रहबामको शासनका अरू घटनाहरू
अनि तिनले गरेका सबै विषयमा के ती यहूदाका
राजाहरूका पुस्तकहरूमा लेखिएका छैनन र ?
**३०**रहबाम र यारोबामका बीचमा लड़ाइँ भइ
नै रहन्थे । **३१**अनि रहबाम आफ्ना पुर्खाहरूसित
विश्राममा प्रवेश गरे र तिनीहरूसितै दाऊदको
शहरमा गाड़िए । तिनकी आमाको नाउँ नामा
थियो अनि तिनी एक अम्मोनी थिइन् । तिनीपछि
तिनका छोरा अबिया राजा भए ।

### यहूदाका राजा अबिया

**१५** नबातका छोरा यारोबामको
शासनकालको अठारौं वर्षमा अबिया
यहूदामा राजा भए, **२**अनि तिनले यरूशलेममा
तीन वर्षसम्म राज्य गरे । तिनकी आमाको
नाउँ माका थियो जो अबीशालोमकी छोरी
थिइन् ।
**३**तिनले आफूअघि तिनका पिताले गरेका सबै
पापहरू गरे । तिनको हृदय आफ्ना पितापुर्खा
दाऊदका झैं परमप्रभुप्रति सम्पूर्ण रूपले लागेको
थिएन । **४**तरै पनि दाऊदको उत्तराधिकारी
हुनलाई एउटा छोरो खड़ा गरेर र यरूशलेमलाई
बलियो बनाएर दाऊदको खातिर परमप्रभु तिनका
परमेश्वरले यरूशलेममा तिनलाई एउटा बत्ती
दिनुभयो । **५**किनकि दाऊदले परमप्रभुको दृष्टिमा
जे ठीक थियो त्यही गरेका थिए अनि आफ्ना
जीवनकालभरि हित्ती उरियाहको विषयमा बाहेक
परमप्रभुका कुनै आज्ञा पनि पालन गर्न चुकेका
थिएनन् ।
**६**अबियाको जीवनकालभरि रहबाम र
यारोबामको बीचमा लड़ाइँ भइरह्यो ।
**७**अबियाको शासनकालका अरू घटनाहरू अनि
तिनले गरेका सबै कामहरूको विषयमा के ती
यहूदाका राजाहरूका पुस्तकमा लेखिएका
छैनन् ? अबिया र यारोबामको बीचमा युद्ध
भएको थियो । **८**अनि अबिया आफ्ना पुर्खाहरूसित
विश्राममा प्रवेश गरे र दाऊदको शहरमा
गाड़िए । अनि तिनीपछि तिनका छोरा
आशा राजा भए ।

### आशा यहूदाका राजा

**९**इस्राएलका राजा यारोबामको बीसौं वर्षमा
आशा यहूदाका राजा भए, **१०**अनि तिनले
यरूशलेममा एकचालीस वर्ष राज्य गरे । तिनकी

**१४:२३**–२ राजा १७:९-१०. **१४:२४**–व्यवस्था २३:१७. **१४:२६**–१ राजा १०:१६-१७; २ इतिहास ९:१५-१६.
**१५:१-८**–२ इतिहास १३:१-१४:१. **१५:४**–१ राजा ११:३६. **१५:५**–२ शमूएल ११:१-२७.
**१५:९-२४**–२ इतिहास १५:१६-१६:६.

बजैको नाउँ माका थियो जो अबीशालोमकी
छोरी थिइन् ।

**११**आशाले आफ्ना पिता दाऊदले गरेझैँ
परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यो गरे ।
**१२**तिनले देशबाट पूजा गर्ने ठाउँहरूमा भएका
पुरुष वेश्याहरूलाई निकालिदिए अनि देशलाई
आफ्ना पिताले बनाएका मूर्तिहरूदेखि मुक्त
गरे । **१३**तिनले आफ्नी बजै माकालाई पनि
राजमाताको पदबाट हटाइदिए किनकि तिनले
अशेराको घिनलाग्दो खामा बनाएकी थिइन् ।
आशाले त्यस खामालाई काटेर ढालिदिए
र त्यसलाई किद्रोनको खोल्सामा जलाइदिए ।
**१४**तिनले अग्ला स्थानहरू नहटाए पनि आशाको
हृदय आफ्नो जीवनभरि नै परमप्रभुप्रति सम्पूर्ण
रूपले अर्पित थियो । **१५**तिनले परमप्रभुको
मन्दिरमा चाँदी र सुन अनि तिनले र तिनका
पिताले अर्पण गरेका चीजहरू ल्याए ।

**१६**आसा र इस्राएलका राजा बाशाको
बीचमा तिनीहरूका शासनकालभरि लड़ाइँ
भइरह्यो । **१७**इस्राएलका राजा बाशा यहूदाको
विरुद्धमा उक्लेर गए अनि कसैलाई पनि यहूदाका
राजा आसाको प्रान्तबाट निस्कन र पस्न
नदिनलाई रामाको चारैतिर पर्खाल बनाए ।

**१८**तब आसाले परमप्रभुको मन्दिरभित्र र
आफ्नै महलभित्र भएका पनि सबै चाँदी र सुन
लिए । तिनले त्यसलाई आफ्ना अधिकारीहरूको
जिम्मामा सुम्पेर तिनीहरूलाई अरामका राजा
हेज्योनका छोरा तब्रिमोनका छोरा दमस्कसमा
राज्य गरिरहेका बेन-हददकहाँ पठाइदिए ।
**१९**तिनले भने, "म र तपाईंको बीचमा एउटा
सन्धि होस्, जस्तो मेरो पिता र तपाईंका पिताको
बीचमा थियो । हेर्नुहोस्, मैले तपाईंकहाँ उपहार
स्वरूप चाँदी र सुन पठाइरहेको छु । अब तपाईं
र इस्राएलका राजा बाशाको बीचको सन्धि
तोड़नुहोस् र तिनी मदेखि हटून् ।"

**२०**बेन-हदद आसा राजासित सहमत भए
र तिनले इस्राएलको विरुद्धमा आफ्नो फौजका
कप्तानहरूलाई पठाए । तिनले इयोन्, दान,
आबेल-बेथ-माका र सम्पूर्ण किनरेत अनि
नप्तालीमाथि अधीन गरे । **२१**बाशाले यो सुनेपछि
रामालाई बनाउन छोड़ेर तिर्सामा फर्के । **२२**तब
राजा आसाले कसैलाई पनि नछोड़ी सारा
यहूदियालाई एउटा हुकुम निकाले अनि
तिनीहरूले बाशाले रामामा चलाइरहेका ढुङ्गाहरू
र काठहरू बोकेर लगे । ती प्रयोग गरी राजा
आशाले बेन्यामिनको गिबा र मिश्पा बनाए ।

**२३**राजा आशाका जीवनकालका अरू
घटनाहरू, तिनका सारा उपलब्धिहरू तिनले
गरेका सबै कामहरू र तिनले बनाएका
शहरहरूका विषयमा के यहूदाका राजाहरूका
पुस्तकमा लेखिएका छैनन् र ? तैपनि तिनको
वृद्धावस्थामा तिनका खुट्टा कूँजा भए । **२४**तब
आसा आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश
गरे र तिनीहरूसितै आफ्ना पिता दाऊदको
शहरमा गाड़िए । अनि तिनीपछि तिनका
छोरा यहोशापात राजा भए ।

## इस्राएलका राजा नादाब

**२५**यहूदाका राजा आसाको दोस्रो वर्षमा
यारोबामका छोरा नादाब इस्राएलका राजा भए
अनि तिनले इस्राएलमा दुई वर्ष राज्य गरे ।
**२६**तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो
त्यही गरे, इस्राएललाई तिनका पिताले गर्न लाएका
पापमा चलेर तिनकै चालमा तिनी हिँड़े ।

**२७**इस्साकारको घरानाको अहियाहका
छोरा बाशाले तिनको विरुद्धमा षड्यन्त्र रचे
अनि नादाब र सारा इस्राएलले पलिश्ती
शहरलाई घेरा हालेको बेला तिनले उनलाई
प्रहार गरेर मारे । **२८**बाशाले नादाबलाई
यहूदाका राजा आशाको तेस्रो वर्षमा मारे, र
तिनीपछि उनी राजा भए

**२९**शासन गर्न थाल्नासाथ तिनले यारोबामको
सम्पूर्ण परिवारलाई मारे । तिनले यारोबामका
सास फेर्ने एउटैलाई पनि बाँकी राखेनन् तर
परमप्रभुको दास शीलोनी अहियाहद्वारा उहाँले
भन्नुभएको वचनअनुसार तिनीहरू सबैलाई नष्ट

---

**१५:२९**–१ राजा १४:१०.

गरिदिए। **३०**योचाहिँ यारोबामले गरेको पाप र तिनले इस्राएललाई गर्न लगाएको पापको कारणले अनि तिनले परमप्रभु इस्राएलका परमेश्‍वरलाई रीस उठाएको कारणले भएको थियो।

**३१**नादाबको शासनका अरू घटनाहरू अनि तिनले गरेका सबै कामहरूको विषयमा के ती इस्राएलका राजाहरूका पुस्तकमा लेखिएका छैनन् र? **३२**आसा र इस्राएलका राजा बाशाको बीचमा तिनीहरूका शासनकालभरि युद्धहरू भइरहयो।

### इस्राएलका राजा बाशा

**३३**यहूदाका राजा आशाको तेस्रो वर्षमा अहियाहका छोरा बाशा तिर्सामा सम्पूर्ण इस्राएलमाथि राजा भए अनि तिनले चौबीस वर्षसम्म राज्य गरे। यारोबामका मार्गहरूमा हिँड़ेर र तिनले इस्राएललाई गर्न लगाएका पापहरूमा तिनी हिँड़ेर तिनले परमप्रभुको दृष्टिमा दुष्टता गरे।

**१६** तब परमप्रभुको वचन बाशाको विरुद्धमा हनानीका छोरा येहूकहाँ आयो: **२**"मैले तँलाई धूलोबाट माथि उठाएँ र तँलाई मेरो जाति इस्राएलमाथि अगुवा बनाएँ, तर तँ यारोबामका मार्गहरूमा हिँड़िस् अनि मेरो जाति इस्राएललाई पाप गर्न लगाइस् र तिनीहरूका पापद्वारा मलाई रीस उठाइस्। **३**यसकारण म बाशा र त्यसको घरानालाई भष्म पार्न लागेको छु अनि म तेरो घरानालाई नाबातका छोरा यारोबामको जस्तै बनाइदिनेछु। **४**बाशाका घरानाका शहरमा मर्नेहरूलाई कुकुरले र गाउँमा मर्नेहरूलाई चाहिँ आकाशका पक्षीहरूले खानेछन्।"

**५**बाशाका शासनका अरू घटनाहरू र तिनले के गरे अनि तिनका उपलब्धिहरूको विषयमा के इस्राएलमा राजाहरूका पुस्तकमा लेखिएका छैनन्? **६**बाशा आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश गरे र तिर्सामा गाड़िए। अनि तिनीपछि तिनका छोरा एला राजा भए।

**७**यसबाहेक, परमप्रभुको वचन हनानीका छोरा अगमवक्ता येहूबाट बाशा र तिनका घरानाको निम्ति आयो। योचाहिँ तिनले परमप्रभुको दृष्टिमा गरेका सबै दुष्टताले, तिनले गरेका कुराहरूद्वारा परमप्रभुलाई रीस उठाएकाले, यारोबामका घरानाजस्तै भएकाले अनि तिनले त्यसलाई नाश गरेकाले पनि भएको थियो।

### इस्राएलका राजा एला

**८**यहूदाका राजा आशाको छब्बीसौं वर्षमा बाशाका छोरा एला इस्राएलका राजा भए, र तिनले तिर्सामा दुई वर्ष राज्य गरे।

**९**तिनका रथका आधा भागमाथि अधिकार पाएका एकजना अधिकारी जिम्रीले तिनको विरुद्धमा षड़यन्त्र रचे। त्यसबेला एला तिर्सामा भएको राजमहलको जिम्मामा रहेका अर्साको घरमा मद्यपान गरिरहेका थिए। **१०**जिम्रीले भित्र पसेर तिनीमाथि प्रहार गरे अनि तिनलाई यहूदाका राजा आशाको बीसौं वर्षमा मारिदिए। तब तिनीपछि उनी राजा भए।

**११**सिंहासनमा बसेर शासन गर्न शुरू गर्नासाथै तिनले बाशाको सम्पूर्ण परिवारलाई मारिदिए। तिनले कुनै पुरूषलाई पनि बाँकी राखेनन् चाहे त्यो आफन्त होस् वा मित्र। **१२**यसरी परमप्रभुले आफ्नो दास अगमवक्ता येहूद्वारा बोल्नुभएको वचनअनुसार जिम्रीले बाशाको सम्पूर्ण परिवारलाई नाश गरे। **१३**किनकि बाशा र तिनका छोराले सबै पाप गरेका थिए अनि इस्राएललाई पनि पाप गर्न लगाएका थिए र तिनीहरूका व्यर्थका मूर्तिहरूको कारण परमप्रभु इस्राएलका परमेश्‍वरलाई रीस उठाएका थिए।

**१४**एलाको शासनका अरू घटनाहरू, र तिनले गरेका सबै कामहरूको विषयमा चाहिँ के ती इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका छैनन् र?

### इस्राएलका राजा जिम्री

**१५**यहूदाका राजा आशाका सत्ताइसौं वर्षमा जिम्रीले तिर्सामा सात दिनसम्म राज्य गरे। फौजले चाहिँ एउटा पलिश्ती शहर गिब्बतोनको

छेउमा छाउनी हालेका थिए । **१६**जिम्रीले
राजाको विरुद्धमा षड़यन्त्र गरेर तिनको हत्या
गरेको कुरा इस्राएलीहरूले सुनेपछि तिनीहरूले
त्यसै दिन छाउनीमा फौजका कप्तान ओम्रीलाई
इस्राएलमाथि राजा घोषणा गरे । **१७**तब ओम्री
र तिनीसित भएका सारा इस्राएलीहरूले
गिब्बतानबाट हटेर तिर्सालाई घेरे । **१८**शहर
लिइएको जिम्रीले देखेपछि तिनी राजमहलको
किल्लाभित्र गए र आफ्नो चारैतिर राजमहललाई
आगो लगाइदिए । यसरी तिनी मरे, **१९**किनकि
तिनले परमप्रभुको दृष्टिमा दुष्टता गरेर
यारोबामका मार्गहरूमा हिँड़ेर पाप गरेका थिए
अनि तिनले आफै पाप गरेका र इस्राएललाई
पनि पाप गर्न लगाएका थिए ।

**२०**जिम्रीको शासनका अरू घटनाहरू र
तिनले गरेका विद्रोहको विषयमा चाहिँ के ती
इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ?

### इस्राएलका राजा ओम्री

**२१**तब इस्राएलका मानिसहरू दुई दलमा
विभाजित भए, आधाले गीनतका छोरा तिब्नीलाई
राजा माने अनि अर्को आधाले ओम्रीको पक्ष
लिए, **२२**तर ओम्रीका पछि लाग्नेहरू गीनतका
छोरा तिब्नीका पछि लाग्नेहरूभन्दा शक्तिशाली
देखा परे । यसकारण तिब्नी मरे र ओम्री राजा
भए ।

**२३**यहूदाका राजा आशाको एकतीसौं वर्षमा
ओम्री इस्राएलमाथि राजा भए र तिनले बाह्र
वर्षसम्म राज्य गरे, जसमध्ये छ वर्षचाहिँ तिर्सामा
राज्य गरे । **२४**तिनले शेमेरबाट दुई तोड़ा
चाँदीमा सामरियाको डाँड़ा किने र त्यस डाँड़ामा
एउटा शहर बनाएर त्यसलाई डाँड़ाका पहिलेका
मालिक शेमेरको नाउँमा सामरिया भने ।

**२५**तर ओम्रीले परमप्रभुको दृष्टिमा दुष्टता
गरेर आफूभन्दा अघिकाहरूभन्दा बढ़ी पाप
गरे । **२६**तिनी नबातका छोरा यारोबाम र
तिनका सबै मार्गहरूमा र पापमा हिँड़े जसले
इस्राएललाई पाप गर्न लगाए अनि तिनीहरूले
आफ्ना व्यर्थका मूर्तिहरूद्वारा परमप्रभु इस्राएलका
परमेश्वरलाई रीस उठाए ।

**२७**ओम्रीको शासनका अरू घटनाहरू र
तिनले के गरे अनि तिनका उपलब्धिहरूको
विषयमा चाहिँ के इस्राएलमा राजाहरूका
पुस्तकहरूमा लेखिएका छैनन् र ? **२८**ओम्री
आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश गरे र
सामरियामा गाड़िए । अनि तिनीपछि तिनका
छोरा आहाब राजा भए ।

### आहाब इस्राएलका राजा भएका

**२९**यहूदाका राजा आशाको अड्तीसौं वर्षमा
ओम्रीका छोरा आहाब इस्राएलका राजा भए,
र तिनले सामरियामा इस्राएलमाथि बाइस
वर्षसम्म राज्य गरे । **३०**ओम्रीका छोरा आहाबले
परमप्रभुको दृष्टिमा आफ्ना अघिकाहरूले भन्दा
बढ़ी दुष्टता गरे । **३१**तिनले नबातका छोरा
यारोबामका पापहरू गर्न मामूली ठाने मात्र
होइन तर तिनले सीदोनीहरूका राजा एतबालकी
छोरी ईजेबेललाई विवाह गरे र बालको सेवा
गर्दै त्यसलाई पूजे । **३२**तिनले सामरियामा बालको
मन्दिर बनाएर त्यसको निम्ति एउटा वेदी
बनाए । **३३**आहाबले अशेराको खामा पनि
खड़ा गरे अनि तिनका अघिका इस्राएलका
राजाहरूलेभन्दा बढ़ी परमप्रभु इस्राएलका
परमेश्वरलाई रीस उठाउने कामहरू गरे ।

**३४**आहाबको समयमा बेथेलका हीएलले
यरीहोलाई फेरि निर्माण गरे । तिनले त्यसको
जग बसाल्दा तिनको जेठा छोरा अबीरामको
मृत्यु भयो र त्यसका मूलढोकाहरू बनाउँदा
तिनको कान्छा छोरा सगूबको मृत्यु भयो,
यसरी परमप्रभुले नूनका छोरा यहोशूद्वारा
भन्नुभएको वचन पूरा भयो ।

### एलियालाई कागहरूले खुवाएका

**१७** गिलादको तिश्बीबाटका तिश्बी एलियाले
आहाबलाई भने, “मैले सेवा गरेका

**१६:३४**–यहोशू ६:२६. **१७:१**–याकूब ५:१७.

परमप्रभु, इस्राएलका परमेश्वर जिउनुभएझैं
आउँदा केही वर्षहरूमा मैले नभनेसम्म न त
शीत न त पानी पर्नेछ ।”
**२**तब परमप्रभुको वचन एलियाकहाँ आयो:
**३**“यो ठाउँ छोड़ेर पूर्वतिर लाग्, र यर्दनको
पूर्वतिर भएको करीतको खोल्सामा गएर
लुकिबस् । **४**तैंले खोलाको पानी पिउनेछस् र
मैले तँलाई खुवाउनलाई कागहरूलाई हुकुम
गरेको छु ।”
**५**यसकारण तिनले आफूलाई परमप्रभुले
भन्नुभएझैं गरे । तिनी यर्दनको पूर्वतिरका
करीतको खोल्सामा गएर त्यहाँ बसे ।
**६**कागहरूले तिनलाई बिहान रोटी र मासु अनि
साँझमा रोटी र मासु ल्याइदिन्थे अनि तिनले
खोलाबाट पानी पिउँथे ।

### सारपतकी विधवा

**७**केही समयपछि देशमा पानी नपरेकोले
त्यो खोला सुक्यो । **८**तब परमप्रभुको वचन
तिनी कहाँ आयो: **९**“झट्ट सीदोनको सारपतमा
गएर त्यहाँ बस् । मैले त्यहाँकी एउटी विधवालाई
तँलाई भोजन दिनु भनेर आज्ञा दिएको छु ।”
**१०**यसकारण तिनी सारपतमा गए । तिनी त्यस
शहरको मूल ढोकामा आइपुग्दा त्यहाँ एउटी
विधवा दाउरा बटुल्दै थिइन् । तिनले उनी कहाँ
गएर सोधे, “के तिमीले मलाई एउटा लोहोटामा
केही पानी ल्याइदिन्छौ र म पिऊँ ?” **११**उनीले
पानी लिन जाँदै गर्दा तिनले भने, “अनि दया
गरी मलाई एक टुक्रा रोटी पनि ल्याइदेऊ ।”
**१२**तिनले जवाफ दिइन्, “परमप्रभु तपाईंका
परमेश्वर निश्चय जिउनुभएझैं मसित एउटा
लोहोटामा अलिकता पीठो र ढुङ्ग्रोमा केही
तेलबाहेक रोटीचाहिँ छैन । म आफै र मेरो
छोराको निम्ति भोजन बनाएर खाइकन
मरौंला भनी घरमा लैजानलाई अलिकता
दाउरा बटुल्दैछु ।”
**१३**एलियाले उनलाई भने, “नडराऊ । घर
गएर तिमीले भनेझैं गर । तर पहिले तिमीसित
जे छ त्यसबाट मेरो निम्ति एक टुक्रा रोटी
पकाएर त्यसलाई मकहाँ ल्याऊ अनि त्यसपछि
तिमी र तिम्रो छोराको निम्ति केही बनाऊ ।
**१४**किनकि परमप्रभु इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छ, ‘यस देशमा परमप्रभुले पानी
नदिनुभएसम्म लोहोटाको पीठो र ढुङ्ग्रोको
तेल सिद्धिनेछैन ।’”
**१५**तिनी गइन् अनि एलियाले तिनलाई भनेझैं
गरिन् । यसरी एलियाको निम्ति र ती स्त्री अनि
तिनको परिवारको निम्ति प्रत्येक दिन भोजन
भइरह्‍यो । **१६**किनकि एलियाद्वारा परमप्रभुले
भन्नुभएझैं भाँड़ाको पीठो सिद्धिएन र ढुङ्ग्रोको
तेल पनि रित्तिएन ।
**१७**केही समयपछि त्यस घरकी मालीकनीको
छोरा बिरामी भयो । त्यो साह्रो हुँदैगयो अनि
आखिरमा त्यसले सास फेर्न छाड़्यो । **१८**तिनले
एलियालाई भनिन्, “हे परमेश्वरका जन,
मेरो विरुद्धमा तपाईंको के छ ? के तपाईं
मकहाँ मेरो पाप सम्झाइकन मेरो छोरालाई
मार्न आउनुभयो ?”
**१९**एलियाले जवाफ दिए, “तिम्रो छोरा मलाई
देऊ । तिनले त्यसलाई उनका हातबाट लिए र
त्यसलाई आफू बस्ने माथिल्लो कोठामा लगेर
त्यसलाई आफ्नो पलङमा सुताए । **२०**तब तिनले
परमप्रभुकहाँ पुकारा गरे, “हे परमप्रभु मेरा
परमेश्वर, के तपाईंले यसलाई मर्न लगाएर म
जुन विधवासित बस्दैछु उनीमाथि पनि दु:ख
ल्याउनुभएको हो ?” **२१**तब तिनी त्यस केटोमाथि
तीन पल्ट लम्पसार परे अनि परमप्रभुकहाँ
पुकारा गरे, “हे परमप्रभु मेरा परमेश्वर, यस
केटोको प्राण उसकहाँ फर्केर आओस् !”
**२२**परमप्रभुले एलियाको पुकारा सुन्नुभयो,
र त्यस केटोको प्राण त्यसकहाँ फर्केर आयो
अनि त्यो बाँच्यो । **२३**एलियाले त्यस बालकलाई
उठाएर त्यसलाई कोठाबाट बोकेर तल ल्याए ।
तिनले त्यसलाई आफ्नी आमाकहाँ दिएर भने,
“हेर, तिम्रो छोरा जिउँदो भयो !”
**२४**तब ती स्त्रीले एलियालाई भनिन्, “अब

**१७:९**–लूका ४:२५-२६. **१७:२१**–२ राजा ४:३४-३५.

मलाई थाहा भयो तपाईं परमेश्वरका जन
हुनुहुन्छ र तपाईंको मुखबाट निस्केको परमप्रभुको
वचन सत्य रहेछ ।"

### एलिया र ओबदिया

**१८** धेरै समयपछि तेस्रो वर्षमा परमप्रभुको
वचन एलियाकहाँ आयो: "जा, अनि
आहाबकहाँ देखा पर् र म देशमा पानी
पठाउनेछु ।" **२**यसकारण आहाबकहाँ देखा
पर्नलाई एलिया गए ।

सामरियामा प्रचण्ड अनिकाल परेको थियो,
**३**अनि आहाबले राजमहलको जिम्मामा रहेका
ओबदियालाई बोलाइपठाए । (ओबदिया
परमप्रभुको भक्ति गर्ने एकजना विश्वासी
थिए । **४**ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई
मारिरहेको बेला ओबदियाले एक सय जना
अगमवक्ताहरूलाई लिएर तिनीहरूलाई पचास
पचास गरी दुईओटा गुफाहरूमा लुकाएका थिए ।
अनि तिनीहरूलाई भोजन र पानी जुटाइदिएका
थिए ।) **५**आहाबले ओबदियालाई भने, "देशमा
भएका सबै पानीका मूलहरू र खोल्साहरूमा
जानू । हुनसक्छ घोड़ाहरू र खच्चरहरूलाई
जीवित राख्नलाई हामीले केही घाँस पाउनसकौंला
अनि हामीले आफ्नो कुनै पनि पशुलाई मार्न
नपरोस् ।" **६**यसकारण तिनीहरूले ढाक्नुपर्ने
ठाउँलाई अलग गरे अनि आहाब एक दिशातिर
र ओबदिया अर्कोतिर लागे ।

**७**ओबदिया हिँड़िरहेको बेला एलियाले
तिनलाई भेटे । ओबदियाले तिनलाई चिने अनि
भूइँसम्म निहुरेर तिनलाई भने, "के तपाईं
मेरा मालिक एलिया नै हुनुहुन्छ ?"

**८**तिनले जवाफ दिए, "हो । जाऊ, गएर
आफ्नो मालिकलाई एलिया यहाँ छ भनेर
भनिदेऊ ।"

**९**ओबदियाले सोधे, "मैले के भूल गरेको छु
र तपाईंले आफ्नो दासलाई मारिनको लागि
आहाबकहाँ सुम्पनुहुन्छ ? **१०**परमप्रभु तपाईंका
परमेश्वर निश्चय जिउनुभएझैं, मेरा मालिकले
तपाईंलाई खोज्न भनी नपठाएको राज्य
छँदैछैन । अनि कुनै पनि राष्ट्र वा जातिले
तपाईं त्यहाँ हुनुहुन्न भनी दाबी गरे, तब
तिनले 'हामीले त्यसलाई पाउन सकेनौं' भनी
तिनीहरूलाई शपथ खान लगाए । **११**तर अब
तपाईंले मलाई मेरा मालिककहाँ गएर 'एलिया
यहाँ छन्' भनी भन्न लगाउनुहुन्छ । **१२**म
तपाईंबाट गएपछि परमप्रभुको आत्माले
तपाईंलाई कहाँ लानुहुन्छ म जान्दिनँ । यदि
मैले गएर आहाबलाई भनें, र तिनले तपाईंलाई
भेटाएनन् भने, तिनले मलाई मार्नेछन् । तर, म
तपाईंको दासले आफ्नो युवाकालदेखि नै
परमप्रभुको उपासना गरेको छु । **१३**मेरा मालिक,
परमप्रभुका अगमवक्ताहरूलाई मारिरहेको बेला
मैले के गरें त्यो तपाईंलाई थाहा छैन ? मैले
परमप्रभुका एक सय जना अगमवक्ताहरूलाई
पचास पचास गरी दुईओटा गुफाहरूमा लुकाएँ
अनि तिनीहरूको निम्ति भोजन र पानी
जुटाइदिएँ । **१४**अनि अब तपाईं मलाई मेरा
मालिककहाँ गएर 'एलिया यहाँ छन्' भन्न
भन्नुहुन्छ । तिनले त मलाई मार्नेछन् !"

**१५**एलियाले भने, "सर्वशक्तिमान् परमप्रभु
जसको सेवा म गर्छु, उहाँ जिउनुभएझैं म
निश्चय आज आहाबकहाँ देखा पर्नेछु ।"

### एलिया कर्मेल पर्वतमा

**१६**यसकारण आहाबलाई भेट्न गई
ओबदियाले तिनलाई भने, अनि आहाब
एलियालाई भेट्न आए । **१७**एलियालाई देखेर
तिनले उनलाई भने, "के इस्राएललाई कष्ट
दिने तिमी नै हौ ?"

**१८**एलियाले जवाफ दिए, "मैले इस्राएललाई
कष्ट दिएको होइन । तर तपाईं र तपाईंका
पिताका परिवारले पो हो । तपाईं परमेश्वरका
आज्ञाहरू त्यागेर बालहरूका पछि लाग्नुभएको
छ । **१९**अब तपाईंले मलाई कर्मेल डाँड़ामा
भेट गर्न इस्राएलबाट सारा मानिसहरूलाई
बोलाउनुहोस् । अनि बालका ती चार सय
अगमवक्ता, जसले ईजबेलको टेबलमा बसेर
खाने गर्दछन्, ती पनि ल्याएर आउनुहोस् ।"

**२०**यसकारण आहाबले सारा इस्राएलभरि
खबर पठाए, र ती अगमवक्ताहरूलाई कर्मेल

पर्वतमा भेला गराए । **२१**एलिया मानिसहरूका
सामुन्ने गए र भने, “तिमीहरू कहिलेसम्म
दोधारमा रहन्छौ ? यदि परमप्रभु नै परमेश्वर
हुनुहुन्छ भने उहाँलाई पछ्याओ, तर यदि बाल
परमेश्वर हो भने त्यसैलाई पछ्याओ ।”

तर ती मानिसहरूले केही भनेनन् ।

**२२**तब एलियाले तिनीहरूलाई भने,
“परमप्रभुका अगमवक्ताहरूमध्ये बाँकी रहेको
ममात्र हुँ, तर बालका त चार सय पचास जना
अगमवक्ताहरू छन् । **२३**हाम्रो निम्ति दुईओटा
साँढ़ेहरू ल्याओ । तिनीहरूले एउटा आफ्नो
लागि चुनून् र तिनीहरूले त्यसलाई टुक्राटुक्रा
गरी काटेर दाउरामाथि राखून् तर आगोचाहिँ
नलगाऊन् । म अर्को साँढ़ेलाई तयार पार्छु,
अनि त्यसलाई दाउरामाथि राख्नेछु तर त्यसमा
आगोचाहिँ लाउँदिनँ । **२४**तब तिमीहरूले आफ्नो
देवताको नाउँ लिएर पुकार र म मेरा परमप्रभुको
नाउँ लिएर पुकार्नेछु । जुन देवताले आगोद्वारा
जवाफ दिन्छन्, उहाँ नै परमेश्वर हुनुहुन्छ ।”

तब सबै मानिसहरूले भने, “तपाईंले भनेको
कुरा ठीक हो ।”

**२५**एलियाले बालका अगमवक्ताहरूलाई भने,
“तिमीहरू यति धेरै भएकाले पहिले तिमीहरूले
नै एउटा साँढ़े चुनेर त्यसलाई तयार गर तर
आगोचाहिँ नलगाओ ।” **२६**यसकारण तिनीहरूले
आफूलाई दिइएको साँढ़े लिए र त्यसलाई तयार
पारे । तब तिनीहरूले बालको नाउँ लिएर
बिहानदेखि मध्यान्हसम्मै पुकारा गरे । तिनीहरू
“हे बाल, हामीलाई जवाफ दिनुहोस्” भन्दै
चिच्च्याए । तर केही जवाफ आएन, कसैले
पनि जवाफ दिएन । अनि तिनीहरू आफूले
बनाएको वेदीका चारैतिर नाचे ।

**२७**मध्यान्हमा एलियाले तिनीहरूलाई यसो
भनेर खिसी गर्न थाले, “अझ जोरले चिच्च्याओ !
ऊ त देवता नै हो ! ऊ गहिरो चिन्तामा होला,
वा व्यस्त होला, अथवा भ्रमण गर्न गएको
होला । ऊ सुतेको होला र उसलाई जगाउनु
पर्ला ।” **२८**यसकारण तिनीहरू अझ जोरले
चिच्च्याउन थाले अनि तिनीहरूका दस्तुरअनुसार
रगत नआएसम्म आफैलाई तरवार र भालाले
चोट पार्न थाले । **२९**मध्यदिन बितिगयो र बेलुकाको
बलिदानको समयसम्मै तिनीहरू बौलाहाझैँ
अगमवाणी गरिरहे । तर केही जवाफ आएन,
कसैले जवाफ दिएन, कसैले ध्यान दिएन ।

**३०**तब एलियाले सबै मानिसहरूलाई भने,
“यहाँ मकहाँ आओ ।” तिनीहरू तिनीकहाँ आए
र तिनले परमप्रभुको भत्किएको वेदी मरम्मत
गरे । **३१**एलियाले “तेरो नाउँ इस्राएल हुनेछ”
भनेर परमप्रभुको वचन आएको याकूबको
सन्तानबाट प्रत्येक कुलको निम्ति एउटा
एउटा गरी बाह्रओटा ढुङ्गाहरू लिए । **३२**ती
ढुङ्गाहरूद्वारा तिनले परमप्रभुको नाउँमा एउटा
वेदी बनाए र तिनले त्यसको चारैतिर बीउ
अटाउने खाड़ल खने । **३३**तिनले दाउरा मिलाए,
साँढ़ेलाई टुक्रा गरी काटे अनि त्यसलाई
दाउरामाथि राखे । तब तिनले तिनीहरूलाई भने,
“चारओटा ठूला गाग्रीहरूमा पानी भरेर त्यसलाई
यस बलिदान र दाउरामाथि खन्याइदेओ ।”

**३४**तिनले भने, “फेरि त्यसै गर”, अनि
तिनीहरूले त्यसै गरे । तिनले “तेस्रो पल्ट पनि
त्यसै गर” भनेर आज्ञा दिए र तिनीहरूले तेस्रो
पल्ट त्यसै गरे । **३५**पानी वेदीको चारैतिर बग्यो
र त्यस खाड़ललाई समेत भरिदियो ।

**३६**बलिदानको समयमा अगमवक्ता एलिया
अगि सरे र तिनले प्रार्थना गरे: “हे परमप्रभु,
अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, तपाईं
नै इस्राएलमा परमेश्वर हुनुहुन्छ अनि म
तपाईंको दास हुँ र मैले यी सबै तपाईंकै आदेशमा
गरेको छु भनेर आज थाहा होस् । **३७**हे
परमप्रभु मलाई जवाफ दिनुहोस्, र यी
मानिसहरूले तपाईं परमप्रभु नै परमेश्वर
हुनुहुन्छ र तपाईंले तिनीहरूका हृदय फेरि
फर्काइदिनुहुनेछ भनी जान्नेछन् ।”

**३८**तब परमप्रभुको आगो बर्स्यो र त्यो
बलिदान, दाउरा, ढुङ्गाहरू र माटोलाई भष्म
पारिदियो अनि खाड़लमा भएको पानीलाई पनि

---

**१८:३१**–उत्पत्ति ३२:२८; ३५:१०.

सुकाइदियो ।
३९जब सबै मानिसहरूले यो देखे तिनीहरू
लम्पसार परे अनि "परमप्रभुनै परमेश्वर
हुनुहुन्छ ! परमप्रभुनै परमेश्वर हुनुहुन्छ !"
भनी कराए ।
४०तब एलियाले तिनीहरूलाई आज्ञा दिए,
"बालका अगमवक्ताहरूलाई समात । एकजना
पनि भाग्न नपाओस् !" तिनीहरूले उनीहरूलाई
समाते अनि एलियाले तिनीहरूलाई किद्रोनको
खोल्सामा ल्याउन लगाए र त्यहाँ तिनीहरूलाई
मारे ।
४१अनि एलियाले आहाबलाई भने, "गएर
खानपिन गर्नुहोस् किनकि प्रचण्ड वर्षाको सोर
सुनिदैछ ।" ४२यसकारण आहाब खानपान गर्न
गए तर एलियाचाहिँ कर्मेलको टुप्पोमा चढ़े,
भुइँसम्मै निहुरे र आफ्ना अनुहार आफ्ना
घुँड़ाहरूको बीचमा राखे ।
४३तिनले आफ्नो सेवकलाई भने, "गएर
समुद्रतिर हेर् ।"
त्यसले भन्यो, "त्यहाँ केही पनि छैन ।"
एलियाले सातपल्ट त्यसलाई "फर्केर जा"
भने ।
४४सातौं पल्टमा त्यस सेवकले "कुनै
मानिसको हातजत्रो सानो एउटा बादल समुद्रबाट
उठिरहेको छ" भन्ने खबर दियो ।
यसकारण एलियाले भने, "गएर आहाबलाई
'वर्षाले तपाईंलाई रोक्नभन्दा पहिले आफ्नो
रथ तयार गरेर तपाईं गइहाल्नुहोस्' भनिदे ।
४५त्यसैबेला आकाश बादलले कालो भयो,
बतास चल्न थाल्यो, प्रचण्ड वर्षा हुन
थाल्यो अनि आहाब यिज्रेलतर्फ सवार भए ।
४६एलियामाथि परमप्रभुको शक्ति आयो । अनि
आफ्नो पेटीमा आफ्नो खाष्टो सिउरेर तिनी
आहाबको अगिअगि यिज्रेलसम्मै दगुरे ।

### एलिया होरेबमा भागेका

१९ आहाबले ईजेबेललाई एलियाले गरेका
सबै कुराहरू र कसरी तिनको बालका
अगमवक्ताहरूलाई तरवारले मारे ती सबै
बताइदिए । २यसकारण ईजेबेलले एलियाकहाँ
यसो भनेर दूतहरू पठाइन्, "भोलि यस
बेलासम्म मैले तेरो प्राणलाई पनि तिनीहरू
प्रत्येकको जस्तै बनाइनँ भने, देवताहरूले मसित
कठोर व्यवहार गरून् ।"
३एलिया भयभीत भएर आफ्नो प्राण
जोगाउनलाई भागे । यहूदाको बेर्शेबामा
आइपुगेपछि तिनले आफ्ना सेवकलाई त्यहीं
छाड़े, ४अनि आफूचाहिँ एक दिनको बाटो
उजाड़-स्थानभित्र गए । तिनी एउटा अम्लिसोको
पोथ्रामा आइपुगे र त्यसको फेदमा बसेर तिनले
मृत्युको निम्ति प्रार्थना गर्न थाले । तिनले भने,
"अति भयो परमप्रभु, मेरो प्राण लिनुहोस्, म
त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ ।" ५तब
तिनी त्यस पोथ्रामुनि ढल्के र निदाए ।
अचानक एकजना स्वर्गदूतले तिनलाई छोएर
भने, "उठेर खाऊ ।" ६तिनले चारैतिर हेरे
अनि आफ्नो शिरको छेउमा कोइलामा
पकाइएका एउटा फुलौरा र एक सुराही पानी
देखे । खानपान गरेर तिनी फेरि ढल्के ।
७परमप्रभुका दूत दोस्रो पल्ट आएर तिनलाई
छोइकन भने, "उठेर खाऊ, किनकि तिम्रो निम्ति
यात्रा साह्रो छ ।" ८यसकारण उठेर तिनले
खानपान गरे । त्यस भोजनबाट शक्ति पाएर
तिनी परमप्रभुको पर्वत होरेबसम्मै चालीस दिन
र चालीस रात हिँड़े । ९त्यहाँ एउटा गुफाभित्र
गएर तिनले रात बिताए ।

### परमप्रभु एलियाकहाँ देखा पर्नुभएको

अनि तिनीकहाँ परमप्रभुको वचन आयो
"एलिया, तँ यहाँ के गरिरहेको छस् ?"
१०तिनले जवाफ दिए, "म परमप्रभु
सर्वशक्तिमान् परमेश्वरको निम्ति धेरै जोशिलो
भएँ । इस्राएलीहरूले तपाईंका करारलाई
त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका
छन् र तपाईंका अगमवक्ताहरूलाई तरवारले
मारेका छन् । खालि ममात्र बाँकी रहेको छु, र

**१८:४२-४५**–याकूब ५:१८. **१९:४**–यूहन्ना ४:३. **१९:१०**–रोमी ११:३.

अब तिनीहरूले मलाई पनि मार्ने कोसिस्
गरिरहेका छन् ।”
**११**परमप्रभुले भन्नुभयो, “गएर पर्वतमा
परमप्रभुको उपस्थितिमा उभी किनकि परमप्रभु
त्यहाँबाट भएर जाँदैहुनुहुन्छ ।”
तब एउटा शक्तिशाली बतास आएर
पर्वतलाई फुटाइदियो, अनि चट्टानलाई परमप्रभुको
अगि छिन्नभिन्न पारिदियो, तर बतासमा
परमप्रभु हुनुहुन्न थियो । बतासपछि भैंचालो
आयो तर भैंचालोमा परमप्रभु हुनुहुन्न थियो ।
**१२**भैंचालोपछि एउटा आगो आयो, तर परमप्रभु
आगोमा हुनुहुन्न थियो । अनि आगोपछि
एउटा धीमा कानेखुशीको सोर आयो । **१३**त्यो
सुनेपछि एलियाले आफ्नो खास्टोले आफ्नो
अनुहार ढाकेर बाहिर गए, र तिनी गुफाको
मुखमा उभिए ।
तब एउटा आवाजले तिनलाई भन्यो,
“एलिया, तँ यहाँ के गर्दैछस् ?”
**१४**तिनले जवाफ दिए, “म परमप्रभु
सर्वशक्तिमान् परमेश्वरको निम्ति धेरै जोशिलो
भएँ । इस्राएलीहरूले तपाईंका करारलाई
त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका
छन् अनि तपाईंका अगमवक्ताहरूलाई तर
वारले मारेका छन् । खालि म मात्र बाँकी
रहेको छु र तिनीहरूले अब मलाई पनि मार्ने
कोसिस् गरिरहेका छन् ।”
**१५**परमप्रभुले तिनलाई भन्नुभयो, “तँ
आएकै बाटो भएर फर्किजा र दमीशकको
उजाड़स्थानमा जा । तँ त्यहाँ पुगेपछि
हजाएललाई अराममाथि राजा अभिषेक गर् ।
**१६**निम्शीका छोरा येहूलाई पनि इस्राएलमाथि
राजा अभिषेक गर् र हाबिल-महोलाको
शापातका छोरा एलीशालाई तेरोपछि अगमवक्ता
हुनलाई अभिषेक गर् ।
**१७**हजाएलको तरवारबाट उम्केको जसलाई
पनि येहूले मार्नेछ, अनि येहूको तरवारबाट
उम्केको जसलाई पनि एलीशाले मार्नेछ ।
**१८**तरै पनि बालको सामुन्ने आफ्ना घुँड़ा नटेकेका
र आफ्ना ओठहरूले त्यसलाई चुम्बन नगरेका
सात हजारलाई इस्राएलमा बचाइराख्छु ।”

## एलीशाको बोलावट

**१९**यसकारण एलिया त्यहाँबाट गए र तिनले
शापातका छोरा एलीशालाई भेटे । तिनी बाह्र
हल गोरु जोताउँदै थिए अनि तिनी आफैले
चाहिँ बाह्रौं हल गोरु जोत्दै थिए । एलियाले
तिनीसम्म पुगेर आफ्नो खास्टो तिनलाई
ओढ़ाइदिए । **२०**तब एलीशाले आफ्ना गोरूहरू
छोड़िदिए अनि तिनी एलियाको पछि दगुरे ।
तिनले भने, “मलाई मेरा पितालाई चुम्बन गर्न
र आमासित बिदा माग्न दिनुहोस् अनि म
तपाईंको पछि आउनेछु ।”
एलियाले जवाफ दिए, “फर्किजाऊ, मैले
तिमीलाई के गरेको छु र ?”
**२१**यसकारण, एलीशा तिनलाई छोड़ेर
फर्किगए । तिनले आफ्नो हल गोरुलाई
लिए र मारे । तिनले जोत्ने सामग्रीहरू मासु
पकाउनलाई जलाइदिए र मानिसहरूलाई ती
दिए अनि तिनीहरूले खाए । तब ती एलियालाई
पछ्याउन गइहाले र तिनका सेवक भए ।

## बेन-हददले सामरियामाथि आक्रमण गरेका

**२०** अरामका राजा बेन-हददले आफ्नो
सम्पूर्ण फौजलाई भेला गरे । बत्तीसजना
राजाहरू अनि तिनीहरूका घोड़ाहरू र रथहरूको
साथमा तिनले उक्लेर गई सामरियालाई घेरा
हालेर त्यसमाथि आक्रमण गरे । **२**तिनले
इस्राएलका राजा आहाबकहाँ यसो भनेर दूतहरू
पठाए, “बेन-हदद यसो भन्छन्: **३**‘तिम्रा चाँदी
र सुनहरू मेरा हुन् अनि तिम्रा सबैभन्दा असल
स्वास्नीहरू र छोराछोरीहरू मेरा हुन् ।’”
**४**इस्राएलका राजाले जवाफ दिए, “हे मेरा
मालिक महाराजा, तपाईंले भन्नुभएझैं म र
मसित भएकाहरू सबै तपाईंकै हुन् ।”
**५**दूतहरू फेरि आए अनि भने, “बेन-हदद
यसो भन्छन्: ‘मैले तिम्रा चाँदी र सुन अनि

---

**१९:१५**–२ राजा ८:७-१३. **१९:१६**–२ राजा ९:१-६. **१९:१८**–रोमी ११:४.

तिम्रा स्वास्नीहरू र छोराछोरीहरू माग गरिपठाएँ । **६**तर भोलि यही समयतिर म मेरा अधिकारीहरूलाई तिम्रा राजमहल र तिम्रा अधिकारीहरूका घरहरू तलाश गर्न पठाउनेछु । तिमीले मन पराएका चीजहरू कब्जा गरेर तिनीहरूले लैजानेछन् ।'"

**७**इस्राएलका राजाले देशका सबै बूढ़ा-प्रधानहरूलाई बोलाइपठाए र तिनीहरूलाई भने, "हेर्नुहोस्, यस मानिसले कसरी झगड़ा गर्ने मौका खोज्दैछ ! त्यसले मेरा पत्नीहरू र छोराछोरीहरू अनि मेरा चाँदी र मेरा सुन मागिपठाउँदा मैले तिनलाई इन्कार गरिनँ ।"

**८**बूढ़ा-प्रधानहरू र सबै मानिसहरूले जवाफ दिए, "तिनको कुरा नसुन्नुहोस् र तिनका मागहरूप्रति सहमत नहुनुहोस् ।"

**९**यसकारण तिनले बेन-हददका दूतलाई जवाफ दिए, "मेरा मालिक महाराजालाई भनिदेऊ, 'तपाईंको दासले तपाईंले पहिले मागेका कुराहरू सबै दिनेछ, तर यो मागचाहिँ म पूरा गर्नसक्दिनँ ।'" तिनीहरू गएर त्यो जवाफ बेन-हददकहाँ पुऱ्याइदिए ।

**१०**तब बेन-हददले आहाबकहाँ अर्को समाचार पठाए: "मेरा प्रत्येक मानिसलाई एक एक मुठी गरी दिने धूलो सामरियामा रहेछ भने मेरा देवताहरूले मप्रति कठोर व्यवहार गरून् ।"

**११**इस्राएलका राजाले जवाफ दिए, "तिनलाई यसो भन्नू: कवच धारण गर्नेले कवच उतार्नेले झैँ घमण्ड नगरोस् ।'"

**१२**जब बेन-हदद र अरू राजाहरू आफ्ना पालहरूमा मद्य पिइरहेका थिए, तिनले यो समाचार सुने र तिनले आफ्ना मानिसहरूलाई "आक्रमण गर्न तयार हुनू" भनेर हुकुम दिए । यसकारण तिनीहरू शहरमाथि आक्रमण गर्न तयार भए ।

### आहाबले बेन-हददलाई परास्त गरेका

**१३**त्यसपछि एकजना अगमवक्ता आहाब राजाकहाँ आए र सूचित गराए, "परमप्रभु यसो भन्नुहुन्छ: 'के तँ यो विशाल फौज देख्छस् ? म यसलाई आज तेरो हातमा दिनेछु, र तैंले म नै परमप्रभु हुँ भनी जान्नेछस् ।'"

**१४**आहाबले सोधे, "तर यो कसले गर्नेछ ?"

ती अगमवक्ताले जवाफ दिए, "परमप्रभु यसो भन्नुहुन्छ: 'तेरा प्रान्तका कप्तानहरूका जवान अधिकारीहरूले गर्नेछन् ।'"

तिनले सोधे, "अनि लड़ाइँ कसले शुरू गर्नेछ ?"

ती अगमवक्ताले जवाफ दिए, "तपाईंले ।"

**१५**यसकारण आहाबले प्रान्तका कप्तानहरूका दुई सय बत्तीसजना जवान अधिकारीहरूलाई बोलाइपठाए । त्यसपछि तिनले बाँकी रहेका सात हजार इस्राएलीहरूलाई भेला गराए ।
**१६**तिनीहरू मध्यान्हमा निस्के जुन बेला बेन-हदद तिनीसित भएका बत्तीसजना राजाहरू आफ्ना पालहरूमा नशाले चूर भइरहेका थिए । **१७**प्रान्तका कप्तानहरूका जवान अधिकृतहरू पहिले निस्के ।

बेन-हददले जासूसहरू पठाएका थिए जसले यस्तो खबर ल्याए, "मानिसहरू सामरियाबाट यतातिर बढ़िरहेका छन् ।"

**१८**तिनले भने, "यदि तिनीहरू शान्तिको निम्ति आएका छन् भने तिनीहरूलाई जिउँदै पक्रनू, तिनीहरू युद्धको निम्ति आएका छन् भने पनि तिनीहरूलाई जिउँदै पक्रनू ।"

**१९**प्रान्तका कप्तानहरूका ती जवान अधिकारीहरू शहरबाट बाहिर निस्के र तिनीहरूका पछिपछि फौज थियो,
**२०**अनि प्रत्येकले आफ्नो शत्रुलाई प्रहार गरेर मारे । त्यसो हुँदा अरामीहरू भागे र इस्राएलीहरूले उनीहरूलाई खेदे । तर अरामका राजा बेन-हदद घोड़ामा चढ़ेर आफ्ना केही घोड़सवारहरूसित उम्के ।
**२१**इस्राएलका राजा अगि बढ़े अनि घोड़ाहरू र रथहरूलाई परास्त गरे र अरामीहरूको ठूलो नोक्सानी गरे ।

**२२**पछिबाट ती अगमवक्ता इस्राएलका राजाकहाँ आए अनि भने, "आफ्नो स्थिति बलियो बनाएर अब के गर्ने सो विचार गर्नुहोस्, किनकि आउँदो वसन्तमा अरामका राजाले तपाईंमाथि फेरि आक्रमण गर्नेछ ।"

**२३**त्यसपछि अरामका राजाका अधिकारीहरूले
तिनलाई सल्लाह दिए, "तिनीहरूका देवताहरू
पहाड़का देवताहरू हुन् । त्यसैकारण तिनीहरू
हाम्रो निम्ति अति प्रबल थिए । तर यदि
हामीले मैदानमा तिनीहरूसित युद्ध गऱ्यौं
भने, हामी तिनीहरूभन्दा प्रबल हुनेछौं ।
**२४**यसो गर्नुहोस्, सबै राजाहरूलाई नेतृत्वबाट
हटाएर तिनीहरूका ठाउँमा अरू अधिकारीहरू
खटाइदिनुहोस् । **२५**तपाईंले गुमाउनुभएको फौजको
ठाउँमा, घोड़ाको निम्ति घोड़ा, रथको निम्ति
रथ खड़ा गर्नुहोस्, र हामी इस्राएलीहरूसित
मैदानमा युद्ध गर्न सक्छौं । तब हामी निश्चय
नै तिनीहरूभन्दा शक्तिशाली हुनेछौं ।"
उनीहरूसित सहमत भएर तिनले त्यसै गरे ।

**२६**आउँदो वसन्तमा बेन-हददले अरामीहरूलाई
भेला गरे र इस्राएलको विरुद्धमा लड़ाइँ
गर्न अपेकमा उक्ले । **२७**इस्राएलीहरू पनि भेला
गराइएर तिनीहरूका सामान जुटाइए तिनीहरू
उनीहरूको सामना गर्नलाई निस्के । इस्राएलीहरू
तिनीहरूका सामुन्ने बाखाका दुईओटा साना
बथानझैं छाउनी हालेर बसे र अरामीहरूले
चाहिँ बस्ती नै ढाकेर बसे ।

**२८**परमेश्वरका जनले आएर इस्राएलका
राजालाई भने, "परमप्रभु यसो भन्नुहुन्छः
'परमप्रभु बेँसीका होइन तर पहाड़को देवता
हो भनी अरामीहरूले सम्झेका हुनाले म यस
विशाल फौजलाई तेरो हातमा दिनेछु अनि म
नै परमप्रभु हुँ भनी तैंले जान्नेछस् ।"

**२९**सात दिनसम्म तिनीहरूले आमुन्नेसामुन्ने
छाउनी हालेर बसे र सातौं दिन युद्ध भयो ।
इस्राएलीहरूले एकै दिनमा अरामीहरूका एक
लाख पैदल सेनालाई मारे । **३०**तिनीहरूका बाँकी
रहेका अपेकको शहरमा उम्केर भागे जहाँ
तिनीहरूमध्ये सत्ताइस हजारमाथि पर्खाल
ढलिगयो । अनि बेन-हददचाहिँ शहरमा भागेर
गए र भित्री कोठामा लुके ।

**३१**तिनका अधिकारीहरूले तिनलाई भने,
"हेर्नुहोस्, हामीले इस्राएलका घरानाका राजाहरू
कृपालु हुन्छन् भनेर सुनेका छौं । हामी
आफ्ना कम्मरमा भाङ्रा लगाएर अनि शिरमा
डोरीहरू बाँधेर इस्राएलका राजाकहाँ जाऔं ।
सायद तिनले तपाईंको प्राण जोगाइदेलान् ।"

**३२**आफ्ना कम्मरमा भाङ्रा र शिरहरूमा
डोरी लगाएर तिनीहरू इस्राएलका राजाकहाँ
गए अनि भने, "तपाईंको दास बेन-हदद भन्छन्ः
'दया गरी मलाई जिउन दिनुहोस् ।'"

राजाले जवाफ दिए, "के तिनी जिउँदै
छन् ? तिनी त मेरा भाइ हुन् ।"

**३३**ती मानिसहरूले यसलाई एउटा राम्रो
लक्षण सम्झे अनि झट्ट तिनको कुरा पक्रेर
भने, "हो, तपाईंको भाइ बेन-हदद !"

राजाले भने, "गएर तिनलाई ल्याऊ ।"
जब बेन-हदद निस्केर आए, राजाले तिनलाई
आफ्नो रथमा चढ़न दिए ।

**३४**बेन-हददले "म मेरा पिताले तपाईंका
पिताबाट लिएका शहरहरू फर्काइदिनेछु" भनेर
प्रस्ताव गरे । "मेरा पिताले सामरियामा गरेझैं
तपाईंले दमीशकमा आफ्नै व्यापार स्थलहरू
राख्न सक्नुहुन्छ ।"

आहाबले भने, "म एउटा सन्धिको
आधारमा तपाईंलाई छोड़िदिनेछु । यसकारण
तिनले उनीसित एउटा सन्धि बनाए र उनलाई
जानदिए ।

### एकजना अगमवक्ताले आहाबलाई दोष्याएका

**३५**परमप्रभुको वचनअनुसार अगमवक्ताहरूका
छोराहरूमध्ये एकजनाले आफ्ना साथीलाई भने,
"मलाई तिम्रो हतियारले प्रहार गर", तर त्यस
मानिसले अस्वीकार गऱ्यो ।

**३६**यसकारण ती अगमवक्ताले भने,
"परमप्रभुको आज्ञा पालन नगरेका हुनाले तिमी
मदेखि जानासाथै एउटा सिंहले तिमीलाई
मार्नेछ ।" अनि त्यो मानिस गएपछि एउटा
सिंहले त्यसलाई भेटेर माऱ्यो ।

**३७**ती अगमवक्ताले अर्को मानिसलाई भेटे
र भने, "दया गरी मलाई प्रहार गर्नुहोस् ।"

---

**२०:३६**–१ राजा १३:२४.

यसकारण त्यस मानिसले तिनलाई प्रहार गरेर
घाइते बनाइदिए । ३८त्यसपछि ती अगमवक्ता
गएर बाटोको किनारमा राजाको बाटो हेर्दै
पर्खिरहे । तिनी आफ्ना शिरको फेटा आँखासम्म
झारेर गुप्त भेषमा रहे । ३९राजा जसै त्यताबाट
गए, त्यस अगमवक्ताले कराएर तिनलाई भने,
“तपाईंको दास लड़ाइँको मुखैमा पुग्यो र कसैले
एउटा कैदी लिएर मकहाँ आएर भन्यो, ‘यस
मानिसमाथि नजर राख् । यदि यो हराएछ भने,
यसको प्राणको सट्टा तिम्रो प्राण हुनेछ, नभए
तिमीले एक तोड़ा चाँदी तिर्नु पर्नेछ ।’ ४०तपाईंको
दास यताउता व्यस्त रहेको बेला त्यो मानिस
हराइहाल्यो ।”

इस्राएलका राजाले भने, “यो दण्डाज्ञा त तँ
आफैले नै उच्चारण गरिस् ।”

४१तब ती अगमवक्ताले झट्ट आफ्ना
आँखाबाट त्यो शिरको फेटा हटाए अनि
इस्राएलका राजाले तिनलाई अगमवक्ताहरूमध्ये
एक भनी चिने । ४२तिनले राजालाई भने,
“परमप्रभु यसो भन्नुहुन्छ: “मैले मारिनुपर्छ भनेर
निश्चय गरेको मानिसलाई तैंले छोड़िदिइस् ।
यसकारण त्यसको प्राणको साटो तेरो प्राण र
त्यसका मानिसहरूको साटो तेरा मानिसहरू
हुनेछन् ।’” ४३इस्राएलका राजा उदास र क्रोधित
भई सामरियामा भएको तिनको महलमा गए ।

### नाबोतको दाखबारी

२१ केही समय बितेपछि यिज्रेली नाबोतको
दाखबारीको विषय लिएर एउटा घटना
घटयो । त्यो दाखबारी यिज्रेलमा सामरियाका
राजा आहाबको महलको छेउमा थियो ।
२आहाबले नाबोतलाई भने, “तिम्रो दाखबारी
मेरो महलको छेउमा भएकोले त्यो मलाई
मेरो सब्जीबारी बनाउनलाई देऊ । त्यसको
सट्टामा म तिमीलाई अझ उत्तम दाखबारी दिनेछु,
अथवा तिमीलाई मन परे म त्यसको निम्ति
जति दाम पनि तिमीलाई दिनेछु ।”

३तर नाबोतले जवाफ दिए, “आफ्ना
पुर्खाहरूको पैतृक सम्पत्ति तपाईंलाई दिने काम
परमप्रभुले हुन नदेऊन् ।”

४यिज्रेली नाबोतले “म आफना पुर्खाहरूको
पैतृक सम्पत्ति तपाईंलाई दिने छैन” भनेको
कारण आहाब उदास र क्रोधित भई घर गए ।
तिनी आफ्नो पलङमा खिन्न भई ढल्के र खान
पनि इन्कार गरे ।

५तिनकी पत्नी ईजेबेलले भित्र आएर
तिनलाई सोधिन्, “तपाईं किन खानुहुन्न ?”

६तिनले उनलाई जवाफ दिए, “किनकि
मैले यिज्रेली नाबोतलाई भनें, ‘मलाई तिम्रो
दाखबारी बेच, अथवा तिमीले चाहचौ भने
त्यसको सट्टामा म अर्को दाखबारी दिनेछु ।’
तर त्यसले भन्यो, ‘म तपाईंलाई आफ्नो
दाखबारी दिनेछैनँ ।’

७तिनकी पत्नी ईजेबेलले भनिन्, “के तपाईंले
इस्राएलमा यसरी नै राजा भएर काम
गर्नुहुन्छ ? उठेर खानुहोस् ! प्रसन्न रहनुहोस् ।
म तपाईंलाई यिज्रेली नाबोतको दाखबारी
दिलाउनेछु ।”

८यसकारण उनले आहाबको नाउँमा
चिट्ठीहरू लेखेर त्यसमा मोहोर लगाइन् अनि
नाबोतको शहरमा ऊसित बस्ने बूढ़ा-प्रधानहरू
र महानुभावहरूकहाँ पठाइन् । ९ती चिट्ठीहरूमा
तिनले यसरी लेखिन्:

> “उपवासको एक दिन घोषणा गर्नू र
> नाबोतलाई मानिसहरूका बीचमा एउटा
> प्रमुख स्थानमा राख्नू । १०तर त्यसको
> सामुन्ने दुईजना नीच व्यक्तिहरूलाई बसाउनू
> अनि त्यसले परमेश्वर र राजा दुवैलाई
> सरापेको छ भनी तिनीहरूलाई साक्षी
> दिनलाउनू । त्यसपछि त्यसलाई बाहिर लगेर
> ढुङ्गाले हानी मारिदिनू ।”

११यसकारण नाबोतको शहरमा बस्ने ती
बूढ़ा-प्रधानहरू र महानुभावहरूले ईजेबेलले
तिनीहरूलाई लेखेका चिट्ठीहरूमा हुकुम
दिएअनुसार गरे । १२तिनीहरूले एउटा उपवासको
घोषणा गरे अनि नाबोतलाई मानिसहरूका
बीचमा एउटा प्रमुख स्थानमा बसाए । १३तब
दुईजना नीच व्यक्तिहरू आएर त्यसका सामुन्ने
बसे अनि “नाबोतले परमेश्वर र राजा दुवैलाई

सरापेको छ” भनेर नाबोतको विरुद्धमा अभियोग
लगाए । यसकारण तिनीहरूले त्यसलाई
शहर बाहिर लगेर ढुङ्गाले हानी मारे । **१४**तब
तिनीहरूले ईजेबेलकहाँ “नाबोतलाई ढुङ्गाले
हानियो र ऊ मऱ्यो” भनेर खबर पठाइदिए ।

**१५**नाबोतलाई ढुङ्गाले हानेर मारियो भनेर
ईजेबेलले सुन्ने बित्तिकै तिनले आहाबलाई भनिन्,
“उठ्नुहोस् र यिज्रेली नाबोतले तपाईंलाई बेच्न
इन्कार गरेको त्यसको दाखबारीमाथि अधिकार
गर्नुहोस् । **१६**ऊ अब जीवित छैन तर मरेको
छ ।” नाबोत मरेको आहाबले सुनेर तिनी
उठेर नाबोतको दाखबारीमाथि अधिकार गर्न
तल झरे ।

**१७**तब परमप्रभुको वचन तिश्बी एलियाकहाँ
आयोः **१८**सामरियामा राज्य गर्ने इस्राएलका
राजा आहाबकहाँ जानू । त्यो अहिले नाबोतको
दाखबारीमाथि अधिकार गर्नलाई त्यहीं छ ।
**१९**त्यसलाई भन्नू, ‘परमप्रभु यसो भन्नुहुन्छः
के तैंले एकजना मानिसलाई हत्या गरेर त्यसको
सम्पत्ति खोसेको छैनस् र ?’ त्यसपछि त्यसलाई
भन्नू, ‘परमप्रभु यसो भनुहुन्छः नाबोतको
रगत कुकुरहरूले चाटेकै ठाउँमा तेरो रगत
पनि कुकुरहरूले चाट्नेछन्, अँ तेरै रगत !’”

**२०**आहाबले एलियालाई भने, “त्यसो भए,
ए मेरो शत्रु, तैंले मलाई भेट्टाइस् !”

तिनले जवाफ दिए, “मैले तँलाई भेट्टाएँ,
किनकि तैंले परमप्रभुको दृष्टिमा दुष्टता गर्नलाई
आफैलाई बेचिस् । **२१**‘म तँमाथि विपत्ति
ल्याउनेछु । म तेरा सन्तानलाई भष्म पार्नेछु र
कमारा होस् कि फुक्का, आहाबदेखि उत्पन्न
प्रत्येक अन्तिम पुरुषलाई नाश गर्नेछु । **२२**म
तेरो घरानालाई नबातका छोरा यारोबामका
जस्तै अनि बाशाका छोरा अहियाहका जस्तै
बनाउनेछु, किनकि तैंले मलाई रीस उठाइस् र
इस्राएललाई पाप गर्न लगाइस् ।’

**२३**“अनि ईजेबेलको विषयमा पनि परमप्रभु
भन्नुहुन्छः ‘यिज्रेलको पर्खालको छेउमा
कुकुरहरूले ईजेबेललाई खानेछन् ।’

**२४**“शहरमा मर्ने आहाबका जतिलाई
कुकुरहरूले र गाउँमा मर्नेहरूलाई आकाशका
पक्षीहरूले खानेछन् ।”

**२५**(आफ्नी पत्नी ईजेबेलद्वारा उक्साइएर
परमप्रभुको दृष्टिमा दुष्टता गर्नलाई आफैलाई
बेच्ने आहाबझैं अर्को मानिस कहिल्यै थिएन ।
**२६**इस्राएलीहरूका सामुन्नेबाट परमप्रभुले
धपाउनुभएका एमोरीहरूझैं मूर्तिहरूको पछि
लागेर तिनले अति नीच व्यवहार गरे ।)

**२७**यो कुरा सुनेपछि आहाबले आफ्ना वस्त्र
च्याते, भाङ्ग्रा लगाए र उपवास बसे । तिनी
भाङ्ग्रा लाएरै सुते र दीन भएर हिँडे ।

**२८**तब परमप्रभुको वचन तिश्बी एलियाकहाँ
आयो, **२९**“आहाबले आफैलाई मेरो सामुन्ने दीन
तुल्याएको के तैंले ध्यान दिइस् ? त्यसले
आफैलाई दीन तुल्याएकोले म त्यसको समयमा
यी विपत्ति ल्याउनेछैनँ, तर म त्यसको घरानामाथि
त्यसको छोराको समयमा त्यो ल्याउनेछु ।”

## आहाबको विरुद्धमा मीकायाको अगमवाणी

**२२** तीन वर्षसम्म अराम र इस्राएलको
बीचमा युद्ध भएन । **२**तर तेस्रो वर्षमा
यहूदाका राजा यहोशापात इस्राएलका राजालाई
भेट्न तल गए । **३**इस्राएलका राजाले आफ्ना
अधिकरीहरूलाई भने, “के रामोत-गिलाद हाम्रो
हो र पनि हामीले त्यसलाई अरामका राजाबाट
फिर्ता लिनलाई केही पनि गरेका छैनौं भनी
तपाईंहरूलाई थाहा छैन ?”

**४**यसकारण तिनले यहोशापातलाई सोधे,
“के तपाईं हामीसित रामोत-गिलादको विरुद्धमा
युद्ध गर्न जानुहुन्छ ?”

यहोशापातले इस्राएलका राजालाई जवाफ
दिए, “म तपाईंजस्तै हुँ, मेरा मानिसहरू तपाईंका
मानिसहरू जस्तै हुन्, मेरा घोड़ाहरू तपाईंकै
घोड़ाहरूजस्तै हुन् ।” **५**तर यहोशापातले
इस्राएलका राजालाई यो पनि भने, “पहिले
परमप्रभुसित सल्लाह लिनुहोस् ।”

**६**यसकारण इस्राएलका राजाले चार सय

**२१:१९**–१ राजा २२:३८. **२१:२३**–२ राजा ९:३६. **२२:१–२८**–२ इतिहास १८:२-२७.

जना जति अगमवक्ताहरू ल्याए र तिनीहरूलाई
सोधे, "म रामोत-गिलादको विरुद्धमा युद्ध गर्न
जाऊँ कि नजाऊँ ?"

तिनीहरूले भने, "जानुहोस्, किनकि परमप्रभुले
त्यसलाई राजाको हातमा दिनुहुनेछ ।"

**७**तर यहोशापातले सोधे, "हामीले सोध्नलाई
के यहाँ परमप्रभुका कुनै अगमवक्ता छैनन् ?
**८**इस्राएलका राजाले यहोशापातलाई जवाफ
दिए, "हामीले परमप्रभुसित सल्लाह लिनलाई
एकजना मानिस त छ तर म उसलाई घृणा
गर्छु, किनकि उसले मेरो विषयमा कहिले पनि
राम्रो अगमवाणी गर्दैन तर सधैँ नराम्रो मात्र
गर्छ । ऊ यिम्लाका छोरा मीकाया हो ।"

यहोशापातले जवाफ दिए, "राजाले यसो
भन्नुहुँदैन ।"

**९**यसकारण इस्राएलका राजाले आफ्ना
एकजना अधिकारीलाई बोलाएर भने, "झट्ट
यिम्लाका छोरा मीकायालाई ल्याऊ ।"

**१०**इस्राएलका राजा र यहूदाका ज्ञ राजा
यहोशापात शाही पोशाक लगाएर सामरियाको
मूल ढोकाको प्रवेशद्वारको छेउको खलामा
आफ्ना सिंहासनहरूमा बसिरहेका थिए अनि
तिनीहरूका सामुन्ने सबै अगमवक्ताहरूले
अगमवाणी कहिरहेका थिए । **११**केनानीका
छोरा सिदकियाहले फलामका सीङ्हरू बनाएका
थिए र तिनले घोषणा गरे, "परमप्रभु यसो
भन्नुहुन्छ: 'यी सीङ्हरूले अरामीहरूलाई तिनीहरू
नष्ट नभएसम्म तिमीहरूले घोच्नेछौ ।'"

**१२**अरू सबै अगमवक्ताहरूले पनि यही
कुरा अगमवाणीमा भनिरहेका थिए । तिनीहरूले
भने, "रामोत-गिलादमाथि आक्रमण गरेर विजयी
हुनुहोस्, किनकि परमप्रभुले त्यसलाई राजाको
हातमा दिनुहुनेछ ।"

**१३**मीकायालाई बोलाउन जाने दूतले तिनलाई
भने, "अरू अगमवक्ताहरूले राजाको सफलताको
लागि एकै भएर भविष्यवाणी गरिरहेका छन् ।
तिम्रा कुराहरू पनि तिनीहरूसित मिल्ने होस्
र उनकै पक्षमा बोलिएको होस् ।"

**१४**तर मीकायाले भने, "परमप्रभु निश्चय
जिउनुभएझैँ म तिनलाई परमप्रभुले मलाई
भन्नुहुने कुरा मात्र भन्नेछु ।"

**१५**तिनीहरू आइपुगेपछि राजाले तिनलाई
सोधे, "मीकाया, हामी रामोत-गिलादको विरुद्धमा
युद्ध गर्न जाऊँ कि नजाऊँ ?"

तिनले जवाफ दिए, "आक्रमण गरेर विजयी
हुनुहोस्, किनकि परमप्रभुले त्यसलाई राजाको
हातमा दिनुहुनेछ ।"

**१६**राजाले तिनलाई भने, "मलाई सत्य
कुरा भन भनेर म तिमीलाई कतिपल्ट परमप्रभुको
नाउँमा शपथ खान लाऊँ ?"

**१७**तब मीकायाले जवाफ दिए, "मैले
इस्राएललाई गोठाला नभएका भेड़ाहरूझैँ
पहाड़तिर छरिएको देखें, र परमप्रभुले भन्नुभयो,
'यी मानिसहरूका मालिक छैनन् । प्रत्येक जन
शान्तिसाथ घर जाओस् ।'"

**१८**इस्राएलका राजाले यहोशापातलाई भने,
"यसले मेरो विषयमा नराम्रो बाहेक कहिले
पनि असल अगमवाणी गर्दैन भनी के मैले
तपाईंलाई भनिनँ र ?"

**१९**मीकायाले भन्दै गए, "यसकारण
परमप्रभुको वचन सुन्नुहोस्: मैले परमप्रभुलाई
सिंहासनमा बसिरहनुभएको देखें अनि उहाँका
चारैतिर दाहिने र देब्रेपट्टि स्वर्गीय सेना
उभिरहेका थिए । **२०**अनि परमप्रभुले भन्नुभयो,
'रामोत-गिलादमाथि आक्रमण गर्न अनि आफ्नो
मृत्युमा जान कसले आहाबलाई बहकाउनेछ ?'
एउटाले एउटा कुरा राख्यो र अर्कोले
अर्कै । **२१**आखिरमा एउटा आत्माले अगि सरेर
परमप्रभुको सामुन्ने उभिएर भन्यो, 'म तिनलाई
बहकाउनेछु ।'

**२२**परमप्रभुले सोध्नुभयो, 'कुन तरिकाले ?'
त्यसले भन्यो, "म निस्केर जानेछु अनि त्यसका
सबै अगमवक्ताहरूका मुखमा झूट बोल्ने आत्मा
हुनेछु ।'

परमप्रभुले भन्नुभयो, 'तँ त्यसलाई बहकाउन
सफल हुनेछस् । गएर त्यसै गर् ।'

---

**२२:१७**–गन्ती २७:१७; मत्ती ९:३६; मर्कूस ६:३४. **२२:१९**–यशैया ६:१; अय्यूब १:६.

**२३**“यसकारण अब परमप्रभुले तपाईंका यी
सबै अगमवक्ताहरूका मुखमा एउटा झूट बोल्ने
आत्मा हालिदिनुभएको छ। परमप्रभुले तपाईंको
विरुद्धमा सर्वनाशको आज्ञा दिनुभएको छ।”
**२४**तब केनानीका छोरा सिदकियाह उठेर
गए र मीकायालाई तिनको अनुहारमा थप्पड
लगाए। तिनले सोधे, ”परमप्रभुको आत्मा
मबाट तिमीसित बोलेपछि कुन बाटो जानुभयो
त?”
**२५**मीकायाले जवाफ दिए, “त्यो त तिमी
भित्री कोठामा लुक्न गएको दिन पत्तो
पाउनेछौ।”
**२६**तब इस्राएलका राजाले हुकुम दिए,
“मीकायालाई लिएर शहरका शासक अमोन
र राजाको छोरा योआशकहाँ पठाइदिनू, **२७**अनि
भन्नू, ‘राजा यसो भन्नुहुन्छः यसलाई कैदमा
हालिदिनू र म सुरक्षित नफर्केसम्म यसलाई
रोटी र पानीबाहेक अरू केही नदिनू।’”
**२८**मीकायाले घोषणा गरे, “यदि तपाईं
सुरक्षित फर्कनुभयो भने, परमप्रभु मद्वारा
बोल्नुभएको होइन।” त्यसपछि तिनले अझ
थपे, “सबै मानिसहरूले मेरा वचनहरूमा ध्यान
दिनू!”

### आहाब रामोत-गिलादमा मारिएका

**२९**यसकारण इस्राएलका राजा अनि यहूदाका
राजा यहोशापात रामोत-गिलादमा उक्लेर
गए। **३०**इस्राएलका राजाले यहोशापातलाई भने,
“म युद्धमा गुप्त भेषमा प्रवेश गर्नेछु तर तपाईंले
चाहिँ आफ्नो शाही पोशाक लाउनुहोस्।”
यसकारण इस्राएलका राजाले आफ्नो भेष बदली
गरेर युद्धमा प्रवेश गरे।
**३१**अरामका राजाले आफ्ना आफ्ना बत्तीस
जना रथहरूका कप्तानहरूलाई यस्तो हुकुम
दिएका थिए, “इस्राएलका राजाबाहेक साना
अथवा ठूला कसैसित पनि लड़ाइँ नगर्नू।”
**३२**जब ती रथका कप्तानहरूले यहोशापातलाई
देखे, तिनीहरूले “निश्चय उहाँ नै इस्राएलका
राजा हुनुहुन्छ” भनी सम्झे। यसकारण तिनीहरू
उनीमाथि आक्रमण गर्नलाई फर्के तर जब
यहोशापात कराए, **३३**ती रथ-कप्तानहरूले तिनी
त इस्राएलका राजा होइन रहेछन् भन्ने देखे, र
तिनीहरू उनको पछि लाग्न छोड़े।
**३४**तर कसैले आफ्नो धनु झिकेर जथाभावी
हान्न थाल्यो र त्यसले इस्राएलका राजालाई
तिनको कवचको जोर्नीमा लाग्यो। राजाले
आफ्नो सारथीलाई भने, “रथलाई फर्का, र
मलाई युद्धबाट बाहिर लैजा। मलाई चोट
लागेको छ।” **३५**युद्ध दिनभरि नै चलिरहयो र
राजाचाहिँ आफ्नो रथबाट अरामीहरूको सामना
गरिरहेका थिए। तिनका चोटबाट रथको
पींधमाथि रगत खस्दै थियो र त्यस बेलुका
तिनी मरे। **३६**सूर्यास्त हुँदै गर्दा फौजभरि यस्तो
उर्दी भयो, “प्रत्येक मानिस आफ्नो शहरमा,
हरेक आफ्नै ठाउँमा जाओस्!”
**३७**यसरी राजा मरे र तिनी सामरियामा
ल्याइए अनि तिनीहरूले उनलाई त्यहाँ गाड़े।
**३८**तिनीहरूले रथलाई सामरियाको एउटा
तलाउमा धोए (जहाँ वेश्याहरू नुहाउने
गर्थे) र परमप्रभुको वचनले घोषणा गरेझैं
कुकुरहरूले तिनको रगत चाटे।
**३९**आहाबका शासनका अरू घटनाहरू र
तिनले गरेका सबै कामहरू, तिनले बनाएको
हात्ती-दाँतको महल अनि तिनले पर्खाल लगाएका
शहरहरूको विषयमा चाहिँ के ती इस्राएलका
राजाहरूका पुस्तकहरूमा लेखिएका छैनन् र?
**४०**आहाब आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश
गरे। अनि तिनका छोरा अहज्याह तिनीपछि
राजा भए।

### यहूदाका राजा यहोशापात

**४१**इस्राएलका राजा आहाबको चौथो वर्षमा
आशाका छोरा यहोशापात यहूदाका राजा
भए। **४२**राजा हुँदा यहोशापात पैंतीस वर्षका
थिए र तिनले यरूशलेममा पच्चीस वर्ष राज्य
गरे। तिनकी आमाको नाउँ अजूबा थियो जो

---

**२२:२९-३५**–२ इतिहास १८:२८-३४. **२२:४१-५०**–२ इतिहास २०:३१-२१:१.

शिल्हीकी छोरी थिइन् । **४३**प्रत्येक कुरामा तिनी
आफ्ना पिता आशाका मार्गहरूमा हिँड़े र
तीबाट यताउति लागेनन् । तिनले परमप्रभुको
दृष्टिमा जे ठीक थियो त्यही गरे । तैपनि
अग्ला ठाउँहरूचाहिँ हटाइएनन् र मानिसहरूले
त्यहाँ बलिदानहरू चढ़ाउँथे र धूप बाल्थे ।
**४४**यहोशापातको मित्रता इस्राएलका राजासित
पनि थियो ।

**४५**यहोशापातको शासनका अरू घटनाहरू,
तिनले गरेका उपलब्धीहरू र तिनका फौजी
वीरताको विषयमा के ती यहूदाका राजाका
पुस्तकहरूमा लेखिएका छैनन् र ? **४६**तिनले
देशलाई बाँकी रहेका पुरुष-वेश्यालयहरूबाट
मुक्त गरे जसमा तिनीहरू तिनका पिता आशाको
शासनकालपछि पनि बस्थे । **४७**त्यसबेला
एदोममा कुनै राजा थिएन तर एउटा सहायकले
शासन गर्थे ।

**४८**ओपीरबाट सुन ल्याउन भनी यहोशापातले
व्यापारी जहाजहरू बनाए तर एस्योन-गेबेरमा
ती भत्किगएका हुनाले ती त्यहाँ कहिल्यै
पुगेनन् । **४९**त्यसबेला आहाबका छोरा अहज्याहले
यहोशापातलाई भने, "मेरा मानिसहरूलाई
तपाईंका मानिसहरूसित जान दिइयोस्", तर
यहोशापातले अस्वीकार गरे ।

**५०**तब यहोशापात आफ्ना पुर्खाहरूसित
विश्राममा प्रवेश गरे अनि तिनीहरूसितै आफ्ना
मित्र दाऊदको शहरमा गाड़िए । अनि तिनको
पछि तिनका छोरा यहोराम राजा भए ।

### इस्राएलका राजा अहज्याह

**५१**आहाबका छोरा अहज्याह यहूदाका
राजा यहोशापातको सत्रौं वर्षमा सामरियामा
इस्राएलका राजा भए अनि तिनले इस्राएलमाथि
दुई वर्षसम्म राज्य गरे । **५२**तिनले परमप्रभुको
दृष्टिमा दुष्ट काम गरे, किनकि तिनी आफ्ना
बाबुआमाका चालहरूमा र इस्राएललाई पाप
गर्न लाउने नबातका छोरा यारोबामका
चालहरूमा चले । **५३**तिनले बालको सेवा गरेर
त्यसलाई पूज्ने गरे र आफ्ना पिताले गरेझैं
परमप्रभु इस्राएलका परमेश्वरलाई रीस उठाए ।

# राजाहरूको दोस्रो पुस्तक

### अहज्याहमाथि परमेश्वरको इन्साफ

**१** आहाबको मृत्युपछि मोआबले इस्राएलको
विरुद्धमा विद्रोह गऱ्यो। **२**सामरियामा आफ्नो
माथिल्लो कोठाको झ्यालबाट अहज्याह खसेका
थिए र तिनलाई चोट लागेको थियो ।
यसकारण तिनले दूतहरूलाई यसो भनेर पठाए,
“एक्रोनको देवता बाल-जिबबकहाँ गएर म
आफ्नो चोटबाट निको हुन्छु कि भनेर सल्लाह
लिन् ।”

**३**तर परमप्रभुको दूतले तिश्बी एलियालाई
भने, “जा अनि सामरियाका राजाका दूतहरूलाई
भेट् र तिनीहरूलाई ‘के इस्राएलमा परमेश्वर
हुनुहुन्न र तिमीहरू एक्रोनको देवता बाल-
जिबबसित सल्लाह लिन गइरहेका छौ ?’ भनेर
सोध् । **४**यसकारण परमप्रभु ‘तैंले आफू
सुतिरहेको पलङ छोड्ने छैनस् । तँ निश्चय
मर्नेछस् !’ भन्नुहुन्छ ।” यसकारण एलिया गए ।

**५**ती दूतहरू फर्किआएपछि राजाले
तिनीहरूलाई सोधे, “तिमीहरू किन
फर्किआयौं ?”

**६**तिनीहरूले जवाफ दिए, “एक जना मानिस
हामीलाई भेट्न आए” अनि तिनले हामीलाई
भने, ‘तिमीहरूलाई पठाउने राजाकहाँ गएर
तिनलाई भन्नू कि परमप्रभु यसो भन्नुहुन्छ: के
इस्राएलमा परमेश्वर हुनुहुन्न र तैंले एक्रोनको
देवता बाल-जिबबसित सल्लाह लिन भनी
मानिसहरू पठाउँदैछस् ? यसकारण तैंले आफू
सुतेको पलङ छोड्नेछैनस् । तँ निश्चय
मर्नेछस् !”’”

**७**राजाले तिनीहरूलाई सोधे, “तिमीहरूलाई
भेट्न आउने र यसो भन्ने मानिस कस्ता
किसिमका थिए ?”

**८**तिनीहरूले जवाफ दिए, “तिनी रौंका वस्त्र
लाएका र कम्मरमा छालाको पटुका कसेका
मानिस थिए ।”

राजाले भने, “त्यो त तिश्बी एलिया नै
थिए ।”

**९**तब तिनले एलियाकहाँ एक जना
कप्तानलाई तिनका पचास जना सँगीहरूसित
पठाए । त्यो कप्तान डाँड़ाको टुप्पोमा
बसिरहेका एलियाकहाँ गए र तिनले उनलाई
भने, “हे परमेश्वरका जन, राजा तपाईंलाई
भन्नुहुन्छ, ‘तल आउनुहोस् !’”

**१०**एलियाले कप्तानलाई जवाफ दिए, म
परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो खसेर
तिमी र तिम्रा पचास जना मानिसहरूलाई भस्म
पारोस् !” तब स्वर्गबाट आगो खसेर त्यस
कप्तान र तिनका मानिसहरूलाई भस्म
पारिदियो ।

**११**यसो हुँदा राजाले एलियाकहाँ अर्को
कप्तानलाई तिनका पचास जना मानिसहरूसित
पठाए । त्यस कप्तानले तिनलाई भने, “हे
परमेश्वरका जन, राजा भन्नुहुन्छ, ‘झट्ट तल
आउनुहोस् !’”

**१२**एलियाले जवाफ दिए, “यदि म
परमेश्वरका जन हुँ भने स्वर्गबाट आगो खसेर
तिमी र तिम्रा पचास जना मानिसहरूलाई
भस्म पारोस् !” तब परमेश्वरको आगो स्वर्गबाट
खसेर तिनलाई र तिनका पचास जना
मानिसहरूलाई भस्म पारिदियो ।

**१३**यसकारण राजाले एक जना तेस्रो
कप्तानलाई तिनका पचास जना मानिसहरूसित
पठाए। त्यस तेस्रो कप्तान माथि गएर एलियाको
सामुन्ने घुँड़ा टेके । तिनले बिन्ती गरे, “हे
परमेश्वरका जन, हामी तपाईंका दासहरू, म
र यी पचास जना मानिसहरूका प्राण केही

---

**१:८**–मत्ती ३:४; मर्कूस १:६. **१:१०–१२**–लूका ९:३४.

मूल्यका सम्झिदिनुहोस् ! **१४**हेर्नुहोस्, ती पहिलेका दुई कप्तानहरू र तिनीहरूका सबै मानिसहरूमाथि स्वर्गबाट आगो बर्ष्यो र तिनीहरू भस्म भए। तर अब मेरो प्राण जोगाइदिनुहोस् !"

**१५**परमप्रभुका दूतले एलियालाई भने, "यससित तल जा र यसदेखि नडरा ।" यसकारण एलिया उठे र तिनीसित राजाकहाँ तल गए।

**१६**तिनले राजालाई भने, "परमप्रभु यसो भन्नुहुन्छः के सल्लाह लिनलाई इस्राएलमा परमेश्वर नहुनुभएकाले तैंले एक्रोनको देवता बाल-जिबबकहाँ सल्लाह लिन भनी दूतहरू पठाएको होस् ? तैंले यसो गरेकोले तैंले आफू सुतेको पलङ कहिल्यै छोड्नेछैनस्। तँ निश्चय मर्नेछस् !" **१७**यसकारण एलियाले बोलेका परमप्रभुको वचनअनुसार तिनी मरे।

अहज्याहका कुनै छोरा नभएकोले तिनीपछि यहूदाका राजा यहोशापातका छोरा यहोरामको दोस्रो वर्षमा योराम राजा भए। **१८**अहज्याहको शासनका अरू घटनाहरू र तिनले गरेका कार्यहरू के ती इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका छैनन् र ?

## एलिया स्वर्ग लगिएका

**२** परमप्रभुले एलियालाई भुमरीमा उठाइलानुहुने बेलामा एलिया र एलीशा गिलगालबाट आइरहेका थिए। **२**एलियाले एलीशालाई भने, "यहीँ बस, परमप्रभुले मलाई बेथेलमा पठाउनुभएको छ ।"

तर एलीशाले भने, "परमप्रभु निश्चय जिउनुभएझैं, र तपाईं जिउनुभएझैं, म तपाईंलाई छोड्नेछैनँ ।" यसकारण तिनीहरू बेथेलमा झरे।

**३**बेथेलमा भएका एक दल अगमवक्ताहरू एलीशाकहाँ आए अनि सोधे, "के आज परमप्रभुले तिम्रा मालिकलाई तिमीबाट लैजानुहुँदैछ भन्ने तिमीलाई थाहा छ ?"

एलीशाले जवाफ दिए, "हो, म जान्दछु, तर म यसबारे केही बोल्दिनँ ।"

**४**तब एलियाले तिनलाई भने, "एलीशा, तिमी यहीँ बस, परमप्रभुले मलाई यरीहोमा पठाउनुभएको छ ।"

अनि तिनले जवाफ दिए, "परमप्रभु निश्चय जिउनुभएझैं र तपाईं जिउनुभएझैं, म तपाईंलाई छोड्नेछैनँ।" यसकारण तिनीहरू यरीहो गए।

**५**यरीहोमा भएका अगमवक्ताहरूको दल एलीशाकहाँ उक्लेर गई तिनलाई सोधे, के आज परमप्रभुले तिम्रा मालिकलाई तिमीबाट लैजानुहुँदैछ भन्ने तिमीलाई थाहा छ ?"

तिनले जवाफ दिए, "हो, म जान्दछु, तर म यसबारे केही बोल्दिनँ ।"

**६**तब एलियाले तिनलाई भने, "यहीँ बस, परमप्रभुले मलाई यर्दनमा पठाउनुभएको छ।"

अनि तिनले जवाफ दिए, "परमप्रभु निश्चय जिउनुभएझैं र तपाईं जिउनुभएझैं म तपाईंलाई छोड्नेछैनँ ।" यसकारण ती दुवै अगि बढ़े।

**७**पचास जना अगमवक्ताहरूले तिनीहरूलाई पछ्याए र यर्दन नदीको किनारमा एलिया र एलीशा अड़िएको ठाउँतिर हेर्दै निकै टाढ़ामा उभिए। **८**एलियाले आफ्नो खाष्टो निकालेर त्यसलाई बेह्रे र त्यसले पानीलाई हिर्काए। पानी दाहिने र देब्रेतिर दुई भाग भयो अनि ती दुई ओबानो भुइँ भएर पारि गए।

**९**तिनीहरू पारि पुगेपछि एलियाले एलीशालाई भने, "म तिमीबाट लगिइनुअघि म तिम्रो निम्ति के गर्न सक्छु, भन ?"

एलीशाले जवाफ दिए, "म तपाईंको आत्माको दोब्बर भाग प्राप्त गरूँ।"

**१०**एलियाले भने, "तिमीले त अप्ठेरो कुरो माग्यौ, तरै पनि म तिमीबाट लगिएको तिमीले देख्यौ भने, यो तिमीलाई हुनेछ, नत्रता हुनेछैन ।"

**११**तिनीहरू एकसाथ कुरा गर्दै हिँड़िरहेको बेला अचानक अग्निमय रथ र अग्निमय घोड़ाहरू देखा परे अनि ती दुईलाई अलग गरे र एलिया भुमरीमा स्वर्ग गए। **१२**एलीशाले

**२:९**–व्यवस्था २१:१७. **२:१२**–२ राजा १३:१४.

यो देखेर कराएर भने, “हे मेरा पिता ! हे मेरा
पिता ! इस्राएलका रथहरू र घोड़चढ़ीहरू !”
भनी कराए । अनि एलीशाले तिनलाई फेरि
कहिल्यै देखेनन् । तब तिनले आफ्नो वस्त्र
समातेर त्यसलाई दुई भाग गरे ।

**१३**तिनले एलियाबाट खसेको खाष्टो उठाए
र फर्केर यर्दनको किनारमा उभिए । **१४**तब
तिनले उनीबाट खसेको खाष्टो उठाएर पानीलाई
हिर्काई भने, “परमप्रभु अहिले कहाँ हुनुहुन्छ ?”
तिनले पानीलाई हिर्काउँदा त्यो दाहिने र देब्रेतिर
दुई भाग भयो अनि तिनी पारि गए ।

**१५**त्यो हेरिरहने यरीहोका अगमवक्तहरूका
दलले भने, “एलियाका आत्मा एलीशामा
रहनुभएछ । अनि तिनीहरू तिनलाई भेट्न गए
र तिनको सामुन्ने भूइँसम्म निहुरे । **१६**तिनीहरूले
भने, “हेर्नुहोस्, हामी तपाईंका दासहरूसित
पचास जना बलिया मानिसहरू छन् ।
तिनीहरूलाई तपाईंका मालिकलाई खोज्न
जानदिनुहोस् । शायद परमप्रभुको आत्माले
तिनलाई उचालेर लगी कुनै पहाड़ अथवा
खोल्सामा राखिदिनुभएको छ ।”

एलीशाले भने, “होइन, तिनीहरूलाई
नपठाऊ ।”

**१७**तर तिनीहरूले ढिपी गरिबसे र तिनलाई
अस्वीकार गर्न शर्म लाग्यो । यसकारण तिनले
भने, “तिनीहरूलाई पठाऊ ।” अनि तिनीहरूले
पचास जना मानिसहरूलाई पठाए, जसले तीन
दिनसम्म खोजे तर एलियालाई भेट्टाउन
सकेनन् । **१८**जब तिनीहरू यरीहोमा बसिरहेका
एलीशाकहाँ फर्केर आए तब तिनले तिनीहरूलाई
भने, “के मैले तिमीहरूलाई नजाऊ भनिनँ
र ?”

## पानी शुद्ध पारिएको

**१९**त्यस शहरका मानिसहरूले एलीशालाई
भने, “हेर्नुहोस्, हाम्रा मालिक, यो शहर राम्रो
ठाउँमा छ भनी तपाईंले देख्नुभएको छ, तर
पानी नराम्रो र जमिनचाहिँ रूखो छ ।”

**२०**तिनले भने, “मकहाँ एउटा नयाँ कचौरा
ल्याऊ र त्यसमा नून हाल ।” यसकारण
तिनीहरूले त्यो तिनीकहाँ ल्याए ।

**२१**तब तिनी पानीको मूलमा गए र तिनले
त्यसमा नून हाले अनि यसो भने, “परमप्रभु
यसो भन्नुहुन्छ: ‘मैले यस पानीलाई शुद्ध
गरिदिएको छु । यसले अब कहिल्यै मृत्यु ल्याउने
छैन र जमिन रूखो बनाउने छैन ।’” **२२**अनि
एलीशाले भनेका वचनअनुसार आजको दिनसम्मै
त्यो पानी हितकारी रहेको छ ।

## एलीशाको गिल्ला

**२३**त्यहाँबाट एलीशा बेथेलमा उक्ले । तिनी
बाटोमा हिँड़िरहेका बेलामा शहरबाट केही
युवाहरू आएर तिनलाई गिल्ला गरे । तिनीहरूले
तिनलाई भने, “ए मुडुले माथि जाऊ !” ए
मुडुले, माथि जाऊ !” **२४**तिनी फनक्क फर्के
अनि तिनीहरूतिर हेरेर तिनले परमप्रभुको
नाउँमा सरापे । तब जङ्गलबाट दुईओटा भालुहरू
आएर बयालीस जना युवाहरूलाई चिथोरेर
मारे । **२५**अनि तिनी कर्मेल पर्वतसम्म गएर
त्यहाँबाट सामरियामा फर्के ।

## मोआबको विद्रोह

**३** आहाबका छोरा योराम यहूदाका राजा
यहोशापातको अठाह्रौं वर्षमा सामरियामा
इस्राएलका राजा भए र तिनले बाह्र वर्षसम्म
राज्य गरे । **२**तिनले परमप्रभुको दृष्टिमा दुष्टता
गरे, तर तिनका पिता र माताले गरेका जत्ति
त होइन । तिनले आफ्ना पिताले बनाएका
बालको पवित्र ढुङ्गालाई फ्याँकिदिए । **३**तरै पनि
तिनी नबातका छोरा यारोबामले इस्राएललाई
गर्न लाएका पापहरूमा तिनी लागिरहे, र तिनी
तीबाट फर्केनन् ।

**४**मोआबका राजा मेशाले भेड़ाहरू पालेका
थिए र तिनले इस्राएलका राजालाई एक लाख
थुमा र एक लाख साँड़े-भेड़ाहरूको ऊन
दिनुपर्थ्यो । **५**तर आहाब मरेपछि मोआबका
राजाले इस्राएलका राजाको विरुद्धमा विद्रोह
गरे । **६**यसकारण त्यस बेला राजा योराम
सामरियाबाट निस्के र तिनले इस्राएललाई
सङ्गठित गरे । **७**तिनले यहूदाका राजा

यहोशापातकहाँ पनि यसरी खबर पठाए: "मोआबका राजाले मेरो विरुद्धमा विद्रोह गरेका छन्। के तपाईं मसित मोआबको विरुद्धमा लड़ाइँ गर्न जानुहुन्छ ?"

तिनले जवाफ दिए, "म तपाईंसित जानेछु, म तपाईंजस्तै हुँ, मेरा मानिसहरू तपाईंका मानिसहरूजस्तै, मेरा घोड़ाहरू तपाईंका घोड़ाहरूजस्तै हुन् ।"

**८**तब तिनले सोधे, "हामी कुन दिशाबाट आक्रमण गरौं ?"

तिनले जवाफ दिए, "एदोमको उजाड़-स्थानबाट ।"

**९**यसकारण इस्राएलका राजा यहूदाका राजा र एदोमका राजासित निस्के। सात दिनको घुमौरो यात्रापछि फौजसित आफ्नो निम्ति र आफूसित भएका पशुहरूको निम्ति पानी रहेन ।

**१०**इस्राएलका राजाले विस्मित भएर भने, "यो के हो ? के परमप्रभुले हामी तीनै राजाहरूलाई मोआबको हातमा सुम्पिदिनलाई मात्र बोलाउनुभएको हो ?"

**११**तर यहोशापातले सोधे, "के यहाँ परमप्रभुका कुनै अगमवक्ता छैनन् जसद्वारा हामी उनीद्वारा परमप्रभुसित सल्लाह लिनसकौं ?"

इस्राएलका राजाका एक जना अधिकृतले जवाफ दिए, "शापातका छोरा एलीशा यहाँ छन् । तिनले एलियाका हातहरूमा पानी खन्याउने गर्थे ।"

**१२**यहोशापातले भने, "परमप्रभुको वचन तिनीसित छ ।" यसकारण इस्राएलका राजा र यहोशापात अनि एदोमका राजा तिनीकहाँ तल गए ।

**१३**एलीशाले इस्राएलका राजालाई भने, "हाम्रो आपसमा के लेनदेन छ र ? तपाईंका पिताका अगमवक्ताहरू र तपाईंकी माताका अगमवक्ताहरूकहाँ जानुहोस् ।"

इस्राएलका राजाले जवाफ दिए, "होइन, किनकि परमप्रभुले नै हामी तीन राजाहरूलाई मोआबको हातमा सुम्पिदिनलाई बोलाउनुभयो ।"

**१४**एलीशाले भने, "मैले सेवा गरेका परमप्रभु निश्चय नै जिउनुभएझैं, यहूदाका राजा यहोशापातको उपस्थितिप्रति मेरो आदर नभएको भए म तपाईंलाई हेर्ने थिइनँ र ध्यान पनि दिने थिइनँ । **१५**तर अब मेरो निम्ति एक जना वीणा-वादक ल्याइदिनुहोस् ।"

त्यस वीणा-वादकले बजाइरहेको बेला
परमप्रभुका हात एलीशामाथि आयो । **१६**अनि
तिनले भने, "परमप्रभु यसो भन्नुहुन्छ: 'यस
उपत्यकाभरि खाड़ल खन्नू ।' **१७**किनकि
परमप्रभु यसो भन्नुहुन्छ: 'तिमीहरूले न त बतास
न त वृष्टी देख्नेछौ, र पनि यो खोल्सा पानीले
भरिनेछ, अनि तिमीहरू, तिमीहरूका गाईबस्तु
र तिमीहरूका अरू पशुहरूले पानी पिउनेछौ ।
**१८**यो त परमप्रभुको दृष्टिमा एउटा सजिलो
कुरो हो। उहाँले मोआबलाई पनि तिमीहरूकहाँ
सुम्पिदिनुहुनेछ । **१९**तिमीहरूले प्रत्येक सुरक्षित
शहर र प्रत्येक मुख्य शहरहरूलाई जित्नेछौ ।
तिमीहरूले प्रत्येक असल रूख काटेर ढाल्नेछौ,
सबै पानीका मूलहरू बन्द गरिदिनेछौ र प्रत्येक
असल खेतलाई ढुङ्गाहरूले नष्ट पारिदिनेछौ ।"

**२०**भोलिपल्ट बिहानै लगभग बलिदान चढ़ाउने समयमा एदोमबाट पानी बगिरहेको थियो ! अनि जमिन पानीले भरिएको थियो ।

**२१**मोआबीहरूले तिनीहरूको विरुद्धमा लड्न
राजाहरू आएका छन् भनी सुनेका थिए ।
यसकारण हतियार बोक्नसक्ने बूढ़ा र जवान
प्रत्येक मानिसलाई बोलाएर सिमानामा राखिएका
थिए । **२२**जब तिनीहरू एकाबिहानै उठे घाम
पानीमाथि चम्किरहेको थियो । मोआबीहरूले
उनीहरूका सामुको त्यो पानी रगतजस्तै रातो
भएको देखे । **२३**तिनीहरूले भने, "त्यो त रगत
हो ! ती राजाहरू आपसमा लड़ाइँ गरेर एउटाले
अर्कोलाई मारे होलान् । अब हे मोआबी हो,
लुट्नलाई जाओ !"

**२४**तर जब मोआबीहरू इस्राएलको
छाउनीमा आए, इस्राएलीहरू उठेर तिनीहरू
नभागेसम्म तिनीहरूसित लड़ाइँ गरिरहे। अनि
इस्राएलीहरूले त्यस देशमाथि आक्रमण गरेर
मोआबीहरूलाई मारे। **२५**तिनीहरूले शहरहरू
नष्ट गरिदिए, र प्रत्येक असल खेत ढुङ्गाले

नभरिएसम्म प्रत्येक मानिसले एउटा-एउटा ढुङ्गा
फ्याँके । तिनीहरूले प्रत्येक पानीको मूललाई
बन्द गरिदिए र प्रत्येक असल रूखलाई
काटेर ढालिदिए । कीर-हरेशेतलाई मात्र त्यसका
ढुङ्गाहरूसमेत त्यसकै गाउँमा छोड़िदिए, तर
घुयँत्रोधारी मानिसहरूले त्यसलाई पनि घेरेर
आक्रमण गरे ।
**२६**जब मोआबको राजाले युद्ध आफ्नो
विरुद्धमा भएको देखे, तिनले एदोमका राजा
भएको ठाउँमा जबर्जस्ती पुग्नलाई आफूसित
सात सय तरबारधारी मानिसहरू लिए तर
तिनीहरू असफल भए । **२७**तब तिनले आफूपछि
राजा हुने आफ्नो जेठा छोरालाई लिएर त्यसलाई
शहरको पर्खालमाथि बलिदानस्वरूप चढ़ाए ।
इस्राएलको विरुद्धमा प्रचण्ड क्रोध उठेको
थियो; तिनीहरू त्यहाँबाट हटेर आफ्नै देशमा
फर्के ।

## विधवाको तेल

**४** ती अगमवक्ताहरूको दलमध्ये एक जना
मानिसकी स्वास्नीले एलीशालाई पुकारेर
भनिन्, "तपाईंको दास मेरो लोग्ने मर्नुभयो र
उहाँले परमप्रभुको भय मान्नुहुन्थ्यो भनी तपाईं
जान्नुहुन्छ । तर अब उहाँलाई ऋण दिने व्यक्ति
मेरा दुई छोराहरूलाई आफ्ना चाकर बनाउन
भनी आउँदैछन् ।"
**२**एलीशाले तिनलाई जवाफ दिए, "म
तिमीलाई कसरी सहायता गर्न सक्छु ? तिम्रो
घरमा के छ ? मलाई भन !"
तिनले भनिन्, "तपाईंकी दासीसित अलिकता
तेलबाहेक केही छैन ।"
**३**एलीशाले भने, "चारैतिर गएर तिम्रा
छिमेकीहरूबाट रित्ता भाँड़ाहरू माग । थोरै मात्र
नमाग । **४**तब आफ्ना छोराहरूसित भित्र पसेर
ढोका थुनिदेऊ । सबै भाँड़ाहरूमा तेल खन्याऊ
र भरिएको प्रत्येकलाई एकातिर राख ।"
**५**उनी तिनीदेखि गइन् अनि आफै र आफ्ना
छोराहरू भित्र पसेपछि ढोका थुनिदिइन् ।
तिनीहरूले उनकहाँ भाँड़ाहरू ल्याए र उनले
खन्याएको खन्याएकै गर्न थालिन् । **६**जब सबै
भाँड़ाहरू भरिएपछि तिनले आफ्नो छोरालाई
भनिन्, "मलाई अर्को भाँड़ा देऊ ।"
तर त्यसले जवाफ दियो, "एउटै भाँड़ा
पनि छोड़िएको छैन ।" तब तेल बग्न
छाड्यो ।
**७**ती विधवा गएर परमेश्वरका जनलाई
यो कुरा बताइन्, र तिनले भने, "जाऊ गएर
तेल बेचेर आफ्नो ऋण तिरिदेऊ । उब्रेकोबाट
तिमी र तिम्रा छोराहरूको जीविका चलाउन
सक्नेछौ ।"

## शूनम्मीको छोरा पुनर्जीवित भएको

**८**एक दिन एलीशा शूनेममा गए । अनि
त्यहाँ एउटी सम्पन्न स्त्री थिइन् जसले तिनलाई
भोजनको निम्ति बस्ने आग्रह गरिन् । अनि
तिनी जहिले पनि त्यता आउँदा त्यहाँ खान
बस्थे । **९**तिनले आफ्ना पतिलाई भनिन्, "यता
हाम्रोतिर आइरहने यी मानिस परमेश्वरका
पवित्र जन हुन् भनी म जान्दछु । **१०**हामी
छानामा एउटा सानो कोठा बनाऊँ अनि त्यहाँ
तिनको निम्ति एउटा पलङ र एउटा मेच अनि
एउटा कुर्सी राखिदिऊँ । अनि तिनी हामीकहाँ
जहिले आउँदा पनि त्यहाँ नै बस्न सक्छन् ।"
**११**एक दिन एलीशा आउँदा तिनी माथि
आफ्नो कोठामा गए र त्यहाँ ढल्के । **१२**तिनले
आफ्नो चाकर गेहजीलाई भने, "त्यस शूनम्मीलाई
बोला ।" यसकारण त्यसले तिनलाई बोलायो
र उनी तिनको सामुन्ने उभिइन् । **१३**एलीशाले
तिनलाई भने, "त्यसलाई भन्नू, 'तिमीले हाम्रो
निम्ति यति कष्ट उठायौ । अब तिम्रो निम्ति
हामी के गरौं ? तिम्रो पक्षमा के हामी राजा वा
फौजका कप्तानसित कुरा गर्न सक्छौं ?'"
तिनले जवाफ दिइन्, "मेरा आफ्नै
जातिहरूका बीचमा मेरो घर छ ।"
**१४**एलीशाले सोधे, "तिनको निम्ति के गर्न
सकिन्छ त ?"
गेहजीले भने, "अँ, तिनको कुनै छोरा छैन
र तिनका पति वृद्ध छन् ।"
**१५**तब एलीशाले भने, "तिनलाई बोला ।"
त्यसले तिनलाई बोलायो र तिनी ढोकामा

उभिइन् । १६एलीशाले भने, “अर्को वर्ष लगभग
यसै समयमा तिमीले आफ्नो काखमा एउटा
बच्चा बोकिरहेकी हुनेछौ ।”

तिनले भनिन्, “होइन, होइन, मेरा मालिक, आफ्नी दासीलाई भ्रममा नपार्नुहोस्, हे परमेश्वरका जन !”

१७तर त्यस स्त्री गर्भवती भइन् र अर्को वर्ष लगभग त्यही समयमा एलीशाले तिनलाई भनेझैँ तिनले एउटा छोरा जन्माइन् ।

१८त्यो बालक बढ्न थाल्यो र एक दिन
त्यो कटनी गर्नेहरूसित भएका आफ्ना बाबुकहाँ
निस्केर गयो । १९त्यसले आफ्नो बाबुलाई भन्यो,
“मेरो टाउको दुख्यो ! मेरो टाउको दुख्यो !”
त्यसका बाबुले एउटा नोकरलाई भने, “यसलाई
आफ्नी आमाकहाँ लैजा ।” २०त्यस नोकरले
त्यसलाई उठाएर त्यसकी आमा भएको ठाउँमा
पुऱ्याएपछि त्यो केटा तिनको काखमा
मध्यान्हसम्म बस्यो र त्यसपछि त्यो मऱ्यो ।
२१उनी माथि गइन् र त्यसलाई परमेश्वरका
जनको पलङमा राखिन् र ढोका थुनेर बाहिर
गइन् ।

२२तिनले आफ्ना पतिलाई बोलाएर भनिन्, “दया गरी मकहाँ एउटा नोकर र एउटा गधा पठाइदिनुहोस् र म चाँड़ो गरी परमेश्वरका जनकहाँ गएर फर्कन्छु ।”

२३तिनले सोधे, “तिनीकहाँ किन आजै जाने ? आज औंसी अथवा विश्राम होइन ।”

तिनले भनिन्, “ठीकै छ ।”

२४तिनले गधामा काठी कसिन् र आफ्नो
नोकरलाई भनिन्, “मैले तँलाई नभनेसम्म ढिलो
नगरी डोऱ्याइबस् ।” २५यसकारण तिनले यात्रा
शुरु गरिन् र कर्मेल पर्वतमा परमेश्वरका
जनकहाँ आइपुगिन् ।

त्यसलाई टाढ़ामा देखेर परमेश्वरका जनले
आफ्नो चाकर गेहजीलाई भने, “हेर् ! त्यो
शूनम्मी त्यहाँ छिन् ! २६दौड़ेर जा र तिनलाई
‘तिमी ठीकै छौ ? तिम्रा पति ठीकै छन् ? तिम्रो
बालक ठीकै छ ?’ भनी सोध् ।”

तिनले भनिन्, “सबै ठीकै छन् ।”

२७पर्वतमा परमेश्वरका जनकहाँ पुगेर उनले तिनका पाउ पक्रिन् । उनलाई हटाउन भनी गेहजी आइपुग्यो तर परमेश्वरका जनले भने, “तिनलाई एक्लै छाड़िदे ! तिनी ठूलो कष्टमा छिन्, तर के कारण हो, परमप्रभुले यो कुरा मदेखि लुकाउनुभएको छ र मलाई बताउनुभएको छैन ।”

२८तिनले भनिन्, “मेरा मालिक, के मैले तपाईंसित एउटा छोरा मागेँ ? के मैले तपाईंलाई ‘मेरो आशा नजगाइदिनुहोस्’ भनी भनेको थिइनँ र ?”

२९एलीशाले गेहजीलाई भने, “आफ्नो खाष्टो
पटुकामा घुसार् र मेरो लहुरो आफ्नो हातमा
लिएर दगुर् । यदि तैंले कसैलाई भेटिस् भने,
त्यसलाई अभिवादन नगर्नू, र कसैले तँलाई
अभिवादन गऱ्यो भने जवाफ नदिनू । मेरो
लहुरो त्यस केटाको अनुहारमाथि राखिदिनू ।”
३०तर त्यस बालककी आमाले भनिन्,
“परमप्रभु निश्चय जिउनुभएझैँ र तपाईं
जिउनुभएझैँ, म तपाईंलाई छोड्नेछैनँ ।”
यसकारण तिनी उठेर तिनको पछि लागे ।

३१गेहजी अगिअगि गयो र त्यो लहुरो त्यस बालकको अनुहारमाथि राखिदियो, तर त्यहाँ कुनै आवाज अथवा प्रतिक्रिया आएन । यसकारण गेहजी एलीशालाई भेट्न फर्केर गयो, र त्यसले तिनलाई भन्यो, “त्यो केटो जागेको छैन ।”

३२एलीशा घरमा पुग्दा त्यो केटा आफ्नो
पलङमा मरेको अवस्थामा भेट्टाए । ३३तिनी भित्र
गए, र ढोका थुनेर ती दुईले परमप्रभुलाई
प्रार्थना गरे । ३४तब तिनी पलङमाथि चढ़े अनि
त्यस केटोमाथि मुख र मुख, आँखा र आँखा
अनि हातमा हात जोरेर पस्रिए । तिनी त्यस
केटोमाथि लम्पसार पर्दा त्यस केटोको शरीर
तातियो । ३५एलीशा फर्के अनि कोठामा यताउता
हिड़े र पलङमाथि चढ़ेर फेरि एक पल्ट
त्यसमाथि पस्रिए । त्यस केटोले सातपल्ट हाछिउँ
काढ्यो र आफ्ना आँखा खोल्यो ।

---

**४:१६**–उत्पत्ति १८:१४. **४:३४–३५**–१ राजा १७:२१.

**३६**एलीशाले गेहजीलाई बोलाएर भने, "त्यस
शूनम्मीलाई बोला ।" अनि त्यसले बोलायो ।
उनी आएपछि तिनले भने, "आफ्नो छोरा
लैजाऊ ।" **३७**उनी भित्र आइन् र तिनको पाउमा
परेर भूइँसम्मै निहुरिन् । तब तिनले आफ्नो
छोरा लगेर गइहालिन् ।

## भाँड़ामा मृत्यु

**३८**एलीशा गिलगालमा फर्के र त्यस
इलाकामा अनिकाल परेको थियो । अगमवक्ता-
हरूको दलले तिनलाई भेट्दा तिनले आफ्नो
चाकरलाई भने, "एउटा ठूलो भाँड़ा बसाएर
यी मानिसहरूको निम्ति केही भोजन पका ।"
**३९**तीमध्ये एक जना केही सागपात बटुल्न
खेततिर गए र एउटा जङ्गली लहरा भेट्टाए ।
तिनले त्यस्ता केही लौका पोल्टोमा भरे ।
फर्किआएपछि तिनले त्यसलाई काटेर भोजनको
भाँड़ामा हाले, तर कसैलाई पनि त्यो के हो
थाहा थिएन । **४०**त्यो भोजन मानिसहरूको
निम्ति खन्याइयो तर तिनीहरूले खान थालेपछि
तिनीहरूले कराएर भने, "हे परमेश्वरका जन,
भाँड़ामा त मृत्यु पो रहेछ !" अनि तिनीहरूले
त्यो खानै सकेनन् ।
**४१**एलीशाले भने, "केही पीठो ल्याऊ ।"
तिनले त्यो भाँड़ामा हाले र भने, "मानिसहरूलाई
यो खानलाई देऊ ।" अनि त्यस भाँड़ामा कुनै
हानिकार कुरो थिएन ।

## एक सय जनालाई खुवाएका

**४२**बाल-शालीशाबाट एक जना मानिस
अन्नको पहिलो भागबाट बनिएको जौका
बीसओटा रोटीहरू र नयाँ अन्नका बालाहरू
परमेश्वरको जनको निम्ति लिएर आयो ।
एलीशाले भने, "यी मानिसहरूलाई यो खान
देऊ ।"
**४३**तिनको चाकरले सोध्यो, "एक सय जना
मानिसहरूको अगि मैले यो कसरी राख्नू ?"
तर एलीशाले भने, "मानिसहरूलाई यो
खान दे । किनकि परमप्रभु यसो भन्नुहुन्छः
'तिनीहरूले खाएर पनि केही उब्रिनेछ ।"' **४४**तब
त्यसले त्यो तिनीहरूका सामुन्ने राखिदियो,
तिनीहरूले खाए र परमप्रभुको वचनअनुसार
केही उब्रियो ।

## नामानको कुष्ठरोग निको भएको

**५** नामान अरामका राजाको फौजका कप्तान
थिए । तिनी आफ्ना मालिकको दृष्टिमा
एक महान् व्यक्ति थिए र तिनको ठूलो इज्जत
थियो, किनकि तिनीद्वारा परमप्रभुले अरामलाई
विजय दिनुभएको थियो । तिनी वीर योद्धा थिए
तर तिनलाई कुष्ठरोग लागेको थियो ।
**२**अरामबाट एक दलले बाहिर जाँदा
इस्राएलबाट एउटी तरुणी केटीलाई कैद गरेर
ल्याएका थिए र त्यसले नामानकी पत्नीको
सेवा गर्थी । **३**त्यसले आफ्नी मालिकनीलाई
भनी, "यदि मेरो मालिकले सामरियामा बस्नुहुने
आगमवक्तालाई भेटेका भए उहाँले तिनको
कुष्ठरोग निको पारिदिनुहुने थियो !"
**४**नामान आफ्ना मालिककहाँ गएर तिनले
उनलाई इस्राएलकी केटीले भनेका कुरा
बताइदिए । **५**अरामका राजाले जवाफ दिए,
"तिमी अवश्य जानू । म इस्राएलका राजालई
एउटा पत्र लेखिदिनेछु ।" यसकारण आफूसित
दश तोड़ा चाँदी, छ हजार शेकेल सुन
र दश जोर लुगा लिएर नामान गए । **६**तिनले
इस्राएलका राजाकहाँ लगेका पत्रमा यसरी
लेखिएको थियो: "तपाईंले मेरो दास नामानको
कुष्ठरोग निको पारिदिनुहुनेछ भनेर म यस
पत्रसित उसलाई तपाईंकहाँ पठाउँदैछु ।"
**७**इस्राएलका राजाले त्यो पत्र पढ्नासाथै आफ्नै
शाही वस्त्र च्याते र भने, "के म परमेश्वर
हुँ ? के म मारेर फेरि जीवन दिनसक्छु ? यस
मानिसले कसैलाई उसको कुष्ठरोग निको हुनको
लागि किन मकहाँ पठाउँछ ? हेर, कसरी त्यसले
मसित झगड़ाको निहुँ खोज्दैछ !"
**८**जब परमेश्वरका जन एलीशाले

**५:१-१४**–लूका ४:२७.

इस्राएलका राजाले आफ्नो शाही वस्त्र च्यातेका सुने तिनले उनीकहाँ यो खबर पठाए: "तपाईंले किन आफ्नो शाही वस्त्र च्यात्नुभएको ? त्यो मानिस मकहाँ आओस् अनि त्यसले इस्राएलमा एक जना अगमवक्ता छन् भनी जान्नेछ ।"
**९**यसकारण नामान आफ्ना घोड़ाहरू र रथहरूसित गए अनि एलीशाको घरको ढोकामा अड़िए । **१०**एलीशाले यसो भनेर तिनीकहाँ एक जना दूत पठाए, "जानुहोस्, यर्दनमा आफैलाई सातपल्ट धुनुहोस् अनि तपाईंको छाला निको हुनेछ र तपाईं शुद्ध हुनुहुनेछ ।"

**११**तर नामान त रिसाएर गए अनि तिनले भने, "मैले त तिनी बाहिर निस्केर मकहाँ आएर उभिनेछन् र आफ्नो परमेश्वरको नाउँ पुकारेर त्यस ठाउँमा आफ्नो हात हल्लाएर मलाई मेरो कुष्ठरोगदेखि निको पार्नेछन् भनी सोचेको थिएँ । **१२**के दमस्कसका अबाना र फारपर नदीहरू इस्राएलका कुनै पानीभन्दा असल छैनन् । के म तिनीहरूमा धोएर शुद्ध हुने थिइनँ र ? यसकारण तिनी रिसाएर फर्किहाले ।

**१३**नामानका नोकरहरूले तिनीकहाँ गएर भने, "मेरा पिता, यदि, अगमवक्तले तपाईंलाई कुनै महान् काम गर्नू भनेका भए के तपाईंले त्यो गर्नुहुने थिएन र ? त्यसोभए, 'धोएर शुद्ध हुनुहोस्' भनेको चाहिँ झन् किन नगर्ने ?
**१४**यसकारण तिनी तल ओर्लेर परमेश्वरका जनले तिनलाई भनेझैं सातपल्ट डुबुल्की मारे अनि उनको मासु एक जना जवान केटाको जस्तै भयो ।

**१५**तब नामान र तिनका सबै सेवकहरू परमेश्वरका जनकहाँ फर्केर गए । तिनी उनको अगि उभिए अनि तिनले भने, "अब मलाई इस्राएलबाहेक सारा संसारभरि कतै पनि ईश्वर छैन भन्ने थाहा भयो । अब आफ्नो दासबाट केही उपहार ग्रहण गर्नुहोस् ।"

**१६**अगमवक्ताले जवाफ दिए, "मैले सेवा गरेका परमप्रभु निश्चय जिउनुभएझैं म कुनै कुरा पनि ग्रहण गर्नेछैनँ ।" अनि नामानले बिन्ती गरे तापनि तिनले अस्वीकार गरे ।

**१७**नामानले भने, "यदि तपाईंले लिनुहुन्न भने, म, तपाईंको दासलाई एक जोर खच्चरले बोक्न सक्ने माटो दिनुहोस्, किनकि तपाईंको दासले अब कहिल्यै पनि परमप्रभुबाहेक अरू कुनै देवतालाई होमबलि र बलिदानहरू चढ़ाउनेछैन । मेरा मालिक रिम्मोनको मन्दिरमा पसेर निहुरिँदा र तिनी मेरा पाखुरामा अड़ेस लाग्दा म पनि निहुरिनेछु । **१८**तर यो एउटा कुरामा चाहिँ परमप्रभुले तपाईंको दासलाई क्षमा गरून्: जब मेरा मालिक रिम्मोनको मन्दिरमा पूजा गर्नलाई मेरो हातमा भर परेर पस्नुहुन्छ र उहाँले त्यहाँ पूजा गर्दा म पनि निहुरन्छु, तब यसको निम्ति परमप्रभुले तपाईंको दासलाई क्षमा गरून् ।"

**१९**एलीशाले भने, "शान्तिसित जानुहोस् ।"
नामान केही टाढ़ा पुगेपछि, **२०**परमेश्वरका जन एलीशाका चाकर गेहजीले आफ्नो मनमा भन्यो, "मेरा मालिकले अरामी नामानले ल्याएका कुराहरू ग्रहण नगरेर तिनलाई सजिलैसित छोड़िदिए । परमप्रभु निश्चय जिउनुभएझैं म तिनको पछि दौड़ेर गई तिनीबाट केही लिनेछु ।"

**२१**यसकारण गेहजी नामानको पछि हतार साथ गयो । नामानले त्यसलाई आफ्नोपछि दौडदै आएको देखेर तिनी उसलाई भेट्न रथबाट ओर्ले । तिनले सोधे, "के सबै ठीकै छन् ?"

**२२**गेहजीले जवाफ दियो, "सबै ठीकै छन् । मेरा मालिकले मलाई यसो भनेर पठाउनुभएको छ, 'एप्रेमको पहाड़ी मुलुकबाट अगमवक्ताहरूको दलबाट दुई जना जवानहरू भर्खरै मलाई भेट्न आएका छन् । कृपा गरी तिनीहरूलाई एक तोड़ा चाँदी र दुई जोर लुगा दिनुहोस् ।'"

**२३**नामानले भने, "अवश्य, दुई तोड़ा लैजाऊ । तिनले गेहजीलाई ती ग्रहण गर्ने बिन्ती गरे र त्यसपछि दुईओटा थैलाहरूमा दुई तोड़ा चाँदी र दुई जोर लुगाहरू बाँधिदिए । तिनले ती आफ्ना दुई जना नोकरहरूलाई दिए र तिनीहरूले ती गेहजीको अगिअगि बोकेर लगे । **२४**पहाड़मा आइपुगेपछि गेहजीले ती

चीजहरू नोकरहरूबाट लियो अनि आफ्नो
घरमा लग्यो । त्यसले ती मानिसहरूलाई
पठाइदियो र तिनीहरू गए । **२५**तब त्यो भित्र
गएर आफ्ना मालिक एलीशाको सामुन्ने खड़ा
भयो ।
एलीशाले सोधे, "गेहजी, तँ कहाँ गएको
थिइस् ?"
गेहजीले जवाफ दियो, "तपाईंको दास कतै
पनि गएको थिइन ।"
**२६**तर एलीशाले त्यसलाई भने, "त्यस
मानिसले तँलाई भेट्नलाई आफ्नो रथबाट
ओर्लंदा के मेरो आत्मा तँसित थिएन र ? के
पैसा लिने, अथवा लुगाहरू, भद्राक्षका रूखहरू,
दाखबारीहरू, बगाल र बथान अथवा नोकर-
नोकर्नीहरू ग्रहण गर्ने समय यही हो ?
**२७**सधैँको लागि नामानको कुष्ठरोग तँ र तेरा
वंशमा रहिरहनेछ ।" तब गेहजी एलीशाको
उपस्थितिबाट गइहाल्यो र त्यसलाई हिउँझैँ
सेतो कुष्ठरोग लाग्यो ।

## एउटा बन्चरो पानीमाथि उत्रेको

**६** अगवक्ताहरूको दलले एलीशालाई भने,
"हेर्नुहोस्, हामीले तपाईंसित भेट गरेको
ठाउँ हाम्रो निम्ति अति सानो छ । **२**हामी यर्दनमा
जाऔं जहाँ हामी हरेकले एउटा-एउटा गरी
खाँबो पाउनेछौं र आफू बस्नलाई हामी त्यहाँ
एउटा घर बनाऔं ।"
अनि तिनले भने, "जाओ ।"
**३**अनि तीमध्ये एक जनाले भने, "के तपाईं
आफ्ना दासहरूसित आउनुहुन्न ?"
एलीशाले जवाफ दिए, "म जानेछु ।" **४**अनि
तिनी उनीहरूसित गए ।
तिनीहरू यर्दनमा गए र रूखहरू काटेर
ढाल्न थाले । **५**तीमध्ये एक जनाले रूख
ढालिरहेको बेला तिनको फलामको बन्चरोको
पासो पानीमा खस्यो । "हे मेरा प्रभु, यो त
मागेर ल्याएको बन्चरो पो थियो !" भन्दै तिनी
कराए ।
**६**परमेश्वरका जनले सोधे, "त्यो कहाँ
खस्यो ?" तिनले त्यो ठाउँ देखाएपछि एलीशाले
एउटा काठ काटेर त्यहाँ फालिदिए र त्यस
फलाम माथि उत्रदै निस्क्यो । **७**तिनले भने,
"त्यसलाई पक्रेर निकाल ।" तब त्यस मानिसले
आफ्नो हात पसारेर त्यसलाई लिए ।

## एलीशाले अरामीहरूलाई अन्धा पारेर पक्राउमा पारेका

**८**त्यसबेला अरामका राजा इस्राएलसित
युद्धको स्थितिमा थिए । आफ्ना अधिकृतहरूसित
कुराकानी गरेपछि तिनले भने, "म आफ्नो
छाउनी फलानो ठाउँमा खड़ा गर्नेछु ।"
**९**परमेश्वरका जनले इस्राएलका राजाकहाँ
खबर पठाए: "त्यस ठाउँबाट भएर जानलाई
होशियार हुनुहोस् किनकि अरामीहरू त्यहाँ
झर्दैछन् ।" **१०**यसकारण इस्राएलका राजाले
परमेश्वरका जनले भनेको ठाउँ छानबिन
गरे । एलीशाले घरीघरी राजालाई चेतावनी
दिन्थे त्यसैले तिनी यस्ता ठाउँहरूमा चनाखो
रहन्थे ।
**११**यसले अरामको राजालाई रीस उठायो ।
तिनले आफ्ना अधिकृतहरूलाई बोलाएर
तिनीहरूबाट यस्तो माग गरे, "हामीमध्येको
कुनचाहिँ इस्राएलको राजाको पक्षमा छ भनी
के तिमीहरू मलाई भन्दैनौ ?"
**१२**एक जना अधिकृतले भने, "हामीमध्ये
कोही पनि छैनौं, महाराजा, तर इस्राएलमा
भएका अगमवक्ता एलीशाले इस्राएलका राजालाई
तपाईंले आफ्नै पलङमा भनेको कुराहरूसमेत
बताइदिन्छन् ।"
**१३**राजाले आज्ञा दिए, "तिनी कहाँ छन् गएर
पत्तो लगाओ र म मानिसहरू पठाएर तिनलाई
पक्रनेछु ।" "तिनी दोतानमा छन्" भन्ने खबर
आयो । **१४**तब तिनले त्यहाँ घोड़ाहरू, रथहरू
र बलियो फौज पठाए । तिनीहरूले राती गएर
त्यस शहरलाई घेरे ।
**१५**भोलिपल्ट परमेश्वरका जनको चाकर
बिहानै उठेर बाहिर निस्कँदा घोड़ाहरू र
रथहरू भएको फौजले शहरलाई घेरिराखेको
थियो । त्यस चाकारले सोध्यो, "हे मेरा प्रभु,
अब हामी के गरौं ?"

**१६**अगमवक्ताले जवाफ दिए, "नडरा,
हामीसित भएकाहरू तिनीहरूसित भएकाहरू-
भन्दा धेरै छन् ।"
**१७**अनि एलीशाले प्रार्थना गरे, "हे
परमप्रभु, यसले देखोस् भनी यसका आँखा
खोलिदिनुहोस् ।" तब परमप्रभुले त्यस चाकरका
आँखा खोलिदिनुभयो । त्यसले हेऱ्यो अनि
एलीशाका चारैतिरका डाँड़ाहरू आगोका
घोड़ाहरू र रथहरूले भरिएका देख्यो ।
**१८**शत्रु जसै तिनी भएतिर ओर्ले एलीशाले
परमप्रभुसित प्रार्थना गरे, "यी मानिसहरूलाई
अन्धा बनाइदिनुहोस् ।" यसकारण उहाँले
तिनीहरूलाई एलीशाले प्रार्थना गरेझैँ अन्धा
तुल्याइदिनुभयो ।
**१९**एलीशाले तिनीहरूलाई भने, "यो बाटो
होइन र यो शहर पनि होइन । मेरोपछि लाग,
अनि म तिमीहरूलाई तिमीहरूले खोजिरहेका
मानिसकहाँ लगिदिनेछु ।" अनि तिनले
उनीहरूलाई सामरियामा पुऱ्याइदिए ।
**२०**तिनीहरू शहरभित्र पसिसकेपछि एलीशाले
भने, "परमप्रभु, यिनीहरूले देखून् भनी
यिनीहरूका आँखा खोलिदिनुहोस् ।" तब
परमप्रभुले तिनीहरूका आँखा खोलिदिनुभयो अनि
तिनीहरूले देखे र आफैलाई सामरियाभित्र
पाए ।
**२१**इस्राएलका राजाले तिनीहरूलाई देखेपछि
एलिशालाई सोधे, "के म तिनीहरूलाई
मारिदिऊँ, मेरा पिता, के म तिनीहरूलाई
मारिदिऊँ ?"
**२२**तिनले भने, "तिनीहरूलाई नमार्नुहोस् ।
के तपाईले पक्रनुभएका मानिसहरूलाई
तपाईं आफ्नै तरवार अथवा धनुले मार्नुहुन्छ ?
तिनीहरूले खानपान गरून् भनी तिनीहरूको
अगि भोजन र पानी राखिदिनुहोस् अनि त्यसपछि
तिनीहरू आफ्ना मालिककहाँ फर्केर जाऊन् ।"
**२३**यसकारण तिनले तिनीहरूको निम्ति एउटा
ठूलो भोज तयार गरे अनि तिनीहरूले खानपान
गरिसकेपछि तिनले तिनीहरूलाई पठाइदिए र
तिनीहरूले आफ्ना मालिकबाटका दलहरूले
इस्राएलको प्रान्तमा आक्रमण गर्न छोड़िदिए ।

### घेरा हालिएको सामरियामा अनिकाल

**२४**केही समयपछि अरामका राजा बेन-
हददले आफ्नो फौज सङ्गठित गरे अनि गएर
सामरियालाई घेरे । **२५**त्यस शहरमा ठूलो
अनिकाल पऱ्यो । अनिकाल यति लामो समयसम्म
रह्यो कि एउटा गधाको टाउकोको मूल्य अस्सी
शेकेल चाँदी र एक पाउ सिमीको मूल्य पाँच
शेकेल भयो ।
**२६**जब इस्राएलका राजा शहरको पर्खाल
भएर गइरहेको बेला एक जना स्त्रीले तिनलाई
कराएर भनिन्, "हे मेरा मालिक महाराजा,
मलाई सहायता गर्नुहोस् !"
**२७**राजाले जवाफ दिए, "यदि परमप्रभुले नै
तिमीलाई सहायता दिनुहुन्न भने म तिम्रो
निम्ति कहाँ सहायता प्राप्त गर्न सक्छु ? के
खलाबाट ? के दाखको कोलबाट ?" **२८**तब
तिनले सोधे "के भयो ?"
त्यसले जवाफ दिई, "यस स्त्रीले मलाई
भनी, 'तिम्रो छोरालाई देऊ र आज हामी यसलाई
खाउँ, र भोलि हामी मेरो छोरा खाऔंला ।'
**२९**यसकारण हामीले हाम्रो छोरा पकाएर
खायौं । भोलिपल्ट मैले त्यसलाई 'तिम्रो
छोरालाई ल्याऊ र हामी त्यसलाई खाऔं' भनें,
तर उसले त्यसलाई लुकाई ।"
**३०**राजाले त्यस स्त्रीको कुरा सुनेपछि तिनले
आफ्ना शाही पोशाक च्याते । तिनी पर्खाल
भएर जाँदा मानिसहरूले हेरे र तिनले भित्रबाट
शरीरमा भाङग्रा लगाएका देखे । **३१**तिनले भने,
"यदि शाफातका छोरा एलीशाको शिर आज
शरीरदेखि अलग भएन भने, परमप्रभुले मप्रति
अति कठोर व्यवहार गरून् !"
**३२**एलीशा आफ्नो घरमा बसिरहेका थिए
र धर्म-गुरुहरू तिनीहरूसित थिए । राजाले
आफ्नो दूत पठाए, तर त्यो आइनपुगी एलीशाले
धर्म-गुरुहरूलाई भने, "त्यस हत्याराले कसरी

---

**६:२९**–विलाप ४:१०.

मेरो शिर काट्नलाई कसैलाई पठाइरहेको
छ, त्यो तपाईंहरू देख्नुहुन्न ? हेर्नुहोस्, त्यो
दूत आउँदा ढोका थुन्नुहोस् र त्यसलाई
ठेलिराख्नुहोस् । के त्यसको पछि-पछि त्यसका
मालिकका पाइलाको आवाज सुनिएको होइन ?”
**३३**तिनी उनीहरूसित बोल्दाबोल्दै त्यो
समाचारवाहक तिनीकहाँ आइपुग्यो । अनि
राजाले भने, यो सर्वनाश परमप्रभुबाट भएको
हो । म अझ बढ़ी किन परमप्रभुको प्रतिक्षा
गरिरहने ?”

**७** एलीशाले भने, “परमप्रभुको वचन
सुन्नुहोस् । परमप्रभु यसो भन्नुहुन्छ:
भोलि लगभग यही समयमा सामरियाको मूल
ढोकामा एक शेकेलमा एक माना पीठो र दुई
माना जौ एक शेकेलमा बिक्री हुनेछ ।”
**२**जुन अधिकृतको पाखुरामा राजा अडेसिएका
थिए, तिनले परमेश्वरको जनलाई भने, “हेर्नुहोस्,
यदि परमप्रभुले स्वर्गका झ्यालहरू खोलिदिनु
भए तापनि के यो हुनसक्ला ?”
एलीशाले जवाफ दिए, “तिमीले त्यो आफ्नै
आँखाले देख्नेछौ, तर तिमीले त्यसबाट केही
पाउनेछैनौ !”

### घेरा-बन्दी हटाएको

**३**शहरको मूलढोकामा चार जना कुष्ठरोग
लागेका मानिसहरू थिए । तिनीहरूले आपसमा
भने, “हामी नमरेसम्म किन यहाँ बस्नु ? **४**यदि
हामीले ‘हामी शहरभित्र जाउँ’ भन्यौं भने त्यहाँ
अनिकाल छ र हामी मर्नेछौं । अनि हामी यहाँ
बस्यौं भने हामी पनि मर्नेछौं । यसकारण, अब
हामी अरामीहरूको छाउनीमा गएर आत्म-
समर्पण गरौं । यदि तिनीहरूले हामीलाई छोड़िदिए
भने, हामी बाँच्नेछौं, यदि तिनीहरूले हामीलाई
मारिदिए भने हामी मर्नेछौं ।”
**५**साँझमा तिनीहरू उठेर अरामीहरूका
छाउनीमा गए । तिनीहरू छाउनीको छेउमा
पुग्दा, त्यहाँ एउटै मानिस पनि थिएनन्, **६**किनकि
परमप्रभुले अरामीहरूलाई रथहरू, घोडाहरू
र ठूलो फौजको आवाज सुन्नदिनुभएको थियो
र तिनीहरूले आपसमा भने, “हेर, हामीलाई
आक्रमण गर्न भनी इस्राएलका राजाले हित्तीहरू
र मिश्री राजाहरूलाई भाड़ामा लिएका छन् !”
**७**यसकारण तिनीहरू उठेर साँझमा भागे
अनि आफ्ना पालहरू र घोड़ाहरू छोड़िराखे ।
तिनीहरूले छाउनीलाई त्यसै छोड़ेर ज्यान
जोगाएर भागे ।
**८**कुष्ठरोग लागेका ती मानिसहरू छाउनीका
किनारमा पुगे र तिनीहरू एउटा पालमा प्रवेश
गरे । तिनीहरूले खानपान गरे अनि चाँदी, सुन
र लुगाहरू लगेर ती लुकाए । तिनीहरू फर्केर
अर्को पालमा पसे र त्यहाँबाट केही कुराहरू
लिएर तिनीहरूलाई पनि तिनीहरूले लुकाए ।
**९**तब तिनीहरूले आपसमा भने, “हामीले
ठीक गरिरहेका छैनौं । यो शुभ समाचारको
दिन हो र हामीले यसलाई हामीसितै राखिरहेका
छौं । यदि हामीले उज्यालो भइञ्जेलसम्म राख्यौं
भने हामीमाथि दण्ड आउने छ । हामी झट्ट
जाउँ र यसलाई शाही महलमा भनिदिऊँ ।”
**१०**यसकारण तिनीहरू गएर शहरहरूका
ढोका रुँग्नेहरूलाई पुकारे र भने, “हामी
अरामीहरूका छाउनीमा गयौं अनि त्यहाँ एउटै
मानिस, अँ कसैको आवाजसम्म थिएन, र खालि
बाँधिएका घोड़ाहरू र गधाहरू अनि त्यागिएका
पालहरू मात्र छन् । **११**ढोका रुँग्नेहरूले
कराएर यो खबर सुनाइदिए र त्यो खबर
राजमहलमा पुग्यो ।
**१२**राजा राती नै उठे अनि आफ्ना
अधिकृतहरूलाई भने, “अरामीहरूले हामीसित
के गरेका छन्, म तिमीहरूलाई भन्नेछु । हामी
भोकै छौं भनी तिनीहरूलाई थाहा छ ।
यसकारण ‘तिनीहरू निश्चय बाहिर आउनेछन्
अनि हामी तिनीहरूलाई जिउँदै पक्रनेछौ र
हामी शहरभित्र पस्नेछौं’ भनी तिनीहरूले सम्झेर
तिनीहरू छाउनी त्यागेर गाउँमा लुकिरहेका
छन् ।”
**१३**एक जना अधिकृतले भने, “केही
मानिसहरूले शहरमा बाँकी रहेका पाँचओटा
घोड़ाहरू लेओस् । तिनीहरूको दशाचाहिँ यहाँ
बाँकी रहेका सबै इस्राएलीहरूको जस्तै हुनेछ—
हो, तिनीहरू नष्ट पारिने इस्राएलीहरूजस्तै

हुनेछन् । यसकारण के भएछ भनी पत्ता
लगाउनलाई तिनीहरूलाई पठाइदिऊँ ।"
**१४**यसकारण तिनीहरूले घोड़ासहित दुईओटा
रथहरू चुने, राजाले तिनीहरूलाई अरामी
फौजको पछि पठाइदिए। तिनले सारथिहरूलाई
"गएर के भएको रहेछ पत्तो लगाऊ" भनेर
आज्ञा दिए। **१५**तिनीहरू यर्दनसम्मै त्यसको पछि
लागे, अनि तिनीहरूले बाटोभरी अरामीहरूका
लुगाहरू र सामग्रीहरू हतारसाथ भाग्दा फ्याँकिएका
भेट्टाए । यसकारण ती दूतहरूले फर्केर गई
राजालाई खबर दिए। **१६**तब मानिसहरू गएर
अरामीहरूका छाउनी लुटे । यसरी परमप्रभुले
भन्नुभएझैँ एक शेकेलमा एक माना पीठो र
दुई माना जौ एक शेकेलमा बिक्री भयो ।
**१७**आफू जुन अधिकृतको पाखुरामा अड़ेस
लाग्थे तिनलाई राजाले त्यस मूलढोकाको
जिम्मामा राखिदिए, अनि मानिसहरूले तिनलाई
मूलढोकामा कुल्चे र राजा तिनको घरमा जाँदा
परमेश्‍वरका जनले पहिलेबाटै भनेझैँ तिनी
मरे। **१८**यो परमेश्‍वरको जनले राजालाई "भोलि
लगभग यही समयमा सामरियाको मूलढोकामा
एक शेकेलमा एक माना पीठो अनि दुई माना
जौ एक शेकेलमा बिक्री हुनेछ" भनेर राजालाई
भनेझैँ भयो ।
**१९**त्यस अधिकृतले परमेश्‍वरको जनलाई
यसो भनेका थिए, "हेर्नुहोस्, परमप्रभुले स्वर्गका
झ्यालहरू खोलिदिनु भए तापनि के यो हुन
सक्छ ?" परमेश्‍वरका जनले जवाफ दिएका
थिए, "तपाईंले त्यो आफ्नै आँखाले देख्नुहुनेछ
तर तपाईंले त्यसबाट केही खानुहुनेछैन !"
**२०**अनि तिनीमाथि ठीक त्यही कुरा घट्यो
किनकि मानिसहरूले तिनलाई मूलढोकामा
कुल्चे, र तिनी मरे ।

### शूनम्मीको स्त्रीले आफ्नो जमिन फिर्ता पाएकी

**८** एलीशाले जुन स्त्रीको छोरालाई मरेकोबाट
बचाएका थिए, उसलाई तिनले भनेका
थिए, "तिमी आफ्नो परिवार लिएर जहाँ सक्छौ
केही समयको लागि त्यहीँ बस किनकि परमप्रभुले
सात वर्षको लागि देशमा अनिकाल घोषणा
गर्नुभएको छ।" **२**त्यस स्त्रीले परमेश्‍वरका जनले
भनेझैँ गरिन् । तिनी आफ्ना परिवारसित
गइहालिन् र पलिश्तीहरूको देशमा सात वर्ष
बसिन् ।
**३**सात वर्ष बितेपछि उनी पलिश्तीको
देशबाट फर्केर आइन् र आफ्नो घर र जमिन
माग्न राजाकहाँ गइन् । **४**राजा परमेश्‍वरका
जनका चाकर गेहजीसित कुरा गरिरहेका थिए
अनि तिनले भने, "मलाई एलीशाले गरेका
महान् कार्यहरूको विषयमा बताऊ ।" **५**जब
गेहजीले एलीशाले मरेकोलाई कसरी प्राण
दिए भनी राजालाई वर्णन गरिरहेका थिए, त्यही
स्त्री, जसको छोरालाई एलीशाले मृत्युबाट जीवित
पारेका थिए, आफ्नो घर र जग्गाजमिनको
निम्ति राजालाई बिन्ती गर्नलाई आइन् ।
गेहजीले भने, "हे मेरा मालिक महाराजा,
त्यो स्त्री यही हो र एलीशाले प्राण फर्काइदिएको
तिनको छोरा यही हो।" **६**राजाले त्यस स्त्रीलाई
यसबारे सोधे, र उसले तिनलाई बताइदिइन् ।
तब तिनले उसको मुद्दा एउटा अधिकृतलाई
सुम्पेर भने, "तिनका जे जति छन्, सबै तिनलाई
फर्काइदेऊ र तिनले आफ्नो देश छोड़ेर
गएकोदेखि आजसम्म त्यसबाट जति आम्दानी
भयो त्यो पनि तिनलाई फिर्ता गरिदिनू ।"

### हजाएलले बेन-हददलाई मारेका

**७**एलीशा दमस्कसमा गए, अरामका राजा
बेन-हददचाहिँ बिरामी परेका थिए। जब राजालाई
"परमेश्‍वरका जन यहाँसम्म आउनुभएको
छ" भनेर भनियो, **८**तिनले हजाएललाई भने,
"आफूसित एउटा उपहार लिएर परमेश्‍वरका
जनलाई भेट्न जाऊ। परमेश्‍वरसित उहाँद्वारा
'के म बिरामीबाट निको हुनसक्छु ?' भनेर
सल्लाह लेऊ ।"
**९**हजाएल आफूसित दमस्कसका उत्तम

**८:१**–२ राजा ४:८-३७.

पदार्थहरू उपहारस्वरूप चालीसओटा ऊँटहरूमा
लदाएर एलीशालाई भेट्न गए । तिनी भित्र
गएर तिनको सामुन्ने उभिए अनि भने, "तपाईंको
छोरा अरामका राजा बेन-हददले मलाई 'के म
यस बिरामीबाट निको हुनसक्छु ?' भनेर
तपाईंलाई सोध्न पठाउनुभएको छ ।"
**१०**एलीशाले जवाफ दिए, "गएर तिनलाई
भन, 'तपाईं निश्चय निको हुनुहुनेछ'; तर
परमप्रभुले मलाई यो प्रकट गर्नुभएको छ कि
वास्तवमा तिनी मर्नेछन् ।" **११**तिनले एक टक
लगाएर एकोहोरो हजाएललाई हेरिरहे, र उनलाई
शर्म लाग्यो । तब परमेश्वरका जन रुन
लागे ।
**१२**हजाएलले सोधे, "मेरा मालिक किन
रुनुहुन्छ ?"

तिनले जवाफ दिए, "किनकि तिमीले इस्राएलीहरूमाथि गर्ने हानी म जान्दछु । तिमीले तिनीहरूका पर्खाल लगाएका शहरहरूमा आगो लगाइदिनेछौ, तिनीहरूका जवान मानिसहरूलाई तरवारले मार्नेछौ, तिनीहरूका साना छोरा-छोरीहरूलाई भूइँमा पछार्नेछौ र तिनीहरूका गर्भवती स्त्रीहरूका पेट चिरेर उघारिदिनेछौ ।"
**१३**हजाएलले भने, "एउटा कुकुरजस्तो
तपाईंको दासले कसरी यस्तो साहसिक कार्य
सम्पन्न गर्न सक्ला ?"

एलीशाले जवाफ दिए, "परमप्रभुले मलाई तिमी अरामका राजा हुनेछौ भनी देखाउनुभएको छ ।"
**१४**तब हजाएलले एलीशालाई छोड़ेर
आफ्ना मालिककहाँ फर्किगए । जब बेन-हददले
"एलीशाले तिमीलाई के भने ?" भनेर सोधे,
हजाएलले जवाफ दिए, "तपाईं निश्चय नै निको
हुनुहुनेछ भनी उहाँले मलाई भन्नुभयो ।" **१५**तर
भोलिपल्ट तिनले एउटा बाक्लो लुगा लिएर
त्यसलाई पानीमा चोपेर राजाको मुख छोपिदिए,
र यसरी उनी मरे । त्यसपछि हजाएल राजा
भए ।

### यहूदाका राजा यहोराम

**१६**इस्राएलका राजा आहाबका छोरा
योरामको पाँचौं वर्षमा यहोशापात यहूदाका
राजा रहेको बेला यहोशापातका छोरा यहोराम
यहूदाका राजाभएर आफ्नो शासन शुरु गरे ।
**१७**राजा हुँदा तिनी बत्तीस वर्षका थिए र तिनले
यरूशलेममा आठ वर्ष शासन गरे । **१८**तिनी
इस्राएलका राजाहरूका चालमा हिँडे, जस्तो
आहाबका घरानाले गरेका थिए, किनकि तिनले
आहाबकी एउटी छोरी विवाह गरेका थिए ।
तिनले परमप्रभुको दृष्टिमा दुष्टता गरे । **१९**तरै
पनि आफ्नो दास दाऊदको खातिर परमप्रभुले
यहूदालाई नाश गर्ने इच्छा गर्नुभएन । उहाँले
सदाको निम्ति दाऊद र तिनको सन्तानको
निम्ति एउटा बत्ती राखिदिने प्रतिज्ञा गर्नुभएको
थियो ।
**२०**यहोरामको समयमा एदोमले यहूदाको
निम्ति विरोध गऱ्यो अनि त्यसले आफ्नै राजा
खड़ा गऱ्यो । **२१**यसकारण यहोराम आफ्ना र
थहरूसित जाईरमा गए । एदोमीहरूले तिनलाई
र तिनका रथका कप्तानहरूलाई घेरे तर तिनी
खड़ा भए अनि राती उठेर गए, तरै पनि तिनको
फौजचाहिँ भागेर घर फर्के । **२२**आजको दिनसम्मै
एदोम यहूदाको विरोधमा छँदैछ । त्यही बेला
लिब्ना पनि बागी भयो ।
**२३**यहोरामको शासनका अरू घटनाहरू र
तिनले जे-जति गरे, के यहूदाका राजाहरूका
पुस्तकहरूमा लेखिएका छैनन् र ? **२४**यहोराम
आफ्ना पुर्खाहरूसित विश्राममा प्रवेश गरेर
तिनीहरूसितै दाऊदको शहरमा गाड़िए ।
तिनीपछि तिनका छोरा अहज्याह राजा भए ।

### यहूदाका राजा अहज्याह

**२५**इस्राएलका राजा आहाबका छोरा
योरामको बाह्रौं वर्षमा यहूदाका राजा यहोरामका
छोरा अहज्याह राजा भए । **२६**राजा हुँदा अहज्याह
बाईस वर्षका थिए र तिनले यरूशलेममा एक

---

**८:१३**–१ राजा १९:१५. **८:१६-२४**–२ इतिहास २१:१-२०. **८:१९**–१ राजा ११:३६. **८:२०**–उत्पत्ति २७:४०. **८:२५-२९**–२ इतिहास २:१-६.

वर्ष राज्य गरे। तिनकी आमाको नाउँ अतल्याह
थियो जो इस्राएलका राजा ओम्रीकी नातिनी
थिइन्। **२७**तिनी आहाबका घरानाका चालमा
हिँडे र आहाबका घरानाले गरेझैँ परमप्रभुको
दृष्टिमा दुष्टता गरे, किनकि तिनी विवाहद्वारा
आहाबका घरानासित सम्बन्धित थिए।
**२८**अहज्याह आहाबका छोरा योरामसित
अरामका राजा हजाएलको विरुद्धमा लडाइँ गर्न
रामोत-गिलादमा गए। अरामीहरूले योरामलाई
घाइते बनाए, **२९**यसकारण अरामका राजा
हजाएलसितको तिनको लड़ाइँमा अरामीहरूले
तिनलाई दिएको चोटबाट निको हुन राजा
योराम यिजरेलमा फर्के।
तब यहूदाका राजा यहोरामका छोरा अहज्याह
आहाबका छोरा योरामलाई हेर्न यिजरेलमा
झरे किनकि तिनी घाइते भएका थिए।

### येहू इस्राएलका राजा अभिषेक गरिएका

**९** एलीशाले अगमवक्ताहरूका दलबाट एक
जना मानिसलाई बोलाइपठाए र तिनलाई
भने, "आफ्नो खाष्टो पटुकामा सिउरेर आफूसित
यो तेलको भुँडुल्को लिएर रामोत-गिलादमा
जाऊ। **२**त्यहाँ पुगेपछि तिमीले निम्शीका नाति
यहोशापातका छोरा येहूलाई खोज। तिनीकहाँ
जाऊ र तिनलाई आफ्ना सङ्गीहरूदेखि अलग
गरेर एउटा भित्री कोठामा लैजाऊ। **३**तब यो
भुँडुल्को लिएर तिनको शिरमाथि तेल खन्याएर
'परमप्रभु यसो भन्नुहुन्छः म तँलाई इस्राएलमाथि
राजा अभिषेक गर्छु' भनेर घोषणा गर। तब
ढोका खोलेर ढीलो नगरी भाग!"
**४**यसकारण त्यो जवान मानिस अगमवक्ता
रामोत-गिलादमा गए। **५**त्यहाँ आइपुग्दा तिनले
फौजका अधिकृतहरूलाई एकसाथ बसिरहेका
भेटे। तिनले भने, "हे कप्तान, तपाईंको निम्ति
मसित एउटा खबर छ।"
येहूले सोधे, "हामीमध्ये कसको निम्ति?"
तिनले जवाफ दिए, "हे कप्तान, तपाईंको
निम्ति।"
**६**येहू उठेर घरभित्र गए। तब ती
अगमवक्ताले येहूको शिरमा तेल खन्याएर
घोषणा गरे, "परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छः 'म तँलाई परमप्रभुको जाति
इस्राएलमाथि राजा अभिषेक गर्दछु। **७**तैंले आफ्नो
मालिक आहाबको घरानालाई नष्ट गर्नुपर्छ,
अनि म ईजेबेलले मेरा दास अगमवक्ताहरूका
अर्थात् परमप्रभुका सबै दासहरूका रगत
बगाएको बदला लिनेछु। **८**आहाबका सम्पूर्ण
परिवार नष्ट हुनेछ। म आहाबको प्रत्येक अन्तिम
पुरुषलाई दास होस् कि फुक्का, इस्राएलमा
नाश गर्नेछु। **९**म आहाबको घरानालाई नबातको
छोरा यारोबामको घरानाझैँ र अहियाहको
छोरा बाशाको घरानाझैँ बनाउनेछु। **१०**जब
ईजेबेलको विषयमा चाहिँ यिजरेलको जमिनमा
त्यसलाई कुकुरहरूले खानेछन् र कसैले पनि
त्यसलाई गाड्नेछैन।"' त्यसपछि ढोका खोली
तिनी कुदेर गए।
**११**येहू आफ्ना सङ्गी-अधिकृतहरूकहाँ बाहिर
जाँदा तीमध्ये एक जनाले सोधे, "के सबै ठीक
छ? ती बौलाहा मानिस तिमीकहाँ किन आएका
थिए?"
येहूले जवाफ दिए, "ती मानिस कस्ता छन्
र तिनले कस्तो कुरा गर्छन् तिमीलाई थाहै
छ।"
**१२**तिनीहरूले भने, "यो कुरा सत्य होइन।
हामीलाई भन।"
येहूले भने, "त्यसले मलाई यसै भन्यो,
'परमप्रभु यसो भन्नुहुन्छ, म तँलाई इस्राएलमाथि
राजा अभिषेक गर्दछु।'"
**१३**तिनीहरूले हतारसाथ आफ्ना खाष्टाहरू
खोलेर तिनीमुनि सिँढीको खाली भागमा
ओछ्याए। तब तिनीहरूले तुरही फुके र "येहू
राजा हुनुहुन्छ!" भनी कराए।

### येहूले योराम र अहज्याहलाई मारेका

**१४**यसकारण निम्शीका नाति यहोशापातका
छोरा येहूले योरामको विरुद्धमा षड्यन्त्र रचे।

---

**९:६**–१ राजा १९:१६. **९:१०**–१ राजा २१:२३.

(योराम र सारा इस्राएलले अरामको राजा
हजाएलको विरुद्धमा रामोत-गिलादको पक्ष
लिइरहेका थिए, **१५**तर राजा योराम अरामका
राजा हजाएलसितको तिनको लड़ाइँमा तिनलाई
अरामीहरूले लगाएको चोट निको हुनालाई
यिजरेलमा फर्केका थिए ।) येहूले भने, "यदि
तपाईंहरूले यस्तो विचार राख्नुहुन्छ भने
यिजरेलमा गएर यो खबर दिनलाई यस
शहरबाट एक जनालाई पनि छिरेर जान
नदिनुहोस् । **१६**तब तिनी आफ्नो रथमा चढ़े र
यिजरेलमा गए, किनकि योराम त्यहाँ विश्राम
गरिरहेका थिए र यहूदाका राजा अहज्याह
तिनलाई भेट्न झरेका थिए ।

**१७**जब यिजरेलको धरहरामाथिबाट हेरिरहेका
पहरादारले येहूको दलहरू नजीक आउँदै
गरेका देखे, "म केही दलहरू आइरहेको
देखिरहेछु" भनेर तिनी कराए ।

योरामले हुकुम दिए, "एउटा घोड़ासवार
ठीक गर । त्यसलाई तिनीहरूलाई भेट्न पठाएर
सोध्, 'के तपाईं शान्तिपूर्वक आउनुभएको
हो ?'"

**१८**त्यो घोड़चढ़ी येहूलाई भेट्न गयो र
भन्यो, "तपाईं शान्तिसँग आउनुभएको हो ?"

येहूले जवाफ दिए, "तिमीलाई शान्तिसित
के मतलब ? मेरो पछि लाग ।"

पहरादारले खबर ल्याए, "दूत तिनीहरूकहाँ
पुगे तर तिनी फर्केका छैनन् ।"

**१९**यसकारण राजाले दोस्रो घोड़चढ़ीलाई
पठाए । तिनी उनीहरूकहाँ पुगेपछि तिनले
भने, "तपाईं शान्तिपूर्वक आउनुभएको हो ?"

येहूले जवाफ दिए, "तिमीलाई शान्तिसित
के मलतब ? मेरो पछि लाग ।"

**२०**पहरादारले खबर ल्याए, "दूत तिनीहरूकहाँ
पुगे तर तिनी पनि फर्केका छैनन् । हँकाइ त
निम्शीका छोरा येहूको जस्तो छ । तिनी बौलाहा
मानिसझैँ हाँक्छन् ।"

**२१**योरामले हुकुम दिए, "मेरो रथ तयार
गर ।" अनि त्यो तयार पारिएपछि इस्राएलका
राजा योराम र यहूदाका राजा अहज्याह येहूलाई
भेट्न आफ्ना-आफ्नै रथहरूमा सवार भए ।
तिनीहरूले तिनलाई यिजरेली नाबोतको
जमिनको टुक्रामा भेटे । **२२**येहूलाई देखेपछि
योरामले सोधे, "येहू, तिमी शान्तिपूर्वक आएका
हौ ?"

येहूले जवाफ दिए, "तपाईंकी आमा ईजेबेलका
मूर्तिपूजा र मन्त्रतन्त्र छँदाछँदै शान्ति कसरी
हुन सक्छ ?"

**२३**योराम फनक्क फर्केर भागे र अहज्याहलाई
कराएर भने, "अहज्याह, धोकाबाजी भयो !"

**२४**तब येहूले आफ्नो धनु निकाले र
योरामलाई तिनका कुमको बीचमा हिर्काए ।
काँड़ले तिनको मुटु छेड़िदियो र तिनी आफ्ना
रथमा ढले । **२५**येहूले आफ्ना रथका कप्तान
बिदकारलाई भने, "तिनलाई टिपेर यिजरेली
नाबोतको खेतमा फ्याँकिदेऊ । तिमी र म
तिनका पिताको पछिपछि कसरी रथमा चढ़ेर
जाँदै थियौं, त्यो सम्झ कि त्यसबेला परमप्रभुले
यिनको विषयमा यो अगमवाणी गर्नुभएको थियो:
**२६**'परमप्रभु यो घोषणा गर्नुहुन्छ कि हिजो
मैले नाबोतको रगत र त्यसका छोराहरूका
रगत देखें र म निश्चय त्यस जमिनको टुक्रामा
तँलाई त्यो तिर्न लाउनेछु, परमप्रभु घोषणा
गर्नुहुन्छ ।' त्यसोभए अब तिनलाई उठाऊ र
परमप्रभुको वचनअनुसार तिनलाई त्यही टुक्रा
जमिनमा फ्याँकिदेऊ ।"

**२७**यहूदाका राजा अहज्याहले त्यो घटना
देखेपछि तिनी बेथ-हागान जाने बाटोसम्म
भागे । येहूले तिनलाई खेदेर कराउँदै भने,
"तिनलाई पनि मारिदेऊ !" तिनीहरूले तिनलाई
यिब्लामनेरको गूरसम्ममा तिनका रथमा चोट
पारे, तर तिनी भागेर मगिद्दोमा गए र त्यहीँ नै
मरे । **२८**तिनका नोकरहरूले तिनलाई रथद्वारा
यरूशलेममा लगे र तिनकै चिहानमा आफ्ना
पुर्खाहरूसित दाऊदको शहरको छेउमा गाड़े ।
**२९**(आहाबका छोरा योरामको एघारौं वर्षमा
अहज्याह यहूदाका राजा भएका थिए ।)

---

**९:२६**–१ राजा २१:१९.

### ईजेबेल मारिएकी

**३०**तब येहू ईजेबेलकहाँ गए । यो सुनेर
ईजेबेलले आफ्ना आँखामा रङ्ग लगाइन् र केश
मिलाएर झ्यालबाट तलतिर हेरिन् । **३१**येहू
मूलढोकाबाट पस्नासाथै तिनले सोधिन्, “आफ्ना
मालिकका हत्यारा ए जिम्री, के तिमी शान्तिसित
आएका छौ ?”
**३२**तिनले झ्यालतिर उकालो हेरे अनि “मपट्टि
को छ ? को छ ?” भनेर कराए । दुई-तीन
जना नपुंसकहरूले तिनीतिर तल हेरे । **३३**येहूले
भने, “त्यसलाई तल खसालिदेऊ !” यसकारण
तिनीहरूले त्यसलाई तल खसालिदिए र त्यसको
केही रगत भित्तामा छरियो र घोड़ाहरूले त्यसलाई
खुट्टाले कुल्चदा तिनीहरूमा पनि लाग्यो ।
**३४**येहू भित्र गए र खानपान गरे । तिनले
भने, “त्यस श्रापित स्त्रीलाई सम्हाल्नू र त्यसलाई
गाड्नू किनकि तिनी राजाकी छोरी थिइन् ।”
**३५**तर तिनीहरू उनलाई गाड्न जाँदा तिनीहरूले
उनका खप्पर, पाउहरू र हातहरूबाहेक केही
पाएनन् । **३६**तिनीहरूले फर्केर गई येहूलाई
भने, र तिनले बताए, “यो त परमप्रभुले आफ्ना
दास तिश्बी एलियाद्वारा भन्नुभएको उहाँको
वचन हो, अर्थात् यिजरेलको जमिनको टुक्रामा
कुकुरहरूले ईजेबेलको मासु खानेछन् ।
**३७**ईजेबेलको शरीर यिजरेलको जमिनको टुक्रामा
मलझैं हुनेछ र कसैले पनि ‘यो ईजेबेल हो’
भन्न सक्नेछैन ।’”

### आहाबको परिवार मारिएको

**१०** सामरियामा आहाबका घरानाका सत्तरी
जना छोराहरू थिए । यसकारण येहूले
पत्रहरू लेखे र ती सामरियामा, यिजरेलका
अधिकृतहरू, धर्म-गुरुहरू र आहाबका
छोराछोरीहरूका अभिभावकहरूलाई पठाए ।
तिनले भने, **२**“यो पत्र तपाईंहरूकहाँ पुग्नासाथ,
तपाईंहरूसित रथहरू र घोड़ाहरू, एउटा
सुरक्षित शहर र हतियारहरू भएकोले,
**३**तपाईंहरूका मालिकका छोराहरूमध्ये सबैभन्दा
उत्तम र सुयोग्य छोरालाई चुनेर त्यसलाई आफ्ना
पिताको सिंहासनमा स्थापित गरिदिनुहोस् ।
त्यसपछि आफ्ना मालिकको घरको निम्ति लड़ाइँ
गर्नुहोस् ।”
**४**तर तिनीहरू डराएर भने, “यदि दुई
राजाहरूले तिनलाई रोक्न सकेनन् भने हामी
कसरी सक्छौं ?”
**५**यसकारण महलका प्रशासक, शहरका
बड़ा-हाकिम, धर्म-गुरुहरू र अभिभावकहरूले
येहूलाई यो खबर पठाए: “हामी तपाईंका
सेवकहरू हौं र हामी तपाईंले भनेका जे पनि
गर्नेछौं । हामी कसैलाई पनि राजा नियुक्त
गर्नेछैनौं, तपाईंलाई जे ठीक लाग्छ त्यही
गर्नुहोस् ।”
**६**तब येहूले तिनीहरूलाई यसो भनेर दोस्रो
पत्र लेखे, “यदि तपाईंहरू मेरो पक्षमा हुनुहुन्छ
र मेरो कुरा सुन्नुहुन्छ भने, तपाईंहरूका
मालिकका छोराहरूका शिरहरू लिएर भोलि
यही बेला यिजरेलमा मकहाँ आउनुहोस् ।”
त्यसबेला सबै सत्तरी जना शाही
राजकुमारहरू तिनीहरूलाई देख-रेख गर्ने
शहरका प्रतिष्ठित व्यक्तिहरूसित थिए ।
**७**त्यो पत्र आइपुग्दा ती मानिसहरूले ती
राजकुमारहरूलाई लगे र सत्तरी जना सबैलाई
मारे । तिनीहरूले उनीहरूका शिरहरू
टोकरीमा हालेर यिजरेलमा येहूकहाँ पठाइदिए ।
**८**तब समाचारवाहक आइपुगेपछि तिनले
येहूलाई भने, “तिनीहरूले ती राजकुमारहरूका
शिरहरू ल्याएका छन् ।”
तब येहूले हुकुम दिए, “तिनीहरूलाई दुई
थुप्रा लगाएर बिहानसम्म शहरको मूलढोकाका
प्रवेशद्वारमा राख्नू ।”
**९**भोलिपल्ट बिहान येहू बाहिर गए । तिनी
सबै मानिसहरूका सामुन्ने उभिए र भने,
“तपाईंहरू निर्दोष हुनुहुन्छ । मेरा मालिकको
विरुद्धमा षड्यन्त्र गरेर तिनलाई मार्ने म हुँ,
तर यिनीहरूलाई कसले मार्‍यो ? **१०**त्यसोभए
अब, परमप्रभुले आहाबको घरानाको विरुद्धमा

---

**९:३६**–१ राजा २१:२३.

बोल्नुभएको एउटै वचन पनि अपूरो हुनेछैन
भनी जान्नुहोस् । परमप्रभुले आफ्नो दास
एलियाद्वारा जे भन्नुभयो त्यो गर्नुभयो ।"
**११**यसकारण येहूले यिजरेलमा आहाबको
घरानामा भएका प्रत्येकलाई अनि तिनका
सबै प्रमुख मानिसहरूलाई, तिनका घनिष्ठ
मित्रहरूलाई र पूजाहारीहरूलाई तिनीपछि कोही
पनि नरहने गरी मारे ।

**१२**त्यसपछि येहू निस्केर सामरियातिर गए ।
गोठालाहरू बस्ने बेथ-एकेदमा **१३**तिनले यहूदाका
राजा अहज्याहका केही आफन्तहरू भेटे अनि
"तिमीहरू को हौ ?" भनी सोधे ।

तिनीहरूले भने, "हामी अहज्याहका
आफन्तहरू हौं अनि हामी राजा र राजमाताका
परिवारहरूलाई अभिवादन गर्न आएका छौं ।"

**१४**तिनले हुकुम गरे, "यिनीहरूलाई जिउँदै
पक्र !" यसकारण तिनीहरूले उनीहरूलाई
जिउँदै पक्रे र ती बयालीस जना मानिसहरूलाई
बेथ-एकेदको कुवाको छेउमा मारे । तिनले
एकै जनालाई पनि जिउँदो छोड़ेनन् ।

**१५**तिनले त्यो ठाउँ छोड़ेपछि तिनी रेकाबका
छोरा यहोनादाबकहाँ आए जो तिनलाई
भेट्न आइरहेका थिए । येहूले तिनलाई
अभिवादन गरेर भने, "के म तपाईंसित एकै
मनको भएझैं तपाईं पनि मसित एकै मनको
हुनुहुन्छ ?"

यहोनादाबले जवाफ दिए, "म छु ।"

येहूले भने, "त्यसोभए मलाई तपाईंको हात
दिनुहोस् ।" तिनले त्यसै गरे अनि येहूले तिनलाई
रथ चढ्नमा सहायता दिए । **१६**येहूले भने, "मसित
आएर परमप्रभुप्रति मेरो जोश हेर्नुहोस् ।" तब
तिनले उनलाई आफूसित रथमा सवार गराएर
लगे ।

**१७**येहू सामरियामा आएपछि तिनले त्यहाँ
आहाबका परिवारमा छोड़िएकाहरू सबैलाई
मारे । तिनले तिनीहरूलाई एलियाद्वारा बोलिएका
वचनअनुसार नाश गरे ।

### बालका पूजाहारीहरू मारिएका

**१८**तब येहूले सबै मानिसहरूलाई एकसाथ
ल्याए र तिनीहरूलाई भने, "आहाबले बालको
सेवा थोरै गरे, येहूले उसको सेवा झन् बढ़ी
गर्नेछ । **१९**अब बालका अगमवक्ताहरूलाई उसका
सबै सेवकहरू र उसका सबै पूजाहारीहरूलाई
बोलाई पठाऊ । एउटै पनि नछाड़ियोस्, किनकि
म बालको निम्ति एउटा महान् बलिदान चढ़ाउन
लागेको छु । आउन छुटेको कोही पनि
बाँच्नेछैन ।" तर येहूले त बालका सेवकहरूलाई
नाश गर्नको लागि छल काम गरिरहेका थिए ।

**२०**येहूले भने, "बालको सम्मानमा एउटा
सभा बोलाऊ ।" यसकारण तिनीहरूले त्यो
घोषणा गरे । **२१**तब तिनले इस्राएलभरि खबर
पठाए र बालका सबै सेवकहरू आए, एउटै
पनि छोड़िएनन् । तिनीहरू बालको मन्दिरमा
एक छेउदेखि अर्को छेउसम्म खचाखच हुने
गरी भित्र पसे । **२२**अनि येहूले वस्त्र-भण्डारको
रखवालालाई भने, "बालका सबै सेवकहरूको
निम्ति वस्त्र ल्याऊ ।" यसकारण त्यसले
तिनीहरूको निम्ति वस्त्रहरू ल्यायो ।

**२३**तब येहू र रेकाबका छोरा यहोनादाब
बालको मन्दिरभित्र गए । येहूले बालका
सेवकहरूलाई भने, "चारैतिर हेर र यहाँ
बालका सेवकहरूबाहेक परमप्रभुका दासहरू
तिमीहरूसित एउटै पनि छैनन् भनी निश्चय
गर । **२४**यसकारण तिनीहरू बलिदानहरू र
होमबलिहरू चढ़ाउन भित्र गए । येहूले बाहिर
असी जना मानिसहरूलाई खटाएर राखेका
थिए र यो चेतावनी दिएका थिए, "यदि मैले
तिमीहरूका हातमा सुम्पेका एक जना मानिसलाई
पनि उम्कन दियौ भने, त्यसको प्राणको सट्टा
तिमीहरूको प्राण हुनेछ ।"

**२५**येहूले होमबलि चढ़ाइसक्नासाथ तिनले
पालेहरू र अधिकृतहरूलाई यसो भनेर हुकुम
दिए, "भित्र पसेर तिनीहरूलाई मार, कोही
पनि उम्कन नपाओस् ।" यसकारण तिनीहरूले
उनीहरूलाई तरवारले काटे । पालेहरू र

---

**१०:११**–होशे १:४. **१०:२९**–१ राजा १२:२८-३०.

अधिकृतहरूले ती लासहरू बाहिर फ्याँकिदिए
र बालको मन्दिरको भित्री भागमा पसे ।
**२६**तिनीहरूले बालको मन्दिरको पवित्र ढुङ्गालाई
बालको मन्दिरबाट बाहिर ल्याए र त्यसलाई
जलाइदिए । **२७**तिनीहरूले बालको पवित्र
ढुङ्गालाई भत्काइदिए र बालको मन्दिरलाई
तोड़िदिए र आजको दिनसम्मै मानिसहरूले
त्यसलाई चर्पीको निम्ति प्रयोग गरेका छन् ।

**२८**यसरी येहूले इस्राएलमा बालको पूजा
नष्ट गरिदिए । **२९**तरै पनि तिनी नबातका
छोरा यारोबामका पापबाट हटेनन् जसले
इस्राएललाई बेथेल र दानमा सुनका बाच्छाहरू
पुज्न लगाएर पाप गर्न लगाएका थिए ।

**३०**परमप्रभुले येहूलाई भन्नुभयो, "तैंले
मेरो दृष्टिमा जे ठीक छ त्यो गर्न लगाएर
असल काम गरेकोले र आहाबका घरानाप्रति
मेरो मनमा भएका कुरा गरेकोले तेरो
सन्तान चौथो पुस्तासम्म इस्राएलको सिंहासनमा
बस्नेछ । **३१**तरै पनि परमप्रभु इस्राएलका
परमेश्‍वरको व्यवस्था आफ्नो सम्पूर्ण हृदयले
पालन गर्नमा येहू होशियार रहेनन् । तिनी
यारोबामका पापहरूबाट पछि हटेनन् जुन
तिनले इस्राएललाई गर्न लाएका थिए ।

**३२**ती दिनहरूमा परमप्रभुले इस्राएलको
आकार घटाउन थाल्नुभएको थियो । हजाएलले
इस्राएलीहरूलाई आफ्ना प्रान्तहरूमा मिचे,
**३३**यर्दनको पूर्वतिरका गिलादको सम्पूर्ण देशमा
(जुन गाद, रूबेन र मनश्शेका प्रान्त थिए),
अर्नोनको साँघुरो खोंचमा भएको अरोएरदेखि
गिलाद भएर बाशानसम्मै ।

**३४**येहूको शासनका अरू घटनाहरू र
तिनले गरेका सबै कार्यहरू अनि तिनका
सबै उपलब्धिहरूको विषयमा चाहिँ के ती
इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ?

**३५**येहू आफ्ना पुर्खाहरूसित विश्राममा पसे
र सामरियामा गाड़िए । अनि तिनपछि
तिनका छोरा यहोआहाज राजा भए । **३६**येहूले
सामरियामा इस्राएलमाथि शासन गरेको समय
अट्ठाईस वर्ष थियो ।

### अतल्याह र योआश

**११** जब अहज्याहकी आमा अतल्याहले आफ्नो
छोरा मरेको देखिन्, तब उनी सम्पूर्ण
शाही परिवारलाई नाश गर्न निस्किन् । **२**तर
यहोराम राजाकी छोरी, अर्थात् अहज्याहकी
बहिनी यहोशिबाले अहज्याहका छोरा योआशलाई
मारिन लागेका राजकुमारहरूका बीचबाट
सुटुक्क भगाएर लगिन् । तिनले त्यसलाई र
त्यसकी धाईलाई अतल्याहबाट लुकाउनलाई
एउटा सुत्ने कोठामा राखिन् र तिनी
मारिएनन् । **३**अतल्याहले छ वर्ष देशमा शासन
गरुन्जेल त्यो आफ्नो धाईसित परमप्रभुको
भवनमा लुकेर बस्यो ।

**४**सातौं वर्षमा यहोयादाले सय-सयका दलका
कप्तानहरू, करीहरू र पालेहरूलाई बोलाइपठाए
र तिनीहरूलाई परमप्रभुको भवनमा ल्याए ।
तिनले उनीहरूसित करार बाँधे र तिनीहरूलाई
परमप्रभुको भवनमा शपथ खान लगाए ।
त्यसपछि तिनले उनीहरूलाई राजाका छोरा
देखाइदिए । **५**तिनीले उनीहरूलाई यसो भनेर
हुकुम गरे, "तिमीहरूले यसो गर्नुपर्छ । तिमीहरू
जो विश्राम दिनमा काममा खटिएका छौ,
तिमीहरूको एक तिहाइले शाही महलको रक्षा
गर्नु । **६**एक-तिहाइले पालैपालो गरी भवनको
रक्षा गर्ने पालेहरूको पछिल्तिरको मूलढोकामा
बस्नू । **७**अनि तिमीहरू अरू दुई दलमा हुनेहरू
अर्थात् माथि प्रायः विश्रामको दिनको काम
छैन तिनीहरू सबैले राजाको निम्ति भवनको
रक्षा गरून् । **८**प्रत्येक मानिसले आफ्ना-आफ्ना
हातमा हतियार राखेर राजाको चारैतिर रहनू ।
तिमीहरूको नजीक आउने जोसुकै पनि
मारिनुपर्छ । राजा जहाँ गए तापनि तिनको
छेवैमा रहनू ।"

**९**सय-सय दलका कप्तानहरूले पूजाहारी
यहोयादाले हुकुम गरेझैं गरे । प्रत्येकले आफ्ना-

**११:१–३**–२ इतिहास २२:१०-१२.

आफ्नो मानिसलाई लिए, विश्राम दिनमा काममा
खटिएका अनि काममा नखटिएकालाई, र
तिनीहरू पूजाहारी यहोयादाकहाँ आए। **१०**तब
तिनले ती कप्तानहरूलाई ती भालाहरू र
ढालहरू दिए जो दाऊद राजाका थिए अनि
जुन परमप्रभुका भवनमा थिए। **११**ती पालेहरू
प्रत्येकले आफ्ना-आफ्ना हातमा हतियार लिए
र तिनीहरू राजाको चारैतिर वेदी र भवनको
छेउमा, मन्दिरको दक्षिण भागदेखि उत्तर
भागसम्म बसे।

**१२**यहोयादाले राजाका छोरालाई ल्याए र
तिनीमाथि मुकुट लगाइदिए। तिनले उनलाई
करारको एउटा प्रतिलिपी दिए, र तिनलाई
राजा घोषणा गरे, तिनीहरूले उनलाई अभिषेक
गरे र मानिसहरूले ताली बजाए अनि यसो
भनी कराए, "राजा अमर रहून्!"

**१३**अतल्याहले पालेहरू र मानिसहरूले
गरेको हल्ला सुनेपछि तिनी परमप्रभुको
भवनमा मानिसहरूकहाँ गइन्। **१४**तिनले
हेरिन्, र राजालाई दस्तूरअनुसार स्तम्भको
छेउमा उभिरहेका देखिन्। अधिकृतहरू र
तुरही फुक्नेहरू राजाका छेउमा थिए र देशका
सबै मानिसहरू आनन्द मनाउँदै तुरही फुक्दै
थिए। तब अतल्याहले आफ्नो वस्त्र च्यातेर
"धोका भयो! धोका भयो!" भन्दै कराइन्।

**१५**यहोयादाले दलका अधिकृतहरू अर्थात्
सय-सयको दलमाथिका कप्तानहरूलाई हुकुम
गरे, "तिनलाई सबैको बीचमा बाहिर ल्याऊ
र तिनको पछि लाग्ने हरेकलाई तरवारले
मारिदेऊ।" किनकि पूजाहारीले भनेका थिए,
"उनी परमप्रभुको भवनभित्र मारिनु हुँदैन।"
**१६**यसकारण उनी महलको आँगनभित्र घोड़ाहरू
पस्ने ठाउँमा पुगेको बेला तिनीहरूले तिनलाई
समातेर मारे।

**१७**तब यहोयादाले परमप्रभु र राजा अनि
मानिसहरूको बीचमा तिनीहरू परमप्रभुका
मानिसहरू हुनेछन् भनी करार बाँधे। तिनले
राजा र मानिसहरूको बीचमा पनि करार
बाँधे। **१८**देशभरिका मानिसहरू बालको
मन्दिरमा गए अनि त्यसलाई भत्काइदिए।
तिनीहरूले वेदीहरू र मूर्तिहरूलाई टुक्रा-टुक्रा
बनाइदिए अनि बालको पूजाहारी मत्तानलाई
वेदीको सामुन्ने मारे।

त्यसपछि पूजाहारी यहोयादाले परमप्रभुको
मन्दिरमा पालेहरू खटाइदिए। **१९**तिनले आफूसित
सय-सय माथिका कप्तानहरू, करीहरू, पालेहरू
र देशका सबै मानिसहरूलाई लिए अनि
तिनीहरू मिलेर राजालाई परमप्रभुको भवनबाट
तल ल्याए र पालेहरूका मूलढोकाबाट भएर
राजमहलभित्र पसे। तब राजाले राज-
सिंहासनमा आफ्नो आसन लिए, **२०**र देशका
सबै मानिसहरूले हर्ष मनाए। अनि शहरचाहिँ
शान्त थियो किनकि अतल्याह राजमहलमा
तरवारले मारिएकी थिइन्।

**२१**शासन शुरु गर्दा योआश सात वर्षका
थिए।

### योआशले भवन मरम्मत गरेका

**१२** येहूको सातौँ वर्षमा योआश राजा भए
र तिनले यरूशलेममा चालीस वर्ष
राज्य गरे। तिनकी आमाको नाउँ सिब्या थियो
जो बेर्शेबाकी थिइन्। **२**योआशले परमप्रभुको
दृष्टिमा जे ठीक थियो त्यही गरे अनि ती
वर्षहरूमा पूजाहारी यहोयादाले तिनलाई
सिकाए। **३**तैरै पनि अग्ला स्थानहरू हटाइएनन्,
मानिसहरूले त्यहाँ बलिदानहरू चढ़ाइरहे र
धूप बालिरहे।

**४**योआशले पूजाहारीहरूलाई भने,
"परमप्रभुको भवनमा पवित्र भेटीको हिसाबले
ल्याइएका सबै पैसा, अर्थात् गणनामा उठाइएको
पैसा, व्यक्तिगत भाकलबाट प्राप्त भएको पैसा
अथवा स्वेच्छापूर्वक भवनमा ल्याइएको पैसा
सबै जम्मा गर्नू। **५**प्रत्येक पूजाहारीले
कोषाध्यक्षहरूमध्ये एउटाबाट पैसा लिनू र

---

**११:१४-१६**–२ इतिहास २३:१-१५. **११:१४**–२ राजा २३:३. **११:१७-२०**–२ इतिहास २३:१६-२१.
**१२:१-१६**–२ इतिहास २४:१-१६. **१२:४**–प्रस्थान ३०:११-१६.

त्यसलाई भवनको जुन भागको क्षति भएको
छ, त्यसलाई मर्मत गर्ने काममा चलाउनू ।”
**६**तर राजा योआशको तेइसौं वर्षसम्ममा
पूजाहारीहरूले भवनको मर्मत गरेका
थिएनन् । **७**यसकारण राजा योआशले पूजाहारी
यहोयादा र अरू पूजाहारीहरूलाई बोलाइपठाए
अनि तिनीहरूलाई सोधे, “तपाईंहरू किन क्षति
भएको भवनको मर्मत गर्नुहुन्न ? तपाईंहरूका
कोषाध्यक्षहरूबाट अब पैसा नलिनुहोस्,
तर त्यसलाई भवनको मर्मतको निम्ति
सुम्पिदिनुहोस् ।” **८**पूजाहारीहरू मानिसहरूबाट
अरू पैसा नउठाउने र तिनीहरू आफैले भवन
मर्मत नगर्ने विषयमा सहमत भए ।

**९**पूजाहारी यहोयादाले एउटा पैसाको सन्दूक
लिएर त्यसको ढकनीमा प्वाल बनाए ।
तिनले त्यसलाई परमप्रभुको भवनभित्र पस्ने
ठाउँको दाहिनेपट्टि वेदीको छेउमा राखिदिए ।
प्रवेशद्वारको रक्षा गर्ने पूजाहारीहरूले परमप्रभुको
भवनमा ल्याइएका सबै पैसा त्यस सन्दूकमा
हाले । **१०**तिनीहरूले जहिले-जहिले त्यस सन्दूकमा
धेरै पैसा भएको देख्थे, शाही सचिव र प्रधान-
पूजाहारी आएर परमप्रभुको भवनमा ल्याइएको
पैसा गन्थे र थैलाहरूमा हाल्थे । **११**त्यस
पैसाको मूल्य थाहा गरेपछि तिनीहरूले
त्यो पैसा भवनको देखरेखको निम्ति
नियुक्त गरिएका मानिसहरूलाई दिन्थे ।
त्यसबाट तिनीहरूले परमप्रभुको भवनमा काम
गर्नेहरूलाई ज्याला दिन्थे, अर्थात् सिकर्मीहरूलाई,
निर्माण गर्नेहरूलाई, **१२**डकर्मीहरूलाई र ढुङ्गा
काट्नेहरूलाई । तिनीहरूले परमप्रभुको भवनको
निम्ति काठहरू अनि काटिएका ढुङ्गाहरू किने
र सबै खर्चहरू गरे ।

**१३**तिनीहरूले चाँदीका कचौराहरू, सलेदाका
चिम्टाहरू, छर्कने बाटाहरू र तुरहीहरू अथवा
कुनै पनि सुनचाँदीका सामानहरू बनाउनलाई
परमप्रभुको भवनमा ल्याएका रकमबाट खर्च
गरेनन् । **१४**त्योचाँहि भवन मर्मत गर्न काम
गर्ने मानिसहरूलाई दिइयो । **१५**काम गर्ने
मानिसहरूलाई ज्याला दिनेहरूबाट तिनीहरूले
हिसाब लिएनन् किनकि तिनीहरूले बड़ो
इमानदारीसाथ काम गर्थे । **१६**दोषबलि र
पापबलिबाट आएको पैसा परमप्रभुको भवनमा
ल्याइँदैनथ्यो, तर त्यो त पूजाहारीहरूको हुन्थ्यो ।

**१७**त्यस बेला अरामका राजा हजाएलले
उक्लेर गई गातलाई आक्रमण गरे अनि त्यसलाई
कब्जा गरे । त्यसपछि यरूशलेमलाई आक्रमण
गर्न तिनी फर्के । **१८**तर यहूदाका राजा योआशले
यहूदाका राजाहरू अर्थात् तिनका पुर्खाहरू
यहोशापात, यहोराम अनि अहज्याहले अर्पण
गरेका सबै पवित्र चीजहरू, र तिनी आफैले
अर्पण गरेका उपहारहरू, र परमप्रभुको भवन
अनि राजमहलका भण्डारहरूमा पाइएका सबै
सुनहरू लिए र तिनीहरूलाई अरामका राजा
हजाएलकहाँ पठाइदिए, अनि त्यसपछि तिनी
यरूशलेमबाट हटिगए ।

**१९**योआशको शासनकालका अरू घटनाहरू
र तिनले गरेका सबै कामहरूको विषयमा के
ती यहूदाका राजाहरूका पुस्तकमा लेखिएका
छैनन् र ? **२०**तिनका अधिकृतहरूले तिनको
विरुद्धमा षड्यन्त्र गरे र तिनलाई सिल्लाको
ओरालो बाटोमा भएको बेथ-मिल्लोमा मारे ।
**२१**तिनलाई हत्यागर्ने अधिकृतहरू शिम्मतका
छोरा योजाबाद र शोमेरका छोरा यहोजाबाद
थिए । तिनी मरे र आफ्ना पुर्खाहरूसित
दाऊदको शहरमा गाड़िए । तिनीपछि तिनका
छोरा अमस्याह राजा भए ।

## इस्राएलका राजा यहोआहाज

**१३** यहूदाका राजा अहज्याहका छोरा
योआशको तेईसौं वर्षमा येहूका छोरा
यहोआहाज सामरियामा इस्राएलका राजा भए
र तिनले सत्र वर्ष राज्य गरे । **२**नबातका छोरा
यारोबामको मार्गमा हिँड़ेर तिनले परमप्रभुको
दृष्टिमा दुष्टता गरे र तिनले इस्राएललाई पाप
गर्न लगाए र तिनी ती कामहरूबाट फर्केनन् ।
**३**यसकारण परमेश्वरको क्रोध इस्राएलीमाथि

---

**१२:१५**–२ राजा २२:७. **१२:१६**–लेवी ७:७.

दन्क्यो र उहाँले तिनीहरूलाई लामो समयसम्म
अरामका राजा हजाएल र तिनका छोरा बेन-
हददका अधीनमा राख्नुभयो ।
**४**तब यहोआहाजले परमप्रभुको निगाह खोजे
र उहाँले तिनको बिन्ती सुन्नुभयो, किनकि
परमप्रभुले अरामका राजाले इस्राएललाई
कतिसम्म सताए त्यो देख्नुभयो । **५**परमप्रभुले
इस्राएलको निम्ति एक जना छुटकारा दिने व्यक्ति
प्रबन्ध गरिदिनुभयो र तिनीहरू अरामको
शक्तिबाट उम्के । यसकारण इस्राएलीहरू पहिले
झैँ आफ्नै घरहरूमा बस्न थाले । **६**तर तिनीहरू
यारोबामका घरानाका पापहरूबाट फर्केनन् ।
जुन पापहरू तिनले इस्राएललाई गर्न लगाएका
थिए तिनीहरू त्यसैमा लागिरहे । सामरियामा
अशेरा देवीको खाँबो पनि खड़ा नै रह्यो ।
**७**यहोआहाजको फौजमा पचास घोड़चढ़ीहरू,
दशओटा रथहरू र दश हजार पैदल सेनाबाहेक
केही पनि छोड़िएन किनकि बाँकीलाई अरामका
राजाले नाश गरिदिएका थिए अनि तिनीहरूलाई
दाइँ गर्ने समयमा उठेको धूलोझैँ बनाइदिएका
थिए ।
**८**यहोआहाजका शासनका अरू घटनाहरू,
तिनले गरेका कामहरू र तिनका उपलब्धिहरूको
विषयमा, के ती इस्राएलका राजाहरूका
पुस्तकमा लेखिएका छैनन् र ? **९**यहोआहाज
आफ्ना पुर्खाहरूसित विश्राममा पसे र
सामरियामा गाड़िए । तिनीपछि तिनका छोरा
येहोआश राजा भए ।

### इस्राएलका राजा येहोआश

**१०**यहूदाका राजा योआशको सैँतीसौँ वर्षमा
यहोआहाजका छोरा येहोआश सामरियामा
इस्राएलमाथि राजा भए र तिनले सोह्र वर्ष
राज्य गरे । **११**तिनले परमप्रभुको दृष्टिमा दुष्टता
गरे र तिनी नबातका छोरा यारोबामका
कुनै पनि पापबाट हटेनन् । जुन पाप तिनले
इस्राएललाई गर्न लगाएका थिए त्यसैमा तिनी
लागिरहे ।
**१२**येहोआशको शासनका अरू घटनाहरू
तिनले गरेका कामहरू र यहूदाका राजा
अमस्याहको विरुद्धमा तिनले गरेका युद्धहरू,
साथै तिनका उपलब्धीहरूको विषयमा, के ती
इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ? **१३**येहोआश आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र तिनीपछि तिनका छोरा
यारोबाम सिंहासनमा बसे । येहोआश
सामरियामा इस्राएलका राजाहरूसित गाड़िए ।
**१४**अब एलीशा एक बिरामीद्वारा पीड़ित
थिए जुनबाट तिनी पछि मरे । इस्राएलका
राजा येहोआश तिनलाई हेर्न तल गए र
तिनको विषयमा विलाप गरे । "मेरा पिता !
मेरा पिता ! इस्राएलका रथहरू र
घोड़ासवारहरू !" भन्दै तिनी कराए ।
**१५**एलीशाले भने, "एउटा धनु र केही
काँड़हरू झिकाउनुहोस्", र तिनले त्यसै गरे ।
**१६**तिनले इस्राएलका राजालाई भने, "आफ्ना
हातमा धनु लिनुहोस् ।" तिनले त्यो लिएपछि
एलीशाले आफ्ना हात राजाका हातमा राखे ।
**१७**तिनले भने, "पूर्वका झ्यालहरू खोल्नुहोस्,"
तिनले ती खोले । एलीशाले भने, "हान्नुहोस्,"
तिनले हाने । एलीशाले घोषणा गरे, "परमप्रभुको
विजयको काँड़, अराममाथि विजयको काँड़ !
तपाईंले अरामीहरूलाई अपेकमा सम्पूर्ण रूपले
नाश पार्नुहुनेछ ।"
**१८**तब तिनले भने, "काँड़हरू लिनुहोस्,"
र राजाले ती लिए । एलीशाले तिनलाई भने,
"भुइँलाई हिर्काउनुहोस् ।" तिनले त्यसलाई
तीनपल्ट हिर्काए र रोकिए । **१९**परमेश्वरका
जन तिनीसित रिसाए अनि भने, "तपाईंले भुइँलाई
पाँच छ पल्ट हिर्काउनुपर्ने थियो, तब पो तपाईंले
अरामलाई परास्त गरेर त्यसलाई सम्पूर्ण रूपले
नाश गर्नुहुने थियो । तर अब त तपाईंले त्यसलाई
तीनपल्ट मात्र परास्त गर्नुहुनेछ ।"
**२०**त्यसपछि एलीशा मरे र गाड़िए ।
मोआबी लुटपिट गर्नेहरूले चाहिँ प्रत्येक
ऋतुमा देशमा प्रवेश गर्ने गर्थे । **२१**एकपल्ट

**१३:१४**–२ राजा २:१२.

इस्राएलीहरूले एक जना मानिसलाई गाड़िरहेको बेला अचानक तिनीहरूले लुटपाट गर्नेहरूको एउटा दललाई देखे; यसैले तिनीहरूले त्यस लाशलाई एलीशाको चिहानमा त्यसै फ्याँकिराखेर भागे । त्यस मानिसको शरीरले एलीशाका हड्डीहरू छोएपछि त्यो मानिस जीवित भएर पाउमा उभियो ।

**२२**यहोआहाजको शासनकालभरि नै अरामका राजा हजाएलले इस्राएललाई सताए । **२३**तर अब्राहाम, इसाहाक र याकूबसित भएको परमप्रभुको करारको कारण उहाँ तिनीहरूप्रति अनुग्रही हुनुभयो र उहाँको दया रह्यो अनि उहाँले तिनीहरूप्रति वास्ता देखाउनुभयो । आजको दिनसम्मै उहाँले तिनीहरूलाई नाश गर्ने र आफ्नो उपस्थितिबाट निकालिदिने इच्छा गर्नुभएको छैन् ।

**२४**अरामका राजा हजाएल मरे र तिनीपछि तिनका छोरा बेन-हदद राजा भए । **२५**तब यहोआहाजका छोरा येहोआशले हजाएलका छोरा बेन-हददलाई आफ्ना पिता यहोआहाजबाट तिनले लगेका शहरहरू फेरि आफ्नो अधीनमा ल्याए । येहोआशले तीनपल्ट तिनलाई जिते, र यसरी तिनले इस्राएलका शहरहरू फेरि प्राप्त गरे ।

## यहूदाका राजा अमस्याह

**१४** इस्राएलका राजा येहोआहाजका छोरा येहोआशको दोस्रो वर्षमा यहूदाका राजा योआशका छोरा अमस्याहले शासन गर्न थाले । **२**राजा हुँदा तिनी पच्चीस वर्षका थिए र तिनले यरूशलेममा उनन्तीस वर्ष राज्य गरे । तिनकी आमाको नाउँ यहोअदीन थियो र तिनी यरूशलेमकी थिइन् । **३**तिनले परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यही गरे, तर तिनले आफ्ना पुर्खा दाऊदले जति गरेनन् । तिनले प्रत्येक कुरामा आफ्ना पिता योआशको अनुकरण गरे । **४**तरै पनि डाँड़ाका अग्ला-अग्ला ठाउँहरू तिनले हटाएनन् र मानिसहरूले त्यहाँ बलिदानहरू चढ़ाइरहे र धूपहरू बालिरहे ।

**५**राज्य सम्पूर्ण रूपले आफ्नो मुठीमा आएपछि तिनले आफ्ना पिता राजाको हत्या गर्ने ती अधिकृतहरूलाई प्राणदण्ड दिए । **६**तापनि "आफ्ना छोराछोरीहरूको मृत्युको लागि बाबुहरू मारिनेछैनन् अनि आफ्ना बाबुहरूको मृत्युको निम्ति छोराछोरीहरू मारिनेछैनन्, हरेक आफ्नै पापको कारण मर्नेछ" भनेर परमप्रभुले आज्ञा दिनुभएको मोशाको व्यवस्थामा लेखिएअनुसार तिनले ती हत्याराहरूका छोराहरूलाई मारेनन् ।

**७**तिनी उही थिए, जसले नूनको भञ्ज्याङ्मा दश हजार एदोमीहरूलाई मारेका थिए, लड़ाईंमा सेलालाई कब्जा गरेका थिए र त्यसलाई तिनले योक्तेल नाउँ दिएका थिए जुन आजसम्मै त्यही छ ।

**८**तब अमस्याहले इस्राएलका राजा येहूका नाति यहोआहाजका छोरा येहोआशकहाँ यसो भनेर चुनौती पठाए, "आऊ, मलाई आमुन्नेसामुन्ने भेट गर ।"

**९**तर इस्राएलका राजा येहोआशले यहूदाका राजा अमस्याहलाई जवाफ दिए, "लेबनानमा भएको एउटा लुहुँडे काँड़ाले लेबनानको देवदारुलाई यसो भनेर खबर पठायो, 'तपाईंकी छोरी मेरो छोरासित विवाह गर्न दिनुहोस् ।' तब लेबनानमा भएको एउटा जङ्गली जन्तुले आएर त्यस लुहुँडे काँड़ालाई खुट्टाले कुल्चिदियो । **१०**तिमीले अवश्य एदोमलाई जित्यौ र अब तिमी अहङ्कारी भएका छौ । आफ्नो विजयमा घरमै बसेर आनन्द मनाऊ ! किन विपत्ति खोजेर आफ्नै र यहूदाको पनि पतन खोज्छौ ?"

**११**तरै पनि अमस्याहले सुनेनन्, यसकारण इस्राएलका राजा येहोआशले आक्रमण गरे । तिनी र यहूदाका राजा अमस्याहले यहूदामा भएको बेथ-शेमेशमा एका अर्काको सामना गरे । **१२**यहूदा इस्राएलद्वारा नाश भयो र प्रत्येक

**१४:२-६**–२ इतिहास २५:१-४. **१४:६**–व्यवस्था २४:१६. **१४:७**–२ इतिहास २५:४-१६.
**१४:८-१६**–२ इतिहास २५:१७-२४.

मानिस आ-आफ्ना घरतिर भागे। **१३**इस्राएलका
राजा येहोआशले अहज्याहका नाति योआशका
छोरा यहूदाका राजा अमस्याहलाई बेथ-शेमेशमा
पक्रे । तब येहोआश यरूशलेममा गएर
यरूशलेमको पर्खाललाई एप्रैम मूलढोकादेखि
कुनाको मूलढोकासम्म छ सय फुट लामो भाग
तोड़िदिए । **१४**तिनले परमप्रभुको मन्दिरमा
र राजमहलको भण्डारहरूमा भेट्टाइएका सबै
सुन, चाँदी र अरू सबै चीजहरू लगे। तिनले
कैदीहरू पनि लगेर सामरियामा फर्के ।

**१५**येहोआशका शासनकालका अरू
घटनाहरू, तिनले के गरे र तिनका उपलब्धिहरू
अनि यहूदाका राजा अमस्याहको विरुद्धमा लड़ेको
युद्धको विषयमा के ती इस्राएलका राजाहरूका
पुस्तकहरूमा लेखिएका छैनन् र? **१६**येहोआश
आफ्ना पुर्खाहरूसित विश्राममा पसे र इस्राएलका
राजाहरूसित सामरियामा गाड़िए । अनि
तिनीपछि तिनका छोरा यारोबाम राजा भए ।

**१७**यहूदाका राजा योआशका छोरा अमस्याह
इस्राएलका राजा यहोआहाजका छोरा येहोआशको
मृत्युपछि पन्ध्र वर्षसम्म बाँचे। **१८**अमस्याहको
शासनका अरू घटनाहरूको विषयमा के ती
यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र?

**१९**तिनीहरूले तिनको विरुद्धमा यरूशलेममा
षड्यन्त्र गरे र तिनी भागेर लाकीशमा गए
तर तिनीहरूले तिनको पछि लाकीशमा
मानिसहरू पठाए अनि तिनलाई त्यहाँ मारे।
**२०**तिनलाई घोड़ामाथि फर्काएर ल्याइयो र
यरूशलेममा आफ्ना पुर्खाहरूसित दाऊदको
शहरमा तिनी गाड़िए ।

**२१**त्यसपछि यहूदाका सबै मानिसहरूले सोह्र
वर्ष उमेरका अजर्याहलाई लिएर तिनलाई आफ्ना
पिता अमस्याहको स्थानमा राजा बनाए। **२२**तिनी
उही थिए, जसले अमस्याह आफ्ना पुर्खाहरूसित
विश्राममा पसिसकेपछि एलातलाई पुनर्निर्माण
गरेर यहूदालाई फिर्ता दिए।

### दोस्रो यारोबाम इस्राएलका राजा भएका

**२३**यहूदाका राजा योआशका छोरा अमस्याहको
पन्ध्रौँ वर्षमा इस्राएलका राजा येहोआशका
छोरा सामरियामा राजा भए र तिनले एकचालीस
वर्षसम्म राज्य गरे। **२४**तिनले परमप्रभुको दृष्टिमा
दुष्टता गरे र नबातका छोरा यारोबामका कुनै
पनि पापहरूबाट पछि हटेनन् जुन तिनले
इस्राएललाई गर्न लगाएका थिए। **२५**तिनी उही
थिए, जसले अमित्तैका छोरा, गात-हेपेरबाटका
परमप्रभुको दास अगमवक्ता योनाद्वारा परमप्रभु
इस्राएलका परमेश्वर बोल्नुभएको वचनअनुसार
लेबो-हमातदेखि अराबाको समुद्रसम्म यरूशलेमको
सिमानाहरू फिर्ता गराएका थिए ।

**२६**परमप्रभुले इस्राएलका प्रत्येक, कमारा होस्
कि फुक्काले कष्ट उठाइरहेको देख्नुभएको थियो
र तिनीहरूलाई सहायता दिने कोही थिएन ।
**२७**अनि इस्राएलको नाउँ स्वर्गमुनिबाट मेटिदिनेछु
भनी परमप्रभुले नभन्नुभएकोले उहाँले तिनीहरूलाई
येहोआशका छोरा यारोबामद्वारा बचाउनुभयो।

**२८**यारोबामको शासनका अरू घटनाहरू,
तिनले जे गरे अनि तिनका सैन्य उपलब्धीहरू
र कसरी तिनले यहूदीको हातमा परेको दमस्कस
र हमात दुवैलाई इस्राएलको हातमा परेका
विषयहरूचाँहि के ती इस्राएलका राजाहरूका
पुस्तकहरूमा लेखिएका छैनन् र? **२९**यारोबाम
आफ्ना पुर्खा इस्राएलका राजाहरूसित विश्राममा
पसे र तिनीपछि तिनका छोरा जकरिया राजा
भए ।

### यहूदाका राजा अजर्याह

**१५** इस्राएलका राजा यारोबामको सत्ताईसौँ
वर्षमा यहूदाका राजा अमस्याहका
छोरा अजर्याहले शासन गर्न थाले। **२**राजा हुँदा
तिनी सोह्र वर्ष उमेरका थिए र तिनले
यरूशलेममा बाउन्न वर्षसम्म राज्य गरे ।
तिनकी आमाको नाउँ यकोल्याह थियो; जो
यरूशलेमकी थिइन् । **३**तिनले आफ्ना पिता
अमस्याहले गरेझैँ परमप्रभुको दृष्टिमा जे ठीक

**१४:१७-२२**–२ इतिहास २५:२५-२८. **१४:२५**–यूहन्ना १:१. **१५:१-७**–२ इतिहास २६:१-२३.

थियो त्यही गरे । ४तरै पनि अग्ला स्थानहरू
हटाइएका थिएनन् र मानिसहरूले त्यहाँ
बलिदानहरू चढ़ाउँथे र धूपहरू बालिरहन्थे ।
५राजा नमरेसम्म परमप्रभुले तिनलाई
कुष्ठरोगले प्रहार गर्नुभयो र तिनी एउटा अलग्गै
घरमा बसे । राजाका छोरा योताम महलको
जिम्मामा रहे र तिनले देशवासीहरूमाथि शासन
गरे ।

६अजर्याहको शासनका अरू घटनाहरू अनि
तिनले गरेका सबै कामहरूको विषयमा चाहिँ
के ती यहूदाका राजाहरूका पुस्तकहरूमा
लेखिएका छैनन् र ? ७अजर्याह आफ्ना
पुर्खाहरूसित विश्राममा पसे र तिनीहरूको
छेउमा दाऊदको शहरमा गाड़िए र तिनीपछि
तिनका छोरा योताम राजा भए ।

### इस्राएलका राजा जकरिया

८यहूदाका राजा अजर्याहको अठतीसौँ वर्षमा
यारोबामका छोरा जकरियाह सामरियामा इस्राएलका
राजा भए र तिनले छ महिनासम्म राज्य गरे ।
९तिनले आफ्ना पुर्खाहरूले झैँ परमप्रभुको दृष्टिमा
दुष्टता गरे । तिनी नबातका छोरा यारोबामका
पापहरूबाट पछि हटेनन्, जुन गरेर तिनले
इस्राएललाई पाप गर्न लगाएका थिए ।

१०याबेशका छोरा शल्लूमले जकरियाको
विरुद्धमा षड्यन्त्र गरे । तिनले उनलाई
मानिसहरूकै सामुन्ने आक्रमण गरेर तिनलाई
मारे र तिनीपछि राजा भए । ११जकरियाका
शासनका अरू घटनाहरू इस्राएलका राजाहरूका
पुस्तकमा लेखिएका छन् । १२यसरी “तेरा
सन्तानहरू चौथो पुस्तामा इस्राएलको सिंहासनमा
बस्नेछन्” भन्ने येहूलाई भनिएको परमप्रभुको
वचन पूरा भयो ।

### इस्राएलका राजा शल्लूम

१३यहूदाका राजा उज्जियाहको उनन्चालीसौँ
वर्षमा याबेशका छोरा शल्लूम राजा भएर
तिनले सामरियामा एक महिना राज्य गरे ।
१४तब गदीका छोरा मनहेम तिर्साबाट
सामरियामा गए । तिनले याबेशका छोरा
शल्लूमलाई सामरियामा आक्रमण गरेर तिनलाई
मारे र तिनीपछि राजा भए ।

१५शल्लूमको शासनका अरू घटनाहरू
र तिनले गरेका षड्यन्त्रहरू इस्राएलका
राजाहरूका पुस्तकहरूमा लेखिएका छन् ।

१६त्यसबेला मनहेमले तिर्साबाट शुरू गरेर
तिफसालाई आक्रमण गरे अनि शहर र त्यसका
चारैतिरका प्रत्येकलाई पनि तिनीहरूले आफ्ना
मूलढोकाहरू खोलिदिन नमानेकाले आक्रमण
गरे । तिनले तिफसालाई लुटे र सबै गर्भवती
स्त्रीहरूका पेट चिरिदिए ।

### इस्राएलका राजा मनहेम

१७यहूदाका राजा अजर्याहको उनन्चालीसौँ
वर्षमा गदीका छोरा मनहेम इस्राएलका राजा
भए र तिनले सामरियामा दश वर्षसम्म राज्य
गरे । १८तिनले परमप्रभुको दृष्टिमा दुष्टता
गरे । आफ्नो शासनको सम्पूर्ण समयमा तिनी
नबातका छोरा यारोबामका पापहरूबाट पछि
हटेनन्, जुन गरेर तिनले इस्राएललाई पाप गर्न
लगाएका थिए ।

१९तब अश्शूरका राजा पूलले देशमाथि
आक्रमण गरे अनि मनहेमले तिनको आश्रय
पाउन र आफ्नै राज्यमा आफैलाई स्थिर
गराउन भनी तिनलाई एक हजार तोड़ा चाँदी
दिए । २०मनहेमले यो पैसा इस्राएलबाट
जबरजस्ती उठाए । अश्शूरका राजालाई दिनलाई
प्रत्येक धनी व्यक्तिले पचास शेकेल दिनपर्थ्यो ।
यसकारण, अश्शूरका राजा पछि हटे र देशमा
अलिबेर पनि रहेनन् ।

२१मनहेमको शासनका अरू घटनाहरू र
तिनले गरेका सबै कामहरूको विषयमा के ती
इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ? २२मनहेम आफ्ना पुर्खाहरूसित
विश्राममा पसे । तिनीपछि तिनका छोरा पकहीया
राजा भए ।

---

**१५:७**–यशैया ६:१. **१५:१२**–२ राजा १०:३०.

### इस्राएलका राजा पकहीया

**२३**यहूदाका राजा अजर्याहको पचासौँ
वर्षमा मनहेमका छोरा पकहीया सामरियामा
इस्राएलका राजा भए र तिनले दुई वर्षसम्म
राज्य गरे। **२४**पकहीयाले परमप्रभुको दृष्टिमा
दुष्टता गरे। तिनी नबातका छोरा यारोबामका
पापहरूबाट पछि हटेनन्, जुन गरेर तिनले
इस्राएललाई पाप गर्न लगाएका थिए। **२५**तिनका
मुख्य अधिकृतहरूमध्ये एक जना, रमल्याहका
छोरा पेकहले तिनको विरुद्धमा षड्यन्त्र गरे।
आफूसित गिलादका पचास जना मानिसहरू
लिएर तिनले सामरियामा भएको राजमहलको
गढ़ीमा पकहीया अनि अर्गोब र अरिहलाई
मारे। यसरी पेकहले पकहीयालाई मारे र
तिनीपछि राजा भए।

**२६**पकहीयाको शासनका अरू घटनाहरू
र तिनले गरेका सबै कामहरू इस्राएलका
राजाहरूका पुस्तकहरूमा लेखिएका छन्।

### इस्राएलका राजा पेकह

**२७**यहूदाका राजा अजर्याहको बाउन्नौँ वर्षमा
रमल्याहका छोरा पेकह सामरियामा इस्राएलका
राजा भए र तिनले बीस वर्षसम्म राज्य गरे।
**२८**तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब
थियो त्यही गरे। इस्राएललाई गर्न लाएका नबातका
छोरा यरोबामका पापहरूबाट तिनी फर्केनन्।

**२९**इस्राएलका राजा पेकहको समयमा
अश्शूरका राजा तिग्लत-पिलेसेर आए अनि
इयोन, हाबिल-बेथ-माका, यानोह, केदेश र
हासोर लिए। तिनले गिलाद, गालील अनि
नप्तालीका सम्पूर्ण देश लिए अनि मानिसहरूलाई
देश निकाला गरेर अश्शूरमा लगे। **३०**तब
एलाहका छोरा होशिया रमल्याहका छोरा
पेकहको विरुद्धमा षड्यन्त्र गरे। तिनले उनीमाथि
आक्रमण गरेर उनलाई मारे र त्यसपछि
उज्जियाहका छोरा योतामको बीसौँ वर्षमा
तिनीपछि राजा भए।

**३१**पेकहको शासनका अरू घटनाहरू अनि
तिनले गरेका सबै कामहरूको विषयमा के ती
इस्राएलका राजाहरूको पुस्तकहरूमा लेखिएका
छैनन् र ?

### यहूदाका राजा योताम

**३२**रमल्याहका छोरा इस्राएलका राजा
पेकहको दोस्रो वर्षमा यहूदाका राजा उज्जियाहका
छोरा योतामले शासन गर्न शुरू गरे। **३३**राजा
हुदाँ तिनी पच्चीस वर्ष उमेरका थिए, तिनले
यरूशलेममा सोह्र वर्षसम्म राज्य गरे। तिनकी
आमाको नाउँ यरूशा थियो जो सादोककी
छोरी थिइन्। **३४**तिनले आफ्ना पिता उज्जियाहले
गरेझैँ परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यही
गरे। **३५**तरै पनि अग्ला स्थानहरू हटाइएनन्
र मानिसहरूले त्यहाँ बलिदानहरू चढ़ाउँथे र
धूपहरू बालिरहन्थे। योतामले परमप्रभुको
मन्दिरको माथिल्लो मूलढोका पुनर्निर्माण गरे।

**३६**योतामको शासनका अरू घटनाहरू र
तिनले गरेका कामहरूको विषयमा के ती
यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ? **३७**(ती दिनहरूमा परमप्रभुले
अरामका राजा रसीन र रमल्याहका छोरा
पेकहलाई यहूदाको विरुद्धमा पठाउन
थाल्नुभयो)। **३८**योताम आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र आफ्ना पिताको शहर, दाऊदको
शहरमा गाड़िए र तिनको पछि तिनका छोरा
आहाज राजा भए।

### यहूदाका राजा आहाज

**१६** रमल्याहका छोरा पेकहको सत्रौँ वर्षमा
यहूदाका राजा योतामका छोरा आहाजले
शासन गर्न शुरू गरे। **२**राजा हुँदा आहाज बीस
वर्ष उमेरका थिए र तिनले यरूशलेममा सोह्र
वर्षसम्म राज्य गरे। तिनले आफ्ना परमप्रभुको
दृष्टिमा आफ्नो पुर्खा दाऊदझैँ ठीक काम
गरेनन्, **३**तिनी इस्राएलका राजाहरूका चालमा
हिड़ँ र परमप्रभुले इस्राएलीहरूका सामुन्ने
धपाइदिनुभएका जातिहरूका घिनलाग्दा

---

**५१५:३२-३८**–२ इतिहास २७:१-९. **१६:१-४**–२ इतिहास २८:१-२७. **१६:३**–व्यवस्था १२:३१.

चालहरूअनुसार चलेर तिनले आफ्नै छोरालाई
समेत आगोमा बलिदान गरे । **४**तिनले अग्ला
ठाउँहरूमा, डाँड़ाका टुप्पोहरूमा र प्रत्येक
झ्याम्म परेको रूखमुनि बलिदान चढ़ाए र धूप
बाले ।

**५**तब अरामका राजा रसीन र इस्राएलका
राजा रमल्याहका छोरा यरूशलेमको विरुद्धमा
गए र आहाजलाई घेरे, तर तिनीहरूले उनलाई
वशमा पार्न सकेनन् । **६**त्यसबेला अरामका
राजा रसीनले यहूदाका मानिसहरूलाई धपाएर
अरामको निम्ति एलात फेरि जितेर लिए । तब
एदोमीहरू एलातमा सरेर गए र आजको
दिनसम्म त्यहीँ बसेका छन् ।

**७**आहाजले अश्शूरका राजा तिग्लत-पिलेसेर
कहाँ यसो भनेर पठाए, "म तपाईंको दास र
रैती हुँ । उक्लेर आईकन मलाई आक्रमण गर्ने
अरामका राजा र इस्राएलका राजाका हातबाट
मलाई बचाउनुहोस् ।" **८**अनि आहाजले
परमप्रभुको मन्दिरमा अनि राजमहलको
भण्डारमा भएका चाँदी र सुन लिए र त्यसलाई
उपहार-स्वरूप अश्शूरका राजाकहाँ पठाए ।
**९**अश्शूरका राजाले तिनका कुरा सुनेर
दमस्कसमाथि आक्रमण गरे र त्यसलाई कब्जा
गरे । तिनले त्यहाँका बासिन्दाहरूलाई निकालेर
कीरमा लगे र रसीनलाई मारे ।

**१०**तब राजा आहाज अश्शूरका राजा
तिग्लत-पिलेसेरसित भेट गर्नलाई दमस्कसमा
गए । तिनले दमस्कसमा एउटा वेदी देखे र
पूजाहारी उरियाहकहाँ त्यस वेदीको नक्सा
त्यसको निर्माणको सम्पूर्ण योजनाको विवरणसितै
पठाए । **११**यसकारण पूजाहारी उरियाहले राजा
आहाजले दमस्कसबाट पठाएका योजनाअनुसार
एउटा वेदी बनाए अनि राजा आहाज फर्कनअघि
नै त्यसलाई सिद्ध्याए । **१२**दमस्कसबाट
फर्किआउँदा राजाले त्यो देखेपछि तिनी त्यहाँ
गए अनि त्यसमाथि भेटीहरू चढ़ाए । **१३**तिनले
त्यसमाथि होमबलि र अन्नबलि चढ़ाए, आफ्नो
अर्घबलि खन्याए र वेदीमा आफ्नो मेलबलिको
रगत छर्के । **१४**परमप्रभुको सामुन्ने खड़ा
रहेको काँसाको वेदी तिनले मन्दिरको सामुन्नेबाट
अर्थात् नयाँ वेदी र परमप्रभुको भवनको
बीचबाट ल्याए र त्यसलाई नयाँ वेदीको
उत्तरपट्टि राखे ।

**१५**त्यसपछि राजा आहाजले पूजाहारी
उरियाहलाई यो हुकुम दिए, "नयाँ ठूलो वेदीमा
बिहानको होमबलि र साँझको अन्नबलि,
राजाको होमबलि र उहाँको अन्नबलि, सारा
देशवासीहरूका होमबलि अनि तिनीहरूका
अन्नबलि, अर्घ-बलि चढ़ाउनू । वेदीमाथि
होमबलि र बलिदानहरूका रगत छर्कनू । तर
काँसाको वेदीचाहिँ अगुवाइ खोज्नलाई म प्रयोग
गर्नेछु ।" **१६**अनि पूजाहारी उरियाहले राजा
आहाजले भनेझैँ गरे ।

**१७**राजा आहाजले यताउता लैजान सकिने
खाँबोहरूबाट छेउका तख्ताहरू निकाले र
बाटाहरूलाई हटाइदिए । तिनले खड्कुँलोलाई
त्यसलाई थामिराख्ने काँसाका साँढ़ेहरूलाई
हटाएर त्यसलाई ढुङ्गाको आधारमा राखे ।
**१८**तिनले मन्दिरमा बनिएको विश्राम-दिनमा
प्रयोग गरिने छानालाई लगे र परमप्रभुको
भवनको बाहिरको शाही मार्ग हटाइदिए । यी
सबै तिनले अश्शूरको राजालाई सन्तुष्ट पार्नलाई
गरेका थिए ।

**१९**आहाजको शासनका अरू घटनाहरू र
तिनले गरेका कामहरूको विषयमा ती के
यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ? **२०**आहाज आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र तिनीहरूसित दाऊदको
शहरमा गाड़िए । अनि तिनीपछि तिनका
छोरा हिजकिया राजा भए ।

### इस्राएलका अन्तिम राजा होशिया

**१७** यहूदाका राजा आहाजका बाह्रौं वर्षमा
एलाहका छोरा होशिया सामरियामा

---

**१६:५**–२ इतिहास २८:५-८; यशैया ७:१. **१६:७–९**–२ इतिहास २८:१६-२१. **१६:१४**–प्रस्थान २७:१-२; २ इतिहास ४:१. **१६:१७**–१ राजा ७:२३-३९; २ इतिहास ४:२-६. **१६:२०**–यशैया १४:२८.

इस्राएलका राजा भए र तिनले नौ वर्षसम्म
राज्य गरे। २तिनले परमप्रभुको दृष्टिमा दुष्टता
गरे, तर तिनका अघिका इस्राएलका राजाहरूले
गरे जतिचाहिँ गरेनन्।

३अश्शूरका राजा शलमनेशेर उक्लेर आए
र तिनले होशियालाई आक्रमण गरे। होशियाचाहिँ
शलमनेशेरका रैती रहेका थिए र तिनलाई
कर तिर्ने गरेका थिए। ४तर अश्शूरका
राजाले तिनले मिश्रदेशका राजा सोकहाँ दूतहरू
पठाएका र अश्शूरका राजालाई प्रतिवर्ष कर
तिर्न छाड़ेको कारण होशिया विश्वासघाती
भएका थाहा पाए। यसकारण शलमनेशेरले
तिनलाई पक्रेर झ्यालखानमा हालिदिए।
५अश्शूरका राजाले सम्पूर्ण देशमाथि आक्रमण
गरे, सामरियाको विरुद्धमा युद्ध-यात्रा गरे र
त्यसलाई तीन वर्षसम्म घेरेर राखे। ६होशियाको
नवौं वर्षमा अश्शूरका राजाले सामरियालाई
कब्जा गरे र इस्राएलीहरूलाई त्यहाँबाट कैदी
बनाएर अश्शूरमा लगे। तिनले तिनीहरूलाई
हलहमा, हाबोर नदीको छेउमा, गोजानमा र
मादीहरूका शहरहरूमा बसोबासो गराए।

### इस्राएलीहरू पापको कारण निर्वासित भएका

७इस्राएलीहरूले तिनीहरूलाई मिश्रदेशका
राजा फिरौनको शक्तिमुनिबाट निकालेर
ल्याउनुहुने परमप्रभु तिनीहरूका परमेश्वरको
विरुद्धमा पाप गरेका हुनाले यी सबै हुन आए।
तिनीहरूले उनीहरूका देवताहरूलाई पुजे, ८र
तिनीहरूले परमप्रभुले तिनीहरूको सामुन्ने
धपाइदिनुभएका जातिहरू रीतिहरू, त्यसको
साथमा इस्राएलका राजाहरूले परिचय गराएका
रीतिहरू पालन गरे। ९इस्राएलीहरूले परमप्रभु
तिनीहरूका परमेश्वरको विरुद्धमा गुप्तमा
बेठीक कामहरू गरे। तिनीहरूले पहरादार
बस्ने धरहराबाट पर्खाल लगाइएको शहरसम्म
आफ्ना निम्ति आफ्ना सबै शहरहरूमा अग्ला
स्थानहरू बनाए। १०तिनीहरूले प्रत्येक अग्लो
डाँड़ा र प्रत्येक झ्याम्म परेको रूखमुनि पवित्र
ढुङ्गाहरू र अशेरा देवीका खाँबोहरू बनाए।
११तिनीहरूले प्रत्येक अग्लो ठाउँमा परमप्रभुले
तिनीहरूको सामुन्ने धपाइदिनुभएका जातिहरूले
गरेझैं धूप बाले। तिनीहरूले दुष्ट काम
गरेर परमप्रभुलाई रीस उठाए। १२परमप्रभुले
तिनीहरूलाई "मूर्तिपूजा नगर्नू" भन्नुभए
तापनि तिनीहरूले त्यसै गरे। १३परमप्रभुले
इस्राएल र यहूदालाई आफ्ना सबै अगमवक्ताहरू
र दर्शीहरूद्वारा यसो भनेर चेतावनी दिनुभयो,
"तिमीहरू आफ्ना कुमार्गबाट फर्कनू। मैले
तिमीहरूका पिता-पुर्खाहरूलाई अनि मैले आफ्ना
दासहरू र अगमवक्ताहरूद्वारा तिमीहरूलााई
सुम्पेकाअनुसार मेरा आज्ञाहरू र आदेशहरू
पालन गर्नू।"

१४तर तिनीहरूले सुनेनन् र आफ्ना
परमप्रभु तिनीहरूका परमेश्वरमाथि भरोसा
नराख्ने तिनीहरूका पिता-पुर्खाहरूझैं हठी भए।
१५तिनीहरूलाई उहाँले दिनुभएका चेतावनीहरूलाई
तिरष्कार गरे। तिनीहरू बेकामका मूर्तिहरूका
पछि लागे र आफैहरू पनि बेकामका भए।
परमप्रभुले तिनीहरूलाई "तिनीहरूले गरेझैं
नगर्नू" भनेर आज्ञा दिनुभए तापनि तिनीहरूले
आफ्ना चारैतिरका जातिहरूको अनुकरण
गरे र तिनीहरूले परमप्रभुले तिनीहरूलाई नगर्नू
भनी मनाही गर्नुभएका कुराहरू गरे।

१६तिनीहरूले परमप्रभु तिनीहरूका
परमेश्वरले सबै आज्ञाहरू त्यागे र आफ्नो
लागि बाच्छाहरूको रूपमा ढालेका मूर्तिहरू
र एउटा अशेराको खाँबो बनाए। तिनीहरू
तारामण्डलको अघि निहुरे र तिनीहरूले बाललाई
पुजे। १७तिनीहरूले आफ्ना छोराछोरीहरूलाई
आगोमा बलि चढ़ाए। तिनहरूले जोखना हेरे,
मन्त्रतन्त्र गरे, तिनीहरूले आफैलाई परमप्रभुको
दृष्टिमा दुष्टता गर्नलाई बेचिदिए र उहाँलाइ
रीस उठाए।

१८यसकारण परमप्रभु इस्राएलसित अति
क्रोधित हुनुभयो र तिनीहरूलाई आफ्नो

**१७:१०**–१ राजा १४:२३. **१७:१६**–१ राजा १२:२८. **१७:१७**–व्यवस्था १८:१०.

उपस्थितिबाट अलग गर्नुभयो। केवल यहूदाको
कुल बाँकी रह्यो, **१९**र यहूदाले पनि परमप्रभु
तिनीहरूका परमेश्वरका आज्ञाहरू पालन
गरेनन्। तिनीहरूले इस्राएलले परिचित गराएका
रीतिहरू पछ्याए। **२०**यसकारण परमप्रभुले
इस्राएलका सबै मानिसहरूलाई त्यागिदिनुभयो।
उहाँले तिनीहरूलाई आफ्नो उपस्थितिबाट
नफालिदिएसम्म तिनीहरूलाई दुःख दिनुभयो र
लुट्ने मानिसहरूका हातमा सुम्पिदिनुभयो।
**२१**उहाँले इस्राएललाई दाऊदको घरानाबाट
अलग गर्नुभएपछि तिनीहरूले नबातका छोरा
यारोबामलाई आफ्ना राजा बनाए। यारोबामले
इस्राएललाई परमप्रभुको पछि लाग्नदेखि सुऱ्याएर
अलग गरे र तिनीहरूलाई एउटा ठूलो पाप
गर्न लगाए। **२२**इस्राएलीहरू यारोबामका
सबै पापहरूमा लागिरहे र तीबाट फर्केनन्
**२३**जबसम्म उहाँले आफ्ना सबै दासहरू र
अगमवक्ताहरूद्वारा चेतावनी दिनुभएअनुसार
तिनीहरूलाई आफ्नो उपस्थितिबाट
निकालिदिनुभएन। यसकारण, इस्राएलका सन्तान
आफ्नो देशबाट निकालिएर अश्शूरमा कैदमा
लगिए र तिनीहरू अझसम्म त्यहीँ छन्।

### सामरिया फेरि आबाद भएको

**२४**अश्शूरका राजाले बेबिलोन, कूता, अव्वा,
हमात र सपर्वेमबाट मानिसहरू ल्याएर
तिनीहरूलाई इस्राएलीहरूको रिक्त स्थानमा
सामरियामा बसोबासो गराए। तिनीहरूले
सामरिया लिए र त्यसका शहरहरूमा बसे।
**२५**तिनीहरू पहिले त्यहाँ बस्दा तिनीहरूले
परमप्रभुलाई पुजेनन्। यसकारण उहाँले
तिनीहरूकहाँ सिंहहरू पठाउनुभयो र तिनीहरूले
केही मानिसहरूलाई मारे। **२६**अश्शूरका
राजालाई यो खबर दिइयो, "तपाईंले ल्याएर
सामरियाका शहरहरूमा फेरि बसोबासो गर्न
लाउनुभएका मानिसहरूले त्यस ठाउँका देवताले
के चाहन्छ त्यो जान्दैनन्। उहाँले तिनीहरूका
बीचमा सिंहहरू पठाउनुभएको छ जसले
तिनीहरूलाई मारिरहेका छन्, किनकि उहाँले
के चाहनुहुन्छ, ती मानिसहरूले जान्दैनन्।"
**२७**तब अश्शूरका राजाले यो हुकुम दिए,
"तिमीहरूले सामरियाबाट कैद गरेर लगेका
एक जना पूजाहारीलाई फर्काएर त्यहाँ लैजाऊ
र त्यसले त्यस ठाउँका देवताले के चाहन्छन्,
त्यो सिकाओस्।" **२८**यसकारण, त्यहाँबाट
निकालिएका एक जना पूजाहारी बेथेलमा बस्न
आए र तिनीहरूलाई कसरी परमप्रभुको
आराधना गर्ने भनी सिकाए।
**२९**तरै पनि, प्रत्येक जातीय दलले आफू
बसेका धेरै शहरहरूमा आफ्ना आफ्नै देवता
बनायो र तिनीहरूलाई सामरियाका मानिसहरूले
अग्ला ठाउँहरूमा बनाएका पुज्ने स्थानहरूमा
खड़ा गऱ्यो। **३०**बेबिलोनका मानिसहरूले
सुक्कोत-बनोत, कूताका मानिसहरूले नेर्गल
र हमातका मानिसहरूले अशीमा बनाए।
**३१**अव्वीहरूले नेभज र तर्ताक बनाए अनि
सपर्वेमीहरूले आफ्ना देवता अद्रम्मलेक र
अनम्मलेकका निम्ति आफ्ना छोराछोरीहरूलाई
बलिदान स्वरूप आगोमा होम गर्थे। **३२**तिनीहरूले
परमप्रभुलाई पुजे तर अल्गा-अल्गा ठाउँमा भएका
देवताथानहरूका लागि पूजाहारी काम गर्नलाई
आफ्नै जातिबाट मानिसहरू नियुक्त गरे।
**३३**तिनीहरूले परमप्रभुलाई पुजे तर तिनीहरूले
आफूलाई ल्याएका देशहरूका रीतिअनुसार
आफ्नै देवताहरूको पनि सेवा गरे।
**३४**आजको दिनसम्मै तिनीहरू आफ्नै
रीतिअनुसार चल्छन्। तिनीहरूले नता
परमप्रभुको आराधना गर्छन्, नता इस्राएल
नाउँ दिनुभएको याकूबका सन्तानलाई उहाँले
दिनुभएका आदेशहरू, नियमहरू, व्यवस्थाहरू
र आज्ञाहरूमा नै अड़िएर बस्छन्। **३५**परमप्रभुले
इस्राएलीहरूसित करार बाँध्नुहुँदा उहाँले
तिनीहरूलाई यसो भनेर आज्ञा दिनुभएको थियो,
"अरू कुनै देवताहरूलाई नपुज्नू, तिनीहरूका
सामुन्ने ननिहुरिनु, तिनीहरूका सेवा नगर्नू र
तिनीहरूकहाँ बलिदान नचढ़ाउनू। **३६**तर

---

**१७:३४**–उत्पत्ति ३२:२८; ३५:१०. **१७:३५**–प्रस्थान २०:५; व्यवस्था ५:९. **१७:३६**–व्यवस्था ६:१३.

तिमीहरूले पुज्नुपर्ने परमप्रभु त उहाँ हुनुहुन्छ
जसले तिमीहरूलाई मिश्रदेशबाट आफ्नो महान्
शक्ति र पसारिएका पाखुराद्वारा निकालेर माथि
ल्याउनुभयो । उहाँकै अघि तिमीहरू निहुरनू
र उहाँलाई नै बलिदान चढ़ाउनू । **३७**उहाँले
तिमीहरूका निम्ति लेख्नुभएका आदेशहरू,
नियमहरू, व्यवस्थाहरू र आज्ञाहरू होशियार
साथ पालन गर्नू । अरू देवताहरू नपुज्नू ।
**३८**मैले तिमीहरूसित बाँधेको करार नभुल्नू
र अरू देवताहरू नपुज्नू । **३९**बरु परमप्रभु
तिमीहरूका परमेश्वरलाई पुज्नू । उहाँले नै
तिमीहरूलाई तिमीहरूका सबै शत्रुहरूका
हातबाट छुटाउनुहुनेछ ।"

**४०**तरै पनि तिनीहरूले सुन्न चाहेनन्, तर
तिनीहरू आफ्नै पहिलेका रीतिहरूमा चलिरहे ।
**४१**यी मानिसहरूले परमप्रभुलाई पुजिरहेकै भए
तापनि तिनीहरूले आफ्नै मूर्तिहरूका सेवा
गर्दै थिए, आजको दिनसम्मै तिनीहरूका
छोराछोरी र नातिनातिना आफ्ना पिता-पुर्खाहरूले
गरेझैं गर्दैरहेका छन् ।

### यहूदाका राजा हिजकियाह

**१८** एलाहका छोरा इस्राएलका राजा
होशियाको तेस्रो वर्षमा यहूदाका राजा
आहाजका छोरा हिजकियाले शासन गर्न थाले ।
**२**राजा हुदाँ तिनी पच्चीस वर्ष उमेरका थिए र
तिनले यरूशलेममा उनन्तीस वर्षसम्म राज्य
गरे । तिनकी आमाको नाउँ अबिया थियो जो
जकरियाकी छोरी थिइन् । **३**आफ्ना पुर्खा दाऊदले
गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे ठीक थियो
त्यही गरे । **४**तिनले अग्ला ठाउँहरू हटाइदिए,
पवित्र ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिए र
अशेराका खाँबोहरू काटेर ढालिदिए । तिनले
मोशाले बनाएको काँसाका सर्प टुक्रा-टुक्रा
बनाइदिए, किनकि त्यस बेलासम्म इस्राएलीहरूले
त्यसको निम्ति धूप जलाउँदै आएका थिए ।
(त्यसलाई नहूश्तान भनिन्थ्यो ।)
**५**हिजकियाले परमप्रभु इस्राएलका
परमेश्वरमाथि भरोसा राखे । यहूदाका
राजाहरूमा तिनका अघि अथवा पछि तिनीजस्ता
अरू कोही थिएनन् । **६**तिनी परमप्रभुकहाँ
उपवास बस्थे र तिनले उहाँलाई पछ्याउन
छाड़ेनन् । परमप्रभुले मोशालाई दिनुभएका
आज्ञाहरू पालन गरे । **७**अनि परमप्रभु तिनीसित
हुनुभयो । तिनले लिएका जुनै काममा पनि
तिनी सफल भए । तिनले अश्शूरको राजाको
विरोध गरे र तिनको सेवा गरेनन् । **८**पहरादार
बस्ने धरहरादेखि सुरक्षित शहरसम्म तिनले
पर्खालले घेरे । तिनले पलिश्तीहरूलाई गाजा
र त्यसका प्रान्तहरूसम्मै परास्त गरे ।

**९**राजा हिजकियाको चौथो वर्षमा, अर्थात्
एलाहका छोरा इस्राएलका राजा होशियाको
सातौँ वर्षमा अश्शूरका राजा शलमनेशेर
सामरियाको विरुद्धमा युद्ध-यात्रामा निस्के र
त्यसलाई घेरे । **१०**तीन वर्षको आखिरमा
अश्शूरहरूले त्यसलाई लिए । यसरी सामरिया
हिजकियाहको छैटौँ वर्षमा अर्थात् इस्राएलका
राजाको नवौँ वर्षमा कब्जा गरियो ।
**११**अश्शूरका राजाले इस्राएललाई कैद गरेर
अश्शूरमा लगे अनि तिनीहरूलाई हाबोर नदीको
छेउमा गोजानको हलह र मादीहरूका
शहरहरूमा बसोबास गराए । **१२**तिनीहरूले
परमप्रभु आफ्ना परमेश्वरको आज्ञा मानेनन्
तर उहाँको करार अर्थात् परमप्रभुको दास
मोशाले दिएका सबै आज्ञाहरू भङ्ग गरेकाले
यो हुन आएको थियो । तिनीहरूले नता
आज्ञाहरूमा ध्यान दिए नता ती पालन गरे ।

**१३**राजा हिजकियाको शासनको चौधौँ वर्षमा
अश्शूरका राजा सनहेरीबले यहूदाका पर्खाल
भएका सम्पूर्ण शहरहरूमाथि आक्रमण गरे र
तिनीहरूमाथि कब्जा गरे । **१४**यसकारण यहूदाका
राजा हिजकियाहले अश्शूरका राजालाई
लाकीशमा यो खबर पठाए, "मैले भूल गरें ।
मदेखि हटेर जानुहोस्, म तपाईंले जे माग्नुभए

**१८:१-३**–२ इतिहास २९:१-२. **१८:४**–गन्ती २१:९; २ इतिहास ३१:१. **१८:१३-३७**–२ इतिहास ३२:१-१९;
यशैया ३६:१-२२.

पनि त्यो तपाईंलाई तिर्नेछु ।" अश्शूरका
राजाले यहूदाका राजा हिजकियाबाट दाबी
गरेर तीन सय तोड़ा चाँदी र तीस तोड़ा
सुन लिए । **१५**यसकारण हिजकियाले तिनलाई
परमप्रभुको मन्दिर र राजमहलका भण्डारहरूमा
भएका सबै चाँदीहरू दिए ।

**१६**त्यसबेला यहूदाका राजा हिजकियाले
परमप्रभुको मन्दिरका ढोकाहरू र ढोकाका
खाँबोहरूमा आफैलाई मोहोरेका सुनहरू निकाले
र ती अश्शूरका राजालाई दिए ।

### सनहेरीबले यरूशलेमलाई धम्काएका

**१७**अश्शूरका राजाले आफ्ना प्रमुख सेनापति,
आफ्ना प्रमुख अधिकृत र आफ्ना मैदानका
कप्तानलाई हिजकियाकहाँ यरूशलेममा पठाए ।
तिनीहरू यरूशलेमसम्म आएर धोबीको खेत
जानेबाटोमा भएको माथिल्लो पोखरीको कुलोमा
अड़िए । **१८**तिनीहरूले राजालाई बोलाइपठाए,
अनि महलका प्रशासक हिल्कयाहका छोरा
एल्याकीम, सचिव शेब्ना र आसापका छोरा
लेखापाल योआ तिनीहरूकहाँ गए ।

**१९**मैदानका कप्तानले तिनीहरूलाई भने,
"हिजकियालाई भन्नू:

'"महान् राजा, अर्थात् अश्शूरका राजा
यसो भन्नुहुन्छ: तिमीले आफ्नो भरोसा कुन
आधारमाथि राखेका छौ ? **२०**तिमी भन्छौ,
तिमीसित लड़ाइँको कौशल र सैन्यवल छ,
तर तिमी खोक्रो कुरा गर्छौ । तिमीले
कसमाथि भरोसा गरेर मेरो विरुद्धमा बागी
हुन्छौ ? **२१**अब हेर, तिमी त मिश्रदेशमाथि
भर परेका छौ जो त एउटा दुर्वल निगालो
मात्र हो जसले मानिसको हात मात्र घोच्छ
र त्यसमाथि अड़ेस लाग्नेलाई चोट मात्र
लाग्छ ! मिश्रदेशका राजा फिरौनमाथि
भरपर्ने जोसुकैको निम्ति पनि ऊ त
यस्तै हो । **२२**अनि तिमीले मलाई 'हामी त
परमप्रभु हाम्रा परमेश्वरमाथि भरोसा राख्छौं'
भन्छौ भने के त्यो त्यही देवता होइन जसका
अग्ला ठाउँहरू र वेदीहरू हिजकियाले
हटाएर यहूदा र यरूशलेमलाई "तिमीहरूले
यरूशलेममा यस वेदीको सामुन्ने दण्ड़वत्
गर्नुपर्छ" भनेका थिएनन् ?

**२३**"'यसकारण, अब मेरा मालिक
अश्शूरका राजासित लेनदेन गर । म
तिमीलाई दुई हजार घोड़ाहरू दिनेछु, तिमीले
तीमाथि सवारहरू जुटाउन सक्छौ भने !
**२४**तिमीले रथहरू र घोड़चढ़ीहरूको निम्ति
मिश्रदेशमाथि भर परिरहेका छौ भने तिमी
किन मेरा मालिकका अधिकृतहरूमध्ये
सबैभन्दा सानोलाई अस्वीकार गर्छौ ?
**२५**अझ अर्को कुरा, परमप्रभुबाट कुनै वचन
नपाई के म यस ठाउँलाई आक्रमण गरेर
नाश गर्न आएको छु ? परमप्रभु आफैले
मलाई यस देशको विरुद्धमा गएर यसलाई
नाश गर्नु भन्नुभएको छ ।'"

**२६**तब हिजकियाका छोरा एल्याकीम, शेब्ना
र योआले मैदानका कप्तानलाई भने, "कृपा
गरी आफ्ना दासहरूसित अरामी भाषामा
कुरा गर्नुहोस् किनकि हामी यो जान्दछौं ।
पर्खालमाथि भएका मानिसहरूले सुन्नेगरी हिब्रू
भाषामा नबोलिदिनुहोस् ।"

**२७**तर कप्तानले जवाफ दिए, "के मेरा
मालिकले यी कुराहरू पर्खालमाथि बसिरहेका
मानिसहरूको निम्तिचाहिँ होइन तर तिम्रा
मालिक र तिमीहरूलाई मात्र यो कुरा भन्नू
भनेर पठाएका हुन् र ? यी मानिसहरूले त
तिमीहरूलेझैं आफ्नै मल खानुपर्ने छ र मूत्र
पिउनु पर्नेछ !"

**२८**तब त्यो कप्तानले खड़ा भएर हिब्रूमा
भने, "राजा अर्थात् अश्शूरका महान् राजाका
कुरा सुन ! **२९**राजा यसो भन्नुहुन्छ, तिमीहरूलाई
छल्न हिजकियालाई नदेऊ । उसले तिमीहरूलाई
मेरा हातबाट छुटाउन सक्नेछैन । **३०**'परमप्रभुले
निश्चय हामीलाई छुटाउनुहुनेछ । यो शहर
अश्शूरका राजाका हातमा दिइनेछैन' भनेर
हिजकियाले तिमीहरूलाई परमप्रभुमाथि भरोसा
राख्न लाउने कुरा गरेकोमा तिमीहरू नलाग्नू ।
**३१**"हिजकियाको कुरा नसुन्नू । अश्शूरका

राजा भन्नुहुन्छ, मसित मिलाप गरेर बाहिर
मकहाँ आऊ । तब तिमीहरू प्रत्येकले आफ्नै
दाख र नेभाराको बोटबाट खानेछौ र आफ्नै
इनारबाट पिउनेछौ । **३२**जबसम्म तिमीहरूलाई
अनाज र नयाँ दाखमद्य, अन्न र दाखबारी,
भद्राक्षका रूखहरू र मह भएको देश,
तिमीहरूको आफ्नै देशजस्तो एउटा देशमा म
आएर लानेछैनँ, तबसम्म मृत्युको सट्टा जीवन
चुन !

"हिजकियाको कुरा नसुन्नू, किनकि त्यसले
'परमप्रभुले छुटाउनुहुन्छ' भनेर तिमीहरूलाई
भ्रममा पारिरहेको छ । **३३**के कुनै जातिको
देवताले आफ्नो देशलाई अश्शूरका राजाको
हातबाट छुटाउनसकेको छ ? **३४**हमात र
अर्पादका देवताहरू कहाँ छन् ? सपर्बेम, हेना
र इव्वाका देवताहरू कहाँ छन् ? के तिनीहरूले
सामरियालाई मेरो हातबाट छुटाउनसके ?
**३५**यी देशहरूका देवताहरूमध्ये कसले आफ्नो
देशलाई मबाट बचाउन सकेका छन् ? त्यसोभए
परमप्रभुले कसरी यरूशलेमलाई मेरो हातबाट
छुटाउन सक्नेछ ?"

**३६**तर मानिसहरू केही जवाफ नदिई
चूप लागिरहे किनकि राजाले तिनीहरूलाई
"उनीहरूलाई केही जवाफ नदिनू" भन्नूभएको
थियो ।

**३७**तब हिजकियाका छोरा एल्याकीम जो
महलका प्रशासक थिए, सचिव शेब्ना आसापका
छोरा लेखापाल योआ आफ्ना लुगा च्यातेर
हिजकियाहकहाँ गए र तिनलाई मैदानका
कप्तानले भनेका कुरा भनिदिए ।

### यरूशलेमको छुटकाराबारे भविष्यवाणी

**१९** हिजकिया राजाले यो सुनेर आफ्नो लुगा
च्याते र भाङ्ग्रा लगाएर परमप्रभुको
मन्दिरभित्र गए । **२**तिनले महलका प्रशासक
एल्याकीम, सचिव शेब्ना र प्रमुख पूजाहारीहरूलाई
भाङ्ग्रा लगाएर आमोजका छोरा यशैया
अगमवक्ताकहाँ पठाए । **३**तिनीहरूले तिनलाई
भने, "हिजकिया यसो भन्नुहुन्छ, 'जसरी बच्चा
जन्मनै लाग्दा त्यस स्त्रीलाई जन्माउन बल हुँदैन,
आजको दिन कष्ट, निन्दा र तिरस्कारको दिन
भएको छ । **४**परमप्रभु तपाईंका परमेश्वले
मैदानका कप्तानलाई तिनका मानिस अश्शूरका
राजाले पठाएर जीवित परमेश्वरलाई ठट्टा
गरेर भनेका कुराहरू सुन्नुहुनेछ र परमप्रभु
तपाईंका परमेश्वरले सुन्नुभएका कुराहरूको
निम्ति तिनलाई हपार्नुहुनेछ होला । यसकारण
बाँचेका जतिको निम्ति प्रार्थना गरिदिनुहोस् ।"

**५**जब राजा हिजकियाका अधिकृतहरू
यशैयाकहाँ आए, **६**यशैयाले तिनीहरूलाई भने,
"तिमीहरूका मालिकलाई भन, 'परमप्रभु
भन्नुहुन्छ, तैंले जे सुनेको छस्, त्यसमा तँ
नडरा, अर्थात् ती कुराहरू जसद्वारा अश्शूरको
राजाका अधीनमा रहेका मानिसहरूले मेरो निन्दा
गरेका छन् । **७**सुन्, म त्यसमा यस्तो आत्मा
हालिदिनेछु कि त्यसले केही खबर सुनेर त्यो
आफ्नै देशमा फर्केर जानेछ र त्यहाँ म त्यसलाई
तरवारद्वारा काटेर मार्न लाउनेछु ।'"

**८**त्यस मैदानका कप्तानले अश्शूरका राजा
लाकीशबाट गएका कुरा सुने, तिनी हटेर
गए र राजालाई लिब्नाको विरुद्धमा लड़ाइँ
गरिरहेका भेट्टाए ।

**९**सनहेरीबले मिश्रदेशमा कूशी राजा
तिर्हाकाह आफूसित लड़ाइँ गर्न आइरहेका छन्
भन्ने सुने । यसकारण तिनले हिजकियाहकहाँ
फेरि यो कुरासित दूतहरू पठाए, **१०**"यहूदाका
राजा हिजकियालाई भन्नू, तिमीले भरोसा
राखेका देवताले 'यरूशलेम अश्शूरका राजाको
हातमा दिइनेछैन' भन्दा तिमीलाई उसले
छल गर्न नदिनू । **११**अश्शूरका राजाहरूले सबै
देशहरूलाई सम्पूर्ण रूपले नाश गरेर के
गरेका छन् भन्ने तिमीले निश्चय सुनेका छौ ।
**१२**के मेरा पिता-पुर्खाहरूले नाश गरेका
जातिहरूका देवताहरूले तिनीहरूलाई छुटाए ?
अर्थात् गोजान, हारान, रेसेप र तेल-अस्सारमा
बस्ने अदनका मानिसहरूलाई तिनीहरूका

**१९:१-७**–यशैया ३७:१-७. **१९:८-१३**–यशैया ३७:८-१३.

देवताहरूले छुटाए ? **१३**हमातका राजा, अर्पादका
राजा, सपर्बेम शहरका राजा अथवा हेना र
इव्वाका राजाहरू कहाँ छन् ?"

### हिजकियाको प्रार्थना

**१४**हिजकियाले दूतहरूबाट पत्र पाए र
त्यसलाई पढ़े । तब तिनी परमप्रभुको
मन्दिरसम्म गए र तिनले त्यसलाई परमप्रभुको
सामुन्ने फैलाएर राखिदिए । **१५**अनि हिजकियाले
परमप्रभुकहाँ प्रार्थना गरे, "हे परमप्रभु, इस्राएलका
परमेश्वर, करूबहरूका बीचमा सिंहासनमाथि
विराजमान् हुनुहुने, सारा पृथ्वीका राज्यहरूमाथि
तपाईं मात्र परमेश्वर हुनुहुन्छ । तपाईंले स्वर्ग
र पृथ्वी सृष्टि गर्नुभयो । **१६**हे परमप्रभु, कान
थापेर सुन्नुहोस्, आफ्ना आँखा खोल्नुहोस्, र
हेर्नुहोस्, हे परमप्रभु, सनहेरीबले जीवित
परमेश्वरलाई अपमान गरेर भनेका कुराहरू
सुन्नुहोस् ।

**१७**"हे परमप्रभु, यो कुरा साँचो हो, कि
अश्शूरका राजाहरूले यी जाति-जातिहरूका
देशहरूलाई उजाड़ पारेका छन् । **१८**तिनीहरूले
उनीहरूका देवताहरूलाई आगोमा फालेर नष्ट
गरिदिए, किनकि तिनीहरू देवता होइनन्, तर
मानिसहरूका हातले तयार गरिएका काठ र
ढुङ्गा मात्र हुन् । **१९**अब हे परमप्रभु, हाम्रा
परमेश्वर, हामीलाई त्यसका हातबाट छुटाउनुहोस्
र पृथ्वीका सम्पूर्ण राज्यहरूले तपाईं, हे
परमप्रभु, मात्र परमेश्वर हुनुहुन्छ भनी
जानून् ।"

### यशैयाले सनहेरीबको पतनको अगमवाणी गरेका

**२०**तब आमोजका छोरा यशैयाले
हिजकियालाई खबर पठाए, "परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, मैले अश्शूरका
राजा सनहेरीबको विषयमा तेरो प्रार्थना सुनें ।
**२१**त्यसको विरुद्धमा परमप्रभुले यसो भनेर
बोल्नुभएको छ:

"'सियोनका कन्ये छोरीले
तँलाई तुच्छ ठानेर खिसी गर्छे,
यरूशलेमकी छोरीले तँ भाग्दा
आफ्नो शिर हल्लाउँछिन् ।
२२ तैंले अपमान गरेका र निन्दा गरेका
को हुनुहुन्छ ?
कसका विरुद्धमा तैंले आफ्ना आवाज
उठाइस् र घमण्डमा
आफ्ना आँखा उठाइस् ? इस्राएलका
पवित्र परमेश्वरको विरुद्धमा !
२३ आफ्ना दूतहरूद्वारा तैंले परमप्रभुमाथि
अपमानको थुप्रो लगाइस् ।
अनि तैंले भनेको छस्, "म आफ्ना धेरै
रथहरूसित,
म पर्वतहरूका शिखरमा उक्लेको छु,
अँ, लबानोनको टुप्पैमा ।
मैले त्यसका सबैभन्दा अग्ला सल्लाका
रूखहरू काटेर ढालेको छु ।
म त्यसका अति कुना ठाउँमा पुगेको छु,
त्यसका सर्वोत्तम वनहरूमा ।
२४ मैले परदेशमा इनारहरू खनेको छु,
र त्यहाँका पानी पिएको छु ।
मेरा खुट्टाका पैतालाले
मैले मिश्रदेशका खोलाहरू
सुकाइदिएको छु ।"

२५ "'के तैंले सुनेको छैनस् ?
धेरै पहिले मैले यो ठीक गरेको छु ।
पुरानो समयमा मैले यो योजना बनाएँ;
अब म यसलाई हुन दिनेछु,
कि तैंले पर्खाल लगाइएका शहरहरूलाई
ढुङ्गाको थुप्रो बनाइस् ।
२६ त्यसका मानिसहरू शक्तिहिन भएर
अचम्म मान्दै शर्ममा परे,
तिनीहरू खेतमा भएका बोटझैं हुन्,
कलिला मुनाहरूझैं छानामा पल्हाएका
घाँसझैं छन्,
उम्रन अघि नै सुकिहाल्नेजस्तै छन् ।

**१९:१४-१९**–यशैया ३७:१४-२०. **१९:१५**–प्रस्थान २५:२२. **१९:२०-३७**–यशैया ३७:२१-३८.

२७ "'तर अब तँ कहाँ बस्छस्, म जान्दछु
र तँ कहिले आउँछस् र जान्छस्,
र कसरी मेरो विरुद्धमा रिसाउँछस्,
त्यो म जान्दछु ।
२८ तँ मेरो विरुद्धमा रिसाएकोले
र तेरो अशिष्टता मेरो कानसम्म पुगेकोले
म आफ्नो पासो तेरो नाकमा
र आफ्नो लगाम तेरो मुखमा लगाउनेछु,
र म तँलाई तँ आएकै बाटो भएर
तँलाई फर्केर जान लाउनेछु ।'

२९"हे हिजकिया, यो तेरो निम्ति एउटा
चिन्ह हुनेछ:

"यस वर्ष तैंले आफै उम्रेका कुरा खानेछस्,
र दोस्रो वर्ष त्यसबाट उम्रेका कुरा खानेछौ;
तर तेस्रो वर्षमा चाहिँ छर् र कटनी गर्,
दाखबारी लगाएर त्यसका फल खा ।
३० एकपल्ट फेरि यहूदाका घरानाका
बाँकी रहेकाले
भूइँमुनि जरा हाल्नेछन् र जमिनमाथि
फल फलाउनेछन् ।
३१ किनकि यरूशलेमबाट एउटा बाँचेको
भाग
र सियोन पर्वतबाट चाहिँ बाँच्नेहरूको
एउटा दल निस्कनेछ ।

सर्वशक्तिमान्को जोशले यो सम्पन्न गर्नेछ ।"

३२"यसकारण अश्शूरको राजाको विषयमा
परमप्रभु यसो भन्नुहुन्छ:

"त्यसले यस शहरमा प्रवेश गर्नेछैन,
नता यहाँ एउटा काँड़ नै हान्ने छ ।
त्यो यसको सामुन्ने ढालसित आउनेछैन
नता यसलाई घेरेर झम्टने नै छ ।
३३ त्यो त आफू आएकै बाटो भएर फर्कनेछ
त्यसले यस शहरमा प्रवेश गर्नेछैन,
परमप्रभु यस्तो घोषणा गर्नुहुन्छ ।
३४ म यस शहरलाई रक्षा गरेर बचाउनेछु
मेरो खातिर अनि मेरो दास दाऊदको
खातिर ।"

३५त्यस रात परमप्रभुका दूतले बाहिर गएर
अश्शूरहरूको छाउनीमा एक लाख पचासी
हजार मानिसहरूलाई मारे । भोलिपल्ट बिहानै
मानिसहरू उठ्दा मरेका शरीरहरू मात्र
त्यहाँ थिए ! ३६यसकारण, अश्शूरका राजा
सनहेरीबले छाउनी भत्काएर हटिगए । तिनी
निनवेमा फर्केर त्यहीँ बसे ।

३७एक दिन तिनी आफ्ना देवता निस्रोकको
मन्दिरमा पूजा गरिरहेको बेला तिनका छोराहरू
अद्रम्मलेक शरेसेरले तिनलाई तरवारले मारे
र तिनीहरू अरारतको देशमा भागे । अनि
तिनका छोरा एसरहदोन तिनीपछि राजा भए ।

## हिजकिया बिरामी

२० ती दिनहरूमा हिजकिया बिरामी भएर
मृत्युको मुखैमा पुगे । आमोजका
छोरा अगमवक्ता यशैयाले तिनीकहाँ गएर
भने, "परमप्रभु यसो भन्नुहुन्छ: आफ्ना
घरानालाई ठीक राख् किनकि तँ मर्नेछस्; तँ
निको हुनेछैनस् ।"

२हिजकियाले आफ्नो अनुहार भित्तातिर
फर्काएर परमप्रभुकहाँ प्रार्थना गरे, ३"हे परमप्रभु,
म तपाईंको सामुन्ने कसरी विश्वासयोग्यतासाथ
र सम्पूर्ण हृदयको भक्तिसाथ हिँड़े र मैले
तपाईंको दृष्टिमा जे ठीक थियो त्यही गरें भनी
सम्झनुहोस् ।" अनि हिजकिया धुरुधुरु रोए ।
४यशैयाले बीचको चोक छोड्न अघि नै
तिनीकहाँ परमप्रभुको वचन आयो, ५"फर्की
गएर मेरा मानिसहरूका अगुवा हिजकियालाई
भन्, 'परमप्रभु तेरा पुर्खा दाऊदका परमेश्वर
यसो भन्नुहुन्छ, मैले तेरो प्रार्थना सुनेको छु र
तेरो आँसु देखेको छु । म तँलाई निको पार्नेछु ।
आजको तेस्रो दिन तँ परमप्रभुको मन्दिरमा
उक्लेर जानेछस् । ६म तेरो जीवनमा पन्ध्र वर्ष
थपिदिनेछु । अनि म तँलाई यस शहरलाई
अश्शूरका राजाको हातबाट छुटाउनेछु । म
यस शहरलाई आफ्नै खातिर र मेरो दास
दाऊदको खातिर रक्षा गर्नेछु ।'"

**२०:१-११** –यशैया ३८:१-८; २ इतिहास ३२:२४-२६.

७तब यशैयाले भने, “नेभाराको एउटा लेप
बनाउनुहोस् ।” तिनीहरूले त्यसै गरे, त्यसलाई
पिलोमा लगाए र तिनी निको भए ।
८हिजकियाले यशैयालाई सोधेका थिए,
“मलाई परमप्रभुले निको पार्नुहुनेछ र म
अबको तेस्रो दिन परमप्रभुको भवनमा उक्लेर
जानसक्नेछु भन्ने चिन्ह के हुनेछ ?”
९यशैयाले जवाफ दिए, “परमप्रभुले जे
प्रतिज्ञा गर्नुभएको छ त्यसको चिन्ह तिमीलाई
यो हुनेछ, छाया दश कदम अघि जाओस् कि
दश कदम पछि सरोस् ?”
१०हिजकियाहले भने, “छाया दश कदम अघि
जानु त मामूली कुरा हो । बरु यो दश कदम
पछि जाओस् ।”
११तब यशैया अगमवक्ताले परमप्रभुलाई
पुकारे र परमप्रभुले छायालाई दश कदम पछि
जान लाउनुभयो र त्यो आहाजको खुड्किलोमा
तल झऱ्यो ।

### बेबिलोनबाट राजदूतहरू

१२त्यस बेला बेबिलोनका बलदानका छोरा
मरोदक-बलदानले हिजकियाकहाँ पत्रहरू र
एउटा उपहार पठाए किनकि तिनले हिजकिया
बिरामी छन् भनी सुनेका थिए । १३हिजकियाले
ती दूतहरूलाई स्वागत गरेर तिनीहरूलाई
आफ्ना भण्डारमा भएका सबै चीजहरू,
चाँदी, सुन, मसलाहरू, सुगन्धित तेल, आफ्ना
हतियारहरू राख्ने घर र भण्डारमा भएका
प्रत्येक चीज देखाइदिए । आफ्नो महलमा
र राज्यमा भएको कुनै कुरो पनि हिजकियाले
तिनीहरूलाई नदेखाएको थिएन ।
१४तब अगमवक्ता यशैया राजा हिजकियाकहाँ
उक्लेर गएर सोधे, “ती मानिसहरूले के भने र
तिनीहरू कहाँबाट आएका हुन् ?”
हिजकियाले जवाफ दिए, “एउटा टाढ़ो
देशबाट, बेबिलोनबाट तिनीहरू आएका हुन् ।”
१५अगमवक्ताले जवाफ दिए, “तिनीहरूले
तपाईंको महलमा के देखे ?”
हिजकियाले भने, “तिनीहरूले मेरो महलमा
भएको प्रत्येक कुरो देखे । मेरो भण्डारमा भएको
कुनै कुरो पनि मैले तिनीहरूलाई नदेखाएको
छैन ।”
१६तब यशैयाले हिजकियालाई भने,
“परमप्रभुको वचन सुन्नुहोस्, १७त्यो समय
निश्चय आउनेछ, जब तेरो महलमा भएको
प्रत्येक चीज र तेरा पिता-पुर्खाहरूले आजको
दिनसम्म थुपारेका सबै कुराहरू बेबिलोनमा
लगिनेछन् । केही पनि छोड़िनेछैनन् भनी
परमप्रभु भन्नुहुन्छ । १८अनि तेरा केही सन्तान,
तेरा आफ्नै मासु र रगत जो तँबाट जन्मनेछन्,
ती लगिनेछन् र तिनीहरू बेबिलोनको राजाको
महलमा नपुंसक हुनेछन् ।”
१९हिजकियाले जवाफ दिए, “तपाईंले
बोल्नुभएको परमप्रभुको वचन असल छ ।”
किनकि तिनले “के मेरो जीवनकालमा शान्ति
र सुरक्षा हुनेछैन ?” भनी सोचेका थिए ।
२०हिजकियाको शासनका अरू घटनाहरू
तिनका उपलब्धिहरू अनि तिनले पोखरी
र सुरुङ बनाएर शहरभित्र पानी ल्याएका
विषयहरूमा के ती यहूदाका राजाहरूका
पुस्तकमा लेखिएका छैनन् र ? २१हिजकियाहको
आफ्ना पुर्खाहरूसित विश्राममा पसे र तिनीपछि
तिनका छोरा मनश्शे राजा भए ।

### यहूदाका राजा मनश्शे

२१ राजा हुँदा मनश्शे बाह्र वर्षका थिए र
तिनले यरूशलेममा पचपन्न वर्षसम्म
राज्य गरे । तिनकी आमाको नाउँ हेप्सीबा
थियो । २परमप्रभुले इस्राएलीहरूको सामुन्ने
धपाइदिनुभएका जातिहरूका घिनलाग्दा
रीतिहरूको पछि लागेर तिनले परमप्रभुको
दृष्टिमा दुष्टता गरे । ३तिनले आफ्ना पिता
हिजकियाले नाश गरेका अग्ला ठाउँहरू
बनाए । तिनले बालका वेदीहरू पनि बनाएर

---

**२०:१२–१९**–यशैया ३९:१-८. **२०:१७**–२ राजा २४:१३; २ इतिहास ३६:१०. **२०:१८**–२ राजा २४:१४-१५;
दानिएल १:१-१७. **२०:२०–२१**–२ इतिहास ३२:३२-३३. **२१:१–९**–२ इतिहास ३३:१-२०. **२१:२**–यर्मिया १५:४.

इस्राएलका राजा आहाबले गरेझैं अशेराका
खाँबोहरू बनाए। तिनी तारामण्डलको सामुन्ने
निहुरे र तिनले तिनीहरूलाई पुजे। **४**तिनले
"यरूशलेममा म आफ्नो नाउँ राख्नेछु," भनेर
भन्नुभएको परमप्रभुको मन्दिरमा वेदीहरू
बनाए। **५**परमप्रभुको मन्दिरका दुवै चोकहरूमा
तिनले तारामण्डलको निम्ति वेदीहरू बनाए।
**६**तिनले आफ्नै छोरालाई आगोमा बलिदान
गरे, मन्त्रतन्त्र र जोखना हेर्न लाएर माध्यमहरू
र भूत-प्रेत खेलाउनेहरूसित सल्लाह लिए।
तिनले परमप्रभुको दृष्टिमा धेरै दुष्टता गरेर
उहाँलाई रीस उठाए।

**७**तिनले आफूले बनाएका अशेराको खाँबो
लिएर त्यसलाई मन्दिरमा राखे जसको विषयमा
परमप्रभुले दाऊद र तिनका छोरा सुलेमानलाई
भन्नुभएको थियो, "यस मन्दिरमा अनि
मैले इस्राएलीहरूका सबै कुलहरूबाट चुनेको
यरूशलेममा म सदाको निम्ति आफ्नो नाउँ
राख्नेछु। **८**यदि तिनीहरूले मैले तिनीहरूलाई
आज्ञा गरेका प्रत्येक कुरा होशियारीसाथ पालन
गरे र मेरो दास मोशाले तिनीहरूलाई दिएका
सम्पूर्ण व्यवस्था पालन गरे, मैले तिनीहरूका
पिता-पुर्खाहरूलाई दिएको यो देशबाट म फेरि
इस्राएलीहरूका पाउ यताउता घुम्न दिनेछैन।"
**९**तर मानिसहरूले सुनेनन्। मनश्शेले तिनीहरूलाई
बहकाइदिए र तिनीहरूले इस्राएलीहरूको
सामुन्ने परमप्रभुले नाश गर्नुभएका जातिहरूले
भन्दा बढ़ी दुष्टता गरे।

**१०**परमप्रभुले आफ्ना दास अगमवक्ताहरू-
द्वारा भन्नुभयो, **११**"यहूदाका राजाले यस्ता
घिनलाग्दा कामहरू गरेको छ। त्यसले
आफूभन्दा अघिका एमोरीहरूलेभन्दा बढ़ी दुष्टता
गरेर आफ्ना मूर्तिहरूद्वारा यहूदालाई पापमा
डोऱ्याएको छ। **१२**यसकारण, परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ: म यरूशलेम र
यहूदामाथि यस्तो विपत्ति ल्याउनेछु कि त्यो
सुन्ने हरेकको कान झन्झनाउनेछ। **१३**म
यरूशलेममाथि सामरियाको विरुद्धमा प्रयोग
गरिएको नाप्ने टाँगो र आहाबको घरानाको
विरुद्धमा प्रयोग गरिएको साहुल तेर्साउनेछु। म
यरूशलेमलाई कसैले थाल माझेको जस्तो
माझेर त्यसलाई घोप्टो पारिदिनेछु। **१४**आफ्नै
अधिकारको बाँकी रहेको भागलाई त्यागिदिएर
म तिनीहरूलाई आफ्ना शत्रुहरूका हातमा
सुम्पिदिनेछु तिनीहरू आफ्ना सबै शत्रुहरूद्वारा
लुटिने र लुछिनेछन्, **१५**किनकि तिनीहरूले
मेरो दृष्टिमा दुष्टता गरे र तिनीहरूका पिता-
पुर्खाहरू मिश्रबाट निस्किआएको दिनदेखि
आजसम्मै मलाई रीस उठाए।"

**१६**फेरि अर्को कुरा, मनश्शेले यति धेर
रगत बगाए कि तिनले यरूशलेमलाई एक
कुनादेखि अर्को कुनासम्म भरिदिए र तिनले
यहूदालाई पाप गर्न लाए र तिनीहरूले परमप्रभुको
दृष्टिमा दुष्टता गरे।

**१७**मनश्शेको शासनका अरू घटनाहरू र
तिनले जे-जति गरे, तिनले गरेका पापहरूको
विषयमा के ती यहूदाका राजाहरूका
पुस्तकहरूमा लेखिएका छैनन् र? **१८**मनश्शे
आफ्ना पुर्खाहरूसित विश्राममा पसे अनि आफ्नो
महलको बगैंचामा, अर्थात् उज्जाको बगैंचामा
गाड़िए। अनि तिनीपछि तिनका छोरा अमोन
राजा भए।

### यहूदाका राजा अमोन

**१९**राजा हुँदा अमोन बाईस वर्षका थिए र
तिनले यरूशलेममा दुई वर्षसम्म राज्य गरे।
तिनकी आमाको नाउँ मशुल्लेमेत थियो जो
हारूसकी छोरी थिइन्। तिनी योबातकी
थिइन्। **२०**तिनले आफ्ना पिता मनश्शेले
गरेझैं परमप्रभुको दृष्टिमा दुष्टता गरे। **२१**तिनी
आफ्ना पिताका चालहरूमा हिँड़े अनि आफ्ना
पिताले पुजेका मूर्तिहरू पुजे र तिनीहरूका
सामुन्ने निहुरे। **२२**तिनले परमप्रभु आफ्ना पिता-
पुर्खाहरूका परमेश्वरलाई त्यागे र परमप्रभुको
मार्गमा हिँड़ेनन्।

**२३**अमोनका अधिकृतहरूले तिनको विरुद्धमा

---

**२१:४**–२ शमूएल ७:१३. **२१:७-८**–१ राजा ९:३-५; २ इतिहास ७:१२-१८. **२१:१९-२६**–२ इतिहास ३३:२१-२५.

षड्यन्त्र गरेर राजालाई तिनकै महलमा हत्या
गरे। **२४**तब देशवासीहरूले राजाको विरुद्धमा
षड्यन्त्र गर्नेहरू सबैलाई मारे र तिनीहरूले
तिनको ठाउँमा तिनका छोरा योशियाहलाई
राजा बनाए।

**२५**अमोनको शासनका अरू घटनाहरू र
तिनले गरेका कामहरूको विषयमा के ती
यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र? **२६**तिनी उज्जाको बगैंचामा आफ्नो
चिहानमा गाड़िए। अनि तिनीपछि तिनका
छोरा योशियाह राजा भए।

### व्यवस्थाको पुस्तक भेट्टाइएको

**२२** राजा हुँदा योशियाह आठ वर्षका थिए
र तिनले यरूशलेममा एकतीस वर्षसम्म
राज्य गरे। तिनकी आमाको नाउँ यदीता थियो
जो अदायाहकी छोरी थिइन्। तिनी बोस्कतकी
थिइन्। **२**तिनले परमप्रभुको दृष्टिमा जे ठीक
थियो त्यही गरे अनि दाहिने-देब्रेतिर कतै नलागी
आफ्ना पुर्खा दाऊदका सबै चालहरूमा हिड़ैँ।

**३**आफ्नो शासनकालको अठाह्रौं वर्षमा राजा
योशियाहले मशुल्लामका नाति असल्याहका
छोरा सचिव शापानलाई परमप्रभुको मन्दिरमा
पठाए। तिनले भने, **४**"प्रधान-पूजाहारी
हिल्कियाहकहाँ उक्लेर जानू र तिनलाई ढोकामा
खटिएकाहरूले मानिसहरूबाट उठाएका पैसा
जुन परमप्रभुको मन्दिरमा ल्याइएको छ त्यो
तयार राख्न लाउनू। **५**मन्दिरको काम देखरेख
गर्न खटाएका मानिसहरूलाई ती जिम्मा
लगाइदिनू, अनि यी मानिसहरूलाई परमप्रभुको
मन्दिर मरम्मत गर्ने कर्मचारीहरूलाई ती
तिर्न लाउनू, **६**सिकर्मीहरू, निर्माण गर्नेहरू र
डकर्मीहरूलाई। मन्दिर मर्मत गर्नलाई
तिनीहरूलाई काठ र काटिएका ढुङ्गाहरू पनि
किन्न लाउनू। **७**तर तिनीहरूलाई सुम्पिएको
पैसाको हिसाब तिनीहरूले दिन पर्दैन,
किनकि तिनीहरूले विश्वासयोग्यतासाथ काम
गरिरहेका छन्।"

**८**प्रधान-पूजाहारी हिल्कियाहले सचिव
शापानलाई भने, "मैले व्यवस्थाको पुस्तक
मन्दिरमा भेट्टाएको छु।" तिनले त्यो शापानलाई
दिए र तिनले त्यो पढ़े। **९**तब सचिव शापान
राजाकहाँ गए र तिनले उहाँलाई यसको
खबर, "तपाईंका अधिकृतहरूले परमप्रभुको
मन्दिरमा भएको पैसा बुझाएर त्यसलाई
मन्दिरका कर्मचारीहरू र देखरेख गर्नेहरूको
जिम्मामा दिइयो।" **१०**त्यसपछि सचिव शापानले
राजालाई "प्रधान-पूजाहारी हिल्कियाहले यो
पुस्तक मलाई दिएका छन्" भनी बताए। अनि
शापानले राजाको उपस्थितिमा त्यसबाट पढ़े।

**११**राजाले व्यवस्थाका पुस्तकका वचनहरू
सुनेपछि तिनले आफ्ना शाही वस्त्र च्याते।
**१२**तिनले पूजाहारी हिल्कियाह, शापानका
छोरा अहीकाम, मीकायाका छोरा अक्बोर, सचिव
शापान र राजाका सेवक असायाहलाई यो हुकुम
दिए: **१३**"जाऊ र मेरो निम्ति अनि मानिसहरूको
निम्ति र सारा यहूदाको निम्ति यो प्राप्त भएको
पुस्तकमा लेखिएका कुराहरूबारे परमप्रभुसित
सल्लाह लेऊ। हाम्रो विरुद्धमा परमप्रभुको ठूलो
क्रोध दन्केको छ किनकि हाम्रा पिता-पुर्खाहरूले
यस पुस्तकका कुराहरू पालन गरेका छैनन्।
तिनीहरूले त्यसमा हाम्रो विषयमा लेखिएका-
अनुसार काम गरेका छैनन्।"

**१४**पूजाहारी हिल्कियाह, अहीकाम, अब्बोर,
शापान र असायाह वस्त्रहरूको हेरचाह गर्ने
हरहसका नाति तिक्भाका छोरा शल्लूमकी पत्नी
अगमवादिनी हुल्दाकहाँ कुरा गर्न गए। उनी
यरूशलेमको दोस्रो जिल्लामा बस्थिन्।

**१५**तिनले तिनीहरूलाई भनिन्, "परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, तँलाई
मकहाँ पठाउने मानिसलाई भन्, **१६**परमप्रभु
यसो भन्नुहुन्छ, म यस ठाउँमा र यसमा भएका
मानिसहरूमा यहूदाका राजाले पढ़ेका पुस्तकमा
लेखिएअनुसार विपत्ति ल्याउनेछु। **१७**तिनीहरूले
मलाई त्यागेर अरू देवताहरूकहाँ धूप जलाएर
तिनीहरूका हातले बनाएका मूर्तिहरूद्वारा मलाई

---

**२२:१-२**–२ इतिहास ३४:१-२. **२२:१**–यर्मिया ३:६. **२२:३-२०**–२ इतिहास ३४:८-२८. **२२:७**–२ राजा १२:१५.

रीस उठाएको कारण यस ठाउँको विरुद्धमा
मेरो क्रोध दन्किनेछ र त्यो थामिने छैन ।'
**१८**परमप्रभुसित सल्लाह लिन तँलाई पठाउने
यहूदाका राजालाई भन्, "तैंले सुनेका कुराहरूको
विषयमा परमप्रभु, इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ, **१९**तेरो हृदय संवेदनशील भएकोले
अनि मैले यस ठाउँ र यसका मानिसहरूको
विरुद्धमा ती श्रापित भएर उजाड़ हुनेछन् भनेर
भन्दा तैंले सुनेर आफैलाई नम्र तुल्याई आफ्नो
वस्त्र च्यातेर मेरो उपस्थितिमा रोएको कारण
मैले तेरो कुरा सुनें भनी परमप्रभु घोषणा
गर्नुहुन्छ । **२०**यसकारण म तँलाई तेरा पिता-
पुर्खाहरूकहाँ भेला गराउनेछु र तँ शान्तिमा
गाड़िनेछस् । तेरा आँखाले मैले यस ठाउँमा
ल्याउने सबै विपत्तिहरू देख्ने छैनन् ।'"

यसकारण, तिनीहरूले तिनको जवाफ राजाकहाँ लगे ।

### योशियाहले करार पुनर्स्थापन गरेका

**२३** तब राजाले यहूदा र यरूशलेमका सबै
धर्म-गुरुहरूलाई एकसाथ बोलाए ।
**२**तिनी यहूदाका मानिसहरू, यरूशलेमका
मानिसहरू, पूजाहारीहरू र अगमवक्ताहरू,
सानादेखि लिएर ठूला सबैको साथमा परमप्रभुको
मन्दिरसम्म गए । तिनले सबैले सुन्नेगरी
परमप्रभुको मन्दिरमा भेट्टाइएको करारको
पुस्तकबाट सबै कुराहरू पढ़े । **३**राजा खाँमाको
छेउमा उभिए अनि परमप्रभुको पछि लाग्न अनि
उहाँका आज्ञाहरू र नियमहरू अनि आदेशहरू
आफ्नो सम्पूर्ण हृदय र प्राणले पालन गर्नको
लागि परमप्रभुको उपस्थितिमा करारलाई पुनर्स्थापित
गरे । यसरी यस पुस्तकमा लेखिएका करारका
कुराहरू पक्का गरे । तब सबै मानिसहरूले
आफैलाई करारमा प्रतिज्ञाबद्ध पारे ।

**४**राजाले प्रधान-पूजाहारी हिल्कियाह, तिनको
ठीक दर्जामुनिका पूजाहारीहरू र ढोकाका
जिम्मामा रहेकाहरूलाई परमप्रभुको मन्दिरबाट
बाल र अशेरा र सम्पूर्ण तारामण्डलका निम्ति
बनाएका सबै चीजहरू हटाउने आदेश दिए ।
तिनले ती यरूशलेमको बाहिर किद्रोन खोल्साका
खेतहरूमा जलाइदिए र खरानी बेथेलमा लगे ।
**५**तिनले यहूदाका शहरहरूका अग्ला ठाउँहरू
र यरूशलेमका चारैतिरका धूप जलाउनलाई
यहूदाका राजाहरूले नियुक्त गरेका मूर्तिपूजक
पूजाहारीहरूलाई दमन गरे, तिनीहरूलाई जसले
माललाई, घाम र जुनलाई, नक्षत्रलाई र
तारामण्डललाई धूप जलाउँथे । **६**तिनले
अशेराको खाँबोलाई परमप्रभुको मन्दिरबाट
किद्रोन खोल्सामा यरूशलेमको बाहिर लगेर
त्यहाँ जलाइदिए । तिनले ती कुटेर पीठो बनाए
र साधारण मानिसहरूको चिहानमाथि
छरिदिए । **७**परमप्रभुको मन्दिरमा आएका पुरुष-
वेश्याहरूका घरहरू तिनले भत्काइदिए र स्त्रीहरूले
त्यहाँ अशेराको निम्ति लुगा बुन्ने गर्थे ।

**८**योशियाहले यहूदाका शहरहरूबाट सबै
पूजाहारीहरूलाई ल्याए र गेबादेखि बेर्शेबासम्म
पूजाहारीहरूले धूप बालेका अग्ला ठाउँहरूलाई
अपवित्र तुल्याइदिए । तिनले शहरमा यहोशूको
मूलढोकाहरूका मूर्ति पुज्ने स्थानहरू भत्काइदिए
जुन शहरको मूलढोकाको देब्रेपट्टि छ । **९**ती
अग्ला ठाउँहरूका पूजाहारीहरूले यरूशलेममा
परमप्रभुको वेदीमा सेवा नगरे तापनि तिनीहरूले
आफ्ना सँगी-पूजाहारीहरूसित अखमिरी रोटी
खाए ।

**१०**तिनले बेन-हिन्नोमको खोल्सामा भएको
तोपेतलाई अपवित्र तुल्याइदिए र कसैले पनि
त्यसलाई मोलोखको आगोमा आफ्ना छोरा
अथवा छोरीलाई बलिदान गर्ने काममा चलाउन
सकेनन् । **११**तिनले परमप्रभुको मन्दिरको
प्रवेशद्वारबाट यहूदाका राजाहरूले घाममा अर्पण
गरेका घोड़ाहरूलाई हटाइदिए । तिनीहरू
चोकमा नातान-मेलेक नाउँ भएको एक जना
अधिकृतको कोठामा थिए । तब योशियाहले
घामलाई अर्पण गरिएका रथहरू जलाइदिए ।

---

**२३:१-२०**–२ इतिहास ३४:३-७, २९-३३. **२३:४-६**–२ राजा २१:३; २ इतिहास ३३:३. **२३:१०**–लेवी १८:२१; यर्मिया ७:३१; १९:१-६; ३२:३५.

**१२**तिनले यहूदाका राजाहरूले आहाजका
माथिल्लो कोठाको छेउको छानामा बनाएका
वेदीहरू अनि मनश्शेले परमप्रभुको मन्दिरका
दुईओटा चोकहरूमा बनाएका वेदीहरू तानेर
खसाईदिए । तिनले ती त्यहाँबाट हटाइदिएर
तिनीहरूलाई टुक्रा-टुक्रा गरी कुच्याइदिए र
ती टुक्राहरू किद्रोनको खोल्सामा फ्याँकिदिए ।
**१३**राजाले यरूशलेमको पूर्वतिर दुष्टताको डाँड़ामा
भएका अग्ला ठाउँहरू, अर्थात् इस्राएलका
राजा सुलेमानले सीदोनीहरूका नीच देवी
अश्तारेतको निम्ति, मोआबका घिनलाग्दो देवता
कमोस र अम्मोनका निम्ति बनाएका अग्ला
ठाउँहरूलाई अपवित्र तुल्याइदिए । **१४**योशियाहले
पवित्र ढुङ्गाहरू चूर पारिदिए, अशेराका खाँबोहरू
काटेर ढालिदिए, त्यस ठाउँलाई मानिसहरूका
हड्डीहरूले ढाकिदिए ।

**१५**यहाँसम्म, कि इस्राएललाई पाप गर्न लाउने
यारोबाम, नबातका छोराले बेथेलमा बनाएको
अग्लो ठाउँ, त्यो वेदी र अग्लो ठाउँलाई
समेत तिनले भत्काइदिए । तिनले त्यस अग्लो
ठाउँलाई जलाएर धूलो-पीठो बनाइदिए,
अशेराको खाँबोलाई पनि जलाइदिए । **१६**त्यसपछि
योशियाहले चारैतिर हेरे अनि ड़ाडाँको ठाउँमा
चिहानहरू देखेपछि तिनले त्यहाँबाट हड्डीहरू
निकाल्नलाई र यी कुराहरूलाई पहिलेबाटै
भनिदिने परमेश्वरको जनद्वारा घोषित भएको
परमप्रभुको वचनअनुसार त्यसलाई अपवित्र
पार्नलाई वेदीमा जलाइदिए ।

**१७**राजाले सोधे, "मैले देखेको त्यो स्मारक
के हो ?"

त्यस शहरका मानिसहरूले भने, "यो
परमेश्वरका त्यस जनको चिहानको निशानी
हो जसले यहूदाबाट आएर बेथेलको वेदीको
विरुद्धमा तपाईंले यसलाई गर्नुभएकै कुरा
उच्चारण गरेका थिए ।"

**१८**तिनले भने, "यसलाई यसै छोड़िदेऊ ।
तिनका हड्डीहरूलाई कसैले खलबल
नगरून् ।" यसकारण तिनीहरूले तिनका
हाड़हरू र सामरियाबाट आएका अगमवक्ताका
हाड़हरू त्यसै छोड़िदिए ।

**१९**बेथेललाई आफूले गरेझैँ योशियाहले
इस्राएलका राजाहरूले सामरियाका शहरहरूमा
भएका अग्ला ठाउँहरूका पूजा स्थानहरू बनाएर
परमप्रभुलाई रीस उठाएका सबै थानहरू हटाएर
अपवित्र तुल्याइदिए । **२०**योशियाहले ती अग्ला
ठाउँहरूका सबै पूजाहारीहरूलाई वेदीमाथि
मारिदिए, तिनीहरूमाथि मानव-हड्डीहरू
जलाइदिए । त्यसपछि तिनी यरूशलेममा फर्के ।

**२१**राजाले सबै मानिसहरूलाई यो हुकुम
दिए, "करारको पुस्तकमा लेखिएअनुसार
परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
निस्तार-चाड़ मनाओ ।" **२२**इस्राएललाई
डोऱ्याउने न्यायकर्ताहरूका दिनदेखि उसो अनि
न त इस्राएलका राजाहरू र यहूदाका राजाहरूका
दिनहरूमा यस्तो निस्तार-चाड़ मनाइएको
थिएन । **२३**तर योशियाह राजाको अठारौँ
वर्षमा यो निस्तार-चाड़ परमप्रभुको निम्ति
यरूशलेममा मनाइयो ।

**२४**फेरि अर्को कुरा, योशियाहले यरूशलेममा
देखिएका माध्यमहरू अनि भूत-प्रेत खेलाउनेहरू,
घर-देवताहरू, मूर्तिहरू र अरू घिनलाग्दा
कुराहरू निकालिदिए । यो तिनले पूजाहारीले
परमप्रभुको मन्दिरमा भेट्टाएको पुस्तकमा
लेखिएको व्यवस्थाको नियमअनुसार गरेका
थिए । **२५**आफ्नो सारा हृदय, प्राण र शक्तिले
मोशाका सबै व्यवस्था मानेर परमप्रभुतर्फ
त्यसरी फर्केका कुनै पनि राजा योशियाहजस्तै
अघि वा पछि कहिल्यै भएको छैन ।

**२६**तरै पनि मनश्शेले परमप्रभुलाई रीस
उठाउनलाई गरेका सबै कामहरूको कारण
यहूदाप्रति उहाँका दन्किएको रीसबाट परमप्रभु
फर्कनुभएन । **२७**यसकारण परमप्रभुले भन्नुभयो,
"मैले इस्राएललाई हटाएझैँ म यहूदालाई पनि
आफ्नो उपस्थितिबाट हटाउनेछु, म आफूले

**२३:१२**–२ राजा २१:५; २ इतिहास ३३:५. **२३:१३**–१ राजा ११:७. **२३:१५**–१ राजा १२:३३. **२३:१६**–१ राजा १३:२.
**२३:१७**–१ राजा १३:३०-३२. **२३:२१–२३**–२ इतिहास ३५:१-१९.

चुनेको शहर यरूशलेमलाई र मैले जसको
विषयमा यसो भनें, 'मेरो नाउँ त्यहाँ हुनेछ'
यस मन्दिरलाई त्यागनेछु ।"
**२८**योशियाहको शासनका अरू घटनाहरू
र तिनले गरेका सबै कामहरूको विषयमा के
ती यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ?
**२९**योशियाह राजा भएको बेला मिश्रदेशका
राजा फिरौन नेको अश्शूरका राजालाई सहायता
दिन यूफ्रेटिस नदीमा गए । राजा योशियाह
तिनलाई युद्धमा भेट्न निस्केर गए तर नेकोले
तिनको सामना गरेर मगिद्दोमा तिनलाई मारे ।
**३०**योशियाहका सेवकहरूले तिनको शरीरलाई
मगिद्दोबाट यरूशलेममा ल्याए र तिनलाई तिनको
आफ्नै चिहानमा गाड़े । अनि देशवासीहरूले
योशियाहका छोरा यहोआहाजलाई लिएर
तिनलाई अभिषेक गरेर तिनलाई आफ्ना पिताको
ठाउँमा राजा बनाए ।

### यहूदाका राजा यहोआहाज

**३१**राजा हुँदा यहोआहाज तेईस वर्षका थिए
र तिनले यरूशलेममा तीन महिना राज्य
गरे । तिनकी आमाको नाउँ हमुतल थियो जो
यर्मियाकी छोरी थिइन् । तिनी लिब्नाकी
थिइन् । **३२**तिनले आफ्ना पुर्खाहरूले गरेझैं
परमप्रभुको दृष्टिमा दुष्टता गरे । **३३**फिरौन
नेकोले तिनले यरूशलेममा शासन नगरून्
भनी तिनलाई हमात देशको रिब्लामा साङ्लोले
बाँधे, यहूदामाथि एक सय तोड़ा चाँदी र एक
तोड़ा सुनको कर लगाइदिए । **३४**फिरौन नेकोले
योशियाहका छोरा एल्याकीमलाई तिनका पिताको
सट्टामा राजा तुल्याए, र तिनको नाउँ एल्याकीमबाट
यहोयाकीम राखिदिए । **३५**यहोयाकीमले फिरौन
नेकोलाई तिनले दाबी गरेका चाँदी र सुन
तिरे । यसो गर्नको निम्ति तिनले देशमाथि
कर लगाएर तिनीहरूको मूल्याङ्कनअनुसार
देशवासीहरूबाट चाँदी र सुन लिए ।

### यहूदाका राजा यहोयाकीम

**३६**राजा हुँदा यहोयाकीम पच्चीस वर्षका
थिए र तिनले यरूशलेममा एघार वर्ष
राज्य गरे । तिनकी आमाको नाउँ जबीदा
थियो जो पदायाहकी छोरी थिइन् । तिनी
रूमाकी थिइन् । **३७**अनि तिनले आफ्ना
पुर्खाहरूले गरेझैं परमप्रभुको दृष्टिमा दुष्टता
गरे ।

**२४** यहोयाकीमको शासनकालमा, बेबिलोनका
राजा नबूकदनेसरले देशमाथि आक्रमण
गरे, यहोयाकीम तीन वर्षसम्म तिनका रैती
भए । तर पछिबाट तिनले आफ्नो मन बदलेर
नबूकदनेसरको विरोध गरे । **२**परमप्रभुले तिनको
विरुद्धमा बेबिलोनी, अरामी, मोआबी र अम्मोनी
पठाउनुभयो । उहाँले तिनीहरूलाई आफ्ना दास
अगमवक्ताहरूद्वारा घोषणा गरिएको परमप्रभुको
वचनअनुसार यहूदालाई नाश गर्न पठाउनुभयो ।
**३**मनश्शेका पापहरू र तिनले जे-जति गरेका
थिए, त्यसको कारण आफ्नो उपस्थितिबाट
हटाउनलाई परमप्रभुको आज्ञाअनुसार यी
कुराहरू निश्चय नै भए । **४**ती पापहरूमा
निर्दोषहरूको रगत बगाएको पनि सामेल थिए,
किनकि तिनले यरूशलेमलाई निर्दोष रगतले
भरिदिएका थिए, परमप्रभुले क्षमा दिने इच्छा
गर्नुभएन ।
**५**यहोयाकीमको शासनका अरू घटनाहरू
र तिनले गरेका सबै कामहरूका विषयमा के
ती यहूदाका राजाहरूका पुस्तकहरूमा लेखिएका
छैनन् र ? **६**यहोयाकीम आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र तिनका छोरा यहोयाकीन
तिनीपछि राजा भए ।
**७**मिश्रदेशमा राजा आफ्नो देशबाट फेरि
बाहिर निस्केर आएनन् किनकि बेबिलोनका
राजाले तिनका सबै प्रान्तहरू मिश्रदेशको
खोल्सादेखि यूफ्रेटिस नदीसम्मै लगिदिएका
थिए ।

---

**२३:२८–३०**–२ इतिहास ३५:२०-३६:१. **२३:३०–३४**–२ इतिहास ३६:२-४. **२३:३४**–यर्मिया २२:११-१२.
**२३:३६–२४:७**–२ इतिहास ३६:५-८. **२३:३६**–यर्मिया २२:१८-१९; २६:१-६; ३५:१-१९. **२४:१**–यर्मिया २५:१-३८;
दानिएल १:१-२.

### यहूदाका राजा यहोयाकीन

**८**राजा हुदाँ यहोयाकीन अठार वर्षका थिए
र तिनले यरूशलेममा तीन महिना राज्य
गरे । तिनकी आमाको नाउँ नहूश्ता
थियो, जो एल्नातानकी छोरी थिइन् ।
तिनी यरूशलेमकी थिइन् । **९**तिनले आफ्ना
पितापुर्खाहरूले गरेझैं परमप्रभुको दृष्टिमा दुष्टता
गरे ।

**१०**त्यस बेला बेबिलोनका राजा
नबूकदनेसरका अधिकृतहरूले यरूशलेमतिर
बढ़ेर त्यसलाई घेरे, **११**र तिनका अधिकृतहरूले
त्यसलाई घेरिरहेको बेला नबूकदनेसर आफै
शहरसम्म आए । **१२**यहूदाका राजा यहोयाकीन,
तिनकी आमा, तिनका सेवकहरू, तिनका
भारादारहरू र तिनका अधिकृतहरू सबैले
तिनको अघि आत्मसमर्पण गरे ।

बेबिलोनका राजाको आठौं वर्षमा तिनले
यहोयाकीनलाई कैदी बनाएर लगे । **१३**परमप्रभुले
घोषणा गर्नुभएझैं नबूकदनेसरले परमप्रभुको
मन्दिर र राजाहरूबाट सबै भण्डारहरू हटाए
र इस्राएलका राजा सुलेमानले परमप्रभुको
मन्दिरको निम्ति बनाएका सुनका चीजबीज
सबै लगेर गए । **१४**तिनले सम्पूर्ण यरूशलेमलाई,
सबै अधिकृतहरू र योद्धाहरू सबै कारीगरहरू
र शिल्पीहरू गरी जम्मा दश हजार जनालाई
देशबाट निकालेर लगे । देशका अति गरीब
मानिसहरू मात्र छोड़िए ।

**१५**नबूकदनेसरले यहोयाकीनलाई कैद गरेर
बेबिलोनमा लगे । तिनले यरूशलेमबाट राजाकी
आमा, तिनका पत्नीहरू, तिनका अधिकृतहरू
र देशका गण्यमान्य मानिसहरूलाई पनि
बेबिलोनमा लगे । **१६**बेबिलोनका राजाले
बलिया र युद्ध गर्न सक्ने सात हजार लड़ाकु
मानिसहरूको दल र एक हजार जना कारीगर
र शिल्पीहरूलाई पनि बेबिलोनमा निकालेर
लगे । **१७**तिनले यहोयाकीनका काका
मत्तन्याहलाई तिनको ठाउँमा राजा बनाए र
तिनको नाउँ बदलेर सिदकियाह राखिदिए ।

### यहूदाका राजा सिदकियाह

**१८**राजा हुदाँ सिदकियाह एक्काईस वर्षका
थिए र तिनले यरूशलेममा एघार वर्ष राज्य
गरे । तिनकी आमाको नाउँ हमुतल थियो जो
यर्मियाकी छोरी थिइन् । तिनी लिब्नाकी
थिइन् । **१९**तिनले यहोयाकीमले गरेझैं
परमप्रभुको दृष्टिमा दुष्टता गरे । **२०**परमप्रभुको
क्रोधको कारण नै यरूशलेम र यहूदामा यी
सबै हुन आएका थिए र आखिरमा उहाँले
तिनीहरूलाई आफ्ना उपस्थितिबाट जबरजस्ती
निकालिदिनुभयो ।

तब सिदकियाह बेबिलोनका राजाको
विरुद्धमा बागी भए ।

### यरूशलेमको पतन

**२५** यसकारण, सिदकियाहको शासनको
नवौं वर्षको दशौं महिनाको दशौं दिनमा
बेबिलोनका नबूकदनेसरले आफ्नो सम्पूर्ण फौज
लिएर यरूशलेमको विरुद्धमा युद्ध-यात्रा गरे ।
तिनले शहरको बाहिर छाउनी हाले, त्यसका
चारैतिर घेरा हाल्ने कुराहरू बनाए । **२**राजा
सिदकियाहको एघारौं वर्षसम्म शहर घेरामा
परिरहचो । **३**चौथो महिनाको नवौं दिनसम्ममा
शहरभित्र भएको अनिकाल यति साह्रो भयो
कि खानको निम्ति मानिसहरूसित भोजन केही
थिएन । **४**तब बेबिलोनीहरूले शहरलाई घेरेर
राखेकै भए तापनि शहरको पर्खाल तोड़ियो ।
सम्पूर्ण फौज राजाको बगैंचाको छेउका दुईओटा
पर्खाल बीचको मूलढोकाबाट भएर राती नै
भागे । तिनीहरू अराबातिर भागे **५**तर बेबिलोनी
फौजले राजालाई खेदेर यरीहोको मैदानमा
भेटे । तिनका सबै योद्धाहरू तिनीहरूबाट अलग
भएर छरपुष्ट भएका थिए, **६**र तिनी पक्राउ

**२४:८–१७**–२ इतिहास ३६:९-१०. **२४:१२**–यर्मिया २२:२४-३०; २४:१-१०; २९:१-२. **२४:१५**–इजकिएल १७:१२.
**२४:१७**–यर्मिया ३७:१; इजकिएल १७:१३. **२४:१८–२०**–२ इतिहास ३६:११-१२; यर्मिया ५२:१-३.
**२४:१८**–यर्मिया २७:१-२२; २८:१-१७. **२४:२०**–इजकिएल १७:१५. **२५:१–२१**–२ इतिहास ३६:१३-२१;
यर्मिया ५२:३-११. **२५:१**–यर्मिया २१:१-१०; ३४:१-५; इजकिएल २४:२. **२५:४**–इजकिएल ३३:२१.

परे । तिनी रिब्लामा बेबिलोनका राजाकहाँ
लगिए जहाँ तिनीमाथि दण्ड घोषणा गरियो ।
**७**तिनीहरूले सिदकियाहका छोराहरूलाई तिनकै
आँखाका सामुन्ने मारे । तब तिनीहरूले तिनका
आँखा निकालिदिए, तिनलाई काँसाका साङ्लाहरूले
बाँधे र तिनलाई बेबिलोनमा लगे ।

**८**बेबिलोनका राजा नबूकदनेसरको
उन्नाईसौं वर्षको पाँचौं महिनाको सातौं दिनमा
राजकीय पालेहरूका कप्तान, बेबिलोनका
राजाका एक जना अधिकृत नबूजरदान
यरूशलेममा आए । **९**तिनले परमप्रभुको
मन्दिरमा, राजमहलमा, यरूशलेमका सबै
घरहरूमा आगो लगाइदिए । तिनले प्रत्येक
मुख्य भवन जलाइदिए । **१०**बेबिलोनका सम्पूर्ण
फौजले शाही पालेका कप्तानको अधीनमा
यरूशलेमका पर्खालहरू भत्काइदिए । **११**पालेका
कप्तान नबूजरदानले शहरमा रहेका मानिसहरू
र शहरमा बाँकी रहेका आबादी र बेबिलोनका
राजाकहाँ गएकाहरू सबैलाई देशबाट निकालेर
लगे । **१२**तर कप्तानले देशका कतिपय अति
गरीबहरूलाई दाखबारी र खेतहरूमा काम
गर्नलाई छोड़िदिए ।

**१३**बेबिलोनीहरूले परमप्रभुको मन्दिरमा
भएका काँसाका खाँबोहरू, ठेला-गाड़ीहरू र
काँसाका खड्कुँलो भत्काइदिए र काँसाचाँहि
तिनीहरूले बेबिलोनमा लगे । **१४**तिनीहरूले
भाँड़ाहरू, बेल्चाहरू, सलेदाका चिम्टाहरू र
कचौराहरू अनि मन्दिरको सेवामा प्रयोग
गरिने काँसाका सबै सरसामानहरू लगे । **१५**शाही
पालेका कप्तानले निखुर सुन अथवा चाँदीले
बनिएका धूपदानी छर्कने बाटाहरू लगेर गए ।

**१६**सुलेमानले परमप्रभुको भवनको निम्ति
बनाइएका दुई स्तम्भहरू, खड्कुँलो र ठेला-
गाड़ीहरूबाटका काँसा ओजन गर्न नसकिने
थियो । **१७**प्रत्येक स्तम्भ सत्ताईस फीट अग्लो
थियो । स्तम्भको टुप्पोमा भएको काँसाको
शिर साँढ़े चार फीट अग्लो अनि त्यसलाई
काँसाका जाली र दारीमले चारैतिरबाट
सिँगारिएको थियो ।

**१८**अङ्गरक्षकहरूका सेनापतिले मुख्य
पूजाहारी सरायाह र दोस्रो दर्जाका पूजाहारी
सपन्याह र तीन जना ढोकेहरूलाई पनि कैद
गरेर लगे । **१९**शहरमा अझ रहेकाहरूमध्ये
तिनले लड़ाकू मानिसहरूका अधिपति र पाँच
जना शाही सल्लाहकारहरूलाई लगे । तिनले
देशका मानिसहरूलाई बलपूर्वक सेनामा
भर्ती गर्ने जिम्मामा रहेका सचिव र शहरमा
भेट्टाइएका तिनका साठी जना मानिसहरूलाई
पनि लगे । **२०**कप्तान नबूजरदानले तिनीहरू
सबैलाई लगे र बेबिलोनका राजाकहाँ रिब्लामा
ल्याए । **२१**त्यहाँ हमात देशको रिब्लामा
राजाले तिनीहरूलाई मार्न लाए ।

यसरी यहूदा आफ्नो देशबाट टाढ़ो कैदमा
लगियो ।

**२२**बेबिलोनका राजा नबूकदनेसरले शापानका
नाति अहीकामका छोरा गदल्याहलाई तिनले
यहूदामा छोड़ेका मानिसहरूमाथि नियुक्त गरे ।
**२३**जब सेनाका सबै अधिकृतहरू र तिनीहरूका
मानिसहरूले बेबिलोनका राजाले गदल्याहलाई
राज्यपाल नियुक्त गरेका सुने, तिनीहरू,
नतन्याहको छोरा इश्माएल, कारेहका छोरा
योहानान, नतोपाती तन्हूमेतका छोरा सरायाह,
मकातीका छोरा याजन्याह र तिनीहरूका
मानिसहरू मिस्पामा गदल्याहकहाँ आए ।
**२४**गदल्याहले तिनीहरूलाई फेरि आश्वासन
दिनलाई शपथ खाए । तिनले भने, "बेबिलोनी
अधिकृतहरूसित नडराऊ । देशका बसोबासो
गरेर बेबिलोनका राजाको सेवा गर र
तिमीहरूलाई भलो हुनेछ ।"

**२५**तरै पनि, सातौं महिनामा एलीशामाका
छोरा नतन्याहका छोरा इश्माएल जो शाही
खानदानका थिए, दश जना मानिसहरूसित

---

**२५:७**–इजकिएल १२:१३. **२५:८–१७**–यर्मिया ५२:१२-३३. **२५:१३**–१ राजा ७:१५-२६; २ इतिहास ३:१५-१७.
**२५:१४**–१ राजा ७:४५; २ इतिहास ४:१६. **२५:१८–२१**–यर्मिया ५२:२४-२७.
**२५:२२–२६**–यर्मिया ४०:७-९; ४१:१-३. **२५:२६**–यर्मिया ४३:५-७.

आएर गदल्याहलाई र यहूदाका मानिसहरू र
तिनीसित मिस्पामा भएका बेबिलोनीहरूलाई
मारे । **२६**यसैले बेबिलोनीहरूको डरले गर्दा
सानादेखि लिएर ठूलासम्म, सेनाका
अधिकृतहरूसमेत सबै मिश्रदेशमा भागे ।

**यहोयाकीनको छुटकारा**

**२७**यहूदाका राजा यहोयाकीन देश
निकालावास भएको सैंतीसौँ वर्षमा एबील-
मरोदकले बेबिलोनका राजा भएको वर्षमा
यहोयाकीनलाई बाह्रौँ महिनाको सत्ताईसौँ दिनमा
छुटकारा दिए । **२८**तिनले उनीसित मीठा कुरा
गरे र आफूसित बेबिलोनमा भएका अरू
राजाहरूभन्दा माथिल्लो दर्जाका सम्मानको
आसन दिए । **२९**यसकारण यहोयाकीनले आफ्ना
कैदका वस्त्रहरू उतारे र आफ्नो जीवनकालभरि
राजाका टेबुलमा खाए । **३०**तिनी बाँचुन्जेल
राजाले तिनलाई दैनिक भत्ता दिए ।

**२५:२७–३०**–यर्मिया ५२:३१-३४.

# इतिहासको पहिलो पुस्तक

**आदमदेखि अब्राहामसम्मको वंशावली**

**नूहका छोराहरूलाई**

१ आदम, शेत, एनोश, २केनान, महललेल,
येरेद, ३हनोक, मतूशेलह, लेमेक, नूह ।
४नूहका छोराहरू:
शेम, हाम र येपेत ।

**येपेतवंशीहरू**

५येपेतका छोराहरू:
गोमेर, मागोग, मादै, यावान, तूबल,
मेशेक र तीरास ।
६गोमेरका छोराहरू:
अश्कनज, रीपत, अनि तोगर्मा ।
७यावानका छोराहरू:
एलीशा, तर्शीश, कित्तीम र रोदानीम ।

**हामवंशीहरू**

८हामका छोराहरू:
कूश, मिश्रेम, पूत र कनान ।
९कूशका छोराहरू:
सबा, हवीला, सब्ता, रामा र सब्तेका ।
रामाका छोराहरू:
शबा र ददान ।
१०कूशचाहिँ निम्रोदका पिता थिए,
जुन निम्रोद पृथ्वीमा एक शक्तिशाली
योद्धा भए ।
११मिश्रेमचाहिँ यिनीहरूका पिता थिए,
लूदीहरू, अनामीहरू, लहाबीहरू,
नप्तूहीहरू, १२पत्रुसीहरू, कस्लूहीहरू
(जसबाट पलिश्तीहरू आए)
र कप्तोरीहरू ।
१३कनानचाहिँ यिनीहरूका पिता थिए,
जेठो सीदोन, अनि हित्तीहरू,
१४यबूसीहरू, एमोरीहरू, गिर्गाशीहरू,
१५हिव्वीहरू, अरकीहरू, सीनीहरू,
१६अर्वादीहरू, समारीहरू र हमातीहरू ।

**शेमवंशीहरू**

१७शेमका छोराहरू:
एलाम, अश्शूर, अर्पक्षद, लूद र अराम ।
अरामका छोराहरू:
ऊज, हूल, गेतेर र मेशेक ।
१८अर्पक्षद शेलहका पिता थिए,
अनि शेलाहचाहिँ एबेरका पिता थिए ।
१९एबेरका दुई छोराहरू भए,
एउटाको नाउँ पेलेग राखियो, किनकि तिनकै
समयमा पृथ्वी विभक्त गरिएको थियो ।
तिनको भाइको नाउँ योक्तान राखियो ।
२०योक्तान यिनीहरूका पिता थिए, अल्मोदाद,
शेलेप, हसर्मवित, येरह, २१हदोरम,
ऊजाल, दिक्ला, २२ओबाल, अबीमाएल,
शबा, २३ओपीर, अवीला र योबाब ।
यी सबै योक्तानका छोराहरू थिए ।
२४ शेम, अर्पक्षद, शेलह,
२५ एबेर, पेलेग, रऊ,
२६ सरूग, नाहोर, तेरह
२७ अनि अब्राम (जसलाई अब्राहाम पनि
भनिन्छ) ।

**अब्राहामको परिवार**

२८अब्राहामका छोराहरू:
इसहाक र इश्माएल ।

**हागारको सन्तान**

२९तिनीहरूका सन्तानहरू यी नै थिए:
इश्माएलका जेठा छोरा नबायोत,

---

**१:१-४**–उत्पत्ति ५:१-३२; १०:१-३२; ११:१०-२६. **१:२८-३१**–उत्पत्ति २५:१२-१६.

केदार, अदबेल, मिब्साम, **३०**मिश्मा,
दूमा, मस्सा, हदद, तेमा, **३१**यतूर,
नापीश र केदमा, इश्माएलका
छोराहरू यिनै थिए ।

### कतूराको सन्तानहरू

**३२**अब्राहामकी उप-पत्नी कतूराले जन्माएका
छोराहरू:
जिम्रान, योक्षान, मदान, मिद्यान,
यिशबाक र शूह,
योक्षानका छोराहरू:
शबा र ददान
**३३**मिद्यानका छोराहरू:
एपा, एपेर, हनोक, अबीदा र एल्दा ।
यी सबै कतूराका सन्तान थिए ।

### साराका सन्तानहरू

**३४**अब्राहाम, इसहाकका पिता थिए ।
इसहाकका छोराहरू:
एसाव र इस्राएल ।

### एसावका छोराहरू

**३५**एसावका छोराहरू:
एलीपज, रूएल, यऊश, यालाम र
कोरह ।
**३६**एलीपजका छोराहरू:
तेमान, ओमार, एपी, गालाम
र कनज अनि तिम्नाबाट अमालेक ।
**३७**रूएलका छोराहरू:
नहत, जेरह, शम्मा र मिज्जा ।

### एदोममा सेईरका मानिसहरू

**३८**सेईरका छोराहरू:
लोतान, शोबाल, सिबोन, अना,
दीशोन, एसेर र दीशान ।
**३९**लोतानका छोराहरू:
होरी र होमान । तिम्नाचाहिँ लोतानकी
बहिनी थिइन् ।
**४०**शोबलका छोराहरू:
अल्वान, मानहत, एबाल, शपो
र ओनाम ।
सिबोनका छोराहरू:
अयीया र अना ।
**४१**अनानका छोरा:
दीशोन ।
दीशोनका छोराहरू:
हेमदान, एश्बान, यित्रान र करान ।
**४२**एसेरका छोराहरू:
बिल्हान, जावान र अकान ।
दीशानका छोराहरू:
ऊज र अरान ।

### एदोमका शासकहरू

**४३**कुनै इस्राएली राजाले शासन गर्नुभन्दा पहिले
एदोममा शासन गर्ने राजाहरू यी थिए:
बओरका छोरा बेला, जसको शहरको
नाउँ दिनहाबा राखियो ।
**४४**बेला मरेपछि बोज्राबाटका जेरहका छोरा
योबाब राजा भए ।
**४५**योबाब मरेपछि तेमानीहरूको देशबाटका
हूशाम राजा भए ।
**४६**हूशाम मरेपछि बददका छोरा हदद राजा
भए, जसले मोआबको देशमा मिद्यानलाई
परास्त गरेर तिनको पछि राजा भए ।
तिनको शहरको नाउँ अवीत राखियो ।
**४७**हदद मरेपछि मस्रेकाबाटका शम्ला राजा
भए ।
**४८**सम्ला मरेपछि नदीका किनारका
रहोबोतबाटका शाऊल राजा भए ।
**४९**शाऊल मरेपछि अकबोरका छोरा बाल-
हनान राजा भए ।
**५०** बाल-हनान मरेपछि हदद राजा भए ।
तिनको शहरको नाउँ पाऊ राखियो ।
अनि तिनकी स्वास्नीको नाउँ महतबेल
थियो जो मत्रेदकी छोरी, जोचाहिँ मेजहाबकी
छोरी थिइन् । **५१**हदद पनि मरे ।

---

**१:३४–३७**–उत्पत्ति ३६:१-१९. **१:३८–४२**–उत्पत्ति ३६:२०-३०. **१:४३–५४**–उत्पत्ति ३६:३१-४३.

एदोमका मुखियाहरू यी थिए:
तिम्ना, अल्वा, येतेत, **५२**ओहोलीबामा,
एला, पीनोन, **५३**कनज, तेमान,
मिब्सार, **५४**मग्दीएल र ईराम ।
एदोमका मुखियाहरू यिनै थिए ।

### इस्राएलका छोराहरू

**२** इस्राएलका छोराहरू यिनै थिए: रूबेन,
शिमोन, लेवी, यहूदा, इस्साकार, जबूलून,
**२**दान, यूसुफ, बेन्यामीन, नप्ताली, गाद र आशेर ।

### यहूदाका सन्तान

**३**यहूदाका छोराहरू:
एर्, ओनान र शेला । यी तीन जनाकी
आमाचाहिँ कनानी स्त्री शूआ थिइन् ।
यहूदाका जेठा छोरा एर परमप्रभुको दृष्टिमा
दुष्ट थिए । यसकारण परमप्रभुले तिनलाई
मार्नुभयो । **४**यहूदाकी बुहारी तामारले तिनको
निम्ति पेरेस र जेरहलाई जन्माइन् ।
यहूदाका जम्मा पाँच छोराहरू थिए ।

**५**पेरेसका छोराहरू:
हेस्रोन र हामूल ।
**६**जेरहका छोराहरू:
जिम्री, एतान, हेमान, कलकोल र दर्दा
जम्मा पाँच जना थिए ।
**७**कर्मीका छोरा:
आकान, जसले अर्पण गरिएको
चीजहरू नलिने विषयमा नियम भङ्ग
गरेर इस्राएलमाथि विपत्ति ल्याए ।
**८**एतानका छोरा:
अजर्याह ।
**९**हेस्रोनका छोराहरू यिनै थिए:
यरहमेल, राम र कालेब ।

### हेस्रोनका छोरा रामबाट

**१०**राम अम्मीनादाबका पिता थिए,
अनि अम्मीनादाबचाहिँ नहशोनका पिता
थिए, जुन नहशोन यहूदाका मानिसहरूका
अगुवा थिए । **११**नहशोन सल्मोनका
पिता थिए, सल्मोन बोअजका पिता थिए,
**१२**बोअज ओबेदका पिता थिए र ओबेद
यिशैका पिता थिए ।
**१३**यिशै आफ्ना जेठा छोरा एलीआबका पिता
थिए, तिनका दोस्रो छोरा अबीनादाब थिए,
तेस्रो सिमा, **१४**चौथो नथनिएल, पाँचौं
रद्दै, **१५**छैटौं ओसेमको र सातौं दाऊद
थिए । **१६**तिनीहरूका बहिनीहरू सरूयाह
र अबीगेल थिए । सरूयाहका तीन
छोराहरू अबीशै, योआब र असाहेल थिए ।
**१७**अबीगेलचाहिँ अमासाकी आमा थिइन्
जुन अमासाका पिता इश्माएली येतेर
थिए ।

### हेस्रोनका छोरा कालेब

**१८**हेस्रोनका छोरा कालेबका आफ्नी पत्नी अजूबा
(अनि यरिओत) बाट छोराहरू थिए ।
तिनका छोराहरू यिनै थिए, येशेर, शोबाब
र अर्दोन । **१९**अजूबा मरेपछि कालेबले
एप्रातलाई विवाह गरे जसले तिनको
निम्ति हूरलाई जन्माइन् । **२०**हूर ऊरीका
पिता थिए अनि ऊरीचाहिँ बजलेलका
पिता थिए ।
**२१**पछिबाट हेस्रोन गिलादका पिता माकीरकी
छोरीसित सुते (तिनले उसलाई आफू साठी
वर्षको उमेर हुँदा विवाह गरेका थिए)
अनि उसले तिनको निम्ति सगूबलाई
जन्माइन् । **२२**सगूब याइरका पिता थिए,
जसले गिलादका तेईसओटा शहरहरूलाई
अधीनमा राखेका थिए । **२३**(तर गेशूर र
अरामले हव्वोत याईर अनि कनतलाई
त्यसका चारैतिरका आबादीहरू, अर्थात्
साठीओटा शहरहरूसमेत कब्जा गरेका
थिए) । यी सबै गिलादका पिता
माकीरका सन्तान थिए ।
**२४**हेस्रोन कालेब-एप्राातामा मरेपछि तिनकी पत्नी

---

**२:७**–यहोशू ७:१.

अबीयाहले तिनको निम्ति अशहूरलाई
जन्माइन् जो तकोका पिता थिए ।

### हेस्रोनका छोरा यरहमेल

२५हेस्रोन जेठा छोरा यरहमेलका छोराहरू:
जेठा राम, बूना, ओरेन, ओसेन र
अहियाह । २६यरहमेलकी अर्की पत्नी थिइन्
जसको नाउँ अतरा थियो । ऊ ओनामकी
आमा थिइन् ।
२७यरहमेलका जेठा छोरा रामका छोराहरू:
मास, यामीन र एकेर ।
२८ओनामका छोराहरू:
शम्मै र यादा ।
शम्मैका छोराहरू:
नादाब र अबीशूर ।
२९अबीशूरकी पत्नीको नाउँ अबीहेल राखियो
जसले तिनको निम्ति अहबान र
मोलीदलाई जन्माइन् ।
३०नादाबका छोराहरू:
सेलेद र अप्पेम । सेलेद निस्सन्तान भएर
मरे ।
३१अप्पेमका छोराहरू:
यिशी, जो शेशानका पिता थिए ।
शेशानचाहिँ अहलैका पिता थिए ।
३२शम्मैका भाइ यादाका छोराहरू:
येतेर र जोनाथनन । येतेर निस्सन्तान
भएर मरे ।
३३जोनाथनका छोराहरू:
पेलेत र जाजा ।
यरहमेलका सन्तानहरू यिनै थिए ।
३४शेशानका छोराहरू नभएर छोरीहरू मात्र
थिए । तिनको यहाँ नाउँको मिश्री दास
थियो । ३५शेशानले आफ्नी छोरीलाई
यर्हासित विवाह गरिदिए अनि उसले
तिनको निम्ति अत्तैलाई जन्माइन् ।
३६अत्तै नातानका पिता थिए, नातान जाबादका
पिता थिए,
३७जाबाद एपलालका पिता थिए, एपलाल
ओबेदका पिता थिए, ३८ ओबेद येहूका
पिता थिए, येहू अजर्याहका पिता थिए,
३९अजर्याह हेलेशका पिता थिए, हेलेश एलासाका
पिता थिए,
४०एलासा सिस्मैका पिता थिए, सिस्मै शल्लूमका
पिता थिए,
४१शल्लूम यकम्याहका पिता थिए, यकम्याह
एलीशामाका पिता थिए ।

### कालेबका वंशहरू

४२यरहमेलका भाइ कालेबका छोराहरू:
जेठा मेशा, जो जीपका पिता थिए, अनि
मारेशा जो हेब्रोनका पिता थिए ।
४३हेब्रोनका छोराहरू:
कोरह, तप्पूह, रेकेम र शेमा । ४४शेमा
रहमका पिता थिए, र रहमचाहिँ योर्कामका
पिता थिए । रेकेम शम्मैका पिता थिए ।
४५शम्मैका छोरामाओन थिए र माओनचाहिँ
बेथसुरका पिता थिए ।
४६कालेबकी उप-पत्नी एपाचाहिँ हारान, मोसा
र गाजेजकी आमा थिइन् । हारान,
गाजेजका पिता थिए ।
४७यहदैका छोराहरू:
रेगेम, योताम, गेशान, पेलेत, एपा र
शाप ।
४८कालेबकी उप-पत्नी माकाचाहिँ शेबेर र
तिर्हानाकी आमा थिइन् । ४९तिनले
मदमन्नाका पिता शाप र मक्बेना अनि
गिबाका पिता शबालाई पनि जन्माइन् ।
कालेबकी छोरी अक्सा थिइन् । ५०कालेबका
सन्तानहरू यिनै थिए ।
एप्राताका जेठा छोरा हूरका छोराहरू, किर्यात
यारीमका पिता शोबाल । ५१बेथलेहेमका
पिता सल्मा अनि बेथ-गादेरका पिता
हारेप ।
५२किर्यात-यारीमका पिता शोबालका सन्तानहरू
यिनै थिए:
हरोए, मनहतीहरूका आधा भाग,
५३अनि किर्यात-यारीमका वंशहरू अर्थात्
यित्रीहरू, पूतवंशीहरू, शूमातीहरू,

मिश्रातीहरू । यीबाट सोरातीहरू र
एश्ताओलीहरू भए ।

**५४**सल्माका सन्तानहरू:
बेथलेहेम, नतोपातीहरू, अतारोत, बेथ-
योआब, मानहतीहरूका आधा भाग,
सोरीहरू, **५५**अनि याबेशमा बस्ने
सोफ्रितीहरूका वंशहरू अर्थात् तिरातीहरू,
शिमातीहरू र सुचातीहरू। रेकाबीहरूका
घरानाका पिता हमातबाट आएका
केनीहरू यिनै थिए ।

### दाऊदका छोराहरू

**३** हेब्रोनमा जन्मेका दाऊदका छोराहरू यिनै
हुन्: जेठा छोरा अमनोन, जसकी आमा
यिज्रेलकी अहीनोम थिइन्; माहिलाचाहिँ दानिएल,
जसकी आमा कर्मेलकी अबीगेल थिइन्,
**२**साहिँला अब्शालोम, जसकी आमा गेशूरका
राजा तल्मैकी छोरी माका थिइन्, काहिँला
अदोनियाह, जसकी आमा हग्गीत थिइन्,
**३**अन्तरे शपत्याह, जसकी आमा अबीतल थिइन्,
अनि कान्छा यित्राम, जसकी आमा
दाऊदकी पत्नी एग्ला थिइन् ।
**४**यी छ जना दाऊदबाट हेब्रोनमा जन्मेका
थिए जहाँ तिनले सात वर्ष छ महिना
राज्य गरे ।
दाऊदले यरूशलेममा तेत्तीस वर्ष राज्य गरे, **५**र
त्यहाँ जन्मेका तिनका छोराछोरीहरू यिनै हुन्:
शम्मूआ, शोबाब, नातान र सुलेमान ।
यी चार जनाचाहिँ अम्मीएलकी छोरी
बेथशेबाबाटका थिए। **६**त्यहाँ अरू पनि
थिए, अर्थात् यिभार, एलीहूअ, एलीपेलेत,
**७**नोगह, नेपेग, यापी, **८**एलीशामा,
एल्यादा र एलीपेलेत–जम्मा नौ जना ।
**९**यी सबै दाऊदका छोराहरू थिए ।
यसबाहेक तिनका उप-पत्नीहरूबाट पनि
छोराहरू भए। अनि तामारचाहिँ तिनकी
बहिनी थिइन् ।

### यहूदाका राजाहरू

**१०**सुलेमानका छोरा रहबाम थिए,
तिनका छोरा अबीयाह,
तिनका छोरा आसा,
तिनका छोरा यहोशापात,
**११** तिनका छोरा यहोराम,
तिनका छोरा अहज्याह ।
तिनका छोरा योआश,
**१२** तिनका छोरा अमस्याह,
तिनका छोरा अजर्याह,
तिनको छोरा योताम,
**१३** तिनका छोरा आहाज,
तिनका छोरा हिजकियाह,
तिनका छोरा मनश्शे ।
**१४** तिनका छोरा आमोन,
तिनका छोरा योशियाह ।
**१५** योशियाहका छोराहरू:
जेठा योहानान,
माहिला यहोयाकिम,
साहिँला सिदकियाह
कान्छा शल्लूम ।
**१६** यहोयाकीमका उत्तराधिकारीहरू:
तिनका छोरा यहोयाकीन र सिदकियाह
थिए ।

### देश निकालावासपछिका राजकीय वंश

**१७**कैदमा लगिएका यहोयाकीनका छोराहरू,
तिनका छोरा शालतिएल, **१८**मल्कीराम,
पदायाह, शेनस्सर, यकम्याह, होशामा
र नदव्याह ।
**१९**पदायाहका छोराहरू:
यरूबाबेल र शिमी ।
यरूबाबेलका छोराहरू:
मशूल्लाम र हनन्याह ।
तिनीहरूकी बहिनी शलोमीत थिइन् ।
**२०**अरू पाँच जना पनि थिए:
अशूबा, ओहेल, बेरेक्याह, हसदयाह र
यूशप-हेसेद ।

---

**३:४**–२ शमूएल ५:४-५; १ राजा २:११; १ इतिहास २९:२७. **३:५**–२ शमूएल ११:३.

**२१**हनन्याहका छोराहरू:
वलत्याह र यशयाह अनि रपायाहका, अर्नान, ओबदिया र शकन्याहका छोराहरू ।
**२२**शकन्याहका छोराहरू:
शमायाह र तिनका छोराहरू अर्थात् हत्तूश, ईगाल, बरिह, नार्याह र शापात, जम्मा छ जना ।
**२३**नार्याहका छोराहरू:
एल्योएनै, हिजकियाह र अज्रीकाम, जम्मा तीन जना ।
**२४**एल्योएनैका छोराहरू:
होदबिया, एल्याशीब, पलायाह, अक्कूब, योहानान, दलायाह र अनानी जम्मा सात जना ।

### यहूदाका वंशहरू

**४** यहूदाका छोराहरू:
पेरेस, हेस्रोन, कर्मी, हूर र शोबाल ।
**२**शोबालका छोरा रायाह, यहतका पिता
थिए, र यहतचाहिँ अहूमै र लहदका पिता
थिए । सोरातीहरूका वंश यी नै थिए ।
**३** एतामका छोराहरू यिनै थिए:
यिज्रेल, यिश्मा र यिद्बश । तिनीहरूकी बहिनीको नाउँ हस्सलेलपोनी थियो ।
**४** पनूएल, गदोरका पिता थिए, अनि एजेर, हूशका पिता थिए ।
एप्राताका जेठा छोरा, अर्थात् बेथलेहेमका पिता हूरका सन्तानहरू यिनै थिए,
**५** टकोका पिता अशहूरका दुई पत्नीहरू थिए, हेला र नारा ।
**६** नाराले तिनको निम्ति अहुज्जाम, हेपेर तेमनी र हाहशतारीलाई जन्माइन् । यी नाराका छोराहरू थिए ।
**७** हेलाका छोराहरू: सेरेथ, सोहोर, एतनान,
**८**र कोस, जो अनूब र हाज्जोबेबका र
हारूमका छोरा अहर्हेलका पिता थिए ।

**९**याबेशको सम्मान आफ्ना दाज्यूभाइहरूको
भन्दा बढ़ी थियो । तिनकी आमाले तिनको
नाउँ, "मैले यसलाई कष्टमा जन्माएँ"
भनेर याबेश राखिन् । **१०**याबेशले इस्राएलका
परमेश्वरको पुकारा गरे, "अहो, तपाईंले मलाई आशिष् दिएर मेरो प्रान्त फैलाइदिनुभए त ! तपाईंका हात मसित रहेर मलाई हानिबाट बचाउन् र म कष्टबाट मुक्त रहन सकूँ ।" अनि परमेश्वरले तिनको बिन्ती सुन्नुभयो ।

**११**शूअको भाइ कलूब महीरका पिता थिए, जुन
महीर एश्तोनका पिता थिए। **१२**एश्तोनचाहिँ
बेथ-रापा, पसेह, र तहिन्नाका पिता थिए। तहिन्ना इर-नाहशका पिता थिए। यिनीहरू रेकाका मानिसहरू थिए ।

**१३**कनजका छोराहरू:
ओत्नीएल र सरायाह ।
ओत्नीएलका छोराहरू:
हतात र मनोत्तै ।
**१४** मोनोत्तै ओप्राका पिता थिए । सरायाह, योआबका पिता थिए, योआब गे-हरशीमका पिता थिए । यसोचाहिँ त्यसका मानिसहरू कारीगरहरू भएकोले मानिएको थियो ।
**१५**यपून्नेको छोरा कालेबका छोराहरू:
ईरू, एलाह र नआम ।
एलाहका छोरा:
कनज ।
**१६**यहललेलका छोराहरू:
जीप, जीपा, तीरया र असरेल ।
**१७**एज्राहका छोराहरू:
येतेर, मेरेद, एपेर र यालोन । मेरेदका पत्नीहरूमध्ये एक जनाले मिरियम, शम्मै र एश्तमोका पिता यिश्बहलाई
जन्माइन् । **१८**(तिनका यहूदी पत्नीले
गेदोरका पिता येरेद, सोकोका पिता हेबेर र जानोआका पिता यकूतीएललाई जन्माइन् ।) यीचाहिँ फिरऊनकी छोरी बित्याहका छोराछोरीहरू थिए, जुन बित्याहलाई मेरेदले विवाह गरेका थिए ।
**१९**होदियाहकी पत्नी, नहमकी बहिनीका छोराहरू:
गेरेमी कीलाका पिता र माकाती एश्तमोका

पिता थिए ।
२०शिमोनका छोराहरू:
अम्मोन, रिन्ना, बेन-हानान् र तीलोन ।
यिशीका छोराहरू,
जोहेत र बेन-जोहेत ।
२१यहूदाका छोरा शेलहका छोराहरू:
लेकाका पिता एर, मारेशाका पिता
लादा र बेथ-अश्बेयामा मिहीन सुती
वस्त्रका काम गर्ने मानिसहरूका वंशहरू,
२२योकीम, कोजेबाका मानिसहरू पनि
योआश र साराप जसले मोआब र जशूबी
लेहेममा शासन गरे । (यी प्रतिलिपिहरू
प्राचीनकालदेखिका हुन् ।) २३तिनीहरू नतैम
र गदेरामा बस्ने कुमालेहरू थिए । तिनीहरू
त्यहाँ बसेर राजाका निम्ति काम गर्थे ।

## शिमोनका सन्तान

२४शिमोनका सन्तानहरू:
नमूएल, यामीन, यारीब, जेरह र शौल,
२५ शल्लूमचाहिँ शौलका छोरा थिए; मिब्साम
तिनका छोरा अनि मिश्मा तिनका छोरा ।
२६मिश्माका सन्तानहरू:
तिनका छोरा हम्मूएल, तिनका छोरा
जक्कूर, तिनका छोरा शिमी ।
२७शिमीका सोह्र छोराहरू र छ छोरीहरू
थिए, तर तिनका दाज्यूहरूका धेरै छोराछोरीहरू
थिएनन्; यसकारण तिनीहरूका सम्पूर्ण वंश
यहूदाका मानिसहरूझैं सङ्ख्यामा धेरै भएनन् ।
२८तिनीहरू बस्ने ठाउँ बेर्शेबा, मोलादा,
हसर-शुअल, २९बिल्हा, एसेम, तोलाद, ३०बतूएल,
होर्मा, सिकलग, ३१बेथ-मर्काबोत, हसरशूसीम,
बेथ-बिरी र शारेम थिए । दाऊदले शासन
नगरेसम्म तिनीहरूका यही शहरहरू थिए ।
३२तिनीहरूका चारैतिरका गाउँहरू यी थिए,
अर्थात् एताम, ऐन, रिम्मोन, तोकेन र
आशान, पाँचओटा गाउँहरू र ३३बालातसम्मै
चारैतिरका गाउँहरू । तिनीहरूले वंशावलीको
एउटा प्रतिलिपी पनि राखे ।
३४मशोबाब, यम्लेक, अमस्याहका छोरा
योशा, ३५योएल, योशिब्याहका छोरा येहू,
जो सरायाहका नाति र असीएलका पनाति
थिए । ३६एल्योएनै, याकोबा, याशोहायाह,
असायाह, अदीएल, यसीमीएल, बनायाह,
३७अनि शिपीका छोरा जीजा, जो अल्लोनका
नाति, यदायाहका पनाति, शिम्रीका
खनाति र शमायाहका जनाति थिए ।

३८नाउँद्वारा माथि सूचित गरिएका मानिसहरू
तिनीहरूका वंशहरूका अगुवाहरू थिए ।
तिनीहरूका परिवारहरू ठूलो रुपले बढे, ३९अनि
तिनीहरू आफ्ना बगालको निम्ति खर्क खोज्न
गेदोरको सिमानातिर खोल्साको पूर्वतिर गए ।
४०तिनीहरूले प्रशस्त अनि असल खर्क पाए र
त्यो ठाउँ फराकिलो, शान्तिपूर्ण र सूनसान
थियो । पहिले त्यहाँ केही हामवंशीहरू बसेका
थिए ।

४१माथि सूचित गरिएका नाउँ भएका
मानिसहरू यहूदाका राजा हिजकियाहको समयमा
आएका थिए । तिनीहरूले हामवंशीहरूलाई
तिनीहरू बसेकै ठाउँमा, अनि त्यहाँ भएका
जातिहरूलाई पनि आक्रमण गरे अनि
तिनीहरूलाई सम्पूर्ण रुपले नाश गरे जुनचाहिँ
आजसम्मै प्रत्यक्ष छ । तब तिनीहरू उनीहरूको
ठाउँमै बसोबासो गर्न थाले, किनकि त्यहाँ
तिनीहरूका बगालको निम्ति खर्क थियो ।
४२अनि यी पाँच सय शिमोनीहरूले यिशीका
छोराहरू पलात्याह, नेरियाह, रपायाह र
उज्जीएलको नेतृत्वमा सेईरको पहाडी मुलुकमाथि
आक्रमण गरे । ४३तिनीहरूले उम्केका र बाँकी
रहेका अमालेकीहरूलाई मारे, अनि तिनीहरू
आजको दिनसम्मै त्यहाँ बसेका छन् ।

## रूबेनका सन्तान

५ इस्राएलका छोराहरूमध्ये सबैभन्दा जेठा
रूबेनका छोराहरू (तिनी जेठा छोरा थिए,
तर तिनले आफ्ना पिताको विवाहको ओछ्यान

---

**४:२८-३३**–यहोशू १९:२-८. **५:१**–उत्पत्ति ३५:२२; ४९:३-४.

बिटुलिदिएपछि तिनको ज्येष्ठअधिकार इस्राएलका
छोरा यूसुफका छोराहरूलाई दिइयो, यसकारण
तिनलाई वंशावलीको प्रतिलिपिमा तिनको ज्येष्ठ-
अधिकारअनुसार सूचित गर्न सकिएन, **२**अनि
यहूदा आफ्ना दाज्यूभाइहरूमध्ये सबैभन्दा बलिया
भए तापनि, अनि तिनीबाटै एक शासक आए
तापनि, ज्येष्ठ-अधिकारचाहिँ यूसुफको भयो),
**३**इस्राएलका जेठा छोरा रूबेनका छोराहरू:

हनोक, पल्लू, हेस्रोन र कर्मी ।

**४**योएलका सन्तानहरू:

तिनका छोरा शमायाह, तिनका छोरा
गोग, तिनका छोरा शिमी, **५**तिनका
छोरा मीका, तिनका छोरा रायाह, तिनका
छोरा बाल, **६**तिनका छोरा बेरा जसलाई
अश्शूरका राजा तिग्लात-पिलेसरले कैद
गरेर लगे । बेराचाहिँ रूबेनीहरूका एक
जना अगुवा थिए ।

**७**वंशहरूअनुसार तिनीहरूका वंशावली
प्रतिलिपिअनुसार सूचित भएका तिनीहरूका
आफन्तहरू:

मुखिया यीएल, जकरिया, **८**अनि अजाजका
छोरा बेला, जो शेमाका नाति र योएलका
पनाति थिए । तिनीहरू अरोएरमा बस्थे,
र तिनीहरूको देश नेबो र बाल-मोनसम्म
फैलियो । **९**पूर्वतिर तिनीहरूले यूफ्रेटिस
नदीसम्म फैलिएको उजाड़-स्थानको
किनारको जमिन दखल गरे, किनकि
गिलादमा तिनीहरूका गाईबस्तु बढिगएका
थिए ।

**१०**शाऊलको शासनकालमा तिनीहरूले
हगारीहरूको विरुद्धमा युद्ध गर्दै
तिनीहरूलाई परास्त गरे । तिनीहरूले
गिलादको पूर्वतिरका सम्पूर्ण इलाकामा
हागारीहरूका छाउनीहरूलाई ओगटे ।

### गाद

**११** गादीहरू सलेकासम्मै बाशानमा
तिनीहरूका छेवैमा बसे:

**१२** बाशानमा योएल मुखिया थिए, तिनीपछि
शापान र त्यसपछि यानै र शापात ।

**१३** परिवारअनुसार तिनीहरूका आफन्तहरू
यिनै थिए:

मीखाएल, मशूल्लम, शेबा, योरै, याकान,
जीआ र एबेर जम्मा सात जना ।

**१४** बूजका छोरा यहदोका छोरा यशीशैका
छोरा, मीखाएलका छोरा, गिलादका
छोरा, यारोहका छोरा, हूरीका छोरा
अबीहेलका छोराहरू यिनै थिए ।

**१५** गुनीका छोरा अब्दीएलका छोरा, अही
तिनीहरूका परिवारका मुखिया थिए ।

**१६** गादीहरू गिलादमा, बाशान र यसका
छेउछाउका गाउँहरूमा र शारोनका सबै
खर्कहरू फैलिएका ठाउँसम्म बसे ।

**१७**यहूदाका राजा योताम र इस्राएलका
राजा यारेबामका शासनकालहरूमा यी सबै
वंशावलीका प्रतिलिपिहरूमा चढ़ाइएका थिए ।

**१८**रूबेनीहरू, गादहरू र मनश्शेको आधा
कुलसित युद्धको निम्ति तयार रहेका, ढाल र
तरवार चलाउन सक्ने, धनु चलाउन सक्ने,
युद्धको निम्ति तालिम पाएका चवालीस हजार
सात सय साठी सशक्त मानिसहरू थिए ।
**१९**तिनीहरूले हागारीहरू, यतूर, नापीश र
नोदाबको विरुद्धमा युद्ध गरे । **२०**तिनीहरूले
उनीहरूसित युद्ध गर्न सहायता पाए अनि
परमेश्वरले गाहारीहरू र तिनीहरूका मित्र-
राष्ट्रहरूलाई तिनीहरूको हातमा सुम्पिदिनुभयो,
किनकि युद्धको समयमा तिनीहरूले उहाँलाई
पुकारेका थिए । **२१**तिनीहरूले हागारीहरूका
पशुहरू, अर्थात् पचास हजार ऊँटहरू, दुई
लाख पचास हजार भेड़ाहरू अनि दुई हजार
ऊँटहरू कब्जा गरे । तिनीहरूले एक लाख
मानिसहरूलाई कैद गरेर पनि लगे, **२२**अनि
अरू धेरैचाहिँ मारिए, किनकि त्यो लड़ाइँ
परमेश्वरकै थियो । अनि कैदमा नगएसम्म
तिनीहरू त्यस देशमै बसे ।

---

**५:२**–उत्पत्ति ४९:८-१०. **५:६**–२ राजा १५:२९.

### मनश्शेको आधा कुल

**२३**मनश्शेको आधा कुलका मानिसहरूका
सङ्ख्या धेरै थिए । तिनीहरू त्यस देशमा
बाशानदेखि बाल हर्मोनसम्म, अर्थात् सनीर
(हर्मोन पर्वत) सम्म बसोबासो गरे ।
**२४**तिनीहरूका परिवारहरूका मुखियाहरू
यिनै थिए, एपेर, यिशी, एलीएल, अज्रीएल, यर्मिया,
होदवियाह र यहदीएल । तिनीहरू साहसी
लड़ाकुहरू, नाउँ चलेकाहरू र आफ्ना
परिवारका मुखियाहरू थिए । **२५**तर तिनीहरू
आफ्ना पिता-पुर्खाहरूका परमेश्वरप्रति
विश्वासयोग्य थिएनन्, अनि तिनीहरूकै सामुन्ने
परमेश्वरले नाश गर्नुभएका मानिसहरूका
देवताहरूसित आफैले वेश्यावृत्ति गरे ।
**२६**यसकारण इस्राएलका परमेश्वरले अश्शूरका
राजा (अर्थात् अश्शूरका राजा तिग्लत पिलेसेर)
लाई उस्काउनुभयो, जसले रूबेनीहरू, गादीहरू
र मनश्शेको आधा कुललाई कैदमा लगे । तिनले
उनीहरूलाई हलह, हाबोर, हारा र गोजान नदीमा
लगे जहाँ तिनीहरू आजको दिनसम्मै छन् ।

### लेवी

**६** लेवीका छोराहरू:
गेर्शोन, कहात र मरारी ।
२ कहातका छोराहरू:
अम्राम, इसाहार हेब्रोन र उज्जीएल ।
३ अम्रामका छोराछोरीहरू:
हारून, मोशा र मिरियम ।
हारूनका छोराहरू:
नदाब, अबीहू, एलाजार र इतामार ।
४ एलाजार पीनहासका पिता थिए,
पीनहास अबीशूका पिता,
५ अबीशू बुक्कीका पिता,
बुक्की उज्जीका पिता,
६ उज्जी जरायाहका पिता,
जरायाह मरायोतका पिता,
७ मरायोत अमर्याहका पिता,
अमर्याह अहीतूबका पिता,
८ अहीतूब सादोकका पिता,
सादोक अहीमासका पिता,
९ अहिमास अजर्याहका पिता ,
अजर्याह योहानानको पिता,
१० योहानान अजर्याहका पिता (यिनी उही
थिए जसले सुलेमानले यरूशलेममा
बनाएको मन्दिरमा पूजाहारी काम गरे)
११ अजर्याह अमर्याहका पिता,
अमर्याह अहीतुबका पिता,
१२ अहीतुब सादोकका पिता,
सादोक शल्लुमका पिता
१३ शल्लुम हिल्कियाहका पिता,
हिल्कियाह अजर्यामका पिता,
१४ अजर्याह सरायाहका पिता,
अनि सरायाह यहोसादाकका पिता थिए ।
१५ परमप्रभुले नबूकदनेसरका हातद्वारा
यहूदा र यरूशलेमलाई कैदमा लैजाँदा
यहोसादाक देश निकालाबास भए ।
१६ लेवीका छोराहरू:
गेर्शोन, कहात र मरारी ।
१७ गेर्शोनका छोराहरूका नाउँ यिनै हुन्:
लिब्नी र शिमी ।
१८ कहातका छोराहरू,
अम्राम, यिसहार, हेब्रोन र उज्जीएल ।
१९ मरारीका छोराहरू,
महली र मूशी ।
तिनीहरूका पिताहरूअनुसार सूचित
गरिएका लेवीका वंशहरू यिनै हुन्:
२० गेर्शोनका:
तिनका छोरा लिब्नी, तिनका छोरा यहत,
तिनका छोरा जीम्मा, **२१**तिनका छोरा
योआह, तिनका छोरा इद्दो, तिनका
छोरा जेरह अनि तिनका छोरा यातरै ।
२२ कहातका सन्तानहरू:
तिनका छोरा अम्मीनादाब, तिनका
छोरा कोरह, तिनका छोरा अस्सीर
**२३**तिनका छोरा एल्काना, तिनका छोरा

**५:२६**–२ राजा १५:१९,२९; १७:६. **६:१६-१९**–प्रस्थान ६:१६-१९.

एब्यासाप, तिनका छोरा अस्सीर,
२४तिनका छोरा तहत, तिनका छोरा
ऊरीएल, तिनका छोरा उज्जियाह, अनि
तिनका छोरा शौल ।
२५ एल्कानाका छोराहरू:
अमासै, अहिमोत ।
२६ तिनका छोरा एल्काना, तिनका छोरा
सोपे, तिनका छोरा नहत, २७तिनका
छोरा एलीआब, तिनका छोरा यरोहाम,
तिनका छोरा एल्काना, अनि तिनका
छोरा शमूएल ।
२८ शमूएलका छोराहरू,
जेठा योएल अनि कान्छा छोरा अबीयाह ।
२९ मरारीका छोरा लिब्नी, तिनका छोरा
शिमी, तिनका छोरा उज्जा, ३०तिनका
छोरा शिमी, तिनका छोरा हग्गियाह र
तिनका छोरा असायाह ।

## मन्दिरका सङ्गीतकारहरू

३१सन्दूक परमप्रभुको भवनमा राखिएपछि
त्यसमा सङ्गीतको निम्ति दाऊदले जिम्मा दिएका
मानिसहरू यिनै हुन् । ३२तिनीहरूले सुलेमानले
यरूशलेममा परमप्रभुको मन्दिर नबनाएसम्म
पवित्रस्थान र भेट हुने पालको सामने सङ्गीतसित
सेवा गर्थे । तिनीहरूले आफ्ना निम्ति बनाइदिएका
नियमअनुसार आफ्ना कर्तव्य पालन गर्थे ।
३३आफ्ना छोराहरूसित सेवा गर्ने मानिसहरू
यिनै हुन्:

कहातीहरूबाट:
सङ्गीतकार हेमान जो योएलका छोरा,
जो शमूएलका छोरा,
३४ जो एल्कानाका छोरा,
जो यरोहामका छोरा,
जो एलीएलका छोरा,
जो तोआहका छोरा,
३५ जो सूपका छोरा,
जो एल्कानाका छोरा,
जो महतका छोरा,
जो अमासैका छोरा,
३६ जो एल्कानाका छोरा, जो योएलका
छोरा,
जो अजर्याहका छोरा, जो सपन्याहका
छोरा,
३७ जो तहतका छोरा, जो अस्सीरका छोरा,
जो एब्यासपका छोरा, जो कोरहका
छोरा,
३८ जो यिसहारका छोरा, जो कहातका
छोरा,
जो लेवीका छोरा, जो इस्राएलका छोरा,
३९ अनि हेमानका सङ्गी आसाप जसले तिनको
दाहिने हातपट्टि सेवा गर्थे,
आसाप बेरेक्याहका छोरा, जो शिमाका
छोरा,
४० जो मीखाएलका छोरा, जो बासेयाहका
छोरा,
जो मल्कियाहका छोरा,
४१ जो एत्नीका छेरा,
जो जेरहका छोरा,
जो अदायाहका छोरा,
४२ जो एतानका छोरा,
जो जीम्माका छोरा,
जो शिमीका छोरा,
४३ जो यहतका छोरा,
जो गेर्शोनका छोरा,
जो लेवीका छोरा,
४४ अनि तिनीहरूका सङ्गीहरूबाट तिनका
दाहिने हातमा मरारीहरू,
एतान, कीशीका छोरा,
जो अब्दीका छोरा, जो मल्लूकका छोरा,
४५ जो हशब्याहका छोरा, जो अमस्याहका
छोरा,
जो हिल्कियाहका छोरा,
४६ जो अम्सीका छोरा, जो बानीका छोरा,
जो शेमेरका छोरा,
४७ जो महलीका छोरा, जो मूशीका छोरा,
जो मरारीका छोरा, जो लेवीका छोरा ।

४८तिनीहरूका सङ्गी लेवीहरूलाई पवित्रस्थान,
परमप्रभुको भवनको अरू सबै कामहरू
सुम्पिएका थिए । ४९तर हारून र तिनका

सन्तानहरूचाहिँ तिनीहरू थिए जुनहरूले
परमेश्वरको दास मोशाले सबै आज्ञा
दिएबमोजिम इस्राएलको निम्ति प्रायश्चित गर्दै,
महा-पवित्रस्थानमा गर्नुपर्ने सबै कामहरूको
सम्बन्धमा होमबलिको वेदीमा र धूपको वेदीमा
बलिदानहरू चढाउँथे ।

**५०**हारूनका सन्तानहरू यिनै थिए:
तिनका छोरा एलाजार, तिनका छोरा
पीनहास, तिनका छोरा अबीशू, **५१**तिनका
छोरा बुक्की, तिनका छोरा उज्जी, तिनका
छोरा जरायाह, **५२**तिनका छोरा मरायोत,
तिनका छोरा अमर्याह, तिनका छोरा
अहीतूब, **५३**तिनका छोरा सादोक, तिनका
छोरा अहीमास थिए ।

**५४**तिनीहरूको प्रान्त भनी दिइएका
तिनीहरूका बस्ने ठाउँहरू यिनै थिए (पहिलो
अंश तिनीहरूको निम्ति भएको हुनाले,
तिनीहरूलाई कहातका वंशहरूबाटका हारूनका
सन्तानहरूपट्टि लिइयो):

**५५**तिनीहरूलाई यहूदामा हेब्रोन त्यसका
चारैतिरका खर्कहरूसहित दिइयो । **५६**तर
शहरका चारैतिरका खेतहरू र बस्तीहरूचाहिँ
यपून्नेको छोरा कालेबलाई दिइयो ।

**५७**यसकारण हारूनका सन्तानहरूलाई यी
ठाउँहरू दिइए: हेब्रोन (शरण नगर), र लिब्ना,
यत्तीर, एश्तमो, **५८**हीलेन, दबीर, **५९**आशान,
यूत्ता अनि बेथ-शेमेश र त्यसका खर्कहरूसमेत
दिए । **६०**अनि बेन्यामीनको कुलबाट तिनीहरूलाई
गेबा, आलेमेत र अनातोत अनि तिनीहरूका
खर्कहरू दिइए ।

कहातीका वंशहरूलाई बाँड़िएका यी
शहरहरू जम्मा तेह्रओटा थिए ।

**६१**कहातका सन्तानहरूमा बाँकी रहेकाहरू-
चाहिँ मनश्शेको आधा कुलबाट दशओटा
शहरहरू भाग लगाइदिए ।

**६२**गेर्शोनका सन्तानहरूलाई वंश-वंश
गरी इस्साकार, आशेर र नप्ताली र बाशानमा
भएको मनश्शेको कुलबाट केही गरी तेह्रओटा
शहरहरू भाग लगाइदिए ।

**६३**मरारीका सन्तानहरूलाई वंश-वंश
गरी रूबेन, गाद र जबूलूनका कुलहरूबाट
बाह्रओटा शहरहरू भाग लगाइदिए ।

**६४**यसरी इस्राएलीहरूले लेवीहरूलाई यी
शहरहरू र तिनीहरूका खर्कहरू दिए । **६५**यहूदा,
शिमोन र बेन्यामीनका कुलहरूबाट तिनीहरूले
अघि नाउँ गरिएका शहरहरू भाग लगाइदिए ।

**६६**कहातका केही वंशहरूलाई तिनीहरूलाई
प्रान्तको रुपमा एप्रेमको कुलबाट शहरहरू
दिइए ।

**६७**एप्रेमको पहाडी मुलुकका तिनीहरूलाई
यी दिइए: अर्थात् शेकेम (एउटा शरण
नगर) अनि गेजेर, **६८**योकमाम, बेथ-होरोन्,
**६९**अय्यालोन र गात-रिम्मोनको साथमा
तिनीहरूका खर्कहरूसमेत दिए ।

**७०**अनि मनश्शेको आधा कुलबाट
इस्राएलीहरूले आनेर र बिलाम, तिनका
चरनहरूसमेत कहातका बाँकी वंशहरूलाई दिए ।

**७१**गेर्शोनीहरूले यी पाए:
मनश्शेको आधा कुलबाट तिनीहरूले
बाशानमा गोलान अनि अश्तारोत पनि
तिनीहरूका खर्कहरूसमेत पाए ।

**७२** इस्साकारको कुलबाट तिनीहरूले यी पाए,
केदेश, दाबरत,
**७३**रामोत र अनेम तिनीहरूका
खर्कहरूसमेत;

**७४** आशेरको कुलबाट तिनीहरूले यी पाए,
माशाल, अब्दोन, **७५**हूकोक, रहोब र
तिनीहरूका खर्कहरूसमेत ।

**७६** अनि नप्तालीको कुलबाट:
तिनीहरूले गालीलमा तिनीहरूले केदेश,
हम्मोन, किर्यातैम र तिनीहरूका
खर्कहरूसमेत पाए ।

**७७** मरारीहरूले (लेवीहरूका बाँकी रहेकाहरूले)
निम्नलिखित पाए:
जबूलूनको कुलबाट तिनीहरूले योकन्याम,
कर्ताह, रिम्मोनो र ताबोर, तिनीहरूका
खर्कहरूसमेत;

**७८** रूबेनको कुलबाट यरीहोको पूर्वमा
यर्दनपारि बेसेर, यहसाह, **७९**कदेमोत र
मेपात, तिनीहरूका खर्कहरू समेत पाए।
**८०** अनि गादको कुलबाट, तिनीहरूले
गिलादको रामोत, महनेम, **८१**हेश्बोन र
याजेर, तिनीहरूका खर्कहरूसमेत पाए।

## इस्साकारका सन्तान

**७** इस्साकारका छोराहरू:
तोला, पूआ, याशूब र शिम्रोन, जम्मा
चार जना।

**२**तोलाका छोराहरू:

उज्जी, रपायाह, यरीएल, यहमै, यिब्साम र शमूएल अर्थात् तिनीहरूका परिवारहरूका मुखियाहरू। दाऊदको शासनकालमा तिनीहरूको वंशावलीमा लड़ाकू मानिसहरू भनी सूचित गरिएका तोलाका सन्तानहरूको सङ्ख्या बाईस हजार छ सय थियो।

**३**उज्जीका छोरा:

यिज्रयाह।

यिज्रयाहका छोराहरू:

मीखाएल, ओबदियाह, योएल र यिश्याह।
ती पाँचै जना मुखियाहरू थिए।
**४**तिनीहरूका परिवारको वंशावलीअनुसार
तिनीहरूसित युद्धको निम्ति तयार रहेका
छत्तीस हजार लड़ाकू मानिसहरू थिए,
किनकि तिनीहरूका धेरै पत्नीहरू र
छोराछोरीहरू थिए।

**५**इस्साकारका वंशहरूमा भएका लडाकू
आफन्तहरू, अर्थात् तिनीहरूका
वंशावलीहरूमा सूचित गरिएकाहरू
जम्मा सतासी हजार थिए।

## बेन्यामीनका सन्तान

**६**बेन्यामीनका तीन छोराहरू:

बेला, बेकेर र यदीएल।

**७**बेलाका छोराहरू:

एस्बोन, उज्जी, उज्जीएल, यरीमोत र ईरी, अर्थात् परिवारका मुखियाहरू जम्मा पाँच जना। तिनीहरूका वंशावलीको विवरण बाईस हजार चौँतीस जना लड़ाकू मानिसहरूको सूची छ।

**८**बेकेरका छोराहरू:

जमीरा, योआश, एलाजार, एल्योनाई,
ओम्री, यरेमोत, अबीयाह, अनातोत र
आलेमेत। यी सबै बेकेरका छोराहरू
थिए। **९**तिनीहरूका वंशावलीको
विवरणमा परिवारहरूका मुखियाहरू
बीस हजार दुई सय लड़ाकू मानिसहरूको
सूची छ।

**१०**यदीएलका छोरा:

बिल्हान।

बिल्हानका छोराहरू:

यूश, बेन्यामीन, एहूद, कनानाह, जेतान,
तर्शीश र अहीशहर। **११**यदीएलका यी
सबै छोराहरू परिवारहरूका मुखियाहरू
थिए। लड़ाइँमा जान तयार रहेका सत्र
हजार दुई सय जना लड़ाकू मानिसहरू
त्यहाँ थिए।

**१२**शुप्पीहरू र हुप्पीहरू ईरका सन्तानहरू
थिए अनि हुशीहरू अहेरका सन्तानहरू
थिए।

## नप्तालीका सन्तान

**१३** नप्तालीका छोराहरू:
यहसीएल, गूनी, येसेर र शिल्लेम,
अर्थात् बिल्हाका छोराहरू थिए।

## मनश्शेका सन्तान

**१४**मनश्शेका सन्तानहरू:

अस्रीएलचाहिँ तिनकी अरामी उप-
पत्नीबाटका सन्तान थिए। तिनले
गिलादका पिता माकीरलाई जन्माइन्।
**१५**माकीरले हुप्पीहरू र सुप्पीहरूमध्येबाट
एउटी पत्नी लिए। तिनकी बहिनीको
नाउँ माका थियो।

अर्को सन्तानको नाउँ सलोफाद थियो,
जसका छोरीहरू मात्र थिए।

**१६**माकीरकी पत्नी माकाले एउटा छोरा जन्माइन् र त्यसको नाउँ पेरेस राखिन् । तिनको भाइको नाउँ शेरेस राखियो र तिनका छोराहरूचाहिँ ऊलाम र राकेम थिए ।

**१७**ऊलामका छोरा:
बदान ।

यी मनश्शेका छोरा माकीरका छोरा गिलादका छोराहरू थिए । **१८**तिनकी बहिनी हम्मोलेकेतले ईशोद, अबिएजेर र महलालाई जन्माइन् ।

**१९**शमीदाका छोराहरू:
अहियन, शकेम, लिखी र अनीआम थिए ।

**एप्रेमका सन्तान**

**२०**एप्रेमका सन्तानहरू:
शूतेलह, तिनका छोरा बेरेद, तिनका छोरा तहत, तिनका छोरा एल्यादा, तिनका छोरा तहत, **२१**तिनका छोरा जाबाद र तिनका छोरा शूतेलह ।

एजेर र एलाचाहिँ देशमै जन्मेका गातका मानिसहरूका वस्तुभाव खोस्न जाँदा तिनीहरूद्वारा मारिए । **२२**तिनीहरूका पिता एप्रेमले तिनीहरूको निम्ति धेरै दिन शोक गरे, अनि तिनका आफन्तहरू तिनलाई सान्त्वना दिन आए । **२३**तब फेरि आफ्नी पत्नीसित तिनको सहवास भयो र उनले गर्भवती भएर एउटा छोरा जन्माइन् । तिनले उसको नाउँ बेरियाह राखे, किनकि तिनको परिवारमा दुर्दिन आएको थियो । **२४**तिनकी छोरी शेराह थिइन्, जसले तल्लो र माथिल्लो बेथ-होरोनको साथमा उज्जेन-शेराह निर्माण गरिन् ।

**२५**तिनका छोरा रेपा थिए,
तिनका छोरा रेशेप,
तिनका छोरा तेलह, तिनका छोरा ताहान,
**२६**तिनका छोरा लादान, तिनका छोरा अम्मीहूद, तिनका छोरा एलीशामा,
**२७**तिनका छोरा नून्, अनि तिनका छोरा यहोशू ।

**२८**तिनीहरूका देश र बसोबासो गरेका ठाउँहरूमा बेथेल र त्यसका चारैतिरका बस्तीहरू, पूर्वतिर नारान, गेजेर र त्यसका बस्तीहरू पश्चिमतिर अनि अय्याह र त्यसका बस्तीहरूसम्मै शेकेम र त्यसका बस्तीहरू सामेल थिए । **२९**मनश्शेका सिमानाहरूतिर
बेथ-शान, तानाक, मगिद्दो, दोर र तिनीहरूका बस्तीहरूसमेत थिए । इस्राएलका छोरा यूसुफका सन्तानहरू यी शहरहरूमा बस्थे ।

**आशेरका सन्तान**

**३०**आशेरका छोराहरू:
यिम्ना, यिश्वा, यिश्वी र बेरिआ ।
तिनीहरूकी बहिनी सेरह थिइन् ।

**३१**बेरिआका छोराहरू:
हेबेर र मल्कीएल जोचाहिँ बिर्जेतका पिता थिए ।

**३२**हेबेरचाहिँ येप्लेत, शोमेर, होताम र तिनीहरूकी बहिनी शूअका पिता थिए ।

**३३**यप्लेतका छोराहरू:
पासक, बिम्हाल र अश्वात ।
यी येप्लेतका छोराहरू थिए ।

**३४**शोमेरका छोराहरू:
अही, रोहगा, हूब्बत र अराम ।

**३५**तिनका भाइ हेलेमका छोराहरू:
सोपह, यिम्न, शेलेश र आमाल

**३६**सोपहका छोराहरू:
सूह, हर्नेपेर, शूआल, बेरी, यिम्रा,
**३७**बेशेर, होद, शम्मा, शिल्शा, यित्रान र बेरा ।

**३८**येतेरका छोराहरू:
यपून्ने, पिस्पा र अरा ।

**३९**उल्लाका छोराहरू:
आरह, अन्नीएल र रिसिया ।

**४०**आशेरका यी सबै सन्तानहरू परिवारहरूका मुखियाहरू, चुनिएका मानिसहरू, वीर योद्धाहरू र विशिष्ट अगुवाहरू थिए । लड़ाइँमा जान सक्ने मानिसहरूको सङ्ख्या

तिनीहरूको वंशावलीको सूचीअनुसार छब्बीस
हजार थियो ।

### बेन्यामीनी शावलको वंशावली

८ बेन्यामीन आफ्ना जेठा छोरा बेलाका
पिता थिए, माहिला छोरा असबेल, साहिँला
अहरह, २काहिँला नोहा र कान्छा रापा ।
३बेलाका छोराहरू यी थिए:
अद्दार, गेरा, अबीहूद, ४अबीशू, नामान,
अहोह, ५गेरा, शपूपान र हूराम ।
६एहूदका सन्तानहरू यिनै थिए, जुनहरू
गेबामा बस्नेहरू र मनहतमा कैदमा
लगिएकाहरूका सन्तानहरू थिए:
७नामान, अहीयाह, र गेरा जसले
तिनीहरूलाई कैद गरेर लगे अनि जो
ऊज्जा र अहीऊदका पिता थिए ।
८आफ्ना पत्नीहरू हूशीम र बारालाई मोआबमा
त्यागेपछि शहरेमका छोराहरू जन्मे ।
९आफ्नी पत्नी होदेशबाट तिनका योबाब,
सिब्या, मेशा, मल्काम, १०यूस, साकिया
र मिर्मा छोराहरू भए । यी तिनका
छोराहरू थिए, जोहरू परिवारहरूका
मुखियाहरू थिए । ११हूशीमबाट तिनका
अहीतूब र एल्पाल छोराहरू भए ।
१२एल्पालका छोराहरू:
एबेर, मिशाम, शेमेद (जसले ओनो र लोद
तिनीहरूका चारैतिरका बस्तीहरूसमेत
निर्माण गरे), १३अनि अय्यालोनमा बस्ने
र गातका बासिन्दाहरूलाई धपाउने
परिवारहरूका मुखियाहरू बरीआ र
शेमा ।
१४अहियो, शाशक, यरेमोत, १५जबदियाह,
अरद, एदेर, १६मीखाएल, यिश्पा र
योहाचाहिँ बरीआका छोराहरू थिए ।
१७जबदियाह, मशूल्लाम, हिज्की, हेबेर,
१८यिश्मरै, यिज्लीअ र योबाब एल्पालका
छोराहरू थिए ।
१९याकीम, जिक्री, जब्दी, २०एलीएनै, सिल्लतै,
एलीएल, २१अदायाह, बरायाह र शिम्रात
शिमीका छोराहरू थिए ।
२२यिश्पान, एबेर, एलीएल, २३अब्दोन, जिक्री,
हानान, २४हनन्याह, एलाम, अन्तोतियाह,
२५यिपदियाह र पनूएल शाशकका
छोराहरू थिए ।
२६शम्शरै, शहर्याह, अतल्याह, २७यारेश्याह,
एलिया र जिक्री यरोहामका छोराहरू
थिए ।

२८यी सबै जना परिवारहरूका मुखियाहरू
र वंशावलीको सूचिमा भएअनुसार प्रधानहरू
थिए, अनि तिनीहरू यरूशलेममा बस्थे ।

२९गिबोनका पिता यीएल गिबोनमा बस्थे ।
तिनकी पत्नीको नाउँ माका थियो,
३०अनि जेठा छोरा अब्दोन थिए,
त्यसपछि शूर, कीश, बाल, नेर, नादाब,
३१गदोर, अहियो, जेकेर, ३२अनि मिक्लोत,
जोचाहिँ शिमाका पिता थिए । तिनीहरू
पनि तिनीहरूका आफन्तहरूको छेउमा
यरूशलेममा बस्थे ।
३३नेर कीशका पिता थिए, कीश शाऊलका
पिता, शाऊलचाहिँ जोनाथन, मल्कीशूअ,
अबीनादाब र एश-बालका पिता थिए ।
३४जोनाथनका छोरा: मरीब्बाल, जो मीकाका
पिता थिए ।
३५मीकाका छोराहरू:
पीतोन, मेलेक, तारे र आहाज ।
३६आहाज यहोयादाका पिता थिए,
यहोयादा आलेमेत, अज्मावेत र जिम्रीका
पिता थिए, अनि जिम्रीचाहिँ मोसाका
पिता थिए । ३७मोसा बिनेका पिता थिए ।
रफाह तिनका छोरा थिए, जसका छोरा
एलासा र तिनका छोरा आसेल थिए ।
३८आसेलका छ जना छोराहरू थिए, अनि
तिनीहरूका नाउँ यिनै थिए:
अज्रीकाम, बोकरू, इश्माएल, शार्याह,
ओबदिया र हानान । यी सबै आसेलका
छोराहरू थिए ।
३९तिनका भाइ एशेकका छोराहरू:
जेठा ऊलाम, माहिला यूश र कान्छा
एलीपेलेत । ४०ऊलामका छोराहरू धनु

चलाउनसक्ने वीर योद्धाहरू थिए ।
तिनीहरूका चारैतिरका धेरै छोरा-
नातिहरू जम्मा एक सय पचास जना
थिए ।
यी सबै बेन्यामीनका सन्तानहरू थिए ।

**९** सारा इस्राएलीहरूलाई इस्राएलका
राजाहरूको पुस्तकमा दर्ता गरिएका
वंशावलीहरूको सूचीमा हालिए ।

### मानिसहरू यरूशलेममा

तिनीहरूका अविश्वासको कारण यहूदाका
मानिसहरू बेबीलोनमा कैद गरेर लगिए । **२**अब
तिनीहरूका आफ्नै शहरहरूमा भएका तिनीहरूका
आफ्नै सम्पत्तिमा आएर फेरि बसोबासो गर्नेहरू
केही इस्राएलीहरू, पूजाहारीहरू, लेवीहरू र
मन्दिरका सेवकहरू थिए ।

**३**यरूशलेममा बस्नेहरूमा यहूदाबाट,
बेन्यामीनबाट, एप्रेम र मनश्शेबाट यिनीहरू
थिए:

**४**यहूदाका छोरा पेरेसका सन्तान, बानीका
छोरा, इम्रीका छोरा, ओम्रीका छोरा,
अम्मीहूदका छोरा ऊत्तै ।

**५**शीलोनीहरूका:
जेठा असायाह र तिनका छोराहरू ।

**६**जेरहातीहरूका:
यूएल । यहूदाबाटका मानिसहरूको
सङ्ख्या छ सय नब्बे थियो ।

**७** बेन्यामीनीहरूका:
मशुल्लामका छोरा, होदबियाहका छोरा,
हस्सेनूअका छोरा सल्लू, **८**यरोहामका
छोरा यिब्नियाह, मिक्रीका छोरा
उज्जीयाका छोरा एला, अनि यिब्नियाहका
छोरा, रूएलका छोरा, शपत्याहका
छोरा मशूल्लाम ।

**९**तिनीहरूको वंशावलीमा सूचित
गराएअनुसार बेन्यामीनबाटका मानिसहरूको
सङ्ख्या नौ सय छपन्न थियो । यी सबै
मानिसहरू आफ्ना परिवारहरूका
मुखियाहरू थिए ।

**१०**पूजाहारीहरूका:
यदायाह; यहोयारीब; याकीन;
**११**परमेश्वरको भवनको सरकारी अधिपति
अहीतूबका छोरा मरायोतका छोरा,
सादोकका छोरा, मशूल्लामका छोरा,
हिल्कियाहका छोरा अजर्याह । **१२**अदयाह,
यरोहामका छोरा, पशहूरका छोरा,
मल्कियाहका छोरा, मासैका छोरा,
मशुल्लामका छोरा, मशिलेमीतका छोरा,
इम्मेरका छोरा थिए । **१३**परिवारहरूका
मुखिया, पूजाहारीहरूको सङ्ख्या एक
हजार सात सय साठी थियो । तिनीहरू
परमेश्वरको भवनमा सेवा गर्न योग्यका
मानिसहरू थिए ।

**१४**लेवीहरूका:
मरारी, हशब्याहका छोरा, अज्रीकामका
छोरा, यश्शूबका छोरा, शमायाह,
**१५**बक्बक्कर, हेरेश, गलाल र मीकाका
छोरा मतन्याह जो जिक्रीका छोरा थिए,
जो आसापका छोरा थिए, **१६**यदूतूनका
छोरा गलालका छोरा शमायाहका
छोरा ओबदलाह, र नतोपातीहरूका
गाउँहरूमा बस्ने एल्कानाका छोरा
आसाका छोरा बेरेक्याह थिए ।

**१७**द्वारपालहरू:
शल्लूम, अक्कूब, तल्मोन अहीमान र
तिनका दाज्यूभाइहरू, शल्लूमचाहिँ
तिनीहरूका मुखिया थिए, **१८**अनि यस
बेलासम्मै पूर्वतिर राजाको मूलढोकामा
खटिएका थिए । लेवीहरूका छाउनीका
द्वारपालहरू यिनै थिए । **१९**कोरहका
छोरा, एब्यासापका छोरा, कोरेका छोरा,
शल्लूम र तिनका परिवारबाटको सहकर्मी
द्वारपालहरू (कोरहवंशीहरू) तिनीहरूका
पुर्खाहरूले परमप्रभुको वासस्थानको
प्रवेशद्वारको सुरक्षाको जिम्मा लिएझैं

---

**९:२–३**–एज्रा २:२७; नहेम्याह ७:७३.

छाउनीका संघारको सुरक्षाको जिम्मामा
थिए । **२०**पहिलेको समयमा एलाजारका
छोरा पीनहास द्वारपालहरूका अधिपति
थिए, अनि परमप्रभु तिनीसित हुनुहुन्थ्यो ।
**२१**मेशेलेम्याहका छोरा जकर्याहचाहिँ भेट
हुने पालको प्रवेशद्वारमा द्वारपाल थिए ।
**२२**संघारमा द्वारपाल हुन चुनिएकाहरूको
जम्मा सङ्ख्या दुई सय बाह्र थियो । तिनीहरू
वंशावलीअनुसार तिनीहरूका गाउँहरूमा दर्ता
गरिएका थिए । ती द्वारपालहरू आफ्ना काम
विश्वासयोग्यतासाथ गर्नलाई दाऊद र दर्शी
शमूएलद्वारा खटाइएका थिए । **२३**तिनीहरू र
तिनीहरूका सन्तानहरू परमप्रभुको भवन,
अर्थात् पाल भनिने भवनका मूलढोकहरूको
रक्षाको जिम्मामा थिए । **२४**द्वारपालहरू चार
दिशामा थिए: अर्थात् पूर्व, पश्चिम, उत्तर र
दक्षिण । **२५**तिनीहरूका गाउँहरूमा भएका
आफ्ना दाज्यूभाइहरू समय समयमा सात दिनको
निम्ति आएर तिनीहरूका काममा हिस्सेदार
हुनुपर्थ्यो । **२६**तर ती चार जना लेवी प्रमुख
द्वारपालहरूलाई चाहिँ परमेश्वरको भवनमा
भएका कोठाहरू र भण्डारहरूका जिम्मामा
खटाइएका थिए । **२७**तिनीहरूले परमेश्वरको
भवनको छेउछाउमै रात बिताउँथे, किनकि
तिनीहरूले त्यसको रक्षा गर्नुपर्थ्यो, अनि त्यसलाई
प्रत्येक बिहान खोल्नको निम्ति तिनीहरूसित
साँचो थियो ।

**२८**तिनीहरूमध्ये कोहीचाहिँ मन्दिरको सेवामा
प्रयोग गरिने सामाग्रीहरूका अधिपति थिए ।
ती भित्र लगिँदा र बाहिर निकालिँदा तिनीहरूले
ती गन्थे । **२९**अरूहरूले चाहिँ सामानहरू र
पवित्रस्थानका अरू सामाग्रीहरूको साथमा पीठो
र दाखमद्य अनि तेल, धूप र मसालाहरू
हिफाजत गर्ने जिम्मा पाएका थिए । **३०**तर
कति पूजाहारीहरूले चाहिँ मसालाहरू मिसाउने
काम गर्थे । **३१**कोरहवंशी शल्लूमका जेठा
छोरा मत्तित्याह नाउँ भएका लेवीले भेटीको
रोटी पकाउने जिम्मा पाएका थिए । **३२**तिनीहरूका
केही कहातवंशी दाज्यूभाइहरू प्रत्येक विश्राममा
मेचमा राख्ने रोटी तयार गर्ने जिम्मामा
थिए ।

**३३**लेवी परिवारका मुखिया सङ्गीतकारहरूचाहिँ
मन्दिरका कोठाहरूमा बस्थे र तिनीहरूले अरू
कामहरू गर्न पर्दैनथ्यो किनकि तिनीहरूमाथि
दिउँसो र राती काम गर्ने जिम्मेवारी थियो ।

**३४**यी सबै लेवी परिवारका मुखियाहरू थिए,
जुनहरू आफ्ना वंशावलीमा सूचित थिए र
तिनीहरू यरूशलेममा बस्थे ।

## शाऊलको वंशावली

**३५**गिबोनका पिता यीएल गिबोनमा बस्थे । तिनकी
पत्नीको नाउँ माका थियो, **३६**अनि तिनका
जेठा छोरा अब्दोन थिए, जसका पछि
सूर, कीश, बाल, नेर, नादाब, **३७**गदोर,
अहियो, जकर्याह र मिक्लोत थिए ।
**३८**मिक्लोतचाहिँ शिमामका पिता थिए ।
तिनीहरू पनि यरूशलेममा तिनीहरूका
आफन्तहरूसित बस्थे ।

**३९**नेर कीशका पिता थिए, कीश शाऊलका
पिता थिए अनि शाऊलचाहिँ जोनाथन,
मल्कीशूअ, अबीनादाब र एश्बालका पिता
थिए ।

**४०**जोनाथानका छोराहरू:
मरिब्बाल, जो मीकाका पिता थिए ।

**४१**मीकाका छोराहरू:
पीतोन, मेलेक, तहरै र आहाज ।
**४२**आहाज यादाहका पिता थिए, यादा
अलेमेत, अज्यावेत र जिम्रीका पिता थिए,
जिम्री मोसाका पिता थिए । **४३**मोसा
बीनाका पिता थिए, अनि रपायाहचाहिँ
बीनाका छोरा थिए । एलासा रपायाहका
छोरा र आसेल तिनका छोरा थिए ।

**४४**आसेलका छ जना छोराहरू थिए र
तिनीहरूका नाउँ यी थिए: अज्रीकाम,
बोकरू, इश्माएल, शार्याह, ओबदिया र
हनान । यी आसेलका छोराहरू थिए ।

---

**९:३५-४४**–१ इतिहास ८:२९-३८.

### शावलको आत्महत्या

**१०** पलिश्तीहरूले इस्राएलीहरूको विरुद्धमा
युद्ध गरे अनि इस्राएलीहरू तिनीहरूका
सामनेबाट भागे र धेरै जना गिल्बो पर्वतमा
मारिए । **२**पलिश्तीहरू शाऊल र तिनका
छोराहरूको पछि एकोहोरो लागे, अनि तिनीहरूले
तिनका छोराहरू जोनाथन, अबीनादाब र
मल्कीशूलाई मारे । **३**शावलको चारैतिर युद्ध
मच्चियो र धनुर्धारीहरू तिनीमाथि जाइलागे,
अनि तिनीहरूले तिनलाई चोट पारे ।

**४**शाऊलले आफ्ना हतियार बोक्नेलाई भने,
"आफ्नो तरवार थुतेर मलाई वारपार गरिदे
नत्रता यी बेखतनेहरूले आएर मेरो अपमान
गर्नेछन् ।"

तर तिनको हतियार बोक्ने डरायो अनि
त्यसो गरेन । यसकारण शाऊलले आफ्नै
तरवार थुतेर त्यसमाथि उनिए । **५**शाऊल
मरेको त्यस हतियार बोक्नेले देखेपछि त्यो
पनि आफ्नो तरवारमा उनिएर मर्‍यो ।
**६**यसरी शाऊल र तिनका तीन छोराहरू मरे,
अनि तिनको सम्पूर्ण घराना एकैसाथ मरे ।

**७**खोल्सामा भएका सारा इस्राएलीहरूले
फौज भागेका अनि शाऊल र तिनका छोराहरू
मरेका देखेपछि तिनीहरू आफ्ना शहरहरू
त्यागेर भागे । अनि पलिश्तीहरूले आएर ती
दखल गरे ।

**८**भोलिपल्ट मरेकाहरूलाई लूट्न भनी
पलिश्तीहरू आउँदा तिनीहरूले शाऊल र
तिनका छोराहरूलाई गिल्बो पर्वतमा मरिरहेका
भेट्टाए । **९**तिनीहरूले तिनलाई नाङ्गो पारे अनि
तिनका शिर र हतियार लगे अनि पलिश्तीहरूको
देशभरि यो खबर तिनीहरूका मूर्तिहरू र
मानिसहरूमा घोषणा गर्नलाई दूतहरू पठाए ।
**१०**तिनीहरूले तिनका हतियार आफ्ना
देवताहरूको मन्दिरमा राखे, अनि तिनको
शिरलाई चाहिँ आफ्ना देवता दागोनको
मन्दिरमा झुण्ड्याए ।

**११**याबेश गिलादका सबै बासिन्दाहरूले
पलिश्तीहरूले शाऊलप्रति गरेका प्रत्येक कुरा
सुनेपछि, **१२**तिनीहरूका सबै वीर मानिसहरू
गएर शाऊल र तिनका छोराहरूका शरिरहरू
लिए र ती याबेशमा ल्याए । त्यसपछि तिनीहरूले
तिनीहरूका हड्डीहरू याबेशको ठूलो रूखमुनि
गाड़े, अनि तिनीहरू सात दिनसम्म उपवास
बसे ।

**१३**शाऊल मरे, किनकि तिनी परमप्रभुप्रति
विश्वासयोग्य थिएनन्, तिनले परमप्रभुको
वचन पालन गरेनन्, अनि तिनले अगुवाइको
लागि प्रेतात्मासित सल्लाहसम्म मागे, **१४**अनि
परमप्रभुसित चाहिँ सल्लाह लिएनन् । यसकारण
परमप्रभुले तिनलाई मार्नुभयो र तिनको राज्य
यिशैका छोरा दाऊदलाई दिनुभयो ।

### दाऊद इस्राएलमाथि राजा भएका

**११** सारा इस्राएलीहरू हेब्रोनमा दाऊदकहाँ
आए अनि भने, "हामी तपाईंकै मासु र
रगत हौं । **२**बितेका समयमा शाऊल राजा
छँदै इस्राएललाई युद्ध अभियानहरूतिर नेतृत्व
दिने तपाईंनै हुनुहुन्थ्यो । अनि परमप्रभु तपाईंका
परमेश्वरले तपाईंलाई, 'तँ मेरा मानिसहरू
इस्राएलका गोठाला हुनेछस्, अनि तँ तिनीहरूका
शासक हुनेछस्' भन्नुभयो ।"

**३**इस्राएलका सबै धर्म-गुरुहरू राजा
दाऊदकहाँ हेब्रोनमा आएपछि तिनले तिनीहरूसित
हेब्रोनमा परमप्रभुको सामुन्ने एउटा सन्धि बाँधे,
अनि परमप्रभुले शमूएलद्वारा प्रतिज्ञा गर्नुभएझैं
तिनीहरूले दाऊदलाई इस्राएलमाथि राजा
अभिषेक गरे ।

### दाऊदले यरूशलेम जितेका

**४**दाऊद र सारा इस्राएलीहरू यरूशलेम
(अर्थात् यबूस) तर्फ गए । त्यहाँ बस्ने यबूसीहरूले
**५**दाऊदलाई भने, "तिमी यहाँ पस्नेछैनौ ।"
तरै पनि दाऊदले सियोनको अर्थात् दाऊदको

---

**१०:१-२**–१ शमूएल ३१:१-१३. **१०:१३**–लेवी १९:३१; २०:६; १ शमूएल १३:८-१४; १५:१-२४; २८:७-८.
**११:१-९**–२ शमूएल ५:१-१०. **११:४**–यहोशू १५:६३; न्यायकर्ता १:२१.

शहरको किल्ला कब्जा गरे
**६**दाऊदले, “जसले यबूसीहरूमाथि
आक्रमणको नेतृत्व गर्छ त्यो सेनापति हुनेछ”
भनेका थिए। सरूयाहका छोरा मोआब पहिला
उक्लेर गए अनि तिनी सेनापति भए।
**७**तब दाऊद त्यस किल्लामा बसे र
त्यसलाई दाऊदको शहर भनियो। **८**तिनले
थामिराख्ने छानाहरूदेखि लिएर चारैतिर
पर्खालहरूसम्म त्यसका चारैतिर शहर निर्माण
गरे अनि योआबले चाहिँ शहरको पुनर्निर्माण
गरे। **९**अनि दाऊद अझ शक्तिमान् हुँदैगए,
किनकि सर्वशक्तिमान् परमप्रभु तिनीसित
हुनुहुन्थ्यो।

### दाऊदका वीर मानिसहरू

**१०**दाऊदका वीर मानिसहरूका मुखियाहरू
यिनै थिए– जुनहरूले सारा इस्राएलसित मिलेर
तिनको राजत्वलाई परमप्रभुले प्रतिज्ञा गर्नुभएझैं
सम्पूर्ण देशमा फैलाउनलाई बलियो सहारा
दिए। **११**दाऊदका वीर मानिसहरूको सूचि
यही हो:
हक्मोनी याशोबामचाहिँ अधिकृतहरूका
मुखिया थिए, जसले आफ्नो भाला तीन सय
जना मानिसहरूको विरुद्धमा उठाएर तिनीहरूलाई
एउटै भिडन्तमा मारे।
**१२**तिनको पछि तीन जना वीरहरूमध्ये एक
जना एलाजार थिए, जो अहोही दोदैका छोरा
थिए। **१३**पलिश्तीहरू पास-दम्मीममा युद्धको
निम्ति भेला हुँदा तिनी दाऊदसित त्यहाँ थिए।
जौले भरिएको खेत भएको ठाउँमा फौज
पलिश्तीहरूदेखि भागे। **१४**तर तिनीहरूले
त्यसलाई बचाइराखे र पलिश्तीहरूलाई प्रहार
गरेर मारे अनि परमप्रभुले एउटा ठूलो विजय
दिनुभयो।
**१५**तीसमध्ये तीन जना दाऊदकहाँ अदूल्लामको
गुफामा भएको चट्टानमा ओर्लेर आए, अनि
पलिश्तीहरूको एक दलचाहिँ रपाईमको खोल्सामा
छाउनी हालेर बसेका थिए। **१६**त्यस बेला
दाऊद किल्लामा थिए, अनि पलिश्तीको रक्षक-
सेनाचाहिँ बेथलेहेममा थियो। **१७**दाऊदलाई
पानीको अति इच्छा लाग्यो अनि भने, “अहो,
कसैले बेथलेहेमको मूलढोकाको छेउबाट
मलाई केही पानी पिउनलाई ल्याइदिए पनि
हुनेथियो!” **१८**यसकारण ती तीन जना
पलिश्तीको घेराभित्र पसेर बेथलेहेमको
मूलढोकाको छेउको इनारबाट पानी झिकेर
त्यसलाई दाऊदकहाँ लगे। तर तिनले त्यो
पिउन इन्कार गरे अनि पिउन छाड़ेर तिनले
त्यसलाई परमप्रभुको सामने खन्याइदिए।
**१९**तिनले भने, “परमप्रभुले मलाई यसो गर्न
नदिउन्! के मैले आफ्नो प्राण जोखिममा
पारेर जाने यी मानिसहरूको रगत
पिउने?” तिनीहरूले आफ्ना प्राणलाई जोखिममा
पारेर त्यो ल्याएको कारण दाऊदले त्यो
पिएनन्।
ती तीन जना वीर मानिसहरूका वीरताका
कामहरू यस्ता थिए।
**२०**ती तीन जनाका प्रमुखचाहिँ योआबका
भाइ अबीशै थिए। तिनले मारेका ती तीन सय
जना मानिसहरूको विरुद्धमा तिनले आफ्नो भाला
उठाए, अनि तिनी ती तीन जनाजस्तै प्रख्यात
भए। **२१**तिनले ती तीन जनाले भन्दा दोब्बर
सम्मान पाए, अनि तिनी तीन जनामा सामेल
नगरिएका भए तापनि, तिनी उनीहरूका
सेनापति भए।
**२२**यहोयादाका छोरा बनायाह कबसेलबाटका
एक जना वीर मानिस थिए जसले धेरै वीरताका
कामहरू गरे। तिनले मोआबका सर्वोत्तम
मानिसहरूलाई प्रहार गरे। तिनले हिउँ परेको
एक दिन एउटा खाडलमा पसेर एउटा सिंहलाई
पनि मारे। **२३**अनि तिनले एक जना साँडे सात
फूट अग्लो मिश्रीलाई प्रहार गरेर मारे। त्यस
मिश्रीको हातमा जुलाहाको डण्ठाजस्तै एउटा
भाला भए तापनि, बनायाह त्यसको विरुद्धमा
एउटा लाठी लिएर गए। तिनले त्यस मिश्रीको
हातबाट भाला खोसेर त्यसकै भालाले त्यसलाई

---

**११:१०–४७**–२ शमूएल २३:८-३९.

मारिदिए । २४यहोयादाका छोरा बनायाहका
वीरताहरू यस्तै थिए; तिनी पनि ती तीन
जना शक्तिशाली मानिसहरूझैं प्रख्यात थिए ।
२५तिनले तीस जनाभन्दा बढ़ी सम्मान पाए,
तर तिनी ती तीन जनामा सामेल गराइएनन् ।
अनि दाऊदले तिनलाई आफ्ना अङ्गरक्षकहरूका
अधिपति बनाए ।

२६ती वीर मानिसहरू यी थिए:
योआबका भाइ असाहेल,
बेथलेहेमबाटका दोदोका छोरा एल्हानान,
२७ हरोती शम्मोत,
पीलोनी हेलेस,
२८ तकोका ईक्केशका छोरा ईरा,
अनातोतबाटका अबीएजेर,
२९ हूशाती सिब्बकै,
अहोही ईलै,
३० नतोपाती महरै,
नतोपाती बानाका छोरा हेलेद,
३१ बेन्यामीनका गिबाबाटका रिबैका छोरा
इत्तै,
पीरातोनी बनायाह,
३२ गाशका खोल्साहरूबाटका हूरै,
अर्बाती अबीएल,
३३ बहूरीमी अज्मावेत,
शाल्बोनी एल्याहबा,
३४ गीजोनी हाशेमका छोराहरू,
हरारी शागेका छोरा जोनाथन,
३५ हरारी साकारका छोरा अहीआम,
ऊरका छोरा एलीपाल,
३६ मकेराती हेपेर,
पीलोनी अहीयाह,
३७ कर्मेली हेस्रो,
एज्बैका छोरा नारै,
३८ नातानका भाइ योएल,
हग्रीका छोरा मिभार,
३९ अम्मोनी सेलेक,
सरूयाहका छोरा योआबका हतियार
बोक्ने बेरोती नहरै,
४० यित्री ईरा,
यित्री गाबेर,
४१ हित्ती उरियाह,
अहलैका छोरा जाबाद,
४२ रूबेनी शीजाका छोरा अदीना, जो
रूबेनीहरूका अनि तिनीसित भएका तीस
जनाका मुखिया थिए,
४३ माकाका छोरा हानान,
मित्नी योशापात,
४४ अश्तारोती उज्जीयाह,
अरोएर होतामका छोराहरू शमा र यीएल,
४५ शिम्रीका छोरा यदीएल,
तिनका भाइ तिजी योहा,
४६ महाबी एलीएल,
एल्नामका छोराहरू, यरीबै र योशब्याह,
मोआबी यित्मा,
४७ एलीएल, ओबेद र मेजोबी यासीएल ।

### योद्धाहरू दाऊदतिर लाग्छन्

१२ कीशका छोरा शाऊलको उपस्थितिबाट
निकालिँदा दाऊदकहाँ सिकलगमा
आउने मानिसहरू यिनै थिए (तिनीहरू तिनलाई
लड़ाईमा सघाउने योद्धाहरू थिए; २तिनीहरू
धनुहरूले सुसज्जित थिए अनि काँड हान्न अथवा
दाहिने-देब्रे दुवै हातले घुँयेत्रोबाट ढुङ्गा हान्न
सक्ने योग्यता भएकाहरू थिए । तिनीहरू
बेन्यामीनका कुलबाट शाऊलका कुटुम्बहरू
थिए):

३गिबियाति शमाका छोराहरू तिनीहरूका
मुखिया अहिएजेर र योआब, अज्यावेतका
छोराहरू यजीएल र पेलेत, बराका र
अनातोती येहू, ४अनि गिबोनी यिश्मायाह,
अर्थात् ती तीस जनामध्ये एक वीर मानिस
जो ती तीस जनाका अगुवा थिए, ५यर्मिया,
यहजीएल, योहानान, गदेराती, योजाबाद,
एलूजै, यरीमोत, बाल्याह, शमर्याह र हारूपी
शपत्याह, ६एल्काना, यिश्याह, अजारेल,
योएजेर र यशोबाम, यी सबै कोरहवंशी
थिए, ७अनि यदोरका यरोहामका
छोराहरू योएल र जबदियाह ।

**८**कति गादीहरू दाऊदकहाँ तिनको उजाड़-
स्थानमा भएको किल्लामा तिनीसित मिल्न
आए। तिनीहरू लड़ाइँ गर्न तयार रहेका साहसी
योद्धाहरू अनि ढाल र भाला चलाउन सक्नेहरू
थिए । तिनीहरूका अनुहार सिंहका झैँ थिए,
अनि पहाडहरूमा तिनीहरू घोरलहरूझैँ फूर्तिला
थिए ।

**९** एजेरचाहिँ मुखिया थिए,
दोस्रो दर्जामा ओबदिया,
तेस्रो दर्जामा एलिआब,
**१०** चौँथो मिश्मन्ना, पाँचौँ यर्मिया,
**११** छैटौँ अत्तै, सातौँ एलिएल,
**१२** आठौँ योहानान, नवौँ एल्जाबाद,
**१३** दशौँ यर्मिया र एघारौँ मक्बन्ने ।

**१४**यी गादीहरू फौजका कप्तानहरू थिए,
जसमा सबैभन्दा कमजोर एक सय बराबरका
अनि सबैभन्दा बलियाचाहिँ एक हजार
बराबरका थिए। **१५**यी तिनीहरू नै थिए जुनहरूले
पहिलो महिनामा किनारसम्मै बढ़ेको यर्दन
तरेर बस्तीमा बसिरहेका प्रत्येकलाई पूर्व
र पश्चिमतिर भगाएका थिए ।

**१६**दाऊदकहाँ तिनको किल्लामा अरू
बेन्यामीनीहरू अनि यहूदाका केही मानिसहरू
पनि आए । **१७**तिनीहरूलाई भेट्न निस्किआएर
दाऊदले तिनीहरूलाई भने, "यदि तिमीहरू
मकहाँ मिलापमा र मेरो सहायताको लागि
आएका हौ भने, म तिमीहरूलाई आफूसित
मिलाउन तयार छु। तर मेरा हातहरू हिँसायुक्त
हुँदा तिमीहरूले मलाई मेरा शत्रुहरूको हातमा
धोका दिएर सुम्पनलाई आएका हौ भने हाम्रा
पुर्खाहरूका परमेश्वरले त्यो देखून् र तिमीहरूको
इन्साफ गरून् ।"

**१८**तब ती तीस जनाका मुखिया अमासैमा
आत्मा आउनुभयो र तिनले भने:

"हे दाऊद, हामी तपाईंका हौं !
हे यिशैका छोरा, हामी तपाईंसित छौं !
सफलता, सफलता तपाईंकै होस्,
अनि सफलता तपाईंलाई सघाउनेहरूको
होस्,
किनकि तपाईंका परमेश्वरले तपाईंलाई
सघाउनुहुनेछ ।"

यसकारण दाऊदले तिनीहरूलाई ग्रहण
गरेर तिनीहरूलाई आफ्ना लूटपीट गर्ने दलहरूका
अगुवाहरू बनाए ।

**१९**दाऊद पलिश्तीहरूसित शाऊलको
विरुद्धमा लड़ाइँ गर्न जाँदा मनश्शेका केही
मानिसहरू तिनीतिर लागे । (तिनले र तिनका
मानिसहरूले पलिश्तीहरूलाई सघाएनन्, किनकि
सर-सल्लाह भएपछि, तिनीहरूका शासकहरूले
तिनलाई पठाइदिए । तिनीहरूले भने, "यदि
यिनले आफ्ना मालिक शाऊलसित मिलेर
हामीलाई त्यागिदिए भने हाम्रा शिरहरू रहने
छैनन् ।") **२०**दाऊद सिकलगमा जाँदा तिनीसित
मिल्न आउने मनश्शेका मानिसहरू यिनीहरूनै
थिए: अदनाह, योजाबाद, यदीएल, मीखाएल,
योजाबाद, एलीहू र सिल्लतै। यिनीहरू मनश्शेमा
हजारमाथिका अगुवाहरू थिए । **२१**तिनीहरूले
दाऊदलाई लूटपीट गर्ने दलहरूको विरुद्धमा
सघाए, किनकि तिनीहरू सबै वीर योद्धाहरू
अनि तिनका फौजमा कप्तानहरू थिए ।
**२२**दाऊदसित परमेश्वरका फौजझैँ ठूलो सेना
नभएसम्म दिन प्रतिदिन दाऊदलाई सघाउन
मानिसहरू आए ।

### हेब्रोनमा अरू पनि दाऊदतिर लागेका

**२३**परमप्रभुले भन्नुभएझैँ शाऊलको राज्य
दाऊदको हातमा पारिदिनलाई दाऊदकहाँ
हेब्रोनमा लड़ाइँको निम्ति हतियारले सुसज्जित
भई आउने मानिसहरूको सङ्ख्या यस्तो थियो:
**२४**ढाल र भाला बोकेर लड़ाइँको निम्ति सुसज्जित
यहूदाका मानिसहरू—छ हजार आठसय,
**२५**लड़ाइँको निम्ति तयार भएका शिमोनका
योद्धाहरू—सात हजार एक सय;
**२६**लेवीका मानिसहरू—चार हजार छ सय,
**२७**हारूनको परिवारका अगुवा यहोयादा,
जससित तीन हजार सात सय मानिसहरू
थिए, **२८**अनि एक जना वीर योद्धा सादोक
जससित तिनका परिवारबाट बाइसजना

अधिकृतहरू थिए ।
**२९**बेन्यामीनका मानिसहरू, अर्थात् शाऊलका
कुटुम्बहरू–तीनहजार, जुनहरूमध्ये धेरै
जना त्यस बेलासम्म शाऊलका घरानाप्रति
विश्वासी भई रहेका थिए;
**३०**एप्रेमका मानिसहरू, अर्थात् आफ्नै वंशहरूमा
प्रख्यात रहेका वीर योद्धाहरू–बीस हजार
आठ सय;
**३१**मनश्शेको आधा कुलका मानिसहरू, अर्थात्
दाऊदलाई राजा बनाउनलाई नाउँद्वारै
तोकिएकाहरू–अठाह्र हजार
**३२**इस्साकारका मानिसहरू, जुनहरू समयहरू
बुझेका थिए, अनि इस्राएलले के गर्नुपर्छ
भनी जानेका थिए–दुई सय मुखियाहरू
अनि तिनीहरूका अधिनमा रहेका सबै
आफन्तहरू;
**३३**जबूलूनका मानिसहरू, अर्थात् दाऊदलाई
सम्पूर्ण स्वामीभक्तिसाथ सघाउनलाई सब
किसिमले हतियार लिएर लड़ाइँ गर्न तयार
रहेका अनुभवी योद्धाहरू–पचास हजार;
**३४**नप्तालीका मानिसहरू–एक हजार अधिकृत
अनि ढाल र भाला बोकका सैँतीस हजार
मानिसहरू;
**३५**दानका मानिसहरू, लड़ाइँको निम्ति तयार
रहेका–अठ्ठाईस हजार छ सय;
**३६**आशेरका मानिसहरू, लडाइँको निम्ति तयार
रहेका योद्धाहरू–चालीस हजार;
**३७**अनि यर्दनको पूर्वतिरका रूबेन, गाद र
मनश्शेको आधा कुलका हरेक किसिमका
हतियारले सुसज्जित भएका मानिसहरू–
एक लाख बीस हजार ।

**३८**यी सबै लड़ाकु मानिसहरू थिए, जुनहरू
स्वेच्छापूर्वक सबै दर्जामा सेवा गर्न राजी
थिए । तिनीहरू दाऊदलाई इस्राएलमाथि राजा
बनाउनलाई दृढ़ संकल्प लिएर हेब्रोनमा आए ।
**३९**ती मानिसहरूले दाऊदसित खाँदै पिउँदै तीन
दिन बिताए, किनकि तिनीहरूका परिवारहरूले
तिनीहरूका सरसामानहरू जुटाइदिएका थिए ।
**४०**इस्साकार, जबूलून र नप्तालीसम्म देखिएका
तिनीहरूका छिमेकीहरू पनि गधाहरू, ऊँटहरू,
खच्चरहरू र गोरुहरूमा भोजन लिएर आए ।
इस्राएलमा आनन्द रहेकोले त्यहाँ पीठो,
नेभाराका डल्ला, दाखका डल्ला, दाखमद्य, तेल,
गोरुहरू र भेड़ाहरू प्रशस्त मात्रामा थिए ।

### सन्दूक फर्काइल्याइएको

**१३** दाऊदले आफ्ना प्रत्येक अधिकृत, हजार
माथिका सेनापतिहरू र सयमाथिका
सेनापतिहरूसित सल्लाह लिए । **२**त्यसपछि
तिनले इस्राएलका सम्पूर्ण समुदायलाई भने,
"यदि तपाईंहरूलाई असल लागे अनि यदि
परमप्रभु हाम्रा परमेश्वरको यस्तो इच्छा छ
भने हामी इस्राएलको प्रान्तहरूभरि टाढ़ा-नजीक
हाम्रा बाँकी रहेका दाज्यूभाइहरूलाई अनि
तिनीहरूसित आफ्नै खर्कहरूमा रहेका
पूजाहारीहरू र लेवीहरूलाई हामीसित सम्मिलित
हुने खबर पठाऊँ । **३**हामीले शाऊलको
शासनकालमा त्यससित सल्लाह नलिएकोले
हामी परमेश्वरको सन्दूकलाई आफूकहाँ
फर्काएर ल्याऊँ ।" **४**यो कुरा सबै मानिसहरूलाई
ठीक लागेकोले सारा समुदायले यसो गर्न राजी
भयो ।

**५**यसकारण दाऊदले मिश्रमा भएको
शीहोर नदीदेखि लेबो हमातसम्मका सबै
इस्राएलीहरूलाई परमेश्वरको सन्दूक किर्यात-
यारिमबाट ल्याउनलाई भेला गराए । **६**दाऊद
अनि तिनीसित भएका सारा इस्राएलीहरू
करूबहरूका बीचमा सिंहासनमा बस्नुहुने
परमेश्वर परमप्रभुका नाउँले बोलाइने सन्दूकलाई
ल्याउन भनी यहूदाको बाला (किर्यात-यारीम)
मा गए ।

**७**तिनीहरूले परमेश्वरको सन्दूकलाई
अबीनादाबको घरबाट एउटा नयाँ गाड़ामा
उज्जा र अहियोको अगुवाइमा अघि बढ़ाए ।
**८**दाऊद र सारा इस्राएलीहरूचाहिँ गीत, वीणा,
सारङ्गी, खैंजड़ी, झ्याम्टा र तुरहीको साथमा

**१३:१-१४**–२ शमूएल ६:१-११. **१३:५**–१ शमूएल ७::१-२. **१३:६**–प्रस्थान २५:२२.

परमेश्वरको सामुन्ने आफ्ना पूरा शक्तिले उत्सव मनाइरहेका थिए ।

**९**तिनीहरू किदोनको खोलामा आइपुगेपछि गोरुहरू लर्बरिएकोले सन्दूकलाई थाम्न भनी उज्जाले आफ्ना हात बढ़ाए । **१०**परमप्रभुको क्रोध उज्जामाथि दन्कियो अनि तिनले आफ्ना हातले सन्दूकलाई छोएको हुनाले उहाँले तिनलाई प्रहार गरेर लड़ाउनुभयो । यसकारण तिनी त्यहीं परमेश्वरको सामने मरे ।

**११**तब परमप्रभुको क्रोध उज्जामाथि परेकाले दाऊद रिसाए अनि आजको दिनसम्मै त्यस ठाउँलाई पेरेस-उज्जा भनिन्छ ।

**१२**त्यस दिन दाऊद परमेश्वरसित डराए अनि "म कसरी कुनै दिन परमेश्वरको सन्दूक आफूकहाँ ल्याउन सकूँला ?" भनि सोधे । **१३**तिनले सन्दूकलाई दाऊदको शहरमा आफूसित राख्न लगेनन् । त्यसको सट्टा तिनले त्यसलाई गित्ती ओबेद-एदोमको घरमा लगे । **१४**परमेश्वरको सन्दूक ओबेद-एदोमकहाँ तीन महिनासम्म रह्यो, अनि परमप्रभुले तिनको घराना र तिनीसित भएका हरेक कुरालाई आशिष् दिनुभयो ।

## दाऊदको घर र परिवार

**१४** टायरका राजा हीरामले दाऊदकहाँ तिनको निम्ति एउटा महल निर्माण गर्न भनी देवदारका मूढाहरू, डकर्मी र सिकर्मीहरूको साथमा दूतहरू पठाए । **२**अनि दाऊदलाई तिनलाई इस्राएलमाथि राजाको रुपमा स्थापित गर्नुभएको अनि तिनको आफ्ना जाति इस्राएलको खातिर तिनको राज्य उच्च पारिएको थाहा भयो ।

**३**यरूशलेममा दाऊदले अरू पत्नीहरू पनि ल्याए अनि तिनी धेरै छोराछोरीहरूका पिता भए । **४**त्यहाँ जन्मेका तिनका छोराछोरीहरूका नाउँ यी हुन्: शम्मू, शोबाब, नातान, सुलेमान, **५**यिभार, एलीशू, एल्पेलेत, **६**नोगह, नेपेग, यापी, **७**एलीशामा, बेलीयादा र एलीपेलेत ।

## दाऊदले पलिश्तीहरूलाई परास्त गरेका

**८**पलिश्तीहरूलाई दाऊदले सारा इस्राएलमाथि राजा अभिषेक भएका सुनेपछि तिनीहरू तिनलाई खोज्न भनी पूरा दल लिएर उक्ले तर त्यो सुनेर दाऊद तिनीहरूलाई भेट्न गए । **९**पलिश्तीहरूले चाहिँ आएर रपाईमको खोल्सालाई लूटे । **१०**यसकारण दाऊदले परमेश्वरसित सल्लाह लिए, "के म गएर पलिश्तीहरूमाथि आक्रमण गरूँ ? के तपाईंले तिनीहरूलाई मेरा हातमा सुम्पिदिनुहुनेछ ?"

परमप्रभुले तिनलाई जवाफ दिनुभयो, "जा, म तिनीहरूलाई तेरो हातमा सुम्पिदिनेछु ।"

**११**यसकारण दाऊद र तिनका मानिसहरू बाल-पराजीममा उक्ले । अनि तिनले भने, "पानी जोरसित फुटिनिस्केझैं परमेश्वर मेरा शत्रुहरूमाथि मद्वारा जाइलाग्नुभयो ।" यसकारण त्यस ठाउँलाई बाल-पराजीम भनियो । **१२**पलिश्तीहरूले त्यहाँ आफ्ना देवताहरूलाई छोड़िराखे र दाऊदले तिनीहरूलाई आगोमा जलाइदिने आदेश दिए ।

**१३**एकपल्ट फेरि पलिश्तीहरूले त्यस खोल्सामा लूटपीट गरे; **१४**यसकारण दाऊदले फेरि परमेश्वरसित सल्लाह लिए अनि परमेश्वरले तिनलाई जवाफ दिनुभयो, "सीधै माथि उक्लेर नजानू, तर तिनीहरूलाई घेरा हालेर तिनीहरूमाथि किम्बुका रूखहरूको सामनेबाट आक्रमण गर्नू । **१५**तैंले ती किम्बुका रूखहरूका टुप्पामा युद्ध-यात्रामा हिँड़ेझैं आवाज सुन्नासाथै युद्धको निम्ति निस्कनू, किनकि त्यसको अर्थ परमेश्वर पलिश्ती फौजलाई प्रहार गर्न तिमीहरूका अगिअगि जानुहुँदै गरेको हुनेछ ।" **१६**यसकारण दाऊदले परमेश्वरले तिनलाई आज्ञा दिनुभएझैं गरे अनि तिनीहरूले पलिश्ती फौजलाई गिबोनदेखि गेजेरसम्मै प्रहार गरे ।

**१७**यसरी दाऊदको कीर्ति हरेक देशमा फैलियो र परमप्रभुले प्रत्येक जातिलाई दाऊदसित डराउन लगाउनुभयो ।

---

**१३:१४**–१ इतिहास २६:४-५. **१४:१-७**–२ शमूएल ५:११-१६. **१४:८-१७**–२ शमूएल ५:१७-२५.

### सन्दूक यरूशलेममा ल्याइयो

**१५** दाऊदले आफ्नो निम्ति दाऊदको
शहरमा निर्माणको काम सिध्याएपछि
तिनले परमेश्वरको सन्दूकको निम्ति एउटा
ठाउँ तयार गरे अनि त्यसको निम्ति एउटा
पाल टाँगे। **२**तब दाऊदले भने, “अरू कसैले
होइन तर लेवीहरूले मात्र परमेश्वरको सन्दूक
बोकून्, किनकि परमप्रभुले तिनीहरूलाई नै
परमप्रभुको सन्दूक बोक्न र सधैँको निम्ति
उहाँको सामने सेवा गर्नलाई चुन्नुभयो।”

**३**दाऊदले सारा इस्राएललाई परमप्रभुको
सन्दूक त्यसको निम्ति तिनले तयार गरेको
ठाउँमा ल्याउनलाई यरूशलेममा भेला गरे।
**४**तिनले हारून र लेवीका सन्तानहरूलाई
एकसाथ बोलाए:

**५**कहातका सन्तानबाट,
अगुवा ऊरीएल र एक सय बीस जना आफन्तहरू;
**६**मरारीका सन्तानबाट,
अगुवा असायाह र दुई सय बीस जना आफन्तहरू;
**७**गेर्शोनका सन्तानहरूबाट,
अगुवा योएल र एक सय तीस जना आफन्तहरू;
**८**एलीसापानका सन्तानहरूबाट,
अगुवा शमायाह र दुई सय जना आफन्तहरू;
**९**हेब्रोनका सन्तानहरूबाट,
अगुवा एलीएल र असी जना आफन्तहरू;
**१०**उज्जीएलका सन्तानहरूबाट,
अगुवा अम्मीनादाब र एक सय बाह्र जना आफन्तहरू।

**११**तब दाऊदले सादोक र एबीयातार
पूजाहारीहरू अनि ऊरीएल, असायाह, योएल,
शमायाह, एलीएल र अम्मीनादाब लेवीहरूलाई
बोलाइपठाए। **१२**तिनले तिनीहरूलाई भने,
“तपाईंहरू लेवी परिवारका मुखियाहरू हुनुहुन्छ;
तपाईंहरू र तपाईंहरूका सङ्गी लेवीहरूले
आफैलाई पवित्र गरिकन परमप्रभु इस्राएलका
परमेश्वरको सन्दूक मैले त्यसको निम्ति तयार
गरेको ठाउँमा ल्याउनुपर्छ। **१३**तपाईं लेवीहरूले
पहिलोपल्ट त्यसलाई नल्याउनुभएकोले नै
परमप्रभु हाम्रा परमेश्वरको क्रोध हाम्रो विरुद्धमा
परेको थियो। हामीले ठीक तरीकाले त्यसलाई
कसरी गर्ने हो भनि उहाँसित सल्लाह लिएनौं।
**१४**यसकारण पूजाहारी र लेवीहरूले परमप्रभु
इस्राइलका परमेश्वरको सन्दूक ल्याउनको लागि
आफैलाई पवित्र गरे। **१५**अनि परमप्रभुको
वचनअनुसार मोशाले आज्ञा दिएझैँ लेवीहरूले
आफ्ना काँधमा डण्डाहरू राखेर परमेश्वरको
सन्दूक बोके।

**१६**दाऊदले लेवीहरूका अगुवाहरूलाई
सङ्गीतका बाजाहरू, अर्थात् सारङ्गी, वीणा
झ्याम्टाहरूसित हर्षको गीत गाउनलाई गायकको
रुपमा नियुक्त गर्नू भने।

**१७**यसकारण लेवीहरूले योएलका छोरा
हेमानलाई तिनका दाज्यूभाइहरूबाट, बेरेक्याहका
छोरा आसापलाई, अनि मरारी दाज्यूभाइहरूबाट,
कुशायाहका छोरा एतानलाई नियुक्त गरे,
**१८**र दोस्रो दर्जामा तिनीहरूसित तिनीहरूका
दाज्यूभाइहरू जकरिया, याजीएल, शमीरामोत,
यहीएल, उन्नी, एलीआब, बनायाह, मासेयाह,
मत्तीत्याह, एलीपेलेहू, मिक्नेयाह, ओबेद-एदोम
र यीएललाई नियुक्त गरे, यिनीहरू द्वारपालहरू
थिए।

**१९**सङ्गीतकार हेमान, आसाप र एतानले
काँसको झ्याम्टा बजाउनुपर्थ्यो, **२०**जकर्याह,
याजीएल, शमीरामोत, यहीएल, एलीआब,
मासेयाह र बनायाहले अलामोतअनुसार
सारङ्गी बजाउनुपर्थ्यो, **२१**अनि मत्तीत्याह,
एलीपेलेहू, मिक्नेयाह, ओबेद-एदोम, यीएल र
अजज्याहले शेमीनीतअनुसारको निर्देशनमा
वीणा बजाउनुपर्थ्यो। **२२**लेवीहरूका मुखिया
कनन्याहचाहिँ गान-भजनका अधिपति थिए।
तिनको जिम्मा त्यही थियो, किनकि त्यसमा
तिनी निपुण थिए।

---

**१५:२**–व्यवस्था १०:८. **१५:१५**–प्रस्थान २५:१४.

२३बेरेक्याह र एल्काना सन्दूकको द्वारपाल
हुनुपर्ने थियो। २४शबन्याह, योशापात, नथनिएल,
अमासै, जकर्याह, बनायाह र एलीएजेर
पूजाहारीहरूले परमेश्वरको सन्दूकको सामुन्ने
तुरही बजाउनुपर्थ्यो। ओबेद-एदोम र यहियाह
पनि सन्दूकको निम्ति द्वारपाल हुनुपर्ने थियो।

२५यसकारण दाऊद अनि इस्राएलका धर्म-
गुरुहरू र हजारमाथिका दलहरूका कप्तानहरू
ओबेद-एदोमको घरबाट आनन्दसाथ परमप्रभुको
करारको सन्दूक ल्याउन गए। २६परमप्रभुको
सन्दूक बोकेका लेवीहरूलाई परमेश्वरले
सहायता गर्नुभएकोले सातओटा गोरुहरू र
सातओटा साँडे-भेड़ाहरू बलि चढ़ाए।
२७दाऊदले चाहिँ मिहीन मलमलको वस्त्र
लगाएका थिए, अनि सन्दूक बोक्ने सबै
लेवीहरूले, गाएकहरूले अनि गाएन झुण्डका
अधिपति कनायाहले पनि त्यसै गरेका थिए।
२८यसकारण सारा इस्राएलीहरूले ठूलो सोरले
कराउँदै भेड़ा सीङ, तुरही, झ्याम्टा र सारङ्गी
अनि वीणा बजाउँदै परमप्रभुको करारको सन्दूक
माथि ल्याए।

२९परमप्रभुको करारको सन्दूक दाऊदको
शहरमा प्रवेश हुँदै गर्दा शाऊलकी छोरी
मीकलले झ्यालबाट हेरिन्, अनि दाऊद राजालाई
नाच्दैगरेका र आनन्दित भएका देखिन् र तिनले
आफ्नो मनमा तिनलाई तुच्छ ठानिन्।

१६ तिनीहरूले परमेश्वरका सन्दूक ल्याए
अनि त्यसलाई दाऊदले लगाएको
पालभित्र राखे अनि तिनीहरूले परमप्रभुको
सामने होमबलि र मेलबलि चढ़ाए। २दाऊदले
होमबलि र मेलबलि चढ़ाइसकेपछि तिनले
मानिसहरूलाई परमप्रभुको नाउँमा आशिष्
दिए। ३तब तिनले हरेक इस्राएली पुरूष र
स्त्रीलाई एउटा रोटी, खजुरको डल्ला र
किसमिसको डल्ला दिए।

४तिनले केही लेवीहरूलाई परमप्रभुको
सन्दूकको सामुन्ने सेवा गर्नलाई, अर्जी
चढाउनलाई, धन्यवाद चढ़ाउनलाई अनि
परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गर्नलाई
नियुक्त गरे। ५आसापचाहिँ मुखिया थिए, दोस्रो
दर्जामा जकर्याह, त्यसपछि यीएल, शमीरामोत,
यहीएल, मत्तीत्याह, एलीआब, बनायाह,
ओबेद-एदोम र यीएल। तिनीहरूले सारङ्गी र
वीणा बजाउनुपर्थ्यो, आसापलेचाहिँ झ्याम्टा
बजाउनुपर्थ्यो, ६अनि बनायाह र यहजीएल
पूजाहारीहरूले नियमित रुपले परमेश्वरको
करारको सन्दूकको सामुन्ने तुरहीहरू
बजाउनपर्थ्यो।

### दाऊदको धन्यवादी भजन

७त्यस दिन दाऊदले परमप्रभुलाई
धन्यवाद स्वरुप यो भजन आसाप र तिनका
सहयोगीहरूका जिम्मा लगाइदिए:

८ परमप्रभुलाई धन्यवाद देऊ, उहाँको
नाउँ पुकार, उहाँले गर्नुभएका कामहरू
जातिहरूको बीचमा बताइदेऊ।
९ उहाँको निम्ति गाऊ, उहाँको प्रशंसाको
गीत गाऊ;
उहाँका सबै आश्चर्यकर्महरूको विषयमा
बताऊ,
१० उहाँको पवित्र नाउँमा गौरव गर;
परमप्रभुलाई खोज्नेहरूका हृदयहरूले
आनन्द मनाउन्।
११ परमप्रभु र उहाँको शक्तितिर हेर;
सधैँ उहाँको मुहारको खोजी गर।
१२ उहाँले गर्नुभएका आश्चर्यकर्महरू,
उहाँका अचम्मका कामहरू
अनि उहाँले सुनाउनुभएका इन्साफको
सम्झना गर,
१३ हे इस्राएलका सन्तान उहाँका दासहरू,
हे याकूबका छोराहरू उहाँका
चुनिएकाहरू।
१४ उहाँनै परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ,
उहाँका इन्साफहरू संसारभरि छन्।
१५ उहाँ आफ्नो करार सदा स्मरण गर्नुहुन्छ,

---

**१५:२५–१६:६**–२ शमूएल ६:१२-१९. **१६:८–२२**–भजनसंग्रह १०५:१-१५; ९६:१-१३; १०६:१.

ती आज्ञाहरू, जो उहाँले हजार पुस्ताहरूलाई दिनुभएको थियो,
१६ त्यही करार, जो उहाँले अब्राहामसित बाँध्नुभयो,
त्यही शपथ, जो उहाँले इसहाकसँग गर्नुभएको थियो,
१७ जो उहाँले आदेशको रूपमा याकूबसित पुष्टि गर्नुभयो,
र इस्राएलसँग यसो भनेर अनन्त कराराको रूपमा बाँध्नुभयो:
१८ "तँलाई म अधिकारको भाग स्वरूप कनान देश दिनेछु ।"

१९ जब तिनीहरू गन्तीमा थोरै मात्र थिए, साह्रै थोरै, र त्यसमा पनि विदेशी थिए,
२० तिनीहरू एक जातिदेखि अर्को जातिमा एक राज्यदेखि अर्को राज्यमा डुले ।
२१ उहाँले कुनै मानिसलाई पनि तिनीहरूलाई थिचोमिचो गर्ने अनुमति दिनुभएन;
तिनीहरूको खातिर उहाँले राजाहरूलाई पनि हप्काउनुभयो,
२२ "मेरा अभिषिक्त जनहरूलाई नछोऊ मेरा अगमवक्ताहरूलाई हानि नगर ।"

२३ हे सारा पृथ्वीका मानिस हो,
परमप्रभुको निम्ति गाओ,
दिनहुँ उहाँले दिनुभएको उद्धारको घोषणा गर ।
२४ सबै राष्ट्रहरूमा उहाँको गौरव सबै जातिहरूमा,
उहाँका अचम्मका कामहरू घोषणा गर ।
२५ किनकि परमप्रभु महान् हुनुहुन्छ,
अनि प्रशंसाको अति योग्य हुनुहुन्छ,
सारा देवहरूभन्दा उहाँको भय मान्नुपर्छ ।
२६ किनकि जातिहरूका सबै देवहरू केवल मूर्ति मात्र हुन्,
तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नुभयो ।
२७ उहाँको सामुन्ने प्रताप र गौरव छन्,
उहाँको वासस्थानमा सामर्थ र आनन्द छन् ।
२८ हे जाति-जातिका परिवार हो,
परमप्रभुलाई श्रेय देऊ,
परमप्रभुलाई महिमा र शक्ति चढ़ाओ ।
२९ उहाँको नाउँले पाउनुपर्ने महिमा परमप्रभुलाई देऊ,
भेटी लिएर उहाँको सामने आऊ,
उहाँको पवित्रताको प्रतापमा उहाँलाई पूज ।
३० हे सारा पृथ्वी, उहाँको सामुन्ने काँप !
संसार दृढ़तासाथ स्थापित भएको छ,
यो सार्न सकिने छैन ।
३१ स्वर्गहरू आनन्दित होऊन्, पृथ्वी हर्षित् होस्,
तिनीहरूले जातिहरूको बीचमा,
"परमप्रभुले राज गर्नुहुन्छ !" भनून् ।
३२ समुद्र र त्यसमा भएका सबै गुञ्जायमान् होऊन्,
खेतहरू र त्यसमा भएका हरेकले जयध्वनी निकालून् !
३३ तब वनका रूखहरूले गाउनेछन्,
तिनीहरू परमप्रभुको सामुन्ने आनन्दले गाउनेछन्,
किनकि उहाँ संसारको इन्साफ गर्न आउनुहुन्छ ।

३४ परमप्रभुलाई धन्यवाद देऊ, किनकि उहाँ भलो हुनुहुन्छ,
उहाँको प्रेम सदाकालसम्म रहन्छ ।
३५ यसो भन्दै कराऊ, "हे हाम्रा उद्धारकर्ता, हामीलाई बचाउनुहोस्,
हामीलाई बटुलेर जातिहरूबाट छुटकारा दिनुहोस्,
र हामी तपाईंको पवित्र नाउँलाई धन्यवाद दिउँ र हामी तपाईंको प्रशंसामा गर्व गरौं ।"
३६ परमप्रभु इस्राएलका परमेश्वरलाई,
सदासर्वदा प्रशंसा होइरहोस् ।

**१६:१६**–उत्पत्ति १२:७; २६:३. **१६:१७–१८**–उत्पत्ति २८:१३. **१६:२१–२२**–उत्पत्ति २०:३-७. **१६:३४**–२ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११८:१; १३६:१; यर्मिया ३३:११.

तब सबै मानिसहरूले, "आमेन" र "परमप्रभुको
प्रशंसा होस्" भने ।

**३७**दाऊदले आसाप र तिनका सहयोगीहरूलाई
हरेक दिन गर्नुपर्ने नियमअनुसार परमप्रभुको
करारको सन्दूकको सामुन्ने नियमित रुपले सेवा
गर्नलाई त्यहीं छोड़िदिए । **३८**तिनले ओबेद-
एदोम र तिनका अठ्सट्टी जना सहयोगिहरूलाई
तिनीहरूसित सेवा गर्नलाई छोड़िदिए। यदूतूनका
छोरा ओबेद-एदोम र होसा पनि द्वारपालहरू
थिए ।

**३९**दाऊदले पूजाहारी सादोक र तिनका सङ्गी
पूजाहारीहरूलाई गिबोनको अग्लो ठाउँमा
परमप्रभुको वासस्थानमा छोड़िदिए ।
**४०**परमप्रभुले इस्राएलीहरूलाई दिनुभएको
व्यवस्थामा लेखिएबमोजिम बिहान र बेलुकी
परमप्रभुको निम्ति होमबलि वेदीमा चढ़ाउँथे ।
**४१**तिनीहरूसित हेमान र यदूतून, "किनकि
उहाँको प्रेम सदासर्वदा रहन्छ" भनेर परमप्रभुलाई
धन्यवाद दिनलाई नाउँद्वारा खटिएका र
चुनिएका अरू बाँकी जनहरू थिए । **४२**हेमान
र यदूतूनचाहिँ पवित्र भजनको निम्ति तुरही
फुक्ने अनि अरू वाद्य-यन्त्रहरू बजाउने जिम्मामा
रहेका थिए ।

**४३**तब सबै मानिसहरू आफ्ना-आफ्ना
घरतिर लागे अनि दाऊदचाहिँ आफ्नो
परिवारलाई आशिष् दिन फर्के ।

### दाऊदप्रति परमेश्वरको प्रतिज्ञा

**१७** दाऊद आफ्नो महलमा स्थापित
भइसकेपछि तिनले अगमवक्ता
नातानलाई भने, "यहाँ म देवदारको महलमा
बसिरहेको छु, जब कि परमप्रभुको करारको
सन्दूकचाहिँ पालमा छ ।"

**२**नातानले दाऊदलाई जवाफ दिए "तपाईंको
मनमा जे छ त्यो गर्नुहोस्, किनकि परमेश्वर
तपाईंसित हुनुहुन्छ ।"

**३**त्यस रात परमप्रभुको वचन नातानकहाँ
यसो भनेर आयो:-

**४**"जा अनि मेरो दास दाऊदलाई भन्,
'परमप्रभु यसो भन्नुहुन्छ, म वास गर्नलाई
मेरो निम्ति घर बनाउने तँ होइनस् ।
**५**मैले इस्राएललाई मिश्रबाट माथि
ल्याएकोदेखि आजको दिनसम्म म कुनै
घरमा बसेको छैनँ । म पालको एउटा
ठाउँदेखि अर्को ठाउँ, एउटा बस्ने ठाउँदेखि
अर्को बस्ने ठाउँमा सर्दैआएको छु । **६**म
इस्राएलीहरूसित जहीं घुमे तापनि मैले
मेरो मानिसहरूका गोठाला हुन दिएका
तिनीहरूका अगुवाहरूमध्ये कसैलाई पनि,
"तिमीहरूले मेरो निम्ति देवदारका घर
किन बनाएका छैनौ ?" भनेर भनेका छु ?'

**७**त्यसो भए अब, मेरो दास दाऊदलाई
भन्, 'सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ, मैले तँलाई खर्कबाट र
बगालको पछि लाग्नबाट मेरो जाति
इस्राएलमाथि शासक हुनलाई ल्याएँ ।
**८**तँ जहाँ गए तापनि म तँसित हुँदैआएको
छु, अनि मैले तेरो सामुन्नेबाट तेरा
सारा शत्रुहरूलाई अलग गरिदिएको छु।
अब म तेरो नाउँ संसारका अति महान्
मानिसहरूका नाउँहरूझैं बनाउनेछु ।
**९**अनि म मेरो जाति इस्राएलको
निम्ति एउटा ठाउँ तयार गर्नेछु अनि
तिनीहरूलाई राख्नेछु र तिनीहरूका
आफ्नै बस्ने ठाउँ हुनेछ र तिनीहरू फेरि
बिचलित पारिनेछैनन्। दुष्ट मानिसहरूले
फेरि तिनीहरूलाई सताउने छैनन्, जसरी
तिनीहरूले शुरुमा गरे, **१०**र मैले आफ्नो
जाति इस्राएलमाथि अगुवाहरू नियुक्त
गरेको समयदेखि यसो गरेका छन् । म
तेरा सबै शत्रुहरूलाई पनि नाश गर्नेछु ।

'"परमप्रभुले तेरो निम्ति एउटा घर
बनाउनुहुनेछ भनी म तँलाई घोषणा
गर्दछु: **११**तेरो दिन पुगेर तँ आफ्ना
पुर्खाहरूसित हुनलाई गएपछि, म तेरो
छोरालाई तँपछि तेरो ठाउँमा खड़ा गर्नेछु,

**१६:४३**–२ शमूएल ६:१९-२०. **१७:१-१५**–२ शमूएल ७:१-१७.

अर्थात् तेरा छोराहरूमध्ये एक जनालाई,
अनि म त्यसको राज्य स्थापित गर्नेछु ।
**१२**मेरो निम्ति एउटा घर बनाउने त्यही
हुनेछ, अनि म त्यसको सिंहासन सदाको
निम्ति स्थापित गर्नेछु । **१३**म त्यसको
पिता हुनेछु र त्यो मेरो छोरो हुनेछ ।
मैले आफ्नो प्रेम तेरा अधिकारीहरूबाट
हटाएझैँ म आफ्नो प्रेम कहिल्यै त्यसबाट
लैजाने छैनँ । **१४**म त्यसलाई सदाको
निम्ति मेरो घर र मेरो राज्यमा स्थापित
गर्नेछु, त्यसको सिंहासन सदाको निम्ति
स्थापित रहनेछ ।'"

**१५**नातानले यो सम्पूर्ण प्रकाशका शब्दहरू
दाऊदलाई सुनाइदिए ।

### दाऊदको प्रार्थना

**१६**तब राजा दाऊद भित्र गएर परमप्रभुको
सामुन्ने बसे, अनि तिनले भने:

"हे परमप्रभु परमेश्वर, म को हुँ र
मेरो परिवार के हो र तपाईंले मलाई
यहाँसम्म ल्याउनुभयो ? **१७**अनि यो
तपाईंको दृष्टिमा, हे परमेश्वर, पर्याप्त
नभएझैँ तपाईंले आफ्नो दासको घरको
भविष्यको विषयमा बोल्नुभएको छ । हे
परमप्रभु परमेश्वर, तपाईंले त म एक
जना अति उच्च मानिस हुँ भने जस्तै
गरी मलाई हेर्नुभएको छ ।

**१८**तपाईंको दासलाई सम्मान दिनुभएकोमा
दाऊदले अझ बढ़ी के भन्न सक्छ र ?
किनकि तपाईंले, हे परमप्रभु, आफ्नो
दासलाई जान्नुहुन्छ । **१९**तपाईंको दासको
खातिर अनि तपाईंको इच्छाअनुसार
तपाईंले यो महान् कुरो गर्नुभएको छ,
अनि यी सबै महान् प्रतिज्ञाहरू जान्न
दिनुभएको छ ।

**२०**हे परमप्रभु, तपाईंझैँ अरू कोही
छैनन्, र हामीले आफ्नै कानले सुनेझैँ
तपाईंबाहेक अरू परमेश्वर छैनन् ।
**२१**अनि तपाईंको जाति इस्राएल जस्तो
जाति को छ र, अर्थात् पृथ्वीमा भएको
एउटा जाति जसका परमेश्वर एउटा
जातिलाई आफ्नै निम्ति छुटकारा दिनलाई
अनि तपाईं आफ्नै निम्ति एउटा नाउँ
राख्नलाई र मिश्रबाट तपाईंले छुटकारा
दिनुभएका आफ्नै जातिको सामुन्नेबाट
जातिहरूलाई धपाएर डरलाग्दो
आश्चर्यकर्महरू गर्नलाई आफै निस्केर
जानुभयो ? **२२**तपाईंले इस्राएल आफ्नो
जातिलाई सदाको निम्ति आफ्नै बनाउनुभयो
र हे परमप्रभु, तपाईं तिनीहरूका
परमेश्वर हुनुभएको छ ।

**२३**अनि अब, परमप्रभु, तपाईंले आफ्नो
दास र उसको घरको विषयमा गर्नुभएको
प्रतिज्ञा सदाको निम्ति स्थापित गरियोस् ।
तपाईंले प्रतिज्ञा गर्नुभएझैँ गर्नुहोस्, **२४**र
त्यो स्थापित होस् अनि तपाईंको नाउँ सदाको
निम्ति महान् होस् । तब मानिसहरूले
भन्नेछन्, 'सर्वशक्तिमान् परमप्रभु, इस्राएल-
माथि परमेश्वर नै इस्राएलका परमेश्वर
हुनुहुन्छ !" अनि तपाईंको दास दाऊदको
घर तपाईंको सामने स्थापित हुनेछ ।

**२५**मेरा परमेश्वर, तपाईंले आफ्नो
दासलाई उसको निम्ति एउटा घर
बनाइदिनुहुनेछ भनी तपाईंले प्रकट
गर्नुभएको छ । यसकारण तपाईंको दासले
तपाईंकहाँ प्रार्थना गर्ने साहस पाएको
छ । **२६**हे परमप्रभु, तपाईं नै परमेश्वर
हुनुहुन्छ ! तपाईंले आफ्नो दासलाई यी
असल कुराहरू प्रतिज्ञा गर्नुभएको छ ।
**२७**अब तपाईं आफ्नो दासको घरलाई यो
तपाईंको दृष्टिमा सदा बनिरहोस् भनी
आशिष् दिन खुशी हुनुभएको छ; किनकि,
हे परमप्रभु, तपाईंले यसलाई आशिष्
दिनुभएको छ अनि यो सधैँको लागि
आशीषित् भइरहनेछ ।

---

**१७:१३**–२ कोरिन्थी ६:१८; हिब्रू १:५. **१७:१६–२७**–२ शमूएल ७:१८–२९.

### दाऊदका विजयहरू

१८ समय बित्दै जाँदा, दाऊदले
पलिश्तीहरूलाई परास्त गरेर
तिनीहरूलाई वंशमा पारे अनि तिनले
पलिश्तीहरूको अधीनबाट गात र त्यसका
चारैतिरका गाउँहरू लिए ।
२दाऊदले मोआबीहरूलाई पनि परास्त
गरे अनि तिनीहरू तिनको अधीन भएर कर
तिर्ने भए ।
३यसबाहेक, सोबाका राजा हददेसेर यूफ्रेटिस
नदीको छेउ आफ्नो अधीनता स्थापित गर्न जाँदा
दाऊदले तिनीसित हमातसम्मै युद्ध गरे ।
४दाऊदले तिनका एक हजार रथहरू, सात
हजार सारथीहरू र बीस हजार पैदल
सिपाहीहरू पक्रे । तिनले एक सय रथ-
घोड़ाहरूबाहेक अरू सबैका खुट्टाका नशाहरू
काटिदिए ।
५दमस्कसका अरामीहरू सोबाका राजा
हददेसेरलाई सघाउन आउँदा दाऊदले तिनीहरूका
बाईस हजारलाई प्रहार गरी मारे । ६तिनले
दमस्कसका अरामी राज्यमा आफ्ना रक्षक-
सेनालाई राखे अनि अरामीहरूले तिनका
प्रजा भईकन कर ल्याए । दाऊद जहाँ गए पनि
परमप्रभुले तिनलाई विजय दिनुभयो ।
७दाऊदले हददेसेरका अधिकृतहरूले बोकेका
सुनका ढालहरू लिएर ती यरूशलेममा ल्याए ।
८हददेसेरका तेबाह र कूनबाट दाऊदले धेरै
मात्रामा काँसा ल्याए जसलाई सुलेमानले
काँसाको खड़कुँला, खाँमाहरू र काँसाका
विभिन्न चीजहरू बनाउने काममा प्रयोग गरे ।
९जब हमातका राजा तोऊले दाऊदले
सोबाका राजा हददेसेरको सम्पूर्ण फौजलाई
जितेको सुने, १०तिनले आफ्नो छोरा हदोरामलाई
दाऊदकहाँ, तिनले तोऊसित दुश्मनीमा रहेको
हददेसेरमाथि लड़ाइँमा विजय पाएकोमा बधाई
दिन पठाए । हदोरामले सुन, चाँदी र काँसाका
सबै किसिमका चीजहरू ल्याए ।
११दाऊद राजाले यी भाँडाहरू परमप्रभुमा
समर्पण गरे । तिनले यी जातिहरू, अर्थात्:
एदोमीहरू, मोआबीहरू, अम्मोनीहरू, पलिश्तिहरू
र अमालेकीहरूसँग लिएका चाँदी र सुनलाई
परमप्रभुकहाँ अर्पण गरे ।
१२सरूयाहका छोरा अबीशैले नूनको
खोल्सामा अठाह्र हजार एदोमीहरूलाई प्रहार
गरेर मारे । १३तिनले एदोममा आफ्ना रक्षा-
सेना राखे, अनि सारा एदोमीहरू दाऊदका
प्रजा भए । दाऊद जहाँ गए पनि परमप्रभुले
तिनालाई विजय दिनुभयो ।

### दाऊदका अधिकृतहरू

१४दाऊदले आफ्ना मानिसहरूको निम्ति
न्यायसङ्गत र ठीक काम गर्दै इस्राएलमाथि
राज्य गरे । १५सरूयाहका छोरा योआब फौजको
अधिकृत थिए, अहीलूदका छोरा यहोशापात
लेखापाल थिए । १६अहीतूबका छोरा सादोक र
एबीयातारका छोरा अहीमेलेक पूजाहारीहरू
थिए, शब्शा सचिव थिए; १७यहोयादाका छोरा
बनायाहले करेतीहरू र पलेतीहरूमाथि जिम्मा
लिएका थिए, अनि दाऊदका छोराहरूचाहिँ
राजाका मुख्य अधिकृतहरू थिए ।

### अम्मोनीहरूको विरुद्धमा लड़ाइँ

१९ समय बित्दै जाँदा अम्मोनीहरूका राजा
नाहाशको मृत्यु भयो, अनि तिनीपछि
तिनका छोरा राजा भए । २दाऊदले सोचे, "म
नाहाशका छोरा हानूनमाथि दया देखाउनेछु
किनकि तिनका पिताले मप्रति दया देखाए ।"
यसकारण हानूनप्रति तिनका पिताको विषयमा
सहानुभूति देखाउनलाई एक शिष्टमण्डल पठाए ।
दाऊदका मानिसहरू अम्मोनीहरूको देशमा
हानूनकहाँ तिनलाई सहानुभूति दर्शाउन आउँदा,
३अम्मोनी भारादारहरूले हानूनलाई भने, "दाऊदले
तपाईंकहाँ सहानुभूति दर्शाउन मानिसहरू पठाएर
तपाईंका पितालाई सम्मान दिइरहेका छन् भनी

---

**१८:१-१७**–२ शमूएल ८:१-१८. **१८:८**–१ राजा ७:४०-४७; २ इतिहास ४:११-१८. **१८:१२**–भजनसंग्रह ६० (शिर्षक). **१९:१-१९**–२ शमूएल १०:१-१९.

के तपाईं ठान्नुहुन्छ ? के तिनका मानिसहरू
यस देशको भेद लिएर यसलाई परास्त गर्नलाई
तपाईंकहाँ आएका होइनन् ?" ४यसकारण
हानूनले दाऊदका मानिसहरूलाई पक्रे, दाह्री
खौरिदिए, तिनीहरूका लुगा बीचमा जाँघसम्मै
काटिदिए, अनि तिनीहरूलाई पठाइदिए ।
५कसैले आएर दाऊदलाई ती मानिसहरूको
विषयमा भनिदिँदा, तिनले उनीहरूलाई भेट्न
दूतहरू पठाए, किनकि तिनीहरूको ठूलो अनादर
भएको थियो । राजाले भने, "तिमीहरूका
दाह्री नबढुञ्जेल यरीहोमा बस अनि त्यसपछि
फर्किआऊ ।"
६जब अम्मोनीहरूले आफैलाई दाऊदको
दृष्टिमा घृणित भएको थाह पाए, हानून र
अम्मोनीहरूले अराम नहरैम, अराम माका र
सोबाबाट रथहरू र सारथीहरू भाड़ामा लिनलाई
एक हजार तोड़ा चाँदी पठाए । ७तिनीहरूले
बत्तीस हजार रथहरू र सारथीहरूको साथमा
आफ्ना दलसितै राजा माकालाई पनि भाड़ामा
लिए जसले आएर मदेबाको छेउमा छाउनी
हाले अनि अम्मोनीहरूलाई चाहिँ तिनीहरूका
शहरहरूबाट भेला गराएर लड़ाइँको निम्ति
बाहिर निकालिए ।
८यो सुनेर दाऊदले योआबलाई लड़ाकु
मानिसहरूको सम्पूर्ण फौजसित पठाए ।
९अम्मोनीहरू आएर शहरमा जाने मूल ढोकामा
लड़ाइँ गर्न तयार भए, र उनका मित्र-राजाहरूले
खुला मैदानमा आ-आफ्नो स्थान लिए ।
१०योआबले आफ्नो सामुन्ने र पछिल्तिर
युद्धका मोर्चाहरू बाँधिएका देखेर तिनले
इस्राएलका सर्वोत्तम दलहरूलाई चुने, अनि
तिनीहरूलाई अरामीहरूको विरुद्धमा खटाए ।
११तिनले बाँकी रहेका मानिसहरूलाई आफ्ना
भाइ अबीशैको अधीनमा राखे, अनि तिनीहरूलाई
अम्मोनीहरूको विरुद्धमा खटाए । १२योआबले
भने, "यदि अरामीहरू मेरो निम्ति अति सामर्थी
भए भने, तिमीले मलाई छुटाउनुपर्छ, तर यदि
अम्मोनीहरू तिम्रो निम्ति अति सामर्थी भए
भने, म तिमीलाई छुटाउनेछु । १३बलिया होऊ
अनि हामी आफ्ना मानिसहरूको निम्ति र हाम्रै
परमेश्वरको शहरको निम्ति वीरतासाथ लड़ौं ।
परमप्रभुले आफ्नो दृष्टिमा जे ठीक छ सो
गर्नुहुनेछ ।"
१४तब योआब अनि तिनीसित भएको दल
अरामीहरूसित युद्ध गर्न अघि बढ़े, अनि तिनीहरू
उनीहरूको सामुन्ने भागे । १५अम्मोनीहरूले
अरामीहरू भागेका देखेर तिनीहरू पनि तिनका
भाइ अबीशैको सामुन्ने भागे अनि शहरभित्र
पसे । यसकारण योआब यरूशलेममा फर्के ।
१६अरामीहरूले आफूलाई इस्राएलद्वारा
परास्त गरिएको देखेपछि तिनीहरूले दूतहरू
पठाएर अरामीहरूलाई नदी पारिबाट झिकाए
अनि त्यसको नेतृत्वचाहिँ हददेसेरको फौजको
कप्तान शोपकले गरिरहेका थिए ।
१७यो कुरा दाऊदलाई भनिएपछि तिनले
सारा इस्राएललाई भेला गराए र यर्दन तरे ।
तिनी उनीहरूको विरुद्धमा अघि बढ़े अनि
तिनीहरूको विपरीत युद्धको मोर्चा बाँधे ।
दाऊदले अरामीहरूलाई युद्धमा भेटन् आफ्नो
पंक्ति बाँधे र तिनीहरूले उनको विरुद्धमा युद्ध
गरे । १८तर तिनीहरू इस्राएलको सामुन्ने भागे
अनि दाऊदले तिनीहरूका सात हजार रथ-
सवारहरू र चालीस हजार पैदल सेनालाई
मारे । तिनले उनीहरूको फौजका कप्तान
शोपकलाई पनि मारे ।
१९जब हददेसेरका रैतीहरूले आफूलाई
इस्राएलद्वारा परास्त भएका देखे, तिनीहरूले
दाऊदसित सन्धि बाँधे अनि तिनका अधीन भए ।
यसकारण अरामीहरूले फेरि अम्मोनीहरूलाई
सघाउन राजी भएनन् ।

### रब्बामाथि कब्जा

२० बसन्त ऋतुमा राजाहरू लड़ाइँ गर्न
जाने समयमा योआबले हतियारधारी
दलहरूको नेतृत्व गरे । तिनले अम्मोनीहरूको
देशलाई उजाड़ पारिदिएर रब्बामा गई त्यसलाई

**२०:१**–२ शमूएल ११:१. **२०:१–३**–२ शमूएल १२:२६-३१.

घेरे तर दाऊद यरूशलेममै बसे। योआबले र
ब्बामाथि आक्रमण गरेर त्यसलाई धूलोपीठो
बनाइदिए। **२**दाऊदले तिनीहरूका राजाको
शिरबाट मुकुट लिए जसको ओजन एक तोड़ा
सुन थाहा पाइयो अनि त्यसमा बहुमूल्य
पत्थरहरू जड़िएका थिए, अनि त्यो दाऊदको
शिरमाथि लगाइयो। तिनले त्यस शहरबाट
धेरै मात्रामा लूट्का मालहरू लगे। **३**अनि
त्यहाँका मानिसहरूलाई बाहिर निकालेर
तिनीहरूलाई आरा, फलामका हतियारहरू र
बञ्चरोका कामहरू गर्न दिए। दाऊदले सबै
अम्मोनी शहरहरूलाई यसो गरे। तब दाऊद
र तिनका सम्पूर्ण फौज यरूशलेममा फर्के।

### पलिश्तीहरूसित युद्ध

**४**समय बित्दै जाँदा गेजेरमा पलिश्तीहरूसित
लड़ाइँ भयो, त्यसबेला हूशाती सिब्बकैले
रपाईंहरूका एउटा सन्तान सिप्पैलाई मारे अनि
पलिश्तीहरू अधीनमा भए।

**५**पलिश्तीहरूसितको अर्को एउटा लड़ाइँमा
याएरका छोरा एल्हानानले गित्ती गोल्यतको
भाइ लह्मीलाई मारे जसको भालाको बीँड़
जुलाहाको डण्ड़ाजस्तो थियो।

**६**अझ अर्को लड़ाइँमा, जुनचाहिँ गातमा
भएको थियो, त्यहाँ प्रत्येक हातमा छ ओटा
औँलाहरू अनि प्रत्येक खुट्टामा छ ओटा
औँलाहरू, जम्मा चौबीसओटा भएका एउटा
विशाल मानिस थियो। त्यो पनि रपाईंहरूकै
सन्तान थियो। **७**त्यसले इस्राएललाई खिसी
गर्दा दाऊदका दाज्यू शिमीका छोरा जोनाथनले
त्यसलाई मारे।

**८**यिनीहरू गातमा भएका रापाहरूका
सन्तान थिए, अनि तिनीहरू दाऊद र तिनका
मानिसहरूका हातबाट मारिए।

### दाऊदले लड़ाकु मानिसहरू गनेका

**२१** शैतान इस्राएलको विरुद्धमा उठेर
दाऊदलाई इस्राएलको गन्ती लिन
सुऱ्यायो। **२**यसकारण दाऊदले योआब र दलका
कप्तानहरूलाई भने, "जाऊ गएर बेर्शेबादेखि
दानसम्मै इस्राएलीहरूलाई गन। त्यसपछि आएर
मलाई खबर देऊ र म तिनीहरू कति रहेछन्
भनी थाहा पाऊँ।"

**३**तर योआबले जवाफ दिए, "परमप्रभुले
उहाँको दलहरूलाई सय गुणा बढ़ाऊन्।
मेरा मालिक महाराजा, के तिनीहरू सबै मेरा
मालिककै प्रजाहरू होइनन्? मेरा मालिकले
किन यसो गर्न चाहनुभएको? उहाँले किन
इस्राएलमाथि दोष ल्याउने?"

**४**तरै पनि राजाको कुरा नै योआबको भन्दा
दह्रो भयो र योआब इस्राएलभरि गए, अनि
यरूशलेममा फर्किआए। **५**योआबले दाऊदलाई
लड़ाकू मानिसहरूले सङ्ख्या बताइदिए।
सारा इस्राएलमा तरवार चलाउन सक्ने एघार
लाख अनि यहूदामा चार लाख सत्तरी हजार
मानिसहरू थिए।

**६**तर योआबले त्यस गणनामा लेवी र
बेन्यामीनलाई सामेल गराएनन्, किनकि तिनलाई
राजाको हुकुम मन परेको थिएन। **७**यो हुकुम
परमप्रभुको दृष्टिमा पनि दुष्ट थियो र उहाँले
तिनलाई दण्ड दिनुभयो।

**८**तब दाऊदले परमेश्वरलाई भने, "मैले
यो गरेर ठूलो पाप गरेको छु। अब म तपाईंलाई
आफ्नो दासको दोष हटाइदिनुहोस् भनी बिन्ती
गर्छु। मैले एउटा ठूलो मूर्ख काम गरेको छु।"

**९**परमप्रभुले दाऊदका दर्शी गादलाई
भन्नुभयो, **१०**"गएर दाऊदलाई भन्, "परमप्रभु
यसो भन्नुहुन्छ, म तँलाई तीनओटा कुरा रोज्न
दिनेछु। मैले तेरो विरुद्धमा काम गर्नलाई तीमध्ये
एउटा रोज्।"

**११**यसकारण गादले गएर दाऊदलाई भने,
"परमप्रभु यसो भन्नुहुन्छ, 'तैंले रोज्। **१२**तीन
वर्षको अनिकाल, तीन महिनासम्म तँ आफ्ना
शत्रुहरूद्वारा तिनीहरूका तरवारले सताइनु, अथवा
परमप्रभुको तरवारका तीन दिन, अर्थात् परमप्रभुको
दूतद्वारा इस्राएलको प्रत्येक भागमा विपत्तिद्वारा

**२०:४-८**–२ शमूएल २१:१५-२२. **२०:५**–१ शमूएल १७:४-७. **२१:१-२७**–२ शमूएल २४:१-२५.

स्वाहा हुने ।' अब मैले आफूलाई पठाउनेकहाँ
के जवाफ दिने त्यो निर्णय गर्नुहोस् ।"
**१३**दाऊदले गादलाई भने, "म ठूलो विपत्तिमा
परें । मलाई परमप्रभुको हातमा पर्नुनै ठीक छ,
किनकि उहाँको कृपा अति महान् छ, तर मलाई
मानिसहरूको हातमा पर्न नदिनुहोस् ।"
**१४**यसकारण परमप्रभुले इस्राएलमा एउटा
विपत्ति पठाउनुभयो, अनि इस्राएलमा सत्तरी हजार
मानिसहरू मरे । **१५**अनि परमेश्वरले यरूशलेममलाई
नाश गर्न एक जना दूत पठाउनुभयो । तर
त्यस दूतले त्यसो गरिरहेको बेला परमप्रभुले
त्यो देख्नुभयो, अनि त्यस विपत्तिको कारण
उहाँ दुःखी हुनुभयो र मानिसहरूलाई नाश
गरिरहेका दूतलाई भन्नुभयो, "अति भयो ! आफ्नो
हात थाम् ।" त्यस बेला परमप्रभुका दूत यबूसी
अरौनको खलामा उभिरहेका थिए ।
**१६**दाऊदले मास्तिर हेरे अनि परमप्रभुका
दूतलाई नाङ्गो तरवार यरूशलेममाथि पसारेर
स्वर्ग र पृथ्वीको बीचमा उभिरहेका देखे । तब
दाऊद र धर्म-गुरुहरू भाङ्ग्रा लाएर घोप्टो
परे ।
**१७**दाऊदले परमेश्वरलाई भने, "के लड़ाकू
मानिसहरूको गन्ती लिनु भनेर हुकुम दिने म
होइनँ ? पाप र भूल गर्नेचाहिँ म हुँ । यिनीहरू
त भेड़ाहरू मात्र हुन् । तिनीहरूले के गरेका
छन् ? हे परमप्रभु मेरा परमेश्वर, तपाईंका
हातका प्रकोप म र मेरा परिवारमाथि परोस्
तर यो विपत्ति तपाईंका मानिसहरूमाथि
नरहोस् ।"
**१८**तब परमप्रभुका दूतले गादलाई दाऊदलाई
उक्लेर गई यबूसी अरौनाको खलामा पराप्रभुको
निम्ति एउटा वेदी बनाउन भन्नु भनेर हुकुम
गरे । **१९**यसकारण गादले परमप्रभुको नाउँमा
बोलेका कुरा पालन गरेर दाऊद माथि गए ।
**२०**अरौनाले गहूँ कुटिरहेको बेला तिनी फर्के
अनि दूतलाई देखे । तिनीसित भएका तिनका
चार जना छोराहरूचाहिँ लुकिहाले । **२१**तब
दाऊद नजिक गएर अरौनाले हेरेर तिनलाई
देखेपछि तिनी खला छोड़ेर गए अनि तिनको
सामने भूइँतिर अनुहार गरेर निहूरे ।
**२२**दाऊदले तिनलाई भने, "मेरा मानिसहरू-
माथिको विपत्ति हटोस् भनेर मैले परमप्रभुको
निम्ति एउटा वेदी बनाउलाई म तिम्रो खलाको
ठाउँ पाऊँ । मलाई यो पूरा दाममा बेच ।"
**२३**अरौनाले दाऊदलाई भने, "यो लिनुहोस् !
मेरा मालिक राजालाई जे मन लाग्छ गरून् ।
हेर्नुहोस्, म होमबलिको निम्ति गोरुहरू,
दाउराको निम्ति दाइँका काठहरू, अनि
अन्नबलिको निम्ति गहूँ दिनेछु । म यी सबै
चीजहरू दिनेछु ।"
**२४**तर राजा दाऊदले अरौनालाई जवाफ
दिए, "होइन, म पूरा दाम दिने कर गर्छु, म
परमप्रभुको निम्ति तिम्रो चीज लिनेछैनँ ।"
**२५**यसकारण दाऊदले अरौनालाई त्यस
ठाउँको निम्ति सुनका छ सय शेकेल दिए ।
**२६**त्यहाँ दाऊदले परमप्रभुको निम्ति एउटा वेदी
बनाएर होमबलि र सङ्गतिबलि चढ़ाए । तिनले
परमप्रभुलाई पुकारे अनि परमप्रभुले होमबलिको
वेदीमाथि स्वर्गबाट आगो वर्षाएर तिनलाई
जवाफ दिनुभयो ।
**२७**तब परमप्रभुले दूतसित कुरा गर्नुभयो,
अनि तिनले आफ्नो तरवार म्यानभित्र हाले ।
**२८**त्यस बेला दाऊदले परमप्रभुले यबूसी
अरौनाको खलामा तिनलाई जवाफ दिनुभएको
देखेर तिनले त्यहाँ बलिहरू चढ़ाए ।
**२९**त्यस बेला मोशाले उजाड़-स्थानमा बनाएका
परमप्रभुको वासस्थान र होमबलिको वेदी
गिबोनको अग्लो ठाउँमा थिए । **३०**तर दाऊद
परमप्रभुका दूतको तरवारदेखि डराएका हुनाले
तिनी परमेश्वरसित सल्लाह लिन त्यसको सामने
जान सकेका थिएनन् ।

**२२** तब दाऊदले भने, "परमप्रभु परमेश्वर
को भवन अनि इस्राएलको निम्ति
होमबलिको वेदी पनि यहीं हुनुपर्छ ।"

### मन्दिरको निम्ति तयारी

**२**यसकारण दाऊदले इस्राएलमा बस्दै
गरेका परदेशीहरूलाई भेला गर्ने हुकुम दिए,
अनि तिनीहरूमध्येबाट परमेश्वरको भवन
निर्माण गर्नलाई काटेका ढुङ्गा तयार गर्न

भनि ढुंङ्गा काट्नेहरू नियुक्त गरे । **३**तिनले
मूलढोकाहरूको निम्ति कीलाहरू बनाउन अनि
चेपुवाहरूको निम्ति धेरै मात्रामा फलाम प्रबन्ध
गरिदिए अनि ओजन गरी नसकिने काँसाहरू
दिए । **४**तिनले गन्न नसकिने गरी देवदारका
काठहरू पनि प्रबन्ध गरिदिए, किनकि सीदोनी
र टायरवासीहरूले ती धेरै सङ्ख्यामा दाऊदकहाँ
ल्याएका थिए ।

**५**दाऊदले भने, "मेरा छोरा सुलेमान कलिलै
र अनुभवहीन छ, अनि परमप्रभुको निम्ति
बनिनु पर्ने भवनचाहिँ सबै जातिहरूको दृष्टिमा
शोभायमान्, प्रख्यात र वैभवशाली हुनुपर्छ ।
यसकारण म यसको निम्ति तयारी गर्नेछु ।"
यसकारण दाऊदले आफ्नो मृत्युअघि ठूलो
तयारी गरे ।

**६**तब तिनले आफ्नो छोरा सुलेमानलाई
बोलाएर तिनलाई परमप्रभु इस्राएलका
परमेश्वरको निम्ति एउटा भवन निर्माण गर्ने
जिम्मा दिए । **७**दाऊदले सुलेमानलाई भने,
"मेरा छोरा, मेरो हृदयमा परमप्रभु मेरा
परमेश्वरको नाउँको खातिर एउटा भवन
बनाउने विचार थियो । **८**तर परमप्रभुको वचन
मकहाँ आयो 'तैंले धेरै रगत बगाएको छस् र
धेरै युद्धहरू लड़ेको छस । तैंले मेरो नाउँको
खातिर भवन बनाउनेछैनस्, किनकि तैंले मेरो
दृष्टिमा यस पृथ्वीमा धेरै रगत बगाएको छस् ।
**९**तर तेरो एउटा छोरा हुनेछ, जो शान्ति र
विश्रामको मानिस हुनेछ; अनि म त्यसलाई
आफ्ना शत्रुहरूबाट हरदिशामा विश्राम दिनेछु ।
त्यसको नाउँ सुलेमान हुनेछ र म त्यसको
शासनकालमा इस्राएललाई शान्ति र चैन
दिनेछु । **१०**मेरो नाउँको खातिर एउटा भवन
बनाउने त्यो नै हुनेछ । त्यो मेरो पुत्र हुनेछ र
म त्यसको पिता हुनेछु । अनि म इस्राएलमाथि
त्यसको राज्यको सिंहासन सदा सर्वदाको निम्ति
स्थापित गर्नेछु ।'

**११**अब मेरा छोरा, परमप्रभु तँसित हुनुहुनेछ,
अनि उहाँले तैंले नै त्यो बनाउनेछस् भन्नुभएझैं
तँसित सफलता रहोस् र तैंले परमप्रभु तेरा
परमेश्वरको भवन बनाउन् । **१२**उहाँले तँलाई
इस्राएलमाथि अधिकार दिएर राख्नुभएपछि
परमप्रभुले तँलाई स्वविवेक र समझशक्ति
देऊन् र तैंले परमप्रभु तेरा परमेश्वरको व्यवस्था
पालन गरेस् । **१३**तब यदि तैंले परमप्रभुले
इस्राएलको निम्ति मोशालाई दिनुभएका
आदेशहरू होशियारीसाथ पालन गरिस् भने,
तैंले सफलता पाउनेछस् । बलियो र साहसी
हो । नडरा र हताश नहो ।

**१४**मैले परमप्रभुको भवनको निम्ति दुःख
गरेर एक लाख तोड़ा सुन, दश लाख तोड़ा
चाँदी, ओजन गर्न नसकिने परिणामका काँसा
र फलाम अनि काठ र ढुङ्गा प्रबन्ध गरेको छु ।
अनि तैंले त्यसमा थप्न सक्छस् । **१५**तँसित
धेरै कर्मचारीहरू, ढुङ्गा काट्नेहरू, डकर्मीहरू
र सिकर्मीहरूको साथमा हरेक किसिमको
काममा निपुण मानिसहरू छन्, **१६**अर्थात् सुन
र चाँदी, काँसा र फलामका काम गर्ने गन्न
नसकिने कारीगरहरू । अब काम शुरु गर् र
परमप्रभु तँसित हुनुहुनेछ ।"

**१७**त्यसपछि दाऊदले इस्राएलका सारा
अगुवाहरूलाई तिनका छोरा सुलेमानलाई
सघाउन हुकुम दिए । **१८**तिनले उनीहरूलाई
भने, "के परमप्रभु तिमीहरूका परमेश्वर
तिमीहरूसित हुनुहुन्न ? अनि के उहाँले
तिमीहरूलाई हरेकतिरबाट विश्राम दिनुभएको
छैन ? किनकि उहाँले देशका बासिन्दाहरूलाई
मकहाँ सुम्पनुभएको छ अनि देश परमप्रभुको
र उहाँका जातिको अधीनमा रहेको छ ।
**१९**अब तिमीहरूका हृदय र प्राणलाई परमप्रभु
तिमीहरूका परमेश्वरलाई खोज्नमा लगाऊ ।
परमप्रभु परमेश्वरको पवित्रस्थान निर्माण गर्न
शुरु गर र परमप्रभुको नाउँको खातिर बनिने
मन्दिरभित्र परमप्रभुको करारको सन्दूक अनि
परमेश्वरका पवित्र चीजहरू तिमीहरूले ल्याउन
सकौला ।"

---

**२२:७–१०**–२ शमूएल ७:१-१६; १ इतिहास १७:१-१४. **२२:१३**–यहोशू १:६-९.

## लेवीहरू

**२३** जब दाऊद वृद्ध भई धेरै उमेर खाए,
तिनले आफ्ना छोरा सुलेमानलाई
इस्राएलमाथि राजा बनाए ।
**२**तिनले इस्राएलका सबै अगुवाहरूलाई अनि
पूजाहारीहरू र लेवीहरूलाई पनि एकसाथ भेला
गरे । **३**तीस वर्ष र माथिका लेवीहरूलाई गनियो,
अनि मानिसहरूको कुल सङ्ख्या अड्तीस् हजार
थियो । **४**दाऊदले भने, "यी मध्ये चौबीस
हजारले परमप्रभुको मन्दिरको काम देखरेख
गरून् अनि छ हजारचाहिँ अधिकृतहरू र
न्यायकर्ताहरू होऊन् । **५**चार हजार द्वारपालहरू
होऊन् र चार हजारहरूले चाहिँ मैले यस
उद्देश्यले प्रबन्ध गरिदिएका वाद्य-यन्त्रहरूद्वारा
परमप्रभुको प्रशंसा गरून् ।
**६**दाऊदले लेवीहरूलाई लेवीका छोराहरू,
अर्थात् गेर्शोन, कहात र मरारीको दलअनुसार
भाग गरिदिए ।

## गेर्शोनीहरू

**७** गर्शोनीहरूका यी थिए:
लादान र शिमी ।
**८** लनदानका छोराहरू:
जेठा यहीएल, जेताम र योएल– जम्मा तीन जना ।
**९** शिमीका छोराहरू:
शलोमोत, हजीएल र हरान– जम्मा तीन जना ।
लादानका परिवारहरूका मुखियाहरू यिनीहरू नै थिए ।
**१०** अनि शिमीका छोराहरू:
यहत, जीजा, यूश र बरीआ– जम्मा चार जना ।
**११** यहत जेठा थिए, जीजा माहिँलो, तर यूश र बरीआका धेरै छोराहरू थिएनन् र तिनीहरूलाई एउटै परिवारमा गनिए अनि एउटै जिम्मेवारी दिइयो ।

## कहातीहरू

**१२**कहातका छोराहरू:
अम्राम, यिसहार, हेब्रोन र उज्जीएल- जम्मा चार जना ।
**१३**अम्रामका छोराहरू:
हारून र मोशा
हारूनचाहिँ अलग गरिएका थिए । तिनी र तिनका सन्तानहरूलाई सधैँको निम्ति अति पवित्र चीजहरू अर्पण गर्न, परमप्रभुको सामुन्ने भेटीहरू चढ़ाउन, उहाँको सामुन्ने सेवा गर्न अनि सधैँको निम्ति उहाँको नाउँमा आशीर्वाद उच्चारण गर्न अलग गरिएका थिए ।
**१४**परमेश्‍वरका जन मोशाका छोराहरूलाई लेवी कुलको एउटा भागको रूपमा गनिए ।
**१५**मोशाका छोराहरू:
गेर्शोम र एलीएजेर
**१६**गेर्शोमका सन्तानहरू:
जेठा शबूएल ।
**१७**एलीएजेरका सन्तानहरू:
जेठा रहब्याह ।
एलीएजेरका अरू छोराहरू थिएनन्, तर रहब्याहका छोराहरू धेरै सङ्ख्यामा थिए ।
**१८**यिसहारका छोराहरू:
जेठा शलोमीत ।
**१९**हेब्रोनका छोराहरू:
जेठा यरियाह, माहिलो अमरियाह, साहिँलो यहजीएल, कान्छो यकमाम ।
**२०**उज्जीएलका छोराहरू:
जेठा मीका र कान्छो यिशियाह ।

## मरारीहरू

**२१**मरारीका छोराहरू:
महली र मूशी ।
महलीका छोराहरू:
एलाजार र कीश

---

**२३:१**–१ राजा १:१-४०. **२३:१३**–प्रस्थान २८:१.

**२२**एलाजार छोराहरू नभई मरे । तिनका
छोराहरू मात्र थिए र तिनका दाज्यूभाइहरूले
कीशका छोराहरूले तिनीहरूलाई विवाह
गरे ।
**२३**मूशीका छोराहरू:
महली, एदेर र यरीमोत– जम्मा तीन
जना ।

**२४**आफ्ना परिवारहरूबाट लेवीबाट
सन्तानहरू यिनै थिए, आफ्ना नाउँअनुसार
व्यक्तिगत रुपले गनिएका आधारमा दर्ता
गरिएका, अर्थात् परमप्रभुको मन्दिरमा काम
गर्ने बीस वर्ष र माथिका कर्मचारीहरू, **२५**किनकि
दाऊदले भनेका थिए, "परमप्रभु इस्राएलका
परमेश्वरले आफ्ना मानिसहरूलाई विश्राम
दिनुभएकाले अनि सधैँको निम्ति यरूशलेममा
वास गर्न आउनुभएकाले, **२६**अबदेखि उसो
लेवीहरूले वासस्थान र त्यसको सेवामा प्रयोग
गरिने कुनै सामान पनि आवश्यकता छैन ।"
**२७**दाऊदको अन्तिम आदेशअनुसार लेवीहरू
ती बीस वर्ष र माथिकाहरूबाटै गनिन्थे ।

**२८**लेवीहरूको कर्तव्यचाहिँ परमप्रभुको
मन्दिरको सेवामा हारूनका सन्तानहरूलाई
सघाउनु, आँगनको छेउका कोठाहरूको, सबै
पवित्र चीजहरू शुद्ध गर्ने कामको अनि
परमेश्वरको भवनमा अरू कामहरू गर्ने
जिम्मेवारी सम्भाल्नु थियो । **२९**तिनीहरू मेचमा
सजाइएको रोटीको, अन्नबलिको पीठो,
अखमीरे रोटी, पकाउने र मिसाउने अनि सबै
परिमाण र आकृतिका जिम्मामा राखिएका थिए ।
**३०**तिनीहरू हरेक बिहान परमप्रभुलाई धन्यवाद
र प्रशंसा चढ़ाउन खड़ा हुन पनि पर्थ्यो ।
तिनीहरूले साँझमा पनि त्यसै गर्नुपर्थ्यो, **३१**अनि
जहिले-जहिले विश्राममा अनि औंसीका चाड़हरूमा
र तोकिएका चाड़हरूमा परमप्रभुकहाँ होमबलि
चढ़ाइन्थे त्यस बेला पनि त्यसै गर्नुपर्थ्यो ।
तिनीहरूले उचित सङ्ख्या अनि तिनीहरूलाई
तोकिदिएको नियमअनुसार परमप्रभुको सामुन्ने
नियमित रुपले सेवा गर्नुपर्थ्यो ।

**३२**यसरी लेवीहरूले भेट हुने पालको
निम्ति, पवित्रस्थानको निम्ति र तिनीहरूका
दाज्यूभाइहरू, अर्थात् हारूनका सन्तानहरूका
अधीनमा परमप्रभुको मन्दिरको सेवाको निम्ति
आफ्ना कर्तव्य पालन गर्थे ।

## पूजाहारीहरूका दलहरू

**२४** हारूनका छोराहरूका दलहरू यिनै थिए:
हारूनका छोराहरू नादाब, अबीहू,
एलाजार र ईतामार थिए । **२**तर नादाब र
अबीहूचाहिँ आफ्ना पिताभन्दा पहिले मरिगए
अनि तिनीहरूका कोही छोराहरू थिएनन् ।
यसकारण एलाजार र ईतामारले पूजाहारी भई
सेवा गरे । **३**एलाजारका एक जना सन्तान सादोक
र ईतामारका एक जना सन्तान अहीमेलेकको
सहायताले दाऊदले तिनीहरूको तोकिएको
सेवाको रीतिको निम्ति तिनीहरूलाई दलहरूमा
अलग गरिदिए । **४**एलाजारका सन्तानहरूको
बीचमा ईतामारका सन्तानहरूमा भन्दा धेरै
सङ्ख्यामा अगुवाहरू पाइए अनि तिनीहरू त्यस
किसिमले नै विभक्त गरिए, अर्थात् एलाजारका
सन्तानहरूबाट परिवारहरूका सोह्र जना
मुखियाहरू अनि ईतामारका सन्तानहरूबाट
परिवारहरूका आठ जना मुखियाहरू ।
**५**तिनीहरूले उनीहरूलाई पक्षपात नगरी गोला
हालेर भाग गरे, किनकि एलाजार र ईतामार
दुवैका सन्तानहरूका बीचमा पवित्रस्थानका
अधिकृतहरू र परमेश्वका अधिकृतहरू थिए ।

**६**लेवी नथनिएलका छोरा शास्त्री शमायाहले
राजाको र अधिकृतहरूको उपस्थितिमा तिनीहरूका
नाउँहरू दर्ता गरे, अर्थात् पूजाहारी सादोक,
एबीयातारका छोरा अहीमेलेक अनि पूजाहारीहरू
र लेवीहरूका परिवारहरूका मुखियाहरू,
एलाजारबाट एक परिवार अनि ईतामारबाट
एक परिवार ।

**७** पहिलो गोला यहोयारीबको नाउँमा,
दोस्रो यदायाहको,
**८** तेस्रो हारीमको,

---

**२३:२६**–व्यवस्था १०:८. **२३:२८–३१**–गन्ती ३:५-९. **२४:२**–लेवी १०:१-२.

चौँथो सोरीमको,
९ पाँचौँ मल्कियाहको,
छैटौँ मियामिनको,
१० सातौँ हक्कोसको,
आठौँ अबियाहको,
११ नवौँ येशूआमको,
दशौँ शकन्याहको,
१२ एघाह्रौँ एल्याशीबको,
बाह्रौँ याकीमको,
१३ तेह्रौँ हूप्पाको,
चौधौँ येशेब्याहको,
१४ पन्ध्रौँ बिल्गाको,
सोह्रौँ इम्मेरको,
१५ सत्रौँ हेजीरको,
अठाह्रौँ हप्पिसेसको,
१६ उन्नाईसौँ पतहियाहको,
बीसौँ यहेजकेलको,
१७ एक्काईसौँ याकीनको,
बाईसौँ गामूलको,
१८ तेईसौँ दलायाहको,
चौबीसौँ मज्जायाहको नाउँमा निस्क्यो ।

१९परमप्रभु इस्राएलका परमेश्वरले
तिनीहरूका पुर्खा हारूनलाई आज्ञा दिएबमोजिम
तिनले उनीहरूलाई निर्धारित गरीदिएका
नियमहरूअनुसार तिनीहरू परमप्रभुको
मन्दिरमा प्रवेश गर्दा तिनीहरूको सेवकाइको
तोकिएको क्रम यही थियो ।

## बाँकी रहेका लेवीहरू

२० लेवीहरूका बाँकी रहेका सन्तानहरूको
निम्ति चाहिँ:
अम्रामका छोराहरूबाट: शूबाएल,
शूबाएलका छोराहरूबाट: येहेदियाह,
२१ रहब्याहको विषयमा चाहिँ,
तिनका छोराहरूबाट: जेठा यिशियाह ।
२२ यिसहारबाट: शलामोत,
शलामोतका छोराहरूबाट: यहत ।
२३ हेब्रोनका छोराहरू,
जेठा यरियाह, माहिलो अमर्याह, साहिँलो
यहजीएल र कान्छो यक्माम ।
२४ उज्जीएलका छोरा: मीका,
मीकाका छोराहरूबाट: शामीर ।
२५ यिशियाहका छोराहरूबाट: जकर्याह ।
२६ मरारीका छोराहरू: महली र मूशी ।
याजीयाहबाट: बनो,
२७ मरारीका छोराहरू:
याजीयाहबाट: बनो, शोहम, जक्कूर र
इब्री ।
२८ महलीबाट: एलाजाार जसका कोही
छोराहरू थिएनन् ।
२९ कीशबाट: कीशका छोरा यरहमेल ।
३० अनि मूशीका छोराहरू: महली, एदेर र
यरीमोत ।

आफ्ना परिवारअनुसारका लेवीहरू यिनै
थिए । ३१आफ्ना दाज्यूभाइहरू र हारूनका
सन्तानहरूले गरेझैँ तिनीहरूले पनि दाऊद
राजाको उपस्थितिमा अनि सादोक, अहीमेलेक
र पूजाहारीहरूका परिवारहरूका मुखियाहरूको
र लेवीहरूको उपस्थितीमा गोला हाले । सबैभन्दा
ठूला दाज्यूका परिवारहरूलाई सबैभन्दा सानोको
परिवारहरूलाई झैँ व्यवहार गरियो ।

## गायकहरू

२५ दाऊदले फौजका कप्तानहरूसित मिलेर
आसाप, हेमान र यदूतूनका केही
छोराहरूलाई सारङ्गी, वीणा र झ्याम्टाहरूसीत
अगमवाणी गर्ने सेवकाइको निम्ति अलग गरे ।
यो सेवा गर्ने मानिसहरूको सूची यहाँ दिइन्छ:

२ आसापका छोराहरूबाट:
जक्कूर, यूसुफ, नतन्याह र असारेला ।
आसापका छोराहरू आसापको देखरेखमा
थिए, जसले चाहिँ राजाको देखरेखमा
अगमवाणी गर्थे ।
३ यदूतूनको विषयमा चाहिँ, तिनका
छोराहरूबाट:
गदल्याह, सरी, यशायाह, शिमी, हशब्याह
र मत्तित्याह, जम्मा छ जना । यिनीहरू
आफ्ना पिता यदूतूनका देखरेखमा थिए,

जसले परमप्रभुको प्रशंसा गर्दा वीणा
प्रयोग गरेर अगमवाणी गर्थे ।
४ हेमानको विषयमा चाहिँ, तिनका
छोराहरूबाटः
बुक्कियाह, मत्तन्याह, उज्जीएल, शबूएल
र यरोमोत, हनन्याह, हनानी, एलीआता,
गिद्दलती र रोमम्ती-एजेर, योश्बकाशा,
मल्लोती, होतीर र महजीओत । ५यी
सबै राजाका दर्शी हेमानका छोराहरू
थिए । तिनलाई यिनीहरू परमेश्वरलाई
उच्च तुल्याउनु भनी उहाँको प्रतिज्ञाद्वारा
दिइएको थियो । परमेश्वरले हेमानलाई
चौध जना छोराहरू र तीन जना
छोरीहरू दिनुभयो ।

६यी सबै मानिसहरू झ्याम्टा, सारङ्गी र
वीणाको साथमा परमप्रभुको भवनको सङ्गतिको
निम्ति परमेश्वरको भवनको सेवामा आफ्ना
पिताहरूका देखरेखमा थिए । आसाप, हेमान र
यदूतूनचाहिँ राजाका देखरेखमा थिए ।
७तिनीहरूका आफन्तहरू लगाएत तिनीहरूको
सङ्ख्या दुई सय अठासी थियो, अनि तिनीहरू
सबै परमप्रभुको निम्ति सङ्गतिमा तालिम पाएका
निपुणहरू थिए । ८आफ्ना कर्तव्यको निम्ति
जवान-वृद्ध, शिक्षक साथै छात्र सबैले चिट्ठा
हाले ।

९ पहिलो चिट्ठा आसापको निम्ति थियो,
त्यो यूसूफमाथि र तिनका छोराहरूका
निम्ति, बाह्र
दोस्रोचाहिँ गदल्याह र तिनका आफन्तहरू
अनि छोराहरूका निम्ति, बाह्र
१० तेस्रो जक्कूर र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
११ चौँथो यिस्री र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१२ पाँचौं नतन्याह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१३ छैटौं बुक्कियाह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१४ सातौं यसरेला र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१५ आठौं यशायियाह र तिनका छोराहरू
अनि आफन्तहरूका निम्ति, बाह्र
१६ नवौं मत्तन्याह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१७ दशौं शिमी र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१८ एघाह्रौं असारेल र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
१९ बाह्रौं हशबियाह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२० तेह्रौं शूबाएल र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२१ चौधौं मत्तत्याह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२२ पन्ध्रौं यरीमोत र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२३ सोह्रौं हनन्याह र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२४ सत्रौं योशबकाशा र तिनका छोराहरू
अनि आफन्तहरूका निम्ति, बाह्र
२५ अठाह्रौं हनानी र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२६ उन्नाईसौं मल्लोती,
तिनका छोराहरू र आफन्तहरूका
निम्ति, बाह्र
२७ बीसौं एलियाता र तिनका छोराहरू अनि
आफन्तहरूका निम्ति, बाह्र
२८ एक्काईसौं होतीर र तिनका छोराहरू
अनि आफन्तहरूका निम्ति, बाह्र
२९ बाईसौं गिद्दलती र तिनका छोराहरू
अनि आफन्तहरूका निम्ति, बाह्र
३० तेईसौं महजीओत र तिनका छोराहरू र
आफन्तहरूका निम्ति, बाह्र
३१ चौबीसौं रोमम्ती-एजेर र तिनका छोराहरू
अनि आफन्तहरूका निम्ति, बाह्र ।

### द्वारपालहरू

२६ द्वारपालहरूका दलहरू:
कोरहीहरूबाट:

आसापका छोराहरूमध्ये एक जना
कोरेका छोरा मेशेलेम्याह थिए ।
**२**मेशेलेम्याहका छोराहरू:
जेठा जकर्याह,
माहिला यदीएल,
साहिँला जबदीएल,
काहिँला यत्नीएल,
**३** अन्तरे एलाम,
जन्तरे यहोनानान
र कान्छा लिहोनै ।
**४**ओबेद-एदोमका पनि छोराहरू थिए:
जेठो शमायाह,
माहिला यहोजाबाद,
साहिँला योआह,
काहिँला साकार,
अन्तरे नथनिएल,
**५** जन्तरे अम्मीएल,
खन्तरे इस्साकार,
र कान्छा पुल्लतै ।
(किनकि परमेश्वरले ओबेद-एदोमलाई
आशीष् दिनुभएको थियो) ।

**६**तिनका छोरा शमायाहका पनि छोराहरू थिए
जुनहरू आफ्ना पिताका परिवारमा
अगुवाहरू थिए, किनकि तिनीहरू अति
योग्य मानिसहरू थिए । **७**शमायाहका
छोराहरू, ओत्नी, रफाएल, ओबेद र
एल्जाबाद । तिनका आफन्तहरू एलीहू
र समक्याह पनि योग्य मानिसहरू थिए ।
**८**यी सबै ओबेद-एदोमका सन्तान थिए ।
तिनीहरू र तिनीहरूका छोराहरू र
तिनीहरूका आफन्तहरू अर्थात् जम्मा
बैसठ्ठी जना काम गर्ने बल भएका योग्य
मानिसहरू थिए ।
**९**मशेलेम्याहका छोराहरू र आफन्तहरू, अठाह्र
जना योग्य मानिसहरू थिए ।
**१०**मरारी होसाका छोराहरू थिए, जेठा शिम्री
(तिनी जेठा नभए तापनि तिनका
पिताले तिनलाई पहिलो भनी नियुक्त
गर्नुभएको थियो), **११**माहिला हिल्कियाह,
साहिँला तबालियाह र कान्छा जकर्याह ।
होसाका छोराहरू र आफन्तहरू जम्मा
तेह्र जना थिए ।

**१२**तिनीहरूका प्रमुख मानिसहरूद्वारा द्वार
पालहरूका दलहरूले तिनीहरूका प्रमुख
मानिसहरूद्वारा तिनीहरूका आफन्तहरूले झैँ
परमप्रभुको मन्दिरमा सेवा गर्ने कर्तव्य
निभाउँथे । **१३**जवान होस् वा वृद्ध प्रत्येक
मूलढोकाको निम्ति तिनीहरूका परिवारहरू-
अनुसार गोला हालिन्थे ।

**१४**पूर्वको मूलढोकाको चिट्ठा शलेम्याहकहाँ
पऱ्यो । तब तिनका बुद्धिमान सल्लाहकार
छोरा जकर्याहको निम्ति चिट्ठा हालिए, अनि
उत्तरको मूलढोकाको निम्ति चिट्ठा तिनीकहाँ
पऱ्यो । **१५**दक्षिण मूलढोकाको चिट्ठा ओबेद-
एदोमकहाँ पऱ्यो, र भण्डारको चिट्ठाचाहिँ तिनका
छोराहरूकहाँ पऱ्यो । **१६**पश्चिमको मूलढोका
र माथिल्लो बाटोको सल्लेकेत मूलढोकाको
गोला शूप्पीम र होसाकहाँ पऱ्यो ।

पालेको छेउमै पाले रहन्थे: **१७**एक दिनमा
पूर्वमा छ जना लेवीहरू रहन्थे, उत्तरमा एक
दिनमा चार जना, दक्षिणमा एक दिनमा चार
जना र भण्डारमा चाहिँ एकैपल्टमा दुइ जना
रहन्थे । **१८**पश्चिमको चोकको विषयमा चाहिँ
बाटोमा चार जना अनि चोकमै चाहिँ दुई जना
रहन्थे ।

**१९**कोरह र मरारीका सन्तान यी द्वार-
पालहरूका दलहरू यिनै थिए ।

### कोषाध्यक्षहरू र अरू अधिकारीहरू

**२०**तिनीहरूका सङ्गी-लेवीहरू परमेश्वरको
भवनको भण्डार अनि अर्पण गरिएका चीजहरूका
भण्डारहरूका जिम्मामा थिए ।

**२१**लादानबाट गेर्शोमीहरू भएका लादानका
सन्तानहरू अनि जुनहरू गेर्शोमी लादानका
परिवारहरूका मुखियाहरू थिए, तिनीहरू यी

---

**२६:४-५**–२ शमूएल ६:११; १ इतिहास १३:१४.

थिए, यहीएली, **२२**यहीएलीका छोराहरू जेहात
र तिनका भाइ योएल । तिनीहरू परमप्रभुको
भवनको भण्डारहरूका अधिपतिहरू थिए ।

**२३**अम्रामीहरू, यिसहारीहरू, हेब्रोनीहरू र
उज्जीएलीहरूबाट:

**२४**मोशाका छोरा गेर्शोमका छोरा, शूबीएलचाहिँ
भण्डारहरूका अधिपति थिए । **२५**एलीएजेर
द्वारा तिनका आफन्तहरू: तिनका छोरा
रहब्याह, तिनका छोरा यशियिया, तिनका
छोरा योराम, तिनका छोरा जिक्री र
तिनका छोरा शलोमित । **२६**शलोमित र
तिनका आफन्तहरू राजा दाऊदले,
हजार र सय माथिका कप्तानहरू,
अर्थात् परिवारहरूका मुखियाहरूले अनि
अरू फौजी कप्तानहरूले अर्पण गरेका
चीजहरूका सबै भण्डारहरूका जिम्मामा
थिए । **२७**लड़ाइँमा लूटिएका केही मालहरू
तिनीहरूले परमप्रभुको मन्दिरको मर्मतको
लागि अर्पण गरे । **२८**अनि दर्शी शमूएलले
अनि कीशका छोरा शाऊलले, नेरका
छोरा अबनेरले र सरूयाहका छोरा
योआबले अर्पण गरेको हेरक कुरा अनि
अर्पण गरिएका अरू सबै चीहरूचाहिँ
शलोमित र तिनका आफन्तहरूका
जिम्मामा थिए ।

**२९**यिसहारीहरूबाट: कनन्याह र तिनका
छोराहरूलाई मन्दिरदेखि टाढ़ा इस्राएलमाथि
अधिकारी र न्यायकर्ताको रूपमा
जिम्मेवारी दिइएका थिए ।

**३०**हेब्रोनीहरूबाट– हशब्याह र तिनका
आफन्तहरू, अर्थात् सत्र सय योग्य
मानिसहरूचाहिँ इस्राएलमा परमप्रभुका
सबै कामहरूको निम्ति अनि राजाको
सेवाको निम्ति यर्दनको पश्चिममा
खटिएका थिए । **३१**हेब्रोनीहरूको विषयमा
चाहिँ तिनीहरूका परिवारका वंशावलीमा
दर्ता भएअनुसार यरियाह मुखिया थिए ।
दाऊदको शासनको चालीसौं वर्षमा
वंशावलीहरूमा खोजी गरियो, अनि
हेब्रोनीहरूका बीचमा योग्य मानिसहरू
गिलादको याजेरमा पाइयो । **३२**यरियाहका
सत्ताईस सय आफन्तहरू थिए, जोहरू
योग्यका मानिसहरू अनि परिवारहरूका
मुखियाहरू थिए, अनि राजा दाऊदले
तिनीहरूलाई रूबेनीहरू, गादीहरू र
मनश्शेका आधा कुलमाथि परमेश्वर
सम्बन्धी सबै विषयहरूको निम्ति अनि
राजाका विषयहरूको निम्ति जिम्मा
दिए ।

### फौजका दलहरू

**२७** इस्राएलीहरूको सूची यही हो– अर्थात्
परिवारहरूका मुखियाहरू, महिनापछि
महिना वर्षैभरि सेवामा रहेका फौजका
दलहरूका सम्बन्धमा राजाको सेवा गर्ने
हजारमाथिका कप्तानहरू, सयमाथिका
कप्तानहरू र तिनीहरूका अधिकारीहरू, जसमा
प्रत्येक दलमा चौबीस हजार मानिसहरू थिए ।

**२**पहिलो दलका पहिलो महिनाको अधिपति
जब्दीएलका छोरा याशोबाम थिए ।
तिनको दलमा चौबीस हजार मानिसहरू
थिए । **३**तिनी पेरेसका सन्तान थिए अनि
पहिलो महिनाको निम्ति सारा फौजका
अधिकृतहरूका मुखिया थिए ।

**४**दोस्रो महिनाको निम्ति, दलका अधिपति अहोही
दोदै थिए । मिक्लोतचाहिँ तिनका दलका
अगुवा थिए । तिनको दलमा चौबीसहजार
मानिसहरू थिए ।

**५**तेस्रो महिनाको निम्ति, फौजका कप्तान
पूजाहारी यहोयादाका छोरा बनायाह
थिए । तिनी मुखिया थिए अनि तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।
**६**यो त्यही बनायाह थिए जो ती तीस
जना सामर्थी मानिसहरूमध्ये एक जना
अनि ती तीस जनामाथि थिए । तिनका
छोरा अम्मीजाबादचाहिँ तिनको दलका
अधिपति थिए ।

**७**चौथो महिनाको निम्ति, चौथोचाहिँ योआबका

भाइ असाएल थिए । तिनीपछि तिनका
छोरा जबदियाहले भार सम्हाले । तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।
**८**पाँचौँ महिनाको निम्ति, पाँचौँ यिज्राही कप्तान
शम्हूत थिए । तिनको दलमा चौबीस
हजार मानिसहरू थिए ।
**९**छैटौँ महिनाको निम्ति, छैटौँचाहिँ तकोका
ईक्केशका छोरा ईरा थिए । तिनको दलमा
चौबीस हजार मानिसहरू थिए ।
**१०**सातौँ महिनाको निम्ति, सातौँचाहिँ एप्रेमी
पेलोनी हेलेस थिए । तिनको दलमा चौबीस
हजार मानिसहरू थिए ।
**११**आठौँ महिनाको निम्ति आठौँचाहिँ जेरह
घरानाका हूशाती सिब्बकै थिए । तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।
**१२**नवौँ महिनाको निम्ति, नवौँचाहिँ बेन्यामीन
घरानाका अनातोती अबीएजेर थिए ।
तिनको दलमा चौबीस हजार मानिसहरू
थिए ।
**१३**दशौँ महिनाको निम्ति, दशौँचाहिँ जेरह
घरानाका नतोपाती महरै थिए । तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।
**१४**एघारौँ महिनाको निम्ति, एघारौँचाहिँ एप्रेम
घरानाका पिरातोनी बनायाह थिए । तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।
**१५**बाह्रौँ महिनाको निम्ति, ओत्निएलका
घरानाका नतोपाती हेल्दै थिए । तिनको
दलमा चौबीस हजार मानिसहरू थिए ।

## कुल-कुलका अधिकृतहरू

**१६** इस्राएलका कुलहरूका मुख्य अधिकृतहरू
यी नै थिए:
रूबेनको कुलका: जिक्रीका छोरा
एलीएजर मुख्य अधिकृत थिए ।
**१७** लेवीका: कमूएलका छोरा हशब्याह;
हारूनका: सादोक;
**१८** यहूदाका: दाऊदका एक जना दाज्यू एलीहू;
इस्साकारका: मीकाएलका छोरा ओम्री;
**१९** जशूलूनका: ओबदियाहका छोरा यिश्मायाह;
नप्तालीका: अज्रीएलका छोरा यरीमोत;
**२०** एप्रेमका: अजज्याहका छोरा होशे;
मनश्शेको आधा कुलका: पदायाहका
छोरा योएल;
**२१** गिलादमा भएका मनश्शेको आधा
कुलका: जकरियाका छोरा इद्दो;
बेन्यामीनका: अबनेरको छोरा यसीएल;
**२२** दानका: यहोरामका छोरा अज्रेल ।
इस्राएलका कुलहरूमाथिका अधिकृतहरू
यिनीहरू नै थिए ।
**२३**परमप्रभुले इस्राएलको सङ्ख्या आकाशका
ताराहरूझैँ धेरै बनाउनेछु, भनेर प्रतिज्ञा
गर्नुभएकोले दाऊदले बीस र बीसभन्दा तलका
मानिसहरूको गन्ती लिएनन् । **२४**सरूयाहका
छोरा योआबले मानिसहरूलाई गन्न शुरू गरे,
तर सिध्याएनन् । यस गणनाको कारण
इस्राएलमाथि क्रोध वर्ष्यो अनि दाऊद राजाको
इतिहासको पुस्तकमा त्यो सङ्ख्या दर्ता भएन ।

## राजाका देखरेख गर्नेहरू

**२५**अदीएलका छोरा अज्मावेत शाही
भण्डारका अधिपति थिए ।
उज्जियाहका छोरा जोनाथन छरीएका
जिल्लाहरूमा, शहरहरूमा, वस्तीहरूमा र
किल्लाहरूमा रहेका भण्डारहरूका अधिपति
थिए ।
**२६**देशमा खेतीकिसानी गर्नेहरू कलूबको
छोरा एज्रीको जिम्मामा थिए ।
**२७**दाखबारीहरू नमाती शिमैको जिम्मामा
थिए ।
दाखमद्य राख्ने भण्डारको निम्ति दाखबारीको
उब्जनी शेपेमी जब्दीको जिम्मामा थियो ।
**२८**पश्चिमतिरको तराईमा भएका भद्राक्ष
र अञ्जीरको हेरचाह गर्ने गेदेरी बा-हानान
थिए ।
तेल राख्ने भण्डार योआशको जिम्मामा
थियो ।

---

**२७:२३**–उत्पत्ति १५:५; २२:१७; २६:४. **२७:२४**–२ शमूएल २४:१-१५; १ इतिहास २१:१-१४.

**२९**शारोनमा चर्ने गाई-गोरुहरू शारोनी
शित्रैको जिम्मामा थियो ।

बेँसीमा गाई-गोरुहरू अदलैका छोरा शापातको जिम्मामा थिए ।

**३०**इश्‍माएली ओबील ऊँटहरूका अधिपति
थिए ।

मेरोनोती यहदीया गधाहरूका अधिपति थिए ।

**३१**हागारी याजीज बगालहरूका अधिपति
थिए ।

राजा दाऊदका सम्पत्तिका अधिपतिहरू यिनीहरूनै थिए ।

**३२**दाऊदका काका जोनाथन एक जना
सल्लाकार, अन्तरदृष्टि भएका मानिस र शास्त्री थिए । हक्मोनीका छोरा यहीएलले राजाका छोराहरूको हेरचाहा गर्थे ।

**३३**अहीतोपेल राजाका सल्लाहकार थिए ।
अरकी हूशै राजाका मित्र थिए । **३४**अहीतोपेल
पछि तिनको पद बनायाहका छोरा यहोयादाले अनि अबीयातारले सम्हाले ।

योआबचाहिँ शाही फौजका कप्तान थिए ।

### दाऊदले मन्दिरको योजना बनाएका

**२८** दाऊदले इस्राएलका सबै अधिकृतहरू, अर्थात् कुलहरूमाथिका अधिकृतहरू, राजाको सेवामा रहेका दलहरूका कप्तानहरू, हजारमाथिका कप्तानहरू र सयमाथिका कप्तानहरू, अनि राजा र तिनका छोराहरूका सम्पत्ति र गाईबस्तुका अधिपतिहरू अनि महलका अधिकृतहरू, वीर मानिसहरू र सबै वीर लड़ाकूहरूलाई यरूशलेममा भेला हुन बोलाइपठाए ।

**२**राजा दाऊदले आफ्ना खुट्टामा उभिएर
भने, "मेरा दाज्यूभाइहरू र मेरा मानिसहरू, मेरा कुरा सुन्नुहोस् । मेरा हृदयमा हाम्रा परमेश्‍वरको पाउदान हुनको लागि, परमप्रभुको करारको सन्दूक राख्ने ठाउँको निम्ति एउटा भवन बनाउने विचार थियो, अनि मैले त्यो बनाउने एउटा योजना बनाएँ । **३**तर परमेश्‍वरले मलाई
भन्‍नुभयो, 'तैंले मेरो नाउँको खातिर एउटा भवन बनाउनेछैनस्, किनकि तँ एउटा योद्धा होस् अनि तैंले रगत बगाएको छस् ।'

**४**"तरै पनि, इस्राएलका परमेश्‍वरले मेरो
सारा परिवारबाट सदाको निम्ति इस्राएलमाथि राजा हुनलाई मलाई चुन्‍नुभयो । उहाँले यहूदालाई अगुवाको रूपमा चुन्‍नुभयो, अनि यहूदाको घरानाबाट मेरो परिवारलाई चुन्‍नुभयो अनि मेरा पिताका छोराहरूबाट मलाई सारा इस्राएलमाथि राजा बनाउन उहाँलाई मन
पर्‍यो । **५**परमप्रभुले मलाई धेरै छोराहरू
दिनुभएको मध्ये उहाँले मेरो छोरा सुलेमानलाई इस्राएलमाथि परमप्रभुको राज्यको सिंहासनमा
बस्‍नलाई चुन्‍नुभएको छ । **६**उहाँले मलाई
भन्‍नुभयो: 'तेरो छोरा सुलेमानले नै मेरो भवन र मेरा चोकहरू बनाउनेछ, किनकि मैले त्यसलाई मेरो छोरो हुनलाई चुनेको छु, अनि
म त्यसको पिता हुनेछु । **७**यदि अहिले पालन
गरिएको जस्तै मेरा आज्ञाहरू र व्यवस्थाहरूको पालन त्यसले त्यागेन भने म त्यसको राज्य सदासर्वदाको निम्ति स्थापित गर्नेछु ।'

**८**"यसकारण म तिमीहरूलाई सारा
इस्राएलको र परमप्रभुको समुदायको दृष्टिमा र हाम्रा परमेश्‍वरले सुन्‍ने गरी यो जिम्मा लाउँदैछु: परमप्रभु तिमीहरूका परमेश्‍वरका सबै आज्ञाहरू होशियारीसाथ पालन गर्नू र तिमीहरूले यो असल देशमाथि अधिकार गर्न सक्‍नेछौ अनि यसलाई सदाको निम्ति तिमीहरूका सन्तानहरूलाई उत्तराधिकार स्वरुप सुम्पन सक्‍नेछौ ।

**९**"अनि मेरो छोरा सुलेमान, तैंलेचाहिँ आफ्ना
पिता परमेश्‍वरलाई स्वीकार गरेर सम्पूर्ण हृदयको भक्तिसाथ उहाँको सेवा गर्नु, किनकि परमप्रभुले प्रत्येक हृदयलाई खोजी गर्नुहुन्छ अनि विचारहरूको प्रत्येक उद्देश्‍यलाई बुझ्नुहुन्छ । यदि तैंले खोजिस् भने उहाँलाई पाउनेछस्, तर यदि तैंले उहाँलाई त्यागिस् भने, उहाँले तँलाई

---

**२८:२–७**–२ शमूएल ७:१-१६; १ इतिहास १७:१-१४.

सधैँको निम्ति त्याग्नुहुनेछ । **१०**अहिले नै विचार
गर्, किनकि परमप्रभुले एउटा पवित्रस्थानको
निम्ति मन्दिर बनाउनलाई तँलाई चुन्नुभएको
छ । बलियो भएर काम गर् ।”

**११**तब दाऊदले आफ्ना छोरा सुलेमानलाई
मन्दिरको दलान्, त्यसका घरहरू, त्यसका
भण्डारहरू, त्यसका माथिल्ला भागहरू, त्यसका
भित्री कोठाहरू अनि प्रायश्चितको ठाउँका
नक्साहरू दिए । **१२**तिनले परमप्रभुको मन्दिरका
चोकहरू र चारैतिरका कोठाहरू, परमेश्वरको
मन्दिरका भण्डारहरू र अपर्ण गरिएका
चीजहरूका भण्डारहरूको निम्ति आत्माले
तिनको मनमा हालिदिएका नक्साहरू तिनलाई
दिए । **१३**तिनले उनलाई पूजाहारीहरू र
लेवीहरूका दलहरूको निम्ति, अनि परमप्रभुको
मन्दिरमा सेवा गर्ने सबै कामहरूको निम्ति
अनि साथसाथै त्यसको सेवामा प्रयोग गरिने
सबै चीजहरूको निम्ति अर्ती दिए । **१४**तिनले
विभिन्न किसिमका सेवाहरूमा प्रयोग गरिने
सुनका सामाग्रीहरूको निम्ति सुनको तौल अनि
विभिन्न किसिमका सेवाहरूमा प्रयोग गरिने
चाँदीका सामाग्रीहरूको निम्ति चाँदीको तौल
तोकिदिए । **१५**सुनको पानस र त्यसको
बत्तीहरूका निम्ति सुनको तौल, अनि प्रत्येक
पानस र त्यसका बत्तीहरूको तौल र प्रत्येक
पानसको प्रयोगअनुसार चाँदीको प्रत्येक पानस
र त्यसका बत्तीहरूका निम्ति चाँदीको तौल,
**१६**पवित्र रोटीको निम्ति प्रत्येक मेचको निम्ति
सुनको तौल, चाँदीका मेचहरूको निम्ति
चाँदीको तौल, **१७**काँटाहरू, छर्कने कचौराहरू,
सुराहीहरूका निम्ति निखुर सुनको तौल, प्रत्येक
सुनको प्यालाको निम्ति सुनको तौल, **१८**अनि
धूपको वेदीको निम्ति खारिएको सुनको तौल ।
तिनले रथ, अर्थात् परमप्रभुको करारको
सन्दूकलाई पखेटा फिंजाएर छाया पार्ने सुनको
करूबको नक्सा पनि तिनलाई दिए ।

**१९**दाऊदले भने, “परमप्रभुको हात ममाथि
भएर लेखिएका यी सबै मसित छन्, अनि उहाँले
मलाई यस नक्साको सम्पूर्ण विवरणमा समझ
दिनुभयो ।”

**२०**दाऊदले आफ्ना छोरा सुलेमानलाई यो
पनि भने, “बलियो र साहसी भई काम गर्नू ।
नडराउनु अनि निराश नहूनु, किनकि परमप्रभु
मेरा परमेश्वर तँसित हुनुहुन्छ । परमप्रभुको
मन्दिरको सेवाको निम्ति काम समाप्त
नभएसम्म उहाँले तँलाई धोका दिनुहुनेछैन अथवा
त्याग्नुहुनेछैन । **२१**परमेश्वरको मन्दिरका सबै
कामको निम्ति पूजाहारीहरू र लेवीहरूका
दलहरू तयार छन्, अनि कुनै पनि कलामा
इच्छुक र निपूण मानिसले तँलाई सबै कामहरूमा
सघाउनेछ । अधिकृतहरू र सबै मानिसहरूले
तेरो प्रत्येक हुकुम पालन गर्नेछ ।”

### मन्दिर निर्माणको निम्ति भेटीहरू

**२९** राजा दाऊदले सारा समुदायलाई भने,
“परमेश्वरले चुन्नुभएको मेरो छोरा
सुलेमान कलिलो र अनुभवहिन छ । यो काम
महान् छ, किनकि यो महलझैँ आकार
मानिसहरूको निम्ति होइन तर परमप्रभु
परमेश्वरको निम्ति हो । **२**मेरा सबै बलले
भ्याएसम्म मैले मेरा परमेश्वर परमप्रभुको
भवनको निम्ति आवश्यक सामानहरू जुटाएको
छु, अर्थात् सुनको कामको निम्ति सुन, चाँदीको
निम्ति चाँदी, काँसाको निम्ति काँसा, फलामको
निम्ति फलाम अनि काठको निम्ति काठ साथै
जड़ान गर्नलाई गोमेद, नीलमणि, विभिन्न
रङ्गका पत्थरहरू र सिङ्गमरमर–यी सबै धेरै
मात्रामा । **३**यसबाहेक मेरा परमेश्वरको
मन्दिरप्रतिको मेरो भक्तिमा अब मैले यस पवित्र
मन्दिरको निम्त चढ़ाइसकेको ममाथि मेरा
परमेश्वरको मन्दिरको निम्ति आफ्ना व्यक्तिगत
भण्डारबाट सुन र चाँदी दिन्छु; **४**अर्थात् तीन
हजार तोड़ो सुन (ओपीरको सुन) र सात हजार
तोड़ा खारिएको चाँदी भवनको भित्ताहरू मोहोर्न,
**५**सुनको र चाँदीको कामको निम्ति अनि
कारीगरहरूले गर्नुपर्ने सबै कामहरूको निम्ति ।

---

**२९:१-२**–१ इतिहास २२:५.

अब आज आफैलाई परमप्रभुकहाँ अर्पण गर्न को राजी छ ?"

**६**तब परिवारहरूका अगुवाहरू, इस्राएलका कुलहरूका अधिकृतहरू, हजारमाथिका कप्तानहरू र सयमाथिका कप्तानहरू अनि राजाको कामको जिम्मामा खटिएका अधिकृतहरूले राजी-खुशीसाथ दिए ।
**७**तिनीहरूले परमेश्वरको मन्दिरका कामको निम्ति पाँच हजार तोड़ा सुन र दश हजार दारिक सुन, दश हजार तोड़ा चाँदी, अट्ठार हजार तोड़ा काँसा अनि एक लाख तोड़ा फलाम दिए । **८**जससित बहुमूल्य पत्थर थिए, तिनले गेर्शोनी एहीएलको जिम्मामा रहेका परमप्रभुको मन्दिरको भण्डारमा दिए । **९**तिनीहरूले खुला मुठीले र सम्पूर्ण हृदयले दिएका हुनाले मानिसहरू आफ्ना अगुवाहरूका स्वेच्छापूर्वक प्रतिक्रियाको निम्ति रमाए । दाऊद राजा पनि खूबै रमाए ।

### दाऊदको प्रार्थना

**१०**दाऊदले सारा समुदायको उपस्थितिमा परमप्रभुको प्रशंसा गर्दै भने:

"हे हाम्रा पुर्खाहरूका परमप्रभु परमेश्वर,
सनातनदेखि सनातनसम्म तपाईंको प्रशंसा होस् ।
**११** हे परमप्रभु महानता र सामर्थ, तपाईंकै हुन्,
अनि महिमा, वैभव र प्रताप,
स्वर्गमा र पृथ्वीमा सदासर्वदाको निम्ति तपाईंकै हुन् ।
राज्य, हे परमप्रभु, तपाईंकै हो ,
तपाईं नै सबैमाथि उच्च पारिनुभएको छ ।
**१२** धन र सम्मान तपाईंबाट नै आउँछन्,
तपाईं नै सबै कुराहरूमाथि शासक हुनुहुन्छ ।
सबैलाई उच्च पार्न र सामर्थ दिन,
तपाईंकै हातमा सामर्थ र अधिकार छन् ।
**१३** अब, हाम्रा परमेश्वर, हामी तपाईंलाई धन्यवाद चढ़ाउँछौं,
अनि तपाईंको महिमित नाउँको प्रशंसा गर्छौं ।

**१४**"तर यस किसिमले उदारचित्तले दिन सक्ने म को हुँ, र मेरा मानिसहरू को हुन् ? हरेक कुरो तपाईंबाटै आउँछ अनि हामीले त तपाईंका हातबाट आएका कुरा नै दिएका छौं ।
**१५**हामी तपाईंको दृष्टिमा हाम्रा पुर्खाहरूझैं परदेशी र प्रवासीहरू हौं । यस पृथ्वीमा हाम्रा दिनहरू त छायाँजस्तै, आशाबिहीन छन् । **१६**हे परमप्रभु हाम्रा परमेश्वर, तपाईंको पवित्र नाउँको खातिर तपाईंको निम्ति एउटा मन्दिर बनाउनलाई हामीले प्रबन्ध गरेका यी सबै प्रशस्त कुराहरू तपाईंकै हातबाट आउँछन् अनि यी सबै तपाईंकै हुन् । **१७**मेरा परमेश्वर, तपाईंले हृदय जाँच्नुहुन्छ, अनि ईमानदारीसित तपाईं खुशी हुनुहुन्छ भनि म जान्दछु । यी सबै कुराहरू मैले राजी-खुशीसाथ र ईमानदार विचारले दिएको हुँ । अनि अब यहाँ भएका तपाईंका मानिसहरूले कति स्वेच्छापूर्वक तपाईंलाई दिएका छन्, त्यो मैले आनन्दसाथ देखेको छु । **१८**हे परमप्रभु हाम्रा पिताहरू अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, तपाईंका मानिसहरूका हृदयमा यो विचार सदासर्वदा राख्नुहोस्, र तिनहिरूका हृदय तपाईंप्रति स्वामीभक्त राखिदिनुहोस् । **१९**अनि मेरो छोरो सुलेमानलाई तपाईंका आज्ञाहरू, मागहरू र आदेशहरू पालन गर्न र मैले जेको निम्ति प्रबन्ध गरेको छु, त्यो महलको ढाँचा निर्माण गर्न सम्पूर्ण हृदयको भक्ति दिनुहोस् ।"

**२०**तब दाऊदले सम्पूर्ण समुदायलाई भने, "परमप्रभु तिमीहरूका परमेश्वरको प्रशंसा गर ।" यसकारण तिनीहरू सबैले परमप्रभु, तिनीहरूका पुर्खाहरूका परमेश्वरको प्रशंसा गरे । तिनीहरू तलसम्म निहुरे अनि परमप्रभु र राजाको सामुन्ने लम्पसार परे ।

---

**२९:११**–मत्ती ६:१३.

### सुलेमानलाई राजा मानिलिएका

**२१**भोलिपल्ट तिनीहरूले परमप्रभुको निम्ति
बलिदानहरू चढ़ाए र उहाँलाई सारा इस्राएलको
निम्ति एक हजार गोरुहरू, एक हजार साँढ़े
भेड़ाहरू, एक हजार पाठाहरूको साथमा प्रशस्त
मात्रामा अरू बलिदानहरू र होमबलि चढ़ाए।
**२२**त्यस दिन तिनीहरूले परमप्रभुको उपस्थितिमा
अति आनन्दसाथ खानपीन गरे।

तब तिनीहरूले दाऊदका छोरा सुलेमानलाई
दोस्रोपल्ट राजा मानिलिए र तिनलाई शासक
हुन र सादोकलाई पूजाहारी हुन परमप्रभुको
सामने अभिषेक गरे। **२३**यसरी सुलेमान
आफ्ना पिता दाऊदको स्थानमा राजास्वरुप
परमप्रभुको सिंहासनमा बसे। तिनले उन्नति
गरेर सारा इस्राएलको आज्ञा पालन गरे। **२४**सबै
अधिकृतहरू र सामर्थी मानिसहरूको साथमा
दाऊद राजाका छोराहरूले राजा सुलेमानप्रति
आफ्ना अधीनताको प्रतिज्ञा गरे।

**२५**परमप्रभुले सुलेमानलाई सारा इस्राएलको
दृष्टिमा अति उच्च पार्नुभयो र तिनलाई
इस्राएलका अघिका कुनै राजाले पनि नपाएका
वैभव प्रदान गर्नुभयो।

### दाऊदको मृत्यु

**२६**यिशैको छोरा दाऊद सम्पूर्ण इस्राएलमा
राजा थिए। तिनले इस्राएलमा चालीस
वर्ष राज्य गरे, **२७**अर्थात् हेब्रोनमा सात वर्ष र
यरूशलेममा तेत्तीस वर्ष। **२८**तिनी दीर्घ जीवन,
धन र सम्मान उपभोग गरेर पूरा वृद्ध उमेरमा
मरे। तिनीपछि तिनका छोरा सुलेमान राजा
भए।

**२९**दाऊदका शासनका घटनाहरू, शुरुदेखि
अन्तसम्म दर्शी शमूएलका आलेखहरूमा,
अगमवक्ता नातानका आलेखहरूमा र दर्शी गादका
आलेखहरूमा लेखिएका छन्, **३०**अनि तिनका
शासनको र शक्तिको विषयमा अरू सबै देशका
राज्यहरूलाई घेरिराखेका परिस्थितिहरूको
विषयमा पनि पूर्ण विवरण लेखिएका छन्।

---

**२९:२३**–१ राजा २:१२. **२९:२७**–२ शमूएल ५:४-५; १ इतिहास ३:४.

# इतिहासको दोस्रो पुस्तक

### सुलेमानले बुद्धि मागेका

**१** दाऊदका छोरा सुलेमानले आफ्नो राज्यमा आफैलाई दृढ़तापूर्वक स्थापित गरे, किनकि परमप्रभु तिनका परमेश्‍वर तिनीसित हुनुहुन्थ्यो र तिनलाई अति महान् बनाउनुभयो ।

**२**तब सुलेमानले सारा इस्राएल, हजार कप्तानहरू र सयमाथिका कप्तानहरूसित, न्यायकर्ताहरू र इस्राएलमा भएका सबै अगुवाहरूसित र परिवारहरूका मुखियाहरूसित कुराकानी गरे, **३**र सुलेमान र सारा समुदाय गिबोनको अग्लो ठाउँमा गए, किनकि परमप्रभुको दास मोशाले उजाड़-स्थानमा बनाएको परमेश्‍वरको भेट हुने पाल त्यहीँ थियो । **४**किर्यत-यारीमबाट परमेश्‍वरको सन्दूक दाऊदले त्यसको निम्ति बनाएको स्थानमा माथि ल्याएका थिए, किनकि तिनले त्यसको निम्ति यरूशलेममा एउटा पाल टाँगेका थिए । **५**तर हूरका नाति, ऊरीका छोरा बजलेलले बनाएका काँसाको वेदीचाहिँ गिबोनमा परमप्रभुको वासस्थानको सामुन्ने नै थियो । त्यसैले सुलेमान र त्यहाँ भेला भएकाहरू त्यहीँ गए । **६**सुलेमान भेट हुने पालमा परमप्रभुको अघि काँसाको वेदीमा उक्लेर गए, त्यसमाथि एक हजार होमबलि चढ़ाए ।

**७**त्यही रात परमप्रभु सुलेमानकहाँ देखापर्नुभयो र उहाँले तिनलाई सोध्नुभयो, "मैले तँलाई के दिऊँ भनी चाहन्छस् सो माग् ।"

**८**सुलेमानले परमेश्‍वरलाई जवाफ दिए, "तपाईंले मेरा पिता दाऊदलाई ठूलो दया देखाउनुभएको छ र मलाई उहाँको ठाउँमा राजा बनाउनुभएको छ । **९**अब परमप्रभु परमेश्‍वर, तपाईंले मेरा पिता दाऊदसित गर्नुभएको प्रतिज्ञा दृढ़ गरियोस्, किनकि तपाईंले मलाई पृथ्वीको धूलोसरी धेरै सङ्ख्या भएको जातिमाथि राजा बनाउनुभएको छ । **१०**मलाई बुद्धि र ज्ञान दिनुहोस् र म यस जातिलाई डोऱ्याउन सकूँ, किनकि तपाईंको यो महान् जातिमाथि शासन गर्ने योग्यता कोसित छ र ?"

**११**परमेश्‍वरले सुलेमानलाई भन्नुभयो, "यो तेरो हृदयको इच्छा हुनाले र तैंले धन, सम्पत्ति र सम्मान अथवा तेरा शत्रुहरूको मृत्यु नमागेको हुनाले, र तैंले दीर्घायु नमागेर मैले तँलाई राजा बनाएको मेरा जातिमाथि शासन गर्नलाई बुद्धि र ज्ञान मागिस्, **१२**यसकारण, बुद्धि र ज्ञान तँलाई दिइनेछ । अनि म तँलाई तेरो अघि कुनै राजाले पनि नपाएको र तेरो पछि पनि कसैले नपाउने धन, सम्पत्ति र सम्मान पनि दिनेछु ।"

**१३**तब सुलेमान गिबोनको उच्च स्थानबाट, भेट हुने पालको सामुन्नेबाट यरूशलेममा गए । अनि तिनले इस्राएलमाथि शासन गरे ।

**१४**सुलेमानले रथहरू र घोड़ाहरू थुपारे । तिनीसित चौध सय रथहरू र बाह्र हजार घोड़ाहरू थिए, जसलाई तिनले शहरहरूमा र आफैसित पनि यरूशलेममा राखे । **१५**राजाले यरूशलेममा चाँदी र सुन ढुङ्गासरह तुल्याए र देवदारुलाई चाहिँ तराईमा भएका अंजीरका रूखहरूझैं प्रशस्त तुल्याए । **१६**सुलेमानका घोड़ाहरू मिश्रदेशबाट र क्यूएबाट पैठारी गरिन्थे– शाही व्यापारीहरूले ती क्यूएबाट किन्थे । **१७**तिनीहरूले मिश्रबाट एउटा रथ चाँदीका छसय शेकेलमा र एउटा घोड़ा एक सय पचास शेकेलमा पैठारी गर्थे । तिनीहरूले ती हित्ती र अरामी सबै राजाहरूकहाँ निकासी पनि गर्थे ।

---

**१:१–१२**–१ राजा ३:१-१५. **१:४**– २ शमूएल ६:१-१७; १ इतिहास १३:५-१४; १५:२५-१६:१. **१:५**–प्रस्थान ३८:१-७. **१:९**–उत्पत्ति १३:१६; २८:१४. **१:१३–१७**–१ राजा १०:२६-२९. **१:१४**–१ राजा ४:२६. **१:१६**–व्यवस्था १७:१६.

### मन्दिर बनाउने तयारी

२ सुलेमानले परमप्रभुको नाउँको खातिर
एउटा मन्दिर र आफ्नै निम्ति एउटा
राजमहल निर्माण गर्ने हुकुम दिए । २तिनले
पहाड़हरूमा सत्तरी हजार भारी बोक्ने
मानिसहरू, अस्सी हजार ढुङ्गा काट्नेहरू र
छत्तीस सयचाहिँ तिनीहरूमाथि हेरविचार गर्ने
मानिसहरू बलपूर्वक खटाए ।

३सुलेमानले टायरका राजा हीरामकहाँ यो
सन्देश पठाए:

"मेरा पिता दाऊद बस्नलाई एउटा
महल बनाउनको निम्ति तपाईंले देवदारु
पठाउनुहुँदा उहाँलाई गर्नुभएझैँ मलाई
देवदारुका मुढ़ाहरू पठाइदिनुहोस् ।
४अहिले म परमप्रभु मेरा परमेश्वरको
नाउँको खातिर एउटा मन्दिर बनाउन र
पवित्र रोटी नियमित रूपले राख्न, प्रत्येक
बिहान र बेलुकी अनि विश्रामहरूमा र
औंसीहरूमा, परमप्रभु हाम्रा परमेश्वरका
तोकिएका चाड़हरूमा होमबलि चढ़ाउन
र उहाँको सामुन्ने सुगन्धित धूप
जलाउनलाई त्यसलाई अर्पण गर्न लागेको
छु । यो इस्राएलको निम्त सदाको निम्ति
एउटा धार्मिक नियम हो ।

५"मैले बनाउन लागेको मन्दिर विशाल
हुनेछ, किनकि हाम्रा परमेश्वर अरू
देवताहरूभन्दा महान् हुनुहुन्छ । ६तर
उहाँको निम्ति कसले एउटा मन्दिर बनाउन
सक्छ, किनकि स्वर्गहरू, अँ सबैभन्दा
अग्ला स्वर्गहरूले पनि उहाँलाई अटाउन
सक्तैनन् । उहाँको अघि बलिदानहरू
चढ़ाउने ठाउँबाहेक उहाँको निम्ति एउटा
मन्दिर बनाउने मचाहिँ को हुँ र ?

७"यसकारण, मलाई सुन र चाँदी, काँसा,
फलाम, बैजनी, रातो र नीलो धागोमा
काम गर्ने एक जना निपूण मानिस,
मेरा पिता दाऊदले प्रबन्ध गरिदिनुभएका
मेरा निपुण कारीगरहरूसित यहूदा र
यरूशलेममा काम गर्नलाई कुँद्ने काममा
निपुण मानिस पठाइदिनुहोस् ।

८"मलाई लबानोनबाट देवदारु, सल्ला
र चन्दनका मुढ़ाहरू पनि पठाइदिनुहोस्
किनकि तपाईंका मानिसहरू यहाँ काठ
काट्नमा निपुण छन् भनी म जान्दछु ।
९मेरो निम्ति प्रशस्त काठ जुटाउनलाई
मेरा मानिसहरूले तपाईंका मानिसहरूसित
काम गर्नेछन्, किनकि मैले बनाउने मन्दिर
विशाल र भव्य हुनेछ । १०म तपाईंका
कर्मीहरू, अर्थात् रूखका काम गर्ने र
काठ काट्नेहरूलाई पचास हजार मुरी
गहुँको पीठो, पचास हजार मुरी जौ,
एक लाख पाथी दाखमद्य र एक लाख
पाथी भद्राक्षको तेल दिनेछु ।"

११टायरका राजा हीरामले सुलेमानलाई
पत्रद्वारा यस्तो जवाफ दिए:

"परमप्रभुले आफ्ना जातिलाई प्रेम
गर्नुभएकाले उहाँले तपाईंलाई तिनीहरूका
राजा बनाउनुभयो ।"

१२पत्रमा हीरामले यस्तो पनि लेखे:

"स्वर्ग र पृथ्वी बनाउनुहुने परमप्रभु
इस्राएलका परमेश्वरको प्रशंसा होस् !
उहाँले राजा दाऊदलाई एक जना तीब्र
बुद्धि र समझ-शक्तिले भरिएका बुद्धिमान्
छोरा दिनुभयो जसले परमप्रभुको निम्ति
एउटा मन्दिर र आफ्नै निम्ति एउटा
महल निर्माण गर्नेछन् ।

१३"म तपाईंकहाँ एक जना अति निपुण
मानिस हुराम-अब्बीलाई पठाउँदैछु,
१४जसकी आमा दानकी र बाबुचाहिँ
टायरका थिए । यिनी सुन र चाँदी, काँसा
र फलाम, ढुङ्गा र काठका काम अनि
बैजनी, रातो र नीलो धागो र मलमलका
कपड़ाका काममा पनि अनुभवी कारीगर

---

**२:१-१८**–१ राजा ५:१-१८. **२:६**–१ राजा ८:२७; २ इतिहास ६:१८.

हुन् । तिनी बुट्टाका काममा तालिम पाएका
मानिस हुन्, र तिनलाई दिएको कुनै
पनि नमूनाको काम गर्न सक्छन् । तिनी
तपाईंका निपुण कारीगरहरूका साथमा,
र मेरा स्वामी तपाईंका पिता दाऊदाका
कारीगरहरूका साथमा काम गर्नेछन् ।
**१५**"अब मेरा मालिकले आफूले प्रतिज्ञा
गर्नुभएझैं आफ्ना दासहरूलाई गहुँ र जौ
र भद्राक्षको तेल, दाखमद्य पठाइदिनुहोस्,
**१६**र हामी तपाईंलाई चाहिएका सबै
मुढ़ाहरू लबानोनबाट काट्नेछौं र
तिनीहरूलाई समुद्रद्वारा योप्पामा बगाएर
पठाइदिनेछौं । त्यहाँबाट ती तपाईंले
यरूशलेममा लानसक्नुहुनेछ ।"

**१७**सुलेमानले ती परदेशीहरूको गणना
गर्न लगाए जुनहरू तिनका पिता दाऊदले गणना
गरिसकेपछि इस्राएलमा थिए, र तिनीहरू एक
लाख त्रिपन्न हजार छ सय जना थिए । **१८**तिनले
तीमध्ये सत्तरी हजारलाई पहाड़मा भारी बोक्ने
अनि असी हजारलाई ढुङ्गा काट्ने काममा
खटाए र ती मानिसहरूलाई हेर-विचार गर्न
तिनीहरूमाथि छत्तीस सयलाई कामदारीहरू
खटाइदिए ।

## सुलेमानले परमप्रभुको भवन निर्माण गरेका

**३** तब सुलेमानले तिनका पिता दाऊदकहाँ
परमप्रभु देखा पर्नुभएको मोरीयाह पर्वतमाथि
यरूशलेममा परमप्रभुको भवन निर्माण गर्न
शुरू गरे । त्योचाहिँ यबूसी अरौनाको खलामा
तिनका पिता दाऊदले प्रबन्ध गरेको स्थानमा
थियो । **२**तिनले आफ्नो शासनको चौथो वर्षमा
दोस्रो महिनाको दोस्रो दिन कार्य शुरू गरे ।

**३**सुलेमानले परमेश्वरको मन्दिरको लगाएको
जग (पुरानो नियमको नापअनुसार) साठी हात
लामो र बीस हात चौड़ा थियो । **४**मन्दिरको
सामुन्नेको दलान मन्दिरको चौड़ाइपट्टि बीस
हात लामो र बीस हात अग्लो थियो ।
तिनले भित्री भागलाई निखुर सुनले
मोहोरे । **५**तिनले मुख्य सभा-कक्षमा सल्लाका
तखता लगाएर त्यसलाई निखुर सुनले ढाकेर
खजूरका रूख र साङ्लाका बुट्टा बनाए । **६**तिनले
भवनलाई बहुमूल्य पत्थरले सिँगारे । अनि तिनले
प्रयोग गरेका सुनचाहिँ पर्वेमका सुन थियो ।
**७**तिनले छानाका दलिन, ढोकाका चौखटहरू,
भित्ताहरू र मन्दिरका ढोकाहरूलाई सुनले
मोहोरे र तिनले भित्ताहरूमा करूबहरू कुँदे ।

**८**तिनले मन्दिरको चौड़ाइबमोजिम बीस
हात लामो र बीस हात चौड़ा महा-पवित्रस्थान
निर्माण गरे । तिनले त्यसको भित्री भागलाई छ
सय शेकेल निखुर सुनले मोहोरे । **९**सुनका
किलाहरू पचास शेकेल तौलका थिए । तिनले
माथिल्ला भागहरूलाई पनि सुनले मोहोरे ।

**१०**तिनले महा-पवित्रस्थानमा शिल्पीद्वारा
निर्मित एक जोर करूबहरू बनाएर तिनीहरूलाई
सुनले मोहोरे । **११**करूबहरूका पखेटाहरू बीस
हात फैलिएका थिए । पहिलो करूबको एउटा
पखेटा पाँच हात लामो थियो । अनि त्यसले
मन्दिरको भित्तालाई छोएको थियो, अनि यसको
पाँचै हात लामो अर्को पखेटाले अर्को करूबको
पखेटा छोएको थियो । **१२**त्यही किसिमले दोस्रो
करूबको एउटा पखेटा पाँच हात लामो थियो
र त्यसले मन्दिरको अर्को भित्तालाई अर्को
पखेटाले पहिलो करूबको पखेटा छोएको
थियो । **१३**यी करूबहरूका पखेटाहरू बीस
हात फैलिएका थिए । तिनीहरू मुख्य सभा-
कक्षतिर फर्केर आफ्ना खुट्टामा उभिएका थिए ।

**१४**तिनले नीलो बैजनी, रातो धागो र मिहिन
सुती लुगाको एउटा पर्दा बनाएर त्यसमा करूब
अङ्कित गरिदिए ।

**१५**मन्दिरको सामुन्ने तिनले दुईओटा
स्तम्भहरू बनाए जुनहरू एकसाथ मिलाएर
पैंतीस हात लामा थिए जसको टुप्पोमा पाँच
हातको एउटा स्तम्भ-शिर थियो । **१६**तिनले
जालीदार साङ्लाहरू बनाएर तिनीहरूलाई ती

**३:१-१४**–१ राजा ६:१-३८. **३:१**–उत्पत्ति २२:२. **३:८**–प्रस्थान २६:३३-३४. **३:१०-१३**–प्रस्थान २५:१८-२०. **३:१४**–प्रस्थान २६:३१. **३:१५-१७**–१ राजा ७:१५-२२.

स्तम्भहरूका टुप्पोमा राखिदिए । तिनले एक
सयओटा दारिमहरू पनि बनाएर तिनीहरूलाई
सिक्रीहरूसित जोरिदिए । **१७**तिनले मन्दिरको
अघि एउटा दक्षिणतिर र एउटा उत्तरतिर
स्तम्भहरू खड़ा गरे । दक्षिणतिरको नाउँ तिनले
याकीन र उत्तरतिरको नाउँ बोअज राखे ।

### मन्दिरका सजावटहरू

**४** तिनले बीस हात लामो, बीस हात चौड़ा
र दश हात अग्लो एउटा काँसाको वेदी
बनाए । **२**तिनले ढालेको धातुको एउटा गोलाकार
खड्कुँलो एक छेउदेखि अर्को छेउ दश हातको
र पाँच हात अग्लो बनाए । त्यसको चारैतिरको
नाप तीस हात थियो । **३**किनारको मुन्तिर एक
हातमा दशओटा गरी चारैतिर गोरुहरूका
आकृतिहरू थिए । ती गोरुहरू खड्कुँलोसितै
दुई लहरहरूमा ढालिदिएका थिए ।

**४**तीनओटा उत्तरतिर, तीनओटा पश्चिमतिर,
तीनओटा दक्षिणतिर र तीनओटा पूर्वतिर
फर्किएका गरी जम्मा बाह्रओटा गोरुहरूमाथि
खड्कुँलो बसेको थियो । खड्कुँलो तिनीहरूमाथि
बसेको थियो र तिनीहरूका पछिल्ला भागहरू
भित्रपट्टि फर्किएका थिए । **५**त्यसको मोटाइ एक
बित्ता थियो र त्यसको किनार लिली फूलको
बिटजस्तै अनि प्यालाको किनारजस्तो थियो ।
त्यसमा छयसट्ठी हजार लिटर अटाउँथ्यो ।

**६**तिनले नुहाउनको निम्ति दशओटा भाँड़ाहरू
बनाएर तिनीहरूलाई पाँचओटा दक्षिणतिर
र पाँचओटा उत्तरतिर गरी राखे । यिनैमा
तिनीहरूले होमबलिका सबै चीजहरू धुन्थे ।
खड्कुँलोचाहिँ पूजाहारीहरूले नुहाउनलाई प्रयोग
गर्थे ।

**७**तिनले तिनीहरूका नमुनाअनुसार दशओटा
सुनका पानसहरू बनाए अनि तिनीहरूलाई
पाँचओटा दक्षिणतिर र पाँचओटा उत्तरतिर
गरी मन्दिरमा राखे ।

**८**तिनले दशओटा मेचहरू बनाएर
तिनीहरूलाई पाँचओटा दक्षिणतिर अनि
पाँचओटा उत्तरतिर गरी मन्दिरमा राखे । तिनले
एक सयओटा छर्कने कचौराहरू पनि बनाए ।

**९**तिनले पूजाहारीहरूको निम्ति चोक, ठूलो
चोक र चोकको निम्ति ढोकाहरू बनाए अनि
ढोकाहरूलाई काँसाले मोहोरे । **१०**तिनले
खड्कुँलोलाई दक्षिणतिर दक्षिण-पूर्व कुनामा
राखे ।

**११**तिनले भाँड़ाहरू, बेल्चाहरू र छर्कने
कचौराहरू पनि बनाए ।

यसरी हुरामले परमेश्वरको मन्दिरमा सुलेमान
राजाको निम्ति लिएको काम समाप्त गरे:

**१२** दुईओटा स्तम्भहरू;
स्तम्भहरूको टुप्पोमा कचौरा-आकारका
स्तम्भ-शिरहरू;
स्तम्भहरूका टुप्पोमा दुईओटा कचौरा-
आकारका स्तम्भ-शिरहरूलाई जोड्ने दुई
श्रेणी जालीहरू;
**१३** दुई श्रेणी जालीहरूको निम्ति चार
सयओटा दारीमहरू (प्रत्येक जालीको
निम्ति दुई लहर दारीमहरू जसले
स्तम्भ-शिरको टुप्पोमा भएको कचौरा-
आकारका स्तम्भ-शिरलाई सिँगार्थे);
**१४** बाटाहरूसितैका ठेलागाड़ीहरू;
**१५** खड्कुँलो अनि त्यसका मुन्तिरका बाह्रवटा
साँढेहरू;
**१६** भाँड़ाहरू, बेल्चाहरू, मासुका काँटाहरू
र सम्बन्धित सबै सामानहरू ।

राजा सुलेमानलाई हूराम-अब्बीले परमप्रभुको
मन्दिरको निम्ति बनाइदिएका सबै चीजहरू
टल्काइएका काँसाका थिए । **१७**राजाले
तिनीहरूलाई सुक्कोत र सार्तानको बीचको
यर्दन मैदानमा माटोको साँचोमा ढाल्न लाए ।
**१८**सुलेमानले बनाएका यी सबै कुराहरू यति
धेरै थिए कि काँसाको तौल त थाहा गर्नै नसकिने
थियो ।

---

**४:१**–प्रस्थान २७:१-२. **४:२-५**–१ राजा ७:२३-५१. **४:६**–प्रस्थान ३०:१७-२१. **४:७**–प्रस्थान २५:३१-४०.
**४:८**–प्रस्थान २५:२३-३०.

**१९**सुलेमानले परमेश्‍वरको मन्दिरमा भएका यी सबै सजावटहरू पनि बनाए:

सुनको वेदी;
उपस्थितिको रोटी राख्ने टेबुलहरू;
**२०** तोकिएको अनुसार भित्री पवित्रस्थानको सामुन्ने बल्नलाई बत्तीहरूसमेत निखुर सुनका पानसहरू;
**२१** सुनका फूलका कामहरू अनि बत्तीहरू र चिम्टाहरू (तिनीहरू ठोस सुनका थिए);
**२२** सलेदो छाँट्नेहरू, छर्कने कचौराहरू, प्यालाहरू र धूपदानीहरू; अनि मन्दिरको सुनको ढोका: महा-पवित्रस्थानमा पस्ने भित्री ढोकाहरू र मुख्य सभा-कक्षका ढोकाहरू ।

**५** परमप्रभुको मन्दिरको निम्ति सुलेमानले गरेका सबै कामहरू सिद्धिएपछि तिनले आफ्ना पिता दाऊदले अर्पण गरेका चीजहरू मन्दिरभित्र ल्याए, चाँदी र सुन अनि सबै सजावटहरू, र तिनले ती परमेश्‍वरको मन्दिरको भण्डारहरूमा राखे ।

### सन्दूक मन्दिरमा ल्याइएको

**२**तब सुलेमानले इस्राएलका धर्म-गुरुहरू, कुलहरूका सबै मुखियाहरू र इस्राएली परिवारहरूका मुखियाहरूलाई सियोन, अर्थात् दाऊदको शहरबाट परमप्रभुको करारको सन्दूक ल्याउनलाई यरूशलेममा बोलाइपठाए । **३**अनि इस्राएलका सबै मानिसहरू सातौँ महिनाको चाड़को समय एकसाथ राजाकहाँ आए ।

**४**इस्राएलका सबै धर्म-गुरुहरू आइसकेपछि लेवीहरूले सन्दूक उठाए, **५**अनि तिनीहरूले सन्दूक अनि भेट हुने पाल र त्यसमा भएका सबै पवित्र सजावटहरू माथि ल्याए । पूजाहारीहरूले, जो लेवीहरू थिए, ती बोकेर माथि ल्याए, **६**अनि राजा सुलेमान र तिनका चारैतिर भेला भएका इस्राएलका सम्पूर्ण समुदायचाहिँ दर्ता पनि गर्न नसकिने अनि गन्न पनि नसकिने भेड़ाहरू र पशुहरू बलिदान गर्दै सन्दूकका सामुन्ने थिए ।

**७**तब पूजाहारीहरूले परमप्रभुको करारको सन्दूक त्यसको ठाउँमा, मन्दिरको भित्री कोठा, महा-पवित्रस्थानमा ल्याए र त्यसलाई करूबहरूका पखेटामुनि राखिदिए । **८**करूबहरूले सन्दूक भएको ठाउँमाथि आफ्ना पखेटाहरू फैलाइदिए अनि सन्दूक र त्यसलाई बोक्ने डण्ड़ाहरूलाई ढाकिदिए । **९**ती डण्ड़ाहरू यति लामा थिए कि सन्दूकबाट निस्किएका तिनीहरूका छेउहरू पवित्रस्थानको अघिबाट देखिन्थे, तर पवित्रस्थानको बाहिरबाट देख्न सकिँदैनथे र ती आज पनि त्यहीं छन् । **१०**मिश्रबाट बाहिर निस्किआएपछि इस्राएलीहरूसित परमप्रभुले होरेबमा बाँध्नुभएको करार मोशाले राखेका दुई पाटीहरूबाहेक त्यस सन्दूकमा अरू केही थिएन ।

**११**त्यसपछि ती पूजाहारीहरू पवित्रस्थानबाट पछि हटे । आफ्ना दलहरूको वास्ता नराखेर त्यहाँ भएका सबै पूजाहारीहरूले आफैलाई पवित्र तुल्याएका थिए । **१२**सबै सङ्गीतकार लेवीहरू, आसाप, हेमान, यदूतून र तिनीहरूका छोराहरू र आफन्तहरू, मिहीन सुती लुगा लगाएर झ्यालीहरू, वीणाहरू र सारङ्गीहरू बजाउँदै वेदीको पूर्वतिर खड़ा थिए । तिनीहरूसित तुरही फुकिरहेका एक सय बीस जना पूजाहारीहरू थिए । **१३**तुरही फुक्नेहरू र गीत गाउनेहरूले परमप्रभुलाई प्रशंसा र धन्यवाद चढ़ाउन एकसाथ एउटै सोर निकालिरहेका थिए । तिनीहरूले तुरही, झ्याली र अरू बाजा यन्त्रहरूसित परमप्रभुको प्रशंसामा आफ्ना सोर उचालेर यसरी गीत गाए:

“उहाँ भलो हुनुहुन्छ;
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।”

---

**५:१**–२ शमूएल ८:११; १ इतिहास १८:११. **५:२**–२ शमूएल ६:१२-१५; १ इतिहास १५:२५-२८.
**५:२–१३**–१ राजा ८:१-९. **५:१०**–व्यवस्था १०:५. **५:१३**–१ इतिहास १६:३४; २ इतिहास ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११६:१; १३६:१; यर्मिया ३३:११. **५:१३–१४**–प्रस्थान ४०:३४-३५.
**५:१४–६:११**–१ राजा ८:१०-२१.

तब परमप्रभुको मन्दिर बादलले भरियो, **१४**अनि बादलको कारण पूजाहारीहरूले आफ्ना सेवा गर्न सकेनन्, किनकि परमप्रभुको महिमाले परमेश्वरको भवन भरिएको थियो ।

**६** तब सुलेमानले भने, “परमप्रभुले उहाँ बाक्लो बादलमा वास गर्नुहुन्छ भन्नुभएको छ । **२**मैले तपाईंको निम्ति एउटा भव्य भवन निर्माण गरेको छु, तपाईं सदासर्वदै वास गर्नलाई तपाईंको निम्ति एक वासस्थान ।”

**३**इस्राएलका सारा समुदाय त्यहाँ उभिरहेका बेला राजाले फर्केर तिनीहरूलाई आशिष् दिए । **४**त्यसपछि तिनले भने:

> “परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा होस्, जसले आफ्ना मुखले मेरा पिता दाऊदलाई प्रतिज्ञा गर्नुभएको कुरा आफ्ना हातले पूरा गर्नुभएको छ । किनकि उहाँले भन्नुभयो, **५**‘मैले मेरा मानिसहरूलाई मिश्रदेशबाट बाहिर ल्याएको दिनदेखि उसो मैले आफ्नो नाउँको खातिर त्यहाँ एउटा मन्दिर बनाउनु भनेर मैले इस्राएलको कुनै कुलमा एउटा शहर चुनेको छैनँ, नता मैले आफ्नो जाति इस्राएलमाथि अगुवा हुन भनी कसैलाई चुनेको छु । **६**तर अब मेरा नाउँ त्यसमा रहोस् भनेर मैले यरूशलेमलाई चुनेको छु र मैले दाऊदलाई मेरा मानिसहरू इस्राएलमाथि शासन गर्नलाई चुनेको छु ।’
>
> **७**“मेरा पिता दाऊदको हृदयमा परमप्रभु इस्राएलका परमेश्वरको नाउँको खातिर एउटा मन्दिर बनाउने विचार थियो । **८**तर परमप्रभुले मेरा पिता दाऊदलाई भन्नुभयो, ‘मेरो नाउँको खातिर तेरो हृदयमा एउटा मन्दिर बनाउने विचार राखेर तैंले आफ्नो हृदयमा असल गरिस् । **९**यद्यपि तैंले त्यो मन्दिर बनाउनेछैनस्, तर तेरो आफ्नै मासु र रगतले तेरो छोराले मेरो नाउँको खातिर त्यो मन्दिर बनाउनेछ ।”
>
> **१०**परमेश्वरले आफूले गरेको प्रतिज्ञा पूरा गर्नुभएको छ । मैले आफ्ना पिताको स्थान लिएको छु अनि परमप्रभुले प्रतिज्ञा गर्नुभएझैँ अब मैले इस्राएलका परमेश्वरको नाउँको खातिर यो मन्दिर बनाएको छु । **११**त्यहाँ मैले परमप्रभुले इस्राएलसित बाँध्नुभएको करार भएको सन्दूक राखेको छु ।”

### सुलेमानको अर्पणको प्रार्थना

**१२**“तब सुलेमान इस्राएलका सारा समुदायको सामुन्ने परमप्रभुको वेदीको अघि उभिएर आफ्ना हात फैलाए । **१३**तिनले पाँच हात लामो, पाँच हात चौड़ा र तीन हात अग्लो काँसाको मञ्च बनाएर त्यसलाई बाहिरी चोकको बीचमा राखेका थिए । तिनी त्यस मञ्चमाथि उभिए र त्यसपछि इस्राएलका सारा समुदायको सामुन्ने घुँड़ा टेके र तिनले आफ्ना हातहरू स्वर्गतिर पसारे । **१४**तिनले भने:

> “हे परमप्रभु, इस्राएलका परमेश्वर, आफ्ना तनमनले तपाईंको मार्गमा लागिरहने आफ्ना दासहरूसँग आफ्नो प्रेमको करार बाँध्नुहुने तपाईंजस्तै अरू कुनै ईश्वर स्वर्ग र पृथ्वीमा छैन । **१५**तपाईंले आफ्नो दास मेरा पिता दाऊदसित आफ्नो मुखले गर्नुभएको प्रतिज्ञा आफ्ना हातले पूरा गर्नुभएको छ, जो आजको दिनसम्मै छँदैछ ।
>
> **१६**“अब परमप्रभु, इस्राएलका परमेश्वर, तपाईंले आफ्नो दास मेरा पिता दाऊदको खातिर उहाँले यसो भन्नुभएको प्रतिज्ञा पूरा गर्नुहोस् ‘मेरा सामुन्ने मेरा व्यवस्था-अनुसार तैंले गरेझैँ तेरा छोराहरू होशियारीसाथ हिँड़े अनि गरे भने मेरो अघि इस्राएलको सिंहासनमा बस्नलाई तँलाई कुनै मानिस पाउन गाह्रो पर्नेछैन ।’ **१७**अनि अब, हे परमप्रभु, इस्राएलका

**६:४-९**–२ शमूएल ७:१-१३; १ इतिहास १७:१-१२. **६:१२-४२**–१ राजा ८:२२-५३. **६:१६**–१ राजा २:४.

परमेश्वर, तपाईंले आफ्नो दास दाऊदलाई
भन्नुभएको कुरा साँचो भएर आओस् ।
**१८**“तर के परमेश्वर साँच्चै
मानिसहरूसित पृथ्वीमा बस्नुहुनेछ ?
स्वर्गहरू, अँ, अति उच्च स्वर्गहरूले पनि
तपाईंलाई अटाउँन सक्दैन । मैले बनाएको
यस मन्दिरले त झन् के सक्ला र ?
**१९**तरै पनि, हे परमप्रभु मेरा परमेश्वर,
तपाईंको दासको प्रार्थना र कृपाको निम्ति
उसको प्रार्थनामा ध्यान दिनुहोस् ।
तपाईंको दासले तपाईंको उपस्थितिमा
चढ़ाइरहेको प्रार्थना र पुकारा सुन्नुहोस् ।
**२०**तपाईंले आफ्नो नाउँ राख्नेछु भनेर
भन्नुभएको यस ठाउँमा तपाईंका आँखा
दिन-रात खुल्लै रहून् । यस ठाउँतिर
फर्केर तपाईंको दासले चढ़ाएको प्रार्थना
सुन्नुहोस् । **२१**तपाईंको दास र तपाईंको
जाति इस्राएलले यस ठाउँतिर फर्केर प्रार्थना
गर्दा तिनीहरूको विनय सुनिदिनुहोस् ।
तपाईंको वासस्थान स्वर्गबाट सुन्नुहोस्,
र तपाईले सुन्नुभएपछि क्षमा गर्नुहोस् ।
**२२**“कुनै मानिसले आफ्नो छिमेकीको
विरुद्धमा केही गर्दा, उसले शपथ खान
पर्दा, उसले यस मन्दिरको तपाईंको वेदीको
सामुन्ने आएर शपथ खाँदा, **२३**स्वर्गबाट
सुनेर काम गर्नुहोस् । तपाईंका ती
दासहरूको बीचमा दोषीको थाप्लोमा उसले
गरेका कसुरहरू खन्याइदिएर त्यसलाई
दण्ड दिएर इन्साफ गरिदिनुहोस् ।
निर्दोषलाई निर्दोष घोषित गरेर त्यसको
निर्दोषपन स्थापित गरिदिनुहोस् ।
**२४**“तपाईंको जाति इस्राएलीहरूले
तपााईंको विरुद्धमा पाप गरेको कारण
आफ्ना शत्रुहरूबाट हार खाएर तिनीहरू
फर्केर तपाईंको नाउँ स्वीकार्दै यस
मन्दिरमा प्रार्थना र विनय चढ़ाउँदा,
**२५**स्वर्गबाट सुनेर आफ्नो जाति इस्राएललाई
क्षमा दिनुहोस् अनि तपाईंले तिनीहरूलाई
र तिनीहरूका पुर्खाहरूलाई दिनुभएको
देशमा फर्काएर ल्याउनुहोस् ।
**२६**“तपाईंका मानिसहरूले तपाईंको
विरुद्धमा पाप गरेको कारण आकाश बन्द
भएर पानी पर्न छोड्दा तिनीहरूले यस
ठाउँतिर फर्केर प्रार्थना गर्दै तपाईंले
तिनीहरूमाथि कष्ट ल्याउनुभएकोले
तपाईंको नाउँ स्वीकार गरेर आफ्ना
पापहरूबाट फर्कदाँ, **२७**स्वर्गबाट सुनेर
तपाईंका दासहरू, तपाईंका जाति
इस्राएलको पाप क्षमा गरिदिनुहोस् ।
तिनीहरूलाई जिउने ठीक तरिका
सिकाउनुहोस् र तपाईंले देशमा पानी
पठाइदिनुहोस् ।
**२८**“जब देशमा अनिकाल वा विपत्ति
आउँछ, अथवा वनस्पति ओइलाउने कि
ढुसी पर्ने रोग लाग्छ, कि सलह र
फटेङ्ग्राहरू आउँछन्, अथवा तिनीहरूका
कुनै शहरमा शत्रुले घेरा हाल्छ– जुन
आपत् वा रोग आए पनि– **२९**अनि जब
आफ्नै दुःख वा कष्ट सम्झेर यस
भवनतिर आफ्ना हात उचालेर तपाईंका
प्रजा इस्राएलले प्रार्थना वा नम्र-निवेदन
चढ़ाउँछन्, तब तपाईंको वासस्थान
स्वर्गबाट सुन्नुहोस् र क्षमा गर्नुहोस् ।
**३०**तपाईंले हरेक मानिसको हृदयलाई
जान्नुहुन्छ । यसकारण तपाईंले त्यसलाई
त्यसका सबै कामअनुसारको प्रतिफल
दिनुहोस् । (किनकि तपाईंले मात्र मानिसको
हृदयलाई जान्नुहुन्छ), **३१**अनि तिनीहरू
तपाईंसित डराऊन् र तिनीहरू तपाईंले
हाम्रा पुर्खाहरूलाई दिनुभएको देशमा
बसुञ्जेल तपाईंका मार्गहरूमा हिँडून् ।
**३२**“तपाईंको जाति इस्राएलको बाहेक
तपाईंको महान् नाउँ अनि तपाईंका
सामर्थी हात र तपाईंका पसारिएका
बाहुको कारण आएको परदेशीको
विषयमा, यदि त्यसले आएर यस

---

**६:१८**–२ इतिहास २:६. **६:२०**–व्यवस्था १२:११.

मन्दिरतिर फर्केर प्रार्थना गर्छ भने,
**३३**तपाईंको वासस्थान स्वर्गबाट सुन्नुहोस्
अनि त्यस परदेशीले जे माग्छ त्यो
सुन्नुहोस् र पृथ्वीका सारा जातिहरूले
तपाईंको नाउँ जानेर तपाईंको डर
राखून्, जस्तो हाम्रा आफ्नै जाति इस्राएलले
गर्छ, र मैले बनाएको यो भवनमा तपाईंको
नाउँ छ, भनी जानून् ।

**३४**"तपाईंका मानिसहरू आफ्ना
शत्रुहरूको विरुद्धमा जाँदा तपाईंले
तिनीहरूलाई जहाँ पठाउनुभए पनि
तिनीहरूले तपाईंले चुन्नुभएको यो शहर
मैले तपाईंको नाउँको खातिर बनाएको
यस मन्दिरतिर फर्केर तपाईंसित प्रार्थना
गरेको बेला, **३५**स्वर्गबाट तिनहरूका
प्रार्थना र तिनीहरूका विनय सुनेर
तिनीहरूको न्याय गरिदिनुहोस् ।

**३६**"पाप नगर्ने कोही नभएकोले
तिनीहरूले तपाईंको विरुद्धमा पाप गर्दा
तिनीहरूसित रिसाउनुभएर तपाईंले
तिनीहरूलाई शत्रुको हातमा सुम्पिदिनुभएर
तिनीहरूले तिनीहरूलाई टाढ़ा-नजीक कैद
गरेर लैजाँदा, **३७**तिनीहरू कैद भएको
ठाउँमा तिनीहरूको हृदय परिवर्तन भएर
तिनीहरूले आफू कैद गरिएको देशमा
पश्चात्ताप गरेर तपाईंसित विनय गर्दै
'हामीले पाप गरेका छौं, हामीले भूल
गरेर दुष्ट काम गरेका छौं' भन्छन् भने,
**३८**र तिनीहरू आफू कैद भएर लगिएको
देशमा आफ्ना हृदय र प्राणले तपाईंतिर
फर्कन्छन् र तपाईंले तिनीहरूका
पुर्खाहरूलाई दिनुभएको देशतिर फर्केर,
तपाईंले चुन्नुभएको शहरतिर फर्केर, मैले
तपाईंको खातिर बनाएको मन्दिरतिर
फर्केर, तिनीहरूले प्रार्थना गर्दा, **३९**तपाईंको
वासस्थान स्वर्गबाट तिनीहरूका प्रार्थना
र विनय सुनेर तिनीहरूको पक्ष
लिइदिनुहोस् । अनि तपाईंको विरुद्धमा
पाप गर्ने तपाईंको जातिलाई क्षमा
दिनुहोस् ।

**४०**"अब, हे मेरा परमेश्वर, यस ठाउँमा
चढ़ाइने प्रार्थनाहरूप्रति तपाईंका आँखा
खुल्ला र तपाईंका कान ध्यानमग्न रहून् ।

**४१** "अब उठ्नुहोस्, हे परमप्रभु,
र आफ्नो विश्रामस्थलमा आउनुहोस्,
तपाईं र तपाईंका सामर्थको सन्दूकमा ।
तपाईंका पूजाहारीहरू, हे परमप्रभु
परमेश्वर,
मुक्ति पहिरिएकाहरू होऊन्
तपाईंका सन्तहरूले तपाईंको भलोपनमा
आनन्द गरून् ।

**४२** हे परमप्रभु परमेश्वर, तपाईंको
अभिषिक्त जनलाई इन्कार नगर्नुहोस् ।
तपाईंको दास दाऊदलाई प्रतिज्ञा गरिएको
महान् प्रेमलाई सम्झनुहोस् ।"

## मन्दिरको समर्पण

**७** सुलेमानले प्रार्थना गरिसकेपछि स्वर्गबाट
आगो आएर होमबलि र बलिदानहरूलाई
भष्म गरिदियो र परमप्रभुको महिमाले मन्दिर
भरियो । **२**पूजाहारीहरू परमप्रभुको मन्दिरभित्र
पस्नसकेनन् किनकि परमप्रभुको महिमाले
त्यसलाई ढाकेको थियो । **३**इस्राएलीहरूले आगो
झरिरहेको र परमप्रभुको महिमा मन्दिरमाथि
देखेर तिनीहरू भूइँमा घुँड़ा टेकेर घोप्टो परे
र तिनीहरूले दण्डवत् गरेर परमप्रभुलाई
धन्यवाद दिँदै भने,

"परमप्रभु भलो हुनुहुन्छ;
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।"

**४**त्यसपछि राजा र सबै मानिसहरूले
परमप्रभुको सामुन्ने बलिदानहरू चढ़ाए ।
**५**राजा सुलेमानले बाईस हजार पशुका टाउका
र एक लाख बीस हजार भेडा-बाखा बलि

---

**६:४१-४२**–भजनसंग्रह १३२:८-१०. **७:१**–लेवी ९:२३-२४. **७:३**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११८:१; १३६:१; यर्मिया ३३:११. **७:४-१०**–१ राजा ८:६२-६६.

चढ़ाए । यसरी राजा र मानिसहरूले मन्दिर
समर्पण गरे । **६**पूजाहारीहरूले लेवीहरूले भैँ
परमप्रभुको वाद्य यन्त्रहरूसित आफ्ना-आफ्ना
स्थान लिए जुन यन्त्रहरू दाऊद राजाले
परमप्रभुको प्रशंसा गर्नलाई बनाएका थिए; अनि
जसलाई तिनले धन्यवाद दिँदा "उहाँको प्रेम
सदासर्वदा रहन्छ" भन्दै ती यन्त्रहरू प्रयोग
गरिएका थिए । लेवीहरूका अघि पूजाहारीहरूले
आफ्ना तुरही फुके र इस्राएलीहरू उभिरहे ।

**७**सुलेमानले परमप्रभुको भवनको सामुन्नेको
चोकको बीच भागलाई पवित्र गरे, अनि त्यहाँ
होमबलि र मेल-बलिको बोसो चढ़ाए किनकि
तिनले बनाएको काँसाको वेदीमा होमबलि,
अन्नबलि र बोसोका भाग अटाएनन् ।

**८**यसकारण सुलेमानले त्यस बेला सात
दिनसम्म चाड़ मनाए र तिनको साथमा
सारा इस्राएलले, एउटा ठूलो समुदाय, लेबो-
हमातका मानिसहरूदेखि लिएर मिश्रको
खोल्सासम्मकाहरूले मनाए । **९**आठौँ दिनमा
तिनीहरूले एउटा सभा राखे, किनकि तिनीहरूले
सात दिनसम्म वेदीको अर्पणको उत्सव मनाए
र अरू सात दिनसम्म चाड़ मनाए । **१०**सातौँ
महिनाको तेईसौँ दिन तिनले मानिसहरूलाई
घर पठाइदिए र तिनीहरू परमप्रभुले दाऊद,
सुलेमान र उहाँका जाति इस्राएलको निम्ति
गर्नुभएका असल कुराहरूको निम्ति आनन्दले
पूर्ण अनि हृदयमा हर्षित भएका थिए ।

### परमप्रभु सुलेमानकहाँ देखा पर्नुभएको

**११**सुलेमानले परमप्रभुको मन्दिर अनि
राजमहल बनाइसकेपछि अनि परमप्रभुको
मन्दिरमा र तिनको आफ्नै महलमा गर्छु भनी
हृदयमा लिएका कुराहरू गरिसिध्याएपछि,
**१२**राती परमप्रभु तिनीकहाँ देखा पर्नुभयो र भन्नुभयो:

"मैले तेरो प्रार्थना सुनें र मैले यस
ठाउँलाई बलिदान चढ़ाउने मन्दिरको
रूपमा आफ्नै निम्ति चुनें ।

**१३**"मैले आकाशलाई बन्द गरेको
बेला पानी नपर्दा, अथवा देशलाई
खाइहाल्नलाई सलहहरू पठाउँदा, अथवा
मेरा मानिसहरूमा विपत्ति पठाउँदा,
**१४**यदि मेरो नाउँद्वारा बोलाइएका मेरा
मानिसहरूले आफैलाई नम्र तुल्याएर
प्रार्थना गर्दै मेरो मुहार हेर्न चाहे र आफ्ना
दुष्ट चालहरूबाट फर्के भने, म स्वर्गबाट
तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूका
पाप क्षमा गरेर तिनीहरूको देशलाई
निको पार्नेछु । **१५**अब यस ठाउँमा
चढ़ाइएका प्रार्थनाहरूप्रति मेरा आँखा
खुल्ला र कान सतर्क रहनेछन् । **१६**मैले
यसमा मेरो नाउँ सदासर्वदा भइरहोस् भनेर
यस मन्दिरलाई चुनेर पवित्र गरेको छु ।
मेरा आँखा र हृदय सधैँ यसमा रहनेछ ।
**१७**"तेरो विषयमा चाँहि, यदि तँ आफ्ना
पिताभैँ मेरो सामुन्ने हिँड़िस् र मैले आज्ञा
दिएका सबै पालन गरिस् भने, **१८**म तेरा
पिता दाऊदसित 'इस्राएलमाथि शासन
गर्नलाई, तँलाई कुनै मानिसको अभाव
हुनेछैन' भनेर गरेको करारअनुसार म
तेरो राजकीय सिंहासन स्थापित गर्नेछु ।
**१९**"तर यदि तँ तर्किएर मैले तँलाई
दिएका आदेशहरू त्यागेर अरू
देवताहरूको सेवा गर्न र तिनीहरूलाई
पूज्नथालिस् भने, **२०**म इस्राएललाई मैले
तिनीहरूलाई दिएको देशबाट उखेलिदिनेछु
र मैले आफ्नो नाउँको खातिर पवित्र
गरेको यस जातिहरूको बीचमा एउटा
आहान र गिल्लाको पात्र बनाइदिनेछु ।
**२१**अनि अहिले यो मन्दिर यति आकर्षक
भए तापनि यसको छेउबाट भएर जाने
सबैले भयभीत भएर भन्नेछन्, 'किन
परमप्रभुले यस देशलाई र यस
मन्दिरलाई यसो गर्नुभएको होला ?'
**२२**मानिसहरूले जवाफ दिनेछन्, 'किनकि
तिनीहरूले आफूलाई मिश्रदेशबाट निकालेर

**७:११-२२**–१ राजा ९:१-९. **७:१८**–१ राजा २:४.

ल्याउनुहुने परमप्रभु तिनीहरूका पिता-
पुर्खाहरूका परमेश्‍वरलाई त्यागेर
अरू देवताहरूलाई पुजीरहेका छन्,
त्यसैकारण उहाँले तिनीहरूमाथि यी सबै
विपत्तिहरू ल्याउनुभयो ।'"

### सुलेमानका अरू कार्यहरू

८ सुलेमानले परमप्रभुको मन्दिर र आफ्नै
महल बनाएको बीस वर्षको अन्तमा,
२सुलेमानले हीरामले तिनलाई दिएका गाउँहरू
पुनर्निर्माण गरे अनि त्यहाँ इस्राएलीहरूलाई
बसोबासो गराए । ३त्यसपछि सुलेमान हमात-
सोबामा गए अनि त्यसलाई कब्जा गरे । ४तिनले
उजाड़-स्थानमा तादमोर र तिनले हमातमा
बनाएका सबै शहरका भण्डारहरूलाई पनि
पुनर्निर्माण गरे । ५तिनले माथिल्लो र तल्लो
बेथ-होरोनलाई पर्खालले घेरिएका शहरहरूझैं
पुनर्निर्माण गरे र तिनीहरूमा पर्खालहरू,
मूलढोकाहरू र बारहरू लगाए, ६साथसाथै
तिनले बालात र तिनका सबै शहरका
भण्डारहरू र आफ्ना रथहरू अनि घोड़ाहरू
राख्ने सबै नगरहरू पुनर्निर्माण गरे । तिनले
यरूशलेममा, लबानोनमा र आफूले शासन
गरेका प्रान्तहरूभरि आफूले बनाउनइच्छा
गरेका सबै बनाए ।

७हित्तीहरू, एमोरीहरू, परिज्जीहरू,
हिव्वीहरू र यबूसीहरूबाट छोड़िएका सबै
मानिसहरूलाई (यी मानिसहरू इस्राएली
थिएनन्), ८अर्थात्, देशमा रहेका तिनीहरूका
सन्तानहरू जसलाई इस्राएलीहरूले नाश
गरेका थिएनन्, सुलेमानले आफ्ना बेगारी काम
गर्ने दास-श्रमिक दलको रूपमा लिए, जुन
आजको दिनसम्मै छ । ९तर सुलेमानले आफ्नो
कामको निम्ति इस्राएलीहरूलाई चाकर
बनाएनन् । तिनीहरू त तिनका लड़ाकूहरू,
कप्तानहरूमाथिका सेनापतिहरू अनि रथहरू
र घोड़चढ़ीहरूका सेनापतिहरू थिए ।
१०तिनीहरू राजा सुलेमानका प्रमुख अधिकृतहरू
थिए, मानिसहरूमाथि देखरेख गर्ने दुई सय
पचास अधिकृतहरू ।

११सुलेमानले फिरौनकी छोरीलाई दाऊदको
शहरबाट माथि तिनले उसको निम्ति बनाएको
महलमा ल्याए, किनकि तिनले भने, "परमप्रभुको
सन्दूक प्रवेश गरेका ठाउँहरू पवित्र हुनाले
मेरी पत्नी इस्राएलका राजा दाऊदको महलमा
बस्नुहुँदैन ।"

१२दलानको सामुन्ने भएको तिनले बनाएका
परमप्रभुको वेदीमाथि सुलेमानले परमप्रभुकहाँ
होमबलि चढ़ाए । १३मोशाको आज्ञाबमोजिम
शबाथ, औंसी र वर्षेनी तीन पल्ट चढ़ाउने
चाड़हरू, अर्थात् अखमिरी रोटीको चाड़,
साताहरूको चाड़ र छाप्रो-वासको चाड़ हरेक
दिन चढ़ाउनुपर्नेअनुसार तिनले चढ़ाउने गरे ।
१४आफ्ना पिता दाऊदको नियमअनुसार
तिनले आफ्ना काम गर्नलाई पूजाहारीहरूको
दलहरूलाई अनि दिन-दिनको नियमअनुसार
प्रशंसाको नेतृत्व गर्न र पूजाहारीहरूलाई
सघाउनलाई लेवीहरूलाई नियुक्त गरे । तिनले
विभिन्न मूलढोकाहरूको निम्ति द्वारपालहरूलाई
पनि दल-दल गरी नियुक्त गरे, किनकि
यो परमेश्‍वरको जन दाऊदको हुकुम थियो ।
१५राजकोशसम्बन्धित विषयमा पूजाहारीहरू
अथवा लेवीहरूप्रति दिइएका राजाका
आज्ञाहरूबाट यताउति लागेनन् ।

१६परमप्रभुको भवनको जग बसालिएको
दिनदेखि त्यो समाप्त नभएसम्म सुलेमानका
सबै कामहरू भइरहेका थिए । यसरी परमप्रभुको
भवन समाप्त गरियो ।

१७तब सुलेमान एदोमको पूर्वीय किनारमा
भएको एस्योत-गेबेर र एलातमा गए । १८अनि
हीरामले तिनलाई आफ्नै अधिकृतहरू, समुद्रमा
अनुभवी मानिसहरूद्वारा चलाइएका जहाजहरू
पठाइदिए । सुलेमानका मानिसहरूसित यिनीहरू
ओपीरमा गए अनि चार सय पचास तोड़ा सुन
ल्याएर तिनीहरूले ती राजा सुलेमानलाई
सुम्पिदिए ।

---

**८:१-१८**–१ राजा ९:१०-२८. **८:१३**–प्रस्थान २३:१४-१७; ३४:२२-२३; गन्ती २८:९; २९:३९; व्यवस्था १६:१६.

**शेबाकी रानी सुलेमानकहाँ भेट्न आएकी**

**९** सुलेमानको ख्यातिको विषयमा शेबाकी
रानीले सुनेर उनी तिनलाई जाँच्न
कठिन प्रश्नहरू लिएर यरूशलेममा आइन् ।
मसालाहरू, धेरै मात्रामा सुन र बहुमूल्य
पत्थरहरू बोकेका लावा-लश्करसित आइपुगिन्
तिनी सुलेमानकहाँ आइन् र तिनीसित आफ्ना
मनका सबै कुराहरू गरिन् । **२**सुलेमानले उनका
सबै प्रश्नहरूका जवाफ दिए, उनलाई
बताउनलाई कुनै कुरा पनि तिनको निम्ति
कठिन थिएन । **३**शबाकी रानीले सुलेमानको
बुद्धिको साथमा तिनले बनाएको महल, **४**तिनका
टेबुलका भोजन, तिनका अधिकृतहरूको बसाइ,
हेर-विचार गर्ने नोकरहरू र तिनीहरूका वस्त्र,
आफ्ना वस्त्रसहितका प्याला टक्राउनेहरू
अनि तिनले परमप्रभुको मन्दिरमा चढ़ाएका
होमबलिहरू देखेर उनी अवाक भइन् ।

**५**उनले राजालाई भनिन्, “मैले आफ्नो
देशमा तपाईंका उपलब्धिहरू, तपाईंको बुद्धिको
विषयमा सुनेको कुरा सत्य रहेछ । **६**तर मैले
आफ्नै आँखाले नदेखेसम्म तिनीहरूले भनेका
कुरा पत्याइँन । साँच्चै, मलाई त तपाईंको
महान्ताको विषयमा आधा मात्र पनि बताइएको
रहेनछ । मैले सुनेको कुराभन्दा तपाईं त अझ
महान् हुनुहुँदोरहेछ । **७**तपाईंका मानिसहरू कति
सुखी ! तपाईंको सामुन्ने उभिएर तपाईंको बुद्धि
सुनिरहने तपाईंका अधिकृतहरू कति सुखी !
**८**परमप्रभु तपाईंको परमेश्वरको प्रशंसा होस्
जसले तपाईंमा आनन्द लिनुभएर परमप्रभु
तपाईंको परमेश्वरको निम्ति शासन गर्नलाई
राजाको रूपमा तपाईंलाई उहाँको सिंहासनमा
प्रेम अनि सदाको निम्ति तिनीहरूलाई सम्हाल्ने
उहाँको इच्छाको कारण उहाँले तपाईंलाई न्याय
र धार्मिकता अटल राख्नलाई तिनीहरूमाथि
राजा बनाउनुभएको छ ।”

**९**तब उनले राजालाई एक सय बीस तोड़ा
सुन, धेरै मात्रामा मसालाहरू र बहुमूल्य
पत्थरहरू दिइन् । शेबाकी रानीले राजा
सुलेमानलाई दिएका मसालाजस्ता कहिल्यै
आएका थिएनन् ।

**१०**(हीरामका मानिसहरू र सुलेमानका
मानिसहरूले ओपीरबाट सुन ल्याए । तिनीहरूले
चन्दनका काठ र बहुमूल्य पत्थरहरू ल्याए ।
**११**राजाले ती चन्दनका काठहरू परमप्रभुको
मन्दिरको अनि राज महलका खुड्किलाहरू
बनाउने काममा अनि सङ्गीतकारहरूका निम्ति
वीणा र सारङ्गी बनाउने काममा लगाए । यस्तो
त यहूदामा कहिल्यै देखिएको थिएन ।)

**१२**राजा सुलेमानले शेबाकी रानीलाई उनले
इच्छा गरेका र मागेका सबै दिए; उनले
तिनीकहाँ ल्याएको भन्दा बढ़ी तिनले दिए ।
तब उनी आफ्ना लावा-लश्करसित आफ्नै
देशमा फर्केर गइन् ।

**सुलेमानको गौरव**

**१३**सुलेमानले वर्षैपिच्छे पाएको सुनको तौल
छ सय छैसठ्ठी तोड़ा थियो । **१४**त्यसबाहेक
मालहरू निकासी गर्ने व्यापारी र पैकारीहरूका
महसूलबाट पनि राजस्व आउँथ्यो । अरब देशका
सबै राजाहरू र प्रादेशिक राज्यपालहरूले पनि
राजाको निम्ति सुन र चाँदी ल्याउँथे ।

**१५**राजा सुलेमानले पिटेको सुनका दुई
सयओटा ठूला-ठूला ढालहरू बनाए, एउटा
ढालमा छ सय शेकेल सुन लागेको थियो ।
**१६**तिनले प्रत्येक ढालमा तीन सय शेकेल सुन
लाग्ने गरी तीन सयओटा स-साना ढालहरू
पनि पिटेको सुनले बनाए । राजाले ती लबानोनको
वनमा भएको महलमा राखे ।

**१७**तब राजाले हस्ती-हाड़को एउटा ठूलो
सिंहासन बनाएर त्यसलाई निखुर सुनले
मोहोरे । **१८**सिंहासनमा उक्लने छ ओटा
खुड़किलाहरू थिए, त्यसमा सुनको एउटा
पाउदान जोड़िएको थियो । आसनका दुवैतिर
हात राख्ने बाहुहरू थिए, जसका छेउमा
एक-एकओटा सिंह उभिएका थिए । **१९**प्रत्येक
खुड़किलोका दुवैतिर एक एकओटा गरी छ

---

**९:१-९**–मत्ती १२:४२; लूका ११:३१. **९:१-१२**–१ राजा १०:१-१३. **९:१३-२८**–१ राजा १०:१४-२५.

ओटा खुड्किलाहरूमा बाह्रओटा सिंहहरू खड़ा
थिए । कुनै अरू राज्यको निम्ति यस्ता कहिल्यै
बनाइएका थिएनन् । **२०**राजा सुलेमानका सबै
कचौराहरू सुनका थिए, लबानोनको वनको
महलका सबै घरका सामानहरू निखुर सुनका
थिए । कुनै पनि चीज चाँदीको बनाएको थिएन,
किनकि सुलेमानको समयमा चाँदी कम
मूल्यको गनिन्थ्यो । **२१**राजासित हीरामका
मानिसहरूद्वारा चलाइने व्यापारी जहाजहरूको
एउटा बेड़ा थियो । प्रत्येक तेस्रो वर्ष यो सुन,
चाँदी, हस्ती-हाड़, बाँदर र लङ्गूरहरू लिएर
फर्कन्थ्यो ।

**२२**राजा सुलेमान धन-सम्पत्ति र बुद्धिमा
संसारका अरू सबै राजाहरूभन्दा महान् थिए ।
**२३**संसारका सबै राजाहरू परमेश्वरले तिनको
हृदयमा हालिदिनुभएको बुद्धि सुन्न अति
चाहना गर्थे । **२४**वर्षैपिच्छे आउने हरेकले
उपहारस्वरूप चाँदी र सुनका सामग्रीहरू,
वस्त्रहरू, हतियारहरू र मसालाहरू, घोड़ाहरू
र खच्चरहरू ल्याउँथे ।

**२५**आफ्ना घोड़ा र रथहरूका निम्ति
सुलेमानका चार हजार तबेला थिए, अनि तिनका
बाह्र हजार घोड़ाहरू थिए । तीमध्ये कतिलाई
तिनले रथहरू राख्ने शहरहरूमा र अरूलाई
चाहिँ आफूसित यरूशलेममा राखे । **२६**तिनले
नदीदेखि पलिश्तीहरूको देशसम्म मिश्रदेशको
सिमानासम्म सबै राजाहरूमाथि शासन गर्थे ।
**२७**राजाले यरूशलेममा चाँदीलाई ढुङ्गाजत्तिकै
साधारण र पहाड़मा देवदारुलाई किम्बुका
रूखजत्तिकै प्रशस्त बनाए । **२८**सुलेमानका घोड़ाहरू
मिश्रबाट र अरू देशहरूबाट पैठारी गरिन्थे ।

## सुलेमानको मृत्यु

**२९**सुलेमानको शासनकालका अरू घटनाहरू
शुरूदेखि अन्त्यसम्मै नातान अगमवक्ताको
इतिहास, शीलोनी अहियाहको अगमवाणी र
नबातका छोरा यारोबामको विषयमा दर्शी
इद्दोका दर्शनको पुस्तकमा वर्णन गरिएका छैनन्
र ? **३०**सुलेमानले सारा इस्राएलमाथि यरूशलेममा
चालीस वर्ष राज्य गरे । **३१**त्यसपछि तिनी
आफ्ना पुर्खाहरूसित सुते र आफ्ना पिता
दाऊदको शहरका चिहानमा गाड़िए । तिनीपछि
तिनका छोरा रहबाम राजा भए ।

## इस्राएल रहबामको विरुद्धमा खड़ा भएको

**१०** सारा इस्राएलले तिनलाई शेकेममा राजा
बनाउन गएकाले यारोबाम त्यहाँ गए ।
**२**नबातका छोरा यारोबामले त्यो सुन्दा तिनी
मिश्रदेशबाट फर्के (तिनी राजा सुलेमानबाट
भागेर मिश्रमा गएका थिए) । **३**यसकारण
तिनीहरूले यारोबामलाई बोलाइपठाए अनि
तिनले र सारा इस्राएलले रहबामकहाँ गएर
भने, **४**"तपाईंका पिताले हामीमाथि गह्रौं जुवा
लगाइदिनुभएको थियो, तर अब उहाँले हामीमाथि
लगाइदिनुभएका कठोर परिश्रम र गह्रौं जुवा
हलुङ्गो गरिदिनुहोस् र हामी तपाईंको सेवा
गर्नेछौं ।"

**५**रहबामले जवाफ दिए, "मलाई तीन दिनको
समय देओ र फेरि आओ ।" यसकारण मानिसहरू
गइहाले ।

**६**तब राजा रहबामले तिनका पिता सुनेमान
जीवित छँदा, तिनका सेवा गर्ने धर्म-गुरूहरूसित
यसो भनेर सल्लाह मागे, "यी मानिसहरूलाई
मैले कस्तो जवाफ दिने तपाईंहरू के सल्लाह
दिनुहुन्छ ?"

**७**तिनीहरूले जवाफ दिए, "यदि तपाईं यी
मानिसहरूप्रति दयालु हुनुभयो र तिनीहरूलाई
खुशी पार्नुभएर मनपर्दो जवाफ दिनुभयो भने,
तिनीहरू सधैँ तपाईंका नोकरहरू हुनेछन् ।"

**८**तर रहबामले तिनलाई धर्म-गुरुहरूले
दिएका सल्लाह इन्कार गरे र तिनीसितै हुर्केका
र तिनकै सेवा गरिरहेका जवान मानिसहरूसित
सल्लाह लिए । **९**तिनले तिनीहरूलाई सोधे,
"तिमीहरूको सल्लाह के छ ? 'तपाईंका

---

**९:२५**–१ राजा ४:२६. **९:२६**–उत्पत्ति १५:१८; १ राजा ४:२१. **९:२८**–व्यवस्था १७:१६.
**९:२९-३१**–१ राजा ११:४१-४३. **१०:१-१९** –१ राजा १२:१-२०.

पिताले हामीमाथि राखिदिनुभएको जुवा हलुङ्ग
बनाइदिनुहोस्' भन्ने यी मानिसहरूलाई हामीले
कसरी जवाफ दिने' ?"

**१०**तिनीसितै हुर्केका ती जवान मानिसहरूले
जवाफ दिए, "तपाईंलाई 'तपाईंका पिताले
हामीमाथि गह्रौं जुवा राखिदिनुभयो, तर हाम्रा
जुवा हलुङ्गो गरिदिनुहोस्' भन्ने मानिसहरूलाई
यसो भन्नुहोस्, 'मेरो कान्छी औंला मेरा पिताको
कम्मरभन्दा मोटो छ । **११**मेरा पिताले
तिमीहरूमाथि गह्रौं जुवा राखिदिनुभयो । म
त्यसलाई अझ गह्रौं बनाइदिनेछु । मेरा पिताले
तिमीहरूलाई कोर्राले पिटे, म तिमीहरूलाई
बिच्छीहरूले पिट्नेछु ।'"

**१२**तीन दिनपछि यारोबाम र सारा
मानिसहरू रहबामकहाँ फर्के किनकि राजाले
"मकहाँ तीन दिनमा आउनू" भनेका थिए ।
**१३**राजाले तिनीहरूलाई कठोरतासाथ जवाफ
दिए । धर्म-गुरुहरूको सल्लाह इन्कार गरे र
**१४**तिनले जवान मानिसहरूको सल्लाह सुने अनि
यसो भने, "मेरा पिताले तिमीहरूमाथि गह्रौं
जुवा राखिदिनुभयो । म त्यसलाई अझ गह्रौं
बनाइदिनेछु । मेरा पिताले तिमीहरूलाई कोर्राले
पिटे, म तिमीहरूलाई बिच्छीहरूले पिट्नेछु ।"
**१५**यसरी राजाले ती मानिसहरूका कुरा सुनेनन्,
किनकि नबातका छोरा यारोबामलाई शिलोका
अहियाहद्वारा बोलिएको परमप्रभुको वचन
पूरा हुनालाई यो घटना परमेश्वरबाट नै यस्तै
किसिमले घटेको थियो ।

**१६**जब सारा इस्राएलले, राजाले तिनीहरूका
कुरा नसुनेका देखे, तिनीहरूले राजालाई जवाफ
दिए:

"दाऊदमा हाम्रो के हिस्सा छ,
यिशैको छोरामा के भाग छ ?
हे इस्राएल, आफ्नो पालहरूमा जाओ !
हे दाऊद, तिमी आफ्नै घर सम्भाल !"

यसरी सारा इस्राएलीहरू घर गए । **१७**तर
यहूदाका शहरहरूमै बसिरहेका इस्राएलीहरूमाथि
रहबामले नै शासन गरे ।

**१८**राजा रहबामले बेगार खटाउनेहरूका
अधिपति अदोनीरामलाई पठाए तर इस्राएलीहरूले
तिनलाई ढुङ्गाले हानेर मारे । तरै पनि राजा
रहबाम आफ्नो रथमा चढ्न सफल भइ उम्केर
यरूशलेममा गए । यसरी इस्राएल आजको
दिनसम्मै दाऊदको घरानाको विरुद्धमा रहेर
आएको छ ।

**११** यरूशलेममा आइपुगेपछि रहबामले
इस्राएलको विरुद्धमा लड़ाइँ गरे र आफ्नो
राज्य फिर्ता लिनलाई यहूदा र बेन्यामीनका
घरानाबाट एक लाख अस्सी हजार लड़ाकू
मानिसहरू बटुले ।

**२**परमेश्वरको जन शमायाहकहाँ परमप्रभुको
यो वचन आयो, **३**"सुलेमानको छोरा, यहूदाको
राजा रहबाम अनि यहूदा र बेन्यामीनमा भएका
सबै इस्राएलीहरूलाई यसो भन्, **४**'परमप्रभु
यसो भन्नुहुन्छ, आफ्ना दाज्यूभाइहरूसित लड़ाइँ
गर्न नजाओ । तिमीहरू हरेक आफ्नो घरमा
जाओ किनकि यो मेरै काम हो ।"' यसकारण
तिनीहरूले परमप्रभुका कुरा सुने र यारोबामको
विरुद्धमा अघि बढ्नबाट पछि फर्के ।

### रहबामले यहूदालाई सुरक्षा दिएका

**५**रहबामले यरूशलेममा बसेर यहूदाको
सुरक्षाको निम्ति शहरहरू निर्माण गरे,
**६**बेथलेहेम, एताम, तको, **७**बेथ-सर, सोखो,
अदुल्लाम, **८**गात, मारेशा, जीप, **९**अदोरेम,
लाकीश, आजेका, **१०**सोरा, अय्यालोन, र
हेब्रोन । यी यहूदा र बेथलेहेममा भएका
सुरक्षित शहरहरू थिए । **११**तिनले तिनीहरूका
प्रतिरक्षा बलियो बनाए र भोजन, भद्राक्षको तेल
र दाखमद्यसहित त्यहाँ कप्तानहरू राखिदिए ।
**१२**तिनले सबै शहरहरूमा ढालहरू र भालाहरू
राखे, तिनीहरूलाई बलिया बनाए । यसरी यहूदा
र बेन्यामीन तिनका भए ।

**१३**इस्राएलभरिका तिनीहरूका सबै
जिल्लाहरूका पूजाहारीहरू र लेवीहरू तिनीपट्टि
लागे । **१४**लेवीहरूले त आफ्ना खर्कहरू र

**१०:१६**–२ शमूएल २०:१. **११:१-४**–१ राजा १२:२१-२४.

सम्पत्तिहरूसमेत त्यागेर यहूदा र यरूशलेममा
आए किनकि यारोबामले तिनीहरूलाई
परमप्रभुका पूजाहारीहरूको रूपमा इन्कार
गरेका थिए। **१५**अनि तिनले अग्ला स्थानहरूको
निम्ति र तिनले बनाएका बाखा र बाछाहरूका
मूर्तिहरूको निम्ति आफ्नै पूजाहारीहरू नियुक्त
गरेका थिए। **१६**आफ्ना हृदय परमप्रभु इस्राएलका
परमेश्वरको खोजीमा लगाउनेहरू इस्राएलका
प्रत्येक कुलबाट परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरकहाँ बलिदान चढ़ाउन भनी लेवीहरूका
पछि यरूशलेमतिर लागे । **१७**तिनीहरूले
यहूदाको राज्यलाई सुदृढ़ पारे अनि त्यस
समयमा दाऊद र सुलेमानका मार्गहरूमा चलेर
सुलेमानका छोरा रहबामलाई तीन वर्षसम्म
समर्थन दिए।

## रहबामको परिवार

**१८**रहबामले महलतलाई विवाह गरे, जो
दाऊदका छोरा यरीमोत यिशैका छोरा
एलीआबकी छोरी अबीहेलकी छोरी थिइन् ।
**१९**उनले तिनको निम्ति छोराहरू जन्माइन्,
अर्थात् येऊश, शमरयाह र साहम । **२०**तब
तिनले अब्शालोमकी छोरी माकालाई विवाह
गरे जसले तिनको निम्ति अबिया, अत्तै, जीजा
र शलोमीतलाई जन्माइन्। **२१**रहबामले आफ्ना
पत्नीहरू र उप-पत्नीहरूमध्ये अब्शालोमकी
छोरी माकालाई सबैभन्दा बढ़ी प्रेम गर्थे ।
तिनका जम्मा अठाह्र पत्नीहरू, साठी उप-
पत्नीहरू, बाईस छोराहरू र साठी छोरीहरू
थिए।

**२२**रहबामले माकाका छोरा अबियालाई
राजा बनाउनको लागि तिनका दाज्यूभाइहरूमध्ये
प्रमुख राजकुमार नियुक्त गरे। **२३**तिनले आफ्ना
केही छोराहरूलाई यहूदा र बेन्यामीनभरिका
जिल्लाहरूमा र सबै सुरक्षित शहरहरूमा
छरिदिएर बुद्धिमानी काम गरे । तिनले
तिनीहरूका निम्ति प्रशस्त प्रबन्ध गरिदिए र
तिनीहरूलाई धेरै स्वास्नीहरू ल्याइदिए।

## शीशकले यरूशलेममाथि आक्रमण गरेका

**१२** राजाको रूपमा रहबामको स्थिति सुदृढ़
भएर शक्तिशाली भएपछि तिनले र
तिनीसित भएका सारा इस्राएलीले परमप्रभुको
व्यवस्था त्यागे । **२**तिनीहरू परमप्रभुप्रति
अविश्वासी भएको कारण मिश्रदेशका राजा
शीशकले राजा रहबामको पाँचौं वर्षमा
यरूशलेममाथि आक्रमण गरे । **३**बाह्रसय
रथहरू, साठी हजार घोड़चढ़ीहरूसित र
तिनीसित मिश्रदेशबाट आएका लिबियाली,
सुक्किया र कूशीहरूका असङ्ख्य दलहरूद्वारा,
**४**तिनले यहूदाका सुरक्षित शहरहरू कब्जा
गरेर यरूशलेमसम्मै आए।

**५**तब शीशकको डरले यरूशलेममा आएका
रहबामकहाँ अनि यहूदाका अगुवाहरूकहाँ
अगमवक्ता शमायाह आएर तिनीहरूलाई भने,
"परमप्रभु यसो भन्नुहुन्छ, 'तिमीहरूले मलाई
त्यागेका छौ । यसकारण, म तिमीहरूलाई
शीशकको हातमा सुम्पिदिनेछु।'"

**६**इस्राएलका अगुवाहरू र राजाले आफैलाई
नम्र तुल्याएर भने, "परमप्रभु न्यायी हुनुहुन्छ।"
**७**तिनीहरूले आफैलाई नम्र तुल्याएका
परमप्रभुले देखिपछि शमायाहकहाँ परमप्रभुको
यो वचन आयो, "तिनीहरूले आफैलाई नम्र
तुल्याएको कारण म तिनीहरूलाई नाश गर्नेछैन
तर चाँड़ै छुट्कारा दिनेछु । मेरो क्रोध
यरूशलेममाथि शीशकद्वारा खनिने छैन । **८**तरै
पनि तिनीहरूले मेरो सेवा गर्न र अरू देशका
राजाहरूको सेवा गर्नुमा रहेको भिन्नता सिकून्
भनेर तिनीहरू त्यसका अधीनमा रहनेछन्।"
**९**मिश्रदेशका राजा शीशकले यरूशलेममाथि
आक्रमण गरेपछि परमप्रभुको भवनका
भण्डारका सबै चीजहरू र राजमहलका
भण्डारका कुराहरू तिनले लगेर गए। सुलेमानले
बनाएका सुनका ढालहरूसहित हरेक कुरो
तिनले लगे । **१०**यसकारण राजा रहबामले
तिनीहरूका सट्टामा काँसाका ढालहरू बनाए
र ती राजमहलको प्रवेशद्वारका काममा खटिएका

---

**११:१५**–१ राजा १२:३१. **१२:२-१२**–१ राजा १४:२५-२८. **१२:९**–१ राजा १०:१६-१७; २ इतिहास ९:१५-१६.

पालेहरूका कप्तानहरूको जिम्मामा दिए ।
**११**राजा परमप्रभुको मन्दिरमा जहिले पनि जाँदा
ती पालेहरू ढालहरू बोकेर तिनीसित जान्थे
र त्यसपछि तिनीहरूले ती पालेहरूको कोठामा
फर्काइदिन्थे ।

**१२**रहबामले आफैलाई नम्र तुल्याएकाले
परमप्रभुको क्रोध तिनीबाट हट्यो, तिनी सम्पूर्ण
रूपले नाश भएनन् । अवश्य, यहूदामा केही
असल कुरा थिए ।

**१३**राजा रहबामले आफैलाई यरूशलेममा
दृढ़तापूर्वक स्थापित गरेर राजा भइरहे । तिनी
राजा हुँदा एकचालीस वर्षका थिए र तिनले
परमप्रभुले आफ्नो नाउँ राख्नलाई इस्राएलका
सबै कुलहरूबाट चुन्नुभएको शहर यरूशलेममा
सत्र वर्षसम्म राज्य गरे । तिनकी आमाको
नाउँ नामा थियो । तिनी एक अम्मोनी थिइन् ।
**१४**रहबामले परमप्रभुलाई खोज्ने कुरामा आफ्नो
हृदय नलगाएकाले दुष्टता गरे ।

**१५**रहबामको शासनका घटनाहरू शुरुदेखि
लिएर अन्तसम्म के ती अगमवक्ता शमायाहका
वृतान्तमा र वंशावली लेख्ने दर्शी इद्दोको
वृतान्तमा लेखिएका छैनन् र ? रहबाम
र यारोबामको बीचमा लड़ाइँहरू भइरहे ।
**१६**रहबाम आफ्ना पुर्खाहरूसित विश्राममा पसे
र दाऊदको शहरमा गाड़िए । अनि तिनको
पछि तिनका छोरा अबिया राजा भए ।

### यहूदाका राजा अबिया

**१३** यारोबामको शासनकालको अठाह्रौं वर्षमा
अबियाह यहूदाका राजा भए, **२**र तिनले
यरूशलेममा तीन वर्ष राज्य गरे । तिनकी
आमाको नाउँ माका थियो जो गिबाका
उरीएलकी एउटी छोरी थिइन् ।

अबियाह र यारोबामको बीचमा लड़ाइँ
भयो । **३**अबियाह चार लाख योग्यका
लड़ाकू मानिसहरूको दलसित लड़ाइँमा उत्रे,
र यारोबामले तिनको विरुद्धमा आठ लाख
योग्यका दलसित युद्धको मोर्चा बाधेँ ।

**४**अबियाले एप्रेमको पहाड़ी मुलुकमा भएको
समारैम डाँड़ामा उभिएर भने, "यारोबाम र
सारा इस्राएल, मेरो कुरा सुन ! **५**इस्राएलका
परमेश्वरले इस्राएलको राज्यमा नूनको
करारद्वारा दाऊद र तिनका सन्तानहरूलाई
सदासर्वदाको निम्ति दिनुभएको तिमीहरूलाई
थाहा छैन ? **६**तरै पनि नबातका छोरा, दाऊदका
छोरा सुलेमानका एक जना अधिकृत यारोबामले
आफ्ना मालिकको विरोध गरे । **७**केही व्यर्थका
बदमाशहरू तिनका चारैतिर भेला भए र
सुलेमानका छोरा रहबामलाई विरोध गरे किनकि
तिनी निर्णय लिन नसक्ने र तिनीहरूलाई
रोकथाम गर्नलाई बलियो नभएका कलिलै
थिए ।

**८**"अनि अब तिमीहरू दाऊदका सन्तानको
हातमा रहेको परमप्रभुको राज्यलाई बाधा दिने
युक्ति रच्दैछौ । तिमीहरूसित अवश्य एउटा
विशाल फौज र तिमीहरूका निम्ति देवताहरू
हुनलाई यारोबामले बनाएका सुनका बाछाहरू
छन् । **९**तर के तिमीहरूले हारूनका छोराहरू
परमप्रभुका पूजाहारीहरू र लेवीहरूलाई धपाएर
अरू देशका मानिसहरूले गरेझैं आफ्नै
पूजाहारीहरू बनाएका छैनौ ? एउटा बाछा र
सातओटा साँड़े भेड़ा लिएर आफैलाई पवित्र
तुल्याउन आउने जोसुकै पनि त्यसको
पूजाहारी भइहाल्छ, जो ईश्वर होइन ।
**१०**"हाम्रो विषयमा त, परमप्रभु नै हाम्रा
परमेश्वर हुनुहुन्छ, र हामीले उहाँलाई त्यागेका
छैनौं । परमप्रभुको सेवा गर्ने पूजाहारीहरू
हारूनका छोराहरू हुन्, लेवीहरूले तिनीहरूलाई
सघाउँछन् । **११**हरेक बिहान र साँझ तिनीहरूले
परमप्रभुकहाँ होमबलि र सुगन्धित धूप
चढ़ाउँछन् । तिनीहरूले विधिपूर्वक शुद्ध
गरिएको मेचमा रोटी मिलाएर राख्छन् र
हरेक साँझ सुनको पानसमा बत्ती बाल्छन् ।
हामी परमेश्वरका नियमहरू पालन गर्छौं ।
तर तिमीहरूले उहाँलाई त्यागेका छौ ।
**१२**परमेश्वर हामीसित हुनुहुन्छ र उहाँ नै हाम्रा

---

**१३:१-१४:१**–१ राजा १५:१-८.

अगुवा हुनुहुन्छ । उहाँका पूजाहारीहरूले आफ्ना
तुरहीहरूले तिमीहरूको विरुद्धमा युद्ध-ध्वनि
निकाल्नेछन् । इस्राएलका मानिस हो, परमप्रभु
तिमीहरूका पुर्खाहरूका परमेश्वरको विरुद्धमा
लड़ाइँ नगर, किनकि तिमीहरू सफल
हुनेछेनौं ।"
**१३**यारोबामले आफ्ना दलहरूलाई पछिल्तिर
पठाएका थिए र तिनी यहूदाको सामुन्ने हुँदा
ढुक्नेहरूचाहिँ तिनीहरूका पछिल्तिर थिए ।
**१४**यहूदाले फर्केर हेर्दा आफैलाई अघि र पछिबाट
आक्रमण गरिरहेको देखे । तब तिनीहरूले
परमप्रभुको पुकारा गरे । पूजाहारीले आफ्ना
तुरहीहरू फुके, **१५**र यहूदाका मानिसहरूले
युद्ध-ध्वनि उचाले । युद्ध-ध्वनि गुञ्जीएपछि
परमेश्वरले यारोबाम र सम्पूर्ण इस्राएललाई
अबियाह र यहूदाको सामुन्ने परास्त गर्नुभयो ।
**१६**इस्राएलीहरू यहूदाको सामुन्ने भागे र
परमेश्वरले तिनीहरूलाई तिनीहरूका हातमा
सुम्पिदिनुभयो । **१७**अबियाह र तिनका
मानिसहरूले तिनीहरूमाथि धेरै नोक्सानी पुऱ्याए
र इस्राएलका पाँच लाख योग्य मानिसहरू
मारिए । **१८**इस्राएलका मानिसहरू त्यस घटनामा
दमन गरिए र यहूदाका मानिसहरू विजयी भए
किनकि तिनीहरूले परमप्रभु तिनीहरूका
पुर्खाहरूका परमेश्वरमाथि भरोसा राखे ।
**१९**अबियाले यारोबामलाई खेदे र तिनीबाट
बेथेल, येशना र एप्रोनका शहरहरू तिनीहरूका
चारैतिरका गाउँहरूसमेत लिए । **२०**अबियाको
शासनकालभरि यारोबामले आफ्नो अधिकार
प्राप्त गरेनन् । अनि परमप्रभुले तिनीमाथि प्रहार
गर्नुभयो र तिनी मरे ।
**२१**तर अबिया सामर्थी हुँदै गए । तिनले
चौधजना स्वास्नीहरूलाई विवाह गरे र तिनका
बाईस छोराहरू र सोह्र छोरीहरू भए ।
**२२**अबियाहको शासनकालका अरू घटनाहरू,
तिनले के-के गरे अनि के-के भने ती अगमवक्ता
इद्दोका व्याख्याहरूमा लेखिएका छन् ।
**१४** अनि अबिया आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र दाऊदको शहरमा
गाड़िए । तिनीपछि तिनका छोरा आसा राजा
भए र तिनको समयमा देशमा दश वर्षसम्म
शान्ति रह्यो ।

## यहूदाका राजा आसा

**२**आसाले परमप्रभु तिनका परमेश्वरको
दृष्टिमा जे ठीक थियो त्यही गरे । **३**तिनले
परदेशी वेदीहरू र उच्चस्थानहरू हटाइदिए,
पवित्र ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिए र
अशेराका खामाहरू काटेर ढालिदिए । **४**तिनले
यहूदालाई परमप्रभु तिनीहरूका परमेश्वरलाई
खोज्ने र उहाँका व्यवस्थाहरू र आज्ञाहरू पालन
गर्ने आज्ञा दिए । **५**तिनले यहूदाको प्रत्येक
शहरबाट अग्ला ठाउँहरू र धूपका वेदीहरू
हटाइदिए र तिनको अधीनमा राज्यमा शान्ति
रह्यो । **६**देशमा शान्ति भएको कारण तिनले
यहूदामा किल्ला भएका शहरहरू सुरक्षित
पारे । ती दिनहरूमा एक जनाले पनि तिनीसित
युद्ध गरेन किनकि परमप्रभुले तिनलाई विश्राम
दिनुभयो ।
**७**तिनले यहूदामा भने, "हामी यी शहरहरू
बनाऔं र तिनीहरूका चारैतिर पर्खालहरू
लगाऔं र तिनीहरूमा धरहराहरू, मूलढोकाहरू
र बारहरू बनाऔं । यो देश अझ हाम्रै हो
किनकि हामीले परमप्रभु हाम्रा परमेश्वरलाई
खोजेका छौं । हामीले उहाँलाई खोज्यौं र उहाँले
हामीलाई चारैतिर विश्राम दिनुभएको छ ।"
यसकारण तिनीहरूले निर्माण गरे र उन्नति
गरे ।
**८**आसासित ठूला-ठूला ढालहरू र भालाहरूले
सुसज्जित भएका यहूदाबाट तीन लाख मानिसहरू
अनि साना ढालहरू र धनुले सुसज्जित भएका
बेन्यामीनबाट दुई लाख अस्सी हजार मानिसहरू
थिए । यी सबै साहसी लड़ाकू मानिसहरू थिए ।
**९**कूशी जेरह तिनीहरूको विरुद्धमा एउटा
विशाल फौज र तीनसय रथहरू लिएर निस्के
र मारेशासम्मै आइपुगे । **१०**आसा तिनलाई
भेट्न निस्के र तिनीहरूले मारेशाको छेउमा
सपताको भञ्ज्याङ्मा युद्धको मोर्चा बाँधे ।
**११**तब आसाले परमप्रभु तिनका
परमेश्वरको पुकारा गरे अनि भने, "परमप्रभु,

शक्तिशालीको विरुद्धमा निर्बलको सहायता
गर्नुहुने तपाईंझैं अरू हुनुहुन्न । हे परमप्रभु,
हाम्रा परमेश्वर, हामीलाई सघाउनुहोस्, किनकि
हामी तपाईंमाथि भरोसा गर्छौं अनि तपाईंकै
नाउँमा हामी यस विशाल फौजको विरुद्धमा
आएका छौं । हे परमप्रभु तपाईं हाम्रा परमेश्वर
हुनुहुन्छ, मानिसलाई तपाईंमाथि प्रबल हुन
नदिनुहोस् ।"

**१२**परमप्रभुले कूशीहरूलाई आसा र यहूदाका
सामुन्ने प्रहार गर्नुभयो र कूशीहरू भागे;
**१३**अनि आसा र तिनको फौजले तिनीहरूलाई
गरारसम्म खेदे । यति धेरै कूशीहरू ढले कि
तिनीहरू उठ्नै सकेनन् । परमप्रभु र तिनका
दलहरूको अघि तिनीहरू चकनाचूर भए ।
यहूदाका मानिसहरूले ठुलो मात्रामा लूटका
मालहरू लगेर गए । **१४**तिनीहरूले गरारका
चारैतिरका गाउँहरूलाई नाश गरे, किनकि
परमप्रभुको आतङ्क तिनीहरूमाथि छाएको
थियो । त्यहाँ धेरै माल-सामानहरू भएकाले
तिनीहरूले ती सबै गाउँहरू लुटे । **१५**तिनीहरूले
गोठालाहरूमाथि पनि आक्रमण गरे र भेड़ाहरू,
बाख्राहरू र ऊँटहरूका बथानहरू लगेर गए ।
तब तिनीहरू यरूशलेममा फर्के ।

### आसाको सुधार

**१५** परमप्रभुको आत्मा ओदेदका छोरा
अजर्याहमाथि उत्रनुभयो । **२**तिनी
आसालाई भेट्न निस्के र तिनलाई भने, "आसा
र सारा यहूदा अनि बेन्यामीनले मेरो कुरा
सुन । तिमीहरू परमप्रभुसित हुँदा उहाँ
तिमीहरूसित हुनुहुन्छ । यदि तिमीहरूले उहाँलाई
खोज्यौ भने, उहाँ तिमीहरूद्वारा प्राप्त हुनुहुनेछ,
तर यदि तिमीहरूले उहाँलाई त्याग्यौ भने,
उहाँले तिमीहरूलाई त्याग्नुहुनेछ । **३**लामो
समयसम्म इस्राएल साँचो परमेश्वररहित,
सिकाउने पूजाहारी र व्यवस्थारहित थियो ।
**४**तर तिनीहरूको सङ्कष्टमा तिनीहरू परमप्रभु,
इस्राएलका परमेश्वरतिर फर्के, उहाँलाई खोजे
र उहाँ तिनीहरूद्वारा प्राप्त हुनुभयो । **५**ती
दिनहरूमा यताउति यात्रा गर्न सुरक्षित थिएन
किनकि सबै देशवासीहरू ठूलो खलबलिमा
थिए । **६**परमप्रभुले तिनीहरूलाई हरेक किसिमको
विपत्तिले सताउनुभएकोले एउटा जातिलाई अर्को
जातिले र एउटा शहरहरूलाई अर्को शहरले
दमन गरिरहेका थिए । **७**तर तिमीहरूको
विषयमा त, बलिया होऊ र आशा नछोड़
किनकि तिमीहरूले आफ्ना कामको इनाम
पाउनेछौ ।"

**८**आसाले यी शब्दहरू अनि अगमवक्ता
ओदेदका छोरा अजर्याहको भविष्यवाणी सुनेपछि
तिनले साहस पाए । तिनले यहूदा र बेन्यामीनका
सम्पूर्ण देशबाट र तिनले एप्रेमको पहाड़ी
मुलुकबाट कब्जा गरेका शहरहरूबाट
घिनलाग्दा मूर्तिहरू हटाइदिए । तिनले
परमप्रभुको मन्दिरको दलानको अघिल्तिर भएको
वेदी मर्मत गरे ।

**९**त्यसपछि तिनले यहूदा र बेन्यामीन,
एप्रेमका सबै मानिसहरूलाई, तिनीहरूसित
बसोबासो गर्ने मनश्शे र शिमोनका
मानिसहरूलाई भेला गरे, किनकि परमप्रभु
तिनका परमेश्वर तिनीसित हुनुहुन्छ, भनी
तिनीहरूले देखेर इस्राएलबाट ठूलो सङ्ख्यामा
तिनीहरू उनीकहाँ आएका थिए ।

**१०**तिनीहरू आसाको शासनकालको पन्ध्रौं
वर्षको तेस्रो महीनामा यरूशलेममा भेला भए ।
**११**त्यस बेला तिनीहरूले परमप्रभुकहाँ तिनीहरूले
लुटेर ल्याएका मालहरूबाट सातसय गोरुहरू
अनि सात हजार भेड़ा-बाख्राहरू बलिदान
चढ़ाए । **१२**तिनीहरू आफ्ना सम्पूर्ण हृदय र
प्राणले परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरलाई खोज्न भनी करार बनाए ।
**१३**परमप्रभु, इस्राएलका परमेश्वरलाई नखोज्ने
ठूलो होस् कि सानो, पुरुष होस् कि स्त्री सबै
मारिने भयो । **१४**तुरही र सीङ्को साथमा
चिच्याएर तिनीहरूले जयध्वनिसाथ परमप्रभुकहाँ
शपथ खाए । **१५**तिनीहरूले सम्पूर्ण हृदयले शपथ
खाएका हुनाले त्यस शपथको विषयमा सारा
यहूदा रमाए । तिनीहरूले परमेश्वरलाई
आग्रहसाथ खोजे अनि पाए । यसकारण परमप्रभुले
तिनीहरूलाई चारैतिर विश्राम दिनुभयो ।

१६राजा आसाले आफ्नी बज्यै माकालाई
राज-माताको स्थानबाट हटाइदिए किनकि उनले
अशेराको घिनलाग्दो खामा बनाएकी थिइनन् ।
आसाले त्यस खामोलाई काटेर बालिदिए अनि
त्यसलाई टुक्रा-टुक्रा पारेर किद्रोन खोल्सामा
जलाइदिए । १७तिनले इस्राएलबाट अग्ला
ठाउँहरू नहटाए तापनि आसाको हृदय
परमप्रभुप्रति समर्पित रहेको थियो । १८तिनले
आफूले र तिनका पिताले अर्पण गरेका चाँदी र
सुन अनि अरू सामग्रीहरू परमेश्वरको
मन्दिरमा ल्याए ।
१९आसाको शासनकालको पैंतीसौँ वर्षसम्म
कुनै युद्ध भएन ।

## आसाका अन्तिम वर्षहरू

**१६** आसाको शासन कालको छत्तीसौँ वर्षमा
इस्राएलका राजा बाशा यहूदाको
विरुद्धमा खड़ा भए अनि यहूदाका राजा आसाको
इलाकाबाट निस्कन अथवा त्यसमा प्रवेश
रोक्न रामालाई सुदृढ़ पारे ।
२तब आसाले परमप्रभुको मन्दिरका
भण्डारहरूमा भएका अनि तिनका आफ्नै
महलमा भएका चाँदी र सुन निकालेर दमस्कसमा
राज्य चलाउने अरामका राजा बेन-हददकहाँ
पठाए । ३तिनले भने, “तपाईंका र मेरा पिताका
बीचमा भएझैं मेरो र तपाईंको बीचमा सन्धि
होस् । हेर्नुहोस्, मैले तपाईंकहाँ चाँदी र सुन
पठाएको छु । अब तपाईंले इस्राएलका राजा
बाशासित आफ्नो सन्धि तोड्नुहोस् र तिनी
मदेखि हटेर जानेछन् ।”
४आसा राजासित सहमत भएर बेन-हददले
आफ्ना दलहरूका कप्तानहरूलाई इस्राएलका
शहरहरूको विरुद्धमा पठाए । तिनीहरूले. इयोन,
दान, हाबिल-मैम र नप्तालीका सबै भण्डार-
शहरहरू जिते । ५यो सुनेर बाशाले रामालाई
निमार्ण गर्न छोड़िदिए र आफ्नो काम त्यागिदिए
६राजा आसाले यहूदाका सबै मानिसहरू
ल्याए र तिनीहरूले रामाबाट बाशाले प्रयोग
गरिरहेका ढुङ्गाहरू र काठहरू बोकेर लगे ।
तीबाट तिनले गेबा र मिस्पा निर्माण गरे ।
७त्यस बेला दर्शी हनानी राजा आसाकहाँ
आए र तिनले उनलाई भने, “तपाईंले
परमप्रभु, तपाईंका परमेश्वरमाथि होइन तर
अरामका राजामाथि भरोसा गर्नुभएको कारण
आरामका राजा तपाईंको हातबाट उम्के । ८के
कूशी र लिबियालीहरू धेरै सङ्ख्यामा रथहरू
र घोड़चढ़ीहरू भएका एउटा शक्तिशाली फौज
थिएनन् ? तरै पनि तपाईंले परमप्रभुमाथि
भरोसा राख्दा उहाँले तिनीहरूलाई तपाईंका
हातमा सुम्पिदिनुभयो । ९किनकि परमप्रभुको
दृष्टि उहाँप्रति सम्पूर्ण रूपले अर्पित हृदय
भएकाहरूलाई सामर्थ दिनलाई पृथ्वीभरि व्याप्त
रहेको हुन्छ । तपाईंले एउटा मूर्ख काम गर्नुभयो
र अबदेखि उसो तपाईंले युद्ध गरिरहनुपर्नेछ ।”
१०यसको कारण आसा दर्शीसित रिसाए ।
तिनी यति साह्रो रिसाए कि तिनले उनलाई
झ्यालखानमा हालिदिए । त्यस बेला तिनले
कति मानिसहरूमाथि अत्याचार गरे ।
११आसाका शासनकालका शुरुदेखि
आखिरसम्मका घटनाहरू यहूदा र इस्राएलका
राजाहरूका पुस्तकहरूमा लेखिएका छन् ।
१२तिनको शासनको उनन्चालीसौँ वर्षमा आसाको
खुट्टामा एउटा रोगले आक्रमण गऱ्यो । तिनको
रोग साह्रो भए तापनि आफ्नो बिरामी अवस्थामा
तिनले परमप्रभुबाट सहायता नमागेर वैद्यहरूबाट
मात्र मागे । १३तब आफ्नो शासनकालको
एकचालिसौँ वर्षमा आसा मरे र आफ्ना पुर्खाहरूसित
सुते । १४तिनीहरूले तिनलाई तिनी आफैले
दाऊदको शहरमा आफ्नै निम्ति खोपेको चिहानमा
गाड़े । तिनीहरूले उनलाई मसलाहरू र मिसाएका
सुगन्धहरू भएको मसलामाथि राखे र तिनीहरूले
उनको सम्मानमा एउटा ठूलो आगो बाले ।

## यहूदाका राजा यहोशापात

**१७** तिनीपछि तिनका छोरा यहोशापात
राजा भए र तिनले आफैलाई इस्राएलको

**१५:१६-१८**–१ राजा १५:१३-१५. **१६:१-६**–१ राजा १५:१७-२२. **१६:११-१३**–१ राजा १५:२३-२४.

विरुद्धमा बलियो पारे । २तिनले यहूदाका सबै
सुरक्षित शहरहरूमा दलहरू राखे, रक्षक-
सेनालाई यहूदामा र तिनका पिता आसाले कब्जा
गरेका एप्रेमका शहरहरूमा राखे ।

३परमप्रभु यहोशापातसित हुनुहुन्थ्यो किनकि
आफ्ना शुरूका वर्षहरूमा तिनी आफ्ना पुर्खा
दाऊद हिँड़ेका चालहरूमा चले । तिनले
देवताहरूसित सल्लाह लिएनन् । ४तर आफ्ना
पिताका परमेश्वरलाई खोजे र इस्राएलका
रीतिहरूभन्दा उहाँकै आज्ञा पालन गरे ।
५परमप्रभुले तिनको अधीनमा राज्य स्थापित
गर्नुभयो र सारा यहूदाले यहोशापातकहाँ
उपहारहरू ल्याए र तिनका धेरै सम्पत्ति र
सम्मान भयो । ६तिनको हृदय परमप्रभुका
मार्गहरूमा लागेको थियो । यसबाहेक तिनले
यहूदाबाट पूजाका अग्ला ठाउँहरू र अशेराका
खामाहरू हटाइदिए ।

७तिनको शासनकालको तेस्रो वर्षमा तिनले
आफ्ना अधिकृतहरू बेन-हेल, ओबदिया,
जकरिया, नतनेल र मीकायालाई यहूदाका
शहरहरूमा सिकाउन भनी पठाए । ८तिनीहरूसित
केही लेवीहरू थिए: शमायाह, नतन्याह,
जबदियाह, असाहेल, शमीरामोत, यहोनातान,
अदोनियाह, तोबियाह, तोब-आदोनियाह,
पूजाहारीहरू, एलीशामा र यहोराम । ९तिनीहरूले
परमप्रभुको व्यवस्थाको पुस्तक आफूसित लगेर
यहूदाभरि सिकाए । तिनीहरू यहूदाका सबै
शहरहरूतिर गए अनि मानिसहरूलाई सिकाए ।

१०यहूदाका चारैतिरका सबै राज्यहरूमा
परमप्रभुको डर छायो र तिनीहरूले यहोशापातसित
युद्ध गरेनन् । ११केही पलिश्तिहरूले यहोशापातकहाँ
राजकरस्वरूप उपहारहरू र चाँदीहरू ल्याए
अनि अरबीहरूले तिनीकहाँ सात हजार सात
सय साँड़े भेड़ा र सात हजार सात सय
बाख्राहरूका बथान ल्याए ।

१२यहोशापात अझ शक्तिशाली भए । तिनले
यहूदामा किल्लाहरू र भण्डार गर्ने शहरहरू
बनाए । १३अनि यहूदाका शहरहरूमा धेरै
खाद्यान्न राखे । तिनले यरूशलेममा अनुभवी
लड़ाकु मानिसहरू पनि राखे । १४परिवारअनुसार
तिनीहरूका तालिका यस्तो थियो:

यहूदबाट दलका कप्तानहरू एक हजार:
कप्तान अदनाह जससित तीन लाख
मानिसहरू थिए;
१५ त्यसपछि; येहोहानान जो दुई लाख अस्सी
हजार मानिसहरूका कप्तान थिए;
१६ त्यसपछि, जिक्रीका छोरा अमसिया जसले
परमप्रभुको सेवाको निम्ति आफैलाई
स्वेच्छापूर्वक दिएका थिए; तिनीसित दुई
लाख मानिसहरू थिए ।
१७ बेन्यामीनबाट:
एक जना वीर सिपाही एलीयादा, जससित
धनु र ढाल बोकेका
दुईलाख मानिसहरू थिए;
१८ त्यसछि, यहोजाबाद, जससित लड़ाइँका
हतियार लिएका एक लाख असी हजार
मानिसहरू थिए ।

१९राजाको सेवा गर्ने मानिसहरू यिनै थिए
जुनहरू यहूदाभरिका सुरक्षित शहरहरूभित्र
राखिएकाहरूबाहेक थिए ।

## आहाबको विरुद्धमा मीकायाको अगमवाणी

१८ यहोशापातसित धेरै धन र सम्मान
थियो अनि तिनले आहाबसित
विवाहद्वारा सम्बन्ध जोड़े । २केही वर्षपछि
तिनी आहाबलाई सामरियामा भेट्न तल झरे ।
आहाबले तिनको र तिनीसित भएका
मानिसहरूको निम्ति धेरै भेड़ाहरू र गोरुहरू
मारे अनि तिनलाई रामोत-गिलादमाथि आक्रमण
गर्ने बिन्ति गरे । ३इस्राएलका राजा आहाबले
यहूदाका राजा यहोशापातलाई सोधे, "के तपाईं
रामोत-गिलादको विरुद्धमा मसित जानुहुन्छ ?"

यहोशापातले जवाफ दिए, "म तपाईंजस्तै
हुँ र मेरा मानिसहरू तपाईंका मानिसहरूजस्तै
हुन् । हामी तपाईंलाई युद्धमा साथ दिनेछौं ।"

**१८:२–२७**–१ राजा २२:१-२८.

**४**तर यहोशापातले इस्राएलका राजालाई यो
पनि भने, "पहिले परमप्रभुसित सल्लाह
माग्नुहोस् ।"

**५**यसकारण इस्राएलका राजाले चार सय
जना अगमवक्ताहरू एकसाथ ल्याए, र
तिनीहरूलाई सोधे, "हामी रामोत-गिलादको
विरुद्धमा युद्धमा जाऔं कि नजाऔं ?"

तिनीहरूले जवाफ दिए, "जानुहोस्,
किनकि परमप्रभुले त्यसलाई राजाको हातमा
दिनुहुनेछ ।"

**६**तर यहोसापातले भने, "के यहाँ सोध्नलाई
परमप्रभुका कुनै अगमवक्ता छैनन् ?"

**७**इस्राएलका राजाले यहोशापातलाई जवाफ
दिए, "हामीले परमप्रभुसित सल्लाह लिनको
निम्ति अझ एक जना मानिस छ, तर म तिनलाई
घृणा गर्छु किनकि तिनले कहिल्यै मेरो विषयमा
असल अगमवाणी भन्दैनन्, तर सधैं नराम्रो
भन्छन् । तिनी यिम्लाका छोरा मीकाया हुन् ।"

यहोशापातले जवाफ दिए, "राजाले त्यसो
भन्नुहुँदैन ।"

**८**यसकारण इस्राएलका राजाले आफ्ना एक
जना कर्मचारीलाई बोलाएर भने, "झट्ट यिम्लाका
छोरा मीकायालाई लिएर आऊ ।"

**९**आफ्ना राजकीय पोशाकहरू पहिरेर
इस्राएलका राजा र यहूदाका राजा यहोशापात
सामरियाको मूलढोकाको प्रवेशद्वारको खलामा
आफ्ना सिंहासनहरूमा बसिरहेका थिए, र सबै
अगमवक्ताहरूले तिनीहरूका सामुन्ने अगमवाणी
कहिरहेका थिए । **१०**केनानका छोरा सिदकियाहले
फलामका सीङ्हरू बनाएका थिए, अनि तिनले
घोषणा गरे, "परमप्रभु यसो भन्नुहुन्छ, 'यी
सीङहरूद्वारा नै तिमीहरूले अरामीहरूलाई
तिनीहरू नाश नभएसम्म हान्नेछौ ।'"

**११**अरू सबै अगमवक्ताहरूले पनि
अगमवाणीद्वारा त्यही कुरा भनिरहेका थिए ।
तिनीहरूले भने, "रामोत-गिलादमाथि आक्रमण
गरेर विजयी हुनुहोस् किनकि परमप्रभुले
त्यसलाई राजाको हातमा दिनुहुनेछ ।"

**१२**मीकायालाई बोलाउन जाने समाचार
वाहकले तिनलाई भने, "हेर्नुहोस्, अरू
अगमवक्ताहरूले एकै मत भएर राजाको
सफलताको पूर्व-सूचना दिइरहेका छन् । तपाईं
पनि तिनीहरूसितै सहमत भएर असल कुरा
बोलिदिनुहोस् ।"

**१३**तर मीकायाले भने, "परमप्रभु निश्चय
जीवित हुनुभएझैं, म तिनलाई मेरा परमेश्वरले
भन्नुभएको कुरा नै भन्नेछु ।"

**१४**तिनी आइपुगेपछि राजाले तिनलाई सोधे,
"मीकाया, हामी रामोत-गिलादको विरुद्धमा
लड़ाइँ गर्न जाऔं कि नजाऔं ?"

तिनले जवाफ दिए, "आक्रमण गर्नुहोस् र
विजयी हुनुहोस् किनकि तिनीहरू तपाईंको
हातमा दिइनेछन् ।"

**१५**राजाले तिनलाई भने, "परमप्रभुको नाउँमा
मलाई सत्यबाहेक केही नभन्नू भनी म तिमीलाई
कतिपल्ट शपथ खानलाऊँ ?"

**१६**तब मीकायाले भने, "मैले इस्राएललाई
गोठाला नभएका भेड़ाहरूझैं डाँड़ामा छरिएका
देखें, र परमप्रभुले भन्नुभयो, 'यी मानिसहरूका
मालिक छैनन् । हरेक शान्तिसँग घर
जाओस् ।'"

**१७**इस्राएलका राजाले यहोशापातलाई भने,
"यिनले मेरो विषयमा नराम्रोबाहेक असल
अगमवाणी कहिल्यै गर्दैनन् भनी के मैले
तपाईंलाई भनिन ?"

**१८**मीकायाहले अझ भने, "यसकारण
परमप्रभुको कुरा सुन्नुहोस् ! मैले परमप्रभुलाई
आफ्ना सिंहासनमा बसिरहनुभएका र स्वर्गीय
सेनाहरू उहाँका दाहिने र देब्रेतिर उभिरहेका
देखें । **१९**अनि परमप्रभुले भन्नुभयो, 'कसले
इस्राएलको राजा आहाबलाई रामोत-गिलादमाथि
आक्रमण गरेर त्यहाँ मार्नलाई बहकाउनेछ ?'

"एउटाले एउटा कुरा गऱ्यो र अर्कोले
अर्कै । **२०**आखिरमा, एउटा आत्मा अघि सऱ्यो,
र परमप्रभुको सामुन्ने उभिएर भन्यो, 'म
तिनलाई बहकाउनेछु ।'

---

**१८:१६**–गन्ती २७:१७, इजकिएल ३४:५; मत्ती ९:३६; मर्कूस ६:३४.

परमप्रभुले सोध्नुभयो, 'कुन किसिमले ?'
**२१**त्यसले भन्यो, "'म गएर त्यसका सबै
अगमवक्ताहरूका मुखमा एउटा झूट बोल्ने
आत्मा हुनेछु ।'

परमप्रभुले भन्नुभयो, 'तँ त्यसलाई बहकाउनमा सफल हुनेछस् । जा गएर त्यसै गर् ।'
**२२**"यसरी अब परमप्रभुले तपाईंका यी
अगमवक्ताहरूका मुखमा एउटा झूटो बोल्ने आत्मा हालिदिनुभएको छ । परमप्रभुले तपाईंको निम्ति विपत्तिको फैसला गर्नुभएको छ ।"
**२३**तब केनानका छोरा सिदकियाहले गएर
मीकायाको अनुहारमा थप्पड़ लगाए । तिनले सोधे, "परमप्रभुबाटको आत्मा मबाट तिमीकहाँ जाँदा कुन बाटो भएर गयो त ?"
**२४**मीकायाले जवाफ दिए, "त्यो त तिमी
भित्री कोठामा लुक्न गएको दिन मात्र तिमीले थाहा पाउनेछौ ।"
**२५**तब इस्राएलका राजाले हुकुम दिए,
"मीकायालाई लिएर तिनलाई शहरका शासक अमोन र राजाको छोरा योआशकहाँ
फर्काएर लैजाऊ । **२६**अनि भन, 'राजा यसो
भन्छन्: म सुरक्षित् नफर्केसम्म यस मानिसलाई झ्यालखानामा हाल्नू अनि यसलाई रोटी र पानीबाहेक अरू केही नदिनू ।'"
**२७**मीकायाले घोषणा गरे, "यदि तपाईं
सुरक्षित फर्कनुभयो भने, परमप्रभु मसित बोल्नुभएको होइन ।" त्यसपछि तिनले थपे, "सबै मानिसहरूले मेरा वचनहरू भित्री मनमा राखून् !"

### रामोत-गिलादमा आहाब मारिए

**२८**यसकारण इस्राएलका राजा अनि यहूदाका
राजा यहोशापात रामोत-गिलादमा उक्लेर
गए । **२९**इस्राएलका राजाले यहोशापातलाई
भने, "म लड़ाइँमा भेष बदलेर प्रवेश गर्नेछु, तर तपाईंले आफ्नो राजकीय पोशाक नै लगाउनुहोस् ।" यसरी इस्राएलका राजाले आफ्नो भेष बदलेर लड़ाइँमा प्रवेश गरे ।
**३०**अरामका राजाले आफ्ना रथका
कप्तानहरूलाई यस्तो आज्ञा दिए, "ठूला-साना कसैसित होइन तर इस्राएलका राजासित
मात्र लड़ाइँ गर्नू । **३१**रथका कप्तानहरूले
यहोशापातलाई देखेर, "यिनी नै इस्राएलका राजा हुन्" भनी सोचे । यसकारण तिनलाई आक्रमण गर्न भनी तिनीहरू फर्के तर यहोशापात जोरले कराए अनि परमप्रभुले तिनलाई सहायता गर्नुभयो । परमेश्वरले उनीहरूलाई तिनीदेखि
टाड़ो लैजानुभयो, **३२**किनकि ती रथका
कप्तानहरूले तिनी इस्राएलका राजा होइनन् भनी देखेपछि उनीहरूले तिनलाई खेद्न छाड़िदिए ।
**३३**तर कसैले आफ्नो धनु तानेर जथाभावी
काँड़ हानी पठाउँदा त्यसले इस्राएलका राजाको कवचको जोर्नीमा लाग्यो । राजाले रथ हाँक्नेलाई भने, "रथ फर्काएर मलाई लड़ाइँदेखि बाहिर
लैजा । मलाई चोट लागेको छ ।" **३४**लड़ाइँ
दिनभरि नै मच्चिरहयो र इस्राएलका राजाले साँझसम्मै आफैलाई आफ्नो रथको आड़मा राखेर अरामीहरूको सामना गरिबसे । तब सूर्यास्त हुदाँ तिनी मरे ।

**१९** यहूदाका राजा यहोशापात यरूशलेममा
आफ्नो महलमा सुरक्षित फर्केपछि
**२**हनानीका छोरा दर्शी येहू तिनलाई भेट्न निस्के
अनि तिनले राजालाई भने, "के तपाईंले दुष्टलाई सघाएर परमप्रभुलाई घृणा गर्नेहरूलाई प्रेम गर्नुहुन्छ ? यसकारण परमप्रभुको क्रोध तपाईंमाथि
पर्नेछ । **३**तरै पनि तपाईंमा केही असल कुरो छ
किनकि तपाईंले देशलाई अशेराको खामादेखि मुक्त गर्नुभएको छ र आफ्नो हृदय परमप्रभुको खोजीमा लगाउनुभएको छ ।"

### यहोशापातले न्यायकर्ताहरू नियुक्त गरेका

**४**यहोशापात यरूशलेममा बस्थे र तिनी
फेरि मानिसहरूकहाँ बेर्शेबादेखि एप्रेमको पहाड़ी मुलुकसम्म गए र तिनीहरूलाई परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरतिर फर्काए ।
**५**तिनले देशमा अनि यहूदाका प्रत्येक सुरक्षित

**१८:२८–३४**–१ राजा २२:२९-३५.

शहरमा न्यायकर्ताहरू नियुक्त गरे । **६**तिनले
उनीहरूलाई भने, “तिमीहरूले जे गर्छौ त्यसमा
होशियारीसाथ विचार गर, किनकि तिमीहरूले
मानिसहरूका निम्ति न्याय गरेका होइनौ तर
तिमीहरूले फैसला गर्दा तिमीहरूसित हुनुहुने
परमप्रभुको निम्ति गरेका हौ । **७**अब परमप्रभुको
डर तिमीहरूमा रहोस्, होशियारीसाथ न्याय
गर, किनकि परमप्रभु हाम्रा परमेश्वरसित अन्याय
अथवा पक्षपात अथवा घूसको लेनदेन छैन ।”

**८**यरूशलेममा पनि यहोशापातले परमप्रभुको
व्यवस्था परिचालन गर्न र झगड़ा मिलाउनको
निम्ति केही लेवीहरू, पूजाहारीहरू र इस्राएली
परिवारहरूका मुखियाहरूलाई नियुक्त गरे ।
**९**तिनले उनीहरूलाई यी हुकुमहरू दिए, “तिमीहरूले
परमप्रभुको डरमा विश्वासयोग्यतासाथ र सम्पूर्ण
हृदयले सेवा गर्नू । **१०**सबै मुद्दा जो शहरमा
बस्ने तिमीहरूका कुटुम्बहरूबाट तिमीहरूका
सामु आउँछन्– मुद्दाहरू हत्यासम्बन्धी होऊन्,
अथवा व्यवस्था वा आज्ञा, धर्म-विधि अथवा
नियमहरूका विरुद्धमा होऊन्– तिमीहरूले
तिनीहरूलाई परमप्रभुको विरुद्धमा कुनै किसिमको
अपराध नगर्नू भनी चेताउनी दिनू । नत्रता
तिमीहरू र तिमीहरूका कुटुम्बमा पनि त्यसको
निम्ति उहाँको क्रोध आइपर्नेछ । तिमीहरूले यसो
गऱ्यौ भने तिमीहरू सबै दोषी ठहरिनेछैनौ ।

**११**“परमप्रभुसम्बन्धी कुनै पनि विषयमा
प्रधान-पूजाहारी अजर्याह तिमीहरूमाथि हुनेछन्,
अनि राजासम्बन्धी कुनै पनि विषयमा
इश्माएलका छोरा जबदियाह, यहूदाको कुलका
अगुवा तिमीहरूमाथि हुनेछन्, र लेवीहरू
तिमीहरूका सामुन्ने अधिकृतको रूपमा सेवा
गर्नेछन् । साहससित काम गर्नू र असल
गर्नेहरूसित परमप्रभु रहून् ।”

## यहोशापातले मोआब र अम्मोनलाई परास्त गरेका

**२०** त्यसपछि मोआबीहरू र अम्मोनीहरू
केही मिद्यानीहरूसित मिलेर
यहोशापातसित लड़ाइँ गर्न आए ।

**२**मानिसहरू आएर यहोशापातलाई भने,
“एउटा विशाल फौज तपाईंको विरुद्धमा
एदोमबाट हासेसोन-तामार (अर्थात् एन-गदी)
मा आइसकेका छन् । **३**यहोशापातले डराएर
परमप्रभुसित सल्लाह लिने सङ्कल्प गरे अनि
तिनले सारा यहूदामा उपवास बस्नलाई घोषणा
गरे । **४**यहूदाका मानिसहरू परमप्रभुदेखि
सहायता माग्न एकसाथ आए । वास्तवमा,
तिनीहरू उहाँसित सल्लाह माग्न यहूदाको प्रत्येक
शहरबाट आए ।

**५**तब यहोशापात परमप्रभुको मन्दिरमा नयाँ
चोकको सामुन्ने यहूदाको समुदायमा खड़ा भए,
**६**अनि भने:

> “हे परमप्रभु, हाम्रा पुर्खाहरूका
> परमेश्वर, के स्वर्गमा हुनुहुने परमेश्वर
> तपाईं नै हुनुहुन्न ? तपाईंले सबै
> जातिहरूमाथि शासन गर्नुहुन्छ । अधिकार
> र शक्ति तपाईंकै हातमा छन् र कोही
> पनि तपाईंको विरुद्धमा खड़ा हुन
> सक्दैन । **७**हे हाम्रा परमेश्वर, के तपाईंले
> आफ्नो जाति इस्राएलको सामुन्ने यस
> देशका मानिसहरूलाई धपाएर यसलाई
> तपाईंको मित्र अब्राहामका सन्तानहरूलाई
> सदाको निम्ति दिनुभएन ? **८**तिनीहरू
> त्यसमा बसे र तपाईंको नाउँको खातिर
> एउटा पवित्रस्थान बनाएर यसो भने, **९**‘यदि
> हामीमाथि विपत्ति आएछ भने, इन्साफको
> तरवार अथवा महामारी अथवा अनिकाल
> आएछ भने, हामी तपाईंको नाउँ भएको
> यस मन्दिरको अघि तपाईंको उपस्थितिमा
> खड़ा भएर आफ्नो सङ्कष्टमा तपाईंलाई
> पुकार्नेछौं, र तपाईंले हाम्रो बिन्ती सुनेर
> हामीलाई बचाउनुहुनेछ ।’
>
> **१०**“तर अब अम्मोन, मोआब र सेइर
> पर्वतका मानिसहरू छन्, इस्राएलीहरू
> मिश्रबाट आउँदा जसको प्रान्तमाथि

---

**२०:७**–यशैया ४१:८; याकूब २:२३. **२०:१०**–व्यवस्था २:४-१९.

तपाईंले इस्राएलीहरूलाई आक्रमण गर्न
दिनुभएन र इस्राएलीहरू तिनीहरूलाई
नाश नगरी गइहाले । ११तिनीहरूले
हामीलाई तपाईंले अधिकारस्वरूप दिनुभएको
ठाउँबाट धपाउनलाई आएर कसरी साटो
फेरिरहेका छन्, त्यो हेर्नुहोस् । १२हे
हाम्रा परमेश्वर, के तपाईंले तिनीहरूको
इन्साफ गर्नुहुन्न ? किनकि हामीमाथि
आक्रमण गर्ने यो विशाल फौजको सामना
गर्ने शक्ति हामीमा छैन ।"

१३यहूदाका सबै मानिसहरू आफ्ना पत्नीहरू,
छोराछोरीहरू र काखका बालबच्चाहरूसमेत
त्यहाँ परमप्रभुको सामुन्ने खड़ा भए ।

१४तब परमप्रभुको आत्मा आसापको सन्तान
एक जना लेवी यहासेलमाथि परमप्रभुका
आत्मा आउनुभयो । तिनी मतन्याहका जनाति,
एहीएलका पनाति, बनायाहका नाति अनि
जकरियाका छोरा थिए ।

१५तिनले भने: "राजा यहोशापात अनि
यहूदामा बस्ने सबैले सुन ! परमप्रभुले तिमीहरूलाई
यसो भन्नुहुन्छ, 'यो विशाल फौजको कारण
नड़राओ र निराश नहोओ । किनकि यो लड़ाइँ
तिमीहरूको होइन तर परमेश्वरको हो । १६भोलि
तिनीहरूको विरुद्धमा तल झर । तिनीहरू
जीजको घाँटीबाट उकालो चढ़ीरहेका हुनेछन्
र तिमीहरूले तिनीहरूलाई यरूशलेमको वनमा
भएको घाँटीमा भेट्टाउनेछौ । १७तिमीहरूले यो
लड़ाइँ लड्न पर्नेछैन । आफ्नो मोर्चा लिनू,
दह्रो भई खड़ा रहनू, र हे यहूदा र यरूशलेम,
परमप्रभुले तिमीहरूलाई दिने छुटकारा हेर्नू !
नडराउनू र निराश नहुनू । भोलि तिनीहरूको
सामना गर्न निस्कनू र परमप्रभु तिमीहरूसित
हुनुहुनेछ ।'"

१८यहोशापात भूइँतिर अनुहार झारेर
घोप्टे अनि यहूदा र यरूशलेमका मानिसहरू
परमप्रभुको सामुन्ने दण्डवत् गर्न घोप्टे ।
१९तब कहात र कोरहबाटका केही लेवीहरू
खड़ा भएर तिनीहरूले चर्को सोरले परमप्रभु
इस्राएलका परमेश्वरको प्रशंसा गरे ।

२०बिहानै तिनीहरू तकोमा भएको उजाड़-
स्थानतिर लागे । तिनीहरू निस्कदाँ यहोशापातले
खड़ा भएर भने, "यहूदा र यरूशलेमका मानिस
हो, मेरो कुरा सुन ! परमप्रभु, तिमीहरूका
परमेश्वरमाथि विश्वास राख र उहाँले तिमीहरूलाई
सम्हाल्नुहुनेछ, उहाँका अगमवक्ताहरूमाथि
विश्वास राख र तिमीहरू सफल हुनेछौ ।"
२१मानिसहरूसित सल्लाह लिएपछि यहोशापातले
परमप्रभुको पवित्रताको गौरवको निम्ति उहाँको
स्तुति प्रशंसा गर्न भनी मानिसहरूलाई नियुक्त
गरे अनि तिनीहरू फौजको अगाडि यसो भन्दै
गए:

"परमप्रभुलाई धन्यवाद देओ,
किनकि उहाँको प्रेम सदा रहिरहन्छ ।"

२२तिनीहरूले स्तुति प्रशंसाका गीतहरू
गाइरहेको बेला परमप्रभुले यहूदामाथि आक्रमण
गर्ने अम्मोन, मोआब र सेइर पर्वतका
मानिसहरूको विरुद्धमा धरापहरू राखिदिनुभयो
र तिनीहरू परास्त भए । २३अम्नोन र मोआबका
मानिसहरू सेइर पर्वतका मानिसहरूको
विरुद्धमा तिनीहरूलाई सर्वनाश पार्नलाई उठे ।
तिनीहरूले सेइरका मानिसहरूलाई मारिसकेपछि
तिनीहरू एउटाले अर्कोलाई नाश गरे ।

२४जब यहूदाका मानिसहरूले उजाड़-
स्थानलाई देख्ने ठाउँमा आएर त्यस विशाल
फौजतिर हेरे तिनीहरूले भूइँमा लाशहरू मात्र
लड़िरहेको देखे । एक जना पनि उम्केका
थिएनन् । २५यसकारण यहोशापात र तिनका
मानिसहरू लूटका माल बोक्न गए, अनि
तिनीहरूले उनीहरूसित प्रशस्त मात्रामा सामानहरू
र लुगाहरू अनि दामी चीजहरू तिनीहरूले
बोक्न नसक्ने गरी पाए । लूटको माल यति
धेरै थियो कि ती बटुल्न तिनीहरूलाई तीन
दिन लाग्यो । २६चौथो दिन तिनीहरू बराकाहको
खोल्सामा भेला भए जहाँ तिनीहरूले परमप्रभुको

---

**२०:१५-१७**–व्यवस्था २०:१-४. **२०:१७**–प्रस्थान १४:१३-१४.

प्रशंसा गरे । यसैकारण त्यसलाई आजको
दिनसम्मै बराकाहको खोल्सा भनिन्छ ।
**२७**तब यहोशापातको अगुवाइमा यहूदा
र यरूशलेमका सबै मानिसहरू हर्षसाथ
यरूशलेममा फर्के, किनकि परमप्रभुले
तिनीहरूलाई आफ्ना शत्रुहरूमाथि रमाउने
कारण दिनुभएको थियो । **२८**तिनीहरू
यरूशलेममा प्रवेश गरे र परमप्रभुको
मन्दिरमा वीणा, सितार र तुरहीहरूको साथमा
गए ।
**२९**सबै देशहरूका राज्यहरूले परमप्रभुले
इस्राएलका शत्रुहरूको विरुद्धमा युद्ध गर्नुभएको
सुनेर परमेश्वरको डर तिनीहरूमा छायो ।
**३०**अनि यहोशापातको राज्य शन्तिमा रह्यो,
किनकि तिनका परमेश्वरले तिनलाई चारैतिर
विश्राम दिनुभएको थियो ।

### यहोशापातको शासनको अन्त्य

**३१**यसरी यहोशापातले यहूदामाथि राज्य
गरे । यहूदाका राजा हुँदा तिनी पैंतीस वर्षका
थिए र तिनले यरूशलेममा पच्चीस वर्ष राज्य
गरे । तिनकी आमाको नाउँ अजूबा थियो र
उनी शिल्हीकी छोरी थिइन् । **३२**तिनी आफ्ना
पिता आसाका चालहरूमा हिँड़े र तिनी
तीबाट यताउता लागेनन् । तिनले परमप्रभुको
दृष्टिमा जे ठीक थियो त्यही गरे । **३३**तर
पनि अग्ला ठाउँहरू हटाइएनन् र अझ
पनि मानिसहरूले आफ्ना हृदय तिनीहरूका
पुर्खाहरूका परमेश्वरप्रति लगाएका थिएनन् ।
**३४**यहोशापातको राजकालका अरू घटनाहरू
शुरुदेखि अन्त्यसम्मै हनानीका छोरा येहूको
इतिहासमा लेखिएका छन् । ती इस्राएलका
राजाहरूका इतिहासको पुस्तकमा गाभिएका
छन् ।
**३५**पछिबाट यहूदाका राजा यहोशापातले
इस्राएलका राजा अहज्याहसित मित्रता बाँधे
जो दुष्टताको निम्ति दोषी थिए । **३६**व्यापार
गर्नलाई जहाजहरू बनाउनका निम्ति तिनले
अहज्याहसित सम्बन्ध राखे । यी जहाजहरू
एस्योन-गेबेरमा बनाइसकेपछि, **३७**मारेशाका
दोदाबाहुका छोरा एलीएजरले यहोशापातको
विरुद्धमा अगमवाणी गरेर भने, "तपाईंले
अहज्याहसित मित्रता बाँधेका हुनाले
परमप्रभुले तपाईंले बनाउनुभएका कुराहरू नाश
पारिदिनुहुनेछ ।" ती जहाजहरू भत्किए र
व्यापारको लागि जान सकेनन् ।

**२१** त्यसपछि यहोशापात आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र तिनी दाऊदको
शहरमा गाड़िए । अनि तिनीपछि तिनका छोरा
यहोराम राजा भए । **२**यहोरामका भाइहरू,
यहोशापातका छोराहरू अजर्याह, यहीएल,
जकरिया, अजर्याहू, मिखाएल र शपन्याह थिए ।
यिनीहरू सबै इस्राएलका राजा यहोशापातका
छोराहरू थिए । **३**तिनीहरूका पिताले
तिनीहरूलाई चाँदी, सुन र बहुमूल्य चीजहरूका
उपहारहरू र यहूदामा सुरक्षित शहरहरू दिएका
थिए तर राज्यचाहिँ यहोरामलाई दिएका थिए
किनकि तिनी उनका जेठा छोरा थिए ।

### यहूदाका राजा यहोराम

**४**आफ्ना पिताको राज्यमा आफैलाई स्थापित
गरिसकेपछि यहोरामले आफ्ना सबै भाइहरूलाई
इस्राएलका केही राजकुमारहरूसितै तरवारले
मारे । **५**राजा हुँदा यहोराम बत्तीस वर्ष पुगेका
थिए र तिनले यरूशलेममा आठ वर्ष राज्य
गरे । **६**तिनी आहाबका घरानाले गरेझैं
इस्राएलका राजाहरूका चालहरूमा हिँड़े किनकि
तिनले आहाबकी छोरीलाई विवाह गरेका
थिए । तिनले परमप्रभुको दृष्टिमा दुष्टता गरे ।
**७**तरै पनि परमप्रभुले दाऊदसित बाँध्नुभएको
करारको कारण परमप्रभुले दाऊदको घरानालाई
नाश गर्ने इच्छा गर्नुभएन । उहाँले सदाको निम्ति
तिनी र तिनको घरानाको निम्ति प्रकाश दिने
एउटा बत्ती राखिदिने प्रतिज्ञा गर्नुभएको थियो ।
**८**यहोरामको समयमा एदोमले यहूदाको
विरोध गरेर आफ्नै राजा खड़ा गऱ्यो ।

---

**२०:३१–२१:१**–१ राजा २२:४१-५०. **२१:२–२०**–२ राजा ८:१७-२४. **२१:७**–१ राजा ११:३६. **२१:८**–उत्पत्ति २७:४०.

९यसकारण यहोराम आफ्ना अधिकृतहरू र
आफ्ना रथहरू लिएर त्यहाँ गए। एदोमीहरूले
तिनलाई र तिनका रथका कप्तानहरूलाई
घेरे तर तिनी उठे र त्यस घेराबाट राती नै
छिरेर गए। १०आजको दिनसम्मै एदोम यहूदाको
विरोधमा छ।

यहोरामले परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरलाई त्यागेका हुनाले त्यही बेला लिब्ना
पनि बागी भए। ११तिनले यहूदाका डाँड़ाहरूका
पूजाका अग्ला ठाउँहरू पनि बनाए र
यरूशलेमका मानिसहरूलाई वेश्यावृति गर्न
लाएर भ्रष्ट पारे।

१२यहोरामले एलिया अगमवक्ताबाट एउटा
पत्र पाए जसमा यसरी लेखिएको थियो:

> "परमप्रभु, तपाईंका पुर्खा दाऊदका
> परमेश्वर यसो भन्नुहुन्छ: 'तँ तेरा
> पिता यहूदाका राजा यहोशापात अथवा
> आसाका मार्गहरूमा हिँड़ेको छैनस्।
> १३तर इस्राएलका घरानाका राजाहरूका
> चालहरूमा हिँड़ेको छस् र आहाबका
> घरानाले गरेझैं तैंले यहूदा र यरूशलेमका
> मानिसहरूलाई वेश्यावृत्तितिर डोऱ्याइस्।
> तैंले आफ्नै भाइहरू, तेरा पिताका घरानाका
> सदस्यहरू, तँभन्दा असल मानिसहरूको
> हत्या गरिस्। १४यसकारण अब परमप्रभुले
> तेरा मानिसहरू, तेरा छोराहरू, तेरा
> पत्नीहरू र तँसित भएका सबै कुरोमाथि
> ठूलो रूपले प्रहार गर्न लाग्नुभएको छ।
> १५तँ आफै लामो समयसम्म रहने पेटको
> रोगले ग्रस्त हुनेछस् र आखिरमा त्यस
> रोगको कारण तेरा आन्द्रा-भुँड़ी निस्केर
> आउनेछ।'"

१६परमप्रभुले यहोरामको विरुद्धमा
पलिश्तीहरूलाई र कूशीहरूको छेउमा बस्ने
अरबीहरूलाई भड्काउनुभयो। १७तिनीहरूले
यहूदामाथि आक्रमण गरे। त्यसलाई जिते
र राजाको महलमा पाइने सबै चीजहरू र
तिनका छोराहरू र रानीहरूसमेतलाई लगेर
गए। कान्छो छोरा अहज्याहबाहेक अरू कुनै
छोरा पनि छोड़िएनन्।

१८यी सबै भएपछि, परमप्रभुले यहोरामलाई
निको नहुने आन्द्राको रोगले ग्रस्त पार्नुभयो।
१९केही समय बितेपछि, दोस्रो वर्षको आखिरमा
त्यस रोगको कारण तिनका आन्द्रा-भुँड़ी निस्केर
आयो र तिनी अति कष्टसाथ मरे। तिनका
मानिसहरूले जसरी तिनका पुर्खाहरूलाई
गरेका थिए, तिनको सम्मानमा कुनै आगो पनि
जलाएनन्।

२०राजा हुँदा यहोराम बत्तीस वर्ष पुगेका
थिए र तिनले यरूशलेममा आठ वर्ष राज्य
गरे तिनी मर्दा कसैले दु:ख मानेनन् र तिनी
दाऊदको शहरमा गाड़िए, तर राजाहरूका
चिहानहरूमा होइन।

### यहूदाका राजा अहज्याह

२२ अरबबाट छाउनीमा लुटपिट गर्न
आउनेहरूले यहोरामका सबै ठूला
छोराहरूलाई मारिदिएकाले यरूशलेमका
मानिसहरूले तिनका कान्छा छोरा अहज्याहलाई
तिनको ठाउँमा राजा बनाए। यसरी यहूदाका
राजा यहोरामका छोरा अहज्याहले राज्य गर्न
थाले।

२राजा हुँदा अहज्याह बाईस वर्षका थिए र
तिनले यरूशलेममा एक वर्ष राज्य गरे। तिनकी
आमाको नाउँ अतल्याह थियो जो ओम्रीकी
नातिनी थिए।

३तिनी पनि आहाबका घरानाकै चालहरूमा
हिँड़े किनकि तिनकी आमाले तिनलाई भूल गर्न
उत्साह दिइन्। ४तिनले आहाबको घरानाले
गरेझैं परमप्रभुको दृष्टिमा दुष्टता गरे किनकि
तिनका पिताको मृत्युपछि तिनीहरू तिनका
खराब कामहरूमा सल्लाहकारहरू भए। ५तिनले
रामोत-गिलादमा अरामका राजा हजाएलको
विरुद्धमा लड़ाइँ गर्न इस्राएलका राजा आहाबका
छोरा योरामसित जाँदा तिनीहरूका सल्लाह

---

**२२:१-९**–२ राजा ८:२५-२९; ९:२१-२८.

पनि सुने । अरामीहरूले योरामलाई घाइते
बनाएदिए, ६यसकारण अरामका राजा
हजाएलसितको रामोतमा भएको लड़ाइँमा तिनले
उनीहरूबाट पाएको चोटबाट निको हुन तिनी
यिजरेलमा फर्के ।

तब यहोरामका छोरा यहूदाका राजा
अहज्याह आहाबका छोरा योरामलाई हेर्न
यिजरेलमा झरे किनकि योरामलाई चोट लागेको
थियो ।

७योरामलाई भेट्न तिनी गएको कारण
परमेश्वरले अहज्याहको पतन ल्याउनुभयो ।
अहज्याह आइपुगेपछि तिनी योरामसित निम्शीका
छोरा, आहाबको घरानालाई नाश गर्न भनी
परमप्रभुले अभिषेक गर्नुभएका, येहूलाई भेट्न
बाहिर गए । ८येहूले आहाबको घरानामाथि
इन्साफ गरिरहेको बेला तिनले अहज्याहकहाँ
गएका यहूदाका राजकुमारहरू र अहज्याहका
आफन्तहरूका छोराहरूलाई भेट्टाए र
तिनीहरूलाई मारिदिए । ९त्यसपछि तिनी
अहज्याहलाई खोज्न निस्के र तिनका
मानिसहरूले तिनी सामरियामा लुकिरहेको बेला
पक्रे । तिनी येहूकहाँ लगिए र मारिए । तिनीहरूले
तिनलाई गाड़े र भने, “तिनी परमप्रभुलाई सम्पूर्ण
हृदयले खोज्ने यहोशापातका छोरा थिए ।”
यसरी त्यस राज्यलाई अटल राख्नलाई सामर्थ
भएको कुनै व्यक्ति अहज्याहको घरानामा
थिएन ।

### अतल्याह र योआश

१०आफ्नो छोरा मरेको अहज्याहकी आमा
अतल्याहले देखेर उनी यहूदाका सम्पूर्ण राज-
घरानालाई नाश गर्न गइन् । ११तर राजा
यहोरामकी छोरी यहोशेबाले अहज्याहका
छोरा योआशलाई मारिन लागेका अरू
राजकुमारहरूबाट चोरेर लगिन् र तिनलाई र
तिनकी धाईलाई एउटा सुत्ने कोठामा राखिन् ।
राजा यहोरामकी छोरी र पूजाहारी यहोयादाकी
पत्नी यहोशेबाचाहिँ अहज्याहकी दिदी हुनाले
उनले बालकलाई अतल्याहबाट लुकाइन् र
उनले त्यसलाई मार्न सकिनन् । १२अतल्याहले
देशमा शासन गरून्जेल तिनी उनीहरूसित
परमेश्वरको मन्दिरमा छ वर्षसम्म लुकेरै बसे ।

२३ सातौँ वर्षमा यहोयादाले आफ्नो सामर्थ
देखाए । तिनले सय-सयको दलमा
कप्तानहरूसित करार बाँधे, यहोरामका छोरा
अजर्याह, यहाहोनान्का छोरा इश्माएल, ओदेदका
छोरा अजर्याह, अदायाहका छोरा मासेयाह र
जिक्रीका छोरा एलीशापात । २तिनीहरू
यहूदाभरि गए अनि लेवीहरूलाई र इस्राएली
परिवारहरूका मुखियाहरूलाई सबै शहरहरूबाट
भेला गराए । तिनीहरू यरूशलेममा आएपछि
३सारा समुदायले राजासित परमेश्वरको
मन्दिरमा करार बाँधे ।

यहोयादाले तिनीहरूलाई भने, “परमप्रभुले
दाऊदको सन्तानको सम्बन्धमा प्रतिज्ञा गर्नुभएझैँ
राजाका छोराले शासन गर्नेछन् । ४अब
तिमीहरूले गर्न पर्ने यही हो, तिमीहरू
विश्राम दिनमा काममा खटिएका एक तिहाइ
पूजाहारीहरू र लेवीहरू ढोकाको सुरक्षामा
रहनुपर्छ, ५तिमीहरूको एक तिहाइ राजमहलको
सुरक्षामा र एक तिहाइ जगको मूलढोकाको
सुरक्षामा रहनुपर्छ र अरू सबै मानिसहरूचाहिँ
परमप्रभुको मन्दिरका चोकहरूमा रहनुपर्छ ।
६परमप्रभुको मन्दिरमा खालि काममा खटिएका
पूजाहारीहरू र लेवीहरूबाहेक अरू कोही
पस्नेछैन । तिनीहरू पस्न पाउनेछन्, किनकि
तिनीहरू पवित्र गरिएका छन्, तर अरू
सबै मानिसहरूले परमप्रभुले तिनीहरूलाई
सुम्पनुभएको काम गर्नुपर्छ । ७लेवीहरू राजाको
छेउछाउमा प्रत्येकले हातमा आफ्ना हतियार
लिएर रहेको हुनुपर्छ । मन्दिरमा पस्ने जोसुकै
पनि मारिनुपर्छ । राजा जहीँ गए तापनि तिनका
छेउमै रहनू ।”

८लेवीहरू र यहूदाका सारा मानिसहरूले
पूजाहारी यहोयादाले आज्ञा दिएझैँ गरे ।
हरेकले उसको आफ्नै मानिसलाई लिए, विश्राम

**२२:१०-१२**–२ राजा ११:१-३. **२३:१-१५**–२ राजा ११:४-१६. **२३:३**–२ शमूएल ७:१२.

दिनमा काममा खटिएकाहरूलाई र काम सकेर
फूर्सद पाएकाहरूलाई, किनकि पूजाहारी
यहोयादाले कुनै दललाई पनि बिदा दिएका
थिएनन् । **९**तब तिनले सय-सयको दलमाथिका
कप्तानहरूलाई परमेश्वरको भवनमा रहेका
दाऊदका भालाहरू अनि ठूला र साना ढालहरू
दिए । **१०**तिनले राजाका चारैतिर, वेदी र
मन्दिरको छेउमा मन्दिरको दक्षिण भागदेखि
उत्तर भागसम्म सबै मानिसहरूलाई हातमा
हतियार लिएर राखिदिए ।

**११**यहोयादा र तिनका छोराहरूले राजाका
छोरालाई ल्याएर तिनलाई मुकुट लगाइदिए र
तिनीहरूले तिनलाई करारको एक प्रतिपत्र दिए
र तिनलाई राजा भनी घोषित गरे । तिनीहरूले
उनलाई अभिषेक गरेर तिनीहरू "राजा अमर
रहून् !" भनी कराए ।

**१२**जब अतल्याहले मानिसहरू दौड़ेको र
राजालाई जयजयकार गरिरहेको हल्ला सुनिन्,
तिनी परमप्रभुको भवनमा तिनीहरूकहाँ गइन् ।
**१३**उनले हेरिन्, राजालाई प्रवेशद्वारमा आफ्ना
खामाको छेउमा उभिरहेका देखिन् । अधिकृतहरू
र तुरही फुक्नेहरू राजाका छेउमा थिए
र सारा देशवासीहरू हर्ष मनाउँदै र तुरही
फुक्दै थिए, गायकहरूले बाजा-गाजासित प्रशंसा
अगुवाइ गरिरहेका थिए । तब अतल्याहले आफ्नो
वस्त्र च्यातेर यसो भनेर कराइन्, "धोका !
धोका !"

**१४**पूजाहारी यहोयादाले दलहरूका जिम्मामा
रहेका सयका दलहरूका कप्तानहरूलाई यसो
भनेर पठाए, "उनलाई पंक्तिहरूको बीचमा
ल्याऊ, उनलाई पछ्याउने जतिलाई तरवारले
मारिदेऊ ।" किनकि पूजाहारीले "उनलाई
परमप्रभुको मन्दिरमा नमार्नू" भनेका थिए ।"
**१५**यसकारण, उनी घोड़ा फाटकको प्रवेश-
द्वारमा महलको मैदानमा पुग्दा तिनीहरूले
उनलाई पक्रे र त्यहाँ तिनलाई मारे ।

**१६**त्यसपछि यहोयादाले तिनी अनि
मानिसहरू र राजा परमप्रभुका मानिसहरू
हुनेछन् भनी करार बाँधे । **१७**सबै मानिसहरू
बालको मन्दिरमा गए र तिनीहरूले त्यसलाई
भत्काइदिए । तिनीहरूले वेदी र मूर्तिहरूलाई
टुक्रा-टुक्रा पारिदिए र बालको पूजाहारी
मत्तानलाई वेदीहरूको सामुन्ने मारे ।

**१८**त्यसपछि यहोयादाले परमप्रभुको भवनको
हेर-विचार गर्ने जिम्मा पूजाहारीहरूका हातमा
दिए, जो लेवीहरू थिए । आफ्नो समयदेखि नै
स्तुतिगान गर्दै र आनन्द मनाउँदै मोशाको निम्ति
होमबलि चढ़ाउन र परमप्रभुको भवनमा काम
गर्न दाऊदले तिनीहरूलई खटाइदिएका थिए ।
**१९**कुनै अशुद्ध व्यक्ति मन्दिरभित्र पस्न नपाओस्
भनेर तिनले परमप्रभुको भवनको मूलढोकाहरूमा
द्वारपालहरू पनि राखिदिए ।

**२०**तिनले आफूसित सयमाथिका कप्तानहरू,
भारादारहरू, प्रजाहरूका शासनहरू र सारा
देशवासीहरूलाई लगे र राजालाई परमप्रभुको
भवनबाट पनि ल्याए । तिनीहरू माथिल्लो
मूलढोकाहरूबाट महलमा पसे र राजालाई शाही
सिंहासनमाथि बसाए, **२१**अनि सबै मानिसहरू
आनन्दित भए, र शहरमा शान्ति भयो, किनकि
अतल्याह तरवारले मरिएकी थिइन् ।

### योआशले मन्दिर मर्मत गरेका

**२४** राजा हुँदा योआब सात वर्षका थिए
र तिनले यरूशलेममा चालीस वर्ष
राज्य गरे । तिनकी आमाको नाउँ सिब्या थियो
जो बेर्शेबाकी थिइन् । **२**योआशले पूजाहारी
यहोयादाको कालभरि परमप्रभुको दृष्टिमा जे
ठीक थियो त्यही गरे । **३**यहोयादाले तिनको
निम्ति दुईओटी पत्नीहरू चुने अनि तिनका
छोराहरू र छोरीहरू भए ।

**४**केही समयपश्चात् योआबले परमप्रभुको
मन्दिर मर्मत गर्ने निश्चय गरे । **५**तिनले
पूजाहारीहरू र लेवीहरूलाई एकसाथ बोलाएर
तिनीहरूलाई भने, "यहूदाका शहरहरूमा गएर
सारा इस्राएलीहरूबाट वर्षेनी परमेश्वरको
मन्दिर मर्मत गर्ने रकम बटूल । यो काम

---

**२३:१६-२१**–२ राजा ११:१७-२०. **२४:१-१४**–२ राजा १२:१-१६.

अहिले नै गरिहाल्नू ।" तर लेवीहरूले झट्टै
काम गरेनन् ।
६यसकारण राजाले प्रधान पूजाहारी
यहोयादालाई बोलाइपठाए र तिनलाई भने,
"परमप्रभुको दास मोशाले र इस्राएलको
समुदायले साक्षीको पालको निम्ति लगाएको
तिरो यहूदा र यरूशलेमबाट ल्याउन भनी
किन लेवीहरूलाई कर लाउनुभएन ?"
७त्यस बेला त्यस दुष्ट स्त्री अतल्याहका
छोराहरूले परमेश्वरको भवनभित्र जबर्जस्ती
पसेर त्यसका पवित्र चीजहरू पनि बालहरूको
निम्ति प्रयोग गरेका थिए ।
८राजाको आदेशमा एउटा बाकस बनाइयो
र त्यसलाई परमप्रभुको भवनको मूलढोकामा
बाहिर राखियो । ९त्यसपछि यहूदा र यरूशलेमका
उजाड़-स्थानमा परमेश्वरका जन मोशाले
परमप्रभुकहाँ ल्याउने तिरो ल्याऊन् भन्ने घोषणा
गरियो । १०सबै अधिकृतहरू र मानिसहरूले
आफ्ना भेटी बाकस नभरुञ्जेल खुशीसाथ
त्यसमा हाले । ११लेवीहरूले जहिले पनि त्यो
बाकस राजाका अधिकृतहरूकहाँ ल्याउँथे र
तिनीहरूले त्यहाँ धेरै पैसा भएको देख्थे र
राजकीय सचिव र प्रधान पूजाहारीका अधिकृत
आएर त्यो बाकस खाली गरेर त्यसलाई त्यसकै
ठाउँमा राखिदिन्थे । तिनीहरूले नियमित रूपले
त्यसो गरे, अनि ठूलो रकम जम्मा गरे ।
१२राजा र यहोयादाले त्यो परमप्रभुको भवनको
निम्ति काम गर्ने मानिसहरूलाई दिए ।
तिनीहरूले परमप्रभुको भवन पुनर्निर्माण
गर्नको लागि डकर्मी, सिकर्मीहरू, र मन्दिर
मर्मत गर्नको लागि फलाम र काँसाका काम
गर्नेहरूलाई पनि ज्यालामा लिए ।
१३काम जिम्मा लिएका मानिसहरू उद्यमी
थिए र तिनीहरूको अधीनमा काम अघि
बढ्यो । तिनीहरूले परमेश्वरको भवन त्यसको
पहिलेको नमुनाअनुसार पुनर्निर्माण गरे र थप
मानिसहरू पनि लगाए । १४तिनीहरूले
सिद्ध्याएपछि तिनीहरूले बाँकी रहेको रकम
राजा र यहोयादाकहाँ ल्याए र त्यसबाट
परमप्रभुको भवनका सामग्रीहरू, सेवाको निम्ति
र होमबलिको निम्ति सामग्रीहरू, सुन र
चाँदी थाल-कचौरा र अरू चीजहरू बनाइए ।
यहोयादा बाँचुञ्जेल परमप्रभुको भवनमा होमबलि
चढ़ाउने काम भइरह्यो ।
१५अब यहोयादा वृद्ध र ज्यादा उमेरका भए
र तिनी एकसय तीस वर्षको उमेरमा मरे ।
१६तिनले परमेश्वर र उहाँको भवनको
निम्ति इस्राएलमा असल काम गरेकाले तिनी
राजाहरूसित दाऊदको शहरमा गाड़िए ।

### योआशको दुष्टता

१७यहोयादाको मृत्युपछि यहूदाका
अधिकृतहरू आए अनि राजालाई भक्ति चढ़ाए
र तिनले उनीहरूका कुरा सुने । १८तिनीहरूले
परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरको
भवनलाई त्यागे र अशेरादेवीका खामाहरू र
मूर्तिहरूलाई पूजे । तिनीहरूका अपराधको
कारण परमप्रभुको क्रोध यहूदा र यरूशलेममाथि
आयो । १९परमप्रभुले मानिसहरूलाई आफूकहाँ
फर्काइल्याउनको निम्ति अगमवक्ताहरू पठाउनुभए
तापनि तिनीहरूले तिनीहरूको विरुद्धमा साक्षी
दिए तापनि तिनीहरूले सुनेनन् ।
२०तब परमप्रभुको आत्मा पूजाहारी
यहोयादाका छोरा जकरियाकहाँ आउनुभयो ।
मनिसहरूको सामुन्ने खड़ा भएर तिनले भने,
"परमेश्वर यसो भन्नुहुन्छ, 'तिमीहरू किन
परमप्रभुका आज्ञाहरू उल्लङ्घन गर्छौ ?
तिमीहरूको उन्नति हुनेछैन । तिमीहरूले
परमप्रभुलाई त्यागेका हुनाले, उहाँले तिमीहरूलाई
त्याग्नुभएको छ ।'"
२१तर तिनीहरूले तिनको विरुद्धमा षड्यन्त्र
गरे र राजाको आज्ञाअनुसार तिनीहरूले उनलाई
परमप्रभुको भवनको आँगनमा ढुङ्गाले हानेर
मारे । २२राजा योआशले जकरियाका पिता
यहोयादाले तिनीप्रति देखाएको दया सम्झेनन्,
तर तिनका छोरालाई मारिदिए, जसले मर्दै

---

**२४:६**–प्रस्थान ३०:११-१६. **२४:२०–२१**–मत्ती २३:३५; लूका ११:५१.

गर्दा यसो भने, "परमप्रभुले यो देखून् र तपाईंसित
लेखा लिऊन् ।"
**२३**वर्षको आखिरमा अरामको फौज
योआशको विरुद्धमा आए । त्यसले यहूदा र
यरूशलेममाथि आक्रमण गरे अनि मानिसहरूका
सबै अगुवाहरूलाई मारिदिए । तिनीहरूले लूटका
सबै मालहरू तिनीहरूका राजाकहाँ दमस्कसमा
पठाइदिए । **२४**अरामी फौजमा थोरै मानिसहरू
भए तापनि परमप्रभुले तिनीहरूका हातमा एउटा
धेरै ठूलो फौजलाई सुम्पिदिनुभयो । यहूदाले
परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरलाई
त्यागेको कारण यहूदामाथि इन्साफ पर्न गयो ।
**२५**अरामीहरू हटेर जाँदा तिनीहरूले योआशलाई
ठूलो चोट पारेर छाड़िराखे । तिनका
अधिकृतहरूले पूजाहारी यहोयादाका छोरा
जकरियाको हत्या गरेको कारण तिनको विरुद्धमा
षड्यन्त्र गरे र तिनलाई आफ्ना पलङ्गमै मारे ।
यसरी तिनी मरे र दाऊदको शहरमा गाड़िए,
तर राजाहरूका चिहानहरूमा त होइन ।
**२६**तिनको विरुद्धमा षड्यन्त्र गर्नेहरू यिनै
थिए, अम्मोनी स्त्री शिम्मतका छोरा जाबाद र
मोआबी स्त्री शिम्रितका छोरा यहोजाबाद ।
**२७**तिनका छोराहरूको विषयमा, तिनको विषयमा
भएका धेरै अगमवाणीहरू र परमेश्वरको
भवनको पुनर्निर्माणको विषयमा राजाहरूका
पुस्तकहरूमा लेखिएका छन् । अनि तिनी पछि
तिनका छोरा अमस्याह राजा भए ।

### यहूदाका राजा अमस्याह

**२५** राजा हुँदा अमस्याह पच्चीस वर्षका
थिए र तिनले यरूशलेममा उनन्तीस
वर्ष राज्य गरे । तिनकी आमाको नाउँ यहोअदीन
थियो । तिनी यरूशलेमकी थिईन् । **२**तिनले
परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यही गरे,
तर सम्पूर्ण हृदयले होइन । **३**राज्य सम्पूर्ण
रूपले आफ्नो अधीनमा आएपछि तिनले आफ्ना
पिता राजाको हत्या गर्ने अधिकृतहरूलाई
मारे । **४**तरै पनि तिनले उनीहरूका छोराहरूलाई
मारेनन्, तर मोशाको व्यवस्थाको पुस्तकमा,
"आफ्ना छोराछोरीहरूको निम्ति बाबुहरू
मारिनेछैनन् औ नता बाबुहरूको निम्ति
तिनीहरूका छोराहरूनै मारिनेछन्, हरेक आफ्नै
पापको कारण मर्न पर्नेछ" भनेर परमप्रभुले
आज्ञा दिनुभएअनुसार काम गरे ।
**५**अमस्याहले यहूदाका मानिसहरूलाई
एकसाथ बोलाए र तिनीहरूलाई आफ्ना
परिवारहरूबमोजिम सबै यहूदा र बेन्यामीनको
निम्ति हजारमाथि र सयमाथिका कप्तानहरूको
जिम्मामा लगाइदिए । तिनले त्यसपछि बीस
वर्ष र माथिकाहरूलाई बटुले र त्यहाँ लड़ाइँको
निम्ति तयार पारे अनि भाला र ढाल
चलाउनसक्ने तीन लाख मानिसहरू थिए ।
**६**तिनले इस्राएलबाट चाँदीका एक सय तोड़ामा
एक लाख लड़ाकू मानिसहरू ज्यालामा लिए ।
**७**तर एक जना परमेश्वरका जनले तिनीकहाँ
आएर भने, "हे महाराजा, इस्राएलबाटको यो
दल तपाईंसित हिँड्न हुँदैन किनकि परमप्रभु
इस्राएलसित हुनुहुन्न, एप्रैमका कुनै मानिससित
पनि हुनुहुन्न । **८**यदि तपाईंले गएर साहसपूर्वक
युद्ध लड्नुभयो भने पनि परमेश्वरले तपाईंलाई
शत्रुको अघि परास्त गर्नुहुनेछ, किनकि सहायता
गर्ने र हराउने अधिकार परमेश्वरसितै छ ।"
**९**अमस्याहले परमेश्वरका जनलाई सोधे,
"तर मैले यी इस्राएली दलहरूको निम्ति
तिरेको एक सय तोड़ा कसो गर्ने ?"
परमेश्वरका जनले भने, "परमप्रभुले
तपाईंलाई त्योभन्दा धेरै बढ़ी दिनुहुनेछ ।"
**१०**यसकारण अमस्याहले आफूकहाँ एप्रैमबाट
आएका दलहरूलाई बिदा दिएर घर पठाइदिए ।
तिनीहरू यहूदासित रिसाए र रिसकै झोंकमा
घरतिर लागे ।
**११**तब अमस्याहले साहस गरेर आफ्नो
फौजलाई नूनको बेंसीमा लगे र त्यहाँ तिनले
सेइरका दश हजार मानिसहरूलाई मारे ।
**१२**यहूदाको फौजले पनि दश हजार मानिसहरूलाई
जिउँदै पक्रेर तिनीहरूलाई एउटा अग्लो चट्टानमा

---

**२४:२३-२६**–२ राजा १२:१७-२१. **२५:१-४**–२ राजा १४:२-६. **२५:४**–व्यवस्था २४:१६. **२५:५-१६**–२ राजा १४:७.

लगे र तिनीहरूलाई त्यहाँबाट तल फ्याँकिदिए
र तिनीहरू सबै टुक्रैटुक्रा भए ।
**१३**त्यसै बेला अमस्याहले लड़ाइँमा भाग लिन
नदिएर फर्काइदिएका दलहरूले सामरियादेखि
बेथ–होरोनसम्मै यहूदाका शहरहरूमा आक्रमण
गरे । तिनीहरूले तीन हजार मानिसहरूलाई
मारे र धेरै मात्रामा लूटका मालहरू लगेर गए ।
**१४**एदोमीहरूलाई संहार गरेर फर्कंदा तिनले
सेइरका मानिहरूका देवताहरू लिएर आए ।
तिनले तिनीहरूलाई आफ्नै देवताहरूझैँ राखे,
तिनीहरूको सामुन्ने निहुरे र तिनीहरूकहाँ
होमबलिहरू चढ़ाए । **१५**परमप्रभुको क्रोध
अमस्याहको विरुद्धमा दन्क्यो र उहाँले एक जना
अगमवक्ता तिनीकहाँ पठाउनुभयो जसले भने,
“तपाईंले किन यी मानिसहरूका देवताहरूसित
सल्लाह लिनुहुन्छ, जसले आफ्नै मानिसहरूलाई
तपाईंको हातबाट बचाउन सकेनन् ?”
**१६**तिनी बोल्दा बोल्दै राजाले तिनलाई भने,
“के हामीले तिमीलाई राजाको सल्लाहकार नियुक्त
गरेका छौं ? चुप लाग ! किन मारिन चाहन्छौ ?”
यसकारण ती अगमवक्ता चुप लागे, तर
यतिचाहिँ भने, “म जान्दछु कि तपाईंले यसो
गर्नुभएकोले र मेरो सल्लाह नसुन्नुभएकोले
परमेश्वरले तपाईंलाई नाश गर्ने निश्चय
गर्नुभएको छ ।”
**१७**यहूदाका राजा अमस्याहले आफ्ना
सल्लाहकारहरूसित सल्लाह लिएपछि तिनले
येहूका छोरा यहोआहाजका छोरा येहोआश,
इस्राएलका राजालाई यसो भनेर चुनौती पठाए,
“आऊ, मसित आमुन्ने-सामुन्ने भेट गर ।”
**१८**तर इस्राएलका राजा यहोआशले यहूदाका
राजा अमस्याहलाई जवाफ दिए, “लबानोनको
एउटा लुहुँड़े काँड़ाले लबानोनकै देवदारुलाई
खबर पठायो, ‘तपाईंकी छोरीलाई मेरो छोरासित
विवाह गर्न दिनुहोस् ।’ तब लबानोनबाट एउटा
जंङ्गली जनावर आएर त्यस काँड़ालाई आफ्नो
खुट्टाले कुल्चिदियो । **१९**आफैलाई तिमीले एदोमलाई
परास्त गऱ्यौ भन्छौ, र अब तिमी घमण्डी र
अहङ्कारी भएका छौ । तर घरमै बस ! किन
विपत्ति खोजेको र आफ्नै पतन र यहूदाको
पनि पतन गर्न चाहेको ?”
**२०**अमस्याहले सुन्न चाहेनन् किनकि तिनीहरूले
एदोमका देवताहरू खोजेकाले परमेश्वर
तिनीहरूलाई यहोआशको हातमा पारिदिनालाई
काम गर्नुभएको थियो । **२१**यसकारण इस्राएलका
राजा यहोआशले आक्रमण गरे । तिनी र
यहूदाका राजा अमस्याहले आपसमा आमुन्ने-
सामुन्ने गरी यहूदाको बेथ-शेमेशमा भेट गरे ।
**२२**यहूदा इस्राएलद्वारा परास्त भयो र हरेक
मानिस आफ्नो घरतिर भाग्यो । **२३**इस्राएलका
राजा यहोआशले अहज्याहका नाति, योआशका
छोरा यहूदाका राजा अमस्याहलाई बेथ-शेमेशमा
पक्रेर यरूशलेममा ल्याए । तिनले एप्रेमको
ढोकादेखि कुने-ढोकासम्म चार सय हात लामो
शहरको पर्खाल भत्काइदिए । **२४**तिनले सबै
सुन र चाँदी अनि ओदेद-एदोमको जिम्मामा र
हेका परमेश्वरको भवनका सबै सामग्रीहरूको
साथमा महलका भण्डारहरू र कैदीहरू लिए
अनि सामरिया फर्के ।
**२५**यहोआहाजका छोरा इस्राएलका राजा
यहोआशको मृत्युपछि योआशका छोरा
यहूदाका राजा अमस्याह पन्ध्र वर्षसम्म बाँचे ।
**२६**अमस्याहको शासनका अरू घटनाहरू
शुरूदेखि आखिरसम्म के ती यहूदा र इस्राएलका
राजाहरूको पुस्तकमा लेखिएका छैनन् र ?
**२७**अमस्याहले परमप्रभुलाई पछ्याउन छोड़ेका
समयदेखि तिनीहरूले यरूशलेममा तिनको
विरुद्धमा षड्यन्त्र रचे र तिनी लाकीशमा भागेर
गए तर तिनीहरूले लाकीशमा मानिसहरू
पठाए र तिनलाई त्यहीँ मारे । **२८**तिनलाई
घोड़ाद्वारा फर्काएर ल्याइयो र तिनका पिता-
पुर्खाहरूसित यहूदाको शहरमा गाड़ियो ।

## यहूदाका राजा उज्जियाह

**२६** तब यहूदाका सारा मानिसहरूले सोह्र
वर्ष पुगेका उज्जियाहलाई लिए अनि

**२५:१७–२८**–२ राजा १४:८-२०. **२६:१–१५**–२ राजा १४:२१-२२; १५:१-७.

तिनलाई आफ्ना पिता अमस्याहको ठाउँमा
राजा बनाए। **२**अमस्याह आफ्ना पुर्खाहरूसित
विश्राममा पसेपछि एलातलाई पुनर्निर्माण गरेर
त्यसलाई फेरि यहूदामा मिलाउने तिनी नै थिए।

**३**राजा हुँदा उज्जियाह सोह्र वर्षका थिए र
तिनले यरूशलेममा बाउन्न वर्ष राज्य गरे।
तिनकी आमाको नाउँ यकोल्याह थियो र तिनी
यरूशलेमकी थिइन्। **४**तिनले आफ्ना पिता
अमस्याहले गरेझैं परमप्रभुको दृष्टिमा जे
ठीक थियो त्यही गरे। **५**तिनले आफूलाई
परमेश्वरको डर राख्न सिकाउने जकरियाको
समयमा परमेश्वरलाई खोजे। तिनले
परमप्रभुलाई खोजिरहेसम्म परमेश्वरले तिनलाई
सफलता दिनुभयो।

**६**तिनी पलिश्तीहरूको विरुद्धमा युद्ध गर्न
गए र गात, यब्ने र अश्दोदका पर्खालहरू
भत्काइदिए। त्यसपछि तिनले पलिश्तीहरूको
बीचमा अश्दोद र यताउतिका शहरहरू पुनर्निर्माण
गरे। **७**परमेश्वरले तिनलाई पलिश्तीहरू र
गूर-बालमा बस्ने अरबीहरू र मोनीहरूका
विरुद्धमा सहायता गर्नुभयो। **८**अम्मोनीहरूले
उज्जियाहकहाँ राज-कर ल्याए र तिनको ख्याति
मिश्रदेशको सीमासम्म फैलियो, किनकि तिनी
अति सामर्थी भएका थिए।

**९**उज्जियाहले यरूशलेममा कुने-मूलढोकामा,
बेंसी-मूलढोकामा र पर्खालको कुनामा धरहराहरू
बनाए र तिनले तिनीहरूलाई पर्खालले घेरे।
**१०**तिनीसित तराई र मैदानमा धेरै गाईबस्तु
भएकाले तिनले उजाड़-स्थानमा पनि धरहराहरू
बनाए र धेरै कुवाहरू खने। तिनले माटोलाई
प्रेम गरेका हुनाले तिनीसित खेतहरूमा र
तराईमा दाखबारीहरूमा काम गर्ने मानिसहरू
थिए।

**११**उज्जियाहसित दल-दल गरी बाहिर जान
तयार रहेका असल तालिमप्राप्त फौज थिए,
जसलाई सङ्ख्याअनुसार सचिव यहीएल र
अधिकृत मासेयाहले एक जना राजकीय अधिकृत
हनन्याहको अधीनमा भेला गर्थे। **१२**ती लड़ाकू
मानिसहरूमाथि रहेका परिवारका मुखियाहरूको
जम्मा सङ्ख्या दुई हजार छ सय थियो।
**१३**तिनीहरूको अधीनमा युद्धको निम्ति तालिम
पाएका र राजाका शत्रुहरूको विरुद्धमा तिनलाई
सघाउने तीनलाख सात हजार पाँच सय
मानिसहरू थिए। **१४**उज्जियाहले आफ्नो सम्पूर्ण
फौजको निम्ति ढालहरू, भालाहरू, टोपहरू,
झिलमहरू, धनुहरू र घुयेंत्रोका ढुङ्गाहरू प्रबन्ध
गरिदिएका थिए। **१५**यरूशलेममा तिनले निपूण
मानिसहरूको नमुनाअनुसार काँड़ हान्नलाई
र ठूला-ठूला ढुङ्गाहरू फ्याँक्नलाई धरहराहरूमा
र कुनामा रक्षा स्थानमा प्रयोग गर्न भनी यन्त्रहरू
बनाएका थिए। तिनको ख्याति चारैतिर फैलियो
किनकि तिनी शक्तिशाली नभएसम्म तिनले
सहायता पाइरहे।

**१६**तर उज्जियाह सामर्थी भएपछि तिनको
अहङ्कारले तिनलाई पतनतिर लग्यो। तिनी
परमप्रभु आफ्ना परमेश्वरप्रति अविश्वासी भए
र धूप-वेदीमा धूप बाल्न तिनी परमेश्वरको
भवनभित्र पसे।

**१७**पूजाहारी अजर्याहले परमप्रभुका असी
जना साहसी पूजाहारीहरूसित तिनलाई
मन्दिरभित्रसम्म पछ्याए। **१८**तिनीहरूले तिनको
विरोध गरे र भने, "उज्जियाह, तिमीलाई
परमप्रभुकहाँ धूप जलाउन उचित छैन। यो
काम त धूप जलाउनलाई पवित्र तुल्याइएका
हारूनका सन्तान पूजाहारीहरूको निम्ति हो।
तिमी विश्वासघाति भएकोले मन्दिरबाट बाहिर
गइहाल, र तिमीले परमप्रभु परमेश्वरबाट
सम्मान पाउनेछैनौ।"

**१९**धूप जलाउन भनी हातमा धूपदानी लिएका
उज्जियाह रिसाए। तिनी परमप्रभुको मन्दिरमा
धूप-वेदीको सामुन्ने पूजाहारीहरूसित रिसाउँदै
गरेको बेला तिनको निधारमा कोर देखापर्‍यो।
**२०**प्रधान-पूजाहारी अजर्याह र अरू
पूजाहारीहरूले तिनीतिर हेर्दा तिनको निधारमा
कोर लागेको देखेर तिनीहरूले उनलाई हतार-
हतार बाहिर निकालिदिए। परमप्रभुले तिनीमाथि

**२६:१८**–प्रस्थान ३०:७-८; गन्ती ३:१०.

विपत्ति पठाएकाले साँच्चै तिनी आफै निस्कन
चाहन्थे ।
**२१**आफू नमरेसम्म राजा उज्जियाह कोरले
ग्रस्त भएर रहे । तिनी कोरले ग्रस्त भई एउटा
अलग्गै घरमा बस्नथाले र तिनलाई परमप्रभुको
भवनदेखि पनि बाहिरै रहन पर्‍यो । तिनका
छोरा योतामलाई महलको जिम्मा सुम्पियो र
तिनले देशवासीहरूमाथि शासन गर्न थाले ।
**२२**उज्जियाहको शासनकालका अरू घटनाहरू
शुरुदेखि आखिरसम्म, आमोजका छोरा यशैयाले
दर्ता गरेका छन् । **२३**उज्जियाह आफ्ना
पुर्खाहरूसित विश्राममा पसे र राजाहरू गाड़िने
ठाउँको खेतमा तिनीहरूसितै गाड़िए किनकि
मानिसहरूले, “तिनलाई कोर लागेको छ” भने ।
तिनीपछि तिनका छोरा योताम राजा भए ।

## यहूदाका राजा योताम

**२७** राजा हुँदा योताम पच्चीस वर्षका थिए
र तिनले यरूशलेममा सोह्र वर्ष राज्य
गरे । तिनकी आमाको नाउँ यरूशा थियो जो
सादोककी छोरी थिइन् । **२**तिनले आफ्ना पिता
उज्जियाहले गरेझैँ परमप्रभुको दृष्टिमा जे ठीक
थियो त्यही गरे, तर तिनी परमप्रभुको भवनभित्र
पसेनन् । तरै पनि मानिसहरू आफ्ना दुष्ट चालमा
लागिरहे । **३**योतामले परमप्रभुको भवनको
माथिल्लो मूलढोका मर्मत गरे र ओपेलको
डाँड़ामा भएको पर्खालमा धेरै कामहरू गरे ।
**४**तिनले यहूदाका डाँड़ाहरूमा शहरहरू र
जङ्गलहरू भएका ठाउँहरूमा किल्लाहरू र
धरहराहरू बनाए ।
**५**योतामले अम्मोनीहरूका राजासित युद्ध
गरे अनि तिनलाई जिते । त्यस वर्ष अम्मोनीहरूले
एक सय तोड़ा चाँदी, दश हजार मुरी गहुँ र
दश हजार मुरी जौ तिरे । अम्मोनीहरूले
तिनीकहाँ दोस्रो र तेस्रो वर्षमा पनि त्यही मात्रामा
ल्याए ।
**६**तिनी परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने
अटल भई हिँड़ेकाले योताम सामर्थी भए ।
**७**योतामको शासनकालका अरू घटनाहरू
र तिनले लड़ेका युद्धहरू र गरेका अरू कामहरू
इस्राएल र यहूदाका राजाहरूको पुस्तकमा लेखिएका
छन् । **८**राजा हुँदा तिनी पच्चीस वर्षका थिए र
तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे ।
**९**योताम आफ्ना पुर्खाहरूसित विश्राममा पसे र
दाऊदको शहरमा गाड़िए । अनि तिनीपछि
तिनका छोरा आहाज राजा भए ।

## यहूदाका राजा आहाज

**२८** राजा हुँदा आहाज बीस वर्षका थिए
र तिनले यरूशलेममा सोह्र वर्ष राज्य
गरे । तिनले आफ्ना पिता दाऊदले गरेझैँ
परमप्रभुको दृष्टिमा जे ठीक थियो त्यो गरेनन् ।
**२**तिनी इस्राएलका राजाहरूका चालमा हिँड़े र
बाल-देवताहरूलाई पूज्न ढालेका मूर्तिहरू
पनि बनाए । **३**तिनले बेन-हिन्नोमको बँसीमा
बलिदानहरू चढ़ाए र परमप्रभुले इस्राएलीहरूका
सामुन्ने धपाइदिनुभएका जातिहरूका घिनलाग्दा
चालहरूमा चलेर आफ्ना छोराहरूलाई आगोमा
बलिदान गरे । **४**तिनले अग्ला ठाउँहरूमा,
डाँड़ाहरूमा र प्रत्येक झ्याम्म परेको रूखमुनि
बलिदानहरू चढ़ाए र धूप जलाए ।
**५**यसकारण परमप्रभु तिनका परमेश्वरले
तिनलाई अरामका राजाको हातमा
सुम्पिदिनुभयो । अरामीहरूले तिनलाई परास्त
गरेर तिनका धेरै मानिसहरूलाई कैदी बनाएर
तिनीहरूलाई दमस्कस ल्याए ।
तिनलाई इस्राएलका राजाको हातमा दिइयो
जसले तिनलाई ठूलो रूपमा पराजित गरे । **६**अनि
मल्याहका छोरा पेकहले एकै दिनमा यहूदामा
एक लाख बीस हजार सिपाहीहरू मारे किनकि
यहूदाले परमप्रभु तिनीहरूका पुर्खाहरूका
परमेश्वरलाई त्यागेका थिए । **७**एक जना एप्रेमी
लड़ाकू जिक्रीले राजाका छोरा मासेयाहलाई,
महलका अधिपति अज्रीकाम र राजाको ठीक
मुन्तिरको पदका मानिस एल्कानालाई मारे ।
**८**इस्राएलीहरूले आफ्नै जातिकाहरूबाट दुई लाख

---

**२६:२३**–यशैया ६:१. **२७:१-९**–२ राजा १५:३२-३८. **२८:१-८**–२ राजा १६:१-५. **२८:५-६**–यशैया ७:१.

पत्नीहरू, छोराहरू र छोरीहरूलाई कैद गरेर
लगे। तिनीहरूले धेरै मात्रामा लूटका मालहरू
लिएर सामरियामा लगे।
**९**तर त्यहाँ ओदेद नाउँ भएको परमप्रभुका
अगमवक्ता थिए र फौज सामरियामा फर्केर
आउँदा उनी तिनीहरूलाई भेट्न गए।
तिनले उनीहरूलाई भने, "परमप्रभु तिमीहरूका
पुर्खाहरूका परमेश्वर यहूदासित रिसाउनुभएकाले
उहाँले तिनीहरूलाई तिमीहरूका हातमा
दिनुभयो। तर तिमीहरूले तिनीहरूलाई आफ्ना
रिसमा मारेको कुरा स्वर्गसम्म पुगेको छ।
**१०**अब तिमीहरूले यहूदा र यरूशलेमका
पुरुषहरू र स्त्रीहरूलाई आफ्ना दास-दासी
बनाउने इच्छा गरेका छौ। तर के तिमीहरू
पनि परमप्रभु तिमीहरूका परमेश्वरको विरुद्धमा
पापका दोषी छैनौ र? **११**अब मेरा कुरा सुन!
तिमीहरूले कैद गरेर ल्याएका आफ्नै जातिलाई
फर्काइदेऊ। किनकि परमप्रभुको भयानक क्रोध
तिमीहरूमाथि रहेको छ।"
**१२**तब एप्रेमका केही अगुवाहरू, यहोहानानका
छोरा अजर्याह, मशिल्लेमोतका छोरा बेरेक्याह,
शल्लूमका छोरा योहिजक्याह र अद्लैका
छोरा अमासाले लड़ाइँबाट आएकाहरूसित तर्क-
वितर्क गरिरहेका थिए। **१३**तिनीहरूले भने,
"तिमीहरूले यी कैदीहरूलाई यहाँ ल्याउनुहुन्न
नत्रता हामी परमप्रभुको सामुन्ने दोषी हुनेछौं।
के तिमीहरू हाम्रा पाप र दोष थप्न चाहन्छौ?
किनकि हाम्रा अपराध ठूलो छँदैछ र उहाँको
भयानक क्रोध इस्राएलमाथि रहेको छ।"
**१४**यसकारण ती सिपाहीहरूले कैदीहरू र
लूटका माललाई अधिकृतहरू र सारा समुदायको
उपस्थितिमा त्यागिदिए। **१५**नाउँअनुसारका पद
भएका मानिसहरूले कैदीहरूलाई लिए र त्यस
लूटका मालबाट तिनीहरूले नाङ्गाहरूलाई लुगा
लगाइदिए। तिनीहरूले उनीहरूलाई लुगा र
जुत्ता, भोजन र पानी र निको पार्ने मलम
प्रबन्ध गरिदिए। कमजोर जत्तिलाई तिनीहरूले
गधाहरूमाथि चढ़ाए। यसरी तिनीहरूले आफ्नै
जातिहरूलाई यरीहोमा अर्थात् खजूरको शहरमा
लिएर गएर तिनीहरू सामरियामा फर्के।
**१६**त्यस बेला राजा आहाजले अश्शूरका
राजाकहाँ सहायताको निम्ति पठाए।
**१७**एदोमीहरूले फेरि यहूदामाथि आक्रमण गरेर
कैदीहरूलाई लगेका थिए, **१८**जब कि
पलिश्तीहरूले पहाड़हरूमा भएका शहरहरू
र यहूदाको नेगेवमा लूटपिट गरेका थिए।
तिनीहरूले बेथ-शेमेश, अय्यालोन र गदेरोतको
साथमा सोखो, तिम्ना र गिम्जो र तिनीहरूका
चारैतिरका गाउँहरूसमेत कब्जा गरे। **१९**यहूदाका
राजा आहाजको कारणले नै परमप्रभुले यहूदालाई
विनम्र तुल्याउनुभएको थियो, किनकि यहूदामा
तिनले दुष्टता बढ़ाएर तिनी परमप्रभुतर्फ साह्रै
नै विश्वासघाती भएका थिए। **२०**अश्शूरका
राजा तिग्लत-पिलेसेर तिनीकहाँ आए तर
तिनले उनलाई सहायताको साटो दु:ख दिए।
**२१**आहाजले परमप्रभुको मन्दिरबाट, राजमहलबाट
र राजकुमारहरूबाट केही चीजहरू लिएर
ती अश्शूरका राजालाई चढ़ाएका थिए, तर
त्यसबाट तिनलाई केही सहायता भएन।
**२२**विपत्तिको समयमा राजा आहाज
परमप्रभुप्रति अझ बढ़ी अविश्वासी भए। **२३**तिनले
आफूलाई परास्त गर्ने दमस्कसका देवताहरूकहाँ
बलिदानहरू चढ़ाए किनकि तिनले, "अरामका
राजाहरूका देवताहरूले तिनीहरूलाई सघाएको
कारण मैले तिनीहरूकहाँ बलिदान चढ़ाएँ भने
तिनीहरूले मलाई पनि सघाउने छन्" भनी
सोचेका थिए। तर तिनीहरूले तिनको र
सारा इस्राएलको नै पतन ल्याए।
**२४**आहाजले परमेश्वरको मन्दिरबाट
सजाउने सामानहरू बटुलेर ती सबै लगे।
तिनले परमप्रभुको मन्दिरका ढोकाहरू थुनिदिए
र यरूशलेमको शहरको प्रत्येक बाटोको कुनामा
वेदीहरू खड़ा गरे। **२५**यहूदाका प्रत्येक
शहरमा तिनले अरू देवताहरूलाई बलिदानहरू
जलाउने ठाउँहरू निर्माण गरेर परमप्रभु तिनका
पुर्खाहरूका परमेश्वरको क्रोधलाई उस्काए।

---

**२८:१६–२६**–२ राजा १६:७-२०.

**२६**तिनको शासनकालका अरू घटनाहरू
र तिनका सबै चालहरू, शुरूदेखि आखिरसम्म,
यहूदा र इस्राएलका राजाहरूको पुस्तकमा
लेखिएका छन् । **२७**आहाज आफ्ना पुर्खाहरूसित
विश्राममा पसे र यरूशलेमको शहरमा गाड़िए
तर तिनी इस्राएलका राजाहरूका चिहानहरूमा
राखिएनन् । तिनीपछि तिनका छोरा हिजकिया
राजा भए ।

### हिजकियाले मन्दिर शुद्ध पारेका

**२९** राजा हुँदा हिजकिया पच्चीस वर्षका
थिए र तिनले यरूशलेममा उनन्तीस
वर्ष राज्य गरे । तिनकी आमाको नाउँ अबिया
थियो जो जकरियाकी छोरी थिइन् । **२**तिनले
आफ्ना पुर्खा दाऊदले गरेझैं परमप्रभुको दृष्टिमा
जे ठीक थियो त्यही गरे ।

**३**आफ्नो शासनको पहिलो वर्षको पहिलो
महीनामा तिनले परमप्रभुको मन्दिरका
ढोकाहरू खोलेर तिनीहरूलाई मर्मत गरे ।
**४**तिनले पूजाहारी र लेवीहरूलाई भित्र ल्याए,
तिनीहरूलाई पूर्वतिरको चोकमा भेला गराए,
**५**र भने, "हे लेवी हो, मेरा कुरा सुन ! अहिले
आफैहरूलाई पवित्र बनाऊ, र परमप्रभु
तिमीहरूका पुर्खाहरूका परमेश्वरको मन्दिरलाई
पवित्र बनाऊ । पवित्रस्थानबाट सबै अशुद्धताहरू
हटाऊ । **६**हाम्रा पुर्खाहरू अविश्वासी थिए ।
तिनीहरूले परमप्रभु हाम्रा परमेश्वरको दृष्टिमा
दुष्टता गरे र उहाँलाई त्यागे । तिनीहरूले
आफ्ना अनुहार परमप्रभुको वासस्थानदेखि
अर्कैतिर फर्काए । अनि उहाँतिर आफ्ना
पीठचूँ फर्काए । **७**तिनीहरूले दलानका ढोकाहरू
पनि थुने र बत्तीहरू निभाए । तिनीहरूले
इस्राएलका परमेश्वरकहाँ धूप जलाएनन् अथवा
पवित्रस्थानमा होमबलि चढ़ाएनन् । **८**यसकारण
परमप्रभुको क्रोध यहूदा र यरूशलेममाथि खसेको
छ । उहाँले तिमीहरूलाई डर, आतङ्क र ठट्टाको
पात्र बनाउनुभएको छ, जस्तो तिमीहरूले आफ्नै
आँखाले देख्न सक्छौ । **९**यसैकारण हाम्रा पुर्खाहरू
तरवारले ढले र हाम्रा छोराहरू र छोरीहरू र
पत्नीहरू कैदमा छन् । **१०**अब म परमप्रभु
इस्राएलका परमेश्वरसित एउटा करार बाँध्ने
इच्छा गर्छु र उहाँको डरलाग्दो क्रोध हामीबाट
हटोस् । **११**मेरा छोराहरू, अब असावधान नबन,
किनकि परमप्रभुले तिमीहरूलाई उहाँको सामुन्ने
खड़ा भएर उहाँको सेवा गर्नलाई, उहाँको अगाडी
सेवा गर्न र धूप जलाउनलाई चुन्नुभएको छ ।"

**१२**तब लेवीहरूले काम गर्न कम्मर कसे:

कहातीहरूबाट,
अमासैका छोरा महत र अजर्याहका
छोरा योएल,
मरारीहरूबाट,
अब्दीका छोरा कीश र यहललेलका
छोरा अजर्याह;
गेर्शोनीहरूबाट;
जिम्माहका छोरा योआ र योआका
छोरा अदन,
**१३** एलीजापानका सन्तानहरूबाट,
शिम्री र यहीएल;
आसापका सन्तानहरूबाट,
जकरिया र मत्तन्याह;
**१४** हेमानका सन्तानहरूबाट,
यहीएल र शिमी;
यदूतूनका सन्तानहरूबाट,
शमायाह र उज्जीएल ।

**१५**तिनीहरूले आफ्ना दाज्यूभाइहरूलाई भेला
गरेर आफैलाई पवित्र गरिसकेपछि, परमप्रभुको
आज्ञाअनुसार राजाको हुकुम गरेझैं तिनीहरू
परमप्रभुको मन्दिर शुद्ध गर्न भित्र पसे ।
**१६**पूजाहारीहरू पवित्रस्थानलाई शुद्ध गर्न
त्यसभित्र पसे । तिनीहरूले परमप्रभुको भवनभित्र
भेट्टाएका हरेक अशुद्ध कुरो परमप्रभुको भवनबाट
बाहिर आँगनमा ल्याए । लेवीहरूले ती बोकेर
किद्रोनको खोल्सामा लगे । **१७**पहिलो महिनाको
पहिलो दिनमा तिनीहरूले शुद्ध पार्ने काम शुरू
गरे, र आठौं दिनमा तिनीहरू दलानसम्म पुगेका
थिए । अनि अझै आठ दिनसम्म तिनीहरूले

**२८:२७**–यशैया १४:२८. **२९:१-२**–२ राजा १८:१-३.

परमप्रभुको भवन नै पवित्र गरे । पहिलो
महिनाको सोह्रौँ दिनमा तिनीहरूले त्यो काम
सिद्ध्याए ।

**१८**तब तिनीहरू राजा हिजकियाकहाँ गएर
खबर दिए: "हामीले परमप्रभुको सम्पूर्ण भवन
होमबलिको वेदी र त्यसका सबै भाँड़ा-कुँड़ाहरू
र पवित्र रोटी राख्ने मेच र त्यसका सामग्रीहरू
शुद्ध गरेका छौं । **१९**आफू राजा हुँदा राजा
आहजको आफ्नो अविश्वासमा हटाएका सबै
सामग्रीहरू हामीले तयार गरेर शुद्ध पारेका
छौं । ती अब वेदीको सामुन्ने छन् ।"

**२०**भोलिपल्ट बिहानै राजा हिजकियाले
शहरका अधिकृतहरूलाई एकसाथ भेला गरेर
परमप्रभुको मन्दिरमा गए । **२१**तिनीहरूले
राज्यको निम्ति, पवित्रस्थानको निम्ति र यहूदाको
निम्ति पापबलिस्वरूप सातओटा साँढ़ेहरू,
सातओटा साँढ़-भेड़ाहरू, सातओटा थुमाहरू
र सातओटा बोकाहरू ल्याए । राजाले हारूनका
सन्तान पूजाहारीहरूलाई ती परमप्रभुको वेदीमा
चढ़ाउने हुकुम गरे । **२२**यसकारण तिनीहरूले
ती साँढ़ेहरू मारे र पूजाहारीहरूले रगत लिएर
त्यसलाई वेदीमाथि छर्किदिए । अर्को दिन
तिनीहरूले साँढ़-भेड़ा मारे र तिनीहरूका रगत
वेदीमाथि छर्किदिए । त्यसपछि तिनीहरूले
थुमाहरू मारे र तिनीहरूका रगत वेदीमाथि
छर्किदिए । **२३**पापबलिका बोकाहरूचाहिँ राजा
र समुदायको सामुन्ने ल्याइए र तिनीहरूले
आफ्ना हातहरू तीमाथि राखे । **२४**त्यसपछि
पूजाहारीहरूले ती बोकाहरूलाई मारे र सारा
इस्राएलको प्रायश्चितको निम्ति पापबलिस्वरूप
तिनीहरूका रगत वेदीमाथि चढ़ाए किनकि
राजाले इस्राएलको निम्ति होमबलि र पापबलिको
निम्ति हुकुम गरेका थिए ।

**२५**तिनले लेवीहरूलाई दाऊदले र राजाका
दर्शी गादले र अगमवक्ता नातानले तोकिदिएझैं
झ्यालीहरू, वीणाहरू र सितारको साथमा
परमप्रभुको भवनमा राखिदिए । यी कुराहरू
परमप्रभुले आफ्ना अगमवक्ताहरूद्वारा आज्ञा
दिनुभएको थियो । **२६**यसकारण लेवीहरू दाऊदका
बाजाहरू र पूजाहारीहरू आफ्ना तुरहीसित
उभिए ।

**२७**हिजकियाहले होमबलि वेदीमाथि चढ़ाउने
हुकुम दिए । भेटी चढ़ाउने काम शुरु भएपछि
परमप्रभुको निम्ति स्तुति गाउने काम पनि शुरू
भयो । **२८**सारा समुदाय आराधनामा निहुरे,
गायकहरूले गाए र तुरही फूक्नेहरूले तुरही
फुके । होमबलि चढ़ाउने काम समाप्त नभएसम्म
यस्तो भइरह्यो ।

**२९**भेटीहरू चढ़ाइसकिएपछि राजा र
तिनीसित भएका सबै जनाले घुँड़ा टेकेर
आराधना गरे । **३०**राजा हिजकिया र तिनका
अधिकृतहरूले लेवीहरूलाई दाऊदको र दर्शी
आसापका शब्दहरूमा परमप्रभुको प्रशंसा गर्ने
हुकुम गरे । यसकारण तिनीहरूले खुशीसाथ
प्रशंसाका गीत गाए र आफ्ना शिरहरू
निहुराएर आराधना गरे ।

**३१**तब हिजकियाले भने, "तिमीहरूले अब
आफैलाई परमप्रभुकहाँ अर्पण गरेका छौ ।
आऊ, अनि परमप्रभुको भवनमा बलिदानहरू
र धन्यवादका भेटीहरू ल्याऊ र राजीखुशी
हुने सबैले होमबलि ल्याए ।

**३२**समुदायले ल्याएका होमबलिको सङ्ख्या
सत्तरीओटा साँढ़ेहरू, एक सयओटा साँढ़-भेड़ाहरू
र दुई सयओटा थुमाहरू थिए; जुन सबै
परमप्रभुको निम्ति होमबलिस्वरूप थिए ।
**३३**बलिदानको निम्ति अलग गरिएका पशुहरूको
सङ्ख्या छसयओटा साँढ़ेहरू र तीन हजार
भेड़ा-बाख्राहरू थिए । **३४**तरै पनि ती होमबलिका
सबै छालाहरू निकाल्नको निम्ति पूजाहारीहरू
अति कम थिए । यसकारण त्यो काम समाप्त
नभएसम्म र अरू पूजाहारीहरूलाई पवित्र
नपारेसम्म तिनीहरूकै आफन्त लेवीहरूले
तिनीहरूलाई सघाए; किनकि आफैलाई पवित्र
पार्ने काममा पूजाहारीहरूभन्दा लेवीहरू बढ़ी
होशियारी थिए । **३५**होमबलि पर्याप्त मात्रामा
थिए र मेल-बलिको बोसो र होमबलिको साथमा
चढ़ाइने अर्घबलि पनि थिए ।

यसरी परमप्रभुको भवनको सेवा पुनर्स्थापित
गरियो । **३६**परमेश्वरले आफ्ना जातिको निम्ति
गर्नुभएको कामको निम्ति हिजकिया र सबै

मानिसहरूले आनन्द मनाए किनकि यो यति
चाँड़ो गरिएको थियो ।

### हिजकियाले निस्तार-चाड़ मनाएका

३० हिजकियाले सारा इस्राएल र यहूदामा
खबर पठाए अनि एप्रेम र मनश्शेलाई
पनि चिट्ठी लेखे; तिनीहरूलाई परमप्रभु
इस्राएलका परमेश्वरको निम्ति यरूशलेममा
भएको परमप्रभुको भवनमा निस्तार-चाड़
मनाउन आउने निम्तो दिए। २राजा र तिनका
अधिकृतहरू र यरूशलेममा भएको सम्पूर्ण
समुदायले दोस्रो महिनामा निस्तार-चाड़ मनाउने
निश्चय गरे। ३पर्याप्त मात्रामा पूजाहारीहरूले
आफैलाई अर्पण नगरेकाले र मानिसहरू
यरूशलेममा भेला नभएकाले तिनीहरूले त्यसलाई
नियमित समयमा मनाउन सकेका थिएनन् ।
४यो योजना राजालाई र सम्पूर्ण समुदायलाई
उचित लाग्यो । ५तिनीहरूले इस्राएलभरि,
बेर्शेबादेखि दानसम्मैका मानिसहरूलाई परमप्रभु,
इस्राएलका परमेश्वरको निम्ति निस्तार-चाड़
मनाउन यरूशलेममा आउने घोषणा पठाउने
निश्चय गरे । लेखिएअनुसार यसलाई ठूलो
सङ्ख्यामा मनाइएको थिएन ।

६राजाको हुकुममा राजाबाट र तिनका
अधिकृतहरूबाटका पत्रहरू लिएका
सन्देशवाहकहरू इस्राएल र यहूदाभरि पठाइए।
ती पत्रहरूमा यस्तो लेखिएको थियो:

> "इस्राएलका मानिस हो, परमप्रभु,
> अब्राहाम, इसहाक र याकूबका
> परमेश्वरकहाँ फर्केर आओ, र तिमीहरू
> छोड़िएकाहरू र अश्शूरका राजाहरूका
> हातबाट उम्केकाहरूकहाँ उहाँ
> फर्किआऊन् । ७परमप्रभु तिनीहरूका
> पुर्खाहरूका परमेश्वरप्रति विश्वासी
> नभएकाले, तिमीहरूले देखेझैं, उहाँले
> तिनीहरूलाई आतङ्कको पात्र बनाउनुभएका
> तिमीहरूका पिताहरू र दाज्यूभाइहरूजस्ता
> तिमीहरू नहोओ। ८तिमीहरूका पुर्खाहरूझैं
> परमप्रभुप्रति हठी नभएर उहाँकहाँ समर्पण
> गर । उहाँले सधैंको लागि पवित्र
> पार्नुभएको पवित्रस्थानमा आओ। परमप्रभु,
> तिमीहरूका परमेश्वरको सेवा गर ।
> उहाँको भयानक क्रोध तिमीहरूबाट
> हटोस् । ९यदि तिमीहरू परमप्रभुतिर
> फर्क्यौ भने तिमीहरूका दाज्यूभाइहरू
> र तिमीहरूका बालबच्चाहरूले
> तिनीहरूलाई पक्रनेहरूबाट दया पाउनेछन्
> र तिनीहरू यस देशमा फर्केर आउनेछन्,
> किनकि परमप्रभु तिमीहरूका परमेश्वर
> अनुग्रही र दयालु हुनुहुन्छ । तिमीहरू
> उहाँकहाँ फर्क्यौ भने उहाँले तिमीहरूदेखि
> आफ्नो अनुहार फर्काउनुहुनेछैन ।"

१०ती सन्देशवाहकहरू एप्रेम र मनश्शेमा
जबूलूनसम्मै एक शहरदेखि अर्को शहरमा गए,
तर मानिसहरूले तिनीहरूको अनादर गरे र
ठट्टा गरे । ११तरै पनि आशेर, मनश्शे र
जबूलूनका कतिपय मानिसहरूले आफैलाई नम्र
तुल्याएर यरूशलेममा गए । १२यहूदामा पनि
परमप्रभुको वचनअनुसार राजा र तिनका
अधिकृतहरूले दिएका हुकुम पालन गर्नलाई
एकै मनका हुनको निम्ति परमेश्वरका हात
मानिसहरूमाथि थियो ।

१३दोस्रो महिनामा अखमिरी रोटीको चाड़
मनाउनलाई मानिसहरूको एउटा ठूलो भीड़
यरूशलेममा भेला भयो । १४तिनीहरूले
यरूशलेममा भएका वेदीहरू हटाइदिए र धूप
वेदीहरू निकालिदिएर किद्रोनको खोल्सामा
फ्याँकिदिए ।

१५तिनीहरूले दोस्रो महिनाको चौथो दिन
निस्तारको थुमा मारे। पूजाहारीहरू र लेवीहरू
लज्जित भए अनि तिनीहरूले आफैलाई पवित्र
बनाएर परमप्रभुको भवनमा होमबलि ल्याए।
१६तब तिनीहरूले परमेश्वरका जन मोशाको
व्यवस्थामा तोकिएअनुसार आफ्ना नियमित स्थान

---

**३०:२-३**–गन्ती ९:९-११.

लिए र पूजाहारीहरूले, लेवीहरूले तिनीहरूलाई
सुम्पेको रगत छर्के । **१७**त्यस भीड़मा भएका
धेरैले आफैलाई पवित्र नतुल्याएकाले लेवीहरूले
विधिअनुसार शुद्ध नभएको कारण आफ्ना
थुमाहरूलाई परमप्रभुकहाँ अर्पण गर्न
नसकेकाहरूका निम्ति निस्तारका थुमाहरू मार्नु
पऱ्यो । **१८**एप्रेम, मनश्शे, इस्साखार र जबूलूनबाट
आएका धेरै जस्ता मानिसहरूले आफैलाई
शुद्ध नतुल्याएका भए तापनि तिनीहरूले
लेखिएका कुराको विपरीत निस्तारको भोजन
खाए । तर हिजकियाले तिनीहरूका निम्ति यसो
भनेर प्रार्थना गरे, "असल परमेश्वरले ती
हरेकलाई क्षमा गरून्, **१९**जो पवित्रस्थानका
नियमहरूअनुसार शुद्ध नभए तापनि तिनीहरूले
परमप्रभु, तिनीहरूका पुर्खाहरूका परमेश्वरलाई
खोज्नमा आफ्ना हृदय लगाउँछन् ।" **२०**अनि
परमप्रभुले हिजकियाका कुरा सुनेर मानिसहरूलाई
निको बनाउनुभयो ।

**२१**यरूशलेममा उपस्थित रहेका इस्राएलीहरूले
ठूलो रमाहटसित सात दिनसम्म अखमिरी
रोटीको चाड़ मनाए अनि लेवीहरू र
पूजाहारीहरूले प्रत्येक दिन परमप्रभुको प्रशंसाका
बाजाहरूसित परमप्रभुको निम्ति गाए ।

**२२**हिजकियाले परमप्रभुको सेवाको असल
समझशक्ति देखाउने लेवीहरूसित उत्साहपूर्वक
कुराकानी गरे । सात दिनसम्म तिनीहरूले
आफ्ना छुट्याइएका भाग खाए र परमप्रभु,
तिनीहरूका पुर्खाहरूका परमेश्वरकहाँ मेल-
बलि चढ़ाए र उहाँको प्रशंसा गरे ।

**२३**त्यसपछि सारा समुदाय अरू सातदिनसम्म
चाड़ मनाउन सहमत भए । यसकारण
तिनीहरूले अरू सात दिन आनन्दसाथ उत्सव
मनाए । **२४**यहूदाका राजा हिजकियाले समुदायको
निम्ति एक हजारओटा गोरुहरू र सात हजार
भेड़ा-बाख्राहरू दिए र अधिकृतहरूले एक हजार
साँढ़ेहरू र दश हजार भेड़ा-बाख्राहरू बन्दोबस्त
गरिदिए । पूजाहारीहरूको एउटा ठूलो सङ्ख्याले
आफैलाई पवित्र तुल्याए । **२५**पूजाहारीहरू र
लेवीहरू, इस्राएलबाट भेला भएका सबैसित
यहूदाको सारा समुदायले आनन्द मनाए । त्यसमा
इस्राएलबाट आएका र यहूदामा बस्ने परदेशीहरू
पनि सामेल थिए । **२६**इस्राएलका राजा दाऊदका
छोरा सुलेमानको समयदेखि उसो यरूशलेममा
यस्तो नभएको कारण यरूशलेममा ठूलो रमाहट
भयो ।

**२७**पूजाहारीहरू र लेवीहरू मानिसहरूलाई
आशीर्वाद दिनलाई खड़ा भए र परमेश्वरले
तिनीहरूको कुरा सुन्नुभयो, किनकि प्रार्थना
उहाँको वासस्थान स्वर्गसम्मै पुग्यो ।

**३१** यी सबै समाप्त भएपछि त्यहाँ भएका
इस्राएलीहरू यहूदाका शहरहरूमा
निस्केर गए अनि पवित्र ढुङ्गाहरू र अशेराका
खामाहरू भत्काइदिए । तिनीहरूले यहूदाभरि
अनि बेन्यामीन, एप्रेम र मनश्शेमा भएका
अग्ला ठाउँहरू र वेदीहरू नष्ट गरिदिए ।
तिनीहरूले ती नष्ट गरिसकेपछि इस्राएलीहरू
आफ्नै घरहरू र आफ्नै सम्पत्तिहरूतिर फर्के ।

### आराधनाको निम्ति भेटी

**२**हिजकियाहले पूजाहारीहरू र लेवीहरूका
प्रत्येकलाई तिनीहरूका पूजाहारी र लेवीहरूका
कर्तव्यअनुसार होमबलिहरू र मेल-बलि चढ़ाउने,
सेवा, धन्यवाद चढ़ाउने र परमप्रभुको
वासस्थानका मूलढोकाहरूमा प्रशंसाका स्तुतिहरू
गाउने काममा दलदल गरी खटाइदिए ।
**३**राजाले आफ्नै सम्पत्तिबाट परमप्रभुको
व्यवस्थामा लेखिएअनुसार बिहान र बेलुका
होमबलिहरू र विश्राम दिनहरू, औंसीहरू र
तोकिएका चाड़हरूको निम्ति दान दिए ।
**४**पूजाहारीहरू र लेवीहरूले आफैलाई परमप्रभुको
व्यवस्थाको निम्ति अर्पण गर्न सकून् भनेर
राजाले यरूशलेममा बस्ने मानिसहरूलाई
पूजाहारीहरू र लेवीहरूको भाग दिनु भनेर हुकुम
गरे । **५**त्यो हुकुम निस्कनासाथ इस्राएलीहरूले
उदारचित्तले आफ्ना अन्न, नयाँ दाखमद्यको
तेल र मह अनि खेतले उब्जाएका सबै कुराको

---

**३१:३**–गन्ती २८:१-२९:३९. **३१:४-५**–गन्ती १८:१२-१३,२१.

पहिलो फल दिए। तिनीहरूले प्रशस्त मात्रामा
अर्थात् हरेक कुरोको दशांश ल्याए। **६**यहूदाका
शहरहरूमा बस्ने इस्राएलका र यहूदाका
मानिसहरूले पनि आफ्ना बथान र बगालका
दशांश र परमप्रभु तिनीहरूका परमेश्वरकहाँ
अर्पण गरिएका पवित्र चीजहरूको दशांश ल्याए
र तिनीहरूले ती कुराहरूको थुप्रो लगाइदिए।
**७**तिनीहरूले तेस्रो महिनामा यसो गर्न थालेर
सातौँ महीनामा सिध्याए। **८**हिजकिया र तिनका
सबै अधिकृतहरूले आएर त्यो देखेपछि तिनीहरूले
परमप्रभुको प्रशंसा गरे अनि आफ्ना मानिसहरू
इस्राएललाई आशीर्वाद दिए।

**९**हिजकियाले ती थुप्राहरूको विषयमा
पूजाहारीहरू र लेवीहरूलाई सोधे, **१०**र
सादोकको परिवारबाटको प्रधान पूजाहारी
अजर्याहले जवाफ दिए, "मानिसहरूले आफ्ना
भेटीहरू परमप्रभुको मन्दिरमा ल्याउन थालेदेखि
हामीसित खानलाई प्रशस्त र उबार्नलाई प्रशस्त
छन्, किनकि परमप्रभुले उहाँका मानिसहरूलाई
आशिष् दिनुभएको छ र यो ठूलो मात्राचाहिँ
उब्रेको हो।"

**११**हिजकियाले परमप्रभुको मन्दिरमा
भण्डार-कक्षहरू बनाउने हुकुम दिए, र त्यो काम
गरियो। **१२**तब तिनीहरूले विश्वासयोग्यतासाथ
भेटीहरू, दशांशहरू ल्याए र उपहारहरू अर्पण
गरे। यी कुराहरूका अधिपति एक जना लेवी
कोनन्याह थिए र तिनको ठीक मुन्तिरको पदमा
तिनका भाइ शिमी थिए। **१३**राजा हिजकिया र
परमप्रभुको मन्दिरको जिम्मामा रहेका अधिकृत
अजर्याहद्वारा नियुक्त गरिएका यहीएल, अजज्याह,
नहत, असाहेल, यरीमोत, योजाबाद, एलीएल,
यिस्मकयाह, महत र बनायाहहरू कोनन्याह
र तिनका भाइ शिमीका अधीनमा देखरेख
गर्नेहरू थिए।

**१४**पूर्व मूलढोकाका ढोके लेवी यिम्नाका
छोरा कोरे परमेश्वरलाई दिइएका भेटीहरू,
परमप्रभुलाई दिएका भेटीहरू र पवित्र गराइएका
चीजहरू बाँड्ने काममा अधिपति थिए। **१५**अदन,
मिन्यामीन, येशूअ, शमायकाह, अमर्याह र
शकन्याहले तिनीहरूका सँगी पूजाहारीहरूलाई
तिनीहरूका दलअनुसार बूढ़ापाका र
जवानहरू सबैलाई बाँड्दिने काममा तिनलाई
विश्वासयोग्यतासाथ शहरहरूमा सघाउँथे।

**१६**यसबाहेक, तिनीहरूले वंशावलीमा नाउँ
दर्ता भएका तीन वर्ष उमेरका अथवा बढ़ी,
आफ्ना जिम्मेवारी र दलअनुसार तिनीहरूका
विभिन्न कामहरूका जिम्मेवारी दिनहुँ निभाउनलाई
परमप्रभुको मन्दिरभित्र प्रवेश गर्नेहरूलाई
पनि बाँडिदिए। **१७**अनि तिनीहरूले आफ्ना
परिवारहरूका वंशावलीमा नाउँ दर्ता गराइदिएका
र बाईस वर्ष माथिका लेवीहरूलाई तिनीहरूका
जिम्मेवारी र दलअनुसारका पूजाहारीहरूलाई
बाँडिदिन्थे। **१८**तिनीहरूले सबै बालबच्चाहरू,
पत्नीहरू र यी वंशावलीहरूमा सूचित भएका
सम्पूर्ण समाजका छोराछोरीहरूलाई पनि सामेल
गराए। किनकि तिनीहरू आफैलाई पवित्र
पार्नमा विश्वासयोग्य थिए।

**१९**शहरहरूका चारैतिर भएका खेतीका
जमिनहरूमा बस्ने अथवा कुनै शहरमा बस्ने
हारूनका वंशका पूजाहारीहरू, हारूनका
सन्तानहरूका निम्ति चाहिँ तिनीहरूका बीचमा
भएका हरेक पुरुष र लेवीहरूका वंशावलीहरूमा
दर्ताअनुसार सबैका भागहरू दिनको निम्ति
नाउँद्वारा तोकिएका मानिसहरू खटाइएका थिए।

**२०**हिजकियाले यहूदाभरि यसो गरेर परमप्रभु
आफ्ना परमेश्वरको दृष्टिमा जे असल र
ठीक अनि विश्वासयोग्य थियो त्यही गरे।
**२१**परमेश्वरको मन्दिरको सेवामा र व्यवस्था
र आज्ञाहरूका पालनमा तिनले गरेका हरेक
काममा तिनले आफ्ना परमेश्वरलाई खोजे र
सम्पूर्ण हृदयले काम गरे। यसकारण तिनको
उन्नति भयो।

### यरूशलेमप्रति सनहेरीबको धम्की

**३२** हिजकियाले यति विश्वासयोग्यतासाथ
सबै गरेपछि अश्शूरका राजा सनहेरीबले

**३२:१-२२**–२ राजा १८:१३-३७; १९:१४-१९,३५-३७; यशैया ३६:१-२२; ३७:८-३८.

आएर यहूदामाथि आक्रमण गरे । तिनले
सुरक्षित शहरहरूलाई आफ्नो निम्ति जित्ने
विचारले तिनीहरूलाई घेरे । **२**सनहेरीब आएका
र तिनले यरूशलेमसित युद्ध गर्ने विचार
राखेका छन् भनी हिजकियाले सुनेपछि, **३**तिनले
शहरबाहिरका खोलाहरूका मूलहरू बन्द
गरिदिने विषयमा आफ्ना अधिकृतहरू र फौजका
मानिसहरूसित सल्लाह गरे, र तिनीहरूले
उनलाई सघाए । **४**मानिसहरूको एउटा ठूलो
दल भेला भयो र तिनीहरूले देशबाट भएर
जाने सबै खोला-नालाहरू थुनिदिए । तिनीहरूले
भने, "अश्शूरका राजाले आएर किन प्रशस्त
पानी पाऊन् ? **५**तब तिनले कठोर परिश्रमसाथ
पर्खालका भत्किएका भागहरू मर्मत गरे अनि
तीमाथि धरहराहरू निर्माण गरे । तिनले त्यस
पर्खालबाहिर अर्को पर्खाल बनाए र दाऊदको
शहरका छानाहरूलाई बलिया पारे । तिनले
धेरै मात्रामा भालाहरू र तरवारहरू पनि
बनाए ।

**६**तिनले मानिसहरूमाथि फौजी अधिकृतहरू
नियुक्त गरेर तिनीहरूलाई शहरको मूलढोकाको
चोकमा आफ्नो सामुन्ने भेला गरे । अनि यी
शब्दहरूले तिनीहरूलाई उत्साह दिए, "बलिया
र साहसी होऊ । **७**अश्शूरका राजा र तिनीसित
भएको विशाल फौजको कारण नडराऊ किनकि
हामीसित तिनीहरूसित भएका भन्दा बढ़ी शक्ति
छ । **८**तिनीसित त शारीरिक हतियारहरू छन्,
तर हामीसित त हामीलाई सहायता दिने र
हाम्रो युद्ध लड़िदिनुहुने परमप्रभु हाम्रा परमेश्वर
हुनुहुन्छ ।" अनि यहूदाका राजा हिजकियाले
भनेका कुराबाट मानिसहरूले आत्मा-बल पाए ।

**९**त्यसपछि, जब अश्शूरका राजा सनहेरीब
र तिनका सबै दलहरूले लाकीशलाई घेरा
हलिरहेका थिए, तिनले आफ्ना अधिकृतहरूलाई
यहूदाका राजा हिजकिया र त्यहाँ भएका सम्पूर्ण
यहूदावासीहरूको निम्ति यो सन्देशको साथ
यरूशलेममा पठाए:

**१०**"अश्शूरका राजा सनहेरीब यसो
भन्छन्, तिमीहरूले कुन कुरामाथि
भरोसा राखेर आफै यरूशलेमभित्र
घेरिएर बसेका छौ ? **११**हिजकियाले
'परमप्रभु हाम्रा परमेश्वरले हामीलाई
अश्शूरका राजाको हातबाट बचाउनुहुनेछ,'
भन्दा तिनले तिमीहरूलाई भोक र तिर्खाले
मर्नको लागि धोका दिँदैछन् । **१२**के
हिजकिया आफैले पूजा गर्नुपर्छ र यसैमाथि
बलिदानहरू चढ़ाउनुपर्छ' भन्दै देवताका
अग्ला स्थानहरू र वेदीहरू हटाएका
थिएनन् ?

**१३**मैले र मेरा पुर्खाहरूले अरू देशका
मानिसहरूलाई जे गरेका छौं के तिमीहरू
जान्दैनौ ? के ती जातिहरूका देवताहरूले
मेरो हातबाट तिनीहरूको देशलाई
कहिल्यै बचाउन सकेका थिए ? **१४**मेरा
पुर्खाहरूले नाश गरेका जातिहरूका
देवताहरूमध्ये कुन चाहिँले आफ्ना
मनिसहरूलाई मबाट बचाउनसकेका छन्
र ? त्यसोभए कसरी तिमीहरूका देवताले
तिमीहरूलाई मेरो हातबाट छुटाउने छ ?
**१५**अब तिमीहरूलाई धोका दिएर यसरी
भ्रममा पार्न हिजकियालाई नदेऊ ।
तिनीमाथि विश्वास नगर किनकि कुनै
पनि जाति र राज्यका देवताले आफ्नो
जातिलाई मेरो हातबाट अथवा मेरा
पुर्खाहरूका हातबाट बचाउनसकेका
छैनन् । तिमीहरूलाई झन् के छुटाउन
सक्ला र !"

**१६**सनहेरीबका अधिकृतहरूले परमप्रभु
परमेश्वरको र उहाँको दास हिजकियाको
विरुद्धमा अरू कुराहरू पनि बोले । **१७**राजाले
परमप्रभु इस्राएलका परमेश्वरलाई अपमान् गर्दै
यसो भन्दै उहाँको विरोध गरेर पत्र लेखे, "अरू
देशहरूका मानिसहरूका देवताहरूले आफ्ना
मानिसहरूलाई मेरो हातबाट छुटाउन नसकेझैं
हिजकियाका देवताले पनि आफ्ना मानिसहरूलाई
मेरो हातबाट छुटाउने छैन ।" **१८**तब शहरलाई
कब्जा गर्नलाई तिनीहरूले पर्खालमा भएका
यरूशलेमवासीहरूलाई आतङ्कित बनाउन र

तिनीहरूसित डराउन नदिनलाई तिनीहरूलाई
हिब्रूमा हपारे । **१९**यरूशलेमका परमेश्‍वरको
विषयमा तिनीहरूले संसारका अरू जातिहरूका
देवताहरूको विषयमाझैं मानिसहरूका हातका
काम हो भने ।

**२०**राजा हिजकिया र आमोजका छोरा
अगमवक्ता यशैयाले यस विषयमा स्वर्गतिर
पुकारा गरे । **२१**अनि परमप्रभुले एउटा स्वर्गदूत
पठाउनुभयो र तिनले अश्शूरका राजाका
छाउनीमा भएका लड़ाकू मानिसहरू, अगुवाहरू
र अधिकृतहरूको नाउँ निशानै मेटिदिए ।
यसरी तिनी अपमानित भएर आफ्नै देशमा
फर्के । अनि तिनी आफ्नै देवताको मन्दिरमा
गएपछि तिनका आफ्नै छोराहरूमध्ये कसैले
तिनलाई तरवारले छिनाइदिए ।

**२२**यसरी परमप्रभुले हिजकिया र
यरूशलेमवासीहरूलाई अश्शूरका राजा
सनहेरीबको हातबाट र अरू सबैका हातबाट
बचाउनुभयो । उहाँले तिनीहरूलाई चारैतिर
बाट रक्षा गर्नुभयो । **२३**धेरैले परमप्रभुको निम्ति
यरूशलेममा बहुमूल्य उपहारहरू ल्याए । त्यस
समयदेखि उसो तिनलाई सबै जातिहरूले अति
सम्मान गर्न थाले ।

### हिजकियाको अहङ्कार, सफलता र मृत्यु

**२४**ती दिनहरूमा हिजकिया बिरामी भएर
मर्न लागे । तिनले परमप्रभुसित प्रार्थना गरे
जसले तिनलाई जवाफ दिए र एउटा अचम्मको
चिन्ह दिनुभयो । **२५**तर हिजकियाहको हृदय
अहङ्कारी थियो र तिनले आफूमाथि देखाइएको
दयाप्रति कुनै प्रतिक्रिया देखाएनन् । यसकारण
परमप्रभुको क्रोध तिनीमाथि, यहूदामाथि र
यरूशलेममाथि रह्यो । **२६**तब हिजकियाले
आफ्नो हृदयको अहङ्कारको निम्ति पश्‍चात्ताप
गरे जसरी यरूशलेमका मानिसहरूले गरेका
थिए । यसकारण परमप्रभुको क्रोध हिजकियाको
शासनकालमा तिनीहरूमाथि आएन ।

**२७**हिजकियासित धेरै धन-सम्पत्ति र सम्मान
थियो, र तिनले आफ्ना चाँदी र सुनको निम्ति
र आफ्ना बहुमूल्य पत्थरहरू, मसलाहरू,
ढालहरू र सबै किसिमका बहुमूल्य चीजहरूको
निम्ति भण्डारहरू बनाए । **२८**तिनले अन्नको
कटनी, नयाँ दाखमद्य र तेल सुरक्षित राख्ने
घरहरू बनाए, र तिनले विभिन्न किसिमका
जन्तुहरूको निम्ति तबेलाहरू र आफ्ना
बगालहरूको निम्ति गोठहरू पनि बनाए ।
**२९**तिनले गाउँहरू बसाए र धेरै सङ्ख्यामा बगाल
र बथानहरू प्राप्त गरे किनकि परमेश्‍वरले
तिनलाई धेरै धन-सम्पत्ति दिनुभएको थियो ।

**३०**गीहोनको पानीको मूलको माथिल्लो
निकासलाई थुनेर त्यस पानीलाई कुलोद्वारा
दाऊदको शहरको पश्‍चिम भागतिर लैजाने
हिजकिया नै थिए । **३१**तर बेबिलोनका
शासकहरूले त्यस देशमा भएको अचम्मको
चिन्हको विषयमा सोध्न भनी प्रतिनिधिहरू
पठाउँदा परमेश्‍वरले तिनका मनमा रहेका
हरेक कुरा जान्नको लागि परीक्षा गर्नलाई
तिनलाई छोड़िदिनुभयो ।

**३२**हिजकियाका शासनका अरू घटनाहरू
र तिनका भक्तिका कार्यहरू आमोजका
छोरा यशैयाका दर्शनहरूमा यहूदा र इस्राएलका
राजाहरूको पुस्तकमा लेखिएका छन् ।
**३३**हिजकिया आफ्ना पुर्खाहरूसित विश्राममा पसे
र दाऊदका सन्तानहरूका चिहानहरू भएको
डाँड़ामा गाड़िए । तिनको मृत्यु हुँदा सारा
यहूदा र यरूशलेमका मानिसहरूले तिनलाई
सम्मान दिए । अनि तिनीपछि तिनका छोरा
मनश्शे राजा भए ।

### यहूदाका राजा मनश्शे

**३३** राजा हुँदा मनश्शे बाह्र वर्षका थिए र
तिनले यरूशलेममा पचपन्न वर्ष राज्य
गरे । **२**तिनले इस्राएलीहरूको सामुन्ने परमप्रभुले
धपाइदिनुभएका जातिहरूका घिनलाग्दा

---

**३२:२४-२६**–२ राजा २०:१-३,१२-१९; यशैया ३८:१-३; ३९:१-८. **३२:३२-३३**–२ राजा २०:२०-२१.
**३३:१-९**–२ राजा २१:१-९. **३३:२**–यर्मिया १५:४.

रीतिहरूको पछि लागेर परमप्रभुको दृष्टिमा
दुष्टता गरे। ३तिनले आफ्ना पिता हिजकियाले
भत्काएका अग्ला ठाउँहरू फेरि बनाए। तिनले
बालहरूका निम्ति वेदीहरू खड़ा गरे र अशेरा
देवीका खामाहरू बनाए। तिनी तारामण्डलको
अघि निहुरे र तिनीहरूलाई पूजे। ४परमप्रभुले
"मेरो नाउँ यरूशलेममा सदासर्वदा रहनेछ"
भन्नुभएको परमप्रभुको मन्दिरमा वेदीहरू
बनाए। ५परमप्रभुको मन्दिरमा दुवै चोकहरूमा
तिनले तारामण्डलको निम्ति वेदीहरू बनाए।
६तिनले आफ्ना छोराहरूलाई बेन-हिन्नोमको
बेँसीमा आगोमा बलिदान गरे। तिनले मन्त्रतन्त्र,
जोखना हेर्ने काम, बोक्सी-धामी लगाए अनि
माध्यमहरू र भूत-प्रेतहरूसित सल्लाह लिए।
तिनले परमप्रभुको दृष्टिमा अति दुष्टता गरे
अनि उहाँलाई रीस उठाए।

७तिनले आफूले खोपेका आकृतिलाई लिएर
त्यसलाई परमेश्वरको मन्दिरमा राखिदिए,
जसको विषयमा परमेश्वरले दाऊद र तिनका
छोरा सुलेमानलाई यसो भन्नुभएको थियो,
"यस मन्दिरमा अनि मैले इस्राएलका सारा
कुलहरूबाट चुनेका यरूशलेममा म आफ्नो नाउँ
सदाको लागि राख्नेछु। ८अनि मोशाद्वारा
दिइएका व्यवस्थाहरू, आदेशहरू र नियमहरूका
विषयमा मैले तिनीहरूलाई दिएका आज्ञाहरू
होशियारीसाथ पालन गरे भने म इस्राएलीहरूलाई
मैले तिमीहरूका पुर्खाहरूलाई दिएको देशबाट
फेरि धपाउने छैनँ।" ९तर मनश्शेले यहूदा र
यरूशलेमका मानिसहरूलाई बहकाए र
तिनीहरूले परमप्रभुले इस्राएलीहरूका सामुन्ने
नष्ट गर्नुभएका जातिहरूले भन्दा बढ़ी दुष्टता
गरे।

१०परमप्रभु मनश्शे र तिनका मानिसहरूसित
बोल्नुभयो तर तिनीहरूले ध्यानै दिएनन्।
११यसकारण परमप्रभुले तिनीहरूका विरुद्धमा
अश्शूरका राजाका सेनापतिहरू ल्याउनुभयो,
जसले मनश्शेलाई कैदी बनाए, तिनको नाकमा
अङ्कुसे लगाइदिए, तिनलाई काँसाका साङ्लाहरूले
बाँधे र तिनलाई बेबिलोनमा लगे। १२आफ्नो
विपत्तिमा परमप्रभु तिनका परमेश्वरको
निगाह खोजे र आफैलाई तिनका पुर्खाहरूका
परमेश्वरको सामुन्ने दीन तुल्याए। १३अनि
जब तिनले उहाँलाई प्रार्थना गरे, परमप्रभु
तिनको बिन्तीले खुशी हुनुभयो र तिनको
विनय सुन्नुभयो र तिनलाई यरूशलेम र आफ्नो
राज्यमा ल्याउनुभयो। तब मनश्शेले थाहा
पाए कि परमप्रभु नै परमेश्वर हुनुहुन्छ।

१४पछिबाट तिनले बेँसीमा गीहोनको
पश्चिमतिरको दाऊदको शहरको बाहिरी
पर्खाललाई माछा मूलढोकाको प्रवेशद्वारसम्मै
ओफेल डाँड़ालाई फेरो लगाएर पुनर्निर्माण
गरे। तिनले त्यसलाई अझ अग्लो बनाए।
तिनले यहूदाका सबै सुरक्षित शहरहरूमा
सेनापतिहरू राखिदिए।

१५तिनी परदेशी देवताहरूदेखि अलग भए
र तिनले परमप्रभुको मन्दिरबाट आकृतिहरू
हटाइदिए, साथसाथै तिनले डाँड़ाका मन्दिर र
यरूशलेममा तिनले बनाएका वेदीहरू हटाए
र तिनीहरूलाई शहरबाहिर फ्याँकिदिए।
१६त्यसपछि तिनले परमप्रभुको वेदीलाई
पुनर्स्थापित गरे अनि त्यसमाथि मेल-बलि र
धन्यवादीबलि चढ़ाए र यहूदालाई परमप्रभु
इस्राएलका परमेश्वरको सेवा गर्नू भने।
१७तरै पनि मानिसहरूले अग्ला स्थानहरूमा
बलिदान चढ़ाइरहे, तर परमप्रभु तिनीहरूका
परमेश्वरका लागि मात्र।

१८मनश्शेको शासनकालका अरू घटनाहरू
अनि तिनका परमेश्वरलाई तिनले चढ़ाएको
प्रार्थना र परमप्रभु इस्राएलका परमेश्वरको
नाउँमा तिनलाई दर्शीहरूले भनेका कुराहरू
इस्राएलका राजाहरूका पुस्तकहरूमा लेखिएका
छन्। १९तिनको प्रार्थना अनि कसरी तिनको
विनयद्वारा परमेश्वर खुशी हुनभयो अनि तिनले
आफैलाई नम्र बनाउनुअघि तिनका पापहरू,
अविश्वासयोग्यता र तिनले अग्ला स्थानहरू
बनाएर त्यसमा अशेराका खामहरू र मूर्तिहरू

**३३:४**–२ इतिहास ६:६. **३३:७-८**–१ राजा ९:३-५; २ इतिहास ७:१२-१८. **३३:१८-२०**–२ राजा २१:१७-१८.

राखे, यी सबै कुराहरू दर्शीहरूका पुस्तकहरूमा
लेखिएका छन्। **२०**मनश्शे आफ्ना पिताहरूसित
विश्राममा पसे र तिनकै ठाउँमा गाड़िए र
तिनीपछि तिनका छोरा अमोन राजा भए।

### यहूदाका राजा अमोन

**२१**राजा हुँदा आमोन बाईस वर्षका थिए र
तिनले यरूशलेममा दुई वर्ष राज्य गरे। **२२**तिनले
आफ्ना पिता मनश्शेले गरेझैं परमप्रभुको दृष्टिमा
दुष्टता गरे। मनश्शेले बनाएका सबै मूर्तिहरूलाई
अमोनले पूजे र तिनीहरूलाई बलिदान चढ़ाए।
**२३**तर तिनका पिता मनश्शेले परमप्रभुको अघि
आफैलाई दीन तुल्याएझैं तिनले गरेनन्। अमोनले
आफ्नो अपराध अझ धेरै बनाए।

**२४**आमोनका अधिकृतहरूले तिनको विरुद्धमा
षड्यन्त्र गरे र तिनलाई तिनकै महलमा मारे।
**२५**तब इस्राएलका मानिसहरूले अमोनलाई मार्ने
सबैलाई मारे र तिनीहरूले तिनका छोरा
योशियाहलाई तिनको स्थानमा राजा बनाए।

### योशियाहका सुधारहरू

**३४** राजा हुँदा योशियाह आठ वर्षका थिए
र तिनले यरूशलेममा एकतीस वर्ष
राज्य गरे। **२**तिनले परमप्रभुको दृष्टिमा जे
ठीक थियो त्यही गरे, र दाहिने-देब्रेतिर यताउति
नफर्की तिनी आफ्ना पुर्खा दाऊदको चालमा
हिँड़े।

**३**तिनको शासनकालको आठौं वर्षमा आफू
कलिलै हुँदा तिनले आफ्ना पुर्खा दाऊदका
परमेश्वरलाई खोज्न थाले। तिनको बाह्रौं वर्षमा
तिनले यहूदा र यरूशलेमलाई अग्ला ठाउँहरू
अशेरा खामाहरू, खोपेका मूर्तिहरू र ढालेका
मूर्तिहरूबाट शुद्ध गर्न थाले। **४**तिनको निर्देशनमा
बालदेवताका वेदीहरू भत्काइए। तिनले तीमाथि
भएका धूप-वेदीहरूलाई टुक्रा-टुक्रा पारी
आकृतिहरूलाई धूलो-पीठो बनाइदिए। तिनले
ती कुराहरूलाई धूलो-पीठो बनाएर तिनीहरूकहाँ
बलिदान चढ़ाउनेहरूका चिहानहरूमाथि
छरिदिए। **५**तिनले पूजाहारीहरूका हड्डीहरूलाई
तिनीहरूका वेदीहरूमाथि जलाइदिए र यसरी
तिनले यहूदा र यरूशलेमलाई शुद्ध गरे।
**६**मनश्शे, एप्रेम र शिमीयोनका शहरहरूमा
नप्तालीसम्मै र तिनीहरूका चारैतिरका
भग्नावशेषहरूमा तिनले वेदीहरू र अशेराका
खामाहरू भत्काइदिए। **७**अनि मूर्तिहरूलाई टुक्रा-
टुक्रा पारेर धूलो-पीठो बनाइदिए र इस्राएलभरि
धूपका सबै वेदीहरू टुक्रा-टुक्रा पारेर
काटिदिए। तब तिनी यरूशलेममा फर्के।

**८**योशियाहको शासनकालको अठाह्रौं वर्षमा
तिनले देश र यरूशलेमलाई शुद्ध गर्न भनी
असल्याहका छोरा शापान र शहरका शासक
मासेयाहलाई योआहाजका छोरा प्रलेखक
योआसित परमप्रभु तिनका परमेश्वरको मन्दिर
मर्मत गर्न भनी पठाइदिए।

**९**तिनीहरू प्रधान पूजाहारी हिल्कियाहकहाँ
गएर द्वारपाल लेवीहरूले मनश्शे, एप्रेम र
इस्राएलका बाँकी रहेका सबैबाट अनि
यहूदाका र बेन्यामीनका मानिसहरूबाट र
यरूशलेमवासीहरूबाट उठाएर परमेश्वरको
मन्दिरमा ल्याइएको पैसा तिनलाई दिए। **१०**तब
तिनीहरूले त्यो परमप्रभुको मन्दिरमा भइरहेका
कामको जिम्मामा नियुक्त गरिएका मानिसहरूलाई
दिए। यी मानिसहरूले मन्दिर मर्मत गर्ने र
पुनर्स्थापन गर्ने कर्मचारीहरूलाई तिरिदिए।
**११**तिनीहरूले यहूदाका राजाहरूले भत्किनदिएका
भवनहरूका दलिन र थाम्ने काठको निम्ति
काटेका ढुङ्गाहरू र काठहरू किन्नलाई सिकर्मी
र डकर्मीहरूलाई पनि पैसा दिए।

**१२**ती मानिसहरूले विश्वासयोग्यतासाथ
काम गरे। तिनीहरूलाई निर्देशन दिनलाई
तिनीहरूमाथि मरारी र जकरियाका सन्तान
लेवीहरू यहत र ओबदिया अनि कहातका
सन्तान मशुल्लाम थिए। वाद्ययन्त्रमा निपूण
लेवीहरूसित, **१३**मजदूरहरूको जिम्मा थियो र

---

**३३:२१–२५**–२ राजा २१:१९-२६. **३४:१**–यर्मिया ३:६. **३४:१–२**–२ राजा २२:१-२. **३४:४**–२ राजा २१:३; २ इतिहास ३३:३. **३४:५**–१ राजा १३:२. **३४:८–२८**–२ राजा २२:३-२०.

तिनीहरूले सबै कर्मचारीहरूको प्रत्येक काम
देखरेख गर्थे। केही लेवीहरू सचिव, शास्त्रीहरू
र द्वारपालहरू थिए।

**व्यवस्थाको पुस्तक पाइएको**

**१४**तिनीहरूले परमप्रभुको मन्दिरमा लगिएको
पैसा ल्याइरहेको बेला पूजाहारी हिल्कियाहले
परमप्रभुको व्यवस्थाको पुस्तक भेट्टाए जुन
मोशाद्वारा दिइएको थियो। **१५**हिल्कियाहले सचिव
शापानलाई भने, "मैले परमप्रभुको भवनमा
व्यवस्थाको पुस्तक भेट्टाएको छु।" तिनले त्यो
शापानलाई दिए।

**१६**तब शापानले त्यो पुस्तक राजाकहाँ
लगे अनि तिनलाई खबर दिए, "तपाईंका
कर्मचारीहरूले तिनीहरूलाई जिम्मा दिएअनुसार
हरेक कुरो गरिरहेका छन्। **१७**तिनीहरूले
परमप्रभुको मन्दिरमा भएको पैसा तिरिदिएका
छन् र त्यसलाई कामदारीहरू र कर्मचारीहरूको
जिम्मामा दिइसकेका छन्।" **१८**त्यसपछि,
"सचिव हिल्कियाहले मलाई एउटा पुस्तक दिएका
छन्।" अनि शापानले त्यसलाई राजाको
उपस्थितिमा पढ़े।

**१९**व्यवस्थाका कुराहरू सुनेपछि राजाले
आफ्नो वस्त्र च्याते। **२०**तिनले हिल्कियाह,
शापानका छोरा अहीकाम, मीकाका छोरा
अब्दोन, सचिव शापान र राजाका सेवक
असायाहलाई यी हुकुमहरू दिए, **२१**"जाऊ अनि
प्राप्त भएको यस पुस्तकमा के लेखिएको छ
भनी मेरो निम्ति र इस्राएल अनि यहूदाका
बाँकी रहेकाहरूको निम्ति परमप्रभुकहाँ सल्लाह
लेऊ। हाम्रा पुर्खाहरूले परमप्रभुको वचन
पालन नगरेकाले र तिनीहरूले यस पुस्तकमा
लेखिएअनुसार नगरेकाले हामीमाथि पोखाईएको
परमप्रभुको क्रोध ठूलो छ।"

**२२**हिल्कियाह र राजाले तिनीसित
पठाएकाहरू अगमवादिनी हुल्दाकहाँ कुरा गर्न
गए, जो वस्त्रहरूको देखरेख गर्ने हसराका नाति
तोखतका छोरा शल्लूमकी पत्नी थिइन्। उनी
यरूशलेमको दोस्रो जिल्लामा बस्थिन्।

**२३**यसले तिनीहरूलाई भनिन्, "परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, तँलाई
मकहाँ पठाउने मानिसलाई भन्, **२४**परमप्रभु
यसो भन्नुहुन्छ: 'म यस ठाउँ र यसका
मानिसहरूमाथि विपत्ति, अर्थात् यहूदाको राजाको
सामुन्ने यस पुस्तकबाट पढ़िएका श्रापहरू
ल्याउनेछु। **२५**तिनीहरूले मलाई त्यागेका छन्,
अनि अरू देवताहरूलाई धूप बालेका छन् र
तिनीहरूका हातले बनाएका सबै कुराहरूले
मलाई रीस उठाएको कारण यस ठाउँमा मेरो
क्रोध खन्याइनेछ र त्यो शान्त हुनेछैन।'
**२६**परमप्रभुकहाँ सोध्न भनी तँलाई पठाउने
यहूदाका राजालाई भन्, 'तैंले सुनेका वचनहरूको
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
**२७**तेरो हृदयले मेरा कुरा सुनेकोले र यस ठाउँ
र यसका मानिसहरूको विरुद्धमा त्यसले भनेको
सुनेर तैंले आफैलाई परमेश्वरको सामुन्ने नम्र
तुल्याएको कारण र तैंले मेरो सामुन्ने आफैलाई
नम्र तुल्याएर आफ्नो वस्त्र च्यातीकन मेरो अघि
रोएको कारण मैले तेरो पुकारा सुनेको छु
भनी परमप्रभु घोषणा गर्नुहुन्छ। **२८**अब म
तँलाई तेरा पुर्खाहरूकहाँ भेला गराउनेछु र तँ
शान्तिमा गाड़िनेछस्। तेरा आँखाले मैले यस
ठाउँमा र यहाँ बस्नेहरूमा ल्याउने विपत्ति
देख्नेछैन।'"

यसकारण तिनीहरूले यसको जवाफ
राजाकहाँ लगे।

**२९**तब राजाले यहूदा र यरूशलेमका
सबै धर्म-गुरुहरूलाई बोलाए। **३०**तिनी
यहूदाका मानिसहरू, यरूशलेमका मानिसहरू,
पूजाहारीहरू र लेवीहरू, सानादेखि ठूलासम्म
मानिसहरूसित परमप्रभुको भवनमा उक्लेर
गए। परमप्रभुको मन्दिरमा भेट्टाइएको करारको
पुस्तकमा सबै वचनहरू तिनीहरूले सुन्ने
गरी तिनले पढ़े। **३१**राजा आफ्नो खामाको
छेउमा खड़ा भए र परमप्रभुलाई पछ्याउने र
उहाँका आज्ञाहरू, नियमहरू र आदेशहरू
आफ्ना सारा हृदय र प्राणले पालन गर्ने अनि
त्यस पुस्तकमा लेखिएका करारका वचनहरू
पालन गर्ने करारलाई नयाँ गरी बाँधे।

**३२**तब तिनले यरूशलेम र बेन्यामीनमा

भएको हरेकलाई आ-आफैले त्यसमाथि प्रतिज्ञा गराए। यरूशलेमका मानिसहरूले परमेश्वर, अर्थात् तिनीहरूका पुर्खाहरूका परमेश्वरको करारअनुसार गरे।
**३३**योशियाहले सबै घृणित मूर्तिहरूलाई इस्राएलका सबै प्रान्तहरूबाट हटाए र तिनले इस्राएलमा उपस्थित रहेका सबैलाई परमप्रभु तिनीहरूका परमेश्वरको सेवा गर्न लगाए। तिनी बाँचेसम्म तिनीहरूले कहिल्यै पनि परमप्रभु तिनीहरूका पुर्खाहरूका परमेश्वरलाई पछ्याउन छाड़ेनन्।

### योशियाहले निस्तार-चाड़ मनाएका

**३५** योशियाहले यरूशलेममा परमप्रभुकहाँ
निस्तार-चाड़ मनाए र पहिलो महीनाको
चौधौं दिन निस्तारको थुमा मारियो। **२**तिनले
पूजाहारीहरूलाई तिनीहरूका काममा नियुक्त
गरेर तिनीहरूलाई परमप्रभुको भवनको सेवामा
उत्साहित तुल्याए। **३**तिनले इस्राएललाई सिकाउने
र परमप्रभुकहाँ पवित्र पारिएका लेवीहरूलाई
भनेः "पवित्र सन्दूकलाई इस्राएलका राजा
दाऊदका छोरा सुलेमानले बनाएको मन्दिरमा
राख्नू। यसलाई तिमीहरूका काँधमा राखेर
यताउता नलैजानू। अब परमप्रभु तिमीहरूका
परमेश्वर र इस्राएलका मानिसहरूको सेवा
गर्नू। **४**इस्राएलका मानिसहरू र तिनका छोरा
सुलेमानले लेखेका निर्देशनअनुसार तिमीहरूका
दलमा रहेका परिवार-परिवार गरी आफैलाई
तयार बनाउनू।
**५**"तिमीहरूका सँगी दाज्यूभाइ, साधारण
मानिसहरूका साना-साना प्रत्येक दलको निम्ति
लेवीहरूका एक झुण्डसित पवित्रस्थानमा
उभिनू। **६**परमप्रभुले मोशाद्वारा आज्ञा
दिनुभएअनुसार निस्तारको थुमालाई मार्नू,
आफैलाई पवित्र बनाउनू र तिमीहरूका सँगी
देशवासीहरूको निम्ति थुमाहरू तयार पार्नू।"
**७**योशियाहले त्यहाँ भएका सबै साधारण
मानिसहरूको निम्ति निस्तारको बलिदानको
लागि जम्मा तीस हजार भेड़ा-बाख्राहरू र तीन
हजार पशुहरू सबै राजाकै सम्पत्तिबाट प्रबन्ध
गरिदिए।
**८**तिनका अधिकृतहरूले पनि मानिसहरू,
पूजाहारीहरू र लेवीहरूलाई स्वेच्छापूर्वक
उपहार दिए। परमेश्वरको भवनका प्रशासकहरू
हिल्कियाह, जकरिया र यहीएलले पूजाहारीहरूलाई
छब्बीस सयओटा निस्तार-भेटी र तीन सय
पशुहरू दिए। **९**कोनन्याह र तिनका भाइहरू
शमायाह र नतनेल अनि लेवीहरूका अगुवाहरू
हशब्याह, यहीएल र योजाबादले लेवीहरूका
निम्ति पाँच हजार निस्तार-भेटी र पाँच सय
पशुहरू प्रबन्ध गरिदिए।
**१०**सेवा आयोजन गरियो र राजाले
हुकुम गरेझैं पूजाहारीहरू दल-दलमा रहेका
लेवीहरूसित खड़ा भए। **११**निस्तारका थुमाहरू
मारिए र पूजाहारीहरूले तिनीहरूलाई दिइएको
रगत छर्के र लेवीहरूले पशुहरूका छाला
काड़े। **१२**मोशाको पुस्तकमा लेखिएझैं तिनीहरूले
परमप्रभुकहाँ चढ़ाउनलाई मानिसहरूका
परिवारहरूका स-साना दलहरूलाई दिन भनी
होमबलिहरू अलग गरे। तिनीहरूले गोरुहरूलाई
पनि त्यसै गरे। **१३**तिनीहरूले निस्तारका
पशुहरूलाई विधिअनुसार आगोमा पोले र पवित्र
दानहरूलाई भाँड़ाहरू, कराहीहरू, ताप्केहरूमा
उमाले र सबै मानिसहरूलाई छिटो-छिटो
गरी दिए। **१४**त्यसपछि तिनीहरूले आफ्नै निम्ति
र पूजाहारीहरूको निम्ति तयारी गरे, किनकि
हारूनका सन्तान पूजाहारीहरू रात परेसम्म
होमबलि र बोसोको भाग चढ़ाइरहेका थिए।
यसरी लेवीहरूले आफ्नै निम्ति र हारूनवंशी
पूजाहारीहरूको निम्ति तयारी गरे।
**१५**आसापका सन्तान सङ्गीतकारहरू दाऊद,
आसाप, हेमान र राजाका दर्शी यदूतूनले
तोकिदिएका ठाउँहरूमा थिए। प्रत्येक मूलढोका
द्वारपालहरूले आफ्नो ठाउँ छोड्ने आवश्यकता

---

**३४:३१–३३**–२ राजा २३:१-२०. **३५:१–१९**–२ राजा २३:२१-२३. **३५:४**–२ इतिहास ८:१४.
**३५:१३**–प्रस्थान १२:८-९. **३५:१५**–१ इतिहास २५:१.

परेन किनकि तिनीहरूको निम्ति तिनीहरूका
सँगी-लेवीहरूले नै तयार गरिदिएका थिए ।
**१६**यसकारण राजा योशियाहले हुकुम दिएझैं,
निस्तार-चाड़ मनाउनको लागि र परमप्रभुको
वेदीमा होमबलि चढ़ाउनलाई परमप्रभुको सम्पूर्ण
सेवा सम्पन्न गरियो । **१७**उपस्थित भएका
इस्राएलीहरूले त्यस बेला निस्तार-चाड़ मनाए
र सात दिनसम्म अखमिरी रोटीको चाड़
मनाए । **१८**अगमवक्ता शमूएलको समयदेखि
उसो इस्राएलमा यस्तो किसिमको निस्तार-चाड़
मनाइएको थिएन र योशियाहले पूजाहारीहरूसित,
लेवीहरूसित र यरूशलेमवासीहरूसित हुने सबै
यहूदा र इस्राएलका कुनै राजाले पनि कहिल्यै
मनाएका थिएनन् । **१९**यो निस्तार-चाड़
योशियाहले शासनकालको अठारौं वर्षमा
मनाइएका थिए ।

### योशियाहको मृत्यु

**२०**यी सबै भएपछि योशियाहले मन्दिरको
व्यवस्था मिलाइसक्दा मिश्रदेशको राजा नेको
युफ्रेटिसमा भएको कर्कमीशमा उक्लेर आए, र
योशियाह तिनलाई युद्धमा भेट्न निस्केर गए ।
**२१**तर नेकोले तिनीकहाँ दूतहरू पठाएर भने,
"हे यहूदाका राजा, तपाईं र मेरो केको झगड़ा
छ र ? अहिले मैले आक्रमण गरिरहेको
तपाईंमाथि होइन तर म युद्धमा रहेको
घरानामाथि मात्र । परमेश्वरले मलाई चाँड़ो
गर्नु भन्नुभएको छ, यसकारण मसित भएका
परमेश्वरको विरोध गर्न छोड्नुहोस्, नत्रता
उहाँले तपाईंलाई नाश गर्नुहुनेछ ।"
**२२**तरै पनि योशियाह तिनीदेखि हटेर गएनन्
तर तिनलाई लड़ाइँ गर्न लाउनको निम्ति आफ्नो
भेष बद्ली गरे । नेकोले परमेश्वरको हुकूममा
गरेका भनी तिनले ध्यानै दिएनन्, तर तिनीहरूसित
लड़ाइँ गर्न भनी मगिद्दोको मैदानमा गए ।
**२३**धनुर्धारीहरूले योहियाहलाई काँड़ले हाने
अनि तिनले आफ्ना अधिकृतहरूलाई "मलाई
लैजाऊ; मलाई ठूलो चोट लागेको छ" भने ।
**२४**यसकारण उनीहरूले तिनलाई आफ्नो र
थबाट निकालेर तिनीसित भएको अर्को रथमा
हालेर यरूशलेममा ल्याए जहाँ तिनी मरे ।
तिनी आफ्ना पुर्खाहरूका चिहानहरूमा गाड़िए
अनि सारा यहूदा र यरूशलेमले तिनको निम्ति
शोक गरे ।
**२५**यर्मियाले योशियाहको निम्ति विलाप-
गीतहरू रचे र आजको दिनसम्मै पुरुष र स्त्री
गायक-गायिकाहरूले तिनको स्मृतिमा विलाप
गीत गाउँछन् । इस्राएलमा यो एउटा परम्परानै
भयो र यी विलापको पुस्तकमा लेखिएका
छन् ।
**२६**योशियाहको शासनकालका अरू घटनाहरू
र परमप्रभुको व्यवस्थामा लेखिएअनुसार तिनका
भक्तिका कामहरू, **२७**शुरूदेखि आखिरसम्मका
सबै घटनाहरू इस्राएल र यहूदाका राजाहरूको
पुस्तकमा लेखिएका छन् ।

**३६** अनि देशवासीहरूले योशियाहका छोरा
यहोआहाजलाई लिएर तिनका पिताको
ठाउँमा तिनलाई यरूशलेममा राजा बनाए ।

### यहूदाका राजा यहोआहाज

**२**राजा हुँदा यहोआहाज तेईस वर्षका थिए
र तिनले यरूशलेममा तीन महिना राज्य
गरे । **३**मिश्रदेशका राजाले तिनलाई पदच्यूत
गरे र यहूदामाथि एक सय तोड़ा चाँदी र एक
तोड़ा सुनको कर लगाइदिए । **४**मिश्रदेशका
राजाले यहोआहाजका भाइ एल्याकीमलाई यहूदा
र यरूशलेममाथि राजा बनाए र एल्याकीमको
नाउँ बद्ली गरेर यहोयाकीम राखिदिए । तर
नेकोले एल्याकीमका दाज्यू यहोआहाजलाई लिएर
मिश्र देशमा गए ।

### यहूदाका राजा यहोयाकीम

**५**राजा हुँदा यहोयाकीम पच्चीस वर्षका
थिए र तिनले यरूशलेममा एघार वर्ष राज्य
गरे । तिनले परमप्रभु आफ्ना परमेश्वरको
दृष्टिमा दुष्टता गरे । **६**बेबिलोनका राजा

---

**३५:१७**–प्रस्थान १२:१-२०. **३५:२०-२६**–२ राजा २३:२८-३७. **३६:१-४**–२ राजा २३:३०-३४.

नबूकदनेसरले तिनीमाथि आक्रमण गरेर तिनलाई
बेबिलोनमा लैजानलाई काँसाका साङ्लाहरूले
बाँधे । **७**नबूकदनेसरले परमप्रभुको मन्दिरबाट
पनि सामग्रीहरू लगेर तिनीहरूलाई त्यहाँ आफ्नै
मन्दिरमा राखे ।

**८**यहोयाकीमको शासनकालका अरू
घटनाहरू, तिनले गरेका घिनलाग्दा कुराहरू
र तिनका विरुद्धमा पाइने सबै कुराहरू इस्राएल
र यहूदाका राजाहरूको पुस्तकमा लेखिएका
छन् । अनि तिनीपछि तिनका छोरा यहोयाकीन
राजा भए ।

### यहूदाका राजा यहोयाकीन

**९**राजा हुँदा यहोयाकीन अठार वर्षका थिए
र तिनले यरूशलेममा तीन महिना दश दिन
राज्य गरे । तिनले परमप्रभुको दृष्टिमा दुष्टता
गरे । **१०**बसन्त ऋतुमा राजा नबूकदनेसरले
तिनलाई लिन पठाए र तिनलाई परमप्रभुको
मन्दिरका बहुमूल्य चीजहरूको साथमा बेबिलोनमा
ल्याए, र यहोयाकीमका काका सिदकियाहलाई
यहूदा र यरूशलेममाथि राजा तुल्याए ।

### यहूदाका राजा सिदकियाह

**११**राजा हुँदा सिदकियाह एक्काईस वर्षका
थिए र तिनले यरूशलेममा एघार वर्ष राज्य
गरे । **१२**तिनले परमप्रभु आफ्ना परमेश्वरको
दृष्टिमा दुष्टता गरेर परमप्रभुको वचन बोल्ने
अगमवक्ता यर्मियाको अघि आफैलाई नम्र
तुल्याएनन् । **१३**तिनी आफूलाई परमेश्वरको
नाउँमा एउटा शपथ खान लाउने राजा
नबूकदनेसरको विरुद्धमा बागी भए । तिनी
अट्टेरी भए र आफ्नो हृदय कठोर बनाएर
परमप्रभु इस्राएलका परमेश्वरतिर फर्केनन् ।
**१४**अझ बढ़ी, पूजाहारीहरू र मानिसहरूका
सबै अगुवाहरू झन् अविश्वासी भए र सबै
जातिहरूका घिनलाग्दा रीतिहरूका पछि लागेर
परमप्रभुले यरूशलेममा पवित्र गर्नुभएको उहाँको
मन्दिरलाई अशुद्ध पारे ।

### यरूशलेमको पतन

**१५**आफ्नो जाति र आफ्नो वासस्थानप्रति
टिठाउनुभएको कारण परमप्रभु तिनीहरूका
पुर्खाहरूका परमेश्वरले तिनीहरूलाई आफ्ना
दूतहरूद्वारा घरीघरी वचन पठाउनुभयो । **१६**तर
परमप्रभुको क्रोध उहाँका मानिसहरूमाथि
नपरुञ्जेल तिनीहरूले उहाँका दूतहरूलाई
हँस्सी-ठट्टा गर्न, उहाँका वचनहरूको निन्दा
गर्न र उहाँका अगमवक्ताहरूको गिल्ला
गर्न छोडेनन् । अनि त्यो शान्त हुनै सकेन ।
**१७**उहाँले तिनीहरूका विरुद्धमा बेबिलोनका
राजालाई उठाएर ल्याउनुभयो, जसले
तिनीहरूका जवान मानिसहरूलाई पवित्र
स्थानमा तरवारले मारे र जवान पुरुष
अथवा जवान स्त्री अथवा वृद्ध मानिस र
उमेर धेरै भएकाहरू कसैलाई पनि बाँकी
राखेनन् । परमेश्वरले तिनीहरू सबैलाई
नबूकदनेसरकहाँ सुम्पिदिनुभयो । **१८**तिनले
परमेश्वरको भवनबाट ठूला र साना दुवै
गरी सबै सामग्रीहरू, र परमप्रभुको भवनका
कोषहरू र राजा अनि तिनका अधिकृतहरूका
कोषहरू बेबिलोनमा लगे । **१९**तिनीहरूले
परमेश्वरको भवनमा आगो लगाइदिए र
यरूशलेमको पर्खाल भत्काइदिए । तिनीहरूले
सबै महलहरू र त्यहाँ भएका हरेक मूल्यवान्
चीजहरू जलाइदिए ।

**२०**तरवारबाट बाँचेका बाँकी भागलाई तिनले
कैदी बनाएर बेबिलोनमा लगे र फारसको
राज्य सामर्थमा नआएसम्म तिनीहरू, तिनी र
तिनका छोराहरूका चाकरहरू भएर बसे ।
**२१**यर्मियाद्वारा बोलिएको परमप्रभुको वचन

---

**३६:४**–यर्मिया २२:११-१२. **३६:५**–यर्मिया २२:१८-१९; २६:१-६; ३५:१-१९. **३५:५–८**–२ राजा २३:३६-२४:७.
**३६:१०**–यर्मिया २२:२४-३०; २४:१-१०; २९:१-२; ३७:१; इजकिएल १७:१२,१३. **३६:११**–यर्मिया २७:१-२२;
२८:१-१७. **३६:११–१२**–२ राजा २४:१८-२०; यर्मिया ५२:१-३. **३६:१३**–इजकिएल १७:१५.
**३६:१३–२१**–२ राजा २५:१-२१; यर्मिया ५२:३-११. **३६:१७**–यर्मिया २१:१-१०; ३४:१-५.
**३६:२१**–यर्मिया २५:११; २९:१०.

पूरा हुनलाई सत्तरी वर्ष नबितेसम्म उजाड़ अवस्थामा रहून्जेल देशले आफ्ना विश्राम-दिनहरू मनाइरह्यो ।

**२२**फारसका राजा कोरेसको पहिलो वर्षमा यर्मियाद्वारा बोलिएको परमप्रभुको वचन पूरा हुनालाई परमप्रभुले आफ्नो राज्यभरि एउटा घोषणा गरेर त्यसलाई लेखेर दिनको लागि फारसको राजा कोरेसको हृदयलाई उस्काउनुभयो:

**२३**"फारसका राजा कोरेस यसो भन्छन्: 'परमप्रभु स्वर्गका परमेश्वरले मलाई संसारका सबै राज्यहरू दिनुभएको छ र उहाँले मलाई उहाँको निम्ति यहूदाको यरूशलेममा एउटा मन्दिर बनाउनलाई नियुक्त गर्नुभएको छ। तिमीहरूमध्ये उहाँको हरेक मानिससित परमप्रभु उसको परमेश्वर ऊसित रहून् र त्यसलाई माथि जान देऊन् ।'"

---

**३६:२२-२३**–एज्रा १:१-४. **३६:२३**–यशैया ४४:२८.

# एज्रा

## निष्कासितहरूलाई स्वदेश फर्कन कोरेस राजाको सहायता

१ फारसका राजा कोरेसको पहिलो वर्षमा, यर्मियाद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा गर्न, परमप्रभुले फारसको राजा कोरेसको हृदयमा काम गर्नुभयो, र तिनले आफ्नो राज्यभरि एउटा घोषणा गरे जसलाई लिखित रूपमा पनि निकाले:

**२**"फारसका राजा कोरेस यसो भन्दछन्:
"'परमप्रभु, स्वर्गका परमेश्वरले, मलाई पृथ्वीका सबै राज्यहरू दिनुभएको छ, अनि उहाँले यहूदाको यरूशलेममा एउटा मन्दिर निर्माण गर्न मलाई नियुक्त गर्नुभएको छ।
**३**तिमीहरूमध्ये जो उहाँको प्रजा हौ– उनीसित तिम्रा परमेश्वर होऊन्, अनि तिनी यहूदाको यरूशलेममा जाऊन्, र परमप्रभुको निम्ति, इस्राएलका परमेश्वर, जो यरूशलेममा हुनुहुन्छ, एउटा मन्दिर निर्माण गरून्।
**४**अनि हरेक ठाउँका मानिसहरू जहाँ अहिलेसम्म बाँचिराखेका छन्, सबैले यरुशलेममा परमेश्वरको मन्दिरको निम्ति त्यसलाई सुन अनि चाँदी, धन-सम्पत्ति र गाईबस्तुहरू साथै स्वेच्छा भेटीहरू देऊन्।'"

**५**त्यसपछि यरूशलेममा परमप्रभुको भवन निर्माण गर्न यहूदा र बेन्यामीनका घरानाका मुख्य मानिसहरू, अनि पूहाजारीहरू र लेवीहरू– हरेक जसका हृदयमा परमेश्वरले काम गर्नुभयो– जानलाई तयार भए।
**६**सबै स्वेच्छा भेटीहरूबाहेक सुन र चाँदी, धन-सम्पत्ति र गाईबस्तुहरू, अनि बहुमूल्य सामानहरू दिएर उनीहरूका छिमेकीहरूले सहायता गरे।
**७**त्यसबाहेक, नबूकदनेसरले यरूशलेमबाट लगेर आफ्नो देवताको मन्दिरमा राखेका परमप्रभुको भवनका भाड़ाहरू पनि कोरेस राजाले निकालेर ल्याए।
**८**फारसका कोरेस राजाले कोषाध्यक्ष मित्रेताद्वारा ती चीजहरू ल्याए, जसले यहूदाको राजकुमार शेशबस्सरलाई ती चीजहरूका तालिका बनाइ गन्ती गरिदिए।
**९**चीजहरूका तालिका यही थियो:

| | | |
|---|---|---|
| | सुनका थालहरू | तीसओटा |
| | चाँदीका थालहरू | एक हजारओटा |
| | चाँदीका ताप्केहरू | उनन्तीसओटा |
| **१०** | सुनका कचौराहरू | तीसओटा |
| | विभिन्न किसिमका चाँदीका कचौराहरू | चारसय दसओटा |
| | अन्य भाँड़ाहरू | एक हजारओटा। |

**११**सुन र चाँदीका भाँड़ाहरू सबै गरी जम्मा, पाँच हजार चार सयओटा थिए। बेबिलोनबाट यरूशलेम फर्कंदा निष्कासितहरूसित शेशबस्सरले ती सबै ल्याए।

## फर्किआएका निष्कासितहरूका सूची

२ अब राज्यका यी मानिसहरू जो निष्कासनको कैदबाट निस्केर आएका थिए, र जसलाई नबूकदनेसरले बेबिलोनमा कैद गरी लगेका थिए (तिनीहरू यरूशलेम र यहूदामा हरेक आ-आफ्नो शहरमा फर्किए,
**२**तिनीहरू यरुबाबेल, येशूअ, नहेम्याह, सरायाह, रेलयाह, मोर्दकै, बिल्शान, मिस्पार, बिग्वै, रेहूम अनि बानाहाको नेतृत्वमा फर्के):

इस्राएलका बासिन्दाका पुरुषहरूको नामावली:

**३** परोशका सन्तान दुई हजार एक

**१:१**–यर्मिया २५:११; २९:१०. **१:२**–यशैया ४४:२८. **२:१-७०**–नहेम्याह ७:४-७३.

सय बहत्तर
४ शपत्याहका सन्तान तीन सय बहत्तर
५ आराका सन्तान सात सय पचहत्तर
६ पहत-मोआबका सन्तान (येशूअ र योआबबाट) दुई हजार आठ सय बाह्र
७ एलामका सन्तान एक हजार दुई सय चौउन्न
८ जत्तूका सन्तान नौ सय पैंतालीस
९ जक्कैका सन्तान सात सय साठी
१० बानीका सन्तान छ सय बयालीस
११ बेबैका सन्तान छ सय तेईस
१२ अज्गादका सन्तान एक हजार दुई सय बाइस
१३ अदोनिकामका सन्तान छ सय छैसट्ठी
१४ बिग्वैका सन्तान दुई हजार छपन्न
१५ आदीनका सन्तान चार सय चौउन्न
१६ आतेरका सन्तान (हिजकियाहबाट) अन्ठानब्बे
१७ बेजैका सन्तान तीन सय तेइस
१८ योराका सन्तान एक सय बाह्र
१९ हाशूमका सन्तान दुई सय तेइस
२० गिब्बारका सन्तान पन्चानब्बे

२१ बेथलेहेमका मानिसहरू एक सय तेईस
२२ नतोपाका मानिसहरू छपन्न
२३ अनातोतका मानिसहरू एक सय अठ्ठाईस
२४ अज्मावेतका मानिसहरू बयालीस
२५ किर्यत-यारीम, कपीरा र बेरोतका मानिसहरू सात सय त्रिचालीस
२६ रामा र गेबाका मानिसहरू छ सय एक्काईस
२७ मिकमाशका मानिसहरू एक सय बाईस
२८ बेथेल र ऐका मानिसहरू दुई सय तेईस
२९ नेबोका मानिसहरू बाउन्न
३० मग्बीसका मानिसहरू एक सय छपन्न
३१ अर्को एलामका मानिसहरू एक हजार दुई सय चवन्न
३२ हारीमका मानिसहरू तीन सय बीस
३३ लोद, हादीद र ओनोका मानिसहरू सात सय पच्चीस
३४ यरीहोका मानिसहरू तीन सय पैंतालीस
३५ सेनाहका मानिसहरू तीन हजार छ सय तीस

३६ पूजाहारीहरू:
यदायाहका परिवारका (येशूअका सन्तानबाट) नौ सय त्रिहत्तर
३७ इम्मेरको परिवार एक हजार बाउन्न
३८ पशहूरको परिवार एक हजार दुई सय सतचालीस
३९ हारीमको परिवार एक हजार सत्र

४० लेवीहरू:
येशूअ र कादमीएलका परिवार (होदनियारबाट) चौहत्तर
४१ गायकहरू:
आसापका सन्तानहरू एक सय अठ्ठाइस

४२ मन्दिरका द्वारपालहरू:
शल्लूम, आतेर, तल्मोन, अक्कूब, हतीता र शोबैका परिवारहरू एक सय उनन्चालीस

४३ मन्दिरका सेवकहरू:
सीहा, हसूपा, तब्बाओतका परिवारहरू,
४४ केरोस, सीआ, पादोन,
४५ लेबाना, हगाबा, आक्कूब,
४६ हागाबा, शल्मै, हानान,
४७ गिद्देल, गहर, रायाह,
४८ रसीन, नकोदा, गज्जाम,
४९ उज्जा, पसेह, बेजै,
५० अस्ना, मोनिम, नेपुसीम,
५१ बक्बूक, हकूपा, हर्हुर,

५२ बस्लूत, मेहीदा, हर्शा,
५३ बर्कोस, सीसरा, तेमह,
५४ नसीह अनि हतीपा,
५५ सुलेमानका नोकरहरूका परिवारहरू:
सोतै, हस्सोपेरेत, परुदका परिवारहरू,
५६ याला, दर्कोन, गिद्देल,
५७ शपत्याह, हत्तील,
पोकेरेत-हसेबायीम र आमीका परिवारहरू

५८ मन्दिरका सेवकहरू
अनि सुलेमानका नोकरहरूका
सन्तानहरू तीन सय बयानब्बे

**५९**निम्न लिखित मानिसहरू तेल-मेलह, तेल-हर्शा, केरूब, आदोन अनि इम्मेर शहरहरूबाट आएका थिए, तर उनीहरूका सन्तानचाहिँ इस्राएलका हुन् भनी उनीहरूले देखाउन सकेनन्:

६० दलायाह, तोबियाह र नकोदाका
परिवारहरू छ सय बाउन्न
६१ अनि पूजाहारीहरूमध्येबाट:
होबायाह, हक्कोस र बर्जिल्लैका (जसले
गिलादी बर्जिलैकी छोरी विवाह
गरेर त्यही नाउँ आफूले पनि राखे)
परिवारहरू ।

**६२**यिनीहरूले आफ्ना परिवारको सूचीमा आफ्ना नाउँ खोजे, तर उनीहरूले पाउन सकेनन् । यसकारण उनीहरू अशुद्ध ठहरिएका हुनाले पूजाहारीगिरीबाट उनीहरूलाई निकालिदिए । **६३**राज्यपालले ऊरीम र तुम्मीमसित सेवकाइ गर्ने पूजाहारी नहोउन्जेल उनीहरूलाई महा-पवित्र खाना नखाने हुकूम दिए ।

**६४**सम्पूर्ण झुण्डको सङ्ख्या बयालीस हजार तीन सय साठी थियो, **६५**यसबाहेक तिनीहरूका दास-दासीहरूका सङ्ख्या सात हजार तीन सय सैंतीस थियो; अनि तिनका दुई सय पुरुष र स्त्री गायकहरू थिए । **६६**तिनीहरूका सात सय छत्तीस घोड़ाहरू, दुई सय पैंतालीस खच्चरहरू, **६७**चार सय पैंतीस ऊँटहरू अनि छ हजार सात सय बीस गधाहरू थिए ।

**६८**परमप्रभुको भवन यरूशलेममा आइपुगेपछि, कति परिवारका मुख्य मानिसहरूले परमेश्वरको भवन त्यसको पहिलेकै ठाउँमा पुनर्निर्माण गर्नलाई स्वेच्छा भेटीहरू दिए । **६९**तिनीहरूले आफ्ना औकातअनुसार त्यस कामको निम्ति एकसट्ठी हजार सुनका सिक्का, पाँच हजार चाँदीका सिक्का र एक सय पूजाहारीका पोशाकहरू दिए ।

**७०**पूजाहारीहरू, लेवीहरू, गायकहरू, द्वारपालहरू र मन्दिरका सेवकहरू तिनीहरूका आ-आफ्नै शहरहरूमा अरू मानिसहरूसित बसे, अनि इस्राएलका बाँकी मानिसहरू तिनीहरूका आफ्नै शहरहरूमा बसे ।

## वेदीको पुनर्निर्माण

**३** सातौं महिना लाग्दा इस्राएलीहरू आफ्ना-
आफ्ना शहरहरूमा बसिसकेका थिए, अनि
मानिसहरू एउटै मान्छेजस्तो भएर यरूशलेममा
भेला भए । **२**योसादाकका छोरा येशूअ र तिनका
मित्र पूजाहारीहरू अनि शालतिएलका छोरा
यरुबाबेल र तिनका मित्रहरू भएर परमेश्वरको
जन मोशाको व्यवस्थामा लेखेअनुसार होमबलि
चढ़ाउनलाई परमेश्वरको वेदी निर्माण गर्न शुरू
गरे । **३**तिनीहरूमा वरिपरिका मानिसहरूका
डर भए तापनि, तिनीहरूले त्यसकै जगमाथि
वेदी बनाए अनि परमप्रभुलाई होमबलिहरू
बिहान र बेलुकी दुवै समय चढ़ाए ।
**४**लेखिएअनुसार, प्रत्येक दिन चढ़ाउनुपर्ने
होमबलिको सङ्ख्याअनुसार तिनीहरूले होमबलि
चढ़ाएर छाप्रोवासको चाड़ मनाए । **५**त्यसपछि,
तिनीहरूले नित्य होमबलि, औंसीको बलिदान
अनि परमप्रभुका निम्ति तोकिएका सबै
चाड़हरूका लागि बलिदानहरू चढ़ाए र

**२:६३**–गन्ती २७:२१. **२:७०**–१ इतिहास ९:२; नहेम्या ११:३. **३:२**–प्रस्थान २७:१. **३:३**–गन्ती २८:१-८. **३:४**–गन्ती २९:१२-३८. **३:५**–गन्ती २८:११-२९:३९.

ल्याएका स्वेच्छा भेटीहरू पनि चढ़ाए ।
६सातौँ महिनाको पहिलो दिनमा नै तिनीहरूले
परमप्रभुलाई होमबलि चढ़ाउन थाले, यद्यपि
परमप्रभुको मन्दिरको जग अझसम्म बसालिएको
थिएन ।

### मन्दिरको पुनर्निर्माण

७फारसका राजा कोरेसले अधिकार
दिएअनुसार लबानोनदेखि देवदारुका काठहरू
समुद्रको बाटो भएर ल्याउनलाई सीदोन र
टायरका मानिसहरूलाई खाने अनि पिउने थोक
र तेल दिए, अनि डकर्मीहरू र सिकर्मीहरूलाई
पैसा दिए ।

८दोस्रो वर्षको दोस्रो महिनामा तिनीहरू
परमेश्वरको भवन यरूशलेममा आइपुगेपछि,
शालतीएलका छोरा यरुबाबेल, योसादाकको
छोरा येशूअ अनि उनीहरूका बाँकी दाज्यूभाइहरू
(पूजाहारीहरू, लेवीहरू अनि कैदबाट यरूशलेममा
फर्कनेहरू सबै) ले काम गर्न थाले, बीस वर्ष
अनि त्यसभन्दा माथिका लेवीहरूलाई परमप्रभुको
भवन निर्माणको काम देखरेख गर्न नियुक्त
गरे । ९येशूअ र उनका छोराहरू अनि भाइहरू,
र कादमीएल अनि उनका छोराहरू (होदबियाका
सन्तानहरू) अनि हेनादादका छोराहरू, अनि
भाइहरू– सबै लेवीहरू थिए, परमेश्वरको
भवनको कामलाई देखरेख गर्न लागे ।

१०परमप्रभुको मन्दिर बनाउनेहरूले जग
बसालेपछि, पूजाहारीहरूले आफ्ना पोशाक
लगाए र तुरहीहरू लिए, अनि लेवीहरू (आसापका
छोराहरू) ले खैंजड़ीहरू लिएर, इस्राएलका
राजा दाऊदले बताएअनुसार परमप्रभुको प्रशंसा
गर्न आ-आफ्ना स्थानहरूमा खड़ा भए ।
११तिनीहरूले परमप्रभुलाई प्रशंसा र धन्यवाद
दिँदै स्तुति गरे:

> “उहाँ असल हुनुहुन्छ;
> इस्राएलप्रतिको उहाँको प्रेम सदासर्वदा
> रहिरहन्छ ।”

अनि सारा मानिसहरूले ठूलो सोरले परमप्रभुको
प्रशंसा गरे, किनकि परमप्रभुको भवनको जग
बसालियो । १२तर धेरै बूढ़ा पूजाहारीहरू,
लेवीहरू र परिवारका बूढ़ा मानिसहरू जसले
पहिलो मन्दिर देखेका थिए, तिनीहरूले यो
मन्दिरको जग बसालिरहेको देखेर ठूलो सोरले
रोए, तर अरू धेरै हर्षले कराए । १३कसैले पनि
रोएको र हर्षले कराएको आवाजलाई छुटचाउन
सकेनन्, किनकि मानिसहरूले ठूलो आवाज
निकालेका थिए, अनि त्यो आवाज टाढ़ा-
टाढ़ासम्म सुनिएको थियो ।

### पुनर्निर्माणको काममा विरोध

४ निर्वासनबाट निकालिएर आएकाहरूले
परमप्रभु इस्राएलका परमेश्वरको भवन
निर्माण गर्दैछन् भन्ने कुरा जब यहूदा र
बेन्यामीनका शत्रुहरूले सुने, २तिनीहरू यरुबाबेल
र परिवारका मुख्य मानिसहरूकहाँ आएर भने,
“हामीलाई पनि निर्माणको काममा सहायता
गर्न दिनुहोस्, किनकि हामी पनि तपाईंहरूजस्तै
तपाईंहरूका परमेश्वरको खोजी गर्छौं अनि
हामीलाई यहाँ ल्याएका अश्शूरका राजा
एसरहदोनको समयदेखि नै उहाँलाई बलिदान
चढ़ाइरहेका छौं ।”

३तर यरुबाबेल, येशूअ र इस्राएलका
घरानाका मुख्य मानिसहरूले जवाफ दिए, “हाम्रो
परमेश्वरको मन्दिर बनाउनमा तिमीहरूको
कुनै भाग छैन । फारसका राजा कोरेसले
हामीलाई आज्ञा गरेअनुसार परमप्रभु इस्राएलका
परमेश्वरको निम्ति यो मन्दिर हामी आफै नै
बनाउने छौं ।”

४त्यसपछि तिनीहरूका वरिपरिका
मानिसहरूले यहूदाका मानिसहरूलाई निराश
तुल्याउन निर्माण गर्दै जाने काममा डर पैदा
गर्न थाले । ५फारसका राजा कोरेसको सारा
शासनकाल र फारसका अर्को राजा दाराको
शासनकालभरि नै ती मानिसहरूले तिनीहरूको

---

**३:१०**–१ इतिहास २५:१. **३:११**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११८:१; १३६:१; यर्मिया ३३:११. **४:२**–२ राजा १७:२४-४१.

योजनालाई असफल तुल्याउन सल्लाहकारहरूलाई
पैसा दिएर तिनीहरूका विरुद्ध काममा लगाए।

## अहासूरस र आर्ट-जार्जेजको राज्यकालमा विरोध

**६**अहासूरसको शासनकालको शुरूमा,
तिनीहरूले यहूदा र यरूशलेमका मानिसहरूका
विरोधमा एउटा अभियोग-पत्र चढ़ाए।

**७**अनि फारसका राजा आर्ट-जार्जेजको
पालामा बिश्लाम, मित्रेता, ताबेल र तिनका
अरू मित्रहरूले आर्ट-जार्जेजलाई एउटा पत्र
लेखे। पत्र अरामी अक्षरमा अनि अरामी भाषामै
लेखिएको थियो।

**८**सेनापति रेहूम अनि सचिव शिम्शैले
यरूशलेमको विरोधमा राजा आर्ट-जार्जेजलाई
निम्न प्रकारको एउटा पत्र लेखे:

**९**सेनापति रेहूम र सचिव शिम्शै, अनि
तिनीहरूका मित्रहरू- त्रीपोलीस्, फारस,
एरेक अनि बेबिलोनका न्यायाधीशहरू
र हाकिमहरू, शूशनका एलामीहरू,
**१०**अनि महान् र आदरणीय अशूरवनिपलले
निकालिदिएका अनि सामारिया र यूफ्रेटिसपारि
बसोबास गरेका अरू मानिसहरू।

**११**(तिनीहरूले उहाँलाई पठाएको पत्रको
नकल यही थियो।)

राजा आर्ट-जार्जेजको सेवामा,

यूफ्रेटिसपारिका हजूरका दासहरूबाट:

**१२**महाराजालाई यो कुरो थाहा होस्
कि यहाँ तपाईंदेखि हामीकहाँ आउने
यहूदीहरू यरूशलेममा गएका छन् अनि त्यो
बागी र दुष्ट शहरलाई पुनर्निर्माण गर्दैछन्।
तिनीहरूले पर्खालहरू पुनर्स्थापन गर्दैछन्
अनि जगहरूका मर्मत गरिरहेका छन्।

**१३**अझ बढ़ी, महाराजालाई थाहा होस्
कि यदि यो शहर बन्यो र यसको पर्खालहरू
पुनर्स्थापन गरियो भने राजकर, आयकर
र महसूल तिरिने छैनन्, अनि राजकीय
आयमा नोक्सानी हुनेछ। **१४**किनकि हामी
दरबारप्रति ऋणी भएकाले गर्दा र राजाको
अपमान् भएको हेर्न उचित नभएकोले गर्दा,
हामीले यो खबर महाराजालाई सूचित गर्न
पठाउँदैछौं, **१५**ताकि हजूरका पूर्वजहरूका
इतिहासमा एउटा खोजी हुन सकोस्। यो
एउटा बागी शहर, प्रान्तहरू र राजाहरूका
निम्ति कष्टदायक अनि प्राचीन समयदेखिनै
यो एउटा राजद्रोहको स्थान हो भनी हजूरले
ती आलेखहरूबाट थाहा पाउनुहुनेछ।
यसैकारण यो शहर उजाड़ पारिएको थियो।
**१६**हामी महाराजालाई थाहा गराउँछौं कि
यो शहर निर्माण भएर यसका पर्खालहरू
फेरि बनाइयो भने, यूफ्रेटिस पारि तपाईंको
निम्ति केही अधिकार रहनेछैन।"

**१७**राजाले यस्तो जवाफ पठाए:

सेनापति रेहूम, सचिव शिम्शै अनि
सामरिया र यूफ्रेटिसपारिका तिमीहरूका
मित्रहरूलाई:

अभिवादन।

**१८**तिमीहरूले हामीलाई पठाएको पत्र
अनुवाद गरियो र मेरो उपस्थितिमा पढ़ियो।
**१९**मैले आदेश दिएअनुसार खोजी गरियो, र
यसले शान्ति भङ्ग गरेको, राजाहरूका
विरोधमा विद्रोह गरेको र राजविद्रोहको स्थान
भएको एउटा लामो इतिहास पाइयो।
**२०**यूफ्रेटिसपारिका सम्पूर्ण इलाकाहरूमा
शासन गर्ने शक्तिशाली राजाहरू थिए,
र उनीहरूलाई राजकर, आयकर र
मालपोतहरू तिरिन्थ्यो। **२१**अब काम
रोक्न यी मानिसहरूलाई एउटा आदेश
जारी गर, ताकि मैले हुकुम नदिएसम्म
यो शहर फेरि नबनाइयोस्। **२२**होशियार,
यस विषयमा लापरवाही नहोस्। राजकीय
हितलाई क्षति पुऱ्याउने खतरालाई किन
बढ्न दिनु?

---

**४:६**–एस्तर १:१.

**२३**यसरी राजा आर्ट-जार्जेजको पत्र रेहूम, सचिव शिम्शै र तिनीहरूका मित्रहरूलाई पढ़ेर सुनाइयो, तब तिनीहरू तुरुन्तै यरूशलेमका यहूदीहरूकहाँ गए अनि बलपूर्वक तिनीहरूलाई काम बन्द गर्न कर लगाए ।

**२४**यसरी यरूशलेममा परमेश्वरको भवनको काम फारसको राजा दाराको शासनकालको दोस्रो वर्षसम्म रोकियो ।

### दारालाई तत्तनैको पत्र

**५** अब अगमवक्ता हाग्गै र इद्दोको सन्तान जकरिया अगमवक्ताले यरूशलेम र यहूदाका यहूदीहरूलाई तिनीहरूका प्रभु इस्राएलका परमेश्वरको नाउँमा अगमवाणी गरे । **२**त्यसपछि शालतिएलको छोरा यरुबाबेल अनि योशादाकको छोरा येशूअले यरूशलेममा परमेश्वरको भवन फेरि बनाउन शुरू गरे । अनि परमेश्वरका अगमवक्ताहरू तिनीहरूलाई सहायता गर्दै तिनीहरूसित रहे ।

**३**त्यसबेला यूफ्रेटिसपारिका प्रान्तका राज्यपाल तत्तनै, अनि शत्तर-बोज्नै र तिनीहरूका सहकर्मीहरू उनीहरूकहाँ गएर सोधे, "कसले तिमीहरूलाई यो मन्दिर फेरि बनाउने र यसको बनावटलाई पुनर्स्थापन गर्ने अधिकार दियो ?" **४**यो भवन बनाउने मानिसहरूका नामहरू के हुन् ?" भनी तिनीहरूले अझै पनि सोधे । **५**तर यहूदीहरूका प्रधानहरूमाथि परमेश्वरको दृष्टि थियो, अनि दाराकहाँ यसको खबर पुगेर त्यसको लिखित जवाफ नपाउञ्जेल कसैले तिनीहरूलाई रोकेन ।

**६**यूफ्रेटिसपारिका प्रान्तका राज्यपाल तत्तनै, र शत्तर-बोज्नै अनि तिनीहरूका सहकर्मीहरू र यूफ्रेटिसपारिका अधिकारीहरूले दारा राजालाई पठाएको पत्रको प्रतिलिपि यही हो । **७**तिनीहरूले पठाएका प्रतिवेदन निम्न प्रकारको छ:

दारा राजाको सेवामा:

हार्दिक अभिवादन ।

**८**राजालाई थाहा होस् कि हामी यहूदाका प्रान्त र महान् परमेश्वरको मन्दिरमा गयौं । मानिसहरूले यसलाई ठूला ठूला ढुङ्गाहरूले बनाउँदैछन् र पर्खालहरूमा काठहरू राख्दैछन् । काम मेहनतपूर्वक हुँदैछ अनि उनीहरूका निर्देशनमा कामको चाँड़ो-चाँड़ो प्रगति हुँदैछ ।

**९**"कसले तिमीहरूलाई यो मन्दिर फेरि बनाउने र यसलाई फेरि पुनर्स्थापन गर्ने अधिकार दियो ?" भनी हामीले प्रधानहरूलाई सोध्यौं । **१०**तपाईंको जानकारीको निम्ति, हामीले तिनीहरूका अगुवाहरूका नाउँहरू लेखेर पठाउनलाई तिनीहरूका नाउँहरू पनि सोध्यौं ।

**११**तिनीहरूले हामीलाई यस्तो जवाफ दिए:

"हामी स्वर्ग र पृथ्वीका परमेश्वरका सेवकहरू हौं, अनि धेरै वर्षअघि इस्राएलका एउटा महान् राजाले बनाएर सिध्याउनुभएको मन्दिरलाई हामी फेरि बनाउँदैछौं । **१२**किनकि हाम्रा पुर्खाहरूले स्वर्गको परमेश्वरलाई क्रोधित तुल्याउँदा, उहाँले बेबिलोनका कल्दी राजा नबूकदनेसरको हातमा उनीहरूलाई सुम्पिदिनुभयो, जसले यस मन्दिरलाई ध्वंश पारे अनि मानिसहरूलाई बेबिलोनमा कैदी बनाएर लगे ।

**१३**"तैपनि, बेबिलोनका राजा कोरेसको पहिलो वर्षमा, कोरेस राजाले परमेश्वरको भवन फेरि बनाउनलाई एउटा उर्दी जारी गरे । **१४**नबूकदनेसरले यरूशलेमका मन्दिरबाट बेबिलोनको मन्दिरमा ल्याएका परमेश्वरको भवनको सुन र चाँदीका भाड़ाँहरू पनि उनले बेबिलोनको मन्दिरबाट हटाए ।

"त्यसपछि कोरेस राजाले ती भाड़ाँहरू शेशबस्सर नाउँ भएका एक जना मानिसलाई दिए, जसलाई तिनले राज्यपाल नियुक्त गरेका थिए, **१५**अनि उनले तिनलाई भने,

---

**४:२४-५:१**–हाग्गै १:१; जकरिया १:१. **५:२**–हाग्गै १:१२; जकरिया ४:६-९. **५:१२**–२ राजा २५:८-१२; २ इतिहास ३६:१७-२०; यर्मिया ५२:१२-१५. **५:१३**–एज्रा १:२-११.

'यी भाँड़ाहरू लिएर जाऊ अनि यरूशलेमको
मन्दिरमा जम्मा गर र परमेश्वरको
भवन त्यसकै ठाउँमा फेरि बनाऊ ।'
**१६**यसकारण शेशबस्सर आएर यरूशलेममा
परमेश्वरको भवनको जग बसाले ।
त्यस समयदेखि अहिलेसम्म निर्माणको काम
भइरहेछ तर अझै सकिएको छैन ।"

**१७**अब यदि हजूरलाई खुशी लागे,
बेबिलोनको शाही-इतिहासहरूमा खोजेर
हेर्न सकिन्छ कि वास्तवमा कोरेस राजाले
यरूशलेममा परमेश्वरको भवन फेरि
बनाउने उर्दी जारी गरेको हो वा होइन ।
त्यसपछि हजूरद्वारा यस विषयमा आफ्नो
निर्णय हामीलाई पठाइयोस् ।

## राजा दाराको उर्दी

**६** त्यसपछि राजा दाराले एउटा हुकूम
जारी गरे, अनि तिनीहरूले बेबिलोनका
राजकोषमा जम्मा गरेका ऐतिहासिक लेखहरूमा
खोजी गरे । **२**मादी प्रान्तको एक्बातनाको
किल्लामा एउटा चर्मपत्र भेट्टाए, अनि त्यसमा
यो लेखिएको थियो:

स्मारक-पत्र:

**३**राजा कोरेसको पहिलो वर्षमा,
यरूशलेमको मन्दिरको विषयमा राजाले
एउटा उर्दी जारी गरे:

बलिदानहरू चढ़ाउनलाई मन्दिर फेरि
निर्माण गरियोस्, अनि यसको जग
बसालियोस् । यसको उचाइ नब्बे फीट र
चौड़ाइ नब्बे फीट होस्, **४**विशाल ढुङ्गाहरूका
तीन लहर होस् र काठहरूका एक लहर
होस् । यसको खर्च शाहीकोषबाट
तिरिनुपर्छ । **५**नबूकदनेसरले यरूशलेमको
मन्दिरबाट बेबिलोनमा ल्याएका सुन र
चाँदीका भाँड़ाहरू पनि यरूशलेमको
मन्दिरमा तिनीहरूकै ठाउँहरूमा फर्काइनुपर्छ
र परमेश्वरको भवनमा जम्मा गरिनुपर्छ ।
**६**यसैले अब यूफ्रेटिसपारिका राज्यपाल
तत्तनै, अनि शत्तर-बोज्नै र त्यस प्रान्तका
तिनीहरूका मित्र कर्मचारीहरू, त्यस
स्थानदेखि अलग रहून् । **७**तिमीहरूले
परमेश्वरको मन्दिरको काममा हस्तक्षेप
नगर । यहूदीहरूका राज्यपाल र यहूदी
धर्म-गुरुहरूले परमेश्वरको भवन त्यसकै
स्थानमा फेरि बनाओस् ।

**८**जे भए तापनि, यी यहूदीहरूका
प्रधानहरूलाई परमेश्वरको भवन निर्माण
गर्नलाई तिमीहरूले के गर्नुपर्छ म यहाँ
हुकुम दिँदछु: यूफ्रेटिसपारिका प्रान्तबाट
आएका राजकोशमा जम्मा भएका तिरोबाट,
यी मानिसहरूका खर्चहरू पूर्ण रूपले
तिरिनुपर्छ, ताकि यो काम नरोकियोस् ।
**९**चाहिएका जुनसुकै कुरा अर्थात् बाछाहरू,
थुमाहरू, स्वर्गको परमेश्वरलाई होमबलिका
निम्ति भेड़ाहरू अनि गहुँ, नून, दाखमद्य र
तेल जे जस्तो यरूशलेममा पूजाहारीहरूले
माग्छन्– भूल नगरी सधैँ तिनीहरूलाई
दिइनुपर्छ, **१०**ताकि तिनीहरूले स्वर्गको
परमेश्वरलाई खुशी पार्ने बलिदानहरू चढ़ाउन
सकून् अनि राजा र उनका छोराहरूका
भलाइको निम्ति प्रार्थना गरून् ।

**११**अझै, म यो हुकूम दिँदछु कि कसैले
यस उर्दीलाई परिवर्तन गर्छ भने, त्यसको
घरबाट एउटा खामो उखालेर त्यसैमा
त्यसलाई उचालेर झुण्डयाइयोस् । अनि यस
अपराधको निम्ति त्यसको घर ढुङ्गाहरूका
थुप्रो बनाइयोस् । **१२**यरूशलेमको मन्दिरलाई
ध्वंश गर्न अथवा यस उर्दीलाई परिवर्तन
गर्नलाई कुनै पनि राजा वा मान्छेले हात
उठाउँछ भने, उनै परमेश्वरले, जसले आफ्नो
नाउँलाई त्यहाँ स्थापित गर्नुभएको छ,
तिनीहरूलाई विध्वंश पारून् ।

म दाराले यो उर्दी जारी गरेको छु । यो
खूबै होशियारीपूर्वक पूरा गरियोस् ।

## मन्दिरको समाप्ति र अर्पण

**१३**किनकि दारा राजाले उर्दी जारी गरेको
हुनाले, यूफ्रेटिसपारिका राज्यपाल तत्तनै, अनि

शत्तर-बोज्नै र उनीहरूका मित्रहरूले खुबै
होशियारीसाथ यो काम गरे । १४यसकारण,
यहूदीहरूका धर्म-गुरुहरूले अगमवक्ता हाग्गै
र इद्दोका सन्तान जकरियाका प्रचारअनुसार
निर्माणको काम उन्नति गर्दै जारी राखे ।
तिनीहरूले परमेश्वरको आदेशअनुसार अनि
फारसका राजाहरू कोरेस, दारा र आर्ट-
जार्जेजका उर्दीहरूअनुसार मन्दिर निर्माणको
काम समाप्त गरे । १५दारा राजाको
शासनकालको छैटौं वर्षको अदार महिनाको
तेइसौँ दिनमा मन्दिरको काम सिद्धियो ।

१६त्यसपछि इस्राएलका मानिसहरू–
पूजाहारीहरू, लेवीहरू अनि निर्वासनबाट
फर्कनेहरूले ठूलो रमाहटसाथ परमेश्वरको
भवनको अर्पण सेवा मनाए । १७परमेश्वरको
यस भवनको अर्पणको निम्ति तिनीहरूले एक
सय साँढेहरू, दुई सय साँढ-भेडाहरू, चार
सय थुमाहरू र सारा इस्राएलको पापबलिका
निम्ति बाह्रओटा बोकाहरू, इस्राएलका प्रत्येक
कुलको निम्ति एउटा-एउटा चढाए । १८अनि
मोशाको पुस्तकमा लेखेअनुसार, यरूशलेममा
परमेश्वरको सेवा गर्न पूजाहारीहरूलाई
तिनीहरूकै दलहरूअनुसार अनि लेवीहरूलाई
तिनीहरूकै झुण्डअनुसार नियुक्त गरे ।

## निस्तार-चाड़

१९पहिलो महिनाको चौधौं दिनमा,
निर्वासनबाट फर्कनेहरूले निस्तार चाड़
मनाए । २०पूजाहारीहरू र लेवीहरूले आफैलाई
शुद्ध पारेका थिए अनि नियमअनुसार सबै शुद्ध
थिए । लेवीहरूले आफ्नै निम्ति अनि सबै
निर्वासनबाट फर्केकाहरूका निम्ति, तिनीहरूका
पूजाहारी दाज्यूभाइहरूका निम्ति निस्तार-चाड़को
थुमा मारे । २१यसकारण इस्राएलका परमप्रभु
परमेश्वरलाई खोज्न अन्यजाति र तिनका
छिमेकीहरूका अशुद्ध प्रथाहरूबाट आफैलाई
अलग राखेका थिए, उनीहरूसित निर्वासनबाट
फर्कने इस्राएलीहरूले मिलेर त्यो खाए । २२सात
दिनसम्म तिनीहरूले अखमिरी रोटीको चाड़
खुबै आनन्दसाथ मनाए, किनकि परमप्रभुले
अश्शूरका राजाको विचारलाई परिवर्तन गरेर
इस्राएलका परमेश्वर परमप्रभुको भवनको काममा
तिनीहरूलाई सहायता दिने तुल्याउनु भएर
तिनीहरूलाई आनन्दले भरिदिनुभएको थियो ।

## एज्रा यरूशलेममा आएका

७ यी कुराहरूपछि फारसका राजा आर्ट-
जार्जेजको शासनकालमा सरायाहका
छोरा एज्रा, जो अजर्याहका छोरा, जो हिल्कियाहका
छोरा, २जो शल्लूमका छोरा, जो सादोकका
छोरा, जो अहीतूबका छोरा, ३जो अमर्याहका
छोरा, जो अजर्याहका छोरा, जो मरायोतका
छोरा, ४जो जरयाहका छोरा, जो उज्जीका
छोरा, जो बुक्कीका छोरा, ५जो अबीशूका
छोरा, जो पीनहासका छोरा, जो एलाजारका
छोरा, जो प्रधान पूजाहारी हारूनका छोरा थिए–
६यिनै एज्रा जो माथि बेबिलोनबाट आए ।
मोशाको व्यवस्था जो परमप्रभु इस्राएलका
परमेश्वरले दिनुभएको थियो, त्यसमा तिनी
एउटा निपुण शिक्षक थिए । तिनले मागेका
हरेक कुरा राजाले दिए, किनकि तिनका
परमेश्वर परमप्रभुको हात तिनीमाथि थियो ।
७राजा आर्ट-जार्जेजको सातौँ वर्षमा केही
इस्राएलीहरू जसमध्ये पूजाहारीहरू, लेवीहरू,
गायकहरू, द्वारपालहरू र मन्दिरका सेवकहरू
पनि यरूशलेममा आए ।

८राजाको सातौँ वर्षको पाँचौ महिनामा
एज्रा यरूशलेममा आइपुगे । ९बेबिलोनदेखि
उनले आफ्नो यात्रा पहिलो महिनाको पहिलो
दिनमा शुरू गरेका थिए, अनि तिनी यरूशलेममा
पाँचौं महिनाको पहिलो दिनमा आइपुगे, किनकि
तिनका परमेश्वरको कृपाको हात तिनीमाथि
थियो । १०किनकि एज्राले आफैलाई परमप्रभुको
व्यवस्था अध्ययन गर्न र पालन गर्न अनि यसका
आज्ञाहरू इस्राएलमा सिकाउनलाई अर्पण
गरेका थिए ।

---

**६:१४**–हाग्गै १:१; जकरिया १:१. **६:१९**–प्रस्थान १२:१-२०.

**एज्रालाई राजा आर्ट-जार्जेजको पत्र**

**११**परमप्रभुले इस्राएललाई दिनुभएको
धर्म-विधि र आज्ञाहरूका विषयमा विशेषज्ञ
पूजाहारी अनि शिक्षक एज्रालाई राजा आर्ट-
जार्जेजले दिएको पत्रको नक्कल यही हो:

**१२**राजाहरूका महाराजा आर्ट-जार्जेजबाट,

स्वर्गका परमेश्वरको व्यवस्थामा निपुण
शिक्षक र पूजाहारी एज्रालाई:

अभिवादन ।

**१३** अब म यो उर्दी जारी गर्दछु कि
मेरो राज्यमा भएका कुनै पनि इस्राएली,
अँ पूजाहारीहरू र लेवीहरू, जो
यरूशलेम जाने इच्छा गर्छन्, तिनीहरू
तिमीसँग जान सक्छन् । **१४**तिम्रो हातमा
भएको तिम्रो परमेश्वरको व्यवस्थाबारे
यहूदा र यरूशलेमको विषयमा पत्ता
लाउन तिमीलाई राजा र उनका सात
जना सल्लाहकारहरूद्वारा पठाइएको
हो । **१५**यसबाहेक, राजा र उनका
सल्लाहकारहरूले यरूशलेममा बासस्थान
भएका इस्राएलका परमेश्वरलाई
उदारतापूर्वक दिएको चाँदी र सुन तिमीले
लिएर जानेछौ, **१६**साथै बेबिलोनको प्रान्तबाट
लैजान सक्ने जति सबै चाँदी र सुन, अनि
मानिसहरू र पूजाहारीले यरूशलेममा
तिनीहरूका परमेश्वरको मन्दिरको
निम्ति चढ़ाएका स्वेच्छा-भेटीहरू तिमीले
लिएर जान सक्छौ । **१७**यो पैसाले
साँढ़ेहरू, साँढ-भेड़ाहरू, थुमाहरू साथसाथै
तिनीहरूका अन्नबलिहरू, अर्घ-बलिहरू
किन्नू अनि तिनीहरूलाई यरूशलेममा
तिम्रो परमेश्वरको मन्दिरको वेदीमा बलि
चढ़ाउनू ।

**१८**बाँकिरहेको चाँदी र सुनले तिम्रो
परमेश्वरको इच्छाअनुसार, तिमी र तिम्रा
यहूदी भाइहरू मिलेर जे उत्तम छ
त्यो गर्नू । **१९**तिम्रो परमेश्वरको मन्दिरमा
सेवा गर्नलाई तिमीलाई जिम्मा दिएका
सबै भाँड़ाहरू यरूशलेमको परमेश्वरलाई
सुम्पिदिनू । **२०**अनि तिम्रो परमेश्वरको
मन्दिरको निम्ति कुनै कुरो पनि जुनसुकै
समयमा खाँचो पर्‍यो भने, तिमीले राजकीय
कोशबाट जुटाउन सक्छौ ।

**२१**अब म, राजा आर्ट-जार्जेज, यूफ्रेटिस
पारिका प्रान्तहरूका कोशाध्यक्षहरूलाई
यो आदेश दिँदछु– स्वर्गका परमेश्वरको
व्यवस्थाका शिक्षक, पूजाहारी एज्राले
तिमीहरूसँग मागेका जुनसुकै कुरा पनि
हरप्रकारले जुटाइदिनू– **२२**एक सय तोड़ा
चाँदी, एक सय कोर गहुँ, एक सय बाथ
दाखमद्य, एक सय बाथ तेल, र नून जत्ति
चाहिए पनि दिनू । **२३**स्वर्गको परमेश्वरले
बताउनुभएअनुसार सबै थोक स्वर्गका
परमेश्वरको मन्दिरको निम्ति हर्षपूर्वक
गरियोस् । किन राजा र उनका छोराहरूका
राज्यको विरोधमा क्रोध आओस् ?
**२४**तिमीहरूले यो पनि जान्न पर्छ कि
पूजाहारीहरू, लेवीहरू, गायकहरू,
द्वारपालहरू, मन्दिरका सेवकहरू अथवा
परमेश्वरको भवनका कर्मचारीहरूदेखि
राजकर, मालपोत अथवा अरू कुनै तिरोहरू
उठाउने अधिकार तिमीहरूलाई छैन ।

**२५**अनि तिमी, एज्राले, तिमीमा भएको
तिम्रा परमेश्वरको बुद्धिअनुसार, यूफ्रेटिस
पारिका सबै मानिसहरू जसले तिम्रा
परमेश्वरको व्यवस्थालाई जान्दछ–
तिनीहरूमाथि न्याय गर्नलाई न्यायकर्त्ताहरू
नियुक्त गर्नू । अनि जसले यी जान्दैनन्
तिनीहरूलाई तिमीले सिकाउनू । **२६**जसले
तिम्रो परमेश्वरको व्यवस्था पालन गर्दैन
र राजाको हुकुम मान्दैन त्यसलाई मृत्युदण्ड
वा देशनिष्कासन वा सम्पत्ति जफत गरेर
अथवा कैद गरेर सजाय दिइनुपर्छ ।

**२७**हाम्रा पुर्खाहरूका परमेश्वर, परमप्रभुलाई
महिमा होस्, जसले यरूशलेममा परमप्रभुको
भवनलाई यस प्रकारले सम्मान् दिने विचार
राजाको हृदयमा हालिदिनुभयो । **२८**जसले

राजा, उनका सल्लाहकारहरू अनि राजाका
शक्तिशाली अधिकारीहरूका अगि उहाँको
कृपादृष्टि मतर्फ राख्नुभएको छ । किनकि
परमप्रभु मेरो परमेश्‍वरको हात ममाथि थियो,
मैले साहस गरें र मसित जानलाई इस्राएलबाट
अगुवाहरू जम्मा गरें ।

## एज्रासित फर्कने परिवारका मुखियाहरूका सूचि

८ राजा आर्ट-जार्जेजका शासनकालमा
बेबिलोनबाट मसित आउने परिवारका
मुखियाहरू र तिनीहरूसित सूचीमा लेखिएकाहरू
यिनै हुन्:

२ पीनहासका सन्तानका, गेर्शोम;
ईतामारका सन्तानका, दानिएल;
दाऊदका सन्तानका, **३**शकन्याहका
सन्तान हत्तूश;

परोशका सन्तानका, जकरिया,
अनि तिनीसित सूचीमा लेखिएका एक
सय पचासजना पुरुषहरू;

४ पहत-मोआबका सन्तानका, जरयाहका
छोरा एल्यहोएनै,
अनि तिनीसित दुई सय पुरुषहरू;

५ जत्तूका सन्तानका, यहासेलका छोरा
शकन्याह, अनि तिनीसित तीन सय
पुरुषहरू;

६ आदीनका सन्तानका, जोनाथानका छोरा
एबेद, अनि तिनीसित पचास पुरुषहरू;

७ एलामका सन्तानका, अतल्याहका छोरा
यशयाह, अनि तिनीसित सत्तरी पुरुषहरू;

८ शपत्याहका सन्तानका, मिखाएलका
छोरा जबदियाह, अनि तिनीसित अस्सी
पुरुषहरू;

९ योआबका सन्तानका, यहीएलका छोरा
ओबदिया, अनि तिनीसित दुई सय
अठाह्र पुरुषहरू;

१० बानीका सन्तानका, योसिपियाका छोरा
शलोमीत, अनि तिनीसित एक सय साठी
पुरुषहरू;

११ बेबैका सन्तानका, बेबैका छोरा जकरिया;
अनि तिनीसित अठ्ठाइस पुरुषहरू;

१२ अज्गादका सन्तानका, हक्कातानको
छोरा योहानान, अनि तिनीसित एक
सय दश पुरुषहरू;

१३ अदोनीकामका सन्तानका, पछि
आएकाहरू, जो एलीपेलेत, यीएल र
शमायाह थिए, अनि तिनीहरूसित
साठी पुरुषहरू;

१४ बिग्वैका सन्तानहरूका, उत्तै र जक्कूर,
अनि तिनीहरूसित सत्तरी पुरुषहरू ।

## यरूशलेममा फर्केका

**१५**मैले तिनीहरूलाई अहावातिर बग्ने
नदीको किनारमा भेला गरें, अनि हामी त्यहाँ
छाउनीमा तीन दिनसम्म बस्यौं । मानिसहरू र
पूजाहारीहरूमा जाँच गर्दा, मैले त्यहाँ कुनै
लेवीहरू भेट्टाइनँ । **१६**यसकारण मैले एलीएजर,
अरीएल, शमायाह, एल्नातान, यारीब, एल्नातान,
नातान, जकरिया र मश्शुलाम, जोहरू अगुवाहरू
थिए, अनि योयारीब र एल्नातानहरूचाहिँ विद्वान्
थिए– यिनीहरूलाई बोलाएँ, **१७**अनि कासिपियाका
मुखिया इद्दोकहाँ तिनीहरूलाई पठाएँ ।
तिनीहरूले हाम्रा परमेश्‍वरको भवनको लागि
सेवकहरू ल्याउन सकून् भनेर मैले तिनीहरूलाई
इद्दो र कासिपियाको मन्दिरमा काम गर्ने तिनको
सन्तानहरूलाई के भन्नपर्ने हो सो भनी पठाएँ ।
**१८**हाम्रा परमेश्‍वरको कृपालु हात हामीमाथि
रहेकोले गर्दा, तिनीहरूले इस्राएलको छोरा,
लेवीका छोरा, महलीका सन्तानबाट एक जना
योग्य व्यक्ति शरेबियाह अनि शरेबियाहका
छोराहरू र दाज्यूभाइहरू, अठाह्र पुरुषहरू;
**१९**अनि हशब्याहसित, मरारीका सन्तानहरूबाट
यशयाह, र तिनका दाज्यूभाइहरू अनि
भतिजाहरू, बीस पुरुषहरू हामीकहाँ ल्याए ।
**२०**तिनीहरूले दाऊद र उनका अधिकारीहरूले
स्थापित गरिराखेका लेवीहरूलाई सहयोग गर्ने
दुई सय बीस जना मन्दिरका सेवकहरूका
झुण्डलाई पनि ल्याए । यिनीहरूका नाउँसहित
सूचीमा दर्ता गरिएका थिए ।

**२१**हामी र हाम्रा छोराछोरीहरू र
मालसामानसहित यात्रा गर्दा हामी सबैको निम्ति
परमेश्वरसित सुरक्षा माग्न, त्यहाँ अहावा
नदीको किनारमा आफैलाई परमेश्वरको सामुन्ने
नम्र तुल्याउन मैले उपवासको घोषणा गरें ।
**२२**हामीलाई बाटोमा शत्रुहरूदेखि रक्षा गर्नलाई
राजासित सिपाहीहरू र घोड़चढ़ीहरू माग्न
मलाई शर्म लाग्यो, किनकि हामीले राजालाई
भनेका थियौं, "उहाँलाई हेर्ने हरेकमाथि हाम्रा
परमेश्वरको कृपाको हात छ, तर उहाँलाई
त्याग्नेहरूका विरोधमा उहाँको अगाध क्रोध
पर्छ।" **२३**यसकारण यस विषयको निम्ति उपवास
बस्यौं र हाम्रा परमेश्वरलाई बिन्ती चढ़ायौं,
अनि उहाँले हाम्रो प्रार्थनाको जवाफ दिनुभयो ।

**२४**त्यसपछि मैले मुख्य पूजाहारीहरूमध्ये
बाह्र जना अनि तिनीहरूसित शेरेबियाह,
हशब्याह र तिनीहरूका दस जना दाज्यू-
भाइहरूलाई अलग गरें, **२५**अनि परमेश्वरको
भवनको लागि त्यहाँ उपस्थित भएका सारा
इस्राएलीहरूले, राजा र उनका सल्लाहकारहरूले
र अधिकारीहरूले भेटी स्वरूप चढ़ाएका चाँदी
र सुनका भाँड़ाहरू तिनीहरूलाई तौलिदिएँ ।
**२६**मैले तिनीहरूलाई छ सय पचास तोड़ा
चाँदी, एक सय तोड़ा चाँदीका भाँड़ाहरू, एक
सय तोड़ा सुन, **२७**एक हजार असर्फी मूल्य
बारबरका सुनका बीस कचौरा, अनि सुन
जत्तिकै मूल्यवान् दुईओटा चिल्ला तामाका
भाँड़ाहरू पनि तौलिदिएँ ।

**२८**मैले तिनीहरूलाई भनें, "तिमीहरूका साथै
यी भाँड़ाहरू पनि परमप्रभुको निम्ति पवित्र
पारिएका छन् । सुन र चाँदी तिमीहरूका
पुर्खाहरूका परमेश्वर परमप्रभुको लागि
स्वेच्छाभेटी हुन् । **२९**मुख्य पूजाहारीहरू र
लेवीहरू, अनि इस्राएलका परिवारका मुखियाहरूका
अगि यरूशलेममा परमप्रभुको भवनको
कोठाहरूभित्र ती भाँड़ाहरू नतौलेसम्म तिमीहरूले
होशियारीसँग यसको रक्षा गर्नु ।" **३०**त्यसपछि
यरूशलेममा परमेश्वरको भवनमा लानपर्ने
जोखिएका चाँदी र सुन अनि पवित्र भाँड़ाहरू
सबै पूजाहारीहरू र लेवीहरूले ग्रहण गरे ।

**३१**पहिलो महिनाको बाह्रौं दिनमा यरूशलेम
जानलाई हामी अहावा नदीको किनारदेखि
हिँड्यौं । हाम्रा परमेश्वरको हात हामीमाथि
थियो, अनि उहाँले बाटोमा हामीलाई शत्रुहरू
र डाँकूहरूदेखि बचाउनुभयो । **३२**यसरी हामी
यरूशलेममा आइपुग्यौं, जहाँ हामीले तीन दिन
विश्राम लियौं ।

**३३**चौथो दिनमा, हाम्रा परमेश्वरको भवनमा,
उरियाहको छोरा मरेमोत पूजाहारीको हातमा
सुन र चाँदी अनि पवित्र भाँड़ाहरू जोखेर
सुम्पिदियौं । तिनीसित पीनहासका छोरा
एलाजार, लेवीहरू, येशूअका छोरा योजाबाद र
बिन्नूईका छोरा नोअदिया थिए । **३४**हरेक थोकको
सङ्ख्या र जोखेको हिसाब गरिएको थियो, अनि
त्यसबेला सारा तौल सूचीमा लेखियो ।

**३५**त्यसपछि निर्वासनबाट फर्कने सारा
निष्कासितहरूले इस्राएलको निम्ति बाह्रओटा
साँढ़ेहरू, छयानब्बे साँढ़-भेड़ाहरू, सत्तहत्तर
थुमाहरू होमबलि अनि पापबलिका रूपमा
बाह्रओटा बोकाहरू इस्राएलका परमेश्वरको
निम्ति बलि चढ़ाए । यी सबै परमप्रभुको
निम्ति एउटा होमबलि थियो । **३६**तिनीहरूले
राजकीय शासकहरू अनि यूफ्रेटिस पारिका
राज्यपालहरूलाई राजाको आदेशहरू पनि दिए,
त्यसपछि तिनीहरूले मानिसहरूलाई अनि
परमेश्वरको भवनलाई सहायता दिए ।

### अन्तर्विवाहको विषयमा एज्राको प्रार्थना

**९** यी कुराहरू गरिसकेपछि, अगुवाहरू मकहाँ
आएर भने, "इस्राएलका मानिसहरू, अनि
पूजाहारीहरू र लेवीहरूसमेतले, छिमेकीहरूका
अर्थात् कनानी, हित्ती, परिज्जी, यबूसी, अम्मोनी,
मोआबी, मिश्री र एमोरीहरूका घृणित
व्यवहारहरूदेखि आफैलाई अलग राखेका छैनन् ।
**२**उनीहरूले तिनीहरूका कति छोरीहरूलाई
आफू र आफ्ना छोराहरूका स्वास्नीहरूका
रूपमा लगेका छन्, र तिनीहरूले वरिपरिका
मानिसहरूसित मिसिएर पवित्र जातिलाई अशुद्ध
पारेका छन् । अनि अगुवाहरू र अधिकारीहरू
यस्तो भक्तिहीनताको बाटोमा हिँड़ेका छन् ।"

३जसै मैले यो सुनें, मैले मेरो पोशाक र
खाष्टो च्यातें, शिरको केश र दाह्री उखेलें
अनि अवाक् भएर बसें। ४त्यसपछि निर्वासनमा
गएकाहरूको यस दोषको कारण इस्राएलका
परमेश्‍वरको वचनदेखि डराउनेहरू सबै मेरो
वरिपरि भेला भए। अनि म त्यहाँ साँझको
बलिदानसम्मै अवाक् भएर बसें।

५त्यसपछि, साँझको बलिदानको समयमा,
म आफ्नो हीन अवस्थाबाट फाटेकै पोशाक र
खाष्टोसित उठें, अनि मेरा परमप्रभुतिर मेरा
हातहरू फैलाएर घुँड़ा टेकी ६प्रार्थना गरें:

"हे मेरा परमेश्‍वर, तपाईंतिर मेरो
मुहार उचाल्न म अति नै लज्जित र
कलङ्कित भएको छु, मेरा परमेश्‍वर, किनकि
हाम्रा पापहरू हाम्रा शिरभन्दा अग्ला छन्
अनि हाम्रा दोषहरू आकाशसम्मै पुगेका
छन्। ७हाम्रा पुर्खाहरूका दिनहरूदेखि
आजसम्म, हाम्रा दोष अत्यन्तै ठूलो भएको
छ। हाम्रा पापहरूले गर्दा, हामी र हाम्रा
राजाहरू अनि हाम्रा पूजाहारीहरूले विदेशी
राजाहरूका हातमा आजको दिनसम्म मृत्यु,
लुटपीट, कैद र अपमान् खप्नु परेको छ।

८"तर आज, केही समयको लागि, हाम्रा
परमप्रभु परमेश्‍वर कृपालु बनी केही
मानिसहरूलाई बाँकी राखी हामीलाई
उहाँको पवित्रस्थानमा एउटा बलियो ठाउँ
दिनुभएको छ, अनि यसरी हाम्रो परमेश्‍वरले
हाम्रा आँखाहरूमा ज्योति अनि हाम्रा
दासत्वको समयमा केही क्षणको विश्राम
दिनुभएको छ। ९हामीहरू दासहरू भए
तापनि, हाम्रा परमेश्‍वरले हाम्रो दासत्वमा
हामीलाई त्याग्नुभएको छैन। फारसको
राजाको सामुन्ने उहाँले हामीलाई करूणा
देखाउनुभएको छ: हाम्रा परमेश्‍वरको भवन
फेरि बनाउन र भत्केका भागलाई मर्मत
गर्नलाई उहाँले हामीलाई नयाँ जीवन
दिनुभएको छ, अनि यहूदा र यरूशलेममा
हामीलाई सुरक्षाको पर्खाल दिनुभएको छ।

१०"तर अब, हे हाम्रा परमेश्‍वर, यस्तो
भएपछि हामी के भनौं? किनकि हामीले
आज्ञाहरू उल्लङ्घन गरेका छौं, ११जो
तपाईंले आफ्नो सेवक अगमवक्ताहरूद्वारा
दिनुभएको थियो। त्यसबेला तपाईंले
भन्‍नुभयो: 'जुन देशमा तिमीहरू पस्न
लागेका छौ त्यो देश त्यहाँका मानिसहरूका
अशुद्धताले दूषित पारिएको छ। तिनीहरूका
घृणित व्यवहारहरूले र तिनीहरूका
अशुद्धताले यसको एक कुनादेखि अर्को
कुनासम्म भरिएको छ। १२यसकारण,
तिमीहरूका छोरीहरू तिनीहरूका
छोराहरूसित विवाहको निम्ति नदिनू नता
तिनीहरूका छोरीहरू तिमीहरूका
छोराहरूका निम्ति ल्याउनू। तिनीहरूसित
मित्रताको नाता नजोड्नु ताकि तिमीहरू
बलिया हुनेछौ र यस देशको असल
थोकहरूको उपभोग गर्न सक्नेछौ अनि
तिमीहरूका सन्तानका लागि सदासर्वदाको
पैतृक धनस्वरूप छोड़ी राख्नेछौ।'

१३"हामीलाई जे भएको छ त्यो हाम्रै
दुष्ट कामहरू र हाम्रै ठूलो दोषको
परिणाम हो, र पनि, हाम्रो परमेश्‍वर,
तपाईंले हाम्रा पापहरूभन्दा कम नै सजाय
दिनुभएको छ, अनि यसरी हामीलाई अझै
बाँकी राख्नुभएको छ। १४के हामी
फेरि तपाईंका आज्ञाहरूलाई तोड़ेर घृणित
व्यवहार गर्ने मानिसहरूसित अन्तर्विवाह
गर्ने? के हामीलाई एउटै पनि बाँकी
नराखी नाश पार्नेसम्मको क्रोध तपाईंलाई
उठ्दैन? १५हे परमप्रभु, इस्राएलका
परमेश्‍वर, तपाईं धर्मी हुनुहुन्छ! आजको
दिनसम्म हामी बाँकी छोड़िएको एक भाग
हौं। यहाँ हामी हाम्रा दोषसहित तपाईंको
अगि छौं, यद्यपि यसले गर्दा हामीमध्ये एकै
जना पनि तपाईंको उपस्थितिमा उभिन
नसक्ने भएका थियौं।"

---

**९:१२**–प्रस्थान ३४:११-१६; व्यवस्था ७:१-५.

### मानिसहरूले पाप स्वीकार गरेका

**१०** जसै एज्रा परमेश्‍वरको भवनअगि भूइँमा
लडे़र रुँदै प्रार्थना गर्दै थिए, इस्राएलीहरूका
एउटा विशाल भीड़– पुरुषहरू, स्त्रीहरू र केटा-
केटीहरू तिनको वरिपरि भेला भए। तिनीहरूले
पनि विलाप गरे। **२**त्यसपछि एलामको घरानाबाट
एक जना, यहीएलको छोरो शकन्याहले एज्रालाई
भने, “हामीले हाम्रा वरिपरिका मानिसहरूबाट
विदेशी स्त्रीहरूलाई विवाह गरेर हाम्रा
परमेश्‍वरप्रति अविश्‍वासी भइरहेका छौं। तर
यति भएर पनि, इस्राएलको निम्ति अझै आशा
छ। **३**अब मेरा प्रभु र हाम्रा परमेश्‍वरको
आज्ञाहरूका डर मान्‍नेहरूको सल्लाहअनुसार,
यी सबै स्वास्नी मानिसहरू र तिनीहरूका
छोराछोरीहरूलाई यहाँदेखि पठाउन हामी
हाम्रा परमेश्‍वरको अगि एउटा बाचा बाधौं।
योचाहिँ व्यवस्थाबमोजिम होस्। **४**खड़ा
हुनुहोस्; यो विषय तपाईंको हातमा छ। हामी
तपाईंलाई साथ दिनेछौं। साहस गरेर काम
गर्नुहोस्।”

**५**यसकारण एज्रा खड़ा भए अनि मुख्य
पूजाहारीहरू र लेवीहरू अनि सारा इस्राएलीलाई
सुझाउ दिए अनुसार गर्नलाई शपथ खान लगाए;
अनि तिनीहरूले शपथ खाए। **६**त्यसपछि
एज्रा परमेश्‍वरको भवनको अगिबाट निस्केर
एल्यासीबका छोरो येहोहानानको कोठातिर
गए। त्यहाँ बस्दा तिनले खाना खाएनन् अनि
पानी पनि पिएनन्, किनकि तिनी अझै पनि ती
निर्वासनबाट फर्कनेहरूका भक्तिहीनतालाई देखेर
शोक गरिरहेका थिए।”

**७**त्यसपछि निर्वासनबाट फर्कनेहरू सबै
यरूशलेममा भेला हुनलाई यहूदा र यरूशलेमभरि
एउटा घोषणा जारी गरियो। **८**तीन दिनभित्र
यदि कोही आएन भने, अधिकारीहरू र धर्म-
गुरुहरूका निर्णयअनुसार त्यसको सम्पत्ति जफत
गरिनेछ अनि त्यो आफैले आफैलाई निर्वासनबाट
फर्कनेहरूका सभाबाट अलग गर्नेछ।

**९**तीन दिनभित्र, यहूदा र बेन्यामीनका
सारा मानिसहरू यरूशलेममा भेला भए। नवौं
महिनाको बीसौं दिनमा, परमेश्‍वरको भवनको
अगि आँगनमा सारा मानिसहरू यो घटनाले
गर्दा साथै वर्षाको कारण औधी दु:खित भई
बसिरहेका थिए। **१०**तब पूजाहारी एज्रा खड़ा
भएर तिनीहरूलाई भने, “तिमीहरू अविश्‍वासी
भएका छौ; विदेशी स्त्रीहरू विवाह गरेर
तिमीहरूले इस्राएलको दोषलाई बढ़ाएका छौ।
**११**अब तिमीहरूका पुर्खाहरूका परमेश्‍वर
परमप्रभुको सामुन्‍ने आफ्ना पापहरू स्वीकार
गर, अनि उहाँको इच्छा पूरा गर। तिमीहरूका
वरिपरिका मानिसहरू र तिमीहरूका विदेशी
स्वास्नीहरूदेखि आफैलाई अलग राख।”

**१२**सभामा भेला भएका सारा मानिसहरूले
ठूलो आवाज निकालेर जवाफ दिए: “तपाईं
ठीक हुनुहुन्छ! तपाईंले भन्‍नुभएअनुसार हामीले
गर्नैपर्छ। **१३**तर यहाँ असंख्य मानिसहरू छन्
अनि यो वर्षा ऋतु हो; यसकारण हामी बाहिर
खड़ा रहन सक्दैनौं। यसबाहेक, यो विषयलाई
एक-दुई दिनमा सिध्याउन सकिँदैन, किनकि
हामीले यस विषयमा औधी ठूलो पाप गरेका
छौं। **१४**हाम्रा अधिकारीहरूले सम्पूर्ण
सभाको निम्ति काम गरून्। त्यसपछि, हाम्रो
परमेश्‍वरको क्रोध हामीबाट नहटुन्जेलसम्म,
हाम्रो शहरमा हरेक जसले विदेशी स्त्री
विवाह गरेको छ, त्यो त्यसै शहरको धर्म
गुरुहरू र न्यायकर्ताहरूसित एउटा ठहराएको
समयमा आओस्।” **१५**असाहेलका छोरा जोनाथन
र तिक्भाको छोरो याजयाहले मात्र मशुल्लाम
र लेवी सब्बतैको समर्थनमा यसको विरोध
गरे।

**१६**यसकारण निर्वासनबाट फर्कनेहरूले
सङ्कल्प गरेअनुसार नै गरे। पूजाहारी एज्राले
पुरुषहरूलाई छाने जो परिवारहरूका मुखियाहरू
थिए। तिनीहरूले प्रत्येक घरानालाई प्रतिनिधित्व
गरेका थिए। तिनीहरूका नाउँद्वारा तिनीहरूलाई
नियुक्त गरियो। दसौं महिनाको पहिलो दिनमा
तिनीहरू ती मुद्दाहरू जाँच्नलाई बसे, **१७**अनि
ज-जसले विदेशी स्त्रीहरू विवाह गरेका थिए
ती सबै मानिसहरूका विषयमा सबै खोजतलाश
पहिलो महिनाको पहिलो दिनमा सिध्याए।

### अन्तर्विवाह गर्ने दोषीहरू

१८ पूजाहारीहरूका सन्तानहरूमा, निम्न मानिसहरूले विदेशी स्त्री विवाह गरेका थिए:

योसादाकको छोरो येशूअको सन्तानबाट,
अनि तिनका दाज्यूभाइहरूका: मासेयाह,
एलीएजर, यारीब र गदल्याह। १९(तिनीहरू
सबैले आ-आफ्ना स्वास्नीहरूलाई त्यागन
आफ्ना हातहरू बढाएर प्रतिज्ञा गरे, र
आफ्ना दोषहरूका निम्ति हरेकले
बगालबाट एउटा साँढ़-भेड़ा दोषबलिको
लागि दिए।)

२० इम्मेरका सन्तानबाट:
हनानी र जबदियाह ।

२१ हारीमका सन्तानबाट:
मासेयाह, एलिया, शमायाह, यहीएल र उज्जियाह ।

२२ पशहूरका सन्तानबाट:
एल्योएनै, मासेयाह, इश्माएल, नतनेल, योजाबाद र एलासा ।

२३ लेवीहरूमा:

योजाबाद, शिमी, केलायाह (जो कलीता हो),
पतहियाह, यहूदा र एलीएजर ।

२४ गायकहरूबाट:
एल्यासीब ।
द्वारपालहरूबाट:
शल्लूम, तेलेम र ऊरी ।

२५ अनि अरू इस्राएलीहरूबाट:

परोशका सन्तानहरूबाट:
रम्याह, यिज्याह, मल्कियाह, मियामीन, एलाजार, मल्कियाह र बनायाह ।

२६ एलामका सन्तानबाट:
मत्तन्याह, जकरिया, यहीएल, अब्दी, यरेमोत अनि एलिया ।

२७ जत्तूका सन्तानबाट:
एल्योएनै, एल्यासीब, मत्तन्याह, येरेमोत, जाबाद र अजीजा ।

२८ बेबैका सन्तानबाट:
यहोहानान्, हनन्याह, जब्बै र अत्लै ।

२९ बानीका सन्तानबाट:
मशुल्लाम, मल्लूक, अदायाह, याशूब, शाल र यरेमोत ।

३० पहत-मोआबका सन्तानबाट:
अदना, केलाल, बनायाह, मासेयाह, मत्तन्याह, बजलेल, बेन्नूई र मनश्शे ।

३१ हारीमका सन्तानबाट:
एलीएजर, यिशियाह, मल्कियाह,
शमायाह, शिमियोन,
३२बेन्यामीन,
मल्लूक र शमरयाह ।

३३ हाशूमका सन्तानबाट:
मत्तनै, मत्तता, जाबाद, एलीपेतेल, येरेमै, मनश्शे र शिमी ।

३४ बानीका सन्तानबाट:
मादै, अम्राम, ऊएल,
३५बनायाह, बेदयाह,
कलूही,
३६भन्याह, मेरेमोत, एल्यासीब,
३७मत्तन्याह, मत्तनै र यासू ।

३८ बिन्नूईका सन्तानबाट:
शिमी,
३९शेलेम्याह, नातान,
अदायाह,
४०मक्नादबै, शाशै, शारै,
४१अज्रेल, शेलेम्याह, शमरयाह,
४२शल्लूम, अमर्याह र यूसुफ ।

४३ नेबोको सन्तानबाट:
यीएल, मत्तित्याह, जाबाद, जबीना, यद्दै, योएल र बनायाह ।

४४यी सबैले विदेशी स्त्रीहरूलाई विवाह गरेका थिए । अनि तिनीहरूले उनीहरूलाई तिनीहरूका छोराछोरीहरूसमेत त्यागिदिए ।

# नहेम्याहको पुस्तक

## नहेम्याहको प्रार्थना

१ हकल्याहका छोरा नेहम्याहका वचनहरू:
बीसौं वर्षको किसलेव महिनामा जब म
शूशानको किल्लामा थिएँ, २मेरो दाज्यूभाइहरू-
मध्येका एक जना हनानी यहूदाबाट अरू कोही
मानिसहरूसित आए, अनि मैले कैदबाट बाँचेका
बाँकीरहेका यहूदीहरूको विषयमा र यरूशलेमको
विषयमा पनि तिनीहरूसित प्रश्न गरें।

३तिनीहरूले मलाई भने, "कैदबाट बाँचेर
निर्वासनबाट फर्किनेहरू ठूलो विपत्ति र
अपमानमा परेका छन्। यरूशलेमको पर्खाल
भत्काइएको छ र त्यसका मूलढोकाहरू
आगोद्वारा जलाइएका छन्।"

४मैले यो समाचार सुनेपछि म बसेर रोएँ।
अनि म केही दिनसम्म विलाप गर्दैरहें, उपवास
बसें अनि स्वर्गका परमेश्वरसित प्रार्थना गरें।
५तब मैले भनें:

> "हे परमप्रभु, स्वर्गका परमेश्वर, महान्
> र भययोग्य परमेश्वर, जसले उहाँलाई
> प्रेम गर्ने र उहाँका आज्ञाहरू पालन
> गर्नेहरूसित आफ्नो करार पूरा गर्नुहुन्छ।
> ६तपाईंका दासहरू, अर्थात् इस्राएलका
> मानिसहरूको निम्ति तपाईंको दासले
> तपाईंको सामुन्ने दिनरात चढ़ाइरहेको
> प्रार्थना सुन्नलाई तपाईंका कानहरू
> थाप्नुहोस् र आँखा खोल्नुहोस्। हामी
> सबै इस्राएलीहरूले गरेका पाप स्वीकार
> गर्दैछौं। म र मेरा पिताका घरानाले
> तपाईंको विरुद्धमा गरेका पापहरूका दोषी
> छौं। ७हामीले तपाईंप्रति अति दुष्टतापूर्वक
> काम गरेका छौं। हामीले तपाईंको दास
> मोशालाई तपाईंले दिनुभएका आज्ञाहरू,
> आदेशहरू र व्यवस्थाहरू पालन गरेका
> छैनौं।
>
> ८"तपाईंले आफ्नो दास मोशालाई यसो
> भनेर दिनुभएका वचनहरू सम्झनुहोस्,
> 'यदि तिमीहरू अविश्वासी भयौ भने,
> म तिमीहरूलाई जातिहरूका बीचमा
> छरपष्ट पारिदिनेछु, ९तर यदि तिमीहरू
> मकहाँ फर्क्यौ र मेरा आज्ञाहरू पालन
> गर्‍यौ भने, तिमीहरूका कैदमा लगिएका
> मानिसहरू पृथ्वीको पल्लो छेउमा भए
> तापनि म तिनीहरूलाई त्यहाँबाट बटुल्नेछु
> र तिनीहरूलाई मैले आफ्नो नाउँको
> खातिर मेरो वासस्थान भनी चुनेको
> ठाउँमा ल्याउनेछु।'
>
> १०"तिनीहरू तपाईंका दासदासीहरू र
> तपाईंका मानिसहरू हुन्, जसलाई तपाईंले
> आफ्नो महान् शक्ति र सामर्थी हातले
> छुटाउनुभयो। ११हे परमप्रभु, तपाईंको
> कान तपाईंको यस दासको प्रार्थना अनि
> तपाईंको नाउँको डर मान्नुमा खुशी हुने
> तपाईंका दासहरूका प्रार्थनाप्रति सतर्क
> रहोस्। यस मानिसको उपस्थितिमा
> निगाह प्राप्त गर्न दिएर तपाईंको दासलाई
> सफलता दिनुहोस्।"

म राजालाई मद्य टक्राउने व्यक्ति थिएँ।

## आर्ट-जार्जेजले नहेम्याहलाई यरूशलेम पठाएका

२ आर्ट-जार्जेज राजाको बीसौं वर्षमा नीसान
महिनामा उहाँको निम्ति मद्य ल्याइएको
बेला मैले मद्य लिएँ र राजालाई टक्राएँ। म
उहाँको उपस्थितिमा पहिले कहिल्यै उदास थिइनँ,
२यसकारण राजाले मलाई सोध्नुभयो, "तिमी

---

**१:८**–लेवी २६:३३. **१:९**–व्यवस्था ३०:१-५.

बिरामी नभए तापनि तिम्रो अनुहार किन यति
उदास देखिन्छ ? यो त हृदयको उदासीनताबाहेक
केही हुन सक्दैन ।"
म साह्रै डराएँ, **३**तर मैले राजालाई भनें,
"राजा अमर रहून् ! मेरा पुर्खाहरू गाड़िएको
मेरो शहर उजाड़ अवस्थामा र त्यसका
मूलढोकाहरू आगोद्वारा नष्ट पारिएको बेला
मेरो अनुहार किन उदास नदेखिने ?"
**४**राजाले भन्नुभयो, "मबाट तिमी के
चाहन्छौ ?"
तब मैले स्वर्गका परमेश्वरकहाँ प्रार्थना
गरें, **५**अनि मैले राजालाई जवाफ दिएँ, "यदि
राजालाई खुशी लागेछ र यदि तपाईंको दासले
उहाँको दृष्टिमा निगाह प्राप्त गरेको छ भने
उहाँले मलाई मेरा पुर्खाहरू गाड़िएको यहूदाको
शहरमा पठाइयोस् र म त्यसलाई पुनर्निर्माण
गर्न सकूँ ।"
**६**तब आफ्नो छेउमा रानी बसिरहेकी
अवस्थामा राजाले मलाई सोध्नुभयो, "तिम्रो
यात्रालाई कति समय लाग्नेछ र तिमी कहिले
फर्कनेछौ ?" मलाई पठाउनु राजालाई मन पऱ्यो;
यसकारण मैले समय निश्‍चित गरें ।
**७**मैले उहाँलाई यो पनि भनें, "राजालाई
खुशी लागे, म यहूदा नपुगेसम्म मप्रति असल
व्यवहार उनीहरूद्वारा गरिऊन् भनी यूफ्रेटिस
पारिका राज्यपालहरूलाई लेखिएको पत्र के म
पाउन सक्छु ? **८**मन्दिरको छेउको किल्लाका
मूलढोकाहरूको दलिनको अनि शहरको पर्खाल
र म बस्ने घरको निम्ति तिनले मलाई
काठहरू देऊन् भनी के म शाही वनका
अधिकारी आसापलाई लेखिएको एउटा पत्र
पाउन सक्छु ?" अनि ममाथि मेरा अनुग्रही
परमेश्वरका हात रहेकाले राजाले मेरा
बिन्तीहरू मन्जूर गर्नुभयो । **९**यसकारण म
यूफ्रेटिस पारिका राज्यपालहरूकहाँ गएँ र
तिनीहरूलाई राजाका पत्रहरू दिएँ । राजाले
मसित सेनापतिहरू र घोड़चढ़ीहरू पनि
पठाउनुभएको थियो ।

**१०**जब होरोनी सन्बलत र अम्मोनी
तोबियाहले यरूशलेमको भलाइ गर्नलाई कोही
आएका छन् भनेर सुने, तिनीहरू साह्रै विचलित
भए ।

**नहेम्याहले यरूशलेमको पर्खाल जाँच गरेका**

**११**म यरूशलेममा गएँ र त्यहाँ तीन दिन
बसेपछि, **१२**म रातीको समय केही मानिसहरूसित
निस्कें । परमेश्वरले यरूशलेमको निम्ति जे
गर्ने कुरा मेरो हृदयमा हालिदिनुभएको थियो
त्यो मैले कसैलाई भनिनँ । म आफै चढ़ेको
सवारीबाहेक मसित अरू सवारी थिएन ।
**१३**म राती बेँसीको मूलढोका भएर स्याल
पोखरी र मूलढोकातिर यरूशलेमका भत्काइएका
पर्खालहरू र आगोले जलाइएका त्यसका
मूलढोकाहरू जाँच गर्दै गएँ । **१४**तब म
फोहोरा मूलढोका र राजाको पोखरीतिर अगि
बढ़ें, त्यहाँ मेरो सवारीलाई छिर्ने ठाउँ थिएन,
**१५**यसकारण म राती बेँसीमा उक्लें र पर्खालहरू
जाँच गरें । आखिरमा म फनक्क फर्केर बेँसीका
मूलढोका भएर भित्र पसें । **१६**अधिकारीहरूले
म कहाँ गएको थिएँ अथवा मैले के गर्न लागेको
थिएँ त्यो जानेका थिएनन्, किनकि जसले काम
गर्नुपर्ने थियो, यहूदीहरू अथवा पूजाहारीहरू
अथवा भारदारहरू अथवा अधिकृतहरू अथवा
अरू कसैलाई पनि मैले केही भनेको थिइनँ ।
**१७**तब मैले तिनीहरूलाई भनें, "हामी जुन
विपत्तिमा छौं त्यो तिमीहरूले देखेका छौ:
यरूशलेम भत्किएको अवस्थामा छ र यसका
मूलढोकाहरू आगोले जलाइएका छन् । आओ,
हामी यरूशलेमको पर्खाल पुनर्निर्माण गरौं ।
अनि हामी फेरि अपमानित भएर रहन
पर्नेछैन ।" **१८**ममाथि मेरा परमेश्वरका अनुग्रही
हात रहेको र राजाले मलाई भन्नुभएका कुरा
पनि मैले तिनीहरूलाई बताइदिएँ ।
तिनीहरूले जवाफ दिए, "हामी पुनर्निर्माणको
काम शुरू गरौं ।" यसरी तिनीहरूले यो असल
काम शुरु गरे ।

---

**२:३**–२ राजा २५:८-१०; २ इतिहास ३६:१९; यर्मिया ५२:१२-१४.

**१९**तर होरोनी सन्बलत, अधिकृत अम्मोनी
तोबियाह र अरबी गेशेमले यस विषयमा
सुनेपछि तिनीहरूले हामीलाई खिसी गर्दै हाम्रो
गिल्ला गर्न लागे । तिनीहरूले सोधे, "यो
तिमीहरूले के गरेको ? के यो राजाको विरुद्धमा
गरेको विद्रोह होइन र ?"
**२०**मैले तिनीहरूलाई यसो भनेर जवाफ
दिएँ, "स्वर्गका परमेश्वरले हामीलाई सफलता
दिनुहुनेछ । हामी उहाँका दासहरू पुनर्निर्माणको
काम शुरू गर्दैछौं, तर तिमीहरूको विषयमा
चाहिँ यरूशलेममा तिमीहरूको कुनै हिस्सा
छैन, अथवा यसमा कुनै दाबी र ऐतिहासिक
अधिकार छैन ।"

## पर्खाल निर्माण गर्नेहरू

**३** प्रधान पूजाहारी एल्यासीब र तिनका सङ्गी
पूजाहारीहरूले काम शुरू गरेर भेड़ा
ढोकाको पुनर्निर्माण गरे । तिनीहरूले त्यसका
ढोकाहरू खड़ा गरे । तिनीहरूले यो काम
सयको धरहरा र हननेलको धरहरासम्मै सके
र त्यसलाई अर्पण गरे । **२**यरीहोका मानिसहरूले
त्यससित गाँसिएको भाग बनाए र इम्रीका छोरा
जक्कूरले तिनीहरूको छेउको भाग बनाए ।
**३**माछा ढोकालाई हसन्नाका छोराहरूले
पुनर्निर्माण गरे । तिनीहरूले त्यसका दलिनहरू
बसाले, त्यसका ढोकाहरू, छेस्कनी र बारहरू
ठीक ठाउँमा राखे । **४**उरियाहका छोरा
हक्कोसका नाति मरेमोतले अर्को भाग मर्मत
गरे । तिनको ठीक पछि मशेजबेलका छोरा
बेरेक्याहका छोरा मशूल्लमले मर्मत गरे र
त्यसका छेउको भाग बानाका छोरा सादोकले
मर्मत गरे । **५**अर्को भाग तकोका मानिसहरूले
मर्मत गरे, तर तिनीहरूका खानदानी मानिसहरूले
चाहिँ तिनीहरूको निरीक्षण काममा आफ्ना
काँध लगाएनन् ।
**६**येशना ढोका पसेहका छोरा योयादा र
बसोदयाहका छोरा मशल्लूमले मर्मत गरे ।
तिनीहरूले त्यसका दलिनहरू बसाले र त्यसका
ढोकाहरू अनि छेस्कनी र बारहरू ठीक ठाउँमा
खड़ा गरे । **७**तिनीहरूका छेउमा गिबोनी मलत्याह
र मरोनोती यादान, गिबोन र मिस्पाका
मानिसहरूले मर्मत गरे । तिनीहरू यूफ्रेटिस
पारिका प्रान्तका राज्यपालको अधिकारमुनि
थिए । **८**सुनारहरूमध्ये एक जना हर्हयाहका
छोरा उज्जिएलले अर्को भाग मर्मत गरे,
अत्तर बनाउनेहरूमध्ये एक जना हनन्याहले
त्यसपछिको भाग मर्मत गरे । तिनीहरूले
यरूशलेमलाई चौड़ा पर्खालसम्म पुनर्निर्माण
गरे । **९**यरूशलेमको आधा जिल्लाका शासक
हूरका छोरा रपायाहले त्यसपछिको भाग मर्मत
गरे । **१०**हरूमापका छोरा यदायाहले त्यससित
गाँसिएको भाग, तिनको घरको सामुन्नेको भाग
मर्मत गरे, अनि हशब्न्याहका छोरा हत्तूशले
त्यसपछिको भाग मर्मत गरे । **११**हरीमका
छोरा मतिकायाह र पहात-मोआबका छोरा
हश्शूबले भट्टीको धरहरा र अर्को भाग मर्मत
गरे । **१२**हल्लोहेशका छोरा शल्लूम, यरूशलेमको
आधा-जिल्लाका शासकले आफ्ना छोरीहरूको
सहायताले त्यसपछिको भाग मर्मत गरे ।
**१३**बेँसी ढोकालाई हनून र जानोहका
बासिन्दाहरूले मर्मत गरे । तिनीहरूले त्यो
पुनर्निर्माण गरे, र छेस्किनीहरू र आग्लाहरू
लगाएर त्यसका ढोकाहरू बसाले । तिनीहरूले
मूलढोकासम्मै चार सय पचास मिटर लामो
पर्खाल मर्मत गरे ।
**१४**मूलढोका रेकाबका छोरा मल्कियाह,
बेथ-हक्केरेम जिल्लाका शासकले मर्मत गरे ।
तिनले त्यसलाई पुनर्निर्माण गरे, त्यसका
ढोकाहरू, छेस्कनीहरू र बारहरू ठीक ठाउँमा
राखे ।
**१५**फोहोरा ढोका कोल-होजेका छोरा, मिस्पा
जिल्लाका शासक शल्लूमले मर्मत गरे । तिनले
त्यसलाई पुनर्निर्माण गरे र त्यसमाथि छाना
लगाए र त्यसका ढोकाहरू, छेस्कनीहरू र
बारहरू ठीक ठाउँमा राखे । तिनले राजाको
बगैंचाको छेउको सिलोआमको पोखरीको पर्खाल,
दाऊदको शहरबाट तल झर्ने खुड़किलाहरूसम्मै
मर्मत गरे । **१६**तिनको पछि अज्बूकका छोरा,
बेथ-सूरको आधा जिल्लाका शासक नहेम्याहले
दाऊदका चिहानहरूका सामुन्ने बनावटी

पोखरी र वीरहरूका घरसम्मै मर्मत गरे।
**१७**तिनको पछि बानीका छोरा रेहूमको
अधीनमा लेवीहरूले मर्मत गरे। तिनको छेउमा
केलाको आधा जिल्लाका शासक हशब्याहले
आफ्नो जिल्लाको निम्ति मर्मतको काम गरे।
**१८**तिनको पछि मर्मतको काम तिनीहरूका
देशवासीहरूले अनादादका छोरा, केलहका
किल्लाका अर्को आधा भागको शासक बिन्नूईको
अधीनमा गरे। **१९**तिनको पछि येशूअका छोरा,
मिस्पाका शासक एजेरले हतियार भण्डारतिर
जाने ठाउँको सामुन्नेको ठाउँदेखि कुनासम्मको
अर्को भाग मर्मत गरे। **२०**तिनको पछि जब्बैका
छोरा बारूकले जोशको साथ अर्को भाग,
कुनादेखि प्रधान पूजाहारी एल्याशीबको घरको
प्रवेशद्वारसम्म मर्मत गरे। **२१**तिनको पछि,
हक्कोजका छोरा उरियाहका छोरा मेरेमोतले
अर्को भाग, एल्याशीबको घरको प्रवेशद्वारदेखि
त्यसको आखिरसम्म मर्मत गरे।

**२२**तिनको छेउमा यरूशलेमका छेउछाउका
क्षेत्रमा बस्ने पूजाहारीहरूले मर्मत गरे।
**२३**तिनीहरूपछि बेन्यामीन र हश्शूबले आफ्ना
घरको सामुन्ने मर्मत गरे। अनि तिनीहरूपछि
अननियाहका छोरा माशेयाहका छोरा अजर्याहले
आफ्नो घरको सामुन्ने मर्मत गरे। **२४**तिनको
पछि हेनादादका छोरा बिन्नूईले अर्को भाग,
अजर्याहको घरदेखि घुमेको ठाउँबाट कुनासम्म
मर्मत गरे। **२५**अनि उज्जैका छोरा पलालले
कुना र प्रहरी चोकको छेउको माथिल्लो
महलबाट देखिने धरहरासम्म मर्मत गरे। तिनको
पछि परोशका छोरा पदायाह, **२६**अनि ओपेलको
डाँड़ामा बस्ने मन्दिरका कर्मचारीहरूले पूर्वतिर
भएको पानी ढोकाको सामुन्नेको ठाउँ र धरहरा
देखिने ठाउँसम्म मर्मत गरे। **२७**तिनीहरूपछि
तकोका मानिसहरूले अर्को भाग, ठूलो
धरहरादेखि ओपेलको पर्खालसम्म मर्मत गरे।

**२८**घोड़ा ढोकाको मास्तिर पूजाहारीहरूले
आफ्ना आफ्नै घरको सामुन्ने मर्मत गरे।
**२९**तिनीहरूपछि, इम्मेरका छोरा सादोकले आफ्नो
घरको सामुन्ने मर्मत गरे। तिनको पछि,
शकन्याहका छोरा शमायाह, पूर्वीय ढोकाको
द्वारपालले मर्मत गरे। **३०**तिनको पछि,
शेलेन्याहका छोरा हनन्याह र सलापका छैटौं
छोराले अर्को भाग मर्मत गरे। तिनीहरूपछि
बेरेक्याहका छोरा मशूल्लमले आफ्नो बस्ने
कोठाको सामुन्ने मर्मत गरे। **३१**तिनको पछि,
सुनारहरूमध्ये एक जना मल्कियाहले निरीक्षण
ढोकाको सामुन्ने मन्दिरका र व्यापारीहरूको
घरसम्मै मर्मत गरे, **३२**अनि कुनाको माथिको
कोठा र भेड़ा ढोकाको बीचमा सुनारहरू र
व्यापारीहरूले मर्मत गरे।

## पुनर्निर्माणमा बाधा

**४** हामीले पर्खालको पुनर्निर्माण गरिरहेका
छौं भन्ने सन्बलतले सुनेपछि उनी साह्रै
क्रोधित भए। उनले यहूदीहरूलाई खिसी गरे।
**२**अनि आफ्ना साथीहरू र सामरियाको फौजको
उपस्थितिमा उनले भने, "यी कमजोर यहूदीहरूले
के गरिरहेका छन्? के तिनीहरूले आफ्नो
पर्खाल पुनर्निर्माण गर्नेछन्? के तिनीहरूले
बलिदानहरू चढ़ाउलान्? के तिनीहरूले एकै
दिनमा सिध्याउलान्? के तिनीहरूले आगोले
जलाइएका ढुङ्गाहरूलाई यी कसिङ्गरका थुप्रोबाट
सजीव पार्न सक्लान्?"

**३**उनको छेउमै भएको अम्मोनी तोबियाहले
भने, "तिनीहरूले जे बनाइरहेका छन्, त्यसमाथि
एउटा स्याल चढ़यो भने पनि त्यसले तिनीहरूका
ढुङ्गाका पर्खाल भत्काइदिनेछ!"

**४**हे हाम्रा परमेश्वर, हाम्रो पुकारा
सुन्नुहोस्, किनकि हाम्रो गिल्ला भइरहेछ।
तिनीहरूका अपमानहरू तिनीहरूकै शिरमाथि
फर्काइदिनुहोस्। तिनीहरूलाईं लुटका माल
तुल्याइदिनुहोस्। **५**तिनीहरूका अपराध
नढाकिदिनुहोस् अथवा तपाईंको दृष्टिबाट
तिनीहरूका पापहरू नमेटिदिनुहोस्। किनकि
तिनीहरूले निर्माण गर्नेहरूकै सामुन्ने अपमान
गरेका छन्।

**६**यसकारण हामीले पर्खाल त्यसको उचाइको
आधा भाग नपुगेसम्म पुनर्निर्माण गऱ्यौं, किनकि
मानिसहरूले आफ्ना सम्पूर्ण हृदयले काम
गरेका थिए।

**७**तर जब सन्बलत, तोबियाह, अरबीहरू, अम्मोनीहरू र अश्दोदका मानिसहरूले यरूशलेमको पर्खालको मर्मत अघि बढ़िरहेको र खाली ठाउँहरू पुरिँदैछ भनेको सुने तब तिनीहरू अत्यन्त क्रोधित भए । **८**तिनीहरूले आएर यरूशलेमको विरुद्धमा युद्ध गरेर यसको विरुद्धमा विपत्ति ल्याउन एकसाथ मिलेर षड्यन्त्र गरे । **९**तर हामीले आफ्ना परमेश्वरकहाँ प्रार्थना गऱ्यौं र यस धम्कीको सामना गर्नलाई दिनरात एउटा पहरा राख्यौं ।

**१०**त्यसपछि, यहूदाका मानिसहरूले भने, "मजदूरहरूको बल कमजोर भइरहेछ र कसिङ्गर यति धेरै छन्, कि हामीले पर्खालको पुनर्निर्माण गर्न सक्दैनौं ।"

**११**हाम्रा शत्रुहरूले पनि भने, "तिनीहरूले यो जान्न अथवा हामीलाई देख्नभन्दा पहिले नै हामी तिनीहरूमाथि जाइलागेर तिनीहरूलाई मारिदिनेछौं र यस कामको अन्त्य गरिदिनेछौं ।"

**१२**तब तिनीहरूको छेउमा बस्ने यहूदीहरू आएर हामीलाई दशपल्ट यसो भने, "तपाईंहरू जतै फर्के तापनि तिनीहरूले हामीलाई आक्रमण गर्नेछन् ।"

**१३**यसकारण मैले केही मानिसहरूलाई पर्खालको सबैभन्दा तल्लो खुला ठाउँहरूमा तिनीहरूका परिवारअनुसार तिनीहरूका तरवारहरू, भालाहरू र धनुर्बाण लिएर बस्ने आदेश दिएँ । **१४**मैले सबै कुराहरू हेरेपछि खड़ा भएर भारदारहरू, अधिकृतहरू र बाँकी मानिसहरूलाई भनें, "तिमीहरू तिनीहरूसित नडराऊ । महान् र भययोग्य परमेश्वरलाई सम्झ र तिमीहरूका दाज्यूभाइहरूको निम्ति, तिमीहरूका छोराहरूको र तिमीहरूका छोरीहरूको, तिमीहरूका पत्नीहरूको र तिमीहरूका घरहरूको निम्ति युद्ध गर ।"

**१५**हाम्रा शत्रुहरूले हामीलाई तिनीहरूको षड्यन्त्रबारे थाहा भएको र परमेश्वरले त्यसलाई विफल बनाइदिनुभएको सुनेपछि हामी आफ्ना-आफ्ना काम गर्न पर्खालमा गयौं ।

**१६**त्यस दिनदेखि उसो मेरो अधीनमा भएका आधा मानिसहरूले काम गरे र अर्को आधा भाग भाला, ढाल, धनु र हतियारले सुसज्जित भइबसे । अधिकृतहरूले आफैलाई यहूदाका सारा मानिसहरूको पछिल्तिर राखे, **१७**जुन मानिसहरूले पर्खाल बनाइरहेका थिए । सामान बोक्ने मानिसहरूले एक हातले काम गर्थे र अर्को हातले हतियार समाउँथे, **१८**अनि निर्माण गर्नेहरू आफ्नो तरवार भिरेर बनाउने काम गर्थे । तर तुरही बजाउने मानिस मसित बस्थ्यो ।

**१९**तब मैले भारदारलाई, अधिकारीहरूलाई र बाँकी मानिसहरूलाई यसो भनें, "काम व्यापक र फैलिएको छ, अनि हामीहरू पर्खालमा एका-अर्कादेखि निकै टाढ़ा छौं । **२०**तिमीहरूले जुन ठाउँमा तुरही बजेको सोर सुन्छौ त्यहीँ हामीसित मिलिहाल्नू । हाम्रा परमेश्वरले हाम्रो निम्ति युद्ध गर्नुहुनेछ !"

**२१**यसरी आधा मानिसहरूले भाला पक्रेको अवस्थामा बिहानको पहिलो उज्यालोदेखि तारा देखापर्न थालेको समयसम्म काम गरिरहयौं । **२२**त्यस बेला मैले मानिसहरूलाई यो पनि भनें, "राती हरेक मानिस र त्यसको सहायक यरूशलेमभित्र रहनू अनि तिनीहरूले राती पहरा दिने र दिउँसो काम गर्ने गरून् । **२३**मैले, नता मेरा दाज्यूभाइहरूले नता मेरा मानिसहरूले नता मसित भएका अङ्गरक्षकहरूले आफ्ना लुगा फुकायौं । हरेकसित पानीको निम्ति जाँदा पनि आफ्नो हतियार हुन्थ्यो ।

### नहेम्याहले गरीबहरूलाई सघाएका

**५** अब मानिसहरू र तिनीहरूका पत्नीहरूले आफ्ना यहूदी दाज्यूभाइहरूको विरुद्धमा एउटा ठूलो हल्ला फैलाए । **२**कसैले यसो भन्दैथिए, "हामी र हाम्रा छोराछोरीहरू ठूलो सङ्ख्यामा छौं; यसकारण हामीलाई खान र बाँच्नको निम्ति अन्न चाहिन्छ ।"

**३**अरूले भन्दैथिए, "हामी अनिकालको समयमा अन्न पाउनलाई आफ्ना खेतहरू, आफ्ना दाखबारीहरू र आफ्ना घरहरू बन्धक राख्दैछौं ।"

**४**अझ अरूले यसो भन्दैथिए, "हामीले

खेत र दाखबारीमाथि लगाएको राजकर तिर्नलाई
पैसा ऋण लिनुपरेको छ । ५हामी आफ्ना
देशवासीहरूकै मासु र रगत भए तापनि हाम्रा
छोराछोरीहरू तिनीहरूका झैं असल भए तापनि
हामीले आफ्ना छोराछोरीहरूलाई कमारा-
कमारी हुन दिनुपरेको छ । हाम्रा कति छोरीहरू
कमारी भइसकेका छन्, तर हामी असमर्थ छौं,
किनकि हाम्रा खेतहरू र दाखबारीहरू अरूहरूका
भइसकेका छन् ।"

६जब मैले तिनीहरूका रोदन र यी
अभियोगहरू सुनें, मलाई अत्यन्त रीस उठ्यो ।
७मैले तिनीहरूलाई मनमा सम्झे र त्यसपछि
भारदारहरू र अधिकृतहरूलाई दोष्याएँ । मैले
तिनीहरूलाई भनें, "तिमीहरूले आफ्नै
देशवासीहरूबाट ब्याज लिँदैछौ !" यसकारण
तिनीहरूसित व्यवहार गर्नलाई मैले एउटा ठूलो
सभा बोलाएँ, ८अनि भनें: "सम्भव भएसम्म
हामीले गैर-यहूदीहरूकहाँ बेचिएका हाम्रा यहूदी
दाज्यूभाइहरूलाई फर्काएर ल्याएका छौं, अब
तिमीहरूले हामीहरूकहाँ फेरि बेचिनुको निम्ति
आफ्ना दाज्यूभाइहरूलाई बेचिरहेका छौ !"
तिनीहरू चूप रहे, किनकि तिनीहरूसित भन्ने
कुरा केही थिएन ।

९यसकारण मैले भन्दै गएँ, "तिमीहरूले जे
गरिरहेका छौ सो ठीक छैन । हाम्रा गैर-यहूदी
शत्रुहरूको निन्दाबाट बच्नको लागि के तिमीहरू
परमेश्वरको डर मानेर चल्नुपर्ने थिएन ? १०म
र मेरा दाज्यूभाइहरूले अनि मेरा मानिसहरूले
पनि तिनीहरूलाई रुपियाँपैसा र अन्न उधारो
दिँदैछौं । तर ब्याज लिने कामचाहिँ बन्द होस् !
११झट्ट तिनीहरूलाई तिनीहरूका खेतहरू,
दाखबारीहरू, भद्राक्षबारीहरू र घरहरू अनि
तिमीहरूले तिनीहरूबाट लिएका पैसाको सयौं
भाग, अन्न नयाँ दाखमद्य र तेलको ब्याजहरू
तिनीहरूलाई फर्काइदेऊ ।"

१२तिनीहरूले भने, "हामी त्यो फर्काइदिनेछौं ।
अनि हामी तिनीहरूबाट अरू केही माग्ने
छैनौं । हामी तपाईंले भन्नुभएझैं गर्नेछौं ।"

तब मैले पूजाहारीहरूलाई बोलाइपठाएँ र
भारदारहरू र अधिकृतहरूलाई तिनीहरूले जे
गर्छौं भनेका थिए त्यसको शपथ खान लगाएँ ।
१३मैले आफ्ना वस्त्रको मोढ़िएको भाग टकटकाएर
भनें, "यस्तै किसिमले यस प्रतिज्ञा पूरा नगर्ने
हरेक मानिसलाई त्यसको घर र सम्पत्तिबाट
परमेश्वरले टकटकचाइदेऊन् । यसरी यस्तो
मानिस टकटकचाइएको र रित्तो पारिएको होस् !"

यसमा सारा समुदायले भने, "आमेन" र
परमप्रभुको प्रशंसा गर । अनि मानिसहरूले
आफूले प्रतिज्ञा गरेझैं गरे ।

१४यस बाहेक, राजा आर्ट-जार्जेजको बीसौं
वर्षमा म यहूदामा तिनीहरूको राज्यपाल भएदेखि
उहाँको बत्तीसौं वर्ष, अर्थात् बाह्र वर्षसम्म मैले
र मेरा दाज्यूभाइहरूले राज्यपाललाई दिइने
भोजन खाएनौं । १५तर मभन्दा पहिलेका
राज्यपालहरूले मानिसहरूमाथि ठूलो बोझ
लगाइदिए अनि भोजन र दाखमद्यको साथमा
तिनीहरूबाट चालीस शेकेल चाँदी लिए ।
तिनीहरूका सहायकहरूले पनि मानिसहरूमाथि
प्रभुत्व गरे । तर परमेश्वरप्रतिको श्रद्धाले गर्दा
मैले त्यसो गरिनँ । १६त्यसको सट्टा मैले आफैलाई
यस पर्खालको काममा दिइहालें र मेरा सबै
मानिसहरू कामको निम्ति त्यहाँ भेला भए ।
हामीले तिनीहरूबाट कुनै जमिन लिएनौं ।

१७यसबाहेक, मसँग मेरो टेबुलमा एक सय
पचास जना यहूदीहरू र अधिकृतहरूले अनि
चारैतिरका जातिहरूबाट आउनेहरूले खाने
गर्थे । १८प्रतिदिन मेरो निम्ति एउटा गोरु, छ
ओटा असल भेड़ाहरू र केही कुखुराहरू तयार
गरिन्थे र प्रत्येक दश दिनमा सबै किसिमका
मद्यहरू प्रशस्त मात्रामा जुटाइन्थ्यो । यस्तो
हुँदा पनि मैले राज्यपालको निम्ति तोकिएको
भोजन कहिल्यै मागिनँ, किनकि यस्तो मागले
मानिसहरूमाथि ठूलो भार परेको थियो ।

१९हे मेरा परमेश्वर, मैले यी मानिसहरूको
निम्ति गरेका सबै कामको निम्ति मलाई
निगाहसहित स्मरण गर्नुहोस् ।

---

**५:७**–प्रस्थान २२:२५; लेवी २५:३५-३७; व्यवस्था २३:१९-२०.

## पुनर्निर्माणमा अरू बाधा

६ जब सन्बलत, तोबियाह, अरबी गेशेम र
हाम्रा अरू शत्रुहरूकहाँ मैले पर्खालको
पुनर्निर्माण गरिसकेको अनि त्यसमा एउटै प्वाल
पनि नरहेको खबर पुग्यो, यद्यपि त्यस बेलासम्म
मैले मूलढोकाहरूमा ढोकाहरू लगाएको थिइनँ,
**२**सन्बलत र गेशेमले मलाई यो खबर पठाए:
"आऊ, हामी ओनोको बँसीमा एउटा गाउँमा
एकसाथ भेटौं ।"

तर तिनीहरूले मलाई हानि गर्ने षड्यन्त्र
गर्दैथिए । **३**यसैकारण मैले तिनीहरूकहाँ यो
समाचार पठाएँ, "म एउटा महान् काम
सञ्चालन गरिरहेको छु र म तल झर्न
सक्दिनँ । मैले यसलाई छोड़ेर तिमीकहाँ तल
जादाँ यो काम किन रोकिने ?" **४**उनीहरूले
मकहाँ चारपल्ट त्यही समाचार पठाए र
हरेकपल्ट मैले तिनीहरूलाई त्यही जवाफ दिएँ ।
**५**तब पाँचौं पल्टमा सन्बलतले आफ्ना एक
विशेष दूत मकहाँ त्यही समाचारको साथमा
पठाए र त्यसको हातमा एउटा बन्द नगरिएको
पत्र थियो । **६**जसमा यसरी लेखिएको थियो:

> "जातिहरूको बीचमा यस्तो खबर
> फैलिएको छ, अनि गेशेमले यो सत्य हो
> भन्छ, कि तिमी र यहूदीहरूले राजद्रोहको
> षड्यन्त्र रच्दैछौ, यसैकारण त तिमीहरूले
> पर्खाल पुनर्निर्माण गरिरहेका छौ ।
> यसबाहेक अनि यस खबरअनुसार
> तिमीचाहिँ राजा हुन लागेका छौ । **७**अनि
> तिम्रो विषयमा 'यहूदाका एउटा राजा
> छन् !' भनी यरूशलेममा घोषणा गर्नलाई
> अगमवक्ताहरू नियुक्त गरेका छौ । अब
> यो खबर राजालाई पठाइनेछ । यसकारण
> आऊ, हामी मिलेर कुराकानी गरौं ।"

**८**मैले उसलाई यो जवाफ पठाइदिएँ:
"तिमीले भनेझैं केही पनि भएको छैन । तिमीले
यो कुरा आफ्नै मगजमा उब्जाएका हौ ।"
**९**"तिनीहरूका हातहरू कामको निम्ति अति
दुर्बल हुनेछन् र त्यो समाप्त हुनेछैन" भन्ने
सोचेर तिनीहरू सबैले हामीलाई तर्साउने कोसिस
गर्दैथिए ।

तर मैले "हाम्रा हातहरू बलिया
पारिदिनुहोस्" भनेर प्रार्थना गरें ।
**१०**एक दिन म महेतबेलका छोरा, दलायाहका
छोरा शमायाहकहाँ गएँ, जो आफ्नो घरभित्रै
रहन्थे । तिनले भने, "हामी मन्दिरभित्र
परमेश्वरको भवनमा भेटौं र मन्दिरमा ढोका
थुनौं, किनकि मानिसहरू तपाईंलाई मार्न राती
आउँदैछन् ।"
**११**तर मैले भनें, "के मजस्तो मानिस भाग्नु
अथवा के मजस्तो मानिस आफ्नो प्राण जोगाउन
मन्दिरभित्र जानु ? म जानेछैनँ !" **१२**तिनलाई
परमेश्वरले पठाउनुभएको होइन तर तोबियाह
र सन्बलतले तिनलाई भाड़ामा लिएकाले तिनले
मेरो विरुद्धमा अगमवाणी गरेको भनी मैले
थाहा गरें । **१३**मैले त्यसो गरेर पाप गरूँ र
मलाई पत्यार नलाग्ने बनाउनलाई तिनीहरूले
मेरो बदनाम गर्न पाऊन् भनेर तिनी मलाई
डर देखाउनलाई रकममा लिइएका थिए ।
**१४**हे मेरा परमेश्वर, तोबियाह र सन्बलतको
जे गरेका छन्, सो सम्झना राख्नुहोस् । मलाई
डर देखाउने चेष्टा गरिरहने अगमवादिनी साथै
नोअदिया र अरू सबै अगमवक्ताहरूलाई पनि
सम्झना राख्नुहोस् ।

## पर्खाल निर्माणको समाप्ति

**१५**यसरी एलूल महिनाको पच्चीसौँ दिनमा,
बाउन्न दिनमा पर्खाल सिद्धियो । **१६**सारा
शत्रुहरूले यो सुनेपछि चारैतिरका जातिहरू
डराएर आफ्ना आत्मविश्वास हराए, किनकि
यो काम हाम्रा परमेश्वरको सहायताले
गरिएको थियो भन्ने तिनीहरूले थाहा गरे ।
**१७**ती दिनहरूमा यहूदाका भारदारहरूले
तोबियाहकहाँ धेरै पत्रहरू पठाउँदैथिए, र
तोबियाहबाट जवाफहरू पनि तिनीहरूकहाँ
आउँदैथिए । **१८**तिनी आरहका छोरा शकन्याहका
जुवाइँ भएकाले र तिनका छोरा यहोहानानले
बेरेक्याहका छोरा मशूल्लमकी छोरीलाई विवाह
गरेकाले यहूदाका धेरै जना तिनीसित शपथमा
बाँधिएका थिए । **१९**यसबाहेक, तिनीहरूले मलाई

उनका असल कामहरूबारे सुनाउँथे र मैले
भनेका कुरा उनलाई बताइरहन्थे र तोबियाहले
मलाई डर देखाउनलाई पत्रहरू पठाउँथे ।

**७** पर्खालको निर्माण भइसकेपछि र मैले
ढोकाहरू तिनको ठीक ठाउँमा
लगाइसकेपछि, द्वारपालहरू, गायकहरू र
लेवीहरू नियुक्त गरिए । **२**मैले आफ्नो भाइ
हनानीलाई किल्लाको कप्तान हनन्याहसित
यरूशलेमको अधिपति नियुक्त गरें, किनकि
तिनी एक इमानदार व्यक्ति थिए र धेरै
मानिसहरूले भन्दा बढ़ी परमेश्वरको डर
राख्थे । **३**मैले तिनीहरूलाई भनें, "घाम
नछिप्पिएसम्म यरूशलेमका मूलढोकाहरू
नखोलिऊन् । द्वारपालहरू काममा रहेकै बेला
तिनीहरूलाई ढोकाहरू बन्द गरेर आग्ला
लगाउनदिनू । यरूशलेमका बासिन्दाहरू कतिलाई
तिनीहरूका अड्डामा र कतिलाई तिनीहरूका
आफ्नै घर छेउमा पाले पनि नियुक्त गर्नू ।"

### कैदबाट फर्किर आएकाहरूको सूची

**४**शहर ठूलो र विस्तृत थियो तर त्यसमा
थोरै मानिसहरू थिए र अझसम्म घरहरूको
पुनर्निर्माण भएको थिएन । **५**यसकारण मेरा
परमेश्वरले मेरो हृदयमा खानदानी मानिसहरू,
अधिकृतहरू र साधारण मानिसहरूलाई
परिवार-परिवार गरी बोलाएर नाउँ लेखाउन
भनी विचार हालिदिनुभयो । मैले पहिला
फर्कनेहरूको वंशावलीको प्रतिलिपि भेट्टाएँ ।
मैले त्यहाँ यसरी लेखिएको पाएँ:

**६**बेबिलोनका राजा नबूकदनेसरले
कैदमा लगेका र कैदबाट फर्केका प्रान्तका
मानिसहरू यिनै हुन् (तिनीहरू यरूशलेम
र यहूदाका आफ्नै शहरहरू, **७**यरूबाबेल,
येशूअ, नहेम्याह, अजर्याह, रमायाह,
नहमानी, मोर्दकै, बिल्शान, मिसपरेत,
बिग्वै, नहूम र बानाका साथमा फर्के ।):

इस्राएलका मानिसहरूको सूची:

**८** परोशका सन्तानहरू दुई हजार एक सय बहत्तर
**९** शपत्याहका सन्तान तीन सय बहत्तर
**१०** अराहका सन्तान छ सय बाउन्न
**११** पहात-मोआबका सन्तान (येशूम र योआबको बंशबाट) दुई हजार आठ सय अठाह्र
**१२** एलामका एक हजार दुई सय चउन्न
**१३** जत्तूका आठ सय पैंतालीस
**१४** जक्कैका सात सय साठी
**१५** बिन्नुईका छ सय अठचालीस
**१६** बेबैका छ सय अठ्ठाइस
**१७** अज्गादका दुई हजार तीन सय बाइस
**१८** अदोनीकामका छ सय सतसठ्ठी
**१९** बिग्वैका दुई हजार सतसठ्ठी
**२०** अदीनका छ सय पचपन्न
**२१** आतेरका (हिजकियाहबाट) अन्ठानब्बे
**२२** हाशूमका तीन सय अठ्ठाइस
**२३** बेजैका तीन सय चौबीस
**२४** हारिपका एक सय बाह्र
**२५** गिबोनका पन्चानब्बे
**२६** बेथलेहेम र नतोपाका मानिसहरू एक सय अठासी
**२७** अनातोतका मानिसहरू एक सय अठ्ठाइस
**२८** बेथ अज्मावेतका मानिसहरू बयालीस
**२९** किर्यात यारीम, कपीरा र बेरोतका सात सय त्रिचालीस
**३०** रामा र गेबाका छ सय एक्काइस
**३१** मिकमाशका एक सय बाइस
**३२** बेथेल र ऐका एक सय तेइस
**३३** अर्को नेबोका बाउन्न
**३४** अर्को एलामका एक हजार दुई सय चउन्न
**३५** हारीमका तीन सय बीस
**३६** यरीहोका तीन सय पैंतालीस
**३७** लोद, हादीद र ओनोका सात सय एक्काइस
**३८** सेनाहका तीन हजार नौ सय तीस
**३९** पूजाहारीहरू:

---

**७:४-७३**–एज्रा २:१-७०.

यदायाहका सन्तानहरू (येशूअको परिवारबाट) नौ सय त्रिहत्तर
४० इम्मेरका एक हजार बाउन्न
४१ पशहूरका एक हजार दुई सय सतचालीस
४२ हारीमका एक हजार सत्र
४३ लेवीहरू: येशूअका सन्तानहरू (हदावियाको वंश, कदमिएलबाट) चौहत्तर
४४ गायकहरू: आसापका सन्तानहरू एक सय अठचालीस
४५ द्वारपालहरू: शल्लूम, आतेर, तल्मोन, अक्कूब, हतीता र शोबैका एक सय अठतीस
४६ मन्दिरका सेवकहरू,
यिनीहरूका सन्तानहरू:
सीहा, हशूपा, तब्बोत,
४७ कोरेस, सीआ, पादोन,
४८ लेबाना, हगाबा, शल्मै,
४९ हनान्, गिद्देल, गहर,
५० रायाह, रसीन, नकोदा,
५१ गज्जाम, उज्जा, पसेह,
५२ बेजै, मुनीम, नपुस्सिम,
५३ बक्बूक, हकूपा, हरहूर,
५४ बस्लूत, महीदा, हर्शा,
५५ बर्कोस, सीसरा, तेमह,
५६ नसीह र हतिपाका सन्तानहरू
५७ सुलेमानका सेवकहरूका सन्तानहरू:
सोतै, सोपेरेत, पारीदा,
५८ याला, दर्कोन, गिद्देल,
५९ शपत्याह, हत्तिल,
पोकेरेत-हसेबायीम र आमोनका सन्तानहरू ।

६० मन्दिरका सेवकहरू र सुलेमानका सेवकहरूका सन्तानको सङ्ख्या जम्मा तीन सय बयानब्बे ।

६१निम्न लिखित व्यक्तिहरू तेल-मेलह, तेल-
हर्षा, केरूब, आदोन र इम्मेरका शहरहरूबाट
आए तर तिनीहरूले आफ्ना परिवारहरूलाई
इस्राएलका सन्तानहरूबाट आएका हुन् भनी
देखाउन सकेनन्,

यिनीहरूका सन्तानहरू:-

६२ दलायाह, तोबियाह र नकोदा छ सय बयालीस

६३ अनि पूजाहारीहरूबाट,
यिनीहरूका सन्तानहरू:-
होबायाह, हक्कोस र बर्जिल्लै (एक जना मानिस जसले गिलादी बर्जिल्लैकी छोरी विवाह गरेका थिए र त्यही नाउँले बोलाइए) ।
६४तिनीहरूले आफ्ना परिवारका
प्रतिलिपिहरू खोजे तर पाएननन् र अशुद्धको
रूपमा पूजाहारी पदबाट छुटाइए ।
६५यसकारण ऊरीम र तुम्मीमसित सेवा
गर्ने एक जना पूजाहारी नभएसम्म
तिनीहरूले महा-पवित्र भोजनबाट केही
नखाऊन् भनेर राज्यपालले तिनीहरूलाई
हुकुम दिए ।

६६सम्पूर्ण समुदायको सङ्ख्या बयालीस
हजार तीन सय साठी थियो, ६७यीबाहेक
तिनीहरूका सात हजार तीन सय सैँतीस
जना कमारा-कमारीहरू पनि थिए ।
तिनीहरूसित दुई सय पैँतालीस पुरुष र
स्त्री गवैयाहरू पनि थिए । ६८त्यहाँ सात
सय छत्तीस घोड़ाहरू, दुई सय पैँतालीस
खच्चरहरू, ६९चार सय पैँतीस ऊँटहरू
र छ हजार सात सय बीस गधाहरू थिए ।
७०परिवारका कतिपय मुखियाहरूले
कामको निम्ति दान दिए । राज्यपालले
भण्डारमा एक हजार सुनका अशर्फी,
पचास ओटा कचौराहरू र पूजाहारीहरूले
लाउने पाँच सय तीस पोशाकहरू दिए ।
७१परिवारहरूका कतिपय मुखियाहरूले
कामको निम्ति भण्डारमा बीस हजार
सुनका अशर्फी, र दुई हजार दुई सय
चाँदीका सिक्का दिए । ७२बाँकीरहेका

**७:६५**–प्रस्थान २८:३०; व्यवस्था ३३:८.

मानिसहरूले बीस हजार अशर्फी, दुई
हजार चाँदीका सिक्का र पूजाहारीहरूले
लाउने सुनका सतसट्ठी ओटा पोशाकहरू
दिए ।

**७३**पूजाहारीहरू, लेवीहरू, द्वारपालहरू,
गवैयाहरू र मन्दिरका सेवकहरू र
केही मानिसहरू बाँकीरहेका इस्राएलीहरू
आफ्ना आफ्नै शहरहरूमा बसोबासो गर्न
थाले ।

### एज्राले व्यवस्था पढेका

**८** सातौं महिना लाग्दा जब इस्राएलीहरू
आफ्ना शहरहरूमा बसोबासो गरिसकेका
थिए, तब सबै मानिसहरू एउटै जस्तो भई
पानी ढोकाको सामुन्नेको चोकमा भेला भए।
तिनीहरूले एज्रालाई परमप्रभुले इस्राएललाई
आज्ञा गर्नुभएका मोशाको व्यवस्थाको पुस्तक
ल्याउनू भने ।

**२**यसकारण सातौं महिनाको पहिलो दिनमा
पूजाहारी एज्राले व्यवस्था समुदायको सामुन्ने
ल्याए जसमा पुरुष र स्त्रीहरू अनि बुझ्नसक्ने
जति सबै भेला भएका थिए । **३**तिनले पानी
ढोकाको सामुन्ने पुरुष, स्त्रीहरू र बुझ्न
सक्ने अरूको उपस्थितिमा त्यसलाई बिहान
सबेरैदेखि दिउँसोसम्म जोड़सित पढ़े । अनि
सबै मानिसहरूले व्यवस्थाको पुस्तकलाई
ध्यानसित सुने ।

**४**शास्त्री एज्रा त्यस्तै कामको लागि बनाएको
एउटा काठको अग्लो मञ्चमाथि खड़ा भए ।
तिनको छेउमा दाहिनेतिर मत्तित्याह, शेमा,
अनायाह, उरियाह, हिल्कियाह र मासेयाह अनि
देब्रेतिर पदायाह, मीशाएल, मल्कियाह, हाशूम,
हशवदा, जकरिया र मशुल्लाम थिए ।

**५**एज्राले त्यो पुस्तक खोले । तिनी
उनीहरूभन्दा अग्लोमा उभिएका हुनाले सबैले
तिनलाई देख्न सक्थे, र तिनले त्यसलाई
खोल्दा सबै मानिसहरू खड़ा भए । **६**एज्राले
परमप्रभु महान् परमेश्वरलाई प्रशंसा दिए
र सबै मानिसहरूले आफ्ना हात उचालेर
प्रतिक्रियास्वरूप, "आमेन ! आमेन !" भने
त्यसपछि तिनीहरू निहुरेर भूइँतिर अनुहार
पारेर परमप्रभुलाई दण्डवत् गरे ।

**७**लेवीहरू येशूअ, बानी, गेरेबियाह, यामीन,
अक्कूब, अब्बतै, होदियाह, मासेयाह, कलीता,
अजर्याह, योजाबाद, हानान र पलायाहले
मानिसहरू त्यहाँ उभिरहेका बेला तिनीहरूलाई
व्यवस्थाबारे शिक्षा दिए । **८**तिनीहरूले
परमेश्वरको व्यवस्थाको पुस्तकबाट पढ़े र के
पढ़िएको हो, मानिसहरूले बुझून् भनी त्यसको
अर्थ बताइदिएर स्पष्ट गरिदिए ।

**९**तब राज्यपाल नहेम्याह, पूजाहारी, शास्त्री
एज्रा र लेवीहरू, जसले तिनीहरू सबैलाई भने,
"यो दिन परमप्रभु तिमीहरूका परमेश्वरको
निम्ति पवित्र छ । विलाप नगर, अनि नरोऊ ।"
किनकि व्यवस्थाका वचनहरू सुनेपछि सबै
मानिसहरू रुँदैथिए ।

**१०**नेहम्याहले भने, "जाऊ र असल भोजन
अनि मीठो दाखमद्य पिऊ र केही तयार
नभएकाहरूलाई केही पठाइदेऊ । यो दिन हाम्रा
परमप्रभुको निम्ति पवित्र छ । अफसोस
नगर, किनकि परमप्रभुको आनन्द तिमीहरूको
बल हो ।"

**११**लेवीहरूले यसो भनेर मानिसहरूलाई
शान्त गराए, "चूप लाग, किनकि यो एउटा
पवित्र दिन हो । अफसोस नगर" ।

**१२**तब सबै मानिसहरू खान, पिउन अनि
केही भोजन पठाउन र अपार हर्षको साथ
उत्सव मनाउन गइहाले, किनकि तिनीहरूलाई
सम्झाएका कुरा अब तिनीहरूले बुझे ।

**१३**महिनाको दोस्रो दिन सारा परिवारहरूका
मुखियाहरू, पूजाहारीहरू र लेवीहरूसित
व्यवस्थाका वचनहरूमा ध्यान दिन शास्त्री
एज्राकहाँ गए । **१४**तिनीहरूले व्यवस्थामा
परमप्रभुले मोशाद्वारा सातौं महिनाको चाड़मा
इस्राएलीहरू छाप्रोमा बस्नुपर्छ भनेर लेखिएको
भेट्टाए, **१५**अनि तिनीहरूले यो वचन घोषणा

---

**७:७३**–१ इतिहास ९:२; नहेम्याह ११:३. **८:१४-१५**–लेवी २३:३३-३६,३९-४०; व्यवस्था १६:१३-१५.

गरेर आफ्ना शहरहरूमा र यरूशलेममा यसो भनेर फैलाउने कुरा पनि लेखिएको भेट्टाए: "पहाड़ी मुलुकमा निस्केर जानू र छाप्रो बनाउनलाई भद्राक्ष र जङ्गली भद्राक्षका रूखहरूबाट अनि मेहदी, खजूर र छायादार रूखहरूबाट हाँगाहरू ल्याउनू ।"

**१६**यसकारण मानिसहरू निस्केर गए र
हाँगाहरू लिएर आएर आफ्नै लागि तिनीहरूका
आफ्नै छानाहरूमाथि, तिनीहरूका आँगनहरूमा
र परमेश्वरको भवनका चोकहरूमा र पानी
ढोकाको छेउको चोकमा र एप्रैमको ढोकाको
छेउमा छाप्राहरू बनाए । **१७**कैदबाट फर्किआउने
सारा समुदायले छाप्राहरू बनाए र त्यसमा
बसे । नूनका छोरा यहोशूका दिनहरूदेखि यसो
इस्राएलीहरूले यसरी यो उत्सव मनाएका
थिएनन् । अनि तिनीहरूका आनन्द ठूलो
थियो ।

**१८**दिन प्रतिदिन, पहिलो दिनदेखि अन्तिम दिनसम्म एज्राले परमेश्वरको व्यवस्थाको पुस्तकबाट पढ़े । तिनीहरूले सात दिनसम्म चाड़ मनाए र आठौं दिनमा विधिअनुसार सभा राखियो ।

## इस्राएलीहरूले आफ्ना पाप स्वीकार गरेका

**९** त्यही महिनाको चौबीसौं दिन इस्राएलीहरू
उपवास बस्दै, भाङ्ग्रा लाएर, शिरमा धूलो
हालेर उपवासको निम्ति एक साथ भेला भए ।
**२**इस्राएलका सन्तानले आफैलाई परदेशीहरूबाट
अलग गरे । तिनीहरूले आफ्ना स्थानहरूमा
खड़ा भएर आफ्ना पापहरू र आफ्ना पुर्खाहरूका
दुष्टताहरू स्वीकार गरे । **३**तिनीहरू आफू भएको
ठाउँमा खड़ा भए र एक पहरसम्म परमप्रभु
तिनीहरूका परमेश्वरको व्यवस्थाको पुस्तक
पढ़े अनि तिनीहरूले अर्को पहरचाहिँ आफ्ना
आफ्ना पाप स्वीकार गर्दै र परमप्रभु आफ्ना
परमेश्वरको आराधना गर्दैरहे । **४**खुट्किलाहरूमा
लेवीहरू येशूअ, बानी, कद्मीएल, शबन्याह,
बुन्नी, शेरेब्याह, बानी र कनानी उभिएर
परमप्रभु तिनीहरूका परमेश्वरलाई जोड़सित
पुकारिरहेका थिए । **५**अनि लेवीहरू येशूअ,
कद्मीएल, बानी, हशबियाह, शेरेब्याह,
होदियाह, शबन्याह र पतहियाहले भने: "खड़ा
भएर युगयुगसम्म हुनुहुने परमप्रभु तिमीहरूका
परमेश्वरको प्रशंसा गर ।"

"तपाईंको महिमित नाउँ धन्यको
होस्, अनि त्यो सबै आशिष्हरू र
प्रशंसाहरूमाथि उचालिओस् । **६**तपाईं मात्र
परमप्रभु हुनुहुन्छ । तपाईंले नै स्वर्गहरू,
सर्वोच्च स्वर्गहरू र असङ्ख्य ताराहरू,
पृथ्वी र त्यसमा भएका सबै चीजहरू,
समुद्रहरू र त्यसमा भएका सबै कुराहरू
बनाउनुभयो । तपाईंले प्रत्येक कुरोलाई
जीवन दिनुहुन्छ र स्वर्गका सारा समुदायले
तपाईंलाई पुज्दछन् ।

**७**"अब्रामलाई चुन्नुहुने र उनलाई
कल्दीहरूको ऊरबाट निकालिल्याउनुभयो
र तिनलाई अब्राहाम नाउँ दिनुहुने तपाईं
नै परमप्रभु परमेश्वर हुनुहुन्छ । **८**तपाईंले
तिनको हृदयलाई तपाईंप्रति विश्वासयोग्य
पाउनुभयो र तपाईंले तिनका सन्तानहरूलाई
कनानीहरू, हित्तीहरू, एमोरीहरू, परिज्जीहरू,
यबूसीहरू र गिर्गाशीहरूको देश दिनेछु
भनी तिनीसित करार बाँध्नुभयो । तपाईंले
आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो, किनकि तपाईं
धर्मी हुनुहुन्छ ।

**९**"तपाईंले मिश्रदेशमा हाम्रा पुर्खाहरूका
कष्टहरू देख्नुभयो; तपाईंले लाल समुद्रमा
तिनीहरूको पुकारा सुन्नुभयो । **१०**तपाईंले
फिरौन, तिनका अधिकृतहरू र तिनको
देशका मानिसहरूको विरुद्धमा अचम्मका
चिन्हहरू र चमत्कारहरू पठाउनुभयो,
किनकि मिश्रीहरूले तिनीहरूसित कति
घमण्डपूर्ण व्यवहार गरेका थिए त्यो

---

**९:७**–उत्पत्ति ११:३१; १२:१; १७:५. **९:८**–उत्पत्ति १५:१८-२१. **९:९**–प्रस्थान ३:७; १४:१०-१२.
**९:१०**–प्रस्थान ७:८-१२:३२.

तपाईंलाई थाहा थियो । तपाईंले आफ्नै निम्ति एउटा नाउँ बनाउनुभयो जो आजको दिनसम्मै छँदैछ । **११**तपाईंले तिनीहरूको सामुन्ने समुद्रलाई भाग गरिदिनुभयो र तिनीहरू ओबानो जमिनबाट भएर गए, तर तपाईंले तिनीहरूलाई खेद्नेहरूलाई एउटा ढुङ्गा प्रचण्ड पानीमा परेझैं गहिरो पानीमा हालिदिनुभयो । **१२**दिउँसो तपाईंले तिनीहरूलाई बादलको खामोद्वारा डोऱ्योउनुभयो र राती हिँड़ने बाटोमा उज्यालो होस् भनेर आगोको खामोद्वारा डोऱ्याउनुभयो ।

**१३**"तपाईं सीनै पर्वतमा ओर्लेर आउनुभयो; तपाईं तिनीहरूसित स्वर्गबाट बोल्नुभयो । तपाईंले तिनीहरूलाई नियमहरू र व्यवस्था दिनुभयो जो न्यायसङ्गत र ठीक छन् अनि आदेश र आज्ञाहरू जो असल छन् । **१४**तपाईंले तिनीहरूलाई पवित्र विश्राम जान्न दिनुभयो र तिनीहरूलाई आफ्नो दास मोशाद्वारा आज्ञाहरू, आदेशहरू र व्यवस्थाहरू दिनुभयो । **१५**तिनीहरू भोकाएका बेला तपाईंले तिनीहरूलाई स्वर्गबाट रोटी र तिनीहरू तिर्खाएको बेला तपाईंले तिनीहरूको निम्ति चट्टानबाट पानी निकालिदिनुभयो; तपाईंले तिनीहरूलाई दिनेछु भनी हात उचालेर शपथ खानुभएको देश गएर अधिकार गर्नू भन्नुभयो ।

**१६**"तर ती हाम्रा पुर्खाहरू अहङ्कारी र हठी भएर तपाईंका आज्ञाहरू पालन गरेनन् । **१७**तिनीहरूले सुन्न र तपाईंले तिनीहरूका बीचमा गर्नुभएका आश्चर्य-कर्महरू स्मरण गर्न इन्कार गरे । तिनीहरू हठी भए र आफ्नो द्रोहमा तिनीहरूले आफ्ना दासत्वमा फर्किजानलाई एक जना अगुवालाई नियुक्त गरे । तर तपाईं त क्षमा दिनुहुने अनुग्रही र दयालु, रीस गर्नमा ढीलो अनि प्रेमले पूर्ण हुनुहुन्छ । यसकारण तपाईंले तिनीहरूलाई त्याग्नुभएन, **१८**यद्यपि तिनीहरूले आफ्नै निम्ति एउटा बाछाको आकृति बनाएर, 'तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउने देवता यही हो' भनेका थिए अथवा तिनीहरूले अति डरलाग्दा ईश्वर-निन्दा गरेका थिए ।

**१९**"तापनि तपाईंको अपार दयाको कारण तपाईंले तिनीहरूलाई उजाड़-स्थानमा त्याग्नुभएन । दिउँसो बादलको खामोले तिनीहरूलाई डोऱ्याउन छाड़ेन, नता राती तिनीहरूको बाटोमा उज्यालो पार्न आगोको खामो नै रोकियो । **२०**तपाईंले तिनीहरूलाई सिकाउनलाई आफ्नो असल आत्मा दिनुभयो । तपाईंले तिनीहरूको मुखबाट तपाईंका मन्न हटाउनुभएन र तिनीहरू तिर्खाएको बेला तपाईंले तिनीहरूलाई पानी दिनुभयो । **२१**चालीस वर्षसम्म तपाईंले तिनीहरूलाई वनमा पाल्नुभयो; तिनीहरूलाई कुनै कुराको अभाव भएन, तिनीहरूका लुगाहरू पुरानो भएनन् र तिनीहरूका खुट्टाहरू पनि सुन्निएनन् ।

**२२**"तपाईंले तिनीहरूलाई राज्यहरू र जातिहरू दिनुभएर कुनाका ठाउँहरू पनि बाँड़िदिनुभयो । तिनीहरूले हेश्बोनका राजा सीहोनको देश, र बाशानका राजा ओगको देश अधिकार गरे । **२३**तपाईंले तिनीहरूका छोराहरूलाई आकाशका ताराहरूझैं असङ्ख्य बनाउनुभयो र तपाईंले तिनीहरूलाई तिनीहरूका पुर्खाहरूलाई पसेर अधिकार गर्नू भन्नुभएको देशमा ल्याउनुभयो । **२४**तिनीहरूका छोराहरू गए र त्यस देशमा अधिकार गरे । तपाईंले तिनीहरूको सामुन्ने त्यस देशमा बस्ने कनानीहरूलाई अधीनमा ल्याउनुभयो; तपाईंले कनानीहरूलाई तिनीहरूका

---

**९:११**–प्रस्थान १४:२१-२९; १५:४-५. **९:१२**–प्रस्थान १३:२१-२२. **९:१३-१४**–प्रस्थान १९:१८-२३:३३.
**९:१५**–प्रस्थान १६:४-१५; १७:१-७; व्यवस्था १:२१. **१९:१६-१७**–गन्ती १४:१-४; व्यवस्था १:२६-३३.
**९:१७**–प्रस्थान ३४:६; गन्ती १४:१८. **९:१९**–प्रस्थान ३२:१-४. **९:१९:२१**–व्यवस्था ८:२-४.
**९:२२**–गन्ती २१:२१-३५. **९:२३**–उत्पत्ति १५:५; २२:१७; यहोशू ३:१४-१७. **९:२४**–यहोशू ११:२३.

राजाहरू र देशबासीहरूसमेत तिनीहरूलाई
इच्छा लागेबमोजिम तिनीहरूसित व्यवहार
गर्नलाई तिनीहरूका हातमा सुम्पिदिनुभयो ।
**२५**तिनीहरूले सुरक्षित शहरहरू र मलिला
भूमिहरू कब्जा गरे; तिनीहरूले सबै
किसिमका असल कुराहरूले भरिएका
घरहरू, खनिसकेका कुवाहरू, दाखबारीहरू,
भद्राक्षबारीहरू र फलका रूखहरू प्रशस्त
मात्रामा अधिकार गरे । यसरी खाएर
तिनीहरू तृप्त भए र पुष्ट भए अनि तपाईंको
उदारतामा आनन्दित भए ।

**२६**"तर तिनीहरू अनाज्ञाकारी भए र
तपाईप्रति बागी भए; तिनीहरूले तपाईंको
व्यवस्थालाई आफ्ना पिठिउँपछि राखे ।
तिनीहरूले तपाईंका अगमवक्ताहरूलाई
मारे, जसले तपाईंतिर फर्काउन भनी तिनी-
हरूलाई चेताउनी दिएका थिए। तिनीहरूले
डरलाग्दो ईश्वरनिन्दा गरे। **२७**यसकारण
तपाईंले तिनीहरूलाई तिनीहरूका शत्रुहरूका
हातमा सुम्पिदिनुभयो, जसले तिनीहरूमाथि
अत्याचार गरे। तर तिनीहरूमाथि अत्याचार
हुँदा तिनीहरूले तपाईंलाई पुकारे। तपाईंले
स्वर्गबाट तिनीहरूको पुकारा सुन्नुभयो अनि
आफ्नो महान् दयामा तपाईंले तिनीहरूलाई
उद्धारकहरू दिनुभयो, जसले तिनीहरूलाई
तिनीहरूका शत्रुहरूका हातबाट छुटाए ।

**२८**"तर तिनीहरूले विश्राम पाउनासाथै
तिनीहरूले तपाईंको दृष्टिमा जे दुष्ट थियो
त्यही गरे । तब तपाईंले तिनीहरूलाई
तिनीहरूका शत्रुहरूका हातमा सुम्पिदिनुभयो
र तिनीहरूले तिनीहरूमाथि शासन गरे ।
अनि तिनीहरूले फेरि तपाईंलाई पुकार्दा
तपाईंले स्वर्गबाट सुन्नुभयो र आफ्नो
दयामा तपाईंले तिनीहरूलाई पटक-पटक
छुटाउनुभयो ।

**२९**"तपाईंले तिनीहरूलाई तपाईंको
व्यवस्थामा फर्कने चेतावनी दिनुभयो, तर
तिनीहरू अहङ्कारी भए र तपाईंका आज्ञाहरू
उल्लङ्घन गरे । तिनीहरूले तपाईंका
विधिहरूका विरुद्धमा पाप गरे जसलाई
पालन गर्दा मानिस बाँच्नेछ । हठी भएर
तिनीहरूले तपाईंतिर आफ्ना पिठिउँ फर्काए,
अटेरी भई सुन्न अस्वीकार गरे । **३०**धेरै
वर्षसम्म तपाईंले तिनीहरूप्रति धैर्य धर्नुभयो।
तपाईंले आफ्ना अगमवक्ताहरूद्वारा तपाईंका
आत्माले तिनीहरूलाई चेतावनी दिनुभयो।
तैपनि तिनीहरूले ध्यानै दिएनन् र तपाईंले
तिनीहरूलाई वरिपरिका मानिसहरूका
हातमा सुम्पिदिनुभयो। **३१**तर आफ्नो महान्
कृपामा तपाईंले तिनीहरूलाई समाप्त गर्नु
अथवा त्याग्नुभएन, किनकि तपाईं अनुग्रही
र कृपालु परमेश्वर हुनुहुन्छ ।

**३२**"यसकारण अब, हे हाम्रा परमेश्वर,
महान्, सामर्थी र भययोग्य परमेश्वर जसले
आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ ।
हाम्रा राजाहरू, अगुवाहरू, पूजाहारीहरू,
अगमवक्ताहरू, पुर्खाहरू र तपाईंका सबै
प्रजामाथि परिआएका कष्ट– अर्थात
अश्शूरका राजाहरूको समयदेखि आजको
दिनसम्म पाएका कष्टलाई हलुका
नसम्भनुहोस् । **३३**हामीमा घटेका सबै
कुराहरूमा तपाईं न्यायोचित हुनुहुन्थ्यो,
तपाईंले विश्वासयोग्यतासाथ काम गर्नुभयो
अनि हामीले भूल गऱ्यौं। **३४**हाम्रा राजाहरूले,
हाम्रा अगुवाहरूले, हाम्रा पूजाहारीहरूले
अनि हाम्रा पुर्खाहरूले तपाईंको व्यवस्था
पालन गरेनन्, तिनीहरूले तपाईंका
आज्ञाहरूमा अथवा तपाईंले तिनीहरूलाई
दिनुभएका चेतावनीहरूमा ध्यान दिएनन्।
**३५**तिनीहरूले आफ्ना राज्यमा तपाईंले
तिनीहरूलाई दिनुभएको फराकिलो र मलिलो
जमिनमा तपाईंको महान् भलाइ उपभोग
गरिहेको बेला पनि तिनीहरूले तपाईंको
सेवा गरेनन् र आफ्ना कुमार्ग त्यागेनन्।

---

**९:२५**–व्यवस्था ६:१०-११. **९:२६-२८**–न्यायकर्ता २:११-१६. **९:२९**–लेवी १८:५. **९:३०**–२ राजा १७:१३-१८; २ इतिहास ३६:१५-१६. **९:३२**–२ राजा १५:१९,२९; १७:३-६; एज्रा ४:२,१०.

३६"तर हेर्नुहोस्, आज हामी दासहरू
भएका छौं, अँ तपाईंले त्यसका फलहरू
खान र त्यसले उमारेका असल उब्जनी
उपभोग गर्नलाई तपाईंले हाम्रा पुर्खाहरूलाई
दिनुभएको देशमा हामी दासहरू भएका
छौं । ३७हाम्रा पापको कारण यसको
प्रशस्त उब्जनीहरू तपाईंले हामीमाथि
खटाउनुभएका राजाहरूकहाँ जान्छन् ।
तिनीहरूले हाम्रा शरीरहरूमाथि र हाम्रा
गाईबस्तुहरूमाथि मनपरी शासन गर्छन् ।
हामी ठूलो विपत्तिमा परेका छौं ।

## मानिसहरूको सम्झौता

३८"यी सबै कुराहरूलाई मध्यनजर गरेर,
हामी एउटा बाचा बनाएर त्यसलाई लिखित
रूप दिनेछौं र हाम्रा अगुवाहरू, हाम्रा लेवीहरू
र हाम्रा पूजाहारीहरूले त्यसमा आफ्ना सहीछाप
लगाउँदैछन् ।"

१० त्यसमा छाप लाउनेहरू यिनीहरू थिए:
हकल्याहका छोरा राज्यपाल नहेम्याह,
सिदकियाह, २सरायाह, अजर्याह, यर्मिया,
३ पशहूर, अमर्याह, मल्कियाह,
४ हत्तूश, शबन्याह, मल्लूक,
५ हारीम, मेरेमोत, ओबदियाह,
६ दानिएल, गिन्नतोन, बारूक,
७ मशुल्लाम, अबिया, मियामीन,
८ माज्याह, बिल्गै र शमायाह ।
यिनीहरू पूजाहारीहरू थिए ।

९ लेवीहरूचाहिँ यी थिए:

अजन्याहका छोरा येशूअ,
हनादादका छोराहरूबाट बिन्नूई,
कादमिएल,
१० अनितिनीहरूका सँगीहरू: शबान्याह,
होदियाह, कलीता,
पलयाह, हानान्
११ मीका, रहोब, हशब्याह,
१२ जक्कूर, शेरबियाह, शबन्याह,
१३ होदियाह, बानी र बनीनू ।
१४ मानिसहरूका अगुवाहरूबाट यिनै थिए:
परोश, पहत-मोआब, एलाम, जत्तू, बानी,
१५ बुन्नी, अज्गाद, बेबै,
१६ अदोनियाह, बिग्वै, आदीन,
१७ आतेर, हिजकियाह, अज्जूर,
१८ होदियाह, हाशूम, बेजै,
१९ हारीप, अनातोत, नेबै,
२० मग्पीआश, मशुल्लम, हेजीर,
२१ मेशेजाबेल, सादोक, यदूअ,
२२ पलत्याह, हानान, अनायाह,
२३ होशे, हननियाह, हश्शूब,
२४ हल्लोहेश, पिल्हा, शोबक,
२५ रेहूम, हशब्ना, मासेयाह,
२६ अहिया, हानान, आनान,
२७ मल्लूक, हारीम र बानाह ।

२८"बाँकिरहेका मानिसहरू– अर्थात्
पूजाहारीहरू, लेवीहरू, द्वारपालहरू,
गवैयाहरू, मन्दिरका कर्मचारीहरू र आफ्ना
पत्नीहरू र बुझ्न सक्ने छोराछोरीहरूसितै
परमप्रभुको व्यवस्थाप्रति प्रेमको खातिर
आफैलाई छेउछाउका मानिसहरूदेखि अलग
राखेका सबै– २९अब परमेश्वरको दास
मोशाद्वारा दिइएको परमेश्वरको व्यवस्था
पालन गर्न र परमप्रभु हाम्रा परमेश्वरका
सबै आज्ञाहरू, नियमहरू अनि आदेशहरू
होशियारीसाथ पालन गर्न आफ्ना भारदार
दाज्यूभाइहरूसित मिलेर एउटा श्राप र
शपथसाथ आफैलाई बाँधे ।

३०"हामी आफ्ना छोरीहरूलाई हाम्रा
चारैतिरका माानिसहरूसित विवाह गर्न
दिनेछैनौं अथवा तिनीहरूका छोरीहरूलाई
हाम्रा छोराहरूको निम्ति लिनेछैनौं भनी
हामी प्रतिज्ञा गर्छौं ।

३१"जब छेउछाउका मानिसहरूले
व्यापारका मालहरू अथवा अन्न विश्रामको
दिनमा बेच्न ल्याउँछन् हामी तिनीहरूबाट

**१०:३०**–प्रस्थान ३४:१६; व्यवस्था ७:३. **१०:३१**–प्रस्थान २३:१०-११; लेवी २५:१-७; व्यवस्था १५:१-२.

विश्राम-दिन अथवा अरू कुनै पवित्र दिनमा किन्नेछैनौं । प्रत्येक सातौं वर्ष हामी जमिन खनजोत गर्नेछैनौं र सबै ऋणहरू माफी गरिदिनेछौं ।

**३२**"प्रत्येक वर्ष हाम्रा परमेश्वरको भवनको कामको लागि एक तिहाई शेकेल
दिने आफ्नो जिम्मा लिन्छौं, **३३**अर्थात् टेबुलमा
राखिने रोटीको निम्ति; नियमित अन्नबलि र होमबलिको निम्ति, विश्राम-दिनहरू, औँसीका चाड़हरू र तोकिएका चाड़हरूका निम्ति, पवित्र भेटीहरूको निम्ति, इस्राएलको निम्ति प्रायश्चित गर्न पापबलिको निम्ति र हाम्रा परमेश्वरको भवनका सबै कर्तव्यहरूका निम्ति ।

**३४**"हामी पूजाहारीहरू, लेवीहरू र मानिसहरूले व्यवस्थामा लेखिएअनुसार तोकिएका समयहरूमा प्रतिवर्ष परमप्रभु हाम्रा परमेश्वरको वेदीमा जलाउने काठको योगदान हाम्रो प्रत्येक परिवार-परिवारले कहिले ल्याउनु पर्ने भनी जान्नलाई हामीले गोला हालेका छौं ।

**३५**"हामी प्रतिवर्ष परमप्रभुको भवनमा आफ्ना अन्नका र प्रत्येक फलका रूखको पहिलो फल ल्याउने जिम्मेवारी पनि लिन्छौं ।

**३६**"व्यवस्थामा लेखिएअनुसार, हाम्रा छोराहरूमध्ये, हाम्रा गाईबस्तुहरूमध्ये, हाम्रा बथानमध्ये र हाम्रा बगालमध्ये पहिले जन्मेकालाई पनि हामी परमेश्वरको भवनमा त्यहाँ सेवा गरिरहेका पूजाहारीहरूकहाँ ल्याउनेछौं ।

**३७**"यसबाहेक, हामी हाम्रा परमेश्वरको भवनको भण्डारमा पूजाहारीहरूकहाँ मुछेको पीठोको, हाम्रा अन्नबलिको, हाम्रा रूखका फलहरूको र हाम्रा नयाँ दाखमद्य र तेलको पहिलो भाग ल्याउनेछौं । अनि हामी काम गर्ने सबै शहरहरूमा लेवीहरूले नै दशांश बटुल्ने हुनाले हामी आफ्ना बालीका दशांश
लेवीहरूकहाँ ल्याउनेछौं । **३८**लेवीहरूले
दशांश लिँदा तिनीहरूसित हारूनवंसी एक जना पूजाहारी हुनुपर्छ र लेवीहरूले दशांशको दशौं भाग हाम्रा परमेश्वरको भवनको भण्डार-कोठामा ल्याउनुपर्छ ।
**३९**लेवीहरू– लगायत इस्राएलका मानिसहरूले
तिनीहरूका अन्नका, नयाँ दाखमद्यका र तेलका दान भण्डार-कोठाहरूमा ल्याउनुपर्छ जहाँ पवित्रस्थानका सामानहरू राखिन्छन् अनि जहाँ सेवा गर्ने पूजाहारीहरू, द्वारपालहरू र गवैयाहरू बस्छन् ।

"हामी हाम्रा परमेश्वरको भवनलाई अवहेलना गर्नेछैनौं ।"

### यरूशलेमका नयाँ बासिन्दाहरू

**११** अब मानिसहरूका अगुवाहरू यरूशलेममा बसोबासो गर्न थाले र बाँकीरहेका मानिसहरूले पवित्र शहर यरूशलेममा दश जनामध्ये एक जना बस्ने अनि रहेका नौ जनाचाहिँ तिनीहरूका आफ्नै शहरहरूमा बस्ने
विषयमा गोला हाले । **२**यरूशलेममा बस्न मन
पराउने सबै मानिसहरूलाई तिनीहरूले प्रशंसा गरे ।

**३**(अब केही इस्राएलीहरू, पूजाहारीहरू, लेवीहरू, मन्दिरका कर्मचारीहरू र सुलेमानका चाकरहरूका सन्तानहरू यहूदामा विभिन्न शहरहरूमा आफ्नै सम्पत्ति लिएर बसेका थिए,
**४**अनि यहूदा र बेन्यामीन दुवै कुलका अरू
मानिसहरूचाहिँ यरूशलेममा बसेका थिए):

यहूदाका सन्तानहरूबाट:

पेरेसको एउटा सन्तान महलालेलका छोरा, शपत्याहका छोरा, अमर्याहका छोरा, जकर्याहका छोरा, उज्जियाहका छोरा
अतायाह, **५**र शेलहमका एक जना सन्तान
जकर्याहका छोरा, योयारीबका छोरा,

---

**१०:३२**–प्रस्थान ३०:११-१६. **१०:३५**–प्रस्थान २३:१९; ३४:२६; व्यवस्था २६:२. **१०:३६**–प्रस्थान १३:२. **१०:३७**–गन्ती १८:२१. **१०:३८**–गन्ती १८:२६. **११:३**–नहेम्याह ७:७३.

अदायाहका छोरा, हजयाहका छोरा,
कोल-होजेका छोरा, बारूकका छोरा
मासेयाह । ६पेरेसका यरूशलेममा बस्ने
योग्य मानिसहरूको जम्मा सङ्ख्या चार
सय अठसठ्ठी थिए ।

७बेन्यामीनका सन्तानहरूबाट यिनीहरू
थिए:

यशायियाहका छोरा, इतीएलका छोरा,
मासेयाहका छोरा, कोलायाहका छोरा,
पदायाहका छोरा, योएदका छोरा,
मशूल्लामका छोरा सल्लू, ८र यशामियाहको
पछि लाग्नेहरू गब्बै र सल्लै गरेर जम्मा
नौ सय अठ्ठाइस मानिसहरू थिए ।
९जिक्रीका छोरा योएल तिनीहरूका प्रमुख
अधिकृत थिए र हाशेनूअका छोरा यहूदाचाहिँ
शहरको दोस्रो जिल्लाका प्रमुख थिए ।

१०पूजाहारीहरूबाट यिनीहरू थिए:

याकीनका छोरा; योयारीबका छोरा;
यदायाह; ११परमेश्वरको भवनको देखरेख
गर्ने अहितुबका छोरा, मरायोतका छोरा,
सादोकका छोरा, मशूल्लामका छोरा,
हिल्कियाहका छोरा सरायाह, १२अनि
तिनीहरूका सहयोगीहरू जसले मन्दिरको
निम्ति काम गर्थे, तिनीहरू आठ सय बाइस
जना थिए । मल्कियाहका छोरा, पशहूरका
छोरा, जकर्याहका छोरा, अम्जीका छोरा,
पलालियाह यरोहामका छोरा, अदायाह,
१३अनि तिनका सहयोगीहरू जुनहरू
परिवारका मुखियाहरू थिए, तिनीहरू दुई
सय बयालीस जना थिए । इम्मेरका
छोरा, मशिल्लोमोतका छोरा, अहजैका
छोरा, अजरेलका छोरा अमासै, १४र
तिनका सहयोगीहरू जो योग्य मानिसहरू
थिए । तिनीहरू एक सय अठाईस जना
थिए । तिनीहरूका प्रमुख अधिकृतचाहिँ
हग्गदोलिमका छोरा जब्दीएल थिए ।

१५लेवीहरूबाट यिनीहरू थिए:

शमायाह, जुन हश्शूबका छोरा, जो
अज्रीकामका छोरा, जो हशब्याहका छोरा,
जो बुन्नीका छोरा थिए । १६शब्बतै र
योजाबाद, लेवीहरूका मुखियाहरूमा यी
दुई जना परमेश्वरको भवनमा बाहिरी
कामका अधिपति थिए; १७धन्यवाद र
प्रार्थनाको अगुवाइ गर्ने निर्देशक आसापका
छोरा, जब्दीका छोरा मीकाका छोरा
मत्तन्याह थिए; तिनका सहयोगीहरूमा दोस्रो,
बक्बुक्याह र यदूतूनका छोरा, गलालका
छोरा अब्दा थिए । १८पवित्र शहरमा
भएका लेवीहरूको जम्मा सङ्ख्या दुई सय
चौरासी थियो ।

१९द्वारपालहरू:

अक्कुब, तल्मोन र मूलढोकामा पहरा
दिने तिनका सहयोगीहरू, एक सय बहत्तर
जना मानिसहरू बस्थे ।

२०पूजाहारीहरू र लेवीहरूसित रहेका
बाँकी इस्राएलीहरू सबै आफ्ना पैतृक
सम्पत्तिसित यहूदाका सबै शहरहरूमा
थिए ।

२१मन्दिरका कर्मचारीहरू ओपेल
डाँडामा बस्थे, अनि जिहा र गिश्पा
तिनीहरूका जिम्मावाल थिए ।

२२यरूशलेमका लेवीहरूका प्रमुख
अधिकृत मीकाका छोरा, मत्तन्याहका
छोरा, हशब्याहका छोरा, बानीका छोरा
उज्जी थिए । उज्जीचाहिँ परमेश्वरको
भवनको सेवाको जिम्मामा रहेका आसापका
गवैया सन्तानहरूमध्ये एक थिए ।
२३गवैयाहरू राजाको हुकुमको अधीनमा
थिए, जुन हुकुमले तिनीहरूका दैनिक
कार्यको निर्देशन गर्दथ्यो ।

२४यहूदाका छोरा जसका सन्तानहरू-
मध्ये एक जना मशेजेबेलका छोरा
पताहयाह सारा मानिसहरू सम्बन्धी सबै
विषयहरूमा राजाका एक विशेष व्यक्ति
थिए ।

२५खेतबारी भएका गाउँहरूमा यहूदाका
कोही मानिसहरू किर्यत-अर्बा र त्यसका

बस्तीहरू, यकब्सेल र त्यसका गाउँहरू,
**२६**येशूअमा, मलादामा, बेथ-पेलेतमा,
**२७**हसरशूआमा, बेर्शेबा र त्यसका
बस्तीहरूमा, **२८**सिकलगमा, मकोना र
त्यसका आबादीहरूमा, **२९**एन-रिम्मोनमा,
सोराहमा, यारमूतमा, **३०**जानोह, अदुल्लाम
र तिनीहरूका गाउँहरूमा, लाकीश र
त्यसका गाउँहरूमा अनि अजेका र त्यसका
आबादीहरूमा । यसरी तिनीहरू बेर्शेबादेखि
हिन्नोमको बेँसीसम्म बसेका थिए ।

**३१**गेबाबाटका बेन्यामीनका सन्तानहरू
यी ठाउँहरूमा बस्थे, मिकमाश, अय्या,
बेथेल र त्यसका बस्तीहरूमा **३२**अनातोत,
नोब र अनन्याहमा, **३३**हासोर, रामा र
गित्तिममा, **३४**हादीद, सेबोयीम र नबलतमा,
**३५**लोद, ओनो र कारीगरहरूको बेँसीमा
बसे ।

**३६**यहूदामा भएका लेवीहरूका केही
दलहरू बेन्यामीनमा बसोबासो गर्न थाले ।

## पूजाहारीहरू र लेवीहरू

**१२** शालतीएलका छोरा यरूबाबेल र
येशूअसित फर्कने पूजाहारीहरू र
लेवीहरू यिनै थिए:

सरायाह, यर्मिया, एज्रा,
२ अमर्याह, मल्लूक, हत्तुश,
३ शकन्याह, रेहूम, मरेमोत,
४ इद्दो, गिनेतोन, अबिया,
५ मिजामीन, मोआदियाह, बिल्गा,
६ शमागाह, योयरीब, यदायाह,
७ सल्लू, अमोक, हिल्कियाह र यदायाह ।
येशूअको समयमा पूजाहारीहरू र तिनीहरूका
सहयोगीहरूका अगुवाहरू यिनीहरू नै थिए ।

**८**लेवीहरू यी नै थिए, येशूअ, बिन्नुइ,
कदमीएल, शेरेब्याह, यहूदा अनि मत्तत्याह
पनि, जो तिनका सहयोगीहरूसित धन्यवादी
गीतहरूका अधिपति थिए । **९**तिनीहरूका
सहयोगीहरू बक्बुक्याह र उन्नी सेवाहरूमा
तिनीहरूको सामुन्ने उभिन्थे ।

**१०**येशूअ योयाकीमका पिता थिए, योयाकीम
एल्याशीबका पिता थिए, **११**योयादा योनाताका
पिता थिए, र जोनाथन यद्दूका पिता थिए ।

**१२**योयाकीमको समयमा पूजाहारी
परिवारका मुखियाहरू यी नै थिए:

सरायाहका परिवारका मरायाह, यर्मियाका
हनन्याह,
१३ एज्राका मशूल्लाम;
अमर्याहका यहोहानान;
१४ मल्लूकका जोनाथन;
शकन्याहका यूसुफ;
१५ हारीमका अद्ना;
मेरेमोतका हल्कै;
१६ इद्दोका जकर्याह;
गिन्नेतोनका मशूल्लाम;
१७ अबियाहका जिक्री;
मिन्यामीन र मोदाहाका पिल्तै;
१८ बिल्गाका शम्मू;
शमायहाका यहोनातान;
१९ योयारीका मत्तेनाइ;
मदायाहका उज्जी;
२० सल्लूमका कल्लै;
आमोकका एबेर;
२१ हिल्कियाहका हशब्याह; मदायाहका
नथनेल ।

**२२**एल्याशीब, योयादा, योहानान र यद्दूअका
साथै पूजाहारीहरूको पनि समयमा लेवीहरूका
परिवारका मुखियाहरू फारसी दाराको
शासनकालमा दर्ता गरिएका छन् ।
**२३**एल्यासीबका छोरा योहानानको समयसम्मका
लेवीहरूका सन्तानहरूका परिवारका मुखियाहरू
इतिहासका पुस्तकमा लेखिएका थिए । **२४**अनि
लेवीहरूका अगुवाहरू यी नै थिए, अर्थात्
हशब्याह, शेरेब्याह, कादमीएलका छोरा येशूअ
र तिनका सहयोगीहरू, जुनहरू प्रशंसा र
धन्यवाद चढाउन तिनीहरूका सामुन्ने खड़ा
हुन्थे जसमा परमेश्वरका जन दाऊदले
तोकिदिएझैँ एक भागले अर्को भागसित
प्रतिक्रिया देखाउँथे ।

**२५**मत्तन्याह, बक्बुक्याह, ओबदियाह,
मशुल्लाम, ताल्मोन र अक्कुबचाहिँ द्वारपालहरू

थिए, जुनहरूले मूल ढोकाहरूमा भएका
भण्डार-कोठाहरूमा पहरा दिन्थे। **२६**येशूअका
छोरा, योसादाकका नाति योयाकीमको पालोमा
र राज्यपाल नहेम्याह र पूजाहारी-शास्त्री एज्राका
पालामा तिनीहरूले सेवा गरेका थिए।

### यरूशलेमको पर्खालको समर्पण

**२७**यरूशलेमको पर्खालको समर्पणमा
धन्यवादी गीतहरूको साथै झ्याम्टा, वीणा
र सारङ्गीको सङ्गीतको साथमा आनन्दसाथ
समर्पणको उत्सव मनाउनलाई लेवीहरूलाई
तिनीहरू बसेको ठाउँहरूबाट खोजिनिकालेर
यरूशलेममा ल्याइयो। **२८**यरूशलेमका
चारैतिरका इलाकाहरूबाट पनि गवैयाहरूलाई
ल्याइयो, अर्थात् नतोपातीहरूका गाउँहरूबाट,
**२९**बेथ-गिलगालबाट अनि गेबा र अज्मावेतका
इलाकाहरूबाट, किनकि गवैयाहरूले आफ्ना
निम्ति यरूशलेमका चारैतिर गाउँहरू बसाएका
थिए। **३०**पूजाहारीहरू र लेवीहरूले आफैलाई
विधिअनुसार शुद्ध पारिसकेपछि तिनीहरूले
मानिसहरू, मूलढोकाहरू र पर्खाललाई शुद्ध
पारे।

**३१**मैले यहूदाका अगुवाहरूलाई पर्खालको
टुप्पोमा जान लाएँ। मैले दुईओटा ठूला गाउने
झुण्डहरूलाई धन्यवाद चढाउने काममा
खटाएँ। पर्खालको टुप्पोमा दाहिनेपट्टि फोहोर
ढोकातिर एउटा जानुपर्ने थियो। **३२**होशयाह
र यहूदाका अगुवाहरूका आधा भागले
तिनीहरूलाई पछ्याए, **३३**अनि अजर्याह, एज्रा,
मशुल्लाम, **३४**र तिनीहरूको पछिपछि यिनीहरू
थिए, यहूदा, बेन्यामीन, शमायाह, यर्मिया, **३५**र
तुरही बोकेका केही पूजाहारीहरू र आसापका
छोरा, जक्कूरका छोरा, मीकायाका छोरा,
मत्तनयाहका छोरा, शमायाहका छोरा,
जोनाथनका छोरा जकरिया पनि, **३६**अनि तिनमा
सहयोगीहरू शमायाह, अजारेल, मिललै, गिललै,
माई, नथनेल, यहूदा र हनानी तिनीहरू
परमेश्वरका जन दाऊदले तोकिदिएका वाद्य
यन्त्रहरूसित थिए। शास्त्री एज्रा त्यस
शोभायात्राका अगुवा थिए। **३७**फोहोरा
मूलढोकामा तिनीहरू दाऊदको शहरका
खुड्किलाहरूमा उक्लँदै सीधै अगि बढ़ेर पर्खाल
भएर दाऊदको घरमाथिबाट पार भएर पूर्वतिर
पानी मूलढोकामा गए।

**३८**गाउने दोस्रो दल विपरीत दिशातिर
बढ़े। म आधा मानिसहरूसित तिनीहरूका
पछि पर्खालको टुप्पोमा गएँ अनि भट्टीको
धरहरा पार गरेर चौड़ा पर्खालमा गएँ, **३९**अनि
एप्रेम मूलढोकामाथि येशना ढोका, माछा ढोका,
हनानेलको धरहरा अनि सयको धरहरा भएर
भेड़ा ढोकासम्म गएँ। प्रहरीहरूको ढोकामा
तिनीहरू थामिए।

**४०**धन्यवाद चढ़ाएपछि दुईओटा गाउने
झुण्डहरू परमेश्वरको भवनमा आसन लिए;
र मैले पनि यिनीहरूसित त्यसै गरें,
अर्थात् अधिकृतहरूको आधा भाग, **४१**साथै
पूजाहारीहरू एल्याकिम, मासेयाह, मिन्यामीन,
मीकाया, एल्योएनाई, जकरिया र हनन्याह
तिनीहरूका तुरहीसितै, **४२**अनि यिनीहरू पनि
अर्थात् मासेयाह, शमायाह, एल्याजार, उज्जी,
यहोहानान्, मल्कियाह, एलाम र एजेर। गाउने
झुण्डले यिज्रहियाको निर्देशनमा गीत गाए।
**४३**अनि परमप्रभुले तिनीहरूलाई ठूलो आनन्द
दिनुभएकोमा त्यस दिन तिनीहरूले आनन्दसाथ
ठूला बलिदानहरू चढ़ाए। स्त्रीहरू र छोरा-
छोरीहरूले पनि आनन्द मनाए। यरूशलेममा
हर्ष मनाइएको आवाज टाड़ाबाट पनि सुनिन्थ्यो।

**४४**त्यस बेला अंशदानहरू, पहिलो फलहरू
र दशांशको निम्ति मानिसहरूलाई भण्डार
कोठाहरूका अधिपति हुनालाई नियुक्त गरियो।
तिनीहरूले शहरहरूका वरिपरिका खेतहरूबाट
व्यवस्थाद्वारा पूजाहारीहरू र लेवीहरूका निम्ति
तोकिएका भागहरू भण्डार कोठाहरूमा ल्याउन
पर्थ्यो, किनकि सेवा गर्ने पूजाहारीहरू र
लेवीहरूसित यहूदा खुशी थिए। **४५**तिनीहरूले
आफ्ना परमेश्वरको सेवा अनि शुद्धिकरणको

---

**१२:४५**–१ इतिहास २५:१-८; २६:१२.

सेवा गर्थे, अनि गवैयाहरू र द्वारपालहरूले
पनि दाऊद अनि तिनका छोरा सुलेमानका
आदेशअनुसार गर्थे । **४६**किनकि धेरै समय
अघि दाऊद र आसापका समयमा गवैयाहरूका
निम्ति अनि परमेश्वरप्रति प्रशंसा र धन्यवादका
गीतहरूको निम्ति निर्देशकहरू हुन्थे ।
**४७**यसकारण यरूबाबेल र नहेम्याहका दिनहरूमा
सारा इस्राएलले गवैयाहरू र द्वारपालहरूका
निम्ति दैनिक भाग दिए । तिनीहरूले अरू
लेवीहरूको निम्ति पनि भाग छुट्टयाए, र लेवीहरूले
हारूनका सन्तानहरूको निम्ति भाग छुट्टयाए ।

## नहेम्याहका अन्तिम सुधारहरू

**१३** त्यस दिन मोशाको पुस्तक मानिसहरूले
सुन्नेगरी जोरले पढ़ियो र त्यसमा यो
लेखिएको पाइयो, कि कुनै पनि अम्मोनी अथवा
मोआबीलाई परमेश्वरको समुदायमा प्रवेश
गराउनुहुँदैन, **२**किनकि तिनीहरूले इस्राएलीहरूलाई
भोजन र पानीसित भेटेनन् तर तिनीहरूलाई
सराप्न भनी बालामलाई ज्यालामा बोलाएका
थिए । (तरै पनि हाम्रा परमेश्वरले त्यस श्रापलाई
आशिष्मा परिवर्तन गरिदिनुभयो) । **३**मानिसहरूले
त्यो व्यवस्था सुनेपछि तिनीहरूले परदेशी वंशका
भएका सबैलाई इस्राएलबाट अलग गरिदिए ।
**४**यसअघि, पूजाहारी एल्याशीबलाई
परमेश्वरको भवनको भण्डार-कोठाहरूको
अधिपति बनाइएको थियो । तिनको तोबियाहसित
घनिष्ठ सम्बन्ध थियो । **५**अनि तिनले उनलाई
एउटा ठूलो कोठा प्रबन्ध गरिदिएका थिए
जसमा पहिले अन्नबलिहरू, धूप र मन्दिरका
सामानहरू अनि लेवीहरूका, गवैयाहरूका र
द्वारपालहरूका निम्ति तोकिएका अन्नका नयाँ
दाखमद्यका र तेलका दशांशहरूको साथमा
पूजाहारीहरूका निम्ति अशंदानहरू राखिन्थे ।
**६**तर यी सबै कुराहरू हुँदैगर्दा मचाहिँ
यरूशलेममा थिइन, किनकि बेबिलोनका राजा
आर्ट-जार्जेजको बत्तीसौं वर्षमा म राजाकहाँ
फर्किगएको थिएँ । केही समयपछि मैले
उहाँको अनुमति मागें, **७**अनि म यरूशलेममा
फर्किआएँ । यहाँ एल्याशीबले तोबियाहलाई
परमेश्वरको भवनका चोकमा एउटा कोठा
प्रबन्ध पारिदिएर दुष्ट काम गरेको मैले थाहा
पाएँ । **८**मलाई यो एकदमै मन परेन, अनि मैले
तोबियाहका घरका सबै सामानहरू कोठाबाट
बाहिर फ्याँकिदिएँ । **९**मैले कोठाहरू शुद्ध गर्ने
हुकुम दिएँ र मैले त्यसमा परमेश्वरको भवनका
सर-सामानहरू अनि अन्नबलि र धूप फेरि
हालिदिएँ ।

**१०**मैले लेवीहरूको निम्ति तोकिएका भागहरू
तिनीहरूलाई नदिएको अनि सेवाको जिम्मामा
रहेका लेवीहरू र गवैयाहरू आफ्ना खेततिर
फर्किगएका थाहा पाएँ । **११**यसकारण
अधिकृतहरूलाई हकारें अनि तिनीहरूलाई सोधें,
"परमेश्वरका घरको किन अवहेलना भएको
छ ?" तब मैले तिनीहरूलाई एकसाथ बोलाएर
तिनीहरूलाई आफ्ना आफ्ना काममा लगाइदिएँ ।

**१२**सारा यहूदाले अन्न, नयाँ दाखमद्य र
तेलका दशांश भण्डार-कोठाहरूमा ल्याए । **१३**मैले
पूजाहारी शेलेम्याहलाई, शास्त्री सादोकलाई र
पदायाह नाउँका लेवीलाई भण्डार-कोठाको
जिम्मा दिएँ, र मत्तन्याहका छोरा, जक्कूरका
छोरा हनानलाई तिनीहरूको सहायक बनाएँ ।
यी मानिसहरू भरोसा गर्न सकिने ठानिएका
थिए । तिनीहरूलाई आफ्ना आवश्यक सर-
सामान बाँड़िदिने जिम्मा दिइयो ।

**१४**हे मेरा परमेश्वर, मलाई स्मरण गर्नुहोस्
र मैले मेरा परमेश्वरका घरको र त्यसका
सेवाको निम्ति यति विश्वास योग्यतासाथ जे
गरेको छु, त्यो नमेटिदिनुहोस् ।

**१५**ती दिनहरूमा, मैले यहूदाका
मानिसहरूलाई विश्राम-दिनमा कोल पेलिरहेका
र अन्न जम्मा गरेर दाखमद्य, अङ्गुर, नेभारा
अनि अरू किसिमका भारीहरू गधाहरूमा
बोकाएका देखें । अनि तिनीहरूले ती विश्राम-

---

**१३:१-२**–व्यवस्था २३:३-५. **१३:२**–गन्ती २२:१-६. **१३:१०**–व्यवस्था १२:१९. **१३:१२**–मत्ती ३:१०.
**१३:१५**–प्रस्थान २०:८-१०; व्यवस्था ५:१२-१४; यर्मिया १७:२१-२२.

दिनमा यरूशलेम ल्याउँथे । यसकारण मैले
तिनीहरूलाई त्यस दिन भोजन बेचेकोमा
चेतावनी दिएँ । **१६**यरूशलेममा बस्ने टायरका
मानिसहरूले माछाहरू र सबै किसिमका
व्यापारका सामानहरू भित्र ल्याएर विश्राम-
दिनमा यरूशलेममा यहूदाका मानिसहरूलाई
बेचिरहेका थिए । **१७**मैले यहूदाका भारदारहरूलाई
हप्काएर तिनीहरूलाई भनें, "तिमीहरूले
विश्राम-दिनलाई अपवित्र पार्दै यो कस्तो
दुष्ट काम गरिरहेका ? **१८**के तिमीहरूका
पुर्खाहरूले यस्तै काम गरेनन्, र हाम्रा
परमेश्वरले हामीमाथि र यस शहरमाथि
सबै विपत्तिहरू ल्याउनुभएन ? अब तिमीहरूले
विश्राम-दिनलाई अपवित्र पारेर इस्राएलमाथि
अझ बढी क्रोध जगाउँदैछौ ।"

**१९**जब विश्राम-दिनको अघि यरूशलेमका
मूलढोकाहरूमा साँझको अध्याँरोले छोप्न
थाल्यो, मैले ढोकाहरू बन्द गर्ने अनि विश्राम-
दिन नबितेसम्म नखोल्ने हुकुम दिएँ । विश्राम-
दिनमा कुनै भारी पनि भित्र ल्याउन नसकून्
भनेर मैले मूलढोकामा मेरा आफ्ना केही
मानिसहरूलाई खटाएर राखिदिएँ । **२०**एक दुई
पल्ट व्यापारीहरू अनि सबै किसिमका चीजबीज
बेच्नेहरूले यरूशलेमबाहिर नै रात बिताए ।
**२१**तर मैले तिनीहरूलाई चेतावनी दिएर
भनें, "तिमीहरू किन पर्खालको छेउमा रात
बिताउँछौ ? यदि तिमीहरूले फेरी पनि यसै
गऱ्यौ भने तिमीहरूमाथि हात लाउनेछु ।" त्यस
दिनदेखि तिनीहरू विश्राम-दिनमा आउन
छाड़े । **२२**तब मैले लेवीहरूलाई आफैलाई शुद्ध
पार्न र विश्राम-दिनलाई पवित्र राख्नलाई गएर
मूलढोकामा पहरा दिन आज्ञा दिएँ ।

हे मेरा परमेश्वर, यसको लागि पनि मलाई
स्मरण गर्नुहोस् र तपाईंको महान् प्रेमअनुसार
ममाथि कृपा देखाउनुहोस् ।

**२३**यसबाहेक, मैले ती दिनहरूमा यहूदाका
मानिसहरूले अश्दोद, अम्मोन र मोआबबाट
स्त्रीहरूलाई विवाह गरेका भेट्टाएँ । **२४**तिनीहरूका
नानीहरू आधाले अश्दोदका अथवा अरू
जातिका भाषाहरू बोल्थे र यहूदाका भाषा
बोल्न जान्दैनथे । **२५**मैले तिनीहरूलाई हप्काएँ
र सरापें । मैले केही मानिसहरूलाई पिटें अनि
तिनीहरूका केश उखेलिदिएँ । मैले तिनीहरूलाई
परमेश्वरको नाउँमा शपथ खान लाएर भनें,
"तिमीहरूले आफ्ना छोरीहरूलाई तिनीहरूका
छोराहरूसित विवाह गर्न दिनुहुन्न, नता
तिमीहरूले आफ्ना छोराहरूका निम्ति अथवा
आफ्नै निम्ति तिनीहरूका छोरीहरू विवाहको
निम्ति ल्याउनुहुन्छ । **२६**के यस्तै विवाहको
कारण इस्राएलका राजा सुलेमानले पाप
गरेका होइनन् ? धेरै जातिहरूका बीचमा
तिनीजस्ता राजा कोही थिएनन् । तिनलाई तिनका
परमेश्वरले प्रेम गर्नुभएको थियो र परमेश्वरले
तिनलाई इस्राएलमाथि राजा बनाउनुभयो, तर
तिनलाई समेत परदेशी स्त्रीहरूले पाप गर्न
लाए । **२७**अब तिमीहरूले परदेशी स्त्रीहरूसित
विवाह गरेर हाम्रा परमेश्वरप्रति अविश्वासयोग्य
हुँदै यस्ता सबै दुष्टता गरिरहेका के हामीले
सुन्नुपर्छ ?"

**२८**प्रधान पूजाहारी एल्याशीबका एक
जना छोरा योदायाहचाहिँ होरोनी सन्बलतका
जुवाइँ थियो । अनि मैले त्यसलाई मदेखि टाढ़ो
धपाइदिएँ ।

**२९**हे मेरा परमेश्वर, तिनीहरूले पूजाहारी
पदलाई अनि पूजाहारी र लेवीको करारलाई
अशुद्ध पारेकाले तिनीहरूलाई स्मरण गर्नुहोस् ।

**३०**यसकारण मैले पूजाहारीहरू र
लेवीहरूलाई हरेक परदेशी कुराबाट शुद्ध
पारें अनि हरेकलाई आफ्नै आफ्नै काम
सुम्पिदिएँ । **३१**मैले तोकिएका समयहरूका लागि
काठको र पहिलो फलका अंशदानको प्रबन्ध
पनि गरिदिएँ ।

हे मेरा परमेश्वर, मलाई निगाहपूर्वक
स्मरण गर्नुहोस् ।

---

**१३:२३–२५**–प्रस्थान ३४:११-१६; व्यवस्था ७:१-५. **१३:२६**–२ शमूएल १२:२४-२५; १ राजा ११:१-८.
**१३:२८**–नहेम्याह ४:१.

# एस्तर

### रानी वश्ती पदच्युत गरिएकी

**१** अहासूरस, भारतदेखि कूश देशसम्म
फैलिएको एक सय सत्ताईस ओटा
प्रान्तहरूमाथि शासन गर्ने, अहासूरसको पालोमा
यस्तो भयो: **२**त्यसबेला राजा अहासूरस शूशनको
किल्लामा भएको आफ्नो शाही सिंहासनबाट
शासन गर्थे, **३**अनि आफ्नो शासनको तेस्रो
वर्षमा तिनले आफ्ना सबै भारदारहरू र
अधिकारीहरूलाई एउटा ठूलो भोज दिए ।
त्यसमा फारसी र मादीका फौजका अगुवाहरू,
राजकुमारहरू र प्रान्त-प्रान्तका मुख्य
मानिसहरूको सामुन्ने उपस्थित भए ।
**४**पूरा एक सय असी दिनसम्म तिनले आफ्नो
राज्यका अपार धन-सम्पत्ति र आफ्नो ऐश्वर्यको
गौरव प्रदर्शन गरे । **५**ती दिनहरू समाप्त भएपछि
राजाले शूशनको किल्लामा भएका सबैभन्दा
सानादेखि सबैभन्दा ठूला सबैलाई राजाको
महलको भित्रपट्टि भएको बगैँचामा सात
दिनसम्म भोज दिए । **६**बगैँचामा सिङ्गमरमरका
स्तम्भहरूमा चाँदीका गोलचक्रहरूमा लगाइएका
सेतो मिहिन कपड़ा र बैजनी चीजहरूमा
गाँसिएका सेता र नीला सुती पर्दाहरू थिए ।
त्यहाँ रक्तस्फटिक शिला, सिङ्गमरमर, मोतीकी
रानी र अरू दामी पत्थरहरूका सिङ्गारयुक्त
फर्शमाथि सुन र चाँदीका बस्ने आसनहरू
थिए । **७**एउटाभन्दा अर्को विचित्र सुनका
कचौराहरूमा दाखमद्य टक्राइन्थे, अनि राजाको
उदारता सुहाउँदो शाही दाखमद्य प्रशस्त थियो ।
**८**राजाको आज्ञाद्वारा हरेक अतिथिलाई तिनको
आफ्नै किसिमले पिउन दिइएको थियो, किनकि
राजाले आफ्ना सबै मद्य टक्राउनेहरूलाई
हरेक मानिसलाई तिनले जे माग्छन् त्यही दिनू
भन्ने हुकुम गरेका थिए ।

**९**रानी वश्तीले पनि राजा अहासूरसको शाही
महलमा स्त्रीहरूलाई एउटा ठूलो भोज दिइन् ।
**१०**सातौँ दिनमा जब राजा अहासूरस
दाखमद्यको कारण मस्त भएपछि तिनले आफ्नो
सेवा गर्ने सात जना नपुंसकहरू, महूमान,
बिज्था, हर्बोना, बिग्ता, अबगथा, जेथेर र
कर्कासलाई, **११**मानिसहरू र भारदारहरूलाई
आफ्नो सौन्दर्य देखाउनको लागि आफ्नो शाही
मुकुट पहिरिएकी रानी वश्तीलाई ल्याउने हुकुम
गरे, किनकि तिनी हेर्नमा सुन्दरी थिइन् । **१२**तर
ती सेवकहरूले राजाको हुकुम सुनाउँदा रानी
वश्तीले आउन अस्वीकार गरिन् । तब राजा
अत्यन्त क्रोधित भएर रीसले आगो भए ।
**१३**कानून र इन्साफका विषयहरूमा राजाले
विशेषज्ञहरूको सल्लाह लिने प्रथा भएकोले
तिनले समयहरू जान्ने विद्वान् मानिसहरूसित
कुरा गरे । **१४**राजासित घनिष्ट रहेका फारस र
मादीका सात जना भारदारहरू कर्शेना, शेथार,
अद्माथा, तर्शीश, मेरेस, मर्सेना र ममूकान
थिए । उनीहरूलाई राजाको उपस्थितिमा प्रवेश
गर्ने विशेष अधिकार थियो र उनीहरूले
राज्यमा विशेष स्थान पाएका थिए ।
**१५**तिनले सोधे, “कानूनअनुसार रानी
वश्तीलाई के गर्नुपर्छ ?” तिनले आफूकहाँ ती
नपुंसकहरूले पुर्‍याएका राजा अहासूरसको
आज्ञालाई पालन गरेकी छैनन् ।”
**१६**तब राजा र भारदारहरूको उपस्थितिमा
ममूकानले जवाफ दिए, “रानी वश्तीले राजाको
विरुद्ध मात्र होइन तर राजा अहासूरसका सबै
प्रान्तहरूका सबै भारदारहरूलाई अनादर
गरेकी छिन् । **१७**किनकि रानीको व्यवहारलाई
सबै स्त्रीहरूले जान्नेछन् अनि तिनीहरूले आफ्ना
पतिहरूलाई तुच्छ ठानेर यसो भन्नेछन्, ‘राजा

---

**१:१**–एज्रा ४:६.

अहासूरसले रानी वश्तीलाई तिनको सामुन्ने ल्याइने
हुकुम गर्नुभयो तर तिनी आउन मानिनन् ।'
**१८**आजको यही दिन रानीको व्यवहारको विषयमा
सुन्ने फारसी र मादी कुलीन घरानाका स्त्रीहरूले
राजाका भारदारहरूसित यस्तै किसिमले प्रत्युत्तर
दिनेछन् । अनादर र अशिष्टताको अन्त हुनेछैन ।

**१९**"यसकारण, यदि राजालाई मन परे उहाँले
एउटा शाही आदेश निकालून् अनि त्यसलाई
फारसी र मादीहरूको ऐन-कानूनमा लेखिऊन्
जो रद्द हुँदैन, कि रानी वश्ती कहिले
पनि राजा अहासूरसको उपस्थितिमा जान पाउने
छैनन् । साथै राजाले उनको शाही स्थान ऊभन्दा
असल कसैलाई देऊन् । **२०**राजाको उर्दी उहाँको
विशाल राज्यभरि घोषणा गरिएपछि सबै
स्त्रीहरूले आफ्ना पतिहरू सबैभन्दा सानादेखि
सबैभन्दा ठूलासम्मलाई आदर गर्नेछन् ।"

**२१**राजा र तिनका भारदारहरूलाई यो
सल्लाह मन पऱ्यो र राजाले ममूकानले राखेको
प्रस्तावअनुसार गरे । **२२**तिनले हरेक मानिस
आफ्नो घरानामा मालिक हुनुपर्छ भन्ने आदेश
आफ्नो राज्यका सबै भागहरूमा, प्रत्येक
प्रदेशमा आफ्ना-आफ्ना लिपिबमोजिम अनि
हरेक जातिलाई आफ्नो-आफ्नो भाषामा घोषणा
गरेर पठाइए ।

### एस्तर रानी भएकी

**२** पछिबाट राजा अहासूरसको क्रोध शान्त
भएपछि तिनलाई वश्तीको र तिनले के
गरेकी थिइन् अनि तिनले उनको विषयमा कुन
आदेश दिएका थिए त्यसको सम्झना भयो ।
**२**तब राजाका व्यक्तिगत सेवकहरूले प्रस्ताब
गरे, "राजाको निम्ति सुन्दरी कन्ये-केटीहरू
खोजी गरिऊन् । **३**ती सबै सुन्दरी केटीहरूलाई
शूशनको किल्लाको महिला-गृहमा ल्याउन् भनी
राजाले आफ्नो राज्यका प्रत्येक प्रान्तमा उच्च-
कर्मचारीहरू नियुक्त गरून् । तिनीहरूलाई
स्त्रीहरूको जिम्मामा रहेका राजाका नपुंसक
हेगेको अधीनमा राखिऊन् अनि तिनीहरूलाई
सिँगारका सामग्रीहरू दिइऊन् । **४**त्यसपछि
राजालाई रिझाउने स्त्री वश्तीको सट्टा रानी
होस् ।" यो सल्लाह राजालाई मन पऱ्यो र
तिनले त्यसअनुसार गरे ।

**५**शूशनको किल्लामा मोर्दकै नाउँ भएका
एक जना यहूदी थिए, उनी याईरका छोरा शिमीका
नाति र कीशका पनाति बेन्यामीनका कुलका
थिए, **६**जो बेबिलोनका राजा नबूकदनेसरले
यहूदाका राजा यहोयाकीनसित कैदी भएर
जानेहरूसितै यरूशलेमबाट कैदमा लगेकाहरूमध्ये
एक थिए । **७**मोर्दकैको हदस्सा नाउँ भएकी
एउटी भतीजी थिइन् जसलाई उसका बाबु
अथवा आमा कोही नभएकाले तिनले नै हुर्काएका
थिए । त्यो केटी जसको नाउँ एस्तर पनि थियो,
आफ्नो जीउडालमा सुन्दरी थिइन् अनि मोर्दकैले
उनका बाबुआमा मरेपछि आफ्नी छोरीझैँ
राखेका थिए ।

**८**राजाको आदेश र उर्दीको घोषणा भएपछि
शूशनको किल्लामा धेरै केटीहरू ल्याइए अनि
हेगेको देखरेखमा राखिए । एस्तरलाई पनि
राजमहलमा ल्याइयो र स्त्रीहरूको जिम्मावाल
हेगेको अधीनमा सुम्पियो । **९**त्यस केटीले
तिनलाई खुशी पारिन् अनि तिनको निगाह
प्राप्त गरिन् । तिनले तत्कालै उनलाई सौन्दर्यका
प्रसाधनहरू र विशेष भोजनको प्रबन्ध
गरिदिए । तिनले उनलाई राजाको महलबाट
चुनिएका सात जना सहेलीहरू दिए अनि
तिनलाई र तिनका सहेलीहरूलाई स्त्रीहरू बस्ने
घरमा विशेष सुविधाको ठाउँ दिइयो ।

**१०**एस्तरले आफ्नो जातीयता र परिवारको
विषयमा प्रकट गरेकी थिइनन्, किनकि मोर्दकैले
तिनलाई त्यसो नगर्नू भनेका थिए । **११**एस्तर
कस्ती छिन् अनि उनलाई के-कसो हुँदैछ भनी
पत्तो लाउन भनी प्रतिदिन तिनी स्त्री-गृहको
आँगनमा भएर जाने गर्थे ।

**१२**राजा अहासूरस कहाँ भित्र पस्ने कुनै
केटीको पालो आउनअघि उनले स्त्रीहरूको लागि
तोकिएको सिङ्गार-पटारको बाह्र महिना पूरा

---

**२:६**–२ राजा २४:१०-१६; २ इतिहास ३६:१०.

गर्नुपर्थ्यो, छ महिनासम्म मुर्रको तेल अनि छ
महिनासम्म अत्तर र सिङ्गार-प्रसाधन ! **१३**राजाकहाँ
यसरी जानुपर्थ्यो, उनले स्त्री-गृहबाट आफूसित
राजाकहाँ लैजान चाहेकी कुनै पनि चीज उनलाई
दिइन्थ्यो । **१४**बेलुकी तिनी त्यहाँ जान्थिन् अनि
बिहान उप-पत्नीहरूको जिम्मामा रहेका राजाका
नपुंसक शाश्गजको देखरेखमा स्त्री-गृहको अर्को
भागमा जान्थिन् । राजा तिनीसित प्रसन्न भएर
तिनलाई नाउँद्वारा नबोलाएसम्म तिनी राजाकहाँ
फेरि जान पाउँदिनथिइन् ।

**१५**जब एस्तर (मोर्दकैले धर्मपुत्री बनाएकी
केटी, तिनका काका अबीहेलकी छोरी) को
राजाकहाँ जाने पालो आयो, तब तिनले स्त्री-
गृहको जिम्मामा रहेका राजाका नपुंसक
हेगेले सल्लाह दिएका कुराबाहेक अरू केही
मागिनन् । अनि एस्तरले उनलाई देख्ने हरेकबाट
निगाह प्राप्त गरिन् । **१६**उनी दशौँ महिना
अर्थात् तेबेत महिनामा, राजाको शासनको सातौँ
वर्षमा राजा अहासूरसकहाँ तिनको शाही
बासस्थानमा लगिइन् ।

**१७**राजा अरू कुनै स्त्रीप्रतिभन्दा एस्तरप्रति
बढ़ी आकर्षित भए अनि उनले अरू कुनै
पनि कन्याहरूले भन्दा राजाको बढ़ी निगाह र
सहमति पाइन् । यसकारण उनले तिनको
शिरमाथि शाही मुकुट लगाएर तिनलाई वश्तीको
सट्टा रानी बनाए । **१८**अनि राजाले एउटा ठूलो
भोज, आफ्ना सबै भारदारहरू र अधिकारीहरूको
निम्ति, एस्तरको तर्फबाट भोज दिए । तिनले
सबै प्रान्तहरूभरि बिदाको घोषणा गरे अनि
शाही प्रशस्तताबाट उपहारहरू बाँड़े ।

## मोर्दकैले एउटा षड्यन्त्रको भण्डाफोर गरेका

**१९**कन्याहरू दोस्रोपल्ट भेला भएको बेला
मोर्दकै राजाको दरबारको मूलढोकामा उपस्थित
थिए । **२०**तर एस्तरले मोर्दकैले तिनलाई गर्नुभनेझैँ
आफ्नो परिवार र जातियताको कुरा गुप्त
राखेकी थिइन्, किनकि उनले मोर्दकैले उनलाई
हुर्काउँदै गर्दा गरेझैँ तिनका आदेशहरू पालन
गर्दैआएकी थिइन् ।

**२१**मोर्दकै राजाको मूलढोकामा बसिरहेको
बेला, ढोकाको रक्षा गर्ने राजाका दुई जना
अधिकारीहरू बिग्थाना र तेरेश रिसाए अनि
राजा अहासूरसलाई मार्ने षड्यन्त्र रचे । **२२**तर
मोर्दकैले त्यो षड्यन्त्र थाहा पाएर रानी
एस्तरलाई भनिदिए जसले फेरि त्यसको श्रेय
मोर्दकैलाई दिँदै त्यो कुरा राजालाई बताइदिइन् ।
**२३**अनि जब त्यस खबरको जाँचबुझ भयो अनि
त्यो सत्य ठहरियो, ती दुई जना अधिकारीहरूलाई
फाँसीको सजाय दिएर काठमा झुण्डयाइदिए ।
यी सबै कुरा राजाकै उपस्थितिमा इतिहासका
पुस्तकमा लेखिए ।

## यहूदीहरूलाई नाश गर्ने हामानको षड्यन्त्र

**३** यी घटनाहरूपछि, राजा अहासूरसले अगागी
हम्मदाताका छोरा हामानलाई उच्च
पारेर अरू भारदारहरूभन्दा माथिल्लो दर्जाको
आसन दिएर सम्मान गरे । **२**राजाको
मूलढोकाका सबै शाही अधिकारीहरूले घुँड़ा
टेकेर हामानलाई सम्मान दिन्थे, किनकि राजाले
उनको विषयमा यो आज्ञा दिएका थिए । तर
मोर्दकैले घुँड़ा टेक्दैन थिए वा सम्मान दिँदैनथे ।

**३**तब राजाका मलूढोकाका शाही
अधिकृतहरूले मोर्दकैलाई सोधे, “तपाईंले किन
राजाको आज्ञालाई उल्लङ्घन गर्नुहुन्छ ?”
**४**तिनीहरूले उनलाई दिनदिनै त्यही कुरा भन्थे,
तर उनले त्यसअनुसार गर्न अस्वीकार गरे ।
यसकारण तिनीहरूले यस विषयमा हामानलाई
भने, अनि मोर्दकैको व्यवहार सहनयोग्य छ कि
छैन भनी सोधे, किनकि तिनले आफैलाई यहूदी
हुँ भन्थे ।

**५**जब मोर्दकैले घुँड़ा नटेकेका अथवा
तिनलाई आदर नगरेका हामानले देखे, तिनी
अति क्रोधित भए । **६**तरै पनि मोर्दकैका
मानिसहरू को हुन् भनी जानेपछि तिनले
मोर्दकैलाई मात्र मार्ने विचारलाई तुच्छ ठाने ।
त्यसको सट्टामा तिनले अहासूरसको समस्त
राज्यका सबै यहूदीहरू, मोर्दकै र उनका सबै
जातिलाई नाश गर्ने उपाय खोज्न थाले ।

**७**राजा अहासूरसको बाह्रौँ महिनामा, पहिलो

महिना, नीसानमा तिनीहरूले एउटा दिन र
महिना छान्नलाई हामानको उपस्थितिमा एउटा
'पूर' (अर्थात्, गोला) हाले । अनि गोला बाह्रौँ
महिना, अदार महिनामा पऱ्यो ।
**८**तब हामानले राजा अहासूरसलाई भने,
"तपाईंको राज्यका समस्त प्रान्तहरूमा धेरै
मानिसहरूको बीचमा फैलिएर अनि छरिएर
बसेका एउटा जाति छ जसका रीतिरिवाजहरू
अरू मानिसहरूकाभन्दा बेग्लै छन् अनि जसले
राजाका आज्ञा मान्दैनन् । तपाईंले तिनीहरूलाई
सहानुभूति देखाउनु उचित छैन । **९**राजालाई
मन परे तिनीहरूलाई नाश गर्ने एउटा आदेश
जारी गरिओस्, अनि म यस काम गर्ने मानिसको
लागि राजकोषमा दश हजार चाँदीका तोड़ा
जम्मा गरिदिनेछु ।"
**१०**यसकारण राजाले आफ्नो छापे औँठी
आफ्नो औँलाबाट निकालेर अगागी हम्मदाताका
छोरा, यहूदीहरूका शत्रु हामानलाई दिए ।
**११**राजाले हामानलाई भने, "त्यो पैसा राख, अनि
ती मानिसहरूसित तिमीलाई मन लागेअनुसार
व्यवहार गर ।"
**१२**तब पहिलो महिनाको तेह्रौं दिनमा शाही
सचिवहरू बोलाइए । तिनीहरूले विभिन्न
प्रान्तहरूमा बढ़ा हाकिमहरू, राज्यपालहरूलाई
अनि विभिन्न जातिहरूका भारदारहरूलाई
हरेक प्रान्तको लिपिमा र हरेक जातिको भाषामा
हामानका सबै हुकुमहरू लेखे । यो राजा अहासूर
सकै नाउँमा लेखिएका अनि तिनको आफ्नै
औँठीद्वारा छाप लगाइएका थिए । **१३**बाह्रौँ महिना,
अदार महिनाको तेह्रौं दिन, एकै दिनमा सारा
यहूदीहरूका जवान अनि वृद्ध, स्त्री र छोराछोरी
सबैलाई नाश गर्नु, मार्नु र नाउँनिशानै मेटिदिनु
र तिनीहरूका सम्पत्तिहरू लुट्नु भन्ने
हुकुम राजाका सबै प्रान्तहरूमा सन्देश
वाहकहरूद्वारा पठाइए । **१४**राजाज्ञाको सन्देशको
एउटा प्रतिलिपि प्रत्येक प्रान्तमा कानूनझैँ पठाउनू
अनि त्यस दिनको निम्ति हरेक जातिका मानिसहरू
तयार रहनू भन्ने जानकारी दिइएको थियो ।
**१५**राजाको आज्ञाद्वारा उत्तेजित भएर ती
सन्देशवाहकहरू निस्केर गए अनि त्यो राजाज्ञा
शूशनको किल्लामा जारी गरियो । राजा अनि
हामान पिउनलाई बसे, तर शूशनको शहरमा
हलचल मच्चियो ।

### मोर्दकैले एस्तरलाई सहायताको लागि सम्झाएका

**४** यी सबै कुरा मोर्दकैले थाहा पाएपछि
तिनले आफ्ना लुगा च्याते, भाङ्ग्रा ओढे;
अनि खरानी घसे र चर्को सोरले रुँदै शहरभित्र
गए । **२**तर तिनी राजाको मूलढोकासम्म मात्र
गए, किनकि भाङ्ग्रा लगाएको कसैलाई भित्र
जाने अनुमति थिएन । **३**राजाज्ञा र राजाको
हुकुम आएको प्रत्येक प्रान्तमा यहूदीहरूको
बीचमा उपवाससितको रूवाइ र विलाप
भइरहेको थियो । धेरै जना भाङ्ग्रा लगाएर
खरानी घसेर बसेका थिए ।
**४**एस्तरका सहेलीहरू र नपुंसकहरूले
तिनलाई मोर्दकैको विषयमा बताउँदा उनी अति
विचलित भइन् । तिनले भाङ्ग्राको सट्टा लुगा
लगाऊन् भनेर रानीले ती पठाइन् तर तिनले
ती स्वीकार गरेनन् । **५**तब एस्तरले आफ्नो
देखरेख गर्ने राजाको नपुंसक हताकलाई
बोलाइपठाइन् अनि मोर्दकैलाई केको दु:ख भयो
र किन भयो भनी पत्तो लाउन आज्ञा दिइन् ।
**६**यसकारण हताक राजाको मूलढोकाको
सामुन्नेको शहरको खुला चोकमा मोर्दकैकहाँ
गयो । **७**मोर्दकैले त्यसलाई हामानले सारा
यहूदीहरूको सर्वनाशको निम्ति राजकोषमा
जम्मा गरिदिने ठीक रकमको विषयलगायत
तिनलाई के भएको थियो त्यो बताइदिए । **८**तिनले
उसलाई शूशनमा छापिएको तिनीहरूको
संहारबारे राजाज्ञामा भएको सन्देशको प्रतिलिपि
पनि दिए अनि एस्तरलाई त्यो बुझाइदिनु
र उनलाई राजाको उपस्थितिमा गएर दयाको
भिक्षा माग्दै आफ्नो जातिको पक्षमा बिन्ती गर्न
आह्वान गरे ।
**९**हताक फर्केर गयो अनि एस्तरलाई मोर्दकैले
भनेको खबर दियो । **१०**तब उनले त्यसलाई
मोर्दकैलाई यसो भन्नु भनेर हुकुम दिइन्,
**११**"राजाले नबोलाइकन तिनको भित्री चोकमा

जाने कुनै पुरुष अथवा स्त्रीको निम्ति राजाको एउटै कानून छ भन्ने कुरा राजाका सबै अधिकारीहरू र शाही प्रान्तका सबै मानिसहरूलाई थाहा छ । यसमा एउटै छुट मात्र छ, राजाले त्यस व्यक्तितिर आफ्नो सुनको राजदण्ड बढ़ाइदिए भने उसको प्राणको रक्षा हुनेछ । तर मलाई राजाले आफूकहाँ नबोलाएका तीस दिन बितिसकेका छन् ।"

**१२**एस्तरका कुराहरू मोर्दकैकहाँ लगिएपछि,
**१३**तिनले यो जवाफ पठाए: "तिमी राजाको
घरमा छौ भनेर सारा यहूदीहरूमा तिमी
उम्कनेछौ भनेर नसोच । **१४**किनकि यदि तिमी
यस बेला चुप रहचौ भने यहूदीहरूको निम्ति मद्दत र छुटकारा अरू ठाउँबाट आउनेछ तर तिमी र तिम्रा पिताको परिवार नष्ट हुनेछन् । तर यस्तै समयको निम्ति तिमी शाही स्तरमा पुगेकी हौली भन्ने कसले जान्दछ ?"

**१५**तब एस्तरले मोर्दकैकहाँ यो जवाफ
पढ़ाइन्: **१६**"गएर शूशनमा भएका सारा
यहूदीहरूलाई एक साथ भेला गर्नुहोस् अनि मेरो निम्ति उपवास बस्नुहोस् । तीन दिनसम्म, दिनरात केही नखानुहोस् र नपिउनुहोस् । तपाईंहरूले गरेझैं म र मेरा सहेलीहरू पनि उपवास बस्नेछौं । यो गरिसकेपछि कानूनको विरुद्धै भए पनि म राजाकहाँ जानेछु । यदि मेरो नाश हुन्छ भने पनि होस् ।"

**१७**यसकारण मोर्दकै गइहाले र एस्तरले
भनेझैं गरे ।

## राजालाई एस्तरको बिन्ती

**५** तेस्रो दिन एस्तरले आफ्नो शाही वस्त्र लगाइन् अनि राजाको ठूलो कोठाको सामुन्नेको महलको भित्री चोकमा खड़ा भइन् । राजा ठूलो कोठाको शाही सिंहासनमा प्रवेशद्वारतिर फर्केर बसेका थिए । **२**तिनले
रानी एस्तरलाई चोकमा उभिरहेकी देखेर तिनी उनीसित खुशी भए अनि आफ्नो हातमा भएको राजदण्ड उनीतिर पसारे । यसकारण एस्तरले गएर राजदण्डको टुप्पोलाई छोइन् ।

**३**तब राजाले सोधे, "के कुरा छ, एस्तर ?
तिम्रो बिन्ती के छ ? तिमीले आधा राज्य नै मागे पनि त्यो तिमीलाई दिइनेछ ।"

**४**एस्तरले जवाफ दिइन्, "हे महाराजा
तपाईंलाई असल लागे तपाईंको निम्ति मैले तयार गरेको भोजमा आज हामानको साथमा आउनुहोस् ।"

**५**राजाले भने, "हामानलाई झट्टै ल्याऊ, र
हामी एस्तरले भनेझैं गरौं । " यसरी राजा र हामान एस्तरले तयार पारेको भोजमा गए ।
**६**तिनीहरूले दाखमद्य पिइरहेको बेला राजाले
एस्तरलाई फेरि सोधे, "तिम्रो निवेदन के हो ? त्यो तिमीलाई दिइनेछ । अनि तिम्रो बिन्ती के हो ? आधा राज्य नै हो भने पनि त्यो मन्जुर गरिनेछ ।"

**७**एस्तरले जवाफ दिइन्, "मेरो निवेदन र
मेरो बिन्ती यही हो: **८**राजाले ममाथि निगाह
राख्नुहुन्छ भने अनि मेरो निवेदन मान्न र मेरो बिन्ती पूरा गर्न राजालाई मनपर्छ भने राजा र हामान मैले उहाँहरूका निम्ति तयार पार्ने भोजमा भोलि आऊन् । तब म राजाको प्रश्नको जवाफ दिनेछु ।"

## मोर्दकैको विरुद्ध हामानको रिस

**९**त्यस दिन हामान रमाउँदै र प्रफुल्लित
भएर गए । तर तिनले मोर्दकैलाई राजाको मूलढोकामा देखे अनि तिनी नउठेका र तिनको उपस्थितिको कुनै डर नराखेका देखेर तिनी मोर्दकैको विरुद्ध रीसले चूर भए । **१०**तरै पनि
हामानले आफैलाई वशमा राखेर घरतिर गए ।

आफ्ना साथीहरू र आफ्नी पत्नी जेरेशलाई
बोलाएर, **११**हामानले तिनीहरूसित आफ्नो
सम्पत्तिबारे भने, आफ्ना धेरै छोराहरू र राजाले तिनलाई धेरै किसिमले सम्मान दिएका कुराहरू अनि तिनले आफूलाई अरू भारदारहरू र अधिकारीहरूभन्दा माथि राखेका विषयमा
अभिमान गरे । **१२**हामानले अझ थपे, "अनि
यति मात्र होइन, रानी एस्तरले दिएको भोजमा राजासित बस्न पाउने व्यक्ति म मात्र हुँ । अनि उनले भोलि राजासित मलाई निम्तो दिएकी

छिन् । **१३**तर राजाको मूलढोकामा त्यो यहूदी
मोर्दकैलाई देखुञ्जेल यी सबै कुराहरूले मलाई
सन्तुष्ट तुल्याउन सक्तैनन् ।"

**१४**तिनकी पत्नी जेरेश र तिनका सबै
साथीहरूले तिनलाई भने, "पचहत्तर फीट अग्लो
एउटा फाँसीको काठ बनाउन लगाएर बिहान
मोर्दकैलाई त्यसमा झुण्डयाउन राजासँग बिन्ती
गर्नुहोस् । त्यसपछि राजासित भोजमा गएर
आनन्दित हुनुहोस् ।" यो सल्लाह हामानलाई
मन पर्‍यो, अनि तिनले फाँसीको काठ तयार
गर्न लगाए ।

### मोर्दकै सम्मानित भएका

**६** त्यस रात राजा सुत्न सकेनन्; यसकारण
तिनले इतिहासको पुस्तक, तिनको
शासनको पुस्तक, ल्याएर तिनलाई पढ़ेर सुनाउने
हुकुम गरे । **२**त्यसमा राजा अहासूरसको विरुद्ध
षड्यन्त्र रचेर तिनलाई मार्न खोज्ने द्वारपालहरू
बिग्थाना र तेरेशलाई उदाङ्गो पारिदिने मोर्दकैको
विषयमा दर्ता गरिएको थियो ।

**३**राजाले सोधे, "यसको लागि मोर्दकैले कुन
सम्मान र मान्यता पाएको छ ?"

तिनका सेवकहरूले जवाफ दिए, "तिनको
लागि केही गरिएको छैन ।"

**४**राजाले भने, "चोकमा को छ ?" हामान
आफूले मोर्दकैको निम्ति तयार गरेको फाँसीमा
तिनलाई झुण्ड्याउने विषयमा राजासित कुरा
गर्न भनी महलको बाहिरी चोकमा भर्खरै पसेका
थिए ।

**५**तिनका सेवकहरूले तिनलाई भने, "हामान
चोकमा उभिरहेका छन् ।"

राजाले हुकुम गरे, "तिनलाई भित्र ल्याऊ ।"

**६**हामान भित्र पसेपछि राजाले तिनलाई
सोधे, "राजाले आदर दिन चाहेको मानिसलाई
के गर्नुपर्छ ?"

हामानले मनमनै सोचे, "मबाहेक राजाले
अरू कसलाई आदर दिने होला र ?"
**७**यसकारण तिनले राजालाई जवाफ दिए,
"राजाले आदर दिन चाहेका मानिसको निम्ति,
**८**राजाले लगाउनुभएको शाही वस्त्र, राजा सवार
हुनभएको र शिरमा कल्की लगाइएको घोड़ा
ल्याइओस् । **९**त्यसपछि त्यो वस्त्र र घोड़ा
राजाका कुलीन राजकुमारहरूमध्ये एक जनाको
जिम्मामा दिइऊन् । तिनीहरूले राजाले आदर
दिन चाहनुभएका मानिसलाई त्यो वस्त्र
लगाइदेऊन् र तिनलाई त्यस घोड़ामाथि सवार
गराएर तिनको अगि 'राजाले आदर दिनचाहेका
मानिसलाई यसै गरिन्छ !' भनेर घोषणा गर्दै
तिनलाई शहरका मार्गहरूमा डोर्‍याऊन् ।"

**१०**राजाले हामानलाई आज्ञा दिए, "झट्टै गएर
वस्त्र र घोड़ा ल्याऊ अनि तिमीले सल्लाह
दिएअनुसार राजाको मूलढोकामा बसिरहेका
यहूदी मोर्दकैको निम्ति त्यसै गर । तिमीले
सिफारिस गरेका कुनै कुरा पनि नछोड्नू ।

**११**यसकारण हामानले वस्त्र र घोड़ा ल्याए ।
तिनले मोर्दकैलाई वस्त्र पहिर्‍याए अनि घोड़ामा
चढ़ाएर शहरका मार्गहरूमा, "राजाले आदर
दिन चाहेका मानिसलाई यसै गरिन्छ !" भनेर
घोषणा गर्दै डोर्‍याए ।

**१२**त्यसपछि मोर्दकै राजाको मूलढोकामा
फर्किआए । तर हामान आफ्नो शिर शोकले
भरिएको अवस्थामा चाँड़ो गरी घरमा गए । **१३**अनि
आफ्नी पत्नी जेरेश र आफ्ना सबै साथीहरूलाई
तिनीमाथि घटेका हरेक कुरा बताइदिए ।

तिनका सल्लाहकारहरू र तिनकी पत्नी
जेरेशले तिनलाई भने, "जुन मोर्दकैको सामुन्ने
तपाईंको पतन शुरु भएको छ, तिनी जन्मकै
यहूदी भएकाले तपाईं तिनको विरुद्ध खड़ा
रहनसक्नुहुन्न । तपाईं अवश्यै नाश हुनुहुनेछ !"
**१४**तिनीहरू तिनीसित कुरा गरिरहेकै बेला
राजाका नपुंसकहरू आएर तिनलाई एस्तरले
तयार पारेको भोजमा लगिहाले ।

### हामान झुण्डयाइएको

**७** यसरी राजा र हामान रानी एस्तरसित
भोजन गर्न गए, **२**अनि त्यस दोस्रो दिन

**६:२**–एस्तर २:२१-२२.

तिनीहरूले दाखमद्य पिइरहेको बेला राजाले फेरि सोधे, "रानी एस्तर, तिम्रो निवेदन के हो ? त्यो तिमीलाई दिइनेछ । तिम्रो बिन्ती के हो ? राज्यको आधा भागसम्म पनि मञ्जूर हुनेछ ।"

**३**तब रानी एस्तरले जवाफ दिइन्, "हे महाराजा, मैले तपाईंको निगाह प्राप्त गरेकी छु भने, अनि हजूर महाराजालाई खुशी लागे मेरो ज्यान जोगाइदिनुहोस्, यही मेरो बिन्ती छ । **४**किनकि म र मेरा मानिसहरू सर्वनाश, हत्या र संहारको निम्ति बेचिएका छौं । हामी कमारा र कमारीझैँ बेचिएका मात्र भए म चुप लाग्ने थिएँ, किनकि यस्तो विपत्तिको लागि मात्र महाराजालाई विचलित पार्नु उचित हुनेथिएन ।"

**५**राजा अहासूरसले रानी एस्तरलाई सोधे, "त्यो के हो ? यस्तो काम गर्न साहस गर्ने मानिस कहाँ छ ?"

**६**एस्तरले भनिन्, "त्यो विरोधी र शत्रु यही नीच हामान हो ।"

तब राजा र रानीको सामुन्ने हामान भयभीत भए । **७**राजा रीसले चूर भएर उठे, आफ्नो दाखमद्य छोड़िराखेर महलको बगैँचामा गए । तर हामान राजाले तिनको भाग्य निर्णय गरिसके भन्ने ठानेर एस्तर रानीसित आफ्नो प्राणको भिक्षा माग्न भनी भित्रै रहे ।

**८**राजा महलको बगैँचाबाट ठीक फर्केको बेला हामान रानी एस्तर आराम गरिरहेको पलङमाथि निहुरिरहेका थिए । राजा यसरी चिच्च्याए, "रानी मसित घरमा भएकै बेला के यसले उनीमाथि हात पनि लाउने ?"

राजाको मुखबाट यो निस्कनासाथ तिनीहरूले हामानको अनुहार छोपिदिए । **९**तब राजाको सेवा गर्ने नपुंसकहरूमध्ये एक जना हर्बोनाले भन्यो, "राजालाई सहायता गर्न बोल्ने मोर्दकैको निम्ति हामानले तयार पारेको पचहत्तर फीट अग्लो एउटा फाँसीको काठ तिनको घरकै छेउमा खड़ा छ ।"

राजाले भने, "त्यसलाई त्यसैमा झुण्डयाई दे !" **१०**यसकारण तिनीहरूले हामानलाई तिनले मोर्दकैको निम्ति तयार गरेको फाँसीको काठमा झुण्ड्याइदिए । तब राजाको रिस शान्त भयो ।

### यहूदीहरूको पक्षमा राजाको आज्ञा

**८** त्यही दिन राजा अहासूरसले रानी एस्तरलाई यहूदीहरूको शत्रु हामानको सम्पत्ति दिए । अनि मोर्दकै राजाको उपस्थितिमा आए, किनकि तिनी कसरी उसको आफन्त हो भनी एस्तरले राजालाई भनेकी थिइन् । **२**राजाले हामानबाट फिर्ता लिएको छाप-औँठी फुकाले अनि मोर्दकैलाई त्यो उपहार दिए । अनि एस्तरले तिनलाई हामानको सम्पत्तिमाथि अधिकारी नियुक्त गरिन् ।

**३**एस्तरले राजाको पाउमा परेर रुँदै फेरि बिन्ती गरिन् । अगागी हामानले यहूदीहरूको विरुद्धमा रचेका योजना समाप्त गरिदिन उनले तिनीसित अनुरोध गरिन् । **४**तब राजाले एस्तरतिर सुनको राजदण्ड बढ़ाइदिए र उनी उठिन् अनि तिनको सामुन्ने खड़ा भइन् ।

**५**उनले भनिन्, "राजालाई इच्छा लागे अनि उहाँले ममाथि निगाह राख्नुहुन्छ र यसो गर्नु ठीक हो भनी विचार गर्नुहुन्छ अनि उहाँ मसित प्रसन्न हुनुहुन्छ भने अगागी हम्मदाताका छोरा हामानले राजाका सबै प्रान्तहरूमा भएका यहूदीहरूलाई नाश गर्न भनी रचेका र लेखेर पठाइएका सन्देशहरूलाई रद्द गर्ने हुकुम लेखिबक्सिओस् । **६**किनकि मेरा मानिसहरूमाथि विपत्ति परेको म कसरी देख्न र सहन सकूँला ? मैले आफ्नो परिवारको विनाश कसरी देख्नू र सहनू ?

**७**राजा अहासूरसले रानी एस्तर र यहूदी मोर्दकैलाई भने, "हामानले यहूदीहरूमाथि आक्रमण गरेको कारण मैले त्यसको सम्पत्ति एस्तरलाई दिएको छु र तिनीहरूले त्यसलाई फाँसीको काठमा झुण्डयाइदिएका छन् । **८**अब राजाको नाउँमा यहूदीहरूको पक्षमा एउटा अर्को आदेश तिमीहरूलाई मन परेअनुसार लेखेर त्यसमा राजाको छाप-औँठीको निशान लगाइदेऊ, किनकि राजाको नाउँमा लेखिएको र तिनको औँठीको छाप भएको कुनै लेखापढ़ी

पनि रद्द गर्न सकिँदैन ।”

९तत्कालै तेस्रो महिना, सीवान महिनाको तेईसौँ दिन शाही सचिवहरू बोलाइए । तिनीहरूले भारतदेखि कूश देशसम्मको एक सय सत्ताईस प्रान्तका बड़ा-हाकिमहरू, राज्यपालहरू र भारदारहरूलाई मोर्दकैले दिएका हुकुमहरू लेखे । ती हुकुमहरू प्रत्येक प्रान्तको लिपिमा अनि हरेक जातिको भाषामा अनि यहूदीहरूलाई पनि तिनीहरूका आफ्नै लिपि र भाषामा लेखिएका थिए । १०मोर्दकैले राजा अहासूरसको नाउँमा ती लेखे, ती सन्देशहरूलाई राजाको छाप-औँठीले मोहोर लगाइदिए अनि तिनीहरूलाई राजाको निम्ति विशेष किसिमले उत्पन्न गरिएका चाँड़ो दगुर्ने घोड़ाहरूमाथि सवार भएका सन्देशवाहकहरूद्वारा पठाइदिए ।

११राजाको आदेशले प्रत्येक शहरमा भएका यहूदीहरूलाई भेला हुने अनि आफैलाई बचाउने, तिनीहरूलाई अनि तिनीहरूका स्त्रीहरू र छोरा-छोरीहरूलाई आक्रमण गर्ने कुनै पनि जाति र प्रान्तका हतियारधारी दललाई नाश गर्ने, मार्ने र संहार गर्ने अनि तिनीहरूका शत्रुहरूका सम्पत्ति लूट्ने अधिकार दियो । १२राजा अहासूरसका सबै प्रान्तहरूमा यहूदीहरूको निम्ति यसो गर्ने तोकिएको दिन बाह्रौं महिना, अदार महिनाको तेह्रौँ दिन थियो । १३त्यस सन्देशको एउटा प्रतिलिपिलाई प्रत्येक प्रान्तमा कानूनको हिसाबमा निकाल्नु र प्रत्येक जातिका मानिसहरूलाई जान्न दिनुपर्ने थियो ताकि त्यस दिन आफ्ना शत्रुहरूमाथि बदला लिन यहूदीहरू तयार रहन सकून् ।

१४राजाको आज्ञाद्वारा उत्तेजित भएर शाही घोड़ाहरूमाथि सवार भएका सन्देशवाहकहरू तेजसित बाहिर निस्के । अनि त्यो आदेश शूशनको किल्लामा पनि निकालियो ।

१५मोर्दकै राजाको उपस्थितिबाट नीलो र सेतो शाही वस्त्र अनि शिरमा सुनको मुकुट र मलमलको बैजनी लबेदा पहिरेर निस्के । अनि समस्त शूशन शहरले खुशी र आनन्दको उत्सव मनायो । १६यहूदीहरूको निम्ति त्यो एउटा खुशीयाली र आनन्द, हर्ष र सम्मानको दिन थियो । १७प्रत्येक प्रान्त र प्रत्येक शहरमा जहाँ-जहाँ राजाको आदेश पुग्यो, त्यहाँ यहूदीहरूको बीचमा आनन्द र हर्षको साथमा भोज र उत्सव भयो । अनि यहूदीहरूको डर तिनीहरूमा पसेकोले अरू जातिका धेरै मानिसहरू यहूदी भए ।

## यहूदीहरूको विजय

९ बाह्रौँ महिना, अदार महिनाको तेह्रौँ दिन राजाले दिएको आदेश पालन गरिनुपर्ने थियो । त्यस दिन यहूदीहरूका शत्रुहरूले तिनीहरूलाई जित्ने आशा राखेका थिए, तर त्यसको ठीक विपरीत भयो र तिनीहरूलाई घृणा गर्नेहरूमाथि यहूदीहरू प्रबल भए । २यहूदीहरू तिनीहरूलाई नाश गर्न चाहनेहरूलाई आक्रमण गर्न भनी राजा अहासूरसका सबै प्रान्तहरूमा भएका आफ्ना शहरहरूमा भेला भए । अरू जातिका मानिसहरू तिनीहरूसित डराएका हुनाले तिनीहरूको विरुद्धमा कोही खड़ा रहन सकेन । ३अनि मोर्दकैको डर तिनीहरूभित्र पसेको हुनाले प्रान्तहरूका सबै भारदारहरू, बड़ा-हाकिमहरू, राज्यपालहरू र राजाका प्रशासकहरूले यहूदीहरूलाई सघाए । ४महलमा मोर्दकै प्रमुख थिए, तिनको ख्याति प्रान्तहरूभरि फैलियो अनि तिनी अझ शक्तिशाली हुँदै गए ।

५यहूदीहरूले आफ्ना शत्रुहरूलाई तरवारले प्रहार गरेर मारे अनि नाश गरे र तिनीहरूले आफूहरूलाई घृणा गर्नेहरूसित मनपरी व्यवहार गरे । ६शूशनको किल्लामा यहूदीहरूले पाँच सय मानिसहरूलाई मारे अनि नाश गरे । ७तिनीहरूले पर्शन्दाता, दल्फोन, अस्पाता, ८पोराता, अदलिया, अरीदाता, ९पर्मशता, अरीशै, अरीदै र बैजातालाई पनि मारे, १०जो हम्मदाताका छोरा, यहूदीहरूका शत्रु हामानका दश जना छोराहरू थिए । तर तिनीहरूले लूटका मालमा हात लगाएनन् ।

११शूशनको किल्लामा मारिएकाहरूको सङ्ख्याको खबर राजालाई त्यसै दिन दिइयो । १२राजाले रानी एस्तरलाई भने, “यहूदीहरूले

शूशनको किल्लामा पाँच सय मानिसहरू अनि
हामानका दश जना छोराहरूलाई मारेर नाश
गरे भने तिनीहरूले राजाका अरू प्रान्तहरूमा
के गरे होलान् ? अब तिम्रो निवेदन के छ ?
त्यो तिमीलाई दिइनेछ । तिमी के चाहन्छयौ ?
त्यो पनि स्वीकार गरिनेछ ।"
**१३**एस्तरले जवाफ दिइन्, "राजालाई मन
परे शूशनमा भएका यहूदीहरूलाई आजको
राजाज्ञा भोलि पनि पालन गर्न दिनुहोस्, अनि
हामानका दश छोराहरू फाँसीको काठमा
झुण्ड्याइऊन् ।"
**१४**यसकारण राजाले त्यसो हुने आज्ञा दिए ।
शूशनमा एउटा राजाज्ञा जारी गरियो अनि
तिनीहरूले हामानका दश छोराहरूलाई
झुण्डयाए । **१५**शूशनमा भएका यहूदीहरू अदार
महिनाको चौधौं दिन एक साथ आए अनि
तिनीहरूले शूशनमा तीन सय मानिसहरू
मारे, तर तिनीहरूले लूटको मालमा हात
लगाएनन् ।
**१६**त्यसै बेला, राजाका प्रान्तमा भएका बाँकी
यहूदीहरू पनि आफैलाई आफ्ना शत्रुहरूदेखि
रक्षा गर्नलाई भेला भए । तिनीहरूले उनीहरूका
पचहत्तर हजारलाई मारे तर लूटका मालमा
हात लगाएनन् । **१७**यो अदार महिनाको तेह्रौं
दिनमा भयो र चौधौं दिनमा तिनीहरूले विश्राम
लिए अनि त्यसलाई तिनीहरूले उत्सव र
आनन्दको दिन बनाए ।

### पूरीमको उत्सव

**१८**तरै पनि शूशनमा भएका यहूदीहरू
तेह्रौं र चौधौं दिनमा भेला भए अनि पन्ध्रौं
दिनमा तिनीहरूले विश्राम लिए, अनि त्यसलाई
तिनीहरूले उत्सव र आनन्दको दिन बनाए ।
**१९**यसैकारण गाउँ-बस्तीमा बस्ने यहूदीहरूले
अदार महिनाको चौधौं दिनलाई आनन्द र
भोजको दिन मान्छन्, एक-अर्कालाई उपहारहरू
पठाउँछन् ।
**२०**मोर्दकैले यी घटनाहरूलाई दर्ता गरे अनि
तिनले राजा अहासूरसका प्रान्तहरूभरि, नजिक
अथवा टाढ़ा पत्र पठाए, **२१**वर्षेनी अदार महिनामा
चौधौं र पन्ध्रौं दिन, **२२**यहूदीहरूले आफ्ना
शत्रुहरूबाट छुटकारा पाएका दिन अनि
तिनीहरूका दु:ख आनन्दमा र तिनीहरूका
विलाप उत्सवमा परिणत भएको महिना मानून्
भनेर तिनले यी दिनहरूलाई भोज खाँदै आनन्द
मनाउने अनि आपसमा भोजन बाँड्ने र
गरीबहरूलाई उपहार दिने दिनहरू मान्नू भनेर
तिनीहरूलाई पत्र लेखे ।
**२३**यसकारण यहूदीहरू मोर्दकैले तिनीहरूलाई
लेखेअनुसार गर्दै तिनीहरूले शुरु गरेका
उत्सवलाई कायम राख्नलाई सहमत भए ।
**२४**किनकि अगागी हम्मदाताका छोरा, सारा
यहूदीहरूका शत्रु अगाड़ि हामानले यहूदीहरूलाई
नाश गर्न भनी षड्यन्त्र रचेका थिए र
तिनीहरूको विनाशको र सत्यनाशको निम्ति
पूर (अर्थात् गोला) हालेका थिए । **२५**तर त्यो
षड्यन्त्र राजाको नजरमा परेपछि तिनले
हामानले यहूदीहरूको विरुद्धमा गरेको योजना
त्यसकै शिरमाथि परोस्, अनि त्यो र त्यसका
छोराहरू झुण्डयाइऊन् भनेर लिखित आदेश
जारी गरे । **२६**(यसकारण यी दिनहरूलाई पूर
शब्दको आधारमा पूरीम भनिए ।) यस पत्रमा
प्रत्येक कुरो लेखिएको कारण अनि तिनीहरूले
जे देखे अनि तिनीहरूमाथि जे घटे त्यसको
कारण **२७**तिनीहरू र तिनीहरूका सन्तान अनि
तिनीहरूसित मिल्न आउने सबैले प्रति वर्ष यी
दुई दिनहरूलाई तोकिएको किसिमले र तोकिएको
समयमा अवश्य पालन गर्ने रीति स्थापित
गर्ने जिम्मा यहूदीहरूले आफैमाथि लिए ।
**२८**यी दिनहरूलाई प्रत्येक पुस्तामा प्रत्येक
परिवारले प्रत्येक प्रान्तमा अनि प्रत्येक शहरमा
सम्झना गर्नु र मनाउनुपर्छ । अनि पूरीमका
यी दिनहरूलाई यहूदीहरूले चाड़ मनाउन
कहिल्यै छाड्नुहुन्न, नता यिनीहरूको सम्झना
तिनीहरूका सन्तानहरूबाट मेटिनुहुन्छ ।
**२९**यसकारण अबीहेलकी छोरी रानी

---

**९:२४**–एस्तर ३:७.

एस्तरले यहूदी मोर्दकैसित मिलेर पूरीमको
विषयमा यो दोस्रो पत्रलाई पूर्ण गर्न सम्पूर्ण
अख्तियारसित लेखिन् । ३०अनि मोर्दकैले
अहासूरसको राज्यमा एक सय सत्ताइस ओटा
सुविचार र सान्त्वनाका पत्रहरू पठाए, ३१जसमा
यहूदी मोर्दकै र रानी एस्तरले उपवास र
विलापको विषयमा आदेशहरू तिनीहरूको
निम्ति अनि तिनीहरू आफै र सन्तानको निम्ति
स्थापित भएका पूरीमका दिनहरू पालन गर्ने
समय तोक्नु भनेर लेखिएको थियो । ३२एस्तर
को आदेशले पूरीमका यी नियमहरूलाई पक्का
गराइए, र ती विवरण लिखित रूपमा पुस्तकमा
लेखेर राखिए ।

### मोर्दकैको महानता

१० राजा अहासूरसले राज्यभरि अन्तिम
किनारसम्म राजकर तिर्न लगाए ।
२अनि तिनका शक्ति र पराक्रमका सबै कामहरू
अनि राजाले मोर्दकैलाई उच्च पारेको कारण
तिनको महान्ताका कुराहरू के मादी र
फारसी राजाहरूका इतिहासका पुस्तकहरूमा
लेखिएका छैनन् र ? ३यहूदी मोर्दकै राजा
अहासूरसका दोस्रो दर्जामा, यहूदीहरूका बीचमा
सर्वश्रेष्ठ र धेरै सङ्गी-यहूदीहरूद्वारा इज्जत
गरिएका थिए, किनकि तिनले आफ्ना
मानिसहरूको भलाइको निम्ति काम गरे, र
सारा यहूदीहरूका भलाइको निम्ति बोले ।

# अय्यूबको पुस्तक

## प्रस्तावना

**१** ऊज देशमा एक जना मानिस बस्थे जसको नाउँ अय्यूब थियो। तिनी निर्दोष र सोझो जीवन बिताउँथे; तिनले परमेश्वरको डर राख्थे र दुष्टतादेखि अलग रहन्थे। **२**तिनका सात छोराहरू र तीन छोरीहरू थिए, **३**अनि तिनका सात हजार भेड़ाहरू, तीन हजार ऊँटहरू, पाँच सय हल गोरुहरू, पाँच सय गधाहरू र धेरै कमारा-कमारीहरू थिए। पूर्वका मानिसहरूमध्ये तिनी सबैभन्दा महान् थिए।

**४**तिनका छोराहरूले आफ्ना घरहरूमा पालो गरेर भोज दिने गर्थे, तिनीहरूले आफूसित खानलाई आफ्ना तीन दिदीबहिनीहरूलाई निम्त्याउँथे। **५**भोजको समय सिद्धिएपछि अय्यूबले तिनीहरूलाई बोलाएर शुद्ध पार्थे। "शायद मेरा छोराछोरीहरूले पाप गरे, आफ्ना हृदयमा ईश्वर-निन्दा गरे होलान्" भनी सम्झेर तिनले बिहान सबेरै तिनीहरू हरेकको निम्ति एउटा-एउटा होमबलि चढ़ाउँथे। यो अय्यूबको नियमित चलन थियो।

## अय्यूबको प्रथम जाँच

**६**एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित भए र शैतान पनि तिनीहरूसित आयो। **७**परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आइस्?"

शैतानले परमप्रभुलाई जवाफ दियो, "पृथ्वीभरि डुलेर ओहोरदोहोर गरी आएको हुँ।"

**८** तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई विचार गरिस्? पृथ्वीमा त्यो जस्तो अरू कोही छैन; परमेश्वरको डर मान्ने र दुष्टतादेखि अलग रहने त्यो निर्दोष र सोझो छ।"

**९**शैतानले जवाफ दियो, "के अय्यूबले परमेश्वरको डर त्यसै राखेको हो र? **१०**के तपाईंले त्यसलाई, त्यसको परिवारलाई र त्यससित भएको प्रत्येक कुरोलाई चारैतिरबाट रक्षा गर्नुभएको छैन? तपाईंले त्यसका हातका कामहरूमा आशिष् दिनुभएको छ र त्यसका बगाल र बथान देशको चारैतिर फैलिएका छन्। **११**तर आफ्नो हात पसारेर ऊसित भएको प्रत्येक कुरोलाई प्रहार गर्नुहोस् र त्यसले निश्चय तपाईंको मुखको सामुन्नेमा नै तपाईंको निन्दा गर्नेछ।"

**१२**परमप्रभुले शैतानलाई भन्नुभयो, "त्यसो भए ठीक छ, त्यससित भएको प्रत्येक कुरो तेरै हातमा छ, तर त्यस मानिस आफैमाथिचाहिँ एक औंलासम्म पनि नराख्।"

तब शैतान परमप्रभुको उपस्थितिबाट गइहाल्यो।

**१३**एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाज्यूको घरमा खानपीन गर्दै थिए। **१४**एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, छेउछाउमै गोरुहरू जोतिरहेका थिए र गधाहरू चरिरहेका थिए, **१५**अनि शबीहरूले आक्रमण गरेर ती सबै लगिहाले। तिनीहरूले नोकर-चाकरहरूलाई तरवारले मारे र उम्केर तपाईंलाई बताउने म मात्र हुँ!"

**१६**त्यो बोल्दाबोल्दै अर्को समाचारवाहकले आएर भन्यो, "आकाशबाट परमेश्वरको आगो झरेर भेड़ाहरू र नोकर-चाकरहरूलाई भष्म पार्‍यो, र उम्केर तपाईंलाई बताउने म मात्र हुँ!"

**१७**त्यो बोल्दाबोल्दै अर्को समाचारवाहकले आएर भन्यो, "कल्दीहरूले लूटपीट गर्ने तीनओटा दल बनाए र तपाईंका ऊँटहरूमाथि

---

**१:६**–उत्पत्ति ६:२. **१:९–११**–प्रकाश १२:१०.

आक्रमण गरे अनि ती लगिहाले । तिनीहरूले
नोकर-चाकरहरूलाई तरवारले मारे, र उम्केर
तपाईंलाई बताउने म मात्र हुँ !"

**१८**त्यो मानिस बोल्दाबोल्दै अर्को
समाचारवाहक आइपुग्यो र भन्यो, "तपाईंका
छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा
खानपान गर्दै थिए, **१९**त्यसै बेला अचानक
मरुभूमिबाट एउटा ठूलो आँधी आएर घरका
चारै कुनामा प्रहार गऱ्यो । त्यो तिनीहरूमाथि
ढल्यो र तिनीहरू मरे, अनि समाचार दिन म
मात्र उम्कें !"

**२०**यसमा, अय्यूबले उठेर आफ्नो वस्त्र च्याते
र आफ्नो केश खौरे । त्यसपछि तिनले भूईंमा
घोप्टो परेर दण्डवत् गरे, **२१**अनि भने:

> "म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ,
> र म नाङ्गै फर्किजानेछु ।
> परमप्रभुले दिनुभयो र परमप्रभुले नै
> लानुभयो;
> परमप्रभुकै नाउँको प्रशंसा होस् ।"

**२२**यी सबै कुरामा, परमेश्वरमाथि
अत्याचारको अभियोग लगाएर अय्यूबले पाप
गरेनन् ।

### अय्यूबको दोस्रो जाँच

**२** अर्को दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने
उपस्थित भए, शैतान पनि तिनीहरूसितै
परमप्रभुको सामुन्ने उपस्थित भयो । **२**अनि
परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट
आइस् ?"

शैतानले परमप्रभुलाई जवाफ दियो,
"पृथ्वीभरि डुलेर ओहोरदोहोर गरी आएको
हुँ ।"

**३**तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के
तैंले मेरो दास अय्यूबलाई विचार गरिस् ? पृथ्वीमा
त्यो जस्तो अरू कोही छैन; परमेश्वरको डर
मान्ने र दुष्टतादेखि अलग बस्ने त्यो निर्दोष र
सोझो छ । तैंले विनाकारण त्यसलाई नाश
गर्नलाई मलाई त्यसको विरुद्ध उक्साए तापनि
त्यो आफ्नो निष्ठामा अझै दृढ़ रहेको छ ।"

**४**शैतानले जवाफ दियो, "छालाको साटो
छाला ! मानिसले आफ्नो प्राणको निम्ति
आफूसित भएको सबै कुरा दिनेछ । **५**तर आफ्नो
हात पसारेर तिनको शरीरमाथि प्रहार गर्नुहोस्,
र त्यसले तपाईंको मुखकै सामुन्ने तपाईंलाई
सराप्नेछ ।"

**६**परमप्रभुले शैतानलाई भन्नुभयो, "त्यसो
भए ठीक छ, त्यो तेरै हातमा छ, तर तैंले
त्यसको प्राण छोड़िदिनू ।"

**७**यसकारण शैतान परमप्रभुको सामुन्नेबाट
निस्केर गयो र त्यसले अय्यूबको
पैतालादेखि शिरको टुप्पोसम्मै दुख्ने घाउहरू
उब्जाइदियो । **८**तब अय्यूब फुटेको भाँड़ाको
टुक्रा लिएर त्यसले आफैलाई कन्याउँदै
खरानीमा बसे ।

**९**तिनकी पत्नीले तिनलाई भनिन्, "के
तपाईं अझै आफ्नो निष्ठामा अड़ेर बस्नुहुन्छ ?
परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस् !"

**१०**तिनले जवाफ दिए, "तिमी एउटी मूर्ख
स्त्रीझैं कुरा गरिरहेकी छौ । के हामीले
परमेश्वरबाट असल स्वीकार गरेर विपत्ति
नलिनू ?"

यी सबैमा, आफूले भनेको कुरामा अय्यूबले
कुनै पाप गरेनन् ।

### अय्यूबका तीन मित्रहरू

**११**अय्यूबमाथि आएका सबै विपत्तिहरूको
विषयमा तिनका तीन मित्रहरू एलीपज तेमानी,
बिल्दद शुही र सोपर नमातीले सुनेपछि तिनलाई
सहानुभूति देखाएर सान्त्वना दिनलाई तिनीहरूले
मतो गरेर एकसाथ आफ्ना घरबाट निस्के ।
**१२**तिनीहरूले तिनलाई टाढ़ैबाट देखेपछि
तिनीहरूले तिनलाई चिन्नै सकेनन् । तिनीहरू
जोरसित रुन थाले र आफ्ना वस्त्र च्यातेर
तिनीहरूले आफ्ना शिरहरूमा खरानी छर्के ।
**१३**तब तिनीहरू तिनीसित सात दिन र सात
रातसम्म भूइँमा बसे । तिनको ठूलो कष्ट देखेर
तिनीहरूमध्ये कसैले उनलाई एक शब्द पनि
भनेनन् ।

### अय्यूबको शोक

३ त्यसपछि, आफ्नो मुख खोलेर अय्यूबले
आफू जन्मेको दिनलाई धिक्कारे । २अनि
तिनले भने:

३ "म जन्मेको दिन र 'एउटा छोरा जन्म्यो !'
भनेको रातलाई धिक्कार छ ।
४ त्यो दिन अन्धकारमा परिणत होस्;
माथि हुनुभएका परमेश्वरले त्यसको
वास्तै नराखून्;
त्यसमाथि कुनै ज्योति नचम्कोस् ।
५ अन्धकार र गहिरो छायाले त्यसलाई
एकपल्ट फेरि दाबी गरोस्;
त्यसमाथि बादल छाओस्;
त्यसको प्रकाशलाई अन्धकारले ढाकोस् ।
६ त्यो रात– त्यसलाई बाक्लो अन्धकारले
छोपोस्;
त्यो वर्षका दिनहरूमा नगनियोस्,
नता कुनै महिनामा त्यो गाभियोस् ।
७ त्यो रात बाँझो होस्;
त्यसमा कुनै आनन्दको चर्को सोर
नसुनियोस् ।
८ दिनहरूलाई धिक्कार्नेहरू,
लिव्यातन्‌लाई उक्साउनेहरूले त्यस
दिनलाई धिक्कारोस् ।
९ त्यसका बिहानका ताराहरू अँध्यारो होऊन्;
त्यसले दिनको प्रकाशलाई व्यर्थमा पर्खोस्
र मिरमिरेको पहिलो किरण नदेखोस् ।
१० किनकि मेरा आँखाबाट विपत्ति छेलिदिनलाई
त्यसले मप्रति गर्भका ढोकाहरू
थुनिदिएन ।

११ "म जन्मने वित्तिकै किन नष्ट भइनँ,
र म गर्भबाट निस्कँदा किन मरिनँ ?
१२ मलाई स्वागत गर्नलाई घुँडाहरू;
र मलाई हुर्काउनलाई स्तनहरू किन
थिए ?
१३ किनकि अहिले म त शान्तिमा
पस्रिरहेको हुने थिएँ,
म सुतेको अनि विश्राममा हुनेथिएँ;
१४ पृथ्वीका राजाहरू र सल्लाहकारहरूसित,
जसले आफ्ना निम्ति ठाउँहरू बनाए;
जो अहिले भत्किएको अवस्थामा छन्,
१५ सुन भएका शासकहरूसित जसले
आफ्ना घरहरू चाँदीले भरेका छन् ।
१६ अथवा जन्मँदै मरेको बालकलाई झैँ,
दिनको प्रकाश कहिल्यै नदेखेको
शिशुलाई झैँ,
मलाई किन भूइँमुनि गाड़िएन ?
१७ त्यहाँ दुष्टहरू हलचल गर्न छोड्छन्,
र त्यहाँ थकितहरू विश्राममा रहन्छन् ।
१८ कैदीहरूले पनि विश्राम उपभोग गर्छन्;
तिनीहरूले फेरि कमारा खटाउनेहरूको
सोर सुन्दैनन् ।
१९ साना र ठूलाहरू त्यहाँ छन्,
र दासले आफ्नो मालिकबाट छुटकारा
पाएको हुन्छ ।

२० "किन कष्टमा भएकाहरूलाई ज्योति
र मन उदास भएकाहरूलाई जीवन
दिइन्छ ?
२१ तिनीहरूलाई जसले मृत्यु चाहेर पनि
पाउँदैनन्,
जसले त्यसलाई गाड़धनभन्दा बढ़ी खोजी
गर्छन्,
२२ तिनीहरू जो आनन्दले भरिएका छन्
र चिहानमा पुग्दा रमाउँछन् ?
२३ परमेश्वरले चारैतिर घेरा लगाउनुभएको
बाटोमा,
जसको बाटो लुकाइएको हुन्छ,
तिनीहरूलाई किन जीवन दिइन्छ ?
२४ किनकि मेरो निम्ति भोजनको सट्टा
सुस्केरा आउँछ;
मेरा चित्कार पानीझैँ मबाट निस्कन्छ ।
२५ तर्साउने त्रासहरूले मलाई सताएका छन्,
जे-जेदेखि म डराउँछु, ती ममाथि
आइपरेका छन् ।

**३:१-१९**–यर्मिया २०:१४-१८. **३:२१**–प्रकाश ९:६.

२६ मेरो मनमा नता शान्ति छ,
न मेरो निम्ति विश्राम नै छ, तर खलबल मात्र छ ।"

### अय्यूबलाई एलीपजको हप्की

४ तब एलीपज तेमानीले जवाफ दिए:
२"यदि कसैले तपाईंसित कुरा गर्न आँट गऱ्यो भने, के तपाईं अधीर बन्नुहुन्छ ?
तर को चुप रहन सक्छ ?
३ सम्झनुहोस्, तपाईंले कसरी धेरैलाई शिक्षा दिनुभयो,
तपाईंले कसरी निर्बल हातहरूलाई बलियो तुल्याउनुभयो ।
४ ठक्कर खानेहरूलाई तपाईंका वचनहरूले सम्हालेका छन्;
तपाईंले निर्बल घुँड़ाहरूलाई बल दिनुभएको छ ।
५ तर अब सङ्कष्ट तपाईंमाथि आइलाग्यो र तपाईं निरुत्साहित हुनुहुन्छ ।
यसले प्रहार गर्दा तपाईं हरेस खानुहुन्छ ।
६ के तपाईंको धर्म नै तपाईंको निम्ति भरोसा र तपाईंको निर्दोष जीवन तपाईंको निम्ति आशा हुनुपर्दैन र ?"
७ "अब विचार गर्नुहोस्:
कुन निर्दोष मानिस कहिल्यै नाश भएको छ ?
सोझो मानिसले कहाँ कष्ट पाएको तपाईंले देख्नुभएको छ ?
८ मैले देखेको छु कि, दुष्टता जोत्नेहरूले र विपत्ति छर्नेहरूले त्यसैको कटनी गर्छन् ।
९ परमेश्वरको सासमा तिनीहरू नष्ट हुन्छन्;
उहाँको क्रोधको विस्फोटमा तिनीहरू नाश हुन्छन् ।
१० सिंहहरू गर्जून् र ङ्वार्र गरून्,
र पनि ठूला सिंहहरूका दाँतहरू भाँचिन्छन् ।
११ सिंह शिकारको अभावमा मर्छ,
अनि सिंहनीका डमरूहरू छरपुस्ट हुन्छन् ।

१२ "एउटा कुरा गुप्त रूपमा मकहाँ ल्याइयो,
मेरो कानले त्यसको साउती सुन्यो ।
१३ रातका तर्साउने सपनाहरूबीच
जब मानिसलाई गहिरो निद्रामा परेका हुन्छन्,
१४ डर र कम्पले मलाई पक्ऱ्यो अनि मेरा सबै हाड़हरू काँपे ।
१५ एउटा आत्मा मेरो छेउ भएर गयो,
र मेरो शरीरको रौं खड़ा भयो ।
१६ त्यो बन्द भयो,
तर त्यो के हो मैले ठम्याउन सकिनँ,
एउटा आकार मेरो आँखाअघि खड़ा भयो ।
यसो भन्ने एउटा मधुर सोर मैले सुनें:
१७ 'के मरणशील प्राणी परमेश्वरभन्दा धर्मी हुन सक्छ ?
के कुनै मानिस त्यसलाई बनाउनेभन्दा शुद्ध हुन सक्छ ?
१८ यदि परमेश्वरले आफ्नै सेवकहरूमाथि भरोसा गर्नुभएन भने,
र आफ्नै दूतहरूलाई भूल गरेको दोष लगाउनुभयो भने,
१९ माटोका घरमा बस्नेमाथि झन् बढ़ी दोष किन भेट्टाउनुहुन्न ?
जसको आधार त धूलो नै हो, जो सानो पुतलीझैं कुल्चीमिल्ची पारिन सकन्छि !
२० तिनीहरू बिहानदेखि बेलुकासम्म चकनाचूर पारिन्छन्,
कसैले थाहा नपाई तिनीहरू नाश हुन्छन् ।
२१ के तिनीहरूका पालका डोरीहरू तिनीहरू बुद्धिरहित भई मरून् भनेर उखेलिएका छैनन् ?'

५ "चाहनुहुन्छ भने बोलाएर हेर्नुहोस्,
तर तपाईंलाई कसले जवाफ दिन्छ ?
कुन पवित्र जनतिर तपाईं फर्कनुहुन्छ ?

**४:१३**–अय्यूब ३३:१५.

२ रीसले मूर्खलाई मार्छ,
र डाहले निर्बोधलाई मार्छ ।
३ म आफैले मूर्खले जरा हालेको देखेको छु,
तर अचानक त्यसको घर श्रापित भयो ।
४ त्यसका छोराछोरीहरू प्रतिरक्षक नभएकाले,
अदालतमा पेलिएर सुरक्षादेखि टाढ़ा छन् ।
५ त्यसको फसल भोकाएकाहरूले काँड़ाबाट पनि निकालेर खान्छन्,
तिर्खाएकाहरूले त्यसको धनको लालसा गर्छन् ।
६ किनकि माटोबाट दुर्भाग्य उम्रँदैन
नता विपत्ति भूईंबाट पलाउँछ ।
७ तरै पनि, आगोको झिल्का माथि उड़ेझैं
मानिस पनि विपत्तिको निम्ति जन्मन्छ ।

८ "तर यदि म भएको भए,
म परमेश्वरकहाँ अर्जी चढ़ाउने थिएँ;
म आफ्नो मुद्दा उहाँको सामुन्ने राख्ने थिएँ ।
९ उहाँले बुझ्न नसकिने कार्यहरू
र गन्न नसकिने आश्चर्यकर्महरू गर्नुहुन्छ ।
१० उहाँले पृथ्वीमाथि वृष्टि प्रदान गर्नुहुन्छ,
उहाँले गाउँ-बस्तीमा पानी पठाउनुहुन्छ ।
११ नम्रलाई उहाँले माथि राख्नुहुन्छ
र विलाप गर्नेहरूलाई सुरक्षामा उठाउनुहुन्छ ।
१२ तिनीहरूका हातले सफलता नपाऊन् भनेर उहाँले चतुरहरूको योजना
निष्फल पार्नुहुन्छ ।
१३ उहाँले बुद्धिमानीलाई त्यसकै चतुराइमा पक्रनुहुन्छ,
र धूर्तहरूका योजनाहरू सोरेर फालिन्छन् ।
१४ तिनीहरूको निम्ति दिउँसै अन्धकार हुनेछ,
मध्यदिनमा तिनीहरू रातमा झैं
छामछाम-छुमछुम गर्छन् ।
१५ उहाँले खाँचोमा परेकाहरूलाई
तिनीहरूका मुखभित्रको
तरवारबाट बचाउनुहुन्छ,
उहाँले तिनीहरूलाई शक्तिशालीहरूको पन्जाबाट बचाउनुहुन्छ ।
१६ यसरी गरीबहरूको निम्ति आशा छ,
र अन्यायले आफ्नो मुख बन्द गर्नेछ ।

१७ "त्यो मानिस धन्यको हो,
जसलाई परमेश्वरले सुधार्नुहुन्छ;
यसकारण सर्वशक्तिमान्को अनुशासनलाई तुच्छ नठान्नू ।
१८ किनकि उहाँले घाउ पारिदिनुहुन्छ, तर बाँध्नु पनि हुन्छ;
उहाँले चोट लगाउनु हुन्छ,
तर उहाँको हातले निको पनि पार्नुहुन्छ ।
१९ छओटा विपत्तिहरूदेखि उहाँले
तिमीहरूलाई छुटाउनुहुनेछ,
सात पल्टमा तिमीमाथि कुनै हानि आउनेछैन ।
२० अनिकालमा उहाँले तिमीलाई मृत्युबाट मुक्त गर्नुहुन्छ,
र लड़ाइँमा तरवारको प्रहारबाट
जोगाउनुहुन्छ ।
२१ तिमी निन्दाको कोर्राबाट बचाइनेछौ
र विनाश आउँदा डराउनु पर्नेछैन ।
२२ तिमी विनाश र अनिकालमा हाँस्नेछौ,
र पृथ्वीका पशुहरूदेखि डराउनु पर्नेछैन ।
२३ किनकि खेतका ढुङ्गाहरूसित तिम्रो करार बाँधिने छ,
र जङ्गली पशुहरू तिमीसित मिलापमा रहनेछन् ।
२४ तिम्रो पाल सुरक्षित छ भनी तिमीले जान्नेछौ;

**५:१३**–१ कोरिन्थी ३:१९. **५:१७**–हितोपदेश ३:११; हिब्रू १२:५-६. **५:१८**–होशे ६:१.

तिमीले आफ्नो सम्पत्तिको हिसाब लिनेछौ,
र त्यसबाट केही पनि हराएको
पाउनेछैनौ ।
२५ तिम्रा छोराछोरीहरू धेरै भएका
र तिम्रा सन्तान पृथ्वीका घाँसझैँ भएका
तिमीले थाहा पाउनेछौ ।
२६ समयमा बाला बटुलिएझैँ तिमी चिहानमा
जाँदा पूर्ण स्वस्थ हुनेछौ ।
२७ "हामीले यो जाँचेका छौं, र यो सत्य
हो ।
यसैले यो सुन्नुहोस्,
अनि आफूमा त्यो लागू गर्नुहोस् ।"

### आफ्ना मित्रहरूलाई अय्यूबको हप्की

६ तब अय्यूबले जवाफ दिए:
२"यदि मेरो वेदना तौलिन सकिए त,
र मेरा कष्टहरू तराजूमा राख्न सकिए
त !
३ यो समुद्रको बालुवाभन्दा गह्रौं हुने थियो–
मेरा वचन उग्र भएकोमा कुनै आश्चर्य
छैन ।
४ सर्वशक्तिमान्का वाणहरू मभित्र छन्,
मेरो आत्माले तिनीहरूका विष पिउँछन्;
परमेश्वरको आतङ्क मेरो विरुद्धमा खड़ा
भएको छ ।
५ के घाँस पाउँदा वन-गधा कराउँछ ?
अथवा पराल-दाना हुँदा गोरु कराउँछ ?
६ के बेस्वादिलो भोजन नूनविना खाइन्छ,
अथवा अण्डाको सेतो भागमा स्वाद
हुन्छ ?
७ म त्यसलाई छुन इन्कार गर्छु;
यस्तो भोजनले मलाई बिरामी तुल्याउँछ ।

८ "अहो, मेरो बिन्तीको सुनाइ भइदिए त,
कि मैले आशा गरेको कुरा परमेश्वरले
दिनुभए त,
९ कि परमेश्वरले मलाई धूलोपीठो पार्नु
भए त,
र उहाँको आफ्नो हात छाड़ेर मलाई
मार्नुभए त !
१० त्यसोभए मलाई यो सान्त्वना हुने थियो–
यस कष्टमा मेरो आनन्द–
कि मैले परमपवित्र जनको वचन
अस्वीकार गरेको छैन ।

११ "मसित के बल छ, कि मैले अझ आशा
राखूँ ?
मेरो अन्त्य के हुन्छ र म धैर्य धारण
गरूँ ?
१२ के मेरो शक्ति ढुङ्गाको जस्तै छ र ?
अथवा के मेरो शरीर काँसाको हो र ?
१३ अब मदेखि सफलता हटाइएपछि,
के मसित आफैलाई सघाउने बल छ ?

१४ "एउटा निराश मानिसले सर्वशक्तिमान्को
डर त्यागे तापनि
त्यसले आफ्ना मित्रहरूबाट सेवा
पाउनुपर्छ ।
१५ तर मेरा दाज्यू-भाइहरू त खहरे खोलाझैँ
भर पर्न नसकिने छन्,
बगिजाने खोलाझैँ मात्र,
१६ बरफ पग्लेर अन्धकारभएझैँ
अथवा हिउँ पग्लेर भल आएझैँ,
१७ सुक्खा ऋतुमा बग्नै छोड़िदिन्छन्,
र गर्मीमा ती नालाहरूबाट
हराइहाल्छन् ।
१८ यात्री-दलहरू आफ्नो बाटोबाट
तर्किजान्छन्;
तिनीहरू बाँझो ठाउँमा गएर नष्ट
हुन्छन् ।
१९ तेमाको यात्री-दलहरूले पानी खोज्छन्,
शेबाको यात्री-व्यापारीहरूले आशासित
हेर्छन् ।
२० तिनीहरू ढुक्क भएकोले कष्टमा छन्;
तिनीहरू त्यहाँ पुगेर खिन्न हुन्छन् ।
२१ अब तपाईंहरू पनि काम नलाग्ने हुनुभयो;
तपाईंहरू कुनै डरलाग्दो कुरो देखेर
डराउनुभयो ।
२२ के मैले, 'मेरो पक्षमा केही दिनुहोस्,
तपाईंहरूको धनले मलाई मोल तिरेर
छुटाउनुहोस्

भनेर कहिल्यै भनेको छु ?
२३ मलाई मेरो शत्रुहरूको हातबाट
छुटाउनुहोस्,
निर्दयीको पन्जाबाट मलाई मोल तिरेर
छुटाउनुहोस् भनेर कहिल्यै भनेको छु ?'

२४ "मलाई सिकाउनुहोस् र म चुप लाग्नेछु;
मैले कहाँ भूल गरेको छु देखाउनुहोस् ।
२५ ईमानदार वचनहरू कति कष्टदायक
हुन्छन् !
तर तपाईंहरूका तर्कहरूले के प्रमाणित
गर्छन् ?
२६ के तपाईंहरू मेरा कुराहरू सुधार्न इच्छा
गर्नुहुन्छ,
र निराश मानिसका वचनहरू हावाझैँ
ठान्नुहुन्छ ?
२७ तपाईंहरूले त टुहुराहरूको निम्ति गोला
हाल्नुहुन्छ,
र आफ्नो मित्र समेतलाई साट्नुहुन्छ ।

२८ "तर अब मतिर हेर्ने कृपा गर्नुहोला ।
के म तपाईंहरूको सामुन्ने झूट बोल्थें ?
२९ कोमल बन्नुहोस्, अन्यायी नबन्नुहोस्;
फेरि विचार गर्नुहोस्, किनकि मेरो
ईमानदारीको सवाल छ ।
३० के मेरा ओठहरूमा केही दुष्टता छ ?
के मेरो मुखले ईर्ष्या छुट्याउन सक्दैन ?

## परमेश्वरसँग अय्यूबको प्रतिवाद

७ "के मानिसले पृथ्वीमा कठोर परिश्रम
गर्नुपर्दैन ?
के त्यसका दिनहरू ज्यालामा काम गर्ने
मानिसका जस्ता छैनन् ?
२ बेलुकीको शीतल छाया खोज्ने दासले झैँ
अथवा आफ्नो ज्यालाको निम्ति
उत्सुकतापूर्वक पर्खिरहने नोकरझैँ,
३ मलाई पनि व्यर्थका महिनाहरू दिइएका
छन्,
र मलाई दु:खका रातहरू निर्धारित
गरिएका छन् ।
४ म ढल्कँदा 'म कहिले उठ्नू ?' भनेर
सम्झन्छु,
रात लामो हुँदैजान्छ र म बिहानसम्मै
छट्पटाउँछु ।
५ मेरो शरीरभरि कीरा र लुतो छ,
अनि मेरो छालामा चिराचिरा परेर पीप
निस्कन्छ ।

६ "मेरा दिनहरू जुलाहाको थुरीभन्दा छिटा
छन्
र ती आशाविहीन भई नष्ट हुन्छन् ।
७ स्मरण गर्नुहोस्, हे परमेश्वर,
कि मेरो जीवन त सासजस्तो मात्र छ;
मेरा आँखाले अब कहिल्यै सुख देख्नेछैन ।
८ मलाई देख्ने आँखाले मलाई फेरि देख्नेछैन;
तपाईंले मलाई खोज्नुहुनेछ, तर म त
हुनेछैन ।
९ जसरी बादल लोप भएर जान्छ,
त्यसरी नै पातालमा जाने फर्केर
आउँदैन ।
१० त्यो फेरि आफ्नो घरमा कहिल्यै
आउनेछैन;
त्यसको ठाउँले त्यसलाई फेरि कहिल्यै
जान्नेछैन ।

११ "यसकारण म चूप लाग्नेछैन;
म आफ्नो मनको वेदनामा कराउनेछु,
मेरो प्राणको व्याकुलतामा म उजूर गर्नेछु,
१२ के म समुद्र हुँ, अथवा गहिरो समुद्रको
भयानक जन्तु हुँ,
र तपाईंले मेरो निम्ति पहरादार
राख्नुहुन्छ ?
१३ मेरो ओछ्यानले मलाई सुविस्ता देला
र मेरो पलङले मेरो गुनासो कम
गरिदेला भनी जब म सम्झन्छु,
१४ तापनि तपाईंले मलाई सपनाले
तर्साउनुहुन्छ,
र दर्शनहरूले मलाई अत्याउनुहुन्छ,
१५ त्यसैले म आफ्नो यो शरीरमा रहिरहनुभन्दा
बरु निमोठिन र मर्न चाहान्छु ।
१६ म आफ्नो जीवनलाई तुच्छ ठान्छु;
म अनन्तसम्म बाँच्ने होइन ।

मलाई एक्लै छोड़िदिनुहोस्; मेरा दिनहरू
अर्थविहीन छन् ।

१७ "मानिस के हो र तपाईं त्यसको यति
वास्ता गर्नुहुन्छ,
कि तपाईं त्यसलाई यति धेरै ध्यान
दिनुहुन्छ,
१८ कि तपाईंले त्यसलाई हरेक बिहान
परीक्षा गर्नुहुन्छ,
र त्यसलाई हरपल जाँच्नुहुन्छ ?
१९ के तपाईं कहिल्यै मदेखि उता फर्कनुहुन्न,
र एक पल पनि मलाई एक्लै रहन
दिनुहुन्न ?
२० हे मानिसहरूलाई हेरिरहनुहुने,
यदि मैले पाप गरेको छु भने,
मैले तपाईंलाई के गरेको छु र ?
मलाई तपाईंले किन आफ्नो निशाना
बनाउनुभएको ?
के म तपाईंको निम्ति बोझ भएको छु
र ?
२१ तपाईंले मेरा अपराधहरू किन माफ
गर्नुहुन्न,
र मेरा पापहरू क्षमा गर्नुहुन्न ?
किनकि म चाँड़ै धूलोमा पस्नेछु;
तपाईंले मलाई खोज्नुहुनेछ,
तर मलाई पाउनुहुनेछैन ।"

## परमप्रभुको न्यायलाई बिल्ददको पुष्टीकरण

८ तब बिल्दद शुहीले जवाफ दिए:
२"तपाईं कहिलेसम्म यस्ता कुरा गर्नुहुन्छ ?
तपाईंका वचनहरू त गर्जने बतासझैं
छन् ।
३ के परमेश्वरले न्याय बिगार्नुहुन्छ ?
के सर्वशक्तिमान्ले उचित कुरोलाई भ्रष्ट
पार्नुहुन्छ ?
४ तपाईंका छोराछोरीहरूले उहाँको
विरुद्ध पाप गर्दा उहाँले तिनीहरूलाई
पापको दण्ड दिनुभयो ।
५ तर यदि तपाईंले परमेश्वरतिर दृष्टि
लगाउनुभयो भने,
र सर्वशक्तिमान्सित बिन्ती गर्नुभयो भने,
६ यदि तपाईं शुद्ध र सोझो हुनुहुन्छ भने,
अहिले पनि उहाँ तपाईंको पक्षमा उत्तेजित
भई उठ्नुहुनेछ,
र तपाईंलाई आफ्नो उचित स्थानमा फेरि
बसाल्नुहुनेछ ।
७ तपाईंका शुरुआत नगन्य देखिनेछ,
तपाईंको भविष्य अति उन्नतिशील
हुनेछ ।

८ "अघिका पुस्ताहरूलाई सोध्नुहोस्,
र तिनीहरूका पिताहरूले सिकेका
कुराहरू थाहा गर्नुहोस्,
९ किनकि हामी त हिजो मात्र जन्मेका हौं
र केही जान्दैनौं,
अनि यस पृथ्वीमा हाम्रा दिनहरू त
छायाजस्ता मात्र छन् ।
१० के तिनीहरूले तपाईंलाई सिकाएर
बताउँदैनन् ?
के तिनीहरूले आफ्ना समझबाट कुराहरू
निकाल्दैनन् ?
११ के सिमसार नभएको काँस-नर्कट अग्ला
हुन्छन् ?
के पानीविना निगालाहरू सप्रन सक्छन् ?
१२ बढ्दै गर्दा नकाटिएकै अवस्थामा
ती घाँसभन्दा चाँड़ो ओइलाएर जान्छन् ।
१३ परमेश्वरलाई भुल्नेहरूको दसा यस्तै
हुन्छ;
यसरी नै ईश्वरविहीनहरूको आशा नष्ट
हुन्छ ।
१४ त्यसले जुन कुरामा भरोसा राख्छ, त्यो
कमजोर हुन्छ;
त्यो जुन कुरामा भर पर्छ, त्यो त
माकुराको जाल मात्र हो ।
१५ त्यो त्यसको जालमा अडेसिन्छ, तर त्यो
फाटिहाल्छ;

**७:१७**–भजनसंग्रह ८:४; १४४:३.

त्यो त्यसमा झुण्डिन्छ, तर त्यसले थाम्न
सक्दैन ।
१६ त्यो त सूर्यको तापमा राखिएको पूरा
पानी पाएको बोट-बिरुवाजस्तो हो,
जसका टुसाहरू बगैंचामा फैलिएका
हुन्छन्;
१७ त्यसले आफ्ना जराहरूलाई चट्टानको
थुप्रोमा छिराएर राख्छ,
र ढुङ्गाहरूमा एउटा ठाउँ खोज्छ ।
१८ तर त्यो आफ्नो ठाउँबाट उखेलिँदा
त्यस ठाउँले त्यसलाई त्यागिदिएर भन्छ,
'मैले तँलाई कहिल्यै देखिनँ ।'
१९ निश्चय नै त्यसको जीवन ओइलाइहाल्छ,
र त्यस माटोबाट अरू बोट-बिरुवा
हुर्कन्छन् ।

२० "निश्चय नै परमेश्वरले निर्दोष
मानिसलाई इन्कार गर्नु
अथवा दुष्ट काम गर्नेहरूका हातलाई
बलियो पार्नुहुन्न ।
२१ उहाँले अझ पनि तपाईंको मुखलाई हाँसोले
र तपाईंका ओठलाई आनन्दको
चित्कारले भरिदिनुहुनेछ ।
२२ तपाईंका शत्रुहरू लाजले भुतुक्क हुनेछन्,
र दुष्टका पालहरू रहनेछैनन् ।"

## परमेश्वरलाई जवाफ दिन अय्यूबको असमर्थता

९ तब अय्यूबले जवाफ दिए:
२"यो सत्य हो भनी म पक्का जान्दछु ।
तर मरणशील व्यक्ति कसरी
परमेश्वरको सामुन्ने धर्मी हुन सक्छ ?
३ कसैले उहाँसित बहस गर्न चाहे तापनि
त्यसले उहाँलाई हजारमा एकपल्ट
पनि जवाफ दिन सक्दैन ।
४ उहाँको बुद्धि अथाह र शक्ति अपार छ ।
उहाँको विरोध गरेर को उम्कन सक्छ
र ?
५ उहाँले पहाड़हरूलाई तिनीहरू आफैले
थाहै नपाई हटाउनुहुन्छ
र तिनीहरूलाई आफ्नो रीसमा
पल्टाइदिनुहुन्छ ।
६ उहाँले पृथ्वीलाई त्यसको ठाउँबाट
हल्लाउनुहुन्छ,
र त्यसका खामाहरूलाई काँप्न
लाउनुहुन्छ ।
७ उहाँले सूर्यलाई भन्नुहुन्छ र त्यो
चम्कँदैन;
उहाँले ताराहरूको प्रकाशलाई बन्द
गरिदिनुहुन्छ ।
८ उहाँ एक्लैले आकाशहरू फैलाउनुहुन्छ
र समुद्रको छालहरूमाथि हिँड्नुहुन्छ ।
९ उहाँ नै मृगशिरा र सप्तर्षि, सप्तमण्ड़ल
र दक्षिणका तारामण्डलका रचयिता
हुनुहुन्छ ।
१० उहाँले नाप्न नसकिने आश्चर्य-कर्महरू,
र गन्न नसकिने उदेकका कामहरू
गर्नुहुन्छ ।
११ उहाँले मलाई पार गरेर जानुहुँदा,
म उहाँलाई देख्न सक्दिनँ;
उहाँ छेउबाट भएर जानुहुँदा, म दर्शन
गर्न सक्दिनँ ।
१२ यदि उहाँले खोस्नुभए, उहाँलाई कसले
रोक्न सक्छ ?
कसले उहाँलाई यसो भनेर सोध्न सक्छ,
'तपाईंले के गर्नुभएको ?'
१३ परमेश्वरले रीस थाम्नुहुन्न;
राहाबको सैन्यदलसमेत उहाँको पाउमा
डरले गुटुमुटु भएर बस्छन् ।

१४ "अनि म कसरी उहाँसित बहस गर्न सक्छु
र ?
उहाँसित तर्क गर्न म कसरी शब्दहरू
पाउन सक्छु ?
१५ म निर्दोष भए तापनि मैले उहाँलाई जवाफ
दिन सकिनँ;

---

**९:२**–अय्यूब ४:१७. **९:९**–अय्यूब ३८:३१; आमोस ५:८.

मैले केवल आफ्नो न्यायकर्तासित कृपाको
निम्ति बिन्ती गर्न सक्छु ।
१६ मैले उहाँलाई बोलाएको भए
र उहाँले जवाफ दिनुभएको भए तापनि
उहाँले मेरो कुरा सुन्नुहुन्छ भनी म
विश्‍वास गर्दिनँ ।
१७ उहाँले मलाई आँधीले कुल्चनुहुने थियो
र विनाकारण मेरा चोटहरू धेरै
बनाइदिनुहुने थियो ।
१८ उहाँले पुनः सास फेर्न पनि दिनुहुन्‍न,
तर आपद्-विपद्ले मेरो मन व्याकुल
पार्नुहुन्छ ।
१९ यदि यो सामर्थ्यको कुरा हो भने,
उहाँ महान् हुनुहुन्छ,
अनि यदि यो इन्साफको कुरा हो भने,
उहाँलाई कसले बोलाउन सक्छ ?
२० यदि म निर्दोष नै भए तापनि,
मेरो मुखले मलाई दोषी ठहराउने थियो;
म निरपराधी भए तापनि यसले मलाई
दोषी घोषणा गर्नेछ ।

२१ "म दोषरहित भए तापनि,
मलाई आफ्नो कुनै वास्ता छैन;
म आफ्नै जीवनलाई तुच्छ ठान्छु ।
२२ कुरा एउटै हो, यसैकारण म भन्छु,
'उहाँले निर्दोष र दुष्ट दुवैलाई नष्ट
पार्नुहुन्छ ।'
२३ जब विपत्तिले अचानक मृत्यु ल्याउँछ,
उहाँ निर्दोषको निराशामा हाँस्नुहुन्छ ।
२४ जब देश दुष्टको हातमा पर्छ,
उहाँले त्यसका न्यायकर्ताहरूलाई अन्धा
तुल्याइदिनुहुन्छ ।
यदि उहाँले यो गर्नुहुन्‍न भने, अरू को
हो त ?

२५ "मेरा दिनहरू दगुर्ने व्यक्तिभन्दा
फुर्तिला छन्;
आनन्दको स्वादै नपाई ती उड़ेर
जान्छन् ।
२६ निगालाको डुङ्गाजस्तै, चीलहरू आफ्नो
शिकारमाथि वेगले झम्टेझैँ ती चाँड़ो
बगेर जान्छन् ।
२७ मैले, 'म आफ्नो दुःख बिर्सनेछु,
म आफ्नो अभिव्यक्ति बदलेर मुस्कुराउने
छु' भनेछु भने,
२८ म आफ्ना सबै कष्टहरूको कारण अझ
डराइरहनेछु,
किनकि तपाईंले मलाई निर्दोष
ठहराउनुहुनेछैन भनी म जान्दछु ।
२९ म पहिलेबाटै दोषी ठहराएकोले
म किन व्यर्थमा सङ्घर्ष गरूँ ?
३० यदि मैले आफैलाई साबुनले धोए तापनि
र आफ्ना हात धुने कुराले धोएँ भने
तापनि
३१ तपाईंले मलाई हिलोमा चोप्नुहुने थियो,
र मेरा लुगासमेतले मलाई घृणा गर्ने
थिए ।

३२ "उहाँ मजस्तै मानिस हुनुहुन्‍न कि मैले
उहाँलाई जवाफ दिऊँ,
र हामी अदालतमा एक-अर्कोसित
दाँजौं ।
३३ हामी दुवैमाथि हात राख्नलाई
हामी बीचमा कोही मध्यस्त मात्र
भइदिए त,
३४ उहाँको आतङ्कले मलाई अझ नडराओस्
भनी,
यदि मबाट परमेश्‍वरको छड़ी हटाइदिने
कोही भइदिए त ।
३५ तब म उहाँको डर नराखी बोलिउठ्ने
थिएँ,
तर अहिलेको अवस्थामा त म सक्दिनँ ।

### आफ्नो दशामा अय्यूबको बिलौना

१० "म आफ्नै जीवनलाई घृणा गर्छु;
यसकारण, म आफ्नो दुःख विनारोकटोक
प्रकट गर्छु,
र म मेरो मनको पीरमा बोल्नेछु ।
२ म परमेश्‍वरलाई भन्नेछु: 'मलाई दोषी
नठहराउनुहोस्,
तर मेरो विरुद्ध तपाईंको के अभियोगहरू

छन् भन्नुहोस् ।
३ तपाईंको हातको कामलाई अवहेलना
गरेर मलाई सताउनुमा के तपाईंलाई
खुशी लाग्छ,
जब कि दुष्टको युक्तिमा तपाईं
मुस्कुराउनुहुन्छ ?
४ के तपाईंसित शारीरिक आँखा छन् ?
के तपाईं मरणशील प्राणीले झैं
देख्नुहुन्छ ?
५ के तपाईंका दिनहरू मरणशील
प्राणीका झैं,
अथवा तपाईंको आयु मानिसका जस्तै
छन् ?
६ कि तपाईं मेरा दोषहरू खोज्नुहुन्छ
र मेरा पापहरू खोतल्नुहुन्छ–
७ यद्यपि म दोषी छैन र मलाई तपाईंको
हातबाट
कसैले छुटाउन सक्दैन भनी तपाईं
जान्नुहुन्छ ।

८ "तपाईंकै हातले मलाई आकृति दिए र
बनाए ।
के अब तपाईं फर्केर मलाई नाश
गर्नुहुन्छ ?
९ मलाई तपाईंले माटोलाई झैं आकृति
दिनुभएको सम्झनुहोस् ।
के तपाईं अब फर्केर मलाई फेरि धूलोमै
परिणत गर्नुहुनेछ ?
१० के तपाईंले मलाई दूधझैं खन्याउनुभएन
र चीज जमाएझैं गर्नुभएन ?
११ के मलाई छाला र मासुले ओड़ाइदिनु
भएन,
अनि हाड़ र नसाहरूले मलाई एकसाथ
गाँस्नुभएको होइन ?
१२ तपाईंले मलाई जीवन दिनुभयो र मलाई
दया देखाउनुभयो,
र आफ्नो प्रबन्धमा मेरो आत्माको
हेरचाहा गर्नुभयो ।

१३ "तर तपाईंले आफ्नो हृदयमा यो
लुकाइराख्नुभयो,
अनि यो तपाईंको मनमा थियो भनी म
जान्दछु:
१४ मैले पाप गरेको भए तपाईंले मलाई
हेरिरहनुहुने थियो,
अनि मेरा दोषहरूको दण्ड नदिई
छाड्नुहुने थिएन ।
१५ म दोषी भएको भए– मलाई धिक्कार छ !
म निर्दोष भए तापनि म आफ्नो शिर
उचाल्न सक्दिनँ,
किनकि म लाजले भुतुक्क भएको छु
र आफ्नो कष्टमा डुबेको छु ।
१६ यदि मैले आफ्नो शिर ठाड़ो पारें भने,
सिंहझैं तपाईं मलाई खोज्नुहुन्छ,
र मेरो विरुद्ध तपाईंको डरलाग्दो शक्ति
देखाउनुहुन्छ ।
१७ तपाईंले मेरो विरुद्ध नयाँ साक्षीहरू
ल्याउनुहुन्छ,
अनि मतिर तपाईंको क्रोध बढ़ाउनुहुन्छ;
तपाईंका फौजहरू छालहरूझैं ममाथि
आइलाग्नेछन् ।

१८ "त्यसोभए तपाईंले मलाई
किन गर्भबाट बाहिर ल्याउनुभयो ?
मलाई कुनै आँखाले देख्न अघि
म मरिगएको भए त हुने थियो ।
१९ म अस्तित्वमा नआएको भए त हुने थियो,
अथवा गर्भबाट चिहानमा लगिएको भए
त हुने थियो !
२० के मेरा अल्प दिनहरू प्राय: सिद्धिएनन् ?
मदेखि उता फर्कनुहोस् र म केही क्षण
आनन्द पाउन सकूँ
२१ म निराशा र गहिरो छायाको
फेरि फर्कि नआउने देशमा जानअघि,
२२ घोर अन्धकारको, गहिरो छायाको र
अस्तव्यस्त देशमा
जहाँ उज्यालो पनि अँध्यारोझैं छ ।"

**सोपरबाट अय्यूबलाई अधर्मको दोष**

११ तब सोपर नमातीले जवाफ दिए:
२"के यी सबै कुराहरूका जवाफ

छैनन् ?
के बोल्ने यस मानिसले समर्थन
पाउनुपर्छ ?
३ के यस व्यर्थको कुराले मानिसलाई चुप
गराउँछ ?
के तपाईंले ठट्टा गर्दा कसैले तपाईंलाई
नहप्काउने ?
४ तपाईंले परमेश्वरलाई 'मेरो विश्वास
त्रुटिरहित छ,
र म तपाईंको दृष्टिमा शुद्ध छु'
भन्नुहुन्छ ।
५ अहो, परमेश्वर बोल्नुभए त,
उहाँले आफ्ना ओठ तपाईंको विरुद्धमा
खोल्नुभए त,
६ अनि तपाईंलाई बुद्धिको रहस्य
देखाइदिनुभए त,
किनकि साँचो बुद्धिका दुई पक्ष हुन्छन् ।
यो जान्नुहोस्; परमेश्वरले तपाईंका केही
पाप क्षमासम्म गर्नुभएको छ ।

७ "के तपाईंले परमेश्वरका रहस्यहरू बुझ्न
सक्नुहुन्छ ?
के तपाईंले सर्वशक्तिमान्‌को सीमाको जाँच
गर्न सक्नुहुन्छ ?
८ ती स्वर्गभन्दा अग्ला छन्–
तपाईं के गर्न सक्नुहुन्छ ?
ती पातालभन्दा गहिरा छन्–
तपाईंले के जान्न सक्नुहुन्छ ?
९ तिनीहरूका नाप पृथ्वीभन्दा लामो र
समुद्रभन्दा चौड़ा छन् ।

१० "यदि उहाँ आउनुभएर तपाईंलाई कैदमा
राख्नुभयो,
र अदालतमा बोलाउनुभयो भने,
कसले उहाँको विरोध गर्न सक्छ ?
११ निश्चय नै उहाँले छली मानिसलाई
चिन्नुहुन्छ;
र दुष्टता देख्नुहुँदा के उहाँले याद
गर्नुहुन्न ?
१२ तर निर्बुद्धि मानिस त कहिल्यै बुद्धिमान्
हुन सक्दैन,
नता जङ्गली गधाको बछेड़ा मानिस भएर
जन्मन सक्छ ।

१३ "तरै पनि यदि तपाईंले आफ्नो हृदय
उहाँलाई सुम्पनुभयो,
र आफ्ना हात उहाँतिर पसार्नुभयो भने,
१४ यदि तपाईंले आफ्ना हातमा भएको
पापलाई त्यागिदिनुभयो,
र तपाईंको पालमा कुनै दुष्टतालाई ठाउँ
दिनुभएन भने,
१५ तब तपाईंले विनाशर्म आफ्नो अनुहार
उठाउनुहुनेछ;
तपाईं विनाडर दृढ़ भएर खड़ा
हुनुहुनेछ ।
१६ तपाईंले आफ्नो विपत्तिलाई बगिसकेको
पानीलाई झैँ बिसर्नुहुनेछ ।
१७ जीवन मध्यदिनझैँ उज्यालो हुनेछ,
अनि अँध्यारो बिहानझैँ हुनेछ ।
१८ आशा भएकोले तपाईं सुरक्षित हुनुहुनेछ;
तपाईंले आफ्नो चारैतिर हेरीकन आफ्नो
विश्राम सुरक्षामा लिनुहुनेछ ।
१९ तपाईंलाई डर देखाउने कोही नभएकोले
तपाईं ढल्कनुहुनेछ,
र धेरैले तपाईंको निगाह चाहनेछन् ।
२० तर दुष्टहरूका आँखा बन्द हुनेछन्,
भाग्ने बाटोहरू तिनीहरूका निम्ति बन्द
हुनेछन्;
र तिनीहरूको आशा अन्तिम सुस्केरा
हुनेछ ।"

## परमेश्वरको शक्ति र बुद्धिलाई अय्यूबको समर्थन

१२ तब अय्यूबले जवाफ दिए:
२"निःसन्देह, तपाईंहरू त मानिसहरू
हुनुहुन्छ,
र बुद्धि तपाईंहरूसितै मरिजानेछ !
३ तर मसित त तपाईंहरूको जस्तै मन छ;
म तपाईंहरूभन्दा कम छैन ।
यी सबै कुराहरू कसले जान्दैन ?
४ "मैले परमेश्वरलाई पुकारें अनि उहाँले

मलाई जवाफ दिनुभए तापनि–
म त आफ्ना मित्रहरूको निम्ति एउटा हाँसोको पात्र भएको छु,
धार्मिक र निर्दोष भए तापनि केवल एउटा हाँसोको पात्र मात्र !
५ आराम पाएका मानिसहरूले अनिष्टलाई खुट्टा चिप्लनेहरूको दशालाई झैं घृणा गर्छन् ।
६ उपद्रवीहरू र परमेश्वरलाई रीस उठाउनेहरू–
आफ्नो देवतालाई आफ्नै हातले बोकी हिँड्नेहरूका पालहरू स्थिर छन् ।

७ "तर पशुहरूलाई सोध्नुहोस्,
र तिनीहरूले तपाईंहरूलाई सिकाउनेछन्,
अथवा आकाशका चराहरूलाई, र
तिनीहरूले तपाईंहरूलाई बताउनेछन्;
८ अथवा पृथ्वीसित कुरा गर्नुहोस्, र त्यसले सिकाउनेछ,
अथवा समुद्रका माछाहरूले तपाईंहरूलाई बताइदिऊन् ।
९ यी सबै परमप्रभुकै हातले गरेका छन् भनी
यी सबैमध्ये कसले जान्दैनन् र ?
१० उहाँकै हातमा प्रत्येक जीवनको प्राण
र सारा मानिस-जातिका सास छन् ।
११ जिब्रोले भोजन चाखेझैं, के कानले
बोलीको जाँच गर्दैन र ?
१२ के पाकाहरूका बीचमा बुद्धि पाइँदैन र ?
के दीर्घायुले समझ ल्याउँदैन ?

१३ "बुद्धि र शक्ति परमेश्वरकै हुन्;
युक्ति र समझ उहाँकै हुन् ।
१४ उहाँले भत्काउनु भएकोलाई फेरि बनाउन सकिन्न;
उहाँले कैद गर्नुभएको मानिसलाई कसैले छोड़िदिन सक्दैन ।
१५ यदि उहाँले पानी रोक्नुभयो भने खड़ेरी पर्छ;
यदि उहाँले ती छोड़िदिनुभयो भने,
त्यसले देशलाई विध्वंस पार्छ ।
१६ सामर्थ र विजय उहाँकै हुन्;
छल गरिने र छल गर्ने उहाँकै हुन् ।
१७ उहाँले सल्लाहकारलाई नाङ्गो पठाइदिनुहुन्छ ।
र न्यायकर्ताहरूलाई मूर्ख तुल्याइदिनुहुन्छ,
१८ उहाँले राजाहरूले बाँधिदिएका बन्धन फुकाइदिनुहुन्छ
र तिनीहरूका कम्मरमा अधिकारको पटुका बाँधिदिनुहुन्छ ।
१९ उहाँले पूजाहारीहरूलाई नाङ्गो पठाइदिनुहुन्छ
र धेरै अघिदेखि स्थापित भएका मानिसहरूलाई खसालिदिनुहुन्छ ।
२० उहाँले विश्वासयोग्य सल्लाहकारहरूको ओठलाई चूप बनाइदिनुहुन्छ,
र धर्म-गुरुहरूका अन्तर्दृष्टिलाई हटाइदिनुहुन्छ ।
२१ उहाँले कुलीनहरूमाथि घृणा खन्याइदिनुहुन्छ
र शक्तिशालीलाई अस्त्रहीन तुल्याइदिनुहुन्छ ।
२२ उहाँले अन्धकारका गहिरा कुराहरू प्रकट गर्नुहुन्छ
र घोर अन्धकारलाई प्रकाशमा ल्याउनुहुन्छ ।
२३ उहाँले जातिहरूलाई महान् बनाउनुहुन्छ,
र तिनीहरूलाई नाश गर्नुहुन्छ;
उहाँले जातिहरूलाई विशाल बनाउनुहुन्छ,
र तिनीहरूलाई छरपुस्ट पारिदिनुहुन्छ ।
२४ उहाँले पृथ्वीका शासकहरूका बुद्धि खोस्नुहुन्छ,
र बाटो नभएको उजाड़-स्थानमा यताउता बरालिन तिनीहरूलाई छोड़िदिनुहुन्छ ।
२५ उज्यालोविना तिनीहरू अन्धकारमा छामछाम-छुमछुम गरिहिँड्छन्,
र मातेको मानिसझैं धरमराउँदै हिँड्नलाई उहाँले तिनीहरूलाई त्यागिदिनुहुन्छ ।

### अय्यूबको ईमानदारीको प्रमाण

१३ “यी सबै त मैले आफ्नै आँखाले देखेको छु,
मेरा आफ्नै कानले ती सुनेको छु,
अनि मैले ती बुझेको छु ।
२ तपाईंहरूले जे जान्नुहुन्छ, त्यो म पनि जान्दछु;
कुनै कुरामा म तपाईंहरूभन्दा कम छैनँ ।
३ तर म सर्वशक्तिमान्‌सित कुरा गर्ने
र मेरो मुद्दाको विषयमा परमेश्वरसित बहस गर्न चाहान्छु ।
४ तर तपाईंहरूचाहिँ मलाई झूटले ढाक्नुहुन्छ;
तपाईंहरू सबै बेकामे वैद्य हुनुहुन्छ !
५ यदि तपाईंहरू एकदमै चुप लागिदिनु भएता !
त्यो तपाईंहरूको निम्ति बुद्धिमानी हुने थियो !
६ अब मेरो बहस सुन्नुहोस्;
मेरा ओठका उजूर ध्यानसित सुन्नुहोस् ।
७ के तपाईंहरू परमेश्वरको पक्षमा दुष्टतासित बोल्नुहुन्छ ?
के तपाईंहरू उहाँको निम्ति छलसित बोल्नुहुन्छ ?
८ के तपाईंहरू उहाँलाई पक्षपात प्रकट गर्नुहुन्छ ?
के तपाईंहरू परमेश्वरको निम्ति बहस गर्नुहुन्छ ?
९ के उहाँले तपाईंहरूको जाँच गर्दा त्यसको नतीजा राम्रै होला ?
के तपाईंहरूले मानिसहरूलाई ठगेझैँ उहाँलाई ठग्न सक्नुहुन्छ ?
१० यदि तपाईंहरूले गुप्तमा पक्षपात गर्नुभयो भने,
उहाँले निश्चय नै तपाईंहरूलाई हप्काउनुहुन्छ ।
११ के उहाँको गौरवले तपाईंहरूलाई भयभीत पार्दैन ?
के तपाईंहरूमाथि उहाँको त्रास पर्दैन ?
१२ तपाईंहरूको सिद्धन्त त धूलो र खरानी मात्र हो,
तपाईंहरूका सुरक्षा माटोजस्तै हुनेछन् ।

१३ “चूप लागेर मलाई बोल्न दिनुहोस्;
त्यसपछि ममाथि जे आइपरे पनि परोस् ।
१४ किन म आफैलाई जोखिममा पारेर
आफ्नो प्राण आफ्नै हातमा लिऊँ ?
१५ उहाँले मलाई मार्नुभए तापनि उहाँमा मेरो आशा छ;
म निश्चय नै उहाँको सामुन्ने आफ्नो मार्गको रक्षा गर्नेछु ।
१६ अवश्य, यो मेरो छुटकाराको पक्षमा हुनेछ,
किनकि कुनै ईश्वरहीन मानिसले उहाँको सामुन्ने आउने साहस गर्न सक्दैन !
१७ मेरा कुराहरू ध्यानपूर्वक सुन्नुहोस्;
तपाईंका कानहरूले मैले भनेका कुराहरू ग्रहण गरून् ।
१८ अब मैले आफ्नो मुद्दा तयार
पारिसकेको हुनाले मैले समर्थन
पाउनेछु भनी म जान्दछु ।
१९ के कसैले मेरो विरुद्ध अभियोग लाउन सक्छ ?
यदि सक्छ भने, म चुप लागेर रहनेछु र मर्नेछु ।

२० “हे परमेश्वर, मलाई केवल यी दुई कुराहरू मात्र दिनुहोस्,
र म तपाईंदेखि लुक्नेछैन:
२१ तपाईंको हात मदेखि टाढ़ा हटाउनुहोस्,
र तपाईंका आतङ्कहरूले मलाई भयभीत नपार्नुहोस् ।
२२ तब मलाई बोलाउनुहोस् र म जवाफ दिनेछु,
अथवा म बोल्नेछु र तपाईंले मलाई जवाफ दिनुहोस् ।
२३ मैले कतिओटा गल्ती र पापहरू गरेको छु ?
मलाई मेरा कसूर र पाप देखाइदिनुहोस् ।
२४ तपाईंले आफ्नो अनुहार किन लुकाउनुहुन्छ
र मलाई आफ्नो शत्रु ठान्नुहुन्छ ?
२५ के तपाईंले हावाले उड़ाएको पातलाई

सताउनुहुन्छ ?
के तपाईंले सुकेको भूसलाई खेद्नुहुन्छ ?
२६ किनकि तपाईंले मेरो विरुद्ध तीता
कुराहरू लेख्नुहुन्छ,
र मलाई आफ्नो जवानीका पापहरूको
भागीदार बनाउनुहुन्छ ।
२७ तपाईंले मेरा पाउमा साङ्ला
लगाइदिनुहुन्छ;
तपाईंले मेरा खुट्टाका पैतालामा चिन्ह
लगाएर
मेरा सबै मार्गहरूमाथि नजर राख्नुहुन्छ ।

२८ "यसकारण मानिस कुहेको कुरोझैँ,
कीराले खाएको लुगाझैँ नष्ट भएर
जान्छ ।

## आफ्नो छोटो जीवनमाथि अय्यूबको चिन्ता

१४ "स्त्रीबाट जन्मेको मानिस अल्पआयुको
र अशान्तिले भरिएको हुन्छ,
२ त्यो फूलझैँ फक्रन्छ, र ओइलाइहाल्छ;
त्यो क्षणिक छायाजस्तै हराइहाल्छ,
रहँदैन ।
३ के तपाईं आफ्नो दृष्टि यस्तोमाथि
लगाउनुहुन्छ ?
के तपाईंले त्यसलाई इन्साफको लागि
आफ्नो सामुन्ने ल्याउनुहुन्छ ?
४ कसले अशुद्धबाट शुद्ध ल्याउन सक्छ ?
कसैले पनि सक्दैन !
५ मानिसका दिनहरू तोकिएका हुन्छन्;
तपाईंले त्यसका महीनाहरूको सङ्ख्या
ठहराइदिनुभएको छ
र त्यसले नाघ्न नसक्ने सीमा
लगाइदिनुभएको छ ।
६ यसकारण त्यसले ज्यालादार मानिसले झैँ
आफ्नो समय नबिताएसम्म त्यसतिर
नहेरेर त्यसलाई एक्लै रहन दिनुहोस् ।

७ "आखिरमा एउटा रूखको निम्ति आशा
हुन्छ:
त्यो काटेर ढालिए तापनि त्यो फेरि पलाउँछ,
अनि त्यसका नयाँ टुसाहरू निक्लन
थामिनेछैनन् ।
८ त्यसका जराहरू भूइँभित्र पुरानो हुनसक्ला
र त्यसको ठुटा माटोमा मर्न सक्ला,
९ तापनि पानीको गन्धमा त्यसले पालुवा
हाल्छ,
र बोटबिरुवाझैँ त्यसले टुसा हाल्नेछ ।
१० तर मानिस त मर्छ र गाड़िन्छ;
त्यसले अन्तिम सास फेर्छ र बितिजान्छ ।
११ जसरी समुद्रको पानी बिस्तार-बिस्तार
घट्दैजान्छ,
१२ त्यसरी नै मरणशील मानिस पनि
ढल्छ र कहिल्यै उठ्दैन,
जबसम्म आकाशहरू मेटिँदैनन्,
मानिसहरू ब्यूँझनेछैनन् अथवा आफ्ना
निद्राबाट तिनीहरू फेरि कहिल्यै
उठ्नेछैनन् ।

१३ "तपाईंले मलाई चिहानमा लुकाउनुभए,
अनि तपाईंको रीस नहटेसम्म मलाई
गुप्तमा राख्नुभए त, तपाईंले मेरो
समयको सीमा तोकिदिएर मलाई
सम्झनु भए त हुनेथियो !
१४ के मानिस मरेपछि ऊ फेरि जिउँछ ?
मेरो कठिन सेवा जतिसुकै लामो भए
पनि मेरो नवीकरणको निम्ति म
प्रतीक्षा गर्नेछु ।
१५ तपाईंले मलाई बोलाउनुहुनेछ र म
तपाईंलाई जवाफ दिनेछु;
तपाईं आफ्नो हातले बनाउनुभएको
प्राणीलाई हेर्न उत्सुक हुनुहुनेछ ।
१६ तब निश्चय नै तपाईंले मेरा कदमहरू
गन्नुहुनेछ,
तर मेरो पापको हिसाब राख्नुहुनेछैन ।
१७ मेरा कसूरहरू एउटा थैलोमा छाप लाएर
राखिनेछन्;
तपाईंले मेरो पाप ढाकिदिनुहुनेछ ।

---

**१३:२७**–अय्यूब ३३:११.

१८ “तर एउटा पर्वत खिएर टुक्रा-टुक्रा भएझैं
र एउटा पहरा आफ्नो ठाउँबाट हटाइएझैं,
१९ पानीले ढुङ्गाहरू खियाएझैं र भलले किनार
बगाएझैं,
तपाईंले मानिसको आशा नष्ट
गरिदिनुहुनेछ ।
२० तपाईंले त्यसलाई सधैंको निम्ति आफ्नो
बलले जित्नुहुन्छ,
र त्यो समाप्त हुन्छ;
तपाईंले त्यसको अनुहार नै बदली
गरिदिएर टाढ़ो पठाई दिनुहुनेछ ।
२१ त्यसका छोराहरूले सम्मान पाए भने,
त्यसलाई त्यो थाहै हुँदैन, यदि तिनीहरू
होच्याइए भने,
त्यसले त्यो देख्दैन ।
२२ त्यसले आफ्नै शरीरको कष्ट मात्र थाहा
गर्छ,
र आफ्नै लागि मात्र विलाप गर्छ ।”

### अय्यूबलाई एलीपजको हप्की

१५ तब एलीपज तेमानीले जवाफ दिए:
२“के एउटा बुद्धिमान् मानिसले यस्तो
मूर्ख विचारले जवाफ दिन्छ,
अथवा आफ्नो पेटलाई पूर्वीय बतासले
भर्छ ?
३ के उहाँले यस्ता बेकामका कुराहरू, मूल्य
नभएका शब्दहरूद्वारा बहस गर्नुहुन्छ ?
४ तर तपाईंले त धार्मिकतालाई समेत क्षति
पुऱ्याउनुहुन्छ,
र ईश्वर-भक्तिलाई बाधा पुऱ्याउनुहुन्छ ।
५ तपाईंको पापले तपाईंको मुखलाई
उस्काउँछ;
तपाईंले चतूर जिब्रो चलाउनुहुन्छ ।
६ मेरो होइन तर तपाईंको आफ्नै मुखले
तपाईंलाई दोषी ठहराउँछ;
तपाईंका आफ्नै ओठले तपाईंको विरुद्ध
साक्षी दिन्छ ।

७ “के जन्मने मानिसहरूमा तपाईं नै
पहिलो हुनुहुन्छ ?
के तपाईं पहाड़हरूभन्दा पहिले सृजना
गरिनुभएको थियो ?
८ के तपाईं परमेश्वरको महासभामा बसेर
सुन्नुहुन्छ ?
के तपाईंले बुद्धिलाई आफैभित्र सीमित
राख्नुहुन्छ ?
९ हामीले नजानेका के तपाईं जान्नुहुन्छ ?
हामीसित नभएको कुन अन्तर्ज्ञान
तपाईंसित छ ?
१० केश फुलेका र पाका मानिसहरू,
अँ, तपाईंका पिताभन्दा वृद्धहरू हाम्रो
पक्षमा छन् ।
११ तपाईंको कानमा बिस्तारै परेको मधुरो
शब्द,
परमेश्वरको सान्त्वना के तपाईंको
निम्ति यथेष्ट छैन ?
१२ केले तपाईंको हृदयमा यस्तो आँट
दिन्छ ?
अनि तपाईंका आँखा किन क्रोधित
हुन्छन ?
१३ अनि तपाईंको रीस परमेश्वरको विरुद्ध
भड्केर आफ्ना मुखबाट यस्ता कुराहरू
निकाल्नुहुन्छ ?

१४ “मानिस के हो, र शुद्ध हुन सक्छ,
अथवा स्त्रीबाट जन्मेको, को धार्मिक हुन
सक्छ ?
१५ यदि परमेश्वरले आफ्ना पवित्र
जनहरूमाथि भरोसा राख्नुहुन्न,
यदि उहाँको दृष्टिमा स्वर्गहरू पनि
शुद्ध छैनन् भने,
१६ नीच र भ्रष्ट मानिस, जसले
दुष्टतालाई पानीझैं पिउँछ, झन् कति
कम मूल्यको होला !

१७ “मेरो कुरा ध्यानसित सुन्नुहोस् र म
तपाईंलाई बताउनेछु;
मैले जे देखेको छु मलाई तपाईंलाई भन्न
दिनुहोस्,
१८ आफ्ना पिताहरूबाट पाएका कुराहरू
नलुकाईकन,

बुद्धिमान् मानिसहरूले जे घोषणा गरेका
छन्,
१९ (जसलाई मात्र देश दिइएको थियो, यति
बेला तिनीहरूका
बीचमा कुनै परदेशी हिँड्डुल गरेका
थिएनन्):
२० दुष्ट मानिसले आफ्नो जीवनकालभरि कष्ट
भोग्छ,
निर्दयीले आफ्नो निम्ति साँचिएका कुरा
आफ्नो जीवनभरि भोग्छ ।
२१ त्यसका कानहरूमा डरलाग्दा आवाजहरू
भरिन्छन्;
जब सबै कुरा ठीक देखिन्छन्,
तब उपद्रवीहरूले त्यसमाथि आक्रमण
गर्छन् ।
२२ त्यो अन्धकारबाट भाग्न डराउँछ;
त्यो तरवारको निशाना हुन्छ ।
२३ त्यो यताउति डुल्छ–गिद्धहरूको आहार
हुन्छ,
अन्धकारका दिनहरू नजीकै छ भनी
त्यसले जान्दछ ।
२४ कष्ट र वेदनाले त्यसलाई तर्साउँछ;
तिनीहरूले आक्रमण गर्न तयार भएका
राजाले झैं त्यसलाई व्याकुल पार्छन्,
२५ किनकि त्यसले परमेश्वरलाई आफ्नो
मुड्की हल्लाउँछ,
र सर्वशक्तिमान्को विरुद्ध त्यसले शेखी
देखाउँछ,
२६ आफ्नो बाक्लो र विशाल ढाल लिएर
परमेश्वरको विरुद्धमा आक्रमण गर्न
त्यो जाइलाग्छ ।

२७ "त्यसको अनुहारलाई बोसोले छोपे तापनि
र त्यसको कम्मर मासुले भरिए तापनि,
२८ त्यो भत्किएका शहरहरू र कोही पनि
वास नगर्ने
टुक्रा-टुक्रा भएका घरहरूमा बस्नेछ ।
२९ त्यो फेरि धनी हुनेछैन र त्यसको धन
रहनेछैन,
नता त्यसका सम्पत्ति देशभरि फैलिनेछ ।
३० त्यो अन्धकारबाट उम्कन सक्दैन;
त्यसका टुसाहरूलाई एउटा ज्वालाले
सुकाइदिनेछ,
र परमेश्वरको मुखको सासले त्यसलाई
उडाइदिनेछ ।
३१ त्यसले व्यर्थका कुराहरूमाथि भरोसा
राखेर आफैलाई धोका नदेओस्,
किनकि त्यसको बदलीमा त्यसले केही
पाउनेछैन ।
३२ आफ्नो समयभन्दा पहिले नै त्यसले
पूरा दण्ड पाउनेछ,
र त्यसका हाँगाहरू सप्रने छैनन् ।
३३ त्यो त नपाकेको फलहरू टिपिएका
अङ्गूरको बोटझैं,
र पात झरेका भद्राक्षको बोटझैं
हुनेछ ।
३४ किनकि ईश्वरविहीनहरूको सङ्गति
बाँझो हुनेछ,
र घूस लिन रुचाउनेहरूका पालहरू
आगोले भष्ट पारिनेछन् ।
३५ तिनीहरूले विपत्ति गर्भधारण गर्छन् र
दुष्टता जन्माउँछन्;
तिनीहरूका गर्भले छल रच्दछन् ।"

### परमेश्वरको व्यवहारमा अय्यूबको उजूर

१६ तब अय्यूबले जवाफ दिए:
२"मैले यस्ता धेरै कुराहरू सुनेको छु;
तपाईंहरू सबै दयनीय सान्त्वना दिनेहरू
हुनुहुन्छ !
३ के तपाईंहरूको अति लामो व्यर्थका
भाषणहरूको अन्त हुँदैन ?
तपाईंलाई के दुख्छ र बहस
गरिरहनुहुन्छ ?
४ तपाईं मेरो ठाउँमा हुनुभएको भए
म पनि तपाईंझैं बोल्न सक्थें;
म तपाईंको विरुद्ध असल भाषण दिएर
तपाईंतिर आफ्नो शिर हल्लाउन सक्थें ।
५ तर मेरो मुखले त तपाईंलाई साहस दिने
थियो;

मेरो ओठबाट निस्केको सान्त्वनाले
तपाईंलाई चैन दिने थियो ।

६ "तापनि म बोल्दा, मेरो कष्ट हट्दैन;
र म थामिएँ भने पनि यो जाने छैन ।
७ निश्चय नै हे परमेश्वर तपाईंले
मलाई व्याकुल पार्नुभएको छ;
तपाईंले मेरो सम्पूर्ण घरानालाई
उजाड़ पार्नुभएको छ ।
८ तपाईंले मलाई बाँध्नुभएको छ र यो
एउटा साक्षी भएको छ;
मेरो दुर्बलताले उठेर मेरो विरुद्धमा साक्षी
दिन्छ ।
९ क्रोधमा परेश्वरले मलाई छिन्नभिन्न
पार्नुहुन्छ,
र मेरो विरुद्ध खारा किट्नुहुन्छ ।
मेरा शत्रुले मलाई तर्केर हेर्नुहुन्छ ।
१० मानिसहरूले मलाई ठट्टा गर्नलाई आफ्ना
मुखहरू खोल्छन्;
तिनीहरूले मलाई खिसी गरेर मेरो
गालामा हिर्काउँछन्,
र मेरो विरुद्ध एक हुन्छन् ।
११ परमेश्वरले मलाई दुष्ट मानिसहरूकहाँ
सुम्पिदिनुभएको छ,
र मलाई दुष्टहरूको पन्जामा
फ्याँकिदिनुभएको छ ।
१२ मलाई सबै ठीकै थियो
तर उहाँले मलाई चकनाचूर पारिदिनुभयो;
उहाँले मलाई घिच्रोमा पक्रेर
किचिदिनुभयो ।
उहाँले मलाई आफ्नो निशाना
बनाउनुभएको छ;
१३ उहाँका धनुर्धारीहरूले मलाई घेर्छन् ।
उहाँले विनादया मेरा मृगौलाहरू
छेड़िदिनुहुन्छ
र मेरो पित्त भूइँमा पोखाइदिनुहुन्छ ।
१४ उहाँ घरीघरी ममाथि आइलाग्नुहुन्छ;
उहाँ योद्धाझैं ममाथि झम्टनुहुन्छ ।

१५ "मैले आफ्नो छालामाथि भाङ्ग्रा सिलाएको
छु,
र आफ्नो आँखीभौँलाई धूलोमा गाड़ेको
छु ।
१६ मेरा आँखा रोएर राता भएका छन्,
मेरा आँखाका चारैतिर कालो छायाले
घेरेको छ;
१७ तापनि मेरा हातहरू हिंसादेखि मुक्त
रहेका छन्,
र मेरो प्रार्थना शुद्ध छ ।

१८ "हे पृथ्वी, मेरो रगतलाई नछोप्;
मेरो चित्कारले विश्राम लिन नपाओस् !
१९ अहिले पनि मेरो साक्षी स्वर्गमा छ;
मेरो वकील उच्चमा हुनुहुन्छ ।
२० जसै मेरा आँखाले परमेश्वरतिर आँसु
बगाउँछ,
मेरो मध्यस्थ मेरो मित्र हुनुहुन्छ;
२१ कुनै मानिसले आफ्नो मित्रको निम्ति
बिन्ती गरेझैं,
एक मानिसको पक्षमा उहाँले
परमेश्वरसित बिन्ती गर्नुहुन्छ ।
२२ "म कहिल्यै नफर्कने यात्रामा जाने समय
अब थोरै वर्ष मात्र छन् ।

# १७

मेरो आत्मा तोड़िएको छ,
मेरा दिनहरू छोटो बनाइएका छन्,
मलाई चिहानले पर्खन्छ ।
२ निश्चय ठट्टा गर्नेहरूले मलाई घेर्छन्;
मेरा आँखाले तिनीहरूको विरोध
हेरिरहनुपर्छ ।

३ "हे परमेश्वर, तपाईंले माग गर्नुभएको
जमानी मलाई दिनुहोस् ।
मेरो निम्ति अरू को जमानत
बसिदिन्छ र ?
४ तपाईंले तिनीहरूको विचार-शक्तिलाई
बन्द गरिदिनुभएको छ;
यसकारण तपाईंले तिनीहरूलाई विजय
दिनुहुन्न ।
५ यदि कुनै मानिसले आफ्नो मित्रलाई
इनामको निम्ति दोष्याउँछ भने,
त्यसका छोराछोरीहरूका आँखा कमजोर
भइजान्छन् ।

६ “परमेश्वरले मलाई हरेकको निम्ति
एउटा आहान तुल्याउनुभएको छ,
एउटा मानिस जसको अनुहारमा सबैले
थुक्छन् ।
७ मेरा आँखा शोकले मलिन भएका छन्;
मेरो सम्पूर्ण शरीर एउटा छाया मात्र हो ।
८ यसमा धार्मिक मानिसहरू भयभीत भएका
छन्;
निर्दोषहरू ईश्वरविहीनहरूको विरुद्ध
सचेत भएका छन् ।
९ तरै पनि, धार्मिकहरू आफ्नै मार्गमा
हिँडिरहने छन्,
र निर्दोष हात भएकाहरू अझ बलियो
हुनेछन् ।

१० “तर तपाईंहरू सबै आएर फेरि कोशिश
गर्नुहोस् !
म तपाईंहरूबीच एउटै बुद्धिमान् मानिस
पनि पाउँदिनँ ।
११ मेरा दिनहरू बितिगए, मेरा योजनाहरू
चकनाचूर भए,
र मेरो हृदयका इच्छाहरू पनि त्यस्तै
भइगए ।
१२ यी मानिसहरूले रातलाई दिनमा परिणत
गर्छन्;
अन्धकारमा तिनीहरू भन्छन्, ‘ज्योति
नजीकै छ ।’
१३ मैले आशा गरेको घर चिहान मात्र हो
भने,
मैले अन्धकारमा आफ्नो ओछ्यान लगाएँ
भने,
१४ मैले भ्रष्टतालाई, ‘तपाईं मेरा पिता हौ’
भनें
र कीरालाई ‘मेरी आमा’ अथवा ‘मेरी
दिदीबहिनी’ भनें भने,
१५ तब मेरो आशा कहाँ छ ?
कसले मेरो निम्ति केही आशा देख्न
सक्छ ?
१६ के त्यो मृत्युको ढोकामा तल जानेछ ?
के हामी एकसाथ धूलोमा ओर्लने छौं ?”

## दुष्टहरूको प्रतिफललाई बिल्ददले वर्णन गरेका

१८ तब बिल्दद शुहीले यसो भनेर जवाफ
दिए:
२ “तपाईंले कहिले यी भाषणहरू समाप्त
गर्नुहुन्छ ?
चेतनशील हुनुहोस् र हामी कुरा गर्न
सकौं ।
३ हामी किन पशुतुल्य सम्झिएका छौं,
र तपाईंका आँखामा मूर्ख ठानिएका छौं ?
४ आफ्नो रीसमा आफैलाई टुक्रा-टुक्रा पार्ने
तपाईं नै हुनुहुन्छ,
के तपाईंको खातिर पृथ्वी त्यागिनुपर्छ ?
अथवा के पहराहरू तिनीहरूका ठाउँबाट
हटाइनुपर्छ ?

५ “दुष्टको बत्ती निभाइन्छ;
त्यसको आगोबाट फेरि कुनै ज्वाला
निस्कँदैन ।
६ त्यसको पालमा भएको ज्योति अँध्यारो हुन्छ;
त्यसको छेउको बत्ती निभिजान्छ ।
७ त्यसको कदमको बल कमजोर हुन्छ;
त्यसको आफ्नै योजनाहरूले त्यसलाई
लड़ाइदिन्छन् ।
८ त्यसका खुट्टाले त्यसलाई जालभित्र
पारिदिन्छ,
र त्यो त्यसको फन्दामा लडबड़ाउँछ ।
९ एउटा धराप त्यसको कुर्कुच्चामा जेलिन्छ;
एउटा पासोले त्यसलाई जोरसित पक्रन्छ ।
१० एउटा फन्दा त्यसको निम्ति भूइँमा
लुकाइएको छ;
त्यसको बाटोमा एउटा धराप छ ।
११ त्यसको चारैतिर त्यसलाई आतङ्कले
र त्यसले त्यसको हरेक कदममा
पछ्याउँछ ।

---

**१८:५-६**–अय्यूब २१:१७.

१२ विपत्ति त्यसको निम्ति भोकाएको छ;
त्यो लड्दा विनाश त्यसको निम्ति
तयार छ ।
१३ त्यसले उसको छालाको केही भाग
खाइदिन्छ;
मृत्युको पहिलो जन्मेकोले त्यसका
हात-खुट्टा खाइदिन्छ ।
१४ त्यो आफ्नो पालको सुरक्षादेखि अलग
गरिएको छ,
र आतङ्कको राजाकहाँ लगिएको छ ।
१५ त्यसको पालमा आगोले वास गर्छ,
त्यसका वासस्थानमाथि बल्दै गरेको
गन्धक छर्किएको छ ।
१६ त्यसका जराहरू फेदैमा सुक्छन्,
र त्यसका हाँगाहरू माथि सुकिजान्छन् ।
१७ त्यसको सम्भना पृथ्वीबाट नष्ट हुन्छ;
देशमा त्यसको नाउँ नै हुँदैन ।
१८ त्यो उज्यालोबाट अँध्यारोमा लखेटिन्छ,
र संसारबाट निकालिनेछ ।
१९ मानिसहरूका बीचमा त्यसका कुनै
छोराछोरी अथवा सन्तान छैन,
त्यो एकपल्ट बसेको ठाउँमा त्यसको
बाँचेको कोही छैन ।
२० त्यसको दशामा पश्चिमका मानिसहरू
भयभीत छन्;
पूर्वका मानिसहरू आतङ्कित छन् ।
२१ दुष्ट काम गर्नेहरूको घर यस्तै हुनेछ,
परमेश्वरको वास्ता नगर्नेहरूको घर यस्तै
हुनेछ ।"

## अय्यूबको विश्वास

१९ तब अय्यूबले जवाफ दिए:
२"तपाईंहरूले कहिलेसम्म मलाई
सन्ताप दिनुहुन्छ,
र वचनहरूले आघात पुऱ्याउनुहुन्छ ?
३ अहिलेसम्म तपाईंहरूले मलाई दश पल्ट
हप्काउनुभएको छ;
तपाईंहरू निर्लज्ज भई मलाई आक्रमण
गर्नुहुन्छ ।
४ यदि मैले बाटो बिराएको साँचो हो भने,
मेरो भूलको सरोकार मसित मात्र छ ।
५ साँचै, तपाईंहरूले आफैलाई मभन्दा उच्च
पार्नुहुन्छ,
र मेरो अवहेलनालाई मेरै विरुद्ध प्रयोग
गर्नुहुन्छ भने,
६ यो जान्नुहोस् कि परमेश्वरले ममाथि
अन्याय गरेर
उहाँले जाल मेरो चारैतिर फिँजाउनुभएको
छ ।

७ "यद्यपि मैले, 'ममाथि अत्याचार भयो'
भनेर कराएँ भने पनि,
म कुनै जवाफ पाउँदिनँ;
मैले सहायता मागे तापनि, इन्साफ छैन ।
८ उहाँले मेरो बाटो थुनिदिनुभएको छ र म
छिर्न सक्दिनँ;
उहाँले मेरो बाटोलाई अन्धकारमा
छोपिदिनुभएको छ ।
९ उहाँले मेरो सम्मान रित्याइदिनुभएको
छ,
र मेरो शिरबाट मुकुट हटाइदिनुभएको
छ ।
१० म नसकिएसम्म उहाँले मलाई चारैतिर
बाट छिन्नभिन्न गर्नुहुन्छ;
उहाँले मेरो आशालाई रूखभैँ
उखेलिदिनुहुन्छ ।
११ उहाँको क्रोध मेरो विरुद्ध जल्छ;
उहाँले मलाई आफ्ना शत्रुहरू मध्ये एक
ठान्नुहुन्छ ।
१२ उहाँको सैन्य दलहरू बलसाथ अगि
बढ्छन्;
तिनीहरू मेरो विरुद्ध घेरा हालेर
आइलाग्छन्,
र मेरो पालका चारैतिर छाउनी हाल्छन् ।

१३ "उहाँले मेरा दाज्यूभाइहरूलाई मबाट
अलग गरिदिनुभएको छ;
मेरा आफन्तहरू सम्पूर्ण रूपले मबाट
बिराना भएका छन् ।
१४ मेरा कुटुम्बहरू गइहालेका छन्;

मेरा मित्रहरूले मलाई बिर्सेका छन् ।
१५ मेरा पाहुनाहरू र मेरा दासीहरूले मलाई नौलो मानिसझैँ ठान्छन्;
तिनीहरूले मलाई परदेशीलाई झैँ हेर्छन् ।
१६ म मेरो नोकरलाई बोलाउँछु, तर मैले त्यसलाई
आफ्नै मुखले अनुरोध गरे तापनि त्यसले जवाफ दिँदैन ।
१७ मेरो सास मेरी पत्नीलाई मन पर्दैन;
म आफ्नै दाज्यूभाइहरूबीच घृणित छु ।
१८ साना केटाहरू समेतले मलाई हेला गर्छन्;
म देखा पर्दा तिनीहरूले मेरो ठट्टा उड़ाउँछन् ।
१९ मेरा सबै मिल्ने साथीहरूले मलाई घृणा गर्छन्;
अनि मैले प्रेम गरेकाहरू मेरो विरुद्धमा उठेका छन् ।
२० मता हाड़ र छाला मात्र हुँ;
मता केवल मुस्किलले उम्केको छु ।

२१ "मप्रति दया गर्नुहोस्, मेरा मित्र हो, दया गर्नुहोस्,
किनकि परमेश्वरको हातले ममाथि प्रहार गरेका छन् ।
२२ परमेश्वरले मेरो खेदो गर्नुभएझैँ तपाईंहरू किन खेदो गर्नुहुन्छ ?
के तपाईंहरूले मलाई सताउनुभएको पुगेन र ?

२३ "अहो, मेरा शब्दहरू लिपिबद्ध गरिएका भए,
ती एउटा चर्मपत्रमा लेखिएका भए,
२४ ती सिसामा फलामको एउटा औजारले खोपिएको भए,
अथवा सधैँको निम्ति पहरामा कुँदिएका भए हुने थियो !
२५ मेरा उद्धारकर्ता जिउनुहुन्छ भनी म जान्दछु,
र अन्तमा उहाँ यस पृथ्वीमा खड़ा हुनुहुनेछ ।
२६ अनि मेरो छाला नष्ट भइसकेपछि पनि
म आफ्नो शरीरमा परमेश्वरलाई देख्नेछु;
२७ म आफै उहाँलाई देख्नेछु,
म, अनि अरू कोही होइन, आफ्नै आँखाले उहाँलाई देख्नेछु ।
मेरो हृदय मभित्र कति इच्छुक हुन्छ !

२८ "यदि तपाईंहरूले 'विपत्तिको जरा त यिनीभित्र हुनाले,
हामी कसरी यिनको शिकार गरौं' भन्नुहुन्छ भने,
२९ तपाईंहरू आफैले तरवारको डर राख्नुहोस्;
किनकि क्रोधले तरवारद्वारा दण्ड ल्याउनेछ,
र न्याय छ भनी तपाईंहरूले जान्नुहुनेछ ।"

## दुष्टको प्रतिफल, सोपरको बयान

२० तब सोपर नमातीले जवाफ दिए:
२"मेरो पीडित विचारहरूले मलाई जवाफ दिन उस्काउँछ,
किनकि म अति विचलित भएको छु ।
३ मलाई अनादर गर्ने हप्की म सुन्छु,
र मेरो समझले मलाई जवाफ दिने प्रेरणा दिन्छ ।

४ "निश्चय, तपाईं जान्नुहुन्छ,
उहिलेदेखि नै यो भएर आएको थियो,
मानिस यो पृथ्वीमा राखिएकोदेखि नै,
५ कि दुष्टको खुशीयाली अल्प समयको निम्ति हुन्छ
ईश्वरविहीनहरूको आनन्द केही समयसम्म मात्र रहन्छ ।
६ त्यसको घमण्ड स्वर्गहरूमा पुगे तापनि
र त्यसको शिरले बादलहरूलाई छोए तापनि,
७ त्यो आफ्नै मलझैँ सदाको निम्ति नाश हुनेछ;
त्यसलाई देख्नेहरूले भन्नेछन्, 'त्यो कहाँ छ ?'
८ कहिल्यै नपाइने गरी सपनाझैँ त्यो उड़िजान्छ,

रातीको दर्शनझैँ लोप भइजान्छ ।
९ त्यसलाई हेर्ने आँखाले फेरि त्यसलाई
देख्नेछैन;
त्यसको ठाउँले त्यसलाई फेरि हेर्नेछैन ।
१० त्यसका छोराछोरीहरूले गरीबहरूको
क्षतिपूर्ति दिनुपर्छ;
त्यसका आफ्नै हातहरूले आफ्नो धन
फर्काइदिनुपर्छ ।
११ त्यसका हाड़हरूमा भरिएको जवानीको
स्वास्थ्य त्योसितै धूलोमा सुतिजानेछ ।

१२ "दुष्टता त्यसको मुखमा मीठो भए तापनि,
र त्यसले त्यो आफ्नो जिब्रोमुनि लुकाए
तापनि,
१३ त्यसलाई छेड्न नसके तापनि र
मुखमा राखिछोड़े तापनि,
१४ त्यसको भोजन त्यसको पेटभित्र अमिलो
भइहाल्नेछ;
र सर्पको विषझैँ त्यो त्यसभित्र
परिवर्तन हुनेछ ।
१५ त्यसले निलेका धन-सम्पत्ति त्यसले फेरि
बान्ता गरेर निकाल्छ,
परमेश्‍वरले त्यसलाई त्यो उकेल्न
लाउनुहुन्छ ।
१६ त्यसले साँबे-सर्पहरूको विष चुस्नेछ;
विषालु सर्पको विषदन्तले त्यसलाई
मार्नेछ ।
१७ त्यसले मह र तरको खोला तथा
नदीहरूमा रमाइलो गर्नेछैन ।
१८ त्यसले आफूले परिश्रम गरेका कुराहरू
नखाईकनै फिर्ता दिनुपर्छ,
आफ्नो व्यापारका नाफाहरूमा त्यसले
आनन्द मनाउन पाउनेछैन ।
१९ किनकि त्यसले गरीबलाई सताएर
थिचोमिचो गरेको छ;
त्यसले आफूले नबनाएको घर कब्जा
गरेको छ ।

२० "त्यसले आफ्नो तृष्णाबाट विश्राम
पाउनेछैन;
त्यसले आफ्नो सम्पत्तिले आफूलाई
बचाउन सक्दैन ।
२१ खानलाई त्यसको निम्ति केही पनि रहेन;
त्यसको सुदिन धेरै दिनसम्म रहँदैन ।
२२ त्यसको प्रशस्तताबीच विपत्ति आउनेछ;
कष्टको चरमसीमा त्यसमाथि
आइपर्नेछ ।
२३ त्यसले आफ्नो पेट भरेपछि परमेश्‍वरले
आफ्नो बल्दो रीस
त्यसको विरुद्ध ओइऱ्याउनुहुनेछ,
अनि त्यसमाथि आफ्नो मुक्का
वर्षाउनुहुनेछ ।
२४ त्यो फलामको हतियारदेखि भागे तापनि
एउटा काँसाको टुप्पो भएको काँड़ले
त्यसलाई छेड्नेछ ।
२५ त्यसले त्यो आफ्नो पीठबाट थुतेर निकाल्छ,
र त्यसको चम्किरहेको टुप्पो आफ्नो
कलेजोबाट निकाल्छ ।
त्रास त्यसमाथि आइपर्नेछ ।
२६ त्यसको सम्पत्तिलाई घोर अन्धकारले
ढुकिबस्छ,
नहम्काएको एउटा प्रचण्ड आगोले
त्यसलाई भष्म पार्नेछ,
र त्यसको पालमा बाँकी भएका
कुराहरूलाई स्वाहा पार्नेछ ।
२७ स्वर्गले त्यसको दोष उदाङ्गो पारिदिनेछ;
पृथ्वी त्यसको विरुद्ध उठ्नेछ ।
२८ परमेश्‍वरको क्रोधको दिन एउटा भल
र ओइरिएको पानीले त्यसको घर
बगाइलानेछ ।
२९ परमेश्‍वरले दुष्टको दशा यस्तै गरी
तोकिदिनुभएको छ,
परमेश्‍वरले तिनीहरूको निम्ति यस्तै
पैतृक सम्पत्ति राखिदिनुभएको छ ।"

**दुष्टहरूको क्षणिक सफलता**

२१ तब अय्यूबले जवाफ दिए:
२"मेरा कुरा ध्यानपूर्वक सुन्नुहोस्;
तपाईंहरूले मलाई दिनुभएको सान्त्वना
यही होस् ।

३ मैले कुरा गर्दा मलाई सहिदिनुहोस्,
र बोलिसकेपछि, ठट्टा गर्दै रहनुहोस् ।
४ "के मेरो गुनासो मानिसहरूप्रति छ ?
म अधैर्य किन नहुने ?
५ मलाई हेरेर अचम्म मान्नुहोस्;
आफ्नो मुख हातले छोप्नुस् ।
६ जब म यो सम्बन्धमा सोच्दछु, मलाई
डर लाग्छ
मेरो शरीरमा कम्प छुट्छ ।
७ दुष्टहरू किन चिरञ्जीवी हुन्छन् ?
वृद्धावस्था र शक्तिमा किन
बढ्दैरहन्छन् ?
८ तिनीहरूले आफ्ना छोराछोरीहरू आफ्ना
चारैतिर स्थापित भएका
र तिनीहरूका नानीहरू आफ्ना आँखाकै
सामुन्ने देख्न पाउँछन् ।
९ तिनीहरूका घरहरू सुरक्षित
र भयरहित छन्;
परमेश्वरको लाठी तिनीहरूमाथि पर्दैन ।
१० तिनीहरूका साँड़ेहरू मिसिन्छन् र खेर
जाँदैनन्,
तिनीहरूका गाईहरू ब्याउँछन् तर
तुहिँदैनन् ।
११ तिनीहरूका छोराछोरीहरू बगालझैँ छन्;
तिनीहरूका ससाना नानीहरू नाच्दै
उफ्रन्छन् ।
१२ तिनीहरू खैंजड़ी र वीणाको सङ्गीतमा
गाउँछन्;
तिनीहरू बाँसुरीको लयमा आनन्द
मनाउँछन् ।
१३ तिनीहरूले आफ्ना वर्षहरू उन्नतिमा
बिताउँछन्
अनि शान्तिसित चिहानमा जान्छन् ।
१४ तापनि तिनीहरू परमेश्वरलाई यसो
भन्छन्,
'हामीलाई एक्लै छाड़िदिनुहोस् !
हामीमा तपाईंका मार्गहरू जान्ने इच्छा
छैन ।
१५ सर्वशक्तिमान् को हुनुहुन्छ र हामी उहाँको
सेवा गरौं ?
हामीले उहाँसित प्रार्थना गरेर के
पाउँछौं ?'
१६ तर तिनीहरूका उन्नति तिनीहरूका
आफ्नै हातमा छैन,
यसकारण दुष्टहरूको सल्लाहदेखि म
अलग रहन्छु ।

१७ "तरै पनि दुष्टको बत्ती कति पल्ट
निभ्छ र ?
तिनीहरूमा विपत्ति कतिको आइरहन्छ,
परमेश्वरले आफ्नो क्रोधमा तिनीहरूको
दशा कति बेर रहन दिनुहुन्छ र ?
१८ तिनीहरू कति बेर बतासको सामुन्नेको
परालझैं,
अनि आँधीले उड़ाएको भूसझैँ रहनेछन्
र ?
१९ यसो भनिन्छ, 'परमेश्वरले मानिसको दण्ड
त्यसको छोराहरूको निम्ति साँच्नुहुन्छ ।'
उहाँले त्यस मानिसलाई नै दण्ड दिऊन्,
र त्यसले त्यो जान्न सकोस् !
२० त्यसका आफ्नै आँखाले आफ्नो विनाश
देखोस्;
त्यसले सर्वशक्तिमान्‌को क्रोधबाट
पिओस् ।
२१ किनकि त्यसका तोकिएका महिनाहरू
समाप्त हुँदा
त्यसले आफूले छोड़ेर जाने परिवारको
निम्ति के फिक्री गर्छ र ?

२२ "के कसैले परमेश्वरलाई ज्ञान सिकाउन
सक्छ
किनकि उहाँले सर्वोच्चलाई समेत इन्साफ
गर्न सक्नुहुन्छ ?
२३ एउटा मानिस आफ्नो पूरा स्वास्थ्यमा
सर्वदा सुरक्षित र आराममा मर्छ,
२४ त्यसको शरीरले राम्रो स्याहार पाएर
त्यसको हड्डी मासीले भरिएको
अवस्थामा ।
२५ अर्को मानिस आफ्नो मनको खिन्नतामा
कुनै असल कुरा कहिल्यै उपभोग गर्न
नपाई मर्छ ।

२६ तिनीहरू छेउछाउमै धूलोमा पस्रिएका
हुन्छन्,
र ती दुवैलाई कीराहरूले ढाकेका
हुन्छन् ।

२७ "तपाईंहरूले के सोच्नुहुन्छ त्यो म
राम्ररी जान्दछु,
मलाई हानि पुऱ्याउने तपाईंहरूको योजना
मलाई थाहा छ ।
२८ 'अब त्यो ठूलो मानिसको घर कहाँ छ ?
त्यो दुष्टको घर के भयो ?' भनी तपाईंहरू
मलाई सोध्नुहुनेछ ।
२९ के तपाईंहरूले कहिल्यै ती यात्रा
गर्नेहरूलाई सोध्नुभएको छ ?
के तपाईंहरूले तिनीहरूका विवरणप्रति
आदर दिनुभएको छैन–
३० कि दुष्ट मानिस विपत्तिमा पर्नेछैन,
कि त्यो क्रोधको दिनमा बचाइनेछ ?
३१ कसले त्यसकै सामुन्ने त्यसलाई
दोष्याउँछ ?
कसले त्यसले गरेको कामको निम्ति
त्यसलाई सजाय दिन्छ ?
३२ त्यसलाई चिहानमा लगिन्छ,
र त्यसको चिहानमा पहरा राखिन्छ ।
३३ बेंसीको माटो त्यसलाई मीठो लाग्छ;
सबै मानिसहरू त्यसको पछि लाग्छन्,
र असङ्ख्य भीड़ त्यसको अगि जान्छन् ।

३४ "यसकारण तपाईंहरूले मलाई आफ्ना
व्यर्थका
कुराहरूले कसरी सान्त्वना दिन
सक्नुहुन्छ ?
तपाईंहरूका जवाफमा भूटबाहेक अरू
केही रहँदैन !"

### एलीपजको अभियोग

२२ तब एलीपज तेमानीले जवाफ दिए:
२"के कुनै मानिस परमेश्वरको निम्ति
लाभदायक हुन सक्छ ?
के कुनै बुद्धिमान् मानिस समेतले उहाँलाई
लाभ दिन सक्छ ?
३ तपाईं धार्मिक हुनुभएको भए पनि
सर्वशक्तिमान्‌लाई यसले के आनन्द दिन्छ
र ?
तपाईंका मार्गहरू निर्दोष भएका भए तापनि
त्यसले उहाँलाई के लाभ हुन्छ र ?

४ "के तपाईंको निष्ठाकै निम्ति उहाँले
तपाईंलाई हप्काउनुहुन्छ,
र तपाईंको विरुद्ध अभियोग लाउनुहुन्छ ?
५ के तपाईंको दुष्टता ठूलो छैन ?
के तपाईंका पापहरू टुङ्गिने छैनन् ?
६ तपाईंले विनाकारण आफ्ना
दाज्यूभाइहरूबाट सुरक्षाको माग गर्नुभयो;
तपाईंले मानिसहरूको वस्त्र खोसेर
तिनीहरूलाई नाङ्गो बनाइदिनुभयो ।
७ तपाईंले थाकेकाहरूलाई पानी दिनुभएन,
र तपाईंले भोकाएकाहरूलाई भोजन
रोकिदिनुभयो,
८ यद्यपि तपाईं जमिन भएको एक जना
शक्तिशाली मानिस हुनुहुन्थ्यो–
र त्यसैमा जीविका चलाउने एक जना
सम्मानित मानिस ।
९ अनि तपाईंले विधवाहरूलाई रित्तो हात
पठाउनुभयो,
र पितृहीनहरूका शक्ति तोड़िदिनुभयो ।
१० त्यसैकारण तपाईंका चारैतिर पासोहरू
छन्,
अचानक आउने खतराले तपाईंलाई
तर्साउँछ,
११ यसैले धेरै निस्पट्ट अँध्यारो भएको छ र
तपाईं देख्न सक्नुहुन्न,
अनि भलको पानीले तपाईंलाई डुबाएको
छ ।

१२ "के स्वर्गका उचाइहरूमा परमेश्वर
हुनुहुन्न ?

**२२:२-३**–अय्यूब ३५:६-८.

अनि सर्वोच्च ताराहरू कति महान् छन् !
१३ तापनि तपाईं भन्नुहुन्छ, 'परमेश्वरले के जान्नुहुन्छ र ?
के उहाँले यस्तो अन्धकारद्वारा इन्साफ गर्नुहुन्छ ?
१४ उहाँलाई बाक्लो बादलले छोपेको हुनाले उहाँ चन्द्राकार
स्वर्गहरूमा यताउति हिँड्नु हुँदा उहाँले हामीलाई देख्नुहुन्न ।'
१५ के तपाईं दुष्ट मानिसहरू हिँडेको पुरानो बाटोमा लागिरहनुहुन्छ ?
१६ तिनीहरू आफ्नो समय अघि नै हटाइए, भलले तिनीहरूका जग नै बगाएर लग्यो ।
१७ तिनीहरूले परमेश्वरलाई भने, 'हामीलाई एक्लै छाड़िदिनुहोस् !
हामीलाई सर्वशक्तिमान्‌ले के गर्न सक्नुहुन्छ र ?'
१८ तरै पनि तिनीहरूका घरहरू उत्तम कुराहरूले भरिदिनुहुने त उहाँ नै हुनुहुन्छ,
यसकारण, म दुष्टहरूको चालदेखि अलग रहन्छु ।

१९ "धर्मात्माहरूले तिनीहरूको सर्वनाश् देखेर रमाउँछन्;
निर्दोषहरूले तिनीहरूलाई यसो भन्दै ठट्टा गर्छन्,
२० 'निश्चय हाम्रा शत्रुहरू नष्ट भए,
र तिनीहरूका सम्पत्ति आगोले भष्म हुन्छ ।'

२१ "अब परमेश्वरको अधीनमा हुनुहोस्
र उहाँसित मिलाप गर्नुहोस्;
यसरी तपाईंको सुदिन फर्केर तपाईंकहाँ आउनेछ ।
२२ उहाँका मुखबाट उपदेश ग्रहण गर्नुहोस्,
र उहाँका वचनहरू आफ्ना हृदयमा साँच्नुहोस् ।
२३ यदि तपाईं सर्वशक्तिमान्‌कहाँ फर्कनुभयो भने,
उहाँले तपाईंलाई फेरि ग्रहण गर्नुहुनेछ:
यदि तपाईंको पालबाट दुष्टता टाढ़ा हटाउनुभयो भने,
२४ अनि आफ्ना बहुमूल्य वस्तुहरू धूलोमा,
अनि तपाईंका ओपीरका सुनहरू
कन्दराहरूका चट्टानमा फालिदिनुभयो भने,
२५ सर्वशक्तिमान् तपाईंको निम्ति सुन
र अति मूल्यवान् चाँदी हुनुहुनेछ ।
२६ तब निश्चय, तपाईंले सर्वशक्तिमान्‌मा उल्लास पाउनुहुनेछ,
र आफ्नो अनुहार परमेश्वरतिर उठाउनुहुनेछ ।
२७ तपाईंले उहाँसित प्रार्थना गर्नुहुनेछ,
र उहाँले सुन्नुहुनेछ,
अनि तपाईंले आफ्ना भाकलहरू पूरा गर्नुहुनेछ ।
२८ तपाईंले निर्णय गर्नुभएको कुरो गरिनेछ,
र तपाईंका मार्गहरूमा ज्योति चम्कनेछ ।
२९ जब मानिसहरू होच्याइन्छन् र तपाईंले भन्नुहुनेछ, 'यिनीहरूलाई उचाल्नुहोस्',
र उहाँले होच्याइएकालाई बचाउनुहुनेछ ।
३० उहाँले निर्दोष नभएकालाई पनि छुटाउनुहुनेछ,
तपाईंको हात निर्दोष भएकोले गर्दा उहाँले उनीहरूलाई छुटकारा दिनुहुनेछ ।"

### अय्यूबको मामिला परमेश्वरको सामुन्ने

२३ तब अय्यूबले जवाफ दिए:
२"आज पनि मेरो गुनासो तीतै छ;
मेरो चित्कार छँदाछँदै पनि उहाँका हात गह्रौं नै छन् ।
३ मैले उहाँलाई कहाँ भेट्टाउने भनी जानेको भए;
म उहाँको वासस्थानमा जान सकेको भए !
४ म आफ्नो मुद्दा उहाँको सामुन्ने बताउने थिएँ,
र मेरो मुख तर्कहरूले भर्ने थिएँ ।

५ उहाँले मलाई के जवाफ दिनुहुनेछ म पत्तो लाउने थिएँ,
र उहाँले के भन्नुहुने थियो विचार गर्ने थिएँ ।
६ के उहाँले मलाई ठूलो शक्तिले विरोध गर्नुहुने थियो ?
होइन, उहाँले मेरो विरुद्ध अभियोगप्रति जोर दिनुहुने थिएन ।
७ त्यहाँ सोझो मानिसले उहाँको सामुन्ने आफ्नो मुद्दा प्रस्तुत गर्न सक्ने थियो,
र मैले आफ्नो न्यायकर्ताबाट सदाको निम्ति छुटकारा पाउने थिएँ ।

८ "तर यदि म पूर्वमा गएँ भने, उहाँ त्यहाँ हुनुहुन्‍न;
यदि म पश्चिममा गएँ भने, म उहाँलाई भेट्टाउँदिनँ ।
९ उहाँ उत्तरतिर काम गर्नुहुँदा, म उहाँलाई देख्दिनँ;
उहाँ दक्षिणतिर फर्कनुहुँदा, म उहाँको एक झलक पनि पाउँदिनँ ।
१० तर मैले लिएको मार्ग उहाँ जान्नुहुन्छ;
उहाँले मलाई जाँच्न गर्नुहुँदा म खारिएको सुनझैँ ठहरिनेछु ।
११ मेरा खुट्टाहरूले नजिकैबाट उहाँको पाइला पछ्याएका छन्;
म यताउति नलागी उहाँको मार्गमा रहेको छु ।
१२ म उहाँको ओठका आज्ञाहरूदेखि तर्किगएको छैनँ;
मैले उहाँको मुखका वचनहरूलाई मेरो दैनिक रोटीभन्दा ज्यादै मूल्यको ठानेको छु ।

१३ "तर उहाँ त एक्लै खड़ा हुनुहुन्छ,
अनि कसले उहाँको विरोध गर्न सक्छ ?
उहाँलाई जे मन पर्छ त्यही गर्नुहुन्छ ।
१४ उहाँले आफ्नो आदेश मेरो विरुद्धमा चलाउनुहुन्छ,
र यस्ता धेरै योजनाहरूको थुप्रो उहाँसित छन् ।
१५ यसैकारण म उहाँको सामुन्ने आतङ्कित हुन्छु;
यी सबै कुरा सम्झँदा, म उहाँसित भयभीत हुन्छु ।
१६ परमेश्वरले मेरो हृदयलाई मूर्छा पार्नुभएको छ;
सर्वशक्तिमान्‌ले मलाई आतङ्कित बनाउनुभएको छ ।
१७ तापनि अन्धकारले मलाई चूप लाउन सक्दैन
नता मेरो अनुहारलाई ढाकिदिने रहस्यले मलाई चूप लाउन सक्छ ।"

२४ "सर्वशक्तिमान्‌ले किन इन्साफको लागि समयहरू ठहराउनुभएको छैन ?
उहाँलाई चिन्नेहरू किन व्यर्थमा यस्ता दिनहरूको प्रतिक्षामा रहन्छन् ?
२ मानिसहरूले सिमानाका ढुङ्गाहरू हटाउँछन्;
तिनीहरूले चोरेका बगालहरू चराउँछन् ।
३ तिनीहरूले टुहुरोको गधा धपाइदिन्छन्,
र विधवाको गोरु बन्धकमा लिन्छन्,
४ तिनीहरूले खाँचोमा परेकोलाई बाटोबाट घचेटिदिन्छन्,
र देशका सबै गरीबहरूलाई लुक्न बाध्य बनाउँछन् ।
५ मरुभूमिमा भएका वन गधाहरूझैँ,
गरीबहरू आफ्नो भोजन खोजिहिँड्छन्;
तिनीहरूका छोराछोरीहरूको निम्ति रुखो भूमिले भोजन जुटाइदिन्छ ।
६ तिनीहरूले खेतमा घाँस बटुल्छन्,
र दुष्टहरूका दाखबारीबाट शिला-बाला बटुल्छन् ।
७ वस्त्रको अभावमा तिनीहरूले नाङ्गै रात बिताउँछन्;
जाड़ोमा ओड़नलाई तिनीहरूसित केही छै न ।
८ तिनीहरूलाई पहाड़को वृष्टिले निथ्रुक्क भिजाउँछ,
र वासस्थान नभएकोले तिनीहरूले पहरालाई अँगाल्छन् ।

९ पितृहीन बालक स्तनदेखि खोसिन्छन्;
गरीबको शिशु ऋणको साटो पक्रेर
लगिन्छ ।
१० वस्त्रको अभावमा तिनीहरू नाङ्गै
डुलिहिँड्छन्;
तिनीहरू अन्नका बाला बोक्छन् र
पनि भोकै रहन्छन् ।
११ तिनीहरूले खेतका गराहरूमा भद्राक्ष
पेल्छन्;
तिनीहरू दाखको कोल पेल्छन् र पनि
तिर्खाले व्याकुल हुन्छन् ।
१२ मर्दै गरेकाहरूको चित्कार शहरबाट
माथि उठ्छ,
र घाइते भएकाहरूका प्राण सहायताको
निम्ति कराई उठ्छ,
तर परमेश्वरले कसूर गर्नेहरू कसैलाई
पनि अभियोग लाउनुहुन्न ।

१३ "ज्योतिको विरोध गर्नेहरू कति छन्,
जो त्यसका मार्गहरू जान्दैनन्,
अथवा त्यसको बाटोमा रहँदैनन् ।
१४ दिनको उज्यालो गएपछि, हत्यारा उठ्छ,
अनि गरीब र खाँचोमा परेकाहरूलाई
मार्दछ;
राती त्यो चोरझैँ चाल मारेर हिँड्छ ।
१५ व्यभिचारीको आँखाले सन्ध्यालाई पर्खिबस्छ;
त्यसले सम्झन्छ, 'मलाई कसैले देख्नेछैन'
र त्यसले आफ्नो अनुहार छोपेर राख्छ ।
१६ राती मानिसहरू बलपूर्वक घर फोर्दछन्,
तर दिउँसो तिनीहरू भित्रै बसिरहन्छन्;
तिनीहरू उज्यालोसित सम्पर्कै राख्दैनन् ।
१७ तिनीहरू सबैको निम्ति कालो अँध्यारो
त बिहानझैँ हो;
तिनीहरूले अन्धकारका आतङ्कहरूसित
मित्रता बाँध्छन् ।

१८ "तापनि तिनीहरू पानीको सतहमाथिका
फींज हुन्;
तिनीहरूको भागको जमिन श्रापित छ
र कोही पनि त्यो दाखबारीमा जाँदैन ।
१९ गर्मी र खड़ेरीले बिलेको हिउँ तानी लगेझैँ,
चिहानले पाप गर्नेहरूलाई तानेर
लैजान्छ ।
२० गर्भले तिनीहरूलाई भूलिहाल्छ,
कीराले तिनीहरूलाई खाइहाल्छ;
दुष्ट मानिस फेरि सम्झनामा आउँदैनन्,
तर रूखझैँ भाँचिजान्छन् ।
२१ तिनीहरू बाँझी र निस्सन्तान स्त्रीहरूलाई
लुट्छन्,
र विधवाप्रति कुनै दया देखाउँदैनन् ।
२२ तर परमेश्वरले शक्तिशालीलाई आफ्नो
शक्तिले घिस्याएर लानुहुन्छ;
तिनीहरू स्थापित भए तापनि
तिनीहरूसित जीवनको निश्चयता
हुँदैन ।
२३ उहाँले तिनीहरूलाई सुरक्षाको भावनामा
बिसाउन दिनुहुन्छ,
तर उहाँका आँखा तिनीहरूका मार्गमा
हुन्छन् ।
२४ केही क्षणको निम्ति तिनीहरू उच्च हुन्छन्,
र त्यसपछि तिनीहरू रहँदैनन्;
तिनीहरू होच्याइन्छन् र अरू सबैझैँ
जम्मा गरिन्छन्;
तिनीहरू अन्नका बाला काटिएझैँ
काटिनेछन् ।

२५ "यदि यो होइन भने, कसले मलाई झूटा
ठहराउन सक्छ र ?
मेरा वचन निरर्थक भनी कसैले प्रमाण
गर्न सक्छ र ?

### बिल्ददको प्रत्युत्तर

२५ तब बिल्दद शुहीले जवाफ दिए:
२ "प्रभुत्व र आदरपूर्वक भय
परमेश्वरको हो;
उहाँले स्वर्गको उचाइमा पद्धति स्थापित
गर्नुहुन्छ ।
३ के उहाँको फौजलाई गन्न सकिन्छ ?
कोमाथि उहाँको ज्योति उदय हुँदैन र ?
४ त्यसो भए कसरी मानिस परमेश्वरको
सामुन्ने धर्मी हुन सक्छ ?

स्त्रीबाट जन्मेको कोही पनि शुद्ध हुन सक्छ र ?
५ उहाँको दृष्टिमा त जून पनि चहकिलो छैन,
र ताराहरू पनि निर्मल छैनन् भने,
६ झन् मानिस, जो कीरा मात्र हो,
त्यो परमेश्वरको दृष्टिमा के मोलको छ र ?"

## अय्यूबले परमेश्वरको सर्वाधिकारलाई वर्णन गरेका

२६ तब अय्यूबले जवाफ दिए:
२"तपाईंले शक्तिहीनलाई कसरी सहायता गर्नुभयो !
तपाईंले कमजोर पाखुरालाई कसरी बचाउनुभयो !
३ बुद्धिहीनलाई तपाईंले कुन सल्लाह प्रदान गर्नुभयो !
अनि तपाईंले कुन महान् अन्तर्ज्ञान दर्शाउनुभयो !
४ कसले तपाईंलाई यी शब्दहरू उच्चारण गर्न सघाए ?
अनि तपाईंको मुखबाट कसको आत्माले बोल्यो ?

५ "मरेकाहरूका आत्मा गहिरो वेदनामा छन्,
पानी मुनि भएकाहरू र त्यहाँका बासिन्दाहरू सबैलाई त्रासले छाएको छ ।
६ मृत्यु परमेश्वरको सामुन्ने नाङ्गो छ;
र विनाश उदाङ्गै भएको छ ।
७ उहाँले उत्तरीय आकाशलाई रित्तो अन्तरालमा फिँजाउनुहुन्छ;
उहाँले पृथ्वीलाई शून्यतामा झुण्ड्याउनुहुन्छ ।
८ उहाँले पानीलाई आफ्नो बादलमा बेहेर्नुहुन्छ,
तापनि त्यसको ओजनमा बादल फुट्दैन ।
९ उहाँले पूर्णिमाको जूनको अनुहारलाई
त्यसमाथि बादल फिँजाएर ढाक्नुहुन्छ ।
१० उज्यालो र अँध्यारोको बीचको सिमानामा
उहाँले पानीको सतहमा क्षितिजलाई स्थिर राख्नुभएको छ ।
११ उहाँको हप्कीमा स्वर्गहरूका खामाहरू डरले काँप्छन् ।
१२ आफ्नो शक्तिद्वारा उहाँले समुद्रलाई साम्य गराउनुभयो;
आफ्नो बुद्धिद्वारा उहाँले राहाबलाई टुक्रा-टुक्रा पार्नुभयो ।
१३ उहाँको सासद्वारा आकाश सफा भयो;
वेगले भागिरहेको सर्पलाई उहाँको हातले छेड्नुभयो ।
१४ अनि यी त उहाँको कार्यको एक छेउ मात्र हुन्;
हामीले उहाँको कानेखुशी कति मधुरो गरी सुन्छौं !
त्यसोभए उहाँको शक्तिको गर्जन
कसले बुझ्न सक्छ र ?"

२७ अनि अय्यूबले आफ्नो भाषण फेरि शुरू गरे:
२ "परमेश्वर निश्चय जिउनुभएझैं, जसले मलाई इन्साफ गर्नलाई इन्कार गर्नुभयो,
सर्वशक्तिमान्, जसले मलाई प्राणको तीतोपन चाख्न लाउनुभयो,
३ मभित्र जीवन भएसम्म परमेश्वरको सास मेरा नाकका प्वालमा भएसम्म,
४ मेरा ओठले दुष्टता बोल्नेछैन,
र मेरो जिब्रोले छलको कुरा उच्चारण गर्नेछैन ।
५ तपाईंहरू ठीक हुनुहुन्छ भनी म कहिल्यै स्वीकार गर्नेछैनँ;
म नमरेसम्म म आफ्नो निष्ठा अस्वीकार गर्नेछैनँ ।
६ म आफ्नो धार्मिकता जारी राख्नेछु,
र त्यसलाई कहिल्यै छोड्नेछैनँ;
म बाँचुञ्जेल मेरो विवेकले मलाई दोष दिनेछैन ।

७ "मेरा शत्रुहरू दुष्टझैं होऊन्

मेरा विरोधीहरू अन्यायीभैँ होऊन् !
८ किनकि ईश्वरहीन मानिस नाश हुँदा
त्यसको के आशा हुन्छ र,
जब परमेश्वरले त्यसको प्राण
लिइहाल्नुहुन्छ ?
९ त्यसमाथि विपत्ति आउँदा के परमेश्वरले
त्यसको विलाप सुन्नुहुन्छ ?
१० के त्यसले सर्वशक्तिमान्मा आनन्द
पाउँछ ?
के त्यसले सब समय परमेश्वरलाई
पुकार्छ ?

११ "म तपाईंलाई परमेश्वरको शक्तिको
विषयमा सिकाउनेछु;
सर्वशक्तिमान्को मार्ग म लुकाउनेछैनँ ।
१२ तपाईंहरू सबै आफैले यो कुरा देख्नुभएको
छ,
तपाईंहरू यस्ता व्यर्थका कुरा किन
गर्नुहुन्छ ?

१३ "परमेश्वरले दुष्टको कस्तो दशा पार्नुहुन्छ,
सर्वशक्तिमान्बाट निर्दयी मानिसले पैतृक-
सम्पत्तिस्वरूप पाउने कुरा यही हो:
१४ त्यसका जति धेरै छोराछोरीहरू भए
तापनि तिनीहरूको अन्त तरवार नै हो;
त्यसका केटाकेटीले कहिल्यै प्रशस्त खान
पाउनेछैन ।
१५ ऊ पछि बाँच्नेहरूलाई रूढ़िले गाड्नेछ,
र तिनीहरूका विधवाहरू तिनीहरूको
निम्ति रुनेछैनन् ।
१६ त्यसले धूलोसरी चाँदी थुपारे तापनि
माटोको थाकभैँ वस्त्र थुपारे तापनि,
१७ त्यसले थुपारेका जति धर्मात्माहरूले
लगाउनेछन्,
र निर्दोषहरूले त्यसका चाँदी बाँड्नेछन् ।
१८ त्यसले बनाएको घर पुतलीको गुँड़भैँ हुन्छ,
पहरेदारले बनाएको झोपड़ीभैँ हुन्छ ।
१९ त्यो धनीभैँ ढल्कन्छ, तर अब फेरि त्यसो
गर्नेछैन;
त्यसले आँखा खोल्दा सबै सिद्धिसकेको
हुन्छ ।
२० आतङ्कले त्यसलाई बाढ़ले भैँ छोप्छ;
एउटा आँधीले राती त्यसलाई खोसेर
लानेछ ।
२१ पूर्वीय बतासले त्यसलाई उड़ाइलान्छ
र त्यो रहँदैन;
त्यसले उसलाई आफ्नो ठाउँबाट सोरेर
लान्छ ।
२२ ऊ त्यसको शक्तिबाट टाढ़ै भाग्दा त्यो
ऊमाथि निर्दयतासाथ जाइलाग्छ ।
२३ त्यसको पतनमा ताली बजाएको
आवाज र त्यसको चारैतिर खिसीको
सोर हुनेछन् ।

### ज्ञानको निम्ति मानिसको खोजी

२८ "चाँदीको निम्ति खानी छ,
र सुनलाई खार्ने एउटा ठाउँ छ ।
२ फलाम पृथ्वीबाट निकालिन्छ,
र तामा धातुबाट गालेर निकालिन्छ ।
३ मानिसले अन्धकारको अन्त गरिदिन्छ;
उसले अति टाढ़ामा रहेको खाड़लमा
अति अँध्यारो ठाउँमा धातुको खोजी
गर्छ ।
४ मानिसहरू बसेको ठाउँदेखि टाढ़ा
मानिसहरूको खुट्टाले बिर्सिसकेको
ठाउँहरूमा उसले एउटा बीँड़ बनाउँछ;
मानिसहरूदेखि टाढ़ा ऊ झुण्ड़िन्छ र
यताउति हल्लिन्छ ।
५ अन्न उम्रने माटोलाई आगोमा परिवर्तन
गरिन्छ ।
६ त्यसका चट्टानहरूबाट नीलमणिहरू
निस्कन्छन्,
र त्यसको धूलोमा सुनका कणहरू
हुन्छन् ।
७ कुनै शिकारी-पक्षीले त्यो गुप्त बाटो
जान्दैन,
बाजको आँखाले त्यसलाई देखेको छैन ।
८ रवाफिलो पशुले त्यसमा पाइला टेकेको
हुँदैन,
र कुनै सिंह त्यहाँ चाल मारेर जाँदैन ।
९ मानिसको हातले दर्शन-ढुङ्गा फोर्छ,

र पहाड़हरूको जरा खोतल्छ ।
१० त्यसले चट्टानभित्र सुरुङ खन्छ;
त्यसका आँखाले त्यसको धनराशि देख्छ ।
११ त्यसले नदीहरूका मुहान्हरू खोज्छ,
र गुप्तमा रहेका कुराहरू पत्तो लगाउँछ ।

१२ "तर बुद्धि कहाँ पाइन्छ ?
समझशक्तिको मूल कहाँ छ ?
१३ मानिसले त्यसको मूल्य बुझ्दैन;
यो त जीवितहरूको देशमा पाइँदैन ।
१४ महासागरको गहिराइले भन्छ, 'त्यो ममा छैन';
समुद्रले भन्छ, 'त्यो मसित छैन ।'
१५ त्यसलाई त अति असल सुनले किन्न सकिन्न,
नता त्यसको मूल्यलाई चाँदीमा तौलन सकिन्छ ।
१६ त्यसलाई ओपीरको सुनले किन्न सकिन्न,
अथवा गोमेद पत्थर र नीलमणिसित जोख्न सकिन्न ।
१७ त्यसको तुलना सुन र स्फटिकसित हुन सक्दैन,
नता त्यसलाई सुनको गहनाले किन्न सकिन्छ ।
१८ मूगा र सूर्यकान्तको त नाउँ नै नलिए हुन्छ;
बुद्धिको मूल्य लालमणिभन्दा बढ़ी हुन्छ ।
१९ कूश देशको पुष्पराजको तुलना यससित हुन सक्दैन;
यसलाई शुद्ध सुनले किन्न सकिन्न ।

२० "त्यसोभए बुद्धि कताबाट आउँछ त ?
समझशक्तिले कहाँ वास गर्छ ?
२१ यो त प्रत्येक जीवित कुराबाट लुकेको हुन्छ,
आकाशका पक्षीहरूबाट पनि लुकेको हुन्छ ।
२२ विनाश र मृत्युले भन्छ,
'हाम्रो कानले त यसको हल्ला मात्र सुनेको छ ।'
२३ परमेश्‍वरलाई यसको बाटो थाहा छ
र उहाँलाई मात्र यसको वासस्थान थाहा छ,
२४ किनकि उहाँले पृथ्वीको अन्तिम छेउसम्म देख्नुहुन्छ,
स्वर्गमुनिका सबै कुराहरू उहाँले निरीक्षण गर्नुहुन्छ ।
२५ उहाँले बतासको झोकालाई स्थापित गर्नुहुँदा
र पानीलाई नाप्नुहुँदा,
२६ उहाँले वृष्टिको निम्ति आदेश बनाउनुहुँदा
र बज्रको बाटो तयार पार्नुहुँदा,
२७ उहाँले बुद्धितिर हेर्नुभयो र त्यसको मूल्याङ्कन गर्नुभयो;
उहाँले त्यसलाई दृढ़ गर्नुभयो र जाँच्नुभयो ।
२८ अनि उहाँले मानिसलाई भन्नुभयो,
'परमप्रभुको भय नै बुद्धि हो,
र दुष्टताबाट अलग रहनु समझशक्ति हो ।'"

## अय्यूबले आफ्नो पहिलेको सुखलाई सम्झेका

२९ अय्यूबले आफ्नो बहस जारी राखे:
२"बितेका महिनाहरूको म कति चाहना गर्दछु,
जुन समयमा परमेश्‍वर मेरो हेरचाहा गर्नुहुन्थ्यो,
३ जब उहाँको बत्ती मेरो शिरमाथि चम्कन्थ्यो,
र उहाँको प्रकाशमा म अन्धकारमा हिँड्थें !
४ अहो, जब म आफ्नो सर्वोत्तममा भएका दिनहरू,
जब परमेश्‍वरको निकट मित्रता मेरो घरको निम्ति आशिष् थियो,

**२८:२८**–भजनसंग्रह १११:१०; हितोपदेश १:७; ९:१०.

५ जब सर्वशक्तिमान् मसितै हुनुहुन्थ्यो,
र मेरा छोराछोरीहरू मेरा चारैतिर हुन्थे,
६ जब मेरो पथमा दूधको तर ओछ्याइएको हुन्थ्यो,
र पहराले मेरो निम्ति भद्राक्षको
तेलको खोला बगाइदिन्थ्यो ।
७ "जब म शहरको मूल ढोकामा गएर
चोकमा आफ्नो आसन ग्रहण गर्थें;
८ जवान मानिसहरू मलाई देखेर एक छेउ लाग्थे;
र वृद्ध मानिसहरू उठ्थे;
९ प्रमुख मानिसहरू कुरा गर्न छाड़ेर
आफ्ना हातले आफ्ना मुख छोप्थे;
१० कुलीन व्यक्तिहरूको आवाज चुप हुन्थ्यो,
र तिनीहरूका जिब्राहरू तिनीहरूका
तालुमा टाँसिन्थे ।
११ मेरो कुरा सुन्नेहरूले मेरो विषयमा असल कुरा गर्थे,
र मलाई देख्नेहरूले मेरो सराहना गर्थे,
१२ किनकि सहायता माग्ने गरीबहरूलाई
अनि सहायता दिने कोही नभएका
पितृहीनलाई मैले छुटकारा दिन्थें ।
१३ मर्दैगरेको मानिसले मलाई आशिष् दिन्थ्यो;
म विधवाको हृदयमा गीत भरिदिन्थें ।
१४ मैले धार्मिकतालाई वस्त्र बनाएको थिएँ;
इन्साफचाहिँ मेरा लवेदा र फेटा थिए ।
१५ म अन्धाको निम्ति आँखा अनि लङ्ड़ाको
निम्ति खुट्टा थिएँ ।
१६ म खाँचोमा परेकाहरूको निम्ति एउटा
बाबु थिएँ;
मैले नौलो मानिसको मुद्दा लिन्थें ।
१७ मैले दुष्टको पन्जा तोड़िदिएँ
अनि तिनीहरूका दाँतबाट शिकार
खोसें ।

१८ "मैले सोचें, 'म आफ्नै घरमा मर्नेछु,
मेरा दिनहरू बालुवाका कणहरू जत्तिकै
धेरै छन् ।
१९ मेरा जराहरू पानीसम्म पुग्नेछन्,
र मेरा हाँगाहरूमाथि शीत रातभरि
रहन्छ ।
२० मेरो गौरव ममा ताजै रहनेछ,
मेरो हातमा धनु सदा नयाँ नै रहनेछ ।'
२१ "मेरो सल्लाहको निम्ति चूपचाप पर्खिबसेर
मानिसहरू आशा लिएर मेरो कुरा
सुन्थे ।
२२ मैले बोलिसकेपछि तिनीहरू बोल्दैनथे;
मेरा शब्दहरू तिनीहरूका कानहरूमा
धीमासाथ पर्थे ।
२३ तिनीहरूले वर्षा पर्खेझैं मेरो प्रतीक्षा गर्थे,
र मेरो वचनहरूलाई झरिको पानीझैं
पिउँथे ।
२४ म तिनीहरूसित मुस्कुराउँदा तिनीहरूले
कठिनसाथ पत्याउँथे;
मेरो अनुहारको प्रकाश तिनीहरूको निम्ति
बहुमूल्य थियो ।
२५ तिनीहरूको निम्ति मार्ग चुनेर म
तिनीहरूको प्रमुख भएर बस्थें;
राजा आफ्नो फौजसित बसेझैं म बस्थें;
म विलाप गर्नेहरूलाई सान्त्वना
दिनेझैं थिएँ ।

### वर्तमान दुर्दशामा अय्यूबको बिलौना

३० "तर अब त मभन्दा कलिलाहरूले
मेरो ठट्टा गर्छन्,
जसका बाबुहरूलाई मैले आफ्ना भेड़ा
रूँग्ने कुकुरहरूको दर्जामा राख्नसक्थें ।
२ मेरो निम्ति तिनीहरूका बाहुबल के
कामको थियो,
किनकि तिनीहरू शक्तिहीन भएका
थिए ?
३ अभाव र भोकले दुब्लाएर राती तिनीहरू
ड़ढेको मैदान
र उजाड़ ठाउँतिर डुलिहिँड़थे ।
४ झाड़ीबाट तिनीहरूले नूनिलो झार बटुल्थे,
अनि कूचोको रूखका जराहरू तिनीहरूका
भोजन हुन्थे ।
५ तिनीहरू आफन्तहरूबाट धपाइएका थिए,
तिनीहरू चोरहरूझैं हकारिन्थे ।
६ तिनीहरू सुकेको खोलातिर, चट्टानतिर र

भूइँका प्वालतिर बस्न बाध्य गराइन्थे ।
७ तिनीहरू झाड़ीतिर कराइहिँड़थे र
पोथ्रातिर गुट्मुटिन्थे ।
८ तुच्छ र घर-न-थरका भई
तिनीहरू देशबाट निकालिएका थिए ।

९ "अनि अब तिनीहरूका छोराहरूले मलाई
गीतमा ठट्टा गर्छन्;
मता तिनीहरूको बीचमा एउटा आहान
मात्र भएको छु ।
१० तिनीहरू मलाई घृणा गरेर मबाट टाढ़ै
रहन्छन्;
तिनीहरू मेरो अनुहारमा थुक्न पनि
हिच्किचाउँदैनन् ।
११ अब परमेश्वरले मेरो धनुको डोरी
छिनाइदिनुभएकोले
र मलाई कष्ट दिनुभएकोले तिनीहरूले
मेरै सामुन्ने मलाई धिक्कार्छन् ।
१२ मेरो दाहिनेतिर एउटा कुलले आक्रमण
गर्छ;
तिनीहरूले मेरा खुट्टामा पासो थाप्छन्,
तिनीहरू आफ्ना घेरा-मचान मेरो
विरुद्धमा खड़ा गर्छन् ।
१३ तिनीहरूले मेरो बाटो भत्काइदिन्छन्;
कसैको सहायताविनै तिनीहरू मलाई
नाश गर्न सफल हुन्छन् ।
१४ तिनीहरू प्वालहरूबाट छिरेर अगि
बढ्छन्;
भत्केका ठाउँहरूतिर तिनीहरू ठेलमठेला
गर्दै आउँछन् ।
१५ ममा आतङ्क छाएको छ;
मेरो मर्यादा बतासले उड़ाएझैं भएको
छ,
मेरो सुरक्षा बादलझैं अल्पन्छ ।

१६ "अनि अब मेरो जीवन क्षय हुन्छ;
कष्टका दिनहरूले मलाई पक्रन्छन् ।
१७ रातले मेरा हाड़हरूलाई छेड्छ;
मेरो असाध्य पीड़ाको अन्त छैन ।
१८ उहाँको महान् सामर्थमा परमेश्वर मेरो
वस्त्र समात्नु हुन्छ;
उहाँले मलाई मेरो वस्त्रको घाँटीले झैं
बाँध्नुहुन्छ ।
१९ उहाँले मलाई हिलोमा फ्याँक्नुहुन्छ,
अनि म धूलो र खरानी सरह हुन्छु ।

२० "हे परमेश्वर, म तपाईंकहाँ चित्कार
गर्छु,
तर तपाईंले जवाफ दिनुहुन्न;
म खड़ा हुन्छु, तर तपाईंले मतिर हेर्नु
मात्र हुन्छ ।
२१ तपाईं मतिर निर्दयतापूर्वक फर्कनुहुन्छ;
आफ्नो हातको पराक्रमले तपाईं मलाई
आक्रमण गर्नुहुन्छ ।
२२ तपाईंले मलाई उचालेर हावाको सामुन्ने
ठेल्नुहुन्छ;
तपाईंले मलाई आँधीमा यताउति
हल्लाउनुहुन्छ ।
२३ मलाई थाहा छ कि तपाईंले मलाई
मृत्युको हातमा सुम्पनुहुन्छ,
त्यस ठाउँमा, जो सबै जीवितहरूका
निम्ति तपाईंले ठहराउनुभएको छ ।

२४ "निश्चय एक जना टुक्रिएको मानिसले
आफ्नो
कष्टमा सहायताको निम्ति पुकार्दा कसैले
पनि ऊमाथि
हात हाल्दैन भनी म जान्दछु ।
२५ के म विपत्तिमा परेकाहरूको निम्ति
रोइनँ ?
के मेरो आत्मा गरीबहरूको निम्ति
दु:खी भएन ?
२६ तरै पनि मैले असलको निम्ति आशा
गर्दा खराब आयो;
मैले प्रकाश खोज्दा, अन्धकार आयो ।
२७ मभित्रको मन्थन कहिल्यै थामिँदैन;
मैले कष्टका दिनहरूको सामना
गर्नुपर्छ ।
२८ म कालो भएर यताउता हिँड्छु तर घामले
त होइन;
म सभामा खड़ा भएर सहायताको निम्ति
कराउँछु ।

२९ म त स्यालहरूको दाज्यू, लाटोकोसेराहरूको
सङ्गी भएको छु ।
३० मेरो छाला कालो भएर पिल्सिन्छ;
मेरो शरीर ज्वरोले जल्छ ।
३१ मेरो वीणाले विलाप गर्छ,
र मेरो बाँसुरीले रोदनको आवाज
निकाल्छ ।

### "म निर्दोष छु"

३१ "कुनै स्त्रीलाई कुदृष्टिले नहेर्ने मैले
मेरा आँखासित वाचा बाँधें ।
२ किनकि मानिसको निम्ति परमेश्वरले
स्वर्गबाट ठहराउनुभएको भाग के हो ?
उच्च सर्वशक्तिमान्‌बाट उसको पैतृक
सम्पत्ति के हो ?
३ के दुष्टहरूको निम्ति विनाश,
र कसूर गर्नेहरूको निम्ति विपत्ति होइन
र ?
४ के उहाँले मेरा मार्गहरू देख्नुहुन्न र
मेरा पाइलाहरू गन्नुहुन्न ?

५ "म झूटमा हिँड़ेको थिएँ भने
अथवा मेरा खुट्टाहरू छलतिर हतारिएका
थिए भने–
६ परमेश्वरले मलाई ठीक तराजूमा जोखून्,
अनि म निर्दोष छु भनी उहाँले
जान्नुहुनेछ–
७ मेरा पाइलाहरू पथभ्रष्ट भएका भए,
मेरो हृदयलाई मेरा आँखाले डोऱ्याएका
भए,
अथवा मेरा हातहरू अशुद्ध भएका भए,
८ मैले छरेको अरूले खाऊन्, र मेरा बाली
उखेलिऊन् ।
९ "मेरो हृदयलाई कुनै स्त्रीले लोभ्याएको
भए,
अथवा मेरो छिमेकीको ढोकामा
ढुकिबसेको भए,
१० मेरी पत्नीले अर्को मानिसको अन्न पिँधून्,
र उनीसित अर्को मानिस सुतून् ।
११ किनकि त्यो त शर्मलाग्दो र इन्साफ
गरिने पाप हुनेथियो ।
१२ यो त संहार गर्न जल्ने आगो हो;
यसले मेरो कटनीलाई उखेलिदिने थियो ।

१३ "मेरा दास-दासीको मप्रति गुनासो
भएको बेला
मैले तिनीहरूलाई इन्साफ गर्न इन्कार
गरेको भए,
१४ परमेश्वरले मेरो सामना गर्नुहुँदा म के
गरूँला ?
हिसाब दिन परेको खण्डमा म के जवाफ
दिऊँला ?
१५ मलाई गर्भमा बनाउनुहुनेले के
तिनीहरूलाई पनि बनाउनुभएको
होइन ?
हाम्रा आमाहरूभित्र के उहाँले नै हामी
दुवैलाई रच्नुभएको होइन ?

१६ "मैले गरीबहरूको इच्छा इन्कार गरेको
भए
अथवा विधवाको आँखा थकित पारिदिएको
भए,
१७ मैले आफ्नो रोटी पितृहीनहरूसित
नबाँड़ेर आफूसितै राखेको भए–
१८ तर मैले त आफ्नो युवा अवस्थादेखि नै
बाबुले झैं त्यसलाई हुर्काएँ,
र मेरो जन्मदेखि नै मैले विधवालाई बाटो
देखाएँ–
१९ कोही लुगा नभएर नष्ट हुँदैगरेको
अथवा लुगा नभएको कुनै खाँचोमा
परेको मानिसलाई देखेको छु भने,
२० अनि मेरो भेड़ाको ऊनले त्यसलाई न्यानो
नपार्दा
त्यसको हृदयले मलाई आशिष्
नदिएको भए,
२१ अदालतमा मेरो प्रभाव छ भन्ने जानेर
मैले पितृहीनको विरुद्ध हात उठाएको छु
भने,
२२ मेरा पाखुरा काँधबाट खसिजाओस्,
त्यो जोर्नीबाट भाँचिहालोस् ।
२३ किनकि म परमेश्वरबाटको विनाशसित

डराएँ,
अनि उहाँको गौरवको डरले मैले त्यस्ता
कुराहरू गर्न सकिनँ ।

२४ "मैले आफ्नो भरोसा सुनमा लगाएको भए
अथवा निखुर सुनलाई, 'तिमी मेरो
सुरक्षा हौ' भनेको भए,
२५ म आफ्नो अपार सम्पत्ति,
मेरो हातले कमाएको धनमा रमाएको
भए,
२६ मैले चम्किलो घामलाई अथवा
वैभवशाली जूनलाई कदर गरेर,
२७ मेरो हृदय गुप्तमा तिनीहरूतिर आकर्षित
भएकोभए
मेरो हातले तिनीहरूलाई भक्तिको चुम्बन
चढ़ाएको भए,
२८ ती पनि इन्साफ गरिने पाप हुनेथिए,
किनकि म उच्चमा हुनुभएको
परमेश्वरप्रति अविश्वासी हुनेथिएँ ।

२९ "म आफ्नो शत्रुको दुर्भाग्यमा रमाएको
भए,
अथवा ऊमाथि आएको विपत्ति मज्जा
मान्दै हेरिरहेको भए–
३० त्यसको जीवनको विरुद्ध श्राप दिएर
मैले आफ्नो मुखलाई पाप गर्न
दिएकोछैनँ–
३१ मेरो घरानाका मानिसहरूले
'अय्यूबको भोजन खाएर तृप्त नहुने यहाँ
को छ ?'
भनेर कहिल्यै नभनेको भए–
३२ तर कुनै परदेशीले सड़कमा रात बिताउन
परेको थिएन,
किनकि मेरो ढोका सधैँ यात्रीको लागि
खुलै थियो–
३३ मैले आफ्नो दोष आफ्नो हृदयमा लुकाएर
अरू मानिसहरूले झैँ आफ्नो पाप
लुकाएको छु भने,
३४ म भीड़सित साह्रै डराएँ,
अनि वंशहरूको घृणादेखि डराएको
कारण म चूप रहेर बाहिर जाने थिइनँ ।
३५ ("अहो, मेरो कुरा सुनिदिने कोही
भइदिए त !
अब म आफ्नो बचाउमा सही गर्छु–
सर्वशक्तिमान्‌ले मलाई जवाफ दिऊन्;
मलाई दोष दिनेले आफ्नो दोषपत्र
लेखेरै देओस् ।
३६ निश्चय म त्यो आफ्नो काँधमा ओड़्नेथिएँ,
म त्यसलाई मुकुटझैँ लाउनेथिएँ ।
३७ म त्यसलाई मेरो प्रत्येक पाइलाको
हिसाब दिनेथिएँ;
म राजकुमारझैँ त्यसलाई भेट्नेथिएँ ।)–

३८ "मेरो जमिन मेरो विरुद्ध कराउँछ भने,
अनि त्यसका ड़्याङहरू आँसुले भरिएका
छन् भने,
३९ मैले त्यसको फसल पैसा नतिरी खाएको
छु
अथवा त्यसका मोहीहरूको मन दु:खाएको
छु भने,
४० गहूँको सट्टा काँढ़ा र जौंको सट्टा झार
उम्रोस् ।"

अय्यूबका वचनहरू सकिए ।

## एलीहूको वक्तव्य

३२ यसरी ती तीन जना मानिसहरूले
अय्यूबलाई जवाफ दिन छाड़िदिए,
किनकि तिनी आफ्नै दृष्टिमा धार्मिक थिए ।
२तर रामका परिवारका बुजी बारकेलका
छोरा एलीहू अय्यूबसित साह्रै रीसाए, किनकि
तिनले परमेश्वरलाई होइन तर आफैलाई धर्मी
तुल्याए । ३तिनी ती तीन जना मित्रहरूसित
पनि रिसाए किनकि तिनीहरूले अय्यूबलाई
खण्ड़न गर्ने कुरा पाएका थिएनन् र पनि तिनलाई
दोष्याएका थिए । ४अब तिनीहरू उनीभन्दा
उमेरमा ठूला भएकाले अय्यूबसित कुरा गर्न
भन्दा अघि तिनी चूप लागि बसेका थिए । ५तर
ती तीन जना मानिसहरूले भन्न पर्ने केही
नदेखेकाले तिनको रीस जाग्यो ।
६यसकारण बुजी बारकेलका छोरा एलीहूले
भने:

"म उमेरमा कम्ती छु
र तपाईंहरू बढ़ी उमेरका हुनुहुन्छ;
यसैकारण म डराएको थिएँ,
र मैले जानेका कुरा तपाईंलाई भन्न
आँट गरेको थिइनँ ।
७ मैले सोचें, 'उमेरले बोल्नुपर्छ;
उमेर पाकेकाले बुद्धि सिकाउनुपर्छ ।'
८ तर मानिसमा त परमेश्‍वरका आत्मा
हुनुहुन्छ,
सर्वशक्तिमान्‌को सास, जसले त्यसलाई
समझशक्ति दिन्छ ।
९ वृद्धहरू मात्र बुद्धिमान् हुँदैनन्,
के ठीक हो भनी बुझ्ने त पाकाहरू
मात्र होइनन् ।
१० "यसकारण म भन्छु: 'मेरो कुरा सुन्नुहोस्;
म पनि जे जान्दछु, तपाईंहरूलाई भन्नेछु ।
११ तपाईंहरू बोल्नुहुँदा मैले पर्खें,
तपाईंहरूले शब्दहरू खोजिरहनुहुँदा
मैले तपाईंहरूको तर्क ध्यानसित सुनें,
१२ मैले तपाईंहरूमा मेरो सम्पूर्ण ध्यान
लगाएँ ।
तर तपाईंहरूमध्ये एक जनाले पनि
अय्यूबको भूल प्रमाणित गर्नुभएन;
तपाईंहरू कसैले पनि तिनका तर्कहरूको
जवाफ दिनुभएन ।
१३ 'हामीले बुद्धि भेट्टाएका छौं;
मानिसले होइन, तर परमेश्‍वरले तिनलाई
खण्डन गरून्' भनी नभन्नुहोस् ।
१४ तर अय्यूबले त शब्दहरू मेरो विरुद्ध
चलाएका छैनन्,
अनि म तिनलाई तपाईंहरूका तर्कहरूले
जवाफ दिनेछैनँ ।
१५ "तिनीहरू हैरान भएका छन् अनि
तिनीहरूसँग भन्ने केही रहेन;
शब्दहरूले तिनीहरूलाई धोका दिएका
छन् ।
१६ अब तिनीहरू चुप छन्,
अब तिनीहरू निरुत्तर भएर उभेका
छन् भनेर के म पर्खनु ?
१७ मसित पनि भन्ने कुरा छन्;
म पनि आफूले जानेका कुरा भन्नेछु ।
१८ किनकि मसित प्रशस्त कुरा छन्,
अनि मभित्र भएको आत्माले मलाई कर
लगाउँछ;
१९ आफूभित्र म बुजो लाएको मद्यझैं छु,
नयाँ मशकझैं जो फुट्न तयार छ ।
२० मैले बोलेर छुटकारा पाउनैपर्छ;
मैले आफ्नो ओठ खोलेर जवाफ दिनैपर्छ ।
२१ म कसैसित पक्षपात गर्नेछैनँ
नता म कुनै मानिससित खुशामदी
गर्नेछु ।
२२ किनकि यदि म खुशामदी गर्न सिपालु
भए त,
मलाई मेरो सृष्टिकर्ताले चाँड़ै
उठाइलैजानुहुने थियो ।

### अय्यूबलाई एलीहूको हप्की

३३ "तर हे अय्यूब, अब मेरो कुरा सुन्नुहोस्;
मैले भनेको प्रत्येक कुरामा ध्यान
दिनुहोस् ।
२ मैले आफ्नो मुख खोल्नै आँटेको छु;
मेरा कुराहरू मेरो जिब्रोको टुप्पैमा
छन् ।
३ म सोझो हृदयसित बोल्दैछु,
मेरा ओठहरूले मैले जानेका कुराहरू
ईमानदारीसित बोल्छन् ।
४ परमेश्‍वरको आत्माले मलाई
बनाउनुभएको हो;
सर्वशक्तिमान्‌को साससले मलाई जीवन
दिन्छ ।
५ यदि तपाईंले सक्नुहुन्छ भने मलाई जवाफ
दिनुहोस्;
आफैलाई तयार पारेर मेरो सामना
गर्नुहोस् ।
६ परमेश्‍वरको सामुन्ने म तपाईंजस्तै छु;
म पनि माटोबाटै लिइएको हुँ ।
७ तपाईं मेरो डरले आत्तिनुहुँदैन,
नता मेरो हात तपाईंलाई गह्रौं हुनुपर्छ ।

८ “तर तपाईंले मैले सुन्नेगरी भन्नुभएको छ–
मैले ती शब्दहरू नै सुनेको छु–
९ ‘म शुद्ध र पापरहित छु; म सफा र दोषरहित छु ।
१० तरै पनि परमेश्वरले ममा दोष भेट्टाउनुभयो;
उहाँले मलाई आफ्नो शत्रु ठान्नुहुन्छ ।
११ उहाँले मेरा खुट्टाहरूलाई साङ्लाले बाँध्नुहुन्छ;
उहाँले मेरा सबै मार्गहरूलाई राम्ररी हेर्नुहुन्छ ।’

१२ “तर म तपाईंलाई भन्छु कि यसमा तपाईं सही हुनुहुन्न,
किनकि परमेश्वर मानिसभन्दा महान् हुनुहुन्छ ।
१३ उहाँले कुनै मानिसको कुराको
जवाफ दिनुहुन्न भनी तपाईं किन उहाँसित गुनासो पोख्नुहुन्छ ?
१४ किनकि मानिसले बुझ्न नसके तापनि परमेश्वर अहिले एक किसिमले
अनि भरे अर्को किसिमले बोल्नुहुन्छ ।
१५ सपनामा, रातीको दर्शनमा,
जब तिनीहरू आफ्ना ओछ्यानमा निदाएका हुन्छन्
जब मानिसहरूमा घोर निद्रा आइपर्छ,
१६ उहाँ तिनीहरूका कानमा बोल्न सक्नुहुन्छ,
र चेताउनीहरूले तिनीहरूलाई तर्साउनुहुन्छ,
१७ मानिसलाई भूल काम गर्नदेखि फर्काउनलाई
अनि त्यसलाई घमण्डदेखि बचाउनलाई,
१८ त्यसको प्राणलाई खाड़लदेखि,
त्यसको जीवनलाई तरवारदेखि नाश हुनदेखि जोगाउनलाई ।
१९ अथवा कुनै मानिसलाई त्यसका हड्डीहरूमा
लगातार कष्टको साथमा पीड़ाको पलङ्मा चेताउनुहुन्छ,
२० अनि त्यो भित्र हृदयले नै भोजनदेखि दिक्क मान्छ,
अनि त्यसको प्राणले जस्तै मीठो भोजन पनि घृणा गर्छ ।
२१ त्यसको मासु सुकेर जान्छ,
अनि त्यसका नदेखिने हड्डीहरू अब देखिन थाल्छन् ।
२२ त्यसको प्राण खाड़लको छेउमा,
र त्यसको जीवन मृत्युको दूतकहाँ पुग्छ ।

२३ “तरै पनि कुनै मानिसलाई त्यसको निम्ति के ठीक हो
भनी बताउनलाई हजारमा एक जना दूत
मध्यस्थको रूपमा त्यसको पक्षमा छ भने,
२४ त्योप्रति अनुग्रहकारी भएर, ‘यसलाई खाड़लमा जान नदिइयोस्;
मैले यसको निम्ति छुटकाराको मोल पाएको छु’ भन्छ भने–
२५ त्यसको मासु नानीको झैं नयाँ भइजान्छ;
त्यो त्यसको युवाअवस्थाको झैं भइहाल्छ ।
२६ त्यसले परमेश्वरसित प्रार्थना गर्छ अनि उहाँको निगाह पाउँछ;
त्यसले परमेश्वरको अनुहार देख्छ र आनन्दले कराउँछ;
त्यसलाई परमेश्वरले उसको धार्मिक अवस्थामा फेरि ल्याउनुहुनेछ ।
२७ तब मानिसहरूकहाँ आएर त्यसले भन्छ,
‘मैले पाप गरें र ठीकलाई बिगारें
तर जे मैले भोग्नु पर्ने थियो त्यो पाइनँ ।
२८ उहाँले मेरो प्राणलाई तल खाड़लमा जानदेखि छुटाउनुभयो,
अनि म ज्योति उपभोग गर्नलाई जिउनेछु ।’

**३३:११**–अय्यूब १३:२७. **३३:१५**–अय्यूब ४:१३.

२९ "परमेश्‍वरले मानिसलाई यी कुराहरू दुईपल्ट–
अँ, तीनपल्टसम्म गर्नुहुन्छ–
३० जीवनको ज्योति ऊमाथि चम्कोस् भनेर,
आफ्नो प्राणलाई खाड़लबाट फर्काएर ल्याउनलाई ।

३१ "ध्यान दिनुहोस्, अय्यूब, अनि मेरो कुरा सुन्नुहोस्;
चूप लाग्नुहोस्, र म बोल्नेछु
३२ तपाईंको केही भन्नुछ भने, मलाई जवाफ दिनुहोस्;
बोल्नुहोस्, किनकि म तपाईंले स्पष्ट गरी बुझेको चाहन्छु ।
३३ तर होइन भने, मेरो कुरा सुन्नुहोस्;
चूप लाग्नुहोस्, र म तपाईंलाई बुद्धि सिकाउनेछु ।"

## एलीहूले परमेश्‍वरलाई धर्मी ठहराएका

३४ तब एलीहूले भने:
२"मेरा वचनहरू सुन्नुहोस्, तपाईं बुद्धिमान् मानिसहरू;
मेरा कुरा सुन्नुहोस्, तपाईं विद्वान् मानिसहरू ।
३ किनकि जिब्रोले भोजन चाखेझैं कानले वचन चाख्छ ।
४ के ठीक हो भनी हामी आफै छुटचाऊँ;
के असल छ हामी मिलेर सिकौं ।

५ "अय्यूब भन्छन्, 'म निर्दोष छु,
तर परमेश्‍वरले मलाई इन्साफ दिनुहुन्न ।
६ म ठीक छु र पनि मलाई झूट बोल्ने ठानिएको छ;
म दोषरहित छु र पनि उहाँको काँड़ले निको नहुने चोट दिन्छ ।'
७ अय्यूबझैं कुनै मानिस छन्,
जसले उपहासलाई पानी पिएझैं पिउँछ ?
८ तिनी दुष्ट काम गर्नेहरूको सङ्गत गर्छन्;
तिनी दुष्ट मानिसहरूसित मिल्छन् ।
९ किनकि तिनी भन्छन्, 'कुनै मानिसले परमेश्‍वरलाई खुशी पार्न खोजे त्यसलाई केही लाभ छैन ।'
१० "यसकारण मेरो कुरा सुन्नुहोस्; तपाईं समझदार मानिसहरू ।
परमेश्‍वरबाट दुष्ट काम गर्न,
सर्वशक्तिमान्‌बाट भूल काम गर्न टाढ़ा रहोस् ।
११ उहाँले मानिसलाई त्यसको कामअनुसारै दिनुहुन्छ;
उहाँले त्यसको चालको योग्य नै त्यसमाथि केही हुन लाउनुहुन्छ ।
१२ परमेश्‍वरले अनर्थ गर्नुहुन्छ र
सर्वशक्तिमान्‌ले न्याय बिगार्नुहुन्छ भन्ने सोच्न पनि सकिन्न ।
१३ उहाँलाई पृथ्वीमाथि कसले नियुक्त गऱ्यो ?
सारा संसारको जिम्मा कसले उहाँलाई दियो ?
१४ उहाँको यस्तो इच्छा भएको भए
अनि उहाँले आफ्नो आत्मा र सास फर्काउनुभयो भने,
१५ सारा मानव-जाति एकसाथ नाश हुनेथियो,
र मानिस माटैमा फर्किजानेथियो ।
१६ "तपाईंहरूसित समझ भए, यो सुन्नुहोस्;
म जे भन्छु त्यो सुन्नुहोस् ।
१७ के इन्साफलाई घृणा गर्नेले शासन गर्न सक्छ ?
के तपाईं न्यायपरायण र
सर्वशक्तिमान्‌लाई रद्द गर्न सक्नुहुन्छ ?
१८ के राजाहरूलाई 'तिमीहरू बेकामे छौ'
अनि कुलीनहरूलाई 'तिमीहरू दुष्ट छौ'
भन्नुहुने उहाँ नै हुनुहुन्न र ?
१९ जसले राजकुमारहरूलाई पक्षपात गर्नुहुन्न,

**३४:३**–अय्यूब १२:११. **३४:११**–भजनसंग्रह ६२:१२.

अनि गरीबहरूभन्दा धनीहरूलाई कृपा देखाउनुहुन्न
किनकि ती सबै उहाँकै हातका काम हुन् ?
२० तिनीहरू अचानक मध्यरातमा मर्छन्;
मानिसहरू हल्लाइन्छन् र ती मरिहाल्छन्;
कसैको हात नपरे तापनि शक्तिशालीहरू लोप भइहाल्छन् ।

२१ "उहाँका नजर मानिसहरूका मार्गमा हुन्छ;
उहाँले तिनीहरूको प्रत्येक पाइला देख्नुहुन्छ ।
२२ कुनै यस्तो अँध्यारो, घोर अँध्यारो स्थान छैन,
जहाँ दुष्टहरू उहाँदेखि लुक्न सक्छन् ।
२३ मानिसहरू परमेश्वरको सामुन्ने
इन्साफको निम्ति आओस् भनेर
उहाँले तिनीहरूलाई अझ जाँचिबस्ने खाँचो छैन ।
२४ सोधपूछ नै नगरी उहाँले शक्तिशालीलाई चकनाचूर पार्नुहुन्छ,
र तिनीहरूका ठाउँमा अरूलाई बसाल्नुहुन्छ ।
२५ उहाँले तिनीहरूका कामको ख्याल राख्नुभएकोले
उहाँले तिनीहरूलाई राती भताभुङ्ग पारिदिनुहुन्छ,
र तिनीहरू धूलोपीठो हुन्छन् ।
२६ उहाँले तिनीहरूको दुष्टताको कारण
तिनीहरूलाई दण्ड दिनुहुन्छ
जहाँ प्रत्येकले तिनीहरूलाई देख्न सक्छन्,
२७ किनकि तिनीहरू उहाँलाई पछ्याउनबाट तर्किगए
अनि उहाँका कुनै मार्गको पनि पर्वाह गरेनन् ।
२८ गरीबहरूको चित्कार उहाँको सामुन्ने
आउनलाई तिनीहरू कारण बने,
र उहाँले खाँचोमा परेकाहरूको पुकारा सुन्नुभयो ।
२९ तर उहाँ चुप रहनुभयो भने,
कसले उहाँलाई रद्द गर्न सक्छ र ?
उहाँले आफ्नो अनुहार लुकाउनुभयो भने,
उहाँलाई कसले देख्न सक्छ र ?
तापनि उहाँ त मानिस र राष्ट्र दुवैमाथि हुनुहुन्छ,
३० यो ईश्वरविहीन मानिसलाई शासन गर्न नदिनलाई
र पासो थाप्न नदिनलाई हो ।

३१ "भनौं कुनै मानिसले परमेश्वरलाई यसो भन्यो रे,
'म दोषी छु तर अब कहिल्यै अपराध गर्दिनँ ।
३२ मैले देख्न नसकेको कुरा मलाई सिकाउनुहोस्;
मैले कसूर गरेको छु भने, म अब फेरि त्यसो गर्ने छैनँ ।'
३३ तपाईंले पश्चात्ताप गर्न इन्कार गर्नुहुँदा
के परमेश्वरले तपाईंकै सर्तअनुसार
तपाईंहरूलाई इनाम दिनुपर्छ ?
मैले होइन, तपाईंहरूले नै निर्णय लिनुपर्छ;
यसकारण तपाईंहरूले के जान्नुहुन्छ मलाई भन्नुहोस् ।

३४ "समझ भएका मानिसहरूले घोषणा गर्छन्,
मेरा कुरा सुन्ने बुद्धिमान् मानिसहरूले मलाई भन्छन्,
३५ 'अय्यूबले ज्ञानरहित कुरा गर्छन्;
तिनका कुराहरूमा अन्तर्ज्ञान छैन ।'
३६ अहो, दुष्ट मानिसले जवाफ दिएझैँ गरेकोमा
अय्यूबलाई घोरसित जाँच गरिएको भए त !
३७ आफ्नो पापमा तिनले विरोध थप्छन्;
तिनले हामीबीच तिरष्कारपूर्ण रूपले ताली बजाउँछन्,
र परमेश्वरको विरुद्ध धेरै कुरा बोल्छन् ।"

३५ तब एलीहूले भने:
२“के यो ठीक हो भनी तपाईं
सम्झनुहुन्छ ?
तपाईं भन्नुहुन्छ, ‘मलाई परमेश्वरले
छोड़िदिनुहुन्छ ।’
३ तापनि तपाईं उहाँलाई यसरी सोध्नुहुन्छ,
‘मलाई के लाभ छ र, अनि मैले पाप
नगरेर के लाभ पाउँछु ?’

४ “म तपाईंलाई र तपाईंसित भएका
तपाईंका साथीहरूलाई जवाफ दिन
चाहन्छु ।
५ माथि स्वर्गतिर दृष्टि लगाएर हेर्नुहोस्;
तपाईंभन्दा धेरै माथि भएका बादललाई
हेरिरहनुहोस् ।
६ यदि तपाईंले पाप गर्नुभयो भने,
त्यसले उहाँलाई कसरी असर पार्छ ?
यदि तपाईंका पापहरू धेरै भए, त्यसले
उहाँलाई के गर्छ ?
७ तपाईं धार्मिक हुनुहुन्छ भने, तपाईले
उहाँलाई के दिनुहुन्छ,
अथवा उहाँले तपाईंका हातबाट के
पाउनुहुन्छ ?
८ तपाईंका दुष्टताले तपाईंजस्तै मानिसलाई
असर पार्छ,
र तपाईंका धार्मिकताले खालि
मानिसहरूका छोराहरूलाई मात्र
प्रभाव पार्छ ।

९ “मानिसहरू थिचोमिचोको भारीले
मिचिएर कराउँछन्;
तिनीहरू शक्तिशालीको बाहुबाट
छुटकाराको निम्ति बिन्ती गर्छन् ।
१० तर कसैले पनि यसो भन्दैन, ‘मलाई
बनाउनुहुने परमेश्वर कहाँ हुनुहुन्छ;
जसले राती गीतहरू दिनुहुन्छ,
११ जसले पृथ्वीका पशुहरूलाई भन्दा
हामीलाई बढ़ी सिकाउनुहुन्छ,
अनि हामीलाई आकाशका पक्षीहरूलाई
भन्दा बुद्धिमान् बनाउनुहुन्छ ?’
१२ दुष्टहरूको अहङ्कारको कारण
मानिसहरूले पुकार गर्दा उहाँले जवाफ
दिनुहुन्न ।
१३ निश्चय, परमेश्वरले तिनीहरूको खोक्रो
बिन्ती सुन्नुहुन्न;
सर्वशक्तिमान्ले त्यसमा ध्यानै दिनुहुन्न ।
१४ त्यसोभए उहाँले झन् कति थोरै सुन्नुहुन्छ;
जब तपाईं उहाँलाई देख्दिनँ भन्नुहुन्छ,
कि तपाईंको मुद्दा उहाँको सामुन्ने छ,
र तपाईंले उहाँलाई पर्खनुपर्छ,
१५ अनि अझ बढ़ी, कि उहाँको रीसले कहिल्यै
दण्ड़ दिँदैन,
र उहाँले दुष्टतातिर पटक्कै ध्यान
दिनुहुन्न ।
१६ यसकारण अय्यूबले रित्तो कुरा लिएर
आफ्नो मुख खोल्नुहुन्छ;
ज्ञानविनै उहाँ धेरै बोल्नुहुन्छ ।”

## परमेश्वरको महानतालाई एलीहूको प्रशंसा

३६ एलीहू बोल्दै गए:
२“मसित अझ केही बेर धैर्य धारण
गर्नुहोस्,
र म तपाईंलाई देखाउनेछु कि
परमेश्वरको पक्षमा अझ धेरै भन्नुछ ।
३ म आफ्नो ज्ञान टाढ़ाबाट पाउँछु;
म इन्साफको श्रेय मेरा सृष्टिकर्तालाई
दिनेछु ।
४ मेरा वचनहरू झूटा होइनन् भनी
निश्चित रहनुहोस्;
ज्ञानमा सिद्ध हुनुहुने तपाईंसित हुनुहुन्छ ।

५ “परमेश्वर शक्तिमान् हुनुहुन्छ;
तर उहाँले मानिसहरूलाई तुच्छ ठान्नुहुन्न;
उहाँ आफ्नो उद्देश्यमा शक्तिशाली र
दृढ़ हुनुहुन्छ ।
६ उहाँले दुष्टलाई जीवित राख्नुहुन्न;
तर कष्ट पाएकाहरूलाई आफ्नो अधिकार

**३५:६-८**–अय्यूब २२:२-३.

दिनुहुन्छ ।
७ उहाँले धार्मिकहरूबाट आफ्नो नजर
हटाउनुहुन्न;
उहाँले तिनीहरूलाई राजाहरूसित
सिंहासनमा राख्नुहुन्छ,
र तिनीहरूलाई सदाको निम्ति उच्च
पार्नुहुन्छ ।
८ तर मानिसहरू साङ्लामा बाँधिए;
कष्टका डोरीहरूले कसिए भने,
९ तिनीहरूले के गरेका छन् भनी उहाँले
तिनीहरूलाई भन्नुहुन्छ–
कि तिनीहरूले अहङ्कारको साथमा पाप
गरेका छन् ।
१० उहाँले तिनीहरूलाई सुधारको निम्ति सुन्न
लाउनुहुन्छ,
र तिनीहरूलाई आफ्ना दुष्टताको
निम्ति पश्चात्ताप गर्न अह्राउनुहुन्छ ।
११ यदि तिनीहरूले आज्ञा पालन गरेर उहाँको
सेवा गरे भने,
तिनीहरूले आफ्ना रहेका दिनहरू उन्नतिमा
अनि आफ्ना वर्षहरू सन्तुष्टतामा
बिताउनेछन् ।
१२ तर तिनीहरूले सुनेनन् भने,
तिनीहरू तरवारद्वारा नाश हुनेछन्
र ज्ञानविनै मर्नेछन् ।

१३ "हृदयमा ईश्वरहीनहरूले अप्रसन्नता
पालिराख्छन्;
उहाँले तिनीहरूलाई बन्धनमा राख्दा पनि
तिनीहरू सहायताको निम्ति कराउँदैनन् ।
१४ तिनीहरू आफ्ना जवानीमै मन्दिरका
पुरुष-वेश्याहरूको बीचमा मर्छन्;
१५ तर कष्ट पाएकाहरूलाई त उहाँले
तिनीहरूका कष्टबाट छुटाउनुहुन्छ;
उहाँ तिनीहरूको कष्टमा तिनीहरूसित
कुरा गर्नुहुन्छ ।

१६ "उहाँले तपाईंलाई कष्टको मुखबाट
निकालेर
रोकावट नभएको खुला ठाउँमा, मीठा
भोजनले भरिएको तपाईंको टेबुलको
आराममा प्रेमपूर्वक बोलाइरहनुभएको
छ ।
१७ तर अहिले त तपाईं दुष्टताको इन्साफले
दबिएको हुनुहुन्छ;
तपाईंलाई इन्साफ र न्यायले पक्रिराखेको
छ ।
१८ सावधान हुनुहोस् कि तपाईंलाई कसैले
पनि धन-सम्पत्तिले नलोभ्याओस्;
तपाईंलाई ठूलो घूसले अर्कोतिर
नलैजाओस् ।
१९ के तपाईंको धन अथवा तपाईंको सामर्थी
प्रयासले
तपाईंलाई छेक्न सक्छ अनि तपाईं
कष्टमा हुनुहुन्न ?
२० मानिसहरूलाई तिनीहरूका घरहरूबाट
घिस्याएर लैजानको निम्ति रातको कामना
नगर्नुहोस् ।
२१ जुन दुष्टतालाई तपाईंले कष्टभन्दा
असल मान्नुहुन्छ त्यसतिर फर्कनमा
होशियार हुनुहोस् ।

२२ "परमेश्वर शक्तिमा उच्च पारिनुभएको
छ ।
उहाँजस्तो शिक्षक को छ र ?
२३ कसले उहाँको निम्ति मार्ग निर्धारित
गरिदिएको छ,
अथवा तपाईंले त गल्ती पो गर्नुभएको
छ भनी उहाँलाई कसले भनेको छ ?
२४ मानिसहरूले भजनद्वारा उहाँको कार्यको
प्रशंसा गरेझैं,
तपाईंले पनि उहाँको कामको प्रशंसा
गाउन नभुल्नुहोस् ।
२५ सबै मानिसजातिले त्यसलाई देखेका छन्;
मानिसहरू त्यसतिर टाढ़ाबाट
हेरिरहन्छन् ।
२६ परमेश्वर कति महान् हुनुहुन्छ–
हाम्रो समझदेखि बाहिर !
उहाँका वर्षहरूको सङ्ख्या भेट्टाउन
नसकिने छ ।

२७ "उहाँले समुद्रबाट पानीको थोपा

खिच्नुहुन्छ,
र आफूले बनाउनुभएको मेघबाट झरी बर्साउनुहुन्छ ।
२८ बादलले पानी खन्याउँछ,
अनि मानिस-जातिमा प्रचुर झरी भएर बर्सिन्छ ।
२९ उहाँले कसरी बादललाई फिँजाउनुहुन्छ कसले बुझ्न सक्छ,
उहाँले आफ्नो चँदुवाबाट कसरी गर्जन पठाउनुहुन्छ ?
३० समुद्रको गहिराइलाई डुबाउँदै
उहाँले कसरी आफ्नो वरिपरि बिजुली चम्काउनुभयो, हेर्नुहोस् ।
३१ यस किसिमले उहाँले जाति-जातिहरूमाथि शासन गर्नुहुन्छ,
अनि प्रशस्त मात्रामा भोजन जुटाउनुहुन्छ ।
३२ उहाँले आफ्नो हात बिजुलीले भर्नुहुन्छ;
अनि त्यसको निशानामा प्रहार गर्ने आज्ञा दिनुहुन्छ ।
३३ उहाँको मेघ-गर्जनले आँधी आउने सूचना दिन्छ;
गाईबस्तुसमेतले त्यसको आगमनको आभास दिन्छ ।

# ३७

“आँधीबेहरीले गर्दा पनि मेरो मुटु साह्रै ढुकढुक गर्दछ,
२ सुन्नुहोस् ! उहाँको सोरको गर्जन,
उहाँको मुखबाट निस्केको गड़गड़ाहट सुन्नुहोस् ।
३ उहाँले आफ्नो बिजुली सारा स्वर्गमुनि छोड़िदिनुहुन्छ,
अनि त्यसलाई पृथ्वीको अन्तिम भागसम्म पठाइदिनुहुन्छ ।
४ त्यसपछि उहाँको गर्जनको सोर आउँछ;
उहाँ आफ्नो राजकीय आवाजमा गर्जनुहुन्छ ।
५ परमेश्वरको सोर विचित्र किसिमले गर्जन्छ;
उहाँले हाम्रो समझदेखि बाहिरका महान् कार्यहरू गर्नुहुन्छ ।
६ उहाँले हिउँलाई ‘पृथ्वीमा खस्’,
अनि वृष्टिको झरीलाई ‘सामर्थको साथ झर्’ भन्नुहुन्छ ।
७ अनि उहाँले बनाउनुभएका सबै मानिसहरूले उहाँको कामलाई जानून्,
उहाँले प्रत्येक मानिसलाई परिश्रमबाट रोक्नुहुन्छ ।
८ पशुहरू आश्रममा पस्छन्;
तिनीहरू आफ्ना ओड़ारमा बस्छन् ।
९ प्रचण्ड आँधी आफ्नो कोठाबाट फुटेर निस्कन्छ,
र कड़ा बतासबाट जाड़ो आउँछ ।
१० परमेश्वरको सासले बरफ बनाउँछ,
अनि बिस्तृत पानी जम्छ ।
११ उहाँले बादललाई पानीले लदाउनुहुन्छ,
उहाँले आफ्नो बिजुली तीबाट फिँजाउनुहुन्छ ।
१२ उहाँको आदेशमा ती उहाँले खटाउनुभए अनुसार
गर्नलाई पृथ्वीको सतहभरि हिँड्छन् ।
१३ परमेश्वरले पृथ्वीलाई भिजाउनलाई वृष्टि पठाउनुहुन्छ,
मानिसहरूलाई दण्ड दिन अथवा आफ्नो निगाह देखाउन पनि उहाँले त्यो पठाउनुहुन्छ ।

१४ “अय्यूब, यो कुरा सुन्नुहोस्;
रोकिएर परमेश्वरका आश्चर्य-कर्महरू विचार गर्नुहोस् ।
१५ परमेश्वरले बादललाई कसरी वशमा राख्नुहुन्छ;
अनि आफ्नो बिजुली कसरी चम्काउनुहुन्छ के तपाईं जान्नुहुन्छ ?
१६ बादल कसरी शान्त भएर झुण्डिरहन्छ,
ज्ञानमा सिद्ध हुनुहुनेका ती आश्चर्य-कर्महरू तपाईं जान्नुहुन्छ ?
१७ भूमि दक्षिणी बतासको प्रभावमा रहेको बेला आफ्नो लुगाभित्र न्यानो भएर रहने तपाईं,

१८ के तपाईं ढालिएको काँसाको ऐनाझैं कड़ा
आकाशलाई फिँजाउने काममा उहाँलाई
साथ दिन सक्नुहुन्छ ?

१९ "हामी उहाँलाई के भनौं भन्नुहोस्;
अन्धकारको कारण हामी आफ्नो मुद्दा
खड़ा गर्न सक्दैनौं ।
२० के उहाँलाई म बोल्न चाहन्छु भन्नुपर्छ ?
के कुनै मानिसले आफू निलिएको चाहन्छ
र ?
२१ बतासले बढ़ारेर स्वच्छ पारेको आकाशमा
भएको चहकिलो सूर्यलाई अब कसैले
पनि हेर्न सक्दैन ।
२२ उत्तरतिरबाट उहाँ सुनौलो गौरवमा
आउनुहुन्छ;
परमेश्वर भयपूर्ण महिमामा
आउनुहुन्छ ।
२३ सर्वशक्तिमान् हाम्रो शक्तिदेखि बाहिर,
अनि सामर्थमा उच्च पारिएको हुनुहुन्छ;
आफ्नो इन्साफ र महान् धार्मिकतामा
उहाँ थिचोमिचो गर्नुहुन्न ।
२४ यसकारण मानिसहरूले उहाँलाई श्रद्धा
गर्छन्,
के हृदयमा बुद्धिमान् भएका सबैलाई
उहाँले आदर गर्नुहुन्न र ?"

## परमेश्वरले अय्यूबलाई तिनको मूर्खता जनाउनुभयो

३८ तब आँधीबेहरीबाट परमप्रभुले
अय्यूबलाई जवाफ दिनुभयो ।
उहाँले भन्नुभयो:

२ "ज्ञानहीन शब्दहरूले मेरो सल्लाहलाई
धमिल्याउने यो को हो ?
३ तेरो कम्मर कसेर मर्दझैं खड़ा हो,
म तँलाई प्रश्न गर्छु अनि तैंले मलाई
जवाफ दे ।

४ "मैले पृथ्वीको जग बसाल्दा तँ कहाँ
थिइस् ?
तैंले बुझेकोछस् भने मलाई भन् ।
५ लमाइ-चौड़ाइको नाप कसले गऱ्यो ?
तँलाई त पक्का थाहा होला !
त्यसको वारपार नाप्ने डोरी कसले
लगायो ?
६ त्यसलाई केमाथि अडचाइयो
अथवा त्यसको कुने ढुङ्गा कसले राख्यो–
७ जब बिहानको ताराहरूले एकसाथ गाए
अनि सारा दूतगण आनन्दले कराए ?

८ "समुद्र गर्भबाट फुटिनिस्कँदा त्यसलाई
ढोकाहरू पछाडि कसले थुनिदियो ?
९ जब मैले बादललाई त्यसको वस्त्र बनाएर
त्यसलाई बाक्लो अन्धकारले बेरिदिएँ,
१० जब मैले त्यसको सिमाना तोकिदिएँ
अनि त्यसका ढोकाहरू र बारहरू ठीक
ठाउँमा राखें,
११ जब मैले भनें, 'तँ यहाँसम्म आउन सक्छस्
अनि यसभन्दा बढ़ी होइन;
तेरा अहङ्कारी छालहरू यहीं अडिनुपर्छ ?'

१२ "के तैंले कहिल्यै बिहानलाई हुकुम
गरेको छस्,
अथवा उषालाई त्यसको ठाउँ देखाएको
छस्,
१३ कि त्यसले पृथ्वीलाई किनारहरूमा पक्रेर
दुष्टहरूलाई हल्लाएर बाहिर
फ्याँकिदेओस् ?
१४ टाँचाको मुनी माटोले झैं पृथ्वीले आकृति
लिन्छ;
त्यसका आकार लुगाझैं खड़ा हुन्छन् ।
१५ दुष्टलाई ज्योति दिइँदैन,
अनि तिनीहरूका उठेका हातहरू
भाँचिन्छन् ।

१६ "के तँ समुद्रको मुहानमा यात्रा गरेको छस्,
अथवा गहिरो सागरको पींधमा हिँड़ेको
छस् ?

---

**३८:८–११**–यर्मिया ५:२२.

१७ के मृत्युका मूलढ़ोकाहरू तँलाई देखाइएका
छन् ?
के तैंले मृत्युको छायाका मूलढ़ोकाहरू
देखेको छस् ?
१८ के तैंले पृथ्वीको विशाल फैलावटलाई
थाहा गरेको छस् ?
यदि तँलाई यी सबै थाहा भए मलाई
भन् ।

१९ "ज्योति बस्ने ठाउँ कहाँ छ ?
अनि अन्धकार कहाँ बस्छ ?
२० के तैंले तिनीहरूलाई तिनीहरूका
ठाउँहरूमा लैजान सक्छस् ?
के तँलाई तिनीहरूका वासस्थानहरूको
बाटो थाहा छ ?
२१ तँलाई पक्का थाहा छ, किनकि तँ त
पहिल्यै जन्मिसकेको थिइस् नी !
तँ कति धेरै बाँचेको छस् !

२२ "के तँ हिऊँ थुपारेको ठाउँमा पसेको
छस्,
अथवा असिना थुपारेको ठाउँ तैंले देखेको
छस्;
२३ जुन मैले विपत्तिको समयको निम्ति
युद्ध र लड़ाइँको निम्ति थुपारिराखेको
छु ?
२४ कुन बाटोहरूदेखि बिजुली यताउता फैलिन्छ,
अथवा पूर्वीय बतास पृथ्वीमा चारैतिर
उड़ाइन्छ ?
२५ महावृष्टिको निम्ति कसले नहर खनेको
छ ?
अनि गडयाङगुडुङको निम्ति बाटो कसले
तयार गरेको छ ?
२६ कुनै मानिस नबसेको जमिन,
कोही नभएको मरुभूमि भिजाउनलाई,
२७ एउटा उजाड़-भूमिलाई तृप्त गराउनलाई
अनि त्यसमा घाँस उमार्नलाई ?
२८ के वृष्टिको कुनै बाबु छ ?
शीतको थोपाको बाबु को हो ?
२९ कसको गर्भबाट बरफ निस्कन्छ ?
आकाशबाट खस्ने तुसारोलाई कसले
जन्माउँछ,
३० कहिले पानी ढुङ्गाझैँ कड़ा हुन्छ
र गहिरो समुद्रको सतह कक्रिन्छ ?

३१ "के तँ सुन्दर किर्किटी तारालाई बाँध्न
सक्छस् ?
अथवा के तँ मृगशिराको पुञ्जलाई
खोल्न सक्छस् ?
३२ के तैंले तारामण्डललाई तिनीहरूका
ऋतुहरूमा निकाल्न सक्छस्,
अथवा सप्तर्षि-तारा र त्यसका दललाई
डोऱ्याउन सक्छस् ?
३३ के तँलाई आकाशका नियमहरू थाहा
छ ?
के तैंले परमेश्वरको राज्य पृथ्वीमा
स्थापित गर्न सक्छस् ?

३४ "के तैंले आफ्नो सोर बादलसम्म पुऱ्याएर
आफैलाई पानीको भेलले ढाक्न सक्छस् ?
३५ के तैंले बज्रलाई त्यसको बाटोमा
पठाउँछस् ?
के तिनीहरूले 'हामी यहाँ छौं' भनी तँलाई
भन्न आउँछन् ?
३६ कसले हृदयलाई बुद्धि प्रदान गऱ्यो अथवा
मनलाई समझ दियो ?
३७ कोसित बादलहरू गन्ने बुद्धि छ ?
कसले आकाशको पानीको भाँड़ाबाट
पोखाउन सक्छ,
३८ जब धूलो कड़ा हुन्छ अनि माटोको
ढिकाहरू टाँसिन्छन् ?

३९ "के सिंहनीको निम्ति शिकार तैंले
खोजिदिन्छस् ?
अनि सिंहको भोक तैंल तृप्त पार्न
सक्छस् ?
४० जब तिनीहरू ओढ़ारमा लम्कन्छन् अथवा
झाडीमा ढुकिबस्छन् ?

---

**३८:३१**–अय्यूब ९:९; आमोस ५:८.

४१ कागका बचेराहरूले खानेकुराको
अभावमा परमेश्वरको पुकारा गर्दा,
कसले कागलाई त्यसको आहार
जुटाइदिन्छ ?

३९ "घोरलले कहिले जन्माउँछ के तँ
जान्दछस् ?
हरिणीले आफ्ना बच्चाहरू जन्माउँदा
के तैंले हेर्छस् ?
२ तिनीहरूले पेटमा बच्चा बोक्दा के
तैंले तिनीहरूका महिना गन्दछस् र ?
अथवा तिनीहरूको ब्याउने बेला तैंले
जान्दछस् ?
३ तिनीहरू निहुरेर आफ्ना बच्चा जन्माउँछन्;
तिनीहरूका प्रसव-वेदनाको अन्त हुन्छ ।
४ तिनीहरूका बच्चाहरू बाँचेर जङ्गलमा
बलिया हुन्छन्;
तिनीहरू गएपछि फर्कँदैनन् ।

५ "कसले वन-गधालाई छोड़िदियो ?
कसले त्यसका डोरीहरू खोलिदियो ?
६ मैले त्यसको घर निर्जन स्थानमा दिएँ,
त्यसको बस्ने ठाउँ खारको जग्गामा छ ।
७ शहरको खैलाबैला सुनी त्यो हाँस्छ;
अनि त्यसले हप्काउनेको आवाजको
वास्ता गर्दैन ।
८ त्यो आफ्नो खर्कको निम्ति पहाड़तिर
घुम्छ,
अनि हरियो घाँस खोज्दछ ।

९ "के जङ्गली साँढेले तेरो सेवा गर्न
मान्छ ?
के त्यसले तेरो गोठमा रात बिताउँछ
र ?
१० के तैंले त्यसमा जुवा बाँधेर जोत्न
सक्छस् ?
के त्यसले तेरो पछिल्तिर बेंसीहरू
जोत्छ ?
११ के तँ त्यसको ठूलो शक्तिमाथि भर
पर्छस् ?
के तैंले आफ्नो ठूला काम त्यसलाई
छोड़िदिनेछस् ?
१२ के तैंले आफ्नो अन्न भित्र ल्याउन
अनि तेरो खलामा जम्मा गर्न
त्यसमाथि भरोसा राख्न सक्छस् ?

१३ "शुतुरमुर्गका पखेटा आनन्दसाथ
फटफटाउँछन्,
तर तिनीहरूलाई सारसको पखेटाको
टुप्पा र प्वाँखसित तुलना गर्न सकिन्न ।
१४ त्यसले आफ्ना फूलहरू बालुवाले तातो
पारिदिओस् भनी भूइँमा नै छोड़िराख्छ ।
१५ कुनै खुट्टाले तिनीहरूलाई चूर पार्न सक्छ,
कुनै जङ्गली पशुले कुल्चन सक्छ भनी
त्यसले वास्ता गर्दैन ।
१६ त्यसले आफ्ना बच्चाहरूलाई ती आफ्ना
होइनन् भनेझैं रूखो व्यवहार गर्छ;
आफ्नो परिश्रम खेर गएकोमा त्यसले
वास्तै गर्दिन,
१७ किनकि परमेश्वरले त्यसलाई बुद्धि प्रदान
गर्नुभएन,
अथवा त्यसलाई असल विवेकको भाग
दिनुभएन ।
१८ तापनि त्यसले दगुर्नलाई आफ्नो प्वाँख
फैलाउँदा,
त्यो घोड़ा र घोड़सवारविरुद्ध हाँस्छे ।

१९ "के तँ घोड़ालाई त्यसको सामर्थ दिन्छस्
अथवा त्यसको घिच्रोमा जगर
पहिर्‍याइदिन्छस् ?
२० के तैंले त्यसलाई त्यसको अहङ्कारी
हिनहिनाइले
आतङ्कित पार्दै सलहझैं उफ्रन लाउँछस् ?
२१ त्यसले आफ्नो सामर्थमा आनन्दित हुँदै
डरलाग्दो गरी टाप बजाउँछ,
अनि युद्धको निम्ति जाइलाग्छ ।
२२ त्यो केहीसित नडराई डरविरुद्ध हाँस्छ;
त्यो तरवारदेखि डराएर भाग्दैन ।
२३ चम्कँदै गरेको भाला र बर्छाको साथमा
काँड़को ठोक्रो त्यसको छेउमा
खरखराउँछ ।
२४ उन्मत्त जोशसित त्यो कुदेर अगि बढ्छ,
तुरही फुकेको आवाज बज्दा त्यो स्थिर

बस्नसक्दैन ।
२५ तुरही बजेको सुनेर त्यसले भन्छ,
'आहा !'
अनि टाढैबाट त्यसले सेनापतिको आवाज
र लड़ाइँको ध्वनि थाहा पाउँछ ?

२६ "के बाज तेरै बुद्धिले उँड्छ;
अनि आफ्ना पखेटाहरू दक्षिणतिर
फिजाउँछ ?
२७ के चील तेरै हुकुममा उकालो उड्छ,
अनि आफ्नो गुँड़ अग्लोमा बनाउँछ ?
२८ त्यो पहरामा रहन्छ अनि राती त्यहीं बस्छ;
पहराको धाँदो त्यसको किल्ला हो,
२९ त्यहाँबाट त्यसले आफ्नो भोजन खोजेर
निकाल्छ;
त्यसका आँखाले त्यो टाढ़ैबाट
चिनिहाल्छ ।
३० त्यसका बच्चाहरूले रगतको भोज
मनाउँछन्,
अनि मारिएकाहरू जहाँ छन् त्यहीं त्यो
हुन्छ ।"

४० परमप्रभुले अय्यूबलाई भन्नुभयो:
२"के सर्वशक्तिमान्सित तर्क गर्नेले
उहाँलाई सुधार्न सक्छ ?
जसले परमेश्वरलाई दोष लाउँछ
त्यसले उहाँलाई जवाफ देओस् !"

३ तब अय्यूबले परमप्रभुलाई जवाफ दिए:

४ "म अयोग्य छु– म कसरी तपाईंलाई
जवाफ दिन सक्छु ?
म मेरो हात आफ्नो मुखमाथि राख्छु ।
५ म एकपल्ट बोलें, तर मसित कुनै जवाफ
छैन–
दोस्रोपल्ट, तर अब म केही भन्नेछैनँ ।"

६तब परमप्रभु आँधीबेहरीबाट अय्यूबसित
बोल्नुभयो:

७ "कम्मर कस्, र मर्दझैं खड़ा हो,
म तँलाई प्रश्नहरू सोध्नेछु,
र तैंले तिनको जवाफ दे ।

८ "के तँ मेरो इन्साफ रद्द गर्छस् ?
के आफैलाई ठीक ठान्नलाई तँ मलाई
दोषी ठहराउँछस् ?
९ के तँसित परमेश्वरको झैं पाखुरा छ,
र के तेरो सोर उहाँको झैं गर्जन सक्छ ?
१० त्यसोभए आफैलाई महिमा र गौरवले
आभूषित पार्,
र आफैलाई सम्मान र मर्यादाको वस्त्र
पहिराइदे ।
११ तेरो रीसको झोंक पोखाइदे,
प्रत्येक अहङ्कारी मानिसलाई हेरेर त्यसलाई
नम्र तुल्या,
१२ प्रत्येक अहङ्कारी मानिसलाई हेरेर त्यसलाई
नम्र बनाइदे,
दुष्टलाई त्यो उभिएकै ठाउँमा चकनाचूर
पारिदे ।
१३ तिनीहरूलाई एकैसाथ गाड़िदे;
तिनीहरूका अनुहारहरू चिहानमा कात्रोले
छोपिदे ।
१४ तब तेरो आफ्नै दाहिने हातले तँलाई
बचाउन सक्छ भनी म आफै तँसित
स्वीकार गर्नेछु ।

१५ "मैले तँसितै बनाएको पानी-हात्तीलाई
हेर्,
जसले गोरुले झैं घाँस खान्छ ।
१६ त्यसको कम्मरमा कत्रो शक्ति छ,
त्यसको पेटका मांसपेशीहरूमा कत्रो
सामर्थ छ !
१७ त्यसको पुच्छर देवदारुझैं हल्लन्छ;
त्यसका फिलाका मांसपेशीहरू छेउ-
छेउमै बुनिएका छन् ।
१८ त्यसका हड्डीहरू काँसाका नलीहरू हुन्,
त्यसका अङ्गहरू फलामका छड़ीझैं हुन् ।
१९ त्यो परमेश्वरको सृष्टिमा पहिलो दर्जामा
आउँछ,

**३९:३०**–मत्ती २४:२८; लूका १७:३७.

र पनि त्यसलाई बनाउनुहुनेले आफ्नो
तरवार लिएर त्यसलाई भेट्न सक्नुहुन्छ ।
२० डाँड़ाहरूले त्यसकहाँ आफ्नो उब्जनी
ल्याउँछन्,
र वन-पशुहरू छेउछाउतिरै खेल्छन् ।
२१ कमलको बोटमुनि त्यो ढल्कन्छ,
सिमसारका निगालोहरूमा लुकेर बस्छ ।
२२ कमलहरूले त्यसलाई आफ्ना छायामा
लुकाउँछन्;
खोलाको किनारका पहाड़ी पीपलहरूले
त्यसलाई घेरेर राख्छन् ।
२३ नदी उर्लेर आउँदा त्यो डराउँदैन;
यर्दनको तरङ्ग त्यसको मुखैमा आए तापनि
त्यो सुरक्षित रहन्छ ।
२४ के कसैले त्यसको आँखा समातेर त्यसलाई
पक्रन सक्छ,
अथवा पासोमा पारेर त्यसको नाक छेड्न
सक्छ ?

४१ "के तैंले लेब्याथानलाई माछाको
बल्छीले तान्न सक्छस्,
अथवा त्यसको जिब्रोलाई डोरीले कस्न
सक्छस् ?
२ के तैंले त्यसको नाकमा डोरी छिराउन
सक्छस;
अथवा त्यसको चिउँड़ोलाई बल्छीले छेड्न
सक्छस् ?
३ के त्यसले तँसित दयाको भिक्षा
मागिरहनेछ ?
के त्यो तँसित मृदु भाषामा बोल्नेछ ?
४ तेरो जीवनभरि नै तेरो कमारा हुनलाई
के त्यसले तँसित बाचा बाँध्छ र ?
५ के तैंले त्यसलाई चरालाई झैं पाल्न
सक्छस;
अथवा आफ्ना कमारीहरूको निम्ति
डोरीले बाँधेर राख्न सक्छस् ?
६ के व्यापारीहरूले त्यसलाई केहीसित
साट्नेछन् ?
के तिनीहरूले त्यसलाई पसलेहरूबीच
भाग गर्नेछन् ?
७ के तैंले त्यसको छालाभरि अङ्कुसे लाउन
सक्छस्
अथवा त्यसको शिरलाई माछा मार्ने
भालाले रोप्न सक्छस् ?
८ तैंले त्यसमाथि हात लगाइस् भने;
तैंले त्यो सङ्घर्ष थाहा पाएर त्यो काम
फेरि गर्ने छैनस् !
९ त्यसलाई वशमा पार्ने कुनै पनि आशा
झूटा हो;
त्यसलाई देख्नु नै पराजय हो ।
१० त्यसलाई उस्काउने साहस कसैसित छैन,
त्यसोभए मेरो विरुद्धमा को खड़ा हुन
सक्छ ?
११ मैले तिर्नुपर्छ भनेर मेरो विरुद्धमा कसको
दाबी छ ?
स्वर्गमुनि भएका हरेक कुरा मेरै हुन् ।

१२ "म त्यसका अङ्गहरू, त्यसको बल
र त्यसको मनोहर आकृतिको विषयमा
बोल्न छोड्नेछैनँ ।
१३ कसले त्यसको बाहिरी पोशाक खोल्न
सक्छ ?
लगाम लिएर को त्यसको सामुन्ने
जान सक्छ ?
१४ त्यसका डरलाग्दा दाँतहरूको चारैतिर
भएका
त्यसको मुख खोल्ने आँट कसले गर्छ ?
१५ त्यसका पीठहरू ढालहरूको लस्करहरू
जस्तै
एकसाथ बाँधिएर बसेका छन्;
१६ एउटा अर्कोसित यति नजीक छ कि
त्यसको बीचबाट भएर हावा पनि छिर्न
सक्दैन ।
१७ ती आपसमा कस्सिएर जोरिएका छन्;
ती छुटाउन नसकिने गरी टाँसिएका
छन् ।

**४१:१**–भजनसंग्रह ७४:१४; १०४:२६; यशैया २७:१.

१८ त्यसले नाक बजाउँदा ज्योति चम्कन्छ;
त्यसका आँखाहरू उषाका किरणहरूजस्तै
छन् ।
१९ त्यसको मुखबाट अगुल्टो निस्कन्छ;
आगोका झिल्काहरू वाणझैँ निस्कन्छन् ।
२० डडेलोमाथिको उम्लेको भाँड़ाबाट झैँ;
त्यसको नाकका प्वालहरूबाट धूवाँ
निस्कन्छ ।
२१ त्यसको सासले कोइला जलाइदिन्छ,
अनि त्यसको मुखबाट ज्वाला निस्कन्छ ।
२२ त्यसको घिच्रोमा शक्ति बस्छ;
त्यसको सामुन्ने आश्चर्य देखा पर्छ ।
२३ त्यसको मासु कस्सिएर पत्रैपत्रा परेको छ;
ती सुदृढ़ र नहल्लिने छन् ।
२४ त्यसको छाती पहराझैँ कड़ा,
जाँतोको तल्लोभागझैँ कड़ा छ ।
२५ त्यो जुरूक्क उठ्दा शक्तिशालीहरू
डराउँछन्;
त्यसले पिट्नुअघि नै तिनीहरू पछि
हट्छन् ।
२६ त्यसतिर लम्किएको तरवारको कुनै
असर हुँदैन,
नता भाला अथवा तीर अथवा बर्छा नै ।
२७ फलामलाई त्यसले परालसमान मान्छ,
र काँसालाई कुहेको काठझैँ ।
२८ तीरले त्यसलाई भगाउँदैन;
घुयेँत्रोको ढुङ्गाहरू त त्यसको लागि भूसझैँ
हुन् ।
२९ मुङ्ग्रो त्यसलाई परालको टुक्राझैँ लाग्छ;
भाला झनझनाउँदा त्यो हाँस्छ ।
३० त्यसका नङ्ग्रा तिखा-तिखा खपटाजस्तै
छन्,
त्यो हिँड्दा हिलोलाई दाउने दाँदेझैँ
यताउता घोल्छ ।
३१ त्यसले गहिरो पानीलाई कराहीको
पानीजस्तै उमाल्छ,
र भाँडामा मलहम घोलेझैँ त्यसले
समुद्रलाई घोल्छ ।
३२ त्यसले आफूपछि पानीमा चम्किलो
डाम छोड्छ;
जसद्वारा कसैले सागरको सेतो केश छ
भनी ठान्छ ।
३३ पृथ्वीमा त्यसको बराबरी कोही छैन,
किनकि त्यो त डरविनाको प्राणी हो ।
३४ त्यसले अभिमानीहरूलाई केही ठान्दैन;
त्यो त सबै घमण्डीहरूको राजा हो ।"

### अय्यूबको पश्चात्ताप

४२ तब अय्यूबले परमप्रभुलाई जवाफ
दिए:
२ "तपाईंले सबै कुरा गर्न सक्नुहुन्छ
भनी म जान्दछु;
तपाईंको कुनै योजना पनि निष्फल पार्न
सकिन्न ।
३ तपाईंले 'मेरो सल्लाहलाई ज्ञानविना
धमिल्याउने को हो ?' भनी सोध्नुभयो ।
निश्चय मैले नबुझेको कुराहरू,
जान्नलाई अति अचम्मका कुराहरू मैले
बोलें ।
४ "तपाईंले भन्नुभयो, 'अब सुन्, अनि म
बोल्नेछु;
म तँलाई सोध्नेछु,
र तैंले मलाई जवाफ दिनेछस् ।'
५ मेरा कानहरूले तपाईंका कुराहरू सुनेका
थिए,
तर अब मेरा आँखाले तपाईंलाई
देखेका छन् ।
६ यसकारण म आफैलाई तुच्छ ठान्छु
अनि धूलो र खरानीमा पश्चाताप गर्छु ।"

### उपसंहार

७परमप्रभुले यी कुराहरू अय्यूबलाई
भनिसकेपछि उहाँले एलीपज तेमानीलाई
भन्नुभयो, "तिमीहरूले मेरो दास अय्यूबले
बोलेझैँ मेरो विषयमा जे ठीक छ त्यो नबोलेकोले

**४२:३**–अय्यूब ३८:२. **४२:४**–अय्यूब ३८:३.

म तँसित अनि तेरा दुई मित्रहरूसित क्रोधित
छु । **८**यसकारण अब सातओटा साँढ़े गोरुहरू
र सातओटा साँढ़े भेड़ाहरू लिएर मेरो दास
अय्यूबकहाँ जाओ र आफ्नै निम्ति होमबलि
चढ़ाओ । मेरो दास अय्यूबले तिमीहरूको निम्ति
प्रार्थना चढ़ाउनेछ र म त्यसको प्रार्थना ग्रहण
गरेर तिमीहरूको मूर्खताअनुसार तिमीहरूसित
व्यवहार गर्नेछैनँ । तिमीहरूले मेरो विषयमा जे
ठीक छ, त्यो मेरो दास अय्यूबले भनेझैँ भनेका
छैनौ ।" **९**यसकारण एलीपज तेमानी, बिल्दद
शुही र सोपर नमातीले तिनीहरूलाई परमप्रभुले
भन्नुभएझैँ गरे अनि परमप्रभुले अय्यूबको
प्रार्थनाको जवाफ दिनुभयो ।

**१०**अय्यूबले आफ्ना मित्रहरूको निम्ति प्रार्थना
गरिसकेपछि परमप्रभुले तिनको फेरि उन्नति
गरिदिनुभयो अनि तिनलाई तिनीसित अघि भएका
भन्दा दोब्बर दिनुभयो । **११**तिनलाई पहिले चिन्ने
हरेक तिनका सबै दाज्यूभाइ, दिदीबहिनीहरू
आए अनि तिनको घरमा तिनीसित खानपान
गरे । तिनीहरूले परमप्रभुले तिनीमाथि
ल्याउनुभएका सबै विपत्तिहरूको निम्ति तिनलाई
समवेदना र सान्त्वना दिए, अनि हरेकले तिनलाई
एक टुक्रा चाँदी र एउटा सुनको औँठी दियो ।

**१२**परमप्रभुले अय्यूबको जीवनको आखिरी
भागलाई पहिलेको भन्दा बढ़ी आशिष् दिनुभयो,
तिनका चौध हजार भेडाबाखाहरू, छ हजार
ऊँटहरू, एक हजार हल गोरुहरू र एक हजार
गधाहरू थिए । **१३**अनि तिनका सात छोराहरू
र तीन छोरीहरू थिए । **१४**तिनले जेठी छोरीको
नाउँ यामीमा, माइलीको कसीआ र कान्छीको
केरेन-हप्पूक थियो । **१५**देशभरिमा अय्यूबका
छोरीहरूझैँ सुन्दरी स्त्रीहरू अरू कोही
थिएनन्, अनि तिनीहरूका पिताले तिनीहरूलाई
तिनीहरूका दाज्यूभाइहरूसरह पैतृक-सम्पत्ति
दिए ।

**१६**त्यसपछि अय्यूब एक सय चालीस
वर्षसम्म बाँचे । तिनले आफ्ना छोराहरू र
चार पुस्ता अनि खनातिसम्म देखे । **१७**अनि
यसरी तिनी वृद्ध भएर पूरा उमेरसम्म दीर्घायु
भएर मरे ।

---

**४२:१०**–अय्यूब १:१-३.

# भजनसंग्रह

## पहिलो खण्ड

भजन १-४१

### भजन १
*साँचो आनन्दको सिद्ध मार्ग*

१ धन्य हो त्यो मानिस,
जो दुष्टहरूको सल्लाहमा हिँड्दैन,
जो पापीहरूका मार्गमा खड़ा हुँदैन,
जो गिल्ला गर्नेहरूका बैठकमा
बस्दैन ।
२ तर परमप्रभुको व्यवस्थामा नै त्यो
प्रसन्न रहन्छ,
र दिनरात त्यसले उहाँकै व्यवस्थामा नै
ध्यान दिन्छ ।
३ खोलाको किनारमा रोपेको बोटजस्तै त्यो
हुन्छ,
जसले आफ्नो ऋतुमा फल दिन्छ,
अनि जसको पात कहिल्यै ओइलाउँदैन,
त्यसले जे गर्छ,
त्यसमा त्यो सफल हुन्छ ।

४ दुष्टहरू त्यस्ता हुँदैनन् !
तर बतासले उड़ाई लैजाने भुसजस्तै ती
हुन्छन् ।
५ यसकारण दुष्टहरू इन्साफको दिनमा
खड़ा रहनेछैनन्,
नता पापीहरूले धर्मीहरूको सभामा
स्थान पाउनेछन् ।

६ किनकि परमप्रभुले धर्मीहरूको मार्गको
रक्षा गर्नुहुन्छ,
तर दुष्टहरूका मार्ग नष्ट हुनेछ ।

### भजन २
*परमप्रभुले अभिषेक गर्नुभएको राजा*

१ जाति-जातिहरू किन षड्यन्त्र रच्छन्,
र मानिसहरू किन व्यर्थमा जाल रच्छन् ?
२ परमप्रभु र उहाँका अभिषिक्त जनको
विरुद्धमा
पृथ्वीका राजाहरू खड़ा हुन्छन्,
र शासकहरू आपसमा सल्लाह गर्छन् ।
३ तिनीहरू भन्छन्, "लौ, हामी तिनीहरूका
साङ्लाहरू छिनालौं,
र उनीहरूका बन्धनहरू फुकाऔं ।"

४ स्वर्गमा विराजमान हुनुहुनेचाहिँ
हाँस्नुहुन्छ;
परमप्रभुले तिनीहरूको उपहास गर्नुहुन्छ ।
५ तब आफ्नो क्रोधमा उहाँले तिनीहरूलाई
हप्काउनुहुनेछ,
र आफ्ना बल्दो रीसमा तिनीहरूलाई
यसो भन्दै त्रस्त पार्नुहुनेछ,
६ "मैले आफ्नो पवित्र पर्वत– सियोनमा,
मेरो आफ्नो राजालाई नियुक्त गरेको छु ।"

७ म परमप्रभुको आदेश घोषणा गर्नेछु:
उहाँले मलाई भन्नुभयो, "तिमी मेरा पुत्र
हौ,
आज मैले तिमीलाई जन्माएको छु ।
८ मसँग माग र म जाति-जातिहरूलाई
तिम्रो उत्तराधिकार तुल्याइदिनेछु,
र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति
तुल्याइदिनेछु ।
९ फलामको राजदण्डले तिमीले
तिनीहरूमाथि शासन गर्नेछौ;
र कुमालेको भाँड़ालाई झैं तिमीले
तिनीहरूलाई चकनाचूर पार्नेछौ ।"

---

**१:३**–यर्मिया १७:८. **२:१-२**–प्रेरित ४:२५-२६. **२:७**–प्रेरित १३:३३; हिब्रू १:५; ५:५.
**२:९**–प्रकाश २:२६-२७; १२:५; १९:१५.

१० यसकारण, हे राजा हो बुद्धिमान् होओ;
पृथ्वीका शासक हो, सचेत होओ ।
११ भय मानेर परमप्रभुको सेवा गर,
र कम्पनसाथ आनन्द मनाओ ।
१२ पुत्रलाई चुम्बन गर, नत्रता उहाँ
रिसाउनुहुनेछ र बाटैमा तिमी नष्ट
हुनेछौ,
किनकि उहाँको क्रोध चाँड़ै दन्कन्छ ।
ती सबै धन्य हुन्, जो उहाँको शरण
पर्दछन् ।

## भजन ३

***सहायताको निम्ति बिहानको प्रार्थना***

आफ्नो छोरो अबशालोमदेखि भाग्दा दाऊदको भजन

१ हे परमप्रभु, मेरा शत्रुहरू कति धेरै छन् !
मेरो विरुद्धमा धेरै जना खड़ा भएका छन् !
२ धेरैले मेरो विषयमा यसो भन्दैछन्,
"परमेश्वरले त्यसलाई सहायता
गर्नहुनेछैन ।" *सेला*

३ तर हे परमप्रभु, तपाईं मेरो वरिपरि एक
ढाल हुनुहुन्छ,
तपाईं मेरो गौरव र मेरो शिर उच्च
परिदिने हुनुहुन्छ ।
४ म ठूलो सोरले परमप्रभुलाई पुकार गर्दछु,
र उहाँले आफ्नो पवित्र पर्वतबाट
मलाई जवाफ दिनुहुन्छ । *सेला*

५ म पल्टन्छु र निदाइहाल्छु;
र फेरि बिउँझन्छु, किनकि
परमप्रभुले नै मलाई सम्हाल्नुहुन्छ ।
६ मेरो विरुद्धमा मेरा चारैतिर घेरा हाल्ने
दशौं हजार शत्रुहरूसँग पनि म
डराउनेछैनँ ।

७ हे परमप्रभु, उठ्नुहोस् !
हे मेरा परमेश्वर, मलाई बचाउनुहोस् !
मेरा सबै शत्रुहरूका गालामा चड्काउनुहोस्;
दुष्टहरूका दाँत भाँचिदिनुहोस् ।
८ छुटकारा परमप्रभुबाट आउँछ,
तपाईंको आशीर्वाद तपाईंका प्रजामाथि
रहोस् ! *सेला*

## भजन ४

***सहायताको निम्ति साँझको प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– तार-वाद्यमा
दाऊदको भजन

१ हे धार्मिक परमेश्वर, मेरो रक्षक,
मैले पुकार गर्दा मलाई जवाफ दिनुहोस् ।
सङ्कष्टमा पर्दा मलाई आश्रय दिनुहोस्;
ममाथि अनुग्रह गर्नुहोस् र मेरो प्रार्थना
सुन्नुहोस् ।

२ हे मानिस हो, तिमीहरू मेरो महिमालाई
कहिलेसम्म लाजमा परिवर्तन गर्नेछौ ?
कहिलेसम्म तिमीहरू व्यर्थका कुराहरू
रुचाउनेछौ, र असत्य देवताहरूको पछि
लाग्नेछौ ? *सेला*
३ तिमीहरूलाई थाहा होस्, परमप्रभुले
भक्तजनलाई आफ्नो निम्ति
छुट्ट्याउनुभएको छ ।
मैले पुकार गर्दा परमप्रभुले सुन्नुहुनेछ ।

४ रीसमा पर्दा पाप नगर ।
ओछ्यानमा लेट्दा आ-आफ्नो हृदयभित्र
खोजी गर र शान्त रहो । *सेला*
५ उचित बलिदानहरू चढ़ाओ,
र परमप्रभुमा भरोसा राख ।

६ धेरैले सोध्दैछन्, "हामीलाई कसले केही
असल कुरा देखाउन सक्छ ?"
हे परमप्रभु, तपाईंका मुहारको ज्योति
हामीमाथि प्रकाशित गर्नुहोस् ।
७ तिनीहरूका अन्न र नयाँ दाखमद्यको
प्रशस्ततामा हुने आनन्दभन्दा बढ़ी
आनन्दले तपाईंले मेरो हृदय
भरिदिनुभएको छ ।
८ म शान्तिसित पल्टिनेछु र निदाउनेछु,
किनकि हे परमप्रभु, तपाईंले मात्र मलाई
सुरक्षित राख्नुहुन्छ ।

---

**३ शीर्षक**–२ शमूएल १५:१३-१७:२२. **४:४**–एफिसी ४:२६.

## भजन ५

***सुरक्षाको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– बाँसुरीको साथमा गाउने दाऊदको भजन

१ हे परमप्रभु, मेरा वचनहरूमा कान
थाप्नुहोस्,
र मेरा सुस्केरामा ध्यान दिनुहोस् !
२ हे मेरा राजा, हे मेरा परमेश्वर,
मेरो दुहाई सुनिदिनुहोस्,
किनकि तपाईंमा नै म प्रार्थना गर्दछु ।
३ हे परमप्रभु, बिहानै तपाईंले मेरो सोर
सुन्नुहुन्छ;
सबेरै तपाईंको अगि मेरो प्रार्थना राख्दछु,
र आशा राखी पर्खन्छु ।

४ तपाईं दुष्टतामा प्रसन्न हुने परमेश्वर
हुनुहुन्न;
खराबी तपाईंमा वास गर्न सक्दैन ।
५ घमण्डी मानिस तपाईंको सामु टिक्नै सक्दैन;
दुष्ट काम गर्नेहरू सबैलाई तपाईं घृणा
गर्नुहुन्छ ।
६ झूट बोल्नेहरूलाई तपाईं नष्ट पार्नुहुन्छ,
रक्तपात गर्ने र छली मानिसहरूसित
परमप्रभु घीन मान्नुहुन्छ ।

७ तर मचाहिँ तपाईंको महान् अनुग्रहद्वारा,
म तपाईंको भवनभित्र पस्नेछु,
तपाईंको पवित्र मन्दिरतिर म श्रद्धासाथ
दण्डवत् गर्नेछु ।
८ हे परमप्रभु, मेरा शत्रुहरूका
कारणले गर्दा तपाईंको धार्मिकतामा
मलाई डोर्‍याउनुहोस्,
तपाईंको मार्ग मेरो सामुन्ने सोझो
पारिदिनुहोस् ।

९ तिनीहरूका मुखमा सत्यता छैन,
अनि तिनीहरूको हृदय दुष्टताले
भरिएको छ ।
तिनीहरूको घोक्रो खुला चिहानसमान छ;
अनि आफ्नो जिब्रोले तिनीहरू छलका
कुरा बोल्छन् ।
१० हे परमेश्वर, तिनीहरूलाई दोषी
ठहराउनुहोस् !
आफ्नै जाल तिनीहरूका पतनको कारण
होस् ।
तिनीहरूका अनेक अपराधको कारण
तिनीहरूलाई त्यागिदिनुहोस् ।
किनकि तिनीहरूले तपाईंका विरुद्धमा
विद्रोह गरेका छन् ।
११ तर तपाईंमा शरण लिनेहरूचाहिँ रमाऊन्;
र तिनीहरू आनन्दले गीत गाऊन् ।
तपाईंले नै तिनीहरूको रक्षा गर्नुहोस्,
र तपाईंको नाउँलाई प्रेम गर्नेहरू
तपाईंमा आनन्दित होऊन् ।
१२ किनकि, हे परमप्रभु, तपाईंले
धर्मीहरूलाई आशीर्वाद दिनुहुन्छ;
ढालले रक्षा गरेझैं आफ्नो कृपा-दृष्टिले
घेरिराख्नुहुन्छ ।

## भजन ६

***सङ्कष्टमा कृपाको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– तार-वाद्यमा शिमिनिथअनुसार दाऊदको भजन

१ हे परमप्रभु, तपाईंको क्रोधमा मलाई
नहप्काउनुहोस्,
नता आफ्नो रीसमा मलाई ताड़ना नै
दिनुहोस् ।
२ ममाथि अनुग्रही हुनुहोस्, हे परमप्रभु,
किनकि, म दुर्बल भएको छु;
हे परमप्रभु, मलाई निको पार्नुहोस्,
किनकि मेरा हाड़हरूमा पीड़ा छ ।
३ मेरो प्राण पनि साह्रै बेचैनीमा छ,
कहिलेसम्म, हे परमप्रभु, कहिलेसम्म पर्खनु ?

४ मतिर फर्कनुहोस्, हे परमप्रभु, मेरो
उद्धार गर्नुहोस्,
तपाईंको अचूक प्रेमको कारणले गर्दा
मलाई बचाउनुहोस् ।
५ मरेपछि कसैले तपाईंको सम्झना गर्दैन,

---

**५:९** –रोमी ३:१३. **६:१** –भजनसंग्रह ३८:१.

पातालमा कसले तपाईंको प्रशंसा गर्न
सक्छ र ?
६ कष्टमा विलाप गर्दा-गर्दा म थाकिसकेको छु;
रातभरि म रोएर मेरो ओछ्यान भिजाउँछु ।
७ शोकले गर्दा मेरा आँखा कमजोर भएका छन्;
मेरा वैरीहरूले गर्दा ती कमजोर भएका
छन् ।

८ हे सबै कुकर्मीहरू हो, मबाट पर हट,
किनकि परमप्रभुले म रोएको सुन्नुभएको
छ ।
९ कृपाको निम्ति मेरो पुकार
परमप्रभुले सुन्नुभएको छ;
परमप्रभुले मेरो प्रार्थना ग्रहण गर्नुहुन्छ ।
१० मेरा सारा शत्रु लज्जित हुनेछन् र ज्यादै
डराउनेछन् ।
र पलभरमा लज्जित भएर पछि हट्नेछन् ।

## भजन ७

### *न्यायको निम्ति प्रार्थना*

बेन्यामीनी कूशको बारेमा दाऊदले परमप्रभुको
अगि गाएको शिग्गायोन नामक भजन

१ हे परमप्रभु, मेरा परमेश्वर, म तपाईंमा
नै शरण पर्छु;
मेरो खेदो गर्नेहरूबाट मलाई
बचाउनुहोस् र छुटकारा दिनुहोस्,
२ नत्रता, सिंहले झैँ तिनीहरूले मलाई
फहराउनेछन्,
मेरो उद्धार गर्ने कोही नहुँदा तिनीहरूले
मलाई टुक्रा-टुक्रा पार्नेछन् ।

३ हे परमप्रभु, मेरा परमेश्वर,
यदि मेरा हातबाट केही अधर्म भएको छ
भने–
४ यदि मसित मेल राख्ने मित्रलाई
मैले खराबी गरेको छु भने,
अनि विनाकारण मेरो शत्रुबाट केही
लुटेको छु भने–
यदि मैले यसो गरेको भए,
५ मेरो शत्रुले खेदेर मलाई पक्रोस्;
मेरो प्राणलाई कुल्चेर भूइँमा फालोस्,
र मलाई धूलोमा सुत्न लाओस् । *सेला*
६ हे परमप्रभु, तपाईंको रीसमा उठ्नुहोस्;
मेरा शत्रुहरूको क्रोधको विरुद्धमा खड़ा
हुनुहोस्,
हे मेरा परमेश्वर; उठ्नुहोस् र इन्साफ
गर्नुहोस् ।
७ जाति-जातिहरू तपाईंको वरिपरि एकत्र होऊन्,
र उच्च स्थानबाट तिनीहरूमाथि शासन
गर्नुहोस्;
८ परमप्रभुले जाति-जातिको इन्साफ गरून्,
हे परमप्रभु, मेरो धार्मिकताअनुसार
मेरो इन्साफ,
र मेरो ईमान्दारीपनाअनुसार मेरो न्याय
गर्नुहोस्, हे सर्वोच्च परमेश्वर !
९ हे धार्मिक परमेश्वर, जसले मानव हृदय
र मन जाँच्नुहुन्छ,
दुष्टहरूको उपद्रवको अन्त्य गर्नुहोस्
अनि धर्मीहरूलाई स्थिर गराउनुहोस् ।

१० सर्वोच्च परमेश्वर मेरो ढाल हुनुहुन्छ,
उहाँले सोझो हृदय भएकाहरूलाई
बचाउनुहुन्छ ।
११ परमेश्वर धार्मिक न्यायकर्ता हुनुहुन्छ
प्रतिदिन उहाँले आफ्नो क्रोध प्रकट
गर्नुहुन्छ ।
१२ यदि मानिसले पश्चात्ताप गरेन भनेता,
उहाँले आफ्नो तरवारमा शान लाउनुहुनेछ;
उहाँले आफ्नो धनुमा ताँदो चढ़ाउनुहुनेछ ।
१३ उहाँले आफ्ना प्राणघातक हातहतियार
तयार पार्नुभएको छ;
उहाँले आफ्ना काँड़हरूलाई अग्निबाण
तुल्याउनुहुन्छ ।

१४ जो अधर्मले परिपूर्ण छ, र उपद्रव गर्ने
विचार गर्छ,
त्यसले भ्रमलाई जन्म दिन्छ ।
१५ जसले माटो खनेर खाड़ल बनाउँछ,

**६:८**–मत्ती ७:२३; लूका १३:२७. **७:९**–प्रकाश २:२३.

त्यसले खनेको खाड़लमा त्यो आफै
जाकिन्छ ।
१६ त्यसले रचेको उपद्रव त्यहीमाथि पर्दछ;
र त्यसको अत्याचार त्यसकै टाउकोमा
खनिन्छ ।

१७ उहाँका धार्मिकताको कारणले,
म परमप्रभुलाई धन्यवाद चढ़ाउनेछु,
र सर्वोच्च परमप्रभुका नाउँमा स्तुति
गाउनेछु ।

## भजन ८

***परमेश्वरको महिमा र मानिसको मर्यादा***

सङ्गीत-निर्देशकको निम्ति– गित्तितअनुसार
दाऊदको भजन

१ हे परमप्रभु, हाम्रा प्रभु,
सारा पृथ्वीभरि तपाईंको नाउँ कति
महिमित छ !
स्वर्गभन्दा उच्चमा तपाईंले आफ्नो
गौरव स्थिर गर्नुभएको छ !
२ शिशुहरू र दुधे-बालकहरूका ओठबाट
तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ,
तपाईंका वैरीहरूका कारणले,
अनि शत्रु र प्रतिपक्षीहरूलाई चूप गराउनलाई
तपाईंले यसो गर्नुभएको छ ।

३ जब म तपाईंको हातले बनाएको
आकाशलाई,
अनि तपाईंले स्थापित गर्नुभएको जून र
ताराहरूमाथि विचार गर्छु,
४ मानिस के हो र तपाईं त्यसको वास्ता
राख्नुहुन्छ ?
मानिसको छोरो के हो र तपाईं त्यसको
फ्रिक्री गर्नुहुन्छ ?
५ तपाईंले त्यसलाई स्वर्गका प्राणीहरूभन्दा
केही मात्र सानो बनाउनुभएको छ,
र त्यसलाई महिमा र आदरको मुकुट
पहिराउनुभएको छ ।
६ आफ्नो हातका कार्यहरूमाथि तपाईंले
त्यसलाई शासक बनाउनुभएको छ;
र सबै थोक त्यसका पैतालामुनि
राखिदिनुभएको छ,
७ सबै भेड़ा-बाखा र गाई-गोरुहरू,
र वनका सारा पशुहरू,
८ आकाशका पक्षीहरू र समुद्रका
माछाहरू र समुद्रभित्र पौड़ने सबै
जन्तुहरू ।

९ हे परमप्रभु, हाम्रा प्रभु,
सारा पृथ्वीभरि तपाईंको नाउँ कति
गौरवमय छ !

## भजन ९

***परमेश्वरको धार्मिक न्याय***

सङ्गीत-निर्देशकको निम्ति– 'पुत्रको मृत्यु' को
रागअनुसार दाऊदको भजन

१ हे परमप्रभु, मेरो पूरा हृदयले म
तपाईंको प्रशंसा गर्नेछु;
तपाईंका सबै आश्चर्य-कर्महरूको वर्णन
म गर्नेछु ।
२ म तपाईंमा रमाउनेछु र आनन्द मनाउनेछु;
हे सर्वोच्च परमेश्वर, तपाईंको नाउँमा
म स्तुति गाउनेछु ।
३ मेरा शत्रुहरू पिठिउँ फर्काएर भाग्छन्,
तपाईंका सामुन्ने तिनीहरू ठेस खाएर
नाश हुन्छन् ।
४ किनकि तपाईंले मेरो अधिकार र
मामिलाको रक्षा गरिदिनुभएको छ;
सिंहासनमा विराजमान भई तपाईंले
निष्पक्ष न्याय गर्नुभएको छ ।
५ तपाईंले जाति-जातिलाई हप्काउनुभएको छ,
र दुष्टहरूलाई नष्ट पार्नुभएको छ;
तपाईंले तिनीहरूका नाउँ सधैंको निम्ति
मेटिदिनुभएको छ ।

६ अनन्त विनाश शत्रुहरूमाथि आइपरेको छ,

---

**८:२**–मत्ती २१:१६. **८:४**–अय्यूब ७:१७-१८; भजनसंग्रह १४४:३; हिब्रू २:६-८. **८:६**–१ कोरिन्थी १५:२७; एफिसी १:२२; हिब्रू २:८.

तपाईंले तिनीहरूका शहरहरू
उखेल्नुभएको छ;
तिनीहरूको नाउँनिशाननै मेटिएको छ ।
७ परमप्रभुले सदाकालको निम्ति राज्य
गर्नुहुन्छ,
इन्साफको निम्ति उहाँले आफ्नो
सिंहासन स्थापित गर्नुभएको छ ।
८ उहाँले धार्मिकतासित संसारको न्याय
गर्नहुन्छ;
निष्पक्षसित उहाँले जाति-जातिहरूमाथि
शासन गर्नुहुन्छ ।
९ थिचोमिचोमा परेकाहरूका निम्ति
परमप्रभु किल्ला हुनुहुन्छ,
कष्टको समयमा उहाँ शरणस्थान
हुनुहुन्छ ।
१० तपाईंका नाउँ जान्नेहरू जतिले तपाईंमा
आफ्नो भरोसा राख्छन्,
किनकि, हे परमप्रभु, तपाईंको खोजी
गर्नेहरूलाई कहिल्यै तपाईंले
त्याग्नुभएको छैन ।

११ सियोनमा विराजमान हुनुहुने
परमप्रभुको स्तुति गाओ;
मानिसहरूका बीच उहाँका कामहरूको
घोषणा गर ।
१२ किनकि रक्तपातको बदला लिनुहुनेले
सम्झना राख्नुहुन्छ;
सङ्कष्टमा परेकाहरूको पुकारलाई उहाँले
बेवास्ता गर्नुहुन्न ।

१३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्,
हेर्नुहोस्, मलाई घृणा गर्नेहरूबाट मैले
कस्तो कष्ट भोग्नुपरेको छ ।
तपाईंले नै मलाई मृत्युको मुखबाट
छुटाउनुहोस्,
१४ अनि सियोनकी छोरीका ढोकाहरूमा म
तपाईंका सबै प्रशंसाको घोषणा गर्न सकूँ,
र त्यहाँ तपाईंले गर्नुभएको उद्धारमा म
रमाउन सकूँ ।
१५ जाति-जातिहरू आफूले खनेका खाड़लमा
आफै जाकिएका छन्;
र तिनीहरूले लुकाइराखेका जालमा
तिनीहरू आफै परेका छन् ।
१६ परमप्रभु त उहाँकै न्यायद्वारा चिनिनुहुन्छ;
आफ्नै हातका कामद्वारा दुष्टहरू
जालमा पर्दछन् । *सेला*

१७ दुष्टहरूचाहिँ पातालमै फर्केर जानेछन्
सबै जातिहरू, जसले परमेश्वरलाई
बिर्सन्छन् ।
१८ तर दरिद्रहरू सधैंको निम्ति बिर्सिइनेछैनन्,
पीडितहरूको आशा कहिल्यै चकनाचूर
हुनेछैन ।

१९ हे परमप्रभु, तपाईं उठ्नुहोस्, मानिस
विजयी हुन नपाओस्,
तपाईंको सामुन्नेमा जाति-जातिहरूको
इन्साफ गरियोस् ।
२० हे परमप्रभु, तिनीहरूलाई भयभीत
तुल्याउनुहोस्,
तिनीहरू त मानिस मात्र हुन् भनी
जाति-जातिहरूले थाहा पाऊन् । *सेला*

## भजन १०

***न्यायको निम्ति प्रार्थना***

१ हे परमप्रभु, किन तपाईं टाढ़ा उभिनुहुन्छ ?
कष्टको समयमा तपाईं किन आफैलाई
लुकाउनुहुन्छ ?
२ दुष्ट मानिसले आफ्नो अहङ्कारमा
कमजोरहरूलाई लखेट्छ ।
त्यसले रचेका योजनामा तिनीहरू फस्छन् ।
३ त्यसले आफ्नो हृदयका इच्छाहरूमा गर्व गर्छ;
अनि लोभीहरूलाई आशीर्वाद दिन्छ र
परमप्रभुलाई निन्दा गर्छ ।

४ दुष्टले आफ्नो घमण्डमा परमेश्वरको
खोजी गर्दैन;
त्यसका सबै विचारमा परमेश्वरलाई
स्थान हुँदैन ।
५ त्यसको मार्ग सधैं सफल रहन्छ;
त्यो अहङ्कारी हुन्छ र तपाईंको विधिहरू
त्यसबाट टाढ़ा हुन्छन्;
आफ्ना सबै शत्रुहरूको त्यसले उपहास

गर्दछ ।
६ त्यसले आफ्नो मनमा भन्दछ– “कुनै
कुराले मलाई विचलित पार्नेछैन;
सधैँ म आनन्दित हुनेछु र मलाई कुनै
कष्ट आइपर्नेछैन ।”
७ त्यसको मुख सराप, झूट र हप्कीले
भरिएको हुन्छ;
त्यसको जिब्रोमा उपद्रव र दुष्टता छन् ।
८ गाउँकै छेउमा त्यो ढुकिबस्छ;
आफू लुकेको ठाउँबाट त्यसले
निर्दोषहरूको हत्या गर्छ,
त्यसले दु:खीहरूलाई लुकी-लुकी चियो
गरिराखेको हुन्छ ।
९ झाडीमा पर्खेर बसिरहेको सिंहझैँ त्यो
ढुकेर बस्छ;
असहायलाई पक्रन त्यो ढुकेर बस्छ;
त्यसले असहायलाई पक्रन्छ
र आफ्नो पासोमा पारेर लैजान्छ ।
१० त्यसका शिकार चकनाचूर पारिन्छन्;
ती खड़ा रहन सक्दैनन्,
त्यसको शक्तिमुनि तिनीहरू लड़िहाल्छन् ।

११ त्यसले आफ्नो मनमा भन्दछ–
“परमेश्वरले बिर्सनुभएको छ,
उहाँले आफ्नो मुहार ढाक्नुभएको छ;
र उहाँले कहिल्यै देख्नुहुन्न ।”
१२ हे परमप्रभु, उठ्नुहोस्, हे परमेश्वर,
तपाईंको हात उठाउनुहोस्,
असहायहरूलाई नबिर्सनुहोस् ।
१३ दुष्ट मानिसले किन परमेश्वरको निन्दा
गर्छ ?
त्यसले किन आफ्नो मनमा यसो भन्छ,
“उहाँले मेरो केही लेखा राख्नुहुन्न ।”
१४ तर हे परमेश्वर, तपाईं कष्ट र पीड़ा
देख्नुहुन्छ;
तपाईंले ती आफ्नै हातमा लिनुहुन्छ,
दु:खीले आफैलाई तपाईंमा सुम्पन्छ,
अनाथको सहायक तपाईं नै हुनुहुन्छ ।
१५ दुष्ट र कुकर्मीहरूका हात भाँचिदिनुहोस्;
तिनीहरूबाट आफ्ना दुष्टताको लेखा लिनुहोस्,
नत्रता तिनका दुष्टता भेट्टाइनेछैन ।

१६ परमप्रभु सदासर्वदाको निम्ति राजा हुनुहुन्छ;
उहाँका देशबाट जाति-जातिहरू नष्ट
हुनेछन् ।
१७ हे परमप्रभु, तपाईंले कष्टमा
परेकाहरूको इच्छा सुन्नुहुन्छ;
तपाईं तिनीहरूका पुकार सुन्नुहुन्छ र
तिनीहरूलाई साहस दिनुहुन्छ,
१८ तपाईं अनाथ र थिचोमिचोमा
परेकाहरूको रक्षा गर्नुहुन्छ,
ताकि पृथ्वीको मरणशील मानिसले
आतङ्क अझै नमच्चाओस् ।

### भजन ११

***परमेश्वरमाथि भरोसा***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ परमप्रभुमा म शरण लिन्छु,
यसर्थ कसरी तिमीहरू मलाई यसो भन्न सक्छौ:
“चराझैँ आफ्नो डाँड़ामा उड़िजा,
२ किनकि हेर, दुष्टहरूले आफ्नो धनुमा ताँदो
चढ़ाउँछन्;
सोझा हृदय भएकाहरूलाई
अध्याँरोबाट काँड़ हान्नलाई तिनीहरूले
आफ्नो काँड़ ताँदोमा चढ़ाएका छन् ।
३ जब जगहरू नै नष्ट हुन्छन् भने,
धर्मी जनहरूले के गर्न सक्छन् र ?”

४ परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ,
परमप्रभु आफ्नो स्वर्गीय सिंहासनमा
विराजमान हुनुहुन्छ ।
मानिसका सन्तानलाई उहाँले नियालेर
हेर्नुहुन्छ,
उहाँले आफ्ना आँखाले तिनीहरूको जाँच
गर्नुहुन्छ ।
५ परमप्रभुले धर्मीहरूलाई जाँच गर्नुहुन्छ,
तर दुष्ट र हिंसा रुचाउनेहरूलाई उहाँले

---

**१०:७**–रोमी ३:१४.

घृणा गर्नुहुन्छ ।
६ दुष्टहरूमाथि उहाँले प्रचण्ड आगो
र बल्दो गन्धक बर्साउनुहुन्छ;
र पोल्ने हावा तिनीहरूको भागमा हुनेछ ।

७ किनकि परमप्रभु धर्मी हुनुहुन्छ,
उहाँले इन्साफलाई प्रेम गर्नुहुन्छ,
सोझा मानिसहरूले उहाँको मुहारको
दर्शन गर्नेछन् ।

## भजन १२

***दुर्जनहरूका विरुद्ध परमेश्‍वरको सहायताको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति–
शिमिनिथअनुसार दाऊदको भजन

१ हे परमप्रभु, सहायता गर्नुहोस्;
किनकि, धर्मी जन एकै जना पनि रहेन,
मानिसका बीचबाट विश्‍वासीहरू
हराइसकेका छन् ।
२ हरेकले आफ्ना छिमेकीसित झूट बोल्छन्;
तिनीहरूका चिप्ला ओठले छलका
कुरा गर्छन् ।

३ सबै चापलूसी गर्ने ओठहरूलाई र
घमण्डका कुरा गर्ने हरेक जिब्रोलाई
परमप्रभुले काटी फालिदिऊन्–
४ तिनीहरू जसले भन्छन्, “हाम्रा जिब्राले
नै हामी जित्नेछौं;
हाम्रा ओठ हाम्रै हुन्, हामीमाथि को
मालिक छ र ?”

५ परमप्रभु भन्नुहुन्छ, “दुर्बलहरूमाथि
भएको अत्याचार र दरिद्रहरूको दु:खी
आवाजको कारणले गर्दा म अब उठ्नेछु,
तिनीहरूको निन्दा गर्नेहरूबाट म
तिनीहरूलाई रक्षा गर्नेछु ।”
६ अनि परमप्रभुका वचनहरूखोटरहित छन्,
ती शुद्ध चाँदीजस्ता छन्,
जो सात पल्ट माटोको भट्टीमा खारेर
शुद्ध पारिएको छ ।

७ हे परमप्रभु, तपाईंले हामीलाई रक्षा गर्नुहुन्छ,
त्यस्ता मानिसहरूबाट सदैव सुरक्षित
राख्नुहुन्छ ।
८ दुष्टहरू गमक्क भई खुल्ला रूपमा
डुलिहिँड्छन्,
जब मानिसहरूका बीचमा नीचताको
सम्मान हुन्छ ।

## भजन १३

***सङ्कष्टमा प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, कहिलेसम्म ?
के सधैँभरि तपाईं मलाई बिर्सनुहुन्छ ?
तपाईंले आफ्नो मुहार मसँग कहिलेसम्म
लुकाउनुहुन्छ ?
२ कहिलेसम्म म आफ्नो चिन्ता बोक्ने,
र दिनहुँ मेरो हृदयमा शोक बोकिराखूँ ?
कहिलेसम्म मेरा शत्रुहरू ममाथि विजयी
भइरहनेछन् ?

३ हे परमप्रभु मेरा परमेश्‍वर, मलाई
हेर्नुहोस् र मलाई जवाफ दिनुहोस्,
मेरा आँखालाई ज्योति दिनुहोस्,
नत्रता म मृत्युको निद्रामा पर्नेछु ।
४ नत्रता मेरो शत्रुले भन्नेछ, “मैले
त्यसमाथि विजय पाएको छु,”
अनि म ढल्दा मेरा शत्रुहरू रमाउनेछन् ।

५ तर मैले तपाईंको अटुट करूणामा
भरोसा राखेको छु,
र मेरो हृदय तपाईंको उद्धारमा रमाउँछ ।
६ म परमप्रभुको स्तुति गाउनेछु;
किनकि उहाँ मप्रति भलो हुनुहुन्छ ।

## भजन १४

***मानिसहरूको बेवकूफी र दुष्टता***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ मूर्खले आफ्नो मनमा भन्छ–
“ईश्‍वर छँदैछैन ।”

---

**१४:१-७**–भजनसंग्रह ५३. **१४:१-३**–रोमी ३:१०-१२.

तिनीहरू भ्रष्ट भएका छन्,
तिनीहरू नीच काम गर्दछन्;
असल गर्ने कोही छैनन् ।
२ परमप्रभुले स्वर्गबाट मानिसका
सन्तानलाई हेर्नुहुन्छ,
यो जान्नलाई कि समझदार हुने र
परमेश्वरलाई खोज्ने कोही छ ?
३ तिनीहरू सबै कुबाटोतिर लागेका छन्,
तिनीहरू जम्मै भ्रष्टाचारी भएका छन्,
असल गर्ने कोही छैन,
एकै जना पनि छैन ।

४ के दुष्ट काम गर्नेहरूले कहिल्यै सिक्नेछैनन् ?
रोटी खाएझैं तिनीहरूले मेरा
मानिसहरूलाई खान्छन्,
अनि परमप्रभुलाई पुकार्दैनन् ।
५ तिनीहरू डरले व्याकुल भएका छन्,
किनकि धर्मीहरूको सङ्गतमा परमप्रभु
उपस्थित हुनुहुन्छ ।
६ तिमी दुष्टहरूले गरीबको योजनालाई
विफल पारेका छौ,
तर परमप्रभु नै तिनीहरूका
शरणस्थान हुनुहुन्छ ।

७ ओहो, इस्राएलको उद्धार सियोनबाट
आएको भए कति असल हुनेथियो !
जुन समय परमप्रभुले आफ्नो प्रजाको
सुदिन फर्काई दिनुहुन्छ,
याकूब रमाऊन् र इस्राएल खुशी होऊन् ।

## भजन १५

***परमेश्वरले चाहनुभएको मानिस***

दाऊदको भजन

१ हे परमप्रभु, तपाईंको पवित्रस्थानमा
कसले वास गर्न पाउँनेछ ?
तपाईंको पवित्र पर्वतमा को बस्न पाउँनेछ ?
२ त्यो मानिस, जसको चाल निर्दोष छ,
जसले धर्मकर्म गर्छ,
जसले हृदयबाट सत्य बोल्छ,
३ जसले आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन,
जसले आफ्ना छिमेकीको खराबी गर्दैन,
र आफ्नो साथी-भाइको अपवाद फैलाउँदैन ।
४ जसले नीच मानिसलाई तुच्छ ठान्दछ,
तर परमप्रभुको भय मान्नेहरूलाई आदर
गर्दछ,
जसले आफ्नो हानि हुँदा पनि,
आफूले प्रतिज्ञा गरेको कुरा बद्लँदैन,
५ जसले आफ्नो रुपियाँ व्याजमा लाउँदैन,
र निर्दोषको विरुद्धमा घूस लिँदैन ।

यस्ता काम गर्नेहरू कहिल्यै पनि डग्नेछैन ।

## भजन १६

***परमेश्वरमा भरोसाको प्रार्थना***

दाऊदको मिक्ताम नामक भजन

१ हे परमेश्वर, मलाई रक्षा गर्नुहोस्,
किनकि मैले तपाईंमा शरण लिएको छु ।

२ मैले परमप्रभुलाई भने, "तपाईं मेरा
परमप्रभु हुनुहुन्छ;
तपाईंबाहेक मसित अरू कुनै असल
कुरो छैन ।"
३ देशमा भएका पवित्र जनहरूचाहिँ
तेजस्वी छन्,
तिनीहरूमा नै मेरो सम्पूर्ण आनन्द छ ।
४ अरू देवताको अनुसरण गर्नेहरूले
आफ्ना दुःख बढ़ाउँछन् ।
ती देवताहरूलाई रक्त-बलि म चढ़ाउनेछैनँ,
नता तिनीहरूका नाउँ मेरो ओठले
उच्चारण गर्नेछ ।

५ परमप्रभु, तपाईंले मेरो हिस्सा
र कचौरा छुट्ट्याइदिनुभएको छ;
तपाईंले मेरो भाग सुरक्षित
राखिदिनुभएको छ ।
६ मेरो सिमानाको रेखाहरू मन पर्ने
ठाउँमा परेको छ,
साँच्चै, मैले आनन्दमय पैतृक-सम्पत्ति
पाएको छु ।
७ मलाई सल्लाह दिनुहुने परमप्रभुको म
प्रशंसा गर्नेछु;
राती पनि मेरो हृदयले मलाई अर्ती दिन्छ ।
८ सधैं परमप्रभुलाई मैले मेरो अगि राखेको

छु,
किनकि उहाँ मेरो दाहिने हातपट्टि
रहनुहुन्छ, यसकारण म डग्नेछैनँ ।
९ यसैले, मेरो हृदय आनन्दित छ र मेरो
जिब्रो हर्षित हुन्छ ।
मेरो शरीर पनि सुरक्षित रहन्छ ।
१० किनकि तपाईंले मेरो प्राणलाई चिहानमा
छोड्नुहुनेछैन,
नता तपाईंले आफ्ना पवित्र जनको
शरीर कुहुन दिनुहुनेछ ।
११ तपाईंले मलाई जीवनको मार्ग
देखाउनुभएको छ;
तपाईंको उपस्थितिद्वारा तपाईंले मलाई
आनन्दले गद्‌गद् पार्नुहुनेछ ।
तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द
छ ।

## भजन १७

***निर्दोष मानिसको प्रार्थना***

दाऊदको प्रार्थना

१ हे परमप्रभु, मेरो धार्मिक पुकार सुनिदिनुहोस्,
निष्कपट मुखबाट निस्केको मेरो
प्रार्थनामा कान लगाउनुहोस् ।
२ मेरो निर्दोषता तपाईंबाट ठहरिएको होस्,
तपाईंको आँखाले सच्चाइ देखोस् ।
३ यदि तपाईंले मेरो हृदय जाँच्नुभयो भने,
र राति मेरो जाँच गर्नुभयो भने,
मलाई परीक्षण गर्नुभए तापनि,
तपाईंले मभित्र केही पनि भेट्टाउनुहुनेछैन ।
मेरो मुखको बोलीले कुनै अपराध
गर्नेछैनँ भनी मैले निश्चय गरेको छु ।
४ मानिसका कामको विषयमा हो भने—
तपाईंका मुखका वचनअनुसार
मैले आफैंलाई हिंसाको मार्गबाट
जोगाइराखेको छु ।
५ मेरा पाइला तपाईंका मार्गमा चलेका छन्;
मेरा खुट्टा चिप्लेका छैनन् ।
६ म तपाईंलाई पुकार्दछु, हे परमेश्वर,
किनकि तपाईंले मलाई जवाफ दिनुहुनेछ;
मतिर कान थाप्नुहोस् र मेरो बिन्ती
सुन्नुहोस् ।
७ तपाईंको महान् प्रेमको आश्चर्यमय
कुराहरू देखाउनुहोस्,
आफ्ना शत्रुबाट तपाईंमा शरण लिनेहरूलाई
तपाईं आफ्नो दाहिने बाहुलीले बचाउनुहुन्छ ।
८ मलाई तपाईंका आँखाको नानीलाई झैँ
रक्षा गर्नुहोस्;
तपाईंका पखेटाको छायामा मलाई
लुकाउनुहोस्,
९ ममाथि आइलाग्ने दुष्टहरूबाट,
र मलाई घेर्ने मेरा घातक शत्रुहरूबाट
मलाई बचाउनुहोस् ।
१० तिनीहरू आफ्ना निर्दयी हृदय खोल्दैनन्,
तिनीहरूका मुखले घमण्डका कुरा
गर्दछन् ।
११ तिनीहरूले मलाई खोजी-खोजी निकालेका छन्,
र मलाई घेरेका छन्,
मलाई जमिनमा पछार्न तिनीहरू दाउ
हेर्दछन् ।
१२ तिनीहरू शिकारको निम्ति भोकाएको
सिंहझैँ भएका छन्,
एउटा ठूलो सिंहझैँ तिनीहरू ढुकिबस्छन् ।
१३ हे परमप्रभु, उठ्नुहोस्, तिनीहरूको
सामना गर्नुहोस्,
तिनीहरूलाई पराजित गरिदिनुहोस्;
आफ्नो तरवारले मलाई दुष्टहरूबाट
बचाउनुहोस् ।
१४ यी संसारका मानिसहरूबाट जसको
पुरस्कार यस जीवनकालमा सीमित छ !
हे परमप्रभु, तपाईंको बाहुलीले मलाई
यस्ता मानिसहरूबाट बचाउनुहोस् ।

तपाईंले कदर गर्नुभएकाहरूको भोक
शान्त गर्नुहुन्छ ।
तिनीहरूका छोराहरूका लागि प्रशस्त छन्,

**१६:८-११**—प्रेरित २:२५-२८. **१६:१०**—प्रेरित १३:३५.

र आफ्ना छोराछोरीका लागि तिनीहरूले
धन-सम्पत्ति थुपारेर राख्छन् ।
१५ अनि मचाहिँ– धार्मिकतामा तपाईंको
मुहार हेर्नेछु;
म बिउँझदा, तपाईंको प्रतिरुपको दर्शन
गरेर सन्तुष्ट हुनेछु ।

### भजन १८

***परमेश्वरले छुटकारा दिनुभएकोमा परमप्रभुको प्रशंसा***

सङ्गीत-निर्देशकको निम्ति– शत्रुहरू र शाऊलका
हातबाट परमप्रभुले बचाउनुहुँदा गाएको दाऊदको भजन

१ हे परमप्रभु, मेरो शक्ति म तपाईंलाई
प्रेम गर्दछु ।
२ परमप्रभु मेरो चट्टान, मेरो किल्ला र
मेरो उद्धारकर्ता हुनुहुन्छ;
मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ,
म उहाँमा शरण लिन्छु ।
उहाँ मेरो ढाल, मेरो उद्धारको सिङ,
र मेरो बलियो किल्ला हुनुहुन्छ ।
३ म परमप्रभुलाई पुकार्छु, जो प्रशंसाको
योग्य हुनुहुन्छ,
र म मेरा शत्रुहरूबाट बचाइनेछु ।

४ मृत्युका डोरीहरूले मलाई घेरे;
विनाशको बाढ़ले मलाई व्याकुल बनायो;
५ चिहानका डोरीहरूले मलाई पासो लगायो,
मृत्युको जाल ममाथि पर्‍यो ।
६ मेरो विपद्मा मैले परमप्रभुलाई पुकारें;
मद्दतको निम्ति मैले मेरा परमेश्वलाई
पुकारें ।
आफ्नो मन्दिरबाट उहाँले मेरो सोर सुन्नुभयो;
मेरो पुकार उहाँको सामुन्ने, उहाँका
कानमा पुग्यो ।

७ पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो,
पहाड़हरूका जगहरू हल्लिए ।
तिनीहरू थरथर कामे,
किनकि उहाँ रिसाउनुभएको थियो ।
८ उहाँका नाकका प्वालबाट धूवाँ निस्क्यो;
उहाँका मुखबाट भस्मकारी अग्नि निस्क्यो,
त्यहाँबाट बल्दै गरेका कोइलाहरू निस्के ।
९ स्वर्ग फारेर उहाँ तल ओर्लनुभयो;
अध्याँरो बादल उहाँका पाउमुनि थियो ।
१० करूबमा सवार भएर उहाँ माथि उड्नुभयो;
बतासका पखेटामा चढ़ी उहाँ माथि
उड्नुभयो ।
११ अन्धकारलाई उहाँले आफ्नो ओढ्ने
तुल्याउनुभयो–
आकाशका काला झरीका बादललाई
उहाँले आफ्नो मण्डप तुल्याउनुभयो ।
१२ उहाँका उपस्थितिको उज्यालोबाट,
बिजुलीका गर्जन र असिना लिई
बादलहरू अगि बढ़े ।
१३ परमप्रभु स्वर्गबाट गर्जनुभयो;
र सर्वोच्चको सोर गुञ्जायमान भयो ।
१४ उहाँले आफ्ना काँड़हरू हानेर
शत्रुहरूलाई तितरबितर पारिदिनुभयो,
चटयाङ्गद्वारा तिनीहरूलाई अस्तव्यस्त
पार्नुभयो ।
१५ हे परमप्रभु, तपाईंको हप्काइमा र
तपाईंका नाकका प्वालबाट निस्केका
श्वासका वेगले समुद्रका तहहरू र
पृथ्वीका जगहरू देखा परे ।

१६ माथि उच्चबाट हात पसारेर उहाँले
मलाई समातेर थाम्नुभयो;
उहाँले मलाई गहिरो सागरबाट तानेर
निकाल्नुभयो ।
१७ उहाँले मलाई मेरा शक्तिशाली शत्रुबाट
छुटाउनुभयो,
मेरा शत्रुहरूबाट, जो मभन्दा धेरै
बलिया थिए ।
१८ मेरो विपत्तिको दिनमा तिनीहरू ममाथि
आइलागे,
तर परमप्रभु मेरा सहारा हुनुभयो ।
१९ उहाँले मलाई एउटा फराकिलो ठाउँमा
निकाली ल्याउनुभयो;

---

**१८:२-५०**–२ इतिहास २२:२.

उहाँले मेरो उद्धार गर्नुभयो,
किनकि उहाँ मसँग प्रसन्न हुनुहुन्थ्यो ।
२० मेरो धार्मिकताअनुसार परमप्रभुले मसँग
व्यवहार गर्नुभएको छ;
मेरा हातका शुद्धताअनुसार उहाँले मलाई
प्रतिफल दिनुभएको छ ।
२१ किनकि म परमप्रभुको मार्गमा चलेको छु;
मेरा परमेश्वरबाट तर्केर मैले दुष्टता
गरेको छैनँ ।
२२ उहाँका सारा व्यवस्था मेरा सामुन्ने छन्;
उहाँका आज्ञाहरूबाट म तर्केर हिड़ेको
छैन ।
२३ म उहाँको अगि निर्दोष रहेको छु,
अनि मैले आफैलाई पापबाट जोगाइराखेको
छु ।
२४ परमप्रभुले मेरो धार्मिकताअनुसार
र उहाँको दृष्टिमा मेरा हातका शुद्धताको
अनुरुप मलाई प्रतिफल दिनुभएको छ ।
२५ विश्वासीसित तपाईं विश्वासी देखा पर्नुहुन्छ,
निर्दोषसित तपाईं निर्दोष देखा पर्नुहुन्छ ।
२६ शुद्धसित तपाईं शुद्ध देखा पर्नुहुन्छ,
तर बाङ्गोसँग तपाईं आफूलाई चतुर
प्रकट गर्नुहुन्छ ।
२७ तपाईं नम्रहरूलाई बचाउनुहुन्छ,
तर जसका आँखा घमण्डी छन्,
तिनीहरूलाई होच्याउनुहुन्छ ।
२८ हे परमप्रभु, तपाईंले मेरो दियो
बालिराख्नुहुन्छ;
मेरा परमेश्वरले मेरो अन्धकारलाई
उज्यालोमा परिवर्तन गर्नुहुन्छ ।
२९ तपाईंको मद्दतले म फौजमाथि आक्रमण
गर्न सक्छु;
मेरा परमेश्वरको सहायताले म पर्खाल
नाघ्न सक्छु ।
३० परमेश्वरको विषयमा भन्ने हो भने,
उहाँको मार्ग सिद्ध छ;
परमप्रभुको वचन सच्चा छ ।
उहाँमा शरण लिनेहरू सबैका उहाँ ढाल
हुनुहुन्छ ।
३१ किनकि परमप्रभुबाहेक अरू को
परमेश्वर छ र ?
हाम्रा परमेश्वरबाहेक अरू चट्टान को छ
र ?
३२ उनै परमेश्वर, जसले मलाई शक्तिशाली
तुल्याउनुहुन्छ,
र मेरो मार्गलाई सिद्ध तुल्याउनुहुन्छ ।
३३ उहाँले मेरा खुट्टा मृगको झैँ बनाइदिनुहुन्छ;
उच्च स्थानमा खड़ा हुन मलाई सक्षम
बनाउनुहुन्छ ।
३४ उहाँले मेरा हातलाई लड़ाइँ गर्न
सिकाउनुहुन्छ;
यसैले मेरा पाखुराले काँसाको धनु तानेर
झुकाउन सक्छन् ।
३५ तपाईंले मलाई आफ्नो विजयको ढाल
दिनुभएको छ,
र तपाईंका दाहिने बाहुलीले मलाई
सहारा दिएको छ ।
मलाई उच्च पार्नलाई तपाईं
निहुरिनुहुन्छ ।
३६ मेरा पाइलाहरूका निम्ति तपाईं
फराकिलो बाटो बनाउनुहुन्छ,
र मेरा गोड़ा चिप्लनेछैनन् ।
३७ मेरा शत्रुहरूलाई खेदेर मैले भेट्टाएँ;
तिनीहरूलाई नष्ट नपारुन्जेल म फर्केर
आइन ।
३८ तिनीहरूलाई उठ्न नसक्ने गरी मैले हिर्काएँ,
तिनीहरू मेरा पाउमुनि लड़े ।
३९ लड़ाइँ गर्नको निम्ति तपाईंले मेरा
पाखुरामा शक्ति भरिदिनुभयो;
मेरा शत्रुहरूलाई मेरा पाउमा घोप्टो
पर्न लाउनुभयो ।
४० मेरा शत्रुहरूलाई पीठ फर्काएर भाग्न
लाउनुभयो,
र मैले मेरा शत्रुहरूलाई नाश पारें ।

**१८:३३**–हबकूक ३:१९.

४१ तिनीहरूले मद्दतको लागि पुकारा गरे,
तर तिनीहरूलाई बचाउने कोही पनि भएन—
परमप्रभुलाई पनि पुकारे,
तर उहाँले पनि तिनीहरूलाई जवाफ
दिनुभएन ।
४२ बतासले उड़ाइलैजाने धूलोसरि मैले
तिनीहरूलाई धूलोपीठो पारें;
बाटोमा हिलोसरी मैले तिनीहरूलाई फालें ।

४३ मानिसहरूका आक्रमणबाट तपाईंले
मलाई छुटाउनुभयो;
तपाईंले मलाई जाति-जातिहरूका नेता
बनाउनुभयो;
मैले नचिनेकाहरू मेरा प्रजा बनेका छन् ।
४४ मेरो सोर सुन्नासाथ तिनीहरू मेरा आज्ञा
पालन गर्दछन्,
परदेशीहरू मेरा अगि झुक्दछन् ।
४५ तिनीहरूको साहस हराउँछन्;
र आफ्ना किल्लाबाट थरथरी काम्दै
निस्कन्छन् ।

४६ परमप्रभु जीवित हुनुहुन्छ !
मेरो चट्टानको स्तुति-प्रशंसा होस् !
परमेश्वर, मेरा उद्धारक, उच्च होऊन्,
४७ उहाँ मेरो निम्ति बदला लिनुहुने
परमेश्वर हुनुहुन्छ,
जसले जाति-जातिहरूलाई मेरो वशमा
पारिदिनुहुन्छ,
४८ अनि जसले मलाई मेरा शत्रुहरूबाट
बचाउनुहुन्छ ।
तपाईंले मलाई मेरा शत्रुहरूमाथि उच्च
पार्नुभयो;
हिंसक मानिसहरूबाट मलाई उद्धार
गराउनुभयो ।
४९ यसकारण हे परमप्रभु, जाति-जातिहरूका
बीच म तपाईंको प्रशंसा गर्नेछु;
म तपाईंका नाउँको स्तुति गाउनेछु ।
५० उहाँले आफ्ना राजालाई महान् विजय
दिनुहुन्छ,
र उहाँका अभिषिक्त राजा दाऊद र
तिनका वंशमाथि उहाँले सदासर्वदा
आफ्नो अचूक करुणा देखाउनुहुन्छ ।

## भजन १९

***प्रकृतिमा परमेश्वरको महिमा र उहाँको व्यवस्था***

सङ्गीत-निर्देशकको निम्ति— दाऊदको भजन

१ आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ;
तारा-मण्डलले उहाँको हातका काम
प्रकट गर्छ ।
२ दिनहुँ तिनीहरूले कुरा गर्छन्;
रातैपिच्छे तिनीहरूले ज्ञानको प्रदर्शन
गर्छन् ।
३ कुनै बोली वा भाषा छैन,
जसमा तिनीहरूको सोर सुनिँदैन ।
४ सारा पृथ्वीमा तिनीहरूको सोर
गुञ्जयमान छ,
र तिनीहरूको वचन संसारको अन्तसम्म
पुगेका छन् ।

आकाशमा उहाँले सूर्यको निम्ति
एउटा वासस्थान बनाउनुभएको छ,
५ जुन विवाह-मण्डपबाट निस्केको दुलहाझैं छ,
र आफ्नो दौड़मा दौडिने विजयीझैं
रमाउँछ ।
६ त्यो आकाशको एक कुनाबाट उदाउँछ,
र चक्कर पारी अर्को कुनासम्म पुग्दछ;
कुनै कुरो त्यसको तापबाट लुकी
रहन सक्दैन ।

७ परमप्रभुको व्यवस्था सिद्ध छ,
आत्मालाई जागृत गराउने,
परमप्रभुको कानूनहरू विश्वासयोग्य छन्,
निर्बोधलाई बुद्धिमान् तुल्याउने ।
८ परमप्रभुको नियमहरू ठीक छन्,
हृदयलाई आनन्दित गराउने,
परमप्रभुको आज्ञाहरू उज्ज्वल छन्,
आँखालाई प्रकाश दिने ।
९ परमप्रभुको भय स्वच्छ छ,

**१८:४९**–रोमी १५:९. **१९:४**–रोमी १०:१८.

अनन्तकालसम्मै स्थिर रहने,
परमप्रभुको विधिहरू पक्का र सर्वथा
धार्मिक छ ।
१० ती सुनभन्दा अनि ज्यादै निखुर सुनभन्दा,
अझ ज्यादा बहुमूल्य छन्;
ती मह र महका चाकाभन्दा मीठा छन् ।
११ तीद्वारा तपाईंको दासले चेतावनी पाउँछ;
ती पालन गर्नाले ठूलो इनाम मिल्नेछ ।
१२ कसले आफ्ना भूलहरू थाहा पाउन सक्छ ?
मेरा गुप्त दोषहरू क्षमा गर्नुहोस् ।
१३ आफ्नै इच्छाले चिताएर गरेका पापबाट
आफ्नो सेवकलाई जोगाउनुहोस्;
तिनीहरूको प्रभुत्व ममाथि हुन नपाओस् ।
र घोर अपराधहरूबाट म निर्दोष हुनेछु ।
१४ हे परमप्रभु, मेरा चट्टान र मेरा उद्धारक,
मेरो मुखका वचनहरू र मेरो हृदयका ध्यान
तपाईंका दृष्टिमा ग्रहणयोग्य होऊन् ।

## भजन २०

### *राजाको निम्ति प्रार्थना*

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ सङ्कष्टका दिनमा परमप्रभुले तपाईंलाई
उत्तर देऊन्;
याकूबका परमेश्‍वरका नाउँले तपाईंलाई
रक्षा गरून् ।
२ उहाँले पवित्रस्थानबाट तपाईंलाई मद्दत
पठाऊन्,
र सियोनबाट तपाईंलाई सहारा दिऊन् ।
३ उहाँले तपाईंका सारा बलिहरू
स्मरण गरून् ।
र तपाईंका होमबलिहरू ग्रहण
गरून् । *सेला*
४ तपाईंको मनको इच्छा उहाँले पूरो
गराइदेऊन्,
र तपाईंका सबै जुक्तिहरू सफल
गराइदेऊन् ।
५ तपाईंको विजयमा हामी आनन्दले चिच्चाउनेछौं,
र हाम्रा परमेश्‍वरका नाउँमा हामी
आफ्ना झण्डाहरू उच्च पार्नेछौं,
परमप्रभुले तपाईंका सबै बिन्ती पूरा
गरिदिऊन् ।
६ अब मलाई थाहा भयो,
कि परमप्रभुले आफ्ना अभिषिक्तलाई
बचाउनुहुन्छ;
उहाँले आफ्नो दाहिने बाहुलीको उद्धार
गर्ने शक्तिद्वारा उनलाई आफ्नो पवित्र
स्वर्गबाट जवाफ दिनुहुनेछ ।
७ कोही रथहरूमा र कोही घोड़ाहरूमाथि
भरोसा गर्छन्,
तर हामी त परमप्रभु हाम्रा
परमेश्‍वरका नाउँमा भरोसा गर्छौं ।
८ तिनीहरू ढलेर घुँड़ा टेक्छन्,
तर हामीहरू त खड़ा हुनेछौं र सोझो
उभिनेछौं ।
९ हे परमप्रभु, राजालाई विजय प्रदान गर्नुहोस् !
हामीले पुकार गर्दा हामीलाई जवाफ
दिनुहोस् !

## भजन २१

### *विजयको निम्ति धन्यवाद*

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, तपाईंको सामर्थमा राजा
रमाउँछन्,
तपाईंले दिनुभएको विजयमा उहाँ अति
आनन्दित हुनुहुनेछ !
२ तपाईंले उनको मनोरथ पूर्ण गर्नुभएको छ,
र उनका ओठका बिन्ती इन्कार
गर्नुभएको छैन । *सेला*
३ तपाईंले उनलाई उत्तम आशिष् लिएर
स्वागत गर्नुहुन्छ ।
तपाईंले उनको शिरमा निखुर सुनको
मुकुट लगाइदिनुहुन्छ ।
४ उनले तपाईंबाट जीवन मागे,
र त्यो तपाईंले उनलाई दिनुभयो–
उनलाई सदाकालको निम्ति आयु दिनुभयो ।
५ तपाईंले दिनुभएका विजयहरूद्वारा उनको
गौरव महान् भएको छ;
तपाईंले उनलाई वैभव र ऐश्‍वर्य प्रदान

गर्नुभएको छ ।
६ अवश्य तपाईंले उनलाई अनन्त आशिष्
प्रदान गर्नुभएको छ,
र आफ्नो उपस्थितिको आनन्दले उनलाई
हर्षित तुल्याउनुभएको छ ।
७ किनकि राजाले परमप्रभुमा भरोसा राख्छन्;
सर्वोच्च परमेश्वरको अचूक करुणाको
कारण उनी कहिले पनि डग्नेछैनन् ।

८ तपाईंका बाहुलीले आफ्ना सारा शत्रुलाई
खोजिनिकाल्नेछ,
तपाईंका दाहिने बाहुलीले आफ्ना
शत्रुहरूलाई पक्रनेछ ।
९ तपाईं प्रकट हुनुहुँदा तपाईंले शत्रुहरूलाई
आगो दन्किरहेको भट्टीझैं बनाउनुहुनेछ ।
आफ्नो क्रोधमा परमप्रभुले तिनीहरूलाई
निल्नुहुनेछ र उहाँको आगोले
तिनीहरूलाई भस्म पार्नेछ ।
१० पृथ्वीबाट तपाईंले तिनीहरूका
सन्तानलाई र मानव जातिबीचबाट
तिनीहरूका वंशलाई नष्ट पार्नुहुनेछ ।
११ तिनीहरूले तपाईंको विरुद्धमा दुष्ट जाल रचे,
र खराब योजना तयार गरे तापनि,
तिनीहरू सफल हुनेछैनन्;
१२ किनकि जब तपाईं आफ्नो धनुमा ताँदो
चढ़ाएर तिनीहरूलाई निशाना बनाएर
काँड़ ताक्नुहुन्छ,
तिनीहरू पीठ फर्काएर भाग्नु पर्नेछ ।
१३ तब हे परमप्रभु, आफ्नो शक्तिमा उच्च
हुनुहोस्;
हामी तपाईंका सामर्थ्यको भजन र स्तुति
गाउनेछौं ।

## भजन २२

***सङ्कष्टमा पुकार र प्रशंसाको भजन***

सङ्गीत-निर्देशकको निम्ति– "प्रभातको हरिणी" को
रागअनुसार दाऊदको भजन ।

१ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर,
तपाईंले किन मलाई त्याग्नुभयो ?
मलाई बचाउनलाई तपाईं किन यति
टाढ़ा हुनुहुन्छ ?
अनि मेरो करुण-क्रन्दनका शब्दहरूबाट
त्यति टाढ़ा ?
२ हे मेरा परमेश्वर, म दिउँसो चिच्च्याउँछु,
तर तपाईं केही जवाफ दिनुहुन्न,
र राती पनि म चुप लागेर बस्दिनँ ।

३ तापनि, तपाईं परमपवित्र जनको
सिंहासनमा विराजमान हुनुहुन्छ;
तपाईं इस्राएलका प्रशंसा हुनुहुन्छ ।
४ हाम्रा पिता-पुर्खाले तपाईंमा नै भरोसा
राखेका थिए;
तिनीहरूले भरोसा राखे र तपाईंले
तिनीहरूलाई उद्धार गर्नुभयो ।
५ तिनीहरूले तपाईंलाई पुकार गरे र
उद्धार पाए;
तपाईंमा तिनीहरूले भरोसा राखे
र निराश भएनन् ।

६ तर म मानिस होइन, एउटा कीरा मात्र हुँ,
मानिसबाट तिरस्कृत र जनताद्वारा
घृणित गनिएको ।
७ मलाई देख्नेहरू सबै जना मेरो गिल्ला गर्छन्;
टाउको हल्लाउँदै तिनीहरू यसो भन्दै
अपमान गर्छन्:
८ "त्यसले परमप्रभुमा भरोसा गर्दछ;
परमप्रभुले नै त्यसलाई बचाऊन्,
किनकि त्यसले उहाँमा रमाहट गर्दछ,
उहाँले नै त्यसलाई छुटकारा देऊन् ।"

९ तापनि तपाईंले नै मलाई आमाको
गर्भबाट निकाल्नुभयो;
म मेरो आमाको कोखमा हुँदा तपाईंले
मलाई तपाईंमा भरोसा गर्ने तुल्याउनुभयो ।
१० मेरो जन्मदेखि नै म तपाईंमा सुम्पिएको हुँ;
आमाको गर्भमा हुँदादेखि नै तपाईं
मेरा परमेश्वर हुनुहुन्छ ।
११ मबाट टाढ़ा नहुनुहोस्,

**२२:१**–मत्ती २७:४६; मर्कूस १५:३४. **२२:७**–मत्ती २७:३९; मर्कूस १५:२९; लूका २३:३५. **२२:८**–मत्ती २७:४३.

किनकि सङ्कष्ट नजीकै छ,
र मलाई सहायता गर्ने कोही छैन ।
१२ धेरै साँढ़ेहरूले मलाई घेरेका छन्;
बाशानका बलिया साँढ़ेहरू मेरा
चारैपट्टि छन् ।
१३ आफ्नो शिकार फहराउने र गर्जने सिंहहरू,
मेरा विरुद्ध आफ्ना मुख बाउँछन् ।
१४ म त पानीझैं पोखिएको छु,
र मेरा सारा हाड़हरूका जोर्नी खुस्केका छन्,
मेरो मुटु मैनजस्तो बनेको छ;
र मभित्र त्यो पग्लेको छ ।
१५ माटोको खपटोझैं मेरो बल सुकिगएको छ,
र मेरो जिब्रो तालुमा टाँसिएको छ;
मलाई तपाईंले मृत्युको धूलोमा सुताउनुहुन्छ ।
१६ कुकुरहरूले मलाई घेरेका छन्;
खराब मानिसको एक झुण्डले
मलाई चारैपट्टि घेरेका छन्,
तिनीहरूले मेरा हात खुट्टा छेड़ेका छन् ।
१७ मेरा सबै हाड़हरू म गन्न सक्छु;
मानिसहरू मबाट तर्केर मलाई
खराब दृष्टिले हेर्छन् ।
१८ तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्,
र मेरो पोसाकको निम्ति तिनीहरूले
चिट्ठा हाल्छन् ।
१९ तर तपाईं टाढ़ा नहुनुहोस्, हे परमप्रभु;
हे मेरा सहायक, चाँड़ो आई मलाई
मद्दत गर्नुहोस् ।
२० मेरो प्राण तरवारबाट,
र मेरो अमूल्य जीवन कुकुरहरूका
पञ्जाबाट छुटाउनुहोस् ।
२१ सिंहका मुखबाट मेरो उद्धार गर्नुहोस्;
जङ्गली साँढ़ेका सीङबाट मलाई
बचाउनुहोस् ।
२२ म आफ्ना दाज्यूभाइहरूबीच तपाईंको
नाउँ घोषणा गर्नेछु;
जन-सभामा म तपाईंको प्रशंसा गर्नेछु ।
२३ तिमीहरू जो परमप्रभुको भय मान्दछौ,
उहाँको प्रशंसा गर !
याकूबका सबै सन्तान हो, उहाँको आदर
गर !
हे इस्राएलका सबै वंश हो उहाँको
महिमा गर !
२४ किनकि दु:खीको पीर-मर्का उहाँले तुच्छ
मान्नु वा अवहेलना गर्नुभएको छैन;
उहाँले त्यसबाट आफ्नो मुहार
लुकाउनुभएको छैन,
तर मद्दतको निम्ति त्यसको पुकार
उहाँले सुन्नुभएको छ ।
२५ ठूलो जन-सभामा मेरो प्रशंसा तपाईंबाट
नै हुन्छ,
तपाईंको भय मान्नेहरूका सामुन्ने म
आफ्नो भाकल पूरा गर्नेछु ।
२६ गरीबहरू खाएर तृप्त हुनेछन्;
परमप्रभुलाई खोज्नेहरूले उहाँको प्रशंसा
गर्नेछन् ।
तिमीहरूको हृदय सदा जीवित रहोस् !
२७ पृथ्वीका अन्तसम्मका समस्त लोकले,
परमप्रभुलाई सम्झना गरेर उहाँतर्फ फर्किनेछन्,
र जाति-जातिका सबै परिवारहरूले
उहाँको सामुन्ने शिर झुकाई दण्डवत्
गर्नेछन् ।
२८ किनकि राज्य त परमप्रभुकै हो,
र उहाँले नै जाति-जातिमाथि शासन
गर्नुहुन्छ ।
२९ पृथ्वीका सबै धनीहरू भोज गर्दै, उहाँको
आराधना गर्नेछन्;
जस-जसले आफ्नो प्राण बचाउन सक्दैनन्,
जो धूलोमा मिलिजानेछन्,
ती सबै उहाँको सामुन्ने घोप्टो पर्नेछन् ।
३० पछि आउने पुस्ताले उहाँको सेवा गर्नेछन्;
भावी सन्तानलाई परमप्रभुबारे बताइनेछ ।
३१ पछिबाट जन्मने जातिहरूलाई उहाँको
धार्मिकताको वर्णन तिनीहरू गर्नेछन् ।
किनकि उहाँले त्यो गर्नुभएको छ ।

**२२:१८**–मत्ती २७:३५; मर्कूस १५:२४; लूका २३:२४; यूहन्ना १९:२४. **२२:२२**–हिब्रू २:१२.

## भजन २३

***परमप्रभु मेरा गोठाला***

दाऊदको भजन

१ परमप्रभु मेरा गोठालो हुनुहुन्छ,
मलाई केही कुराको घटी हुँदैन ।
२ उहाँले मलाई हरियो खर्कमा सुताउनुहुन्छ,
उहाँले मलाई शान्त पानीनेर
डोऱ्याउनुहुन्छ ।
३ उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ ।
उहाँले आफ्नो नाउँको खातिर मलाई
धार्मिकताको मार्गमा अगुवाइ गर्नुहुन्छ ।
४ मृत्युको अन्धकारमय घाटी भएर
जानुपरे तापनि,
म कुनै खतरादेखि डराउनेछैनँ,
किनकि तपाईं मेरो साथमा हुनुहुन्छ,
तपाईंका लट्ठी र लहुरोले मलाई
सान्त्वना दिन्छन् ।

५ मेरा शत्रुहरूको सामुन्ने तपाईंले
मेरो निम्ति भोज तयार पार्नुहुन्छ,
मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ;
मेरो कचौरा भरिएर पोखिन्छ ।
६ निश्चय नै तपाईंको भलाइ र करुणा
मेरो जीवनभरि मपछि लाग्नेछन्,
र म सदासर्वदै परमप्रभुको भवनमा वास
गर्नेछु ।

## भजन २४

***महिमाका राजा***

दाऊदको भजन

१ पृथ्वी र यसमा भएका सब थोक,
यो संसार र यसमा वास गर्ने हर प्राणी,
परमप्रभुकै हुन्;
२ किनकि त्यसलाई उहाँले समुद्रमाथि
बसाल्नुभयो,
र पानीहरूको गहिराइमा त्यसलाई
स्थापित गर्नुभयो ।
३ परमप्रभुको डाँड़ामा को उक्लन सक्ला ?
उहाँको पवित्रस्थानमा को उभिन सक्ला ?
४ त्यही नै, जसको हात सफा र जसको
हृदय शुद्ध छ,
जसले आफ्नो मनलाई मूर्तितिर भक्तिमा
उचाल्दैन,
जसले छलछामसित कुनै शपथ खाँदैन ।
५ त्यसले परमप्रभुबाट आशीर्वाद पाउनेछ,
र त्यसको उद्धारकर्ता परमेश्वरले
त्यसलाई निर्दोष ठहराउनुहुनेछ ।
६ उहाँलाई खोज्ने पुस्ताका मानिसहरू यस्तै
हुन्छन्,
जसले, हे याकूबका परमेश्वर, तपाईंको
दर्शन खोज्दछन् । *सेला*
७ हे मूल ढोका हो, आफ्ना शिर उच्च पार;
हे सनातनका ढोका हो, आफ्ना शिर उठाओ,
तब महिमाका महाराजा आउनुहुनेछ ।
८ महिमाका महाराजा को हुनुहुन्छ ?
परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ,
परमप्रभु जो लड़ाइँमा पराक्रमी हुनुहुन्छ ।
९ हे मूल ढोका हो, आफ्ना शिर उच्च गर;
हे सनातनका ढोका हो, आफ्ना शिर
उठाओ,
तब, महिमाका महाराजा आउनुहुनेछ ।
१० महिमाका यी महाराजाचाहिँ
को हुनुहुन्छ ?
सर्वशक्तिमान् परमप्रभु–
उहाँ नै महिमाका महाराजा हुनुहुन्छ । *सेला*

## भजन २५

***अगुवाइ र रक्षाको निम्ति प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, म मेरो मन तपाईंतर्फ उचाल्छु;
२ हे मेरा परमेश्वर, म तपाईंमा भरोसा
गर्दछु ।
मलाई शर्ममा पर्न नदिनुहोस्,
नता मेरा शत्रुहरू ममाथि विजयी हुन
पाऊन् ।
३ तपाईंमा आशा राख्ने कुनै पनि व्यक्ति,

**२३:२**–प्रकाश ७:१७. **२४:१**–१ कोरिन्थी १०:२६. **२४:४**–मत्ती ५:८.

कहिल्यै शर्माउन पर्नेछैन,
तर विनाकारण विश्वासघात गर्नेहरू
भने शर्ममा पर्नेछन् ।

४ हे परमप्रभु, मलाई तपाईंको मार्ग
देखाउनुहोस्,
मलाई तपाईंको बाटोमा हिँड्न सिकाउनुहोस्,
५ मलाई तपाईंको सत्यतामा अगुवाइ
गर्नुहोस् र मलाई सिकाउनुहोस्,
किनकि तपाईं नै मेरा परमेश्वर र
मेरा उद्धारक हुनुहुन्छ,
र मेरो आशा तपाईंमा नै दिनभरि राख्दछु ।
६ हे परमप्रभु, आफ्ना महान् करुणा र
प्रेमको स्मरण गर्नुहोस्,
किनकि ती सनातनकालदेखि नै भएका छन् ।
७ मेरो जवानीका पापहरू र मेरा
अपराधहरू स्मरण नगर्नुहोस्;
हे परमप्रभु, आफ्नो प्रेमअनुसार मेरो
सम्झना गर्नुहोस्,
किनकि तपाईं भलो हुनुहुन्छ ।

८ परमप्रभु भला र ईमानदार हुनुहुन्छ;
यसकारण पापीहरूलाई उहाँले आफ्नो
बाटो सिकाउनुहुन्छ ।
९ नम्रहरूलाई उहाँले जे कुरो ठीक छ,
त्यसमा अगुवाइ गर्नुहुन्छ ।
र तिनीहरूलाई आफ्नो मार्ग सिकाउनुहुन्छ ।
१० उहाँको प्रतिज्ञाका शर्तहरू पालन गर्नेहरू
जतिका लागि परमप्रभुका सबै मार्गहरू
प्रेममय र विश्वासयोग्य हुन्छन् ।
११ हे परमप्रभु, तपाईंको नाउँको खातिर
मेरो अपराध क्षमा गर्नुहोस्,
यद्यपि मेरो अपराध अति ठूलो छ ।
१२ तब परमप्रभुको डर मान्ने को छ ?
त्यसको निम्ति छानिएको मार्गमा
हिँड्ने शिक्षा उहाँले त्यसलाई दिनुहुनेछ ।
१३ त्यसले आफ्ना जीवन सुख-चैनमा बिताउनेछ,
र त्यसका सन्तानले देशमा अधिकार
जमाउनेछन् ।
१४ उहाँसित डराउनेहरूमाथि परमप्रभुले
भरोसा राख्नुहुन्छ;
तिनीहरूलाई उहाँको आफ्ना करार
बताउनुहुन्छ ।
१५ मेरा आँखाहरू सधैं परमप्रभुमा रहन्छन्,
किनकि उहाँले मात्र मेरा खुट्टाहरू
पासोबाट छुटाउनुहुनेछ ।

१६ तपाईं मतिर फर्कनुहोस् र ममाथि
कृपालु बन्नुहोस्,
किनकि म एकलो र दु:खित छु ।
१७ मेरा हृदयका कष्टहरू ज्यादै बढ़ेका छन्;
मेरा व्यथाबाट मलाई छुटकारा दिनुहोस् ।
१८ मेरा दु:ख र पीडामाथि आफ्नो कृपादृष्टि
राख्नुहोस्,
र मेरा सबै पापहरू हटाइदिनुहोस् ।
१९ हेर्नुहोस्, मेरा शत्रु कति ज्यादा भएका छन्,
र कति भयानकसाथ तिनीहरू मलाई
घृणा गर्छन् !
२० मेरो प्राणलाई रक्षा गर्नुहोस् र मेरो
उद्धार गर्नुहोस्;
मैले शर्माउनु नपरोस्,
किनकि म तपाईंको शरणमा परेको छु ।
२१ निष्ठा र ईमानदारीपनाले मेरो रक्षा गरून्,
किनकि मेरो आशा तपाईंमा छ ।

२२ इस्राएललाई, त्यसका सबै कष्टबाट मुक्त
गरिदिनुहोस्, हे परमेश्वर !

## भजन २६

***भलो मानिसको प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, मलाई निर्दोष साबित गर्नुहोस्,
किनकि मैले दोषरहित जीवन बिताएको छु;
नडगमगाईकन मैले परमप्रभुमा
भरोसा राखेको छु ।
२ मलाई जाँच्नुहोस्, हे परमप्रभु, र
मेरो पारख गर्नुहोस्,
मेरा हृदय र मन जाँचेर हेर्नुहोस्;
३ किनकि सदैव तपाईंको प्रेम मेरो सामुन्ने छ,
र म तपाईंको सत्यतामा दिनरात
हिँड़ेको छु ।
४ म छली मानिसहरूसित बस्दिनँ,

नता कपटीहरूसित नै सङ्गत गर्दछु;
५ कुकर्मीहरूको समुदायलाई म घृणा गर्दछु,
र दुष्टहरूसित बस्न म इन्कार गर्दछु,
६ म आफ्ना हात निर्दोषतामा धुन्छु,
र हे परमप्रभु, तपाईंका वेदीको
परिक्रमा गर्दछु,
७ उच्च सोरले म तपाईंको प्रशंसा घोषणा
गर्दछु,
र म तपाईंका सबै आश्चर्य-कर्मको
वर्णन गर्दछु ।
८ हे परमप्रभु, तपाईं वास गर्नुहुने भवन
र तपाईंको महिमा विराजमान हुने
ठाउँलाई म प्रेम गर्दछु ।
९ पापीहरूसँग मेरो प्राण र ज्यानमाराहरूसँग
मेरो जीवन नलिनुहोस् ।
१० जुनहरूका हात दुष्ट योजनाहरूले
भरिएका छन्,
र जुनहरूका दाहिने हात घूसले
भरिएका छन् ।
११ तर म त निर्दोष जीवन जिउँछु;
मेरो उद्धार गर्नुहोस्,
र ममाथि कृपालु हुनुहोस् ।
१२ सम्म ठाउँमा मेरा पाउ खड़ा छन्;
ठूलो जन-सभामा म परमप्रभुको प्रशंसा
गर्नेछु ।

### भजन २७

***परमप्रभुमा भरोसा***

दाऊदको भजन

१ परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ—
मैले कसको भय मान्नु ?
परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ—
कोसँग म भयभीत हुनु ?
२ जब मेरो मासु खान दुष्टहरू मेरो
विरुद्धमा अगि बढ़छन्,
जब शत्रु र विरोधीहरू ममाथि आइलाग्दछन्,
तिनीहरू ठक्कर खाएर जमिनमा
लोट्नेछन् ।
३ सेनाले मेरो विरुद्धमा छाउनी बनाए
तापनि मेरो हृदय डराउनेछैन ।
मेरो विरुद्धमा लड़ाइँ चले पनि,
त्यस बेला म पूरा आत्मविश्वास
राख्नेछु ।
४ एउटै कुरो मैले प्रभुसित मागेको छु,
म त्यसैको खोजी गर्दछु:
कि म मेरो सारा जीवन,
परमप्रभुको सुन्दरता हेर्न पाउँ र उहाँको
मन्दिरमा उहाँको खोजी गर्न सकूँ
र परमप्रभुको भवनमा वास गर्न पाऊँ ।
५ किनकि सङ्कष्टका दिनमा उहाँले मलाई
उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ;
आफ्नो पवित्र वासस्थानको छाहारीमा
उहाँले मलाई लुकाउनुहुनेछ,
र एउटा चट्टानमाथि उच्चमा राख्नुहुनेछ ।
६ तब मेरो वरिपरिका शत्रुहरूमाथि मेरो
शिर उच्च पारिनेछ;
र उहाँको पवित्र वासस्थानमा म आनन्दको
सोर सुनाउँदै बलिदान चढ़ाउनेछु;
म भजन गाउनेछु र परमप्रभुलाई प्रशंसा
गर्नेछु ।
७ हे परमप्रभु, मैले पुकार गर्दा, मेरो सोर
सुन्नुहोस्;
ममाथि कृपा गर्नुहोस् र मलाई जवाफ
दिनुहोस् ।
८ तपाईंको विषयमा मेरो हृदयले भन्दछ—
"उहाँको मुहारको खोजी गर् !"
हे परमप्रभु, म तपाईंको मुहारको खोजी
गर्नेछु ।
९ मबाट तपाईंको मुहार नलुकाउनुहोस्,
तपाईंको दासलाई रीसमा नहटाउनुहोस्;
तपाईं मेरा सहायक हुनुभएको छ,
हे मेरा परमेश्वर,
मेरा उद्धारको परमेश्वर, मलाई
नत्याग्नुहोस्, मलाई तिरस्कार नगर्नुहोस् ।
१० मेरा बाबु र मेरी आमाले मलाई त्यागे
तापनि परमप्रभुले मलाई सम्हाल्नुहुनेछ ।
११ हे परमप्रभु, तपाईंको मार्ग मलाई
सिकाउनुहोस्;

र मेरा शत्रुहरूको कारणले,
मलाई सोझो बाटोमा अगुवाइ गर्नुहोस् ।
१२ मेरा शत्रुहरूको इच्छामा मलाई
नछोड़िदिनुहोस्,
किनकि मेरो विरुद्धमा झूटा साक्षीहरू
उठेका छन्,
अनि तिनीहरू हिंसा गर्नलाई फुलिएर
हिँड़छन् ।
१३ मलाई अझ पनि विश्वास छ
कि जीवितहरूको देशमा परमप्रभुको
उत्तमता म देख्नेछु ।
१४ परमप्रभुको प्रतीक्षा गर;
बलियो होऊ र तिम्रो हृदय साहसिलो होस्,
र परमप्रभुकै प्रतीक्षा गर ।

## भजन २८
### *प्रार्थना र धन्यवाद-ज्ञापन*
दाऊदको भजन

१ हे परमप्रभु, मेरा चट्टान;
म तपाईंलाई पुकार्दछु,
मेरो पुकार नसुनेजस्तो नगर्नुहोस्,
नत्रता तपाईं मौन रहँदा,
म मृत-लोकमा पर्नेहरूजस्तो हुनेछु ।
२ मद्दतको निम्ति मैले तपाईंलाई पुकार्दा,
तपाईंको महा-पवित्रस्थानतर्फ मेरा हात पसार्दा,
दयाको निम्ति मेरो पुकार सुन्नुहोस् ।
३ मलाई ती दुष्टहरूसित र दुष्ट काम
गर्नेहरूसित नलैजानुहोस्,
जो तिनीहरूका छिमेकीहरूसँग मैत्रीपूर्ण
कुरा त गर्दछन्,
तर तिनीहरूका हृदयमा भने द्वेष हुन्छ ।
४ तिनीहरूका काम र तिनीहरूले गरेका
दुष्ट कर्मअनुसारको प्रतिफल
तिनीहरूलाई दिनुहोस्,
तिनीहरूका हातका कर्मअनुसारको
प्रतिफल तिनीहरूलाई दिनुहोस्,
र तिनीहरूले पाउनुपर्ने दण्ड
तिनीहरूलाई दिनुहोस् ।
५ किनकि तिनीहरू परमप्रभुका काम,
र उहाँका हातले गरेका कामको इज्जत गर्दैनन्,
र उहाँले तिनीहरूलाई नष्ट पार्नुहुनेछ,
र फेरि तिनीहरूलाई बनाउनु हुनेछैन ।
६ परमप्रभुको प्रशंसा होस्,
किनकि उहाँले दयाको निम्ति मेरो
प्रार्थना सुन्नुभएको छ ।
७ परमप्रभु मेरो बल र मेरो ढाल हुनुहुन्छ;
मेरो हृदयले उहाँमा भरोसा राखेको छ
र मैले सहायता पाएको छु,
आनन्दले मेरो हृदय उफ्रन्छ,
र भजन गाएर म उहाँलाई धन्यवाद
चढ़ाउनेछु ।
८ आफ्नो प्रजाको निम्ति परमप्रभु शक्ति हुनुहुन्छ,
र आफ्नो अभिषिक्त जनको निम्ति
उद्धारको किल्ला हुनुहुन्छ ।
९ तपाईंको प्रजालाई बचाउनुहोस्,
र तपाईंको आफ्नो वंशलाई आशिष्
दिनुहोस् ।
तिनीहरूका गोठालो बन्नुहोस्,
र सदाकाल तिनीहरूलाई सम्हाल्नुहोस् ।

## भजन २९
### *आँधीबेहेरीमा प्रभुको आवाज*
दाऊदको भजन

१ हे बलिया शूरवीर हो, परमप्रभुकै
गुणानुवाद गर ।
परमप्रभुलाई महिमा र शक्तिको श्रेय देओ ।
२ उहाँको नाउँअनुसार परमप्रभुलाई महिमा
देओ;
परमप्रभुलाई उहाँको पवित्रताले
सुशोभित भएर आराधना गर ।
३ परमप्रभुको वाणी पानीहरूमाथि छ,
महिमाका परमेश्वर गर्जनुहुन्छ,
परमप्रभु शक्तिशाली पानीहरूमाथि
गर्जनुहुन्छ ।

---

**२८:४**–प्रकाश २२:१२. **२९:१-२**–भजनसंग्रह ९६:७-९.

४ परमप्रभुको वाणी शक्तिशाली छ,
परमप्रभुको आवाज प्रतापी छ ।
५ परमप्रभुको आवाजले देवदारुहरू भाँचिन्छन्;
परमप्रभुले लबानोनका देवदारुहरू टुक्रा-टुक्रा पार्नुहुन्छ ।
६ उहाँले लेबनानलाई एउटा बाछाझैँ,
र सिरिओनलाई एक जवान साँढ़ेझैँ
उफार्नुहुन्छ ।
७ परमप्रभुको वाणीले बिजुलीका
चमकसहित प्रहार गर्छ ।
८ परमप्रभुको वाणीले मरुभूमिलाई हल्लाउँछ;
परमप्रभुले कादेशको मरुभूमिलाई
थर्कमान पार्नुहुन्छ ।
९ परमप्रभुको वाणीले फलाँटका
रूखहरूलाई बङ्ग्याइदिन्छ,
र जङ्गल लाछलुछ पारेर उजाड़ तुल्याउँदछ ।
अनि उहाँको मन्दिरमा सबै
"महिमा !" भन्दै कराउँछन् ।
१० परमप्रभु बाढ़ीमाथि विराजमान हुनुहुन्छ;
परमप्रभु सदासर्वदा राजाजस्तै
सिंहासनमा विराजमान हुनुहुन्छ ।
११ परमप्रभुले आफ्ना मानिसहरूलाई शक्ति प्रदान गर्नुहुन्छ;
परमप्रभुले आफ्ना मानिसहरूलाई
शान्तिको वरदान दिनुहुन्छ ।

## भजन ३०

***मृत्युबाट छुटकारा पाएकोमा धन्यवादको गीत***

मन्दिरको समर्पणको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, म तपाईंको महानताको
स्तुति गाउनेछु,
किनकि तपाईंले मलाई गहिराइबाट
माथि उचाल्नुभएको छ,
र मेरा शत्रुहरूलाई ममाथि रमाउन
दिनुभएको छैन ।
२ हे परमप्रभु, मेरा परमेश्वर,
मैले तपाईंलाई मद्दतको निम्ति पुकार गरें,
र तपाईंले मलाई निको पार्नुभयो ।
३ हे परमप्रभु, तपाईंले मलाई चिहानबाट
माथि निकाली ल्याउनुभएको छ;
र मलाई मृत-लोकमा जानदेखि
बचाउनुभएको छ ।
४ हे परमप्रभुका पवित्र जनहरू हो, उहाँको निम्ति भजन गाओ;
उहाँका पवित्र नाउँको स्तुति गर ।
५ किनकि उहाँको रीस क्षणभरको निम्ति मात्र हो,
तर उहाँको कृपादृष्टि जीवनभर रहन्छ,
रुवावासी एक रातभर मात्र रहन्छ,
तर बिहान आनन्द उदाइहाल्छ ।
६ जब म आफैलाई सुरक्षित पाउँथें, मैले भनें,
"म कहिल्यै डगमगाउनेछैन ।"
७ हे परमप्रभु, जब तपाईंले ममाथि आफ्नो कृपादृष्टि राख्नुभयो,
तब तपाईंले मेरो पहाड़लाई बलियो पारी सुदृढ़ पार्नुभयो ।
तर जब तपाईंले आफ्नो मुहार
लुकाउनुभयो, म व्याकुल भएँ ।
८ हे परमप्रभु, मैले तपाईंलाई पुकारें;
परमप्रभुलाई कृपाको निम्ति पुकार गरें,
९ म मृत-लोकमा गएँ भने मेरो नाशमा के लाभ हुन्छ ?
के धूलोले तपाईंको प्रशंसा गर्छ र ?
के त्यसले तपाईंको विश्वासनीयताको वर्णन गर्छ र ?
१० हे परमप्रभु, मेरो बिन्ती सुन्नुहोस्,
र ममाथि कृपालु हुनुहोस्;
हे परमप्रभु, तपाईं मेरो सहायक
बन्नुहोस् ।"
११ तपाईंले मेरो विलापलाई नाचमा परिवर्तन गर्नुभयो,
मेरो आङबाट भाङ्ग्रा हटाइदिनुभयो;
र आनन्दको वस्त्र पहिराइदिनुभयो ।
१२ यसकारण, मेरो हृदयले तपाईंको
स्तुतिगान गरोस् र चूप नलागोस् ।
हे परमप्रभु, मेरा परमेश्वर,
म सदासर्वदा, तपाईंलाई धन्यवाद
चढ़ाउनेछु ।

## भजन ३१

***सङ्कष्टमा परमेश्वरमाथि भरोसा***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, मैले तपाईंमा शरण लिएको छु;
म कहिल्यै पनि शर्ममा नपरूँ ।
तपाईंको धार्मिकतामा मेरो उद्धार
गर्नुहोस् ।
२ आफ्ना कान मतिर थाप्नुहोस्,
मेरो उद्धार गर्नलाई चाँड़ो आउनुहोस्;
तपाईं मेरो शरण लिने चट्टान हुनुहोस्,
मलाई बचाउनलाई मेरो बलियो किल्ला
तपाईं नै हुनुहोस् ।
३ तपाईं मेरो चट्टान र मेरो किल्ला हुनुभएकोले,
तपाईंकै नाउँको खातिर मलाई
डोऱ्याउनुहोस् ।
४ मेरो निम्ति गुप्तमा थापिएको पासोबाट
मलाई छुटाउनुहोस् ।
किनकि तपाईं नै मेरो शरणस्थान हुनुहुन्छ ।
५ तपाईंका हातमा म आफ्नो आत्मा
सुम्पन्छु;
हे परमप्रभु, हे सत्यका परमेश्वर, मोल
तिरेर मेरो उद्धार गर्नुहोस् ।

६ व्यर्थका मूर्तिहरूमा मन लाउनेहरूलाई
म घृणा गर्दछु;
म त परमप्रभुमा नै भरोसा राख्छु ।
७ म तपाईंका प्रेममा मग्न भई गाउनेछु,
किनकि तपाईंले मेरो पीड़ा देख्नुभयो,
र मेरो प्राणको व्यथालाई जान्नुभएको छ ।
८ तपाईंले मलाई शत्रुका हातमा पर्न
दिनुभएको छैन,
तर तपाईंले मेरा पाउलाई फराकिलो
ठाउँमा उभ्याउनुभएको छ ।

९ ममाथि अनुग्रह गर्नुहोस्, हे परमप्रभु,
किनकि म ठूलो सङ्कष्टमा परेको छु;
शोकले गर्दा मेरा आँखा धमिला भएका छन्,
अनि मेरो प्राण र मेरो शरीर मानसिक
दु:खले गर्दा दुर्बल भएका छन् ।
१० मेरो जीवन वेदनामा र मेरो उमेरचाहिँ
सुस्केरामा बितेका छन् ।
मेरो क्लेशको कारणले मेरो बल घटेको
छ,
र मेरा हाड़हरू कमजोर भइसकेका छन् ।
११ मेरो सारा शत्रुहरूको कारणले गर्दा,
म मेरा छिमेकीहरूका घृणाको पात्र
बनेको छु;
मित्रहरूको निम्ति म एक भयको कारण
भएको छु,
र मलाई सड़कमा देख्नेहरू,
मबाट टाढ़ा भाग्दछन्
१२ मरिसकेको मानिसझैँ मलाई तिनीहरूले
बिर्सेका छन्;
म एक फुटेको भाँड़ाझैँ भएको छु ।
१३ किनकि धेरैले मेरो विरुद्धमा निन्दा
गरेका मैले सुनेको छु;
चारैपट्टि मेरो निम्ति खतरा मात्र छ
तिनीहरू मेरो विरुद्धमा जाल रच्दछन्,
र मेरो प्राण लिन तिनीहरू षड्यन्त्र
रच्छन् ।

१४ तर हे परमप्रभु, म तपाईंमा नै
भरोसा राख्छु;
म भन्छु, "तपाईं नै मेरा परमेश्वर
हुनुहुन्छ ।"
१५ मेरा समय तपाईंकै हातमा छन्;
मलाई मेरा शत्रुहरू र मेरो खेदो
गर्नेहरूका हातबाट छुटाउनुहोस् ।
१६ तपाईंको मुहार आफ्नो दासमाथि
चम्काउनुहोस्;
तपाईंको अचूक कृपामा मेरो उद्धार
गर्नुहोस् ।
१७ हे परमप्रभु, मैले शर्माउन नपरोस्
किनकि मैले तपाईंलाई पुकारेको छु;
तर दुष्टहरू शर्ममा परून्,
र पातालमा जाऊन् र त्यहीं चूपचाप
रहून् ।

---

**३१:५**–लूका २३:४६.

१८ तिनीहरूका ढाँट्ने ओठहरू चुप होऊन्,
किनकि घमण्ड र घृणासाथ,
तिनीहरू धर्मीहरूका विरुद्धमा बोल्छन् ।

१९ तपाईंको सद्गुण कति महान् छ,
जो तपाईंको भय मान्नेहरूका निम्ति
तपाईंले राख्नुभएको छ,
जो तपाईंमा शरण पर्नेहरूलाई तपाईंले
मानिसहरूका सामुन्ने दिनुभएको छ ।
२० आफ्नो उपस्थितिको छहारीमा,
तिनीहरूलाई तपाईं मानिसहरूको
षड्यन्त्रबाट लुकाउनुहुन्छ ।
दोष लाउने जिब्राबाट आफ्नो वासस्थानमा
तपाईंले तिनीहरूलाई सुरक्षित राख्नुहुन्छ ।

२१ परमप्रभुको स्तुति होस्,
किनकि म शत्रुहरूको घेरामा परेको
शहरभित्र हुँदा,
उहाँले आफ्नो उदेकको कृपा ममाथि
देखाउनुभयो ।
२२ आत्तिएको बेलामा मैले भनें,
"तपाईंको दृष्टिबाट म टाढ़ा भएको छु ।"
तर तपाईंलाई गुहारको निम्ति पुकार गर्दा,
तपाईंले कृपाको निम्ति मेरो पुकार
सुनिदिनुभयो ।

२३ हे सबै पवित्र जन हो, परमप्रभुलाई प्रेम गर !
विश्वास गर्नेहरूलाई परमप्रभुले रक्षा
गर्नुहुन्छ !
तर अहङ्कारीहरूलाई चाहिँ उहाँले पूरा
दण्ड दिनुहुन्छ ।
२४ हे परमप्रभुमा आशा राख्ने सबै जना हो,
शक्तिशाली होओ, अनि ढाड़स गर ।

## भजन ३२

***पाप-क्षमाबाट हुने सुख***

दाऊदको मस्किल भन्ने भजन

१ त्यो मानिस धन्य हो–
जसका अपराधहरू क्षमा भएका छन्,
जसका पापहरू ढाकिएका छन् ।
२ त्यो मानिस धन्य हो–
जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न,
र जसका मनमा छलकपट छैन ।

३ जब म मनमा मौन रहें,
तब मेरो कङ्ला शब्दले गर्दा मेरा
हाड़हरू मक्किए ।
४ दिनरात तपाईंको बाहुलीको भार ममाथि
रह्यो;
मेरो शरीरको शक्ति ग्रीष्मको तापले
भएझैं सुकिसकेको थियो । *सेला*
५ तब मैले आफ्नो पाप तपाईंको सामुन्ने
स्वीकार गरें,
मैले आफ्नो अपराध लुकाइराखिनँ ।
मैले भनें, "म आफ्ना अपराध परमप्रभुको
सामुन्ने स्वीकार गर्नेछु"–
र तपाईंले मेरो पापको दोष क्षमा
गर्नुभयो । *सेला*

६ यसकारण हरेक भक्तजनले,
जबसम्म तपाईंलाई प्राप्त गर्न सकिन्छ,
तपाईंमा प्रार्थना गरोस् ।
अनि दु:ख-कष्ट र उर्लेको भेलले
त्यसलाई छुनेछैन ।
७ तपाईं मेरो आश्रय हुनुहुन्छ,
तपाईंले मलाई दु:खबाट रक्षा गर्नुहुन्छ,
तपाईंले मलाई उद्धारका गीतले
घेर्नुहुन्छ । *सेला*

८ म तँलाई शिक्षा दिनेछु,
र तँ कुन मार्गमा हिँड्नुपर्ने हो,
सो तँलाई सिकाउनेछु;
म तँलाई सल्लाह दिनेछु र तँमाथि
आफ्नो नजर राख्नेछु ।
९ समझै नभएको घोड़ा वा खच्चरजस्ता
तिमी नहोऊ,
जसलाई रोक्न लगाम र डोकरि चाहिन्छ,
नत्रता तिनीहरू तेरो वशमा आउनेछैनन् ।
१० दुष्टहरूले धेरै कष्ट भोग्नुपर्नेछ,
तर परमप्रभुमा भरोसा राख्नेहरूलाई

**३२:१-२**–रोमी ४:७-८.

उहाँको अचूक कृपाले घेर्नेछ,
११ हे धर्मात्मा हो, परमप्रभुमा
आनन्दित होओ र हर्ष मनाओ ।
र सोझो मन भएका हो, तिमीहरू सबै
आनन्दसाथ जयजयकार गर !

## भजन ३३

***सृष्टिकर्ता र पालनहार परमेश्‍वरको प्रशंसा***

१ हे धर्मीहरू हो, परमप्रभुलाई आनन्दसाथ
स्तुति गाओ;
सोझा मन भएकाहरूले उहाँको स्तुति
गर्न सुहाउँछ ।
२ वीणा बजाएर परमप्रभुको प्रशंसा गर;
दश-तारे सारङ्गी बजाएर उहाँको स्तुति
गाओ ।
३ एउटा नयाँ भजन उहाँको निम्ति गाओ;
जयजयकार गर्दै निपुणतासाथ वाद्यहरू
बजाओ ।

४ किनकि परमप्रभुको वचन ठीक र सत्य छ;
र उहाँका सबै काम विश्‍वस्ततामा
हुन्छन् ।
५ परमप्रभुले धार्मिकता र न्यायलाई मन
पराउनुहुन्छ,
उहाँको अचूक कृपाले पृथ्वी भरिपूर्ण भएको
छ ।

६ परमप्रभुको वचनले आकाशहरू निर्माण भए,
र उहाँकै मुखको सासले त्यहाँका ग्रह-
नक्षत्रहरू ।
७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर
एक थुप्रो पार्नुहुन्छ ।
उहाँले गहिरा सागरहरूलाई आफ्ना
ढुकुटीमा राख्नुहुन्छ ।
८ सारा पृथ्वीले परमप्रभुको भय मानोस्,
संसारका सारा निवासीहरूले उहाँको
भक्ति गरून् ।
९ किनकि उहाँका मुखको वचनले सारा
सृष्टि रचियो,
उहाँले आज्ञा गर्नुभयो र त्यो स्थिर रह्‍यो ।
१० परमप्रभुले जाति-जातिका योजनाहरू रद्द
तुल्याउनुहुन्छ,
उहाँले मानिसहरूका विचार-विमर्शलाई
विफल तुल्याउनुहुन्छ ।
११ तर परमप्रभुका योजनाहरू सदा स्थिर
रहन्छन्,
उहाँको हृदयका विचार पुस्तौंसम्म
रहिरहन्छन् ।

१२ त्यो जाति धन्यको हो,
जसका परमेश्‍वर परमप्रभु हुनुहुन्छ,
ती मानिसहरू, जसलाई आफ्नो
उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो ।
१३ स्वर्गबाट परमप्रभुले हेर्नुहुन्छ,
र उहाँले सबै मानिसका सन्तानलाई
देख्नुहुन्छ ।
१४ आफ्नो वासस्थानबाट उहाँले
पृथ्वीका सारा बासिन्दाहरूमाथि नजर
राख्नुहुन्छ–
१५ उहाँ, जसले सबैको मन रच्नुहुन्छ,
र तिनीहरू सबैका कामको विचार
गर्नुहुन्छ ।
१६ कुनै राजा आफ्नो ठूलो सेनाद्वारा बाँच्न
सक्दैन,
कुनै योद्धा आफ्नो ठूलो सामर्थ्यद्वारा
बाँच्न सक्दैन ।
१७ घोड़ामाथि छुटकाराको आशा राख्नु
व्यर्थ छ,
त्यसको ठूलो ताकतले पनि बचाउन
सक्दैन ।
१८ तर परमप्रभुको दृष्टि उहाँको भय
मान्नेहरूमाथि छ,
तिनीहरूमाथि जसको आशा उहाँको
अचूक कृपामाथि छ,
१९ तिनीहरूका प्राणलाई मृत्युबाट छुटकारा
दिन र अनिकालको
समयमा तिनीहरूलाई जीवित राख्न ।

२० हामी आशा लिएर परमप्रभुको बाटो हेर्दछौं,
उहाँ नै हाम्रो सहायता र हाम्रो ढाल
हुनुहुन्छ ।
२१ उहाँमा नै हाम्रा हृदय रमाउँछन्,

किनकि हामी उहाँका पवित्र नाउँमा
भरोसा राख्छौं,
२२ हे परमप्रभु ! हामीले हाम्रो आशा
तपाईंमा राखेअनुसार
तपाईंको अचूक कृपा हामीमाथि रहोस् ।

## भजन ३४

***परमेश्वरका भलाइको निम्ति स्तुतिगान***

अबीमेलेकको अगि बौलाहा हुँ भनी बहाना
गरेको समयको दाऊदको भजन

१ हर बखतमा म परमप्रभुलाई धन्यको भन्नेछु;
उहाँको प्रशंसा निरन्तर मेरो मुखमा
हुनेछ ।
२ परमप्रभुमा नै मेरो आत्माले गर्व गर्नेछ;
कष्टमा परेकाहरू यो सुनेर खुशी हुनेछन् ।
३ म सँगसँगै परमप्रभुको महिमा गर;
र हामी मिलेर उहाँको नाउँ उच्च पारौं ।

४ मैले परमप्रभुको खोजी गरें,
र उहाँले मलाई जवाफ दिनुभयो;
र मलाई मेरा सबै डरहरूबाट
छुटाउनुभयो ।
५ उहाँलाई हेर्नेहरू उज्ज्वल हुन्छन्,
र तिनीहरूका शिर शर्मले कहिल्यै
झुक्नेछैनन् ।
६ यस दु:खित मानिसले परमप्रभुलाई
पुकार गऱ्यो, अनि उहाँले सुन्नुभयो,
र त्यसलाई त्यसका सबै कष्टबाट
बचाउनुभयो ।
७ परमेश्वरको भय मान्नेहरूका चारैतिर
परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्,
र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ ।
८ परमप्रभुलाई पारख गरेर हेर,
कि उहाँ कति भला हुनुहुन्छ ।
उहाँमा शरण लिने मानिस धन्यको हो ।
९ हे परमप्रभुका जन हो ! उहाँको भय मान,
किनकि उहाँको डर मान्नेहरूलाई केही
कुरोको खाँचो पर्दैन ।
१० जवान सिंहहरू कमजोर होलान्,
र तिनीहरू भोकाउँछन्,
तर परमप्रभुको खोजी गर्नेहरूलाई कुनै
उत्तम कुराको अभाव हुँदैन ।
११ हे बालक हो, मकहाँ आओ र मेरा कुरा सुन;
म तिमीहरूलाई परमेश्वरको डर मान्न
सिकाउनेछु ।
१२ तिमीहरूमध्ये कसैले जीवनलाई प्रेम गर्छ,
र धेरै असल दिनहरू देख्न इच्छा गर्दछ
भने–
१३ आफ्नो जिब्रोलाई खराबीबाट,
र आफ्ना ओठलाई झूट बोल्नबाट
अलग्ग राख ।
१४ दुष्टताबाट हट र भलाइ गर;
शान्ति खोज र त्यसैको पछि लाग ।

१५ परमप्रभुको नजर धर्मात्मातर्फ रहन्छ,
उहाँका कान तिनीहरूका पुकार
सुन्नलाई सावधान रहन्छन्;
१६ परमप्रभुको मुहार खराबी गर्नेहरूका
विरुद्धमा हुन्छ,
अनि उहाँले तिनीहरूको स्मृतिसम्म पनि
धरतीबाट मेटाइदिनुहुनेछ ।

१७ जब धार्मिक जनहरूले पुकार गर्छन्,
तब परमप्रभुले सुन्नुहुन्छ,
र तिनीहरूका सबै सङ्कष्टबाट
तिनीहरूलाई उद्धार दिनुहुन्छ ।
१८ चूर्ण हृदय भएकाहरू सबैका नजीक
परमप्रभु हुनुहुन्छ,
र निराश भएकाहरूलाई उहाँले
बचाउनुहुन्छ ।

१९ धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्,
तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार
दिनुहुन्छ ।
२० परमप्रभुले त्यसका सबै हाड़हरूको रक्षा
गर्नुहुन्छ,
तिनमा एउटै पनि भाँचिनेछैन ।

२१ दुष्टलाई आफ्नै खराबीले नष्ट पार्दछ;

**३४:१-६**–१ शमूएल २१:१३-१५. **३४:८**–१ पत्रुस २:३. **३४:१२-१६**–१ पत्रुस ३:१०-१२. **३४:२०**–यूहन्ना १९:३६.

र धार्मिक जनका विरोधीहरू जति दोषी
ठहरिनेछन् ।
२२ परमप्रभुले आफ्ना दासहरूलाई उद्धार गर्नुहुन्छ;
उहाँमा शरण लिने कोही पनि दोषी
ठहरिनेछैन ।

### भजन ३५

***न्यायको निम्ति प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, मलाई विरोध गर्नेहरूको
विरोध गरिदिनुहोस्,
मसँग युद्ध गर्नेहरूका विरुद्धमा युद्ध
गरिदिनुहोस् ।
२ अनि कवच पहिरनुहोस् र सानो ढाल
लिनुहोस्;
र मेरो सहायतामा खड़ा हुनुहोस् ।
३ मलाई खेद्नेहरूका विरुद्धमा तपाईंको
भाला र बर्छा उठाउनुहोस्,
"म तेरो उद्धार हुँ" भनी मेरो प्राणलाई
भन्नुहोस् ।

४ मेरो प्राण लिन खोज्नेहरू जति
अपमानित होऊन्,
र शर्ममा परून्;
मेरा विरुद्धमा उपाय रच्नेहरू
लखेटिऊन् र अलमल्ल परून् ।
५ तिनीहरू बतासले उड़ाएका भुसजस्ता
होऊन्,
र परमप्रभुका स्वर्गदूतले तिनीहरूलाई
लखेटुन् ।
६ तिनीहरूको बाटो अँध्यारो र चिप्लो होस्,
र परमप्रभुका दूतले तिनीहरूलाई
लखेटि नै रहून् ।
७ किनकि विनाकारण तिनीहरूले मलाई
फसाउनलाई जाल बिछाए,
र विनाकारण मेरो प्राण लिन तिनीहरूले
खाड़ल खने ।
८ अकस्मात् तिनीहरूमाथि विनाश आइपरोस्,
तिनीहरूले लुकाएर थापेको पासोमा
तिनीहरू परून्,
तिनीहरू आफै त्यस खाड़लमा परेर
नष्ट होऊन् ।
९ तब मेरो प्राणचाहिँ परमप्रभुमा हर्षित हुनेछ,
र उहाँबाटै भएको उद्धारमा उल्लासित
हुनेछ ।
१० मेरो सम्पूर्ण ज्यानले चिच्च्याएर भन्नेछु,
"हे परमप्रभु, तपाईंजस्तो को छ र ?
निर्बललाई आफूभन्दा शक्तिशाली
मानिसबाट तपाईं बचाउनुहुन्छ,
अनि निर्बल र दरिद्रलाई
अत्याचारीबाट उद्धार गर्नुहुन्छ ।"

११ निर्दयी साक्षीहरू अगि आउँदैछन्,
मैले जान्दै नजानेका कुरा तिनीहरू
मलाई सोध्छन् ।
१२ तिनीहरू मलाई भलाइको बदला
खराबी गर्छन्,
र मेरो प्राणलाई आशाहीन बनाई
छोड्छन् ।
१३ तापनि तिनीहरू बिरामी हुँदा, मैले
भाङ्ग्राको वस्त्र लगाएँ,
र उपवास बसेर आफूलाई दीन बनाएँ ।
जब मेरा प्रार्थना उत्तरविनै फर्केर आए,
१४ मेरा मित्र र मेरो भाइको निम्ति शोक
गरेझैं म शोक गर्दै हिँडें ।
आफ्नी आमाको निम्ति विलाप गरेझैं
शिर झुकाएर मैले शोक मनाएँ ।
१५ तर जब मैले ठेस खाएँ, हाँसो गर्दै
तिनीहरू मेरो विरुद्धमा एकत्र भए । मैले
थाहै नपाएको बेलामा आक्रमणकारीहरू
मेरो विरुद्धमा जम्मा भए ।
तिनीहरूले लगातार मेरो निन्दा गरे ।
१६ अधर्मीझैं तिनीहरूले वैमनस्यपूर्वक निन्दा
गरे,
तिनीहरूले ममाथि दाह्रा किटे ।
१७ हे परमप्रभु, कहिलेसम्म तपाईं
हेरिरहनुहुन्छ ?
तिनीहरूले ममाथि ल्याएको आक्रमणबाट,
ती सिंहहरूबाट मेरो ज्यानलाई
छुटाउनुहोस् ।

१८ ठूलो समुदायमा म तपाईंमा धन्यवाद
चढ़ाउनेछु,
विशाल जन-समूहमा म तपाईंको प्रशंसा
गर्नेछु ।

१९ विनाकारण मेरा वैरीहरू मेरो विरुद्धमा
रमाउन नपाऊन्,
विनाकारण मलाई घृणा गर्नेहरूले मेरो
वैमनस्यपूर्वक खिसी गर्न नपाऊन् ।
२० तिनीहरू त शान्तिको कुरै गर्दैनन्,
तर देशमा शान्तिसँग बस्ने मानिसहरूका
विरुद्धमा झूटा अभियोगहरू रच्छन् ।
२१ ठूलो मुख बाएर मेरो विरुद्धमा तिनीहरू
भन्छन्,
"आहा ! आहा ! हामीले आफ्नै आँखाले
यो देख्न पायौं ।"

२२ हे परमप्रभु, तपाईंले यो देख्नुभएको छ,
अब चुप लागेर नबस्नुहोस्,
हे परमप्रभु, मबाट टाढ़ा नहुनुहोस् ।
२३ उठ्नुहोस्, र मेरो रक्षाको निम्ति
जाग्नुहोस् ।
हे परमप्रभु, मेरा परमेश्वर, मेरो निम्ति
लड़िदिनुहोस् ।
२४ हे परमप्रभु, मेरा परमेश्वर,
तपाईंकै धार्मिकताअनुसार मलाई निर्दोष
ठहराउनुहोस् ।
ममाथि तिनीहरू रमाउन नपाऊन् ।
२५ तिनीहरूले आफ्ना मनमा, "आहा !
हामीले चिताएका पुग्यो" भन्न नपाऊन्,
अथवा "हामीले त्यसलाई निलिदियौं"
भन्न नपाऊन् ।

२६ मेरो आपत्को समय मेरो हाँसो
उड़ाउनेहरू सबै लाजमा परून् र
अस्तव्यस्त होऊन् ।
मभन्दा ठूलो हुँ भनी धाक दिनेहरू सबै
लाजमा परून् र अपमानित होऊन् ।
२७ म दोष-मुक्त भएको कामना राख्नेहरू
आनन्दले जयजयकार गरून् र हर्षित
होऊन् ।
तिनीहरूले निरन्तर यसो भनिरहून्,
"परमप्रभुको नाउँ उच्च होस्,
जो आफ्नो दासको कल्याणमा प्रसन्न
हुनुहुन्छ ।"
२८ मेरो जिब्रोले तपाईंको धार्मिकताको
बखान गर्नेछ,
र म तपाईंको प्रशंसा दिनभरि गर्नेछु ।

## भजन ३६

***परमप्रभुको स्वभाव र दुष्टको चालचलन***

सङ्गीत-निर्देशकको निम्ति–
परमप्रभुको सेवक दाऊदको भजन

१ दुष्टका पापको सम्बन्धमा,
मेरो हृदयमा एउटा ईश्वरवाणी छः
त्यसका आँखाअगि परमेश्वरको डर
हुँदैन ।
२ किनकि त्यसले आफ्नो यति प्रशंसा गर्छ,
कि आफ्नो पाप त्यसले फेला पार्दैन र
घृणा गर्दैन ।
३ त्यसका मुखका कुराहरू दुष्ट र छलपूर्ण
छन्;
बुद्धिमानी हुन र भलाइको काम गर्न
त्यसले छोड़िसकेको छ ।
४ त्यसले आफ्नो ओछ्यानमा पनि
कुकर्मको योजना बनाउँछ ।
त्यसले आफैलाई कुमार्गतिर लगाउँछ,
त्यसले खराबीलाई इन्कार गर्दैन ।

५ हे परमप्रभु, तपाईंको प्रेम स्वर्गैसम्म
फैलिएको छ,
र तपाईंको विश्वासयोग्यता आकाशसम्मै ।
६ तपाईंको धार्मिकता विशाल पहाड़हरू
जस्तै छ,
तपाईंको न्याय अगाध समुद्रजस्तै छ ।
हे परमप्रभु, तपाईंले मानिस र पशुलाई
जोगाइराख्नुहुन्छ ।

**३५:१९**–भजनसंग्रह ६९:४; यूहन्ना १५:२५. **३६:१**–रोमी ३:१८.

७ तपाईंको अडिग कृपा कति अनमोलको छ !
मानिसका सन्तानले तपाईंका पखेटाको
छायामा शरण पाउँछन् ।
८ तपाईंका भवनको प्रचुरताबाट तिनीहरू
भोज गर्छन्;
र तपाईंको सुख-चैनको नदीबाट तपाईंले
तिनीहरूलाई पियाउनुहुन्छ ।
९ किनकि जीवनको स्रोत तपाईंसँग छ,
तपाईंकै ज्योतिमा हामी प्रकाश देख्छौं ।

१० तपाईंलाई चिन्नेहरूमाथि तपाईंको प्रेम
र सत्यनिष्ठ हृदय हुनेहरूमा तपाईंको
धार्मिकता रहिरहोस् ।
११ अहङ्कारीको खुट्टाले मलाई कुल्चन नआओस्,
नता दुष्टका हातले मलाई गलहत्त्याउन
पाओस् ।
१२ दुष्कर्मीहरू कसरी लम्पसार परेका छन्–
तिनीहरू उठ्नै नसक्ने गरी पछारिएका
छन् !

## भजन ३७

***धर्म र अधर्मको परिणाम***

दाऊदको भजन

१ दुष्टहरूलाई देखेर झर्को नमान,
कुकर्मीहरूप्रति डाही नहोऊ,
२ किनकि तिनीहरू चाँड़ै घाँसझैं सुकिजानेछन्,
र हरिया बिरुवाजस्तै ओइलिजानेछन् ।

३ परमप्रभुमा भरोसा राख र भलाइ गर;
त्यसरी देशमा रहेर सुरक्षाको उपभोग
गर्नेछौ ।
४ परमप्रभुमा आनन्दित होऊ,
र उहाँले तिम्रा मनोरथ पूर्ण गर्नुहुनेछ ।

५ आफ्नो मार्ग परमप्रभुलाई सुम्प;
उहाँमा नै भरोसा राख अनि उहाँले यो
गर्नुहुनेछः
६ उहाँले तेरो धार्मिकता प्रभातझैं
ज्योतिसमान र तेरो मामिलाको न्याय
मध्यदिनको सूर्यसमान पार्नुहुनेछ ।

७ परमप्रभुको सामुन्ने मौन भई बस, र
धैर्यपूर्वक उहाँको प्रतिक्षा गर ।
मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा
र त्यसले खराब युक्तिहरू कार्यान्वयन
गर्दा तँ झर्को नमान् ।

८ रिसाउन छोड़ र क्रोधलाई त्याग;
झर्को नमान, यसले खराबी गर्नतिर मात्र
ढल्काउँछ ।
९ किनकि कुकर्मीहरू बहिष्कृत हुनेछन्,
तर परमप्रभुको प्रतिक्षा गर्नेहरूले देश
अधिकार गर्नेछन् ।

१० अलिक बेरपछि दुष्टहरू रहनेछैनन्;
तिनीहरूलाई जति खोजे पनि पाइँदैनन् ।
११ तर नम्रहरूले देश अधिकार गर्नेछन्,
र विशाल शान्ति उपभोग गर्नेछन् ।

१२ दुष्टहरूले धर्मीजनका विरुद्धमा षड़यन्त्र
रच्दछन्;
र तिनीहरूमाथि दाह्रा किट्दछन् ।
१३ तर परमप्रभु दुष्टहरूमाथि हाँस्नुहुन्छ,
किनकि तिनीहरूको दिन आइपुगेको
उहाँले जान्नुहुन्छ ।

१४ दुःखी र कङ्गालीहरूलाई ढाल्न,
र सत्य बाटोमा हिँड़नेहरूलाई मार्न,
दुष्टहरूले तरवार थुत्छन्,
र धनुमा ताँदो चढ़ाउँछन् ।
१५ तर तिनीहरूका तरवारले तिनीहरूकै
मुटु छेँड़नेछ,
र तिनीहरूका धनु भाँचिनेछन् ।

१६ धेरै दुष्टहरूका सम्पत्तिको बाहुल्यभन्दा
धर्मी जनहरूसँग भएको थोरै कुरो उत्तम
हो ।
१७ किनकि दुष्टहरूको पाखुरा भाँचिनेछन्,
तर धर्मीहरूलाई परमप्रभुले थामिराख्नुहुन्छ ।

१८ परमप्रभुले निर्दोष मानिसहरूको वास्ता
गर्नुहुन्छ,
र तिनीहरूको अधिकार सधैँभरि रहनेछ ।

---

**३७:११**–मत्ती ५:५.

१९ आपत्‌को दिनमा तिनीहरू लाजमा पर्नेछैनन्;
र अनिकालका दिनमा तिनीहरूसँग प्रशस्त आहार हुनेछ ।

२० तर दुष्टहरू त नष्ट हुनेछन्,
परमप्रभुको शत्रुहरूचाहिँ चउरको हरियालीजस्तै छन्,
तिनीहरू लोप भइजानेछन्, धूवाँजस्तै तिनीहरू लोप हुनेछन् ।

२१ दुष्टहरूले ऋण लिएर फर्काउँदैनन्,
तर धर्मीहरूले उदारतापूर्वक दिन्छन् ।
२२ परमप्रभुको आशिष् पाउनेहरूले देश अधिकार गर्छन्,
तर उहाँबाट श्राप पाउनेहरूचाहिँ पन्साइनेछन् ।
२३ यदि परमप्रभुलाई मानिसको मार्ग मन पर्‍यो भने,
उहाँले त्यसका पाइला दह्रिला पार्नुहुन्छ ।
२४ त्यसले ठेस खाए पनि लोट्नेछैन,
किनकि परमप्रभुले त्यसलाई आफ्नो हातले थाम्नुहुन्छ ।

२५ म जवान थिएँ, अब म वृद्ध भएको छु,
तर धर्मी जनहरू त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ ।
२६ तिनीहरू सधैँ उदार चित्तका हुन्छन्
र खुलासित ऋण दिन्छन्;
तिनीहरूका सन्तानले आशीर्वाद पाउँछन् ।

२७ खराबीदेखि फर्केर अलग्ग बस र भलाइ गर,
र तिमी सदासर्वदा देशमा बस्नेछौ ।
२८ किनकि परमप्रभुले न्यायीलाई प्रेम गर्नुहुन्छ,
र आफ्ना विश्‍वासीहरूलाई उहाँले त्याग्नुहुन्‍न ।
तिनीहरू सधैँ सुरक्षित राखिनेछन्,
तर दुष्टका सन्तान भने नष्ट हुनेछन् ।
२९ धर्मीहरूले देश अधिकार गर्नेछन्,
र त्यसमा सधैँभरि वास गर्नेछन्;
३० धर्मी जनले ज्ञानको कुरा गर्छ,
र त्यसको जिब्रोले न्यायको कुरा बोल्छ ।
३१ त्यसको हृदयमा त्यसका परमेश्‍वरको व्यवस्था हुन्छ,
त्यसका खुट्टा चिप्लँदैनन् ।
३२ दुष्टले धर्मीको बाटो ढुक्दछ र त्यसको प्राण लिन खोज्दछ;
३३ तर परमप्रभुले धर्मी जनलाई तिनीहरूको शक्तिमा छोड्नुहुनेछैन,
नता त्यसको न्याय हुँदाखेरि त्यसलाई दोषी ठहराउन दिनुहुन्छ ।

३४ परमप्रभुको प्रतीक्षा गर र उहाँकै मार्गमा हिँड,
प्रतिज्ञाको देश अधिकार गर्न उहाँले तिमीलाई उचाल्नुहुनेछ ।
दुष्टको विनाश तिम्रै आँखाले देख्नेछ ।

३५ मैले एक जना दुष्ट र अत्याचारी मानिसलाई देखेको छु,
जो सप्रेको देवदारुको वृक्षजस्तो थियो ।
३६ तर त्यो चाँडै मर्‍यो र रहेन;
मैले त्यसलाई खोजें, तर पाउन सकिनँ ।

३७ निर्दोष मानिसलाई विचार गर,
र सत्यनिष्ठ जनलाई हेर, किनभने शान्तिप्रिय मानिसको सन्तान हुन्छ ।
३८ तर अपराधीहरूचाहिँ सखापै हुनेछन्,
दुष्टका सन्तानचाहिँ बहिष्कृत हुनेछन् ।

३९ धर्मीको उद्धार परमप्रभुबाट आउँछ;
कष्टको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ ।
४० परमप्रभुले तिनीहरूलाई मद्दत गर्नुहुन्छ,
र तिनीहरूको उद्धार गर्नुहुन्छ;
उहाँले दुष्टका हातबाट तिनीहरूलाई उद्धार गर्नुहुन्छ र बचाउनुहुन्छ,
किनकि तिनीहरू उहाँकहाँ शरण लिन्छन् ।

## भजन ३८

***पीडित मानिसको प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, तपाईंको क्रोधमा मलाई नहप्काउनुहोस्,

अथवा तपाईंका क्रोधको आवेगमा मलाई
ताड़ना नदिनुहोस् ।
२ किनकि तपाईंका वाणहरू ममा गड़ेका छन्,
र तपाईंको हात ममाथि परेको छ ।
३ किनकि तपाईंको रीसले गर्दा मेरो शरीर
स्वस्थ छैन;
मेरा पापले गर्दा मेरा हाड़हरू दुर्वल छन् ।
४ मेरा अधर्महरूमा म शिरसम्म
डुबिसकेको छु,
मैले बोक्न नसक्ने गरी ती बढ़ी गह्रौं
भएका छन् ।
५ मेरो पापमय मूर्खताले गर्दा,
मेरा घाउहरू दुर्गन्धित भएका छन् र
सड़िसकेका छन् ।
६ म झुकेर धूलैमा लोटिसकेको छु,
दिनभरि म विलाप गर्दै हिँड्छु ।
७ मेरो ढाड़ जलनले भरिएको छ;
र मेरो शरीरमा कत्ति पनि तन्दुरुस्ती छैन ।
८ म बिलकुल दुर्बल भएको छु,
र चकनाचूर पारिएको छु ।
मेरो हृदयको पीडाले गर्दा म कहालिउठ्छु ।
९ हे परमप्रभु, मेरा सबै अभिलाषाहरू
तपाईंको अगि खुलस्त छन्,
तपाईंबाट मेरा सुस्केरा लुकेको छैन ।
१० मेरो मुटु धड़कन्छ, मेरो बलले भियाउँदैन,
र मेरा आँखाको ज्योति पनि मबाट
गइसकेको छ ।
११ मेरा मित्र र सङ्गीहरू मेरा घाउहरूका
कारणले मबाट अलग बस्छन्,
र मेरा कुटुम्बहरू टाढ़ै उभिन्छन् ।
१२ मेरो प्राण लिन खोज्नेहरूले मलाई पासो
थाप्छन्,
मेरो हानि खोज्नेहरूले मेरो विनाशका
कुरा गर्छन्,
र दिनभरि विश्वासघाती कल्पना रच्छन् ।
१३ म त बहिरो मानिसझैं भएको छु,
जसले सुन्न सक्दैन,
र मुखै उघार्न नसक्ने मानिसजस्तै म
गूँगो भएको छु ।
१४ सुन्दै नसुन्ने मानिसजस्तै म भएको छु,
जसको मुखले जवाफै दिन सक्दैन ।
१५ हे परमप्रभु, म तपाईंकै प्रतीक्षा गर्छु,
हे परमप्रभु, मेरा परमेश्वर, तपाईंले
जवाफ दिनुहुनेछ ।
१६ किनकि मैले भनें, “तिनीहरूले मेरो उपहास
गर्न नपाऊन्,
मेरो गोड़ा चिप्लँदा तिनीहरूले घमण्ड
गर्न नपाऊन् ।”
१७ किनकि म त ढल्नै लागेको छु,
र मेरो पीडा सधैं मसँग छ ।
१८ म मेरो अर्धम स्वीकार गर्दछु;
मेरो पापको निम्ति म दुःखित छु ।
१९ मेरा धेरै बलिया शत्रुहरू छन्;
विनाकारण मलाई घृणा गर्नेहरू धेरै छन् ।
२० मेरो भलाइको साटो खराबी गर्नेहरूले,
मचाहिँ भलाइको पछि लाग्दा मेरो निन्दा
गर्छन् ।
२१ हे परमप्रभु, मलाई नत्याग्नुहोस्;
हे मेरा परमेश्वर, मबाट टाढ़ा नहुनुहोस् ।
२२ हे परमप्रभु, मेरा उद्धारक,
मलाई मद्दत गर्न चाँड़ै आउनुहोस् ।

## भजन ३९

***जीवनको क्षणभङ्गुरता***

सङ्गीत-निर्देशकको निम्ति– यदूतूनको लागि
दाऊदको भजन

१ मैले भनें, “म आफ्नो चालचलनमा
सावधान रहनेछु,
र आफ्नो जिब्रोलाई पापबाट रोक्नेछु ।
दुष्टहरू मेरो सामुन्ने रहुञ्जेल म आफ्नो
मुखमा मोहोलो लाएर बस्नेछु ।”
२ तर जब म मौन र शान्त बसें,
अनि असल कुरा पनि बोलिनँ,
मेरो पीडा झन् बढ़ेर आयो ।
३ मभित्र मेरो हृदय सन्तापित भयो, जति
सोचे त्यति नै मभित्र आगो दन्कियो ।
तब मैले मुख खोलेर भनें:
४ “हे परमप्रभु, मेरो जीवनको अन्त

देखाउनुहोस् ।
मेरो जीवनका अब कति दिन बाँकी छन्,
र मेरो जीवन कति क्षणभङ्गुर छ भनी
मलाई जान्न दिनुहोस् ।
५ तपाईंले मेरो जीवनकाल बित्ताभरको
बनाउनुभएको छ;
र मेरो आयु तपाईंको दृष्टिमा केही पनि
होइन ।
मानिसको जीवन एक मुट्ठी सासमा
मात्र अड़ेको छ । *सेला*
६ मानिस एउटा छायाजस्तै हिँड्डुल गर्छ,
त्यसले व्यर्थमा हलचल गर्छ,
त्यसले धन-सम्पत्ति त थुपार्छ,
तर त्यो बटुल्ने को हुन्छ, सो जान्दैन ।

७ "तर अब, हे परमप्रभु, म के को निम्ति
प्रतिक्षा गर्दछु ?
मेरो आशा त तपाईंमा नै छ ।
८ मलाई मेरा सब अपराधबाट छुटाउनुहोस्;
मलाई मूर्खहरूको तिरस्कारको पात्र
नबनाउनुहोस् ।
९ म मौन थिएँ; मैले आफ्नो मुख खोलिनँ,
किनकि त्यो गर्ने तपाईं नै हुनुहुन्छ ।
१० तपाईंको प्रहार मबाट हटाउनुहोस्;
तपाईंको हातको मुक्काबाट म
पराजित भएको छु ।
११ तपाईंले मानिसलाई त्यसका पापको
निम्ति हप्काउनुहुन्छ र ताड़ना दिनुहुन्छ;
तिनीहरूको धन-सम्पत्ति राति उड़ने
कीराले झैँ भस्म पार्नुहुनेछ–
प्रत्येक मानिस एक मुट्ठी सास मात्र
हो । *सेला*

१२ "हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्,
मद्दतको लागि मैले गरेको क्रन्दन
सुनिदिनुहोस्,
मेरो आँसु त्यसै नटारिदिनुहोस्,
किनकि मेरा सबै पुर्खाहरूजस्तै म एक
प्रवासी हुँ,
एउटा विदेशीझैँ म तपाईंसित वास गर्दछु ।
१३ म बिदा हुन अगि र मेरो नाउँ मेटिन अगि
नै मबाट क्रोधको दृष्टि हटाउनुहोस्,
र म फेरि हर्षित हुन सकूँ ।"

## भजन ४०

***सहायताको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ मैले धैर्यसाथ परमप्रभुको प्रतीक्षा गरें,
उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो
पुकार सुन्नुभयो ।
२ उहाँले मलाई सर्वनाशको खाड़लबाट
र दलदलले हिलोबाट निकाल्नुभयो;
उहाँले मेरा खुट्टा चट्टानमाथि बसाल्नुभयो,
र मलाई उभिन दृढ़ स्थान दिनुभयो ।
३ उहाँले मेरा ओठमा एउटा नयाँ गीत
हालिदिनुभयो,
हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत ।
त्यो देखेर धेरै जना डराउनेछन्,
र परमप्रभुमाथि भरोसा राख्नेछन् ।

४ त्यो मानिस धन्य हो,
जसले परमप्रभुमा आफ्नो भरोसा राख्दछ,
जसले अभिमानीहरूतिर हेर्दैन,
नता तिनीहरूतिर, जो झूटा देवहरूपट्टि
लाग्छन् ।
५ हे परमप्रभु, मेरा परमेश्वर,
तपाईंले गर्नुभएको आश्चर्यका कामहरू
धेरै छन्,
तपाईंले हाम्रो निम्ति गर्नुभएको
योजनाहरू तपाईंको अगि कसैले वर्णन
गर्न सक्दैन,
मैले तिनका बारेमा वर्णन गर्न चाहें भने
पनि,
ती घोषणा गर्न सक्नुभन्दा धेरै हुन्थे ।

६ बलिदान र भेटी तपाईंले चाहनुभएन,
तर मेरा कानहरू तपाईंले
खोलिदिनुभएको छ ।

---

**४०:६–८**–हिब्रू १०:५-७.

होमबलि र पापबलिको माग तपाईंले
गर्नुभएन ।
७ तब मैले भनें, "म यहीं आएको छु–
धर्मशास्त्रमा मेरो विषयमा यस्तै
लेखिएको छ ।
८ हे मेरा परमेश्वर, म तपाईंको
इच्छाअनुसार गर्न चाहन्छु;
तपाईंको व्यवस्था मेरो हृदयभित्र छ ।"

९ म ठूलो सभामा उद्धारको सुसमाचार
सुनाउँछु ।
मेरा ओठहरू म बन्द गर्दिनँ,
हे परमप्रभु, तपाईंलाई यो थाहा छ ।
१० तपाईंको धार्मिकता म मेरो हृदयमा
लुकाउँदिनँ;
तपाईंको विश्वस्तता र उद्धारको
विषयमा म बोल्दछु,
तपाईंको प्रेम र तपाईंको सत्यता म
ठूलो सभाबाट लुकाउँदिनँ ।

११ हे परमप्रभु, आफ्नो कृपा मदेखि नरोक्नुहोस्;
तपाईंका प्रेम र तपाईंको सत्यताले
मलाई निरन्तर रक्षा गरोस् ।
१२ किनकि अनगन्ती कष्टहरूले मलाई
घेरेका छन्,
मेरा अपराधहरूले मलाई यतिसम्म
दबाएका छन्,
कि म देख्न पनि सक्दिनँ ।
ती मेरा शरीरका केशभन्दा बढ़ी छन्,
अनि मेरो हृदय हताश भएको छ ।

१३ हे परमप्रभु, मलाई छुटाउने कृपा गर्नुहोस्;
हे परमप्रभु, मलाई मद्दत गर्न चाँड़ै
आउनुहोस् ।
१४ मेरो प्राण लिन खोज्नेहरू सबै जना
लाज र अन्योलमा परून्;
मेरो विनाशको कामना गर्नेहरू सबै पिठिउँ
फर्काएर जाऊन् र अपमानित होऊन् ।
१५ मेरो ठट्टा उड़ाउनेहरू आफ्नै लाजले गर्दा
व्याकुल होऊन् ।
१६ तर जस-जसले तपाईंलाई खोज्छन्,
ती सबै तपाईंमा रमाऊन् र आनन्दित
होऊन् ।
तपाईंको मुक्तिलाई प्रेम गर्नेहरूले
निरन्तर भनून्,
"परमप्रभुको नाउँ उच्च होस् ।"

१७ तर म त गरीब र दरिद्र छु ।
परमप्रभुले मेरो विचार गरून् ।
तपाईं मेरा सहायक र मलाई छुटकारा
दिने हुनुहुन्छ,
हे मेरा परमेश्वर, विलम्ब नगर्नुहोस् ।

## भजन ४१

***बिरामी मानिसको प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ त्यो मानिस धन्य हो, जसले निर्धाहरूको
फिक्री गर्दछ;
दु:खको दिनमा परमप्रभुले त्यसलाई
छुटकारा दिनुहुन्छ ।
२ परमप्रभुले त्यसको रक्षा गर्नुहुनेछ
र जोगाउनुहुने छ;
उहाँले त्यसलाई पृथ्वीमा आशिष् दिनुहुनेछ,
र त्यसलाई त्यसका शत्रुहरूको इच्छामा
छोड्नुहुनेछैन ।
३ परमप्रभुले त्यसलाई त्यसको बिरामीको
ओछ्यानमा सम्भाल्नुहुनेछ,
अनि त्यसलाई फेरि स्वास्थ्य प्रदान गर्नुहुनेछ ।

४ मैले भनें, "हे परमप्रभु, ममाथि अनुग्रह
गर्नुहोस्;
मलाई निको पारिदिनुहोस्,
किनकि मैले तपाईंको विरुद्धमा पाप
गरेको छु ।"
५ मेरा शत्रुहरू द्वेषसाथ यसो भन्छन्–
"त्यो कहिले मर्ला र त्यसको
नाउँनिशानै मेटिएला ?"
६ जब कोही मलाई भेट्न आउँछ,
त्यसले झूटो कुरा बोल्छ,

---

**४०:१३-१७**–भजनसंग्रह ७०.

र त्यसले हृदयमा अधर्मका कुराहरू थुपार्छ;
तब बाहिर गएर त्यसले मेरो निन्दाका
कुरा फैलाउँछ ।
७ मलाई घृणा गर्नेहरू सबै जम्मा भएर
मेरो विरुद्धमा कानेखुशी गर्छन्,
मेरो विरुद्धमा तिनीहरू यसो भन्दै मेरो
अनिष्ट चिताउँछन्:
८ "त्यसलाई घातक रोगले पक्रेको छ;
त्यो जहाँ पस्रेको छ त्यहाँबाट उठ्नेछैन ।"
९ मैले भरोसा गरेको मेरो परममित्रसमेत,
जसले मेरै रोटी खान्थ्यो,
त्यसले मेरो विरुद्धमा लात उठाएको छ ।
१० तर हे परमप्रभु, ममाथि कृपा गर्नुहोस्;
मलाई खड़ा गर्नुहोस् र म तिनीहरूसँग
बदला चुकाउन सकूँ ।
११ म जान्दछु, कि तपाईं मसित प्रसन्न हुनुहुन्छ,
किनकि मेरा शत्रुहरू ममाथि विजयी हुन
सक्दैनन् ।
१२ मेरो ईमानदारीपनामा तपाईंले मलाई
समाल्नुहुन्छ,
र सदासर्वदा तपाईंको उपस्थितिमा
मलाई राख्नुहुन्छ ।
१३ परमप्रभु, इस्राएलका परमेश्वरलाई,
सदासर्वदा प्रशंसा होस् ।
आमेन अनि आमेन ।

## दोस्रो खण्ड

भजन ४२-७२

### भजन ४२

***परमप्रभुको तिर्सना***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको मस्किल

१ जसरी हरिणले खोलाको पानीको तिर्सना
गर्दछ,
त्यसरी नै हे परमेश्वर, मेरो प्राणले
तपाईंको तिर्सना गर्दछ ।
२ मेरो प्राण परमेश्वरको निम्ति,
जीवित परमेश्वरको निम्ति तिर्खाउँछ,
म कहिले गएर परमेश्वरलाई भेटूँ ?
३ मेरो आँसु दिनरात मेरो आहार बनेको छ,
र मानिसहरू लगातार मलाई भनिरहन्छन्,
"खोइ तेरा परमेश्वर ?"
४ मेरो हृदयका कुराहरू पोखाउँदा,
यी कुराहरूको मलाई सम्झना हुन्छ:
म कसरी ती उत्सव मनाउने
जन-समूहसित हर्ष र धन्यवादसाथ जाने,
र तिनीहरूको अगुवा भएर तिनीहरूलाई
परमेश्वरको मन्दिरतर्फ लागे गर्थें ।
५ हे मेरो प्राण, तँ किन उदास हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन यति
व्याकुल हुन्छस् ?
परमेश्वरमा आशा राख्,
किनकि म अझै पनि उहाँको प्रशंसा
गर्नेछु ।
उहाँ मेरा उद्धारक र मेरा परमेश्वर
हुनुहुन्छ ।
६ अन्तस्करणमा मेरो मन उदास भएको छ,
यसकारण म यर्दनको देशबाट र हर्मोन
र मिसारको डाँड़ाबाट तपाईंलाई सम्झनेछु ।
७ तपाईंका छहराको गर्जनमा,
सागरले सागरलाई पुकार्दछ;
तपाईंका सम्पूर्ण छाल र तरङ्गहरूले
मलाई छोपेका छन् ।
८ दिउँसो परमप्रभुले आफ्नो प्रेम पठाउनुहुनेछ,
र राति उहाँको भजन मसित हुन्छ–
जो मेरो जीवनका परमेश्वरलाई प्रार्थना
हो ।
९ मेरा परमेश्वर मेरा चट्टानलाई म भन्छु,
"किन मलाई तपाईंले बिर्सनुभयो ?
शत्रुहरूको थिचोमिचोमा परेर म किन
शोक गरेर हिँड़िरहनुपर्ने ?"
१० मेरा हाड़हरूमा घातक चोट पारेझैँ,
मेरा शत्रुहरूले मलाई गिल्ला गर्दै

**४१:९**–मत्ती २६:२३; मत्ती १४:१८; लूका २२:२१; यूहन्ना १३:१८. **४१:१३**–भजनसंग्रह १०६:४८.

लगातार भन्छन्,
"खोइ त तेरा परमेश्वर ?"

११ हे मेरो आत्मा, तँ किन उदास हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन यति
व्याकुल हुन्छस् ?
तेरो आशा परमेश्वरमा राख्,
किनकि म अझै पनि उहाँको प्रशंसा गर्नेछु,
उहाँ मेरा उद्धारक र मेरा परमेश्वर
हुनुहुन्छ ।

## भजन ४३

### *न्याय र मुक्तिको निम्ति प्रार्थना*

१ हे मेरा परमेश्वर, मलाई निर्दोष साबित
गर्नुहोस्,
र भक्तिहीन जातिको विरुद्धमा मेरो
पक्षमा बोलिदिनुहोस्;
छली र दुष्ट मानिसहरूबाट मलाई
छुटाउनुहोस् ।
२ तपाईं परमेश्वर मेरा शक्तिका गढ़ हुनुहुन्छ,
मलाई किन तपाईंले त्याग्नुभएको छ ?
किन शत्रुबाट थिचिएर मैले विलाप गर्दै
हिँड्नुपर्छ ?
३ तपाईंको ज्योति र तपाईंको सत्यतालाई
पठाइदिनुहोस्,
तिनैले मलाई डोऱ्याऊन्,
तिनले नै मलाई तपाईंको पवित्र पर्वतमा,
त्यो स्थानमा पुऱ्याऊन, जहाँ तपाईं वास
गर्नुहुन्छ ।
४ तब म परमेश्वरको वेदीमा जानेछु,
मेरा परमेश्वर मेरो आनन्द र हर्ष हुनुहुन्छ ।
वीणा बजाएर म तपाईंको प्रशंसा गर्नेछु,
हे परमेश्वर, मेरा परमेश्वर ।

५ हे मेरो आत्मा, तँ किन उदास हुन्छस् ?
र मेरो अन्तस्करणमा तँ किन यति
व्याकुल हुन्छस् ?
तेरो आशा परमेश्वरमा राख्,
किनकि म अझै पनि उहाँको प्रशंसा गर्नेछु ।
उहाँ मेरा उद्धारक र मेरा परमेश्वर
हुनुहुन्छ ।

## भजन ४४

### *रक्षाको निम्ति प्रार्थना*

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको मस्किल

१ हे परमेश्वर, हामीले आफ्नै कानले
सुनेका छौं;
हाम्रा पुर्खाहरूले हामीलाई भनेका छन्,
तपाईंले प्राचीनकालमा उनीहरूका
समयमा कस्ता-कस्ता काम गर्नुभयो ।
२ आफ्नै हातले तपाईंले जाति-जातिहरूलाई
धपाएर उनीहरूलाई बसाल्नुभयो ।
तपाईंले मानिसहरूलाई दमन गर्नुभयो,
र हाम्रा पुर्खाहरूलाई वृद्धि गर्नुभयो ।
३ उनीहरूले तरवारको बलले देश जितेका
होइनन्,
नता उनीहरूको बाहुबलले उनीहरूले
विजय हासिल गरेका हुन ।
तपाईंकै दाहिने बाहुलीले,
तपाईंकै पाखुराले र तपाईंका मुहारको
प्रकाशले उनीहरू विजय भएका थिए,
किनकि तपाईंले उनीहरूलाई प्रेम गर्नुहुन्थ्यो ।

४ तपाईं मेरा राजा र परमेश्वर हुनुहुन्छ,
जसले याकूबलाई विजय प्रदान गर्नुहुन्छ ।
५ तपाईंद्वारा हामी आफ्ना शत्रुलाई पछाडि
धपाउँछौं ।
हाम्रा विरुद्धमा उठ्नेहरूलाई हामी
तपाईंकै नाउँले कुल्चन्छौं ।
६ म आफ्नो धनुमा भरोसा गर्दिनँ,
मेरो तरवारले मलाई विजय दिँदैन;
७ तर तपाईंले हामीलाई हाम्रा
शत्रुहरूमाथि विजय दिनुहुन्छ,
तपाईंले नै हाम्रा विरोधीहरूलाई शर्ममा
पार्नुहुन्छ ।
८ परमेश्वरमा नै हामी निरन्तर गर्व गर्छौं,
र सदाकाल तपाईंकै नाउँको प्रशंसा
गर्नेछौं । *सेला*

९ तर अब तपाईंले हामीलाई त्यागेर
हामीलाई दीन तुल्याउनुभएको छ,
र तपाईं हाम्रा सेनाहरूका साथमा जानुहुन्न ।
१० तपाईंले हामीलाई शत्रुहरूबाट पछि हट्ने

तुल्याउनुभएको छ,
र हाम्रा विरोधीहरूले हामीलाई लुटेका
छन् ।
११ भेड़ाहरूजस्तै हामीलाई तपाईंले
त्यागिदिनुभएको छ,
र जाति-जातिहरूका बीच हामीलाई
तितरबितर पार्नुभएको छ ।
१२ तपाईंले आफ्नो प्रजालाई सस्तोमा
बेचिदिनुभएको छ,
र तिनीहरूको बिक्रीबाट तपाईंलाई कुनै
लाभ भएको छैन ।

१३ हाम्रा छिमेकीहरूका सामुन्ने तपाईंले
हामीलाई निन्दाको पात्र बनाउनुभयो,
र हाम्रा वरिपरिका मानिसहरूका
बीचमा हामीलाई तिरस्कार र उपहासको
पात्र बनाउनुभएको छ ।
१४ जातिहरूका बीचमा तपाईंले हामीलाई
हाँसोको नमूना हुन दिनुभएको छ,
मानिसहरू हामीलाई देखेर मुन्टो
हल्लाउँछन् ।
१५ मेरो अपमान दिनभरि मेरो सामुन्ने रहन्छ,
र मेरो मोहड़ा शर्मले ढाकिएको छ ।
१६ गिल्ला गर्ने र खिसी गर्नेहरूका
वचनहरूले र प्रतिशोध गर्ने शत्रुहरूका
कारणले मलाई यस्तो भएको छ ।

१७ हामीले तपाईंलाई नबिर्से पनि,
र तपाईंको करारप्रति झूट नभए तापनि
यी सबै हामीमाथि परिआएका छन् ।
१८ हाम्रा हृदय तपाईंबाट विमुख भएका छैनन्,
तपाईंका मार्गबाट हाम्रा पाइलाहरू
चुकेका छैनन् ।
१९ तर तपाईंले हामीलाई चकनाचूर पारेर
स्याल बस्ने पाखातुल्य बनाउनुभयो,
र हामीलाई गहिरो अन्धाकारले ढाक्नुभयो ।

२० यदि हामीले हाम्रा परमेश्वरको नाउँ
बिर्सेको भएदेखि,
अथवा कुनै देवदेवतातिर हाम्रा हात
पसारेका भएदेखि,
२१ के परमेश्वरले त्यो जान्नु हुनेथिएन र ?
किनकि उहाँले हाम्रा हृदयका गुप्त कुरा
जान्नुहुन्छ ।
२२ तापनि तपाईंको खातिर हामी दिनभरि
मारिन्छौं;
काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं ।

२३ उठ्नुहोस् हे परमप्रभु, किन तपाईं सुत्नुहुन्छ ?
जाग्नुहोस् ! हामीलाई सदाको निम्ति
नत्याग्नुहोस् !
२४ किन तपाईं आफ्नो मुहार लुकाउनुहुन्छ ?
र हाम्रा दुःख र हामीमाथिको थिचोमिचो
बिर्सनुहुन्छ ?

२५ हामी त धूलोमै मिलिसकेका छौं;
हाम्रा शरीर माटामै टाँसिएका छन् ।
२६ उठ्नुहोस् र हामीलाई गुहार गर्नुहोस्;
तपाईंको कहिले नटुङ्गिने प्रेमको कारण
हाम्रो उद्धार गरिदिनुहोस् ।

## भजन ४५

***राजाको विवाह-गीत***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको मस्किल,
“लिली फूल” को रागअनुसार विवाह-गीत

१ उत्तम विषयले मेरो हृदय उत्तेजित
भएको छ,
जसै म राजाको निम्ति गीत गाउँदछु ।
मेरो जिब्रो सिपालु लेखकको कलम
बनेको छ ।

२ तपाईं पुरुषहरूमध्ये अति श्रेष्ठ हुनुहुन्छ,
तपाईंका ओठ अनुग्रहले अभिषेक भएका
छन्,
किनकि परमेश्वरले तपाईंलाई सदाकालको
निम्ति आशिष् दिनुभएको छ ।
३ हे परमशक्तिशाली, आफ्नो कमरमा
आफ्नो तरवार भिर्नुहोस्,
अनि प्रताप र गौरव धारण गर्नुहोस् ।

---

**४४:२२**–रोमी ८:३६.

४ आफ्नो गौरवमा विजयसाथ, सत्यता,
नम्रता र धार्मिकताको पक्षमा तपाईंको
सवारी होस् ।
तपाईंको दाहिने बाहुलीले
चमत्कारका कार्य प्रदर्शन गरोस् ।
५ तपाईंका तीखा काँड़हरूले राजाका
शत्रुहरूका हृदय छेड़िदेओस्;
जाति-जातिहरू तपाईंका चरणमा झुकून् ।
६ हे परमेश्वर, तपाईंको सिंहासन
सदासर्वदाको निम्ति रहिरहन्छ;
र न्यायको राजदण्द तपाईंको राज्यको
राजदण्ड हुनेछ ।
७ तपाईं धार्मिकतालाईं प्रेम गर्नुहुन्छ,
र अधर्मलाई घृणा गर्नुहुन्छ;
यसकारण परमेश्वर, तपाईंका
परमेश्वरले तपाईंलाई आफ्ना
साथीहरूभन्दा उच्च पार्नुभएको छ
र हर्षको तेलले अभिषेक गर्नुभएको छ ।
८ तपाईंको सम्पूर्ण वस्त्र मूर्र, घिउकुमारी
र तेजपातको सुवास्नाले पूर्ण छन्;
हस्तिहाड़ले सिँगारिएका राजमहलहरूबाट
तारको सुरीलो सङ्गीतले तपाईंलाई हर्षित
तुल्याउँछ ।
९ तपाईंका सम्मानित स्त्रीहरूमध्ये
राजकुमारीहरू छन्;
तपाईंको दाहिनेपट्टि ओपीरका सुनले
सुसज्जित भएकी शाही दुलही छिन् ।
१० सुन, हे राजकुमारी, आफ्नो कान थाप र
विचार गर:
तिम्रा आफन्तहरू र तिम्रा पिताको
घरलाई बिर्स ।
११ तिम्रो सुन्दरताले राजा मोहित भएका छन्;
उहाँको सम्मान गर, किनकि उहाँ तिम्रा
स्वामी हुनुहुन्छ ।
१२ टायरकी राजकुमारी कोसेली लिएर आउँछिन्;
धनी मानिसहरूले तिम्रो निगाह खोज्नेछन् ।
१३ राजकुमारी आफ्नो खोपीमा ऐश्वर्यमयी
छिन् ।
तिनको वस्त्रमा सुन जड़िएको छ ।
१४ बुट्टा भरिएका पोशाकमा तिनी
राजाकहाँ पुऱ्याइन्छिन् ।
तिनका कुमारी सहेलीहरू तिनलाई
पछ्याउँछन्,
र तपाईंकहाँ ल्याइन्छन् ।
१५ खुशी र आनन्दसित तिनीहरू भित्र लगिन्छन्,
तिनीहरू राजाको महलभित्र प्रवेश गर्छन् ।
१६ तपाईंका पुर्खाहरूको स्थान तपाईंका
छोराहरूले लिनेछन्;
र तपाईंले तिनीहरूलाई सारा देशका
राजकुमार बनाउनुहुनेछ ।
१७ म तपाईंको स्मरण पुस्तौं-पुस्तौंसम्म राख्नेछु;
यसकारण जाति-जातिहरूले सदासर्वदा
तपाईंको प्रशंसा गर्नेछन् ।

## भजन ४६

***परमेश्वर हाम्रो शरणस्थान र शक्ति***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको
अलामोत नामक भजन

१ परमेश्वर हाम्रा शरणस्थान र बल हुनुहुन्छ,
सङ्कष्टमा सधैं हाजिर रहने सहायता ।
२ यसकारण पृथ्वी फाटे पनि
पर्वतहरू समुद्रको गर्भमा खसेर गए
तापनि हामी डराउनेछैनौं,
३ चाहे समुद्र गर्जोस् र फींज काढ़ोस्
र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू
थर्कून । *सेला*
४ एउटा नदी छ, जसका प्रवाहले
परमेश्वरको नगर,
अर्थात् सर्वोच्च वास गर्नुहुने पवित्र
स्थानलाई हर्षित तुल्याउँछ ।
५ परमेश्वर त्यसभित्र हुनुहुन्छ, त्यो खस्नेछैन,
झिसमिसेमै परमेश्वरले त्यसलाई
सहायता गर्नुहुनेछ ।
६ जाति-जातिहरूमा कोलाहल छ;

---

**४५:६-७**–हिब्रू १:८-९.

राज्यहरू पतन हुन्छन्,
उहाँले आफ्नो सोर उचाल्नुहुन्छ र पृथ्वी पग्लन्छ ।
७ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ;
याकूबका परमेश्वर हाम्रो
शरणस्थान हुनुहुन्छ । *सेला*
८ आओ र परमप्रभुका काम हेर,
उहाँले पृथ्वीलाई कस्तो उजाड़ पार्नुभएको छ ।
९ पृथ्वीको अन्तसम्मै उहाँले युद्धहरू रोक्नुहुन्छ;
उहाँले धनु भाँचिदिनुहुन्छ,
र भालाहरू टुक्रा-टुक्रा पारिदिनुहुन्छ,
र उहाँले आगोले ढालहरूलाई भस्म पारिदिनुहुन्छ ।
१० "शान्त होओ र म परमेश्वर हुँ भनी जान;
जाति-जातिहरूमा म उचालिनेछु,
पृथ्वीमा म उचालिनेछु ।"
११ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ;
याकूबका परमेश्वर हाम्रो
शरणस्थान हुनुहुन्छ । *सेला*

## भजन ४७

***परमप्रभु सारा पृथ्वीका राजा***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको भजन

१ हे सबै जातिका मानिसहरू हो, ताली बजाओ,
उच्च सोरले परमेश्वरको जयजयकार गर ।
२ सर्वोच्च परमप्रभु, सारा पृथ्वीका
महाराजा कति भयानक हुनुहुन्छ !
३ उहाँले जाति-जातिहरूलाई हाम्रा अधीनमा,
र मानिसहरूलाई हाम्रा पैतालामुनि पार्नुभयो ।
४ उहाँले हाम्रो निम्ति उत्तराधिकार छान्नुभयो,
जुन याकूबको गौरव हो, जसलाई उहाँले प्रेम गर्नुहुन्थ्यो । *सेला*
५ परमेश्वर आनन्दको ध्वनीसाथ माथि उक्लनुभएको छ,
परमप्रभु तुरहीको आवाजसित
जानुभएको छ ।
६ परमेश्वरको प्रशंसा गाओ, स्तुति गाओ;
हाम्रा राजाको प्रशंसा गाओ, स्तुति गाओ ।
७ किनकि परमेश्वर सारा पृथ्वीको
राजा हुनुहुन्छ;
उहाँलाई प्रशंसाको स्तुति गाओ ।
८ परमेश्वरले जाति-जातिहरूमाथि
राज्य गर्नुहुन्छ;
परमेश्वर आफ्नो पवित्र सिंहासनमा
विराजमान हुनुहुन्छ ।
९ अब्राहामका परमेश्वरको प्रजाझैँ,
जाति-जातिका शासकहरू भेला भएका छन् ।
किनकि पृथ्वीका राजाहरू परमेश्वरकै हातमा छन् ।
उहाँ अति उच्च हुनुहुन्छ ।

## भजन ४८

***सियोनको सौन्दर्य र शक्ति***

एउटा गीत– कोरहवंशीको भजन

१ हाम्रा परमेश्वरको शहरमा, उहाँको पवित्र डाँड़ामा,
परमप्रभु महान् र प्रशंसाको योग्य हुनुहुन्छ ।
२ उहाँको पवित्र पर्वत आफ्नो उचाइमा मनोहर छ,
सारा पृथ्वीको लागि त्यो हर्ष बनेको छ ।
सापोनको परम उचाइझैँ सियोन पर्वत छ, महान् राजाको नगर ।
३ त्यसका किल्लाहरूमा परमेश्वर हुनुहुन्छ;
अनि उहाँ त्यसको सुरक्षा हुनुहुन्छ भनी
उहाँले देखाउनुभएको छ ।
४ राजाहरू जब भेला भए र दल बाँधी
सँगै अगि बढ़े,
५ तिनीहरूले त्यस शहरलाई देखे र छक्क परे;

**४८:२**–मत्ती ५:३५.

तिनीहरू आतङ्कित भए अनि भागे ।
६ त्यहीँ नै तिनीहरू थरथरी काँप्न लागे,
प्रसवपीडामा परेकी स्त्रीजस्तै तिनीहरू भए ।
७ तपाईंले तिनीहरूलाई तर्शीशका
जहाजहरूलाई झैँ पूर्वी बतासले नष्ट
गर्नुहुन्छ ।
८ सर्वशक्तिमान् परमप्रभुको नगरमा,
हाम्रा परमेश्वरको शहरमा, हामीले
जस्तो सुनेका छौं, त्यस्तै देखेका छौं,
परमेश्वरले त्यसलाई सदाको निम्ति
सुरक्षित राख्नुहुन्छ । *सेला*

९ हे परमेश्वर, तपाईंको मन्दिरभित्र,
हामी तपाईंको अचूक कृपामाथि ध्यान गर्छौं ।
१० हे परमेश्वर, तपाईंको नाउँ जस्तो छ,
त्यस्तै तपाईंको प्रशंसा पृथ्वीको पल्लो
छेउसम्मै पुग्दछ;
तपाईंको दाहिने बाहुली धार्मिकताले
भरिएको छ ।
११ सियोन पर्वत हर्षित हुन्छ,
यहूदाका गाउँहरू तपाईंका न्यायको
कारण रमाउँदछन् ।

१२ सियोनको चारैतिर हिँड़ र त्यसको
परिक्रमा गर,
त्यसका धरहराहरू गन,
१३ त्यसका पर्खालहरूमाथि ध्यानसाथ हेर,
त्यसका किल्लाहरूमाथि दृष्टि लगाओ,
अथवा तीबारे तिमीहरूले आउँदो
पुस्तालाई राम्ररी बताउन सक ।
१४ किनकि यी नै परमेश्वर सदाकालको
निम्ति हाम्रा परमेश्वर हुनुहुन्छ;
अनन्तसम्मै उहाँ हाम्रा अगुवा हुनुहुनेछ ।

## भजन ४९

***धन-सम्पत्तिमाथिका भरोसाको मूर्खता***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको भजन

१ हे सबै मानिसहरू हो, यो कुरा सुन;
हे संसारका समस्त बासिन्दा हो, सुन,
२ उच्च र नीच,
धनी र गरीब सबै ध्यान देओ ।
३ मेरो मुखले बुद्धिका कुरा बोल्नेछ;
मेरो मनले बोलेका कुराले समझदारी प्रदान
गर्नेछ ।
४ म एउटा हितोपदेशमा ध्यान दिनेछु,
वीणा बजाएर म आफ्नो अड्को फुकाउनेछु ।

५ दु:खका दिन आउँदा,
खेदो गर्नेहरूको दुष्टताले मलाई घेर्दा म
किन डराउने ?
६ तिनीहरू आफ्नो सम्पत्तिमाथि भरोसा
राख्छन्,
र आफ्नो ठूलो धनराशिको अहङ्कार गर्छन्,
७ कुनै मानिसले मोल तिरेर अर्कालाई
कदापि छुटाउन सक्दैन,
वा परमेश्वरलाई उसको जीवनको मोल
त्यसले दिन सक्दैन ।
८ जीवनको मोल बहुमूल्य हुन्छ,
कुनै भुक्तानी कहिल्यै यथेष्ट हुँदैन ।
९ यस्तो कोही छैन जो सधैं बाँचिरहन्छ र
कहिल्यै कुहुनुपर्दैन ।

१० किनकि सबैले देख्न सक्छन् कि बुद्धिमान्
मानिसहरू मर्दारहेछन्;
मूर्ख र विवेकहीन मानिसहरू पनि
नष्ट हुन्छन्,
र तिनीहरूले आफ्ना धन-सम्पत्ति
अर्कालाई छोड़िराख्छन् ।
११ तिनीहरूका चिहान सदासर्वदा
तिनीहरूका घर हुन्छन्,
पुस्तौंसम्म ती तिनीहरूका वासस्थान हुनेछन्,
यद्यपि तिनीहरूले आफ्नै नाउँमा
जमिनको नाउँ राखेका थिए ।

१२ तर मानिस आफूसँग धन-सम्पत्ति भए
पनि टिकिरहन सक्दैन,
त्यो त नष्ट हुने पशुतुल्य छ ।

१३ आफूमाथि भर पर्नेहरूको गति यस्तै हुन्छ,
र तिनीहरूका कुरालाई समर्थन गरेर
तिनीहरूका पछि लाग्नेहरूको गति पनि
यस्तै हुन्छ । *सेला*
१४ तिनीहरूको अन्त्य भेड़ाको जस्तै

चिहानमा हुन्छ,
मृत्युले तिनीहरूलाई निल्नेछ ।
बिहानै सोझाहरूले तिनीहरूमाथि शासन गर्नेछन्,
तिनीहरूका शाही महलदेखि टाढ़ामा
तिनीहरूका देह चिहानमा कुहेर जानेछन् ।
१५ तर परमेश्वरले मोल तिरेर मेरो प्राणलाई चिहानबाट छुटाउनुहुनेछ,
निश्चय उहाँले मलाई आफूमा ग्रहण गर्नुहुनेछ । *सेला*

१६ कोही धनी भयो र त्यसको घरको गौरव बढ्यो भने, तिमीहरू नडराओ ।
१७ किनकि त्यो मर्दा त्यसले आफूसँग केही पनि लैजानेछैन,
त्यसको गौरव त्यसको पछिपछि जानेछैन ।
१८ त्यो बाँचुन्जेल आफूलाई त्यसले धन्यको ठान्यो–
कारण मानिसहरूले कोही मानिसको उन्नति हुँदा त्यसको प्रशंसा गर्छन्–
१९ तापनि त्यो आफ्नो पिता-पुर्खाको पुस्तामा मिल्न जानेछ,
जसले फेरि कहिल्यै जीवनको ज्योति देख्नेछैन ।

२० समझशक्ति नभएको धनी मानिस नष्ट हुने पशुतुल्य हो ।

## भजन ५०

***परमेश्वर साँचो न्यायधीश***

आसापको भजन

१ सर्वशक्तिमान् परमप्रभु, परमेश्वर बोल्नुहुन्छ,
सूर्योदयदेखि सूर्यास्तसम्म पृथ्वीका मानिसहरूलाई बोलाउनुहुन्छ ।
२ सौन्दर्यमा सिद्ध सियोनबाट परमेश्वर प्रकाशमान् हुनुभएको छ ।
३ हाम्रा परमेश्वर आउनुहुन्छ, र मौन बस्नुहुनेछैन;
उहाँको अगि एक भष्म गर्ने आगो छ,
र उहाँको चारैपट्टि प्रचण्ड आँधिबेहरी छ ।
४ उहाँले आफ्नो प्रजाको इन्साफ गर्नलाई,
आकाश र सारा पृथ्वीलाई बोलाउनुहुन्छ:
५ "ममा समर्पित हुने, अनि बलि चढ़ाएर मसँग करार बाँध्ने मेरा भक्तजनहरूलाई मकहाँ भेला गर ।"
६ अनि स्वर्गले उहाँको धार्मिकता प्रकट गर्दछ,
किनकि परमेश्वर स्वयम् न्यायधीश हुनुहुन्छ । *सेला*

७ "हे मेरो प्रजा सुन्, र म तँसँग बोल्नेछु,
हे इस्राएल, म तेरो विरुद्धमा साक्षी दिनेछु:
म परमेश्वर हुँ, तेरा परमेश्वर ।
८ तेरा बलिदानहरूका लागि म तँलाई दोष दिन्नँ,
वा तेरा होमबलिहरूका लागि,
जो निरन्तर मेरो सामुन्ने छन् ।
९ तेरो गोठको साँढ़े, अथवा तेरा खोरहरूबाट बोकाको मलाई आवश्यकता छैन ।
१० किनकि सम्पूर्ण वन-पशु
र हजारौं डाँड़ाका गाई-भैंसी मेरै हुन् ।
११ पर्वतहरूको प्रत्येक पक्षीलाई म चिन्छु,
र भूमिका सबै प्राणीहरू मेरै हुन् ।
१२ म भोकै भए तापनि तँलाई भन्नेथिइनँ,
किनकि पृथ्वी र त्यसमा भएका यावत् थोक मेरै हुन् ।
१३ के म साँढ़ेको मासु खान्छु र ?
अथवा बोकाको रगत पिउँछु र ?
१४ परमेश्वरलाई धन्यवादको बलि चढ़ा,
र सर्वोच्चलाई दिएको भाकल पूरा गर् ।
१५ सङ्कष्टको दिनमा मलाई पुकार्;
म तँलाई छुटाउनेछु, र तैंले मेरो महिमा गर्नेछस् ।"

१६ तर दुष्टलाई परमेश्वर भन्नुहुन्छ:
"मेरो व्यवस्था पाठ गर्ने तेरो के हक छ ?
अथवा तेरा ओठले मेरो करारको कुरा गर्ने तेरो के अधिकार छ ?
१७ तँ मेरा शिक्षालाई घृणा गर्दछस्,
र मेरा वचनलाई लत्त्याउँछस् ।
१८ चोरलाई भेट्दा तँ चोरकै साथी हुन्छस्,
अनि तँ व्यभिचारीहरूको सङ्गत गर्छस् ।
१९ खराबी बोल्नलाई तँ आफ्नो मुख चलाउँछस्,

र तेरो जिब्रोलाई छली कुराको लागि
चलाउँछस् ।
२० तँ निरन्तर आफ्नै भाइको विरुद्धमा बोल्छस्,
र तेरो साक्खै भाइको निन्दा गर्छस् ।
२१ तैंले यी सब काम गरेको छस्,
र म चुप लागें;
म तैंजस्तो छु भनी तैंले ठानिस् ।
तर म तँलाई हप्काउनेछु,
र तेरै मुखको अगि तेरो दोष देखाउनेछु ।

२२ "हे परमेश्वरलाई बिसर्ने हो,
यो राम्ररी विचार गर,
नत्रता म तँलाई टुक्रा-टुक्रा पार्नेछु,
अनि तँलाई छुटाउने कोही पनि हुँदैन ।
२३ धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ,
र त्यसले मार्ग सुधार्छ,
यसरी म त्यसलाई परमेश्वरको मुक्ति
देखाउनेछु ।"

## भजन ५१

### *पश्चातापको प्रार्थना*

सङ्गीत-निर्देशकको निम्ति– बेतशेबासँग सहवास भएपछि नातान अगमवक्ता तिनीकहाँ आएपछिको दाऊदको भजन

१ हे परमेश्वर तपाईंको अचूक
करुणाअनुसार ममाथि कृपा गर्नुहोस्;
तपाईंको अपार करुणाअनुसार मेरा
अपराधहरू मेटिदिनुहोस् ।
२ मेरा सबै अधर्महरूबाट मलाई पूर्ण
रूपमा धोइदिनुहोस्,
र मेरा पापबाट मलाई शुद्ध
पारिदिनुहोस् ।

३ किनकि मेरा अपराधहरू म जान्दछु,
र मेरो पाप सदा मेरो सामुन्ने छ ।
४ तपाईंको, केवल तपाईंको विरुद्धमा मैले
पाप गरेको छु,
र तपाईंको दृष्टिमा जे खराबी छ त्यही
गरेको छु ।
यसकारण बोल्नुहुँदा तपाईं ठीक
प्रमाणित हुनुहुन्छ,
र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ ।
५ निश्चय म जन्मँदा नै पापी थिएँ,
मेरी आमाले मलाई गर्भधारण
गरेदेखि नै म पापी थिएँ ।
६ निश्चय नै हृदयको सत्यता तपाईं
चाहना गर्नुहुन्छ,
अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा
सिकाउनुहुन्छ ।

७ हिसपले मलाई मस्काउनुहोस्,
र म शुद्ध हुनेछु;
मलाई धुनुहोस् र म हिउँभन्दा सेतो हुनेछु ।
८ मलाई हर्ष र उल्लासका कुरा सुन्न
दिनुहोस्,
र तपाईंले भाँचिदिनुभएका हड्डीहरू
आनन्दित होऊन् ।
९ मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस्,
र मेरा सारा अधर्महरू मेटिदिनुहोस् ।

१० हे परमेश्वर, ममा एक शुद्ध हृदय सृजनुहोस्,
र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित
पार्नुहोस् ।
११ तपाईंको सामुन्नेबाट मलाई नहटानुहोस्,
र मबाट तपाईंका पवित्र आत्मा
नलैजानुहोस् ।
१२ तपाईंको मुक्तिको आनन्द मलाई
फर्काइदिनुहोस् र राजी-खुशीको आत्माले
मलाई सम्हाल्नुहोस् ।

१३ तब अपराधीहरूलाई म तपाईंको मार्गको
शिक्षा दिनेछु,
र पापीहरू तपाईंतर्फ फर्कनेछन् ।
१४ हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर,
मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्
र मेरो मुखले तपाईंको धार्मिकताको
स्तुति गाउनेछ ।
१५ हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्,

**५१ शीर्षक**–२ शमूएल १२:१-१५. **५१:४**–रोमी ३:४.

र मेरो मुखले तपाईंको प्रशंसाको
घोषणा गर्नेछ ।
१६ बलिदानमा तपाईं प्रसन्न हुनुहुन्‍न,
नत्रता म बलि चढ़ाउनेथिएँ ।
होमबलिमा तपाईं खुशी हुनुहुन्‍न ।
१७ चूर्ण आत्मा नै परमेश्‍वरको निम्‍ति
बलिदान हो ।
हे परमेश्‍वर, चूर्ण र पूरा पश्‍चात्तापी
हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्‍न ।

१८ तपाईंको इच्छाअनुसार सियोनको भलाइ
गर्नुहोस् ।
यरूशलेमका पर्खालहरू निर्माण
गरिदिनुहोस् ।
१९ तब तपाईंलाई प्रसन्‍न पार्न धार्मिकताका
बलिहरू चढ़ाइनेछन्,
सम्पूर्ण होमबलिहरू र साँढ़ेहरू तपाईंको
वेदीमा चढ़ाइनेछन् ।

## भजन ५२

***परमेश्‍वरको अनुग्रह र न्याय***

सङ्गीत-निर्देशकको निम्‍ति– दाऊदको मस्किल

१ हे शक्तिशाली मानिस, तिमी किन दुष्ट
काममा अहङ्कार गर्दछौ ?
सारा दिन तिमी किन अहङ्कार गर्दछौ,
तँ जो परमेश्‍वरको दृष्टिमा अपमानित
छस् ।
२ तेरै जिब्रोले नाश पार्ने जाल रच्दछ;
त्यो धारिलो छुराझैं छ, र तँ छली काम
गर्छस् ।
३ असलभन्दा खराब तँ रुचाउँछस्,
र साँचो कुरा बोल्नुभन्दा बरु ढाँट्नु
तँलाई मन पर्छ । *सेला*
४ तँ छली जिब्रो, सबै विनाशकारी
कुराहरू तँ मन पराउँछस् ।

५ निश्‍चय परमेश्‍वरले तँलाई सदाको
निम्‍ति नाश गर्नुहुनेछ:
उहाँले तँलाई तानेर तेरो
निवासस्थानबाट निकाल्नुहुनेछ;
जिउँदाहरूको देशबाट तँलाई
जरैसमेत उखेल्नुहुनेछ । *सेला*

६ धर्मीहरू त्यो देखेर भयभित हुनेछन् ।
तिनीहरू यसो भनी त्यसको हाँसो
उड़ाउनेछन्,
७ "यो त्यही मानिस हो, जसले
परमेश्‍वरलाई आफ्नो आश्रय बनाएन,
तर आफ्नो धेरै धन-सम्पत्तिमा भरोसा राख्यो,
र अरूहरूको विनाश गरी आफैलाई
बलियो पाऱ्यो !"

८ तर मचाहिँ परमेश्‍वरको भवनमा हरियो
जैतूनको वृक्षसमान छु ।
म परमेश्‍वरको कहिल्यै नटुङ्गिने प्रेममा
सदासर्वदा भरोसा राख्दछु ।
९ तपाईंले जे गर्नुभएको छ, त्यसको निम्‍ति
म सदासर्वदा तपाईंको स्तुति गर्नेछु ।
म तपाईंको नाउँमा भरोसा गर्नेछु
किनकि तपाईंको नाउँ असल छ ।
तपाईंका भक्तजनको उपस्थितिमा
म तपाईंको प्रशंसा गर्नेछु ।

## भजन ५३

***मानिसहरूको दुष्टता***

सङ्गीत-निर्देशकको निम्‍ति– महलत नामक
दाऊदको मस्किल

१ मूर्खले आफ्नो मनमा भन्छ,
"ईश्‍वर छँदैछैन ।"
तिनीहरू भ्रष्ट भएका छन्,
र तिनीहरूका चाल घृणास्पद छन्;
यस्तो कोही पनि छैन जसले असल गर्दछ ।
२ परमेश्‍वर स्वर्गबाट मानिसका
सन्तानलाई हेर्नुहुन्छ,
यो जान्‍नलाई कि समझदार हुने
र परमेश्‍वरलाई खोज्ने कोही छ ?
३ सब मानिसहरू भड्किगएका छन्,
तिनीहरू सबै एकसाथ भ्रष्ट भएका छन् ।

**५२:१**–१ शमूएल २२:९-१०. **५३:१-६**–भजनसंग्रह १४. **५३:१-३**–रोमी ३:१०-१२.

कसैले असल गर्दैन,
असल गर्ने एक जना पनि छैन ।

४ के दुष्ट काम गर्नेहरूले कहिल्यै सिक्नेछैनन् ?
रोटी खाएझैँ तिनीहरूले मेरा
मानिसहरूलाई भक्षण गर्छन् ।
५ जहाँ डरको केही कारण थिएन,
त्यहीँ नै तिनीहरू भयले व्याकुल भए ।
परमेश्‍वरले तँलाई आक्रमण गर्नेहरूका
हड्डीहरू तितरबितर पार्नुभयो,
तिनीहरूलाई तैंले शर्ममा पारिस्,
किनभने परमेश्‍वरले तिनीहरूलाई घृणा
गर्नुभएको थियो ।

६ इस्राएलका उद्धार सियोनबाट आएको
भए कति असल हुनेथियो !
जब परमेश्‍वरले आफ्ना मानिसहरूको सुख-
शान्ति फर्काइदिनुहुन्छ,
याकूब रमाऊन् र इस्राएल खुशी होऊन् !

## भजन ५४

***शत्रुहरूबाट छुटकाराको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– तार-वाद्यमा दाऊदको मस्किल

१ हे परमेश्‍वर, आफ्नो नाउँले मलाई
बचाउनुहोस्;
तपाईंको पराक्रमले मलाई निर्दोष साबित
गरिदिनुहोस् ।
२ हे परमेश्‍वर, मेरो प्रार्थना सुन्नुहोस्;
मेरा मुखका शब्दहरूमा ध्यान दिनुहोस् ।

३ परदेशीहरूले मलाई आक्रमण गर्छन्,
निर्दयीहरू मलाई मार्न खोज्दछन्,
त्यस्ता मानिसहरू जसले परमेश्‍वरको श्रद्धा
गर्दैनन् । *सेला*

४ निश्‍चय नै, परमेश्‍वर मेरा सहायक हुनुहुन्छ;
परमेश्‍वरले नै मलाई सहारा दिनुहुन्छ ।

५ ज-जसले मेरो बदनाम गर्छन्,
तिनीहरूमाथि खराबी परोस्,
तपाईंको विश्‍वासनीयताले तिनीहरूलाई
सर्वनाश गर्नुहोस् ।

६ म तपाईंलाई स्वेच्छा-बलि चढ़ाउनेछु;
हे परमप्रभु, म तपाईंको नाउँको प्रशंसा गर्नेछु,
किनकि त्यो असल छ ।
७ किनकि उहाँले मलाई सबै कष्टहरूबाट
छुटाउनुभएको छ,
र विजयका आँखाले मैले मेरा
शत्रुहरूलाई हेरेको छु ।

## भजन ५५

***मित्रले धोखा दिएको एक मानिसको प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– तार-वाद्यमा दाऊदको मस्किल

१ मेरो प्रार्थना सुन्नुहोस्, हे परमेश्‍वर,
मेरो बिन्तीलाई बेवास्ता नगर्नुहोस्;
२ मतिर ध्यान दिनुहोस्,
र मलाई जवाफ दिनुहोस् ।
मेरो मनका विचारले म दु:खित छु,
म व्याकुल छु,
३ मेरा शत्रुको आवाजदेखि,
दुष्टका आँखाको तराइदेखि,
किनभने तिनीहरूले ममाथि कष्ट ल्याउँछन्
र क्रोधमा तिनीहरू भत्सर्ना गर्छन् ।

४ मेरो हृदय मभित्र दु:खित छ;
र मृत्युको त्रासले मलाई छोपेको छ ।
५ डर र कम्पनले मलाई घेरेका छन्;
र त्रासले मलाई व्याकुल गराएको छ ।
६ मैले भनें, "ढुकुरका जस्ता मेरा पखेटा
भए त म उड़ेर जानेथिएँ
र विश्राम लिनेथिएँ,
७ उड़ेर म टाढ़ा जानेथिएँ,
र मरुभूमिमा म बस्नेथिएँ । *सेला*
८ आँधी र तूफानबाट टाढ़ा,
मेरो शरणस्थानतिर आतुरी गरेरजानेथिएँ ।"

९ हे परमप्रभु, दुष्टहरूका योजनाहरू नष्ट
गरिदिनुहोस् ।

---

**५४:३**–१शमूएल २३:१९;२६:१.

तिनीहरूको भाषा खलबल्याइदिनुहोस्,
किनकि मैले शहरमा हिंसा र झगड़ा
देखेको छु ।
१० दिनरात तिनीहरू त्यसका पर्खालमा चढ़ेर
शिकारको खोजमा वरिपरि घुम्छन्,
अधर्म र उपद्रव त्यसभित्र छन् ।
११ विध्वंसकारी शक्तिहरू शहरभित्र प्रबल छन्,
धम्की र झूटले त्यसका सड़कहरू
कहिल्यै छोड़ेर जाँदैनन् ।

१२ यदि मेरो शत्रुले मलाई अपमान गर्ने भए,
त्यो म सहन सक्नेथिएँ ।
यदि मेरो शत्रु ममाथि आइलागेको भए,
त्योदेखि म लुक्न सक्नेथिएँ ।
१३ तर त्यो त तिमी नै हौ, मजस्तै मानिस,
मेरा सहचारी, मेरै हितको मित्र ।
१४ तिनीसँग एक चोटि मेरो मधुर सङ्गति हुन्थ्यो,
जसै हामी मानिसको समूहसित
परमेश्वरको भवनमा हिँड्थ्यौं ।

१५ मेरा शत्रुहरूमाथि मृत्यु अचानक आइपरोस्;
जिउँदै तिनीहरू चिहानमा जाऊन्
किनकि दुष्टता तिनीहरूका बीचमा वास
गर्दछ ।

१६ तर म परमेश्वरलाई पुकार गर्दछु,
र परमप्रभुले मलाई बचाउनुहुन्छ ।
१७ साँझ, बिहान र दिउँसो कष्टमा म
उहाँलाई पुकार गर्दछु,
र उहाँले मेरो सोर सुन्नुहुन्छ ।
१८ म लड़िरहेको युद्धमा उहाँले मलाई
विनाचोट उद्धार गर्नुहुन्छ,
यद्यपि धेरै जनाले मेरो विरोध गर्छन् ।
१९ सनातनदेखि सिंहासनमा विराजमान
हुनुहुने परमेश्वरले सुन्नुहुन्छ
र तिनीहरूलाई वेदना दिनुहुन्छ । *सेला*
किनकि तिनीहरू आफ्नो बाटो कहिल्यै
सुधार्दैनन् र परमेश्वरको भय मान्दैनन् ।

२० मेरा साथीले तिनका आफ्ना मित्रहरूमाथि
आक्रमण गर्छन्,
तिनका आफ्नो करार भङ्ग गरेका छन् ।
२१ तिनको बोली घिउझैँ चिप्लो छ,
तर तिनको हृदयमा झगड़ा छ;
तिनका कुराहरू तेलभन्दा चिल्ला छन्,
तर ती नाङ्गा तरवार हुन् ।

२२ तेरो चिन्ता र फिक्री परमप्रभुमा राख्,
र उहाँले तँलाई सम्हाल्नुहुनेछ;
उहाँले कहिल्यै धर्मीहरूलाई डग्न दिनुहुन्न ।
२३ तर हे परमेश्वर तपाईं दुष्टहरूलाई
विनाशको खाड़लमा खसाल्नुहुन्छ;
हत्यारा र छली मानिसहरू आफ्ना आयुको
आधा समयसम्म पनि जिउनेछैनन् ।
तर मचाहिँ तपाईंमा भरोसा राख्दछु ।

## भजन ५६

***परमेश्वरको भरोसाको प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको मिक्ताम

१ हे परमेश्वर, ममाथि कृपालु हुनुहोस्,
किनकि मानिसहरूले मेरो अति खेदो गर्छन्;
दिनभरि तिनीहरूले ममाथि आक्रमण
गरिरहन्छन् ।
२ मेरा निन्दकहरू दिनभरि नै मलाई खेदो गर्छन्,
धेरै जना अहङ्कारसाथ ममाथि आक्रमण
गर्दछन् ।

३ जुन बेला मलाई डर लाग्छ,
म तपाईंमा भरोसा राख्नेछु ।
४ परमेश्वरमा, जसका वचनको म प्रशंसा
गर्दछु,
परमेश्वरमा भरोसा राख्छु;
म डराउनेछैन,
मरणशील मानिसले मलाई के गर्न सक्छ
र ?

५ दिनभरि तिनीहरूले मेरा कुराहरूको
उल्टो अर्थ लाउँछन् ।
तिनीहरूले सधैं मेरो हानिको लागि
षड्यन्त्र रच्छन् ।
६ तिनीहरू मेरो प्राण लिनलाई मेरो विरुद्ध
षड्यन्त्र रच्छन्,
र मलाई मार्न भनी ढुकिबस्छन् ।

७ हे परमेश्वर, तिनीहरूका अपराधको
दण्ड तिनीहरूलाई दिनुहोस्,
तपाईंको क्रोधमा जाति-जातिहरूलाई
ढालिदिनुहोस् ।
८ मेरो विलापको लेखा राख्नुहोस्;
तपाईंको लेखोटमा मेरा आँसुको हिसाब
राख्नुहोस्–
के ती तपाईंको पुस्तकमा लेखिएका
छैनन् र ?

९ जब म सहायताको निम्ति पुकार गर्छु,
तब मेरा शत्रुहरू पछि हटिजानेछन् ।
यसबाट म यो जान्नेछु कि
परमेश्वर मेरो पक्षमा हुनुहुन्छ ।
१० परमेश्वरमा, जसका वचनको म प्रशंसा
गर्दछु,
परमप्रभुमा, जसका वचनको म प्रशंसा
गर्दछु–
११ म परमेश्वरमा भरोसा राख्दछु,
म डराउनेछैनँ ।
मानिसले मलाई के गर्न सक्छ र ?

१२ हे परमेश्वर, मैले तपाईंसित भाकल
गरेको छु;
म तपाईंमा मेरो धन्यवाद बलि चढ़ाउनेछु,
१३ किनकि तपाईंले मेरो प्राणलाई मृत्युबाट
छुटाउनुभएको,
र मेरा गोड़ालाई ठेस लाग्नदेखि
बचाइदिनुभएको छ,
कि म परमेश्वरको सामुन्ने जीवनको
ज्योतिमा हिँडूँ ।

## भजन ५७

***परमेश्वरबाट रक्षाको निम्ति विश्वासपूर्ण प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– शाऊलबाट भागेर
ओढ़ारमा वास गर्दा दाऊदको मिक्ताम

१ ममाथि अनुग्रह गर्नुहोस्, हे परमेश्वर,
ममाथि अनुग्रह गर्नुहोस्,
किनकि मेरो प्राणले तपाईंमा शरण लिन्छ ।
यो आपत् नहटुन्जेल म तपाईंकै
पखेटाको छायामुनि शरण लिनेछु ।

२ म सर्वोच्च परमेश्वरलाई पुकार गर्छु,
परमेश्वरमा, जसले मेरो निम्ति आफ्नो
अभिप्राय पूर्ण गर्नुहुन्छ ।
३ स्वर्गबाट उहाँले पठाउनुहुन्छ र मलाई
बचाउनुहुन्छ,
र मलाई क्रुरतासँग पिछा गर्नेहरूलाई
हप्काउनुहुन्छ ।
परमेश्वर आफ्नो करुणा र
विश्वासनीयता प्रकट गर्नुहुन्छ । *सेला*

४ म सिंहहरूको बीचमा छु;
भोकाएका जनावरहरूको बीचमा छु–
मानिसहरू जसका दाँत बर्छा र बाण हुन्,
जसका जिब्रा धारिला तरवारझैं छन् ।

५ हे परमेश्वर, स्वर्गभन्दा उच्च हुनुहोस्;
सारा पृथ्वीमा तपाईंको महिमा फैलियोस् ।

६ तिनीहरू मेरा गोड़ाको निम्ति जाल
बिछ्याउँछन्–
सङ्कष्टले मेरो प्राण झुकेको छ ।
तिनीहरूले मेरो सामुन्ने एउटा खाड़ल
खनेका छन्,
तर तिनीहरू आफै त्यसमा परेका
छन् । *सेला*
७ मेरो हृदय स्थिर छ, हे परमेश्वर,
मेरो हृदय स्थिर छ;
म गाउनेछु र राग बजाउनेछु ।
८ हे मेरो प्राण, जाग् !
हे सारङ्गी र वीणा, जाग् !
म प्रभातलाई जगाउनेछु ।

९ हे परमप्रभु, जातिहरूका बीचमा म
तपाईंको प्रशंसा गर्नेछु,
देश-देशमा म तपाईंको स्तुति गाउनेछु ।
१० किनकि तपाईंको करुणा स्वर्गसम्म
महान् छ,
र तपाईंको विश्वसनीयताले आकाशै छुन्छ ।

**५७:१**–१शमूएल २२:१; २४:३. **५७:७-११**–भजनसंग्रह १०८:१-५.

११ हे परमेश्वर, तपाईं स्वर्गभन्दा पनि
उच्च हुनुहोस्;
तपाईंको महिमा सारा पृथ्वीभरि व्याप्त
होस् !

## भजन ५८

***दुष्टमाथि दण्डको प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– "विनाश नहोस्" को
रागअनुसार दाऊदको मिक्ताम

१ हे शासक हो, के तिमीहरू न्यायपूर्वक
बोल्दछौ ?
के तिमीहरू ईमानदारीसाथ
मानिसहरूको न्याय गर्दछौ ?
२ होइन, आफ्ना मनमा तिमीहरू खराब
युक्ति रच्तछौ,
र तिमीहरूका हातले पृथ्वीमा हिंसाका
काम गर्दछन् ।
३ दुष्टहरू त जन्मदेखि नै भड्केर जान्छन्,
गर्भदेखि नै तिनीहरू दुष्ट हुन्छन्,
र झूट बोल्छन् ।
४ तिनीहरूको विष सर्पको विषजस्तै छ,
गोमनको विषजस्तो, जसले आफ्नो कान
बन्द गरेको छ,
५ जसले सपेराको आवाज,
र जत्तिसुकै निपुण जादूगर भए पनि,
तिनको सोर सुन्दैन ।

६ हे परमेश्वर, तिनीहरूका दाँत
तिनीहरूका मुखैमा भाँचिदिनुहोस्;
हे परमप्रभु, सिंहहरूका बङ्गारा
थुतिदिनुहोस् !
७ तिनीहरू बग्ने पानीजस्तै विलीन भइजाऊन्,
तिनीहरूले धनुमा ताँदो चढ़ाउँदा तिनका
काँड़हरू बोधा भइजाऊन् ।
८ चिप्लेकीरा हिँड़दा-हिँड़दै बिलाएर गएझैं,
तुहेको बालकजस्तै तिनीहरूले सूर्यको
किरण कहिल्यै नदेखून् ।
९ तिम्रा भाँड़ाहरू काँढ़ाको आगोमा तातिन अघि,
ती हरिया हुन् कि सुकेका,
दुष्टहरू बगाएर लगिनेछन् ।
१० प्रतिशोध खनिएको देखेर धर्मी जन खुशी
हुनेछन्,
जब तिनीहरूले आफ्ना खुट्टा दुष्टहरूको
रगतमा धुनेछन् ।
११ तब मानिसहरूले भन्नेछन्,
"निश्चय नै धर्मीहरूले इनाम पाउनेछन्;
पृथ्वीको न्याय गर्ने परमेश्वर नै हुनुहुन्छ ।"

## भजन ५९

***शत्रुहरूबाट छुटकाराको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– "विनाश नहोस्" को
रागअनुसार दाऊदको मिक्ताम

१ हे परमेश्वर, मलाई मेरा शत्रुहरूबाट
छुटाउनुहोस्;
मेरो विरुद्धमा खड़ा हुनेहरूबाट मेरो
रक्षा गर्नुहोस् ।
२ कुकर्मीहरूबाट मलाई छुटकारा दिनुहोस्,
र रक्त-प्यासी मानिसहरूबाट मलाई
बचाउनुहोस् ।

३ हेर्नुहोस्, तिनीहरू कसरी मेरो प्राण
लिनलाई ढुकेर बसेका छन् !
हे परमप्रभु, मेरो केही दोष वा पाप छैन
तापनि,
डरलाग्दा मानिसहरू मेरो विरुद्धमा
षड्यन्त्र गर्दछन् ।
४ मेरो कसूरैविना तिनीहरू मलाई
आक्रमण गर्न तयार छन् ।
मलाई सहायता गर्न उठ्नुहोस्, मेरो
दशामाथि दृष्टि गर्नुहोस् ।
५ हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
इस्राएलका परमेश्वर,
सबै जातिहरूलाई दण्ड दिन जाग्नुहोस्,
दुष्ट विश्वासघातीहरूमाथि कुनै दया
नदेखाउनुहोस् । *सेला*

६ साँझैपिच्छे तिनीहरू कुकुरहरूझैं
शहरको चारैतिर भुक्तै आउँछन् ।

---

**५९:३**–१शमूएल १९:११.

७ हेर्नुहोस्, तिनीहरू मुखबाट के
निकाल्छन्–
तिनीहरू ओठबाट तरवार निकाल्छन्,
अनि तिनीहरू भन्दछन्, "सुन्ने को छ र ?"
८ तर तपाईं, हे परमप्रभु, तिनीहरूमाथि
हाँस्नुहुन्छ ।
सबै जातिहरूको तपाईं उपहास गर्नुहुन्छ ।

९ हे मेरा शक्ति, म तपाईंको बाटो हेर्छु;
हे परमेश्वर, तपाईं मेरो किल्ला,
१० मेरा प्रेमी परमेश्वर हुनुहुन्छ ।

परमेश्वर मेरो अगिअगि जानुहुन्छ,
र मलाई निन्दा गर्नेहरूमाथि खिसी गर्न
दिनुहुन्छ ।
११ तर हे परमप्रभु, हाम्रा ढाल,
तिनीहरूलाई नमार्नुहोस्,
नत्रता मेरा प्रजाले बिर्सनेछन् ।
तपाईंको सामर्थ्यले तिनीहरूलाई
छिन्नभिन्न पारेर होच्याउनुहोस् ।
१२ तिनीहरूका मुखका पाप,
र ओठका शब्दहरूको कारण तिनीहरू
आफ्ना अहङ्कारमा फसून् ।
१३ तिनीहरूलाई क्रोधले भस्म पार्नुहोस्,
तिनीहरू निमिटचान्न नभएसम्म नाश
गर्नुहोस् ।
तब पृथ्वीको अन्त्यसम्मै मानिसहरूले
जान्नेछन्,
कि परमेश्वरले याकूबमाथि राज्य
गर्नुहुन्छ । *सेला*

१४ साँझैपिच्छे तिनीहरू,
कुकुरझैँ ङ्वारङ्वार्र गर्दै शहरको
चारैतिर घुम्छन् ।
१५ आहारको खोजीमा तिनीहरू डुलिहिँड्छन्,
अनि तृप्त नहुँदा तिनीहरू कराउँछन् ।
१६ तर म तपाईंको शक्तिको स्तुति गाउनेछु,
बिहानै म तपाईंको प्रेमको प्रशंसा गाउनेछु;
किनकि तपाईं मेरा किल्ला र दुःखका
दिनमा मेरो शरणस्थान हुनुहुन्छ ।
१७ हे मेरा शक्ति, म तपाईंको स्तुति गाउनेछु;
हे मेरा परमेश्वर, तपाईं मेरा किल्ला
हुनुहुन्छ, मेरा प्रेमी परमेश्वर हुनुहुन्छ ।

## भजन ६०

***पराजयपछि राष्ट्रको लागि प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको मिक्ताम

१ हे परमेश्वर, तपाईंले हामीलाई
त्याग्नुभएको छ,
र हामीमाथि पड्किनुभएको छ;
तपाईं रिसाउनुभएको छ,
अब हामीलाई पुनर्स्थापित गर्नुहोस् !
२ तपाईंले धरतीलाई थर्काउनुभएको छ,
र त्यसलाई फटाउनुभएको छ;
त्यसमा धाँदाहरू पुरिदिनुहोस्, किनकि
त्यो हल्लिँदैछ ।
३ तपाईंले आफ्ना प्रजालाई कठिन
कुराहरू भोग्न लाउनुभएको छ,
तपाईंले हामीलाई धरमराउने मद्य
दिनुभएको छ ।
४ तर धनुको विरुद्ध फहराउनलाई तपाईंले
एउटा भय मान्नेहरूका लागि तपाईंले
एउटा झन्डा खड़ा गर्नुभएको छ । *सेला*

५ तपाईंको दाहिने बाहुलीले हामीलाई
बचाउनुहोस् र सहायता गर्नुहोस्,
अथवा जसलाई तपाईं प्रेम गर्नुहुन्छ,
तिनीहरूले छुटकारा पाऊन् ।
६ परमेश्वरले आफ्नो पवित्रस्थानबाट
भन्नुभएको छ,
"विजयसाथ, म शेकेमलाई विभाजन गर्नेछु,
र सुक्कोतको बेँसी नापेर छुट्ट्याउनेछु ।
७ गिलाद मेरो हो, र मनश्शे पनि मेरै हो;
एफ्राइम मेरो शिरको फलामे टोपी हो,
यहूदा मेरो राजदण्ड हो ।
८ मोआब मेरो पानीको भाँड़ो हो,
एदोममाथि म आफ्नो जुत्ता फाल्छु,
पलिश्तमाथि म विजयसाथ कराउँछु ।"
९ किल्ला भएको शहरमा मलाई कसले

**६०:१**–२ शमूएल ८:१३; १ इतिहास १८:१२. **६०:५-१२**–भजनसंग्रह १०८:६-१३.

पुऱ्याइदेला ?
कसले मलाई एदोमसम्म डोऱ्याउला ?
१० हे परमेश्‍वर, तपाईं नै होइन, जसले
हामीलाई त्याग्नुभएको छ,
र अब हाम्रा सेनाहरूका साथमा
जानुहुन्‍न ?
११ शत्रुहरूका विरुद्धमा हामीलाई सहायता
गर्नुहोस्,
किनकि मानिसको सहायता त व्यर्थको
हुन्छ ।
१२ परमेश्‍वरद्वारा हामी विजय प्राप्‍त गर्नेछौं,
र उहाँले हाम्रा शत्रुहरूलाई कुल्चनुहुनेछ ।

## भजन ६१

***परमेश्‍वरको रक्षाको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– तारे-वाद्यमा दाऊदको भजन

१ मेरो पुकार सुन्‍नुहोस्, हे परमेश्‍वर;
मेरो प्रार्थनामा ध्यान दिनुहोस् ।

२ जब मेरो हृदय व्याकुल हुन्छ,
पृथ्वीको पल्लो छेउबाट म तपाईंको
पुकार गर्छु,
मलाई त्यो चट्टानमा लैजानुहोस्,
जो मभन्दा अग्लो छ ।
३ किनकि तपाईं मेरा शरणस्थान,
र शत्रुहरूका विरुद्धमा एउटा बलियो
धरहरा हुनुहुन्छ ।

४ म तपाईंका वासस्थानमा सधैं बस्‍ने,
तपाईंका पखेटाको आड़मा शरण लिने
मेरो चाहना छ । *सेला*
५ किनकि तपाईंले मेरा भाकलहरू
सुन्‍नुभएको छ,
हे परमेश्‍वर, तपाईंका नाउँको भय
मान्‍नेहरूको पैतृक अधिकार तपाईंले
मलाई दिनुभएको छ ।

६ राजालाई दीर्घायु दिनुहोस्,
अनि धेरै पुस्तौंसम्म उनको आयु
बढ़ाउनुहोस् ।
७ उनी सदासर्वदा परमेश्‍वरको सामुन्‍ने
सिंहासनमा विराजमान होऊन्;
उनको रक्षाको निम्ति तपाईंको प्रेम र
विश्‍वस्ततालाई खटाइदिनुहोस् ।
८ तब म सदासर्वदा तपाईंको नाउँको
प्रशंसा गाउनेछु,
र दिनहुँ मेरा भाकलहरू पूरा गर्नेछु ।

## भजन ६२

***परमेश्‍वरको रक्षामा भरोसा***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ परमेश्‍वरमा मात्र मेरो आत्माले विश्राम
पाउँदछ,
मेरो उद्धार उहाँबाट नै आउँदछ ।
२ उहाँ मात्र मेरो चट्टान र मेरो
उद्धारक हुनुहुन्छ;
उहाँ मेरा किल्ला हुनुहुन्छ, म कहिल्यै
डग्नेछैनँ ।

३ एक जना मानिसमाथि कहिलेसम्म
तिमीहरू आक्रमण गरिबस्छौ ?
ढल्न लागेको पर्खाल र कमजोर बार
जस्तै भएको त्यस मानिसलाई के
तिमीहरू सबै मिलेर ढाल्छौ ?
४ त्यसको उच्च स्थलबाट त्यसलाई
खसाल्नलाई तिनीहरूले दृढ़ विचार
गरेका छन् ।
असत्यतामा तिनीहरू प्रसन्‍न रहन्छन्,
मुखले तिनीहरू आशीर्वाद दिन्छन्,
तर हृदयले तिनीहरू सराप्छन् । *सेला*

५ हे मेरो आत्मा, परमेश्‍वरमा मात्र
विश्राम गर्;
मेरो आशा उहाँबाटै आउँछ ।
६ उहाँ मात्र मेरो चट्टान र मेरो
उद्धारक हुनुहुन्छ;
उहाँ मेरा किल्ला हुनुहुन्छ,
म डग्नेछैनँ ।
७ मेरा उद्धार र मेरो इज्जत
परमेश्‍वरमा आश्रित छ,
मेरो शक्तिशाली चट्टान र मेरो
शरणस्थान परमेश्‍वर नै हुनुहुन्छ ।
८ हे मानिस हो, सब समय उहाँमा नै

भरोसा गर;
उहाँको सामुन्ने आफ्ना हृदय खोल,
किनकि परमेश्वर हाम्रा शरणस्थान
हुनुहुन्छ । *सेला*
९ निम्न स्तरका मानिसहरू एक मुठी सास
मात्र हुन्,
उच्च स्तरका मानिसहरू एक भ्रम मात्र
हुन्;
तिनीहरूलाई तराजुमा जोखे, तिनीहरू
केही छैनन;
तिनीहरू दुवै एक मुठी सास मात्र हुन् ।
१० धुत्ने काममा भर नपर,
र चोरको सामानमा अभिमान नगर ।
तिम्रो धन-सम्पत्ति बढ्यो भने त्यसमा
आफ्नो हृदय नलगाओ ।
११ परमेश्वरले एउटा कुरा भन्नुभएको छ;
मैले दुईओटा कुरा सुनेको छुः
कि, हे परमेश्वर तपाईं शक्तिशाली
हुनुहुन्छ,
१२ तपाईं हे परमप्रभु, प्रेमी हुनुहुन्छ ।
निश्चय तपाईंले हरेक मानिसलाई
त्यसको कामअनुसार इनाम दिनुहुन्छ ।

## भजन ६३

***तिर्खाएको प्राण तृप्त भएको***

तिनी यहूदाको मरुभूमिमा हुँदा दाऊदको भजन

१ हे परमेश्वर, तपाईं मेरा परमेश्वर
हुनुहुन्छ,
म तपाईंलाई दिलोज्यानले खोज्छु;
पानी नभएको ओबानो र बाँझो
जमिनमा मेरो प्राण तपाईंको निम्ति
तिर्खाउँछ,
मेरो शरीर तपाईंकै निम्ति मरिमेट्दछ ।
२ मैले तपाईंलाई पवित्रस्थानमा देखेको छु,
र तपाईंको शक्ति र महिमालाई देखेको छु ।
३ तपाईंको प्रेम जीवनभन्दा श्रेष्ठ छ,
यसकारण मेरा ओठले तपाईंको महिमा
गर्नेछ ।
४ म मेरो जीवनभरि नै तपाईंको प्रशंसा
गर्नेछु,
र तपाईंको नाउँमा म आफ्ना हात
उचाल्नेछु ।
५ मेरो आत्मा अति उत्तम भोजनले तृप्त हुनेछ;
स्तुतिपूर्ण ओठले म तपाईंको प्रशंसा
गर्नेछु ।
६ मेरो ओछ्यानमा म तपाईंको सम्झना गर्छु;
रातको पहर-पहरमा म तपाईंको ध्यान
गर्छु ।
७ किनकि तपाईं मेरो सहायक हुनुहुन्छ,
यसकारण म तपाईंका पखेटाको
छायामुनि आनन्दले गाउँछु ।
८ मेरो आत्मा निरन्तर तपाईंको पछि
लाग्नेछ;
तपाईंको दाहिने बाहुलीले मलाई
सम्हाल्दछ ।
९ मेरो प्राण लिन खोज्नेहरूचाहिँ पृथ्वीको
तल्लो भागमा पुगेर नष्ट हुनेछन् ।
१० तिनीहरू तरवारले मारिनेछन्,
र स्यालहरूका आहार हुनेछन् ।
११ तर राजाले परमेश्वरमा आनन्द गर्नेछन्;
परमेश्वरको नाउँमा शपथ लिनेहरूले
उहाँको प्रशंसा गर्नेछन् ।
तब झूटो बोल्नेहरूका मुख थुनिनेछन् ।

## भजन ६४

***रक्षको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ मैले आफ्नो उजूर गर्दा, मेरो पुकार
सुन्नुहोस्, हे परमेश्वर;
शत्रुहरूको धम्कीबाट मेरो ज्यानलाई
जोगाउनुहोस् ।
२ दुष्टहरूका गुप्त योजनाबाट र
कुकर्मीहरूका समूहको षड्यन्त्रबाट
मलाई लुकाउनुहोस् ।

**६२:१२**–अय्यूब ३४:११; यर्मिया १७:१०; मत्ती १६:२७; रोमी २:६; प्रकाश २:२३. **६३:१**–१शमूएल २३:१४.

३ तिनीहरू आफ्ना जिब्रालाई तरवारझैँ
धार लाउँछन्,
र आफ्ना वचनहरू प्राणघातक वाणझैँ
ताकेका छन् ।
४ निर्दोषलाई तिनीहरू ढुकेर हान्छन्,
डरैविना अचानक त्यसलाई हान्छन् ।

५ तिनीहरू आफ्ना दुष्ट षड्यन्त्रमा एक-
अर्कालाई प्रोत्साहन दिन्छन्,
तिनीहरू यसो भन्दछन्, "हामीलाई
कसले देख्छ र ?
६ तिनीहरू अन्यायको षड्यन्त्र रच्छन् र
भन्छन्,
"हामीले सिद्ध योजना बनाएका छौं !"
साँच्चै मानिसका मन र हृदय धूर्त हुन्छन् ।

७ तर परमेश्वरले तिनीहरूलाई काँड़हरूले
हान्नुहुनेछ,
तिनीहरू अचानक घायल हुनेछन् ।
८ उहाँले तिनीहरूका आफ्नै जिब्रोलाई
तिनीहरूका विरुद्धमा बोल्न लाउनुहुनेछ,
र तिनीहरूलाई नाश गर्नुहुनेछ,
तिनीहरूलाई देख्नेहरू सबैले गिल्ला
गर्दै मुन्टो हल्लाउनेछन् ।

९ सबै मनुष्य-जाति भयभीत हुनेछन्;
तिनीहरूले परमेश्वरका कामको घोषणा
गर्नेछन्,
र उहाँले गर्नुभएका काममा ध्यान
दिनेछन् ।
१० धर्मीहरू परमप्रभुमा आनन्दित होऊन्,
र उहाँको शरण लिऊन्;
सोझो हृदय भएकाहरू सबैले उहाँको प्रशंसा
गरून् !

## भजन ६५

***परमेश्वरको उदारतामा उहाँलाई प्रशंसा***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमेश्वर, सियोनमा तपाईंको
प्रशंसाले तपाईंलाई पर्खिराखेको छ;
हामीले तपाईंसित बाँधेका भाकल पूरा
हुनेछन् ।
२ हे प्रार्थना सुन्नुहुने,
तपाईंकहाँ नै सबै मानिसहरू आउनेछन् ।
३ जब पापहरूले हामीलाई डुबाएका थिए,
तब तपाईंले हाम्रा अपराधलाई क्षमा
गर्नुभयो ।
४ ती मानिस धन्यका हुन्, जसलाई
तपाईंले छान्नुहुन्छ,
र आफ्नो मन्दिरमा रहनलाई आफू
नजीक ल्याउनुहुन्छ !
तपाईंको घर, तपाईंको पवित्र
मन्दिरका उत्तम-उत्तम पदार्थले हामी
तृप्त भएका छौं ।

५ धार्मिकताका महान् कामहरूबाट
तपाईंले हामीलाई जवाफ दिनुहुन्छ,
हे परमेश्वर हाम्रा उद्धारक ।
पृथ्वीका समस्त सीमान्त
र टाढ़ा-टाढ़ाका समुद्रहरूको आशा
तपाईं नै हुनुहुन्छ,
६ जसले आफ्नो शक्तिद्वारा पहाड़हरू
निमार्ण गर्नुभयो,
तपाईंले आफूलाई शक्तिले सुसज्जित
पार्नुभएको छ ।
७ जसले समुद्रको गर्जन र तिनका
छालहरूका गर्जन,
र जाति-जातिहरूको होहल्ला शान्त
गर्नुभएको छ ।
८ पृथ्वीको पल्लो सिमानामा बस्नेहरू तपाईंका
चिन्हहरू देखेर भयभीत हुन्छन् ।
जहाँ प्रभात आउँछ र सन्ध्या बिलाउँछ,
तपाईं हर्षका गीतलाई निम्त्याउनुहुन्छ ।

९ तपाईं धर्तीको वास्ता राख्नुहुन्छ र
त्यसलाई पानीले भिजाउनुहुन्छ,
र त्यसलाई प्रशस्त गरी मलिलो
बनाउनुहुन्छ ।
मानिसहरूलाई अन्न जुटाउनको निम्ति;
परमेश्वरका खोलानालाहरू पानीले
भरिएका छन्,
किनकि तपाईंले त्यसरी नै व्यवस्था
गर्नुभएको छ ।

१० तपाईंले त्यसका ड्याङहरू पानीले
भिजाउनुहुन्छ,
र डीलहरू सम्म पार्नुहुन्छ;
तपाईंले त्यसलाई झरीले नरम पार्नुहुन्छ,
र त्यसका उब्जनीलाई आशिष् दिनुहुन्छ ।
११ आफ्नो प्रशस्तताले वर्षलाई तपाईंले
मुकुट पहिराउनुहुन्छ,
र तपाईंले प्रशस्त अन्नले तपाईंका
गाड़ाहरू भरिएर पोखिन्छन् ।
१२ मरुभूमिका खर्कहरू लहलह भएका छन्;
पहाड़हरू हर्षले सुसज्जित छन् ।
१३ खर्कहरू भेड़ा-बाखाले भरिभराउ छन्
र बेँसीहरू अन्नले ढाकिएका छन्,
तिनीहरू आनन्दले कराउँछन्;
र भजन गाउँछन् ।

### भजन ६६

***प्रार्थनाको गीत र धन्यवाद-ज्ञापन***

सङ्गीत-निर्देशकको निम्ति– एक भजन

१ हे सारा पृथ्वी, आनन्दसाथ
परमेश्वरको जयजयकार गर !
२ उहाँको नाउँको प्रशंसा गाओ;
र उहाँलाई स्तुति र महिमा देओ !
३ परमेश्वरलाई भन, “तपाईंका कार्यहरू
कति भयानक छन् !
तपाईंको शक्ति यति महान् छ,
कि त्यसको सामुन्ने तपाईंका शत्रुहरू
खुम्चिन्छन् ।
४ सारा पृथ्वी तपाईंको अगि झुक्दछ;
तिनीहरू तपाईंको प्रशंसाका भजन
गाउँछन्,
तिनीहरूले तपाईंको नाउँको भजन
गाउँछन् ।” *सेला*
५ आओ, र परमेश्वरले के गर्नुभएको छ,
सो हेर,
मानिसका पक्षमा उहाँका कामहरू कति
भयानक छन् !
६ उहाँले समुद्रलाई सुक्खा जमिन तुल्याउनुभयो,
तिनीहरूले पैदलै नदी तरे–
आओ, हामी उहाँमा आनन्दित होऔं ।
७ उहाँले आफ्नो शक्तिद्वारा सदा शासन
गर्नुहुन्छ,
उहाँका आँखाले जाति-जातिलाई हेर्नुहुन्छ–
उहाँको विरुद्ध विद्रोहीहरू नउठून् । *सेला*
८ हे मानिसहरू हो, हाम्रा परमेश्वरको
स्तुति गर,
उहाँको स्तुतिको आवाज सुनिओस्;
९ उहाँले हाम्रा जीवनलाई सुरक्षित
राख्नुभएको छ,
र हाम्रा खुट्टालाई चिप्लन दिनुभएको छैन ।
१० किनकि हे परमेश्वर, तपाईंले हाम्रो
जाँच गर्नुभयो;
तपाईंले हामीलाई चाँदीझैं खार्नु भएको छ ।
११ तपाईंले हामीलाई कैदमा ल्याउनुभयो,
र हाम्रा ढाड़मा गह्रौं भारी बोकाउनुभयो ।
१२ तपाईंले हाम्रा शिरमा मानिसहरूलाई
सवार गर्न दिनुभयो;
हामी आगो र पानीबाट भएर गयौं,
तर तपाईंले हामीलाई प्रशस्तताको
ठाउँमा ल्याउनुभयो ।
१३ म तपाईंको मन्दिरमा होमबलिसहित
आउनेछु,
र तपाईंसित गरेका भाकल पूरा गर्नेछु–
१४ म कष्टमा भएको समयमा,
मेरा ओठले प्रतिज्ञा गरेका तथा मेरो
मुखले उच्चारण गरेका भाकल ।
१५ म तपाईंलाई मोटा पशुहरू बलिदान
चढ़ाउनेछु;
म बोकाहरू र साँढ़े चढ़ाउनेछु । *सेला*
१६ हे परमेश्वरको डर मान्नेहरू हो, आऊ
र सुन;
उहाँले मेरो निम्ति के गर्नुभयो,
त्यो मलाई भन्न देओ ।
१७ मैले मेरो मुखले उहाँलाई पुकारें;
र मेरो जिब्रोबाट उहाँको स्तुति भयो ।

---

**६६:६**–प्रस्थान १४:२१; यहोशू ३:१४-१७.

१८ यदि मैले मेरो हृदयमा अधर्मलाई आश्रय
दिएको भए,
परमप्रभुले मेरो बिन्ती सुन्नुहुने थिएन;
१९ तर परमेश्वरले निश्चय नै सुन्नुभएको छ,
उहाँले मेरो प्रार्थनाको शब्दहरूमाथि
ध्यान दिनुभएको छ ।
२० परमेश्वरको प्रशंसा होस्,
उहाँले मेरो प्रार्थना अस्वीकार गर्नुभएको छैन,
नता मबाट उहाँको प्रेम हटाउनुभएको छ !

## भजन ६७

***धन्यवादको गीत***

सङ्गीत-निर्देशकको निम्ति– तार-बाद्यमा एउटा भजन

१ परमेश्वरले हामीप्रति अनुग्रह गरून्
र हामीलाई आशीर्वाद दिऊन्,
अनि आफ्नो मुहार हामीमाथि उज्ज्वल
गरून्; *सेला*
२ र तपाईंका मार्ग पृथ्वीमा प्रकट होस्;
अनि तपाईंका उद्धार सबै जातिलाई
थाहा होस् ।

३ हे परमेश्वर, मानिसहरूले तपाईंको
प्रशंसा गरून्,
सबै मानिसहरूले तपाईंको प्रशंसा गरून् ।

४ जाति-जातिहरू रमाऊन् र आनन्दले गाऊन्,
किनकि तपाईंले न्यायसाथ
मानिसहरूलाईं शासन गर्नुहुन्छ,
अनि पृथ्वीका जातिहरूलाई मार्गदर्शन
गर्नुहुन्छ । *सेला*
५ हे परमेश्वर मानिसहरूले तपाईंको
प्रशंसा गरून्,
सबै मानिसहरूले तपाईंको प्रशंसा गरून् ।

६ तब जमिनले आफ्नो उब्जनी उमार्नेछ,
र परमेश्वर हाम्रा परमेश्वरले हामीलाई
आशीर्वाद दिनुहुनेछ ।
७ परमेश्वरले हामीलाई आशिष् दिनुहुनेछ,
र पृथ्वीका सबै सीमान्तले उहाँको डर
मान्नेछन् ।

## भजन ६८

***परमेश्वरको निम्ति जयजयकारको गीत***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ परमेश्वर उठून्, उहाँका शत्रुहरू
छरपस्ट भइजाऊन्;
तिनीहरू उहाँको सामुबाट भागून् ।
२ जसरी हावाले धूवाँलाई उड़ाएर लैजान्छ,
त्यसरी नै तिनीहरूलाई उड़ाउनुहोस् ।
आगोको सामु मैन बिलाइएझैं,
दुष्टहरू परमेश्वरको सामु नष्ट भइजाऊन् ।
३ तर धर्मीहरूचाहिँ खुशी होऊन्,
तिनीहरू परमेश्वरको अगि उल्लासित होऊन्,
तिनीहरू हर्षले प्रफुल्लित होऊन् ।

४ परमेश्वरको निम्ति भजन गाओ,
उहाँको नाउँको स्तुति गाओ,
बादलमा सवार हुनुहुनेको निम्ति एउटा
भजन गाओ,
उहाँको नाउँ परमप्रभु हो–
तिमीहरू उहाँको अगि उल्लसित होओ ।
५ परमेश्वर आफ्नो पवित्र वासस्थानमा
अनाथका बुबा र विधवाहरूका
रक्षक हुनुहुन्छ ।
६ एकलो मानिसलाई परमेश्वरले एक
परिवारमा बसाल्नुहुन्छ,
कैदीहरूलाई उहाँले मुक्त गरी आनन्दित
तुल्याउनुहुन्छ,
तर बागीहरूचाहिँ घामले डढ़ेको भूमिमा
वास गर्छन् ।

७ हे परमेश्वर, जब तपाईं आफ्नो प्रजाको
अगिअगि निस्कनुभयो,
जब तपाईं उजाड़-स्थानबाट भएर अगि
बढ़नुभयो, *सेला*
८ पृथ्वी काम्यो, आकाशले वृष्टि खन्यायो,
परमेश्वरको सामु, सीनैमा हुनुहुने,
परमेश्वरको सामु, इस्राएलका परमेश्वर ।
९ हे परमेश्वर, तपाईंले मुसलधार पानी
बर्साउनुभयो,

---

**६८:८**–प्रस्थान १९:१८.

ओइलिसकेको तपाईंको भूमिलाई
पुनर्स्थापन गर्नुभयो ।
१० तपाईंका मानिसहरूले त्यस भूमिमा
बसोबास गरे,
अनि आफ्नो प्रशस्तताबाट,
हे परमेश्वर, तपाईंले दरिद्रहरूको
भरणपोषण गर्नुभयो ।

११ परमप्रभुले वचन बोल्नुभयो,
अनि वचनको घोषणा गर्नेको समूह ठूलो थियो:
१२ "हतारसाथ राजा र सेनाहरू भाग्छन्;
छाउनीमा मानिसहरू लूटका माल बाँड्छन् ।
१३ जब तिमीहरू आगोका धुनीको नजीक
सुत्दछौ,
त्यस बेला, मेरो ढुकुरका पखेटामा
चाँदीले मोहोरिएका र त्यसका प्वाँखमा
चम्किलो सुनले मोहोरिएका छन् ।"
१४ जब सर्वशक्तिमान्ले राजाहरूलाई देशमा
तितरबितर पार्नुभयो,
तब त्यो सल्मोन डाँड़ामा हिमपात
भएकोजस्तो थियो ।

१५ बाशानका पहाड़हरू गौरवशाली छन्,
बाशानका पहाड़ चट्टानै-चट्टानले पूर्ण छन् ।
१६ हे रूखा पर्वतहरू, ईर्ष्याले त्यो पर्वततिर
किन हेर्छौ,
जहाँ परमेश्वरले शासन गर्न
खोज्नुभएको छ,
जहाँ स्वयम् परमप्रभु सदासर्वदा वास
गर्नुहुनेछ ?
१७ परमेश्वरका रथहरू लाखौं छन्,
र हजारमाथि हजार;
परमप्रभु सीनै पर्वतबाट आफ्नो
पवित्रस्थानमा आउनुभएको छ ।
१८ जब तपाईं उच्चमा चढ्नुभयो,
तपाईंले कैदीहरूलाई बन्दी बनाएर लानुभयो;
तपाईंले मानिसहरूबाट उपहार लिनुभयो,
बागीहरूसमेतबाट पनि–
कि तपाईं, हे परमप्रभु परमेश्वर, त्यहाँ
वास गरून् ।

१९ परमप्रभु हाम्रा मुक्तिदातालाई प्रशंसा होस्,
जसले दिनहुँ हाम्रा बोझा
बोक्नुहुन्छ । *सेला*
२० हाम्रा परमेश्वर, हामीलाई बचाउनुहुने
परमेश्वर हुनुहुन्छ,
र परमप्रभु परमेश्वरमा नै मृत्युबाट
मुक्ति छ ।

२१ निश्चय परमेश्वरले आफ्ना शत्रुहरूका
टाउको कुच्च्याउनुहुनेछ,
ती मानिसहरूको केशले भरिएका टाउको
जो आफ्ना पापमा लागिरहन्छन् ।
२२ परमप्रभु भन्नुहुन्छ, "म तिनीहरूलाई
बाशानबाट ल्याउनेछु,
म तिनीहरूलाई समुद्रका गहिराइबाट
ल्याउनेछु,
२३ किनकि तिमीहरूले आफ्ना खुट्टा
शत्रुहरूका रगतमा चोबल्नेछौ,
र तिमीहरूका कुकुरका जिब्राले पनि
त्यसमा भाग पाउनेछन् ।"

२४ हे परमेश्वर, तपाईंको शोभा-यात्रा
देखिएको छ,
मेरा परमेश्वर र महाराजाको,
शोभा-यात्रा पवित्रस्थानतिर प्रस्थान
भइरहेको छ ।
२५ अगिअगि गायकहरू छन्,
तिनीहरूका पछिपछि वादकहरू
र तिनीहरूसित खैंजड़ी बजाउने कन्याहरू ।
२६ ठूलो सभामा परमेश्वरको प्रशंसा गर,
इस्राएलको समुदायमा परमप्रभुको प्रशंसा
गर ।
२७ सबैभन्दा कनिष्ठ बेन्यामीनको कुलले
तिनीहरूको अगुवाइ गर्दैछ,
यहूदाका शासकहरू तिनीहरूको दलमा
सामेल छन्,
जबूलूनका र नप्तालीका शासकहरू
पनि छन् ।

---

**६८:१८**–एफिसी ४:८.

२८ हे परमेश्वर, आफ्नो शक्ति बोलाउनुहोस्,
अघिझैँ हे परमेश्वर, हामीलाई आफ्नो
शक्ति देखाउनुहोस् ।
२९ यरूशलेममा तपाईंको मन्दिरको खातिर
राजाहरूले तपाईंको निम्ति भेटीहरू
ल्याउनेछन् ।
३० नर्कटहरूका बीचमा रहने पशुलाई
हप्काउनुहोस्,
जाति-जातिका बाछाहरूका बीचमा
साँढ़ेको झुण्डलाई डाँट्नुहोस् ।
पराजित भएपछि, यिनले चाँदीका
टुक्राहरू ल्याउन् ।
लड़ाइँमा खुशी हुने जातिलाई छरपष्ट
पारिदिनुहोस् ।
३१ मिश्रदेशबाट राजदूतहरू आउनेछन्,
कूश देशले आफैलाई परमेश्वरमा
समर्पण गर्नेछ ।

३२ हे पृथ्वीका राज्य हो, परमेश्वरको स्तुतिगान
गर,
परमप्रभुको प्रशंसामा स्तुति गाओ । *सेला*
३३ तिनलाई जसले प्राचीनकालदेखि नै
स्वर्गमा सवार हुनुहुन्छ,
र शक्तिशाली आवाजसित गर्जनुहुन्छ ।
३४ ती परमेश्वरको सामर्थको घोषणा गर,
जसको प्रताप इस्राएलमाथि छाएको छ,
जसको शक्ति आकाशमा छ ।
३५ हे परमेश्वर, आफ्नो पवित्र वासस्थानमा
तपाईं भययोग्य हुनुहुन्छ;
इस्राएलका परमेश्वरले आफ्ना प्रजालाई
शक्ति र बल दिनुहुन्छ ।

परमेश्वरको प्रशंसा होस् !

## भजन ६९

***मदतको निम्ति पुकार***

सङ्गीत-निर्देशकको निम्ति–
“लिली फूल” को रागअनुसार दाऊदको भजन

१ हे परमेश्वर, मलाई बचाउनुहोस्,
किनकि पानी मेरो गर्दनसम्म आइसकेको
छ ।
२ गहिरो दलदलमा म डुब्दैछु,
जहाँ उभिनेसम्म ठाउँ छैन ।
म गहिरो पानीमा डुबेको छु,
बाढ़हरू ममाथि उर्लंदैछन् ।
३ मद्दतको लागि पुकार्दा-पुकार्दा,
म थाकेको छु,
मेरो घोक्रो सुकिसकेको छ ।
मेरा परमेश्वरको खोजी गर्दा-गर्दा
मेरा आँखा धमिला भएका छन् ।
४ विनाकारण मलाई घृणा गर्नेहरू
मेरो शिरका कपालभन्दा धेरै छन्,
विनाकारण मेरा शत्रु हुनेहरू धेरै छन्,
जसले मलाई मार्न खोज्छन् ।
मैले नलुटेका चीजहरू फिर्ता गर्न
मलाई बाध्य भएको छ ।

५ हे परमेश्वर, तपाईंले मेरो मूर्खता
जान्नुहुन्छ,
मेरा दोषहरू तपाईंबाट लुकेका छैनन् ।

६ तपाईंमा आशा राख्नेहरू
मेरो कारणले अनादरमा नपरून्,
हे परमप्रभु, सर्वशक्तिमान् परमप्रभु ।
हे इस्राएलका परमेश्वर, तपाईंलाई
खोज्नेहरू मेरो कारणले शर्ममा नपरून् ।
७ किनकि तपाईंकै खातिर मैले तिरस्कार
सहेको छु,
र लाजले मेरो अनुहारलाई ढाकेको छु ।
८ मेरा भाइहरूसित म बिरानो भएको छु,
मेरी आमाका छोराहरूसित म पराई
भएको छु ।
९ किनकि तपाईंका भवनको जोशले मलाई
खाएको छ ।
तपाईंलाई निन्दा गर्नेहरूको निन्दा
ममाथि आइपरेको छ ।
१० जब म रुन्छु र उपवास बस्छु,
मैले उपहास सहनुपर्दछ ।
११ जब म भाङ्ग्राको लुगा लगाउँछु;

---

**६९:४**–भजनसंग्रह ३५:१९; यूहन्ना १५:२५. **६९:९**–यूहन्ना २:१७; रोमी १५:३.

मानिसहरू मेरो ठट्टा गर्दछन् ।
१२ मूल ढोकामा बस्नेहरू मलाई खिज्याउँछन्,
र म त मतवालाहरूको गीतको विषय
बनेको छु ।

१३ तर हे परमप्रभु, म तपाईंलाई प्रार्थना
गर्दछु,
तपाईंको निगाहको बेलामा;
तपाईंको महान् प्रेममा, हे परमेश्‍वर
तपाईंको निश्‍चित उद्धारले मलाई उत्तर
दिनुहोस् ।
१४ दलदलमा डुब्नदेखि मलाई बचाउनुहोस्,
मलाई घृणा गर्नेहरूबाट र गहिरो
पानीबाट मेरो उद्धार गर्नुहोस् ।
१५ पानीको बाढ़ले मलाई नछोपोस् ।
अथवा जलले मलाई ननिलोस्,
वा चिहानले आफ्नो मुख ममाथि बन्द
नगरोस् ।
१६ तपाईंको प्रेमको उत्तमतामा,
हे परमप्रभु, मलाई जवाफ दिनुहोस् ।
आफ्नो महान् कृपामा मतर्फ फर्कनुहोस् ।
१७ तपाईंको दासबाट आफ्नो मुहार
नलुकाउनुहोस्;
मलाई चाँड़ै जवाफ दिनुहोस्, किनकि म
कष्टमा परेको छु ।
१८ नजीक आएर मेरो उद्धार गरिदिनुहोस्,
मेरा शत्रुको कारणले मलाई मोल तिरेर
छुटाउनुहोस् ।

१९ मेरो तिरस्कार, मेरो शर्म र मेरो
बेइज्जत तपाईंलाई थाहा छ ।
मेरा सबै वैरीहरू तपाईंकै अगि छन् ।
२० तिरस्कारले मेरो मन भाँचेको छ,
र म निस्सहाय भएको छु ।
मलाई टिठ्याउने कोही छन् कि भनेर
मैले खोजें, तर कोही थिएन,
र सान्त्वना दिनेहरू पनि, तर कोही थिएन ।
२१ तिनीहरूले मेरो खानामा पित्त हाले,
म तिर्खाउँदा, मलाई सिर्का पिउन दिए ।

२२ तिनीहरूको सामु राखिएको भोजन,
तिनीहरूका निम्ति पासो बनोस्,
यो नै प्रतिफल र धराप बनोस् ।
२३ तिनीहरूका आँखा धमिला होऊन्
र तिनीहरूले देख्न नसकून्,
र सधैँभरि तिनीहरूका कम्मर सदा
कुप्रिरहोस् ।
२४ आफ्नो क्रोध तिनीहरूमाथि पोखाउनुहोस्,
र तपाईंको दन्किरहेको क्रोध
तिनीहरूमाथि आइपरोस् ।
२५ तिनीहरूको छाउनी उजाड़ भइजाओस्;
तिनीहरूका पालहरूमा कोही वास
नगरून् ।
२६ किनकि जसलाई तपाईंले हिर्काउनुभएको छ,
त्यसैलाई नै तिनीहरू सताउँछन्,
र जसलाई तपाईंले घायल गर्नुभयो,
त्यसलाई तिनीहरू अझ बढ़ी कष्ट
दिन्छन् ।
२७ तिनीहरूलाई अपराधमाथि अपराधको
दोषारोपण गर्नुहोस्,
र तिनीहरू तपाईंका उद्धारको सहभागी
हुन नपाऊन् ।
२८ जीवनको पुस्तकबाट तिनीहरूका नाउँ
मेटिओस्,
र धर्मीहरूको साथमा नलेखिओस् ।

२९ म त दु:ख र पीड़ामा छु;
हे परमेश्‍वर, तपाईंको उद्धारले मलाई
रक्षा गरोस् ।

३० परमेश्‍वरको नाउँमा स्तुति गाएर म
उहाँको प्रशंसा गर्नेछु,
र धन्यवाद चढ़ाएर म उहाँको महिमा
गर्नेछु ।
३१ यसले परमेश्‍वरलाई गोरु वा सीङ र
खुर भएका पशुको बलिभन्दा ज्यादा
प्रसन्‍न पार्नेछ ।

---

**६९:२१**–मत्ती २७:४८; मर्कूस १५:३६; लूका २३:२६; यूहन्ना १९:२८-२९. **६९:२२–२३**–रोमी ११:९-१०.
**६९:२५**–प्रेरित १:२०. **६९:२८**–प्रस्थान ३२:३२; प्रकाश ३:५; १३:८; १७:८.

३२ यो देखेर थिचोमिचोमा परेकाहरू रमाउनेछन्–
हे परमेश्‍वरलाई खोज्‍ने हो,
तिमीहरूको हृदय जीवित होस् ।
३३ परमप्रभुले दरिद्रहरूको पुकार सुन्‍नुहुन्छ,
र बन्धनमा परेका आफ्ना
मानिसहरूलाई तुच्छ ठान्‍नुहुन्‍न ।
३४ स्वर्ग र पृथ्वी अनि समुद्र र तिनमा चलहल
गर्ने सबैले उहाँको प्रशंसा गरून् ।
३५ किनकि परमेश्‍वरले सियोनलाई बचाउनुहुनेछ,
यहूदाका शहरहरूलाई फेरि निर्माण
गर्नुहुनेछ ।
तब मानिसहरू त्यहाँ बस्‍नेछन्,
अनि त्यसलाई कब्जा गर्नेछन्;
३६ उहाँका सेवकहरूका सन्तान त्यसको
उत्तराधिकारी हुनेछन्,
र उहाँको नाउँलाई प्रेम गर्नेहरू त्यहाँ
वास गर्नेछन् ।

## भजन ७०

***परमेश्‍वरका सहायताको निम्ति प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति–
दाऊदको अर्जबिन्तीको भजन

१ हे परमेश्‍वर, मेरो उद्धार गर्न छिटो गर्नुहोस्;
हे परमप्रभु, मलाई मद्दत गर्न चाँडो
आउनुहोस् ।
२ मेरो प्राण लिन खोज्‍नेहरू लाज र
अन्योलमा परून्,
मेरो विनाशको कामना गर्नेहरू सबै
पिठिउँ फर्काएर जाऊन् र अपमानित
होऊन् ।
३ मेरो ठट्टा उड़ाउनेहरू आफ्नो लाजले
गर्दा व्याकुल होऊन् ।
४ तर ज-जसले तपाईंलाई खोज्छन्,
ती सबै तपाईंमा रमाऊन् र आनन्दित
होऊन् ।
तपाईंको मुक्तिलाई प्रेम गर्नेहरूले
निरन्तर भनून्,
"परमेश्‍वरको नाउँ उच्च होस् !"
५ तर म त गरीब र दरिद्र छु,
मकहाँ चाँड़ो आउनुहोस्, हे परमेश्‍वर ।
तपाईं मेरा सहायक र उद्धारकर्ता हुनुहुन्छ;
हे परमप्रभु, ढीलो नगर्नुहोस् ।

## भजन ७१

***वृद्ध मानिसको प्रार्थना***

१ हे परमप्रभु, मैले तपाईंमा शरण लिएको
छु;
मैले कहिल्यै शर्माउन नपरोस् ।
२ तपाईंको धार्मिकतामा मलाई
बचाउनुहोस् र छुटकारा दिनुहोस्;
तपाईंको कान मतिर थाप्‍नुहोस्,
र मलाई बचाउनुहोस् ।
३ मेरो आश्रयको चट्टान बन्‍नुहोस्,
जहाँ म सधैं जान सक्छु,
मलाई बचाउने आज्ञा दिनुहोस् ,
किनकि तपाईं मेरो चट्टान र मेरो
किल्ला हुनुहुन्छ ।
४ हे मेरा परमेश्‍वर, मलाई दुष्टहरूका
हातबाट र अन्यायी तथा निर्दयी
मानिसहरूको पन्जाबाट छुटाउनुहोस् ।
५ किनकि हे परमप्रभु परमेश्‍वर,
तपाईं मेरो आशा हुनुहुन्छ,
युवाकालदेखि नै मेरो भरोसा हुनुहुन्छ ।
६ जन्मदेखि नै मैले तपाईंमाथि भरोसा
गरेको छु;
तपाईंले मलाई मेरी आमाको गर्भबाट
निकाल्‍नुभएको हो ।
म सधैं तपाईंको प्रशंसा गरिरहनेछु ।
७ धेरै जनाको निम्ति म अपशकून भएको
छु,
तर तपाईं मेरो बलियो शरणस्थान
हुनुहुन्छ ।
८ मेरो मुख तपाईंको प्रशंसाले भरिएको छ,
सारा दिन तपाईंको प्रतापको घोषणा
गर्दछु ।
९ मेरो बुढ़ेसकालमा मलाई नत्याग्‍नुहोस्,

**७०:१-५**–भजनसंग्रह ४०:१३-१७.

मेरो बल घटेको समयमा, मलाई
नछोड्नुहोस् ।
१० किनकि मेरा शत्रुहरूले मेरो विरुद्धमा
कुरा गर्छन्,
र मेरो प्राण लिन खोज्नेहरू, एकसाथ
मिलेर सल्लाह गर्छन् ।
११ तिनीहरू भन्छन्, "परमेश्वरले त्यसलाई
त्याग्नुभएको छ;
त्यसलाई खेदेर समात,
किनकि त्यसको उद्धार गर्ने कोही छैन ।"
१२ हे परमेश्वर, मबाट टाढ़ा नहुनुहोस्,
हे मेरा परमेश्वर, मलाई सहायता
गर्नलाई चाँड़ो आउनुहोस् ।
१३ मलाई दोष लाउनेहरू शर्ममा परेर भस्म
भइजाऊन्,
मलाई आघात पुऱ्याउन खोज्नेहरू
गिल्ला र बेइज्जतले भरिऊन् ।

१४ तर मचाहिँ निरन्तर आशा गरिरहनेछु;
अझ धेरै तपाईंको प्रशंसा गर्नेछु ।
१५ मेरो मुखले तपाईंका धार्मिकता र
तपाईंबाट हुने उद्धारको विषयमा सारा
दिन बोल्नेछ,
यद्यपि तिनको परिमाण मलाई थाहा छैन ।
१६ हे परमप्रभु परमेश्वर, म तपाईंका
शक्तिशाली कार्यहरूको घोषणा गर्नेछु,
तपाईंको धार्मिकताको मात्र म घोषणा
गर्नेछु ।

१७ हे परमेश्वर, मेरो युवावस्थाका दिनदेखि
तपाईंले मलाई शिक्षा दिनुभएको छ,
र आजसम्म म तपाईंका उदेकका
कामहरूको घोषणा गर्दछु ।
१८ हे परमेश्वर, म वृद्ध हुँदा र मेरो कपाल
फुलिसक्दा पनि मलाई नत्याग्नुहोस्,
अर्को पुस्तालाई र पछि आउने सबैलाई
मैले तपाईंका सामर्थ्यको घोषणा
नगरेसम्म मलाई नत्याग्नुहोस् ।

१९ हे परमेश्वर, तपाईंको धार्मिकता उच्च
स्वर्गसम्म पुग्दछ,
तपाईं जसले महान् कार्यहरू गर्नुभएको छ;
हे परमेश्वर, तपाईंजस्तो अरू को छ र ?
२० तपाईंले मलाई धेरै तीता कष्टहरू
देखाउनुभयो,
तर तपाईंले मलाई पुनर्जीवित पार्नुहुनेछ,
पृथ्वीको गहिराइबाट फेरि मलाई माथि
ल्याउनुहुनेछ ।
२१ तपाईंले मेरो इज्जत बढ़ाइदिनुहुनेछ,
र मलाई फेरि सान्त्वना दिनुहुनेछ ।

२२ हे मेरा परमेश्वर, तपाईंको
विश्वसनीयताको निम्ति म वीणा
बजाएर तपाईंको प्रशंसा गर्नेछु ।
सारङ्गी बजाएर तपाईंको प्रशंसा गर्नेछु,
हे इस्राएलका पवित्र परमेश्वर ।
२३ जब म तपाईंको प्रशंसा गाउँदछु,
मेरा ओठहरू हर्षले कराउनेछन्–
म, जसलाई तपाईंले उद्धार गर्नुभएको छ ।
२४ मेरो जिब्राले तपाईंको धार्मिकताका
कार्यहरूका विषयमा दिनभरि वर्णन गर्नेछ,
किनकि मेरो हानि गर्न खोज्नेहरू
शर्ममा र अन्योलमा परेका छन् ।

## भजन ७२

***राजाको प्रार्थना***

सुलेमानको भजन

१ हे परमेश्वर, राजालाई तपाईंको इन्साफ,
र राजपुत्रहरूलाई तपाईंको धार्मिकता
प्रदान गर्नुहोस् ।
२ उनले तपाईंका प्रजालाई धार्मिकतासाथ,
र तपाईंका पीडित जनहरूलाई
न्यायसाथ इन्साफ गर्नेछन् ।
३ डाँड़ाहरूले मानिसहरूका निम्ति समृद्धि
ल्याउनेछन्,
र पहाड़हरूले धार्मिकताको प्रतिफल
ल्याउनेछन् ।
४ तिनले मानिसहरूबीच पीडितको
रक्षा गर्नेछन्,
र दरिद्रहरूका सन्तानलाई बचाउनेछन्,
अनि अत्याचारीहरूलाई उनले दमन
गर्नेछन् ।

५ घाम र जून रहुञ्जेल,
सारा पुस्ताभरि उनी बाँचिरहनेछन् ।
६ उनी काटिएको चउरमा परेको वर्षाभैँ हुनेछन्,
पृथ्वीलाई सिँचाइ गर्ने भरीभैँ ।
७ उनको राज्यकालमा धर्मीहरूको उन्नति हुनेछ;
जून रहुञ्जेल प्रशस्तगरी उन्नति हुनेछ ।

८ एक समुद्रदेखि अर्को समुद्रसम्म,
यूफ्रेटिस नदीदेखि पृथ्वीको पल्लो
छेउसम्म उनले शासन गर्नेछन् ।
९ मरुभूमिका जातिहरू उनको सामुन्ने भुक्नेछन्,
र उनका शत्रुहरूले धूलो चाट्नेछन् ।
१० तर्शीश र टाढ़ाका सामुद्रिक
किनारका राजाहरूले उनीकहाँ कर
ल्याउनेछन्,
शेबा र सेबाका राजाहरूले उनलाई
भेटी चढ़ाउनेछन् ।
११ सब राजाहरू उनको अगाड़ि घोप्टो पर्नेछन्,
र सबै जातिहरूले उनको सेवा गर्नेछन् ।

१२ किनकि दरिद्रहरूलाई, जसले पुकार गर्छन्,
र सहायता नपाएका गरीबहरूलाई
उनले उद्धार गर्नेछन् ।
१३ कमजोर र दरिद्रहरूलाई उनले करुणा
देखाउनेछन्,
र दरिद्रहरूको प्राण मृत्युदेखि बचाइदिनेछन् ।
१४ तिनीहरूलाई हिंसा र अत्याचारबाट
उनले उद्धार गर्नेछन्,
किनकि उनको दृष्टिमा तिनीहरूको
रगत बहुमूल्य छ ।

१५ उनी दीर्घायु होऊन् !
शेबाको सुन उनलाई भेटीस्वरूप दिइओस् ।
मानिसहरूले तिनको निम्ति सदैव प्रार्थना
गरून् र दिनभरि तिनलाई धन्य भनून् ।
१६ देशभरि अन्न भरिपूर्ण होस्,
डाँड़ाका टाकुराहरूमा त्यो लहलह होस् ।
त्यसको फल लेबनानभैँ फस्टाओस्,
त्यो जमिनको घाँसभैँ मौलाओस् ।
१७ उनको नाउँ सदा रहिरहोस्,
उनको कीर्ति सूर्यभैँ निरन्तर रहिरहोस् ।
सबै जातिहरूले उनीद्वारा आशिष् पाउनेछन्,
र तिनीहरूले उनलाई धन्यका भन्नेछन् ।

१८ परमप्रभु परमेश्वर, इस्राएलका
परमेश्वरलाई प्रशंसा होस् ।
उहाँले मात्र उदेकका काम गर्नुहुन्छ,।
१९ उहाँको महिमामय नाउँको सदासर्वदा
प्रशंसा होस्;
उहाँको महिमाले सारा पृथ्वी भरपूरहोस् ।
आमेन अनि आमने ।

२० यिशैका छोरा दाऊदका प्रार्थनाहरू यहाँ
समाप्त हुन्छन् ।

## तेस्रो खण्ड

भजन ७३-८९

### भजन ७३

***परमेश्वरको न्याय***

आसापको भजन

१ साँच्चै नै परमेश्वर इस्राएलको निम्ति
भला हुनुहुन्छ,
तिनीहरूका निम्ति जसको हृदय शुद्ध छ,

२ तर मेरा खुट्टा प्राय: चिप्लन लगेका थिए,
मैले मेरो टेक्ने आधार हराउन लागेको
थिएँ ।
३ किनकि दुष्टहरूको उन्नति देखेर,
ती अहङ्कारीहरूको म डाह गर्दथें ।

४ तिनीहरूलाई कठिनाइ छैन,
तिनीहरूका शरीर स्वस्थ र बलिया छन् ।
५ अरू मानिसहरूभैँ तिनीहरू कष्टमा हुँदैनन्,
तिनीहरूमाथि मानव खराबी
आइलाग्दैनन् ।
६ त्यसकारण अहङ्कार तिनीहरूको सिक्री
हुन्छ;
र तिनीहरू हिंसाको वस्त्र लाउँछन् ।

**७२:८**–जकरिया ९:१०.

७ तिनीहरूका निर्दयी हृदयबाट दुष्टता निस्कन्छ;
तिनीहरूका मनको दुष्ट अहङ्कारको सीमा छैन ।
८ तिनीहरू ठट्टा गर्दछन्,
अनि डाहका कुरा गर्दछन्;
र आफ्ना अहङ्कारमा अत्याचार गर्ने धम्की दिन्छन् ।
९ मुखले तिनीहरू स्वर्ग हासिल गर्ने दाबी गर्छन्,
र जिब्राले तिनीहरू पृथ्वी अधिकार गर्छन् ।
१० त्यसकारण तिनीहरूका मानिसहरू तिनीहरूतर्फ फर्कन्छन्,
र प्रशस्त गरी पानी पिउँछन् ।
११ तिनीहरू भन्छन्, "परमेश्वरले कसरी जान्नुहुन्छ र ?
के सर्वोच्चमा ज्ञान छ र ?"
१२ हेर, दुष्टहरू यस्ता हुन्छन्–
सधैं निश्चिन्त रहेर तिनीहरू धन बढ़ाउँछन् ।

१३ निश्चय नै, व्यर्थमा मैले आफ्नो हृदय शुद्ध राखेको छु;
र निर्दोषीपनामा आफ्नो हात धोएको छु ।
१४ दिनभरि मैले आपत्ति भोगेको छु;
र प्रतिबिहान मैले दण्ड भोग्नुपरेको छ ।
१५ यदि "म यसै भन्नेछु" भनी मैले भनेको भए त,
तपाईंका सन्तानलाई मैले विश्वासघात गर्नेथिएँ ।
१६ जब मैले यी सबै बुझ्ने कोशिश गरें,
तब त्यो मेरो निम्ति अति गह्रौं भयो ।
१७ जब म परमेश्वरका पवित्र वासस्थानमा पसें;
तब मैले तिनीहरूको अन्तिम अवस्था बुझें ।

१८ निश्चय तपाईंले तिनीहरूलाई चिप्ला ठाउँहरूमा राख्नुहुन्छ;
तपाईंले तिनीहरूलाई सर्वनाशमा फालिदिनुहुन्छ ।
१९ कति अचानक तिनीहरू नष्ट हुन्छन्,
त्रासले तिनीहरू पूरा ध्वस्त हुन्छन् !
२० तिनीहरू बिहान बिउँझँदा सपनाजस्तै टलिजान्छन् ।
हे परमप्रभु, तपाईं बिउँझँदा तिनीहरूलाई कल्पनाझैं तुच्छ ठान्नुहुन्छ ।

२१ जब मेरो हृदय दु:खित भएको थियो,
र मेरो आत्मामा तीतोपन थियो ।
२२ तब म चेतना र ज्ञानविहिन थिएँ;
तपाईंको सामु म पशुतुल्य थिएँ ।
२३ तैपनि म निरन्तर तपाईंसँग छु;
तपाईंले मेरो दाहिने हात थाम्नुभएको छ ।
२४ आफ्नै सल्लाहले तपाईंले मलाई डोऱ्याउनुहुन्छ,
र पछि मलाई महिमामा लानुहुनेछ ।
२५ स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र ?
र पृथ्वीमा तपाईंबाहेक अरू मैले चाहना गर्ने कोही छैन ।
२६ मेरा तन र मन दुवै विफल होलान्,
तर परमेश्वर सधैंको निम्ति मेरो हृदयको बल र मेरो हिस्सा हुनुहुन्छ ।

२७ तपाईंबाट टाढ़ामा रहनेहरू नष्ट हुनेछन्,
तपाईंलाई विश्वासघात गर्ने सबैलाई तपाईं विनाश पार्नुहुन्छ ।
२८ तर मेरो लागि भने परमेश्वरको नजीक रहन असल छ,
मैले परमप्रभु परमेश्वरलाई मेरो शरणस्थान बनाएको छु;
तपाईंका सारा कार्यहरूको वर्णन म गर्नेछु ।

## भजन ७४

***देशको सुरक्षाको लागि प्रार्थना***

आसापको मस्किल

१ हे परमेश्वर, तपाईंले हामीलाई किन सधैंको निम्ति त्यागनुभएको छ ?
तपाईंको रीस तपाईंको खर्कका भेड़ाहरूका विरुद्धमा किन दन्कन्छ ?
२ आफ्ना मानिसहरूलाई सम्झना गर्नुहोस्,

जुनहरूलाई प्राचीनकालमा तपाईंले
किन्नुभएको थियो,
जुनहरूलाई तपाईंका उत्तराधिकारको
कुल हुनलाई तपाईंले मोल तिरेर
छुटाउनुभयो–
सियोन पर्वत, जहाँ तपाईं वास गर्नुहुन्छ ।
३ आफ्ना कदम यी अनन्त भग्नावशेषतिर
बढ़ाउनुहोस्,
शत्रुहरूले पवित्रस्थानमा भएका यी सबै
थोक नष्ट पारेका छन् ।

४ तपाईंले हामीसित भेट्नुभएको ठाउँमा
तपाईंका शत्रुहरू गर्जेका छन्;
तिनीहरूले आफ्ना झण्डाहरू चिन्हको
रूपमा गाड़ेका छन् ।
५ रूखहरूको घारी बन्चरोले नष्ट पार्ने
मानिसले झैं,
तिनीहरूले व्यवहार गरे ।
६ तिनीहरूले आफ्ना बन्चरो र घनले बुट्टा
काटेका सबै खापाहरूलाई चकनाचूर
पारे ।
७ तिनीहरूले तपाईंका पवित्रस्थानमा आगो
लगाए,
तपाईंका नाउँको वासस्थान तिनीहरूले
अपवित्र पारे ।
८ तिनीहरूले आफ्ना हृदयभित्र भने,
"हामी तिनीहरूलाई पूरा रूपले मिच्नेछौं !"
देशमा भएका परमेश्वरका आराधना
गरिने हरेक स्थान तिनीहरूले जलाए ।
९ हामी कुनै आश्चर्य चिन्हहरू देख्दैनौं;
अब कोही अगमवक्ता बाँकी छैनन्,
कहिलेसम्म यस्तो हाल रहने हो, सो
हामी कसैले जान्दैनौं ।

१० हे परमेश्वर, कहिलेसम्म शत्रुले
तपाईंको ठट्टा गर्नेछन् ?
के तिनीहरूले सधैंभरि तपाईंको नाउँको
निन्दा गर्ने हुन् ?
११ तपाईं किन आफ्नो बाहुली,
दाहिने हात थामेर राख्नुहुन्छ ?
आफ्ना वस्त्रभित्रबाट हात निकाल्नुहोस्,
र तिनीहरूलाई नाश पार्नुहोस् ।

१२ तर हे परमेश्वर, तपाईं प्राचीन
कालदेखि नै मेरा राजा हुनुहुन्छ;
तपाईंले पृथ्वीमा उद्धार ल्याउनुहुन्छ ।
१३ तपाईं नै हुनुहुन्छ जसले आफ्नो शक्तिले
समुद्रलाई विभक्त गर्नुभयो, तपाईंले
समुद्रको ठूलो जलचरका टाउकोहरू
चूर्ण पार्नुभयो ।
१४ लिब्यातन् जल-पशुका शिरहरूको
कुच्याउने तपाईं हुनुहुन्छ,
र तपाईंले त्यसलाई वनपशुहरूका
आहारको निम्ति दिनुभयो ।
१५ खोला-नालाका मूल फुटाइदिने तपाईं नै
हुनुहुन्छ;
निरन्तर बगिरहेका नदीहरू तपाईंले
सुकाइदिनुभयो ।
१६ दिन तपाईंको हो, रात पनि तपाईंकै हो;
सूर्य र चन्द्र तपाईंले नै स्थापित
गर्नुभएको हो ।
१७ पृथ्वीको सबै सिमाना तपाईंले नै
लगाउनुभएको हो;
ग्रीष्म ऋतु र शिशिर ऋतु तपाईंले
बनाउनुभएको हो ।

१८ याद गर्नुहोस्, हे परमेश्वर,
शत्रुहरूले तपाईंलाई कसरी खिसी गरे,
र मूर्खहरूले कसरी तपाईंका नाउँको
निन्दा गरे ।
१९ तपाईंको आफ्नो ढुकुरको जीवन जङ्गली
जनावरहरूका हातमा नदिनुहोस्;
आफ्ना दु:खी प्रजाको प्राणलाई सदाकाल
नभुल्नुहोस् ।
२० तपाईंका करारको मर्यादा कायम राख्नुहोस्,
किनकि देशका अँध्यारो ठाउँहरू हिंसाले
भरिएका छन् ।

२१ थिचोमिचोमा परेकाहरू शर्ममा पछि नहटून्,

**७४:१३**–प्रस्थान १४:२१. **७४:१४**–अय्यूब ४१:१; भजनसंग्रह १०४:२६; यशैया २७:१.

दरिद्र र दु:खीहरूले तपाईंको नाउँका
प्रशंसा गरून् ।
२२ हे परमेश्वर, उठ्नुहोस् र आफ्नो पक्षको
विषयलाई सम्हाल्नुहोस्,
मूर्ख मानिसहरूले कसरी दिनभरि तपाईंको
ठट्टा गरिरहन्छन् सो सम्भनुहोस् ।
२३ तपाईंका विरोधीहरूको होहल्ला
र तपाईंका शत्रुहरूको निरन्तर हुने
खैलाबैला नभुल्नुहोस् ।

### भजन ७५

***परमेश्वर न्यायकर्ता***

सङ्गीत-निर्देशकको निम्ति–
"विनाश नहोस्" को रागअनुसार आसापको भजन

१ हे परमेश्वर, हामी तपाईंलाई धन्यवाद
चढ़ाउँछौं,
हामी धन्यवाद चढ़ाउँछौं, किनकि
तपाईंको नाउँ नजीकै छ;
मानिसहरूले तपाईंका
आश्चर्यकर्महरूको वर्णन गर्छन् ।

२ तपाईं भन्नुहुन्छ, "उचित समय म ठहराउँछु,
निष्पक्षतासाथ न्याय गर्ने म नै हुँ ।
३ जब पृथ्वीमा भूइँचालो जान्छ र पृथ्वीका
मानिसहरू काम्दछन्,
त्यसका खामाहरूलाई थामिराख्ने म नै
हुँ । *सेला*
४ अहङ्कारीहरूलाई म भन्दछु, 'ज्यादा
अहङ्कार नगर,'
र दुष्टहरूलाई भन्दछु, 'तिमीहरूका हाँक
नदेखाओ,
५ स्वर्गको विरुद्धमा आफ्नो हाँक नदेखाओ,
अनि मुन्टो बटारेर वचन नबोल ।'"
६ कुनै मान्छेले, त्यो पूर्वबाट होस् वा
पश्चिमबाट अथवा दक्षिणका
मरुभूमिबाट होस्,
कसैले पनि मानिसलाई उचाल्न सक्दैन ।
७ तर परमेश्वर नै न्यायकर्त्ता हुनुहुन्छ,
उहाँले एउटालाई होच्याउनुहुन्छ,
र अर्कोलाई उच्च पार्नुहुन्छ,
८ परमेश्वरका हातमा एउटा कचौरा छ,
जसमा मरमसला मिसाएको छ,
फीँज भएको मद्य छ ।
उहाँले त्यो खन्याउनुहुन्छ, अनि पृथ्वीका
दुष्टहरू सबैले त्यसको थिग्रासम्मै
पिउँछन् ।
९ तर मचाहिँ सधैँभरि यही कुरा घोषणा गर्नेछु;
म याकूबका परमेश्वरको स्तुति गाउनेछु ।
१० सबै दुष्टहरूका सीङ म काटिदिनेछु,
तर धर्मीहरूका सीङ उच्च पारिनेछन् ।

### भजन ७६

***प्रतापी परमेश्वरको बन्दना***

संङ्गीत-निर्देशकको निम्ति– तार-वाद्यमा
आसापको भजन

१ यहूदामा परमेश्वर चिनिनुभएको छ;
उहाँको नाउँ इस्राएलमा महान् छ ।
२ उहाँको वासस्थान शालेममा छ,
उहाँको बस्ने ठाउँ सियोनमा छ ।
३ त्यहाँ उहाँले अग्निवाणहरू भाँच्नुभयो,
ढाल, तरवार तथा लड़ाइँका हतियारहरू
भाँच्नुभयो । *सेला*

४ तपाईं ज्योतिले अति उज्ज्वल हुनुहुन्छ,
र शिकारले धनी पर्वतहरूभन्दा पनि
ऐश्वर्यवान् हुनुहुन्छ ।
५ निडर मन भएकाहरू लुटिएका छन्,
तिनीहरू गहिरो निद्रामा परेका छन्,
र शूरवीरहरूमा एउटैले पनि हात
उचाल्न सक्दैन ।

६ हे याकूबका परमेश्वर, तपाईंको हप्कीमा,
घोड़चढ़ी र घोड़ा दुवै अचल भएका छन् ।
७ तपाईं मात्र भय मान्ने योग्यको हुनुहुन्छ,
तपाईं रिसाउनुहुँदा को तपाईंको सामुन्ने
खड़ा रहन सक्छ र ?
८ तपाईंले स्वर्गबाट आफ्नो फैसला सुनाउनुभयो,
र पृथ्वी डरले चूपचाप भयो–

९ जब तपाईं, हे परमेश्वर, देशमा
अत्याचारमा परेका सबैलाई बचाउन
तपाईं न्याय गर्न उठ्नुभयो, *सेला*
१० निश्चय मानिसप्रति तपाईंको क्रोधले

तपाईंको प्रशंसा ल्याउनेछ,
अनि जो तपाईंको क्रोधबाट बाँचेका
छन्, तिनीहरू रोकिएका छन् ।

११ परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
भाकल गर र त्यो पूरा गर;
उहाँको चारैपट्टि रहनेहरू सबैले
उहाँलाई भेटी चढ़ाओ,
१२ उहाँले शासकहरूको घमण्ड चूर पार्नुहुन्छ;
पृथ्वीका राजाहरू उहाँदेखि डराउँछन् ।

### भजन ७७

***सङ्कष्टको बेलामा सान्त्वना***

सङ्गीत-निर्देशकको निम्ति— यदूतूनको लागि
आसापको भजन

१ मैले सहायताको निम्ति परमेश्वरमा
पुकार गरें,
उहाँले मलाई सुनून् भनेर मैले
परमेश्वरलाई पुकारें ।
२ मेरो दु:खको घड़ीमा,
मैले परमप्रभुलाई खोजें;
राती नथाकी मेरो हात पसारें,
अनि मेरो प्राणले सान्त्वना ग्रहण गर्न
चाहेन ।

३ हे परमेश्वर, मैले तपाईंको सम्झना
गरें, र अफसोस गरें;
मैले चिन्ता गरें, र मेरो आत्मा शिथिल
भयो । *सेला*
४ तपाईंले मेरा आँखा लाग्न दिनुभएन;
म अति दु:खित थिएँ, बोल्न सकिनँ ।
५ बितेका दिनहरू, धेरै पुराना वर्षहरूको
मैले सम्झना गरें ।
६ राती मैले आफ्ना गीतहरू सम्झें,
म ध्यानमा बसें,
र मेरो आत्माले यो सोध्यो:

७ "के परमेश्वरले सदाको निम्ति इन्कार
गर्नुहुन्छ ?
के उहाँले फेरि कहिल्यै दया देखाउनुहुन्न ?
८ के उहाँको अचूक कृपा सदाको लागि
मेटियो ?
के उहाँको प्रतिज्ञाहरू सदाको निम्ति
समाप्त भएका छन् ?
९ के परमेश्वरले कृपा गर्न बिर्सनुभयो ?
के उहाँले रीसमा आफ्नो कृपा-दृष्टि
रोक्नुभएको छ ?" *सेला*

१० तब मैले सोचें, "यस कुरामा म अपील गर्छु,
सर्वोच्चको दाहिने बाहुलीका वर्षहरू ।"
११ म परमप्रभुका कामहरू स्मरण गर्नेछु;
निश्चय नै, म तपाईंको धेरै तादिका
आश्चर्य-कर्महरू सम्झनेछु ।
१२ म तपाईंका सबै कामहरूमाथि मनन गर्नेछु,
र तपाईंका सबै शक्तिशाली
कार्यहरूमाथि चिन्तन गर्नेछु ।
१३ हे परमेश्वर, तपाईंका मार्गहरू पवित्र छन्,
हाम्रा परमेश्वरझैं महान् देव अरू छ र ?
१४ तपाईं आश्चर्यकार्य गर्ने परमेश्वर हुनुहुन्छ;
तपाईं आफ्नो सामर्थ्य मानिसहरूका
बीचमा प्रकट गर्नुहुन्छ ।
१५ तपाईंले आफ्नो बाहुलीको शक्तिले
आफ्ना मानिसहरूलाई उद्धार गर्नुभयो,
याकूब र यूसुफका सन्तानहरूलाई । *सेला*

१६ हे परमेश्वर, समुद्रको पानीले तपाईंलाई
देख्यो,
जब पानीले तपाईंलाई देख्यो,
त्यो मड़ारीयो ।
अथाह सागर कम्पयमान भयो ।
१७ बादलहरूले पानी बर्साए,
आकाशमा बिजुलीको गर्जन भयो;
तपाईंको वाणहरू चारैतिर चम्कन लागे ।
१८ तपाईंको गर्जन आँधीबेहरीमा सुनियो;
तपाईंको बिजुलीले संसारलाई आलोकित
पारिदियो,
पृथ्वी कम्पित भएर हल्लियो ।
१९ तपाईंको बाटो समुद्र भएर गयो,
र तपाईंको पथ महासमुद्रबीचमा थियो,
तर तपाईंका पाइलाहरू देखिएनन् ।
२० तपाईंले आफ्ना मानिसहरूलाई भेड़ाका
बथानझैं मोशा र हारूनका हातद्वारा
डोऱ्याउनुभयो ।

## भजन ७८

*आफ्नो प्रजालाई परमेश्वरले अगुवाइ गर्नुभएको*

आसापको मस्किल

१ हे मेरा प्रजा, मेरा शिक्षातिर कान थाप,
मेरा मुखका वचनमाथि ध्यान देओ ।
२ म मेरो मुख दृष्टान्तमा खोल्नेछु,
म प्राचीनका गुप्त कुराहरू भन्नेछु,
३ ती जुन कुरा हामीले सुनेका र जानेका छौं,
र जुन कुरा हाम्रा पिता-पुर्खाले हामीलाई
भनेका छन् ।
४ हामी यी कुराहरू तिनीहरूका
छोराछोरीहरूबाट लुकाएर राख्नेछौं,
तर आउने पुस्तालाई परमप्रभुका महिमामय
कार्यहरू र उहाँको सामर्थ्य
अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण
कामहरूको वर्णन गर्नेछौं ।
५ उहाँले याकूबको निम्ति कानूनहरू
कायम राख्नुभयो,
र इस्राएलमा एउटा व्यवस्था स्थापना
गर्नुभयो ।
आफ्ना सन्तानहरूलाई यी कुरा
सिकाऊन् भनेर उहाँले हाम्रा
पिता-पुर्खाहरूलाई हुकुम दिनुभयो,
६ कि आउँदो पुस्ताले यी कुरा जानून्,
र अझ नजन्मेका शिशुहरूले पनि यी
कुरा जानून्,
र तिनीहरूले आफ्ना सन्तानलाई पनि
यी कुरा भनून् ।
७ तब तिनीहरूले परमेश्वरमा आफ्ना
भरोसा राख्नेथिए,
र उहाँका कार्यहरू बिर्सनेथिएनन्,
तर उहाँका आज्ञाहरू पालन गर्नेथिए ।
८ तिनीहरू आफ्ना पिता-पुर्खाझैं अट्टेरी र
विद्रोही पुस्ता नहोऊन्–
जसका हृदय परमेश्वरतर्फ बफादार थिएनन्,
र जसका आत्मा परमेश्वरतर्फ विश्वस्त
थिएनन् ।
९ एप्रैमका मानिसहरू, धनुले सुसज्जित थिए,
तर लड़ाइँको दिनमा तिनीहरूले पिठिउँ
फर्काए;
१० तिनीहरूले परमेश्वरका करार पालन
गरेनन्,
र उहाँका व्यवस्थाअनुसार चल्न इन्कार
गरे ।
११ तिनीहरूले उहाँका कामहरूलाई बिर्से,
ती आश्चर्य कामहरू जुन उहाँले
तिनीहरूलाई देखाउनुभएको थियो ।
१२ उहाँले तिनीहरूका पिता-पुर्खाका सामुन्ने,
उहाँले मिश्रदेशमा र सोअनको मैदानमा
अचम्म-अचम्म कामहरू गर्नुभयो ।
१३ उहाँले समुद्रलाई दुई भाग गर्नुभयो,
र तिनीहरूलाई बीचबाट पारि डोऱ्याउनुभयो,
र उहाँले पानीलाई पर्खालझैं खड़ा
गरिदिनुभयो ।
१४ दिनमा बादलले अनि राती आगोको
प्रकाशले उहाँले तिनीहरूलाई अगुवाइ
गर्नुभयो ।
१५ उहाँले उजाड़-स्थानमा चट्टानहरूलाई दुई
फ्याक पार्नुभयो,
र समुद्रबाट झैं प्रशस्त पानी दिनुभयो;
१६ उहाँले चट्टानहरूबाट पानीका धारा
निकाल्नुभयो,
र पानी नदीझैं बगाउनुभयो ।

१७ तर मरुभूमिमा तिनीहरू सर्वोच्च प्रभुको
विरुद्धमा विद्रोह भई
उहाँको विरुद्धमा पाप गरी नै रहे ।
१८ आफ्नै इच्छाबमोजिम खानेकुरा मागेर
तिनीहरूले जानी-जानी परमेश्वरको
परीक्षा गरे ।
१९ तिनीहरूले परमेश्वरको विरुद्धमा यस्तो
वचन बोले,
"के परमेश्वरले उजाड़-भूमिमा खानेकुरा
दिन सक्नुहुन्छ र ?

**७८:२**–मत्ती १३:३५. **७८:१२**–प्रस्थान ७:८-१२:३२. **७८:१३**–प्रस्थान १४:२१-२२. **७८:१४**–प्रस्थान १३:२१-२२. **७८:१५-१६**–प्रस्थान १७:१-७; गन्ती २०:१-१३. **७८:१८-३१**–प्रस्थान १६:२-१५; गन्ती ११:४-२३,३१-३५.

२० जब उहाँले चट्टानलाई हिर्काउनुभयो,
तब पानी फुटिनिस्क्यो,
तब के उहाँले हामीलाई खानेकुरा पनि
दिन सक्नुहुन्छ ?
के उहाँले आफ्ना मानिसहरूलाई मासु
जुटाउन सक्नुहुन्छ र ?"
२१ जब परमप्रभुले तिनीहरूका कुरा सुन्नुभयो,
याकूबको विरुद्धमा आगो सल्क्यो,
र इस्राएलका विरुद्धमा उहाँको क्रोध दन्क्यो,
२२ किनकि तिनीहरूले परमेश्वरमाथि
विश्वास गरेनन्,
र उहाँको उद्धारमा भरोसा राखेनन् ।
२३ यसकारण उहाँले माथि आकाशलाई
हुकुम गर्नुभयो,
र स्वर्गका ढोकाहरू खोलिदिनुभयो;
२४ उहाँले मानिसहरूका निम्ति खानलाई
मन्न बर्साउनुभयो,
तिनीहरूलाई उहाँले स्वर्गको अन्न
दिनुभयो ।
२५ मानिसहरूले स्वर्गदूतहरूका रोटी खाए;
परमेश्वरले तिनीहरूलाई मनग्गे
खानेकुरा पठाइदिनुभयो ।
२६ उहाँले आकाशमा पूर्वीय बतास छोड्नुभयो,
र उहाँले आफ्नै शक्तिले दक्षिणी बतास
चलाउनुभयो ।
२७ उहाँले धूलाको कणसरह मासु बर्षाउनुभयो,
उड्ने पक्षीहरू समुद्री तटको बालुवाझैं
बर्षाउनुभयो ।
२८ उहाँले तिनीहरूको छाउनीभित्र ती
पक्षीहरू तिनीहरूका पालको
चारैतिर आउन लगाउनुभयो ।
२९ तिनीहरूले अघाऊन्जेल खाए,
किनकि उहाँले तिनीहरूलाई तिनीहरूको
इच्छाबमोजिम दिनुभयो,
३० तर तिनीहरूको तिर्सना मेटिन अघि
तिनीहरूले खाएका मासु तिनीहरूका
मुखैमा हुँदा,
३१ तिनीहरूमाथि परमेश्वरको क्रोध दन्क्यो,
र तिनीहरूमध्येका बलवान्हरूलाई
उहाँले मार्नुभयो,
इस्राएलका युवकहरूलाई निमिठयान्न
बनाइदिनुभयो ।

३२ यति हुँदा पनि तिनीहरूले पाप गरी नै रहे,
उहाँका आश्चर्य-कर्महरू देखे तापनि
तिनीहरूले विश्वास गरेनन् ।
३३ यसकारण उहाँले तिनीहरूका दिन
व्यर्थतामा र तिनीहरूका वर्षहरूचाहिँ
आतङ्कमा अन्त गराइदिनुभयो ।
३४ जब परमेश्वरले तिनीहरूलाई मार्नुभयो;
तिनीहरूले उहाँको खोजी गरे,
तिनीहरू फेरि यत्नसाथ उहाँतिर फर्के ।
३५ तब तिनीहरूलाई याद भयो कि
परमेश्वर तिनीहरूका चट्टान हुनुहुन्छ,
र सर्वोच्च परमेश्वर तिनीहरूका उद्धारक
हुनुहुँदोरहेछ ।
३६ तर त्यसपछि तिनीहरूले ओठले मात्र
उहाँको खुशामद गरे,
र आफ्ना जिब्राले उहाँसित झूट बोले;
३७ तिनीहरूका हृदय उहाँप्रति ईमानदार
थिएनन्,
उहाँको करारप्रति तिनीहरू विश्वस्त
रहेनन् ।
३८ तापनि उहाँचाहिँ दयालु हुनुभएकोले उहाँले
तिनीहरूका अपराध क्षमा गर्नुभयो,
र तिनीहरूलाई नष्ट पार्नुभएन ।
पटक-पटक उहाँले आफ्नो क्रोध
उत्तेजित पार्नुभएन ।
३९ उहाँले यही सम्झनुभयो, कि तिनीहरू त
शरीर मात्र हुन् जो सासजस्तो निस्कन्छ
र फर्किआउँदैन ।

४० कति पल्ट उजाड़-स्थानमा तिनीहरूले
उहाँसित विद्रोह गरे,
र मरुभूमिमा उहाँलाई दु:खित तुल्याए !
४१ घरीघरी, तिनीहरूले परमेश्वरलाई
परीक्षा गरे,

**७८:२४**–यूहन्ना ६:३१.

र इस्राएलका परमपवित्रलाई तिनीहरूले
क्रुद्ध तुल्याए ।
४२ तिनीहरूले उहाँको शक्तिलाई स्मरण गरेनन्,
त्यस दिनको पनि सम्झना गरेनन्,
जुन दिन उहाँले मोल तिरेर
तिनीहरूलाई तिनका अत्याचारीहरूबाट
छुटकारा दिनुभयो,
४३ जुन दिन उहाँले मिश्रदेशमा आफ्ना
चिन्ह देखाउनुभयो,
र सोअनको मैदानमा आश्चर्य-कर्महरू
गर्नुभयो ।
४४ तिनीहरूका नदीहरूलाई उहाँले
रगतमा परिवर्तन गर्नुभयो;
तिनीहरूले नदीबाट पानी पिउन सकेनन् ।
४५ उहाँले तिनीहरूका बीचमा झीँगाहरू
पठाउनुभयो,
जसले तिनीहरूलाई टोके,
र भ्यागुताहरू, जसले तिनीहरूलाई
उजाड़ पारे ।
४६ उहाँले तिनीहरूका अन्न बाली फट्याङ्ग्रालाई,
र तिनीहरूका खेतका उब्जनी सलहलाई
दिनुभयो ।
४७ उहाँले तिनीहरूका अङ्गूरका बोटहरू
असिनाले र अञ्जीरका बोटहरू तुसारोले
नष्ट गरिदिनुभयो ।
४८ उहाँले तिनीहरूका गाईवस्तुको
बथानलाई असिनाले,
र भेड़ा-बाख्राको बगाललाई बिजुलीले
प्रहार गर्नुभयो ।
४९ उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड
क्रोध, कोप, रीस र शत्रुता–
अर्थात् विनाशकारी दूतहरूको एक दल
पठाउनुभयो ।
५० उहाँले आफ्नो क्रोधको एउटा मार्ग
तयार गर्नुभयो;
तिनीहरूका प्राणलाई मृत्युबाट बचाउनुभएन,
तर तिनीहरूलाई प्राण महामारीलाई
सुम्पनुभयो ।
५१ उहाँले मिश्रदेशका सबै ज्येष्ठ सन्तानलाई,
हामका पालमा जवानीको पहिलो फललाई
मार्नुभयो ।
५२ तर उहाँले आफ्ना प्रजाहरूलाई
भेड़ाहरूका बथानझैँ निकालेर
ल्याउनुभयो;
उहाँले तिनीहरूलाई उजाड़-स्थानबाट
भेड़ाहरूलाई झैँ अगुवाइ गर्नुभयो ।
५३ उहाँले तिनीहरूलाई सुरक्षासाथ
डोऱ्याउनुभयो,
यसैले तिनीहरू डराएनन् ।
तर तिनीहरूका शत्रुहरूलाई चाहिँ
समुद्रले निल्यो ।
५४ यसरी परमेश्वरले तिनीहरूलाई आफ्नो
पवित्र भूमिको सिमानामा ल्याउनुभयो,
त्यही पहाड़ी देशमा, जो उहाँले आफ्नो
दाहिने बाहुलीले जित्नुभएको थियो ।
५५ उहाँले जातिहरूलाई तिनीहरूका सामु
लखेटिदिनुभयो,
अनि उनीहरूका जमिन भाग-भाग गरी
पैतृक-सम्पत्तिझैँ इस्राएलीहरूलाई
दिनुभयो,
र कुल-कुललाई उनीहरूका पालमा
बसाल्नुभयो ।

५६ तर तिनीहरूले परमेश्वरको परीक्षा गरे,
र सर्वोच्च परमेश्वरको विरुद्धमा बागी
भए;
तिनीहरूले उहाँका व्यवस्था पालन गरेनन् ।
५७ तिनीहरू आफ्ना पुर्खाहरूझैँ बेवफादार
र विश्वासघाती बने,
र भर पर्न नसकिने बिग्रेको धनुझैँ भए ।
५८ तिनीहरूले डाँड़ाका थानहरूमा वेदी
स्थापित गरी उहाँलाई क्रोधित तुल्याए,

**७८:४४**–प्रस्थान ७:१७-२१. **७८:४५**–प्रस्थान ८:१-६,२०-२४. **७८:४६**–प्रस्थान १०:१२-१५.
**७८:४७-४८**–प्रस्थान ९:२२-२५. **७८:५१**–प्रस्थान १२:२९. **७८:५२**–प्रस्थान १३:१७-२२.
**७८:५३**–प्रस्थान १४:२६-२८. **७८:५४**–प्रस्थान १५:१७; यहोशू ३:१४-१७. **७८:५५**–यहोशू ११:१६-२३.
**७८:५६**–न्यायकर्ता २:११-१५.

र तिनीहरूले आफ्ना मूर्तिहरूले उहाँलाई
ईर्ष्यालु बनाए ।
५९ जब परमेश्‍वरले तिनीहरूको सोर सुन्‍नुभयो,
तब उहाँ अत्यन्त क्रोधित हुनुभयो;
उहाँले इस्राएललाई सम्पूर्ण रूपले इन्कार
गर्नुभयो ।
६० उहाँले शीलोमा भएको आफ्नो पवित्र
वासस्थान त्याग्नुभयो,
त्यो पाल जो उहाँले मानिसहरूका
बीचमा राख्नुभएको थियो ।
६१ उहाँले आफ्नो शक्तिको सन्दूक
शत्रुहरूका हातमा पठाइदिनुभयो,
आफ्नो गौरव शत्रुहरूका हातमा जान
दिनुभयो ।
६२ उहाँले आफ्ना प्रजालाई पनि
तरवारको निम्ति सुम्पिदिनुभयो,
र आफ्नो उत्तराधिकारका मानिसहरूसँग
रिसाउनुभयो ।
६३ आगोले तिनीहरूका जवानहरूलाई
भस्म पारिए,
र तिनीहरूका कन्याहरूको निम्ति
विवाहको गीत भएन;
६४ तिनीहरूका पूजाहारीहरू तरवारले काटिए,
र तिनीहरूका विधवाहरूले शोक
मनाउन सकेनन् ।

६५ तब परमप्रभु निद्राबाट बिउँझेझैँ
बिउँझनुभयो,
मद्यको उन्मादबाट बिउँझेको मानिसझैँ ।
६६ उहाँले आफ्ना शत्रुहरूलाई
तितरबितर पार्नुभयो;
उहाँले उनीहरूलाई सदाको निम्ति
शर्ममा पार्नुभयो ।
६७ तब उहाँले यूसुफका सन्तानलाई त्याग्नुभयो,
उहाँले एफ्राइमको कुललाई छान्नुभएन;
६८ तर उहाँले यहूदाका कुललाई चुन्‍नुभयो,
सियोन पर्वतलाई, जसलाई उहाँले प्रेम
गर्नुभयो ।
६९ उहाँले आफ्नो पवित्रस्थान उच्च स्वर्गझैँ
बनाउनुभयो,
र पृथ्वीजस्तै, जो उहाँले सदाको लागि
स्थापित गर्नुभएको छ ।
७० उहाँले आफ्नो सेवक दाऊदलाई चुन्‍नुभयो,
र तिनलाई भेड़ाहरूका गोठबाट उठाई
लिनुभयो;
७१ भेड़ाहरूको रखवाली गर्ने कामबाट,
उहाँले दाऊदलाई याकूबका सन्तान र
आफ्नो उत्तराधिकार इस्राएलको गोठालो
हुनलाई ल्याउनुभयो ।
७२ दाऊदले हृदयको ईमानदारीसाथ
तिनीहरूलाई चराए,
अनि निपुण हातले तिनीहरूको नेतृत्व गरे ।

## भजन ७९

***यरूशलेमका विनाशको विलाप***

आसापको भजन

१ हे परमेश्‍वर, जाति-जातिहरूले तपाईंको
उत्तराधिकारलाई आक्रमण गरेका छन्;
तिनीहरूले तपाईंको पवित्र मन्दिरलाई
अपवित्र पारेका छन्,
यरूशलेमलाई तिनीहरूले ध्वस्त
पारिदिएका छन् ।
२ तपाईंको सेवकहरूका शव तिनीहरूले
आकाशका पक्षीहरूलाई आहारको निम्ति
दिएका छन्,
तपाईंको पवित्र जनहरूका मासु
जङ्गली जनावरहरूलाई दिएका छन् ।
३ तिनीहरूले उनीहरूको रगत पानीजस्तै
यरूशलेमको चारैतिर बगाएका छन्,
र उनीहरूलाई गाड्ने कोही छैनन् ।
४ हाम्रा छिमेकीहरूका निम्ति हामी
निन्दाका पात्र हौं ।
अनि हाम्रा वरिपरि बस्नेहरूका हामी
हाँसो र गिल्लाका पात्र भएका छौं ।

---

**७८:६०**–यहोशू १८:१; यर्मिया ७:१२-१४; २६:६. **७८:६१**–१शमूएल ४:४-२२. **७८:७०-७१**–१शमूएल १६:११-१२; २ शमूएल ७:८; १ इतिहास १७:७. **७९:१**–२ राजा २५:८-१०; २ इतिहास ३६:१७-१९; यर्मिया ३२:१२-१४.

५ कहिलेसम्म, हे परमेश्वर ?
के तपाईं हामीहरूसँग सधैँभरि क्रोधित
भइरहनुहुन्छ ?
तपाईंको डाह आगोझैँ कतिसम्म दन्की
नै रहनेछ ?
६ ती जातिहरू जसले तपाईंलाई स्वीकार
गर्दैनन्,
ती राज्यहरू जसले तपाईंलाई पुकार्दैनन्,
तिनीहरूमाथि तपाईंको क्रोध
खन्याउनुहोस् ।
७ किनकि तिनीहरूले याकूबलाई निलेका छन्,
अनि तिनको वासस्थान उजाड़ पारेका छन् ।
८ हाम्रा पुर्खाहरूका पापको लेखा
हामीहरूसँग नलिनुहोस्,
तपाईंको कृपा चाँड़ै हामीकहाँ आइपुगोस्,
किनकि हामी साह्रै खाँचोमा छौं ।
९ हे परमेश्वर, हाम्रा उद्धारक,
आफ्नो नाउँको महिमाको खातिर,
हामीलाई सहायता दिनुहोस्;
आफ्ना नाउँको खातिर हामीलाई छुटाउनुहोस्,
र हाम्रा पाप क्षमा गर्नुहोस् ।

१० "तिनीहरूका परमेश्वर कहाँ छन् ?"
भनी जातिहरूले किन भनून् ?
हाम्रै आँखाको अगि तपाईंका
सेवकहरूका बगाएका रगतको बदला
तपाईं लिनुहुन्छ भन्ने जाति-जातिहरूलाई
थाहा होस् ।
११ कैदीहरूको क्रन्दन तपाईंको साम्‌ पुगोस्;
मृत्युको दण्ड भएकाहरूलाई आफ्ना
बाहुलीको शक्तिद्वारा रक्षा गर्नुहोस् ।

१२ हे परमप्रभु, जुन गिल्लाले तिनीहरूले
तपाईंलाई अपमान गरेका छन्,
त्यसका सात गुणा साटो हाम्रा
छिमेकीहरूलाई फर्काइदिनुहोस् ।
१३ तब हामी, जो तपाईंको प्रजा र तपाईंको
खर्कका भेड़ाहरू हौं,
तपाईंको सदासर्वदा प्रशंसा गर्नेछौं;
पुस्तौँ-पुस्तौँसम्म हामी तपाईंको
प्रशंसाको वर्णन गर्नेछौं ।

## भजन ८०

***इस्राएली राष्ट्रको पुनर्स्थापनाको लागि प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– "करारका लिली फूल"
को रागअनुसार आसापको भजन

१ हे इस्राएलका गोठाला, हामीतर्फ आफ्ना
कान थाप्नुहोस्,
तपाईं, जसले यूसुफलाई भेड़ाको
बथानलाई झैँ अगुवाइ गर्नुहुन्छ;
तपाईं, जो करूबहरूका बीचमा
विराजमान हुनुहुन्छ, प्रकाशमान् हुनुहोस् ।
२ एफ्राइम, बेन्यामीन र मनश्शेको सामुन्ने
आफ्नो सामर्थ्य जगाउनुहोस्,
र हामीलाई बचाउन आउनुहोस् ।
३ हे परमेश्वर, हामीलाई पुनर्स्थापना गर्नुहोस्,
आफ्नो मुहार हामीमाथि चम्काउनुहोस्,
र हामी बाँच्न सकौं ।
४ हे परमप्रभु, सर्वशक्तिमान् परमेश्वर,
आफ्नो प्रजाका प्रार्थनाको विरुद्ध,
तपाईंको क्रोध कहिलेसम्म सल्किरहने हो ?

५ तपाईंले तिनीहरूलाई आँसुका रोटी
खुवाउनुभएको छ,
र पिउनलाई आँसु प्रशस्त मात्रामा
दिनुभएको छ ।
६ तपाईंले हामीलाई छिमेकीहरूका लागि
झगड़ाको स्रोत तुल्याउनुभएको छ,
र हाम्रा शत्रुहरूले हामीलाई गिल्ला
गर्छन् ।
७ हे सर्वशक्तिमान् परमेश्वर,
हामीलाई पुनर्स्थापन गर्नुहोस्,
आफ्नो अनुहार हामीमाथि चम्काउनुहोस्
र हामी बाँच्न सकौं ।

८ तपाईंले मिश्रदेशबाट एउटा दाखको बोट
लगाउनुभयो;
र जाति-जातिहरूलाई धपाउनुभएर

**८०:१**–प्रस्थान २५:२२.

त्यसलाई रोप्नुभयो ।
९ तपाईंले त्यसको निम्ति भूमि तयार गर्नुभयो,
र त्यसको जरो गड्‌यो र त्यो देशभरि
फैलियो ।
१० त्यसका छायाले पहाड़हरू ढाकिए,
र त्यसका हाँगाबिँगाले शक्तिशाली
देवदारुका रूखहरू ढाकिए ।
११ त्यसका हाँगाहरू समुद्रसम्म गए,
अनि त्यसका मुनाहरूचाहिँ यूफ्रेटिस
नदीसम्मै फैलिए ।

१२ त्यसका पर्खाल तपाईंले किन
भत्काइदिनुभएको छ ?
के त्यहाँबाट जाने सबैले त्यसको फल
टिपून् ?
१३ जङ्गलका बनेलहरूले त्यसलाई नष्ट पार्छन्,
र जङ्गली जनावरहरू त्यसमा चर्छन् ।
१४ हे सर्वशक्तिमान् परमेश्वर, हाम्रा
बीचमा फेरि फर्कनुहोस् !
स्वर्गबाट तल दृष्टि गर्नुहोस्,
यस दाखलताको हेरचाहा गर्नुहोस्–
१५ तपाईंको आफ्नो दाहिने बाहुलीले
रोप्नुभएको त्यस बिरुवाको,
त्यस छोराको, जसलाई तपाईंले आफ्नो
लागि हुर्काउनुभएको छ ।

१६ तपाईंका दाखको बोट काटेर ढालिएको
छ, आगोले डढ़ाइएको छ;
तपाईंको हप्कीले तपाईंको प्रजा नष्ट
हुन्छन् ।
१७ तपाईंको दाहिने पट्टिको मानिसमाथि
तपाईंको हात रहोस्,
त्यो मानिसको पुत्रमाथि जसलाई तपाईंले
आफ्नो निम्ति खड़ा गर्नुभएको छ ।
१८ तब हामी तपाईंबाट कहिल्यै पिठिउँ
फर्काउनेछैनौं,
हामीलाई नयाँ जीवन प्रदान गर्नुहोस्,
र हामी तपाईंका नाउँको पुकार गर्नेछौं ।
१९ हे परमप्रभु, सर्वशक्तिमान् परमेश्वर,
हामीलाई पुनर्स्थापन गर्नुहोस्,
आफ्नो मुहार हामीमाथि चम्काउनुहोस्,
र हामी बाँच्न सकौं ।

## भजन ८१

***परमेश्वरको भलाइ र इस्राएलको हठ***

सङ्गीत-निर्देशकको निम्ति– गित्तितअनुसार
आसापको भजन

१ परमेश्वरको निम्ति आनन्दले गाओ,
उहाँ हाम्रो शक्ति हुनुहुन्छ,
उच्च सोरले याकूबका परमेश्वरको
जयजयकार गर ।
२ भजन गाओ, खैंजड़ी बजाओ,
सुरिला सारङ्गी र वीणा बजाओ ।

३ औंसीको दिन र पूर्णिमा अनि हाम्रो ठूलो
चाड़को दिनमा तुरही बजाओ ।
४ इस्राएलको निम्ति यो एउटा विधि हो,
याकूबका परमेश्वरको यो एउटा आदेश
हो ।
५ जब उहाँ मिश्रदेशको विरुद्ध उठ्नुभयो,
जहाँ हामीले नबुझ्ने भाषा सुन्यौं,
उहाँले योसेफको निम्ति यो एउटा
कानूनझैं जारी गर्नुभयो ।

६ उहाँ भन्नुहुन्छ, “मैले तिनीहरूका
काँधबाट भारी उतारिदिएँ;
डोकाको बोझबाट तिनीहरूका हात
मुक्त भए ।
७ दुःखमा पर्दा तिमीहरूले पुकार्‍यौ,
र मैले तिमीहरूलाई छुटाएँ,
बज्र पार्ने मेघबाट मैले तिमीहरूलाई
उत्तर दिएँ,
मरीबाका पानीमा तिमीहरूलाई
परीक्षा गरें । *सेला*

८ “हे मेरा प्रजा, सुन, र म तिमीहरूलाई
एउटा चेतावनी दिनेछु–
हे इस्राएल ! तिमीहरूले मेरा कुरा
सुनेको भए त,

---

**८१:३**–गन्ती १०:१०. **८१:७**–प्रस्थान १७:७; गन्ती २०:१३.

९ तिमीहरूका बीचमा पराइ देवता
हुनुहुँदैन,
तिमीहरू कुनै पराइ देवताको अगि
झुक्नुहुँदैन ।
१० म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ,
जसले तिमीहरूलाई मिश्रदेशबाट
निकालेर ल्यायो,
तिमीहरूका मुख पूरा खोल र म त्यो
भरिदिनेछु ।

११ "तर मेरा प्रजाले मैले भनेको सुनेन;
इस्राएलले मेरो अधीनमा रहन मानेन ।
१२ यसकारण तिनीहरू आफ्नै युक्तिमा
हिँडून् भनेर मैले तिनीहरूलाई
तिनीहरूकै मनको जिद्दीमा छोड़िदिएँ ।

१३ "मेरा प्रजाले मेरा कुरा सुनेका भए त,
इस्राएल मेरो मार्गमा हिँड़ेका भए त,
१४ म कति चाँड़ो तिनीहरूका शत्रुहरूलाई
पराजित गर्ने थिएँ,
र तिनीहरूका दुश्मनका विरुद्धमा म
हात उठाउनेथिएँ !
१५ परमप्रभुलाई अवहेलना गर्नेहरू उहाँको
अगि खुम्चिँदै लत्रक्क पर्नेथिए,
तर उनीहरूको दण्ड सदाकाल
रहनेथियो ।
१६ तर म तिमीहरूलाई सबैभन्दा सर्वोत्तम
गहूँ खुवाउनेथिएँ,
र चट्टानको महले म तिमीहरूलाई तृप्त
पार्नेथिएँ ।

## भजन ८२

***अन्यायी शासकहरूलाई हप्की***

आसापको भजन

१ परमेश्‍वर आफ्नो समुदायमा
विराजमान हुनुहुन्छ;
"देवहरू" का बीच उहाँले न्याय गर्नुहुन्छ:
२ "कहिलेसम्म तिमीहरू अन्यायीहरूको
पक्ष लिइबस्छौ ?
र दुष्टहरूको ओड़ थाप्छौ ? *सेला*
३ दुर्बल र अनाथहरूको रक्षा गर;
गरीब र अत्याचारमा परेकाहरूको
हकको रक्षा गर ।
४ दुर्बल र दरिद्रहरूलाई छुटाओ,
दुष्टहरूका हातबाट तिनीहरूलाई मुक्त
गर ।

५ "तिनीहरूको न ज्ञान छ, न समझ,
तिनीहरू अन्धकारमा यताउता डुल्छन् ।
पृथ्वीका सारा जग नै हल्लिएका छन् ।"

६ "मैले भनें, 'तिमीहरू "देवहरू" हौ,
तिमीहरू सबै सर्वोच्चका छोराहरू हौ ।'
७ तापनि तिमीहरू साधारण मानिसहरूझैं
मर्नेछौ,
अरू शासकझैं तिमीहरूको पतन हुनेछ ।"

८ हे परमेश्‍वर, उठ्नुहोस्, पृथ्वीको न्याय
गर्नहोस्,
किनकि सारा जातिहरू तपाईंको
उत्तराधिकार हुन् ।

## भजन ८३

***इस्राएलका शत्रुहरूलाई परास्त गराउनलाई प्रार्थना***

आसापको भजन

१ हे परमेश्‍वर, तपाईं मौन नरहनुहोस्;
चूप नबस्नुहोस्, हे परमेश्‍वर,
तपाईं निष्क्रिय नहुनुहोस् ।
२ हेर्नुहोस्, तपाईंका शत्रुहरूमा निकै
हलचल छ,
कसरी तिनीहरू शिर ठाड़ो पार्दछन् ।
३ तिनीहरूले धूर्ततासाथ तपाईंका
मानिसहरूका विरुद्धमा षड्यन्त्र रच्तछन्,
र तिनीहरू तपाईंले कदर गरेकाहरूका
विरुद्धमा मतो गर्छन् ।
४ तिनीहरू भन्छन्, "आओ हामी
उनीहरूको जातिलाई नाश गरौं,
ताकि इस्राएल भन्ने नाउँको सम्झना नै
नरहोस् ।"

---

**८१:९-१०**–प्रस्थान २०:२-३; व्यवस्था ५:६-७. **८२:६**–यूहन्ना १०:३४.

५ तिनीहरू एक मत भएर षड्यन्त्र रच्छन्;
तिनीहरू आपसमा एक भई तपाईंको
विरुद्ध खड़ा भएका छन्–
६ एदोम र इश्माएलीहरूका निवासीहरू,
मोआबीहरू र हग्रीहरू,
७ गबाली, अम्मोनी र अमालेकीहरू,
पलिश्तीहरू र टायरका निवासीहरू ।
८ लूतका सन्तानलाई सहायता दिनलाई,
अश्शूर पनि तिनीहरूसँग मिलेका
छन् । *सेला*
९ मिद्यानीहरूलाई गर्नुभएझैं व्यवहार
तिनीहरूसँग गर्नुहोस्,
कीशोन खोलामा सीसरा र याबीनलाई
गरेझैं गर्नुहोस्,
१० जो एन्दोरमा नाश पारिएका थिए,
र जमिनमा फोहोरसरि भए ।
११ तिनीहरूका भारादारहरूलाई ओरेब
र जीबझैं तुल्याउनुहोस्,
अनि राजकुमारहरूलाई जेबह र
सल्मुन्नाजस्तै बनाउनुहोस्,
१२ जसले भने, "परमेश्वरका खर्कमा हामी
आफ्नो अधिकार जमाऔं ।"
१३ हे मेरा परमेश्वर, तिनीहरूलाई यताउती
पल्टाइने झार र बतासले उड़ाएको
भुसझैं तुल्याउनुहोस् ।
१४ जसरी आगोले जङ्गल भस्म पार्छ,
र ज्वालाले पहाड़ जलाइदिन्छ,
१५ तिनीहरूलाई तपाईंको प्रचण्ड आँधीले
खेद्नुहोस् र आँधीबेहरीले तिनीहरूलाई
भयभीत पार्नुहोस् ।
१६ तिनीहरूका अनुहार लाजले
ढाकिदिनुहोस्,
र हे परमप्रभु, मानिसहरूले तपाईंको
नाउँको खोजी गरून् ।
१७ तिनीहरू सधैं शर्ममा परून्,
र अतासले भरिऊन् ।
तिनीहरू अपमानमा नष्ट भइजाऊन् ।
१८ तिनीहरूले जानून कि तपाईं, जसको
नाउँ परमप्रभु हो–
तपाईं मात्र, सारा पृथ्वीमा सर्वोच्च
परमेश्वर हुनुहुन्छ ।

### भजन ८४

***परमेश्वरको वासस्थानमा उपासना गर्ने तिर्सना***

सङ्गीत-निर्देशकको निम्ति– गित्तितअनुसार
कोरहवंशीको भजन

१ हे सर्वशक्तिमान् परमप्रभु !
तपाईंको वासस्थान कति मनोहर छ,
२ परमप्रभुको मन्दिरको निम्ति मेरो प्राण
इच्छुक छ,
र मूर्च्छै पनि पर्छ ।
मेरो हृदय र मेरो शरीर दुवैले जीवित
परमेश्वरको पुकार गर्दछ ।
३ हे सर्वशक्तिमान् परमप्रभु, मेरा राजा
अनि मेरा परमेश्वर,
तपाईंका वेदीको नजीक भँगेरीले पनि
वास पाउँछे,
अनि गौँथलीले गुँड़ बनाउँछे,
जहाँ आफ्ना बच्चाहरूलाई राख्छे ।
४ तपाईंको वासस्थानमा बस्ने धन्यका हुन्;
तिनीहरू सदैव तपाईंको प्रशंसा
गर्छन् । *सेला*
५ तिनीहरू धन्यका हुन्, जसको बल
तपाईंमा छ,
जसले आफ्ना मन धार्मिक यात्रामा
लगाएका छन् ।
६ तिनीहरू बाकाको बेंसीबाट भएर जाँदा
तिनीहरूले त्यसलाई जलस्रोत बनाउँछन्;
शरद-ऋतुको वर्षाले त्यहाँ तलाउहरू
बन्दछन् ।
७ तिनीहरूले बलमाथि बल प्राप्त गर्छन्,
जबसम्म प्रत्येक सियोनमा परमेश्वरको
सामुन्ने उपस्थित हुनेछैन ।
८ हे परमप्रभु सर्वशक्तिमान् परमेश्वर,

**८३:९**–न्यायकर्ता ४:६-२२; ७:१-२३. **८३:११**–न्यायकर्ता ७:२५; ८:१२.

मेरा प्रार्थना सुन्नुहोस्,
हे याकूबका परमेश्वर, मेरो बिन्ती
सुन्नुहोस् । *सेला*
९ हे परमेश्वर, हाम्रो ढाललाई हेर्नुहोस्;
अभिषेक भएको तपाईंको आफ्नो
जनमाथि कृपादृष्टि गर्नुहोस् ।

१० तपाईंको मन्दिरभित्रको एक दिन
अरू ठाउँमा हजार दिनभन्दा उत्तम छ,
दुष्टहरूका पालमा बस्नुभन्दा त,
बरु मेरा परमेश्वरका भवनको ढोके हुन
मलाई मन पर्छ,
११ किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल
हुनुहुन्छ;
परमप्रभुले निगाह र इज्जत दिनुहुन्छ;
सत्य मार्गमा हिँड्नेहरूलाई परमप्रभुले
कुनै भलो कुराबाट वञ्चित राख्नुहुन्न ।
१२ हे सर्वशक्तिमान् परमप्रभु,
तपाईंमा भरोसा राख्ने मानिस धन्यको
हो ।

## भजन ८५

***परमेश्वरका कृपाको लागि प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– कोरहवंशीको भजन

१ तपाईंको देशमाथि तपाईंले कृपा
राख्नुभएको छ, हे परमप्रभु;
तपाईंले याकूबको सुख-शान्ति
फर्काउनुभएको छ ।
२ तपाईंले आफ्ना प्रजाको अधर्म क्षमा
गर्नुभएको छ,
तिनीहरूका सबै पाप ढाकिदिनुभएको
छ । *सेला*
३ तपाईंले आफ्ना सबै क्रोध पन्छाउनुभयो,
र आफ्नो दन्कँदो क्रोधबाट तपाईं
फर्कनुभयो ।

४ हे हाम्रा उद्धार गर्ने परमेश्वर,
हामीलाई पुनर्स्थापित गर्नुहोस्,
र हामीप्रतिका तपाईंको अप्रसन्नता
हटाइदिनुहोस् ।
५ के तपाईं हामीसित सधैँ रिसाउनुहुन्छ ?
के तपाईं पुस्ता-पुस्तासम्म हामीसँग
क्रोध गरी नै रहनुहुन्छ ?
६ के तपाईंका प्रजा तपाईंमा रमाऊन् भनेर
हामीलाई पुनर्जागृत बनाउनुहुन्न ?
७ हे परमप्रभु, आफ्नो अटुट प्रेम हामीलाई
देखाउनुहोस्,
र हामीलाई तपाईंको उद्धार प्रदान
गर्नुहोस् ।

८ परमप्रभु परमेश्वरले के भन्नुहुन्छ, सो
म सुन्नेछु;
उहाँले आफ्ना प्रजासँग, आफ्ना पवित्र
जनहरूसँग शान्तिको प्रतिज्ञा गर्नुहुन्छ–
तर तिनीहरू फेरि मूर्खतातिर
नलागून् ।
९ निश्चय नै उहाँको भय मान्नेहरूको
नजीकै उहाँको उद्धार छ ।
र उहाँको महिमा हाम्रो देशमा वास
गरोस् ।

१० प्रेम र विश्वस्तता आपसमा मिल्छन्;
धार्मिकता र शान्तिले एक-अर्कालाई
चुम्बन गर्छन् ।
११ पृथ्वीबाट विश्वस्तताको अङ्कुर
निस्कन्छ,
र स्वर्गबाट धार्मिकताले तल हेर्दछ ।
१२ जे असल छ, परमप्रभुले त्यही दिनुहुनेछ,
र हाम्रा जमिनले फसल उमार्नेछ ।
१३ उहाँको अगिअगि धार्मिकता जानेछ
र उहाँको निम्ति मार्ग तयार गर्छ ।

## भजन ८६

***सङ्कष्टमा प्रार्थना***

दाऊदको प्रार्थना

१ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्,
र मलाई जवाफ दिनुहोस्,
किनकि म दरिद्र र अभावग्रस्त छु ।
२ मेरो रक्षा गरिदिनुहोस्,
किनकि म तपाईंको भक्त हुँ ।
तपाईं मेरा परमेश्वर हुनुहुन्छ;
तपाईंको सेवकलाई बचाउनुहोस्,

जसले तापाईंमाथि भरोसा गर्दछ ।
३ हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस् ।
किनकि म दिनभरि तपाईंलाई पुकार
गर्दछु ।
४ आफ्नो सेवकलाई हर्षित पार्नुहोस्,
किनकि हे परमप्रभु, म तपाईंतिर आफ्नो
प्राण उचाल्दछु ।

५ हे परमप्रभु, तपाईं भला र क्षमाशील हुनुहुन्छ,
र तपाईंलाई पुकार गर्नेहरू सबैलाई
तपाईंको प्रेम प्रशस्त रहन्छ ।
६ हे परमप्रभु, मेरो प्रार्थना सुनिदिनुहोस्;
दयाको निम्ति मेरो पुकारलाई सुन्नुहोस् ।
७ मेरो सङ्कष्टको दिनमा, म तपाईंलाई
पुकार गर्नेछु,
किनकि तपाईंले मलाई जवाफ दिनुहुन्छ ।

८ हे परमप्रभु; देवहरूमा तपाईं जस्तो अरू
कोही छैन,
तपाईंका जस्ता कार्यहरू अरू कसैको
छैन ।
९ हे परमप्रभु, तपाईंले बनाउनुभएका सबै
जाति तपाईंको अगि झुक्नेछन्,
र तिनीहरूले तपाईंको नाउँको आराधना
गर्नेछन् ।
१० किनकि तपाईं महान् हुनुहुन्छ र
आश्चर्य-कर्महरू गर्नुहुन्छ;
तपाईं मात्र परमेश्वर हुनुहुन्छ ।

११ हे परमप्रभु, मलाई तपाईंका मार्गको
शिक्षा दिनुहोस्,
र म तपाईंको सत्यतामा हिँड्नेछु;
मलाई एकाग्र हृदय दिनुहोस्,
र म तपाईंको नाउँको भय मानूँ ।
१२ हे परमप्रभु, मेरा परमेश्वर,
मेरो सारा हृदयले म तपाईंको प्रशंसा
गर्नेछु;
म सदासर्वदा तपाईंको नाउँको प्रशंसा
गर्नेछु ।
१३ किनकि मप्रति तपाईंको प्रेम महान् छ;
तपाईंले मेरो प्राणलाई पातालको
गहिराइबाट छुटाउनुभएको छ ।
१४ हे परमेश्वर, अहंकारी मानिसहरूले
मलाई आक्रमण गरिरहेछन्,
र निष्ठूर मानिसहरूको दल मेरो ज्यानको
पछि लागेको छ,
ती मानिसहरू जसले तपाईंलाई सम्झना
गर्दैनन् ।

१५ तर तपाईं, हे परमप्रभु, दयालु र अनुग्रही
परमेश्वर हुनुहुन्छ,
क्रोध गर्नमा ढीला, प्रेम र विश्वस्ततामा
प्रशस्त हुनुहुन्छ ।
१६ मतिर फर्कनुहोस् र ममाथि दया गर्नुहोस्;
आफ्नो शक्ति तपाईंको सेवकलाई दिनुहोस्,
र आफ्नी दासीको छोरोलाई बचाउनुहोस् ।
१७ तपाईंका उदारताको एउटा चिन्ह मलाई
दिनुहोस्,
र मलाई घृणा गर्नेहरू त्यो देखेर शर्ममा
परून्,
किनकि हे परमप्रभु, तपाईंले मलाई
सहायता गर्नुभएको छ र सान्त्वना
दिनुभएको छ ।

## भजन ८७

***परमेश्वरको महिमापूर्ण शहर***

कोरहका छोराहरूका भजन । एक गीत ।

१ परमेश्वरले आफ्नो जग पवित्र पर्वतमा
स्थापना गर्नुभएको छ;
२ याकूबका सबै वासस्थानहरूभन्दा
परमप्रभुले सियोनको ढोकाहरूलाई बढ़ी
प्रेम गर्नुहुन्छ ।
३ हे परमेश्वरको शहर,
तेरो विषयमा महिमामय कुरा भनिएका
छन्: *सेला*
४ "मलाई स्वीकार गर्नेहरूमध्ये राहाब
र बेबिलोनलाई म दर्ता गर्नेछु—
पलिश्ती, टायर र कूशलाई समेत—

---

**८६:९**—प्रकाश १५:४.

र भन्नेछु, 'योचाहिँ सियोनमा जन्मेको
थियो ।'"
५ सियोनको विषयमा चाहिँ यो भनिनेछ,
"यो र त्यो त्यहीं जन्मेका थिए,
अनि सर्वोच्च परमेश्‍वरले नै त्यसलाई
स्थापना गर्नुहुनेछ ।"
६ परमप्रभुले मानिसहरूका नाउँ दर्ता-
पुस्तकमा लेख्नुहुनेछः
"यसको जन्म सियोनमा भएको
हो ।" *सेला*
७ सङ्गीत बजाउँदा तिनीहरूले गाउनेछन्
"मेरा सबै पानीका मूल तँमा नै छन् ।"

## भजन ८८

### *सहायताको निम्ति पुकार*

सङ्गीत-निर्देशकको निम्ति– महलत-लिन्नोतअनुसार
कोरहवंशीको भजन

१ हे परमप्रभु, मेरा परमेश्‍वर, जसले मेरो
उद्धार गर्नुहुन्छ,
दिनरात तपाईंलाई म पुकार गर्छु ।
२ मेरो प्रार्थना तपाईंको सामुन्ने पुगोस्;
मेरो क्रन्दनतिर कान फर्काउनुहोस् ।
३ किनकि मेरो प्राण दुःखले भरिएको छ,
र मेरो जीवन चिहानको छेवैमा पुगेको
छ ।
४ मृत-लोकमा जानेहरू सँगसँगै मेरो गन्ती
भएको छ;
अनि मेरो जीवन चिहानको छेवैमा
पुगेको छ ।
५ म मुर्दाहरूसितै छुट्ट्याइएको छु,
मारिएका मानिसजस्तै जो चिहानमा सुत्छन्,
जसलाई तपाईं कहिल्यै सम्झनुहुन्न,
र जुनहरू तपाईंको वास्ताबाट
त्यागिएका छन् ।
६ तपाईंले मलाई मृत-लोकको तल्लो भागमा,
अति अन्धकारमय गहिराइमा राख्नुभएको
छ ।
७ तपाईंको क्रोधले मलाई दबाएर राखेको
छ ।
र तपाईंका आफ्ना सबै छालहरूले
मलाई व्याकुल पार्नुभएको छ । *सेला*
८ मेरा अति नजिकका साथीहरूबाट
तपाईंले मलाई अलग गर्नुभएको छ ।
तपाईंले मलाई तिनीहरूको लेखामा
घृणित तुल्याउनुभएको छ ।
म थुनिएको छु र म उम्कन सक्दिनँ ।
९ शोकले मेरा आँखा धमिला हुन्छन् ।
हे परमप्रभु, म दिनहुँ तपाईंलाई पुकार
गर्दछु;
म मेरा हात तपाईंतिर पसार्छु ।
१० के मुर्दाहरूलाई तपाईं आफ्ना आश्‍चर्य-
कर्म देखाउनुहुन्छ ?
के मरेकाहरू जीवित भएर तपाईंको
स्तुति गर्छन् र ? *सेला*
११ के तपाईंको प्रेम चिहानमा,
र तपाईंको विश्‍वस्तता विनाशमा
घोषणा गरिन्छ ?
१२ के तपाईंको आश्‍चर्य-कर्महरू अन्धकार
को स्थानमा,
र तपाईंको धार्मिकताका कार्यहरू
स्मरण नहुने देशमा चिनिन्छन् र ?
१३ हे परमप्रभु, तर म तपाईंमा पुकार गर्दछु;
बिहानै मेरो प्रार्थना तपाईंको सामुन्ने
आउँछ ।
१४ हे परमप्रमभु, किन तपाईं मलाई इन्कार
गर्नुहुन्छ ?
आफ्नो मुहार मबाट किन लुकाउनु
हुन्छ ?
१५ युवावस्थादेखि नै म दुःखमा परेको छु,
र मर्न लागेको छु;
तपाईंको त्रासबाट म पीडित छु र म
निराश भएको छु ।
१६ तपाईंको क्रोध ममाथि खनिएको छ;
तपाईंका त्रासले मलाई नष्ट पारेका छन् ।
१७ तिनीहरूले बाढ़ले झैं सारा दिन मलाई
घेरिराखेका छन्;
चारैपट्टिबाट तिनीहरूले मलाई छोपिसके ।
१८ मेरा मित्र र मेरा प्रिय जनहरू तपाईंले

मबाट टाढ़ा गर्नुभएको छ;
अन्धकार मेरो मित्र बनेको छ ।

## भजन ८९

***दाऊदसँग परमेश्वरको करार र इस्राएलको दुर्दशा***

एज्री एतानको मस्किल नामक भजन ।

१ म परमप्रभुको महान् कृपाको प्रशंसा
सधैँको निम्ति गाउनेछु;
मेरो मुखले पुस्तौँ-पुस्तालाई तपाईंको
विश्वस्तता जनाउनेछ ।
२ तपाईंको कृपा सदाको निम्ति दृढ़
रहिरहनेछ,
र स्वर्गमा पनि तपाईंले आफ्नो
विश्वस्तता स्थिर गर्नुभएको छ भनी म
घोषणा गर्नेछु ।

३ तपाईंले भन्नुभयो, "मैले मेरो चुनेको
मानिससित करार बाँधेको छु,
मैले आफ्नो सेवक दाऊदसित यो शपथ
खाएको छु,
४ 'तेरा सन्तानलाई म सदाको निम्ति खड़ा
राख्नेछु,
र पुस्तौँ-पुस्तौँ म तेरो सिंहासन स्थिर
बनाउनेछु ।'" *सेला*

५ हे परमप्रभु, पवित्र जनहरूको सभामा
स्वर्गले तपाईंको आश्चर्य-कर्मको र
तपाईंका विश्वस्तताको समेत प्रशंसा
गर्दछ ।
६ किनकि आकाशमा परमेश्वरको तुलना
कोसँग गर्न सकिन्छ ?
स्वर्गका प्राणीहरूमध्ये को परमप्रभुको
समान छन् ?
७ पवित्रजनहरूको सभाघरमा परमेश्वरको
भय साह्रै मानिएको छ;
उहाँको वरिपरि हुनेहरूमध्ये,
उहाँ धेरै विस्मयकर हुनुहुन्छ ।
८ हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर,
तपाईंजस्तो अरू को छ र ?
तपाईं शक्तिशाली हुनुहुन्छ, हे परमप्रभु,
र तपाईंको विश्वस्तता तपाईंको
चारैतिर छ ।

९ उर्लंदो समुद्रमाथि तपाईंले नै राज्य गर्नुहुन्छ;
जब त्यसका छाल उच्च उठ्छन्,
तपाईंले नै तिनलाई शान्त गराउनुहुन्छ ।
१० तपाईंले मारिएकाहरूलाई झैँ राहाबलाई
नष्ट पार्नुभयो;
तपाईंले आफ्ना शत्रुहरूलाई आफ्ना
बाहुबलले तितरबितर पार्नुभयो ।
११ स्वर्ग तपाईंको हो र पृथ्वी पनि तपाईंकै हो;
संसार र त्यसमा भएका यावत् थोक
तपाईंले स्थापित गर्नुभयो ।
१२ उत्तर र दक्षिण तपाईंले नै सृष्टि गर्नुभएको
हो;
तबोर र हर्मोन तपाईंको नाउँमा हर्षले
गाउँछन् ।
१३ तपाईंको बाहु शक्तिशाली छ;
तपाईंको हात बलियो छ र तपाईंको
दाहिने बाहुली उच्च पारिएको छ ।

१४ धार्मिकता र न्याय तपाईंको सिंहासनका
जग हुन्;
प्रेम र विश्वस्तता तपाईंको अगि
जान्छन् ।
१५ ती मानिसहरू धन्यका हुन्,
जसले जयध्वनिसाथ तपाईंको प्रशंसा
गर्न सिकेका छन्,
जुनहरू, हे परमप्रभु, तपाईंका प्रकाशको
उपस्थितिमा हिँड्छन् ।
१६ तिनीहरू दिनभरि तपाईंको नाउँमा रमाउँछन्;
र तिनीहरू तपाईंको धार्मिकतामा
आनन्दले मग्न हुन्छन् ।
१७ किनकि तपाईं नै तिनीहरूका महिमा र
शक्ति हुनुहुन्छ,
र तपाईंकै निगाहले हाम्रो सीङ ठाड़ो
पारिदिनुभएको छ ।
१८ साँच्चै, हाम्रो ढाल परमप्रभुकै हो,

**८९: शीर्षक**–१ राजा ४:३१. **८९:४**–२ शमूएल ७:१२-१६; १ इतिहास १७:११-१४; भजनसंग्रह १३२:११; प्रेरित २:३०.

र हाम्रा राजा इस्राएलका परमपवित्रकै
हुन् ।

१९ तपाईं एकपल्ट दर्शनमा आफ्ना पवित्र
जनहरूसित यसरी बोल्नुभयो:
"मैले एक योद्धालाई बल प्रदान गरेको छु;
मैले मानिसहरूबाट एक युवकलाई उच्च
पारेको छु ।
२० मैले मेरो सेवक दाऊदलाई भेट्टाएको छु;
आफ्नो पवित्र तेलले मैले त्यसलाई
अभिषेक गरेको छु ।
२१ मेरो हातले त्यसलाई थाम्नेछ;
निश्चय मेरो पाखुराले त्यसलाई बलियो
बनाउनेछ ।
२२ कुनै शत्रुले त्यसमाथि राजकर तिर्न अधिकार
गर्नेछैन;
नता कुनै दुष्ट मानिसले यसलाई दु:ख
दिनेछ ।
२३ त्यसका शत्रुलाई म उसैको सामुन्ने चूर्ण
पार्नेछु,
र त्यसका विरोधीहरूलाई प्रहार गर्नेछु ।
२४ मेरो विश्वस्त प्रेम त्यससँग हुनेछ,
र मेरो नाउँद्वारा त्यसको सीङ ठाड़ो हुनेछ ।
२५ म त्यसको शासन समुद्रसम्म बढ़ाउनेछु,
र त्यसको दाहिने बाहुलीको शक्ति
नदीहरूमाथि तुल्याउनेछु ।
२६ त्यसले मलाई यसो भनेर पुकार्नेछ,
'तपाईं मेरा पिता हुनुहुन्छ,
मेरा परमेश्वर, मेरा उद्धारक, मेरा
चट्टान हुनुहुन्छ ।'
२७ त्यसलाई म मेरो जेठो छोरो तुल्याउनेछु,
पृथ्वीका राजाहरूमा सबैभन्दा उच्च ।
२८ म मेरो करुणा त्यसको निम्ति सदासर्वदा
राख्नेछु,
र त्यससँगको मेरो करार कहिल्यै
विफल हुनेछैन ।
२९ म त्यसको वंश सदाको निम्ति स्थापना
गर्नेछु,
र त्यसको सिंहासन, आकाशको अस्तित्व
रहेसम्म राख्नेछु ।

३० "त्यसका सन्तानले मेरा नियम त्यागे,
र मेरा आज्ञाहरू मानेनन् भने,
३१ यदि तिनीहरूले मेरा विधिहरू भङ्ग गरे
भने,
र मेरा आज्ञा पालन गरेनन् भने,
३२ म तिनीहरूका पापको दण्ड लहुरोले
र तिनीहरूका अधर्मको सजाय कोर्राले
दिनेछु;
३३ तर म मेरो प्रेम दाऊदबाट हटाउनेछैनँ,
नता मेरो विश्वस्तताको कहिल्यै
धोकाबाजी गर्नेछु ।
३४ म मेरो करार भङ्ग गर्नेछैनँ,
र मेरा मुखबाट निस्केका वचन
बदल्नेछैनँ ।
३५ मैले सदाकालको निम्ति आफ्नो
पवित्रतामा यो सपथ खाएको छु–
अनि म दाऊदलाई ढाँट्नेछैन–
३६ त्यसको वंश सदाको निम्ति रहनेछ,
र त्यसको सिंहासन मेरो अगि सूर्यझैं स्थिर
रहनेछ;
३७ आकाशमा रहेको विश्वसनीय साक्षी
चन्द्रमाझैं सदाकालको लागि त्यो
स्थापित रहनेछ ।" *सेला*

३८ तर तपाईंले आफ्नो अभिषिक्तलाई
त्याग्नुभएको छ र तुच्छ ठान्नुभएको छ,
र तिनीसँग तपाईं रिसाउनुभएको छ ।
३९ तपाईंले आफ्नो सेवकसितको करार
तोड्नुभएको छ ।
तपाईंले तिनको मुकुट धूलोमा मिलाएर
अशुद्ध तुल्याउनुभएको छ ।
४० तपाईंले तिनका सबै पर्खालहरू
भत्काइदिनुभएको छ,
र तिनका कील्लाहरू नष्ट पारिदिनुभएको
छ ।
४१ त्यहाँबाट भएर जानेहरू सबैले तिनलाई

---

**८९:२०**–१ शमूएल १३:१४; प्रेरित १३:२२; १ शमूएल १६:१२. **८९:२७**–प्रकाश १:५.

लुटेका छन्;
आफ्ना छिमेकी निम्ति हेलाको पात्र
भएका छन् ।
४२ त्यसका शत्रुहरूका दाहिने हात तपाईंले
उच्च पार्नुभएको छ;
तपाईंले तिनका सबै शत्रुहरूलाई
उल्लसित तुल्याउनुभएको छ ।
४३ तपाईंले तिनको तरवारको धार बोधो
तुल्याउनुभएको छ,
र लड़ाइँमा तिनलाई सहयोग दिनुभएको
छैन ।
४४ तपाईंले तिनको गौरव समाप्त
गरिदिनुभएको छ,
र तिनको सिंहासन जमिनमा
फालिदिनुभएको छ ।
४५ तिनको जवानीका दिन तपाईंले
घटाइदिनुभएको छ;
तिनलाई शर्मको ओढ्नेले
ढाकिदिनुभएको छ । *सेला*

४६ हे परमप्रभु, कहिलेसम्म यस्तो गर्नुहुने ?
के तपाईं आफूलाई सधैंभरिको निम्ति
लुकाइराख्नुहुन्छ ?
कहिलेसम्म तपाईंको क्रोध आगोझैं
दन्किरहन्छ ?
४७ स्मरण राख्नुहोस्,
मेरो आयु कस्तो क्षणिक छ,
तपाईं सबै मानिसलाई कस्तो निरर्थकताको
निम्ति सृजनुभएको छ !
४८ यस्तो कुन मानिस होला जो सधैंभरि
बाँचिरहन्छ र मृत्यु देख्दैन,
अथाव कसले आफ्नो प्राणलाई मृत्युको
शक्तिबाट छुटकारा दिन सक्छ ? *सेला*
४९ हे परमप्रभु, तपाईंको अघिको महान् प्रेम
कहाँ गयो ?
जुन प्रेम, आफ्नो विश्वस्ततामा,
तपाईंले दाऊदसँग शपथ खानुभएको
थियो ।
५० स्मरण गर्नुहोस्, हे परमप्रभु,
कसरी तपाईंको सेवकको उपहास भएको
छ,
कसरी म, आफ्नो हृदयमा,
जाति-जातिको हाँसो बोकेर हिँड्छु,
५१ हे परमप्रभु, कसरी तपाईंका शत्रुहरूले
मेरो तिरस्कार गरेका छन्,
तिनीहरूले कसरी कदम-कदममा तपाईंका
अभिषिक्तको उपहास गरेका छन् ।

५२ सदासर्वदा परमप्रभुको प्रशंसा होस् !
आमेन अनि आमेन ।

## चौथो खण्ड

भजन ९०-१०६

### भजन ९०

***अनन्त परमेश्वर र नाशवान् मानिस***

परमेश्वरको जन मोशाको प्रार्थना

१ हे परमप्रभु, पुस्तौंदेखि पुस्तौंसम्म तपाईं
हाम्रा वासस्थान हुनुभएको छ ।
२ पहाडहरू उत्पन्न हुनुभन्दा अघि,
अथवा, तपाईंले पृथ्वी र संसार सृजनुअघि,
अनादिदेखि अनन्तसम्म,
तपाईं नै परमेश्वर हुनुहुन्छ ।
३ तपाईं, यसो भनेर तपाईं मानिसलाई
धूलोमा फर्काउनुहुन्छ,
"ए मानिसका सन्तान हो, धूलोमा फर्कि
जाओ ।"

४ किनकि तपाईंको दृष्टिमा एक हजार वर्ष,
हिजो बिताएको एक दिन समान छन्;
अथवा रातको एक पहर जस्तै छ ।
५ तपाईं मानिसहरूलाई मृत्युको निद्रामा
बगाइलानुहुन्छ,
तिनीहरू बिहान पलाउने घाँसजस्तै छन्–
६ यद्यपि त्यो बिहान मौलाउँछ,
बेलुकी त्यो सुक्छ र ओइलिन्छ ।

**९०:४**–२ पत्रुस ३:८.

७ तपाईंको क्रोधले हामीलाई भस्म पारेको छ,
र तपाईंको क्रोधले हामी भयभीत हुन्छौं ।
८ तपाईंले हाम्रा अधर्म आफ्नै सामुन्ने राख्नुभएको छ,
हाम्रा गुप्त पापहरू तपाईंका उपस्थितिको प्रकाशमा छन् ।
९ हाम्रा सारा दिन तपाईंको क्रोधमुनि बित्दछन्;
सुस्केरामा हामी आफ्ना वर्ष सिध्याउँछौं ।
१० हाम्रो आयु त सत्तरी वर्षमात्र हो–
बलले भ्यायो भने, असीसम्म पुग्ला;
तापनि तिनीहरूको अवधि कष्ट र शोकमा बित्छ,
किनकि आयुचाहिँ चाँडै बित्छ, र हामी उडीं जान्छौं ।
११ तपाईंको क्रोधको शक्ति कसले जान्दछ ?
किनकि तपाईंको क्रोध तपाईंलाई दिनुपर्ने भय जत्तिकै ठूलो छ ।
१२ हाम्रो आयु ठीकसँग गन्न हामीलाई सिकाउनुहोस्,
र हामीले बुद्धिको हृदय प्राप्त गर्न सकौं ।
१३ हे परमप्रभु, नम्र हुनुहोस्,
कहिलेसम्म कठोर बनिरहनुहुन्छ ?
आफ्ना सेवकहरूमाथि दया गर्नुहोस् ।
१४ आफ्ना अचूक प्रेमले बिहान हामीलाई तृप्त पार्नुहोस्,
र हामी सारा जीवनभरि रमाएर गीत गाउन सकौं ।
१५ जति दिन तपाईंले हामीलाई कष्ट दिनुभयो,
र जति वर्ष दुःख भोग्यौं,
त्यत्ति दिन हामीलाई आनन्दित तुल्याउनुहोस् ।
१६ तपाईंका कार्यहरू तपाईंका सेवकहरूलाई प्रदर्शन गरिऊन्,
र तपाईंको वैभव तिनीहरूका छोराछोरीकहाँ प्रकट होस् ।
१७ परमप्रभु हाम्रा परमेश्वरको निगाह हामीमाथि रहोस्;
र हाम्रा हातका काम हाम्रा निम्ति दृढ़ पारिऊन्–
हो, हाम्रा हातका कामहरू सुदृढ़ पार्नुहोस् ।

## भजन ९१

### *विश्वासीको सुरक्षा*

१ जो परमप्रधानको शरणमा वास गर्दछ,
त्यो मानिस सर्वशक्तिमानको छत्रछायामुनि रहन्छ ।
२ परमप्रभुको बारेमा म भन्नेछु,
"उहाँ मेरा शरणस्थान र किल्ला हुनुहुन्छ,
मेरा परमेश्वर, जसमाथि म भरोसा राख्दछु ।"
३ निश्चय उहाँले तिमीलाई शिकारीको पासोबाट,
र घातक रूढीबाट बचाउनुहुनेछ ।
४ उहाँले आफ्ना पखेटाले तिमीलाई ढाक्नुहुनेछ,
उहाँको पखेटामुनि तिमीले शरण पाउनेछौ;
र उहाँको विश्वस्तता तिम्रा ढाल र बचाउको पर्खाल हुनेछ ।
५ तिमी रातको त्रासदेखि डराउनेछैनौ,
नता दिउँसो उड़िआउने वाणदेखि डराउनेछौ,
६ नता अन्धकारमा लुकेर आउने रूढ़ीदेखि,
नता मध्यदिनमा नाश पार्ने महामारीदेखि डराउनेछौ ।
७ एक हजार जना तिम्रो नजीक लोट्नेछन्,
र तिम्रो दाहिने हाततर्फ दश हजार,
तर तिम्रो नजीक त्यो आउनेछैन ।
८ तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ,
र दुष्टहरूको प्रतिफल देख्नेछौ ।
९ यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने–
परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ–
१० तिम्रो कुनै अविष्ट हुनेछैन,
तिम्रो घरको नजीक कुनै विपत्ति

आउनेछैन ।
११ किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई,
तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा
दिनुहुनेछ;
१२ तिनीहरूले तिमीलाई आफ्ना हात-हातै
थाम्नेछन्,
नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन् ।
१३ तिमीले सिंह र गोमनलाई कुल्चनेछौ;
जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि
लतार्नेछौ ।

१४ परमप्रभु भन्नुहुन्छ,
"त्यसले मलाई प्रेम गरेको हुनाले,
म त्यसलाई छुटाउनेछु;
त्यसले मेरो नाउँ ग्रहण गरेको छ,
यसकारण म त्यसको रक्षा गर्नेछु ।
१५ त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई
उत्तर दिनेछु ।
त्यसका दु:खको घड़ीमा म त्यससँग हुनेछु,
म त्यसलाई छुटकारा दिनेछु र आदर
गर्नेछु ।
१६ लामो आयु दिएर म त्यसलाई सन्तुष्ट
पार्नेछु,
र त्यसलाई म उद्धारको दर्शन दिनेछु ।"

## भजन ९२

### *परमेश्वरको स्तुतिगान*

विश्राम-दिनको निम्ति एक भजन । एक गीत ।

१ हे सर्वोच्च परमेश्वर, परमप्रभुको
प्रशंसा गर्नु र तपाईंको नाउँमा भजन
गाउनु असल कुरा हो ।
२ बिहान तपाईंको करुणको र राती
तपाईंको विश्वस्तताको घोषणा गर्नु,
३ दश-तारे बाजा र वीणाको मृदु लयमा
तपाईंको स्तुति गर्नु असल कुरा हो ।

४ किनकि, हे परमप्रभु,
तपाईं आफ्ना कामद्वारा मलाई आनन्दित
तुल्याउनुभएको छ;
तपाईंका हातका कार्यहरू हेरेर म हर्षले
गाउँछु ।
५ हे परमप्रभु, तपाईंको कार्यहरू कति
महान् छन्,
तपाईंका विचारहरू कति गम्भीर छन् !
६ विवेकहीन मानिसले यो जान्दैन,
र मूर्खले यो बुझ्न सक्दैन;
७ यद्यपि दुष्टहरू घाँसजस्तै मौलाउँछन्,
र सबै दुष्टहरूको फलिफाप हुन्छ, तर
तिनीहरू सधैंका निम्ति नष्ट पारिनेछन् ।

८ तर तपाईं, हे परमप्रभु, सदाको निम्ति
उच्चमा विराजमान हुनुहुन्छ ।
९ किनकि, हे परमप्रभु, तपाईंका शत्रुहरू
अवश्य नष्ट हुनेछन्,
तपाईंका शत्रुहरू निश्चय नै नष्ट हुनेछन्;
सबै दुष्टाचारीहरू तितरबितर हुनेछन् ।
१० तपाईंले मलाई जङ्गली साँढ़ेको जत्तिकै
शक्ति दिनुभएको छ,
उत्तम तेलले मेरो अभिषेक भएको छ ।
११ मेरा आँखाले मेरा विरोधीहरूको हार
भएको देखेका छन्;
मेरा कानले मेरा दुष्ट शत्रुहरू
लखेटिएका कुरा सुनेका छन्,

१२ धर्मीहरूचाहिँ खजूरको बोटझैं लहलह
हुन्छन्,
तिनीहरू लबानोनका देवदारुजस्तै बढ़छन्;
१३ तिनीहरू परमप्रभुका भवनमा रोपिएका
हुन्छन्,
हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू
मौलाउँछन् ।
१४ बुढ़ेसकालमा पनि तिनीहरू फलदायी
हुनेछन्,
तिनीहरू ताजा र हरिया भई रहनेछन्,
१५ र यस्तो घोषणा गर्नेछन्, "परमप्रभु भला
हुनुहुन्छ;
उहाँ मेरो चट्टान हुनुहुन्छ, र उहाँमा
केही पनि दुष्टता छैन ।"

**९१:११**–मत्ती ४:६; लूका ४:१०. **९१:१२**–मत्ती ४:६; लूका ४:११. **९१:१३**–लूका १०:१९.

## भजन ९३
*परमेश्‍वरको प्रताप*

१ परमप्रभुले राज्य गर्नुहुन्छ,
उहाँ महिमाले विभूषित हुनुहुन्छ
उहाँ शक्तिले सुसज्जित हुनुहुन्छ,
पृथ्वीको जग सुदृढ़ छ,
त्यो कहिल्यै डग्नेछैन ।
२ अनादिदेखि तपाईंको सिंहासन स्थापना भएको छ,
तपाईं अनन्तदेखि हुनुहुन्छ ।

३ हे परमप्रभु, समुद्रहरू उर्लिआएका छन्,
समुद्रका छालहरूको गर्जन उच्च भएको छ,
तिनका भयानक लहरहरू उर्लिआएका छन् ।
४ महासमुद्रको गर्जनभन्दा,
समुद्रका शक्तिशाली तरङ्गहरूभन्दा पनि,
उच्चमा विराजमान हुनुहुने परमप्रभु
शक्तिशाली हुनुहुन्छ ।

५ तपाईंको कानूनहरू दृढ़ छन्;
हे परमप्रभु, अनन्तकालको निम्ति तपाईंको
भवन पवित्रताले सुसज्जित छ ।

## भजन ९४
*प्रतिशोधको प्रार्थना*

१ हे परमप्रभु परमेश्‍वर, जसले बदला लिनुहुन्छ,
बदला लिनुहुने हे परमेश्‍वर, आफ्नो
ज्योति चम्काउनुहोस् ।
२ हे पृथ्वीका न्यायाधीश, उठ्नुहोस्;
अहङ्कारीहरूलाई तिनीहरूका कर्मको
प्रतिफल दिनुहोस् ।
३ हे परमप्रभु, कहिलेसम्म दुष्टहरू रमाउने ?
कहिलेसम्म दुष्टहरू उल्लासित हुने ?

४ तिनीहरू हठी कुरा गर्छन्;
सबै कुकर्मीहरू अहंकारले भरिएका छन् ।
५ हे परमप्रभु;
तिनीहरूले तपाईंका प्रजालाई मिच्दछन्,
र तपाईंको उत्तराधिकारका
मानिसहरूलाई सताउँछन् ।
६ तिनीहरू विधवा र विदेशीहरूको हत्या गर्दछन्;
र अनाथहरूलाई मार्दछन् ।
७ तिनीहरू भन्छन्, "परमप्रभुले देख्नुहुन्न;
याकूबका परमेश्‍वरले वास्ता गर्नुहुन्न ।"

८ मानिसहरूका माझमा ए विवेकहिन हो,
विचार गर,
ए मूर्खहरू हो, तिमीहरू कहिले बुद्धिमान्
हुने ?
९ जसले कान दिनुभयो, के उहाँले
सुन्नुहुन्न र ?
जसले आँखा सृजनुभयो, के उहाँले
देख्नुहुन्न र ?
१० के जाति-जातिलाई अनुशासन गर्नुहुनेले
दण्ड दिनुहुन्न र ?
के मानिसलाई शिक्षा दिनुहुनेलाई
ज्ञानको अभाव हुन्छ र ?
११ परमप्रभुले मानिसका विचारहरू जान्नुहुन्छ;
ती व्यर्थ हुन् भनी उहाँ जान्नुहुन्छ ।

१२ हे परमप्रभु, त्यो मानिस धन्यको हो,
जसलाई तपाईंले अनुशासन गर्नुहुन्छ,
र आफ्ना व्यवस्थाबाट सिकाउनुहुन्छ;
१३ त्यसलाई दु:खका दिन तबसम्म चैन
दिनुहुन्छ,
जबसम्म दुष्टहरूका निम्ति खाड़ल
खनिँदैन ।
१४ किनकि परमप्रभुले आफ्ना प्रजालाई
फ्याँक्नुहुन्न;
उहाँले आफ्ना निजी उत्तराधिकारका
मानिसहरूलाई त्याग्नुहुनेछैन ।
१५ इन्साफ फेरि धार्मिकताको आधारमा गरीनेछ,
र सबै सोझो मन भएकाहरू त्यसको
पछि लाग्नेछन् ।

---

**९४:११**–१कोरिन्थी ३:२०.

१६ दुष्टहरूका विरुद्धमा मसँग को खड़ा हुनेछ ?
अधर्म गर्नेहरूका विरुद्ध मेरो पक्षमा को
उठ्नेछ ?
१७ परमप्रभु मेरा सहायक नहुनुहुँदो हो त,
म चाँड़ै मृत्युको सुन्यतामा वास गर्न
पुग्ने थिएँ ।
१८ जब मैले भनें, “मेरो खुट्टा चिप्लँदैछ”
तब हे परमप्रभु, मलाई तपाईंको प्रेमले
थाम्यो ।
१९ जब मेरो मनमा ज्यादा फिक्री भयो,
तब तपाईंको सान्त्वनाले मेरो प्राणलाई
आनन्दित तुल्यायो ।

२० के दुष्ट शासकहरू तपाईंसँग मिल्न सक्छन्,
जसले आफ्नो ऐनद्वारा विपद ल्याउँछन् ?
२१ तिनीहरू धर्मीहरूका विरुद्ध एक जुट
हुन्छन्,
र निर्दोषमाथि प्राणदण्डको आज्ञा गर्छन् ।
२२ तर परमप्रभु मेरो गढ़ हुनुभएको छ,
र मेरा परेमश्वर मेरो शरणस्थानको
चट्टान हुनुभएको छ ।
२३ उहाँले तिनीहरूका पाप तिनीहरूमाथि
खन्याइदिनुहुनेछ,
र तिनीहरूका दुष्टताको निम्ति
तिनीहरूलाई नाश गर्नुहुनेछ;
परमप्रभु हाम्रा परमेश्वरले तिनीहरूलाई
नाश गर्नुहुनेछ ।

## भजन ९५

*परमेश्वरको प्रशंसा र आज्ञाकारिताको गीत*

१ आऔं, परमप्रभुको निम्ति हामी
आनन्दसाथ गाऔं;
हाम्रा उद्धारका चट्टानको निम्ति उच्च
सोरले जयजयकार गरौं ।
२ धन्यवाद चढ़ाउँदै उहाँको सामुन्ने आऔं,
भजन र गीतले उहाँको प्रशंसा गरौं ।

३ किनकि परमप्रभु महान् परमेश्वर हुनुहुन्छ,
सारा देवहरूमाथि महान् राजा ।
४ उहाँको बाहुलीमा पृथ्वीका गहिरा-गहिरा
स्थानहरू छन्,
र पहाड़का शिखरहरू उहाँकै हुन् ।
५ समुद्र उहाँकै हो, किनकि त्यो उहाँले
बनाउनभएको हो,
र सुक्खा जमिन उहाँकै हातद्वारा
बनिएको हो ।

६ आऔं, हामी उहाँलाई दण्डवत गरौं र
निहुरौं,
हाम्रा सृष्टिकर्ता परमेश्वरको अघि घुँड़ा टेकौं;
७ किनकि उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ,
अनि हामी उहाँका प्रजा
र उहाँका खर्कका भेड़ाहरू हौं ।

आज तिमीहरूले उहाँको सोर सुन्यौ भने,
८ तिमीहरूले मरीबामा गरेजस्तो आफ्नो
हृदय कठोर नपार,
जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा
भएको मस्सामा गरेका थियौ,
९ जुन ठाउँमा तिमीहरूका पिता-पुर्खाले,
मेरो काम देखेका भए तापनि,
तिनीहरूले मेरो जाँच गरे र परीक्षा गरे ।
१० चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित
भएँ,
र मैले भनें, “यी त्यस्ता मानिस हुन्
जसका हृदय बरालिएर जान्छन्,
र तिनीहरूले मेरा मार्ग चिनेका छैनन् ।”
११ यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ,
“तिनीहरू मेरो विश्राममा कहिल्यै पस्न
पाउनेछैनन् ।”

## भजन ९६

*परमप्रभु राजा र न्यायकर्ता*

१ परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ;
सारा पृथ्वीले परमप्रभुको निम्ति गाओ ।
२ परमप्रभुको निम्ति भजन गाओ,

---

**९५:७-८**–हिब्रू ३:१५; ४:७. **९५:७-११**–हिब्रू ३:७-११. **९५:८-९**–प्रस्थान १७:१-७; गन्ती २०:२-१३.
**९५:११**–गन्ती १४:२०-२३; व्यवस्था १:३४-३६; १२:९-१०; हिब्रू ४:३-५. **९६:२-१३**–१ इतिहास १६:२३-३३.

उहाँका नाउँको प्रशंसा गर;
दिनहुँ उहाँले दिनुभएको उद्धारको
घोषणा गर ।
३ जाति-जातिबीच उहाँका महिमाको
घोषणा गर,
सारा मानिसहरूका बीचमा उहाँका
अचम्मका कामहरूको वर्णन गर ।

४ किनकि परमप्रभु महान् हुनुहुन्छ
र उच्च प्रशंसाको योग्यका हुनुहुन्छ;
सारा देवहरूभन्दा बढ़ी उहाँकै ड़र
राख्नुपर्छ ।
५ किनकि जाति-जातिका सबै देवहरू
केवल मूर्ति मात्र हुन्,
तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नुभयो ।
६ उहाँको सामुन्ने गौरव र महिमा छन्;
उहाँका पवित्रस्थानमा शक्ति र महिमा छन् ।

७ हे जाति-जातिका मानिस हो,
परमप्रभुलाई चढ़ाओ,
परमप्रभुलाई शक्ति र महिमा देओ ।
८ उहाँका नाउँअनुसार परमप्रभुलाई महिमा
देओ;
भेटी लिएर उहाँका मन्दिरमा आओ ।
९ उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई
दण्डवत् गर,
हे सारा पृथ्वी, उहाँको सामुन्ने थरथरी
होओ ।
१० जाति-जातिहरूका बीचमा भन, "परमप्रभुले
राज्य गर्नुहुन्छ ।"
संसार स्थिर रूपले स्थापित भएको छ,
त्यो डगमगाउने छैन;
उहाँले मानिसहरूको न्याय निष्पक्षसाथ
गर्नुहुन्छ ।
११ स्वर्ग आनन्दित होस्,
र पृथ्वी रमाओस्,
समुद्र र त्यसमा भएका सबै थोकले हर्ष
गरून् ।
१२ खेत र त्यसमा भएका सब कुरा हर्षित
होऊन्,
तब जङ्गलमा भएका सारा रूखहरू
आनन्दले गाउनेछन्;
१३ तिनीहरू परमप्रभुको सामुन्ने गाउनेछन्,
किनकि उहाँ आउनुहुन्छ,
पृथ्वीको इन्साफ गर्न उहाँ आउनुहुन्छ ।
उहाँले धार्मिकतासाथ संसारको न्याय
गर्नुहुनेछ,
र आफ्नो सत्यतासाथ मानिसहरूको
न्याय गर्नुहुनेछ ।

## भजन ९७

### *सर्वोच्च प्रभुको महिमा*

१ परमप्रभुले राज्य गर्नुहुन्छ, पृथ्वी रमाओस्;
टाढ़ाको किनारा पनि आनन्दित होस् ।
२ उहाँको वरिपरि बादल र बाक्लो
अन्धकार छन्,
धार्मिकता र न्याय उहाँका सिंहासनका
जग हुन् ।
३ आगो उहाँको अगिअगि जान्छ,
र चारैपट्टि उहाँका शत्रुहरूलाई भस्म पार्छ ।
४ उहाँका बिजुलीले संसारलाई उज्यालो पार्दछ;
त्यो देखेर पृथ्वी थरथरी काम्दछ ।
५ परमप्रभुको सामुन्ने,
सारा पृथ्वीका स्वामीको सामुन्ने,
पर्वतहरू मैनझैँ पग्लन्छन् ।
६ स्वर्गले उहाँका धार्मिकताको घोषणा गर्दछ,
सबै मानिसहरूले उहाँका महिमाको
दर्शन गर्छन् ।
७ मूर्ति-पूजा गर्नेहरू, र मूर्तिमा घमण्ड
गर्नेहरू सबै जना शर्ममा पर्नेछन्;
हे देवगणहरू हो,
उहाँको आराधना गर ।

८ तपाईंकै न्यायको कारण हे परमप्रभु,
सियोनले सुन्छ र आनन्दित हुन्छ,
र यहूदाका गाउँहरू हर्षित हुन्छन् ।
९ किनकि हे परमप्रभु, तपाईं सारा

**९६:७-९**–भजनसंग्रह २९:१-२.

पृथ्वीभन्दा उच्च हुनुहुन्छ,
तपाईं सबै देवहरूभन्दा उच्च हुनुहुन्छ ।
१० परमेश्वरलाई प्रेम गर्नहरू सबैले
खराबीलाई घृणा गरून्,
किनकि उहाँले आफ्ना भक्तहरूको
प्राणको रक्षा गर्नुहुन्छ;
र तिनीहरूलाई दुष्टहरूको हातबाट
छुटाउनुहुन्छ ।
११ धर्मीहरूमाथि ज्योति प्रकाशमान हुन्छ,
र सोझा हृदय भएकाहरूमाथि आनन्द
छरिएका छन्
१२ हे धर्मी हो, परमप्रभुमा आनन्द मनाओ,
र उहाँका पवित्र नाउँको प्रशंसा गर ।

## भजन ९८
*परमेश्वरका जयजयकारको भजन*

१ परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ;
किनकि उहाँले अचम्मका काम
गर्नुभएको छ,
उहाँका दाहिने बाहुली र पवित्र पाखुराले,
उहाँको निम्ति उद्धारका काम गरेका छन् ।
२ परमप्रभुले आफ्नो उद्धार प्रकट
गर्नुभएको छ,
र उहाँले आफ्नो धार्मिकता जाति-
जातिहरूमा प्रकट गर्नुभएको छ ।
३ इस्राएलका घरानाप्रति उहाँको प्रेम र
विश्वसनीयता उहाँले स्मरण गर्नुभएको छ;
पृथ्वीका कुना-कुनाले हाम्रा परमेश्वरका
उद्धारलाई देखेका छन् ।

४ हे सारा पृथ्वी, आनन्दसँग परमप्रभुको
जयजयकार गर,
भजनद्वारा उहाँको जयको घोषणा गर;
५ वीणा बजाएर परमप्रभुको भजन गाओ,
वीणा बजाएर सोर उचाल्दै,
६ तुरही र भेड़ाका सीङ फुकेर,
परमप्रभु महाराजाको सामुन्ने आनन्दले
जयजयकार गर ।
७ समुद्र र त्यसमा भएका सबै प्राणीले
गुञ्जयमान गरून्,
अनि संसार र त्यहाँ वास गर्ने सबैले पनि ।
८ नदीहरूका तरङ्गहरूले ताली बजाऊन्,
पर्वतहरूले एक साथ आनन्दले गाऊन्;
९ तिनीहरूले परमप्रभुको सम्मुख गाऊन्,
किनकि, उहाँ पृथ्वीको न्याय गर्न
आउनुहुन्छ,
उहाँले धार्मिकता र निष्पक्षतासाथ संसारका
मानिसहरूको न्याय गर्नुहुनेछ ।

## भजन ९९
*परमेश्वर न्यायप्रिय राजा*

१ परमप्रभुले राज्य गर्नुहुन्छ,
जाति-जातिहरू थरथरी कामून्;
करूबहरूबीच उहाँ सिंहासनमा
विराजमान हुनुहुन्छ,
पृथ्वी हल्लिओस् ।
२ सियोनमा परमप्रभु महान् हुनुहुन्छ;
र उहाँ सबै जातिहरूमाथि सर्वोच्च
हुनुहुन्छ ।
३ तिनीहरूले तपाईंको महान् र भय
मान्नुपर्ने नाउँको प्रशंसा गरून्—
उहाँ पवित्र हुनुहुन्छ ।

४ राजा सर्वशक्तिमान् हुनुहुन्छ,
उहाँले न्यायलाई मन पराउनुहुन्छ—
तपाईंले निष्पक्षता स्थापना गर्नुभएको छ;
तपाईंले याकूबमा न्याय र धार्मिकता
सम्पन्न गर्नुभएको छ ।
५ परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च
पार,
र उहाँको पाउदानमा दण्डवत् गर;
उहाँ पवित्र हुनुहुन्छ ।

६ मोशा र हारून उहाँका पूजाहारीहरूमध्ये
थिए,
उहाँका नाउँको पुकार गर्नेमध्ये एक
जना शमूएल थिए;

---

**९९:१**–प्रस्थान २५:२२.

तिनीहरूले परमप्रभुलाई पुकारे,
र उहाँले तिनीहरूलाई जवाफ दिनुभयो ।
७ बादलका खामोबाट उहाँ तिनीहरूसित बोल्नुभयो;
उहाँले तिनीहरूलाई दिनुभएका कानून र विधिहरू तिनीहरूले पालन गरे ।

८ हे परमप्रभु, हाम्रा परमेश्वर,
तपाईंले तिनीहरूलाई जवाफ दिनुभयो;
तपाईं इस्राएलीहरूका निम्ति क्षमाशील परमेश्वर हुनुहुन्थ्यो,
यद्यपि तपाईंले तिनीहरूका दुष्ट कामहरूको बदला पनि दिनुभयो ।
९ परमप्रभु, हाम्रा परमेश्वरलाई उच्च पार,
र उहाँको पवित्र पर्वतमा उपासना गर,
किनकि परमप्रभु हाम्रा परमेश्वर पवित्र हुनुहुन्छ ।

## **भजन** १००

***धन्यवादको भजन***

१ हे सारा पृथ्वीका मानिस हो,
परमप्रभुको जयजयकार गर ।
२ आनन्दसाथ परमप्रभुको आराधना गर;
हर्षका गीत गाउदै उहाँको सामुन्ने आओ ।
३ परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान,
उहाँले हामीलाई बनाउनुभयो,
र हामी उहाँकै हौं;
हामी उहाँका प्रजा र उहाँका खर्कका भेड़ाहरू हौं ।

४ धन्यवादसाथ उहाँका मूल ढोकाभित्र पस,
र प्रशंसा गर्दै उहाँका चोकमा प्रवेश गर;
उहाँलाई धन्यवाद चढ़ाओ, र उहाँको नाउँको प्रशंसा गर ।
५ किनकि परमेश्वर भलो हुनुहुन्छ,
उहाँको प्रेम सधैँभरि रहिरहन्छ;
उहाँको विश्वस्तता पुस्तौँसम्म रहिरहन्छ ।

## **भजन** १०१

***राजाको सङ्कल्प***

दाऊदको भजन

१ म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु;
हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु ।
२ म निर्दोष जीवन बिताउनलाई होसियार रहनेछु–
तपाईं मकहाँ कहिले आउनुहुनेछ ?
निर्दोष हृदय लिएर म आफ्नो घरभित्र हिँड़डुल गर्नेछु ।
३ मेरा आँखाको सामुन्ने म कुनै नीच कुरा राख्नेछैन,
पथ भ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु;
तिनीहरू मसित टाँसिनेछैनन् ।
४ कुटिल हृदय भएका मानिसहरू मबाट टाढ़ा रहनेछन्;
मबाट कुनै खराबी काम हुनेछैन ।

५ जसले गुप्तमा आफ्ना छिमेकीको निन्दा गर्दछ,
म त्यसलाई नाश गर्नेछु ।
अभिमानी दृष्टि भएका र घमण्डी हृदय भएकालाई म सहनेछैनँ ।
६ देशका विश्वासीहरूतर्फ म मेरो नजर राख्नेछु,
ताकि तिनीहरू मसित वास गर्नेछन् ।
त्यो जो निर्दोष मार्गमा हिँड्दछ,
त्यसले मेरो सेवा गर्नेछ ।

७ छली काम गर्ने मानिस मेरो घरमा बस्न पाउनेछैन;
झूट बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउनेछैन ।

८ हरेक बिहान म देशका दुष्ट जनलाई नाश पार्नेछु;
परमप्रभुका शहरबाट म हरेक दुष्कर्मीलाई नष्ट पार्नेछु ।

---

**९९:७**–प्रस्थान ३३:९. **१००:५**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह १०६:१; १०७:१; ११८:१; १३६:१; यर्मिया ३३:११.

## भजन १०२
*विपत्ति पर्दा गरिएको प्रार्थना*

१ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्;
सहायताको लागि मेरो प्रार्थना तपाईंकहाँ पुगोस् ।
२ मेरो सङ्कष्टको समयमा,
आफ्नो मुहार मबाट नलुकाउनुहोस्,
तपाईंको कान मतिर फर्काउनुहोस्;
जब म पुकार गर्दछु,
मलाई तुरुन्तै जवाफ दिनुहोस् ।

३ किनकि मेरा दिनहरू धुवाझैं लोप भएर जान्छन्;
मेरा हाड़हरू सल्केका भुङ्ग्रोझैं बल्दछन् ।
४ मेरो हृदय घाँसझैं ओइलाएर सुकेको छ;
म आफ्नो भोजन खान पनि बिर्सिन्छु ।
५ पीडामा चर्को सोरले कराएकोले म हाड़ र छाला भइसकें ।
६ म उजाड़स्थानको लाटोकोसेरोझैं भएको छु,
भग्नावशेषमा बस्ने लाटोकोसेरोझैं छु ।
७ अनिद्राले म जागा रहन्छु;
छानामाथि एक्लो चराझैं म भएको छु ।
८ दिनभरि मेरा शत्रुले मेरो गिल्ला गर्छन्;
मलाई निन्दा गर्नेहरू मेरो नाउँ सरापको रूपमा प्रयोग गर्छन् ।
९ किनकि म खरानी भोजनझैं खान्छु,
र आफ्ना आँसु मिसाएको पानी पिउँछु ।
१० किनकि तपाईंको ठूलो क्रोधले गर्दा तपाईंले
मलाई उठाएर एकापट्टि फाल्नुभएको छ ।
११ मेरा दिनहरू साँझको छायासमान छन्;
म घाँसझैं ओइलाएको छु ।

१२ तर तपाईं, हे परमप्रभु,
सदाको निम्ति सिंहासनमा विराजमान हुनुहुन्छ;
तपाईंको कीर्ति पुस्तौंसम्म रहिरहन्छ ।
१३ तपाईं उठ्नुहुनेछ र सियोनमाथि कृपा-दृष्टि गर्नुहुनेछ,
किनकि सियोनमाथि अनुग्रह गर्ने समय अहिले नै हो;
त्यो तोकिएको समय आइपुगेको छ ।
१४ किनकि तपाईंका सेवकहरूले,
त्यहाँका ढुङ्गाहरूलाई माया गर्दछन्;
र त्यसका धूलोहरूले पनि तिनीहरूको कृपा पाउँछन् ।
१५ जाति-जातिहरूले परमप्रभुको नाउँको भय मान्नेछन्,
पृथ्वीका सबै राजाहरूले तपाईंको महिमाको आदर गर्नेछन् ।
१६ किनकि परमप्रभुले सियोनलाई पुनर्निर्माण गर्नुहुनेछ,
र आफ्नो महिमामा उहाँ प्रकट हुनुहुनेछ ।
१७ उहाँले दीन-दु:खीका प्रार्थनाप्रति ध्यान दिनुहुन्छ;
तिनीहरूका बिन्तीलाई उहाँ तुच्छ ठान्नुहुन्न ।

१८ अहिलेसम्म सृष्टि नगरिएका
मानिसहरूले परमप्रभुको प्रशंसा गरून्
भनेर यो कुरा भावी पुस्ताको निम्ति लेखियोस्:
१९ "परमप्रभुले उच्च स्थानमा रहेका आफ्ना पवित्र-स्थानबाट हेर्नुभयो,
स्वर्गबाट तल पृथ्वीमाथि दृष्टि गर्नुभयो ।
२० यसरी कैदीहरूका आर्तनाद उहाँले सुन्न सकून्,
र मृत्युदण्ड पाएकाहरूलाई मुक्त गर्न सकून् ।"
२१ यसरी सियोनमा परमप्रभुको नाउँको घोषणा गरिनेछ,
अनि यरूसलेममा उहाँको प्रशंसा सुनाइनेछ,
२२ जब परमप्रभुको आराधना गर्नलाई
मानिसहरू र राज्यहरू एकत्रित हुनेछन् ।

२३ मेरो जीवनकालमा, उहाँले मेरो तागत तोड़िदिनुभयो;
र मेरो आयु घटाइदिनुभयो ।
२४ यसैले मैले भनें:
"हे मेरा परमेश्वर, मेरो आधा
उमेरमा नै मलाई उठाई नलैजानुहोस्;
तपाईंका वर्षहरू त पुस्तौंसम्म
रहिरहन्छन् ।

२५ शुरूमा तपाईंले पृथ्वीको जग बसाल्नुभयो,
स्वर्ग तपाईंकै बाहुलीको काम हो ।
२६ तिनीहरू नाश भएर जान्छन्,
तर तपाईं रहिरहनुहुन्छ;
तिनीहरू कपड़ाझैँ सबै फाटेर जानेछन् ।
लूगा फेरेझैँ तिनलाई तपाईं फेर्नुहुनेछ,
र ती फालिनेछन् ।
२७ तर तपाईं त एकनास रहनुहुन्छ,
तपाईंको समय कहिल्यै अन्त्य हुनेछैन ।
२८ तपाईंका सेवकहरूका सन्तान तपाईंको
सम्मुख वास गर्नेछन्;
तिनीहरूका सन्तान तपाईंको सामुन्ने
खड़ा रहनेछन् ।"

## भजन १०३

***परमेश्वरको करुणाको प्रशंसा***

दाऊदको गीत

१ हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर;
ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र
नाउँको प्रशंसा गर् ।
२ हे मेरो प्राण, परमप्रभुलाई प्रशंसा गर्,
र उहाँका सबै उपकारहरू नबिर्सी–
३ जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ,
र तेरा सबै रोगहरू निको पार्नुहुन्छ,
४ जसले तेरा प्राणलाई सर्वनाशबाट मुक्त
गर्नुहुन्छ,
र तँलाई करूणा र कृपाको मुकुट
लगाइदिनुहुन्छ,
५ जसले तेरा इच्छाहरू उत्तम कुराहरूले
तृप्त गरिदिनुहुन्छ,
ताकि तेरा जवानी गरुड़को जस्तै नयाँ
होस् ।

६ थिचोमिचोमा परेकाहरू सबैका निम्ति
पररप्रभुले धार्मिकता र न्यायको काम
गर्नुहुन्छ ।

७ उहाँले आफ्ना मार्ग मोशालाई र आफ्ना
काम इस्राएललाई प्रकट गर्नुभयो:

८ परमप्रभु कृपालु र अनुग्रही हुनुहुन्छ,
रीस गर्नमा ढीलो र प्रेमले परिपूर्ण हुनुहुन्छ,
९ उहाँले सधैँ दोष लगाइरहनुहुन्न,
नता आफ्नो रीस सधैँभरि लिइराख्नुहुन्छ;
१० उहाँले हामीसित हाम्रा पापअनुसारका
व्यवहार गर्नुभएको छैन,
नता हाम्रा अधर्मअनुसार हामीलाई बदला
लिनुभएको छ ।
११ किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ,
उहाँका भय मान्नेहरू माथि उहाँको
करूणा त्यत्तिकै महान् छ ।

१२ पश्चिमबाट पूर्व जति टाढ़ा छ,
उहाँले हाम्रा अपराधहरू हामीबाट
त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ ।
१३ जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई
टिठ्याउँछन्,
त्यसरी नै परमप्रभुले आफूसँग
डराउनेहरूलाई टिठ्याउनुहुन्छ;
१४ किनकि उहाँले हाम्रो बनोट जान्नुहुन्छ,
हामी धूलो मात्र हौं भनी उहाँ
सम्झनुहुन्छ ।

१५ मानिसको आयु घाँसजस्तो छ,
मैदानको फूलझैँ त्यो ढकमक्क फुल्दछ;
१६ अनि बतास त्यस फूलमाथि भएर जान्छ
र त्यो खतम हुन्छ र त्यसको ठाउँले
पनि त्यसको याद गर्दैन ।
१७ तर परमप्रभुको करूणा,
आफ्ना भक्तजनहरूमाथि र उहाँको
धार्मिकता तिनीहरूका छोरा-
नातिहरूमाथि अनन्त देखि अनन्तसम्म
रहन्छ–
१८ तिनीहरूमाथि ज-जसले उहाँको करार
पालन गर्दछन्,
र उहाँका आदेशहरू स्मरण गरेर त्यही
बमोजिम चल्छन् ।

१९ परमप्रभुले आफ्ना सिंहासन स्वर्गमा
स्थापित गर्नुभएको छ,

**१०२:२५-२७**–हिब्रू १:१०-१२. **१०३:८**–याकूब ५:११.

र उहाँको प्रभुत्वले सबैमाथि शासन
गर्दछ ।
२० हे उहाँका स्वर्गदूतहरू हो,
उहाँका वचन पालन गर्ने शक्तिशालीजन
हो,
परमप्रभुको प्रशंसा गर ।
२१ हे स्वर्गका सारा सेना हो,
उहाँका इच्छाअनुसार काम गर्ने
सेवकहरू हो,
परमप्रभुको प्रशंसा गर ।
२२ हे परमप्रभुका सारा सृष्टि हो,
उहाँका समस्त राज्यमा रहेका हो,
उहाँको प्रशंसा गर ।
हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् ।

## भजन १०४

१ हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् ।
हे परमप्रभु, मेरा परमेश्वर, तपाईं अति
महान् हुनुहुन्छ;
तपाईंले महिमा र गौरवको पोशाक
पहिरनुभएको छ ।
२ उहाँले पोशाक पहिरेझैं आफैलाई
ज्योतिले ढाक्नुभएको छ;
उहाँले आकाशलाई पाल टाँगेझैं
टाँग्नुभएको छ,
३ उहाँले आफ्नो कोठाहरूका दलिनहरू
पानीमाथि स्थिर गर्नुहुन्छ ।
उहाँले बादललाई आफ्ना रथ बनाउनुहुन्छ,
र बतासका पखेटामा उहाँ सवार हुनुहुन्छ ।
४ उहाँले बतासलाई आफ्ना दूत,
र आगोका ज्वालालाई आफ्ना सेवक
तुल्याउनुहुन्छ ।
५ उहाँले पृथ्वीलाई त्यसका जगमा बसाल्नुभयो;
त्यो कहिल्यै डगमगाउने छैन ।
६ तपाईंले त्यसलाई वस्त्रले झैं समुद्रले
ढाक्नुभयो,
अनि पहाड़हरू माथि-माथि पानी पुगेका
छन् ।
७ तर तपाईंको हप्कीमा पानी भागे,
तपाईंको गर्जनको सोरमा त्यो तुरुन्तै
हटिगयो ।
८ ती पहाड़माथि बगेर गए,
तल बेसीतिर झरे,
तपाईंले तोकिदिनुभएको ठाउँमा ती पुगे ।
९ पानीले फेरि पृथ्वीलाई नडुबाओस् भनेर
त्यसले नाघ्न नसक्ने सिमाना तपाईंले
राखिदिनुभयो ।
१० उहाँले पानीका मूलहरूलाई बेसीहरूमा
खन्याउन लगाउनुहुन्छ,
त्यो पानी पहाड़का बीचमा बहन्छन् ।
११ तिनीहरूले मैदानका सबै जीवजन्तुलाई पानी
दिन्छन्,
जङ्गली गधाले पनि त्यहीं तिर्खा मेटाउँछन् ।
१२ आकाशका चरा-चुरुङ्गीले त्यही छेउ-
छाउमा आफ्ना गुँड़ बनाउँछन्,
हाँगाहरूका बीचमा तिनीहरू गीत
गाउँछन् ।
१३ उहाँले आफ्ना उच्च स्थानबाट
पहाड़हरूमा पानी बर्साउनुहुन्छ;
उहाँका कामका फलबाट पृथ्वी तृप्त
हुन्छ ।
१४ गाईवस्तुका निम्ति उहाँले घाँस उमार्नुहुन्छ,
र मानिसले बारी कमाओस् भनी बोट-
बिरुवा उमारिदिनुहुन्छ–
र जमिनबाट आहार ल्याउनुहुन्छः
१५ मानिसका मन खुशी पार्नलाई दाखमद्य,
त्यसको मुख चहकिलो पार्नलाई तेल,
र त्यसको हृदय बलियो तुल्याउनलाई
उहाँले रोटी दिनुहुन्छ ।
१६ परमप्रभुले लगाउनु भएका रूखहरू
र लेबनानका देवदारुका रूखहरूले
पर्याप्त पानी पाउँछन् ।
१७ त्यहाँ चराहरूले आफ्ना गुँड़ बनाउँछन्;
सल्लाका रूखमा सारसले आफ्नो

---

**१०४:४**–हिब्रू १:७.

वासस्थान बनाउँछ ।
१८ अल्गा पर्वतहरू जङ्गली बाख्राहरूका
निम्ति छन्;
पहराका जङ्गली सापनहरूका निम्ति
शरणस्थान हुन्छन् ।

१९ चन्द्रमाले ऋतु छुट्ट्याउँछ ।
सूर्यले आफ्नो अस्ताउने बेला जान्दछ ।
२० तपाईंले अँध्यारो ल्याउनुहुन्छ र रात पर्छ,
अनि वनका सबै पशुहरू निस्किआउँछन् ।
२१ सिंहहरू आफ्ना शिकारका निम्ति गर्जन्छन्,
तिनीहरूले परमेश्वरबाट आफ्ना आहार
खोज्छन् ।
२२ सूर्य उदाउँदा ती गइहाल्छन्;
र तिनीहरू आ-आफ्ना ओड़ारमा फर्केर
गई त्यहाँ पल्टन्छन् ।
२३ तब मानिस आफ्ना काममा जान्छ,
र साँझसम्म परिश्रम गर्छ ।

२४ हे परमप्रभु, तपाईंको कामहरू कति
धेरै छन् !
ती सबै तपाईंले आफ्ना बुद्धिले बनाउनुभयो;
पृथ्वी तपाईंको सृष्टिले परिपूर्ण छ ।
२५ त्यहाँ विशाल र फराकिलो समुद्र छ,
जसमा अनगन्ती जीवजन्तुहरू छन्,
ठूला साना दुवै किसिमका जीवित
प्राणीहरू त्यहाँ छन् ।
२६ त्यसमाथि जहाजहरू ओहोर-दोहोर गर्छन्,
त्यहाँ अजङको सामुद्रिक जन्तु
लिब्यातान् छ, जसलाई त्यहाँ खेल्नलाई
तपाईंले बनाउनुभयो ।

२७ आफ्ना आहार ठीक समयमा पाउने आशाले
तिनीहरू सबै तपाईंको बाटो हेर्छन् ।
२८ तपाईंले जब त्यो तिनीहरूलाई दिनुहुन्छ,
तब तिनीहरूले बटुल्छन्;
जब तपाईंले आफ्नो मुठी खोल्नुहुन्छ,
उत्तम पदार्थले तिनीहरू तृप्त हुन्छन् ।
२९ तपाईंले आफ्ना मुहार लुकाउनु हुँदा,
तिनीहरू भयभीत हुन्छन्;
तपाईंले तिनीहरूका सास लिनुहुँदा,
तिनीहरू मर्छन् र माटामा फर्किजान्छन् ।
३० तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा
तिनीहरूको सृष्टि हुन्छ,
र तपाईंले त्यसरी नै पृथ्वीको रूपलाई
नयाँ तुल्याउनुहुन्छ ।
३१ परमप्रभुको महिमा सदैव रहिरहोस्;
परमप्रभु आफ्ना कार्यहरूमा प्रसन्न होऊन् ।
३२ उहाँले पृथ्वीलाई हेर्नुहुन्छ, त्यो थरथरी
काम्दछ,
उहाँले पर्वतहरू छुनुहुन्छ, तीबाट धूवाँ
निस्कन्छ ।

३३ मेरो जीवनभरि म परमप्रभुलाई भजन
गाउँदै रहनेछु;
म बाँचुञ्जेल प्रशंसाको स्तुति गाउनेछु ।
३४ मेरो ध्यान उहाँलाई मन पर्दो होस्,
किनकि म परमप्रभुमा आनन्दित हुन्छु ।
३५ तर पापीहरू पृथ्वीबाट हराइहालून्,
र दुष्कर्मीहरू रहँदैनरहून् ।
हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर ।

परमप्रभुको प्रशंसा गर ।

## भजन १०५

***परमेश्वरले आफ्ना जनहरूको रक्षा गर्नुभएको***

१ परमप्रभुलाई धन्यवाद देओ, उहाँको नाउँ
पुकार;
जाति-जाति बीचमा उहाँले गर्नुभएका
कार्यहरू प्रचार गर ।
२ उहाँको निम्ति गाओ, उहाँको निम्ति
प्रशंसाको स्तुति चढ़ाओ;
उहाँका सबै आश्चर्य-कर्महरूको वर्णन
गर ।
३ उहाँका पवित्र नाउँमा तिमीहरू गौरव गर;
परमप्रभुलाई खोज्नेहरूका हृदय
आनन्दित होऊन् ।
४ परमप्रभु र उहाँका शक्तिको खोजी गर;
उहाँको दर्शन निरन्तर खोज ।

**१०४:२६**–अय्यूब ४१:१; भजनसंग्रह ७४:१४; यशैया २७:१. **१०५:१-१५**–१ इतिहास १६:८-२२.

५ उहाँले गर्नुभएको आश्चर्यका कामहरूको स्मरण गर,
र उहाँको आश्चर्य-कर्म र उहाँले
गर्नुभएको इन्साफलाई सम्झ ।
६ हे उहाँका सेवक, हे अब्राहामका सन्तान हो,
हे उहाँबाट चुनिएका याकूबका सन्तान हो,
७ उहाँ परमप्रभु, हाम्रा परमेश्वर हुनुहुन्छ;
उहाँका इन्साफ सारा जगत्मा छ ।
८ उहाँले आफ्ना करारको सम्झना सधैँभरि राख्नुहुन्छ,
त्यो वचन जो उहाँले हजार
पुस्ताहरूलाई दिनुभएको थियो,
९ त्यो वाचा जो उहाँले अब्राहामसित बाँध्नुभयो,
अनि त्यो करार जो उहाँले इसहाकसँग
गर्नुभएको थियो ।
१० त्यो उहाँले याकूबसँग नियमको रूपमा,
इस्राएलसँग अनन्त करारको रूपमा
पक्का गर्नुभयो:
११ "तँलाई म कनान देश दिनेछु
त्यो उत्तराधिकार तेरो अंश हुनेछ ।"

१२ जब तिनीहरू सङ्ख्यामा थोरै थिए,
अति थोरै र त्यसमा परदेशीहरू थिए,
१३ तिनीहरू एक जातिबाट अर्को जातिमा,
अनि एक राज्यबाट अर्को राज्यमा
घुमफिर गर्थे ।
१४ कसैलाई उहाँले तिनीहरूमाथि अत्याचार गर्न दिनुभएन;
तिनीहरूको खातिर उहाँले राजाहरूलाई
यसरी हप्काउनुभयो;
१५ "मेरा अभिषिक्तजनहरूलाई नछोओ;
मेरो अगमवक्ताहरूलाई केही हानि नगर ।"

१६ उहाँले त्यस देशमा अनिकाल पठाउनुभयो,
र तिनीहरूका आहारको सारा आधार
नष्ट गरिदिनुभयो;
१७ उहाँले एक जना, यूसुफलाई तिनीहरूको अगि पठाउनुभयो–
जो कमारा हुनलाई बेचिएका थिए ।
१८ तिनका खुट्टामा नेल ठोकेर तिनीहरूले चोट पारेका थिए,
र फलामको साङ्लाले तिनको घिच्रो
बाँधेका थिए,
१९ उहाँका वचन पूरा नभएसम्म र परमप्रभुको
वचनले तिनलाई सत्य प्रमाणित
नगरेसम्म तिनीहरूले त्यसो गरे ।
२० राजाले मानिस पठाएर तिनलाई छुटाए,
जनताका शासकले तिनलाई बन्धनबाट मुक्त गरे ।
२१ राजाले तिनलाई आफ्नो घरको स्वामी,
र आफ्ना सबै धन-सम्पत्तिको मालिक
बनाए ।
२२ तिनकै इच्छाअनुसार आफ्ना
राजकुमारहरूलाई सिकाउनलाई,
र आफ्ना बूढ़ा-पाकाहरूलाई ज्ञानका
कुरा सिकाउनलाई खटाए ।

२३ तब इस्राएल मिश्रदेशमा प्रवेश गरे;
हामका देशमा याकूब प्रवासीका रूपमा बसे ।
२४ परमप्रभुले आफ्ना प्रजालाई फलवन्त
बनाउनुभयो;
र तिनीहरूको वैरीभन्दा तिनीहरूको
सङ्ख्या अझ बढी बनाउनुभयो ।
२५ परमेश्वरले मिश्रीहरूका हृदयलाई
उहाँका दासहरूलाई घृणा गर्न परिवर्तन गर्नुभयो,
आफ्ना सेवकहरूका विरुद्धमा षड्यन्त्र
गर्ने मन उनीहरूलाई दिनुभयो ।
२६ उहाँले आफ्ना दास मोशालाई,
र आफूले चुन्नुभएका हारूनलाई
तिनीहरूकहाँ पठाउनुभयो ।

**१०५:९**–उत्पत्ति १२:७; १७:८; २६:३. **१०५:१०-११**–उत्पत्ति २८:१३. **१०५:१४-१५**–उत्पत्ति २०:३-७. **१०५:१६**–उत्पत्ति ४१:५३-५७. **१०५:१७**–उत्पत्ति ३७:२८; ४५:५. **१०५:१८-१९**–उत्पत्ति ३९:२०-४०:२३. **१०५:२०**–उत्पत्ति ४१:१४. **१०५:२१**–उत्पत्ति ४१:३९-४१. **१०५:२३**–उत्पत्ति ४६:६; ४७:११. **१०५:२४-२५**–प्रस्थान १:७-१४. **१०५:२६**–प्रस्थान ३:१-४:१७.

२७ तिनीहरूका बीचमा ती दुईले उहाँका
अचम्मका चिन्हहरू र हामका देशमा
उहाँका आश्चर्यका कामहरू देखाए ।
२८ उहाँले अन्धकार पठाउनुभयो र
तिनीहरूको देश अँध्यारो भयो–
किनकि उनीहरूले उहाँका वचनको
विरोध गरेका थिए ।
२९ उहाँले तिनीहरूका पानीलाई रगतमा
परिवर्तन गर्नुभयो,
र तिनीहरूका माछाहरू नाश
पारिदिनुभयो ।
३० तिनीहरूको देश भ्यागुताले भरियो,
र भ्यागुता राजाका सुत्ने कोठासम्म पसे ।
३१ उहाँले आज्ञा गर्नुभयो र सारा देश झीँगा
र भुसुनाले भरियो ।
३२ उहाँले वृष्टिलाई असिनामा परिवर्तन गर्नुभयो,
र उनीहरूको देशभरि विजुली चम्काउनुभयो;
३३ उहाँले तिनीहरूका दाख र नेभाराका
बोट ध्वस्त गर्नुभयो,
र तिनीहरूका देशका रूखहरू
ढालिदिनुभयो ।
३४ उहाँले आज्ञा गर्नुभयो र सलहहरू आए,
असङ्ख्य फटेग्राहरू पनि आए;
३५ तिनीहरूले त्यस देशका हरेक वनस्पति
र भूमिको फल खाइदिए ।
३६ तब उहाँले त्यस देशका सबै जेठाहरूलाई
र पौरखका प्रथम फलहरूलाई नाश
पार्नुभयो ।

३७ उहाँले सबै इस्राएललाई सुन र चाँदीले
परिपूर्ण पारी निकालिल्याउनुभयो,
तिनीहरूका कुलबाट कसैले पनि ठक्कर
खाएनन् ।
३८ तिनीहरू निस्किजाँदा मिश्रदेश रमायो ।
किनकि इस्राएलको भय तिनीहरूमाथि
परेको थियो ।
३९ उहाँले आवरणको निम्ति बादल
फिँजाउनुभयो,
र राती उज्यालो दिनलाई आगो दिनुभयो ।
४० तिनीहरूले मागे र उहाँले तिनीहरूका
निम्ति बट्टाई चराहरू दिनुभयो,
र स्वर्गका रोटीले तिनीहरूलाई तृप्त
गराउनुभयो ।
४१ उहाँले चट्टान फोर्नुभयो, र पानी फुटिनिस्क्यो;
नदीझैँ त्यो मरुभूमिमा बगेर गयो ।

४२ किनकि उहाँले आफ्नो सेवक अब्राहामलाई
दिनुभएको,
पवित्र करार स्मरण गर्नुभयो ।
४३ उहाँले आफ्ना प्रजालाई आनन्द साथ,
र आफूले चुनेका जनहरूलाई
आनन्दले गाउन लाउँदै निकालिल्याउनुभयो;
४४ उहाँले जाति-जातिहरूका देश
तिनीहरूलाई दिनुभयो,
र अरू मानिसहरूका परिश्रमको फल
तिनीहरूले आफ्नो अधिकारमा पारे–
४५ तिनीहरूले उहाँका आदेशहरू
र उहाँका नियमहरू पालन गरून् भनेर
नै यी सब भए,
परमप्रभुको प्रशंसा गर ।

## भजन १०६

***इस्राएलको पाप र परमेश्वरको उदारता***

१ परमप्रभुको प्रशंसा गर ।

परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनकि उहाँ भलो हुनुहुन्छ;
उहाँको प्रेम सधैँभरि रहिरहन्छ ।
२ परमप्रभुको पराक्रमी कामहरू कसले
घोषणा गर्न सक्छ ?
अथवा, कसले उहाँको प्रशंसा सम्पूर्ण

---

**१०५:२८**–प्रस्थान १०:२१-२३. **१०५:२९**–प्रस्थान ७:१७-२१. **१०५:३०**–प्रस्थान ८:१-६. **१०५:३१**–प्रस्थान ८:१६-१७;२०-२४. **१०५:३२-३३**–प्रस्थान ९:२२-२५. **१०५:३४-३५**–प्रस्थान १०:१२-१५. **१०५:३६**–प्रस्थान १२:२९. **१०५:३७-३८**–प्रस्थान १२:२३-३६. **१०५:३९**–प्रस्थान १३:२१-२२. **१०५:४०**–प्रस्थान १६:२-१५. **१०५:४१**–प्रस्थान १७:१-७; गन्ती २०:२-१३. **१०५:४४**–यहोशू ११:१६-२३. **१०६:१**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह ११:५; १०७:१; ११८:१; यर्मिया ३३:११.

रूपले गर्न सक्छ ?
३ तिनीहरू धन्यका हुन्, जो न्यायमा
चल्दछन्,
जसले निरन्तर उचित काम गर्दछन् ।
४ आफ्ना प्रजामाथि कृपादृष्टि गर्नुहुँदा,
हे परमप्रभु, मलाई स्मरण गर्नुहोस्,
तिनीहरूको उद्धार गर्नुहुँदा, मलाई पनि
सहायता गर्नुहोस् ।
५ अनि तपाईंको चुनिएकाहरूको सुसम्पन्न
अवस्था देखेर म आनन्दित हुनसकूँ,
तपाईंको जातिको हर्षमा म सहभागी
बन्नसकूँ,
र तपाईंको उत्तराधिकारका
मानिसहरूसँग मिलेर तपाईलाई प्रशंसा
दिनसकूँ ।

६ हाम्रा पिता-पुर्खाले झैं, हामीले पनि पाप
गरेका छौं;
हामीले अर्धम गरेका छौं, र दुष्टतापूर्ण
काम गरेका छौं ।
७ हाम्रा पिता-पुर्खा मिश्रदेशमा छँदा तपाईंका
आश्चर्य-कर्महरूको ख्यालै गरेनन्,
तपाईंको प्रशस्त करूणा तिनीहरूले
सम्झेनन्,
र लालसमुद्रको किनारमा तिनीहरूले
तपाईंको विद्रोह गरे ।
८ तापनि, आफ्नो महान् पराक्रम प्रकट
होस् भनेर,
आफ्नो नाउँको खातिर, उहाँले
तिनीहरूलाई उद्धार गर्नुभयो ।
९ उहाँले लालसमुद्रलाई हप्काउनुभयो,
र त्यो सुकिहाल्यो;
गहिरोस्थानबाट उहाँले तिनीहरूलाई
उजाड़-स्थानका बीचबाट जस्तै गरी
डोऱ्याई लैजानुभयो ।
१० शत्रुका हातबाट उहाँले तिनीहरूलाई
बचाउनुभयो;
तिनका हातबाट, तिनीहरूको उद्धार
गर्नुभयो ।
११ तिनका विरोधीहरूलाई पानीले छोप्यो;
र तिनीहरूमध्ये एक जना पनि बाँचेनन् ।
१२ तब तिनीहरूले उहाँका प्रतिज्ञामाथि
विश्वास गरे,
र उहाँको प्रशंसाको गीत गाए ।

१३ तर तुरुन्तै तिनीहरूले उहाँका कार्यहरू
बिर्सिहाले,
र तिनीहरूले उहाँका सल्लाह सुन्नलाई
पर्खेनन् ।
१४ मरुभूमिमा तिनीहरूले आफ्ना अनुचित
अभिलाषा पूरा गरे;
र उजाड़-भूमिमा परमेश्वरलाई परीक्षा
गरे ।
१५ अनि उहाँले तिनीहरूलाई मागेअनुसार
दिनुभयो,
तर तिनीहरूका बीचमा शिथिलताको
रोग पठाइदिनुभयो ।

१६ पालमा तिनीहरू मोशासित
र परमेश्वरमा अर्पित गरिएका
हारूनसँग डाहा गरे ।
१७ धरती फाटेर दातानलाई निल्यो;
र अबीरामका दललाई पुरिदियो ।
१८ तिनीहरूका समर्थकहरूका बीचमा आगो
दन्क्यो;
र आगोको ज्वालाले दुष्टहरूलाई भस्म
पाऱ्यो ।

१९ होरेबमा तिनीहरूले एउटा बाछो बनाए,
र धातुको मूर्तिलाई पूजा गरे ।
२० तिनीहरूले आफ्ना गौरवलाई,
घाँस खाने साँढ़ेको मूर्तिसँग साटे ।
२१ तिनीहरूले आफ्ना उद्धारकर्ता
परमेश्वरलाई बिर्से,
जसले मिश्रदेशमा महान् कार्यहरू
गर्नुभएको थियो,

---

**१०६:७**–प्रस्थान १४:१०-१२. **१०६:९-१२**–प्रस्थान १४:२१-३१. **१०६:१२**–प्रस्थान १५:१-२१.
**१०६:१४-१५**–गन्ती ११:४-३४. **१०६:१६-१८**–गन्ती १६:१-३५. **१०६:१९-२३**–प्रस्थान ३२:१-१४.

२२ जसले हामको देशमा गरिएका आश्चर्य-
कर्महरू,
र लालसमुद्रको किनारमा भयङ्कर काम
गर्नुभएको थियो ।
२३ यसकारण उहाँले तिनीहरूलाई नाश गर्छु
भन्नुभएको थियो,
तर उहाँको विनाश गर्ने क्रोध
हटाउनलाई उहाँका चुनिएका जन मोशा
उहाँको सामुन्ने खड़ा भए ।
२४ तब तिनीहरूले त्यो रमाइलो देशलाई
तुच्छ ठाने,
तिनीहरूले उहाँका प्रतिज्ञामा विश्वास
गरेनन् ।
२५ तिनीहरू आफ्ना पालमा गनगनाए,
र परमप्रभुका आज्ञा पालन गरेनन् ।
२६ यसकारण तिनीहरूलाई उजाड़-स्थानमा
विनाश पार्छु भनी उहाँले हात उचालेर
शपथ खानुभयो,
२७ अनि तिनीहरूका वंशलाई जातिहरूका
बीचमा छरपुष्ट पार्छु,
र तिनीहरूलाई देश-विदेशमा तितर-
वितर पार्छु भन्नुभयो ।
२८ तिनीहरूले पोर भन्ने ठाउँको बाल-देवताको
पूजा गरे,
र निर्जीव देवताहरूलाई चढ़ाइएका
बलिका थोकहरू खाए;
२९ तिनीहरूले आफ्ना दुष्ट कामले परमप्रभुको
क्रोध जगाए,
र तिनीहरूमा रूढ़ी फैलियो ।
३० तर पीनहास उठेर मध्यस्थता गरे,
र रूढ़ी थामियो ।
३१ अनि यो तिनको निम्ति पुस्तौंसम्म
सदाको लागि धार्मिकता गनियो ।
३२ तिनीहरूले मरीबाका पानीको नजीक
पनि परमप्रभुलाई क्रोधित तुल्याए,
र तिनीहरूले गर्दा मोशाको खराबी हुन
गयो;
३३ किनकि तिनीहरू परमेश्वरका आत्माको
विरुद्धमा वागी भएका थिए,
र मोशाका मुखबाट अनर्थ कुरा निस्के ।
३४ परमप्रभुका आज्ञाअनुसार तिनीहरूले
अन्यजातिहरूलाई नाश गरेनन्,
३५ तर तिनीहरू जाति-जातिहरूसित
मिसिएर एक भए,
र तिनीहरूका रीतिरिवाज अपनाए ।
३६ तिनीहरूले उनीहरूका मूतिहरू पुजे,
र ती तिनीहरूका निम्ति पासो बने ।
३७ तिनीहरूले आफ्ना छोराछोरीहरूलाई
भूतात्माहरूलाई बलि चढ़ाए ।
३८ तिनीहरूले निर्दोषको रगत,
अर्थात् आफ्नै छोराछोरीहरूको रगत
बगाए,
जसलाई तिनीहरूले कनान देशका
मूर्तिहरूका निम्ति बलि चढ़ाए,
र तिनीहरूको रगतले धर्ती अपवित्र भयो ।
३९ आफ्नै कर्मले तिनीहरूले आफैलाई
अशुद्ध पारे;
आफ्ना कामद्वारा तिनीहरू व्यभिचारी
भए ।
४० त्यसकारण परमप्रभु आफ्नै प्रजासित
रिसाउनुभयो,
र उहाँले आफ्ना उत्तराधिकारीहरूलाई
घृणा गर्नुभयो ।
४१ उहाँले तिनीहरूलाई अन्यजातिहरूका
हातमा सुम्पिदिनुभयो,
र तिनीहरूका शत्रुहरूले तिनीहरूमाथि
शासन गरे ।
४२ तिनीहरूका शत्रुले पनि तिनीहरूलाई
अत्याचार गरे,
र तिनीहरूलाई आफ्ना शक्तिको वशमा
पारे ।
४३ धेरै चोटि उहाँले तिनीहरूलाई

**१०६:२४–२६**–गन्ती १४:१-३५. **१०६:२७**–लेवी २६:३३. **१०६:२८–३१**–गन्ती २५:१-१३.
**१०६:३२–३३**–गन्ती २०:२-१३. **१०६:३४–३६**–न्यायकर्ता २:१-३; ३:५-६. **१०६:३७**–२ इतिहास १७:१७.
**१०६:३८**–गन्ती ३५:३३. **१०६:४०–४६**–न्यायकर्ता २:१४-१८.

छुटाउनुभयो,
तर तिनीहरू आफ्नै विद्रोहपूर्ण युक्तिमा चल्दै गए,
र तिनीहरू आफ्नै अधर्मले पतन हुँदैगए ।

४४ तर जब उहाँले तिनीहरूको पुकार सुन्नुभयो,
तब तिनीहरूको कष्टलाई टिठाउनुभयो;
४५ तिनीहरूको खातिर, उहाँले आफ्नो करार स्मरण गर्नुभयो,
र आफ्नो महान् प्रेममा दयालु हुनुभयो ।
४६ तिनीहरूलाई कैद गर्नेहरू सबैका नजरमा
तिनीहरूलाई दयाको पात्र बनाउनुभयो ।

४७ हे परमप्रभु हाम्रा परमेश्वर, हामीलाई बचाउनुहोस्,
र जाति-जातिहरूबाट हामीलाई एकत्र गर्नुहोस्,
र हामी तपाईंको पवित्र नाउँमा धन्यवाद चढ़ाउन सकौं,
र तपाईंको प्रशंसा गर्दै महिमा दिन सकौं ।

४८ परमप्रभु इस्राएलका परमेश्वरको,
प्रशंसा अनादीदेखि अनन्तसम्मै भइरहोस्,
र सबै मानिसहरूले भनून् "आमेन !"

परमप्रभुको प्रशंसा गर ।

## पाँचौं भाग

भजन १०७-१५०

### भजन १०७

***सबै सङ्कष्टमा परमेश्वर शरणस्थान***

१ परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनकि उहाँ भलो हुनुहुन्छ;
र उहाँको प्रेम सधैँभरि रहिरहन्छ ।
२ परमप्रभुले छुटकारा दिनुभएकाहरूले यसो भनून्–
जसलाई उहाँले वैरीहरूका हातबाट
मोल तिरेर छुटाउनुभयो,
३ तिनीहरू जसलाई देश-देशबाट, पूर्व र पश्चिमबाट,
उत्तर र दक्षिणबाट एकत्र गर्नुभयो ।

४ कसै-कसैले वास गर्नलाई कुनै शहर भेट्टाएनन्,
र उजाड़-स्थानमा बरालिएर हिँड़े ।
५ भोक र प्यासले क्षीण भई प्राण जाला
जत्तिकै भइसकेको थियो ।
६ तब आफ्ना कष्टमा,
तिनीहरूले परमप्रभुलाई पुकारे,
र उहाँले तिनीहरूलाई कष्टबाट छुटाउनुभयो ।
७ उहाँले तिनीहरूलाई सीधा बाटोबाट डोऱ्याएर,
उहाँले तिनीहरू वास बस्न सक्ने
शहरमा पुऱ्याउनुभयो ।
८ उहाँको अटुट प्रेम र मानिसहरूप्रति
उहाँका आश्चर्यका कामको निम्ति,
तिनीहरूले परमप्रभुलाई धन्यवाद देऊन् ।
९ किनकि उहाँले तिर्खाएकाहरूको तिर्खा मेटिदिनुहुन्छ,
र भोकाहरूलाई असल आहारले तृप्त गराउनुहुन्छ ।

१० कोही-कोही घोर अन्धकारमा बसे,
कैदीहरू जो फलामका साङ्लाले बाँधिएर पीड़ामा थिए,
११ किनकि तिनीहरूले परमेश्वरका
वचनको विरुद्धमा विद्रोह गरेका थिए,
र सर्वोच्च परमेश्वरको सल्लाहलाई
तिस्कार गरेका थिए ।
१२ यसकारण उहाँले तिनीहरूलाई कठोर
परिश्रम गर्न लगाउनुभयो,
तिनीहरूले ठोक्कर खाए,
तिनीहरूलाई मद्दत दिने कोही भएन ।
१३ तब कष्टमा तिनीहरूले परमप्रभुलाई पुकारे,

**१०६:४७-४८**–१ इतिहास १६:३५-३६. **१०७:१**–१ इतिहास १६:३४; २ इतिहास ५:१२; ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; ११८:१; १३६:१; यर्मिया ३३:११.

र उहाँले तिनीहरूलाई तिनीहरूको
सङ्कष्टबाट छुटाउनुभयो ।
१४ उहाँले तिनीहरूलाई अन्धकार र घोर
निराशाबाट निकाल्नुभयो,
र तिनीहरूका बन्धनका साङ्ला टुक्रा-
टुक्रा पारिदिनुभयो ।
१५ उहाँका अटुट प्रेम र मानिसप्रति
आश्‍चर्यका कामको निम्ति,
तिनीहरूले परमप्रभुलाई धन्यवाद देऊन् ।
१६ किनकि उहाँले काँसाका मूल ढोकाहरू
भाँचिदिनुहुन्छ,
र फलामका गजबारहरू काटी टुक्रा-
टुक्रा पारिदिनुहुन्छ ।

१७ कोही-कोही आफ्ना विद्रोही चालले गर्दा
मूर्ख बने,
र आफ्नै अपराधको कारण विपत्तिमा
परे ।
१८ तिनीहरूले सब प्रकारका खाना मन
पराउन छोड़े र मृत्युका ढोका नजीक
पुगे ।
१९ तब आफ्ना कष्टमा, तिनीहरूले
परमप्रभुलाई पुकारे,
र उहाँले तिनीहरूलाई तिनीहरूको
सङ्कष्टबाट छुटाउनुभयो ।
२० उहाँले आफ्नो वचन पठाउनुभयो,
र तिनीहरूलाई निको पार्नुभयो;
तिनीहरूलाई मृत्युको खाड़लबाट
बचाउनुभयो ।
२१ उहाँका अटुट प्रेम र मानिसप्रति
आश्‍चर्य कामको निम्ति,
तिनीहरूले परमप्रभुलाई धन्यवाद देऊन् ।
२२ तिनीहरूले धन्यवादका बलि चढ़ाऊन्,
र हर्षका गीत गाएर उहाँका कार्यको
वर्णन गरून् ।

२३ कोही-कोही जहाज चढ़ी समुद्रमा गए;
तिनीहरू महासागरमाथिका व्यापारी थिए ।
२४ तिनीहरूले परमप्रभुका कार्यहरू देखे,
गहिरा सागरमा तिनीहरूले उहाँका
आश्‍चर्यका कामहरू देखे ।
२५ किनकि उहाँले आज्ञा गर्नुभयो र प्रचण्ड़
आँधी चलाउनुभयो,
अनि समुद्रका छाल माथिसम्म उठे ।
२६ तिनीहरू आकाशसम्मै चढ़ेर गए र फेरि
सागरको गहिराइमा झरे;
तिनीहरूको क्लेसमा तिनीहरूको साहस
गलेर गयो ।
२७ तिनीहरू मतवालाझैं रन्थनिएर
धरमराउँदै थिए;
तिनीहरूको बुद्धि र विचारको अन्त्य
भयो ।
२८ तब तिनीहरूले आफ्ना सङ्कष्टमा
परमप्रभुलाई पुकारे,
र उहाँले तिनीहरूलाई तिनीहरूको
विपद्‌बाट छुटाउनुभयो ।
२९ उहाँले आँधीलाई शान्त गराउनुभयो;
र समुद्रका छालहरू स्थिर भए ।

३० आँधी शान्त हुँदा तिनीहरू खुशी भए,
र उहाँले तिनीहरूलाई तिनीहरूले इच्छा
गरेको बन्दरगाहमा पुऱ्याउनुभयो ।
३१ उहाँका अटुट प्रेम र मानिसप्रति
आश्‍चर्यका कामको निम्ति,
तिनीहरूले परमप्रभुलाई धन्यवाद देऊन् ।
३२ तिनीहरूले मानिसहरूको समुदायमा
उहाँको प्रशंसा गरून्,
र धर्म-गुरुहरूका महासभामा उहाँको
प्रशंसा गरून् ।
३३ उहाँले नदीहरूलाई मरुभूमिमा,
बगिरहेका साना खोलालाई सुक्खा
भूमिमा परिवर्तन गर्नुभयो ।
३४ अनि त्यहाँका बासिन्दाहरूका दुष्टताको
कारणले गर्दा,
मलिला जमिनलाई नूनिलो मरुस्थलमा
परिवर्तन गरिदिनुभयो ।

३५ उहाँले मरुभूमिलाई तालमा
र सुक्खा जमिनलाई पानीका मूलमा
परिवर्तन गर्नुभयो;
३६ त्यहाँ भोकाहरूलाई वास गर्नको निम्ति
ल्याउनुभयो,

र तिनीहरूले त्यस जग्गामा बसोबास
गर्नलाई एउटा शहर निर्माण गरे ।
३७ तिनीहरूले खेतबारीमा बीउ छरे र
दाखबारी लगाए,
अनि तीबाट प्रशस्त फलहरू कटनी
गरियो;
३८ उहाँले तिनीहरूलाई आशिष् दिनुभयो,
र तिनीहरूको जनसङ्ख्या बढ़ाउनुभयो,
अनि तिनीहरूका गाईवस्तुका बथान
घट्न दिनुभएन ।

३९ त्यसपछि अत्याचार, विपत्ति र शोकले गर्दा,
तिनीहरूको जनसङ्ख्या घटचो र
तिनीहरू होच्याइए;
४० उहाँ जसले शासकहरूमाथि अपमान
खन्याउनुहुन्छ,
तिनीहरूलाई पथहीन उजाड़ ठाउँहरूमा
भड्किहिड्न दिनुभयो ।
४१ तर दरिद्रहरूलाई उहाँले तिनीहरूका
दु:खबाट मुक्त गरी उठाउनुभयो,
र भेड़ाका बगालझैँ तिनीहरूका सन्तान
बढ़ाउनुभयो ।
४२ धर्मात्माहरू त्यो देखेर हर्षित हुन्छन्,
तर सबै दुष्टहरू आफ्ना मुख बन्द गर्छन् ।

४३ जो बुद्धिमान् छ, त्यसले यी कुरामा
ध्यान देओस्,
र परमप्रभुको महान् प्रेममाथि विचार
गरोस् ।

## भजन १०८

***विजयको प्रार्थना***

दाऊदको भजन

१ हे परमेश्वर, मेरो हृदय स्थिर छ;
म गाउनेछु, र मेरो सम्पूर्ण प्राणले
म राग बजाउनेछु ।
२ हे सितार र वीणा, जागा होओ !
म प्रभातलाई सबेरै जगाउनेछु ।
३ हे परमप्रभु, जाति-जातिहरूका बीचमा
म तपाईंको प्रशंसा गर्नेछु;
देश-देशका मानिसहरूबीच म तपाईंको
स्तुति गाउनेछु ।
४ किनकि तपाईंको करुणा महान् छ,
आकाशभन्दा उच्च छ;
र तपाईंको विश्वास-योग्यता आकाशै
छुन्छ ।
५ हे परमेश्वर, आकाशभन्दा उच्च हुनुहोस्,
सारा पृथ्वीमाथि तपाईंको महिमा रहोस् ।

६ तपाईंको दाहिने बाहुलीले हामीलाई
बचाउनुहोस् र मद्दत गर्नुहोस् ।
र तपाईंका प्रियजनहरूले छुटकारा
पाऊन् ।
७ परमेश्वर आफ्ना पवित्र भवनबाट
बोल्नुभएको छ:
“विजय गरेर, म शेकेमलाई, भाग-भाग
गरी बाँढ़नेछु
र सुक्कोतको बेंसीको नाप लिनेछु ।
८ गिलाद मेरो हो, मनश्शे पनि मेरै हो,
एफ्राइम मेरो शिरपोस हो
यहूदा मेरो राजदण्ड हो ।
९ मोआब मेरो पानीको भाँड़ो हो,
एदोनमाथि म आफ्नो जुत्ता फाल्छु;
पलिश्तिमाथि म विजय-ध्वनी साथ
कराउँछु ।”

१० कसले मलाई सुरक्षित शहरमा पुऱ्याइदेला ?
कसले मलाई एदोमसम्म डोऱ्याउला ?
११ हे परमेश्वर, के हामीलाई तपाईंले
त्याग्नुभएको होइन र ?
के अब तपाईं हाम्रा सेनाहरूका साथमा
जानुहुन्न ?
१२ शत्रुहरूका विरुद्धमा हामीलाई सहायता
गर्नुहोस्,
किनकि मानिसको सहायता त व्यर्थको
हुन्छ ।
१३ परमेश्वरद्वारा, हामी विजय प्राप्त गर्नेछौं,
र उहाँले हाम्रा शत्रुहरूलाई कुल्चनुहुनेछ ।

**१०८:१-५**–भजनसंग्रह ५७:७-११. **१०८:६-१३**–भजनसंग्रह ६०:५-१२.

## भजन १०९
### *प्रतिशोधको याचना*
सङ्गीत-निर्देशकको निम्ति- दाऊदको भजन

१ हे परमेश्वर, जसको म प्रशंसा गर्छु,
तपाईं चुप लागेर नबस्नुहोस् ।
२ किनकि दुष्ट र छली मानिसहरूले
मेरो विरुद्धमा आफ्ना मुख खोलेका छन्;
झूटा जिब्राले मेरो विरुद्धमा बोलेका छन् ।
३ घृणाका शब्दले मलाई तिनीहरूले
घेरेका छन्;
अनि विनाकारण तिनीहरू मलाई हमला
गर्छन् ।
४ मेरो मित्रताको साटो तिनीहरू मलाई
दोष लाउँछन्,
तर म त प्रार्थना गर्ने मानिस हुँ ।
५ भलाइको साटो तिनीहरू मलाई खराबी
गर्छन्,
र मेरो मित्रताको साटो घृणा गर्छन् ।

६ त्यसलाई विरोध गर्नलाई कुनै दुष्ट
मान्छेलाई खटाउनुहोस्;
र त्यसलाई दोष आउने मानिस त्यसको
दाहिनेपट्टि खड़ा हुनदिनुहोस् ।
७ त्यसको मुद्दा चल्दा त्यो दोषी ठहरियोस्,
र त्यसका प्रार्थनाले त्यसैलाई अपराधी
ठहराओस् ।
८ त्यसको आयु अल्प होस्;
र त्यसको पद अर्कोले खोसोस् ।
९ त्यसका छोराछोरीहरू टुहुरा-टुहुरी होऊन्,
र त्यसकी स्वास्नी विधवा होस् ।
१० त्यसका छोराछोरीहरू डुलुवा भिखारी
होऊन्;
आफ्ना भताभुङ्ग भएका घरबाट तिनीहरू
भाग्नुपरोस् ।
११ त्यससँग भएका सारा सम्पत्ति साहूले
जफत गरोस्;
त्यसका परिश्रमका फलहरू परदेशीले
लुटून् ।
१२ कसैले त्यसमाथि दया नगरोस्,
अथवा, त्यसका अनाथ छोराछोरीमाथि
कसैले कृपा नदेखाओस् ।
१३ त्यसका सन्तानहरू नष्ट होऊन्,
र आउँदो पुस्ताबाट तिनीहरूका नाउँ
पनि मेटिओस् ।
१४ परमप्रभुको अगि, त्यसका पिता-पुर्खाका
पाप स्मरण होस्;
त्यसकी आमाका पाप कहिल्यै नमेटिओस् ।
१५ तिनीहरूका पाप निरन्तर परमप्रभुको
सामुन्ने रहून्,
र उहाँले तिनीहरूको स्मृति पनि
पृथ्वीबाट मेटिदेऊन् ।
१६ किनकि त्यसले कहिल्यै पनि कृपा
देखाउन विचार गरेन,
तर दरिद्र, अभावग्रस्त र चूर्ण हृदय
भएकाहरूलाई मृत्युसम्मै खेदो गरेको
थियो ।

१७ त्यसले सराप दिन मन पराउँथ्यो–
त्यसको सराप त्यहीमाथि परोस्;
त्यसले आशिष् दिन रुचाएन–
त्यसबाट पनि आशिष टाढ़ै रहोस् ।
१८ त्यसले सरापलाई आफ्नो वस्त्र बनाएको
थियो;
त्यो पानीझैं त्यसका शरीरभित्र,
र तेलझैं त्यसका हाड़हरूमा पस्यो ।
१९ सराप त्यसको लागि वस्त्रजस्तै होस्,
र यो त्यसको कम्मरमा बाँधिने
पटुकाजस्तै होस् ।
२० मलाई दोष लाउनेहरू र मेरो विरुद्धमा
खराब बोली गर्नेहरूलाई,
परमप्रभुको यस्तै इनाम दिऊन् ।

२१ तर तपाईं, हे परमप्रभु परमेश्वर,
तपाईंका नाउँको खातिर,
मसित असल व्यवहार गर्नुहोस्;
मलाई उद्धार गर्नुहोस् ।
२२ किनकि म गरीब र अभावग्रस्त छु,
र मेरो हृदय, मभित्र घाएल भएको छ ।
२३ बेलुकीको छायाजस्तै म लोप हुन्छु,
सलहझैं म टकटकाएर फालिएको छु ।
२४ उपवास बस्दा बस्दा मेरा घुँड़ाहरू

निर्बल भएका छन्;
मेरो शरीर दुब्लो-पातलो भएको छ ।
२५ मलाई दोष लाउनेहरू अगि,
म तिरस्कारको विषय बनेको छु;
मलाई देख्दा तिनीहरू आफ्ना टाउको
हल्लाउँछन् ।

२६ हे परमप्रभु, मेरा परमेश्‍वर, मलाई
सहायता गर्नुहोस्;
तपाईंको प्रेमअनुसार मलाई बचाउनुहोस् ।
२७ यो तपाईंको हात हो भनी तिनीहरूले जानून्,
हे परमप्रभु, यो तपाईंले नै गर्नुभएको हो
भनी तिनीहरूले बुझून् ।
२८ तिनीहरूले सराप्न सक्छन्, तर तपाईंले
आशीर्वाद दिनुहुनेछ;
तिनीहरूले आक्रमण गर्दा, तिनीहरू
शर्ममा पर्नेछन् ।
तर तपाईंको दास रमाउनेछ ।
२९ मलाई दोष लाउनेहरू अपमानका वस्त्र
पहिरनेछन्,
र आफ्नो शर्मको खास्टोले ढाकिएका
हुनेछन् ।

३० मेरा ओठले म परमप्रभुको स्तुति गाउनेछु;
ठूलो भीड़को बीचमा म उहाँको प्रंशसा
गर्नेछु ।
३१ किनकि उहाँ दरिद्रको दाहिने हाततर्फ
खड़ा हुनुहुन्छ,
त्यसलाई दण्ड दिन चाहनेको हातबाट
उहाँले त्यसलाई बचाउनुहुन्छ ।

## भजन ११०

***परमप्रभुले राजालाई अधिकार दिनुभएको***

दाऊदको गीत

१ परमप्रभुले मेरा प्रभुलाई भन्नुहुन्छ:
“जबसम्म म तिम्रा शत्रुलाई तिम्रो
पाउदान तुल्याउँदिनँ,
तबसम्म तिमी मेरो दाहिने हाततर्फ बस ।”
२ परमप्रभुले सियोनबाट आफ्नो महान्
पराक्रमको राजदण्ड फैलाउनुहुनेछ;
तपाईंका शत्रुहरूका बीच तपाईंले
राज्य गर्नुहुनेछ ।
३ तपाईंका युद्धको दिनमा तपाईंका प्रजाले
स्वेच्छासाथ आ-आफूलाई दिइहाल्नेछन् ।
तपाईंका पवित्रताको वैरभावमा
सुशोभित भई,
प्रभातको गर्भबाट तपाईंका जवानहरूको
ओसलाई तपाईंले प्राप्त गर्नुहुनेछ ।

४ परमप्रभुले शपथ लिनुभएको छ,
र उहाँले आफ्नो मन बदल्नुहुनेछैन:
“तिमी सदाकालको निम्ति,
मल्कीसेदेकको दर्जाबमोजिम पूजाहारी
हौ ।”

५ परमप्रभु तिम्रो दाहिने हाततर्फ हुनुहुन्छ;
उहाँले आफ्नो क्रोधको दिनमा राजाहरूलाई
चूर पार्नुहुनेछ ।
६ उहाँले लाशको थुप्रो लगाएर
जातिहरूको न्याय गर्नुहुनेछ ।
अनि सारा पृथ्वीका शासकहरूलाई
चकनाचूर पार्नुहुनेछ ।
७ बाटो छेउको खोलाबाट उहाँले पानी
पिउनुहुनेछ;
त्यसकारण उहाँले आफ्नो शिर उच्च
पार्नुहुनेछ ।

## भजन १११

***परमप्रभुको प्रशंसा***

१ परमप्रभुको प्रशंसा गर ।
मेरो सारा हृदयले, सोझा मानिसहरूको
सभामा र समुदायमा पनि म परमप्रभुलाई
उच्च पार्नेछु ।

२ परमप्रभुका कामहरू महान् छन्;
तिनमा प्रसन्न हुनेहरू सबैले तीमाथि
चिन्तन-मनन गर्छन् ।

**१०९:८**–प्रेरित १:२०. **१०९:२५**–मत्ती २७:३९; मर्कूस १५:२९. **११०:१**–मत्ती २२:४४; मर्कूस १२:२६;
लूका २०:४२-४३; प्रेरित २:३४-३५; १ कोरिन्थी १५:२५; एफिसी १:२०-२२; कलस्सी ३:१.
**११०:१**–हिब्रू १:१३; ८:१; १०:१२-१३. **११०:४**–हिब्रू ५:६; ६:२०; ७:१७,२१.

३ उहाँका काम महिमाय र वैभवशाली छन्,
र उहाँको धार्मिकता सदाकाल रहिरहन्छ ।
४ उहाँले आफ्ना आश्‍चर्य-कर्महरूको
स्मरण गराउनुभएको छ;
परमप्रभु अनुग्रही र दयालु हुनुहुन्छ ।
५ आफूसँग डराउनेहरूलाई उहाँले भोजन
जुटाइदिनुहुन्छ;
अनि आफ्नो करारको सधैँ सम्झना
राख्नुहुन्छ ।
६ उहाँले आफ्ना प्रजालाई अरू जातिहरूको
उत्तराधिकार दिएर,
आफ्ना कार्यको शक्ति आफ्ना जनलाई
देखाउनुभएको छ,
७ उहाँका हातका काम विश्‍वासयोग्य र
न्यायपूर्ण छन्;
उहाँका नीति-वाक्य सबै विश्‍वासयोग्य
छन् ।
८ ती सदाकालको लागि अटल छन्,
विश्‍वासयोग्यता र सत्यतामा गरिएका
छन् ।
९ उहाँले आफ्ना प्रजाको निम्ति उद्धार
उपलब्ध गराउनुभयो;
उहाँले आफ्नो करार सदाकालको निम्ति
स्थिर रहोस् भनी आज्ञा दिनुभयो,
उहाँको नाउँ पवित्र र भययोग्य छ ।

१० परमप्रभुको भय बुद्धिको शुरु हो;
उहाँका आदेशहरू पालन गर्नेहरूको
समझशक्ति ठीक हुन्छ ।
उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ ।

## भजन ११२
### *प्रभुका भक्तजनको समृद्धि*

१ परमप्रभुको प्रशंसा गर ।
त्यो मानिस धन्यको हो, जसले परमप्रभुको
भय मान्दछ,
र उहाँका आज्ञाहरूमा ज्यादै प्रसन्‍न हुन्छ ।
२ त्यसको वंश देशमा शक्तिशाली हुनेछ;
सोझा मानिहरूको पुस्ताले आशिष्
पाउनेछ ।
३ त्यसका घरमा धन-सम्पत्ति रहन्छ,
र त्यसको धार्मिकता सदाकाल रहिरहन्छ ।
४ सोझा मानिसहरूको निम्ति,
साथै अनुग्रही, दयालु, करुणामय र धर्मी
मानिसहरूको निम्ति–
अन्धकारमा पनि ज्योति उदय हुन्छ ।
५ उदार-चित्तले ऋण दिने,
र इमानदारीसाथ आफ्नो कारोबार
चलाउने मानिसको भलो हुन्छ ।
६ धर्मी जन कहिल्यै पनि डगमगाउनेछैन;
त्यसको सम्झना सदासर्वदा हुनेछ ।
७ अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन;
परमप्रभुमा भरोसा गरेर त्यसको हृदय
स्थिर रहन्छ ।
८ त्यसको हृदय निर्धक्क रहन्छ, त्यसलाई
कुनै डर हुनेछैन,
अन्त्यमा, त्यसले आफ्ना शत्रुहरूलाई
विजयको दृष्टिले हेर्नेछ ।
९ दरिद्रहरूको बीच जताततै त्यसले आफ्ना
दान बाँड़िदिएको छ,
त्यसको धार्मिकता सदाकाल दिगो रहन्छ;
त्यसको शिर सम्मानपूर्वक उच्च
राखिनेछ ।

१० दुष्ट मानिस त्यो कुँड़िन्छ,
त्यसले आफ्ना दाह्रा किट्नेछ र नष्ट हुनेछ;
दुष्ट मानिसको अभिलाषा विफल हुन्छ ।

## भजन ११३
### *परमेश्‍वरको सहायता*

१ परमप्रभुको प्रशंसा गर ।

हे परमप्रभुका सेवकहरू हो, प्रशंसा गर,
परमप्रभुको नाउँको प्रशंसा गर ।
२ अहिलेदेखि लिएर सदाकालको निम्ति,
परमप्रभुको नाउँको प्रशंसा भइरहोस् ।
३ सूर्योदयदेखि सूर्यास्तसम्मै

---

**१११:१०**–अय्यूब २८:२८; हितोपदेश १:७; ९:१०. **११२:९**–२कोरिन्थी ९:९.

परमप्रभुको नाउँको प्रशंसा हुनुपर्छ ।
४ सबै जातिहरूभन्दा उच्च परमप्रभु हुनुहुन्छ,
र उहाँको महिमा आकाशभन्दा उच्च छ ।
५ परमप्रभु, हाम्रा परमेश्वरको समान को
छ र ?
उहाँ उच्च स्थानमा सिंहासनमाथि
विराजमान हुनुहुन्छ ।
६ अनि आकाश र पृथ्वीलाई हेर्न भनी
शिर निहुराएर नजर गर्नुहुन्छ ।

७ उहाँले दरिद्रलाई धूलोबाट उठाउनुहुन्छ,
र अभावग्रस्तलाई खरानीका थुप्रोबाट
उचाल्नुहुन्छ ।
८ उहाँले तिनीहरूलाई राजकुमारहरूसित,
आफ्नै प्रजाका राजकुमारहरूसित
बसाउनुहुन्छ ।
९ बाँझी स्त्रीलाई छोराछोरीकी सुखी
आमाको रूपमा स्थिर गरिदिनुहुन्छ ।

परमप्रभुको प्रशंसा गर ।

## भजन ११४

***मिश्रदेशबाट इस्राएलीहरूको छुटकारा***

१ जब इस्राएल मिश्रदेशबाट आए,
जब याकूबको घराना अन्यभाषा बोल्ने
मानिसहरूको बीचबाट निस्केर आए,
२ तब यहूदा परमेश्वरको पवित्रस्थान
र इस्राएल उहाँको राज्य भयो ।

३ समुद्रले हेर्‍यो र भाग्यो,
यर्दन नदी उल्टा बग्न लाग्यो;
४ पर्वतहरू भेड़ाहरूझैँ उफ्रन लागे,
र डाँड़ाहरू थुमाहरूझैँ कुद्न लागे ।

५ हे समुद्र, तँलाई के भयो, तँ किन भागिस् ?
हे यर्दन, तँ किन फर्केर गइस् ?
६ हे पर्वतहरू हो, तिमीहरू भेड़ाहरूझैँ,
हे डाँड़ाहरू हो, तिमीहरू भेड़ाका
पाठाहरूझैँ किन कुद्यौ ?
७ हे पृथ्वी, परमप्रभुको सामुन्ने,
याकूबका परमेश्वरको सामुन्ने थरथरी
होऊ ।
८ जसले चट्टानलाई पानीका तालमा,
र ढुङ्गेनी पहाड़लाई पानीका स्रोतमा
परिवर्तन गर्नुभयो ।

## भजन ११५

***परमप्रभु साँचो परमेश्वर***

१ हाम्रो होइन, हे परमप्रभु, हाम्रो होइन,
तर तपाईंको करुणा र विश्वसनीयताको
खातिर,
तपाईंकै नाउँको प्रशंसा होस् ।
२ जाति-जातिहरूले किन यसो भन्छन्,
"तिनीहरूका परमेश्वर कहाँ छन् ?"
३ हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ,
उहाँले जे चाहनुहुन्छ, त्यही गर्नुहुन्छ ।
४ तर तिनीहरूका मूर्तिहरू,
मानिसहरूका हातले बनाएका सुन र
चाँदी मात्र हुन् ।
५ तिनीहरूका मुख त छन्, तर बोल्न सक्दैनन्,
आँखा त छन्, तर देख्न सक्दैनन्;
६ तिनीहरूका कान छन्, तर सुन्न सक्दैनन्,
नाक छन्, तर सुँघ्न सक्दैनन्;
७ हात छन्, तर छाम्न सक्दैनन्,
खुट्टा छन, तर हिँड़न सक्दैनन्;
तिनीहरूका आफ्ना गलाबाट कुनै
आवाजै निकाल्न सक्दैनन् ।
८ तिनीहरूलाई बनाउनेहरू पनि ती मूर्तिजस्तै
हुन्छन्,
तिनीहरूमाथि भरोसा राख्नेहरू पनि
त्यस्तै हुन्छन् ।

९ हे इस्राएलका घराना, तिमीहरू परमप्रभुमा
भरोसा राख–
उहाँ नै तिनीहरूका सहायक र ढाल

**११४:१**–प्रस्थान १२:५१. **११४:३**–प्रस्थान १४:२१; यहोशू ३:१६. **११४:८**–प्रस्थान १७:१-७; गन्ती २०:२-१३.
**११५:४-८**–भजनसंग्रह १३५:१५-१८; प्रकाश ९:२०.

हुनुहुन्छ ।
१० हे हारूनका वंश,
परमप्रभुमा भरोसा राख–
उहाँ नै तिनीहरूका सहायक र ढाल
हुनुहुन्छ ।
११ उहाँसँग डराउनेहरूले परमप्रभुमा
भरोसा राखून्–
उहाँ नै तिनीहरूका सहायक र ढाल
हुनुहुन्छ ।

१२ परमप्रभुले हामीलाई सम्झनुहुन्छ,
र हामीलाई आशिष् दिनुहुनेछ:
उहाँले इस्राएलको घरानालाई आशीर्वाद
दिनुहुनेछ,
उहाँले हारूनका वंशलाई आशीर्वाद
दिनुहुनेछ ।
१३ उहाँको भय मान्ने साना-ठूला सबैलाई
परमप्रभुले आशीर्वाद दिनुहुनेछ ।

१४ परमप्रभुले तिमीहरूलाई वृद्धि गरुन्,
तिमीहरू र तिमीहरूका सन्तानलाई ।
१५ स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुले,
तिमीहरूलाई आशिष् देऊन् ।

१६ सर्वोच्च स्वर्ग परमप्रभुकै हो,
तर पृथ्वीचाहिँ उहाँले मानिस-जातिलाई
प्रदान गर्नुभएको छ ।
१७ मृतकहरूले परमप्रभुको प्रशंसा गर्दैनन्,
मृत-लोकमा जानेहरूले उहाँको प्रशंसा
गर्दैनन् ।
१८ तर हामी त अहिले र सधैँभरि,
परमप्रभुको स्तुति गर्दछौं ।

परमप्रभुको प्रशंसा गर ।

## भजन ११६

***मृत्युबाट बाँचेको मानिसको प्रार्थना***

१ म परमप्रभुलाई प्रेम गर्दछु, किनकि
उहाँले मेरो सोर सुन्नुभयो;
करुणाको निम्ति मेरो पुकार उहाँले
सुन्नुभयो ।
२ उहाँले आफ्नो कान मतिर फर्काउनुभयो,
यसकारण म बाँचुन्जेल उहाँको पुकार
गर्नेछु ।

३ मृत्युका पासोहरूले मलाई घेरेका थिए,
र चिहानको पीडा ममाथि आइलाग्यो,
दु:ख र शोकले मलाई छोप्यो ।
४ तब मैले परमप्रभुका नाउँमा पुकार गरें:
"हे परमप्रभु, मलाई बचाउनुहोस् ।"

५ परमप्रभु अनुग्रही र धार्मिक हुनुहुन्छ;
हाम्रा परमेश्वर करुणाले पूर्ण हुनुहुन्छ ।
६ सोझो मन भएकालाई परमप्रभुले रक्षा
गर्नुहुन्छ;
जब म अति अभावमा परेको थिएँ,
उहाँले मलाई बचाउनुभयो ।
७ हे मेरो प्राण, फेरि एक पल्ट विश्राम गर,
किनकि परमप्रभुले तेरो उपकार गर्नुभएको
छ ।
८ किनकि हे परमप्रभु, तपाईंले मेरो
प्राणलाई मृत्युबाट,
मेरो आँखालाई आँसुबाट,
र मेरा खुट्टालाई ठेस लाग्नबाट
जोगाउनुभएको छ ।
९ किनकि म जीवितहरूका देशमा,
परमप्रभुको सामुन्ने हिँड्डुल गर्नेछु ।
१० मैले विश्वास गरेथें, यसैले मैले भनें-
"म महाकष्टमा परेको छु ।"
११ अनि आफ्नो व्याकुलतामा मैले भनें-
"सबै मानिस झूटा छन् ।"

१२ परमप्रभुको उत्तमताको साटोमा,
म उहाँलाई के फिर्ता दिन सक्छु ?
१३ म उद्धारको कचौरा उठाउनेछु,
र परमप्रभुको नाउँको पुकार गर्नेछु ।
१४ परमप्रभुका सारा प्रजाहरूका सम्मुख
उहाँप्रति गरिएका मेरा भाकल म पूरा
गर्नेछु ।

---

**११५:१३**–प्रकाश ११:१८; १९:५. **११६:१०**–२ इतिहास ४:१३.

१५ परमप्रभुका नजरमा,
उहाँका पवित्रजनहरूको मृत्यु अनमोल छ ।
१६ हे परमप्रभु, साँच्चै नै म तपाईंको सेवक हुँ;
म तपाईंको दास, तपाईंकी नोकर्नीको छोरो हुँ,
मेरो बन्धनबाट तपाईंले मलाई छुटाउनुभएको छ ।

१७ म तपाईंलाई धन्यवादको बलि चढ़ाउनेछु,
र परमप्रभुका नाउँमा पुकार गर्नेछु ।
१८ परमप्रभुलाई गरेको मेरो भाकल,
उहाँका सारा प्रजाको सामुन्ने,
म पूरा गर्नेछु ।
१९ परमप्रभुका भवनको चोकमा,
हे यरूशलेम, तेरो बीचमा, म त्यो पूरा गर्नेछु ।

परमप्रभुको प्रशंसा गर ।

## भजन ११७

### *परमप्रभुको स्तुति*

१ हे सबै जातिका मानिस हो,
परमप्रभुको प्रशंसा गर;
हे सबै जन हो, उहाँको जयजयकार गर ।
२ किनकि हामीप्रति उहाँको करुण अपार छ,
र परमप्रभुको विश्वासयोग्यता सधैंको निम्ति रहिरहन्छ ।

परमप्रभुको प्रशंसा गर ।

## भजन ११८

### *उद्धारको निम्ति धन्यवादको भजन*

१ परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनकि उहाँ भलो हुनुहुन्छ;
उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।
२ इस्राएलले भनोस्:
"उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।"
३ हारूनको वंशले भनोस्:
"उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।"
४ उहाँको भय मान्नेहरूले भनून्:
"उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।"

५ मेरो कष्टमा मैले परमप्रभुलाई पुकारें,
र उहाँले मलाई जवाफ दिनुभयो,
अनि मलाई मुक्त गर्नुभयो ।
६ परमप्रभु मेरो साथमा हुनुहुन्छ,
म डराउनेछैन,
मानिसले मलाई के गर्न सक्छ र ?
७ परमप्रभु मेरो साथमा हुनुहुन्छ,
उहाँ मेरा सहायक हुनुहुन्छ,
म मेरो शत्रुहरूलाई विजयको दृष्टिले हेर्नेछु ।

८ मानिसमा भरोसा गर्नुभन्दा त
परमप्रभुमा शरण लिनु बढ़ी असल हो ।
९ राजकुमारहरूमा भरोसा गर्नुभन्दा त
परमप्रभुमा शरण लिनु बढ़ी असल हो ।

१० सबै जातिहरूले मलाई घेरे,
तर परमप्रभुका नाउँमा मैले
तिनीहरूलाई नष्ट पारें ।
११ तिनीहरूले मलाई चारैपट्टिबाट घेरे,
तर परमप्रभुका नाउँमा मैले
तिनीहरूलाई नाश पारें ।
१२ तिनीहरूले मलाई मौरीले झैं चारैपट्टिबाट घेरे,
तर तिनीहरू काँड़ामा लागेका आगोझैं निभिहाले;
परमप्रभुका नाउँमा मैले तिनीहरूलाई नष्ट पारें ।

१३ म बलपूर्वक पछाड़ि घचेटिएँ,
र लड्न लागेको थिएँ,
तर परमप्रभुले मलाई सहायता गर्नुभयो ।
१४ परमप्रभु मेरा शक्ति र भजन हुनुहुन्छ,
उहाँ मेरो उद्धार हुनुभएको छ ।

---

**११७:१**–रोमी १५:११. **११८:१**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; १३६:१; यर्मिया ३३:११. **११८:६**–हिब्रू १३:६. **११८:१४**–प्रस्थान १५:२; यशैया १२:२.

१५ धर्मीहरूका पालमा हर्ष र विजयको सोर
गुञ्जन्छ:
"परमप्रभुका दाहिने बाहुलीबाट पराक्रमका
काम भएका छन् !
१६ परमेश्वरका दाहिने बाहुली उच्च
पारिएको छ;
परमप्रभुका दाहिने बाहुलीबाट पराक्रमी
कामहरू भएका छन् ।"

१७ म मर्नेछैन, तर जीवित रहनेछु
र परमप्रभुले के गर्नुभएको छ,
त्यो घोषणा गर्नेछु ।
१८ परमप्रभुले मलाई कठोर दण्ड दिनुभएको छ,
तर उहाँले मलाई मृत्युको अधीनमा
छोड्नुभएको छैन ।

१९ मेरो निम्ति धार्मिकताका ढोकाहरू
खोलिदिनुहोस्;
म भित्र पस्नेछु र परमप्रभुलाई धन्यवाद
दिनेछु ।
२० परमप्रभुको ढोका यही हो,
जसबाट धर्मी जनहरू प्रवेश गर्नेछन् ।
२१ म तपाईंलाई धन्यवाद दिनेछु,
किनकि तपाईंले मलाई जवाफ दिनुभयो,
तपाईं मेरो उद्धार हुनुभएको छ ।

२२ जुन ढुङ्गालाई डकर्मीहरूले रद्द गरे,
त्यही नै कुनाको शिर-ढुङ्गो बन्यो ।
२३ त्यो परमप्रभुले गर्नुभएको हो,
अनि हाम्रा दृष्टिमा आश्‍चर्यमय छ ।
२४ आजको दिन परमप्रभुले सृजनुभएको हो,
यसमा हामी आनन्द मनाऔं र रमाऔं ।

२५ हे परमप्रभु, हामीलाई बचाउनुहोस्;
हे परमप्रभु, हामीलाई सफलता दिनुहोस् ।
२६ परमप्रभुका नाउँमा आउने धन्यका हुन्,
हामी तिमीहरूलाई परमप्रभुका भवनबाट
आशीर्वाद दिन्छौं ।
२७ परमप्रभु नै परमेश्वर हुनुहुन्छ,
र उहाँले आफ्नो ज्योति हामीमाथि
चम्काउनुभएको छ ।
हातमा स्याउला लिएर शोभायात्रामा
वेदीका सीङहरूसम्म हर्षसाथ जाओ ।

२८ तपाईं मेरा परमेश्वर हुनुहुन्छ,
र म तपाईंलाई धन्यवाद चढाउनेछु;
तपाईं मेरा परमेश्वर हुनुहुन्छ,
र म तपाईंलाई उच्च पार्नेछु ।

२९ परमप्रभुलाई धन्यवाद चढ़ाओ,
किनकि उहाँ भलो हुनुहुन्छ;
उहाँको करुणा सधैंभरि रहिरहन्छ ।

## भजन ११९

***परमप्रभुको व्यवस्थामाथि मनन***

अलेफ

१ तिनीहरू धन्यका हुन्, जसका चाल
निर्दोष छन्,
र जो परमप्रभुका व्यवस्थामा चल्दछन् ।
२ तिनीहरू धन्यका हुन्,
जसले उहाँका व्यवस्था-विधि पालन गर्दछन्,
र आफ्ना पूरा हृदयले उहाँलाई खोज्दछन् ।
३ तिनीहरूले केही अधर्म गर्दैनन्;
तिनीहरू उहाँका मार्गमा हिँड्दछन् ।
४ हामीले पूर्ण रूपले पालन गरौं भनी,
तपाईंले आफ्ना नीति-वाक्य दिनुभयो ।
५ तपाईंका विधिहरू पालन गर्नलाई,
मेरा आचरण दृढ़ भइदिए कति असल
हुनेथियो !
६ तब तपाईंको सम्पूर्ण आज्ञाहरूमाथि
मनन गरेर म शर्ममा पर्ने थिइनँ ।
७ जब म तपाईंका धार्मिक नियमहरू
सिक्तछु,
तब म सोझो मनले तपाईंको प्रशंसा
गर्नेछु ।
८ म तपाईंका आज्ञाहरू पालन गर्नेछु;
मलाई पूर्ण रूपले नत्याग्नुहोस् ।

---

**११८:२२**–लूका २०:१७; प्रेरित ४:११; १ पत्रुस २:७. **११८:२२–२३**–मत्ती २१:४२; मर्कूस १२:१०-११.
**११८:२५**–मत्ती २१:९; मर्कूस ११:९; यूहन्ना १२:१३. **११८:२६**–मत्ती २१:९; २३:३९; मर्कूस ११:९;
लूका १३:३५; १९:३८. यूहन्ना १२:१३.

वेथ

९ जवान मानिसले कसरी आफ्ना चालचलन पवित्र राख्न सक्छ ?
तपाईंको वचनअनुसार जीवन निर्वाह गरेर नै हो ।
१० म आफ्नो पूरा हृदयले तपाईंलाई खोज्छु; तपाईंको आज्ञाहरूबाट तर्केर मलाई कुबाटोतिर लाग्न नदिनुहोस् ।
११ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।
१२ हे परमप्रभु, तपाईंको प्रशंसा होस्; मलाई तपाईंको विधिहरू सिकाउनुहोस् ।
१३ तपाईंको मुखबाट निस्केका सम्पूर्ण नियमहरू मैले मेरा ओठले वर्णन गरेको छु ।
१४ धेरै धन-सम्पत्तिमा आनन्द गरेझैं, म तपाईंको व्यवस्था-विधि पालन गर्नमा हर्षित हुन्छु ।
१५ तपाईंको आदेशहरू माथि म मनन गर्छु, र तपाईंका शिक्षामा ध्यान दिनेछु ।
१६ म तपाईंको आदेशहरूमा रमाउनेछु; र तपाईंको वचन म बिर्सनेछैन ।

गिमेल

१७ आफ्ना दासलाई उपकार गर्नुहोस्, र म जीवित रहनेछु;
अनि तपाईंको वचन पालन गर्नेछु ।
१८ मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाबाट उदेकका कुराहरू देख्न सकूँ ।
१९ म त पृथ्वीमा एक परदेशी हुँ; मबाट तपाईंका आज्ञाहरू नलुकाउनुहोस् ।
२० तपाईंको नियमहरू जान्नलाई मेरो प्राण सधैं तिर्खाएको हुन्छ ।
२१ ती अहंकारीलाई, जो श्रापित छन्, र तपाईंको आज्ञाहरूबाट तर्केर हिँड्दछन्, त्यस्तालाई तपाईंले हप्काउनुहुन्छ ।
२२ मबाट तिनीहरूका गिल्ला र लाञ्छना हटाउनुहोस्, किनकि म तपाईंको व्यवस्था-विधि पालन गर्दछु ।
२३ शासकहरू एकसाथ बसेर मेरो निन्दा गरे तापनि तपाईंको सेवकले तपाईंको आदेशमा ध्यान दिनेछ ।
२४ तपाईंको व्यवस्था-विधि मेरा आनन्द हुन्; ती मेरा सल्लाहकार हुन् ।

दालथ

२५ मेरो प्राण धूलोमा मिलेको छ; आफ्ना वचनअनुसार मेरो प्राणको रक्षा गर्नुहोस् ।
२६ मैले आफ्ना चालचलनहरू बताएँ, र तपाईंले मलाई जवाफ दिनुभयो; मलाई तपाईंको आदेशहरू सिकाउनुहोस् ।
२७ मलाई तपाईंको आदेशहरूको अर्थ बुझ्न दिनुहोस्;
तब म तपाईंको उदेकका कामहरूमाथि ध्यान दिनेछु ।
२८ शोकले गर्दा मेरो प्राण थाकेको छ; आफ्ना वचनअनुसार मलाई बलियो पार्नुहोस् ।
२९ मलाई छल पूर्ण मार्गबाट जोगाउनुहोस्; तपाईंको व्यवस्थाद्वारा मतर्फ अनुग्रही बन्नुहोस् ।
३० मैले त सत्यको मार्ग छानेको छु, तपाईंको नियम मैले मेरो हृदयको सामुन्ने राखेको छु ।
३१ म तपाईंको व्यवस्था-विधिमा लागिरहन्छु; हे परमप्रभु, मलाई शर्ममा पर्न नदिनुहोस् ।
३२ म तपाईंको आज्ञाहरूका मार्गमा दौड्न्छु । किनकि तपाईंले मेरो हृदयलाई स्वतन्त्र तुल्याउनुभएको छ ।

हे

३३ हे परमप्रभु, मलाई तपाईंका आदेशहरू पालन गर्न सिकाउनुहोस्;
तब म अन्त्यसम्मै ती पालन गर्नेछु ।
३४ मलाई समझशक्ति दिनुहोस्, र म

तपाईंको व्यवस्थाअनुसार चल्नेछु,
अनि सम्पूर्ण हृदयले म त्यसलाई पालन गर्नेछु ।
३५ तपाईंका आज्ञाहरूका मार्गमा मलाई हिँड़ाउनुहोस्,
किनकि म त्यसैमा आनन्द पाउँछु ।
३६ स्वार्थी लाभतर्फ होइन,
तर तपाईंको व्यवस्था-विधितर्फ मेरो मन फर्काउनुहोस् ।
३७ व्यर्थका कुराहरूबाट मेरा आँखा फर्काउनुहोस्;
तपाईंको वचनअनुसार मेरो प्राणको रक्षा गर्नुहोस् ।
३८ आफ्नो सेवकलाई दिनुभएको प्रतिज्ञा पूरा गर्नुहोस्,
र तपाईंको डर म मान्नेछु ।
३९ जुन अपमानबाट म ड़राउँछु,
त्यो मबाट हटाउनुहोस्
किनकि तपाईंका नियमहरू उत्तम छन् ।
४० हेर्नुहोस्, म तपाईंका आदेशहरूको कति तिर्सना गर्दछु !
तपाईंको धार्मिकतामा मेरो प्राणको रक्षा गर्नुहोस् ।

वाव

४१ हे परमप्रभु, तपाईंको अचूक कृपा मलाई मिलोस्,
र तपाईंले प्रतिज्ञा गर्नुभएको उद्धार मकहाँ आओस् ।
४२ तब मलाई गिल्ला गर्नेहरूलाई म जवाफ दिनेछु,
किनकि म तपाईंको वचनमा भरोसा राख्दछु ।
४३ मेरा मुखबाट सत्य वचन नखोसिदिनुहोस्,
किनकि मैले तपाईंको व्यवस्थामा आफ्नो आशा राखेको छु ।
४४ म तपाईंको व्यवस्था सदासर्वदा पालन गर्नेछु ।
४५ म स्वतन्त्र भएर हिँड़डुल गर्नेछु,
किनकि मैले तपाईंको आदेशहरू खोजी गरेको छु ।
४६ म तपाईंको व्यवस्था-विधिहरूका विषयमा राजाहरूका सामुन्ने बोल्नेछु,
अनि म लाजमा पर्नेछैन ।
४७ किनकि म तपाईंको आज्ञाहरूमा रमाउँछु,
र म तिनलाई प्रेम गर्दछु ।
४८ मैले प्रेम गरेका तपाईंका आज्ञाहरूतर्फ मेरो आफ्नो हात उचाल्दछु,
र म तपाईंको विधिहरूमाथि मनन गर्दछु ।

जाइन्

४९ तपाईंको दासलाई आफ्ना वचनको सम्झना गराउनुहोस्,
किनकि तपाईंले मलाई आशा दिनुभएको छ ।
५० मेरो कष्टमा मलाई यही सान्त्वना छः
तपाईंका प्रतिज्ञाले मेरो प्राणको रक्षा गर्छ ।
५१ अहङ्कारीहरू स्वच्छन्द भएर मेरो हाँसो गर्छन्,
तर म तपाईंको व्यवस्थाबाट हटेको छैन ।
५२ म तपाईंको पुराना व्यवस्थाको स्मरण गर्दछु,
अनि हे परमप्रभु, म तिनमा सान्त्वना पाउँछु ।
५३ तपाईंको व्यवस्था त्याग्ने दुष्टहरूले गर्दा मलाई औधी रीस उठेको छ ।
५४ म जहाँ बसोबास गरे पनि,
तपाईंको विधिहरू मेरो गीतका विषयवस्तु भएका छन् ।
५५ हे परमप्रभु, राती म तपाईंको नाउँको स्मरण गर्दछु,
अनि तपाईंको व्यवस्था म पालन गर्नेछु ।
५६ यो मेरो चलन हुन गएको छ,
म तपाईंको आदेशहरू पालन गर्छु ।

हेथ

५७ हे परमप्रभु, तपाईं मेरो भाग हुनुहुन्छ;
तपाईंको वचन पालन गर्ने मैले प्रतिज्ञा गरेको छु ।
५८ मैले आफ्नो सम्पूर्ण हृदयले तपाईंको मुहारको खोजिगरेको छु;

तपाईंको प्रतिज्ञाअनुसार ममाथि अनुग्रह
गर्नुहोस् ।
५९ मैले आफ्नो आचरणको विषयमा विचार
गरेको छु,
र आफ्ना कदम तपाईंको कानूनतर्फ
चालेको छु ।
६० तपाईंको आज्ञाहरू पालन गर्नलाई म
हतारिनेछु,
ढीलो गर्नेछैनँ ।
६१ दुष्टहरूले मलाई डोरीले बाँधे तापनि,
म तपाईंको व्यवस्थालाई बिर्सनेछैनँ ।
६२ तपाईंका धार्मिक नियमहरूका खातिर म
मध्यरातमा तपाईंमा धन्यवाद चढ़ाउन
उठ्छु ।
६३ तपाईंको भय मान्नेहरू र तपाईंका
आदेशहरू पालन गर्नेहरू सबैको म
मित्र हुँ ।
६४ हे परमप्रभु, पृथ्वी तपाईंको प्रेमले
परिपूर्ण छ;
मलाई तपाईंका आदेशहरू सिकाउनुहोस् ।

तेथ

६५ हे परमप्रभु, तपाईंले आफ्नो
वचनअनुसार,
आफ्नो दासको भलाइ गर्नुहोस् ।
६६ मलाई ज्ञान र बुद्धिका कुरा सिकाउनुहोस्,
किनकि म तपाईंको आज्ञाहरूमाथि
विश्वास गर्दछु ।
६७ दु:ख पाउनुअघि, मैले बाटो बिराएको थिएँ,
तर अब म तपाईंको वचन पालन गर्दछु ।
६८ तपाईं भलो हुनुहुन्छ, अनि भलाइ गर्नुहुन्छ;
मलाई तपाईंका विधिहरू सिकाउनुहोस् ।
६९ अहङ्कारीहरूले मेरोविरुद्धमा झूटा कुरा
रचेका छन्,
तापनि म आफ्नो पूरा हृदयले तपाईंका
आदेशहरू पालन गर्दछु ।
७० तिनीहरूका हृदय निष्ठुर र निर्दयी
भएका छन्,
तर म तपाईंको व्यवस्थामा प्रसन्न हुन्छु ।
७१ ममाथि क्लेशहरू आइपरेका असलै भयो,
ताकि म तपाईंका विधिहरू सिक्न सकूँ ।
७२ तपाईंको मुखबाट निस्केका व्यवस्था,
मेरो निम्ति हजारौं चाँदी र सुनका
टुक्राभन्दा ज्यादा मूल्यवान् छन् ।

योध

७३ तपाईंका हातले मलाई बनाए,
र मलाई आकार दिए,
तपाईंको आज्ञाहरू बुझ्ने मलाई
समझशक्ति दिनुहोस् ।
७४ तपाईंको भय मान्नेहरू मलाई देखेर
खुशी होऊन्,
किनकि मैले तपाईंको वचनमा आफ्नो
आशा राखेको छु ।
७५ हे परमप्रभु तपाईंका नियम धार्मिक छन्,
अनि आफ्नो विश्वसनियतामा तपाईंले
मलाई दु:ख दिनुभएको छ भनी म
जान्दछु ।
७६ तपाईंको अचूक कृपा मेरो निम्ति
सान्त्वना बनोस्,
जुन कुरा आफ्नो दासलाई तपाईंले
दिनुभएको प्रतिज्ञाअनुसार हुनेछ ।
७७ तपाईंको करुणा ममाथि रहोस् र म
जीवित रहन सकूँ,
किनकि तपाईंको व्यवस्था मेरो आनन्द हो ।
७८ विनाकारण मलाई हानि पुर्‍याएको
हुनाले अहङ्कारीहरू शर्ममा परून्;
तर म तपाईंको आदेशहरूमाथि ध्यान
गर्नेछु ।
७९ तपाईंको भय मान्नेहरू,
र तपाईंका व्यवस्था बुझ्नेहरू म तर्फ
फकूर्न ।
८० तपाईंका आज्ञाहरूप्रति म निष्खोट रहन
सकूँ,
र मलाई लज्जित हुन नपरोस् ।

काफ

८१ मेरो प्राण तपाईंको उद्धार प्राप्त गर्नलाई
व्याकुल छ,
तर मैले आफ्नो आशा तपाईंको
वचनमाथि राखेको छु ।

८२ तपाईंको प्रतिज्ञाको प्रतिक्षा गर्दा-गर्दै
मेरा आँखा धमिला भइसकेका छन् ।
म भन्दछु, "तपाईंले मलाई कहिले
सान्त्वना दिनुहुन्छ ?"
८३ धूवाँमा राख्दाराख्दा खुम्चिएको
दाखमद्यको मशकजस्तो म भइसकेको छु,
तापनि तपाईंको विधिहरू मैले बिर्सेको
छैनँ ।
८४ तपाईंको दासले कहिलेसम्म पर्खनुपर्छ,
मलाई खेदो गर्नेहरूलाई कहिले दण्ड
दिनुहुन्छ ?
८५ अहङ्कारीहरूले तपाईंको व्यवस्था विरुद्ध,
मेरो निम्ति खाड़ल खनेका छन् ।
८६ तपाईंको आज्ञाहरू सबै भरपर्दा छन्;
मलाई मद्दत गर्नुहोस्,
मानिसहरूले विनाकारण मलाई
सताउँछन् ।
८७ तिनीहरूले झण्डै मलाई पृथ्वीबाट नाश
गरे,
तर मैले तपाईंको आदेशहरू त्यागेको
छैन ।
८८ तपाईंको करुणाअनुसार मेरो प्राणको रक्षा
गर्नुहोस्,
र म तपाईंको मुखबाट निस्केका
कानूनहरू पालन गर्नेछु ।

लामेध

८९ हे परमप्रभु, तपाईंको वचन अनन्त छ,
ती आकाशमा स्थिर भइरहेका छन् ।
९० तपाईंको विश्वसनियता पुस्तौंसम्म रहिरहन्छ;
तपाईंले पृथ्वी स्थापित गर्नुभयो, अनि
त्यो स्थिर छ ।
९१ तपाईंका विधाहरू आजको दिनसम्म
स्थिर छन्,
किनकि सब थोकले तपाईंको सेवा गर्दछन् ।
९२ तपाईंको व्यवस्थामा मेरो निम्ति आनन्द
नहुँदो हो त,
म आफ्ना कष्टमा नष्ट भइसक्ने थिएँ ।
९३ म कहिल्यै तपाईंको आदेशहरू बिर्सनेछैनँ,
किनकि तीद्वारा नै, तपाईंले मेरो
जीवनको रक्षा गर्नुभएको छ ।
९४ मलाई बचाउनुहोस्, किनकि म तपाईंकै हुँ;
मैले तपाईंका आदेशहरूको खोजी
गरेको छु ।
९५ दुष्टहरू मलाई नाश पार्नलाई
ढुकीबसेका छन्,
तर म तपाईंको कानूनहरूमा ध्यान
दिनेछु ।
९६ सिद्ध थोकहरूको पनि सिमा भएको मैले
देखेको छु,
तर तपाईंका आज्ञाहरू असीमित छन् ।

मेम

९७ आहा, म तपाईंको व्यवस्थालाई कस्तो
प्रेम गर्दछु !
सारा दिन म त्यसमाथि ध्यान गर्दछु ।
९८ तपाईंको आज्ञाहरू सदाकाल मसँग छन्,
र तिनले मेरा शत्रुहरूभन्दा मलाई
बुद्धिमान् तुल्याउँछन् ।
९९ मेरा सबै शिक्षकहरू भन्दा मेरो
अन्तर्ज्ञान ज्यादा छ,
किनकि म तपाईंको कानूनहरूमाथि
मनन गर्दछु ।
१०० मेरा सबै धर्म-गुरुहरूको भन्दा मेरो
ज्यादा समझशक्ति छ,
किनकि म तपाईंको आदेशहरू पालन
गर्दछु ।
१०१ तपाईंको वचन पालन गर्न सकूँ भनेर
मैले आफ्ना गोड़ालाई हरेक खराब
मार्गबाट अलग राखेको छु ।
१०२ म तपाईंको नियमहरूबाट तर्किहिँड़ेको
छैनँ,
किनकि तपाईंले नै ती मलाई
सिकाउनुभएको हो ।
१०३ तपाईंको वचनहरू मेरो जिब्रोमा अति
स्वादिष्ट छन्,
मह भन्दा पनि मेरा मुखमा ती बढ़ी
मीठा छन् !
१०४ तपाईंको आदेशहरूबाट म समझशक्ति
प्राप्त गर्दछु;

यसकारण म सबै झूटा मार्गहरू घृणा
गर्दछु ।

नुन

१०५ तपाईंको वचन मेरा खुट्टाको निम्ति बत्ती,
र मेरो बाटोको निम्ति उज्यालो हो ।
१०६ मैले यो शपथ खाएर त्यसलाई पक्का
गरेको छु,
कि म तपाईंको धार्मिक नियमहरू पालन
गर्नेछु ।
१०७ मैले साह्रै कष्ट पाएको छु;
हे परमप्रभु, आफ्ना वचनअनुसार
मेरो प्राणको रक्षा गर्नुहोस् ।
१०८ हे परमप्रभु, स्वेच्छाले मैले आफ्नो
मुखले चढ़ाएका प्रशंसा ग्रहण गर्नुहोस्,
र मलाई तपाईंका नियमहरू
सिकाउनुहोस् ।
१०९ मेरो प्राण निरन्तर जोखिममा रहन्छ
तापनि,
म तपाईंको व्यवस्था बिर्सन्नँ ।
११० दुष्टहरूले मेरो निम्ति पासो थापेका छन्,
तर म तपाईंको आदेशहरूबाट हटेको
छैनँ ।
१११ तपाईंका कानूनहरू सदाकालको निम्ति
मेरा मूल्यवान् सम्पत्ति भएका छन् ।
तिनले मेरो हृदयलाई हर्षित तुल्याउँछन् ।
११२ तपाईंका विधिहरू अन्त्यसम्मै पालन
गर्न मेरो हृदयले निश्चय गरेको छ ।

समेख

११३ दोहोरो मन भएका मानिसहरूलाई म
घृणा गर्दछु,
तर म तपाईंको व्यवस्थालाई प्रेम गर्दछु ।
११४ तपाईं मेरा शरणस्थान र मेरा ढाल
हुनुहुन्छ;
तपाईंको वचनमाथि मैले आफ्नो आशा
राखेको छु ।
११५ हे दुष्कर्मीहरू हो, मबाट टाढ़ा जाओ,
र म मेरा परमेश्वरका आज्ञाहरू
पालन गर्न सकूँ !
११६ तपाईंको प्रतिज्ञाअनुसार मलाई
थामिराख्नुहोस्,
र म जीवित रहूँ,
अनि मेरो आशा चकनाचूर हुन
नदिनुहोस् ।
११७ मलाई थाम्नुहोस्, र मेरो उद्धार हुनेछ;
म सधैं तपाईंको विधिहरूको आदर
गर्नेछु ।
११८ तपाईंका विधिहरूबाट बरालिनेहरूलाई
तपाईंले इन्कार गर्नुहुन्छ,
किनकि तिनीहरूको धूर्तता व्यर्थको
ठहर्छ ।
११९ पृथ्वीका सबै दुष्टहरूलाई तपाईंले
कसिङ्गरझैं फालिदिनुहुन्छ;
यसैले म तपाईंको कानूनहरूलाई प्रेम
गर्दछु ।
१२० तपाईंको डरले मेरो शरीर काम्दछ;
म तपाईंका नियमहरूले भयभित हुन्छु ।

ऐयिन

१२१ मैले धार्मिक र न्यायपूर्ण आचरण पालन
गरेको छु;
मलाई अत्याचार गर्नेहरूका हातमा
नछोड़िदिनुहोस् ।
१२२ आफ्नो दासको भलाइको जिम्मा
तपाईंले लिनुहोस्,
अहङ्कारीहरूले मलाई थिचोमिचो गर्न
नपाऊन् ।
१२३ तपाईंको उद्धार र तपाईंको धार्मिक
प्रतिज्ञाको प्रतिक्षा गर्दागर्दै,
मेरा आँखा धमिला भइसकेका छन् ।
१२४ आफ्नो कृपाअनुसार आफ्नो दाससँग
व्यवहार गर्नुहोस्,
अनि मलाई तपाईंका विधिहरू
सिकाउनुहोस् ।
१२५ म तपाईंको सेवक हुँ, मलाई विवेक दिनुहोस्,
र म तपाईंको कानूनहरू बुझ्न सकूँ ।
१२६ हे परमप्रभु, अब तपाईंले काम गर्ने
समय आएको छ;
तपाईंको व्यवस्था भङ्ग हुँदैछ ।

१२७ किनकि मैले तपाईंको आज्ञाहरूलाई सुन,
र निखुर सुनभन्दा पनि बढ़ी प्रेम गर्दछु,
१२८ अनि म तपाईंको सम्पूर्ण आदेशहरू
उचित ठान्दछु,
म हरेक झूटो शिक्षालाई घृणा गर्दछु ।

पे

१२९ तपाईंको कानूनहरू आश्चर्यपूर्ण छन्;
यसकारण म सारा हृदयले ती पालन
गर्दछु ।
१३० तपाईंका वचनको अर्थ खोलिँदा ज्योति
चम्कन्छ;
त्यसले सिधासादा मानिसहरूलाई
समझशक्ति दिन्छ ।
१३१ आफ्नो मुख खोल्छु, र तृष्णा गर्दछु,
किनकि म तपाईंका आज्ञाहरूको प्यासी
छु ।
१३२ मतिर फर्कनुहोस् र ममाथि दया गर्नुहोस्,
जसरी तपाईंको नाउँसँग प्रेम
गर्नेहरूलाई तपाईं दया गर्नुहुन्छ ।
१३३ तपाईंको वचनअनुसार मेरा पाइलाहरू
डोऱ्याउनुहोस्;
र कुनै पापले ममाथि राज्य गर्न
नपाओस् ।
१३४ मानिसका अत्याचारबाट मलाई मोल
तिरेर छुटकारा दिनुहोस्,
र म तपाईंका आदेशहरू पालन गर्न
सकूँ ।
१३५ तपाईंको दासमाथि आफ्नो मोहोड़ा
चम्काउनुहोस्, र तपाईंका विधिहरू
मलाई सिकाउनुहोस् ।
१३६ मेरा आँखाबाट आँसुका धारा बग्छन्,
किनकि तपाईंको व्यवस्था पालन
गरिएको छैन ।

साधे

१३७ हे परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ,
अनि तपाईंका नियमहरू सत्य छन् ।
१३८ तपाईंले स्थापित गर्नुभएको कानूनहरू
धार्मिक छन्;
तिनीहरू पूर्णरुपले भरपर्दा छन् ।
१३९ मेरो जोशले मलाई खाइसकेको छ,
किनकि मेरा शत्रुहरूले तपाईंका
वचनहरूको वास्ता गर्दैनन् ।
१४० तपाईंको प्रतिज्ञाहरू सम्पूर्णरुपले जाँच
गरिएका छन्,
र तपाईंको दासले तिनलाई प्रेम गर्दछ ।
१४१ म क्षुद्र र तुच्छ छु,
तापनि म तपाईंको आदेशहरू बिर्सन्नँ ।
१४२ तपाईंको धार्मिकता अविनाशी छ,
अनि तपाईंको व्यवस्था सत्य छ ।
१४३ ममाथि दु:ख र कष्ट आइलागेका छन्,
तर तपाईंको आज्ञाहरू मेरो निम्ति हर्षका
कुराभएका छन् ।
१४४ तपाईंका कानूनहरू सदाकालको निम्ति
न्याय-सङ्गत छन्;
मलाई समझशक्ति दिनुहोस् र म
जीवित रहन सकूँ ।

कोफ

१४५ म आफ्नो पूरा हृदयले तपाईंलाई पुकार्दछु;
हे परमप्रभु, मलाई जवाफ दिनुहोस्,
र म तपाईंको आदेश पालन गर्नेछु ।
१४६ म तपाईंलाई पुकारा गर्दछु,
मलाई बचाउनुहोस्,
अनि म तपाईंका कानूनहरू पालन
गरिरहनेछु ।
१४७ म सूर्योदय हुन अघि उठेर मद्दतको
लागि पुकार गर्छु;
मैले तपाईंको वचनमाथि भरोसा राखेको
छु ।
१४८ म तपाईंको प्रतिज्ञाहरूमाथि मनन गरूँ
भनेर मेरा आँखा रातका पहरहरूमा
खुल्ला रहन्छन् ।
१४९ तपाईंको करुणाअनुसार मेरो सोर
सुन्नुहोस्;
हे परमप्रभु, तपाईंको नियमअनुसार
मेरो प्राणलाई रक्षा गर्नुहोस् ।
१५० कुचेष्टा रच्ने दुष्टहरू नजीक
आइसकेका छन्,

तर तिनीहरू तपाईंको व्यवस्थाबाट
टाढ़ा छन् ।
१५१ हे परमप्रभु, तपाईं नजीकै हुनुहुन्छ,
र तपाईंका सबै आज्ञाहरू सत्य छन् ।
१५२ धेरै दिन अघिदेखि नै मैले तपाईंको
कानूनहरूबाट सिकें,
कि तपाईंले तिनीहरूलाई सदाकालको
निम्ति स्थापित गर्नुभएको छ ।

रेश

१५३ मेरा दु:खलाई हेर्नुहोस् र मलाई
छुटकारा दिनुहोस्,
किनकि मैले तपाईंको व्यवस्थालाई
बिर्सेको छैनँ ।
१५४ मेरो मुद्दामा मेरो पक्षमा बहस
गर्नुहोस्, र मेरो उद्धार गर्नुहोस्;
तपाईंको प्रतिज्ञाअनुसार मेरो प्राण
जोगाइदिनुहोस् ।
१५५ दुष्टहरूबाट उद्धार टाढ़ा छ,
किनकि तिनीहरूले तपाईंका
विधिहरूको खोजी गर्दैनन् ।
१५६ हे परमप्रभु, तपाईंको कोमल कृपा
महान् छ,
तपाईंका नियमअनुसार मेरो प्राणको
रक्षा गर्नुहोस् ।
१५७ मलाई सताउने वैरीह" अनेक छन्,
तापनि तपाईंका कानूनहरूबाट म
तर्केको छैनँ ।
१५८ विश्वासघातीहरूलाई म घृणाको
दृष्टिले हेर्छु,
किनकि तिनीहरूले तपाईंको वचन
पालन गर्दैनन् ।
१५९ हेर्नुहोस्, म कसरी तपाईंको
आदेशहरूलाई प्रेम गर्दछु;
हे परमप्रभु, तपाईंको करुणाअनुसार
मेरो प्राणको रक्षा गर्नुहोस् ।
१६० तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्;
तपाईंका सबै धार्मिक नियम अनन्तका
छन् ।

शीन

१६१ विनाकारण शासकहरूले मलाई खेदो
गर्दछन्,
तर मेरो हृदयले तपाईंका वचनको भय
मान्दछ ।
१६२ जसरी लूटको ठूलो धन पाउने व्यक्ति
रमाउँछ,
म तपाईंको प्रतिज्ञामा रमाउँदछु ।
१६३ झूटलाई म घृणा गर्दछु र तुच्छ
ठान्दछु,
तर म तपाईंको व्यवस्थालाई प्रेम गर्दछु ।
१६४ तपाईंको धार्मिक नियमहरूको निम्ति
म दिनमा सात पल्ट तपाईंको प्रशंसा
गर्दछु ।
१६५ तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई
ठूलो शान्ति हुन्छ,
तिनीहरूले ठेस खाने कुनै कारण
रहँदैन ।
१६६ हे परमप्रभु, म तपाईंको उद्धारको
प्रतिक्षा गर्छु,
र तपाईंको आज्ञाहरू पालन गर्दछु ।
१६७ म तपाईंको कानूनहरू पालन गर्दछु,
किनकि म तिनलाई अत्यन्तै प्रेम गर्दछु ।
१६८ तपाईंको कानूनहरू र आदेशहरू म
पालन गर्दछु,
किनकि मेरा सबै आचरण तपाईंकै
सामु प्रष्ट छन् ।

ताव्

१६९ हे परमप्रभु;
मेरो पुकार तपाईंको सामुन्ने पुगोस्,
तपाईंको वचनअनुसार मलाई
समझशक्ति दिनुहोस् ।
१७० मेरो बिन्ती तपाईंको सामुन्ने पुगोस्,
तपाईंको प्रतिज्ञाअनुसार मलाई छुटकारा
दिनुहोस् ।
१७१ मेरो ओठले तपाईंको प्रशंसाले भरपूर
होऊन्,
किनकि तपाईंले मलाई आफ्ना
विधिहरू सिकाउनुहुन्छ ।

१७२ मेरो जिब्रोले तपाईंका वचनको भजन
गाओस्,
किनकि तपाईंको सम्पूर्ण आज्ञाहरू
धार्मिक छन् ।
१७३ तपाईंको बाहुली मलाई मद्दत गर्न
तत्पर रहोस्,
किनकि मैले तपाईंका आदेशहरूलाई
चुनेको छु ।
१७४ हे परमप्रभु, म तपाईंको उद्धारको
तृष्णा राख्छु,
अनि तपाईंको व्यवस्था मेरो आनन्द
हो ।
१७५ म जीवित रहूँ र तपाईंको प्रशंसा गर्न
सकूँ,
अनि तपाईंका नियमहरूले मलाई
थामून् ।
१७६ एक हराएको भेड़ाजस्तै म बरालिएको
छु ।
आफ्नो दासको खोजी गर्नुहोस्,
किनकि मैले तपाईंको आज्ञा बिर्सेको
छैनँ ।

## भजन १२०

***सहायताको निम्ति प्रार्थना***

यात्राको गीत

१ मेरो सङ्कटमा म परमप्रभुलाई पुकार्दछु,
र उहाँले मलाई जवाफ दिनुहुन्छ ।
२ हे परमप्रभु, मलाई झूट बोल्ने ओठ
र छली जिब्रोबाट बचाउनुहोस् ।

३ ए छली जिब्रो,
उहाँले तँलाई के गर्नुहुनेछ ?
अनि अरू बढ्ता के गर्नुहोला ?
४ उहाँले तँलाई योद्धाका तीखा काँड़ले झैँ,
र झाड़ीको आगोले झैँ दण्ड दिनुहुनेछ ।

५ मलाई धिक्कार छ कि,
म मेशेकमा वास गर्दछु,
र केदारका पालहरूका बीचमा बसेको
छु !
६ शान्तिलाई घृणा गर्नेहरूका बीचमा
मैले वास गरेको धेरै समय भयो ।
७ म त शान्तिप्रिय व्यक्ति हुँ;
तर जब म बोल्दछु, तिनीहरू लड़ाइँ गर्न
तत्पर हुन्छन् ।

## भजन १२१

***इस्राएलका रक्षक परमप्रभु***

यात्राको गीत

१ पर्वतहरूतिर म आफ्ना आँखा उचाल्छु–
मलाई गुहार कहाँबाट आउँछ ?
२ मलाई गुहार परमप्रभुबाट आउँछ,
जो स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ।

३ उहाँले तिम्रा खुट्टा चिप्लन दिनुहुनेछैन–
तिम्रो रक्षा गर्नुहुने कहिल्यै उँघ्नुहुनेछैन,
४ साँच्चै, इस्राएललाई रक्षा गर्नुहुनेचाहिँ
नता उँघ्नुहुन्छ न सुत्नुहुन्छ ।

५ परमप्रभुले तिमीलाई रक्षा गर्नुहुन्छ–
परमप्रभु नै तिम्रो दाहिने हातपट्टि छाया
हुनुहुन्छ,
६ दिउँसो घामले तिमीलाई पोल्नेछैन,
नता राती जूनले तिमीलाई हानि गर्नेछ ।

७ परमप्रभुले तिमीलाई सबै विपत्तीबाट
जोगाउनुहुनेछ–
उहाँले तिम्रो प्राणमाथि निगरानी गर्नुहुनेछ;
८ तिमी बाहिर जाँदा र भित्र आउँदा,
अहिले अनि सदाकालसम्म नै,
परमप्रभुले तिम्रो रक्षा गर्नुहुनेछ ।

## भजन १२२

***यरूशलेमका शान्तिको निम्ति प्रार्थना***

यात्राको निम्ति-दाऊदको गीत ।

१ जब तिनीहरूले मलाई भने, “परमप्रभुका
भवनमा हामी जाऔं”,
तब म आनन्दित भएँ ।
२ हे यरूशलेम, तेरा मूल ढोकामा हाम्रा
खुट्टाहरूले टेकिराखेका छन् ।

३ यरूशलेम, एकै ठाउँमा मिलाएर
बसालिएको एक शहर जस्तै छ ।

४ इस्राएललाई दिइएको कानूनअनुसार
परमप्रभुका कुलहरू परमप्रभुको नाउँको
प्रशंसा गर्न त्यहाँ जान्छन् ।
५ त्यहाँ न्यायका सिंहासनहरू छन्,
दाऊदका वंशका सिंहासनहरू त्यहाँ छन् ।

६ यरूशलेमको शान्तिको निम्ति प्रार्थना गर:
"तँलाई माया गर्नेहरू सुरक्षित रहून् ।
७ तेरा पर्खालभित्र शान्ति रहोस् ।"
र तेरा किल्लाहरूभित्र सुरक्षा रहोस् ।"
८ मेरा दाज्यूभाइ र मेरा मित्रहरूका खातिर
म भन्नेछु, "तिमीहरूमा शान्ति होस् ।"
९ परमप्रभु हाम्रा परमेश्वरको भवनको खातिर
म तेरो भलाई नै खोज्नेछु ।

## भजन १२३

***परमेश्वरको दयाको निम्ति प्रार्थना***

यात्रा गीत

१ तपाईं, जसको सिंहासन स्वर्गमा छ,
तपाईंतिर म मेरा आँखा उचाल्दछु ।
२ जसरी दासहरूका आँखाले आफ्ना
मालिकका हाततिर हेर्दछन् र दासीले
आफ्नी मालिक्नीका हाततिर हेर्दछे,
त्यसरी नै हाम्रा आँखाले,
हाम्रा परमप्रभु परमेश्वरलाई,
उहाँले हामीमाथि कृपा नगरूञ्जेल
हेर्दछन् ।

३ हामीमाथि कृपा गर्नुहोस्, हे परमप्रभु,
हामीमाथि कृपा गर्नुहोस्,
किनकि हामीले धेरै अवहेलना सहेका छौं ।
४ अभिमानीबाट हामीले धेरै उपहास
अनि तिरस्कार सहेका छौं ।

## भजन १२४

***शत्रुहरूबाट सुरक्षको निम्ति धन्यवाद***

यात्राको निम्ति-दाऊदको गीत

१ यदि परमप्रभु हाम्रातर्फ नहुनुभएको भएता–
इस्राएलले यसरी भनोस्–
२ मानिसहरूले हामीलाई आक्रमण गर्दा,
परमप्रभु हामी तर्फ नहुनुभएको भए,
३ तिनीहरूको क्रोध हाम्रा विरुद्ध दन्कि
उठ्दा,
तिनीहरूले हामीलाई जिउँदै निल्नेथिए;
४ उर्लिआएको बाढ़ले हामीलाई एक गाँस
पार्ने थियो,
अनि भल हामीमाथि बग्नेथियो ।
५ जलको प्रवल प्रवाहले हामीलाई त्यसै
बगाइलानेथियो ।
६ परमप्रभुको प्रशंसा होस्,
जसले हामीलाई तिनीहरूका दाँतले
फहराउन दिनुभएन ।
७ शिकारीको पासोबाट चरा उम्केझैं,
हामी उम्केका छौं;
तिनीहरूको जाल फाट्यो र हामी
उम्क्यौं ।
८ हाम्रो गुहार परमप्रभुको नाउँमा छ,
जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।

## भजन १२५

***परमप्रभु आफ्ना भक्तका चारैतिर हुनुभएको***

यात्राको गीत

१ परमप्रभुमा भरोसा राख्नेहरू सियोनको
पर्वतझैं छन्,
जो कहिल्यै डगमगाउँदैनन्,
तर सदासर्वदा स्थिर रहन्छन् ।
२ पहाड़हरूले यरूशलेमलाई घेरेझैं,
परमप्रभुले आफ्ना जनहरूलाई आज
अनि सदासर्वदा घेरिराख्नुहुन्छ ।
३ अनि दुष्टहरूको राजदण्ड धर्मीहरूका
निम्ति राखिएको देशमा रहनेछैन,
नत्रता धर्मीहरूले आफ्ना हात अधर्मतिर
लगाउनेछन् ।

४ हे परमप्रभु, असल गर्नेहरूलाई असलै
गर्नुहोस्,
तिनीहरूलाई, जसका हृदय सोझा छन् ।
५ तर, जो कुमार्गतिर लाग्दछन्,
तिनीहरूलाई दुष्टहरूसितै परमप्रभुले
धपाउनुहुनेछ ।

इस्राएलमा शान्ति रहोस् ।

## भजन १२६

***निर्वासनबाट छुटकारा पाएकोमा धन्यवाद***

यात्राको गीत

१ जब परमप्रभुले कैदीहरूलाई सियोनमा
फर्काएर ल्याउनुभयो,
तब हामी त सपना देख्नेहरूजस्ता थियौं ।
२ तब हाम्रो मुख हाँसोले,
र हाम्रो जिब्रो आनन्दका गीतले भरिए ।
तब जाति-जातिहरूका बीच यसो भनियो,
“परमप्रभुले तिनीहरूका निम्ति महान्
कामहरू गर्नुभएको छ ।”
३ परमप्रभुले हाम्रा निम्ति महान् काम
गर्नुभएको छ,
र हामी आनन्दले भरिएका छौं ।

४ हे परमप्रभु, नेगेव देशका नदीहरू
बहेझैं,
हाम्रा सुख-शान्ति फर्काइ दिनुहोस् ।
५ जसले आँसु झार्दै बीउ छर्दछन्,
तिनीहरू आनन्दले गाउँदै कटनी गर्नेछन् ।
६ जो रुँदै-रुँदै बीउ बोकेर छर्न जान्छन्,
तिनीहरू अन्नका बिटा बोकेर आनन्दले
गीत गाउँदै फर्कनेछन् ।

## भजन १२७

***सुदिन दिनुहुने परमेश्वर***

यात्राको निम्ति सोलोमनको गीत

१ परमप्रभुले नै घर नबनाउनु भए त,
बनाउनेहरू गरेको परिश्रम व्यर्थ हुन्छ ।
परमप्रभुले शहरको रक्षा नगर्नु भए त,
पालेहरू व्यर्थमा जागा रहन्छन् ।
२ व्यर्थमा तिमी बिहान सखारै उठ्दछौ,
र राती अबेरसम्म जागा रहन्छौ,
अनि खानाको निम्ति परिश्रम गर्दछौ–
किनकि जस-जसलाई उहाँले प्रेम
गर्नुहुन्छ,
तिनीहरूलाई उहाँले निद्रा दिनुहुन्छ ।
३ छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार
हुन्,
छोराछोरीहरू उहाँले दिनुभएको इनाम
हुन् ।
४ वीर योद्धाका हातमा भएका काँड़हरूझैं
युवावस्थामा जन्मेका छोराहरू हुन्छन् ।
५ त्यो मानिस धन्यको हो, जसको ठोक्रो
तिनले भरिएका हुन्छन् ।
मूल ढोकामा आफ्ना शत्रुहरूको सामना
गर्नुपर्दा तिनीहरू लाजमा पर्नेछैनन् ।

## भजन १२८

***परमप्रभुका आज्ञाकारीहरूलाई आशिष्***

यात्राको गीत

१ परमप्रभुको भय मान्नेहरू र
उहाँका मार्गमा हिँड्नेहरू सबै धन्यका
हुन् ।
२ तिमीले आफ्नो हातको कमाइ खानेछौ;
तिमीले आशीर्वाद र सफलता पाउनेछौ ।
३ तिम्रो घरमा तिम्री पत्नी फलवन्त
दाखको लताझैं हुन्छे;
र तिम्रा छोराछोरी तिम्रो टेबुलको
वरिपरि जैतुनका मुनाहरूजस्तै हुनेछन् ।
४ परमेश्वरको भय मान्ने मानिसले
यसरी आशीर्वाद पाउनेछ ।

५ परमप्रभुले तिमीलाई तिम्रो जीवनभर
सियोनबाट आशीर्वाद दिनुहुनेछ,
तिमीले यरूशलेमको उन्नति देख्न सक ।
६ अनि तिमीले आफ्ना नाति-पनातिहरू
देख्न सक ।

इस्राएलमा शान्ति रहोस् ।

## भजन १२९

***शत्रुहरूमाथि विजयको प्रार्थना***

यात्राको गीत

१ मेरो युवावस्थादेखि तिनीहरूले मलाई
साह्रै सताएका छन्–
इस्राएलले भनोस्–
२ तिनीहरूले मेरो युवावस्थादेखि मलाई
साह्रै कष्ट दिएका छन्,
तापनि तिनीहरू ममाथि विजयी भएका
छैनन् ।

३ हलो जोत्नेहरूले मेरो पिठिउँमा हलो
जोतेका छन्,
र पिठिउँभरी लामा हल रेखाले कोरे ।
४ तर परमप्रभु धर्ममय हुनुहुन्छ,
उहाँले दुष्टहरूका बन्धन
छिनालिदिनुभएको छ ।

५ जस-जसले सियोनलाई घृणा गरे,
तिनीहरू शर्ममा परून् र फर्किजाऊन् ।
६ तिनीहरू छानामाथिका घाँसजस्ता
होऊन्,
जो बढ्ने बित्तिकै ओइलाइहाल्छन्;
७ त्यसबाट काट्नेले आफ्नो हात पनि भर्न सक्तैन,
नता बिटा बटुल्नेले एक अँगालो भर्न
सक्दछ ।
८ त्यताबाट भएर जानेहरूले यसो नभनून्,
"परमप्रभुको आशीर्वाद तिमीमाथि रहोस्;
परमप्रभुका नाउँमा हामी तिमीलाई
आशीर्वाद दिन्छौं ।"

## भजन १३०
### *क्षमा र दयाको लागि प्रार्थना*
यात्राको गीत

१ हे परमप्रभु, गहिरा खाड़लबाट,
म तपाईंलाई पुकार गर्दछु;
२ हे परमप्रभु, मेरो सोर सुन्नुहोस् ।
कृपाको निम्ति गरिएको मेरो पुकारलाई
तपाईंको कानले ध्यान दिऊन् ।

३ हे परमप्रभु, तपाईंले पापको लेखा
राख्नुभयो भने त,
हे परमप्रभु, को खड़ा हुन सक्छ र ?
४ तर तपाईं क्षमा दिनुहुन्छ,
त्यसैले सबैले तपाईंको भय मान्दछन् ।

५ म परमप्रभुलाई पर्खन्छु, मेरो प्राणले
उहाँको बाटो हेर्दछ,
अनि उहाँको वचनमा म आशा राख्तछु ।
६ पालेले बिहानको प्रतीक्षा गरेको भन्दा
बढ़ी,
मेरो आत्माले परमप्रभुको प्रतिक्षा गर्छ ।

७ हे इस्राएल, परमप्रभुमा आफ्नो आशा राख्,
किनकि परमप्रभुमा नै अटुट कृपा छ,
अनि पूर्ण उद्धार उहाँसित छ ।
८ उहाँले नै इस्राएलको पापबाट
तिनीहरूको उद्धार गर्नुहुनेछ ।

## भजन १३१
### *परमप्रभुमा विनम्र भरोसा*
यात्राको निम्ति दाऊदको गीत

१ हे परमप्रभु, मेरो हृदय अहङ्कारी छैन,
मेरा आँखा घमण्डी छैनन्;
आफूले नभ्याउने कुराहरू अनि उदेकका
थोकहरूमा म आफैलाई अल्झाउँदिनँ ।
२ तर मैले मेरो प्राणलाई शान्त र स्थिर
गराएको छु;
आमासँग बसेर शान्तभएको बालकझैं,
आमाको दूध छुड़ाइएको बालकझैं मेरो
प्राण शान्त छ ।

३ हे इस्राएल, आज अनि सदासर्वदा परमप्रभुमा
नै आशा राख् ।

## भजन १३२
### *मन्दिरको लागि प्रार्थना*
यात्राको गीत

१ हे परमप्रभु, दाऊदलाई स्मरण गर्नुहोस्,
अनि तिनले भोगेका सबै विपत्तिहरू
सम्झनुहोस् ।

२ तिनले परमप्रभुको नाउँमा शपथ खाए,
र याकूबका शक्तिशाली सर्वशक्तिमान्‌को
नाउँमा भाकल गरेः
३ "म, तबसम्म आफ्नो घरमा पस्नेछैनँ,
वा आफ्नो ओछ्यानमा सुत्नेछैनँ–
४ मेरा आँखामा म निद्रा आउन दिनेछैनँ,
अनि आँखाका पलकहरूलाई झिमिक्क
पनि हुन दिनेछैनँ,
५ जबसम्म परमप्रभुको निम्ति एक स्थान

**१३०:८**–मत्ती १:२१; तीतस २:१४.

र याकूबका सर्वशक्तिमान्‌को निम्ति
एउटा वासस्थान म भेट्टाउँदिनँ ।"
६ एप्रातामा हामीले त्यसको विषयमा सुन्यौं,
हामीले याआरको मैदानमा त्यसलाई भेट्टायौं:
७ "हामी उहाँका वासस्थानमा जाऔं,
हामी उहाँका पाउदानमा दण्डवत्‌ गरौं–
८ हे परमप्रभु, उठ्नुहोस्,
तपाईं र तपाईंको शक्तिको सन्दूकसमेत,
अनि तपाईंको विश्राम गर्ने स्थानमा
आउनुहोस् ।
९ तपाईंका पूजाहारीहरूले धार्मिकताको
वस्त्र धारण गरुन्,
र तपाईंको पवित्रजनहरू आनन्दले
जयजयकार गरून् ।"
१० तपाईंको सेवक दाऊदको खातिर तपाईंका
अभिषिक्तलाई अस्वीकार नगर्नुहोस् ।
११ परमप्रभुले दाऊदसँग एउटा शपथ
खानुभयो, जसबाट उहाँ तर्किनुहुन्न:
"म तेरो सिंहासनमा तेरा छोराहरूमध्ये
एक जनालाई बसाल्नेछु–
१२ यदि तेरा छोराहरूले मेरो करार र मैले
सिकाएका मेरा कानूनहरू पालन गरे भने,
तिनीहरूका छोराहरू पनि सदाको निम्ति
तेरो सिंहासनमा बस्नेछन् ।"
१३ किनकि परमप्रभुले सियोनलाई
छान्नुभएको छ,
उहाँले त्यसलाई आफ्नो वासस्थान
बनाउने इच्छा गर्नुभएको छ:
१४ "यो सदाकालको निम्ति मेरो विश्रामको
स्थान हो;
यहीँ म सिंहासनमा बस्नेछु, किनकि मैले
यस्तै इच्छा गरेको छु–
१५ प्रशस्त खानपानका थोकले म त्यसलाई
आशीर्वाद दिनेछु;
र यसका गरीबहरूलाई म रोटीले तृप्त
गराउनेछु ।
१६ त्यसका पूजाहारीहरूलाई पनि म
उद्धारको वस्त्र पहिऱ्याउँनेछु,
र यसका पवित्र जनहरू आनन्दले सधैँ
जयजयकार गर्नेछन् ।
१७ "यहाँ दाऊदको निम्ति म एउटा सीङ
उमार्नेछु र मेरो अभिषिक्तको निम्ति दीप
जलाउनेछु ।
१८ त्यसका शत्रुहरूलाई म शर्मको वस्त्र
पहिऱ्याउनेछु,
तर त्यसका शिरको मुकुट प्रकाशमय
हुनेछ ।"

## भजन १३३

***दाज्यू-भाइहरूको एकता***

यात्राको निम्ति दाऊदको गीत

१ दाज्यूभाइहरू आपसमा एकतामा बस्नु
कति भलो र मनोहर कुरा हुन्छ !
२ यो त शिरमा लगाइएको मूल्यवान्
तेलजस्तो हुन्छ,
जो हारूनको दाह्रीसम्म बगी आउँछ,
जो तिनका पोशाकको कठालोसम्मै
बगेर जान्छ ।
३ त्यो हर्मोनको डाँड़ाको शीत सियोन
पर्वतमा परेजस्तै हुन्छ,
किनकि त्यहीँ नै परमप्रभुले सदाकाल
जीवनको आशिष् खन्याउनुहुन्छ ।

## भजन १३४

***रात्रिको स्तुतिगान***

यात्राको गीत

१ परमप्रभुका सबै सेवकहरू, परमप्रभुको
प्रशंसा गर,
तिमीहरू जो परमप्रभुको भवनमा
राती उहाँको सेवा गर्दछौ ।
२ उहाँका पवित्रस्थानमा आफ्ना हात उचाली
परमप्रभुको प्रशंसा गर ।

---

**१३२:६-१०**–२ इतिहास ६:४१-४२. **१३२:११**–२ शमूएल ७:१२-१६; १ इतिहास १७:११-१४; भजनसंग्रह ८९:३-४; प्रेरित २:३०. **१३२:१७**–१ राजा ११:३६.

३ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमप्रभुले
तिमीलाई सियोनबाट आशीर्वाद देऊन् ।

### भजन १३५
*परमप्रभुका महान् कार्यहरू*

१ परमप्रभुको प्रशंसा गर ।
परमप्रभुका नाउँको प्रशंसा गर;
हे परमप्रभुका सेवकहरू हो,
उहाँको प्रशंसा गर ।
२ तिमीहरू जो परमप्रभुको भवनमा,
हाम्रा परमेश्‍वरको मन्दिरमा सेवा गर्दछौ ।
३ परमप्रभुको प्रशंसा गर,
किनकि उहाँ भलो हुनुहुन्छ;
उहाँको नाउँको भजन गाओ,
किनकि त्यो आनन्दमय हुन्छ ।
४ किनकि परमप्रभुले याकूबलाई आफ्नो
बनाउन,
अनि इस्राएललाई आफ्नो बहुमूल्य
सम्पत्ति हुनलाई चुन्नुभएको छ ।

५ म जान्दछु, कि हाम्रा परमप्रभु महान्
हुनुहुन्छ,
र हाम्रा परमप्रभु सबै देवहरूभन्दा
महान् हुनुहुन्छ ।
६ स्वर्गमा, पृथ्वीमा र समुद्रहरू
अनि तिनका गहिराइमा परमप्रभु आफ्नो
इच्छाअनुसार गर्नुहुन्छ ।
७ उहाँले पृथ्वीको सिमान्तबाट बादल
उठाउनुहुन्छ;
उहाँले वर्षासित बिजुली पठाउनुहुन्छ,
र उहाँले आफ्ना भण्डारबाट बतास
निकाल्नुहुन्छ ।

८ उहाँले मिश्रदेशका मानिसहरू र पशुहरू,
दुवैका जेठा-जेठालाई मार्नुभयो ।
९ हे मिश्रदेश, उहाँले तेरै बीचमा,
फिरऊन र उनका सारा भारादारहरूका
विरुद्धमा,
उहाँले आफ्ना चिन्ह र आश्‍चर्यकामहरू
देखाउनुभयो ।
१० उहाँले धेरै जातिहरूलाई नाश पार्नुभयो,
र धेरै शक्तिशाली राजाहरूलाई मार्नुभयो–
११ एमोरीहरूका राजा सीहोन,
बाशानका राजा ओग,
र कनानका सबै राजाहरूलाई नष्ट
गर्नुभयो–
१२ अनि तिनीहरूका भूमि आफ्ना प्रजा
इस्राएललाई पैतृक-सम्पत्तिको रूपमा
अधिकार गर्न दिनुभयो ।

१३ हे परमप्रभु, तपाईंको नाउँ सदासर्वदै
रहिरहन्छ,
हे परमप्रभु तपाईंको ख्याति पुस्तौंसम्म
रहिरहन्छन् ।
१४ किनकि, परमप्रभुले आफ्ना प्रजालाई
निर्दोष सिद्ध गर्नुहुनेछ,
र आफ्ना सेवकहरूमाथि करुणा गर्नुहुनेछ ।
१५ जाति-जातिहरूका मूर्तिहरू सुन र चाँदी
हुन्,
ती सब मानिसहरूका हातले बनिएका
हुन्छन् ।
१६ तिनीहरूका मुख त छन्, तर बोल्न सक्दैनन्,
आँखा त छन्, तर देख्न सक्दैनन्;
१७ तिनीहरूका कान छन्, तर सुन्न सक्दैनन्,
तिनीहरूले सास फेर्न सक्दैनन् ।
१८ तिनीहरूलाई बनाउनेहरू पनि
तिनीहरूजस्तै हुनेछन्,
अनि तिनीहरूमाथि भरोसा राख्नेहरू
पनि सबै उस्तै हुनेछन् ।

१९ हे इस्राएलका घराना, परमप्रभुको प्रशंसा
गर;
हे हारूनका वंश, परमप्रभुको प्रशंसा
गर;
२० हे लेवीका वंश, परमप्रभुको प्रशंसा गर;
हे उहाँको भय मान्नेहरू हो, परमप्रभुको
प्रशंसा गर ।
२१ सियोनबाट परमप्रभुको प्रशंसा होस्,
यरूशलेममा वास गर्नुहुनेको प्रशंसा
होस्,

परमप्रभुको प्रशंसा गर ।

## भजन १३६
### *धन्यवादको भजन*

१ परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनकि
उहाँ भलो हुनुहुन्छ ।
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२ देवहरूका परमेश्वरलाई धन्यवाद देओ ।
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
३ प्रभुहरूका परमप्रभुलाई धन्यवाद देओः
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

४ उहाँले मात्र ठूला आश्चर्य-कर्महरू गर्नुहुन्छ,
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
५ उहाँले आफ्नो समझशक्तिले स्वर्ग सृष्टि
गर्नुभयो,
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
६ उहाँले पानीमाथि पृथ्वी फैलाउनुभयो,
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
७ उहाँले ठूला-ठूला ज्योतिहरू बनाउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
८ उहाँले दिनमा प्रभुत्व गर्नलाई सूर्य
बनाउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
९ उहाँले रातमा प्रभुत्व गर्नलाई चन्द्रमा र
ताराहरू बनाउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

१० उहाँले मिश्रदेशमा जेठाहरूलाई मार्नुभयो,
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
११ उहाँले तिनीहरूका बीचबाट इस्राएललाई
निकालेर ल्याउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१२ उहाँले शक्तिशाली हात र पसार्नुभएको
बाहुलीले तिनीहरूलाई निकालिल्याउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

१३ उहाँले लालसमुद्रलाई दुई भागमा
विभाजन गर्नुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१४ इस्राएललाई त्यसको बीचबाट पार
गराउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१५ तर फिरऊन र तिनका सेनालाई
लालसमुद्रमा डुबाइदिनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१६ उहाँले आफ्ना प्रजालाई उजाड़स्थानबाट
डोऱ्याएर लैजानुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१७ उहाँले ठूला-ठूला राजालाई नाश पार्नुभयो,
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ,
१८ उहाँले शक्तिशाली राजालाई मार्नुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
१९ उहाँले एमोरीहरूका राजा सीहोनलाई
मार्नुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२० उहाँले बाशानका राजा ओगलाई
मार्नुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२१ उहाँले तिनीहरूका देश अधिकार
गर्नलाई दिनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२२ उहाँले त्यो देश आफ्नो दास इस्राएललाई
दिनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

२३ उहाँले हामीलाई हाम्रा दुर्दशामा
हामीलाई स्मरण गर्नुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२४ उहाँले हाम्रा शुत्रहरूका हातबाट
हामीलाई छुटाउनुभयो–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।
२५ उहाँले प्रत्येक प्राणीलाई भोजन
दिनुहुन्छ–
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

२६ स्वर्गका परमेश्वरलाई धन्यवाद चढ़ाओ–
किनकि उहाँको प्रेम सदासर्वदा रहिरहन्छ ।

---

**१३६:१**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११८:१; यर्मिया ३३:११. **१३६:५**–उत्पत्ति १:१. **१६:६**–उत्पत्ति १:२. **१३६:७–९**–उत्पत्ति १:१६. **१३६:१०**–प्रस्थान १२:२९. **१३६:११**–प्रस्थान १२:५१. **१३६:१३–१५**–प्रस्थान १४:२१-२९. **१३६:१९**–गन्ती २१:२१-३०. **१३६:२०**–गन्ती २१:३१-३५.

## भजन १३७

*बेबिलोन देशमा निर्वासितहरूको गीत*

१ बेबिलोनका नदीहरूको किनारमा बसेर,
सियोनको स्मरण गर्दा हामी रोयौं ।
२ त्यहाँका बैंसका रूखहरूमा हामीले
आफ्ना वीणाहरू झुण्डचायौं,
३ किनकि हामीलाई कैद गरेर लानेहरूले
त्यहाँ हामीलाई गीत गाउन लगाए,
र हामीलाई शास्ति दिनेहरूले हामीबाट
आनन्दका गीतको माग गरे ।
तिनीहरूले भने, "हाम्रा निम्ति सियोनका
गीतमध्ये एउटा गीत गाओ ।"

४ बिरानो देशमा हामी कसरी परमप्रभुको
गीत गाउन सक्छौं ?
५ हे यरूशलेम, मैले तँलाई बिर्सेको भए,
मेरो दाहिने हातले आफ्नो सीप भूलोस् ।
६ मैले तँलाई स्मरण नगरेको भए,
यदि मैले यरूशलेमलाई आफ्नो सर्वोच्च
आनन्द नमानेको भए,
मेरो जिब्रो मुखको तालुमा टाँसिजाओस् ।

७ यरूशलेमको पतन भएको दिन,
हे परमप्रभु,
एदोमीहरूले के काम गरे, स्मरण गर्नुहोस् ।
तिनीहरूले चित्कार गरे, "यसलाई भत्काओ,
जगैदेखि त्यसको नाश गर !"
८ विनाश निश्चित भएकी,
हे बेबिलोनकी छोरी,
तैंले हामीमाथि जे गरीस्, त्यसको लागि
तँमाथि प्रतिशोध लिने धन्यको हो,
९ त्यो जसले तेरो स-साना बच्चाहरूलाई
समातेर चट्टानमा पछार्दछ ।

## भजन १३८

*धन्यवादको प्रार्थना*

दाऊदको भजन

१ हे परमप्रभु, सारा हृदयले म तपाईंको
प्रशंसा गर्नेछु;
"देवहरूका" सामुन्ने म तपाईंको प्रशंसा
गर्नेछु ।
२ म तपाईंको पवित्र मन्दिरतिर फर्केर
दण्डवत् गर्नेछु,
अनि तपाईंको प्रेम र विश्वासनीयताको
निम्ति तपाईंको नाउँको प्रशंसा गर्नेछु,
किनकि तपाईंले आफ्नो नाउँ र आफ्नो
वचन सम्पूर्ण कुराभन्दा उच्च
पार्नुभएको छ ।
३ जब मैले तपाईंलाई पुकारें,
तपाईंले मलाई जवाफ दिनुभयो;
तपाईंले मलाई साहसी र आँटिलो
बनाउनुभयो ।

४ हे परमप्रभु, तपाईंको मुखका वचन सुनेर,
यस पृथ्वीका सम्पूर्ण राजाहरूले
तपाईंको प्रशंसा गरून् ।
५ तिनीहरूले परमप्रभुका मार्गहरूको
जयजयकार गरून्,
किनकि परमप्रभुको महिमा महान् छ ।

६ परमप्रभु उच्चमा विराजमान हुनु भए
तापनि उहाँले नम्रहरूमाथि आफ्ना दृष्टि
राख्नुहुन्छ,
तर अहङ्कारीहरूलाई भने उहाँले टाढैबाट
चिन्नुहुन्छ ।
७ सङ्कष्टमय मार्गमा भएर मैले हिँड़े
तापनि–
तपाईंले मेरो प्राणको सुरक्षा गरि
दिनुहुन्छ;
मेरा शत्रुहरूका क्रोधको विरुद्धमा
तपाईंले हात बढ़ाउनुहुन्छ,
तपाईंले आफ्नो दाहिने बाहुलीले मलाई
बचाउनुहुन्छ ।
८ परमप्रभुले मेरो निम्ति उहाँको अभिप्राय
पूरा गर्नुहुनेछ;
तपाईंको प्रेम, हे परमप्रभु, सदाको
निम्ति रहिरहन्छ–
आफ्नै बाहुलीका कामलाई नत्याग्नुहोस् ।

---

**१३७:८**–प्रकाश १८:६.

### भजन १३९
***सर्वज्ञ परमेश्वरको स्तुति***
सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, तपाईंले मलाई जाँच्नुभयो
अनि मलाई चिन्नुभएको छ,
२ मेरो उठाइ र मेरो बसाइ तपाईं जान्नुहुन्छ;
मेरो सोच-विचार टाढ़ैबाट तपाईं
बुझ्नुहुन्छ ।
३ तपाईंले मेरो हिँड़ाई र मेरो उठाइ
जान्नुहुन्छ;
र मेरा सबै आचरणहरूसँग तपाईं
परिचित हुनुहुन्छ ।
४ मेरो जिब्रोमा कुनै कुरा आउन अघि नै,
हे परमप्रभु तपाईंले त्यो सम्पूर्ण रूपले
जान्नुहुन्छ ।

५ तपाईंले मलाई अघि र पछिबाट
घेर्नुभएको छ;
र आफ्नो बाहुली ममाथि राख्नुभएको छ ।
६ यस्तो ज्ञान मेरो निम्ति साह्रै आश्चर्यपूर्ण
छ,
यो प्राप्त गर्न मेरो निम्ति अति गाह्रो छ ।

७ तपाईंको आत्माबाट म कहाँ जान सक्छु ?
तपाईंको उपस्थितिबाट म कहाँ भाग्न
सक्छु ?
८ म आकाशमा गएँ भने,
तपाईं त्यहाँ हुनुहुन्छ;
गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने,
तपाईं त्यहाँ पनि हुनुहुन्छ ।
९ प्रभातको पखेटामा उड़ेर,
समुद्रको पल्लो किनारमा पुगेर बसें भने पनि,
१० त्यहाँ पनि तपाईंको बाहुलीले मलाई
डोऱ्याउनेछ,
र तपाईंको दाहिने बाहुलीले मलाई
समात्नेछ ।

११ यदि म भनूँ, "निश्चय अन्धकारले मलाई
छोप्नेछ,
अनि प्रकाश मेरो चारैतिर रातको
अन्धकार हुनेछ,"
१२ तापनि अन्धकार तपाईंको निम्ति अँध्यारो
हुनेछैन,
र रात दिनझैं चम्कनेछ,
किनकि अन्धकार तपाईंको निम्ति
ज्योतिजस्तै हो ।

१३ किनकि तपाईंले नै मेरो अन्तस्करण
बनाउनुभयो;
तपाईंले मलाई मेरी आमाको गर्भमा
रचना गर्नुभयो ।
१४ म तपाईंलाई प्रशंसा गर्दछु
किनकि म भयानक र आश्चर्यजनक
रीतिले बनिएको छु;
तपाईंको कार्यहरू अचम्मका छन्,
र म त्यो राम्ररी जान्दछु ।
१५ जब अदृष्यमा म बनिदै थिएँ,
मेरो रचना तपाईंबाट लुकेको थिएन,
अनि जब म पृथ्वीको गहिराइमा रचिँदै थिएँ,
१६ तपाईंको आँखाले मेरो नबनिएको
शरीरलाई देखे,
मेरो निम्ति तोकिएको आयु,
तपाईंको पुस्तकमा लेखिएका थिए ।
त्यसको एउटै कुरा पनि पूर्णहुन अघि सब
लेखिएका थिए ।

१७ हे परमेश्वर, मेरो निम्ति तपाईंको
विचारहरू कति मूल्यवान् छन् !
तिनको सङ्ख्या कति महान् छ !
१८ मैले तिनको गन्ती लिएँ भने,
बालुवाका कणभन्दा बढ़ी तिनको
सङ्ख्या हुनेछ ।
जब म बिउँझन्छु तब म तपाईंसँगै हुन्छु ।

१९ हे परमप्रभु, दुष्टहरूलाई विनाश गर्नुभए
कति असल हुनेथियो !
हे रक्त पिपासु मानिसहरू हो, मबाट दूर
होओ !
२० दुष्ट विचारले तिनीहरू तपाईंको
विषयमा बोल्दछन्;
तपाईंको शत्रुहरूले तपाईंको नाउँको
दुरुपयोग गर्दछन् ।
२१ हे परमप्रभु, तपाईंलाई घृणा गर्नेहरूलाई,

के म घृणा गर्दिनँ ?
तपाईंको विरोध गर्नेहरूलाई,
के म तुच्छ ठान्दिनँ ?
२२ तिनीहरूका निम्ति मेरो हृदयमा
घृणाबाहेक अरू केही छैन;
म तिनीहरूलाई मेरा शत्रु नै ठान्दछु ।

२३ हे परमेश्वर, मलाई जाँच्नुहोस्
र मेरो हृदयलाई चिन्नुहोस्;
मलाई खार्नुहोस् र मेरा
विचारहरू जान्नुहोस् ।
२४ हेर्नुहोस्, मभित्र कुनै खराब चाल छ कि,
र मलाई अनन्तको मार्गमा डोऱ्याउनुहोस् ।

## भजन १४०

***सुरक्षाको लागि प्रार्थना***

सङ्गीत-निर्देशकको निम्ति– दाऊदको भजन

१ हे परमप्रभु, दुष्ट मानिसबाट मलाई
बचाउनुहोस्;
हिंसक मानिसहरूबाट मलाई रक्षा
गरिदिनुहोस्,
२ जसले आफ्ना मनमा खराब युक्ति रच्दछन्,
र दिनहुँ लड़ाइँ-झगड़ा उठाउँदछन् ।
३ तिनीहरूले आफ्ना जिब्रो सर्पको जत्तिकै
विषालु बनाउँछन्,
तिनीहरूका ओठमा साँबे सर्पको विष
छ । *सेला*

४ हे परमप्रभु, दुष्टहरूका हातबाट मलाई
बचाउनुहोस्;
हिंसक मानिसबाट मलाई रक्षा गर्नुहोस्,
जसले मेरा खुट्टा ठेस लगाइदिने युक्ति
रच्दछन् ।
५ घमण्डी मानिसहरूले मेरो निम्ति पासो
थापेका छन्;
तिनीहरूले आफ्ना जालका डोरी
फैलाएका छन्,
अनि मेरो निम्ति बाटोमा धराप थापेका
छन् । *सेला*

६ हे परमप्रभु, म तपाईंलाई भन्दछु, "तपाईं
मेरा परमेश्वर हुनुहुन्छ ।"
हे परमप्रभु, मेरो दयाको पुकार
सुन्नुहोस् ।
७ हे सर्वशक्तिमान् परमप्रभु,
मेरा शक्तिशाली उद्धारक,
लड़ाइँका दिनमा तपाईंले मेरो शिरका
रक्षा गरिदिनुहुन्छ–
८ हे परमप्रभु, दुष्टहरूका इच्छा पूरा हुन
नदिनुहोस्,
तिनीहरूका युक्ति सफल हुन नदिनुहोस्;
नत्रता तिनीहरू घमण्डी हुनेछन् । *सेला*

९ मलाई चारैतिरबाट घेर्नेहरूका शिर,
तिनीहरूका ओठले गराएका उपद्रवले
ढाकिऊन् ।
१० जल्दो भुङ्ग्रो तिनीहरूमाथि ओइरिऊन्;
तिनीहरू आगोमा फालिऊन्,
कहिल्यै उठ्न नसक्ने गरी हिलोको
खाड़लमा जाकिऊन् ।
११ निन्दा गर्नेहरू देशमा स्थापित नहोऊन्,
हिंसक मानिस चाँड़ै विनाशको शिकार
बनोस् ।

१२ म जान्दछु कि परमप्रभुले निर्धनहरूका
पक्षमा निर्णय दिनुहुन्छ,
र दरिद्रहरूका पक्षको रक्षा गरिदिनुहुन्छ ।
१३ निश्चय नै, धर्मीहरूले तपाईंको नाउँको
प्रशंसा गर्नेछन्,
अनि सोझाहरू मानिसहरू तपाईंको
सामुन्ने वास गर्नेछन् ।

## भजन १४१

***पवित्रकरणको निम्ति प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, म तपाईंलाई पुकार्दछु,
तपाईं चाँड़ै आउनुहोस् ।
मैले तपाईंलाई पुकार गर्दा, मेरो आवाज
सुन्नुहोस् ।

**१४०:३**–रोमी ३:१३.

२ मेरो प्रार्थना तपाईंको सामुन्ने सुगन्धित
धूपजस्तै होस्;
र मैले आफ्ना हात उचाल्दा,
त्यो बेलुकीको बलिजस्तै ठहरिओस् ।

३ हे परमप्रभु, मेरो मुखमा एउटा पाले
राखिदिनुहोस्;
मेरा ओठको ढोकामाथि रखवाली
गरिदिनुहोस् ।
४ खराब कुरातिर मेरो हृदय आकर्षित नहोस्,
र अधर्मीहरूका दुष्कर्ममा म कुनै भाग नलिऊँ;
अनि मैले तिनीहरूको स्वादिष्ट भोजन
खान नपरोस् ।
५ धर्मात्माले मलाई हिर्काउन्, त्यो त मेरो
निम्ति दया हुनेछ;
तिनले मलाई हप्काऊन्, त्यो मेरो
शिरको निम्ति तेल हुनेछ ।
मेरो शिरले त्यो इन्कार गर्नेछैन ।

तापनि मेरो प्रार्थना सधैँ कुकर्मीहरूका
विरुद्ध हुन्छ;
६ तिनीहरूका शासक भीरबाट तल
खसालिनेछन्,
र दुष्टहरूले जान्नेछन् कि मेरा वचन
ठीक छन् ।
७ तिनीहरूले भन्नेछन्, "जसरी हलो
जोत्नेले भूमि जोतेर फुटाउँछ,
त्यसरी नै हाम्रा हाड़हरू चिहानका
मुखमा छरिएका छन् ।"

८ हे परमप्रभु, परमेश्‍वर मेरा आँखा
तपाईंतिर रहन्छन्,
तपाईंमा म शरण लिन्छु, मलाई मृत्युको
मुखमा नफालिदिनुहोस् ।
९ तिनीहरूले मेरो निम्ति थापेका धरापबाट,
दुष्ट काम गर्नेहरूले थापेका पासोबाट
मलाई बचाउनुहोस् ।
१० दुष्टहरू आफ्नै जालमा फसून्,
त्यसबेला मचाँहि सकुशल उम्कन सकूँ ।

## भजन १४२

***सङ्कष्टमा सहायताको लागि प्रार्थना***

गुफामा हुँदा दाऊदको मस्किल

१ उच्च सोरले म परमप्रभुलाई पुकार्दछु;
दयाको निम्ति परमप्रभुमा म आफ्नो
आवाज उचाल्छु ।
२ म उहाँको सामुन्ने आफ्नो उजुर राख्दछु;
म मेरो दु:ख-कष्ट उहाँलाई पोखाउँछु ।

३ जब मेरो आत्मा मभित्र खिन्न हुन्छ,
तपाईं नै हुनुहुन्छ जसले मेरो बाटो जान्नुहुन्छ,
म हिँड्ने बाटोमा मानिसहरूले मेरो
निम्ति पासो थापेका छन् ।
४ मेरो दाहिन्नेपट्टि हेर्नुहोस्;
कसैलाई मेरो वास्ता छैन ।
मेरो शरणस्थान कहीँ छैन;
कसैले मेरो प्राणको वास्ता गर्दैन ।

५ हे परमप्रभु, म तपाईंलाई पुकार गर्छु;
म भन्छु, "तपाईं मेरो शरणस्थान हुनुहुन्छ,
अनि जीवितहरूका देशमा मेरो भाग
हुनुहुन्छ ।"
६ मेरो पुकार सुनिदिनुहोस्,
किनकि म ठूलो अभावमा परेको छु;
मेरो खेदो गर्नेहरूबाट मलाई बचाउनुहोस्,
किनकि तिनीहरू मेरो निम्ति साह्रै
बलिया छन् ।
७ मेरो कैदबाट मलाई छुटाउनुहोस्,
र म तपाईंको नाउँको प्रशंसा गर्न सकूँ ।
तब धर्मीहरू मेरा चारैतिर भेला हुनेछन्,
किनकि तपाईं मप्रति भला हुनुहुन्छ ।

## भजन १४३

***सङ्कष्टमा प्रार्थना***

दाऊदको भजन

१ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्,
करुणाको निम्ति मेरो पुकारलाई सुनिदिनुहोस्;
तपाईंको विश्‍वसनीयता र धार्मिकतामा
मलाई सहायता गर्नुहोस् ।

---

**१४१:२**–प्रकाश ५:८. **१४२ शीर्षक**–१शमूएल २२:१; २४:३.

२ आफ्नो दासलाई न्यायदण्ड नदिनुहोस्,
किनकि कुनै जीवित मानिस तपाईंको
सामुन्ने धर्मी ठहरिँदैन ।

३ शत्रुले मेरो खेदो गर्दछ,
त्यसले मलाई जमिनमा लड़ाएर कुल्चन्छ;
धेरै अघि नै मरिसकेकाहरू जस्तै गरी,
त्यसले मलाई अन्धकारमा बस्न बाध्य
गर्दछ ।

४ यसर्थ, मेरो आत्मा मभित्र खिन्न हुन्छ;
र मेरो हृदय मभित्रै त्रसित भएको छ ।

५ म अतितका दिनहरू सम्झना गर्दछु;
र तपाईंका सबै कार्यहरूमा ध्यान गर्दछु,
अनि तपाईंका हातले गरेका काममाथि
विचार गर्दछु ।

६ म मेरा हात तपाईंतर्फ पसार्दछु;
बाँझो जमिनझैँ मेरो प्राण तपाईंको
निम्ति तिर्खाउँछ । *सेला*

७ हे परमप्रभु मलाई झट्टै जवाफ दिनुहोस्;
उत्कट इच्छाले गर्दा मेरो आत्मा खिन्न हुन्छ,
आफ्नो मुहार मबाट नलुकाउनुहोस्,
नत्रता म खाड़लमा पर्नेहरूझैँ हुनेछु ।

८ बिहान म तपाईंको अचूक प्रेमको वचन
सुन्न पाऊँ,
किनकि तपाईंमा नै मैले आफ्नो भरोसा
राखेको छु,
कुन मार्गमा मैले हिँड्नु पर्ने हो त्यो मलाई
सिकाउनुहोस्,
किनकि म मेरो आत्मा तपाईंतिर
उचाल्दछु ।

९ हे परमप्रभु, मलाई मेरा शत्रुबाट
बचाउनुहोस्,
किनकि मैले आफैलाई तपाईंमा
लुकाएको छु ।

१० तपाईंको इच्छा पूरा गर्न मलाई सिकाउनुहोस्,
किनकि तपाईं मेरो परमेश्वर हुनुहुन्छ ।
तपाईंको भलो आत्माले मलाई सोझो
बाटोमा डोऱ्याऊन् ।

११ हे परमप्रभु आफ्ना नाउँको खातिर,
मेरो प्राणको रक्षा गर्नुहोस्;
तपाईंको धार्मिकतामा मलाई दु:खबाट
छुटाउनुहोस् ।

१२ तपाईंको अचूक प्रेममा, मेरा शत्रुहरूलाई
सर्वनाश पार्नुहोस्;
र मेरा सबै शत्रुहरूलाई नाश पार्नुहोस्,
किनकि म तपाईंको दास हुँ ।

## भजन १४४

### *विजयको निम्ति प्रार्थना*

दाऊदको भजन

१ मेरा चट्टान, परमप्रभुको प्रशंसा होस्,
जसले मेरा हातलाई युद्ध गर्न,
र मेरा औंलाहरूलाई लड़ाइँ गर्न
सिकाउनुहुन्छ ।

२ उहाँ मेरा करुणामय परमेश्वर
र मेरा किल्ला हुनुहुन्छ,
मेरो गढ़ र मेरो उद्धारक,
उहाँ मेरो ढाल, जसमा म शरण लिन्छु,
उहाँले मानिसहरूलाई मेरो अधीनमा
पार्नुहुन्छ ।

३ हे परमप्रभु, मानिस के हो र तपाईं
त्यसको वास्ता लिनुहुन्छ,
मानिसको पुत्र को हो, र तपाईं त्यसको
विचार गर्नुहुन्छ ?

४ मानिस त एक मुठी सासजस्तो मात्र हो;
त्यसको आयु ढलिजाने छायाजस्तो मात्र छ ।

५ हे परमप्रभु, आफ्नो स्वर्गलाई खोल्नुहोस्
र तल ओर्लनुहोस्;
पहाड़हरूलाई छुनुहोस् र तीबाट धूवाँ
निक्लिआओस् ।

६ बिजुली चम्काउनुहोस् र मेरा शत्रुहरूलाई
छरपस्ट पार्नुहोस्;
आफ्ना काँड़हरू छोड़ेर तिनीहरूलाई
ध्वस्त पार्नुहोस् ।

७ उच्चस्थानबाट आफ्ना हात पसार्नुहोस्;

---

**१४३:२**–रोमी ३:२०; गलाती २:१६. **१४४:३**–अय्यूब ७:१७-१८; भजनसंग्रह ८:४.

अनि उर्लंदो बाढ़बाट र परदेशीहरूका हातबाट
मलाई उद्धार गर्नुहोस् र छुटाउनुहोस् ।
८ जसका मुख झूटले भरिएका छन्,
र जसका दाहिने हात छली छन् ।

९ हे परमेश्वर, म तपाईंको निम्ति एउटा
नयाँ गीत गाउनेछु,
दशतारे वीणा बजाएर म तपाईंको
निम्ति स्तुति गाउनेछु ।
१० तपाईं जसले राजाहरूलाई विजय दिनुहुन्छ,
जसले आफ्नो दास दाऊदलाई घातक
तरवारबाट बचाउनुहुन्छ ।

११ मलाई परदेशीहरूका हातबाट उद्धार
गरिदिनुहोस् र छुटकारा दिनुहोस् ।
जसका मुख झूटका कुराहरूले भरिएका छन्,
जसका दाहिने हात छलले भरिएका छन् ।

१२ तब हाम्रा छोराहरू तिनीहरूका युवा
अवस्थामा मौलाउँदा रूखहरू जस्तै हुनेछन्,
र हाम्रा छोरीहरू दरवार सिंगार्न
कुँदिएका स्तम्बहरू जस्ता हुनेछन्, ।
१३ हाम्रा धनसारहरू हरकिसिमका अन्नले
भरिभराउ हुनेछन्,
हाम्रा भेड़ाहरू हजारौं गुणा बढ्नेछन्,
हाम्रा खेतमा ती लाखौं हुनेछन् ।
१४ हाम्रा गोरुहरूले गह्रौं भारी बोक्नेछन् ।
हाम्रा पर्खालहरू फोरिनेछैनन्,
न हामी बन्दी गृहमा जानु पर्नेछ,
न त हाम्रा सड़कहरूमा रुवाइको
आवाज उठ्नेछ ।

१५ ती मानिसहरू धन्यका हुन्,
जसका जीवनमा यी आशिष्हरू छन्,
यस्ता मानिसहरू धन्यका हुन्,
जसका परमेश्वर परमप्रभु नै हुनुहुन्छ ।

## भजन १४५

***प्रशंसाको गीत***

प्रशंसा गीत- दाऊदको भजन

१ हे मेरा परमेश्वर, हे महाराजा,
म तपाईंको नाउँ उच्च पार्दछु;
म सदासर्वदा तपाईंको नाउँको प्रशंसा
गर्नेछु ।
२ प्रतिदिन म तपाईंको प्रशंसा गर्नेछु
र सदासर्वदा तपाईंका नाउँको स्तुति
गर्नेछु ।

३ परमप्रभु महान् र प्रशंसाको निम्ति
अतियोग्य हुनुहुन्छ,
र उहाँको महानता अगम छ ।
४ एक पुस्ताले अर्को पुस्तालाई तपाईंको
कामको प्रशंसा गर्नेछन्;
तिनीहरूले तपाईंको शक्तिशाली कामको
वर्णन गर्नेछन् ।
५ तिनीहरूले तपाईंको ऐश्वर्य र तेजस्वी
वैभवको वर्णन गर्नेछन्,
र म तपाईंका आश्चर्यपूर्ण कार्यहरूमा
ध्यान दिनेछु ।
६ मानिसहरूले तपाईंको महान् कामहरूका
शक्तिको विषयमा चर्चा गर्नेछन्,
र म तपाईका महान् कार्यहरूको
घोषणा गर्नेछु ।
७ तिनीहरू तपाईंको प्रशस्त भलाइको
निम्ति आनन्द मनाउनेछन्,
र तपाईंको धार्मिकताबारे जयजयकार
गर्नेछन् ।

८ परमप्रभु अनुग्रही र दयाले पूर्ण हुनुहुन्छ,
रीस गर्नमा ढीलो र अति करुणामय
हुनुहुन्छ ।
९ परमप्रभु सबैमाथि भलो हुनुहुन्छ,
र आफ्ना सारा सृष्टिमाथि उहाँ दया
देखाउनुहुन्छ ।
१० तपाईंले सृष्टि गर्नुभएका सबै थोकले हे
परमप्रभु, तपाईंको प्रशंसा गर्नेछ;
तपाईंको भक्तजनहरूले तपाईंको स्तुति
गर्नेछन् ।
११ तिनीहरूले तपाईंको राज्यको महिमाको
वर्णन गर्नेछन्,
र तपाईंको शक्तिको कुरा गर्नेछन् ।
१२ कि सबै मानिसले तपाईंका शक्तिशाली
कार्यहरू थाहा पाऊन्,

अनि तपाईंका राज्यको महिमापूर्ण
वैभव देखून् ।
१३ तपाईंको राज्य अनन्तको राज्य छ,
र तपाईंका प्रभुत्व पुस्तौंसम्म रहनेछ ।

आफ्ना सबै करारमा परमप्रभु
विश्वासनीय हुनुहुन्छ,
र आफूले रचेका सबै थोकप्रति कृपामय
हुनुहुन्छ ।
१४ लड़ेकाहरू सबैलाई परमप्रभुले सहारा
दिनुहुन्छ,
दबिएकाहरू सबैलाई उठाउनुहुन्छ ।
१५ सबै प्राणीहरूका आँखाले तपाईंतिर हेर्दछन्,
अनि तपाईंले तिनीहरूको भोजन ठीक
समयमा दिनुहुन्छ ।
१६ तपाईंले आफ्नो मुठी खोल्नुहुन्छ,
र सबै जीवित प्राणीका मनोरथ सन्तुष्ट
पार्नुहुन्छ ।

१७ परमप्रभु आफ्ना सब मार्गमा धर्मी
हुनुहुन्छ,
र आफूले रचेका सबै थोकप्रति कृपालु
हुनुहुन्छ ।
१८ परमप्रभुलाई पुकार्ने सबैको नजीक उहाँ
हुनुहुन्छ,
उहाँलाई साँचोसित पुकार्ने सबैको
नजीक उहाँ हुनुहुन्छ ।
१९ उहाँको भय मान्ने सबैको मनोरथ
उहाँले पूरा गर्नुहुन्छ;
उहाँले तिनीहरूको पुकार सुन्नुहुन्छ
र तिनीहरूलाई बचाउनुहुन्छ ।
२० उहाँलाई प्रेम गर्ने सबैलाई परमप्रभुले
रक्षा गर्नुहुन्छ,
तर सबै दुष्टहरूलाई उहाँले नाश
पार्नुहुनेछ ।

२१ मेरो मुखले परमप्रभुको प्रशंसामा बोल्नेछ,
प्रत्येक प्राणीले सदासर्वदा उहाँको पवित्र
नाउँको प्रशंसा गरुन् ।

## **भजन** १४६

*उद्धारक परमेश्वरको प्रशंसा*

१ परमप्रभुको प्रशंसा गर,
हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् ।
२ म मेरो जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु;
म बाँचुञ्जेल मेरा परमेश्वरको महिमा
गाउनेछु ।

३ राजाहरूमाथि भरोसा नगर्,
मरणशील मानिसमाथि, जसले बचाउन
सक्दैन ।
४ जब तिनीहरूको आत्मा निस्कन्छ,
त्यो माटैमा मिलिहाल्छ;
त्यही दिन त्यसको योजनाहरू पनि नष्ट
हुन्छन् ।

५ त्यो मानिस धन्य हो,
जसको सहायक याकूबका परमेश्वर हुनुहुन्छ,
र जसको आशा परमप्रभु त्यसका
परमेश्वरमा हुन्छ,
६ उहाँ स्वर्ग र पृथ्वी,
समुद्र र त्यसमा भएका यावत थोकका
सृष्टिकर्ता हुनुहुन्छ–
परमप्रभु, जो सदाकाल विश्वासयोग्य
रहनुहुन्छ ।
७ उहाँले अत्याचारमा परेकाहरूको निम्ति
न्याय दिनुहुन्छ,
र भोकाहरूलाई भोजन दिनुहुन्छ ।
परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ,
८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ,
र निहुरेकाहरूलाई खड़ा गर्नुहुन्छ,
परमप्रभुले धर्मीजनहरूलाई प्रेम गर्नुहुन्छ ।
९ परमप्रभुले परदेशीहरूको रक्षा गर्नुहुन्छ,
टुहुरा-टुहुरी र विधवाहरूलाई सम्हाल्नुहुन्छ,
तर दुष्टहरूको योजनालाई विफल
पारिदिनुहुन्छ ।

१० परमप्रभु सदासर्वदा राज्य गर्नुहुनेछ,
हे सियोन, तेरा परमेश्वरले सारा पुस्तौं-

---

**१४६:६**–प्रेरित ४:२४; १४:१५.

पुस्तौंसम्म राज्य गर्नुहुनेछ,
परमप्रभुको प्रशंसा गर ।

### भजन १४७

*सर्वशक्तिमान् परमेश्वरको प्रशंसा*

१ परमप्रभुको प्रशंसा गर ।
हाम्रा परमेश्वरको प्रशंसा गाउनु कति असल कुरा हो,
उहाँको प्रशंसा गर्न कति रमाइलो र उचित छ !

२ परमप्रभुले यरूशलेमलाई बनाउनुहुन्छ;
उहाँले इस्राएलबाट निर्वासितहरूलाई एकत्र गर्नुहुन्छ ।
३ उहाँले मन भाँचेकाहरूलाई निको पार्नुहुन्छ,
र तिनीहरूका चोटहरूमा मलमपट्टी बाँधिदिनुहुन्छ ।

४ उहाँले ताराहरूको सङ्ख्या निश्चित गर्नुहुन्छ,
र ती हरेकलाई नाउँबाट बोलाउनुहुन्छ ।
५ हाम्रा परमप्रभु महान् हुनुहुन्छ,
सर्वशक्तिमान् र सर्वज्ञानी हुनुहुन्छ ।
६ परमप्रभुले दीन-दुखीलाई सम्हाल्नुहुन्छ,
तर दुष्टलाई भूईँमा खसाल्नुहुन्छ ।

७ धन्यवादसाथ परमप्रभुको स्तुति गाओ,
वीणा बजाएर हाम्रा परमेश्वरको स्तुति गर ।
८ उहाँले आकाशलाई बादलले ढाक्नुहुन्छ,
र पृथ्वीलाई वर्षा दिनुहुन्छ,
अनि पहाड़हरूमा घाँस उमार्नुहुन्छ ।
९ उहाँले भोकाएका पशुहरूलाई र
कागका वचेराहरूलाई आहार दिनुहुन्छ ।

१० घोड़ाको बलमा उहाँलाई आनन्द छैन,
नता मानिसका खुट्टामा उहाँ प्रसन्न हुनुहुन्छ;
११ तर परमप्रभु उहाँको भय मान्नेहरूसँग,
उहाँको अचूक कृपामाथि भरोसा राख्नेहरूसँग प्रशन्न हुनुहुन्छ ।
१२ हे यरूशलेम, परमप्रभुको स्तुति गर्,
हे सियोन, आफ्ना परमेश्वरको प्रशंसा गर्,
१३ किनकि उहाँले तेरा शहरका ढोकाहरू
सुदृढ़ पारिदिनुहुन्छ,
अनि तँभित्र वास गर्ने मानिसलाई
आशीर्वाद दिनुहुन्छ ।
१४ उहाँले तेरा साँध सिमानामा शान्ति ल्याउनुहुन्छ,
उहाँले तपाईं असल गहुँले तृप्त पार्नुहुन्छ ।

१५ उहाँले पृथ्वीमा आदेश पठाउनुहुन्छ,
उहाँका वचनहरू अति तेज गतिले दौड़न्छ ।
१६ उहाँले ऊनजस्तो गरी हिउँ बर्साउनुहुन्छ
अनि तुसारो खरानीझैं छरिदिनुहुन्छ ।
१७ उहाँले असिना कङ्कड़झैं बर्साउनुहुन्छ,
उहाँका कठयाङ्ग्रिने चिसो बतासमा को टिक्न सक्छ ?
१८ उहाँले आफ्ना वचन पठाउनुहुन्छ र ती पगाल्नुहुन्छ;
उहाँले आफ्नो बतास चलाउनुहुन्छ
र पानी बग्न थाल्छ ।

१९ उहाँले आफ्ना वचन याकूबलाई,
अनि आफ्ना नियम र विधिहरू
इस्राएललाई देखाउनुभएको छ ।
२० उहाँले अरू जातिको निम्ति यस्तो कार्य गर्नुभएको छैन;
तिनीहरूले उहाँको नियमहरू जान्दैनन् ।

परमप्रभुको प्रशंसा गर ।

### भजन १४८

*सारा विश्वलाई परमेश्वरको प्रशंसा गर्ने आह्वान*

१ परमप्रभुको प्रशंसा गर ।

स्वर्गबाट परमप्रभुको प्रशंसा गर,
उच्च स्थानहरूमा उहाँको प्रशंसा गर ।
२ हे उहाँका सारा दूतगण हो, उहाँको प्रशंसा गर,
हे उहाँका स्वर्गीय सेना हो, उहाँको प्रशंसा गर ।
३ हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर,
हे चम्किला ताराहरू हो, उहाँको प्रशंसा गर ।

४ हे सर्वोच्च आकाश र आकाशमाथिका
पानी हो,
तिमीहरूले उहाँको प्रशंसा गर ।
५ तिनीहरूले परमप्रभुको नाउँको प्रशंसा
गरून्,
किनकि उहाँले आज्ञा गर्नुभयो र ती
सृष्टि भए ।
६ उहाँले सधैंको निम्ति तिनीहरूका स्थान
स्थिर गरिदिनुभयो,
उहाँले एउटा कहिल्यै नटल्ने विधि
दिनुभयो ।

७ पृथ्वीबाट परमप्रभुको प्रशंसा गर,
हे विशाल जल जन्तु हो, र गहिरा
सागर हो,
८ विजुली र असिना, हिउँ र बादल,
उहाँका आज्ञा पालन गर्ने आँधीका
बतास हो,
९ पर्वतहरू र डाँड़ाहरू हो,
फल फलाउने रूखहरू र सबै
देवदारुहरू हो,
१० जङ्गली जनावर र सम्पूर्ण गाईवस्तुहरू
हो,
स-साना जन्तु र उड्ने पंक्षीहरू,
११ पृथ्वी राजाहरू र जातिहरू,
राजकुमार र पृथ्वीका शासकहरू,
१२ युवकहरू र कन्याहरू,
वृद्ध र बालकहरू, सबैले परमप्रभुको
प्रशंसा गर ।

१३ तिनीहरू सबैले परमप्रभुका नाउँको
प्रशंसा गरून्,
किनकि उहाँको नाउँ मात्र महान् छ,
उहाँको महिमा पृथ्वी र आकाशभन्दा
पनि उच्च छ ।
१४ उहाँले आफ्ना मानिसहरूका निम्ति
एउटा सीङ खड़ा गर्नुभएको छ,
जो उहाँका पवित्रजनहरू,
उहाँको हृदयका नजीक रहने इस्राएलका
प्रशंसा हुन् ।
परमप्रभुको प्रशंसा गर ।

## भजन १४९

### *परमप्रभुका प्रशंसाको गीत*

१ परमप्रभुको प्रशंसा गर ।
परमप्रभुको निम्ति एउटा नयाँ भजन
गाओ,
पवित्रजनहरूका समुदायमा उहाँको
प्रशंसा गर ।

२ इस्राएलीहरू आफ्ना सृष्टिकर्तामा
रमाऊन्;
सियोनका मानिसहरू आफ्ना राजामा
आनन्दित होऊन् ।
३ नाच्दै तिनीहरूले उहाँको नाउँको प्रशंसा
गरून्,
र उहाँको निम्ति खैंजड़ी र वीणा
बजाएर भजन गाऊन्,
४ किनकि परमप्रभु आफ्ना प्रजासित प्रसन्न
हुनुहुन्छ,
नम्रहरूलाई उहाँले मुक्तिको मुकुट
लगाइदिनुहुन्छ ।
५ पवित्रजनहरूले यस्तो सम्मानमा आनन्द
मनाऊन्,
र आ-आफ्ना ओछ्यानमा तिनीहरू
आनन्दले गाऊन् ।

६ तिनीहरूका मुखमा परमेश्वरको स्तुति
रहोस्,
र तिनीहरूका हातमा दुईधारे तरवार
रहून्,
७ किनकि जातिहरूका विरुद्धमा तिनीहरूले
प्रतिशोध,
अनि मानिसहरूलाई दण्ड दिन सकून्,
८ तिनीहरूका राजालाई साङ्लाले र
तिनीहरूका भारदारलाई फलामका
सिक्रीले बाँध्न सकून्,
९ तिनीहरूमाथि लेखिएका न्याय-दण्ड दिन
सकून्,
उहाँका सबै पवित्रजनहरूको यसैमा
गौरव छ ।

परमप्रभुको प्रशंसा गर ।

## भजन १५०

***परमप्रभुको प्रशंसा***

१ परमप्रभुको प्रशंसा गर ।

उहाँको पवित्र मन्दिरमा उहाँको प्रशंसा गर;
उहाँको महिमामय आकाशमा उहाँको प्रशंसा गर ।
२ उहाँको शक्तिशाली कामहरूको निम्ति उहाँको प्रशंसा गर;
उहाँको उत्कृष्ट महानताको निम्ति उहाँको प्रशंसा गर ।
३ तुरहीका सोरले उहाँको प्रशंसा गर,
वीणा र सितार बजाएर उहाँको प्रशंसा गर ।
४ खैँजड़ी बजाएर नाच्दै उहाँको प्रशंसा गर,
तार-बाजा र बाँसुरी बजाएर उहाँको प्रशंसा गर ।
५ झ्याली बजाएर उहाँको प्रशंसा गर,
चर्को सोरले बज्ने झ्याली बजाएर उहाँको प्रशंसा गर ।

६ सास भएका जति सबैले परमप्रभुको प्रशंसा गर ।

परमप्रभुको प्रशंसा गर ।

# हितोपदेश

### प्रस्तावनाः उद्देश्य र विषय

**१** इस्राएलका राजा दाऊदका पुत्र सुलेमानका
हितोपदेशहरू:

२ बुद्धि र अनुशासन प्राप्तिको निम्ति,
अन्तर्दृष्टिका वचनहरू बुझ्नेछन्;
३ अनुशासित र विवेकशील जीवन
प्राप्तिको निम्ति,
जे ठीक, न्यायोचित र सन्तोषदायक छ
त्यो गर्नको निम्ति;
४ सोझाहरूलाई चतुराइ,
र जवानलाई स्वविवेक दिनको निम्ति–
५ बुद्धिमान्‌ले सुनोस् र तिनीहरूको ज्ञान
बढ़ोस्,
र विवेकशील व्यक्तिलाई अगुवाइ मिलोस्–
६ जसद्वारा हितोपदेश र दृष्टान्तहरू,
बुद्धिमान्‌को आहान र रहस्यका कुराहरू
तिनीहरूले बुझून् ।

७ परमप्रभुको भय ज्ञानको शुरू हो,
तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ
ठान्दछ ।

### बुद्धि ग्रहण गर्ने अर्ती
### प्रलोभनको विरुद्ध चेतावनी

८ हे मेरो छोरो, आफ्नो बाबुको शिक्षा
ध्यान लगाएर सुन्
र आफ्नी आमाको शिक्षालाई नत्याग् ।
९ ती तेरो शिरको निम्ति शोभाको मुकुट
र तेरो गलामा सम्मानको हार हुनेछ ।

१० हे मेरो छोरो, यदि पापीहरूले तँलाई
लोभ्याउँछन् भने,
तिनीहरूको बहकाउमा नलाग् ।
११ तिनीहरूले भन्लान्, "हामीसित आऊ,
हामी कसैको रक्तपात गर्न ढुकिबसौं;
हामी कुनै निर्दोषलाई लुट्न ढुकिबसौं,
१२ हामी तिनीहरूलाई चिहानले झैं जिउँदै निलौं,
र तिनीहरू सबैलाई पातालमा जानेहरूलाई
झैं गरौं ।
१३ हामी सबै किसिमका मूल्यवान् कुराहरू
पाउनेछौं
र हाम्रा घरहरूलाई लूटका सामानहरूले
भर्नेछौं;
१४ तँ हाम्रा साझेदार बन्,
र यो धन हामी सबैको हुनेछ"–
१५ हे मेरो छोरो, तँ तिनीहरूसित नजा,
तिनीहरूका मार्गमा खुट्टै नटेक्;
१६ किनकि तिनीहरूका खुट्टा पाप गर्न
हतारिन्छन्,
तिनीहरू रक्तपात गर्न आतुरी गर्छन् ।
१७ सबै चराहरूले देख्ने गरी
जाल बिछाउन कति मूर्खतापूर्ण हुन्छ !
१८ यी मानिसहरू आफ्नै रगतको निम्ति
ढुकिबस्छन्;
तिनीहरू आफै बाटो ढुक्छन् !
१९ बेइमानीसित नाफा कमाउनेहरू सबैको
अन्त यस्तै हुन्छ;
यसलाई पाउने सबैको प्राण यसले लिन्छ ।

### बुद्धिको तिरष्कार विरुद्ध चेतावनी

२० बुद्धि सड़कमा चर्को सोरमा कराउँछ,
त्यसले चोकहरूमा आफ्नो आवाज उचाल्छ;
२१ हल्ला हुने सड़कहरूमा त्यो चिच्याउँछ,
शहरको मूल ढोकाहरूमा त्यसले आफ्नो
प्रचार गर्छ:

२२ "तिमी मूर्खहरूले कहिलेसम्म आफ्ना
मूर्ख तरीकाहरूलाई प्रेम गरिबस्छौ ?
कहिलेसम्म ठट्टा गर्नेहरूले ठट्टामा
आनन्दित रहन्छौ ?

**१:१**–१ राजा ४:३२. **१:७**–अय्यूब २८:२८; भजनसंग्रह १११:१०. **१:२०–२१**–हितोपदेश ८:१-३.

र मूर्खहरूले ज्ञानलाई घृणा गरिबस्छौ ?
२३ यदि तिमीहरूले मेरो हप्काइलाई सुनेको
भए,
म आफ्नो हृदय तिमीहरूलाई पोखाइ दिनेथिएँ
र मेरा विचारहरू तिमीहरूलाई थाहा
गराउनेथिएँ ।
२४ तर मैले बोलाउँदा तिमीहरूले मलाई
तिरष्कार गरेको हुनाले,
र मैले आफ्ना हातहरू फैलाउँदा कसैले
ध्यान नदिएको हुनाले,
२५ किनकि तिमीहरूले मेरो सल्लाहलाई
तुच्छ ठानेको
र मेरो हप्काइलाई स्वीकार नगरेको हुनाले,
२६ तिमीहरूमाथि सङ्कष्ट आउँदा म हाँस्नेछु,
विपत्तिले तिमीहरूलाई छोप्दा म खिल्ली
उड़ाउनेछु–
२७ तिमीहरूलाई विपत्तिले आँधीभैँ उड़ाउँदा,
जब भुमरीभैँ आपत्ति तिमीहरूमाथि
मड़ारिएर आउँछ,
जब सङ्कष्ट र दु:खले तिमीहरूलाई
डुबाउँछन् ।

२८ "त्यस बेला तिनीहरूले मलाई पुकार्नेछन्,
तर म जवाफ दिनेछैनँ;
तिनीहरूले मलाई खोज्नेछन्,
तर मलाई भेट्टाउनेछैनन् ।
२९ किनकि तिनीहरूले ज्ञानलाई घृणा गरेका
हुनाले,
र परमप्रभुको भय मान्न नचाहेका हुनाले,

३० किनकि तिनीहरूले मेरो सल्लाह ग्रहण
नगरेका,
र मेरो हप्कीलाई तिरस्कार गरेका हुनाले,
३१ तिनीहरूले आफ्ना शक्तिका फल खानेछन्
र आफ्ना कपटकै योजनाको फलले
आफै भरिनेछन् ।
३२ आफ्नै मनमानीपनले गर्दा मूर्खहरू मर्नेछन्,
र मूर्खहरूको आफ्नै निश्चिन्तताले
तिनीहरूमाथि नाश आइपर्नेछ ।
३३ तर जस जसले मेरो कुरामा ध्यान
दिन्छन् तिनीहरू सुरक्षित रहन्छन्,
दुर्दिनमा डरैविना तिनीहरू ढुक्क
रहनेछन् ।

**बुद्धिबाट प्राप्त हुने नैतिक लाभहरू**

२ हे मेरो छोरो, यदि तैंले मेरा वचनहरू
ग्रहण गरिस्,
र मेरा आज्ञाहरू तेरो मनभित्र राखिस् भने,
२ आफ्नो कान बुद्धिका कुरामा फर्काइस्
र तेरो हृदयलाई समझतिर लगाइस् भने,
३ अनि तैंले अन्तर्दृष्टिको निम्ति पुकार गरिस्
र समझशक्तिको निम्ति जोरसित
पुकारिस् भने,
४ अनि तैंले त्यसलाई चाँदीभैँ चाहना गरिस्
र लुकाइएको गाड़धनभैँ त्यो खोजिस् भने,
५ तैंले परमप्रभुको भय बुझ्नेछस्,
र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस् ।
६ किनकि परमप्रभुले बुद्धि दिनुहुन्छ,
र उहाँकै मुखबाट ज्ञान र समझशक्तिका
कुराहरू निस्कन्छन् ।
७ उहाँले सोझाहरूको लागि विजय
साँचिराख्नुहुन्छ,
जसको चाल निर्दोष छ तिनीहरूका
लागि उहाँ ढाल हुनुहुन्छ,
८ किनकि उहाँले धर्मीको मार्ग सुरक्षित
राख्नुहुन्छ,
र उहाँले आफ्ना विश्वासयोग्यहरूका
मार्गको रक्षा गर्नुहुन्छ ।

९ तब ठीक र न्यायसङ्गत अनि उचित को हो–
साथै हरेक असल मार्ग के हो तैंले
बुझ्नेछस् ।
१० किनकि बुद्धि तेरो हृदयमा पस्नेछ,
र ज्ञानचाहिँ तेरो प्राणको निम्ति
आनन्ददायक हुनेछ ।
११ विवेकले तँलाई हेरचाह गर्नेछ,
र समझशक्तिले तँलाई रक्षा गर्नेछ ।

१२ बुद्धिले तँलाई दुष्ट चालबाट,
र छली कुरा गर्ने मानिसहरूबाट
जोगाउनेछ ।
१३ जसले सीधा मार्गहरू त्यागेर अन्धकारका

युक्तिहरूमा हिँड्छन्,
१४ जसलाई भूल गर्न मनपर्छ,
र जो दुष्टहरूको बदमाशीमा रमाउँछन्,
१५ जसका मार्गहरू टेढ़ा छन्
र जसका आफ्नै चालहरू अनिश्चित छन् ।

१६ बुद्धिले तँलाई व्यभिचारिणी
र अनैतिक स्त्रीका लोभ्याउने कुराहरूबाट
जोगाउनेछ,
१७ जसले आफ्नो युवा अवस्थाको जीवन
साथीलाई त्यागेकी छे,
र त्यसले परमेश्वरसित बाँधेको करारको
बेवास्ता गरेकी छे ।
१८ किनकि त्यसको घरले ओह्रालोतिर मृत्युमा
र त्यसका मार्गहरूले मृतकहरूका
आत्मामा पुऱ्याउँछ ।
१९ त्यससित जाने कोही पनि फर्कंदैन,
नता जीवनको मार्ग नै प्राप्त गर्छ ।

२० यसैकारण तँ असल मानिसहरूका
अनुसरण गर्,
र धर्मी मानिसको चालमा लागिबस् ।
२१ किनकि धर्मीहरू देशमा वास गर्नेछन्,
र निर्दोष मानिसहरू त्यहाँ रहनेछन्;
२२ तर दुष्टहरू त देशबाट जरैसमेत उखेलिनेछन्,
र विश्वासघातीहरू झारझैँ फ्याँकिनेछन् ।

### बुद्धिबाट प्राप्त अरू लाभहरू

३ हे मेरो छोरो, मेरो शिक्षालाई नबिर्सी,
तर मेरा आज्ञाहरूलाई आफ्नो हृदयमा
लुकाइराख्,
२ किनकि तिनीहरूले तँलाई दीर्घायु बनाउनेछन्,
र तेरो लागि सम्पन्नता ल्याउनेछन् ।

३ प्रेम र विश्वासयोग्यताले तँलाई कहिल्यै
नछोडून्;
तिनीहरूलाई तैंले आफ्नो गलामा बाँधिराख्,
ती तैंले आफ्नो हृदयको पाटीमा लेखिराख् ।
४ तब तैंले परमेश्वर र मानिसहरूको दृष्टिमा
तैंले निगाह र असल नाउँ कमाउनेछस् ।

५ तेरो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा राख्
र तेरो आफ्नै समझशक्तिमा भर नपर्;
६ आफ्ना सबै चालहरूमा उहाँलाई सम्झी
र उहाँले तेरा मार्गहरूलाई सुगम
तुल्याइदिनुहुनेछ ।

७ आफ्नै दृष्टिमा बुद्धिमान् नबन्,
परमेश्वरको भय मान् र दुष्कर्मलाई त्याग् ।
८ यसले तेरो शरीरलाई स्वस्थ तुल्याउँनेछ
र तेरो हड्डीको लागि पोषण दिनेछ ।

९ आफ्नो धन-सम्पत्ति र आफ्ना सबै
उब्जनीको अगौटे फलले परमप्रभुको
आदर गर् ।
१० तब तेरा ढुकुटीहरू पोखिने गरी भरिनेछन्,
र तेरा मसकहरू नयाँ दाखमद्यले
भरिभराउ हुनेछन् ।

११ हे मेरो छोरो, परमप्रभुको अनुशासनलाई
तुच्छ नठान्,
र उहाँको हप्कीप्रति चित्त नदुखा,
१२ किनकि जसलाई परमप्रभु प्रेम गर्नुहुन्छ
तिनीहरूलाई नै उहाँले हप्काउनुहुन्छ,
जसरी बाबुले आफ्नो प्यारो छोरालाई
ताड़ना दिन्छन् ।

१३ त्यो मानिस धन्यको हो जसले बुद्धि प्राप्त गर्छ
त्यो मानिस धन्यको हो जसले समझशक्ति
प्राप्त गर्छ,
१४ किनकि बुद्धि र समझशक्ति चाँदीभन्दा
लाभदायक
र सुनभन्दा फाइदाजनक हुन्छ ।
१५ त्यो त मणिहरूभन्दा मूल्यवान् हुन्छ,
तैंले इच्छा गरेका कुनै पनि थोक
त्यससँग तुलना गर्न सकिँदैन ।
१६ त्यसका दाहिने हातमा दीर्घायु छन्
र त्यसको देब्रे हातमा धन-सम्पत्ति र
सम्मान हुन्छन् ।
१७ त्यसका मार्गहरू आनन्ददायक हुन्छन्

**३:४**–लूका २:५२. **३:७**–रोमी १२:१६. **३:११**–अय्यूब ५:१७. **३:११-१२** –हिब्रू १२:५-६. **३:१२** –प्रकाश ३:१९.

र त्यसका सबै बाटोहरू शान्तिका हुन्छन् ।
१८ त्यो त त्यसलाई अप्नाउनेहरूको निम्ति
र त्यसलाई पक्रिराख्नेहरूको निम्ति
जीवनको रूख हो ।

१९ बुद्धिद्वारा नै परमेश्वरले पृथ्वीको जग
बसाल्नुभयो,
समझशक्तिले उहाँले स्वर्गहरूलाई ठीक
ठाउँमा राख्नुभयो;
२० उहाँको ज्ञानले सागरहरू भाग भए,
र बादलले शीत झारे ।

२१ हे मेरो छोरो, उचित न्याय र ठीक
बेठीक छुटाउने ज्ञान जोगाइराख्,
तिनलाई तेरो दृष्टिबाट जान नदे;
२२ ती तेरो निम्ति जीवन,
र तेरो गलामा शोभाको गहनाझैं हुनेछन् ।
२३ तब तँ आफ्नो मार्गमा सुरक्षित भई हिँड्नेछस्,
र तेरा खुट्टाले ठेस खानेछैन ।
२४ जब तँ ढल्किनेछस् तँलाई डर लाग्नेछैन;
जब तँ ढल्किनेछस् तँलाई मीठो निद्रा
लाग्नेछ ।
२५ तँलाई अचानक आउने विपत्तिको
अथवा दुष्टमाथि आइपर्ने विनाशको डर
हुनेछैन,
२६ किनकि परमप्रभु तेरो भरोसा हुनुहुनेछ
र उहाँले तेरो खुट्टाहरूलाई पासोमा
पर्नदेखि बचाउनुहुनेछ ।
२७ जो-जसलाई भलाइ गर्नुपर्छ
तेरो हातमा भइञ्जेल त्यो नरोक् ।
२८ तँसित दिने कुरो छ भने,
आफ्नो छिमेकीलाई 'पछि आऊ,
म तँलाई भोलि दिनेछु' भनी नभन् ।

२९ आफ्नो नजीकमा भरपर्दो गरी बस्ने
छिमेकीको विरुद्धमा जोखिमपूर्ण षड्यन्त्र
नरच् ।
३० विनाकारण कुनै मानिसलाई दोष नलगा,
जसले तेरो कुनै खराबी गरेको छैन ।
३१ हिंसात्मक मानिसप्रति डाही नबन्
नता त्यसको चालहरू नै रोज्,
३२ किनकि परमप्रभुले कुमार्गीलाई तुच्छ
ठान्नुहुन्छ,
तर सोझाहरूलाई आफ्नो विश्वासपात्र
बनाउनुहुन्छ ।

३३ दुष्टहरूको घरमा परमप्रभुको श्राप रहनेछ,
तर धर्मीको घरलाई उहाँले आशिष्
दिनुहुन्छ ।
३४ गिल्ला गर्ने घमण्डीहरूलाई उहाँले गिल्ला
गर्नुहुन्छ,
तर नम्रहरूलाई उहाँले अनुग्रह दिनुहुन्छ ।
३५ बुद्धिमान्हरूले इज्जत प्राप्त गर्दछन्,
तर मूर्खहरूलाई उहाँले लज्जित
तुल्याउनुहुनेछ ।

### बुद्धि सर्वोच्च हो

४ हे मेरा छोराहरू हो, आफ्नो बाबुको
अर्ती सुन;
यसमा ध्यान दिएर समझशक्ति प्राप्त गर ।
२ म तिमीहरूलाई उचित शिक्षा दिन्छु,
यसकारण मेरो अर्तीलाई नत्याग ।
३ जब म आफ्नो बाबुको घरमा एक
बालक थिएँ,
कलिलो र मेरी आमाको एउटै छोरो,
४ मेरा बाबुले मलाई यसो भनी सिकाउनुभयो,
"तेरो पूरा हृदयले मेरो वचन पक्रिराख्,
मेरा आज्ञाहरू पालन गर् र तँ जिउनेछस् ।
५ बुद्धि प्राप्त गर्, समझशक्ति प्राप्त गर्;
मेरा वचनहरू नबिर्सी र तिनीहरूबाट
तर्किएर नजा ।
६ बुद्धिलाई नत्याग्, र त्यसले तँलाई रक्षा गर्नेछ;
त्यसलाई प्रेम गर्, र त्यसले तँलाई पहरा
दिनेछ ।
७ बुद्धि सर्वोच्च हो; यसकारण बुद्धि प्राप्त गर ।
समझशक्तिको लागि तँसित भएको सबै
कुराले मूल्य चुकाउनुपरे तापनि,

**३:३४**–याकूब ४:६; १ पत्रुस ५:५.

त्यसलाई प्राप्त गर् ।
८ त्यसलाई आदर गर्, र त्यसले तँलाई उच्च पार्नेछ;
त्यसलाई अपना र त्यसले तेरो आदर गर्नेछ ।
९ त्यसले तेरो शिरमा अनुग्रहको एउटा माला पहिराइदिनेछ,
र महिमाको शिरपेच प्रदान गर्नेछ ।"

१० हे मेरो छोरो, ध्यानसित सुन्; मैले भनेको कुरा ग्रहण गर्,
र तेरो जीवन दीर्घायु हुनेछ ।
११ म तँलाई बुद्धिको बाटो सिकाउँछु,
र तँलाई सीधा बाटोमा डोऱ्याउँछु ।
१२ तँ हिँड्दा तेरा पाइलाहरू अड्किनेछैनन्,
तँ दगुर्दा लरबरिनेछैनस् ।
१३ अर्तीमा लागि बस्, त्यसलाई जान नदे;
त्यसलाई जोगाइराख्, किनकि त्यो तेरो जीवन हो ।
१४ दुष्टको मार्गमा पाइला नटेक्
अथवा दुष्ट मानिसहरूको चालमा नहिँड् ।
१५ त्यसबाट जोगिएर बस्, त्यसमा नहिँड्;
त्यसबाट फर्की र आफ्नै बाटो लाग् ।
१६ किनकि दुष्टहरू खराब काम नगरी तिनीहरू सुत्नै सक्दैनन्;
कसैको पतन नगरुन्जेल तिनीहरूलाई निद्रै लाग्दैन ।
१७ तिनीहरूले दुष्टताको रोटी खान्छन्
र हिँसाको मद्य पिउँछन् ।

१८ धर्मीको चाल प्रभातको प्रथम चमकजस्तै हो,
त्यो मध्यदिन नहोउन्जेल झन्-झन् चहकिलो हुँदैजान्छ ।
१९ तर दुष्टको चाल त घोर अन्धकारझैँ हो;
केले आफ्नो पतन हुँदैछ सो तिनीहरू जान्दैनन् ।

२० हे मेरो छोरो, मेरो कुरामा ध्यान दे;
मेरा वचनहरू ध्यानसित सुन् ।
२१ ती तेरो दृष्टिदेखि अलग हुन नदे,
ती तेरो हृदयभित्र राखिछोड्;
२२ किनकि ती पाउनेहरूको लागि त त्यो जीवन हो,
र त्यसको सारा शरीरको निम्ति स्वास्थ्य हो ।
२३ यी कुराहरूभन्दा बढ़ी, आफ्नो हृदयलाई सुरक्षित राख्,
किनकि त्यो सारा जीवनको मूल हो ।
२४ कुवाक्य तेरो मुखबाट परै रहोस्;
भ्रष्ट कुराकानी तेरो ओठदेखि टाढ़ै रहोस् ।
२५ तेरा आँखाहरूले अगिल्तिर सीधा हेरोस्,
तेरो अगिल्तिर सोझै एक टक लाएर हेरोस् ।
२६ तेरा खुट्टाहरूको निम्ति मार्ग समतल बना
र दृढ़ मार्गहरू मात्र ग्रहण गर् ।
२७ दाहिने देब्रेतिर नलाग्;
सबै दुष्ट कुराबाट आफ्ना खुट्टाहरू अलग राख् ।

### व्यभिचारको विरुद्ध चेतावनी

५ हे मेरो छोरो, मेरो बुद्धिमा ध्यान दे,
मेरा अन्तर्दृष्टिका वचनहरू ध्यानपूर्वक सुन्,
२ यसरी तैंले विवेकलाई कायम राख्नेछस्,
र तेरो ओठले ज्ञानको रक्षा गर्नेछ ।
३ किनकि व्यभिचारी स्त्रीको ओठबाट मह चुहुन्छ,
र त्यसको बोली तेलभन्दा चिप्लो हुन्छ;
४ तापनि आखिरमा त्यो पित्तझैँ तितो,
र दुईधारे तरवारझैँ धारिलो हुन्छ ।
५ त्यसको खुट्टा मृत्युको बाटोतिर ओह्रालो लाग्छ,
त्यसको पाइला सोझै पातालतिर लागेको हुन्छ ।
६ त्यसले जीवनको मार्गतिर ध्यान दिँदैन,
त्यसको मार्ग कुटिल छ,
तापनि यो कुरा त्यसले थाहा गर्दिन ।

७ अब हे मेरा छोराहरू, मेरो कुरा

**४:२६**–हिब्रू १२:१३.

ध्यानपूर्वक सुन;
म जे भन्छु त्यसबाट तर्की नजाऊ ।
८ त्यस्ती स्त्रीदेखि टाढ़ा बस,
त्यसको घरको नजीक नजाओ,
९ नत्रता तिमीहरूले आफ्नो उत्तम बल
अरूलाई दिनेछौ,
र तिम्रा वर्षहरू निर्दयीको हातमा पर्नेछ,
१० कतै विदेशीहरूले तिम्रा सम्पत्तिमा चैन
गर्नेछन्,
र तिमीहरूका पसीनाको कमाइचाहिँ
अर्केको घरमा भरिभराउ हुनेछ ।
११ जीवनको आखिरी समयमा तिमीहरूले
विलाप गर्नेछौ,
जब तिमीहरूका मासु र छाला
गलिसकेका हुनेछन् ।
१२ तब तिमीहरूले भन्नेछौ, "हाय मैले
कसरी अनुशासनलाई घृणा गरें !
र कसरी मेरो हृदयले सुधारलाई लत्यायो !
१३ मैले मेरा गुरुहरूको आज्ञापालन गरिनँ,
र मेरा प्रशिक्षकहरूको कुरामा ध्यानै
दिइनँ ।
१४ म पूरै सर्वनाशको खाड़लमा आइपुगेको छु,
र सारा समुदायको सामु निन्दित भएको
छु ।"

१५ आफ्नै कुण्डको पानी,
र आफ्नै कुवाबाट बगेको पानी पी ।
१६ के तेरो मुहानहरू बगेर सड़कतिर,
र तेरा मुहानका पानी चोकहरूतिर जाऊन् ?
१७ त्यो तेरै निम्ति मात्र होस्,
पराई त्यसको हिस्सेदार हुन नपाओस् ।
१८ तेरो फोहोरा आशीर्वादी होस्,
र तेरी युवाअवस्थाकी पत्नीसित तँ
आनन्दित हो ।
१९ मायालु मृग र राम्री हरिणीझैं,
त्यसकै स्तनमा तँ सन्तुष्ट बन्,
तँ सधैँ त्यसकै प्रेममा मोहित भइरहेस् ।
२० हे मेरो छोरो, तँ किन वेश्याको मोहमा
फस्छस् ?
तँ किन अर्काकी पत्नीलाई आलिङ्गन गर्छस् ?
२१ किनकि मानिसका चालहरू परमप्रभुमा
छर्लङ्ग छन्,
र उहाँले त्यसका सबै मार्गहरू जाँच
गर्नुहुन्छ ।
२२ दुष्ट मानिसका दुष्टकर्महरूले त्यसलाई
पासोमा पार्छ,
र आफ्नै पापको बन्धनमा त्यो जेलिन्छ ।
२३ अनुशासनको अभावमा त्यो मर्नेछ,
आफ्नै अपार अज्ञानताद्वारा बहकिएर मर्छ ।

### मूर्खताको विरुद्धमा चेतावनी

६ हे मेरो छोरो, यदि तँ आफ्नो छिमेकीको
जमानी बसेको छस् भने,
वा कसैसँग वाचा बाँधेको छस् भने,
२ यदि आफैले बोलेको कुरामा तँ फसेको
छस् भने
र आफ्नै मुखको वचनले पासोमा परिस् भने,
३ हे मेरो छोरो, तँ आफ्नो छिमेकीको
पन्जामा परेको हुनाले,
आफैलाई मुक्त पार्न यसो गर्–
जा र आफैलाई नम्र तुल्याएर झट्टै जा;
र छिमेकीसँग खुरन्धार बिन्ती गर् ।
४ तेरा आँखालाई निदाउन नदे,
र पटल बन्द हुन नदे !
५ सिकारीको हातबाट हरिण उम्केझैं,
व्याधको हातबाट चरा फुत्केझैं
तैंले आफैलाई मुक्त गर् ।

६ ए अल्छे, कमिलाकहाँ गएर त्यसको
चाल-ढङ्ग हेर्,
र बुद्धिमानी बन् !
७ त्यसको कोही कप्तान हुँदैन,
देखरेख गर्ने र शासक हुँदैन,
८ तरै पनि त्यसले ग्रीष्म ऋतुमा त्यसले
अन्नको भण्डार तयार गर्छ,
र कटनीको समयमा आफ्नो खानेकुरो
सञ्चय गर्छ ।

९ ए अल्छे, तँ कतिबेरसम्म सुतिरहन्छस् ?
तँ आफ्नो निद्राबाट कहिले जाग्छस् ?
१० एकै छिनको सुताइ, र एक छिनको उँघाइले,

हात बाँधेर केही बेरको आराम गराइले–
११ दरिद्रता तँमाथि डाँकूझैँ
र अभाव हतियार भिरेको मानिसझैँ आउँछ।

१२ एउटा बदमाश र उपद्रवी मानिस,
जो भ्रष्ट मुख लिएर यताउति हिँड्छ,
१३ जसले आँखा झिम्काउँछ,
खुट्टाले चाल दिन्छ,
र आफ्ना औँलाले इशारा गर्छ,
१४ आफ्नो छली हृदयमा त्यसले दुष्ट कुरा रच्दछ,
त्यसले सधैँ विवाद उत्पन्न गराउँछ ।
१५ यसकारण विपत्ति त्यसमाथि अचानक आइलाग्नेछ,
त्यो अचानक उपायविना नै नष्ट हुनेछ ।

१६ छओटा कुराहरू परमप्रभुले घृणा गर्नुहुन्छ,
सातओटा कुराहरू उहाँले तुच्छ ठान्नुहुन्छः
१७ अहङ्कारी आँखा,
झूट बोल्ने जिब्रो,
निर्दोषको रगत बगाउने हात,
१८ दुष्ट युक्ति रच्ने हृदय,
खराबी काम गर्न झट्टै अग्रसर हुने खुट्टा,
१९ असत्य बोल्ने झूटो साक्षी,
र दाज्यूभाइहरूको बीचमा झगड़ा उठाउने मानिस ।

### व्यभिचारको विरुद्ध चेतावनी

२० हे मेरो छोरो, आफ्ना बाबुका आज्ञाहरू पालन गर्,
र आफ्नी आमाको अर्तीलाई नत्याग् ।
२१ ती तेरो हृदयमा सधैँको लागि बाँधिराख्
तिनलाई तेरो घाँटीमा बाँधिराख् ।
२२ जब तँ हिँड्दा तिनले तेरो अगुवाइ गर्नेछन्;
जब तँ निदाउँछस्, तिनले तेरो हेरचाहा गर्नेछन्;
जब तँ जाग्नेछस्, तिनी तँसित कुरा गर्नेछन् ।
२३ किनकि यी आज्ञाहरू एउटा बत्ती हो,
र शिक्षाचाहिँ ज्योति हो,
अनि अनुशासनको सुधार जीवनको मार्ग हो,
२४ जसले तँलाई चरित्रहीन स्त्रीबाट,
स्वेच्छाचारी पत्नीको चिप्ले कुराबाट बचाउँछ ।
२५ तेरो हृदयमा त्यसको सुन्दरताको चाहना नगर्,
त्यसका आँखाले तँलाई वशमा नपारोस् ।
२६ किनकि वेश्याले तँलाई एउटा रोटीसमान बनाउँछे,
र व्यभिचारिणीले तेरो जीवनलाई नै शिकार बनाउँछे ।
२७ के कुनै मानिसले आफ्नो लुगा
नडढ़ाईकन आगो उघाएर आफ्नो
काखमा राख्नसक्छ ?
२८ के कुनै मानिसले आफ्नो खुट्टा नडढ़ाईकन
जल्दै गरेको कोइलामाथि हिँड्न सक्छ ?
२९ त्यसरी नै जो मानिस अर्काकी पत्नीसित सुत्छ;
त्यसलाई छुने कोही पनि, त्यो दण्ड
नपाई उम्कन सक्दैन ।

३० भोकले मर्न लागेको चोरले आफ्नो भोक
मेटाउनलाई चोरी गरेकोमा कसैले
त्यसलाई तुच्छ ठान्दैन ।
३१ तर यदि त्यो पक्राउ पऱ्यो भने,
त्यसले सात गुणा बढ़ी तिर्नुपर्छ,
चाहे त्यो उसको घरको सम्पूर्ण धन नै किन नहोस् ।
३२ तर व्यभिचार गर्ने व्यक्तिसित विवेक हुँदैन;
यसो गर्ने सबैले आफैलाई नष्ट गर्छन् ।

३३ त्यसले मुक्का र अपमान पाउनेछ,
र त्यसको अपमान कहिल्यै मेटिनेछैन;
३४ किनकि डाहले पतिको क्रोधलाई
उत्तेजित गराउँछ,
र दयामाया नदेखाईकनै त्यसले बदला लिन्छ ।
३५ त्यसले कुनै क्षतिपूर्ति ग्रहण गर्नेछैन ।
त्यसले जतिसुकै घूसलाई पनि अस्वीकार गर्नेछ ।

**६:१०-११**–हितोपदेश २४:३३-३४.

### व्यभिचारिणी विरुद्ध चेतावनी

७ हे मेरो छोरो, मेरा वचनहरू पालन गर्,
र मेरा आज्ञाहरूलाई आफूभित्र साँचिराख् ।
२ मेरा आज्ञाहरू पालन गर्, र तँ जिउनेछस्;
मेरा अर्तीहरूलाई आफ्नो आँखाको
नानीझैँ जोगाइराख् ।
३ तिनलाई तेरा औँलामा औँठीझैँ लगाइराख्;
तिनलाई तेरो हृदयको पाटीमा लेखिराख् ।
४ बुद्धिलाई भन्, "तिमी मेरी बहिनी हौ,"
र समझशक्तिलाई चाहिँ आफ्नो परममित्र
भन् ।
५ तिनले तँलाई व्यभिचारिणीबाट,
र स्वेच्छाचारी पत्नीको चिप्ले कुराबाट
बचाउँछन् ।

६ आफ्नो घरको झ्यालमा बसेर त्यसको
आँखी झ्यालबाट मैले बाहिर हेरें ।
७ मैले सीधा-साधाहरूको बीचमा,
मैले जवान मानिसहरूमध्ये विवेकको
अभाव भएको एउटा जवानलाई पाएँ ।
८ त्यो ओह्वालो सड़कमा त्यस स्त्रीको घरको
छेउमा जाँदै थियो,
त्यो त्यसकै घरको दिशातिर हिँड्दै थियो ।
९ जब दिन ढल्दै गरेको साँझको समय थियो,
रातको अन्धकार बढ्दै थियो ।

१० तब एउटी स्त्री त्यसलाई भेट्न आई,
वेश्याझैँ पहिरेकी र धूर्त नियत भएकी,
११ (त्यो चञ्चल र अभिमानी छे,
त्यसका खुट्टाहरू कहिल्यै घर बस्दैनन्;
१२ त्यो कहिले सड़कमा हुन्छे,
कहिले चोकहरूमा हुन्छे,
त्यो प्रत्येक कुनामा लुकेर बस्छे ।)
१३ त्यसले त्यसलाई पक्री र चुम्बन गरी,
अनि लाजै नमानी भनी:

१४ "मैले घरमा मेलबलि चढ़ाउनु परेको छ,
आज मैले आफ्नो भाकल पूरा गरेकी छु ।
१५ त्यसैले म तपाईंलाई भेट्न बाहिर
आएकी हुँ,
मैले तपाईंलाई खोजें, अहिले भेट्टाएकी छु !
१६ मैले मेरो ओछ्यान,
मिश्रदेशको मलमलले ढाकेकी छु ।
१७ मैले मेरो ओछ्यानमा मूर्, अत्तर र
दालचिनी छर्केकी छु ।
१८ आउनुहोस्, हामी बिहानसम्मै प्रेमको
मदिरामा डुबौं;
हामी प्रेममा मस्त होऔं !
१९ मेरा पति घरमा हुनुहुन्न,
उहाँ लामो यात्रामा जानुभएको छ ।
२० उहाँले आफ्नो थैलीमा पूरा पैसा
लानुभएको छ,
र पूर्णिमाको अघि घरसम्म फर्कनुहुन्न ।"

२१ लोभ्याउने वचनहरूले उसले त्यसलाई बहकाई,
उसले त्यसलाई मोहित कुराले फसाई ।
२२ एउटा गोरु मारिनको लागि गएझैँ,
एउटा मृग पासोमा पर्न गएझैँ;
तुरुन्तै ऊ त्यसको पछि लाग्यो ।
२३ एउटा काँड़ले त्यसको कलेजो रोपिएझैँ,
एउटा चरा पासोमा पर्नलाई वेगसित
उड़िआएझैँ,
त्यसलाई आफ्नो ज्यान गुमाउनु पर्छ
भन्ने चाहै नभएझैँ ।

२४ अब हे मेरा छोराहरू, मेरो कुरा सुन;
म जे भन्छु, त्यसमा ध्यान दे ।
२५ त्यस्ता स्त्रीतर्फ हृदय नफर्का,
नता त्यसका मार्गहरूतिर हिँड् ।
२६ त्यसले आफ्ना धेरै शिकारहरू ओसारेकी छे;
त्यसको शिकार बन्नेहरू असंख्य छन् ।
२७ त्यसको घर चिहानको ढोका हो,
जसले मृत्युका कोठाहरूतिर लैजान्छ ।

### बुद्धिको आह्वान

८ के बुद्धिले आह्वान् गर्दैन ?
के समझशक्तिले आफ्नो आवाज उच्च
पार्दैन ?

---

**८:१-३**–हितोपदेश १:२०-२१.

२ मार्गका उँचाइहरूमा,
जहाँ बाटोहरूको मिलन हुन्छ,
त्यसले आफ्नो अड्डान लिन्छे,
३ शहरमा पुर्‍याउने मूल ढोकाहरूको छेउमा,
प्रवेश-द्वारहरूमा त्यो चर्को स्वरले यसरी कराउँछे,
४ "हे मानिस हो, म तिमीहरूलाई कराएर भन्छु;
म सारा मानव-जातिलाई आफ्नो आवाज सुनाउँछु ।
५ हे निर्बुद्धि हो, बुद्धि प्राप्त गर ।
हे मूर्ख हो, समझशक्ति प्राप्त गर ।
६ सुन, किनकि मैले कामलाग्ने कुराहरू भन्नुछ;
जे ठीक छ त्यो भन्न म मेरो ओठ खोल्छु ।
७ मेरो मुखले साँचो कुरा बोल्दछ,
किनकि मेरा ओठले दुष्टतालाई घृणा गर्छ ।
८ मेरो मुखका सबै वचनहरू न्यायसङ्गत छन्;
तीमध्ये एउटै पनि बाङ्गोटिङ्गो छैन ।
९ विवेकशील व्यक्तिको लागि ती सबै उचित छन्,
ज्ञान हुने मानिसको निम्ति ती खोटरहित छन् ।
१० मेरो अर्तीलाई चाँदीको सट्टामा,
र ज्ञानलाई सुनको सट्टामा चुन,
११ किनकि बुद्धि त मोतीभन्दा मूल्यवान् हुन्छ,
र तैंले इच्छा गरेको कुनै पनि कुरा त्यसको दाँजोमा आउँदैन ।

१२ म बुद्धि हुँ, सावधानीसित म बसोबास गर्दछु;
मसँग ज्ञान र विवेक छन् ।
१३ परमप्रभुको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो;
अभिमान, अहङ्कार, खराब चालचलन
र भड्काउने कुराहरूलाई म घृणा गर्छु ।
१४ सरसल्लाह र उचित फैसला मबाटै हुन्छन्;
मसित समझशक्ति र सामर्थ्य छन् ।
१५ मद्वारै राजाहरूले शासन गर्छन्,
र शासकहरूले उचित कानून बनाउँछन्;
१६ मद्वारा नै राजकुमारहरूले राज्यव्यवस्था चलाउँछन्,
र भारदारहरूले पृथ्वीमा शासन गर्छन् ।
१७ मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु,
मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन् ।
१८ मसित वैभव र आदर,
रहिरहने धन-दौलत र समृद्धि छन् ।
१९ मेरो फल असल सुनभन्दा राम्रो छ;
म जे दिन्छु त्यो चुनिएको चाँदीभन्दा असल हुन्छ ।
२० म धार्मिकताका बाटो,
र न्यायको मार्गमा हिँड्छु,
२१ मलाई प्रेम गर्नेहरूलाई म धन-दौलतले भरिपूर्ण पार्छु
र म तिनीहरूका भण्डार भरिदिनेछु ।

२२ "परमप्रभुले सृष्टिको प्रारम्भमा नै मलाई सृजनुभयो,
उहाँका आदिका सबै कामहरूभन्दा पहिले नै ।
२३ अनन्तदेखि नै मेरो नियुक्त भएको थियो,
शुरूदेखि, अर्थात् संसारको शुरुभन्दा पहिले नै ।
२४ सागरहरू हुनभन्दा पहिले मेरो जन्म भएको थियो,
पानीले भरिएको खोलानालाहरू हुनभन्दा अघि नै;
२५ पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै,
पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो ।
२६ उहाँले पृथ्वी र त्यसका जमिनहरू,
वा पृथ्वीका धूलो बनाउनभन्दा अघि नै
म सृजिएको थिएँ ।
२७ जब उहाँले आकाशलाई ठीक ठाउँमा राख्नुभयो,

**८:२२**–प्रकाश ३:१४.

र उहाँले महासागरमाथि क्षितिजले
घेर्नुहुँदा, म त्यहाँ थिएँ ।
२८ जब उहाँले बादल स्थापित गर्नुभयो,
र पानीको मूललाई स्थिर गर्नुभयो,
२९ उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा–
उहाँको आज्ञाभन्दा बाहिर नाघी पानी
नजानलाई–
र उहाँले पृथ्वीका जगहरू बसाल्नुहुँदा,
३० म एक कारीगरझैं उहाँको छेउमा थिएँ ।
म दिनहुँ हर्षले विभोर हुन्थें,
उहाँको उपस्थितिमा निरन्तर आनन्दित
भइरहन्थें ।
३१ म उहाँको सम्पूर्ण संसारमा आनन्द मनाउँथें,
र म मानव-जातिमा प्रसन्न रहन्थें ।

३२ अब, हे मेरा छोराहरू हो, मेरा कुरा सुन;
तिनीहरू धन्य हुन्, जसले मेरा मार्गहरू
अपनाउँछन् ।
३३ मेरो अर्तीहरू सुन र बुद्धिमान् होओ,
त्यसको बेवास्ता नगर ।
३४ त्यही मानिस सुखी हो, जसले मेरो वचन
सुन्छ,
जो दिनहुँ मेरो ढोकामा नियालेर हेर्दै,
मेरो ढोकाको छेउमा पर्खिरहन्छ ।
३५ किनकि जसले मलाई भेट्टाउँछ, त्यसले
जीवन पाउँछ,
र परमप्रभुबाट निगाह प्राप्त गर्छ ।
३६ तर जसले मलाई भेट्टाउन असफल हुन्छ
त्यसले आफैलाई नोक्सानी गर्छ;
मलाई घृणा गर्ने सबैले मृत्युलाई प्रेम गर्छ ।”

## बुद्धि र मूर्खताको निम्तो

९ बुद्धिले आफ्नो घर बनाएको छ;
त्यसले त्यसका सातओटा खामाहरू
गाड़ेको छ ।
२ त्यसले मासु पकाएर त्यसमा दाखमद्य
मिसाएकी छे,
त्यसले आफ्नो टेबल पनि ठीक पारेकी छे ।
३ त्यसले आफ्नी दासीहरूलाई बाहिर
पठाएकी छे,
र त्यसले शहरमा सबैभन्दा अग्लो
ठाउँबाट बोलाउँछे ।
४ निर्बुद्धिहरू जति सबै भित्र आओ !”
त्यसले विवेक-शून्यहरूलाई भन्छे ।
५ “आओ, मसँग खाओ
र मैले मसला मिसाएको दाखमद्य पिओ ।
६ आफ्ना निर्बोध चालहरू त्याग र तिमीहरू
बाँच्नेछौ;
समझशक्तिको मार्गमा हिँड़ ।

७ गिल्ला गर्नेलाई सुधार्नेले अपमान निम्त्याउँछ;
जसले दुष्टलाई हप्काउँछ,
त्यसले दुर्व्यवहार बेहोर्नुपर्छ ।
८ गिल्ला गर्नेलाई नहप्का,
नत्र त्यसले तँलाई घृणा गर्नेछ;
बुद्धिमान् मानिसलाई हप्का र त्यसले
तँलाई प्रेम गर्नेछ ।
९ बुद्धिमान्लाई अर्ती दे, र त्यो अझ बुद्धिमान्
हुनेछ;
धर्मी मानिसलाई शिक्षा दे,
र त्यसले आफ्नो ज्ञान अझ बढ़ाउँछ ।
१० परमप्रभुको भय मान्नु नै बुद्धिको शुरु हो,
र परमपवित्रको ज्ञान नै समझशक्ति हो ।
११ किनकि मद्वारा नै तँ दीर्घायु हुनेछस्,
अनि तेरो जीवनमा वर्षहरू थपिनेछन् ।
१२ यदि तँ बुद्धिमान् छस् भने तँलाई बुद्धिले
इनाम दिनेछ;
यदि तँ गिल्ला गर्ने भइस् भने तँ एक्लैले
दु:ख पाउँनेछस् ।”
१३ अज्ञानी स्त्री कोलाहलपूर्ण;
त्यो अनुशासनरहित र ज्ञान-शुन्य हुन्छ ।
१४ त्यो आफ्नो घरको ढोकामा बस्छे,
त्यो शहरको सबैभन्दा अग्लो आसनमा बस्छे,
१५ त्यसको नजीकैबाट सरासर आफ्नो बाटो
हिँड़िरहेकाहरूलाई त्यसले बोलाउँछे ।
१६ ती समझ नभएकाहरूलाई त्यसले भन्छे,

**९:१०**–अय्यूब २८:२८; भजनसंग्रह १११:१०; हितोपदेश १:७.

"निर्बोधहरू सबै यता भित्र आओ !"
१७ "चोरीको पानी मीठो हुन्छ;
गुप्तमा खाएको भोजन स्वादिष्ट हुन्छ !"
१८ तर तिनीहरूले यो जान्दैनन् कि त्यहाँ
मरेकाहरू छन्,
त्यसका पाहुनाहरू चिहानभित्र छन् ।

## सुलेमानको हितोपदेश

१० सोलोमनको हितोपदेश:
बुद्धिमान् छोराले आफ्ना बाबुलाई
खुशी तुल्याउँछ,
तर मूर्ख छोराले आफ्नी आमालाई पिरोल्छ ।
२ अन्यायसँग कमाएको धनको केही मूल्य हुँदैन,
तर धार्मिकताले मृत्युबाट छुटाउँछ ।
३ परमप्रभुले धर्मीहरूलाई भोकै राख्नुहुन्न,
तर उहाँले दुष्टको लालसालाई विफल
पार्नुहुन्छ ।
४ अल्छे हातहरूले मानिसलाई दरिद्र तुल्याउँछ,
तर परिश्रमी हातहरूले सम्पत्ति आर्जन
गर्छन् ।
५ ग्रीष्म ऋतुमा अन्न जोहो गर्ने छोरो
बुद्धिमान् हो,
तर जो कटनीको समयमा सुत्छ त्यो
शर्मलाग्दो छोरा हो ।
६ धर्मीको शिरमाथि आशिष्‌को मुकुट रहन्छ,
तर दुष्टको मुखमा हिंसा छिपेको हुन्छ ।
७ धर्मीको सम्झना गर्नु आशिष्‌मय हुनेछ,
तर दुष्टको नाउँचाहिँ कुहेर जान्छ ।
८ हृदयमा बुद्धिमान् हुनेहरूले आज्ञाहरू
ग्रहण गर्छन्,
तर बकबके मूर्खको विनाश आउँछ ।
९ ईमानदार मानिस निर्धक्क हिँड्छ,
तर कुटिल मार्गमा हिँड्ने पक्राउ पर्नेछ ।
१० दोषपूर्ण आँखा झिम्काउनेले शोक ल्याउँछ,
अनि बकबके मूर्ख सर्वनाशमा पुग्छ ।
११ धर्मीको मुख जीवनको फोहोरा हो,
तर दुष्टको मुख हिंसाले भरिन्छ ।
१२ घृणाले फाटो उब्जाउँछ ।
तर प्रेमले सबै भूलहरू ढाक्छ ।
१३ जाँच गर्नेका ओठमा बुद्धिका कुरा पाइन्छ,
तर विवेकहीनहरूको पिठिउँमा त छड़ी पर्छ ।
१४ बुद्धिमान् मानिसहरूले ज्ञान सञ्चय गर्छन्,
तर मूर्खको मुखले विनाश निम्त्याउँछ ।
१५ धनवान्‌को धन नै तिनीहरूका सुरक्षित
शहर हो,
तर दरिद्रता गरीबहरूको विनाश हो ।
१६ धर्मीले कमाएको ज्यालाले तिनीहरूलाई
जीवन दिन्छ,
तर दुष्टको कमाइले दण्ड ल्याउँछ ।
१७ जसले अनुशासन पालन गर्छ,
त्यसले जीवनको बाटो देखाउँछ,
तर सुधारको बेवास्ता गर्नेले अरूलाई
पनि बहकाउँछ ।
१८ जसले आफूमा घृणा लुकाएर राख्छ,
त्यसको जिब्रो छली हुन्छ,
र जसले अपवाद फैलाउँछ, त्यो मूर्ख हो ।
१९ धेरै बोल्नेले पाप गर्छ,
तर जिब्रोमा लगाम लगाउने बुद्धिमान् हो ।
२० धर्मीको जिब्रो निखुर चाँदी हो,
तर दुष्टको हृदय भने बेकामको हुन्छ ।
२१ धर्मीको ओठले धेरैलाई तृप्त गराउँछ,
तर मूर्खहरू त विवेकशून्य भई मर्छन् ।
२२ परमप्रभुको आशिष्‌ले धन-सम्पत्ति ल्याउँछ,
अनि उहाँले त्यसमाथि विपत्ति थप्नुहुन्न ।
२३ मूर्खहरू दुष्ट चालमा आनन्दित हुन्छन्,
तर समझशक्ति भएको मानिस बुद्धिमा
प्रसन्न हुन्छ ।
२४ आतङ्कित बनेको कुरा नै दुष्टमाथि आइपर्नेछ,
धर्मीले जे इच्छा गर्छ त्यो पुग्छ ।
२५ आँधीबेहरी आएपछि दुष्टहरू सोहोरिएर
गइहाल्छन्,
तर बुद्धिमान्‌चाहिँ अन्तसम्मै स्थिर भई

---

**१०:१२**–१ पत्रुस ४:८.

रहन्छन् ।
२६ दाँतलाई सिर्का र आँखालाई धूवाँजस्तै,
अल्छे पनि त्यसलाई पठाउनेको निम्ति
त्यस्तै हुन्छ ।
२७ परमप्रभुको डरले जीवनको आयु लामो पार्छ,
तर दुष्टका आयु त घटाइन्छ ।
२८ धर्मीको भविष्य आनन्दमय हुन्छ,
तर दुष्टहरूको आशा त निराश हुन्छ ।
२९ परमप्रभुको मार्ग धर्मीहरूको निम्ति
शरणस्थान हो,
तर दुष्ट काम गर्नेहरूको निम्ति त्यो
विनाश हो ।
३० धर्मी कहिल्यै उखेलिनेछैन,
तर दुष्ट त पृथ्वीमा रहने छैन ।
३१ धर्मीको मुखबाट बुद्धिका कुरा निस्किन्छ,
तर भड्काउने जिब्रो काटिनेछ ।
३२ धर्मीका ओठले उचित कुरा जान्दछन्,
तर दुष्टको मुखले पतित कुरा मात्र जान्दछ ।

११ छलको तराजु परमप्रभुले घृणा गर्नुहुन्छ,
तर ठीक ढकदेखि उहाँ प्रसन्न हुनुहुन्छ ।
२ अहङ्कार आएपछि, बदनामी आउँछ,
तर नम्रताले बुद्धि ल्याउँछ ।
३ सोझाहरूको ईमानदारीले तिनीहरूलाई
अगुवाइ गर्छ,
तर विश्वासघातीहरू आफ्नै कपटले नष्ट
हुन्छन् ।
४ क्रोधको दिनमा धन कुनै काम लाग्दैन,
तर धार्मिकताले मृत्युबाट छुटाउँछ ।
५ निर्दोषहरूको धार्मिकताले तिनीहरूको निम्ति
बाटो सोझो हुन्छ,
तर दुष्टहरू त तिनीहरूका आफ्नै दुष्टताले
तल खसालिन्छन् ।
६ सोझाहरूको धार्मिकताले तिनीहरूलाई
उद्धार गर्छ,
तर अविश्वासीहरू दुष्ट इच्छाहरूद्वारा
पासोमा पर्छन् ।
७ जब दुष्ट मानिस मर्छ, त्यसको आशा पनि
नष्ट हुन्छ;
त्यसले आफ्नो शक्तिबाट राखेको आशा
शून्यमा विलीन भइहाल्छ ।
८ धार्मिक व्यक्ति सङ्कष्टबाट बचाइन्छ,
र त्यो त दुष्टमाथि आइपर्छ ।
९ ईश्वरविहीनले आफ्नै मुखले आफ्नो
छिमेकीलाई नष्ट पार्छ,
तर धर्मात्माचाहिँ ज्ञानद्वारा उम्कनेछ ।
१० धार्मिक जनको उन्नति हुँदा शहर रमाउँछ;
दुष्ट जन नाश हुँदा हर्षको ध्वनि सुनिन्छ ।
११ सोझाको आशिष्द्वारा शहरको नाउँ चल्छ,
तर दुष्टको मुखबाट त्यो नष्ट हुन्छ ।
१२ समझ नभएको मानिसले आफ्नो
छिमेकीको खिसी गर्छ,
तर समझशक्ति भएको मानिसले
आफ्नो जिब्रामा लगाम लगाउँछ ।
१३ कुराउटेले गोप्य भरोसामा आघात पुऱ्याउँछ,
तर विश्वासयोग्य मानिसले गुप्त कुरा
नभनी राख्छ ।
१४ पथप्रदर्शनको अभावले देशको पतन हुन्छ,
तर धेरै सल्लाहकारहरूको कारण विजय
निश्चित हुन्छ ।
१५ अरूहरूको जमानी बस्नेले निश्चय नै
नोक्सानी भोग्नुपर्नेछ,
तर अर्काको नासोमा हात हाल्न इन्कार
गर्ने व्यक्ति सुरक्षित रहनेछ ।
१६ दयालु हृदय भएकी स्त्रीले आदर पाउँछे,
तर निर्दयी मानिसहरूले त धन मात्र
कमाउँछन् ।
१७ दयालु मानिसले आफैलाई लाभ पुऱ्याउँछ,
तर निर्दयी मानिसले आफैमाथि सङ्कष्ट
ल्याउँछ ।
१८ दुष्ट मानिसले छलको ज्याला कमाउँछ,
तर जसले धार्मिकता छर्छ,
उसले निश्चय इनामको कटनी गर्छ ।
१९ साँचो धार्मिक मानिसले जीवन प्राप्त गर्छ,
तर दुष्टताको पछि लाग्ने मानिस
मृत्युमा पुग्छ ।
२० परमप्रभुले विवेकहीन हृदयलाई घृणा गर्नुहुन्छ,
तर निर्दोष मार्गमा चल्नेहरूसित उहाँ
प्रसन्न हुनुहुन्छ ।

२१ यो निश्चय जान: दुष्टले दण्ड नपाई रहँदैन,
तर धर्मीहरूले छुटकारा पाउनेछन् ।
२२ सुँगुरको नाकमा सुनको नत्थ भएझैँ,
एक विवेकहीन सुन्दरी स्त्री पनि हो ।
२३ धार्मिक जनको इच्छाहरूको अन्त्य
केवल असलै हुन्छ,
तर दुष्टका आशाको अन्त केवल
क्रोधमा हुन्छ ।
२४ एउटा मानिसले उद्धारचित्तले दिएर पनि
अझ बढ़ी लाभ गर्छ;
अर्कोले चाहिँ बेठीकसित कञ्जुसी गर्छ
र पनि त्यसमा दरिद्रता आउँछ ।
२५ उदार मानिसको उन्नति हुन्छ;
जसले अरूलाई उत्साह दिन्छ, ऊ आफै
उत्साहित बन्छ ।
२६ अरूलाई नदिएर अन्न थुपारी राख्नेलाई
मानिसहरूले सराप्छन्,
तर ती खुशीसाथ बेच्नेले आशिष् प्राप्त
गर्छ ।
२७ जसले असल खोज्छ, त्यसले निगाह पाउँछ,
तर दुष्टताको खोजी गर्नेहरूमा दुष्टता नै
आउँछ ।
२८ जसले आफ्नो धनमाथि भरोसा राख्छ
त्यसको पतन हुन्छ,
तर धार्मिक जन त हरियो पातझैँ
लहलह मौलाउनेछ ।
२९ जसले आफ्नो परिवारमा अशान्ति ल्याउँछ,
त्यसले बतासमात्र प्राप्त गर्छ,
र मूर्खचाहिँ बुद्धिमान्को सेवक हुनेछ ।
३० धार्मिक जनको फल जीवनको रूख हो,
अनि आत्मा जित्नेचाहिँ बुद्धिमान् हो ।
३१ यदि धार्मिक जनले आफ्नो हिस्सा यस
संसारमा पाउँछ भने,
झन् ईश्वरविहीन र पापीहरूले त कति
बढ़ी पाउनेछन् !

१२ अनुशासनलाई प्रेम गर्नेले ज्ञानलाई
प्रेम गर्छ,
तर सुधारलाई घृणा गर्ने व्यक्ति अबूझ हो ।
२ असल मानिसले परमेश्वरबाट निगाह
प्राप्त गर्छ,
तर परमप्रभुले धूर्त मानिसलाई दोषी
ठहराउनुहुनेछ ।
३ दुष्टताले मानिस स्थापित हुन सक्दैन,
तर धर्मीको जरा भने उखेल्न सकिनेछैन ।
४ चरित्रवान् पत्नी आफ्नो पतिको मुकुट हो,
तर अपमान ल्याउने पत्नीचाहिँ तिनका
हड्डी सड़ेको जस्तै हो ।
५ धर्मीजनका योजनाहरू न्यायसङ्गत हुन्छन्,
तर दुष्टको सल्लाहहरू छलपूर्ण हुन्छन् ।
६ दुष्टका वचनले रक्तपातको निम्ति ढुकिबस्छ,
तर धर्मीको बोलीले तिनीहरूलाई उद्धार
गर्छ ।
७ दुष्टहरू कहिल्यै नउठ्ने गरी पराजित हुन्छन्
तर धार्मिक जनको घर दृढ़तासाथ खड़ा
रहन्छ ।
८ मानिसलाई त्यसको बुद्धिअनुसार प्रशंसा
गरिन्छ,
तर बाङ्गो-टेढ़ो मन भएका मानिसहरू त
अपहेलित हुन्छन् ।
९ ‘म केही हुँ’ भन्ने भान पारेर भोजन
समेत नहुनुभन्दा,
‘म केही होइनँ’ भनी ठानेर सेवकको
मालिक हुनु राम्रो ।
१० धर्मी मानिसले आफ्नो पशुको वास्ता गर्छ,
तर दुष्टको अति दयालु काम पनि
निर्दयी हुन्छ ।
११ आफ्नो जमिनमा काम गर्नेसित पर्याप्त
भोजन हुन्छ,
तर कल्पनाको पछि लाग्ने व्यक्ति
विवेकहीन हुन्छ ।
१२ दुष्टले खराब मानिसहरूले लूटेको
सामानको अभिलाषा गर्छ,
तर धर्मीचाहिँ जरा गाड़ेर बस्छ ।
१३ दुष्ट मानिस आफ्नै पापपूर्ण बोलीको
पासोमा पर्छ,

**११:३१**–१ पत्रुस ४:१८.

तर धार्मिक मानिस विपत्तिबाट उम्कन्छ ।
१४ मानिस आफ्ना ओठको फलद्वारा नै
असल थोकहरूले परिपूर्ण हुन्छ,
आफ्नो हातका कामको इनाम त्यसले
निश्चय नै पाउनेछ ।
१५ मूर्खको चाल त्यसकै लागि ठीक देखिन्छ,
तर बुद्धिमान् मानिसले अरूको सल्लाह
सुन्छ ।
१६ मूर्खले आफ्नो रीस झट्टै देखाउँछ,
तर विवेकपूर्ण मानिसले अपमानको
वास्तै गर्दैन ।
१७ साँचो साक्षीले ईमानदारीसाथ गवाही दिन्छ,
तर झूटो साक्षीले झूटो कुरा बोल्छ ।
१८ असावधान वचनहरूले मानिसलाई
तरवारले झैँ रोप्छ,
तर बुद्धिमान्‌को जिब्रोले निको पार्छ ।
१९ सत्य बोल्ने ओठ सधैँ स्थिर रहन्छ,
तर झूट बोल्ने जिब्रो केही बेर मात्र
रहन्छ ।
२० खराब युक्ति रच्नेहरूको हृदय छली हुन्छ,
तर शान्तिलाई प्रोत्साहन दिनेहरूको
निम्ति त आनन्द हुन्छ ।
२१ धर्मीमाथि कुनै जोखिम आउँदैन,
तर दुष्टहरू त सङ्कष्टले भरिएका हुन्छन् ।
२२ झूट बोल्ने ओठलाई परमप्रभु घृणा गर्नुहुन्छ,
तर सत्यताले भरिएका मानिसहरूसित
उहाँ प्रसन्न हुनुहुन्छ ।
२३ विवेकशील मानिसले आफ्नो ज्ञान
आफूसितै राख्छ,
तर मूर्खहरूको हृदयले आफ्नो मूर्खता
झ्वाट्टै प्रकट गर्छ ।
२४ परिश्रमी हातले शासन गर्नेछ,
तर अल्छेपनले दासत्वमा पुऱ्याउँछ ।
२५ चिन्तित हृदयले मानिसलाई कमजोर
तुल्याउँछ,
तर दयालु वचनले त्यसलाई उत्साह दिन्छ ।
२६ धर्मी मानिस आफ्नो मित्रतामा सतर्क
रहन्छ,
तर दुष्टको मार्गले तिनीहरूलाई
बरालिदिन्छ ।
२७ अल्छे मानिस ठीकसित खेल्दैन,
तर लगनशील मानिसले इनाम पाउँछ ।
२८ धार्मिकताको मार्गमा जीवन हुन्छ;
त्यही मार्गमा अनन्तता छ ।

१३ बुद्धिमान् छोराले आफ्ना बाबुको
अर्तिमा ध्यान दिन्छ,
तर गिल्ला गर्नेले हप्काइ सुन्दैन ।
२ मानिसले आफ्नो ओठका फलबाट नै
असल कुराहरू उपयोग गर्दछ,
तर अविश्वासीहरू त हिँसाकै चाहना गर्छन् ।
३ आफ्नो ओठ जोगाउनेले आफ्नो जीवन
जोगाउँछ,
तर उत्ताउलो भई बोल्ने नष्ट हुन्छ ।
४ अल्छेले उत्कट इच्छा गर्छ र त्यसलाई
केही पनि मिल्दैन,
तर परिश्रमीका इच्छाहरू पूर्णतया पूरा
हुन्छन् ।
५ धर्मीले झूटलाई घृणा गर्छ,
तर दुष्टले शर्म र कलङ्क ल्याउँछ ।
६ धार्मिकताले ईमानदार व्यक्तिलाई रक्षा गर्छ,
तर दुष्टताले पापीलाई नष्ट पार्छ ।
७ कसैले धनी हुने भान पार्छ, र पनि
त्यससित केही हुँदैन,
अर्कोले गरीब हुने भान पार्छ, र पनि
त्यससित अपार सम्पत्ति हुन्छ ।
८ कुनै मानिसको धनले त्यसको जीवनलाई
छुट्कारा देला,
तर गरीब मानिसले धम्की सुन्नुपर्दैन ।
९ धर्मात्माको ज्योति उज्यालो भई चम्कन्छ,
तर दुष्टको बत्ती निभाइन्छ ।
१० अहङ्कारले झगड़ामात्र उब्जाउँछ,
तर सरसल्लाह लिनेहरूमा बुद्धि पाइन्छ ।
११ बेइमानसित कमाएको पैसा बिस्तारै सकिन्छ,
तर अलि अलि गरी कमाएको पैसा बढ्दै

जान्छ ।
१२ क्षीण हुँदै गरेको आशाले हृदय दुर्बल पार्छ,
तर पूरा भएको चाहना जीवनको रूख हो ।
१३ अर्तीलाई तिरस्कार गर्नेले त्यसको मूल्य
चुकाउनेछ,
तर आज्ञालाई आदर गर्नेले इनाम पाउनेछ ।
१४ बुद्धिमान्‌को शिक्षा जीवनको मूल हो,
जसले मानिसलाई मृत्युको पासोबाट
फर्काउँछ ।
१५ असल समझशक्तिले निगाह प्राप्त गर्छ,
तर अविश्‍वासको मार्ग कठिन हुन्छ ।
१६ हरेक विवेकशील मानिसले आफ्नो
ज्ञानद्वारा काम गर्छ,
तर मूर्खले आफ्नो अज्ञानता प्रकट गर्छ ।
१७ दुष्ट दूत जोखिममा पर्छ,
तर विश्‍वासयोग्य दूतले चङ्गाइ ल्याउँछ ।
१८ अनुशासनको वास्ता नगर्नेमाथि दरिद्रता
र शर्म आइपर्छ,
तर सुधारमा ध्यान दिने व्यक्ति
सम्मानित हुन्छ ।
१९ पूर्ण भएको चाहना प्राणको निम्ति मीठो हुन्छ,
तर मूर्खले त दुष्टताबाट फर्कन मन
पराउँदैन ।
२० बुद्धिमान्‌हरूसित हिँड्ने बुद्धिमान् नै हुन्छ,
तर मूर्खहरूको सङ्गत गर्नेलाई नोक्सानी
हुन्छ ।
२१ पापीलाई दुर्भाग्यले पछ्याउँछ,
तर धर्मात्माको इनाम त उन्नति हो ।
२२ असल मानिसले आफ्ना नातानातिनाहरूको
निम्ति पैतृक-धन छोड़िराख्छ,
तर पापीको धन धर्मीको निम्ति नै
साँचिएको हुन्छ ।
२३ गरीब मानिसको जमिनले प्रशस्त अन्न
फलाउन सक्ला,
तर अन्यायले त्यो खोसिदिन्छ ।
२४ आफ्नो छोरालाई छड़ी नलाउनेले
त्यसलाई घृणा गर्छ,
तर त्यसलाई प्रेम गर्नेले त त्यसलाई
अनुशासनमा राख्छ ।
२५ धर्मीले पेटभरि खान्छ,
तर दुष्टको पेट भोकभोकै हुन्छ ।

१४ बुद्धिमान् स्त्रीले आफ्नो घर निर्माण
गर्छे,
तर मूर्खले त आफ्नै हातले आफ्नो घर
भत्काउँछे ।
२ सोझो भई हिँड्नेले परमप्रभुको भय मान्छ,
तर कुमार्गमा हिँड्नेले उहाँलाई तुच्छ
ठान्छ ।
३ मूर्खको बोलीले आफ्नै पिठिउँमा छड़ी
ल्याउँछ,
तर बुद्धिमान्‌को ओठले तिनीहरूलाई
बचाउँछ ।
४ जहाँ गोरुहरू छैनन्, त्यहाँ भकारी खाली
रहन्छ,
तर गोरुको बलले प्रशस्त कटनी हुन्छ ।
५ साँचो साक्षीले धोका दिँदैन,
तर झूटो साक्षीले झूटा कुराहरूको
ओइरो लाउँछ ।
६ गिल्ला गर्नेले बुद्धि खोज्छ तर पाउँदैन,
तर विवेकशील व्यक्तिलाई ज्ञान
सजिलैसित आउँछ ।
७ मूर्ख मानिसदेखि टाढ़ै बस्,
किनकि त्यसको ओठमा ज्ञानको कुरा
पाइँदैन ।
८ विवेकशील मानिसको बुद्धिले त्यसलाई
सही बाटो दिन्छ,
तर मूर्खहरूको मूर्खताचाहिँ धोखा हो ।
९ पाप त्याग्ने कुरामा मूर्खहरूले गिल्ला गर्छन्,
तर निर्दोषहरूमा त सद्भावना पाइन्छ ।
१० मनको तीतोपन मनले नै जान्दछ,
र कोही त्यसको आनन्दको सम्भागी हुन
सक्दैन ।
११ दुष्टको घर भत्काइनेछ,
तर निर्दोषको पालमा फलिफाप हुनेछ ।

१२ कुनै बाटो एउटा मानिसको नजरमा
ठीक देखिएला,
तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ ।
१३ मुखमा हाँसो भए पनि हृदयमा वेदना
हुन सक्छ,
र हर्षको अन्तचाहिँ शोकमा हुन सक्छ ।
१४ विश्वासहीनले आफ्नो चालको फल पूरै
भोग्नुपर्छ,
र असल मानिसले आफ्नो कामको इनाम
पाउनेछ ।
१५ निर्बोध मानिसले जे पनि विश्वास गर्छ,
तर विवेकशील मानिसले आफ्ना
पाइलाहरूबारे विचार गर्छ ।
१६ बुद्धिमान् मानिसले परमप्रभुको भय मान्छ
र दुष्टतादेखि अलग रहन्छ,
तर मूर्ख त क्रोधी र बेहोशियारी हुन्छ ।
१७ रिसाहा मानिसले मूर्ख काम गर्छ,
र धूर्त मानिसले घृणा पाउँछ ।
१८ अज्ञानीले मूर्खता कमाउँछ,
तर समझदारहरूले ज्ञानको मुकुट
लगाउँछन् ।
१९ खराब मानिसहरू असल मानिसहरूका सामु
र दुष्टहरू धर्मीहरूको ढोका अघि
झुक्नुपर्छ ।
२० गरीबहरू आफ्नै छिमेकीहरूद्वारा त्यागिन्छन्,
तर धनीको त धेरै मित्रहरू हुन्छन् ।
२१ आफ्नो छिमेकीहरूलाई तुच्छ ठान्नेले
पाप गर्छ,
तर त्यो मानिस धन्य हो,
जसले दरिद्रहरूलाई दया गर्छ ।
२२ के दुष्ट युक्ति रच्नेहरू पथभ्रष्ट हुँदैनन् ?
तर असल योजना बनाउनेहरूले
प्रेम र विश्वासयोग्यता प्राप्त गर्छन् ।
२३ सबै कठोर परिश्रमले लाभ ल्याउँछ,
तर कुरा मात्र गर्नेचाहिँ त दरिद्रतामा पुग्छ ।
२४ बुद्धिमान्को धन तिनीहरूको मुकुट हो,
तर मूर्खहरूको मूर्खताले मूर्खता नै
उत्पन्न गराउँछ ।
२५ साँचो साक्षीले जीवन बचाउँछ,
तर झूटो साक्षी छलपूर्ण हुन्छ ।
२६ परमप्रभुको भय मान्नेको किल्ला सुरक्षित
रहन्छ,
र त्यसका छोराछोरीको लागि त्यो एक
शरणस्थान हुनेछ ।
२७ परमप्रभुको भय जीवनको मूल हो,
जसले मानिसलाई मृत्युको पासोबाट
फर्काउँछ ।
२८ प्रजाको ठूलो जनसङ्ख्या राजाको महिमा हो,
तर प्रजाविनाको शासक नष्ट हुन्छ ।
२९ धैर्यवान् मानिसको समझशक्ति अपार हुन्छ,
तर रीसाहा मानिसले आफ्नो मूर्खता
प्रदर्शन गर्छ ।
३० शान्त हृदयले शरीरलाई जीवन दिन्छ,
तर इर्ष्याले हड्डीहरू मकाउँछ ।
३१ गरीबलाई थिचोमिचो गर्नेले आफ्ना
सृष्टिकर्ताप्रति घृणा दर्शाउँछ,
तर खाँचोमा परेकाहरूप्रति दयालु हुनेले
परमेश्वरलाई सम्मान दिन्छ ।
३२ विपत्ति आउँदा दुष्टहरूको पतन हुन्छ,
तर धर्मीले चाहिँ मृत्युमा समेत आश्रय
पाउँछ ।
३३ जाँच गर्नेहरूको हृदयमा बुद्धिले वास गर्छ,
र मूर्खहरूको बीचमा पनि त्यसले
आफैलाई प्रकट गराउँछ ।
३४ धार्मिकताले राष्ट्रलाई उच्च तुल्याउँछ,
तर पाप गर्नुचाहिँ कुनै पनि मानिसको
लागि कलङ्क हो ।
३५ राजा बुद्धिमान् दाससँग प्रसन्न रहन्छ,
तर शर्मलाग्दो दासमाथि तिनको रीस
पोखिन्छ ।

**१५** नम्र जवाफले क्रोधलाई शान्त गर्छ,
तर कठोर वचनले रीस उठाउँछ ।
२ बुद्धिमान्को जिब्रोले ज्ञानको कुरा गर्छ,

**१४:१२**–हितोपदेश १६:२५.

तर मूर्खको मुखले मूर्खताकै कुरा गर्छ ।
३ परमप्रभुको नजर सर्वत्र रहन्छ,
जसले दुष्ट र भलो दुवैमाथि नजर
राख्नुहुन्छ ।
४ निको पार्ने जिब्रो जीवनको रूख हो,
तर छली जिब्रोले आत्मालाई चोट पुऱ्याउँछ ।
५ मूर्खले आफ्नो बाबुको अनुशासनलाई
लत्याउँछ,
तर सुधारलाई ध्यान दिनेले बुद्धिमानी
देखाउँछ ।
६ धर्मात्माको घरमा प्रशस्त धन हुन्छ,
तर दुष्टको कमाइले तिनीहरूमाथि
विपत्ति ल्याउँछ ।
७ बुद्धिमान्का ओठले ज्ञान फैलाउँछन्,
तर मूर्खहरूको हृदय भने त्यस्तो हुँदैन ।
८ दुष्टको बलिदानलाई परमप्रभुले घृणा
गर्नुहुन्छ,
तर सोझाहरूको प्रार्थनामा उहाँ प्रसन्न
हुनुहुन्छ ।
९ परमप्रभुले दुष्टको मार्गलाई घृणा गर्नुहुन्छ,
तर धार्मिकताको पछि लाग्नेहरूलाई
उहाँले प्रेम गर्नुहुन्छ ।
१० आफ्नो मार्ग त्याग्नेले कठोर ताड़ना भोग्नुपर्छ,
जसले सुधारलाई घृणा गर्छ त्यो मर्नेछ ।
११ मृत्यु र विनाश दुवै परमप्रभुको सामुन्ने
खुलस्त रहन्छन्,
मानिसको हृदय झन कति खुलस्त होला !
१२ गिल्ला गर्नेले सुधार मन पराउँदैन,
त्यसले बुद्धिमान्सित सल्लाह लिँदैन ।
१३ आनन्दित हृदयले अनुहार प्रसन्न पार्छ,
तर दु:खी हृदयले आत्मालाई चोट पुऱ्याउँछ ।
१४ छानबिन गर्ने हृदयले ज्ञानको खोजी गर्छ,
तर मूर्खको मुखले अज्ञानता मात्र रुचाउँछ ।
१५ थिचोमिचोमा परेकाहरूका सबै दिन
अति दु:खमय हुन्छन्,
तर प्रसन्न हृदय सधैँ सुखी हुन्छ ।
१६ धेरै सम्पत्ति भएर होहल्ला हुनुभन्दा
परमप्रभुको भयको साथ थोरै धन हुनु
असल हो ।
१७ घृणा लिएर बलियो बाछो खानुभन्दा,
प्रेमसित साग-सब्जी खानु असल हो ।
१८ तातो रीस भएको मानिसले झगड़ा
उत्पन्न गराउँछ,
तर धैर्यवान् मानिसले झगड़ा शान्त
गराउँछ ।
१९ अल्छेको बाटो काँढ़ैकाँढ़ाले छेकेको हुन्छ,
तर ईमानदारको मार्गचाहिँ मूलबाटो हो ।
२० बुद्धिमान् छोराले बाबुलाई आनन्द दिन्छ,
तर मूर्ख मानिसले आफ्नी आमालाई
तुच्छ ठान्छ ।
२१ विवेकहीन मानिसलाई अज्ञानता मनपर्छ,
तर समझशक्ति भएको मानिसले सीधा
बाटो मन पराउँछ ।
२२ सल्लाहबिना योजनाहरू असफल हुन्छन्,
तर धेरै सल्लाहकारहरू छन् भने ती
सफल हुन्छन् ।
२३ उचित जवाफ दिन पाउँदा मानिसलाई
खुशी लाग्छ,
र ठीक समयमा भनिएको वचन कति
असल हुन्छ !
२४ बुद्धिमान्लाई जीवनको बाटोले उँभोतिर
डोऱ्याउँछ,
त्यसले उसलाई उँधो पातालतिर जानदेखि
जोगाउँछ ।
२५ परमप्रभुले अहङ्कारी मानिसको घर भताभुङ्ग
पार्नुहुन्छ,
तर उहाँले विधवाको सिमाना जस्ताको
तस्तै राख्नुहुन्छ ।
२६ परमप्रभुले दुष्टको विचारहरूलाई घृणा
गर्नुहुन्छ,
तर शुद्ध मानिसहरूका विचारहरू
उहाँलाई मन पर्छ ।
२७ लोभी मानिसले आफ्नो परिवारमा
विपत्ति ल्याउँछ,
तर जसले घूसलाई घृणा गर्छ, त्यो बाँच्नेछ ।
२८ धर्मीको हृदयले जवाफ दिन अघि
त्यसलाई तौलन्छ,
तर दुष्टको मुखले खराबी बकवाद गर्दछ ।

२९ परमप्रभु दुष्टदेखि टाढ़ै रहनुहुन्छ,
तर उहाँले धर्मीको प्रार्थना सुन्नुहुन्छ ।
३० प्रसन्न हेराइले हृदयमा आनन्द ल्याउँछ,
र असल समाचारले हड्डीलाई हर्षित तुल्याउँछ ।
३१ जसले जीवन दिने हप्की सुन्छ,
त्यसले बुद्धिमानहरूका माझमा सङ्गत पाउँछ ।
३२ अनुशासनको वास्ता नगर्नेले आफैलाई घृणा गर्छ,
तर सुधारमा ध्यान दिनेले समझशक्ति प्राप्त गर्छ ।
३३ परमप्रभुको भयले मानिसलाई बुद्धि सिकाउँछ,
र आदर पाउन अघि नम्रता आउँछ ।

१६ हृदयका योजनाहरू मानिसका हुन्,
तर जिब्रोको जवाफ भने परमप्रभुबाट नै आउँछ ।
२ आफ्ना मार्गहरू मानिसलाई निर्दोष लाग्छ,
तर त्यसका अभिप्रायहरू परमेश्वरबाट जाँचिएका हुन्छन् ।
३ तैंले गर्ने जुनसुकै कुरा परमप्रभुलाई सुम्पिदे,
र तेरा योजनाहरू सफल हुनेछन् ।
४ परमप्रभुले हरेक कुरा आफ्नै प्रयोजनका निम्ति बनाउनुहुन्छ,
दुष्टलाई समेत विनाशको दिनको लागि उहाँले राख्नुभएको छ ।
५ परमप्रभु हृदयमा अहङ्कार भएका सबैलाई घृणा गर्नुहुन्छ,
यो निश्चय छ कि, तिनीहरू दण्ड नपाई रहँदैनन् ।
६ प्रेम र विश्वासयोग्यताद्वारा पापको प्रायश्चित हुन्छ,
परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ ।
७ जब मानिसको चाल परमप्रभुको दृष्टिमा मनपर्दो हुन्छ,
उहाँले त्यसका शत्रुलाई पनि त्यससित मिलापमा ल्याउनुहुन्छ ।
८ अन्यायसित धेरै प्राप्त गरेकोभन्दा,
धार्मिकतासित थोरै भएको असल हुन्छ ।
९ मानिसले हृदयमा आफ्नो योजना बनाउँछ,
तर परमप्रभुले त्यसका कदमहरू निर्धारण गर्नुहुन्छ ।
१० राजाको ओठले ईश्वरवाणी बोल्दछ,
र तिनको मुखले न्यायलाई आघात पुर्‍याउनुहुँदैन ।
११ ठीक तराजू र तौल परमप्रभुबाटकै हुन्,
थैलोभित्रका सबै ढकहरू उहाँद्वारै बनिएका हुन् ।
१२ राजाहरूले कुकर्महरू घृणा गर्नुहुन्छ,
किनकि धार्मिकताद्वारा नै सिंहासन स्थापित हुन्छ ।
१३ राजाहरूले ईमानदार ओठ मन पराउँछन्,
सत्य बोल्ने मानिसलाई तिनीहरूले मन पराउँछन् ।
१४ राजाको क्रोध मृत्युको दूत हो,
तर बुद्धिमान् मानिसले त्यसलाई शान्त गराउँछ ।
१५ जब राजाको अनुहार उज्यालो हुन्छ,
त्यसको अर्थ जीवन हुन्छ,
तिनको निगाह वसन्त ऋतुका झरीको बादलजस्तै हो ।
१६ सुनभन्दा बुद्धि प्राप्त गर्नु,
र चाँदीभन्दा त बरु समझदारी रोज्नु कति असल हो ।
१७ ईमानदारको मूलबाटो खराबीदेखि अलग रहन्छ,
आफ्नो चालको रक्षा गर्नेले आफ्नो जीवनको रक्षा गर्छ ।
१८ सर्वनाशको अघि अहङ्कार आउँछ,
र पतनको अघि घमण्डी आत्मा आउँछ ।
१९ अहङ्कारीहरूसित लूटको मालको सहभागी हुनुभन्दा,
आत्मामा दीन भई थिचोमिचोमा परेकाहरूको बीचमा रहनु असल हो ।
२० अर्तीमा ध्यान दिने मानिसले उन्नति गर्छ,
र परमप्रभुमा भरोसा राख्ने मानिसले आशिष् पाउनेछ ।

२१ हृदयमा बुद्धिमान् हुनेहरूलाई विवेकशील
भनिन्छन्,
र मीठा वचनहरूले अर्तीलाई उत्साहित
पार्छन् ।
२२ समझशक्ति भएकाहरूको निम्ति त्यो
जीवनको मूल हो,
तर अज्ञानताले मूर्खहरूमाथि दण्ड ल्याउँछ ।
२३ बुद्धिमान् मानिसको हृदयले आफ्नो
मुखलाई सम्भाल्छ,
र त्यसका ओठले अर्तीलाई उत्साहित पार्छ ।
२४ मीठा वचनहरू मौरीका चाकाहरूजस्तै हुन्,
जो प्राणको निम्ति मीठो र हड्डीको
निम्ति स्वास्थ्यदायक हुन्छ ।
२५ कुनै बाटो एउटा मानिसलाई राम्रो लाग्ला,
तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ ।
२६ परिश्रमीको पेटले नै त्यसलाई काम गर्न
लाउँछ,
त्यसको भोकले त्यसलाई काम गर्न लाउँछ ।
२७ बदमाशले दुष्ट युक्ति रच्दछ,
र त्यसका बोलीवचन भतभत पोल्ने
आगोझैं हुन्छ ।
२८ कुटिल मतिको मानिसले विवाद उत्पन्न
गराउँछ,
र कुराउटेले घनिष्ठ मित्रहरूमा फाटो
ल्याउँछ ।
२९ उपद्रवी मानिसले आफ्नो छिमेकीलाई
लोभ्याउँछ,
र त्यसले उसलाई खराब बाटोतिर लैजान्छ ।
३० आफ्नो आँखा झिम्काउनेले षड्यन्त्र रचेको
हुन्छ,
आफ्ना ओठ लेब्र्याउनेले षड्यन्त्र रचेको
हुन्छ ।
३१ फूलेको केश शोभाको मुकुट हो,
धर्मी जीवनबाट यो प्राप्त हुन्छ ।
३२ मानिस धैर्यवान् हुनु लड़ाका योद्धा
हुनुभन्दा उत्तम हो,
आफ्नो क्रोध वशमा राख्नु शहरै कब्जा
गर्नुभन्दा बेस हो ।
३३ चिट्ठा त हालिन्छ,
तर त्यसको प्रत्येक निर्णय परमप्रभुबाट
नै हुन्छ ।

१७ शान्ति र मौनसित निस्तो गाँस खानु
कलहले भरिएको घरमा भोज
गर्नुभन्दा बेस हो ।
२ बुद्धिमान् दासले अयोग्य छोरामाथि
शासन गर्छ,
र त्यसले पैतृक-सम्पत्ति त्यसका
दाज्यूभाइहरूसितै पाउँछ ।
३ चाँदी पगाल्ने भाँड़ो र सुन खार्ने भट्टि हुन्छ,
तर हृदयलाई परमप्रभुले नै जाँच्नुहुन्छ ।
४ दुष्ट मानिसले दुष्ट कुरा सुन्छ,
झूट बोल्नेले ईर्ष्यापूर्ण जिब्रोमाथि ध्यान
दिन्छ ।
५ गरीबलाई गिल्ला गर्नेले त्यसलाई
बनाउनेको अपमान गर्छ,
अर्काको विपत्तिमा रमाउने जोसुकै पनि
दण्डबाट उक्कनेछैन ।
६ नातानातिनाहरू वृद्धहरूका मुकुट हुन्,
र छोराछोरीहरूका गर्व तिनीहरूका
आमाबाबु हुन् ।
७ अभिमानी कुरा मूर्खको मुखमा असुहाउँदो
हुन्छ भने,
शासनको निम्ति त झूट बोल्ने ओठ
कति असुहाउँदो हुन्छ !
८ घूस दिनेको लागि त्यो जादूझैं हो,
जहाँ गए पनि त्यो सफल हुन्छ ।
९ कसूर ढाक्नेले प्रेम जगाउँछ,
तर कुरा दोहोऱ्याउने जोसुकैले पनि
घनिष्ठ मित्रहरूमा फाटो ल्याउँछ ।
१० मूर्खलाई सय कोर्रा लगाएकोभन्दा त
समझशक्ति भएको मानिसलाई एकै
हप्कीले असर पार्छ ।
११ खराब मानिसको झुकाव विद्रोहतिर मात्रै

---

**१६:२५**–हितोपदेश १४:१२.

हुन्छ;
त्यसको विरुद्धमा एउटा निर्दयी अधिकृत पठाइनेछ ।
१२ मूर्खलाई त्यसको मूर्खतामा भेट्नुभन्दा त बरु बच्चा खोसिएको भालू भेट्नु असल हो ।
१३ यदि मानिसले भलाइको साटो खराबी गर्छ भने,
खराबीले त्यसको घर कहिल्यै छोड्दैन ।
१४ झगड़ा शुरू हुनु बाँध भत्किनुजस्तो हो,
यसकारण झगड़ा बढ्नुभन्दा अघि नै त्यसलाई अन्त गरिदेऊ ।
१५ दोषीलाई छोड़िदिने र निर्दोषलाई दण्ड दिने यी दुवैलाई परमप्रभु घृणा गर्नुहुन्छ ।
१६ मूर्खको हातमा पैसा के काम लाग्छ,
किनकि बुद्धि प्राप्त गर्ने त्यसमा इच्छा नै हुँदैन ?
१७ मित्रले सब समय प्रेम गर्छ,
र दाज्यूभाइचाहिँ दु:खको बेलाको लागि जन्मेको हुन्छ ।
१८ विवेकहीन मानिसले भाकल गर्छ,
र आफ्नो छिमेकीको जमानी बस्छ ।
१९ झगड़ा रुचाउनेले पाप रुचाउँछ,
ढोका अग्लो बनाउनेले विनाश निम्त्याउँछ ।
२० कुटिल हृदय भएको मानिसको उन्नति हुँदैन,
जसको जिब्रो छली छ, त्यो सङ्कष्टमा पर्छ ।
२१ मूर्ख छोराले सन्ताप ल्याउँछ,
मूर्खको बाबुसित आनन्द हुँदैन ।
२२ प्रसन्न हृदय असल औषधी हो,
तर पेलिएको आत्माले हड्डीहरू सुकाउँछ ।
२३ दुष्ट मानिसले गुप्तमा घूस लिन्छ,
र न्याय बिगारिदिन्छ ।
२४ विवेकी मानिसले आफ्नो दृष्टिमा बुद्धि राख्छ,
तर मूर्खको आँखा पृथ्वीको अन्त्यसम्म यताउता डुलिरहन्छ ।
२५ मूर्ख छोराले आफ्नो बाबुलाई सन्ताप दिन्छ,
र त्यसलाई जन्माउनेमाथि तीतोपन ल्याउँछ ।
२६ निर्दोष मानिसलाई दण्ड दिनु,
वा आफ्नो ईमानदारीको खातिर
कर्मचारीहरूलाई कोर्रा लगाउनु ठीक होइन ।
२७ ज्ञानी मानिसले आफ्नो वचन होशियारीसाथ बोल्छ,
र समझशक्ति भएको मानिस ठन्डा मिजासको हुन्छ ।
२८ चूप लाग्ने मूर्ख पनि बुद्धिमान् ठानिन्छ,
र आफ्नो जिब्रोलाई वशमा राख्यो भने
त्यो विवेकी मानिन्छ ।

१८ मित्रभाव नभएको मानिस स्वार्थको पछि लाग्छ;
त्यसले उचित न्यायलाई कलङ्कित तुल्याउँछ ।
२ मूर्खले समझदारी मन पराउँदैन,
तर आफ्नै विचारको धाक लाउन मन पराउँछ ।
३ दुष्टता आउँदा, घृणा पनि आउँछ,
र शर्मसित कलङ्क आउँछ ।
४ मानिसको मुखका वचनहरू गहिरो पानीजस्तै हो,
तर बुद्धिको फोहराचाहिँ बुल्बुले खोला हो ।
५ दुष्टहरूसित पूरा न्याय नगर्नु,
अथवा निर्दोषको न्याय बिगार्नु असल होइन ।
६ मूर्खको ओठले त्यसलाई झगड़ामा पार्छ,
र त्यसको मुखले पिटाइ निम्त्याउँछ ।
७ मूर्खको मुख नै त्यसको सर्वनाश हो,
अनि त्यसको ओठचाहिँ आफ्नै प्राणको लागि पासो हुन्छ ।
८ व्यर्थको बकबक सानो टुक्रा मन परेको खानाझैं हो,
ती मानिसका भित्री अङ्गहरूमा पुग्छन् ।
९ आफ्नो काममा अल्छी गरिरहने व्यक्ति,
सर्वनाश गर्नेको भाइझैं हो ।
१० परमप्रभुको नाउँ एक बलियो धरहरा हो,
धर्मीहरू त्यहाँ दगुर्दैजान्छन् र सुरक्षित हुन्छन् ।
११ धनीको धन नै त्यसको लागि सुरक्षित शहर हो,
तिनीहरूले त्यसलाई नाघ्न नसकिने

पर्खाल सम्झन्छन् ।
१२ आफ्नो पतन आउन अघि मानिसको
हृदय घमण्डी हुन्छ,
तर सम्मानको अघि नम्रता आउँछ ।
१३ जसले सुन्न अघि नै जवाफ दिन्छ,
त्यो त्यसको मूर्खता र शर्म हो ।
१४ मानिसको आत्माले त्यसलाई बिरामी
अवस्थामा सहारा दिन्छ,
तर भाँचिएको आत्मालाई कसले सहन
सक्छ ?
१५ विवेकीको हृदयले ज्ञान प्राप्त गर्छ,
बुद्धिमान्‌को कानले त्यो खोजी निकाल्छ ।
१६ उपहारले दाताको निम्ति बाटो खोलिदिन्छ,
र त्यसलाई महान् व्यक्तिको उपस्थितिमा
लैजान्छ ।
१७ दोस्रो व्यक्ति अघि सरेर प्रश्नहरू नगरुन्जेल
मुद्दा हाल्ने पहिलो व्यक्ति नै ठीक
देखापर्छ ।
१८ गोला हालेर झगड़ा मिलाइन्छ,
र बलिया प्रतिद्वन्दीहरूलाई अलग राखिन्छ ।
१९ चित्त दुखाएको भाइलाई मनाउनु सुरक्षित
शहर जित्नुभन्दा गाह्रो हो ।
अनि झगड़ा किल्लामा बार लगाएको
ढोकाझैं हो ।
२० मानिसको पेट त्यसको मुखको फलले
भरिन्छ,
त्यसको ओठको कटनीद्वारा त्यो तृप्त
हुन्छ ।
२१ जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ,
त्यसलाई प्रेम गर्नेहरूले त्यसका फल
खानुपर्छ ।
२२ पत्नी पाउनेले असल कुरा पाउँछ,
र त्यसले परमप्रभुबाट निगाह प्राप्त गर्छ ।
२३ गरीब मानिसले दयाको भिक्षा माग्छ,
तर धनी मानिसले त रूखो जवाफ
दिन्छ ।
२४ धेरै साथीहरू भएको मानिसको पतन
हुन सक्छ,
तर एक जना मित्र हुन्छ जो
दाज्यूभाइभन्दा नजीक टाँसिन्छ ।

१९ भ्रष्ट ओठ भएको मानिसभन्दा निर्दोष
चाल भएको गरीब असल हो ।
२ विनाज्ञानको उत्साह असल हुँदैन,
हतार गर्नेले बाटो बिराउँछ ।
३ मानिसको आफ्नै अज्ञानताले त्यसको
जीवन नष्ट हुन्छ,
तरै पनि त्यसको हृदयले परमप्रभुको
विरुद्धमा रीस प्रकट गर्छ ।
४ धनले धेरै मित्र बनाउँछ,
तर गरीब मानिसका मित्रहरूले उसलाई
त्याग्छन् ।
५ झूटा गवाही दिने दण्ड नपाई उम्कन सक्दैन,
र झूटा कुरा धेरै गर्ने स्वतन्त्र भई रहन
सक्दैन ।
६ धेरैले शासकदेखि निगाह प्राप्त गर्न चाहन्छन्,
र हरेक व्यक्ति दान दिनेको मित्र हुन्छ ।
७ गरीब मानिस आफ्नै नातेदारहरूद्वारा
बहिष्कृत हुन्छ–
त्यसका मित्रहरू त झन् त्योदेखि कति
टाढ़ा रहलान् !
त्यसले बिन्तीभाउ गरी तिनीहरूका पछि
लागे पनि,
तिनीहरू कहीं फेला पर्दैनन् ।
८ बुद्धि पाउनेले आफ्नै प्राणलाई माया गर्छ,
समझदारीको कदर गर्ने व्यक्तिको
फलिफाप हुन्छ ।
९ झूटा गवाही दिने दण्ड नपाई उम्कन सक्दैन,
र झूटा कुरा धेरै गर्ने नष्ट हुन्छ ।
१० मूर्खलाई भोग विलासमा बस्नु सुहाउँदैन,
झन दासलाई राजकुमारहरूमाथि शासन
गर्नु कति नराम्रो कुरा हो !
११ मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ,
अन्यायको वास्ता नगर्नु त्यसकै
महिमाको लागि हुन्छ ।
१२ राजाको क्रोध सिंहको गर्जनझैं हुन्छ,
तर तिनको निगाहचाहिँ घाँसमाथि परेको
शीतझैं हो ।
१३ मूर्ख छोरा त्यसको बाबुको लागि पतन
हो,
र कचकचे पत्नी तपतपे झरीजस्तै हो ।

१४ घर र सम्पत्ति आमाबाबुबाट आएका हुन्छन्,
तर विवेकी पत्नीचाहिँ परमप्रभुबाटै
आएकी हो ।
१५ अल्छेपनले घोर निद्रा ल्याउँछ,
र जोहो नगर्ने मानिस भोकै रहन्छ ।
१६ अर्ती-उपदेश सुन्नेले आफ्नो जीवनको
रक्षा गर्छ ,
तर तिरष्कारपूर्ण जीवन जिउनेहरू
मर्नेछन् ।
१७ गरीबहरूप्रति दयालु हुनेले परमप्रभुलाई दिन्छ,
र उहाँले तिनीहरूको कामको इनाम
दिनुहुनेछ ।
१८ आफ्नो छोरालाई अनुशासन गर,
किनकि त्यसमा आशा हुन्छ,
त्यसको मृत्युमा सहभागी नहोऊ ।
१९ रीसाहा मानिसले दण्ड पाउनैपर्छ;
त्यसलाई उम्कन दिइस् भने त्यो फेरि
तैंले गर्नुपर्ने हुनेछ ।
२० सल्लाह सुन् र अर्ती ग्रहण गर्,
अनि अन्त्यमा तँ बुद्धिमान् हुनेछस् ।
२१ मानिसको हृदयमा धेरै योजनाहरू हुन्छन्,
तर परमप्रभुकै उदेश्य पूरा हुन्छ ।
२२ मानिसले अचूक प्रेमको इच्छा राख्छ;
झूट बोल्ने हुनुभन्दा गरीब हुनु नै असल
हो ।
२३ परमप्रभुको भयले जीवनमा पुऱ्याउँछ,
तब मानिस ढुक्कसँग बस्नेछ, र दुःखले
त्यसलाई छुँदैन ।
२४ अल्छेले आफ्नो हात थालमा गाड्छ,
र त्यसले आफ्नो हात उठाएर मुखमा
समेत ल्याउँदैन !
२५ गिल्ला गर्नेलाई कोर्रा लगाउनू,
अनि निर्बुद्धि मानिसले बुद्धि सिक्नेछ;
विवेकशील मानिसलाई हप्काउनू,
अनि त्यसले आफ्नो ज्ञान बढ़ाउनेछ ।
२६ आफ्ना बाबुलाई लुट्ने र आफ्नी
आमालाई बाहिर निकाल्ने छोराले शर्म
र कलङ्क ल्याउँदछ ।
२७ हे मेरो छोरा, अर्तीलाई सुन्न छोड़िस् भने,
तँ ज्ञानका वचनदेखि बहकिनेछस् ।
२८ भ्रष्ट गवाहीले इन्साफलाई खिसी गर्छ,
र दुष्टको मुखले दुष्टता निल्छ ।
२९ गिल्ला गर्नेहरूको लागि दण्ड तयार हुन्छ,
र पिटाइ मूर्खहरूको पिठिउँको लागि हो ।

२० दाखमद्य घृणित वस्तु हो र कड़ा
मद्यले हल्ला मच्चाउँछ;
यी कुराहरूको लतमा रुमलिनेहरू
बुद्धिमान् हुँदैनन् ।
२ राजाको क्रोध सिंहको गर्जनझैं हुन्छ;
तिनलाई रीस उठाउनेहरूले आफ्नो प्राण
गुमाउँछन् ।
३ झगड़ादेखि अलग रहनुमा मानिसको
सम्मान छ,
तर हरेक मूर्खचाहिँ झगड़ा मच्चाउनमा
छिटो हुन्छ ।
४ अल्छेले समयमा हलो जोत्दैन;
त्यसकारण कटनीको बेला त्यसले खोज्छ
तर केही पाउँदैन ।
५ मानिसको हृदयका उद्देश्यहरू गहिरो
पानी जस्तै हुन्,
तर समझशक्तिभएको मानिसले
त्यसलाई बाहिर निकाल्छ ।
६ धेरै मानिसहरू आफूमा अचूक प्रेम
भएको दाबी गर्छन्,
तर विश्वासयोग्य मानिस कसले पाउन
सक्छ ?
७ धर्मी मानिसले निर्दोष जीवन यापन गर्छ;
त्यसको पछि आउने छोराछोरीहरू
धन्यका हुन् ।
८ जब राजा सिंहासनमा इन्साफ गर्न बस्छन्,
तिनले आफ्नै आँखाले सबै खराबी
केलाउँछन् ।
९ कसले भन्न सक्छ, "मैले आफ्नो हृदय
शुद्ध राखेको छु;
म सफा र पापरहित छु" ?
१० बेग्लाबेग्लै ढक र बेग्लाबेग्लै नापहरू–
परमप्रभु घृणा गर्नुहुन्छ ।
११ बालकको चरित्र शुद्ध र ठीक छ कि छैन
भनी उसको चालचलनबाटै थाहा पाइन्छ ।

१२ सुन्ने कान र देख्ने आँखा,
ती दुवै परमप्रभुले नै बनाउनुभएको हो ।
१३ निद्रालाई प्रेम नगर्, जसले तँलाई गरीब तुल्याउनेछ;
जागा बस् र तँसित अरूहरूलाई दिनेसम्मको अन्न हुनेछ ।
१४ ग्राहकले भन्छ; "यो राम्रो छैन, यो राम्रो छैन !"
तब अलि पर गएर आफ्नो किनाइमा त्यसले घमण्ड गर्छ ।
१५ सुन र मणि प्रशस्त छन्,
तर ज्ञानका कुरा बोल्ने जिब्रो अमूल्य रत्न जस्तै हो ।
१६ परदेशीको जमानी बस्नेको लुगा खोस्नू;
यदि त्यसले स्वेच्छाचारी स्त्रीको जमानी बसेको छ भने,
त्यो लुगा बन्धकको रूपमा राख्नू ।
१७ छलसित प्राप्त गरेको भोजन मानिसको लागि मीठो हुन्छ,
तर अन्तमा त्यो मुखमा बालुवाझैँ हुनेछ ।
१८ सल्लाह लिएर योजनाहरू बना;
यदि तँ युद्ध गर्छस् भने मार्ग दर्शन प्राप्त गर् ।
१९ कुरौटेले गुप्त कुरा प्रकट गर्छ;
यसकारण धेरै बोल्ने मानिसदेखि अलग बस् ।
२० यदि कसैले आफ्ना बाबु वा आमालाई सराप्छ भने,
त्यसको बत्ती घोर अन्धकारमा निभाइनेछ ।
२१ शुरुमै झट्टै प्राप्त गरेको पैतृक-सम्पत्ति अन्तमा आशिष्‌मय हुँदैन ।
२२ यसो नभन्, "म तेरो खराबीको साटो फेर्नेछु !"
परमप्रभुको प्रतीक्षा गर्, र उहाँले तेरो उद्धार गर्नुहुनेछ ।
२३ भिन्नाभिन्नै ढकहरू परमप्रभु घृणा गर्नुहुन्छ,
र छलको तराजू उहाँलाई मन पर्दैन ।
२४ मानिसका पाइलाहरू परमप्रभुबाट नै निर्देशन गरिएका हुन्छन्,
यसकारण कसले आफ्नै मार्ग जान्न सक्छ ?
२५ असावधानीसँग केही कुरो अर्पण गरिसकेर पछिबाट मात्रै आफ्नो भाकलबारे विचार गर्नु मानिसको लागि पासो हुनेछ ।
२६ बुद्धिमान् राजाले दुष्टहरूलाई पन्साउँछन्;
तिनले उनीहरूलाई दण्ड दिन्छन् ।
२७ परमप्रभुको दियोले मानिसको आत्मालाई खोजी गर्छ;
त्यसले उसको भित्री मनुष्यत्वलाई खोजी निकाल्छ ।
२८ प्रेम र विश्वासयोग्यताले राजालाई सुरक्षित राख्छ;
प्रेमद्वारा नै तिनको सिंहासन सुरक्षित रहन्छ ।
२९ जवान मानिसहरूको गौरव तिनीहरूको बल हो,
फूलेको केश वृद्धको शोभा हो ।
३० मुक्का र चोटहरूले दुष्टता पखालिन्छ,
र पिटाइले भित्री मनुष्यत्व खारिन्छ ।

२१ राजाको हृदय परमप्रभुको हातमा हुन्छ;
उहाँले पानीलाई मनपर्दो दिशातिर डोऱ्याएझैँ त्यसलाई डोऱ्याउनुहुन्छ ।
२ मानिसलाई आफ्ना सबै चालहरू ठीकझैँ लाग्छ,
तर हृदय जाँच्ने परमप्रभु नै हुनुहुन्छ ।
३ ठीक र न्यायोचित काम गर्नु
परमप्रभुको सामुन्ने बलिदानभन्दा बढ़ी ग्रहणयोग्य हुन्छ ।
४ अहङ्कारी आँखा, अभिमानी हृदय,
दुष्टको दियो, यिनै हुन् जो पाप हो !
५ परिश्रमीको योजनाले लाभ दिन्छ,
हतारले दरिद्रतामा पुऱ्याउँछ ।
६ झूटद्वारा कमाएको धन
उड़िजाने वाफ र घातक पासो हो ।
७ दुष्टहरूको उपद्रवले नै तिनीहरूको पतन ल्याउँछ,
किनकि जे ठीक हो सो गर्न तिनीहरूले अस्वीकार गर्छन् ।
८ दोषीको चाल बाङ्गो हुन्छ,
तर निर्दोषको चालचलन ईमानदार हुन्छ ।
९ कचकचे पत्नीसँग एउटै घरमा

बस्नुभन्दा त कौसीको एक कुनामा बस्नु
असल हो ।
१० दुष्ट मानिसले दुष्टताको चाहना गर्छ;
त्यसको छिमेकीले त्यसबाट दया पाउँदैन ।
११ गिल्ला गर्नेले दण्ड पाउँदा निर्बुद्धिले बुद्धि
प्राप्त गर्छ;
बुद्धिमान्‌लाई अर्ती दिँदा त्यसले ज्ञान
प्राप्त गर्छ ।
१२ परमधार्मिकले दुष्टको घरलाई चिनिराख्नुहुन्छ
र उहाँले दुष्टहरूको पतन गराउनुहुन्छ ।
१३ यदि कुनै मानिसले गरीबको चित्कार
सुनेन भने,
त्यसले पनि पुकार गर्नेछ तर कसैबाट
जवाफ भने पाउनेछैन ।
१४ गुप्तमा दिएको भेटीले क्रोधलाई शान्त गर्छ,
लुकाएर दिएको घूसले ठूलो क्रोध शान्त
गर्छ ।
१५ उचित इन्साफले धर्मात्माको हृदयमा
आनन्द हुन्छ,
तर कुकर्मीहरू भने त्रासित हुन्छन् ।
१६ समझशक्तिदेखि कुमार्गतिर लाग्ने मानिस
मृतकहरूको साथमा विश्राम गर्न पुग्छ ।
१७ सुख-विलास मन पराउने दरिद्र हुनेछ;
तेल र दाखमद्य मन पराउने कहिल्यै
धनी हुनेछैन ।
१८ दुष्टहरू धर्मीहरूको उद्धारको साधन,
र अविश्‍वासीहरू सोझाहरूको उद्धारको
साधन हुनेछन् ।
१९ झगड़ालु र रीसाहा पत्नीसित बस्नुभन्दा
बरु मरुभूमिमा बस्नु असल हुन्छ ।
२० बुद्धिमान् मानिसको घरमा मनपर्दा
भोजन र तेलको भण्डार हुन्छ,
तर मूर्ख मानिसले आफूसँग भएको सबै
उड़ाउँछ ।
२१ धार्मिकता र प्रेमको पछि लाग्नेले
जीवन, उन्नति र सम्मान पाउँछ ।
२२ बुद्धिमान् मानिसले पराक्रमीको शहरमा
आक्रमण गर्छ,
र तिनीहरूले भरोसा गरेको किल्ला
भत्काइदिन्छ ।
२३ आफ्नो मुख र जिब्रो सम्हाल्नेले
आफूलाई विपत्तिबाट जोगाउँछ ।
२४ अहङ्कारी र अभिमानी मानिसको नाउँ–
"गिल्ला गर्ने" हो,
त्यसले अभिमानसाथ व्यवहार गर्दछ ।
२५ अल्छेको उत्कट इच्छाको अन्त आफ्नै
मृत्यु हुनेछ,
किनकि त्यसका हातहरूले काम गर्दैनन् ।
२६ दिनभरि नै त्यसले अझ बढ़ी चाहना गर्छ,
तर धर्मीले आफूसित नराखी दिइहाल्छ ।
२७ दुष्टको बलिदान घिनलाग्दो हुन्छ–
त्यसले दुष्ट विचारले ल्याएको छ भनेता
झन् कति बढ़ी घृणित हुनेछ !
२८ झूटो गवाही दिने नष्ट हुनेछ,
र त्यसको कुरा सुन्ने जोसुकै
सधैंको निम्ति नष्ट हुनेछ ।
२९ दुष्ट मानिस साहसीजस्तै हिँड्छ,
तर ईमानदारीसँग चल्ने मानिसले आफ्ना
चालहरू विचार गर्छ ।
३० कुनै पनि यस्तो बुद्धि, अन्तर्ज्ञान र
योजना सफल हुँदैन
जो परमप्रभुको विरुद्ध सफल हुन सक्छ ।
३१ घोड़ा युद्धको निम्ति तयार राखिन्छ,
तर विजयचाहिँ परमप्रभुकै हातमा हुन्छ ।

२२ धेरै धन-सम्पत्तिभन्दा असल नाउँको
इच्छा गर्नु उत्तम हो,
सम्मान प्राप्त गर्नु चाँदी र सुनभन्दा
असल हो ।
२ धनी र गरीबमा एउटा कुरा समान छः
परमप्रभुले नै तिनीहरूलाई
बनाउनुभएको हो ।
३ बुद्धिमान्‌ले खतरा आइरहेको देख्छ र
कतै शरण लिन्छ,
तर सोझोचाहिँ त्यसैतिर जान्छ र दु:ख
भोग्छ ।
४ नम्रता र परमप्रभुको भयले
धन, सम्मान र जीवन ल्याउँछ ।
५ दुष्टको बाटोमा काँड़ा र पासो लुकिएका
हुन्छन्,

तर जसले आफ्नो प्राणको रक्षा गर्छ,
त्यो त्यस्ता कुराहरूदेखि टाढ़ै रहन्छ ।
६ बालकलाई ठीक बाटोमा हिँड्ने तालिम देऊ,
र त्यो ठूलो भएपछि त्यसदेखि तर्केर
जानेछैन ।
७ धनीले गरीबमाथि प्रभुत्व जमाउँछ,
र ऋण लिनेचाहिँ ऋण दिनेको दास हुन्छ ।
८ दुष्टता छर्नेले विपत्ति कटनी गर्छ,
र त्यसको रीसको लौरो नष्ट हुनेछ ।
९ दयालु मानिसले आफै पनि आशिष् पाउनेछ,
किनकि त्यसले आफ्नो भोजन गरीबहरूसित
बाँड्छ ।
१० गिल्ला गर्नेलाई बाहिर निकालीदेऊ र
झगड़ा हराउँछ;
कलह र अपमानको पनि अन्त्य हुन्छ ।
११ जसले शुद्ध हृदय मन पराउँछ
र जसको बोलीवचन अनुग्रहसहितको छ
त्यसको लागि राजा पनि मित्र हुनेछ ।
१२ परमप्रभुको आखाँले ज्ञानको हेरचाह गर्छ,
तर अविश्वासीका वचनहरूलाई उहाँले
विफल गराउनुहुन्छ ।
१३ अल्छेले भन्छ, “बाहिर एउटा सिंह छ !”
अथवा “सड़कमा गएँ भने मेरो हत्या
हुनेछ !”
१४ व्यभिचारिणीको मुख एक गहिरो खाड़ल हो;
परमप्रभुको क्रोधमा पर्नेहरू त्यसमा
खस्नेछन् ।
१५ बालकको हृदयमा अज्ञानता हुन्छ,
तर अनुशासनको छड़ीले त्यसलाई
त्योदेखि टाढ़ो भगाइदिनेछ ।
१६ आफ्नो धन बढ़ाउन गरीबमाथि
अत्याचार गर्ने,
धनीलाई उपहारहरू दिने–
दुवैमाथि दरिद्रता आउँछ ।

### बुद्धिमान्का भनाइहरू

१७ बुद्धिमान्का कुराहरू सुन् र त्यसमा
ध्यान दे;
म जे सिकाउँछु त्यसमा तेरो हृदय लगा,
१८ किनकि ती तेरो हृदयमा राखिस् भने,
र आफ्नो ओठमा तयार राखिस् भने
त्यसले तँलाई आनन्द दिनेछ ।
१९ तेरो भरोसा परमप्रभुमाथि होस् भनेर
यो कुरा आज म तँलाई सिकाउँछु,
तँलाई नै ।
२० के मैले तेरो लागि तीसओटा नीति-वचन
लेखिदिएको होइनँ र–
सल्लाह र ज्ञानका वचनहरू ?
२१ आफूलाई पठाउनेलाई तैंले ठीक जवाफ
दिन सक् भनेर
मैले तँलाई सत्य विश्वसनीय वचनहरू
सिकाएको होइन र ?
२२ गरीबहरू गरीब छन् भनेर तिनीहरूलाई
शोषण नगर्,
र खाँचोमा परेकाहरूलाई न्यायालयमा
नलग् ।
२३ किनकि तिनीहरूको मुद्दा परमप्रभुले नै
लिनुहुन्छ,
र तिनीहरूलाई लुट्नेहरूलाई उहाँले
पनि लुट्नुहुनेछ ।
२४ रीसाहा मानिसलाई मित्र नबना,
झट्टै रिसाउनेहरूसित सङ्गत नगर,
२५ नत्रता त्यसको चाल तैंले सिक्लास्,
र आफै पासोमा पर्लास् ।
२६ बन्धकमा आफ्नो हात नहाल्,
अथवा अर्काको ऋणको जमानी नबस्;
२७ यदि तँसित तिर्ने साधन छैन भने,
तँ सुतेको तेरो आफ्नै ओछ्यान समेत
खोसिनेछ ।
२८ प्राचीन साँधसिमानाको ढुङ्गो नहटा,
जो तेरा पुर्खाहरूले खड़ा गरेका हुन् ।
२९ के तैंले आफ्नो काममा निपुण मानिस
देखेको छस् ?
त्यसले राजाहरूका सामु सेवा गर्नेछ;
त्यसले साधारण मानिसको सेवा गर्दैन ।

२३ जब तँ शासकसँग खान बस्छस्,
तेरो अघि के छ त्यो राम्ररी याद गर्,
२ यदि तेरो खन्चुवा बानी छ भने,

तिनले तेरो घाँटीमा छुरी तेर्स्याउने छन् ।
३ तिनका स्वादिष्ट भोजनहरूको लालसा नगर्,
किनकि त्यो भोजन छलपूर्ण हुन्छ ।

४ धनी बन्न आफूलाई बेसरी नघोट्;
आफैलाई वशमा राख्नलाई बुद्धिमान् हो ।
५ धन-सम्पत्ति एकै छिनमा उड़िजान्छन्,
किनकि तिनीहरूका पखेटाहरू पलाउँछन्
र आकाशमा गरुड़झैं त्यो उड़ेर जानेछ ।

६ कन्जुस मानिसको भोजन नखा,
त्यसको स्वादिष्ट भोजनको चाहना नगर्;
७ किनभने त्यो त्यस्तो किसिमको मानिस हो,
जसले त्यसको दाम उठाउने बारे सधैं सोचिरहेको हुन्छ,
त्यसले तँलाई "खानुहोस्, पिउनुहोस्" भन्छ
तर त्यसको मन तँसित हुँदैन ।
८ तैंले त्यो अलिकता खाएको पनि उकेलिदिनेछस्,
र त्यसलाई तैंले गरेको अभिवादन त्यसै खेरो जानेछ ।

९ मूर्खसित कुरा नगर्,
किनकि त्यसले तेरा वचनहरूका ज्ञानलाई तिरस्कार गर्नेछ ।

१० प्राचीन साँधसिमानाको ढुङ्गा नहटा,
अथवा टुहुरा-टुहुरीको खेतबारी नमिच्,
११ किनकि तिनीहरूको रक्षक शक्तिशाली हुनुहुन्छ;
उहाँले तेरो विरुद्धमा तिनीहरूका मुद्दा लिनुहुनेछ ।

१२ तेरो हृदय अर्तीमा र तेरा कानहरू
ज्ञानका वचनहरूमा लगा ।

१३ बालकलाई अनुशासन गर्न नरोक्,
तैंले त्यसलाई छड़ी लगाइस् भने त्यो मरिजानेछैन ।
१४ बेत लगाएर त्यसलाई सजाय दे,
र त्यसको प्राणलाई मृत्युबाट रक्षा गर् ।

१५ हे मेरो छोरो, यदि तेरो हृदय बुद्धिमान् छ भने,
मेरो हृदय पनि प्रसन्न हुनेछ;
१६ तेरा ओठले ठीक कुरा बोल्दछ भने,
मेरो अन्तस्करण त्यस बेला रमाउनेछ ।

१७ तेरो हृदयलाई पापीहरूको डाह गर्न नदे,
तर परमप्रभुको भय मानेर जोशिलो बन् ।
१८ निश्चय नै तेरो निम्ति भविष्यको आशा छ,
र तेरो आशा व्यर्थ जानेछैन ।
१९ हे मेरो छोरो, सुन् र बुद्धिमान् बन्,
अनि तेरो हृदय सत्य मार्गमा लगा ।
२० बेसरी दाखमद्य पिउनेहरू,
अथवा मासु मुखमा कोचार्नेहरूसित सङ्गत नगर्,
२१ किनकि मतवाला र घिचुवाहरू दरिद्र हुन्छन्
र निद्राले तिनीहरूलाई थाङ्ने बनाउँछ ।

२२ तँलाई जीवन दिने बाबुका कुरा सुन्,
र आफ्नी आमा वृद्ध हुँदा उनलाई हेला नगर् ।
२३ सत्य किन् र त्यसलाई नबेच्,
बुद्धि, अनुशासन र समझदारी प्राप्त गर् ।
२४ धर्मी मानिसको पितासित परम आनन्द हुन्छ,
बुद्धिमान् छोरा आफ्ना बाबुमा आनन्दित रहन्छ ।
२५ तेरा बाबु र आमा प्रसन्न होऊन्;
तँलाई जन्म दिने आमाले रमाहट गरून् ।
२६ हे मेरो छोरो, तेरो हृदय मलाई दे,
र तेरा आँखाले मेरा चालहरू हेरून्,
२७ किनकि वेश्या त एउटा गहिरो खाड़ल हो,
र व्यभिचारीणी पत्नी साँगुरो कुवा हो ।
२८ त्यो एउटा डाँकूझैं ढुकिबस्छे,
र मानिसहरूका बीचमा
अविश्वासीहरूको सङ्ख्या बढ़ाउँछे ।

२९ कष्ट कसलाई हुन्छ ?
दुःख कसलाई हुन्छ ?
झगड़ा कसलाई हुन्छ ?
फिक्री कसलाई हुन्छ ?
नचाहिँदो चोट कसलाई लाग्छ ?
कसका आँखाहरू राता हुन्छन् ?
३० तिनीहरूको जो मद्यमै भुलिरहन्छन्,

जो मिश्रित मद्यको कचौरा चाख्‍न जान्छन् ।
३१ दाखमद्य रातो हुन्छ, त्यो कचौरामा
हाल्दा फींज उठ्छ,
त्यो बिस्तारै सेलाउँदा त्यसतिर एकटक
लगाएर नहेर् ।
३२ अन्तमा त्यसले सर्पले झैं डस्छ,
र विषालु सर्पले झैं विष युक्त पार्छ ।
३३ तेरा आँखाले अनौठा दृश्यहरू देख्नेछन्,
र तेरो मनले नचाहिँदा कुराहरूको
कल्पना गर्नेछ ।
३४ महासमुद्रमा सुतिरहेझैं तँलाई हुनेछ,
मस्तूलका डोरीको मास्तिर झुण्डिरहेझैं
तँ हुनेछस् ।
३५ तैंले भन्नेछस्, "तिनीहरूले मलाई हिर्काउँछन्,
तर मलाई चोट लाग्दैन !
तिनीहरूले मलाई पिट्छन्, तर म थाहै
पाउँदिनँ !
म कहिले ब्यूझुँला,
र म अझ अरू मद्य पिउन सक्नेछु ?"

२४ दुष्ट मानिसहरूको ईर्ष्या नगर,
तिनीहरूको सङ्गतको चाहना नगर,
२ किनकि तिनीहरूका हृदयले उपद्रव रच्दछन्,
र तिनीहरूका ओठले विपत्ति ल्याउने
कुरा गर्दछ ।
३ बुद्धिद्वारा घर बनिन्छ,
र समझशक्तिद्वारा त्यो स्थिर पारिन्छ;
४ ज्ञानद्वारा त्यसका कोठाहरू मूल्यवान्
र सुन्दर सामग्रीले भरिन्छन् ।
५ बुद्धिमान् मानिसको शक्ति महान् हुन्छ,
र ज्ञानी मानिसले सामर्थ्य बढ़ाउँछ ।
६ युद्ध गर्नलाई तँलाई मार्ग दर्शन चाहिन्छ,
र विजय पाउनलाई सल्लाहकार चाहिन्छ ।
७ मूर्खको लागि बुद्धि साह्रै उच्च हुन्छ;
ढोकामा भएको सभामा त्यसले केही
भन्‍न सक्दैन ।

८ जसले खराबी रच्दछ,
त्यो षड्यन्त्रकारीको नाउँले चिनिनेछ ।
९ मूर्खताका षड्यन्त्रहरू पाप हुन्,
र मानिसहरूले गिल्ला गर्नेलाई घृणा गर्छन् ।
१० विपत्तिको समयमा तैंले हरेस खाइस् भने,
तेरो बल कत्ति कम्ती रहेछ !
११ मार्नलाई लगिएकाहरूलाई उद्धार गर्;
मारकाटतिर लगिएकाहरूलाई रोक् ।
१२ यदि तँ भन्छस्, "हामीलाई यी कुरा केही
थाहै थिएन",
हृदयको कुरा जाचँ गर्नेले के त्यो कुरा
जाँच्नुहुन्‍न ?
तेरो जीवन सुरक्षित राख्नुहुनेले त्यो
जान्नुहुन्‍न ?
के उहाँले हरेकलाई आफ्नो कामअनुसार
बदला लिनुहुन्‍न ?
१३ हे मेरो छोरो, मह खा, किनकि त्यो
असल हुन्छ,
चाकाबाट निकालिएको मह तँलाई
स्वादिष्ट लाग्छ ।
१४ यो पनि जान बुद्धि तेरो प्राणको लागि
गुलियो हुन्छ;
तैंले त्यो पाइस् भने, तेरो निम्ति
भविष्यको आशा हुन्छ,
र तेरो आशा खोसिने छैन ।
१५ देश निकाला भएको मानिसझैं
तँ धर्मी मानिसको घरको विरुद्धमा ढुकी नबस्,
त्यसको वासस्थानमा छापा नमार्;
१६ किनकि धर्मी मानिस सातपल्ट लोटचो
भने पनि फेरि उठ्छ,
तर दुष्टहरू त विपत्तिमा नष्ट हुनेछन् ।
१७ तेरो शत्रुको पतन हुँदा नरमा,
त्यसले ठेस खाँदा तेरो हृदय आनन्दित नहोस्,
१८ नत्रता परमप्रभुले देख्नुहुनेछ र असहमति
जनाउनुहुनेछ,
र उहाँको क्रोध त्यसदेखि हटाउनुहुनेछ ।
१९ दुष्ट मानिसहरूको कारण दु:खी नबन्,
नता दुष्टहरूप्रति ईर्ष्यालु बन् ।
२० किनकि दुष्ट मानिसको भविष्यको आशा हुँदैन,
र दुष्टको बत्ती निभाइनेछ ।
२१ हे मेरो छोरो, परमप्रभुको र राजाको

भय मान्,
र विद्रोहीहरूसित नमिल्,
२२ किनकि उहाँहरू दुवैले तिनीहरूमाथि
अचानक सर्वनाश पठाउनुहुनेछ,
र कस्ता विपत्तिहरू उहाँहरूले
ल्याउनुहोला भनी कसलाई थाहा हुन्छ र ?

### बुद्धिमान्‌का अरू भनाइहरू

२३ बुद्धिमान्‌का भनाइहरू यी पनि हुन्:

न्याय गर्दा पक्षपात गर्नु राम्रो होइन:
२४ जसले दोषीलाई "तिमी निर्दोष छौ" भन्छ,
मानिसहरूले त्यसलाई सराप्नेछन्
र जातिहरूले त्यसको भत्सर्ना गर्नेछन् ।
२५ तर दोषीलाई दोषी ठहराउनेहरूलाई त
सबै राम्रै हुनेछ,
र तिनीहरूले मूल्यवान् आशिष्‌हरू प्राप्त
गर्नेछन् ।

२६ ईमानदार जवाफचाहिँ ओठमाथि परेको
चुम्बनजस्तै हो ।

२७ तेरो बाहिरको काम पूरा गर्,
र तेरो जमिन तयार बना;
त्यसपछि आफ्नो घर बना ।

२८ तेरो छिमेकीको विरुद्धका बिनाकारण
साक्षी नदे,
नता छल गर्नलाई तेरो ओठ चला ।
२९ "मलाई त्यसले जसो गऱ्यो म पनि
त्यसलाई त्यसै गर्नेछु;
म त्यसलाई साटो फेर्नेछु" भनेर नभन् ।

३० एउटा अल्छेको खेतबाट भएर म गएँ,
एउटा विवेकहीन मानिसको दाखबारीबाट
भएर म गएँ;
३१ चारैतिर काँढ़ैकाँढ़ा उम्रेका थिए,
जमिन झार-जङ्गलले ढाकेको थियो,
अनि ढुङ्गाको पर्खाल भत्किएको थियो ।
३२ मैले देखेको कुरामा मैले हृदयमा विचार
गरें,
र मैले देखेका कुराहरूबाट एउटा शिक्षा पाएँ:
३३ एकैछिन्‌को सुताइ र एकछिनको उँघाइले
हात बाँधेर एकै छिन मारिएको थकाइले–
३४ दरिद्रता तँमाथि डाँकूझैँ
र अभावचाहिँ सशस्त्र मानिसझैँ आइलाग्नेछ ।

### सोलोमनका अरू हितोपदेशहरू

२५ सोलोमनका यी हितोपदेश यहूदाका
राजा हिजकियाका मानिसहरूले
नक्कल गरे:

२ कुनै कुरा गोप्य राख्नुमा परमेश्वरको
महिमा हुन्छ;
कुनै कुरा खोजी निकाल्नुमा राजाहरूको
महिमा हुन्छ ।
३ जसरी स्वर्गहरू उच्च छन् र पृथ्वी गहिरो छ,
त्यसरी नै राजाहरूका हृदयको
खानतलासी गर्न नसकिने हुन्छ ।
४ चाँदीको कसर निकालिदे,
र त्यसबाट कलाकारको निम्ति कुनै
चीज निस्कन्छ ।
५ राजाको उपस्थितिबाट दुष्टलाई हटा,
र तिनको सिंहासन धार्मिकतामाथि
स्थापित हुनेछ ।
६ राजाको उपस्थितिमा तैंले आफैलाई
उच्च नपार,
र महान् व्यक्तिहरूको बीचमा स्थानको
दाबी नगर;
७ तिनले तँलाई भारदारहरूको सामुन्ने
अनादर गर्नुभन्दा त,
तिनले तँलाई "यहाँ माथि आऊ," भनेको
असल हुन्छ ।
८ आफ्ना आँखाले देखेको कुरा तैंले झट्ट
अदालतमा नलैजा,
किनकि अन्त्यमा तेरो छिमेकीले तँलाई
शर्ममा पाऱ्यो भने तैंले के गर्छस् ?
९ तैंले आफ्नो छिमेकीसित कुनै मुद्दा लिएर
तर्क गरिस् भने,

**२४:३३-३४**–हितोपदेश ६:१०-११. **२५:६-७**–लूका १४:८-१०.

अर्को मानिसको विश्‍वासघात नगर्,
१० नत्रता त्यो सुन्‍नेले तँलाई शर्ममा पार्ला,
र तेरो खराब नाम कहिल्यै मेटिनेछैन ।
११ ठीकसित बोलिएको वचन
चाँदीको जड़ानमा गरिएको सुनका
स्याउहरूझैँ हुन्छन् ।
१२ बुद्धिमान् मानिसको हप्की सुन्‍ने कान,
सुनका लुर्का अथवा निखुर सुनका
गहनाझैँ हो ।
१३ कटनीको समयमा हिउँको चिसोझैँ
विश्‍वासयोग्य दूत त्यसलाई पठाउनेको
निम्ति हो,
त्यसले आफ्ना मालिकहरूलाई उत्साहित
बनाउँछ ।
१४ झरीविनाको बादल र बतासझैँ
आफूले नदिएको दानमा धाक लाउने
मानिस हुन्छ ।
१५ धैर्य गर्नाले शासकलाई मनाउन सकिन्छ,
र मीठो वचनले हड्डी गलाउन सक्छ ।
१६ मह भेट्टाउँदा चाहिँदो मात्र खा–
यो धेरै खाइस् भने तैँले बान्ता गर्नेछस् ।
१७ तेरो छिमेकीको घरमा कहिलेकाहीं मात्र जा–
तँलाई घरिघरि देख्दा त्यसले तँलाई
घृणा गर्नेछ ।
१८ आफ्नो छिमेकीको विरुद्धमा झूटा साक्षी
दिने मानिस,
मुङ्ग्रो वा तरवार वा तीखो काँड़झैँ हो ।
१९ विपत्तिको समयमा अविश्‍वासीमाथिको
भरोसा गर्नु,
दुखेको दाँत अथवा लङ्गड़ा खुट्टाझैँ हो ।
२० दु:खी हृदय भएकोलाई गीत सुनाउने,
जाड़ोको दिनमा लुगा खोस्ने मानिस अथवा
सोड़ामा चूक हालेझैँ हो ।
२१ यदि तेरो शत्रु भोकाएको छ भने,
त्यसलाई भोजन खान दे,
यदि त्यो तिर्खाएको छ भने, त्यसलाई
पानी पिउन दे ।
२२ यसो गर्नाले तैँले त्यसको थाप्लोमा
बल्दै गरेको कोइला खन्याउनेछस्,
र परमप्रभुले तँलाई इनाम दिनुहुनेछ ।
२३ उत्तरीय बतासले पानी ल्याएझैँ
धूर्त जिब्रोले क्रुद्ध अनुहार ल्याउँछ ।
२४ झगड़ालु पत्‍नीसित एउटै घरमा बस्नुभन्दा
घरको कौसीको एक कुनामा बस्नु असल
हो ।
२५ टाढ़ो देशबाट आएको शुभ-समाचार
थाकेको प्राणको लागि चिसो पानीझैँ हो ।
२६ दुष्‍ट मानिसको अगि झुक्‍ने धर्मी मानिस,
हिलो पानीको मूल अथवा दूषित कुवाझैँ
हो ।
२७ धेरै मह खानु असल होइन,
नता आफ्नै मान खोज्नु सम्मानजनक हो ।
२८ आत्मसंयम नभएको मानिस
पर्खाल भत्किएको शहरझैँ हो ।

२६ ग्रीष्मकालमा हिउँ र कटनीको
समयमा पानी परेझैँ;
मूर्खलाई सम्मान दिन सुहाउँदैन ।
२ फुर्र उड्ने भङ्गेरा र बेगले उड्ने गौँथलीझैँ
विनाकारणको श्राप पनि लाग्दैन ।
३ घोड़ाको लागि कोर्रा र गधाको लागि लगाम,
र मूर्खहरूका पिठिउँमा छड़ी !
४ मूर्खलाई त्यसको मूर्खताअनुसार जवाफ नदे,
नत्रता तँ आफै पनि त्योजस्तै हुनेछस् ।
५ मूर्खलाई त्यसको अज्ञानताअनुसार जवाफ दे,
नत्रता त्यो आफ्नै दृष्‍टिमा बुद्धिमान् हुनेछ ।
६ जसले मूर्खको हातमा समाचार पठाउँछ,
त्यसले आफ्नो खुट्टामा आफैले बन्चरो
हानेर दु:ख पाउँछ ।
७ मूर्खको मुखमा भएको हितोपदेश
लङ्गड़ो मानिसको झुण्डिएको खुट्टाझैँ हो ।
८ मूर्खलाई सम्मान दिनु
घुँयेत्रोमा ढुङ्गा बाँधेको जस्तै हो ।
९ मूर्खको मुखमा भएको हितोपदेश

**२५:२१-२२**–रोमी १२:२०.

मतवालाको हातमा भएको काँड़ेझारजस्तै
हो ।
१० मूर्ख वा जोसुकैलाई ज्यालामा लगाउनु
धनुर्धारीले जथाभाबी काँड़ हानेर चोट
लाउनेजस्तै हो ।
११ कुकुर आफ्नै बान्तामा फर्किआएझैं,
मूर्खले आफ्नो मूर्खता दोहोऱ्याउँछ ।
१२ के तैंले कुनै मानिसलाई आफ्नै दृष्टिमा
बुद्धिमानी देखेको छस् ?
त्यसको भन्दा त बरु मूर्खको लागि धेरै
आशा हुन्छ ।
१३ अल्छेले भन्छ, "बाटोमा सिंह छ ,
एउटा डरलाग्दो सिंह गल्लीहरूमा
डुलीरहेको छ !"
१४ ढोकाको कब्जामा यताउता फर्केझैं,
अल्छे आफ्नो ओछ्यानमा पल्टन्छ ।
१५ अल्छेले आफ्नो हात थालमा हाल्छ;
तर त्यसलाई आफ्नो मुखसम्म पनि
पुऱ्याउन अल्छी गर्छ ।
१६ सात जना मानिसहरूले सीधा जवाफ
दिएकोभन्दा,
एक जना अल्छे आफ्नै दृष्टिमा बुद्धिमान्
हुन्छ ।
१७ बाटो हिँड्ने मानिसले अर्काको झगड़ामा
हस्तक्षेप गर्नु,
कुकुरलाई कानमा समात्नुजस्तै हो ।
१८ त्यो अगुल्टो वा घातक काँड़ हान्ने
बौलाहजस्तो हो,
१९ जसले आफ्नो छिमेकीलाई छल गरिसकेपछि
भन्छ, "मैले त ख्यालख्याल मात्रै गरेको
थिएँ !"
२० दाउराविना आगो निभ्छ,
कुरौटेविना झगड़ा शान्त हुन्छ ।
२१ भुङ्ग्रोको लागि कोइला र आगोको
लागि दाउराझैं,
झगड़ाको लागि झगड़ालु मानिस हुन्छ ।
२२ कुराउटेका शब्दहरू मीठो गाँसजस्तै हुन्छन्,
ती मानिसको भित्री भागसम्मै पुग्छन् ।
२३ माटोको भाँड़ोमा चाँदीको जलप लाएझैं
दुष्ट हृदयका जोशिला ओठ हुन्छन् ।
२४ द्वेषपूर्ण मानिसले आफूलाई त्यसको कुराले
ढाकछोप गर्छ,
तर त्यसको हृदय झूटले भरिएको हुन्छ ।
२५ त्यसको बोली आकर्षक भएता पनि
त्यसमा विश्वास नगर्,
किनकि त्यसको हृदय सातओटा
घिनलाग्दा कुराहरूले भरिएको हुन्छ ।
२६ त्यसको ईर्ष्या छलद्वारा ढाकिएको हुन्छ
तर त्यसको दुष्टता सभामा प्रकट गरिनेछ ।
२७ कुनै मानिसले खाड़ल खन्यो भने,
त्यसैमा त्यो आफै पर्छ,
कुनै मानिसले ढुङ्गा गुड़ायो भने,
त्यो गुड़ेर आफैतिर फर्कनेछ ।
२८ झूट बोल्ने जिब्रोले जसलाई चोट पार्छ
त्यसैलाई घृणा गर्छ,
र चापलुसी घस्ने मुखले विनाश ल्याउँछ ।

## २७

भोलिको घमण्ड नगर्,
किनकि त्यो कस्तो दिन हुनेछ तँ
जान्दैनस् ।
२ तेरो प्रशंसा आफैबाट होइन
तर अरूबाट होस्,
अरूबाट होस् तर तेरो ओठबाट होइन ।
३ ढुङ्गा गह्रौं र बालुवा ओजनदार हुन्छ
तर मूर्खद्वारा भएको उत्तेजना ती
दुवैभन्दा गह्रौं हुन्छ ।
४ रीस निर्दयी र क्रोध अदम्य हुन्छ,
तर डाहको अघि को खड़ा हुनसक्छ ?
५ गुप्तको प्रेमभन्दा खुल्लमखुल्लाको हप्की
असल हुन्छ ।
६ मित्रद्वारा पाएको चोटमाथि भरोसा गर्न
सकिन्छ,
तर शत्रुले त चुम्बनको वर्षा गर्छ ।
७ अघाएको पेटले मह रुचाउँदैन,
तर भोकाएको लागि त तीतो पनि मीठो
हुन्छ ।

**२७:१**–यहोशू ४:१३-१६.

८ घरदेखि टाढ़ा रहेको मानिस
आफ्नो गुँड़देखि टाढ़ो रहेको चराजस्तै हो ।
९ अत्तर र धूपले हृदयमा आनन्द ल्याउँछ,
र मित्रको मनोहरता त्यसको आन्तरिक
सल्लाहबाट आउँछ ।
१० आफ्नो मित्रलाई र आफ्नो बाबुको
मित्रलाई नत्याग्,
र तँलाई विपत्ति आइपर्दा आफ्नो
दाज्यूभाइको घरमा नजा–
किनकि टाढ़ाभएको दाज्यूभाइभन्दा
नजीकमा भएको मित्र असल हुन्छ ।
११ हे मेरो छोरो, बुद्धिमान् बन् र मेरो
हृदयलाई आनन्दित तुल्या;
तब मलाई हेला गर्नेहरूलाई म जवाफ
दिन सक्नेछु ।
१२ विवेकशील व्यक्तिले जोखिम देखेर शरण लिन्छ,
तर विवेकहीन त्यसै रहन्छ र दुःख पाउँछ ।
१३ परदेशीको जमानी बस्नेको लुगा खोस्;
र त्यो बरालिएकी स्त्रीको जमानी बसेको
छ भने,
त्यस वस्त्रलाई बन्धक राख् ।
१४ कुनै मानिसले एकाबिहानै
आफ्नो छिमेकीलाई कराएर आशिष्
दिन्छ भने,
त्यो त तिनलाई सराप दिएको बराबर हुन्छ ।
१५ कचकचे पत्नी पानी परेको दिन
तपतप चुहिरहेको पानीझैँ हो;
१६ त्यसलाई वशमा राख्नु बतासलाई
वशमा राख्नु बराबर हो,
अथवा हातले तेललाई च्याप्प पक्रनुजस्तै हो ।
१७ फलामले फलामलाई धारिलो बनाएझैँ,
एउटा मानिसले अर्को मानिसलाई तिखार्छ ।
१८ अञ्जीरको रूख स्याहार्नेले त्यसको फल
खानेछ,
र आफ्ना मालिकको हेरचाहा गर्ने व्यक्ति
सम्मानित हुनेछ ।
१९ पानीमा अनुहार प्रतिबिम्बित भएझैँ
मानिसको हृदयमा मानिस प्रतिबिम्बित
हुन्छ ।
२० मृत्यु र विनाश कहिल्यै तृप्त हुँदैन,
नता मानिसका आँखा नै सन्तुष्ट हुन्छन् ।
२१ चाँदी पगाल्ने भाँड़ो र सुन खार्ने भट्टी हुन्छ,
तर मानिसलाई त त्यसले पाएको
प्रशंसाद्वारा जाँचिएको हुन्छ ।
२२ मूर्खलाई ओखलीमा कुटे तापनि,
त्यसलाई अन्नलाई झैँ जाँतोमा राखेर
पिँधेझैँ गरे पनि,
तैँले त्यसको मूर्खता निकाल्न सक्दैनस् ।

२३ तेरा भेड़ाहरूको अवस्था राम्ररी थाहा गर्,
आफ्नो बगालप्रति सावधानीपूर्वक ध्यान दे;
२४ किनकि धन-सम्पत्ति सधैँ रहँदैन,
र मुकुट पुस्ता पुस्तासम्म सुरक्षित रहँदैन ।
२५ जब पराल हटाइन्छ र नयाँ पालुवा देखापर्छ,
र डाँड़ा-पाखाहरूबाट घाँस बटुलिन्छ,
२६ तब भेड़ाहरूले तँलाई लुगा प्रबन्ध गरिदिन्छन्,
र बाखाहरूले जमिन किन्ने पैसा प्रबन्ध
गरिदिन्छन् ।
२७ तँसित बाखाका दूध प्रशस्त हुनेछ
जसबाट तँ र तेरो परिवारलाई खान पुग्नेछ,
र तेरा नोकर्नीहरूलाई पोषण हुनेछ ।

२८ कसैले नखेदे तापनि दुष्ट मानिस
भाग्छ,
तर धर्मीचाहिँ त सिंहझैँ साहसी हुन्छन् ।
२ कुनै देश बागी भयो भने, त्यसका धेरै
शासकहरू हुनेछन्,
तर समझशक्ति र ज्ञान भएको मानिसले
अमनचैन कायम राख्छ ।
३ गरीबहरूमाथि थिचोमिचो गर्ने शासक
अन्न नाश गर्ने मुसलधारे वृष्टिझैँ हो ।
४ व्यवस्था त्याग्नेहरूले मूर्खहरूको प्रशंसा
गर्छन्,
तर व्यवस्था पालन गर्नेहरूले
तिनीहरूको विरोध गर्छन् ।
५ दुष्ट मानिसहरूले इन्साफ बुझ्दैनन्,
तर परमप्रभुलाई खोज्नेहरूले यसलाई
पूरा रूपले बुझ्दछन् ।
६ धनी भएर टेढ़ो चाल चल्नुभन्दा
गरीब भएर निर्दोष चाल चल्नु असल हो ।
७ आज्ञा पालन गर्ने छोरा समझशक्ति

भएको हुन्छ,
तर घिचुवाहरूको सङ्गत गर्नेले
आफ्ना बाबुलाई कलङ्कित तुल्याउँछ ।
८ अति नै ब्याज लगाएर जसले आफ्नो
सम्पत्ति बढ़ाउँछ,
त्यसले कुम्ल्याएको धन अर्केको हुनेछ,
जसले गरीबमाथि दया राख्नेछ ।
९ यदि कसैले व्यवस्थाप्रति आफ्नो कान
बन्द गर्छ भने,
त्यसका प्रार्थनाहरू पनि घृणायोग्य हुन्छन् ।
१० ईमानसँग चल्नेलाई जसले खराब
बाटोतिर लैजान्छ,
त्यसको आफ्नै पासोमा त्यो फस्नेछ,
तर निर्दोषले पर्याप्त अंश पाउनेछ ।
११ धनी मानिस आफ्नै दृष्टिमा बुद्धिमान् हुन सक्छ,
तर समझशक्ति भएको गरीब मानिसले
त्यसलाई चिनिहाल्छ ।
१२ धर्मीको विजय हुँदा ठूलो खुशीयाली हुन्छ,
तर दुष्ट उच्च पदमा पुग्दा मानिसहरू
लुक्न थाल्छन् ।
१३ आफ्ना पापहरू लुकाउनेले उन्नति गर्दैन,
तर जसले ती स्वीकार गर्छ र त्याग्छ,
त्यसले कृपा पाउँछ ।
१४ सधैं परमप्रभुको भय मान्ने मानिस
धन्यको हो,
तर आफ्नो हृदय कठोर गर्ने व्यक्ति
जोखिममा पर्छ ।
१५ असहाय मानिसहरूमाथि शासन गर्ने
दुष्ट मानिस
गर्जने सिंह र जाइलाग्ने भालुजस्तै हो ।
१६ अत्याचारी शासकको विवेक हुँदैन,
तर दुष्ट कमाइद्वारा पाएको लाभलाई
घृणा गर्ने व्यक्ति दीर्घायु हुनेछ ।
१७ हत्याको कसूरले सताएको मानिस
मृत्युसम्मै भागेर हिँड्छ,
कसैले पनि त्यसलाई समर्थन नगरोस् ।
१८ निर्दोष चाल भएको व्यक्ति सुरक्षित रहन्छ,
तर जसका बाटाहरू कुटिल मतिका छन्,
तिनीहरू अचानक पतित हुनेछन् ।
१९ आफ्नो जमिनलाई काममा लगाइरहनेसित
प्रशस्त भोजन हुनेछ,
तर कल्पनामा मात्र डुबिरहने दरिद्रताले
घेरिएको हुन्छ ।
२० विश्वासयोग्य मानिसले धेरै आशिष् पाउँनेछ,
तर धनी हुने इच्छुक व्यक्ति दण्ड नपाई
उम्कदैन ।
२१ पक्षपात गर्नु उचित होइन–
तापनि मानिसले एक टुक्रा रोटीको
निम्ति पनि खराब काम गर्छ ।
२२ कन्जुस मानिस धनी हुने लालसा गर्छ,
र त्यसलाई दरिद्रताले पर्खिरहेको छ
भन्ने त्यसलाई थाहा हुँदैन ।
२३ कुनै मानिसलाई हप्काउनेले
अन्तमा चापलुसी जिब्रो भएकोभन्दा बढ़ी
निगाहा प्राप्त गर्नेछ ।
२४ आफ्नो बाबु वा आमालाई लुटेर "यो
भूल होइन"–
भन्ने व्यक्ति विनाशकारीको साझेदार हो ।
२५ लोभी मानिसले फाटो ल्याउँछ,
तर परमप्रभुमा भरोसा राख्ने मानिसले
उन्नति गर्छ ।
२६ आफैमाथि भरोसा राख्ने व्यक्ति मूर्ख हो,
तर बुद्धिको चालमा चल्ने सुरक्षित रहन्छ ।
२७ जसले गरीबलाई दिन्छ, उसलाई कुनै
अभाव हुनेछैन,
तर तिनीहरूप्रति वास्ता नदेखाउनेले धेरै
श्राप पाउँछ ।
२८ दुष्टको हातमा शासनको जिम्मा आयो भने
मानिसहरू लुक्नेछन्;
तर जब दुष्टको नाश हुन्छ,
धर्मीहरू रमाउनेछन् ।

२९ धेरै हप्की पाउँदा पनि अट्टेरी भई
बस्ने मानिस
त्यो एक्कासी नाश हुनेछ, उपाय नै नरहने
गरी ।
२ धर्मीको फलिफाप हुँदा मानिसहरू रमाउँछन्,
दुष्टले शासन गर्दा मानिसहरू सुस्केरा
हाल्छन् ।
३ बुद्धि मन पराउने मानिसले आफ्नो

बाबुलाई आनन्दित तुल्याउँछ,
तर वेश्याहरूको सङ्गत गर्नेले आफ्नो
धन-सम्पत्ति बेकाममा उड़ाउँछ ।
४ राजाले न्यायद्वारा देशलाई स्थिर राख्छ,
तर घूसको लोभ गर्नेले देशलाई
सर्वनाश पार्छ ।
५ आफ्नो छिमेकीको खुशामदी गर्नेले
त्यसको खुट्टामनि जाल फिँजाउँछ ।
६ दुष्ट मानिस त्यसको आफ्नै पापको
कारण पासोमा पर्छ,
तर धर्मी जन गीत गाएर आनन्दित हुन
सक्छ ।
७ धर्मात्माले गरीबको न्यायको वास्ता गर्छ,
तर दुष्टले चाहिँ त्यसको सरोकार नै
राख्दैन ।
८ गिल्ला गर्नेले शहरभरि हल्ला मच्चाउँछ,
तर बुद्धिमान् मानिसले रीस शान्त
गराउँछ ।
९ यदि बुद्धिमान् मानिस मूर्खसित अदालतमा
गयो भने,
त्यस मूर्खको रीस र उपहासले त्यहाँको
शान्ति भङ्ग हुन्छ ।
१० हत्या गर्ने मानिसहरूले ईमानदार
मानिसलाई घृणा गर्छन्,
र ईमानदारीसँग चल्नेलाई मार्न खोज्छन् ।
११ मूर्खले आफ्नो क्रोध बेसरी पोखाउँछ,
तर बुद्धिमान् मानिसले आफैलाई
अधीनमा राख्छ ।
१२ यदि कुनै शासकले झूटा कुरा सुन्यो भने,
त्यसका सबै कर्मचारीहरू दुष्ट हुनेछन् ।
१३ गरीब मानिस र अत्याचारीमा यो कुरो
समान छ:
परमप्रभुले तिनीहरू दुवैका आँखालाई
दृष्टि दिनुहुन्छ ।
१४ यदि राजाले गरीबहरूको उचित न्याय
गर्छ भने,
तिनको सिंहासन सदैव सुरक्षित रहनेछ ।
१५ सुधारको छड़ीले बुद्धि प्रदान गर्छ,
तर छाड़ा छोड़ेको छोराले आफ्नी
आमाको बेइज्जत गर्छ ।
१६ जब दुष्टको फलिफाप हुन्छ, पापको
पनि फलिफाप हुन्छ,
तर धर्मीले तिनीहरूको पतन देख्नेछ ।
१७ आफ्नो छोरालाई अनुशासन गर्
र त्यसले तँलाई शान्ति दिनेछ;
त्यसले तेरो प्राणमा अति आनन्द ल्याउनेछ ।
१८ जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू
आफूखुशी गर्छन्,
तर व्यवस्था पालन गर्ने धन्यको हो ।
१९ दासलाई वचनले मात्र सुधार्न सकिँदैन,
त्यसले बुझे तापनि प्रतिउत्तर दिँदैन ।
२० के हतारसित बोल्ने मानिसलाई देखेकोछस् ?
त्यसको भन्दा त एउटा मूर्खको निम्ति
धेरै आशा हुन्छ ।
२१ मानिसले आफ्नो दासलाई बाल्यकालदेखि
नै पुलपुल्यायो भने,
आखिरमा त्यसले दिक्दारी पार्नेछ ।
२२ क्रोधी मानिसले झगडा मच्चाउँछ,
र गरम मिजास भएकोले धेरै पापहरू
गरिपठाउँछ ।
२३ मानिसको अहङ्कारले त्यसलाई तल खसाल्छ,
तर नम्र आत्मा भएको मानिसले सम्मान
पाउँछ ।
२४ चोरको साझेदार हुने त्यसको आफ्नै
शत्रु हुन्छ,
त्यसले शपथ खान्छ र साक्षी दिने आँटै
गर्दैन ।
२५ मानिसको डर पासोमा प्रमाणित हुन्छ,
तर जसले परमप्रभुमा भरोसा राख्छ त्यो
सुरक्षित रहन्छ ।
२६ धेरैले शासकको निगाह प्राप्त गर्न चाहन्छन्,
तर मानिसले परमप्रभुबाट नै न्याय पाउँछ ।
२७ धर्मीले अधर्मीलाई घृणा गर्छ;
दुष्टले सोझालाई घृणा गर्छ ।

### आगूरका भनाइहरू

३० याकेका छोरा आगूरका नीति-वचन–
एक ईश्वरवाणी:
यस मानिसले इथिएल र यूकाललाई
घोषणा गरेका हुन्:

२ “म मानिसहरूमा सबैभन्दा निर्बोध छु;
मानिसमा हुनुपर्ने समझशक्ति मसँग छैन।
३ मैले बुद्धि सिकिनँ,
नता मसित परमपवित्रको ज्ञान नै छ।
४ स्वर्गसम्म को उक्लेको छ र तल
ओर्ह्लेर आएको छ ?
कसले बतासलाई आफ्नो हातको
मुट्ठीमा बटुलेको छ ?
कसले पानीलाई आफ्नो लुगामा लपेटेको
छ ?
कसले पृथ्वीका सबै छेउलाई स्थापित
गरेको छ ?
उहाँको नाउँ के हो, र उहाँको पुत्रको
नाउँ के हो ?
यदि तँलाई थाहा छ भने मलाई भन् !

५ “परमेश्वरको प्रत्येक वचन दोष रहित छ;
उहाँमा शरण लिनेहरूको निम्ति उहाँ
ढाल हुनुहुन्छ।
६ उहाँका वचनहरूमा नथप्,
नत्रता उहाँले तँलाई हप्काउनुहुनेछ र
झूटा प्रमाणित गर्नुहुनेछ।

७ “हे परमप्रभु, म तपाईंबाट दुई कुराहरू माग्दछु
म मर्न अघि ती मबाट इन्कार नगर्नुहोस्:
८ असत्यता र झूटा कुरा मबाट टाढ़ै
राखिदिनुहोस्;
नता मलाई दरिद्रता न धन-सम्पत्ति दिनुहोस्,
तर मलाई केवल दिन-दिनको रोटी दिनुहोस्।
९ नत्रता, मसित धेरै भएकोले म तपाईंलाई
इन्कार गरुँला,
र भनूँला ‘परमप्रभु को हुनुहुन्छ ?’
अथवा म गरीब भएकोले चोरी गरुँला,
र परमप्रभु मेरा परमेश्वरको नाउँको
अनादर गरूँला।

१० “दासलाई त्यसको मालिक सामुन्ने
अपमान नगर्,
नत्रता त्यसले तँलाई सराप्ला र तैंले
नोक्सानी उठाउनु पर्ला।

११ “यस्ताहरू पनि हुन्छन् जुनहरू आफ्ना
बाबुलाई सराप्छन्,
र आफ्ना आमाहरूलाई धन्यका ठान्दैनन्।
१२ तिनीहरू, जो आफ्नै दृष्टिमा चोखो छन्,
र पनि आफ्ना अपवित्रताहरूबाट
चोख्याइएका छैनन्,
१३ तिनीहरू, जसका आँखाहरू अति अहङ्कारी
छन्,
जसको हेराइ अति घृणायुक्त छन्;
१४ तिनीहरू जसका दाँतहरू तरबारहरू हुन्,
र जसको बङ्गराहरू छुरा समान हुन्छन्,
जसले गरीबहरूलाई पृथ्वीमा खाएर सक्छन्,
र खाँचोमा परेकाहरूलाई मानव
समाजबाट नाश गरिदिन्छन्।

१५ “जुकाका दुई छोरीहरू छन्,
तिनीहरू ‘देऊ ! देऊ !’ भनी कराउँछन्।
“तीनओटा कुराहरू छन् जुनहरू कहिल्यै
तृप्त हुँदैनन्,
चारओटा कुराहरू छन् जुनहरू कहिल्यै
‘भयो, भन्दैनन् !’:
१६ चिहान, बाँझो गर्भ,
जमिन, जो कहिल्यै पानीदेखि तृप्त हुँदैन,
र आगो, जसले कहिल्यै ‘भयो !’ भन्दैन।

१७ “त्यो आँखा जसले बाबुलाई खिसी गर्छ,
र आमाको आज्ञालाई घृणा गर्छ,
त्यसलाई बेँसीका कागहरूले ठूँगेर
बाहिर निकाल्नेछन्,
र गिद्धहरूले खानेछन्।

१८ “तीनओटा कुराहरू छन् जो मेरो निम्ति
साह्रै अचम्मका छन्,
चारओटा जो म बुझ्नै सक्दिनँ:
१९ आकाशमा गिद्धको चाल,
चट्टानमाथि सर्पको चाल,
महासमुद्रमा जहाजको चाल,
स्त्रीसँग पुरुषको चाल।

२० “व्यभिचारिणीको चाल यस्तो हुन्छ:
त्यसले खान्छे र आफ्नो ओठ पुछ्छे,
अनि त्यसपछि भन्छे, ‘मैले केही खराबी
गरेकी छैनँ।’

२१ "तीनओटा कुराहरूमा पृथ्वी काम्छ
चारओटा कुराहरू जो त्यसले सहन सक्दैन:
२२ नोकर राजा भएको,
मूर्खसित पर्याप्त भोजन भएको,
२३ माया नपाएकी स्त्रीले विवाह गरेकी,
र नोकर्नी जो आफ्नी मालिक्नीलाई
पन्छाएर तिनको ठाउँमा बस्छे ।

२४ "पृथ्वीमा चारओटा कुराहरू साना छन्,
तापनि तिनीहरू अति बुद्धिमान् छन्:
२५ कमिलाहरू जो कम्ती बल भएका प्राणी हुन्
तापनि तिनीहरूले ग्रीष्म ऋतुमा नै
आफ्नो भोजन सञ्चय गर्छन्;
२६ शापन थोरै बल भएका प्राणी हुन्,
तापनि तिनीहरूले आफ्नो घर पहराहरूमा
नै बनाउँछन्;
२७ सलहहरूका राजा हुँदैनन्,
तापनि तिनीहरू लहरै हूल बाँधेर अगि
बढ्छन् ।
२८ छेपारा, जसलाई हातले समात्न सकिन्छ,
तापनि त्यो राजाको महलहरूमा पाइन्छ ।

२९ "तीनओटा कुराहरू छन् जसका हिँड़ाइ
रवाफिला छन्,
चार जुन शानसँग यताउता हिँड्छन्:
३० सिंह, जो पशुहरूमध्ये बलवान् हुन्छ,
जो कसैदेखि पछि हट्दैन,
३१ रवाफसित हिँड्ने भाले, बोका,
अनि सेना आफ्नो वरिपरि राखेर हिँड्ने
राजा ।

३२ "तँ मूर्ख भएर आफैलाई उच्च पारिस् भने,
अथवा तैंले दुष्ट युक्ति रचिस् भने,
तेरो मुखमा हात राखिहाल् !
३३ किनकि दूध मथेर घिउ निस्केझैं,
र नाक माड्दा रगत आएझैं,
त्यसरी नै रीसलाई चलाउँदा झगड़ा
उन्पन्न हुन्छ ।"

## राजा लमूएलका भनाइहरू

३१ राजा लमूएललाई आफ्नी आमाले
सिकाउनुभएका नीति-वचन– एउटा
ईश्वरवाणी:

२ हे मेरो छोरो, हे मेरो गर्भको छोरो,
हे मेरो भाकलको छोरो,
३ तेरो बल स्त्रीलाई दिएर नसिद्ध्या,
तेरो ताकत त्यस्तालाई नदे जसले
राजाहरूको पतन गराउँछन् ।

४ "यो राजाहरूका निम्ति होइन, हे लमूएल–
राजाहरूले दाखमद्य पिउनु हुन्न,
शासकहरूले मदिराको लालसा गर्नु हुन्न,
५ कतै तिनीहरूले पिएर कानून बिगार्लान्,
र थिचोमिचोमा परेकाहरूलाई
तिनीहरूको अधिकारबाट बञ्चित गराइदेला ।
६ तिनीहरूलाई मदिरा देऊ जो नष्ट
भइरहेका छन्,
दाखमद्य त्यस्ताहरूलाई देऊ,
जसलाई विरह चलेको छ ।
७ तिनीहरूले पिऊन् र आफ्नो दरिद्रता बिर्सून्
अनि आफ्ना वेदना कहिल्यै नसम्झून् ।

८ "आफ्नो निम्ति बोल्न नसक्नेहरूको निम्ति
र दु:ख पाएकाहरूको अधिकारको निम्ति
बोलिदे ।
९ आवाज उठा, र ठीकसित न्याय गर्;
गरीब र खाँचोमा परेकाहरूको अधिकारको
रक्षा गर् ।"

## उपसंहार– असल चरित्र भएकी पत्नी

१० असल चरित्र भएकी पत्नी कसले
पाउनसक्छ ?
तिनी त मूगा-मोतिभन्दा बहुमूल्यकी हुन्छिन् ।
११ तिनका पतिले तिनीमाथि पूरा भरोसा गर्छन्,
र उनलाई कुनै असल कुराको अभाव हुँदैन ।
१२ तिनले आफ्नो जीवनकालभरि नै
हानि होइन तर असल कुरा दिन्छिन् ।
१३ तिनले ऊन र सनपाट चुन्छिन्
र इच्छुक हातले काम गर्छिन् ।
१४ व्यापारी जहाजहरूले जस्तै
तिनले टाढ़ाबाट भोजन ल्याउँछिन् ।
१५ तिनी राती नै उठ्छिन्,

आफ्नो परिवारको निम्ति भोजन
जुटाउँछिन्;
र आफ्नी दासी ठिटीहरूलाई आ-आफ्नो
भाग दिन्छिन् ।
१६ तिनले विचार गरेर आफ्नो कमाइबाट
एउटा जमिन किन्छिन्;
र एउटा दाखबारी लगाउँछिन् ।
१७ तिनले आफ्नो काम फूर्तिसँग गर्छिन्,
आफ्नो कामको लागि तिनका पाखुराहरू
बलिया छन् ।
१८ तिनले आफ्नो कारोबार लाभदायक
भएको देख्छिन्,
र तिनको बत्ती राती निभ्दैन ।
१९ तिनले आफ्नै हातले चर्खा चलाउँछिन्
र आफ्नो औँलाले पिउरी समात्छिन् ।
२० तिनले गरीबहरूको निम्ति आफ्नो मुठी
खुला राख्छिन्,
र खाँचोमा परेकाहरूको निम्ति
सहायताको हात बढ़ाउँछिन् ।
२१ हिउँ पर्दा आफ्नो परिवारको निम्ति तिनी
डराउँदिनन्,
किनकि तिनीहरू सबैले सिन्दुरे रङ्गको
वस्त्र पहिरेका हुन्छन् ।
२२ तिनले आफ्नो ओछ्यान छोप्ने लुगा
बनाउँछिन्;
तिनले असल सुती र बैजनी वस्त्र
लगाएकी हुन्छिन् ।
२३ तिनका पति देशका ठूला-ठालाहरूसित
शहरको मूल ढोकामा बस्दा सम्मानित
हुन्छन् ।
२४ तिनले सूती कपड़ाका वस्त्रहरू
बनाउँछिन् र ती बिक्री गर्छिन्,
र व्यापारीहरूलाई पटुकाहरू उपलब्ध
गर्छिन् ।
२५ तिनी शक्ति र गौरवले सुशोभित रहन्छिन्;
तिनी भविष्यको लागि आनन्दित रहन्छिन् ।
२६ तिनी बुद्धिसित बोल्छिन्,
अनि तिनको जिब्रोमा विश्वासयोग्य अर्ती
पाइन्छ ।
२७ तिनले घरका काम-धन्धाको हेर विचार
गर्छिन्,
अनि परिश्रमको भोजन खान्छिन् ।
२८ तिनका छोराछोरीले उठेर तिनलाई
धन्यको भन्छन्;
तिनका पतिले पनि त्यसै भन्दै तिनको
प्रशंसा यसरी गर्छन्:
२९ "धेरै स्त्रीहरूले असल काम गर्छन्,
तर तिनीहरू सबैलाई तिमीले जितेकी
छयौ ।"
३० सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता
उड़िजाने हुन्छ;
तर परमप्रभुको भय मान्ने स्त्रीको नै
प्रशंसा हुनुपर्छ ।
३१ तिनले कमाएको इनाम तिनैलाई दिनू,
र तिनका कामले शहरको मूल ढोकामा
नै तिनलाई प्रशंसा ल्याऊन् ।

# उपदेशकको पुस्तक

### सबै कुरा व्यर्थ हुन्

१ दाऊदका पुत्र, यरूशलेमका राजा,
उपदेशकका वचनहरू:
२ "व्यर्थ ! सबै व्यर्थ !"
उपदेशक भन्दछन् ।
"पूर्ण रूपमा व्यर्थ !
सब थोक व्यर्थ छन् !"
३ मानिसले सूर्यमुनि जे परिश्रम गर्छ
त्यसबाट उसलाई के लाभ हुन्छ र ?
४ पुस्ताहरू आउँछन्, पुस्ताहरू जान्छन्,
तर पृथ्वी सदासर्वदा रहिरहन्छ ।
५ सूर्य उदाउँछ र सूर्य अस्ताउँछ,
अनि त्यो उदाएको ठाउँमा चाँड़ो गरी
फर्किजान्छ ।
६ बतास दक्षिणतर्फ बहन्छ,
र फेरि उत्तरपट्टि फर्कन्छ;
फर्केर चक्कर मार्दै घुमिरहन्छ,
आफ्नो उद्‌गम स्थलमा नै फर्कन्छ ।
७ सबै खोलाहरू बगेर समुद्रमै पुग्छन्,
र पनि समुद्र कहिल्यै भरिँदैन ।
जुन स्थानबाट खोलाहरू आउँछन्,
ती खोलाहरू त्यही ठाउँमा फर्केर
जान्छन् ।
८ सब थोक विरक्त छन्,
कसैले वर्णन गर्न नसकिने खालका छन् ।
देखेर आँखा कहिल्यै सन्तुष्ट हुँदैन,
नता सुनेर कान तृप्त हुन्छ ।
९ जे भएको छ त्यो फेरि हुनेछ,
जे गरिएको थियो त्यो फेरि गरिनेछ,
सूर्यमुनि कुनै कुरो नयाँ छैन ।
१० के कुनै कुरो यस्तो छ, जसबारे कसैले
भन्न सक्छ,
"हेर ! यो एक नयाँ कुरो हो ?"
त्यो धेरै पहिलेदेखि यहाँ थियो,
हाम्रो पालो भन्दा धेरै पहिले ।
११ उहिलेका मानिसहरूको केही सम्भना
रहँदैन,
र जो अभ्र आउनेवालाहरू छन्;
तिनीहरूको पनि सम्भना
त्यसपछि आउनेहरूले गर्ने छैनन् ।

### उपदेशकको अनुभव

**१२**म, उपदेशक, यरूशलेममा इस्राएलका
राजा भएर शासन गरें । **१३**आकाशमुनि जे-जे
गरिन्छन् ती अध्ययन गर्न र तीबारे अनुसन्धान
गर्न मैले आफ्नो मन लगाएर निश्चय गरें ।
परमेश्वरले मानिसलाई कस्तो बोभ्र दिनुभएको
छ ! **१४**सूर्यमुनि गरिने सबै काम मैले देखेको
छु; ती सब व्यर्थ हुन्, बतासलाई खेदेको जस्तो
मात्र हो ।
**१५**जे कुरो बाङ्गो छ, त्यो सोभ्रो पार्न सकिँदैन;
जे कुरा कमी छ, त्यसको गन्ती हुँदैन ।
**१६**मैले आफूमा विचार गरें, "हेर अघि
यरूशलेममा राज्य गर्ने सबै व्यक्तिहरूभन्दा
धेरै बुद्धि मैले प्राप्त गरेको छु, धेरै ज्ञान र
बुद्धि मैले अनुभव गरेको छु ।" **१७**तब मैले
बुद्धि, पागलपन र मूर्खता पनि बुझ्नमा आफ्नो
मन लगाएँ, र यो पनि बतासलाई खेदेको जस्तो
मात्र रहेछ भनी मैले जानें ।
**१८**किनकि, धेरै बुद्धिले धेरै शोक ल्याउँछ,
र धेरै ज्ञानले, धेरै नै सन्ताप ।

### सुखहरू व्यर्थ हुन्

२ मैले मेरो मनमा सोचें, "आऊ, अब म के
असल रहेछ थाहा गर्न तिमीलाई सुख-
विलासमा जाँच गर्नेछु ।" तर त्यो पनि व्यर्थै

---

**१:१६**–१ राजा ४:२९-३१.

रहेछ भनी प्रमाणित भयो । **२**मैले भनें, "हाँसो
मूर्खता हो ! अनि सुख-विलासले के फाइदा
गराउँदछ ?" **३**आफैलाई मनोरञ्जन गर्न मैले
दाखमद्य पिएँ र मूर्खतामा मैले आफैलाई प्रफुल्ल
तुल्याउन कोशिश गरें– जुन कुरामा मेरो बुद्धिले
मलाई साथ दिइराखेको थियो । आफ्नो छोटो
जीवनमा मानिसले स्वर्गमुनि के असल काम
गर्नुपर्ने रहेछ भनी म जान्न चाहन्थें ।

**४**मैले ठूला-ठूला परियोजनाहरू शुरू गरें ।
मैले आफ्नो निम्ति घरहरू बनाएँ र दाखबारी
लगाएँ । **५**मैले फूलका बगैंचा, र उद्यानहरू
बनाएँ र सबै किसिमका फलफूलका रूख त्यहाँ
रोपें । **६**सप्रेका रूखहरूको सिंचाई गर्नलाई मैले
जलाशयहरू बनाएँ । **७**मैले कमारा-कमारीहरू
किनें अनि मेरा घरमा जन्मेका अन्य दास-
दासी पनि मसित थिए । मअघि यरूशलेममा
हुने अरू कसैको पनि मेरोभन्दा धेरै गाईबस्तु
र भेड़ाबाखा थिएनन् । **८**मैले आफ्नो निम्ति
सुन-चाँदी, र विभिन्न राजा र देशहरूबाट
धन-दौलत थुपारें, मैले गायक-गायिका र
मानिसले मनोरञ्जन गर्ने कुरा र स्त्रीनिवास
समेत प्राप्त गरें । **९**यरूशलेममा मेरो अधिका
सबैभन्दा म धेरै महान् भएँ । यी सबैमा मेरो
बुद्धि मसँगै रह्यो ।

**१०** मेरा आँखाले अभिलाषा गरेका थोक;
अथवा, मेरो हृदयले खोजेको कुनै
सुखविलास मैले इन्कार गरिनँ ।
मेरो मेहनतमा मेरो हृदय प्रसन्न थियो,
अनि मेरो सारा परिश्रमको फल यही
थियो ।

**११** मेरा हातहरूले गरेका काम प्राप्त गर्न,
अनि आफ्ना सबै मेहनतका फल र
परिश्रमका उपलब्धिहरू निरीक्षण गरें,
तब ती सबै कुरा व्यर्थका थिए,
ती सब बतासलाई खेदेको जस्तो मात्र
रहेछन्;
सूर्यमुनि केही कुरो फायदाको रहेनछ ।

## बुद्धि र मूर्खता व्यर्थका हुन्

**१२** तब बुद्धि तथा पागलपन र मूर्खता
पनि के रहेछन् भनी सोच्नलाई मैले
मेरा विचार त्यसतिर फर्काएँ ।
जे जति राजाले गरिसकेका छन्,
त्योभन्दा बढ़ी, तिनीपछि आउनेले के
गर्न सक्लान् र ?

**१३** मैले देखें, बुद्धि मूर्खताभन्दा असल हुन्छ,
जसरी अन्धकारभन्दा उज्यालो असल
हुन्छ ।

**१४** बुद्धिमान्‌का आँखा त्यसको शिरमा नै
हुँदोरहेछ
तर मूर्खचाहिँ अध्यारोमा हिँड्डुल गर्दछ;
तर मैले देखें यी दुवैको दशा एउटै
हुँदोरहेछ ।

**१५** तब मैले आफ्नो मनमा विचार गरें,
"मेरो दशा पनि मूर्खको समान हुनेरहेछ ।
तब बुद्धिमान् भएर मलाई के लाभ भयो
र ?"
मैले मेरो मनमा भनें,
"यो पनि व्यर्थै रहेछ ।"

**१६** किनकि मूर्खको जस्तै,
बुद्धिमान्‌को पनि धेरै दिन सम्झना रहँदैन;
आउने दिनहरूमा दुवैको सम्झना
हराएर जान्छ ।
मूर्खजस्तै बुद्धिमान् मानिस पनि मर्नैपर्छ !

## कठिन परिश्रम व्यर्थ छ

**१७**यसैले जीवनलाई मैले घृणा गर्न थालें,
किनकि सूर्यमुनि गरिएको काम मेरो निम्ति
दु:खमय थियो । यी सब व्यर्थ हुन्, बतासलाई
खेदेको जस्तो मात्र हो । **१८**सूर्यमुनि मैले गरेको
हरेक कामलाई मैले घृणा गर्न थालें, किनकि
हरेक कामको फल मेरो उत्तराधिकारीको निम्ति
मैले छोड़िराख्नुपर्छ । **१९**अनि कसले जान्दछ,
त्यो मूर्ख हुनेछ कि बुद्धिमान् ? तापनि सूर्यमुनि

---

**२:४-८**–१ राजा १०:२३-२७; २ इतिहास ९:२२-२७. **२:७**–१ राजा ४:२३. **२:८**–१ राजा १०:१०.
**२:९**–१ इतिहास २९:२५.

मेरा परिश्रम, सीप र प्रयत्नका हरेक फलमाथि
त्यसको नै अख्तियार हुनेछ । यो पनि व्यर्थ
रहेछ । **२०**यसैले, मैले सूर्यमुनि गरेका सबै
कठिन परिश्रम र मेहनतमा म निराश भएँ ।
**२१**किनकि, मान्छेले आफ्ना बुद्धि, ज्ञान र सीप
लाएर आफ्ना हातको काम गर्छ र ती सबै
अरू कसैको निम्ति छोड़ेर जानुपर्छ । यो पनि
एक अर्थहीन र ठूलो दुर्भाग्य हो । **२२**सूर्यमुनि
गरेका आफ्ना सब परिश्रम, चिन्ता, प्रयासको
निम्ति मान्छेले के पाउँछ र ? **२३**जीवनभर
त्यसको मेहनत दु:ख र कष्ट मात्र हो, राती
पनि त्यसको मनले विश्राम पाउँदैन । यो पनि
अर्थहीन छ ।

**२४**मानिसले खानु, पिउनु र आफ्ना हातका
काममा सुखी रहनुभन्दा अरू कुनै कुरो असल
छैन । म देख्दछु, यो पनि परमेश्वरका हातबाट
प्राप्त हुँदछ, **२५**किनकि उहाँले दिनुभएन भने
कसलाई आहार र आनन्द मिल्न सक्छ ? **२६**जुन
मानिसले परमेश्वरलाई खुशी पार्दछ, त्यसलाई
उहाँले बुद्धि, ज्ञान र आनन्द दिनुहुन्छ, तर
पापीलाई, अर्को मानिस, जोसित परमेश्वर खुशी
हुनुहुन्छ, त्यसको निम्ति धन-सम्पत्ति बटुल्ने
काम दिनुहुन्छ । यो पनि व्यर्थ र बतासलाई
खेदे जस्तो मात्र हो ।

### हरेक कुराको लागि समय छ

**३** सबै कुराका लागि समय छ,
र आकाशमुनि सब कामको निम्ति आफ्नो
बेला छ:

२ जन्मने एउटा समय छ र मर्ने एउटा
समय,
रोप्ने एउटा समय छ र उखेल्ने एउटा
समय ।

३ मार्ने एउटा समय छ र निको पार्ने
एउटा समय,
भत्काउने एउटा समय छ र बनाउने
एउटा समय ।

४ रुने एउटा समय छ र हाँस्ने एउटा समय,
शोक गर्ने एउटा समय छ र नाच्ने
एउटा समय ।

५ ढुङ्गा फ्याँक्ने एउटा समय छ र ती बटुल्ने
एउटा समय,
अङ्गालो हाल्ने एउटा समय छ र अलग
रहने एउटा समय ।

६ खोज्ने एउटा समय छ र छोड़िदिने एउटा
समय,
राख्ने एउटा समय छ र फाल्ने एउटा
समय ।

७ च्यात्ने एउटा समय छ र टाल्ने एउटा
समय,
चुप बस्ने एउटा समय छ र बोल्ने एउटा
समय ।

८ प्रेम गर्ने एउटा समय छ र घृणा गर्ने
एउटा समय,
युद्ध गर्ने एउटा समय छ र मिलाप गर्ने
एउटा समय ।

**९**काम गर्नेले आफ्नो परिश्रमबाट के
लाभ पाउँछ र ? **१०**मानिसलाई परमेश्वरले
राखिदिनुभएको बोझ मैले देखेको छु । **११**सब
कुरा उहाँले समयानुकुल सुन्दर बनाउनुभएको
छ । उहाँले मानिसका हृदयमा अनन्तता
राखिदिनुभएको छ, तापनि शुरूदेखि अन्तसम्म
परमेश्वरले के-के काम गर्नुभयो, सो तिनीहरू
बुझ्न सक्दैनन् । **१२**म जान्दछु, मानिसको निम्ति
जीवनभरि खुशी रहनु र असल कर्म गर्नु बाहेक,
अरू कुनै असल कुरो छैन । **१३**आफ्ना सारा
परिश्रममा खुशी रहनु, खानु र पिउनु नै
मानिसलाई परमेश्वरको दान हो । **१४**म
जान्दछु, परमेश्वरले जे गर्नुहुन्छ त्यो सदा-
सर्वदा रहिरहन्छ, त्यसमा केही थप्न वा घटाउन
सकिँदैन । परमेश्वरले त्यसो गर्नुहुन्छ, ताकि
मानिसहरूले उहाँलाई श्रद्धा गरून् ।

१५ जे छ, त्यो अघिबाटै थियो,

**२:२३**–अय्यूब ५:७; १४:१. **२:२४**–उपदेशक ३:१३; ५:१८; ९:७; लूका १२:१९; १ कोरिन्थी १५:३२.
**२:२६**–अय्यूब ३२:८; हितोपदेश २:६.

र जे हुनेछ, त्यो पनि अघिबाटै थियो;
अनि परमेश्वरले बितेका कुराहरूको
हिसाब लिनुहुन्छ ।
१६ त्यसबाहेक मैले सूर्यमुनि अरू यस्ता
कुरा देखें:
न्यायको ठाउँमा दुष्टता,
र धामिर्कताको ठाउँमा दुष्टता देखें ।
१७ मैले मेरो मनमा विचार गरें,
"परमेश्वरले धर्मी र अधर्मी दुवैलाई न्याय
गर्नुहुन्छ,
किनकि हरेक कृयाकलाप र हरेक
कामको आफ्नै समय छ ।"

१८मैले यो विचार पनि गरें, "मानिसलाई
परमेश्वरले जाँच गर्नुहुन्छ, ताकि तिनीहरू
पशुसमान छन् भनी आफूलाई देख्न सकुन् ।
१९मानिसको अवस्था पनि पशुसमान छ; दुवैको
एउटै दशा हुन्छ; जसरी एउटा मर्छ, अर्को पनि
त्यसरी नै मर्छ । दुवैको सास एउटै हो, मान्छेलाई
पशुलाई भन्दा बढ़ी केही लाभ छैन । सब कुरा
व्यर्थ हुन् । २०सबै एउटै ठाउँमा जान्छन्; सबै
धूलोबाट आउँछन् र धूलोमै फर्किजान्छन् ।
२१कसले जान्दछ कि मानिसको प्राण माथितिर
र पशुको प्राण तल पृथ्वीतिर जानेछ ?"
२२यसरी मैले देखें, मानिसलाई आफ्नो
काममा आनन्द उपभोग गर्नुभन्दा अरू असल
कुरो केही छैन, किनकि त्यही त्यसको हिस्सा
हो । पछि हुने कुराहरू के हुने हो त्यो त्यसलाई
कसले देखाउन सक्छ र ?

### अत्याचार, कठिन परिश्रम, मित्रहीनता

४ फेरि मैले हेरें र सूर्यमुनि भइरहेका
सारा अत्याचारलाई देखें:

अत्याचारमा परेकाहरूको आँसु मैले देखें–
र तिनीहरूलाई सान्त्वना दिने कोही
नभएको देखें;
शक्ति अत्याचारीहरूको पक्षमा थियो–
र तिनीहरूलाई सान्त्वना दिने कोही
थिएन ।
२ अनि मैले यो घोषणा गरें कि मरिसकेका
मृतकहरू,
अझै जिउँदा जीवितहरूभन्दा धेरै
आनन्दित छन् ।
३ तर ती दुवैभन्दा अझ धेरै सुखीचाहिँ
जन्म हुँदै नभएको मानिस हो,
जसले सूर्यमुनि भइरहेका दुष्ट कर्महरू
देखेकै छैन ।

४अनि मैले देखें, मानिसको सम्पूर्ण परिश्रम
र उपलब्धिहरूको मूलचाहिँ त्यसको आफ्ना
छिमेकीमाथि भएको ईर्ष्या हो । यो पनि अर्थहीन
छ, बतासलाई खेदेको जस्तो मात्र हो ।

५ मूर्ख आफ्ना हात बाँधेर बस्छ र आफ्नो
विनाश आफै ल्याउँछ ।
६ परिश्रमसाथ कमाएको र बतासलाई
खेदेको दुई मुठीभन्दा शान्तिसित एक
मुठी भएको अझ असल हो ।

७फेरि मैले सूर्यमुनि केही अर्थहीन कुरा
देखें:

८ एउटा एक्लो मानिस थियो;
त्यसको नता छोरा न दाज्यूभाइ थिए;
त्यसले निरन्तर परिश्रम गर्थ्यो,
तापनि आफ्नो धन-सम्पत्ति देखेर
त्यसका आँखा कहिल्यै सन्तुष्ट थिएन ।
"म कसको निम्ति परिश्रम गरिरहेको
छु ?," त्यसले सोध्यो,
"अनि आफैलाई जीवनका आनन्दबाट
वञ्चित किन राख्दछु ?"
यो पनि व्यर्थै छ, दु:खको कुरा !

९ एकभन्दा दुई असल हो,
यसैकारण कि तिनीहरूले आफ्नो कामका
असल फल पाउनेछन्:
१० एक जना लड्यो भने,
त्यसको साथीले त्यसलाई उठ्न मद्दत
गर्न सक्छ,
तर लड्दा पनि उठाउने कोही साथी
नहुने बिचरा !
११ यदि दुई जना सँगै सुते भने, तिनीहरूलाई
न्यानो हुन्छ,

तर एक्लै त कसरी न्यानो हुन सक्छ ?
१२ एक्लो मानिसलाई कसैले जित्ला,
तर दुई जनाले त आफ्नो रक्षा गर्न
सक्छन् ।
तीन सुता बाटेर बनेको डोरी सजिलै
चुड़िँदैन ।

### प्रगति व्यर्थ छ

**१३**चेतावनी नलिने वृद्ध तर मूर्ख राजाभन्दा
निर्धन तर बुद्धिमान् युवक अझ उत्तम हो ।
**१४**त्यो युवक झ्यालखानबाट राजा हुन
आइपुगेको होला, अथवा, त्यस राज्यमा दरिद्र
भई जन्मेको होला । **१५**सूर्यमुनि बास गर्ने र
हिँड्डुल गर्ने सम्पूर्ण मानिसहरू राजाका
उत्तराधिकारी युवकका पछि लागेका मैले
देखें । **१६**तिनीहरूका अघि खड़ा रहने प्रजाको
संख्या असीमित थियो । तर पछिबाट आउनेहरू
त्यस उत्तराधिकारीसित खुशी भएनन् । यो पनि
व्यर्थ रहेछ, केवल बतासलाई खेदेको जस्तो हो ।

### परमेश्वरको भयमा बस

**५** परमेश्वरका भवनमा जाँदा आफ्ना
कदमहरू होशियारीसित चाल । मूर्खको
जस्तो बलिदान चढ़ाउनलाई होइन, तर उहाँको
आवाज सुन्नलाई त्यहाँ जाऊ, किनकि आफ्नो
भूल तिनीहरू जान्दैनन् ।

२ बोल्नलाई हतार नगर,
परमेश्वरको अगि केही कुरा बोल्न तिम्रो
हृदयमा आतुर नगर ।
परमेश्वर स्वर्गमा हुनुहुन्छ र तिमी
पृथ्वीमा छौ,
यसैले तिम्रा शब्दहरू थोरै होऊन् ।
३ जसरी धेरै चिन्ता हुँदा सपना आउँदछ,
त्यसरी नै धेरै शब्दहरू मूर्खका बोलि
हुन्छन् ।

**४**जब परमेश्वरलाई भाकल गर्दछौ, त्यो
पूरा गर्नमा ढिलो नगर । उहाँ मूर्खसित खुशी
हुनुहुन्न, आफ्नो भाकल पूरा गर । **५**भाकल
गरेर त्यो पूरा नगर्नुभन्दा भाकल गर्दै नगर्नु
असल हो । **६**तिम्रो मुखले तिमीलाई पाप गर्न
नलाओस् । अनि मन्दिरका दूतलाई, "मेरो भाकल
भूल भएछ," भन्न नपरोस् । तिम्रा वचनले
किन परमेश्वरलाई रीस उठाउँछौ र आफ्नै
हातका काम नाश गर्छौ ? **७**धेरै सपना देख्नु र
धेरै कुरा गर्नु व्यर्थ छन् । त्यसकारण,
परमेश्वरअघि भयसाथ बस ।

### धन-सम्पत्ति व्यर्थ छन्

**८**यदि तिमीले कुनै प्रान्तमा दरिद्रमाथि
अत्याचार, र त्यसको अधिकार र न्यायको
इन्कार भएको देख्यौ भने, त्यो देखेर अचम्म
नमान, किनकि एक अधिकारीमाथि देखरेख
गर्न अर्को ठूलो अधिकारी खटाइएको हुन्छ, र
ती सबैमाथि नजर राख्न अझ ठूला अधिकारी
खटाइएका हुन्छन् । **९**जमिनबाट उब्जेका अन्न
सबैले खान्छन्; राजा आफैले पनि त्यसबाट
लाभ प्राप्त गर्दछन् ।

१० जुन मानिसले रुपियाँपैसालाई प्रेम गर्छ,
त्यसलाई त्यो कहिल्यै प्रशस्त हुँदैन ।
जसले धन-सम्पत्तिलाई प्रेम गर्छ, त्यो
आफ्नो आम्दानीमा कहिल्यै सन्तुष्ट
हुँदैन ।
यो पनि व्यर्थ छ ।
११ जब धन-सम्पत्ति बढ्छ, तब खाने मुख
पनि धेरै बढ्छ । अनि ती हेर्नुबाहेक
मालिकलाई धन-सम्पत्तिको अरू के
लाभ हुन्छ र ?
१२ परिश्रम गर्नेको निद्रा मीठो हुन्छ,
चाहे त्यसले थोरै खाओस् वा धेरै खाओस्,
तर धनीको प्रचुर धनले गर्दा त्यसलाई
निद्रै लाग्दैन ।
१३ मैले सूर्यमुनि एउटा दु:खदायी खराबी देखें:
मान्छेले थुपारेको धनले त्यसैलाई क्षति
गरेको,

**५:४**–भजनसंग्रह ६६:१३-१४.

१४ अथवा, दुर्भाग्यवश आफ्नो धन-सम्पत्ति गुमाएको,
जसको फलस्वरूप त्यसको छोरोको निम्ति केही रहँदैन ।
१५ मानिस आफ्नी आमाको गर्भबाट नाङ्गै आउँछ,
र जसरी आउँछ त्यसरी नै फर्किजान्छ ।
आफ्नो परिश्रमको कमाइ केही पनि हातमा लिएर जान पाउँदैन ।
१६ यो पनि एक दु:खदायी खराबी हो:
मानिस जसरी आउँछ, त्यसरी नै फर्किजान्छ,
तब त्यसलाई के लाभ भयो त,
के त्यसको परिश्रम हावामा नै खेर गएन र ?
१७ त्यसले आफ्नो सारा जीवनकाल ठूलो नैराश्य, कष्ट, रीसराग र अन्धकारमा बिताउँछ ।

**१८**तब मैले यो थाहा पाएँ, मानिसको निम्ति
खानु, पिउनु र परमेश्वरले सूर्यमुनि त्यसलाई
दिनुभएको छोटो जीवनमा आफूले गरेको कठोर
मेहनतमा सन्तुष्ट रहनु नै असल र उचित
हुन्छ । यही त्यसको भाग हो । **१९**त्यसमाथि,
जब परमेश्वरले कुनै मानिसलाई धन-सम्पत्ति
दिनुहुन्छ र ती उपभोग गर्न मौका दिनुहुन्छ,
तब त्यसले आफ्नो भागलाई स्वीकार गरी आफ्ना
हातको काममा प्रसन्न हुनु पर्दछ– त्यो
परमेश्वरको वरदान हो । **२०**आफ्नो जीवनका
दिनहरूमा त्यसले थोरै नै विचार गर्दछ, किनकि
परमेश्वरले त्यसलाई आफ्नो हृदयको आनन्दमा
व्यस्त गराउनुहुन्छ ।

**६** मैले सूर्यमुनि अर्को एउटा खराबी देखेको
छु, र त्यसले मानिसलाई साह्रै थिचेर
राखेको छ । **२**परमेश्वरले एउटा मानिसलाई
धन-सम्पत्ति र इज्जत दिनुहुन्छ अनि त्यसको
हृदयले चाहेको कुनै कुराको अभाव त्यसलाई
हुँदैन, तर उहाँले तिनको उपभोग गर्न त्यसलाई
दिनुहुन्न र एउटा अपरिचित व्यक्ति आएर,
त्यसको सट्टामा, ती कुरा उपभोग गर्दछ । यो
अर्थहीन र कष्टमय खराबी हो ।
**३**कुनै मानिस एक सय छोराछोरीसहित
धेरै वर्ष बाँच्ला, तर जति नै लामो त्यसको
आयु होस्, त्यसले आफ्नो समृद्धिको आनन्द
भोग गर्न सक्दैन र मरेपछि राम्ररी मृत-संस्कार
पाउन सकेन भने, म त भन्छु, त्यो मानिसभन्दा
त एउटा नजन्मदै तुहेको बालक असल हो ।
**४**त्यो बालक व्यर्थमा जन्मन्छ र अन्धकारमा
लोप हुन्छ, अनि त्यसको नाम अन्धकारमा नै
हराउँछ । **५**त्यसले कहिल्यै सूर्य देखेको हुँदैन र
केही कुरा जानेको पनि हुँदैन, तर त्यस मानिसले
भन्दा त धेरै आराम पाउँदछ– **६**यदि त्यो मानिस
दुई हजार वर्ष बाँचेर पनि आफ्नो उन्नतिको
सुख-भोग गर्न असफल हुन्छ भने, त्यसलाई के
विश्राम हुन्छ र ? आखिरमा सबै एउटै ठाउँमा
जाँदैनन् र ?

७ मानिसले जति परिश्रम गर्दछ, त्यो पेट भर्नको निम्ति मात्र हो,
तर पनि त्यसको भोक कहिल्यै मेटिंदैन ।
८ एउटा ज्ञानी मानिसलाई मूर्ख मानिसबाट के लाभ छ र ?
अरू मानिसहरूका अगि सुव्यवहार गर्न जान्ने गरीबलाई के लाभ हुन्छ र ?
९ आँखा अगि जे छ त्यसमा सन्तुष्ट हुनु धेरै कुराको चाहना गर्नु भन्दा असल हो ।
यो पनि व्यर्थ छ,
र बतासलाई खेदेको जस्तो मात्र हो ।
१० जे छँदैछ त्यसलाई नाउँ दिइसकेकै छ,
र मानिस के हो त्यो जानिएकै छ ।
आफूभन्दा बलियोसँग कोही मानिस विरोध गर्न सक्दैन ।
११ जति धेरै कुरा त्यति नै कम अर्थ हुन्छ ।
त्यसले कसैलाई के लाभ हुन्छ र ?

**५:१५**–अय्यूब १:२१; भजनसंग्रह ४९:१७; १ तिमोथी ६:७.

**१२**किनकि यस जीवनको छोटो र अर्थहीन अवधिमा, जो मानिसले छायाजस्तै बिताउँछ, त्यसलाई के कुरो असल छ भनी कसले जान्दछ र ? त्यो मरिगएपछि सूर्यमुनि के हुनेछ भनी त्यसलाई कसले भन्न सक्छ र ?

## बुद्धि

७ असल नाउँ अति सुगन्धित अत्तरभन्दा अझ राम्रो हो,
मृत्युको दिन, जन्मेको दिनभन्दा अझ असल हो ।
२ भोजको घरमा जानुभन्दा
शोकको घरमा जानु असल हो,
मृत्यु हरेक मानिसको अन्तिम दशा हो;
हरेक जिउँदो मानिसले यो कुरा मनमा राखोस् ।
३ सुर्ता हँसाइभन्दा असल हो
किनकि उदास अनुहार मानिसको हृदयको निम्ति असल हुन्छ ।
४ बुद्धिमान्को मन शोकको घरमा हुन्छ,
तर मूर्खको मन सुखचैनको घरमा हुन्छ ।
५ मूर्खको गीतमा ध्यान दिनुभन्दा
बुद्धिमान् मानिसको हप्काइ सुन्नु असल हो ।
६ मूर्खको हाँसो भाँड़ामुनि पड्केको काँढ़ाको आगोजस्तो हो ।
यो पनि व्यर्थ छ ।
७ बलपूर्वक प्राप्त गरेको धनले बुद्धिमान् मानिसलाई मूर्ख बनाउँछ,
अनि घूसले हृदयलाई भ्रष्ट पार्दछ ।
८ कुनै कुराको अन्त त्यसको
थालनीभन्दा असल हो,
र धैर्य धारण गर्नु अहङ्कारी हुनुभन्दा असल हो ।
९ मनमा तुरुन्तै नरीसाऊ,
किनकि रीस मूर्खको मनमा बास गर्दछ ।
१० "बितेका दिनहरू वर्तमान्भन्दा किन असल थिए ?" भनी नभन्नू ।
किनकि त्यस्तो प्रश्न गर्नु बुद्धिमानी होइन ।
११ बुद्धि, पैतृक-सम्पत्तिजस्तै असल चीज हो,
अनि घामको उज्यालो देख्नेहरूलाई
यसले फाइदा गर्दछ ।
१२ जसरी रुपियाँपैसा एउटा आश्रय हो,
त्यसरी नै बुद्धि पनि एक आश्रय हो,
तर बुद्धिको लाभ यही हो कि बुद्धिले
बुद्धिमान् मानिसको प्राण जोगाइराख्छ ।
१३ परमेश्वरले के गर्नुभयो ती विचार गर:
उहाँले बाङ्गो बनाएका कुरालाई कसले
सोझो पार्न सक्छ र ?
१४ जब समय असल हुँदछ, तब खुशी होऊ;
तर जब समय खराब हुँदछ, तब यस
कुरामा विचार गर:
ती दुवै समय परमेश्वरले नै
बनाउनुभएको हो ।
तसर्थ, मान्छेले आफ्नो भविष्यबारे केही
थाहा पाउन सक्दैन
१५ आफ्नो यो अर्थहीन जीवनमा मैले यी दुवै
कुरा देखेको छु:
धर्मी मानिस आफ्नो धार्मिकतामा नष्ट
भएको,
र दुष्ट मानिस आफ्नो दुष्टतामा धेरै
दिनसम्म बाँचेको ।
१६ धेरै धर्मी वा धेरै बुद्धिमानी नहोऊ–
किन आफैलाई नाश गर्छौ ?
१७ ज्यादै दुष्ट वा ज्यादै मूर्ख पनि नहोऊ–
समयभन्दा अघि नै किन मर्छौ ?
१८ एउटा कुरो समाएर,
अर्को कुरा नगुमाउनु असल हो ।
जुन मानिसले परमेश्वरको भय मान्दछ,
यी दुवैमा त्यो सावधान रहन्छ ।
१९ बुद्धिले बुद्धिमान् मानिसलाई शहरको
दश जना राजाभन्दा
बढ़ी बलियो बनाउँदछ ।
२० पृथ्वीमा कुनै यस्तो धार्मिक मानिस छैन,

---

**७:१**–हितोपदेश २२:१. **७:९**–याकूब १:१९.

जसले हर समय ठीक काम गर्दछ र
कहिल्यै पाप गर्दैन ।

२१ मानिसले भनेको हरेक कुरोमा ध्यान नदेऊ,
नत्र भने तिमीले आफूलाई आफ्नै
चाकरले सरापेको सुन्न पाउनेछौ–
२२ किनकि तिमीले कति धेरैचोटि
अरूहरूलाई सरापेका छौ,
त्यो तिमीलाई मनमनै थाहा होला ।

२३बुद्धिद्वारा मैले यी सब कुराको जाँच
गरें र भनें,

"मैले बुद्धिमान् हुने निश्चय गरेको छु"
तर यो मबाट टाढ़ै रह्यो ।
२४ बुद्धि जे, जस्तो होस् त्यो प्रगाढ़ र धेरै
महान् कुरो हो,
कसले त्यसको गहिराई पत्ता लगाउन
सक्ला ?
२५ यसैकारण, बुद्धिलाई बुझ्न, खोज्न र जाँच
गर्न
अनि हर वस्तुको मतलब बुझ्न मैले
आफ्नो मन लगाएँ,
अनि दुष्टताको मूर्खता र मूर्खताको
पागलपन बुझ्नचाहें ।

२६ त्यो स्त्री, जो एक पासो समान छे,
जसको हृदय एउटा धराप र जसका
हात साङ्लोसमान हुन्छन्,
त्यसलाई मैले मृत्युभन्दा तीतो भेट्टाएँ;
जुन मानिससित परमेश्वर खुशी हुनुहुन्छ,
त्यो मानिस त्यस स्त्रीबाट बाँच्नेछ,
तर पापी भने त्यसको जालमा पर्नेछ ।

२७उपदेशक भन्दछन्, "हेर, मैले यस
कुराको पत्ता लगाएको छु:

"हरेक वस्तुको मतलब बुझ्नलाई,
एउटासँग अर्को कुरा थप्दै,
२८ जब म खोजी रहेथें,
तर केही नभेट्टाउँदा–
एक हजार मानिसबीच एउटा
पुरुषलाई सोझो र ईमानदार पाएँ,
तर सम्पूर्ण स्त्रीहरूबीच त एउटै पनि
पाइन ।
२९ मैले यो मात्र थाहा पाएँ:
परमेश्वरले मानिसलाई सोझो र
ईमानदार सृजना गर्नुभएको छ,
तर मानिस भने अरू धेरै कल्पनाहरूको
पछि लागेका छन् ।"

८ बुद्धिमान् मानिसजस्तो को छ ?
सबै थोकको व्याख्या कसले जान्दछ ?
बुद्धिले मानिसको अनुहार उज्यालो
बनाउँछ,
र त्यसको उदास रूप बदलिन्छ ।

### राजाको आज्ञापालन गर

२म भन्दछु, राजाका आज्ञापालन गर,
किनकि तिमीले परमेश्वरअघि शपथ खाएका
छौ । ३राजाका उपस्थितिबाट गइहाल्न हतार
नगर । खराब विषय लिएर उनको पक्षमा
खड़ा नहोऊ, किनकि राजाले आफ्नो इच्छानुसार
गर्नेछन् । ४राजाका वचन सर्वश्रेष्ठ हुनाले कसले
तिनलाई यसरी भन्न सक्छ, "हजूर यो के
गर्दैहुनुहुन्छ ?"

५ जसले उहाँका आज्ञापालन गर्दछ,
त्यसलाई केही हानि हुँदैन,
अनि बुद्धिमान् हृदयले उचित समय र
उचित तरिकालाई जान्नेछ ।
६ यद्यपि मानिसमाथि साह्रै दु:ख कष्ट
आए तापनि,
सबै थोकको उचित समय र उचित
तरिका हुन्छ,

७ कुनै मानिसले आफ्नो भविष्य जान्दैन,
के हुन आउनेछ सो कसले उसलाई भन्न
सक्छ र ?
८ कुनै मानिससित हावा थाम्ने शक्ति छैन,
त्यसरी नै मृत्युको दिनमाथि कसैको हक
हुँदैन ।
जसरी युद्धको समयमा कसैले छुट्टी पाउँदैन,
त्यसरी नै दुष्टताले त्यस व्यक्तिलाई
छोड्दैन जसले दुष्टता गरिरहन्छ ।

**९**सूर्यमुनि गरिने सबै कामलाई विचार
गरेर हेर्दा मैले यी सबै देखें। यस्तो एक समय
हुन्छ, अर्कामाथि कठोर शासन गर्ने मानिसले
आफ्नै हानि गर्छ। **१०**मैले दुष्ट मानिसहरू
गाड़िएको पनि देखें– जो पवित्र स्थलबाट
आउने-जाने गर्दथे र ती गएका शहरमा प्रशंसा
पाउँदथे। यो पनि व्यर्थ हो।

**११**अपराधको निम्ति तुरुन्तै दण्ड नहुँदा,
मानिसका मनमा दुष्कर्म गर्ने इच्छा आउँदछ।
**१२**यद्यपि एक दुष्ट मान्छेले सयौं अपराध गरेर
पनि धेरै दिनसम्म बाँचिरहन्छ, म यो पनि
जान्दछु कि परमेश्वरको भय मान्ने र उहाँप्रति
श्रद्धा गर्ने मानिसलाई धेरै असलै हुनेछ।
**१३**तापनि, दुष्टले परमेश्वरको डर नमान्ने हुनाले,
त्यसलाई असल हुनेछैन, र त्यसको आयु
छायाभन्दा लामो हुनेछैन।

**१४**यसबाहेक अर्को एउटा अर्थहीन कुरो पनि
संसारमा हुँदैछः अधर्मीले पाउनुपर्ने दण्ड धर्मीले
पाउँछ, अनि धर्मीले पाउनुपर्ने इनाम अधर्मीले
पाउँछ। म भन्दछु, यो पनि व्यर्थ हो। **१५**यसैले
म जीवनमा आनन्द गर्ने सल्लाह दिँदछु किनकि
मानिसलाई सूर्यमुनि खानु, पिउनु र रमाइलो
गर्नुभन्दा अरू असल कुरा केही छैन। तब
जति दिन मानिसलाई परमेश्वरले सूर्यमुनि
दिनुभएको छ, त्यति दिनसम्म आनन्दले उसलाई
आफ्नो काममा साथ दिनेछ।

**१६**जब मैले आफ्नो मन बुद्धि चिन्न र
पृथ्वीमा मान्छेको दिनरात नसुती गरिने परिश्रम
हेर्नमा लगाएँ, **१७**तब मैले परमेश्वरका सारा
कार्यलाई देखें। सूर्यमुनि केके हुन्छन् ती कसैले
बुझ्दैन, तिनको खोजी गर्ने जति नै प्रयास गरे
तापनि, मान्छेले तिनको अर्थ थाहा पाउँदैन।
कुनै बुद्धिमान् मान्छेले म जान्दछु भनी दाबी
गर्ला, तर वास्तवमा त्यसले त्यो बुझेको हुँदैन।

### सबैको निम्ति एउटै दशा

**९** यसकारण, मैले यी सब कुरामा सोच-
विचार गरें र यो निष्कर्षमा पुगें कि धर्मी
र बुद्धिमान् मानिस अनि तिनका काम
परमेश्वरका हातमा छन्, तर कुनै मानिसलाई
थाहा हुँदैन, प्रेम कि घृणा कुनचाहिँले त्यसलाई
पर्खिराखेको हुन्छ। **२**सबैको दशा एउटै हुन्छ–
धर्मी र अधर्मी, असल र खराब, शुद्ध र अशुद्ध,
बलिदान चढ़ाउने र नचढ़ाउने सबै त्यही
दशाका भागीदार हुन्छन्।

भला मानिस र पापी मानिस,
शपथ खाने र शपथ खान डराउने
मानिस,
सबैको एउटै दशा हुन्छ।

**३**सूर्यमुनि जे जति कुराहरू छन् तिनमा यही
दुष्टता छः सबैमाथि एकै दशा आइपर्दछ।
त्यसमाथि, मानिसका हृदय खराबीले भरिएका
हुन्छन्, र तिनीहरू बाँचुन्जेलसम्म तिनीहरूका
मन पागलपनाले भरिन्छ, त्यसपछि ती सबै
मरेकाहरूसँग मिल्न पुग्छन्। **४**जो बाँचिरहेका
मानिसबीच छ, उसमा आशा छ– जिउँदो कुकुर
पनि मरेको सिंहभन्दा असल हो!

**५** किनकि जिउँदाहरू हामी मर्नेछौं भनी
जान्दछन्
तर मरेकाहरू केही जान्दैनन्,
तिनीहरूले केही प्रतिफल पाउँदैनन्,
र तिनीहरूका सम्झना पनि हराउँछ।
**६** तिनीहरूका प्रेम र घृणा,
तिनीहरूका ईर्ष्या धेरै समय अघिनै लोप
भएका छन्;
सूर्यमुनि जे गरिन्छन् त्यसमा तिनीहरूको
फेरि केही भाग हुनेछैन।

**७**आफ्नो बाटो लाग, आनन्दसाथ आफ्नो
भोजन गर, आनन्द हृदयले आफ्नो दाखमद्य
पिऊ, किनकि अहिले परमेश्वरले तिम्रा हातका
काममा कृपा-दृष्टि गर्नुहुन्छ। **८**सधैँ सेता वस्त्र
लगाऊ र सधैँ आफ्नो शिरमा तेल लगाऊ।
**९**आफ्नी पत्नी, जसलाई तिमी प्रेम गर्छौ, ऊसित
यस अर्थहीन जीवनको सारा दिन, जुन तिमीलाई
परमेश्वरले सूर्यमुनि दिनुभएको छ, ती सारा
व्यर्थका समयभरि, जीवनको आनन्द भोग
गर, किनकि सूर्यमुनि परिश्रमको यस जीवनमा,
त्यही तिम्रो भागमा छ। **१०**तिम्रा हातमा जे
काम आइपुग्छ, त्यो आफ्नो पूरो शक्तिले गर,

किनकि मृत्युमा, जहाँ तिमी पुग्नेछौ, न काम
हुन्छ, न केही परिकल्पना, न ज्ञान, न बुद्धि
रहनेछन् ।

११मैले सूर्यमुनि अर्को एउटा कुरा देखेको छु:

दौड़; चाँड़ो दगुर्नेको निम्ति होइन,
अथवा, युद्ध बलियाका निम्ति;
नता बुद्धिमान्ले भोजन पाउँछ,
नता प्रतिभाशालीले धन-सम्पत्ति;
वा ज्ञानी पुरुषले कृपा-दृष्टि पाउँछन्,
तर ती सबै जनाले समय र मौका
पाउँदछन् ।

१२त्यसमाथि, कुनै मानिसले आफ्नो काल
कहिले आइपुग्छ भनी जान्दैन:

माछा निर्दयी जालमा परेझैँ,
अथवा, चराचुरूङ्गीहरू जालमा फसेझैँ,
मानिसहरू दुर्दशामा पासोमा पर्दछन्,
ती दुर्दशा नचिताएका बेलामा
आइलाग्दछन् ।

## मूर्खताभन्दा बुद्धि असल

१३मैले यस सूर्यमुनि यस्तो बुद्धिको उदाहरण
पाएँ, जसले ममाथि ठूलो प्रभाव पाऱ्यो: १४एक
समय थोरै जनसङ्ख्या भएको एउटा सानो
शहर थियो । अनि एउटा शक्तिशाली राजाले
त्यसमाथि आक्रमण गरे । तिनले चारैपट्टिबाट
त्यसलाई घेरेर त्यसका विरुद्ध घेरा-मचान
बनाए । १५त्यस शहरमा एक जना गरीब तर
बुद्धिमान् मानिस बास गर्थ्यो र त्यसले आफ्नो
बुद्धिले, त्यस शहरको बचाउ गऱ्यो । तर त्यस
गरीबलाई कसैले स्मरण गरेनन् । १६त्यसैले
मैले भनें, "बुद्धि बलभन्दा असल हो ।"
तर गरीबको बुद्धिको अवहेलना भयो, त्यसका
कुरा कसैले ध्यान दिएनन् ।

१७ बुद्धिमान्को शान्तभावका वचन
मूर्ख राजाको उच्च सोरभन्दा धेरै ध्यान
दिनुपर्छ ।

१८ युद्धका हातहतियारभन्दा बुद्धि असल हो,
तर एक जना पापीले धेरै असल कामलाई
नाश पार्दछ ।

१० जसरी मरेका झीँगाहरूले अत्तरलाई
दुर्गन्ध पार्दछ,
त्यसरी नै थोरै मूर्खताले बुद्धि र इज्जतलाई
वेकामको बनाइदिन्छ ।

२ बुद्धिमान्को हृदय दाहिनेतर्फ झुक्दछ भने,
मूर्खको हृदय बाँयातर्फ झुक्दछ ।

३ बाटोमा एकलै हिँड्दै गर्दा पनि मूर्खमा
ज्ञानको अभाव हुन्छ,
र सबैलाई त्यसले आफ्नो मूर्खता
देखाउँदछ ।

४ तिमीसित तिम्रा मालिक रीसाए भने पनि
आफ्नो काम नछोड़,
शान्त स्वभावले ठूलाठूला भूलहरू
सुधार्दछ ।

५ सूर्यमुनि मैले एउटा भूल देखेको छु,
त्यस्तो भूल एउटा शासकबाट हुन्छ:

६ मूर्खहरूलाई धेरै उच्च पदमा नियुक्त
गरिन्छ,
तर धनीहरू निम्न दर्जामा राखिन्छन् ।

७ मैले कमाराहरूलाई घोड़ामा सवार
भएका देखेको छु,
जब कि राजकुमारहरू कमाराझैँ पैदल
हिँड्दछन् ।

८ जसले खाड़ल खन्छ, त्यसमा त्यो आफै
नै जाकिनसक्छ,
जसले पर्खाल भत्काउँछ त्यसलाई सर्पले
डस्न सक्छ ।

९ ढुङ्गाको खानी खन्ने मानिसलाई चोट
लाग्न सक्छ,
दाउरा चिर्ने मानिसलाई खतरा
पर्नसक्छ ।

१० बन्चरो बोधो छ र त्यसको धार उध्याएको
छैन भने,

**१०:८**–भजनसंग्रह ७:१५; हितोपदेश २६:२७.

ज्यादै बल प्रयोग गर्नुपर्छ,
तर सीपले सफलता ल्याउँछ ।
११ सर्पलाई लट्ट्याउनुअघि त्यसले डस्यो भने,
सपेरालाई केही लाभ हुँदैन ।
१२ बुद्धिमान् मानिसका वचन मीठा हुन्छन्,
तर मूर्खका ओठले आफैलाई नाश
पार्छ ।
१३ शुरुमा त्यसले मूर्ख कुरा गर्छ,
अन्त्यमा त्यसको कुरा दुष्ट पागलपना
मात्र हुन्छ,
१४ अनि मूर्ख धेरै बोल्छ,
त्यसले केके भन्ने हो सो कसैले जान्दैन,
त्यसको पछि के हुने हो, कसले
त्यसलाई बताउन सक्छ र ?
१५ मूर्ख आफ्नो कामले आफै थाक्छ,
त्यसले शहर जाने बाटोसम्म चिन्दैन ।
१६ जुन देशको राजा कमारा थियो,
र जसका राजकुमारहरू बिहानै भोज
खान्छन्,
त्यस देशलाई धिक्कार छ ।
१७ त्यो देश धन्यको हो, जुन देशको राजा
कुलीन वंशको छन्,
र जसका राजकुमारहरू उचित समयमा
ठीक भोजन गर्छन्,
तिनीहरू शक्तिलाभ गर्नलाई भोज गर्छन्,
मतवाला हुनलाई होइन–
१८ मान्छे अल्छी छ भने, घरको धुरी भत्कन्छ,
त्यसका हात जाँगरिलो छैन भने, घरको
छाना चुहिन्छ ।
१९ खुशीयालीको लागि भोज तयार गरिन्छ,
दाखमद्यले जीवनलाई आनन्दित गराउँछ,
तर सब कुराको निम्ति रुपियाँपैसाको
प्रयोजन हुन्छ ।
२० राजालाई आफ्ना मनमा पनि निन्दा
नगर,
अथवा, आफ्ना सुत्ने कोठामा धनीलाई
समेत नसराप,
किनकि तिमीले गरेका कुरा उडिरहेको
पक्षीले पनि बोकिलैजाला र अरूलाई
सुनाइदेला ।

## पानीमाथि रोटी

११ आफ्नो अन्न पानीमा फालिदेऊ,
अनि धेरै दिनपछि तिमीले त्यो फेरि
पाउनेछौ ।
२ सात-आठ जनालाई तिनीहरूका भाग
बाँड़िदेऊ,
किनकि देशमा कस्तो विपत्ति आइपर्ला
त्यो तिमी जान्दैनौ ।

३ बादलमा पूरा पानी छ भने पृथ्वीमा पानी
बर्सन्छ ।
एउटा रूख दक्षिणपट्टि ढलोस् अथवा
उत्तरपट्टि ढलोस्,
ढलेकै ठाउँमा त्यो लड़िरहन्छ ।
४ बतासको गति बिचार्ने मानिसले कहिल्यै
बाली लाउँदैन,
बादललाई हेर्ने मानिसले कटनी गर्दैन ।

५ जसरी बतासको बाटो जान्दैनौ,
अथवा, आमाको गर्भमा कसरी बच्चा
बन्दछ बुझ्दैनौ,
त्यसरी नै तिमी सब थोक सृजना गर्नुहुने
परमेश्वरका काम बुझ्न सक्दैनौ ।

६ बिहानको समयमा बारीमा बीउ छर,
साँझमा आफ्ना हात अल्छे नबनाऊ,
किनकि, कुन चाहिँ सप्रन्छ, यो कि त्यो;
वा दुवै नै राम्ररी सप्रन्छन्, सो तिमी
जान्दैनौ ।

## युवावस्थामा आफ्ना सृष्टिकर्तालाई सम्झना गर

७ ज्योति असल हो,
सूर्य देख्दा आँखा प्रसन्न हुन्छ ।
८ मानिस जति धेरै वर्ष बाँचे तापनि त्यो
ती सबैमा आनन्दित होस् ।
तर अन्धकारका समय पनि धेरै हुन्छन्
भनी स्मरण गरोस् ।
पछि हुन आउने कुराहरू सबै व्यर्थ छन् ।

९ ए जवान मानिस आफ्नो युवावस्थामा
हुँदा खुशी होऊ,

जवान रहन्जेल तिम्रो हृदयले तिमीलाई
आनन्द देओस् ।
आफ्ना हृदयले चाहेको र आँखाले देखेका
बाटो पछ्याऊ,
तर याद राख, कि यी सब कुराको लागि
परमेश्वरले तिम्रो लेखा लिनुहुनेछ ।
१० यसर्थ, अब आफ्ना मनबाट चिन्ता-फिक्री
हटाऊ,
शरीरका कष्ट पनि फ्याँकिदेऊ,
किनकि युवावस्था र बल दुवै व्यर्थ हुन् ।

**१२** दु:खको समय र वृद्धावस्था आउन
अघि नै,
जब तिमीले भन्नेछौ, “यस समयमा
मेरो मन लाग्दैन”,
ती समयभन्दा अघि नै आफ्नो
युवावस्थामा आफ्ना सृष्टिकर्ताको
सम्झना गर–
२ सूर्य र प्रकाश,
चन्द्रमा र ताराहरू अँध्यारो हुनअघि,
वर्षापछि बादल फर्कनअघि नै,
३ जब घरको हेरचाह गर्नेहरू काम्दछन्
र बलिया मानिसहरू झुक्छन्,
जब जाँतो पिँध्नेहरू,
तिनीहरू थोरै हुनाले आफ्ना काम
बन्द गर्दछन्,
झ्यालबाट हेर्नेहरूका आँखा धमिला
हुन्छन्,
४ जब गल्लीतिर जाने ढोकाहरू बन्द
हुन्छन् र जाँतोको आवाज कम
हुँदैजान्छ, जब चराको चिरबिरे
आवाजमा मानिसहरू उठ्छन्, तर
तिनीहरूका सबै गीत मधुरो हुन्छन् ।
५ जब मानिस उँचाइसित र बाटाका
खतरासित डराउँछन्;
जब हाँड़े-बदामका बोटमा सेतो फूल
फुल्दछन् र सलह घिस्रिएर हिँड्छन्,
अनि जब मनको कामना जाग्दैन ।
तब, मानिस आफ्ना अनन्त बासस्थानमा
जानेछन्,
अनि मलामीहरू यताउता बाटोमा
हिँड्छन् ।
६ चाँदीको तार चुँड़िनुअघि,
वा सुनको चौड़ा कचौरा फुट्नअघि,
गाग्री पँधेरामा फुटाइनअघि
वा इनारको चक्का टुक्रा पारिनअघि,
७ र धूलो माटैमा फर्केर जानअघि,
र आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा
फर्किजान अघि नै,
उहाँको सम्झना गर ।
८ “व्यर्थ ! व्यर्थ !” उपदेशक भन्दछन् ।
“सबै व्यर्थ छन् !”

## सबै कुराको निष्कर्ष

**९**उपदेशक बुद्धिमान् मात्र थिएनन्, तिनले
मानिसहरूलाई ज्ञानका कुरा पनि सिकाउँथे ।
तिनले आफ्नो मनमा विचार गरे, बाहिर खोजी
गरे र धेरै नीतिवचनहरूको व्यवस्थापन गरे ।
**१०**तिनले ठीक शब्दहरू खोजी निकाले र तिनले
जे लेखे, ती सत्य र सोझा थिए ।
**११**बुद्धिमान्का वचनहरू गोठालाको
लाठीजस्तै छन् । तिनीहरूले सङ्कलन गरेका
भनाईहरू ठीकसित ठोकेका किलाझैँ छन्– ती
एउटै गोठालोबाट प्राप्त भएका हुन् । **१२**ए
मेरो छोरा, तीबाहेक, अर्को कुनै थप कुरादेखि
होशियार बस ।

पुस्तकहरूको प्रकाशन वा उपयोगको केही अन्त्य छैन, अनि धेरै अध्ययनले शरीरलाई थकाउँछ ।

१३ सबै कुरा अब सुनिसक्यौ,
अन्तिम परिणाम यही हो:
परमेश्वरको भय मान र उहाँका
आज्ञा पालन गर,
किनकि मानिसको सम्पूर्ण कर्तव्य
त्यही हो ।
१४ किनकि हामीले गरेको हरेक काम,
असल होस् वा खराब होस्,
प्रत्येक गुप्त कुरासमेत सबैको न्याय
परमेश्वरले गर्नुहुनेछ ।

# श्रेष्ठगीत

१ सुलेमानको श्रेष्ठगीत

*प्रेमिका*
२ उहाँले मलाई आफ्ना ओठले चुम्बन
गरून्–
तपाईंको प्रेम दाखमद्यभन्दा ज्यादा
आनन्दजनक छ ।
३ तपाईंका अत्तरको सुबास सुखद छ,
तपाईंको नाम अत्तर खन्याइएको बास्ना
जस्तो सुगन्धित छ ।
यसैले कन्याहरू तपाईंलाई प्रेम गर्छन्,
र यसमा अचम्म मान्नु केही छैन !
४ मलाई तपाईंसित लैजानुहोस्–
हामी हतार गरौं !
राजाले मलाई आफ्नो भित्री कोठामा
ल्याउनुहोस् ।

*मित्रहरू*
तिम्रो खातिर हामी रमाउनेछौं र आनन्द
मनाउनेछौं;
हामी तिम्रो प्रेमको, दाखमद्यभन्दा बढ़ी
प्रशंसा गर्नेछौं ।

*प्रेमिका*
तपाईंको प्रशंसा गर्दा तिनीहरूले कति
उचित काम गर्छन् !
५ म श्यामवर्णकी तर सुन्दरी छु,
हे यरूशलेमका छोरी हो,
केदारका पालहरूजस्तै कालो
र सुलेमानको पालका पर्दाजस्तै ।
६ म काली छु भनी छक्क परेर मलाई
नहेर,
किनकि चर्को घामले मलाई काली
बनाएको हो ।
मेरी आमाका छोराहरू मसित
रीसाएकाले मलाई दाखबारीको हेरचाह
गर्ने बनाए,
तर मेरै आफ्नो दाखबारीको चाहिँ मैले
बेवास्ता गरेकी छु ।
७ तपाईं, जसलाई म प्रेम गर्दछु,
आफ्ना भेड़ा-बाख्रा तपाईं कहाँ
चराउनुहुन्छ,
मध्यदिनमा तिनीहरूलाई कहाँ विश्राम
गराउनुहुन्छ,
मलाई बताइदिनुहोस् ।
तपाईंका साथीहरूका बगालको छेउमा
म किन एउटी अनुहारढाकेकी स्त्रीझैँ
बनूँ ?

*मित्रहरू*
८ हे स्त्रीहरूमा सबैभन्दा सुन्दरी नारी,
तिमी त्यो जान्दिनौ भने,
भेड़ा-बाख्राका पाइला पहिलाउँदै जाऊ
र गोठालाहरूका पाल छेउ आफ्ना
पाठाहरूलाई चराऊ ।

*प्रेमी*
९ म तिमीलाई फिरऊनका रथमा
नारिएकी घोड़ीसित तुलना गर्दछु,
हे मेरी प्रिये ।
१० तिम्रा गाला कर्णफूलले, एवं तिम्रो
गला रत्न जड़ेको हारले सुन्दर
देखिन्छन् ।
११ हामीले तिम्रो लागि चाँदीको जलप
लाएका सुनका लुर्कन बनाउनेछौं ।

*प्रेमिका*
१२ महाराजा आफ्नो भोजका टेबिलमा
बस्नुहुँदा,
मेरो अत्तरको सुबास्ना फैलियो ।

१३ मेरा प्रेमी, मेरो निम्ति, मेरो छातीमा
ढल्केको मूर्रको सानो थैली हुनुहुन्छ ।
१४ मेरा प्रेमी, मेरो निम्ति, एन-गदीका
दाखबारीबाट ल्याएका मेहदी-फूलको
गुच्छा हुनुहुन्छ ।

*प्रेमी*

१५ तिमी कति सुन्दरी छौ, मेरी प्रिये, कति
सुन्दरी !
तिम्रा आँखा ढुकुरकाजस्तै छन् ।

*प्रेमीका*

१६ तपाईं कति सुन्दर हुनुहुन्छ, मेरा प्रिय,
कति मनोरम हुनुहुन्छ !
हाम्रो ओछ्यान लहलहाउँदो छ ।

*प्रेमी*

१७ हाम्रा घरका दलिन देवदारुका छन्,
अनि छाना सल्लाका छन् ।

*प्रेमिका*

२ म त शारोनको गुलाफ, बँसीको लिली
फूल हुँ ।

*प्रेमी*

२ कुमारीहरूका बीच मेरी प्रिये
काँढ़ाहरूबीचको लिली-फूल समान्
छिन् ।

*प्रेमिका*

३ जवान पुरुषहरूका बीच मेरा प्रिय, प्रेमी
जङ्गलका रूखबीचको स्याउको रूख जस्तो
हुनुहुन्छ ।
उहाँका छायामुनि बस्दा मलाई आनन्द
लाग्दछ,
अनि उहाँको फलको स्वाद मलाई साह्रै
मीठो लाग्छ ।
४ उहाँले मलाई भोजको महागृहमा
लैजानुभयो,
उहाँको प्रेम ममाथि उहाँको झण्डाझैं
छ ।
५ प्रेमले गर्दा म निर्बल भएकी छु,
मलाई किसमिसहरू खुवाएर बल
दिनुहोस्,
स्याउहरू दिएर मलाई ताजा पार्नुहोस् ।
६ उहाँको देब्रे हात मेरो शिरमुनि छ,
र दाहिने हातले मलाई अङ्गालो
हाल्नुभएको छ ।
७ हे यरूशलेमका छोरीहरू हो,
म तिमीहरूलाई मैदानका मुडुली मृगलाई
देखाएर आदेश दिँदछु,
तिर्सना नभएसम्म प्रेमलाई नजगाओ, न
बिउँझाओ ।
८ सुन त ! मेरा प्रियको सोर !
हेर त ! उहाँ आउँदैहुनुहुन्छ,
पर्वतहरू नाग्दै, डाँड़ा-डाँड़ा उफ्रँदै,
उहाँ आउँदैहुनुहुन्छ !
९ मेरा प्रिय एक मृगझैं, अथवा जवान
जरायोझैं हुनुहुन्छ ।
हेर, हाम्रा पर्खालको पछिल्लोपट्टि उहाँ
उभिनुभएको छ,
र झ्यालबाट चियाउँदैहुनुहुन्छ,
अनि आँखी-झ्यालबाट हेर्दैहुनुहुन्छ ।
१० मेरा प्रियले मसित कुरा गर्नुभयो र मलाई
भन्नुभयो,
"मेरी प्रिये उठ, हे मेरी सुन्दरी मसित
आऊ ।
११ हेर, हिउँद बितिसक्यो, वर्षा पनि
सिद्धियो ।
१२ चारैतिर फूलहरू देखा परिसके, गीत
गाउने समय आएको छ,
हाम्रो देशमा ढुकुर कुर्लेको सुनियो ।
१३ नेभाराको बोटमा फल फल्नथाल्यो,
दाखले त फुलेर बास्ना फैलाउनथाल्यो,
उठ, आऊ, मेरी प्रिये, मेरी सुन्दरी मसित
आऊ ।"

*प्रेमी*

१४ चट्टानका प्वालमा, पहराका खोक्रोमा,
लुकिबस्ने मेरी ढुकुर,

मलाई तिम्रो अनुहार देखाइदेऊ, तिम्रो सोर सुन्नपाऊँ,
किनकि तिम्रो सोर मीठो छ र तिम्रो रुप सुन्दर छ ।
१५ हाम्रा निम्ति ठूला र साना स्यालहरू,
जसले दाखबारीमा फूल फुलेका बेला हाम्रो दाखबारी नाश पार्दछन्,
समातिदेऊ ।

*प्रेमिका*

१६ मेरा प्रेमी मेरा हुन् अनि म उहाँकी हुँ,
उहाँ लिलीफूलहरूबीच आनन्द लिनुहुन्छ ।
१७ जबसम्म बिहान हुँदैन र अन्धकार भाग्दैन
तबसम्म, मेरा प्रिय, फर्कनुहोस्,
अनि मृगझैँ, अथवा भिरालो डाँड़ामा जवान जरायोझैँ हुनुहोस् ।

३ रातभरि मैले मेरो ओछ्यानमा मेरो हृदयको प्रेमीलाई खोजें ।
मैले उहाँको खोजी गरें, तर भेट्टाइन ।
२ अब म उठेर शहरमा चक्कर लाउनेछु र गल्ली गल्ली र चोकहरूमा उहाँलाई मेरो हृदयको प्रेमीलाई खोज्नेछु र मैले उहाँलाई खोजें तर भेट्टाइन ।
३ शहरमा गस्ती लाउने पहरादारहरूले मलाई भेटे ।
मैले सोधें, "के मैले हृदयले प्रेम गरेको मेरो प्रेमीलाई तपाईंहरूले देख्नुभयो ?"
४ म तिनीहरूबाट केही परमात्र गएको थिएँ,
मैले मेरो हृदयको प्रेमीलाई भेटाएँ ।
मैले उहाँलाई समातेर, नछोड़ीकन,
मेरी आमाको घरमा, मलाई जन्मदिने मेरी आमाको कोठामा नपुगिन्जेलसम्म सँगै लिएर आएँ ।
५ हे यरूशलेमका छोरीहरू हो,
म तिमीहरूलाई मैदानका मुडुली मृग र हरिणलाई देखाएर आदेश दिँदछु,
कि तिर्सना नभएसम्म प्रेमलाई नजगाओ, नबिउँझाओ ।
६ व्यापारीहरूका धुला-मसलाबाट बनिएको धूप र मूर्रको सुगन्धले पूर्ण भरुभूमिबाट धूवाँको मुस्लोजस्तै को आइरहेको छ ?
७ हेर, इस्राएलका सर्वमान्य सोलोमनको सवारी पालकी आइरहेछ,
साठी जना बीर सैनिक साथमा छन् ।
८ हरेक सैनिकले तरवार भिरेको छ,
सबै जना युद्धकलामा कुशल छन्,
रातको त्रासबाट बचाउ गर्न तयार,
तिनीहरू हरेकले आफ्ना बगलमा तरवार भिरेको छ ।
९ सुलेमान राजाले आफ्नो निम्ति त्यो पालकी बनाएका हुन्,
त्यो लबानोनको काठले बनिएको छ ।
१० त्यसका डण्डाहरू चाँदीले र आधार सुनले बनिएका छन् ।
त्यसका आसन बैजनी लुगाले सजाएको छ अनि भित्री भागमा यरूशलेमका छोरीहरूले प्यारसाथ बुट्टा भरेका छन् ।
११ हे यरूशलेमका छोरीहरू हो, बाहिर आओ र सोलोमन राजाले मुकुट पहिरेको हेर,
त्यो त्यही मुकुट हो,
जुन तिनकी आमाले तिनको विवाहको दिन,
जुन दिन तिनको हृदय आनन्दपूर्ण थियो,
तिनको शिरमा लाइदिएकी थिइन् ।

*प्रेमी*

४ मेरी प्रिये, तिमी कति सुन्दरी छयौ ! असाध्यै सुन्दरी !
घुम्टोभित्र तिम्रा आँखा ढुकुरकाजस्ता छन् ।
तिम्रा केश गिलाद पहाड़बाट ओह्रालो झरेका बाखाको बगालजस्तै छ ।
२ तिम्रा दाँत, भर्खर ऊन कत्रेर नुहाएर उकालो लागेका भेड़ाको बगालजस्तै छ ।
प्रत्येकको जुम्ल्याहा छ, कुनै पनि एक्लो छैन ।
३ तिम्रा ओठ रातो रिबनजस्तै छन्,
तिम्रो मुख सुन्दर छ ।

तिम्रा घुम्टोभित्र गालाहरू दुई फ्याक
पारेका अनारझैं छन् ।
४ तिम्रो गला दाऊदको धरहराजस्तै छ,
जुन सुन्दर किसिमले बनाइएको थियो;
त्यसमा हजारओटा ढालहरू
झुण्डयाइएका छन्,
ती सब बीर योद्धाहरूका ढाल हुन् ।
५ तिम्रा दुई स्तन मृगका पाठाजस्ता छन्,
मृगका दुई पाठाजस्ता जुन लिलीफूलहरू
बीच चर्दछन् ।
६ जबसम्म बिहान हुँदैन र अन्धकार भाग्दैन,
तबसम्म म मूर्र भएको पहाड़ र धूपपूर्ण
डाँड़ामा जानेछु ।
७ मेरी प्रिय, तिमी साह्रै सुन्दरी छयौ,
तिमीमा कुनै खोट छैन ।
८ मसित लेबनानबाट आऊ, हे मेरी दुलही,
लबानोनबाट मसित आऊ;
अमानाको शिखरबाट,
सेनीर र हर्मोनका टाकुराबाट,
सिंहका गुफाबाट र चितुवाका पहाड़ी-
ओढ़ारबाट तल आऊ ।
९ हे मेरी बहिनी, तिमीले मेरो हृदय
चोरेकी छयौ,
हे मेरी दुलही ! तिम्रा आँखाको एक नजरले,
तिम्रो हारको एउटा रत्नले तिमीले मेरो
हृदय चोरेकी छयौ ।
१० तिम्रो प्रेम कति आनन्ददायी छ,
मेरी बहिनी, मेरी दुलही !
तिम्रो प्रेम दाखमद्यभन्दा कति ज्यादा
आनन्ददायी,
अनि तिम्रो अत्तरको बास्ना कुनै पनि
धूपभन्दा कति धेरै सुगन्धमय छन् !
११ मेरी दुलही, तिम्रा ओठबाट मौरीका
चाकाको मिठास चुहुन्छ,
तिम्रा जिब्रोमुनि दूध र मह छन्,
तिम्रा वस्त्रको सुगन्ध लबानोनको समान
छ ।
१२ मेरी बहिनी, मेरी दुलही,
तिमी बन्द राखिएको बगैँचाजस्तै छयौ,
तिमी एउटा घेरा हालेको पानीको फुटेको
मुलजस्तै छयौ,
एक छाप मोहर लाएर बन्द राखेको
पानीको मुहानजस्तै छौ ।
१३ तिम्रा बोटहरू अनारको बगैँचाजस्तै छन्;
उत्तम फल, मेहदी र जटामसीको बगैँचा,
१४ जटामसी र केशर,
बोझो र दालचिनी,
सबै प्रकारका सुगन्धित धूपका रूखहरू,
मूर्र र एलवा अनि सर्वोत्तम मसालाहरूले
भरिभराउ बगैँचा हो ।
१५ तिमी बगैँचाको एक फोहरा,
लबानोनबाट बगिआउने जलश्रोतको
इनार हौ ।

*प्रेमिका*

१६ हे उत्तरको बतास, जाग् ।
हे दक्षिणको बतास, आइज !
मेरो बगैँचाबाट भएर बह,
र यसको बास्ना चारैतिर फैलियोस् ।
मेरा प्रिय आफ्ना बगैँचामा आऊन्
र त्यहाँका उत्तम फलहरू चाखून् ।

*प्रेमी*

५ हे मेरी बहिनी, मेरी दुलही, म मेरो
बगैँचामा आएको छु,
मैले आफ्ना मूर्र र मसालाहरू
बटुलेको छु;
मैले मेरो मौरीको चाका र मेरो मह खाएँ,
मेरो दाखमद्य र मेरो दूध पिएँ ।

*मित्रहरू*

हे साथीहरू हो, खाओ र पिओ,
प्रेमीहरू हो, अघाउञ्जेल पिओ, ।

*प्रेमिका*

२ म सुतें, तर मेरो मन जागै रह्यो ।
सुन ! मेरा प्रियले, ढोका ढक्ढकाउँदै
भन्दैहुनुहुन्छ,
“मेरी बहिनी, मेरी प्रिये, मलाई ढोका
खोलिदेऊ,

मेरी ढुकुर, मेरी निष्खोट सुन्दरी !
मेरो शिर शीतले भिजेको छ,
रातको शितले मेरो कपाल भिजेका छन् ।"
३ मैले मेरो लुगा फुकालिसकेकी छु–
के मैले त्यो फेरि लाउनू ?
मैले मेरा खुट्टा धोएकी छु–
के मैले ती फेरि मैला बनाउनू ?
४ जब मेरा प्रियले, ढोका खोल्न चेपबाट हात भित्र छिराउनुभयो,
तब मेरो मुटु उहाँको निम्ति ढुकढुक गर्न थाल्यो ।
५ मेरा प्रियको निम्ति ढोका खोल्न म उठें,
मेरो हात र औंलाहरूबाट मूर्र चुहुँदै थियो;
र मेरा औंलाहरूबाट ढोका समात्ने ठाउँमा मूर्र चुह्यो ।
६ मैले मेरा प्रियको निम्ति ढोका खोलें,
तर मेरा प्रिय हिँड्सिक्नुभएछ,
उहाँ गइसक्नुभएछ ।
उहाँको बिदाइमा मेरो हृदय खिन्न भयो ।
मैले उहाँलाई खोजें तर भेट्टाइनँ,
मैले उहाँलाई बोलाएँ,
तर उहाँले केही जवाफ दिनुभएन ।
७ पहरादारहरूले मलाई भेटे,
तिनीहरूले शहरमा गस्ती लाइरहेका थिए ।
तिनीहरूले मलाई पिटे र चोट पारे ।
ती पर्खालका पालेहरूले मेरो खाष्टो खोसेर लगे ।
८ हे यरूशलेमका छोरीहरू हो, म तिमीहरूलाई अनुरोध गर्दछु–
यदि तिमीहरूले मेरा प्रियलाई भेटायौ भने,
उहाँलाई के भनौला ?
म प्रेमले शिथिल भइसकेकी छु भनी दिनू !

*मित्रहरू*

९ हे परमसुन्दरी नारी,
तिम्रा प्रिय कसरी अरूहरूभन्दा असल छन् ?
तिम्रा प्रियचाहिँ कसरी अरूहरूभन्दा असल छन्,
र तिमी हामीलाई यो अनुरोध गर्छ्यौ ?

*प्रेमिका*

१० मेरा प्रिय प्रज्वल र रातो-पिरो हुनुहुन्छ,
दश हजारमा प्रमुख हुनुहुन्छ ।
११ उहाँको शिर निखुर सुनको जस्तो छ,
उहाँको केश घुम्रिएको र कागजस्तो कालो छ ।
१२ उहाँका आँखाहरू पानीका खोलाको छेउमा बस्ने ढुकुरहरूजस्ता,
दूधले पखालिएको, बहुमूल्य पत्थर जड़िएका जस्ता छन् ।
१३ उहाँका गाला सुगन्ध फैलाउने मसलाका डचाङ्झैँ छन्,
उहाँका ओठ मूर्र चुहाउने लिली-फूलसमान् छन् ।
१४ उहाँका पाखुरा पीतमणि जड़ेका सुनका दण्ड हुन्,
र शरीर नीरह जड़ेको चिल्लो, टल्कने हस्ती-हाड़जस्तो छ ।
१५ उहाँका गोड़ा निखुर सुनको जगमा बसालिएका सिङ्मर्मरको खामा हुन्,
उहाँको आकार लबानोनका उत्तम देवदारुजस्तै देखिन्छ ।
१६ उहाँको मुख मीठासपूर्ण छ,
उहाँ सम्पूर्णरूपले सुन्दर हुनुहुन्छ ।
उहाँ नै मेरा प्रिय,
मेरा मित्र हुनुहुन्छ,
हे यरूशलेमका छोरीहरू हो ।

*मित्रहरू*

६ हे नारीहरूमा परमसुन्दरी,
तिम्रा प्रिय कहाँ गएका छन् ?
तिनी कुन बाटोतिर लागे,
र हामी तिमीसँग गई तिनलाई खोजौं ?

*प्रेमिका*

२ मेरा प्रिय आफ्नो बगैँचा,
मसालाका डचाङमा,

त्यहाँ टहल्नलाई र लिली-फूल टिप्नलाई
जानुभएको छ ।
३ म मेरा प्रियकी हुँ,
र मेरा प्रिय मेरा हुनुहुन्छ,
अनि उहाँ लिली-फूलबीच यताउता
घुमफिर गर्नुहुन्छ ।

*प्रेमी*

४ मेरी प्रिये, तिमी तिर्साजस्तै सुन्दरी,
र यरूशलेमजस्तो राम्री छयौ,
आफ्ना झण्डा लिएर हिँड्ने सेनाझैँ
गौरवशाली छयौ ।
५ तिम्रा आँखा मबाट हटाऊ,
तिनले मलाई व्याकुल पार्दछन्,
तिम्रा कपाल गिलादबाट ओह्रालो लागेका
बाख्राका बगालसरह छन् ।
६ तिम्रा दाँत नुहाएर माथि निस्किआएका
भेड़ाका बगालझैँ छन् ।
हरेकको आफ्नो जोड़ी छ,
कुनै पनि एकलो छैनट ।
७ घुम्टोभित्र भएका तिम्रा दुई गाला दुई
फ्याक पारेका अनारझैँ छन् ।
८ चाहे साठीओटा रानी होऊन्,
चाहे असीओटा भित्रिनीहरू होऊन्,
चाहे अनगन्ती कन्येकेटीहरू होऊन्,
९ तर मेरी बिलकुलै ठीक ढुकुर,
तिनी विशेष छिन्,
तिनकी आमाकी एउटै र मन परेकी
छोरी ।
कन्याहरूले तिनलाई देखे र भाग्यमानी
भने,
रानीहरू र भित्रिनीहरूले तिनको
प्रशंसा गरे ।

*मित्रहरू*

१० चन्द्रमाझैँ स्वच्छ, सूर्यझैँ उज्ज्वल,
शोभा-यात्रामा हिँड़ेका तारामण्डलझैँ
शोभायमान,
यो प्रभातजस्तो देखा पर्ने को हुन् ?

*प्रेमी*

११ बदामका रूख भएका बैँसीतिर म नयाँ
पालुवा हेर्न गएँ,
दाखको बोटमा कोपिला लागेको छ
कि छैन,
वा अनारको फूल फुलेको छ कि छैन,
सो हेर्न भनी म गएँ ।
१२ मैले थाहा पाउनुअघि मेरा प्रजाका
शाही रथमा सवार हुन मलाई मेरो
इच्छाले पुऱ्याइसकेको छ ।

*मित्रहरू*

१३ फर्केर आओ, फर्केर आओ,
हे शूलम्मीहरू हो,
तिमीहरू पर्केर आओ,
र हामी तिमीहरूलाई एक टक लाएर
हेरिरहन सकौं !

*प्रेमी*

महानोमको नाच हेरेझैँ किन तिमीहरू
शूलम्मीहरूलाई एक टक लाएर हेर्न
रहर गर्छौ ?

७ हे राजकुमारकी छोरी,
चप्पल लाएका तिम्रा पाउ कति सुन्दर
छन् !
तिम्रा शोभायुक्त खुट्टा,
शिल्पकारका हातले बनाएका रत्नजस्तै
छन् ।
२ तिम्रो नाभि गोलो बटुको जस्तै छ,
जसमा मिसाएका दाखमद्यको अभाव
कहिल्यै हुँदैन ।
तिम्रो कम्मर लिली फूलले घेरेको गहूँको
ढिस्कोजस्तै छ ।
३ तिम्रा स्तन मृगका दुई पाठाजस्तै छन्,
हरिणको एक जोर जुम्ल्याह बच्चाहरूझैँ
छन् ।
४ तिम्रो गला हस्ती-हाड़को धरहराजस्तै छ,
बाथ-रब्बीमको ढोका छेउ हेश्बोनका
पोखरीजस्तै तिम्रा आँखा छन्,

तिम्रो नाक दमस्कसतिर हेरिराखेको
लबानोनको धरहराजस्तै छ ।
५ तिम्रो शिरमा कर्मेल पर्वतजस्तै तिम्रो
मुकुट देखिन्छ,
तिम्रा कपाल हातले बुनेका शाही
शोभा वस्त्रसमान् छ,
त्यसका चुल्ठाले राजालाई मोहित
पारेको छ ।
६ हे प्रिये, तिम्रा मनमोहक गुणसित,
तिमी कती सुन्दरी र मन खुशपार्ने छचौ !
७ तिम्रो शारीरिक आकृति खजूरको
रुखझैँ छ
र तिम्रा स्तन फलका झुप्पाजस्तै छन् ।
८ मैले भने, "म खजूरको रूखमा चढ्नेछु
र त्यसका फल समात्नेछु ।"
तिम्रा स्तन दाखका झुप्पाझैँ होऊन्
र तिम्रो सासको बास्ना स्याउको बास्नाझैँ,
९ अनि तिम्रो मुख उत्तम दाखमद्यझैँ
होऊन् ।

*प्रेमिका*

ओठ र दाँतबाट भएर विस्तारै बहँदै जाने
दाखमद्य,
मेरा प्रियले पिऊन् ।
१० म मेरा प्रियकी हुँ,
उहाँलाई मेरो तिर्सना छ ।
११ मेरा प्रिय, आउनुहोस्,
हामी खेतबारीतिर जाऔँ,
गाउँहरूमा हामी रात बिताऔँ ।
१२ दाखमा कोपिला लागे छन् कि,
तिनमा फूल फुले कि अथवा अनारहरूको
फूल फुले छन् कि,
भनेर हेर्न हामी बिहानै दाखबारीमा जाऔँ;
त्यहाँ म तपाईंलाई मेरो प्रेम दिनेछु ।
१३ दूधे-फलले बास्ना दिँदैछ,
मैले तपाईंको निम्ति जम्मा गरेका हरेक
दुर्लभ फल,
नयाँ र पुराना फलहरू हाम्रा ढोकामा
तयार छन्,
हे मेरा प्रिय !

८ मेरै आमाको दूध पिएर हुर्केका मेरा
दाज्यूझैँ तपाईं हुनुहुँदो हो त,
तपाईंलाई बाहिर भेट्दा म चुम्बन गर्नेथिएँ,
र कसैले मेरो निन्दा गर्ने थिएन ।
२ तपाईंलाई डोहोऱ्याएर म
मेरी आमाको घरमा ल्याउने थिएँ–
जुन आमाले मलाई शिक्षा दिएकी छन् ।
म तपाईंलाई मसाला मिसाएको दाखमद्य
र मेरा अनारका अमृत-रस
पिउनदिनेथिएँ ।
३ उहाँको बाँया बाहुली मेरो शिरमुनि छ,
र दाहिने बाहुलीले मलाई अङ्गालो हालेको
छ ।
४ हे यरूशलेमका छोरीहरू हो,
म तिमीहरूलाई आदेश दिँदछु,
कि तिर्सना नजागेसम्म प्रेमलाई नजगाओ,
नबिउँझाओ ।

*मित्रहरू*

५ आफ्ना प्रेमीसित अड़ेस लागेर मरुभूमिबाट
आउने को हो ?

*प्रेमिका*

स्याउको रुखमुनि मैले तपाईंलाई जगाएँ,
त्यहीँ तपाईंकी आमाले तपाईंलाई
गर्भधारण गरेकी थिइन्,
त्यहीँनै तिनले सुत्केरी व्यथा लागेर,
तपाईंलाई जन्म दिएकी थिइन् ।
६ मलाई तपाईंका हृदयमा र तपाईंका
पाखुरामा छापझैँ लगाउनुहोस्,
किनकि प्रेम मृत्युसमान् प्रबल हुँदछ,
र त्यसको इर्ष्या चिहानझैँ हार
स्वीकार नगर्ने हुँदछ ।
महाज्वालाजस्तै त्यो दन्कने आगोसमान्
दन्कनेछ ।
७ धेरै पानीले प्रेम निभाउन सक्दैन,
नदीले त्यसलाई बगाइ लानसक्दैन ।
एउटा मानिसले आफ्नो घरको सारा धन-
सम्पत्ति प्रेमको निम्ति दिए तापनि,
त्यसको अवहेलना हुनेछ ।

*मित्रहरू*

८ हाम्री एउटी तरूनी बहिनी छिन्,
तिनको स्तन उठेको छैन ।
तिनको विवाह गर्न कोही माग्न आए
त्यस दिन हामी के गरौं ?
९ तिनी पर्खाल भए त,
हामीले तिनीमाथि चाँदीका धरहरा
खड़ा गर्नेथियौं ।
तिनी ढोका भए त,
हामी देवदारुका फल्याकले बारेर बन्द
गर्ने थियौं ।

*प्रेमिका*

१० म एक पर्खाल हुँ,
र मेरा स्तन धरहराजस्तै छन् ।
यसरी उहाँका नजरमा म तृप्ती दिने
ठहरिएकी छु ।
११ बाल-हमोनमा सुलेमानको एउटा
दाखबारी थियो ।
तिनले आफ्नो दाखबारी खेतालाहरूलाई
अधियाँमा दिए ।
हरेकले दाखबारीका फलको सट्टामा हजार
चाँदीका टुक्रा ल्याउनुपर्थ्यो ।
१२ तर मेरो दाखबारी दिने अधिकार त
मेरै हो,
हे सुलेमान, ती हजार सिक्का तपाईंकै
निम्ति हुन्,
र दुई सय ती फलफूल हुर्काउनेहरूका
निम्ति हुन् ।

*प्रेमी*

१३ तिमी, जो दाखबारीमा आफ्ना मित्रहरूका
साथमा बास गर्दछौ,
तिम्रो सोर म सुन्न पाऊँ !

*प्रेमिका*

१४ बाहिर निस्केर आउनुहोस्, हे मेरा प्रेमी,
र सुगन्धित मसलाले भरिएका
पर्वतहरूमा हुने हरिण अथवा जवान
मृगजस्तै हुनुहोस् ।

# यशैयाको पुस्तक

१ आमोजका छोरा यशैयाले यहूदाका राजाहरू उज्जियाह, योताम, आहाज र हिजकियाका शासनकालहरूमा यहूदा र यरूशलेमको विषयमा देखेका दर्शन ।

### एउटा बागी जाति

२ हे आकाश सुन् ! हे पृथ्वी ध्यान दिएर सुन् !
किनकि परमप्रभु बोल्नुभएको छः
"मैले छोराछोरीलाई पालनपोषण गरेर हुर्काएँ,
तर तिनीहरू मेरो विरुद्ध बागी भएका छन् ।
३ गोरुले आफ्नो मालिक चिन्छ,
र गधाले आफ्नो मालिकको डूँड़ चिन्छ,
तर इस्राएलले चिन्दैन,
मेरा मानिसहरूले बुझ्दैनन् ।"

४ हाय ! पापिष्ट जाति,
अपराधले लादिएको एउटा जाति,
दुष्ट काम गर्नेहरूको सन्तान,
भ्रष्ट भएका सन्तान !
तिनीहरूले परमप्रभुलाई त्यागेका छन्,
तिनीहरूले इस्राएलका परमपवित्रलाई लत्याएका छन्;
र उहाँतिर आफ्ना पिठिउँ फर्काएका छन् ।

५ तिमीहरू अझ किन पिटिन्छौ ?
तिमीहरू किन बागी भइरहन्छौ ?
तिमीहरूका सम्पूर्ण शिरमा चोट परेको छ,
तिमीहरूका सम्पूर्ण हृदय पीडित छ ।
६ तिमीहरूका खुट्टाका पैतालादेखि शिरको टुप्पोसम्म स्वस्थता छैन–
खालि चोटहरू र डामहरू अनि उदाङ्गो घाउहरू छन्,
जो सफा नगरिएका र पट्टी नबाँधिएका अथवा तेलले नसेकिएका छन् ।

७ तिमीहरूको देश उजाड़ छ,
तिमीहरूका शहरहरू आगोले जलाइएका छन्;
तिमीहरूका खेतहरू तिमीहरूकै सामुन्ने परदेशीहरूले नाङ्गो बनाइदिएका छन्,
अपरिचितहरूले जितेर उजाड़ पारिदिएझैँ ।
८ सियोनकी छोरी दाखबारीको छाप्रोजस्तै,
खरबुजाको बारीमा भएको छाप्रोजस्तै,
घेरा हालिएको शहरजस्तै छोड़िएको छ ।
९ यदि परमप्रभु सर्वशक्तिमान्‌ले हामी कसैलाई बचाएर
नराख्नु भएको भएता, हामी सदोमझैँ हुनेथियौं,
हामी गमोराझैँ हुनेथियौं ।

१० तिमीहरू सदोमका शासकहरूले,
परमप्रभुको वचन सुन;
तिमीहरू गमोराका मानिसहरूले,
हाम्रा परमेश्वरको व्यवस्था ध्यानसित सुन !
११ परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका बलिदानहरूको थुप्रो–
मेरो निम्ति के हुन् र ?"
"मसित चाहिएको भन्दा बढ़ी साँढ़े
र पोस्याएका पशुहरूका होमबलि छन्;

**१:१**–२ राजा १५:१-७; १५:३१-१६:२०; १८:१-२०:२१; २ इतिहास २६:१-३२:३३. **१:९**–उत्पत्ति १९:२४; रोमी ९:२९. **१:११-१४**–आमोस ५:२१-२२.

म साँढ़ेहरू र थुमाहरू अनि बाख्राहरूको
रगतमा प्रसन्न छैनँ ।
१२ जब तिमीहरू मसँग भेट्नलाई आउँछौ,
तिमीहरूले चढ़ाएका यी थोकहरू कसले
चाहन्छ र ?
मेरा आँगनहरू खुट्टाले कुल्चीमिल्ची गर्न
कसले तिमीहरूलाई भनेको छ र ?
१३ व्यर्थका बलिहरू नल्याओ, तिमीहरूको
धूप त मेरो निम्ति घिनलाग्दो छ ।
औंसी, शबाथ र सभाहरूका साथसाथै
तिमीहरूका दुष्ट जमघटहरू म सहन
सक्दिनँ ।
१४ तिमीहरूका औंसीका दिनहरू अनि
तिमीहरूका ठहराएका चाड़हरूलाई म
घृणा गर्छु ।
ती मेरो निम्ति बोझ भएका छन्
ती बोक्दा-बोक्दा म थाकिसकेका छु ।
१५ तिमीहरूले प्रार्थनामा आफ्ना हात फैलाउँदा,
म आफ्ना आँखा तिमीहरूदेखि लुकाउने
छु;
तिमीहरूले धेरै प्रार्थना चढ़ाए तापनि म
सुन्नेछैनँ ।
तिमीहरूका हातहरू रगतले भरिएका छन्;
१६ पखाल अनि आफैलाई शुद्ध पार ।
तिमीहरूका दुष्ट कर्महरू मेरो दृष्टिबाट
टाढ़ा लैजाऊ !
खराबी गर्न छोड़,
१७ ठीक गर्न सिक ! न्याय खोज,
थिचोमिचोमा परेकाहरूलाई ढ़ाड़स
देऊ ।
अनाथहरूको पक्ष लेऊ, विधवाहरूको
मुद्दा लड़िदेऊ ।"

१८ परमप्रभु भन्नुहुन्छ,
"अब आऊ, हामी एकसाथ विचार गरौं ।
तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए
तापनि,
ती हिउँजस्तै सेता हुनेछन्;
तिनीहरू गाड़ा राता रङ्गका भए तापनि,
ती ऊनजस्तै हुनेछन् ।
१९ तिमीहरू राजी र आज्ञाकारी भयौ भने,
तिमीहरूले देशका सर्वोत्तम कुराहरू
खानेछौ;
२० तर यदि तिमीहरूले विरोध गर्‍यौ र बागी
भयौ भने,
तिमीहरू तरवारले काटिनेछौ ।"
किनकि परमप्रभुको मुखले बोलेको छ ।

२१ हेर, कसरी विश्वासयोग्य शहर
एउटा वेश्या भएकी छ !
कुनै समय ऊ न्यायपूर्ण थिई;
त्यसमा धार्मिकताले वास गर्थ्यो–
तर अब त हत्याराहरूले पो वास गर्छन् !
२२ तेरो चाँदी त फोहोर भएको छ
तेरो उत्तम दाखमद्यमा पानी मिसाइएको
छ ।
२३ तेरा शासकहरू बागी र चोरहरूका
साथीहरू भएका छन्;
तिनीहरू सबैले घूस मन पराउँछन्
अनि उपहारहरूको पछि लाग्छन् ।
तिनीहरूले अनाथहरूको पक्ष लिँदैनन्;
विधवाको मुद्दा तिनीहरूको सामुन्ने
आइपुग्दैन ।
२४ यसकारण परमप्रभु, सर्वशक्तिमान्
परमेश्वर इस्राएलका सामर्थी परमप्रभु
घोषणा गर्नुहुन्छ:
"आहा, म आफ्ना शत्रुहरूदेखि मुक्त हुनेछु,
अनि आफ्ना शत्रुहरूलाई म आफै बदला
लिनेछु ।
२५ म आफ्नो हात तेरो विरुद्ध फर्काउनेछु;
म तेरो फोहोरलाई पूरा गरी सफा गर्नेछु
अनि तेरा सबै अशुद्धताहरूलाई
हटाइदिनेछु ।
२६ म तेरा न्यायकर्ताहरूलाई पुरानो समयमा
भएकाजस्तै,
तेरा सल्लाहकारहरूलाई शुरुका समयमा
भएकाजस्तै फेरि स्थापित गर्नेछु ।
पछिबाट तँ धार्मिकताको शहर;
एउटा विश्वासयोग्य शहर
कहलाइनेछस् ।"

२७ सियोन न्यायसित छुटाइनेछ,
त्यसको पश्चात्तापीहरू धार्मिकतासँगै
छुटाइनेछन् ।
२८ तर बागीहरू र पापीहरू दुवै तोड़िनेछन्,
अनि परमप्रभुलाई त्याग्नेहरू नाश
हुनेछन् ।
२९ "तिमीहरूले आनन्द मानेका ती फलाँटका
पवित्र रूखहरूको कारण तिमीहरू
लज्जित हुनेछौ;
तिमीहरूले रोजेका ती बगैंचाहरूको
कारण तिमीहरू अपमानित हुनेछौ ।
३० तिमीहरू त पात झर्दै गरेका फलाँटका
रूखहरूझैं,
पानी नभएका बगैंचाझैं हुनेछौ ।
३१ शक्तिशाली मानिस सुकेको दाऊरा
र त्यसको काम झिल्काजस्तै हुनेछ;
ती दुवै एकैसाथ जल्नेछन्,
त्यो आगोलाई निभाउने कोही हुनेछैन ।"

## परमप्रभुको पर्वत

२ यहूदा र यरूशलेमको विषयमा
आमोजका छोरा यशैयाले यही देखे:
२ अन्तिम दिनहरूमा,
परमप्रभुको भवनको पर्वत अरू
पर्वतहरूमध्ये प्रमुख
भएर स्थापित हुनेछ;
यो पहाड़हरूभन्दा माथि उठाइने छ,
अनि सबै जातिहरू यसतिर ओइरिएर
आउनेछन् ।
३ धेरै जातिहरू आएर भन्नेछन्,
"आओ, हामी परमप्रभुको पर्वतमाथि
उक्लेर जाऔं,
याकूबका परमेश्वरको भवनमा ।
उहाँले हामीलाई उहाँका मार्गहरू
सिकाउनुहुनेछ,
अनि हामी उहाँका मार्गहरूमा हिँड्न
सक्ने छौं ।"
व्यवस्था सियोनबाट अनि परमप्रभुको
वचन यरूशलेमबाट निस्कनेछन् ।
४ उहाँले जातिहरूबीच इन्साफ गर्नुहुनेछ,
अनि धेरै जातिहरूको निम्ति झगड़ा
मिलाइदिनुहुनेछ ।
तिनीहरूले आफ्ना तरवार पिटेर फाली
अनि भाला पिटेर छिमल्ने हतियार
बनाउनेछन् ।
एउटा जातिले अर्को जातिको विरुद्धमा
तरवार उठाउनेछैन,
नता तिनीहरूले फेरि युद्धको निम्ति तयार
गर्नेछन् ।
५ हे याकूबका घराना आओ,
हामी परमप्रभुको ज्योतिमा हिँड़ौं ।

## परमप्रभुको दिन

६ तपाईंले आफ्नो प्रजा, याकूबका घरानालाई
त्याग्नुभएको छ ।
तिनीहरू पूर्वका अन्धविश्वासले भरिएका
छन्;
तिनीहरू पलिश्तीहरूले झैं जोखना हेर्छन्
अनि मूर्तिपूजकहरूसित हात
मिलाउँछन् ।
७ तिनीहरूको देश चाँदी र सुनले भरिएको
छ;
तिनीहरूका धन-सम्पत्ति अपार छन् ।
तिनीहरूको देशमा घोड़ाहरू प्रशस्त छन्,
तिनीहरूका रथहरूको गन्ती छैन ।
८ तिनीहरूको देशभरि मूर्तिहरू छन्
तिनीहरू आफ्ना हातका कामहरू
अनि आफ्ना औंलाले बनाएका कुराहरूका
सामुन्ने निहुरेका छन् ।
९ यसकारण मानिस होच्याइनेछ,
र मानिस जाति नम्र तुल्याइनेछ—
तिनीहरूलाई क्षमा नगर्नुहोस्,
१० परमप्रभुको डरबाट
अनि उहाँको वैभवको प्रतापबाट

---

**२:१-४**—मीका ४:१-३. **२:४**—योएल ३:१०. **२:१०**—प्रकाश ६:१५; २ थेसलोनिकी १:९.

चट्टानभित्र पसिजा, माटोमुनि लुकिजा !
११ अभिमानी मानिसका नजर खसालिनेछ,
अनि मानिसहरूका अहङ्कार होच्याइनेछ;
त्यस दिन परमप्रभु मात्र उच्च
पारिनुहुनेछ ।

१२ सबै अभिमानीहरू र वैभवशालीहरूको
निम्ति,
सबै उच्च पारिएकाहरूको निम्ति
परमप्रभु सर्वशक्तिमान्‌ले एक दिन
साँचेर राख्नुभएको छ
(अनि तिनीहरू नम्र बनाइनेछन्),
१३ लबानोनका सबै अग्ला र ठूला देवदारुको
निम्ति,
अनि बाशानका सबै फलाँटको निम्ति,
१४ धरहराझैं अग्लिएका सबै पर्वतहरूको निम्ति,
अनि सबै अग्ला डाँड़ाहरूको निम्ति,
१५ प्रत्येक ठूला धरहराको निम्ति,
अनि प्रत्येक सुरक्षित पर्खालको निम्ति,
१६ प्रत्येक व्यापारी जहाजको निम्ति,
अनि प्रत्येक राजकीय जहाजको निम्ति !
१७ मानिसको अभिमान चूर्ण पारिनेछ,
अनि मानिसहरूको घमण्ड नम्र बनाइनेछ;
त्यस दिन परमप्रभु मात्र उच्च पारिनुहुनेछ,
१८ अनि मूर्तिहरू सम्पूर्ण रूपले लोप
हुनेछन् ।

१९ परमप्रभु पृथ्वीलाई हल्लाउनलाई खड़ा
हुनुहुँदा,
उहाँको डर र उहाँको वैभवको प्रतापबाट
मानिसहरू चट्टानका गुफाहरूतिर
र पृथ्वीका प्वालहरूभित्र पस्नेछन् ।
२० आफूले पुज्न भनी बनाएका चाँदीका
मूर्तिहरू अनि सुनका मूर्तिहरू त्यस
दिन मानिसहरूले मुसा र चमेराहरूको
अघि फ्याँकिदिनेछन् ।
२१ परमप्रभुले पृथ्वीलाई हल्लाउनलाई खड़ा
हुनुहुँदा उहाँको डर अनि उहाँको वैभवको
प्रतापबाट
तिनीहरू चट्टानका कन्दराहरूतिर
चट्टानका चिराहरूभित्र भागिजानेछन् ।
२२ आफ्नो नाकको प्वालमा सास भएको
मानिसमा भरोसा राख्न छोड़िदे ।
त्यसको के मूल्य छ र ?

**यरूशलेम र यहूदामाथि इन्साफ**

३ अब हेर, परमप्रभु,
अँ, परमप्रभु सर्वशक्तिमान्‌ले,
यरूशलेम र यहूदाबाट सरसामान
अनि सहारा दुवै;
सबै भोजनका सरसामानहरू र पानीका
मुहानहरू,
२ वीर र योद्धा,
न्यायकर्ता र अगमवक्ता,
जोखना हेर्ने र धर्म-गुरु,
३ पचासमाथिका कप्तान र उच्च
पदाधिकारी,
सल्लाहकार, सिपालु कारीगर
र चतुर जादूगर लैजान लाग्नुभएको
छ ।
४ म केटाहरूलाई तिनीहरूका शासक
बनाउनेछु;
साना बालक-बालिकाहरूले तिनीहरूलाई
शासन गर्नेछन् ।
५ मानिसहरू आपसमा थिचोमिचो गर्नेछन्–
मानिसको विरुद्धमा मानिस, छिमेकीको
विरुद्धमा छिमेकी ।
जवान वृद्धको विरुद्ध खड़ा हुनेछ
तुच्छ सम्मानितको विरुद्धमा ।

६ एउटा मानिसले आफ्ना दाज्यूभाइहरूमध्ये
एक जनालाई आफ्ना बाबुको घरमा
समातेर भन्नेछ,
"तिमीसित खाष्टो छ, तिमी हाम्रो अगुवा
बन,
यस भग्नावशेषको जिम्मा लेऊ !"
७ तर त्यस दिन त्यसले कराएर भन्नेछ,
"मसित कुनै उपाय छैन ।
मेरो घरमा भोजन र वस्त्र छैन;
मलाई मानिसहरूका अगुवा नबनाऊ ।"

८ यरूशलेम धरमरिँदैछ,
यहूदा लड्‌दैछ;
तिनीहरूका वचन र कामहरू परमप्रभुको विरुद्ध छन्,
जसले उहाँको महिमित उपस्थितिको वास्ता गर्दैनन् ।
९ तिनीहरूका अनुहारले तिनीहरूकै विरुद्धमा साक्षी दिन्छ;
तिनीहरूले सदोमले झैँ आफ्ना पापको प्रदर्शन गरेका छन्;
तिनीहरूले ती लुकाउँदैनन् ।
तिनीहरूलाई धिक्कार !
तिनीहरूले आफैमाथि विपत्ति ल्याएका छन् ।

१० धर्मात्माहरूलाई भन, तिनीहरूलाई राम्रै हुनेछ,
किनकि तिनीहरूले आफ्ना कामहरूको फल उपभोग गर्नेछन् ।
११ दुष्टहरूलाई धिक्कार ! तिनीहरूमाथि विपत्ति आएको छ !
तिनीहरूले आफ्ना हातहरूले गरेअनुसार नै भोग्नेछन् ।
१२ जवानहरूले मेरा मानिसहरूमाथि थिचोमिचो गरेका छन्,
स्त्रीहरूले तिनीहरूमाथि शासन गर्छन् ।
हे मेरा मानिसहरू, तिमीहरूका पथ प्रदर्शकहरूले तिमीहरूलाई बरालिदिएका छन्;
तिनीहरूले तिमीहरूलाई बाटोबाट फर्काउँछन् ।

१३ परमप्रभुले अदालतमा आफ्नो आसन ग्रहण गर्नुहुन्छ;
उहाँ मानिसहरूको इन्साफ गर्न खड़ा हुनुहुन्छ ।
१४ परमप्रभु आफ्ना मानिसहरूका धर्म-गुरु र अगुवाहरूको विरुद्ध इन्साफ गर्न तयार हुनुहुन्छः
"मेरो दाखबारी नष्ट पार्ने तिमीहरू नै हौ;
गरीबहरूबाट लिइएका लूटको माल तिमीहरूका घरहरूमा छ ।
१५ मेरा मानिसहरूलाई धूलो-पीठो बनाएको अनि गरीबहरूका अनुहारहरू पिँधेको तिमीहरूले के अर्थ लाउँछौ ?"
भनी परमप्रभु, सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।

१६ परमप्रभु भन्नुहुन्छ,
"सियोनका स्त्रीहरू अभिमानी छन्,
तिनीहरू घिच्रो तन्काउँदै आँखा तर्काउँदै नक्कल पार्दै कल्ली लाएर छमछम गर्दै हिँड्छन् ।
१७ यसकारण परमप्रभुले सियोनका स्त्रीहरूका शिरमा घाउहरू ल्याइदिनुहुन्छ;
परमप्रभुले तिनीहरूका तालु केशरहित बनाइदिनुहुन्छ ।"

**१८**त्यस दिन परमप्रभुले तिनीहरूका
सिँगारका चीजहरू खोसेर लैजानुहुन्छः चुराहरू
र शिरबन्दीहरू, चन्द्रहारहरू, **१९**झुम्काहरू
र बालाहरू अनि घुम्टोहरू, **२०**शिरका
सिँगारहरू, कल्ली, पटुकाहरू, अत्तरदानीहरू,
जन्तरहरू, **२१**छाप-औँठीहरू र नत्थहरू,
**२२**मिहिन वस्त्रहरू, अखला र ओड्नेहरू,
थैलीहरू, **२३**अनि ऐनाहरू अनि मलमलका
वस्त्रहरू अनि मुकुटहरू र दोसल्लाहरू ।

२४ सुगन्धको साटो दुर्गन्ध हुनेछ;
पटुकाको साटो डोरी हुनेछ;
राम्ररी कोरिएको केशको साटो मुडुलो टाउको हुनेछ;
मिहिन वस्त्रको साटो भाङ्ग्रा हुनेछ;
सुन्दरताको साटो डामै-डाम हुनेछ ।
२५ तेरा मानिसहरू तरवारद्वारा मर्नेछन्,
तेरा योद्धाहरू लड़ाइँमा मर्नेछन् ।
२६ सियोनका मूल ढोकाहरूले बिलौना र शोक गर्नेछन्;
निराश्रय भएर तिनी भूइँमा बस्नेछिन् ।

४ त्यस दिन सात जना स्त्रीहरूले एक जना मानिसलाई पक्रेर भन्नेछन्;
"हामी आफ्नै भोजन खानेछौं अनि आफ्ना

लुगाको प्रबन्ध आफै गर्नेछौं;
हामीलाई खालि तपाईंको नाउँले
बोलाइयोस् ।
हाम्रो अपमान हटाइदिनुहोस् !"

### परमप्रभुको हाँगा

२त्यस दिन परमप्रभुको हाँगा सुन्दर अनि
महिमावान् हुनेछ अनि देशको फल इस्राएलमा
बाँचेकाहरूको निम्ति गर्व र महिमा हुनेछ ।
३सियोनमा छोड़िएका यरूशलेममा रहनेहरू
सबै, जो यरूशलेममा बस्नेहरूको गन्तीमा
आएका छन्, तिनीहरू पवित्र भनिनेछन् ।
४परमप्रभुले सियोनका स्त्रीहरूको अपवित्रता
धोइदिनुहुनेछ; उहाँले इन्साफको आत्मा र आगोको
आत्माले यरूशलेमबाट रगतका दागहरू सफा
गरिदिनुहुनेछ । ५त्यसपछि परमप्रभुले सियोन
पर्वतमाथि अनि त्यहाँ भेला हुने जातिमाथि
दिनमा धूवाँको बादल अनि राती बल्दो आगोको
ज्योति सृष्टि गरिदिनुहुनेछ; त्यस सम्पूर्ण
महिमामाथि एउटा चँदुवा हुनेछ । ६त्यो दिनको
गर्मीबाट बच्ने आश्रय र छाया अनि आँधी र
वर्षाबाट बच्ने शरणस्थान र लुक्ने ठाउँ हुनेछ ।

### दाखबारीको गीत

५ मैले प्रेम गर्नेको निम्ति उहाँको
दाखबारीको विषयमा एउटा गीत गाउनेछु:
एउटा मलिलो डाँड़ामा
मेरा प्रियको एउटा दाखबारी थियो ।
२ उहाँले त्यसलाई खनेर ढुङ्गाहरू हटाउनुभयो
अनि त्यसमा अति उत्तम दाख रोप्नुभयो ।
उहाँले त्यसमा एउटा मचान बनाउनुभयो
अनि एउटा कोल पनि खोप्नुभयो ।
तब उहाँले असल दाखको आशा राख्नुभयो,
तर त्यसले खराब फल फलायो ।

३ "अब तिमीहरू यरूशलेमका बासिन्दाहरू
र यहूदाका मानिसहरू हो,
म र मेरो दाखबारीको बीचमा इन्साफ
गरिदेऊ ।
४ मेरो दाखबारीको निम्ति मैले जति गरें
त्योभन्दा बढ़ी के गरिनुपर्ने थियो ?
मैले असल दाखको आशा गर्दा,
किन त्यसले खराब फलायो ?
५ अब म आफ्नो दाखबारीलाई के गर्नेछु,
तिमीहरूलाई भन्नेछु:
म त्यसको बार निकालिदिनेछु, अनि त्यो
नाश हुनेछ;
म त्यसको पर्खाल भत्काइदिनेछु अनि
त्यो कुल्चिनेछ ।
६ म त्यसलाई नछिमलेको र नगोड़िएको
एउटा उजाड़ भूमि बनाइदिनेछु,
अनि त्यसमा सिउँड़ी र काँड़ाहरू उम्रनेछन्,
त्यसमा पानी नपरोस् भनेर बादललाई
म आज्ञा गर्नेछु ।"
७ सर्वशक्तिमान् परमप्रभुको दाखबारी
इस्राएलको घराना हो,
र यहूदाका मानिसहरू उहाँको मनपर्दो
बगैंचा हो ।
अनि उहाँले इन्साफको आशा गर्नुभयो
तर रक्तपात देख्नुभयो;
धार्मिकताको आशा गर्नुभयो, तर
सङ्कष्टको रुवाइ सुन्नुभयो ।

### धिक्कार र इन्साफहरू

८ धिक्कार तिमीहरूलाई जसले केही जग्गा
नरहने गरी घरमा घर थप्छौ अनि खेतमा
खेत जोड्छौ,
अनि तिमीहरू देशमा आफू मात्र बस्छौ ।
९ सर्वशक्तिमान् परमप्रभुले मैले सुन्ने
गरी घोषणा गर्नुभएको छ:
"निश्चय नै ठूला घरहरू उजाड़ हुनेछन्,
सुन्दर भवनहरू निर्जन हुनेछन् ।
१० पाँच बिघा दाखबारीले पाँच पाथी
दाखरस दिनेछ,
एक पाथी बीउले एक माना अन्न मात्र
दिनेछ ।"

---

**४:५**–प्रस्थान १३:२१-२४:१६. **५:१-२**–मत्ती २१:३३; मर्कूस १२:१; लूका २०:९.

११ धिक्कार तिनीहरूलाई जो मद्यको निम्ति
एका बिहानै उठ्छन्,
जो मद्यले चूर हुन आधीरातसम्म
बस्छन् ।
१२ तिनीहरूसित भोजमा वीणा र सारङ्गी,
खैँजड़ी, बाँसुरी र मद्य हुन्छन्,
तर तिनीहरूसित परमप्रभुका कार्यहरूको
निम्ति कुनै श्रद्धा हुँदैन,
उहाँका हातका कामप्रति कुनै आदर
हुँदैन ।
१३ यसकारण समझशक्तिको अभावले गर्दा
मेरो प्रजा देशबाट निकालिनेछन्;
तिनीहरूका आदरणीय मानिसहरू भोकले
मर्नेछन्,
अनि तिनीहरूका जनसमूह तिर्खाले
सुक्नेछन् ।
१४ यसकारण चिहानले आफ्नो भोक बढ़ाउँछ,
अनि आफ्नो मुख असिमित ठूलो उघार्छ;
त्यसभित्र तिनीहरूका कुलीन व्यक्तिहरू
र जनसमूह
तिनीहरूका झगड़ालु र विलासीहरूसितै
पसिजानेछन् ।
१५ यसरी मानिस होच्याइनेछ
अनि मानवजाति नम्र बनाइनेछ,
अभिमानीका आँखा नम्र पारिनेछन् ।
१६ तर सर्वशक्तिमान् परमप्रभु आफ्नो
इन्साफद्वारा उच्च पारिनुहुनेछ,
अनि पवित्र परमेश्वरले आफ्नो
धार्मिकताद्वारा आफैलाई पवित्र गरी
प्रकट गर्नुहुनेछ ।
१७ तब भेड़ाहरू आफ्नै खर्कमा झैँ चर्नेछन्;
थुमाहरूले धनीहरूका भग्नावशेषका
बीचतिर खानेछन् ।

१८ धिक्कार तिनीहरूलाई जसले छलका
ड़ोरीहरूले पाप निकाल्छन्,
अनि गाड़ाका ड़ोरीहरूले झैँ दुष्टता
निकाल्छन्,
१९ तिनीहरूलाई जसले यसो भन्छन्;
"परमेश्वरले हतार गरून्,
उहाँले आफ्नो काम चाँड़ो गरी गरून् र
हामी त्यो देख्न सकौं,
त्यो आओस्, इस्राएलका पवित्र
परमेश्वरको योजना आओस्,
र हामी जान्न सकौं ।"

२० धिक्कार तिनीहरूलाई जुनहरूले दुष्टलाई
असल र असललाई दुष्ट भन्छन्,
जसले उज्यालोको सट्टा अँध्यारोलाई
अनि अँध्यारोको सट्टा उज्यालोलाई
राख्छन्;
जसले मीठोको सट्टा तीतो
अनि तीतोको सट्टा मीठो राख्छन् ।

२१ धिक्कार तिनीहरूलाई जुनहरू आफ्नै
दृष्टिमा बुद्धिमान् छन्,
अनि आफ्नै दृष्टिमा चतुर छन् ।
२२ धिक्कार तिनीहरूलाई जो मद्य पिउन
बहादुर छन्;
अनि मद्य मिसाउन सिपालु छन्
२३ जसले घूस लिएर दोषीलाई छोड़िदिन्छन्;
तर निर्दोषलाई इन्साफ दिँदैनन् ।
२४ यसकारण, परालालाई आगोका जिब्राहरूले
चाटेझैँ
अनि ज्वालामा सुक्खा घाँस पुरिएझैँ
तिनीहरूका फूलहरू धूलोझैँ उड़िजानेछन्;
किनकि तिनीहरूले सर्वशक्तिमान्
परमप्रभुको व्यवस्थालाई इन्कार गरेका
छन्,
अनि इस्राएलका पवित्र परमेश्वरको
वचनलाई लत्याएका छन् ।
२५ यसकारण परमप्रभुको क्रोध आफ्नो
जातिको विरुद्ध जलिउठ्छ,
उहाँको हात उठेको छ र उहाँले
तिनीहरूलाई प्रहार गर्नुहुन्छ ।
पर्वतहरू काँप्छन्,
अनि मृतक शरीरहरू सड़कतिर कसिङ्गर
झैँ छन् ।
यति भएर पनि उहाँको क्रोध थामिने
छैन,
उहाँको हात अझ उठाइएकै छ ।

२६ उहाँले टाढ़ाका जातिहरूको निम्ति एउटा
झण्डा खड़ा गर्नुहुनेछ,
उहाँले पृथ्वीको पल्लो छेउमा भएकाहरूको
निम्ति सुसेली मार्नुहुन्छ ।
तिनीहरू चाँड़ो र द्रूत गतिले आउँछन् !
२७ तिनीहरूमध्ये एक जना पनि थाक्दैनन्
अनि धर्मराउँदैनन्,
एक जना पनि उँघ्दैन अनि सुत्दैन;
एउटै पेटी पनि खुकुलो हुँदैन
जुत्ताका एउटै फिता पनि चुँड़िदैन ।
२८ तिनीहरूका काँड़हरू तीखा छन्,
सबै धनुहरूमा ताँदो चढ़ाइएका छन्;
तिनीहरूका घोड़ाका टाप बज्रझैं छन्,
तिनीहरूका रथका पाङ्ग्राहरूको आवाज
आँधीबेहरीझैं छ ।
२९ तिनीहरूका गर्जन सिंहको झैं छ,
तिनीहरू जवान सिंहझैं गर्जन्छन्;
आफ्नो शिकारलाई पक्रँदा तिनीहरू
ङ्वार-ङ्वार गर्छन्,
अनि त्यसलाई कसैले नछुटाउने गरी
लैजान्छन् ।
३० त्यस दिन तिनीहरू त्यसमाथि समुद्र
गर्जेझैं गर्जनेछन् ।
अनि यदि कसैले देशलाई हेऱ्यो भने,
त्यसले अन्धकार र सङ्कष्ट देख्नेछ;
यहाँसम्म कि प्रकाशलाई पनि बादलले
अँध्यारो बनाइदिनेछ ।

## यशैयाको नियुक्ति

६ उज्जियाह राजा मरेको वर्षमा, मैले
परमप्रभुलाई अग्लो र उच्च भई
सिंहासनमाथि विराजमान हुनुभएको देखें, अनि
उहाँको वस्त्रको किनारले मन्दिर ढाकिएको
थियो, २उहाँमाथि प्रत्येकको छओटा पखेटा
भएका सराफहरू थिए । दुईओटा पखेटाले
तिनीहरूले आफ्ना अनुहार ढाकेका थिए,
दुईओटाले तिनीहरूले आफ्ना खुट्टाहरू ढाकेका
थिए, अनि दुईओटाले तिनीहरू उड्दथे ।
३अनि तिनीहरूले एकाले अर्कोलाई यसो
भन्थे:

"सर्वशक्तिमान् परमप्रभु पवित्र, पवित्र,
पवित्र हुनुहुन्छ,
सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण
छ ।"

४तिनीहरूका सोरले ढोकाहरू र जगहरू
हल्लिए, अनि मन्दिर धूवाँले भरियो ।
५म कराएँ, "मलाई धिक्कार होस्" "म
नाश भएँ ! किनकि म अशुद्ध ओठ भएको
मानिस हुँ, म अशुद्ध ओठ भएका मानिसहरूको
बीचमा बस्छु, अनि मेरा आँखाले राजा,
सर्वशक्तिमान् परमप्रभुलाई देखेका छन् ।"
६तब सराफहरूमध्ये एक जना आफ्नो
हातमा बल्दै गरेको कोइला लिएर आए, जसलाई
तिनले वेदीबाट चिम्टाले टिपेर ल्याएका थिए ।
७तिनले त्यसले मेरो मुख छोएर भने, "हेर्,
यसले तेरो ओठ छोएको छ; तेरा अपराध
हटाइयो, अनि तेरो पापको प्रायश्चित भयो ।"
८तब मैले यसो भन्ने परमप्रभुको सोर
सुनें, "म कसलाई पठाऊँ ? अनि हाम्रो निम्ति
को जाने ?"
अनि मैले भनें, "म हाजिर छु । मलाई
पठाउनुहोस् !"
९उहाँले भन्नुभयो, "जा अनि मानिसहरूलाई
भन्:

"'सधैं सुनिरहनु तर कहिल्यै नबुझ्नू;
सधैं हेरिरहनू तर कहिल्यै नदेख्नू ।'
१० यी मानिसहरूका हृदय कठोर बनाइदे;
तिनीहरूका कानहरू मन्द बनाइदे
अनि तिनीहरूका आँखा बन्द गरिदे ।
नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्,
तिनीहरूका कानले सुन्लान्,
तिनीहरूका हृदयहरूले बुझ्लान्,
अनि फर्केर निको होलान् ।"

**६:१**–२ राजा १५:७; २ इतिहास २६:२३. **६:३**–प्रकाश ४:८. **६:४** –प्रकाश १५:८. **६:९-१०**–मत्ती १३:१४-१५; मर्कूस ४:१२; लूका ८:१०; यूहन्ना १२:४०; प्रेरित २:२६-२७.

११ तब मैले भनें, “हे परमप्रभु,
कहिलेसम्मलाई ?”
अनि उहाँले जवाफ दिनुभयो:
“शहरहरू ध्वंश भएर निर्जन नभएसम्म,
घरहरू नत्यागिएसम्म,
अनि खेतहरू ध्वंश र स्वाहा नभएसम्म,
१२ परमप्रभुले प्रत्येकलाई धेरै टाढ़ा
नपठाउनुभएसम्म
अनि देश पूर्ण रूपले नत्यागिएसम्म ।
१३ अनि देशमा दशौँ भाग छोड़िए तापनि
त्यो फेरि उजाड़ पारिनेछ ।
तर जसरी तारपिन र फलाँटको रूख
काटिए तापनि तिनीहरूले ठुटा
छोडिराख्छन्,
त्यसरी नै पवित्र बीउ देशमा ठुटो
हुनेछ ।”

## इम्मानुएलको चिन्ह

७ उज्जियाहका नाति, योतामका छोरा,
आहाज यहूदाको राजा हुँदा अरामका
राजा रसीन अनि इस्राएलका राजा रमल्याहका
छोरा पेकह यरूशलेमको विरुद्ध युद्ध गर्न आए,
तर तिनीहरूले त्यसलाई जित्न सकेनन् ।
२अब दाऊदको घरानालाई यसो भनियो,
“अराम एप्रेमसित मिलेको छ ।” वनका रूखहरू
बतासले हल्लाएझैँ आहाज र तिनका प्रजाका
हृदय काँपे ।
३तब परमप्रभुले यशैयालाई भन्नुभयो, “तँ
र तेरा छोरा शार्यासूब धोबीहरूको खेतमा
जाने बाटोमा माथिल्लो पोखरीको कुलोको
आखिरमा आहाजलाई भेट्न निस्किजा ।
४त्यसलाई भन्, ‘होशियार बस्, शान्त हो,
अनि नडरा । धूवाँ मात्र आइरहेका दाउराका
यी दुई ठुटाहरूका कारण– रसीन र अराम
अनि रमल्याहको छोराका डरलाग्दो रीसको
कारण हताश नहो । ५अराम, एप्रेम र र
मल्याहको छोराले तेरो विनाशको षड्यन्त्र
गरेर यसो भनेका छन्, ६‘हामी यहूदामाथि
आक्रमण गरौं; हामी यसलाई टुक्रा-टुक्रा
पारौं अनि यसलाई हाम्रो बीचमा बाँड़ौं र
ताबेलको छोरालाई यसमाथि राजा बनाऔं ।’
७तथापि सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:

“‘यो घटना घट्नेछैन, यसो हुनेछैन,
८ किनकि अरामको शिर दमस्कस हो,
अनि दमस्कसको शिर रसीन मात्र हो ।
पैंसट्ठी वर्षभित्र एप्रेम चक्नाचूर भएर
एउटा जाति भन्न पनि नसकिने हुनेछ ।
९ एप्रेमको शिर सामरिया हो,
अनि सामरियाको शिर रमल्याहका
छोरा मात्र हो ।
यदि तँ आफ्नो विश्वासमा दृढ़तासाथ
स्थिर रहेनस् भने तँ खड़ा रहनेछैनस् ।’”

१०फेरि परमप्रभुले आहाजलाई भन्नुभयो,
११“परमप्रभु तेरा परमेश्वरलाई अति गहिराइमा
अथवा अति उचाइमा भए पनि एउटा चिन्ह
माग ।”
१२तर आहाजले भने, “म माग्ने छैन; म
परमप्रभुको परीक्षा गर्नेछैनँ ।”
१३तब यशैयाले भने, “हे दाऊदको घराना,
अब यो सुन् ! के मानिसहरूको धैर्य जाँच गर्नु
पर्याप्त होइन ? के तँ मेरा परमेश्वरको धैर्य
पनि जाँच गर्छस् ? १४यसकारण परमप्रभु आफैले
तँलाई एउटा चिन्ह दिनुहुनेछ: कन्या गर्भवती
हुनेछ र एउटा पुत्र जन्माउनेछ अनि त्यसलाई
इम्मानुएल भनिनेछ । १५भूललाई इन्कार गर्न
र ठीकलाई छान्न पर्याप्त ज्ञान पाएपछि उसले
दही र मह खानेछ । १६तर बालकले भूललाई
इन्कार गर्न र ठीकलाई छान्ने पर्याप्त ज्ञान
पाउनुअघि तँ डराएका दुई राजाहरूको देश
उजाड़ हुनेछ । १७परमप्रभुले तँ र तेरा
मानिसहरूमाथि अनि तेरा पिताका घरानामाथि
एप्रेम यहूदादेखि छुट्टिएपछिको समयभन्दा बेग्लै
समय ल्याउनुहुनेछ ।”
१८त्यस दिन परमप्रभुले मिश्रका टाढ़ो
खोलाबाट झिँगाहरूको निम्ति अनि अश्शूरको

**७:१**–२ राजा १६:५; २ इतिहास २८:५-६. **७:१४**–मत्ती १:२३.

देशबाटका मौरीहरूलाई सुसेलीद्वारा
बोलाउनुहुनेछ। **१९**तिनीहरू सबै आएर भिरालो
कन्दराहरूतिर अनि चट्टानका खाडलहरूतिर
र सबै काँड़े-पोथ्राहरूतिर अनि पानीका सबै
खोपिल्टाहरूतिर बस्नेछन् । **२०**त्यस दिन
परमप्रभुले तिमीहरूका कपाल खौरनलाई र
तिमीहरूका दाह्री पनि उतार्नलाई नदी
पारिबाट एउटा छुरा ज्यालामा लिनुहुनेछ, अर्थात्
अश्शूरका राजा। **२१**त्यस दिन एउटा मानिसले
एउटी कोरली र दुईओटा बाखा पाल्नेछ ।
**२२**अनि तिनीहरूले धेरै दूध दिएको कारण तिनीले
दही खानेछन्। देशमा रहेका सबैले दही र मह
खानेछन् । **२३**त्यस दिन एक हजार शेकेलको
चाँदीको मूल्य एक हजार दाखको बोट भएको
प्रत्येक ठाउँमा खालि सिउँड़ी र काँढ़ा मात्र
हुनेछन् । **२४**मानिसहरू त्यहाँ धनु र काँड़
लिएर जानेछन्, किनकि देश सिउँड़ी र
काँड़ाहरूले ढाकिएको हुनेछ । **२५**एक पल्ट
तिमीहरूले कोदालोले खेती गरेका डाँड़ाहरूको
विषयमा चाहिँ, तिमीहरू त्यहाँ सिउँड़ी र
काँड़ाहरूको डरले जानेछैनौ; ती गाईबस्तु खुला
छोड्ने र भेड़ाहरू दगुर्ने ठाउँ हुनेछन् ।

## परमप्रभुको हतियार-अश्शूर

**८** परमप्रभुले मलाई भन्नुभयो, "एउटा ठूलो
कागजको मुठो लिएर त्यसमा एउटा
साधारण कलमले महेर-शालल-हाज-बज लेख्।
**२**अनि म पूजाहारी उरियाह अनि येबेरक्याहको
छोरा जकरियालाई मेरो निम्ति भरपर्दो साक्षी
हुनलाई बोलाउनेछु।"

**३**तब म अगमवादिनीकहाँ गएँ अनि गर्भवती
भएर उसले एउटा छोरा जन्माइन् । अनि
परमप्रभुले मलाई भन्नुभयो, "त्यसको नाउँ
महेर-शालल-हाज-बज राख्। **४**यस बालकले
'मेरो बुबा अथवा 'मेरी आमा,' भन्न जान्नुअघि
दमस्कसको धन र सामरियाको लूटको माल
अश्शूरको राजाले लैजानेछ।"

**५**परमप्रभुले मलाई फेरि भन्नुभयो:

**६** "यस जातिले शीलोको शान्तसित
बग्ने पानीलाई इन्कार गरेर रसीन
र रमल्याहको छोरामा रमाउँछ,
**७** यसकारण परमप्रभुले तिनीहरूको
विरुद्धमा महा-नदीको शक्तिशाली
पानीको भल–
अर्थात् अश्शूरका राजालाई आफ्नो पूरा
रवाफसित ल्याउन लाग्नुभएको छ ।
त्यो यसका सबै नालाहरूमा पोखिएर बग्नेछ;
यसका सबै किनारहरूलाई त्यसले
डुबाइदिनेछ,
**८** अनि बेगसित बगेर यहूदालाई स्वात्तै लैजानेछ,
अनि त्यसबाट भएर त्यसको घिच्रोसम्मै
पुग्नेछ ।
त्यसका फिँजाइएका पखेटाहरूले तेरो
देशको चौड़ाइलाई वारपार ढ़ाकिदिनेछ,
हे इम्मानुएल !"

**९** हे जाति हो, युद्ध-ध्वनी उठाओ,
अनि चकनाचूर होओ !
तिमीहरू टाढ़ाका देशहरूले सुन;
युद्धको निम्ति तयार होओ,
अनि चकनाचूर होओ !
युद्धको निम्ति तयार होओ,
अनि चकनाचूर होओ !
**१०** आफ्ना रणनीति बनाओ, तर त्यो निष्फल
पारिनेछ;
आफ्नो योजना पेश गर, तर त्यो खड़ा
रहनेछैन,
किनकि परमेश्वर हामीसित हुनुहुन्छ ।

## परमप्रभुको भय

**११**परमप्रभुले आफ्नो बलियो हात ममाथि
राखेर मलाई यस जातिको मार्गमा नहिँड्ने
चेतावनी दिँदै मसित बोल्नुभयो । उहाँले
भन्नुभयो:

**१२** "यस जातिले षड्यन्त्र भनेकोलाई षड्यन्त्र
नभन्;

---

**८:१२-१३**–१ पत्रुस ३:१४-१५.

तिनीहरू जेसित डराउँछन्, तँ त्यससित नडरा,
अनि त्यससित भयभीत नहो ।
१३ तैंले पवित्र मान्नु पर्ने सर्वशक्तिमान् परमप्रभु नै हुनुहुन्छ,
तैंले डराउनुपर्ने उहाँसितै हो;
तँ भयभीत हुनुपर्ने उहाँसितै हो,
१४ अनि उहाँ एउटा शरणस्थान हुनुहुनेछ;
तर इस्राएलका दुवै घरानाको निम्ति त उहाँ मानिसहरूले ठक्कर खाने ढुङ्गा हुनुहुनेछ,
अनि तिनीहरूलाई लोट्न लाउने एउटा चट्टान हुनुहुनेछ ।
अनि यरूशलेमका मानिसहरूको निम्ति उहाँ एउटा धराप र पासो हुनुहुनेछ ।
१५ तिनीहरूमध्ये धेरैले ठोक्कर खानेछन्;
तिनीहरू लड़ेर तोड़िनेछन्,
तिनीहरू पासोमा परेर पक्राउ पर्नेछन् ।"
१६ साक्षीलाई बाँधेर राख;
अनि मेरा चेलाहरूबीच व्यवस्थालाई छाप लगाइदे ।
१७ म परमप्रभुलाई पर्खनेछु,
जसले याकूबका घरानाबाट आफ्नो अनुहार लुकाइरहनुभएको छ ।
म आफ्नो भरोसा उहाँमा राख्नेछु ।

**१८**म र परमप्रभुले मलाई दिनुभएका
छोराछोरीहरू यहीं नै छौं । सियोन पर्वतमा
विराजमान हुनुहुने सर्वशक्तिमान् परमप्रभुतर्फबाट
इस्राएलमा हामी चिन्ह र लक्षण हौं ।

**१९**मानिसहरूले तिमीहरूलाई कानेखुशी
गर्ने र बर्बराउने माध्यमहरू र झाँक्रीहरूसित
सल्लाह लिनभन्दा के मानिसहरूले आफ्ना
परमेश्वरसित सोध्नु पर्दैन ? जिउँदाहरूको
पक्षमा किन मरेकाहरूसित सल्लाह लिने ?
**२०**व्यवस्थालाई अनि साक्षीलाई ! यदि तिनीहरू
यस वचनअनुसार बोल्दैनन् भने तिनीहरूसित
उषाको प्रकाश छैन । **२१**तिनीहरू दु:खी र
भोका भई देशभरि घुमिहिँड्नेछन्; तिनीहरूलाई
खरो भएपछि तिनीहरू रीसले चूर भई
मास्तिर हेर्दै तिनीहरूका राजा र तिनीहरूका
परमेश्वरलाई सराप्नेछन् । **२२**त्यसपछि तिनीहरूले
पृथ्वीतिर हेर्नेछन् अनि दु:ख र अन्धकार अनि
डरलाग्दो नैराश्य देख्नेछन् र तिनीहरू घोर
अन्धकारमा फालिनेछन् ।

## हाम्रो निम्ति एउटा बालक जन्मेका छन्

**९** तरै पनि, सङ्कष्टमा परेकाहरूको निम्ति
निराशा हुनेछैन । बितेका समयमा उहाँले
जबूलूनको देशलाई र नप्तालीको देशलाई
नम्र तुल्याउनुभयो, तर भविष्यमा उहाँले
यर्दनतिरको समुद्र छेउको गैर-यहूदीहरूको
गालीललाई सम्मानित पार्नुहुनेछ–

२ अन्धकारमा बस्ने जातिहरूले एउटा ठूलो ज्योति देखेका छन्;
मृत्युको छायाँमा बस्नेहरूमा एउटा ज्योति उदाएको छ ।
३ तपाईंले जातिलाई विस्तृत पार्नुभएको छ,
अनि तिनीहरूका आनन्द बढ़ाइदिनुभएको छ;
मानिसहरूले कटनीमा रमाएझैँ
मानिसहरूले लूटको माल बाँड्दा रमाएझैँ
तिनीहरू तपाईंको सामुन्ने रमाउनेछन् ।
४ किनकि मिद्यानको पराजयको दिनमा झैँ
तपाईंले तिनीहरूलाई भार भएको जुवालाई,
तिनीहरूका काँधमा भएको काठलाई;
तिनीहरूलाई सताउनेहरूका लाठीलाई
टुक्रा-टुक्रा पारिदिनुभएको छ ।
५ प्रत्येक योद्धाले लड़ाइँमा लगाएको जुत्ता
अनि रगतमा लटपटिएको हरेक वस्त्र जलाइने छ,
त्यो आगोको निम्ति इन्धन हुनेछ ।
६ किनकि हाम्रो निम्ति एउटा बालकको जन्म भएको छ,

**८:१४-१५**–१ पत्रुस २:८. **८:१७-१८**–हिब्रू २:१३. **९:१**–मत्ती ४:१६; लूका १:७९.

हाम्रो निम्ति एउटा छोरा दिइएको छ,
अनि शासन उहाँको काँधमा हुनेछ ।
अनि उहाँलाई उदेकको सल्लाहकार,
सर्वशक्तिमान् परमेश्वर,
सनातनका पिता, शान्तिका राजकुमार
भनिनेछ ।
७ उहाँको शासन र शान्तिको अन्त
हुनेछैन ।
उहाँले दाऊदको सिंहासनमाथि र तिनका
राज्यमाथि शासन गर्नुहुनेछ,
अनि त्यसलाई त्यस समयदेखि
अनन्तसम्म इन्साफ र धार्मिकताले
स्थापित अनि दृढ़ गर्नुहुनेछ ।
सर्वशक्तिमान्को जोशले यसलाई सम्पन्न
गर्नेछ ।

### इस्राएलमाथि परमप्रभुको क्रोध

८ परमप्रभुले याकूबको विरुद्धमा एउटा
सन्देश पठाउनुभएको छ;
अनि त्यो इस्राएलमाथि पर्नेछ ।
९ सबै मानिसहरूले त्यसलाई जान्नेछन्–
एप्रैम र सामरियाका बासिन्दाहरूले–
जो घमण्ड र हृदयको अभिमानले यसो
भन्छन्,
१० "इँटाहरू लड़िगएका छन्,
तर हामी कुँदेका ढुङ्गाहरूले बनाउनेछौं;
नेभाराका रूखहरू ढालिएका छन्,
तर हामी त्यसको सट्टा देवदारु
लगाउनेछौं ।"
११ तर परमप्रभुले तिनीहरूको विरुद्ध र
सीनका शत्रुहरूलाई बलियो पार्नुभएको
छ,
अनि तिनीहरूका शत्रुहरूलाई उत्तेजित
पार्नुभएको छ ।"
१२ पूर्वबाट अरामीहरू अनि पश्चिमबाट
पलिश्तीहरूले इस्राएललाई मुख खोलेर
खाएका छन्;
यति भएर पनि उहाँको क्रोध समाप्त
भएको छैन,
उहाँको हात अझ उठेकै छ ।
१३ तर उहाँले प्रहार गर्नुभएका मानिसहरू
उहाँतिर फर्केका छैनन्,
नता तिनीहरूले सर्वशक्तिमान्
परमप्रभुलाई खोजेका छन् ।
१४ यसकारण परमप्रभुले इस्राएलबाट शिर
र पुच्छर दुवै,
खजूरका हाँगा र निगालो दुवै एकै दिनमा
अलग गरिदिनुहुनेछ;
१५ धर्म-गुरुहरू र विशिष्ट व्यक्तिहरू
शिर हुन्,
झूट सिकाउने अगमवक्ताहरू पुच्छर हुन् ।
१६ यस जातिलाई डोर्‍याउनेहरूले
तिनीहरूलाई पथभ्रष्ट पार्छन्,
अनि डोर्‍याइएकाहरू बरालिनेछन् ।
१७ यसकारण परमप्रभु जवान मानिसहरूसित
प्रसन्न हुनुहुनेछैन,
नता उहाँले अनाथ र विधवाहरूलाई
टिठाउनुहुनेछ,
किनकि हरेक ईश्वरहीन र दुष्ट छन्,
प्रत्येक मुखले नीच कुरा बोल्छ ।
यति भएर पनि, उहाँको रीस मरेको छैन,
उहाँको हात उठेकैछ ।
१८ निश्चय नै दुष्टता आगोझैं बल्छ,
यसले सिउँडी र काँड़ालाई भष्म पार्छ,
यसले वनको घारी दन्काइदिन्छ
र त्यो धूवाँको मुस्लोमा बटारिँदै माथि
लाग्छ ।
१९ सर्वशक्तिमान् परमप्रभुको क्रोधद्वारा
देश भष्म हुनेछ,
अनि मानिसहरू आगोको निम्ति दाउरा
हुनेछन्;
कसैले पनि आफ्नो दाज्यूभाइलाई बाँकी
राख्नेछैन ।
२० तिनीहरूले दाहिनेतिर बेसरी खान्छन्,
र पनि अझ भोकै रहन्छन्;

---

**९:७**–लूका १:३२-३३.

देब्रेतिर तिनीहरूले खान्छन् तर तृप्त हुँदैनन् ।
प्रत्येकले आफ्नै सन्तानको मासु खानेछ:
२१ मनश्शेले एप्रेमलाई खानेछ अनि एप्रेमले मनश्शेलाई खानेछ;
ती दुवै एकसाथ यहूदाको विरुद्ध जाइलाग्नेछन् ।

यति भएर पनि उहाँको रीस मरेको छैन,
उहाँको हात अझै उठेकै छ ।

१० धिक्कार तिनीहरूलाई जसले अन्यायपूर्ण कानूनहरू बनाउँछन्,
तिनीहरूलाई जसले थिचोमिचो गर्ने आदेशहरू निकाल्छन्,
२ गरीबहरूका अधिकार खोस्न र सताइएका मेरा मानिसहरूबाट न्याय रोक्न,
विधवाहरूलाई आफ्ना शिकार बनाउन र अनाथहरूलाई लूट्नलाई तिनीहरू यसो गर्छन् ।
३ लेखाको दिनमा विपत्ति टाढ़ाबाट आउँदा, तिमीहरू के गर्छौ ?
तिमीहरू सहायताको लागि कसकहाँ दौड़न्छौ ?
तिमीहरू आफ्ना सम्पत्ति कहाँ छोड्छौ ?
४ कैदीहरूको बीचमा खुम्चनुबाहेक अथवा मारिएकाहरूको बीचमा लड़िजानुबाहेक केही पनि छोड़िने छैन ।
यति भएर पनि उहाँको रीस मरेको छैन,
उहाँको हात अझै उठेकै छ ।

### अश्शूरमाथि परमेश्वरको इन्साफ

५ "धिक्कार, मेरो रीसको लौरो अश्शूरलाई,
जसको हातमा मेरो क्रोधको मुङ्ग्रो छ !
६ लूटको माल खोस्न र लूटपीट गरी ध्वस्त गर्न,
अनि सड़कहरूको हिलोझैँ कुल्चीमिल्ची गर्नलाई ईश्वरहीन जाति तथा मलाई रीस उठाउने मानिसहरूको विरुद्धमा मैले त्यसलाई हतपतसाथ पठाएको छु ।
७ तर त्यसको यस्तो विचार छैन,
त्यसले मनमा यस्तो सोचेको छैन;
त्यसको उद्देश्य नाश गर्नु हो,
जातिहरूलाई संहार गर्नु हो ।
८ त्यसले भन्छ, 'के मेरा कप्तानहरू सबै राजाहरू होइनन् ?'
९ 'के कल्नोको दशा कर्कमीशको जस्तै भएन ?
के हमात अर्पदझैँ अनि सामरिया दमस्कसझैँ छैनन् ?
१० जसरी मेरो हातले मूर्तिहरूका राज्यहरूलाई कब्जा गर्‍यो,
जसको खोपेर बनाएका मूर्तिहरू यरूशलेम र सामरियाका मूर्तिहरूभन्दा धेरै थिए,
११ मैले सामरिया र त्यसका मूर्तिहरूसित व्यवहार गरेझैँ
के म यरूशलेम र त्यसका मूर्तिहरूसित नगरूँ ?'"

**१२**परमप्रभुले सियोन पर्वत र यरूशलेमको
विरुद्धमा आफ्ना सबै कामहरू सिध्याउनुभएपछि
उहाँले भन्नुहुनेछ, "म अश्शूरको राजालाई
त्यसको हृदयको इच्छानुसारको घमण्ड र
त्यसको आँखामा भएको अभिमानी हेराइको
निम्ति दण्ड दिनेछु । **१३**किनकि त्यसले भन्छ:

"'मेरो हातको बलले मैले यो गरेको हुँ,
अनि मेरो बुद्धिले, किनकि मसित समझशक्ति छ ।
मैले जातिहरूका सिमानाहरू हटाइदिएँ,
मैले तिनीहरूका खजानाहरू लूटें;
एक जना सामर्थीले झैँ मैले तिनीहरूका राजाहरूलाई वशमा पारें ।
१४ कोही गुँड़मा पुगेझैँ,
मेरो हात जातिहरूको धन-सम्पत्तिमा पुग्यो;
मानिसहरूले त्यागिएका अण्डाहरू बटुलेझैँ मैले सबै देशहरूलाई भेला गरें;

**१०:५-३४**–यशैया १४:२४-२७; नहेम्याह १:१-३:१९; सपन्याह २:१३-१५.

एउटैले पनि पखेटा फ्याट-फ्याट गरेन
अथवा चूँ चूँ गर्नलाई मुख खोलेन ।’”
१५ के बञ्चरो त्यसलाई चलाउनेभन्दा माथि
उठ्न सक्छ,
अथवा आराले त्यसलाई प्रयोग गर्नेभन्दा
बढ़ी घमण्ड गर्न सक्छ ?
मानौं, लहुरो उठाउनेलाई लहुरो नै
चलाएजस्तो,
अथवा जो काठ होइन त्यसलाई मुङ्ग्रोले
चलाएजस्तो !
१६ यसकारण सर्वशक्तिमान् परमप्रभुले
त्यसका प्रबल योद्धाहरूमाथि कमजोर
हुने रोग पठाउनुहुनेछ;
त्यसको रवाफमुनि बल्दो ज्वालाजस्तै
आगो सल्किने छ ।
१७ इस्राएलको ज्योति एउटा आगो हुनेछ;
तिनीहरूका पवित्र परमेश्वर एउटा ज्वाला;
एकै दिनमा त्यसले त्यसका काँड़ाहरू
र त्यसका सिउँडीहरूलाई जलाएर
भष्म पारिदिनेछ ।
१८ त्यसका वनहरू र मलिलो खेतहरू त्यसले
सम्पूर्ण रूपले नष्ट गरिदिनेछ,
त्यो बिरामी मानिस दुब्लाएर गएझैं हुनेछ ।
१९ अनि त्यसको वनहरूमा भएका रूखहरू
यति थोरै हुनेछन्
कि त्यसलाई एउटा बालकले पनि गन्न
सक्छ ।

## इस्राएलको बाँकी भाग

२० त्यस दिन इस्राएलको अवशेष,
याकूबका घरानाका बचेका भागले
तिनीहरूमाथि प्रहार गर्नेमाथि फेरि
भरोसा गर्ने छैनन्,
तर साँचो रूपले परमप्रभु, इस्राएलका
पवित्र परमेश्वरमाथि भरोसा गर्नेछन् ।
२१ अवशेष फर्कनेछ,
याकूबको अवशेष सर्वशक्तिमान्
परमेश्वरतिर फर्कनेछ,
२२ हे इस्राएल, तेरा मानिसहरू समुद्रका
बालुवाझैं भए तापनि केवल एउटा
अवशेष मात्र फर्कने छ ।
सर्वनाश त प्रचुरता र धार्मिकतासित
ठहराइएको छ ।
२३ परमप्रभु, सर्वशक्तिमान् परमप्रभुले
सम्पूर्ण देशमाथि ठहराएअनुसारको
सर्वनाश ल्याउनुहुनेछ ।

२४यसकारण, परमप्रभु, सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छः

“सियोनमा बस्ने हे मेरो प्रजा हो,
अश्शूरहरूसित तिमीहरू नडराओ जसले
तिमीहरूलाई लहुरोले पिट्दछन्,
अनि तिमीहरूको विरुद्ध मिश्रले गरेझैं
मुङ्ग्रो उठाउँछन् ।
२५ अनि चाँड़ै तिमीहरूका विरुद्ध मेरो रीस
समाप्त हुनेछ,
अनि मेरो क्रोध तिनीहरूको सत्यनाशतिर
लाग्नेछ ।”

२६ उहाँले मिद्यानलाई ओरेबको चट्टानमा
प्रहार गर्नुभएझैं,
सर्वशक्तिमान् परमप्रभुले तिनीहरूलाई
कोर्रा लाउनुहुनेछ;
अनि उहाँले मिश्रमा गर्नुभएझैं,
उहाँले आफ्नो लहुरो पानीमाथि
उठाउनुहुनेछ ।
२७ त्यस दिन तिमीहरूका काँधबाट
तिनीहरूको भारी उठाइनेछ,
तिमीहरूका घिच्रोबाट तिनीहरूको जुवा
उठाउनेछ;
र अभिषेकको तेलको कारणले जुवा
भाँचिनेछ ।

२८ तिनीहरू अय्यातमा पस्छन्;
तिनीहरू मिग्रोनबाट भएर जान्छन्;
तिनीहरूले आफ्नो खाद्य-सामाग्री

---

**१०:२२-२३**–रोमी ९:२७.

मिक्माशमा थुपार्छन् ।
२९ तिनीहरू घाटीमा गएर भन्नेछन्,
"हामी रातभरि गेबामा छाउनी लाएर
बस्नेछौं ।"
रामा काँप्छ; शावलको गेबा भाग्छ ।
३० हे गल्लीमकी छोरी करा !
हे लैशा, ध्यान दिएर सुन् !
बिचरा अनातोत !
३१ मदमेना भाग्दैछ; गबीमका मानिसहरू
लुक्दैछन् ।
३२ त्यस दिन तिनीहरू नोवमा अड़िनेछन्;
तिनीहरू आफ्ना मुड्की सियोनकी
छोरीको पर्वततिर,
यरूशलेमको डाँड़ातिर हल्लाउँछन् ।

३३ हेर, परमप्रभु, सर्वशक्तिमान् परमप्रभुले
महा शक्तिसित हाँगा लाछ्नुहुनेछ ।
ठूला रूखहरू ढ़ालिनेछन् र अग्ला जति
होच्याइनेछन् ।
३४ उहाँले वनको झाड़ीहरू बञ्चरोले
काटिदिनुहुनेछ;
सर्वशक्तिमान्‌को सामुन्ने लबानोन
ढलिजानेछ ।

### यिशैबाटको हाँगा

११ यिशैको ठुटाबाट एउटा टुसा पल्हाउनेछ;
त्यसका जराहरूबाट एउटा हाँगाले फल
फलाउनेछ ।
२ परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ–
बुद्धि र समझका आत्मा, सल्लाह र
शक्तिका आत्मा, ज्ञान र परमप्रभुको
भयको आत्मा–
३ अनि उहाँ परमप्रभुको भयमा प्रसन्न
हुनुहुनेछ ।
उहाँले आफ्ना आँखाले देखेअनुसार
इन्साफ गर्नुहुन्न,
अथवा आफ्ना कानले सुनेअनुसार
निर्णय लिनुहुन्न;
४ तर उहाँले खाँचोमा परेकाहरूको इन्साफ
धार्मिकतासित गर्नुहुनेछ,
पृथ्वीका गरीबहरूको निम्ति न्यायसित
उहाँले निर्णय दिनुहुनेछ ।
उहाँले पृथ्वीलाई आफ्नो मुखको
तरवारले प्रहार गर्नुहुनेछ;
आफ्ना ओठको सासले उहाँले दुष्टलाई
मार्नुहुनेछ ।
५ धार्मिकता उहाँको कम्मरको पेटी हुनेछ,
अनि विश्वासयोग्यता उहाँको जाङ्लाई
बेर्ने पटुका हुनेछ ।

६ ब्वाँसो थुमासित बस्नेछ,
चितुवा बाख्रासित ढल्कनेछ,
बाछा र सिंह अनि कलिलो पशु एकसाथ
हुनेछन्;
अनि एउटा सानो बालकले तिनीहरूलाई
डोऱ्याउनेछ ।
७ गाईले भालुसित खानेछ,
तिनीहरूका बच्चाहरू सँगै ढल्किनेछन्,
अनि सिंहले गोरुले झैँ पराल खानेछ ।
८ दूधे-बालक गोमन सर्पको कुरको छेउमा
खेल्नेछ,
अनि सानो बालकले विषालु सर्पको गुँड़मा
हात हाल्नेछ ।
९ मेरा सम्पूर्ण पवित्र पर्वतमा
तिनीहरूले नता हानि गर्नेछन्, नता नष्ट
गर्नेछन्,
किनकि समुद्र पानीले भरिएझैँ पृथ्वी
परमप्रभुको ज्ञानले पूर्ण हुनेछ ।

१०त्यस दिन यिशैको जरा जातिहरूको
निम्ति एउटा झण्डाझैँ खड़ा हुनेछ; जातिहरू
उहाँकहाँ भेला हुनेछन् र उहाँको विश्रामस्थल
महिमावान् हुनेछ । ११त्यस दिन अश्शूरबाट,
मिश्रको तल्लो भागबाट, माथिल्लो मिश्रबाट,
कूशबाट, एलामबाट, बेबिलोनबाट, हमातबाट

---

**११:१**–प्रकाश ५:५; २२:१६. **११:४**–२ थेसलोनिकी २:८. **११:५**–एफिसी ६:१४. **११:६-९**–यशैया ६५:२५.
**११:९**–हिब्रू २:१४. **११:१०**–रोमी १५:१२.

अनि समुद्रका टापुहरूबाट उहाँको छोड़िएका
बँचेको भागलाई छुटाउनको निम्ति परमप्रभुले
दोस्रो पल्ट आफ्नो हात पसार्नुहुनेछ ।

१२ उहाँले जातिहरूको निम्ति झण्डा खड़ा
गर्नुहुनेछ,
अनि देशबाट निकालिएका
इस्राएलीहरूलाई बटुल्नुहुनेछ;
उहाँले पृथ्वीका चारै छेउहरूबाट यहूदाका
तितरबितर भएका मानिसहरूलाई भेला
गराउनुहुनेछ ।
१३ एप्रेमको ईर्ष्या लोप हुनेछ, अनि यहूदाका
शत्रुहरू नाश हुनेछन्;
एप्रेमले यहूदासित ईर्ष्या गर्नेछैन
नता यहूदाले एप्रेमसित दुश्मनी गर्नेछ ।
१४ तिनीहरू पलिश्तीको पश्चिमी भीरमा
झम्टेर जानेछन्;
तिनीहरूले एकसाथ पूर्वतिरका
मानिसहरूलाई लुट्नेछन् ।
तिनीहरूले एदोम र मोआबमाथि हात
हाल्नेछन्,
अनि अम्मोनीहरू तिनीहरूको अधीनमा
हुनेछन् ।
१५ परमप्रभुले मिश्र नदीको खाड़ीलाई
सुकाइदिनुहुनेछ;
उहाँले प्रचण्ड बतासले यूफ्रेटिस नदीमाथि
आफ्नो हात चलाउनुहुनेछ ।
मानिसहरू जुत्ता लगाएरै तर्न सकून् भनेर
उहाँले त्यसलाई सातओटा धाराहरूमा
टुक्राइदिनुहुनेछ ।
१६ मिश्रबाट इस्राएल निस्केर आउँदा भएजस्तो
अश्शूरबाट उहाँका बँचेका मानिसहरूको
निम्ति एउटा महामार्ग हुनेछ ।

### प्रशंसाका गीतहरू

१२ त्यस दिन तिमीहरू भन्नेछौ:
"हे परमप्रभु म तपाईंको प्रशंसा गर्नेछु ।
तपाईं मसित रिसाउनुभए तापनि तपाईंको
रीस अब मऱ्यो,
अनि तपाईंले मलाई सान्त्वना दिनुभएको
छ ।
२ निश्चय नै परमेश्वर मेरा उद्धार हुनुहुन्छ;
म भरोसा गर्नेछु र डराउनेछैनँ ।
परमप्रभु, परमप्रभु नै मेरो सामर्थ र
मेरो गीत हुनुहुन्छ;
उहाँ नै मेरो उद्धार हुनुभएको छ ।"
३ आनन्दसित तिमीहरूले मुक्तिको इनारबाट
पानी भर्नेछौ ।

४ त्यस दिन तिमीहरू भन्नेछौ:
"परमप्रभुलाई धन्यवाद देऊ, उहाँको
नाउँलाई पुकार;
उहाँले गर्नुभएका कुराहरू जातिहरूलाई
बताइदेऊ,
अनि उहाँको नाउँ उच्च पारिएको छ,
भनी घोषणा गर ।
५ परमप्रभुको निम्ति गाओ,
किनकि उहाँले महिमापूर्ण कामहरू
गर्नुभएको छ;
यो कुरा सारा संसारले जानोस् ।
६ हे सियोनका मानिस हो,
उच्च सोरले कराओ र आनन्दले गाओ,
किनकि तिमीहरूका बीचमा इस्राएलका
पवित्र परमेश्वर महान् हुनुहुन्छ ।"

### बेबिलोनको विरुद्ध भविष्यवाणी

१३ आमोजको छोरा यशैयाले बेबिलोनको
विषयमा देखेको ईश्वरवाणी:
२ एउटा नाङ्गो डाँड़ाको टुप्पोमा एउटा
झण्डा खड़ा गर,
तिनीहरूतिर कराओ;
तिनीहरूलाई कुलीन मानिसहरूका
मूल ढोकाहरूभित्र प्रवेश गर्न भनी
इशारा गर ।

---

**११:१५**–प्रकाश १६:१२. **१२:२**–प्रस्थान १५:२; भजनसंग्रह ११८:१४. **१३:१–१४:२३**–यशैया ४७:१-१५;
यर्मिया ५०:१-५१:६४.

३ मैले आफ्नो क्रोध पोखाउनलाई आफ्ना
पवित्र जनहरूलाई आज्ञा दिएको छु,
आफ्ना योद्धाहरूलाई बोलाइपठाएको छु–
तिनीहरूलाई जो मेरो विजयमा
रमाउँछन् ।

४ पहाड़हरूमा एउटा ठूलो भीड़को
आवाजभैँ एउटा हल्ला सुन् !
जातिहरू एकसाथ भेला भएभैँ,
राज्यहरूको बीचमा एउटा खैलाबैला
सुन् !
सर्वशक्तिमान् परमप्रभुले युद्धको निम्ति
एउटा सेना बटुल्नुहुँदैछ ।
५ परमप्रभु र उहाँका रीसका हतियारहरू
टाढ़ा देश,
आकाशको पल्लो छेउदेखि सारा देशलाई
नाश गर्न आउँछन् ।

६ विलाप गर, किनकि परमप्रभुको दिन
नजीकै छ;
यो सर्वशक्तिमान्बाट भयङ्कर
सर्वनाशजस्तै आउनेछ ।
७ यसो भएको कारण, सबै हातहरू लुला
हुनेछन्,
हरेक मानिसको हृदय पग्लनेछ ।
८ तिनीहरू आतङ्कित हुनेछन्,
तिनीहरूलाई कष्ट र वेदनाले पक्रनेछन्;
तिनीहरू प्रसव-वेदनाकी स्त्रीभैँ
छट्पटाउनेछन् ।
तिनीहरू भयभीत भएर एका अर्कातिर
हेर्नेछन्,
तिनीहरूका अनुहारहरू राता-पिरा
हुनेछन् ।
९ हेर, परमप्रभुको दिन देशलाई उजाड़
पार्न र त्यहाँ भित्र भएका पापीहरूलाई
त्यहाँबाट सर्वनाश गर्न, क्रोध र भयानक
रीसको साथ निष्ठूर दिन आइरहेछ ।
१० आकाशका ताराहरू र तिनीहरूका
तारामण्डलले आफ्ना प्रकाश
देखाउनेछैनन् ।
उदाउँदै गरेको सूर्य अँध्यारो हुनेछ,
अनि चन्द्रमाले आफ्नो प्रकाश दिनेछैन ।
११ म त्यसको दुष्टताको लागि संसारलाई,
अनि दुष्टहरूलाई तिनीहरूका पापको
लागि दण्ड़ दिनेछु ।
म अभिमानिहरूको घमण्डको अन्त
गरिदिनेछु,
अनि निष्ठुरहरूको घमण्डलाई चूर
पारिदिनेछु ।
१२ म मानिसहरूलाई निखुर सुनभन्दा कम्ती
बनाउनेछु,
ओपीरको सुनभन्दा कम्ती ।
१३ यसकारण म आकाशहरूलाई कम्पयमान
बनाउनेछु;
सर्वशक्तिमान्को क्रोधको दिनमा,
उहाँको बल्दो रीसको दिनमा पृथ्वी आफ्नो
ठाउँबाट हल्लनेछ ।

१४ खेदिएको मुडुली मृगभैँ, गोठाला नभएको
भेड़ाहरूभैँ,
हरेक आफ्नै जातिकहाँ फर्कनेछ,
हरेक आफ्नै जन्मभूमिमा भागिजानेछ ।
१५ पक्राउ परेका जोसुकै पनि घोचिने छन्;
समातिएका जति सबै तरवारद्वारा
मारिनेछन् ।
१६ तिनीहरूका बालकहरू तिनीहरूकै
आँखाको सामुन्ने टुक्रा हुने गरी
पछारिनेछन्;
तिनीहरूका घरहरू लुटिनेछन्,
अनि तिनीहरूका पत्नीहरूलाई बलात्कार
गरिनेछ ।

१७ हेर, म तिनीहरूको विरुद्ध मादीहरूलाई
सुऱ्याउनेछु,
जसले चाँदीको वास्तै गर्दैनन् र सुनमा
प्रसन्न हुँदैनन् ।
१८ तिनीहरूका धनुले जवान मानिसहरूलाई
लड़ाउँछन्;

**१३:६**–योएल १:१५. **१३:१०**–इजकिएल ३२:७; मत्ती २४:२९; मर्कूस १३:२४-२५; लूका २१:२५; प्रकाश ६:१२-१३.

बालकहरूमाथि तिनीहरूको दया हुँदैन,
नता तिनीहरूले बालक-बालिकाहरूप्रति
कृपा देखाउँछन् ।
१९ राज्यहरूको रत्न बेबिलोन,
बेबिलोनीहरूका घमण्डको गौरवलाई
परमेश्वरले सदोम र गमोराझैँ
खसाइदिनुहुनेछ ।
२० त्यसमा कहिल्यै बसोबासो गरिनेछैन
अथवा पुस्तौंसम्म कोही बस्ने छैनन्;
कुनै अरबीले त्यहाँ आफ्नो पाल टाँग्नेछैन,
कुनै गोठालाले त्यहाँ आफ्नो बगाललाई
विश्राम दिनेछैन ।

२१ तर जङ्गली जनावरहरूले त्यहाँ विश्राम
गर्नेछन्,
तिनका घरहरू स्यालहरूले भरिनेछन्;
लाटोकोसेराहरू त्यहाँ बस्नेछन्,
र जङ्गली बाख्राहरू त्यहाँ उफ्रँदै
खेल्नेछन् ।
२२ हुँड़ारहरू तिनका किल्लाहरूमा र
स्यालहरू तिनका आनन्दको
महलहरूमा कराउनेछन् ।
त्यसको समय नजीक आएको छ,
अनि त्यसका दिनहरू विलम्ब
गरिनेछैनन् ।

१४ परमप्रभुले याकूबमाथि दया
देखाउनुहुनेछ;
फेरि एक पल्ट उहाँले इस्राएललाई
चुन्नुहुनेछ,
अनि तिनीहरूलाई तिनीहरूका आफ्नै
देशमा बसोबासो गर्न लाउनुहुनेछ ।
परदेशीहरूले तिनीहरूका साथ दिनेछन्
र याकूबका घरानासित मिल्नेछन् ।
२ जाति-जातिहरूले तिनीहरूलाई लगेर
तिनीहरूको आफ्नै ठाउँमा
ल्याइदिनेछन् ।
अनि इस्राएलका घरानाले जातिहरूलाई
परमप्रभुको देशमा आफ्ना कमारा र
कमारीझैँ प्राप्त गर्नेछ ।
तिनीहरूलाई पक्रनेहरूलाई तिनीहरूले
आफ्ना कैदी बनाउनेछन्,
अनि तिनीहरूमाथि थिचोमिचो
गर्नेहरूमाथि तिनीहरूले शासन गर्नेछन् ।

३परमप्रभुले तिमीहरूलाई कष्टहरू र
खलबली अनि निष्ठुर दासत्वबाट मुक्त गर्नुभएको
दिन, ४तिमीहरूले बेबिलोनको राजाको विरुद्धमा
यसरी खिसी गर्नेछौ:

अत्याचारी कसरी नाश भयो !
त्यसको प्रकोप कसरी समाप्त भयो !
५ परमप्रभुले दुष्टको लौरो भाँचिदिनुभएको
छ,
शासकहरूको राजदण्ड,
६ जसले मानिसहरूलाई रीसमा नबिसाई
मुक्का लगाएको थियो,
अनि जातिहरूलाई रीसमा लगातार
आक्रमणद्वारा अधीनमा राखेको थियो ।
७ सारा देश विश्राम र शान्तिमा छ;
तिनीहरूको गीत फुटिनिस्कन्छ ।
८ धूपीका रूखहरू र लबानोनका
देवदारुसमेत तिमीहरूप्रति
आनन्दविभोर भई भन्छन्,
"अब तँ ढलिगएकोले
काठको काम गर्ने कसैले पनि आएर
हामीलाई ढाल्नेछैन ।"
९ तेरो आगमनको प्रतीक्षामा तल पाताल
पनि उत्तेजित भएको छ:
त्यसले तिमीहरू संसारका अगुवाहरू भएर
रहेकाहरूलाई अभिवादन गर्नलाई
मरिगएका आत्माहरूलाई जगाउँछ;
यसले एक पल्ट जातिहरूमाथि राजा
भएकाहरूलाई तिनीहरूका
सिंहासनबाट उठाउँछ ।
१० तिनीहरू सबैले जवाफ दिएर भन्नेछन्,
"तँपनि हामीजस्तै कमजोर भएको छस्;
तँ हामीजस्तै भएको छस् ।"

---

**१३:१९**–उत्पत्ति १९:२४. **१३:२१**–यशैया ३४:१४; सपन्याह २:४; प्रकाश १८:२.

११ तेरो सबै रवाफ त तेरा वीणाहरूको
सोरसितै पातालमा खसालिएका छन्;
तेरो ओछ्यानमा औंसाहरू छरिएका छन्,
अनि कीराहरूले तँलाई ढाकेका छन् ।
१२ हे बिहानको तारा, प्रभातको पुत्र,
तँ कसरी स्वर्गबाट खसालिएको छस् !
जातिहरूलाई एक पल्ट होंच्याउने,
तँ पृथ्वीमा फ्याँकिएको छस् !
१३ तैंले आफ्नो हृदयमा भनिस्,
"म स्वर्गमा उक्लिजानेछु;
म आफ्नो सिंहासनलाई परमेश्‍वरका
ताराहरूभन्दा माथि उठाउनेछु
म सभाको पर्वतमाथि सिंहासनमा
विराजमान हुनेछु,
पवित्र पर्वतको सर्वोच्च स्थानमा ।
१४ म बादलहरूभन्दा माथि उक्लनेछु;
म आफैंलाई सर्वोच्च परमेश्‍वरजस्तै
बनाउनेछु ।"
१५ तर तँ चिहानसम्म, खाड़लको गहिराइसम्मै
होच्याइस् ।
१६ तँलाई देख्नेहरूले तँलाई एकोहोरो हेर्छन्,
तेरो दशामा तिनीहरूले विचार गर्छन्:
"के यो त्यही मानिस हो जसले पृथ्वीलाई
हल्लायो,
अनि राज्यहरूलाई कम्पायमान बनायो,
१७ त्यो मानिस जसले संसारलाई एउटा
मरुभूमि बनायो,
जसले शहरहरू भताभुङ्ग पार्‍यो;
अनि त्यसका कैदीहरूलाई घरमा जान
दिएन ?"
१८ जातिहरूका सबै राजाहरू प्रत्येक आफ्नो
महिमामा आफ्नै चिहानमा पडिरहन्छन् ।
१९ तर तँ एउटा त्यागिएको हाँगाझैँ आफ्नो
चिहानमा फालिएको छस्,
तँ तरवारले रोपिएकाहरूसँग, खाड़लका
ढुङ्गाहरूमा खसेकाहरूसँग मारिएकाहरूले
ढाकिएको छस् । तँ खुट्टाले कुल्चिएर
पैतालामुनि परेको लाशझैँ भएको छस् ।
२० तँ तिनीहरूसित गाड़िने छैनस्,
किनकि तैंले आफ्नो देशलाई नाश
गरेको छस्,
अनि तेरा मानिसहरूलाई मारेको छस् ।

दुष्टका छोराछोरीहरूको उल्लेख अब
कहिल्यै गरिने छैन ।
२१ तिनीहरूका पुर्खाहरूका पापको कारण
त्यसका छोराहरूलाई मार्ने ठाउँ तयार
गर;
देशमाथि अधिकार गर्न अनि पृथ्वीका
शहरहरू ढाक्नलाई तिनीहरू उठ्न
पाउने छैनन् ।
२२ सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ;
"म तिनीहरूको विरुद्ध उठ्नेछु ।"
"म बेबिलोनबाट त्यसको र
बाँचेकाहरूको नाउँ हटाइदिनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२३ "म त्यसलाई एउटा लाटोकोसेराको
स्थानमा,
अनि धापमा परिणत गर्नेछु;
म त्यसलाई विनाशको खरेटोले
बढ़ार्नेछु,"
सर्वशक्तिमान् परमप्रभु घोषणा
गर्नुहुन्छ ।

### अश्शूरको विरुद्ध अगमवाणी

२४ सर्वशक्तिमान् परमप्रभुले शपथ खानुभएको
छ,
"मैले योजना बनाएझैँ यो निश्‍चय हुनेछ,
अनि मैले इच्छा गरेझैँ यो अटल
रहनेछ ।
२५ म आफ्नो देशमा अश्शूरलाई धूलो-पीठो
पार्नेछु;
म आफ्ना पर्वतहरूमा त्यसलाई कुल्चनेछु ।

---

**१४:१२**–प्रकाश ८:१०; ९:१. **१४:१३-१५**–मत्ती ११:२३; लूका १०:१५. **१४:२४-२७**–यशैया १०:५-३४;
नहेम्याह १:१-३:१९; सपन्याह २:१३-१५.

मेरा मानिसहरूबाट त्यसको जुवा
निकालिनेछ,
अनि तिनीहरूका काँधबाट त्यसको
भारी हटाइनेछ ।
२६ सारा संसारको निम्ति तोकिएको
योजना यही हो;
सारा जातिहरूमाथि पसारिएको हात यही
हो ।
२७ सर्वशक्तिमान् परमप्रभुले नै यो विचार
गर्नुभएको छ,
अनि कसले उहाँलाई विफल बनाउन
सक्छ ?
उहाँको हात पसारिएको छ,
अनि कसले त्यसलाई पछि फर्काउन
सक्छ ?

**पलिश्तीहरूको विरुद्ध अगमवाणी**

२८ आहाज राजा मरेको वर्षमा यो ईश्वर
वाणी आयो:
२९ हे सबै पलिश्ती हो,
तिमीहरूलाई प्रहार गर्ने लौरो भाँचियो
भनेर नरमाओ;
त्यस सर्पको वंशबाट विषालु सर्प
निस्कनेछ,
प्रहार गर्ने विषालु सर्प त्यसको फल
हुनेछ ।
३० गरीबहरूभन्दा गरीबले खर्क पाउनेछ,
अनि खाँचोमा परेकाहरू सुरक्षामा
रहनेछन् ।
तर तेरो वंशलाई म अनिकालले नाश
गर्नेछु,
त्यसले तेरा बाँचेकाहरूलाई मार्नेछ ।
३१ हे मूल ढोका, विलाप गर् !
हे शहर, चीत्कार गर् !
हे सबै पलिश्ती हो, विलीन भइजाओ !
उत्तर दिशाबाट एउटा धूवाँको बादल
आउँछ,
अनि त्यसको सेनामा बरालिने कोही
छैन ।
३२ त्यस जातिका राजदूतहरूलाई कस्तो
जवाफ दिइनेछ ?
"परमप्रभुले सियोनलाई स्थापित
गर्नुभएको छ,
अनि कष्ट पाएको जातिले त्यसमा आश्रय
पाउनेछ ।"

**मोआबको विरुद्ध अगमवाणी**

१५ मोआबबारे एउटा ईश्वरवाणी:
मोआबको आर शहर नष्ट भएको छ,
त्यो एकै रातमा नाश भएको छ !
मोआबको कीर शहर नष्ट भएको छ,
त्यो एकै रातमा नाश भएको छ !
२ दीबोन त्यसको मन्दिरमा, त्यसका अग्ला
स्थानहरूमा रुनलाई उक्लिएको छ;
मोआब, नबो र मेदबाको निम्ति बिलौना
गर्छ ।
प्रत्येक शिर खौरिएको छ, अनि प्रत्येक
दाह्री काटिएको छ ।
३ "सड़कहरूमा तिनीहरूले भाङ्ग्रा
लगाउँछन्,
छतहरूमा र सार्वजनिक चोकहरूमा,
तिनीहरू सबै लम्पसार परेर रुँदै विलाप
गर्छन् ।
४ हेश्बोन र एलालेह चीत्कार गर्छन्;
तिनीहरूका सोरहरू यहाँसम्मै
सुनिन्छन् ।
यसकारण मोआबका हतियारधारी
मानिसहरू चीत्कार गर्छन्,
अनि तिनीहरूका हृदय दुर्बल छन् ।
५ मेरो हृदय मोआबमाथि चीत्कार गर्छ;
त्यसका भगुवाहरू सोअरसम्मै,
एग्लत-शलिशियाहसम्मै भागेर जान्छन् ।

**१४:२८**–२ राजा १६:२०; २ इतिहास २८:२७. **१४:२९–३१**–यर्मिया ४७:१-७; इजकिएल २५:१५-१७; योएल ३:४-८; आमोस १:६-८; सपन्याह २:४-७; जकरिया ९:५-७. **१५:१–१६:१४**–यशैया २५:१०-१२; यर्मिया ४८:१-४७; इजकिएल २५:८-११; आमोस २:१-३; सपन्याह २:८-११.

तिनीहरू लुहित जाने बाटोसम्मै जान्छन्,
तिनीहरू रुँदै जान्छन्;
होरोनमै जाने बाटोमा तिनीहरू आफ्ना सर्वनाशको लागि विलाप गर्छन् ।
६ निम्रीमका पानीहरू सुकिगएका छन् अनि घाँस ओइलाएको छ,
रूख-पात छँदै छैनन् र हरियो भन्ने केही रहेको छैन ।
७ यसरी तिनीहरूले प्राप्त गरेर थुपारेका धन तिनीहरूले बैंसका रूखहरूको खोल्सामा ओसार्छन् ।
८ तिनीहरूका चीत्कार मोआबको सिमानातिर सुनिन्छ;
तिनीहरूका विलाप बेर-एलीमसम्मै सुनिन्छ ।
९ दिमोनका पानीहरू रक्ताम्मे छन्,
तर म दिमोनमाथि अझ बढ़ी ल्याउनेछु—
मोआबका भगुवाहरूमाथि र देशमा रहेकाहरूमाथि एउटा सिंह ल्याउनेछु ।

१६ सेलादेखि सियोनका छोरीहरूको पर्वतमा देशका शासककहाँ सौगात स्वरुप थुमाहरू पठाओ ।
२ अर्नोनका जँघारहरूमा सियोनका स्त्रीहरू,
गुँड़बाट धपाइएका पखेटा भ्याट-भ्याट गर्ने चराहरूझैं भएका छन् ।

३ "हामीलाई सल्लाह देऊ, एउटा निर्णय लेऊ ।
मध्यदिनमा तिम्रो छाया रातझैं बनाऊ ।
भगुवाहरूलाई लुकाऊ, शरणार्थीहरूलाई धोखा नदेऊ ।
४ मोआबी भगुवाहरूलाई तिमीहरूसित बस्न देऊ;
तिनीहरूका नाशकर्ताहरूदेखि जोगाउने आश्रय तिमी होऊ ।"
थिचोमिचो गर्नेहरूको अन्त हुनेछ,
अनि सर्वनाश समाप्त हुनेछ;
आक्रमणकारी देशबाट लोप हुनेछ ।
५ प्रेममा एउटा सिंहासन स्थापित हुनेछ,
त्यसमा दाऊदको घरानाबाट
विश्‍वासयोग्य एक मानिस विराजमान हुनुहुनेछ,
अनि उहाँले इन्साफ गर्दा न्यायको खोजी गर्नुहुनेछ
र धार्मिकताका पक्षको गति तीब्र पार्नुहुनेछ ।

६ हामीले मोआबको अहङ्कारको कुरा सुनेका छौं—
त्यसका प्रचण्ड़ अहङ्कार र आत्माभिमान,
त्यसको घमण्ड र त्यसको अशिष्टता—
तर त्यसका घमण्डहरू त खोक्रा छन् ।
७ यसकारण मोआबीहरू विलाप गर्छन्,
तिनीहरू एकसाथ मोआबको निम्ति विलाप गर्छन् ।
कीर-हरेशेतका मानिसहरूको निम्ति विलौना र शोक गर ।
८ हेश्बोनका खेतहरू र शिब्नाका दाखहरू पनि ओइलाउँछन् ।
जातिहरूका शासकहरूले अति सुन्दर दाखहरू कुल्चेका छन्,
जो एक समय याजेरसम्मै पुगेका थिए,
अनि मरुभूमितिर फैलिएका थिए ।
तिनीहरूका टुसाहरू फैलिएर समुद्रसम्म पुगेका थिए ।
९ यसकारण शिब्नाका दाखहरूको निम्ति याजेर रोएझैं म रुन्छु ।
हे हेश्बोन, हे एलाले, म तँलाई आँसुले भिजाउँछु !
तेरा पाकेका फलहरूको निम्ति
निकालिएका आनन्दका चीत्कारहरू
चुप पारिएका छन् ।
१० फल-बगैंचाहरूबाट हर्ष र आनन्द लगिएका छन्,
दाखबारीहरूमा कोही पनि गाउँदैन नता कराउँछ;
कसैले पनि कोमल दाखमद्य कुल्चँदैन,
किनकि मैले हर्ष समाप्त गरिदिएको छु ।
११ मेरो हृदयले मोआबको निम्ति,
र मेरो अन्तस्करणले कीर-हरेशेतको

निम्ति वीणाले झैं विलाप गर्छ ।
१२ मोआब आफ्नो पूजाको अग्ला ठाउँहरूमा
देखा पर्दा ऊ आफैभित्र खिन्न मात्र हुन्छ,
आफ्नो पवित्रस्थानमा प्रार्थना गर्न जाँदा
त्यसलाई केही फाइदा हुँदैन ।

**१३**मोआबको विषयमा पहिल्यै भनिसकिएको
यो परमप्रभुको वचन हो । **१४**तर अब परमप्रभु
भन्नुहुन्छ, "बाचा-बन्धनमा परेको दासले आफ्ना
दिनहरू गनेझैं, तीन वर्षभित्रमा मोआबको
गौरव अनि त्यसका सबै मानिसहरू तुच्छ
ठहरिनेछन्, अनि त्यसका बाँचेकाहरू अति
थोरै र कमजोर हुनेछन् ।"

## दमस्कसको विरुद्धमा ईश्वरवाणी

**१७** दमस्कसको विषयमा एउटा ईश्वर-
वाणी:
"हेर, दमस्कस एउटा शहर रहनेछैन,
तर त्यो सर्वनाशको थुप्रो हुनेछ ।
२ अरोएरका शहरहरू त्यागिनेछन्,
बगालहरू ढल्किरहनलाई छोड़िनेछन्,
अनि कसैले तिनीहरूलाई तर्साउनेछैन ।
३ घेरिएको शहर एप्रेमबाट हराउनेछ,
अनि दमस्कसबाट राजकीय शक्ति
हटाइनेछ;
अरामका बाँचेको भाग इस्राएलीहरूको
गौरवझैं हुनेछन्,"
सर्वशक्तिमान् परमप्रभु घोषणा
गर्नुहुन्छ ।
४ "त्यस दिन याकूबको गौरव लोप हुनेछ;
त्यसको शरीरको बोसो बिलाएर जानेछ ।
५ कटनी गर्नेले खड़ा रहेको बाली जम्मा
गरेझैं त्यो हुनेछ,
त्यसको हातले अन्न टिपेझैं—
रपाईहरूको बेँसीमा कुनै मानिसले
शिला-बाला टिपेझैं त्यो हुनेछ ।
६ तापनि जैतूनको रूखलाई पिट्दा
दुई-तीनओटा भद्राक्षहरू टुप्पाका
हाँगाहरूमा रहेझैं,
चार-पाँचओटा फलयुक्त हाँगाहरूमा
रहेझैं केही शिला-बाला त रहनेछन्,"
परमप्रभु इस्राएलका
परमेश्वर घोषणा गर्नुहुन्छ ।
७ त्यस दिन मानिसहरूले आफ्ना
निर्मातालाई हेर्नेछन्,
अनि तिनीहरूका आँखा इस्राएलका
परमपवित्रतिर फर्काउनेछन् ।
८ तिनीहरूले आफ्ना हातका काम
वेदीहरूतिर हेर्नेछैनन्,
अनि अशेरादेवीका खामाहरू र आफ्ना
औंलाले बनाएको धूप-वेदीहरूप्रति
तिनीहरूको श्रद्धा हुनेछैन ।

९त्यस दिन तिनीहरूले इस्राएलीहरूको
कारण छोड़ेका आफ्ना बलिया शहरहरू,
बुटाबुटीको निम्ति त्यागिएका ठाउँहरूझैं
हुनेछन् । अनि सबै उजाड़ भइजानेछ ।

१० तिमीहरूले परमेश्वर तिमीहरूका
मुक्तिदातालाई बिर्सेका छौ;
तिमीहरूले आफ्ना गढ़ी चट्टानलाई
सम्झेका छैनौ ।
यसकारण तिमीहरूले उत्तम बोटहरू
र बाहिरबाट मगाएका बिरुवाहरू
लगाए तापनि,
११ तिमीहरूले त्यस दिन ती रोपेर बढ़न
दिए तापनि,
अनि बिहान तिमीहरूले ती रोपेर
पल्हाउन दिए तापनि,
रोग र निको नहुने कष्टको दिनमा कटनी
केही हुनेछैन ।
१२ अहो, धेरै जातिहरूको गर्जन—
तिनीहरू उर्लंदो समुद्रझैं गर्जन्छन् !
अहो, मानिसहरूको खैलाबैला—
तिनीहरू धेरै पानीहरूझैं गर्जन्छन् !
१३ मानिसहरू उर्लेको तरङ्गझैं गर्जे तापनि,

---

**१७:१–३**–यर्मिया ४९:२३-२७; आमोस १:३-५; जकरिया ९:१.

उहाँले तिनीहरूलाई हप्काउनुहुँदा
तिनीहरू टाढ़ा भागिहाल्छन्,
डाँड़ाहरूमा हावाले उड़ाएका भूसझैँ
आँधीको सामुन्ने सानो झारझैँ ।
१४ साँझमा अचानक आतङ्क !
बिहान हुनुअघि नै तिनीहरू गइसकेका
हुन्छन् !
हामीलाई लुट्नेहरूको भाग यस्तै हुनेछ,
हामीलाई लुटपिट गर्नेहरूको गति यही
हुनेछ ।

### कूश देशको विरुद्धमा अगमवाणी

१८ धिक्कार, कूशका नदीहरूका किनारमा
भएको हुरुरु आवाज निकाल्नेहरूको
देश,
२ जसले पानीमाथि मालिङ्गोका डुङ्गाहरूमा
समुद्रद्वारा दूतहरू पठाउँछ ।

फूर्तिला दूतहरू, अग्ला र चिल्ला छाला
भएका जातिकहाँ जाओ,
चारैतिर डर मानिएका जातिकहाँ,
अनौठो बोली भएका आक्रमणकारी
जातिकहाँ,
जसको देशलाई नदीहरूले भाग गरेको
छ ।

३ संसारका सबै मानिस हो, जो यस पृथ्वीमा
बस्छन्,
जब पर्वतहरूमा एउटा झण्डा खड़ा
गरिन्छ,
तिमीहरूले त्यसलाई देख्नेछौ, र एउटा
तुरही बज्दा तिमीहरूले त्यो सुन्नेछौ ।
४ परमप्रभु मलाई यसो भन्नुहुन्छः
"म चूप रहनेछु अनि घाम चर्केको गर्मीझैँ,
कटनीको समय गर्मीमा शीतको बादलझैँ
आफ्नो वासस्थानबाट हेरिरहनेछु ।"
५ किनकि कटनीको अघि कोपिला झर्दा,
अनि फूल पाकेको अङ्गूरझैँ हुँदा;
उहाँले टुसालाई छुरीले काटिदिनुहुनेछ,
अनि फैलिएका हाँगाहरूलाई काटेर
लैजानुहुनेछ ।
६ तिनीहरू पर्वतका शिकारी पक्षीहरूकहाँ
र वनपशुहरूकहाँ छोड़िनेछन्;
तब पक्षीहरूले ग्रीष्मकालभरि र वन-
पशुहरूले चाहिँ हिउँदभरि खान्छन् ।

७ त्यस समय सर्वशक्तिमान् परमप्रभुको
अगि उपहार ल्याइनेछ,
त्यो अग्ला र चिल्ला छाला भएको जाति,
जससँग नजीक र टाढ़ाकाहरू डराउँछन्;
अनौठो भाषा बोल्ने जाति जसको देश
नदीहरूले भाग-भाग पारिएको छ,
सर्वशक्तिमान् परमप्रभुको नाउँ भएको
ठाउँमा, सियोन पर्वतमा नै परमप्रभुकहाँ
उपहार ल्याइनेछ ।

### मिश्रदेशको विषयमा अगमवाणी

१९ मिश्रदेशको विषयमा एउटा ईश्वर-
वाणीः
हेर, परमप्रभु एउटा तेजिलो बादलमा
सवार हुनुहुन्छ
अनि उहाँ मिश्रदेशमा आउनुहुँदैछ ।
मिश्रदेशका मूर्तिहरू उहाँको सामुन्ने
काँप्छन्,
अनि मिश्रीहरूका हृदय तिनीहरूभित्रै
पग्लन्छन् ।
२ "म मिश्रीहरूलाई मिश्रीहरूकै विरुद्धमा
सुऱ्याउनेछु–
दाज्यूभाइहरू आपसमा लड़ाइँ गर्नेछन्,
छिमेकीको विरुद्ध छिमेकी,
शहरको विरुद्ध शहर, राज्यको विरुद्ध
राज्य ।
३ तिनीहरू निराश हुनेछन्,
अनि म तिनीहरूको योजना विफल
गराउनेछु;
तिनीहरूले मूर्तिहरू अनि मरेकाहरूका
आत्मासित,

---

**१८:१-७**–सपन्याह २:१२. **१९:१-२५**–जकरिया ४६:२-२६; इजकिएल २९:१-३२:३२.

झाँक्रीहरू र मृत-आत्माहरूसित सल्लाह लिनेछन् ।
४ म मिश्रीहरूलाई निष्ठुर मालिकको शक्तिमा सुम्पिदिनेछु,
अनि एउटा भयानक राजाले तिनीहरूमाथि शासन गर्नेछ,"
परमप्रभु, सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।

५ नदीका पानी सुकिजानेछन्,
अनि त्यो नदीको सतह खंग्रङ्ग सुक्खा हुनेछ ।
६ नहरहरू गन्हाउनेछन्,
मिश्रदेशका खोलाहरू घटेर सुकिजानेछन् ।
निगालो र काँसहरू ओइलाउनेछन्,
७ साथै नील नदीका किनारका र नदीका मुखका बिरुवाहरू पनि ओइलाउनेछन् ।
नील नदीका किनारका छरिएका प्रत्येक खेत डढ़ेर उड़िजानेछ र केही रहनेछैन ।
८ सबै माझीहरू आर्तनाद गर्दै विलाप गर्नेछन्,
तिनीहरू जसले नदीमा बल्छी हान्छन्;
पानीमा जाल हान्नेहरू कमजोर भएर जानेछन् ।
९ बाटेका सनपाटको काम गर्नेहरू निराश हुनेछन्,
मसिनो सुती लुगा बुन्नेहरूले आशा हराउनेछन् ।
१० लुगाका काम गर्नेहरू खिन्न हुनेछन्,
अनि ज्यालामा काम गर्नेहरू सबैका हृदय मलिन हुनेछन् ।

११ सोअनका अधिकृतहरू मूर्खहरूबाहेक केही होइनन्;
फिरौनका बुद्धिमानी सल्लाहकारहरूले अर्थहीन सल्लाह दिन्छन् ।
तिमीहरूले फिरौनलाई, "म बुद्धिमानी मानिसहरूमध्ये एक हुँ,
प्राचीन राजाहरूको एक चेला हुँ" भनेर कसरी भन्न सक्छौ ?
१२ तेरा बुद्धिमान् मानिसहरू अहिले कहाँ छन् ?
मिश्रदेशको विरुद्ध सर्वशक्तिमान् परमप्रभुले कस्तो योजना गर्नुभएको छ भनी तिनीहरूले तँलाई देखाऊन् ।
१३ सोअनका अधिकृतहरू मूर्ख भएका छन्,
नोपका अगुवाहरू धोखामा परेका छन्;
त्यसका मानिसहरूका कुने-ढुङ्गाहरूले मिश्रदेशलाई बहकाइदिएका छन् ।
१४ परमप्रभुले तिनीहरूभित्र विचलित गराउने आत्मा खन्याइदिनुभएको छ;
एक जना मतवाला आफ्नो बान्ताको वरिपरि लरबराएझैं तिनीहरूले
मिश्रदेशलाई आफूले गरेका सबै काममा ढलमल गर्ने पारिदिनेछन् ।
१५ मिश्रदेशले गर्न सक्ने केही छैन–
शिर न पुच्छर, खजूरको हाँगा वा निगालो ।

**१६**त्यस दिन मिश्रीहरू स्त्रीहरूझैं हुनेछन् ।
तिनीहरू सर्वशक्तिमान् परमप्रभुले तिनीहरूको
विरुद्ध उठाउनुभएको हात देखेर डरले काँप्नेछन् ।
**१७**अनि तिनीहरूको विरुद्ध परमप्रभुले जुन
योजना बनाउनुहुँदैछ; त्यसको कारण यहूदाको देशले मिश्रीहरूमा आतङ्क ल्याउनेछ, यहूदाको नाउँ सुनेर हरेक आतङ्कित हुनेछ ।

**१८**त्यस दिन मिश्रदेशका पाँचओटा शहरहरूले कनानको भाषा बोल्नेछन्, अनि सर्वशक्तिमान् परमप्रभुप्रति आफ्नो राजभक्तिको शपथ खानेछन् । तीमध्ये एउटालाई सर्वनाशको शहर भनिनेछ ।

**१९**त्यस दिन मिश्रदेशको बीचमा परमप्रभुको निम्ति एउटा वेदी हुनेछ र त्यसको सिमानामा परमप्रभुको निम्ति एउटा स्मारक खड़ा
गरिनेछ । **२०**त्यो मिश्रदेशमा सर्वशक्तिमान्
परमप्रभुको निम्ति एउटा चिन्ह र साक्षी हुनेछ । आफ्ना थिचोमिचो गर्नेहरूको कारण तिनीहरूले परमप्रभुलाई पुकार्दा, उहाँले तिनीहरूलाई एक जना मुक्तिदाता र रक्षक पठाउनुहुनेछ अनि उहाँले तिनीहरूलाई

छुटाउनुहुनेछ । **२१**यसरी परमप्रभुले आफैलाई
मिश्रीहरूकहाँ चिनाउनुहुनेछ अनि त्यस दिन
तिनीहरूले परमप्रभुलाई स्वीकार गर्नेछन् ।
तिनीहरूले बलिदानहरूले अनि अन्नबलिले
पुज्नेछन्; तिनीहरूले परमप्रभुमा भाकल
गर्नेछन् अनि ती पूरा गर्नेछन् । **२२**परमप्रभुले
मिश्रलाई विपत्तिले प्रहार गर्नुहुनेछ; उहाँले
तिनीहरूलाई प्रहार गर्नुहुनेछ र निको पार्नुहुनेछ ।
तिनीहरू परमप्रभुतिर फर्कनेछन् र उहाँले
तिनीहरूका बिन्ती सुनेर तिनीहरूलाई निको
पार्नुहुनेछ ।

**२३**त्यस दिन मिश्रदेखि अश्शूरसम्म एउटा
राजमार्ग हुनेछ । अश्शूरहरू मिश्रमा जानेछन्
र मिश्रीहरू अश्शूरमा । मिश्रीहरू र
अश्शूरहरूले एकसाथ पूजा गर्नेछन् । **२४**त्यस
दिन मिश्र र अश्शूरसितै इस्राएल तेस्रो हुनेछ,
पृथ्वीमा एउटा आशिष् । **२५**सर्वशक्तिमान्
परमप्रभुले यसो भनेर तिनीहरूलाई आशिष्
दिनुहुनेछ, "मिश्र मेरो प्रजा, अश्शूर मेरो हातको
काम र इस्राएल मेरो उत्तराधिकारी धन्यका
होऊन् ।"

**मिश्रदेश र कूशदेशको विरुद्धमा अगमवाणी**

**२०** अश्शूरका राजा सर्गोनले पठाएका
सेनापतिले अश्दोदमा आएर त्यसलाई
कब्जा गरेको वर्ष– **२** परमप्रभु आमोजको
छोरा यशैयाद्वारा बोल्नुभयो । उहाँले तिनलाई
भन्नुभयो, "आफ्नो शरीरबाट भाङ्ग्रा अनि
आफ्ना खुट्टाबाट जुत्ता निकाल् ।" अनि तिनले
त्यसै गरे अनि नाङ्गै र खाली खुट्टा यताउता
हिँड्न थाले ।

**३**तब परमप्रभुले भन्नुभयो, "मेरो दास
यशैया मिश्रदेश र कूश देशको निम्ति एउटा
चिन्ह र शकुनस्वरूप तीन वर्षसम्म नाङ्गो र
खाली-खुट्टा हिँडेझैँ, **४**अश्शूरका राजाले मिश्री
कैदीहरू र कूशी प्रवासीका जवान अनि
वृद्धहरूलाई, नाङ्गो र खाली खुट्टा मिश्रको शर्मको
निम्ति चाक पनि देख्ने गरी लैजानेछ । **५**कूश
देशमा भरोसा राख्नेहरू अनि मिश्रदेशमा घमण्ड
गर्नेहरू डराउनेछन् र शर्ममा पर्नेछन् । **६**त्यस
दिन समुद्रका किनारमा बस्नेहरूले यसो भन्नेछन्;
'हेर, हामीले जसमाथि भरोसा राखेका थियौं,
अश्शूरका राजाबाट उम्कनलाई सहायता माग्न
हामी जसकहाँ भागेका थियौं, तिनीहरूलाई के
भएछ ! त्यसो भए हामी कसरी उम्कौंला ?'"

**बेबिलोनको विरुद्धमा अगमवाणी**

**२१** समुद्रको किनारमा भएको उजाड़-
स्थानको विषयमा ईश्वरवाणी:
भुमरीले दक्षिण देशलाई स्वात्तै लगेझैँ,
उजाड़-स्थानबाट आतङ्कको देशबाट एक
जना आक्रमणकारी आउँछ ।

२ मलाई एउटा डरलाग्दो दर्शन देखाइएको
छ:
देशद्रोहीले विश्वासघात गर्छ, लूटपिट
गर्नेले लुटेर लैजान्छ ।
एलाम, आक्रमण गर् ! मादी घेरा हाल् !
म त्यसका सबै आर्तनादहरू समाप्त
गरिदिनेछु ।
३ यसमा मेरो शरीर कष्टले भरिएको छ,
मलाई प्रसववेदनामा परेकी स्त्रीलाई
झैँ व्यथा लागेको छ;
म जे सुन्छु, त्यसको कारण म
लरबराएको छु,
म जे देख्छु, त्यसको कारण म
हड़बड़ाएको छु ।
४ मेरो हृदय निराश बन्छ, डरले मलाई
कम्पायमान बनाउँछ;
मैले अति इच्छा गरेको मिरमिरे उज्यालो
मेरो निम्ति आतङ्क भएको छ ।

५ तिनीहरू टेबुल सजाउँछन्, तिनीहरू
दरी ओछ्याउँछन्,
तिनीहरू खान्छन्, तिनीहरू पिउँछन् !
तिमी अधिकृतहरू उठ, ढालमा तेल
लगाऊ !
६ परमप्रभुले मलाई यसो भन्नुहुन्छ,
"जा, पहरादार राख्, अनि त्यसले के
देख्छ, त्यो बताओस् ।
७ जब त्यसले घोड़ाको दलसित रथहरू,

गधामाथि सवार भएकाहरू अथवा
ऊँटमाथि सवार भएकाहरूलाई देख्छ,
तब त्यो सावधान,
एकदमै सावधान होस् ।"

८ अनि पहरादार चिच्यायो,
"मेरा प्रभु, म दिनहुँ पहरा-चौकीमा खड़ा रहन्छु;
प्रत्येक रात म आफ्नो चौकीमा बस्छु ।
९ हेर्नुहोस्, एउटा मानिस घोड़ाहरूको दलसित रथमा सवार भई आइरहेछ ।
अनि त्यसले प्रत्युत्तर दिन्छ,
'बेबिलोन ढलेको छ, ढलेको छ !
त्यसका देवताहरूका सबै मूर्तिहरू
छिन्नभिन्न भई भूइँमा लड़िहरेका छन्' ।"

१० खलामा दाइँ गरिएका हे मेरा मानिस हो,
मैले इस्राएलका परमेश्वरबाट जे सुनेको छु,
त्यो म तिमीहरूलाई भन्छु ।

### एदोमको विरुद्धमा अगमवाणी

११ दुमाको विषयमा ईश्वरवाणी:

सेईरबाट मलाई कसैले बोलाउँछ,
"पहरादार, रात कति बाँकी छ ?
"पहरादार, रात कति बाँकी छ ?"
१२ पहरादारले जवाफ दिन्छ,
"बिहान हुन लागेको छ, तर रात पनि आउँदैछ ।
यदि तिम्रो केही सोध्नु छ भने सोध,
अनि फेरि फर्केर आऊ ।"

### अरब देशको विरुद्धमा अगमवाणी

१३ अरब देशको विषयमा ईश्वरवाणी:

तिमीहरू ददानीहरूका यात्री-दलहरू,
जुनहरू अरबका झाड़ीहरूमा छाउनी हालेर बस्छौ,
१४ तिर्खाएकाहरूको निम्ति पानी ल्याओ,
तिमीहरू तेमामा बस्नेहरू,
शरणार्थीहरूको निम्ति भोजन ल्यायो ।
१५ तिनीहरू तरवारबाट, नाङ्गो तरवारबाट,
नुहेका धनुबाट, र घोर लड़ाइँबाट
भाग्छन् ।

**१६**परमप्रभु मलाई यसो भन्नुहुन्छ:
"बाचाबन्धनमा परेको दासले दिन गनेझैं एक
वर्षभित्रमा केदारका सबै रवाफ समाप्त हुनेछ ।
**१७**धनुर्धारीहरू र केदारका योद्धहरू थोरै मात्र
बाँच्नेछन् ।" परमप्रभु, इस्राएलका परमेश्वर
बोल्नुभएको छ ।

### यरूशलेमको विषयमा अगमवाणी

२२ दर्शनको बेसीको विषयमा ईश्वर-वाणी:

अहिले तिमीहरूलाई केको पीर पऱ्यो
र तिमीहरू सबै छतमा उक्लेर गयौ ?
२ हे खैलाबैलाले भरिएको शहर,
हे हलचल र आमोदप्रमोदले भरिएको नगर;
तिमीहरूका मानिसहरू तरवारद्वारा
मारिएका होइनन्,
नता तिनीहरू लड़ाइँमा मरेका हुन् ।
३ तेरा सबै अगुवाहरू एकसाथ भागेका छन्;
तिनीहरू कुनै धनु नचलाई पक्रिएका छन् ।
तिमी कैदीहरू, शत्रुहरू टाढ़ा छँदै भागेका थियौ,
अनि तिमीहरू एकसाथ कैदमा लगियौ ।
४ यसकारण मैले भनें, "मबाट गइहाल;
मलाई धुरुधुरु रुन देऊ ।
मेरा जातिको संहारमा मलाई सान्त्वना
दिने प्रयास नगर ।"

५ परमप्रभु, सर्वशक्तिमान् परमेश्वरकहाँ
दर्शनको बेंसीमा खैलाबैला र कुल्चीमिल्ची
अनि आतङ्कको एउटा दिन छ,

**२१:९**–प्रकाश १४:८; १८:२.

पर्खाल भत्काउने अनि पहाड़हरूसित
कराउने एउटा दिन छ ।
६ एलामले आफ्ना सारथीहरू र घोड़ाहरूसित
आफ्नो धनु राख्ने ठोक्रो भिर्छ;
कीरले ढालको खोल निकाल्छ ।
७ तेरा अति उत्तम बेंसीहरू रथहरूले
भरिएका छन्,
अनि शहरका मूल ढोकाहरूमा
घोड़सवारहरू खटिएका छन्;
८ यहूदाको सुरक्षा हटाइएको छ ।

अनि त्यस दिन तैंले वनमा भएको
राजमहलका हतियारहरूतिर हेरिस्;
९ तैंले दाऊदको शहरमा भएका सुरक्षामा
धेरै प्वालहरू देखिस्;
तैंले तल्लो पोखरीमा पानी जम्मा गरिस् ।
१० तैंले यरूशलेममा भवनहरू गनिस्,
अनि पर्खाल बलियो पार्न घरहरू
भत्काइस् ।
११ तैंले पुरानो कुवाको पानीको निम्ति
दुईओटा पर्खालहरूको बीचमा एउटा
जलाशय निर्माण गरिस्,
तर तैंले त्यसलाई निर्माण गर्नुहुनेतिर
हेरिनस्,
अनि धेरै पहिले त्यसलाई योजना
गर्नुहुनेलाई आदर गरिनस् ।

१२ परमप्रभु, सर्वशक्तिमान् परमप्रभुले
त्यससित तँलाई रुन र विलाप गर्न,
आफ्नो केश लुछ्न अनि भाङ्ग्रा लाउन
बोलाउनुभयो ।
१३ तर हेर, आनन्द र आमोदप्रमोद,
पशुहरू संहार गर्ने र भेड़ाहरू मार्ने,
मासु खाने र मद्य पिउने काम भइरहेछ !
तिमीहरू भन्छौ, “लौ, खाऔं र पियौं,
किनकि भोलि हामी मरिहाल्नेछौं ।”

**१४**सर्वशक्तिमान् परमप्रभुले मैले सुन्ने
गरी यो प्रकट गर्नुभएको छः “तेरो मृत्युको
दिनसम्म यो पापको प्रायश्चित हुनेछैन”
परमप्रभु, सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ ।

**१५**परमप्रभु, सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छः
“जा, यस भण्ड़ारेलाई,
राजमहलको जिम्मामा रहेको शेब्नालाई
यसो भन्:
१६ तँ यहाँ के गरिरहेछस् अनि तँलाई यहाँ
आफ्नो लागि चिहान बनाउन अनुमति
कसले दियो,
यस उँचाइमा आफ्नो चिहान खोप्ने,
र चट्टानमा आफ्नो विश्रामस्थल छिनोले
बनाउने ?

१७ “होशियार, परमप्रभुले तँलाई बलियो
गरी पक्रनुहुन्छ,
र तँ शक्तिशाली मानिसलाई टाढ़ा
फ्याँकिदिन तत्पर हुनुहुन्छ ।
१८ उहाँले तँलाई जोरसित कसेर एउटा
भकुण्ड़ोझैं बनाउनुहुनेछ,
अनि तँलाई एउटा ठूलो देशमा
फ्याँकिदिनुहुन्छ ।
तँ त्यहीं मर्नेछस्, अनि त्यहाँ तेरा तेजस्वी
रथहरू रहनेछन्–
तँ आफ्नो मालिकको घरानाको निम्ति
शर्मको कुरो होस् !
१९ म तँलाई तेरो उत्तरदायित्वबाट हटाउनेछु,
अनि तँ आफ्नो पदबाट निकालिनेछस् ।

**२०**“त्यस दिन म हिल्कियाहको छोरो,
मेरो दास एल्याकिमलाई बोलाइपठाउनेछु ।
**२१**म त्यसलाई तेरो पोशाक पहिऱ्याइदिनेछु र
त्यसलाई तेरो पटुका बाँधिदिनेछु अनि तेरो
अधिकार त्यसलाई सुम्पिदिनेछु । त्यो
यरूशलेममा बस्नेहरूको निम्ति अनि यहूदाको
घरानाको निम्ति पिता हुनेछ । **२२**म त्यसका
काँधमा दाऊदको घरानाको साँचो राखिदिनेछु;
त्यसले जे खोल्छ त्यो कसैले थुन्न सक्दैन, अनि
त्यसले जे थुन्छ त्यो कसैले खोल्न सक्दैन ।

---

**२२:१३**–१ कोरिन्थी १५:३२. **२२:२२**–प्रकाश ३:७.

**२३**म त्यसलाई एउटा बलियो ठाउँमा गाड़िएको कीलाझैँ गाड्नेछु, त्यो आफ्ना पिताको घरानाको निम्ति एउटा आदरको स्थान हुनेछ। **२४**आफ्नो परिवारको सम्पूर्ण महिमा– त्यसका सन्तान र शाखाहरू, त्यसका हरेक ससाना पात्रहरू– कचौरादेखि गाग्रोसम्मको महिमा त्यसमा नै निर्भर गर्नेछ।"

**२५**सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ, "त्यस दिन बलियो स्थानमा गाड़िएको त्यो कीला उखेलिनेछ र त्यो काटिएर ढल्नेछ अनि त्यसमा झुण्ड़िएको भारी छिनिजानेछ।" परमप्रभु बोल्नुभएको छ।

### टायरको विषयमा अगमवाणी

**२३** टायरको विषयमा ईश्वरवाणी:
हे तर्शीशका जहाज हो, विलाप गर!
किनकि टायर नाश भएको छ,
अनि घर अथवा बन्दरगाहरहित भएको छ।
साइप्रसको देशबाट,
तिनीहरूकहाँ यो वचन आएको छ।

**२** चुप लाग, तिमीहरू टापुका मानिसहरू;
अनि तिमीहरू सीदोनका व्यापारीहरू,
जसलाई समुद्री व्यवसायीहरूले धनी तुल्याएका छन्।
**३** विशाल पानीहरूमा, शीहोरका अन्न आयो,
नील नदीको कटनी टायरको कर थियो,
अनि त्यो जातिहरूको व्यापार-केन्द्र भएको थियो।

**४** हे सीदोन र समुद्रनेरको किल्ला,
लज्जित होओ, किनकि समुद्रले यसो भनेको छ,
"म नता सुत्केरी वेदनामा परेको छु,
न मैले बालक जन्माएकी छु।
मैले नता छोराहरू हुर्काएकी छु, न छोरीहरूलाई बढ़ाएकी छु।"
**५** जब मिश्रदेशमा वचन आउँछ,
तिनीहरू टायरको समाचार सुनेर दु:खित हुनेछन्।

**६** तिमीहरू तर्शीशतिर जाऊ,
तिमीहरू, टापुका मानिसहरू हो,
विलाप गर।
**७** के तिमीहरूका मनोरञ्जनको शहर यही हो?
त्यो पुरानो, अति पुरानो शहर जसका खुट्टाहरूले त्यसलाई टाढ़ा देशहरूमा गएर बसोबासो गर्न लगायो!
**८** मुकुटहरू प्रदान गर्ने टायरको विरुद्धमा कसले यो योजना बनायो?
जसका व्यापारीहरू राजकुमारहरू हुन्,
जसका व्यापारीहरू संसारमा प्रख्यात छन्!
**९** सबै महिमाको घमण्डलाई होच्याउनलाई,
अनि संसारमा प्रख्यात भएकाहरूलाई नम्र तुल्याउनलाई सर्वशक्तिमान् परमप्रभुले नै यो योजना बनाउनुभयो।
**१०** हे तर्शीशकी छोरी, नील नदीको किनारमा झैँ आफ्नो खेती गर्,
किनकि अब तँसित बन्दरगाह छैन।
**११** परमप्रभुले आफ्नो हात समुद्रमाथि पसार्नुभएको छ
अनि त्यसका राज्यहरूलाई काँप्न लाउनुभयो।
उहाँले त्यसको किल्ला नष्ट होस् भनेर फोनिकेको विषयमा एउटा आज्ञा दिनुभएको छ।
**१२** उहाँले भन्नुभयो, "हे सीदोनकी कन्या छोरी,
अब तेरो मनोरञ्जन रहेन,
"तँ श्रापित भइस्! उठ, साइप्रसतिर जा,

---

**२३:१-१८**–इजकिएल २६:१-२८:१९; योएल ३:४-८; आमोस १:९-१०; जकरिया ९:१-४; मत्ती ११:२१-२२; लूका १०:१३-१४.

त्यहाँ पनि तैंले विश्राम पाउनेछैनस् ।"
**१३** बेबिलोनीहरूको देशलाई हेर्,
यो जाति जसको अब कुनै मूल्य छैन !
अश्शूरहरूले त्यसलाई मरुभूमिका
जन्तुहरूको ठाउँ बनाएका छन्;
तिनीहरूले आफ्ना घेराका धरहराहरू
अग्ला बनाए, तिनीहरूले त्यसका
किल्लाहरू नाङ्गो पारिदिए,
अनि त्यसलाई नष्ट गरिदिए ।

**१४** तिमीहरू तर्शीशका जहाजहरू विलाप
गर;
तिमीहरूको किल्ला नष्ट पारिएको छ !

**१५**त्यस समय टायर सत्तरी वर्षसम्म, अर्थात्
एउटा राजाको जीवन अवधिसम्म बिर्सिनेछ ।
तर सत्तरी वर्ष बितेपछि टायरको दशा एउटी
वेश्याको गीतजस्तै हुनेछ ।

**१६** "हे बिर्सिएकी वेश्या, एउटा वीणा
लिएर शहर बीचमा हिँड्;
राम्रो गरी वीणा बजा, धेरै गीत गा र
तेरो स्मरण होस् ।"

**१७**सत्तरी वर्ष बितेपछि, परमप्रभुले टायरसित
व्यवहार गर्नुहुनेछ । त्यो आफ्नो वेश्यावृत्तिको
पेशातिर फर्किनेछ, अनि त्यसले पृथ्वीभरिका
राज्यहरूसित आफ्नो व्यापार गर्नेछ । **१८**र पनि
त्यसको लाभ र त्यसको कमाइ परमप्रभुको
निम्ति छुट्याइनेछ; ती भण्डारमा राखिनेछैनन्
अथवा थुपारिनेछैनन् । त्यसका लाभहरू
परमप्रभुको सामुन्ने रहनेहरूको निम्ति प्रशस्त
भोजन र मिहिन वस्त्रको लागि जानेछन् ।

### परमप्रभुद्वारा पृथ्वीको विनाश

**२४** हेर, परमप्रभुले पृथ्वीलाई उजाड़ पार्न
र त्यसलाई विनाश गर्न लाग्नुभएको
छ;
उहाँले त्यसको आकृती नष्ट पारिदिनुहुनेछ
अनि त्यसका बासिन्दाहरूलाई छरपस्ट
पारिदिनुहुनेछ–
**२** योचाहिँ सबैको निम्ति एकैनास हुनेछ,
जस्तो जनसाधारणको निम्ति त्यस्तै
पूजाहारीहरूको निम्ति,
जस्तो नोकरको निम्ति त्यस्तै मालिकको
निम्ति,
जस्तो दासीको निम्ति त्यस्तै मालिक्नीको
निम्ति,
जस्तो किन्नेको निम्ति त्यस्तै बेच्नेको
निम्ति,
जस्तो ऋण दिनेको निम्ति त्यस्तै ऋण
लिनेको निम्ति हुन्छ ।
**३** पृथ्वी पूर्ण रूपले उजाड़ रहनेछ,
अनि पूर्ण रूपले लूटपिट गरिनेछ ।
परमप्रभुले यो वचन बोल्नुभएको हो ।
**४** पृथ्वी सुक्नेछ र ओइलाउनेछ,
संसार कष्टित हुनेछ र ओइलाउनेछ,
पृथ्वीका उच्च दर्जाका मानिसहरू
दुर्बल हुनेछन् ।
**५** पृथ्वी त्यसमा भएका मानिसहरूद्वारा
अशुद्ध भएको छ;
तिनीहरूले व्यवस्था पालन गरेका छैनन्,
आज्ञाहरू उल्लङ्घन गरेका छन् र
अनन्तको करार तोड़ेका छन् ।
**६** यसकारण श्रापले पृथ्वीलाई खाइहाल्छ;
यसका मानिसहरूले आफ्ना दोषको दण्ड
भोग्नुपर्छ ।
यसकारण पृथ्वीका बासिन्दाहरू
जलिगएका छन्,
अनि थोरै मात्र रहेका छन् ।
**७** नयाँ दाखमद्य सुकिजानेछ र दाख
ओइलाउँछ;
आनन्द मनाउनेहरू सबै सुस्केरा
हाल्छन् ।
**८** खैंजड़ीहरूको आनन्द बन्द भएको छ,
हर्ष मनाउनेहरूको हल्ला रोकिएको छ,
हर्षपूर्ण वीणाको आवाज बन्द छ ।
**९** तिनीहरूले गीतसित मद्य पिउन छोड़े;
मद्य पिउनेहरूलाई त्यो तीतो लाग्छ ।
**१०** ध्वंश भएको शहर उजाड़ भएको छ;
हरेक घरको प्रवेशद्वार बन्द भएको छ ।
**११** सड़कहरूमा तिनीहरू मद्यको निम्ति

कराउँछन्,
सबै आनन्द शोकमा परिणत हुन्छन्;
सबै उल्लास पृथ्वीबाट गइहाल्यो,
१२ शहर ध्वंश भएको अवस्थामा छोड़िएको छ,
त्यसका मूल ढोकाहरू टुक्रा-टुक्रा पारिएका छन् ।
१३ जैतूनको रूख हल्लाएर फलहरू
झारिएझैँ अथवा अङ्गूर टिपिसकेपछि
शिला छोड़िएझैँ,
त्यो पृथ्वीमा र जाति-जातिहरूमा हुनेछ ।

१४ तिनीहरूले आफ्ना सोर उचाल्छन्,
तिनीहरू आनन्दले कराउँछन्;
पश्चिमबाट तिनीहरूले परमप्रभुको
ऐश्वर्यको जयजयकार गर्छन् ।
१५ यसकारण पूर्वमा परमप्रभुलाई महिमा देऊ;
परमप्रभु, इस्राएलका परमेश्वरको नाउँ
समुद्रका टापुहरूमा पनि उच्च पार ।
१६ पृथ्वीको अन्तिम छेउबाट हामी गाएका सुन्छौं:
"धार्मिकलाई महिमा होस् ।"
तर मैले भनें, "म सुक्दैजाँदैछु,
म सुक्दैजाँदैछु !
मलाई धिक्कार छ !
द्रोहपूर्ण विश्वासघात !
द्रोहपूर्णतासित द्रोहीहरूले विश्वासघात गर्छन् !"
१७ हे पृथ्वीका मानिस हो,
तिमीहरूलाई आतङ्क, खाड़ल र पासोले
पर्खिरहेका छन् ।
१८ आतङ्कको सोरमा भाग्नेहरू खाड़लमा पर्नेछन्;
खाड़लबाट माथि चढ्नेहरू पासोमा पर्नेछन् ।
स्वर्गका भलका मूल ढोकाहरू उघारिनेछन्,
पृथ्वीका जगहरू हल्लन्छन् ।
१९ पृथ्वी टुक्रिएको छ, पृथ्वी भाग-भाग भएको छ,
पृथ्वी जोरसित हल्लिएको छ ।
२० पृथ्वी मतवालाझैँ धरमराउँछ,
त्यो झुप्रो हावामा हल्लिएझैँ हल्लन्छ;
त्यसको द्रोहको दोष यति गह्रौं छ
कि त्यो ढल्नेछ– कहिल्यै उठ्नेछैन ।

२१ त्यस दिन परमप्रभुले माथि आकाशमा
भएका शक्तिहरूलाई
अनि तल पृथ्वीमा भएका राजाहरूलाई
दण्ड दिनुहुनेछ ।
२२ तिनीहरू खाड़लभित्र बाँधेर राखिएका
कैदीहरूझैँ एकसाथ थुपारिनेछन्;
तिनीहरू झ्यालखानामा बन्द गरिनेछन्,
अनि धेरै दिनपछि दण्ड भोग्नेछन् ।
२३ जुन र घाम लज्जित हुनेछन्;
किनकि सर्वशक्तिमान् परमेश्वरले सियोन
पर्वतमाथि र यरूशलेममा,
अनि त्यसका धर्म-गुरुहरूको सामुन्ने
महिमासित शासन गर्नुहुनेछ ।

## परमप्रभुलाई प्रशंसा

२५ हे परमप्रभु, तपाईं मेरा परमेश्वर हुनुहुन्छ;
म तपाईंलाई उच्च पार्नेछु,
अनि तपाईंको नाउँको प्रशंसा गर्नेछु,
किनकि पूर्ण विश्वासयोग्यतामा तपाईंले
अचम्मका कामहरू गर्नुभयो,
धेरै अघि योजना गरिएका कुराहरू थिए ।
२ तपाईंले शहरलाई ढुङ्गाको थुप्रोझैँ,
अनि सुरक्षित नगरलाई ध्वंश बनाउनुभयो,
परदेशीहरूका शक्तिशाली गड़ अब शहर रहेन;
त्यो अब कहिल्यै बनाइनेछैन ।
३ यसकारण बलवान् मानिसहरूले
तपाईंलाई आदर गर्नेछन्;
निष्ठुर जातिहरूका शहरहरूले तपाईंलाई
सम्मान गर्नेछन् ।
४ तपाईं गरीबहरूको निम्ति एउटा शरणस्थान,
खाँचोमा परेकाहरूको निम्ति कष्टमा

एउटा शरणस्थान,
आँधीमा एउटा आश्रय,
अनि गर्मीमा एउटा छाया हुनुभएको छ ।
किनकि निष्ठुरहरूको सास त पर्खालमा
ठोक्किने आँधीभैँ हो,
५ अनि मरुभूमिको गर्मीभैँ हो ।
तपाईंले परदेशीहरूको खैलाबैला बन्द
गराउनुहुन्छ;
गर्मीलाई बादलको छायाले कम गरिदिएभैँ
निष्ठुरहरूको गीत चुप गराइन्छ ।

६ यस पर्वतमा सर्वशक्तिमान् परमप्रभुले
सबै मानिसहरूको निम्ति मीठा-मीठा
थोकहरू–
छिप्पिएको मद्यको ठूलो भोज, सर्वोत्तम
मासु र सर्वोत्तम मद्य तयार पार्नुहुनेछ ।
७ यस पर्वतमा उहाँले सबै मानिसहरूलाई
बेहेर्ने कात्रोलाई,
सबै जातिहरूलाई छोप्ने तन्नालाई
नष्ट पार्नुहुनेछ;
८ उहाँले मृत्युलाई सधैँको निम्ति
निलिदिनुहुनेछ ।
सर्वशक्तिमान् परमप्रभुले सबै
अनुहारहरूबाट आँसु पुछिदिनुहुनेछ;
उहाँले पृथ्वीभरिबाट आफ्ना मानिसहरूको
अपमान हटाइदिनुहुनेछ ।
परमप्रभु बोल्नुभएको छ ।
९ त्यस दिन तिनीहरूले भन्नेछन्,
"निश्चय उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ;
हामीले उहाँमा भरोसा राख्यौं,
अनि उहाँले हामीलाई बचाउनुभयो ।
उहाँ नै परमप्रभु हुनुहुन्छ,
हामीले उहाँमाथि भरोसा राख्यौं;
हामी यस मुक्तिमा आनन्दित हौं
र रमाऔं ।"
१० परमप्रभुको हात उहाँको पर्वतमा रहनेछ;
तर मोआबचाहिँ मलमा पराल कुल्चिएभैँ
कुल्चिने छ ।
११ पौड़नेले पौड़ी खेल्दा आफ्ना हात
पसारेभैँ;
तिनीहरूले त्यसमा आफ्ना हात
पसार्नेछन् ।
तिनीहरूका हातका चतुरता हुँदाहुँदै
परमेश्वरले तिनीहरूका घमण्ड चुर
पार्नुहुनेछ ।
१२ उहाँले तेरा सुरक्षित अग्ला पर्खालहरू
ढालिदिनुहुनेछ र ती होच्याइनेछन्;
उहाँले ती भूइँमा खसाइदिनुहुनेछ,
ती धूलोमा मिलाइदिनुहुनेछ ।

### प्रशंसाको गीत

२६ त्यस दिन यहूदाको देशमा यो गीत
गाइनेछ:

हामीसित एउटा बलियो शहर छ;
परमेश्वरले त्यसका पर्खालहरू र
किल्लाहरूलाई सुरक्षा दिनुहुनेछ ।
२ मूल ढोकाहरू खोलिदेऊ र धार्मिक जाति,
विश्वास राख्ने जाति भित्र पसून् ।
३ जसको मन तपाईंमा अड़िएको छ,
त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ,
किनकि त्यसले तपाईंमा भरोसा राख्छ ।
४ परमप्रभुमा सदासर्वदा भरोसा राख,
किनकि परमप्रभु, परमेश्वर नै
अनन्तका चट्टान हुनुहुन्छ ।
५ उहाँले उच्चमा बस्नेहरूलाई दीन
तुल्याउनुहुन्छ;
उहाँले विशाल शहरलाई तल खसाल्नुहुन्छ;
उहाँले त्यसलाई भूइँसम्म फालिदिनुहुन्छ
र उहाँले त्यसलाई धूलोमा
फालिदिनुहुन्छ ।
६ त्यसलाई खुट्टाले कुल्चनेछन्–
थिचोमिचोमा परेकाहरूका खुट्टा
र दरिद्रका पाइलाले कुल्चिनेछ ।

**२५:८**–१कोरिन्थी १५:५४; प्रकाश ७:१७; २१:४. **२५:१०–१२**–यशैया १५:१-१६:१४; यर्मिया ४८:१-४७; इजकिएल २५:८-११; आमोस २:१-३; सपन्याह २:८-११.

७ धर्मीको मार्ग समतल हुन्छ;
हे धर्मी प्रभु,
तपाईंले नै धर्मीहरूका मार्ग समतल
बनाउनुहुन्छ ।
८ हो, परमप्रभु, तपाईंका व्यवस्थाको मार्गमा
हिँड्दै,
हामी तपाईंको प्रतीक्षा गर्छौं;
तपाईंको नाउँ र ख्याति नै हाम्रा हृदयका
इच्छा हुन् ।
९ राती मेरो प्राण तपाईंको निम्ति व्याकुल
हुन्छ,
बिहान मेरो आत्माले तपाईंको चाहना
गर्छ ।
तपाईंका इन्साफहरू पृथ्वीमा आउँदा,
संसारका मानिसहरूले धार्मिकता
सिक्नेछन् ।
१० दुष्टहरूलाई अनुग्रह देखाइए तापनि
तिनीहरूले धार्मिकता सिक्दैनन्;
सोझाहरूको देशमा पनि तिनीहरू दुष्टता
गरि नै रहन्छन् ।
अनि परमप्रभुको ऐश्वर्यको कदर
गर्दैनन् ।
११ हे परमप्रभु, तपाईंको हात अग्लो
उचालिएको छ,
तर तिनीहरूले त्यसलाई देख्दैनन् ।
तिनीहरूले तपाईंका मानिसहरूप्रति
तपाईंको जोश देखून्,
अनि शर्ममा परून्;
तपाईंका शत्रुहरूको निम्ति साँचिएको
आगोले तिनीहरूलाई भष्म पारोस् ।
१२ परमप्रभु, तपाईंले हाम्रो निम्ति शान्ति
स्थापित गर्नुहुन्छ;
जो हामीले सफलतापूर्वक प्राप्त गर्‍यौं,
त्यो तपाईंले हाम्रै निम्ति गर्नुभएको हो ।
१३ हे परमप्रभु, हाम्रा परमेश्वर, तपाईंबाहेक
अरू देवहरूले हामीमाथि शासन गरे,
तर तपाईंको नाउँलाई मात्र हामी आदर
गर्छौं ।
१४ तिनीहरू अब मरिगएका छन्,
तिनीहरू फेरि बाँच्ने छैनन्;
ती गइसकेका आत्माहरू बौरिउठ्दैनन् ।
तपाईंले तिनीहरूलाई दण्ड दिनुभयो,
अनि तिनीहरूलाई सर्वनाश पार्नुभयो;
तपाईंले तिनीहरूको सम्झना नै
मेटिदिनुभयो ।
१५ तपाईंले जातिलाई फैलाउनुभएको छ,
हे परमप्रभु, तपाईंले जातिलाई
फैलाउनुभएको छ ।
तपाईंले आफ्नै महिमा लिनुभएको छ;
तपाईंले देशका सबै सिमानाहरू
फराकिला पार्नुभएको छ ।

१६ परमप्रभु, तिनीहरू आफ्ना सङ्कष्टमा
तपाईंकहाँ आए;
तपाईंले तिनीहरूलाई अनुशासन गर्नुहुँदा
तिनीहरूले मुस्किलले बिन्ती गर्न सके ।
१७ बालक जन्माउन आँटेकी स्त्री छट्पटाउँदै
कष्टमा कराएझैं,
हामी पनि, हे परमप्रभु, तपाईंको
उपस्थितिमा त्यस्तै थियौं ।
१८ हामीले गर्भ धारण गर्‍यौं, हामी कष्टमा
छट्पटायौं,
तर हामीले त बतास जन्मायौं ।
हामीले पृथ्वीमा मुक्ति ल्याएका छैनौं;
हामीले संसारका मानिसहरूलाई
जन्माएनौं ।
१९ तर तपाईंका मृतकहरू जिउनेछन्;
तिनीहरूका शरीरहरू उठ्नेछन् ।
तिमीहरू धूलोमा बस्नेहरू जाग र
आनन्दले कराऊ ।
तपाईंको शीत बिहानका शीतझैं छन्;
पृथ्वीले आफ्नो मृतकहरूलाई जन्म
दिनेछ ।

२० जाओ, मेरा मानिस हो, आफ्ना कोठाभित्र
पस,
अनि पछिल्तिरबाट ढोका बन्द गर;

**२६:११**–हिब्रू १०:२७. **२६:१९**–दानिएल १२:२.

उहाँको क्रोध शान्त नहोउन्जेल,
केही क्षणको निम्ति लुकिबस ।
२१ हेर, पृथ्वीका मानिसहरूलाई तिनीहरूका पापको निम्ति दण्ड दिन,
परमप्रभु आफ्ना वासस्थानबाट बाहिर आउनुहुँदैछ ।
पृथ्वीले त्यसमाथि बगाएको रगत देखाइदिनेछ,
त्यसले आफ्ना मृतकहरूलाई अझ लुकाइराख्नेछैन ।

### इस्राएलको छुटकारा

२७ त्यस दिन, परमप्रभुले आफ्नो तरवारले,
उहाँको डरलाग्दो, महान् र शक्तिशाली तरवारले
सुल्कने सर्प लिव्यातन्‌लाई दण्ड दिनुहुनेछ,
उहाँले समुद्रको राक्षसलाई मार्नुहुनेछ ।

२ त्यस दिन, “एउटा फलयुक्त दाखबारीको विषयमा गीत गाओ:
३ म, परमप्रभुले त्यसको हेरचाह गर्छु;
म त्यसमा पानी हालिरहन्छु ।
त्यसलाई कसैले हानि नगरोस् भनेर म त्यसलाई दिन र रात पहरा दिन्छु ।
४ म रीसाएको छैनँ ।
यदि त्यहाँ सिउँडी र काँढ़ाहरूले मलाई रोक्न उम्रेका भए त,
म तिनीहरूका विरुद्ध लड़ाइँ गर्न जाइलाग्नेथिएँ ।
म तिनीहरूलाई जलाउनेथिएँ ।
५ नत्रता तिनीहरू मकहाँ शरणको निम्ति आऊन्;
तिनीहरूले मसित मिलाप गरून्,
हो, तिनीहरूले मसित मिलाप गरून् ।”
६ आउँदा दिनहरूमा याकूबले जरा हाल्नेछ,
इस्राएल पलाएर त्यसको टुसा लाग्नेछ
अनि सारा संसारलाई फलले ढाकिदिनेछ ।
७ के त्यसलाई प्रहार गर्नेहरूलाई परमप्रभुले प्रहार गर्नुभएझैँ
उहाँले त्यसलाई प्रहार गर्नुभएको छ ?
के त्यसलाई मार्नेहरू मारिएझैँ,
त्यो मारिएको छ ?
८ युद्ध र देश निकालाबासद्वारा तपाईं त्यससित युद्ध गर्नुहुन्छ;
एकै दिनमा पूर्वीय बतास चलेझैँ
आफ्नो प्रचण्ड सासले उहाँले
तिनीहरूलाई खेदिदिनुहुन्छ ।
९ यसो गरेर याकूबको अपराधको प्रायश्चित हुनेछ,
अनि यसरी त्यसको पाप हटेको यो सम्पूर्ण परिणाम हुनेछ:
जब उहाँले वेदीका ढुङ्गाहरूलाई खरी ढुङ्गाझैँ धूलोपीठो पार्नुहुन्छ,
त्यहाँ कुनै अशेरा देवीको खामा अथवा धूपको वेदी खड़ा रहनेछैन ।
१० सुरक्षित शहर निर्जन भयो,
निर्जन र त्यागिएका वासस्थान उजाड़ भूमिझैँ भयो ।
त्यहाँ बाछाहरू चर्छन्, त्यहाँ तिनीहरू ढल्कन्छन्,
तिनीहरूले त्यसका हाँगाहरू नाङ्गा बनाइदिन्छन् ।
११ त्यसका हाँगाहरू सुकेपछि, ती भाँचिइहाल्छन्,
अनि स्त्रीहरूले आएर तीबाट आगो सल्काउँछन् ।
किनकि यो एउटा समझरहित जाति हो;
यसकारण तिनीहरूलाई बनाउनुहुनेको केही दया तिनीहरूप्रति छैन,
अनि तिनीहरूका सृष्टिकर्ताले
तिनीहरूमाथि निगाह राख्नुहुनेछैन ।

१२त्यस दिन परमप्रभुले बग्दै गरेको
यूफ्रेटिसदेखि मिश्रको खोलासम्म दाइँ गर्नुहुन्छ,
अनि तिमीहरू, हे इस्राएली हो, एक एक गरी

**२७:१**–अय्यूब ४१:१; भजनसंग्रह ७४:१४; १०४:२६.

भेला गरिनेछौ । **१३**अनि त्यस दिन एउटा ठूलो
तुरही बज्नेछ । अश्शूरमा नष्ट भइजानेहरू
अनि मिश्रदेशमा लखेटिएकाहरू आएर
यरूशलेममा पवित्र पर्वतमाथि परमप्रभुलाई
आराधना गर्नेछन् ।

### एप्रेमलाई धिक्कार

**२८** एप्रेमका मतवालाहरूको अहङ्कारका
शिरको फूलमालालाई र त्यसको
महिमित शोभाको ओइलाउने फूललाई
धिक्कार, जो मलिलो उपत्यकाको
सिरानमा राखिएको छ । त्यो शहर
जसको अहङ्कारलाई दाखमद्यले
होच्याइएको छ !

२ हेर, परमप्रभुसित एक जना शक्तिशाली
र बलिया छन् ।
असिना र नाश गर्ने बतासझैँ,
जोरसित पर्ने वृष्टिझैँ अनि बाढ़ ल्याउने
झरिझैँ,
तिनले त्यसलाई जबरजस्ती भूइँमा
खसालिदिनेछन् ।

३ एप्रेमका मतवालाहरूको अहङ्कारका
शिरको माला खुट्टामुनि कुल्चीमिल्ची
हुनेछ ।

४ त्यो ओइलाउँदैगरेको फूल,
मलिलो बेँसीको शिरमाथि लगाएको
त्यसको महिमा,
कटनीको अघि नै पाकेको नेभाराझैँ हुनेछ–
कसैले त्यसलाई देखेर आफ्नो हातमा
लिनासाथ,
उसले त्यसलाई निलिहाल्नेछ ।

५ त्यस दिन सर्वशक्तिमान् परमप्रभु एउटा
महिमित मुकुट,
अनि आफ्ना बाँकी रहेका मानिसहरूको
निम्ति एउटा सुन्दर माला हुनुहुनेछ ।

६ इन्साफमा बस्नेको लागि उहाँ इन्साफको
आत्मा हुनुहुनेछ,
मूल ढोकाबाट लड़ाइँ फर्काइदिनेहरूको
लागि उहाँ सामर्थका स्रोत हुनुहुनेछ ।

७ अनि तिनीहरू पनि मद्यले धरमराउँछन्,
र मद्यले चक्कर खान्छन्:
पूजाहारीहरू र अगमवक्ताहरू मद्यले
धरमराउँछन्,
अनि मद्यले उन्मत्त हुन्छन्;
तिनीहरू मद्यले चक्कर खान्छन्,
तिनीहरू दर्शन देख्दा धरमराउँछन्;
तिनीहरू निर्णय दिँदा लरबराउँछन् ।

८ सम्पूर्ण टेबुलहरू बान्ताले भरिएका छन्,
अनि फोहोर नभएको कहीँ छैन ।

९ "त्यसले कसलाई सिकाउन चाहेको छ ?
त्यसले आफ्नो समाचार कसलाई वयान
गरिरहेछ ?
के भर्खर दूध छोड़ेका नानीहरू र भर्खर
स्तनबाट अलग गरिएकाहरूलाई ?

१० किनकि त्यो यस्तो हो:
गर् अनि गर्, गर् अनि गर्;
नियममाथि नियम, नियममाथि नियम;
अलिकता यहाँ, अलिकता त्यहाँ ।"

११ त्यसो भए ठीक छ,
परमेश्वरले यस जातिसित परदेशीका
ओठ र अनौठो भाषाद्वारा बोल्नुहुनेछ,

१२ जसलाई उहाँले भन्नुभयो,
"यो विश्रामस्थल हो, थाकेकाहरूले
विश्राम गरून्,"
अनि, "थकाइ मार्ने स्थान यही हो"–
तर तिनीहरूले सुन्ने मन गरेनन् ।

१३ यसकारण परमप्रभुको वचन तिनीहरूलाई
यस्तो हुनेछ:
गर् अनि गर्, गर् अनि गर्,
नियममाथि नियम, नियममाथि नियम,
अलिकति यहाँ, अलिकति त्यहाँ ।
यसरी तिनीहरू पछिल्तिर लोटुन्,
घाइते होऊन् अनि फन्दामा परेर
पक्रा परून् ।

---

**२८:११-१२** –१ कोरिन्थी १४:२१.

१४ यसकारण परमप्रभुको वचन सुन,
तिमीहरू ठट्टा गर्नेहरू,
जसले यी मानिसहरूमाथि यरूशलेममा शासन गर्छौ ।
१५ तिमीहरू घमण्ड गर्छौ,
"हामीले मृत्युसित करार बाँधेका छौं,
चिहानसित हामीले सम्झौता गरेका छौं ।
कुनै भयानक विपत्ति छेउमा आइपर्दा
त्यसले हामीलाई छुन सक्दैन,
किनकि हामीले झूटलाई आफ्नो शरणस्थान;
अनि असत्यलाई आफ्नो लुक्ने स्थान
बनाएका छौं ।"
१६ यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः

"हेर, मैले सियोनमा एउटा ढुङ्गा बसालेको छु,
एउटा जाँचिएको ढुङ्गा,
एउटा दृढ़ जगको बहुमूल्य कुने-ढुङ्गा,
त्यसमा भरोसा गर्ने कहिल्यै निराश
हुनेछैन ।
१७ म इन्साफलाई नाप्ने डोरी,
अनि धार्मिकतालाई साहुल बनाउनेछु;
असिनाले तिमीहरूको शरणस्थान्,
झूटलाई सोहोरेर लानेछ,
अनि पानीले तिमीहरूको लुक्ने ठाउँलाई
बगाइदिनेछ ।
१८ मृत्युसितको तिमीहरूको करार नष्ट
पारिनेछ;
चिहानसितको तिमीहरूको सम्झौता
स्थिर रहनेछैन ।
जब विपत्तिको बाढ़ यताबाट जानेछ,
तिमीहरूलाई त्यसले डुबाउनेछ ।
१९ जतिपल्ट त्यो आउँछ, त्यसले
तिमीहरूलाई बगाएर लैजानेछ;
बिहानैपिच्छे, दिउँसो र राती त्यो
बगिरहनेछ ।"
यस समाचारको बुझाइले आतङ्क मात्र
ल्याउनेछ ।
२० पसनलाई पलङ साह्रै छोटो छ,
तिमीहरूलाई बेहेर्ने कम्बल साह्रै सानो
छ ।
२१ पराजीम पर्वतमा उठ्नुभएझैँ परमप्रभु
उठ्नुहुनेछ,
गिबोनको बेँसीमा उहाँ जाग्नुभएझैँ
जाग्नुहुनेछ–
आफ्नो काम, आफ्नो अनौठो काम गर्न
र आफ्नो कार्य, अर्थात् आफ्नो अर्कै कार्य
पूरा गर्न ।
२२ अब तिमीहरूको ठट्टा रोक,
नत्रता तिमीहरूका साङ्लाहरू अझ गह्रौं
हुनेछन्;
परमप्रभु, सर्वशक्तिमान् परमप्रभुले मलाई
सारा देशको विरुद्ध लागू गरिएको आदेश
भन्नुभएको छ ।

२३ ध्यान दिएर सुन, अनि मेरो सोर सुन;
ध्यान देऊ अनि म के भन्छु सुन ।
२४ जब कुनै किसानले केही रोप्नलाई जमिन
जोत्छ, के उसले निरन्तर जोतिरहन्छ ?
के त्यसले निरन्तर माटो खनेर डल्ला
फोर्दै रहन्छ ?
२५ उसले माटो समतल बनाएपछि;
के उसले सूँप र जीरा छर्दैन ?
के उसले ठीक ठाउँमा गहुँ, जौ त्यसको
ठीक ठाउँमा कठिया गहुँ रोप्दैन ?
२६ उसका परमेश्वरले उसलाई अह्राउनुहुन्छ,
अनि उसलाई ठीक तरीका
सिकाउनुहुन्छ ।

२७ सूँप कुनै तीखो हतियारले दाइँ गरिँदैन,
नता जीरालाई गाड़ाको पाङ्ग्राले
कुल्च्याइन्छ;
सूँप लहुरोले पिटिन्छ, अनि जीराचाहिँ
लट्ठीले चुटिन्छ ।

---

**२८:१६**–भजनसंग्रह ११८:२२-२३; रोमी ९:३३; १०:११; १ पत्रुस २:६. **२८:२१**–यहोशू १०:१०-१२; २ शमूएल ५:२०; १ इतिहास १४:११.

२८ रोटी बनाउनलाई अन्न पिसिनुपर्छ,
यसकारण कसैले त्यसलाई सदासम्म दाइँ गरिरहँदैन;
उसले त्यसमाथि दाइँको गाड़ाको
पाङ्ग्रा कुदाइरहे तापनि उसका
घोड़ाहरूले त्यसलाई पिस्दैनन् ।
२९ यी सबै सर्वशक्तिमान् परमप्रभुबाट आउँछ
जो सल्लाह दिनमा अपूर्व अनि बुद्धिमा
तेजस्वी हुनुहुन्छ ।

### दाऊदको शहरलाई धिक्कार

२९ तँलाई धिक्कार, अरीएल, अरीएल,
दाऊद बसोबासो गरेको शहर !
वर्षमाथि वर्ष थप्, अनि तेरा चाड़हरूको
चक्र चलिरहोस् ।
२ तापनि म अरीएललाई घेर्नेछु,
उसले बिलौना र विलाप गर्नेछे,
ऊ मेरो निम्ति वेदीको चुल्हाझैँ हुनेछे ।
३ म तेरो विरुद्ध चारैतिर छाउनी हाल्नेछु,
म तँलाई धरहराहरूले चारैतिरबाट घेर्नेछु;
अनि तेरो विरुद्धको घेरालाई स्थापित
गर्नेछु ।
४ होंच्याइएको भई, तँ भूइँबाट बोल्नेछस्;
धूलोबाट तेरो बोली अस्पष्ट सुनिनेछ ।
तेरो सोर पृथ्वीबाट प्रेतको झैँ आउनेछ;
धूलोबाट तेरो बोली कानेखुसीझैँ हुनेछ ।
५ तर तेरा धेरै शत्रुहरू धूलोझैँ हुनेछन्,
निर्दयी दलहरू उड़ाइएको भूसझैँ
हुनेछन् ।
६ अचानक, अनि पलभरमा,
सर्वशक्तिमान् परमप्रभु मेघ-गर्जन,
अनि भूइँचालो र ठूलो आवाजसित,
भुमरी अनि आँधीबेहरी
र भष्म गर्ने आगोको ज्वालासित
आउनुहुनेछ ।
७ तब अरीएलको विरुद्धमा लडाइँ गर्ने,
त्यसलाई अनि किल्लामाथि आक्रमण
गरेर त्यसलाई घेरा हाल्ने
सबै जातिका दलहरू सपनाझैँ,
अनि रातीको दर्शनझैँ भइजानेछन् ।
८ जसरी भोकाएको मानिसले सपनामा
खाएको देख्छ,
तर बिउँझिदा त्यो भोकै हुन्छ,
अथवा जसरी तिर्खाएको मानिसले
सपनामा पानी पिइरहेको देख्छ,
तर त्यो बिउँझिदा आफ्नो तिर्खा
नमरेको र दुर्बल रहेको हुन्छ ।
सियोन पर्वतको विरुद्ध लड़ाइँ गर्ने
सबै जातिका दलहरू पनि त्यस्तै हुनेछन् ।
९ व्याकुल होऊ, चकित होऊ,
आफैलाई अन्धा बनाऊ अनि दृष्टिहीन
होऊ;
मातेका होऊ तर मद्यले होइन,
धरमराऊ तर हल्का खालको मद्यले
पनि होइन ।
१० परमप्रभुले तिमीहरूमाथि एउटा भारी
निद्रा ल्याउनुभएको छ:
उहाँले अगमवक्ताहरूका आँखा बन्द
गरिदिनुभएको छ;
उहाँले दर्शीहरूका शिरहरू
छोपिदिनुभएको छ ।

**११**तिमीहरूको निम्ति यो सम्पूर्ण दर्शन अरू
केही होइन तर चर्मपत्रमा छाप लगाएर
राखिएका शब्दहरू मात्र हुन् । अनि यदि
तिमीहरूले पढ़न सक्ने कसैलाई यो चर्मपत्र
दिएर, “दया गरी यसलाई पढ़िदिनुहोस्” भन्यौ
भने त्यसले, “म सक्दिनँ, यसमा छाप लगाएको
छ” भनेर जवाफ दिनेछ । **१२**अथवा तिमीहरूले
पढ़न नजान्ने कसैलाई यो चर्मपत्र दिएर, “दया
गरी यसलाई पढ़िदिनुहोस्” भन्यौ भने त्यसले
“म पढ्नै जान्दिनँ” भनेर जवाफ दिनेछ ।

**१३**परमप्रभु भन्नुहुन्छ:

“यी मानिसहरू मकहाँ आफ्ना मुख

**२९:१०** –रोमी ११:८. **१९:१३**–मत्ती १५:८-९; मर्कूस ७:६-७.

देखाउन आउँछन्,
अनि मलाई तिनीहरूका ओठहरूले आदर गर्छन्,
तर तिनीहरूका हृदय मदेखि टाढ़ा छन् ।
मप्रति तिनीहरूका आराधना
मानिसहरूले सिकाएका नियमहरूले
मात्र बनिएको हो ।
**१४** यसकारण म फेरि एक पल्ट यी
मानिसहरूलाई आश्चर्यमाथि
आश्चर्यले छक्क पार्नेछु;
बुद्धिमान्‌हरूका बुद्धि नष्ट हुनेछ,
ज्ञानीहरूका ज्ञान लोप भइजानेछ ।
**१५** तिनीहरूलाई धिक्कार जो आफ्ना
योजनाहरू परमप्रभुदेखि लुकाउनलाई
अति युक्ति गर्छन्,
जसले आफ्ना काम अन्धकारमा गरेर
सोच्छन्,
"हामीलाई कसले देख्छ ? कसले थाह
पाउँछ ?"
**१६** कुमालेलाई माटोझैँ सम्झेर,
तिमीहरू कुराहरू उल्टापुल्टा पार्छौ !
के बनिएको चीजले आफूलाई बनाउनेलाई
"त्यसले मलाई बनाएन" भन्छ ?
के भाँड़ाले कुमालेलाई, "त्यसले केही
जान्दैन" भन्न सक्छ ?
**१७** केही क्षणमा के लबानोन एउटा मलिलो
खेतमा परिणत हुनेछैन ?
अनि मलिलो खेत वनजस्तो देखिँदैन ?
**१८** त्यस दिन बहिराहरूले चर्मपत्रका
कुराहरू सुन्नेछन्
अनि धमिलोपन र अन्धाकारबाट
अन्धाहरूका आँखाले देख्नेछन् ।
**१९** फेरि एक पल्ट नम्रहरू परमप्रभुमा
रमाउनेछन्;
खाँचोमा परेकाहरू इस्राएलका
परमपवित्रमा रमाउनेछन् ।
**२०** निर्दयीहरू लोप हुनेछन्, ठट्टा गर्नेहरू
हराइजानेछन्,
अनि दुष्टतामा ध्यान दिनेहरू सबै
काटिएर ढालिनेछन्–
**२१** तिनीहरू, जसले कुनै मानिसलाई
बोलीद्वारा दोषी ठहराउँछन्,
जसले अदालतमा हप्काउनेलाई पासो
थाप्छन्,
अनि झूटा गवाहीद्वारा निर्दोषहरूका
इन्साफ खोस्छन् ।

**२२**यसकारण अब्राहामलाई उद्धार गर्नुहुने
परमप्रभु, याकूबको घरानालाई यसो भन्नुहुन्छ:

"अब उसो याकूब शर्ममा पर्नेछैन,
अब उसो तिनीहरूका अनुहार फिका
हुनेछैन ।
**२३** तिनीहरूले आफ्ना बीचमा आफ्नै
छोराछोरीलाई, मेरा हातको कामलाई
देख्नेछन्,
तिनीहरूले मेरो नाउँलाई पवित्र राख्नेछन्;
तिनीहरूले याकूबका परमपवित्रको
पवित्रता स्वीकार गर्नेछन्;
अनि इस्राएलका परमेश्वरको डर
श्रद्धासाथ राख्नेछन् ।
**२४** आत्मामा पथभ्रष्ट भएकाहरूले समझ
पाउनेछन्;
गुनासो पोख्नेहरूले सल्लाह ग्रहण
गर्नेछन् ।"

### अटेरी जातिलाई धिक्कार

**३०** "धिक्कार हठी सन्तानलाई,"
परमप्रभु घोषणा गर्नुहुन्छ,
"जसले योजना चलाउँछन् जुन मेरा
होइनन्,
जसले मित्रता बाँध्छन्, तर मेरो
आत्माद्वारा होइन,
यसरी त्यस्ताहरूले पापमाथि पाप थुपार्छन्;
**२** मसित सल्लाह नलिएर जो मिश्रमा ओर्लेर
जान्छन्;

**२९:१४**–१ कोरिन्थी १:१९. **२९:१६**–यशैया ४५:९.

जसले फिरौनदेखि सुरक्षाको आशा गर्छन्,
शरणको निम्ति मिश्रदेशको छाहारी
खोज्छन् ।
३ तर फिरौनको सुरक्षा तिमीहरूको निम्ति
लज्जाजनक हुनेछ;
मिश्रदेशको छाहारीले तिमीहरूमा
अपमान ल्याउनेछ ।
४ तिनीहरूसित सोअनमा अधिकृतहरू भए
तापनि,
अनि तिनीहरूका दूतहरू हानेसमा
आइपुगे तापनि,
५ तिनीहरूको निम्ति काम नलाग्ने
जातिहरूको कारण,
जसले नता सहायता ल्याउँछन् नता लाभ
नै दिन्छन्;
तर खालि शर्म र अपमान मात्र ल्याउँछन्,
तिनीहरूको कारण हरेक शर्ममा
पर्नेछ ।"

६नेगेवका जन्तुहरूको विरुद्ध एउटा
ईश्वरवाणी:

सिंह र सिंहनी, विषालु सर्प र फूर्तिला
सर्पहरू निस्कने,
दु:ख र वेदना भएको देशबाट भएर
राजदूतहरूले आफ्ना धन-सम्पत्ति
गधाहरूका पिठिउँमा
र आफ्ना बहुमूल्य भण्डारहरू
ऊँटहरूका जुरामा लदाएर त्यस
जातिको निम्ति लैजान्छ,
जसबाट तिनीहरूलाई केही लाभ हुँदैन,
७ मिश्रदेशमा जसको सहायता एकदमै
व्यर्थको छ ।
यसकारण मैले त्यसलाई केही नगर्ने
राहाब भनेको छु ।

८ अब जा, आउँदा दिनहरूको निम्ति यो
सदासर्वदाको साक्षी होस् भनेर,
यो तिनीहरूको निम्ति एउटा पाटीमा
लेख्,
यसलाई एउटा चर्मपत्रमा केर् ।
९ यिनीहरू बागी मानिसहरू हुन्,
छली सन्तान,
परमेश्वरको सल्लाह नसुन्ने सन्तान ।
१० तिनीहरू दर्शीहरूलाई भन्छन्,
"अबदेखि उसो दर्शन नदेख !"
अनि अगमवक्तहरूलाई भन्छन्,
"अबदेखि ठीक कुराहरूको दर्शन
हामीलाई नदेऊ !
हामीलाई चाखलाग्दा कुराहरू भन,
छलका अगमवाणी भन ।
११ यस मार्गलाई त्यागिदेऊ, यस मार्गबाट
हट,
अनि हामीलाई इस्राएलका परमपवित्रसित
आमुन्नेसामुन्ने गराउन छोड़िदेऊ !"

१२ यसकारण इस्राएलका परमपवित्र यसो
भन्नुहुन्छ:
"तिमीहरूले यो समाचारलाई इन्कार
गरेकाले,
अत्याचारमा भरोसा गरेकाले अनि छलमा
भर परेकोले,
१३ यो पाप तिमीहरूको निम्ति;
अग्लो पर्खाल चर्किएर बाहिर निस्केको
झैँ हुनेछ,
जुन अचानक एकै पलमा भत्किजानेछ ।
१४ यो माटाका भाँड़ाझैँ टुक्रा-टुक्रा भई,
यति साह्रो छरपष्ट हुनेछ कि चुल्हाबाट
कोइला झिक्नलाई,
अथवा इनारबाट पानी उघाउनलाई
एउटा टुक्रा पनि पाइनेछैन ।"

१५ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमपवित्र यसो भन्नुहुन्छ:
"पश्चात्ताप र विश्राममा तिमीहरूको
मुक्ति छ,
मौनता र भरोसामा तिमीहरूको सामर्थ
छ,
तर तिमीहरूले त यी कुनै पनि
चाहँदैनौ ।
१६ तिमीहरूले भन्यौ, 'होइन हामी घोड़ामा
चढ़ेर भाग्नेछौं ।'
यसकारण तिमीहरू भाग्नेछौ !

तिमीहरूले भन्यौ, 'हामी चाँड़ो दगुर्ने
घोड़ामा सवार हुनेछौं ।'
यसकारण तिमीहरूलाई खेद्नेहरू फूर्तिला
हुनेछन् !
१७ एक जनाको डरले एक हजार भाग्नेछन्;
पाँच जनाको डरले तिमीहरू सबै भागेर
जानेछौ,
जबसम्म तिमीहरू पर्वतको टाकुरामा
रहेको झण्डाको डण्डाजस्तै;
डाँड़ामा भएको एउटा झण्डाझैं
हुँदैनौ ।"
१८ तरै पनि परमप्रभु तिमीहरूप्रति
अनुग्रहकारी हुने उत्कट इच्छा राख्नुहुन्छ;
उहाँ तिमीहरूलाई दया देखाउन खड़ा
हुनुहुन्छ ।
किनकि परमप्रभु इन्साफको परमेश्वर
हुनुहुन्छ,
उहाँको बाटो हेर्नेहरू धन्यका हुन् !

१९हे यरूशलेममा बस्ने सियोनका
मानिसहरू, तिमीहरू फेरि रुनेछैनौ । तिमीहरू
सहायताको लागि रुँदा उहाँ कति अनुग्रहकारी
हुनुहुनेछ ! उहाँले सुन्ने बित्तिकै तिमीहरूलाई
जवाफ दिनुहुनेछ । २०परमप्रभुले तिमीहरूलाई
विपत्तिको रोटी र क्लेशको पानी दिनुभए तापनि,
तिमीहरूका शिक्षकहरू फेरि लुकाइनेछैनन्;
तिमीहरूका आफ्नै आँखाले तिमीहरू
तिनीहरूलाई देख्नेछौ । २१तिमीहरू दाहिनेतिर
अथवा देब्रोतिर फर्के तापनि तिमीहरूका कानले
आफ्ना पछिल्तिरबाट, "बाटो यही हो, यसमा
हिँड़" भन्ने सोर सुन्नेछन् । २२तब आफूले
चाँदीले मोहोरेका मूर्तिहरू अनि सुनले ढालेका
प्रतिमाहरूलाई तिमीहरूले अपवित्र तुल्याउनेछौ,
तिमीहरूले त्यसलाई रजस्वलाको लुगाझैं
फ्याँकेर तिनीहरूलाई, "लौ जा !" भन्नेछौ ।

२३तिमीहरूले जमिनमा छरेका बीउको लागि
उहाँले वृष्टि पनि पठाइदिनुहुनेछ, अनि
जमिनबाट आएको भोजन उत्तम र प्रशस्त
हुनेछ । त्यस दिन तिमीहरूका गाईबस्तु ठूला
मैदानहरूमा चर्नेछन् । २४माटोमा काम गर्ने
गोरुहरू र गधाहरूले काँटा र बेल्चाले मिसाएको
घाँस र चारो खानेछन् । २५त्यस भयानक
काटमारको दिनमा धरहराहरू ढल्दा प्रत्येक
अग्लो पर्वत र हरेक ठूलो डाँड़ामा पानीका
खोलाहरू बग्नेछन् । २६परमप्रभुले आफ्ना
मानिसहरूका घाउहरू बाँध्नु हुँदा अनि उहाँले
दिनुभएका चोटहरू निको पार्नुहुँदा जुन घामझैं
चम्कनेछ, अनि घामको ज्योति सात गुणा
चम्किलो, सातओटा सम्पूर्ण दिनहरूको
उज्यालोझैं हुनेछ ।

२७ हेर, परमप्रभुको नाउँ टाढ़ाबाट बल्दो
रीस र धूवाँको बाक्लो बादलसित आउँछ;
उहाँका ओठहरू क्रोधले पूर्ण छन्;
अनि उहाँको जिब्रो भस्म गर्ने आगो हो ।
२८ उहाँको सास घिच्रोसम्म उठ्ने
मुसलधारे पानीझैं हो ।
उहाँले जाति-जातिहरूलाई नाश गर्ने
नाङ्लोले निफन्नुहुन्छ;
र उहाँले मानिसहरूका बङ्गरामा
फलामको लगाम लगाइदिनुहुनेछ,
जसले तिनीहरूलाई दिशाहीन
बनाइदिनेछ ।
२९ अनि तिमीहरूले पवित्र चाड़ मनाएको
रातझैं गीत गाउनेछौ;
मानिसहरू बाँसुरी लिएर परमप्रभुको
पर्वतमा,
इस्राएलका चट्टानकहाँ जाँदा,
तिमीहरूका हृदय आनन्दित हुनेछ ।
३० रीसको झोँक, भस्म गर्ने आगोको ज्वाला,
र गडयाङगुडुङ अनि आँधीबेहरी र
असिनासहित परमप्रभुले मानिसहरूलाई
आफ्नो प्रतापको वाणी सुन्न र आफ्नो
बाहुबलको चमक देख्न लगाउनुहुनेछ ।
३१ परमप्रभुको सोरले अश्शूरलाई चकनाचूर
पार्नेछ;
आफ्नो राजदण्ड़ले उहाँले तिनीहरूलाई
प्रहार गर्नुहुनेछ ।
३२ उहाँले तिनीहरूलाई आफ्नो हातले प्रहार
गर्नुहुँदा,

परमप्रभुले आफ्नो दण्डको लहुरोले
तिनीहरूलाई प्रत्येक पल्ट
हिर्काउनुभएको चोट खैंजड़ी
र वीणाको सङ्गीतको तालमा हुनेछ ।
३३ तोपेत तयार भइसकेको छ;
त्यो राजाको निम्ति तयार गरिसकिएको छ ।
त्यसको अग्निकुण्ड़ प्रशस्त आगो
र दाउरासित;
गहिरो र चौड़ा तयार पारिएको छ;
बल्दैगरेको गन्धकको खोलाझैं परमप्रभुको सासले त्यसलाई दन्काइदिनेछ ।

## मिश्रदेशमाथि भरोसा राख्नेहरूलाई धिक्कार

**३१** धिक्कार तिनीहरूलाई जो सहायताको निम्ति तल मिश्रदेशमा जान्छन्,
जो घोड़ाहरूमाथि भर पर्छन्,
जो आफ्ना असङ्ख्य रथहरू र आफ्ना घोड़सवारहरूका सामर्थमा भरोसा राख्छन,
तर इस्राएलका परमपवित्रतिर हेर्दैनन्,
अनि परमप्रभुबाट सहायता खोज्दैनन् ।
२ तरै पनि उहाँ बुद्धिमान् हुनुहुन्छ
अनि उहाँले विपत्ति ल्याउन सक्नुहुन्छ;
उहाँले आफ्नो वचन फिर्ता लिनुहुन्न ।
उहाँ दुष्टको घरानाको विरुद्ध उठ्नुहुनेछ,
तिनीहरूको विरुद्ध,
जसले दुष्ट काम गर्नेहरूलाई सहायता दिन्छन् ।
३ तर मिश्रीहरू मानिसहरू हुन्, परमेश्वर होइनन्;
तिनीहरूका घोड़ाहरू शरीर हुन्,
आत्मा होइनन् ।
परमप्रभुले आफ्नो हात पसार्नुहुँदा
जसले सहायता गर्छ त्यसले ठक्कर खानेछ;
जसले सहायता पाउँछ त्यो लोट्नेछ;
दुवै एकैसाथ नष्ट हुनेछन् ।
४ परमप्रभुले मलाई यो कुरो भन्नुहुन्छ,
"एउटा सिंह जसै गर्जन्छ,
एउटा ठूलो सिंह आफ्नो शिकारमाथि गर्जन्छ–
अनि गोठालाहरूको सम्पूर्ण दललाई,
त्यसको विरुद्ध बोलाए तापनि,
तिनीहरू कराएकोले त्यो तर्सिंदैन
अथवा तिनीहरूका खैलाबैलाले विचलित हुँदैन–
त्यसरी नै सर्वशक्तिमान् परमेश्वर सियोन पर्वतमा,
अनि त्यसको उँचाइहरूमा युद्ध गर्न
आउनुहुन्छ ।
५ चराहरूले आफ्नो गुँड़को रक्षा गरेझैं
सर्वशक्तिमान् परमप्रभुले यरूशलेमको
रक्षा गर्नुहुनेछ ।
उहाँले त्यसलाई रक्षा गर्नुहुनेछ
र त्यसलाई छुटाउनुहुनेछ ।
उहाँ त्यसबाट भएर जानुहुनेछ र त्यसलाई
छुटाउनुहुनेछ ।"

६हे इस्राएलीहरू, उहाँतिर फर्क, जसको
विरुद्ध तिमीहरूले यति धेरै विद्रोह गरेका छौ ।
७किनकि त्यस दिन तिमीहरूले आफ्ना पापपूर्ण
हातहरूले बनाएका चाँदी र सुनका मूर्तिहरू
त्याग्नेछौ ।

८ "अश्शूर एउटा तरवारद्वारा ढल्नेछ, जुन मानिसको होइन;
त्यो तरवारले, जो मरणशीलको होइन,
तिनीहरूलाई खतम पार्नेछ ।
तिनीहरू तरवारको सामुन्ने भाग्नेछन्,
अनि तिनीहरूका जवानहरू बेगारी
काममा लगाइनेछन् ।
९ तिनीहरूका किल्ला आतङ्कको कारणले ढल्नेछ;
लडाइँको झण्डा देखेर तिनीहरूका
कप्तानहरू त्रासित हुनेछन् ।"
परमप्रभु यो घोषणा गर्नुहुन्छ,
जसको आगो सियोनमा छ,
जसको भट्टी यरूशलेममा छ ।

### धार्मिकताको राज्य

३२ हेर, एउटा राजाले धार्मिकतामा
राज्य गर्नुहुनेछ,
अनि शासकहरूले न्यायपूर्वक शासन
गर्नेछन् ।
२ हरेक मानिस बतासबाट जोगिने आश्रय
र आँधीबाट जोगिने शरणस्थानझैँ
मरुभूमिमा पानीको खोलाझैँ,
अनि तिर्खाएको जमिनमा एउटा ठूलो
चट्टानको छायाझैँ हुनेछ ।

३ तब देख्नेहरूका आँखा फेरि बन्द
गरिनेछैन,
अनि सुन्नेहरूका कानले सुन्नेछन् ।
४ अविवेकीको मनले जान्नेछ र बुझ्नेछ,
अनि भकभकाउने जिब्रोले स्पष्टसित
बोल्नेछ ।
५ मूर्खलाई फेरि भद्र भनिने छैन,
नता बदमासलाई उच्च आदर दिइनेछ ।
६ किनकि मूर्खले अज्ञानताको कुरा गर्छ,
त्यसको मन दुष्ट कुराहरूमा व्यस्त
रहन्छ;
त्यसले ईश्वरहीनताका कामहरू गर्छ,
अनि परमप्रभुको विषयमा भूल कुरा
फैलाउँछ;
भोकोलाई त्यसले रित्तोपारी छोड्छ,
अनि तिर्खाएकोलाई त्यसले पानी दिँदैन ।
७ बदमासका तरीकाहरू दुष्ट हुन्छन्,
खाँचोमा परेकाहरूको बिन्ती न्यायोचित
भए तापनि,
गरीबहरूलाई झूटले नाश पार्नलाई,
त्यसले दुष्ट योजनाहरू बनाउँछ ।
८ तर भलादमीले भलो युक्ति रच्दछ,
अनि भलो कामहरूद्वारा नै त्यो खड़ा
रहन्छ ।

### यरूशलेमका स्त्रीहरू

९ हे आरामसित बस्ने स्त्री हो, उठ र मेरो
कुरा सुन;
आफैलाई सुरक्षित ठान्ने छोरीहरू मैले
भन्नुपर्ने कुरा सुन !
१० एक वर्षभन्दा केही बढ़ी समयमा तिमीहरू
सुरक्षित ठान्नेहरू काँप्नेछौ;
अङ्गूरको कटनीले धोखा दिनेछ र फलको
कटनी हुनेछैन ।
११ हे ढुक्क बस्ने स्त्रीहरू थरथर होऊ;
आफैलाई सुरक्षित ठान्ने छोरीहरू,
काम !
आफ्ना लुगा फुकाल,
र आफ्ना कम्मरमा भाङ्ग्रा लगाऊ ।
१२ रमाइला खेतहरूको निम्ति, फलदायक
दाखको निम्ति आफ्ना छाती पिट,
१३ अनि मेरो जातिको देशको निम्ति;
काँड़ा र झाड़ीले ढाकेको देशको निम्ति–
हो, सबै आनन्द मनाउने घरहरूको निम्ति,
अनि यो आमोदप्रमोदको शहरको निम्ति
बिलौना गर ।
१४ किल्ला त्यागिनेछ, हल्लाको शहर शुन्य
हुनेछ;
किल्ला र रक्षा-धरहरा सदाको निम्ति
बेकामे रहनेछन्;
वन-गधाको निम्ति हर्ष र गाईबस्तुको
निम्ति चरन हुनेछ,
१५ जबसम्म माथिबाट हामीमा आत्मा
खन्याइँदैन,
अनि मरुभूमि मलिलो खेत हुँदैन,
अनि मलिलो खेत वनझैँ देखिँदैन ।
१६ मरुभूमिमा न्यायले वास गर्नेछ,
अनि मलिलो खेतमा धार्मिकता रहनेछ ।
१७ धार्मिकताको फल शान्ति हुनेछ;
अनि धार्मिकताको प्रभाव सदाको निम्ति
शान्ति र भरोसा हुनेछ ।
१८ मेरा मानिसहरू शान्तिपूर्ण
वासस्थानहरूमा सुरक्षित घरहरूमा
अनि बिचलित नहुने आरामस्थलहरूमा
बस्नेछन् ।
१९ असिनाले वनलाई पूरै ढाके तापनि
अनि शहर पूर्ण रूपले समतल भए
तापनि,
२० तिमीहरू आफ्ना बीउहरू प्रत्येक खोलाको

किनारमा छर्दै,
अनि आफ्ना गाईबस्तु र गधाहरूलाई
ढुक्कै चर्न दिने तिमीहरू कत्ति धन्यका
हुनेछौ ।

### विपत्ति र सहायता

३३ धिक्कार तँलाई, हे नाशकर्ता,
तँ जो नष्ट पारिएको छैनस् !
धिक्कार तँलाई, हे विश्वास घाती,
तँ जसले धोखा पाएको छैनस् !
तैंले नष्ट गर्न छोड़ेपछि तँ नष्ट
पारिनेछस्;
तैंले विश्वासघात गर्न छोड़ेपछि, तँ
विश्वासघात गरिनेछस् ।

२ हे परमप्रभु, हामीप्रति अनुग्रहकारी
हुनुहोस्;
हामी तपाईंको बाटो हेरिरहन्छौं,
प्रत्येक बिहान हाम्रा सामर्थ, विपत्तिमा
हाम्रा उद्धार बन्नुहोस् ।
३ तपाईंको सोरको गर्जनमा मानिसहरू
भाग्छन्;
तपाईं खड़ा हुनुहुँदा जातिहरू छरपष्ट
हुन्छन् ।
४ हे जाति हो, तिमीहरूका लूट जवान
सलहहरूले झैं कटनी गरिएको छ;
मानिसहरू त्यसमा सलहका बथानझैं
झम्टन्छन् ।

५ परमप्रभु उच्च पारिनुभएको छ,
किनकि उहाँ उच्चमा विराजमान हुनुहुन्छ;
उहाँले सियोनलाई न्याय र धार्मिकताले
भरिदिनुहुनेछ ।
६ उहाँ तिमीहरूका समयमा तिमीहरूका
दृढ़ जग हुनुहुनेछ,
मुक्ति, बुद्धि र ज्ञानका भरपूर भण्ड़ार;
परमप्रभुको भय नै यस भण्ड़ारको साँचो
हो ।
७ हेर, तिनीहरूका वीर मानिसहरू
सड़कहरूमा जोरसित रून्छन्;
शान्तिका दूतहरू नमीठो गरी रुन्छन् ।
८ महामार्गहरू त्यागिएका छन्, बाटोमा
कुनै यात्री छैन ।
सन्धि तोड़िएको छ, त्यसका गवाहीहरू
घृणित भएका छन्;
कसैको आदर छैन ।
९ देशले विलाप गर्छ, अनि नष्ट हुन्छ,
लबानोन लज्जित र ओइलाएको छ;
शारोन अराबाझैं छ,
अनि बाशान र कर्मेलका पातहरू
झरिगएका छन् ।

१० "अब म उठ्नेछु" परमप्रभु भन्नुहुन्छ ।
"अब म उच्च पारिनेछु;
अब म उचालिनेछु ।
११ तिमीहरूले भुसलाई गर्भधारण गर्छौ;
तिमीहरूले पराल जन्माउँछौ;
तिमीहरूका सास तिमीहरूलाई नै भष्म
पार्ने आगो हो ।
१२ मानिसहरू चून जलेझैं जल्नेछन्,
काटेका काँढ़ाघारी आगोमा जलाएझैं
तिनीहरू जलाइनेछन् ।"
१३ तिमीहरू टाढ़ामा हुनेहरू मैले के गरेको
छु सुन;
तिमीहरू नजीक हुनेहरू मेरो सामर्थ
स्वीकार गर !
१४ सियोनमा भएका पापीहरू आतङ्कित छन्;
ईश्वरविहीनलाई कम्पले पक्रेको छ;
"हामीमध्ये को भष्म गर्ने आगोसित बस्न
सक्छ ?
हामीमध्ये को अनन्तको जलनसित बस्न
सक्छ ?"
१५ त्यो, जो धार्मिकतामा चल्छ, अनि जे
ठीक छ त्यही बोल्छ,
जसले लूटको लाभलाई इन्कार गर्छ,
अनि आफ्नो हातलाई घूस लिनबाट अलग
राख्छ,
जसले हत्याको षड्यन्त्रको विरुद्ध आफ्ना
कान बन्द गर्छ,
अनि आफ्ना आँखा दुष्टताको ध्यानको
विरुद्ध बन्द गर्छ ।

१६ यस्तो मानिस उँचाइहरूमा वास गर्छ,
जसको शरणस्थान पहाड़का किल्ला हुनेछ ।
त्यसलाई रोटी प्राप्त भइरहन्छ,
अनि पानीको अभाव हुँदैन ।

१७ तेरा आँखाले राजालाई उहाँको सुन्दरतामा देख्नेछ,
अनि टाढ़ासम्म फैलिएको देशलाई देख्नेछ ।
१८ तेरा विचारहरूमा तैंले पहिलेका आतङ्कहरू सोच्नेछस्:
"त्यो प्रमुख अधिकृत कहाँ छ ?
कर असुल गर्ने खोइ ?
धरहराहरूको जिम्मामा रहेका अधिकृत कहाँ छन् ?"
१९ तैंले ती घमण्डी मानिसहरूलाई अब उसो देख्नेछैनस्,
ती अस्पष्ट बोली भएका मानिसहरूलाई,
जसको बोली बझिँदैन ।

२० हाम्रा चाड़हरूको शहर सियोनलाई हेर;
तिमीहरूका आँखाले यरूशलेमलाई देख्नेछ,
एउटा शान्तिपूर्ण वासस्थान,
त्यो पाल जुन सारिनेछैन;
त्यसका कीलाहरू कहिल्यै उखेलिनेछैनन्;
नता त्यसका कुनै डोरी चुँड़ाइनेछ ।
२१ त्यहाँ परमप्रभु हाम्रा पराक्रमी जन हुनुहुनेछ ।
त्यो चौड़ा नदीहरू र खोलाहरू भएको एउटा ठाउँ हुनेछ ।
पतवारले चलाइने कुनै जहाज त्यहाँ चल्ने छैन,
कुनै शक्तिशाली जहाज त्यहाँ चल्नेछैन ।
२२ किनकि परमप्रभु हाम्रा न्यायकर्ता हुनुहुन्छ,
परमप्रभु हाम्रा व्यवस्था-दाता हुनुहुन्छ,
परमप्रभु हाम्रा राजा हुनुहुन्छ;
हामीलाई बचाउनुहुने उहाँ नै हुनुहुन्छ ।
२३ तेरा डोरीहरू खुकुला भएका छन्:
मस्तुल ठीकसित राखिएको छैन,
पाल फिँजिएको छैन ।
तब लूटका प्रशस्त माल बाँड़िनेछ,
अनि लङ्गड़ाहरूसमेतले लूटको माल लैजानेछ ।
२४ सियोनमा बस्ने कसैले पनि, "म बिरामी छु" भन्नेछैन;
अनि त्यहाँ बस्नेहरू सबैका पापहरू क्षमा गरिनेछन् ।

### जातिहरूको विरुद्ध इन्साफ

३४ हे जाति हो, आएर सुन;
हे मानिस हो, ध्यान देओ !
पृथ्वीले सुनोस्, अनि त्यसमा भएका सबैले,
संसारले, अनि त्यसबाट निस्किआउने सबैले !
२ परमप्रभु सबै जातिहरूसित रिसाउनुभएको छ;
उहाँको क्रोध तिनीहरूका सबै सेनाहरूमाथि छ ।
उहाँले तिनीहरूलाई सम्पूर्ण रूपले नाश गर्नुहुनेछ,
उहाँले तिनीहरूलाई मारिनलाई दिनुहुनेछ ।
३ तिनीहरूका मारिएकाहरू फ्याँकिनेछन्,
तिनीहरूका मृत शरीरहरूले दुर्गन्ध फैलाउँछन्,
पहाड़हरू तिनीहरूका रगतले भिज्नेछन् ।
४ आकाशका सबै ताराहरू पग्लिनेछन्
अनि आकाशचाहिँ चर्मपत्रझैँ बेहेरिनेछ;
सम्पूर्ण तारा-मण्डल दाखको बोटबाट ओइलिएका पातहरूझैँ,
नेभाराको बोटबाट चाउरी परेका नेभाराहरूझैँ खस्नेछन् ।

**३४:४**–मत्ती २४:२९; मर्कूस १३:२५; लूका २१:२६; प्रकाश ६:१३-१४.

५ मेरो तरवारले स्वर्गहरूमा पूर्ण रूपले
पिएको छ;
हेर, इन्साफको लागि एदोममाथि त्यसको
प्रहार गर्नेछ,
त्यस जातिमाथि जसलाई मैले सर्वनाश
गरेको छु ।
६ परमप्रभुको तरवारले रगतमा स्नान
गरेको छ,
थुमाहरू र बाख्राहरूका रगत
साँढ़े-भेड़ाका
मिर्गौलाको बोसोले भरिएको छ ।
किनकि बोज्रामा परमप्रभुको एउटा
बलिदान छ,
अनि एदोममा ठूलो काटमार छ ।
७ अनि तिनीहरूसित अर्नाहरू,
बाछाहरू र ठूला साँढ़े गोरुहरू
लड़नेछन् ।
तिनीहरूको देश रगतले निथ्रुक्क भिज्नेछ,
अनि धूलो बोसोसित मिसिनेछ ।

८ किनकि परमप्रभुको बदला लिने एउटा
दिन छ,
सियोनको मुद्दा अटल राख्नलाई एउटा
दण्ड दिने वर्ष छ ।
९ एदोमका खोलाहरू अलकत्रामा परिवर्तन
हुनेछन्,
त्यसका धूलो बल्दै गरेको गन्धकमा
परिवर्तन हुनेछ,
त्यसको देश बल्दै गरेको अलकत्रा
हुनेछ !
१० त्यो राती अनि दिउँसो निभ्नेछैन,
त्यसको धूवाँ सदाकालको निम्ति
उठ्नेछ ।
पुस्तादेखि पुस्तासम्म त्यो उजाड़ भएर
रहनेछ,
त्यसबाट भएर फेरि कोही जानेछैन ।
११ त्यसलाई त धनेस र दुम्सीले आफ्नो
बनाउनेछन्;
लाटोकोसेरो र कागहरूले त्यहाँ गुँड़
बनाउनेछन् ।
परमेश्वरले एदोममाथि गोलमालको
नापड़ोरी
अनि उजाड़को साहुल तेर्साइदिनुहुनेछ ।
१२ त्यसका कुलीन मानिसहरूको निम्ति
राज्य भनिने किसिमको केही पनि
त्यहाँ हुनेछैन,
त्यसका सबै राजकुमारहरू बेपत्ता
भइजानेछन् ।
१३ त्यसका किल्लाका बुर्जाहरूमा काँढ़ा,
अनि त्यसका किल्लाहरूमा सिस्नु र
सिउँड़ीहरू उम्रनेछन् । त्यो स्यालहरूको
बस्ने अखड़ा र लाटोकोसेराहरूको घर
हुनेछ ।
१४ मरुभूमिका जन्तुहरू हुँड़ारहरूसित भेट
गर्नेछन्,
अनि जङ्गली बाख्राहरू आपसमा म्याँ-
म्याँ गर्नेछन्;
त्यहाँ रातका पशुहरू पनि ढल्कनेछन्,
अनि आफ्नै निम्ति विश्राम-स्थल
भेट्टाउँनेछन् ।
१५ लाटोकोसेराले त्यहाँ गुँड़ बनाएर अण्डा
पार्छे,
त्यसले बच्चा काड़ेर तिनहरूलाई आफ्ना
पखेटाको छाहारीमा हुर्काउँछे;
त्यहाँ वाजहरू पनि आफ्ना-आफ्ना
जोडीसित भेट गर्छन् ।
१६ परमप्रभुको चर्मपत्रमा हेर अनि पढ़:
यिनीहरूमध्ये एउटै पनि हराउने छैन,
कसैलाई आफ्नो जोडीको अभाव
हुनेछैन ।
किनकि यो हुकुम उहाँको मुखले
दिएको हो,
अनि उहाँका आत्माले ती एकसाथ
बटुल्नुहुनेछ ।

---

**३४:५-१७**–यशैया ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल २५:१२-१४; ३५:१-१५; आमोस १:११-१२; ओबदिया १-१४; मलाकी १:२-५. **३४:१०**–प्रकाश १४:११; १९:३.

१७ उहाँले तिनीहरूका भाग लगाइदिनुहुनेछ;
उहाँको हातले ती नापेर बाँड़िदिनुभएको छ ।
तिनीहरूले त्यसलाई सदाको निम्ति आफ्नो बनाउनेछन्
अनि पुस्तादेखि पुस्तासम्म त्यहाँ बस्नेछन् ।

### छुटकारा पाएकाहरूको आनन्द

३५ मरुभूमि र निर्जन जमिन खुशी हुनेछन्,
उजाड़-स्थान आनन्दित भएर फक्रनेछ ।
त्यो अति आनन्दित भएर केशरझैँ
२ हर्षले चिच्याउनेछ;
लबानोनको महिमा अनि कर्मेल र
शारोनको गौरव त्यसलाई दिइनेछ;
तिनीहरूले परमप्रभुको महिमा र
परमेश्वरको ऐश्वर्य देख्नेछन् ।

३ दुर्बल हातहरू बलियो बनाऊ,
कमजोर घुँडाहरू दह्रो बनाऊ;
४ हृदयमा डर बोकेकाहरूलाई भन,
"बलियो होऊ, नडराऊ;
तिमीहरूका परमेश्वर आउनुहुनेछ,
उहाँ बदलालिएर आउनुहुनेछ,
उहाँ तिमीहरूलाई बचाउनलाई
ईश्वरीय प्रतिफलसित आउनुहुनेछ ।"

५ तब अन्धाका आँखा खोलिनेछन्,
अनि बहिराका कान बन्द रहनेछैन ।
६ तब लङ्गड़ा मृगझैँ उफ्रनेछ,
अनि गूँगाहरूको जिब्रोले स्तुति गर्नेछ ।
उजाड़-स्थानमा पानी फुटी निस्कनेछ
अनि मरुभूमिमा खोला बग्नेछ ।
७ तातो बालुवा पोखरी हुनेछ,
तिर्खाएको जमिनमा कलकल गर्ने पानीको मुल हुनेछ ।
कुनै समय स्याल बस्ने ठाउँमा घाँस
अनि निगालो र काँस हुर्कनेछन् ।

८ अनि त्यहाँ एउटा राजमार्ग हुनेछ;
त्यसलाई पवित्रताको मार्ग भनिनेछ ।
अशुद्ध त्यसबाट भएर जानेछैन,
त्यो त त्यहाँ हिँड़नेहरूको लागि नै हुनेछ;
दुष्ट मूर्खहरू त्यता भएर जानेछैनन् ।
९ त्यहाँ कुनै सिंह हुनेछैन,
नता कुनै हिंस्रक पशु त्यहाँ पुग्न सक्नेछ;
तिनीहरू त्यहाँ पाइनेछैनन् ।
तर छुटकारा पाएकाहरू मात्र त्यहाँ हिँड्नेछन्,
१० अनि प्रभुका मोल तिरेर छुटाइएकाहरू फर्कनेछन् ।
तिनीहरू सियोनमा गाउँदै पस्नेछन्,
सदासर्वदाको आनन्द तिनीहरूका
शिरको मुकुट हुनेछ ।
तिनीहरूले रमाहट र आनन्द प्राप्त गर्नेछन्,
र शोक अनि सुस्केरा दूर हुनेछन् ।

### सनहेरीबले यरूशलेमलाई धम्काउँछ

३६ राजा हिजकियाको शासनको चौधौँ
वर्षमा अश्शूरका राजा सनहेरीबले
यहूदाका सबै सुरक्षित शहरहरूमाथि आक्रमण
गरेर ती लिइहाले । २तब अश्शूरका राजाले
एउटा ठूलो सेनासित आफ्नो लड़ाइँको कप्तानलाई
लाकीशबाट यरूशलेममा राजा हिजकियाकहाँ
पठाए । जब ती कप्तान माथिल्लो पोखरीको
नहरमा धोबीको खेतमा जाने बाटोमा रोकिए,
३हिल्कियाहको छोरा महलको प्रमुख प्रशासक
एल्याकीम, सचिव शेब्ना र आसापका छोरा
दर्ता गर्ने योआह तिनीकहाँ गए ।

४लड़ाइँका कप्तानले तिनीहरूलाई भने,
"हिजकियालाई भन,

"'अश्शूरका राजा, महान् राजा, यसो
भन्नुहुन्छ: तैँले आफ्नो भरोसाको आधार कुन
कुरामाथि गरेको छस् ? ५तँ भन्छस्, तँसित
रणनीति र सैन्य शक्ति छ– तर तँ त खोक्रो
कुरा मात्र गर्छस् । तँ कसमाथि भरोसा गरेर
मेरो विरुद्ध उठ्छस् ? ६अब हेर्, तँ मिश्रदेशमाथि
भरोसा गर्छस्, जुन भाँचिएको छेस्का हो जसमाथि

---

**३५:३** –हिब्रू १२:१२. **३५:५-६** –मत्ती ११:५; लूका ७:२२. **३६:६** –इजकिएल २९:६-७.

अड़ेस लाग्दा मानिसको हातलाई घोंचेर चोट पारिदिन्छ ! त्यसमाथि भरोसा राख्नेहरूको निम्ति मिश्रदेशको राजा फिरौन त्यस्तै छ । **७**अनि "हामी आफ्ना परमप्रभु परमेश्वरमाथि भर गर्दछौं" भनी यदी तैंले मलाई भन्छस् भने, के उहाँ उही हुनुहुन्न, जसका अल्गा-अल्गा ठाउँहरू र जसका वेदीहरू हिजकियाले यहूदा र यरूशलेमलाई यसो भन्दै हटाए, "तिमीहरूले यस वेदीको सामुन्ने आराधना गर्नुपर्छ" ?

**८**"अब, मेरा मालिक अश्शूरका राजासित मोलतोल गर् । म तँलाई दुई हजार घोड़ाहरू दिनेछु, यदि तैंले तीमाथि घोड़सवारहरू राख्न सक्छस् भने ! **९**यसर्थ रथहरू र घोड़सवारहरूको निम्ति तँ मिश्रदेशमाथि भरोसा गर्दैछस् भने पनि तैंले मेरा मालिकको कर्मचारीहरूमा सबैभन्दा सानो एक जना अधिकृतलाई कसरी धपाउन सक्छस् ? **१०**अर्को कुरा, के म परमप्रभुविना नै यस देशमाथि आक्रमण गरेर यसलाई नाश गर्न आएको छु र ? परमप्रभु स्वयम्ले मलाई यस देशको विरुद्धमा युद्धयात्रा गरेर यसलाई नाश गर्नू भन्नुभएको छ' ।"

**११**तब एल्याकीम, शेब्ना र योआहले लड़ाइँका कप्तानलाई भने, "कृपा गरी तपाईंका दासहरूसित अरामीमा बोल्नुहोस्, किनकि हामी यो बुझ्दछौं । पर्खालमा भएका मानिसहरूले सुन्ने गरी हिब्रूमा नबोल्नुहोस् ।"

**१२**तर कप्तानले जवाफ दिए, "के मेरा मालिकले यी कुराहरू तिमीहरूका मालिक र तिमीहरूलाई मात्र भन्नु भनेर पठाउनुभएको हो, अनि पर्खालमाथि बस्ने मानिसहरूलाई होइन, जसले तिमीहरूले झैं आफ्नै दिसा खानु पर्नेछ र पिसाब पिउनु पर्नेछ ?"

**१३**तब ती कप्तानले उठेर कराएर हिब्रूमा भने, "महान् राजा, अश्शूरका राजाका कुरा सुन ! **१४**राजा यसो भन्नुहुन्छ: हिजकियाले तिमीहरूलाई भ्रममा नपारोस् । त्यसले तिमीहरूलाई बचाउन सक्दैन ! **१५**हिजकियाले तिमीहरूलाई, 'परमप्रभुले हामीलाई छुटाउनुहुन्छ, यो शहर अश्शूरको राजाको हातमा दिइनेछैन' भनेर फकाउँदै परमप्रभुमाथि भरोसा गर्न लाउन त्यसलाई नदेओ ।

**१६**"हिजकियाको कुरा नसुन । अश्शूरका राजा यसो भन्नुहुन्छ: मसित मिलाप गरेर मकहाँ निस्किआओ । तब तिमीहरू हरेकले आफ्नै दाख र नेभाराका फल खानेछौ अनि आफ्नै इनारबाट पानी पिउनेछौ, **१७**जबसम्म म आएर तिमीहरूलाई तिमीहरूका आफ्नै देशजस्तो ठाउँमा, अन्न र नयाँ दाखमद्यको देशमा, रोटी र दाखबारी भएको देशमा लैजान्नँ ।

**१८**"हिजकियाले तिमीहरूलाई, 'परमप्रभुले हामीलाई बचाउनुहुन्छ' भनेर तिमीहरूलाई भ्रममा नपारोस् । के आजसम्म कुनै जातिको देवताले आफ्नो देशलाई अश्शूरका राजाको हातबाट छुटाउन सकेको छ ? **१९**हमात र अर्पदका देवताहरू कहाँ छन् ? सपर्बैमका देवताहरू कहाँ छन् ? के तिनीहरूले सामरियालाई मेरो हातबाट छुटाउन सके ? **२०**यी देशहरूका कुन देवताले आफ्नो देशलाई मबाट बचाउन सकेको छ र ? त्यसो भए कसरी परमप्रभुले मेरो हातबाट यरूशलेमलाई बचाउन सक्नुहुन्छ ?"

**२१**तर मानिसहरू चुप रहे अनि जवाफमा केही भनेनन्, किनकि राजाले तिनीहरूलाई, "त्यसलाई कुनै जवाफ नदिनु" भनेर आज्ञा दिएका थिए ।

**२२**तब हिल्कियाहको छोरा महलका प्रमुख प्रशासक एल्याकीम, सचिव शेब्ना र आसापको छोरा दर्ता-कर्मचारी योआह आफ्ना लुगा च्यातेर हिजकियाकहाँ गए, अनि लड़ाइँका कप्तानले भनेका कुरा तिनलाई भनिदिए ।

### यरूशलेमको उद्धारको भविष्यवाणी

**३७** हिजकिया राजाले यो सुनेपछि, तिनले आफ्ना लुगा च्याते अनि भाङ्ग्रा लगाएर परमप्रभुको भवनभित्र गए । **२**तिनले महलका प्रमुख प्रशासक एल्याकीम, सचिव शेब्ना र प्रमुख

**३७:१-७**–२ राजा १९:१-७.

पूजाहारीहरूलाई भाङ्ग्रा लगाएर आमोजको
छोरा अगमवक्ता यशैयाकहाँ पठाए। **३**तिनीहरूले
तिनलाई भने, "हिजकिया यसो भन्नुहुन्छ, यो
दिन बालकहरू जन्मन लागेका तर जन्माउने
शक्ति नभएको समय जस्तै हो, विपत्ति अनि
गाली र अपमानको दिन । **४**यो हुन
सक्छ, कि परमप्रभु तपाईंका परमेश्वरले
लड़ाइँका कप्तानको कुरा सुन्नुहुन्छ, जसलाई
त्यसका मालिक, अश्शूरका राजाले जीवित
परमेश्वरलाई गिल्ला गर्न पठाएका छन्, अनि
उहाँले तिनलाई तपाईंका परमेश्वरले सुन्नुभएका
कुराहरूको निम्ति हप्काउनुहुनेछ। यसकारण
अहिले बाँचिरहेकाहरूको निम्ति प्रार्थना
गरिदिनुहोस्।"

**५**राजा हिजकियाका अधिकृतहरू यशैयाकहाँ
आएपछि, **६**यशैयाले तिनीहरूलाई भने,
"तिमीहरूका मालिकलाई भन, 'परमप्रभु यसो
भन्नुहुन्छ, तैंले सुनेका कुराहरूदेखि नडरा, ती
कुराहरू जसद्वारा अश्शूरको राजाका अधीनका
मानिसहरूले मेरो निन्दा गरेका छन्। **७**सुन्!
म त्यसमाथि एउटा आत्मा हालिदिनेछु र
त्यसले कुनै एउटा खबर सुनेपछि त्यो आफ्नै
देशमा फर्किजानेछ अनि त्यहाँ म त्यसलाई
तरवारद्वारा काटिन लाउनेछु'।"

**८**लड़ाइँको कप्तानले अश्शूरका राजाले
लाकीश त्यागेको कुरा सुनेपछि त त्यहाँबाट
पछि हटिहाले, अनि तिनले राजालाई लिब्नाको
विरुद्ध युद्ध गरिरहेका भेट्टाए।

**९**अब मिश्रका राजा कुशी तिर्हाकाह
तिनीसित युद्ध गर्न आइरहेका छन् भनी
सनहेरीबले खबर सुने, त्यो सुनेपछि तिनले यी
कुराहरूसित आफ्ना दूतहरू हिजकियाकहाँ
पठाए: **१०**यहूदाका राजा हिजकियालाई भन्:
'तैंले भरोसा राखेको ईश्वरले, यरूशलेम
अश्शूरको राजालाई दिइनेछैन' भन्दा भ्रममा
नपर्। **११**अश्शूरका राजाले सबै देशहरूलाई
सम्पूर्ण रूपले नाश गरेर तिनीहरूलाई के
गरेका छन् त्यो तैंले निश्चय सुनेको छस्।
अनि के तैंले छुटकारा पाउनेछस् ? **१२**के
मेरा पुर्खाहरूले नाश गरेका जातिहरूलाई
तिनीहरूका ईश्वरहरूले छुटाउन सके— अर्थात्
गोजान, हारान, रेसेप र तेल-अस्सारमा भएका
अदन वंशीहरूका देवताहरूले तिनीहरूलाई
बचाए ? **१३**हमातका राजा, अर्पदका राजा,
सपर्बेम शहरका राजा अथवा हेना अथवा
इव्वाका राजाहरू कहाँ छन् ?"

## हिजकियाको प्रार्थना

**१४**हिजकियाले ती दूतहरूबाट पत्र पाए अनि
त्यसलाई पढ़े । तब परमप्रभुको भवनमा
उक्लिगएर तिनले त्यसलाई परमप्रभुको सामुन्ने
फिँजाइदिए। **१५**अनि हिजकियाले परमप्रभुकहाँ
प्रार्थना गरे: **१६**"हे परमप्रभु, इस्राएलका
परमेश्वर, करूबहरूका बीचमा सिंहासनमा
विराजमान हुनुहुने तपाईंमात्र संसारका सबै
राज्यहरूमाथि परमेश्वर हुनुहुन्छ। तपाईंले नै
स्वर्ग र पृथ्वी बनाउनुभयो । **१७**हे परमप्रभु,
आफ्नो कान थापेर सुन्नुहोस्, हे परमप्रभु, आफ्ना
आँखा खोलेर हेर्नुहोस; सनहेरीबले जीवित
परमेश्वरको अपमान गर्न पठाएका सबै
कुराहरू सुन्नुहोस्।

**१८**"हे परमप्रभु, अश्शूरका राजाहरूले सबै
मानिसहरू र देशहरूलाई उजाड़ पारेका
कुरा ठीकै हो । **१९**तिनीहरूले तिनीहरूका
देवताहरूलाई आगोमा फालेर नाश गरिदिए,
किनकि तिनीहरू देवताहरू होइनन् तर
मानिसका हातद्वारा आकार दिइएका काठ र
ढुङ्गाहरू मात्र थिए। **२०**अब हे परमप्रभु, हाम्रा
परमेश्वर, हामीलाई त्यसको हातबाट बचाउनुहोस्
र पृथ्वीका सारा राज्यहरूले हे परमप्रभु, तपाईं
मात्र परमेश्वर हुनुहुन्छ भनी जानून्।"

## सनहेरीबको पतन

**२१**तब आमोजका छोरा यशैयाले
हिजकियालाई एउटा खबर पठाए: "परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: तैंले

---

**३७:८-२०**–२ राजा १९:८-१९. **३७:१६**–प्रस्थान २५:२२. **३७:२१-३८**–२ राजा १९:२०-३७.

अश्शूरको राजा सनहेरीबको विषयमा मलाई
प्रार्थना गरेको कारण, २२परमप्रभुले त्यसको
विरुद्ध यो कुरा बोल्नुभएको छः

“सियोनकी कन्ये छोरीले तँलाई अनादार
र गिल्ला गर्छे ।
तँ भाग्दा यरूशलेमकी छोरीले आफ्नो
शिर हल्लाउँछे ।
२३ तैंले कसको ठट्टा र निन्दा गरेको छस् ?
तैंले कसको विरुद्ध आफ्नो सोर उचालेको
छस्,
अनि तैंले घमण्डले आफ्ना आँखा
उचालेको छस् ?
के इस्राएलका परमपवित्रको विरुद्धमा
होइन ?
२४ तेरा दूतहरूद्वारा तैंले परमप्रभुमाथि
अपमानको थुप्रो लगाएको छस् ।
अनि तैंले भनेको छस्, ‘मेरा धेरै रथहरू
लिएर म पर्वतका शिखरहरूमा उक्लेको
छु,
लबानोनका सर्वोच्च शिखरहरूमा ।
मैले त्यसका अति अल्गा देवदारुहरू
ढालेको छु,
त्यसका अति उत्तम-उत्तम सल्लाका
रूखहरू ।
म त्यसका दुर्गम उँचाइहरूमा,
त्यसका अति उत्तम वनहरूमा पुगेको
छु ।
२५ मैले परदेशी मुलुकहरूमा इनार खनेको
छु,
अनि त्यहाँ पानी पिएको छु ।
मेरा खुट्टाका पैतालाले मैले मिश्रमा
खोलहरू सुकाइदिएको छु ।’

२६ “के तैंले सुनेको छैनस् ?
प्राचीन कालमा नै मैले त्यसलाई स्थापित
गरें ।
प्राचिन कालमा नै मैले योजना बनाएँ;
अब मैले त्यसलाई हुन दिएँ,
र तैंले सुरक्षित शहरहरूलाई ढुङ्गाका
थुप्रोमा परिणत गरेको छस् ।
२७ त्यसका मानिसहरू शक्तिहीन भई,
निराश भएर शर्ममा परेका छन् ।
तिनीहरू बढ्नुअघि नै घामले डडेका
खेतका बोटहरूजस्तै कलिला टुसाजस्तै;
छतमा उम्रिरहेका घाँसजस्तै हुन् ।

२८ “तर तँ कहाँ बस्छस्,
अनि तँ कहिले आउँछस् र जान्छस्;
अनि तँ मसित कसरी रिसाउँछस् म
जान्दछु ।
२९ तैंले मसित रीस गरेको कारण
अनि तेरो अशिष्टता मेरो कानमा पुगेको
कारण,
म आफ्नो अङ्कुसे तेरो नाकमा अनि
मेरो लगामको फलाम तेरो मुखमा
लगाउनेछु;
अनि तँलाई, तँ आएकै बाटो म
फर्काइदिनेछु ।

३० “हे हिजकिया, तेरो निम्ति यो चिन्ह हुनेछ,
“यो वर्ष तैंले आफैं उम्रेको कुरा
खानेछस्,
अनि दोस्रो वर्ष, त्यसैबाट उम्रेको
खानेछस् ।
तर तेस्रो वर्षमा छर्, अनि कटनी गर्,
दाखबारी लगा र त्यसको फल खा ।
३१ फेरि एक पल्ट यहूदाको घरानाको एउटा
बाँचेको भागले मुनि जरा हाल्नेछ,
अनि माथि फल फलाउनेछ ।
३२ किनकि यरूशलेमबाट एउटा बाँचेको
भाग आउनेछ,
अनि सियोन पर्वतबाट बाँचेकाहरूको
एउटा झुण्ड् आउनेछ ।
सर्वशक्तिमान्को जोशले नै यो सम्पन्न
गर्नेछ ।”

३३ “यसकारण अश्शूरको राजाको विषयमा
परमप्रभु यसो भन्नुहुन्छः
“त्यसले यस शहरभित्र प्रवेश गर्नेछैन,
नता यहाँ एउटा काँड् नै हान्नेछ ।
त्यो यसको सामुन्ने ढालसित आउनेछैन,
नता यसको विरुद्ध घेरा नै हाल्नेछ ।

३४ त्यो जुन बाटो आएको थियो त्यही बाटो
त्यो फर्कनेछ;
त्यसले यस शहरमा प्रवेश गर्नेछैन,"
परमप्रभु घोषणा गर्नुहुन्छ।
३५ "मेरो खातिर अनि मेरो दास दाऊदको
खातिर,
म यस शहरलाई रक्षा गरेर
बचाउनेछु!"

३६त्यसपछि परमप्रभुका दूतले गएर
अश्शूरहरूको छाउनीका एक लाख पचासी
हजार मानिसहरूलाई मारे। भोलि पल्ट बिहान
मानिसहरू उठ्दा– त्यहाँ खालि लाशहरू
थिए। ३७यसकारण अश्शूरका राजा
सनहेरीबले छाउनी उठाए अनि गइहाले। तिनी
निनवे फर्के र त्यहाँ बसे।

३८एक दिन तिनी मन्दिरमा आफ्ना देवता
निस्रोकको पूजा गर्दैगर्दा तिनका छोराहरू
अद्रमेलेक र शरेसेरले तिनलाई तरवारले काटेर
लड़ाए अनि तिनीहरू अरारत देशमा भागेर
गए। अनि तिनीपछि तिनका छोरा एसर्हदोन
राजा भए।

## हिजकिया बिरामी परेका

३८ ती दिनहरूमा हिजकिया बिरामी भएर
मृत्युको मुखैमा पुगे। आमोजका
छोरा यशैया अगमवक्ताले तिनीकहाँ गएर
भने, "परमप्रभु यसो भन्नुहुन्छ: तेरो घरानालाई
ठीक राख्, किनकि तँ मर्न लागेको छस्; तँ
बाँच्नेछैनस्।"

२हिजकियाले आफ्नो अनुहार भित्तातिर
फर्काएर परमप्रभुलाई प्रार्थना गरे, ३"हे
परमप्रभु, म कसरी तपाईंको सामुन्ने विश्वास-
योग्यतासाथ अनि हृदयको सम्पूर्ण भक्तिसाथ
हिँड़े, अनि तपाईंको दृष्टिमा जे ठीक थियो
त्यही गरें, त्यो सम्भनुहोस्।" अनि हिजकिया
धुरुधुरु रोए।

४तब परमप्रभुको वचन यशैयाकहाँ आयो:
५"जा अनि हिजकियालाई भन्, 'परमप्रभु तेरा
पिता दाऊदका परमेश्वर यसो भन्नुहुन्छ, मैले
तेरो प्रार्थना सुनें अनि तेरो आँसु देखें; म तेरो
आयु अरू पन्ध्र वर्ष थपिदिनेछु। ६तँलाई
र यस शहरलाई अश्शूरको राजाको हातबाट
छुटकारा दिनेछु र म यस शहरको रक्षा गर्नेछु।
७'"परमप्रभुले जे प्रतिज्ञा गर्नुभएको छ सो
गर्नुहुनेछ भन्ने तेरो निम्ति यो चिन्ह हुनेछ: ८म
आहाजको भऱ्याङमा तल गएको घामले बनाएको
छायालाई दश कदम पछि सारिदिनेछु।"
यसकारण तल गएको घामको छाया दश कदम
पछि सऱ्यो।

९आफ्नो बिमार निको भएपछि यहूदाका
राजा हिजकियाद्वारा लिखित एउटा वर्णन्:

१० मैले भनें, "मेरो जीवनको बसन्तकालमा,
के म मृत्युको मूल ढोकाबाट भएर
जानुपर्छ,
अनि मेरा बाँकी उमेर मबाट खोसिने
छ?"
११ मैले भनें, 'म फेरि परमप्रभुलाई देख्नेछैनँ,
जीवितहरूको देशमा परमप्रभुलाई;
म अब उसो मानव जातिलाई हेर्नेछैनँ,
नता अहिले यस संसारमा रहनेहरूसित
हुनेछु।
१२ मेरो घर गोठालाको पालझैं उखेलिएर
मबाट लगिएको छ।
जुलाहाले झैं मैले आफ्नो जीवनलाई
बेह्रेको छु,
अनि उहाँले मलाई तानबाट
काटिदिनुभएको छ;
दिनरात तपाईंले मलाई समाप्त गर्नुभएको
छ।
१३ मैले उषाकालसम्म धैर्यसाथ पर्खें,
तर सिंहले झैं मेरा सबै हड्डीहरू उहाँले
भाचिदिनुभयो;
दिनरात तपाईंले मलाई समाप्त गर्नुभएको
छ।

३८:१–२२–२ राजा २०:१-११; २ इतिहास ३२:२४-२६.

१४ म गौंथलीझैँ अथवा मैनाझैँ कराएँ,
मैले विलाप गर्ने ढुकुरझैँ विलाप गरें ।
स्वर्गतिर हेर्दा मेरा आँखा कमजोर भए ।
म विचलित छु, हे परमप्रभु,
मेरा सहायताको निम्ति आउनुहोस् !

१५ तर म के भन्न सक्छु र ?
उहाँ मसित बोल्नुभएको छ,
अनि उहाँ आफैले यो गर्नुभएको हो ।
मेरो आत्माको चिन्ताको कारण म आफ्नो जीवनभरि नम्र भई हिँड्नेछु ।
१६ परमप्रभु, यस्तै कुराहरूद्वारा मानिसहरू जिउँछन्;
अनि मेरो आत्माले पनि यस्तैहरूमा जीवन पाउँछ ।
तपाईंले मेरो स्वास्थ्य फेरि ठीक
बनाइदिनुभयो र मलाई बाँच्नदिनुभयो ।
१७ निश्चय मेरै फाइदाको निम्ति मैले यस्तो वेदना खप्नु पर्‍यो ।
तपाईंले आफ्नो प्रेममा मलाई सर्वनाशको खाड़लबाट अलग राख्नुभयो,
तपाईंले मेरा सबै पापहरूलाई आफ्नो पिठिउँपछि राखिदिनुभयो ।
१८ किनकि पातालले तपाईंको प्रशंसा गर्न सक्दैन,
मृत्युले तपाईंको प्रशंसा गाउन सक्दैन;
तल खाड़लमा जानेहरूले तपाईंको
विश्वासयोग्यताको.आशा राख्न सक्दैनन् ।
१९ जीवित, अँ जीवितहरूले मात्र तपाईंको प्रशंसा गर्छन्,
जसरी आज म गरिरहेछु;
बाबुहरूले आफ्ना छोराछोरीहरूलाई
तपाईंको विश्वासयोग्यताबारे वर्णन गर्छन् ।

२० परमप्रभुले मलाई बचाउनुहुनेछ,
अनि हामी परमप्रभुको भवनमा आफ्ना
जीवनकालभरि तारबाजाहरूसित
गाउनेछौं ।

**२१**यशैयाले भनेका थिए, "नेभाराको एउटा
लेप बनाएर पिलोमा लगाउनू अनि त्यो निको
हुनेछ ।"
**२२**हिजकियाले, "म परमप्रभुको भवनमा
उक्लेर जानेछु भन्ने के चिन्ह हुनेछ ?" भनी
सोधेका थिए ।

### बेबिलोनका राजदूतहरू

**३९** त्यस बेला बेबिलोनका राजा बलदानका
छोरा मरोदक बलदानले हिजकियाकहाँ
पत्रहरू अनि उपहारहरू पठाए किनकि तिनले
उनको बिमार र स्वास्थ्य-लाभको विषयमा
सुनेका थिए । **२**हिजकियाले दूतहरूलाई हर्षसाथ
ग्रहण गरे अनि तिनीहरूलाई भण्डारमा भएका
सबै कुराहरू, चाँदी, सुन, मसालाहरू, बहुमूल्य
तेलहरू, तिनका सम्पूर्ण हतियार राख्ने घर
अनि भण्डारमा भएको प्रत्येक कुरो देखाए ।
आफ्नो महलमा अथवा आफ्नो सम्पूर्ण राज्यमा
यस्तो कुरो थिएन, जुन हिजकियाले तिनीहरूलाई
देखाएनन् ।
**३**तब यशैया अगमवक्ताले हिजकिया
राजाकहाँ गएर सोधे, "ती मानिसहरूले के
भने, अनि तिनीहरू कहाँबाट आएका हुन् ?"
हिजकियाले जवाफ दिए, "एउटा टाढ़ा
देशबाट, तिनीहरू मकहाँ बेबिलोनबाट आएका
हुन् ।"
**४**तब अगमवक्ताले सोधे, "तिनीहरूले
तपाईंको महलमा के-के देखे ?"
हिजकियाले भने, "तिनीहरूले मेरो महलमा
सबै कुराहरू देखे । मेरो भण्ड़ारमा भएको कुनै
कुरा पनि तिनीहरूलाई मैले नदेखाएको
छैन ।"
**५**तब यशैयाले हिजकियालाई भने,
"सर्वशक्तिमान् परमप्रभुको वचन सुन्नुहोस्:
**६**त्यो समय निश्चय आउनेछ जब तपाईंको
महलमा भएका सबै कुरा र तपाईंका पुर्खाहरूले
आजको दिनसम्म थुपारेका सबै कुराहरू
बेबिलोनमा लगिनेछन् । केही पनि छोडिनेछैन

**३९:१-८**–२ राजा २०:१२-१९.

भनी परमप्रभु भन्नुहुन्छ । ७अनि तपाईंका
सन्तानहरूमध्ये कति, तपाईंबाट जन्मेका
तपाईंकै रगत र मासु लगिनेछन् अनि तिनीहरू
बेबिलोनका राजाका महलमा नपुंसकहरू
हुनेछन् ।"

८हिजकियाले जवाफ दिए, "तपाईंले
बोल्नुभएको परमप्रभुको वचन असल छ ।"
किनकि तिनले 'मेरो जीवनकालमा शान्ति र
सुरक्षा भइरहनेछ' भनेर सोचे ।

## परमेश्‍वरका मानिसहरूको निम्ति सान्त्वना

४० सान्त्वना, मेरा मानिसहरूलाई
सान्त्वना,
भनी तिमीहरूका परमप्रभु भन्नुहुन्छ ।
२ यरूशलेमसित कोमलतासाथ कुरा गर,
अनि त्यसको कठोर दासत्वको सेवा
पूरा भएको छ,
त्यसको पापको दाम तिरिएको छ,
त्यसले परमप्रभुको हातबाट त्यसको
पापको साटो
दोबर गरी पाएको छ भनेर त्यसलाई
घोषणा गर ।

३ एक जनाको यसो भन्ने सोर:
"उजाड़-स्थानमा परमप्रभुको निम्ति बाटो
तयार गर;
उजाड़-स्थानमा हाम्रा परमप्रभुको निम्ति
एउटा राजमार्ग सीधा बनाऊ ।
४ प्रत्येक खोल्सा अग्लो पारिनेछ,
प्रत्येक पर्वत र डाँड़ा होंच्याइनेछ;
अग्लो-होंचो जमिन एकनास पारिनेछ,
खाल्टाखुल्टी समतल बनाइनेछ ।
५ अनि परमप्रभुको महिमा प्रकट हुनेछ,
अनि सारा मानव-जातिले त्यसलाई एक
साथ देख्नेछन् ।
किनकि परमप्रभुको मुखले बोलेको छ ।"
६ एउटा आवाजले भन्छ, "करा ।"
अनि मैले भनें, "म के भनेर कराऊँ ?"
"सारा मानिसहरू घाँसझैं हुन्,
अनि तिनीहरूका सबै शोभा मैदानका
फूलहरूझैं हो ।
७ घाँस ओइलाइहाल्छ अनि फूल झरिजान्छ,
किनकि परमप्रभुको सासले तिनीहरू
फुकिन्छ ।
निश्‍चय मानिसहरू घाँसै हुन् ।
८ घाँस ओइलाइहाल्छ अनि फूल झरिजान्छ,
तर हाम्रा परमेश्‍वरको वचन सदासम्म
स्थिर रहन्छ ।"

९ तिमीहरू सियोनको निम्ति शुभ समाचार
ल्याउनेहरू अग्लो पर्वतमा उक्लिजाओ ।
तिमीहरू यरूशलेमको निम्ति शुभ
समाचार ल्याउनेहरू,
आफ्ना सोरहरू कराएर उचाल, सोर
उचाल, नडराओ;
यहूदाका नगरहरूलाई भन,
"तिमीहरूका परमेश्‍वर यहाँ हुनुहुन्छ !"
१० हेर, सर्वशक्तिमान् परमप्रभु पराक्रमसाथ
आउनुहुन्छ,
अनि उहाँको बाहुलीले उहाँको निम्ति
शासन गर्छ ।
हेर, उहाँको इनाम उहाँसितै छ,
अनि उहाँको क्षतिपूर्ति उहाँको साथ छ ।
११ उहाँले आफ्नो बगाललाई गोठालाले
झैं चराउनुहुन्छ:
उहाँले थुमाहरूलाई आफ्ना बाहुलीमा
बटुल्नुहुन्छ
अनि तिनीहरूलाई आफ्नो मुटुको छेउमा
पुऱ्याउनुहुन्छ;
उहाँले बच्चा भएकाहरूलाई बिस्तारै
ड़ोऱ्याउनुहुन्छ ।
१२ कसले आफ्नो अँन्जुलीमा पानीहरूलाई

**३९:७**–दानिएल १:१-७; २ राजा २४:१०-१६. **४०:३**–मत्ती ३:३; मर्कूस १:३; यूहन्ना १:२३.
**४०:३-५**–लूका ३:४-६. **४०:६-८**–याकूब १:१०-११; १ पत्रुस १:२४-२५. **४०:१०**–यशैया ६२:११;
प्रकाश २२:१२. **४०:११**–इजकिएल ३४:१५; यूहन्ना १०:११.

नापेको छ,
अथवा आफ्ना हातको चौड़ाइले
आकाशमा निशाना लगाएको छ ?
कसले पृथ्वीको धूलोलाई एउटा डालोमा
राखेको छ,
अथवा पर्वतहरूलाई तराजूमा अनि
डाँड़ाहरूलाई एउटा मानामा जोखेको
छ ?
१३ कसले परमप्रभुको मनलाई बुझेको छ,
अथवा उहाँको सल्लाहकार बनी उहाँलाई
शिक्षा दिएको छ ?
१४ प्रकाशको निम्ति परमप्रभुले कोसित
सल्लाह लिनुभयो,
अनि कसले उहाँलाई उचित मार्ग
सिकायो ?
उहाँलाई ज्ञान सिकाउने अथवा समझको
मार्ग देखाउने को हो ?

१५ निश्चय जातिहरू त बाल्टीमा भएको
एक थोपा पानीझैं हुन्,
तिनीहरू त तराजुमा भएको धूलोझैं
ठानिएका छन्;
उहाँले टापुहरूलाई धूलो समान गरी
तौलिनुहुन्छ ।
१६ वेदीको आगोको निम्ति त लबानोन पनि
कम्ती भएको छ,
नता त्यसका जन्तुहरू होमबलिको निम्ति
पर्याप्त छन् ।
१७ उहाँको सामुन्ने सबै जातिहरू केही
होइनन्;
तिनीहरूलाई त उहाँले व्यर्थको
र शून्यभन्दा पनि थोरै ठान्नुभएको छ ।

१८ तब तिमीहरू परमेश्वरलाई कोसित
तुलना गर्छौ ?
तिमीहरूले उहाँलाई कुन रुपसित तुलना
गर्छौ ?
१९ मूर्ति त कारीगरले ढालेर बनाउँछ,
अनि सुनारले त्यसलाई सुनले मोहर्छ
र त्यसको निम्ति चाँदीको साङ्लो
बनाउँछ ।
२० यस्तो भेटी चढ़ाउन नसक्ने अति गरीबले
एउटा नकुहुने रूख छान्छ ।
त्यसले नहल्लिने किसिमको एउटा मूर्ति
बनाउन एक जना सिपालु कारीगर
खोज्छ ।

२१ के तिमीहरूले जानेका छैनौं ?
के तिमीहरूले सुनेका छैनौ ?
के तिमीहरूलाई यो शुरुदेखि नै भनिएको
छैन ?
के तिमीहरूले पृथ्वी बनाइएदेखि यसो
बुझेका छैनौ ?
२२ उहाँ पृथ्वीको गोलाइमाथि सिंहासनमा
बस्नुहुन्छ,
अनि यसका मानिसहरू त फटेङ्ग्राहरूझैं
छन् ।
उहाँले आकाशलाई पर्दाझैं तन्काउनुहुन्छ,
अनि त्यसमा बास गर्नलाई तिनीहरूलाई
पालझैं फिँजाउनुहुन्छ ।
२३ उहाँले राजकुमारहरूलाई शून्य
बनाउनुहुन्छ,
अनि यस संसारका शासकहरूलाई
घटाएर शून्यसम्म पुऱ्याउनुहुन्छ ।
२४ तिनीहरू रोपिनासाथ, तिनीहरू छरिनासाथ
तिनीहरूले जमिनमा जरा हाल्नासाथ
उहाँले तिनीहरूलाई फुकिदिनुहुन्छ,
अनि तिनीहरू ओइलाइहाल्छन्,
अनि भुमरीले तिनीहरूलाई भूसझैं
उड़ाइलान्छ ।

२५ "तिमीहरू मलाई कोसित तुलना गर्छौ ?
अनि मेरो बराबर को छ ?" परमपवित्र
भन्नुहुन्छ ।
२६ तिमीहरूका आँखा उठाएर आकाशहरूतिर
हेर,
कसले यी सबै कुराहरू सृष्टि गरे ?
उहाँले, जसले तारा-मण्डललाई एक एक

---

**४०:१३**–रोमी ११:३४; १ कोरिन्थी २:१६. **४०:१८–१९**–प्रेरित १७:२९.

गरी ल्याउनुहुन्छ,
अनि प्रत्येकलाई नाउँद्वारा बोलाउनुहुन्छ ।
उहाँको महान् पराक्रम र बलवान्
शक्तिको कारण,
तीमध्ये एउटै पनि हराएको छैन ।

२७ हे याकूब, तँ किन भन्छस्,
हे इस्राएल, तँ किन गुनासो पोख्छस्,
"मेरो मार्ग परमप्रभुबाट लुकेको छ;
मेरो मुद्दा मेरा परमेश्‍वरले वास्ता
गर्नुभएको छैन ?"
२८ के तिमीहरू जान्दैनौ ?
के तिमीहरूले सुनेका छैनौ ?
परमप्रभु अनन्तका परमेश्‍वर हुनुहुन्छ,
सारा पृथ्वीका सृष्टिकर्ता ।
उहाँ थकित र हैरान हुनुहुन्न,
अनि कसैले उहाँको समझशक्तिलाई थाह
गर्न सक्दैन ।
२९ उहाँले थकितहरूलाई सामर्थ दिनुहुन्छ
अनि दुर्बलहरूको शक्ति बढ़ाइदिनुहुन्छ ।
३० जवानहरू पनि थकित र हैरान हुन्छन्,
अनि जवान मानिसहरू ठक्कर खाएर
लड्छन्;
३१ तर परमप्रभुमा आशा राख्नेहरूले नवीन
सामर्थ पाउँछन् ।
तिनीहरू चीलझैँ पखेटामा उँभो लाग्नेछन्,
तिनीहरू दगुरेर थाक्नेछैनन्,
तिनीहरू हिँड़ेर हैरान हुनेछैनन् ।

### इस्राएलका सहायक

४१ "हे टापुहरू, मेरो सामुन्ने चुप
लागिबस् !
जातिहरूले नवीन सामर्थ पाऊन् !
तिनीहरू सामुन्ने आएर बोलून्
हामी एउटा इन्साफको ठाउँमा भेट
गरौं ।

२ "कसले पूर्वको एक जनालाई उहाँको
सेवाको निम्ति धार्मिकतामा बोलाएर
सुऱ्याएको छ ?
उहाँले त्यसलाई जातिहरू दिनुहुन्छ,
उहाँले त्यसको सामुन्ने राजाहरूलाई
वशमा पार्नुहुन्छ ।
त्यसले तिनीहरूलाई आफ्नो तरवारले
माटोमा परिणत गरिदिन्छ,
आफ्नो धनुले बतासलाई उड़ाएको भुसमा
परिणत गरिदिन्छ ।
३ त्यसले तिनीहरूलाई खेद्छ
अनि विनारोकटोक अघि बढ्छ,
यस्तो बाटोबाट जसमा त्यसका खुट्टाले
पहिले हिँड़ेका थिएनन् ।
४ पुस्ताहरूलाई शुरूदेखि बोलाएर यो गर्ने
अनि यसलाई चलाएर लाने काम कसले
गऱ्यो ?
म, परमप्रभु, तिनीहरूका पहिलो र
पछिल्लोसित रहने म उनी नै हुँ ।"

५ टापुहरूले त्यो देखेका छन् र डराउँछन्;
पृथ्वीको पल्लो छेउ काँप्छ ।
तिनीहरू नजीक आएर अगि आउँछन्;
६ एउटाले अर्कोलाई सघाउँछ अनि आफ्नो
दाज्यूभाइलाई भन्छ,
"बलियो हो !"
७ कारीगरले सुनारलाई ढाड़स दिन्छ,
अनि घन हिर्काउनेले लिहिमाथि प्रहार
गर्नेहरूलाई प्रोत्साहन दिन्छ ।
त्यसले रसायनको विषयमा भन्छ, "यो
असलै छ ।"
त्यसले मूर्तिलाई काँटीले ठोक्छ र त्यो
लड्दैन ।

८ "तर तँचाहिँ, हे इस्राएल, मेरो दास,
याकूब जसलाई मैले छानें,
तिमीहरू मेरा मित्र, अब्राहामका सन्तान,
९ मैले तँलाई पृथ्वीको पल्लो छेउबाट लिएँ,
त्यसका सुदूर कुनाबाट मैले तँलाई
बोलाएँ ।
मैले भनें, 'तँ मेरो दास होस्' मैले तँलाई

**४१:८**–२ इतिहास २०:७; याकूब २:२३.

छानेँ,
अनि तँलाई फालेको छैनँ ।
१० यसकारण नडरा, किनकि म तँसित छु;
अचम्म नमान्, किनकि म तेरो परमेश्वर
हुँ ।
म तँलाई सामर्थी बनाउनेछु, अनि सहायता
दिनेछु;
म तँलाई आफ्ना धार्मिकताको दाहिने
हातले सम्हाल्नेछु ।

११ "तेरो विरुद्ध रीस गर्ने सबै लाजमा पर्नेछन्
र अपमानित हुनेछन्;
तेरो विरोध गर्नेहरू केही न केहीका
हुनेछन् र नष्ट हुनेछन् ।
१२ तैंले तेरा शत्रुहरूलाई खोजे तापनि,
तैंले तिनीहरूलाई भेट्टाउनेछैनस् ।
तेरो विरुद्धमा लड़ाइँ गर्नेहरू बिलकुल
निरर्थक हुनेछन् र नष्ट हुनेछन् ।
१३ किनकि म परमप्रभु, तेरा परमेश्वर हुँ,
जसले तेरो दाहिने हात समातेर तँलाई
भन्छ, नडरा; म तँलाई सहायता गर्नेछु ।
१४ नडरा, हे भुसुना याकूब, हे सानो इस्राएल,
किनकि म आफै तँलाई सहायता गर्नेछु"
तेरो उद्धारक, इस्राएलका परमपवित्र
परमप्रभु घोषणा गर्नुहुन्छ,।

१५ "हेर, म तँलाई दाइँ गर्ने धारिलो हतियार
बनाउनेछु,
नयाँ अनि धारिलो, धेरै दाँतहरू भएको ।
तैंले पर्वतहरूलाई दाइँ गर्नेछस्
अनि तिनीहरूलाई पेल्नेछस्,
अनि पर्वतहरूलाई घटाएर भुस
बनाउनेछस् ।
१६ तैंले तिनीहरूलाई निफन्नेछस्,
हावाले तिनीहरूलाई टिपिलैजानेछ,
अनि आँधीले तिनीहरूलाई उड़ाइ
लैजानेछ ।

१७ "गरीब र खाँचोमा परेकाहरूले पानी
खोज्छन्, तर छँदैछैन;
तिनीहरूका जिब्राहरू तिर्खाले जलेका
छन् ।
तर म परमप्रभुले तिनीहरूलाई जवाफ
दिनेछु,
म, इस्राएलका परमेश्वरले तिनीहरूलाई
त्याग्नेछैनँ ।
१८ म बाँझो अग्ला ठाउँहरूमा नदीहरू बग्न
लाउनेछु,
अनि खोल्साहरूमा खोलाहरू बग्न
लाउनेछु ।
म मरुभूमिलाई पानीको पोखरीमा
अनि डड़ेको जमिनलाई खोलाहरूमा
परिणत गर्नेछु ।
१९ म मरुभूमिमा देवदारु र बबुल, मेंहदी
र जैतुन लगाउनेछु ।
म बाँझो जमिनमा सल्ला, धूपी र सिसौ
एकैसाथ राख्नेछु,
२० र मानिसहरूले देखून् र जानून्,
विचार गरून् र बुझून् कि परमप्रभुको
हातले यो गरेको हो,
कि इस्राएलका परमपवित्रले यो सृजनु
भएको हो ।

२१ परमप्रभु भन्नुहुन्छ, "तेरो मुद्दा पेश
गर् ।"
याकूबका राजा भन्नुहुन्छ, "तेरो तर्क
पेश गर् ।"
२२ तेरा मूर्तिहरूलाई अब के हुनेछ भन्नलाई
लिएर आइज ।
अघिका कुराहरू के थिए हामीलाई बता
र हामी तिनीहरूमाथि बिचार गरौं
अनि तिनीहरूका अन्तिम नतीजा जान्न
सकौं ।
अथवा अब आउने कुराहरू घोषणा गर,
२३ भविष्यमा के हुनेहो हामीलाई भन,
र तिमीहरू देवताहरू हौ भनी हामी
जानौं ।
असल वा खराब केही गर र हामी
चकित भएर अत्यन्त डराऔं ।
२४ तर तिमीहरू त केही होइनौ
अनि तिमीहरूका कामहरू सर्वदा व्यर्थ छन्;
तिमीहरूलाई छान्नेहरू घिनलाग्दा हुन् ।

२५ “मैले उत्तरबाट एक जनालाई सुऱ्याएको छु,
अनि त्यो आउँछ–
घाम उदाउने दिशाबाट, जसले मेरो नाउँको पुकारा गर्छ ।
त्यसले शासकहरूलाई मसालाझैं कुल्चन्छ,
कुमालेले माटो कुल्चेझैं गर्छ ।
२६ यस विषयमा शुरूदेखि कसले भन्यो र हामी जन्न सकौं,
अथवा पहिले नै, र हामी ‘त्यो ठीक छ’ भन्न सकौं ?
यसबारे कसैले भनेन, कसैले कहिल्यै भनेन,
तिमीहरूबाट कसैले केही कुरा सुनेन ।
२७ सियोनलाई, ‘हेर, तिनीहरू यहाँ छन् !’ भन्ने म नै पहिलो हुँ,
यरूशलेमलाई सुसमाचार दिन
सुसमाचारका दूत दिने म नै हुँ ।
२८ म हेर्छु तर कोही छैन–
सल्लाह दिने तिनीहरूमा एउटै छैन,
मैले तिनीहरूलाई प्रश्न गर्दा जवाफ दिने एउटै छैन ।
२९ हेर, तिनीहरू सबै झुटा हुन् !
तिनीहरूका काम व्यर्थका हुन्,
तिनीहरूका मूर्तिहरू खालि बतास र गड़बड़ मात्र हुन् ।

### परमप्रभुको दास

४२ “हेर मेरो दास, जसलाई म सम्हाल्दछु,
मैले छानेको व्यक्ति, जसमा म प्रसन्न छु;
म तिनमा मेरो आत्मा हाल्नेछु
अनि तिनले जाति-जातिहरूबीच इन्साफ ल्याउनेछन् ।
२ तिनी चिच्याउने र जोरले कराउने छैनन्,
नता आफ्नो सोर सड़कतिर सुनाउनेछन् ।
३ फुटेको निगालोलाई तिनले भाँच्नेछैनन्,
अनि निभ्न लागेको सलेतोलाई तिनले फुकिदिनेछैनन् ।
तिनले विश्वासयोग्यतामा इन्साफ गर्नेछन्;
४ जबसम्म तिनले पृथ्वीमा इन्साफ स्थापित गर्नेछैनन्,
तिनी अन्कनाउने र निरूत्साही हुनेछैनन् ।
तिनको व्यवस्थामा टापुहरूले समेत आफ्नो आशा राख्नेछन् ।
५ परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ–
जसले आकाशहरू सृष्टि गरेर ती फैलाउनुभयो,
जसले पृथ्वीलाई र त्यसबाट आउने सबैलाई फिँजाउनुभयो,
जसले यसका मानिसहरूलाई सास
अनि त्यसमा हिँड्नेहरूलाई जीवन दिनुहुन्छ:

६ “म, परमप्रभुले तिमीलाई धार्मिकतामा बोलाएको छु,
म तिम्रो हात पक्रनेछु ।
म तिमीलाई सम्हाल्नेछु अनि तिमीलाई
जाति-जातिहरूको निम्ति एउटा करार
अनि गैर-यहूदीहरूको निम्ति एउटा ज्योति बनाउनेछु,
७ तब तिमीले अन्धाहरूका आँखा खोल्न,
कैदीहरूलाई कारागारबाट छुटकारा दिन
अनि अन्धकारको खाड़लमा बस्नेहरूलाई निकाल्न सक्ने छौ ।

८ “म परमप्रभु हुँ; मेरो नाउँ त्यही हो !
म मेरो महिमा अर्कोलाई दिनेछैनँ,
नता मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछु ।
९ हेर, पहिलेका कुराहरू भइसके,
अनि नयाँ कुराहरू म घोषणा गर्छु;
तिनीहरू आउनुभन्दा अघिबाटै म ती तिमीहरूलाई सूचित गर्दछु ।”

---

**४२:१**–मत्ती ३:१७; १७:५; मर्कूस १:११; लूका ३:२२; ९:३५. **४२:१-४**–मत्ती १२:१८-२१.
**४२:५**–प्रेरित १७:२४-२५. **४२:६**–यशैया ४९:६; लूका २:३२; प्रेरित १३:४७; २६:२३.

### परमप्रभुलाई प्रशंसाको गीत

१० परमप्रभुको लागि एउटा नयाँ गीत गाओ,
पृथ्वीको छेउबाट उहाँको प्रशंसा गर,
तिमीहरू, जो समुद्रमुनि जान्छौ,
अनि त्यसमा भएका जति सबै,
तिमीहरू टापुहरू, अनि तिनीहरूमा बस्ने सबै ।
११ मरुभूमि र त्यसका नगरहरूले आफ्ना सोर उचालून्;
केदार बसेका सबै ठाउँहरू आनन्दित होऊन् ।
सेलाका मानिसहरू आनन्दले गाऊन्;
तिनीहरू पर्वतका टाकुराहरूबाट चिच्याऊन् ।
१२ तिनीहरूले परमप्रभुलाई महिमा दिऊन्,
अनि टापुहरूमा उहाँको प्रशंसा घोषणा गरून् ।
१३ परमप्रभु एक जना पराक्रमी मानिसझैँ अगि बढ्नुहुनेछ,
एउटा योद्धाझैँ उहाँ आफ्नो जोशमा सुरिनुहुन्छ;
चर्को सोरले उहाँले युद्ध-ध्वनी निकाल्नुहुनेछ,
अनि उहाँले आफ्ना शत्रुहरूमाथि विजय पाउनुहुनेछ ।

१४ "म धेरै बेरसम्म चूप रहेँ,
म मौन रहेर आफैलाई रोकिराखें ।
तर अब, प्रसव-वेदना लागेकी स्त्रीझैँ म चिच्याउँछु,
म स्याँ-स्याँ गर्छु अनि छिटो छिटो सास फेर्छु ।
१५ म पर्वतहरू र डाँड़ाहरूलाई उजाड़ पारिदिनेछु,
अनि तिनीहरूका सबै वनस्पतिहरूलाई सुकाइदिनेछु;
म नदीहरूलाई टापुहरूमा परिणत गरिदिनेछु;
अनि पोखरीहरू सुकाइदिनेछु ।
१६ म अन्धाहरूलाई तिनीहरूले नजानेका बाटोहरूबाट डोऱ्याउनेछु,
नचिनेका बाटोहरूमा म तिनीहरूलाई डोऱ्याउनेछु;
म तिनीहरूको सामुन्ने अन्धाकारलाई उज्यालोमा परिणत गरिदिनेछु,
अनि खाल्टाखुल्टी भएका ठाउँहरूलाई समतल बनाउनेछु ।
म यी कुराहरू गर्नेछु;
म तिनीहरूलाई त्याग्नेछैनँ ।
१७ तर मूर्तिहरूमाथि भरोसा राख्नेहरू
जसले मूर्तिहरूलाई 'तपाईंहरू हाम्रा देवता हुनुहुन्छ' भनेर भन्छन्, तिनीहरू
अन्त्यमा शर्ममा पारिनेछन् ।

### अन्धा र बहिरा इस्राएल

१८ हे बहिरा, सुन्;
तँ अन्धा हेर्, अनि देख् !
१९ मेरो दासबाहेक अन्धो अरू को छ र ?
अनि मैले पठाएको दूतझैँ बहिरा को छ ?
मप्रति सुम्पिएको व्यक्तिझैँ अन्धा को छ ?
परमप्रभुको दासझैँ अन्धा को छ ?
२० तिमीहरूले धेरै कुरा देखेका छौ,
तर त्यसमा ध्यान दिएका छैनौ;
तिमीहरूका कान खुल्ला छन्,
तर तिमीहरू केही सुन्दैनौ ।
२१ आफ्ना धार्मिकताको खातिर उहाँको व्यवस्था महान्
र महिमित बनाउन परमप्रभुलाई मन पऱ्यो ।
२२ तर यो जाति त खोसिएको र लुटिएको छ,
ती सबै खाड़लमा परेका छन्
अथवा झ्यालखानामा लुकाइएका छन् ।
तिनीहरू कसैले नछुटाउने गरी लुटिएका छन्,
तिनीहरू कसैले, "तिनीहरूलाई फर्काइदेऊ" नभन्ने गरी खोसिएका छन् ।

२३ तिमीहरू कसले यो सुन्नेछौ,
अथवा आउने समयमा ध्यान दिनेछौ ?
२४ कसले याकूबलाई लुटिन दियो,
अनि इस्राएललाई कसले खोसिन दियो ?
के त्यो परमप्रभुले नै होइन जसका विरुद्ध
हामीले पाप गर्‍यौं ?
किनकि तिनीहरू उहाँका मार्गमा हिँड़ेनन्;
तिनीहरूले उहाँको व्यवस्था पालन
गरेनन् ।
२५ यसकारण उहाँले तिनीहरूमाथि आफ्नो
बल्दो रीस खन्याइदिनुभयो,
र युद्धको प्रचण्डता पोखाउनुभयो ।
त्यसले तिनीहरूलाई ज्वालामा लपेट्यो,
र पनि तिनीहरूले बुझेनन्;
त्यसले तिनीहरूलाई भष्म पारिदियो,
तर तिनीहरूले त्यसलाई हृदयमा
राखेनन् ।

### इस्राएलको एउटै मुक्तिदाता

४३ तर अब परमप्रभु यसो भन्नुहुन्छ–
हे याकूब, तँलाई सृष्टि गर्नुहुनेले,
हे इस्राएल, तँलाई रच्नुहुनेले;
"नडरा, किनकि मैले तँलाई दाम तिरेर
छुटाएको छु;
मैले तँलाई नाउँ काढ़ेर बोलाएको छु;
तँ मेरो होस् ।
२ तँ पानीबाट भएर जाँदा म तँसित हुनेछु;
अनि तँ नदीहरूबाट भएर जाँदा
तिनीहरूले तँलाई बगाउनेछैनन् ।
तँ आगोबाट भएर हिँड्दा तँ जल्नेछैनस्;
त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन ।
३ किनकि म परमप्रभु तेरा परमेश्‍वर हुँ,
इस्राएलका परमपवित्र, तेरा उद्धारकर्ता ।
म तेरो छुटकाराको मोलको निम्ति
मिश्रदेशलाई दिन्छु,
तेरो सट्टामा कूश र सेबालाई दिन्छु ।
४ तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय
भएकोले,
र मैले तँलाई प्रेम गरेको कारणले म
मानिसहरूलाई तेरो सट्टामा,
र जाति-जातिहरूलाई तेरो जीवनको
सट्टामा दिनेछु ।
५ नडरा, किनकि म तँसित छु;
म तेरा सन्तानलाई पूर्वबाट ल्याउनेछु,
अनि तँलाई पश्‍चिमबाट भेला
गराउनेछु ।
६ म उत्तरलाई भन्नेछु 'तिनीहरूलाई
छोड़िदे !'
अनि दक्षिणलाई भन्नेछु 'तिनीहरूलाई
नरोक् ।'
मेरा छोराहरूलाई टाढ़ाबाट ल्याऊ,
अनि मेरा छोरीहरूलाई पृथ्वीको छेउबाट
ल्याऊ–
७ मेरो नाउँले बोलाइएको हरेकलाई,
जसलाई मैले आफ्नो महिमाको निम्ति
सृष्टि गरें,
जसलाई मैले रचें ।
८ आँखा भएका तर अन्धाहरूलाई,
कान भएका तर बहिराहरूलाई डोर्‍याएर
निकाल ।
९ सबै जातिहरू एकसाथ जम्मा होऊन्,
अनि मानिसहरू भेला होऊन् ।
तिनीहरूमध्ये कसले यो अघिबाटै बतायो,
अनि अघिका कुराहरूको घोषणा
गर्‍यो ?
तिनीहरू ठीक हुन् भनेर प्रमाण गर्नलाई
तिनीहरूले गवाहीहरू ल्याऊन्,
र अरूले सुनेर 'यो साँचो हो' भनून् ।
१० परमप्रभु भन्नुहुन्छ, "तिमीहरू मेरा साक्षी
हौ,
अनि मैले छानेका मेरा दास,
र म उही हुँ भनी तिमीहरूले जान,
अनि मलाई विश्‍वास गर र बूझ ।
मभन्दा पहिले कुनै ईश्‍वर बनिएको थिएन,
नता मपछि कुनै हुनेछ ।
११ म, अनि म नै परमप्रभु हुँ,
र मबाहेक अरू उद्धारकर्ता छैन ।
१२ मैले प्रकट गरेको छु, बचाएको छु
र घोषणा गरेको छु–
तिमीहरूबीच भएको कुनै परदेशी देवताले

होइन, तर मैले ।
परमप्रभु घोषणा गर्नुहुन्छ, “म परमेश्वर
हुँ भन्ने साक्षी तिमीहरू नै हौ ।”
१३ अनि प्राचीन कालदेखि म उही हुँ ।
मेरो हातबाट कसैले छुटाउन सक्दैन ।
मैले काम गर्दा के कसैले त्यसलाई
उल्टाउन सक्छ ?”

## परमेश्वरको कृपा र इस्राएलको अविश्वास

१४ परमप्रभु, तिमीहरूका छुटकारा दिने,
इस्राएलका परमपवित्र यसो भन्नुहुन्छ–
“तिमीहरूको खातिर म बेबिलोनमा
मानिसहरू पठाउनेछु,
अनि सबै बेबिलोनीहरूलाई उनीहरूले
गर्व गरेका जहाजहरूमा शरणार्थीहरूलाई
झैँ ल्याउनेछु ।
१५ म परमप्रभु, तिमीहरूका परमपवित्र,
इस्राएलका सृष्टिकर्ता, तिमीहरूका राजा
हुँ ।”

१६ परमप्रभु यसो भन्नुहुन्छ–
समुद्रमा बाटो बनाउनुहुने,
शक्तिशाली सागरमा मार्ग बनाउनुहुने,
१७ रथहरू र घोड़ाहरू, सेना र थप
सेनालाई एकैसाथ निकाल्नुहुने,
तिनीहरू जो फेरि उठ्न नसक्ने गरी
पड़िरहेका थिए, सलेदो निभाएझैँ
निभाएका थिए:

१८ “पहिलेका कुराहरू नसम्झ, बितेका
कुराहरूमा नअल्झ ।
१९ हेर, म एउटा नयाँ काम गर्दैछु !
अहिले नै यो प्रष्ट हुन्छ;
के तिमीहरू यसलाई देख्दैनौ ?
म मरुभूमिमा एउटा बाटो
अनि उजाड़भूमिमा खोलाहरू
बनाउँदैछु ।
२० जङ्गली जनावरहरू, स्यालहरू
र लाटोकोसेराहरूले मलाई आदर गर्छन्,
किनकि म आफ्नो चुनिएको जातिलाई
पिलाउन मरुभूमिमा पानी
र उजाड़भूमिमा खोलाहरू प्रबन्ध गर्छु ।
२१ मैले आफ्नै निम्ति रचेको जातिको निम्ति
कि तिनीहरूले मेरो प्रशंसा घोषणा
गरून् ।
२२ “तापनि, हे याकूब, तैंले मेरो पुकार
गरेको छैनस्,
हे इस्राएल, तैंले मेरो निम्ति आफैलाई
थकित् पारेको छैनस् ।
२३ तैंले मेरो निम्ति होमबलिको भेड़ा ल्याएको
छैनस्,
नता आफ्ना बलिदानहरूद्वारा मेरो आदर
गरेको छस् ।
मैले तँलाई अन्नबलिको बोझ बोकाएको
छैनँ,
नता धूपको माग गरेर तँलाई थकित
पारेको छु ।
२४ तैंले मेरो निम्ति सुगन्धित कुरो ल्याएको
छैनस्,
नता बलिदानका बोसोहरूमा धेरै खर्च
गरेको छस् ।
तर तैंले मलाई आफ्ना पापहरू बोकाएको
छस्,
अनि तेरा अपराधहरूले मलाई थकित
पारेको छस् ।

२५ “म उही हुँ,
जसले आफ्नै खातिर तेरा अधर्महरू
मेटिदिन्छु,
र तेरा पापहरू कहिल्यै स्मरण गर्दिनँ ।
२६ मेरो निम्ति पहिलेका कुरा विचार गर्,
हामी एकसाथ यस विषयमा तर्क गरौं;
तेरो निर्दोषताको मुद्दा बता ।
२७ पहिलेका तेरो पिताले पाप गऱ्यो;
तेरा प्रवक्ताहरूले मेरो विद्रोह गरे;
२८ यसकारण म तेरो मन्दिरका गन्यमान्य
व्यक्तिहरूलाई अपमान गर्नेछु,
अनि म याकूबलाई नाशको निम्ति
अनि इस्राएललाई गिल्लाको निम्ति
सुम्पिदिनेछु ।

### छानिएको इस्राएल

४४ "तर अब हे मेरो दास याकूब,
मैले छानेको इस्राएल, ध्यान लाएर
सुन् ।
२ तँलाई बनाउनुहुने, तँलाई गर्भमा रच्नुहुने,
तँलाई सहायता गर्नुहुने परमप्रभु यसो
भन्नुहुन्छ–
हे याकूब, मेरो दास, मैले छानेको यशूरून्,
तँ नडरा ।
३ किनकि म तिर्खाएको जमिनमा पानी
खन्याउनेछु,
अनि सुख्खा जमिनमा खोलाहरू दिनेछु;
म मेरो आत्मा तेरा बालबच्चामाथि
खन्याउनेछु,
अनि मेरा आशिष्हरू तेरा सन्तानमाथि
खन्याउनेछु ।
४ तिनीहरू मैदानका घाँसझैँ उम्रनेछन्
तिनीहरू बग्ने खोलाको किनारका
लहरे-पीपलझैँ हुनेछन् ।
५ एक जनाले भन्नेछ, 'म परमप्रभुको हुँ ।'
अर्कोले आफैलाई याकूबको नाउँद्वारा
डाक्नेछ;
अझ अर्कोले आफ्नो हातमा, 'म
परमप्रभुको' भनेर लेख्नेछ,
अनि आफ्नो नाउँ इस्राएल राख्नेछ ।

### मूर्तिहरू होइनन्, तर परमप्रभु

६ "इस्राएलका महाराजा, उद्धारक,
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ–
पहिलो र पछिल्लो म नै हुँ;
मबाहेक अरू परमेश्वर छैन ।
७ त्यसोभए मजस्तो को छ ?
त्यसले त्यो घोषणा गरोस् ।
मैले प्राचीन कालका मेरो जातिलाई
स्थापित गरेपछि के भयो त्यसले घोषणा
गरोस्,
अनि मेरो सामुन्ने राखिदेओस्, अनि अब
के हुनेछ–
हो, त्यसले अब के हुनेछ पहिलेबाटै
भनोस् ।
८ नकाम्, नडरा ।
के मैले यो घोषणा गरिनँ अनि धेरै अघि
बताइनँ ?
तिमीहरू मेरा साक्षी हौ ।
के मबाहेक अरू परमेश्वर छ र ?
होइन, अरू चट्टान छैन, म कसैलाई पनि
चिन्दिनँ ।"

९ मूर्ति बनाउनेहरू सबै केही पनि होइनन्,
अनि तिनीहरूले मूल्यवान् ठानेका
कुराहरू बेकामे हुन् ।
तिनीहरूका पक्षमा बोल्नेहरू अन्धा हुन्;
आफ्नै बदनामीको निम्ति तिनीहरू अज्ञात
छन् ।
१० आफूलाई केही फाइदा नहुने देवतालाई
कसले आकार दिएर एउटा ढलौटे मूर्ति
बनाउँछ ?
११ त्यो अनि त्योजस्तै अरू लाजमा पर्नेछन्;
कारीगरहरू मानिसबाहेक केही
होइनन् ।
तिनीहरू सबै आएर आफ्ना अड़ान
लिऊन् ।
तिनीहरू सबै कलङ्कित र त्रसित पारि
खसालिनेछन् ।

१२ लोहारले एउटा हतियार लिन्छ,
अनि त्यो लिएर त्यसले कोइलामा
काम गर्छ;
घनले एउटा मूर्तिको आकार निकाल्छ,
आफ्नो हातको शक्तिले त्यसलाई
आरनमा हाल्छ ।
त्यसलाई भोक लाग्छ अनि त्यसको बल
हराउँछ
पानी नपिएकोले त्यसलाई भाउन्न
छुट्छ ।
१३ सिकर्मीले सूत तानेर सिसाकलमले चिन्ह
लगाउँछ,

---

**४४:६**–यशैया ४८:१२; प्रकाश १:१७; २२:१३.

त्यसले रामोले चिल्लो पारेर त्यसको
आकार निकाल्छ,
र परकालले त्यसमा चिन्ह लगाएर
घरमा राख्नलाई
मानिसको सबै सुन्दरताको रूपमा त्यसको
आकार निकाल्छ ।
१४ त्यसले देवदारुहरू काट्छ,
अथवा धूपी र फलाँटको रूखहरू चुन्छ;
त्यसले त्यसलाई वनका रूखहरूसित
बढ्न दिन्छ,
अथवा सालको रूख रोप्छ अनि वृष्टिले
त्यसलाई बढ़ाउँछ ।
१५ त्यो मानिसको निम्ति जलाउने दाउरा
हुन्छ;
त्यसबाट केही लिएर त्यसले आफैलाई
न्यानो पार्छ,
त्यसले आगो सल्काएर रोटी पकाउँछ ।
तर त्यसले एउटा देवता बनाएर त्यसलाई
पुज्छ पनि;
त्यसले एउटा मूर्ति बनाएर त्यसको
सामुन्ने निहुरिन्छ ।
१६ आधा काठ त्यसले आगोमा जलाउँछ;
त्यसमा त्यसले आफ्नो भोजन पकाउँछ,
त्यसैबाट त्यसले मासु भुट्छ
र अघाउन्जेल खान्छ ।
त्यसले आफैलाई न्यानो पारेर भन्छ,
"अहो ! म न्यानो भएँ, मैले आगो
देख्न पाएँ ।"
१७ बाँकी भागबाट त्यसले एउटा देवता
बनाउँछ, त्यसको मूर्ति;
ऊ त्यसको सामुन्ने घोप्टो परेर त्यसलाई
पुज्छ ।
उसले त्यसलाई प्रार्थना चढ़ाएर भन्छ,
"मलाई बचाउनुहोस्, तपाईं मेरा ईश्‍वर
हुनुहुन्छ ।"
१८ तिनीहरू केही जान्दैनन्,
तिनीहरू केही बुझ्दैनन्;
तिनीहरूका आँखामा पट्टी बाँधिएको छ
र तिनीहरू देख्न सक्दैनन्,
अनि तिनीहरूका मन बन्द भएका छन्
र तिनीहरू बुझ्न सक्दैनन् ।
१९ अड़िएर सोच्ने कोही छैन,
"यसको आधा हिस्सा मैले दाउरा बनाएँ,
यसको कोइलामा मैले रोटीसम्म पकाएँ,
मैले मासु खऱ्याएर खाएँ ।
त्यसको रहेको भागबाट के म एउटा
घृणित कुरा बनाऊँ ?
के म काठको एउटा भागको सामुन्ने
घोप्टो परूँ ?"
भन्ने ज्ञान र समझशक्ति कसैसित छैन ।
२० त्यसले खरानी खान्छ, एउटा ठगिएको
हृदयले त्यसलाई पथभ्रष्ट पार्छ;
त्यसले आफैलाई बचाउन सक्दैन अथवा
"के मेरो दाहिने हातमा भएको यो कुरो
एउटा झूट होइन ?" भन्न सक्दैन ।

२१ "हे याकूब, यी कुराहरू स्मरण गर,
किनकि हे इस्राएल, तँ मेरो दास होस् ।
मैले तँलाई बनाएँ, तँ मेरो दास होस्;
हे इस्राएल, म तँलाई बिर्सनेछैनँ ।
२२ मैले तेरा अपराधहरूलाई बादलझैँ,
तेरा पापहरूलाई बिहानको तुवाँलोझैँ
बढ़ारिदिएँ ।
मतिर फर्की, किनकि मैले तँलाई
छुटाएको छु ।
२३ हे आकाश आनन्दले गीत गा,
किनकि परमप्रभुले यो गर्नुभएको छ;
हे तलको पृथ्वी, जोरसित करा ।
हे पर्वतहरू, जोरसित गीत गाओ,
वनहरू र तेरा रूखहरूले पनि,
किनकि परमप्रभुले याकूबलाई
छुटाउनुभएको छ,
उहाँले आफ्नो महिमा इस्राएलमा
देखाउनुहुन्छ ।

### यरूशलेम आबाद हुनेछ

२४ "तेरा उद्धारकर्ता, तँलाई गर्भमा रच्नुहुने
परमप्रभु यसो भन्नुहुन्छ–
म परमप्रभु हुँ जसले सबै कुराहरू
बनाउनुभएको छ,

जसले मात्र आकाशलाई तन्काउनुभयो,
जसले आफैले पृथ्वीलाई फैलाउनुभयो,
२५ जसले झूटा अगमवक्ताका चिन्हहरू
विफल पारिदिनुहुन्छ
अनि जोखना हेर्नेहरूलाई मूर्ख
तुल्याउनुहुन्छ,
जसले बुद्धिमान्‌हरूको विद्यालाई
पल्टाइदिनुहुन्छ
अनि त्यसलाई बेमतलबका बनाइदिनुहुन्छ;
२६ जसले उहाँका दासहरूका वचनहरू
पक्का गर्नुहुन्छ,
र आफ्ना सन्देश वाहकहरूका
भविष्यवाणीहरू पूरा गरिदिनुहुन्छ,
जसले यरूशलेमलाई, "यो आबादी हुनेछ"
अनि यहूदाका नगरहरूलाई, "ती
बनाइनेछन्"
अनि भग्नावशेषको विषयमा, "म
तिनीहरूलाई पुनर्स्थापित गर्नेछु"
भन्नुहुन्छ ।
२७ जसले गहिरा पानीलाई भन्नुहुन्छ,
'सुकिजा, म तेरा खोलाहरूलाई सुकाउनेछु',
२८ जसले कोरेसलाई भन्नुहुन्छ, "त्यो मेरो
गोठालो हो,
अनि मेरो सबै इच्छा त्यसले पूरा गर्नेछ ।
उहाँले यरूशलेमलाई 'त्यो पुन:निमार्ण
गरिओस्" अनि मन्दिरलाई "यसको जग
बसालिओस्" भन्नुहुन्छ ।

४५ "आफूले अभिषेक गर्नुभएको अनि
त्यसको हात पक्रनुभएको कोरेसलाई,
त्यसको सामुन्ने जातिहरूलाई पराजित
गर्न,
अनि राजाहरूको हतियार खोस्न मूल
ढोकाहरू बन्द नहोस् भनेर,
त्यसको सामुन्ने ढोकाहरू खोलिदिन
परमप्रभु भन्नुहुन्छ:
२ "म तेरो अगिअगि जानेछु अनि म
पर्वतहरू समतल पारिदिनेछु;
म काँसाका मूल ढोकाहरू भत्काइदिनेछु,
अनि फलामका बारहरू म काटिदिनेछु ।
३ म परमप्रभु हुँ, म नै इस्राएलका
परमेश्‍वर हुँ,
मैले नै तँलाई तेरो नाउँ काढ़ेर बोलाएको
छु भनेर तैंले थाहा पाउनलाई
म तँलाई अँध्यारो ठाउँमा भएको
भण्डार र गुप्त स्थानमा जम्मा गरेका
धन दिनेछु ।
४ मेरो दास याकूबको खातिर,
मेरो छानिएको इस्राएलको खातिर तैंले
मलाई स्वीकार नगरे तापनि,
मैले तँलाई नाउँ काढ़ेर बोलाएको छु,
अनि तँलाई सम्मानको उपाधि प्रदान
गरेको छु ।
५ म परमप्रभु हुँ, अनि मबाहेक अरू कोही
छैन;
मबाहेक अरू कोही परमेश्‍वर छैन ।
तैंले मलाई स्वीकार नगरेको भए तापनि
म तँलाई बलियो पार्नेछु,
६ ताकि सूर्योदयदेखि लिएर सूर्यास्तसम्म
मानिसहरूले जानून् कि मबाहेक अरू
कोही छैन ।
म परमप्रभु हुँ र मबाहेक अरू कोही
छैन ।
७ म ज्योति बनाउँछु अनि अन्धकार सृष्टि
गर्छु,
म उन्नति ल्याउँछु र विपत्ति सृष्टि गर्छु;
म, परमप्रभुले यी सबै कुराहरू गर्छु ।
८ "माथिको आकाश, धार्मिकताको वृष्टि
खन्या;
बादलहरूले त्यो वर्षाऊन्, पृथ्वी चौड़ा
गरी उघारिओस्,
उद्धार उम्रेर आओस्, त्यससित धार्मिकता
बढोस्;
म, परमप्रभुले नै यसलाई सृष्टि गरेको
हुँ ।

**४४:२५**–१ कोरिन्थी १:२०. **४४:२८**–२ इतिहास ३६:२३; एज्रा १:२.

९ “धिक्कार त्यसलाई जसले आफ्नो
बनाउनेसित झगड़ा गर्छ,
त्यसलाई पनि जो भूइँमा भएका माटोका
खपटाहरूमध्ये एउटा खपटा मात्र हो ।
के माटोले कुमालेलाई, ‘तैंले के
बनाएको ?’ भन्छ ?
के तेरो कामले, ‘त्यसको त हातै छैन’
भन्छ ?
१० धिक्कार त्यसलाई जसले आफ्नो बाबुलाई
‘तिमीले कस्तो सन्तान पायौ ? भन्छ,
अथवा आमालाई, ‘तिमीले के
जन्मायौ ?’ भन्छ ।

११ “आउने कुराहरूको विषयमा इस्राएलका
परमपवित्र,
अनि त्यसलाई बनाउनुहुने परमप्रभु
भन्नुहुन्छ–
के तँ मेरो बालबच्चाहरूको विषयमा
मलाई प्रश्न गर्छस्,
अथवा मेरा हातका कामहरूको विषयमा
मलाई आज्ञा दिन्छस् ?
१२ पृथ्वी बनाउने अनि त्यसमा
मानिसहरूलाई सृष्टि गर्ने म नै हुँ ।
मेरा आफ्नै हातहरूले आकाशहरू
फिँजाए;
त्यसमा भएका तारामण्डललाई मैले
ठीकसँग मिलाएर राखेको हुँ ।
१३ म कोरेसलाई मेरो धार्मिकतामा उचाल्नेछु;
म त्यसका मार्गहरू सोझा बनाइदिनेछु;
त्यसले मेरो शहर पुनर्निर्माण गर्नेछ,
अनि देश-निकाला भएका मेरा
जनहरूलाई मुक्त गर्नेछु,
तर कुनै मूल्य र इनामको लागि त होइन,
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।”

१४ परमप्रभु यसो भन्नुहुन्छ:
“मिश्रदेशको उब्जनी र कूश देशको
व्यापारको माल अनि ठूला कद भएका
शबाका मानिसहरू पनि तँकहाँ
आउनेछन् र ती तेरा हुनेछन्;
तिनीहरू साङ्लाले बाँधिएर कष्टसाथ
तेरो पछि आउनेछन् ।
तिनीहरू तेरो सामुन्ने निहुरिनेछन् र
बिन्ती गर्दै यसो भन्नेछन्;
‘निश्चय परमेश्वर तपाईंसित हुनुहुन्छ,
अनि अरू कोही छैन;
अर्को ईश्वर छैन’ ।”

१५ साँच्चै तपाईं आफैलाई लुकाउनुहुने
परमेश्वर हुनुहुन्छ,
हे इस्राएलका परमेश्वर
अनि उद्धारकर्ता ।
१६ मूर्ति बनाउने सबै जना शर्ममा पर्नेछन्
र अपमानित हुनेछन्;
तिनीहरू एकसाथ अपमानित भएर
जानेछन् ।
१७ तर इस्राएल एउटा अनन्तको उद्धारसित
परमप्रभुद्वारा बचाइनेछन्;
तँ कहिल्यै शर्ममा पर्ने छैनस् अथवा
युग-युगसम्म अपमानित हुने छैनस् ।

१८ किनकि परमप्रभु भन्नुहुन्छ–
जसले स्वर्ग सृजनु भयो, उहाँ परमप्रभु
हुनुहुन्छ;
उहाँ, जसले पृथ्वीलाई आकार दिएर
बनाउनुभयो;
उहाँले त्यसलाई स्थापित गर्नुभयो,
त्यसलाई रित्तो हुनलाई होइन तर आबाद
हुन बनाउनुभयो–
उहाँ भन्नुहुन्छ:
“म परमप्रभु हुँ, मबाहेक अर्को कोही
छैन ।
१९ म गुप्तमा कुनै अन्धकारको ठाउँबाट
बोलेको छैनँ;
मैले याकूबका सन्तानलाई ‘मलाई व्यर्थमा
खोज्’ भनेको छैनँ ।
म, परमप्रभुले सत्य बोल्छु;
म जे ठीक छ, त्यही घोषणा गर्छु ।

**४५:९**–रोमी ९:२०.

२० एकसाथ भेला भएर आओ;
जातिहरूबाट शरणार्थीहरू तिमीहरू भेला होओ ।
काठका मूर्तिहरू बोकिहिँड्नेहरू अज्ञानी हुन्,
जसले बचाउन नसक्ने देवताहरूसित प्रार्थना गर्छन् ।
२१ अब के हुनेछ, घोषणा गर, त्यसलाई प्रस्तुत गर्–
तिनीहरूले एकसाथ सल्लाह लिऊन् ।
कसले यसलाई धेरै पहिले बतायो,
कसले यसलाई धेरै पहिले घोषणा गऱ्यो ?
के म, परमप्रभुले नै होइन ?
अनि मबाहेक अरू कोही परमेश्वर छैन,
एकजना धार्मिक परमेश्वर,
अनि एउटा उद्धारकर्ता;
मबाहेक अरू कोही छैन ।

२२ मतिर फर्क अनि बाँच,
तिमीहरू पृथ्वीका पल्लो छेउकाहरू;
किनकि म परमेश्वर हुँ,
अनि अर्को कोही छँदैछैन ।
२३ मैले आफैमा शपथ खाएको छु,
मेरो मुखले सम्पूर्ण सच्चाइमा रद्द नहुने हरेक कुरा उच्चारण गरेको छ;
मेरो सामुन्ने हरेक घुँडा टेकिनेछ,
हरेक जिब्रोले शपथ खानेछ ।
२४ तिनीहरूले मेरो विषयमा यसो भन्नेछन्,
'परमप्रभुमा मात्र धार्मिकता र सामर्थ छन्' ।"
उहाँको विरुद्धमा रीस गर्नेहरू सबै
उहाँकहाँ नै आउनेछन्, र शर्ममा पर्नेछन् ।
२५ तर परमप्रभुमा इस्राएलका सबै
सन्तानहरू धार्मिक भेट्टाइनेछन् अनि हर्षित हुनेछन् ।

## बेबिलोनका देवताहरू

४६ बेल देवता झुक्छ, नबो देवता निहुरिन्छ;
तिनीहरूका मूर्तिहरू घरेलु पशुहरूले बोकेका छन् ।
तिनीहरूले लिएर हिँड्ेका मूर्तिहरू
थाकेकाहरूका लागि गह्रौं बोझजस्तै छन् ।
२ त्यस भारबाट मुक्त हुन नसकेर तिनीहरू एकसाथ निहुरन्छन्;
अनि घोप्टन्छन्, तिनीहरू आफै कैदमा गइहाल्छन् ।

३ "हे याकूबको घराना मेरो कुरा सुन्,
तिमीहरू इस्राएलका घरानाका बाँचेकाहरू सबै,
तिमीहरू जसलाई गर्भाधारण गरेको
समयदेखि मैले सम्हालेको छु,
अनि तिमीहरू जन्मेदेखि बोकेको छु ।
४ तिमीहरूका वृद्धावस्था अनि केश फुलेका बेलासम्म म उही हुँ,
म उही हुँ जसले तिमीहरूलाई थामिराख्नेछ ।
मैले तिमीहरूलाई बनाएँ अनि म
तिमीहरूलाई बोक्नेछु;
म तिमीहरूलाई थामिराख्नेछु अनि
तिमीहरूलाई छुटाउनेछु ।

५ तिमीहरूले मलाई कोसित तुलना गर्छौ,
र बराबरको सम्झन्छौ ?
मेरो तुलना होस् भनेर तिमीहरूले मलाई कोजस्तो ठान्छौ ?
६ कसैले आफ्ना झोलाहरूबाट सुन खन्याउँछन्
अनि तराजुमा चाँदी जोख्छन्;
तिनीहरूले त्यसबाट एउटा देवता
बनाउनलाई कुनै सुनारलाई ज्यालामा लिन्छन्,
अनि तिनीहरू घोप्टेर त्यसलाई पुज्छन् ।

**४५:२३**–रोमी १४:११; फिलिप्पी २:१०-११.

७ तिनीहरूले त्यसलाई काँधमा उठाएर
बोक्छन्,
अनि त्यसलाई त्यसको ठाउँमा राख्छन्
र त्यो त्यहाँ खड़ा रहन्छ ।
त्यस ठाउँबाट त्यो यताउति गर्न
सक्दैन ।
कसैले त्यसलाई पुकार गऱ्यो भने पनि
त्यसले जवाफ दिँदैन;
त्यसले त्यसको विपत्तिबाट बचाउन
सक्दैन ।

८ "तिमी बागीहरूले यो याद राख,
मनमा छाप लगाऊ, हृदयभित्र राख ।
९ ती अघिका कुराहरू सम्झ, ती पुराना
समयका;
म परमेश्वर हुँ, अनि अरू कोही छैन;
म परमेश्वर हुँ, मजस्तो अरू कोही
छैन ।
१० म शुरुदेखि आखिरसम्मका कुराहरू,
प्राचीन समयदेखि अझ के हुन आउनेछ
त्यो बताउँछु ।
म भन्छु: मेरो उद्देश्य अटल रहन्छ,
अनि म आफूलाई मन परेअनुसार
गर्नेछु ।
११ पूर्वबाट म शिकारी पक्षीलाई बोलाइपठाउँछु,
मेरो उद्देश्य पूरा गर्नलाई टाढ़ो देशबाट
एउटा मानिसलाई बोलाइपठाउँछु ।
मैले जे भनेको छु त्यो हुन लाउने छु,
मैले जे योजना गरेको छु त्यो म
गर्नेछु ।
१२ तिमीहरू कठोर हृदय भएकाहरू मेरो
कुरा सुन,
तिमीहरू, जो धार्मिकताबाट टाढ़ा छौ ।
१३ म अफ्नो धार्मिकता नजीक ल्याउँदैछु,
यो टाढ़ा छैन;
अनि मेरो उद्धार बिलम्ब गरिनेछैन ।
म आफ्नो उद्धार सियोनलाई दिनेछु,
मेरो गौरव इस्राएललाई दिनेछु ।

## बेबिलोनको पतन

४७ "हे बेबिलोनकी कन्ये छोरी,
तल गएर धूलोमा बस्;
बेबिलोनीहरूकी छोरी,
सिंहासनरहित भूइँमा बस् ।
तँ अब उसो कलिलो र कोमल
भनिनेछैनस् ।
२ जाँतो लिएर पीठो पिँध्;
आफ्नो घुम्टो निकाल् ।
तेरो फरिया माथि सार्, आफ्ना खुट्टा देखा,
अनि खोलाहरू तर् ।
३ तेरो नग्नता उघारिनेछ अनि तेरो लाज
उदाङ्गो हुनेछ ।
म बद्ला लिनेछु, म एउटैलाई पनि बाँकी
राख्नेछैन ।"
४ हामीलाई छुटकारा दिनुहुने–
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो–
उहाँ इस्राएलका परमपवित्र हुनुहुन्छ ।

५ "बेबिलोनीहरूकी छोरी,
चुप लागी बस्, अन्धकारमा जा;
तँ अब उसो राज्यहरूकी रानी
भनिनेछैनस् ।
६ म आफ्ना जातिसित रीसाएको थिएँ
अनि मैले आफ्नो अधिकारलाई अशुद्ध
तुल्याएँ;
अनि तिनीहरूलाई तेरो हातमा दिएँ,
तर तैंले तिनीहरूलाई दया देखाइनस्,
वृद्धहरूमाथि पनि तैंले गह्रौं जुवा
राखिस् ।
७ तैंले, 'म सदाको निम्ति अनन्तकी रानी
भइरहनेछु !' भनिस् ।
तर तैंले यी कुराहरू विचार गरिनस्
अथवा के होला भनी चिन्ता गरिनस् ।

८ "आफ्नो सुरक्षामा आराम गरिरहने
अनि आफैलाई, 'म हुँ, मबाहेक अरू
छैन ।
म कहिल्यै विधवा हुनेछैनँ,

---

**४७:१-१५**–यशैया १३:१-१४:२३; यर्मिया ५०:१; ५१:६४. **४७:८-९**–प्रकाश १८:७-८.

नता छोराछोरी नै हराउनेछु'
भन्ने हे विलापी प्राणी, अब सुन् ।
९ यी दुवै कुराहरू, अर्थात् छोराछोरीको
वियोग र विधवापन तँमा एकै दिन
आइपर्ने छ ।
तेरा धेरै तन्त्रमन्त्रहरू र सबै शक्तिशाली
टुनामुनाहरू हुँदाहुँदै,
ती तँमाथि पूर्ण रूपले आइपर्ने छन् ।
१० तैंले आफ्नो दुष्टतामाथि भरोसा राखेकी
छस्,
अनि 'मलाई कसैले देख्नेछैन' भनेकी
छस् ।
तैंले आफैलाई, 'म हुँ, अनि मबाहेक अरू
छैन'
भन्दा तेरो बुद्धि र ज्ञानले तँलाई कुबाटोमा
लगेको छ ।
११ विपत्ति तँमाथि आउनेछ, त्यसलाई
पन्छाउन तैंले जान्नेछैनस् ।
प्रकोप तँमाथि आउनेछ,
जसलाई तैंले मोल तिरेर भगाउन सक्दैनस्;
तैंले पहिलेबाटै देख्न नसकेको अनर्थ
तँमाथि अचानक आइपर्नेछ ।

१२ "त्यसो भए तैंले बाल्यकालदेखि परिश्रम
गर्दैआएको टुनामुना र तेरा धेरै
तन्त्रमन्त्रमा नै लागिबस् ।
शायद तँ सफल हुनेछस् कि,
शायद तैंले आतङ्कित पार्न सक्छस् कि ।
१३ तैंले सुनेका सबै सल्लाहरूले तँलाई खिन्न
मात्र पारेको छ !
तेरा ज्योतिषीहरू अघि आऊन्,
ती तारा हेर्नेहरू जसले महिनैपिच्छे
भविष्यका कुरा कहन्छन्,
तिनीहरूले तँमाथि आउन लागेको
कुराहरूबाट तँलाई बचाउन् ।
१४ तिनीहरू त ठुटाझैं हुन्;
आगोले तिनीहरूलाई जलाइदिनेछ ।
तिनीहरूले आफैलाई ज्वालाको शक्तिबाट
बचाउनसमेत सक्दैनन् ।
यहाँ कसैलाई न्यानो पार्ने कोइला छैनन्;
यहाँ नजीक बस्नलाई आगो छैन ।
१५ तिनीहरूले तँलाई गर्न सक्ने यति नै हो–
तिनीहरू जोसित तैंले परिश्रम गरिस्
अनि तेरो बाल्यकालदेखि नै कारोबार
गरिस् ।
तिनीहरू हरेक आफ्नै गल्तीमा लागिबस्नेछन्,
तँलाई बचाउन सक्ने एउटै छैन ।

## हठी इस्राएल

४८ "हे याकूबको घराना, यो कुरा सुन,
तिमीहरू जो इस्राएलको नाउँले
बोलाइएका छौ,
अनि यहूदाको वंशबाट आएका छौ,
तिमीहरू, जसले परमप्रभुको नाउँमा
शपथ खान्छौ,
अनि इस्राएलका परमेश्वरलाई पुकार्छौ,
तर सत्यता र धार्मिकतामा त होइन–
२ तिमीहरू, जो आफैलाई पवित्र शहरका
नागरिक भन्छौ
अनि इस्राएलका परमेश्वरमा भरोसा
राख्छौ–
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो:
३ मैले पहिलेका कुराहरू धेरै अघि भनिसकें,
मेरो मुखले ती सूचित गरे अनि ती
बताइदिए,
तब अचानक मैले काम गरें, अनि ती
भइगए ।
४ किनकि तँ कति हठी छस् भन्ने मलाई
थाहा थियो;
तेरो घिच्रोका नसाहरू फलामका जस्तै थिए,
तेरो निधार काँसाको जस्तै थियो ।
५ यसकारण, मैले यी कुराहरू तँलाई धेरै
अघि भनें;
तिनीहरू हुनभन्दा पहिले नै मैले
तँलाई ती सूचित गरें,
र तैंले 'मेरा मूर्तिहरूले ती गरे, मेरा
काठका मूर्तिहरूले यी गरे भनी भन्न
सक्दैनस्' ।
६ तैंले यी कुराहरू सुनेको छस्, ती सबैलाई
हेर् ।

के तँ ती स्वीकार गर्दैनस् ?
"अबदेखि उसो म तँलाई नयाँ कुराहरूको
विषयमा बताउनेछु,
तैंले नजानेका गुप्त कुराहरू ।
७ ती धेरै अघि होइन, अहिले सृजिएका हुन्;
तैंले तिनीहरूको विषयमा आजभन्दा
पहिले सुनेको छैनस् ।
यसकारण तैंले, 'हो, मैले तिनीहरूको
विषयमा जानेको थिएँ' भन्न सक्दैनस् ।
८ तैंले नता सुनेको छस्, नता बुझेको छस्;
प्राचीन समयदेखि नै तेरो कान खोलिएको
छैन ।
तँ कति विश्वासघाती छस् भनी म राम्रो
गरी जान्दछु;
तँलाई त जन्मैदेखि विद्रोही भनिन्थ्यो ।
९ म आफ्नै नाउँको खातिर आफ्नो क्रोधलाई
बिलम्ब पार्छु;
मेरो प्रशंसाको निम्ति म तँलाई अलग
नगरूँ भनेर म यसलाई तँदेखि
रोकिराख्छु ।
१० हेर्, मैले तँलाई खारेको छु,
हुन त चाँदीलाई जस्तै होइन;
मैले तँलाई कष्टको भट्टीमा जाँचेको छु ।
११ आफ्नै खातिर, मेरो आफ्नै खातिर म
यसो गर्दछु ।
म आफ्नै बदनामी किन हुन दिऊँ ?
म आफ्नो महिमा अरू कसैलाई
दिनेछैन ।

### इस्राएलको छुटकारा

१२ "हे याकूब सुन्, इस्राएल, जसलाई मैले
बोलाएको छु; म उही हुँ,
म पहिलो हुँ, र पछिल्लो हुँ ।
१३ मेरो आफ्नै हातले पृथ्वीको जग बसाल्यो,
अनि मेरो दाहिने हातले आकाशहरू फिँजायो;
मैले तिनीहरूलाई आह्वान गर्दा तिनीहरू
सबै एकसाथ खड़ा हुन्छन् ।
१४ "तिमीहरू सबै एकसाथ आएर सुन:
कुन मूर्तिले यी कुराहरू पहिलेबाटै
भनिदिएको छ ?
परमेश्वरको छानिएको सहयोगीले
बेबिलोनको विरुद्ध उहाँको उद्देश्य पूरा गर्नेछ;
त्यसको बाहुली बेबिलोनीहरूको विरुद्ध
हुनेछ ।
१५ म, अनि म नै बोलेको छु;
हो, मैले त्यसलाई बोलाएको छु ।
म त्यसलाई ल्याउनेछु,
अनि त्यो आफ्नो विशेष काममा सफल
हुनेछ ।

१६ "मेरो नजीक आएर यो सुन्;

"मेरो पहिलो, सूचनादेखि नै म गुप्तमा
बोलेको छैनँ;
यो भएको समयमा म छँदैछु ।"
अनि अब सर्वशक्तिमान् परमप्रभुले मलाई
उहाँको आत्मासित पठाउनुभएको छ ।

१७ तिमीहरूका उद्धारक, इस्राएलका
परमपवित्र परमप्रभु यसो भन्नुहुन्छ–
"म परमप्रभु, तिमीहरूका परमेश्वर हुँ,
जसले तिमीहरूलाई सबैभन्दा असल के
हुन्छ,
सो सिकाउनुहुन्छ,
जसले तिमीहरूले हिँड्नुपर्ने बाटो
बताउनुहुन्छ ।

१८ यदि तिमीहरूले मेरा आज्ञाहरूमा
ध्यान दिएका मात्र भए,
तिमीहरूका शान्ति नदीझैं हुनेथियो,
तिमीहरूका धार्मिकता समुद्रका
छालहरूझैं हुनेथियो ।
१९ तिमीहरूका सन्तान बालुवाझैं हुनेथिए,
तिमीहरूका बालबच्चाहरू त्यसका
असङ्ख्य कणहरूझैं हुनेथिए;
तिनीहरूका नाउँ मेरो सामुन्नेबाट कहिल्यै
हटाइने थिएन,
नता नाश गरिने नै थियो ।"

---

**४८:१२**–यशैया ४४:६; प्रकाश १:१७; २२:१३.

२० बेबिलोनलाई छोड़िदेओ, बेबिलोनीहरूबाट
भाग !
यसलाई हर्षको चीत्कारले सूचित गर,
अनि यसलाई घोषणा गर ।
यसलाई पृथ्वीको छेउसम्म पठाओ;
"परमप्रभुले आफ्नो दास याकूबलाई
छुटाउनुभयो" भन ।
२१ तिनीहरूलाई उहाँले उजाड़-स्थान भएर
लैजानुहुँदा तिनीहरू तिर्खाएनन्;
तिनीहरूको निम्ति उहाँले चट्टानबाट पानी
बग्न लाउनुभयो;
उहाँले चट्टानलाई भाग गरिदिनुभयो अनि
पानी जोरसित निस्क्यो ।
२२ परमप्रभु भन्नुहुन्छ, "दुष्टहरूको निम्ति
शान्ति छैन ।"

### परमप्रभुको दास

४९ हे टापु हो, मेरो कुरा सुन;
हे टाढ़ाका जाति हो, यो सुन;
म जन्मनुभन्दा अघि परमप्रभुले मलाई
बोलाउनुभयो;
मेरो जन्मदेखि नै उहाँले मेरो नाउँ उल्लेख
गर्नुभएको छ ।
२ उहाँले मेरो मुख उध्याएको तरवारझैँ
बनाउनुभयो;
उहाँले मलाई आफ्नो हातको छायामा
लुकाउनुभयो;
उहाँले मलाई टल्काएको काँड़झैँ बनाउनुभयो,
अनि मलाई उहाँको ठोक्रोमा
लुकाउनुभयो ।
३ उहाँले मलाई भन्नुभयो, "तँ मेरो दास
इस्राएल होस्,
जसमा म आफ्नो ऐश्वर्य प्रदर्शन गर्छु ।"
४ तर मैले भनें, "मैले उद्देश्यविहीन
परिश्रम गरेको छु;
मैले आफ्नो बल व्यर्थमा अनि त्यसै खर्च
गरेको छु ।
र पनि मैले पाउन पर्ने जे छ
त्यो परमप्रभुकै हातमा छ,
अनि मेरो इनाम मेरा परमेश्वरकहाँ
छ ।"
५ अनि अब परमप्रभु भन्नुहुन्छ–
उहाँ जसले याकूबलाई उहाँकहाँ फर्काएर
ल्याउनलाई
अनि इस्राएललाई उहाँ आफैकहाँ भेला
गराउनलाई
मलाई उहाँको दास हुन भनी गर्भैमा
रच्नुभयो,
किनकि म परमप्रभुको दृष्टिमा सम्मानित
भएको छु,
अनि मेरा परमेश्वर नै मेरो बल हुनुभएको
छ–
६ उहाँ भन्नुहुन्छः
"याकूबका कुलहरूलाई पुनर्स्थापित गर्न
अनि मैले जोगाइराखेको इस्राएललाई
फर्काई ल्याउनको निम्ति
तँ मेरो दास हुनु तेरो निम्ति एउटा अति
सानो कुरा हो ।
मेरो उद्धार पृथ्वीको छेउसम्म तैंले ल्याएस्
भनेर म तँलाई गैर-यहूदीहरूको निम्ति
एउटा ज्योति पनि बनाउनेछु ।"
७ शासकहरूका दास, जसलाई जाति-
जातिहरूले तुच्छ ठाने र घृणा गरे,
त्यसलाई परमप्रभु, उद्धारक र इस्राइलका
परमपवित्र भन्नुहुन्छः
"राजाहरूले तँलाई देख्नेछन् र खड़ा
हुनेछन्,
राजकुमारहरूले देख्नेछन् र तेरो अघि
घोप्टो पर्नेछन् ।
किनभने विश्वासयोग्य परमप्रभु,
इस्राएलका परमपवित्रले तँलाई
चुन्नुभएको छ ।"

---

**४८:२०**–प्रकाश १८:४. **४८:२२**–यशैया ५७:२१. **४९:१**–यर्मिया १:५. **४९:२**–हिब्रू ४:१२; प्रकाश १:१६.
**४९:६**–यशैया ४२:६; लूका २:३२; प्रेरित १३:४७; २६:२३.

### इस्राएलको पुनर्स्थापन

८ परमप्रभु यसो भन्नुहुन्छः
"मेरो निगाहको समयमा म तँलाई जवाफ दिनेछु,
अनि उद्धारको दिन म तँलाई सहायता गर्नेछुः
म तँलाई सम्हाल्नेछु अनि तँलाई बनाउनेछु,
मानिसहरूको निम्ति एउटा करार हुनलाई,
देशलाई पुनर्स्थापन गर्नलाई अनि त्यसका उजाड़
उत्तराधिकारहरू फेरि दिलाउनलाई,
९ कैदीहरूलाई 'बाहिर आऊ'
"अनि अन्धकारमा भएकाहरूलाई
'स्वतन्त्र होओ !' भन्नलाई ।

तिनीहरूले बाटोका किनारमा खानेछन्
अनि प्रत्येक बाँझो डाँड़ामा खर्क पाउनेछन् ।
१० तिनीहरू नता भोकाउनेछन् नता तिर्खाउनेछन्,
नता मरुभूमिको गर्मी अनि घामले
तिनीहरूलाई पोल्नेछन् ।
तिनीहरूमाथि दया गर्नुहुनेले तिनीहरूलाई अगुवाइ गर्नुहुनेछ,
अनि तिनीहरूलाई पानीका खोलाहरूका छेउमा ड़ोऱ्याउनुहुनेछ ।
११ म आफ्ना पर्वतहरूलाई बाटोमा परिणत गर्नेछु,
अनि मेरा राजमार्गहरू उच्च पारिनेछन् ।
१२ हेर, तिनीहरू धेरै टाढ़ाबाट आउनेछन्–
कोही उत्तरबाट, कोही पश्चिमबाट,
कोही आश्वानको देशदेखि आउनेछन् ।"

१३ हे आकाश हो, आनन्दले कराओ;
हे पृथ्वी, हर्ष मना;
हे पर्वत हो, चर्को सोरले गाओ !
किनकि परमप्रभुले आफ्ना मानिसहरूलाई सान्त्वना दिनुहुन्छ,
अनि कष्ट पाएका आफ्नाहरूलाई दया देखाउनुहुन्छ ।

१४ तर सियोनले भन्यो, "परमप्रभुले
मलाई त्याग्नुभएको छ,
परमप्रभुले मलाई भुल्नुभएको छ" ।
१५ के एउटी आमाले आफ्नो दूधे-बालकलाई भुल्न सक्छे,
अनि आफूले जन्माएको बालकमाथि दया देखाउँदिन ?
त्यसले भुल्न सक्ली, म त तँलाई कहिल्यै पनि भुल्नेछैनँ !
१६ हेर्, मैले तँलाई आफ्नो हत्केलामा खोपेको छु;
तेरा पर्खालहरू सधैँ मेरो सामुन्ने छन् ।
१७ तेरा छोराहरू चाँड़ो गरी फर्कदैछन्,
अनि तँलाई उजाड़ पार्नेहरू तँबाट गइहाल्छन् ।
१८ तेरा आँखा उचालेर चारैतिर हेर्;
तेरा सबै छोराहरू भेला भएर तँकहाँ आउँछन् ।
परमप्रभु घोषणा गर्नुहुन्छ, "जस्तो म जीवित छु, तँ गहनाले सिँगारिएझैँ यी सबैले सिँगारिनेछस्,
अनि दुलहीले झैँ तैंले यी सबै लगाउनेछस् ।"

१९ "यद्यपि तँ नष्ट र उजाड़ पारिएकी थिइस्
र तेरो देश बाँझै पडिरह्यो,
अब तँ आफ्ना मानिसहरूको निम्ति अति सानो हुनेछस्,
अनि तँलाई निलिहाल्नेहरू टाढ़ा भइजानेछन् ।
२० तेरो शोकको समयमा जन्मेका
बालबच्चाहरूले तैंले सुन्ने गरी 'यो ठाउँ हामीलाई साह्रै सानो भयो,
हामीलाई अझ धेरै बस्ने ठाउँ देऊ' भन्नेछन् ।
२१ तब तैंले आफ्नो हृदयमा भन्नेछस्,

---

**४९:८**–२ कोरिन्थी ६:२. **४९:१०**–प्रकाश ७:१६-१७.

'कसले मेरो निम्ति यिनीहरूलाई
जन्माए ?
म त शोकित र बाँझी थिएँ;
म देशबाट निकालिएकी र त्यागिएकी
थिएँ ।
यिनीहरूलाई कसले हुर्काए ?
म एक्लै छोड़िइकी थिएँ,
तर यिनीहरू कहाँबाट आए' ?"

२२ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ–

"हेर, म गैर-यहूदीहरूतिर इशारा गर्छु,
म जातिहरूतिर आफ्नो झन्डा उचाल्नेछु;
तिनीहरूले तेरा छोराहरूलाई आफ्ना
हातमा ल्याउनेछन्,
तेरा छोरीहरूलाई आफ्ना काँधमा
बोक्नेछन् ।
२३ राजाहरू तेरा धर्म-बाबु,
अनि रानीहरू तेरा स्याहार्ने आमा
हुनेछन् ।
तिनीहरू तेरा सामुन्ने आफ्ना अनुहार
भूइँतिर पारेर निहुरनेछन्;
तिनीहरूले तेरा खुट्टामा धूलो चाट्नेछन् ।
तब तैंले म परमप्रभु हुँ भनी जान्नेछस्;
ममाथि आशा राख्नेहरू निराश
हुनेछैनन् ।"

२४ के योद्धाहरूबाट लूटको माल
खोसिनसक्छ,
अथवा निष्ठुरको हातबाट कैदीहरू खोसिन
सक्छन् ?

२५ तर परमप्रभु यसो भन्नुहुन्छ:

"हो, योद्धाहरूबाट कैदीहरू खोसिनेछन्,
अनि लूटको माल निष्ठुरबाट फिर्ता
लिइनेछ;
तँसित झगड़ा गर्नेसित म झगड़ा गर्नेछु;
अनि तेरा बालबच्चाहरूलाई म
बचाउनेछु ।
२६ म तेरा अत्याचारीहरूलाई आफ्नै मासु
खान लाउनेछु;
तिनीहरू आफ्नै रगतद्वारा मद्यले मात्तिएझैं
हुनेछन् ।
तब सबै मानव जातिले जान्नेछन् कि
म, परमप्रभु, तेरा उद्धारकर्ता,
तँलाई छुटाउने, याकूबको शक्तिशाली
परमप्रभु हुँ ।"

## इस्राएलको पाप र दासको आज्ञाकारिता

५० परमप्रभु यसो भन्नुहुन्छ:
"मैले तेरी आमासितै पठाइदिएको
त्यसको त्यागपत्र कहाँ छ ?
अथवा तँलाई मैले कुन ऋणदाताकहाँ
बेचें ?
तेरा पापहरूको कारण तँ बेचिएकी थिइस्;
तेरा अर्धमहरूको कारण तेरी आमा
पठाइएकी थिइन् ।
२ म आउँदा किन कोही थिएन ?
मैले बोलाउँदा किन जवाफ दिने कोही
थिएन ?
के मेरो हात तँलाई छुटकाराको मोल
तिरेर छुटाउन साह्रै छोटो थियो ?
के तँलाई छुटाउने शक्ति ममा छैन ?
एउटा हप्की मात्रले म समुद्र सुकाउन
सक्छु,
म नदीलाई मरुभूमि बनाउन सक्छु;
तिनीहरूका माछाहरू पानी नभएर
कुहुन्छन् र तिर्खाले मर्छन् ।
३ म आकाशलाई अन्धकारले ढाक्छु,
अनि भाङ्ग्रालाई त्यसको ओढ्ने
बनाउँछु ।"
४ थाकेकोलाई उत्साह दिने शब्द जान्नलाई
सर्वशक्तिमान् परमप्रभुले मलाई
सिक्ने.जिब्रो दिनुभएको छ ।
उहाँले मलाई बिहानैपिच्छे
बिउँझाउनुहुन्छ,
मेरो कानलाई सिक्नेलाई झैं
बिउँझाउनुहुन्छ ।
५ सर्वशक्तिमान् परमप्रभुले मेरा कानहरू
खोलिदिनुभएको छ,
अनि म बिद्रोही भएको छैन;
म पछि हटेको छैनँ ।

६ मलाई पिट्नेहरूतिर मैले आफ्नो पिठिउँ
दिएँ,
मेरो दाह्री लुछ्नेहरूलाई मैले आफ्नो गाला
फर्काइदिएँ;
गिल्ला र थुकाइदेखि मैले आफ्नो अनुहार
लुकाइनँ ।
७ सर्वशक्तिमान् परमप्रभुले मलाई सहायता
दिनुभएकोले म अपमानित हुनेछैन ।
यसकारण मैले आफ्नो अनुहारलाई दर्शन-
ढुङ्गोझैँ स्थिर पारेको छु,
अनि म शर्ममा पर्नेछैनँ भनी म जान्दछु ।
८ मलाई साँचो ठहराउनुहुने मेरो छेउमा
हुनुहुन्छ ।
त्यसोभए कसले मेरो विरुद्धमा अभियोग
लाउन सक्छ ?
हामी आपासमा सामना गरौं !
मलाई दोष लाउने को हो ?
त्यसले मेरो सामना गरोस् !
९ मलाई सहायता गर्नुहुने सर्वशक्तिमान्
परमप्रभु नै हुनुहुन्छ ।
त्यसोभए मलाई रद्द गर्ने को हो ?
तिनीहरू सबै लुगाझैँ मक्किजानेछन्;
तिनीहरूलाई कीराहरूले खाइहाल्नेछन् ।

१० तिमीहरू कसले परमप्रभुको डर मान्छ
अनि उहाँको दासका कुराहरू पालन
गर्छ ?
अन्धकारमा हिँड्नेहरू जससित ज्योति छैन,
परमप्रभुको नाउँमा विश्वास राख
अनि तिनको परमेश्वरमाथि भरोसा
राख ।
११ तर अब तिमीहरू जसले आगो बाल्छौ,
अनि आफ्नो निम्ति राँको प्रबन्ध गर्छौ,
जाऊ, अनि आफ्नो आगोका उज्यालोमा
अनि तिमीहरूले बालेको राँकोको
उज्यालोमा हिँड ।
तिमीहरूले मेरो हातबाट यही पाउनेछौ;
तिमीहरू प्रचण्ड वेदनामा पडिरहनेछौ ।

### सियोनको निम्ति अनन्तको उद्धार

५१ "धार्मिकताको पछि लाग्नेहरू अनि
परमप्रभुलाई खोज्नेहरू, मेरो कुरा सुन:
तिमीहरू जुन चट्टानबाट काटिएका थियौ,
अनि तिमीहरू जुन खानिबाट कुँदियौ
त्यसलाई हेर;
२ तिमीहरूका पुर्खा अब्राहामतिर हेर,
अनि तिमीहरूलाई जन्माउने सारातिर हेर ।
मैले त्यसलाई बोलाउँदा त्यो केवल एउटा
थियो,
अनि मैले त्यसलाई आशिष् दिएर धेरै
बनाएँ ।
३ परमप्रभुले निश्चय सियोनलाई सान्त्वना
दिनुहुन्छ,
अनि त्यसका सबै भग्नावशेषहरूतिर
दयाको नजरले हेर्नुहुनेछ;
उहाँले त्यसका सबै मरुभूमिहरूलाई
अदनझैँ त्यसका बाँझो जमिनहरूलाई
परमप्रभुको बगैंचाझैँ बनाउनुहुन्छ ।
आनन्द र खुशीयाली, धन्यवाद-ज्ञापन र
गीतको सोर त्यसमा पाइनेछन् ।

४ "हे मेरा मानिस हो, मेरा कुरामा ध्यान
देओ;
हे मेरो जाति, मेरो कुरा सुन:
मबाट व्यवस्था निस्केर जानेछ;
मेरो इन्साफ जातिहरूको ज्योति हुनेछ ।
५ मेरो धार्मिकता चाँडो गरी नजीक आउँछ
मेरो उद्धार आउँदैछ,
अनि मेरो बाहुलीले जातिहरूमा इन्साफ
ल्याउनेछ ।
टापुहरूले मतिर हेर्नेछन्,
अनि मेरो बाहुलीको निम्ति आशा लिएर
प्रतीक्षा गर्नेछन् ।
६ तिमीहरूका आँखा आकाशतिर उठाऊ,
तल पृथ्वीमा हेर;
आकाशहरू धूवाँझैँ लोप भइजानेछन्,
पृथ्वी लुगाझैँ मक्किएर जानेछ,

**५०:६**–मत्ती २६:६७; मर्कूस १४:६५. **५०:८-९**–रोमी ८:३३-३४.

अनि त्यसका बासिन्दाहरू झीँगाझैँ
मरिजानेछन् ।
तर मेरो उद्धार त सदासर्वदा रहनेछ,
मेरो धार्मिकता कहिल्यै चुक्ने छैन ।

७ "जे असल छ त्यो जान्नेहरू र
तिमीहरू जसको हृदयमा मेरो व्यवस्था
छ, मेरो कुरा सुन ।
मानिसहरूको निन्दादेखि नडराओ,
नता तिनीहरूको गिल्लादेखि भयभीत
होओ ।
८ किनकि तिनीहरूलाई कीराले लुगाझैँ
खाइहाल्नेछन्;
कीराले तिनीहरूलाई ऊनझैँ
खाइहाल्नेछन् ।
तर मेरो धार्मिकता सदासर्वदा रहनेछ,
मेरो उद्धार सारा पुस्ताहरूमा रहनेछ ।"

९ जाग, जाग ! आफैलाई बलको लुगाले
सुसज्जित बनाऊ,
हे परमप्रभुको बाहुली; बितेका समयमा
झैँ पुराना पुस्ताहरूमा झैँ जाग् ।
के राहाबलाई टुक्रा-टुक्रा गरी काट्ने
तपाईं नै हुनुहुन्न,
जसले त्यस अजिङ्गरलाई वारपार
छेंड़िदिनुभयो ?
१० के तपाईं त्यही हुनुहुन्न, जसले समुद्र
सुकाउनुभयो,
अथाह समुद्रको पानी सुकाउनुभयो,
र आफूले उद्धार गर्नुभएकाहरू पार
गर्नका निम्ति समुद्रको गहिराइमा
बाटो बनाइदिनुभयो ?
११ परमप्रभुका दाम तिरेर छुटाइएकाहरू
फर्कने छन् ।
तिनीहरू सियोनमा गीत गाउँदै पस्नेछन्;
तिनीहरूका शिरमा अनन्तको आनन्दले
मुकुट पहिऱ्याइदिनेछ ।
तिनीहरू आनन्द र हर्षमा चुर्लुम्म हुनेछन्,
अनि दु:ख र सुस्केरा भागिजानेछ ।
१२ "म हुँ, अनि म नै हुँ, जसले तिमीहरूलाई
सान्त्वना दिन्छ ।
मरणशील मानिसदेखि,
घाँसजस्तै ओइलाउने मानिसका
सन्तानदेखि डराउने तिमीहरू को हौ ?
१३ कि तिमीहरू आफूलाई बनाउनुहुने
परमप्रभुलाई भुल्छौ,
जसले आकाशहरू फिँजाउनुभयो र
पृथ्वीका जगहरू लगाउनुभयो ?
कि तिमीहरूलाई नाश गर्न इच्छुक रहने
अत्याचारीहरूका क्रोधसित तिमीहरू
दिनहुँ डराएर बस्छौ ?
किनकि, अत्याचारीहरूका क्रोध कहाँ
छ ?
१४ डरले काँपिरहेका कैदीहरू चाँडै मुक्त
भइजानेछन्;
तिनीहरू आफ्ना खाडलहरूमा मर्नेछैनन्,
नता तिनीहरूलाई रोटीको अभाव हुन्छ ।
१५ किनकि म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ,
जसले समुद्रलाई मन्थन गर्छ र त्यसका
छालहरू गर्जन्छन्–
जसको नाउँ सर्वशक्तिमान् परमप्रभु हो ।
१६ मैले आफ्नो कुरा तेरो मुखमा हालिदिएको
छु
अनि तँलाई आफ्नो हातको छायाले
ढाकेको छु–
म, जसले आकाशहरूलाई त्यसको ठाउँमा
राखें,
जसले पृथ्वीको जग बसालें
अनि जसले सियोनलाई, 'तिमीहरू मेरा
मानिस हौ' भन्छु ।"

### परमप्रभुको क्रोधको कचौरा

१७ जाग्, जाग् !
हे यरूशलेम उठ्,
तिमीहरू जसले परमप्रभुको हातबाट
पिएका छौ,

**५१:१७**–प्रकाश १४:१०; १६:१९.

उहाँको क्रोधको कचौरा,
तिमीहरू जसले कचौरामा भएको
धरमराइदिने मद्य पूरै रित्याएका छौ ।
१८ त्यसले जन्माएको छोराहरूमध्ये त्यसलाई
अगुवाइ गर्ने एउटै थिएन;
त्यसले हुर्काएका छोराहरूमध्ये त्यसको
हात समात्ने एउटै थिएन ।
१९ यी दुवैओटा विपत्तिहरू तँमाथि आएका
छन्–
तँलाई कसले सान्त्वना दिन सक्छ ?–
विध्वंश र सर्वनाश,
अनिकाल र तरवार–
कसले तँलाई सान्त्वना दिन सक्छ ?
२० तेरा छोराहरू मुर्छा परेका छन्;
तिनीहरू पासोमा परेका मृगझैँ हरेक
सड़कको मोड़हुँदो पल्टिरहेका छन् ।
तिनीहरू परमप्रभुको क्रोध अनि तेरा
परमेश्वरको हप्कीले पूरा भरिएका
छन् ।

२१ यसकारण यो कुरा सुन्, तँ दुःखित र
मात्तिएकी,
तर दाखमद्यले त होइन ।
२२ यसकारण आफ्ना मानिसहरूलाई
बचाउनुहुने तेरा परमेश्वर,
तेरा सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छः
"हेर्, तँलाई धरमराइदिने कचौरालाई मैले
तेरो हातबाट निकालिदिएको छु;
त्यस कचौराबाट,
मेरो क्रोधको कचौराबाट तैंले फेरि
कहिल्यै पिउनेछैनस् ।
२३ तिमीहरूलाई सताउनेहरूको हातमा म
त्यसलाई राखिदिनेछु,
जसले तँलाई भने,
'घोप्टो पर्, र हामी तँमाथि हिँड़ौं ।'
अनि तैंले आफ्नो पिठिउँलाई जमिनझैँ,
हिँड्नलाई सडकझैँ बनाइस् ।"

५२ हे सियोन, जाग्, जाग्, आफ्नो बल
धारण गर् ।
हे पवित्र शहर, यरूशलेम तेरो महिमाको
पोशाक लगा,
खतना नभएकाहरू र अशुद्धहरू फेरि
तँभित्र फेरि पस्नेछैनन् ।
२ हे यरूशलेम, तेरो धूलो टक्टकाइदे;
उठ्, सिंहासनमा बस् ।
हे सियोनकी कैदी छोरी तेरो घिच्रोमा
भएका साङ्लाहरूबाट आफैलाई मुक्त
पार् ।
३ किनकि परमप्रभु यसो भन्नुहुन्छः
"तँ त्यसै बेचिएकी थिइस्,
अनि तँ पैसाविनै छुटाइनेछस् ।"

४ किनकि सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छः
"शुरूमा मेरा मानिसहरू बस्न भनी तल
मिश्रमा गए;
हालैमा अश्शूरले तिनीहरूमाथि अत्याचार
गऱ्यो ।
५ परमप्रभु घोषणा गर्नुहुन्छ, "अनि अब
यहाँ मेरो के छ र ?
किनकि मेरा मानिसहरू त्यसै लगिएका
छन्,
अनि तिनीहरूमाथि शासन गर्नेहरू ठट्टा
गर्छन्,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
अनि दिनभरि नै मेरो नाउँको निन्दा
लगातार भइरहन्छ ।
६ यसकारण मेरा मानिसहरूले मेरो नाउँ
जान्नेछन्;
यसकारण यो पहिलेबाटै बताउने म नै
हुँ भनी
त्यस दिन तिनीहरूले जान्नेछन् ।
हो, त्यो म नै हुँ ।

७ शुभ समाचार ल्याउनेहरू,
शान्ति घोषणा गर्नेहरू,

**५२:१**–प्रकाश २१:२,२७. **५२:५**–रोमी २:२४. **५२:७**–नहूम १:१५; रोमी १०:१५; एफिसी ६:१५.

उद्धार घोषणा गर्नेहरू,
सियोनलाई 'तेरा परमेश्वरले राज्य गर्नुहुन्छ !'
भन्नेहरूका खुट्टा पहाड़हरूमाथि कति सुन्दर !
८ सुन् ! तेरा पहरादारहरू आफ्ना सोर उचाल्छन्;
तिनीहरू आनन्दले एकसाथ चिच्याउँछन् ।
परमप्रभु सियोनमा फर्केर आउनुहुँदा
तिनीहरूले त्यो आफ्नै आँखाले देख्नेछन् ।
९ हे यरूशलेमका भग्नावशेष हो,
एकसाथ आनन्दका गीतहरू जोरसित गाओ,
किनकि परमप्रभुले उहाँका मानिसहरूलाई सान्त्वना दिनुभएको छ,
उहाँले यरूशलेमलाई छुटाउनुभएको छ ।
१० परमप्रभुले सबै जातिहरूले देख्ने गरी
आफ्ना पवित्र बाहुली देखाउनुभएको छ,
अनि पृथ्वीका पल्ला छेउहरूले
हाम्रा परमेश्वरको उद्धार देख्नेछन् ।

११ गइहाल, गइहाल, त्यहाँबाट गइहाल !
कुनै अशुद्ध कुरो नछोओ !
तिमीहरू परमप्रभुका पात्र बोक्नेहरू
त्यसबाट निस्केर आओ अनि शुद्ध होओ ।
१२ तर तिमीहरू हतार-हतार गरी जानेछैनौ
अनि नता भाग्नेछौ;
किनकि परमप्रभु तिमीहरूका अघि जानुहुनेछ,
इस्राएलका परमेश्वर तिमीहरूका
पछिल्तिर रक्षक हुनुहुन्छ ।

### दासको कष्ट र गौरव

१३ हेर, मेरो दासले बुद्धिमानीसाथ काम गर्नेछ,
ऊ उठाइनेछ अनि उच्च पारिनेछ;
अनि अति सम्मानित पारिनेछ ।
१४ जसरी उसदेखि धेरै जना व्याकुल थिए–
उसको अनुहार चिन्नै नसकिने गरी
र उसको चेहरा मानिसको भन्दा पनि
कुरूप बनाइएको थियो–
१५ त्यस्तै उसले धेरै जातिहरूलाई छर्कनेछ,
अनि उसको कारण राजाहरूले आफ्ना
मुख बन्द गर्नेछन् ।
किनकि तिनीहरूलाई नभनिएको कुराहरू
तिनीहरूले देख्नेछन्,
अनि तिनीहरूले नसुनेका कुराहरू
तिनीहरूले बुझ्नेछन् ।

**५३** हाम्रो समाचार कसले विश्वास गरेको छ,
अनि कसकहाँ परमप्रभुको बाहुली प्रकट भएको छ ?
२ ऊ तिनको साम्‌ कलिलो टुसाझैं,
अनि सुखा जमिनबाहिरको जराझैं बढ्यो ।
हामीलाई ऊतिर आकर्षित गर्न ऊसित
कुनै सुन्दरता वा शोभा थिएन,
उसको अनुहारमा हामीले उसलाई चाहने
केही थिएन ।
३ ऊ मानिसहरूबाट निन्दित र तिरष्कृत भयो,
अफसोसमा परेका मानिस र कष्टसित परिचित ।
ऊबाट मानिसहरूले आफ्ना अनुहार
लुकाएझैं ऊ निन्दित भयो,
अनि हामीले उसलाई कुनै मूल्यको ठानेनौं ।
४ निश्चय उसले हाम्रा दुर्बलताहरू लियो,
अनि हाम्रा दु:खहरू बोक्यो,
र पनि हामीले उसलाई परमेश्वरबाट
पिटिएको ठान्यौं, उहाँद्वारा हिर्काइएको
र यातना दिइएको ।
५ तर ऊ त हाम्रा अधर्मको निम्ति घोचियो,
ऊ हाम्रा अपराधको निम्ति कुच्याइयो;

**५२:११**–२ कोरिन्थी ६:१७. **५२:१५**–रोमी १५:२१. **५३:१**–यूहन्ना १२:३८; रोमी १०:१६. **५३:४**–मत्ती ८:१७. **५३:५-६**–१ पत्रुस २:२४-२५.

हामीलाई शान्ति दिने सजाय उसमाथि पऱ्यो,
अनि उसका चोटहरूमा हामी निको भयौं ।
६ हामी भेड़ाहरूझैँ बरालिएका छौं,
हामी प्रत्येक आफ्नै बाटो लागेका छौं,
अनि परमप्रभुले उसमाथि हामी सबैका अपराधहरू हालिदिनुभयो ।

७ ऊ थिचोमिचोमा पारियो अनि उसलाई कष्ट दिइयो
र पनि उसले आफ्नो मुख खोलेन;
ऊ मारिन लगिएको थुमाझैँ लगियो
अनि ऊन कत्रनेहरूको सामु भेड़ा चुप रहेझैँ उसले आफ्नो मुख खोलेन ।
८ अत्याचार र इन्साफद्वारा ऊ लगियो ।
अनि उसका सन्तानहरूको विषयमा कसले बोल्न सक्छ ?
किनकि ऊ त जीवितहरूको देशबाट अलग गरियो;
मेरा मानिसहरूका अपराधको कारण ऊ पिटियो ।
९ उसको चिहान दुष्टहरूसित बनाइयो,
र मृत्युमा धनीहरू उसको साथमा थिए,
यद्यपि उसले कुनै अपराध गरेको थिएन,
अनि नता उसको मुखमा कुनै छल नै थियो ।

१० तरै पनि परमप्रभुलाई उसलाई कुल्चनु र कष्ट दिन इच्छा लाग्यो,
अनि परमप्रभुले उसको जीवनलाई
दोषबलि बनाउनुभए तापनि
उसले आफ्नो सन्तान देख्नेछ र उसका दिनहरू बढ़ाइनेछन्,
अनि परमप्रभुको इच्छा उसको हातमा उन्नतशील हुनेछ ।
११ उसको प्राणको कष्टपछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ ।
आफ्नो ज्ञानद्वारा मेरो धार्मिक दासले धेरैलाई धर्मी ठहराउनेछ,
अनि उसले तिनीहरूको अधर्म बोक्नेछ ।
१२ यसकारण म उसलाई महान्‌हरूसित एउटा भाग दिनेछु,
अनि उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ,
किनकि उसले आफ्नो जीवन-रक्त
मृत्युसम्मै खन्याइदियो,
अनि ऊ अधर्मीहरूसित गनियो ।
किनकि उसले धेरैको पाप बोक्यो,
अनि अपराधीहरूको निम्ति अर्जबिन्ति गऱ्यो ।

### सियोनको भावी महिमा

**५४** "हे कहिल्यै नजन्माएकी बाँझी स्त्री गा;
जोरसित गीत गा, आनन्दले चिच्च्या,
तँ जो कहिल्यै प्रसव-वेदनामा परिनस्;
किनकि पति भएकाहरूको भन्दा
त्यागिएकी स्त्रीका बालबच्चा धेरै छन्,"
परमप्रभु भन्नुहुन्छ ।
२ "तेरो पालको ठाउँ ठूलो पार्,
तेरो पालको पर्दा चौड़ा गरी तन्का, नथाम्,
तेरा डोरीहरू लामा पार्,
तेरा कीलाहरू बलियो पार् ।
३ किनकि तँ दाहिनेतिर अनि देब्रेतिर फैलिनेछस्;
तेरो सन्तानले जातिहरूलाई धपाउनेछन्,
अनि तिनीहरूका त्यागिएका शहरहरूमा बसोबासो गर्नेछन् ।

४ "नडरा; तँ शर्ममा पर्नेछैनस् ।
अपमानसित नडरा; तँ होच्याइनेछैनस् ।
तैंले आफ्नो जवानीको शर्म भुल्नेछस्
अनि तेरो विधवापनको निन्दा फेरि

**५३:७**–प्रकाश ५:६. **५३:७-८**–प्रेरित ८:३१-३३. **५३:९**–१ पत्रुस २:२२. **५३:१२**–मर्कूस १५:२८; लूका २२:३७. **५४:१**–गलाती ४:२७.

सम्झनेछैनस् ।
५ किनकि तेरो सृष्टिकर्ता तेरो लोग्ने हुनुहुन्छ–
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो–
इस्राएलका परमपवित्र तेरा उद्धारकर्ता हुनुहुन्छ;
उहाँलाई सारा पृथ्वीका परमेश्वर भनिन्छ ।
६ तेरा परमेश्वर भन्नुहुन्छ,
तँ त्यागिएकी अनि प्राणमा दु:खित भएकी स्त्री भएझैँ–
जवानीमै विवाह भएर त्यागिएकी पत्नी भएझैँ,
परमप्रभुले तँलाई फेरि बोलाउनुहुनेछ ।
७ केही समयको लागि मैले तँलाई त्यागिदिएँ,
तर गहिरो मायासित म तँलाई फर्काइल्याउनेछु ।
८ एउटा रीसको तरङ्गमा मैले आफ्नो अनुहार केही समयको निम्ति तँदेखि लुकाएँ,
तर अनन्तको दयासित म तँमाथि कृपा देखाउनेछु"
परमप्रभु तेरा उद्धारकर्ता भन्नुहुन्छ ।

९ "मेरो निम्ति यो नूहको समयजस्तै हो,
जब नूहको पानीले फेरि कहिल्यै पृथ्वीलाई ढाक्नेछैन भनी मैले शपथ खाएँ ।
यसकारण, तँसित कहिल्यै रिसाउनेछैन,
तँलाई फेरि हप्काउनेछैन भनी मैले अहिले शपथ खाएको छु ।
१० पहाड़हरू हल्लाइए अनि डाँड़ाहरू हटाइए तापनि,
तँप्रतिको मेरो अटूट प्रेम कहिल्यै हल्लिने छैन
नता शान्तिको मेरो करार हटाइनेछ"
तँलाई कृपा गर्नुहुने परमप्रभु भन्नुहुन्छ ।

११ "हे दु:खमा परेकी, आँधीबेहरीले
पछारिएकी र सान्त्वना नपाएकी शहर,
म तँलाई बहुमूल्य पत्थरहरूले निर्माण गर्नेछु,
तेरा जगहरू नीलमणिले निर्माण गर्नेछु ।
१२ म तेरा युद्ध-पर्खालहरू लालमणिले,
तेरा मूल ढ़ोकाहरू जगमगाउने रत्नहरूले,
अनि तेरा पर्खालहरू बहुमूल्य पत्थरहरूले बनाउनेछु ।
१३ तेरा सबै छोराहरू परमप्रभुद्वारा सिकाइनेछन्,
अनि तेरा छोराछोरीहरूको शान्ति प्रशस्त हुनेछ ।
१४ तँ धार्मिकतामा स्थापित गरिनेछस्:
अत्याचार तँबाट टाढ़ो रहनेछ,
तँ कुनै कुरामा डराउनु पर्नेछैन ।
आतङ्क टाढ़ा हटाइनेछ, त्यो तेरो छेउ पर्नेछैन ।
१५ यदि कसैले तँमाथि आक्रमण गर्‍यो भने,
त्यो मेरो काम हुनेछैन;
तँलाई जसले आक्रमण गरे तापनि
त्यसले तेरोअघि आत्मसमर्पण गर्नेछ ।

१६ "हेर्, लोहारलाई मैले सृष्टि गरेको हुँ,
जसले कोइला फुकेर ज्वाला बनाउँछ,
अनि काम गर्ने ठीक हतियार बनाउँछ ।
अनि उत्पात गरेर नष्ट पार्नेलाई मैले नै सृष्टि गरेको हुँ;
१७ तेरो विरुद्धमा बनाएको हतियार पनि काम लाग्नेछैन,
अनि तँलाई दोष्याउने हरेक जिब्रोलाई तैंले खण्डन गर्नेछस् ।
परमप्रभुका दासहरूका पैतृक सम्पत्ति यही हो,
अनि तिनीहरूप्रति मेरो समर्थन यही हो"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

### तिर्खाएकाहरूलाई निम्तो

**५५** हे सबै तिर्खाउनेहरू हो, पानीनेर आओ;
अनि तिमीहरू पैसा नहुनेहरू पनि

**५४:९**–उत्पत्ति ९:८-१७. **५४:११-१२**–प्रकाश २१:१८-२१. **५४:१३**–यूहन्ना ६:४५. **५५:१**–प्रकाश २१:६; २२:१७.

आओ अनि किनेर खाओ !
आओ, विनापैसा, विनामूल्य दाखमद्य र
दूध किन ।
२ जुन कुरो रोटी होइन त्यसमा पैसा
किन खर्च गर्छौ,
अनि जुन कुराले सन्तुष्ट पार्दैन त्यसको
निम्ति किन परिश्रम गर्छौ ?
सुन, मेरो कुरा सुन, अनि जे असल छ
त्यो खाओ,
अनि तिमीहरूको प्राण सर्वोत्तम भोजनमा
प्रसन्न हुनेछ ।
३ कान थाप अनि मकहाँ आओ;
मेरो कुरा सुन र तिमीहरूका प्राण
बाँचून् ।
म तिमीहरूसित अनन्तको करार बाँध्नेछु,
दाऊदलाई प्रतिज्ञा गरेको मेरो विश्वासको
प्रेम ।
४ हेर, मैले त्यसलाई जातिहरूकहाँ एउटा
साक्षी बनाएको छु,
एउटा अगुवा अनि जातिहरूको कप्तान ।
५ निश्चय तिमीहरूले नजानेका
जातिहरूलाई तिमीहरू बोलाइपठाउनेछौ,
अनि परमप्रभु तिमीहरूका परमेश्वर
इस्राएलका परमपवित्रको कारण
तिमीहरूलाई नचिनेका जातिहरू
तिमीहरूतिर हतारसाथ आउनेछन्,
किनकि उहाँले तिमीहरूलाई गौरवले
आभूषित पार्नुभएको छ ।"

६ जबसम्म परमप्रभुलाई पाउन सक्छौ
उहाँलाई खोज,
उहाँ नजीक हुनुहुँदा नै उहाँलाई पुकार ।
७ दुष्टले आफ्नो चाल त्यागोस्
अनि अधर्मी मानिसले आफ्नो विचार
त्यागोस् ।
त्यो परमप्रभुतिर फर्कोस्,
अनि उहाँले त्यसमाथि कृपा देखाउनुहुनेछ,
अनि हाम्रा परमेश्वरतर्फ फर्कोस्,
किनकि उहाँले पूर्ण रूपले क्षमा
गर्नुहुनेछ ।
८ "किनकि मेरा विचार तिमीहरूका विचार
होइनन्,
नता मेरा मार्गहरू तिमीहरूका मार्गहरू
हुन्"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
९ "जसरी आकाश पृथ्वीभन्दा उच्च छ,
त्यसरी नै मेरा मार्गहरू तिमीहरूका
मार्गहरूभन्दा उच्च छन्,
अनि मेरा विचारहरू तिमीहरूका
विचारहरूभन्दा उच्च छन् ।
१० जसरी वृष्टि र हिऊँ आकाशबाट तल
आउँछन्,
अनि पृथ्वीलाई नभिजाईकन र त्यसमा
टुसा पलाएर उन्नत नभएसम्म
अनि त्यसले छर्नेलाई बीउ र खानेलाई
रोटी नदिएसम्म फर्कंदैन,
११ त्यस्तै मेरो मुखबाट निस्केको वचन
पनि हो:
त्यो मकहाँ रित्तै फर्कंदैन,
तर त्यसले मैले इच्छा गरेको काम
सम्पन्न गर्छ,
अनि मैले जुन उद्देश्यले त्यसलाई
पठाएँ त्यो प्राप्त गर्छ ।
१२ तिमीहरू आनन्दमा जानेछौ अनि
शान्तिमा डोऱ्याइनेछौ;
पर्वतहरू र डाँड़ाहरूले तिमीहरूको
सामुन्ने जोरसित गीत गाउनेछन्,
अनि वनका रूखहरूले ताली
बजाउनेछन् ।
१३ काँड़ाहरूको सट्टा सल्लाका रूखहरू
उम्रनेछन्,
अनि लुहुँड़े काँड़ाको सट्टा बैंस उम्रनेछन्,
त्यो परमप्रभुको ख्यातिको निम्ति
अनन्तको चिन्हको निम्ति हुनेछ जुन
कहिल्यै नष्ट हुनेछैन ।"

**५५:३**–प्रेरित १३:१४. **५५:१०**–२ कोरिन्थी ९:१०.

### अरूहरूको निम्ति उद्धार

५६ परमप्रभु यसो भन्नुहुन्छः
"इन्साफ अटल राख,
अनि जे ठीक छ त्यही गर,
किनकि मेरो उद्धार नजीकै छ
अनि मेरो धार्मिकता चाँडै प्रकट गरिनेछ ।
२ त्यो मानिस धन्यको हो, जसले यो गर्छ,
त्यो मानिस जसले यसलाई स्थिर राख्छ,
जसले विश्रामलाई बिटुलो नपारी पालन गर्छ,
अनि आफ्नो हातलाई दुष्ट काम गर्नबाट रोक्छ ।"

३ परमेश्वरमा समर्पित भएको कुनै
परदेशीले यसो नभनोस्,
"परमप्रभुले निश्चय मलाई उहाँका
मानिसहरूबाट अलग गर्नुहुनेछ" ।
अनि कुनै नपुंसकले यस्तो नभनोस्, "म
त एउटा सुकेको रूख मात्र हुँ" ।

४ किनकि परमप्रभु यसो भन्नुहुन्छः
"मेरा विश्रामहरू पालन गर्ने,
मलाई मन परेका कुराहरू छान्ने
अनि मेरो करारमा स्थिर बस्ने
नपुंसकहरूको निम्ति–
५ म मेरो मन्दिर र त्यसका पर्खालहरूभित्र
छोराछोरीहरूभन्दा पनि अझ असल
स्मारक तुल्याउनेछु,
र तिनीहरूलाई अझ असल नाउँ दिनेछु ।
म तिनीहरूलाई कहिल्यै नकाटिने
अनन्तको नाउँ दिनेछु ।
६ अनि आफैलाई परमप्रभुसित मिलाउने,
उहाँको सेवा गर्ने,
परमप्रभुको नाउँलाई प्रेम गर्ने
अनि उहाँलाई पुज्ने,
विश्राम-दिनलाई बिटुलो नपारी पालन गर्ने,
अनि मेरो करारमा स्थिर रहने
परदेशीहरू–
७ तिनीहरूलाई म आफ्नो पवित्र पर्वतमा
ल्याउनेछु,
अनि तिनीहरूलाई म मेरा प्रार्थनाको
घरमा आनन्द दिनेछु ।
तिनीहरूका होमबलिहरू र बलिदानहरू
मेरो वेदीमा ग्रहण गरिनेछन्;
किनकि मेरो घर सबै जातिहरूको निम्ति
प्रार्थनाको घर भनिनेछ ।"

८ इस्राएलका देश निकालाबासीहरूलाई
बटुल्नुहुने
सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ–
"भेला गरिसकिएकाहरू बाहेक
म अझ अरूलाई तिनीहरूमा भेला
गर्नेछु ।"

### दुष्टहरूको विरुद्ध परमेश्वरको अभियोग

९ खेतका सबै पशुहरू आओ,
वनका सबै पशुहरू आओ र खाओ !
१० इस्राएलका पहरादारहरू अन्धा हुन्,
तिनीहरूसित ज्ञान छैन;
तिनीहरू भुक्न नसक्ने लाटा कुकुरहरू हुन्;
तिनीहरू पल्टेर सपना देख्नेहरू हुन्,
तिनीहरू सुत्न रुचाउँछन् ।
११ तिनीहरू असाध्य भोकाइरहने कुकुरहरू
हुन्;
तिनीहरूलाई केहीले पनि पुग्दैन ।
तिनीहरू समझनभएका गोठालाहरू हुन्;
तिनीहरू सबै आफ्नै लाभ खोज्ने
अनि आफ्नै बाटो लाग्नेहरू हुन् ।
१२ प्रत्येक यसरी कराउँछ, "आओ, मलाई
मद्य देओ !
हामी बेसरी मद्यपान गरौं !
अनि भोलि आजजस्तै हुनेछ, शायद अझ
राम्रो ।"

५७ धर्मी जनहरू नाश हुन्छन्,
अनि यसमाथि कसैले आफ्नो हृदयमा
विचार गर्दैन;

**५६:७**–मत्ती २१:१३; लूका १९:४६.

भक्तहरू लगिंदैछन् अनि धार्मिकहरूलाई दुष्टतादेखि
छुटाउनलाई लगिंदैछ भनेर कसैले बुझ्दैन ।
२ सीधा मार्गमा हिँड्नेहरूले शान्तिमा प्रवेश गर्छन्;
तिनीहरू मृत्युमा ढल्कँदा तिनीहरूले विश्राम पाउनेछन् ।
३ "तर तिमीहरू आओ– जादूगर्नीका छोराहरू,
तिमीहरू व्याभिचारी र वेश्याहरूका सन्तानहरू !
४ तिमीहरू कसलाई गिल्ला गरिरहेका छौ ?
तिमीहरू कसलाई उपहास गरिरहेका छौ,
अनि तिमीहरूका जिब्रा निकालिरहेका छौ ?
के तिमीहरू विद्रोहीहरूका सन्तान
र झूटाहरूका सन्तान होइनौ ?
५ तिमीहरू फलाँटका रूखहरूको बीचमा
हरेक झ्याम्म परेको रूखमुनि
कामवासनाले उत्तेजित हुन्छौ;
तिमीहरू आफ्ना छोराछोरीहरूलाई
खोल्साहरूमा अनि चट्टानका धाँदाहरूमा बलिदान गर्छौ ।
६ खोल्साका चिल्ला ढुङ्गाहरूको बीचमा भएका
मूर्तिहरू तिमीहरूका भाग हुन्;
ती, तिनीहरू नै तिमीहरूका भाग हुन् ।
हो, तिनीहरूलाई तिमीहरूले अर्घबलि
र अन्नबलिहरू चढ़ायौ ।
यस्ता कुराहरूको कारण के म कोमल हुनु ?
७ तिमीहरूले आफ्ना ओछ्यान अग्ला र
ठूला डाँड़ाहरूमा बनायौ;
त्यहाँ तिमीहरू आफ्ना बलिदानहरू
चढ़ाउन उक्लियौ ।
८ तिमीहरूका ढोकाहरू र चौकोसहरूपछि
तिमीहरूले आफ्ना देवताहरूका चिन्हहरू राखेका छौ ।
मलाई त्यागेर तिमीहरूले आफ्ना
ओछ्यान उघार्‍यौ,
तिमीहरू त्यसमा चढ़रे त्यसलाई उदाङ्गो पार्‍यौ;
तिमीहरूले जसका ओछ्यानहरू मन परायौ,
तिनीहरूसित मिलाप गर्‍यौ,
अनि तिमीहरूले तिनीहरूका नग्नता हेर्‍यौ ।
९ तिमीहरू मोलोखकहाँ जैतुनको तेल लिएर गयौ,
अनि तिमीहरूका सुगन्धित तेलहरू बढ़ायौ ।
तिमीहरूले आफ्ना राजदूतहरू टाढ़ा पठायौ;
तिमीहरू पातालसम्मै ओर्लेर गयौ !
१० तिमीहरू आफ्ना सबै मार्गहरूद्वारा थकित भयौ,
तर तिमीहरूले, 'यो व्यर्थको हो' भनेनौ ।
तिमीहरूले नयाँ सामर्थ पायौ,
अनि यसरी तिमीहरू मुर्छा परेनौ ।

११ तिमीहरू कोसित यति साह्रो डरायौ अनि त्रस्त भयौ र तिमीहरू मप्रति झूटा भयौ अनि मलाई नता सम्झ्यौ नता आफ्ना हृदयमा यस विषयमा विचार गर्‍यौ ?
के म धेरै बेर चुप रहें भनेर नै तिमीहरू मदेखि नडराएका होइनौ ?
१२ म तिमीहरूका धार्मिकता र तिमीहरूका
कामहरू उदाङ्गो पारिदिनेछु,
अनि तिनीहरूबाट तिमीहरूलाई कुनै लाभ हुनेछैन ।
१३ तिमीहरूले सहायताको निम्ति चीत्कार
गर्दा तिमीहरूले थुपारेका मूर्तिहरूले नै
तिमीहरूलाई बचाऊन् !
हावाले तिनीहरूलाई बोकिलानेछ,
अलिकता सासले पनि तिनीहरूलाई उडाइलानेछ ।
तर मलाई शरणस्थान बनाउने मानिसले
देशमाथि अधिकार गर्नेछ,
अनि मेरो पवित्र पर्वतलाई प्राप्त गर्नेछ ।"

### पश्चात्तापीलाई सान्त्वना

१४ अनि यसो भनिनेछः
"बनाओ, बनाओ, मूलबाटो तयार गर !
मेरा मानिसहरूको निम्ति बाटोका
बाधाहरू हटाओ ।"
१५ किनकि उच्च अनि सर्वश्रेष्ठ परमप्रभु
भन्नुहुन्छ–
जो सदाकालको निम्ति रहनुहुन्छ, जसको
नाउँ पवित्र हो;
"म उच्च अनि पवित्र ठाउँमा बस्छु,
तर नम्रहरूको आत्मालाई जगाउन
अनि पश्चात्तापीहरूको हृदयलाई जगाउन
म पश्चात्तापी र नम्र हृदय भएकाहरूसित
पनि बस्छु ।
१६ म सदासर्वदाको निम्ति दोषारोपण गर्दिनँ,
नता म सँधै रीसाउँछु,
किनकि त्यसो गर्दा मानिसको आत्मा,
मैले सृष्टि गरेको मानिसको सास मेरो
सामुन्ने खिन्न हुनेथियो ।
१७ मलाई त्यसको पापपूर्ण लोभले रीस
उठायो;
मैले त्यसलाई दण्ड दिएँ अनि रीसमा
आफ्नो अनुहार लुकाएँ,
र पनि त्यो आफ्नै इच्छाको मार्गमा
चलिरह्यो ।
१८ मैले त्यसका चालहरू देखेको छु,
तर म त्यसलाई निको पार्नेछु;
म त्यसलाई अगुवाइ गर्नेछु,
अनि त्यसको चैन त्यसकहाँ
फर्काइल्याउनेछु,
१९ म इस्राएलमा भएका शोक गर्नेहरूका
ओठमा प्रशंसा सृष्टि गरिदिनेछु ।
परमप्रभु भन्नुहुन्छ, "नजीक र टाढ़ा
भएकाहरूलाई शान्ति, शान्ति ।
अनि म तिनीहरूलाई निको पार्नेछु ।"
२० तर दुष्टहरू त अस्थिर समुद्रझैं हुन्,
जसले विश्राम लिन सक्दैन जसका
छालहरूले हिलो र माटो फ्याँक्छन् ।
२१ मेरा परमेश्वर भन्नुहुन्छ,
"दुष्टहरूको निम्ति शान्ति छैन ।"

### साँचो उपवास

५८ "जोरसित करा, रोकी नराख् ।
तेरो सोर तुरहीझैं उचाल् ।
मेरा मानिसहरूलाई तिनीहरूको विद्रोह
अनि याकूबका घरानालाई तिनीहरूका
पाप घोषणा गरिदे ।
२ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्;
जे ठीक छ त्यही गर्ने र आफ्ना
परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरा
मार्ग जान्न इच्छा गर्ने जातिजस्तै
तिनीहरू देखिन्छन् ।
तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्,
र परमेश्वर तिनीहरूका नजीकै आऊन्
भनी उत्सुक भएका देखिन्छन् ।
३ तिनीहरू भन्छन्, 'हामी उपवास बस्यौं,
र तपाईंले किन त्यो देख्नुभएको छैन ?
हामीले आफैलाई विनम्र तुल्यायौं,
अनि तपाईंले किन ध्यानै दिनुभएको
छैन ?
र पनि तिमीहरू उपवास बस्दा आफूखुशी
गर्छौ,
अनि तिमीहरूका सबै काम गर्नेहरूलाई
शोषण गर्छौ ।
४ तिमीहरूका उपवासको अन्त झगड़ा र
दङ्गामा हुन्छ,
अनि एकले अर्कोलाई दुष्ट मुक्का लाएर
हुन्छ ।
तिमीहरूले यस्ता खालका उपवास बसेर
तिमीहरूको सोर सर्वोच्चमा सुनिओस्
भन्ने आशा राख्न सक्दैनौ ।
५ के मानिसले एक दिन मात्र आफैलाई
विनम्र तुल्याउने
किसिमको उपवास मैले छानेको हुँ र ?
के यो आफ्नो शिर निगालोझैं निहुराएर
भाङ्ग्रा र खरानीमा बस्ने मात्र हो ?
के यसैलाई तिमीहरू उपवास,
परमप्रभुले ग्रहण गर्नुभएको दिन हो
भन्छौ ?
६ "अन्यायका साङ्लाहरू खुकुलो बनाइदिनु,
अनि जूवाको डोरी खोलिदिनु,

अत्याचारमा परेकाहरूलाई स्वतन्त्र
गरिदिनु अनि प्रत्येक जुवा भाँचिदिनु,
के मैले छानेको उपवास यस्तै किसिमको
होइन र ?
७ के तिमीहरूका भोजन भोकाएकाहरूसित
बाँढ्नु,
अनि डुलिहिँड्ेका गरीबलाई आश्रय दिनु,
तिमीहरूले नाङ्गोलाई देखेर त्यसलाई लुगा
लगाइदिनु,
अनि तिमीहरू आफ्नै जातिदेखि उता
नफर्कनु नै उपवास होइन र ?
८ अनि तिमीहरूको तन्दुरुस्ती चाँड़ै देखा पर्नेछ;
तब तिमीहरूका धार्मिकता तिमीहरूको
सामुन्ने जानेछ,
अनि परमप्रभुको महिमा तिमीहरूको
पछिल्तिर रक्षकझैँ हुनेछ ।
९ तब तिमीहरूले पुकार गर्नेछौ,
अनि परमप्रभुले जवाफ दिनुहुनेछ;
तिमीहरू सहायताको निम्ति कराउनेछौ
अनि उहाँले, 'म यहाँ छु' भन्नुहुनेछ ।
यदि तिमीहरूले अत्याचारको जुवा
भाँचिदियौ भने,
अर्कालाई औँल्याउने काम र ईर्ष्यालु
कुरा त्यागिदियौ भने,
१० अनि यदि तिमीहरू भोकाएकाहरूको
पक्षमा खड़ा भयौ भने,
अनि अत्याचारमा परेकाहरूको खाँचो
पूरा गरिदियौ भने,
तब तिमीहरूका ज्योति अन्धकारमा
उचालिनेछ,
अनि तिमीहरूको रात मध्यदिनझैँ
हुनेछ ।
११ परमप्रभुले तिमीहरूलाई सधैँ अगुवाइ
गर्नुहुनेछ;
उहाँले घामले डढेको देशमा तिमीहरूको
खाँचो पूरा गर्नुहुनेछ,
अनि तिमीहरूको शरीर बलियो
पारिदिनुहुनेछ ।
तिमीहरू पानीले पूरा भिजेको बगैँचाझैँ,
पानी कहिल्यै नसुक्ने खोलाझैँ हुनेछौ ।
१२ तिमीहरूका मानिसहरूले प्राचीन
भग्नावशेषहरू पुनर्निर्माण गर्नेछन्,
अनि सनातनका जगहरू खड़ा गर्नेछन्;
तिमीहरू "भत्किएका पर्खाल मरम्मत
गर्नेहरू",
"सड़कहरूमा आबादी फर्काइल्याउनेहरू
भनिनेछौ ।"
१३ यदि तिमीहरूले आफ्ना खुट्टाहरूलाई
विश्राम-दिन उल्लङ्घन गर्नबाट,
अनि मेरो पवित्र दिनमा आफू खुशी
गर्नबाट रोक्यौ भने,
तिमीहरूले शबाथ-दिनलाई प्रसन्नता,
अनि परमप्रभुको पवित्र दिनलाई
आदरणीय भन्यौ भने,
र तिमीहरूले आफ्ना इच्छानुसार
नचलेर,
अनि आफ्नो इच्छानुसार नगरेर अथवा
व्यर्थको कुरा नबोलेर त्यसलाई आदर
गऱ्यौ भने,
१४ तब तिमीहरूले आफ्नो आनन्द परमप्रभुमा
पाउनेछौ,
अनि म तिमीहरूलाई देशका उँचाइहरूमा
सवार हुनलाउनेछु,
अनि तिमीहरूका पुर्खा याकूबको पैतृक-
सम्पत्ति उपभोग गर्न दिनेछु ।"
परमप्रभुको मुखले बोलेको छ ।

## पाप, पश्चात्ताप र छुटकारा

५९ निश्चय परमप्रभुको बाहुली
बचाउनलाई अति छोटो छैन,
नता उहाँको कान सुन्नमा अति मन्द
छ ।
२ तर तिमीहरूका अपराधहरूले
तिमीहरूलाई आफ्ना परमेश्वरदेखि
अलग गरेका छन्;
तिमीहरूका पापहरूले उहाँका अनुहारलाई

५८:७–मत्ती २५:३५.

तिमीहरूबाट लुकाइदिएका छन् र उहाँले
सुन्नुहुन्न ।
३ किनकि तिमीहरूका हातहरू रगतले
र तिमीहरूका औँलाहरू दोषले रङ्गिएका
छन् ।
तिमीहरूका ओठहरूले झूट बोलेका छन्
र तिमीहरूका जिब्रोले दुष्ट कुराहरू
गुन्गुनाउँछन् ।
४ कसैले पनि इन्साफको वास्ता गर्दैन;
कसैले पनि आफ्नो मुद्दा ईमानदारीसित
प्रस्तुत गर्दैन ।
तिनीहरू रित्तो तर्कहरूमाथि भर पर्छन्
र झूट बोल्छन्;
तिनीहरूले उपद्रो रच्दछन् र अर्धम
जन्माउँछन् ।
५ तिनीहरू गोमन सर्पका फुल ओथ्रन्छन्
र माकुराको जाल बुन्छन् ।
तिनीहरूका अण्ड़ा खानेहरू मर्नेछन्
र एउटा अण्डा फुटायो भने विषालु सर्पको
बच्चा निस्कन्छ ।
६ तिनीहरूका जालले लुगा बनिँदैन;
तिनीहरूले बनाएको कुराले तिनीहरू
आफैलाई ढाक्न सक्दैनन् ।
तिनीहरूका कामहरू दुष्ट कामहरू छन्,
र उपद्रवका कामहरू तिनीहरूका हातमा
हुन्छन् ।
७ तिनीहरूका खुट्टा पाप गर्न दौड़न्छन्;
तिनीहरू निर्दोष रगत बगाउन फूर्तिला
छन् ।
तिनीहरूका विचार दुष्ट विचार हुन्;
सत्यानाश र सर्वनाश तिनीहरूका
मार्गका निशानी हुन् ।
८ तिनीहरू शान्तिको मार्ग जान्दैनन्,
तिनीहरूका मार्गमा इन्साफ हुँदैन,
तिनीहरूले इन्साफलाई बाङ्गा बाटोहरूमा
परिणत गरेका छन्;
ती बाटोहरूमा हिँड्ने कसैले पनि शान्ति
जान्दैन ।
९ यसकारण न्याय हामीदेखि टाढ़ा छ,
र धार्मिकता हामीकहाँ आइपुग्दैन ।
हामी ज्योतिको आशा गर्छौं,
तर अन्धकारै अन्धकार छ;
उज्यालोको बाटो हेर्छौं तर हामी कालो
छायामा हिँड्छौं ।
१० अन्धाले झैं हामी भित्ता छाम्छौं,
आँखा नभएको मानिसझैं आफ्ना बाटो
छामिहिँड्छौं ।
मध्यदिनमा हामी साँझमा झैं ठक्कर
खान्छौं;
बलियाहरूको बीचमा हामी मरेतुल्य
छौं ।
११ हामी भालुजस्तै कराउँछौं;
हामी ढुकुरजस्तै साह्रै विलाप गर्छौं
हामी इन्साफ खोज्छौं तर पटक्कै पाउँदैनौं;
छुटकारा खोज्छौं तर त्यो त टाढ़ा नै
छ ।
१२ किनकि हाम्रा अपराधहरू तपाईंको
दृष्टिमा धेरै छन्,
र हाम्रा पापहरूले हाम्रै विरुद्ध साक्षी
दिन्छन् ।
हाम्रा अपराधहरू सदा हामीसित छन्,
र हामी आफ्ना अपराधहरू मानिलिन्छौं;
१३ हामी आफ्ना विद्रोह र परमेश्वरको विरुद्ध
विश्वासघात,
परमेश्वरतिर पिठिउँ फर्काएका
अत्याचार र विद्रोह हाम्रा हृदयभित्रका
झूटहरू मुखले उच्चारण गरेका सबै
मानिलिन्छौं ।
१४ यसकारण इन्साफ हटाइएको छ,
र धार्मिकता टाढ़ो छ;
सत्यता बाटोमा लड़िगएको छ,
इमानदारीले प्रवेश गर्न सक्दैन ।
१५ सत्यता कहीँ पाइँदैन,
र दुष्टतादेखि अलग बस्ने जोसुकै शिकार
हुन्छ ।

**५९:७-८**–रोमी ३:१५-१७.

परमप्रभुले हेर्नुभयो र इन्साफ नभएकोले
अप्रसन्न हुनुभयो ।
१६ उहाँले कोही नभएको देख्नुभयो,
हस्तक्षेप गर्ने कोही नभएकोले उहाँले
अचम्म मान्नुभयो;
यसर्थ उहाँको बाहुलीले उद्धारको काम
गर्नुभयो,
अनि उहाँकै धार्मिकताले त्यसलाई
सम्हाल्नुभयो ।
१७ उहाँले आफ्नो धार्मिकताको छाती-पाता
र आफ्नो शिरमाथि मुक्तिको टोप
पहिरिनुभयो;
उहाँले बदलाको वस्त्र लगाउनुभयो
र जोशको पोशाक पहिरनुभयो ।
१८ तिनीहरूले गरेअनुसार उहाँले फिर्ता
दिनुहुनेछ,
उहाँका शत्रुहरूलाई क्रोध र आफ्ना
बैरीहरूलाई प्रतिफल;
उहाँले टापुहरूलाई तिनीहरूले पाउनुपर्ने
दण्ड दिनुहुनेछ ।
१९ पश्चिमबाट मानिसहरूले परमप्रभुको
नाउँको डर मान्नेछन्,
र सूर्योदयदेखि नै तिनीहरूले उहाँको
महिमा गर्नेछन् ।
किनकि उहाँ त परमप्रभुको सासले ठेल्दै
ल्याएको उर्लंदो भलझैं आउनुहुनेछ ।
२० "आफ्ना पापको पश्चात्ताप गर्ने याकूबका
सन्तानहरूका निम्ति
मुक्तिदाता सियोनमा आउनुहुनेछ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**२१**परमप्रभु भन्नुहुन्छ, "मेरो विषयमा चाहिँ,
तिनीहरूसित मेरो करार यही हो । तँमाथि
भएको मेरो आत्मा मैले तेरो मुखमा राखिदिएको
वचन अहिलेदेखि र सदासर्वदै तेरो मुखबाट
अथवा तेरा छोराछोरीहरूका मुखबाट अथवा
तेरा सन्तानहरूका मुखबाट जानेछैन ।"
परमप्रभु भन्नुहुन्छ ।

### सियोनको महिमा

६० "उठ्, प्रकाशमान् हो, किनकि तेरो
ज्योति आएको छ,
र परमप्रभुको महिमा तँमाथि उदाउँछ ।
२ हेर्, अन्धकारले पृथ्वीलाई ढाक्छ
र मानिसहरूमाथि बाक्लो अन्धकार
छाएको छ,
तर परमप्रभु तँमाथि उदाउनुहुन्छ
र उहाँको महिमा तँमाथि देखापर्छ ।
३ जातिहरू तेरो प्रकाशमा आउनेछन्
र राजाहरू तेरो उषाको उज्यालोमा
आउनेछन् ।

४ "तेरा आँखा उठाएर आफ्ना चारैतिर
हेर्;
सबै भेला भएर तँकहाँ आउँछन्;
तेरा छोराहरू टाढ़ाबाट आउँछन्
तेरा छोरीहरू हातमा बोकिएका छन् ।
५ तब तैंले हेर्नेछस् र चम्किलो हुनेछस्,
तेरो हृदय आनन्दले गदगद हुनेछ,
समुद्रको सम्पत्ति तँकहाँ ल्याइनेछ,
तँकहाँ जातिहरूका धन आउनेछ ।
६ ऊँटहरूका बथान,
मिद्यान र एपाका ऊँटहरूले तेरो देश
ढाकिनेछ ।
अनि शेबाबाट सबै जना सुन र धूप लिएर
र परमप्रभुको प्रशंसा घोषणा गर्दै
आउनेछन् ।
७ केदारका सबै बगालहरू तँकहाँ भेला
गराइनेछन्,
नबाओतका साँढ़-भेड़ाहरूले तेरो सेवा
गर्नेछन्;
तिनीहरू मेरो वेदीमाथि भेटीस्वरूप ग्रहण
गरिनेछन्,
र म आफ्नो महिमित मन्दिरलाई
सिङ्गार्नेछु ।

८ "बादलहरूझैं उड्ने यी को हुन्,
ढुकुरहरू आफ्ना गुँड़तिर उड़िरहेका झैं

**५९:१६**–यशैया ६३:५. **५९:१७**–एफिसी ६:१४,१७; १ थेसलोनिकी ५:८. **५९:२०**–रोमी ११:२६.

यी को हुन् ?
९ निश्चय टापुहरूले मतिर हेर्नेछन्;
अघि-अघि आफ्ना चाँदी र सुन लिएका
टाढ़ाबाट तेरा बालबच्चाहरूलाई ल्याउने
तर्शीशका जहाजहरू छन्;
ती सबै परमप्रभु तेरा परमेश्वर,
इस्राएलका परमपवित्रलाई सम्मान
दिनलाई हो,
किनकि उहाँले तँलाई शोभायमान
तुल्याउनुभएको छ ।

१० "परदेशीहरूले तेरा पर्खालहरू पुनर्निर्माण
गर्नेछन्;
अनि तिनीहरूका राजाहरूले तेरो सेवा
गर्नेछन् ।
मैले रीसमा तँलाई प्रहार गरे तापनि
मेरो निगाहमा म तँलाई दया देखाउनेछु ।
११ तेरा शहरका मूल ढोकाहरू निरन्तर
खुला रहनेछन्,
मानिसहरूले तँकहाँ जाति-जातिका धन-
सम्पत्ति ल्याउन्,
र तिनीहरूका राजाहरू अगि-अगि
विजयी-जुलूससाथ पस्न ती ढोकाहरू
दिनरात कहिल्यै बन्द हुनेछैनन् ।
१२ किनकि तेरो सेवा नगर्ने जाति र राज्य
नाश हुनेछ;
त्यो सर्वनाश पारिनेछ ।

१३ "लबानोनको शोभा तँकहाँ आउनेछ,
सल्ला, धूपी र सत्तिसालका रूखहरूसमेत
मेरो पवित्रस्थानलाई सिङ्गार्न आउनेछन्;
अनि म आफ्ना खुट्टाको ठाउँलाई
शोभायमान तुल्याउनेछु ।
१४ तँमाथि अत्याचार गर्नेहरूका छोराहरू
तेरो सामुन्ने निहुरेर आउनेछन्,
तँलाई घृणा गर्ने सबै तेरो पाउमा
झुक्नेछन्,
अनि तँलाई परमप्रभुको शहर इस्राएलका
परमपवित्रको सियोन भन्नेछन् ।
१५ "तँ त्यागिएको र घृणित,
तँमा भएर हिँड्ने कोही नभएको भए
तापनि,
म तँलाई अनन्तको गर्व अनि सारा
पुस्ताहरूको आनन्द बनाउनेछु ।
१६ तैंले जाति-जातिहरूको दूध पिउनेछस्,
अनि राजकीय स्तन चुस्नेछस् ।
तब तैंले म नै परमप्रभु, तेरा मुक्तिदाता,
तेरा उद्धारक, याकूबका सर्वशक्तिमान्
हुँ भनी जान्नेछस् ।
१७ म तँलाई काँसको सट्टा सुन,
अनि फलामको सट्टा चाँदी ल्याइदिनेछु;
म तँलाई ऊनको सट्टा काँसा
अनि ढुङ्गाको सट्टा फलाम ल्याइदिनेछु ।
म शान्तिलाई तिमीहरूका हाकिम,
अनि धार्मिकतालाई तिमीहरूका शासक
बनाईदिनेछु ।
१८ तेरो देशमा फेरि उत्पात सुनिनेछैन,
नता तेरा सिमानाहरूमा विध्वंश र
सर्वनाश सुनिनेछन्,
तर तैंले आफ्ना पर्खालहरूलाई मुक्ति,
अनि तेरा मूल ढोकाहरूलाई प्रशंसा
भन्नेछस् ।
१९ तेरो निम्ति घाम दिउँसोको उज्यालो
रहनेछैन,
नता जूनको उज्यालो तँमाथि चम्किनेछ,
किनकि परमप्रभु तेरो अनन्तको ज्योति
हुनुहुनेछ,
अनि तेरा परमेश्वर तेरो महिमा
हुनुहुनेछ ।
२० तेरो घाम कहिल्यै डुब्नेछैन,
अनि तेरो जून फेरि धमिलो हुनेछैन;
परमप्रभु तेरो अनन्तको ज्योति हुनुहुनेछ,
अनि तेरा दु:खका दिनहरू समाप्त
हुनेछन् ।
२१ तब तेरा सबै मानिसहरू धार्मिक हुनेछन्,
अनि तिनीहरूले सदाको निम्ति देशमाथि
अधिकार गर्नेछन् ।

**६०:११**–प्रकाश २१:२५-२६. **६०:१४**–प्रकाश ३:९. **६०:१९**–प्रकाश २१:२३; २२:५.

मेरो शोभाको प्रदर्शनको निम्ति मैले
रोपेका टुसाहरू मेरा हातका कामहरू;
तिनीहरू नै हुन् ।
२२ तिमीहरूमध्ये सबैभन्दा थोरै हजार
अनि सबैभन्दा सानो एउटा शक्तिशाली
जाति हुनेछ ।
म परमप्रभु हुँ,
म त्यसको समयमा त्यो चाँड़ै पूरा
गर्नेछु ।"

### परमप्रभुको निगाहको वर्ष

६१ सर्वशक्तिमान् परमप्रभुको आत्मा
ममाथि छ,
किनकि गरीबहरूलाई शुभसमाचार
सुनाउनका निम्ति
परमप्रभुले मलाई अभिषेक गर्नुभएको
छ ।
उहाँले मलाई भाँचिएकाहरूको
हृदयलाई जोड्न,
कैदमा परेकाहरूलाई स्वतन्त्रताको
घोषणा गर्न,
अनि बन्धनमा परेकाहरूलाई
अन्धकारबाट मुक्त गर्न,
२ परमप्रभुको निगाहको वर्ष,
अनि हाम्रा परमेश्वरको बदलाको
घोषणा गर्न,
शोक गर्नेहरू सबैलाई सान्त्वना दिन,
३ अनि सियोनमा शोकाकुल हुनेहरूलाई
प्रबन्ध गरिदिन–
तिनीहरूलाई खरानीको सट्टा सुन्दरताको
मुकुट प्रदान गर्न,
विलापको सट्टा हर्षको तेल दिन,
निराशाको आत्माको सट्टा प्रशंसाको वस्त्र
दिन पठाउनुभएको छ ।
उहाँको शोभा प्रदर्शन गर्न तिनीहरूलाई
परमप्रभुले रोप्नुभएको धार्मिकताका
बझ्राँठहरू भनिनेछन् ।
४ तिनीहरूले प्राचीन भग्नावशेषहरू
पुनर्निर्माण गर्नेछन्,
अनि धेरै पहिले भत्काइएका ठाउँहरू
पहिलेकाझैं बनाउनेछन्;
पुस्तौंसम्म भत्काइएका अनि ध्वंश
पारिएका शहरहरूलाई तिनीहरूले
नयाँ तुल्याउनेछन् ।
५ परदेशीहरूले तिमीहरूका बगालहरूलाई
चराउनेछन्;
परदेशीहरूले तिमीहरूका खेतहरू
र दाखबारीमा काम गर्नेछन् ।
६ अनि तिमीहरू परमप्रभुका पूजाहारीहरू
भनिनेछौ,
तिमीहरूलाई हाम्रा परमेश्वरका सेवक
नाउँ दिइनेछ ।
तिमीहरूले जाति-जातिहरूका धन-
सम्पत्ति खानेछौ,
र उनीहरूकै धनमा तिमीहरूले वर्ग
गर्नेछौ ।
७ आफ्ना शर्मको सट्टा मेरा मानिसहरूले
दोब्बर भाग पाउनेछन्,
अनि अपमानको सट्टा तिनीहरूले
उनीहरूका पैतृक अधिकारमा आनन्द
मनाउनेछन्;
अनि यसरी तिनीहरूले उनीहरूको देशमा
दोब्बर भाग अधिकार गर्नेछन्,
अनि अनन्तको आनन्द तिनीहरूकै
हुनेछ ।
८ "किनकि म, परमप्रभुले न्याय मन
पराउँछु,
म डकैत र अधर्मलाई घृणा गर्छु ।
म आफ्नो विश्वासयोग्यता तिनीहरूलाई
इनाम दिनेछु,
अनि तिनीहरूसित एउटा अनन्तको
करार बाँध्नेछु ।
९ तिनीहरूका सन्तानहरू जातिहरूको
बीचमा र तिनीहरूका बालबच्चाहरू

**६१:१**–मत्ती ११:५; लूका ७:२२. **६१:१-२**–लूका ४:८-१९. **६१:२**–मत्ती ५:४.

मानिसहरूको बीचमा चिनिनेछन् ।
तिनीहरूलाई देख्ने सबैले तिनीहरू
परमप्रभुले आशिष् दिनुभएको जाति हो
भनी स्वीकार गर्नेछन् ।

१० म परमप्रभु अत्यन्त खुशी हुन्छु;
मेरो आत्माले मेरा परमेश्वरमा आनन्द
गर्छ ।
किनकि एउटा दुलहाले आफ्नो शिरलाई
पूजाहारीले आफ्नो शिर सिङ्गारेझैं,
अनि एउटी दुलहीले आफैलाई रत्नहरूले
सिङ्गारेझैं उहाँले मलाई मुक्तिको पोशाक
पहिर्‍याउनुभएको छ,
अनि मलाई धार्मिकताको वस्त्रले
सजाउनुभएको छ ।
११ किनकि जसरी माटोले टुसालाई उम्रन दिन्छ,
अनि बगैँचाले बीउलाई बढ्नदिन्छ,
त्यसरी नै परमप्रभुले धार्मिकता
र प्रशंसालाई सबै जातिहरूको सामुन्ने
उत्पत्ति गर्नुहुनेछ ।

### सियोनको नयाँ नाउँ

६२ त्यसको धार्मिकता उषाझैं नचम्केसम्म
त्यसको मुक्ति राँकोझैं नबलेसम्म
म सियोनको खातिर चुप रहनेछैन,
म यरूशलेमको खातिर मौन रहनेछैन ।
२ जाति-जातिहरूले तेरो धार्मिकता,
अनि सबै राजाहरूले तेरो शोभा देख्नेछन्;
तँ परमप्रभुको मुखले प्रदान गर्ने नयाँ
नाउँद्वारा बोलाइनेछस् ।
३ तँ परमप्रभुको हातमा शोभाको एउटा
मुकुट, आफ्नो परमेश्वरको हातमा एउटा
राजकीय शिरपेच हुनेछस् ।
४ अबदेखि उसो तिनीहरूले तँलाई
त्यागिएकी भन्नेछैनन्,
नता तेरो देशलाई उजाड़ भन्नेछन् ।
तर तँ 'हेप्सीबा' भनिनेछस्,
अनि तेरो देशलाई 'ब्युलाह' भनिनेछ;
किनकि परमप्रभु तँमाथि प्रसन्न हुनुहुनेछ,
अनि तेरो देशको विवाह हुनेछ ।
५ जसरी एउटा जवान मानिसले कन्ये-
केटीलाई विवाह गर्छ,
त्यसरी नै तेरा छोराहरूले तँलाई विवाह
गर्नेछन्;
एउटा दुलहाले आफ्नी दुलहीमा आनन्द
मनाएझैं
तेरा परमेश्वरले तँमाथि आनन्द
मनाउनुहुनेछ ।

६ हे यरूशलेम, मैले तेरा पर्खालहरूमाथि
पहरादारहरू खटाइदिएको छु;
तिनीहरू दिनरात चुप रहनेछैनन् ।
तिमीहरू परमप्रभुलाई पुकार्नेहरू
आफैलाई विश्राम नदेऊ,
७ अनि उहाँले यरूशलेमलाई स्थापित
नगर्नुभएसम्म,
अनि त्यसलाई पृथ्वीको प्रशंसा
नबनाउनुभएसम्म उहाँलाई विश्राम
नदेऊ ।

८ परमप्रभुले आफ्नो दाहिने हातले
अनि आफ्ना शक्तिशाली बाहुलीले शपथ
खानुभएको छ;
"म कहिल्यै तेरो अन्न तेरा शत्रुहरूलाई
भोजनको निम्ति दिनेछैन,
र जुन नयाँ दाखमद्यको निम्ति तैंले
परिश्रम गरेको थिइस्,
त्यो परदेशीहरूले कहिल्यै पिउने छैनन् ।
९ तर त्यसको कटनी गर्नेहरूले नै त्यो खानेछन्,
अनि परमप्रभुको प्रशंसा गर्नेछन्,
अनि जसले अङ्गूर बटुल्नेछन् तिनीहरूले
नै मेरो पवित्रस्थानका चोकहरूमा ती
पिउनेछन् ।"

१० मूल ढ़ोकाहरूबाट भएर छिरिजाऊ !
मानिसहरूको निम्ति बाटो तयार पार,
राजमार्ग बनाऊ, बनाऊ !

**६१:१०**–प्रकाश २१:२.

ढुङ्गाहरू हटाऊ ।
जाति-जातिहरूको निम्ति एउटा झण्डा
खडा गर ।
११ परमप्रभुले पृथ्वीको पल्लो छेउहरूसम्म
घोषणा गर्नुभएको छ:
"सियोनकी छोरीलाई भनिदेऊ, 'हेर,
तेरा मुक्तिदाता आउनुहुन्छ !
हेर्, उहाँको इनाम उहाँसित छ,
अनि उहाँको क्षतिपूर्ति उहाँसितै
आउँदैछ' ।"
१२ तिनीहरू पवित्र जाति,
परमप्रभुको उद्धार पाएकाहरू भनिनेछन्;
अनि तँचाहिँ खोजिएको,
अब फेरि नत्यागिएको शहर भनिनेछस् ।

## परमेश्वरको बदला र छुटकाराको दिन

६३ एदोमबाट, बोज्राबाट आफ्नो वस्त्र
रातै पारेर आइरहेको को हो ?
गौरवपूर्ण पोशाक पहिरेर आफ्नो
पराक्रमको महानतामा लम्कँदै
आइरहेको को हो ?

"धार्मिकतामा बोल्ने, बचाउनमा सामर्थी
यो म नै हुँ ।"

२ किन तपाईंको पोशाक कोल पेल्नेको
जस्तै रातो छ ?

३ "म एक्लैले दाखकुण्ड पेलेको छु;
जातिहरूबाट कोही पनि मसित थिएन ।
मैले आफ्नो रीसमा तिनीहरूलाई कुल्चें,
अनि आफ्नो क्रोधमा तिनीहरूलाई कुल्चें;
तिनीहरूका रगत मेरा वस्त्रहरूमा परे
अनि मैले आफ्नो वस्त्र रङ्गाएँ ।
४ किनकि बदलाको दिन मेरो हृदयमा थियो,
अनि मेरो उद्धारको वर्ष आएको छ ।
५ मैले हेरें, तर सहायता गर्ने कोही पनि
थिएन,
सहारा दिने कोही पनि नदेखेर म
छक्क परें;
यसैले मेरो आफ्नै बाहुबलले मेरो
उद्धार गऱ्यो,
र मेरो क्रोधले मलाई सम्भाल्यो ।
६ मैले आफ्नो रीसमा जातिहरूलाई कुल्चें;
आफ्नो क्रोधमा मैले तिनीहरूलाई मताएँ
अनि तिनीहरूका रगत भुइँमा
पोखाइदिएँ ।"

## प्रशंसा र प्रार्थना

७ परमप्रभुले हाम्रो निम्ति गर्नुभएअनुसार
परमप्रभुको दया,
जुन कामको निम्ति उहाँको प्रशंसा हुनुपर्छ
म भन्नेछु–
हो, उहाँको दया अनि धेरै कृपाअनुसार,
उहाँले इस्राएलको घरानाको निम्ति
धेरै असल कुराहरू गर्नुभएको छ ।
८ उहाँले भन्नुभयो, "निश्चय तिनीहरू
मेरा प्रजा हुन्,
छोराहरू जो मप्रति झूटा हुनेछैनन्";
अनि यसरी उहाँ तिनीहरूका मुक्तिदाता
हुनुभयो ।
९ तिनीहरूका सबै दु:खहरूमा उहाँ आफै
पनि दु:खित हुनुभयो,
अनि उहाँको उपस्थितिका स्वर्गदूतले
तिनीहरूलाई बचाए ।
आफ्नो प्रेम र कृपामा उहाँले तिनीहरूलाई
उद्धार गर्नुभयो;
उहाँले तिनीहरूलाई उठाएर
ती पहिलेका दिनहरूमा बोक्नुभयो ।
१० यद्यपि तिनीहरू बागी भएर उहाँको पवित्र
आत्मालाई दु:खित तुल्याए ।
यसकारण उहाँ फर्केर तिनीहरूका
शत्रु भएर आफैले तिनीहरूको विरुद्ध
युद्ध गर्नुभयो ।

---

**६२:११**–यशैया ४०:१०; प्रकाश २२:१२. **६३:१-६**–यशैया ३४:५-१७; यर्मिया ४९:७-२२; इजकिएल २५:१२-१४; ३५:१-१५; आमोस १:११-१२; ओबदिया १-२४; मलाकी १:२-५. **६३:३**–प्रकाश १४:२०; १९:१३,१५. **६३:५**–यशैया ५९:१६.

११ तब उहाँका मानिसहरूले पुरानो
समयलाई सम्झे,
मोशाका र तिनका मानिसहरूका दिनहरू–
तिनीहरूलाई समुद्र बीचबाट आफ्ना
बगालको गोठालासितै ल्याउनुहुने उहाँ
कहाँ हुनुहुन्छ ?
उहाँ कहाँ हुनुहुन्छ जसले आफ्ना पवित्र
आत्मालाई तिनीहरूबीच राखिदिनुभयो ?
१२ जसले आफ्नो शक्तिको महिमावान्
हातलाई मोशाको दाहिने हातमा रहन
पठाउनुभयो,
जसले आफ्नै निम्ति अनन्तको ख्याति
प्राप्त गर्नलाई तिनीहरूको सामुन्ने
पानीलाई भाग गरिदिनुभयो,
१३ कसले तिनीहरूलाई गहिरोबाट
डोऱ्याउनुभयो ?
खुला देशमा भएको घोड़ाहरूले झैं
तिनीहरूले ठेस खाएनन्;
१४ तल समतलमा जाने गाई-वस्तुझैं
तिनीहरूलाई परमप्रभुको आत्माद्वारा
विश्राम दिइयो ।
आफ्नो निम्ति एउटा महिमावान् नाउँ
राख्नलाई तपाईंले आफ्ना
मानिसहरूलाई यसरी डोऱ्याउनुभयो ।
१५ स्वर्गबाट तल हेर्नुहोस्,
अनि तपाईंको विशाल,
महिमावान् सिंहासनबाट दृष्टि गर्नुहोस् ।
तपाईंको जोश र तपाईंको सामर्थ
कहाँ छन्,
तपाईंको कोमलता र दया हामीबाट
रोकिएका छन् ।
१६ अब्राहामले हामीलाई नचिने तापनि
अथवा इस्राएलले हामीलाई स्वीकार नगरे
तापनि तपाईं त हाम्रा पिता हुनुहुन्छ,
तादिदेखि नै तपाईंको नाउँ हाम्रा उद्धार
क हो ।
१७ हे परमप्रभु,
तपाईंले हामीलाई किन आफ्ना मार्गबाट
बरालिन दिनुहुन्छ,
अनि हाम्रा हृदय कठोर बनाउनुहुन्छ कि
हामी तपाईंको डर राख्दैनौं ?
तपाईंका दासहरू, तपाईंको अधिकारका
कुलहरूको खातिर फर्कनुहोस् ।
१८ केही समयको निम्ति तपाईंका
मानिसहरूले तपाईंको पवित्र ठाउँ
अधिकार गरे,
तर अब हाम्रा शत्रुहरूले तपाईंको
पवित्रस्थानलाई कुल्चेका छन् ।
१९ हामी शुरूदेखि तपाईंका हौं;
तर तपाईंले तिनीहरूमाथि शासन
गर्नुभएको छैन;
तिनीहरू तपाईंको नाउँले बोलाइएका
छैनन् ।

६४ अहो, तपाईं आकाश फटाएर तल
आउनुभएको भए त,
पर्वतहरू पनि तपाईंको सामुन्ने
काँप्नेथिए !
२ आगोले झिक्रा जलाएझैं अनि पानी उमाले
झैं तपाईंको नाउँ तपाईंका शत्रुहरूबीच
प्रकट गर्न,
अनि जातिहरू तपाईंको उपस्थितिमा
कामून् भनेर तपाईं तल आउनुहोस् !
३ किनकि तपाईंले हामीलाई नचिताएका
कुराहरू गर्नुहुदाँ तपाईं तल आउनुभयो,
अनि तपाईंको सामु पर्वतहरू काँपे ।
४ प्राचीनकालदेखि नै कसैले तपाईंबाहेक
अर्को परमेश्वरको विषयमा सुनेको छैन,
कुनै कानले बुझेको छैन, कुनै आँखाले
देखेको छैन,
तपाईं, जसले तपाईंको प्रतीक्षा गर्नेहरूको
पक्षमा काम गर्नुहुन्छ ।
५ खुशीसाथ ठीक काम गर्नेहरू,
तपाईंका मार्गहरू सधैं सम्झनेहरूकहाँ
तिनीहरूको सहायताको निम्ति तपाईं
आउनुहुन्छ ।

**६३:१२**–प्रस्थान १४:२१. **६४:४**–१ कोरिन्थी २:९.

तर हामीले तपाईंका मार्गहरूको विरुद्ध
पाप गरिरहेकाले तपाईं रिसाउनुभयो ।
त्यसो भए हामी कसरी बचाइन सक्छौं ?
६ हामी सबै अशुद्धझैँ भएका छौं,
अनि हाम्रा धार्मिक कामहरू फोहोर
लुगाझैँ भएका छन्;
हामी सबै पातझैँ काँप्छौं,
अनि हाम्रा पापहरूले हामीलाई हावाले
झैँ उडाइलान्छन् ।
७ कसैले तपाईंको नाउँ पुकार्दैन
नता कसैले तपाईंलाई पक्रिरहने उत्कट
प्रयास गर्छ;
किनकि हाम्रा पापहरूको कारण तपाईंले
हामीबाट आफ्नो अनुहार लुकाउनुभएको
छ,
अनि हामीलाई कमजोर बनाइदिनुभएको
छ ।

८ तापनि हे परमप्रभु, तपाईं हाम्रा पिता
हुनुहुन्छ ।
हामी माटा हौं, अनि तपाईं कुमाले हुनुहुन्छ;
हामी सबै तपाईंकै हातका काम हौं ।
९ हे परमप्रभु, हामीसित ज्यादै क्रोधित
नहुनुहोस्;
हाम्रा पापहरू सधैँभरि नसम्झनुहोस् ।
अहो, बिन्ती छ, हामीतिर हेर्नुहोस्,
किनकि हामी सबै तपाईंका मानिसहरू
हौं ।
१० तपाईंका पवित्र शहरहरू मरुभूमि भएका
छन्;
सियोनसमेत मरुभूमि भयो, यरूशलेम
ध्वंस भयो ।
११ हाम्रा पुर्खाहरूले तपाईंको प्रशंसा गरेको
हाम्रो पवित्र र महिमावान् मन्दिर आगोले
जलाइएको छ,
अनि हामीले बहुमूल्य ठानेका सबै
सर्वनाश भएका छन् ।
१२ यी सबै भएपछि पनि,
हे प्रभु, के तपाईं आफैलाई रोकि
राख्नुहुन्छ ?
के तपाईं चुप रहेर हामीलाई ज्यादै दण्ड
दिनुहुन्छ ?

### न्याय र उद्धार

६५ मेरो विषयमा नसोध्नेहरूकहाँ मैले
आफैलाई प्रकट गरें;
मलाई नखोज्नेहरूले मलाई भेट्टाए ।
मेरो नाउँको पुकार नगर्ने जातिलाई,
मैले भनें, 'म यहाँ छु, म यहाँ छु ।'
२ मैले दिनभरि यस्तो हठी जातितिर आफ्ना
हात पसारें
जो आफ्नै कल्पनाको पछि लागेर
कुबाटोमा हिँड्छन्–
३ यस्तो जाति जसले बगैँचातिर बलिदान
चढाउँछन्,
र इँटाका वेदीहरूमा धूप बाल्छन्;
अनि लगातार खुला रूपमा मलाई रीस
उठाउँछन्,
४ जो चिहानहरूमा रहन्छन्,
अनि रातभरि गुप्तरूपले जागै बस्छन्;
जसले सुँगुरको मासु खान्छन्,
अनि जसका भाँड़ाहरूमा अशुद्ध मासुका
झोल राखिएको हुन्छ;
५ जसले भन्छन्, 'टाढ़ै बस्; मेरो नजीक
नआइज,
किनकि म तेरो निम्ति अति पवित्र छु !'
यस्ता मानिसहरू मेरो नाकका
प्वालहरूमा धूवाँ र दिनभरि जलिरहने
आगो हुन् ।

६ "हेर, मेरो सामुन्ने यस्तो लेखिएको छः
म चूप रहनेछैनँ, तर पूरै साटो लिनेछु;
निश्चय नै म तिनीहरूकै काखमा साटो
लिनेछु–
७ तिमीहरूका र तिमीहरूका पिता-
पुर्खाहरूका पापको साटो म लिनेछु"

**६५:१-२**–रोमी १०:२०-२१. **६५:७**–यशैया ६६:२२; २ पत्रुस ३:१३; प्रकाश २१:१.

परमप्रभु भन्नुहुन्छ ।
“किनभने तिनीहरूले पर्वतहरूमा
बलिदान जलाए,
र डाँड़ाहरूमा मेरो विरोध गरे ।
म तिनीहरूका पहिलेका कामको बदला
तिनीहरूकै काखमा पूरा भरिदिनेछु ।”

८ परमप्रभु यसो भन्नुहुन्छः
“अङ्गूरको झुप्पामा अझ रस छँदा
मानिसहरूले, ‘त्यसलाई नष्ट नगर
किनकि त्यसमा अझ अलिकता असल
कुरा छ’ भनेझैँ
म पनि मेरा दासहरूको पक्षमा त्यसै
गर्नेछु;
म तिनीहरू सबैलाई नाश गर्नेछैनँ ।
९ म याकूबबाट सन्तान अनि यहूदाबाट
मेरो पर्वतहरूमाथि अधिकार गर्नेहरू
उत्पन्न गर्नेछु;
मेरा छानिएका मानिसहरूले तीमाथि
अधिकार गर्नेछन्,
अनि मेरा दासहरू त्यहाँ बस्नेछन् ।
१० मलाई खोज्ने मानिसहरूको निम्ति
शारोन बगालहरूको
निम्ति एउटा खर्क अनि आकोरको खोल्सा
एउटा विश्रामस्थल हुनेछ ।

११ “तर तिमीहरूको निम्ति जसले
परमप्रभुलाई त्याग्छन्,
अनि मेरो पवित्र पर्वतलाई भुल्छन्,
जसले भाग्य-देवको निम्ति मेच तयार
गर्छन्,
अनि भविष्य-देवीको निम्ति मिसाएको
मद्यले कचौरा भर्छन्,
१२ म तिमीहरूलाई तरवारको निम्ति
खटाउनेछु,
अनि तिमीहरू सबै काटिनको निम्ति
निहुरनेछौ;
किनकि मैले बोलाएँ तर तिमीहरूले
जवाफ दिएनौ,
म बोलें तर तिमीहरूले सुनेनौ ।
तिमीहरूले मेरो दृष्टिमा दुष्टता गर्‍यौ,
अनि मलाई मन नपर्ने कुरा रोज्यौ ।”

१३यसकारण सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छः
“मेरा दासहरूले खानेछन्, तर तिमीहरू
भोकै बस्नेछौ;
मेरा दासहरूले पिउनेछन्, तर तिमीहरू
तिर्खाउनेछौ,
मेरा दासहरू रमाउनेछन् तर तिमीहरू
शर्ममा पर्नेछौ ।
१४ मेरा दासहरूले आफ्ना हृदयको आनन्दमा
गाउनेछन्,
तर तिमीहरू हृदयको वेदनामा कराएर
रुनेछौ अनि आत्मामा खिन्न भएर
विलाप गर्नेछौ ।
१५ तिमीहरूले आफ्नो नाउँ मेरा
छानिएकाहरूको निम्ति सरापस्वरूप
छोड्नेछौ;
सर्वशक्तिमान् परमप्रभुले तिमीहरूलाई
मार्नुहुनेछ,
तर आफ्ना दासहरूलाई उहाँले अर्को
नाउँ दिनुहुनेछ ।
१६ जब कसैले देशमा आशिष् आह्वान गर्छ,
त्यसले सत्यको परमेश्वरद्वारा त्यसो गर्छ;
जसले देशमा शपथ खान्छ,
त्यसले सत्यको परमेश्वरद्वारा त्यसो
गर्छ ।
किनकि बितेका दुःखहरू भुलिनेछन्
र मेरा आँखाबाट लुकाइनेछन् ।

### नयाँ आकाश र नयाँ पृथ्वी

१७ “हेर, म नयाँ आकाश र नयाँ पृथ्वी
सृष्टि गर्नेछु ।
पहिलेका कुराहरू स्मरण गरिनेछैनन्,
नता तिनीहरू मनमा नै आउनेछन् ।
१८ तर म जे सृष्टि गर्नेछु,

**६५:१०**–यहोशू ७:२४-२६.

त्यसमा सदा सर्वदा खुशी हो र हर्ष मनाओ,
किनकि म यरूशलेमलाई उल्लासको निम्ति अनि त्यसका मानिसहरूलाई आनन्दको कारण बनाउनेछु ।
१९ म यरूशलेममा आनन्दित हुनेछु
अनि मेरा मानिसहरूमा प्रसन्न हुनेछु;
त्यसमा रोएको र चिच्याएको सोर फेरि कहिल्यै सुनिने छैन ।

२० "थोरै दिनसम्म बाँच्ने बालक वा आफ्नो पूरा उमेरसम्म नबाँच्ने वृद्ध मानिस त्यहाँ कहिल्यै हुनेछैन ।
सय वर्षसम्म बाँचेर मर्नेचाहिँ जवान मानिनेछ र सय वर्षसम्म नबाँच्नेचाहिँ श्रापित मानिनेछ ।
२१ तिनीहरूले घर बनाएर त्यसमा बस्नेछन्;
तिनीहरूले दाखबारी लगाएर त्यसका फल खानेछन् ।
२२ तिनीहरूले बनाएका घरहरूमा अरू बस्ने,
तिनीहरूले रोपेका अरूले खाने फेरि कहिल्यै हुनेछैन ।
किनकि रूखको आयु जति हुन्छ
त्यति नै मेरा मानिसहरूका आयु हुनेछ;
मेरा छानिएकाहरूले आफ्ना हातका काम लामो समयसम्म उपभोग गर्नेछन् ।
२३ तिनीहरूको परिश्रम व्यर्थ हुनेछैन
नता तिनीहरूले विपत्तिको निम्ति बालबच्चा जन्माउनेछन्;
किनकि तिनीहरू, तिनीहरूका वंशसमेत परमप्रभुको आशिष् पाएका प्रजा हुनेछन् ।
२४ तिनीहरूले पुकार्नुभन्दा पहिले म जवाफ दिनेछु;
तिनीहरूले बोल्दाबोल्दै म सुन्नेछु ।
२५ ब्वाँसो र थुमाले एकै साथ खानेछन्,
अनि सिंहले गोरुले झैँ पराल खानेछ,
तर धूलो सर्पको आहारा हुनेछ ।
तिनीहरूले मेरा जम्मै पवित्र पर्वतहरूमा
नता हानि गर्नेछन्,
नता नाश गर्नेछन्" परमप्रभु भन्नुहुन्छ ।

### न्याय र आशा

६६ परमप्रभु यसो भन्नुहुन्छः
"स्वर्ग मेरो सिंहासन हो,
अनि पृथ्वी मेरो पाउदान हो ।
मेरो निम्ति तिमीहरूले बनाउने घर कहाँ छ ?
मेरो विश्रामस्थल कहाँ हुनेछ ?
२ के मेरो हातले नै यी सबै कुराहरू
बनाएका होइनन् र तिनीहरू भइहाले ?
परमप्रभु घोषणा गर्नुहुन्छ ।

"म त्यसलाई आदर गर्छु, जो नम्र अनि आत्मामा दीन छ,
अनि मेरो वचनमा काम्दछ ।
३ तर जसले साँढे बलिदान चढाउँछ,
त्यो त मानिस मार्नेजस्तै हो,
अनि जसले थुमा चढाउँछ,
त्यो कुकुरको मुण्टो भाँच्नेजस्तै हो;
जसले अन्नबलि चढाउँछ,
त्यो सुँगूरको रगत चढाउनेजस्तै हो,
अनि जसले स्मृतिको धूप बाल्छ,
त्यो मूर्तिपूजकजस्तै हो ।
तिनीहरूले आफ्नै मार्ग रोजेका छन्,
अनि तिनीहरूका प्राण तिनीहरूका घृणित कामहरूमा प्रसन्न रहन्छन्;
४ यसकारण म पनि तिनीहरूको निम्ति कठोर व्यवहार रोज्नेछु;
अनि तिनीहरूमाथि तिनीहरूले डरमानेका कुरा नै ल्याउनेछु ।
किनकि मैले बोलाउँदा कसैले जवाफ दिएन,
म बोल्दा कसैले सुनेन ।
तिनीहरूले मेरो दृष्टिमा दुष्टता गरे;
अनि मैले मन नपराउने कुरा रोजे ।"

५ उहाँको वचनमा काम्नेहरूले परमप्रभुको

**६५:१९**–प्रकाश २१:४. **६५:२५**–यशैया ११:६-७. **६६:१**–मत्ती ५:३४-३५; २३:२२. **६६:१-२**–प्रेरित ७:४९-५०.

वचन सुन:
"मेरो नाउँको कारण तिमीहरूलाई घृणा गर्ने;
अनि तिमीहरूलाई बहिष्कार गर्ने
तिमीहरूका दाज्यूभाइहरूले भनेका छन्,
'परमप्रभुको महिमा होस् र हामी
तिमीहरूको आनन्द देख्न पाऊँ !'
तापनि तिनीहरू शर्ममा पर्नेछन् ।
६ शहरबाट निस्केको खैलाबैला सुन,
मन्दिरबाट निस्केको हल्ला सुन !
यो त उहाँका शत्रुहरूलाई ठीक सुहाउँदो
साटो फेर्दैगर्नुहुने
परमप्रभुको आवाज हो ।

७ "प्रसववेदना लाग्नुअघि नै, तिनले जन्माउँछिन्;
तिनमा व्यथा लाग्नुअघि नै,
तिनले छोरा जन्माउँछिन् ।
८ कसले यस्तो कुरा कहिल्यै सुनेको छ ?
कसले यस्तो कुराहरू कहिल्यै देखेको छ ?
के कुनै देश एकै दिनमा जन्मन सक्छ,
अथवा कुनै जाति एकै क्षणमा उत्पन्न हुन सक्छ ?
तापनि सियोनलाई व्यथा लाग्नसक्छ,
त्यसले आफ्ना छोराछोरी जन्माउनेछे ।
९ परमप्रभु भन्नुहुन्छ, "के म प्रसववेदना दिएपछि जन्माउन लाउँदिन ?"
तिमीहरूका परमेश्वर भन्नुहुन्छ,
"के म जन्मन लाउँदा गर्भ थुनिदिन्छु ?"

१० "यरूशलेमलाई मन पराउनेहरू सबै त्यसको निम्ति रमाओ,
अनि खुशी होओ;
त्यसको निम्ति शोक गर्नेहरू सबै
त्यससित ठूलो आनन्द गर ।
११ किनकि तिमीहरू त्यसका सान्त्वना दिने स्तनपान गरेर तृप्त हुनेछौ;
तिमीहरूले बेसरी पिउनेछौ र त्यसको
प्रशस्ततामा आनन्दित हुनेछौ ।"
१२ किनकि परमप्रभु यसो भन्नुहुन्छ:
"म नदीझैं शान्ति र जातिहरूका धन
उर्लंदो खोलाझैं त्यसतिर बढाउनेछु;
तिमीहरूले चुस्नेछौ, तिमीहरू हातमा बोकिनेछौ,
अनि त्यसको घुँड़ामा थै थै गरिनेछौ ।
१३ एउटी आमाले आफ्नो बालकलाई सान्त्वना दिएझैं,
म तिमीहरूलाई सान्त्वना दिनेछु;
अनि तिमीहरूले यरूशलेममा नै सान्त्वना पाउनेछौ ।"
१४ तिमीहरूले यो देखेपछि तिमीहरूका हृदय रमाउनेछन्,
अनि तिमीहरू घाँसझैं सप्रनेछौ;
परमप्रभुको हात उहाँका दासहरूमा चिनाइनेछ,
तर उहाँको क्रोध उहाँका शत्रुहरूलाई देखाइनेछ ।
१५ हेर, परमप्रभु आगोसाथ आउनुहुँदैछ,
अनि उहाँका रथहरू आँधीबेहरीझैं छन्;
उहाँले आफ्नो रीस प्रकोपझैं
अनि आफ्नो हप्की आगोको ज्वालासित ल्याउनुहुनेछ ।
१६ किनकि उहाँले सारा मानिसहरूमाथि आफ्नो इन्साफ
आगो र आफ्नो तरवारले गर्नुहुनेछ,
अनि धेरै जना परमप्रभुद्वारा मारिनेछन् ।

**१७**परमप्रभु घोषणा गर्नुहुन्छ, "सुँगुर र
मुसाको मासु अनि अरू घृणित कुराहरू
खानेहरूको बीचमा भएको कुनैलाई पछ्याउँदै
आफैलाई पवित्र र शुद्ध पारेर बगैंचाहरूमा
जानेहरूको अन्त एकैसाथ हुनेछ ।"
**१८**"अनि तिनीहरूका कामहरू र
कल्पनाहरूको कारण सबै जातिहरू र भाषा-
भाषीहरूलाई एकसाथ भेला गराउन म आउन
लागेको छु, अनि तिनीहरूले आएर मेरो महिमा
देख्नेछन् ।

**६६:७**–प्रकाश १२:५.

**१९**म तिमीहरूको बीचमा एउटा चिन्ह
राख्नेछु, अनि बाँचेकाहरूलाई म जातिहरूकहाँ,
तर्शीशकहाँ, लिबिया वासीहरूकहाँ, धनु-विद्यामा
विख्यात लूदीहरूकहाँ, तूबल र ग्रीसमा अनि
मेरो किर्तिको विषयमा नसुनेका र मेरो महिमा
नदेखेका टाढ़ाका टापुहरूमा पठाउनेछु ।
तिनीहरूले जातिहरूको बीचमा मेरो महिमा
घोषणा गर्नेछन् । **२०**परमप्रभु भन्नुहुन्छ,
"अनि तिनीहरूले सबै जातिहरूबाट तिमीहरूका
दाज्यूभाइहरूलाई घोड़ाहरूमा, रथहरूमा,
पालकीमा, खच्चड़ र ऊँटहरूमा परमप्रभुको
निम्ति दानस्वरूप मेरो पवित्र पर्वत यरूशलेममा
ल्याउनेछन् । तिनीहरूले उनीहरूलाई
इस्राएलीहरूले परमप्रभुको भवनमा औपचारिक
रूपले चोख्याइएका भाँड़ाहरूमा आफ्ना अन्नबलि
ल्याएझैँ ल्याउनेछन् । **२१**परमप्रभु भन्नुहुन्छ,
अनि म तिनीहरूमध्ये कतिलाई पूजाहारी अनि
लेवी हुनलाई छान्ने पनि छु ।"

**२२**परमप्रभु घोषणा गर्नुहुन्छ, "जसरी मैले
बनाएको नयाँ आकाश र नयाँ पृथ्वी मेरो
सामुन्ने रहिरहनेछ, त्यसरी नै तिमीहरूका नाउँ
र सन्तानहरू रहिरहनेछन् । **२३**एउटा औंसीदेखि
अर्को औंसीसम्म अनि एउटा विश्राम-दिनदेखि
अर्को विश्राम-दिनसम्म सबै जातिहरू आएर
मेरो सामुन्ने निहुरनेछन् भनी परमप्रभु
भन्नुहुन्छ । **२४**अनि तिनीहरूले बाहिर गएर
मेरो विरोध गर्नेहरूका लाशहरूलाई हेर्नेछन्;
तिनीहरूका कीरा मर्नेछैनन्, नता तिनीहरूको
आगो निभ्नेछ, अनि तिनीहरू सबै मानिसहरूमा
घृणित हुनेछन् ।"

---

**६६:२२**–यशैया ६५:१७; २ पत्रुस ३:१३; प्रकाश २१:१. **६६:२४**–मर्कूस ९:४८.

# यर्मियाको पुस्तक

१ हिल्कियाहको छोरा, बेन्यामीनको प्रान्तमा
भएको अनातोतका पूजाहारीहरूमध्येका
यर्मियाका वचनहरू । **२**आमोनका छोरा,
यहूदाका राजा योशियाहको शासनको तेह्रौं
वर्षमा परमप्रभुको वचन तिनीकहाँ आयो: **३**अनि
योशियाहका छोरा, यहूदाका राजा यहोयाकिमको
शासनकालदेखि योशियाहका छोरा सिदकियाहको
एघारौं वर्षको पाँचौं महिनासम्म, अर्थात्
यरूशलेमका मानिसहरू कैदमा लगिएको
समयसम्म आइरह्‍यो ।

### यर्मियाको बोलावट

**४**परमप्रभुको वचन मकहाँ यसो भन्दै आयो:

**५** “मैले तँलाई गर्भमा रच्नुभन्दा पहिले नै
मैले तँलाई चिनिसकेको थिएँ,
तँ जन्मनुभन्दा पहिले नै मैले तँलाई अलग गरें;
मैले तँलाई जातिहरूको निम्ति अगमवक्ता हुन नियुक्त गरें ।”

**६**मैले भनें, “हे सर्वसत्ताधारी परमप्रभु म
त बोल्नै जान्दिनँ, म त बालकै छु ।”
**७**तर परमप्रभुले मलाई भन्नुभयो, “म त
बालकै छु भनी नभन् । मैले तँलाई पठाएको
हरेककहाँ तँ जानुपर्छ र मैले तँलाई जे जे
आज्ञा गर्छु त्यो तैंले भन्नुपर्छ । **८**तिनीहरूसित
नडरा, किनकि म तँसित छु अनि तँलाई
छुटाउनेछु” परमप्रभु भन्नुहुन्छ ।
**९**तब परमप्रभुले आफ्नो हात मतिर पसारेर
मेरो मुखलाई छोएर मलाई भन्नुभयो, “अब
मैले आफ्नो वचन तेरो मुखमा राखिदिएको छु ।
**१०**हेर्, उखेल्न र भत्काउन, नाश गर्न र भताभुङ्ग
पार्न, निर्माण गर्न र रोप्नलाई म तँलाई जातिहरू
र राज्यहरूमाथि नियुक्त गर्दछु ।”
**११**परमप्रभुको वचन मकहाँ आयो: “यर्मिया
तँ के देख्छस् ?”
मैले जवाफ दिएँ, “म हाड़े-बदामको एउटा
रूख देख्छु ।”
**१२**परमप्रभुले मलाई भन्नुभयो, “तैंले ठीकै
देखेको छस्,
किनकि म आफ्नो वचन पूरा भएको
हेरिरहेको छु ।”
**१३**परमप्रभुको वचन फेरि मकहाँ आयो:
“तँ के देख्छस् ?”
मैले जवाफ दिएँ, “एउटा उम्लँदैगरेको भाँड़ो
उत्तर दिशाबाट घोप्टिरहेको म देख्दछु ।”
**१४**परमप्रभुले मलाई भन्नुभयो, “यस
देशमा बस्ने सबैमाथि उत्तर दिशाबाट विपत्ति
खन्याइनेछ । **१५**म उत्तरी राज्यहरूका सबै
जातिहरूलाई डाकिपठाउन लागेको छु”
परमप्रभु घोषणा गर्नुहुन्छ ।

“तिनीहरूका राजाहरू आउनेछन्,
र यरूशलेमका मूलढोकाहरूको
प्रवेश-द्वारमा तिनीहरूले आफ्ना
सिंहासनहरू स्थापित गर्नेछन्;
तिनीहरू त्यसका चारैतिरका
पर्खालहरूको विरुद्धमा
र यहूदाका सबै शहरहरूको विरुद्धमा
आउनेछन् ।
**१६** तिनीहरूले मलाई त्यागेका दुष्टताको
निम्ति अरू देवताहरूको अगि धूप
बालेको निम्ति अनि आफ्नै हातले
बनाएका चीजहरूलाई म आफ्ना

---

**१:२**–२ राजा २२:३-२३:७; २ इतिहास ३४:८-३५:१९. **१:३**–२ राजा २३:२६-२४:७; २ राजा २३:१८-२५:२१; २ इतिहास ३६:५-८; ११:२१.

जातिहरूमाथि आफ्नो इन्साफ घोषणा
गर्नेछु ।”

**१७**“आफैलाई तयार पार ! खड़ा भएर मैले
तँलाई आज्ञा गरेका जति तिनीहरूलाई
भनिदे । तिनीहरूदेखि नडरा, नत्रता म तँलाई
तिनीहरूदेखि डराउने बनाइदिनेछु । **१८**मैले आज
सम्पूर्ण देशको, अर्थात् यहूदाका राजाहरू,
त्यसका कार्यकर्ताहरू, त्यसका पूजाहारीहरू
र देशवासीहरूको विरुद्धमा खड़ा हुनलाई तँलाई
एउटा सुरक्षित शहर, एउटा फलामको खामो
र एउटा काँसाको पर्खाल बनाएको छु ।
**१९**तिनीहरू तँसित जुध्नेछन् तर तँलाई जित्न
सक्नेछैनन्, किनकि म तँसित छु र तँलाई
छुटाउनेछु” परमप्रभु घोषणा गर्नुहुन्छ ।

**इस्राएलले परमप्रभुलाई त्यागेका**

**२** परमप्रभुको वचन मकहाँ आयो: **२**जा,
अनि यरूशलेमले सुन्ने गरी घोषणा गर्:

“‘म तेरो युवाअवस्थाको भक्ति सम्झन्छु,
तैंले कसरी एउटी दुलहीले झैं मलाई
प्रेम गरिस्, र मरुभूमिमा, एउटा
नछरिएको ठाउँमा मलाई पछ्याइस् ।
३ इस्राएल परमप्रभुको निम्ति पवित्र,
उहाँको कटनीको पहिलो फल थियो;
त्यसलाई निल्नेहरू सबै दोषी ठहरिए,
र तिनीहरूमाथि विपत्ति आए”
परमप्रभु घोषणा गर्नुहुन्छ ।

४ हे याकूबका घराना, इस्राएलका घरानाका
सबै वंशहरू,
परमप्रभुको वचन सुन ।
५ परमप्रभु यसो भन्नुहुन्छः

“तिमीहरूका पिता-पुर्खाहरूले ममा के
दोष भेटेर तिनीहरू मदेखि यति टाढ़ो
अल्मलिएर गए ?
तिनीहरू बेकामका मूर्तिहरूका पछि लागे
र तिनीहरू आफै बेकामे भए ।
६ तिनीहरूले यसरी सोधेनन्,
‘हामीलाई मिश्रबाट माथि ल्याउनुहुने,
र बाँझो उजाड़-स्थानबाट अनि मरुभूमि
र खाड़लबाट
सुखा र अँध्यारो देशबाट,
कसैले यात्रा नगर्ने र कोही नबस्ने देशबाट
डोऱ्याउनुहुने परमप्रभु कहाँ हुनुहुन्छ ?’
७ त्यसका फलहरू अनि असल उब्जनी
खानलाई मैले तिमीहरूलाई एउटा
मलिलो देशमा ल्याएँ ।
तर तिमीहरूले आएर मेरो देशलाई
अशुद्ध पाऱ्यौ,
र मेरो अधिकारलाई घिनलाग्दो बनायौ ।
८ पूजाहारीहरूले ‘परमप्रभु कहाँ हुनुहुन्छ ?’
भनेर सोधेनन् ।
न्याय गर्नेहरूले मलाई चिनेनन्;
अगुवाहरू मेरो विरुद्धमा बागी भए ।
बेकामे मूर्तिहरूका पछि लागेर
अगमवक्ताहरूले बालको नाउँमा
अगमवाणी गरे ।

९ “यसकारण म फेरि तिमीहरूको विरुद्धमा
अभियोग लाउँछु”
परमप्रभु घोषणा गनुहुन्छ ।
“अनि म तिमीहरूका छोराछोरीहरूका
छोराछोरीहरूको विरुद्धमा अभियोग
लाउनेछु ।
१० पारी कित्तीमको किनारमा गएर हेर्,
केदारमा पठाऊ र ध्यानपूर्वक हेर;
त्यहाँ योजस्तो कहिल्यै थियो कि भनेर
हेर्;
११ के कुनै जातिले आफ्ना देवताहरू कहिल्यै
बद्ली गरेको छ ?
(तापनि तिनीहरू त देवतै होइनन्) ।
तर मेरो जातिले त तिनीहरूका ‘महिमा’
लाई बेकामका मूर्तिहरूसित साटेका
छन् ।
१२ हे आकाश-मण्डल यसमा चकित होओ,
र भयानक डरले कम्पयमान् होओ,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१३ “मेरा मानिसहरूले दुईओटा पापहरू
गरेका छन्;

तिनीहरूले म जिउँदो पानीको मूललाई
त्यागेका छन्,
अनि पानी नअड़िने आफ्नै चुहुने
इनारहरू खनेका छन् ।
१४ के इस्राएल जन्मैबाट एउटा नोकर, चाकर
हो ?
त्यसो भए त्यो किन शिकार भएको छ ?
१५ सिंहहरू गर्जेका छन्;
तिनीहरू त्यसतिर गर्जेका छन् ।
तिनीहरूले त्यसको देशलाई उजाड़
पारिदिएका छन्;
त्यसका शहरहरू जलाइएका र त्यागिएका
छन् ।
१६ नोप र तहपनेसका मानिसहरूले
तिमीहरूका शिरको मुकुटलाई
उड़ाइदिएका पनि छन् ।
१७ परमप्रभु तिमीहरूका परमेश्‍वरले
तिमीहरूलाई बाटोमा डोऱ्याउनुहुँदा
तिमीहरूले उहाँलाई त्यागेर
के तिमीहरूले यो आफैमाथि ल्याएका
होइनौ ?
१८ अब शीहोर नदीबाट पानी पिउनलाई
मिश्रमा किन जाने ?
र महानदीबाट पानी पिउन अश्शूरमा
किन जाने ?
१९ तिमीहरूको दुष्टताले तिमीहरूलाई दण्ड़
दिनेछ,
तिमीहरूको धर्म-त्यागले तिमीहरूलाई
हप्काउनेछ ।
तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्‍वरलाई त्यागेर मेरो डर नराख्दा
त्यो तिमीहरूका निम्ति कति दुष्टता र
तिक्तता हुनेछ भन्ने विचार गरेर थाहा
गर"
सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।

२० "धेरै अघिनै तैंले आफ्नो जुवा भाँचिस्
र आफ्नो बन्धनहरू फुकाइस्;
तैंले भनिस, 'म तपाईंको सेवा गर्नेछैनँ !'
साँच्चै प्रत्येक अग्लो ड़ाडाँमा
र हरेक फैलिएको रूखमुनि तँ वेश्याझैं
लड़िबसिस् ।
२१ मैले तँलाई असल र भरपर्दो बोटबाट
एउटा उत्तम दाखको बोट लगाएको
थिएँ ।
त्यसोभए कसरी तँ मेरो विरुद्धमा भई
एउटा भ्रष्ट जङ्गली दाख भइस् ?
२२ तैंले आफैलाई सोड़ाले धोइस्
र धेरै साबुन प्रयोग गरिस् भने पनि
तेरो दोषको दाग अझै मेरो सामुन्ने नै
छ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२३ "तैंले 'म अशुद्ध भएको छैनँ;
म बालहरूको पछि दगुरेको छैनँ' भनेर
कसरी भन्न सक्छस् ?
तैंले बेंसीतिर कस्तो व्यवहार गरिस्, हेर्;
तैंले के गरेको छस्, विचार गर् ।
तँ त यताउता कुदिहिँड्ने चञ्चली ऊँटझैं
छस्,
२४ अति इच्छा गरेर हावा सुँघिहिँड्ने
उजाड़-स्थानमा बानी भएकी वन-
गधैनीजस्तै छस्–
त्यसको कामुकतालाई कसले रोक्न
सक्छ ?
त्यसलाई खोज्ने कुनै गधाले आफैलाई
थकाउनै पर्दैन;
मिसिने समयमा तिनीहरूले त्यसलाई
भेट्टाइहाल्नेछन् ।
२५ तेरा खुट्टा नाङ्गो र तेरो घाँटी सुकिञ्जेल
दगुर् ।
तर तैंले भनिस्, 'यो व्यर्थ छ !
म परदेशी देवताहरूलाई प्रेम गर्छु,
अनि म तिनीहरूका पछि जानैपर्छ ।'

२६ पक्रा पर्दा चोर लज्जित भएझैं
इस्राएलको घराना लज्जित भएको छ,
अर्थात्, राजाहरू र तिनीहरूका
अधिकारीहरू, तिनीहरूका पूजाहारीहरू
र तिनीहरूका अगमवक्ताहरू ।
२७ तिनीहरूले काठलाई 'तपाईं मेरा बाबु

हुनुहुन्छ',
अनि ढुङ्गालाई 'तपाईंले मलाई
जन्माउनुभयो' भन्छन् ।
तिनीहरूले मतिर आफ्ना अनुहार होइन
तर पिठिउँ फर्काएका छन्;
तापनि तिनीहरू विपत्तिमा पर्दा तिनीहरू
'आएर हामीलाई बचाउनुहोस् !' भन्छन् ।
२८ त्यसोभए तिमीहरूले आफ्ना निम्ति
बनाएका देवताहरू कहाँ छन् ?
तिमीहरू विपत्तिमा परेको बेला तिनीहरूले
बचाउन सक्छन् भने तिनीहरू आऊन् !
किनकि हे यहूदा, तँसित जति शहरहरू
छन्, त्यतिनै देवताहरू तँसित छन् ।

२९ तिमीहरू मेरो विरुद्धमा किन अभियोग
लाउँछौ ?
तिमीहरू सबै मेरो विरुद्धमा बागी भएका
छौ,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३० मैले व्यर्थैमा आफ्ना मानिसहरूलाई
दण्ड दिएँ;
तिनीहरूले सुधारको प्रतिक्रियानै
देखाएनन् ।
तिमीहरूका तरवारले तिमीहरूका
अगमवक्ताहरूलाई संहार गर्ने सिंहले
झैं खाइहाले ।
३१ यस पुस्ताका तिमीहरूले परमप्रभुको
वचन विचार गर;
"के म इस्राएलको निम्ति मरुभूमि
अथवा महा अन्धकारको देश थिएँ ?
मेरा मानिसहरूले किन 'हामी डुलिहिँड्न
स्वाधिन छौं;
हामी तपाईंकहाँ फेरि आउनेछैनौ'
भन्छन् ?
३२ के कुमारीले आफ्नो गहना,
एउटी दुलहीले आफ्नो विवाहको गहना
बिर्सन सक्छे र ?
तापनि मेरा मानिसहरूले धेरै समयदेखि
मलाई बिर्सेका छन् ।
३३ तँ प्रेमको पछि लाग्नमा कति निपुण छेस्
अति खराब स्त्रीले पनि तेरो मार्गबाट
सिक्न सक्छेस् ।
३४ निर्दोष गरीबहरूले घर फोरेर भित्र
पसेका तैंले नभेट्टाए तापनि तेरा
लुगाहरूमा मानिसहरूले तिनीहरूका
जीवन-रक्त भेट्टाए ।
३५ यति भए तापनि तँ भन्छस्, 'म त निर्दोष
छु;
उहाँ मसित रिसाउनुभएको छैन ।'
तर तैंले 'मैले पाप गरेकी छैनँ' भनेकी
कारण म तेरो इन्साफ गर्नेछु ।
३६ तँ किन आफ्ना मार्गहरू बद्ली गरेर
यताउति जान्छेस् ?
अश्शूरले तँलाई निराश तुल्याएझैं
तँ मिश्रद्वारा निराश तुल्याइनेछस् ।
३७ तैंले त्यस ठाउँलाई पनि आफ्ना
हात आफ्नै शिरमाथि राखेर छोड्नेछस्
किनकि तैंले भरोसा राखेकाहरूलाई
परमप्रभुले त्याग्नुभएको छ;
तैंले तिनीहरूबाट सहायता पाउनेछैनस् ।

३ "यदि कुनै मानिसले आफ्नी पत्नीलाई
त्याग्यो र उसले त्यसलाई छोड़ेर
अर्को मानिससित विवाह गरिन् भने,
के त्यो मानिस ऊकहाँ फेरि फर्कनु
पर्छ ?
के देश पूर्णरूपले अशुद्ध हुन्न ?
तर तँ त धेरै प्रेमीहरूसित वेश्याझैं बसेकी
छस्–
के अब तँ मकहाँ फर्केर आउँछेस् ?"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२ "बाँझो अग्ला ठाउँहरूतिर आँखा उठाएर
हेर् ।
के तैंले कुकर्म नगरेको कुनै ठाउँ छ ?
मरुभूमिमा डुलुवा बसेझैं बाटोको
किनारमा प्रेमीकाहरूको प्रतीक्षामा तँ
बसिस् ।
तैंले देशलाई आफ्नो व्यभिचार र दुष्ट
कर्मले बिटुलो पारेकी छस् ।
३ यसकारण झरी थामियो र पछिल्लो वर्ष

भएकै छैन ।
तापनि तँ वेश्याझैँ चम्किलो देखिन्छेस्
तँ लाजले भुतुक्क हुन मान्दिनस् ।
४ के तैंले मलाई 'मेरा बुबा,
मेरा युवावस्थादेखिको साथी भर्खरै
बोलाइनस् ?
५ के तपाईं सधैँ रिसाइरहनुहुन्छ ?
के तपाईंको क्रोध सदासम्म रहिरहन्छ ?
तैंले यसरी नै कुरा गर्छेस्,
तर तँ आफूले सकेसम्म दुष्टता गर्छेस् ।'"

## अविश्वासी इस्राएल

**६**योशियाह राजाको समयमा परमप्रभुले
मलाई भन्नुभयो, "इस्राएलले कस्तो अविश्वासी
काम गरेकी छ के तैंले देखेको छस् ? प्रत्येक
अग्लो डाँडा र फैलिएको रूखमुनि गएर त्यसले
त्यहाँ व्यभिचार गरेकी छ । **७**त्यसले यी सबै
गरेपछि मतिर फर्किन्छे भनेर मैले सोचेको
थिएँ तर त्यो फर्किन, अनि त्यसकी अविश्वासी
दिदी यहूदाले यो देखेकी छ । **८**मैले अविश्वासी
इस्राएललाई उसको त्यागपत्र दिएँ अनि त्यसको
व्यभिचारको कारण त्यसलाई टाढ़ो पठाइदिएँ ।
तापनि त्यसकी अविश्वासी दिदी यहूदालाई डर
भएन, त्यो पनि गइहालि र व्यभिचार गरी ।
**९**इस्राएलको दुश्चरित्रता त्यसको निम्ति केही
जस्तो नभएकोले त्यसले ढुङ्गा र काठसित
व्यभिचार गरेर देशलाई बिटुलो पारी । **१०**यति
भएर पनि त्यसकी अविश्वासी दिदी यहूदा मतिर
त्यसको सम्पूर्ण हृदयले फर्किन् तर बहाना
मात्र गरिन्," परमप्रभु घोषणा गर्नुहुन्छ ।

**११**परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी
इस्राएल अविश्वासी यहूदाभन्दा बढ़ी धार्मिक
छ । **१२**जा अनि उत्तरतिर यो समाचार घोषणा
गर्:

"'परमप्रभु भन्नुहुन्छः 'अविश्वासी
इस्राएल फर्की,
म तँलाई फेरि आँखा तरेर हेर्नेछैनँ,
किनकि म दयालु छु' परमप्रभु घोषणा
गर्नुहुन्छ,
'म सधैँभरि रिसाउनेछैनँ ।
१३ खालि आफ्नो दोष मानिले–
तँ परमप्रभु तेरा परमेश्वरको विरुद्धमा
बागी भएकी छस्,
तैंले आफ्नो प्रेम प्रत्येक फैलिएको रूखमुनि
परदेशी देवताहरूलाई छरिदिएकी छस्,
अनि मेरा कुरा सुनेकी छैनस्'
परमप्रभु घोषणा गर्नुहुन्छ ।"

**१४**परमप्रभु घोषणा गर्नुहुन्छ, "अविश्वासी
मानिसहरू फर्क, किनकि म तिमीहरूका पति
हुँ । म तिमीहरूलाई एउटा शहरबाट एक
जना र एउटा वंशबाट दुई जना गरी छान्नेछु
र तिमीहरूलाई सियोनमा ल्याउनेछु । **१५**तब
म तिमीहरूलाई मेरो मनले रूचाएका
गोठालाहरू दिनेछु जोहरूले तिमीहरूलाई
ज्ञान र समझशक्तिले डोऱ्याउनेछन् । **१६**ती
दिनहरूमा जब देशमा तिमीहरूको सङ्ख्या
औधी बढ्नेछ, मानिसहरूले 'परमप्रभुको
करारको सन्दूक' भनेर फेरि भन्नेछैनन्,
परमप्रभु घोषणा गर्नुहुन्छ । त्यो तिनीहरूका
मनमा सम्झनाको निम्ति कहिल्यै आउनेछैन;
त्यो हराउनेछैन, त्यो जस्तै अर्को फेरि
कहिल्यै बनाइनेछैन । **१७**त्यस बेला तिनीहरूले
यरूशलेमलाई परमप्रभुको सिंहासन् भन्नेछन्,
अनि सबै जातिहरू परमप्रभुको नाउँलाई सम्मान
दिन यरूशलेममा भेला हुनेछन् । तिनीहरू फेरि
आफ्ना हृदयको हठीपनको पछि लाग्नेछैनन् ।
**१८**ती दिनहरूमा यहूदाका घराना इस्राएलको
घरानासित मिल्नेछ र तिनीहरू एकसाथ
उत्तरी देशबाट मैले अधिकारस्वरुप तिमीहरूका
पिता-पुर्खाहरूलाई दिएको देशमा आउनेछन् ।
**१९** "म आफैले भने,

"'म कति खुशीसाथ तिमीहरूलाई
छोराहरूझैँ ठान्ने थिएँ,
अनि तिमीहरूलाई एउटा असल देश दिने

**३:६**–२ राजा २२:१-२३:३०; २ इतिहास ३४:१-३५:२७.

थिएँ,
अर्थात् कुनै पनि जातिको अति असल अधिकार ।
तिमीहरूले मलाई बुबा भनी भन्नेछौ,
अनि मेरो पछि लाग्न छोड्नेछैनौ भनी सोचेको थिएँ ।
२० तर आफ्नो लोग्नेप्रति अविश्वासी स्वास्नीझैं,
हे इस्राएलका घराना,
तिमीहरू मप्रति अविश्वासी भएर रह्यौ,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२१ बाँझो अग्ला ठाउँहरूमा एउटा रोदन सुनिन्छ,
इस्राएलका मानिसहरूको रूवाइ र पुकाराको सोर,
किनकि तिनीहरू कुबाटोमा लागेका छन्,
अनि परमप्रभु तिनीहरूका परमेश्वरलाई बिर्सेका छन् ।

२२ हे अविश्वासी मानिस हो, फर्क;
म तिमीहरूका पतित् अवस्थाबाट
तिमीहरूलाई निको पार्नेछु ।
हो हामी तपाईंकहाँ फर्केर आउनेछौं,
किनकि तपाईंनै परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ ।
२३ निश्चय, डाँड़ाहरूमा मूर्तिपूजाको हल्ला छ,
अनि पर्वत त एउटा छल हो;
निश्चय परमप्रभु हाम्रा परमेश्वरमा नै इस्राएलको उद्धार छ ।
२४ हाम्रा जवानहरूबाट लज्जाजनक
देवताहरूले हाम्रा पिता-पुर्खाहरूका
मेहेनतका फलहरू–
अर्थात्, बगाल र बथानहरू तिनीहरूका छोराछोरी सबै खाइदिए ।
२५ हामी आफ्ना लाजमा ढल्कौं
अनि हाम्रा अपमानले हामीलाई
छोपिदेओस् ।
हामीले परमप्रभु हाम्रा परमेश्वरको
विरुद्धमा पाप गरेका छौं,
हामी अनि हाम्रा पिता-पुर्खाहरू दुवैले;
हाम्रा जवानीदेखि आजको दिनसम्म
हामीले परमप्रभु हाम्रा परमेश्वरको
आज्ञा पालन गरेका छैनौं ।"

४ "हे इस्राएल, यदि तिमीहरू फर्कन्छौ भने,
मकहाँ फर्क ।
परमप्रभु घोषणा गर्नुहुन्छ,
यदि तिमीहरूले आफ्ना घीनलाग्दा
मूर्तिहरू मेरो दृष्टिबाट
टाढ़ा राख्यौ अनि फेरि कुबाटोमा लागेनौ भने,
२ अनि सत्य र धार्मिक किसिमले
तिमीहरूले 'परमप्रभु निश्चय जिएझैं'
भनी शपथ खायौ भने,
जातिहरू उहाँद्वारा आशीषित् हुनेछन्,
अनि उहाँमा तिनीहरू महिमित हुनेछन् ।"

३यरूशलेम र यहूदाका मानिसहरूलाई
परमप्रभु यसो भन्नुहुन्छ:
"तिमीहरूका बाँझो जमिन जोत र
काँड़ाहरूबीच नछर ।
४ तिमीहरू आफै परमप्रभुमा खतना होओ
हे यरूशलेम र यहूदाका मानिस हो
तिमीहरूका हृदयको खतना गर ।
नत्रता तिमीहरूले गरेका दुष्टताको
कारण मेरो क्रोध भड्किनेछ र
आगोझैं जल्नेछ–
यस्तो जल्नेछ कि कसैले पनि निभाउन सक्नेछैन ।

### उत्तर दिशाबाट विपत्ति

५"यहूदामा घोषणा गर्: यरूशलेममा
घोषणा गरेर भन्,
'देशभरि तुरही फुक् !'
जोरसित कराएर भन्,
'एकसाथ भेला होओ !
हामी सुरक्षित शहरतिर भागौं ।'

**४:३**–होशे १०:१२.

६ सियोनमा जाने झण्डा उठाओ !
अबेर नगरी सुरक्षातिर भाग !
किनकि म उत्तर दिशाबाट विपत्ति ल्याउँदैछु
अँ, एउटा डरलाग्दो विपत्ति ।"
७ एउटा सिंह आफ्नो गुफाबाट आएको छ;
जातिहरूलाई नाश गर्ने निस्किसकेको छ ।
तिमीहरूको देशलाई उजाड़ पार्न
त्यो आफ्नो ठाउँबाट निस्किसकेको छ ।
तिमीहरूका शहरहरू निर्जन भई उजाड़ हुनेछन् ।
८ यसकारण भाङ्रा लगाएर विलाप गर्दै रोओ,
किनकि परमप्रभुको भयानक क्रोध
हामीबाट हटेको छैन ।
९ परमप्रभु घोषणा गर्नुहुन्छ,
"त्यस दिन राजा अनि अधिकारीहरू हताश हुनेछन्,
पूजाहारीहरू आतङ्कित हुनेछन्,
अनि अगमवक्ताहरू चकित हुनेछन् ।"

१०तब मैले भनें, "तपाईंले 'तिमीहरूलाई
शान्ति हुनेछ' भनेर हे सर्वसत्ताधारी परमप्रभु,
यी मानिसहरू र यरूशलेमलाई कति पूर्ण रूपले
धोका दिनुभएको छ, जब कि तरवार हाम्रा
घाँटीमै छ ।"

११त्यस बेला यी मानिसहरू र यरूशलेमलाई
यसो भनिनेछ, "मरुभूमिका बाँझो अग्ला
ठाउँहरूबाट एउटा प्रचण्ड बतास मेरा
मानिसहरूतिर बहनेछ, तर केलाउन र सफा
गर्नलाई होइन; १२तर मबाट आउने त्यो अति
सामर्थी हावा । अब म तिनीहरूमाथि आफ्ना
इन्साफहरू घोषणा गर्नेछु ।"

१३ हेर ! उहाँ बादलझैं अघि बढ्नुहुनेछ,
उहाँका रथहरू आँधी-बेह्रीझैं आउँछन्,
उहाँका घोड़ाहरू गरुड़भन्दा फूर्तिला छन् ।
हाय, हामी नष्ट भयौं !
१४ हे यरूशलेम, तिमीहरूका हृदयबाट
दुष्टता धोई पखाल र बाँच ।
तिमीहरू कतिञ्जेल दुष्ट विचारहरू पालिराख्छौ ?
१५ दानबाट एउटा आवाजले घोषणा गर्दैछ,
एप्रेमको डाँड़ाहरूबाट विपत्तिको घोषणा हुँदैछ,
१६ "यो कुरा जाति-जातिहरूलाई भन्,
यो यरूशलेमलाई घोषणा गर्,
'यहूदाका शहरहरूको विरुद्धमा युद्धको सोर सुनाउँदै
एउटा टाढ़ो देशबाट घेरा हाल्ने एउटा सेना आउँदैछ ।
१७ तिनीहरूले त्यसलाई मानिसहरूले
खेतको रक्षा गरेझैं घेर्नेछन्,
किनकि त्यो मेरो विरुद्धमा बागी भएको छ,'"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१८ "तेरा आफ्नै चाल र कामहरूले यी
तँमाथि ल्याएका हुन् ।
यो तेरो दण्ड हो ।
यो कति तीतो छ !
यसले हृदयलाई कसरी घोंच्छ !"

१९ हाय, मेरो वेदना, मेरो वेदना !
म कष्टमा छट्पटाउँछु !
आफूभित्र मेरो मुटु जोरसित धड्कन्छ
म त्यसलाई चूप राख्न सक्दिनँ ।
किनकि मैले तुरहीको सोर सुनेको छु;
मैले युद्ध-ध्वनी सुनेको छु ।
२० विपत्ति पछि विपत्ति आउँछ;
सम्पूर्ण देश नष्ट भएको अवस्थामा छ ।
एकै क्षणमा मेरा पालहरू नष्ट पारिए,
मेरो आश्रय एकै पलमा ।
२१ मैले कहिलेसम्म लड़ाइँको झण्डा हेरिरहनुपर्छ,
अनि तुरहीको सोर सुनिबस्नुपर्छ ?
२२ "मेरा मानिसहरू मूर्ख छन्;
तिनीहरूले मलाई चिन्दैनन् ।
तिनीहरू होश नभएका नानीहरू हुन्
तिनीहरूको समझशक्ति छैन ।

तिनीहरू दुष्ट काम गर्न सिपालु छन्
तिनीहरू असल गर्न जान्दैनन् ।

२३ मैले पृथ्वीलाई हेरें अनि त्यो आकार
विनाको र रित्तो थियो;
अनि आकाशलाई हेरें,
र त्यसको ज्योति गइसकेको थियो ।
२४ मैले पर्वतहरूलाई हेरें,
अनि तिनीहरू कामिरहेका थिए;
सबै डाँड़ाहरू यताउता हल्लिरहेका
थिए ।
२५ मैले हेरें, अनि त्यहाँ कुनै मानिस थिएन;
आकाशका प्रत्येक चरा उड़ेर गइसकेको
थियो ।
२६ मैले हेरें, अनि फलदायक देश मरुभूमि
भएको थियो;
त्यसका सबै शहरहरू परमप्रभुको
सामुन्ने उहाँको डरलाग्दो रीसमा नष्ट
भएका थिए ।

२७ परमप्रभु यसो भन्नुहुन्छ:

"मैले त्यसलाई पूर्णरूपले नष्ट नगरे
तापनि सारा देश नष्ट हुनेछ ।
२८ यसकारण पृथ्वीले शोक गर्नेछ,
अनि माथिका आकाशहरू कालो
भइजानेछन्,
किनकि म बोलेको छु र म आफ्नो विचार
त्याग्नेछैनँ,
मैले निश्चय गरेको छु र म पछि
हट्नेछैनँ ।

२९ घोड़चढ़ी र धनुर्धारीहरूको आवाजमा
प्रत्येक शहर भाग्न थाल्नेछ ।
कोही झाड़ीहरूतिर जान्छन् कति चाहिँ
पहारातिर चढ्छन् ।
सबै शहरहरू त्यागिएका छन्,
तिनीहरूमा कोही बस्दैनन् ।

३० हे उजाड़ पारिएकी, तँ के गर्दैछेस् ?
तैंले किन रातो वस्त्र पहिरेकी र सुनको
गहना लगाएकी
आँखामा किन गाजल लगाएकी ?
तेरो श्रृङ्गार व्यर्थ हुनेछ ।
तेरा प्रेमीहरूले तेरो अनादर गर्छन्
तिनीहरूले तेरो प्राण खोज्दैछन् ।

३१ म प्रसुती वेदनामा परेकी स्त्रीको रोदन
सुन्छु,
पहिलो नानी जन्माएको झैँ सुस्केरा,
सियोनकी छोरीको चित्कार,
सास लिन साह्रो परेको,
आफ्ना हात पसारेर 'हाय, म बेहोश
हुँदैछु
मेरो प्राण ज्यानमाराहरूको हातमा
दिइयो' भन्दै गरेकी ।"

## एक जना पनि सोझो छैन

५ "यरूशलेमका सड़कको माथि-तलतिर
जाओ,
चारैतिर हेरेर विचार गर,
त्यसका चोकहरूतिर खोज ।
यदि तैंले ईमानदारीपूर्वक चल्ने र सत्य
खोज्ने एउटै व्यक्ति मात्र भेटिस् भने,
म यस शहरलाई क्षमा गरिदिनेछु ।
२ तिनीहरूले 'निश्चय परमप्रभु जिएझैँ'
भने तापनि तिनीहरूले झूटा शपथ
खाइरहेका नै हुन्छन् ।

३ हे परमप्रभु, के तपाईंका आँखाले सत्यता
खोज्दैनन् ?
तपाईंले तिनीहरूलाई प्रहार गर्नुभयो,
तर तिनीहरूले कष्ट थाहा गरेनन्;
तपाईंले तिनीहरूलाई धूलो-पीठो पार्नुभयो
तर तिनीहरूले पश्चात्ताप गर्न इन्कार
गरे ।
४ मैले सोचें, "यिनीहरू विचरा मूर्खहरू हुन्,
किनकि तिनीहरूले परमप्रभुको मार्ग,
अर्थात् तिनीहरूका परमेश्वरले
चाहनुभएका कुराहरू जान्दैनन् ।
५ यसकारण म तिनीहरूका अगुवाहरूकहाँ
गएर तिनीहरूसित कुरा गर्नेछु;
निश्चय तिनीहरूले परमप्रभुको मार्ग,
अर्थात् तिनीहरूका परमेश्वरले

चाहनुभएका कुराहरू जान्दछन् ।"
तर तिनीहरूले एक मत भई आफ्ना
जुवाहरू भाँचेका थिए
र बन्धनहरू छिनाएका थिए ।
६ यसकारण वनबाट निस्केको एउटा सिंहले
तिनीहरूलाई आक्रमण गर्नेछ,
मरुभूमिबाट निस्केको एउटा ब्वाँसोले
तिनीहरूलाई स्वाहा पार्नेछ,
कसैले बाहिर निस्कने आँट गऱ्यो भने,
त्यसलाई टुक्रा टुक्रा गरेर च्यातिदिन
तिनीहरूका शहरहरूका छेउमै एउटा
चितुवा ढुकिबस्नेछ,
किनकि तिनीहरूका विद्रोह ठूलो छ,
अनि तिनीहरूको पतन् धेरै छन् ।

७ "म तिमीहरूलाई किन क्षमा गर्नु ?
तिमीहरूका छोराछोरीले मलाई त्यागेका
छन्,
अनि जोहरू देवताहरू होइनन्
तिनीहरूका नाउँमा शपथ खाएका छन् ।
मैले तिनीहरूका सबै खाँचोहरू पूरा
गरिदिएँ,
तापनि तिनीहरूले व्यभिचार गरे
अनि वेश्याहरूका घरहरूमा ठेलमठेला
गर्दै गए ।
८ तिनीहरू हरेक अर्काकी स्वास्नीको निम्ति
हिन्हिनाउने पुष्टिएका बोका-घोड़ाहरू
हुन् ।
९ के यसको लागि म तिनीहरूलाई दण्ड
नदिऊँ ?
परमप्रभु घोषणा गर्नुहुन्छ ।
के यस्तो जातिलाई म आफैले बद्ला
नलिऊँ ?

१० "तिनीहरूका दाखबारीहरूभित्र गएर
तिनीहरूलाई लूटपिट गरिदे
तर तिनीहरूलाई पूर्ण रूपले नाशचाहिँ
नगर ।
त्यसका हाँगाहरू नाङ्गो पारिदे
किनकि यी मानिसहरू परमप्रभुका
होइनन् ।

११ इस्राएलका घराना र यहूदाका घराना
मप्रति अति अविश्वासी रहेका छन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

१२ तिनीहरूले परमप्रभुबारे झूटा भनेका छन्;
तिनीहरूले भने, "उहाँले केही गर्नुहुन्न !
हामी कहिल्यै तरवार र अनिकाल
देख्नेछैनौं ।
१३ अगमवक्ताहरू त हावा मात्र हुन् र
तिनीहरूमा वचन छैन;
यसकारण तिनीहरू जे भन्छन् त्यो
तिनीहरूकै लागि होस् ।

१४यसकारण सर्वशक्तिमान् परमप्रभु
परमेश्वर यसो भन्नुहुन्छः

"ती मानिसहरूले यस्ता कुरा भनेको
हुनाले,
म मेरो वचन तेरो मुखमा आगो र यी
मानिसहरूलाई चाहिँ भस्म हुने दाउरा
तुल्याउनेछु ।"
१५ परमप्रभु घोषणा गर्नुहुन्छ,
"हे इस्राएलको घराना, म एउटा टाढ़ोको
जातिलाई
तिमीहरूको विरुद्धमा ल्याउँदैछु –
एउटा प्राचीन र स्थायी जातिलाई,
एउटा जाति, जसको भाषा तिमीहरू जान्दैनौ,
जसको बोली तिमीहरू बुझ्दैनौ ।
१६ तिनीहरूका काँड़का ठोक्राहरू खुला
चिहानझैं छन्;
ती सबै बीर योद्धहरू हुन् ।
१७ तिनीहरूले तिमीहरूका फसल र खाना
खाइदिनेछन्,
तिमीहरूका छोराछोरीहरूलाई खाइदिनेछन्;
तिनीहरूले तिमीहरूका बगाल र बथान
खाइदिनेछन् ।
तिमीहरूका दाखहरू र नेभाराका
रूखहरू खाइदिनेछन् ।
तिमीहरूले भरोसा गरेका सुरक्षित
शहरहरू तिनीहरूले तरवारद्वारा नष्ट
गरिदिनेछन् ।"

**१८**परमप्रभु घोषणा गर्नुहुन्छ, "तापनि ती दिनहरूमा म तिमीहरूलाई पूर्ण रुपले नाश गर्नेछैनँ । **१९**अनि जब मानिसहरूले 'परमप्रभु हाम्रा परमेश्वरले हामीलाई यो किन गर्नुभएको ? भनी सोधे, तैंले तिनीहरूलाई भनिदे, 'तिमीहरूले मलाई त्यागेर तिमीहरूको आफ्नै देशमा परदेशी देवताहरूको सेवा गरेझैं अब तिमीहरूले अर्काको देशमा परदेशीहरूको सेवा गर्नेछौ ।'

**२०** "याकूबको घरानालाई यो सूचित गरिदे,
र यहूदामा यो घोषणा गरिदे,
**२१** यो सुन, तिमीहरू मूर्ख र चेतनाहीन
मानिसहरू,
जसका आँखा छन्, तर देख्दैनन्
जसका कान छन्, तर सुन्दैनन्;
**२२** परमप्रभु घोषणा गर्नुहुन्छ, "के तिमीहरू
मदेखि डराउनु पर्दैन ?
के तिमीहरू मेरो उपस्थितिमा काम्नु
पर्दैन ?
मैले बालुवालाई समुद्रको निम्ति सिमाना
बनाएँ,
अर्थात् त्यसले नाँघ्न नसक्ने सधैँको निम्ति
सिमाना ।
छालहरू बटारिन सक्छन्, तर सफल
हुन सक्दैनन्;
तिनीहरू गर्जन सक्छन्, तर त्यसलाई
नाघ्न सक्दैनन् ।
**२३** तर यी मानिसहरूको त हठी र बागी
हृदय छन्
तिनीहरू अर्कोतिर लागेका छन् ।
**२४** 'हामी परमप्रभु हाम्रा परमेश्वरको डर
राखौं,
जसले ऋतुमा हामीलाई हेमन्तको र
बसन्तको झरी दिनुहुन्छ,
जसले हामीलाई नियमित हप्ताका
चाड़हरूको निश्चयता दिनुहुन्छ' भनी
तिनीहरू आपसमा भन्दैनन् ।

**२५** तिमीहरूका भूल कामहरूले यी कुराहरू
टाढ़ा भएका छन्
तिमीहरूका पापहरूले तिमीहरूलाई
असल कुराबाट बञ्चित गरेका छन् ।
**२६** "मेरा मानिसहरूका बीचमा दुष्ट
मानिसहरू छन्,
जोहरू चराहरूलाई पासो थाप्न ढुकिबस्ने
मानिसहरूजस्ता र मानिसहरू पक्रनलाई
पासो थाप्नेहरूजस्ता छन् ।
**२७** चराहरूले भरिएको खोरहरूझैँ
तिनीहरूका घरहरू छलले भरिएका छन्;
तिनीहरू धनी र सामर्थी भएका छन्,
**२८** अनि मोटा र चिल्ला भएका छन् ।
तिनीहरूका दुष्ट कर्महरूको सीमा छैन;
तिनीहरूले अनाथहरूलाई जिताउने मुद्दा
लड़िदिँदैनन्,
तिनीहरूले गरीबहरूको अधिकारको
रक्षा गर्दैनन् ।
**२९** के म यसको निम्ति तिनीहरूलाई दण्ड
नदिऊँ ?"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"के म यस्तो जातिलाई आफै बद्ला
नलिऊँ ?
**३०** देशमा एउटा डरलाग्दो र विचलित पार्ने
कुरा भएको छ;
**३१** अगमवक्ताले झूटो अगमवाणी गर्छ,
पूजाहारीहरू आफ्नै अधिकारले शासन
गर्छन्;
अनि मेरा मानिसहरू यस्तै मन
पराउँछन् ।
तर आखिरमा तिमीहरू के गर्नेछौ ?

### यरूशलेम घेरामा परेको

**६** "हे बेन्यामीनका मानिसहरू हो,
सुरक्षाको निम्ति भाग !
यरूशलेमबाट भाग !
तकोमा तुरही फुक !

**५:२१**–यशैया ६:९-१०; इजकिएल १२:२; मर्कूस ८:१८. **५:२२**–अय्यूब ३८:८-११.

बेथ हक्केरेममा झण्डा खड़ा गर !
किनकि उत्तर दिशाबाट विपत्ति र डर
लाग्दो विनाश अस्पष्ट रुपमा आइरहेछ ।
२ म सियोनकी यति सुन्दरी र कोमल
छोरीलाई नाश गरिदिनेछु ।
३ त्यसको विरुद्धमा गोठालाहरू आफ्ना
बगालसितै आउनेछन्;
तिनीहरूले त्यसको चारैतिर आफ्ना पाल
टाँग्नेछन्,
हरेकले आफ्नै भागको हेरचाह गर्नेछन् ।"

४ "त्यसको विरुद्धमा लड़ाइँको तयारी गर !
उठ, हामी मध्यान्हमा आक्रमण गरौं !
तर हाय ! दिउँसोको उज्यालो मधूरो हुँदैछ
र बेलुकाको छाया लामो हुँदैछ ।
५ यसकारण उठ, हामी राती आक्रमण
गरौं,
अनि त्यसको किल्लाहरू भत्काइदिऊँ !"

६ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः

"रूखहरू काटेर ढालिदेओ
अनि यरूशलेमको विरुद्धमा घेरा-मचान
बनाओ ।
यो शहरले, दण्ड पाउनैपर्छ,
यो थिचोमिचोले भरिएको छ ।
७ कुवाले पानी पोखाएझैं त्यसले आफ्नो
दुष्टता पोखाउँछे ।
त्यसमा हिंसा र विनाश गुञ्जन्छ,
त्यसको बिरामी र चोटहरू सदा मेरो
सामने छ ।
८ हे यरूशलेम चेतावनी सुन्,
नत्रता म तँदेखि फर्कनेछु
अनि तेरो देशलाई त्यसमा
कोही नबस्ने गरी उजाड़ पारिदिनेछु ।"

९ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः

"तिनीहरूले इस्राएलका बाँचेकाहरूलाई
दाख सोरसार पारेर टिपेझैं निमिठ्यान्न
पारून्;
कसैले अङ्गूर बटुले झै ती हाँगाहरूमा
फेरि हात लगाओ ।"

१० म कोसित बोलेर चेतावनी दिनसक्छु ?
कसले मेरो कुरा सुन्ला ?
तिनीहरूका कान बन्द भएका छन्
र तिनीहरूले सुन्न सक्दैनन् ।
परमप्रभुको वचन तिनीहरूको निम्ति मन
नपर्ने भएको छ;
तिनीहरू त्यसमा केही रुचि लिँदैनन् ।
११ तर म त परमप्रभुको क्रोधले पूर्ण छु,
अनि म यसलाई रोकिराख्न सक्दिनँ ।

"यसलाई सड़कमा भएका
केटाकेटीहरूमाथि
र जवान मानिसहरू एक साथ भेला
भएको ठाउँमा खन्याइदे;
यसमा लोग्ने र स्वास्नी दुवै
अनि बूढ़ापाकाहरू र उमेरले
दबेकाहरूलाई खन्याइदे ।
१२ यस देशमा बाँचिरहेकाहरूको विरुद्धमा
मैले आफ्नो हात पसार्दा
तिनीहरूका खेतहरू र तिनीहरूका
स्वास्नीहरूसितै तिनीहरूका घरहरू
अरूहरूलाई दिइनेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१३ "सबैभन्दा सानादेखि लिएर सबैभन्दा
ठूलासम्म सबै लाभको निम्ति लोभी
भएका छन्;
अगमवक्ताहरू र पूजाहारीहरूसमेत
सबैले छल गर्छन् ।
१४ तिनीहरूले मेरा मानिसहरूका घाउहरू
साह्रो नभएझै गरी तिनीहरूले मलहमपट्टी
लगाइदिन्छन् ।
शान्ति नहुँदा पनि तिनीहरू 'शान्ति,
शान्ति भन्छन् ।
१५ के तिनीहरू आफ्ना घृणित चालहरूप्रति
शर्माएका छन् ?
होइन, तिनीहरूसित त शर्म भन्ने छँदैछैनँ;

**६:१२-१५**–यर्मिया ८:१०-१२. **६:१४**–इजकिएल १३:१०.

तिनीहरू त लजाउनु पनि जान्दैनन् ।
यसकारण लड़िजानेहरूमा तिनीहरू पनि हुनेछन्;
मैले तिनीहरूलाई दण्ड दिँदा तिनीहरू तल खसाइनेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

१६ परमप्रभु यसो भन्नुहुन्छः

"दोबाटोमा खड़ा भएर हेर;
प्राचीन मार्गको विषयमा सोध,
असल बाटो कहाँ छ सोधेर त्यसमा हिँड़,
अनि तिमीहरूले आफ्नो प्राणमा विश्राम पाउनेछौ ।
तर तिमीहरूले त 'हामी यसमा हिँड्नेछैनौं' भन्यौ ।
१७ मैले तिमीहरूमाथि पहरादारहरू नियुक्त गरेर भनें,
तुरहीको सोरलाई ध्यानसित सुन !'
तर तिमीहरूले 'हामी सुन्नेछैनौं' भन्यौ ।
१८ यसकारण हे जाति हो, सुन;
हे साक्षी हो, ध्यानसित हेर, तिनीहरूलाई के हुँदोरहेछ ।
१९ हे पृथ्वी, सुन्;
म यस जातिमाथि विपत्ति ल्याउँदैछु,
अर्थात् तिनीहरूकै योजनाको फल,
किनकि तिनीहरूले मेरो वचन सुनेका छैनन्,
अनि मेरो व्यवस्थालाई इन्कार गरेका छन् ।
२० म शेबादेखिको धूप अथवा टाढ़ो
देशदेखिको चन्दनको के वास्ता गर्छु र ?
तिमीहरूका होमबलि ग्रहणयोग्य छैनन्;
तिमीहरूका बलिदानहरूमा म खुशी हुन्न ।"

२१ यसकारण परमप्रभु यसो भन्नुहुन्छः

"म यस जातिको सामने बाधाहरू राखिदिनेछु ।
बाबु र छोराहरू दुवैले तिनीहरूमाथि ठेस खानेछन्;
छिमेकीहरू र मित्रहरू नष्ट हुनेछन् ।"

२२ परमप्रभु यसो भन्नुहुन्छः

"हेर, उत्तरको देशबाट एउटा फौज आउँदैछ;
पृथ्वीका किनारहरूबाट एउटा महान्
जातिलाई उत्तेजित पारिँदैछ ।
२३ तिनीहरू धनु र काँड़ले सुसज्जित छन्,
तिनीहरू निर्दयी छन् र दया देखाउँदैनन् ।
तिनीहरू आफ्ना घोड़ाहरूमाथि सवार हुँदा
तिनीहरूको आवाज समुद्र गर्जेझैं सुनिन्छ;
हे सियोनकी छोरी, तँलाई आक्रमण गर्न
तिनीहरू युद्धको पंक्ति बाँधेर आउँछन् ।"

२४ हामीले तिनीहरूको विषयमा खबर सुनेका छौं,
अनि हाम्रा हातहरू ललाकलुलुक भइगएका छन्
स्त्रीलाई प्रसुती-वेदना लागेझैं हामीलाई वेदनाले पक्रेको छ ।
२५ खेततिर नजाओ, नता सड़कतिर हिँड़
किनकि शत्रुसित तरवार छ,
अनि चारैतिर आतङ्क देखिन्छ ।
२६ हे मेरा मानिस हो, भाङ्ग्रा लगाओ
अनि खरानीमा लड़ीबड़ी गर;
एक मात्र छोराको लागि विलाप गरेझैं शोक गर,
किनकि नाशकर्ता हामीमाथि अचानक आउनेछ ।

२७ "मैले तँलाई धातु जाँच्ने चीज बनाएको छु,
अनि मेरा मानिसहरूचाहिँ,
भर्खर खानिबाट निकालिएका धातु हुन्,
र तैंले ध्यानसित हेरेर तिनीहरूका
चालहरू जाँच गर् ।
२८ तिनीहरू सबै निन्दा गर्दै यताउता हिँड्ने

---

**६:१६**–मत्ती ११:२९.

कठोर बागीहरू हुन् ।
तिनीहरू काँसा र फलाम हुन्;
तिनीहरू सबैका चाल भ्रष्ट छन् ।
२९ आगोले सीसा जलाइदिनलाई खलाँती खूब जोरसित फुकिन्छ,
तर शुद्धहुने काम व्यर्थै हुन्छ, दुष्टहरू त खारिँदैनन् ।
३० तिनीहरूलाई खोट लागेका चाँदी भनिन्छ,
किनकि परमप्रभुले तिनीहरूलाई बेकामे तुल्याउनुभएको छ ।"

### झूटो धर्म व्यर्थ हो

७ परमप्रभुबाट यर्मियाकहाँ आएको वचन
यही हो, २"परमप्रभुको भवनको
मूलढोकामा खड़ा भएर त्यहाँ यो समाचार
घोषणा गर्:
"परमप्रभुलाई पूज्न यी मूलढोकाहरूबाट
आउने तिमीहरू यहूदाका सबै मानिसहरूले
परमप्रभुको वचन सुन । ३इस्राएलका
सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ, आफ्ना
चालहरू र कामहरू सुधार अनि म तिमीहरूलाई
यस ठाउँमा बस्न दिनेछु । ४छलका कुराहरू
सुनेर 'यो परमप्रभुको भवन, परमप्रभुको भवन
परमप्रभुको भवन हो !' नभन । ५यदि तिमीहरूले
आफ्ना चालहरू र कामहरू साँच्चै बद्ली
गरेर आपसमा न्यायसङ्गत व्यवहार गऱ्यौ भने,
६यदि तिमीहरूले यस ठाउँमा परदेशीहरूमाथि
अनि अनाथ र विधवाहरूमाथि थिचोमिचो
गरेनौ अनि निर्दोषको रगत बगाएनौ भने,
अनि आफ्नै हानी गर्नलाई अरू देवताहरूको
पछि लागेनौ भने, ७मैले तिमीहरूका पिता-
पुर्खाहरूलाई दिएको यस देशमा भएको यस
ठाउँमा म तिमीहरूलाई सधैँको निम्ति बस्न
दिनेछु । ८तर हेर, तिमीहरू त व्यर्थका छली
कुराहरूमाथि भरोसा गर्दैछौ ।
९के तिमीहरू चोरी, हत्या, व्यभिचार, झूटो
साक्षी दिने काम, बाललाई धूप जलाउने काम
अनि आफूले नजानेका अरू देवताहरूलाई
पछ्याउने काम गर्दछौ, १०अनि त्यसपछि मेरो
नाउँ भएको यस भवनमा आएर मेरो सामुन्ने
खड़ा भएर हामी यी सबै घिनलाग्दा कुराहरू
गर्नलाई सुरक्षित छौं, 'हामी सुरक्षित छौं' भन्छौ ?
११के मेरो नाउँ भएको यो भवन तिमीहरूको
निम्ति डाँकुहरूको ओड़ार भएको छ ? तर मैले त
हेरिरहेको छु, परमप्रभु घोषणा गर्नुहुन्छ ।
१२मैले पहिला आफ्नो नाउँमा मेरो वासस्थान
बनाएको शीलोमा अब जाओ र मेरा मानिसहरू
इस्राएलको दुष्टताको कारण मैले त्यसलाई के
गरें सो हेर् । १३परमप्रभु घोषणा गर्नुहुन्छ,
तिमीहरूले यी कुराहरू गर्दै गर्दा म तिमीहरूसित
बारम्बार बोलें तर तिमीहरूले सुनेनौ, मैले
तिमीहरूलाई बोलाएँ तर तिमीहरूले जवाफ
दिएनौ । १४यसकारण, मैले शीलोसित जे गरें
अब म त्यही कुरो तिमीहरूले भरोसा राखेको
अनि मैले तिमीहरू र तिमीहरूका पिता-
पुर्खाहरूलाई दिएको ठाउँ, अर्थात् मेरो नाउँ
भएको मन्दिरसित गर्नेछु । १५मैले तिमीहरूका
दाज्यूभाइहरू, अर्थात् एप्रेमका मानिसहरूलाई
गरेझैँ म तिमीहरूलाई आफ्नो उपस्थितिबाट
घचेटेर निकालिदिनेछु ।
१६यसकारण यी मानिसहरूको निम्ति प्रार्थना
नगर, नता तिनीहरूको निम्ति कुनै पुकार वा
बिन्ति गर; मसित बिन्ती नगर, किनकि म
तेरो कुरा सुन्नेछैनँ । १७तिनीहरूले यहूदाका
शहरहरूमा अनि यरूशलेमका सड़कहरूमा के
गरिरहेका छन् के तँ देख्दैनस् ? १८छोराछोरीले
दाउरा बटुल्छन्, बाबुहरूले आगो बाल्छन् अनि
स्त्रीहरू पीठो मुछ्दछन् र स्वर्गकी रानीको निम्ति
फुलौरा बनाउँछन् । मलाई रीस उठाउनलाई
तिनीहरूले अरू देवताहरूकहाँ अर्घबलि
चढ़ाउँछन् । १९परमप्रभु भन्नुहुन्छ, तर के
तिनीहरूले मलाई नै रीस उठाएका हुन् त ?
आफ्नै शर्मको निम्ति बरू के तिनीहरूले
आफैलाई हानि गरिरहेका होइनन् र ?

---

**७:११**–मत्ती २१:१३; मर्कूस ११:१७; लूका १९:४६. **७:१२-१४**–यहोशू १८:१; भजनसंग्रह ७८:६०; यर्मिया २६:६. **७:१८**–यर्मिया ४४?७-१९. **७:१३**–लेवी १८:२१; २ राजा २३:१०; यर्मिया ३२:३५.

**२०**यसकारण, सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ, मेरो रीस अनि मेरो क्रोध यस ठाउँमा
खन्याइनेछ, मानिस र पशुहरूमाथि, खेतका
रूखहरूमाथि अनि भूइँका फलहरूमाथि, र यो
निभाउन नसकिने गरी जल्नेछ ।

**२१**सर्वशक्तिमान् पमरप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, अघि बढ़, तिमीहरूका
होमबलिहरू तिमीहरूका अरू बलिदानहरूमा
थपेर त्यो मासुचाहिँ तिमीहरू आफै खाओ !
**२२**किनकि मैले तिमीहरूका पिता-पुर्खाहरूलाई
मिश्रबाट बाहिर निकालेर ल्याउँदा म
तिनीहरूसित बोल्दा मैले तिनीहरूलाई होमबलि
र बलिदानहरूबारे आज्ञा मात्र होइन, **२३**तर
मैले तिनीहरूलाई यो आज्ञा दिएँ, मेरा आज्ञा
पालन गर र म तिमीहरूका परमेश्वर हुनेछु
र तिमीहरू मेरा मानिसहरू हुनेछौ । तिमीहरूको
भलो होस् भनेर मैले तिमीहरूलाई आज्ञा
गरेका सबै मार्गहरूमा हिँड़ । **२४**तर तिनीहरूले
सुनेनन् र ध्यान दिएनन्; त्यसको सट्टा तिनीहरू
आफ्ना दुष्ट हृदयका हठी रूचिहरूको पछि
लागे । तिनीहरू अघि होइन पछि सरे ।
**२५**तिमीहरूका पिता-पुर्खाहरूले मिश्र छोड़ेकोदेखि
आजसम्म, दिन प्रतिदिन, बारम्बार मैले मेरा
दास अगमवक्ताहरू पठाएँ । **२६**तर तिनीहरूले
मेरा कुरा सुनेन् वा ध्यानै दिएनन् । तिनीहरू
हठी थिए र आफ्ना पिता-पुर्खाहरूले भन्दा बढ़ी
दुष्टता गरे ।

**२७**तैंले तिनीहरूलाई यी सबै कुरा भन्छस्,
तब तिनीहरूले तेरा कुरा सुन्नेछैनन्, तैंले
तिनीहरूलाई बोलाए तापनि तिनीहरूले जवाफ
दिनेछैनन् । **२८**यसकारण तिनीहरूलाई भन्,
'परमप्रभु आफ्ना परमेश्वरको आज्ञापालन नगर्ने
अथवा सुधारको कुरा नसुन्ने जाति यही हो ।
सत्य नष्ट भएको छ; यो तिनीहरूका ओठबाट
लोप भएको छ । **२९**तेरो केश काटेर टाढ़ो
फ्याँकिदे, बाँझो अग्ला ठाउँहरूमा गएर विलाप
गर्, किनकि परमप्रभुले क्रोधमुनि परेको यस
पुस्तालाई त्याग्नुभएको छ ।

### हत्याको बेंसी

**३०**परमप्रभु घोषणा गर्नुहुन्छ, यहूदाका
मानिसहरूले मेरा दृष्टिमा दुष्टता गरेका छन् ।
तिनीहरूले मेरो नाउँ भएको भवनमा तिनीहरूका
घीनलाग्दा मूर्तिहरू खड़ा गरेर त्यसलाई अशुद्ध
बनाएका छन् । **३१**तिनीहरूले मैले आज्ञा
नगरेका र मेरो मनमा पनि नपसेको कुरा
अर्थात् तिनीहरूका छोराछोरीहरूलाई आगोमा
जलाउनलाई बेन-हिन्नोमको बेंसीमा तोपेतमा
अग्ला ठाउँहरू निर्माण गरेका छन् ।
**३२**परमप्रभु घोषणा गर्नुहुन्छ, यसकारण होशियार
होओ, दिन आउँदैछ जब मानिसहरूले यसलाई
तोपेत अथवा बेन-हिन्नोमको बेंसी नभनेर
काटमारको बेंसी भन्नेछन् किनकि तिनीहरूले
मूर्दालाई त्यहाँ ठाउँ नभइञ्जेल गाड्नेछन् । **३३**तब
मानिसहरूका लाशहरू आकाशका चराहरू
र जमिनका पशुहरूका आहार हुनेछन् र
तिनीहरूलाई धपाउने कोही हुनेछैनन् । **३४**म
यहूदाका शहरहरू र यरूशलेमका सड़कहरूमा
हर्ष र आनन्दको सोर अनि दुलहा र दुलहीको
सोर अन्त गरिदिनेछु, किनकि देश उजाड़
हुनेछ ।

**८** परमप्रभु घोषणा गर्नुहुन्छ, "'त्यस बेला
यहूदाका राजाहरू र अधिकारीहरूका
हाड़हरू, पूजाहारीहरू र अगमवक्तहरूका
हाड़हरू र यरूशलेमका मानिसहरूका हाड़हरू
तिनीहरूका चिहानहरूबाट हटाइनेछन् । **२**ती
घाम अनि जुन र आकाशका ताराहरूकहाँ
उदाङ्गो पारिनेछन् जुनहरूलाई तिनीहरूले प्रेम
गरे अनि सेवा गरे र जुनहरूलाई तिनीहरूले
पछ्याए अनि सल्लाह मागे र पूजे । ती बिटुलिने
अथवा गाड़िने छैनन् तर भूइँमा त्यसै
पड़िरहेका फोहोराझैं हुनेछन् । **३**सर्वशक्तिमान्
परमप्रभु घोषणा गर्नुहुन्छ, मैले जहाँ पनि
तिनीहरूलाई निकालेर पठाइदिएँ यस दुष्ट
जातिका बाँचेका सबैले जीवनभन्दा मृत्यु मन
पराउनेछन् ।

---

**७:३४**–यर्मिया १६:९; २५:१०; प्रकाश १८:२३.

### पाप र दण्ड

४परमप्रभु यसो भन्नुहुन्छ भनेर तिनीहरूलाई
भन्:

“मानिसहरू लड़ेपछि के तिनीहरू
उठ्दैनन ?
कोही मानिस तर्कि गयो भने, के त्यो
फर्कंदैन ?
५ त्यसो भए यी मानिसहरू किन तर्किगएका
छन् ?
यरूशलेम किन सधैं तर्किबस्छ ?
तिनीहरू छलसित टाँसिरहन्छन्,
तिनीहरू फर्कन इन्कार गर्छन् ।
६ मैले ध्यानपूर्वक सुनेको छु,
तर के ठीक हुन् तिनीहरू कहिल्यै
भन्दैनन् ।
‘मैले के गरेको छु ?’ भन्दै कसैले पनि
आफ्नो दुष्टताबाट पश्चात्ताप गर्दैन ।
घोड़ा युद्धमा जाइलागेझैं प्रत्येक आफ्नै
बाटोतिर लागेको छ ।
७ आकाशका सारसले पनि आफ्नो
तोकिएको समय जान्दछ,
अनि ढुकुर, गौंथली र मैनाले आफ्नो
बसाइँ सर्ने समय जान्दछन्
तर मेरा मानिसहरूले परमप्रभुले
चाहानुभएका कुराहरू जान्दैनन् ।

८ “तिमीहरूले कसरी ‘हामी बुद्धिमान् छौं
किनकि हामीसित व्यवस्था छ’ भन्न सक्छौ
जब कि वास्तवमा शास्त्रीहरूको झूटा
कलमले त्यसलाई झूटा तुल्याएको छ ?
९ बुद्धिमान् शर्ममा पर्नु पर्नेछ;
तिनीहरू अचम्म र पासोमा पर्नेछन् ।
तिनीहरूले परमप्रभुको वचनलाई इन्कार
गरेकाले तिनीहरूसित कस्तो बुद्धि छ ?
१० यसकारण म तिनीहरूका स्वास्नीहरू अरू
मानिसहरूलाई र तिनीहरूका खेतहरू
नयाँ मालिकलाई दिनेछु ।
सबैभन्दा सानादेखि सबैभन्दा ठूलासम्म
लाभको निम्ति लोभी भएका छन्;
अगमवक्ताहरू र पूजाहारीहरूसमेत
सबैले छल गर्दछन् ।
११ तिनीहरू मेरा मानिसहरूका घाउहरू
साह्रो भएका छैनन् जस्तै औषधी
लगाइदिन्छन्,
शान्ति नहुँदा पनि तिनीहरू ‘शान्ति,
शान्ति’ भन्छन् ।
१२ के तिनीहरू आफ्ना घृणित चालहरूप्रति
शर्माएका छन् ?
होइन, तिनीहरूसित त शर्म भन्ने छँदैछैनँ,
तिनीहरू त लजाउन पनि जान्दैनन् ।
यसकारण लड़िजानेहरूमा तिनीहरू पनि
हुनेछन्;
तिनीहरूले दण्ड पाउँदा तिनीहरू तल
खसाइनेछन्,
परमप्रभु भन्नुहुन्छ ।

१३ परमप्रभु भन्नुहुन्छ:
“म तिनीहरूका फसल लगिहाल्नेछु ।
दाखमा अङ्गूर नै हुनेछैन ।
रूखमा नेभारा हुनेछैन,
अनि तिनीहरूका पातहरू
ओइलाउनेछन् ।
मैले तिनीहरूलाई दिएको जति
तिनीहरूबाट खोसीनेछन् ।
१४ हामी यहाँ किन बसिरहेका छौं ?
एकसाथ भेला होऔं !
हामी सुरक्षित शहरहरूतिर जाऔं अनि
त्यहाँ नष्ट होऔं !
किनकि परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई नष्ट हुने घोषणा गर्नुभएको छ,
अनि हामीलाई विषाक्त पानी पिउन
दिनुभएको छ,
किनकि हामीले उहाँको विरुद्धमा पाप
गरेका छौं ।
१५ हामीले शान्तिको आशा गरेका थियौं,
तर कुनै असल कुरो आएन,

**८:१०-१२**–यर्मिया ६:१२-१५. **८:११**–इजकिएल १३:१०.

चँगाइको समयको आशा गरेका थियौं
तर आतङ्क मात्र थियो ।
१६ शत्रुहरूका घोड़ाहरूका स्वाँ-स्वाँ गर्ने
आवाज दानबाट सुनिदैछ;
तिनीहरूका घोड़ाहरूको हिनहिनाइमा
सारा देश काम्छ ।
तिनीहरू देशलाई अनि त्यसमा भएका
प्रत्येक कुरोलाई नाश गर्न आएका छन्,
शहर अनि त्यसमा बस्नेहरूलाई ।"

१७ "हेर, म तिमीहरूबीच विषालु सर्पहरू
पठाउनेछु,
त्यस्ता सर्पहरू जसलाई वशमा पार्न
सकिँदैन,
अनि तिनीहरूले तिमीहरूलाई खेद्नेछन्,
परमप्रभु घोषणा गर्नुहुन्छ ।

१८ हे मेरा दु:खमा सान्त्वना दिने,
मेरो हृदय आफैभित्र दुर्बल भएको छ ।
१९ टाढ़ो देशबाट आइरहेका मेरा
मानिसहरूका क्रन्दन सुन्नुहोस्,
"के सियोनमा परमप्रभु हुनुहुन्न ?
के त्यहाँ अब राजा हुनुहुन्न ?"

"किन तिनीहरूले आफ्ना मूर्तिहरूले,
तिनीहरूका बेकामे परदेशी मूर्तिहरूले
मलाई रीस उठाएको छ ?"

२० "कटनी बितिसक्यो,
ग्रीष्म ऋतु समाप्त भइसक्यो,
अनि हाम्रोचाहिँ उद्धारनै भएको छैन ।"

२१ मेरा मानिसहरू कुच्याइएकाले, म आफै
थिचिएको छु;
म शोक गर्छु, अनि ममा आतङ्क छाएको
छ ।
२२ के गिलादमा महलम छैन ?
के त्यहाँ कुनै वैद्य छैन ?
त्यसोभए मेरा मानिसहरूका चोट किन
निको भएको छैन ?

९ आह, यदि मेरो शिर पानीको मूल
र मेरा आँखा आँसुका मूल भएता !
म मेरा मारिएका मानिसहरूको निम्ति
दिनरात रुनेथिएँ ।
२ आह, मरुभूमिमा यात्रीहरूको निम्ति
मसित एउटा विश्रामस्थल भएता
म मेरा मानिसहरूलाई त्यहाँ राखेर
तिनीहरूबाट गइहाल्ने थिएँ;
किनकि तिनीहरू सबै व्यभिचारीहरू
अनि अविश्वासीहरूको एक जमात हुन् ।

३ "झूटको वाण छोड्न तिनीहरू आफ्ना
जिब्रोलाई धनुझैं तयार पार्छन्;
तिनीहरूले देशमा विजय सत्यले पाएका
होइनन् ।
तिनीहरू एउटा पापदेखि अर्को पापमा
जान्छन्;
तिनीहरूले मलाई स्वीकार गर्दैनन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
४ "तिमीहरूका साथीहरूदेखि होशियार बस;
आफ्ना दाज्यूभाइहरूमाथि भरोसा नगर ।
किनकि हरेक दाज्यूभाइ छली हो
अनि हरेक साथी झूटो दोष लाउने हो ।
५ मित्रले मित्रलाई छल गर्छ,
अनि कसैले सत्य बोल्दैन ।
तिनीहरूले आफ्ना जिब्राहरूलाई झूट
बोल्न सिकाएका छन्;
तिनीहरूले पाप गरेर आफैलाई थकित
तुल्याउँछन् ।
६ तँ छलको बीचमा बस्छस्,
आफ्नो छलमा तिनीहरू मलाई स्वीकार
गर्न मान्दैनन्"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

७यसकारण सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ:

"हेर, म तिनीहरूलाई खारेर जाँच्नेछु,
किनकि मेरा मानिसहरूका पापको निम्ति
म अरू के गर्न सक्छु र ?
८ तिनीहरूका जिब्रो घातक काँड़ हो, त्यो
छलसित बोल्छ ।
आफ्नो मुखले हरेकले आफ्नो छिमेकीसित
स्नेहपूर्वक कुरा गर्छ ।

तर आफ्नो हृदयमा भने त्यसले उसको
निम्ति पासो थाप्छ ।
९ परमप्रभु घोषणा गर्नुहुन्छ,
के यसको निम्ति म तिनीहरूलाई दण्ड
नदिऊँ ?
के यस्तो जातिमाथि म आफैले बदला
नलिऊँ ?"

१० म पर्वतहरूको निम्ति रुने र विलाप गर्नेछु,
र मरुभूमिका खर्कको विषयमा विलाप
गर्नेछु ।
ती उजाड़ भएका छन् र कोही त्यसबाट
हिँड्दैनन्,
अनि गाई-वस्तुको सोर सुनिदैन ।
आकाशका चराहरू भागिहालेका छन्
अनि पशुहरू गइसकेका छन् ।

११ "म यरूशलेमलाई नाशको थुप्रो,
स्यालको ओड़ार बनाउनेछु,
अनि त्यहाँ कोही नबसून् भनेर
म यहूदाका शहरहरूलाई उजाड़
पारिदिनेछु ।"

१२यसलाई बुझ्ने बुद्धिमान् मानिस को छ ?
यसलाई वर्णन गर्न परमप्रभुले कसलाई
खटाउनुभएको छ ? देश किन नाश भएर पार
गर्न नसकिने मरुभूमिझैं बनाइयो ?
१३परमप्रभुले भन्नुभयो, "मैले तिनीहरूका
अघि राखिदिएको मेरो व्यवस्थालाई तिनीहरूले
त्यागिदिएकाले, तिनीहरूले मेरो आज्ञा उलङ्घन
गरेर मेरो व्यवस्था पालन नगरेकाले यस्तो भएको
हो । १४यसको सट्टा तिनीहरू आफ्ना हृदयको
हठीपनको पछि लागेका छन्; तिनीहरूका पिता-
पुर्खाहरूले तिनीहरूलाई सिकाएझैं तिनीहरू
बालहरूका पछि लागेका छन् ।" १५यसकारण
सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छः "हेर, म यस जातिलाई तीतो
भोजन खान र विषक्त पानी पिउन लाउनेछु ।
१६म तिनीहरूलाई नता तिनीहरूले नता
तिनीहरूका पिता-पुर्खाले जानेका जातिहरूको
बीचमा छिन्नभिन्न पारिदिनेछु, अनि म
तिनीहरूलाई नाश नपारुञ्जेल खेद्ने छु ।"

१७ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः

"अहिले विचार गर, विलाप गर्ने
स्त्रीहरूलाई बोलाऊ;
तिनीहरूमध्येका अति सिपालुलाई
बोलाइपठाऊ ।
१८ तिनीहरू चाँड़ै आऊन्,
अनि हाम्रा आँखाहरूबाट बरर आँसु
अनि हाम्रा आँखीभौंहरूबाट पानीको
धारा नबगेसम्म हाम्रो निम्ति विलाप
गरिदिऊन् ।
१९ सियोनबाट विलापको सोर सुनिदैछ,
"हामी कसरी नाश भयौं !
हाम्रो शर्म कति ठूलो छ !
हामीले आफ्नो देश छोड्नुपर्छ
किनकि हाम्रा घरहरू नाश भएका
छन् ।"

२० अब, हे स्त्री, परमप्रभुको वचन सुन्;
उहाँको मुखका वचनहरू सुन्न आफ्नो
कान खोल् ।
आफ्ना छोरीहरूलाई विलाप गर्न सिका;
आपसमा विलापी गीत सिकाइदेओ ।
२१ मृत्यु हाम्रा झ्यालहरूबाट उक्लेर हाम्रा
किल्लाहरूमा पसेको छ;
यसले सड़कका केटाकेटीहरूलाई
अनि जनताको चोकका जवानहरूलाई
काटेर ढालिदिएको छ ।

२२ परमप्रभु यसरी घोषणा गर्नुहुन्छ भनी भन्,

"मानिसहरूका लाशहरू खुला मैदानमा
फोहोरझैं पड़िरहनेछन्,
तिनीहरू कटनी गर्नेको पछाड़ि कसैले
नबटुलेका काटेका अन्नझैं
पड़िरहनेछन् ।"

२३ परमप्रभु यसो भन्नुहुन्छः

"बुद्धिमान् मानिसले आफ्नो बुद्धिको घमण्ड,
अनि बलवान् मानिसले आफ्नो बलको
घमण्ड अथवा धनी मानिसले आफ्नो
धनको घमण्ड नगरोस्,

२४ तर जसले घमण्ड गर्छ त्यसले यस्
विषयमा घमण्ड गरोस्: 'म परमप्रभुलाई
जान्दछु र चिन्दछु,
र उहाँ त्यही परमप्रभु हुनुहुन्छ,
जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको
व्यवहार गर्नुहुन्छ, किनकि यिनैमा म
प्रसन्न हुन्छु'"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**२५**परमप्रभु घोषणा गर्नुहुन्छ, "दिनहरू
आउँदैछन्, जब म शरीरमा मात्र खतना
भएकाहरू सबैलाई दण्ड दिनेछु– **२६**मिश्र, यहूदा,
एदोम, अम्मोन, मोआब र टाढ़ा ठाउँहरूका
मरुभूमिमा बस्ने सबैलाई । किनकि यी सबै
जातिहरू साँचो गरी खतना भएका छैनन् ।
अनि इस्राएलको सम्पूर्ण घरानाको पनि हृदयमा
खतना भएको छैन ।"

### परमेश्वर र मूर्तिहरू

**१०** हे इस्राएलको घराना, परमप्रभुले तँलाई
के भन्नुहुन्छ सुन् । **२**परमप्रभु यसो
भन्नुहुन्छ:

"जातिहरूका चालहरू नसिक
अथवा जातिहरू आकाशका
चिन्हहरूद्वारा डराए तापनि
तँचाहिँ तीदेखि नडरा ।
३ किनकि मानिसहरूका रीतिहरू बेकामका
छन्;
तिनीहरू वनबाट एउटा रूख काट्छन्,
अनि एउटा शिल्पकारले आफ्नो
हतियारले त्यसलाई आकार दिन्छ ।
४ तिनीहरूले त्यसलाई चाँदी र सुनले
सिँगार्दछन्,
त्यो यताउता नहल्लियोस् भनेर
तिनीहरूले त्यसलाई मार्तोलले दह्रिलो
पार्छन् र त्यसमा काँटी ठोक्छन् ।
५ तरबूजाको बारीमा राखिएको काग
धपाउने कुरोझैँ
तिनीहरूका मूर्तिहरू बोल्न सक्दैनन्;
तिनीहरू हिँड्न नसकेकाले तिनीहरूलाई
बोकेर लैजानुपर्छ ।
तिनीहरूदेखि नडरा;
तिनीहरूले कुनै हानि गर्न सक्दैनन्,
नता तिनीहरूले कुनै असलनै गर्न
सक्छन् ।"

६ हे परमप्रभु, तपाईंजस्तो कोही छैन;
तपाईं महान् हुनुहुन्छ,
अनि तपाईंको नाउँ शक्तिमा पराक्रमी
छ ।
७ हे जातिहरूका राजा,
कसले तपाईंको डर राख्नु पर्दैन र ?
यो त तपाईंको अधिकार हो ।
जातिहरूका सबै बुद्धिमान् मानिसहरू
अनि तिनीहरूका सबै राज्यहरूमा
तपाईंझैँ अरू कोही छैन ।
८ तिनीहरू सबै अर्थहीन र मूर्खहरू हुन्,
तिनीहरू बेकामे काठका मूर्तिहरूद्वारा
सिकाइएका छन् ।
९ तर्शीशबाट पिटिएको चाँदी र उपजबाट
सुन ल्याइन्छ ।
शील्पकार र सुनारद्वारा बनाइएको
चीजलाई सिपालु कारीगरहरूद्वारा
बनाइएको नीलो र बैजनी रङ्गको लुगा
लगाइन्छ ।
१० तर परमप्रभु त सत्य परमेश्वर हुनुहुन्छ;
उहाँ त जिउँदो र अनन्तका राजा
हुनुहुन्छ ।
उहाँ रिसाउनुहुँदा पृथ्वी काम्छ;
जातिहरूले उहाँको क्रोध खप्न सक्दैनन् ।

**११**तिनीहरूलाई यो भन्: "'यी देवताहरू,
जसले स्वर्ग र पृथ्वी बनाएनन्, पृथ्वीबाट अनि
स्वर्गमुनिबाट नष्ट हुनेछन्' ।"

१२ तर परमेश्वरले त आफ्नो शक्तिले पृथ्वी
बनाउनुभयो;

---

**९:२४**–१ कोरिन्थी १३:१; २ कोरिन्थी १०:१७. **१०:७**–प्रकाश १५:४.

उहाँले संसारलाई आफ्नो बुद्धिले स्थापित गर्नुभयो,
अनि आकाशलाई आफ्नो समझशक्तिले फैलाउनुभयो ।
१३ जब उहाँ गर्जनुहुन्छ, तब आकाशमा भएका पानीहरू गर्छन्छन्,
उहाँले बादललाई पृथ्वीका किनारहरूबाट उठाउनुहुन्छ ।
उहाँले वृष्टिसित बिजुली पठाउनुहुन्छ,
अनि हावालाई आफ्नो भण्डारहरूबाट निकाल्नुहुन्छ ।

१४ जो कोही पनि अर्थहीन र ज्ञानहीन छ;
प्रत्येक सुनार आफ्नो मूर्तिद्वारा लाजमा पर्छ ।
त्यसका मूर्तिहरू एउटा छल हुन्
तिनीहरूभित्र कुनै सास हुँदैन ।
१५ तिनीहरू व्यर्थका अनि गिल्लाका पात्र हुन्;
तिनीहरूको इन्साफ आउँदा तिनीहरू नाश हुनेछन् ।
१६ उहाँ, जो याकूबका भाग हुनुहुन्छ, यीजस्ता हुनुहुन्न,
किनकि उहाँ त आफ्ना अधिकारको कुल इस्राएल लगायत सबै कुराका निर्माता हुनुहुन्छ,
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो ।

## आउने विनाश

१७ हे घेरामा परेर बसेकाहरू,
देश छोड्नलाई आफ्ना सर-सामानहरू बटुल ।
१८ किनकि परमप्रभु यसो भन्नुहुन्छः
"यस समय यस देशमा बस्नेहरूलाई
म झट्टारो हानेर निकालिदिनेछु;
तिनीहरू पक्रा परून् भनेर
म तिनीहरूमाथि विपत्ति ल्याउनेछु ।"

१९ मेरो चोटको निम्ति मलाई धिक्कार !
मेरो चोट निको नहुने किसिमको छ !
तापनि मैले आफैलाई भनें,
"यो मेरो रोग हो, मैले यसलाई सहनै पर्छ ।"
२० मेरो पाल भत्काइएको छ;
यसका सबै डोरीहरू च्वाट्ट पारिएका छन्,
मेरा छोराहरू मबाट गइहालेका छन्
अनि अब छैनन;
अब मेरो पाल टाँगिदिने अथवा मेरो वासस्थान ठीक गरिदिने कोही छैनन् ।
२१ गोठालाहरू अज्ञान छन्,
अनि परमप्रभुसित सोध्दैनन्;
यसकारण तिनीहरूको उन्नति हुँदैन
अनि तिनीहरूका सबै बगाल छरपुष्ट भएका छन् ।
२२ सुन ! खबर आइरहेको छ–
उत्तरको देशबाट एउटा ठूलो खैलाबैला !
यसले यहूदाका शहरहरूलाई उजाड़,
स्यालहरूका ओड़ार बनाउनेछ ।

## यर्मियाको प्रार्थना

२३ हे परमप्रभु, मानिसको प्राण
उसको आफ्नै होइन भनी म जान्दछु;
मानिसहरूले आफ्ना पाइलाहरूलाई
आफ्नो इच्छानुसार चलाउनु उचित छैन ।
२४ परमप्रभु, मलाई सुधार्नुहोस्, तर तपाईंको इन्साफले मात्र–
तपाईंको रीसमा चाहिँ होइन,
नत्रता तपाईंले मलाई शुन्यमा पुऱ्याइदिनु हुनेछ ।
२५ तपाईंको क्रोध ती जातिहरूमाथि खन्याइदिनुहोस्,
जोहरूले तपाईंलाई स्वीकार गर्दैनन्,
ती मानिसहरूमाथि, जोहरूले तपाईंको पुकारा गर्दैनन् ।
किनकि तिनीहरूले याकूबलाई निलेका छन्;
तिनीहरूले उसलाई सम्पूर्ण रुपले निलेका
अनि उसको देशलाई नाश पारिदिएका छन् ।

## करार भङ्ग गरियो

**११** यर्मियाकहाँ आएको परमप्रभुको वचन
यही हो, **२**“यस करारका शर्तहरू सुन्,
र ती यहूदाका मानिसहरूलाई अनि यरूशलेममा
बस्नेहरूलाई भनिदे । **३**परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ भनी तिनीहरूलाई
भन्, ‘यस करारका शर्तहरू नमान्ने मानिस
श्रापित होस्– **४**अर्थात् मैले तिमीहरूका पिता-
पुर्खाहरूलाई मिश्रबाट, फलाम गाल्ने भट्टीबाट
निकालेर ल्याउँदा तिनीहरूलाई आज्ञा गरेका
शर्तहरू ।’ मैले भनें, ‘मेरो आज्ञा पालन गर
अनि मैले तिमीहरूलाई आज्ञा गरेको हरेक
कुरा गर, र तिमीहरू मेरा मानिस हुनेछौ अनि
म तिमीहरूका परमेश्वर हुनेछु । **५**तब मैले
तिमीहरूका पिता-पुर्खाहरूलाई दूध र मह बग्ने
देश, अर्थात् तिमीहरूले आज अधिकार गरेको
देश दिनेछु भनेर शपथ खाएको म पूरा गर्नेछु ।”

मैले जवाफ दिएँ, “परमप्रभु, आमेन ।”

**६**परमप्रभुले मलाई भन्नुभयो, ‘यहूदाका
शहरहरूमा र यरूशलेमका सड़कहरूमा यी
वचनहरू घोषणा गर्, करारका यी शर्तहरू
सुन् र त्यसअनुसार चल् । **७**मैले तिमीहरूका
पिता-पुर्खाहरूलाई मिश्रबाट माथि ल्याएको
समयदेखि आजसम्म मैले तिनीहरूलाई बारम्बार
मेरो आज्ञा पालन गर भनेर चेतावनी दिएँ ।
**८**तर तिनीहरूले सुनेनन् र ध्यानै दिएनन्, बरू
तिनीहरू आफ्नै दुष्ट हृदयको हठीपनको पछि
लागे । यसकारण मैले तिनीहरूलाई पालन
नगरेको करारका सबै श्रापहरू तिनीहरूमाथि
ल्याएँ’ ।”

**९**तब परमप्रभुले मलाई भन्नुभयो, “यहूदाका
मानिसहरू र यरूशलेममा बसेकाहरूको बीचमा
एउटा षड्यन्त्र छ । **१०**तिनीहरू मेरो वचन
नसुन्ने तिनीहरूका पिता-पुर्खाहरूका पापमा
फर्किगएका छन् । तिनीहरू सेवा गर्नलाई अरू
देवताहरूको पछि लागेका छन् । मैले तिनीहरूका
पिता-पुर्खाहरूसित बाँधेको करारलाई इस्राएलका
घराना र यहूदाका घराना दुवैले भङ्ग गरेका
छन् । **११**यसकारण परमप्रभु यसो भन्नुहुन्छ,
‘म तिनीहरूमाथि तिनीहरू उम्कन नसक्ने
विपत्ति ल्याउनेछु । तिनीहरूले मेरो पुकारा
गरे तापनि म तिनीहरूको कुरा सुन्नेछैनँ ।
**१२**यहूदाका शहरहरू अनि यरूशलेमका
मानिसहरू तिनीहरूले धूप बालेका देवताहरूकहाँ
गएर पुकारा गर्नेछन्, तर विपत्ति आउँदा
तिनीहरूले पटक्कै सहायता गर्ने छैनन् । **१३**हे
यहूदा, तँसित जति शहरहरू छन् त्यतिनै
देवताहरू छन्, अनि तैंले त्यस घीनलाग्दो
बालको निम्ति धूप जलाउन खड़ा गरेका
वेदीहरूको सङ्ख्या यरूशलेमका सड़कहरूको
सङ्ख्या बराबरै छ ।’

**१४**यी मानिसहरूको निम्ति प्रार्थना नगर
नता कुनै उजुर अथवा बिन्तिनै गर, किनकि
तिनीहरूको विपत्तिको समयमा तिनीहरूले
मेरो पुकारा गर्दा म सुन्नेछैनँ ।

**१५** “मेरो मन्दिरमा मेरी प्रिया के गर्दैछे, जब
कि त्यसले आफ्नो दुष्ट योजना धेरैसित
बनाइसकेकी छ ? के अर्पण गरिएका
मासुहरूले तिमीहरूको दण्ड परसम्म
सार्न सक्छन् र ? जब तिमीहरू दुष्ट
काममा लाग्छौ, तब तिमीहरू हर्षित
हुन्छौ ।”

**१६** परमप्रभुले तँलाई एउटा मौलाएको
भद्राक्षको रूख भन्नुभयो,
जसका फलहरू सुन्दर र पुष्ट छन् ।
तर ठूलो आँधी-बेह्रीको गर्जनसित
उहाँले त्यसमा आगो लगाइदिनुहुनेछ,
अनि त्यसका हाँगाहरू भाँचिनेछन् ।

**१७**तँलाई रोप्ने सर्वशक्तिमान् परमप्रभुले तेरो
विरुद्धमा विपत्तिको आदेश दिनुभएको छ, किनकि
इस्राएलको घराना र यहूदाको घरानाले बाललाई
धूप जलाएर दुष्ट काम गरेर मलाई रीस उठाएका
छन् ।

## यर्मियाको विरुद्धमा षड्यन्त्र

**१८**परमप्रभुले मलाई तिनीहरूको षड्यन्त्र
प्रकट गरिदिनुभएकोले मैले त्यो थाहा पाएँ,
किनकि त्यसबेला तिनीहरूले जे गरिरहेका थिए,
उहाँले मलाई देखाइदिनुभयो । **१९**म त मार्न

लगिएको एउटा सुधो पाठोझैं रहेको थिएँ;
तिनीहरूले मलाई यसो भन्दै षड्यन्त्र रचेको
मलाई थाहा थिएन,

"हामी यस रूख र यसको फललाई नाश
गरिदिऊँ;
यसको नाउँको सम्झना नहोस् भनेर
यसलाई जीवितहरूको देशबाट काटेर
ढालिदिऊँ ।"

२० तर धार्मिकतासित न्याय गर्नुहुने
अनि हृदय र मन जाँच्नुहुने हे
सर्वशक्तिमान् परमप्रभु,
म तिनीहरूमाथि तपाईंको बद्ला देख्न
पाऊँ,
किनकि मेरो पक्ष मैले तपाईंकहाँ सुम्पेको
छु ।

**२१**यसकारण 'परमप्रभुको नाउँमा अगमवाणी
नगर्, नत्रता तँ हाम्रो हातबाट मर्नेछस्' भन्दै
तेरो प्राण लिन खोज्ने अनातोतका मानिसहरूको
विषयमा परमप्रभु यसो भन्नुहुन्छ– **२२**यसकारण
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः 'म
तिनीहरूलाई दण्ड दिनेछु । तिनीहरूका जवान
मानिसहरू तरवारद्वारा मारिनेछन् अनि तिनीहरूका
छोराछोरीहरूचाहिँ अनिकालद्वारा । **२३**तिनीहरूको
निम्ति कुनै बचेको भाग पनि रहनेछैन, किनकि
तिनीहरूको दण्डको वर्ष म अनातोतका
मानिसहरूमाथि दण्ड ल्याउनेछु' ।"

## यर्मियाको उजूर

**१२** मैले कुनै मुद्दा तपाईंको सामने ल्याउँदा
हे परमप्रभु,
तपाईं सधैं धार्मिक हुनुहुन्छ ।
तापनि म तपाईंसित तपाईंको
इन्साफबारे कुरा गर्नेछु;
दुष्टका मार्ग किन उन्नतिशील हुन्छ ?
सबै अविश्वासीहरू किन आरामसित
जिउँछन् ?

२ तपाईंले तिनीहरूलाई रोप्नुभयो,
अनि तिनीहरूले जरा हाले
तिनीहरू बढ्छन् र फल्छन् ।
तिनीहरूका मुखमा तपाईंको नाउँ त छ,
तर तिनीहरूका हृदयबाट चाहिँ तपाईं
टाढ़ा हुनुहुन्छ ।

३ तापनि हे परमप्रभु, तपाईं मलाई जान्नुहुन्छ;
तपाईंले मलाई देख्नुहुन्छ,
अनि तपाईंप्रति मेरा विचारहरू
जाँच्नुहुन्छ ।
काट्न लगिएका भेड़ालाई झैं
तिनीहरूलाई घिस्याउनुहोस् !
तिनीहरूलाई काटमारको दिनको निम्ति
अलग गर्नुहोस् !

४ देश उजाड़ अवस्थामा
अनि हरेक मैदानमा घाँस ओइलिएको
अवस्थामा कहिलेसम्म रहने हो ?
किनकि त्यसमा बस्नेहरू दुष्ट छन्,
पशुहरू र चराहरू नाश भएका छन् ।
अझ, मानिसहरू 'हामीलाई के हुन्छ
उहाँले देख्नुहुन्न' भन्छन् ।

## परमेश्वरको जवाफ

५ यदि तँ खाली खुट्टा मानिसहरूसित
दगुरिस्,
र तिनीहरूले तँलाई थकाए भने,
तँ कसरी घोड़ाहरूसित होड़बाजी गर्न
सक्छस् ?
यदि तँ सुरक्षित देशमा ठेस खान्छस् भने,
तँ यर्दनका काँड़े-घारीहरूमा के गर्छस् ?

६ तेरा दाज्यूभाइहरू, तेरा आफ्नै परिवार–
तिनीहरूले पनि तँलाई धोका दिएका छन्;
तिनीहरूले तेरो विषयमा राम्रै कुरा गरे
तापनि तिनीहरूमाथि भरोसा नगर् ।

७ "म आफ्नो घरलाई त्यागिदिनेछु;
म आफ्नो अधिकारलाई त्यागिदिनेछु;
म आफूले प्रेम गरेकोलाई त्यसका
शत्रुहरूका हातमा दिनेछु ।

८ मेरो अधिकार मेरो निम्ति वनमा भएको
सिंहझैं भएको छ ।
त्यो मसित गर्जिन्छे,
यसकारण म त्यसलाई घृणा गर्छु ।

९ के मेरो अधिकार मेरो निम्ति
अरू चराहरूले आएर आक्रमण गर्ने,
दाग लागेको चराझैँ भएको छैन ?
गएर सबै वन पशुहरूलाई भेला गर्
तिनीहरूलाई भोजन लिएर आइज ।
१० धेरै गोठालाहरूले मेरो दाखबारी नष्ट
गरिदिनेछन्,
र मेरो बारी कुल्चिदिनेछन्;
तिनीहरूले मेरो सुन्दर बारीलाई
उजाड़ र बाँझो जमिन बनाइदिनेछन् ।
११ त्यो मेरो सामुन्ने डड़ेको र उजाड़ एउटा
बाँझो भूमि बनाइनेछ;
सम्पूर्ण देश उजाड़ पड़िरहनेछ,
किनकि हेरचाह गर्ने कोही छैन ।
१२ मरुभूमिका सम्पूर्ण अग्ला बाँझो
ठाउँहरूमाथि नाशकर्ताहरू धुइरो
लागेर आउनेछन्,
किनकि परमप्रभुको तरवारले देशको
एक छेउदेखि अर्को छेउसम्म नाश गर्नेछ,
कोही सुरक्षित रहनेछैन ।
१३ तिनीहरूले गहूँ छर्नेछन् तर काँड़ाको
कटनी गर्नेछन्;
तिनीहरू आफैले धेरै कष्ट उठाउनेछन्,
तर केही पाउनेछैनन् ।
यसकारण परमप्रभुको डरलाग्दो रीसको
कारण आफ्नो कटनीको शर्म सहून् ।"

१४परमप्रभु यसो भन्नुहुन्छः "मैले आफ्ना
मानिसहरू, इस्राएललाई दिएको अधिकारमाथि
हात लगाउने मेरा सबै दुष्ट छिमेकीहरूको
विषयमा चाहिँ, म तिनीहरूलाई आफ्ना
देशहरूबाट उखेल्नेछु र म तिनीहरूका बीचबाट
यहूदाको घरानालाई उखेल्नेछु । १५तर मैले
तिनीहरूलाई उखेलिसकेपछि म फेरि दया
देखाउनेछु अनि तिनीहरूका हरेकलाई तिनीहरूका
आफ्नै अधिकार र त्यसको आफ्नै देशमा
फर्काएर ल्याउनेछु । १६अनि यदि तिनीहरूले
मेरा मानिसहरूका चालहरू राम्रो गरी सिकेर
'निश्चय परमप्रभु जिएझैँ' भनेर शपथ खाए
भने त, तिनीहरूले एकपल्ट मेरा मानिसहरूलाई
बालको नाउँमा शपथ खान सिकाएका भए
तापनि तिनीहरू मेरा मानिसहरूको बीचमा
स्थापित हुनेछन् । १७तर यदि कुनै जातिले
सुनेन भने, म त्यसलाई सम्पूर्ण रूपले उखेलेर
नाश गर्नेछु" परमप्रभु घोषणा गर्नुहुन्छ ।

## एउटा सुती पटुका

१३ परमप्रभुले मलाई यसो भन्नुभयो, "गएर
एउटा सुती पटुका किन् र त्यसलाई
आफ्नो कम्मरमा बाँध्, तर त्यसले पानीचाहिँ
नछोओस् ।" २यसकारण परमप्रभुले हुकुम
गर्नुभएझैँ मैले एउटा पटुका किनैँ र आफ्नो
कम्मरमा बेह्रें ।

३तब मकहाँ परमप्रभुको वचन दोस्रोपल्ट
आयोः ४"तैंले किनेको अनि कम्मरमा
लगाइराखेको पटुका लिएर अहिले परात नदीमा
जा र त्यसलाई चट्टानको दूलोमा लुकाइराख् ।"
५यसकारण परमप्रभुले मलाई भन्नुभएझैँ गएर
मैले त्यसलाई लुकाएँ ।

६धेरै दिनपछि परमप्रभुले मलाई भन्नुभयो,
"परात नदीमा जा र मैले तँलाई लुकाउनु भनेको
पटुका ले ।" ७यसकारण म परात नदीमा गएँ
र मैले त्यसलाई लुकाइराखेको ठाउँबाट खनेर
निकालें, तर अब त त्यो नष्ट भएर बेकामे
भएको थियो ।

८तब परमप्रभुको वचन मकहाँ आयोः
९"परमप्रभु यसो भन्नुहुन्छः 'ठीक यसरी नै म
यहूदाको घमण्ड अनि यरूशलेमको ठूलो घमण्ड
नष्ट गर्नेछु । १०मेरा वचन सुन्न इन्कार गर्ने,
आफ्ना हृदयको हठीपनको पछि लाग्ने अनि
सेवा गर्न र पूज्नलाई अरू देवताहरूको पछि
लाग्ने यी दुष्ट मानिसहरू यो पटुकाजस्तै पूर्णरुपले
काम नलाग्ने हुनेछन् ! ११किनकि जसरी पटुका
मानिसको कम्मरको चारैतिर बाँधिन्छ, त्यसरी
नै म इस्राएलको सम्पूर्ण घराना र यहूदाको
सम्पूर्ण घरानालाई मेरो ख्याति, प्रशंसा र
सम्मानको निम्ति मेरो प्रजा हुनलाई म आफ्नो
चारैतिर बाँध्नेछु,' परमप्रभु घोषणा गर्नुहुन्छ ।
तर तिनीहरूले सुनेनन् ।

### छालाका मशकहरू

**१२**तिनीहरूलाई भन्: 'परमप्रभु इस्राएलका
परमेश्‍वर भन्‍नुहुन्छ, प्रत्येक मशक दाखमद्यले
भरिनुपर्छ।' अनि यदि तिनीहरूले तँलाई 'प्रत्येक
मशक दाखमद्यले भरिनुपर्छ भन्‍ने के हामीलाई
थाहा छैन ?' भन्‍नेछन्, भने, **१३**तिनीहरूलाई भन्:
'परमप्रभु यसो भन्‍नुहुन्छ, दाऊदको सिंहासनमा
बस्‍ने राजाहरू, पूजाहारीहरू, अगमवक्ताहरू र
यरूशलेममा बस्‍ने सबै समेत यस देशमा बस्‍ने
सबैलाई म मत्त्याइदिनेछु। **१४**म तिनीहरूलाई
जुधाइदिनेछु, अँ, बाबुहरू र छोराहरू समेतलाई,
परमप्रभु घोषणा गर्नुहुन्छ। दया माया, कृपा,
कुनै कुरोले पनि मैले तिनीहरूलाई नाश गर्ने
काममा स्थान पाउने छैनँ'।"

### कैदमा लगिने धम्की

**१५** सुन र ध्यान देओ,
अभिमानी नहोओ, किनकि परमप्रभु
बोल्‍नुभएको छ।
**१६** उहाँले अन्धकार ल्याउन अघि अँध्यारो
डाँड़ाहरूमा तिमीहरूका खुट्टाले ठेस
खान अघि परमप्रभु तिमीहरूका
परमेश्‍वरलाई महिमा देओ।
तिमीहरू उज्यालोको आशा गर्छौ,
तर उहाँले त्यसलाई घोर-अन्धकारमा
परिणत गरिदिनुहुनेछ,
अनि त्यसलाई घोर निराशामा परिणत
गरिदिनुहुनेछ।
**१७** तर तिमीहरूले सुनेनौ भने,
तिमीहरूको घमण्डको कारण म गुप्‍तमा
रुनेछु;
अश्रुधारा बगाउँदै मेरा आँखा नमीठो
गरी रुनेछ,
किनकि परमप्रभुको बगाल कैदमा
लगिनेछ।
**१८** राजालाई अनि राजमातालाई भन्:
"तिमीहरूका सिंहासनहरूबाट तल झर्,
किनकि तिमीहरूका शोभायमान् मुकुटहरू
तिमीहरूका शिरबाट खस्‍नेछन्।"
**१९** नेवेगमा भएका शहरहरू थुनिनेछन्,
र तिनीहरूलाई खोल्‍ने कोही हुनेछैनन्।
सम्पूर्ण यहूदा देश-निष्कासनमा लगिनेछ
तिनीहरू सम्पूर्ण रुपले लगिनेछन्।
**२०** आफ्ना आँखा उठाएर उत्तर दिशाबाट
आइरहेकाहरूलाई हेर्।
तँलाई सुम्पिदिएको बगाल कहाँ छ
जसमा तैंले घमण्ड गर्थिस् ?
**२१** तैंले जुन परदेशीहरूलाई विशेष स्थान
दिएको थिइस्,
तिनीहरूलाई नै परमप्रभुले
तँमाथि राखिदिनुहुँदा तँ के भन्‍नेछस् ?
के प्रसुती वेदनामा परेकी स्त्रीलाई झैँ
तँलाई कष्टले समात्‍नेछैन ?
**२२** अनि यदि तैंले "मलाई किन यस्तो
भयो ?"
भनेर आफैलाई सोधिस् भने,
तेरो फरिया च्यातिएको र तेरो शरीर
प्रति दुर्व्यवहार गरिएको
त तेरै पापको कारणले गर्दा हो।
**२३** के हब्शीले आफ्नो छाला
अथवा चितुवाले आफ्नो थोप्ला बद्‌ली
गर्न सक्छन् ?
नता तिमीहरू दुष्ट काम गर्ने बानी
भएकाहरूले असल गर्न सक्छौ।
**२४** "म तिमीहरूलाई मरुभूमिको बतासले
उड़ाइदिएको भूसझैँ छरिदिनेछु।
**२५** तेरो हिस्सा यही हो,
अर्थात् मैले आदेश दिएको तेरो भाग"
परमप्रभु घोषणा गर्नुहुन्छ,
"किनकि तैंले मलाई बिर्सेर झूटा
देवताहरूमाथि भरोसा राखिस्।
**२६** म तेरो फरिया उघारेर मुखमा
पुऱ्याइदिनेछु,
र तेरो शर्म देखिओस्–
**२७** अर्थात् तेरा व्यभिचारहरू अनि तेरो
कामुकता हिनहिनाइ,
तेरो शर्मलाग्दो वेश्यावृत्ति !
मैले डाँड़ातिर र मैदानतिर

तेरा घिनलाग्दा कामहरू देखेको छु ।
तँलाई धिक्कार, हे यरूशलेम !
तँ कहिलेसम्म अशुद्ध रहनेछस् ?

### खड़ेरी, अनिकाल, तरवार

१४ खड़ेरीको विषयमा यर्मियाकहाँ आएको परमप्रभुको वचन यही हो:

२ “यहूदा शोक गर्छ,
त्यसका शहरहरू दुर्बल भएका छन्,
तिनीहरू देशको निम्ति विलौना गर्छन,
अनि यरूशलेमबाट एउटा क्रन्दन
माथि जान्छ ।
३ कुलीन मानिसहरूले आफ्ना नोकरहरूलाई
पानीको निम्ति पठाउँछन्;
तिनीहरू कूवामा जान्छन्, तर पानी
पाउँदैनन् ।
तिनीहरू आफ्ना गाग्राहरू रित्तै ल्याउँछन्
अचम्मित र निराश भएर तिनीहरू
आफ्ना शिर ढाक्छन् ।
४ देशमा वृष्टि नभएकोले जमिन चर्केको छ;
किसानहरू अचम्भित भएर आफ्ना शिर
ढाक्छन् ।
५ मैदानको मुडुली मृगसमेतले
घाँस नभएको कारण आफ्नो बच्चालाई
त्यागिदिन्छे ।
६ वन गधाहरू बाँझो अग्ला ठाउँहरूमा
उभिएर स्यालहरूझैं स्याँ-स्याँ गर्छन्;
खर्क नभएकोले तिनीहरूले राम्रो देख्न
सक्दैनन् ।”

७ हाम्रा पापहरूले हाम्रै विरुद्धमा गवाही
दिए तापनि तपाईंको नाउँको खातिर,
हे परमप्रभु, केही गर्नुहोस् ।
किनकि हामीले तपाईंको विरुद्धमा पाप
गरेका छौं र हाम्रो पतित अवस्था ठूलो
छ ।
८ हे इस्राएलका आशा,
विपत्तिको समयमा यसको उद्धारकर्ता,
एक रात मात्र भन्ने यात्रीझैं
तपाईं किन देशमा नौलोजस्तै हुनुभएको
छ ?
९ तपाईं किन अलमल्ल परेको मानिसझैं,
बचाउन नसक्ने शक्तिहीन योद्धाझैं
हुनुभएको ?
हे परमप्रभु, तपाईं हाम्रा बीचमा हुनुहुन्छ,
अनि हामी तपाईंको नाउँले कहलाइएका
छौं,
हामीलाई नत्याग्नुहोस् !

**१०**यस जातिको विषयमा परमप्रभु यसो
भन्नुहुन्छः

“तिनीहरू बरालिन खूबै मन पराउँछन्;
तिनीहरूले आफ्ना खुट्टाहरूलाई रोक्दैनन् ।
यसकारण परमप्रभुले तिनीहरूलाई ग्रहण
गर्नुहुन्न;
अब उहाँले तिनीहरूका दुष्टतालाई
सम्झनुहुन्छ,
अनि तिनीहरूका पापको निम्ति
तिनीहरूलाई दण्ड दिनुहुन्छ ।”

**११**तब परमप्रभुले मलाई भन्नुभयो, यी
मानिसहरूको भलाइको निम्ति प्रार्थना नगर् ।
**१२**तिनीहरूले उपवास बसे तापनि म तिनीहरूको
रोदन सुन्नेछैनँ, तिनीहरूले होमबलि र अन्नबलि
चढ़ाए तापनि म ती ग्रहण गर्नेछैनँ । बरू म
तिनीहरूलाई तरवार, अनिकाल र विपत्तिले
नाश गरिदिनेछु ।”

**१३**तर मैले भनें, “हे सर्वशक्तिमान् परमप्रभु,
अगमवक्ताहरूले तिनीहरूलाई ‘तिमीहरूले
तरवार र अनिकाल देख्नेछैनौ । म तिमीहरूलाई
यस ठाउँमा अवश्यै अनन्तको शान्ति दिनेछु’
भनेर भनिरहन्छन् ।”

**१४**तब परमप्रभुले मलाई भन्नुभयो, “ती
अगमवक्ताहरूले मेरो नाउँमा झूटो अगमवाणी
गरिरहेका छन् । मैले तिनीहरूलाई पठाएको
छैन अथवा नियुक्त गरेको अथवा तिनीहरूसित
बोलेको छैनँ । तिनीहरूले त आफ्नै मनका
झूटा दर्शनहरूको अगमवाणी, जोखाना,
मूर्तिपूजा र भ्रमका कुराहरू गरिरहेका छन् ।
**१५**यसकारण, मेरो नाउँमा अगमवाणी गर्ने
अगमवक्ताहरूको विषयमा परमप्रभु यसो

भन्नुहुन्छ । मैले तिनीहरूलाई पठाइनँ, र
पनि तिनीहरूले 'यस देशलाई कुनै तरवारले
अथवा अनिकालले छुनेछैन' भनेर भनिरहेका
छन् । ती अगमवक्ताहरू नै तरवार र अनिकालले
नाश हुनेछन् । **१६**अनि तिनीहरूले अगमवाणी
गरिरहेका मानिसहरू अनिकाल र तरवारको
कारण यरूशलेमका सड़कहरूमा फ्याँकिनेछन् ।
तिनीहरूलाई अथवा तिनीहरूका स्वास्नीहरू
अथवा छोराछोरीहरूलाई गाड्ने कोही हुनेछैनन् ।
म तिनीहरूमाथि तिनीहरूलाई सुहाउँदा
विपत्तिहरू खन्याइदिनेछु ।

**१७**"तिनीहरूलाई यो वचन भन्:

'मेरा आँखाबाट आँसु नथामिकन
दिनरात बगिरहोस्
किनकि मेरी कुमारी छोरी,
मेरो जातिले डरलाग्दो चोट पाएको छ,
ठूलो चोट पार्ने चूटाइ त्यसले पाएको छ ।
**१८** यदि म देशमा गएँ भने,
म तरवारद्वारा मारिएकाहरूलाई देख्छु;
यदि म शहरभित्र गएँ भने,
म अनिकालले पीडित भएकाहरू देख्छु
अगमवक्ता र पूजाहारी दुवै
आफूले नजानेको देशमा गएका छन् ।'"

**१९** के तपाईंले यहूदालाई पूर्ण रुपले
तिरष्कार गर्नुभएको छ ?
के तपाईं सियोनलाई तुच्छ ठान्नुहुन्छ ?
हामीलाई निको नहुने गरी तपाईंले किन
कष्ट दिनुभयो ?
हामीले शान्तिको आशा गऱ्यौं, तर कुनै
असल कुरा आएन,
चँगाइको समयको आशा गऱ्यौं तर आतङ्क
मात्र छ ।
**२०** हे परमप्रभु, हामी आफ्ना दुष्टता
अनि हाम्रा पिता-पुर्खाहरूका अपराध
मानिलिन्छौं,
हामीले साँच्चै तपाईंको विरुद्धमा पाप
गरेका छौं ।
**२१** तपाईंको नाउँको खातिर हामीलाई तुच्छ
नठान्नुहोस्;
तपाईंको शोभायमान् सिंहासनको अपमान्
नगर्नुहोस् ।
हामीसितको तपाईंको करार सम्झनुहोस्,
अनि त्यसलाई भङ्ग नगर्नुहोस् ।
**२२** के जातिहरूका कुनै बेकामे मूर्तिहरूले
वृष्टि ल्याउँछन् ?
अथवा के आकाशहरू आफैले झरी
ल्याउँछन् ?
होइन, तर हे परमप्रभु हाम्रा परमेश्वर,
तपाईंले नै ल्याउनुहुन्छ ।
यसकारण हाम्रो आशा तपाईंमा छ,
किनकि यी सबै गर्ने तपाईं नै हुनुहुन्छ ।

**१५** तब परमप्रभुले मलाई भन्नुभयो: "यदि
मोशा र शमूएलनै मेरो सामने उभिए
तापनि मेरो हृदय यस जातिप्रति जानेछैन ।
तिनीहरूलाई मेरो उपस्थितिबाट पठाइदेऊ !
तिनीहरू जाऊन् ! **२**अनि तिनीहरूले 'हामी
कता जाऊँ ?' भनेर तँलाई सोधे, तिनीहरूलाई
भन्, 'परमप्रभु यसो भन्नुहुन्छ:

"'मृत्युको निम्ति खटिएकाहरू, मृत्युमै;
तरवारको निम्ति खटिएकाहरू, तरवारमै;
भोकको निम्ति खटिएकाहरू, भोकमै;
कैदको निम्ति खटिएकाहरू, कैदमा नै
जाऊन् ।'

**३**परमप्रभु घोषणा गर्नुहुन्छ, "म तिनीहरूकहाँ
चार किसिमका नाशकर्ताहरू पठाउनेछु,
मार्नलाई तरवार अनि घिस्याएर लैजानलाई
कुकुरहरू, अनि खान र नाश गर्नलाई आकाशका
चराहरू र जमिनका पशुहरू । **४**यहूदाका
राजा हिजकियाहका छोरा मनश्शेले यरूशलेममा
जे गरे त्यसको निम्ति म तिनीहरूलाई
पृथ्वीभरिका राज्यहरूमा घिनलाग्दा कुरा
बनाउनेछु ।

**१५:१**–प्रस्थान ३२:११-१४; गन्ती १४:१३-१९; १ शमूएल ७:५-९. **१५:२**–प्रकाश १३:१०.
**१५:४**–२ राजा २१:१-१६; २ इतिहास ३३:१-९.

५ "हे यरूशलेम, तँलाई कसले टिठाउला ?
तेरो निम्ति कसले शोक गर्ला ?
तँ कस्ती छस् भनी सोध्न को अड़िएला ?
६ परमप्रभु घोषणा गर्नुहुन्छ, तैंले मलाई
तिरष्कार गरेकी छस् ।
तँ पतित भइरहिस् ।
यसकारण म तँमाथि हात लगाएर तँलाई
नाश गर्नेछु;
म अब तँमाथि दया देखाउन सक्दिनँ ।
७ देशका मूलढोकाहरूमा म तिनीहरूलाई
नाङ्लोले निफनेझैं निफन्नेछु ।
म आफ्ना मानिसहरूमाथि शोक र
विनाश ल्याउनेछु,
किनकि तिनीहरूले आफ्ना चाल बद्ली
गरेनन् ।
८ म तिनीहरूका विधवाहरूको सङ्ख्या
समुद्रको बालुवाभन्दा धेरै बनाउनेछु ।
मध्यान्हको समयमा म तिनीहरूका
जवान मानिसहरूका आमाहरूको
विरुद्धमा एक जना नाशकर्तालाई
ल्याउनेछु;
म तिनीहरूमाथि अचानक बेदना र संत्रास
ल्याउनेछु ।
९ सात जनाकी आमा दुर्बल भएर अन्तिम
सास लिनेछिन् ।
दिन छँदै तिनको घाम डुब्नेछ;
तिनी अपमानित र अपहेलित हुनेछिन् ।
बाँचेकाहरूलाई चाहिँ म तिनीहरूका
शत्रुहरूको सामने तरवारमा पर्न दिनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

१० हाय मेरी आमा, तिमीले मलाई जन्मायौ,
एउटा मानिस जससित सारा देशले
झगडा र विवाद गर्छ !
मैले नता ऋण दिएँ, नता लिएँ
र पनि हरेकले मलाई सराप्छ ।

११ परमप्रभुले भन्नुभयो,

"निश्चय म तँलाई राम्रो उद्देश्यले छुटाउनेछु;
निश्चय म तेरा शत्रुहरूलाई दुःख
र संकटको समयमा,
तँसित बिन्ति गर्ने बनाउनेछु ।

१२ "के कुनै मानिसले फलाम, अर्थात् उत्तर
दिशाको फलामलाई
अथवा काँसालाई भाँच्न सक्छ ?
१३ तेरो देशभरिको तेरा पापहरूको कारण
तेरो धन र तेरा भण्डारहरू
म केही नलिई अरूलाई लूटको मालझैं
दिनेछु ।
१४ तैंले नचिनेको देशमा म तँलाई
तेरा शत्रुहरूको हातमा दास बनाइदिनेछु,
किनकि मेरो क्रोधले एउटा आगो
दन्काउने छ,
जुन तेरो विरुद्धमा जल्नेछ ।"

१५ हे परमप्रभु तपाईं बुझ्नुहुन्छ;
मलाई सम्झनुहोस् र सम्हाल्नुहोस् ।
मलाई सताउनेहरूलाई बद्ला लिनुहोस् ।
तपाईं धीरजी हुनुहुन्छ– मलाई टाढ़ो
नलैजानुहोस्;
मैले तपाईंको खातिर कति निन्दा सहें
सो विचार गर्नुहोस् ।
१६ जब तपाईंका वचनहरू आए,
मैले ती खाएँ;
ती मेरा आनन्द र हृदयका उल्लास थिए;
किनकि हे परमप्रभु सर्वशक्तिमान्
परमेश्वर, म तपाईंको नाउँ धारण गर्छु ।
१७ म विलासीहरूको साथमा कहिल्यै बसिनँ,
तिनीहरूसित कहिल्यै मनोरञ्जन गरिनँ;
तपाईंको हात ममाथि भएकोले म एक्लै
बसें,
र तपाईंले मलाई रीसले भरिदिनुभयो ।
१८ मेरो कष्ट किन समाप्त हुँदैन,
अनि मेरो घाउ किन कष्टकर र निको
नहुने छ ?
के तपाईं मेरो निम्ति धोका दिने खोलाझैं
हुनुहुन्छ,
अर्थात् पानी सुकिजाने खोलाझैं ?

१९ यसकारण परमप्रभु यसो भन्नुहुन्छः
"तैंले पश्चात्ताप गरिस् भने,
तैंले मेरो सेवा गरोस् भनेर म तँलाई

पुनर्स्थापित गर्नेछु;
यदि तैंले बेकामले होइन
तर योग्यको कुरा उच्चारण गरिस् भने,
तँ मेरो मुखपात्र हुनेछस् ।
यी मानिसहरू तँतिर फर्कून्
तर तँचाहिँ तिनीहरूतिर नजानू ।
२० म तँलाई यी मानिसहरूको निम्ति एउटा
पर्खाल बनाउनेछु;
काँसाको एउटा सुरक्षित पर्खाल;
तिनीहरू तेरो विरुद्धमा लड्नेछन्,
तर तँमाथि विजयी हुनेछैनन्,
कि तँलाई छुटाउन र बचाउनलाई म
तँसित छु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२१ "म तँलाई दुष्टहरूका हातबाट बचाउनेछु,
अनि तँलाई निष्ठूरहरूका पन्जाबाट
छुटाउनेछु ।"

### विपत्तिको दिन

**१६** तब परमप्रभुको वचन मकहाँ आयो:
**२**"तैंले यस ठाउँमा विवाह गर्न पाउँदैनस्
र तेरा छोराछोरीहरू हुनुहुँदैन ।" **३**किनकि यस
ठाउँमा जन्मेका छोराछोरीहरूको विषयमा अनि
तिनीहरूका आमा भएका स्त्रीहरूको अनि
तिनीहरूका बाबु भएका मानिसहरूको विषयमा
परमप्रभु यसो भन्नुहुन्छ: **४**"तिनीहरू घातक
बिरामीले मर्नेछन् । तिनीहरूको निम्ति शोक
गरिनेछैन तर मैदानमा पड़िरहेका फोहोरझैं
हुनेछन् अनि तिनीहरूका लाशहरू आकाशका
चराहरू र जमिनका पशुहरूका आहार
हुनेछन् ।"

**५**किनकि परमप्रभु यसो भन्नुहुन्छ: "लाश
गाड़ेको विषयमा भोजन दिँदैगरेको घरभित्र
नपस्नू, शोक गर्न र दया देखाउन नजानू, किनकि
मैले यस जातिबाट मेरा आशिष्हरू, मेरो प्रेम
अनि मेरो दया फर्काइलिएको छु, परमप्रभु
घोषणा गर्नुहुन्छ । **६**यस देशमा ठूला र साना
सबै मर्नेछन् । तिनीहरू गाड़िनेछैनन्, तिनीहरूको
निम्ति शोक गरिनेछैन, कसैले पनि तिनीहरूको
लागि आफैलाई काट्ने अथवा आफ्नो कपाल
खौरने काम गर्नेछैनन् । **७**मरेको निम्ति शोक
गर्नेहरूलाई सान्त्वना दिन कसैले पनि भोजन
दिनेछैन– अँ, बाबु अथवा आमा समेतलाई–
नता तिनीहरूलाई सान्त्वना दिन कसैले
तिनीहरूलाई पिउने कुरोनै दिनेछ ।

**८**अनि भोज भइरहेको घरमा बसेर खान र
पिउन प्रवेश नगर्नू । **९**किनकि सर्वशक्तिमान्
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
तिमीहरूका आँखाकै सामने अनि तिमीहरूकै
समयमा यस ठाउँमा आनन्द र हर्षको सोर
अनि दुलही र दुलहाको सोर अन्त गरिदिनेछु ।

**१०**तैंले यी मानिसहरूलाई यी सबै भनेपछि
तिनीहरूले तँलाई सोध्नेछन्, 'परमप्रभुले हाम्रो
विरुद्धमा किन यति ठूलो विपत्तिको आदेश
दिनुभयो ? हामीले के भूल गरेका छौं ? हामीले
परमप्रभु हाम्रा परमेश्वरको विरुद्धमा कुनचाहिँ
पाप गरेका छौं ?' **११**तब तिनीहरूलाई भन्,
'यो यसकारणले गर्दा हो कि तिमीहरूका पिता-
पुर्खाहरूले मलाई त्यागेर अरू देवताहरूको
पछि लागेर तिनीहरूको पूजा गरे । तिनीहरूले
मलाई त्यागे र मेरो व्यवस्था पालन गरेनन् ।
**१२**तर तिमीहरूले त मसित आफ्ना पिता-
पुर्खाहरूले भन्दा बढ़ी दुष्ट हृदयका हठीपनमा
चलेका छौ । **१३**यसकारण म तिमीहरूलाई यस
देशबाट तिमीहरू अथवा तिमीहरूका पिता-
पुर्खाहरूले नजानेको देशमा फ्याँकिपठाइदिनुहुनेछ,
अनि त्यहाँ तिमीहरूले दिनरात अरू देवताहरूको
सेवा गर्नेछौ, किनकि म तिमीहरूमाथि कुनै
निगाह देखाउनेछैनँ ।'

**१४**परमप्रभु घोषणा गर्नुहुन्छ, "तापनि दिनहरू
आउँदैछन् जब मानिसहरूले 'इस्राएलीहरूलाई
मिश्रबाट माथि निकालेर ल्याउनुहुने परमप्रभु
निश्चय जिएझैं' भनेर फेरि भन्नेछैनन्, **१५**तर
तिनीहरूले 'इस्राएलीहरूलाई उत्तरको देशबाट
अनि उहाँले तिनीहरूलाई धपाइपठाउनुभएका
सबै शहरहरूबाट माथि निकालेर ल्याउनुहुने

**१६:९**–यर्मिया ७:३४; २५:१०; प्रकाश १८:२३.

परमप्रभु निश्चय जिएझैं' भनेर भन्नेछन् ।
किनकि म तिनीहरूलाई मैले तिनीहरूका पिता-
पुर्खाहरूलाई दिएको देशमा पुनर्स्थापित गर्नेछु ।
**१६**परमप्रभु घोषणा गर्नुहुन्छ, "तर अब म
धेरै जलाहारीहरूलाई बोलाइपठाउनेछु र
तिनीहरूले तिनीहरूलाई पक्रनेछन् । त्यसपछि
म धेरै शिकारीहरूलाई बोलाइपठाउनेछु, र
तिनीहरूले तिनीहरूलाई प्रत्येक पर्वत र डाँड़ा
अनि चट्टानका प्वालहरूबाट खोजिनिकाल्नेछन् ।
**१७**मेरा आँखा तिनीहरूका चालहरूमाथि छन्,
तिनीहरू मबाट लुकेका छैनन्, नता तिनीहरूका
पाप मेरा आँखाबाट छिपेका छन् । **१८**म
तिनीहरूका दुष्टता र तिनीहरूका पापको लागि
दोबर दण्ड दिनेछु, किनकि तिनीहरूले मेरो
देशलाई तिनीहरूका नीच मूर्तिहरूका निर्जीव
आकृतिहरूले अशुद्ध पारेका छन्, अनि मेरो
अधिकारलाई आफ्ना घीनलाग्दा मूर्तिहरूले
भरिदिएका छन् ।

**१९** हे परमप्रभु मेरो बल र मेरो किल्ला
दु:खको दिनमा मेरो शरणस्थान,
पृथ्वीका कुना कुनाबाट जातिहरू
तपाईंकहाँ आएर भन्छन्,
"हाम्रा पिता-पुर्खाहरूले झूटा देवताहरू,
बेकामे मूर्तिहरू मात्र अधिकार गरे
जुनहरूले तिनीहरूलाई केही असल
गरेनन् ।
**२०** के मानिसहरूले तिनीहरूका देवताहरू
बनाउँछन् ?
हो, तर तिनीहरूत देवता होइनन् !"

**२१** यसकारण, म तिनीहरूलाई सिकाउनेछु—
यसपल्ट म तिनीहरूलाई मेरो शक्ति र
पराक्रम सिकाउनेछु
तब तिनीहरूले मेरो नाउँ परमप्रभु हो
भनी जान्नेछन् ।

# १७

"यहूदाको पाप फलामका हतियारले
खोपिएको छ,
तिनीहरूका हृदयका पाटीमा,
अनि तिनीहरूका वेदीहरूका सीङ्मा
चकमके ढुङ्गाको टुप्पोले खोपिएको छ ।
**२** तिनीहरूका बालबच्चा समेतले
फैलिएका रूखहरू अनि अग्ला
डाँड़ाहरूको छेउमा भएका तिनीहरूका
वेदीहरू अशेरा देवीहरूका खामाहरू
याद गर्छन् ।
**३** यस देशको मेरो पर्वत अनि तेरा धन
र तेरा सबै धनराशि अनि तेरा अग्ला
ठाउँहरू,
देशभरि भएका पापको कारण म लूटिन
दिनेछु ।
**४** तेरो आफ्नै कारण मैले तँलाई दिएको
अधिकार हराउनेछस् ।
तैंले नजानेको देशमा म तँलाई तेरा
शत्रुहरूको कमारा बनाइदिनेछु ।
किनकि तैंले मेरो रीस सल्काइदिइस्,
अनि यो सदा जलिरहनेछ ।"

**५** परमप्रभु यसो भन्नुहुन्छ:
"जसले मानिसमाथि भरोसा राख्छ,
जसले आफ्नो सामर्थको निम्ति शरीरमा
भर पर्छ,
अनि जसको हृदय परमप्रभुदेखि तर्किन्छ,
त्यो श्रापित होस् ।
**६** त्यो उजाड़ ठाउँमा भएको झाड़ीजस्तै
हुनेछ;
उन्नति आउँदा त्यसले त्यो देख्नेछैन ।
त्यसले मरुभूमिको डढ़ेका ठाउँहरूमा,
कोही नबस्ने ठाउँमा बसोबासो गर्नेछ ।

**७** "तर परमप्रभुमा भरोसा राख्ने मानिस
धन्य हो,
जसको भरोसा उहाँमाथि छ ।
**८** त्यो पानीको छेउमा रोपिएको रूखझैं
हुनेछ,
जसले आफ्ना जराहरू खोलासम्म
पुर्‍याउँछ ।
गर्मी आउँदा त्यो डराउँदैन;

---

**१७:८**—भजनसंग्रह १:३.

त्यसका पातहरू सधैँ हरिया रहन्छन् ।
खड़ेरीको वर्षमा त्यसको निम्ति कुनै
फिक्री हुँदैन,
अनि त्यसले कहिल्यै फल फलाउन
छोड्दैन ।"
९ हृदय सबै कुराभन्दा छली हुन्छ
अनि यो निको हुनै सक्दैन ।
यसलाई कसले बुझ्न सक्छ ?
१० "मानिसलाई त्यसको चालअनुसार,
त्यसको कामअनुसार प्रतिफल दिन
म, परमप्रभुले हृदयको तलाश गर्छु,
अनि मनको जाँच गर्छु ।"
११ अन्यायपूर्वक धन कमाउने मानिस
ओथ्रा नबसी चल्ला काढ्ने प्यूराभैँ हो ।
त्यसको आधा उमेर बितेपछि,
तिनीहरूले त्यसलाई त्यागिदिनेछन्,
अनि आखिरमा त्यो एउटा मूर्ख
ठहरिनेछ ।
१२ शुरूदेखिनै शोभायमान् भएको सिंहासननै
हाम्रा पवित्रस्थानको ठाउँ हो ।
१३ हे परमप्रभु, इस्राएलका आशा
तपाईंलाई त्याग्ने सबै लाजमा पर्नेछन् ।
तपाईंदेखि तर्किजानेहरू धूलोमा लेखिनेछन्
किनकि तिनीहरूले परमप्रभु,
जीवित पानीका मूललाई त्यागेका छन् ।
१४ मलाई निको पार्नुहोस्, हे परमप्रभु,
अनि म निको हुनेछु;
मलाई बचाउनुहोस्, र म बाँच्नेछु,
किनकि मैले प्रशंसा गरेको तपाईंनै
हुनुहुन्छ ।
१५ तिनीहरू मलाई भनिरहन्छन्,
"परमप्रभुको वचन कहाँ छ ?
त्यो अहिले पूरा भइजाओस् !"
१६ म तपाईंको गोठालो हुनदेखि भागेको छैनँ;
मैले दु:खको दिनको इच्छा गरेको छैनँ
भनी तपाईं जान्नुहुन्छ ।
मेरा ओठबाट निस्केका सबै कुरा तपाईंकै
सामुन्ने छ ।
१७ तपाईं मेरो त्रासको कारण नबन्नुहोस्,
मेरा विपत्तिको दिनमा तपाईं नै मेरो
शरणस्थान हुनुहुन्छ ।
१८ मलाई सताउनेहरू शर्ममा परून्,
तर मलाई चाहिँ शर्मबाट जोगाउनुहोस्;
तिनीहरू आतङ्कित होऊन्
तर मलाई आतङ्कबाट जोगाउनुहोस् ।
तिनीहरूमाथि विपत्तिको दिन ल्याइदिनुहोस्;
तिनीहरूलाई दोब्बर विनाशले नष्ट
गरिदिनुहोस् ।

### विश्राम-दिनलाई पवित्र राख्नू

**१९**परमप्रभुले मलाई यसो भन्नुभयो, "जा
अनि यहूदाका राजाहरू भित्र बाहिर गर्ने
मानिसहरूको मूलढोकामा उभी, र यरूशलेमका
अरू सबै मूलढोकाहरूमा उभी । **२०**तिनीहरूलाई
भन्, 'हे यहूदाका राजाहरू अनि यहूदाका सबै
मानिसहरू अनि यी मूलढोकाहरूबाट आउने
यरूशलेमका सबै बासिन्दाहरू, परमप्रभुको
वचन सुन् । **२१**परमप्रभु यसो भन्नुहुन्छ, विश्राम-
दिनमा कुनै भारी नबोक्ने अथवा त्यसलाई
यरूशलेमका मूलढोकाहरू भित्र नल्याउने
कुरामा होशियार रहनू । **२२**विश्राम-दिनमा कुनै
भारी तिमीहरूका घरदेखि बाहिर ननिकाल्नू
अथवा विश्राम-दिनमा कुनै काम नगर्नू, तर
मैले तिमीहरूका पिता-पुर्खाहरूलाई आज्ञा
गरेभैँ विश्राम-दिनलाई पवित्र राख्नू । **२३**तापनि
तिनीहरूले सुनेनन् अथवा ध्यानै दिएनन्; तिनीहरू
हठी थिए अनि कुरा नसुन्ने र अनुशासनप्रति
रूचि नलिनेहरू थिए । **२४**तर यदि तिमीहरूले
मेरा आज्ञा पालन गऱ्यौ भने, परमप्रभु घोषणा
गर्नुहुन्छ, अनि विश्राम-दिनमा यस शहरका
मूलढोकाहरूबाट कुनै भारी ल्याएनौ, तर
विश्राम-दिनमा कुनै काम नगरेर त्यसलाई पवित्र

---

**१७:१०**–भजनसंग्रह ६२:१२; प्रकाश २:२३. **१७:२१**–नहेम्याह १३:१५-२२. **१७:२२**–प्रस्थान २०:८-१०;
व्यवस्था ५:१२-१४.

राख्यौ भने, २५दाऊदका सिंहासनमा बस्ने
राजाहरू यस शहरका मूलढोकाहरूबाट आफ्ना
अधिकारीहरूसित आउनेछन् । तिनीहरू अनि
तिनीहरूका अधिकारीहरू घोड़ाहरूमाथि अनि
रथहरूमा सवार भएर यहूदाका मानिसहरू र
यरूशलेमका मानिसहरूसित आउनेछन् अनि
यो शहर सधैंको लागि आबाद रहनेछ ।
२६मानिसहरू यहूदाका शहरहरूबाट, अनि
यरूशलेमका चारैतिरका ठाउँहरूबाट, अनि
बेन्यामीनका प्रान्तहरू र पश्चिमी तराइ
खण्डहरूबाट, पहाड़ी मुलुक र नेगेवबाट
होमबलि र बलिदानहरू, अन्नबलिहरू, धूप र
धन्यवादी भेटीहरू लिएर परमप्रभुको भवनमा
आउनेछन् । २७तर यदि विश्राम-दिनमा तिमीहरू
यरूशलेमका मूलढोकाहरू भित्र आउँदा कुनै
भारी नबोकी विश्राम-दिनलाई पवित्र राख्ने
काममा मेरो आज्ञा पालन गरेनौ भने म
यरूशलेमका मूलढोकाहरूमा ननिभ्ने आगो
सल्काइदिनेछु जसले त्यसका किल्लाहरू भष्म
पारिदिनेछ' ।"

## कुमालेको घरमा

१८ यर्मियाकहाँ आएको परमप्रभुको वचन
यही हो, २"तल कुमालेको घरमा जा,
अनि त्यहाँ म तँलाई मेरो सन्देश दिनेछु ।"
३यसकारण म कुमालेको घरमा गएँ अनि मैले
त्यसलाई पाङ्रामा काम गरिरहेको देखें । ४तर
त्यसले माटोबाट आकार निकालिरहेको एउटा
भाँड़ा त्यसको हातमा बिग्रियो; यसकारण
त्यस कुमालेले त्यसलाई आफूले मन परेको
आकारमा अर्को भाँड़ा बनायो ।

५तब परमप्रभुको वचन मकहाँ आयो: ६"हे
इस्राएलको घराना, के यस कुमालेले गरेझैं म
गर्न सक्दिनँ ?" परमप्रभु घोषणा गर्नुहुन्छ ।
"हे मानिसको घराना, कुमालेको हातमा माटो
भएझैं तँ पनि मेरो हातमा त्यस्तैछस् । ७यदि
मैले कुनै समय एउटा जातिलाई उखेलिओस्,
टुक्रा पारिएर नाश होस् भनी घोषणा गरें, ८र
मैले चेतावनी दिएको त्यस जातिले आफ्नो
दुष्टताबारे पश्चात्ताप गर्छ भने, म कोमल
भएर आफूले योजना गरेको विपत्ति त्यसमाथि
ल्याउनेछैनँ । ९अनि अर्कोपल्ट यदि एउटा जाति
बनिनु र गठन हुनपर्छ भनेर मैले घोषणा
गरें, १०अनि यदि त्यसले मेरो दृष्टिमा दुष्टता
गर्छ अनि मेरो आज्ञा पालन गर्दैन भने, मैले
त्यसको निम्ति असल गर्न राखेको इच्छामाथि
म पुन: विचार गर्नेछु ।

११"यसकारण अब यहूदाका मानिसहरू र
यरूशलेमा बस्नेहरूलाई भन्, 'परमप्रभु यसो
भन्नुहुन्छ, हेर ! म तिमीहरूको निम्ति एउटा
विपत्ति तयार गर्दैछु र तिमीहरूको विरुद्धमा
एउटा युक्ति रच्दैछु । यसकारण तिमीहरू
हरेक आफ्नो दुष्टताबाट फर्क अनि आफ्ना
चाल र कामहरू सुधार ।' १२तर तिनीहरूले
जवाफ दिनेछन्, 'हामी आफ्नै युक्तिमा
लागिरहनेछौं, हामी हरेक आफ्नै हृदयको
हठीपनको पछि लागिरहनेछौं' ।"

१३यसकारण परमप्रभु यसो भन्नुहुन्छ:

"जाति-जातिहरूबीच सोधखोज गर,
कसले कुनै दिन यस्तो सुनेको छ ?
कुमारी इस्राएलले अति घृणित काम
गरेकी छ ।
१४ के लबानोनको हिउँ कहिल्यै आफ्ना
ढुङ्गेनी भीरबाट अल्पेको छ ?
के टाढ़ाबाट आएको यसको चिसो पानी
कहिल्यै बग्न छोडेको छ ?
१५ तापनि मेरा मानिसहरूले मलाई
बिर्सेका छन्;
तिनीहरू बेकामे मूर्तिहरूलाई धूप
जलाउँछन् ।
जसले तिनीहरूलाई आफ्ना चालहरूमा
अनि पुराना मार्गहरूमा ठोकर खान
लाए ।
तिनीहरूले उनीहरूलाई गोरेटोहरूमा
र नबनाएका बाटोहरूमा हिँड्न लाए ।
१६ तिनीहरूको देश उजाड़ र सधैंको निम्ति
हाँसोको पात्र हुनेछ;
त्यसबाट भएर जाने सबैले भयभीत भएर
आफ्ना शिर हल्लाउनेछन् ।

१७ पूर्वबाट आएको बतासझैँ
म तिनीहरूलाई आफ्ना शत्रुहरूबीच
छरपुष्ट पारिदिनेछु;
तिनीहरूको विपत्तिको समयमा म
तिनीहरूतिर आफ्नो अनुहार होइन
तर आफ्नो पिठिउँ फर्काइदिनेछु ।"

१८तिनीहरूले भने; "आऊ, हामी यर्मियाको
विरुद्धमा युक्ति रचौं; किनकि पूजाहारीद्वाराको
व्यवस्थाको शिक्षा हराउने छैन, नता
बुद्धिमान्‌बाटको सल्लाह, नता अगमवक्ताहरूबाटको
वचन नै हराउने छ । यसकारण आऊ, हामी
त्यसलाई आफ्नो बोलीद्वारा आक्रमण गरौं र
त्यसले भनेको कुनै कुरामा पनि ध्यान नदिऊँ ।"

१९ हे परमप्रभु, मेरा कुरा सुन्नुहोस्;
मलाई दोष लाउनेहरूले भनेका कुरा
सुन्नुहोस् !
२० के असलको निम्ति खराब गरिनुपर्छ ?
तापनि तिनीहरूले मेरो निम्ति एउटा
खाड़ल खनेका छन् ।
म तपाईंको सामुन्ने उभिएँ,
अनि तिनीहरूबाट तपाईंको क्रोध हटाउन
मैले तिनीहरूको पक्षमा बोलेको स्मरण
गर्नुहोस् ।
२१ यसकारण तिनीहरूका छोराछोरीलाई
अनिकालमा पारिदिनुहोस्;
तिनीहरूलाई तरवारको शक्तिमा
सुम्पिदिनुहोस् ।
तिनीहरूका स्वास्नीहरू बालकहीन र
विधवा होऊन्;
तिनीहरूका मानिसहरू मारिऊन्,
तिनीहरूका जवान मानिसहरू
लड़ाइँमा तरवारद्वारा मारिऊन् ।
२२ तपाईंले तिनीहरूको विरुद्धमा अचानक
आक्रमणकारीहरू ल्याउनुहुँदा
तिनीहरूका घरहरूबाट एउटा क्रन्दन
सुनिओस्, किनकि मलाई पक्रन भनी
तिनीहरूले एउटा खाड़ल खनेका छन्,
अनि मेरा खुट्टाहरूको निम्ति पासो
लुकाइराखेका छन् ।
२३ तर हे परमप्रभु, मलाई मार्ने तिनीहरूका
सबै षड्‌यन्त्र तपाईं जान्नुहुन्छ ।
तिनीहरूका अपराधहरू क्षमा नगर्नुहोस्
औ आफ्नो दृष्टिबाट तिनीहरूका पापहरू
नमेटाइदिनुहोस् ।
तिनीहरू तपाईंको सामने नाश होऊन्,
आफ्नो रीसको समयमा तिनीहरूसित
व्यवहार गर्नुहोस् ।

१९ परमप्रभु यसो भन्नुहुन्छः "गएर एउटा
कुमालेबाट माटोको एउटा गाग्रो किन् ।
आफूसित प्रजामध्येका अनि पूजाहारीहरूका
केही बूढ़ा-प्रधानहरू लिएर, २निस्केर खपटे
ढोकाको प्रवेश-द्वारको नजीक भएको बेन-
हिन्ननोमको बेंसीमा जा । त्यहाँ मैले तँलाई
भनेका कुरा घोषणा गर्, ३अनि भन्, 'हे यहूदाका
राजाहरू अनि यरूशलेमका मानिसहरू,
परमप्रभुको वचन सुन । सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
सुन ! म यस ठाउँमाथि एउटा विपत्ति
ल्याउँदैछु जसले त्यसलाई सुन्ने हरेकको कान
झन्झनाइदिनेछ । ४किनकि तिनीहरूले मलाई
त्यागेर यसलाई परदेशी देवताहरूको ठाउँ
बनाएका छन्, तिनीहरूले यस ठाउँमा नता
तिनीहरू आफैले, नता तिनीहरूका पिता-
पुर्खाहरूले, नता यहूदाका राजाहरूले कहिल्यै
चिनेका देवताहरूकहाँ बलिदान जलाएका छन्,
अनि तिनीहरूले यस ठाउँलाई निर्दोषहरूको
रगतले भरिदिएका छन् । ५तिनीहरूले बाल
देवताकहाँ आफ्ना छोराहरू बलिदान चढ़ाउनलाई
बाल देवताका अग्ला ठाउँहरू बनाएका छन्—
जुन कुरोको मैले आज्ञा दिइनँ अथवा बताइनँ,
नता यो मेरो मनमानै आयो । ६यसकारण
होशियार बस, परमप्रभु घोषणा गर्नुहुन्छ, यस्ता
दिनहरू आउँदैछन् जब मानिसहरूले यस
ठाउँलाई फेरि तोपेत अथवा बेन-हिन्नोमको
बेंसी भन्नेछैनन्, तर काट्‌मारको बेंसी भन्नेछन् ।

**१९:२**–२ राजा २३:१०; यर्मिया ७:३०-३२; ३२:३४-३५. **१९:५**–लेवी १८:२१.

७यस ठाउँमा म यहूदा र यरूशलेमका
युक्तिहरू नष्ट पारिदिनेछु । म तिनीहरूलाई
तिनीहरूका शत्रुहरूको सामुन्ने तरवारद्वारा
मारिन दिनेछु, अर्थात् तिनीहरूका हातमा जसले
तिनीहरूका प्राण लिन खोज्छन्, अनि म
तिनीहरूका लाशहरू आकाशका चराहरू र
जमिनका पशुहरूको आहार हुनलाई दिनेछु ।
८म यस शहरलाई भताभुङ्ग गरेर गिल्लाको
पात्र तुल्याउनेछु । त्यसका सबै चोटहरू देखेर
त्यसको छेउबाट भएर जानेहरू सबै तर्सनेछन्
र त्यसलाई गिल्ला गर्नेछन् । ९म तिनीहरूलाई
आफ्ना छोराछोरीका मासु खान लाउनेछु र
तिनीहरूका प्राण लिन खोज्ने शत्रुहरूले हालेको
घेराको प्रभावको समयमा तिनीहरूले एक
अर्काका मासु पनि खानेछन्' ।

१०त्यसपछि तँसित जानेहरूले हेरिरहेको बेला
त्यो गाग्रो फुटाइदे, ११अनि तिनीहरूलाई भन्,
'सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, मैले
जसरी यस गाग्रोलाई फुटाइदिएँ र यो फेरि
जोड़िनेछैन त्यसरी नै म यस जाति र यस
शहरलाई टुक्रा टुक्रा पारिदिनेछु । तिनीहरूले
तोपेतमा ठाउँ नरहुञ्जेल मूर्दा गाड्नेछन् ।
१२म यस ठाउँलाई अनि यसमा बस्नेहरूलाई
यसै गर्नेछु, परमप्रभु घोषणा गर्नुहुन्छ । म यस
शहरलाई तोपेतझैँ बनाइदिनेछु । १३यरूशलेमका
घरहरू अनि यहूदाका राजाहरूका घरहरू यो
ठाउँ, तोपेतझैँ अशुद्ध पारिनेछन्, अर्थात् ती सबै
घरहरू जसमा तिनीहरूले आकाशका सारा
तारामण्डलको निम्ति धुरीमाथि धूप जलाए
अनि अरू देवताहरूको निम्ति अर्घ चढ़ाए' ।

१४त्यसपछि यर्मिया तोपेतबाट फर्के जहाँ
तिनलाई परमप्रभुले अगमवाणी भन्न पठाउनुभएको
थियो, अनि परमप्रभुको मन्दिरको चोकमा उभिए,
अनि सबै मानिसहरूलाई भने, १५सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः
'सुन ! म यस शहर अनि यसका चारैतिरका
गाउँहरूमा मैले तिनीहरूको विरुद्धमा घोषणा
गरेको हरेक विपत्ति ल्याउन लागेको छु, किनकि
तिनीहरू हठी थिए र मेरा वचन सुन्दैन
थिए' ।"

## यर्मिया र पशहूर

२० जब इम्मेरका छोरा, परमप्रभुको
भवनको मुख्य अधिकारीले यर्मियाले
यी कुराहरूको अगमवाणी गरिरहेको सुने,
२तिनले अगमवक्ता यर्मियालाई पिट्न र
ठिंगुरोमा हाल्न लगाएर परमप्रभुको भवनमा
बेन्यामीनको माथिल्लो मूलढोकामा राख्न
लाए । ३भोलिपल्ट, पशहूरले तिनलाई
ठिंगुरोबाट निकालिदिँदा यर्मियाले तिनलाई भने,
"तिम्रो निम्ति परमप्रभुको नाउँ पशहूर होइन
तर मागोर-मिस्साबिब हो । ४किनकि परमप्रभु
यसो भन्नुहुन्छ, म तँलाई आफ्नै निम्ति र तेरा
सबै साथीहरूको निम्ति एउटा आतङ्क बनाउनेछु;
तेरा आफ्नै आँखाले तैंले तिनीहरूलाई
तिनीहरूका शत्रुहरूका तरवारले ढलेका
देख्नेछस् । म सम्पूर्ण यहूदालाई बेबिलोनको
राजाकहाँ सुम्पिदिनेछु, जसले तिनीहरूलाई
बेबिलोनमा लैजानेछ अथवा तरवारले मार्नेछ ।
५म तिनीहरूका शत्रुहरूकहाँ यस शहरका सबै
सम्पत्ति– यसका सबै कमाइ, यसका बहुमूल्य
चीजहरू अनि यहूदाका राजाका सबै भण्डार
सुम्पिदिनेछु । तिनीहरूले यसलाई लूटका मालझैँ
लिएर बेबिलोनमा लगेर जानेछन् । ६अनि तँ,
पशहूर अनि तेरा घरमा बस्ने सबैचाहिँ देशबाट
निकालिएर बेबिलोनमा जानेछन् । त्यहाँ तँ
मर्नेछस् र गाड़िनेछस्, तँ अनि तैले झूटो
अगमवाणी गरेका तेरा सबै साथीहरू' ।"

## यर्मियाको गुनासो

७ हे परमप्रभु, तपाईंले मलाई धोखा दिनुभयो,
अनि मैले धोखा खाएँ,
तपाईंले मलाई बलले जित्नुभयो र सफल
हुनुभयो ।
दिनभरि मेरो ठट्टा हुन्छ,
प्रत्येकले मलाई खिसी गर्छन् ।
८ म जहिले बोले तापनि म हिंसा र विनाश
घोषणा गर्दै कराउँछु,
यसकारण परमप्रभुको वचनले दिनभरि
मेरो निम्ति अपमान् र निन्दा
ल्याइदिन्छ ।

९ तर यदि मैले 'म उहाँको विषयमा भन्दिनँ
अथवा उहाँको नाउँमा अबदेखि बोल्दिनँ'
भनेछु भने,
उहाँको वचन मेरो हृदयमा आगोझैँ,
अर्थात् मेरा हड्डिहरूभित्र थुनिराखेको
आगोझैँ छन् ।
म यसलाई भित्र रोकिराखेकोले
थाकेको छु;
म साँच्चै यसो गर्न सक्दिनँ ।
१० धेरैले कानेखुशी गरेका म सुन्दछु,
त्रास चारैतिर छ !
त्यसको खबर गरौं !
त्यसको विरुद्धमा खबर गरौं !
मेरा सबै मित्रहरू यसो भन्दै मेरो पतन
पर्खिरहेका छन्,
"सायद त्यसले धोखा खान्छ होला;
तब हामी ऊमाथि सफल हुनेछौं
अनि हामी त्यसमाथि आफ्ना साटो
फेरौंला" भन्दै म चिप्लिएको
पर्खिरहेका छन् ।
११ तर परमप्रभु एक पराक्रमी योद्धाझैँ मसित
हुनुहुन्छ;
यसकारण मलाई सताउनेहरूले
ठोक्कर खाएर असफल हुनेछन् ।
तिनीहरू असफल भएर अति अपमानित
हुनेछन्;
तिनीहरूका अपमान् कहिले पनि
बिर्सिइने छैन ।
१२ हे सर्वशक्तिमान् परमप्रभु, तपाईं, जसले
धार्मिकलाई जाँच्नुहुन्छ ।
अनि हृदय र मन तलाश गर्नुहुन्छ,
मलाई तिनीहरूप्रति तपाईंको बद्ला हेर्न
दिनुहोस्,
किनकि मैले आफ्नो पक्ष तपाईंमा
समर्पण गरेको छु ।
१३ परमप्रभुको निम्ति गाओ !
परमप्रभुलाई प्रशंसा देओ !
उहाँले खाँचोमा परेकाहरूको प्राणलाई
दुष्टहरूका हातबाट छुटाउनुहुन्छ ।
१४ म जन्मेको दिन श्रापित होस् !
मेरी आमाले मलाई गर्भधारण गरेको
दिन आशीषित् नहोस् !
१५ त्यो मानिस श्रापित होस्, जसले मेरो
बाबुकहाँ यो खबर ल्याइदियो,
जसले तिनलाई 'तपाईंको छोरा भयो !'
भनेर खुशी तुल्याइदियो ।
१६ त्यो मानिस परमप्रभुले दया नदेखाई नष्ट
गरिदिनुभएका शहरहरूजस्तै
भइजायोस् ।
त्यसले बिहान विलाप र दिउँसो लड़ाइँको
सोर सुन्नपरोस् ।
१७ किनकि त्यसले मेरो आमा मेरो चिहान
भएझैं,
मलाई गर्भैमा मारिदिएन,
नत्रता तिनको गर्भ सधैंको लागि ठूलो नै
रहने थियो ।
१८ कष्ट र दु:ख हेर्नु
अनि आफ्ना दिनहरू शर्ममा समाप्त गर्न
म किन गर्भबाट निस्किआएको छु ?

## परमेश्वरले सिदकियाहको बिन्ती अस्वीकार गर्नुभएको

२१ राजा सिदकियाहले यर्मियालाई
मल्कियाहको छोरा पशहूर र
मासेयाहका छोरा, पूजाहारी सपन्याहकहाँ
पठाउँदा परमप्रभुको वचन यर्मियाकहाँ आयो ।
तिनीहरूले भने, २"बेबिलोनका राजा
नबूकदनेसरले हामीलाई आक्रमण गर्ने हुनाले
हाम्रो निम्ति परमप्रभुसित सोधखोज गर्नुहोस् ।
सायद परमप्रभुले बितेका समयमा झैँ हाम्रो
निम्ति आश्चर्यकर्म गर्नुहुन्छ होला र ऊ
हामीदेखि हटेर जाला ।"

३तर यर्मियाले तिनीहरूलाई जवाफ दिए,
"सिदकियालाई भनिदेओ, ४'परमप्रभु इस्राएलका

**२०:१४-१८**–अय्यूब ३:१-१९. **२१:२**–२ राजा २५:१-११; २ इतिहास ३६:१७-२१.

परमेश्वर यसो भन्नुहुन्छ, पर्खालको बाहिर तिमीहरूलाई घेरेर बसिरहने बेबिलोनको राजा र बेबिलोनीहरूसित लड़ाइँ गर्दा प्रयोग गरिने तिमीहरूका हातमा भएका लड़ाइँका हतियारहरूलाई म तिमीहरूकै विरुद्धमा फर्काउन लागेको छु । अनि म तिनीहरूलाई यस शहर भित्र भेला गराउनेछु ।
**५**म आफै रीस र प्रचण्ड़ क्रोधमा पसारिएको हात र शक्तिशाली बाहु लिएर तिमीहरूको विरुद्धमा लड़ाइँ गर्नेछु ।
**६**यस शहरमा बस्ने मानिसहरू र पशुहरू दुवैलाई म प्रहार गर्नेछु अनि तिनीहरू भयानक विपत्तिद्वारा मर्नेछन् ।
**७**त्यसपछि, परमप्रभु घोषणा गर्नुहुन्छ, यहूदाका राजा सिदकियाह, त्यसका अधिकारीहरू अनि विपत्ति, तरवार र अनिकालबाट उम्केका यस शहरका मानिसहरूलाई म बेबिलोनका राजा नबूकदनेसर र तिनीहरूका प्राण लिन खोज्ने तिनीहरूका शत्रुहरूकहाँ सुम्पिदिनेछु । त्यसले तिनीहरूलाई तरवारले मार्नेछन्; त्यसले तिनीहरूमाथि कुनै कृपा अथवा दया अथवा करूणा देखाउनेछैन ।'

**८**मानिसहरूलाई अझ भन्, परमप्रभु यसो भन्नुहुन्छ, हेर, म तिमीहरूको निम्ति जीवनको बाटो र मृत्युको बाटो राख्दैछु ।
**९**यस शहरमा बस्ने जोसुकै तरवार, अनिकाल र विपत्तिद्वारा मर्नेछ । तर बाहिर निस्केर तिमीहरूलाई घेरेर बसिरहेका बेबिलोनीहरूकहाँ आत्मसमपर्ण गर्ने जोसुकै बाँच्नेछ; त्यो आफ्नो प्राणीसितै उम्कनेछ ।
**१०**मैले यस शहरलाई असल होइन तर हानि गर्ने निश्चय गरेको छु, परमप्रभु घोषणा गर्नुहुन्छ । यसलाई बेबिलोनका राजा नबूकदनेसरको हातमा दिइनेछ र त्यसले यसलाई आगोले नष्ट गर्नेछ ।'

**११**यहूदाको राजकीय घरानालाई भन्, 'परमप्रभुको वचन सुन्,
**१२**हे दाऊदका घराना, परमप्रभु यसो भन्नुहुन्छ:

"हरेक बिहान न्याय गर
जो लूटिएको छ त्यसलाई सताउनेको
हातबाट मुक्त गर,
नत्रता तैंले गरेको दुष्टताको कारण
मेरो क्रोध दन्केर आगोझैँ जल्नेछ,
अनि त्यसलाई निभाउने कोही हुनेछैन ।
**१३** हे यरूशलेम, म तेरो विरुद्धमा छु,
तँ, जो यस बेंसीको माथि ढुङ्गेनी
मालभूमिमा बस्छेस्,
परमप्रभु घोषणा गर्नुहुन्छ–
तँ, जसले भन्छेस्, "हाम्रो विरुद्धमा को
आउन सक्छ ?
हाम्रो शरणस्थानमा कसले प्रवेश गर्न
सक्छ ?"
**१४** म तेरो काम सुहाउँदो दण्ड तँलाई दिनेछु,
परमप्रभु घोषणा गर्नुहुन्छ–
म तेरा वनहरूमा आगो लगाइदिनेछु,
जसले तेरा चारैतिरका प्रत्येक कुरोलाई
भष्म पारिदिनेछ ।"

### दुष्ट राजाहरूमाथि इन्साफ

**२२** परमप्रभु यसो भन्नुहुन्छ: "तल यहूदाको राजाको महलमा जा र त्यहाँ सन्देश घोषणा गर,
**२**'हे यहूदाको राजा, परमप्रभुको वचन सुन्, तँ, जो दाऊदको सिंहासनमा बस्छस्– तँ, तेरा अधिकारीहरू अनि यी मूलढोकाहरूबाट भएर आउने तेरा मानिसहरू ।
**३**परमप्रभु यसो भन्नुहुन्छ, जे न्यायसँगत र उचित छ त्यो गर । लूटिएको व्यक्तिलाई त्यसलाई सताउनेको हातबाट मुक्त गर । परदेशी, अनाथ अथवा विधवामाथि हानि र हिंसा नगर, अनि यस ठाउँमा निर्दोषको रगत नबगा ।
**४**किनकि यदि तँ यी आज्ञाहरू पालन गर्न होशियार भइस् भने दाऊदको सिंहासनमा बस्ने राजाहरू रथहरूमा अनि घोड़ाहरूमा सवार भएर तिनीहरूका अधिकारीहरू र तिनीहरूका प्रजाको साथमा यस महलका मूलढोकाहरूबाट आउनेछन् ।
**५**तर यदि तैंले यी आज्ञाहरू पालन गरिनस् भने, परमप्रभु घोषणा गर्नुहुन्छ, यो महल ध्वंश हुनेछ, भनी म आफ्नै नाउँको शपथ खान्छु' ।"
**६**किनकि यहूदाको राजाको महलको विषयमा

**२२:५**–मत्ती २३:३८; लूका १३:३५.

परमप्रभु यसो भन्नुहुन्छः

"तँ मेरो निम्ति गिलादझैं,
लबानोनको टाकुराझैं भए तापनि,
म निश्चय तँलाई मरुभूमितुल्य,
निर्जन शहरहरू तुल्य बनाउनेछु ।
७ म तेरो विरुद्धमा हरेकले आफ्नै हतियार
लिएको नाशकर्ताहरू पठाउनेछु,
अनि तिनीहरूले तेरा असल देवदारका
बीमहरू काटेर तिनीहरूलाई आगोमा
फ्याँकिदिनेछन् ।

८"धेरै जातिहरूका मानिसहरू यस
शहरबाट भएर जानेछन् अनि आपसमा सोध्नेछन्,
'यो महान् शहरलाई परमप्रभुले किन यस्तो
गर्नुभएको होला ?' ९अनि जवाफ हुनेछ, 'किनकि
तिनीहरूले परमप्रभु, तिनीहरूका परमेश्वरको
करार त्यागेका छन् अनि अरू देवताहरूलाई
पूजेर तिनीहरूकै सेवा गरेका छन्' ।"

१० मरिगएको राजा अथवा त्यसको हानिको
निम्ति नरोओ;
बरू देशबाट निस्किगएको व्यक्तिको
निम्ति नमीठो गरी रोओ,
किनकि त्यो फेरि फर्केर आउनेछैन,
नता त्यसले आफ्नो मातृभूमि फेरि
देख्नेछ ।

११किनकि योशियाहको छोरा शल्लूम जो आफ्ना
पिताको पछि यहूदाका राजा भयो तर जो यस
ठाउँबाट गइहालेको छ, त्यसको विषयमा
परमप्रभु यसो भन्नुहुन्छः "त्यो कहिल्यै
फर्कनेछैन । १२तिनीहरूले त्यसलाई कैद गरेर
लगेकै ठाउँमा त्यो मर्नेछ; त्यसले यस देशलाई
फेरि देख्नेछैन ।"

१३ धिक्कार त्यसलाई जसले अधर्मले आफ्नो
महल बनाउँदछ,
जसले आफ्ना माथिल्ला कोठाहरू
अन्यायले बनाउँछ,
आफ्ना देशवासीहरूलाई केही नदिई
तिनीहरूका परिश्रमको मूल्य नतिरी
काममा लगाउँछ ।
१४ त्यसले भन्छ, 'म आफ्नो निम्ति फराकिला
माथिल्ला कोठाहरू भएको एउटा महल
बनाउनेछु ।'
यसकारण उसले त्यसमा ठूला झ्यालहरू
बनाएर
त्यसमा देवदारका पल्लाहरू लगाउँछ,
अनि त्यसलाई रातो रङ्गले सिंगार्छ ।
१५ के धेरै देवदार बटुल्दैमा तँ राजा
भइहाल्छस् ?
के तेरा पितासित भोजन र पिउने कुरो
थिएन ?
उसले जे उचित र न्यायसङ्गत थिए त्यही
गऱ्यो,
यसकारण त्यसको भलाइ नै भयो ।
१६ त्यसले गरीब र खाँचोमा परेकाहरूको
पक्ष लियो,
अनि त्यसको भलाइ नै भयो ।
के मलाई चिन्नुको अर्थ त्यही होइन ?"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१७ तर तेरा आँखा र हृदय त बेइमानीको
कमाइतिरनिर्दोषको रगत बहाउनुतिर
अनि थिचोमिचो र लूटतिर नै लागेका
छन् ।

१८यसकारण योशियाहका छोरा, यहूदाका राजा
यहोयाकीमको विषयमा परमप्रभु यसो भन्नुहुन्छः

"तिनीहरू त्यसको निम्ति
'हाय मेरा दाज्यू, हाय मेरी बहिनी !'
भन्दै शोक गर्नेछैनन्;
तिनीहरू त्यसको निम्ति
'हाय मेरा मालिक, हाय तिनको शोभा !'
भन्दै शोक गर्नेछैनन् ।
१९ त्यो गधाझैं गाड़िनेछ–
घिस्याउँदै लगेर त्यसलाई यरूशलेम
बाहिर फालिदिनेछन् ।"
२० "लबानोनसम्म उक्लँदै गएर करा

**२२:११**–२ राजा २३:३१-३४; २ इतिहास ३६:१-४. **२२:१८**–२ राजा २३:३६-२४:६; २ इतिहास ३६:५-७.

तेरो स्वर बाशानमा सुनिओस्,
अबारीमबाट करा किनकि तेरा सबै
मित्रहरू नाश भएका छन् ।
२१ तैंले आफैलाई सुरक्षित ठान्दा मैले तँलाई
चेतावनी दिएँ,
तर तैंले 'म सुन्नेछैनँ !' भनिस् ।
यो त तेरो जवानीदेखिकै चाल हो;
तैंले मेरो आज्ञा पालन गरेकै छैनस् ।
२२ हावाले तेरा सबै गोठालाहरूलाई
धपाइदिनेछ,
अनि तेरा मित्रहरू देशबाट निकालिनेछन् ।
तब तेरा सबै दुष्टताहरूको कारण
तँ शर्म र अपमान्मा पर्नेछस् ।
२३ तिमीहरू लबानोनमा बस्नेहरू,
तिमीहरू देवदारका भवनहरूमा गुँड़
बनाएर बस्नेहरू,
तिमीहरूमाथि व्यथा आइपर्दा
अर्थात् सुत्केरीको व्यथाको पीड़ा आइपर्दा
तिमीहरू कसरी चित्कार गर्नेछौ !

**२४**परमप्रभु घोषणा गर्नुहुन्छ, "म निश्चय
जिएझैँ, यहूदाका राजा यहोयाकीमका छोरा
यहोयामकीन तँ यदि मेरा दाहिने हातको छाप-
औंठी भएको भए तापनि म तँलाई तानेर
निकालिदिने थिएँ । **२५**म तँलाई तेरो प्राण
लिनखोज्ने बेबिलोनको राजा नबूकदनेसर अनि
बेबिलोनीहरूकहाँ सुम्पिदिनेछु । **२६**म तँलाई र
तँलाई जन्म दिने तेरी आमालाई तिमीहरूको
जन्म नभएको देशमा फ्याँकिदिनेछु, र तिमीहरू
दुवै त्यहीँ नै मर्नेछौ । **२७**तिमीहरूले फर्कन
इच्छा गरेका देशमा तिमीहरू कहिल्यै फर्केर
आउनेछैनौ ।"

२८ के यो मानिस यहोयाकीन एउटा उपेक्षित
फुटेको भाँड़ा हो,
जसलाई कसैले मन पराउँदैन ?
त्यो अनि त्यसका छोराछोरीहरू किन
झटारो हानिएर तिनीहरूले नजानेको
देशमा फ्याँकिन्छन् ?

२९ हे देश, देश, देश, परमप्रभुको वचन
सुन् !
३० परमप्रभु यसो भन्नुहुन्छ:

"यस मानिसलाई सन्तानहीन भनी दर्ता
गर्,
एउटा मानिस जो जीवनभरि सफल
हुनेछैन,
किनकि त्यसका कुनै पनि सन्तान
सफल हुनेछैन,
कोही दाऊदको सिंहासनमा बस्नेछैन
अथवा कसैले यहूदामा फेरि शासन
गर्नेछैन ।"

### धर्मी हाँगा

**२३** "धिक्कार ती गोठालाहरूलाई, जोहरूले
मेरा खर्कका भेड़ाहरूलाई नाश गर्दैछन्
र तितर बितर पार्दैछन् !" परमप्रभु घोषणा
गर्नुहुन्छ । **२**यसकारण मेरा भेड़ाहरूको हेरचाह
गर्ने गोठालाहरूलाई परमप्रभु इस्राएलका पर
मेश्वर यसो भन्नुहुन्छ: "तिमीहरूले मेरो
बगाललाई तितर बितर पारेर टाढ़ो धपाइदिएको
अनि तिनीहरूको हेरचाह नगरेको कारण,
तिमीहरूले गरेको दुष्टताको निम्ति म
तिमीहरूलाई दण्ड दिनेछु," परमप्रभु घोषणा
गर्नुहुन्छ । **३**"मैले तिनीहरूलाई धपाइदिएका
सबै देशहरूबाट मेरो बगालका बाँचेकाहरूलाई
म आफै भेला गराउनेछु अनि तिनीहरूलाई
आफ्नै खर्कमा फर्काएर ल्याउनेछु, जहाँ तिनीहरू
फलदायक भई सङ्ख्यामा बढ्नेछन् । **४**म
तिनीहरूमाथि गोठालाहरू राखिदिनेछु जसले
तिनीहरूको हेरचाह गर्नेछन्, अनि तिनीहरू
फेरि डराएको र आतङ्कित हुनेछैनन्, नता कुनै
हराइजानेछन्," परमप्रभु घोषणा गर्नुहुन्छ ।

५ परमप्रभु घोषणा गर्नुहुन्छ:
"दिन आउँदैछ, जब म दाऊदकहाँ
एउटा धार्मिक हाँगा खड़ा गर्नेछु,
एउटा राजा जसले बुद्धिले न्याय गर्नेछ,

**२२:२४**–२ राजा २४:८-१५; २ इतिहास ३६:९-१०. **२३:५-६**–यर्मिया ३३:१४-१६.

अनि देशमा जे न्यायसंगत र ठीक छ
त्यही गर्नेछ ।
६ त्यसको समयमा यहूदा बचाइनेछ
अनि इस्राएल सुरक्षित रहनेछ ।
त्यसलाई कहलाउने नाउँ यही हो,
परमप्रभु हाम्रा धार्मिकता ।

७“यसकारण, परमप्रभु घोषणा गर्नुहुन्छ,
दिन आउँदैछ जब मानिसहरूले ‘इस्राएलीहरूलाई
मिश्रबाट माथि निकालेर ल्याउनुहुने परमप्रभु
निश्चय जिएझैं’ भनेर फेरि भन्नेछैनन्,
८तर ‘इस्राएलको सन्तानलाई उत्तरको देशबाट
र उहाँले तिनीहरूलाई देशबाट निकालेर
पठाउनुभएका सबै देशहरूबाट निकालेर ल्याउनुहुने
परमप्रभु निश्चय जिएझैं’ भनेर भन्नेछन् । तब
तिनीहरू आफ्नै देशमा बस्नेछन् ।”

## झूटा अगमवक्ताहरू

९ अगमवक्ताहरूको विषयमा,
मेरो हृदय आफूभित्रै चूर्ण भएको छ,
मेरा सबै हाड़हरू काम्छन् ।
परमप्रभुको अनि उहाँको पवित्र वचनको
कारण म त एउटा मातेको मानिसझैं छु
मद्यले चूर भएको मानिसझैं ।
१० देश व्यभिचारीहरूले भरिएको छ;
श्रापको कारण देश ड़ढेको अवस्थामा छ
अनि मरुभूमिका खर्कहरू सुकिसकेका
छन् ।
अगमवक्ताहरू दुष्ट मार्ग पछ्याउँछन् ।
११ “अगमवक्ता र पूजाहारी दुवै ईश्वरहीन
छन्,
मेरो मन्दिरमा पनि म तिनीहरूका दुष्टता
पाउँछु,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१२ “यसकारण तिनीहरूका बाटोहरू चिप्ला
हुनेछन्,
तिनीहरू अँध्यारोमा निकालिपठाइनेछन्,
अनि त्यहीं तिनीहरू लड़नेछन् ।
तिनीहरूले दण्ड पाएको वर्ष
म तिनीहरूमाथि विपत्ति ल्याउनेछु,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१३ “सामरियाका अगमवक्ताहरूबीच
मैले यो घृणाजनक कुरो देखें;
तिनीहरूले बालको निम्ति अगमवाणी
गरे,
अनि मेरो जाति इस्राएललाई
बहकाइदिए ।
१४ अनि यरूशलेमका अगमवक्ताहरूबीच
मैले केही डरलाग्दो कुरो देखें;
तिनीहरू व्यभिचार गर्छन् र झूटो
चाल चल्छन् ।
तिनीहरूले दुष्ट काम गर्नेहरूका हात
बलिया पार्छन,
र कोही पनि आफ्नो दुष्टताबाट
फर्कंदैन ।
तिनीहरू सबै मेरो निम्ति सदोमझैं हुन्
यरूशलेमका मानिसहरू गमोराझैं हुन् ।”

१५यसकारण अगमवक्ताहरूको विषयमा
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:

“म तिनीहरूलाई तीतो भोजन खान
लाउनेछु,
अनि विषक्त पानी पिउन दिनेछु,
किनकि यरूशलेमका अगमवक्ताहरूद्वारा
देशभरि ईश्वरहीनता फैलिएर गएको छ ।”
१६ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
“अगमवक्ताहरूले तिमीहरूलाई
अगमवाणी गरेका कुरा नसुन्नू;
तिनीहरूले तिमीहरूमा झूटा आशा
भरिदिन्छन् ।
तिनीहरू परमप्रभुको मुखबाट होइन
तर तिनीहरू आफैका मनबाट दर्शनहरू
भन्छन् ।
१७ मलाई घृणा गर्नेहरूलाई तिनीहरू
भनिरहन्छन्,

**२३:१४**–उत्पत्ति १८:२०; इजकिएल १६:४९.

'परमप्रभु भन्नुहुन्छ, तिमीहरूलाई शान्ति हुनेछ ।'
अनि आफ्ना हृदयका हठीपनको पछि लाग्नेहरूलाई तिनीहरू भन्छन्,
'तिमीहरूमा कुनै हानि आउनेछैन ।'
१८ तर हेर्न अनि उहाँको वचन सुन्नलाई तिनीहरूमध्ये को चाहिँ परमप्रभुको सभामा खड़ा भएको छ ?
कसले ध्यान दिएको अनि उहाँको वचन सुनेको छ ?
१९ हेर, परमप्रभुको आँधी-बेह्री देशमा पड़किनेछ,
दुष्टहरूका शिरमाथि भुमरीको झोक्का बजारिनेछ ।
२० आफ्नो हृदयको उदेश्यहरू पूर्ण रूपले सर्म्पन्न नगर्नुभएसम्म
परमप्रभुको क्रोध पछि फर्कनेछैन ।
आउँदा दिनहरूमा तिमीहरूले यो स्पष्ट गरी बुझ्नेछौ ।
२१ मैले यी अगमवक्ताहरूलाई पठाइनँ,
र पनि तिनीहरू आफ्ना सन्देश लिएर कुदेका छन्;
म तिनीहरूसित बोलिनँ,
र पनि तिनीहरूले अगमवाणी बोलेका छन् ।
२२ तर यदि तिनीहरू मेरो सभामा खड़ा भएका भए तिनीहरूले मेरा मानिसहरूलाई मेरो वचन घोषणा गरेका हुने थिए,
अनि तिनीहरूलाई आफ्ना दुष्ट चालहरूबाट र आफ्ना कुकर्महरूबाट फर्काउने थिए ।
२३ परमप्रभु घोषणा गर्नुहुन्छ,
के म नजीकको परमेश्वर मात्र हुँ,
अनि टाढ़ाको परमेश्वरचाहिँ होइनँ ?
२४ परमप्रभु घोषणा गर्नुहुन्छ,
"के कोही गुप्त ठाउँहरूमा लुक्न सक्छ,
र म त्यसलाई देख्न सक्दिनँ ?"
परमप्रभु घोषणा गर्नुहुन्छ,
"के म स्वर्ग र पृथ्वीलाई ढाक्दिनँ ?"

**२५**"मेरा नाउँमा झूटो अगमवाणी गर्ने
अगमवक्ताहरूले भनेको कुरा मैले सुनेको छु ।
तिनीहरू भन्छन् 'मैले सपना देखेको छु, मैले
सपना देखेको छु ।' **२६**आफ्नो मनका भ्रमको
अगमवाणी गर्ने झूटा अगमवक्ताहरूका हृदयमा
यो कहिलेसम्म भइरहने हो ? **२७**तिनीहरूले
आपसमा भनेका सपनाहरूले मेरा मानिसहरूलाई
मेरो नाउँ बिर्सिन लाउनेछन् भनी तिनीहरू
सम्झन्छन्, जस्तो तिनीहरूका पिता-पुर्खाहरूले
बाल पूजा गरेर मेरो नाउँ बिर्से । **२८**सपना
देख्ने अगमवक्ताले उसको सपनानै भनोस् तर
मेरो वचन हुने अगमवक्ताले त्यसलाई
विश्वासयोग्यतासित भनोस् । किनकि परालको
अन्नसित के सम्बन्ध ?" परमप्रभु घोषणा
गर्नुहुन्छ । **२९**"के मेरो वचन आगोझैँ छैन,"
परमप्रभु घोषणा गर्नुहुन्छ, "अनि चट्टानलाई
टुक्रा टुक्रा पार्ने मार्तोलझैँ छैन ?"
**३०**परमप्रभु घोषणा गर्नुहुन्छ, "यसकारण
म ती अगमवक्ताहरूको विरुद्धमा छु जोहरूले
मबाट आएको वचन हो भन्दै एक अर्काबाट
वचन चोर्ने गर्छन् ।" **३१**परमप्रभु घोषणा
गर्नुहुन्छ, "हो, म ती अगमवक्ताहरूको विरुद्धमा
छु जोहरूले आफ्नै जिब्राहरू हल्लाउँछन् र
पनि 'परमप्रभु घोषणा गर्नुहुन्छ' भनी घोषणा
गर्छन् ।" **३२**परमप्रभु घोषणा गर्नुहुन्छ, "साँच्चै,
म झूटा सपना अगमवाणी गर्ने अगमवक्ताहरूको
विरुद्धमा छु । उनीहरूले तिनीहरूलाई भन्छन्
अनि आफ्ना अविवेकी झूटहरूद्वारा मेरा
मानिसहरूलाई बहकाइदिन्छन्, तापनि मैले
तिनीहरूलाई पठाएको अथवा नियुक्त गरेको
होइनँ ।" परमप्रभु भन्नुहुन्छ, तिनीहरूले यी
मानिसहरूलाई अलिकता पनि लाभ दिएनन् ।"

### झूटा ईश्वरवाणी र झूटा अगमवक्ताहरू

**३३**यी मानिसहरूले अथवा अगमवक्ताले
अथवा पूजाहारीले 'परमप्रभुको दिव्यवाणी के
छ ?' भनी तँलाई सोध्दा तिनीहरूलाई भन् 'के
दिव्यवाणी ? म तिमीहरूलाई त्यागिदिनेछु,
परमप्रभु घोषणा गर्नुहुन्छ ।' **३४**यदि कुनै
अगमवक्ता अथवा पूजाहारी अथवा कसैले

'परमप्रभुको ईश्वरवाणी यही हो' भनी दाबी गर्छ
भने, म त्यस मानिस र त्यसको घरानालाई
दण्ड दिनेछु। **३५**तिमीहरूमध्ये हरेकले आफ्नो
साथी अथवा आफन्तलाई यसरी भनिरहने गर्छौ,
'परमप्रभुको जवाफ के छ ?' अथवा 'परमप्रभुले
के बोल्नुभएको छ ?' **३६**तर तिमीहरूले फेरि
'परमप्रभुको ईश्वरवाणी' भनेर उल्लेख गर्नुहुन्न
किनकि हरेक मानिसको आफ्नै वचन उसको
ईश्वरवाणी भइहाल्छ, र यसरी तिमीहरूले जीवित
परमेश्वर, सर्वशक्तिमान् परमप्रभु हाम्रा
परमेश्वरको वचनलाई बिगार्दछौ। **३७**तिमीहरूले
अगमवक्तालाई यसो भनिरहन्छौ, 'तिमीहरूलाई
परमप्रभुको जवाफ के छ ?' अथवा 'परमप्रभुले
के बोल्नुभएको छ ?' **३८**तिमीहरूले 'परमप्रभुको
ईश्वरवाणी यो हो' भनेर दाबी गरे तापनि
परमप्रभु यसो भन्नुहुन्छ । तिमीहरूले 'यो
परमप्रभुको ईश्वरवाणी हो' भनेर दाबी नगर्नू
भनेर मैले तिमीहरूलाई भने तापनि तिमीहरूले
'यो परमप्रभुको ईश्वरवाणी हो' भन्यौ ।
**३९**यसकारण म निश्चय तिमीहरूलाई बिर्सनेछु
अनि मैले तिमीहरू र तिमीहरूका पिता-पुर्खालाई
दिएको शहरको साथमा म तिमीहरूलाई पनि
मेरो उपस्थितिबाट बाहिर निकालिदिनेछु। **४०**म
तिमीहरूमाथि अनन्तको अपमान्– कहिल्यै भूल्न
नसकिने अनन्तको शर्म ल्याइदिनेछु।"

### दुई टोकरी नेभाराहरू

**२४** यहोयाहीमको छोरा, यहूदाका राजा
यहोयाकीन अनि अधिकारीहरू,
यहूदाका कारीगरहरू र शिल्पीहरू बेबिलोनको
राजा नबूकदनेसरद्वारा यरूशलेमबाट निकालिएर
बेबिलोनमा लगिएपछि परमप्रभुले मलाई
परमप्रभुको मन्दिरको सामुन्ने राखिएका दुई
टोकरी नेभाराहरू देखाउनुभयो । **२**एउटा
टोकरीमा चाँडै पाक्ने किसिमका अति असल
नेभारा थिए, अर्को टोकरीमा चाहिँ खानै नसकिने
गरी अति नराम्रा नेभारा थिए।

**३**तब परमप्रभुले मलाई सोध्नुभयो, "यर्मिया,
तँ के देख्छस् ?"

मैले जवाफ दिएँ, "नेभाराहरू। राम्राहरू
अति राम्रा असल छन् तर नराम्राहरू चाहिँ
खानै नसकिने गरी नराम्रा छन्।"

**४**तब परमप्रभुको वचन मकहाँ आयो:
**५**"परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
'मैले यस ठाउँबाट बेबिलोनीहरूको देशमा देश-
निष्काषन गरी पठाएका यहूदाका मानिसहरूलाई
म यी असल नेभाराहरूझैँ ठान्छु। **६**मेरा आँखा
तिनीहरूको भलाइको निम्ति जागा रहनेछन्, र
म तिनीहरूलाई यस देशमा फर्काएर ल्याउनेछु।
म तिनीहरूलाई यस देशमा फर्काएर ल्याउेछु।
म तिनीहरूलाई भत्काउने होइन तर निर्माण
गर्नेछु; म तिनीहरूलाई उखेल्ने होइन तर
रोप्नेछु। **७**म तिनीहरूलाई मनै परमप्रभु हुँ भनी
जान्ने हृदय दिनेछु। तिनीहरू मेरा प्रजा हुनेछन्
र म तिनीहरूका परमेश्वर हुनेछु, किनकि तिनीहरू
आफ्ना सम्पूर्ण हृदयले मकहाँ फर्कनेछन्।

**८**परमप्रभु घोषणा गर्नुहुन्छ, 'तर खानै नहुने
गरी नराम्रा ती नेभाराहरूझैँ म यहूदाको
राजा सिदकियाह, त्यसका अधिकारीहरू र
यरूशलेममा बाँचेर बसिरहेकाहरूसित व्यवहार
गर्नेछु, चाहे तिनीहरू यस देशमै रहून् अथवा
मिश्रमै रहून्। **९**म तिनीहरूलाई पृथ्वीका सबै
राज्यहरूको निम्ति अति घीनलाग्दो र मन
नपर्ने बनाउनेछु, अर्थात् मैले तिनीहरूलाई
निकालेर जहाँ पठाए तापनि तिनीहरू
निन्दा र आहान् अनि गिल्ला र श्रापका पात्र
बनिनेछन्। **१०**मैले तिनीहरूलाई र तिनीहरूका
पिता-पुर्खाहरूलाई दिएको देशमा तिनीहरू नाश
नभएसम्म म तिनीहरूको विरुद्धमा तरवार,
अनिकाल र विपत्ति पठाउनेछु'।"

### सत्तरी वर्षको कैद

**२५** योशियाहको छोरा, यहूदाको राजा
यहोयाकीमको शासनको चौथो वर्ष
अर्थात् बेबिलोनका राजा नबूकदनेसरको पहिलो
वर्षमा यहूदाका सारा मानिसहरूको विषयमा

**२४:१**–२ राजा २४:१२-१६; २ इतिहास ३६:१०. **२५:१**–२ राजा २४:१; २ इतिहास ३६:५-७; दानिएल १:१-२.

यर्मियाकहाँ वचन आयो। २यसकारण अगमवक्ता यर्मियाले यहूदाका सबै मानिसहरूलाई अनि यरूशलेममा रहनेहरूलाई भन्: ३तेइस वर्षसम्म, अर्थात् आमोनको छोरा, यहूदाका राजा योशियाहको तेह्रौं वर्षदेखि आजको दिनसम्म परमप्रभुको वचन मकहाँ आएको छ अनि म तिमीहरूसित बारम्बार बोलिरहेको छु, तर तिमीहरूले सुनेका छैनौ।

४अनि परमप्रभुले यी दास अगमवक्ताहरूलाई तिमीहरूकहाँ बारम्बार पठाउनु भए तापनि तिमीहरूले सुनेका र ध्यान दिएका छैनौ। ५तिनीहरूले भने, "तिमीहरू हरेक आफ्नो दुष्ट मार्गहरू र तिमीहरूका कुरीतिहरूबाट फर्क, अनि तिमीहरू परमप्रभुले तिमीहरूलाई र तिमीहरूका पिता-पुर्खाहरूलाई दिनुभएको देशमा सदाको निम्ति बस्न सक्नेछौ। ६अरू देवताहरूको सेवा गर्न र तिनीहरूलाई पूज्न तिमीहरू ती देवताहरूको पछि नलाग, तिमीहरूका हातले बनाएका कुराहरूप्रति मेरो रीसलाई नचम्काओ। तब म तिमीहरूको हानि गर्ने छैनँ।"

७परमप्रभु घोषणा गर्नुहुन्छ, "तर तिमीहरूले मेरो कुरा सुनेनौ, अनि आफ्ना हातले बनाएका कुराहरूले तिमीहरूले मलाई रीस उठायौ, र तिमीहरूले आफैमाथि हानि ल्यायौ।"

८यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ: "तिमीहरूले मेरा कुरा नसुनेकोले, ९म उत्तरको सबै जातिहरूलाई अनि मेरो दास बेबिलोनका राजा नबूकदनेसरलाई बोलाइपठाउनेछु," परमप्रभु घोषणा गर्नुहुन्छ, "अनि म तिमीहरूलाई यस देश र यसका बासिन्दाहरूको विरुद्धमा र वरिपरिका जातिहरूको विरुद्धमा ल्याउनेछु। म तिनीहरूलाई सम्पूर्ण रुपले नाश गर्नेछु अनि तिनीहरूलाई आतङ्क र घृणा अनि अनन्तको विनाशका पात्र बनाउनेछु। १०म तिनीहरूलाई हर्ष र आनन्दको सोरबाट, दुलही र दुलहाको आवाजबाट, जाँतोको आवाजबाट अनि बत्तीको उज्यालोबाट धपाइदिनेछु। ११यो सम्पूर्ण देश उजाड़ र बाँझो भइजानेछ, अनि यी जातिहरूले सत्तरी वर्षसम्म बेबिलोनको राजाको सेवा गर्नेछन्।

१२तर सत्तरी वर्ष पुगेपछि म बेबिलोनको राजा र त्यसको जाति बेबिलोनीहरूलाई तिनीहरूको दोषको निम्ति दण्ड दिनेछु अनि त्यसलाई सधैँको निम्ति उजाड़ पारिदिनेछु," परमप्रभु घोषणा गर्नुहुन्छ। १३"मैले त्यस देशको विरुद्धमा बोलेका सबै कुराहरू, यस पुस्तकमा लेखिएका सबै कुराहरू अनि यर्मियाले सबै जातिहरूको विरुद्धमा अगमवाणी गरेका सबै कुराहरू ल्याउनेछु। १४तिनीहरू आफैचाहिँ धेरै जातिहरूद्वारा अनि महान् राजाहरूद्वारा दास बनाइनेछन्; म तिनीहरूकै कामहरू र आफ्ना हातका कामहरू अनुसार तिनीहरूलाई साटो फेर्नेछु।"

### परमेश्वरको क्रोधको कचौरा

१५परमप्रभु, इस्राएलका परमेश्वरले मलाई यसो भन्नुभयो: "मेरो क्रोधको मद्यले भरिएको यो कचौरा मेरो हातबाट लिएर मैले तँलाई पठाएका सबै जातिहरूलाई यो पिउन दे। १६तिनीहरूले यो पिएपछि मैले तिनीहरूबीच पठाउने तरवारको कारण तिनीहरू धरमराएर बौलाउनेछन्।"

१७यसकारण मैले त्यो कचौरा परमप्रभुको हातबाट लिएर उहाँले मलाई पठाउनुभएका जातिहरूलाई पिउन दिएँ: १८अर्थात् तिनीहरू आज जस्ता छन्, त्यस्तै गरी तिनीहरूलाई नाश पार्नलाई यरूशलेम अनि यहूदाका शहरहरू, त्यसका राजाहरू र अधिकारीहरूलाई आतङ्क र घृणा अनि श्रापको पात्र बनाउनलाई; १९मिश्रको राजा फिरऊन र त्यसका कर्मचारीहरू, त्यसका अधिकारीहरू र त्यसका मानिसहरू, २०अनि त्यहाँका सबै परदेशी मानिसहरू, अनि ऊज देशका सबै राजाहरूलाई; पलिश्तीका सबै राजाहरूलाई (अश्कलोन, गाजा, एक्रोन अनि अश्दोदमा छोड़िएका सबै

---

**२५:१०**–यर्मिया ७:३४; १६:९; प्रकाश १८:२२-२३. **२५:११**–२ इतिहास ३६:२१; यर्मिया २९:१०; दानिएल ९:२.

मानिसहरू); **२१**एदोम, मोआब र अम्मोन; **२२**टायर
र सीदोनका सबै राजाहरू; समुद्रकिनारका सबै
राजाहरू; **२३**ददान, तेमा, बूज अनि टाढ़ा ठाउँहरूमा
भएका सबै; **२४**अरब देशका सबै राजाहरू
अनि मरुभूमिमा बस्ने परदेशी मानिसहरूका
सबै राजाहरू, **२५**जिम्री, एलाम र मादैका सबै
राजाहरू; **२६**अनि नजीक-टाढ़ाका उत्तरका सबै
राजाहरू, एउटा पछि अर्को, पृथ्वीको सतहमा
भएका सबै राज्यहरू । अनि तिनीहरू सबैको
पछि शेशकको राजाले पनि त्यो पिउनेछ ।

**२७**"तब तिनीहरूलाई भन्, 'सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
पिऊ, मात र बान्ता गर अनि मैले तिमीहरूमा
पठाउने तरवारको कारण कहिल्यै नउठ्ने गरी
लड़ । **२८**तर तिनीहरूले तेरो हातबाट कचौरा
लिएर पिउन अस्वीकार गरे भने तिनीहरूलाई
भन्, 'सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
तिमीहरूले यो पिउनै पर्छ ! **२९**हेर, म आफ्नो
नाउँ भएको शहरमाथि विपत्ति ल्याउन शुरु
गर्दैछु, अनि के तिमीहरू दण्ड नपाइरहनेछौ ?
तिमीहरू दण्ड नपाइरहनेछैनौ, किनकि म
यस पृथ्वीमा सबैमाथि तरवार खटाउँदैछु,
सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।'

**३०**"अब तिनीहरू सबैको विरुद्धमा अगमवाणी
गरेर तिनीहरूलाई भन्:

"'परमप्रभु अग्लोबाट गर्जनुहुनेछ;
उहाँ आफ्नो पवित्र वासस्थानबाट मेघझैं
गर्जनुहुनेछ,
अनि आफ्नो देशको विरुद्धमा जोरसित
गर्जनुहुनेछ,
उहाँ पृथ्वीमा बस्ने सबैको विरुद्धमा
अङ्गूर कुल्चनेहरूझैं जोरसित
कराउनुहुनेछ ।

**३१** खैलाबैला पृथ्वीको पल्लो छेउहरूसम्म
गुञ्जिनेछ,
किनकि परमप्रभुले जातिहरूको विरुद्धमा
अभियोग लगाउनुहुनेछ,
उहाँले सबै मानवजातिमाथि इन्साफ
ल्याउनुहुनेछ,
अनि दुष्टहरूलाई तरवारले मार्नुहुनेछ,'"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**३२** सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"हेर, जातिदेखि जातिसम्म विपत्ति फैलिदैछ;
पृथ्वीको पल्लो छेउबाट
एउटा शक्तिशाली आँधी-बेह्री उठ्दैछ ।"

**३३**त्यस बेला परमप्रभुद्वारा मारिएकाहरू
चारैतिर– पृथ्वीको एक छेउबाट अर्को छेउसम्म
हुनेछन् । तिनीहरूको निम्ति न त शोक
गरिनेछ न त तिनीहरू गाड़िनेछन् तर भूइँमा
पड़िरहेको फोहोरझैं हुनेछन् ।

**३४** तिमीहरू गोठालाहरू, रोऊ, विलाप गर,
तिमीहरू बगालका अगुवाहरू धूलोमा
लड़ीबड़ी गर ।
किनकि तिमीहरूको काटमारको समय
आएको छ;
तिमीहरू लड्नेछौ अनि सुन्दर भाँड़ाझैं
टुक्रा-टुक्रा हुनेछौ ।

**३५** गोठालाहरूको निम्ति भाग्ने ठाउँ हुनेछैन,
बगालका अगुवाहरूको निम्ति उम्कने
ठाउँ हुनेछैन ।

**३६** गोठालाहरूका क्रन्दन सुन,
बगालका अगुवाहरूका विलाप सुन,
किनकि परमप्रभुले तिनीहरूका खर्क नाश
गर्नुहुँदैछ ।

**३७** परमप्रभुको भयानक क्रोधको कारण
शान्तिपूर्ण चरनहरू उजाड़ हुनेछन् ।

**३८** उहाँले सिंहले झैं आफ्नो ओड़ार छोड्नुहुनेछ,
अनि थिचोमिचो गर्नेको तरवारको कारण
र परमप्रभुको डरलाग्दो क्रोधको कारण
तिनीहरूको देश उजाड़ भइजानेछ ।

### यर्मियालाई मृत्युको धम्की

**२६** योशियाहको छोरा, यहूदाको राजा
यहोयाकीमको शासनको शुरुमा

**२६:१**–२ राजा २३:३६-२४:६; २ इतिहास ३६:५-७.

परमप्रभुबाट यो वचन आयो: **२**“परमप्रभु यसो
भन्नुहुन्छ, परमप्रभुको भवनको चोकमा खड़ा
भएर परमप्रभुको भवनमा पूजा गर्न आउने
यहूदाका शहरहरूका सबै मानिसहरूसित कुरा
गर् । तिनीहरूलाई मैले तँलाई आज्ञा गरेको
प्रत्येक कुरा भन्, एक शब्द पनि नछोड् ।
**३**सायद तिनीहरूले सुन्लान् र हरेक आफ्नो
दुष्ट चालबाट फर्कलान् । तब म आफ्नो कठोर
विचार त्याग्नेछु र तिनीहरूले गरेका दुष्टताको
कारण तिनीहरूमाथि विपत्ति ल्याउनेछु भनेर
ठानेको म गर्नेछैनँ । **४**तिनीहरूलाई भन्,
परमप्रभु यसो भन्नुहुन्छ: यदि तिमीहरूले
मेरा कुरा सुनेनौ अनि मैले तिमीहरूको सामुन्ने
राखिदिएको मेरो व्यवस्थाअनुसार चलेनौ भने,
**५**अनि यदि तिमीहरूले मैले तिमीहरूकहाँ
बारम्बार पठाएका मेरा दास अगमवक्ताहरूका
कुरा सुनेनौ भने (यद्यपि तिमीहरूले सुनेका
छैनौ), **६**तब म यस भवनलाई शीलोजस्तै अनि
यस शहरलाई पृथ्वीका सबै जातिहरूबीच एउटा
श्रापको पात्र बनाउनेछु’ ।”

**७**पूजाहारीहरू, अगमवक्ताहरू अनि सबै
मानिसहरूले परमप्रभुको भवनमा यर्मियाले
भनेका यी वचनहरू सुने । **८**तर परमप्रभुले
तिनलाई भन्नु भनी आज्ञा दिनुभएका सबै
कुराहरू यर्मियाले भनिसक्नासाथ, पूजाहारीहरू,
अगमवक्ताहरू र सबै मानिसहरूले तिनलाई
समातेर भने, “तँ मर्नै पर्छ ! **९**यो भवन शीलोजस्तै
अनि यो शहरचाहिँ उजाड़ र त्यागिएको हुनेछ
भनेर परमप्रभुको नाउँमा किन अगमवाणी
भनिस् ?” अनि सबै मानिसहरू परमप्रभुको
भवनमा यर्मियाको चारैतिर धुइरो लागे ।

**१०**जब यहूदाका अधिकारीहरूले यो सुने,
तिनीहरू राजमहलबाट परमप्रभुको भवनमा
उक्लेर गए अनि परमप्रभुको नयाँ मूलढोकाको
प्रवेश-द्वारमा आफ्ना आसन लिए । **११**तब
पूजाहारीहरू र अगमवक्ताहरूले अधिकारीहरू
र सबै मानिसहरूलाई भने, “यस मानिसलाई
मृत्युदण्ड दिनुपर्छ किनकि यसले यस शहरको
विरुद्धमा अगमवाणी गरेको छ । तपाईंहरूले
यो आफ्नै कानले सुन्नुभएको छ !”

**१२**तब यर्मियाले सबै अधिकारीहरू र सबै
मानिसहरूलाई भने, “परमप्रभुले मलाई यस
भवन र यस शहरको विरुद्धमा तिमीहरूले सुनेका
सकै कुराहरू अगमवाणी गर्न पठाउनुभयो ।
**१३**अब तिमीहरू आफ्ना चालहरू र कामहरू
सुधार अनि परमप्रभु तिमीहरूका परमेश्वरका
आज्ञा पालन गर । तब परमप्रभुले आफ्नो विचार
बद्ली गर्नुहुनेछ र उहाँले तिमीहरूको विरुद्धमा
घोषणा गर्नुभएको विपत्ति ल्याउनुहुनेछैन ।
**१४**मेरो विषयमा चाहिँ, मता तिमीहरूकै हातमा
छु; मसित तिमीहरूलाई जे असल र ठीक छ
त्यही गर । **१५**तापनि, यो निश्चय ठान कि
तिमीहरूले मलाई मार्‍यौ भने, तिमीहरूले निर्दोष
रगतको दोष आफैमाथि ल्याउनेछौ, किनकि
तिमीहरूले सुन्ने गरी यी सबै वचनहरू
तिमीहरूलाई भन्नु भनेर परमप्रभुले मलाई
सत्यतामा पठाउनु भएको छ ।”

**१६**तब ती अधिकारीहरू र मानिसहरूले
पूजाहारीहरू र अगमवक्ताहरूलाई भने, “यस
मानिसलाई मृत्युदण्ड दिनुहुन्न ! यसले हामीसित
परमप्रभु हाम्रा परमेश्वरको नाउँमा कुरा
गरेको छ ।”

**१७**बूढ़ा-प्रधानहरूमध्ये कोही कोहीले
अघि सरेर मानिसहरूको सम्पूर्ण समूदायलाई
भने, **१८**“मारसेतका मीकाले यहूदाका राजा
हिजकियाहको समयमा अगमवाणी गरे । तिनले
यहूदाका सबै मानिसहरूलाई भने, ‘सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छ:

> “‘सियोन भूमिझैं जोतिनेछ,
> यरूशलेम रोड़ाको थाक हुनेछ,
> भवन भएको डाँड़ाचाहिँ काँड़ाले
> भरिएको ढिस्को हुनेछ ।’

**१९**“के यहूदाका राजा हिजकियाह अथवा
यहूदाका अरू कसैले तिनलाई मारे ? के
हिजकियाहले परमप्रभुसित डराएर उहाँको

---

**२६:६**–यहोशू १८:१; भजनसंग्रह ७८:६०; यर्मिया ७:१२-१४. **२६:१८**–मीका ३:१२.

निगाह चाहेनन् ? अनि के परमप्रभुले आफ्नो
बिचार बद्ली गरिकन उहाँले तिनीहरूको
विरुद्धमा घोषणा गर्नुभएको विपत्ति नत्याग्नुभएको
होइन ? हामीले आफैमाथि एउटा डरलाग्दो
विपत्ति ल्याउन आँटेका छौं !"

**२०**(अब किर्यत्यारीमका शमायाहका छोरा
ऊरियाहचाहिँ अर्को मानिस थियो, जसले
परमप्रभुको नाउँमा अगमवाणी गरे; तिनले यस
शहर र यस देशको विरुद्धमा यर्मियाले झैँ
अगमवाणी गरे । **२१**राजा यहोयाकीम र तिनका
अधिकारीहरूले तिनका कुरा सुनेपछि राजाले
तिनलाई मार्न खोजे । तर यो सुनेर ऊरियाह
डरले मिश्रमा भागे । **२२**तापनि, राजा
यहोयाकीमले अक्बोरको छोरा एल्नातानलाई
अरू केही मानिसहरूसित मिश्रमा पठाए ।
**२३**तिनीहरूले ऊरियाहलाई मिश्रबाट निकालिल्याए
अनि राजा यहोयाकीमकहाँ लगे जसले तिनलाई
तरवारले प्रहार गरेर मार्न लाए अनि तिनको
शरीरलाई साधारण मानिस गाड़िने ठाउँमा
फ्याँक्न लाए) ।

**२४**अझ बढ़ी, शापानको छोरा अहीकामले
यर्मियालाई सघाए, अनि त्यसैकारण मारिनलाई
तिनी मानिसहरूकहाँ सुम्पिदिएनन् ।

### यहूदाले नबूकदनेसरको सेवा गर्न पर्ने

**२७** योशियाहको छोरा, यहूदाका राजा
सिदकियाहको शासनको शुरुमा
परमप्रभुबाट यर्मियाकहाँ यो वचन आयो:
**२**"परमप्रभुले मलाई यसो भन्नुभयो, "छालाको
पेटी र काठको एउटा जुवा बनाएर तेरो काँधमा
राख् । **३**त्यसपछि यहूदाको राजा सिदकियाहकहाँ
यरूशलेममा आएका दूतहरूद्वारा एदोम, मोआब,
अम्मोन, टायर अनि सीदोनका राजाहरूकहाँ
समाचार पठा । **४**तिनीहरूका मालिकको
निम्ति समाचार दिएर भन्, 'सर्वशक्तिमान्
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
"तिमीहरूका मालिकहरूलाई यो भनिदेऊ: **५**मैले
आफ्नो महाशक्ति र पसारिएको हातले पृथ्वी र
त्यसमा भएका मानिसहरू अनि पशुहरू बनाएँ,
र मैले इच्छा गरेको कसैलाई त्यो दिन्छु ।
**६**अब म तिमीहरूका सबै देशहरू मेरो दास
बेबिलोनको राजा नबूकदनेसरलाई सुम्पिदिनेछु;
म वन-पशुहरूसमेतलाई त्यसको अधीनमा
तुल्याइदिनेछु । **७**त्यसको समय नआइपुगेसम्म
सबै जातिहरूले त्यसको छोरा र नातिको
सेवा गर्नेछन्; त्यसपछि धेरै जातिहरू र महान्
राजाहरूले त्यसलाई परास्त गर्नेछन् ।

**८**"'"तापनि, यदि कुनै जाति अथवा राज्यले
बेबिलोनको राजा नबूकदनेसरको सेवा गर्दैन
अथवा त्यसको जुवामुनि निहुरिँदैन भने म त्यस
जातिलाई मैले त्यसलाई उसकै हातबाट नाश
नगरेसम्म तरवार, अनिकाल र विपत्तिले दण्ड
दिनेछु, परमप्रभु घोषणा गर्नुहुन्छ । **९**यसकारण,
'तिमीहरूले बेबिलोनको राजाको सेवा गर्नेछैनौ'
भनेर तिमीहरूलाई भन्ने तिमीहरूका
अगमवक्ताहरू, तिमीहरूका जोखना हेर्नेहरू,
तिमीहरूका सपनाको अर्थ खोल्नेहरू, तिमीहरूका
धामी अथवा टुनामुना गर्नेहरूका कुरा नसुन्नू ।
**१०**तिनीहरू झूटा अगमवाणी कहन्छन् जसले
तिमीहरूलाई आफ्नो देशबाट टाढ़ा लैजाने
काम मात्र हुनेछ; म तिमीहरूलाई देशबाट
निकालिदिनेछु अनि तिमीहरू नाश हुनेछौ ।
**११**तर यदि कुनै जातिले बेबिलोनको राजाको
जुवामुनि निहुरेर त्यसको सेवा गर्छ भने, म
त्यस जातिलाई त्यसको आफ्नै देशमा खेती गर्न
र बस्न दिनेछु, परमप्रभु घोषणा गर्नुहुन्छ ।"

**१२**मैले यही समाचार यहूदाका राजा
सिद्कियाहलाई दिएँ । मैले भनें, "बेबिलोनका
राजाको जुवामुनि आफ्नो काँध राख, त्यसको
अनि त्यसका मानिसहरूको सेवा गर अनि
तिमी बाँच्नेछौ । **१३**किन तिमी र तिम्रा मानिसहरू
तरवार, अनिकाल र विपत्तिद्वारा मर्ने, जुन
कुरा परमप्रभुले बेबिलोनको राजाको सेवा नगर्ने
जुनै जातिको निम्ति पनि गर्ने धम्की दिनुभएको
छ ? **१४**तिमीलाई 'तपाईंले बेबिलोनको राजाको
सेवा गर्नुहुनेछैन' भन्ने अगमवक्ताहरूका कुरा

---

**२७:१**–२ राजा २४:१८-२०; २ इतिहास ३६:११-१३.

नसन्नु किनकि तिनीहरूले तिमीसित झूटा
अगमवाणी गरिरहेकाछन् । १५परमप्रभु घोषणा
गर्नुहुन्छ, 'मैले तिनीहरूलाई पठाएको छैनँ ।
तिनीहरू मेरो नाउँमा झूटा अगमवाणी
गरिरहेका छन् । यसकारण म तँलाई देशबाट
निकालिदिनेछु अनि तँ नाश हुनेछस् । तँ अनि
तँलाई अगमवाणी कहने अगमवक्ताहरू दुवै' ।"
१६तब मैले पूजाहारीहरू र यी सबै
मानिसहरूलाई भनें, "परमप्रभु यसो भन्नुहुन्छ:
'अब चाँड़ै परमप्रभुको भवनका सामाग्रीहरू
बेबिलोनबाट फर्काएर ल्याइनेछ" भन्ने
अगमवक्ताहरूका कुरा नसुन । तिनीहरूले
तिमीहरूसित झूटा अगमवाणी गरिरहेका छन् ।
१७तिनीहरूका कुरा नसुन । बेबिलोनका राजाको
सेवा गर अनि तिमीहरू बाँच्नेछौ । यो शहर
किन ध्वंश पारिने ? १८यदि तिनीहरू
अगमवक्ताहरू हुन् अनि तिनीहरूसित
परमप्रभुको वचन छ भने, परमप्रभुको भवनमा
रहेका अनि यहूदाका राजाका महलमा र
यरूशलेममा रहेका सामानहरू बेबिलोनमा
नलगिऊन् भनी तिनीहरूले सर्वशक्तिमान्
परमप्रभुसित बिन्ती गरून् । १९किनकि यस
शहरमा छोड़िएका खामाहरू, खड्कुँला,
आधारहरू र अरू सामाग्रीहरूको विषयमा
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, २०जुन
कुराहरू बेबिलोनका राजा नबूकदनेसरले
यहोयाकीमको छोरा, यहूदाका राजा यहोयाकीनलाई
यरूशलेमबाट कैद गरेर यहूदा र यरूशलेमका
गन्य-मान्य व्यक्तिहरूसित बेबिलोनमा लैजाँदा
लगेका थिएनन्– २१हो, परमप्रभुको भवनमा
अनि यहूदाका राजाको महलमा र यरूशलेममा
छोड़िएका कुराहरूको विषयमा सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: २२'ती
बेबिलोनमा लगिनेछन् अनि म तिनीहरूको
निम्ति नआएको दिनसम्म ती त्यहीं रहनेछन्'
परमप्रभु घोषणा गर्नुहुन्छ । 'त्यसपछि म
तिनीहरूलाई फर्काएर ल्याउनेछु र यस ठाउँमा
तिनीहरूलाई पुनर्स्थापित गर्नेछु' ।"

## झूटा अगमवक्ता हनन्याह

२८ त्यही वर्षको पाँचौं महिनामा, यहूदाका
राजा सिदकियाहको चौथो वर्षको
शुरुमा अज्जूरको छोरा गिबोनमा बस्ने हनन्याहले
परमप्रभुको भवनमा भएका पूजाहारीहरू र
मानिसहरूको उपस्थितिमा मलाई भने,
२"सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छ: 'म बेबिलोनको राजाको जुवा
भाँचिदिनेछु । ३दुई वर्ष भित्रै म बेबिलोनको
राजा नबूकदनेसरले यस ठाउँबाट ओसारेर
बेबिलोनमा लगेका परमप्रभुको भवनका
सबै सामाग्रीहरू फर्काएर ल्याउनेछु । ४म
यहोयाकीमको छोरा यहूदाको राजा यहोयाकीन
अनि यहूदाबाट निकालिएर बेबिलोनमा लगिएका
अरू सबैलाई पनि यस ठाउँमा फर्काएर
ल्याउनेछु,' परमप्रभु घोषणा गर्नुहुन्छ, 'किनकि
म बेबिलोनको राजाको जुवा भाँचिदिनेछु' ।"
५तब यर्मिया अगमवक्ताले हनन्याह
अगमवक्तालाई परमप्रभुको भवनमा उभिरहेका
पूजाहारीहरू र सबै मानिसहरूका सामु जवाफ
दिए । ६तिनले भने, "आमेन ! परमप्रभुले त्यसै
गरून् ! परमप्रभुको भवनका सबै सामाग्रीहरू
अनि देशबाट निकालीएका सबैलाई बेबिलोनबाट
यस ठाउँमा फर्काइल्याएर परमप्रभुले तिमीले
अगमवाणी गरेका वचनहरू पूरा गरिदिऊन् ।
७तापनि, तिमीले सुन्ने गरी अनि सबै मानिसहरूले
सुन्ने गरी मैले भन्नु पर्ने कुरा सुन । ८तिमी र
म भन्दा पहिलेका अगमवक्ताहरूले धेरै देशहरू
र महान् राज्यहरूको विरुद्धमा लड़ाइँ,
विपत्ति र रूढ़िको अगमवाणी गरे । ९तर
शान्तिको अगमवाणी गर्ने अगमवक्तालाई साँच्चै
परमप्रभुले नै पठाउनुभएको हो भनेर तब मात्र
चिनिन्छ जब त्यसले भनेको अगमवाणी पूरा
हुन्छ ।"
१०तब हनन्याह अगमवक्ताले यर्मिया
अगमवक्ताको काँधबाट जुवा निकालेर त्यसलाई
भाँचिदियो, ११अनि उसले सबै मानिसहरूको
सामने भन्यो, "परमप्रभु यसो भन्नुहुन्छ: 'ठीक

---

२८:१–२ राजा २४:१८-२०; २ इतिहास ३६:११-१३.

यस्तै किसिमको म दुई वर्ष भित्रैमा सबै
जातिहरूका काँधबाट बेबिलोनको राजा
नबूकदनेसरको जुवा भाँचिदिनेछु' ।" तब यर्मिया
अगमवक्ताचाहिँ आफ्नो बाटो लागे ।

**१२**यर्मिया अगमवक्ताको काँधबाट जुवा
निकालेर हनन्याह अगमवक्ताले भाँचिदिएको
केही क्षणमा परमप्रभुको वचन यर्मियाकहाँ
आयो: **१३**"जा अनि हनन्यहलाई भन्, 'परमप्रभु
यसो भन्नुहुन्छ, तैंले एउटा काठको जुवा भाँचिस,
तर यसको ठाउँमा तैंले एउटा फलामको
जुवा पाउनेछस् । **१४**सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, बेबिलोनको
राजा नबूकदनेसरको सेवा गर्नलाई म यी सबै
जातिहरूका काँधमा एउटा फलामको जुवा
लगाइदिनेछु, अनि तिनीहरूले उसको सेवा
गर्नेछन् । म त्यसलाई वन-पशुहरूमाथि पनि
अधिकार दिनेछु' ।"

**१५**तब यर्मिया अगमवक्ताले हनन्याह
अगमवक्तालाई भने, "हनन्याह सुन ! परमप्रभुले
तिमीलाई पठाउनुभएको होइन, र पनि तिमीले
यस जातिलाई झूटमा विश्वास गर्न लगायौ ।
**१६**यसकारण, परमप्रभु यसो भन्नुहुन्छ, म तँलाई
पृथ्वीको सतहबाट हटाउनलागेको छु । तँ यही
वर्ष मर्नेछस्, किनकि तैंले परमप्रभुको विरुद्धमा
प्रचार गरिस्' ।"

**१७**त्यही वर्षको सातौं महिनामा हनन्याह
अगमवक्ताको मृत्यु भयो ।

### देश-निष्काषित भएकाहरूलाई पत्र

**२९** नबूकदनेसरले यरूशलेमबाट देश-
निष्काषन गरेर लगेकाहरूमध्ये
बाँचिरहेका बूढा-प्रधानहरू अनि पूजाहारीहरू,
अगमवक्ताहरू र अरू सबै मानिसहरूलाई
यरूशलेमबाट यर्मियाले पठाएको पत्रको मूल
कुरा यही हो । **२**(यो चाहिँ राजा यहोयाकीन र
राजमाता, यहूदा अनि यरूशलेमका अदालतका
अधिकारीहरू र अगुवाहरू, कारीगरहरू अनि
शिल्पीहरू यरूशलेमबाट देश-निष्काषन भएर
गइसकेपछिको कुरा हो) । **३**तिनले यो पत्र
शापानको छोरा एलासा अनि हिल्कियाहको
छोरा गमऱ्याहलाई दिए, जोहरूलाई यहूदाका
राजा सिदकियाहले बेबिलोनमा नबूकदनेसर
राजाकहाँ पठाए । त्यसमा यस्तो भनिएको थियो:

> **४**सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
> परमेश्वर मैले यरूशलेमबाट देश-निष्काषन
> गरेर बेबिलोनमा लगेका सबैलाई यसो
> भन्नुहुन्छ: **५**घरहरू बनाएर बसोबासो
> गर; बगैंचा लगाएर त्यसको उब्जनी
> खाऊ । **६**विवाह गरेर छोराछोरी जन्माओ;
> तिमीहरूका छोराहरूका निम्ति पत्नीहरू
> खोज अनि आफ्ना छोरीहरूको विवाह
> गरिदेऊ र तिनीहरूका पनि छोराछोरीहरू
> होऊन् । त्यहाँ सङ्ख्यामा घट्ने होइन तर
> बढ्ने गर । **७**मैले तिमीहरूलाई देश-
> निष्कासन गरेर पठाएको शहरको निम्ति
> पनि शान्ति र उन्नति खोज । त्यसको
> निम्ति परमप्रभुसित प्रार्थना गर, किनकि
> यदि त्यसको उन्नति भयो भने तिमीहरूको
> पनि उन्नति हुनेछ । **८**हो, सर्वशक्तिमान्
> परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
> "तिमीहरूसित भएका अगमवक्ताहरू र
> जोखना हेर्नेहरूलाई तिमीहरूलाई धोखा दिन
> नदेऊ । तिमीहरूलाई तिनीहरूले उत्साह
> दिएर देखेका सपनाहरू नसुन । **९**तिनीहरूले
> मेरो नाउँमा तिमीहरूलाई झूटा अगमवाणी
> भनिरहेका छन् । मैले तिनीहरूलाई पठाएको
> होइन," परमप्रभु घोषणा गर्नुहुन्छ ।
>
> **१०**परमप्रभु यसो भन्नुहुन्छ: "बेबिलोनको
> निम्ति सत्तरी वर्ष पुगेपछि म तिमीहरूकहाँ
> आउनेछु, अनि तिमीहरूलाई यस ठाउँमा
> फर्काएर ल्याउनेछु भन्ने मेरो कृपालु प्रतिज्ञा
> म पूरा गर्नेछु । **११**किनकि जुन योजनाहरू
> मैले तिमीहरूको निम्ति बनाएको छु, ती
> म जान्दछु, ती तिमीहरूका उन्नतिको
> निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्,
> तिमीहरूलाई आशा र भविष्य दिनलाई हो"

---

**२९:१-२**–२ राजा २४:१२-१६; २ इतिहास ३६:१०. **२९:१०**–२ इतिहास ३६:२१; यर्मिया २५:११; दानिएल ९:२.

परमप्रभु घोषणा गर्नुहुन्छ । **१२**तब
तिमीहरूले मलाई पुकार्नेछौ अनि म
तिमीहरूको कुरा सुन्नेछु। **१३**जब तिमीहरूले
मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ, तब
तिमीहरूले मलाई भेट्टाउनेछौ।" **१४**परमप्रभु
घोषणा गर्नुहुन्छ, "म तिमीहरूद्वारा भेट्टाइनेछु
अनि तिमीहरूलाई कैदबाट फर्काइल्याउनेछु।
म तिमीहरूलाई मैले धपाएका सबै जातिहरू
अनि ठाउँहरूबाट भेला गर्नेछु," परमप्रभु
घोषणा गर्नुहुन्छ, "अनि जुन ठाउँबाट मैले
तिमीहरूलाई देश-निष्काषन गरेर लगें, म
तिमीहरूलाई त्यही ठाउँमा फर्काएर
ल्याउनेछु।"

**१५**तिमीहरूले भनौला, "परमप्रभुले हाम्रो
निम्ति बेबिलोनमा अगमवक्ताहरू खड़ा
गर्नुभएको छ," **१६**तर दाऊदको सिंहासनमा
बस्ने राजा अनि यस शहरमा रहने सबै
मानिसहरूको विषयमा अर्थात् तिमीहरूका
देशवासीहरू जोहरू तिमीहरूसित देश-
निष्काषनमा गएनन्, तिनीहरूको विषयमा
परमप्रभु भन्नुहुन्छ– **१७**हो, सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छः "म तिनीहरूको विरुद्धमा
तरवार, अनिकाल र रूढ़ी पठाउनेछु अनि
म तिनीहरूलाई खानै नसकिने गरी नराम्रो
नेभाराझैं बनाउनेछु । **१८**म तिनीहरूलाई
तरवार, अनिकाल अनि रूढ़ीले खेद्नेछु र
तिनीहरूलाई पृथ्वीका सबै राज्यहरूको
निम्ति अति घृणाको पात्र अनि मैले
तिनीहरूलाई खेद्ने सबै जातिहरूबीच श्राप
र आतङ्कको अनि गिल्ला र निन्दाको पात्र
बनाउनेछु। **१९**किनकि तिनीहरूले मेरा वचन
सुनेनन्" परमप्रभु घोषणा गर्नुहुन्छ, "अर्थात्
मैले आफ्ना दास अगमवक्ताहरूद्वारा बारम्बार
तिनीहरूकहाँ पठाएका वचन । अनि
तिमीहरू देश-निष्काषन् भएकाहरूले पनि
सुनेका छैनौ," परमप्रभु घोषणा गर्नुहुन्छ।

**२०**यसकारण, मैले यरूशलेमबाट
बेबिलोनमा पठाइदिएका देश-निष्काषितहरूले
परमप्रभुको वचन सुन । **२१**सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर मेरो नाउँमा
झूटा अगमवाणी गर्ने कोलायाहको छोरा
आहाब र मासेयाहको छोरा सिदकियाहको
विषयमा यसो भन्नुहुन्छः "म तिनीहरूलाई
बेबिलोनको राजा नबूकदनेसरकहाँ सुम्पिदिनेछु
अनि त्यसले तिनीहरूलाई तिमीहरूकै
आँखाको सामु मारिदिनेछ । **२२**तिनीहरूको
कारण बेबिलोनमा भएका यहूदाका देश-
निष्काषितहरूले यो श्राप प्रयोग गर्नेछन्,
'परमप्रभुले तिमीहरूलाई सिदकियाह र
आहाबजस्तै बनाऊन् जसलाई बेबिलोनका
राजाले आगोमा डढ़ाइदिए' । **२३**किनकि
तिनीहरूले इस्राएलमा अति निष्ठूर कामहरू
गरेका छन्, तिनीहरूले आफ्ना छिमेकीका
पत्नीहरूसित व्यभिचार गरेका छन्, अनि
मेरो नाउँमा झूटा कुरा बोलेका छन् जुन
कुरो गर्नु भनी मैले तिनीहरूलाई भनिनँ ।
म यो जान्दछु र मनै यसको गवाही हुँ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

## शमायाहलाई समाचार

**२४**नहेलामको शमायाहलाई भन्,
**२५**"सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर
भन्नुहुन्छ, तैंले यरूशलेमका सबै मानिसहरूलाई,
मासेयाहको छोरा पूजाहारी सपन्याहलाई अनि
अरू सबै पूजाहारीहरूलाई आफ्नै नाउँमा
पत्रहरू पठाइस् । तैंले सपन्याहलाई भनिस्,
**२६**'परमप्रभुले तिमीहरूलाई यहोयादाको ठाउँमा
परमप्रभुको भवनको जिम्मावार हुन पूजाहारी
नियुक्त गर्नुभएको छ; तिमीले अगमवक्ताको
अभिनय गर्ने जुनै पागललाई पनि ठिंगुरोमा
हालेर र त्यसको घिच्रोमा फलाम झुण्डयाएर
राख्नु । **२७**यसकारण तिमीले तिमीहरूबीच
अगमवक्ता भइ टोपोल्ने अनातोतको यर्मियालाई
किन हप्काएका छैनौ ? **२८**उसले हामीलाई
बेबिलोनमा यो समाचार पठाएको छ, यो समय
लामो हुनेछ । यसकारण घरहरू बनाएर

---

**२९:१३**–व्यवस्था ४:२९.

बसोबासो गर, बगैंचा लगाएर त्यसका उब्जनी खाऊ' ।"

२९तापनि पूजाहारी सपन्याहले त्यो पत्र
यर्मिया अगमवक्तालाई पढ़ेर सुनाए । ३०तब
परमप्रभुको वचन यर्मियाकहाँ आयो: ३१यो
समाचार सबै देश-निष्काषितहरूकहाँ पठा, 'नहेलामको शमायाहको विषयमा परमप्रभु यसो भन्नुहुन्छ, मैले त्यसलाई नपठाए तापनि शमायाहले तँलाई अगमवाणी भनेको कारण अनि तिमीहरूलाई झूटा कुरामा विश्वास गर्न
लगाएको कारण, ३२परमप्रभु यसो भन्नुहुन्छ,
म नहेलामको शमायाहलाई र त्यसका सन्तानलाई निश्चय दण्ड दिनेछु। यस जातिमा त्यसको एक जना पनि छोड़िनेछैन, नता मैले आफ्नो जातिलाई गर्ने असल कुराहरू त्यसले देख्नेछ, परमप्रभु घोषणा गर्नुहुन्छ, किनकि त्यसले मेरो विरोधमा प्रचार गरेको छ' ।"

### इस्राएलको पुनर्स्थापना

३० परमप्रभुको यो वचन यर्मियाकहाँ आयो:
२"परमप्रभु इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ: "मैले तँलाई भनेका सबै कुराहरू एउटा पुस्तकमा लेख् । ३दिन आउँदैछ' परमप्रभु
घोषणा गर्नुहुन्छ, 'जब म मेरो प्रजा इस्राएल र यहूदालाई कैदबाट फर्काएर ल्याउनेछु अनि मैले तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको देशमा तिनीहरूलाई पुनर्स्थापित गर्नेछु' परमप्रभु भन्नुहुन्छ ।"

४इस्राएल र यहूदाको विषयमा परमप्रभुले
भन्नुभएको कुराहरू यिनै हुन्: ५परमप्रभु यसो
भन्नुहुन्छ:

"'डरको चित्कार सुनिदैछ–
शान्ति होइन, आतङ्क ।
६ सोध अनि हेर:
के कुनै मानिसले छोराछोरी जन्माउन सक्छ ?
त्यसोभए किन म हरेक बलियो मानिसले
सुत्केरी व्यथामा परेकी स्त्रीले झैँ आफ्नो हात आफ्नो पेटमा राखेको अनि हरेक
अनुहार मुर्दाझैँ पहेंलो भएको देख्छु ?
७ त्यो दिन कति भयानक हुनेछ !
त्यो जस्तो त कुनै दिन पनि हुनेछैन ।
त्यो त याकूबको निम्ति दु:खको समय हुनेछ,
तर त्यो त्यसबाट बचाइनेछ ।

८ "सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ,
त्यस दिन म तिनीहरूका घिच्रोबाट जुवा भँचाइदिनेछु,
अनि तिनीहरूका साङ्ला चुँड़ाइदिनेछु;
परदेशीहरूले फेरि तिनीहरूलाई दास बनाउनेछैनन् ।
९ त्यसको सट्टा, तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरको,
अनि तिनीहरूका राजा दाऊदको सेवा गर्नेछन् जसलाई म तिनीहरूको निम्ति खड़ा गर्नेछु ।

१० "'यसकारण, हे मेरो दास याकूब, नडरा;
हे इस्राएल, अचम्म नमान्,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
'म तँलाई टाढ़ो ठाउँबाट
तेरा सन्तानहरूलाई तिनीहरूका
देश-निष्काषनबाट निश्चय बचाउनेछु ।
याकूबले फेरि शान्ति र सुरक्षा पाउनेछ,
अनि कसैले पनि त्यसलाई डर देखाउनेछैन ।
११ म तँसित छु अनि तँलाई बचाउनेछु
परमप्रभु घोषणा गर्नुहुन्छ ।
मैले तिमीहरूलाई तितर-बितर पारेका जातिहरूलाई सम्पूर्ण रूपले नाश गर्नेछैनँ ।
म तँलाई अनुशाषित् गर्नेछु तर न्यायसित मात्र;
म तँलाई दण्ड नै नपाएरचाहिँ जान दिनेछैनँ ।

**३०:१०–११**–यर्मिया ४६:२७-२८.

१२ "परमप्रभु यसो भन्नुहुन्छः
"तेरो घाउ निको नहुने,
तेरो चोट जाति नहुने किसिमको छ ।
१३ तेरो पक्षमा बोलिदिने कोही छैन
तेरो घाउको कुनै उपाय छैन
तेरो निम्ति चङ्गाइ छैन ।
१४ तेरा सबै मित्रहरूले तँलाई बिर्सेका छन्
तिनीहरूले तेरो कुनै वास्ता गर्दैनन् ।
मैले तँलाई शत्रुले झैँ प्रहार गरेको छु
अनि निष्ठूरीले झैँ तँलाई दण्ड दिएको छु,
किनकि तेरो कसुर अति ठूलो
अनि तेरा पापहरू अति धेरै छन् ।
१५ तँ किन आफ्नो घाउको निम्ति
निको नहुने तेरो व्यथाको निम्ति रून्छस् ?
तेरो ठूलो दोष र धेरै पापहरूको कारण
मैले यी कुराहरू तँलाई गरेको हुँ ।

१६ "'तर तँलाई निल्नेजति सबै निलिनेछन्,
तेरा सबै शत्रुहरू देश-निष्काषित
हुनेछन् ।
तँलाई लुट्नेहरू लूटिनेछन्;
तँलाई बिगार्नेहरूलाई म बिगारिदिनेछु ।
१७ तर म तँलाई फेरि स्वस्थ्व बनाउनेछु
अनि तेरा घाउहरू निको पार्नेछु,'
परमप्रभु घोषणा गर्नुहुन्छ,
'किनकि तँलाई त्यागिएकी भनिन्छ,
सियोन जसलाई कसैले वास्ता गर्दैन ।'

१८ "परमप्रभु यसो भन्नुहुन्छः
म याकूबको पालको भाग्योदय गर्नेछु,
त्यसको वासस्थानमाथि मेरो दया दृष्टि
छ;
शहर त्यसकै भग्नावशेषमाथि पुनर्निर्माण
हुनेछ,
अनि महल त्यसको ठीक ठाउँमा खड़ा
हुनेछ ।
१९ तिनीहरूबाट धन्यवादका गीतहरू
अनि आनन्दको सोर आउँछन् ।
म तिनीहरूको सङ्ख्या बृद्धि गरिदिनेछु
अनि तिनीहरू कम हुनेछैनन्;
अनि तिनीहरू अवहेलित हुनेछैनन् ।
२० तिनीहरूका छोराछोरीहरू पुरानो
समयमा झैँ हुनेछन्,
अनि तिनीहरूको समाज मेरो सामुन्ने
स्थापित गरिनेछ;
तिनीहरूलाई थिचोमिचो गर्नेहरू सबैलाई
म दण्ड दिनेछु ।
२१ तिनीहरूका अगुवा तिनीहरूमध्येकै हुनेछ,
तिनीहरूका शासक तिनीहरूमध्येबाटकै
खड़ा हुनेछ ।
म त्यसलाई नजीक ल्याउनेछु र त्यो
मेरो नजीक आउनेछ,
किनकि मेरो छेउमा हुन आफैलाई समर्पित
गर्ने को चाहिँ हो ?
परमप्रभु घोषणा गर्नुहुन्छ ।

२२ "यसरी तिमीहरू मेरो प्रजा हुनेछौ
अनि म तिमीहरूका परमेश्वर हुनेछु ।

२३ हेर, परमप्रभुको क्रोध आँधी-बेह्रीझैँ
गर्जिनेछ,
र दुष्टहरूका शिरहरूमाथि त्यो
भुमरीको झोक्काझैँ बजारिनेछ ।
२४ आफ्नो हृदयको उद्देश्य पूरा नगर्नुभएसम्म
परमप्रभुको भयानक क्रोध शान्त
हुनेछैन ।
तिमीहरूले यो आउने दिनहरूमा
बुझ्नेछौ ।

३१ परमप्रभु घोषणा गर्नुहुन्छ,
"त्यस समय, म इस्राएलका सबै
वंशहरूका परमेश्वर हुनेछु
अनि तिनीहरू मेरा प्रजा हुनेछन् ।"
२ परमप्रभु यसो भन्नुहुन्छः
"तरवारबाट बाँच्ने मानिसहरूले
मरुभूमिमा निगाह पाउनेछन्;
म इस्राएललाई विश्राम दिन आउनेछु ।"

३बितेको समयमा परमप्रभु हामीकहाँ देखा
पर्नुभएर भन्नुभयो:
"मैले तिमीहरूलाई अनन्तको प्रेमले प्रेम

गरेको छु;
मैले तिमीहरूलाई प्रेमको कृपाले आकर्षित
गरेको छु ।
४ म तँलाई फेरि निर्माण गर्नेछु,
अनि हे कन्या इस्राएल, तँ पुनर्निर्मित्
हुनेछस् ।
तँ फेरि आफ्नो खैंजड़ी लिएर
आनन्दितहरूसित नाच्न जानेछस् ।
५ तैंले फेरि सामरियाका डाँड़ाहरूमा
दाखवारी लगाउनेछस्;
किसानहरूले ती लगाउनेछन्
अनि त्यसका फलहरू उपभोग गर्नेछन् ।
६ एउटा दिन हुनेछ जब पहरादारहरू
एप्रेमका डाँड़ाहरूमा कराउनेछन्
'आऊ, हामी परमप्रभु हाम्रा परमेश्वरकहाँ
सियोनमा उक्लिजाऊँ' ।"

७ परमप्रभु यसो भन्नुहुन्छः

"याकूबको निम्ति आनन्दसाथ गाओ
जातिहरूमा सर्वोत्तमको निम्ति चर्को
सोरले कराओ ।
तिमीहरूको प्रशंसा सुनाओ अनि भन,
'हे परमप्रभु, तपाईंको जाति
इस्राएलका बाँचेको भागलाई
बचाउनुहोस् ।'
८ हेर, म तिनीहरूलाई उत्तरको देशबाट
ल्याउनेछु,
अनि तिनीहरूलाई पृथ्वीको पल्लो
छेउबाट बटुल्नेछु ।
तिनीहरूमध्ये अन्धा र लङ्गड़ाहरू हुनेछन्,
गर्भवती आमाहरू अनि प्रसुती-वेदनामा
परेकाहरू हुनेछन्;
९ तिनीहरू रूँदै आउनेछन्,
मैले तिनीहरूलाई फर्काइल्याउँदा
तिनीहरूले प्रार्थना गर्नेछन् ।
म तिनीहरूलाई पानीको धाराको छेउमा
तिनीहरूले ठेस नखाने समतल बाटोमा
डोऱ्याउनेछु,
किनकि म इस्राएलका पिता हुँ,
अनि एप्रेम मेरो जेठो छोरो हो ।

१० "हे जाति हो, परमप्रभुको वचन सुन;
यसलाई टाढ़ाका समुद्र किनारमा घोषणा
गर;
'इस्राएललाई तितर-बितर पार्नुहुनेले
तिनीहरूलाई बटुल्नुहुनेछ,
अनि आफ्नो बगाललाई गोठालाले झैं
हेरचाह गर्नुहुनेछ ।'
११ किनकि परमप्रभुले याकूबलाई मोल
तिरेर छुटाउनुहुनेछ,
अनि तिनीहरूभन्दा बलियाहरूका हातबाट
तिनीहरूलाई छुटकारा दिनुहुनेछ ।
१२ तिनीहरू सियोनका अग्ला ठाउँहरूमा
आएर आनन्दले चिच्याउनेछन्;
तिनीहरू परमप्रभुको उदारतामा
आनन्दित हुनेछन्–
अर्थात अन्न, नयाँ दाखमद्य अनि तेल,
बगाल र बथानका पाठाहरूमा ।
तिनीहरू पानी प्रशस्त पाएको
बगैंचाझैं हुनेछन्,
अनि तिनीहरू फेरि क्लेसित हुनेछैनन् ।
१३ तब तरुणीहरू आनन्दित भएर नाच्नेछन्,
जवान मानिसहरू र बूढ़ा-बूढ़ीहरू पनि ।
म तिनीहरूको शोकलाई आनन्दमा
परिणत गरिदिनेछु;
म तिनीहरूलाई दुःखको साटो सान्त्वना
र आनन्द दिनेछु ।
१४ म पूजाहारीहरूलाई प्रशस्तताले तृप्त
पारिदिनेछु,
अनि मेरा मानिसहरू मेरो उदारताले
भरिपूर्ण हुनेछन्," परमप्रभु घोषणा
गर्नुहुन्छ ।

१५ परमप्रभु यसो भन्नुहुन्छः

"रामामा एउटा सोर सुनिन्छ,
शोक र घोर विलाप,
राहेल आफ्ना बालबच्चाको निम्ति रोएकी

**३१:१५**–उत्पत्ति ३५:१६-१९; मत्ती २:१८.

अनि शान्त हुन नचाहेकी,
किनकि त्यसका छोराछोरीहरू अब
छैनन् ।"

१६ परमप्रभु यसो भन्नुहुन्छ:
"तेरो सोरलाई रुनबाट
अनि तेरा आँखालाई आँसु खसाउनबाट
रोक्,
किनकि तेरो कामको इनाम दिइनेछ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"तिनीहरू शत्रुको देशबाट फर्कनेछन् ।
१७ परमप्रभु घोषणा गर्नुहुन्छ,
"तिमीहरूको भविष्यको निम्ति आशा छ,
तेरा छोराछोरीहरू तिनीहरूका आफ्नै
देशमा फर्कनेछन् ।

१८ "मैले एप्रेमको विलाप निश्चय सुनेको छु:
'तपाईंले मलाई अदम्य बाछोलाई झैँ
अनुशाषित गर्नुभयो,
अनि म अनुशाषित भएको छु ।
मलाई पुनर्स्थापित गर्नुहोस्, अनि म फर्कनेछु
किनकि तपाईं परमप्रभु मेरा परमेश्वर
हुनुहुन्छ ।
१९ म बरालिएपछि मैले पश्चात्ताप गरें;
मैले बुझेपछि मैले आफ्नो छाती पिटें ।
म लज्जित भएँ र होचिएँ,
किनकि युवावस्थाको कलङ्क मैले
बोकेको थिएँ ।'
२० के एप्रेम मेरो प्यारो छोरा,
मैले मन पराएको बालक होइन ?
मैले प्राय: त्यसको विरुद्धमा बोले
तापनि म अझ त्यसलाई स्मरण गर्छु ।
यसकारण मेरो हृदय त्यसको निम्ति
व्याकुल हुन्छ;
त्यसको निम्ति मेरो ठूलो माया छ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
२१ "बाटो देखाउने चिन्हहरू खड़ा गर्,
मार्ग दर्शन गर्ने खामाहरू लगा ।
राजमार्गमा, तँ हिँड्ने बाटोमा ध्यान
लगा ।
फर्की, ए कन्या इस्राएल तेरा आफ्नै
शहरहरूमा फर्की ।
२२ ए अविश्वासी छोरी,
तँ कहिलेसम्म बरालिन्छेस् ?
परमप्रभुले पृथ्वीमा एउटा नयाँ कुरो सृष्टि
गर्नुहुन्छ–
एउटी स्त्रीले एउटा पुरुषलाई घेर्नेछिन् ।"

**२३**सर्वशक्तिमान् परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ: "जब म
तिनीहरूलाई कैदबाट फर्काएर ल्याउँछु,
यहूदाको देश र त्यसका शहरहरूमा भएका
मानिसहरूले फेरि यी शब्दहरू चलाउनेछन्,
'हे धार्मिक वासस्थान, हे पवित्र पर्वत,
परमप्रभुले तँलाई आशिष् दिऊन् ।'
**२४**मानिसहरू यहूदा र त्यसको सबै
शहरहरूमा एकसाथ बस्नेछन्– किसानहरू
अनि आफ्ना बगालहरू लिएर यताउता
घुमिहिँड्नेहरू । **२५**म थाकेकालाई ताजा
बनाउनेछु अनि निराश भएकाहरूलाई तृप्त
पार्नेछु ।"

**२६**यसमा म ब्यूँझे अनि मैले चारैतिर
हेरें । मेरो निन्द्रा मेरो निम्ति सुखद भएको
थियो ।

**२७**परमप्रभु घोषणा गर्नुहुन्छ, "दिन
आउँदैछ, जब म इस्राएलको घरानालाई
अनि यहूदाको घरानालाई मानिस र
पशुहरूका सन्तानसित स्थापित गर्नेछु ।
**२८**म तिनीहरूलाई उखेल्न र च्यात्न
अनि पल्टाइदिन, नाश गर्न र विपत्ति
ल्याउनलाई पर्खेझैँ पर्खनेछु" परमप्रभु
घोषणा गर्नुहुन्छ । **२९**"ती दिनहरूमा
मानिसहरूले फेरि यसो भन्नेछैनन्,

'बाबुहरूले अमीलो अङ्गूर खाएका छन्
अनि छोराछोरीका दाँत कुँड़िएका छन्'

**३०**त्यसको सट्टा, हरेक उसको आफ्नै पापको

**३१:२९**–इजकिएल १८:२.

कारण मर्नेछ, जसले अमिलो अङ्गूर खान्छ, त्यसको आफ्नै दाँत कुँड़िनेछ ।

**३१** परमप्रभु घोषणा गर्नुहुन्छ:
"समय आउँदैछ, जब म इस्राएलको
घरानासित अनि यहूदाको घरानासित
एउटा नयाँ करार बाँध्नेछु ।
**३२** यो मैले तिनीहरूलाई मिश्रबाट बाहिर
ल्याउँदा तिनीहरूका हात समातेर
तिनीहरूका पिता-पुर्खाहरूसित
बाँधेको करारजस्तो होइन,
किनकि म तिनीहरूका लोग्ने भए तापनि
तिनीहरूले मेरो करार भङ्ग गरे,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
**३३** "यो मैले इस्राएलको घरानासित
त्यस समयपछि बाँध्ने करार हो"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"म आफ्नो व्यवस्था तिनीहरूको मनमा
हालिदिनेछु,
अनि त्यसलाई तिनीहरूका हृदयहरूमा
लेखिदिनेछु ।
म तिनीहरूका परमेश्वर हुनेछु,
अनि तिनीहरू मेरा प्रजा हुनेछन् ।
**३४** कुनै मानिसले फेरि कहिल्यै आफ्नो
छिमेकीलाई अथवा कुनै मानिसले
आफ्नो दाज्यूभाइलाई 'परमेश्वरलाई
चिन्नू' भनेर सिकाउनेछैन,
किनकि तिनीहरूमध्ये सबैभन्दा सानादेखि
लिएर सबैभन्दा ठूलासम्मले मलाई
चिन्नेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
किनकि म तिनीहरूका दुष्टता क्षमा
गरिदिनेछु,
अनि तिनीहरूका पापहरू फेरि
सम्झनेछैनँ ।"
**३५** परमप्रभु यसो भन्नुहुन्छ,
उहाँ जसले घामलाई दिउँसो चम्कनलाई
नियुक्त गर्नुहुन्छ
जसले जुन र ताराहरूलाई राती
चम्कनलाई आदेश दिनुहुन्छ–
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो;
**३६** परमप्रभु घोषणा गर्नुहुन्छ,
मेरो दृष्टिबाट यी आदेशहरू अल्पिहाले
मात्र इस्राएलका सन्तानहरू मेरो सामुन्ने
एउटा जाति हुन छोड्नेछन् ।"

**३७** परमप्रभु यसो भन्नुहुन्छ:
"यदि माथिका आकाशहरू नाप्न सकिए
मात्र अनि तलका पृथ्वीका जगहरू खोजेर
निकाल्न सकिए मात्र,
तिनीहरूले गरेका सबै कुराहरूको निम्ति
म इस्राएलका घरानाहरूलाई तिरष्कार
गर्नेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**३८**परमप्रभु घोषणा गर्नुहुन्छ, "दिनहरू
आउँदैछन् जब हनानेलको धरहरादेखि कुने मूल-
ढोकासम्म यो शहर मेरो निम्ति पुनर्निर्माण
हुनेछ । **३९**नाप्ने डोरी त्यहाँबाट सीधा तानिएर
गारेबको डाँड़ामा पुगेर गोवातिर लाग्नेछ ।
**४०**लाशहरू अनि खरानी फ्याँकिने सम्पूर्ण बेंसी
र घोड़े-ढोकासम्म पूर्वतिर भएका किद्रोन
खोल्सासम्मका गराहरू परमप्रभुको निम्ति
पवित्र हुनेछन् । त्यो शहर फेरि कहिल्यै उखेलिने
अथवा तोड़िनेछैन ।"

### यर्मियाले खेत किनेका

**३२** यहूदाका राजा सिदकियाहको
शासनकालको दशौं वर्षमा अर्थात्
नबूकदनेसरको शासनकालको अठाह्रौं वर्षमा
परमप्रभुबाट यर्मियाकहाँ यो वचन आयो ।
**२**त्यस बेला बेबिलोनका राजाको फौजले
यरूशलेमलाई घेरिराखेको थियो र यर्मिया
अगमवक्तालाई चाहिँ यहूदाको राजकीय महलको
चोकमा थुनामा राखिएको थियो ।

---

**३१:३१**–मत्ती २६:२८; मर्कूस १४:२४; लूका २२:२०; १कोरिन्थी ११:२५; २ कोरिन्थी ३:६.
**३१:३१-३४**–हिब्रू ८:८-१२. **३१:३३**–हिब्रू १०:१६. **३१:३४**–हिब्रू १०:१७. **३२:१**–२ राजा २५:१-७.

**३**अब यहूदाका राजा सिदकियाहले तिनलाई
यसो भनेर त्यहाँ कैद गरेका थिए, "तैंले
गरेजस्तो अगमवाणी किन गर्छस् ? तँ भन्छस्,
'परमप्रभु यसो भन्नुहुन्छ, म यस शहरलाई
बेबिलोनको राजालाई सुम्पिदिन लागेको छु
अनि त्यसले यसलाई कब्जा गर्नेछ । **४**यहूदाको
राजा सिदकियाह बेबिलोनीहरूका हातबाट
उम्कनेछैन तर निश्चयनै बेबिलोनको राजाकहाँ
सुम्पिनेछ अनि ऊसित आमुन्नेसामुन्ने कुरा
गर्नेछ र उसलाई आफ्नै आँखाले देख्नेछ । **५**उसले
सिदकियाहलाई बेबिलोनमा लैजानेछ अनि
उसलाई मैले ठीक नपारेसम्म ऊ त्यहीं रहनेछ,
परमप्रभु घोषणा गर्नुहुन्छ । यदि तिमीहरूले
बेबिलोनीहरूको विरुद्धमा लड़ाइँ गऱ्यौ भने
तिमीहरू सफल हुनेछैनौ' ।"

**६**यर्मियाले भने, "परमप्रभुको वचन मकहाँ
आयो: **७**तेरा काका शल्लूमको छोरा हनामोल
यसो भन्न तँकहाँ आउन आँटेको छ, 'बेन्यामीनको
प्रान्तको अनातोतमा भएको मेरो जमिन
किन्नुहोस् किनकि नजीकको नातेदार भएको
खातिर यसलाई किन्ने तपाईंको अधिकार र
कर्तव्य हो ।'

**८**अनि परमप्रभुले भन्नुभएझैँ मेरो भाइ
हनामेल प्रहरी चोकमा मकहाँ आएर मलाई
भन्यो, 'बेन्यामीनको प्रान्तको अनातोतमा भएको
मेरो जमिन किन्नुहोस् । यसलाई छुटाउने र
अधिकार गर्ने हक तपाईंकै हुनाले यसलाई
तपाईंले नै किन्नुहोस् ।'

यो परमप्रभुकै वचन हो भनी मैले जानें;
**९**यसकारण, मैले आफ्नो भाइ हनामेलबाट
अनातोतमा भएको त्यो जमिन किनें र त्यसको
निम्ति सत्र चाँदीका शेकेल जोखेर दिएँ । **१०**मैले
त्यस लेखापढ़ीमा सही गरेर छाप लगाएँ,
साक्षीहरू राखें अनि तराजूमा चाँदी जोखिदिएँ ।
**११**मैले किनेको लेखापढ़ी, अर्थात् शर्तहरू
भएको छाप लगाइएको प्रतिको साथमा छाप
नलगाइएको प्रति पनि लिएँ, **१२**अनि आफ्नो
भाइ हनामेलको अनि त्यस लेखापढ़ीमा सही
गर्ने साक्षीहरूको अनि प्रहरी चोकमा
बसिरहेका सबै यहूदीहरूको र प्रहरी चोकमा
बसिरहेका सबै यहूदीहरूको उपस्थितिमा त्यस
लेखापढ़ीलाई मासेयाहको छोरा, नेरियाहको
छोरा बारूकलाई दिएँ ।

**१३**"तिनीहरूको उपस्थितिमा मैले बारूकलाई
यी आदेश दिएँ: **१४**सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: किन-
बेचको लेखापढ़ीका छाप लगाइएको र
नलगाइएको यी दुवै तमसुकहरू लिएर लामो
समयसम्म रहून् भनेर यिनीहरूलाई माटोको
भाँड़ामा हालिदिनू । **१५**किनकि सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
यस देशमा घरहरू, जमिनहरू अनि
दाखबारीहरू फेरि पनि किनिनेछन् ।'

**१६**"मैले नेरियाहको छोरा बारूकलाई किन-
बेचको लेखापढ़ी दिइसकेपछि मैले परमप्रभुकहाँ
प्रार्थना गरें:

**१७**"हे सर्वसत्ताधारी परमप्रभु, तपाईंले आफ्नो
महाशक्ति र पसारिएको बाहुले आकाश
र पृथ्वी बनाउनुभयो । तपाईंको निम्ति
कुनै कुरा पनि कठिन छैन । **१८**तपाईंले
हजारौंमाथि प्रेम देखाउनुहुन्छ, तर बाबुहरूका
पापका निम्ति दण्ड तिनीहरू पछिका
सन्तानहरूका काखमा ल्याइदिनुहुन्छ । हे
महान् अनि पराक्रमी परमेश्वर, जसको
नाउँ सर्वशक्तिमान् परमप्रभु हो, **१९**तपाईंका
उद्देश्यहरू महान् अनि तपाईंका कामहरू
पराक्रमी छन् । तपाईंका आँखा मानिसहरूका
सबै चालहरूमाथि खुल्लाछन्; तपाईं
हरेकलाई उसको चाल र उसका
कामहरूअनुसार इनाम दिनुहुन्छ । **२०**तपाईंले
मिश्रमा अचम्मका चिन्हहरू र आश्चर्य
कामहरू गर्नुभयो अनि आजको दिनसम्म
इस्राएल अनि मानव जाति दुवैका बीचमा
ती गरिरहनुभएको छ र ख्याति प्राप्त
गर्नुभएको छ जो अझ पनि तपाईंकै हो ।
**२१**तपाईंले आफ्नो जाति इस्राएललाई
मिश्रबाट चिन्ह र आश्चर्य कामहरूसित
अनि पसारिएको बाहु र ठूलो आतङ्कद्वारा
निकालेर ल्याउनुभयो । **२२**तपाईंले

तिनीहरूका पिता-पुर्खाहरूसित प्रतिज्ञा
गर्नुभएको यो दूध र मह बग्ने देश
तिनीहरूलाई दिनुभयो । **२३**तिनीहरू भित्र
आए अनि यसलाई अधिकार गरे, तर
तिनीहरूले तपाईं र तपाईंका आज्ञाहरू
पालन गरेनन्; तिनीहरूले तपाईंले तिनीहरूलाई
आज्ञा गर्नुभएका कुराहरू गरेनन् ।
यसकारण तपाईंले तिनीहरूमाथि यी सबै
विपत्तिहरू ल्याउनुभयो ।

**२४**"हेर्नुहोस्, यस शहरलाई लिन भनी
कसरी घेरा-मचानहरू बनाइएका छन् ।
तरवार, अनिकाल र रूढ़ीको कारण यो
शहर बेबिलोनीहरूकहाँ सुम्पिनेछ, जोहरूले
यसमाथि आक्रमण गरिरहेका छन् । तपाईंले
जे भन्नुभयो त्यो पुगेको छ, जस्तो
अहिले तपाईं देख्नुहुन्छ । **२५**तर यो शहर
बेबिलोनीहरूकहाँ सुम्पिए तापनि, तपाईं,
हे सर्वसत्ताधारी परमप्रभु, मलाई 'यस
जमिनलाई चाँदीले किन्न र लेनदेनको निम्ति
साक्षी राख्न' भन्नुहुन्छ ।"

**२६**तब परमप्रभुको वचन यर्मियाकहाँ आयो:
**२७**"म परमप्रभु सबै मानव जातिका परमेश्वर
हुँ । के मेरो निम्ति कुनै कुरा अति कठिन छ
र ? **२८**यसकारण परमप्रभु यसो भन्नुहुन्छ,
म यस शहरलाई बेबिलोनीहरूको अनि
नबूकदनेसरको हातमा सुम्पन लागेको छु, जसले
यसलाई कब्जा गर्नेछ । **२९**यसलाई आक्रमण
गरिरहेका बेबिलोनीहरू भित्र आउनेछन् अनि
यसलाई आगो लगाइदिनेछन्; बालका छानाहरूमा
धूप बालेर अनि अरू देवताहरूकहाँ अर्घबलि
चढ़ाएर मलाई रीस उठाउने मानिसहरू बसेका
घरहरूको साथमा यसलाई पनि जलाइदिने
छन् ।

**३०**"इस्राएल र यहूदाका मानिसहरूले आफ्ना
जवानीबाहेक केही गरेका छैनन्; निश्चय
इस्राएलका मानिसहरूले आफ्ना हातले बनाएका
कुराहरूद्वारा मलाई रीस उठाउनबाहेक अरू
केही गरेका छैनन्, परमप्रभु घोषणा गर्नुहुन्छ ।
**३१**यो बनिएको दिनदेखि आजसम्म यस शहरले
मेरो रीस र क्रोधलाई यति साह्रो भड्काएको
छ कि मैले यसलाई आफ्नो दृष्टिबाट हटाइदिनु
पर्छ । **३२**इस्राएल र यहूदाका मानिसहरू, अर्थात्
तिनीहरू, तिनीहरूका राजाहरू र अधिकारीहरू,
तिनीहरूका पूजाहारीहरू अनि अगमवक्ताहरू,
यहूदाका मानिसहरू र यरूशलेमका
मानिसहरूले आफूले गरेका सबै दुष्टताद्वारा
मलाई रीस उठाएका छन् । **३३**तिनीहरूले मतिर
आफ्ना अनुहार होइन तर पीठ फर्काएका छन्;
मैले तिनीहरूलाई बारम्बार सिकाए तापनि
तिनीहरूले सुन्ने अनि अनुशासनलाई मान्ने इच्छा
गरेनन् । **३४**तिनीहरूले मेरो नाउँ भएको भवनमा
आफ्ना घीनलाग्दा मूर्तिहरू खड़ा गरेर त्यसलाई
अपवित्र पारे । **३५**आफ्ना छोराछोरीहरूलाई
मोलेककहाँ बलिदान गर्नलाई तिनीहरूले बेन-
हिन्नोमको खोल्सामा बालको निम्ति अग्ला
ठाउँहरू बनाए, यद्यपि तिनीहरूले यस्ता
घीनलाग्दा कामहरू गरेर यहूदालाई पाप गर्न
लाऊन् भनेर मैले तिनीहरूलाइ नता आज्ञा
गरेको थिएँ नता यस्तो कुरा मेरो मनमा पसेको
नै थियो ।

**३६**"'तरवार, अनिकाल र रूढ़ीद्वारा यो शहर
बेबिलोनका राजाको हातमा दिइनेछ' भनी
तिमीहरू यस शहरको विषयमा भन्दैछौ: तर
परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
**३७**मैले आफ्नो रीस र प्रचण्ड क्रोधमा तिनीहरूलाई
धपाइदिएका सबै देशहरूबाट म तिनीहरूलाई
बटुल्नेछु; म तिनीहरूलाई यस ठाउँमा फर्काएर
ल्याउनेछु र तिनीहरूलाई सुरक्षामा बस्न
दिनेछु । **३८**तिनीहरू मेरा प्रजा हुनेछन् अनि म
तिनीहरूका परमेश्वर हुनेछु । **३९**म तिनीहरूलाई
हृदयको र कामको एकता दिनेछु अनि तिनीहरूले
सधैं आफ्नै भलाइ र आफ्ना सन्तानहरूको
भलाइको निम्ति मेरो डर मान्नेछन् । **४०**म

---

**३२:२८**–२ राजा २५:१-११; २ इतिहास ३६:१७-२१. **३२:३४**–२ राजा २३:१०; यर्मिया ७:३०-३१; १९:१-६.
**३२:३५**–लेवी १८:२१; २ राजा २३:१०; यर्मिया ७:३१.

तिनीहरूसित अनन्तको करार बाँध्नेछु; म तिनीहरूको भलाइ गर्न थामिनेछैनँ, तिनीहरू मदेखि कहिल्यै तर्केर नजाऊन् भनेर म तिनीहरूलाई मेरो डर मान्ने प्रेरणा दिनेछु ।
**४१**तिनीहरूको भलाइ गर्नमा म आनन्दित हुनेछु अनि मेरो मन र प्राणले तिनीहरूलाई यस देशमा निश्चित रूपले स्थापित गर्नेछु ।

**४२**परमप्रभु यसो भन्नुहुन्छ, जसरी मैले यस जातिमाथि यो सबै विपत्ति ल्याएको छु, त्यसरी नै मैले तिनीहरूलाई प्रतिज्ञा गरेका सबै उन्नति म तिनीहरूलाई दिनेछु । **४३**तिमीहरूले जुन देशको विषयमा 'यो त उजाड़ र बेकामे अनि मानिसहरू र पशुहरूरहित छ, किनकि यो त बेबिलोनीहरूका हातमा दिइएको छ' भन्छौ, यही देशमा फेरि जमिनहरू किनिनेछन् ।
**४४**परमप्रभु घोषणा गर्नुहुन्छ, बेन्यामीनको प्रान्तमा यरूशलेमका वरिपरिका गाउँहरूमा यहूदाका शहरहरूमा, पश्चिमी तराइ र नेगेवका तराइमा भएका पहाड़ी मुलुकहरूमा चाँदी दिएर जमिनहरू किनिनेछन् अनि लेखापढ़ीहरूमा सही भएर छाप लगाई साक्षी राखिनेछन्, किनकि म तिनीहरूको सुख-शान्ति फेरि ल्याइदिने छु ।"

### पुनर्स्थापनको प्रतिज्ञा

**३३** यर्मिया प्रहरी चोकमा थुनामा रहेकै बेलामा परमप्रभुको वचन दोस्रोपल्ट तिनीकहाँ आयो: **२**परमप्रभु भन्नुहुन्छ, उहाँ, जसले पृथ्वी बनाउनुभयो, परमप्रभु जसले यसको आकार बनाउनुभयो अनि यसलाई स्थापित गर्नुभयो, उहाँको नाउँ परमप्रभु हो । **३**'मलाई पुकार् र म तँलाई जवाफ दिनेछु अनि तैंले नजानेका महान् र गुप्त कुराहरू तँलाई बताउनेछु ।
**४**किनकि बेबिलोनीहरूको विरुद्धमा भएको लड़ाइँमा घेरा-मचान बनाउनलाई भत्काइएका यस शहरका घरहरू अनि यहूदाका राजकीय महलहरूको विषयमा परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: **५**'मैले आफ्नो रीस र क्रोधमा मार्ने मानिसहरूका लाशहरूले ती भरिनेछन् । यसका सबै दुष्टताहरूको निम्ति म यस शहरदेखि आफ्नो अनुहार लुकाउनेछु ।
**६**"तापनि म यसमा स्वास्थ्य र चंगाइ ल्याउनेछु; म मेरा मानिसहरूलाई निको पार्नेछु अनि तिनीहरूलाई प्रशस्त शान्ति र सुरक्षा उपभोग गर्न दिनेछु । **७**म यहूदा र इस्राएललाई कैदबाट फर्काएर ल्याउनेछु अनि तिनीहरू पहिले जस्ता थिए त्यस्तै गरी तिनीहरूलाई पुनर्निर्माण गर्नेछु । **८**तिनीहरूले मेरो विरुद्धमा गरेका सबै पापबाट म तिनीहरूलाई शुद्ध गर्नेछु अनि मेरो विरुद्धमा तिनीहरूका सबै पापहरू र विरोधहरू क्षमा गरिदिनेछु । **९**तब यसको निम्ति मैले गर्ने सबै असल कुराहरू सुन्ने यस संसारका सबै जातिहरूको सामुन्ने यस शहरले मलाई ख्याति, आनन्द र सम्मान् ल्याइदिनेछ; अनि मैले यसको निम्ति जुटाइदिने प्रशस्त उन्नति र शान्तिको निम्ति तिनीहरू डराएर काम्नेछन् ।'
**१०**"परमप्रभु यसो भन्नुहुन्छ, तिमीहरू यस ठाउँको विषयमा, 'यो त उजाड़ र बेकामे अनि मानिस र पशुहरू नभएको ठाउँ हो' भन्छौ । तापनि त्यागिएका, मानिसहरू र पशुहरू नभएका यहूदाका शहरहरू र यरूशलेमका शहरहरूमा **११**एकपल्ट फेरि आनन्द र हर्षको सोर, दुलहा र दुलहीका आवाजहरू अनि परमप्रभुको भवनमा धन्यवादको भेटी लिएर आउनेहरूका सोरहरू सुनिनेछन् जसले यसो भनिरहेका हुनेछन्,

> "सर्वशक्तिमान् परमप्रभुलाई धन्यवाद देऊ
> किनकि परमप्रभु भलो हुनुहुन्छ;
> उहाँको प्रेम सदासर्वदा स्थिर रहन्छ ।"

किनकि म त्यस देशको सुदिन फेरि फर्काएर पहिलेको झैं बनाइदिनेछु, परमप्रभु भन्नुहुन्छ ।
**१२**"सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ: 'यो उजाड़ अनि मानिसहरू र पशुहरू नभएको ठाउँमा, यसका सबै शहरहरूमा आफ्ना बगालहरूलाई विश्राम दिनलाई गोठालाहरूको निम्ति फेरि खर्कहरू हुनेछन् । **१३**बेन्यामीनको

**३३:११**–१ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; एज्रा ३:११; भजनसंग्रह १००:५; १०६:१; १०७:१; ११८:१; १३६:१.

प्रान्तमा पश्चिमी तराईका अनि नेगेवका
पहाड़ी मुलुकका शहरहरूमा फेरि बगाललाई
गन्नेहरूको हातमुनिबाट छिरेर जाने बगालहरू
हुनेछन्', परमप्रभु भन्नुहुन्छ ।
**१४**"परमप्रभु घोषणा गर्नुहुन्छ, 'ती दिनहरू
आउँदैछन् जब मैले इस्राएलको घराना अनि
यहूदाको घरानासित गरेका कृपालु प्रतिज्ञाहरू
पूरा गर्नेछु ।

**१५** "'ती दिनहरूमा अनि त्यस समयमा
म दाऊदको वंशबाट एउटा धार्मिक हाँगा
उम्रन लाउनेछु;
उसले देशमा जे न्यायसंगत र ठीक छ,
त्यो गर्नेछ ।
**१६** ती दिनहरूमा यहूदा बचाइनेछ,
अनि यरूशलेम सुरक्षामा बस्नेछ ।
उसलाई बोलाइने नाउँ यही हो:
परमप्रभु, हाम्रा धार्मिकता ।'

**१७**किनकि परमप्रभु यसो भन्नुहुन्छ: 'इस्राएलको
घरानाको सिंहासनमा बस्नलाई दाऊदलाई कुनै
दिन पनि मानिसको अभाव हुनेछैन, **१८**नता
पूजाहारीहरूलाई, जोहरू लेवीहरू हुन्, होमबलि
चढ़ाइरहन, अन्नबलि जलाउन अनि बलिदानहरू
चढ़ाउन मेरो सामुन्ने उभिने मानिसको कहिल्यै
अभाव हुनेछ ।'
**१९**परमप्रभुको वचन यर्मियाकहाँ आयो:
**२०**"परमप्रभु यसो भन्नुहुन्छ: 'दिन र रात आफ्ना
ठीक समयमा नआऊन् भनेर यदि तिमीहरूले
तिनीहरूसित भएको मेरो करार भङ्ग गर्नसक्छौ
भने मात्र, **२१**मेरो दास दाऊदसितको मेरो
करार अनि लेवीहरू, जोहरू मेरो सामुन्ने सेवा
गर्ने पूजाहारीहरू हुन्, तिनीहरूसितको मेरो
करार भङ्ग हुनसक्छ, र आफ्नो सिंहासनमा शासन
गर्नलाई दाऊदको कुनै सन्तान हुनेछैन । **२२**म
आफ्नो दास दाऊदको अनि मेरो सामुन्ने सेवा
गर्ने लेवीहरू आकाशका ताराहरूझैं गन्न
नसकिने र समुद्रको किनारका बालुवाझैं जोख्न
नसकिने बनाइदिनेछु ।'
**२३**परमप्रभुको यो वचन यर्मियाकहाँ आयो:
**२४**"यी मानिसहरूले 'परमप्रभुले आफूले
चुन्नुभएका दुई राज्यहरूलाई त्यागिदिनुभएको
छ' भनिरहेका के तैंले याद गरेको छैनस् ?
यसकारण तिनीहरूले मेरा मानिसहरूको घृणा
गर्छन् अनि तिनीहरूलाई एउटा जाति हो भनी
मानिलिंदैनन् । **२५**परमप्रभु यसो भन्नुहुन्छ: 'यदि
तैंले दिन र रातसित आफ्नो करार स्थापित
गरेको छैनस् अनि आकाश र पृथ्वीका नियमहरू
तोकिदिएको छैनस् भने मात्र, **२६**म याकूब र
मेरो दास दाऊदका सन्तानहरूलाई तिरष्कार
गर्नेछु अनि अब्राहाम, इसहाक र याकूबका
सन्तानहरूमाथि शासन गर्न त्यसको कुनै
छोरालाई पनि चुन्नेछैनँ । किनकि त तिनीहरूको
सुख-शान्ति फर्काइदिनेछु र तिनीहरूमाथि
टिठयाउनेछु' ।"

## सिदकियाहलाई चेताउनी

**३४** बेबिलोनका राजा नबूकदनेसर र
तिनका सेना अनि तिनको शासनको
अधीनमा रहेका सबै जातिहरूले यरूशलेम र
त्यसका सबै वरिपरिका शहरहरूको विरुद्धमा
लड़ाइँ गरिरहेको बेला परमप्रभुबाट यर्मियाकहाँ
यो वचन आयो: **२**"परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, यहूदाको राजा
सिदकियाहकहाँ जा अनि त्यसलाई भन्,
'परमप्रभु यसो भन्नुहुन्छ, म यस शहरलाई
बेबिलोनको राजालाई दिन लागेको छु, अनि
त्यसले यसलाई जलाइदिनेछ । **३**तँ त्यसको
पञ्जाबाट उम्कनेछैनस् तर निश्चय पक्रा परेर
त्यसकहाँ सुम्पिनेछस् । तैंले बेबिलोनको राजालाई
आफ्नै आँखाले हेर्नेछस् र त्यसले तँलाई
आमुन्नेसामुन्ने कुरा गर्नेछ । अनि तँ बेबिलोनमा
जानेछस् ।
**४**"तापनि हे यहूदाको राजा सिदकियाह,
परमप्रभुको प्रतिज्ञा सुन् । तेरो विषयमा

**३३:१४-१६**–यर्मिया २३:५-६. **३३:१७**–२ शमूएल ७:१२-१६; १ राजा २:४; १ इतिहास १७:११-१४.
**३३:१८**–गन्ती ३:५-१०. **३४:१**–२ राजा २५:१-११; २ इतिहास ३६:१७-२१.

परमप्रभु यसो भन्नुहुन्छ, तँ तरवारले मर्नेछैनस्,
**५**तँ शान्तिसित मर्नेछस् । मानिसहरूले तँभन्दा
पहिलेका तेरा पिता-पुर्खाहरूको सम्मानको निम्ति
अन्तिम संस्कारको आगो बालेझैँ तिनीहरूले
तेरो सम्मानको निम्ति आगो बालेर “हाय, हे
मालिक !” भनेर विलाप गर्नेछस् । म आफै यो
प्रतिज्ञा गर्छु, परमप्रभु घोषणा गर्नुहुन्छ’ ।”
**६**तब यर्मिया अगमवक्ताले यरूशलेममा
यहूदाका राजा सिदकियाहलाई यो सबै भनिदिए,
**७**जब कि बेबिलोनका राजाका सेनाचाहिँ
यरूशलेम अनि जित्न बाँकी रहेका यहूदाका
अरू शहरहरू, लाकीश र अजेकाको विरुद्धमा
लड़ाइँ गरिरहेका थिए । यहूदामा रहेका
सुरक्षित शहरहरू यति मात्र छोड़िएका थिए ।

## कमाराहरूका निम्ति स्वतन्त्रता

**८**कमाराहरूलाई स्वतन्त्रताको घोषणा
गरिदिने करार सिदकियाह राजाले यरूशलेममा
बस्ने सबै मानिसहरूसित बाँधेपछि परमप्रभुको
वचन यर्मियाकहाँ आयो । **९**हरेकले आफ्ना
हिब्रू कमारा, पुरुष र स्त्री दुवैलाई स्वतन्त्र
गरिदिनु थियो, कसैले पनि आफ्ना सङ्गी यहूदीलाई
बन्धनमा राख्नु थिएन । **१०**यसकारण यस
करारमा सामेल हुने सबै अधिकारीहरू र
मानिसहरू आफ्ना कमारा अनि कमारीलाई
स्वतन्त्र गरिदिने र तिनीहरूलाई अझ बन्धनमा
नराख्ने कुरामा राजी भए । तिनीहरू राजी भए
अनि तिनीहरूलाई स्वतन्त्र गरिदिए । **११**तर
पछिबाट तिनीहरूले आफ्ना मन बद्ली गरे र
आफूले स्वतन्त्र गरिदिएका आफ्ना कमारा-
कमारीहरूलाई फर्काइल्याएर फेरि बन्धनमा
पारे ।

**१२**तब परमप्रभुको वचन यर्मियाकहाँ
आयो: **१३**“परमप्रभु, इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ, मैले तिमीहरूका पिता-पुर्खाहरूलाई
मिश्रबाट निकालेर ल्याउँदा, दासत्वको देशबाट
निकालेर ल्याउँदा तिनीहरूसित एउटा करार
बाँधें । **१४**प्रत्येक सातौं वर्षमा आफैले
तिमीहरूकहाँ बेचिदिएको सङ्गी हिब्रू कमारालाई
तिमीहरू हरेकले स्वतन्त्र गरिदिनुपर्छ । त्यसले
छ वर्ष सम्म तिमीहरूको सेवा गरेपछि तिमीहरूले
त्यसलाई स्वतन्त्र गरिदिनुपर्छ ।’ तापनि
तिमीहरूका पिता-पुर्खाहरूले मेरा कुरा सुनेनन्
अथवा त्यसमा ध्यानै दिएनन् । **१५**भर्खरै तिमीहरू
पछुतायौ र मेरो दृष्टिमा जे ठीक छ सो
तिमीहरूले गर्‍यौ । तिमीहरू हरेकले आफ्नो
देशवासीलाई स्वतन्त्रताको घोषणा गर्‍यौ ।
तिमीहरूले मेरो नाउँ भएको भवनमा मेरो सामुन्ने
करारसमेत बाँध्यौ । **१६**तर अहिले तिमीहरूले
पछि सरेर मेरो नाउँको निन्दा गर्‍यौ; आफूले
इच्छा गरेअनुसार जान भनी स्वतन्त्र गरिदिएका
कमारा कमारीलाई तिमीहरू हरेकले फर्काएर
ल्यायौ । तिमीहरूले तिनीहरूलाई आफ्ना
कमारा-कमारी हुनलाई फेरि बाध्य गरायौ ।

**१७**“यसकारण परमप्रभु यसो भन्नुहुन्छ,
तिमीहरूले मेरो आज्ञा पालन गरेनौ; तिमीहरूले
आफ्ना सङ्गी देशवासीहरूलाई स्वतन्त्रताको
घोषणा गरेनौ । यसकारण अब म तिमीहरूको
निम्ति ‘स्वतन्त्रताको’ घोषणा गर्छु, परमप्रभु
घोषणा गर्नुहुन्छ, अर्थात् तरवार, अनिकाल र
रूढ़ीद्वारा मारिने ‘स्वतन्त्रता’ ! म तिमीहरूलाई
पृथ्वीका सबै राज्यहरूको निम्ति घीनलाग्दो
बनाइदिनेछु । **१८**मेरो करार भङ्ग गर्ने अनि
मेरो सामुन्ने तिनीहरूले गरेका करारका
शर्तहरू पूरा नगर्ने मानिसहरूसित म तिनीहरूले
दुई टुक्रा पारेर ती टुक्राहरूका बीचमा तिनीहरू
हिँड़ेको बाछोलाई झैँ व्यवहार गर्नेछु । **१९**त्यस
बाछोका टुक्राहरूका बीचबाट हिँड्ने यहूदा र
यरूशलेमका अगुवाहरू अनि अदालतका
अधिकारीहरू र पूजाहारीहरू अनि यस देशका
सबै मानिसहरूलाई, **२०**म तिनीहरूका प्राण
लिन खोज्ने शत्रुहरूका हातमा सुम्पिदिनेछु ।
तिनीहरूका लाशहरू आकाशका चराहरू अनि
पृथ्वीका पशुहरूका आहार बन्नेछन् ।

**२१**“म यहूदाको राजा सिदकियाह अनि
त्यसका अधिकारीहरूलाई तिनीहरूका प्राण लिन

---

**३४:१४**–प्रस्थान २१:२; व्यवस्था १५:१२.

खोज्ने शत्रुहरूकहाँ, तिमीहरूदेखि हटिगएका
बेबिलोनको राजाको सेनाकहाँ सुम्पिदिनेछु ।
**२२**म हुकुम दिन लाउनेछु, परमप्रभु घोषणा
गर्नुहुन्छ, अनि म तिनीहरूलाई यस शहरमा
फर्काएर ल्याउनेछु । तिनीहरूले यसको
विरुद्धमा लड़ाइँ गर्नेछन्, यसलाई लिनेछन् र
जलाइदिनेछन् । अनि म यहूदाका शहरहरूलाई
उजाड़ पारिदिनेछु र यसमा कोही बस्नेछैनन् ।"

### रेकाबीहरू

**३५** योशियाहको छोरा, यहूदाको राजा
यहोयाकीमको शासनकालको समयमा
परमप्रभुबाट यर्मियाकहाँ यो वचन आयो:
**२**"रेकाबी परिवारकहाँ जा अनि तिनीहरूलाई
परमप्रभुको भवनको एउटा छेउको कोठामा
आउने निम्तो दे र तिनीहरूलाई दाखमद्य पिउन
दे ।"

**३**त्यसकारण म हब्यिन्याहको छोरा, यर्मियाको
छोरा याजन्याह र त्यसका दाज्यूभाइहरू अनि
त्यसका सबै छोराहरू, अर्थात् रेकाबीहरूको
सम्पूर्ण परिवारलाई लिन गएँ । **४**मैले तिनीहरूलाई
परमप्रभुको भवनको परमप्रभुका जन यिग्दल्याहको
छोरा हनानका छोराहरूको कोठामा ल्याएँ ।
योचाहिँ शल्लूमको छोरा ढोके मासेयाहको
माथि अधिकारीहरूको कोठाको छेउमा थियो ।
**५**त्यसपछि मैले रेकाबी परिवारका मानिसहरूको
सामुन्ने दाखमद्यले भरिएका घैँटाहरू अनि केही
कचौराहरू सजाइदिएँ र तिनीहरूलाई भनें,
"केही दाखमद्य पिउनुहोस् ।"

**६**तर तिनीहरूले जवाफ दिए, "हामी मद्यपान
गर्दैनौं किनकि रेकाबका छोरा, हाम्रा पुर्खा
योनादाबले हामीलाई यो आज्ञा दिएका थिए,
'तिमीहरू अथवा तिमीहरूका सन्तानहरूले
कहिल्यै मद्यपान गर्नेछैनौ । **७**तिमीहरूले
घरहरू पनि बनाउनेछैनौ, बिउ छर्नेछैनौ अथवा
दाखबारी लगाउनेछैनौ; तिमीहरूसित यी
कुराहरू कहिल्यै हुनेछैनन् तर तिमीहरू सधैँ
पालहरूमा बस्नेछौ । तब तिमीहरू डुलुवाहरू
भएर बसेको यस देशमा धेरै समयसम्म बस्नेछौ ।'
**८**हामीले रेकाबको छोरा हाम्रा पुर्खा योनादाबले
हामीलाई आज्ञा दिएको प्रत्येक कुरा पालन
गरेका छौं । नता हामीले नता हाम्रा पत्नीहरूले
नता हाम्रा छोराछोरीहरूले कहिल्यै मद्य पिएका
छौं, **९**अथवा बस्नलाई घरहरू बनाएका छौं,
अथवा आफ्ना दाखबारीहरू, खेतहरू अथवा
अन्नहरूनै राखेका छौं । **१०**हामी पालहरूमा
बसेका छौं अनि हाम्रा पुर्खा योनादाबले हामीलाई
आज्ञा दिएका प्रत्येक कुरा हामीले पालन गरेका
छौं । **११**तर बेबिलोनका राजा नबूकदनेसरले
यस देशमाथि आक्रमण गर्दा 'बेबिलोनी र
अरामी सेनाहरूबाट उम्कनलाई आऊ, हामी
यरूशलेममा जानपर्छ' भनी हामीले भन्यौं ।
यसरी हामी यरूशलेममा बसेका छौं ।"

**१२**तब परमप्रभुको वचन यसो भन्दै
यर्मियाकहाँ आयो: **१३**"सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, जा
अनि यहूदाका मानिसहरू र यरूशलेमका
मानिसहरूलाई भन्, 'के तिमीहरूले एउटा पाठ
सिकेर मेरा कुराहरू पालन गर्दैनौ ?' परमप्रभु
घोषणा गर्नुहुन्छ । **१४**'रेकाबको छोरा योनादाबले
आफ्ना छोराहरूलाई मद्यपान नगर्ने आदेश दियो
र त्यो आज्ञा पालन गरियो । आजको दिनसम्म
तिनीहरू मद्यपान गर्दैनन्, किनकि तिनीहरूले
आफ्नो पुर्खाको आज्ञा पालन गर्छन् । तर मैले
तिमीहरूलाई बारम्बार भनेको छु र पनि
तिमीहरूले मेरा आज्ञा पालन गरेका छैनौ ।
**१५**मैले बारम्बार तिमीहरूकहाँ आफ्ना दास
अगमवक्ताहरू पठाएँ । तिनीहरूले भने, 'तिमीहरू
हरेकले आफ्ना दुष्ट चालहरूबाट फर्केर आफ्ना
कामहरू सुधार्नु पर्छ; अरू देवताहरूको पछि
लागेर तिनीहरूको सेवा नगर । तब तिमीहरू
मैले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई
दिएको देशमा बस्नेछौ ।' तर तिमीहरूले मेरो
कुरामा ध्यान दिएनौ अथवा त्यसलाई सुनेनौ ।
**१६**रेकाबको छोरा योनादाबका सन्तानहरूले
आफ्नो पुर्खाले तिनीहरूलाई दिएको आज्ञा पालन

---

**३५:१**–२ राजा २३:३६-२४:६; २ इतिहास ३६:५-७.

गरे, तर यी मानिसहरूले मेरो आज्ञा पालन
गरेका छैनन् ।'
**१७**"यसकारण सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्‍वर यसो भन्‍नुहुन्छ: 'सुन !
म यहूदामाथि अनि यरूशलेममा बस्ने हरेकमाथि
तिनीहरूको विरुद्धमा मैले घोषणा गरेको प्रत्येक
विपत्ति ल्याउँदैछु । मैले तिनीहरूलाई भनें तर
तिनीहरूले सुनेनन्; मैले तिनीहरूलाई बोलाएँ,
तर तिनीहरूले जवाफ दिएनन्' ।"
**१८**तब यर्मियाले रेकाबीहरूको परिवारलाई
भने, "सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्‍वर यसो भन्‍नुहुन्छ: 'तिमीहरूले आफ्ना
पुर्खा योनादाबको आज्ञा पालन गरेर तिनका
उपदेशअनुसार चल्यौ अनि तिनले हुकुम गरेको
प्रत्येक कुरा गर्‍यौ ।' **१९**यसकारण सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्‍वर यसो भन्‍नुहुन्छ:
'मेरो सेवा गर्नलाई रेकाबको छोरा योनादाबलाई
कुनै मानिसको अभाव हुनेछैन' ।"

### यहोयाकीमले यर्मियाको बेहेरूवा जलाएका

**३६** योशियाहका छोरा, यहूदाका राजा
यहोयाकीमको शासनको चौथो वर्षमा
यर्मियाकहाँ परमप्रभुको वचन आयो: **२**"एउटा
बेहेरूवा लिएर त्यसमा म तँसित योशियाहको
शासनकालदेखि अहिलेसम्म यहूदा र अरू सबै
जातिहरूको विषयमा बोल्न थालेका अनि बोल्दै
आएका सबै कुराहरू लेख् । **३**सायद मैले
तिनीहरूमाथि ल्याउने प्रत्येक विपत्तिको विषयमा
यहूदाका मानिसहरूले सुनेर तिनीहरू हरेक
आफ्नो दुष्टताबाट फर्कला; तब म तिनीहरूका
दुष्टता र तिनीहरूका पाप क्षमा गर्नेछु ।"
**४**यसकारण यर्मियाले नेरियाहको छोरा
बारूकलाई बोलाए अनि परमप्रभुले यर्मियालाई
भन्‍नुभएका कुराहरू तिनले उच्चारण गर्दा
बारूकले चाहिँ ती कुराहरू बेहेरूवामा लेखे ।
**५**तब यर्मियाले बारूकलाई भने, "म त थुनामा
छु, म परमप्रभुको मन्दिरमा जान सक्दिनँ ।
**६**यसकारण तिमी उपवासको दिन परमप्रभुको
भवनमा जाऊ अनि मैले उच्चारण गर्दा तिमीले
लेखेका कुराहरू बेहेरूवाबाट मानिसहरूको
निम्ति पढ़िदेऊ । आफ्ना शहरहरूबाट भित्र
आएका यहूदाका सबै मानिसहरूलाई ती
पढ़िदेऊ । **७**सायद तिनीहरूले आफ्ना बिन्ती
परमप्रभुको सामुन्ने ल्याऊलान् र हरेक आफ्नो
दुष्ट चालहरूबाट फर्कनेछ, किनकि परमप्रभुले
आफ्ना मानिसहरूको विरुद्धमा उच्चारण
गर्नुभएको रीस अनि क्रोध भयानक छन् ।"
**८**नेरियाहको छोरा बारूकले तिनलाई यर्मिया
अगमवक्ताले भनेको हरेक कुरा गरे; परमप्रभुको
मन्दिरमा त्यस बेहेरूवाबाट परमप्रभुका वचनहरू
पढ़े । **९**योशियाहका छोरा, यहूदाका राजा
यहोयाकीमको शासनकालको पाँचौं वर्षको नवौं
महिनामा यरूशलेमका सबै मानिसहरू अनि
यहूदाका शहरहरूबाट आएका सबैको निम्ति
परमप्रभुको सामुन्ने एउटा उपवासको समय
घोषणा गरियो । **१०**शापानका छोरा सचिव
गमर्याहको कोठाबाट, जुनचाहिँ मन्दिरको नयाँ
मूलढोकाको प्रवेश-द्वारको माथिल्लो चोकमा
थियो, बारूकले परमप्रभुको मन्दिरमा सबै
मानिसहरूलाई बेहेरुवाबाट यर्मियाका वचनहरू
पढ़िदिए ।
**११**जब शापानका छोरा गमर्याहका छोरा
मीकायाले बेहेरुवाबाट परमप्रभुका वचनहरू
सुने, **१२**तिनी राजमहलमा भएको सचिवको
कोठामा गए, जहाँ सबै अधिकारीहरू, अर्थात्
सचिव एलीशामा, शमायाहका छोरा दलायाह,
अकबोरका छोरा एलतान, शापानका छोरा
गमर्याह, हनन्यनहका छोरा सिदकिया अनि अरू
सबै अधिकारीहरू बसिरहेका थिए । **१३**बारूकले
बेहेरूवाबाट मानिसहरूलाई पढ़िदिएका हरेक
कुरा मीकायाले तिनीहरूलाई भनेपछि, **१४**सबै
अधिकारीहरूले कूशीका छोरा, शेलेम्याहका
छोरा, नतन्याहका छोरा यहूदीलाई बारूकलाई
यसो भन्‍न पठाए, "तिमीले जुन बेहेरूवाबाट
मानिसहरूलाई पढ़ेर सुनायौ त्यो लिएर
आऊ ।" यसकारण नेरियाहका छोरा बारूक

---

**३६:१**–२ राजा २४:१; २ इतिहास ३६:५-७; दानिएल १:१-२.

आफ्नो हातमा त्यो बेहेरूवा लिएर तिनीहरूकहाँ
गए । **१५**तिनीहरूले तिनलाई भने, "दया गरी
बस अनि हाम्रो निम्ति त्यो पढ़िदेऊ ।"

यसकारण बारूकले त्यो तिनीहरूलाई
पढ़िदिए । **१६**तिनीहरूले ती सबै वचनहरू
सुनेपछि तिनीहरूले डरले आपसमा हेराहेर
गरेर बारूकलाई भने, "हामीले यी सबै कुराहरू
राजालाई बताइदिनुपर्छ ।" **१७**तब तिनीहरूले
बारूकलाई सोधे, "तिमीले यो सबै कसरी
लेख्नसक्छौ ? के यर्मियाले यसलाई उच्चारण
गरे ?"

**१८**बारूकले जवाफ दिए, "हो, तिनले नै
यी सबै वचनहरू मलाई उच्चारण गरे अनि
मैले बेहेरूवामा मसीले ती लेखें ।"

**१९**तब ती अधिकारीहरूले बारूकलाई भने,
"तिमी र यर्मिया गएर लूक । तिमीहरू कहाँ
छौ कसैले पनि थाहा नपाओस् ।"

**२०**तिनीहरूले त्यस बेहेरूवालाई सचिव
एलीशामाको कोठामा राखेपछि तिनीहरू चोकमा
राजाकहाँ गए अनि तिनलाई प्रत्येक कुरा
बताइदिए । **२१**राजाले यहूदीलाई त्यो बेहेरूवा
ल्याउन पठाए, अनि यहूदीले त्यसलाई सचिव
एलीशामाको कोठाबाट ल्याए अनि राजा र
तिनका छेउमा उभिरहेका सबै अधिकारीहरूलाई
त्यो पढ़िदिए । **२२**त्यो नवौं महिना थियो अनि
राजा हिउँदे कक्षमा बसिरहेका थिए, र तिनको
अघि मकलमा आगो बलिरहेको थियो । **२३**यहूदीले
बेहेरूवाका तीन चार चरण पढ़िसक्नासाथ
राजाले कारिन्दाको छुरीले ती काटेर सम्पूर्ण
बेहेरूवा आगोमा नजलेसम्म मकलमा
हालिदिन्थे । **२४**राजा अनि यी सबै वचन सुन्ने
तिनका सबै कारिन्दाहरू डराएनन्, नता तिनीहरूले
आफ्ना वस्त्र नै च्याते । **२५**एलनातान, दलायाह
अनि गमर्याहले राजालाई त्यो बेहेरूवा नजलाउनु
भने तापनि तिनले उनीहरूका कुरा सुन्दैनथे ।
**२६**त्यसको सट्टा राजाले आफ्ना छोरा यरहमेल,
अज्जिएका छोरा सरायाह र अब्दीलका छोरा
शेलेम्याहलाई शास्त्री बारूक र यर्मिया
अगमवक्तालाई पक्रने आदेश दिए । तर
परमप्रभुले तिनीहरूलाई लुकाउनुभएको थियो ।

**२७**यर्मियाको उच्चारणमा बारूकले लेखेका
वचनहरू भएको बेहेरूवा राजाले जलाइदिएपछि
परमप्रभुको वचन यर्मियाकहाँ आयो: **२८**अर्को
बेहेरूवा लिएर पहिलो बेहेरूवामा भएका
सबै वचनहरू लेख्, जसलाई यहूदाको राजा
यहोयाकीमले जलाइदिएका थिए । **२९**यहूदाको
राजा यहोयाकीमलाई यो पनि भन्, 'परमप्रभु
यसो भन्नुहुन्छ: तैंले त्यो बेहेरूवा जलाएर भनिस्,
"बेबिलोनको राजा निश्चय आउने र यस
देशलाई नष्ट गर्नेछ अनि यसका मानिसहरू र
पशुहरू दुवैलाई नाश गर्नेछ भनेर तैंले त्यसमा
लेखिस् ?" **३०**यसकारण, यहूदाका राजा
यहोयाकीमको विषयमा परमप्रभु यसो भन्नुहुन्छ,
दाऊदको सिंहासनमा बस्नलाई त्यसको कोही
हुनेछैन, त्यसको शरीर बाहिर फ्याँकिनेछ अनि
दिउँसोको गर्मी र रातको तुसारोमा उदाङ्गो
छोड़िनेछ । **३१**म त्यसलाई अनि त्यसका
बालबच्चाहरूलाई र त्यसका कारिन्दाहरूलाई
तिनीहरूका दुष्टताको निम्ति दण्ड दिनेछु; म
तिनीहरूमाथि अनि यरूशलेममा बस्नेहरूमाथि
र यहूदाका मानिसहरूमाथि मैले तिनीहरूको
विरुद्धमा प्रतिज्ञा गरेका प्रत्येक विपत्ति ल्याउनेछु,
किनकि तिनीहरूले सुनेनन् ।

**३२**यसकारण यर्मियाले अर्को बेहेरूवा लिएर
नेरियाहका छोरा शास्त्री बारूकलाई त्यो दिए
अनि जसै यर्मियाले उच्चारण गरे बारूकले
त्यसमा यहूदाका राजा यहोयाकीमले आगोमा
जलाइदिएका सबै वचनहरू लेखे । अनि त्यसमा
मिल्ने अरू धेरै वचनहरू थपिए ।

## यर्मिया कैदमा

**३७** योशियाहका छोरा सिदकियाह
बेबिलोनका राजा नबूकदनेसरद्वारा
यहूदाका राजा बनाइएका थिए; तिनले
यहोयाकीमका छोरा यहोयाकीनको स्थानमा
राज्य गरे । **२**नता तिनले नता तिनका

---

**३७:१**–२ राजा २४:१७; २ इतिहास ३६:१०.

कारिन्दाहरूले नता देशका मानिसहरूले यर्मिया अगमवक्ताद्वारा बोलिएका परमप्रभुका वचनमा कुनै ध्यानै दिए ।

**३**तापनि राजा सिदकियाहले शेलेम्याहका छोरा यहूकललाई मासेयाहका छोरा सपन्याहसित यर्मिया अगमवक्ताकहाँ यो सन्देशसित पठाए, “दया गरी हाम्रो निम्ति परमप्रभु हाम्रा परमेश्वरसित प्रार्थना गरिदिनुहोस् ।”

**४**अब यर्मियाचाहिँ मानिसहरूकहाँ आउजाउ गर्न स्वतन्त्र थिए, किनकि तिनी त्यस बेलासम्म झ्यालखानामा परेका थिएनन् । **५**फिरौनको सेना मिश्रबाट निस्किसकेको थियो, अनि यरूशलेमलाई घेरिराखेका बेबिलोनीहरूले तिनीहरूको विषयमा कुरा सुनेपछि तिनीहरू यरूशलेमबाट पछि हटे ।

**६**तब परमप्रभुको वचन यर्मिया अगमवक्ताकहाँ आयो: **७**“परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, तँलाई मसित सल्लाह लिन पठाउने यहूदाको राजालाई भन्, ‘तँलाई सघाउन निस्किसकेको फिरौनको सेना त्यसको आफ्नै देश मिश्रमा फर्किजानेछ । **८**तब बेबिलोनीहरूले फर्केर यस शहरलाई आक्रमण गर्नेछन्; तिनीहरूले यसलाई कब्जा गरेर जलाइदिनेछन् ।’

**९**“परमप्रभु यसो भन्नुहुन्छ: ‘बेबिलोनीहरूले निश्चय हामीलाई छोड़िदिनेछन्’ भन्ने सोचेर तिमीहरू आफैलाई धोखा नदेऊ । तिनीहरूले छोड्नेछैनन् ! **१०**तिमीहरूलाई आक्रमण गर्ने सम्पूर्ण बेबिलोनी सेनालाई यदि तिमीहरूले परास्त गर्नसकेका भए तापनि तिनीहरूका पालहरूमा छोड़िएका घाइते मानिसहरूले बाहिर आएर यस शहरलाई जलाइदिने थिए ।”

**११**फिरऊनको सेनाको कारण बेबिलोनी सेना यरूशलेमबाट हटेपछि, **१२**बेन्यामीनको प्रान्तमा त्यहाँका मानिसहरूबीच आफ्नो सम्पत्तिको हिस्सा लिन यर्मिया त्यता जानलाई निस्के । **१३**तर तिनी बेन्यामीन मूलढोकामा पुगेपछि हनन्याहका छोरा शेलेम्याहका छोरा प्रहरीहरूका कप्तान यिरियाहले तिनलाई पक्रे अनि भने, “तिमी भागेर बेबिलोनीहरूकहाँ जाँदैछौ ।”

**१४**यर्मियाले जवाफ दिए, “यो कुरा साँचो होइन । म भागेर बेबिलोनीहरूकहाँ गइरहेको होइनँ ।” तर यिरियाहले तिनको कुरा सुन्न चाहेनन्, त्यसको सट्टा तिनले यर्मियालाई पक्रे अनि तिनलाई अधिकारीहरूकहाँ ल्याए । **१५**तिनीहरू यर्मियासित रीसाए अनि तिनलाई पिट्न लाएर तिनलाई सचिव जोनाथनको घरमा कैद गरेर राखे, किनकि त्यस घरलाई तिनीहरूले झ्यालखाना बनाएका थिए ।

**१६**तिनीहरूले यर्मियालाई एउटा तहखानाको बन्द कोठामा हालिदिए जहाँ तिनी लामो समयसम्म रहे । **१७**तब सिदकियाह राजाले तिनलाई ल्याउन पठाए, अनि तिनलाई महलमा ल्याए, जहाँ तिनले सोधे, “के परमप्रभुबाट केही वचन छ ?”

यर्मियाले जवाफ दिए, “छ, तपाईं बेबिलोनका राजाकहाँ सुम्पिनुहुनेछ ।”

**१८**तब यर्मियाले राजा सिदकियाहलाई भने, “मैले तपाईंको अथवा तपाईंका अधिकारीहरूको अथवा यी मानिसहरूको विरुद्धमा कुन अपराध गरेको छु र तपाईंले मलाई झ्यालखानमा राख्नुभएको छ ? **१९**तपाईंका ती अगमवक्ताहरू कहाँ छन् जोहरूले तपाईंलाई ‘बेबिलोनका राजाले तपाईं अथवा यस देशलाई आक्रमण गर्नेछैन’ भनेर अगमवाणी गरेका थिए ? **२०**तर अब मेरा मालिक राजा दया गरी सुन्नुहोस् । मलाई आफ्नो बिन्ती अघि राख्न दिनुहोस्; मलाई सचिव जोनाथनको घरमा फर्काएर नपठाउनुहोस्, नत्रता म त्यहीं मर्छु होला ।”

**२१**तब राजा सिदकियाहको हुकुमअनुसार यर्मिया प्रहरीको चोकमा राखिए, अनि शहरका जम्मै रोटी नसकुञ्जेल बजारको पसलबाट दिनहुँ तिनलाई रोटी दिइन्थ्यो । यसरी यर्मिया प्रहरीको चोकमा रहे ।

### यर्मियालाई इनारमा हालेका

**३८** मत्तानका छोरा शपत्याह, पशहूरका छोरा गदल्याह, शेलेम्याहका छोरा येहूकल र मल्कियाहका छोरा पशहूरले यर्मियाले सबै मानिसहरूलाई यस्तो भन्दै गरेको सुने, **२**“परमप्रभु यसो भन्नुहुन्छ: ‘यस शहरमा बस्ने जोसुकै पनि तरवार, अनिकाल र रूढ़ीले मर्नेछन्

तर बेबिलोनीहरूकहाँ जाने जोसुकै पनि
बाँच्नेछन् । ऊ आफ्नो प्राणसितै भाग्नेछ, ऊ
बाँच्नेछ ।' **३**अनि परमप्रभु यसो भन्नुहुन्छः 'यो
शहर साँच्चै बेबिलोनीहरूका राजाका सेनाको
हातमा दिइनेछ, जसले यसलाई कब्जा गर्नेछ' ।"
**४**तब अधिकारीहरूले राजालाई भने,
"यो मानिस मारिनुपर्छ, यसले तिनीहरूलाई
भनेका कुराहरूद्वारा यस शहरमा छोड़िएका
योद्धाहरूलाई अनि मानिसहरूलाई पनि निरुत्साह
गरिरहेको छ । यस मानिसले यी मानिसहरूको
भलाई होइन तर तिनीहरूको नाश खोज्दैछ ।"
**५**राजा सिदकियाहले जवाफ दिए, 'त्यो
तिमीहरूकै हातमा छ । तिमीहरूको विरोध
गर्नलाई राजाले केही गर्न सक्दैन ।"
**६**यसकारण तिनीहरूले यर्मियालाई लगेर
राजाको छोरा मल्कियाहको इनारमा हालिदिए,
जुन चाहिँ चोकमा थियो । तिनीहरूले यर्मियालाई
डोरीले इनारभित्र झारिदिए; त्यसमा पानी थिएन
तर हिलो मात्र थियो, अनि यर्मिया हिलोमा
डुबे ।
**७**तर राजमहलका एक जना अधिकारी कूशी
एबेद-मेलेकले तिनीहरूले यर्मियालाई इनारमा
हालेका छन् भनी सुने । राजा बेन्यामीन ढोकामा
बसिरहेका बेला, **८**एबेद-मेलेक महलबाट निस्केर
गए अनि तिनलाई भने, **९**"मेरा मालिक, हे
राजन्, यी मानिसहरूले यर्मिया अगमवक्तासित
जे जति गरे, त्यसमा दुष्टतापूर्वक काम गरेका
छन् । तिनीहरूले उनलाई एउटा इनारभित्र
फ्याँकिदिएका छन्, जहाँ उनी भोकै मर्नेछन्,
जब शहरमा रोटी पटक्कै छैन ।"
**१०**तब राजाले कूशी एबेद-मेलेकलाई आज्ञा
दिए, "यहाँबाट आफूसित तीस जना मानिसहरू
लिएर तिनी मर्नअघिनै यर्मिया अगमवक्तालाई
त्यस इनारबाट निकाल ।"
**११**यसकारण आफूसित मानिसहरू लिएर
एबेद-मेलेक महलमा भएको भण्डारमुनिको
कोठामा गए । तिनले त्यहाँबाट केही फाटेका
र थोत्रे लुगाहरू लिए अनि तिनले डोरीसित ती
इनारभित्र यर्मिया अगमवक्ताकहाँ खसालिदिए ।
**१२**कूशी एबेद-मेलेकले यर्मियालाई भने, "यी
फाटेका र थोत्रे लुगाहरू डोरीले नदुखोस्
भनेर तिम्रा काखीमुनि लगाऊ ।" यर्मियाले त्यसै
गरे, **१३**तब तिनीहरूले ती डोरीहरूको सहायताले
यर्मियालाई इनारबाट बाहिर निकाले । त्यसपछि
यर्मिया प्रहरीको चोकमा बसे ।

## सिदकियाले यर्मियालाई फेरि प्रश्न गरेका

**१४**तब राजा सिदकियाहले यर्मिया
अगमवक्तालाई बोलाइपठाए अनि तिनलाई
परमप्रभुको मन्दिरको तेस्रो प्रवेशद्वारमा ल्याउन
लगाए । राजाले यर्मियालाई भने, "म तिमीलाई
केही सोध्न लागेको छु । मदेखि केही
नलुकाऊ ।"
**१५**यर्मियाले सिदकियाहलाई भने, "यदि मैले
तपाईंलाई जवाफ दिएँ भने तपाईंले मलाई
मार्नुहुन्न ? यदि मैले तपाईंलाई सल्लाह दिएँ
भने पनि तपाईंले मेरो कुरा सुन्नुहुन्न ।"
**१६**तर राजा सिदकियाहले यर्मियासित गुप्तमा
यो शपथ खाए, "हामीलाई सास दिनुहुने
परमप्रभु निश्चय जिएझैँ म तिमीलाई नता
मार्नेछु नता तिम्रो प्राण लिन खोज्नेहरूका हातमा
तिमीलाई सुम्पिदिनेछु ।"
**१७**तब यर्मियाले सिदकियाहलाई भने,
"परमप्रभु सर्वशक्तिमान् परमेश्वर, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छः 'यदि तैंले आफैलाई
बेबिलोनको राजाका अधिकारीहरूकहाँ समर्पण
गरिस् भने तेरो प्राण बाँच्नेछ अनि यो शहर भष्म
पारिनेछैनँ; तँ र तेरो परिवार बाँच्नेछ । **१८**तर
यदि तैंले बेबिलोनका राजाका अधिकारीहरूको
अघि समर्पण गरेनस् भने, यो शहर बेबिलोनीहरूका
हातमा दिइनेछ अनि तिनीहरूले यसलाई
जलाइदिनेछन्; तँ आफै पनि तिनीहरूका
हातबाट उम्कनेछैनस्' ।"
**१९**राजा सिदकियाहले यर्मियालाई भने,
"मलाई बेबिलोनीहरूपट्टि गएका यहूदीहरूसित
डर लाग्छ, किनकि बेबिलोनीहरूले मलाई
तिनीहरूका हातमा देलान् अनि तिनीहरूले
मसित दुर्व्यवहार गर्नेछन् ।"
**२०**यर्मियाले जवाफ दिए, "तिनीहरूले
तपाईंलाई सुम्पिदिने छैनन् ।" मैले तपाईंलाई

भनेका कुरा गरेर परमप्रभुको आज्ञा पालन गर्नुहोस्। तब तपाईंको भलो हुनेछ, अनि तपाईंको प्राण बाँच्नेछ । **२१**तर यदि तपाईंले समर्पण गर्न इन्कार गर्नुहुन्छ भने परमप्रभुले मलाई यो प्रकट गर्नुभएको छ, **२२**यहूदाको राजाका महलमा छोड़िएका सबै स्त्रीहरू बेबिलोनका अधिकारीहरूकहाँ बाहिर निकालिनेछन् । ती स्त्रीहरूले तपाईंलाई यसो भन्नेछन्,

'तिनीहरूले तपाईंलाई कुबाटोमा लगेर जिते,
अर्थात् तपाईंले भरोसा गरेका
मित्रहरूले ।
तपाईंका खुट्टाहरू हिलोमा भास्सिएका छन्;
तपाईंका मित्रहरूले तपाईंलाई
त्यागिदिएका छन् ।'

**२३**"तपाईंका सबै स्वास्नीहरू र छोराछोरीहरू बेबिलोनीहरूकहाँ बाहिर निकालिनेछन् । तपाईं आफै पनि तिनीहरूका हातबाट उम्कनुहुनेछैन तर बेबिलोनका राजाद्वारा कब्जा गरिनुहुनेछ; अनि यो शहरचाहिँ जलाइनेछ ।"

**२४**तब सिदकियाहले यर्मियालाई भने, "यस कुराकानीको विषयमा अरू कसैलाई नभन्नू, नत्रता तिमी मर्न सक्छौ । **२५**यदि मैले तिमीसित कुरा गरें भनी अधिकारीहरूले सुनेछन् भने अनि तिनीहरू तिमीकहाँ आएर 'तिमीले राजालाई के भन्यौ अनि राजाले तिमीलाई के भने, यो कुरा हामीदेखि नलुकाऊ नत्रता हामी तिमीलाई मार्नेछौं', भनेछन् भने, **२६**तिनीहरूलाई 'म राजासित मलाई मर्नलाई जोनाथानको घरमा फर्काएर नपठाउनुहोस् भनेर बिन्ती गर्दैथिएँ' भनिदेऊ ।"

**२७**ती सबै अधिकारीहरू यर्मियाकहाँ आए अनि तिनलाई सोधे र तिनले राजाले तिनलाई जे भन्ने हुकुम दिएका थिए, ती प्रत्येक कुरा तिनीहरूलाई भनिदिए । यसकारण तिनीहरूले तिनलाई अरू केही भनेनन्, किनकि एक जनाले पनि राजासित भएको तिनको कुराकानी सुनेका थिएन ।

**२८**अनि यरूशलेम कब्जा गर्ने दिनसम्मै यर्मिया प्रहरीको चोकमा नै रहे ।

### यरूशलेमको पतन

**३९** यरूशलेम यसरी लिइयो: यहूदाका राजा सिदकियाहको शासनकालको नवौं वर्षको दशौं महिनामा बेबिलोनका राजा नबूकदनेसर आफ्ना सम्पूर्ण सेनासित यरूशलेमको विरुद्धमा आए र त्यसलाई घेरे । **२**अनि सिदकियाहको शासनकालको एघारौं वर्षको चौथो महिनाको नवौं दिनमा शहरको पर्खाल तोड़ियो । **३**तब बेबिलोनका राजाका सबै अधिकारीहरू बीचको मूल-ढोकामा आएर बसे, अर्थात् समगरका नेरगल-सरेसेर, उच्च अधिकारी नबो-सर्कसीम, उच्च अधिकारी नेर्गल-सरेसेर र बेबिलोनका राजाका अरू अधिकारीहरू । **४**यहूदाका राजा सिदकिया र अरू योद्धाहरूले तिनीहरूलाई देखेपछि तिनीहरू भागिहाले; तिनीहरूले राजाको बगैंचाबाट दुईओटा पर्खालहरूको बीचमा भएको मूलढोकाबाट भएर रातको समयमा शहर छोड़े अनि अराबातिर लागे ।

**५**तर बेबिलोनी सेनाले तिनीहरूलाई खेदे अनि सिदकियाहलाई यरीहोको मैदानमा फेला पारे । तिनीहरूले तिनलाई पक्रे अनि तिनलाई बेबिलोनका राजा नबूकदनेसरकहाँ हमातको देशमा भएको रिब्लामा लगे, जहाँ उसले तिनलाई दण्डको आज्ञा सुनाए । **६**त्यहाँ रिब्लामा बेबिलोनका राजाले सिदकियाहका छोराहरूलाई तिनका आफ्नै आँखाको सामुन्ने मारे अनि यहूदाका कुलीन व्यक्तिहरूलाई पनि मारे । **७**तब तिनले सिदकियाहका आँखा निकालिदिए र तिनलाई बेबिलोनमा लैजानलाई पितलका साङ्लाहरूले बाँधे ।

**८**बेबिलोनीहरूले राजमहलमा अनि मानिसहरूका घरहरूमा आगो लगाइदिए र यरूशलेमका पर्खालहरू भत्काइदिए । **९**शाही प्रहरीका कप्तान नबूजर्दानले शहरमा रहेका

**३८:२८**–इजकिएल ३३:२१.

मानिसहरूलाई अनि तिनीपट्टि गइसकेकाहरू
र बाँकी रहेका मानिसहरूलाई देश-निष्काषन्
गरेर बेबिलोनमा लगे । **१०**तर अङ्गरक्षकका
सेनापति नबूजर्दानले केही पनि नभएका गरीब
मानिसहरूलाई यहूदाको देशमै छोड़िदिए अनि
त्यस समय तिनले उनीहरूलाई दाखबारीहरू
र खेतहरू दिए ।

**११**अब बेबिलोनका राजा नबूकदनेसरले
यर्मियाको विषयमा शाही प्रहरीका कप्तान
नबूजर्दानद्वारा यो हुकुम दिएका थिए, **१२**"यिनलाई
लानू अनि यिनको हेचारह गर्नू; यिनलाई हानि
नगर्नू तर यिनको लागि यिनले चाहेझैं गर्नू ।"
**१३**यसकारण अङ्गरक्षकका सेनापति नबूजर्दान,
प्रमुख अधिकारी नबू-सजवान, उच्च अधिकारी
नेरलग-सरेसेर र बेबिलोनका राजाका अरू सबै
अधिकारीहरूले **१४**मानिसहरू पठाएर यर्मियालाई
प्रहरीको चोकबाट बाहिर निकालिदिए । तिनीहरूले
उनलाई तिनको आफ्नै घरमा लैजानलाई
शापानका छोरा, अहीकामका छोरा गदल्याहकहाँ
सुम्पिदिए । यसरी तिनी आफ्नै मानिसहरूका
बीचमा रहे ।

**१५**यर्मिया प्रहरीको चोकमा थुनामा रहेको
बेला परमप्रभुको वचन तिनीकहाँ आयो: **१६**"जा
कूशी एबेद-मेलेकलाई भन्, "सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ,
म यस शहरको विरुद्धमा उन्नतिद्वारा होइन
तर विपत्तिद्वारा मेरा वचनहरू पूरा गर्न लागेको
छु । त्यस समय ती तेरा आँखाकै सामुन्ने पूरा
हुनेछन् । **१७**परमप्रभु घोषणा गर्नुहुन्छ, तर म
त्यस दिन तँलाई छुटाउनेछु, तँ जोहरूसित
डराउँछस्, तिनीहरूकहाँ सुम्पिनेछैनस् । **१८**म
तँलाई बचाउनेछु; तँ तरवारद्वारा मारिनेछैनस्
तर आफ्नो प्राणसितै उम्कनेछस्, किनकि तेरो
भरोसा ममाथि छ, परमप्रभु घोषणा गर्नुहुन्छ' ।"

### यर्मिया मुक्त गरिएका

**४०** शाही अङ्गरक्षकका सेनापति नबूजर्दानले
तिनलाई रामामा छोड़िदिएपछि
यर्मियाकहाँ परमप्रभुको वचन आयो । तिनले
यर्मियालाई बेबिलोनमा देश-निष्काषन भएर
लगिने यरूशलेम र यहूदाका कैदीहरूसित
साङ्लाले बाँधिएको भेट्टाए । **२**अङ्गरक्षकका
सेनापतिले यर्मियालाई भेट्टाएपछि तिनले उनलाई
भने, "परमप्रभु तपाईंका परमेश्वरले यस ठाउँको
निम्ति यो विपत्तिको हुकुम दिनुभयो । **३**अनि
अब परमप्रभुले यसलाई हुन दिनुभयो; उहाँले
गर्छु भन्नुभएको जस्तै उहाँले गर्नुभएको छ ।
यी सबै यसकारण भए, किनकि तिमीहरूले
परमप्रभुको विरुद्धमा पाप गर्‍यौ र उहाँका
आज्ञा पालन गरेनौ । **४**तर आज म तपाईंलाई
तपाईंका नाड़ीमा भएका साङ्लाहरूबाट मुक्त
गरिदिंदैछु । तपाईंलाई इच्छा लागे मसित
बेबिलोनमा आउनुहोस्, र म तपाईंको हेरचाह
गर्नेछु; तर यदि तपाईं इच्छा गर्नुहुन्न भने
नआउनुहोस् । हेर्नुहोस्, सम्पूर्ण देश तपाईंको
सामुन्ने छ, तपाईंलाई जहाँ जान मन पर्छ,
जानुहोस् ।" **५**तापनि यर्मिया जान लाग्दा
नबूजर्दानले थपेर भने, "शापानका छोरा,
अहीकामका छोरा गदल्याकहाँ फर्केर जानुहोस्,
जसलाई बेबिलोनका राजाले यहूदाका शहरहरूमाथि
नियुक्त गर्नुभएको छ, अनि मानिसहरूबीच तपाईं
तिनीसित बस्नुहोस्, अथवा तपाईंलाई जहाँ मन
पर्छ त्यहीँ जानुहोस् ।"

तब कप्तानले सर-सामानहरू र उपहार
दिएर तिनलाई जान दिए । **६**यसकारण यर्मिया
यहीकामका छोरा गदल्याहकहाँ मिस्पामा गए
र तिनीसित देशमा छोड़िएका मानिसहरूका
बीचमा बसे ।

### गदल्याहको हत्या

**७**त्यस खुला देशमा अझै रहिरहेका सबै
सेना अधिकारीहरू र तिनीहरूका मानिसहरूले
बेबिलोनका राजाले अहीकामका छोरा
गदल्याहलाई देशमाथि राज्यपाल नियुक्त गरेर
मानिसहरू, स्त्रीहरू र छोराछोरीहरू, जोहरू
देशमा अति गरीब थिए अनि जोहरू बेबिलोनमा

---

**४०:७-९**–२ राजा २५:२२-२४.

देश-निष्काषित् गरेर लगिएका थिएनन्
तिनीहरूमाथि जिम्म लगाइदिएका कुरा जब सुने,
**८**तिनीहरू, अर्थात् नतन्याहका छोरा इश्माएल,
कारेशका छोराहरू योहानान र जोनाथन,
तन्हूमेतका छोरा सरायाह, नतोफावासी एपेका
छोराहरू, मकातीका छोरा यजन्याह, अनि
तिनीहरूका मानिसहरू गदल्याकहाँ मिस्पामा
आए । **९**शापानका छोरा, अहीकामका छोरा
गदल्याहले तिनीहरूलाई र तिनीहरूका
मानिसहरूलाई फेरि आश्वासन दिनलाई शपथ
खाए । तिनले भने, "बेबिलोनीहरूको सेवा गर्न
नडराओ । देशमा बसोबास गर अनि बेबिलोनका
राजाको सेवा गर, र तिमीहरूको भलो हुनेछ ।
**१०**म आफै चाहिँ हामीकहाँ आउने
बेबिलोनीहरूका सामुन्ने तिमीहरूको प्रतिनिधित्व
गर्न मिस्पामा बस्नेछु, तर तिमीहरूले मद्य,
ग्रीष्मका फलहरू र तेलका कटनी गरेर आफ्ना
भण्डारका भाँड़ाहरूमा हाल्नू अनि तिमीहरूले
लिएका शहरहरूमा तिमीहरू बस्नू ।"

**११**मोआब, अम्मोन, एदोम अनि अरू सबै
प्रान्तहरूका यहूदीहरूले बेबिलोनका राजाले
यहूदामा एउटा बचेको भागलाई छोड़िदिएका
अनि शापानका छोरा, अहीकामका छोरा
गदल्याहलाई तिनीहरूमाथि राज्यपाल नियुक्त
गरिदिएको कुरा सुनेपछि, **१२**तिनीहरू सबै
तितर-बितर भएका प्रान्तहरूबाट यहूदाको
देशमा गदल्याहकहाँ मिस्पामा फर्केर आए ।
अनि तिनीहरूले मद्य र ग्रीष्मका फलहरूको
प्रशस्त कटनी गरे ।

**१३**तब कारेहका छोरा योहानान् र बस्ती-
बस्तीमा भएका फौजका सबै अधिकारीहरू
मिस्पामा गदल्याहकहाँ आए, **१४**र तिनलाई भने,
"के तपाईंलाई थाहा छ, कि अम्मोनीहरूका
राजा बालीसले नतन्याहका छोरा इश्माएललाई
तपाईंको ज्यान लिन पठाएका छन् ?" तर
अहीकामका छोरा, गदल्याहले तिनीहरूको
कुरा विश्वास गरेनन् ।

**१५**तब कारेहका छोरा योहाननाले गदल्याहलाई
मिस्पामा गुप्तमा भने, "मलाई गएर नतन्याहका
छोरा इश्माएललाई मार्नदेऊ, अनि कसैले पनि
यो कुरा जान्नेछैन । उसले किन तिम्रो प्राण
लिएर तिम्रा वरिपरि भला भएका यहूदीहरूलाई
तितर-बितर पार्ने अनि यहूदाका बचेको भागलाई
नष्ट हुन दिने ?"

**१६**तर अहीकामका छोरा गदल्याले कारेहका
छोरा योहानान्लाई भने, "यस्तो काम नगर !
तिमीले इश्माएलको विषयमा भनेको कुरा सत्य
होइन ।"

**४१** सातौं महिनामा एलीशामाको नाति,
नतन्याहको छोरा इश्माएल, जो राजकीय
रगत भएको र राजाका अफिसरहरूमध्येका
एक थिए, दश जना मानिसहरू लिएर मिस्पामा
अहीकामका छोरा गदल्याहकहाँ आए । जब
तिनीहरू सबै एकैसाथ त्यहाँ खाइरहेका थिए,
**२**तब तिनीहरूसित भएका नतन्याहका छोरा
इश्माएल अनि दश जना मानिसहरू उठे र
शापानका नाति, अहीकामका छोरा गदल्याहलाई
तरवारले प्रहार गरेर बेबिलोनका राजाले त्यस
देशमथि राज्यपाल नियुक्त गरेका व्यक्तिलाई
मारिदिए । **३**इश्माएलले मिस्पामा गदल्याहसित
भएका सबै यहूदीहरूलाई र त्यहाँ भएका
बेबिलोनी योद्धाहरूलाई पनि मारिदिए ।

**४**गदल्याहको हत्याको भोलिपल्ट त्यसलाई
कसैले जान्नअघि, **५**आफ्ना दाह्री खौरेका, आफ्ना
लुगा च्यातेका र आफैलाई काटेका अस्सी जना
मानिसहरू आफूसित अन्नबलि अनि धूप लिएर
शेकेम, शीलो र सामरियाबाट परमप्रभुको
भवनमा आए । **६**नतन्याहका छोरा इश्माएल
मिस्पाबाट तिनीहरूलाई भेट्न रूदै आए । तिनले
उनीहरूलाई भेटेपछि भने, "अहीकामका
छोरा गदल्याहकहाँ आओ ।" **७**तिनीहरू
शहरभित्र गएपछि नतन्याहका छोरा इश्माएल
अनि तिनीसित भएका मानिसहरूले तिनीहरूलाई
मारे र तिनीहरूलाई इनारभित्र फ्याँकिदिए ।
**८**तर तिनीहरूमध्ये दश जनाले इश्माएललाई
भने, "हामीलाई नमार्नुहोस् ! हामीले गहुँ र

**४१:१-३**–२ राजा २५:२५.

जौ, तेल र मह खेतमा लुकाइराखेका छौं' ।"
यसकारण तिनले तिनीहरूलाई अरूसित
नमारेर त्यसै राखे । **९**अब जुन इनारमा तिनले
गदल्याहसितै अरू मानिसहरूलाई मारेर
तिनीहरूका लाशहरू फ्याँकेका थिए, त्योचाहिँ
इस्राएलका राजा बाशाको विरुद्धमा बाँच्ने
उपायस्वरुप राजा आसाले बनाएका थिए ।
नतन्याहका छोरा इश्माएलले त्यसलाई लाशले
भरिदिए ।

**१०**इश्माएलले मिस्पामा भएका बाँकी सबै
मानिसहरू, अर्थात् राजाका छोरीहरू अनि त्यहाँ
छोड़िएका सबै जसमाथि शाही प्रहरीका कप्तान
नबूजर्दानले अहीकामका छोरा गदल्याहलाई
नियुक्त गरेका थिए, ती सबैलाई कैदी बनाए ।
नतन्याहका छोरा इश्माएलले तिनीहरूलाई कैदी
बनाएर अम्मोनीहरूकहाँ जानलाई निस्के ।

**११**जब कारेहका छोरा योहानान अनि
तिनीसित भएका सबै सेना अधिकारीहरूले
नतन्याहका छोरा इश्माएलले गरेका सबै
अपराधहरूको विषयमा सुने, **१२**तिनीहरूले आफ्ना
सबै मानिसहरू लिए र तिनीहरू नतन्याहका
छोरा इश्माएलसित लड़ाइँ गर्न गए । तिनीहरूले
तिनलाई गिबोनमा भएको ठूलो दह नजीकै
भेट्टाए । **१३**इश्माएलसित भएका सबै मानिसहरूले
कारेहका छोरा योहानान अनि तिनीसित भएका
सेना अधिकारीहरूलाई देखे, तिनीहरू खुशी
भए । **१४**इश्माएलले मिस्पाबाट कैद गरेर ल्याएका
सबै मानिसहरू कारेहका छोरा योहानानपट्टि
फर्के । **१५**तर नतन्याहका छोरा इश्माएल र
तिनका आठ जना मानिसहरू योहानानबाट
उम्के अनि अम्मोनीहरूकहाँ भागे ।

### मिश्रमा भागेको

**१६**तब कारेहका छोरा योहानान अनि
तिनीसित भएका सबै सेना अधिकारीहरूले
मिस्पामा बाँचेर बसेका सबैलाई डोऱ्याएर लगे
जोहरूलाई तिनले अहीकामका छोरा इश्माएलले
गदल्याहलाई मारेपछि छुटाएका थिए, अर्थात्
योद्धाहरू अनि तिनले गिबोनबाट ल्याएका स्त्रीहरू,
केटाकेटीहरू र अदालतका अधिकारीहरू ।
**१७**अनि तिनीहरू मिश्रतिरको बाटोमा
बेथलेहेमको छेउका गेरूत-किमहाममा बिसाउँदै
बेबिलोनीहरूबाट बच्दै अघि बढ़े । **१८**तिनीहरू
उनीहरूसित डराएका थिए किनकि नतन्याहका
छोरा इश्माएलले अहीकामका छोरालाई
मारेका थिए, जसलाई बेबिलोनका राजाले
देशमाथि राज्यपाल नियुक्त गरेका थिए ।

**४२** तब सबै सेना अधिकारीहरू अनि
कारेहका छोरा योहानान, अनि
होशायाहका छोरा याजन्याह अनि सानादेखि
ठूलासम्म सबै मानिसहरू अगमवक्ताहरू
यर्मियाकहाँ गए अनि तिनलाई भने, **२**"दया
गरी हाम्रो बिन्ती सुन्नुहोस् अनि यस सम्पूर्ण
बाँचेका भागको निम्ति परमप्रभु तपाईंका
परमेश्वरसित प्रार्थना गरिदिनुहोस् । किनकि
तपाईंले अहिले देख्नुभएझैं, हामी कुनै समय
धेरै भए तापनि अहिले थोरैमात्र छोड़िएका छौं ।
**३**हामी कता जानुपर्छ अनि हामीले के गर्नुपर्छ
भन्नेकुरा परमप्रभु तपाईंका परमेश्वरले भनिदिऊन्
भनी प्रार्थना गरिदिनुहोस् ।"

**४**यर्मिया अगमवक्ताले जवाफ दिए, "मैले
तिमीहरूका कुरा सुनें । तिमीहरूले बिन्ती
गरेझैं म परमप्रभु तिमीहरूका परमेश्वरकहाँ
प्रार्थना गर्नेछु; म परमप्रभुले भन्नुभएको प्रत्येक
कुरा तिमीहरूलाई भन्नेछु र म तिमीहरूलाई
कुनै कुरा पनि लुकाउनेछैनँ ।"

**५**तब तिनीहरूले यर्मियालाई भने, "यदि
हामीले परमप्रभु तपाईंका परमेश्वरले तपाईंलाई
भन्न पठाउनुभएको प्रत्येक कुराअनुसार गरेनौं
भने परमप्रभु हाम्रो विरुद्धमा साँचो अनि
विश्वासयोग्य साक्षी होऊन् । **६**त्यो मन पर्ने
होस् वा मन नपर्ने होस्, हामी परमप्रभु हाम्रा
परमेश्वरको आज्ञा पालन गर्नेछौं, जसकहाँ हामी
तपाईंलाई पठाउँदैछौं, र हामीलाई राम्रै होस्,
किनकि हामी परमप्रभु हाम्रा परमेश्वरको आज्ञा
पालन गर्नेछौं ।"

**७**दश दिनपछि परमप्रभुको वचन यर्मियाकहाँ
आयो । **८**यसकारण तिनले कारेहका छोरा
योहानान अनि तिनीसित भएका सबै सेना
अधिकारीहरू अनि सानादेखि ठूलासम्म सबै

मानिसहरूलाई बोलाए । **९**तिनले उनीहरूलाई
भने, "परमप्रभु इस्राएलका परमेश्वर जसकहाँ
तिमीहरूले मलाई आफ्ना बिन्ती चढ़ाउन पठायौ,
यसो भन्नुहुन्छः **१०**'यदि तिमीहरू यस देशमै
रह्यौ भने म तिमीहरूलाई भत्काउने होइन
तर बनाउनेछु, म तिमीहरूलाई उखेल्ने होइन
तर रोप्नेछु, किनकि मैले तिमीहरूमाथि ल्याएको
विपत्तिको निम्ति म दुःखीत छु । **११**तिमीहरू
अहिले डराएका बेबिलोनको राजासित
नडराऊ । परमप्रभु घोषणा गर्नुहुन्छ, ऊदेखि
नडराऊ, किनकि म तिमीहरूसित छु अनि म
तिनीहरूलाई बचाउनेछु र तिमीहरूलाई उसका
हातबाट छुटाउनेछु । **१२**म तिमीहरूमाथि दया
देखाउनेछु र उसको दया तिमीहरूमाथि हुनेछ
अनि उसले तिमीहरूलाई तिमीहरूको देशमा
पुनर्स्थापित गर्नेछ ।'

**१३**तापनि यदि तिमीहरूले 'हामी यस देशमा
बस्नेछैनौं' अनि यसरी परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा मान्दैनौ भने, **१४**अनि यदि
तिमीहरूले 'होइन, हामी गएर मिश्रमा बस्नेछौं
जहाँ हामी लड़ाइँ देख्नेछैनौ अथवा तुरही बजेको
सुन्नेछैनौ अथवा रोटीको निम्ति भोको रहनेछैनौं'
भन्छौ भने, **१५**हे यहूदाका बाँचेको भाग,
परमप्रभुको वचन सुन । सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'यदि
तिमीहरूले मिश्रमा जाने पक्का गरेका छौ
अनि त्यहाँ बसोबासो गर्नेछौ भने, **१६**तिमीहरू
डराएका तरवारले तिमीहरूलाई त्यहाँ
भेट्टाउनेछ, अनि तिमीहरू डराएको अनिकालले
तिमीहरूलाई मिश्रमा पछ्याउनेछ र तिमीहरू
त्यहीं मर्नेछौ । **१७**साच्चैं मिश्रमा गएर बसोबास
गर्ने पक्का निश्चय गर्नेहरू तरवार, अनिकाल
र रूढ़ीले मर्नेछन्; मैले तिनीहरूमाथि ल्याउने
विपत्तिबाट तिनीहरूमध्ये एन जना पनि
बाँच्नेछैन ।' **१८**सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छः 'जसरी मेरो रीस र
क्रोध यरूशलेममा बस्नेहरूमाथि खन्याइएको
छ, त्यसरी नै मेरो क्रोध तिमीहरू मिश्रमा जाँदा
तिमीहरूमाथि खनिनेछ । तिमीहरू श्राप र
आतङ्क अनि भत्सर्ना र निन्दाका पात्रहरू हुनेछौ;
तिमीहरूले यो ठाउँलाई फेरि कहिल्यै देख्नेछैनौ ।'

**१९**हे यहूदाका बाँचेको भाग, परमप्रभुले
तिमीहरूलाई 'मिश्रमा नजाओ' भन्नुभएको छ ।
यो कुरा पक्का हो; म आज तिमीहरूलाई
चेतावनी दिन्छु, **२०**कि तिमीहरूले मलाई
परमप्रभु तिमीहरूका परमेश्वरकहाँ पठाएर
'हाम्रो निम्ति परमप्रभु हाम्रा परमेश्वरसित
प्रार्थना गरिदिनुहोस्, हामीलाई उहाँले भन्नुभएको
प्रत्येक कुरा भन्नुहोस् अनि हामी त्यो गर्नेछौं'
भनेर तिमीहरूले एउटा ठूलो भूल गऱ्यौ ।
**२१**मैले आज तिमीहरूलाई भनेको छु, तर उहाँले
मलाई तिमीहरूलाई भन्नु भनेर पठाउनुभएका
सबै कुराहरूमा तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा मानेका छैनौ । **२२**यसकारण
अब, यो निश्चय जान; तिमीहरू गएर बसोबासो
गर्ने ठाउँमा तिमीहरू तरवार, अनिकाल र रूढ़ीले
मर्नेछौ ।"

**४३** जब यर्मियाले मानिसहरूलाई परमप्रभु
तिनीहरूका परमेश्वरले भन्नुभएका
सबै कुराहरू, अर्थात् परमप्रभुले तिनीहरूलाई
भन्नु भनेर तिनलाई पठाउनुभएको प्रत्येक
कुरा भनीसके– **२**होशायाहका छोरा अजर्याह
अनि कारेहका छोरा योहानान र सबै अभिमानी
मानिसहरूले यर्मियालाई भने, "तिमीले झूट
बोलिरहका छौ ! परमप्रभु बसोबासो गर्नलाई
मिश्रमा जानुहुन्न' भन्न पठाउनुभएको होइन ।
**३**बेबिलोनीहरूले हामीलाई मारुन् अथवा हामीलाई
देश-निष्काषित् गरेर बेबिलोनका हातमा
दिनलाई नेरियाहका छोरा बारुकले तिमीलाई
हाम्रो विरुद्धमा सुऱ्याउँदैछ ।'

**४**यसकारण कारेहका छोरा योहानान अनि
सबै सेना अधिकारीहरू र सबै मानिसहरूले
यहूदाको देशमै बस्नु भन्ने परमेश्वरको आज्ञा
उलङ्घन गरे । **५**त्यसको सट्टा कारेहका छोरा
योहानान अनि सबै सेना अधिकारीहरूले
तिनीहरू तितर-बितर भएका जातिहरूबाट

---

**४३:५–७**–२ राजा २५:२६.

यहूदामा बस्न आएका यहूदाका सबै बाँचेको
भागलाई लगे । ६तिनीहरूले शाही अङ्गरक्षकका
कप्तान नबूजर्दानले शापानका छोरा अहीकामका
छोरा गदल्या अनि यर्मिया अगमवक्त र
नेरियाहका छोरा बारूकसित छाड़ेका सबै
मानिसहरू, स्त्रीहरू र केटाकेटीहरू अनि राजाका
छोरीहरू सबैलाई पनि लगे । ७यसरी परमप्रभुको
आज्ञा उलङ्घन गर्दै तिनीहरू मिश्रमा प्रवेश
गरे र तहपनेससम्म पुगे ।

८तहपनेसमा परमप्रभुको वचन यर्मियाकहाँ
आयो: ९"यहूदीहरूले हेरिरहेका बेला तैंले आफूसित
केही ठूला ढुङ्गाहरू लिन अनि तहपनेसमा भएको
फिरऊनको महलको प्रवेश-द्वारको इँटाले
छापेका ठाउँको माटोमा ती गाड़िदिनु । १०तब
तिनीहरूलाई भन्नू, 'सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ; म मेरो
दास नबूकदनेसर, बेबिलोनको राजालाई बोलाई
पठाउनेछु, अनि म त्यसको सिंहासन मैले गाड़ेका
यी ढुङ्गाहरूमाथि फिँजाउनेछु । ११त्यो आउनेछ
र त्यसले मिश्रमाथि आक्रमण गर्नेछ । अनि
मृत्युको निम्ति तोकिएकाहरूमाथि मृत्यु, कैदको
निम्ति तोकिएकाहरूमाथि कैद र तरवारको
निम्ति तोकिएकाहरूमाथि तरवार ल्याउनेछ ।
१२त्यसले मिश्रका देवताहरूका मन्दिरहरूमा आगो
लगाइदिनेछ, त्यसले तिनीहरूका मन्दिरहरू
जलाइदिनेछ र तिनीहरूका देवताहरूलाई कैद
गरेर लैजानेछ । जसरी एउटा गोठालाले उसको
लुगा आफ्नो चारैतिर बेहेर्छ, त्यसरी नै त्यसले
मिश्रलाई आफ्नो चारैतिर बेह्रेर कुनै चोट नलगाई
त्यहाँबाट जानेछ । १३त्यहाँ मिश्रको सूर्य-
मन्दिरमा त्यसले पवित्र खामाहरू ढालिदिनेछ अनि
मिश्रका देवताहरूका मन्दिरहरू जलाइदिनेछ ।

## मूर्तिपूजाको कारण विपत्ति

४४ मिश्रको तल्लो भाग मिग्दोल, तहपनेस
अनि मेम्फिससमा र माथिल्लो मिश्रमा
बस्ने यहूदीहरूको विषयमा यर्मियाकहाँ वचन
आयो: २"सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ, मैले यरूशलेम र
यहूदाका सबै शहरहरूमाथि ल्याएको ठूलो
विपत्ति तिमीहरूले देख्यौ । आज ती त्यागिएको
र भष्म भएको अवस्थामा पड़िरहेका छन्, ३त्यो
तिनीहरूले गरेको दुष्टताको कारणले भएको
थियो । नता तिनीहरूले नता तिनीहरूका पुर्खाले
कहिल्यै जानेका अरू देवताहरूको निम्ति
तिनीहरूले धूप बालेर तिनीहरूलाई पूजेर
तिनीहरूले मलाई रीस उठाए । ४मैले
तिनीहरूकहाँ बारम्बार मेरा दास अगमवक्ताहरू
पठाएँ जोहरूले 'मैले घृणा गरेका यी घीनलाग्दा
कामहरू नगर !' भनें । ५तर तिनीहरूले सुनेनन्
अथवा ध्यानै दिएनन्; तिनीहरू आफ्ना दुष्टताबाट
फर्केनन अथवा अरू देवताहरूकहाँ धूप बाल्न
छोड़ेनन् । ६यसकारण मेरो डरलाग्दो रीस
खन्याइयो; त्यसले यहूदाका शहरहरू र
यरूशलेमका शहरहरू सखाप पार्‍यो अनि
तिनीहरूलाई उजाड़ र भष्म पार्‍यो जुन आजको
दिनसम्म छँदैछ ।

७यसकारण परमप्रभु सर्वशक्तिमान्
परमेश्वर, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:
यहूदाबाट मानिसहरू र स्त्रीहरू, केटाकेटीहरू
र काखे बाल-बालिकाहरूलाई अलग गरेर
तिनीहरूले किन आफैमाथि यस्तो ठूलो विपत्ति
ल्याउने अनि आफैलाई बाँचेको भागरहित
बनाउने ? ८तिमीहरूका आफ्नै हातले बनाएका
कुराहरूले तिमीहरू बस्न आएको मिश्रमा अरू
देवताहरूकहाँ धूप बालेर मलाई रीस उठाउने ?
तिमीहरूले आफैलाई नष्ट गर्नेछौ अनि पृथ्वीका
जातिहरूका बीचमा आफैलाई श्राप र निन्दाको
पात्र बनाउनेछौ । ९के तिमीहरूले आफ्ना पिता-
पुर्खाहरूले अनि यहूदाका राजाहरू र रानीहरूले
गरेका दुष्टता अनि यहूदाको देशमा र
यरूशलेमका सड़कहरूमा तिमीहरूले र
तिमीहरूका स्वास्नीहरूले गरेका दुष्टता बिर्सेका
छौ ? १०आजको दिनसम्म तिनीहरूले आफैलाई
दीन तुल्याएका छैनन् अथवा मप्रति डर देखाएका
छैनन्, नता मैले तिमीहरू र तिमीहरूका पुर्खाको
अघि स्थापित गरेका व्यवस्था र आदेशहरू
तिनीहरूले पालन गरेका छन् ।

११यसकारण, सर्वशक्तिमान् परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, मैले

तिमीहरूमाथि विपत्ति ल्याउने अनि सम्पूर्ण
यहूदालाई नाश गर्ने निश्चय गरेको छु ।
**१२**मिश्रमा गएर त्यहीं बसोबासो गर्ने निश्चय
गरेका यहूदाको बाँचेको भागलाई म लैजानेछु ।
तिनीहरू सबै तरवारद्वारा ढल्नेछन् अथवा
अनिकालद्वारा मर्नेछन् । सानादेखि लिएर
ठूलासम्म तरवार अथवा अनिकालद्वारा मर्नेछन् ।
तिनीहरू श्राप र आतङ्कका; भर्त्सना र निन्दाको
पात्र हुनेछन् । **१३**मैले यरूशलेमलाई दण्ड दिएझैं
म मिश्रमा बस्नेहरूलाई तरवार, अनिकाल र
रूढ़ीद्वारा दण्ड दिनेछु । **१४**यहूदाका बाँकी
रहेकाहरू जो मिश्रदेशमा प्रवासी भए बस्नलाई
गएका छन्, तिनीहरूमा एउटै पनि बाँच्नेछैन
न उम्कनेछ, र तिनीहरूले यहूदा देशमा फर्केर
बस्ने इच्छा गरे तापनि केही शरणार्थीहरूबाहेक
तिनीहरू एउटै पनि फर्कन पाउनेछैनन् ।”

**१५**तब आफ्ना स्वास्नीहरूले अरू देवताहरूकहाँ
धूप बालेका थाहा पाउने मानिसहरूले त्यहाँ
उपस्थित रहेका अरू सबै स्त्रीहरू, अर्थात् एउटा
ठूलो सभा, अति तल्लो र माथिल्लो मिश्रमा
बस्ने सबै मानिसहरूसित मिलेर यर्मियालाई भने,
**१६**“तिमीले परमप्रभुको नाउँमा हामीसित बोलेको
समाचार हामी सुन्नेछैनौं ! **१७**हामीले गर्छौं
भनेको प्रत्येक कुरा हामी निश्चय गर्नेछौं ।
हामी स्वर्गकी रानीकहाँ धूप बाल्नेछौं अनि हामी
र हाम्रा पिता-पुर्खाहरू, हाम्रा राजाहरू र हाम्रा
अधिकारीहरूले यहूदाका शहरहरूमा अनि
यरूशलेमका सड़कहरूमा गरेझैं हामी तिनलाई
अर्घबलि चढ़ाउनेछौं । त्यसबेला हामीसित
प्रशस्त भोजन थियो र हामी सम्पन्न थियौं
अनि हामीमा कुनै नोक्सानी आएन । **१८**तर
हामीले स्वर्गकी रानीकहाँ धूप बाल्न अनि
तिनलाई अर्घबलि चढ़ाउन छोड़ेदेखि यसो
हामीसित केही रहेन अनि हामी तरवार र
अनिकालद्वारा नष्ट हुँदै आएका छौं ।”

**१९**ती स्त्रीहरूले अझ थपे, “हामीले स्वर्गकी
रानीकहाँ धूप जलाउँदा अनि तिनलाई अर्घबलि
चढ़ाउँदा के हाम्रा लोग्नेहरूले हामीले
तिनको रूपजस्तै फुलौरा बनाउँदै थियौं अनि
तिनलाई अर्घबलि चढ़ाइरहेका थियौं भन्ने
कुरा जान्दैनथे ?”

**२०**तब तिनलाई जवाफ दिइरहेका सबै
मानिसहरू, पुरुष र स्त्रीहरू दुवैलाई यर्मियाले
भने, **२१**“तिमीहरू, तिमीहरूका पिता-
पुर्खाहरू, तिमीहरूका राजाहरू र तिमीहरूका
अधिकारीहरूले यहूदाका शहरहरू र यरूशलेमका
सड़कहरूमा धूपको विषयमा के परमप्रभुले
सम्झनु र सोच्नुभएन ? **२२**जब तिमीहरूले
गरेका तिमीहरूका दुष्ट र घीनलाग्दा कामहरू
परमप्रभुले अरू सहनसक्नु भएन तिमीहरूको
देश श्रापको पात्र अनि उजाड़ र बेकामको
अनि निर्जन भयो जुन आजको दिनसम्म यस्तै
छ । **२३**तिमीहरूले धूप बालेर परमप्रभुको
विरुद्धमा पाप गरेका अनि उहाँका आज्ञा नमानेका
अथवा उहाँको व्यवस्था अथवा आदेश अथवा
उहाँका हुकुम अथवा नियमहरू पालन नगरेको
कारण यो विपत्ति तिमीहरूमाथि आएको छ,
जस्तो तिमीहरू अहिले देख्छौ ।”

**२४**तब यर्मियाले सबै मानिसहरू अनि
स्त्रीहरूलाई भने, “तिमीहरू मिश्रमा भएका
सबै यहूदाका मानिसहरूले परमप्रभुको वचन
सुन । **२५**सर्वशक्तिमान् परमप्रभु इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ; तिमीहरूले ‘हामी
स्वर्गकी रानीकहाँ धूप बाल्नेछौं अनि अर्घबलि
चढ़ाउनेछौं भनी हामीले खाएको शपथ हामी
अवश्य पूरा गर्नेछौं’ भनेर प्रतिज्ञा गरेको तिमीहरू
र तिमीहरूका स्वास्नीहरूले आफ्ना कामबाट
देखाएका छौ ।

“त्यसो भए अघि बढ़, आफूले प्रतिज्ञा
गरेको काम गर ! आफ्नो भाकल पूरा गर !
**२६**तर मिश्रमा बस्ने सबै यहूदीहरू, तिमीहरूले
परमप्रभुको वचन सुन; परमप्रभु भन्नुहुन्छ
‘मिश्रको जुनै पनि ठाउँमा बस्ने यहूदाबाटको
कसैले पनि कहिल्यै मेरो नाउँ पुकार्ने छैन,
अथवा “सर्वशक्ताधारी परमप्रभु निश्चय जिएझैं”
भनेर शपथ खानेछैन भनी म आफ्नो महान्
नाउँमा शपथ खान्छु । **२७**किनकि म असलको
निम्ति होइन तर हानिको निम्ति तिनीहरूमाथि
नजर राखिरहेको छु; तिनीहरू सबै नाश
नभएसम्म मिश्रमा रहेका यहूदीहरू तरवार र

अनिकालद्वारा नष्ट हुनेछन् । २८तरवारद्वारा उम्कने अनि मिश्रबाट यहूदाको देशमा फर्कनेहरू अति थोरै हुनेछन् । तब मिश्रमा बस्न आउने यहूदाका सम्पूर्ण बाँचेको भागले मेरो अथवा तिनीहरूको, कसको वचन अटल रहनेछ भनी जान्नेछ ।

२९परमप्रभु घोषणा गर्नुहुन्छ, 'तिमीहरूको विरुद्धमा हानि गर्ने मेरो धम्की अटल रहन्छ भनी तिमीहरूले जानून् भनी मैले तिमीहरूलाई यस ठाउँमा दण्ड दिनेछु भनेको चिन्ह यो हुनेछ ।' ३०परमप्रभु यसो भन्नुहुन्छः 'जसरी मैले यहूदाका राजालाई त्यसको प्राण लिन खोज्ने शत्रु बेबिलोनको राजा नबूकदनेसरको हातमा सुम्पिदिएँ, त्यसरीनै म मिश्रको राजा फिरऊन होप्रालाई त्यसको प्राण लिनखोज्ने शत्रुहरूको हातमा सुम्पिदिनेछु' ।"

### बारूकलाई एउटा सन्देश

**४५** यर्मियाले त्यसबेला उच्चारण गरेका वचनहरू बारूकले एउटा बेहेरुवामा लेखिसकेपछि योशियाहको छोरा यहोयाकीमको शासनकालको चौथो वर्षमा यर्मिया अगमवक्ताले नेरियाहका छोरा बारुकलाई यसो भने, २"बारूक, परमप्रभु इस्राएलका परमेश्वरको वचनले तिमीलाई यसो भन्छ, ३तैंले भनिस् 'मलाई धिक्कार छ ! परमप्रभुले मेरो कष्टमा दुःख थपिदिनुभएको छ; म सुस्केराले थकित भएको छु अनि म विश्राम पाउँदिनँ ।'

४परमप्रभुले भन्नुभयो, "त्यसलाई यसो भन्, 'परमप्रभु यसो भन्नुहुन्छ, मैले जे बनाएको छु, त्यो म भत्काउनेछु, देशभरि नै मैले जे रोपेको छु, त्यो म उखेल्नेछु । ५त्यसोभए के तैंले आफ्नै लागि महान् कुराहरू खोज्नु पर्छ ? ती नखोज् । परमप्रभु घोषणा गर्नुहुन्छ, किनकि म सबै मानिसहरूको निम्ति विपत्ति ल्याउनेछु, तर तँ जहाँ गए तापनि म तँलाई आफ्नो प्राण लिएर उम्कन दिनेछु' ।"

### मिश्रको निम्ति सन्देश

**४६** जातिहरूको विषयमा यर्मिया अगमवक्ताकहाँ परमप्रभुको यो वचन आयो:

२मिश्रको विषयमा:

योशियाहको छोरा, यहूदाका राजा यहोयाकीमको शासनकालको चौथो वर्षमा यूफ्रेटिस नदीको कर्कमीशका बेबिलोनका राजा नबूकदनेसरद्वारा पराजित भएका मिश्रका राजा फिरऊन नेकोका सेनाको विरुद्धमा यो सन्देश छः

३ "तेरा ठूला र साना दुवै ढालहरू
तयार गर्,
अनि युद्धको निम्ति प्रस्थान गर् !
४ घोड़ाहरूमा जीन लगाम कस्,
घोड़ामा सवार भइजा !
लड़ाइँको टोप लगाएर आफ्नो स्थान
लिइहाल् !
आफ्नो भालाहरू टल्का,
आफ्नो हात-हतियार लगा !
५ म के देख्छु ?
तिनीहरू आतङ्कित भएका छन्,
तिनीहरू पछि सर्दैछन्,
तिनीहरूका योद्धाहरू हारेका छन् ।
तिनीहरू पछि नफर्की हतारसाथ भाग्छन्,
अनि चारैतिर आतङ्क फैलिएको छ" पर
मप्रभु घोषणा गर्नुहुन्छ ।

६ "फूर्तिलाहरू भाग्न सक्दैनन्
नता बलियाहरू उम्कन्छन्,
उत्तर दिशामा यूफ्रेटिस किनारमा
तिनीहरू ठोकर खाएर लड्छन् ।

७ "नील नदीझैँ माथि उठ्ने त्यो को हो,
उर्लेर आउने पानीझैँ ?
८ मिश्र नील नदीझैँ माथि उठ्छ,
उर्लेर आउने पानी भएको नदीझैँ

**४४:३०**–२ राजा २५:१-७. **४५:१**–२ राजा २४:१; २ इतिहास ३६:५-७; दानिएल १:१-२.
**४६:२-२६**–यशैया १९:१-२५; इजकिएल २९:१-३२:३२.

ऊ भन्छे, 'म उठेर पृथ्वीनै ढाकिदिनेछु
म शहरहरू र त्यसका मानिसहरूलाई
नाश गरिदिनेछु ।"
**९** हे घोड़ा हो, आक्रमण गर !
हे सारथी हो जोरसित हाँक !
ढाल बोक्ने कुशका अनि पूतका
मानिसहरू धनु तान्ने लूदका मानिसहरू,
हे योद्धा हो, अघि बढ़ ।
**१०** तर त्यो दिन त परमप्रभु, सर्वशक्तिमान्
परमप्रभुको हो–
बद्लाको दिन, उहाँको शत्रुहरूमाथि
बद्ला ।
त्यसले आफै सन्तुष्ट नभएसम्म निल्नेछ,
रगतले आफ्नो तिर्खा नमेटेसम्म
त्यसले निल्नेछ ।
किनकि सर्वशक्तिमान् परमप्रभुले
यूफ्रेटिसको किनारमा उत्तर दिशाको
देशमा बलिदान चढ़ाउनुहुनेछ ।

**११** "हे मिश्रकी कन्ये छोरी
गिलादमा उक्लिएर महलम ले,
तर तैंले त व्यर्थैमा धेरै उपाय गर्छेस्;
तेरो निम्ति चँगाइ छैन ।
**१२** जातिहरूले तेरो लाजको विषयमा सुन्नेछन्
तेरो चित्कारले पृथ्वी ढाक्नेछ ।
एउटा योद्धामाथि अर्कोले ठोक्कर खानेछ,
दुवै एकैसाथ लड़िजानेछन् ।"

**१३**"मिश्रलाई आक्रमण गर्न बेबिलोनका
राजा नबूकदनेसर आउने विषयमा परमप्रभुले
यर्मिया अगमवक्तासित बोल्नुभएको सन्देश यही
हो:

**१४** "यसलाई मिश्रमा सूचित गर्
अनि यसलाई मिग्दोलमा घोषणा गर्;
यसलाई मेम्फिसमा अनि तहरनेसमा पनि
घोषणा गर्:
'आफ्नो स्थान लिएर तयार भइहाल्
किनकि तेरा चारैतिरकाहरूलाई तरवारले
निल्नेछ ।'
**१५** तेरा योद्धाहरू किन पड़िरहेका छन् ?
तिनीहरू खड़ा हुनै सक्दैनन्,
किनकि परमप्रभुले तिनीहरूलाई तलै
ठेलिदिनुहुनेछ ।
**१६** तिनीहरूले बारम्बार ठोकर खानेछन्,
तिनीहरू एउटामाथि अर्को लड्नेछन् ।
तिनीहरूले भन्नेछन्, 'उठ, हामी
विरोधीहरूका तरवारदेखि टाढ़ा आफ्नै
मानिसहरूकहाँ अनि आफ्नै देशमा
फर्केर जाऊँ ।'
**१७** त्यहाँ तिनीहरूले लामो सास फेरेर भन्छन्,
'मिश्रका राजा फिरऊन त खालि एउटा
चर्को सोर मात्र हो,
उसले आफ्नो मौका हराएको छ ।'

**१८** जसको नाउँ सर्वशक्तिमान् परमप्रभु हो,
जुन राजाले यसरी घोषणा गर्नुहुन्छ,
"जस्तो म निश्चय जीवित छु,
पहाड़हरूमध्ये ताबोरझैँ एक जना
आउनुहुनेछ,
नदीको किनारमा भएको कर्मेलझैँ ।
**१९** तिमीहरू मिश्रमा बस्नेहरू
देश-निष्काषनमा जानलाई पोको कस,
किनकि मेम्फिस उजाड़ हुनेछ
अनि निर्जन भई भग्नावस्थामा रहनेछ ।

**२०** "मिश्र एउटी सुन्दरी कोरली हो,
तर त्यसको विरुद्धमा उत्तर दिशाबाट
एउटा डाँस आउँदैछ ।
**२१** त्यसका ज्यालादार सिपाहीहरू
मोटाएका बाछ्राहरूझैँ छन् ।
तिनीहरू पनि फर्केर एकसाथ भाग्नेछन्
तिनीहरू अड़िएर रहनेछैनन्,
किनकि तिनीहरूको निम्ति विपत्तिका
दिनहरू आउँदैछन्,
तिनीहरूले दण्ड पाउने समय ।
**२२** शत्रुहरू जबरदस्तसाथ अगि बढ्दै आउँदा,
मिश्रदेशले भाग्ने सर्पको जस्तै आवाज
निकाल्नेछ ।

---

**४६:१३**–यर्मिया ४३:१०-१३.

उनीहरू त्यसको विरुद्धमा बन्चरो लिएर
रूख काट्ने मानिसहरूझैँ आउनेछन् ।
२३ त्यो जत्तिकै बाक्लो भए तापनि
तिनीहरूले उसको वन काटेर
ढालिदिनेछन्”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
तिनीहरू सहलभन्दा धेरै सङ्ख्यामा छन्
तिनीहरूलाई गन्न सकिँदैन ।
२४ मिश्रकी छोरी लाजमा पर्नेछिन्,
उत्तर दिशाका मानिसहरूका हातमा
पर्नेछिन् ।”

**२५**सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्वर भन्नुहुन्छः “म थेबेसको आमोन
देवतामाथि, फिरऊनमाथि, मिश्रमाथि र त्यसको
देवताहरूमाथि अनि त्यसका राजाहरूमाथि अनि
फिरऊनमाथि भरोसा राख्नेहरूमाथि दण्ड
ल्याउन लागेको छु । **२६**म तिनीहरूलाई
तिनीहरूका प्राण लिन खोज्नेहरूका हातमा,
बेबिलोनको राजा नबूकदनेसर अनि त्यसका
अधिकारीहरूकहाँ सुम्पिदिनेछु । तापनि, पछिबाट,
मिश्र पहिलेझैँ आबाद हुनेछ,” परमप्रभु घोषणा
गर्नुहुन्छ ।

२७ “हे याकूब, मेरो दास नडरा;
हे इस्राएल हताश नहो ।
म निश्चय तँलाई एउटा टाढ़ो ठाउँबाट
तेरा सन्तानहरूलाई तिनीहरू देश-
निष्काषित भएको देशबाट बचाउनेछु ।
याकूबले फेरि शान्ति र सुरक्षा पाउनेछ,
अनि त्यसलाई कसैले पनि तर्साउनेछैन ।
२८ हे मेरो दास याकूब,
नडरा किनकि म तँसित छु”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
“यद्यपि मैले तँलाई तितर-बितर पारेका
सबै जातिहरूलाई म सम्पूर्ण रुपले नाश
गर्छु,
म तँलाई चाहिँ सम्पूर्ण रुपले नाश
गर्नेछैन ।
म तँलाई अनुशासन गर्नेछु तर न्यायसित
मात्र;
म तँलाई दण्डै नदिई जानचाहिँ
दिनेछैनँ ।”

### पलिश्तीबारे सन्देश

**४७** फिरऊनले गाजामाथि आक्रमण
गर्नअघि पलिश्तीहरूको विषयमा
यर्मिया अगमवक्ताकहाँ परमप्रभुको यो वचन
आयोः

२ परमप्रभु यसो भन्नुहुन्छः
“हेर, उत्तर दिशामा पानीहरू कसरी
उठिरहेका छन्;
तिनीहरू डुबाउने भल हुनेछन् ।
तिनीहरूले देश र त्यसमा भएको प्रत्येक
कुरालाई डुबाइदिनेछन्,
शहरहरू र त्यसमा बस्नेहरू सबैलाई ।
मानिसहरू चिच्याउनेछन्;
देशमा बस्नेहरू सबैले विलाप गर्नेछन्;
३ घोड़ाको टापको आवाज र वेगसित दगुर्ने
घोड़ाहरूको सोरमा शत्रुहरूका रथहरूको
पाङराका गड़गड़ाहटमा ।
बाबुहरू आफ्ना छोराछोरीहरूको
सहायताको निम्ति पछि फर्कनेछैनन्;
तिनीहरूका हातहरू तुर्लुङ्ग झुण्डीनेछन् ।
४ किनकि सबै पलिश्तीहरूलाई नाश गर्ने
दिन आएको छ,
अनि सोर र सिदोनलाई सहायता
दिनसक्ने बाँचेका सबैलाई नष्ट गर्ने दिन ।
परमप्रभुले पलिश्तीहरूलाई नष्ट गर्न
लाग्नुभएको छ,
अर्थात् कप्तोरका किनारमा बाँचेर बसेका
सबैलाई ।
५ गाजाले शोकमा आफ्नो कपाल खौरनेछ
अश्कलोन चूप बनाइनेछ ।

**४६:२७-२८**–यर्मिया ३०:१०-११. **४७:१-७**–यशैया १४:१९-३१; इजकिएल २५:१५-१७; योएल ३:४-८;
आमोस १:६-८; सपन्याह २:४-७; जकरिया ९:५-७.

हे समतल भूमिमा बाँचिरहेका हो,
तिमीहरू कहिलेसम्म आफैलाई चोट पार्दै
रहन्छौ ?

६ तिमीहरू रूँदै भन्नेछौ,
'आह, परमप्रभुको तरवार,
तँ कहिले विश्राम लिनेछस् ?
तँ आफ्नो म्यानमा फर्की;
रोकिएर चूपचाप बस् ।'
७ तर परमप्रभुले यसलाई हुकुम गर्नुभएपछि
उहाँले यसलाई अश्कलोन र किनारलाई
आक्रमण गर्ने हुकुम दिनुभएपछि
यसले कसरी विश्राम लिन सक्छ ?

### मोआबको विषयमा सन्देश

४८ मोआबको विषयमा सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:

"धिक्कार नबोलाई, किनकि त्यो नष्ट
हुनेछ,
किर्यातिम अपमानित हुनेछ र कब्जा
गरिनेछ;
किल्ला अपमानित र चकनाचूर हुनेछ ।
२ मोआबको प्रशंसा फेरि हुनेछैन
हेश्बोनमा मानिसहरूले त्यसको पतनको
षड्यन्त्र गर्नेछन्,
'आऊ, त्यस जातिको अन्त गरिदिऊँ ।'
हे मदमेन, तँ पनि चूप गराइनेछस्;
तँलाई तरवारले खेद्नेछ ।
३ होरोनैमबाटको चित्कार सुन्,
ठूलो डर र विनाशको चित्कार ।
४ मोआब तोड़िनेछ,
त्यसका छोराछोरीहरू जोरले रूनेछन् ।
५ तिनी दु:खसित रूँदै लूहित जाने उकालोमा
जानेछन्;
होरोनैमतिर झर्ने बाटोमा
विनाशको कारण रोएको दर्दनाक आवाज
सुनिन्छ ।
६ भाग, प्राण बचाउन दगुर;
मरुभूमिमा भएको झाड़ीझैँ हो ।
७ तिमीहरूले आफ्ना कामहरू र धन-
सम्पत्तिमाथि भरोसा राखेका हुनाले
तिमीहरू पनि कैदमा जानेछौ,
अनि कमोश आफ्ना पूजाहारीहरू र
अधिकारीहरूसित देश-निष्काशनमा
जानेछन् ।
८ नाशकर्ता प्रत्येक शहरको विरुद्धमा
आउनेछ,
अनि एउटै शहर पनि उम्कनेछैन ।
बेंसी ध्वंश हुनेछ,
अनि बँसी नष्ट पारिनेछ,
र टार नाश गरिनेछ,
कनकि परमप्रभुले भन्नुभएको छ ।
९ मोआबमा नून लगाइदे
किनकि त्यो उजाड़ पारिनेछ,
त्यसका नगरहरू कोही पनि नबस्ने
गरी उजाड़ भइजानेछन् ।

१० "परमप्रभुको काम ढीलो गर्ने व्यक्ति
श्रापित होस्,
आफ्नो तरवारलाई रक्तपात गर्न नदिने
व्यक्ति श्रापित होस् !

११ "मोआब आफ्नो युवाकालदेखि नै
विश्राममा छ,
भाँड़ामा छोड़िराखेको दाखमद्यझैँ
एउटा भाँड़ाबाट अर्को भाँड़ामा
नखन्याइएको झैँ,
त्यो देश-निष्काषनमा गएकी छैन ।
त्यसको स्वाद अघिजस्तै छ
अनि त्यसको वासना बद्ली भएको छैन ।
१२ परमप्रभु घोषणा गर्नुहुन्छ,
तर दिनहरू आउँदैछन्
जब म मानिसहरू पठाउनेछु, जोहरूले
भाँड़ाबाट खन्याउनेछन्,
अनि तिनीहरूले त्यसलाई बाहिर
पोखाइदिनेछन्;

---

**४८:१-४७**–यशैया १५:१-१६:१४; २५:१०-१२; इजकिएल २५:८-११; आमोस २:१-३; सपन्याह २:८-११.

तिनीहरूले त्यसका मशकहरू रित्तो पारिदिनेछन्,
अनि त्यसका मशकहरू चक्नाचूर पारिदिनेछन् ।
१३ जसरी तिनीहरूले बेतेलमाथि भरोसा गर्दा इस्राएलको घराना लाजमा पर्नु परेको थियो,
त्यसरीनै मोआब पनि कमोशदेखि लज्जित हुनेछ ।

१४ “तिमीहरूले कसरी ‘हामी योद्धाहरू लड़ाइँमा वीर मानिसहरू हौं’ भन्न सक्छौ ?
१५ मोआब नाश हुनेछ र त्यसका शहरहरूमा आक्रमण गरिनेछ;
त्यसका अति असल जवानहरू काटमारमा पर्नेछन्,
राजाले घोषणा गर्नुहुन्छ,
जसको नाउँ सर्वशक्तिमान् परमप्रभु हो ।
१६ मोआबको पतन नजीकै छ
त्यसको विपत्ति चाँड़ै आउनेछ ।
१७ त्यसका चारैतिर बस्नेहरूले,
त्यसको ख्याति थाहा पाउनेहरूले
त्यसको निम्ति शोक गरून्;
यसो भन, ‘पराक्रमी राजदण्ड कसरी भाँचिएको छ,
गौरवशाली लौरो कसरी भाँचिएको छ !’

१८ “हे दिबोनकी छोरीका बासिन्दा हो,
तिमीहरूका गौरवबाट ओर्लीआओ
अनि डड़ेको भूइँमा बस,
किनकि मोआबलाई नाश गर्ने
तिमीहरूको विरुद्धमा आउनेछ
अनि तिनीहरूका सुरक्षित शहरहरू ध्वंस पारिदिनेछ ।
१९ अरोएरमा बस्ने तिमीहरू
सड़कमा खड़ा भएर ध्यानसित हेर
भाग्दै गरेको मानिस र उम्कँदै गरेकी स्त्रीलाई सोध,
‘के भएको छ ?’ भनेर तिनीहरूलाई सोध ।
२० मोआब अपमानित भएकी छे,
किनकि ऊ चक्नाचूर भएकी छे,
विलाप गर अनि करा !
मोआब नष्ट भएकी छे भनेर अर्नोनको छेउमा सूचना देओ ।
२१ टारमाथि इन्साफ आएको छ,
अर्थात्, होलोनमाथि, यहसा अनि मेपातमाथि,
२२ दिबोन, नबो अनि बेथ-दिब्लातैममाथि
२३ किर्यातैममाथि, बेथगामूल अनि बेथमोनमाथि,
२४ करियोतमाथि अनि बोज्रामाथि–
मोआबका टाढ़ा-नजीकका सबै शहरहरूमाथि ।
२५ मोआबको सीङ काटियो;
त्यसका बाहुहरू भाँचिए,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।

२६ “त्यसलाई बताइदेओ
किनकि त्यसले परमप्रभुलाई हाँक दिएकी छ ।
मोआबलाई आफ्नै बान्तामा लड़िबड़ि गर्न देओ,
त्यो ठट्टाको पात्र बनोस् ।
२७ के इस्राएल तेरो ठट्टाको पात्र थिएन ?
जुन चोरहरूसित तैंले त्यसको विषयमा कुरा गर्दा तैंले ठट्टामा आफ्नो शिर हल्लाउँथिस्,
के त्यो ती चोरहरूबीच पक्रा परेकी थिइ ?
२८ तिमीहरू मोआबमा बस्नेहरू,
आफ्ना शहरहरू त्यागिदिएर पहरातिर बस ।
तिमीहरू ओड़ारको मुखमा
आफ्नो घर बनाउने ढुकुरझैँ भइजाओ ।
२९ हामीले मोआबको घमण्डको विषयमा सुनेका छौं–
त्यसको प्रचण्ड घमण्ड र आत्माभिमान,
त्यसको घमण्ड र अभिमान्
अनि त्यसका हृदयको अहंकार ।

३० म त्यसको अशिष्टता जान्दछु
तर त्यो त व्यर्थको छ,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
अनि त्यसको घमण्डले केही गर्न सक्दैन ।
३१ यसकारण म मोआबको निम्ति बिलौना गर्छु,
म सम्पूर्ण मोआबको निम्ति कराउँछु
म किर-हेरेसका मानिसहरूको निम्ति विलाप गर्छु ।
३२ म तेरो निम्ति रून्छु जसरी याजेर रून्छ,
हे सिब्माका दाखका बोटहरू ।
तेरा हाँगाहरू समुद्रसम्म पुगे ।
नाशकर्ता तेरा पाकेका फलहरू
अनि अङ्गूरहरूमाथि आइलागेको छ ।
३३ मोआबका बगैंचाहरू र खेतहरूबाट
हर्ष र खुशीयाली गइसकेका छन् ।
मैले कोलहरूबाट मद्य बग्न बन्द गरिदिएको छु;
कसैले आनन्दको चित्कारसित ती कुल्चँदैन ।
त्यहाँ चित्कार भए तापनि
ती चित्कारहरू आनन्दका होइनन् ।

३४ "हेश्बोनबाट एलासम्म अनि यहससम्म
सोअरबाट होरोनैम र एग्लत शलीशियाहसम्मै
तिनीहरूको चित्कारको आवाज सुनिन्छ,
किनकि निम्रिमका पानीसमेत सुकिगएका छन् ।
३५ मोआबमा अग्ला ठाउँहरूतिर भेटी चढाउनेहरू
अनि तिनीहरूका देवताहरूकहाँ
धूप बाल्नेहरूको म अन्त गरिदिनेछु,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३६ यसकारण मोआबको निम्ति मेरो हृदयले
बाँसुरीले झैँ विलाप गर्छ ।
यसले किर हरेसेतका मानिसहरूको निम्ति विलाप गर्छ ।
तिनीहरूले प्राप्त गरेका धन सम्पत्ति छँदैछैनन् ।
३७ हरेक कपाल खौरिएको छ
अनि हरेक दाह्री काटिएको छ;
हरेक हात ताछिएको छ;
अनि हरेक कम्मर भाङ्राले छोपिएको छ ।
३८ मोआबका सबै कौसिहरूमा अनि सबै
चोकहरूमा त्यहाँ शोकबाहेक केही छैन
किनकि मैले मोआबलाई कसैले
मन नपराएको मशकझैँ फुटाइदिएको छु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३९ "त्यो कति छरपुष्ट भएकी छे !
तिनीहरू कसरी विलाप गर्छन् !
मोआबले लाजले कसरी आफ्नो पिठिउँ फर्काउँछे !
मोआब एउटा ठट्टाको पात्र भएकी छे,
त्यसको चारैतिर भएका सबैको निम्ति
एउटा आतङ्कको पात्र ।

४० परमप्रभु यसो भन्नुहुन्छः

"हेर ! एउटा चील आफ्ना पखेटा
मोआबमाथि फैलाएर वेगसित ओह्रालो लाग्दैछ ।
४१ केरियोत कब्जा गरिनेछ,
र किल्लाहरु लिइनेछन् ।
त्यस दिन मोआबका योद्धाहरूका हृदय
प्रसव वेदनामा परेकी स्त्रीको हृदयझैँ हुनेछन् ।
४२ मोआब एउटा जातिको हिसाबले नाश हुनेछिन्,
किनकि त्यसले परमप्रभुलाई हाँक दिएकी छ ।
४३ हे मोआबका मानिस हो,
आतङ्क अनि खाड़ल र पासोले
तिमीहरूलाई पर्खिरहेका छन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
४४ आतङ्कबाट भाग्ने जोसुकै पनि खाड़लमा खस्नेछ,
खाड़लबाट बाहिर निस्कने जोसुकै पनि
एउटा पासोमा पर्नेछ;

किनकि म मोआबमाथि त्यसको दण्डको
वर्ष ल्याउनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

४५ "हेश्बोनका छाहारीमा अगुवाहरू असहाय
भएर उभिन्छन्,
किनकि हेश्बोनबाट एउटा आगो बाहिर
निस्केको छ,
सीहोनको बीचबाट एउटा ज्वाला;
यसले मोआबका निधारहरू,
हल्ला गर्ने अभिमानीहरूका थाप्लाहरू
जलाइदिन्छ ।
४६ हे मोआब तँलाई धिक्कार !
कामोशका मानिसहरू नष्ट भए;
तेरा छोराहरू देश-निष्काषित भए
अनि तेरा छोरीहरू कैदमा लगिए ।

४७ "तापनि आउँदा दिनहरूमा
म मोआबको सुदिन फर्काइल्याउनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

मोआबको इन्साफ यहीं सकिन्छ ।

### अम्मोनको विषयमा सन्देश

४९ अम्मोनीहरूको विषयमा परमप्रभु यसो
भन्नुहुन्छ:

"के इस्राएलका छोराहरू छैनन ?
के त्यसका उत्तराधिकारीहरू छैनन् ?
त्यसोभए, किन मोलेकले गादमाथि
अधिकार जमाएको छ ?
किन यी मानिसहरू त्यसका शहरहरूमा
बस्छन् ?
२ तर दिनहरू आउँदैछन्"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"जब म अम्मोनीहरूको रब्बाको विरुद्धमा
रणध्वनी बजाउनेछु,
यो विध्वंशको एउटा थुप्रो हुनेछ
अनि यसका चारैतिरका गाउँहरूमा आगो
लगाइनेछ ।
तब इस्राएललाई धपाउनेहरूलाई
इस्राएलले धपाइदिनेछ"
परमप्रभु भन्नुहुन्छ ।
३ "हे हेश्बोन, विलाप गर, किनकि ऐ शहर
नाश भएको छ !
हे रब्बाका बासिन्दा हो चर्को गरी
चिच्याऊ !
भाङरा लगाएर शोक गर;
पर्खालभित्र यताउता दगुर,
किनकि मोलेक आफ्ना पूजाहारीहरू र
अधिकारीहरूसितै देश-निष्काषनमा
जानेछ ।
४ तँ किन आफ्ना बेंसीहरूमा घमण्ड गर्छस्,
अति फलदायक बेंसीहरूमा घमण्ड
गर्छस् ?
हे अविश्वासयोग्य छोरी,
तँ आफ्ना धन-सम्पत्तिमा भरोसा राख्छेस्;
अनि भन्छेस्, 'मलाई कसले आक्रमण
गर्छ ?'
५ तेरा चारैतिर भएकाहरूबाट
म तँमाथि आतङ्क ल्याउनेछु,"
सर्वशक्तिमान् परमप्रभु
परमेश्वर घोषणा गर्नुहुन्छ ।
"तिमीहरूका हरेक जन धपाइनेछन्,
अनि भाग्नेहरूलाई कसैले पनि भेला
गराउनेछैन ।
६ तापनि पछिबाट, म अम्मोनीहरूको सुदिन
फर्काइदिनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

### एदोमको विषयमा सन्देश

७ एदोमको विषयमा,
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"के तेमानमा अब बुद्धि छैन ?
के बुद्धिमान्हरूबाट सल्लाह नष्ट भयो ?
के तिनीहरूका बुद्धि कुहेर गएको छ ?

**४९:१-६**–इजकिएल २१:२८-३२; २५:१-७; आमोस १:१३-१५; सपन्याह २:८-११. **४९:७-२२**–यशैया ३४:५-७; ६३:१-६; इजकिएल २५:१२-१४; ३५:१-१५; आमोस १:११-१२; ओबदिया १-१४; मलाकी १:२-५.

८ तिमीहरू ददानमा बस्नेहरू
फर्केर भाग अनि गहिरा ओड़ारहरूमा लूक,
किनकि त्यसलाई दण्ड दिने समयमा
म एसावमाथि विपत्ति ल्याउनेछु ।
९ यदि तँकहाँ अङ्गूर टिप्नेहरू आए,
के तिनीहरूले केही अङ्गूर छोड़िदिने थिएनन् ?
यदि रातको समयमा चोरहरू आए,
के तिनीहरूले आफूलाई चाहे जति मात्र चोर्ने थिएनन् ?
१० तर म एसावलाई सम्पूर्ण रुपले नाङ्गो बनाइदिनेछु,
त्यसले आफैलाई लुकाउन नसकोस् भनेर
म त्यसका लुक्ने ठाउँहरू उदाङ्गो पारिदिनेछु ।
त्यसका छोराछोरी, आफन्तहरू र
छिमेकीहरू नाश हुनेछन्,
११ तिमीहरूका अनाथहरूलाई छोड़िदेऊ,
म तिनीहरूको प्राण रक्षा गर्नेछु ।
तिमीहरूका विधवाहरूले पनि ममाथि
भरोसा राख्न सक्छन् ।"

१२परमप्रभु यसो भन्नुहुन्छः "यदि कोही कचौरा पिउने योग्यको छैन भने पनि त्यसले पिउनै पर्छ, तँ दण्ड नपाई किन रहन्छस् ? तँ दण्ड नपाई उम्कनेछैनस्, तर तैंले यसलाई पिउनै पर्छ । १३म आफ्नै नाउँमा शपथ खान्छु, परमप्रभु घोषणा गर्नुहुन्छ, "कि बोज्रा एउटा विध्वंश हुनेछ, अनि त्यो आतङ्कको, निन्दाको र श्रापको पात्र हुनेछ अनि त्यसका सबै शहरहरू सदाको निम्ति ध्वंश भइजानेछन् ।"

१४ मैले परमप्रभुबाट एउटा सन्देश सुनें,
जातिहरूलाई यसो भन्ने एउटा दूत पठाइयो,
"त्यसलाई आक्रमण गर्न आफैलाई भेला गर !
लड़ाइँको निम्ति उठ !
१५ अब म तँलाई जातिहरूमध्ये सानो बनाउनेछु,
मानिसहरूबीच उपेक्षित ।
१६ तैंले उस्काएको आतङ्क
अनि तेरो हृदयको घमण्डले तँलाई धोका दिएका छन्;
तँ जो चट्टानहरूका चिराहरूमा बस्छस्,
जसले डाँड़ाका उचाइहरू ओगट्छन् ।
यद्यपि तैंले आफ्नो गुँड़ चीलहरूका जति अग्लो बनाइस् भने,
तापनि म तँलाई त्यहाँबाट तल झारिदिनेछु ।"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१७ एदोम एउटा आतङ्कको पात्र बनिनेछ;
त्यसका सबै घाउहरूको कारण
त्यसका छेउबाट भएर जानेहरू सबै डराउनेछन्,
अनि खिसी गर्नेछन् ।
१८ जसरी सदोम र गमोरा तिनीहरूका
छेउछाउका शहरहरूसितै नष्ट भएका थिए,
त्यसरीनै त्यहाँ कोही बस्नेछैन,
त्यसमा कसैले वास गर्नेछैन"
परमप्रभु भन्नुहुन्छ ।

१९ "यर्दनका झाड़ीहरूबाट एउटा सिँह कुनै सुन्दर खर्कमा आएझैं,
म एदोमलाई त्यसको देशबाट एकै क्षणमा खेदिदिनेछु ।
यसको निम्ति कुनचाहिँ छानिएकोलाई
म नियुक्त गरूँ ?
मजस्तो को छ, अनि कसले मलाई चुनौति दिन सक्छ ?
अनि कुनचाहिँ गोठालो मेरो विरुद्धमा
खड़ा हुनसक्छ ?"
२० यसकारण, एदोमको विरुद्धमा परमप्रभुले
के युक्ति गर्नु भएको छ,
तेमानमा बस्ने सबैको विरुद्धमा

४९:१८–उत्पत्ति १९:२४-२५.

उहाँले कुन उद्देश्य राख्नुभएको छ त्यो सुन ।
बगालका कलिलाहरू तानेर लगिनेछन्;
तिनीहरूको कारण उहाँले तिनीहरूका खर्कहरू सम्पूर्ण रूपले नाश गरिदिनुहुनेछ ।
२१ तिनीहरूको पतनको आवाजमा पृथ्वी काम्नेछ;
तिनीहरूको चित्कार लाल समुद्रमा गुञ्जिनेछ ।
२२ हेर ! आफ्नो पखेटा बोझ्रामाथि फैलाएर एउटा चील उकालो गएर बेगसित ओह्रालो आउनेछ ।
त्यसदिन एदोमका योद्धाहरूका हृदय प्रसव वेदनामा परेकी स्त्रीको हृदयझैँ हुनेछन् ।

## दमस्कसको विषयमा सन्देश

२३ दमस्कसको विषयमा:
"हमात र अर्पद हताश भएका छन्,
किनकि तिनीहरूले नराम्रो समाचार सुनेका छन् ।
तिनीहरू निराश भएका छन्
अशान्त समुद्रझैँ बिचलित भएका छन् ।
२४ दमस्कस कमजोर भएकी छ
त्यो भाग्नलाई फर्किएकी छ
अनि आतङ्कले त्यसलाई पक्रेको छ;
वेदना र कष्टले त्यसलाई पक्रेको छन्
प्रसव वेदनामा परेकी स्त्रीको झैँ कष्टले ।
२५ त्यो विख्यात शहर किन त्यागिएको छैन,
अर्थात् मैले मन पराएको शहर ?
२६ निश्चय त्यसका जवान मानिसहरू सड़कहरूमा ढल्नेछन्;
त्यसदिन त्यसका सबै सिपाहीहरू चूप बनाइनेछन्,"
सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।
२७ "म दमीशकका पर्खालहरूमा आगो लगाइदिनेछु;
त्यसले बेन-हददको किल्लालाई भष्म पारिदिनेछ ।"

## केदार र हासोरको विषयमा सन्देश

२८बेबिलोनका राजा नबूकदनेसरले आक्रमण
गरेका केदार र हासोरका राज्यहरूको निम्ति,

परमप्रभु यसो भन्नुहुन्छ:

"उठ् अनि केदारलाई आक्रमण गर्
अनि पूर्वका मानिसहरूलाई नाश गर् ।
२९ तिनीहरूका पालहरू अनि बगालहरू लगिनेछन्;
तिनीहरूका छाप्रोहरू
तिनीहरूका सबै मालमत्ता र ऊँटहरूसितै लगिनेछन् ।
मानिसहरूले तिनीहरूतिर 'चारैतिर आतङ्क !'
भनेर चिच्याउने छन् ।
चाँड़ो गरी भागिहाल् !
३० तिमीहरू हासोरमा बस्नेहरू गहिरा ओड़ारहरूमा बस,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"बेबिलोनको राजा नबूकदनेसरले
तिमीहरूको विरुद्धमा षड्यन्त्र रचेको छ;
त्यसले तिमीहरूको विरुद्धमा एउटा युक्ति रचेको छ ।
३१ "उठ् अनि आरामसित बस्ने जातिलाई
ढुक्क भएर बसेको जातिलाई आक्रमण गर्"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"एउटा जाति जसका नता मूलढोका नता बारहरू छन्
यसका मानिसहरू एक्लै बस्छन् ।
३२ तिनीहरूका ऊँटहरू लूटका माल हुनेछन्,
अनि तिनीहरूका धेरै गाई-वस्तुहरू
लूटिएका माल हुनेछन् ।

**४९:२३-२७**–यशैया १७:१-३; आमोस १:३-५; जकरिया ९:१.

म टाढ़ा ठाउँमा रहेकाहरूलाई बतासकहाँ छरपुष्ट पारिदिनेछु
अनि म तिनीहरूमाथि चारैतिरका विपत्ति ल्याइदिनेछु"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३३ हासोर स्यालको एउटा कुर हुनेछ
सदाको निम्ति एउटा उजाड़-स्थान बन्नेछ ।
त्यहाँ कोही पनि बस्नेछैन,
त्यहाँ कुनै मानिस पनि वास बस्नेछैन ।"

### एलामको विषयमा सन्देश

३४यहूदाका राजा सिदकियाहको शासनकालको पहिलेका समयहरूमा एलामको विषयमा परमप्रभुको यो वचन यर्मिया अगमवक्ताकहाँ आयो;

३५सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:

"हेर, म एलामको धनु,
तिनीहरूको शक्तिको आधार भाँचिदिनेछु ।
३६ म एलामको विरुद्धमा आकाशका चार दिशाबाट चारओटा बतासहरू ल्याइदिनेछु;
म तिनीहरूलाई छरपुष्ट पारिदिनेछु,
अनि एलामबाट देश-निष्काषित भएर गएको जातिनै हुनेछैन ।
३७ म एलामलाई तिनीहरूका शत्रुको अघि चक्नाचूर पार्नेछु,
तिनीहरूको अघि जसले तिनीहरूका प्राण लिन खोज्छन्;
म आफ्नो भयानक क्रोधमा तिनीहरूमाथि विनाश ल्याउनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
"म तिनीहरू समाप्त नभएसम्म,
तिनीहरूलाई तरवार लिएर खेद्नेछु ।
३८ म एलाममा आफ्नो सिंहासन बसाल्नेछु
अनि त्यसका राजा र अधिकारीहरूलाई नष्ट गर्नेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३९ तापनि आउँदा दिनहरूमा म एलामको सुदिन फर्काइल्याउनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

### बेबिलोनको विषयमा सन्देश

५० बेबिलोन र बेबिलोनीहरूको देशको विषयमा यर्मिया अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन यही हो:

२ "जातिहरूबीच सूचना देऊ अनि घोषणा गर,
कुनै कुरा नराखी भनिदेऊ,
'बेबिलोन कब्जा गरिनेछ;
बेल शर्ममा पर्नेछ,
मार्दुक आतङ्कले भरिनेछ ।'
३ उत्तर दिशाबाटको एउटा जातिले
त्यसलाई आक्रमण गर्नेछ;
अनि त्यसको देशलाई उजाड़ पारिदिनेछ ।
त्यसमा कोही बस्नेछैन;
मानिसहरू र पशुहरू दुवै भागिजानेछन् ।"

४ "ती दिनहरूमा, त्यस समयमा,"
परमप्रभु घोषणा गर्नुहुन्छ,
"इस्राएलका मानिसहरू र यहूदाका मानिसहरू दुवै
परमप्रभु, तिनीहरूका परमेश्वरलाई खोज्न रूँदै जानेछन् ।
५ तिनीहरूले सियोन जाने बाटो सोध्नेछन्
अनि आफ्ना अनुहार त्यतातिर फर्काउनेछन् ।
तिनीहरू आउनेछन् अनि आफैलाई कहिल्यै नबिर्सिने अनन्तको करारमा परमप्रभुमा बाँध्नेछन् ।

६ "मेरा मानिसहरू हराएका भेड़ा भएका छन्;
तिनीहरूका गोठालाहरूले तिनीहरूलाई बरालिदिएका छन्,

---

**५०:१-५१:६४**–यशैया १३:१-१४:२३; ४७:१-१५.

अनि पहाड़तिर घुमिहिँड्ने बनाइदिएका छन् ।
तिनीहरू पहाड़तिर अनि डाँड़ातिर
बरालिए अनि आफ्नै विश्रामस्थल बिर्से ।
७ जसले तिनीहरूलाई भेट्टाए तिनीहरूलाई खाइहाले,
तिनीहरूका शत्रुहरूले भने, 'हामी दोषी छैनौं,
किनकि तिनीहरूले परमप्रभु, तिनीहरूका साँचो खर्क
परमप्रभु, तिनीहरूका पिता-पुर्खाहरूका आशाको विरुद्धमा पाप गरे ।'

८ "बेबिलोनबाट बाहिर भाग;
बेबिलोनीहरूको देशलाई छोड़िदेओ,
अनि बगाललाई डोऱ्याउने बाख्राहरूझैँ होओ ।
९ किनकि म उत्तरको देशबाट महान्
जातिहरूको संयुक्त दललाई सुऱ्याएर
बेबिलोनको विरुद्धमा ल्याउनेछु ।
तिनीहरूले त्यसको विरुद्धमा आफ्ना स्थान लिनेछन्,
अनि त्यो उत्तर दिशाबाट कब्जा गरिनेछ ।
तिनीहरूका काँड़हरू निपुण योद्धाहरूझैँ हुनेछन्,
जोहरू खाली हात फर्कदैनन् ।
१० यसकारण बेबिलोन लूटिनेछ;
तिनीहरूलाई लूट्नेहरू सबैसित पर्याप्त हुनेछ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

११ "मेरो अधिकारलाई लूट्ने तँ
आनन्दित भई खुशी मनाएको कारण,
तँ अन्न दाइँ गर्दा खुशीले उफ्रने
कोरलीझैँ भएको कारण,
अनि घोड़ाझैँ तँ हिनहिनाएको कारण,
१२ तेरी आमा ठूलो शर्ममा पर्नेछिन्,
जसले तँलाई जन्म दिइन् उनी अपमानित हुनेछिन् ।
उनी जातिहरूमा सबैभन्दा सानो हुनेछिन्–
एउटा उजाड़-स्थान, एउटा सुखा जमिन,
एउटा मरुभूमि ।
१३ परमप्रभुको रीसको कारण ऊ आवाद होइन
तर सर्वदा निर्जन हुनेछिन् ।
उसका चोटहरूको कारण
बेबिलोनबाट भएर जानेहरू सबै आतङ्कित हुनेछन्,
र खिसि गर्नेछन् ।

१४ "तिमीहरू धनु तान्नेहरू सबै
बेबिलोनका चारैतिर आफ्ना स्थान लेओ ।
१५ चारैतिर त्यसको विरुद्धमा चिच्याओ !
त्यसले आत्मासमर्पण गर्नेछ,
त्यसका धरहराहरू ढलिजानेछन्,
त्यसका पर्खालहरू भत्काइनेछन् ।
यो परमप्रभुको बद्ला भएको कारण
ऊमाथि बद्ला लेओ,
उसले अरूसित जसो गरि ऊसित
त्यसै गर ।
१६ बेबिलोनमा छर्ने र कटनीमा
हँसिया लिएर कटनी गर्नेलाई नाश गर ।
अत्याचारीको तरवारको कारण
हरेक आफ्नै मानिसहरूकहाँ फर्कून्,
हरेक आफ्नै देशमा फर्किजाऊन् ।

१७ "इस्राएल त सिंहले खेदेर छरपुष्ट भएको बगाल हो,
त्यसलाई खाने पहिलोचाहिँ अश्शूरको राजा हो,
त्यसको हड्डी चूर पार्ने अन्तिमचाहिँ
बेबिलोनको राजा नबूकदनेसर थियो ।"

**१८**यसकारण, सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:

"मैले अश्शूरको राजालाई दण्ड दिएझैँ
म बेबिलोनको राजा र त्यसको देशलाई
दण्ड दिनेछु ।

---

**५०:८**–प्रकाश १८:४.

१९ तर म इस्राएललाई त्यसको आफ्नै खर्कमा
फर्काइल्याउनेछु
अनि त्यो कर्मेल र बाशानमा चर्नेछ;
त्यसको रूचि एप्रेम र गिलादका
डाँड़ाहरूमा तृप्त हुनेछ ।"
२० परमप्रभु घोषणा गर्नुहुन्छ,
"ती दिनहरूमा, त्यस समय इस्राएलको
अपराध खोजिनेछ,
तर एउटै पनि पाइनेछैन,
अनि यहूदाका पापहरू पनि, तर केही
पनि पाइनेछैन,
किनकि मैले छोड़िदिएको बाँचेको भागलाई
म क्षमा गर्नेछु ।

२१ "मरातैमको देशलाई आक्रमण गर
अनि पकोदमा बस्नेहरूलाई ।
खेद, मार र तिनीहरूलाई सम्पूर्ण रूपले
नाश गर,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
मैले तिमीहरूलाई आज्ञा दिएको हरेक
कुरा गर ।
२२ देशमा लड़ाइँको हल्ला छ,
ठूलो विनाशको हल्ला !
२३ सारा पृथ्वीको घन कसरी भाँचिएको अनि
टुक्रिएको छ !
जातिहरूको बीचमा बेबिलोन कति
उजाड़ छ !
२४ हे बेबिलोन मैले तेरो अघि पासो थापें,
अनि तैंले त्यो जान्नअघिनै त्यसमा
परिस्;
तँ भेट्टाइस् अनि कब्जामा परिइस्
किनकि तैंले परमप्रभुको विरोध गरिस् ।
२५ परमप्रभुले आफ्नो बारूद खोल्नुभएको छ,
अनि आफ्नो क्रोधका हतियारहरू
निकाल्नुभएको छ,
किनकि सर्वसत्ताधारी परमप्रभु
सर्वशक्तिमान्ले बेबिलोनीहरूको
देशमा काम गर्नुपरेको छ ।
२६ टाढ़ोबाट त्यसको विरुद्धमा आओ,
त्यसका अन्नका भण्डारहरू भत्काएर
खोलिदेओ;
त्यसलाई अन्नको थुप्रोझैं थुपारीदेओ ।
त्यसलाई सम्पूर्ण रूपले नाश गरिदेओ,
अनि त्यसको बाँचेको भाग पनि
नराखिदेओ ।
२७ त्यसका सबै जवान साँड़ेहरू मारिदेओ
ती काटिने ठाउँमा जाऊन् !
तिनीहरूलाई धिक्कार छ !
किनकि तिनीहरूको दिन आएको छ ।
२८ परमप्रभुले कसरी बद्ला लिनुभयो,
उहाँको मन्दिरको बद्ला भन्दै घोषणा
गर्ने बेबिलोनबाटका भगुवाहरू
र शरणार्थीहरूका कुरा सुन ।

२९ "धनु तान्ने सबै धनुर्धारीहरूलाई
बेबिलोनको विरुद्धमा डाकिल्याओ ।
त्यसका चारैतिर छाउनी लगाओ कोही
भाग्न नपाओस्,
त्यसलाई आफ्ना कामहरूको बद्ला देओ;
त्यसले जस्तो गरेकी छ,
त्यसलाई त्यसै गर ।
किनकि त्यसले इस्राएलका पवित्र
परमेश्वरलाई हाँक दिएकी छ ।
३० यसकारण त्यसका जवान मानिसहरू
सड़कमा ढल्नेछन्,
त्यसका सबै सिपाहीहरू त्यस दिन चूप
बनाइनेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३१ परमप्रभु, सर्वशक्तिमान् परमप्रभु घोषणा
गर्नुहुन्छ,
"हे अभिमानी, हेर्, म तेरो विरुद्धमा छु,
किनकि तेरो दिन आएको छ,
तैंले दण्ड पाउने समय ।
३२ त्यो अभिमानी ठोकर खाएर लड्नेछ,
अनि कसैले पनि त्यसलाई उठ्न सघाउने
छैन;

---

**५०:२९**–प्रकाश १८:६.

म त्यसका शहरहरूमा आगो सल्काइदिनेछु,
जसले त्यसका चारैतिर भएकाहरूलाई
भष्म गरिदिनेछ ।"

३३ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"इस्राएलका मानिसहरू अत्याचारमा
परेका छन्,
अनि यहूदाका मानिसहरू पनि ।
त्यसलाई कैद गरेर लैजानेहरू सबैले
त्यसलाई जान दिन अस्वीकार गरेर
जोरसित पक्रन्छन् ।
३४ तापनि तिनीहरूका छुटकारा दिनुहुने
बलियो हुनुहुन्छ;
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु
हो ।
उहाँले तिनीहरूको देशमा शान्ति ल्याऊन्
तर बेबिलोनमा बस्नेहरूमा अशान्ति
ल्याऊन् भनेर उहाँले प्रबलतापूर्वक
तिनीहरूको पक्ष लिनुहुन्छ ।"

३५ "बेबिलोनीहरूको विरुद्धमा एउटा
तरवार !"
परमप्रभु घोषणा गर्नुहुन्छ–
"बेबिलोनमा बस्नेहरूको विरुद्धमा
अनि त्यसका अधिकारीहरू र बुद्धिमान्,
मानिसहरूको विरुद्धमा !
३६ तिनीहरूका झूटा अगमवक्ताहरूको
विरुद्धमा एउटा तरवार !
तिनीहरू मूर्ख हुनेछन् ।
त्यसका योद्धाहरूको विरुद्धमा एउटा
तरवार !
तिनीहरू आतङ्कले भरिनेछन् ।
३७ त्यसका घोड़ाहरू र रथहरूको
अनि त्यसका सबै पदमा रहेका
परदेशीहरूको विरुद्धमा एउटा तरवार !
तिनीहरू स्त्रीहरूझैं हुनेछन् ।
तिनीहरूका खजाञ्चीहरूको विरुद्धमा
एउटा तरवार !
तिनीहरू लूटिनेछन् ।
३८ त्यसका पानीहरूमा एउटा खड़ेरी !
ती सुकिजानेछन् ।
किनकि यो त मूर्तिहरूको देश हो,
ती मूर्तिहरू जुनहरू आतङ्कले
बौलाउनेछन् ।

३९ "यसकारण त्यहाँ मरुभूमिका जन्तुहरू
र शतुमुर्गहरू बस्नेछन्,
अनि त्यहाँ उल्लूहरू बस्नेछन् ।
त्यो पुस्तादेखि पुस्तासम्म फेरि कहिल्यै
आवाद हुनेछैन अथवा कोही त्यहाँ
बस्नेछैन ।"
४० परमप्रभु घोषणा गर्नुहुन्छ,
"जसरी परमप्रभुले सदोम र गमोरालाई
त्यसका चारैतिरका शहरहरूसितै नाश
गर्नुभयो,
त्यसरी नै त्यहाँ कोही बस्नेछैन
त्यहाँ कुनै मानिस बस्नेछैन ।

४१ "हेर, एउटा सेना उत्तर दिशाबाट
आइरहेको छ;
पृथ्वीको पल्लो छेउबाट एउटा ठूलो जाति
र धेरै राजाहरूलाई सुऱ्याइदैछ ।
४२ तिनीहरू धनु र भालाहरूले सुसज्जित
छन्;
तिनीहरू निष्ठूर र निर्दयी छन्,
तिनीहरू आफ्ना घोड़ामा चढ्दा
तिनीहरूको सोर समुद्र गर्जेझैं सुनिन्छ;
हे बेबिलोनकी छोरी,
तिनीहरू तँलाई आक्रमण गर्न आउँदा
लड़ाईंको पंक्ति बाधेका मानिसहरूझैं
आउँछन् ।
४३ बेबिलोनको राजाले तिनीहरूको विषयमा
खबर सुनेको छ,
अनि त्यसका हातहरू तुर्लुङ्ग झुण्डन्छन् ।
त्यसलाई वेदनाले पक्रेको छ
प्रसव वेदनामा परेकी स्त्रीको झैं कष्टले ।
४४ यर्दनका झाड़ीहरूबाट एउटा
सुन्दर खर्कमा आइरहेको एउटा सिंहझैं,

**५०:३९**–प्रकाश १८:२. **५०:४०**–उत्पत्ति १९:२४-२५.

म बेबिलोनलाई एकै क्षणमा त्यसको
देशबाट लखेटिदिनेछु,
यसको निम्ति मैले नियुक्त गर्नुपर्ने
छानिएको चाहिँ को छ ?
मजस्तो को छ र कसले मलाई चुनौती
दिन सक्छ ?
कुनचाहिँ गोठालो मेरो विरुद्धमा खड़ा
हुन सक्छ ?
४५ यसकारण बेबिलोनको विरुद्धमा परमप्रभुले
कस्तो युक्ति रच्नुभएको छ सुन,
उहाँले बेबिलोनीहरूको देशको विरुद्धमा
जुन उद्देश्य राख्नुभएको छ;
बगालको पाठाहरू तानेर लगिनेछन्;
तिनीहरूको कारण उहाँले तिनीहरूका
खर्कहरू सम्पूर्ण रूपले नष्ट
गरिदिनुहुनेछ ।
४६ बेबिलोन कब्जा गरिएको आवाजमा पृथ्वी
काम्नेछ;
त्यसको क्रन्दन जाति-जातिहरूमा
गुञ्जिनेछ ।"

**५१** परमप्रभु यसो भन्नुहुन्छः
"हेर, म बेबिलोन र लेब कमाईका
मानिसहरूको विरुद्धमा म एउटा
नाशकर्ताको आत्मालाई सुऱ्याउनेछु ।
२ म बेबिलोनलाई निफन्न र त्यसको
देशलाई नाश गर्न त्यहाँ परदेशीहरू
पठाउनेछु;
त्यसको विपत्तिको दिनमा तिनीहरूले
चारैतिरबाट त्यसको विरोध गर्नेछ ।
३ धनुर्धारीले धनुमा ताँदो नचढ़ाओस्,
नता त्यसले आफ्नो झिलम लगाओस् ।
त्यसका जवान मानिसहरूलाई बाँकी
नराख;
त्यसको सेनालाई सम्पूर्ण रूपले नाश गर।
४ आफ्ना सड़कहरूमा असाध्यै चोट लागेर
तिनीहरू बेबिलोनमा मरेर
लड़िजानेछन् ।
५ किनकि तिनीहरूका परमेश्वर
सर्वशक्तिमान् परमप्रभुद्वारा
इस्राएल र यहूदा त्यागिएका छैनन्;
यद्यपि तिनीहरूको देश इस्राएलका
पवित्र परमेश्वरको अघि अपराधले पूर्ण
छ ।
६ बेबिलोनबाट भाग !
आ-आफ्नो प्राण जोगाउनलाई भाग !
त्यसका पापहरूको कारण तिमीहरू
नाश नहोओ ।
यो परमप्रभुको बदलाको समय हो;
त्यसलाई जे गर्न उचित छ,
त्यो उहाँले त्यससित गर्नुहुनेछ ।
७ बेबिलोन परमप्रभुको हातमा एउटा सुनको
कचौरा थियो,
त्यसले सारा पृथ्वीलाई मताइदियो ।
जातिहरूले त्यसको मद्य पिए;
यसकारण अब तिनीहरू बौलाएका छन् ।
८ बेबिलोन अचानक लड़ेर फुटिगएको छ ।
त्यसको लागि विलाप गर !
त्यसको कष्टको निम्ति महलम ल्याओ,
कतै त्यो निको भइजान्छ कि ।
९ हामी बेबिलोनलाई निको पार्ने थियौं
तर त्यो निको हुन सक्दैन;
त्यसलाई छोड़िदियौं, र हामी आ-आफ्नो
देशमा गइहालौं,
किनकि त्यसको इन्साफ त आकाशसम्म
पुगेको छ,
त्यो बादलसम्मै उठेर गएको छ ।
१० "परमप्रभुले हामीलाई साँचो
ठहराउनुभएको छ;
आऊ, हामी सियोनमा गएर परमप्रभु
हाम्रा परमेश्वरले के गर्नुभएको छ
भनिदिऊँ ।
११ "काँड़हरू तिखार, ढालहरू उठाऊ !
परमप्रभुले मादीका राजाहरूलाई
सुऱ्याउनुभएको छ,

**५१:७**–प्रकाश १७:२-४; १८:३. **५१:९**–प्रकाश १८:५.

किनकि उहाँको उदेश्य बेबिलोनलाई नाश
गर्नु हो ।
परमप्रभुले बद्‌ला लिनुहुनेछ,
उहाँको मन्दिरको निम्ति बद्‌ला ।
१२ बेबिलोनका पर्खालहरूको विरुद्धमा एउटा
झण्डा उच्च पार !
प्रहरी-चौकी बलियो पार,
प्रहरीहरू खटाऊ,
ढुक्ने मानिसहरू तयार गर !
परमप्रभुले आफ्नो उद्देश्य कार्यान्वित
गर्नुहुनेछ,
अर्थात् बेबिलोनको विरुद्धमा उहाँको
राजाज्ञा पूरा गर्नुहुनेछ ।
१३ तँ जो धेरै पानीहरूको नजीक बस्छेस्,
अनि धेरै धन-सम्पत्ति भएकी छेस्,
तेरो अन्त आएको छ,
तेरो नाशको समय आइपुग्यो ।
१४ सर्वशक्तिमान् परमप्रभुले आफ्नै नाउँको
शपथ खानुभएको छ,
म निश्चय तँलाई सलहको बथानझैँ
मानिसहरूले भरिदिनेछु,
अनि तिनीहरू तँमाथि विजयी भएर
कराउनेछन् ।

१५ "उहाँले आफ्नो शक्तिले पृथ्वी बनाउनुभयो
उहाँले आफ्नो बुद्धिले विश्वलाई स्थापित
गर्नुभयो,
अनि आफ्नो समझले आकाशलाई
फैलाउनुभयो ।
१६ उहाँको ठूलो सोरमा आकाशका पानीहरू
गर्जन्छन्;
उहाँले पृथ्वीका अन्तिम किनारहरूबाट
बादलहरूलाई उठ्नलाउनुहुन्छ ।
उहाँले झरीसित बिजुली पठाउनुहुन्छ
अनि आफ्नो भण्डारबाट बतास बाहिर
निकाल्नुहुन्छ ।

१७ "हरेक मानिस बेसमझका अनि ज्ञानशून्य
छ,
हरेक लोहार आफ्नै मूर्तिद्वारा शर्ममा
पर्नेछ ।
त्यसका मूर्तिहरू छलपूर्ण हुन्,
तिनीहरू आफैभित्र सास हुँदैन ।
१८ तिनीहरू व्यर्थका अनि गिल्लाका पात्रहरू
हुन्;
तिनीहरूको इन्साफ आउँदा तिनीहरू
नाश हुनेछन् ।
१९ उहाँ जो याकूबका भाग हुनुहुन्छ,
यस्ता हुनुहुन्न,
किनकि उहाँ सबै कुराहरूलाई बनाउनुहुने
हुनुहुन्छ,
जसमा उहाँको अधिकारको कुल पनि
सामेल छ–
उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो ।

२० "तँ मेरो युद्धको लहुरो
मेरो लड़ाइँको हतियार होस्–
तँद्वारा म जातिहरूलाई चक्नाचूर पार्नेछु;
तँद्वारा म राज्यहरूलाई नाश गर्नेछु,
२१ तँद्वारा म घोड़ा र घोड़सवारलाई
चक्नाचूर पार्नेछु,
तँद्वारा म रथ र सवारलाई चक्नाचूर पार्नेछु;
२२ तँद्वारा म मानिसहरू र स्त्रीहरूलाई
चक्नाचूर पार्नेछु,
तँद्वारा म बृद्ध मानिस र जवानलाई
चक्नाचूर पार्नेछु,
तँद्वारा म जवान मानिस र कन्यालाई
चक्नाचूर पार्नेछु,
२३ तँद्वारा म गोठाला र बगाललाई चक्नाचूर
पार्नेछु,
तँद्वारा म किसान र गोरुहरूलाई
चक्नाचूर पार्नेछु ।
तँद्वारा म राज्यपालहरू
र अधिकारीहरूलाई चक्नाचूर पार्नेछु ।

**२४**तेरो आँखाको सामुन्ने म बेबिलोन र
बेबिलोनमा बस्नेहरू सबैलाई तिनीहरूले
सियोनमा गरेका सबै खराबीको निम्ति दण्ड

**५१:१३**–प्रकाश १७:१.

दिनेछु, परमप्रभु घोषणा गर्नुहुन्छ ।

२५ "हे नाश गर्ने पहाड़ म तेरो विरुद्धमा छु,
तँ, जसले सारा पृथ्वीलाई नष्ट गर्छस्
परमप्रभु घोषणा गर्नुहुन्छ ।
म तेरो विरुद्धमा आफ्नो हात पसार्नेछु,
तँलाई भीरबाट गुड्याइदिनेछु,
अनि तँलाई डढ़िसकेको पर्वत
बनाइदिनेछु ।
२६ तँबाट कुने-ढुङ्गाको कुनै चट्टान लिइनेछैन,
नता जगको निम्तिनै कुनै ढुङ्गा लिइनेछ,
किनकि तँ त सदाको निम्ति उजाड़ हुनेछस्,
परमप्रभु घोषणा गर्नुहुन्छ ।

२७ "देशमा एउटा झण्डा उच्च पार !
जातिहरूको बीचमा तुरही बजाऊ !
त्यसको विरुद्धमा जातिहरूलाई तयार
बनाऊ;
यी राज्यहरूलाई त्यसको विरुद्धमा
बोलाइपठाऊ;
अरारत, मिन्नी र अश्कनज ।
त्यसको विरुद्धमा एउटा कप्तान नियुक्त
गर;
घोड़ाहरूलाई सलहको बथानझैँ पठाऊ ।
२८ जातिहरूलाई त्यसको विरुद्धमा लड़ाइँको
निम्ति तयार गर–
मादीका राजाहरूलाई,
तिनीहरूका राज्यपालहरूलाई
अनि तिनीहरूका सबै अधिकारीहरूलाई,
अनि तिनीहरूले शासन गरेका
देशहरूलाई ।
२९ देश काम्छ र बटारिन्छ,
किनकि बेबिलोनको विरुद्धमा
परमेश्वरको उद्देश्य अटल छ–
अर्थात्, त्यहाँ कोही नबसून भनेर
बेबिलोनको देशलाई उजाड़ पार्नु ।
३० बेबिलोनका लड़ाकुहरूले लड़ाइँ गर्न बन्द
गरेका छन्;
तिनीहरू आफ्नै किल्लाहरूमा रहन्छन् ।
तिनीहरूको बल शिथिल भएको छ;
तिनीहरू स्त्रीहरूझैँ भएका छन् ।
त्यसका वासस्थानहरूमा आगो लगाइएको
छ;
त्यसका मूल-ढोकाका बारहरू तोड़िएका
छन् ।
३१ बेबिलोनको राजालाई उसको सम्पूर्ण शहर
कब्जा गरिएको भनी सूचना दिन
एउटा हुलाकी अर्कोको पछि लाग्छ,
अनि सन्देशवाहकको पछि सन्देशवाहक
लाग्छ,
३२ घाटहरू घेरा हालिएका छन्
धापहरूमा आगो लगाइएको छ
अनि सिपाहीहरू आतङ्कित भएका छन् ।

३३ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छः

"बेबिलोनकी छोरी दाइँ गर्दै गरेको खलाझैँ
भएकी छ;
त्यसलाई कटनी गर्ने समय चाँड़ै
आउनेछ ।"
३४ "बेबिलोनको राजा नबूकदनेसरले
हामीलाई खाइहाल्यो ।
त्यसले हामीलाई अलमल्ल पार्‍यो ।
हामीलाई त्यसले एउटा रित्तो
भाँड़ाजस्तै तुल्याएको छ ।
त्यसले हामीलाई अजिङ्गरले झैँ
निलिहाल्यो, र स्वादिलो थोकलाई झैँ
हामीलाई निलेर आफ्नो पेट भर्‍यो,
र त्यसपछि बान्ता गरेर हामीलाई
फ्याँक्यो ।
३५ सियोनका बासिन्दाहरू भन्छन्,
"हाम्रा शरीरमाथि गरिएको अत्याचार
बेबिलोनमाथि परोस् ।"
यरूशलेम भन्छ,
"हाम्रो रगत बेबिलोनमा बस्नेहरूमाथि
परोस् ।"

३६ यसकारण परमप्रभु भन्नुहुन्छः

"हेर, म तेरो पक्ष लिनेछु
अनि तेरो साटो फेर्नेछु;
म त्यसको समुद्र सुकाइदिनेछु,

अनि त्यसको पानीको मूल सुकाइदिनेछु।
३७ बेबिलोन एउटा विनाशको थुप्रो हुनेछ,
स्यालहरूको एउटा कुर,
आतङ्क र गिल्लाको एउटा पात्र
कोही नबस्ने एउटा ठाउँ ।
३८ त्यसका मानिसहरू सिंहझैं गर्जन्छन्
तिनीहरू सिंहका बच्चाझैं डूर्र डूर्र
गर्छन् ।
३९ तर तिनीहरू सुरिएपछि
म तिनीहरूको निम्ति एउटा भोज तयार
पार्नेछु,
अनि तिनीहरूलाई मताउनेछु,
र तिनीहरू हाँस्दै चिच्याउनेछन्
अनि कहिल्यै नउठ्ने गरी सुतिजानेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

४० "साँढ़ेहरू र बाखाहरूझैं
म तिनीहरूलाई तल ल्याउनेछु ।

४१ "शेशक कसरी कब्जा गरियो,
सारा पृथ्वीको घमण्ड पक्रियो !
जातिहरूको बीचमा बेबिलोन कस्तो
आतङ्क हुनेछ !
४२ बेबिलोनमाथि समुद्र उठ्नेछ
त्यसका गर्जन छालहरूले त्यसलाई
छोपिदिनेछ ।
४३ त्यसका शहरहरू उजाड़ हुनेछन्,
एउटा सुखा अनि मरुभूमिको देश,
एउटा देश जहाँ कोही बस्दैन,
जसबाट भएर कसैले यात्रा गर्दैन ।
४४ म बेबिलोनमा बेललाई दण्ड दिनेछु
अनि त्यसले जे निलेको छ त्यसलाई त्यो
उखेलिदिनेछु ।
त्यसकहाँ जातिहरू फेरि ओइरो लाग्ने
छैनन् ।
अनि बेबिलोनको पर्खाल ढलिजानेछ ।

४५ "हे मेरा मानिस हो,
त्यसबाट निस्किआऊ !
आफ्ना प्राणको निम्ति दगूर !
परमप्रभुको भयानक क्रोधबाट भाग ।
४६ देशमा हल्ला सुन्दा हताश नहोऊ अथवा
नडराऊ;
यस वर्ष एउटा हल्ला आउँछ,
अर्को वर्ष अर्कै,
देशमा अत्याचारको हल्ला
अनि शासकको विरुद्धमा शासक भएको
हल्ला ।
४७ किनकि समय निश्चय आउनेछ,
जब म बेबिलोनका मूर्तिहरूलाई दण्ड दिनेछु
त्यसको सम्पूर्ण देश अपमाननित हुनेछ,
अनि त्यसका मारिएकाहरू त्यहीं
पड़िरहनेछन् ।
४८ तब स्वर्ग र पृथ्वी अनि तिनीहरूमा भएका
सबै बेबिलोनको निम्ति रमाउनेछन्,
किनकि उत्तर दिशाबाट नाशकर्ताहरूले
त्यसलाई आक्रमण गर्नेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

४९ "बेबिलोनको कारण पृथ्वीमा मारिएकाहरू
ढलेझैं,
इस्राएलका मारिएकाहरूको निम्ति
बेबिलोन ढल्नेछ ।
५० तिमीहरू तरवारबाट उम्केकाहरू ढिलो
नगरी गइहाल !
एउटा टाढ़ो देशमा परमप्रभुलाई स्मरण
गर,
अनि यरूशलेमलाई सम्झ ।"

५१ "हामी कलङ्कित भएका छौं,
किनकि हामी अपमानित भएका छौं ।
अनि हाम्रा अनुहार लाजले ढाकिएका छन्,
किनकि परदेशीहरू हाम्रा परमप्रभुको
भवनका पवित्र ठाउँहरूमा पसेका छन् ।"

५२ परमप्रभु घोषणा गर्नुहुन्छ,
"तर दिनहरू आउँदैछन्,
जब म त्यसका मूर्तिहरूलाई दण्ड दिनेछु,

**५१:४८**–प्रकाश १८:२०. **५१:४९**–प्रकाश १८:२४.

अनि त्यसको देशभरिनै घाइतेहरूले
सुस्केरा हाल्नेछन् ।
५३ यदि बेबिलोन आकाशमै पुगि
अनि आफ्नो विशाल किल्लाहरूलाई सुदृढ़
पारि भने,
म त्यसको विरुद्धमा नाशकर्ताहरू
पठाउनेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
५४ "बेबिलोनबाट एउटा चित्कारको आवाज
आउँछ,
बेबिलोनीहरूको देशबाट आएको
ठूलो विनाशको आवाज ।
५५ परमप्रभुले बेबिलोनलाई नाश गर्नुहुनेछ;
उहाँले त्यसको ठूलो कोलाहललाई चूप
गराउनुहुनेछ ।
शत्रुहरूका छालहरूले विशाल पानीहरूले
झैं रीस देखाउनेछ,
तिनीहरूका सोरको गर्जन गुञ्जिन्छ ।
५६ बेबिलोनको विरुद्धमा एउटा नाशकर्ता
आउनेछ;
त्यसका योद्धाहरू कब्जा गरिनेछन्,
अनि तिनीहरूका धनुहरू भाँचिनेछन् ।
किनकि परमप्रभु प्रतिफल दिने परमेश्वर
हुनुहुन्छ,
उहाँले प्रतिफल पूर्ण रूपले दिनुहुनेछ ।
५७ म तिनीहरूका अधिकारीहरू,
अनि बुद्धिमान् मानिसहरूलाई
मताइदिनेछु,
त्यसका राज्यपालहरू, अधिकारीहरू
र योद्धाहरू समेतलाई;
तिनीहरू सधैंको निम्ति सुत्नेछन्
अनि उठ्नेछैनन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ जसको नाउँ
सर्वशक्तिमान् परमप्रभु हो ।
५८ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ:
"बेबिलोनको बाक्लो पर्खाल समतल
बनाइनेछ,
अनि त्यसका अग्ला मूल-ढोकाहरूमा
आगो लगाइनेछ;
मानिसहरू व्यर्थैमा शिथिल हुन्छन्,
जातिहरूको परिश्रमचाहिँ ज्वालाको
निम्ति दाउरा मात्र हुनेछ ।"

**५९**यहूदाका राजा सिदकियाहको
शासनकालको चौथो वर्षमा मासेयाहका छोरा,
नेरियाहका छोरा प्रमुख अधिकारी सरायाह जब
राजासित बेबिलोनमा गए, त्यस बेला यर्मियाले
उनलाई यो वचन दिए । **६०**बेबिलोनमाथि आउने
सबै विपत्तिहरूको विषयमा यर्मियाले एउटा
बेहेरुवामा लेखेका थिए, अर्थात् बेबिलोनको
विषयमा देखिएका सबै कुराहरू । **६१**तिनले
सरायाहलाई भने, "तिमी बेबिलोन पुगेपछि
तिमीले यी सबै वचनहरू अवश्य जोरसित
पढ्नू । **६२**त्यसपछि भन्नू, 'हे परमप्रभु, तपाईंले
यस ठाउँलाई नाश गर्नेछु भन्नुभएको छ, र
यसमा नता मानिस नता पशु बस्नेछ, यो सदाको
निम्ति उजाड़ रहनेछ ।' **६३**तिमीले यो बेहेरुवा
पढ़िसकेपछि यसमा एउटा ढुङ्गा बाँधेर यसलाई
यूफ्रेटिस नदीमा फालिदिनू । **६४**तब भन्नू, 'मैले
यसमाथि ल्याउने विपत्तिको कारण यसरी नै
बेबिलोन कहिल्यै नउठ्ने गरी डुबिजानेछ ।
अनि त्यसका मानिसहरूको पतन हुनेछ' ।"

### यरूशलेमको पतन

**५२** राजा हुँदा सिदकियाह एक्काईस वर्षका
थिए अनि तिनले यरूशलेममा एघाह्र
वर्षसम्म राज्य गरे । तिनकी आमाको नाउँ
हमूतल थियो; जो लिब्नामा बस्ने यर्मियाकी
छोरी थिइन् । **२**तिनले यहोयाकीमले गरेझैं
परमप्रभुको दृष्टिमा दुष्टता गरे । **३**परमप्रभुको
रीसको कारणनै यरूशलेम र यहूदामा यी सबै
कुराहरू भए अनि आखिरमा उहाँले तिनीहरूलाई
आफ्नो उपस्थितिबाट निकालिदिनुभयो ।

अब सिदकियाह बेबिलोनका राजाको
विरुद्धमा बागी भए ।

**५१:६३-६४**–प्रकाश १८:२१. **५२:१-११**–२ राजा २४:१८-२५:७.

४यसकारण सिदकियाहको शासनकालको
नवौं वर्षमा, नवौं महिनाको दशौं दिनमा
बेबिलोनका राजा नबूकदनेसर यरूशलेमको
विरुद्धमा आफ्नो सम्पूर्ण सेना लिएर आए ।
तिनीहरूले शहरको बाहिर छाउनी हाले अनि
त्यसको चारैतिर घेरा-मचानहरू बनाए ।
५राजा सिदकियाहको एघारौं वर्षसम्म शहर
घेरामा परिरह्यो ।

६चौथो महिनाको नवौं दिन पुग्दा शहर
भित्रको अनिकाल यति साह्रो भयो कि
मानिसहरूले खानलाई भोजननै रहेन । ७तब
शहरको पर्खाल भत्काइयो अनि सम्पूर्ण सेना
भागिहाले । बेबिलोनीहरूले शहरलाई घेरिराखेको
भए तापनि तिनीहरूले राजाको बगैंचाको छेउका
पर्खालहरूको बीचमा भएको मूलढोकाबाट भएर
राती शहरलाई छोड़िदिए । तिनीहरू आराबातिर
भागे, ८तर बेबिलोनी सेनाले राजा सिदकियाहलाई
खेदे र तिनलाई यरीहोको मैदानमा भेट्टाए ।
तिनका सबै सिपाहीहरू तिनीदेखि अलग भएर
छिन्नभिन्न भए, ९अनि तिनी पक्रा परे ।
तिनी बेबिलोनका राजाकहाँ हमातको देशमा
रिब्लामा लगिए जहाँ तिनले उनीमाथि
दण्ड सुनाए । १०त्यहाँ रिब्लामा बेबिलोनका
राजाले सिदकियाहका छोराहरूलाई तिनकै
आँखाको सामुन्ने मारे; तिनले यहूदाका सबै
अधिकारीहरूलाई पनि मारे । ११त्यसपछि
तिनले सिदकियाहका आँखाहरू निकालिदिए अनि
तिनलाई साङलाहरूले बाँधेर बेबिलोनमा लगे
जहाँ तिनले उनको मृत्यु नभएसम्म उनलाई
झ्यालखानमा राखे ।

१२बेबिलोनका राजा नबूकदेसरको
शासनकालको उन्नइसौं वर्षको, पाँचौ महिनाको
दशौं दिन शाही प्रहरीका कप्तान नबूजर्दान जसले
बेबिलोनको सेवा गर्थे, यरूशलेममा आयो ।
१३त्यसले परमप्रभुको मन्दिर, राजमहल अनि
यरूशलेमका सबै घरहरूमा आगो लगाइदियो ।
त्यसले प्रत्येक मुख्य भवन जलाइदियो । १४शाही
प्रहरीको कप्तानको अधीनमा सबै सेनाले
यरूशलेमका चारैतिरका पर्खालहरू भत्काइदिए ।
१५प्रहरीका कप्तान नबूजर्दानले अति गरीब
मानिसहरू अनि शहरमा रहेकाहरू र बाँकी
रहेका कारीगरहरू अनि बेबिलोनका राजापट्टि
जानेहरूलाई देश-निष्काषन गरेर लग्यो । १६तर
नबूजर्दानले बाँकी रहेका कति साह्रै गरीब
मानिसहरूचाहिँ दाखबारी र खेतहरूमा काम
गर्नलाई त्यहीं छाड़िदियो ।

१७बेबिलोनीहरूले परमप्रभुको भवनमा
काँसाका खामाहरू, यताउता लैजान सकिने
आधारहरू अनि काँसाको भाँड़ा सबै भत्काइदिए
अनि तिनीहरूले सबै काँसा बेबिलोनमा लगेर
गए । १८तिनीहरूले भाँड़ाहरू, बेल्चाहरू, सलेतो
छाँट्ने कैंचीहरू, छर्कने बाटाहरू, थाल-
बटुकाहरू अनि मन्दिरको सेवामा प्रयोग
गरिने काँसाका सबै सामाग्रीहरू लिएर गए ।
१९शाही प्रहरीको कप्तानले बाटाहरू, धूपदानीहरू,
छर्कने बाटाहरू, भाँड़ाहरू, सामदानहरू, थाल-
बटुकाहरू अनि अर्घबलिको निम्ति प्रयोग
गरिने बाटाहरू, निखुर सुन र चाँदीले बनिएका
सबै सामाग्रीहरू लगेर गए ।

२०दुईओटा खामाहरू, खड्कुँला र त्यसका
मुन्तिर भएका काँसाका बाह्रओटा गोरुहरू अनि
परमप्रभुको मन्दिरको निम्ति सुलेमान राजाले
बनाएका आधारबाट जम्मा गरिएको काँसा
जोख्न नसकिने थियो । २१प्रत्येक खामा अठाह्र
हात अग्लो अनि त्यसको गोलाई बाह्र हात
थियो; प्रत्येक चार औंला बाक्लो र खोक्रो
थियो । २२एउटा खामाको टुप्पोमा भएको
काँसाको शिरा पाँच हात अग्लो थियो अनि
चारैतिर काँसाका जाली र दारीमले सिँगारिएको
थियो । दारीमसितै भएको अर्को खामा
पनि त्यस्तै थियो । २३छेउ छेउमा छयानब्बेओटा
दारीमहरू थिए; चारैतिरका जालीको माथि
भएका दारीमहरूको सङ्ख्या एक सय थियो ।
२४प्रहरीको कप्तानले मुख्य पूजाहारी

---

**५२:४**–इजकिएल २४:२. **५२:७**–इजकिएल ३३:२१. **५२:११**–इजकिएल १२:१३. **५२:१२-२३**–२ राजा २५:८-१७.
**५२:१३**–१ राजा ९:८. **५२:१७-२३**–१ राजा ७:१५-४७. **५२:२४-३०**–२ राजा २५:१८-२१.

सरायाह, ऊमुनिका पूजाहारी सपन्याह र
तीनजना द्वारापालहरूलाई कैद गरेर लग्यो ।
**२५**शहरमा अझ रहेकाहरूमध्ये उसले लड़ाकू
मानिसहरूका अधिकारी अनि सात जना शाही
सल्लाहकारहरूलाई लग्यो । उसले देशमा
बलपूर्वक मानिसहरूलाई खटाउने कामका
सचिव अर्थात् प्रमुख अधिकारी अनि शहरमा
भेट्टाइएका तिनका साठी जना मानिसहरूलाई
पनि लग्यो । **२६**नबूजर्दान कप्तानले ती सबैलाई
लगे अनि तिनीहरूलाई रिब्लामा बेबिलोनका
राजाकहाँ ल्याए । **२७**त्यहाँ हमातको देशमा
रिब्लामा राजाले तिनीहरूलाई मार्न लगाए ।

यसरी यहूदा देशबाट टाढ़ो कैदमा लगियो ।
**२८**नबूकदनेसरले देश-निष्काषनमा लगेका
मानिसहरूको सङ्ख्या यस्तो छः

सातौं वर्षमा तीन हजार तेईस यहूदीहरू;
**२९** नबूकदनेसरको शासनकालको अठाह्रौं
वर्षमा यरूशलेमबाट आठसय बत्तीस
मानिसहरू;
**३०** तिनको शासनकालको तेईसौं वर्षमा,
सातसय पैंतालीस यहूदीहरू शाही
प्रहरीको कप्तान नबूजर्दानबाट देश-
निष्काषनमा लगिए ।
जम्मा मानिसहरू चारहजार छसय ।

### यहोयाकीन छाड़िएका

**३१**यहूदाका राजा यहोयाकीनको देश-
निष्काषनको सैंतीसौं वर्षमा, एबील मरोदक
बेबिलोनको राजा भएको वर्षमा तिनले बाह्रौं
महिनाको पच्चीसौं दिनमा यहूदाका राजा
यहोयाकीनलाई छोड़िदिए अनि झ्यालखानबाट
मुक्त गरिदिए । **३२**तिनले उनीसित दयासाथ
कुरा गरे र उनलाई बेबिलोनमा आफूसित
भएका अरू राजाहरूभन्दा उच्च आदरको
आसन दिए । **३३**यसकारण यहोयाकीनले आफ्ना
झ्यालखानाका लुगाहरू उतारे अनि आफ्नो
जीवनको बाँकी भाग राजाको मेचबाटै खाए ।
**३४**दिन प्रतिदिन बेबिलोनका राजाले
यहोयाकीनलाई तिनी नमरेसम्म नियमित भत्ता
दिइरहे ।

---

**५२:३१-३४**–२ राजा २५:२७-३०.

# विलापको पुस्तक

### सियोनको उजाड़ र दुःख

१ एक समय मानिसले भरिएको यो शहर
अब कस्तो सुनसान छ !
त्यो एक विधवी जस्तो भएकी छे,
त्यो एक समय जाति-जातिहरूबीच
महान् थिई !
र प्रान्तहरूबीच त्यो राजकुमारीजस्तै थिई,
अब दासत्वमा परेकी शहर जस्तो छे ।

२ रातभरि त्यो धुरुधुरु रुन्छे,
त्यसका गालामा आँसु झरेको छ ।
त्यसका सारा प्रेमीहरूमध्ये
त्यसलाई सान्त्वना दिने कोही छैन ।
त्यसका सारा साथीहरूले धोका दिए,
तिनीहरू सबै त्यसका शत्रु भएका छन् ।
३ कठोर परिश्रम र पीड़ापछि,
यहूदा प्रवासमा लगियो ।
गैर-यहूदीहरूबीच त्यसले बास गर्दछे;
त्यसले विश्राम गर्ने स्थान पाएकी छैन ।
त्यसलाई खेद्नेहरूले त्यसलाई दुःख र
कष्टबीच भेटेका छन् ।

४ सियोन जाने बाटोहरूले शोक गरिराखेका
छन्,
किनकि त्यसले ठहराएका भोजमा कोही
आउँदैनन् ।
त्यसका सबै मूल ढोकाहरू उजाड़ छन्,
पूजाहारीहरू सुस्केरा हाल्छन्,
कुमारीहरू शोक मनाउँछन्,
अनि त्यो कठोर वेदनामा छे ।
५ त्यसका शत्रुहरू त्यसका मालिक भएका
छन्;
त्यसका शत्रुहरू आराममा छन् ।
त्यसका धेरै पापहरूले गर्दा
परमप्रभुले त्यसलाई सन्ताप दिनुभएको
छ ।
त्यसका बच्चाहरू शत्रुहरूको अगि
कैदमा लगिएका छन्,
देशबाट निकालिएका छन् ।

६ सियोनकी छोरीबाट सबै गौरव गएका
छन् ।
त्यसका राजकुमारहरू चरन नपाएका
मृगझैं भएका छन्;
दुर्बल भई तिनीहरू आफूलाई खेद्नेहरूबाट
भागेका छन् ।

७ आफ्ना सङ्कष्ट र घुमन्ते जीवनमा
यरूशलेमले आफ्ना बितेका दिनका
धन-सम्पत्तिको सम्झना गर्दछ ।
जब त्यसका मानिसहरू शत्रुका
हातमा परे,
त्यसलाई मद्दत दिने कोही थिएन ।
त्यसका शत्रुहरूले त्यसलाई हेरे,
र त्यसको विनाश देखेर हाँसे ।

८ यरूशलेमले घोर पाप गरेकी छे
यसैकारण त्यो अशुद्ध भएकी छे ।
त्यसलाई आदर गर्ने सबैले त्यसलाई घृणा
गर्छन्,
किनकि तिनीहरूले त्यसको नग्नता
देखेका छन्;
त्यो आफै सुस्केरा मार्छे र आफ्नो मुख
फर्काउँछे ।

९ त्यसको अशुद्धपना त्यसको फरियामा
टाँसियो;
त्यसले आफ्नो भविष्यबारे सोचीन ।
त्यसको पतन भयङ्कर थियो;
त्यसलाई सान्त्वना दिने कोही थिएन ।
"हेर्नुहोस्, हे परमप्रभु, मेरो सङ्कष्ट,
किनकि शत्रुहरू विजयी भएका छन् ।"
१० त्यसका सारा धन-दौलत शत्रुले हात

पारे;
गैर-यहूदीहरू आफ्नो पवित्रस्थानमा प्रवेश गरेका त्यसले देखी–
ती जातिहरूलाई तपाईंका सभामा पस्न तपाईंले निषेध गर्नुभएको थियो ।
११ त्यसका सबै मानिसहरू सुस्केरा हाल्दै रोटीको खोजी गर्दछन्;
आफ्ना प्राण बचाउनलाई
तिनीहरू आफ्ना धन-सम्पत्ति खानेकुरासित साट्दछन् ।
"हेर्नुहोस्, हे परमप्रभु, र विचार गर्नुहोस्,
किनकि म त घृणित भएको छु ।"
१२ "छेउबाट भएर जानेहरू सबै जना,
के तिमीहरूलाई यी सबको वास्ता छैन ?
चारैतिर नजर घुमाएर हेर ।
आफ्नो भयानक क्रोधको दिनमा,
परमप्रभुले मलाई दिनुभएको कष्टजस्तै अरू कुन पीडा छ र ?
१३ "उहाँले माथिबाट आगो पठाउनुभयो,
त्यो मेरा हड्डीभित्र खस्यो ।
उहाँले मेरा खुट्टाको लागि जाल बिछाउनुभयो र मलाई फर्काउनुभयो ।
उहाँले मलाई उजाड़ र दिनभरि बेहोश पार्नुभयो ।
१४ "मेरा पाप, आफ्ना हातले बाँधेर;
जुवामा बाँधी मेरो काँधमा राखिदिनुभएको छ ।
त्यसको भार मेरो काँधमा परेको छ,
र त्यसले गर्दा मेरो बल घटेको छ ।
तिनीहरूका हातमा मलाई परमप्रभुले सुम्पिदिनुभएको छ,
जसको म सामना गर्न सक्तिनँ ।
१५ परमप्रभुले "मेरा बीचका सम्पूर्ण वीर पुरुषहरूलाई इन्कार गर्नुभएको छ;
मेरा जवानहरूलाई धूलोपीठो पार्नलाई,
उहाँले मेरो विरुद्धमा सेना जम्मा गर्नुभएको छ ।
परमप्रभुले यहूदाका कुमारीहरूलाई
आफ्नो दाखको कोलमा कुल्चनुभएको छ ।
१६ "यी सबै कारणले म रुँदैछु,
मेरा आँखाबाट आँसु झर्दछ ।
मलाई सान्त्वना दिनलाई
र मेरो आत्मा पुनर्जीवित गराउन मेरो छेउमा कोही छैन ।
मेरा छोराछोरी बेसहारा भएका छन्
किनकि मेरो शत्रु विजयी भएको छ ।"
१७ सियोनले आफ्नो हात पसार्दछ,
तर त्यसलाई सान्त्वना दिने कोही छैन ।
परमप्रभुले याकूबको विरुद्धमा,
त्यसका छिमेकीहरू त्यसका शत्रु होऊन्
भनी आज्ञा गर्नुभएको छ;
तिनीहरूका बीचमा यरूशलेम एक अशुद्ध थोक भएको छ ।
१८ "परमप्रभु धर्मी हुनुहुन्छ,
तर म उहाँका आज्ञाको विरुद्धमा विद्रोही भएँ ।
सुन, हे सारा जातिहरू हो;
मेरो पीड़ालाई हेर ।
मेरा जवान मानिसहरू र कुमारीहरू
निष्कासित गरिएका छन् ।
१९ "मैले मेरा मित्रहरूलाई बोलाएँ,
तर तिनीहरूले मलाई धोका दिए ।
मेरा पूजाहारीहरू र मेरा धर्म-गुरुहरू
आफ्ना प्राण बचाउनलाई
खानेकुराका खोजीमा शहरमा नष्ट भए ।
२० "हे परमप्रभु, हेर्नुहोस्, म कस्तो कष्टमा छु ।
मभित्र मेरो प्राण मड़ारिन्छ,
र म मेरो हृदयमा विचलित छु,
किनकि म अति विद्रोही बनेको छु ।
बाहिर तरवारले शोकित पार्दछ;
भित्र मृत्यु मात्र छ ।
२१ "मानिसहरूले मेरो सुस्केरा सुनेका छन्,
तर मलाई सान्त्वना दिने कोही छैन ।
मेरा सबै शत्रुले मेरो कष्टबारे सुनेका छन्;
तपाईंले जे गर्नुभयो त्यसमा तिनीहरू अति खुशी हुन्छन् ।
तपाईंले घोषणा गर्नुभएको दिन
ल्याउनुहोस्,

यसरी तिनीहरू पनि मै जस्ता होऊन् ।
२२ "तिनीहरूका सबै अधर्मका काम तपाईंको
साम् आऊन्;
मेरा पापको खातिर, मसित जस्तो व्यवहार
गर्नुभयो,
तिनीहरूसित पनि त्यस्तै व्यवहार गर्नुहोस्,
मेरो हृदय निर्बल र मेरा सुस्केरा धेरै
छन् ।"

२ परमप्रभुले आफ्नो क्रोधको बादलले
सियोनकी छोरीलाई कसरी ढाक्नुभएको
छ !
उहाँले इस्राएलका गौरवलाई स्वर्गबाट
पृथ्वीमा खसालिदिनुभएको छ;
आफ्नो रिसको दिनमा उहाँले आफ्नो
पाउदानलाई सम्फना गर्नुभएन ।

२ परमप्रभुले याकूबका सबै वासस्थान
नटिठाइकन नष्ट पार्नुभयो;
आफ्नो रीसमा उहाँले यहूदाका छोरीका
बलिया किल्लाहरू ध्वस्त गर्नुभयो ।
त्यसका राज्य र राजकुमारलाई उहाँले
भूइँमा ढालेर अपमानित तुल्याउनुभयो ।

३ डरलाग्दो क्रोधमा इस्राएलको हरेक
शक्तिलाई उहाँले काटेर फालिदिनुभयो ।
शत्रु नजीक आइपुग्दा उहाँले आफ्नो
दाहिने हात हटाउनुभयो ।
याकूबमा उहाँ एक दन्कने आगोझैं
हुनुभयो,
जसले चारैपट्टिका हरेक कुरा भस्म
पार्दछ ।

४ शत्रुले झैँ उहाँले आफ्नो धनुमा ताँदो
चढ़ाउनुभएको छ;
उहाँले दाहिने हात तयार राख्नुभएको
छ ।
आँखा सामुका प्रिय व्यक्तिहरूलाई उहाँले
शत्रुझैँ भई हत्या गर्नुभयो;
सियोनका छोरीका पालमा उहाँले आफ्नो
रीस आगोझैं बर्साउनुभएको छ ।

५ परमप्रभु शत्रुझैँ हुनुहुन्छ;
उहाँले इस्राएललाई खतम गर्नुभएको छ,
त्यसका सबै महलहरू उहाँले खतम
गर्नुभयो,
र किल्लाहरू भत्काइदिनुभयो ।
यहूदाका छोरीको निम्ति उहाँले शोक
र विलाप ज्यादै बढ़ाइदिनुभएको छ ।

६ उहाँले आफ्ना बासस्थान बगैंचाझैं
बिगारिदिनुभएको छ;
र आफ्नो सभागृह भत्काइदिनुभएको छ ।
परमप्रभुले सियोनलाई त्यसले मनाउने
भोज र विश्राम-दिनहरू बिर्साइदिनुभयो;
आफ्नो डरलाग्दो क्रोधमा उहाँले राजा
र पूजाहारी दुवैलाई अवहेलना
गर्नुभएको छ ।

७ परमप्रभुले आफ्नो वेदीलाई अस्वीकार
गर्नुभएको छ,
र आफ्नो पवित्र स्थान त्याग्नुभएको छ ।
त्यसका महलका भित्ताहरू उहाँले शत्रुका
हातमा दिनुभएको छ ।
तोकिएको चाड़को दिनमा झैं,
तिनीहरूले परमेश्वरका भवनमा उच्च
सोरले आवाज उठाएका छन् ।

८ परमप्रभुले सियोनका छोरीहरूका
चारैतिरका पर्खाल ढाल्ने निश्चय
गर्नुभएको छ ।
उहाँले एउटा नाप्ने फित्ताले नाप लिनुभयो,
र नाश गर्नबाट आफ्नो हात थाप्नुभएन ।
उहाँले किल्लाहरू र ती घेर्ने
पर्खालहरूलाई विलाप गर्न लाउनुभयो;
अनि ती एकैसाथ भत्के ।

९ त्यसका मूलढोकाहरू जमिनमा भासिएका
छन्;
त्यसका गजबारहरू भत्काएर नाश
पारिएका छन् ।
त्यसका राजा र राजकुमारहरू देशबाट
निकालिएर गैर-यहूदीबीच वास गर्दैछन्,
जहाँ व्यवस्था रहँदैन न त अगमवक्ताहरूले
परमप्रभुबाट दर्शन नै पाउन सक्छन् ।

१० सियोनका छोरीहरूका धर्म-गुरुहरू
चूपचाप भूइँमा बसेका छन्;
तिनीहरूले आफ्ना शिरमा धूलो छरेका
छन्,
अनि भाङ्ग्राका वस्त्र पहिरिएका छन् ।
यरूशलेमका कुमारीहरूले आफ्ना
शिर भूइँसम्म निहुराएका छन् ।

११ मेरा आँखा रोदनको आँसुले टट्टाइसके,
मभित्र मेरो प्राण मड़ारिन्छ;
मेरो हृदय छिया-छिया भएको छ,
किनकि मेरा मानिसहरू नष्ट भएका छन्,
र नानीहरू अनि दूध खाने बच्चाहरू
शहरका गल्लीहरूमा मूर्च्छा भई बेहोश
भएका छन् ।

१२ तिनीहरू आफ्ना आमाहरूलाई भन्दछन्,
"रोटी र दाखमद्य कहाँ छन् ?"
जब तिनीहरू घाइतेहरूझैं शहरका
गल्लीहरूमा दुर्बल भई लड्दछन्,
र आफ्ना आमाका काखमा प्राण शिथिल
हुँदैजान्छ ।

१३ हे यरूशलेमकी छोरी,
म तिमीहरूलाई के भन्न सक्छु र ?
केसित म तिमीहरूको तुलना गर्नसक्छु ?
हे सियोनका कुमारी हो,
कोसित तुलना गरेर म तिमीहरूलाई
सान्त्वना दिऊँ ?
तिमीहरूका चोट सागरझैं गहिरा छन् ।
कसले तिमीहरूलाई निको पार्न सक्ला ?

१४ तेरा अगमवक्ताहरूका दर्शन झूटा र
बेकामका थिए;
तेरा कैदका दिन पन्छाउनलाई तिनीहरूले
तेरा पाप प्रकट गरिदिएनन् ।
तिनीहरूले दिएका ईश्वरवाणी झूटा र
भर्माउने मात्र थिए ।

१५ तेरा छेउबाट भएर जानेहरू सबै जना
तँलाई खुच्चिङ गरेर थप्पड़ी बजाउँछन्;
यरूशलेमकी छोरी विरुद्ध खिसी गर्छन्
र टाउको हल्लाउँछन्:
"के यो त्यही शहर हो जो परम सुन्दरी
र सारा पृथ्वीको आनन्द कहलाउँथ्यो ?"

१६ तेरा सारा शत्रुहरू आफ्ना मुख पूरा खोलेर
तेरा विरुद्धमा बोल्दछन्;
तिनीहरू खिसी गर्छन् र आफ्ना दाह्रा
किट्दछन्,
अनि भन्दछन्, "हामीहरूले त्यसलाई
निलिसक्यौं ।
हामीले पर्खिराखेको दिन यही हो;
यो दिन हेर्नलाई हामी बाँचिराखेका
थियौं ।"

१७ परमप्रभुले जे कल्पना गर्नुभएको थियो
त्यो पूरा गर्नुभयो;
उहाँले आफ्ना वचन पूरा गर्नुभयो,
जुन उहाँले धेरै समयअघि घोषणा
गर्नुभएको थियो ।
दया मायाविना उहाँले तँलाई पराजित
गर्नुभएको छ,
शत्रुहरूलाई तँमाथि कुदृष्टि गर्न
दिनुभएको छ,
र तेरा शत्रुका शिर उच्च पारिदिनुभएको
छ ।

१८ मानिसका हृदयले परमप्रभुलाई
पुकार्दछन् ।
हे सियोनकी छोरीको पर्खाल,
तेरो आसुँ नदीझैं दिनरात बहोस्,
आफैलाई केही आराम नदे,
अनि आफ्ना आँखालाई विश्राम नदे ।

१९ उठेर राती करा,
जब रातको आफ्ना पहरा शुरू हुन्छ;
पानीसमान् आफ्ना हृदय परमप्रभुको
उपस्थितिमा पोख् ।
आफ्ना बालकबालिकाका प्राणको निम्ति
आफ्ना हात उहाँतिर उठा,
जो गल्लीको मोड़को अघिपट्टि भोकले
मूर्छा परेका छन् !

२० "हेर्नुहोस्, हे परमप्रभु, र विचार गर्नुहोस्:
कसलाई तपाईंले यस्तो व्यवहार गर्नुभएको

छ ?
के स्त्रीहरूले आफ्नै गर्भका फल,
आफूले स्याहारेका बाल-बालिकाहरू खानु पर्ने ?
के परमप्रभुका पवित्रस्थानमा पूजाहारी
र अगमवक्ता दुवै मारिनुपर्ने ?

२१ “सड़कका धूलामा बूढ़ापाका र जवानहरू
एकसाथ लड़िरहेका छन्;
मेरा कुमारी र जवानहरू तरवारले
ढालिएका छन् ।
आफ्नो क्रोधको दिनमा तपाईंले
तिनीहरूलाई नाश गर्नुभयो;
तपाईंले तिनीहरूलाई दया माया नगरी
मार्नुभयो ।

२२ “जसरी भोजको दिन मानिसहरूलाई
बोलाउनुहुन्छ,
त्यसरी नै मेरो विरुद्धमा तपाईंले त्रासहरू
चारैतिरबाट बोलाउनुभयो ।
परमप्रभुको क्रोधको दिन कोही भाग्न
वा बाँच्न सकेनन्;
जसलाई मैले हुर्काएँ र बढाएँ,
तिनीहरूलाई मेरा शत्रुहरूले नाश
पारेका छन् ।

३ उहाँको क्रोधको लाठोको दु:ख भोग्ने
मानिस म नै हुँ ।
२ उहाँले मलाई धपाउनुभयो,
र उज्यालोमा होइन तर अन्धकारमा
हिँड्न लगाउनुभयो;
३ वास्तवमा, उहाँले घरीघरी, सारा दिन
मेरो विरुद्धमा आफ्नो हात उठाउनुभएको
छ ।

४ उहाँले मेरा छाला र मासु गलाई
दिनुभएको छ,
अनि मेरा हड्डीहरू भाँचिदिनुभएको
छ ।
५ तीतोपना र कष्टले घेर्नुभएर
उहाँले मलाई कब्जा गर्नुभएको छ ।
६ धेरै दिनको मुर्दाझैँ
उहाँले मलाई अन्धकारमा बास गर्न
लाउनुभएको छ ।

७ उहाँले मलाई पर्खालबीच कैद गर्नुभएको
छ,
र म उम्कन सक्नेछैन,
उहाँले गह्रौं साङ्लाले बाँध्नुभएको छ ।
८ मैले उहाँलाई गुहारको निम्ति पुकारा
गर्दा पनि,
उहाँले मेरो प्रार्थनालाई अस्वीकार
गर्नुहुन्छ ।
९ ठूलठूला ढुङ्गाले मेरो बाटो उहाँले
थुनिदिनुभएको छ;
उहाँले मेरो बाटो बाङ्गो-टेढ़ो
बनाइदिनुभएको छ ।

१० लुकिरहने सिंहझैँ,
ढुकिरहने भालुझैँ,
११ उहाँले मलाई बाटोबाट घिसारेर
लैजानुभयो,
र फहराएर छियाछिया पार्नुभयो
अनि मलाई सहाराहीन छोड्नुभयो ।
१२ उहाँले आफ्नो धनुमा ताँदो चढ़ाउनुभयो
र मलाई नै काँड़को तारो बनाउनुभयो ।

१३ आफ्नो ठोक्रोको काँड़ले उहाँले मेरो मुटु
छेड़िदिनुभयो ।
१४ सबै माानिसहरूको म हाँसोको पात्र भएँ;
तिनीहरू दिनभरि गीत गाएर मेरो गिल्ला
गर्छन् ।
१५ उहाँले मलाई तीता जड़ीबुटीले भर्नुभएको
छ,
र अघाउन्जेल पित्त खुवाउनुभएको छ ।

१६ उहाँले मेरा दाँत रोड़ा खुवाएर
भाँचिदिनुभएको छ;
उहाँले मलाई धूलोमा कुल्चनुभएको छ ।
१७ मबाट शान्ति खोसिएको छ;
कल्याण के हो मैले बिर्सिसकेको छु ।
१८ यसकारण म भन्दछु, “मेरो शोभा
गइसक्यो,
प्रभुबाट गरेको आशा पनि हरायो ।”

१९ म मेरा कष्ट र डुलुवापन,
तीतोपन र पित्तको तीतोपन स्मरण गर्दछु ।
२० ती म राम्ररी स्मरण गर्दछु,
र मेरो आत्मा मभित्र हताश हुँदै जान्छ ।
२१ तर यो कुरा म मेरो मनमा सम्झन्छु
र मलाई आशा लाग्दछ:

२२ परमप्रभुका महान् प्रेमको कारण हामी भस्म भएका छैनौं,
किनकि उहाँको कृपाको अन्त कहिल्यै हुन्न ।
२३ हरेक बिहान ती नयाँ भएर आउँछन्;
तपाईंको विश्वस्तता महान् छ ।
२४ म आफैलाई भन्दछु, "परमप्रभु मेरो सर्वस्व हुनुहुन्छ;
यसर्थ म धैर्यसाथ उहाँको प्रतीक्षा गरिरहनेछु ।"

२५ प्रभुमा आशा राख्नेहरू र उहाँको खोजी गर्नेहरू तर्फ,
परमप्रभु भला हुनुहुन्छ;
२६ चुपचाप परमप्रभुको उद्धारको प्रतीक्षा गर्नु असल कुरो हो ।
२७ जवान छँदै जुवा बोक्नु मानिसको निम्ति असल हुन्छ ।

२८ त्यो एक्लै शान्त भएर बसोस्,
किनकि त्यो जुवा परमप्रभुले त्यसलाई बोकाउनुभएको हो ।
२९ त्यसले आफ्नो मुख धूलोमा गाड़ोस्,
अझै पनि त्यसलाई आशा होला ।
३० त्यसको गालामा हिर्काउनेलाई त्यसले आफ्नो गाला थापिदेओस्,
त्यो अपमान्ले भरियोस् ।

३१ किनकि मानिसलाई परमप्रभुले सधैंभरि त्याग्नुहुन्न ।
३२ उहाँले दु:ख दिनुभए तापनि,
उहाँले कृपा देखाउनुहुन्छ,
उहाँको कहिल्यै नथामिने प्रेम अति महान् छ ।
३३ किनकि उहाँले मानिसका सन्तानलाई
इच्छापूर्वक दु:ख वा कष्ट दिनुहुन्न ।

३४ पृथ्वीका सबै कैदीहरूलाई पैतालामुनि कुल्चनु,
३५ सर्वोच्च परमेश्वरको सामुन्ने
मानिसलाई त्यसको अधिकार अस्वीकार गर्नु,
३६ अनि मानिसलाई निसाफ इन्कार गर्नु–
यी सबै कुरा के परमप्रभुले देख्नुहुन्न र ?

३७ यदि परमप्रभुले आज्ञा गर्नुभएन भने,
कसले भनेर कुनै कुरो हुन सक्दछ ?
३८ के सर्वोच्चका मुखबाट नै
आपत्ति र असल कुरा दुवै आउँदैनन् र ?
३९ आफ्ना पापको निम्ति दण्ड पाउँदा,
कुनै जीवित मानिसले किन गनगनाउने ?

४० हामी आफ्ना चाल जाँच गरेर हेरौं,
र हामी परमप्रभुतिर फर्कौं
४१ हामी आफ्ना हात र हृदय स्वर्गका
परमेश्वरतिर उचालौं अनि भनौं:
४२ "हामीले पाप गर्‍यौं र विद्रोह गर्‍यौं,
अनि तपाईंले क्षमा गर्नुभएको छैन ।"
४३ तपाईं क्रोधले भरिनुभयो र हामीलाई खेद्नुभयो;
विनादया-माया तपाईंले हामीलाई मार्नुभयो ।
४४ तपाईंकहाँ कुनै प्रार्थना नपुगोस् भनेर
तपाईंले आफैलाई बादलले ढाक्नुभएको छ ।
४५ तपाईंले हामीलाई जातिजातिका बीच
फोहोर र कसिङ्गर बनाउनुभएको छ ।

४६ "हाम्रा सबै शत्रुहरूले हाम्रा विरुद्धमा
मुख बङ्गाएका छन् ।
४७ हामीले आतङ्क र खतरा,
नाश र विनाशका कष्ट भोग गरेका छौं ।"
४८ मेरा मानिसहरू नाश भएर गएका छन्,
तसर्थ मेरा आँखाबाट आँसुका धारा
निरन्तर बहँदछन् ।

४९ मेरा आँखाबाट निरन्तर आँसु नरोकिकन
बगिरहनेछ,
५० जबसम्म परमप्रभुले स्वर्गबाट तल
हेर्नुहुन्न र देख्नुहुन्न ।
५१ जब म हेर्दछु तब मेरो प्राणलाई दु:ख हुँदछ,
किनकि म मेरो शहरका स्त्रीहरूको
दुर्दशा देख्दछु ।

५२ विनाकारण मसित शत्रुता गर्नेहरूले
मलाई चरालाई झैं शिकार गरे ।
५३ मेरो जीवन तिनीहरूले एउटा खाड़लमा
अन्त गर्ने चेष्टा गरे,
र मलाई ढुङ्गाले हाने;
५४ मेरो टाउकोसम्मै पानी आइपुग्यो,
अनि मैले सोचें कि अब मेरो अन्त
आइपुगेछ ।

५५ हे परमप्रभु, खाड़लको गहिराइबाट मैले
तपाईंको नाउँको पुकारा गरें ।
५६ तपाईंले मेरो बिन्ती सुन्नुभयो:
"छुटकाराको निम्ति मेरो पुकारप्रति
आफ्नो कान बन्द नगर्नुहोस् ।"
५७ मैले पुकार्दा तपाईं मेरो छेउमा आउनुभयो,
अनि तपाईंले भन्नुभयो, "नडराऊ ।"

५८ हे परमप्रभु, तपाईंले मेरो पक्ष लिएर
लड्नुभयो;
र मेरो प्राणको उद्धार गर्नुभयो ।
५९ हे परमप्रभु, ममाथि भएको अन्याय
तपाईंले देख्नुभएको छ ।
मेरो न्याय गरिदिनुहोस् !
६० तिनीहरूले मेरो विरुद्ध गरेका जाल र
बदलाको गहिराइ तपाईंले देख्नुभएको छ ।

६१ हे परमप्रभु, तिनीहरूको ममाथि भएका
अपमान र जालसाजी तपाईंले सुन्नुभएको
छ–
६२ मेरा शत्रुहरूले दिनभरि मेरो विरुद्धमा
गरेका कानेखुसी र गुनगुन ।
६३ तिनीहरूलाई हेर्नुहोस् !
उठ्दा-बस्दा आफ्ना गीतद्वारा, तिनीहरू
मेरो गिल्ला गर्दछन् ।

६४ हे परमप्रभु, तिनीहरूका हातले जे गरेका
छन्,
त्यसको उचित दण्ड तिनीहरूलाई
दिनुहोस् ।
६५ तिनीहरूका हृदयमाथि पर्दा लाइदिनुहोस्,
र तपाईंको श्राप तिनीहरूमाथि परोस् !
६६ हे परमप्रभु, आफ्नो रीसमा तिनीहरूलाई
खेदीखेदी आफ्नो स्वर्गमुनिबाट नाश
पार्नुहोस् ।

४ सुनले कसरी त्यसको चमक हरायो;
निखुर सुन कसरी फीका भयो !
पवित्र मणि हरेक बाटोको शिरमा
छरपष्ट छन् ।
२ सियोनका बहुमूल्य छोराहरू,
जो एकचोटि सुनको बराबर थिए,
अब कुमालेले बनाएका माटाका भाँड़ा
समान कसरी गनिन थाले !

३ स्यालका माऊले पनि आफ्ना बच्चालाई
आफ्ना दूधका थुन चुस्न दिन्छे,
तर मेरो प्रजा मरुभूमिका शुतुरमुर्गजस्तै
हृदयविहीन भएका छन् ।

४ दूधे बच्चाको जिब्रो तिर्खाले तालुमा
टाँसिन्छ;
केटाकेटीहरू खानेकुरा माग्दछन्,
तर कसैले तिनीहरूलाई केही दिँदैन ।

५ कुनै समय ज-जसले मीठामीठा
खानेकुराहरू खान्थे,
तिनीहरू अब बाटाका बेसहारा भएका
छन् ।
बैजनी वस्त्र लाएर बढ़ेकाहरू घुर्‍यानमा
बसिरहन्छन् ।

६ मेरो प्रजालाई दिइएको दण्ड सदोमको
दण्डभन्दा बढ़ी छ,

**४:६**–उत्पत्ति १९:२४.

जुन शहर क्षणभरमा विनाश भयो अनि
त्यसलाई गुहार गर्ने एउटै मान्छे पनि
भएन ।

७ तिनीहरूमा राजकुमारहरू हिउँभन्दा
चम्किला र दूधभन्दा सेता थिए,
तिनीहरूका शरीर मणिभन्दा राता,
र अनुहार नीरजस्तो शोभायुक्त थिए ।

८ तर अहिले तिनीहरू मोसोभन्दा काला
भएका छन्;
सड़कमा तिनीहरू चिनिदैनन् ।
तिनीहरूका छाला हाड़सित टाँसिएका छन्;
र काठका टुक्राजस्तै सुक्खा भएका छन् ।

९ अनिकालमा मर्नेहरूभन्दा तरवारले
मारिनेहरू भाग्यमानी हुन्;
तिनीहरू जमिनको फलको अभावले र
भोकले पीडित भई सुक्दै गइरहेका छन् ।

१० दयालु स्त्रीहरूले आफ्नै हातले आफ्ना
बच्चाहरू पकाए,
यसलाई तिनीहरूले आफ्नो आहार बनाए,
त्यस समय मेरो प्रजाको सर्वनाश
भइरहेथ्यो ।

११ परमप्रभुले आफ्नो क्रोध पूरा गरी प्रकट
गर्नुभएको छ;
उहाँले आफ्नो भयङ्कर रीस पोखाउनुभएको
छ ।
उहाँले सियोनमा आगो बाल्नुभयो
र त्यसको जगहरू भस्म भए ।

१२ कुनै शत्रु वा वैरीहरू यरूशलेमका
मूलढोकाहरूबाट भित्र पस्न सक्नेछन् भनी
नता पृथ्वीका राजाहरूले
नता संसारका कुनै मानिसहरूले विश्वास
गरेका थिए ।

१३ तर त्यस देशका अगमवक्ताहरूका पाप
र पूजाहारीहरूका अपराधले गर्दा त्यसो
भयो,
तिनीहरूले त्यसभित्र धर्मीहरूका रगत
बगाए ।

१४ अब तिनीहरू अन्धासमान् छामछुम्
गरेर बाटोमा हिँड्दछन् ।
तिनीहरू रगत लागेर यति अपवित्र भएका
छन्,
कि तिनीहरूका लुगासम्म कसैले छुँदैन ।

१५ मानिसहरूले तिनीहरूलाई भन्छन्,
"जाओ ! तिमीहरू अशुद्ध छौ !
दूर होओ, दूर होओ, हामीलाई नछोओ !"
तिनीहरू भागेर गई यताउति डुलिहिँड्दा,
गैर-यहूदीहरूका बीच मानिसहरूले यसो
भन्छन्,
"तिनीहरू हामीसित अब उसो बास गर्न
पाउने छैनन् ।"

१६ परमप्रभु आफैले तिनीहरूलाई छरपष्ट
पार्नुभएको छ;
उहाँले तिनीहरूको वास्ता गर्न छोड्नुभयो ।
पूजाहारीलाई केही सम्मान् छैन,
धर्म-गुरुहरूलाई केही कृपादृष्टि देखाइँदैन ।

१७ त्यसमाथि, गुहारको निम्ति बाटो हेर्दा
हाम्रा आँखा टट्टाइसके;
आफ्नो गढ़बाट हामीले एउटा जातिको
बाटो हेरिबस्यौं जसले हामीलाई
बचाउन सकेन ।

१८ मानिसहरू कदम कदममा हाम्रो पछि
लागेकोले,
हामी आफ्ना बाटोमा हिँड्न सक्दैनथ्यौं ।
हाम्रो अन्त नजीक आएको थियो,
हाम्रो दिन पूरा भइसकेको थियो,
किनकि हाम्रो अन्त नजीकै आइसकेको
थियो ।

१९ आकाशका चीलभन्दा हामीलाई खेदो
गर्नेहरूका ज्यादा तेज थिए;
तिनीहरूले हामीहरूलाई पर्वतहरूमा खेद्थे

---

**४:१०**–व्यवस्था २८:५७; इजकिएल ५:१०.

र मरुभूमिमा हामीलाई ढुकिबस्थे ।
२० परमप्रभुको अभिषिक्तजन, हाम्रा जीवनका
सासनै तिनीहरूका हातमा थियो,
जाति-जातिहरूबीच उहाँकै छायामुनि
हामी बास गर्नेछौं भनी हामीले
सोचेका थियौं ।
२१ हे एदोमकी छोरी हो, जो ऊज देशमा
बास गर्दछौ,
रमाओ र खुशी होओ ।
तिमीहरूलाई पनि कचौरा पिउनलाई
दिइनेछ;
त्यो पिएर तिमीहरू मात्तिनेछौ र नाङ्गो
पारिनेछौ ।
२२ हे सियोनकी छोरी, तेरो सजायको
अन्त हुनेछ;
तेरो देश निष्कासन उहाँले
लम्ब्याउनुहुनेछैन ।
तर, हे एदोमकी छोरी, तेरो पापको दण्ड
उहाँले दिनुहुनेछ,
र तेरो दुष्टता जाहेर गरिदिनुहुनेछ ।

५ हे परमप्रभु, हामीमाथि के आइलागेको
छ,
त्यसको सम्झना गर्नुहोस्;
हाम्रो बदनाम नजर उठाएर हेर्नुहोस् ।
२ हाम्रो पैतृक-धन परदेशीहरूलाई
र हाम्रा घर विदेशीहरूलाई दिइएको छ ।
३ हामी टुहुराटुहुरी र पितृहीन भएका छौं,
हाम्रा आमाहरू विधवाझैं भएका छन् ।
४ हामीले पिउने पानी किनेर खानुपर्छ;
दाउरा पनि आफ्नै दाम तिरेर लिनुपर्छ ।
५ हामीलाई खेद्नेहरू हाम्रा कुर्कुच्चामै
आइपुगे;
हामी थाकेका छौं र विश्राम पाउँदैनौं ।
६ प्रशस्त खानेकुरा पाउनलाई
हामीले मिश्र र अश्शूरका अधीनमा हुन
स्वीकार गर्‍यौं ।
७ हाम्रा पितापुर्खाले पाप गरे अनि मरेर
गए,
तिनीहरूको दण्ड हामीले भोग्दैछौं ।
८ कमाराहरू हामीमाथि शासन गर्दछन्,
र हामीलाई तिनीहरूका हातबाट
छुटकारा दिने कोही पनि छैन ।
९ आफ्ना प्राण खतरामा पारेर पनि हामीले
हाम्रो रोटी जुटाउँदछौं
किनकि मरुभूमिमा तरवारधारी शत्रुहरू
छन् ।
१० हामीलाई भोकले गर्दा ज्वरो आएको छ,
अनि हाम्रा छाला चुल्हाझैं तातो
भएका छन् ।
११ सियोनमा स्त्रीहरू र यहूदाका शहरहरूमा
कुमारीहरूमाथि बलात्कार भएको छ ।
१२ राजकुमारहरू हात बाँधेर झुण्डयाइएका
छन्;
धर्म-गुरुहरूको केही सम्मान् छैन ।
१३ जवान मानिसहरू जाँतो पिस्न परिश्रम
गर्छन्;
अनि दाउराका भारी बोक्दा केटाहरू
लड़बड़ाउँदै हिँड्छन् ।
१४ बूढ़ा-पाकाहरू शहरका मूलढोकाबाट
गइसके;
जवानहरूले तिनीहरूका सङ्गीत
छोड़िसके ।
१५ हाम्रा हृदयबाट आनन्द बिदा भइसक्यो;
हाम्रो नाच विलापमा बदली भइसक्यो ।
१६ हाम्रा शिरबाट मुकुट खसेको छ ।
हामीलाई धिक्कार छ,
किनकि हामीले पाप गरेका छौं !
१७ यसले गर्दा हाम्रा हृदय दुर्बल छन्,
यिनै कुराले गर्दा हाम्रा आँखा धमिला
भएका छन्,
१८ किनकि सियोन पर्वत उजाड़ भएको छ,
र त्यहाँ स्यालहरू शिकार खोज्दै यताउति
डुलिहिँड्छन् ।
१९ हे परमप्रभु, तपाईं, सदाकाल राज्य
गर्नुहुन्छ;
र तपाईंको सिंहासन पुस्तौंपुस्ता
रहिरहन्छ ।
२० किन तपाईं हामीलाई सधैं बिर्सी

राख्नुहुन्छ ?
किन यति दिनसम्म तपाईंले हामीलाई
त्यागिदिनुभएको छ ?
२१ हामीलाई आफूतर्फ फर्काउनुहोस्,
हे परमप्रभु,
ताकि हामी तपाईंकहाँ फर्कनेछौं;
हाम्रा दिन तादिका दिनझैँ
बनाइदिनुहोस् ।
२२ यदि तपाईंले हामीलाई बिलकुलै इन्कार
गर्नुभएको
र तपाईं हामीसित बेहिसाब
रिसाउनुभएको छैन भने ।

# इजकिएलको पुस्तक

### जीवित प्राणीहरू र परमप्रभुको महिमा

**१** तीसौं वर्षको चौथो महिनाको पाँचौं दिन, म कबार नदीको छेउको निर्वासितहरूसँग हुँदा, स्वर्ग खोलियो र मैले परमेश्‍वरको दर्शन देखें ।

**२**त्यस महिनाको पाँचौं दिन– जुन राजा यहोयाकीनको निर्वासनको पाँचौं वर्ष थियो– **३**बेबिलोनीहरूको देशमा कबार नदीको किनारमा, बूजीका छोरा पूजाहारी इजकिएलकहाँ परमप्रभुको वचन आयो । त्यहाँ परमप्रभुको हात तिनीमाथि थियो ।

**४**मैले हेरें, अनि मैले उत्तर दिशाबाट एउटा आँधीबेहरी, अर्थात् चम्कँदै गरेको बिजुलीसित चम्किलो ज्योतिले घेरिएको एउटा विशाल बादल आइरहेको देखें । अनि आगोको केन्द्र बल्दै गरेको धातुजस्तै देखिन्थ्यो, **५**अनि त्यस आगोभित्र चारओटा जीवित प्राणीहरूझैं केही देखिन्थे । देख्नमा तिनीहरूको आकार एउटा मानिसको झैं थियो, **६**तर ती हरेकसित चार ओटा अनुहार र चारओटा पखेटाहरू थिए । **७**तिनीहरूका खुट्टाहरू सीधा थिए अनि तिनीहरूका पैताला बाछ्राका झैं र टल्काइएका काँसाझैं थिए । **८**तिनीहरूका चारैपट्टिका पखेटाहरूमा तिनीहरूका मानिसका हातहरू थिए । ती चारै जनाका अनुहार र पखेटाहरू थिए, **९**अनि तिनीहरूका पखेटाहरूले एकले अर्कोलाई छुन्थे । हरेक सीधा अगि बढ्थे; तिनीहरू हिँड्दा यताउता फर्कँदैनथे ।

**१०**तिनीहरूका अनुहार यस्ता देखिन्थे: चारै जनाका अनुहार मानिसका थिए, अनि हरेकका दाहिनेतिर सिंहको अनुहार थियो, अनि देब्रेतिर गोरुको अनुहार थियो; अनि हरेकको चीलको अनुहार पनि थियो । **११**तिनीहरूका अनुहारहरू यस्तै थिए । तिनीहरूका पखेटाहरू माथितिर फैलिएका थिए; हरेकको दुईओटा पखेटाहरूले दुवैतिर एउटा पखेटाले अर्को प्राणीको पखेटा छोइरहेको थियो र दुईओटा पखेटाले आफ्नो शरीर ढाकेका थिए । **१२**हरेक सीधा अगि जान्थ्यो । आत्मा जता-जता जान्थ्यो तिनीहरू त्यतै जान्थे, तिनीहरू जाँदा यताउता फर्कँदैनथे । **१३**ती जीवित प्राणीहरू हेर्नमा आगोका बल्दै गरेका कोइलाझैं अथवा राँकोझैं देखिन्थे । ती प्राणीहरूका बीचमा आगो पछि र अघि जान्थ्यो । **१४**ती प्राणीहरू बिजुलीझैं पछि र अघि वेगसित जान्थे ।

**१५**मैले ती जीवित प्राणीहरूलाई जसै हेरें, मैले चारओटा अनुहार भएको हरेक प्राणीको छेउमा एउटा पाङ्ग्रा भूइँमा देखें । **१६**ती पाङ्ग्राहरूका रूप र बनावट यस्तो थियो: तिनीहरू फिरोजा पत्थरझैं चम्कन्थे र ती चारै एक समान देखिन्थे । प्रत्येक पाङ्ग्रा एउटाको बीचबाट अर्को छिरिगएकोझैं देखिने गरी बनिएको थियो । **१७**तिनीहरू हिँड्दा ती प्राणीहरू फर्केका चार दिशाहरूमध्ये कुनै एउटातिर जान्थे; ती प्राणीहरू जाँदा पाङ्ग्राहरू पछि फर्कँदैनथे । **१८**तिनीहरूका घेरा अग्ला र डरलाग्दा थिए, अनि चारैओटा घेराहरूका चारैतिर आँखाहरू थिए ।

**१९**ती जीवित प्राणीहरू हिँड्दा, तिनीहरूका छेउका पाङ्ग्राहरू हिँड्थे; र ती जीवित प्राणीहरू भूइँबाट उठ्दा ती पाङ्ग्राहरू पनि उठ्थे । **२०**आत्मा जता-जता जान्थ्यो, तिनीहरू पनि जान्थे र ती पाङ्ग्राहरू तिनीहरूसितै उठ्थे, किनकि जीवित प्राणीहरूका आत्मा ती

---

**१:१**–प्रकाश १९:११. **१:२**–२ राजा २४:१०-१६; २ इतिहास ३६:९-१०. **१:५**–प्रकाश ४:६.
**१:१०**–इजकिएल १०:१४; प्रकाश ४:७. **१:१५-२१**–इजकिएल १०:९-१३. **१:१८**–प्रकाश ४:८.

पाङ्ग्राहरूमा थियो । **२१**ती प्राणीहरू हिँड्दा तिनीहरू पनि हिँड्थे, अनि ती प्राणीहरू ठिङ्ग उभिँदा तिनीहरू पनि ठिङ्ग उभिन्थे; र ती प्राणीहरू भूइँबाट उठ्दा, ती प्राणीहरू तिनीहरूसितै उठ्थे, किनकि ती जीवित प्राणीहरूको आत्मा ती पाङ्ग्राहरूमा थियो ।

**२२**ती जीवित प्राणीहरूका शिरहरूमाथि हिउँझैँ उज्यालो, र डरलाग्दो, आकाशझैँ एक आकार देखिन्थ्यो । **२३**त्यस आकाशमुनि तिनीहरूका पखेटा एक-अर्कातिर फर्किएका र फैलिएका थिए, अनि हरेकसित आफ्ना शरीरलाई छोप्ने दुईओटा पखेटाहरू थिए । **२४**ती प्राणीहरू हिँड्दा वेगसित बगिरहेका पानीको गर्जनझैँ, सर्वशक्तिमान्‌को सोरझैँ, सेनाको खैलाबैलाझैँ तिनीहरूका पखेटाहरूको आवाज मैले सुनें । तिनीहरू ठिङ्ग उभिँदा तिनीहरूले आफ्ना पखेटाहरू झार्थे ।

**२५**तब तिनीहरू आफ्ना पखेटा झारेर उभिरहेको बेला तिनीहरूका शिरमाथिको आकाशबाट एउटा आवाज आयो । **२६**तिनीहरूका शिरहरूमाथिको आकाशको माथि नीलमको सिंहासनजस्तै देखिन्थ्यो, र माथि उच्चमा त्यस सिंहासनमा मानिसको झैँ एउटा आकृति थियो । **२७**तिनको कम्मरजस्तै देखिनेको मास्तिर अग्निपूर्णझैँ त्यो बल्दै गरेको धातुझैँ देखिन्थ्यो र त्यसदेखि मुन्तिर त्यो आगोझैँ देखिन्थ्यो, र तिनको चारैतिर चम्किएको ज्योतिले घेरेको थियो । **२८**पानी परेको दिन बादलमा इन्द्रेणी देखिएझैँ तिनको चारैतिर चहकिलो उज्यालो थियो ।

परमप्रभुको महिमाजस्तै देखिने रूप यस्तै थियो । मैले त्यो देखेपछि म घोप्टो परेर लड़ें र कोही बोलिरहेको सोर मैले सुनें ।

### इजकिएलको बोलावट

**२** उहाँले मलाई भन्नुभयो, "हे मानिसको पुत्र, आफ्नो खुट्टामा खड़ा हो र म तँसित कुरा गर्नेछु ।" **२**उहाँ बोल्दा आत्मा मभित्र आउनुभयो र मलाई आफ्नो खुट्टामा खड़ा गराउनुभयो र उहाँले मसित कुरा गरिरहनुभएको मैले सुनें ।

**३**उहाँले भन्नुभयो: "हे मानिसको पुत्र, म तँलाई इस्राएलीहरूकहाँ पठाउँदैछु, एउटा बागी जातिकहाँ जो मेरो विरुद्धमा बागी भयो, तिनीहरू र तिनीहरूका पुर्खाहरू आजको दिनसम्मै मेरो विरुद्धमा बागी भएर रहेका छन् । **४**म तँलाई जुन मानिसहरूकहाँ पठाइरहेको छु तिनीहरू अटेरी र हठी छन् । तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ' । **५**अनि तिनीहरूले सुनून् वा नसुनून्, किनकि तिनीहरू बागी घराना हुन्, तिनीहरूको बीचमा एउटा अगमवक्ता रहेछन् भनी तिनीहरूले जान्नेछन् । **६**अनि हे मानिसको पुत्र, तँ तिनीहरू अथवा तिनीहरूका कुरादेखि नडरा । तेरा चारैतिर लुहुडेँ काँड़ा र अरू काँड़ाहरू भए तापनि अनि तँ बिच्छीहरूको बीचमा बसे तापनि तँ नडरा । तिनीहरू बागी घराना भए तापनि तिनीहरूले जे भन्छन् त्योसित नडरा अथवा तीबाट आतङ्कित नहो । **७**तिनीहरूले सुने तापनि अथवा नसुने तापनि तैंले मेरा वचनहरू भन्नै पर्छ, किनकि तिनीहरू बागीहरू हुन् । **८**तर हे मानिसको पुत्र तैंले म तँलाई के भन्दैछु त्यो सुन् । त्यो बागी घरानाजस्तै तँ बागी नहो; आफ्नो मुख खोल् र मैले तँलाई दिएको खा ।"

**९**तब मैले हेरें र एउटा हात मतिर पसारिएको मैले देखें । त्यसमा एउटा बेह्रेको चर्मपत्र थियो, **१०**जो उहाँले मेरो सामुन्ने खोलिदिनुभयो । त्यसका दुवैतिर विलाप र शोक अनि धिक्कार लेखिएका थिए ।

**३** अनि उहाँले मलाई भन्नुभयो, "हे मानिसको पुत्र, तेरो सामुन्ने जे छ त्यो खा, यो बेह्रेको चर्मपत्र खा; त्यसपछि गएर इस्राएलका घरानालाई भन् ।" **२**यसकारण मैले आफ्नो मुख खोलें र उहाँले खानलाई त्यो बेह्रेको चर्मपत्र मलाई दिनुभयो ।

---

**१:२२**–प्रकाश ४:६. **१:२४**–प्रकाश १:१५; १९:६. **१:२६**–इजकिएल १०:१; प्रकाश ४:२-३. **१:२७**–इजकिएल ८:२. **२:९-१०**–प्रकाश ५:१. **३:१-३**–प्रकाश १०:९-१०.

**३**तब उहाँले मलाई भन्नुभयो, 'हे मानिसको पुत्र, मैले तँलाई दिइरहेको यो बेह्रेको चर्मपत्र खा र यसले आफ्नो पेट भर्।' यसकारण मैले त्यो खाएँ र त्यो मेरो मुखमा महभैँ मीठो भयो।

**४**तब उहाँले मलाई भन्नुभयो: "हे मानिसको पुत्र, अब इस्राएलको घरानामा जा र तिनीहरूलाई मेरा वचनहरू भन्। **५**तँ नबुझिने बोली र अप्ठचारो भाषा भएको एउटा जातिकहाँ पठाइएको छैनस् तर इस्राएलको घरानाकहाँ– **६**नबुझिने बोली र अप्ठचारो भाषा भएका धेरै जातिहरूकहाँ होइन, जसका कुरा तँ बुझ्न सक्दैनस्। निश्चय यदि मैले तँलाई तिनीहरूकहाँ पठाएको भए तिनीहरूले तेरो कुरा सुन्ने थिए। **७**तर इस्राएलका घरानाले त तेरो कुरा सुन्ने इच्छा गर्दैनन्, किनकि तिनीहरूले मलाई सुन्ने इच्छा गर्दैनन् कारण इस्राएलको सम्पूर्ण घराना कठोर र अटेरी भएका छन्। **८**तर म तँलाई तिनीहरूजस्तै जिद्दीवाल र कठोर बनाइदिनेछु। **९**म तेरो निधार सबैभन्दा कड़ा ढुङ्गाभैँ, दर्शन ढुङ्गाभन्दा कड़ा बनाइदिनेछु। तिनीहरू बागी घराना भए तापनि तिनीहरूदेखि नडरा अथवा तिनीहरूदेखि आतङ्कित नहो।"

**१०**अनि उहाँले मलाई भन्नुभयो, "हे मानिसको पुत्र, ध्यानसित सुन्, र मैले तँलाई भनेका सबै कुरा तेरो हृदयमा राख्। **११**अब प्रवासमा भएका तेरा देशवासीहरूकहाँ गएर तिनीहरूसित कुरा गर्। तिनीहरूले सुने तापनि अथवा नसुने तापनि तिनीहरूलाई भन् 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ'।"

**१२**तब आत्माले मलाई माथि उचाल्नुभयो, र मैले आफ्नो पछाड़ि उहाँको वासस्थानमा परमप्रभुको महिमाको प्रशंसा होस् भन्ने सुसाउने चर्को आवाज सुनें– **१३**त्यो आवाज ती जीवित प्राणीहरूका पखेटाहरू एक अर्कामा रगड़िँदा निस्केको आवाज र तिनीहरूका छेउका पाङ्ग्राहरूको गड़गड़ाहटको ठूलो आवाज थियो। **१४**तब आत्माले मलाई माथि उठाएर टाढ़ो लैजानुभयो। अनि परमप्रभुको हात ममाथि भएको अवस्थामा मेरो आत्माको तीतोपना र क्रोधमा म गएँ। **१५**म कबार नदीको छेउमा भएको तेलाबीबमा बस्ने प्रवासीहरूकहाँ गएँ। अनि त्यहाँ तिनीहरू बसेको ठाउँमा म तिनीहरूको बीचमा सात दिनसम्म व्याकुल भएको अवस्थामा बसें।

## इस्राएललाई चेतावनी

**१६**सात दिनको अन्तमा परमप्रभुको वचन मकहाँ आयो: **१७**"हे मानिसको पुत्र, मैले तँलाई इस्राएलको घरानाको निम्ति पहरादार तुल्याएको छु; यसकारण मैले बोलेको वचन सुन् र तिनीहरूलाई मबाट चेतावनी दे। **१८**मैले एउटा दुष्ट मानिसलाई 'तँ निश्चय मर्नेछस्' भन्दा तैंले त्यसलाई बचाउनलाई चेतावनी दिएनस् र त्यसका दुष्ट चालहरूबाट फर्काउनलाई त्यसलाई बताएनस् भने, त्यो दुष्ट मानिस आफ्नो पापको निम्ति मर्नेछ, र म त्यसको रगतको लागि तँलाई जिम्मेवार ठहराउनेछु। **१९**तर यदि तैंले त्यस दुष्ट मानिसलाई चेतावनी दिइस् र त्यो आफ्नो दुष्टचाइँ अथवा आफ्नो खराब चालदेखि फर्कँदैन भने, त्यो आफ्नो अधर्ममा नै मर्नेछ, तर तैंलेचाहिँ आफ्नो प्राण बचाएको हुनेछस्।

**२०**"फेरि, धार्मिक मानिसले आफ्नो धार्मिकताबाट फर्केर दुष्टता गर्दा अनि मैले त्यसको सामुन्ने ठेस लाग्ने कुरो राखिदिँदा त्यो मर्नेछ। तैंले त्यसलाई चेतावनी नदिएको कारण त्यो आफ्नै पापको निम्ति मर्नेछ। त्यसले गरेका धार्मिक कामहरूको सम्झना हुनेछैन, र त्यसको रगतको जिम्मेवार म तँलाई बनाउनेछु। **२१**तर यदि तैंले धार्मिक मानिसलाई पाप नगर्नू भनेर चेतावनी दिइस् र त्यसले पाप गरेन भने, त्यो निश्चय बाँच्नेछ किनकि त्यसले चेतावनी ग्रहण गऱ्यो, र तैंले आफैलाई बचाएको हुनेछस्।"

**२२**त्यहाँ परमप्रभुको हात ममाथि रह्यो र उहाँले मलाई भन्नुभयो, "उठ् र मैदानमा जा,

---

**३:१६–२१** –इजकिएल ३३:१-९.

र त्यहाँ म तँसित कुरा गर्नेछु ।” **२३**यसैले म
उठेर मैदानमा गएँ र कबार नदीको किनारमा
मैले देखेको जस्तो परमप्रभुको महिमा त्यहाँ
पनि खड़ा थियो र म भूइँमा घोप्टो परेँ ।
**२४**तब आत्मा मभित्र आउनुभयो र मलाई
आफ्नो खुट्टामा खड़ा गरिदिनुभयो । उहाँले मसित
कुरा गरेर मलाई भन्नुभयो: “जा, गएर आफैलाई
आफ्नो घरमा बन्द गरिराख् । **२५**अनि हे
मानिसको पुत्र, तिनीहरूले तँलाई डोरीले
बाँध्नेछन्; तँ बाँधिनेछस् र तँ मानिसहरूको
बीचमा बाहिर जान सक्नेछैनस् । **२६**म तेरो
जिब्रोलाई तालुमा टाँसिदिनेछु र तँ चूप भइजानेछस्
अनि तिनीहरूलाई हप्काउन सक्नेछैन्, यद्यपि
तिनीहरू बागी घरानाका हुन् । **२७**तर म तँसित
बोल्दा म तेरो मुख खोलिदिनेछु र तैंले
तिनीहरूलाई भन्नू: ‘सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ ।’ सुन्न चाहनेले सुनून् र सुन्न नचाहनेले
नसुनून्, किनकि तिनीहरू बागी घराना हुन् ।

### यरूशलेमको घेराउको चिन्ह

**४** “अब, हे मानिसको पुत्र, एउटा माटोको
पाटी लिएर त्यसलाई आफ्नो सामुन्ने
राख् र त्यसमा यरूशलेमको शहरको चित्र
बना । **२**त्यसपछि त्यसमा घेरा लगा: त्यसको
विरुद्धमा घेरा मचान खड़ा गर्, त्यससम्म घेरा
बना, त्यसको विरुद्धमा छाउनी हाल्, र त्यसको
चारैतिर पर्खाल भत्काउने मूढ़ाहरू राख् ।
**३**त्यसपछि एउटा फलामको पाता लिएर त्यसलाई
तँ र शहरको बीचमा एउटा फलामको पर्खालझैं
राख् अनि आफ्नो अनुहार त्यतातिर फर्का ।
त्यो घेरामा रहनेछ, र तैंले त्यसलाई घेर्नू ।
इस्राएलको घरानालाई यो एउटा चिन्ह हुनेछ ।
**४**“तब आफ्नो देब्रेपट्टि ढल्की अनि इस्राएलको
घरानाको पाप आफैमाथि लिनू । तैंले तिनीहरूका
पाप तँ कोल्टे परेर सुतेको दिनसम्म आफूमाथि
लिनुपर्छ । **५**मैले तँलाई तिनीहरूका पापका
वर्षहरू जतिकै दिनहरू तोकिदिएको छु ।
यसकारण तीन सय नब्बे दिनसम्म तैंले
इस्राएलको घरानाको पाप भोग्नु पर्नेछ ।
**६**“तैंले त्यो गरिसकेपछि यसपल्ट दाहिनेतिर
ढल्कनु र यहूदाको घरानाको पाप भोग्नु ।
मैले एक वर्षको लागि एक दिन गरेर
चालीस दिन तोकिदिएको छु । **७**तेरो अनुहार
यरूशलेमको घेरातिर फर्का र उघारिएको हात
लिएर त्यसको विरुद्धमा अगमवाणी गर् । **८**म
तँलाई डोरीले बाँधिदिनेछु र तैंले आफ्नो
घेराको दिनहरू पूरा नगरेसम्म तँ एकपट्टिबाट
अर्कोपट्टि फर्कन सक्नेछैनस् ।
**९**“गहूँ र जौ, सिमी र दाल, कोदो र फापर
लिएर तिनीहरूलाई एउटा भाँड़ामा हाल्नू र
आफ्नै लागि रोटी बनाउने काममा तिनीहरूलाई
चलाउनू । त्यसलाई तैंले आफू तीन सय नब्बे
दिनसम्म कोल्टे परेर ढल्केको समयमा त्यो
खानुपर्छ । **१०**प्रतिदिन खानलाई बीस शेकेल
भोजन जोखेर त्यसलाई ठहराएको समयहरूमा
खानू । **११**पाथीको छैटौं भाग पानी पनि नाप्नू
र त्यसलाई ठहराएको समयहरूमा पिउनू ।
**१२**त्यस भोजनलाई तैंले जौको फुलौरा खाएझैं
खानू; त्यसलाई तैंले तिनीहरूको आँखाकै सामुन्ने
दाउराको सट्टा मानिसको मलले पकाउनू ।”
**१३**परमप्रभुले भन्नुभयो, “यसरी नै इस्राएलका
मानिसहरूले मैले तिनीहरूलाई धपाइदिने
जातिहरूको बीचमा अशुद्ध भोजन खानेछन् ।”
**१४**तब मैले भनें, “हे सर्वसत्ताधारी परमप्रभु,
यस्तो नहोस्, मैले आफैलाई कहिल्यै अशुद्ध
तुल्याएको छैनँ । मेरो युवावस्थादेखि अहिलेसम्म
मैले कहिल्यै पनि मरेको अथवा पशुहरूद्वारा
फहराईएको कुनै कुरो खाएको छैनँ । मेरो
मुखभित्र कुनै अशुद्ध मासु पसेको पनि छैनँ ।”
**१५**उहाँले भन्नुभयो, “ठीकै छ, म तँलाई
आफ्नो रोटी मानिसको मलमा होइन तर गाईको
गोबरमा पकाउन दिनेछु ।”
**१६**त्यसपछि उहाँले मलाई भन्नुभयो: “हे
मानिसको पुत्र, म यरूशलेममा भोजन बन्द
गरिदिनेछु । मानिसहरूले खटाएको भोजन
चिन्तासित अनि खटाइएको पानी निराशासित
पिउनेछन्, **१७**किनकि भोजन र पानीको अभाव
हुनेछ । तिनीहरू एक-अर्कालाई हेर्दै भयभीत
हुनेछन् र आफ्ना पापको कारण तिनीहरू
सुक्दैजानेछन् ।

**५** “अब, हे मानिसको पुत्र, एउटा धारिलो
तरवार लिएर त्यसलाई आफ्नो केश र
दाह्री खौरने काममा हजामको छुराझैं प्रयोग
गर् । त्यसपछि एउटा तराजु लिएर ती
केशहरूलाई भाग गर् । **२**तेरो घेराको समय
समाप्त भएपछि त्यस केशको एक-तिहाई
भागलाई शहरभित्र आगोले जलाइदे । त्यसको
एक-तिहाई भागलाई लिएर शहरको चौरतिर
तरबारले प्रहार गरिदे । अनि एक-तिहाइ हावामा
छरिदे । किनकि म तिनीहरूलाई नाङ्गो तरवारले
खेद्नेछु । **३**तर त्यस केशबाट केही लिएर आफ्नो
वस्त्रको किनारमा पोको पारिराख् । **४**फेरि
तीमध्ये केही लिएर आगोमा फ्याँकेर जलाइदे ।
त्यहाँबाट आगो निस्केर इस्राएलको सम्पूर्ण
परिवारमा फैलिनेछ ।

**५**“सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
यो यरूशलेम हो जसलाई त्यसका वरिपरि
देशहरू राखेर मैले जातिहरूको केन्द्रमा राखेको
छु । **६**तापनि आफ्नो दुष्टतामा आफ्ना
चारैतिरका जातिहरू र देशहरूभन्दा त्यसले
मेरा व्यवस्थाहरू अनि नियमहरूप्रति बढ़ी
विद्रोह गरेकी छ र मेरा नियमहरू पालन
गरेकी छैन ।

**७**“यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः तिमीहरू आफ्ना चारैतिरका
जातिहरूभन्दा बढ़ी अधीनमा नआउने भएका
छौ र तिमीहरूले मेरा आदेशहरू र मेरा
व्यवस्थाहरू पालन गरेका छैनौ । तिमीहरू त
आफ्ना चारैतिरका जातिहरूका दाँजोसम्म
आएका छैनौ ।

**८**“यसकारण, सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः हे यरूशलेम, म आफै तेरो विरुद्धमा
छु र जातिहरूले देख्ने गरी म तँमाथि दण्ड
ल्याउनेछु । **९**तेरा सबै घिनलाग्दा मूर्तिहरूको
कारण म तँलाई यस्तो गर्नेछु जुन मैले पहिले
कहिल्यै गरेको छैनँ नता फेरि कहिल्यै गर्नेछु ।
**१०**यसकारण तिमीहरूका बीचमा बाबुहरूले
आफ्ना छोराछोरीहरू खानेछन् र छोराछोरीहरूले
आफ्ना बाबुहरूलाई खानेछन् । म तिमीहरूमाथि
दण्ड ल्याउनेछु र तिमीहरूका बाँचेकाहरूलाई
बतासकहाँ तितरबितर पारिदिनेछु । **११**यसकारण,
म निश्चय जिएझैं, सर्वसत्ताधारी परमप्रभु
भन्नुहुन्छः तिमीहरूले आफ्ना नीच मूर्तिहरू र
घिनलाग्दा रीतिहरूले मेरो पवित्रस्थानलाई
अशुद्ध पारिदिएकाले म आफै मेरो निगाह
हटाउनेछु; म तिमीहरूलाई दयाको दृष्टिले
हेर्नेछैनँ, नता म तिमीहरूलाई दया देखाउनेछु ।
**१२**तिमीहरूका एक-तिहाइ भाग मानिसहरू
रूढ़ीले मर्नेछन् अथवा आफैभित्र अनिकालले
नाश हुनेछन्, एक-तिहाइ भाग पर्खालबाहिर
तरवारद्वारा ढलिजानेछन्; र एक-तिहाइ भागलाई
म बतासकहाँ तितरबितर पारिदिनेछु र नाङ्गो
तरवार लिएर खेद्नेछु ।

**१३**“तब मेरो रीस थामिने छ र तिनीहरूको
विरुद्धमा भएको मेरो क्रोध शान्त हुनेछ,
र मेरो बदला पूरा हुनेछ । अनि मैले आफ्नो
क्रोध तिनीहरूमाथि पोखिसकेपछि, म परमप्रभुले
आफ्नो जोशमा बोलेको हुँ भनी तिनीहरूले
जान्नेछन् ।

**१४**“तेरा चारैतिरका जातिहरूको बीचमा,
तेरो छेउबाट भएर जाने सबैको दृष्टिमा म तँलाई
एउटा भग्नावशेष र निन्दा बनाइदिनेछु ।
**१५**मैले तँलाई रीसमा र क्रोधमा अनि बिजाउने
हप्काइसित दण्ड दिँदा तेरा चारैतिरका
जातिहरूको निम्ति तँ निन्दा र गिल्लाको,
चेतावनी अनि आतङ्कको एउटा पात्र हुनेछस् ।
**१६**मैले तँलाई अनिकालका मेरा घातक र नाश
गर्ने काँड़हरूले प्रहार गर्दा म तँलाई नाश
गर्नलाई प्रहार गर्नेछु । म तँमाथि बढ़ीभन्दा
बढ़ी अनिकाल पठाउनेछु र तेरो भोजनको
आधार रोकीदिनेछु । **१७**म तेरो विरुद्धमा अनिकाल
र वनका पशुहरू पठाउनेछु अनि तिनीहरूले
तँलाई छोराछोरीरहित छोड़िदिनेछन् । तँमा
रूढ़ी र रक्तपात भइरहनेछन् अनि म तेरो
विरुद्धमा तरवार ल्याउनेछु । म परमप्रभुले नै
यो भनेको हुँ ।”

---

**५:१०**–विलाप ४:१०. **५:१७**–प्रकाश ६:८.

### इस्राएलका पर्वतहरूको विरुद्धमा अगमवाणी

**६** परमप्रभुको वचन मकहाँ आयो: **२**“हे
मानिसको पुत्र, तेरो अनुहार इस्राएलका
पर्वतहरूतिर फर्काएर तिनीहरूका विरुद्धमा
अगमवाणी गर्, **३**अनि भन्: ‘हे इस्राएलका
पहाड़ हो, सर्वसत्ताधारी परमेश्‍वरको वचन
सुन । पहाड़हरू र डाँड़ाहरूलाई, खोल्साहरू
र भन्ज्याङ्हरूलाई सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: म तिमीहरूको विरुद्धमा तरवार
ल्याउन आँटेको छु, र म तिमीहरूका अग्ला
ठाउँहरूलाई नाश गरिदिनेछु । **४**तिमीहरूका
वेदीहरू भत्काइनेछन् र तिमीहरूका धूप-वेदीहरू
चकनाचूर पारिनेछन्; अनि म तिमीहरूका
मानिसहरूलाई तिमीहरूकै मूर्तिहरूको सामुन्ने
मार्नेछु। **५**म इस्राएलीहरूका लाशहरू तिनीहरूका
मूर्तिहरूकै सामुन्ने राखिदिनेछु, र म तिमीहरूका
हाड़हरू तिमीहरूका वेदीहरूका चारैतिर
छरिदिनेछु । **६**तिमीहरू जहीं बसे तापनि
शहरहरू उजाड़ पारिनेछन् र अग्ला ठाउँहरू
भत्काइनेछन्, अनि तिमीहरूका वेदीहरू उजाड़
र क्षत-विक्षत हुनेछन्, तिमीहरूका मूर्तिहरू
चकनाचूर र ध्वंस पारिनेछन्, तिमीहरूका धूप-
वेदीहरू भत्काइनेछन् र तिमीहरूले बनाएका
चीजहरू मेटाइनेछन्। **७**तिमीहरूका मानिसहरू
तिमीहरूकै बीचमा मारेर ढालिनेछन्, र म नै
परमप्रभु हुँ भनी तिमीहरूले जान्नेछौ ।
**८**“‘तर म कतिलाई बचाइराख्नेछु, किनकि
तिमीहरू देशहरू र जातिहरूबीच तितरबितर
हुँदा तिमीहरूमध्ये कोही तरवारबाट उम्कनेछन्।
**९**तब तिनीहरू कैद गरेर लगिएका जातिहरूमा
उम्कनेहरू जतिले मलाई सम्झनेछन्, अर्थात्
तिनीहरूलाई मदेखि अलग गराउने तिनीहरूका
व्यभिचारी हृदयहरूद्वारा, अनि तिनीहरूका
मूर्तिहरूप्रति आकर्षित हुने तिनीहरूका
आँखाहरूद्वारा म कति दु:खी भएको छु ।
तिनीहरूले गरेका दुष्टता र तिनीहरूका सबै
घिनलाग्दा कामहरूको निम्ति तिनीहरू आफै
सिकसिक मान्नेछन्। **१०**अनि म नै परमप्रभु हुँ
भनी तिनीहरूले जान्नेछन्; यी विपत्तिहरू
तिनीहरूमाथि ल्याउने धम्की मैले तिनीहरूलाई
व्यर्थैमा दिइनँ ।
**११**“‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
इस्राएलका घरानाका सबै दुष्ट र घिनलाग्दा
कामहरूको कारण आफ्ना हातहरू पड्काएर
अनि खुट्टाहरू ठटाएर “हाय !” भनेर कराऊ,
किनकि तिनीहरू तरवार, अनिकाल र रूढ़ीद्वारा
ढलिजानेछन्। **१२**टाढ़ामा हुने रूढ़ीद्वारा मर्नेछ,
नजीकमा हुने तरबारले ढल्नेछ र बाँच्ने अनि
छोड़िएको अनिकालले मर्नेछ। यसरी म आफ्नो
क्रोध तिनीहरूमाथि खर्च गर्नेछु । **१३**अनि
तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्,
जब तिनीहरूका वेदीहरूका चारैतिर,
तिनीहरूका मूर्तिहरूका बीचमा, प्रत्येक अग्लो
डाँड़ामा, सबै पहाड़हरूमा, तिनीहरूले आफ्ना
मूर्तिहरूलाई सुगन्धित धूप चढ़ाएको प्रत्येक
फैलिएको रूखमुनि तिनीहरूका प्रत्येक
झ्याम्म परेको बजराँठको रूखमुनि तिनीहरूका
मारिएकाहरू पड़िरहनेछन् । **१४**अनि म
तिनीहरूको विरुद्धमा आफ्नो हात पसार्नेछु र
मरुभूमिदेखि दिब्लासम्म, अर्थात् तिनीहरू जहीं
बसे पनि देशलाई उजाड़ पारिदिनेछु । तब
तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्’ ।”

### अन्त आइपुगेको छ

**७** परमप्रभुको वचन मकहाँ आयो: **२**“हे
मानिसको पुत्र, इस्राएलको देशलाई
सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: अन्त !
देशका चारै कुनामाथि अन्त आएको छ। **३**अन्त
अब तिमीहरूमाथि छ र म आफ्नो रीस
तिमीहरूको विरुद्धमा खन्याउने छु । म
तिमीहरूको चालअनुसार तिमीहरूको इन्साफ
गर्नेछु र तिमीहरूका सबै घिनलाग्दा कामहरूको
निम्ति तिमीहरूलाई प्रतिफल दिनेछु । **४**म
तिमीहरूलाई दयाको दृष्टिले हेर्नेछैन अथवा
छोड़िदिनेछैनँ; म निश्‍चय तिमीहरूका चाल
र तिमीहरूको बीचमा भएका घिनलाग्दा
कामहरूको निम्ति तिमीहरूलाई प्रतिफल
दिनेछु। तब म नै परमप्रभु हुँ भनी तिमीहरूले
जान्नेछौ ।
**५**“सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

विपत्ति ! कहिल्यै नसुनिएको एउटा विपत्ति
आउँदैछ । **६**अन्त आएको छ ! अन्त आएको
छ ! यो तिमीहरूको विरुद्धमा आफै सुरिएको
छ । यो आएको छ ! **७**तिमीहरूमाथि सर्वनाश
आएको छ– तिमीहरू देशमा बस्नेहरूमाथि ।
समय आएको छ, दिन नजीकै छ; पर्वतहरूमा
आनन्द होइन तर त्रास छ । **८**म तिमीहरूमाथि
आफ्नो क्रोध खन्याउन आँटेको छु र तिमीहरूको
विरुद्धमा मेरो रीस रित्याउन आँटेको छु; म
तिमीहरूका चालअनुसार तिमीहरूको इन्साफ
गर्नेछु र तिमीहरूका सबै घिनलाग्दा कामहरूको
निम्ति तिमीहरूलाई प्रतिफल दिनेछु । **९**म
तिमीहरूलाई दयाको दृष्टिले हेर्नेछैनँ अथवा
तिमीहरूलाई छोड़िदिनेछैन; म तिमीहरूका
चालअनुसार र तिमीहरूका बीचमा भएका
घिनलाग्दा कामहरूअनुसार तिमीहरूलाई
प्रतिफल दिनेछु । तब तिमीहरूलाई प्रहार गर्नुहुने
परमप्रभु म नै हुँ भनी तिमीहरूले जान्नेछौ ।

**१०**“त्यो दिन यही हो ! त्यो आएको छ !
सत्यनाश पड्केको छ, लहरोमा टुसा पलाएको
छ, अभिमान फक्रेको छ ! **११**दुष्टतालाई दण्ड
दिन भनी अत्याचार बढ़ेर लहरो भएको छ,
कुनै मानिस पनि छोड़िनेछैन, त्यस भीड़मध्ये
कुनै पनि– कुनै धन-सम्पत्ति पनि, कुनै बहुमूल्य
कुरो पनि । **१२**समय आएको छ, दिन आइपुगेको
छ । किन्नेले हर्ष नमनाओस्, नता बेच्नेले
शोक गरोस्, किनकि क्रोध त सम्पूर्ण भीड़माथि
नै छ । **१३**दुवै बाँचुन्जेल बेच्नेले आफूले बेचेको
जमिन फेरि पाउनेछैन, किनकि सम्पूर्ण भीड़को
विषयमा दर्शन उल्टा हुनेछैन । तिनीहरूका
पापको कारण तिनीहरूमध्ये एउटैले पनि आफ्नो
प्राण जोगाइराख्ने छैन । **१४**तिनीहरूले आफ्ना
तुरही फुकेर प्रत्येक कुरो तयार राखे तापनि
कोही पनि लड़ाइँमा जानेछैन, किनकि मेरो
क्रोध सम्पूर्ण भीड़माथि नै छ ।

**१५**“बाहिर तरबार छ, भित्र रूढ़ी र अनिकाल
छन्; गाउँमा भएकाहरू तरबारद्वारा मर्नेछन्
अनि शहरभित्र हुनेहरूलाई अनिकाल र रूढ़ीले
खाइहाल्नेछन् । **१६**बाँच्नेहरू र उम्केकाहरू
भन्ज्याङ्का ढुकुरहरूझैँ आफ्ना पापको कारण
विलाप गर्दै पहाड़हरूतिर हुनेछन् । **१७**हरेक
हात शिथिल हुनेछ र हरेक घुँड़ा निर्बल हुनेछ ।
**१८**तिनीहरूले भाङ्रा लगाउनेछन् अनि
तिनीहरूलाई आतङ्कले छोप्नेछ । तिनीहरूका
अनुहार शर्मले ढाकिएको हुनेछ र तिनीहरूका
शिर खौरिएका हुनेछन् । **१९**तिनीहरूले आफ्ना
चाँदी सड़कहरूमा फ्याँकिदिनेछन् र तिनीहरूका
सुन अशुद्ध कुरो हुनेछ । परमप्रभुको क्रोधको
दिनमा तिनीहरूका चाँदी र सुनले तिनीहरूलाई
बचाउन सक्नेछैनन् । तिनीहरूले त्यसद्वारा
आफ्ना भोक मेटाउन अथवा पेट भर्न सक्नेछैनन्,
किनकि त्यसले नै तिनीहरूलाई पापको निम्ति
ठक्कर दिएको थियो । **२०**तिनीहरू आफ्ना सुन्दर
गहनामा घमण्ड गर्थे र त्यसलाई तिनीहरूले
घिनलाग्दा मूर्तिहरू र नीच आकृतिहरू
बनाउनमा प्रयोग गरे । यसकारण म यी
कुराहरूलाई तिनीहरूको निम्ति अशुद्ध वस्तुमा
परिणत गरिदिनेछु । **२१**जसलाई परदेशीहरूकहाँ
लूटको वस्तुझैँ अनि पृथ्वीका दुष्ट मानिसहरूकहाँ
लूटको मालझैँ दिइहाल्नेछु अनि तिनीहरूले
त्यसलाई अपवित्र बनाइदिनेछन् । **२२**आफ्नो
अनुहार तिनीहरूबाट फर्काउनेछु र तिनीहरूले
मेरो बहुमूल्य ठाउँलाई बिटुलो पारिदिनेछन्;
डाँकूहरूले त्यसभित्र पसरे त्यसलाई बिटुलो
पारिदिनेछन् ।

**२३**साङ्लाहरू तयार गर, किनकि देश
रक्तपातले भरिएको छ र शहर अत्याचारले
भरिएको छ । **२४**जातिहरूमध्ये अति दुष्टहरूलाई
तिनीहरूका घरहरू दखल गर्न भनेर ल्याउनेछु;
म तिनीहरूका पराक्रमीहरूको अभिमानको
अन्त गरिदिनेछु र तिनीहरूका पवित्र ठाउँहरू
बिटुलो पारिनेछन् । **२५**आतङ्क आउँदा तिनीहरूले
शान्ति खोज्नेछन्, तर शान्ति कहीं हुनेछैन ।
**२६**सङ्कटमाथि सङ्कट आउनेछ, अनि हल्लामाथि
हल्ला । तिनीहरूले अगमवक्ताबाट दर्शन पाउन
खोज्नेछन्, पूजाहारीबाट शिक्षा हराउनेछ, र
धर्म-गुरुहरूबाट पनि सल्लाह हराउनेछ ।
**२७**राजाले शोक गर्नेछ, राजकुमारलाई निराशाले
ढाक्नेछ, र देशवासीहरूका हातहरू काम्नेछन् ।
म तिनीहरूका चालअनुसार तिनीहरूसित

व्यवहार गर्नेछु, र तिनीहरूकै नापले म
तिनीहरूको इन्साफ गर्नेछु । तब म नै
परमप्रभु हुँ भनी तिनीहरूले जान्नेछन् ।"

## मन्दिरमा मूर्तिपूजा

**८** छैटौं वर्षको छैटौं महिनाको पाँचौं दिनमा
म आफ्नो घरमा र यहूदाका धर्म-गुरुहरू
मेरो सामुन्ने बसिरहेको बेला, सर्वसत्ताधारी
परमप्रभुको हात त्यहाँ ममाथि आयो । **२**मैले
हेरें, र मैले मानिसको झैँ एउटा आकृति देखें ।
तिनको कम्मरझैँ देखिने भागको मुन्तिर ऊ
आगोजस्तै थियो, र त्यस भागदेखि मास्तिर उसको
रूप टल्किरहेको धातुझैँ चहकिलो थियो ।
**३**तिनले हातजस्तै केही उठाएर मेरो शिरको
केशमा पक्रेर मलाई उठाए । आत्माले मलाई
पृथ्वी र आकाशको बीचमा उठाउनुभयो र
परमेश्वरको दर्शनमा उहाँले मलाई यरूशलेममा,
भित्री चोकको उत्तरी मूलढोकाको प्रवेशद्वारमा
लैजानुभयो, जहाँ ईर्ष्या उत्पन्न गराउने
मूर्ति खड़ा थियो । **४**अनि त्यहाँ मैले मैदानमा
देखेको दर्शनमा झैँ मेरो सामुन्ने इस्राएलका
परमेश्वरको महिमा थियो ।

**५**तब उहाँले मलाई भन्नुभयो, "हे मानिसको
पुत्र, उत्तरतिर हेर् ।" यसकारण मैले हेरें र
वेदीको मूलढोकाको उत्तरपट्टिको प्रवेशद्वारमा
मैले त्यो ईर्ष्याको मूर्तिलाई देखें ।

**६**अनि उहाँले मलाई भन्नुभयो, "हे मानिसको
पुत्र, तिनीहरूले गरिरहेका कुराहरू– अर्थात्
इस्राएलका घरानाले यहाँ गरिरहेका अति
घिनलाग्दा कुराहरू, ती कुराहरू जसले मलाई
आफ्नो पवित्रस्थानबाट लखेटिदिन्छन्, के तँ ती
कुराहरू देख्छस् ? तर तैंले यीभन्दा अझ
घिनलाग्दा कुराहरू देख्नेछस् ।"

**७**तब उहाँले मलाई चोकको प्रवेशद्वारमा
ल्याउनुभयो । मैले हेरें, अनि भित्तामा एउटा
प्वाल देखें । **८**उहाँले मलाई भन्नुभयो, "हे
मानिसको पुत्र, अब भित्तामा खन् ।" यसकारण
मैले भित्तामा खनें र त्यहाँ एउटा ढोका देखें ।

**९**अनि उहाँले मलाई भन्नुभयो, "भित्र जा
अनि तिनीहरूले यहाँ गरिरहेका दुष्ट र
घिनलाग्दा कुराहरू हेर् ।" **१०**यसकारण मभित्र
गएँ र हेरें, अनि सबै किसिमका घस्रने
कुराहरू र घिनलाग्दा पशुहरू अनि इस्राएलका
घरानाका सबै मूर्तिहरू भित्ताभरि अङ्कित
गरिएका रहेछन् । **११**तिनीहरूका सामुन्ने
इस्राएलका सत्तरी जना धर्म-गुरुहरू र शापानका
छोरा याजन्याह तिनीहरूका बीचमा उभिरहेका
रहेछन् । हरेकको हातमा एउटा धूपौरो
रहेछ र धूपको सुगन्धको बादल माथि
उठिरहेको रहेछ ।

**१२**उहाँले मलाई भन्नुभयो, "हे मानिसको
पुत्र, इस्राएलका घरानाका धर्म-गुरुहरूले हरेक
आफ्नै देवताको बेदीमा रहेर अन्धकारमा के
गरिरहेका छन् के तैंले देखेको छस् ? तिनीहरू
भन्छन्, 'परमप्रभुले हामीलाई देख्नुहुन्न;
परमप्रभुले देशलाई त्यागिदिनुभएको छ' ।"
**१३**उहाँले फेरि भन्नुभयो, "तिनीहरूले यीभन्दा
घृणित काम गरेका तैंले देख्नेछस् ।"

**१४**तब उहाँले मलाई परमप्रभुको भवनको
उत्तरी मूलढोकाको प्रवेशद्वारमा ल्याउनुभयो,
र मैले त्यहाँ स्त्रीहरू बसेर तम्मून देवताको
निम्ति रोइरहेका देखें । **१५**उहाँले मलाई भन्नुभयो,
"हे मानिसको पुत्र, के तँ यो देख्छस् ? तैंले यी
भन्दा घिनलाग्दा कुराहरू देख्नेछस् ।"

**१६**तब उहाँले मलाई परमप्रभुको भवनको
भित्री चोकमा ल्याउनुभयो, अनि त्यहाँ ढलान
र वेदीको बीचमा मन्दिरको प्रवेशद्वारमा प्राय:
पच्चीस जना मानिसहरू थिए । आफ्ना पीठ
मन्दिरतिर अनि आफ्ना मुखहरू पूर्वतिर फर्काएर
तिनीहरूले पूर्वमा भएको घामलाई ढोगिरहेका
थिए ।

**१७**उहाँले मलाई भन्नुभयो, "हे मानिसको
पुत्र, के तैंले यो देखिस् ? के यहूदाको घरानाको
निम्ति तिनीहरूले यहाँ गरिरहेका घृणित
कुराहरू गर्नु मामुली कुरा हो ? के तिनीहरूले
देशलाई अत्याचारले भरेर मलाई लगातार

**८:२**–इजकिएल १:२७. **८:४**–इजकिएल १:२८.

रीस उठाइरहनु पनि पर्छ ? तिनीहरूले आफ्ना
नाकमा हाँगा लगाइराखेका हेर् ! **१८**यसकारण
म तिनीहरूसित क्रोधमा व्यवहार गर्नेछु; म
तिनीहरूलाई टिठाएर हेर्नेछैनँ। अथवा तिनीहरूलाई
छोड़िदिनेछैन। तिनीहरूले मेरो कानमा चिच्याए
तापनि म तिनीहरूको कुरा सुन्नेछैनँ।"

## मूर्तिपूजकहरू मारिएका

**९** तब मैले उहाँले चर्को सोरले बोलाइ-
रहनुभएको सुनें, "हरेकले आफ्नो हातमा
हतियार लिएको शहरका पालेहरूलाई यहाँ
बोलाओ।" **२**तब मैले उत्तर दिशातिर फर्केका
माथिल्लो मूलढोकाको दिशातिरबाट हरेकले
आफ्नो हातमा घातक हतियार बोकेका छ
जना मानिसहरू आइरहेका देखें। तिनीहरूसित
सुती लुगा लगाएका र कम्मरमा मसीदानी
बोकेका एक जना मानिस थिए। तिनीहरू
आए र काँसाको वेदीको छेउमा उभिए।
**३**अब करूबहरूसित भएका इस्राएलका
परमेश्वरको महिमा तिनीहरूदेखि माथि उठ्यो
र मन्दिरको संघारमा पुग्यो। अब परमप्रभुले
सुती लुगा लाउने र कम्मरमा मसीदानी बोक्ने
मानिसलाई बोलाउनुभयो, **४**अनि तिनलाई
भन्नुभयो, "यरूशलेम शहरको चारैतिर गएर
यसमा गरिएका घिनलाग्दा कामहरूको निम्ति
दुःखी हुने र विलाप गर्ने हरेकको निधारमा
एउटा चिन्ह लगाइदे।"
**५**मैले सुनिरहेको बेला उहाँले अरूहरूलाई
भन्नुभयो, "त्यसको पछि शहरभरि जाऊ र
कुनै दया-माया नदेखाई मार। **६**वृद्धहरूलाई,
जवानहरू र तरूणीहरूलाई, स्त्रीहरू र
नानीहरूलाई मार, तर यो चिन्ह हुने कसैलाई
पनि नछोओ। मेरै पवित्रस्थानबाट शुरु गर।"
यसकारण तिनीहरूले मन्दिरको सामुन्ने भएका
धर्म-गुरुहरूदेखि नै शुरू गरे।
**७**तब उहाँले तिनीहरूलाई भन्नुभयो,
"मन्दिरलाई बिटुलो पारिदेओ र चोकलाई
मारिएकाहरूले भरिदेओ। जाओ!" यसकारण
तिनीहरू निस्किहाले र शहरभरि मार्न थाले।
**८**तिनीहरूले मार्दैगर्दा म एक्लै छोड़िएको थिएँ,
म यसो भन्दै घोप्टो परें, "हे, सर्वसत्ताधारी
परमप्रभु ! यरूशलेममाथि तपाईंको क्रोध
पोखाइँदा के तपाईं इस्राएलका बाँचेका सम्पूर्ण
भागलाई नाश गर्नुहुनेछ ?"
**९**उहाँले मलाई भन्नुभयो, "इस्राएल र
यहूदाका घरानाका पाप अति धेरै छ; देश
रक्तपातले र शहर अन्यायले भरिएको छ।
तिनीहरू भन्छन्, 'परमप्रभुले देशलाई त्याग्नुभएको
छ, परमप्रभुले देख्नुहुन्न।' **१०**यसकारण म
तिनीहरूलाई दयाको दृष्टिले हेर्नेछैनँ अथवा
तिनीहरूलाई छोड़िदिनेछैनँ, तर म तिनीहरूले
जे गरेका छन् ती तिनीहरूकै शिरमाथि
खन्याइदिनेछु।"
**११**तब सुती लुगा लाउने र कम्मरमा
मसीदानी बोक्ने मानिसले यसो भन्ने वचन
लिएर आए, "मैले तपाईंले आज्ञा गर्नुभएझैँ
गरेको छु।"

## मन्दिरबाट महिमा हटेको

**१०** मैले हेरें, र मैले करूबहरूका
शिरहरूमाथिका आकाशको माथि
नीलमको सिंहासनजस्तै देखें। **२**परमप्रभुले सुती
लुगा लाएको त्यस मानिसलाई भन्नुभयो,
"करूबहरूका मुन्तिर भएका पाङ्ग्राहरूको
बीचमा जा। तेरा हातहरू करूबहरूका बीचमा
भएका जल्दै गरेका कोइलाहरूले भर् र
शहरमाथि ती छरिदे।" तब मैले हेर्दाहेर्दै तिनी
भित्र गइहाले।
**३**अब त्यो मानिसभित्र जाँदा ती करूबहरू
मन्दिरको दक्षिण भागमा उभिरहेका थिए र
भित्री चोकलाई बादलले ढाकेको थियो। **४**तब
परमप्रभुको महिमा करूबहरूको माथिबाट उठेर
मन्दिरको सँघारमा गयो। बादलले मन्दिरलाई
ढाकिदियो र चोक परमप्रभुको महिमाको
ज्योतिले भरिएको थियो। **५**करूबहरूका
पखेटाहरूको आवाज बाहिरको चोकसम्मै

---

**९:४**–प्रकाश ७:३; ९:४; १४:१. **१०:१**–इजकिएल १:२६; प्रकाश ४:२. **१०:२**–प्रकाश ८:५.

सुनिन्थ्यो र त्यो आवाज सर्वसक्तिमान्
परमेश्वर बोल्नुहुँदाको जस्तै थियो ।
**६**परमप्रभुले सुती लुगा लाउने त्यस
मानिसलाई “करूबहरूका बीचमा पाङ्ग्राहरूबाट
आगो लिनू” भनेर आज्ञा दिनुहुँदा त्यो मानिस
गए र एउटा पाङ्ग्राको छेउमा उभिए । **७**तब
ती करूबहरूमध्ये एक जनाले तिनीहरूको
बीचमा भएको आगोमा आफ्नो हात पुऱ्याए ।
तिनले तीबाट केही लिएर सुती लुगा लाउने
मानिसको हातमा राखिदिए, जसले त्यो लिएर
बाहिर गइहाल्यो । **८**(करूबहरूका पखेटामुनि
मानिसका हातहरूजस्तै देखिन्थे ।)
**९**मैले हेरें, अनि हरेक करूबहरूको छेउमा
एउटा-एउटा गरी चारओटा पाङ्ग्राहरू देखें;
ती पाङ्ग्राहरू चन्द्रकान्त मणिझैँ चम्कन्थे ।
**१०**तिनीहरूका रूपको विषयमा , ती चारैओटा
एकै देखिन्थे; प्रत्येक पाङ्ग्रा एउटाभित्र अर्को
छिरेझैँ देखिन्थ्यो । **११**तिनीहरू हिँड्दा, तिनीहरू
करूबहरू फर्केका चारओटा दिशाहरूमध्ये कुनै
एउटातिर जान्थे; करूबहरू जाँदा पाङ्ग्राहरू
पछिल्तिर फर्कँदैनथे । **१२**तिनीहरूका सम्पूर्ण
शरीरहरू, तिनीहरूका पीठहरू, तिनीहरूका
हातहरू र पखेटाहरू समेत आँखाहरूले पूरै
भरिएका थिए, जस्तो तिनीहरूका चारओटा
पाङ्ग्राहरू थिए । **१३**मैले ती पाङ्ग्राहरूलाई
“हूरुरुरु घुम्ने पाङ्ग्राहरू” भनिएको सुनें । **१४**ती
करूबहरू प्रत्येकका चारओटा अनुहारहरू थिए:
एउटा अनुहार करूबको थियो, दोस्रो मानिसको
अनुहार, तेस्रो सिंहको अनुहार र चौथो चीलको
अनुहार ।
**१५**तब ती करूबहरू मास्तिर उठे । ती
मैले कबार नदीको किनारमा देखेकै जीवित
प्राणीहरू थिए । **१६**करूबहरू हिँड्दा तिनीहरूका
छेउका पाङ्ग्राहरू हिँड्थे; र भूइँबाट उठ्न
करूबहरूले आफ्ना पखेटा फैलाउँदा, ती
पाङ्ग्राहरू तिनीहरूका किनारमा हुन छोड्दैनथे ।
**१७**करूबहरू नहल्ली खड़ा रहँदा तिनीहरू पनि
नहल्ली खड़ा रहन्थे; र करूबहरू उठ्दा
तिनीहरूसितै ती उठ्थे, किनकि ती जीवित
प्राणीहरूका आत्मा तिनीहरूमा थिए ।
**१८**तब परमप्रभुको महिमा मन्दिरको
सङ्घारको मास्तिरबाट हट्यो र करूबहरूमाथि
बस्यो । **१९**मैले हेरिरहँदा ती करूबहरूले आफ्ना
पखेटा फैलाए अनि भूइँबाट उठे अनि तिनीहरू
जाँदा पाङ्ग्राहरू पनि तिनीहरूसितै गए ।
तिनीहरू परमप्रभुको भवनको पूर्वीय मूलढोकाको
प्रवेशद्वारमा अड़िए र इस्राएलका परमेश्वरको
महिमा ती स्थानहरूमाथि थियो ।
**२०**मैले कबार नदीको किनारमा इस्राएलका
परमेश्वरको मुन्तिर देखेका जीवित प्राणीहरू
यिनै थिए, र तिनीहरू करूबहरू थिए भन्ने मैले
थाहा पाएँ । **२१**हरेकका चारओटा अनुहारहरू
र चारओटा पखेटाहरू थिए, र तिनीहरूका
पखेटामुनि मानिसका हातहरूजस्ता देखिन्थे ।
**२२**तिनीहरूका अनुहारहरू मैले कबार नदीको
किनारमा देखेजस्तै थिए । तिनीहरू हरेक सीधा
अगि बढ्थे ।

### इस्राएलका अगुवाहरूमाथि दण्ड

**११** तब आत्माले मलाई माथि उचाल्लनुभयो
र परमप्रभुको भवनको पूर्वीय मूलढोकामा
ल्याउनुभयो । त्यहाँ मूलढोकाको प्रवेशद्वारमा
पच्चीस जना मानिसहरू थिए, र मैले त्यहाँ
प्रजाका अगुवाहरू अज्जूरका छोरा यजन्याह
र बनायाहका छोरा पलत्याहलाई देखें ।
**२**परमप्रभुले मलाई भन्नुभयो, “हे मानिसको
पुत्र, शहरमा दुष्टता रच्ने र दुष्ट सल्लाह दिने
मानिसहरू यिनीहरू नै हुन् । **३**तिनीहरू भन्छन्,
‘के घर बनाउने समय आइपुगेको छैनँ ? यो
शहर एउटा पकाउने भाँडो हो र हामी मासु
हौं ।’ **४**यसकारण तिनीहरूको विरुद्धमा अगमवाणी
गर; हे मानिसको पुत्र, अगमवाणी गर् ।”
**५**तब परमप्रभुको आत्मा ममाथि आउनुभयो,
र उहाँले मलाई यसो भन्नुभयो: “परमप्रभु यसो
भन्नुहुन्छ: हे इस्राएलका घराना हो, तिमीहरू
यसरी नै भन्छौ, तर तिमीहरूका मनभित्र के

---

**१०:१२**–प्रकाश ४:८. **१०:१४**–इजकिएल १:१०; प्रकाश ४:७.

खेलिरहेछ म जान्दछु । **६**तिमीहरूले यस शहर भित्र धेरै मानिसहरू मारेका छौ र यसका सड़कहरू लाशहरूले भरिदिएका छौ ।

**७**“यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः तिमीहरूले त्यहाँ फ्याँकिदिएका शरीरहरू मासु हुन् र यो शहर भाँड़ा, तर म तिमीहरूलाई यहाँबाट धपाइदिनेछु । **८**तिमीहरू तरवारदेखि डराउँछौ र म तिमीहरूको विरुद्धमा तरवारनै ल्याउनेछु, सर्वसत्ताधारी परमेश्वर घोषणा गर्नुहुन्छ । **९**म तिमीहरूलाई शहरदेखि बाहिर धपाइदिनेछु र तिमीहरूलाई परदेशीहरूका हातमा सुम्पिदिनेछु र तिमीहरूमाथि दण्ड ल्याउनेछु । **१०**तिमीहरू तरबारद्वारा ढल्नेछौ र इस्राएलको सिमानामा म तिमीहरूको न्याय गर्नेछु । तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्ने छौ । **११**यो शहर तिमीहरूको निम्ति भाँड़ा हुनेछैन, नता तिमीहरू त्यसभित्र मासु हुनेछौ । म तिमीहरूलाई इस्राएलका सिमानाहरूमा इन्साफ गर्नेछु । **१२**अनि म परमप्रभु हुँ भनी तिमीहरूले जान्नेछौ, किनकि तिमीहरूले मेरा आदेशहरू पालन गरेका छैनौ अथवा आज्ञाहरू मानेका छैनौ तर तिमीहरूका चारैतिरका जातिहरूकै दाँजोमा चलेका छौ ।”

**१३**अब मैले अगमवाणी गरिरहेको बेला, बनायाहका छोरा पलत्याह मरे । तब म भूइँमा घोप्टो परें र चर्को सोरले कराएँ “हे, सर्वसत्ताधारी परमेश्वर ! के तपाईंले इस्राएलको बाँचेको भागलाई सम्पूर्ण रूपले नाश गर्नुहुनेछ ?”

**१४**परमप्रभुको वचन मकहाँ आयोः **१५**“हे मानिसको पुत्र, तेरा दाज्यूभाइहरू, अर्थात् रगतका साइनो परेका तेरा आफ्नै दाज्यूभाइहरू र इस्राएलका सम्पूर्ण घराना तिनीहरूनै हुन् जसका विषयमा यरूशलेमका मानिसहरूले भनेका छन्, ‘तिनीहरू परमप्रभुदेखि धेरै टाढ़ा छन्, यो देश त हामीलाई आफ्नो अधिकारस्वरुप दिइएको हो ।’

## इस्राएललाई फर्किआउने प्रतिज्ञा

**१६**“यसकारण भन्: ‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः मैले तिनीहरूलाई जातिहरूको बीचमा टाढ़ा पठाएँ र तिनीहरूलाई देश-परदेशमा तितरबितर पारिदिएँ तापनि तिनीहरू गएका देशहरूमा म केही समयको निम्ति तिनीहरूका लागि पवित्रस्थान भएर रहें ।’

**१७**“यसकारण भन्: ‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म तिमीहरूलाई जातिहरूबाट बटुल्नेछु र तिमीहरू तितरबितर पारिएका देशहरूबाट फर्काएर ल्याउनेछु अनि फेरि म तिमीहरूलाई इस्राएलको देश फर्काइदिनेछु ।’

**१८**“तिनीहरू यसमा फर्कनेछन् र यसका सबै नीच आकृतिहरू अनि घिनलाग्दा मूर्तिहरू हटाइदिनेछन् । **१९**म तिनीहरूलाई एउटै मन दिनेछु र तिनीहरूमा एउटा नयाँ आत्मा हालिदिनेछु; म तिनीहरूबाट तिनीहरूका ढुङ्गाको हृदय निकालेर तिनीहरूलाई मासुको हृदय दिनेछु । **२०**तब तिनीहरूले मेरा आदेशहरू पालन गर्नेछन् र तिनीहरू मेरा आज्ञाहरू मान्न होशियार हुनेछन् । तिनीहरू मेरा प्रजा हुनेछन् र म तिनीहरूका परमेश्वर हुनेछु । **२१**तर आफ्ना हृदय तिनीहरूका नीच आकृतिहरू र घिनलाग्दा मूर्तिहरूतिर लगाउनेहरूको विषयमा त म तिनीहरूले गरेका कामहरू तिनीहरूकै शिरमाथि खन्याइदिनेछु, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।”

**२२**तब आफ्ना छेउमा पाङ्ग्रा भएका करूबहरूले आफ्ना पखेटा फिँजाए र इस्राएलका परमेश्वरको महिमा तिनीहरूमाथि थियो । **२३**परमप्रभुको महिमा शहरभित्रबाट माथि गयो र त्यसको पूर्वतिर भएको पर्वतमाथि अडियो । **२४**आत्माले मलाई माथि उचाल्नुभयो र परमप्रभुको आत्माले मलाई दिनुभएको दर्शनमा मलाई बेबिलोनमा निर्वासित भएकाहरूको बीचमा ल्याउनुभयो ।

तब मैले देखेको दर्शन मबाट माथि गइहाल्यो, **२५**र मैले निर्वासितहरूलाई मलाई

---

**११:१९-२०**–इजकिएल ३६:२६-२८. **११:२२-२३**–इजकिएल ४३:२-५.

परमप्रभुले देखाउनुभएको प्रत्येक कुरा भनिदिएँ ।

## प्रवासको चिन्ह

**१२** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे
मानिसको पुत्र, तँ बागी मानिसहरूको
बीचमा बसिरहेको छस् । तिनीहरूका हेर्ने आँखा त छन् तर देख्दैनन्, सुन्ने कान त छन् तर सुन्दैनन्, किनकि तिनीहरू बागी मानिसहरू हुन् ।
**३**"यसकारण, हे मानिसको पुत्र, निर्वासनको निम्ति आफ्ना सामान पोको पार् अनि दिउँसो तिनीहरूले हेरिरहेकै बेला निस्की र तँ भएको ठाउँबाट अर्को ठाउँमा जा । तिनीहरू बागी घराना भए तापनि शायद तिनीहरूले बुझ्लान् ।
**४**दिउँसो तिनीहरूले हेरिरहेकै बेला प्रवासको निम्ति तेरो सामान पोको पारेर बाहिर ले । तब बेलुका तिनीहरूले हेरिरहेकै बेला निर्वासनमा जानेहरूझैं निस्किहाल् । **५**तिनीहरूले
हेरिरहेको बेला भित्तामा खनेर तेरा सामानहरू त्यसबाट बाहिर निकाल् । **६**तिनीहरूले हेरिरहेको
बेला ती तेरो काँधमा राख् र सन्ध्याकालमा ती बोकेर लैजा । तैंले भूइँ नदेख्ने गरी आफ्नो अनुहार छोप्, किनकि मैले तँलाई इस्राएलको निम्ति एउटा चिन्ह बनाइएको छु ।"
**७**यसरी मलाई आज्ञा दिएझैं मैले गरें । दिउँसोको समयमा मैले आफ्ना सामानहरू निर्वासनको निम्ति पोको पारेर निकालें । तब बेलुका मैले आफ्ना हातले भित्तामा खनें । मैले आफ्ना सामानहरू तिनीहरूले हेरिरहेको बेला आफ्ना काँधमा बोकेर सन्ध्याकालमा निकालें ।
**८**बिहान परमप्रभुको वचन मकहाँ आयो:
**९**"हे मानिसको पुत्र, के इस्राएलका त्यस बागी घरानाले 'तिमीले के गर्दैछौ ?' भनेर तँलाई सोधेनन् ?
**१०**तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: यस ईश्वरवाणीले यरूशलेमका राजकुमार र त्यहाँ भएका इस्राएलका सम्पूर्ण घरानासित सम्बन्ध राख्छ ।' **११**तिनीहरूलाई
भन्, 'म तिमीहरूको निम्ति एउटा चिन्ह हुँ ।'
"मैले जसो गरें तिनीहरूप्रति त्यसै गरिनेछ । तिनीहरू कैदीहरूझैं निर्वासनमा जानेछन् ।
**१२**"तिनीहरूमध्ये राजकुमारले सन्ध्याकालमा आफ्नो सामान आफ्नो काँधमा राखेर निस्कनेछ, र त्यसलाई छिर्न दिनलाई भित्तामा एउटा प्वाल खनिनेछ । आफूले भूइँ देख्न नसकोस् भनेर त्यसले आफ्नो अनुहार छोप्नेछ । **१३**म त्यसको
निम्ति आफ्नो जाल फिँजाउनेछु र त्यो मेरो पासोमा पर्नेछ; म त्यसलाई कल्दीहरूको देश बेबिलोनमा ल्याउनेछु, तर त्यसले त्यो देख्नेछैन, र त्यहीं त्यो मर्नेछ । **१४**त्यसका चारैतिर हुने
त्यसका कर्मचारीहरू र त्यसका फौजलाई म हावामा तितरबितर पार्नेछु, र तरवार थुतेर तिनीहरूलाई खेद्नेछु ।
**१५**"तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्, जब म तिनीहरूलाई जातिहरूको बीचमा छिन्नभिन्न पारिदिनेछु र तिनीहरूलाई देश-परदेशतिर तितरबितर पारिदिनेछु ।
**१६**तर तिनीहरूले आफू गएको ठाउँमा आफ्ना सबै घिनलाग्दा कामहरू थाहा गरून् भनेर तिनीहरूमध्ये थोरैलाई म तरवार, अनिकाल र रूढ़ीबाट जोगाउनेछु । तब म नै परमप्रभु हुँ भनी तिनीहरूले जान्नेछन् ।"
**१७**परमप्रभुको वचन मकहाँ आयो: **१८**"हे
मानिसको पुत्र, तैंले आफ्नो भोजन खाँदा काम् र आफ्नो पानी पिउँदा डरले थरथर हो ।
**१९**देशका मानिसहरूलाई भन्, यरूशलेममा अनि इस्राएलको देशमा बस्नेहरूलाई सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: तिनीहरूले आफ्ना भोजन चिन्तासित खानेछन् र आफ्नो पानी निराशामा पिउनेछन्, किनकि त्यहाँ बस्नेहरू सबैको अत्याचारको कारण तिनीहरूको देश त्यसमा भएको प्रत्येक कुरोबाट रित्तो बनाइनेछ ।
**२०**आबाद भएका शहरहरू नष्ट पारिनेछन् र देश उजाड़ हुनेछ । तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ' ।"

---

**१२:२**–यशैया ६:९-१०; यर्मिया ५:२१; मर्कूस ८:१८. **१२:१३**–२ राजा २५:७; यर्मिया ५२:११.

**२१**परमप्रभुको वचन मकहाँ आयो: **२२**“हे
मानिसको पुत्र, इस्राएलको देशमा तिमीहरूसित
भएको यो उखान के हो: ‘दिनहरू बितिजान्छन्
र प्रत्येक दर्शन पूरा हुँदैन’ ? **२३**तिनीहरूलाई
भन्, ‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
म यस उखानको अन्त गरिदिनेछु र तिनीहरूले
अबदेखि उसो इस्राएलमा यसको उल्लेख
गर्नेछैनन् ।’ तिनीहरूलाई भन्, ‘दिनहरू नजिकै
छन् जब प्रत्येक दर्शन पूरा हुनेछ । **२४**किनकि
फेरि इस्राएलका मानिसहरूको बीचमा झूटा
दर्शन र फुस्लाउने जोखानाहरू हुनेछैनन् ।
**२५**तर मैले भन्ने कुरा म परमप्रभुले नै भन्नेछु
र त्यो ढीलो नभइ पूरा हुनेछ । किनकि तिमीहरू
बागी घरानाका दिनहरूमा म जे भन्छु त्यो
पूरा गर्नेछु, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ’ ।”

**२६**परमप्रभुको वचन मकहाँ आयो: **२७**“हे
मानिसको पुत्र, इस्राएलका घरानाले भनिरहेका
छन्, ‘उसले देखेको दर्शन अबदेखि धेरै वर्षको
निम्ति हो, अनि उसले टाढ़ा भविष्यको निम्ति
अगमवाणी गर्छ ।’

**२८**“यसकारण तिनीहरूलाई भन्,
‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: मेरो
कुनै वचन पनि अझ ढीलो गरिनेछैन; म जे
भन्छु त्यो पूरा हुनेछ, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ’ ।”

### झूटा अगमवक्ताहरूको भर्त्सना

**१३** परमप्रभुको वचन मकहाँ आयो: **२**“हे
मानिसको पुत्र, अहिले अगमवाणी
गरिरहेका इस्राएलका अगमवक्ताहरूको विरुद्धमा
अगमवाणी गर् । आफ्नै कल्पनाबाट अगमवाणी
गर्नेहरूलाई भन्, ‘परमप्रभुको वचन सुन !
**३**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: धिक्कार
छ ती मूर्ख अगमवक्ताहरूलाई जो आफ्नै
आत्माका पछि लाग्छन् र जसले केही देखेका
छैनन् ! **४**हे इस्राएल, तिमीहरूका अगमवक्ताहरू
त भत्केका ठाउँहरूतिर बस्ने स्यालहरूझैं हुन् ।
**५**परमप्रभुको दिनमा इस्राएलको घराना खड़ा
रहन सकोस् भनेर तिमीहरू भत्केका पर्खाल
मर्मत गर्न प्वालहरूमा गएका छैनौ ।
**६**तिनीहरूका दर्शनहरू असत्य अनि तिनीहरूका
जोखनाहरू झूटा हुन् । “परमप्रभु घोषणा
गर्नुहुन्छ” भनी तिनीहरू भन्छन् जब कि
परमप्रभुले तिनीहरूलाई पठाउनुभएकै होइन;
र पनि तिनीहरूका वचन पूरा होस् भनी तिनीहरू
आशा गर्छन् । **७**मैले नबोले तापनि “परमप्रभु
घोषणा गर्नुहुन्छ” भनेर तिमीहरूले भन्दा के
तिमीहरूले झूटा दर्शन देखेका र झूटा जोखना
उच्चारण गरेका होइनौ र ?

**८**“‘यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: तिमीहरूका झूटा वचनहरू र झूटा
दर्शनहरूको कारण म तिमीहरूको विरुद्धमा
छु, परमप्रभु घोषणा गर्नुहुन्छ । **९**मेरो हात
झूटा दर्शन देख्ने र झूटा जोखना भन्ने
अगमवक्ताहरूको विरुद्धमा हुनेछ । तिनीहरू
मेरा मानिसहरूको सभामा सहभागी हुने
छैनन्, नता इस्राएलका घरानाको सूचीमा दर्ता
गरिनेछन्, नता तिनीहरू इस्राएलको देशमा
प्रवेश गर्ने नै छन् । तब तिमीहरूले म नै
सर्वसत्ताधारी परमप्रभु हुँ भनी जान्नेछौ ।

**१०**“‘किनकि तिनीहरूले शान्ति नहुँदा
पनि मेरा मानिसहरूलाई ‘शान्ति’ भनिदिएर
बहकाएका छन् र एउटा कमजोर पर्खाल बनिँदा
तिनीहरूले त्यसलाई चून पोतेर छोपिदिएका
छन्, **११**यसकारण यस्तालाई चून पोतेर
छोपिदिनेहरूलाई त्यो ढल्न लागेको छ भनिदे ।
पानीको बाढ़ आउनेछ, र म प्रचण्ड़ रूपले
असिना पठाइदिनेछु अनि प्रचण्ड़ बतास
आउनेछ । **१२**त्यो पर्खाल ढलेपछि के
मानिसहरूले तिमीहरूलाई यसो भनेर सोध्नेछैनन्,
“तिमीहरूले यसलाई लिपिदिएको चून खोई ?”

**१३**“‘यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: मेरो क्रोधमा म एउटा प्रचण्ड़ बतास
छोड़िदिनेछु, अनि आफ्नो रीसमा असिना र
पानीको बाढ़ नाश गर्ने प्रकोपझैं खस्नेछन् ।

---

**१३:१०**–यर्मिया ६:१४; ८:११.

**१४**म तिमीहरूलाई चूनले लिपेर छोपिदिएको
पर्खाललाई भताभुङ्ग पारिदिनेछु र त्यसलाई भूइँमै
मिलाइदिनेछु अनि त्यसको जगसमेत नाङ्गो
देखिनेछ । त्यो ढल्दा तिमीहरू त्यसैमा नाश
हुनेछौ र तिमीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछौ । **१५**यसरी म आफ्नो क्रोध पर्खालको
विरुद्धमा र त्यसलाई चून लगाएर छोपिदिनेहरूको
विरुद्धमा खर्च गर्नेछु । म तिमीहरूलाई भन्नेछु,
"त्यो पर्खाल अब छैन र त्यसलाई चूनले
पोत्नेहरू पनि छैनन्, **१६**अर्थात् इस्राएलका ती
अगमवक्ताहरू जुनहरूले यरूशलेमको निम्ति
अगमवाणी गरे र त्यसको निम्ति शान्तिको
दर्शन देखे, जब कि त्यहाँ शान्ति नै थिएन,
सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।'"

**१७**"अब, हे मानिसको पुत्र, तेरो अनुहार
आफ्नै कल्पनाको आधारमा अगमवाणी गर्ने
तेरा मानिसहरूका छोरीहरूतिर फर्का, **१८**अनि
भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
धिक्कार ती स्त्रीहरूलाई जसले तिनीहरूका
नाड़ीहरूमा बुटी सिलाइदिन्छन् र मानिसहरूलाई
पासोमा पार्न तिनीहरूका विरुद्धका निम्ति
विभिन्न लमाइका घुम्टाहरू बनाइदिन्छन् । के
तिमीहरू मेरा मानिसहरूका प्राणलाई पासोमा
पारेर आफ्नै जोगाइराख्छौ ? **१९**तिमीहरूले एक
मुठी जौ र रोटीका टुक्राहरूको साटो मेरा
मानिसहरूका बीचमा मलाई अनादर गरेका
छौ । झूटो सुन्न मन पराउने मेरा मानिसहरूसित
झूटा बोलेर तिमीहरूले तिनीहरूलाई मारेका
छौ जो मर्नु हुने थिएन र तिनीहरूलाई
छोड़िदिएका छौ जो छोड़िनु हुने थिएन ।

**२०**"'यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः म तिमीहरूका बुटीहरूको
विरुद्धमा छु जसद्वारा तिमीहरू मानिसहरूलाई
चराहरूलाई झैँ पासोमा पार्छौ, र म ती
तिमीहरूका पाखुराबाट चुँड़ाइदिनेछु; म
तिमीहरूले चराहरूझैँ पासोमा पारेका
मानिसहरूलाई मुक्त गरिदिनेछु । **२१**म तिमीहरूका
घुम्टाहरू च्यातिदिनेछु अनि मेरा मानिसहरूलाई
तिमीहरूका हातबाट बचाउनेछु र तिनीहरू
फेरि तिमीहरूको शक्तिका शिकार हुनेछैनन् ।
तब तिमीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछौ । **२२**किनकि मैले तिनीहरूमाथि शोक
नल्याए तापनि तिमीहरूले धार्मिकहरूलाई
निराश पारिदियौ, किनकि तिमीहरूले दुष्टहरूलाई
आफ्ना दुष्ट चालहरूबाट नफर्कनलाई उत्साह
दिएर तिनीहरूका प्राण बचायौ, **२३**यसकारण
अब फेरि तिमीहरूले झूटा दर्शन देख्नेछैनौ औ
नता जोखना हेर्नेछौ । म आफ्ना मानिसहरूलाई
तिमीहरूका हातबाट बचाउनेछु । तब
तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ' ।"

### मूर्तिपूजकहरूको भर्त्सना

**१४** इस्राएलका केही धर्म-गुरुहरू मकहाँ
आए र मेरो सामुन्ने बसे । **२**तब
परमप्रभुको वचन मकहाँ आयोः **३**"हे मानिसको
पुत्र, यी मानिसहरूले आफ्ना हृदयमा मूर्तिहरू
स्थापित गरेका छन् र आफ्ना अनुहारको सामुन्ने
दुष्टताका ठक्कर राखेका छन् । के मैले
तिनीहरूलाई मसित केही सोध्न दिनैपर्छ ?
**४**यसकारण तिनीहरूसित कुरा गरेर तिनीहरूलाई
भनिदे, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
जब कुनै इस्राएलीले आफ्नो हृदयमा मूर्तिहरू
स्थापित गर्छ र आफ्नो अनुहारको सामुन्ने
दुष्टताको ठक्कर राख्छ अनि अगमवक्ताकहाँ
जान्छ, म परमप्रभु आफैले त्यसको प्रचलित
मूर्तिपूजाको लागि त्यसलाई जवाफ दिनेछु ।
**५**आफ्ना मूर्तिहरूको लागि मलाई त्यागिदिने
इस्राएलका मानिसहरूको हृदयलाई फेरि पक्रनको
लागि म यो काम गर्नेछु ।'

**६**"यसकारण इस्राएलका घरानालाई भन्,
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
पश्चाताप गर ! तिमीहरूका मूर्तिहरूबाट फर्क,
र तिमीहरूका सबै घिनलाग्दा कामहरूलाई
इन्कार गर !

**७**"'जब कुनै इस्राएली अथवा इस्राएलमा
बस्ने कुनै परदेशीले आफैलाई मदेखि अलग
गरेर आफ्नो हृदयमा मूर्ति स्थापित गर्छ र आफ्नो
अनुहारको सामुन्ने दुष्टताको ठक्कर राख्न अनि
मसित सोध्न कुनै अगमवक्ताकहाँ जान्छ,
त्यसलाई म, परमप्रभु आफैले जवाफ दिनेछु ।

**८**म आफ्नो अनुहार त्यस मानिसको विरुद्धमा राख्नेछु अनि त्यसलाई एउटा उदाहरण र गिल्लाको पात्र तुल्याउनेछु । म त्यसलाई मेरा मानिसहरूबाट अलग गर्नेछु । तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ ।

**९**"'अनि त्यस अगमवक्तालाई लोभ्याएर अगमवाणी गर्न लगाइएको छ भने, म परमप्रभुले नै त्यस अगमवक्तालाई लोभ्याएको हुँ र म आफ्नो हात त्यसको विरुद्धमा पसार्नेछु, अनि त्यसलाई मेरा प्रजा इस्राएलको बीचबाट नाश गरिदिनेछु ।
**१०**तिनीहरूले आफ्नो दोष भोग्नेछन्– अगमवक्ता सल्लाह लिन आउनेजस्तै दोषी ठहरिनेछ ।
**११**तब इस्राएलका मानिसहरू मदेखि बरालिएर फेरि जानेछैनन्, नता तिनीहरूले आफैलाई आफ्ना पापहरूद्वारा फेरि कहिल्यै बिटुलो पार्नेछन् । तिनीहरू मेरा प्रजा हुनेछन् र म तिनीहरूका परमेश्‍वर हुनेछु, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ' ।"

### निश्‍चित न्याय

**१२**परमप्रभुको यो वचन मकहाँ आयो:
**१३**"हे मानिसको पुत्र, कुनै देशले मप्रति अविश्‍वासी भएर मेरो विरुद्धमा पाप गर्छ र त्यसको भोजनको आधार बन्द गरिदिन अनि त्यसमाथि अनिकाल पठाउन र त्यसका मानिसहरू अनि पशुहरू मारिदिन म त्यसको विरुद्धमा आफ्नो हात पसार्छु भने,
**१४**यी तीन जना मानिसहरू– नूह, दानिएल र अय्यूब– त्यसमा भएका भए पनि तिनीहरूले आफ्ना धार्मिकताद्वारा आफैलाई मात्र बचाउन सक्ने थिए, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

**१५**"अथवा मैले त्यस देशको बीचबाट वन पशुहरू पठाएँ अनि त्यसलाई छोराछोरीरहित पारिदिएँ र ती पशुहरूको कारण त्यो ठाउँबाट कोही पनि नहिँड्ने सम्मको उजाड़ बनाइदिएँ,
**१६**म निश्‍चय जिएझैं, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ, यदि यी तीन जना मानिसहरू नै त्यहाँ भए तापनि तिनीहरूले आफ्नै छोराछोरीहरू पनि बचाउन सक्ने थिएनन् । तिनीहरू आफै मात्र बाँच्ने थिए, तर देश उजाड़ नै हुनेथियो ।

**१७**"अथवा मैले त्यस देशको विरुद्धमा तरवार ल्याएर भनें, 'यो तरवार देशको वारपार भएर जाओस्', अनि त्यसका मानिसहरू र पशुहरू मारिदिएँ भने,
**१८**म निश्‍चय जिएझैं, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ, यी तीन जना मानिसहरू त्यसमा भएका भए पनि तिनीहरूले आफ्नै छोराछोरी बचाउन सक्ने थिएनन् । तिनीहरू आफै मात्र बाँच्ने थिए ।

**१९**"अथवा मैले त्यस देशमा रूढ़ी पठाएँ र रक्तपातद्वारा आफ्नो क्रोध त्यसमाथि खन्याएँ अनि त्यसका मानिसहरू र पशुहरू मारिदिएँ भने,
**२०**म निश्‍चय जिएझैं, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ, त्यसमा नूह, दानिएल र अय्यूब नै भए तापनि नता छोरा नता छोरीलाई बचाउन सक्ने थिए । आफ्ना धार्मिकताद्वारा तिनीहरूले आफैलाई मात्र बचाउनेथिए ।

**२१**"किनकि सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: मैले यरूशलेमको विरुद्धमा मेरा चारओटा डरलाग्दा दण्डहरू पठाउँदा अझ कति नराम्रो होला, अर्थात् त्यसका मानिसहरू र पशुहरूलाई मार्न तरवार, अनिकाल, वन पशुहरू र रूढ़ी !
**२२**तापनि त्यहाँ कोही बाँचेकाहरू हुनेछन्, अर्थात् छोराहरू अनि छोरीहरू, जुनहरू त्यहाँबाट निकालिनेछन् । तिनीहरू तिमीहरूकहाँ आउनेछन्, अनि जब तिमीहरूले तिनीहरूका चाल र कामहरू देख्नेछौ, मैले यरूशलेममाथि ल्याएका विपत्तिहरू, मैले त्यसमाथि ल्याएको प्रत्येक विपत्तिको विषयमा तिमीहरूलाई सान्त्वना मिल्नेछ ।
**२३**तिनीहरूका चाल र कामहरू देखेर तिमीहरूले सान्त्वना पाउनेछौ, किनकि मैले त्यसमा विनाकारण केही गरेको छैनँ भनी तिमीहरूले जान्नेछौ, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।"

---

**१४:२१**–प्रकाश ६:८.

## यरूशलेम एउटा बेकामको दाखको बोट

**१५** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे मानिसको पुत्र, एउटा दाखको लता वनमा भएका रूखहरूका हाँगाभन्दा कसरी श्रेष्ठ हुन्छ ? **३**के कुनै उपयोगी कुरो बनाउनलाई त्यसबाट कहिल्यै काठ निकालिन्छ ? के तिनीहरूले त्यसबाट केही झुण्ड्याउनलाई कीला बनाउँछन् ? **४**अनि त्यसलाई दाउराको रूपमा आगोमा फालिदिएपछि र त्यसका दुवैतिर आगो बलेर बीचको भागलाई डढ़ाइदिँदा के त्यो कुनै कामको निम्ति उपयोगी हुन्छ ? **५**यदि त्यो सिङ्गो हुँदा कुनै कामको निम्ति उपयोगी थिएन भने त्यसलाई आगोले जलाएर डढ़ाइदिएपछि केही उपयोगी कुरो बनिनलाई झन् त्यो कति कम उपयोगी होला ?

**६**"यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: मैले दाखको लतालाई वनका रूखहरूसितै आगोको निम्ति दाउराझैं दिएको जस्तै म यरूशलेममा बस्ने मानिसहरूसित पनि गर्नेछु। **७**म आफ्नो अनुहार तिनीहरूको विरुद्धमा राख्नेछु । तिनीहरू आगोबाट बाहिर निस्केर आए तापनि आगोले तिनीहरूलाई भष्म पार्ने नै छ । अनि मैले आफ्नो अनुहार तिनीहरूको विरुद्धमा पारेपछि, तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ । **८**तिनीहरू अविश्वासयोग्य भएकाले म देशलाई उजाड़ पारिदिनेछु, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।"

## अविश्वासयोग्य यरूशलेमको दृष्टान्त

**१६** परमप्रभुको यो वचन मकहाँ आयो: **२**"हे मानिसको पुत्र, त्यसका घिनलाग्दा कामहरू गर्ने यरूशलेमको सामना गर्, **३**अनि भन् 'सर्वसत्ताधारी परमप्रभु यरूशलेमलाई यसो भन्नुहुन्छ: तेरो पुर्ख्यौली र जन्म कनानीहरूको देशमा भएको थियो; तेरो बाबु एक अम्मोरी थियो अनि तेरी आमा एक हित्तीनी थिई । **४**तँ जन्मेको दिन तेरो गर्भनाल काटिएको थिएन, न त तँलाई सफा गर्नलाई पानीले पखालिएकी थिइस्, न त तँ नूनले मलिइस् अथवा लुगाले बेह्रिइस् । **५**कसैले तँलाई दयाको दृष्टिले हेरेन अथवा नता यी कुराहरूमध्ये तेरो निम्ति कुनै पनि गरिदिनेसम्मको दया नै कसैले देखायो । बरु तँ त खुला मैदानमा फ्याँकिएकी थिइस्, किनकि तँ त जन्मेकै दिन घृणित थिइस् ।

**६**"'तब म त्यताबाट गएँ र तँलाई रगतमा लट्पटिएकी देखें अनि तँ आफ्नो रगतमा पड़िरहेको अवस्थामा मैले तँलाई भने, "बाँच् !" **७**मैले तँलाई खेतको बोटविरुवाझैं बढ्न दिएँ। तँ बढ़िस् र विकसित भएर रत्नहरूमध्ये सर्वसुन्दरी भइस् । तेरा स्तनहरू बनिए अनि तेरो केश बढ्यो, तँ जो नाङ्गो र वस्त्रविहीन थिइस् ।

**८**"'त्यसपछि म त्यताबाट जाँदा अनि तँतिर हेर्दा र तँलाई प्रेम गर्न हुने उमेरमा आएको देख्दा मैले मेरो लुगाको एउटा छेउ तँमाथि फिँजाइदिएर तेरो नग्नता ढाकिदिएँ। मैले तँलाई आफ्नो पवित्र शपथ दिएर तँसित करारमा सामेल भएँ, र तँ मेरी भइस्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

**९**"'मैले तँलाई पानीले नुहाइदिएँ अनि तेरो रगत सफा गरिदिएँ र तँलाई मलहम लगाइदिएँ। **१०**मैले तँलाई जड़ीदार वस्त्र लगाइदिएँ र तँलाई छालाका जुत्ता लगाइदिएँ । मैले तँलाई मिहिन मलमल पहिऱ्याइदिएर तँलाई बहुमूल्य वस्त्रले ढाकिदिएँ । **११**मैले तँलाई आभूषणले सजाएँ । मैले तेरा पाखुरामा चुरा र तेरो घिच्रोमा हार पहिऱ्याइदिएँ, **१२**अनि मैले तेरो नाकमा एउटा नत्थ, तेरा कानहरूमा लुर्का र तेरो शिरमाथि एउटा सुन्दर मुकुट लगाइदिएँ । **१३**यसरी तँ सुन र चाँदीले सिंगारिइस्; तेरा वस्त्रहरू मिहिन मलमलका र बहुमूल्य ढाँचाको र जड़ीदार लुगाका थिए र तेरो भोजन मसिनो पीठो, मह र भद्राक्षको तेल थियो । तँ असाध्यै सुन्दरी भइस् र रानी हुनेसम्म भइस् । **१४**अनि तेरो सौन्दर्यको कारण जातिहरूको बीचमा तेरो ख्याति फैलियो, किनकि मैले तँलाई दिएको शोभाले तेरो सौन्दर्यलाई परिपूर्ण बनाइदिएको थियो, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

**१५**"'तर तैंले त आफ्नो सौन्दर्यमा भरोसा राखिस् र आफ्नो ख्यातिलाई एउटी वेश्या हुने

कुरामा प्रयोग गरिस् । तैंले आफ्नो निगाह तेरो छेउबाट भएर जाने जोसुकैमाथि मनपरि देखाइस् र तेरो सौन्दर्य उसको भइहाल्यो ।
**१६**तैंले आफ्नो वेश्यावृत्ति गर्ने अग्ला ठाउँहरू सिंगार्नलाई तैंले आफ्ना केही वस्त्रहरू लिइस् । यस्ता कुराहरू नहुनु पर्ने अनि फेरि कहिल्यै हुनुहुँदैन । **१७**तैंले मैले तँलाई दिएका गहना, अर्थात् मेरो सुन र चाँदीले बनिएको गहना लिइस् अनि आफ्नै निम्ति पुरुष मूर्तिहरू बनाएर तिनीहरूसित वेश्यावृत्ति गर्न थालिस् । **१८**अनि तिनीहरूलाई लगाइदिनलाई तैंले आफ्ना जड़ीदार वस्त्रहरू लिइस् र तैंले तिनीहरूको अघि मेरो तेल र धूप चढ़ाइस् । **१९**मैले तँलाई प्रबन्ध गरिदिएका भोजन, अर्थात् मैले खानू भनेर दिएका मसिनो पीठो, भद्राक्षको तेल र मह तैंले तिनीहरूको अगि सुगन्धित धूपझैं चढ़ाइस् । त्यसै नै भयो भनी सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।

**२०**"'अनि तैंले मेरो निम्ति जन्माएका छोराछोरीहरू लिएर मूर्तिहरूको निम्ति भोजन स्वरूप बलिदान गरिस् । के तेरो वेश्यावृत्ति पर्याप्त थिएन ? **२१**तैंले मेरा छोराछोरीहरूलाई मारेर तिनीहरूलाई मूर्तिहरूकहाँ बलिदान गरिस् । **२२**तेरा सबै घिनलाग्दा कामहरूमा र तेरो वेश्यावृत्तिमा तैंले आफ्नो युवा अवस्थाका दिनहरू सम्झिनस्, जब तँ नाङ्गो र उदाङ्गो भएर आफ्नो रगतमा लटपटिएकी थिइस् ।

**२३**"'धिक्कार ! तँलाई धिक्कार, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ । तेरा अरू सबै दुष्टताहरूबाहेक, **२४**तैंले आफ्नै निम्ति एउटा ढिस्को बनाइस् र प्रत्येक सर्वसाधारण चोकमा अल्गा वेदीहरू बनाइस् । **२५**प्रत्येक सड़कको शिरमा तैंले अल्गा वेदीहरू बनाइस् र त्यताबाट भएर जाने हरेकलाई आफ्नो शरीर दिएर आफ्नो सौन्दर्यलाई भ्रष्ट पारिस् । **२६**तँ मिश्रीहरूसित, तेरा वासनापूर्ण छिमेकीहरूसित वेश्यावृत्ति गरिस्, लीप्त रहिस् र तेरो बढ्दो वेश्यावृत्तिद्वारा मलाई रीस उठाइस् ।
**२७**यसकारण मैले तेरो विरुद्धमा आफ्नो हात पसारें र मैले तेरो प्रान्त सानो बनाइदिएँ; मैले तँलाई तेरा शत्रुहरू, अर्थात् पलिश्तिहरूका छोरीहरूका लोभको शिकार बनाइदिएँ, जुनहरू तेरो भ्रष्ट चाल देखेर विचलित भएका थिए ।
**२८**तँ अश्शूरहरूसित पनि वेश्यवृत्तिमा लिप्त भइस्, किनकि तँ अतृप्त नै थिइस्, र त्यसपछि पनि तँ सन्तुष्ट भइनस् । **२९**त्यसपछि तैंले आफ्नो देह-व्यापार व्यापारीहरूको देश बेबिलोनसित पनि बढ़ाएर लगिस्, तर यससित पनि तँ सन्तुष्ट भइनस् ।

**३०**"'यसैले परमप्रभु परमेश्वर भन्नुहुन्छ: तँ कस्तो कमजोर हृदयकी छेस्, जब तँ यी सबै काम, एक निर्लज्ज वेश्याका कामजस्तै गर्छेस् !
**३१**जब तैंले प्रत्येक सड़कको शिरमा अग्लो-स्थान र प्रत्येक जनताको चोकमा विशाल वेदी बनाइस्, तँ त वेश्याजस्तो पनि थिइनस् किनकि तैंले ज्याला नै लिइनस् ।

**३२**"'तँ व्यभिचारिणी पत्नी ! तैंले आफ्नै पतिलाई भन्दा बाहिरका मानिसहरूलाई मन पराउँछेस् ! **३३**हरेक वेश्याले ज्याला लिन्छन् तर तैंले त चारैतिरबाट तेरो अनुचित निगाह प्राप्त गर्न आऊन् भनेर घूस दिँदै तेरा प्रेमीहरूलाई उपहार पो दिइस् । **३४**यसकारण तेरो वेश्यावृत्तिमा तँ अरूहरूभन्दा उल्टो छेस्; तेरो निगाह प्राप्त गर्नलाई कोही तेरोपछि दगुर्दैन । तँ त साँच्चै उल्टो छेस्, किनकि तँ ज्याला दिन्छेस्, तर कसैले तँलाई ज्याला दिँदैन ।

**३५**"'यसकारण, तँ वेश्याले परमप्रभुको वचन सुन् ! **३६**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: तैंले आफ्ना प्रेमीहरूसितको देह-व्यापारमा आफ्नो धन-सम्पत्ति खन्याएकी र आफ्नो नग्नता देखाएकीले, अनि तेरा सबै घिनलाग्दा मूर्तिहरूको कारण र तैंले आफ्ना छोराछोरीहरूको रगत तिनीहरूलाई दिएको कारण, **३७**तैंले आनन्द मनाएका तेरा सबै प्रेमीहरू, अर्थात् तैंले प्रेम गरेका र तैंले घृणा गरेकाहरूलाई म भेला गराउन लागेको छु । म तिनीहरूलाई चारैतिरबाट भेला गराउनेछु र तिनीहरूको सामुन्ने तेरो लुगा फुकालिदिनेछु अनि तिनीहरूले तेरो नग्नता देख्नेछन् । **३८**म तँलाई ती स्त्रीहरूको दण्ड दिनेछु जुनहरूले

व्यभिचार गर्छन् र रक्तपात गर्छन् । म तँमाथि
मेरो क्रोधको र डाहपूर्ण रीसको रगतको बदला
ल्याउनेछु । **३९**तब म तँलाई तेरा प्रेमीहरूकहाँ
सुम्पिदिनेछु, र तिनीहरूले तेरा उच्च-स्थानहरू
भत्काइदिनेछन् र तेरा अल्गा वेदीहरू नाश
गरिदिनेछन् । तिनीहरूले तेरा लुगा खोलिदिनेछन्
र तेरा सुन्दर गहनाहरू लगेर तँलाई नाङ्गो
अनि खुल्ला छोड्दिनेछन् । **४०**तिनीहरूले तेरो
विरुद्धमा भीड़लाई ल्याउनेछन्, जसले तँलाई
ढुङ्गाले हिर्काउनेछन् अनि तँलाई आफ्ना
तरवारहरूले टुक्रा-टुक्रा पारिदिनेछन् ।
**४१**तिनीहरूले तेरा घरहरू जलाइदिनेछन् र
धेरै स्त्रीहरूले देख्ने गरी तँलाई दण्ड दिनेछन् ।
म तेरो वेश्यावृत्ति रोकिदिनेछु र तैंले फेरि
आफ्ना प्रेमीहरूलाई ज्याला दिनेछैनस् । **४२**तब
तेरो विरुद्धमा मेरो क्रोध शान्त हुनेछ र मेरो
डाही रीस तँदेखि हट्नेछ; म शान्त हुनेछु अनि
फेरि क्रोधित हुने छैनँ ।

**४३**"'तैंले आफ्नो जवानीका दिनहरू स्मरण
नगरेर मलाई यी सबै कुराहरूले रीस उठाएको
कारण म तैंले जे गरेकी छेस् त्यो निश्चय
तेरो शिरमाथि ल्याइदिनेछु, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ । के तैंले आफ्ना
अरू सबै घिनलाग्दा कामहरूमाथि कामुकता
थपेकी छैनस् ?

**४४**"'उखान भन्ने हरेकले तेरो विषयमा
यो उखान भन्नेछ: "जस्तो आमा त्यस्तै छोरी ।"
**४५**तँ त तेरी आमाजस्तै छेस् जसले आफ्नो
पति र आफ्ना नानीहरूको घृणा गरी; अनि तँ
त साँच्चै आफ्ना दिदीबहिनीहरूजस्तै छेस्; जसले
आफ्ना पतिहरू अनि छोराछोरीहरूलाई घृणा
गरी । तेरी आमा एउटी हित्ती थिई र तेरो बाबु
एक एमोरी । **४६**तेरी ठूली दिदी सामरिया, जो
आफ्ना छोरीहरूसित तेरो उत्तरपट्टि बस्थी; र
तेरी सानी बहिनी सदोम थिई जो आफ्ना
छोरीहरूसित तेरो दक्षिणपट्टि बस्थी । **४७**तँ केवल
तिनीहरूका मार्गमा हिँड़िस् र तैंले तिनीहरूका
घीनलाग्दा कामहरू सिकिस् मात्र होइन तर
तेरा आफ्ना सबै कामहरूमा तँ चाँड़ै तिनीहरूभन्दा
बढ़ी पतित भइस् । **४८**म निश्चय जिएभैँ,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ, तेरी
बहिनी सदोम र त्यसका छोरीहरूले कहिल्यै
तैंले र तेरा छोरीहरूले गरेजस्तो गरेनन् ।

**४९**"'अब तेरी बहिनी सदोमको पाप यो
थियो: त्यो र त्यसका छोरीहरू अभिमानी थिए,
पेटभरि खान्थे र लापरवाहीमा बस्थे, तिनीहरूले
गरीब र खाँचोमा परेकाहरूलाई सहायता
दिएनन् । **५०**तिनीहरू शेखी गर्नेहरू थिए र
तिनीहरूले मेरो सामुन्ने घिनलाग्दा कामहरू
गरे । यसकारण मैले तिनीहरूलाई हटाइदिएँ,
जस्तो तैंले देखेकी छस् । **५१**सामरियाले त तैंले
गरेको पापभन्दा आधा पनि गरिन । तैंले
तिनीहरूले भन्दा बढ़ी घिनलाग्दा कामहरू
गरिस्, र तैंले गरेका यी सबै कामहरूद्वारा आफ्ना
दिदीबहिनीहरूलाई धार्मिक देखिने बनाइस् ।
**५२**आफ्नो पाप बोक, किनकि तैंले आफ्ना
दिदीबहिनीहरूलाई धर्मी ठहराउने काम गरिस् ।
तेरा पापहरू तिनीहरूका भन्दा बढ़ी नीच भएको
कारण तिनीहरू तँभन्दा बढ़ी धार्मिक देखिन्छन् ।
यसकारण लज्जित हो र आफ्नो अपमान् भोग्,
किनकि तैंले आफ्ना दिदीबहिनीहरूलाई बढ़ी
धार्मिक देखिने तुल्याइस् ।

**५३**"'तरै पनि म सदोम र त्यसका
छोरीहरूका अनि सामरिया र त्यसका
छोरीहरूको सुदिन फर्काइदिनेछु अनि तिनीहरूसित
तेरो सुदिन पनि फर्काइदिनेछु, **५४**त्यसैले
तिनीहरूलाई सान्त्वना दिँदा तैंले गरेका सबै
कामहरूको निम्ति तैंले आफ्ना अपमान सहनु
परोस् अनि लज्जित हुन परोस् । **५५**अनि तेरा
दिदीबहिनीहरू, अर्थात् सदोम र त्यसका
छोरीहरू, अनि सामरिया र त्यसका छोरीहरू
पहिले जे थिए त्यसैमा फर्कनेछन्, अँ तँ
र तेरा छोरीहरू पनि पहिले जे थियौ त्यसैमा
फर्कनेछौ । **५६**आफ्नो अहंकारको दिनमा तैंले
आफ्नी बहिनी सदोमको नाउँसम्म लिनेछैनस्,
**५७**अर्थात् तेरो दुष्टता प्रकट हुन अघि । तापनि
अहिले तँ एदोमका छोरीहरू र त्यसका सबै
छिमेकीहरू र पलिश्तीहरूका छोरीहरूद्वारा
गिल्ला गरिएकी छेस्, तेरा चारैतिर भएकाहरूले
तेरो घृणा गर्छन् । **५८**तैंले आफ्ना सबै कामुकता

र आफ्ना सबै घिनलाग्दा कामहरूको फल भोग्नेछस्, परमप्रभु घोषणा गर्नुहुन्छ ।

**५९**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः तँ जेको योग्य छस् म तँसित त्यस्तै व्यवहार गर्नेछु, किनकि तैंले करार भङ्ग गरेर मेरो शपथको घृणा गरेकी छेस् । **६०**तापनि म आफूले तेरो युवाकालमा तँसित बाँधेको करार सम्झनेछु र म तँसित एउटा अनन्तको करार स्थापना गर्नेछु । **६१**तब तैंले आफ्ना दिदीबहिनीहरू, अर्थात् तँभन्दा ठूली र तँभन्दा सानीहरूलाई पाइसकेपछि तैंले आफ्ना चालहरू विचार गरेर तँ लज्जित हुनेछस् । म तिनीहरूलाई छोरीहरूको रूपमा तँलाई दिनेछु, तर तँसितको मेरो करारको आधारमा त होइन । **६२**तब मैले तँसित आफ्नो करार स्थापित् गर्नेछु र म नै परमप्रभु हुँ भनी तैंले जान्नेछस् । **६३**तब तैंले गरेका सबै कामहरूको निम्ति तेरो लागि मैले प्रायश्चित गरिसकेपछि तैंले सम्झनेछस् र तँ लज्जित हुनेछस् अनि आफ्नो अपमानको कारण तैंले कहिल्यै आफ्नो मुख खोल्नेछैनस्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।'"

## दुईओटा चीलहरू र दाखलता

**१७** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे मानिसको पुत्र, एउटा उपमा बनाएर इस्राएलका घरानालाई एउटा उखान भन् । **३**तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः शक्तिशाली पखेटा भएको अनि लामा र रङ्गी-बिरङ्गी प्वाँखहरू भएको एउटा ठूलो चील लबानोनमा आयो । देवदारुको रूखको टुप्पोलाई समातेर, **४**त्यसले त्यसको सबैभन्दा टुप्पोको टुसालाई चुँड़ाएर त्यसलाई व्यापारीहरूको एउटा देशमा लगिहाल्यो, जहाँ त्यसलाई व्यापारीहरूको एउटा शहरमा रोपिदियो ।

**५**"'तिमीहरूको देशका केही बीउहरू लिएर मलिलो भूमिमा त्यसले ती रोपिदियो । त्यसले त्यो प्रशस्त पानी भएको ठाउँमा बैंसको रूखझैं रोप्यो, **६**अनि त्यो पह्लायो र एउटा होचो अनि फैलिएको दाखलता भयो । त्यसका हाँगाहरू त्यसतिर फर्किए तर त्यसका जराहरू त्यसकै फेदमा रहे । यसकारण त्यो दाखको बोट भयो अनि त्यसका हाँगाहरू उम्रन थाले र त्यसबाट धेरै पातहरू निस्कन लागे ।

**७**"'तर त्यहाँ शक्तिशाली पखेटा र धेरै प्वाँखहरू भएको अर्को ठूलो चील थियो । अब त्यस दाखको बोटले आफू रोपिएको ठाउँबाट आफ्ना जराहरू त्यसतिर पठायो र पानीको निम्ति आफ्ना हाँगाहरू त्यसतिर फैलायो । **८**त्यसले हाँगाहरू उमारोस् अनि फल फलाएर एउटा सुन्दर दाखलता होस् भनेर त्यसलाई राम्रो माटोमा र प्रशस्त पानीको छेउमा रोपिदिएको थियो ।'

**९**"तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः के त्यो सप्रला ? के त्यो उखेलिनेछैन अनि त्यसका फलहरू रित्तो पारिनेछैनन् र त्यो ओइलाइजानेछैन ? त्यसका सबै नयाँ मुनाहरू ओइलाइजानेछन् । त्यसलाई जरैसित उखेलिनलाई बलियो हात र धेरै मानिसहरूको खाँचो पर्नेछैन । **१०**यदि त्यो अर्को ठाउँमा सारियो भने पनि के त्यो सप्रला ? पूर्वीय बतासले त्यसलाई प्रहार गर्दा के त्यो सम्पूर्ण रूपले नओइलाउला, अर्थात् त्यो बढ़ेकै जमिनमा ओइलाएर नजाला ?'"

**११**तब परमप्रभुको वचन मकहाँ आयो: **१२**"यस बागी घरानालाई भन्, 'यसको अर्थ के हो भनी तिमीहरू जान्दैनौ ? तिनीहरूलाई भन्: 'बेबिलोनको राजा यरूशलेममा गयो अनि त्यसका राजालाई र कुलीन व्यक्तिहरूलाई उठाइ लगेर तिनीहरूलाई बेबिलोनमा ल्याइपुऱ्यायो । **१३**त्यसपछि उसले शाही परिवारको एक सदस्यलाई लिएर उसलाई शपथमुनि राखेर ऊसित एउटा सन्धी गऱ्यो । उसले देशका अगुवाहरूलाई पनि लगेर गयो, **१४**जसमा राज्य होच्याइयोस्, अनि उसको सन्धीअनुसार मात्र बाँचोस् र फेरि उठ्न नसकोस् । **१५**तर राजाले घोड़ाहरू र ठूलो सेना ल्याउन

**१७:१२-१५**–२ राजा २४:१५-२०; २ इतिहास ३६:१०-१३.

भनी मिश्रदेशमा दूतहरू पठाएर उसको विरुद्धमा
विद्रोह गऱ्यो । के त्यो सफल हुनेछ ? यस्ता
कामहरू गर्ने त्यो के उम्कला ? के त्यसले
सन्धी तोड़ेर पनि त्यो उम्कला ?
**१६**"'म निश्चय जिएझैं, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ, त्यो बेबिलोनमा मर्नेछ,
त्यो राजाको देशमा जसले त्यसलाई सिंहासनमा
राख्यो, जसको शपथलाई त्यसले तुच्छ ठान्यो
अनि जसको सन्धी त्यसले तोड्यो । **१७**धेरै
प्राणहरू नाश गर्नलाई घेरा र मचानहरू खड़ा
गरिँदा आफ्नो ठूलो सेना र विशाल दल भएको
फिरऊन पनि त्यसको सहायताको निम्ति केही
हुनेछैन । **१८**त्यसले करार भङ्ग गरेर शपथलाई
तुच्छ ठान्यो । त्यसले आफ्नो हात भाकलमा
दिए तापनि यी सबै कामहरू गरेको कारण
त्यो उम्कनेछैन ।
**१९**"'यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: म निश्चय जिएझैं, त्यसले तुच्छ
ठानेको मेरो शपथ र त्यसले तोड़ेको करार म
त्यसकै शिरमाथि ल्याउनेछु । **२०**म त्यसको
विरुद्धमा आफ्नो जाल फिँजाउनेछु र त्यो मेरो
पासोमा पर्नेछ । म त्यसलाई बेबिलोनमा ल्याएर
त्यहाँ त्यसमाथि इन्साफ गर्नेछु, किनकि त्यो
मप्रति अविश्वासयोग्य थियो । **२१**त्यसका सबै
भाग्ने दलहरू तरवारद्वारा ढल्नेछन् र बाँचेकाहरू
बतासले उड़ाएर तितरबितर पारिनेछन् । तब
म परमप्रभु नै बोलेको हुँ भनी तिमीहरूले
जान्नेछौ ।
**२२**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
म आफै देवदारुको टुप्पोबाट एउटा टुसा लिनेछु
र त्यसलाई रोप्नेछु; म त्यसका सबैभन्दा टुप्पोको
टुसाबाट एउटा सानो कलिलो हाँगा निकालेर
त्यसलाई एउटा अग्लो अनि ठूलो पर्वतमा
रोपिदिनेछु । **२३**म त्यसलाई इस्राएलको पहाड़को
टुप्पोमा रोप्नेछु; त्यसले हाँगाहरू उत्पन्न गरेर
फल फलाएर एउटा सुन्दर देवदारु भइजानेछ ।
हरेक किसिमको चराहरूले त्यहाँ गुँड़ बनाउनेछन्,
तिनीहरूले त्यसका हाँगाहरूका छायामा आफ्ना
आश्रय पाउनेछन् । **२४**वनका सबै रूखहरूले
म परमप्रभुले अग्ला रूखहरूलाई होच्चाउने
छु अनि होँचो रूखहरूलाई अग्लो बनाउनेछु
भनी जान्नेछन् । म हरियो रूखलाई सुकाइदिन्छु
अनि सुख्खा रूखलाई सप्रन लाउँछु ।
"'म परमप्रभु बोलेको छु अनि म यो गर्ने
नै छु' ।"

### पाप गर्ने प्राण मर्नेछ

**१८** परमप्रभुको वचन मकहाँ आयो:
**२**"इस्राएलको देशको विषयमा
मानिसहरूले भनेको यस उखानको अर्थ के हो ?

"'अमिलो अङ्गुर खाने बाबु,
दाँत कुड़िने छोराछोरी !'

**३**"म निश्चय जिएझैं सर्वसत्ताधारी परमप्रभु
भन्नुहुन्छ: तिमीहरूले अब कहिल्यै इस्राएलमा
यो उखान भन्नेछैनौ । **४**किनकि हरेक जीवित
प्राणी मेरै हो, बाबु अनि छोरा, ती दुवै मेरै
हुन् । जुन प्राणीले पाप गर्छ त्यो नै मर्छ ।

**५** "मानिलिऊँ एउटा सोझो र ठीक गर्ने
धार्मिक मानिस छ ।
**६** त्यसले पहाड़को वेदीहरूमा खाँदैन
अथवा इस्राएलका घरानाका मूर्तिहरूतिर
हेर्दैन ।
त्यसले आफ्नो छिमेकीकी स्वास्नीलाई
विटुलो पार्दैन,
अथवा रजस्वला भएकी स्त्रीसित सुत्दैन ।
**७** त्यसले कसैमाथि अत्याचार गर्दैन,
तर त्यसले भाकल गरेर लिएको ऋण
फर्काइ दिन्छ ।
त्यसले डकैती गर्दैन,
तर भोकाएकाहरूलाई आफ्नो भोजन
दिन्छ,
अनि नाङ्गोहरूलाई लुगा जुटाइदिन्छ ।
**८** त्यसले व्याजमा ऋण दिँदैन
अथवा अत्यधिक व्याज लिँदैन ।
त्यसले खराबी गर्नबाट आफ्नो हात रोक्छ,

---

**१८:२**–यर्मिया ३१:२९.

अनि मानिस-मानिसको बीचमा ठीक
इन्साफ गर्छ ।
९ त्यसले मेरा आदेशहरू पालन गर्छ
अनि मेरा व्यवस्थाहरू विश्‍वासयोग्यता
साथ मान्छ ।
त्यो मानिस साँच्चै धार्मिक हो
त्यो निश्‍चय बाँच्नेछ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**१०**“मानिलिउँ, त्यसको एउटा हिंसात्मक
छोरा छ जसले रक्तपात गर्छ, यीमध्ये कुनै
अरू कुराहरू गर्छ, **११**(यद्यपि त्यसका बाबुले
त तीमध्ये कुनै पनि गर्दैन):

“त्यसले पर्वतका वेदीहरूतिर खान्छ,
त्यसले आफ्नो छिमेकीकी पत्नीलाई
बिटुलो पार्छ ।
१२ त्यसले गरीब र खाँचोमा परेकाहरूलाई
सताउँछ,
त्यसले डकैती गर्छ ।
त्यसले आफूले बन्धक राखेको कुरो
फर्काउँदैन,
त्यसले मूर्तिहरूतिर हेर्छ ।
त्यसले घिनलाग्दा कामहरू गर्छ ।
१३ त्यसले ब्याजमा पैसा दिन्छ अनि अत्यधिक
ब्याज लिन्छ ।

के यस्तो मानिस बाँच्ने छ ? त्यो बाँच्नेछैन !
त्यसले यी सबै घिनलाग्दा कामहरू गरेको
कारण त्यो निश्‍चय मारिनेछ र त्यसको रगत
त्यसको आफ्नै शिरमाथि हुनेछ ।

**१४**“तर मानिलिँऊ, त्यस छोराको एउटा
छोरा छ, जसले आफ्नो बाबुले गरेका सबै
पापहरू देख्छ, अनि त्यसले ती देखे तापनि
त्यसले ती कुराहरू गर्दैन:

१५ “त्यसले पर्वतका वेदीहरूमा खाँदैन,
अथवा इस्राएलका घरानाका मूर्तिहरूतिर
हेर्दैन ।
त्यसले आफ्नो छिमेकीकी पत्नीलाई
बिटुलो पार्दैन ।
१६ त्यसले कसैमाथि अत्याचार गर्दैन,
अथवा ऋणको निम्ति बन्धक लिँदैन ।
त्यसले डकैती गर्दैन,
तर भोकाएकालाई भोजन दिन्छ,
अनि नाङ्गाहरूलाई वस्त्र जुटाइदिन्छ ।
१७ त्यसले पापबाट आफ्नो हात रोक्छ,
अनि ब्याज लिँदैन अथवा अत्यधिक ब्याज
लिँदैन ।
त्यसले मेरा आज्ञाहरू पालन गर्छ
र मेरा आदेशहरू मान्छ ।

त्यो आफ्नो बाबुको पापको निम्ति मर्नेछैन;
त्यो निश्‍चय बाँच्नेछ । **१८**तर त्यसको बाबु
आफ्नै पापको कारण मर्नेछ, किनकि त्यसले
बलपूर्वक लियो, आफ्नो दाज्यूभाइलाई लुट्यो
र आफ्ना जातिभित्र नराम्रो काम गर्‍यो ।

**१९**“तापनि तिमीहरू ‘त्यस छोरा किन
आफ्नो बाबुको दोषको सहभागी भएन ?’
भनी सोध्छौ । त्यस छोराले जे न्यायसङ्गत र
ठीक थियो त्यो गर्‍यो, अनि मेरा आदेशहरू
होशियारीसाथ पालन गरेको कारण त्यो निश्‍चय
बाँच्नेछ । **२०**जुन प्राणीले पाप गर्छ, त्यो प्राणी
नै मर्नेछ । छोरा बाबुको दोषको भागीदार
हुँदैन, नता बाबु छोराको दोषको भागीदार
हुनेछ । धर्मीले आफ्नो धार्मिकताको फल र
दुष्टले आफ्नो दुष्टचाइँको फल पाउनेछ ।

**२१**“तर कुनै दुष्ट मानिस आफूले गरेका
सबै पापहरूबाट फर्कन्छ र त्यसले मेरा सबै
आदेशहरू पालन गर्छ अनि जे न्यायसङ्गत र
ठीक छ त्यो गर्छ भने ऊ निश्‍चय बाँच्नेछ,
त्यो मर्नेछैन । **२२**त्यसले गरेको कुनै पनि
अपराधको सम्झना त्यसको विरुद्धमा हुनेछैन ।
त्यसले गरेका धार्मिक कुराहरूको कारण त्यो
बाँच्नेछ । **२३**के म दुष्टको मृत्युमा खुशी हुन्छु ?
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । बरु
के म तिनीहरू आफ्ना चालबाट फर्केकोमा
खुशी हुन्‍न ?

---

**१८:९**–लेवी १८:५. **१८:२०**–व्यवस्था २४:१६.

**२४**“तर एउटा धार्मिक मानिस आफ्नो धार्मिकताबाट फेरि फर्केर पाप गर्छ र दुष्ट मानिसले गर्ने त्यही घिनलाग्दा कामहरू गर्छ भने, के त्यो बाँच्नेछ ? त्यसले गरेको कुनै धार्मिक कामहरूको सम्झना हुनेछैन । त्यसले गरेका अविश्वासीपनको दोषको कारण र त्यसले गरेका पापहरूको कारण, त्यो मर्नेछ ।

**२५**“तापनि तिमीहरू ‘परमप्रभुको मार्ग न्यायसङ्गत छैन’ भनी भन्छौ । हे इस्राएलका घराना सुन: के मेरो मार्ग न्यायसङ्गत छैन ? के तिमीहरूकै चालहरू बेठीक होइनन् ? **२६**कुनै धार्मिक मानिसले आफ्नो धार्मिकताबाट फर्केर पाप गर्छ भने त्यसको निम्ति त्यो मर्नेछ; त्यसले गरेको पापको कारण त्यो मर्नेछ । **२७**तर एउटा दुष्ट मानिसले आफूले गरेका दुष्टताबाट फर्केर जे न्यायसङ्गत र ठीक छ त्यो गर्छ भने त्यसले आफ्नो प्राण बचाउनेछ । **२८**त्यसले आफूले गरेका सबै अपराधहरू विचार गरेर तीबाट फर्केको कारण, त्यो निश्चय बाँच्नेछ; त्यो मर्नेछैन । **२९**तापनि इस्राएलका घरानाले ‘परमप्रभुको मार्ग न्यायसङ्गत छैन’ भन्छ । हे इस्राएलका घराना, के मेरा मार्गहरू न्यायसङ्गत छैनन् ? के तिमीहरूकै मार्गहरू अन्यायसङ्गत होइनन् र ?

**३०**“यसकारण, हे इस्राएलका घराना, म हरेकलाई तिमीहरूका आफ्नै चालहरूअनुसार इन्साफ गर्नेछु, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । पश्चाताप गर ! तिमीहरूका सबै अपराधहरूबाट फर्क; तब पाप तिमीहरूको पतनको कारण हुनेछैन । **३१**तिमीहरूले गरेका सबै अपराधहरूबाट आफैलाई मुक्त गर, अनि नयाँ हृदय र नयाँ आत्मा पाऊ । हे इस्राएलका घराना, तिमीहरू किन मर्छौ ? **३२**किनकि कसैको मृत्यमा म प्रसन्न हुन्न, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । पश्चाताप गर अनि बाँच !

### इस्राएलका राजकुमारहरूको निम्ति विलाप

**१९** “इस्राएलका राजकुमारहरूको निम्ति एउटा विलाप लिएर **२**भन्:

“‘सिंहहरूमध्ये तेरी आमा कस्ती सिंहिनी
थिई !
त्यो जवान सिंहहरूसित ढल्केर आफ्ना
डमरूहरूलाई हुर्काउँथी ।
३ त्यसले आफ्ना डमरूहरूमध्ये एउटालाई
हुर्काई,
अनि त्यो एउटा बलियो सिंह भयो ।
त्यसले शिकारलाई फहराउन जान्यो,
अनि त्यसले मानिसहरूलाई खायो ।
४ जाति-जातिहरूले त्यसको विषयमा सुने,
अनि त्यो तिनीहरूको खाड़लमा पऱ्यो ।
तिनीहरूले त्यसलाई अङ्कुसेले तानेर
मिश्रदेशमा लगे ।

५ “‘जब त्यस सिंहिनीले आफ्नो आशा
पूरा नभएको,
आफ्नो अपेक्षा विलीन भएको देखी,
त्यसले आफ्नो डमरूहरूमध्ये अर्को
एउटालाई लिई अनि त्यसलाई एउटा
बलियो सिंह बनाई ।
६ त्यो सिंहहरूको बीचमा शिकारको
खोजीमा यताउता हिँड्यो
किनकि अब त्यो एउटा बलियो सिंह
भएको थियो ।
त्यसले शिकारलाई फहराउन जान्यो
अनि त्यसले मानिसहरूलाई खायो ।
७ त्यसले तिनीहरूका किल्लाहरू
भत्काइदियो,
अनि तिनीहरूका शहरहरू ध्वंश
पारिदियो ।
देश र त्यसमा भएका सबै जना
त्यसको गर्जनले आतङ्कित भए ।
८ तब त्यसको विरुद्धमा चरैतिर भएका
जातिहरू आए ।
तिनीहरूले त्यसको निम्ति आफ्ना जाल
फिँजाए,
अनि त्यो तिनीहरूको खाड़लमा पऱ्यो ।
९ तिनीहरूले त्यसलाई अङ्कुसेहरूले तानेर
खोरमा हाले
अनि त्यसलाई बेबिलोनको राजाकहाँ
ल्याए ।

तिनीहरूले त्यसलाई झ्यालखानामा हाले,
अनि त्यसको गर्जन इस्राएलका
पहाड़हरूमा फेरि सुनिएन ।
१० “‘तेरी आमा पानीको छेउमा रोपिएको
तेरो दाखवारीको दाखलता जस्तै थिई;
पानी प्रशस्त भएकोले ऊ फलदायक र
हाँगाले पूर्ण भएकी थिई ।
११ त्यसका हाँगाहरू बलिया
अनि शासकको राजदण्डको योग्य थिए ।
हरियो पातहरूमाथि त्यो अग्लो भएर गयो,
त्यो आफ्नो उँचाइको र धेरै हाँगाहरूको
कारण स्पष्ट गरी देखिने भयो ।
१२ तर त्यो रीसमा उखेलियो र भूइँमा
फालियो ।
पूर्वीय बतासले त्यसलाई ओइलाइदियो,
त्यसका फलहरू सबै झरिगए;
त्यसका बलिया हाँगाहरू ओइलाई गए
अनि आगोले ती डढ़ाइदियो ।
१३ अब त त्यो मरुभूमिमा,
सुख्खा र पानीविनाको ठाउँमा रोपिएको
छ ।
१४ यसका मुख्य हाँगाहरूमध्ये एउटाबाट
आगो फैलिएर त्यसका फलहरूलाई
डढ़ाइदियो ।
शासकको राजदण्डको योग्य,
कुनै बलियो हाँगा पनि त्यसमा छोड़िएको
छैन ।’

यो एक विलाप हो र यसलाई विलापकै रूपमा
प्रयोग हुनुपर्छ ।”

### विद्रोही इस्राएल

२० सातौँ वर्षको पाँचौँ महिनाको दशौँ
दिन इस्राएलका केही धर्म-गुरुहरू
परमप्रभुकहाँ सल्लाह लिन आए र तिनीहरू
मेरो सामुन्ने बसे ।
२तब परमप्रभुको वचन मकहाँ आयो: ३“हे
मानिसको पुत्र, इस्राएलका धर्म-गुरुसित कुरा
गर् अनि तिनीहरूलाई भन्, ‘सर्वसत्ताधारी
परमप्रभु यसो भन्नुहुन्छ: के तिमीहरू मसित
सल्लाह लिन आएका हौ ? म निश्चय जिएझैँ,
म तिमीहरूलाई मसित सल्लाह लिन दिनेछैनँ,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।’”
४“के तँ तिनीहरूको इन्साफ गर्नेछस् ?
हे मानिसको पुत्र के तँ तिनीहरूको इन्साफ
गर्नेछस् ? त्यसो भए, तिनीहरूलाई तिनीहरूका
पिता-पुर्खाहरूका घिनलाग्दा कामहरू सीधै बताइदे,
५अनि तिनीहरूलाई भन्, ‘सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ: मैले इस्राएललाई छानेको दिन
मैले आफ्नो हात उचालेर याकूबको घरानाका
सन्तानसित शपथ खाएँ र मिश्रदेशमा मैले
आफैलाई तिनीहरूकहाँ प्रकट गरें । उचालिएको
हात लिएर मैले तिनीहरूलाई भनें, “म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ ।” ६त्यस दिन मैले
म तिनीहरूलाई मिश्रदेशबाट बाहिर ल्याएर
मैले तिनीहरूको निम्ति खोजेको देशमा, अर्थात्
दूध र मह बग्ने देशमा, सबै देशहरूमध्ये
सुन्दर देशमा ल्याउनेछु भनेर शपथ खाएँ ।
७अनि मैले तिनीहरूलाई भनें, “तिमीहरू
हरेकले आफ्ना आखाँ गाड़ेका ती नीच
मूर्तिहरू त्यागिदेऊ र आफैलाई मिश्रदेशका
मूर्तिहरूद्वारा बिटुलो नपार । म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ ।”
८“‘तर तिनीहरूले मेरो विरुद्धमा विद्रोह
गरे र मेरा कुरा सुनेननू; तिनीहरूले आफ्ना
आखाँ गाड़ेका ती नीच मूर्तिहरू त्यागेनन्, नता
तिनीहरूले मिश्रदेशका मूर्तिहरू नै त्यागे ।
यसकारण मैले भनें कि म तिनीहरूमाथि आफ्नो
क्रोध खन्याउनेछु र मिश्रदेशमा तिनीहरूमाथि
आफ्नो रीस खर्च गर्नेछु । ९तर मेरो नाउँको
खातिर तिनीहरू बसोबासो गरेका जातिहरूको
दृष्टिमा अनि जसको दृष्टिमा मैले तिनीहरूलाई
मिश्रदेशबाट बाहिर निकाली ल्याएर मैले
इस्राएलीहरूको सामु आफैलाई प्रकट गरें, आफ्नो
नाउँ अपवित्र हुन नदिने काम मैले गरें ।
१०यसकारण मैले तिनीहरूलाई मिश्रदेशबाट

**२०:५-६**–प्रस्थान ६:२-८.

निकालेर उजाड़-स्थानमा ल्याएँ । **११**मैले
तिनीहरूलाई मेरा आदेशहरू दिएँ अनि
तिनीहरूलाई मेरा व्यवस्थाहरू जान्न दिएँ, किनकि
ती पालन गर्ने मानिस तीद्वारै जिउनेछ ।
**१२**तिनीहरूलाई मैले आफ्ना विश्राम-दिनहरू
हाम्रो बीचमा चिन्हस्वरुप दिएँ र तिनीहरूले
म परमप्रभुले तिनीहरूलाई पवित्र पारें भनी
जानून् ।

**१३**"'तापनि इस्राएलका मानिसहरूले उजाड़-
स्थानमा मेरो विरुद्धमा विद्रोह गरे । तिनीहरू
मेरा उर्दीहरूमा चलेनन्, तर तिनीहरूले मेरा
नियमहरूलाई इन्कार गरे, यद्यपि ती पालन
गर्ने मानिस तिनैबाट बाँच्नेछ– अनि तिनीहरूले
मेरा विश्राम-दिनहरूलाई साह्रै अपवित्र पारे ।
यसकारण तिनीहरूमाथि म आफ्नो क्रोध
खन्याउनेछु र तिनीहरूलाई उजाड़-स्थानमा नष्ट
गर्नेछु भनेर मैले भनें । **१४**तर जुन जातिहरूको
दृष्टिमा मैले तिनीहरूलाई निकालेर ल्याएँ,
तिनीहरूको दृष्टिमा मेरो नाउँको निन्दा नहोस्
भनेर आफ्नै नाउँको खातिर मैले जे गर्छु भनेको
थिएँ त्यही गरें । **१५**मैले तिनीहरूलाई दिएको
देश, अर्थात् दूध र मह बग्ने सबैभन्दा सुन्दर
देशमा म तिनीहरूलाई ल्याउनेछैनँ भनेर मैले
उचालिएको हात लिएर तिनीहरूसित शपथ पनि
खाएँ, **१६**किनकि तिनीहरूले मेरा व्यवस्थाहरू
त्यागिदिए र मेरा आदेशहरू पालन गरेनन् अनि
मेरा विश्राम-दिनहरू अपवित्र पारे । किनकि
तिनीहरूका हृदय त आफ्ना मूर्तिहरूतिरै
थिए । **१७**तापनि मैले तिनीहरूलाई दयाको
दृष्टिले हेरें र तिनीहरूलाई नाश गरिनँ
अथवा तिनीहरूलाई उजाड़-स्थानमा समाप्त
गरिनँ । **१८**मैले उजाड़-स्थानमा तिनीहरूका
बालबच्चाहरूलाई भनें, "तिमीहरूका पिता-
पुर्खाहरूका नियमहरूअनुसार नहिँड अथवा
तिनीहरूका नियमहरू पालन नगर अथवा
तिनीहरूका मूर्तिहरूद्वारा आफैलाई बिटुलो
नपार । **१९**म परमप्रभु तिमीहरूका परमेश्वर
हुँ; मेरा आदेशहरू पालन गर अनि मेरा
नियमहरू मान्न होशियार होओ । **२०**मेरा
विश्राम-दिनहरू पवित्र राख, कि ती हाम्रो
बीचमा एउटा चिन्ह होस् । तब म नै परमप्रभु
तिमीहरूका परमेश्वर हुँ भनी तिमीहरूले
जान्नेछौ ।"

**२१**"'तर ती छोराछोरीहरूले मेरो विरुद्धमा
विद्रोह गरे । तिनीहरूले मेरा आदेशहरू पालन
गरेनन्, तिनीहरू मेरा नियमहरू पालन गर्न
होशियार भएनन्– यद्यपि ती पालन गर्ने मानिस
तीद्वारै जिउनेछन्– अनि तिनीहरूले मेरा
विश्राम-दिनहरूलाई अपवित्र पारे । यसकारण
म तिनीहरूमाथि आफ्नो क्रोध खन्याउनेछु र
उजाड़-स्थानमा म आफ्नो रीस तिनीहरूको
विरुद्धमा खर्च गर्नेछु भनेर मैले भनें, **२२**तर
मैले आफ्नो हातलाई रोकें अनि आफ्नो नाउँको
खातिर जुन जातिहरूले देख्ने गरी मैले
तिनीहरूलाई निकालिल्याएँ तिनीहरूकै दृष्टिमा
मेरो नाउँको निन्दा नहोस् भनेर मैले गर्छु
भनेको कुरा गरें । **२३**म तिनीहरूलाई जातिहरूको
बीचमा तितरबितर पारिदिनेछु र तिनीहरूलाई
देशभरि छरिदिनेछु भनेर मैले उचालिएको
हातसित तिनीहरूकहाँ शपथ पनि खाएँ,
**२४**किनकि तिनीहरूले मेरा नियमहरू पालन
गरेका थिएनन् अनि मेरा आदेशहरू लत्त्याएका
थिए र मेरा विश्राम-दिनहरू अपवित्र पारेका
थिए, अनि तिनीहरूले आफ्ना आँखा तिनीहरूका
पिता-पुर्खाहरूका मूर्तिहरूमा गाड़ेका थिए ।
**२५**मैले तिनीहरूलाई यस्ता धार्मिक विधिहरूतिर
छोड़िदिएँ जो असल थिएनन् र यस्ता नियमहरू
जसद्वारा तिनीहरू जिउन सक्दैनथे । **२६**मैले
तिनीहरूलाई तिनीहरूका उपहारहरू, अर्थात्
प्रत्येक पहिला जन्मेकाहरूको बलिदानहरूद्वारा
बिटुलो हुन दिएँ, कि तिनीहरू आतङ्कले
भरिऊन् र म नै परमप्रभु हुँ भनी तिनीहरूले
जानून् ।'

**२७**"यसकारण, हे मानिसको पुत्र, इस्राएलका
मानिसहरूसित कुरा गर् अनि तिनीहरूलाई
भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः

---

**२०:११,१३**–लेवी १८:५. **२०:१२**–प्रस्थान ३१:१३-१७. **२०:१५**–गन्ती १४:२६-३५. **२०:२३**–लेवी २६:३३.

यसमा पनि तिमीहरूका पिता-पुर्खाहरूले मलाई
त्यागेर मेरो निन्दा गरे । **२८**मैले तिनीहरूलाई
दिनेछु भनी प्रतिज्ञा गरेको देशमा मैले
तिनीहरूलाई ल्याएपछि तिनीहरूले कुनै अग्लो
डाँठ अथवा कुनै झ्याम्म परेको रूख देख्दा,
त्यहाँ तिनीहरूले आफ्ना बलिदानहरू चढ़ाए,
मलाई रीस उठ्ने भेटीहरू चढ़ाए, तिनीहरूका
सुगन्धित धूप चढ़ाए र तिनीहरूका अर्घबलिहरू
चढ़ाए । **२९**तब मैले तिनीहरूलाई भनें: तिमीहरू
गएको यो अग्लो स्थान के हो ?' (यसलाई
आजको दिनसम्मै बामा भनिन्छ) ।"

### इन्साफ र पुनर्स्थापन

**३०**"यसकारण इस्राएलका घरानालाई भन्:
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: के
तिमीहरू आफ्ना पिता-पुर्खाहरूले झैं आफैलाई
अपवित्र पार्छौ र तिनीहरूका नीच आकृतिहरूको
चाहना गर्छौ ? **३१**जब तिमीहरूले आफ्ना
छोराहरूलाई उपहार स्वरूप आगोमा बलि
चढ़ाउँछौ, तब तिमीहरूले आजको दिनसम्मै
आफ्ना मूर्तिहरूद्वारा आफैलाई अशुद्ध पारिरहेका
छौ । हे इस्राएलका घराना, के मैले तिमीहरूलाई
मसित सल्लाह लिन दिनु र ? म निश्चय
जिएझैं, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ,
तिमीहरू मलाई सोधपूछ गर्न पाउनेछैनौ ।
**३२**"'तिमीहरू भन्छौ, "हामीहरू ती
जातिहरूझैं, संसारका मानिसहरूझैं हुन चाहन्छौं,
जुनहरूले काठ र ढुङ्गाका सेवा गर्छन् ।" तर
तिमीहरूका मनमा भएका कुरा कहिल्यै पूरा
हुनेछैन । **३३**म निश्चय जिएझैं, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ, म तिमीहरूमाथि
शक्तिशाली हातले, अनि पसारिएको बाहुले र
खन्याइएको क्रोधसित शासन गर्नेछु । **३४**म
तिमीहरूलाई शक्तिशाली हात र पसारिएको
पाखुराद्वारा क्रोध खन्याउँदै जाति-जातिहरूका
बीचबाट निकालेर ल्याउनेछु र तिमीहरू
छरपष्ट भएका देशहरूबाट म तिमीहरूलाई
भेला गर्नेछु । **३५**म तिमीहरूलाई जाति-
जातिहरूको मरुभूमिमा ल्याउनेछु र त्यहाँ म
आमुन्नेसामुन्ने तिमीहरूमाथि इन्साफ गर्नेछु ।
**३६**जसरी मैले मिश्रदेशको मरुभूमिमा तिमीहरूका
पिता-पुर्खाहरूको इन्साफ गरें, त्यसरी नै
म तिमीहरूको इन्साफ गर्नेछु, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ । **३७**तिमीहरू मेरो
टांगोमुनि छिर्दा म तिमीहरूलाई हेर्नेछु अनि म
तिमीहरूलाई करारको बन्धनमा ल्याउनेछु ।
**३८**म तिमीहरूलाई मेरो विरोध गर्नेहरू र
मेरो विरुद्धमा विद्रोह गर्नेहरूबाट अलग गर्नेछु ।
तिनीहरू बसिरहेका देशबाट तिनीहरूलाई मैले
ल्याउने भए तापनि, तिनीहरू इस्राएलको देशमा
प्रवेश गर्न पाउनेछैनन् । तब म नै परमप्रभु हुँ
भनी तिमीहरूले जान्नेछौ ।
**३९**"'हे इस्राएलको घराना, तिमीहरूको
विषयमा, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
जाओ अनि तिमीहरू हरेकले आफ्ना मूर्तिहरूको
सेवा गर ! तर पछिबाट तिमीहरूले निश्चय
मेरा कुरा सुन्नेछौ अनि मेरो पवित्र नाउँलाई
तिमीहरूका उपहारहरू र मूर्तिहरूद्वारा कहिल्यै
निन्दित पार्नेछैनौ । **४०**किनकि मेरो पवित्र पर्वतमा,
इस्राएलको अग्लो पर्वतमा, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ, त्यस देशमा इस्राएलका
सारा घरानाले मेरो सेवा गर्नेछन् र त्यहाँ म
तिनीहरूलाई ग्रहण गर्नेछु । त्यहाँ मलाई
तिमीहरूका सर्वोत्तम उपहारहरू अनि तिमीहरूका
सबै बलिदानहरूको दरकार पर्नेछ । **४१**मैले
तिमीहरूलाई जाति-जातिहरूबाट निकालेर
ल्याएपछि अनि तिमीहरू छरिएका देशहरूबाट
भेला गराएपछि म तिमीहरूलाई सुगन्धित धूपझैं
ग्रहण गर्नेछु र जाति-जातिहरूको दृष्टिमा म
तिमीहरूका बीचमा आफैलाई पवित्र देखाउनेछु ।
**४२**तब मैले तिमीहरूका पिता-पुर्खाहरूलाई
दिनेछु भनी हात उठाएर शपथ खाएको
इस्राएलको देशमा ल्याएपछि तिमीहरूले म नै
परमप्रभु हुँ भनी जान्नेछौ । **४३**त्यहाँ तिमीहरूले
आफ्ना चाल अनि तिमीहरूले आफैलाई अशुद्ध
पारेका सबै कामहरू सम्झनेछौ र तिमीहरू
आफूले गरेका सबै दुष्ट कामहरूको निम्ति
आफैं घिनाउनेछौ । **४४**हे इस्राएलका घराना,
मैले तिमीहरूसित तिमीहरूका दुष्ट चालहरू
र तिमीहरूका भ्रष्ट कामहरूअनुसार होइन, तर

मेरो नाउँको खातिर व्यवहार गरेपछि तिमीहरूले
म नै परमप्रभु हुँ भनी जान्नेछौ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ' ।"

### दक्षिणको विरुद्धमा अगमवाणी

**४५**परमप्रभुको वचन मकहाँ आयो: **४६**"हे
मानिसको पुत्र, तेरो अनुहार दक्षिणतिर
पार्; दक्षिणको विरुद्धमा प्रचार गर् र दक्षिण
देशको वनको विरुद्धमा अगमवाणी गर् ।
**४७**दक्षिणको वनलाई भन्, 'परमप्रभुको वचन सुन्:
सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: मैले तँलाई
आगो लगाउन आँटेको छु, अनि यसले तेरा
हरियो र सुख्खा सबै रूखहरूलाई भष्म पार्नेछ ।
दन्केको ज्वाला निभ्नेछैन र दक्षिणबाट उत्तरसम्मका
प्रत्येक अनुहार यसद्वारा झोसिनेछ । **४८**यो म
परमप्रभुले नै सल्काएको हुँ भनी हरेकले जान्नेछ;
यो निभ्नेछैन' ।"

**४९**तब मैले भनें, "हे, सर्वसत्ताधारी
परमप्रभु ! तिनीहरूले मलाई 'यसले उखान
मात्र भनेको होइन ?'" भनेर भन्दैछन् ।

### बेबिलोन, परमेश्वरको न्यायको तरवार

**२१** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे
मानिसको पुत्र, तेरो अनुहार यरूशलेमको
विरुद्धमा पार् अनि पवित्रस्थानको विरुद्धमा प्रचार
गर् । इस्राएलको देशको विरुद्धमा प्रचार गर्,
**३**अनि त्यसलाई भन्: 'परमप्रभु यसो भन्नुहुन्छ:
म तेरो विरुद्धमा छु । म म्यानबाट तरवार
झिक्नेछु अनि तँबाट धर्मी र दुष्ट दुवैलाई
नाश गर्नेछु । **४**मैले धर्मी र दुष्ट दुवैलाई नाश
गर्न लागेको कारण, मेरो तरवार दक्षिणदेखि
उत्तरसम्मै हरेकको विरुद्धमा म्यान बाहिरै
रहनेछ । **५**यसकारण म परमप्रभुले म्यानबाट
आफ्नो तरवार निकालेको छु भनी सबै
मानिसहरूले जान्नेछन्; र त्यो फेरि फर्कने
छैन ।'

**६**"यसकारण, हे मानिसको पुत्र, सुस्केरा
हाल् ! तिनीहरूको सामुन्ने तोड़िएको हृदय र
नमीठो दु:ख लिएर सुस्केरा हाल् । **७**अनि
तिनीहरूले तँलाई 'तिमी किन सुस्केरा
हालिरहेछौ ?' भनी सोधे भने भन्, 'आउँदै
गरेको खबरको कारण । प्रत्येक हृदय बिलिजाने
छ अनि प्रत्येक हात लुलो भइजानेछ;
प्रत्येक प्राण मुर्छा पर्नेछ र प्रत्येक घुँड़ा पानीझैं
कमजोर भइजाने छ ।' यो आइरहेको छ ! यो
निश्चय घट्नेछ, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ ।"

**८**परमप्रभुको वचन मकहाँ आयो: **९**"हे
मानिसको पुत्र, अगमवाणी गरेर भन्,

'परमप्रभु यसो भन्नुहुन्छ:
"'एउटा तरवार, एउटा तरवार
उध्याइएको अनि टल्काइएको–
**१०** काटमारको निम्ति उध्याइएको !
विजुलीझैं चम्काउनलाई टल्काइएको !

"'के हामी मेरो छोरा यहूदाको राजदण्डमा
खुशी हुनु ? तरवारले यस्तो प्रत्येक लाठीलाई
तुच्छ ठान्छ ।

**११** "'तरवार टल्काइनको निम्ति
हातले पक्रिनको लागि नियुक्त भएको हुन्छ;
यो उध्याइएको छ र टल्काइएको छ,
मार्नेको हातको निम्ति तयार गरिएको
छ ।
**१२** हे मानिसको पुत्र, साह्रो गरी करा अनि
विलाप गर्,
किनकि यो मेरो प्रजाको विरुद्धमा छ;
यो इस्राएलका सबै राजकुमारहरूको
विरुद्धमा छ ।
तिनीहरू मेरा मानिसहरूसितै तरवारकहाँ
फ्याँकिएका छन् ।
यसकारण तेरो छाती पिट् ।

**१३**"'जाँच निश्चय आउनेछ । अनि
तरवारले तुच्छ ठानेको यहूदाको राजदण्ड
अड़िरहेन भने ? सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ ।'

**१४** "यसकारण अब हे मानिसको पुत्र,
अगमवाणी गर्,
अनि ताली बजा ।
तरवारले दुईपल्ट प्रहार गरोस् अँ,

तीनपल्ट पनि ।
चारैतिरबाट तिनीहरूको नजीक आइरहेको
यो काटमारको निम्ति तरवार हो–
ठूलो काटमारको निम्ति एउटा तरवार ।
**१५** हृदयहरू बिलिजाऊन्,
अनि ढलेकाहरू धेरै होऊन् भनेर
मैले तिनीहरूका सबै मूलढोकाहरूमा
काटमारको निम्ति तरवार खटाएको छु ।
ओह ! यसलाई बिजुलीझैँ चम्काउनलाई
टल्काइएको छ;
यसलाई काटमारको निम्ति पक्रिएको
छ ।
**१६** ए तरवार, दाहिनेतिर टुक्रया, त्यसपछि
देब्रेतिर जतातिर तेरो धार जान्छ
उतैतिर ।
**१७** म पनि ताली बजाउनेछु,
अनि मेरो क्रोध मर्नेछ, म परमप्रभु बोलेको
छु ।"

**१८**परमप्रभुको वचन मकहाँ आयो: **१९**"हे
मानिसको पुत्र, बेबिलोनको राजाको तरवारले
लिनुपर्ने दुईओटा बाटोहरूमा चिन्ह लगा, दुवै
एउटै देशबाट शुरु भएका होऊन् । एउटा
चिन्हको खामा बना जहाँ त्यो बाटो छुट्टिएर
शहरतिर जान्छ । **२०**अम्मोनीहरूको रब्बाको
विरुद्धमा आउने तरवारको निम्ति एउटा बाटोमा
चिन्ह लगा अनि अर्कोमा यहूदा र सुरक्षित
यरूशलेमको विरुद्धमा । **२१**किनकि बेबिलोनको
राजा जोखना हेर्नलाई दोबाटोमा अनि बाटोको
दोभानमा अडिनेछ । त्यसले काँड़द्वारा गोला
हाल्नेछ, त्यसले आफ्ना मूर्तिहरूसित सल्लाह
लिनेछ, त्यसले कलेजोको जाँच गर्नेछ । **२२**त्यसको
दाहिने हातमा यरूशलेम आउनेछ जहाँ त्यसले
पर्खाल भत्काउने मूढ़ाहरू राख्नुपर्छ, काटमार
गर्ने हुकुम दिनुपर्छ, युद्धको आवाज सुनाउनुपर्छ,
मूलढोकाहरूको विरुद्धमा भत्काउने मूढ़ाहरू
राख्नुपर्छ र घेरा मचान बनाउनुपर्छ । **२३**त्यससित
मित्रताको शपथ खानेहरूको निम्ति त त्यो
झूटा जोखनाजस्तो लाग्छ तर त्यसले तिनीहरूलाई
तिनीहरूका दोष देखाइदिएर तिनीहरूलाई कैद
गरेर लानेछ ।

**२४**"यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: 'तिमीहरूले गरेका सबै कामहरूमा
भएका पापहरू प्रकट गर्दै तिमीहरूले आफ्ना
खुल्ला विद्रोहद्वारा तिमीहरूका दोषको सम्झना
गराइदिएको कारण, तिमीहरूले यसो गरेको
कारण तिमीहरू कैदमा जानेछौ ।

**२५**"'हे इस्राएलको अपवित्र र दुष्ट
राजकुमार, जसको दिन आइपुगेको छ,
जसको दण्डको दिन चरमसीमामा पुगेको छ,
**२६**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: फेटा
उतार्, मुकुट हटाइदे । जस्तो थियो त्यसो
हुनेछैन । नम्रहरू सम्मानित् हुनेछन् अनि
सम्मानितहरू होच्याइनेछन् । **२७**ध्वंस ! ध्वंस !
म यसलाई एउटा ध्वंसावशेष बनाइदिनेछु !
यो वैध रूपमा जसको हो ऊ नआएसम्म यो
फेरि बनिनेछैन; म उसैलाई यो दिनेछु ।'

**२८**"अनि हे मानिसको पुत्र, तैंले अगमवाणी
गरेर भन्, 'अम्मोनीहरू र तिनीहरूका अपमानको
विषयमा सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

"एउटा तरवार, एउटा तरवार,
काटमारको निम्ति निकालिएको,
निल्नलाई टल्काइएको अनि बिजुलीझैँ
चम्कनलाई !
**२९** तेरो विषयमा भएको झूटा दर्शन भए तापनि
अनि तेरो विषयमा झूटा जोखना भए तापनि
यो मारिनु पर्ने दुष्टहरूको घिच्रोमा
राखिनेछ,
जसको दिन आइपुगेको छ,
जसको दण्डको समय चरमसीमामा
पुगेको छ ।
**३०** तरवारलाई त्यसको म्यानमा हालिदे ।
तँ सृष्टि गरिएकै ठाउँमा तेरो पिता-
पुर्खाहरूको देशमा
म तेरो इन्साफ गर्नेछु ।

---

**२१:२८–३२**–यर्मिया ४९:१-६; इजकिएल २५:१-७; आमोस १:३-१५; सपन्याह २:८-११.

**३१** म आफ्नो क्रोध तँमाथि खन्याउनेछु,
अनि मेरो रीसको आगो तेरो विरुद्धमा
निकाल्नेछु;
म तँलाई नाश गर्न सिपालु, क्रूर
मानिसहरूकहाँ सुम्पनेछु ।
**३२** तँ आगोमा दाउराझैँ हुनेछस्,
तेरो रगत तेरो देशमा बगाइनेछ,
तँ कहिल्यै सम्झनामा आउनेछैनस्;
किनकि म परमप्रभु बोलेको छु ।'"

### यरूशलेमको पाप

**२२** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे
मानिसको पुत्र, के तँ त्यसको इन्साफ
गर्नेछस् ? के तँ रक्तपातको शहरको इन्साफ
गर्नेछस् ? त्यसो भए त्यसका घिनलाग्दा
कामहरूको साथ त्यसको सामना गर् र
जनाइदे, **३**अनि भन्: 'सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ: हे शहर जसले आफ्नो बीचमा
रक्तपात गरेर आफैमाथि सर्वनाश ल्याउँछे अनि
मूर्तिहरू बनाएर आफैलाई बिटुलो पार्छे । **४**तैंले
रक्तपात गरेको कारण तँ दोषी भएकी छेस्,
अनि तैंले मूर्तिहरू बनाएको कारण तँ
बिटुलिएकी छेस् । तैंले आफ्ना दिनहरूको अन्त
ल्याएकी छेस् र तेरा वर्षहरूको अन्त आइपुगेको
छ । यसकारण जातिहरूको निम्ति म तँलाई
गिल्लाको पात्र अनि सबै देशहरूको निम्ति
एउटा हाँसोको पात्र बनाउनेछु । **५**हे कुख्यात
शहर, गड़बढ़ीले भरिएकी, तेरा नजीक
भएकाहरू अनि टाढ़ामा भएकाहरूले तँलाई
खिसी गर्नेछन् ।

**६**"'हेर् त तँमा भएका इस्राएलका हरेक
राजकुमारहरूले कसरी आफ्नो शक्ति रगत
बगाउनमा प्रयोग गर्छन् । **७**तँमा तिनीहरूले
आफ्ना बाबु र आमाको घृणा गरेका छन्;
तँमा तिनीहरूले परदेशीमाथि अत्याचार गरेका
छन् अनि अनाथ र विधवाहरूसित दुर्व्यवहार
गरेका छन् । **८**तैंले मेरा पवित्र कुराहरूलाई
तुच्छ ठानेकी छेस् अनि मेरा विश्राम-दिनहरूलाई
अपवित्र पारेकी छेस् । **९**तँमा रक्तपात गर्न
रुचाउने लुच्चा मानिसहरू छन्; तँमा पर्वतका
देव-मन्दिरहरूमा खाने र कामुक काम गर्ने
मानिसहरू छन् । **१०**तँमा आफ्ना बाबुहरूको
ओछ्यानको अनादर गर्नेहरू छन्; तँमा ती
मानिसहरू छन् जुनहरूले रजस्वलाको अवस्थामा
र विधिपूर्वक अशुद्ध अवस्थामा रहेकी
स्त्रीहरूसित यौन सम्पर्क राख्छन् । **११**तँमा
एउटा मानिसले आफ्नो छिमेकीकी स्वास्नीसित
घिनलाग्दो काम गर्छ, अर्कोले आफ्नी बुहारीलाई
शर्मपूर्वक अशुद्ध पार्छ, अनि अर्कोले आफ्नी
बहिनी, आफ्नै बाबुकी छोरीसित यौन सम्पर्क
राख्छ । **१२**तँमा मानिसहरूले रक्तपात गर्न घूस
लिन्छन्; तैंले ब्याज लिन्छेस् अनि त्यो अति
धेरै लिन्छेस् र आफ्नो छिमेकीबाट बलपूर्वक
लिएर अन्यायपूर्ण लाभ गर्छेस् । अनि तैंले मलाई
भुलेकी छस्, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।

**१३**"'तैंले अन्यायपूर्ण लाभ गरेकीमा अनि
आफ्नो बीचमा तैंले रक्तपात गरेकीमा म निश्चय
हात ठटाउनेछु । **१४**के मैले तेरो न्याय गरेको
दिन तेरो साहस स्थिर रहला अथवा तेरा हातहरू
दह्रिलै रहलान् ? म परमप्रभु बोलेको छु अनि
म यो गर्ने नै छु । **१५**म तँलाई जातिहरूको
बीचमा तितरबितर पारिदिनेछु अनि तँलाई
देशहरूभरि छरिदिनेछु; र म तेरो अशुद्धताको
अन्त गरिदिनेछु । **१६**तँ जातिहरूको दृष्टिमा
बिटुलो पारिएपछि तैंले म नै परमप्रभु हुँ भनी
जान्नेछस्' ।"

**१७**तब परमप्रभुको वचन मकहाँ आयो:
**१८**"हे मानिसको पुत्र, इस्राएलको घराना मेरो
निम्ति खारझैँ भएको छ; तिनीहरू सबै भट्टीभित्र
छोड़िएका तामा, टिन, फलाम र सीसा हुन् ।
तिनीहरू त चाँदीका खार मात्र हुन् ।
**१९**यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: 'तिमीहरू सबै खार भएका हुनाले म
तिमीहरूलाई यरूशलेममा भेला गराउनेछु ।

---

**२२:७**–प्रस्थान २०:१२; २२:२१-२२; व्यवस्था ५:१६; २४:१७. **२२:८**–लेवी १९:३०; २६:२.
**२२:१०-११**–लेवी १८:७-२०. **२२:१२** –प्रस्थान २२:२५; २३:८; लेवी २५:३६-३७; व्यवस्था १६:१९; २३:१९.

२०मानिसहरूले भट्टीभित्र दन्केको ज्वालाले
बिलाउनलाई चाँदी, तामा, फलाम, सिसा
र टिन बटुलेझैँ म तिमीहरूलाई आफ्नो रीस
र आफ्नो क्रोधमा भेला गराएर तिमीहरूलाई
शहरभित्र हालेर पगाल्नेछु । २१म तिमीहरूलाई
भेला गराउनेछु अनि आफ्नो अग्निपूर्ण क्रोध
तिमीहरूमाथि फुकिदिनेछु र तिमीहरू त्यसभित्र
पग्लिनेछौ । २२जसरी चाँदी भट्टीभित्र पग्लिन्छ,
त्यसरी नै तिमीहरू त्यसभित्र पग्लिनेछौ अनि
म परमप्रभुले आफ्नो क्रोध तिमीहरूमाथि
खन्याएको छु भनी तिमीहरूले जान्नेछौ' ।"
२३परमप्रभुको वचन फेरि मकहाँ आयो:
२४"हे मानिसको पुत्र, देशलाई भन्, 'तिमीहरू
त्यो देश हौ, जसमा क्रोधको दिनमा पानी
परेन अथवा झरी वर्षेन ।' २५त्यसमा भएका
राजकुमारहरूको बीचमा गर्जने सिंहले आफ्नो
शिकार फहराएझैँ एउटा षड्यन्त्र छ; तिनीहरूले
मानिसहरूलाई निलिहाल्छन्, धन-सम्पत्ति र
बहुमूल्य चीजहरू लिन्छन् अनि त्यसभित्र
धेरैलाई विधवा बनाइदिन्छन् । २६त्यसका
पूजाहारीहरूले मेरो व्यवस्था भङ्ग गर्छन
अनि मेरो पवित्र चीजहरूलाई अपवित्र पार्छन्;
तिनीहरूले पवित्र र साधारणको बीच भेदभाव
राख्दैनन्; तिनीहरू अशुद्ध र शुद्धमा केही
भिन्नता छैन भनी सिकाउँछन्; अनि विश्राम-
दिनहरूको पालनमा तिनीहरू आफ्ना आँखा
चिम्लन्छन्, र म तिनीहरूको बीचमा अपवित्र
पारिएको छु । २७त्यसभित्र भएका अधिकारीहरू
आफ्ना शिकारलाई फहराउने ब्वाँसाहरूझैँ छन्;
तिनीहरूले रक्तपात गर्छन् र अन्यायपूर्ण
लाभ गर्नलाई मानिसहरू मार्छन् । २८त्यसका
अगमवक्ताहरूले झूटा दर्शनहरू र मिथ्या
जोखनाहरूद्वारा तिनीहरूका निम्ति ती
कामहरूमाथि चूना पोतिदिन्छन् । परमप्रभु
नबोल्नुभए तापनि तिनीहरू 'सर्वसत्ताधारी
परमप्रभु यसो भन्नुहुन्छ' भन्छन् । २९देशवासीहरू
बलपूर्वक खोस्ने र लुट्ने काम गर्छन्;
तिनीहरूलाई इन्साफ नदिएर तिनीहरू गरीबहरू
र खाँचोमा परेकाहरूमाथि अत्याचार गर्छन्
अनि परदेशीहरूसित दुर्व्यवहार गर्छन ।
३०"तिनीहरूको बीचमा मैले यस्तो एउटा
मानिस खोजें जसले पर्खाल बनाउँछ अनि मैले
त्यसलाई नाश गर्न नपरोस् भनेर देशको पक्षमा
मेरो अगि धाँदोमा त्यो उभिनेछ, तर मैले एउटै
पनि पाइनँ । ३१यसकारण म आफ्नो क्रोध
तिनीहरूमाथि खन्याउनेछु अनि तिनीहरूलाई
आफ्नो अग्निपूर्ण रीसले भष्म पार्नेछु र तिनीहरूले
गरेका सबै कामहरू तिनीहरूकै शिरमाथि
ल्याइदिनेछु, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।"

## दुईजना व्यभिचारिणी दिदीबहिनीहरू

२३ परमप्रभुको वचन मकहाँ आयो: २"हे
मानिसको पुत्र, दुई स्त्रीहरू, अर्थात्
एउटै आमाका छोरीहरू थिए । ३आफैलाई
आफ्नो युवावस्थाहरूदेखि नै वेश्यावृत्तिमा संलग्न
राखेर तिनीहरू मिश्रदेशमा वेश्या भए । त्यस
देशमा तिनीहरूका कुमारी स्तनहरू सुम्सुम्याइए
र तिनीहरूका कुमारी छाती निचोरिए । ४ठूलीको
नाउँ ओहोला राखियो अनि उसकी बहिनी
ओहोलीबा थिई । तिनीहरू मेरा थिए अनि
तिनीहरूले छोराछोरीहरू जन्माए । ओहोला
सामरिया र ओहोलीबा यरूशलेम हो ।
५"मेरी हुँदा नै ओहोलाले वेश्यावृति गरी;
अनि त्यो आफ्ना प्रेमीहरू अर्थात् अश्शूरका
योद्धाहरूको मोहमा परी, ६जुनहरूले नीलो
रङ्गका वस्त्र पहिरेका थिए, त्यो सुन्दर जवान
राज्यपालहरू र कप्तानहरू अनि घोड़सवारहरूको
मोहमा पनि परी । ७त्यसले आफैलाई
अश्शूरका सबै विशिष्ट जनहरूकहाँ वेश्याको
रूपमा दिइहाली र आफू मोहित भएका
हरेकका मूर्तिहरूसित आफैलाई बिटुलो पारी ।
८आफूले मिश्रदेशमा थालेको वेश्यावृत्ति त्यसले
त्यागिन, जब त्यसको युवावस्थामा मानिसहरू
त्यससित सुते, तिनीहरूले त्यसको कुमारी छाती
सुम्सुम्याए र कामुकता त्यसमाथि पोखाए ।
९"यसकारण मैले त्यसलाई त्यसका प्रेमीहरू,

२२:२६–लेवी १०:१०.

अर्थात् अश्शूरहरूकहाँ सुम्पिदिएँ जसको चाहना त्यसले गर्थी। **१०**तिनीहरूले त्यसलाई पूर्णरूपले नाङ्गो पारिदिए, त्यसका छोराछोरीहरूलाई लगे अनि त्यसलाई तरवारले मारिदिए । त्यो त स्त्रीहरूको बीचमा गिल्लाको पात्र भई अनि त्यसलाई दण्ड दिइयो ।

**११**"त्यसकी बहिनी ओहोलीबाले त्यो देखी, तापनि आफ्नो कामुकता र वेश्यावृत्तिमा त्यो आफ्नी दिदीभन्दा अझ भ्रष्ट थिई। **१२**त्यो पनि अश्शूरहरू अर्थात् राज्यपालहरू र कप्तान्हरू पूरा जङ्गी-पोशाक लगाएका योद्धाहरू, घोड़सवारहरू, सबै सुन्दर जवान मानिसहरूको मोहमा परी। **१३**त्यसले पनि आफैलाई बिटुलो पारेकी मैले देखें; ती दुवै एउटै चालमा हिँड़े।

**१४**"तर त्यसले आफ्नो वेश्यावृत्ति अझ अगि बढ़ाई । त्यसले भित्तामा अङ्कित गरिएका मानिसहरूलाई देखी, अर्थात् कल्दीहरूका चित्र रातो रङ्गले रङ्गिएको, **१५**जसका कम्मरमा पेटी बाँधिएका र शिरमा फर्फराइरहेका फेटाहरू, जुनहरू सबै बेबिलोनी रथका अधिकारीहरू जस्ता देखिन्थे, अर्थात् कल्दी देशका मानिसहरू। **१६**त्यसले तिनीहरूलाई देख्नासाथ त्यो तिनीहरूको मोहमा परी अनि त्यसले तिनीहरूकहाँ कल्दी देशमा दूतहरू पठाई । **१७**तब बेबिलोनीहरू त्यसकहाँ आए, प्रेम-शैय्यामा आए र आफ्ना कामुकतामा तिनीहरूले त्यसलाई बिटुलो पारिदिए। तिनीहरूद्वारा बिटुलो पारिएपछि आफ्नो विरक्तिमा त्यो तिनीहरूदेखि अलग भई । **१८**त्यसले खुल्लमखुल्ला आफ्नो वेश्यावृत्ति चलाउँदा र आफ्नो नग्नता देखाउँदा म आफ्नो विरक्तिमा त्यसदेखि अलग भएँ जसरी म त्यसकी दिदीबाट अलग भएको थिएँ । **१९**तापनि त्यो मिश्रदेशमा एउटी वेश्या छँदाका आफ्नो युवावस्थाका दिनहरू त्यसले सम्झेर त्यो अझ बढ़ी कामुक भई । **२०**त्यहाँ त्यसले आफ्ना प्रेमीहरूको कामना गरी जुनहरूका लिङ्ग गधाकाजस्ता र वीर्यपात घोड़ाहरूको जस्तो थियो । **२१**यसरी तैंले आफ्नो युवाकालको कामुकताको कामना गरिस्, जब मिश्रदेशमा तेरो छाती निचोरिएको अनि तेरा जवान स्तनहरू मुसारिएका थिए ।

**२२**"यसकारण हे ओहोलीबा, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: तँ आफ्नो विरक्तिमा आफ्ना प्रेमीहरूबाट अलग भएका तिनीहरूलाई म तेरो विरुद्धमा सुच्चाउनेछु र म तिनीहरूलाई चारैतिरबाट ल्याउनेछु– **२३**बेबिलोनीहरू, सबै कल्दीहरू, पदोक, शोअ र कोअका मानिसहरू अनि तिनीहरूसित भएका सबै अश्शूरहरू, सुन्दर जवान मानिसहरू, सबै जना राज्यपालहरू र कप्तानहरू, रथका अधिकारीहरू अनि उच्च पदाधिकारीहरू, सबै घोड़सवारहरूलाई । **२४**तिनीहरू तेरो विरुद्धमा हतियारहरू, रथहरू र गाढ़ाहरू अनि धुइरो मानिसहरूको साथ आउनेछन्; तिनीहरू ठूला र साना ढालहरू अनि टोप लगाएर तिमीहरूको चारैतिर तिमीहरूको विरुद्धमा आफ्ना स्थान लिएर बस्नेछन् । म तिमीहरूलाई दण्डस्वरुप तिनीहरूकहाँ सुम्पिदिनेछु र तिनीहरूले तिमीहरूलाई तिनीहरूकै नापले दण्ड दिनेछन्। **२५**म आफ्नो डाहपूर्ण रीस तिमीहरूतिर फर्काउनेछु र तिनीहरूले तिमीहरूसित रीसमा व्यवहार गर्नेछन् । तिनीहरूले तिमीहरूका नाकहरू र कानहरू काटिदिनेछन् अनि तिमीहरूमध्ये छोड़िएकाहरू तरवारद्वारा ढल्नेछन्। तिनीहरूले तिमीहरूका छोराछोरीहरूलाई लैजानेछन् अनि तिमीहरूका छोड़िएकाहरू आगोले भष्म पारिनेछन्। **२६**तिनीहरूले तिमीहरूका लुगाहरू पनि खोलिदिनेछन् र तिमीहरूका सुन्दर गहनाहरू लैजानेछन्। **२७**यसरी म तिमीहरूले मिश्रदेशमा शुरू गरेका कामुकता र वेश्यावृत्ति रोकिदिनेछु । तिमीहरूले यी कुराहरूमाथि चाहनाको दृष्टिले हेर्नेछैनौं अथवा मिश्रदेशलाई कहिल्यै सम्झनेछैनौ ।

**२८**"किनकि सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: म तँलाई तिनीहरूकहाँ सुम्पन लागेको छु जसलाई तँ घृणा गर्छेस्, जससित आफ्नो विरक्तिमा तँ अलग भएकी थिइस्। **२९**तिनीहरूले तँसित घृणायुक्त व्यवहार गर्नेछन् र तैंले जेको निम्ति काम गरेकी थिइस्, त्यो प्रत्येक कुरा लैजानेछन्। तिनीहरूले तँलाई नाङ्गो र खुल्ला

छोड़िदिनेछन् अनि तेरो वेश्यावृत्तिको नग्नता
उघारिनेछ । तेरो कामुकता र यौन इच्छाले
**३०**यो तँमाथि ल्याएका हुन्, किनकि तैंले जाति-
जातिहरूको निम्ति उत्कट इच्छा राखिस् र
आफैलाई तिनीहरूका मूर्तिहरूसित विटुलो
पारिस् । **३१**तँ आफ्नी दिदीको बाटोमा गएकी
छस्; यसकारण म त्यसको कचौरा तेरो हातमा
राखिदिनेछु ।

**३२** "सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः

"तैंले आफ्नी दिदीको कचौरा पिउनेछस्,
ठूलो अनि गहिरो कचौरा;
यसले गिल्ला र उपहास ल्याउनेछ,
किनकि यसमा धेरै अटाउँछ ।
**३३** तँ मतवालीपन र क्लेशले भरिनेछस्,
तेरी दिदी सामरियाको कचौरा त्यो हो,
ध्वंस र उजाड़को कचौरा ।
**३४** तैंले यसलाई रित्तो पार्ने गरी पिउनेछस्,
तैंले यसलाई ठोक्काएर टुक्राटाक्री
पार्नेछस्,
अनि आफ्ना स्तनहरू च्यात्नेछस् ।"

म बोलेको छु, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ ।

**३५**"यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः तैंले मलाई बिर्सेकी अनि मलाई आफ्नो
पीठतिर राखिदिएकीले तैंले आफ्नो कामुकता
र वेश्यावृत्तिको फल भोग्नुपर्छ ।"

**३६**परमप्रभुले मलाई भन्नुभयो: "हे मानिसको
पुत्र, के तैंले ओहोला र ओहोलीबाको इन्साफ
गर्नेछस् ? त्यसो भए तिनीहरूलाई तिनीहरूका
घिनलाग्दा कामहरू जनाइदे, **३७**किनकि
तिनीहरूले व्यभिचार गरेका छन् र रगत
तिनीहरूको हातमा छ । तिनीहरूले आफ्ना
मूर्तिहरूसित व्यभिचार गरे; तिनीहरूले मेरो
निम्ति जन्माएका छोराछोरीहरूलाई समेत ती
मूर्तिहरूको भोजनको निम्ति बलिदान गरेका
छन् । **३८**तिनीहरूले मसित यो पनि गरेका
छन्– तिनीहरूले त्यसै बेला मेरो पवित्रस्थानलाई
बिटुलो पारेका छन् र मेरो विश्राम-दिनहरूलाई
अपवित्र पारेका छन् । **३९**तिनीहरूले आफ्ना
छोराछोरीहरूलाई आफ्ना मूर्तिहरूकहाँ बलिदान
गरेकै दिन मेरो पवित्रस्थानभित्र पसेर तिनीहरूले
त्यसलाई अपवित्र पारेका छन् । तिनीहरूले
मेरो भवनभित्र त्यसै गरे ।

**४०**"तिनीहरूले टाढ़ाबाट आएका
मानिसहरूको निम्ति दूतसम्म पठाइस् र
तिनीहरू आइपुगेपछि तिनीहरूको निम्ति तैंले
नुहाइस्, आफ्ना आँखामा रङ्ग लगाइस् अनि
आफ्नो गहना लगाइस् । **४१**एउटा टेबुल
सामुन्नेतिर राखिएको सुन्दर पलगङ्माथि तँ
बसिस् जुन टेबुलमाथि तैंले मेरो धूप र तेल
फिँजाइस् ।

**४२**"त्यसको चारैतिर विलासी मानिसहरूको
भीड़ थियो; नीच मानिसहरूसित साधारण
मानिसहरू पनि मरुभूमिबाट ल्याइएका थिए,
अनि तिनीहरूले त्यस स्त्रीको र त्यसकी
बहिनीका बाहुमा चुराहरू अनि तिनीहरूका
शिरमा सुन्दर शिरपेचहरू लगाइदिए ।
**४३**तब मैले व्यभिचारद्वारा गलिसकेकी एउटीको
विषयमा भनें, 'अब तिनीहरूले यसलाई वेश्याको
रूपमा प्रयोग गरून्, किनकि त्यो त्यही
नै हो । **४४**अनि तिनीहरू त्यससित सुते ।
मानिसहरू वेश्यासँग जसरी सुत्छन् त्यसरी नै
तिनीहरू ती कामुक स्त्रीहरू ओहोला र
ओहोलीबासित सुते । **४५**तर धार्मिक मानिसहरूले
त तिनीहरूलाई व्यभिचार र रक्तपात गर्ने
स्त्रीहरूले पाउने दण्ड दिनेछन्, किनकि तिनीहरू
व्यभिचारिणी हुन् र रगत तिनीहरूको हातमा
छ ।

**४६**"सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
तिनीहरूको विरुद्धमा एउटा भीड़ ल्याओ अनि
तिनीहरूलाई लूट र आतङ्ककहाँ सुम्पिदेओ ।
**४७**भीड़ले तिनीहरूलाई ढुङ्गाले हिर्काउनेछन्
र तिनीहरूका तरवारले तिनीहरूलाई
काटेर ढालिदिनेछन्; तिनीहरूले उनीहरूका
छोराछोरीहरूलाई मार्नेछन् अनि तिनीहरूका
घरहरू जलाइदिनेछन् ।

**४८**"सबै स्त्रीहरूले चेतावनी लिऊन् र
तेरो देखासिकी नगरून् भनेर म देशमा भएको
कामुकताको अन्त गरिदिनेछु । **४९**तैंले आफ्नो

कामुकताको दण्ड पाउनेछस् र तेरो मूर्तिपूजाका पापहरूको फल भोग्नेछस् । तब तैंले म नै सर्वसत्ताधारी परमप्रभु हुँ भनी जान्नेछस् ।”

### पकाउने भाँडा

२४ नवौं वर्षको दशौं महिनाको दशौं दिन परमप्रभुको वचन मकहाँ आयो: **२**“हे मानिसको पुत्र, यस दिनलाई दर्ता गर्, ठीक यस दिनलाई, किनकि बेबिलोनको राजाले आजकै दिन यरूशलेमलाई घेरा हालेको छ ।
**३**यस बागी घरानालाई एउटा उखान सुना र तिनीहरूलाई भन्: ‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

“‘आगोमाथि भाँड़ा राख्; भाँड़ा राख्
अनि त्यसमा पानी खन्या ।
**४** त्यसभित्र मासुका टुक्राहरू हाल्
सबै उत्तम टुक्राहरू– खुट्टा र कुम् ।
त्यसलाई असल हड्डीहरूले भरिदे;
**५** बगालको सर्वोत्तम् पशु ली ।
हड्डीहरूको निम्ति मुन्तिर दाउरा
थुप्रो पार्;
त्यसलाई उमाल् र त्यसमा हड्डीहरू
पका ।
**६** “‘किनकि सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ:
“‘यस रक्तपातको शहरलाई धिक्कार,
अब पाप्रा परिसकेको भाँडालाई,
जसको पाप्रा जानेछैन !
टुक्राटाक्री गरेर त्यसलाई रित्तो पार्,
तिनीहरूमाथि गोला नहाल् ।
**७** “‘किनकि त्यसले बगाएको रगत त्यसकै
बीचमा छ:
त्यसले त्यो नाङ्गो चट्टानमाथि खन्याई
त्यसले त्यो भूइँमा खन्याइन,
जसमा धूलोले त्यसलाई छोप्न सक्ने थियो ।
**८** क्रोधलाई सुऱ्चाउन अनि बद्ला लिन
त्यो नछोपिओस् भनेर
मैले त्यसको रगत नाङ्गो चट्टानमाथि
लगाइदिएँ ।

**९**“‘यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

“‘रक्तपातको शहरलाई धिक्कार !
म पनि दाउराको थुप्रो लगाउनेछु ।
**१०** यसकारण दाउराको थुप्रो लगा र
आगो सल्का,
मासु राम्रो पका, मसला राम्रो गरी मिसा;
अनि हड्डीहरूलाई डढ्न दे ।
**११** तब रित्तो भाँड़ालाई त्यो नतात्तिञ्जेल
अनि त्यसको तामा रातो नभइञ्जेल
कोइलामाथि राख्,
र यसका अशुद्ध कुराहरू पग्लिजाऊन्
अनि त्यसका पाप्राहरू जलिजाऊन् ।
**१२** यसले सबै प्रयासहरूलाई निराश
तुल्याइदिएको छ,
यसका पाप्राहरू आगोले पनि हटाउन
सकेन ।

**१३**“‘अब तेरो अशुद्ध कुराहरू तेरो कामुकता हो । मैले तँलाई शुद्ध गर्ने कोशिश गरें, तर तँ त आफ्नो अशुद्धपनबाट शुद्ध हुन नचाहेको कारण तेरो विरुद्धमा मेरो क्रोध शान्त नभएसम्म तँ फेरि शुद्ध हुनेछैनस् ।

**१४**“‘म परमप्रभु नै बोलेको छु । मेरो निम्ति काम गर्ने बेला आएको छ । म रोकिने छैनँ, मसित दया हुनेछैन, न त म आफ्नो विचार नै त्याग्नेछु । तेरो चाल र कामहरूअनुसार नै तेरो इन्साफ हुनेछ, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ’ ।”

### इजकिएलकी पत्नीको मृत्यु

**१५**परमप्रभुको वचन मकहाँ आयो: **१६**“हे मानिसको पुत्र, एउटै प्रहारमा म तेरो आँखाको तारालाई लैजान लागेको छु । तापनि विलाप नगर्, नरो, अथवा आँसु नबगा । **१७**चुपचाप सुस्केरा हाल्, मृतकको निम्ति शोक नगर् ।

**२४:२**–२ राजा २५:१; यर्मिया ५२:४.

तेरो फेटा बाँधिराख् अनि तेरा खुट्टामा जुत्ता लगाइराख्; तेरो अनुहारको तल्लो भागलाई नछोप् नता शोक गर्दा रीतिअनुसार खाने कुरा नै खा ।"

**१८**यसकारण मैले बिहान मानिसहरूलाई भनें र बेलुका मेरी पत्नी मरिन् । भोलिपल्ट मैले आफूलाई आज्ञा गरिएअनुसार गरें ।

**१९**तब मानिसहरूले मलाई भने, "यी कुराहरूको सम्बन्ध हामीसित के छ भनी तिमी हामीलाई भन्दैनौ ?"

**२०**यसकारण मैले तिनीहरूलाई भनें, "परमप्रभुको वचन मकहाँ आयो, **२१**इस्राएलका घरानालाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: म आफ्नो पवित्रस्थान, अर्थात् तिमीहरूले घमण्ड गर्ने किल्ला, तिमीहरूका आँखाका तारा, तिमीहरूका ममताको पात्रलाई अपवित्र पार्न लागेको छु । तिमीहरूले आफ्ना पछि छोड़ेका छोराछोरीहरू तरवारद्वारा ढल्नेछन् । **२२**अनि मैले गरेझैँ तिमीहरूले गर्नेछौ । तिमीहरूले आफ्ना अनुहारको तल्लो भागलाई छोप्नेछैनौ, नता शोक गर्दा रीतिअनुसार खाने भोजनै खानेछौ । **२३**तिमीहरूले आफ्ना फेटा आफ्ना शिरमाथि नै राख्नेछौ अनि जुत्ता पनि खुट्टामा लगाएकै हुनेछौ । तिमीहरू शोक गर्नेछैनौ अथवा रूनेछैनौ तर आफ्ना पापको कारण तिमीहरू सुक्दैजानेछौ र आफैभित्र सुस्केरा हाल्नेछौ । **२४**इजकिएल तिमीहरूको निम्ति एउटा चिन्ह हुनेछ; तिमीहरूले त्यसले गरेझैँ गर्नेछौ । यो कुरा भएपछि तिमीहरूले म नै सर्वसत्ताधारी परमप्रभु हुँ भनी जान्नेछौ ।'

**२५**"अनि तँ, हे मानिसको पुत्र, मैले तिनीहरूको किल्ला, तिनीहरूको आनन्द र गौरव, तिनीहरूका आँखाका तारा, तिनीहरूका हृदयको आकांक्षा, अनि तिनीहरूका छोराछोरीहरू पनि लगेको दिन– **२६**त्यस दिन एउटा डुलुवा तँकहाँ समाचार दिन आउनेछ । **२७**त्यस बेला तेरो मुख खोलिनेछ तँ त्यससित बोल्नेछस् र फेरि चुप रहनेछैनस् । यसरी तँ तिनीहरूको निम्ति एउटा चिन्ह हुनेछस् र तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ ।"

### अम्मोनको विरुद्धमा अगमवाणी

**२५** परमप्रभुको वचन मकहाँ आयो: **२**"हे मानिसको पुत्र, तेरो अनुहार अम्मोनीहरूको विरुद्धमा पार् अनि तिनीहरूको विरुद्धमा अगमवाणी गर् । **३**तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभुको वचन सुन: सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: मेरो पवित्रस्थान अपवित्र पारिँदा त्यसमाथि अनि इस्राएलको देश उजाड़ पारिँदा त्यसमाथि र यहूदाका मानिसहरू निर्वासनमा जाँदा त्यसमाथि "आहा !" भन्यौ, **४**यसकारण म तिमीहरूलाई पूर्वका मानिसहरूकहाँ सम्पत्तिस्वरुप दिन लागेको छु । तिनीहरूले तिमीहरूका बीचमा आफ्ना छाउनी खड़ा गर्नेछन् र आफ्ना पालहरू टाँग्नेछन्; तिनीहरूले तिमीहरूका फलहरू खानेछन् अनि तिमीहरूका दूध पिउनेछन् । **५**म रब्बालाई ऊँटहरूको खर्कमा र अम्मोनलाई भेड़ाहरू बिसाउने ठाउँमा परिणत गर्नेछु । तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ । **६**किनकि सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: किनकि तिमीहरूले ताली बजायौ र खुट्टा बजार्‍यौ अनि इस्राएलको देशको विरुद्धमा आफ्ना हृदयको इर्ष्याको कारण हर्ष मनायौ, **७**यसकारण म आफ्नो हात तिमीहरूको विरुद्धमा पसार्नेछु अनि तिमीहरूलाई जातिहरूकहाँ लुटको मालझैँ दिनेछु । म तिमीहरूलाई जातिहरूबाट अलग गरिदिनेछु र देशहरूमा तिमीहरूका नाउँ निशानै मेटिदिनेछु । म तिमीहरूलाई नाश गर्नेछु र तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ' ।"

### मोआबको विरुद्धमा अगमवाणी

**८**"सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: 'किनकि मोआब र सेईरले यसो भने, "हेर,

---

**२५:१-७**–यर्मिया ४९:१-६; इजकिएल २१:२८-३२; आमोस १:१३-१५; सपन्याह २:८-११.
**२५:८-११**–यशैया १५:१-१६:१४; २५:१०-१२; यर्मिया ४८:१-४७; आमोस २:१-३; सपन्याह २:८-११.

यहूदाका घराना अरू जातिहरूजस्तै भएको छ," **९**यसकारण म त्यसका सिमानाका शहरहरू, अर्थात् बेथ जेसिमोथ, बाल-मोनर किर्यातैम जुनहरू देशका गौरव हुन्, ती देखि नै शुरु गरेर मोआबका भागहरूलाई म खुल्ला गरिदिनेछु । **१०**म मोआब र अम्मोनीहरूलाई पूर्वका मानिसहरूकहाँ अधिकारस्वरुप दिनेछु अनि जातिहरूको बीचमा अम्मोनीहरूको सम्झना नै हुनेछैन, **११**अनि म मोआबमाथि दण्ड् ल्याउनेछु । तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्' ।"

### एदोमको विरुद्धमा अगमवाणी

**१२**"सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः 'किनकि एदोमले यहूदाको घरानालाई बद्ला लियो र यसो गरेर सरासर दोषी ठहरियो, **१३**यसकारण, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म एदोमको विरुद्धमा आफ्नो हात पसार्नेछु अनि त्यसका मानिसहरू र पशुहरूलाई मारिदिनेछु । म त्यसलाई उजाड़ पारिदिनेछु र तेमानदेखि ददानसम्म तिनीहरू तरवारद्वारा ढल्नेछन् । **१४**म मेरो जाति इस्राएलका हातद्वारा एदोममाथि बदला लिनेछु, अनि तिनीहरूले मेरो रीस र मेरो क्रोधअनुसार एदोमसित व्यवहार गर्नेछन्; तिनीहरूले मेरो बदला जान्नेछन्, सर्वशत्ताधारी परमप्रभु भन्नुहुन्छ' ।"

### पलिश्तीहरूको विरुद्धमा अगमवाणी

**१५**"सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः 'किनकि पलिश्तीहरूले बदला लिने काम गरे र आफ्ना हृदयमा ईर्ष्या लिएर बदला लिए अनि पुरानो वैरभाव लिएर यहूदालाई नाश पार्न खोजे, **१६**यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म आफ्नो हात पलिश्तीहरूको विरुद्धमा पसार्न लागेको छु र म करेतीहरूलाई मार्नेछु अनि किनारतिर बस्ने बाँकी रहेकाहरूलाई नाश गर्नेछु । **१७**म तिनीहरूमाथि मेरो ठूलो बदला लिने काम गर्नेछु र आफ्नो क्रोधमा तिनीहरूलाई दण्ड दिनेछु । मैले तिनीहरूमाथि बदला लिएपछि तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्' ।"

### टायरको विरुद्धमा अगमवाणी

**२६** एघारौँ वर्षको महिनाको पहिलो दिनमा परमप्रभुको वचन मकहाँ आयोः **२**"हे मानिसको पुत्र, किनकि टायरले यरूशलेमको विषयमा भनेको छ, 'आहा ! जाति-जातिहरूका मूलढोकाहरू भत्केका छन्, र त्यसका ढोकाहरू मेरो निम्ति खुल्ला पारिएका छन्; अब त्यो ध्वंस भएकोले मेरो उन्नति हुनेछ ।' **३**यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः हे टायर, म तेरो विरुद्धमा छु । समुद्रले आफ्ना छालहरू माथि उफारेझैँ म तेरो विरुद्धमा धेरै जातिहरूलाई ल्याउनेछु । **४**तिनीहरूले टायरका पर्खालहरू नाश गर्नेछन् र त्यसका धरहराहरू तानेर ढालिदिनेछन्; म त्यसका रोड़ा र टुक्राहरू खुर्केर त्यसलाई एउटा नाङ्गो चट्टान बनाइदिनेछु । **५**समुद्रको बीचमा त्यो माछा पक्रने जाल फिजाउँने एउटा ठाउँ हुनेछ, किनकि मैले भनेको छु, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । त्यो जातिहरूको निम्ति लुटको मालझैँ हुनेछ, **६**अनि त्यसको खास जमिनमा भएको आबादी तरवारद्वारा स्वाहा पारिनेछन् । तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।

**७**"किनकि सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म टायरको विरुद्धमा उत्तर दिशाबाट राजाहरूको राजा, बेबिलोनको राजा नबूकदनेसरलाई घोड़ाहरू र रथहरू, घोड़सवारहरू र ठूलो सेनाको साथ ल्याउनेछु । **८**त्यसले तेरा खास ठाउँका वस्तीहरू तरवारले स्वाहा पार्नेछ; त्यसले तेरो विरुद्धमा घेरा मचान बनाउनेछ, तेरा पर्खालको टुप्पोबाट झम्टने

---

**२५:१२-१४**–यशैया ३४:५-१७; ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल ३५:१-१५; आमोस १:११-१२; ओबदिया १-१४; मलाकी १:२-५. **२५:१५-१७**–यशैया १४:२९-३१; यर्मिया ४७:१-७; योएल ३:४-८; आमोस १:६-८; सपन्याह २:४-७; जकरिया ९:५-७. **२६:१-२८:१९**–यशैया २३:१-१८; योएल ३:४-८; आमोस १:९-१०; जकरिया ९:१-४; मत्ती ११:२१-२२; लूका १०:१३-१४.

ठाउँ बनाउनेछ अनि तेरो विरुद्धमा आफ्नो
ढाल उठाउनेछ । **९**त्यसले आफ्ना प्रहार गर्ने
मूढ़ाहरूले तेरा पर्खालहरूमा हिर्काउन लाउने
छ अनि आफ्ना हतियारहरूले तेरा धरहराहरू
ढालिदिनेछ । **१०**त्यसका घोड़ाहरू यति धेरै
हुनेछन्, कि तिनीहरूले तँलाई धूलोले
छोपिदिनेछन् । पर्खाल भत्किएको शहरभित्र
मानिसहरू पसेझैँ त्यो तेरा मूलढोकाहरूमा
प्रवेश गर्दा लड़ाइँका घोड़ाहरू, गाड़ाहरू र र
थहरूको आवाजले तेरा पर्खालहरू काम्नेछन् ।
**११**त्यसका घोड़ाहरूका टापले तेरा सबै
सड़कहरूलाई कुल्चिदिनेछन्; त्यसले तेरा
मानिसहरूलाई तरवारले मार्नेछ अनि तेरा
बलिया खामाहरू भूइँमा ढलिजानेछन् ।
**१२**तिनीहरूले तेरो धन-सम्पत्ति लुट्नेछन् अनि
तेरा व्यापारका माल खोस्नेछन्; तिनीहरूले
तेरा पर्खालहरू भत्काइदिनेछन् र तेरा सुन्दर
घरहरू ढालिदिनेछन् अनि तेरा ढुङ्गाहरू,
काठहरू र रोड़ाहरू समुद्रमा फालिदिनेछन् ।
**१३**म तेरो हल्ला गर्ने गीतहरूको सोर खतम
गरिदिनेछु । तेरा वीणाहरूको सङ्गीत फेरि
कहिल्यै सुनिनेछैन । **१४**म तँलाई एउटा नाङ्गो
चट्टान बनाइदिनेछु र तँ माछा पक्रने जाल
फिँजाउने एउटा ठाउँ हुनेछस् । तँ कहिल्यै
निर्माण हुनेछैनस्, किनकि म परमप्रभु बोलेको
छु, सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।

**१५**"सर्वसत्ताधारी परमप्रभु टायरलाई यसो
भन्नुहुन्छ: तँमा घाइतेहरूले सुस्केरा हाल्दा र
काटमार हुँदा, के तेरो पतनको आवाजमा
किनारका देशहरू काम्दैनन् ? **१६**तब समुद्र
किनारका देशहरूका राजकुमारहरू आफ्ना
सिंहासनबाट ओर्लनेछन् अनि तिनीहरूले आफ्ना
लबेदाहरू एकातिर राख्नेछन् र आफ्ना जड़ीदार
वस्त्रहरू फुकाउनेछन् । आतङ्कले भरिएर तँलाई
देखेर डराउँदै घरीघरी काम्दै तिनीहरू भूइँमा
बस्नेछन् । **१७**तब तिनीहरूले तेरो विषयमा
एउटा विलापी गीत गाउँदै तँलाई भन्नेछन्:

"'हे विख्यात शहर, समुद्रका मानिसहरूले
भरिएकी,
तँ कसरी नाश भइस् !
समुद्रमा तँ एउटा शक्ति थिइस्, तँ अनि
तेरा नागरिकहरू;
त्यहाँ बस्ने सबैमाथि तैंले आफ्नो आतङ्क
फैलाइस् ।
**१८** अब तेरो पतनको दिन समुद्र किनारका
ठाउँहरू काम्दछन्;
तँ विध्वंस हुँदा समुद्रका टापुहरू आतङ्कित
भएका छन् ।'

**१९**"सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
मैले तँलाई एउटा उजाड़ शहर अर्थात् कहिल्यै
मानिस नबसेको शहरझैँ बनाएपछि, अनि मैले
समुद्रको गहिराइलाई तँमाथि ल्याएर त्यसको
विशाल पानीले तँलाई छोपिदिएपछि, **२०**तब
म तँलाई उहिलेका मानिसहरू, अर्थात् तल
खाड़लमुनि जानेहरूकहाँ तल ल्याउनेछु ।
प्राचीनकालका भग्नावशेषमा झैँ म तँलाई तल
खाड़लमुनि जानेहरूसितै पृथ्वीको तल्लो भागमा
बस्न लग्नेछु । **२१**म तँलाई डरलाग्दो अन्तमा
ल्याउनेछु र तँ फेरि हुनेछैनस् । तँ खोजिनेछेस्
तर फेरि कहिल्यै भेट्टाइनेछैनस्, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ ।"

## टायरको निम्ति विलाप

**२७** परमप्रभुको यो वचन मकहाँ आयो:
**२**"हे मानिसको पुत्र, टायरको निम्ति
एउटा विलापी गीत बना, **३**समुद्रको प्रवेशद्वारमा
रहेको, धेरै किनारहरूका मानिसहरूका
व्यापारी टायरलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ:

"'हे टायर तँ भन्छेस्,
"म सौन्दर्यमा उत्तम छु"
**४** तेरो राज्य समुद्रको बीचमा थियो;
तेरा निर्माताहरूले तेरो सौन्दर्यलाई सिद्ध
तुल्याइदिए ।
**५** तिनीहरूले तेरा फल्याकहरू सनीर देशका

**२६:१३**–प्रकाश १८:२२. **२६:१६-१८**–प्रकाश १८:९-१०. **२६:२१**–प्रकाश १८:२१.

सल्लाका रूखहरूका बनाए;
तेरो निम्ति मस्तुल बनाउनलाई
तिनीहरूले लबानोनबाट देवदारु ल्याए।
६ तिनीहरूले तेरा बहानाहरू बाशानका फलाँटका बनाए;
तिनीहरूले तेरो जहाजको तला
साइप्रसका किनारका धूपीका काठहरूले बनाए,
अनि त्यसलाई हस्ती-हाड़ले मोहोरे।
७ मिश्रदेशको मिहीन बुट्टेदार सुती लुगा तेरो पाल थियो,
त्यसले तेरो झण्डाको काम पनि गर्थ्यो;
तेरो चँदुवा एलीशाका किनारका
नीलो र बैजनी कपड़ाको थियो।
८ सीदोन र अर्वदका मानिसहरू तेरा नाविक थिए;
हे टायर, तेरा निपुण मानिसहरू
जहाजमै चढेर बसेका चालकहरू थिए।
९ जहाजमा टालटुल गर्ने कामको निम्ति
गबालका सिपालु कारीगरहरू जहाजमै थिए।
समुद्रका सबै जहाजहरू र तिनीहरूका
नाविकहरू तेरा मालसामानहरू किन्न
तँकहाँ आउँथे।

१० "'फारस, लूद र पूतका मानिसहरू
तेरो सेनामा काम गर्ने सिपाहीहरू थिए।
तेरो शोभा बढ़ाउँदै तिनीहरूले आफ्ना
ढाल र टोपहरू तेरो भित्ताहरूमा
झुण्ड्याउँथे।
११ अर्वद र हेलेकका मानिसहरू
तेरा पर्खालका चारैतिर तैनाथ रहन्थे;
गमादका मानिसहरू तेरा धरहराहरूमा थिए।
तिनीहरूले आफ्ना ढालहरू तेरा पर्खालका
चारैतिर झुण्ड्याएर
तेरो सौन्दर्यलाई सिद्ध बनाइदिन्थे।

**१२**"'तेरा सामानहरूको विशाल सम्पत्तिको
कारण तर्शीशले तँसित व्यापार गर्थ्यो; त्यसले
तेरा व्यापारका मालहरूसित चाँदी, फलाम,
टिन र सिसा साट्थे।
**१३**"'ग्रीस, तूबल र मेशेकले तँसित व्यापार
गर्थे; तिनीहरूले तेरा सामानहरूसित कमाराहरू
र काँसाका सामग्रीहरू साट्थे।
**१४**"'बेथ तोगर्माका मानिसहरूले तेरा
व्यापारका मालहरूसित काममा लगाइने घोड़ाहरू,
लड़ाइँका घोड़ाहरू र खच्चरहरू साट्थे।
**१५**"'रोडसका मानिसहरूले तँसित व्यापार
गरे, अनि किनारका धेरै देशहरू तेरा
खरिदारहरू थिए; तिनीहरूले तँलाई हस्ती-
हाड़हरू र आबनूसका काठ दामस्वरुप तिरे।
**१६**"'तेरा धेरै उत्पादित कुराहरूको कारण
अरामले तँसित व्यापार गऱ्यो; तिनीहरूले
तेरा व्यापारका मालहरूसित नीलमणि, बैजनी
वस्त्र, जड़ित चीजहरू, मिहिन सुती लुगा, मुगा
र लालमणी साटे।
**१७**"'यहूदा र इस्राएलले तँसित व्यापार
गरे; तिनीहरूले तेरा मालसामानहरूसित
मिन्नितका गहुँ अनि मुरब्बा, मह, तेल र महलम
साटे।
**१८**"'तेरा धेरै उत्पादित कुराहरू र
मालसामानको ठूलो धनको कारण दमस्कसले
तँसित हेल्बोनको मद्य र जहरको ऊनको व्यापार
गऱ्यो।
**१९**"'दानीहरू र उजालका ग्रीकहरूले तेरा
व्यापारका मालहरू किने; तिनीहरूले तेरा
सामानहरूसित फलाम, तेजपात र सिन्कौली
साटे।
**२०**"'ददानले तँसित घोड़ाको जीन पोशाकको
व्यापार गऱ्यो।
**२१**"'अरब र केदारका सबै राजकुमारहरू
तेरा ग्राहकहरू थिए; तिनीहरूले तँसित थुमाहरू,
साँढ़े भेड़ाहरू र बाख्राको व्यापार गरे।
**२२**"'शबा र रामाका व्यापारीहरूले तँसित
व्यापार गरे; तेरा मालहरूसित तिनीहरूले
सबैभन्दा उत्तम किसिमका मसालाहरू, बहुमूल्य
पत्थरहरू र सुनहरू साटे।
**२३**"'हारान, कन्ने, एदेन अनि शबाका
व्यापारीहरूले, अश्शूर र किल्मदले तँसित
व्यापार गरे। **२४**तेरो बजारमा तिनीहरूले सुन्दर

वस्त्रहरू, नीलो लुगा जड़ेका लुगाहरू अनि बटारिएको र कसिएका डोरीहरू भएका बहुरङ्गी गलैंचाहरूको व्यापार गरे ।

२५ "'तर्शीशका जहाजहरूले तेरा सामानहरू
बोक्ने काम गर्छन् ।
समुद्रको बीचमा तेरो जहाज मालले
भरिएको हुन्छ ।
२६ तेरा खियाउनेहरूले तँलाई बीच समुद्रमा
लैजान्छन्,
तर पूर्वीय बतासले तँलाई समुद्रको बीचमा
टुक्रा-टुक्रा पारिदिनेछ ।
२७ तेरो धन, व्यापारका मालहरू र
सामानहरू तेरा नाविकहरू,
चालकहरू र टालटुल गर्नेहरू,
तेरा व्यापारीहरू अनि तेरा सबै सिपाहीहरू,
अनि जहाजमा भएका हरेक जना तेरो
सर्वनाशको दिन
सबै समुद्रको बीचमा डुबिजानेछन् ।
२८ तेरा नाविकहरू कराउँदा किनारका
ठाउँहरू काम्नेछन् ।
२९ खियाउनेहरू सबैले आफ्ना जहाजहरू
त्यागिदिनेछन्;
नाविकहरू र चालकहरू किनारमा
उभिनेछन् ।
३० तिनीहरूले आफ्ना सोर उचाल्नेछन्,
अनि तेरो निम्ति नमीठो गरी रूनेछन्;
तिनीहरूले आफ्ना शिरमाथि धूलो छर्नेछन्
अनि खरानीमा लड़ीबुड़ी गर्नेछन् ।
३१ तेरो कारण तिनीहरूले आफ्ना शिर
खौरनेछन्,
अनि भाङ्ग्रा लगाउनेछन् ।
तिनीहरू प्राणमा विचलित भई नमीठो
शोकमा परेर रूनेछन् ।
३२ तिनीहरूले तेरो निम्ति विलाप गर्दै शोक
गर्दा,
तिनीहरूले तेरो विषयमा एउटा विलापी
गीत रच्नेछन्:
"को कहिल्यै समुद्रले घेरिएर टायरझैँ
चुप गराइएको छ ?"
३३ तेरो मालसामान समुद्रमा जाँदा
तैंले धेरै जातिहरूलाई सन्तुष्ट पारिस्;
तेरो ठूलो सम्पत्ति र तेरा मालमत्ताले
तैंले पृथ्वीका राजाहरूलाई धनी
तुल्याइस् ।
३४ अब तँ पानीको गहिराइमा समुद्रद्वारा
चूर पारिएको छस्;
तेरा मालमत्ता र तेरा सङ्गीहरू तँसित
तल गएका छन् ।
३५ किनारमा बस्नेहरू सबै तँप्रति भयभीत
भएका छन्;
तिनीहरूका राजाहरू डरले थर्थराउँछन्,
र तिनीहरूका अनुहारहरू डरले
बिग्रीएका छन् ।
३६ जाति-जातिहरूका व्यापारीहरूले तँलाई
खिसी गर्छन्;
तँ डरलाग्दो अन्तमा आइपुगेको छस्,
अनि तँ रहनेछैनस्' ।"

## टायरको राजाको विरुद्धमा अगमवाणी

२८ परमप्रभुको वचन मकहाँ आयो: २"हे
मानिसको पुत्र, टायरको शासकलाई
भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

"'आफ्नो हृदयको घमण्डमा तैंले भन्छस्,
"म ईश्वर हुँ;
म समुद्रको बीचमा एउटा ईश्वरको
सिंहासनमा बस्छु ।"
तर तँ त एउटा मानिस मात्र होस्, देवता
होइनस्,
यद्यपि तैंले आफैलाई एक देवता जत्तिकै
बुद्धिमान् सम्झन्छस् ।
३ के तँ दानिएलभन्दा बुद्धिमान् छस् ?
के तँबाट केही रहस्य लुकेको छैन ?
४ आफ्नो बुद्धि र समझशक्तिद्वारा तैंले
आफ्नै निम्ति धन कमाएको छस्,

**२७:२५–२६**–प्रकाश १८:११-१९.

र आफ्नो निम्ति भण्डारमा सुन र चाँदी
थुपारेको छस् ।
५ आफ्नो व्यापारको ठूलो कौशलताद्वारा
तैंले आफ्नो धन बढ़ाएको छस्,
अनि तेरो धनको कारण तेरो हृदय
अहङ्कारी भएको छ ।

६"'यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ:

"'तैंले आफैलाई एउटा ईश्वरजस्तै
बुद्धिमान् सम्झेको कारण,
७ म तेरो विरुद्धमा जातिहरूमध्ये सबैभन्दा
निष्ठुर परदेशीहरूलाई ल्याउनेछु;
तिनीहरूले तेरो सौन्दर्य र बुद्धिको विरुद्धमा
आफ्ना तरवार निकाल्नेछन्,
र तेरो उज्ज्वल गौरवलाई घोच्नेछन् ।
८ तिनीहरूले तँलाई खाड़लमा खसालिदिनेछन्,
अनि समुद्रको बीचमा तैंले एउटा
हिंसात्मक मृत्युमा मर्नुपर्नेछ ।
९ त्यस बेला तँलाई मार्नेहरूको उपस्थितिमा,
के तैंले "म एउटा ईश्वर हुँ" भन्नेछस् ?
तँलाई मार्नेहरूको हातमा तँ एउटा ईश्वर
होइन,
तर एउटा मानिस मात्र हुनेछस् ।
१० तैंले परदेशीहरूको हातमा
एउटा बेखतनेको मृत्यु मर्नु पर्नेछ ।

म बोलेको छु, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ' ।"

११परमप्रभुको यो वचन मकहाँ आयो, १२"हे
मानिसको पुत्र, टायरको राजाको विषयमा
एउटा विलापी गीत रच् र त्यसलाई भन्,
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

"'तँ सिद्धताको नमूना थिइस्,
बुद्धिले पूर्ण र सर्वाङ्ग सुन्दर ।
१३ तँ परमेश्वरको बगैंचा अदनमा थिइस्,
प्रत्येक बहुमूल्य पत्थरले तँ आभुषित थिइस्;
लाल, पुष्पराज, हीरा, फिरोजा, सुलेमानी
पत्थर,
यशब, नीलम, मर्तक र पन्ना ।
तेरा बुट्टाहरू र जड़ानहरू सुनले बनिएका
थिए;
तँ सृजिएको दिनमा ती तयार गरिएका
थिए ।
१४ तँ अभिभावक करूबको रूपमा अभिषेक
गरिएको थिइस्
मैले तँलाई यो पद प्रदान गरेको थिएँ,
तँ परमेश्वरको पवित्र पर्वतमा थिइस्;
तँ अग्निमय पत्थरहरूको बीचमा
हिँड्थिस् ।
१५ तँ सृजिएको दिनदेखि तँमा दुष्टता
नपाइएको दिनसम्म
तँ आफ्ना चालहरूमा निर्दोष थिइस् ।
१६ तेरो फैलिएको व्यापारद्वारा
तँ अत्याचारले भरिइस् र तैंले पाप
गरिस् ।
यसकारण मैले तँलाई परमेश्वरको
पर्वतबाट अपमानमा धपाइदिएँ,
र हे अभिभावक करूब, मैले तँलाई
ती अग्निमय पत्थरहरूको बीचबाट
निकालिदिएँ ।
१७ आफ्नो सुन्दरताको कारण तेरो हृदय
अहङ्कारी भयो,
अनि आफ्नो गौरवको कारण तैंले आफ्नो
बुद्धिलाई भ्रष्ट पारिस् ।
यसकारण मैले तँलाई पृथ्वीमा फ्याँकिदिएँ,
मैले तँलाई राजाहरूको सामुन्ने एउटा
दृष्य बनाइदिएँ ।
१८ आफ्ना धेरै पापहरू र बेइमान
व्यापारद्वारा तैंले आफ्ना पवित्रस्थानहरू
अपवित्र बनाएको छस् ।
यसकारण मैले तँबाट एउटा आगो
निस्कन दिएँ,
र त्यसले तँलाई भष्म पाऱ्यो,
र हेरिरहेका सबैले तँलाई देख्ने गरी
मैले तँलाई भूइँमा खरानी बनाइदिएँ ।
१९ जाति-जातिहरूमा तँलाई चिन्नेहरू तँलाई
देखेर भयभीत हुन्छन्,
तँ एक डरलाग्दो अन्त्यमा आइपुगेको छस्,
र तँ फेरि कहिल्यै रहनेछैनस्' ।"

### सीदोनको विरुद्धमा अगमवाणी

**२०**परमप्रभुको यो वचन मकहाँ आयो: **२१**"हे
मानिसको पुत्र, तेरो अनुहार सीदोनको विरुद्धमा
पार्, **२२**अनि भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ:

"'हे सीदोन, म तेरो विरुद्धमा छु
म तँमा महिमित हुनेछु ।
मैले त्यसलाई दण्ड दिंदा र त्यो भित्र
आफैलाई पवित्र देखाउँदा तिनीहरूले
म नै परमप्रभु हुँ भनी जान्नेछन् ।

**२३** म त्यसमाथि रूढ़ी
अनि त्यसका सड़कहरूमा रगत बग्न
दिनेछु ।
त्यसका चारैतिर त्यसको विरुद्धमा
तरवार भएकोले त्यसभित्र मरेकाहरू
ढलिजानेछन् ।

तब तिनीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछन् ।

**२४**अब उप्रान्त इस्राएलका मानिसहरूका
लुहुँड़े काँडा र तीखा काँड़ाहरू भएका इर्ष्यापूर्ण
छिमेकीहरू हुनेछैनन् । तब तिनीहरूले म नै
सर्वसत्ताधारी परमप्रभु हुँ भनी जान्नेछन् ।

**२५**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
जब म इस्राएलका मानिसहरूलाई तिनीहरू
तितरबितर पारिएका जातिहरूबाट बटुल्छु,
म आफैलाई तिनीहरूको बीचमा ती जाति-
जातिहरूले देख्ने गरी पवित्र देखाउनेछु । तब
तिनीहरू मैले आफ्नो दास याकूबलाई दिएको
तिनीहरूका आफ्नै देशमा बस्नेछन् । **२६**त्यहाँ
तिनीहरू सुरक्षामा बस्नेछन् अनि घर बनाउनेछन्
र दाखबारीहरू लगाउनेछन्, मैले तिनीहरूलाई
दु:ख दिने तिनीहरूका छिमेकीहरूलाई दण्ड
दिएपछि तिनीहरू सुरक्षामा बस्नेछन् । तब
तिनीहरूले म नै परमप्रभु तिनीहरूका परमेश्वर
हुँ भनी जान्नेछन्' ।"

### मिश्रदेशको विरुद्धमा अगमवाणी

**२९** दशौँ वर्षको दशौँ महिनाको बाह्रौँ
दिनमा परमप्रभुको यो वचन मकहाँ
आयो: **२**"हे मानिसको पुत्र, तेरो अनुहार
मिश्रदेशको राजा फिरऊनको विरुद्धमा पार् अनि
त्यसको विरुद्धमा र सम्पूर्ण मिश्रदेशको विरुद्धमा
अगमवाणी गर् । **३**त्यससित बोल् अनि भन्,
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

"हे मिश्रदेशको राजा,
आफ्ना नदीहरूको बीचमा ढल्किरहने
तँ विशाल जलजन्तु, म तेरो विरुद्धमा
छु ।
तँ भन्छस्, "नील नदी मेरो हो,
त्यसलाई मैले नै आफ्नो लागि बनाएँ ।'

**४** तर म तेरो चिउँड़ोमा बल्छी लगाउनेछु
अनि तेरा नदीहरूमा माछाहरूलाई
तेरा कल्लाहरूमा टालिन दिनेछु ।
तेरा कल्लाहरूमा अल्झिएका सबै
माछाहरूसितै म तँलाई तेरा
नदीहरूबाट तानेर बाहिर निकाल्नेछु ।

**५** म तँलाई अनि तेरा नदीका सबै
माछाहरूलाई मरुभूमिमा छोड़िदिनेछु ।
तिमीहरू खुला मैदानमा लड़नेछौ,
अनि बटुलिने र टिपिने छैनौ ।
म तिमीहरूलाई पृथ्वीका पशुहरू र
आकाशका चराहरूकहाँ भोजनस्वरुप
दिनेछु ।

**६**तब मिश्रदेशमा बस्ने सबैले म नै परमप्रभु हुँ
भनी जान्नेछन् ।

"'तँ इस्राएलका घरानाको निम्ति एउटा
नर्कटको लहुरो भएको छस् । **७**तिनीहरूले तँलाई
आफ्ना हातले पक्रँदा तँ च्यातिइस् र तिनीहरूका
काँधहरू च्यातिदिइस्; तिनीहरू तँमाथि ढल्कँदा
तँ भाँचिइस् र तिनीहरूका पिठिउँ मर्किए ।

**८**"'यसकारण सर्वसत्ताधारी परमप्रभु यसो

---

**२८:२०–२६**–योएल ३:४-८; जकरिया ९:१-२; मत्ती ११:२१-२२; लूका १०:१३-१४.
**२९:१–३२:३२**–यशैया १९:१-२५; यर्मिया ४६:२-२६. **२९:६**–यशैया ३६:६.

भन्नुहुन्छः म तेरो विरुद्धमा एउटा तरवार ल्याउनेछु, र तेरा मानिसहरू अनि तिनीहरूका पशुहरू मारिदिनेछु। ९मिश्रदेश एउटा शून्य र उजाड़ ठाउँ हुनेछ, तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्।

"'किनकि तैंले 'नील नदी मेरो हो, यसलाई मैले नै बनाएँ' भनिस्, १०यसकारण म तेरो विरुद्धमा र तेरा नदीहरूका विरुद्धमा छु, म मिश्रदेशलाई मिग्दोलदेखि अस्वनसम्म, कूशको सिमानासम्मै ध्वंसावषेश र उजाड़ बनादिनेछु। ११त्यसबाट भएर कुनै मानिसको अथवा पशुको खुट्टा पनि जानेछैन, त्यहाँ चालीस वर्षसम्म कोही बस्नेछैन। १२म मिश्रदेशलाई विनाश भएका देशहरूको बीचमा उजाड़ पारिदिनेछु, र त्यसका शहरहरू उजाड़ भएका शहरहरूको बीचमा चालीस वर्षसम्म उजाड़ भएर पड़िरहनेछन्। अनि म मिश्रीहरूलाई जाति-जातिहरूको बीचमा तितरबितर पारिदिनेछु र तिनीहरूलाई देशहरूभरि तितरबितर पारिदिनेछु।

१३"'तापनि सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः चालीस वर्ष बितेपछि म मिश्रीहरूलाई तिनीहरू तितरबितर पारिएका जातिहरूबाट भेला गर्नेछु। १४म तिनीहरूलाई कैदबाट फर्काएर उत्तरी मिश्रदेशमा ल्याउनेछु, जुन तिनीहरूका पिता-पुर्खाहरूको देश हो। त्यहाँ तिनीहरू एउटा तुच्छ राज्य हुनेछन्। १५त्यो राज्यहरूमा एउटा सबैभन्दा तुच्छ राज्य हुनेछ र त्यसले आफैलाई अरू जातिहरूभन्दा माथि कहिल्यै उठाउन सक्नेछैन। म त्यसलाई यति कमजोर बनाउनेछु कि त्यसले कहिल्यै अरू जातिहरूमाथि शासन गर्न सक्नेछैन। १६मिश्रदेश कहिले पनि इस्राएलका मानिसहरूको निम्ति भरोसाको स्रोत हुनेछैन, तर त्यसतिर सहायता माग्न फर्कन पर्दा इस्राएलको पापको सम्झना हुनेछ। तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्'।"

१७सत्ताइसौं वर्षको पहिलो महिनाको पहिलो दिनमा परमप्रभुको यो वचन मकहाँ आयोः १८"हे मानिसको पुत्र, बेबिलोनका राजा नबूकदनेसरले टायरको विरुद्धमा गरिएको कठोर अभियानमा आफ्नो सेना पठायो; जसमा तिनीहरू हरेकको शिर रगड़ियो र काँध पिल्सियो। तापनि त्यसले र त्यसको सेनाले टायरको विरुद्धमा गरेको अभियानबाट कुनै फल पाएनन्। १९यसकारण सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म मिश्रदेशलाई बेबिलोनको राजा नबूकदनेसरकहाँ दिँदैछु र उसले त्यसको सम्पत्ति लैजानेछ। त्यसले देशलाई आफ्नो सेनाको ज्यालास्वरुप लूटपिट गर्नेछ। २०मैले मिश्रदेशलाई त्यसको परिश्रमको निम्ति इनामस्वरुप त्यसलाई दिएको छु, किनकि त्यसले र त्यसको सेनाले त्यो काम मेरो निम्ति गरे, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ।

२१"त्यस दिन म इस्राएलको घरानाको निम्ति एउटा सिङ उम्रन लगाउनेछु, र म तिनीहरूका बीचमा तेरो मुख खोलिदिनेछु। तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्।"

### मिश्रदेशको निम्ति विलाप

**३०** परमप्रभुको यो वचन मकहाँ आयोः २"हे मानिसको पुत्र, अगमवाणी गरेर भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः

"'विलाप गर् अनि भन्, "हाय त्यो दिन!"
३ किनकि त्यो दिन नजीकै छ
परमप्रभुको दिन नजीकै छ—
बादल लागेको दिन, जाति-जातिहरूको
विनाशको दिन त्यो हुनेछ।
४ मिश्रदेशमाथि एउटा तरवार आउनेछ,
र कूशमाथि वेदना आउनेछ।
मिश्रदेशमा मरेकाहरू ढलिजाँदा त्यसका धन लगिनेछ,
र त्यसका जगहरू ढालिनेछन्।

५कूश अनि पूत, लूद अनि सारा अरब, लिबिया अनि करारको देशका मानिसहरू मिश्रदेशसितै तरवारद्वारा ढल्नेछन्।

६ "'परमप्रभु यसो भन्नुहुन्छः
मिश्रदेशका मित्रराष्ट्रहरू ढल्नेछन्
अनि त्यसको अहङ्कारी बल काम
लाग्ने छैन।

मिग्दोलदेखि अस्वानसम्म
तिनीहरू त्यो आफैभित्र तरवारले ढल्नेछन्,
सर्वसत्ताधारी परमप्रभु भन्नुहुन्छ ।
७ "'तिनीहरू उजाड़ देशहरूमा उजाड़ हुनेछन्,
र तिनीहरूका शहरहरू ध्वंस भएका शहरहरूमा पड़िरहनेछन् ।
८ मैले मिश्रदेशमा आगो लगाएर
त्यसका सबै सहयोगीहरू दमन भएपछि
तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।

"'९त्यस दिन ढुक्क भइबसेको कूश देशलाई तर्साउन मबाट दूतहरू जहाजमा जानेछन् । मिश्रदेशको विनाशको दिन तिनीहरूलाई वेदनाले छोप्नेछ, किनकि यो त निश्चय आउनेछ ।

१० "सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

'म बेबिलोनको राजा नबूकदनेसरको
हातबाट मिश्रदेशको दललाई समाप्त गरिदिनेछु ।
११ त्यो र त्यसका फौज, अर्थात् जातिहरूमा
सबैभन्दा निष्ठुरीलाई देशलाई नाश गर्नको निम्ति भित्र ल्याइनेछ ।
तिनीहरूले मिश्रदेशको विरुद्धमा आफ्ना तरवार निकाल्नेछन्,
र देशलाई मरेकाहरूले ढाकिदिनेछन् ।
१२ म नील नदीका खोलाहरूलाई सुकाइदिनेछु
अनि देशलाई दुष्ट मानिसहरूकहाँ बेचिदिनेछु;
परदेशीहरूको हातद्वारा म देशलाई र त्यसमा भएका
प्रत्येक कुरालाई उजाड़ पारिदिनेछु ।

म परमप्रभु बोलेको छु ।

१३ "'परमप्रभु भन्नुहुन्छ, 'म मूर्तिहरूलाई नाश गरिदिनेछु,
र मेम्फिसमा भएका आकृतिहरूलाई समाप्त गरिदिनेछु ।
मिश्रदेशमा अब फेरि कुनै राजकुमार हुनेछैन,
र म देशभरि डर फैलाइदिनेछु ।
१४ म उत्तरी मिश्रदेशलाई उजाड़ पारिदिनेछु,
सोअनमा आगो लगाइदिनेछु,
र थेबेस शहरलाई दण्ड दिनेछु ।
१५ मिश्रदेशको किल्ला पेलुसियममा म
मेरो क्रोध खन्याइदिन्छु;
अनि नो शहरका दलानहरूलाई नाश गरिदिनेछु ।
१६ म मिश्रदेशमा आगो लगाउनेछु;
पेलुसियम बेदनाले लडीबडी गर्नेछ ।
नो शहरलाई आँधीले लैजानेछ,
नोप लगातार विपत्तिमा रहनेछ ।
१७ हेलिओपोलिस र बुबास्तीसका जवान
मानिसहरू तरवारले ढल्नेछन्,
र शरहहरू आफै कैदमा जानेछन् ।
१८ मैले मिश्रदेशको जुवा भाँचिदिंदा
तहपनेसको दिन अँध्यारो हुनेछ;
त्यहाँ त्यसको अभिमानी बलको अन्त हुनेछ ।
त्यो बादलले छोपिनेछन्,
र त्यसका गाउँहरू कैदमा जानेछन् ।
१९ यसरी म मिश्रदेशमाथि दण्ड ल्याउनेछु,
र तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्' ।"

**२०**एघारौं वर्षको पहिलो महिनाको सातौं
दिनमा परमप्रभुको वचन मकहाँ आयो: **२१**"हे
मानिसको पुत्र, मैले मिश्रदेशको राजा फिरऊनको
पाखुरा भाँचिदिएको छु। निको पारिनको निम्ति
त्यो बाँधिएको छैन अथवा तरवार पक्रन
सक्नेसम्मको बलियो पारिनलाई त्यसमा
मलहम-पट्टी लगाइएको छैन । **२२**यसकारण
सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: म
मिश्रदेशको राजा फिरऊनको विरुद्धमा छु। म
त्यसका दुवै पाखुराहरू, अर्थात् राम्रो र भाँचिएका
दुवै पाखुराहरू भाँचिदिनेछु अनि त्यसको
हातबाट तरवार खस्न लाउनेछु । **२३**म
मिश्रीहरूलाई जाति-जातिहरूको बीचमा
तितरबितर पारिदिनेछु, र तिनीहरूलाई
देशहरूभरि तितरबितर पारिदिनेछु । **२४**म

बेबिलोनको राजाका पाखुराहरू बलिया
पारिदिनेछु, र मेरो तरवार त्यसको हातमा
राखिदिनेछु, तर म फिरऊनका पाखुराहरू
भाँचिदिनेछु अनि उसको सामुन्ने ठूलो चोट
पाएको मानिसझैँ त्यसले सुस्केरा हाल्नेछ ।
२५म बेबिलोनको राजाका पाखुराहरू बलिया
पारिदिनेछु, तर फिरऊनका पाखुराहरू तर्लङ्ग
झुण्डिनेछन् । मैले बेबिलोनको राजाको हातमा
मेरो तरवार राखिदिंदा र त्यसले त्यो मिश्रदेशको
विरुद्धमा घुमाउँदा तिनीहरूले म नै परमप्रभु हुँ
भनी जान्नेछन् । २६म मिश्रीहरूलाई जाति-
जातिहरूको बीचमा तितरबितर पारिदिनेछु, र
तिनीहरूलाई देशहरूभरि छरिदिनेछु । तब
तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।"

## लबानोनमा एउटा देवदारु

३१ एघारौं वर्षको तेस्रो महिनाको पहिलो
दिन परमप्रभुको यो वचन मकहाँ आयो:
२"हे मानिसको पुत्र, मिश्रदेशको राजा र त्यसका
दलहरूलाई भन्:

"'तेरो वैभवमा तँसित कसको तुलना
गर्न सकिन्छ ?
३ वनमा छाया पार्ने सुन्दर हाँगाहरू भएको
एक समयको लबानोनको देवदारुरुपी
अश्शूरलाई विचार गर;
त्यो अग्लो भएर गयो,
त्यसका पातहरूको माथि त्यसको टुप्पो
थियो ।
४ त्यसलाई पानीले स्याहार्थ्यो,
गहिरा खोलाहरूले त्यसलाई अग्लो हुन दिए;
त्यसका खोलाहरू त्यसको फेदको
चारैतिर बगे,
र तिनीहरूका नालाहरूलाई खेतका सबै
रूखहरूकहाँ पठाए ।
५ यसरी त्यो खेतका सबै रूखहरूभन्दा
अग्लो भयो;
त्यसका शाखाहरू धेरै भए,
र त्यसका हाँगाहरू लामा भए,
पानी प्रशस्त भएकोले फैलिगए ।
६ आकाशका सबै पक्षीहरूले त्यसका
हाँगाहरूमा गुँड़ बनाएर बसे,
त्यसका हाँगाहरूमुनि खेतका सबै
पशुहरूले जन्माए;
सबै महान् जातिहरू त्यसका हाँगाहरूको
छहारीमा बसे ।
७ त्यसका फैलिएका शाखाहरूसित
त्यो सौन्दर्यमा शोभायमान थियो,
किनकि त्यसका जराहरू प्रशस्त
पानीहरूतिर तल गए ।
८ परमेश्वरको बगैंचाका देवदारुहरू
त्यसको दाँजोमा पुग्न सकेनन्,
नता सल्लाका रूखहरूले त्यसका
शाखाहरूको बराबरी गर्न सके,
नता धूपीका रूखहरूले त्यसका
हाँगाहरूसित तुलना गर्न सके–
परमेश्वरको बगैंचामा भएको कुनै रूख
पनि त्यसको सौन्दर्यसित सुहाएन ।
९ प्रशस्त हाँगाहरूसित मैले त्यसलाई सुन्दर
बनाएँ,
परमेश्वरको बगैंचामा भएका
अदनका रूखहरूले त्यससित डाह गरे ।

१०"'यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: त्यो अग्लो भएर आफ्नो टुप्पो झ्याम्म
परेको पातहरूमाथि पुऱ्याएको कारण, र आफ्नो
उँचाइमाथि त्यसले घमण्ड गरेको कारण,
११त्यसको दुष्टताअनुसार त्यसमाथि व्यवहार
गरिओस् भनेर मैले त्यसलाई जातिहरूका
शासककहाँ सुम्पिदिएँ । मैले त्यसलाई
एकातिर फ्याँकिदिएँ, १२अनि त्यसलाई परदेशी
जातिहरूमध्ये अति निष्ठुरले काटेर ढालिदिए
र छोड़िदिए । त्यसका शाखाहरू पर्वतहरूमा
अनि भन्ज्याङ्हरूमा खसे; त्यसका हाँगाहरू
भाँचिएर देशका खोल्साहरूमा पड़िरहे । पृथ्वीका
सबै जातिहरू त्यसका छायामुनिबाट निस्किआएर

**३१:८**–उत्पत्ति २:९.

त्यसलाई छोड़िदिए । **१३**आकाशका सबै
चराहरूले ढलेको रूखमाथि बसोबासो गरे अनि
खेतका सबै पशुहरू हाँगाहरूमा बसे ।
**१४**यसकारण पानीको छेउका अरू कुनै रूखहरू
पनि आफ्ना बाक्ला पातहरूमाथि घमण्डसाथ
टुप्पो उठाएर कहिल्यै बढ्ने छैनन् । पानी यति
धेरै पुगेका अरू कुनै रूखहरू पनि कहिल्यै
यत्रो उचाइसम्म पुग्न पाउने छैनन्, तिनीहरू
तल पृथ्वीमा मरणशील मानिसहरूको बीचमा,
अर्थात् तल खाड़लमा जानेहरूसित मर्नको निम्ति
तोकिएका छन् ।

**१५**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
त्यो चिहानमा पुऱ्याइएको दिन मैले त्यसको
निम्ति शोकको रूपमा गहिरा नदीहरूलाई
छोपिदिएँ; मैले त्यसका खोलाहरू रोकिदिएँ, र
त्यसका प्रशस्त पानीहरू रोकिए । त्यसको
कारण मैले लबानोनलाई उदासताले छोपिदिएँ
र बनका सबै रूखहरू ओइलाइहाले । **१६**मैले
त्यसलाई तल खाड़लमा जानेहरूसित तल
चिहानमा तार्दा त्यसको पतनमा मैले जाति-
जातिहरूलाई काम्न लाएँ । तब अदनका सबै
रूखहरू, लबानोनका अति दुर्लभ र अति उत्तम
रूखहरू, प्रशस्त पानी पाएका रूखहरूले तल
पृथ्वीमा सान्त्वना पाए । **१७**त्यसका छाँयामा
बस्नेहरू, जातिहरूको बीचमा त्यसका मित्रहरू
पनि त्योसितै तल चिहानमा गएका थिए, र
तरवारले मारिएकाहरूसितै मिल्न गएका थिए ।

**१८**"'अदनका रूखहरूमध्ये कुन ऐश्‍वर्य र
गौरवमा तँसित तुलना गरिन सक्छ ? तथापि
तँ पनि अदनका रूखहरूसितै तल पृथ्वीमा
खसालिनेछस्; तँ ती बेखतनेहरूसित, तरवारले
मारिएकाहरूसित पड़िरहनेछस् ।

"'यो फिरऊन र त्यसका दलहरू हुन्,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ' ।"

## फिरऊनको निम्ति विलाप

**३२** बाह्रौं वर्षको बाह्रौं महिनाको पहिलो
दिनमा परमप्रभुको यो वचन मकहाँ
आयो, **२**"हे मानिसको पुत्र, मिश्रदेशको राजा
फिरऊनको विषयमा विलाप गर् र त्यसलाई
भन्:

'तँ जातिहरूको बीचमा एउटा सिंहझैं
होस्;
तँ आफ्ना खोलाहरूमाथि प्रहार गर्ने
पानीहरूलाई आफ्ना खुट्टाहरूले घोल्ने
र नदीहरूलाई धमिलो पार्ने समुद्री
दैत्य होस् ।

**३** "'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:

'धेरै मानिसहरूसित म आफ्नो जाल
तँमाथि फ्याँक्नेछु,
र तिनीहरूले तँलाई मेरो जालमा
तान्नेछन् ।
**४** म तँलाई जमिनमा फ्याँक्नेछु,
र तँलाई खुल्ला मैदानमा घुइँक्याउनेछु ।
म आकाशका सबै चराहरूलाई
तँमाथि बस्न दिनेछु,
अनि पृथ्वीका सबै पशुहरूलाई तेरो मासु
खान लाउनेछु ।
**५** म तेरो मासु पहाड़हरूमाथि फिँजाइदिनेछु,
र भन्ज्याङ्हरूलाई तेरा बचेका भागहरूले
भरिदिनेछु ।
**६** म पहाड़हरूतिर जाने बाटोतिर
देशभरि तेरो बगेको रगतले भिजाइदिनेछु,
अनि खोल्साहरू तेरो मासुले भरिनेछन् ।
**७** मैले तँलाई नाकको साससे बाहिर
निकालिदिँदा म आकाशलाई
ढाकिदिनेछु,
अनि त्यसका ताराहरूलाई अँध्यारो
बनाइदिनेछु;
म घामलाई बादलले ढाकिदिनेछु,
अनि जुनले आफ्नो ज्योति दिनेछैन ।
**८** आकाशका सबै चम्कने ज्योतिहरूलाई
म तँमाथि अँध्यारो बनाइदिनेछु;
म तेरो देशमा अन्धकार ल्याउनेछु,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

---

**३२:७**–यशैया १३:१०; मत्ती २४:२९; मर्कूस १३:२४-२५; लूका २१:२५; प्रकाश ६:१२-१३; ८:१२.

९ जातिहरूको बीचमा तैंले नजानेका
देशहरूमा मैले तेरो विनाश ल्याउँदा,
म धेरै जातिहरूका हृदय बिचलित
पार्नेछु ।
१० म धेरै जातिहरूलाई तँप्रति भयभीत
पार्नेछु,
अनि मैले आफ्नो तरवार तिनीहरूका
विरुद्धमा हल्लाउँदा,
तेरो कारण तिनीहरूका राजाहरू डरले
काम्नेछन् ।
तेरो पतनको दिनमा तिनीहरू हरेक
आ-आफ्नो जीवनको निम्ति प्रत्येक
क्षण काम्नेछन् ।

११"'किनकि सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः

"'बेबिलोनको राजाको तरवार तेरो
विरुद्धमा आउनेछ ।
१२ म तेरो दललाई शक्तिशाली मानिसहरू
अर्थात् सबै जातिहरूमा निष्ठुरीहरूको
तरवारद्वारा ढाल्न लाउनेछु ।
तिनीहरूले मिश्रदेशको घमण्ड चूर
पार्नेछन्,
अनि सबै दलहरू पराजित हुनेछन् ।
१३ म त्यसका सबै गाईबस्तुहरूलाई
प्रशस्त पानीको छेउमा नष्ट गरिदिनेछु,
त्यस पानीलाई अब उसो मानिसहरूका
खुट्टाहरूले चलाइदिनेछैनन् अथवा
गाईबस्तुका खुरले खल्बलाइदिने छैनन् ।
१४ तब म त्यसका पानीहरूलाई सङ्लन
दिनेछु,
अनि त्यसका खोलाहरूलाई तेलझैँ बग्न
दिनेछु,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
१५ मैले मिश्रदेशलाई उजाड़ पारेर
त्यस देशलाई सबै कुराहरूबाट रित्तो
बनाइदिएपछि मैले त्यहाँ बस्नेहरू
सबैमाथि प्रहार गरेपछि
तिनीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछन् ।'

१६"यो विलापी गीत नै तिनीहरूले त्यसको
निम्ति गाउनेछन् । जातिहरूका छोरीहरूले
यसलाई गाउनेछन्; किनकि मिश्रदेश र त्यसका
सबै दलहरूको निम्ति तिनीहरूले त्यो गाउनेछन्,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।"

१७बाह्रौँ वर्षको पहिलो महिनाको पन्ध्रौँ
दिनमा परमप्रभुको वचन मकहाँ आयो, १८"हे
मानिसको पुत्र, मिश्रदेशका दलहरूका निम्ति
विलाप गर् अनि त्यसलाई र सामर्थी जातिहरूका
छोरीहरूलाई तल खाड़लमा जानेहरूसितै तल
पृथ्वीलाई सुम्पिदे । १९तिनीहरूलाई भन्, 'के
तिमीहरूले अरूभन्दा बढ़ी निगाह प्राप्त गरेका
छौ ? तल गएर बेखतनेहरूसित पड़िरह ।'
२०तिनीहरू तरवारले मारिएकाहरूकै बीचमा
ढल्नेछन् । तरवार निकालिएको छ; त्यो आफ्ना
सबै दलहरूसित घिसारिओस् । २१चिहानभित्रबाट
मिश्रदेश र त्यसका मित्रहरूको विषयमा
पराक्रमी अगुवाहरूले भन्नेछन्, 'तिनीहरू तल
आएका छन् र तिनीहरू तरवारले मारिएका
बेखतनेहरूसित पड़िरहन्छन् ।'

२२"त्यहाँ अश्शूर आफ्ना सम्पूर्ण सेनासित
छ, त्यो आफ्ना मारिएकाहरू अर्थात्
तरवारद्वारा ढलिगएकाहरूका चिहानहरूले
घेरिएकी छ । २३तिनीहरूका चिहानहरू
खाड़लको गहिराइमा छन्, र त्यसका सेना
त्यसको चारैतिर पड़िरहेको छ । जीवितहरूको
देशमा आतङ्क फैलाउनेहरू सबै मारिएका छन्,
तरवारले ढालिएका छन् ।

२४"एलाम आफ्नो चिहानको चारैतिर
आफ्ना सबै दलहरूले घेरिएर त्यहीं छ । ती
सबै मारिएका अनि तरवारद्वारा ढालिएका
छन् । जीवितहरूको देशमा आतङ्क फैलाउनेहरू
सबै तल पृथ्वीमा खतना नभई गएका छन् ।
तिनीहरू तल खाड़लमा जानेहरूसितै शर्ममा
परेका छन् । २५त्यसको निम्ति मारिएकाहरूसित
एउटा पलङ् बनाइएको छ, त्यसको चिहानका
चारैतिर त्यसका दलहरू छन् । तिनीहरू सबै
बेखतनामा र तरवारद्वारा मारिएका छन् ।
तिनीहरूको आतङ्क जीवितहरूको देशमा

फिँजिएको कारण तिनीहरू तल खाड़लमा
जानेहरूको शर्ममा सहभागी भएका छन्,
तिनीहरू मारिएकाहरूसित राखिएका छन् ।

**२६**“मेशेक र तूबल आफ्ना चिहानहरूको
चारैतिर भएका आफ्ना दलहरूको साथमा त्यहीँ
छन् । सबै खतनारहितहरू तरवारद्वारा
मारिएका छन्, किनकि तिनीहरूले जीवितहरूको
देशमा आफ्नो आतङ्क फैलाएका थिए ।
**२७**के तिनीहरू अरू बेखतने योद्धाहरूसित
पड़िरहनेछैनन् जो ढलिगएका छन्, जो आफ्ना
लड़ाइँका हतियारहरूसितै तल चिहानमा गए,
जसका तरवारहरू तिनीहरूका शिरमुनि
राखिएका थिए ? ती योद्धाहरूको आतङ्क
जीवितहरूको देशमा छाएकै भए तापनि
तिनीहरूका पापको दण्ड तिनीहरूकै शिरमाथि
रहेको थियो ।

**२८**“हे फिरऊन, तँ पनि टुक्रिएर ती
तरवारद्वारा मारिएका बेखतनेहरूका बीचमा
हुनेछस् ।

**२९**“एदोम र त्यसका राजाहरू अनि
सबै राजकुमारहरू त्यहाँ छन्; तिनीहरूको शक्ति
भए तापनि तिनीहरू तरवारद्वारा मारिएकाहरूसितै
राखिएका छन् । तिनीहरू खाड़लमुनि जाने ती
बेखतनेहरूसितै पड़िरहेका छन् ।

**३०**“उत्तर दिशाका सबै राजकुमारहरू अनि
सबै सीदोनीहरू त्यहाँ छन्; तिनीहरूको शक्तिले
आतङ्क सृष्टि गरेको भए तापनि तिनीहरू
मारिगएकाहरूसित अपमानमा तल गए ।
तिनीहरू तरवारले मारिएकाहरूसित बेखतनामै
पड़िरहेका छन्, र तल खाड़लमा जानेहरूसित
शर्ममा सम्भागी भएका छन् ।

**३१**“फिरऊन र त्यसका सम्पूर्ण सेनाले
तिनीहरूलाई देख्नेछन्, अनि त्यसका सबै दलहरू
तरवारद्वारा मारिएकाहरूको निम्ति त्यसले
सान्त्वना पाउनेछ, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ । **३२**मैले त्यसलाई जीवितहरूको
देशमा आतङ्क फैलाउन लाएको भए तापनि
फिरऊन र त्यसका सबै दलहरू तरवारद्वारा
मारिएका ती बेखतनेहरूको बीचमा पड़िरहनेछन्,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।”

### इजकिएल, एउटा पहरादार

**३३** परमप्रभुको यो वचन मकहाँ आयो: **२**“हे
मानिसको पुत्र, आफ्ना देशवासीहरूसित
कुरा गर् र तिनीहरूलाई भन्: ‘जब म कुनै
देशको विरुद्धमा तरवार ल्याउँछु, अनि त्यस
देशका मानिसहरूले तिनीहरूमध्ये एक जनालाई
छानेर आफ्ना पहरादार बनाउँछन्, **३**र त्यसले
देशको विरुद्धमा तरवार आउँदैगरेको देखेर
मानिसहरूलाई चेतावनी दिन तुरही फुक्दा,
**४**कसैले तुरहीको सोर सुनेर चेतावनीलाई लिँदैन
र तरवार आएर त्यसको प्राण लिन्छ भने,
त्यसको रगत त्यसको आफ्नै शिरमाथि पर्नेछ ।
**५**त्यसले तुरहीको सोर सुन्यो तर चेतावनी ग्रहण
नगरेको कारण त्यसको रगत त्यसको आफ्नै
शिरमाथि रहनेछ । यदि त्यसले चेतावनीमा
ध्यान दिएको भए त्यसले आफैलाई बचाउने
थियो । **६**तर यदि पहरादारले तरवार आएको
देखेर पनि मानिसहरूलाई चेतावनी दिनलाई
तुरही फुकेन, र तरवार आएर तिनीहरूमध्ये
एक जनाको प्राण लियो भने त्यो मानिस आफ्नो
पापको कारण लगिनेछ, तर म त्यसको रगतको
जिम्मेवार त्यस पहरेदारलाई ठहराउनेछु ।’

**७**“हे मानिसको पुत्र, मैले तँलाई इस्राएलको
घरानाको निम्ति एउटा पहरादार बनाएको छु;
यसकारण मैले बोलेको कुरा सुन् र तिनीहरूलाई
मबाट चेतावनी दे । **८**मैले दुष्टलाई ‘हे दुष्ट
मानिस, तँ निश्चय मर्नेछस्’ भन्दा तैंले त्यसलाई
आफ्ना मार्गहरूबाट फर्काउनलाई बोलेनस् भने,
त्यो दुष्ट मानिस आफ्नो पापको लागि मर्नेछ,
अनि म तँलाई त्यसको रगतको जिम्मेवार
ठहराउनेछु । **९**तर यदि तैंले त्यस दुष्ट मानिसलाई
आफ्ना कुमार्गबाट फर्काउनलाई चेतावनी दिइस्,
र त्यसले त्यो गरेन भने त्यो आफ्नै पापको
निम्ति मर्नेछ, तर तैंले आफैलाई बचाएको
हुनेछस् ।

---

**३३:१-९**–इजकिएल ३:१६-२१.

१०"हे मानिसको पुत्र, इस्राएलका घरानालाई
भन्, 'तिमीहरू यसो भन्छौ: "हाम्रा अपराधहरू
र पापहरूले हामीलाई थिचेका छन् अनि
तिनीहरूको कारण हामी सुक्दै जाँदैछौं । त्यसो
भए हामी कसरी बाँच्ने ?" ११तिनीहरूलाई
भन्, म निश्चय जिएझैं, सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ: म दुष्टहरूको मृत्युमा खुशी
हुन्नँ, तर बरु तिनीहरू आफ्ना चालहरूबाट
फर्केर बाँचून् । फर्क ! तिमीहरूका दुष्ट
चालहरूबाट फर्क ! हे इस्राएलका घराना हो,
तिमीहरू किन मर्छौ ?'

१२"यसकारण, हे मानिसको पुत्र, आफ्ना
देशवासीहरूलाई भन्, 'कुनै धर्मी मानिसले आज्ञा
उलङ्घन गऱ्यो भने, त्यसको धार्मिकताले
त्यसलाई बचाउन सक्दैन, र कोही आफ्नो
दुष्टताबाट फर्कन्छ भने, त्यसको दुष्टताले
त्यसको पतन हुनेछैन । यदि धार्मिक मानिसले
पाप गर्छ भने, त्यसको पहिलेको धार्मिकताको
कारण त्यसलाई बाँच्न दिइनेछैन ।' १३यदि मैले
त्यस धार्मिक मानिसलाई तँ निश्चय बाँच्नेछस्
भनें तर त्यसपछि त्यसले आफ्नो धार्मिकतामाथि
भरोसा गरेर दुष्टता गर्छ भने त्यसले गरेका
कुनै पनि धार्मिक कामको सम्झना हुनेछैन,
त्यसले गरेको दुष्टताको कारण त्यो मर्नेछ ।
१४अनि यदि मैले त्यस दुष्ट मानिसलाई 'तँ
निश्चय मर्नेछस्' भनें, तर त्यो आफ्नो पापबाट
फर्कन्छ अनि जे न्यायसङ्गत र ठीक छ त्यही
गर्छ, १५यदि त्यसले ऋणको निम्ति लिएको धितो
फर्काइदिन्छ, आफूले चोरेको कुरो फर्काइदिन्छ,
जीवन दिने आदेशहरू पालन गर्छ, अनि दुष्ट
काम गर्दैन भने त्यो बाँच्नेछ; त्यो मर्नेछैनँ ।
१६त्यसले गरेको कुनै पनि पाप त्यसको विरुद्धमा
सम्झना हुनेछैन । त्यसले जे न्यायसङ्गत र ठीक
छ त्यही गरेको छ; त्यो निश्चय बाँच्नेछ ।

१७"तापनि तेरा देशवासीहरू भन्छन्,
'परमप्रभुको मार्ग न्यायसङ्गत छैन तर तिनीहरूको
आफ्नै मार्ग पो न्यायसङ्गत छैन । १८यदि कुनै
धार्मिक मानिसले आफ्नो धार्मिकताबाट हटेर
दुष्ट काम गर्छ, त्यो त्यस कामको
निम्ति मर्नेछ । १९अनि यदि कुनै दुष्ट मानिसले
आफ्नो दुष्टताबाट फर्केर जे न्यायसङ्गत र ठीक
छ त्यो गर्छ भने, त्यसो गरेको कारण त्यो
बाँच्नेछ । २०तापनि, हे इस्राएलका घराना,
तिमीहरू भन्छौ, 'परमप्रभुको मार्ग न्यायसङ्गत
छैन ।' तर म तिमीहरू हरेकलाई त्यसको
आफ्नै चालअनुसार न्याय गर्नेछु ।"

### यरूशलेमको पतनको व्याख्या गरिएको

२१हाम्रो निर्वासनको बाह्रौं वर्षको दशौं
महिनाको पाँचौं दिनमा, यरूशलेमबाट उम्केको
एक जना मानिस मकहाँ आयो अनि त्यसले
भन्यो, "शहरको पतन भएको छ !" २२अब
त्यो मानिस आउन अघिको साँझमा परमप्रभुको
हात ममाथि थियो र त्यो मानिस बिहान
आउनुभन्दा पहिले उहाँले मेरो मुख
खोलिदिनुभयो । यसकारण मेरो मुख खोलियो
र म फेरि चुप बसिँन ।

२३तब परमप्रभुको यो वचन मकहाँ आयो:
२४"हे मानिसको पुत्र, इस्राएलको देशमा
भग्नावशेषमा बस्ने मानिसहरूले भन्दैछन्,
'अब्राहाम एकलो मानिस मात्र थिए तापनि
तिनले देश अधिकार गरे । तर हामी त धेरै
छौं; देश निश्चय नै हामीलाई आफ्नो
अधिकारस्वरुप दिइएको छ ।' २५यसकारण
तिनीहरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ: तिमीहरूले रगत लागिरहेको
मासु खाएको अनि आफ्ना मूर्तिहरूतिर हेरेको
र रगत बगाएको कारण के तिमीहरूले
देश अधिकार गर्नुपर्छ ? २६तिमीहरू आफ्नो
तरवारमाथि भरोसा राख्छौ, तिमीहरू घिनलाग्दा
कामहरू गर्छौ, अनि तिमीहरू हरेकले आफ्नो
छिमेकीकी स्वास्नीलाई बिटुलो पार्दछौ, त्यसो
भए के तिमीहरूले देश अधिकार गर्छौ र ?'

२७"तिनीहरूलाई यो भन्, 'सर्वसत्ताधारी
परमप्रभु यसो भन्नुहुन्छ: म निश्चय जिएझैं,
भग्नावशेषमा छोड़िएकाहरू तरवारले ढल्नेछन्,

**३३:२१**–२ राजा २५:३-१०; यर्मिया ३९:२-८; ५२:४-१४.

खुला मैदानमा हुनेहरूलाई म वन-पशुहरूद्वारा
निलिनलाई दिनेछु, किल्लाहरू र ओड़ारतिर
हुनेहरू रूढीले मर्नेछन् । **२८**म देशलाई उजाड़
पारिदिनेछु, अनि त्यसको अहङ्कारी बल समाप्त
हुनेछ, अनि इस्राएलका पर्वतहरू उजाड़ हुनेछन्
र कोही पनि पार गर्नेछैन । **२९**तिनीहरूले
गरेका सबै घिनलाग्दा कामहरूको कारण मैले
देशलाई उजाड़ पारिदिएपछि तिनीहरूले म नै
परमप्रभु हुँ भनी जान्नेछन् ।'

**३०**"तेरो विषयमा, हे मानिसको पुत्र, तेरा
देशवासीहरू पर्खालको छेउमा अनि घरहरूका
ढोकाहरूमा मिलेर तेरो विषयमा यसरी कुरा
गरिरहेका छन्, 'आऊ, परमप्रभुबाट आएको
समाचार सुनौं ।' **३१**मेरा मानिसहरू सदाझैं तँकहाँ
आउनेछन् र तेरा वचनहरू सुन्न तेरो सामुन्ने
बस्नेछन्, तर तिनीहरूले ती गर्नेछैनन् ।
आफ्ना मुखले तिनीहरूले भक्ति प्रकट गर्छन्
तर तिनीहरूका हृदय अन्यायपूर्ण लाभका पछि
छन् । **३२**निश्चय, तँ त तिनीहरूको निम्ति
मीठो सोरले प्रेमको गीत गाउने अनि राम्रो
गरी बाजा बजाउने व्यक्तिभन्दा बढ़ी छैनस्,
किनकि तिनीहरूले तेरा कुरा सुन्नेछन् तर
त्यसअनुसार गर्ने छैनन् ।

**३३**"जब यी सबै पूरा हुनेछन्, अनि निश्चय
पूरा हुनेछन्, तब तिनीहरूको बीचमा एक जना
अगमवक्ता रहेछ भनी तिनीहरूले जान्नेछन् ।"

### गोठालाहरू र भेड़ाहरू

**३४** परमप्रभुको यो वचन मकहाँ आयो:
**२**"हे मानिसको पुत्र, इस्राएलका
गोठालाहरूको विरुद्धमा अगमवाणी गर्,
अगमवाणी गर्, अनि तिनीहरूलाई भन्,
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: धिक्कार,
इस्राएलका गोठालाहरूलाई जसले आफ्नै मात्र
वास्ता गर्छन् ! के गोठालाहरूले बगालको
वास्ता गर्नुपर्ने होइन ? **३**तिमीहरू दही खान्छौ,
आफै ऊनी वस्त्र लगाउँछौ, मोटा-मोटा पशुहरू
मार्छौ तर तिमीहरू आफ्ना बगालको वास्ता
राख्दैनौ । **४**तिमीहरूले कमजोरहरूलाई बलिया
पारेका छैनौ, अथवा रोगीलाई निको पारेका
छैनौ र घाइतेलाई मलहम-पट्टी लगाइदिएका
छैनौ । तिमीहरूले बाटो बिराएकाहरूलाई
फर्काएर ल्याएका छैनौ अथवा हराएकाहरूलाई
खोजेका छैनौ । तिमीहरूले तिनीहरूमाथि
निष्ठुरता र क्रुरतासाथ शासन गरेका छौ ।
**५**यसकारण तिनीहरू गोठाला नभएकाले
तितरबितर भएका छन् अनि तिनीहरू
तितरबितर हुँदा सबै वन-पशुहरूका भोजन
भएका छन् । **६**मेरा भेड़ाहरू पहाड़हरूतिर र
प्रत्येक अग्लो डाँड़ातिर यताउता लागेका छन् ।
तिनीहरू पृथ्वीभरि नै छरिएका छन् अनि कसैले
पनि तिनीहरूलाई खोजेका र हेरेका छैनन् ।

**७**"'यसकारण तिमी गोठालाहरूले परमप्रभुको
वचन सुन: **८**म निश्चय जिएझैं, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ, किनकि मेरो बगालका
गोठालाहरू नभएकाले लुटिएका छन् र सबै
वन-पशुहरूका भोजन भएका छन् किनकि
मेरा गोठालाहरूले मेरो बगालको खोजी
गरेनन् तर मेरो बगालको सट्टा आफ्नै वास्ता
मात्र गरे, **९**यसकारण, हे गोठालाहरू, परमप्रभुको
वचन सुन । **१०**सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: म गोठालाहरूको विरुद्धमा छु, अनि
म आफ्नो बगालको निम्ति तिनीहरूलाई
जिम्मेवार ठहराउनेछु । म बगालको हेरचाह
गर्नबाट हटाउनेछु र गोठालाहरू आफैले मात्र
फेरि कहिल्यै खान पाउनेछैनन् । म आफ्नो
बगाललाई तिनीहरूका मुखबाट छुटाउनेछु,
अनि अब उसो तिनीहरू उनीहरूका भोजन
हुनेछैनन् ।

**११**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
म आफै मेरा भेड़ाहरूको खोजी गर्नेछु अनि
तिनीहरूलाई स्याहार्नेछु । **१२**आफू तिनीहरूसितै
हुँदा गोठालाले आफ्नो छरिएका भेड़ाहरूको
हेरचाह गरेझैं म तिनीहरूको हेरचाह गर्नेछु ।
बादल लागेको र अँध्यारो दिनमा तिनीहरू
छरिएका सबै ठाउँहरूबाट म तिनीहरूलाई

---

**३४:५**–गन्ती २७:१७; १ राजा २२:१७; मत्ती ९:३६; मर्कूस ६:३४.

छुटाउनेछु । **१३**म तिनीहरूलाई जातिहरूबाट
निकालेर ल्याउनेछु अनि देशहरूबाट भेला गर्नेछु
र म तिनीहरूलाई तिनीहरूका आफ्नै देशमा
ल्याउनेछु । म तिनीहरूलाई इस्राएलका
पर्वतहरूमा, खोल्साहरूमा अनि देशका सबै
आबादीहरूमा खर्क दिनेछु । **१४**म तिनीहरूलाई
असल खर्कहरूमा स्याहार्नेछु र इस्राएलका अग्ला
पर्वतहरू तिनीहरूका चर्ने ठाउँ हुनेछन् । त्यहाँ
तिनीहरू असल चर्ने ठाउँमा ढल्कनेछन् अनि
त्यहाँ तिनीहरू इस्राएलका पर्वतहरूका असल
खर्कहरूमा खानेछन् । **१५**म आफै आफ्ना
भेड़ाहरूको हेरचाह गर्नेछु अनि तिनीहरूलाई
ढल्कन लाउने छु, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ । **१६**म हराएकाहरूलाई खोज्नेछु र
बाटो बिराएकाहरूलाई फर्काएर ल्याउनेछु ।
म घाइतेहरूलाई मलहम-पट्टी लगाइदिनेछु
अनि दुब्लाएकाहरूलाई बलिया बनाइदिनेछु,
तर पुष्टिएका र बलियाहरूलाई म नाश
गरिदिनेछु । म बगालको हेरचाह न्यायपूर्वक
गर्नेछु ।

**१७**“‘तिमीहरू मेरा बगालको विषयमा,
सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म एउटा
भेड़ा र अर्कोको बीचमा, अनि साँढ़ भेड़ा र
बाख्राको बीचमा इन्साफ गर्नेछु । **१८**के असल
खर्कमा खानु तिमीहरूको निम्ति पर्याप्त
होइन ? के तिमीहरूले खर्कका अरू भागहरूलाई
आफ्ना खुट्टाले कुल्चनु पनि पर्छ ? के चोखो
पानी पिउनु तिमीहरूको निम्ति पर्याप्त होइन ?
के तिमीहरूले रहेको भागलाई हिलोसरी
बनाइदिनु पनि पर्छ ? **१९**के मेरो बगालले
तिमीहरूले कुल्चेको खानुपर्छ र तिमीहरूका
खुट्टाले हिलो बनाइदिएको पानी पिउनुपर्छ ?

**२०**“‘यसकारण, सर्वसत्ताधारी परमप्रभु
तिनीहरूलाई यसो भन्नुहुन्छः हेर, म आफै मोटो
र दुब्लो भेड़ाहरूको बीचमा इन्साफ गर्नेछु ।
**२१**तिमीहरूले दुब्ला भेड़ाहरूलाई काँधले घचेटेका
अनि तिनीहरू नभागेसम्म आफ्ना सीङले
हानेकाले, **२२**म आफ्नो बगाललाई बचाउनेछु
अनि तिनीहरू अब उसो लुटिनेछैनन् । म एउटा
भेड़ा र अर्कोको बीचमा इन्साफ गर्नेछु । **२३**म
तिनीहरूमाथि एउटा गोठाला, अर्थात् मेरो दास
दाऊदलाई राख्नेछु, अनि त्यसले तिनीहरूलाई
स्याहार्नेछ; उसले तिनीहरूलाई स्याहार्ने छ, र
त्यो तिनीहरूको गोठाला हुनेछ । **२४**म परमप्रभु
तिनीहरूका परमेश्वर हुनेछु, अनि मेरो दास
दाऊद तिनीहरूका बीचमा राजकुमार हुनेछ ।
म परमप्रभु बोलेको छु ।

**२५**“‘म तिनीहरूसित एउटा शान्तिको
करार बाँध्नेछु, अनि तिनीहरू मरुभूमिमा बसून्
र वनहरूमा सुरक्षापूर्वक सुतुन् भनेर देशलाई
वन-पशुहरूबाट मुक्त गरिदिनेछु । **२६**म
तिनीहरूलाई अनि मेरो डाँड़ाका चारैतिरका
ठाउँहरूलाई आशिष् दिनेछु । म ऋतुमा झरी
पठाइदिनेछु, त्यहाँ आशिष्का झरी हुनेछन् ।
**२७**खेतका रूखहरूले आफ्ना फल फलाउने
छन् र जमिनले आफ्नो अन्न उत्पन्न गर्नेछ;
मानिसहरू आफ्नो देशमा सुरक्षित रहनेछन् ।
मैले तिनीहरूका जुवाका बारहरू अनि
तिनीहरूलाई दासत्वमा लैजानेहरूका हातबाट
तिनीहरूलाई छुटाएपछि तिनीहरूले म नै
परमप्रभु हुँ भनी जान्नेछन् । **२८**तिनीहरू फेरि
जातिहरूद्वारा लुटिनेछैनन् नता वन-पशुहरूले
तिनीहरूलाई खानेछन् । तिनीहरू सुरक्षामा बस्नेछन्
र कसैले तिनीहरूलाई डर देखाउनेछैन । **२९**म
तिनीहरूलाई अन्न फलाउनमा नाउँ चलेको
एउटा देश प्रबन्ध गरिदिनेछु अनि तिनीहरू
देशमा फेरि अनिकालको शिकार हुनुपर्नेछैन,
नता जातिहरूको गिल्ला सहनुपर्नेछ । **३०**तब
तिनीहरूले म परमप्रभु तिनीहरूका परमेश्वर
तिनीहरूसित छु र इस्राएलका घराना मेरो प्रजा
हो भनी तिनीहरूले जान्नेछन्, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ । **३१**तिमीहरू मेरा
भेड़ाहरू हौ, मेरो खर्कका भेड़ाहरू, मेरा प्रजा
हौ र म तिमीहरूका परमेश्वर हुँ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ’ ।”

---

**३४:२३**–प्रकाश ७:१७. **३४:२४**–इजकिएल ३७:२४.

## एदोमको विरुद्धमा अगमवाणी

**३५** परमप्रभुको यो वचन मकहाँ आयो:
**२**“हे मानिसको पुत्र, तेरो अनुहार सेईर
पर्वततिर पार्, र त्यसको विरुद्धमा अगमवाणी
गर्, **३**अनि भन्, ‘सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: हे सेइर पर्वत म तेरो विरुद्धमा आफ्नो
हात पसार्नेछु र तँलाई उजाड़ पारिदिनेछु ।
**४**म तेरा शहरहरूलाई भग्नावशेषमा परिणत
गरिदिनेछु र तँ उजाड़ हुनेछस् । तब तैंले म नै
परमप्रभु हुँ भनी जान्नेछस् ।

**५**“‘किनकि तैंले पुरानो शत्रुता राखिछोड़िस्
र इस्राएलीहरूको विपत्तिको समय, अर्थात्
तिनीहरूको दण्डको समय चरम सीमामा पुगेको
बेला तिनीहरूलाई तरवारकहाँ सुम्पिदिइस्,
**६**यसकारण म निश्चय जिएझैँ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ, म तँलाई रक्तपातकहाँ
सुम्पिदिनेछु अनि त्यो तेरो पछि लाग्नेछ । तैंले
रक्तपातलाई घृणा नगरेको कारण रक्तपात
तेरो पछि लाग्नेछ । **७**म सेइर पर्वतलाई उजाड़
पारिदिनेछु अनि त्यसबाट भएर आउने र जाने
सबैलाई नाश गरिदिनेछु । **८**म तेरा पर्वतहरूलाई
मारिएकाहरूले भरिदिनेछु; तरवारले मारिएकाहरू
तेरा डाँड़ाहरूमा अनि तेरा भन्ज्याङहरूमा र
तेरा खोल्साहरूमा ढल्नेछन् । **९**म तँलाई सदाको
निम्ति उजाड़ पारिदिनेछु; तेरा शहरहरूमा कोही
पनि बस्नेछैनन् । तब तैंले म नै परमप्रभु हुँ
भनी जान्नेछस् ।

**१०**“‘म परमप्रभु त्यहाँ हुँदाहुँदै पनि तैंले
“यी दुई जातिहरू र देशहरू हाम्रा हुनेछन्
अनि हामी ती अधिकार गर्नेछौं” भनेको छस्,
**११**यसकारण, म निश्चय जिएझैँ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ, तैंले तिनीहरूप्रतिको
घृणामा रीस र इर्ष्या देखाए अनुसार म तँसित
व्यवहार गर्नेछु अनि मैले तेरो इन्साफ गर्दा म
आफैलाई तिनीहरूको बीचमा चिनाउनेछु ।
**१२**तब तैंले इस्राएलका पर्वतहरूको विरुद्धमा
भनेका सबै अवहेलनाका कुराहरू म परमप्रभुले
सुनेको छु भनी तैंले जान्नेछस् । तैंले भनिस्,
“तिनीहरू उजाड़ पारिएका छन् अनि खान
भनी हामीलाई दिइएका छन् ।” **१३**तैंले मेरो
विरुद्धमा घमण्ड गरेको छस् र मेरो विरुद्धमा
जथाभावी बोलेको छस्, अनि मैले त्यो सुनें ।
**१४**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: सारा
पृथ्वी रमाउँदा म तँलाई उजाड़ पारिदिनेछु ।
**१५**इस्राएलका घरानाको अधिकार उजाड़ हुँदा
तँ रमाएको हुनाले म तँसित त्यसरी नै व्यवहार
गर्नेछु । हे सेइर पर्वत, तँ उजाड़ भइजानेछस्,
तँ अनि सम्पूर्ण एदोम । तब तिनीहरूले म नै
परमप्रभु हुँ भनी जान्नेछन्’ ।”

## इस्राएलका पर्वतहरूको निम्ति अगमवाणी

**३६** “हे मानिसको पुत्र, इस्राएलका
पर्वतहरूलाई अगमवाणी गरेर भन्,
‘हे इस्राएलका पर्वतहरू हो, परमप्रभुको यो वचन
सुन् । **२**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
शत्रुहरूले तेरो विषयमा भने, “आहा ! प्राचीन
समयका अग्ला ठाउँहरू हाम्रो अधिकारमा
आएका छन्” ।’ **३**यसकारण अगमवाणी गरेर
भन्, ‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
किनकि तिनीहरूले तिमीहरूलाई चारैतिरबाट
संहार गरे अनि लखेटे र तिमीहरू बाँकी
रहेका जातिहरूका अधिकार भयौ अनि
मानिसहरूका इर्ष्यापूर्ण कुरा र बद्नामीको पात्र
भयौ, **४**यसकारण, हे इस्राएलका पर्वतहरू
हो, सर्वसत्ताधारी परमप्रभुको यो वचन
सुन, तिमीहरूका चारैतिरका बाँकी रहेका
शहरहरूद्वारा लुटिएका र खिसी गरिएका पर्वतहरू
र डाँड़ाहरूलाई, खोल्साहरू र भन्ज्याङ्हरूलाई,
उजाड़ र भष्म ठाउँहरूलाई अनि त्यागिएका
शहरहरूलाई– **५**सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: मेरो बल्दो जोशमा म बाँकी रहेका
जातिहरूको विरुद्धमा अनि एदोमको विरुद्धमा
बोलेको छु, किनकि आफ्ना हृदयमा उल्लास र
इर्ष्या लिएर तिनीहरूले त्यसका खर्क लुट्न

---

**३५:१-१५**–यशैया ३४:५-१७; ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल ३५:१-१४; आमोस १:११-१२;
ओबदिया १-१४; मलाकी १:२-५.

भनेर तिनीहरूले मेरो देशलाई आफ्नो अधिकार बनाए ।' **६**यसकारण इस्राएलको देशको विषयमा अगमवाणी गरेर पर्वतहरू र डाँड़ाहरूलाई, खोल्साहरू र भन्ज्याङ्हरूलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः तिमीहरूले जातिहरूको गिल्ला भोग्नु परेकाले म आफ्नो डाही क्रोधमा बोल्छु । **७**यसकारण, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः तिमीहरूका चारैतिरका जातिहरूले पनि गिल्ला भोग्नेछन् भनी म हात उठाएर शपथ खान्छु ।

**८**"'तर हे इस्राएलका पर्वतहरू हो, तिमीहरूले मेरा जाति इस्राएलको निम्ति हाँगाहरू र फलहरू उत्पादन गर्नेछौ, किनकि तिनीहरू चाँड़ै घर आउनेछन् । **९**म तिमीहरूप्रति चिन्ता राख्छु अनि तिमीहरूलाई निगाहको दृष्टिले हेर्नेछु; तिमीहरू जोतिने र छरिने छौ, **१०**अनि म तिमीहरू, इस्राएलका सम्पूर्ण घरानाको सङ्ख्या बढ़ाइदिनेछु । शहरहरूमा फेरि मानिसहरू बस्नेछन् र भग्नावशेषहरू पुनर्निर्मित हुनेछन् । **११**म तिमीहरूका मानिसहरू र पशुहरूको सङ्ख्या बढ़ाइदिनेछु, अनि तिनीहरू फलदायक भएर धेरै हुनेछन् । म वितेका समयमा झैँ तिमीहरूमा मानिसहरूलाई बस्न दिनेछु र तिमीहरूलाई पहिलेको भन्दा बढ़ी उन्नतिशील बनाउनेछु । तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ । **१२**म मानिसहरूलाई, मेरा मानिसहरू इस्राएललाई, तिमीहरूमाथि हिँड्ने तुल्याउनेछु । तिनीहरूले तिमीहरूलाई अधिकार गर्नेछन्, र तिमीहरू तिनीहरूको उत्तराधिकार हुनेछौ । तिमीहरूले कहिल्यै तिनीहरूका छोराछोरीहरूलाई खोसेर लानेछैनौ ।

**१३**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः किनकि मानिसहरूले तिमीहरूलाई भन्छन्, "तिमीहरूले मानिसहरूलाई खाइहाल्नेछौ र आफ्नो जातिलाई त्यसका सन्तानदेखि वञ्चित राख्छौ ।" **१४**यसकारण, तिमीहरूले फेरि कहिल्यै मानिसहरूलाई खानेछैनौ अनि आफ्नो जातिलाई निसन्तान बनाउनेछैनौ, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । **१५**म तिमीहरूलाई फेरि जाति-जातिहरूको गिल्ला सुन्न दिनेछैनँ, अनि तिमीहरूले फेरि जातिहरूको निन्दा भोग्नु पर्नेछैन अथवा तिमीहरूका जातिलाई फेरि पतन हुन दिनेछैनँ, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ' ।"

**१६**परमप्रभुको वचन फेरि मकहाँ आयोः **१७**हे मानिसको पुत्र, इस्राएलका मानिसहरू आफ्नै देशमा बस्दा तिनीहरूले त्यसलाई आफ्ना चाल र कामहरूद्वारा बिटुलो पारे । तिनीहरूका चाल मेरो दृष्टिमा स्त्रीको मासिक अशुद्धताझैँ थियो । **१८**यसकारण तिनीहरूले आफ्नो देशमा रगत बगाएको कारण र आफ्ना मूर्तिहरूद्वारा त्यो अशुद्ध पारेको कारण मैले मेरो क्रोध तिनीहरूमाथि खन्याइदिएँ । **१९**मैले तिनीहरूलाई जातिहरूको बीचमा तितरबितर पारिदिएँ; मैले तिनीहरूका चाल र कामहरूअनुसार तिनीहरूको इन्साफ गरें । **२०**अनि तिनीहरू जातिहरूको बीचमा जता गए तापनि तिनीहरूले मेरो पवित्र नाउँलाई अपवित्र पारे, किनकि तिनीहरूको विषयमा यसो भनिन्थ्यो, 'यिनीहरू परमप्रभुका मानिसहरू हुन्, अनि त्यसो भए तापनि तिनीहरूले उहाँको देश छोड्नु पऱ्यो ।' **२१**मलाई आफ्नो पवित्र नाउँको वास्ता थियो, जसलाई इस्राएलका घरानाले तिनीहरू गएका जाति-जातिहरूको बीचमा अपवित्र पारे ।

**२२**"यसकारण इस्राएलका घरानालाई भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः हे इस्राएलका घराना हो, मैले यी कुराहरू तिमीहरूको खातिर गर्न लागेको होइन, तर तिमीहरू गएका जाति-जातिहरूको बीचमा तिमीहरूले अपवित्र पारेको मेरो पवित्र नाउँको खातिर हो । **२३**म आफ्नो महान् नाउँको पवित्रता देखाउनेछु, जो जातिहरूको बीचमा अपवित्र पारिएको छ, त्यो नाउँ जसलाई तिमीहरूले तिनीहरूको बीचमा अपवित्र पारेका छौ । मैले आफैलाई तिमीहरूद्वारा तिनीहरूकै आँखाको सामुन्ने पवित्र देखाउँदा जाति-जातिहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

**२४**"'किनकि म तिमीहरूलाई जाति-जातिहरूबाट बाहिर निकाल्नेछु, म तिमीहरूलाई

सबै देशहरूबाट भेला गर्नेछु र तिमीहरूलाई
तिमीहरूका आफ्नै देशमा फर्काएर ल्याउनेछु
**२५**तिमीहरूमाथि शुद्ध पानी छर्कनेछु अनि
तिमीहरू शुद्ध हुनेछौ; म तिमीहरूका सबै
अशुद्धताहरूबाट अनि तिमीहरूका सबै
मूर्तिहरूबाट तिमीहरूलाई शुद्ध पार्नेछु । **२६**म
तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु र
तिमीहरूमा एउटा नयाँ आत्मा हालिदिनेछु; म
तिमीहरूबाट तिमीहरूका ढुङ्गाका हृदय निकालेर
तिमीहरूलाई मासुको हृदय दिनेछु । **२७**अनि म
आफ्नो आत्मा तिमीहरूमा हालिदिनेछु र
तिमीहरूलाई मेरा आदेशहरू पालन गर्ने र
मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु ।
**२८**तिमीहरू मैले तिमीहरूका पिता-पुर्खाहरूलाई
दिएको देशमा बस्नेछौ; तिमीहरू मेरो प्रजा
हुनेछौ अनि म तिमीहरूका परमेश्‍वर हुनेछु ।
**२९**म तिमीहरूलाई तिमीहरूका सबै अशुद्धताबाट
बचाउनेछु । म अन्नलाई धेरै फल्न लाउनेछु र
तिमीहरूमाथि अनिकाल ल्याउनेछैनँ । **३०**म
रूखहरूका फलहरू र खेतका अन्नहरू बढ़ाउनेछु,
र अनिकालको कारण जातिहरूको बीचमा
तिमीहरूले फेरि अपमान् सहनु पर्नेछैन । **३१**तब
तिमीहरूले आफ्ना दुष्ट चालहरू र दुष्ट कामहरू
सम्झनेछौ अनि तिमीहरू आफै आफ्ना पापहरू
र घिनलाग्दा कामहरूको निम्ति आफैलाई
घिनाउनेछौ । **३२**यो मैले तिमीहरूको खातिर
गरिरहेको छैन भनी तिमीहरूले जान भन्ने म
चाहन्छु, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
हे इस्राएलका घराना हो, आफ्ना चालहरूको
निम्ति लज्जाओ र अपमानित होओ !

**३३**“‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
मैले तिमीहरूलाई आफ्ना पापहरूबाट शुद्ध
पारेको दिन म तिमीहरूका शहरहरूलाई
फेरि आबाद गर्नेछु र भग्नावशेषहरू पुनर्निर्मित
हुनेछन् । **३४**उजाड़ जमिन त्यसका छेउबाट
भएर जानेहरूको दृष्टिमा त्यसै पड़िरहनुको
सट्टामा खेती गरिनेछ । **३५**तिनीहरूले भन्नेछन्,
“यो उजाड़ भएर पड़िरहेको जमिन अदनको
बगैंचाजस्तै भएको छ; भग्नावस्थामा, उजाड़
अनि नाश गरिएको अवस्थामा पड़िरहेका
शहरहरू अब सुरक्षित र आबाद भएका छन् ।
**३६**तब तिमीहरूका चारैतिर रहेका जातिहरूले
म परमप्रभुले भत्काइएका कुराहरूलाई
पुनर्निर्माण गरेको छु र उजाड़ भएको जमिनलाई
फेरि उर्वरा भूमिमा परिवर्तन गरिदिएको छु ।
म परमप्रभु बोलेको छु, र म यो गर्ने नै छु ।’

**३७**“सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
म फेरि एकपल्ट इस्राएलका घरानाको बिन्ती
सुन्नेछु, अनि तिनीहरूको निम्ति यो गर्नेछु; म
तिमीहरूका मानिसहरूलाई भेड़ाहरूझैं धेरै
बनाउनेछु, **३८**तोकिएका चाड़हरूको समयमा
भेटीस्वरुप यरूशलेममा लगिएका बगालहरूझैं
धेरै बनाउनेछु । यसरी भग्नावस्थामा रहेका
शहरहरू मानिसहरूका समूहहरूले भरिनेछन् ।
तब तिनीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछन् ।”

## सुकेका हाड़हरूको बँसी

**३७** परमप्रभुको हात ममाथि थियो र उहाँले
मलाई परमप्रभुको आत्माद्वारा बाहिर
ल्याउनुभयो; अनि मलाई एउटा भन्ज्याङको
बीचमा राख्नुभयो; त्यो हाड़ैहाड़ले भरिएको
थियो । **२**उहाँले मलाई तिनीहरूको बीचमा
पछि र अघि डोऱ्याउनुभयो, अनि मैले
भन्ज्याङ्को भूइँमा धेरै हाड़हरू देखें, ती हाडहरू
जो एकदमै सुकेका थिए । **३**उहाँले मलाई
“हे मानिसको पुत्र, के यी हाड़हरू जिउन
सक्छन् ?” भनेर सोध्नुभयो ।

मैले भनें, “हे सर्वसत्ताधारी परमप्रभु, तपाईंले
मात्र जान्नुहुन्छ ।”

**४**तब उहाँले मलाई भन्नुयो, “यी
हाड़हरूलाई अगमवाणी गरेर भन्, ‘हे सुकेका
हाड़ हो, परमप्रभुको वचन सुन ! **५**यी
हाड़हरूलाई सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छः म तिमीहरूभित्र सासलाई पस्न दिनेछु,
अनि तिमीहरू जीवित हुनेछौ । **६**म तिमीहरूमा

---

**३६:२६–२८**–इजकिएल ११:१९-२०.

नसाहरू हालिदिएर तिमीहरूमा मासु भरिदिनेछु
अनि तिमीहरूलाई छालाले छोपिदिनेछु; म
तिमीहरूमा सास हालिदिनेछु र तिमीहरू जीवित
हुनेछौ। तब तिमीहरूले म नै परमप्रभु हुँ भनी
जान्नेछौ' ।"
**७**अनि उहाँले आज्ञा दिएझैँ मैले अगमवाणी
गरें। अनि मैले अगमवाणी गर्दैगर्दा एउटा हल्ला
भयो, एउटा हुरूरूरू आवाज आयो र ती
हाड़हरू एक एकओटा गरी आपसमा मिले।
**८**मैले हेरें अनि तिनीहरूमा नसाहरू र मासु
देखा परे अनि तिनीहरूलाई छालाले छोपिदियो,
तर तिनीहरूमा सास थिएन।
**९**तब उहाँले मलाई भन्नुभयो, "सासलाई
अगमवाणी गर, हे मानिसको पुत्र, अगमवाणी
गरेर त्यसलाई भन्, 'सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छः हे सास, चारै दिशाबाट आइज
र यी मारिएकाहरूभित्र सास फुकिदे र तिनीहरू
जिऊन्' ।" **१०**यसकारण उहाँले मलाई आज्ञा
गर्नुभएझैँ मैले अगमवाणी गरें, अनि सास
तिनीहरूभित्र पस्यो; तिनीहरू जीवित भए र
एउटा विशाल सेना आफ्ना खुट्टामा उभिए।
**११**तब उहाँले मलाई भन्नुभयो: "हे मानिसको
पुत्र, यी हाड़हरू इस्राएलका सम्पूर्ण घराना
हुन्। तिनीहरू भन्छन्, 'हाम्रा हाड़हरू
सुकिगएका छन् अनि हाम्रो आशा गइसकेको
छ; हामी नाश भएका छौं।' **१२**यसकारण
अगमवाणी गरेर तिनीहरूलाई भन्:
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः हे
मेरा मानिस हो, म तिमीहरूका चिहानहरू
उघार्न र तिमीहरूलाई तीबाट माथि ल्याउन
लागेको छु; म तिमीहरूलाई इस्राएलको देशमा
फर्काएर ल्याउनेछु। **१३**मैले तिमीहरूका
चिहानहरू खोलिदिएर तिमीहरूलाई तीबाट
माथि ल्याएपछि तिमीहरू मेरा मानिसहरूले,
म नै परमप्रभु हुँ भनी जान्नेछौ। **१४**म आफ्नो
आत्मा तिमीहरूमा हालिदिनेछु अनि तिमीहरू
जिउनेछौ र म तिमीहरूलाई तिमीहरूका आफ्नै
देशमा बसाउनेछु, तब म बोलेको छु, र मैले
यो गरेको छु भनी तिमीहरूले जान्नेछौ,
परमप्रभु घोषणा गर्नुहुन्छ' ।"

### एउटै जाति एउटै राजाको अधीनमा

**१५**परमप्रभुको यो वचन मकहाँ आयो:
**१६**"हे मानिसको पुत्र, काठको एउटा लहुरो
लिएर त्यसमा 'यहूदा र त्यससित मिलेका
इस्राएलीहरूको' भनेर लेख्। तब अर्को काठको
लहुरो लिएर त्यसमा 'यूसुफ र त्यससित मिलेको
इस्राएलको सम्पूर्ण घरानाको अधीनमा रहेको
एप्रेमको लहुरो' भनेर लेख्। **१७**तिनीहरूलाई
तेरो हातमा एउटै हुनलाई जोड़िदे।
**१८**"तब तेरो देशवासीहरूले तँलाई
'यसको अर्थ के हो भनी के तिमी हामीलाई
भन्दैनौ ?' भनेर सोधे भने, **१९**तिनीहरूलाई
भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः
म एप्रेमको हातमा भएको यूसूफको लहुरो र
त्यससित मिलेको इस्राएलका कुलहरूको लहुरो
लिएर त्यसलाई यहूदाको लहुरोसित जोड़ेर
तिनीहरूलाई एउटै काठको लहुरो बनाइदिनेछु
र तिनीहरू मेरो हातमा एउटै हुनेछन्।
**२०**तैंले लेखेका लहुराहरू तिनीहरूका आँखाको
सामुन्ने पक्रिराख्, **२१**अनि तिनीहरूलाई भन्,
'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः म
इस्राएलीहरूलाई तिनीहरू गएका जातिहरूबाट
बाहिर ल्याउनेछु। म तिनीहरूलाई चारैतिरबाट
भेला गराएर तिनीहरूका आफ्नै देशमा फर्काएर
ल्याउनेछु। **२२**म तिनीहरूलाई देशमा इस्राएलका
पर्वतहरूमा एउटै जाति बनाउनेछु। तिनीहरू
सबैमाथि एउटै राजा हुनेछ र तिनीहरू फेरि
कहिल्यै दुई जातिहरू हुने छैनन् अथवा दुई
राज्यहरूमा विभाजित हुने छैनन्। **२३**तिनीहरूले
कहिल्यै आफैलाई तिनीहरूका मूर्तिहरूले अनि
नीच आकृतिहरूले अथवा तिनीहरूका कुनै पनि
अपराधहरूले बिटुलो पार्ने छनन्, किनकि म
तिनीहरूका पापपूर्ण पतनदेखि तिनीहरूलाई
बचाउनेछु र म तिनीहरूलाई शुद्ध पार्नेछु।
तिनीहरू मेरो प्रजा हुनेछन् अनि म तिनीहरूका

---

**३७:१०**–प्रकाश ११:११.

परमेश्‍वर हुनेछु ।

**२४**"'मेरो दास दाऊद तिनीहरूमाथि राजा हुनेछ र तिनीहरू सबैका राजा एउटै गोठालो हुनेछ । तिनीहरूले मेरा नियमहरू पालन गर्नेछन् र मेरा आदेशहरू मान्‍न होशियार हुनेछन् । **२५**तिनीहरू मैले मेरो दास याकूबलाई दिएको देश, अर्थात् तिमीहरूका पिता-पुर्खाहरू बसेको देशमा बस्‍नेछन् । तिनीहरू र तिनीहरूका छोराछोरीहरू अनि तिनीहरूका सन्तान-दरसन्तानहरू त्यहाँ सदाको निम्ति बस्‍नेछन् र मेरो दास दाऊद सदाको निम्ति तिनीहरूका राजकुमार हुनेछ । **२६**म तिनीहरूसित एउटा शान्तिको करार बाँध्‍नेछु, त्यो एउटा अनन्तको करार हुनेछ । म तिनीहरूलाई स्थापित गर्नेछु अनि तिनीहरूको सङ्ख्या बढ़ाइदिनेछु, र म सदाको निम्ति आफ्नो पवित्रस्थान तिनीहरूको बीचमा राख्‍नेछु । **२७**मेरो वासस्थान तिनीहरूसित हुनेछ; म तिनीहरूका परमेश्‍वर हुनेछु र तिनीहरू मेरो प्रजा हुनेछन् । **२८**तब मेरो पवित्रस्थान सदाको निम्ति तिनीहरूको बीचमा हुँदा जाति-जातिहरूले म परमप्रभुले इस्राएललाई पवित्र पार्छु भनी जान्‍नेछन्' ।"

### गोगको विरुद्धमा अगमवाणी

**३८** परमप्रभुको यो वचन मकहाँ आयो: **२**"हे मानिसको पुत्र, मागोग देशको गोग, मेशेक र तूबलको प्रमुख राजकुमारतिर तेरो अनुहार फर्का; त्यसको विरुद्धमा अगमवाणी गर्, **३**अनि भन्: 'सर्वसत्ताधारी परमप्रभु भन्‍नुहुन्छ: हे गोग, तँ जो मेशेक र तूबलको प्रमुख राजकुमार होस्, म तेरो विरुद्धमा छु । **४**म तँलाई पछिल्तिर फर्काएर तेरो बङ्गारामा अङ्कुसे लाउनेछु र तेरो सम्पूर्ण सेना, अर्थात् तेरा घोड़ाहरू, हातहतियार पूरा भिरेका तेरा घोड़ा-सवारहरू अनि ठूला र साना ढालहरू भिरेको ठूलो दल, सबैलाई तरवार चलाइरहेकाहरूसितै बाहिर निकालेर ल्याउनेछु, **५**फारस, कूश र पूत सबै आफ्ना ढालहरू र टोपहरू तिनीहरूसित हुनेछन्, **६**आफ्ना दलहरूसित गोमेर र आफ्ना दलहरूसित सुदूर उत्तरको बेथ-तोगोर्मा अनि तँसित भएका धेरै जातिहरू पनि हुनेछन् ।

**७**"'तयार हो; तँ र तेरो चारैतिर भेला भएका सबै दलहरू तयार होओ र तिनीहरूलाई हुकुम दे । **८**धेरै दिनहरूपछि तँलाई हतियार भिर्ने आह्वान गरिनेछ । आउँदा वर्षहरूमा तैंले एउटा देशमाथि आक्रमण गर्नेछस् जो लड़ाइँबाट बिसाएको छ जसका मानिसहरू धेरै जातिहरूबाट धेरै समयसम्म उजाड़ रहेको यरूशलेमका पर्वतहरूमा भेला गरिएका थिए । तिनीहरू जाति-जातिहरूबाट बाहिर ल्याइएका थिए, र अहिले तिनीहरू सबै सुरक्षामा बसेका छन् । **९**तँ अनि तेरा सबै दलहरू र तँसित भएका धेरै जातिहरू देशलाई बादलले ढाकेजस्तै तुफानझैँ जानेछौ ।

**१०**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्‍नुहुन्छ: तेरो मनमा विचार उत्पन्‍न हुनेछ र तैंले एउटा दुष्‍ट युक्ति रच्‍नेछस् । **११**तैंले भन्‍नेछस्, "म एउटा पर्खालविनाको बस्तीहरू भएको देशमाथि आक्रमण गर्नेछु; म एउटा शान्तिप्रिय र शङ्का नगर्ने मानिसहरूमाथि आक्रमण गर्नेछु, जो पर्खालरहित र मूलढोकाहरू अनि बारहरूरहित बस्छन् । **१२**म लुट्‌नेछु र आफ्नो हात भर्खर आबाद भएको भग्नावशेष अनि जातिहरूबाट बटुलिएको पशु र माल सामानमा धनी भएका अनि देशको बीचमा बस्‍ने मानिसहरूको विरुद्धमा फर्काउनेछु ।" **१३**शबा र ददान अनि तर्शीशका व्यापारीहरू र त्यसका सबै गाउँहरूले तँलाई भन्‍नेछन्, "के तँ लुट्‌न आएको होस् ? चाँदी र सुन् लैजानलाई, गाईबस्तु र माल लैजानलाई अनि धेरै लुटका सामान जम्मा गर्नलाई के तैंले तेरा भीड़हरू भेला गरेकोछस् ?

**१४**"यसकारण, हे मानिसको पुत्र, अगमवाणी गरेर गोगलाई भन्: 'सर्वसत्ताधारी परमप्रभु यसो भन्‍नुहुन्छ: त्यस दिन मेरा मानिसहरू इस्राएल सुरक्षामा बसिरहेको बेला के तँ त्यसको ध्यान

**३७:२४**–इजकिएल ३४:२४. **३७:२७**–२ कोरिन्थी ६:१६; प्रकाश २१:३. **३८:२**–प्रकाश २०:८.

दिनेछैनस् ? **१५**तँ र तँसित भएका धेरै जातिहरू,
सबै घोड़ामा चढ़ेर एउटा ठूलो दल, एउटा
पराक्रमी सेना आफ्ना ठाउँ सुदूर उत्तरबाट
आउनेछौ । **१६**तँ मेरो जाति इस्राएलको विरुद्धमा
देश नै ढाक्ने बादलझैँ अगि बढ्नेछस् । आउँदा
दिनहरूमा हे गोग, मैले आफैलाई तँद्वारा
तिनीहरूका आँखाको सामुन्ने पवित्र देखाउँदा
जातिहरूले मलाई चिनून् भनेर म तँलाई मेरो
देशको विरुद्धमा ल्याउनेछु ।

**१७**"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
अघिका दिनहरूमा मैले आफ्ना दासहरू,
इस्राएलका अगमवक्ताहरूद्वारा भनेको व्यक्ति
के तैं होइनस् ? त्यस बेला म तँलाई तिनीहरूको
विरुद्धमा ल्याउनेछु भनेर वर्षौंसम्म तिनीहरूले
अगमवाणी गरे । **१८**त्यस दिन यस्तो हुनेछ:
गोगले इस्राएलको देशमाथि आक्रमण गर्दा
मेरो तातो रीस दन्किनेछ, सर्वसत्ताधारी
परमप्रभु घोषणा गर्नुहुन्छ । **१९**इस्राएलको देशमा
त्यस बेला एउटा ठूलो भूइँचालो जानेछ भनी
म आफ्नो जोश र अग्निमय क्रोधमा घोषणा
गर्छु । **२०**समुद्रका माछा, आकाशका चराहरू,
मैदानका पशुहरू, जमिनमा हिँड्डुल गर्ने प्रत्येक
प्राणी अनि पृथ्वीको सतहमा भएका सबै
मानिसहरू मेरो उपस्थितिमा काम्नेछन् ।
पहाड़हरू पल्टिजानेछन्, भीरहरू टुक्रिनेछन्
र प्रत्येक पर्खाल भूइँमा ढलिजानेछ । **२१**म
आफ्ना सबै पर्वतहरूमा गोगको विरुद्धमा एउटा
तरवारलाई पठाउनेछु, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ । हरेक मानिसको तरवार उसको
दाज्यूभाइको विरुद्धमा हुनेछ । **२२**म त्यसको
विरुद्धमा रूढ़ी र रक्तपातद्वारा इन्साफ गर्नेछु;
म त्यसमाथि, त्यसका दलहरूमाथि अनि
त्यससित भएका धेरै जातिहरूमाथि मुसलधार
पानी, असिना र जल्दै गरेको गन्धक
खन्याइदिनेछु । **२३**अनि यसरी म आफ्नो महान्ता
र आफ्नो पवित्रता देखाउनेछु अनि धेरै
जातिहरूको दृष्टिमा म आफैलाई चिनाउनेछु ।
तब तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।'

**३९** "हे मानिसको पुत्र, गोगको विरुद्धमा
अगमवाणी गरेर भन्: 'सर्वसत्ताधारी
परमप्रभु यसो भन्नुहुन्छ: हे गोग, मेशेक र
तूबलका प्रमुख राजकुमार, म तेरो विरुद्धमा
छु । **२**म तँलाई फनक्क फर्काएर घिसार्नेछु । म
तँलाई सुदूर उत्तरबाट ल्याएर इस्राएलका
पर्वतहरूको विरुद्धमा पठाउनेछु । **३**तब म
तेरो देब्रे हातमा भएको धनुमाथि प्रहार गर्नेछु
र तेरो दाहिने हातमा भएका काँड़हरूलाई
खसालिदिनेछु । **४**इस्राएलका पर्वतहरूमा तँ र
तेरा सबै दलहरू अनि तँसित भएका जातिहरू
ढलिजानेछन् । म तँलाई मांसाहारी चराहरू र
वन-पशुहरूको भोजनस्वरुप दिनेछु । **५**तँ खुला
मैदानमा ढल्नेछस्, किनकि म बोलेको छु,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
**६**म मागोगमाथि र समुद्रका किनारहरूमा
सुरक्षापूर्वक बस्नेहरूमाथि आगो पठाउनेछु र
तिनीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछन् ।

**७**"'म मेरो जाति इस्राएलको बीचमा आफ्नो
पवित्र नाउँ चिनाउनेछु । म अब उप्रान्त आफ्नो
पवित्र नाउँलाई अपवित्र हुन दिनेछैनँ अनि जाति-
जातिहरूले म परमप्रभु नै इस्राएलमा पवित्र
परमेश्वर हुँ भनी जान्नेछन् । **८**यो आउँदैछ !
यो निश्चय हुनेछ, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ । मैले भनेको दिन यही हो ।

**९**"'तब इस्राएलका शहरहरूमा बस्नेहरू
बाहिर निस्केर जानेछन् अनि हतियारहरू, अर्थात्
साना र ठूला ढालहरू, धनु र काँडहरू,
लड़ाइँका डण्डाहरू र भालाहरू दाउराझैँ प्रयोग
गरेर ती जलाइदिनेछन् । सात वर्षसम्म
तिनीहरूले ती कुराहरूलाई दाऊराको रूपमा
चलाउनेछन् । **१०**तिनीहरूले मैदानबाट दाउरा
बटुल्नु पर्नेछैन, नता वनबाट काट्नु पर्नेछ,
किनकि तिनीहरूले ती हतियारहरू दाउराको
निम्ति प्रयोग गर्नेछन् । अनि तिनीहरूबाट
लुटिलैजानेहरूलाई तिनीहरूले लुट्नेछन् र
तिनीहरूलाई लुटपीट गर्नेहरूबाट लुटपीट
गरेर नै लिनेछन्, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ ।

**११**"'त्यस दिन म गोगलाई इस्राएलको
समुद्रतिर पूर्वमा यात्रा गर्नेहरूको भन्ज्याङमा
एउटा गाड्ने ठाउँ दिनेछु । गोग र त्यसका

सबै दलहरू त्यहाँ गाड़िएको कारण त्यसले
यात्रीहरूको बाटो थुनिदिने छ । यसकारण
त्यसलाई हमोन गोगको भन्ज्याङ् भनिनेछ ।
**१२**"'देशलाई शुद्ध गर्नको लागि इस्राएलका
घरानाले तिनीहरूलाई सात महिनासम्म
गाड़िरहनेछन् । **१३**देशका सबै मानिसहरूले
तिनीहरूलाई गाड़नेछन्, अनि म महिमित भएको
दिन तिनीहरूको निम्ति एउटा स्मरणीय दिन
हुनेछ, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
**१४**"'देशलाई शुद्ध पार्नलाई मानिसहरूलाई
नियमित रूपले नियुक्त गरिनेछन् । कोही
देशभरि जानेछन्, र तिनीहरूबाहेक अरूले
भूइँमा पड़िरहेकाहरूलाई गाड्नेछन् । सात
महिनाको अन्तमा तिनीहरूले आफ्ना खोजी
शुरु गर्नेछन् । **१५**तिनीहरू देशभरि जाँदा कसैले
एउटा मानव-हाड़ देखेछ भने खाड़ल खन्नेहरूले
त्यसलाई हमोन गोगको भन्ज्याङ्मा नगाड़ेसम्म
त्यसको छेउमा एउटा चिन्ह लगाइराख्नेछन् ।
**१६**(त्यहाँ हमोन नाउँ भएको एउटा शहर पनि
हुनेछ ।) अनि यसरी तिनीहरूले देशलाई शुद्ध
पार्नेछन् ।'

**१७**"हे मानिसको पुत्र, सर्वसत्ताधारी परमप्रभु
यसो भन्नुहुन्छ: प्रत्येक जातको चरा अनि सबै
वन-पशुहरूलाई बोलाएर भन्, 'मैले तिमीहरूको
निम्ति तयार पार्न गइरहेको बलिदानमा
इस्राएलका पर्वतहरूमाथि हुने ठूलो बलिदानमा
चारैतिरबाट एकसाथ आओ । त्यहाँ तिमीहरूले
मासु खानेछौ र रगत पिउनेछौ । **१८**तिमीहरूले
शूरवीरहरूका मासु बासानबाटका पोष्याएका
साँढ़-भेड़ा अनि थुमा र बाख्राहरूका मासुझैँ
खानेछौ र तिनीहरूका रगत पिउनेछौ । **१९**मैले
तिमीहरूको निम्ति तयार पारिरहेको बलिदानमा
तिमीहरूले वाक्क लागुञ्जेल मासु खानेछौ
अनि मातुञ्जेल रगत पिउनेछौ । **२०**मेरो
टेबुलमा तिमीहरूले अघाउञ्जेल घोड़ाहरू र
घोड़सवारहरू, शूरवीरहरू अनि हरेक किसिमका
सिपाहीहरूलाई खानेछौ, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ ।

**२१**"म जातिहरूको बीचमा आफ्नो महिमा
प्रदर्शन गर्नेछु अनि सबै जातिहरूले तिनीहरूमाथि
दण्ड ल्याएको र आफ्नो हात राखेको देख्नेछन् ।
**२२**त्यस दिनदेखि उसो इस्राएलका घरानाले म
परमप्रभु तिनीहरूका परमेश्वर हुँ भनी
जान्नेछन् । **२३**अनि इस्राएलका मानिसहरू मप्रति
अविश्वासी भएकाले तिनीहरूका पापको
कारण निर्वासनमा गएका थिए भनी जातिहरूले
जान्नेछन् । यसकारण मैले तिनीहरूबाट आफ्नो
अनुहार लुकाएँ र तिनीहरूलाई तिनीहरूका
शत्रुहरूकहाँ सुम्पिदिएँ अनि तिनीहरू तरवारद्वारा
मारिए । **२४**मैले तिनीहरूसित तिनीहरूका
अशुद्धपन र तिनीहरूका अपराधहरूअनुसार
व्यवहार गरें अनि मैले आफ्नो अनुहार
तिनीहरूबाट लुकाएँ ।

**२५**"यसकारण सर्वसत्ताधारी परमप्रभु यसो
भन्नुहुन्छ: अब म याकूबलाई कैदबाट फर्काएर
ल्याउनेछु, अनि इस्राएलका सबै मानिसहरूप्रति
दया देखाउनेछु र म आफ्नो पवित्र नाउँको
निम्ति जोशिलो हुनेछु । **२६**तिनीहरू आफ्ना
देशमा कसैबाट पनि डराउनु नपर्ने भएर
सुरक्षामा बस्दा तिनीहरूले आफ्ना शर्म र मप्रति
तिनीहरूले देखाएका अविश्वास बिर्सनेछन् ।
**२७**मैले तिनीहरूलाई जाति-जातिहरूबाट
फर्काइल्याएपछि अनि तिनीहरूका शत्रुहरूका
देशहरूबाट तिनीहरूलाई भेला गराइसकेपछि
म आफैलाई तिनीहरूद्वारा धेरै जातिहरूको
दृष्टिमा पवित्र देखाउनेछु । **२८**तब तिनीहरूले
म नै परमप्रभु तिनीहरूका परमेश्वर हुँ भनी
जान्नेछन्, किनकि मैले तिनीहरूलाई जाति-
जातिहरूका बीचमा निर्वासन गरी पठाए
तापनि म एक जनालाई पनि नछाड़ि
तिनीहरूलाई तिनीहरूका आफ्नै देशमा
भेला गराउनेछु । **२९**म फेरि तिनीहरूबाट
आफ्नो अनुहार लुकाउनेछैनँ, किनकि म
इस्राएलको घरानामाथि आफ्नो आत्मा
खन्याइदिनेछु, सर्वसत्ताधारी परमप्रभु घोषणा
गर्नुहुन्छ ।"

---

**३९:१७–२०**–प्रकाश १९:१७-१८.

## नयाँ मन्दिरको क्षेत्र

**४०** हाम्रो निर्वासनको पच्चीसौँ वर्षको
शुरूमा, दशौँ महिनामा, शहर पतन
भएको चौधौँ वर्षमा, त्यसै दिन परमप्रभुको
हात ममाथि थियो र उहाँले मलाई त्यहाँ
लैजानुभयो। **२**परमेश्‍वरको दर्शनमा उहाँले मलाई
इस्राएलको देशमा लैजानुभयो र मलाई एउटा
अति अग्लो पर्वतमाथि राख्‍नुभयो, जसको दक्षिण
भागमा शहरजस्तै देखिने केही भवनहरू थिए।
**३**उहाँले मलाई त्यहाँ लैजानुभयो अनि मैले
काँसाजस्तै अनुहार भएको एउटा मानिसलाई
देखें; ऊ एउटा मूलढोकामा हातमा एउटा सुती
डोरी र नाप्‍ने टाङ्गो लिएर उभिरहेका थिए।
**४**त्यस मानिसले मलाई भने, "हे मानिसको
पुत्र, मैले तँलाई देखाउन लागेको प्रत्येक
कुरोलाई आफ्ना आखाँले हेर् अनि आफ्ना कानले
सुन् अनि त्यसमा ध्यान लगा, किनकि यसकै
लागि तँ यहाँ ल्याइएको होस्। तैंले देखेको
प्रत्येक कुरा इस्राएलको घरानालाई बताइदे।"

## बाहिरी चोकजाने पूर्वीय मूलढोका

**५**मैले मन्दिरको इलाकालाई सम्पूर्ण रूपले
घेरिराखेको एउटा पर्खाल देखें। त्यस मानिसको
हातमा भएको नाप्‍ने टाँगोको लमाइ प्रति हात
चार औंला बडीको हिसाबले छ हात लामो
थियो। तिनले पर्खाल नापे; त्यो एक नाप्‍ने
टाँगो बाक्लो र एक टाँगो अग्लो थियो।

**६**तब तिनी पूर्वतिर फर्केको मूलढोकामा
गए। तिनी खुड्किलाबाट चढ़ेर उक्ले अनि
तिनले मूलढोकाको सँघार नापे, त्यो एक टाँगो
गहिरो थियो। **७**प्रहरीहरूका निम्ति खोपाहरू
एक टाँगो लामो र एक टाँगो चौड़ा थिए र
खोपाहरूका बीचमा बाहिर निस्केका पर्खालहरू
पाँच हात बाक्ला थिए। अनि मन्दिरतिर फर्केको
दलानको छेउको मूलढोकाको सँघार एक टाँगो
गहिरो थियो।

**८**तब तिनले मूलढोकाको दलान नापे; **९**त्यो
आठ हात गहिरो थियो र त्यसका स्तम्भहरू
दुई हात बाक्ला थिए। मूलढोकाको दलान
मन्दिरतिर फर्केको थियो।

**१०**पूर्वीय मूलढोकाको भित्र प्रत्येक भित्तामा
तीनओटा खोपाहरू थिए; तीनैओटा एकै नापका
थिए, अनि बाहिर निस्केका भित्ताहरूका मुखहरू
प्रत्येकतिर एकै नापका थिए। **११**तब तिनले
मूलढोकाको प्रवेशद्वारको चौड़ाइ नापे; त्यो
दश हात थियो र त्यसको लमाइ तेह्र हात
थियो। **१२**प्रत्येक खोपाको सामुन्ने एक हात
अग्लो भित्ता थियो अनि खोपाहरू छ हात लामो
र छ हात चौड़ाको वर्गाकार थियो। **१३**तब
तिनले एउटा खोपाको पछिल्लो भित्ताको
टुप्पोदेखि त्यसको विपरीतमा भएको टुप्पोसम्मको
मूलढोकाको नाप लिए; एउटा आलिदेखि
अर्कोसम्मको दूरी पच्चीस हात थियो। **१४**तिनले
बाहिर निस्केका भित्ताहरू, मूलढोकाको भित्रपट्टि
चारैतिर नापे अनि त्यो छ हात थियो।
यो नाप चोकतिर फर्केको दलानसम्म थियो।
**१५**मूलढोकाको प्रवेशद्वारदेखि दलानको पल्लो
छेउसम्मको दूरी पचास हात थियो। **१६**खोपाहरू
र मूलढोका भित्रपट्टिका बाहिर निस्केका
भित्ताहरूका चारैतिरका टुप्पाहरूमा साँघुरा
आलिहरू थिए, अनि दलानहरू पनि त्यस्तै
थिए; ती सबै भित्रपट्टि फर्केका थिए। बाहिरतिर
निस्केका भित्ताका सामुन्नेतिरका भागहरू
खजूरका बोटहरूले सिङ्गारिएका थिए।

## बाहिरी चोक

**१७**तब तिनले मलाई बाहिरी चोकमा
ल्याए। त्यहाँ मैले केही कोठाहरू अनि चोकका
चारैतिर ढुङ्गा छापिएको देखें; ती ढुङ्गा छापिएको
पिँढ़ीमा तीसओटा कोठाहरू थिए। **१८**त्यसले
मूलढोकाका किनारहरू घेरेको थियो अनि ती
लमाइ र चौड़ाइमा समान थिए; त्यो तल्लो
पिँढ़ी थियो। **१९**तब तिनले तल्लो मूलढोकाको
भित्री भागदेखि भित्री चोकको बाहिरी भागसम्म
नापे; त्यो पूर्वतिर र उत्तरतिर एक सय हातको
हिसाबले थियो।

---

**४०:२**–प्रकाश २१:१०. **४०:३**–प्रकाश ११:१; २१:१५. **४०:५–४२:२०**–२ राजा ६:१-३३; २ इतिहास ३:१-९.

### उत्तरको मूलढोका

२०तब तिनले उत्तरतिर फर्केको अनि
बाहिरी चोकतिर लैजाने मूलढोकाको लमाइ र
चौड़ाइ नापे । २१प्रत्येकतिर तीनओटा गरी र
हेका तीनओटा खोपाहरू, त्यसका बाहिर
निस्केका भित्ताहरू, अनि त्यसको दलानका
नापहरू पहिलो मूलढोकाका जत्ति नै थिए ।
त्यो पचास हात लामो र पच्चीस हात चौड़ा
थियो । २२त्यसका झ्यालहरू, त्यसको दलान
अनि त्यसका सिँगार्ने खजूरका रूखहरूका
नापहरू पूर्वतिर फर्केको मूलढोकाका जत्ति नै
थिए । त्यसमा जाने सातओटा खुड्किलाहरू
थिए र दलान विपरीत दिशामा थियो । २३पूर्वमा
भएकाजस्तै उत्तरीय मूलढोकातिर फर्केका भित्री
चोकमा जाने मूलढोका थियो । तिनले एउटा
मूलढोकादेखि विपरीतपट्टिका मूलढोकासम्म
नापे; त्यो एक सय हात थियो ।

### दक्षिणको मूलढोका

२४तब तिनले मलाई दक्षिणको भागमा लगे
र मैले दक्षिणतिर फर्केको एउटा मूलढोका
देखें । तिनले त्यसका स्तम्भ र दलान नापे अनि
तिनीहरूका नापहरू अरूका जस्तै थिए ।
२५अरूका झ्यालहरूजस्तै मूलढोका र दलानका
साँघुरा झ्यालहरू थिए । त्यो पचास हात लामो
र पच्चीस हात चौड़ा थियो । २६त्यसमा जाने
सातओटा खुड्किलाहरू थिए अनि त्यसको
दलान तिनीहरूको विपरीतपट्टि थियो; प्रत्येक
भागमा भएका बाहिर निस्केका भित्ताहरूको
सामुन्नेतिर खजूरका रूखहरूका सिँगारहरू
थिए । २७भित्री चोकमा पनि दक्षिणतिर फर्केको
एउटा मूलढोका थियो र तिनले यस मूलढोकाबाट
दक्षिण भागको बाहिरी मूलढोकासम्म नापे;
त्यो एक सय हात थियो ।

### भित्री चोकमा पुर्‍याउने मूलढोकाहरू

२८तब तिनले मलाई दक्षिण मूलढोकाबाट
भित्री चोकमा ल्याए, अनि तिनले दक्षिण
मूलढोकालाई नापे; त्यसको नाप अरूको जस्तै
थियो । २९त्यसका खोपाहरू, त्यसका बाहिर
निस्केका भित्ताहरू र त्यसको दलानका नापहरू
अरूका जस्तै थिए । मूलढोका र त्यसका दलानका
चारैतिर झ्यालहरू थिए । त्यो पचास हात
लामो र पच्चीस हात चौडा थियो । ३०(भित्री
चोकको चारैतिरका मूलढोकाहरूका दलानहरू
पच्चीस हात चौडा र पाँच हात गहिरा थिए) ।
३१त्यसको दलान बाहिरी चोकतिर फर्केको थियो;
त्यसका स्तम्भहरूलाई खजूरका रूखहरूले
दुवैतिर सिँगारेका थिए, अनि त्यसमा जाने
आठओटा खुड्किलाहरू थिए । ३२तब तिनले
मलाई पूर्वतिरको भित्री चोकमा ल्याए, र त्यसको
प्रवेशद्वार नापे, र ती अरूजस्तै एकै नापका
थिए । ३३त्यसका कोठाहरू, गाराहरू र दलान
पनि अरूहरूजस्तै एकै नापका थिए । प्रवेशद्वार
र त्यसको दलानका चारैतिर झ्यालहरू थिए ।
त्यो पचास हात लामो र पच्चीस हात चौड़ा
थियो । ३४त्यसको दलान बाहिरी चोकतिर
फर्केको थियो, र त्यसका थामहरूमा खजूरका
बोटका चित्रहरू एक-एकतिर बनाइएका थिए ।
त्यहाँ जानलाई आठओटा खुड्किलाहरू थिए ।
३५तब तिनले मलाई उत्तरीय मूलढोकामा
ल्याए र त्यसलाई नापे । त्यसका नापहरू अरूका
जस्तै थिए, ३६अनि त्यसका खोपाहरू, त्यसका
बाहिर निस्केका भित्ताहरू र त्यसको दलानका
नापहरू पनि त्यस्तै थिए र त्यसका चारैतिर
झ्यालहरू थिए । त्यो पचास हात लामो र
पच्चीस हात चौड़ा थियो । ३७त्यसको दलान
बाहिरी चोकतिर फर्केको थियो; दुवैतिर भएका
स्तम्भहरूलाई खजूरका रूखहरूले सिँगारिएका
थिए, अनि त्यसमा जाने आठओटा खुड्किलाहरू
थिए ।

### बलिदानहरू तयार गरिने कोठाहरू

३८प्रत्येक भित्री मूलढोकामा भएको दलानको
छेउमा ढोका भएको एउटा कोठा थियो जसमा
होमबलिहरू धोइन्थे । ३९मूलढोकाको दलानमा
दुवैतिर दुईओटा टेबुलहरू थिए, जसमा
होमबलिहरू, पापबलिहरू र दोषबलिहरू
काटिन्थे । ४०मूलढोकाका दलानको भित्ताको
छेउमा, उत्तरीय मूलढोकामा जाने प्रवेशद्वारको

नजीकै दुईओटा टेबुलहरू थिए अनि
खुड्किलाहरूको अर्कोतिर दुईओटा टेबुलहरू
थिए। **४१**यसरी मूलढोकाको एकातिर चारओटा
टेबुलहरू थिए र अर्कोतिर चारओटा गरी जम्मा
आठओटा, जसमाथि बलिदानहरू काटिन्थे ।
**४२**त्यहाँ होमबलिहरूका निम्ति प्रत्येक डेढ़
हात लामो, डेढ़ हात चौड़ा र एक हात अग्लो
कुँदेका ढुङ्गाका चारओटा टेबुलहरू पनि थिए।
त्यहाँ होमबलिहरू र अरू बलिदानहरू मार्ने
पात्रहरू राखिन्थे । **४३**अनि चारैतिर भित्तामा
प्रत्येक चार औंला लामो दुई चुच्चा भएका
अङ्कुसेहरू राखिएका हुन्थे । ती टेबुलहरू
भेटीहरूका मासुहरूका निम्ति थिए ।

### पूजाहारीका निम्ति कोठाहरू

**४४**भित्री चोकभित्र, भित्री मूलढोकाको बाहिर
दक्षिणतिर फर्केको उत्तरीय मूलढोकाको छेउमा
एउटा अनि दक्षिण मूलढोकाको छेउमा उत्तरतिर
फर्केका अर्को गरी दुईओटा कोठाहरू थिए ।
**४५**तिनले मलाई भने, "दक्षिणतिर फर्केको कोठा
मन्दिरको जिम्मामा रहेका पूजाहारीहरूको निम्ति
हो, **४६**अनि उत्तरतिर फर्केको कोठा वेदीको
जिम्मामा रहेका पूजाहारीहरूको निम्ति हो ।
यी सादोकका छोराहरू हुन् जो लेवीहरू हुन्,
जो मात्र परमप्रभुको सेवा गर्न उहाँको छेउमा
जान पाउनेछन् ।"

**४७**तब तिनले चोकको नाप लिए; त्यो एक
सय हात लामो र एक सय हात चौडा भएको
एउटा वर्गाकार थियो । अनि वेदी मन्दिरको
सामुन्ने थियो ।

### मन्दिर

**४८**तिनले मलाई मन्दिरको दलानमा ल्याए
र दलानका स्तम्भहरू नापे; तिनीहरू दुवैतिर
पाँच हात चौड़ा थिए । प्रवेशद्वारको चौड़ाइ
चौध हात थियो अनि त्यसका बाहिर निस्केका
भित्ताहरू दुवैतिर तीन हात चौड़ा थिए ।
**४९**दलान बीस हात चौड़ा अनि अघिल्लो
भागदेखि पछिल्लोभागसम्म बाह्र हात थियो र
स्तम्भका प्रत्येकतिर खामाहरू थिए ।

**४१** तब त्यस मानिसले मलाई माथिल्लो
पवित्रस्थानमा ल्याए र स्तम्भहरूका
नाप लिए। स्तम्भका चौड़ाइ प्रत्येक दिशातिर
छ हात थियो । **२**प्रवेशद्वार दश हात चौड़ा
थियो अनि त्यसका प्रत्येक दिशातिरका बाहिर
निस्केका भित्ताहरू पाँच हात चौड़ा थिए ।
तिनले बाहिरी पवित्रस्थान पनि नापे; त्यो चालीस
हात लामो र बीस हात चौड़ा थियो ।

**३**तब तिनी भित्री पवित्रस्थानभित्र गए र
प्रवेशद्वारको प्रत्येक स्तम्भलाई नापे; प्रत्येक
दुई हात चौड़ा थियो। प्रवेशद्वार छ हात चौड़ा
थियो अनि त्यसका प्रत्येक दिशाका बाहिर
निस्केका भित्ताहरू सात हात चौड़ा थिए ।
**४**अनि तिनले भित्री पवित्रस्थानको लमाइ नापे;
त्यो बीस हात थियो, अनि त्यसको चौड़ाइ
बाहिरी पवित्रस्थानको वारपार बीस हात
थियो । तिनले मलाई भने, 'यो महा-पवित्र
स्थान हो ।'

**५**तब तिनले मन्दिरको भित्ता नापे; त्यो छ
हात बाक्लो थियो, र मन्दिरको चारैतिर भएका
छेउको प्रत्येक कोठा चार हात चौड़ा थियो ।
**६**छेउका कोठाहरू तीन तहका तीसओटा
थिए । छेउका कोठाहरूलाई थाम्नको लागि
मन्दिरको भित्ताका चारैतिर पालीहरू थिए,
जसको कारण ती थाम्ने कुराहरू मन्दिरको
भित्ताभित्र घुसार्नु परेको थिएन । **७**मन्दिरका
चारैतिरका छेउका कोठाहरूको चौड़ाई प्रत्येक
माथिल्लो तहमा बढ़दै गएका थिए। मन्दिरलाई
घेरिराख्ने बनौटहरू उक्लिने किसिमले बनाइएका
थिए र कोही माथि चढ़्दै जाँदा कोठाहरू चौड़ा
हुँदैगएका थिए । सबैभन्दा तल्लो तलाबाट
बीचको तला भएर सबैभन्दा माथिल्लो तलासम्म
जानलाई खुड्किलाहरू थिए ।

**८**मैले मन्दिरको चारैतिर जग उठाएको
देखें जसले छेउका कोठाहरूको जगको काम
गरिरहेको थियो। यो टाँगोकै नापको थियो, छ
हात लामो । **९**छेउका कमाराहरूको बाहिरी
भित्ता पाँच हात बाक्लो थियो। मन्दिरका छेउका
कोठाहरू, **१०**र पूजाहारीहरूका कोठाहरूको
बीचमा खुला भाग मन्दिरको चारैतिर बीस

हात चौड़ा थियो। **११**छेउका कोठाहरूमा जाने प्रवेशद्वारहरू त्यस खाली ठाउँबाट थिए, जुन एउटा उत्तरमा र अर्को दक्षिणमा थिए; र खुला ठाउँलाई जोड्ने जग चारैतिर पाँच हात थियो।

**१२**पश्चिमपट्टि मन्दिरको चोकतिर फर्केको भवन सत्तरी हात चौड़ा थियो। भवनको भित्ता चारैतिर पाँच हात बाक्लो थियो, र त्यसको लमाइ नब्बे हात थियो।

**१३**तब तिनले मन्दिरलाई नापे; त्यो एक सय हात लामो थियो अनि भित्तासितकै भवन पनि एक सय हात लामो थियो। **१४**मन्दिरको सामुन्नेको हिस्सा लिएर पूर्वतिरको मन्दिरको चौड़ा एक सय हात थियो।

**१५**तब तिनले मन्दिरको पछिल्तिर भएको चोकतिर फर्केको भवनको लमाइ त्यसको प्रत्येक दिशामा भएका बार्दलीसहित नापे; त्यो एक सय हात थियो।

बाहिरी पवित्रस्थान, भित्री पवित्रस्थान अनि चोकतिर फर्केको दलान, **१६**साथै सँघारहरू अनि साँघुरा झ्यालहरू अनि तिनीहरूमध्ये तीनओटाका चारैतिरका दलानहरू– सँघारभित्र र बाहिरको प्रत्येक कुरो काठले मोहोरिएको थियो। भूइँ, झ्यालसम्मका भित्ता र झ्यालहरू काठले मोहोरिएका थिए। **१७** भित्री पवित्रस्थानमा जाने प्रवेशद्वारको बाहिरको माथिल्लो खाली ठाउँ अनि भित्री र बाहिरी पवित्रस्थानको चारैतिरका भित्ताहरूमा ठीक ठीक अन्तरमा, **१८**करूबहरू र खजूरका रूखहरू खोपिएका थिए। खजूरका रूखहरू र करूबहरू एकपछि अर्को गरी राखिएका थिए अनि हरेक करूबका दुईओटा अनुहारहरू थिए। **१९**एकातिर खजूरको रूखतिर फर्केको एउटा मानिसको अनुहार अनि अर्कोतिर खजूरको रूखतिर फर्केको सिंहको अनुहार। ती सम्पूर्ण मन्दिरका चारैतिर खोपिएका थिए। **२०**भूइँ तलादेखि प्रवेशद्वारको इलाकादेखि बाहिरी पवित्रस्थानको भित्तासम्म करूबहरू र खजूरका रूखहरू खोपिएका थिए।

**२१**बाहिरी पवित्रस्थानमा एउटा आयताकारको ढोकाको चौकोस थियो र महा-पवित्रस्थानमा भएको चौकोस पनि त्यस्तै थियो। **२२**त्यहाँ तीन हात अग्लो दुई वर्ग हात नापको काठको एउटा वेदी थियो, त्यसका कुनाहरू, त्यसको आधार र छेउहरू काठका थिए। ती मानिसले मलाई भने, "यो परमप्रभुको सामुन्ने भएको टेबुल हो।" **२३**बाहिरी पवित्रस्थान र महा-पवित्रस्थान दुवैका दुईओटा ढोकाहरू थिए। **२४**प्रत्येक ढोका दुई-खापे थियो, अर्थात् प्रत्येक ढोकाको निम्ति कब्जा लगाइएका दुईओटा खापाहरू थिए। **२५**अनि बाहिरी पवित्रस्थानका ढोकाहरूमा भित्तामा खोपिएका करूबहरू र खजूरहरू रूखहरूझैँ खोपिएका थिए, र दलानको सामुन्ने काठका एउटा कार्नेस थियो। **२६**दलानका छेउका भित्ताहरूमा दुवैतिर खजूरका रूखहरू खोपिएका साँघुरा झ्यालहरू थिए। मन्दिरका छेउका कोठाहरूमा पनि झुण्डिएका कार्नेसहरू थिए।

## पूजाहारीहरूको निम्ति कोठाहरू

**४२** तब त्यस मानिसले मलाई उत्तरतिर लगेर बाहिरी चोकमा ल्याएर मन्दिरको विपरीत उत्तरतिर बाहिरी भित्ताको विपरीतका कोठाहरूमा ल्याइपुऱ्याए। **२**उत्तरतिर ढोका फर्केको भवन एक सय हात लामो र पचास हात चौड़ा थियो। **३**भित्री चोकबाट बीस हात टाढ़ाको खण्डमा अनि बाहिरी चोकको पिँढ़ीको विपरीत खण्डमा तीन तहमा बार्दलीको सामुन्ने बार्दली थिए। **४**कोठाहरूको सामुन्ने दश हात चौड़ा र एक सय हात लामो भित्री पथ थियो। तिनीहरूका ढोकाहरू उत्तरतिर थिए। **५**अब माथिल्ला कोठाहरू साँघुरा थिए, किनकि बार्दलीहरूले भवनका बीचको तला तल्लो तलाका कोठाहरूबाट भन्दा तिनीहरूबाट बढ़ी ठाउँ लिएका थिए। **६**तेस्रो तलाका कोठाहरूमा चोकहरूमा भएझैँ खामाहरू थिएनन्; यसकारण तिनीहरू भूइँको क्षेत्रफलमा तल्लो र बीचका तलाहरूभन्दा साना थिए। **७**कोठाहरू र बाहिरी चोकको समानान्तरमा त्यहाँ एउटा बाहिरी भित्ता थियो; त्यो कोठाहरूको सामुन्ने पचास हातसम्म गएको थियो। **८**बाहिरी चोकको छेउका कोठाहरूको लहर

पचास हात लामो छँदा, पवित्रस्थानको छेउको
लहर एक सय हात लामो थियो । **९**कोही
बाहिरी चोकबाट ती भित्र पस्दा पूर्वपट्टि तल्लो
कोठाहरूमा एउटा प्रवेशद्वार थियो ।

**१०**दक्षिणपट्टि बाहिरी चोकको लमाइभरिका
भित्तामा मन्दिरको आँगनसित गाँसिएका अनि
बाहिरी भित्ताको विपरीत दिशामा कोठाहरू
थिए, **११**जसमा तिनीहरूको सामुन्ने एउटा
पथ थियो। यी उत्तरतिरका कोठाहरूजस्तै थिए;
तिनीहरूका लमाइ र चौड़ाइ समान थिए
अनि एकै किसिमका प्रस्थानपथ र नापहरू
थिए। उत्तरतिरका ढोकाहरूजस्तै, **१२**दक्षिणका
कोठाहरूका ढोकाहरू पनि थिए। छिर्नेपथको
शुरुमा एउटा ढोका थियो जुन पूर्वतिर गएका
अनुरूप भित्तासित समानान्तर थियो, जसबाट
कोठाहरूभित्र पस्न सकिन्थ्यो ।

**१३**तब तिनले मलाई भने, "मन्दिरको
आँगनतिर फर्कका उत्तर र दक्षिणका कोठाहरू
पूजाहारीहरूका कोठाहरू हुन् जहाँ परमप्रभुकहाँ
जाने पूजाहारीहरूले महा-पवित्र भेटीहरू
खानेछन्। त्यहाँ तिनीहरूले महा-पवित्र चीजहरू,
अन्नबलिहरू, पापबलिहरू र दोषबलिहरू
राख्नेछन्, किनकि त्यो ठाउँ पवित्र छ ।
**१४**एकपल्ट पूजाहारीहरू पवित्र सिमानाभित्र
प्रवेश गरिसकेपछि तिनीहरूले सेवा गर्दा
लगाएका वस्त्रहरू भित्र नछाड़ेसम्म तिनीहरूले
बाहिरी चोकभित्र प्रवेश गर्नुहुन्न, किनकि ती
वस्त्रहरू पवित्र छन्। तिनीहरू अरू मानिसहरूका
लागि राखिएका ठाउँहरूको छेउमा जानुअघि
तिनीहरूले अरू वस्त्र लगाउनुपर्छ ।"

**१५**तिनले मन्दिरको इलाकाभित्र भएका
कुराहरू नापिसकेपछि तिनले मलाई पूर्वीय
मूलढोकाबाट बाहिर ल्याए र चारैतिरका
ठाउँहरू नापे, **१६**तिनले नाप्ने टाँगोले पूर्वका
भाग नापे; त्यो पाँच सय हात थियो। **१७**तिनले
उत्तरको भाग नापे; त्यो नाप्ने टाँगोअनुसार
पाँच सय हात थियो । **१८**तिनले दक्षिण भाग
नापे, त्यो नाप्ने टाँगोअनुसार पाँच सय हात
थियो । **१९**तब तिनी पश्चिम भागतिर फर्के अनि
नापे; त्यो नाप्ने टाँगोअनुसार पाँच सय हात
थियो । **२०**यसरी तिनले चारैतिरका इलाकाहरू
नापे । त्यसमा पवित्रलाई साधारणबाट अलग
गर्नलाई चारैतिर पाँच सय हात लामो र पाँच
सय हात चौड़ा भित्ता थियो ।

### मन्दिरमा महिमा फर्किआएको

**४३** तब त्यस मानिसले मलाई पूर्वतिर
फर्केको मूलढोकामा ल्याए, **२**अनि मैले
इस्राएलका परमेश्वरको महिमा पूर्वबाट
आइरहेको देखें । उहाँको सोर बेगसित
बगिरहेको पानीको गर्जनजस्तै थियो, र पृथ्वी
उहाँको महिमाले चम्किरहेको थियो । **३**मैले
देखेको दर्शन उहाँ शहरलाई नाश गर्न आउनुहुँदा
देखेको दर्शनझैं र मैले कबार नदीमा देखेका
दर्शनहरूझैं थियो, अनि म घोप्टो परेर लड़े ।
**४**परमप्रभुको महिमा पूर्वतिर फर्केको मूलढोकाबाट
मन्दिरभित्र पस्यो । **५**तब आत्माले मलाई माथि
उठाउनुभयो र मलाई भित्री चोकमा ल्याउनुभयो,
र परमप्रभुको महिमाले मन्दिर भरियो ।

**६**त्यो मानिस मेरो छेउमा उभिरहेको बेला
मैले मन्दिरभित्रबाट कोही मसित बोलिरहेको
सुनें । **७**उहाँले भन्नुभयो: "हे मानिसको पुत्र,
यो मेरो सिंहासनको ठाउँ हो अनि मेरो पाउदान
हो । म इस्राएलीहरूसित सदाकालको निम्ति
यस ठाउँमै बस्नेछु। इस्राएलका घरानाले, नता
तिनीहरूले नता तिनीहरूका राजाहरूले
तिनीहरूको वेश्यावृत्तिद्वारा र तिनीहरूका अग्ला
ठाउँहरूमा तिनीहरूका राजाहरूका निर्जीव
मूर्तिहरूद्वारा मेरो पवित्र नाउँलाई फेरि कहिल्यै
बिटुलो पार्नेछन् । **८**तिनीहरूले आफ्ना सँघार
मेरो सँघारको छेउमै अनि आफ्ना ढोकाका
चौखटहरू मेरा चौखटहरूको छेउमा बनाउँदा
तिनीहरू र मेरो बीचमा एउटा भित्ता मात्र
राखेर तिनीहरूले मेरो पवित्र नाउँलाई
आफ्ना घिनलाग्दा कामहरूद्वारा अपवित्र पारे ।
यसकारण मैले तिनीहरूलाई आफ्नो रीसमा नाश

---

**४३:२**–इजकिएल १०:३-४,१८-१९; ११:२२-२३; प्रकाश १:१५.

गरें। ९ अब तिनीहरूले मबाट आफ्ना वेश्यावृत्ति अनि तिनीहरूका राजाहरूका निर्जीव मूर्तिहरू लैजाऊन्, र म तिनीहरूसित सदासर्वदा रहनेछु।

**१०**"हे मानिसको पुत्र, इस्राएलका मानिसहरूलाई मन्दिरको वर्णन गरिदे र तिनीहरू आफ्ना पापहरूदेखि शर्माऊन् । तिनीहरूले योजनामाथि विचार गरून्, **११**अनि तिनीहरू आफूले गरेका सबै कामहरूसित लज्जित हुन्छन् भने तिनीहरूलाई मन्दिरको नमूना, त्यसको लागि प्रबन्ध, त्यसका प्रस्थानद्वार र प्रवेशद्वारहरू, त्यसका सम्पूर्ण नमूना र त्यसका सबै नियम-कानूनहरू बताइदे । यी कुराहरू तिनीहरूका सामुन्ने लेख् र त्यसका नमुनाप्रति विश्वासयोग्य भएर तिनीहरूले त्यसका सबै नियमहरू पालन गरून् ।

**१२**"'मन्दिरको नियम यही हो: पर्वतको टुप्पोमा भएका चारैतिरका इलाका महा-पवित्र हुनेछ । मन्दिरको नियम यस्तै छ ।

### वेदी

**१३**"लामो हातअनुसार, अर्थात् एक हात र चार औँला बराबर, वेदीका नापहरू यस्ता छन्: त्यसको आधार एक हात गहिरो र एक हात चौड़ा हुनेछ जसको किनारको चारैतिर एक बित्ताको घेरा हुनेछ । अनि वेदीको उँचाइ यो हो: **१४**जमिनको आधारदेखि तल्लो छेउसम्म त्यो दुई हात अग्लो र दुई हात चौड़ा हुनेछ, अनि सानो टाँडदेखि ठूलो टाँडसम्म त्यो चार हात अग्लो र एक हात चौड़ा हुनेछ । **१५**वेदीको अगेना चार हात अग्लो र अगेनाबाट चारओटा सिङहरू मास्तिर निस्केका हुनेछन् । **१६**वेदीको अगेना वर्गाकार हुनेछ, बाह्र हात लामो अनि बाह्र हात चौड़ा । **१७**माथिल्लो टाँड पनि वर्गाकार हुनेछ, चौध हात लामो अनि चौध हात चौड़ा जसमा आधा हातको घेरा अनि चारैतिर एक हातको आधार हुनेछन् । वेदीका खुड्किलाहरू पूर्वतिर फर्केका थिए ।"

**१८**तब तिनले मलाई भने, "हे मानिसको पुत्र, सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: वेदी बनिएपछि त्यसमाथि होमवेदी चढ़ाउने र रगत छर्कने नियमहरू यही हुन्: **१९**तैंले पापबलिस्वरुप एउटा बाछा पूजाहारीहरूलाई दिनू, जो सादोकको परिवारका लेवीहरू हुन्, जो मेरो सामुन्ने सेवा गर्नलाई नजीक आउँछन्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । **२०**तैंले त्यसको रगतबाट केही लिएर त्यसलाई वेदीका चारओटा सीङहरूमा र माथिल्लो ताकका चारै कुनामा अनि घेराका चारैतिर लगाउनू र यसरी वेदीलाई शुद्ध गरेर त्यसको निम्ति प्रायश्चित गर्नू । **२१**तैंले पापबलिको बाछो लिएर त्यसलाई पवित्रस्थानको बाहिर मन्दिरको इलाकाको तोकिएका ठाउँमा जलाइदिनू ।

**२२**"दोस्रो दिन तैंले एउटा निष्खोट बोका पापबलिस्वरुप चढ़ाउनू अनि वेदीलाई बाछाले शुद्ध गरेझैं शुद्ध गर्नू । **२३**तैंले त्यसलाई शुद्ध गरिसकेपछि तैंले बगालबाट एउटा बाछा र एउटा भेड़ा, दुवै निष्खोट, चढ़ाउनू । **२४**तैंले ती परमप्रभुको सामुन्ने चढ़ाउनू अनि पूजाहारीहरूले तीमाथि नून छर्कून् र तिनीहरूलाई होमबलिस्वरुप परमप्रभुकहाँ बलिदान गरिदिऊन् ।

**२५**"सात दिनसम्म तैंले पापबलिको निम्ति प्रतिदिन एउटा बोका प्रबन्ध गर्नू; तैंले बगालबाट एउटा बाछा र साँढ़ भेड़ा, दुवै निष्खोट, प्रबन्ध गर्नू । **२६**सात दिनसम्म तिनीहरूले वेदीको निम्ति प्रायश्चित गरेर त्यसलाई शुद्ध पारून्; यसरी तिनीहरूले त्यसलाई अर्पण गर्नेछन् । **२७**यी दिनहरूको अन्तमा, आठौं दिनदेखि उसो, पूजाहारीहरूले तेरा होमबलिहरू र सङ्गति-बलिहरू वेदीमा चढ़ाउनुपर्छ । तब म तिमीहरूलाई ग्रहण गर्नेछु; सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।"

### राजकुमार, लेवीहरू र पूजाहारीहरू

**४४** तब त्यस मानिसले मलाई पवित्रस्थानको बाहिरी, पूर्वतिर फर्केको मूलढोकामा ल्याए अनि त्यो बन्द भयो । **२**परमप्रभुले मलाई

---

**४३:१३-१७**–प्रस्थान २७:१-२; २ इतिहास ४:१; **४३:२७**–प्रस्थान २९:३५-३७

भन्नुभयो, "यो मूलढोका बन्द रहनुपर्छ । यो
खोलिनु हुन्न; यसबाट कोही प्रवेश गर्न
पाउनेछैन । परमप्रभु, इस्राएलका परमेश्वर
यसबाट भएर प्रवेश गर्नुभएकोले यो बन्द नै
रहनुपर्छ । **३**परमेश्वरको उपस्थितिमा खानको
लागि राजकुमार मात्र मूलढोकाभित्र बस्न सक्छ ।
ऊ मूलढोकाको दलानको बाटो भएर प्रवेश
गरेर त्यस बाटो भएर नै बाहिर निस्कनुपर्छ ।"

**४**तब त्यस मानिसले मलाई उत्तर
मूलढोकाबाट मन्दिरको सामुन्ने ल्याए । मैले
हेरें अनि परमप्रभुको महिमाले मन्दिर भरिएको
देखें, अनि म जमिनमा घोप्टो परें ।

**५**परमप्रभुले मलाई भन्नुभयो, "हे मानिसको
पुत्र, होशियारसाथ हेर्, ध्यान पूर्वक सुन् अनि
परमप्रभुको मन्दिरको विषयमा मैले तँलाई
भनेको प्रत्येक कुरामा ध्यान लगा । मन्दिरको
प्रवेशद्वार र पवित्रस्थानका सबै प्रस्थानद्वारहरूको
विषयमा ध्यान दे । **६**इस्राएलका बागी घरानालाई
भन्, 'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
हे इस्राएलका घराना, तिमीहरूका घिनलाग्दा
कामहरू अति भयो ! **७**तिमीहरूका अरू सबै
घिनलाग्दा कामहरूबाहेक तिमीहरूले हृदय र
शरीरमा खतना नभएका परदेशीहरूलाई मेरो
पवित्रस्थानभित्र ल्यायौ र तिमीहरूले मलाई
भोजन, बोसो र रगत चढ़ाउँदा मेरो मन्दिरलाई
अपवित्र पाऱ्यौ अनि तिमीहरूले मेरो करार
भङ्ग गऱ्यौ । **८**मेरा पवित्र चीजहरूको
विषयमा आफ्ना कर्तव्य गर्नुको सट्टा तिमीहरूले
मेरो पवित्रस्थान अरूको जिम्मामा दियौ ।
**९**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ: हृदय
र शरीरमा खतना नभएको कुनै परदेशी पनि,
अँ, इस्राएलीहरूकै बीचमा रहने परदेशीहरू
पनि मेरो पवित्रस्थानमा पस्न पाउनेछैन ।

**१०**इस्राएलले बाटो बिराउँदा मबाट धेरै टाढ़ा
जाने लेवीहरूले अनि आफ्ना मूर्तिहरूको पछि
लागेर मबाट तर्किजानेहरूले आफ्ना पापको
फल भोग्नु पर्नेछ । **११**तिनीहरूले मन्दिरका
मूलढोकाहरूको जिम्मा लिएर मन्दिरमा सेवा
गर्दै मेरो पवित्रस्थानमा सेवा गर्न सक्छन्;
तिनीहरूले मानिसहरूको निम्ति होमबलिहरू
र बलिदानहरू मार्न सक्छन् अनि मानिसहरूको
सामुन्ने उभिएर तिनीहरूको सेवा गर्न सक्छन् ।
**१२**तर तिनीहरूले तिनीहरूको सेवा आफ्ना
घिनलाग्दा मूर्तिहरूको सामुन्ने गरेका अनि
इस्राएलका घरानालाई पापमा पर्न लगाएका
कारण तिनीहरूले आफ्ना पापको फल भोग्नैपर्छ
भनेर मैले हात उठाएर शपथ खाएको छु,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
**१३**तिनीहरू पूजाहारीको हैसियतमा सेवा गर्न
आउन पाउने छैनन्, अथवा तिनीहरू मेरा कुनै
पवित्र चीजहरू अथवा मेरा महा-पवित्र
भेटीहरूका छेउमा आउन पाउने छैनन्;
तिनीहरूले आफ्ना घिनलाग्दा कामहरूको
शर्म भोग्नुपर्नेछ । **१४**तापनि म तिनीहरूलाई
मन्दिरका कामहरू अनि त्यसमा गरिनुपर्ने सबै
कामहरूको जिम्मामा राख्नेछु ।

**१५**तर इस्राएलीहरू मबाट बरालिएर जाँदा
मेरो पवित्रस्थानको सेवा विश्वासयोग्यतासाथ
गर्ने पूजाहारीहरू, जो लेवीहरू र सादोकका
सन्तानहरू हुन्, तिनीहरू मेरो सामुन्ने सेवा
गर्नलाई नजीक आउनुपर्छ; तिनीहरू बलिदानहरू
र रगत चढ़ाउन मेरो सामुन्ने खड़ा हुनुपर्छ,
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।
**१६**तिनीहरूले मात्र मेरो पवित्रस्थानभित्र प्रवेश
पाउनेछन् मेरो सामुन्ने सेवा गर्न अनि मेरो
सेवा सम्पन्न गर्न तिनीहरू मात्र मेरो टेबुलको
छेउमा आउनुपर्ने छ ।

**१७**तिनीहरूले भित्री चोकमा प्रवेश गर्दा
तिनीहरूले सुती लुगा लगाउनुपर्ने छ; भित्री
चोकका मूलढोकाहरूमा अथवा मन्दिरभित्र सेवा
गर्दा तिनीहरूले कुनै ऊनी लुगा लगाउनुहुँदैन ।
**१८**तिनीहरूले आफ्ना शिरमा सुती फेटा र आफ्ना
कम्मरमा सुती भित्री पोशाक लगाउनुपर्छ ।
आफूलाई पसीना आउने किसिमको कुनै लुगा
पनि तिनीहरूले लगाउनुहुँदैन । **१९**तिनीहरू
मानिसहरू भएको बाहिरी चोकमा निस्कँदा

---

**४४:१७-१८**–प्रस्थान २८:३९-४३; लेवी १६:४. **४४:१९**–लेवी १६:२३.

आफूले सेवा गर्दा लगाउने लुगा तिनीहरूले
फुकाल्नुपर्नेछ र तिनीहरूले ती पवित्र कोठाहरूमा
छोड़िराख्नु पर्नेछ, अनि अरू लुगा लगाउनुपर्ने
छ र तिनीहरूले आफ्ना लुगाद्वारा मानिसहरूलाई
पवित्र नपारून् ।
**२०**तिनीहरूले आफ्ना केश खौरन हुन्न
अथवा केशलाई लामो हुने गरी बढ़न दिनुहुन्न,
तर तिनीहरूले आफ्ना शिरका केशलाई
छोटो राख्नुपर्छ । **२१**भित्री चोकभित्र पस्दा कुनै
पूजाहारीले पनि मद्य पिउनुहुन्न । **२२**तिनीहरूले
विधवा अथवा त्यागिएकी स्त्रीहरूलाई विवाह
गर्नुहुन्न; तिनीहरूले इस्राएली वंशका कन्याहरू
अथवा पूजाहारीहरूका विधवाहरूसित मात्र
विवाह गर्न सक्छन् । **२३**तिनीहरूले मेरा
मानिसहरूलाई पवित्र र साधारणको भिन्नता
सिकाउनुपर्छ अनि अशुद्ध र शुद्धको भिन्नता
कसरी गर्नु भनी तिनीहरूलाई देखाउनुपर्छ ।
**२४**कुनै पनि झगड़ामा पूजाहारीले
न्यायकर्ताको काम गर्नुपर्नेछ अनि त्यसको
छिनाफाना मेरा धार्मिक नियमअनुसार गर्नुपर्नेछ ।
तिनीहरूले मेरा सबै तोकिएका चाड़हरूको
निम्ति मेरा व्यवस्थाहरू र आदेशहरू पालन
गर्नुपर्नेछ; अनि तिनीहरूले मेरा विश्राम-
दिनहरूलाई पवित्र राख्नुपर्नेछ ।
**२५**पूजाहारीले मरेको मानिसको छेउमा गएर
आफैलाई अपवित्र पार्नु हुँदैन; तरै पनि यदि
त्यो मरेको व्यक्ति त्यसको बाबु अथवा आमा,
छोरा अथवा छोरी, दाज्यूभाइ अथवा विवाह
नभएकी दिदीबहिनी रहेछ भने त्यसले आफैलाई
अपवित्र पार्न सक्नेछ । **२६**त्यो शुद्ध भएपछि
त्यसले सात दिनसम्म पर्खनु पर्नेछ । **२७**त्यो
पवित्रस्थानमा सेवा गर्नलाई पवित्रस्थानको भित्री
चोकमा गएको दिन त्यसले आफ्नै निम्ति एउटा
पापबलि चढ़ाउनुपर्नेछ, सर्वसत्ताधारी परमप्रभु
घोषणा गर्नुहुन्छ ।
**२८**पूजाहारीहरूसित भएको पैतृक सम्पत्ति
म मात्र हुँ । तिमीहरूले इस्राएलमा तिनीहरूलाई
कुनै पैतृक सम्पत्ति नदिनू; म नै तिनीहरूका
पैतृक सम्पत्ति हुँ । **२९**तिनीहरूले अन्नबलिहरू,
पापबलिहरू र दोषबलिहरू खानेछन्; अनि
इस्राएलमा परमप्रभुकहाँ चढ़ाएको जेसुकै पनि
तिनीहरूका हुन् । **३०**सबै फलहरूका सर्वोत्तम
पहिलो भाग र विशेष भेटीहरूका सर्वोत्तम
भाग पूजाहारीहरूकै हुन् । तिमीहरूले
तिनीहरूलाई पहिले मुछेको पीठो दिनू र
तिमीहरूको घरानामा आशिष् रहनेछ ।
**३१**पूजाहारीहरूले मरेको अथवा वन-पशुहरूले
फहराएको कुनै चरा अथवा पशु खानुहुँदैन ।

### देशको विभाजन

**४५** "'तिमीहरूले पैतृक सम्पत्तिको रूपमा
देशलाई विभाजन गर्दा पच्चीस हजार
हात लामो र बीस हजार हात चौड़ा जमिनको
टुक्रा जिल्लाको रूपमा परमप्रभुलाई भेटीस्वरुप
दिनू, त्यो सम्पूर्ण इलाका पवित्र हुनेछ । **२**यसको
पाँच सय हात वर्गको खण्ड पवित्रस्थानको
निम्ति हुनेछ, जसको चारैतिर पचास हातको
खुला ठाउँ रहनेछ । **३**त्यस पवित्र जिल्लामा
एउटा पच्चीस हजार हात लामो र दश हजार
हात चौड़ा खण्ड नाप्नू । त्यसमा पवित्रस्थान
हुनेछ, महा-पवित्रस्थान । **४**त्यो पूजाहारीहरूको
निम्ति देशको पवित्र भाग हुनेछ, जो
पवित्रस्थानमा सेवा गर्छन् अनि जो परमप्रभुको
सामुन्ने सेवकको छेउमा आउँछन् । त्यो
ठाउँ तिनीहरूका घरहरूका निम्ति अनि
पवित्रस्थानको निम्ति एउटा पवित्र ठाउँ पनि
हुनेछ । **५**पच्चीस हजार हात लामो र दश
हजार हात चौड़ा भएको एउटा इलाका
मन्दिरमा सेवा गर्ने लेवीहरू बस्नलाई शहरको
निम्ति तिनीहरूको अधिकारस्वरूप हुनेछ ।
**६**"'तिमीहरूले शहरलाई त्यसको सम्पत्ति-
स्वरूप पवित्र भागसित जोड़िएको एउटा पाँच
हजार हात चौड़ा र पच्चीस हजार हात लामो
इलाका दिनू; त्यो इस्राएलको सम्पूर्ण घरानाको

---

**४४:२०**–लेवी २१:५. **४४:२१**–लेवी १०:९. **४४:२२**–लेवी २१:७,१३-१४. **४४:२३**–लेवी १०:११.
**४४:२५**–लेवी २१:१-४. **४४:२८**–गन्ती १८:२०. **४४:२९-३०**–गन्ती १८:८-१९. **४४:३१**–लेवी २२:८.

हुनेछ ।

**७**“‘राजकुमारले पवित्र जिल्ला र शहरको सम्पत्तिले बनिएको इलाकाको चारैतिर घेरिएको जमिन पाउनेछ । त्यो पश्चिम भागबाट पश्चिमतिर अनि पूर्व भागबाट पूर्वतिर जान्छ र पश्चिमी सिमानाबाट पूर्वीय सिमानामा लमाइतिर एउटा कुलको भागको समानान्तर भएर जान्छ । **८**यो भाग इस्राएलमा उसको अधिकारमा पर्नेछ । अनि मेरा राजकुमारहरूले फेरि मेरा मानिसहरूमाथि अत्याचार गर्नेछैनन्, तर इस्राएलका घरानालाई तिनीहरूका आफ्ना कुलअनुसार देश अधिकार गर्न दिनेछन् ।

**९**“‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः हे इस्राएलका राजकुमारहरू हो, तिमीहरूले अति गर्‍यौ ! तिमीहरूले आफ्ना हिंसा र अत्याचार त्यागिदेऊ अनि जे न्यायसङ्गत र उचित छ त्यो गर । मेरा मानिसहरूलाई आफ्ना अधिकारदेखि निकाल्न रोक, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । **१०**तिमीहरूले ठीक ढकतराजु, ठीक एपा र ठीक बाथ प्रयोग गर्नुपर्छ । **११**तिमीहरूका एपा र बाथ एकै नापका होऊन्, अर्थात् एक बाथ बराबर होमरको दशांश भाग अनि एपा बराबर होमरको दशांश भाग; दुवैको निम्ति नापको स्तर होमर नै होस् । **१२**एक शेकेलमा बीस गेरा होस् । बीस शेकेलमा पच्चीस शेकेल अनि त्यसमा पन्ध्र शेकेल जोड्दा एक मिना हुनेछ ।

### भेटीहरू र पवित्र दिनहरू

**१३**“‘तिमीहरूले यो एउटा विशेष भेटी चढ़ाउनू, प्रत्येक होमर गहुँबाट एपाको छैटौं भाग अनि प्रत्येक होमर जौबाट एपाको छैटौं भाग । **१४**बाथबाट नापिएको तेलको तोकिएको खण्ड प्रत्येक कोरबाट बाथको दशांश भाग (जसमा दश बाथ अथवा एक होमर हुन्छ, किनकि दश बाथ बराबर एक होमर हो) । **१५**इस्राएलका प्रशस्त पानी भएको खर्कका दुई सयको बगालबाट एउटा भेड़ा पनि लिइनुपर्छ । यी मानिसहरूको प्रायश्चितको निम्ति अन्नबलिहरू, होमबलिहरू र सङ्गतिबलिहरूको निम्ति प्रयोग गरिनेछन्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ । **१६**देशका सबै मानिसहरूले इस्राएलमा भएका राजकुमारको उपयोगको निम्ति यस विशेष भेटीमा भाग लिनेछन् । **१७**चाड़हरूमा, औंसीहरूमा अनि विश्राम-दिनहरूमा, इस्राएलका घरानाका सबै तोकिएका चाड़हरूमा होमबलिहरू, अन्नबलिहरू र अर्घबलिहरूको प्रबन्ध गर्ने कर्तव्य त्यस राजकुमारको हुनेछ । इस्राएलका घरानाको निम्ति प्रायश्चित गर्नलाई पापबलिहरू, अन्नबलिहरू, होमबलिहरू र सङ्गतिबलिहरू उसले नै जुटाउनेछ ।

**१८**“‘सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छः पहिलो महिनाको पहिलो दिन तिमीहरूले एउटा निष्खोट बाछा लिएर पवित्रस्थानलाई शुद्ध गर्नुपर्छ । **१९**पूजाहारीले पापबलिको रगतबाट केही लिएर त्यसलाई मन्दिरको ढोकाका चौखटहरूमा, वेदीको माथिल्लो टाँडका चार कुनाहरूमा र भित्री चोकका मूलढोकाका चौखटहरूमा लगाउनुपर्छ । **२०**अन्जानमा अथवा अज्ञानतामा पाप गर्ने कसैको लागि तिमीहरूले त्यस महिनाको सातौं दिनमा तिमीहरूले त्यसै गर्नुपर्छ; यसरी तिमीहरूले मन्दिरको निम्ति प्रायश्चित गर्नुपर्छ ।

**२१**“‘पहिलो महिनाको चौधौं दिन तिमीहरूले सात दिनसम्म रहने निस्तार-चाड़को चाड़ मनाउनुपर्छ, जुन समय तिमीहरूले खमीर नहालेको रोटी खानुपर्छ । **२२**त्यस दिन त्यस राजकुमारले आफ्नै निम्ति अनि देशवासीहरूको निम्ति पापबलिस्वरूप एउटा गोरु चढ़ाउनुपर्छ । **२३**त्यस सात दिने चाड़को प्रत्येक दिन परमप्रभुकहाँ होमबलिस्वरुप सातओटा निष्खोट गोरुहरू र सातओटा साँढ़ भेड़ाहरू र पापबलिस्वरुप एउटा बोका उसले प्रबन्ध गर्नुपर्छ । **२४**उसले अन्नबलिस्वरुप प्रत्येक गोरुको निम्ति एक एपा अनि प्रत्येक साँढ़ भेड़ाको

---

**४५:१०**–लेवी १९:३६. **४५:२१**–प्रस्थान २१:१-२०; गन्ती २८:१६-२५.

निम्ति एक एपा र प्रत्येक एपाको निम्ति एक
हिन् तेल पनि प्रबन्ध गर्नुपर्छ ।
२५"'त्यस सात दिने चाड़का समयमा जुन
सातौं महिनाको पन्ध्रौं दिन शुरू हुन्छ, उसले
पापबलिहरू, होमबलिहरू, अन्नबलिहरू र
तेलको निम्ति त्यस्तै प्रबन्धहरू गर्नुपर्छ ।

४६ "'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
"भित्री चोकमा भएको पूर्वतिर फर्केको
मूलढोका काम गर्ने छ दिनसम्म बन्द रहनुपर्छ,
तर विश्राम-दिन र औँसीको दिन त्यो
खोलिनुपर्छ। २राजकुमार बाहिरबाट मूलढोकाको
दलान भएर भित्र पस्नुपर्छ र मूलढोकाको
चौखटको छेउमा उभिनुपर्छ । पूजाहारीहरूले
उसका होमबलि र सङ्गतीबलिहरू चढाउनुपर्छ ।
उसले मूलढोकाको सँघारमा दण्डवत गरेर
बाहिर जानुपर्छ, तर मूलढोका साँझसम्म बन्द
गरिनुहुन्न । ३विश्राम-दिनहरू र औँसीहरूमा
देशवासीहरूले त्यस मूलढोकामा जाने
प्रवेशद्वारमा परमप्रभुको उपस्थितिमा दण्डवत
गर्नुपर्छ । ४विश्राम-दिनमा राजकुमारले
परमप्रभुकहाँ ल्याउने होमबलि छ ओटा थुमाहरू
र एउटा साँढ़ भेड़ा, सबै निष्खोट हुनुपर्छ ।
५साँढ़ भेड़ासित दिनुपर्ने अन्नबलि बाइस लिटर
अनि थुमासित दिनुपर्ने अन्नबलि उसलाई इच्छा
लागेबमोजिम हुनुपर्छ, त्यससित प्रत्येक बाइस
लिटरको निम्ति चार लिटर तेल हुनुपर्छ ।
६औँसीको दिन उसले एउटा बाछ्रा छ ओटा
थुमाहरू र एउटा साँढ़ भेड़ा चढाउनुपर्छ जुनहरू
सबै निष्खोट हुनुपर्छ । ७उसले अन्नबलिस्वरूप
बाछ्रासित एक एपा र साँढ़ भेड़ासित बाइस
लिटर अनि थुमासित उसलाई इच्छा लागेबमोजिम
अनि प्रत्येक बाइस लिटरसित चार लिटर तेल,
यी सबै उसले प्रबन्ध गर्नुपर्छ । ८राजकुमार
भित्र पस्दा ऊ मूलढोकाको दलानबाट भएर
जानुपर्छ, र ऊ त्यही बाटो भएर आउनुपर्छ ।
९"'देशवासीहरू तोकिएका चाड़हरूको
निम्ति परमप्रभुको सामुन्ने आउँदा दण्डवत्
गर्नलाई जोसुकै उत्तरको मूलढोकाबाट भित्र
पस्छ त्यो दक्षिणको मूलढोकाबाट निस्कनुपर्छ;
अनि जोसुकै दक्षिणको मूलढोकाबाट भित्र पस्छ
त्यो उत्तरको मूलढोकाबाट निस्कनुपर्छ । कोही
पनि आफूभित्र पसेको मूलढोकाबाट फर्कनु
हुँदैन, तर हरेक विपरीत मूलढोकाबाट बाहिर
जानुपर्छ । १०तिनीहरू भित्र जाँदा भित्र जाने
अनि बहिर जाँदा बाहिर जानेमा राजकुमार
पनि तिनीहरूका बीचमा हुनेछन् ।
११"'चाड़हरूमा अनि तोकिएका चाड़हरूमा
अन्नबलि एउटा बाछ्रासित बाइस लिटर, एउटा
साँढ़ भेड़ासित बाइस लिटर अनि थुमाहरूसित
आफूलाई इच्छा लागेबमोजिम, अनि प्रत्येक
बाइस लिटरसित चार लिटर तेल हुनुपर्छ ।
१२राजकुमारले परमप्रभुकहाँ कुनै स्वेच्छा भेटी
चढ़ाउन चाहँदा, चाहे त्यो होमबलि होस् वा
सङ्गति बलि होस्, उसको लागि पूर्वतिर फर्केको
मूलढोका खोलिदिनुपर्छ । विश्राम-दिनमा
गरेझैं उसले होमबलि अथवा उसको सङ्गतिबलि
चढ़ाउने छ । तब ऊ बाहिर जानेछ, अनि ऊ
गइसकेपछि, मूलढोका थुनिनेछ ।
१३"'प्रत्येक दिन तिमीहरूले एक वर्षे निष्खोट
थुमा होमबलिस्वरुप परमप्रभुकहाँ प्रबन्ध गर्नुपर्छ;
बिहानैपिच्छे तिमीहरूले त्यो प्रबन्ध गर्नुपर्छ ।
१४तिमीहरूले त्यससित बिहानैपिच्छे चार किलो
जतिको पीठो भिजाउनलाई एक तिहाइ तेल
भएको अन्नबलि प्रबन्ध गर्नुपर्छ । परमप्रभुकहाँ
यो अन्नबलि चढ़ाउने काम नित्य मान्ने विधि
हो । १५यसरी थुमा अनि अन्नबलि र तेल
बिहानैपिच्छे नियमित होमबलिको निम्ति प्रबन्ध
हुनुपर्छ ।
१६"'सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
यदि राजकुमारले आफ्नो पैतृक सम्पत्तिबाट
आफ्ना छोराहरूमध्ये एक जनालाई कुनै भेटी
दिन्छ भने, त्यो उसका सन्तानहरूको पनि
भइजानेछ; त्यो पैतृक सम्पत्तिद्वारा तिनीहरूकै
सम्पत्ति हुनुपर्छ । १७तरै पनि, यदि उसले आफ्नो
पैतृक सम्पत्तिबाट आफ्ना नोकरहरूमध्ये एक
जनालाई कुनै भेटी दिन्छ भने त्यस नोकरले

**४५:२५**–लेवी २३:३३-३६; गन्ती २९:१२-३८. **४६:१७**–लेवी २५:१०.

त्यसलाई स्वतन्त्रताको वर्षसम्म राख्नुपर्छ, त्यसपछि
त्यो राजकुमारकहाँ नै फर्किजानेछ । उसको
पैतृक सम्पत्ति उसकै छोराहरूको निम्ति मात्र
हुनेछ; त्यो तिनीहरूकै हो । **१८**राजकुमारले
मानिसहरूको कुनै पैतृक सम्पत्ति लिनुहुँदैन,
नत्रता उसले तिनीहरूलाई आफ्नो सम्पत्तिबाट
उखेलिदिन्छ । उसले आफ्ना छोराहरूलाई
तिनीहरूका पैतृक सम्पत्ति आफ्नै सम्पत्तिबाट
दिनुपर्छ, यसरी मेरो कुनै मानिस पनि उसको
निज सम्पत्तिबाट अलग गरिनेछैन' ।"

**१९**तब त्यस मानिसले मलाई मूलढोकाको
छेउको प्रवेशद्वारबाट उत्तरतिर फर्केका
पूजाहारीहरूका पवित्र कोठाहरूमा ल्याए र
मलाई पश्चिमी किनारमा भएको एउटा ठाउँ
देखाए । **२०**तिनले मलाई भने, यो त्यो ठाउँ हो,
जहाँ पूजाहारीहरूले दोषबलि, पापबलि अनि
अन्नबलि पकाउनेछन् र यसरी तिनीहरूले यी
कुराहरू बाहिरी चोकमा लगेर मानिसहरूलाई
पवित्र तुल्याउनबाट जोगाउनेछन् ।"

**२१**तब तिनले मलाई बाहिरी चोकमा ल्याए
र मलाई त्यसका चारै कुनाहरूमा लगे अनि
मैले प्रत्येक कुनामा अर्को चोक देखें ।
**२२**बाहिरी चोकका चार कुनाहरूमा चालीस
हात लामो अनि तीस हात चौड़ा भएका घेरि
एका चोकहरू थिए; चार कुनामा भएको प्रत्येक
चोक एउटै आकारका थिए । **२३**चारैओटा चोकमा
प्रत्येकको भित्रपट्टि चारैतिर एउटा ढुङ्गाको टाँड
थियो जसमा टाँडको मन्तिर आगोको निम्ति
ठाउँ थियो । **२४**तिनले मलाई भने: "यी भान्छा
कोठाहरू हुन्, जहाँ मन्दिरको सेवा गर्नेहरूले
मानिसहरूका बलिदानहरू पकाउनेछन् ।"

### मन्दिरबाट निस्केको नदी

**४७** त्यस मानिसले मलाई मन्दिरको
प्रवेशद्वारमा फर्काएर ल्याए, अनि मैले
मन्दिरको सँघारको मुन्तिरबाट पानी पूर्वतिर
निस्किरहेको देखें (किनकि मन्दिर पूर्वतिर फर्केको
थियो) । त्यो पानी मन्दिरको दक्षिण भागको
मुन्तिरबाट, वेदीको दक्षिणबाट तल निस्किरहेको
थियो । **२**तब तिनले मलाई उत्तरको मूलढोकाबाट
बाहिर ल्याए अनि मलाई पूर्वतिर फर्केको
बाहिरी मूलढोकाको बाहिर ल्याए, र पानी
दक्षिण भागबाट बगिरहेको थियो ।

**३**त्यो मानिस आफ्नो हातमा नाप्ने डोरी
लिएर पूर्वतिर जाँदा तिनले एक हजार हात नापे र
मलाई गोलीगाँठोसम्म भएको पानीबाट भएर
लगे । **४**तिनले अर्को एक हजार हात नापे र
मलाई घुँडासम्म भएको पानीबाट भएर लगे ।
तिनले अर्को एक हजार हात नापे अनि मलाई
कम्मरसम्म भएको पानीबाट भएर लगे । **५**तिनले
अर्को एक हजार हात नापे तर अब त्यो त
एउटा मैले तर्नै नसक्ने नदी पो रहेछ, किनकि
पानी बढ़ेकोले पौड़न हुनेसम्मको गहिरो थियो,
अर्थात् कसैले तर्न नसक्ने एउटा नदी भएको
थियो । **६**तिनले मलाई सोधे, "हे मानिसको
पुत्र, के तँ यो देख्दैछस् ?"

तब तिनले मलाई फर्काएर नदीको
किनारमा लगे । **७**जब म त्यहाँ आइपुगें, मैले
नदीका दुवै किनारमा धेरै रूखहरू देखें । **८**तिनले
मलाई भने, "यो पानी पूर्वीय इलाकातिर बग्छ
र झरेर अराबामा जान्छ जहाँ यो समुद्रमा
पस्छ । यो समुद्रमा पसेपछि त्यहाँको पानी ताजा
भइजान्छ । **९**जहाँ-जहाँ त्यो नदी बग्छ, त्यहाँ
जीवित प्राणीहरूका झुण्डहरू जिउनेछन् । त्यहाँ
धेरै सङ्ख्यामा माछाहरू हुनेछन्, किनकि यो
पानी त्यहाँ बग्छ अनि नूनिलो पानीलाई ताजा
बनाइदिन्छ; यसरी जहाँ यो नदी बग्छ त्यहाँ जे
पनि बाँच्नेछ । **१०**जलाहारीहरू किनारभरि
उभिनेछन्; एन-गदीदेखि एन-एग्लैमसम्म जाल
फिँजाउने ठाउँहरू हुनेछन् । माछाहरू धेरै
किसिमका हुनेछन्, महा-समुद्रका माछाजस्तै ।
**११**तर दह र सिमसारहरू त ताजा हुनेछैनन्;
ती नूनको निम्ति छोड़िनेछन् । **१२**नदीका दुवै
किनारहरूमा सबै किसिमका फलका रूखहरू
बढ्नेछन् । तिनीहरूका पातहरू ओइलाउने
छैनन्, नता तिनीहरूले फल दिन छोड़ने छन् ।

---

**४७:१**–जकरिया १४:८; प्रकाश २२:१. **४७:१२**–प्रकाश २२:२.

तिनीहरूले प्रत्येक महिना फलाउनेछन्, किनकि
पवित्रस्थानबाटको पानी तिनीहरूमा बग्छ ।
तिनीहरूका फलहरू भोजन र तिनीहरूका पात
चङ्गाइको निम्ति काम लाग्नेछन् ।"

### देशका सिमानाहरू

**१३**सर्वसत्ताधारी परमप्रभु यसो भन्नुहुन्छ:
"यी ती सिमानाहरू हुन् जसद्वारा तैंले यूसुफको
निम्ति दुई भाग छोड़ेर, इस्राएलका बाह्र कुलको
बीचमा पैतृक सम्पत्तिस्वरूप देशलाई भाग
गरिदिनुपर्छ । **१४**तैंले तिनीहरूको बीचमा
बराबर गरी भाग गरिदिनुपर्छ। मैले तिमीहरूका
पिता-पुर्खाहरूलाई यो दिनेछु भनी हात उठाएर
शपथ खाएको हुनाले यो देश तिमीहरूका पैतृक
सम्पत्ति हुनेछ ।

**१५** "देशको सिमाना यस्तो हुनेछ:

उत्तर दिशामा यो लेबो हमातलाई नाघेर
हेत्लोनको बाटोको
छेउमा महा-समुद्रबाट **१६**सदाद, बेरोत
र सिब्रोममा
(जुन दमस्कस र हमातका सिमानाको
बीचमा पर्छ) हौरनको सिमानामा
भएको हत्तिकोनसम्म जान्छ ।
**१७**सिमाना समुद्रबाट दमीशकको
सिमानाको किनारै किनार भएर हसर-
एनानसम्म जान्छ जसले हमातको
सिमानालाई उत्तरतिर पारिदिन्छ ।
यो उत्तरी सिमाना हो ।

**१८** "पूर्वपट्टि सिमाना हौरन र दमस्कसको
बीचमा यर्दनको किनारै किनार गिलाद
र इस्राएलको देशको बीचमा पूर्वीय
समुद्रमा तामारसम्मै जानेछ ।
पूर्वीय सिमाना यही हुनेछ ।

**१९** "दक्षिणपट्टि यो तामारबाट मरीबा
कादेशका पानीसम्म,
त्यसपछि मिश्रदेशको भन्ज्याङ्को
किनारै किनार भएर महा-समुद्रमा
जान्छ । दक्षिणको सिमाना यही हुनेछ ।

**२०** "पश्चिमपट्टि लेबो हमातको विपरीत
बिन्दुसम्म महा-समुद्र नै सिमाना
हुनेछ । पश्चिमको सिमाना यही हुनेछ ।

**२१**"इस्राएलका कुलहरूअनुसार तिमीहरू
देशलाई आफै बीच भाग गर्नू । **२२**तिमीहरूले
यसलाई आफ्नै उत्तराधिकारस्वरूप अनि
तिमीहरूका बीचमा बसोबासो गर्ने अनि
छोराछोरीहरू भएका परदेशीहरूको निम्ति
भाग गरिदिनू। तिमीहरूले तिनीहरूलाई स्वदेशमै
जन्मेका इस्राएलीहरूजस्तै ठान्नू; तिमीहरूसितै
तिनीहरूले पनि इस्राएलका कुलहरूको
बीचमा उत्तराधिकार पाउनुपर्छ । **२३**त्यो
परदेशी जुनै कुलमा बसोबासो गरे तापनि त्यहाँ
तिमीहरूले त्यसलाई आफ्नो उत्तराधिकार दिनू"
सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

### देश विभाजन

**४८** "नाउँद्वारा सूचित गरिएका कुलहरू
यी नै हुन्: उत्तरी सिमान्त इलाकामा
दानले एउटा भाग पाउनेछ; त्यो हेत्लोनको
बाटो भएर लेबो-हमातमा जानेछ; हसर एनान
र हमात पछिको दमीशकको सिमाना पूर्वीय
भागदेखि पश्चिमी भागसम्म त्यसको सिमाना
हुनेछ ।

**२**"आशेरको एक भाग हुनेछ; त्यसले पूर्वदेखि
पश्चिमसम्म दानको प्रान्तलाई घेर्छ ।

**३**"नप्तालीको एक भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म आशेरको प्रान्तलाई
घेर्छ ।

**४**"मनश्शेको एक भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म नप्तालीलाई घेर्छ ।

**५**"एप्रेमको एउटा भाग हुनेछ; त्यसले पूर्वदेखि
पश्चिमसम्म मनश्शेको प्रान्तलाई घेर्छ ।

**६**"रूबेनको एउटा भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म एप्रेमको प्रान्तलाई घेर्छ ।

**७**"यहूदाको एउटा भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म रूबेनको प्रान्तलाई
घेर्छ ।

**८**"पूर्वदेखि पश्चिमसम्म यहूदाको प्रान्तलाई
घेर्ने भाग तिमीहरूले एउटा विशेष उपहारस्वरूप

दिनुपर्छ। त्यो पच्चीस हजार हात चौड़ा हुनेछ,
अनि पूर्वदेखि पश्चिमसम्म त्यसको लमाइ एउटा
कुलको भाग जत्तिकै हुनेछ; पवित्रस्थान त्यसको
बीचमा हुनेछ ।

**९**"तिमीहरूले परमप्रभुलाई चढ़ाउनु पर्ने
विशेष भाग पच्चीस हजार हात लामो
अनि दश हजार हात चौड़ा हुनेछ । **१०**त्यो
पूजाहारीहरूको निम्ति पवित्र भाग हुनेछ। त्यो
उत्तरपट्टि पच्चीस हजार हात लामो, पश्चिमपट्टि
दश हजार हात चौड़ा, पूर्वपट्टि दश हजार हात
चौड़ा र दक्षिणपट्टि पच्चीस हजार हात लामो
हुनेछ। त्यसको बीचमा परमप्रभुको पवित्रस्थान
हुनेछ । **११**त्यो पवित्र पारिएका पूजाहारीहरू,
सादोकवंशीहरूको निम्ति हुनेछ, जो मेरो सेवा
गर्नमा विश्वासयोग्य थिए अनि इस्राएलीहरू
बरालिएर जाँदा लेवीहरू बरालिएझैं बरालिएका
थिएनन् । **१२**देशको पवित्र भागबाट यो
तिनीहरूको निम्ति एउटा विशेष उपहार हुनेछ,
लेवीहरूको प्रान्तलाई घेरेको एउटा महा-पवित्र
भाग ।

**१३**"पूजाहारीहरूको प्रान्तको छेउमा लेवीहरूले
पच्चीस हजार हात लामो र दश हजार हात
चौड़ा ठाउँ पाउनेछन् । त्यसको पूर्ण लमाइ
पच्चीस हजार हात र त्यसको चौड़ाइ दश
हजार हात हुनेछ। **१४**तिनीहरूले त्यसको कुनै
भाग पनि बेच्न अथवा साट्न पाउनेछैनन् ।
त्यो देशको सर्वोत्तम भाग हो अनि अरूको
हातमा पर्नुहुँदैन, किनकि त्यो परमप्रभुको निम्ति
पवित्र छ ।

**१५**"बाँकी रहेको पाँच हजार हात चौड़ा र
पच्चीस हजार हात लामो इलाका शहरको
साधारण प्रयोगको निम्ति, घरहरू र खर्कको
निम्ति हुनेछ । शहर त्यसको बीचमा हुनेछ,
**१६**अनि त्यसका नापहरू यस्ता हुनेछन्, उत्तरी
भाग चार हजार पाँच सय हात, दक्षिण भाग
चार हजार पाँच सय हात, पूर्वीय भाग चार
हजार पाँचसय हात अनि पश्चिम भाग चार
हजार पाँच सय हात। **१७**शहरको निम्ति खर्क
उत्तरमा दुई सय पचास हात, दक्षिणमा दुई
सय पचास हात, पूर्वमा दुई सय पचास हात
अनि पश्चिममा दुई सय पचास हात हुनेछ ।
**१८**पवित्र भागलाई घेर्ने अनि त्यसको लमाइतिर
जाने बाँकी रहेको भाग, पूर्वीय भागमा दश हजार
हात अनि त्यसको पश्चिम भागमा दशहजार
हात । त्यसको उत्पादनले शहरमा काम
गर्नेहरूको निम्ति भोजनको प्रबन्ध गर्नेछ ।
**१९**त्यसमा खेती गर्न शहरबाट आउनेहरू
इस्राएलका सबै कुलहरूबाट आउनेछन्। **२०**त्यो
सम्पूर्ण भाग एउटा वर्गाकार हुनेछ, जसको प्रत्येक
पक्ष पच्चीस हजार हातको हुनेछ । शहरको
सम्पत्तिको साथमा तिमीहरूले एउटा विशेष
उपहारस्वरूप पवित्र भाग छुट्याइराख्नेछौ ।

**२१**"पवित्र ठाउँ र शहरको सम्पत्ति मिलेर
बनिएको इलाकाका दुवैतिर बाँकी रहेको
ठाउँ राजकुमारको हुनेछ। यो पच्चीस हजार
हात पवित्र भागदेखि पूर्वतिर गएर पूर्वीय
सिमानासम्म, अनि पच्चीस हजार हातदेखि
पश्चिमतिर पश्चिम सिमानासम्म जान्छ ।
कुलको भागहरूको लमाइतिर जाने यी दुवै
भागहरू राजकुमारको हुनेछ, अनि मन्दिरको
पवित्रस्थानसितको पवित्र भाग तिनीहरूको
बीचमा हुनेछ । **२२**यसरी लेवीहरूको सम्पत्ति
अनि शहरको सम्पत्ति राजकुमारको इलाकाको
बीचमा पर्नेछ। राजकुमारको इलाका यहूदाको
सिमाना र बेन्यामीनको सिमानाको बीचमा
पर्नेछ ।

**२३**"अरू कुलहरूको विषयमा, बेन्यामीनको
एउटा भाग हुनेछ; त्यो पूर्वीय भागदेखि पश्चिमी
भागसम्म फैलिनेछ ।

**२४**"शिमियोनको एउटा भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म बेन्यामीनको प्रान्तलाई
घेर्नेछ ।

**२५**"इस्साकारको एउटा भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म शिमियोनको प्रान्तलाई
घेर्नेछ ।

**२६**"जबूलूनको एउटा भाग हुनेछ; त्यसले
पूर्वदेखि पश्चिमसम्म इस्साकारको प्रान्तलाई
घेर्नेछ ।

**२७**"गादको एउटा भाग हुनेछ; त्यसले पूर्वदेखि
पश्चिमसम्म जबूलूनको प्रान्तलाई घेर्नेछ ।

**२८**"गादको दक्षिण सिमाना तामारदेखि मरीबा कादेशको पानीसम्म दक्षिणतिर जानेछ, त्यसपछि मिश्रदेशको भन्ज्याङ्को किनार भएर महा-समुद्रसम्म ।

**२९**"इस्राएलका कुलहरूलाई उत्तराधिकार-स्वरूप तैंले भाग लगाइदिन पर्ने जमिन यही हो, अनि तिनीहरूका भागहरू यी नै हुनेछन्, सर्वसत्ताधारी परमप्रभु घोषणा गर्नुहुन्छ ।

### शहरका मूलढोकाहरू

**३०**"शहरबाट बाहिर निस्कने ठाउँहरू यी नै हुन्, चार हजार पाँच सय हात लामो उत्तरको भागबाट शुरू भएर, **३१**शहरका मूलढोकाहरूका नाउँ इस्राएलका कुलहरूको नाउँअनुसार राखिनेछन् । उत्तरको भागमा भएका तीनओटा मूलढोकाहरू, रूबेनको मूलढोका, यहूदाको मूलढोका अनि लेवीको मूलढोका हुनेछन् ।

**३२**"चार हजार पाँच सय हात लामो पूर्वको भागमा तीनओटा मूलढोकाहरू हुनेछन्, यूसुफको मूलढोका, बेन्यामीनको मूलढोका र दानको मूलढोका ।

**३३**"चार हजार पाँच सय हात नापको पश्चिम भागमा तीनओटा मूलढोकाहरू हुनेछन्, शिमियोनको मूलढोका, इस्साकारको मूलढोका र जबूलूनको मूलढोका ।

**३४**"चारहजार पाँचसय हात लामो पश्चिम भागमा तीनओटा मूलढोकाहरू हुनेछन्, गादको मूलढोका, आशेरको मूलढोका र नप्तालीको मूलढोका ।

**३५**"चारैतिरको दूरी अठ्ठार हजार हात हुनेछ ।

"अनि त्यस समयदेखि उसो शहरको नाउँ यो हुनेछः

परमप्रभु त्यहाँ हुनुहुन्छ ।"

---

**४८:३०-३४**–प्रकाश २१:१२-१३.

# दानिएलको पुस्तक

### बेबिलोनमा दानिएलको तालिम

**१** यहूदाका राजा यहोयाकीमको शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आए र त्यसलाई घेरे । **२**अनि परमप्रभुले परमेश्वरको भवनका केही सामानहरूसितै यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो । तिनले ती सामानहरू बेबिलोनमा भएको आफ्नो देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे ।

**३**त्यसपछि राजाले आफ्ना दरवारका अधिकारीहरूका प्रमुख अशपनजलाई इस्राएलीहरूबाटका केही शाही परिवारका र खानदानी व्यक्तिहरूलाई ल्याउने हुकुम गरे– **४**जुनहरू खोट नभएका जवान मानिसहरू, सुन्दर, सबै किसिमका ज्ञान प्राप्त गर्न अभिरूचि भएका, सबै कुराको ज्ञान भएका, छिटो सिक्न सक्ने र राजाको महलमा सेवा गर्ने योग्यता भएका होऊन् । तिनले तिनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्ने थियो । **५**राजाले तिनीहरूको खानाको निम्ति सधैँ राजाकै मेचबाट भोजन र मद्य खटाइदिएका थिए । तिनीहरूले तीन वर्षसम्म तालिम प्राप्त गर्नुपर्ने थियो अनि त्यसपछि तिनीहरू राजाको सेवामा प्रवेश हुनुपर्ने थियो ।

**६**तीमध्ये कोही यहूदाका कूलका थिए, दानिएल, हनन्याह, मिशाएल र अजर्याह । **७**प्रमुख अधिकारीले तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मिशाएललाई मेशेक र अजर्याहलाई अबेद्नगो ।

**८**तर दानिएलले शाही भोजन र मद्यले आफैलाई अशुद्ध नतुल्याउने संकल्प गरे र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकारीसित अनुमति मागे । **९**अब परमेश्वरले त्यस अधिकारीलाई दानिएलप्रति निगाह र कृपा राखिदिने तुल्याउनुभएको थियो, **१०**तर त्यस अधिकारीले दानिएललाई भने, "तिमीहरूलाई भोजन र मद्य खटाइदिने राजा मेरा मालिकसित म डराउँछु । तिम्रो अवस्था किन तिम्रा उमेरका अरू जवान मानिसहरूभन्दा नराम्रो देखिने र ? तब राजाले तिम्रो कारण मेरो शिर नै लिनेछन् ।"

**११**तब दानिएल, हनन्याह, मिशाएल र अजर्याहमाथि प्रमुख अधिकारीले खटाइदिएको सुरक्षाकर्मीलाई दानिएलले भने, **१२**"दया गरी तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस् । हामीलाई केही होइन तर खानलाई सागपात र पिउनलाई पानी दिनुहोस् । **१३**त्यसपछि हाम्रो चेहरा शाही भोजन खाने ती जवान मानिसहरूसित दाँज्नुहोस्, र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसित व्यवहार गर्नुहोस् ।" **१४**यसकारण उनी यसमा राजी भए र तिनीहरूलाई तिनले दश दिनसम्म जाँच गरे ।

**१५**दश दिनपछि तिनीहरू शाही भोजन खाने ती जवान मानिसहरूभन्दा स्वस्थ अनि पुष्ट देखिए । **१६**यसकारण त्यस सुरक्षाकर्मीले तिनीहरूले खानुपर्ने असल भोजन र पिउनुपर्ने मद्य लगिहाले अनि त्यसको सट्टा तिनीहरूलाई सागपात दिए ।

**१७**ती चार जवान मानिसहरूलाई परमेश्वरले सबै किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो । अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए ।

**१८**राजाले तिनीहरूलाई भित्र ल्याउन ठहऱ्याएको समयको आखिरमा, त्यस प्रमुख

---

**१:१–**२ राजा २४:१; २ इतिहास ३६:५-७. **१:२–४–**२ राजा २०:१७-१८; २४:१०-१६; २ इतिहास ३६:१०; यशैया ३९:७-८.

अधिकारीले तिनीहरूलाई नबूकदनेसरकहाँ प्रस्तुत गरे । **१९**राजाले तिनीहरूसित कुरा गरे अनि कसैलाई पनि दानिएल, हनन्याह, मिशाएल र अजर्याहको बराबर पाएनन्; यसकारण तिनीहरू राजाको सेवामा प्रवेश गरे । **२०**बुद्धि र समझको विषयमा राजाले तिनीहरूलाई प्रश्न सोध्दा, तिनले उनीहरूलाई आफ्ना राज्यभरिका सबै जादूगर र मन्त्रतन्त्र गर्नेहरूभन्दा दश गुणा असल भेट्टाए ।

**२१**अनि दानिएल त्यहाँ कोरेस राजाको शासनकालको पहिलो वर्षसम्म रहे ।

### नबूकदनेसरको सपना

**२** आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेसरले सपना देखे; तिनको मन विचलित भयो अनि तिनी सुत्न सकेनन् । **२**यसकारण राजाले आफूले देखेको सपना तिनलाई बताइदिनलाई जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, बिजुवाहरू र ज्योतिषीहरूलाई बोलाइपठाए । तिनीहरू भित्र आएर राजाको सामुन्ने उभिएपछि, **३**तिनले उनीहरूलाई भने, "मैले एउटा सपना देखेको छु अनि त्यसले मलाई विचलित पारेको छ र त्यसको अर्थ के हो भनी म जान्न चाहान्छु ।"

**४**तब ती ज्योतिषीहरूले राजालाई अरामी भाषामा भने, "राजा, अमर रहून् ! तपाईंका दासहरूलाई सपना भन्नुहोस् र हामी त्यसको अर्थ खोलिदिनेछौं ।"

**५**राजाले ज्योतिषीहरूलाई भने, "मैले यो दृढ़ निश्चय गरेको छु: यदि तिमीहरूले मेरो सपना के थियो सो भन्न सकेनौ र मलाई त्यसको अर्थ बताउन सकेनौ भने, तिमीहरू टुक्रा-टुक्रा पारिनेछौ र तिमीहरूका घरहरू रोड़ाको थुप्रो बनाइनेछ । **६**तर यदि तिमीहरूले मलाई सपना र त्यसको अर्थ बतायौ भने, तिमीहरूले मबाट उपहारहरू, इनामहरू र ठूलो सम्मान पाउनेछौ । यसकारण तिमीहरूले मलाई सपना र त्यसको अर्थ बताइदेओ ।"

**७**तिनीहरूले फेरि एकपल्ट जवाफ दिए, "राजाले आफ्नो सपना आफ्ना दासहरूलाई बताइदिऊन् र हामी त्यसको अर्थ खोलिदिनेछौं ।"

**८**तब राजाले भने, "तिमीहरूले समय निकालेर टार्ने कोशिश गरिरहेका छौ भनी मलाई पक्का थाहा भयो, किनकि मैले यो दृढ़ निश्चय गरेको छु भन्ने तिमीहरूले थाहा पाएका छौ: **९**यदि तिमीहरूले मलाई सपना बताउन सकेनौ भने, तिमीहरूको निम्ति एउटै मात्र दण्ड छ । परिस्थिति बद्लने छ भन्ने आशामा तिमीहरूले मलाई भ्रममा पार्ने र दुष्ट कुराहरू बताउने षड्यन्त्र गरेका छौ । यसकारण, मलाई सपना बताओ र तिमीहरूले मेरो निम्ति त्यसको अर्थ खोलिदिनेछौ भनी म जान्नेछु ।"

**१०**ती ज्योतिषीहरूले राजालाई जवाफ दिए, "राजाले भन्नुभएको कुरा गर्न सक्ने एउटै मानिस पनि पृथ्वीमा छैन ! तरै पनि, जति महान् र शक्तिशाली भए पनि कुनै राजाले पनि कहिल्यै कुनै जादूगर अथवा मन्त्रतन्त्र गर्ने अथवा ज्योतिषीलाई यस्तो कुरा सोधेका छैनन् । **११**राजाले सोध्नुभएको कुरा अति गाह्रो छ । देवताहरूले बाहेक कसैले पनि राजालाई यो कुरा प्रकट गर्न सक्दैन, अनि तिनीहरू त मानिसहरूको बीचमा बस्दैनन् ।"

**१२**यसले राजालाई साह्रो रीस उठायो अनि क्रोधित तुल्यायो, कि तिनले बेबिलोनका सबै बुद्धिमान् मानिसहरूलाई मृत्युदण्ड दिने हुकुम दिए । **१३**यसकारण बुद्धिमान् मानिसहरूलाई मार्ने आदेश पठाइयो, अनि दानिएल र तिनका साथीहरूलाई मार्न भनी तिनीहरूलाई झिकाउन मानिसहरू पठाइए ।

**१४**जब राजाका अङ्गरक्षक कप्तान अर्योक बेबिलोनका बुद्धिमान् मानिसहरूलाई मार्न गएका थिए, दानिएलले ऊसित बुद्धिमानी र निपुणतासाथ कुरा गरे । **१५**तिनले राजाका अधिकारीलाई सोधे, "राजाले यस्तो कठोर आदेश किन जारी गर्नुभयो ?" तब अर्योकले दानिएललाई सबै कुरा बताइदिए । **१६**यो सुनेर

**२:२**–उत्पत्ति ४१:८.

दानिएल राजाकहाँ भित्र गए र तिनले उनको
निम्ति सपनाको अर्थ खोलिदिनलाई समय मागे।
**१७**तब दानिएल आफ्नो घरमा फर्के अनि
त्यो विषय आफ्ना साथीहरू हनन्याह, मिशाएल
र अजर्याहलाई बताइदिए। **१८**आफू र आफ्ना
साथीहरू बेबिलोनका बुद्धिमान् मानिसहरूसित
नमारिऊन् भनी त्यस रहस्यको अर्थ खोल्न
स्वर्गका परमेश्‍वरसित तिनीहरूले कृपाको निम्ति
प्रार्थना गरून् भनी तिनले उनीहरूसित आग्रह
गरे। **१९**रातको समयमा त्यो रहस्य दानिएललाई
एउटा दर्शनमा प्रकट गरियो। तब दानिएलले
स्वर्गका परमेश्‍वरको प्रशंसा गरे, **२०**अनि भने:

"परमेश्‍वरको नाउँको प्रशंसा
सदासर्वदै भइरहोस्;
बुद्धि र पराक्रम उहाँकै हुन्।
**२१** उहाँले समय र ऋतुहरू परिवर्तन
गर्नुहुन्छ;
उहाँले राजाहरू खड़ा गर्नुहुन्छ
अनि तिनीहरूलाई हटाउनुहुन्छ।
उहाँले बुद्धिमान्हरूलाई बुद्धि दिनुहुन्छ;
अनि समझदारहरूलाई ज्ञान दिनुहुन्छ।
**२२** उहाँले गहिरा र लुकेका कुराहरू
प्रकट गर्नुहुन्छ;
अन्धकारमा के छ त्यो उहाँले जान्नुहुन्छ,
अनि उहाँसित ज्योतिले बास गर्छ।
**२३** हे मेरा पिता-पुर्खाहरूका परमेश्‍वर,
म तपाईंलाई धन्यवाद र प्रशंसा चढ़ाउँछु,
तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको
छ,
हामीले तपाईंसित मागेको कुरा मलाई
जान्न दिनुभएको छ,
तपाईंले हामीलाई राजाको सपना जान्न
दिनुभएको छ।"

### दानिएलले सपनाको अर्थ खोलिदिएका

**२४**तब दानिएल राजाले बेबिलोनका बुद्धिमान्
मानिसहरूलाई मार्न हुकुम दिएका अर्योककहाँ
गएर तिनलाई भने, "बेबिलोनका बुद्धिमान्
मानिसहरूलाई नमार्नुहोस्। मलाई राजाकहाँ
लैजानुहोस्, अनि म तिनको निम्ति सपनाको
अर्थ खोलिदिनेछु।"
**२५**अर्योकले तुरुन्तै दानिएललाई राजाकहाँ
लगेर भने, "मैले यहूदाबाट प्रवासित भएकाहरूका
बीचमा एक जना मानिस भेट्टाएको छु, जसले
सपनाको अर्थ राजालाई बताइदिनेछ।"
**२६**राजाले दानिएल (जसलाई बेलतसजर
पनि भनिन्छ) लाई सोधे, "के तिमीले मैले
सपनामा देखेको कुरा र त्यसको अर्थ मलाई
बताउन सक्छौ?"
**२७**दानिएलले जवाफ दिए, "कुनै पनि
बुद्धिमान् मानिस, मन्त्रतन्त्र गर्ने, जादूगर अथवा
जोखना हेर्नेले राजाले सोध्नुभएको रहस्य
उहाँलाई बताउन सक्दैन, **२८**तर स्वर्गमा एक
परमेश्‍वर हुनुहुन्छ जसले रहस्यहरू प्रकट
गर्नुहुन्छ। उहाँले राजा नबूकदनेसरलाई आउने
दिनहरूमा के हुनेछन् भन्ने कुरा देखाउनुभएको
छ। तपाईं आफ्नो ओछ्यानमा ढल्कनुहुँदा
तपाईंको मनमा आएका तपाईंको सपना र
दर्शन यी नै हुन्:
**२९**"तपाईं त्यहाँ ढल्किरहनुहुँदा, हे महाराजा,
तपाईंको मन आउने कुराहरूतिर लाग्यो अनि
रहस्यहरू प्रकट गर्नुहुनेले तपाईंलाई भविष्यमा
हुने कुराहरू देखाइदिनुभयो। **३०**मेरो विषयमा
चाहिँ, मसित अरू जीवित मानिसहरूभन्दा
बढ्ता बुद्धि छ भनेर होइन, तर हे महाराजा,
तपाईंले यसको अर्थ जानून् अनि तपाईंको मनमा
के-के भए, ती जानून् भनेर त्यो रहस्य मलाई
प्रकट गरिएको हो।
**३१**"हे महाराजा, तपाईंले हेरिरहनुहुँदा एउटा
ठूलो मूर्ति खड़ा भएको देख्नुभयो। त्यो मूर्ति
विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो अनि
त्यसको रूप भयानक थियो। **३२**त्यस मूर्तिको
शिर निखूर सुनको थियो, त्यसका छाती र
बाहुहरू चाँदीका, त्यसको पेट र तिघ्राहरू
काँसाका, **३३**त्यसका गोड़ाहरू फलामका,
त्यसका खुट्टाहरू केही फलामका र केही
माटाका थिए। **३४**तपाईंले हेरिरहनु हुँदा, एउटा
चट्टानबाट ढुङ्गा काटियो तर मानिसका हातले
होइन। त्यसले मूर्तिका फलाम र माटोका

खुट्टाहरूमा प्रहार गऱ्यो अनि तिनीहरूलाई
चक्नाचूर पारिदियो । **३५**तब एकै पल्टमा त्यो
फलाम, माटो, काँसा, चाँदी र सुन टुक्रा-टुक्रा
भएर ग्रीष्म ऋतुमा खलामा भएको भूसझैँ
भइहाले । बतासले तिनीहरूलाई नाउँनिशानै
नरहनेगरी उड़ाएर लग्यो । तर त्यस मूर्तिलाई
प्रहार गर्ने त्यो ढुङ्गाचाहिँ एउटा विशाल पर्वत
भएर सारा पृथ्वीलाई नै ढाकिदियो ।

**३६**"सपना यही थियो, अब हामी राजालाई
यसको अर्थ खोलिदिनेछौं । **३७**तपाईं, हे
महाराजा, राजाहरूका राजा हुनुहुन्छ । स्वर्गका
परमेश्वरले तपाईंलाई राज्य, शक्ति, पराक्रम
र गौरव दिनुभएको छ; **३८**तपाईंको हातमा
उहाँले मानव-जाति र मैदानका पशुहरू अनि
आकाशका चराहरू राखिदिनुभएको छ ।
तिनीहरू जहाँ बसे तापनि उहाँले तपाईंलाई
तिनीहरू सबैमाथि शासक बनाउनुभएको छ ।
तपाईंनै त्यो सुनको शिर हुनुहुन्छ ।

**३९**"तपाईंपछि तपाईंको भन्दा कमजोर एउटा
राज्य खड़ा हुनेछ । त्यसपछि एउटा तेस्रो
राज्य, काँसाको राज्यले सारा पृथ्वीमाथि शासन
गर्नेछ । **४०**आखिरमा एउटा चौथो राज्य हुनेछ,
फलामजस्तै बलियो, किनकि फलामले प्रत्येक
कुरोलाई चक्नाचूर पार्छ, अनि फलामले हरेक
चीजहरूलाई टुक्रा-टुक्रा पारेझैँ, त्यसले अरू
सबैलाई फुटाउने र धूलो-पीठो पारिदिनेछ ।
**४१**तपाईंले खुट्टा र औंलाहरू माटो र फलामले
बनिएको देख्नुभएझैँ, त्यो एउटा विभाजित
राज्य हुनेछ; तापनि तपाईंले फलाम र माटो
मिसिएको देख्नुभएझैँ, त्यसमा फलामको केही
मजबूती रहनेछ । **४२**ती औंलाहरू केही
फलामका र केही माटाका भएझैँ, त्यो राज्य
केही बलियो र केही सजिलै टुक्रिने हुनेछ ।
**४३**अनि तपाईंले फलाम र माटो मिसिएको
देख्नुभएझैँ, पनि मिश्रित जाति हुनेछन् र एकतामा
रहनेछैनन्, जसरी फलाम र माटो मिल्न सक्दैन ।

**४४**"ती राजाहरूको समयमा, स्वर्गका
परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जो
कहिल्यै नाश हुनेछैन, नता त्यो अरू जातिहरूलाई
दिइनेछ । त्यसले ती सबै राज्यहरूलाई चक्नाचूर
पार्नेछ अनि तिनीहरूको अन्त गर्नेछ, तर त्यो
आफैचाहिँ सदासम्म रहनेछ । **४५**पहरोबाट
मानिसको हातले होइन तर आफै काटिएको
चट्टानको दर्शनको अर्थ यही हो, अर्थात् त्यो
चट्टान जसले फलाम, काँसा, माटो, चाँदी र
सुनलाई चकनाचूर पारिदियो ।

"महान् परमेश्वरले राजालाई भविष्यमा
के हुनेछ देखाइदिनुभएको छ । सपना साँचो हो
अनि अर्थ विश्वासयोग्य छ ।"

**४६**तब राजा नबूकदनेसर दानिएलको सामुन्ने
लम्पसार परे अनि तिनलाई आदर गरे अनि
तिनलाई भेटी र धूप चढ़ाउने आज्ञा दिए ।
**४७**राजाले दानिएललाई भने, "निश्चय
तिमीहरूका परमेश्वर देवताहरूका पनि
परमेश्वर अनि राजाहरूका प्रभु र रहस्यहरू
प्रकट गर्नुहुने हुनुहुन्छ, किनकि तिमी यस
रहस्यलाई प्रकट गर्न समर्थ भयौ ।"

**४८**त्यसपछि राजाले दानिएललाई एउटा
उच्च ओहोदामा राखे र तिनलाई धेरै बहुमूल्य
उपहारहरू दिए । तिनले उनलाई बेबिलोनको
सम्पूर्ण प्रान्तका शासक बनाए र उनलाई
त्यसका सबै बुद्धिमान् मानिसहरूका प्रधान
तुल्याए । **४९**त्यसबाहेक, दानिएलको अनुरोधमा
राजाले शद्रक, मेशक र अबेद्नगोलाई
बेबिलोनको प्रान्तमा प्रशासकहरू नियुक्त
गरिदिए, जब कि दानिएल आफैचाहिँ दरवारमै
रहे ।

## सुनको मूर्ति र आगोको भट्टी

**३** राजा नबूकदनेसरले नब्बे फूट अग्लो
र नौ फूट चौड़ाको एउटा सुनको मूर्ति
बनाए अनि बेबिलोन प्रान्तको दूरा भन्ने मैदानमा
त्यसलाई खड़ा गरे । **२**त्यसपछि तिनले
प्रान्तका बडाहाकिम, इलाका अधिकारीहरू,
राज्यपालहरू, सल्लाहकारहरू, खजाञ्चीहरू,
न्यायधीशहरू, हाकिमहरू र प्रान्तका अरू सबै
अधिकारीहरूलाई आफूले खड़ा गरेको मूर्तिको
अर्पणमा आउनलाई बोलाइपठाए । **३**यसकारण
प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू,
राज्यपालहरू, सल्लाहकारहरू, खजाञ्चीहरू,

न्यायधीशहरू, हाकिमहरू र प्रान्तका सबै
अधिकारीहरू नबूकदनेसर राजाले खड़ा गरेको
मूर्तिको अर्पणको निम्ति भेला भए, अनि तिनीहरू
त्यसको सामुन्ने खड़ा भए ।
**४**तब झ्याली पिट्नेले जोरसित घोषणा
गऱ्यो, "हे मानिसहरू, जाति-जातिहरू र विभिन्न
भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको
छ: **५**तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा,
सारङ्गी, सितार, न्याउली बाजा अनि सबै
किसिमका सङ्गीत सुन्नासाथ तिमीहरूले
नबूकदनेसर राजाले खड़ा गरेको सुनको मूर्तिको
सामु घोप्टेर त्यसलाई दण्डवत् गरिहाल्नुपर्छ ।
**६**घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि बल्दै
गरेको भट्टीमा फ्याँकिनेछ ।"
**७**यसकारण तिनीहरूले नरसिङ्गा, बाँसुरी,
वीणा, सारङ्गी, सितार, न्याउली बाजा र सबै
किसिमका सङ्गीत सुन्नासाथ विभिन्न भाषा
बोल्नेहरू, जाति-जातिका मानिसहरू घोप्टो
परे र तिनीहरूले नबूकदनेसर राजाले खड़ा
गरेको मूर्तिलाई दण्डवत् गरे ।
**८**त्यस बेला केही ज्योतिषीहरू अगि आएर
यहूदीहरूलाई दोष्याए । **९**तिनीहरूले नबूकदनेसर
राजालाई भने, "महाराजा, अमर रहून् ! **१०**हे
महाराजा, हजुरले हुकुम गर्नुभएको छ कि,
नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली
बाजा र सबै किसिमका सङ्गीत सुन्ने हरेकले
घोप्टो परेर सुनको मूर्तिलाई ढोग्नुपर्छ, **११**अनि
घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि बल्दै
गरेको भट्टीमा फ्याँकिनेछ । **१२**तर हजूरले
बेबिलोनको प्रान्तमाथि शासन गर्न राख्नुभएका
केही यहूदीहरू– शद्रक, मेशक र अबेद्नगोले,
हे महाराजा, हजूरप्रति ध्यानै दिएनन् । तिनीहरूले
नता हजूरका देवताहरूलाई पुज्छन् नता हजूरले
खड़ा गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्छन् ।"
**१३**रीसले चूर भएर नबूकदनेसरले शद्रक,
मेशक र अबेद्नगोलाई बोलाइपठाए । यसकारण
यी मानिसहरू राजाको सामुन्ने ल्याइए, **१४**अनि
नबूकदनेसरले तिनीहरूलाई भने, "शद्रक, मेशक
र अबेद्नगो, के तिमीहरूले मेरा देवताहरूको
सेवा गर्दैनौ अथवा मैले खड़ा गरेको सुनको
मूर्तिलाई दण्डवत् गर्दैनौ भनेको साँचो हो ?
**१५**अब तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा,
सारङ्गी, सितार, न्याउली बाजा र सबै किसिमका
सङ्गीत सुनेपछि यदि तिमीहरूले घोप्टो परेर
मैले बनाएको मूर्तिलाई दण्डवत् गऱ्यौ भने
धेरै राम्रो हुनेछ, तर यदि तिमीहरूले त्यसलाई
दण्डवत् गरेनौ भने, तिमीहरू तुरुन्तै बल्दै गरेको
भट्टीभित्र फालिनेछौ । त्यस बेला कुनचाहिँ देवताले
तिमीहरूलाई मेरो हातबाट बचाउन सक्ला ?"
**१६**शद्रक, मेशक र अबेद्नगोले राजालाई
जवाफ दिए, "हे नबूकदनेसर, यस विषयमा
हामीले आफ्नो पक्षमा केही गर्नुछैन । **१७**यदि
हामी बल्दै गरेको भट्टीमा फालियौं भने, हामीले
सेवा गरेको परमेश्वर हामीलाई यसबाट बचाउन
सक्षम हुनुहुन्छ, अनि हे राजा, उहाँले हामीलाई
हजूरको हातबाट छुटाउनुहुनेछ । **१८**तर यदि
उहाँले छुटाउनुभएन भने पनि, हे राजा, हामी
हजूरलाई यो जानकारी दिन चाहन्छौं कि हामी
हजूरका देवताहरूको सेवा गर्नेछैनौं अथवा
हजूरले खडा गर्नुभएको सुनको मूर्तिलाई दण्डवत्
गर्नेछैनौं ।"
**१९**तब नबूकदनेसर शद्रक, मेशक र
अबेद्नगोसित रीसले चूर भए अनि तिनीहरूप्रति
उनको विचार बद्लियो । तिनले भट्टीलाई
सधैँको भन्दा सात गुणा तातो पार्ने हुकुम दिए,
**२०**अनि आफ्नो सेनाका सबैभन्दा बलिया केही
सिपाहीहरूलाई शद्रक, मेशक र अबेद्नगोलाई
बाँधेर बल्दै गरेको भट्टीमा फ्याँकिदिने हुकुम
दिए । **२१**यसकारण, आफ्ना लवेदा, सुरुवाल,
फेटा र अरू लुगा लगाएका ती मानिसहरू
बाँधिएर त्यो बल्दै गरेको भट्टीभित्र फालिए ।
**२२**राजाको हुकुम यति जरूरी थियो, अनि भट्टी
यति तातो थियो, कि आगोको ज्वालाले शद्रक,
मेशक र अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई
भस्म पाऱ्यो, **२३**अनि जोरसित बाँधिएका ती तीन
जना मानिसहरू बल्दै गरेको भट्टीभित्र फालिए ।
**२४**तब राजा नबूकदनेसर आश्चर्यले उफ्रे
अनि आफ्ना सल्लाहकारहरूलाई सोधे, "के
हामीले तीन जना मानिसहरूलाई बाँधेर
आगोभित्र फ्याँकिदिएका होइनौं ?"

तिनीहरूले जवाफ दिए, "पक्का हो, हे महाराजा ।"

**२५**तिनले भने, "हेर ! म त चार जना मानिसहरू पो खुला र हानि नभईकन वरिपरि हिँडिरहेका देख्दैछु, अनि चौथोचाहिँ परमेश्वरको पुत्रजस्तै देखिन्छ ।"

**२६**त्यसपछि नबूकदनेसर बल्दै गरेको भट्टीको ढोका नजीक गएर कराए, "शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका दास हो, बाहिर आऊ ! यहाँ आऊ !"

तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर आए, **२७**अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू र शाही सल्लाहकारहरू तिनीहरूका चारैतिर थुप्रिए । तिनीहरूले देखे कि आगोले तिनीहरूका शरीरलाई हानि गरेको थिएन, नता तिनीहरूका शिरको रौं नै खहरिएको थियो; तिनीहरूका लवेदाहरू आगोले छोएको थिएन अनि तिनीहरूमा आगोको कुनै गन्धसमेत थिएन ।

**२८**तब नबूकदनेसरले भने, "शद्रक, मेशक र अबेद्नगोका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्ना दूत पठाएर आफ्ना दासहरूलाई छुटाउनुभयो ! तिनीहरूले उहाँमाथि भरोसा राखे अनि राजाको हुकुमलाई अस्वीकार गरे अनि आफ्नै परमेश्वरबाहेक अरू देवताको सेवा गर्नु र त्यसलाई दण्डवत् गर्नुभन्दा आफ्नो प्राण दिन राजी भए । **२९**यसकारण, म यो आदेश दिन्छु कि शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्ने कुनै पनि जाति र भाषाका मानिसहरू टुक्रा-टुक्रा गरी काटिनेछन् अनि तिनीहरूका घरहरू रोडाका थुप्रोमा परिणत गरिनेछन्, किनकि अरू कुनै देवताले यसरी बचाउन सक्दैन ।"

**३०**तब राजाले बेबिलोनको प्रान्तमा शद्रक, मेशक र अबेद्नगोका दर्जा बढाइदिए ।

### नबूकदनेसरको रूखको सपना

**४** राजा नबूकदनेसरबाट,
सारा संसारमा बस्ने मानिसहरू, जातिहरू अनि सबै भाषा बोल्ने मानिसहरूलाईः

तिमीहरूको प्रशस्त उन्नति होस् !

**२**सर्वोच्च परमेश्वरले मेरो निम्ति गर्नुभएका अचम्मका चिन्ह र चमत्कारहरू तिमीहरूलाई बताउनु मेरो निम्ति आनन्दको कुरा हो ।

**३** उहाँका चिन्हहरू कति महान् छन्,
उहाँका चमत्कारहरू कति शक्तिशाली !
उहाँको राज्य एउटा अनन्तको राज्य हो;
उहाँको प्रभुत्व पुस्तादेखि पुस्तौंसम्म रहन्छ ।

**४**म, नबूकदनेसर, आफ्नो महलमा आरामसाथ सन्तुष्टि र समृद्धिमा बसिरहेको थिएँ । **५**मैले एउटा सपना देखें जसले मलाई भयभीत तुल्यायो । म आफ्नो ओछ्यानमा ढल्किरहेको बेला मेरो मनमा आइरहेका आकृति र दर्शनहरूले मलाई भयभीत तुल्याइदिए । **६**यसकारण त्यस सपनाको अर्थ खोलिदिऊन् भनेर मैले बेबिलोनका सबै बुद्धिमान् मानिसहरू मेरो सामुन्ने ल्याइऊन् भनी हुकुम दिएँ । **७**जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरू मकहाँ आएपछि मैले तिनीहरूलाई सपना बताएँ तर तिनीहरूले त्यसको अर्थ मेरो निम्ति बताइदिन सकेनन् । **८**आखिरमा दानिएल मेरो सामुन्ने आए अनि मैले उसलाई मेरो सपना बताएँ । (उसलाई मेरो देवताको नाउँअनुसार बेलतसजर भनिन्छ, अनि पवित्र देवताहरूको आत्मा उसमा छ ।)

**९**मैले भनें, "हे जादूगरहरूमा प्रमुख बेलतसजर, पवित्र देवताहरूको आत्मा तिमीमा छ अनि कुनै रहस्य पनि तिम्रो निम्ति अति कठिन हुँदैन भनी म जान्दछु । **१०**म आफ्नो पलङ्गमा ढल्किरहेको बेला देखेका दर्शनहरू यही हुन्, मैले हेरें, अनि त्यहाँ मेरो सामुन्ने देशको मध्य भागमा एउटा रूख खड़ा थियो । त्यो अति अग्लो थियो । **११**त्यो रूख ठूलो र बलियो भएर बढ्यो अनि त्यसको टुप्पाले आकाश छोयो; त्यसलाई पृथ्वीका किनारहरूबाट पनि देखिन्थ्यो । **१२**त्यसका पातहरू सुन्दर थिए, त्यसका फलहरू प्रशस्त थिए, अनि त्यसमा सबैको निम्ति भोजन थियो । त्यसमुनि मैदानका

पशुहरूले आश्रय पाउँथे, अनि आकाशका चराहरू त्यसका हाँगाहरूमा बस्थे; त्यसबाट हरेक प्राणीले खाना पाउँथे ।

**१३**म आफ्नो पलङ्गमा ढल्किरहँदा दर्शनहरूमा मैले हेरें, अनि मेरो सामुन्ने एउटा दूत थिए, अर्थात् स्वर्गबाट तल आइरहेका एक जना परम-पवित्र । **१४**तिनले चर्को सोरमा भने, 'यस रूखलाई काटेर ढालिदे, अनि यसका हाँगाहरू छाँटिदे, यसका पातहरू खसाइदे र यसका फलहरू चारैतिर छरिदे । पशुहरू यसका मुन्तिरबाट र चराहरू यसका हाँगाहरूबाट भागिजाऊन् । **१५**तर यसको ठुटा र जराहरूचाहिँ फलाम र काँसाले बाँधिएर भूइँमा मैदानका झारहरूसितै रहिरहून् ।

"त्यसलाई आकाशका शीतहरूले भिजाऊन्, अनि त्यो पृथ्वीका विरुवाहरूको बीचमा पशुहरूसित बसोस् । **१६**त्यसको निम्ति सात समयहरू नबितेसम्म त्यसको मन मानिसहरूको मनबाट बद्लिएर त्यसलाई पशुहरूको मन दिइओस् ।

**१७**"सर्वोच्चचाहिँ मानिसहरूका राज्यहरूमाथि सर्वसक्तिमान् हुनुहुन्छ अनि आफूले इच्छा गर्नुभएका जस-कसैलाई ती दिनुहुन्छ अनि तिनीहरूमाथि सबैभन्दा सानो मानिसहरूलाई राख्नुहुन्छ भनी जीवितहरूले जानून् भनेर यो निर्णय दूतहरूद्वारा सूचित गरिएको हो, अनि पवित्र जनहरूले यो फैसला घोषणा गरेका हुन् ।'

**१८**"म नबूकदनेसर राजाले देखेको सपना यही हो । अब हे बेलतसजर यसको अर्थ के हो मलाई बताइदेऊ, किनकि मेरा राज्यका कुनै पनि बुद्धिमान् मानिसले यसलाई मेरो निम्ति बताइदिन सक्दैनन् । तर तिमीमाचाहिँ पवित्र देवताहरूको आत्मा भएकोले तिमीले चाहिँ सक्छौ ।

### दानिएलले सपनाको अर्थ बताएका

**१९**तब दानिएलले (जसलाई बेलतसजर पनि भनिन्छ) एक क्षण ठूलो अन्योलमा परे अनि आफ्नो विचारले तिनलाई भयभीत तुल्यायो । यसकारण राजाले भने, "बेलतसजर, यो सपना र यसको अर्थले तिमीलाई अत्याउन नदेऊ ।

बेलतसजरले जवाफ दिए, "मेरा मालिक, यदि यो सपना हजूरका शत्रुहरूको निम्ति अनि यसको अर्थ हजूरका विरोधीहरूका निम्ति भइदिए त हुनेथियो ! **२०**हजूरले देख्नुभएको रूख, जो ठूलो र बलियो भएर बढ्यो, जसको टुप्पाले आकाश छोयो अनि सारा पृथ्वीबाट देखियो, **२१**जसका पातहरू सुन्दर थिए अनि फलहरू प्रशस्त थिए, जसले सबैको निम्ति भोजन प्रबन्ध गरिदिन्थ्यो, जसले मैदानका पशुहरूलाई आश्रय दिन्थ्यो अनि हाँगाहरूमा आकाशका चराहरू गुँडमा बस्थे, **२२**हजूर नै हे महाराजा, त्यो रूख हुनुहुन्छ ! हजूर महान् र पराक्रमी हुनुभएको छ; हजूरको महान्ताले आकाश छोयो, अनि हजूरको प्रभुत्व पृथ्वीको टाढ़ा ठाउँहरूसम्म पुगेको छ ।

**२३**"हे महाराजा, हजूरले एउटा दूत, पवित्र जनलाई स्वर्गबाट तल आउँदै गरेका देख्नुभयो जसले यसो भन्दैथिए, 'रूखलाई काटेर ढालिदे अनि त्यसलाई नाश गरिदे, तर ठुटाचाहिँ फलाम र काँसाले बाँधेर मैदानको घाँसमा छोडिदे र त्यसका जराहरूचाहिँ भूइँमै रहून् । त्यसलाई आकाशको शीतले भिजाओस्; त्यसको निम्ति सात समयहरू नबितेसम्म त्यो वन-पशुहरूझैं बाँचोस् ।'

**२४**"हे महाराजा, अर्थ यो हो, अनि मेरा मालिक महाराजाको विरुद्धमा सर्वोच्चले निकाल्नुभएको आदेश यो हो । **२५**हजूर मानिसहरूबाट धपाइनुहुनेछ अनि वन-पशुहरूसित बस्नुहुनेछ; हजूरले गाई-वस्तुले झैं घाँस खानुहुनेछ अनि आकाशको शीतले हजूरलाई भिजाउने छ । सर्वोच्चचाहिँ मानिसहरूका राज्यहरूमाथि सर्वसक्तिमान् हुनुहुन्छ अनि आफूलाई मन परेका जोसुकैलाई ती दिनुहुन्छ भनी हजूरले स्वीकार नगरेसम्म सात समयहरू बितिजानेछन् । **२६**रूखको ठुटालाई त्यसका जराहरूसितै छोडिदिने हुकुमको अर्थ यो हो कि स्वर्गले शासन गर्छ भनी हजूरले स्वीकार गर्नुभएपछि हजूरको राज्य फेरि हजूरलाई नै दिइनेछ । **२७**यसकारण हे महाराजा, मेरो सल्लाह खुशीसित ग्रहण गर्नुहोस्,

जे ठीक छ त्यो गरेर आफ्ना पापहरू त्याग्नुहोस्, अनि अत्याचारमा परेकाहरूप्रति कृपालु भएर आफ्नो दुष्टता त्याग्नुहोस् । त्यसपछि शायद हुन सक्छ कि हजूरको समृद्धि रहिरहोस् ।

### सपना पूरा भएको

**२८**यी सबै कुराहरू राजा नबूकदनेसरमाथि
घटे । **२९**बाह्र महिना बितेपछि राजा बेबिलोनको
शाही महलको कौसीमा हिँडिरहेको बेला,
**३०**तिनले भने, "के मेरो शक्तिले अनि मेरै ऐश्वर्यको गौरवको निम्ति मैले शाही वासस्थान स्वरूप बनाएको महान् बेबिलोन यही होइन ?"
**३१**यी शब्दहरू तिनको मुखैमा हुँदा स्वर्गबाट एउटा आवाज आयो, "नबूकदनेसर राजा, तेरो निम्ति यस्तो आदेश छ, तेरो शाही अधिकार तँबाट लिइएको छ । **३२**तँ मानिसहरूबाट धपाइनेछस् अनि वन-पशुहरूसित बस्नेछस्; तैंले गाईबस्तुले झैं घाँस खानेछस् । सर्वोच्चचाहिँ मानिसहरूका राज्यहरूमाथि सर्वसत्ताधारी हुनुहुन्छ अनि आफूले इच्छा गरेका जोसुकैलाई पनि ती दिनुहुन्छ भनेर तैंले स्वीकार नगरेसम्म सात समयहरू बितिजानेछन् ।"
**३३**नबूकदनेसरको विषयमा जे भनिएको थियो त्यो तत्कालै पूरा भयो । तिनी मानिसहरूबाट धपाइए अनि तिनले गाई-वस्तुले झैं घाँस खाए । तिनको केश चीलका प्वाँखहरूझैं अनि तिनका नङहरू चराका नङ्ग्राहरूजस्ता नभएसम्म तिनको शरीरलाई आकाशका शीतहरूले भिजाइरहे ।

**३४**त्यस समयको आखिरमा, म नबूकदनेसरले आफ्ना आँखा स्वर्गतिर उठाएँ अनि मेरो मानसिक स्वस्थ्य पहिलेझैं भयो । तब मैले सर्वोच्चको प्रशंसा गरें; मैले सदासर्वदै रहनुहुनेलाई आदर र महिमा दिएँ ।

> उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो;
> उहाँको राज्य पुस्तादेखि पुस्तौंसम्म
> रहिरहन्छ ।
> **३५** पृथ्वीका सबै मानिसहरू केही पनि
> होईनन् ।
> स्वर्गका शक्तिहरू र पृथ्वीका
> मानिसहरूसित उहाँले आफ्नो
> इच्छानुसार गर्नुहुन्छ ।
> कसैले पनि उहाँका हात रोक्न सक्दैन र
> उहाँलाई, 'तपाईंले के गर्नुभएको ?' भनी
> भन्न सक्दैन ।"

**३६**मेरो मानसिक स्वास्थ्य ठीक भएकै बेला मेरो राज्यको महिमाको निम्ति मेरो सम्मान् र गौरव मकहाँ फर्काइए । मेरो सल्लाहकारहरू र कुलीन व्यक्तिहरूले मलाई खोजेर निकाले अनि मलाई फेरि सिंहासन दिइयो र म
पहिलेकोभन्दा महान् भएँ । **३७**अब म,
नबूकदनेसरले स्वर्गको राजालाई प्रशंसा दिँदै उच्च पार्छु अनि महिमा दिन्छु, किनकि उहाँले गर्नुहुने प्रत्येक कुरो ठीक छ र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन् । अनि घमण्डसाथ हिँड्नेहरूलाई उहाँले नम्र तुल्याउन सक्नुहुन्छ ।

### भित्ताको लेखोट

**५** राजा बेलसजरले आफ्ना एक हजार भारादारहरूलाई एउटा महाभोज दिए अनि
तिनीहरूसित मद्य पिए । **२**बेलसजरले आफ्नो
मद्य पिइरहेको बेला राजा र आफ्ना भारादारहरू, आफ्ना पत्नीहरू र आफ्ना उप-पत्नीहरूले तीबाट पिउन सकून् भनेर तिनले आफ्ना पिता नबूकदनेसरले यरूशलेमको मन्दिरबाट लगेको सुन र चाँदीका कचौराहरू भित्र ल्याउने हुकुम
गरे । **३**यसकारण उनीहरूले सुनका भाँडाहरू ल्याए, जुनचाहिँ यरूशलेममा भएको परमेश्वरको मन्दिरबाट ल्याइएका थिए, अनि राजा र तिनका भारादारहरू, तिनका पत्नीहरू र तिनका उप-
पत्नीहरूले तीबाट पिए । **४**तिनीहरूले मद्य पिउँदा
तिनीहरूले सुन र चाँदीका अनि काँसा, फलाम, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गरे ।

**५**अचानक एउटा मानिसको हातका औंलाहरू देखा परे र शाही महलमा भएको सामदानको छेउमा भित्ताको मसालामा लेखे । त्यसले लेख्दा
राजाले त्यस हातलाई हेरे । **६**तिनको अनुहार
पहेंलो भयो र तिनी यति साह्रै भयभीत भए,

कि तिनका घुँडाहरू आपसमा ठोक्किन थाले अनि तिनको गोडामा बल नै रहेन ।

**७**राजाले मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरूलाई बोलाइपठाए अनि बेबिलोनका ती बुद्धिमान् मानिसहरूलाई भने, “जसले यस लेखोटलाई पढेर मलाई त्यसको अर्थ बताउँछ, त्यसलाई बैजनी वस्त्र पहिऱ्याइनेछ अनि त्यसको गलामा सुनको हार राखिनेछ र त्यसलाई राज्यको सर्वोच्च शासकको तेस्रो दर्जामा राखिनेछ ।”

**८**तब राजाका सबै बुद्धिमान् मानिसहरू भित्र आए तर तिनीहरूले त्यो लेखोट पढ्न सकेनन् अथवा राजालाई त्यसको अर्थ बताउन सकेनन् । **९**यसकारण राजा बेलसजर अझ डराए अनि तिनको अनुहार अझ पहेंलो भयो । तिनका भारादारहरू अलमल्ल परे ।

**१०**राजा र भारादारहरूका सोर सुनेर रानी भोजको ठूलो कोठामा आइन् । तिनले भनिन्, “हे महाराज, अमर हुनुहोस् ! यति पहेंलो नहुनुहोस् ! **११**हजूरको राज्यमा एक जना मानिस छन् जसमा पवित्र देवताहरूको आत्मा छ । हजूरको बाबुको समयमा उसमा देवताहरूका जस्तै अन्तर्ज्ञान अनि अक्कल र बुद्धि भेट्टाइएको थियो । हजूरको बाबु नबूकदनेसर– म भन्छु हजूरको पिता महाराजाले उसलाई जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरूमाथि प्रमुख नियुक्त गर्नुभएको थियो । **१२**यो मानिस दानिएलसित, जसलाई राजाले बेलतसजर भन्नुहुन्थ्यो, तीब्र मन र ज्ञान अनि समझ भएको भेट्टाइएको थियो, अनि तिनीसित सपनाहरूको अर्थ खोल्ने, अड्को फुकाउने र अप्ठेरो समस्याहरू समाधान गर्ने क्षमता थियो । दानिएललाई बोलाइपठाउनुहोस् अनि उसले लेखोटहरूको अर्थ बताइदिनेछ ।

**१३**यसकारण दानिएललाई राजाको सामुन्ने ल्याइयो अनि राजाले तिनलाई सोधे, “के तिमी मेरा महाराजा पिताले यहूदाबाट ल्याउनुभएको देश-निष्काषितहरूमध्ये एक जना दानिएल भन्ने हौ ? **१४**तिमीभित्र देवताहरूको आत्मा छ अनि तिमीसित अन्तर्ज्ञान, अक्कल र विलक्षण बुद्धि छ भनेर मैले सुनेको छु । **१५**मेरो सामुन्ने बुद्धिमान् मानिसहरू अनि मन्त्रतन्त्र गर्नेहरू यो लेखोट पढ्न र मलाई त्यसको अर्थ बताइदिन ल्याइए तर तिनीहरूले यसलाई बताउनै सकेनन् । **१६**अब तिमीले अर्थ खोल्न सक्छौ अनि कठिन समस्याहरू हल गर्न सक्छौ भनेर मैले सुनेको छु । यदि तिमीले यो लेखोट पढ्न सक्छौ अनि मलाई यसको अर्थ बताउन सक्छौ भने तिमीलाई बैजनी रङ्गको वस्त्र पहिराइनेछ र तिम्रो गलामा एउटा सुनको हार राखिनेछ र तिमीलाई यस राज्यको सर्वोच्च शासकको तेस्रो दर्जा दिइने छ ।”

**१७**तब दानिएलले राजालाई जवाफ दिए, “हजूरले आफ्ना उपहारहरू आफै राख्न सक्नुहुन्छ अनि हजूरका इनामहरू अरू कसैलाई दिन सक्नुहुन्छ । तरै पनि म राजाको निम्ति लेखोट पढ्नेछु र उहाँलाई यसको अर्थ बताइदिनेछु ।

**१८**“हे महाराजा, सर्वोच्च परमेश्वरले हजूरको बाबु नबूकदनेसरलाई सर्वसत्ताधिकार र महानता अनि महिमा र वैभव दिनुभयो । **१९**उहाँले तिनलाई दिनुभएको उच्च दर्जाको कारण सबै मानिसहरू र जातिहरू अनि हरेक भाषाका मानिसहरू तिनीसित डराउँथे र भयभीत हुन्थे । राजाले जसलाई मार्ने इच्छा गर्थे तिनले उसलाई मार्थे; आफूले छोडिदिन चाहेकालाई तिनले छोडिदिन्थे; आफूले पदोन्नति गरिदिन चाहेकालाई तिनले पदोन्नति गरिदिन्थे; अनि आफूले नम्र तुल्याउन चाहेकालाई तिनले नम्र तुल्याउँथे । **२०**तर जब तिनको हृदय अभिमानी र घमण्डले कठोर भयो, तिनी आफ्ना शाही सिंहासनबाट पदच्युत गरिए अनि आफ्नो गौरवबाट हटाइए । **२१**तिनी मानिसहरूबाट धपाइए अनि तिनलाई एउटा पशुको मन दिइयो; तिनी वन गधाहरूसित बसे र तिनले गाई-वस्तुले झैं घाँस खाए; अनि मानिसहरूका राज्यहरूमाथि सर्वोच्च परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र आफ्नो इच्छानुसार जस-कसैलाई तीमाथि राख्नुहुन्छ भनेर तिनले स्वीकार नगरेसम्म तिनको शरीरलाई आकाशका शीतले भिजाए ।

२२“तर तिनका छोरा, हे बेलसजर,
तपाईंले त यी कुरा जानेरै पनि आफैलाई
नम्र तुल्याउनुभएन । २३त्यसको सट्टा तपाईंले
आफैलाई स्वर्गका परमप्रभुको विरुद्धमा खड़ा
गर्नुभयो । तपाईंले उहाँको मन्दिरका कचौराहरू
आफूकहाँ ल्याउन लगाउनुभयो, अनि तपाईं र
तपाईंका भारादारहरू अनि तपाईंका पत्नीहरू
र तपाईंका उप-पत्नीहरूले तीबाट मद्य पिए ।
तपाईंले चाँदी र सुनका, काँसा, फलाम,
काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो,
जुनहरूले देख्न, सुन्न र बुझ्न सक्दैनन् । तर
तपाईंले परमेश्वरलाई आदर दिनुभएन जसले
आफ्नो हातमा तपाईंको प्राण र तपाईंका सबै
चालहरू राख्नुहुन्छ । २४यसकारण उहाँले हात
पठाउनुभयो जसले यो लेखोट लेख्यो ।

२५ “खोपिएको लेखोट यही हो:

मने, मने, तकेल ऊपर्सीन

२६ “यी शब्दहरूको अर्थ यही हो,
मने, अर्थात् परमेश्वरले हजूरको
शासनका दिनहरू गन्नुभयो
अनि त्यसलाई समाप्त गरिदिनुभयो ।
२७ तकेल, अर्थात् हजूर तराजूमा जोखिनुभयो,
अनि कम् भेट्टाइनुभयो ।
२८ ऊपर्सीन, अर्थात् तपाईंको राज्य
विभक्त गरियो,
अनि मादीहरू र फारसीहरूलाई दिइयो ।”

२९तब बेलसजरको आदेशमा दानिएललाई
बैजनी वस्त्र पहिऱ्याइयो, तिनको गलामा सुनको
हार लगाइयो र तिनलाई राज्यको तेश्रो सर्वोच्च
शासक घोषित गरियो ।

३०त्यही रात बेबिलोनीहरूका राजा बेलसजर
मारिए, ३१अनि मादी दाराले बयासट्ठी वर्षको
उमेरमा राज्य लिए ।

## दानिएल सिंहको खोरमा

६ राज्यभरि शासन गर्नलाई एक सय
बीसजना बड़ाहाकिमहरूलाई नियुक्त गर्न
दारालाई मन पऱ्यो, २जुनहरूमाथि तीन जना
प्रशासकहरू थिए, अनि तीमध्ये दानिएल एक
जना थिए । राजाले नोक्सानी उठाउन नपरोस्
भनेर ती बड़ाहाकिमहरूले आफ्ना कामको लेखा
तिनीहरूलाई दिनुपर्थ्यो । ३अब आफ्ना अद्वितीय
गुणहरूद्वारा दानिएलले ती प्रशासकहरू र
बड़ाहाकिमहरूमध्ये आफैलाई यस्तो श्रेष्ठ देखाए
कि राजाले तिनलाई सम्पूर्ण राज्यमाथि राख्ने
विचार गरे । ४यसमा ती प्रशासकहरू र
बड़ाहाकिमहरूले दानिएलको सरकारी काम-
काजमा तिनको विरुद्धमा अभियोग लगाउने
प्रयास गरे तर तिनीहरूले त्यसो गर्न सकेनन् ।
तिनीहरूले तिनमा कुनै भ्रष्टाचार भेट्टाउन
सकेनन् किनकि तिनी विश्वासयोग्य अनि नता
भ्रष्ट नता कर्तव्यच्युत थिए । ५आखिरमा यी
मानिसहरूले भने, “परमेश्वरको विधि-विधानका
कुराहरूमा बाहेक हामीले तिनको विरुद्धमा
अभियोग लगाउने आधार कहिल्यै भेट्टाउनेछैनौं ।”

६यसकारण ती प्रशासकहरू र बड़ाहाकिमहरू
एक दल भई राजाकहाँ गएर भने, “हे राजा
दारा, अमर रहनुहोस् ! ७शाही प्रशासकहरू,
बड़ाहाकिमहरू, हाकिमहरू, सल्लाहकारहरू
र राज्यपालहरू सबै यस विषयमा सहमत
भएका छन् कि राजाले यो आदेश जारी गर्नलाई
एउटा उर्दी निकालून्, जसअनुसार आउँदा तीस
दिनहरूमा ज-जसले तपाईंबाहेक, हे महाराज,
अरू कुनै देवता अथवा मानिसकहाँ प्रार्थना
गर्छ, त्यसलाई सिंहको खोरमा फालिनेछ । ८अब
हे महाराजा, यो आदेश जारी गरेर यसलाई
लिखित रूप दिनुहोस् र यो बद्ली नहोस्,
जस्तो मादी र फारसीहरूको नियम छ,
जुन रद्द हुँदैन । ९यसकारण राजा दाराले लिखित
रूपमा आदेश दिए ।

१०अब त्यो आदेश छापिएको दानिएलले
थाहा पाएपछि तिनी आफ्ना घर गएर
यरूशलेमतिर झ्यालहरू फर्किएका माथिल्लो
कोठामा गए । तिनले पहिले गरेझैं तिनले आफ्ना
परमेश्वलाई धन्यवाद दिंदै दिनमा तीनपल्ट

**५:२९**–उत्पत्ति ४१:४२.

घुँडा टेकेर प्रार्थना गरे । **११**तब ती मानिसहरू दल बाँधेर गए अनि दानिएललाई प्रार्थना गरिरहेका र परमेश्‍वरसित सहायता मागिरहेका भेट्टाए । **१२**यसकारण तिनीहरू राजाकहाँ गएर तिनीसित तिनको शाही आदेशबारे कुरा गरे, “के तपाईंले आउँदा तीस दिनहरूमा तपाईं बाहेक, हे महाराजा, अरू कुनै देवता अथवा मानिसकहाँ प्रार्थना गर्ने जोसुकै पनि सिंहको खोरमा फ्याँकिनेछ भनेर एउटा आदेश छपाउनुभएको होइन् ?”

राजाले जवाफ दिए, “मादीहरू र फारसीहरूको विधि-विधानअनुसार त्यो आदेश पक्का छ जुनचाहिँ रद्द हुँदैन ।”

**१३**तब तिनीहरूले राजालाई भने, “यहूदाबाट देश-निष्काषित् भएकाहरूमध्ये एक जना दानिएलले, हे महाराजा हजूरप्रति अथवा तपाईंले लिखित रूपमा दिनुभएको आदेशप्रति ध्यान दिंदैन । उसले अझै दिनमा तीनपल्ट प्रार्थना गर्छ ।” **१४**राजाले यो सुनेपछि तिनी अति दु:खित भए; दानिएललाई छुटाउने संकल्प गरेर सूर्यास्त नभएसम्म तिनलाई बचाउने हर किसिमको प्रयास गरे ।

**१५**तब ती मानिसहरू एक दल भएर राजाकहाँ गएर तिनीहरूले भने, “हे महाराज, मादीहरू र फारसीहरूका विधि-विधानअनुसार राजाले जारी गरेको कुनै पनि आदेश अथवा उर्दी बद्ली हुँदैन भन्ने याद गर्नुहोस् ।”

**१६**यसकारण राजाले हुकुम दिए अनि तिनीहरूले दानिएललाई ल्याएर तिनलाई सिंहको खोरमा फ्याँकिदिए, अनि राजाले दानिएललाई भने, “तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्‍वरले तिमीलाई छुटकारा देऊन् ।”

**१७**खोरको मुखमा एउटा ढुङ्गा ल्याएर राखियो, र दानिएलको अवस्था परिवर्तन नहोस् भनेर राजाले आफ्नो लालमोहोर र उनका भारदारहरूका औंठीहरूका छाप लगाए । **१८**तब राजा आफ्नो महलमा फर्के अनि केही नखाई र आफूकहाँ ल्याइएका कुनै पनि मनोरञ्जन उपभोग नगरी रात बिताए । अनि तिनी सुत्न सकेनन् ।

**१९**झिसमिसेको उज्यालो देखिनासाथ राजा जुरूक्क उठे अनि हतारगरि सिंहको खोरतिर गए । **२०**तिनी खोरको छेउमा आउँदा तिनले दु:खी सोरमा दानिएललाई बोलाए, “जिउँदो परमेश्‍वरको दास दानिएल, “के तिमीले लगातार सेवा गर्दैआएका तिम्रा परमेश्‍वरले तिमीलाई सिंहहरूबाट छुटाउन सक्नु भएको छ ?”

**२१**दानिएलले जवाफ दिए, “हे महाराजा, अमर रहनुहोस् ! **२२**मेरा परमेश्‍वरले आफ्नो दूत पठाउनुभयो र उहाँले सिंहहरूका मुख बन्द गरिदिनुभयो । तिनीहरूले मलाई चोट पुऱ्याएका छैनन्, किनकि म उहाँको दृष्टिमा निर्दोष भेट्टाइएको छु । नता हे महाराज, मैले हजूरको सामुन्ने कुनै कसूर गरेको छु ।”

**२३**अति आनन्दित भएर राजाले दानिएललाई सिंहको खोरबाट माथि तानेर निकाल्ने हुकुम दिए । अनि दानिएल खोरबाट माथि निकालिएपछि तिनमा कुनै चोट पनि पाइएन, किनकि तिनले आफ्नो परमेश्‍वरमाथि भरोसा राखेका थिए ।

**२४**दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए अनि आफ्ना स्वास्नीहरू र छोराछोरीहरूसमेत तिनीहरू सिंहको ओड़ारमा फ्याँकिए । अनि तिनीहरू ओड़ारको फेदमा पुग्नुअघि नै ती सिंहहरूले तिनीहरूलाई वशमा पारे र तिनीहरूका सबै हड्डी चक्नाचूर पारिदिए ।

**२५**तब राजा दाराले देशभरिका सबै मानिसहरू, जातिहरू अनि प्रत्येक भाषाका मानिसहरूलाई लेखे:

“तिमीहरूको प्रशस्त उन्नति होस् !

**२६** “मेरो राज्यका प्रत्येक भागमा मानिसहरूले,
दानिएलका परमेश्‍वरको भय मानून्,
अनि उहाँलाई नै श्रद्धा देऊन् भनी म
आदेश जारी गर्छु ।
“किनकि उहाँनै जिउँदो परमेश्‍वर हुनुहुन्छ,
अनि उहाँ सदासर्वदै रहनुहुन्छ;
उहाँको प्रभुत्व कहिल्यै समाप्त हुनेछैन ।
**२७** उहाँले छुटाउनुहुन्छ र बचाउनुहुन्छ;
उहाँले आकाशमा र पृथ्वीमा, चिन्ह र

चमत्कार गर्नुहुन्छ ।
उहाँले दानिएललाई सिंहहरूको शक्तिबाट
छुटाउनु भएको छ ।"

**२८**यसकारण दाराको शासनकालमा र फारसी कोरेसको शासनकालमा दानिएलको उन्नति भयो ।

## दानिएलले सपनामा चारओटा पशुहरू देखेका

**७** बेबिलोनका राजा बेलसजरको शासनकालको पहिलो वर्षमा दानिएलले एउटा सपना देखे र तिनी आफ्नो पलङमा ढल्किरहँदा तिनको मनमा दर्शनहरू आए । तिनले आफ्नो सपनाको निचोड़ लेखे ।

**२**दानिएलले भने: "रातको सपनामा मैले हेरें, अनि त्यहाँ मेरो सामुन्ने आकाशका चार बतासहरूले महा-समुद्रलाई मन्थन गरिरहेका थिए। **३**त्यस समुद्रबाट एउटासित अर्को नमिल्ने किसिमको बेग्लाबेग्लै चारओटा विशाल पशुहरू बाहिर निस्के ।

**४**"पहिलो एउटा सिंहजस्तै थियो, अनि त्यससित चीलका पखेटाहरू थिए । त्यसका पखेटाहरू उखेलिएर त्यो भूइँबाट माथि नउठाइएसम्म मैले हेरिरहें अनि त्यो मानिसझैं दुई खुट्टाले उभियो, र त्यसलाई मानिसको हृदय दिइयो ।

**५**"अनि त्यहाँ मेरो सामुन्ने दोस्रो पशु थियो, जुनचाहिँ भालूजस्तै देखिन्थ्यो । त्यो आफ्नो एकापट्टिबाट उठाइयो, अनि त्यससित आफ्ना दाँतहरूको बीचमा आफ्नो मुखमा तीनओटा करङहरू थिए । त्यसलाई यसो भनियो, 'उठ् अनि पेटभर मासु खा' !

**६**"त्यसपछि मैले हेरें, र त्यहाँ मेरो सामुन्ने अर्को पशु थियो, जो चितुवाजस्तै देखिन्थ्यो । अनि त्यसको पिठ्यूँमा चराका जस्तै चारओटा पखेटाहरू थिए । त्यस पशुका चारओटा शिरहरू थिए, अनि त्यसलाई शासन गर्ने अधिकार दिइयो ।

**७**"त्यसपछि आफ्नो रातको दर्शनमा मैले हेरें, अनि त्यहाँ मेरो सामुन्ने चौथो पशु थियो, जुनचाहिँ डरलाग्दो र भयङ्कर अनि अति शक्तिशाली थियो । त्यसका फलामका ठूला दाँतहरू थिए; त्यसले आफ्ना शिकारहरूलाई टुक्रा पार्थ्यो अनि खान्थ्यो र छोडिएका जतिलाई खुट्टाले कुल्चिन्थ्यो । त्यो पहिलेका सबै पशुहरूभन्दा बेग्लै थियो, अनि त्यसका दशओटा सीङहरू थिए ।

**८**"मैले ती सीङहरूको विषयमा सोच्दैगर्दा त्यहाँ मेरो सामुन्ने एउटा सानो सीङ थियो, जुनचाहिँ तीमध्येबाट आएको थियो; अनि पहिलेका सीङहरूमध्येबाट तीनओटा त्यसको सामुन्ने उखेलिए । त्यस सीङका मानिसहरूका झैं आँखाहरू थिए र अहङ्कारी कुरा बोल्ने एउटा मुख थियो ।

**९** "मैले हेर्दाहेर्दै नै,

सिंहासनहरू ठीक ठाउँमा राखिए,
अनि अति प्राचीन त्यसमाथि बस्नुभयो,
उहाँका लुगा हिउँजस्ता सेता थिए,
उहाँको शिरका केश ऊनजस्तै सेता थिए ।
उहाँको सिंहासन आगोले प्रज्वलित थियो,
अनि त्यसका पाङ्राहरू सबै बलिरहेका
थिए ।

**१०** एउटा आगोको नदी उहाँबाट निस्किआएर
बग्दै थियो ।
हजारौं-हजारले उहाँको सेवा-टहल गर्थे,
दश हजार गुणा दश हजार उहाँको
सामुन्ने खड़ा थिए ।
न्यायको निम्ति अदालतको बैठक
बसेको थियो र पुस्तकहरू खोलिए ।

**११**"त्यस सीङ्ले अहङ्कारी कुराहरू गरिरहेको कारण मैले ध्यानसित हेरिरहें । त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारेर बल्दै गरेको

---

**७:३**–प्रकाश १३:१; १७:८. **७:४-६**–प्रकाश १३:२. **७:७**–प्रकाश १२:३; १३:१. **७:८**–प्रकाश १३:५-६.
**७:९**–प्रकाश २०:४; १:१४. **७:१०**–प्रकाश ५:११; २०:१२.

आगोमा नफालिएसम्म मैले हेरिरहें । **१२**(अरू पशुहरूका अधिकार खोसिए, तर तिनीहरूलाई केही समयको निम्ति जिउन दिइयो) ।

**१३**"आफ्नो रातीको दर्शनमा मैले हेरें, अनि त्यहाँ मेरो सामुन्ने आकाशका बादलहरूका साथमा आइरहनु भएको मानिसको एक पुत्रजस्तै हुनुहुन्थ्यो । उहाँ अति प्राचीनकहाँ आइपुग्नुभयो र उहाँकै उपस्थितिमा लगियो । **१४**उहाँलाई अधिकार, महिमा र सर्वाधिकार दिइयो; सबै मानिसहरू, जातिहरू र प्रत्येक भाषाका मानिसहरूले उहाँलाई दण्डवत गरे । उहाँको प्रभुत्व सनातनको प्रभुत्व हो, जो कहिल्यै बित्ने छैन, र उहाँको राज्य यस्तो जो कहिल्यै नष्ट गरिने छैन ।

### सपनाको अर्थ

**१५**म, दानिएल आत्मामा बिचलित भएको थिएँ, अनि मेरो मनमा आएको दर्शनले मलाई खल्बलाइदियो । **१६**म त्यहाँ उभिरहनेहरूमध्ये एक जनाकहाँ गएर यी सबै कुराहरूको अर्थ तिनलाई सोधें ।

"यसकारण तिनले मलाई भने र यी कुराहरूको अर्थ खोलिदिए: **१७**'ती चार पशुहरू चार राज्यहरू हुन् जुनहरू पृथ्वीमा खड़ा हुनेछन् । **१८**तर सर्वोच्चका सन्तहरूले राज्य पाउनेछन् र त्यसमा सदासर्वदाको निम्ति अधिकार गर्नेछन्– हो सदाको निम्ति अनि सर्वदाको निम्ति ।'

**१९**"तब मैले त्यस चौथो पशुको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ अरूभन्दा बेग्लै अनि त्यसका फलामका दाँतहरू र काँसाका नङ्राहरूको कारण अति भयानक थियो, अर्थात् त्यो पशु जसले आफ्ना शिकारहरूलाई खान्थ्यो र बाँकी रहेकाहरूलाई आफ्ना खुट्टामुनि कुल्चन्थ्यो । **२०**मैले त्यसको शिरमाथि भएका दशओटा सीङ्हरूको विषयमा अनि उम्रेको सीङ् जसको अघि तीमध्ये तीनओटा ढलिगएका थिए, त्यसको विषयमा पनि जान्न चाहें, अर्थात् त्यो सीङ् जुनचाहिँ अरूभन्दा बढी प्रभावशाली देखिन्थ्यो अनि त्यसका आँखाहरू र अहङ्कारपूर्ण बोल्ने एउटा मुख थियो । **२१**मैले हेरिरहँदा त्यस सीङ्ले ती पवित्र जनहरूको विरुद्धमा युद्ध गर्दै तिनीहरूलाई जित्दै थियो, **२२**तब अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफ घोषणा गर्नुभयो, अनि समय आयो र तिनीहरूले राज्य अधिकार गरे ।

**२३**"उहाँले मलाई यो व्याख्या गरिदिनुभयो: 'चौथो पशु पृथ्वीमा देखा पर्ने चौथो राज्य हो । त्यो अरू सबै राज्यहरूभन्दा बेग्लै हुनेछ अनि त्यसले सारा पृथ्वीलाई खाइहाल्नेछ र त्यसलाई कुल्चेर धूलो-पीठो बनाइदिनेछ । **२४**ती दशओटा सीङ्हरू यस राज्यबाट आउने दश राजाहरू हुन् । त्यसपछि पहिलेको भन्दा अर्को राजा खड़ा हुनेछ; त्यसले तीनओटा राजाहरूलाई अधीनमा पार्नेछ । **२५**त्यो सर्वोच्चको विरुद्धमा बोल्नेछ अनि त्यसले सन्तहरूमाथि अत्याचार गर्नेछ र तोकिएका समयहरू र व्यवस्थाहरू बद्ली गर्न खोज्नेछ । सन्तहरू त्यसको हातमा साँढ़े तीन वर्षको निम्ति सुम्पिदिनेछन् ।

**२६**"'तर अदालत बस्नेछ अनि त्यसको शक्ति खोसिनेछ र सदाको निम्ति सम्पूर्ण रूपले नाश गरिनेछ । **२७**त्यसपछि सर्वाधिकार, शक्ति र स्वर्गमुनिका राज्यहरूको महानता सन्तहरू अर्थात् सर्वोच्चका मानिसहरूकहाँ सुम्पिइनेछन् । उहाँको राज्य एउटा अनन्तको राज्य हुनेछ र सबै शासकहरूले उहाँलाई दण्डवत् गर्नेछन् अनि उहाँको आज्ञा पालन गर्नेछन् ।'

**२८**"यस विषयको अन्त यही हो । म, दानिएल आफ्ना विचारहरूद्वारा साह्रै विचलित भएँ, अनि मेरो अनुहार पहेंलो भयो, तर मैले यो कुरा आफ्नो मनैमा राखें ।"

---

**७:१३**–मत्ती २४:३०; २६:६४; मर्कूस १३:२६; १४:६२; लूका २१:२७; प्रकाश १:७,१३; १४:१४.
**७:१४**–प्रकाश ११:१५. **७:१८**–प्रकाश २२:५. **७:२१**–प्रकाश १३:७. **७:२२**–प्रकाश २०:४.
**७:२४**–प्रकाश १७:१२. **७:२७**–प्रकाश २०:४; २२:५.

### दानिएलले दर्शनमा साँढ़ भेड़ा र बोका देखेका

८ राजा बेलसजरको शासनकालको तेस्रो
वर्षमा म, दानिएलले एउटा दर्शन देखें,
अर्थात् मकहाँ पहिले नै देखा परेको दर्शन ।
२मेरो दर्शनमा मैले आफैलाई एलाम प्रान्तको
सुसाको किल्लामा देखें; दर्शनमा म ऊलै
नहरको किनारमा थिएँ । ३मैले माथि हेरें, अनि
त्यहाँ मेरो सामुन्ने नहरको किनारमा
उभिरहेका दुईओटा सीङ् भएको साँढ़े भेड़ा
थियो अनि ती सीङ्हरू लामा थिए । तीमध्ये
एउटा सीङ् अर्कोभन्दा लामो थियो तर त्यो
पहिलेको भन्दा पछिबाट उम्रेको थियो । ४मैले
त्यस भेड़ालाई पश्चिमतिर अनि उत्तरतिर र
दक्षिणतिर जाइलागेको हेरिरहें । त्यसको विरुद्धमा
कुनै पनि पशु खडा रहन सकेन अनि कसैले
त्यसको शक्तिबाट छुटाउन सकेन । त्यसले
आफ्नो इच्छानुसार गऱ्यो र त्यो महान् भयो ।
५मैले यस विषयमा विचार गरिरहँदा
अचानक आफ्ना आँखाहरूको बीचमा स्पष्ट
गरी देखिने सीङ् भएको बोका पश्चिमबाट
भूइँ नछोईकन सम्पूर्ण पृथ्वीको चक्कर
लाउँदैआयो । ६त्यो मैले नहरको किनारमा
उभिरहेको देखेको दुई-सीङे साँढ़-भेड़ातिर आयो
र प्रचण्ड रीसमा त्यसमाथि जाइलाग्यो । ७मैले
त्यसले त्यस साँढ़ भेड़ालाई रीसले आक्रमण
गरेको, त्यसमाथि प्रहार गरेको अनि त्यसका
दुईओटा सीङ्हरू टुक्रा-टुक्रा पारिदिएको देखें ।
त्यो साँढ़ भेड़ा त्यसको विरुद्धमा खड़ा रहन
शक्तिहीन भएको थियो; त्यस बोकाले त्यसलाई
हानेर भूइँमा लड़ाइदियो अनि त्यसमाथि
कुल्चिदियो र त्यस साँढ़ भेड़ालाई त्यसको
शक्तिबाट कसैले पनि छुटाउन सकेन । ८त्यो
बोका अति महान् भयो, तर त्यसको शक्तिको
चरमसीमामा ल्याएको ठूलो सीङ् भाँचियो र
त्यसको ठाउँमा आकाशका चार बतासतिर
फर्केका चारओटा स्पष्ट देखिने सीङ्हरू उम्रे ।
९तीमध्ये एउटाबाट अर्को सीङ् आयो जुन
शुरूमा सानो थियो तर त्यो शक्तिमा दक्षिणतिर
र पूर्वतिर अनि सुन्दर देशतिर बढ्यो । १०त्यो
बढ्यो र त्यो स्वर्गका सेनासम्म पुग्यो अनि
त्यसले केही ताराहरू भूइँमा फालिदियो र
तिनीहरूलाई कुल्चिदियो । ११त्यसले आफैलाई
सेनाका राजकुमार जतिकै खड़ा गऱ्यो; त्यसले
तिनीबाट दिन-दिनको बलिदान लगिदियो अनि
तिनको पवित्रस्थानको ठाउँ खसाइदियो । १२विद्रोहको
कारण सन्तहरूको दल र नित्यको बलि त्यसलाई
दिइयो । त्यसले जे गरे तापनि त्यसले उन्नति
गऱ्यो अनि सत्यचाहिँ भूइँमा फालियो ।
१३त्यसपछि मैले एउटा पवित्र जनले बोलेको
सुनें र अर्का पवित्र जनले उनलाई भने, "यो
दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्,
दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र
पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी
दर्शन पूरा हुन कति समय लाग्ला ?"
१४तिनले मलाई भने, "यसको निम्ति दुई
हजार तीनसय साँझ र बिहान लाग्नेछ; त्यसपछि
पवित्रस्थान शुद्ध पारिनेछ ।"

### दर्शनको अर्थ

१५म, दानिएलले दर्शन हेर्दैगर्दा अनि त्यसलाई
बुझ्ने चेष्टा गर्दा त्यहाँ मेरो सामुन्ने मानिसझैँ
देखिने एक जना उभिए । १६अनि मैले ऊलैबाट,
"गाब्रिएल, यस मानिसलाई दर्शनको अर्थ
बताइदेऊ" भन्ने मानिसको सोर सुनें ।"
१७तिनी म उभिएको ठाउँको नजीक आउँदा
म भयभीत भएर घोप्टो लड़ें । तिनले मलाई
भने, "हे मानिसको पुत्र, यस दर्शनले समयको
अन्त बताउँछ भनी बुझ ।"
१८तिनी मसित बोल्दैगर्दा म घोर निद्रामा
परेको थिएँ अनि म घोप्टो परेको थिएँ । तब
तिनले मलाई छोए र मलाई आफ्नो खुट्टामा
उभ्याए ।
१९तिनले भने: "म तिमीलाई पछि क्रोधको
समयमा के हुनेछ भनी बताउनेछु, किनकि यो
दर्शन अन्तको तोकिएको समयको विषयमा हो ।

**८:१०**–प्रकाश १२:४. **८:१६**–लूका १:१९,२६.

**२०**तिमीले देखेको दुई-सीङे साँढ़-भेड़ाले मादी
र फारस देशका राजाहरूको प्रतिनिधित्व गर्छ।
**२१**त्यो झुम्लुङ्ग परेको बोका यूनानी राजा हो,
अनि सीङ्हरूका बीचमा भएको ठूलो सीङ्चाहिँ
पहिलो राजा हो। **२२**त्यो भाँचिएको सीङ्को
ठाउँमा उम्रिएका चारओटा सीङ्हरूले उसको
राज्यबाट आउने चारओटा राज्यहरूको प्रतिनिधित्व
गर्छ, तर तिनीहरूसित त्यही शक्ति हुनेछैन।
**२३**"तिनीहरूको शासनकालको पछिल्ला
समयहरूमा जब बागीहरू पूर्ण रूपले दुष्ट
भएका हुन्छन्, एउटा कठोर अनुहार भएको,
षड्यन्त्रमा निपुण राजा खड़ा हुनेछ। **२४**त्यो
अति शक्तिशाली हुनेछ तर आफ्नै शक्तिमा
चाहिँ होइन। त्यसले छक्क पार्ने विध्वंस
ल्याउनेछ र आफूले गरेको जुनै काममा पनि
त्यो सफल हुनेछ। त्यसले पराक्रमी मानिसहरू
र पवित्र जनहरूलाई नाश गर्नेछ। **२५**त्यसले
छलको उन्नति हुन दिनेछ र त्यसले आफैलाई
उच्च ठान्छ। तिनीहरूले सुरक्षित ठानेको
बेला त्यसले धेरैलाई नाश गर्नेछ र ऊ
राजकुमारहरूका राजकुमारको विरुद्धमा खड़ा
हुनेछ, तापनि त्यो नाश हुनेछ, तर मानिसको
शक्तिले चाहिँ होइन।
**२६**"तिमीलाई दिइएको साँझहरू र
बिहानहरूको दर्शन सत्य हो, तर यस दर्शनमा
छाप लगाइदेऊ, किनकि यो धेरै पछिको
भविष्यसँग सम्बन्धित छ।"
**२७**म, दानिएल अति लखतरान भएँ अनि
धेरै दिनसम्म बिरामी भएर बसें। तब म जुरुक्क
उठें, र राजाको काममा गएँ। म दर्शनद्वारा
कति भयभीत भएँ; यो मेरो समझदेखि
बाहिरको कुरा थियो।

### दानिएलको प्रार्थना

**९** अहासूरसको छोरा दारा– मादी वंशका
जसलाई बेबिलोनी राज्यको शासक
बनाइएका थिए, तिनको पहिलो वर्षमा– **२**तिनको
शासनकालको पहिलो वर्षमा, म दानिएलले
यर्मिया भविष्यवक्तालाई परमप्रभुद्वारा दिइएको
वचनअनुसार, धर्मशास्त्रबाट यो बुझें कि
यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म
रहनेछ। **३**यसकारण म परमप्रभु परमेश्वरतिर
फर्कें र उपवास बसें अनि भाङ्ग्रा लगाएर
खरानीमा बस्दै प्रार्थना र अर्जीमा उहाँलाई प्रार्थना
गरें।
**४**मैले परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना
गरें अनि मेरा पाप स्वीकारें:
"हे परमप्रभु, महान् र भययोग्य
परमेश्वर, जसले आफ्नो प्रेमको करार
उहाँलाई प्रेम गर्नेहरू र उहाँका आज्ञा
पालन गर्नेहरू सबैसित अटल राख्नुहुन्छ,
**५**हामीले पाप गरेका छौं र भूल गरेका छौं।
हामी दुष्ट थियौं अनि हामी बागी भयौं;
हामी तपाईंका आज्ञाहरू र व्यवस्थाहरूबाट
तर्किगयौं। **६**हामीले तपाईंका दास
अगमवक्ताहरूका कुरा सुनेनौं, जुनहरूले
हाम्रा राजाहरू, हाम्रा राजकुमारहरू र
हाम्रा पिता-पुर्खाहरू अनि देशका सबै
मानिसहरूसित तपाईंको नाउँमा बोले।
**७**"हे परमप्रभु तपाईं धार्मिक हुनुहुन्छ,
तर हाम्रा अविश्वासयोग्यताको कारण
तपाईंले हामीलाई तितर-बितर पारिदिनुभएका
सबै देशहरूमा हामी, अर्थात् यहूदाका
मानिसहरू अनि यरूशलेमका मानिसहरू,
टाढ़ा-नजीक भएकाहरू सबै शर्मले
ढाकिएका छौं। **८**हे परमप्रभु, हामी अनि
हाम्रा राजाहरू, हाम्रा राजकुमारहरू र
हाम्रा पितापुर्खाहरूले तपाईंको विरुद्धमा पाप
गरेको कारण शर्मले ढाकिएका छौं। **९**हामी
उहाँको विरुद्धमा बागी भए तापनि
परमप्रभु, हाम्रा परमेश्वर कृपालु र क्षमा
दिने हुनुहुन्छ; **१०**हामीले परमप्रभु हाम्रा
परमेश्वरका आज्ञा पालन गरेका छैनौं,
अथवा उहाँले हामीलाई आफ्ना दास
अगमवक्ताहरूद्वारा दिनुभएका व्यवस्थाहरू
हामीले पालन गरेका छैनौं। **११**सारा

---

**९:२**–यर्मिया २५:११; २९:१०.

इस्राएलले तपाईंको व्यवस्था उलङ्घन्
गरेका छन् र तपाईंको आज्ञा पालन गर्न
अस्वीकार गर्दै तर्किगएका छन् ।
“यसकारण परमेश्वरको दास मोशाको
व्यवस्थामा लेखिएका श्रापहरू र शपथद्वारा
भनिएका इन्साफहरू हामीमाथि खन्याइएका
छन् किनकि हामीले तपाईंको विरुद्धमा पाप
गरेका छौं । **१२**हामीमाथि ठूलो विपत्ति
ल्याईकन तपाईंले हाम्रो विरुद्धमा अनि हाम्रा
शासकहरूको विरुद्धमा भनिएका वचनहरू
तपाईंले पूरा गर्नुभएको छ । यरूशलेममा
गरिएको जस्तो त सम्पूर्ण आकाशमुनि
कहिले पनि गरिएको छैन । **१३**मोशाको
व्यवस्थामा लेखिएको जस्तै हामीमाथि सबै
विपत्तिहरू आए, तापनि आफ्ना पापहरूबाट
फर्केर अनि तपाईंको सत्यतामा ध्यान दिएर
हामीले परमप्रभु, हाम्रा परमेश्वरको निगाह
खोजेका छैनौं । **१४**हामीमाथि विपत्तिहरू
ल्याउन परमप्रभु हिच्किचाउनुभएन, किनकि
आफूले गर्ने जुनै काममा पनि परमप्रभु
हाम्रा परमेश्वर धार्मिक हुनुहुन्छ; तापनि
हामीले उहाँका आज्ञा पालन गरेका छैनौं ।
**१५**“अब हे परमप्रभु, हाम्रा परमेश्वर,
जसले सामर्थी हातले आफ्ना मानिसहरूलाई
मिश्रदेशबाट बाहिर ल्याउनुभयो, अनि
जसले आफ्नै निम्ति एउटा नाउँ राख्नुभयो
जुन आजसम्मै छ, हामीले पाप गरेका छौं,
हामीले भूल गरेका छौं । **१६**हे परमप्रभु,
तपाईंका सबै धार्मिक कामहरू अटल
राख्दै तपाईंको रीस अनि तपाईंको क्रोधलाई
तपाईंको शहर, तपाईंको पवित्र पर्वत
यरूशलेमबाट फर्काउनुहोस् । हाम्रा पापहरू
अनि हाम्रा पिता-पुर्खाहरूका अधर्महरूले
यरूशलेम र तपाईंका मानिसहरूलाई हाम्रा
चारैतिर भएकाहरूको निम्ति निन्दाको पात्र
बनाइदिएका छन् ।
**१७**“अब, हे हाम्रा परमेश्वर, तपाईंको
दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस् ।
तपाईंकै खातिर, हे परमप्रभु, तपाईंको
उजाड़ पवित्रस्थानलाई निगाहको दृष्टिले
हेरिदिनुहोस् । **१८**हे परमप्रभु, कान थाप्नुहोस्
अनि सुन्नुहोस्; आफ्ना आँखा खोलेर
तपाईंको नाउँ भएको शहरको उजाड़
अवस्था हेर्नुहोस् । हामी धर्मी भएकाले
तपाईंलाई बिन्ती गरेका होइनौं तर तपाईंको
महान् कृपाको कारणले गर्दा । **१९**हे परमप्रभु
सुन्नुहोस् ! हे परमप्रभु क्षमा दिनुहोस् ! हे
परमप्रभु सुन्नुहोस् र काम गर्नुहोस् !
तपाईंकै खातिर, हे मेरा परमेश्वर, विलम्ब
नगर्नुहोस्, किनकि तपाईंको शहर र
तपाईंका मानिसहरूमा तपाईंको नाउँ छ ।”

### सत्तरीओटा “सातहरू”

**२०**जसै म बोल्दै र प्रार्थना गर्दै, मेरा पाप र
मेरो जाति इस्राएलको पाप स्वीकार्दै उहाँको पवित्र
पर्वतको निम्ति परमप्रभु, मेरा परमेश्वरकहाँ
बिन्ती गर्दै रहँदा– **२१**म प्रार्थनामै छँदा, मैले
आफ्नो पहिलेको दर्शनमा देखेका मानिस, गाब्रिएल
साँझको बलिदानको समय हतार गरी मकहाँ
आए । **२२**तिनले मलाई उपदेश दिएर भने,
“दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र
समझशक्ति दिन तिमीकहाँ आएको छु ।
**२३**तिमीले प्रार्थना गर्न थाल्नासाथै एउटा उत्तर
दिइएको थियो, जुन म तिमीलाई भन्नेछु,
किनकि तिमी अति सम्मानित छौ । यसकारण
समाचारमाथि विचार गर अनि दर्शनलाई बुझ:
**२४**“अधर्म समाप्त गर्न, पापको अन्त गर्न,
दुष्टताको निम्ति प्रायश्चित गर्न, अनन्तको
धार्मिकता ल्याउन, दर्शन र अगमवाणीमा छाप
गर्न र महापवित्रलाई अभिषेक गर्नलाई
तिम्रो जाति र तिम्रो पवित्र शहरको निम्ति
सत्तरीओटा ‘सातहरू’ तोकिएका छन् ।
**२५**“यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन
र पुनर्निर्माणको आदेश निस्केकोदेखि अभिषिक्त
जन, अर्थात् शासक नआएसम्म सातओटा
‘सातहरू’ अनि बयासट्ठीओटा ‘सातहरू’ हुनेछन् ।

---

**९:२१**–लूका १:१९,२६.

त्यो सड़कहरू र नालासमेत पुनर्निर्माण हुनेछ,
तर कष्टको समयमा । **२६**ती बयासट्ठीओटा
'सातहरू' पछि अभिषिक्तजन मारिनेछन् र
तिनको केही रहनेछैन । आउने शासकका
मानिसहरूले शहर र पवित्रस्थानलाई नष्ट
गरिदिनेछन् । अन्तचाहिँ बाढ़ीझैँ आउनेछ,
आखिरसम्म अनि उजाड़को आदेश नआएसम्म
युद्ध चलिरहनेछ । **२७**त्यसले एउटा 'सात' सम्मको
अगि सबैसित एउटा करार पक्का गर्नेछ । त्यस
'सात' को बीच भागमा त्यसले बलिदान र
भेटीको अन्त गरिदिनेछ । अनि ठहराएको अन्त
त्यसमाथि नखन्चाइञ्जेल मन्दिरको एक भागमा
त्यसले उजाड़ गर्ने घृणित कुरा खड़ा गर्नेछ ।"

### दानिएलले दर्शनमा देखेका मानिस

**१०** फारसका राजा कोरेसको शासनकालको
तेस्रो वर्षमा, (बेलतसजर भनिने)
दानिएललाई एउटा प्रकाश दिइयो । त्यसको
सन्देश सत्य थियो र त्यो एउटा ठूलो युद्धसित
सम्बन्धित थियो । त्यस सन्देशको समझ
तिनीकहाँ एउटा दर्शनमा आयो ।

**२**त्यस बेला म, दानिएलले तीन हप्तासम्म
शोक गरें । **३**मैले असल भोजन खाइनँ; कुनै
मासु अथवा मद्यले मेरा ओठ छोएनन्; अनि
तीन हप्ता नबितेसम्म मैले कुनै लाउने तेल
प्रयोग गरिनँ ।

**४**पहिलो महिनाको चौबीसौं दिनमा म
महानदी टाइग्रीसको किनारमा उभिरहेको
थिएँ । **५**मैले मास्तिर हेरें अनि त्यहाँ मेरो
सामुन्ने सुती लुगा लगाएका र कम्मरमा निखुर
सुनको पटुका बाँधेका मानिस थिए । **६**तिनको
शरीर फिरोजा-पत्थरजस्तै, तिनको अनुहार
बिजुलीजस्तै चम्कन्थ्यो, तिनका आँखा बल्दै
गरेका राँकोजस्ता, तिनका खुट्टाहरू टल्काइएको
काँसाजस्तो उज्यालो, र तिनको आवाज धेरै
मानिसहरू बोलेको जस्तै थियो ।

**७**म दानिएलले मात्र त्यो दर्शन देखेको थिएँ;
मसित भएका मानिसहरूले त्यो देखेनन्, तर
तिनीहरू यति साह्रो आतङ्कित भए कि तिनीहरू
भागेर लुकिहाले । **८**यसकारण त्यस महान्
दर्शनलाई एकोहोरो हेरिरहने म मात्र छोड़िएँ;
मसित बल नै रहेन, मेरो अनुहार मरेझैँ पहेंलो
भयो र म असहाय थिएँ । **९**तब मैले तिनलाई
बोल्दै गरेको सुनें, र मैले तिनको कुरा सुनेपछि,
म घोर निद्रामा परें अनि भूइँमा घोप्टो परें ।

**१०**एउटा हातले मलाई छोयो र म डरले
कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन
लगायो । **११**तिनले भने, "हे अति सम्मानित
दानिएल, मैले तिमीलाई भन्न लागेका कुराहरू
ध्यानपूर्वक विचार गर र खड़ा होऊ, किनकि
अहिले म तिमीकहाँ पठाइएको छु ।" अनि
तिनले मलाई यो भनिसकेपछि म काम्दै उठें ।

**१२**तब तिनले आफ्नो कुरा जारी राखे,
"दानिएल, नड़राऊ । तिमीले समझ पाउनलाई
र तिम्रो परमेश्वरको सामुन्ने आफैलाई नम्र
तुल्याउनलाई तिमीले आफ्नो मनमा ठानेको
पहिलो दिनमै तिम्रा कुराहरू सुनिए अनि म
त्यसकै प्रत्युत्तरमा आएको हुँ । **१३**तर फारस
देशको राजकुमारले मलाई एक्काईस दिनसम्म
रोकिराख्यो । तब प्रमुख कुमारहरूमध्ये एक
जना माइकल मलाई सघाउन आए, किनकि
म फारसको राजासित त्यहाँ रोकिएको थिएँ ।
**१४**म भविष्यमा तिम्रो जातिलाई के हुनेछ भनी
तिमीलाई बताउनलाई आएको छु, किनकि यो
दर्शनचाहिँ पछि हुने कुरासँग सम्बन्धित छ ।"

**१५**तिनले मलाई यसो भन्दैगर्दा मैले आफ्नो
शिर निहुराएँ र लाटो भएँ । **१६**तब मानिसझैँ
देखिनेले मेरा ओठ छोइदिए अनि मैले आफ्नो
मुख खोलेर बोल्न लागें । मैले आफ्नो सामुन्ने
उभिरहनेलाई भनें, "मेरा प्रभु, दर्शनको कारण
मलाई व्याकुलताले छोपेको छ, अनि म असहाय
छु । **१७**मेरा प्रभु, म तपाईंको दासले तपाईंसित
कसरी कुरा गर्न सक्छु र ? मेरो बल हराइसक्यो
अनि मलाई सास फेर्न पनि मुश्किल परेको छ ।"

---

**९:२७**–दानिएल ११:३१; १२:११; मत्ती २४:१५; मर्कूस १३:१४. **१०:५-६**–प्रकाश १:१३-१५; २:१८; १९:१२.
**१०:१३, २१**–प्रकाश १२:७.

**१८**फेरि ती मानिसजस्तो देखिनेले मलाई
छोएर मलाई बल दिए । **१९**तिनले भने, “हे
अति सम्मानित मानिस, नडराऊ ! शान्ति !
अब बलियो होऊ; बलियो होऊ ।”

तिनी मसित बोलेपछि मैले बल पाएर भनें,
“मेरा प्रभु, मसित बोल्नुहोस्, किनकि तपाईंले
मलाई बल दिनुभएको छ ।”

**२०**यसकारण तिनले भने, “म तिमीकहाँ
किन आएको छु, के तिमी जान्दछौ ? म चाँडै
फारसको राजकुमारको विरुद्धमा लड़ाइँ गर्न
जानेछु, अनि म जाँदा यूनानको राजा आउने
छ; **२१**तर म तिमीलाई सत्यको पुस्तकमा के
लेखिएको छ बताउनेछु । (मलाई तिनीहरूका
विरुद्धमा सघाउने तिम्रा राजकुमार माइकलबाहेक
कोही छैन ।

**११** अनि मादी दाराको पहिलो वर्षमा मैले
तिनलाई सघाउने र तिनलाई बचाउने
अडान लिएँ) ।

## दक्षिण र उत्तरका राजाहरू

**२**“त्यसो भए अब, म तिमीलाई सत्य
कुरा बताउँछु: फारसमा अझ तीन जना राजाहरू
देखा पर्नेछन्, अनि त्यसपछि चौथो, जो अरूभन्दा
धेरै धनी हुनेछ । त्यसले आफ्नो धनले शक्ति
प्राप्त गरेपछि त्यसले हरेकलाई यूनानी राज्यको
विरुद्धमा सुर्‍याउनेछ । **३**त्यसपछि एउटा
पराक्रमी राजा देखा पर्नेछ जसले ठूलो शक्तिसित
शासन गर्नेछ अनि आफूलाई खुशी लागेबमोजिम
गर्नेछ । **४**त्यो देखा परेपछि त्यसको राज्य
टुक्रिनेछ अनि आकाशका चारओटा दिशाहरू
बतासहरूतिर खण्ड-खण्ड भएर जानेछ । त्यो
त्यसका सन्तानहरूकहाँ जानेछैन, नता त्यससित
त्यसले चलाएको क्षमता हुनेछ, किनकि त्यसको
राज्य उखेलिएर अरूलाई दिइनेछ ।

**५**“दक्षिणको राजा शक्तिशाली हुनेछ, तर
कप्तानहरूमध्ये एक जना त्योभन्दा सामर्थी
हुनेछ र त्यसको राज्यलाई ठूलो शक्तिसित
शासन गर्नेछ । **६**केही वर्षपछि तिनीहरू
मित्रराष्ट्र हुनेछन् । दक्षिणको राजाकी छोरी
उत्तरको राजाकहाँ सम्बन्ध जोड्न जानेछिन्,
तर उनले आफ्नो शक्ति अटल राख्नेछैनन्,
अनि त्यो र त्यसको शक्ति धेरै दिन रहनेछैन ।
ती दिनहरूमा उनी आफ्नी शाही-सहेली र
आफ्नो बाबु अनि उनलाई सघाउनेसित
सुम्पिनेछिन् ।

**७**“त्यस स्त्रीको स्थान लिन उसकै वंशबाट
एक जना निस्कनेछ । त्यसले उत्तरका
दलहरूमाथि आक्रमण गर्नेछ र त्यसको
किल्लाभित्र पस्नेछ; त्यसले तिनीहरूको विरुद्धमा
लडाइँ गर्नेछ अनि विजयी हुनेछ । **८**त्यसले
तिनीहरूका देवताहरू, तिनीहरूका धातुका
आकृतिहरू अनि तिनीहरूका चाँदी र सुनका
सामाग्रीहरू हात पारेर ती मिश्रदेशमा लगेर
जानेछ । केही वर्षको लागि त्यसले उत्तरको
राजालाई एक्लै छोड्नेछ । **९**तब उत्तरका
राजाले दक्षिणका राजाको राज्यमाथि हमला
गर्नेछन् तर उनी आफ्नै देशमा फर्कनेछन् ।
**१०**उनका छोराहरूले लड़ाइँको लागि तयार
गर्नेछन् र विशाल सेना जम्मा गर्नेछन्, जसले
रोक्न नसक्ने बाढ़ले झैं जित्दै किल्लासम्मै
लड़ाइँ पुर्‍याउनेछ ।

**११**“तब दक्षिणको राजा क्रोधित भएर युद्ध-
यात्रामा निस्कनेछ र उत्तरको राजाको विरुद्धमा
लड़ाइँ गर्नेछ, जसले एउटा ठूलो सेना खड़ा
गर्नेछ तर त्यो हार्नेछ । **१२**सेना हटाइएपछि
दक्षिणको राजा घमण्डले फुलिनेछ अनि कैयौं
हजारलाई मार्नेछ, तापनि त्यो विजयी हुनेछैन ।
**१३**किनकि उत्तरको राजाले पहिलेको भन्दा ठूलो
सेना बटुल्नेछ र धेरै वर्षपछि त्यो पूर्ण रूपले
सुसज्जित भएर एउटा ठूलो सेना लिएर अगि
बढ्नेछ ।

**१४**“ती समयहरूमा दक्षिणको राजाको
विरुद्धमा धेरै खड़ा हुनेछन् । दर्शन पूरा हुनलाई
तिम्रै जातिका बीचबाट हिंसात्मक मानिसहरूले
विद्रोह गर्नेछन्, तर सफलता पाउनेछैनन् । **१५**तब
उत्तरका राजाले आएर घेरा-मचान बनाएर
सुरक्षित शहरलाई कब्जा गर्नेछ । दक्षिणका
दलहरू प्रतिरोध गर्न शक्तिशाली हुनेछैनन्;
तिनीहरूका सर्वोत्तम दलहरूको पनि खड़ा
रहने शक्ति हुनेछैन । **१६**आक्रमणकारीले आफूलाई

जे मन पर्छ त्यही गर्नेछ; त्यसको विरुद्धमा
कोही खड़ा रहन सक्नेछैनन् । त्यसले आफैलाई
सुन्दर देशमा स्थापित गर्नेछ अनि त्यससित
त्यसलाई नष्ट गर्ने शक्ति हुनेछ । **१७**त्यसले
आफ्नो सम्पूर्ण राज्यको शक्तिसित आउने
निश्चय गर्नेछ र दक्षिणको राजासित मित्रता
गर्नेछ । अनि राज्य जित्नलाई त्यसले आफ्नी
छोरी उसलाई विवाहमा दिनेछ, तर त्यसको
योजना सफल हुनेछैन अथवा त्यसले उसलाई
सहायता पुग्नेछैन । **१८**तब त्यसले आफ्नो ध्यान
समुद्र किनारतिर लगाउनेछ र तीमध्ये धेरै
लिनेछ, तर एक जना कप्तानले त्यसको शेखीको
अन्त गरिदिनेछ अनि त्यसको शेखी त्यसतिरै
फर्काइदिनेछ । **१९**त्यसपछि त्यो आफ्नै देशको
किल्लातिर फर्काइनेछ तर ठोक्कर खाएर
लड़िजानेछ र फेरि कहिल्यै देखिनेछैन ।

**२०**"त्यसको उत्तराधिकारीले शाही रवाफको
खर्चको लागि एक जना कर उठाउनेलाई
पठाउनेछ । तर केही वर्षमा नै कुनै रीसभाव
वा लड़ाइँमा नपरीकनै यिनी नाश गरिनेछन् ।

**२१**"त्यसको उत्तराधिकारी एक जना नीच
व्यक्ति हुनेछ, जसलाई राज-घरानाको मान्यता
दिइएको हुँदैन । मानिसहरूले सुरक्षित अनुभव
गरिरहेको बेला त्यसले राज्यमाथि आक्रमण
गर्नेछ र त्यसले त्यसलाई षड्यन्त्रद्वारा घेरा
हाल्नेछ । **२२**तब त्यसको सामुन्ने एउटा ठूलो
सेना नाश हुनेछ; त्यो र करारको राजकुमार
दुवै नाश हुनेछन् । **२३**त्यससित एउटा सम्झौतामा
आएपछि त्यसले छलपूर्वक काम गर्नेछ, अनि
थोरै मानिसहरूसित मात्र त्यो क्षमतामा
आउनेछ । **२४**धेरै धनी प्रान्तहरूले सुरक्षित
अनुभव गरेको बेला त्यसले तिनीहरूमाथि
आक्रमण गर्नेछ र त्यसका बाबुहरू अथवा
पिता-पुर्खाहरू समेतले नपाएको सफलता त्यसले
पाउनेछ । त्यसले लूट र लूटका माल अनि
धन-सम्पत्ति आफ्ना पछि लाग्नेहरूको बीचमा
बाँढ्नेछ । त्यसले किल्लाहरू भत्काउने षड्यन्त्र
गर्नेछ– तर केही समयको निम्ति मात्र ।

**२५**"एउटा विशाल सेनासित त्यसले
दक्षिणको राजाको विरुद्धमा आफ्नो शक्ति र
साहस सुऱ्याउनेछ । दक्षिणको राजाले एउटा
ठूलो र अति शक्तिशाली सेना लिएर युद्ध गर्नेछ
तर उसको विरुद्धमा रचिएको षड्यन्त्रहरूको
कारण ऊ खडा रहन सक्नेछैन । **२६**राजाको
भोजनबाट खानेहरूले उसैलाई नाश गर्न
खोज्नेछन्; त्यसको सेना परास्त हुनेछ र धेरै
जना लडाइँमा ढलिजानेछन् । **२७**दुष्टतातिर हृदय
ढल्केका दुई राजाहरू एउटै मेचमा बस्नेछन् र
आपसमा झूट बोल्नेछन् तर सफल हुनेछैनन्,
किनकि तोकिएको समयमा अन्त पक्कै
आउनेछ । **२८**उत्तरको राजा धेरै सम्पत्ति लिएर
आफ्नै देशमा फर्कनेछ, तर त्यसको हृदय पवित्र
करारको विरुद्धमा लागेको हुनेछ । त्यसले
त्यसको विरुद्धमा कारवाही गर्नेछ अनि त्यसपछि
आफ्नै देशमा फर्किजानेछ ।

**२९**"तोकिएको समयमा त्यसले दक्षिणमाथि
फेरि आक्रमण गर्नेछ तर त्यस बेलाको
नतिजा पहिलेको भन्दा बेग्लै हुनेछ । **३०**पश्चिमी
किनारका ठाउँका जहाजहरूले त्यसको विरोध
गर्नेछन्, अनि त्यो निराश भइजानेछ । त्यसपछि
त्यो पछि फर्कनेछ र आफ्नो क्रोध पवित्र
करारको विरुद्धमा पोखाउनेछ । त्यो फर्कनेछ
अनि पवित्र करार त्याग्नेहरूमाथि त्यसले निगाह
देखाउनेछ ।

**३१**"त्यसका हतियारधारी दलहरू मन्दिरको
किल्लालाई अपवित्र पार्न खड़ा हुनेछन् र
तिनीहरूले दैनिक बलिदान बन्द गरिदिनेछन् ।
तब तिनीहरूले उजाड़ गर्ने घृणित कुरा खड़ा
गर्नेछन् । **३२**करार भङ्ग गर्नेहरूलाई त्यसले
आफ्ना फुस्ल्याउने कुराहरूले भ्रष्ट पार्नेछ,
तर आफ्ना परमेश्वरलाई चिन्ने मानिसहरूले
कड़ासित त्यसको विरोध गर्नेछन् ।

**३३**"केही समयको निम्ति तिनीहरू तरवार-
द्वारा ढल्ने अथवा जलाइने अथवा कब्जा गरिने
अथवा लूटिने भए तापनि बुद्धिमान्हरू जतिले
धेरैलाई शिक्षा दिनेछन् । **३४**तिनीहरूको पतन

---

**११:३१**–दानिएल ९:२७; १२:११; मत्ती २४:१५; मर्कूस १३:१४.

हुँदा तिनीहरूले थोरै मात्र सहायता पाउनेछन् र
निष्ठावान् नहुनेहरू तिनीहरूसित मिल्नेछन् ।
**३५**अन्तको समयसम्म तिनीहरू चोखिऊन्, शुद्ध
पारिऊन् र निष्खोट बनाइऊन् भनेर बुद्धिमान्-
हरूमध्ये कोहीले ठक्कर खानेछन्, किनकि अन्त
त तोकिएको समयमा अवश्य आउनेछ ।

### आफैलाई उच्च पार्ने राजा

**३६**"राजाले आफूलाई मनपरेअनुसार
गर्नेछ । त्यसले आफैलाई प्रत्येक देवताभन्दा
उच्च पारेर महान् बनाउनेछ अनि देवताहरू
माथिका परमेश्वरको विरुद्धमा कहिल्यै
नसुनिएका कुराहरू भन्नेछ । क्रोधको समय
पूर्ण रूपले पूरा नभएसम्म त्यो सफल हुनेछ,
किनकि तोकिएको कुरा त भएरै जानुपर्छ ।
**३७**त्यसले आफ्ना पिता-पुर्खाहरूका देवताहरू
अथवा स्त्रीहरूले चाहेका देवताको पनि अवहेलना
गर्नेछ, तर आफैलाई ती सबैभन्दा उच्च
तुल्याउनेछ । **३८**तिनीहरूको सट्टा किल्लाको
एउटा देवतालाई सम्मान् दिइनेछ; आफ्ना पिता-
पुर्खाहरूले नजानेको एउटा देवतालाई त्यसले
सुन र चाँदीले, बहुमूल्य पत्थरहरू र दामी
उपहारहरूले सम्मान् गर्नेछ । **३९**त्यसले एउटा
परदेशी देवताको सहायताले सबैभन्दा बलियो
किल्लामाथि आक्रमण गर्नेछ र आफूलाई मान्यता
दिनेहरूलाई ठूलो सम्मान दिनेछ । त्यसले
तिनीहरूलाई धेरै जातिहरूमाथि शासक
बनाइदिनेछ र एउटा मूल्यमा देश बाँड़िदिनेछ ।
**४०**"अन्तको समयमा दक्षिणको राजाले
त्यसलाई लड़ाइँमा व्यस्त पारिदिनेछ अनि
उत्तरको राजा रथहरू, घोडचढ़ी र धेरै
जहाजहरूसित त्यसको विरुद्धमा आँधीझैँ
आउनेछ । त्यसले धेरै देशहरूमाथि आक्रमण
गर्नेछ र तिनीहरूमाथि बाढ़झैँ जाइलाग्नेछ ।
**४१**त्यसले सुन्दर देशमाथि पनि आक्रमण
गर्नेछ । धेरै देशहरू ढलिजानेछन्, तर एदोम,
मोआब र अम्मोनका अगुवाहरू त्यसका हातबाट
छुटाइनेछन् । **४२**त्यसले आफ्नो शक्ति धेरै
देशहरूमाथि फैलाउनेछ; मिश्रदेश उम्कनेछैन ।
**४३**त्यसले मिश्रदेशका सुन र चाँदी अनि
सम्पत्तिका भण्ड़ारहरूमाथि अधिकार जमाउनेछ,
लूबी र कूशीहरूले त्यसको अधीनता स्वीकार
गर्नेछन् । **४४**तर पूर्व र उत्तरतिरका
समाचारहरूले त्यसलाई तर्साइदिनेछन्, अनि
धेरैलाई नाश गर्न र निमिठ्यान्न पार्न त्यो
ठूलो क्रोधको साथ निस्किजानेछ । **४५**त्यसले
पवित्र पर्वतका नदीहरूको बीचमा आफ्ना शाही
पालहरू लगाउनेछ । तापनि त्यसको अन्त हुनेछ
अनि कसैले त्यसलाई सहायता दिनेछैन ।

### अन्तिम समयहरू

**१२** "त्यस बेला तेरो जातिलाई रक्षा गर्ने
महान् राजकुमार माइकल खड़ा
हुनेछन् । यस्तो संकष्टको समय हुनेछ जस्तोचाहिँ
राज्यहरू शुरू भएकादेखि त्यस बेलासम्म भएकै
थिएन । तर त्यस बेला तेरा मानिसहरू– अर्थात्
यस पुस्तकमा नाउँ लेखिएको हरेक, छुटाइनेछ ।
**२**पृथ्वीको धूलोमा सुत्ने धुइरोहरू जाग्नेछन्,
कोही अनन्त जीवनको निम्ति, अरूचाहिँ शर्म
र अनन्त घृणाको निम्ति । **३**जुनहरू बुद्धिमान्
छन्, तिनीहरू आकाशको उज्ज्वलझैँ चम्कनेछन्,
अनि धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ
ताराहरूझैँ अनन्तसम्म चम्किरहनेछन् । **४**तर
तिमी दानिएलले यो बेहेरूवाका वचनहरूलाई
अन्त्यको समयसम्मको लागि बन्द गरेर त्यसमा
छाप लगाइदेऊ । धेरै जना ज्ञानको बृद्धि गर्नलाई
यताउता जानेछन् ।"

**५**तब म दानिएलले हेरें, अनि त्यहाँ मेरो
सामुन्ने अरू दुई जना उभिएका थिए, एक
जना नदीको यतापट्टिको किनारमा अनि
अर्कोचाहिँ उतापट्टिको किनारमा । **६**तीमध्ये एक
जनाले त्यो सुती लुगा लगाएर नदीको पानीमाथि
रहेका मानिसलाई भने, "यी अचम्मका कुराहरू
कहिले पूरा हुनेछन् ?"

---

**११:३६**–२ थेसलोनिकी २:३-४; प्रकाश १३:५-६. **१२:१**–मत्ती २४:२१; मर्कूस १३:१९; प्रकाश ७:१४; १२:७.
**१२:२**–यशैया २६:१९; मत्ती २५:४६; यूहन्ना ५:२९. **१२:४**–प्रकाश २२:१०.

**७**सुती लुगा लगाएका अनि नदीका
पानीहरूमाथि भएका मानिसले आफ्नो देब्रे हात
स्वर्गतिर उठाए, अनि मैले तिनले सदा जीवित
रहनुहुनेको नाउँमा यसो भन्दै शपथ खाएको
सुनें, "यो साढ़े तीन वर्षको निम्ति हुनेछ। जब
पवित्र जातिहरूका शक्ति अन्तमा टुक्रिनेछ,
तब यी सबै कुराहरू पूरा हुनेछन् ।"

**८**मैले सुन्न त सुनें तर बुझिनँ। यसकारण
मैले सोधें, "मेरा प्रभु, यी सबैको नतिजा के
हुनेछ ?"

**९**तिनले जवाफ दिए, "आफ्नो बाटो लाग,
दानिएल, किनकि यी वचनहरू अन्तिम
समयसम्मको निम्ति बन्द गरेर छाप लगाइएका
छन् । **१०**धेरै जना पवित्र हुनेछन्, निष्खोट
भएर शुद्ध हुनेछन्, तर दुष्टहरू त दुष्ट नै
भइरहनेछन् । कुनै दुष्टले बुझ्नेछैन, तर
बुद्धिमान्हरूले चाहिँ बुझ्नेछन् ।

**११**"दैनिक बलि हटाइएको अनि उजाड़ गर्ने
घृणित कुरा स्थापित गरिएको समयदेखि एक
हजार दुई सय नब्बे दिनहरू हुनेछन् । **१२**एक
हजार तीन सय पैंतिस दिनहरूलाई पर्खने र
त्यससम्म पुग्ने धन्यको हो ।

**१३**"तर तिमीचाहिँ अन्तिम समयसम्म आफ्नो
बाटो लाग । तिमीले विश्राम गर्नेछौ, अनि
त्यसपछिका दिनहरूको अन्तमा तिमी आफ्नो
छुट्याइएको उत्तराधिकार प्राप्त गर्न उठ्नेछौ ।"

---

**१२:७**–प्रकाश १०:५; १२:१४. **१२:१०**–प्रकाश २२:११. **१२:११**–दानिएल ९:२७; ११:३१; मत्ती २४:१५; मर्कूस १३:१४.

# होशेको पुस्तक

**१** यहूदाका राजाहरू उज्जियाह, योताम,
आहाज र हिजकिया र इस्राएलका राजा
यहोआशका छोरा यारोबामका शासनकालहरूमा
बेरीका छोरा होशेकहाँ आएको परमप्रभुको
वचनः

### होशेकी पत्नी र छोराछोरीहरू

**२**होशेद्वारा परमप्रभु बोल्न थाल्नुभएपछि
परमप्रभुले तिनलाई भन्नुभयो, "जा, गएर एउटी
वेश्यालाई विवाह गर् र त्यसको विश्वासघातबाट
पैदा भएका सन्तानलाई आफ्नो बना, किनकि
यस देशले परमप्रभुलाई त्यागेर अति घोर
व्यभिचारको दोषी भएको छ ।" **३**यसरी तिनले
दिब्लैमकी छोरी गोमेरसित विवाह गरे र
त्यसले गर्भवती भएर तिनको निम्ति एउटा
छोरा जन्माई ।

**४**त्यसपछि परमप्रभुले होशेलाई भन्नुभयो,
"त्यसलाई यिज्रेल भन्, किनकि यिज्रेलमा संहार
गरिएका धेरैको निम्ति म येहूको घरानालाई
चाँड़ै दण्ड दिनेछु र म इस्राएलको राज्यको
अन्त गरिदिनेछु । **५**त्यस दिन म यिज्रेलको
उपत्यकामा इस्राएलको धनु भाँचिदिनेछु ।"

**६**फेरि गर्भवती भएर गोमेरले एउटी छोरी
जन्माई । तब परमप्रभुले होशेलाई भन्नुभयो,
"त्यसलाई लो-रूहामा भन्, किनकि तिनीहरूलाई
क्षमा गरेर म फेरि इस्राएलको घरानालाई प्रेम
दर्शाउने छैन । **७**तरै पनि म यहूदाको
घरानालाई प्रेम दर्शाउनेछु र म तिनीहरूलाई
धनु, तरवार अथवा लड़ाइँद्वारा, अथवा घोड़ाहरू
र घोड़सवारहरूद्वारा होइन तर परमप्रभु
तिनीहरूका परमेश्वरद्वारा बचाउनेछु ।"

**८**त्यसले लो-रूहामालाई दूध छुटाइसकेपछि
गोमेरले अर्को छोरा जन्माई । **९**तब परमप्रभुले
भन्नुभयो, "त्यसलाई लो-अम्मी भन्, किनकि
तिमीहरू मेरा प्रजा होइनौ र म तिमीहरूका
परमेश्वर होइन ।

**१०**तरै पनि इस्राएल नाप्न नसकिने अथवा
गन्न नसकिने समुद्रको किनारका बालुवाझैं
हुनेछ, 'तिमीहरू मेरा प्रजा होइनौ' भनिएको
ठाउँमा तिनीहरू 'जीवित परमेश्वरका छोराहरू'
भनिनेछन् । **११**यहूदाका मानिसहरू र इस्राएलका
मानिसहरू फेरि मिलाइनेछन् र तिनीहरूले
एक जना अगुवा नियुक्त गर्नेछन् र निष्काशित
देशबाट निस्किआउनेछन्; किनकि यिज्रेलको
दिन महान् हुनेछ ।"

**२** "तिमीहरू आफ्ना दाज्यूभाइहरूलाई 'मेरा
मानिसहरू' र दिदीबहिनीहरूलाई 'मेरा
प्रिय' भन ।"

### इस्राएलले पाएको दण्ड र पुनर्स्थापना

२ "आफ्नी आमालाई हप्काओ, त्यसलाई
हप्काओ, किनकि त्यो मेरी पत्नी होइन,
र म त्यसको पति होइन ।
त्यसले आफ्नो अनुहारबाट आफ्नो
व्यभिचारको स्वरूप र आफ्नो स्तनको
बीचबाट विश्वासघातलाई हटाओस् ।
३ नत्रता म त्यसलाई त्यो जन्मेको दिनझैं
त्यसलाई नाङ्गो बनाइदिनेछु;
म त्यसलाई मरुभूमिझैं बनाउनेछु,
त्यसलाई खड़ेरी लागेको जमिनझैं
परिवर्तन गरिदिनेछु,
र त्यसलाई तिर्खाले मार्नेछु ।
४ म त्यसका छोराछोरीहरूलाई प्रेम
दर्शाउनेछैन,

---

**१:१**–२ राजा १४:२३-१५:७; १५:३२-१६:२०; १८:१-२०:२१; २ इतिहास २६:१-२७:८; २८:१-३२:३३.
**१:४**–२ राजा १०:११. **१:१०**–रोमी ९:२६.

किनकि तिनीहरू व्यभिचारका सन्तान
हुन् ।
५ तिनीहरूकी आमा विश्वासयोग्य थिइन
र तिनीहरूलाई कलङ्कमा गर्भधारण
गरेकी छ ।
त्यसले भनी, 'म मेरा प्रेमीहरूको पछि
जानेछु,
जसले मलाई मेरो भोजन र मेरो पानी,
मेरो ऊन र मेरो सुती लुगा, मेरो तेल
र मेरो दाखमद्य दिन्छन् ।
६ यसकारण म त्यसको बाटो काँड़ाघारीले
थुन्नेछु;
म त्यसलाई बाटो नपाउने गरी पर्खालले
बन्द गरिदिनेछु ।
७ त्यो आफ्ना प्रेमीहरूलाई खेद्दै जान्छ,
तर तिनीहरूलाई भेट्टाउनेछैन;
त्यसले तिनीहरूलाई खोज्नेछ,
तर तिनीहरूलाई भेट्टाउनेछैन ।
तब त्यसले भन्नेछ,
'म पहिलेझैँ आफ्नो पतिकहाँ जानेछु,
किनकि अहिलेभन्दा त्यसबेला मलाई
असल थियो ।'
८ त्यसलाई अन्न, नयाँ दाखमद्य र तेल
दिने मै हुँ भनी
त्यसले मान्यता दिएकै छैन,
मैले त्यसलाई बेस्सरी चाँदी र सुन दिएँ–
जसलाई त्यसले बाल देवताको निम्ति
प्रयोग गरि ।
९ "यसकारण पाकेपछि म मेरो अन्न
र तयार भएपछि मेरो नयाँ दाखमद्य
लैजानेछु ।
त्यसको नग्नता ढाक्नलाई राखिएका
मेरो ऊन् र मेरो सुती लुगा म
फर्काइल्याउनेछु ।
१० यसरी अब म त्यसका प्रेमीहरूको सामुन्ने
त्यसको लाज उघारिदिनेछु,
कसैले त्यसलाई मेरो हातबाट लैजानसक्ने
छैन ।
११ म त्यसका सबै उत्सवहरू,
अर्थात् त्यसका वार्षिक चाड़हरू, त्यसका
औंसीहरू,
त्यसका विश्रामदिनहरू त्यसका सबै
तोकिएका चाड़हरू बन्द गरिदिनेछु ।
१२ त्यसले आफ्ना प्रेमीहरूले दिएका
ज्यालाहरू भनेका दाखहरू र नेभाराका
बिरुवाहरू म नष्ट गरिदिनेछु,
म तिनीहरूलाई झाड़ी बनाइदिनेछु,
र जङ्गली पशुहरूले ती खानेछन् ।
१३ त्यसले बालदेवताहरूको निम्ति धूप
बालेका दिनहरूको निम्ति म त्यसलाई
दण्ड दिनेछु ।
आफैलाई नत्थ र गहनाहरूले सिंगारेर
आफ्ना प्रेमीहरूको पछि लागि
तर मलाई त्यसले बिर्सेकी थिई,
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१४ "यसकारण अब म त्यसलाई लोभ्याउन
लागेको छु;
म त्यसलाई उजाड़-स्थानमा लैजानेछु,
र कोमलतासाथ त्यससित कुरा गर्नेछु ।
१५ त्यहाँ म त्यसलाई त्यसका दाखबारीहरू
फर्काइदिनेछु,
र आकोरको उपत्यकालाई एउटा
आशाको ढोका बनाइदिनेछु ।
त्यहाँ त्यसले आफ्नो जवानीको दिनमा
झैँ र त्यो मिश्रदेशबाट निस्किआएको
दिनमा झैँ गाउनेछ ।
१६ परमप्रभु घोषणा गर्नुहुन्छ,
"त्यस दिन तैंले मलाई 'मेरो मालिक'
भन्न छोड़ेर 'मेरा लोग्ने' भन्नेछस् ।
१७ म त्यसको ओठबाट बालदेवताहरूको
नाउँ हटाइदिनेछु;
तिनीहरूका नाउँहरूको उच्चारण
फेरि कहिल्यै हुनेछैन ।
१८ त्यस दिन म वनका पशुहरू र
आकाशका पक्षीहरू र जमिनमा
चलहल गर्ने प्राणीहरूसित

**२:१५**–यहोशू ७:२४-२६.

तिनीहरूको निम्ति करार बाँध्नेछु ।
सबै जना सुरक्षित भएर ढल्कून् भनी
म देशबाट धनु, तरवार र युद्ध
उठाइदिनेछु ।
१९ म तँलाई सधैँको निम्ति विश्वासयोग्यतासाथ
आफूसित मंगनी गर्नेछु,
म तँलाई धार्मिकता र न्यायमा,
प्रेम र दयामा मंगनी गर्नेछु ।
२० म तँलाई विश्वासयोग्यतामा मंगनी गर्नेछु,
र तैंले परमप्रभुलाई स्वीकार गर्नेछस् ।"
२१ परमप्रभु घोषणा गर्नुहुन्छ,
"त्यस दिन म प्रत्युत्तर दिनेछु"—
"आकाशलाई म प्रत्युत्तर दिनेछु
अनि आकाशले पृथ्वीलाई प्रत्युत्तर दिनेछ ।
२२ अनि पृथ्वीले अन्नलाई र नयाँ दाखमद्य
र तेललाई प्रत्युत्तर दिनेछ,
अनि तिनीहरूले यिज्रेललाई प्रत्युत्तर
दिनेछन् ।
२३ म त्यसलाई आफ्नै निम्ति त्यस देशमा
रोप्नेछु,
मैले जसलाई 'मेरो प्रेमिका होइन' भनेको
थिएँ,
त्यसलाई आफ्नो प्रेम दर्शाउनेछु ।
मैले जसलाई 'मेरो जाति होइन' भनेको
थिएँ,
त्यसलाई 'तिमीहरू मेरा जाति हौ' भन्नेछु,
र तिनीहरूले 'तपाईं मेरा परमेश्वर
हुनुहुन्छ' भन्नेछन् ।"

## आफ्नी स्वास्नीसित होशेको पुनर्मिलाप

३ परमप्रभुले मलाई भन्नुभयो, "जा, तेरी
स्वास्नीलाई अर्कोले प्रेम गरे तापनि र
त्यो व्यभिचारीणी भए तापनि तैंले आफ्नो प्रेम
त्यसलाई फेरि देखा । यद्यपि इस्राएलीहरू अरू
देवताहरूतिर फर्केर तिनीहरूलाई चढाएको दाखको
रोटी मन पराउने भए तापनि परमेश्वरले
तिनीहरूलाई प्रेम गर्नुभएझैँ त्यसलाई प्रेम
गर ।"

२यसकारण मैले त्यसलाई पन्ध्र शेकेल चाँदी
र अढाइ मुरी जौ दिएर किनें । ३तब मैले
त्यसलाई भनें, "तिमी मसित धेरै दिनसम्म
बस्नुपर्छ, तिमी व्यभिचारिणी हुनुहुँदैन, अथवा
अरू मानिसहरूसित घनिष्ट हुनुहुँदैन, र म
तिमीसित बस्नेछु ।"

४किनकि इस्राएलीहरू धेरै दिनसम्म राजा
अथवा राजकुमाररहित र बलिदान अथवा पवित्र
ढुङ्गारहित, एपोद अथवा मूर्तिरहित रहनेछन् ।
५त्यसपछि इस्राएलीहरूले फर्केर परमप्रभु
तिनीहरूका परमेश्वर अनि दाऊद राजालाई
खोज्नेछन् । तिनीहरू अन्तिम दिनहरूमा
परमप्रभुकहाँ र उहाँको आशिषतिर भयसित
आउनेछन् ।

## इस्राएलको विरुद्धमा अभियोग

४ तिमी इस्राएलीहरू, परमप्रभुको वचन सुन,
किनकि तिमीहरू देशमा बस्नेहरूको
विरुद्धमा परमप्रभुले ल्याउनुहुने एउटा अभियोग
छः

"देशमा विश्वासयोग्यता छैन, प्रेम छैन,
परमेश्वरलाई मान्यता छैन ।
२ त्यहाँ श्राप, झूट र हत्या, चोरी र
व्यभिचार मात्र छन्;
तिनीहरूले सबै सीमा नाघेका छन्
र रक्तपातपछि रक्तपात भएको छ ।
३ यसो भएकोले देशले विलाप गर्छ,
र त्यसमा बस्नेहरू सबै नासिन्छन्;
मैदानका पशुहरू र आकाशका पक्षीहरू
र समुद्रका माछाहरू मर्दैछन् ।
४ "तर कुनै मानिसले आरोप नल्याओस्,
कुनै मानिसले अर्कोलाई नदोष्याओस्,
किनकि तिमीहरूका मानिसहरू
पूजाहारीलाई दोष लगाउनेहरूजस्ता
छन् ।
५ तिमीहरू दिनरात ठोक्कर खान्छौ,
र अगमवक्ताहरू पनि तिमीहरूसितै
ठोक्कर खान्छन् ।

---

**२:२३**—रोमी ९:२५; १ पत्रुस २:१०.

यसकारण म तिमीहरूकी आमालाई
नाश गर्नेछु–
६ मेरा मानिसहरू ज्ञानको कमीले गर्दा नष्ट
भएका छन् ।
तिमीहरूले ज्ञानलाई तिरष्कार गरेका
हुनाले,
म पनि तिमीहरूलाई मेरा पूजाहारीहरू
हुन तिरष्कार गर्नेछु;
तिमीहरूले आफ्ना परमेश्वरको आज्ञालाई
वास्ता नगरेको हुनाले
म पनि तिमीहरूका छोराछोरीहरूलाई
वास्ता गर्ने छैन ।
७ पूजाहारीहरू जति वृद्धि भए उति
तिनीहरूले मेरो विरुद्धमा पाप गरे;
तिनीहरूले आफ्ना गौरवलाई कलङ्कित
कुराहरूसित साटे ।
८ तिनीहरू मेरा प्रजाका पापहरूद्वारा
सन्तुष्ट बन्छन्
र तिनीहरूका दुष्टताको स्वाद लिन्छन् ।
९ अनि म पनि: जस्तो प्रजा त्यस्तै
पूजाहारी हुनेछु ।
म ती दुवैलाई तिनीहरूका मार्गहरूको
निम्ति दण्ड दिनेछु,
१० "तिनीहरूले खानेछन् तर पर्याप्त हुनेछैन;
तिनीहरू व्यभिचारमा रहनेछन् तर
सङ्ख्या वृद्धि हुनेछैन,
किनकि वेश्यावृत्तिमा मन लगाउनलाई
तिनीहरूले परमप्रभुलाई छोड़ेका छन् ।
११ पुरानो र नयाँ दाखमद्यतिर आफैलाई
दिएर परमप्रभुलाई त्यागेका छन्,
जसले मेरा प्रजाको समझ नष्ट पार्दछ,
१२ तिनीहरूले एउटा काठको मूर्तिसित
सल्लाह लिन्छन्,
र काठको एउटा लट्ठीद्वारा जवाफ
पाउँछन् ।
वेश्यावृत्तिको एउटा आत्माले
तिनीहरूलाई पथभ्रष्ट पारेको छ,
तिनीहरू आफ्ना परमेश्वरप्रति
अविश्वासयोग्य छन् ।
१३ तिनीहरूले पर्वतका टाकुराहरूमा
बलिदान चढ़ाउँछन्,
र डाँड़ातिर र झ्याम्म परेका फलाँट,
लहरे-पीपल र तारपीनका बिरुवामुनि
होमबलि चढ़ाउँछन् ।
यसकारण तिमीहरूका छोरीहरू
वेश्यावृत्तितिर
र तिमीहरूका बुहारीहरू व्यभिचारतिर
लाग्छन् ।
१४ "तिमीहरूका छोरीहरू वेश्यावृत्तितिर
लाग्दा
र तिमीहरूका बुहारीहरूले व्यभिचार गर्दा,
म तिमीहरूलाई दण्ड दिनेछैनँ,
किनकि मानिसहरू आफै वेश्याहरूसित
लाग्दछन्,
र देवदासीहरूसित बलिदान चढ़ाउँछन्–
समझ नभएको जाति नाश हुनेछ !
१५ "हे इस्राएल, तैंले व्यभिचार गरे तापनि
यहूदाचाहिँ दोषी नहोस् ।
"गिलगालमा नजा;
बेथ-आवनमा नउक्ली ।
अनि 'परमप्रभु जिउँदो भएझैं !'
भनेर शपथ नखा !
१६ इस्राएलीहरू हठी कोरलीझैं, हठी छन् ।
त्यसोभए परमप्रभुले तिनीहरूलाई
कसरी हरियो चरनमा थुमालाई चराए
जस्तै चराउन सक्नुहुन्छ ?
१७ एप्रेम मूर्तितिर लागेको छ,
त्यसलाई एक्लै छोड़िदे !
१८ तिनीहरूका पिउने पदार्थ सकिए तापनि,
तिनीहरू वेश्यावृत्तिमा लागिरहन्छन्;
तिनीहरूका शासकहरूले लाजमर्दो मार्ग
साह्रै मन पराउँछन् ।
१९ एउटा आँधी-बेह्रीले तिनीहरूलाई उड़ाएर
लैजानेछ,
र तिनीहरूका बलिदानहरूले तिनीहरूलाई
लाजमा पार्नेछ ।

### इस्राएलको विरुद्धमा इन्साफ

५ "हे पूजाहारीहरू हो, यो सुन !
इस्राएलीहरू हो, ध्यान दिएर सुन !

हे राजकीय घराना, ध्यानसित सुन !
यो इन्साफ तिमीहरूको विरुद्धमा छ:
तिमीहरू मिस्पामा पासो बनेका छौ,
तिमीहरू तबोरमा फिँजाइराखेका जाल भएका छौ ।
२ बागीहरू हत्यामा व्यस्त छन्,
म तिनीहरू सबैलाई अनुशासनमा ल्याउनेछु ।
३ म एप्रेमको विषयमा सबै कुरा जान्दछु;
इस्राएल मदेखि लुकेको छैन ।
एप्रेम, अब तँ वेश्यावृत्तितिर फर्केको छस्;
इस्राएल भ्रष्ट भएको छ ।
४ "तिनीहरूका कर्मले तिनीहरूलाई
तिनीहरूका परमेश्वरतिर फर्कन दिँदैन ।
तिनीहरूका हृदयमा वेश्यावृत्तिको आत्मा छ;
तिनीहरूले परमप्रभुलाई मान्यता दिँदैनन् ।
५ इस्राएलको अहङ्कारले तिनीहरूको विरुद्धमा साक्षी दिन्छ;
इस्राएल, एप्रेमले पनि आफ्नो पापमा ठक्कर खान्छन्;
तिनीहरूसित यहूदाले पनि ठक्कर खान्छ ।
६ जब तिनीहरू परमप्रभुलाई खोज्न आफ्ना बगाल र बथानसित जान्छन्,
तिनीहरूले उहाँलाई भेट्टाउनेछैनन्;
उहाँ तिनीहरूदेखि अलग हुनुभएको छ ।
७ तिनीहरू आफ्ना परमप्रभुप्रति विश्वासयोग्य छैनन्;
तिनीहरूले अवैध बालबच्चा जन्माउँछन्,
अब तिनीहरूका औंसीका चाड़हरूले
तिनीहरू र तिनीहरूका खेतहरूलाई निल्नेछन् ।
८ "गिबामा तुरही फुक,
रामामा बिगुल फुक ।
बेथ-आवनमा युद्ध-ध्वनि उठाओ,
हे बेन्यामीन, अगुवाइ गर ।
९ न्यायको दिन एप्रेम उजाड़ पारिनेछ ।
इस्राएलका कुलहरूमा जे निश्चित छ,
सो म घोषणा गर्नेछु ।
१० यहूदाका अगुवाहरू सिमानाका ढुङ्गा सार्नेहरू हुन् ।
म तिनीहरूमाथि आफ्नो क्रोध पानीको भलझैँ खन्याउनेछु ।
११ एप्रेम थिचोमिचोमा परेको छ, न्यायमा त्यो कुल्चीमिल्ची भएको छ, मूर्तिको पछि हिँड्नलाई त्यसले अठोट गरेको छ ।
१२ म एप्रेमको निम्ति नाश गर्ने कीराझैँ छु,
यहूदाका मानिसहरूको निम्ति क्षयतुल्य छु ।
१३ "जब एप्रेमले आफ्नो रोग
र यहूदाले आफ्ना घाउहरू देख्यो,
तब अश्शूरतिर फर्केर एप्रेमले
महान् राजाकहाँ सहायताको निम्ति मानिस पठायो ।
तर त्यसले तँलाई निको पार्न सक्दैन,
त्यसले तेरा घाउहरू जाती पार्न सक्नेछैन ।
१४ किनकि म एप्रेमको निम्ति एउटा सिंहझैँ
यहूदाको निम्ति एउटा ठूलो सिंहझैँ हुनेछु ।
म तिनीहरूलाई टुक्रा-टुक्रा पारेर बाटो लाग्नेछु;
र तिनीहरूलाई छुटाउने कोही पनि हुनेछैन ।
१५ जबसम्म तिनीहरूले आफ्नो दोष स्वीकार गर्दैनन्,
तबसम्म म आफ्नै ठाउँमा फर्केर जानेछु ।
अनि तिनीहरूले मेरो अनुहार खोज्नेछन्;
आफ्नो कष्टमा तिनीहरूले मलाई यत्नपूर्वक खोज्नेछन् ।"

### अपश्चात्तापी इस्राएल

६ "आओ, हामी परमप्रभुतिर फर्कौं ।
उहाँले हामीलाई टुक्रा-टुक्रा पार्नुभएको छ;
तर उहाँले हामीलाई निको पार्नुहुनेछ;
उहाँले हामीलाई चोट लगाउनुभएको छ,

तर उहाँले हाम्रा चोटहरूमा मलहमपट्टि
लगाउनुहुनेछ ।
२ दुई दिनपछि उहाँले हामीलाई फेरि
पुनर्जीवित पार्नुहुनेछ;
तेस्रो दिन उहाँले हामीलाई पुनर्स्थापित
गर्नुहुनेछ,
अनि हामी उहाँको उपस्थितिमा जीवित
रहनेछौं ।
३ हामी परमप्रभुलाई स्वीकार गरौं;
हामी दृढ़तासाथ उहाँलाई स्वीकारौं ।
सूर्य निश्‍चय उदाएझैं उहाँ देखा पर्नुहुनेछ,
उहाँ हामीकहाँ वर्षाको झरिझैं
र पृथ्वीलाई भिजाउने बसन्तको वर्षाझैं
आउनुहुनेछ ।"

४ एप्रेम, "म तँलाई के गर्न सक्छु ?
यहूदा, "म तँलाई के गर्न सक्छु ?
तेरो प्रेम बिहानको कुइरोझैं,
एका बिहानैको हराइहाल्ने शीतझैं छ ।
५ यसकारण मैले तँलाई आफ्ना
अगमवक्ताहरूद्वारा काटेर टुक्रा पारें,
मैले तँलाई आफ्नो मुखको वचनले
मारें,
मेरा इन्साफहरू तँमाथि बिजुलीझैं
चम्के ।
६ किनकि म बलिदान होइन तर दया
चाहन्छु,
र होमबलिभन्दा परमेश्‍वरको मान्यता
अझ बढ़ी चाहन्छु ।
७ आदमले झैं तिनीहरूले मेरा करार भङ्ग
गरेका छन्–
त्यहाँ तिनीहरूले मप्रति विश्‍वासघात
गरे ।
८ गिलाद दुष्ट मानिसहरूको शहर हो,
त्यो रगतका पाइलाहरूले भरिएको छ ।
९ लुटाहाहरूले कुनै मानिसलाई
ढुकिबसेझैं,
पूजाहारीहरूको दलहरू ढुकि बस्छन्;
तिनीहरूले शर्मलाग्दा अपराधहरू गर्दै
शेकेम जाने बाटोमा हत्या गर्छन् ।
१० मैले इस्राएलको घरानामा एउटा
घिनलाग्दो कुरो देखेको छु ।
त्यहाँ एप्रेम वेश्यावृत्तिमा परेको छ,
र इस्राएल अशुद्ध भएको छ ।
११ "यहूदा, तेरो लागि पनि एउटा कटनी
तोकिएको छ ।

"जहिले पनि म आफ्ना मानिसहरूका
सुदिन फर्काउनेछु,
७ जहिले पनि म इस्राएललाई निको पार्नेछु ।
एप्रेमका पापहरू प्रकट गरिनेछन्,
अनि सामरियाका अपराधहरू प्रकट
गरिनेछन् ।
तिनीहरूले छल गर्छन्,
चोरहरू घर फोरेर पस्छन्,
डाकूहरूले सड़कहरूमा लुट्छन्;
२ तर म तिनीहरूका दुष्कर्महरू स्मरण
गर्छु भनी तिनीहरूले थाहा गर्दैनन् ।
तिनीहरूका पापहरूले तिनीहरूलाई
ढाकेका छन्;
ती सधैं मेरै सामुन्ने छन् ।

३ "तिनीहरूले राजालाई आफ्ना दुष्टताले
र आफ्ना राजकुमारहरूलाई झूटले
खुशी तुल्याउँछन् ।
४ तिनीहरू जलिरहेका भट्टीझैं सबै
व्यभिचारीहरू हुन्,
जसको आगो पीठो मुछेदेखि खमीर
नभइञ्जेलसम्म पकाउनेले आगो
मिलाएको जस्तै हो ।
५ हाम्रा राजाको चाड़को दिन
राजकुमारहरू मद्य पिएर चुर हुन्छन्,
र तिनले ठट्टा गर्नेहरूसित हात
मिलाउँछन् ।
६ तिनीहरूका हृदय भट्टीजस्तै हो;
तिनीहरूले त्यसलाई षड्यन्त्र लिएर
भेट्दछन् ।

**६:६**–मत्ती ९:१३; १२:७.

तिनीहरूका उत्तेजना रातभरि भित्रभित्रै जल्छन्,
बिहान त्यो दन्केको आगोझैँ जल्छ ।
७ ती सबै भट्टीझैँ तातो छन्;
तिनीहरूले आफ्ना शासकहरूलाई खाइहाल्छन् ।
तिनीहरूका सबै राजाहरूको पतन हुन्छ,
र तीमध्ये कसैले पनि मलाई पुकार्दैनन् ।
८ "एफ्रेम अरू जातिहरूसित मिल्छ
एफ्रेम नफर्काई पोलिएको रोटीझैँ हो ।
९ परदेशीहरूले त्यसको शक्ति नाश पार्दछन्;
तर त्यसले त्यो थाहै गर्दैन ।
त्यसका केश फूलेका छन्,
तर त्यो त्यसलाई थाहा छैन ।
१० इस्राएलको अहंकारले त्यसको विरुद्धमा साक्षी दिन्छ,
तर त्यसले यी सबै कुरालाई वेवास्ता गर्छ,
र त्यो परमप्रभु आफ्नो परमेश्वरतिर फर्कँदैन न उहाँको खोजी गर्छ ।
११ "एफ्रेम सजिलै छलिने होश नभएको ढुकुर झैँ हो,
त्यसले कहिले मिश्रदेशलाई पुकार्छ,
त्यो कहिले अश्शूरतिर फर्कन्छ ।
१२ तिनीहरू जाँदा, म तिनीहरूमाथि आफ्नो जाल फिँजाउनेछु;
म तिनीहरूलाई आकाशका पक्षीहरूलाई झैँ तल झार्नेछु ।
तिनीहरू एक ठाउँमा भेला भएको सुन्नासाथ म तिनीहरूलाई पक्रनेछु ।
१३ तिनीहरूलाई धिक्कार,
किनकि तिनीहरू मदेखि तर्किगएका छन् !
तिनीहरू नाश होऊन्,
किनकि तिनीहरू मेरो विरुद्धमा बागी भएका छन् !
म तिनीहरूलाई छुट्कारा दिने उत्कट इच्छा राख्छु,
तर तिनीहरू मेरो विरुद्धमा झूट बोल्छन् ।
१४ तिनीहरू आफ्ना हृदयदेखि मलाई पुकार्दैनन्
तर आफ्ना ओछ्यानमा विलाप गर्छन् ।
तिनीहरू अन्न र नयाँ दाखमद्यको निम्ति एकसाथ भेला हुन्छन्
तर मदेखि तर्किजान्छन् ।
१५ मैले तिनीहरूलाई तालीम दिएँ र बलियो बनाएँ,
तर तिनीहरूले मेरो विरुद्धमा दुष्ट युक्ति रच्दछन् ।
१६ तिनीहरू सर्वोच्चकहाँ फर्कँदैनन्;
तिनीहरू दोषयुक्त धनुझैँ छन् ।
आफ्ना अहङ्कारी कुराको कारण
तिनीहरूका अगुवाहरू तरवारद्वारा नष्ट हुन्छन् ।
यसको कारण मिश्रदेशमा तिनीहरू हाँसोको पात्र हुनेछन् ।

**इस्राएलले भूमरीको कटनी गर्नेछ**

८ "तिमीहरूका ओठमा तुरही लगाओ !
परमप्रभुको भवनमाथि एउटा चील छ
किनकि मानिसहरूले मेरो करार भङ्ग गरेका छन्,
र मेरो व्यवस्थाको विरुद्धमा बागी भएका छन् ।
२ इस्राएलले मलाई पुकारा गर्छ,
'हे हाम्रा परमेश्वर, हामी तपाईंलाई स्वीकार्छौं !'
३ तर इस्राएलले जे ठीक छ त्यसलाई तिरष्कार गरेको छ;
एउटा शत्रुले त्यसलाई खेद्ने छ ।
४ तिनीहरूले मेरो स्वीकृतिविना राजाहरू खड़ा गर्छन्;
तिनीहरूले मेरा सहमतिविना
राजकुमारहरू चुन्छन् ।
आफ्नै विनाशको निम्ति तिनीहरूले
आफ्ना चाँदी र सुनले आफ्ना लागि
मूर्तिहरू बनाउँछन् ।
५ हे सामरिया, तिमीहरूका बाछाको मूर्ति मिल्काइदेऊ !

मेरो क्रोध तिनीहरूको विरुद्धमा
दन्कन्छ ।
तिनीहरू कहिलेसम्म शुद्ध हुनलाई
असमर्थ रहन्छन् ?
६ तिनीहरू इस्राएलबाटका हुन् !
यो बाछा एउटा कारीगरले बनाएको हो;
यो परमेश्वर होइन ।
त्यो सामरियाको बाछा टुक्रा-टुक्रा
पारिनेछ ।
७ "तिनीहरूले बतास छर्दछन्
अनि भूमरीको कटनी गर्छन् ।
डाँठमा दाना छैन,
त्यसबाट पीठो निस्कनेछैन ।
यदि त्यसले अन्न फलाएको भए,
परदेशीहरूले ती निलिहाल्ने छन् ।
८ इस्राएल निलिएको छ,
अब त्यो जातिहरूको बीचमा
एउटा मूल्यहीन कुरोझैं छ ।
९ किनकि तिनीहरू एक्लै डुलिहिँड्ने जङ्गली
गधाझैं अश्शूरतिर गएका छन् ।
एप्रेमले आफैलाई प्रेमीहरूकहाँ बेचेकी
छ ।
१० तिनीहरूले आफैलाई जातिहरू बीच बेचे
तापनि,
अब म तिनीहरूलाई एकसाथ भेला
गराउनेछु ।
तिनीहरू शक्तिशाली राजाको
थिचोमिचोमा नाश हुन लागेका छन् ।
११ "एप्रेमले पापबलिको निम्ति धेरै वेदीहरू
बनाए तापनि,
ती पाप गर्ने वेदीहरू भएका छन् ।
१२ मैले तिनीहरूको निम्ति मेरा व्यवस्थाका
धेरै कुराहरू लेखिदिएँ,
तर तिनीहरूले त्यसलाई परदेशी कुराझैं
सम्झे ।
१३ तिनीहरूले मलाई बलिदानहरू चढ़ाउँछन्
र मासुचाहिँ तिनीहरूले खान्छन् ।
तर परमप्रभु तिनीहरूसँग खुशी
हुनुहुन्न ।
अब उहाँले तिनीहरूका दुष्टता
सम्झनुहुनेछ,
र तिनीहरूका पापका दण्ड दिनुहुनेछ:
तिनीहरू मिश्रदेशमा फर्किजानेछन् ।
१४ इस्राएलले आफ्ना सृष्टिकर्तालाई बिर्सेको
छ,
र महलहरू बनाएको छ,
यहूदाले धेरै शहरहरू पर्खालले घेरेको
छ ।
तर म तिनीहरूका शहरहरूमा आगो
लगाइदिनेछु जसले तिनीहरूका
किल्लाहरू भष्म पार्नेछ ।"

## इस्राएलको निम्ति दण्ड

९ हे इस्राएल, नरमाओ;
अरू जातिहरूझैं उत्सवले नरमाओ,
किनकि तँ आफ्नो परमेश्वरप्रति
अविश्वासयोग्य भएको छस्;
प्रत्येक खलामा तँ वेश्यावृत्तिको ज्याला
मन पराउँछस् ।
२ खला र दाखमद्यको कोलले मानिसहरूलाई
खुवाउने छैनन्;
नयाँ दाखमद्यको तिनीहरूलाई अभाव
हुनेछ ।
३ तिनीहरू परमप्रभुको देशमा रहनेछैनन्;
एप्रेम मिश्रदेशतिर फर्कनेछ,
र अश्शूरमा अशुद्ध भोजन खानेछ ।
४ तिनीहरूले परमप्रभुकहाँ दाखमद्यको भेटी
चढ़ाउनेछैनन्,
नता तिनीहरूका बलिदानहरूले उहाँलाई
खुशी पार्नेछन् ।
यस्ता बलिदानहरू तिनीहरूका निम्ति
विलाप गर्नेहरूको रोटीझैं हुनेछन्;
ती खाने सबै अशुद्ध हुनेछन् ।
त्यो भोजन तिनीहरूकै निम्ति हुनेछ;
त्यो परमप्रभुको मन्दिरमा आउनेछैन ।
५ तेरा तोकिएका चाड़हरूको दिनमा,
परमप्रभुका उत्सवका दिनहरूमा तँ के
गर्नेछस् ?
६ तिनीहरू विनाशबाट उम्के तापनि;
मिश्रदेशले तिनीहरूलाई बटुल्नेछ,

अनि मोपका मानिसहरूले तिनीहरूलाई
गाड़नेछन् ।
तिनीहरूका चाँदीका भण्डारहरू
काँड़ाघारीमा पर्नेछन्,
र तिनीहरूका पालहरू काँढ़ाहरूले
ढाकिनेछन् ।
७ दण्डका दिनहरू आइरहेका छन्,
प्रतिशोधका दिनहरू नजीकै छन्;
इस्राएलले यो जानोस् ।
तेरा पापहरू यति धेरै र तेरो बैर-भाव
यति ठूलो भएकाले,
अगमवक्तालाई मूर्ख र प्रेरितभएको
मानिसलाई तँ बौलाहासरह ठान्छस् ।
८ मेरा परमेश्वरसितै, अगमवक्ताचाहिँ
एप्रेमको पहरादार हो,
तरै पनि त्यसका सबै मार्गहरूमा
त्यसलाई पासोले र यसका परमेश्वरको
भवनमा बैर-भावले पर्खिरहेको हुन्छ ।
९ गिबामा झैं तिनीहरू भ्रष्टाचारमा चुर्लुम्म
डुबेका छन् ।
परमेश्वरले तिनीहरूका दुष्टता
सम्झनुहुनेछ,
अनि उहाँले तिनीहरूका पापको निम्ति
दण्ड दिनुहुनेछ ।
१० "मैले जब इस्राएललाई भेटाएँ
त्यो त मरुभूमिमा अङ्गूरलाई पाउनुझैं
थियो,
मैले जब तिमीहरूका पिता-पुर्खाहरूलाई
भेटाएँ,
त्यो त नेभाराको रूखमा अगौटे फल
पाउनुझैं थियो ।
तर जब तिनीहरू बाल-पोरमा आए,
तिनीहरूले आफैलाई त्यस शर्मलाग्दो
मूर्तिको अगि समर्पण गरे,
र आफूले मन पराएको चीजझैं तिनीहरू
आफै घृणित बने ।
११ एप्रेमको गौरव एउटा चराझैं उड़ेर
जानेछ–
तिनीहरूमा नता कुनै जन्म, न कुनै
गर्भावस्था, न गर्भधारण हुनेछ ।
१२ तिनीहरूले छोराछोरी जन्माए तापनि,
प्रत्येक बालकको निम्ति तिनीहरूलाई
म शोकित तुल्याउनेछु ।
धिक्कार ! तिनीहरूलाई जब म
तिनीहरूबाट फर्केर जानेछु ।
१३ मैले एप्रेमलाई सुन्दर ठाउँमा रोपिएको
टायरझैं देखेको छु ।
तर एप्रेमले आफ्ना छोराछोरीहरूलाई
हत्याराहरूकहाँ ल्याउनेछ ।"
१४ हे प्रभु, तिनीहरूलाई दिनुहोस्–
तपाईं तिनीहरूलाई के दिनुहुन्छ ?
तिनीहरूलाई गर्भपात हुने गर्भहरू दिनुहोस्
र शुष्क स्तनहरू दिनुहोस् ।
१५ "गिलगालमा गरेका तिनीहरूका सबै
दुष्टताहरूको कारण,
मैले त्यहाँ तिनीहरूलाई घृणा गरे ।
तिनीहरूका पापपूर्ण कामहरूको कारण,
म तिनीहरूलाई आफ्नो भवनदेखि
निकालिदिनेछु ।
म तिनीहरूलाई अबोप्रान्त प्रेम गर्नेछैनँ;
तिनीहरूका सबै अगुवाहरू बागीहरू हुन् ।
१६ एप्रेमलाई खुइले रोग लागेको छ,
तिनीहरूका जरा ओइलाएका छन्,
तिनीहरूले फल फलाउँदैनन् ।
तिनीहरूले छोराछोरी जन्माए तापनि,
म तिनीहरूका लोभलाग्दा
छोराछोरीहरूलाई मारिदिनेछु ।"
१७ मेरा परमेश्वरले तिनीहरूलाई तिरष्कार
गर्नुहुनेछ,
किनकि तिनीहरूले उहाँका आज्ञाहरू
पालन गरेनन्;
तिनीहरू जाति-जातिहरूबीच
डुलिहिँड्नेहरू हुनेछन् ।

१० इस्राएल एउटा फैलिएको दाखको बोट
थियो;
त्यसले आफ्नै निम्ति फल फलायो ।

---

**९:७**–लूका २१:२२. **९:९**–न्यायकर्ता १९:१-३०. **९:१०**–गन्ती २५:१-५.

त्यसको फल बढ़ेर जादाँ,
त्यसले अझ धेरै वेदीहरू बनायो;
त्यसको जमिनले उन्नति गर्दा
त्यसले आफ्नो पवित्र ढुङ्गाहरूलाई
सिँगाऱ्यो ।
२ तिनीहरूको हृदय छली छ,
र अब तिनीहरूले दोषको दण्ड
पाउनैपर्छ ।
परमप्रभुले तिनीहरूका वेदीहरू
भत्काइदिनुहुनेछ,
र तिनीहरूका पवित्र ढुङ्गाहरू नष्ट
गरिदिनुहुनेछ ।
३ तब तिनीहरूले भन्नेछन्, "हामीले
परमप्रभुलाई आदर नगरेका हुनाले
हामीसित राजा छैनन् ।
तर यदि हामीसित राजा भए तापनि,
तिनले हाम्रो निम्ति के गर्न सक्थे होला
र ?"
४ तिनीहरू धेरै प्रतिज्ञाहरू गर्छन्,
झूटा शपथ खान्छन् र करारहरू बनाउँछन्;
यसकारण जोतिएको जमिनमा विषालु
झारहरू उम्रेझैँ न्यायका मुद्दाहरू
बन्दछन् ।
५ सामरियामा बस्ने मानिसहरू बेथ-आबनको
बाछाको मूर्तिको निम्ति डराउँछन् ।
त्यसका मानिसहरू त्यसको निम्ति
विलाप गर्नेछन्,
र मूर्तिपूजक पूजाहारीहरूले पनि त्यसै
गर्नेछन्,
तिनीहरू, जोहरूले त्यसको गौरवमा
आनन्द मनाएका थिए,
किनकि त्यो त देशबाट निकालिएर कैदमा
लगिएको छ ।
६ त्यसलाई महान् राजाको निम्ति
सौगातस्वरूप अश्शूरमा लगिनेछ ।
एप्रेम अपमानित हुनेछ;
इस्राएल आफ्ना काठका मूर्तिहरूको
कारण लज्जित हुनेछ ।
७ सामरिया र त्यसको राजा पानीमाथि
बगिरहेको टुक्राझैँ बगेर जानेछन् ।
८ दुष्टताका अग्ला ठाउँहरू नष्ट पारिनेछन्–
यो त इस्राएलको पाप हो ।
काँढ़ा र सिउँड़ीहरू बढ़ेर तिनीहरूका
वेदीहरू ढाक्नेछन् ।
तब तिनीहरूले पहाड़हरूलाई 'हामीलाई
छोपिदे !' भन्नेछन्,
अनि डाँड़ाहरूलाई 'हामीमाथि खस् !'
भन्नेछन् ।
९ "हे इस्राएल, गिबाका दिनहरूदेखि यसो
तिमीहरूले पाप गरेका छौ,
र तिमीहरू त्यहीँ रहेका छौ ।
के गिबामा भएका दुष्ट काम गर्नेहरूलाई
लड़ाइँले सखाप पारेन ?
१० म आफ्नो इच्छाअनुसार तिनीहरूलाई
दण्ड दिनेछु;
तिनीहरूलाई आफ्ना दोबर पापको निम्ति
बन्धनमा पार्नलाई
तिनीहरूको विरुद्धमा जातिहरू भेला
हुनेछन् ।
११ एप्रेम दाइँ गर्न रूचाउने सधाइएकी
कोरली हो;
यसकारण म त्यसको सुन्दर काँधमा
एउटा जुवा लगाइदिनेछु ।
म एप्रेमलाई धपाउनेछु,
यहूदाले चाहिँ जोत्नुपर्छ,
र याकूबले डल्लाहरू फुटाउनुपर्नेछ ।
१२ आफ्नो निम्ति धार्मिकता छर,
अटूट् प्रेमको कटनी गर,
र तिमीहरूका नजोतिएका जमिन फूटाओ;
किनकि परमप्रभुलाई खोज्ने समय अहिले
हो, जबसम्म उहाँ आएर तिमीहरूमाथि
धार्मिकताको झरी बर्षानुहुन्छ ।
१३ तर तिमीहरूले त दुष्टता रोपेका छौ,
तिमीहरूले दुष्टता कटनी गरेका छौ,
तिमीहरूले छलका फल खाएका छौ ।
तिमीहरूले आफ्नै सामर्थमा

---

**१०:८**–लूका २३:३०; प्रकाश ६:१६. **१०:९**–न्यायकर्ता १९:१-३०. **१०:१२**–यर्मिया ४:३.

र आफ्नै योद्धाहरूमाथि भरोसा राखेको
कारण,
१४ तिमीहरूका सबै गढ़ीहरू नाश होऊन्
भनेर तिमीहरूका मानिसहरूका विरुद्ध
युद्धका गर्जनहरू उठ्नेछन्–
अर्थात्, युद्धको दिनमा शल्मनले बेथ-
आर्बेललाई नाश गरेझैं,
जब आमाहरू आफ्ना नानीहरूसितै भूइँमा
पच्छारिएका थिए।
१५ यसरी नै हे बेथेल, तँमाथि यस्तै हुनेछ,
किनकि तेरो दुष्टता धेरै ठूलो छ।
त्यो दिन उदय हुँदा;
'इस्राएलको राजा पूर्णरूपले नष्ट पारिनेछ।

### इस्राएलको निम्ति परमेश्वरको प्रेम

११ "इस्राएल बालक छँदा, मैले त्यसलाई
प्रेम गरें,
र मिश्रदेशबाट मैले आफ्नो छोरालाई
बोलाएँ।
२ तर मैले इस्राएललाई जति बोलाएँ,
तिनीहरू मदेखि उतिनै टाढ़ा गए।
तिनीहरूले बाल-देवताहरूलाई बलिदान
चढ़ाए,
र तिनीहरूले मूर्तिहरूलाई धूप बाले।
३ तिनीहरूलाई आफ्नो बाहुमा लिएर,
एप्रेमलाई हिँड्न सिकाउने मनै हुँ,
तर मैले नै तिनीहरूलाई निको पारें भन्ने
तिनीहरूले थाहा गरेनन्।
४ मैले तिनीहरूलाई मानव प्रेम र दयाको
बन्धनले डोऱ्याएँ;
मैले तिनीहरूको काँधबाट जुवा उठाइदिएँ
र तिनीहरूलाई खुवाउन म निहुरें।
५ "तिनीहरूले पश्चाताप गर्न अस्वीकार
गरेको कारण के तिनीहरू मिश्रदेशमा
फर्कनेछैनन् ?
अनि के अश्शूरले तिनीहरूमाथि शासन
गर्नेछैन ?
६ तिनीहरूका शहरहरूमा तरवारहरू
चम्केर तिनीहरूका मूलढोकाका
बारहरू भत्काउनेछन्,
र तिनीहरूका योजनाहरूको अन्त
गरिदिनेछन्।
७ मेरा मानिसहरूले मदेखि तर्किजाने
निश्चय गरेका छन्।
यदि तिनीहरूले सर्वोच्चलाई पुकारे तापनि,
उहाँले कुनै हालतमा तिनीहरूलाई
उचाल्नुहुनेछैन।
८ "हे एप्रेम, म तँलाई कसरी त्याग्नसक्छु ?
हे इस्राएल, म तँलाई कसरी सुम्पनसक्छु ?
म तँलाई कसरी अदमालाई झैं व्यवहार
गर्न सक्छु ?
म तँलाई कसरी सबोयीमझैँ बनाउन
सक्छु ?
मेरो हृदय मभित्रै बदलिएको छ;
मेरो मनमा दया जागेका छन्।
९ म मेरो भयानक क्रोध पोख्नेछैनँ;
नता म एप्रेमलाई नाश पार्नेछु।
किनकि म मानिस होइन,
तर तिमीहरूका बीचमा भएका पवित्र
परमेश्वर हुँ।
म क्रोध लिएर आउनेछैनँ।
१० तिनीहरूले परमप्रभुलाई पछ्याउनेछन्;
उहाँ सिंहझैं गर्जनुहुनेछ।
उहाँ गर्जनुहुँदा,
उहाँका बालबच्चाहरू काम्दै पश्चिमबाट
आउनेछन्।
११ तिनीहरू मिश्रदेशबाट आएका चराहरूझैं,
अश्शूरबाट आएका ढुकुरहरूझैं काम्दै
आउनेछन्।
म तिनीहरूलाई आफ्ना घरहरूमा स्थापित
गर्नेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ।

### इस्राएलको पाप

१२ एप्रेमले मलाई झूटले,
र इस्राएलको घरानाले छलले मलाई

**११:१**–प्रस्थान ४:२२; मत्ती २:१५.

घेरेको छ ।
यहूदा परमेश्वरको विरुद्धमा,
परमपवित्रको विरुद्धमा खड़ा भएको छ ।
१२ एप्रेमले बतास खान्छ;
त्यसले सारा दिन पूर्वीय बतासलाई
खेद्छ
अनि झूट र हिंसा बढ़ाउँछ ।
त्यसले अश्शूरसित सन्धि बाँध्छ
र त्यसले मिश्रदेशमा जैतूनको तेल
पठाउँछ ।
२ यहूदाको विरुद्धमा परमेश्वरको अभियोग
छ,
उहाँले याकूबलाई त्यसका मार्गहरूअनुसार
दण्ड दिनुहुनेछ,
उहाँले त्यसका कामहरूअनुसार प्रतिफल
दिनुहुनेछ ।
३ गर्भमा नै त्यसले आफ्ना दाज्यूको कुर्कुच्चा
पक्रयो;
मानिस भईकन त्यसले परमेश्वरसित
लड़ाइँ गऱ्यो ।
४ त्यसले स्वर्गदूतसित लड़ाइँ गऱ्यो र
यसलाई जित्यो;
त्यो रोयो र उनीसित निगाहको निम्ति
बिन्ती गऱ्यो ।
उहाँले त्यसलाई बेथेलमा भेटाउनुभयो
र त्यससित त्यहाँ कुरा गर्नुभयो–
५ सर्वशक्तिमान् परमेश्वर,
उहाँको ख्यातिपूर्ण नाउँ परमप्रभु हो !
६ तर तँ आफ्ना परमेश्वरकहाँ फर्कनुपर्छ;
प्रेम र इन्साफ कायम राख्, र सधैँ
तेरा परमेश्वरको प्रतीक्षा गर् ।
७ व्यापारीले छलको तराजू प्रयोग गर्छ,
छल गर्न त्यसले मन पराउँछ ।
८ एप्रेमले घमण्डसित भन्छ,
"म धेरै धनी छु, म धनवान् भएको छु ।
मेरो सबै धनको कारण तिनीहरूले
ममा कुनै अधर्म र पाप भेट्टाउनेछैनन् ।"
९ "म परमप्रभु तेरा परमेश्वर हुँ,
जसले तँलाई मिश्रदेशबाट
निकालिल्याएको छु;
तेरा तोकिएका चाड़हरूका दिनहरूमा झैँ
म तँलाई फेरि पालहरूमा बस्न
लाउनेछु ।
१० मैले अगमवक्ताहरूसित कुरा गरें,
तिनीहरूलाई धेरै दर्शनहरू दिएँ
र तिनीहरूद्वारा दृष्टान्त भनें ।"
११ के गिलाद दुष्ट छ ?
यसका मानिसहरू व्यर्थका छन् !
के तिनीहरूले गिलगालमा साँढ़ेहरू
बलिदान गर्छन् ?
तिनीहरूका वेदीहरू जोतिएका खेतहरूमा
भएका ढुङ्गाका थुप्राहरूझैँ हुनेछन् ।
१२ याकूब आरामको देशमा भागेर गए;
इस्राएलले स्वास्नी पाउन सेवा गरे,
अनि त्यसको दाम तिर्न भेड़ाहरू चराए ।
१३ परमप्रभुले इस्राएललाई मिश्रदेशबाट
निकालि ल्याउनलाई एक जना
अगमवक्तालाई प्रयोग गर्नुभयो ।
एक जना अगमवक्ताद्वारा उहाँले त्यसको
हेरचाहा गर्नुभयो ।
१४ तर एप्रेमले नमीठो गरी उहाँलाई रीस
उठायो;
त्यसको रक्तपातको दोष परमप्रभुले
त्यसमाथिनै राखिदिनुहुनेछ,
अनि त्यसको घृणाको लागि प्रतिफल
दिनुहुनेछ ।

### इस्राएलको विरुद्धमा परमप्रभुको रीस

१३ एप्रेम बोल्दा मानिसहरू काम्थे;
इस्राएलमा त्यो उच्च पारियो ।
तर त्यो बाल-पूजाको दोषी ठहरियो र
मऱ्यो ।
२ अब तिनीहरू अझ बढ़ी पाप गर्छन्;
तिनीहरूले आफ्ना चाँदीबाट आफ्नै लागि

---

**१२:३**–उत्पत्ति २५:२६. **१२:३-४**–उत्पत्ति ३२:२४-२६. **१२:४**–उत्पत्ति २८:१०-२२. **१२:९**–लेवी २३:४२-४३. **१२:१२**–उत्पत्ति २९:१-२०. **१२:१३**–प्रस्थान १२:५०-५१.

मूर्तिहरू बनाउँछन्,
अर्थात् निपुणतापूर्वक बनाइएका मूर्तिहरू
जुनहरू सबै कारीगरहरूको काम हो ।
यी मानिसहरूको विषयमा यसो भनिएको
छ,
"तिनीहरूले मानव-बलि चढ़ाउँछन्
अनि बाछा-मूर्तिलाई म्वाइँ खान्छन् ।"
३ यसकारण तिनीहरू बिहानको कुइरो,
सबेरै बिलाई जाने तुसारोझैँ,
खलाबाट उड़िजाने भुसझैँ,
झ्यालबाट उम्केको धूवाँझैँ हुनेछन् ।
४ "तर म त परमप्रभु तिमीहरूका परमेश्वर
हुँ,
जसले तिमीहरूलाई मिश्रदेशबाट निकालि
ल्याएँ ।
तिमीहरूले मबाहेक अरू कसैलाई
परमेश्वर भनी मान्नेछैनौ,
मबाहेक अरू कसैलाई मुक्तिदाता
मान्नेछैनौ ।
५ मैले तिमीहरूलाई उजाड़-स्थानमा,
अर्थात् चर्को गर्मीको ठाउँमा हेरचाहा
गरें ।
६ मैले तिनीहरूलाई खुवाउँदा तिनीहरू तृप्त
भए;
तिनीहरू तृप्त हुँदा तिनीहरू अहंकारी भए;
र तिनीहरूले मलाई बिर्से ।
७ यसकारण म तिनीहरूमाथि सिंहझैँ
आइलाग्नेछु,
चितुवाझैँ म तिनीहरूका बाटो ढुक्नेछु ।
८ बच्चा खोसिएकी भालूझैँ
म तिनीहरूलाई आक्रमण गरेर
च्यात्नेछु ।
बाघले झैँ म तिनीहरूलाई खानेछु;
एउटा बनपशुले तिनीहरूलाई
फहराउनेछ ।
९ "हे इस्राएल, तँ नाश भएको छस्,
किनकि तँ मेरो विरुद्धमा
अर्थात् तेरो सहायकको विरुद्धमा छस् ।
१० तिमीहरूको राजा कहाँ छ,
जसले तिमीहरूलाई बचाउन सकोस् ?
तिमीहरूलाई 'मलाई एउटा राजा
र राजकुमारहरू दिनुहोस्' भनेका ती
शासकहरू तिमीहरूका सबै शहरहरूमा
कहाँ छन् ?
११ यसकारण मैले आफ्नो क्रोधमा
तिमीहरूलाई एउटा राजा दिएँ,
अनि मेरै क्रोधमा मैले त्यसलाई मेरो
नजरबाट हटाएँ ।
१२ एप्रेमका दोषहरू थुपारेर राखिएका छन्,
त्यसका पापहरू दर्ता गरेर राखिएका
छन् ।
१३ स्त्रीको प्रसववेदनाजस्तै त्यसमाथि दु:ख
आउनेछ ।
तर त्यो त ज्ञानशुन्य बालक हो;
जन्मने समयपुग्दा त्यो गर्भको मुखमा
आइपुग्दैन ।
१४ "म तिनीहरूलाई पातालको शक्तिबाट
मोल तिरेर छुटाउनेछु;
म तिनीहरूलाई मृत्युबाट छुट्कारा दिनेछु
हे मृत्यु तेरो विपत्ति कहाँ छ ?
हे पाताल मेरो संहार कहाँ छ ?
"म दया देखाउनेछैनँ,
१५ त्यो आफ्ना दाज्यूभाइहरूबीच मौलाए
तापनि एउटा पूर्वीय बतास आउनेछ
र त्यसलााई उजाड़-स्थानबाट उड़ाएर
लैजानेछ,
त्यसको पानीका मूलले धोका दिनेछ
र त्यसको कुवा सुकिजानेछ ।
त्यसको भण्डारबाट बहुमूल्य कुराहरू
लूटिनेछन् ।
१६ सामरियाका मानिसहरूले आफ्नो
अपराधको फल भोग्नुपर्छ,
किनकि तिनीहरू आफ्ना परमेश्वरप्रति
बागी भएका छन् ।

---

**१३:५-६**–व्यवस्था ८:११-१७. **१३:१०**–१ शमूएल ८:५-६. **१३:११**–१ शमूएल १०:१७-२४; १५:२६.
**१३:१४**–१ कोरिन्थी १५:५५.

तिनीहरू तरवारद्वारा मारिनेछन्;
तिनीहरूका छोराछोरीहरूलाई भूइँमा पछारिनेछन्,
तिनीहरूका गर्भवती स्त्रीहरू काटिएर उदाङ्गो पारिनेछन् ।"

## आशिष् ल्याउनलाई पश्चात्ताप

१४ इस्राएल, आफ्ना परमेश्वरतिर फर्की ।
तेरा पापहरू तेरो पतनका कारण हुन् !
२ वचनहरू आफूसित लिएर परमप्रभुतिर फर्क ।
उहाँलाई भन्:
"हाम्रा सबै पापहरू क्षमा गर्नुहोस्,
र हामीलाई करूणासहित ग्रहण गर्नुहोस्,
अनि हामी आफ्ना ओठका फलहरू चढ़ाउन सकौं ।
३ अश्शूरले हामीलाई बचाउन सक्दैन;
हामी युद्धका घोड़ाहरूमाथि सवार हुनेछैनौं ।
हामी कहिल्यै पनि आफ्ना हातले बनाएका कुराहरूलाई 'हाम्रा देवहरू' भन्ने छैनौं,
किनकि तपाईंमा नै अनाथहरूले दया पाउँछन् ।"
४ "म तिनीहरूको बरालिएको अवस्थालाई निको पार्नेछु र तिनीहरूलाई सच्चा रूपले प्रेम गर्नेछु,
किनकि मेरो क्रोध तिनीहरूबाट हटिसकेको छ ।
५ म इस्राएलप्रति शीतझैँ हुनेछु;
त्यो लिली फूलझैँ फक्रनेछ ।
लबानोनको देवदारुले झैँ त्यसले आफ्ना जराहरू गहिरोमा पठाउनेछ;
६ त्यसका कलिला मुना बढ्नेछन्
त्यसको शोभा जैतूनको रूखझैँ हुनेछ,
त्यसको सुगन्ध लबानोनको देवदारुझैँ हुनेछ ।
७ मानिसहरू फेरि त्यसको छाहारीमा बस्नेछन् ।
त्यो अन्नझैँ सप्रनेछ ।
त्यो दाखझैँ फक्रनेछ,
र त्यसको ख्याति लबानोनबाटको मद्यझैँ हुनेछ ।
८ हे एप्रेम, मूर्तिहरूसित मैले अझ के गर्नु छ र ?
म त्यसलाई जवाफ दिनेछु र त्यसको हेरचाहा गर्नेछु ।
म हरियो धूपीको रूखझैँ छु;
तेरो फलको प्रशस्ति मबाट आउनेछ ।"
९ बुद्धिमान् को छ ? त्यसले यी कुराहरू थाहा गर्नेछ ।
को समझदार छ ? त्यसले ती कुराहरू बुझ्नेछ ।
परमप्रभुका मार्गहरू ठीक छन्;
त्यसमा धर्मीहरू हिँड्छन्,
तर बागीहरू त्यसमा ठोकर खान्छन् ।

# योएलको पुस्तक

१ पतूएलको छोरो योएलकहाँ आएको परमप्रभुको वचन ।

### सलहहरूको आक्रमण

२ यो सुन, बूढ़ा-पाका मानिसहरू हो;
यस देशमा बस्ने सबैले सुन ।
के यस प्रकारको कुनै कुरो पनि
तिमीहरूका पालामा या त तिमीहरूका
पिता-पुर्खाहरूका समयमा कहिले
भएको थियो ?
३ तिमीहरूका छोराछोरीहरूलाई यो कुरो
बताओ,
अनि तिमीहरूका छोराछोरीले उनीहरूका
छोराछोरीहरूलाई बताऊन्,
अनि उनीहरूका छोराछोरीहरूले अझै
अर्को पुस्तालाई बताऊन् ।
४ जे बगाले सलहले छोड़ेको छ,
ती ठूला सलहहरूले खाएका छन्;
जे ठूला सलहहरूले छाड़ेका छन्
ती साना सलहहरूले खाएका छन्;
जे साना सलहहरूले छाड़ेका छन्
अरू सलहहरूले खाएका छन् ।
५ जाग, हे मतवालाहरू हो, अनि विलाप
गर !
हे सबै मद्य पिउनेहरू हो, विलौना गर;
नयाँ मद्यको लागि विलौना गर
किनकि यो तिमीहरूका ओंठहरूदेखि
खोसिएको छ ।
६ एउटा शक्तिशाली अनि असङ्ख्य जातिले
मेरो देशमाथि आक्रमण गरेको छ,
सिंहको जस्तो यसका दाँतहरू छन्,
सिंहिनीको झैँ तीखा पन्जाहरू छन् ।
७ यसले मेरा दाखहरू उजाड़ पारेको छ,
अनि मेरा नेभाराका रूखहरू नष्ट
गरेको छ ।
यसले हाँगाहरूलाई सेतै पारिदिएको छ,
र तिनीहरूका बोक्राहरू समेत निकालेर
फ्याँकिदिएको छ;
हाँगाहरूलाई सेतै पारिदिएको छ ।
८ जवानीमा कन्ये-केटीले आफ्नो
लोग्नेको निम्ति शोक गरेझैँ भाङ्ग्रा
लगाएर विलाप गर ।
९ अन्नबलि र अर्घबलिहरू परमप्रभुको
भवनदेखि बन्द भएको छ ।
परमप्रभुको सामुन्ने सेवा गर्ने पूजाहारीहरू
शोक गर्दैछन् ।
१० खेतहरू ध्वंश पारिएका छन्,
भूमि सुक्खा भएको छ;
अन्न नष्ट भएको छ,
नयाँ दाखमद्य सुकेको छ,
तेल छँदैछैन ।
११ हे किसानहरू, निराश होओ,
दाख उमार्नेहरू, विलौना गर;
गहुँ र जौको निम्ति शोक गर,
किनकि खेतको फसल नष्ट भएको छ ।
१२ दाख सुकेको छ
अनि नेभाराको रूख ओइलाएको छ;
अनार, खजुर र स्याउका रूखहरू–
खेतका सबै रूखहरू सुकेका छन् ।
निश्चय नै मानिस जातिको आनन्द पनि
सुकेको छ ।

### पश्चात्तापको निम्ति आह्वान

१३ हे पूजाहारीहरू, भाङ्ग्रा लगाऊ, अनि
शोक गर;
वेदीको अगि बसी सेवा गर्नेहरू, विलौना

**१:६**–प्रकाश ९:८.

गर ।
आऊ, भाङ्ग्रा लाएर रात काट,
तिमीहरू जसले मेरा परमेश्वरको अगि सेवा गर्छौ;
किनकि अन्नबलि र अर्घबलिहरू
परमेश्वरको भवनदेखि रोकिएका छन् ।
१४ एउटा पवित्र उपवासको घोषणा गर;
पवित्र सभा बोलाऊ ।
धर्म-गुरुहरूलाई बोलाऊ
अनि यस देशमा बस्ने सबैलाई
तिमीहरूका परमेश्वर परमप्रभुको भवनमा ल्याऊ,
अनि परमप्रभुमा पुकारा गर ।
१५ अहो ! कस्तो त्यो दिन !
किनकि परमप्रभुको दिन नजीक छ;
यो सर्वशक्तिमान्‌बाट सत्यनाशझैँ आउनेछ ।
१६ के हाम्रा आँखाहरूकै सामुन्ने
खानाहरू रोकिएको छैन–
हर्ष र आनन्द परमेश्वरको भवनबाट बन्द भएको छ ?
१७ बीउहरू माटाका डल्लाहरूमुनि चाउरिएका छन् ।
भण्डारहरू उजाड़ भएका छन्,
अन्नका ढुकुटीहरू तोड़िएका छन्,
किनकि अन्नहरू सुकेका छन् ।
१८ पशुहरू कसरी कराउँदैछन् !
बथान विचलित भएका छन्
किनकि तिनीहरूका निम्ति खर्क छैन;
भेड़ाहरूका बथानले समेत दु:ख पाइराखेका छन् ।
१९ हे परमेश्वर, म तपाईंलाई पुकार्दछु,
किनकि आगोले खुला खर्कहरू नष्ट पारेको छ,
अनि ज्वालाहरूले खेतका सबै रूखहरू जलेका छन् ।
२० जङ्गली पशुहरूसमेत तपाईंको निम्ति तिर्खाउँछ;
पानीका खोलाहरू सुकेका छन्,
अनि आगोले खुला खर्कहरूलाई नाश गरेको छ ।

### सलहहरूको एक हूल

२ सियोनमा तुरही फूक;
मेरो पवित्र डाँड़ामा चेतावनी ध्वनी सुनाओ ।
यस देशमा रहने सबै कामून्,
किनकि परमप्रभुको दिन आउँदैछ ।
यो नजीकै छ–
२ उदासी र अन्धकारमय एउटा दिन,
बादल र कालो अँध्यारोले छोपेको एउटा दिन ।
पर्वतहरूतिर बिहानी बढ़्दै गइरहेको जस्तो
एउटा शक्तिशाली अनि विशाल सेना आउँछ,
यस्तो अघि कहिल्यै भएको थिएन
नता आउने युगहरूमा नै यस्तो हुनेछ ।
३ तिनीहरूका अगि आगोले भष्म पार्छ,
तिनीहरूका पछि ज्वाला दन्कन्छ ।
तिनीहरूका अगि भूमि अदनको बगैंचाजस्तो छ,
तिनीहरूका पछि, एउटा उजाड़ मरुभूमि–
केही पनि तिनीहरूदेखि उम्कदैन ।
४ तिनीहरूका अनुहार घोड़ाहरूका जस्ता छन्;
घोड़चढी सेनाझैँ दगुर्छन् ।
५ रथहरूका जस्तै आवाजसित
तिनीहरू पहाड़हरूका टाकुराहरूतिर उफ्रन्छन्,
ठुटाहरूलाई पनि भष्म गर्ने दन्केका आगोका ज्वालाजस्तै,
युद्धमा उत्रेका शक्तिशाली सेनाजस्तै ।
६ तिनीहरूलाई देख्दा, राष्ट्रहरू वेदनामा पर्छन्;
प्रत्येक अनुहार पहेँलो हुन्छ ।
७ योद्धाहरूले झैँ तिनीहरूले आक्रमण गर्छन्;

**१:१५**–यशैया १३:६. **२:४-५**–प्रकाश ९:७-९.

सिपाहीहरूले जस्तै पर्खालमा चढ्छन् ।
तिनीहरूका पंक्तिदेखि अलग नभई,
तिनीहरू सबै पंक्तिबद्ध भएर हिँड्छन्,
८ तिनीहरू एकले अर्कालाई धक्का दिँदैनन्;
हरेक सीधा अगि हिँड्छ ।
तिनीहरू आफ्नो पंक्तिलाई नबिगारी
शत्रुहरूमाथि जाइलाग्छन् ।
९ तिनीहरू शहरभित्र दौड़ेर जान्छन्;
तिनीहरू पर्खालमाथि दौड़न्छन् ।
घरहरूमा चढ़ेर भित्र पस्छन्;
चोरहरूझैँ झ्यालहरूबाट भित्र पस्छन् ।
१० तिनीहरूका अगि पृथ्वी काम्दछ,
आकाश थरथराउँछ,
घाम र जुन अँध्यारो बनाइन्छन्,
अनि ताराहरू अब चम्कँदैनन् ।
११ परमप्रभु उहाँको सेनाको अगि
गड़गड़ाउनुहुन्छ;
उहाँको सेना अनगिन्ती छन्,
अनि जसले उहाँको आज्ञा पालन गर्छन्
तिनीहरू शक्तिशाली छन् ।
परमप्रभुको दिन महान् छ;
यो डरलाग्दो छ ।
कसले यो सहनसक्छ र ?

### तिमीहरूका हृदय फटाओ

१२ "अझै पनि," परमप्रभु घोषणा गर्नुहुन्छ,
"तिम्रो सारा हृदयसहित उपवास बसेर
रुँदै र विलाप गर्दै मतिर फर्क,
१३ तिमीहरूको हृदय फटाओ तर
लुगाहरू होइन ।
परमप्रभु तिम्रो परमेश्वरतिर फर्क,
किनकि उहाँ अनुग्रही र करूणामय
हुनुहुन्छ,
रीस गर्नमा ढीला र प्रेममा प्रशस्त हुनुहुन्छ,
अनि विपत्ति पठाउनुहुदाँ उहाँ चिन्तित
बन्नुहुन्छ ।
१४ कसले जान्दछ र ? उहाँले फर्केर दया
गर्न पनि सक्नुहुन्छ
अनि एउटा आशिष् पछि छोड़िदिनुहुन्छ–
तिम्रो परमेश्वर परमप्रभुको निम्ति
अन्नबलि र अर्घबलिहरू ।
१५ सियोनमा तुरही फुक,
एउटा पवित्र उपवासको घोषणा गर,
एउटा पवित्र सभा बोलाओ ।
१६ मानिसहरू भेला गर,
सभालाई शुद्ध गर;
धर्म-गुरुहरू एकसाथ ल्याओ,
नानीहरू भेला गर,
दुधे बालकहरूलाई जम्मा गर ।
दुलहाले आफ्नो कोठा छोड़ोस्
अनि दुलहीले पनि आफ्नो भित्री कोठा
छोड़ोस् ।
१७ परमप्रभुको सामुन्ने सेवा गर्ने पूजाहारीहरू,
मन्दिरको वेदी र आँगनको बीचमा बसेर
विलाप गरून् ।
तिनीहरूले भनून्, "हे परमप्रभु,
तपाईंका मानिसहरूलाई बाँकी
राखिदिनुहोस् ।
तपाईंको आफ्नो प्रजालाई गिल्लाको पात्र
बन्न नदिनुहोस्,
जातिहरूका बीचमा यो एउटा उक्ति
नबनोस् ।
मानिसहरूका बीचमा किन तिनीहरूले
यो भनून्, 'खोइ तिनीहरूको परमेश्वर
कहाँ छन् ?'"

### परमप्रभुको जवाफ

१८ त्यसपछि परमप्रभु आफ्नो देशको निम्ति
डाही बन्नुहुनेछ
अनि आफ्ना मानिसहरूप्रति दया
गर्नुहुनेछ ।
१९ परमप्रभुले तिनीहरूलाई जवाफ दिनुहुनेछ:
"म तिमीहरूका निम्ति अन्न, नयाँ
दाखमद्य र तेल पठाउँदैछु,
यति प्रशस्त कि तिमीहरू पूर्ण रूपले
तृप्त हुनेछौ;

---

**२:१०**–प्रकाश ८:१२. **२:११**–प्रकाश ६:१७.

म तिमीहरूलाई अन्यजातिहरूका अगि
कहिल्यै पनि गिल्लाको पात्र बनाउने छैन।
२० "उत्तर दिशाका सेनालाई म तिमीहरूदेखि
टाढ़ो लखेट्नेछु,
सुक्खा, उजाड़ र बाँझो देशमा
तिनीहरूलाई पुऱ्याउनेछु,
यसको अघिल्लो पङ्क्तिलाई पूर्वको समुद्रमा
अनि पछिल्लो पङ्क्तिलाई पश्चिमको
समुद्रमा पुऱ्याइदिनेछु।
अनि यसको दुर्गन्ध माथि जानेछ;
यसको गन्ध फैलिनेछ।"
निश्चय नै उहाँले महान् कार्यहरू
गर्नुभएको छ।
२१ भयभीत नहो, हे देश;
हर्षित र आनन्दित हो।
निश्चय नै परमप्रभुले महान् कार्यहरू
गर्नुभएको छ।
२२ हे जङ्गली पशुहरू, नडराओ,
किनकि खुला खर्कहरू हरिया हुँदैछन्।
रूखहरूले फलहरू दिँदैछन्;
नेभाराको रूख र दाखका बोटहरूले
प्रशस्तसित फल फलाउँछन्।
२३ हे सियोनका मानिसहरू, आनन्दित होओ,
तिम्रा परमेश्वर परमप्रभुमा रमाहट गर,
किनकि उहाँले तिमीहरूका निम्ति
धार्मिकताको खातिर शरदको झरी
दिनुभएको छ।
उहाँले तिमीहरूलाई प्रशस्त वर्षा
पठाउनुहुन्छ,
शरद र वसन्त दुवै ऋतुहरूमा अघिझैँ,
वर्षा पठाउनुहुन्छ।
२४ तिमीहरूका खलाहरू अन्नले भरिभराउ
हुनेछन्;
रस कुण्डहरू नयाँ दाखमद्य र तेलले
भरिएर पोखिनेछन्।
२५ "सलहहरूले खाइदिएका वर्षहरू
म फेरि तिमीहरूलाई फर्काइदिने छु–
अरू सलहहरू अनि सलहको बगालले–
मैले तिमीहरूका बीचमा पठाएको मेरो
ठूलो सेनाले,
ठूला सलह र साना सलहले,
२६ तिमीहरू तृप्त भइन्जेलसम्मलाई,
तिमीहरूसित खानको निम्ति प्रशस्त हुनेछ,
अनि तिमीहरूले परमेश्वर तिमीहरूको
परमप्रभुको नाउँको प्रशंसा गर्नेछौ,
जसले तिमीहरूका निम्ति उदेकका
कामहरू गर्नुभएको छ;
अब फेरि कहिल्यै मेरा मानिसहरू शर्ममा
पर्नेछैनन्।
२७ त्यसपछि तिमीहरूले म इस्राएलमा नै छु
भनी थाहा पाउनेछौ,
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ,
अनि त्यहाँ अरू कोही छैन;
फेरि कहिल्यै मेरा मानिसहरू शर्ममा
पर्ने छैनन्।

## परमप्रभुको दिन

२८ "अनि यसपछि,
म मेरो आत्मा सबै मानिसहरूमाथि
खन्याउनेछु।
तिमीहरूका छोराहरू अनि छोरीहरूले
अगमवाणी गर्नेछन्,
तिमीहरूका बूढ़ा मानिसहरू स्वप्नदर्शी
हुनेछन्,
तिमीहरूका जवानहरूले दर्शनहरू
देख्नेछन्।
२९ ती दिनहरूमा म मेरो आत्मा मेरा सेवकहरू,
पुरुषहरू अनि स्त्रीहरू दुवैमाथि
खन्याउनेछु।
३० आकाशमा अनि पृथ्वीमा म
अचम्मका कुराहरू देखाउने छु,
रगत र आगो अनि धूवाँका मुश्लाहरू।
३१ परमप्रभुको महान् अनि डरलाग्दो दिन
आउन अघि सूर्य अन्धकारमा परिवर्तन

**२:२८-३२**–प्रेरित २:१७-२१. **२:३१**–मत्ती २४:२९; मर्कूस १३:२४-२५; लूका २१:२५; प्रकाश ६:१२-१३.

गरिनेछ,
अनि चन्द्रमा रगतमा परिवर्तन हुनेछ,
३२ अनि हरेक जसले परमप्रभुको नाउँ पुकार्छ
त्यो बचाइनेछ;
किनकि सियोन पर्वत र यरूशलेममा
छुटकारा हुनेछ,
जसरी परमप्रभुले भन्नुभएको छ,
बाँच्नेहरूका मध्येबाट
जसलाई परमप्रभुले बोलाउनुहुन्छ ।

## जाति-जातिहरूको न्याय

**३** "ती दिनहरूमा अनि त्यस समयमा,
जब म यहूदा र यरूशलेमका सौभाग्यहरू
फर्काउनेछु,
२ म सबै जातिलाई भेला गर्नेछु
अनि तिनीहरूलाई यहोशापातको बेंसीमा
ल्याउनेछु ।
त्यहाँ म तिनीहरूका विरोधमा न्याय
गर्नलाई जानेछु
मेरा जाति, इस्राएल मेरा मानिसहरूका
खातिर,
किनकि तिनीहरूले मेरा मानिसहरूलाई
जाति-जातिहरूका बीचमा तितर-बितर
पारे,
अनि मेरो भूमिलाई टुक्राए ।
३ तिनीहरूले मेरो मानिसहरूमाथि चिट्ठा
हाले,
वेश्यागमनको निम्ति केटाहरूका व्यापार
गरे;
दाखमद्य पिउनलाई केटीहरूलाई
दाखमद्यकै निम्ति बिक्री गरे ।

४"अब हे टायर र सीदोन अनि पलिश्तीका
सारा मानिसहरू हो, मेरो विरोधमा तिमीहरूको
के छ ? मैले जे गरेको छु त्यसको साटो
फेर्दैछौ ? यदि तिमीहरूले साटो लिँदैछौ भने,
तिमीहरूले जे गरेका छौ चाँडै त्यो तिमीहरूकै
शिरमा खन्याइदिनेछु । ५किनकि तिमीहरूले
मेरो चाँदी र मेरो सुन अनि मेरो बहुमूल्य
सम्पत्तिहरू तिमीहरूका मन्दिरहरूमा लग्यौ ।
६तिमीहरूले यहूदा र यरूशलेमका मानिसहरूलाई
आफ्नो स्वदेशदेखि टाढ़ो पठाउनलाई ग्रीकहरूका
हातमा बेच्यौ ।

७"हेर, तिमीहरूले तिनीहरूलाई बेचेको
ठाउँहरूदेखि म तिनीहरूलाई उठाउनेछु, अनि
तिमीहरूले जे गरेका छौ त्यो म तिमीहरूका
शिरमै खन्याइदिनेछु । ८म तिमीहरूका
छोराहरू र छोरीहरूलाई यहूदाका मानिसहरूका
हातमा बेचिदिनेछु, अनि तिनीहरूले यिनीहरूलाई
एउटा टाढ़ो देशमा बस्ने शबा जातिलाई
बेचिदिनेछन् ।" परमप्रभु बोल्नुभएको छ ।

९ जाति जातिहरूका बीचमा यो घोषणा
गरः
युद्धको निम्ति तयार गर !
योद्धाहरूलाई जगाओ !
सारा योद्धाहरू नजीक आऊन् अनि
आक्रमण गरून् ।
१० तिमीहरूका हलोका फालीहरू पिटेर
तरवार अनि हँसियाहरूलाई भालाहरू
बनाऊ ।
कमजोरहरूले भनून्,
"म बलवान् छु !"
११ चाँड़ो गरी आओ, हे सबैतिरका सारा
जातिहरू हो,
अनि त्यहाँ भेला होओ ।

हे परमप्रभु ! तपाईंका योद्धाहरू तल
ल्याउनुहोस् !

१२ "जाति जातिहरू जागून्;
तिनीहरू यहोशापातको बेंसीतिर अगि बढून्,
सबै तिरबाट आएका सारा जातिलाई
न्याय गर्न,
म त्यहाँ बस्नेछु ।
१३ हँसिया घुमाओ,

---

**२:३२**–रोमी १०:१३. **३:४-८**–यशैया १४:२९-३१; ३३:१-१८; यर्मिया ४७:१-७; इजकिएल २५:१५-२८:२६; आमोस १:६-१०; सपन्याह २:४-७; जकरिया ९:१-७; मत्ती ११:२१-२२; लूका १०:१३-१४. **३:१०**–यशैया २:४; मीका ४:३.

किनकि फसल पाकेको छ ।
आओ, दाखहरूलाई कुल्च,
किनकि दाखको कोल भरिएको छ
अनि रसकुण्ड भरिएर पोखिन्छ–
तिनीहरूका दुष्टता यति बिघ्न छ !"
१४ फैसला गरिने बेँसीमा भीड़हरूका भीड़हरू छन् !
किनकि फैसलाको बेंसीमा परमप्रभुको दिन नजीक छ ।
१५ सूर्य र चन्द्रमा अँध्यारो हुनेछन्,
अनि ताराहरू अब उसो चम्कने छैनन् ।
१६ परमप्रभु सियोनदेखि गर्जनुहुनेछ
अनि यरूशलेमदेखि गड़गड़ाउनुहुन्छ;
पृथ्वी र आकाश थरथर काम्नेछ ।
तर परमप्रभु आफ्ना मानिसहरूका निम्ति शरणस्थान,
इस्राएलका मानिसहरूका निम्ति एउटा बलियो गढ़ हुनुहुनेछ ।

### परमेश्वरका जनहरूका निम्ति आशिष्‌हरू

१७ "त्यसपछि तिमीहरूले जान्नेछौ कि,
म परमप्रभु तिमीहरूका परमेश्वर,
मेरो पवित्र डाँड़ा सियोनमा वास गर्छु ।
यरूशलेम पवित्र हुनेछ;
विदेशीहरूले अब कहिल्यै यसलाई आक्रमण गर्नेछैनन् ।
१८ "ती दिनमा पर्वतहरूले नयाँ दाखमद्य चुहाउनेछन्,
अनि डाँड़ाहरूमा दूध बहनेछ;
यहूदाका सारा खोल्साहरूमा पानी बहनेछ ।
परमप्रभुको भवनदेखि एउटा पानीको फोहोरा बगिनिस्कनेछ,
अनि शित्तीमको बेंसी भिजाउनेछ ।
१९ तर मिश्रदेश उजाड़ हुनेछ,
एदोम उजाड़ मरुभूमि हुनेछ,
किनकि यहूदाका मानिसहरूलाई अत्याचार गरे,
जसको देशमा तिनीहरूले निर्दोष रगत बगाए ।
२० यहूदामा मानिसहरू सदासर्वदा बसोबासो गर्नेछन्,
अनि यरूशलेममा पनि पुस्तौँ-पुस्तासम्म ।
२१ तिनीहरूका रगतको पाप, जो मैले क्षमा गरेको छैन,
म क्षमा गर्नेछु ।"

परमप्रभु सियोनमा वास गर्नुहुन्छ !

---

**३:१३**–प्रकाश १४:१४-१६,१९-२०; १९:१५. **३:१६**–आमोस १:२.

# आमोसको पुस्तक

१ तकोमा गोठालाहरूमध्ये एक जना आमोसको वचन– उज्जियाह यहूदाको राजा र यारोबामको छोरा येहोआशचाहिँ इस्राएलको राजा हुँदा भैंचालो जानभन्दा दुई वर्षअघि तिनले इस्राएलको विषयमा देखेका कुरा यी नै थिए ।

२तिनले भने:

“परमप्रभु सियोनदेखि गर्जनुहुन्छ
र यरूशलेमबाट गड्गड़ाउनुहुन्छ;
गोठालाहरूका खर्कहरू सुक्छन्
र कर्मेलको टाकुरा ओइलिनेछ ।”

**इस्राएलका छिमेकीहरूमाथि न्याय**

३ परमप्रभु यसो भन्नुहुन्छः

“दमस्कसका तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म मेरो क्रोध रोक्ने छैन ।
किनकि तिनले फलामका दाँतहरू भएका डण्डाले गिलादलाई पिटेका छन्,
४ म हजाएलको घरमा आगो पठाउनेछु,
त्यसले बेन-हददका किल्लाहरूलाई भष्म पार्नेछ ।
५ म दमस्कसका ढोकालाई भाँचिदिनेछु;
म आवनको बेँसीमा हुने राजालाई नाश गर्नेछु,
र बेथ-अदनमा राजदण्ड समात्नेलाई म नाश गर्नेछु ।
आरामका मानिसहरू निर्वासित भएर कीर देशमा जानेछन्,”
परमप्रभु भन्नुहुन्छ ।

६ परमप्रभु यसो भन्नुहुन्छः
“गाजाको तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण,
म मेरो क्रोध रोक्ने छैन ।
किनकि त्यसले सारा समुदायलाई
कैदमा लगेकी छे,
र एदोमको हातमा तिनीहरूलाई बेचेकी छे,
७ म गाजाका पर्खालहरूमाथि आगो पठाउनेछु,
त्यसले त्यसका किल्लाहरू भष्म पार्नेछ ।
८ म अश्दोदको राजालाई
र अश्कलोनको राजदण्ड समात्नेलाई नाश गर्नेछु ।
म मेरो हात एक्रोनको विरुद्धमा उठाउनेछु
जबसम्म पलिश्तीहरू आखिरीसम्म मर्नेछैनन्,”
सर्वोच्च परमप्रभु भन्नुहुन्छ ।
९ परमप्रभु यसो भन्नुहुन्छः
“टायरको तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म मेरो क्रोध रोक्ने छैन ।
किनकि त्यसले सारा समुदायलाई
एदोमको हातमा कैदी तुल्याउन बेचेकी छे,
दाजुभाइहरूले आपसमा बाँधेको
करारको सम्झना नगरेकोले,
१० म टायरका पर्खालहरूमाथि आगो पठाउनेछु,
त्यसले त्यसका किल्लाहरूलाई भष्म पार्नेछ ।”

---

**१:१**–२ राजा १५:१-७; २ इतिहास २६:१-२३; २ राजा १४:२३-२९. **१:२**–योएल ३:१६. **१:३-५**–यशैया १७:१-३; यर्मिया ४९:२३-२७; जकरिया ९:१. **१:६-८**–यशैया १४:२९-३१; यर्मिया ४७:१-७; इजकिएल २५:१५-१७; योएल ३:४-८. **१:९-१०**–यशैया २३:१-१८; इजकिएल २६:१-२८:१९; योएल ३:४-८; जकरिया ९:१-४; मत्ती ११:२१-२२; लूका १०:१३-१४.

११ परमप्रभु यसो भन्नुहुन्छ:
"एदोमका तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म
मेरो क्रोध रोक्ने छैन ।
किनकि त्यसले आफ्नो भाइलाई
तरवारले खेद्यो,
कुनै दया देखाएन,
किनकि त्यसलाई निरन्तर रीस उठिरह्यो
र त्यसको रीसको ज्वाला जलिरह्यो ।
१२ म तेमानमाथि आगो पठाउनेछु
यसले बोज्राका किल्लाहरू भस्म पार्नेछ ।"
१३ परमप्रभु यसो भन्नुहुन्छ:
"अम्मोनका तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म
मेरो क्रोध रोक्ने छैन ।
किनकि त्यसले आफ्ना सिमानाहरू
बढ़ाउनलाई गिलादका गर्भवती
स्त्रीहरूका पेट तरवारले चिरिदियो ।
१४ म रब्बाका पर्खालहरूमाथि आगो पठाउनेछु,
त्यसले तिनको किल्लाहरूलाई भस्म पार्नेछ
लड़ाइँका बेला युद्ध ध्वनिहरूका बीचमा,
आँधीबेहरीको समय प्रचण्ड बतासको
बीचमा ।
१५ त्यसको राजा निर्वासनमा भएर जानेछ,
तिनी र तिनका अधिकारीहरू सबै,"
परमप्रभु भन्नुहुन्छ ।

२ परमप्रभु यसो भन्नुहुन्छ:
"मोआबको तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म
मेरो क्रोध रोक्ने छैन ।
किनकि त्यसले एदोमको राजाको
हड्डीहरू जलाएर चुनाझैँ पारिदियो,
२ म मोआबमाथि आगो पठाउनेछु
त्यसले किर्योतका किल्लाहरूलाई भस्म
पार्नेछ ।
मोआबको पतन ठूलो होहल्लाका साथ,
युद्ध ध्वनिको बीचमा र तुरहीका
आवाजका साथ हुनेछ ।
३ म त्यसको शासकलाई नाश गर्नेछु
र त्यसका सबै अधिकारीहरूलाई त्योसित
मार्नेछु,"
परमप्रभु भन्नुहुन्छ ।
४ परमप्रभु यसो भन्नुहुन्छ:
"यहूदाका तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म
मेरो क्रोध रोक्ने छैन ।
किनकि तिनीहरूले परमप्रभुको व्यवस्थालाई
अस्वीकार गरेका हुनाले,
र उहाँका आदेशहरू पालन नगरेकाले
किनकि तिनीहरूलाई झूटा देवताहरूले
भर्माएका छन्,
ती देवताहरू जसलाई तिनीहरूका पिता-
पुर्खाहरूले पछ्याएका थिए,
५ म यहूदामाथि आगो पठाउनेछु
त्यसले यरूशलेमका किल्लाहरू भस्म
पार्नेछ ।"

### इस्राएलमाथि न्याय

६ परमप्रभु यसो भन्नुहुन्छ:
"इस्राएलको तीनओटा पापहरू,
अथवा चारैओटा पापहरूका कारण, म
मेरो क्रोध रोक्ने छैन ।
तिनीहरूले धर्मीलाई चाँदीमा,
र खाँचोमा परेकाहरूलाई एक जोर
जुत्तामा बेच्छन् ।
७ तिनीहरूले भूइँका धूलोहरूलाई झैँ
गरीबका टाउकामाथि कुल्चन्छन्
र अत्याचारमा परेकाहरूलाई न्याय
दिएका छैनन् ।
बाबु र छोरोले एउटै स्त्रीलाई प्रयोग गर्छन्
र यसरी मेरो पवित्र नाउँलाई अपवित्र
बनाउँछन् ।

---

**१:११–१२**–यशैया ३४:५-१७; ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल २५:१२-१४; ३५:१-१५; ओबदिया १:१४; मलाकी १:२-५. **१:१३–१५**–यर्मिया ४९:१-६; इजकिएल २१:२८-३२; २५:१-७; सपन्याह २:८-११.
**२:१–३**–यशैया १५:१-१६:१४; २५:१०-१२; यर्मिया ४८:१-४७; इजकिएल २५:८-११; सपन्याह २:८-११.

८ बन्धक राखेका लुगाहरूमा तिनीहरू
हरेक वेदीको छेउमा ढल्कन्छन् ।
जरिमानामा उठाएका दाखमद्य
तिनीहरूका परमेश्‍वरको भवनमा
पिउँछन् ।
९ "मैले तिनीहरू कै सामुन्ने एमोरीहरूलाई
नाश गरें,
यद्यपि त्यो देवदारुजस्तै अग्लो
र फलाँटभैँ बलियो थियो ।
मैले त्यसको माथि रहेका फलहरू
र मुनि रहेका जराहरू नाश गरें ।
१० एमोरीहरूको देश तिमीहरूलाई दिन
"मैले तँलाई मिश्रदेशबाट निकाली ल्याएँ,
र मैले तँलाई चालीस वर्षभरि मरुभूमिमा
डोऱ्याएँ ।
११ तिमीहरूका छोराहरूमध्येबाट मैले
अगमवक्ताहरू र नाजिरीहरू तिमीहरूका
जवान पुरुषहरूबाट खड़ा गरें ।
"हे इस्राएलका मानिसहरू हो, के यो
साँचो होइन र ?"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
१२ "तर तिमीहरूले नाजिरीहरूलाई दाखमद्य
पिउनु बाध्य गरायौ
र अगमवक्ताहरूलाई अगमवाणी बोल्न
दिएनौ ।
१३ "अब म अन्नले लादिएको गाड़ाले थिचेभैँ
तिमीहरूलाई थिच्नेछु ।
१४ फूर्तिलो पनि उम्कने छैन,
बलवान्‌ले आफ्नो बल चलाउन सक्ने छैन,
योद्धाले त्यसको प्राण बचाउने छैन ।
१५ धनु चलाउने त्यसको ठाउँमा खड़ा हुने
छैन,
वेगसित दौड़ने सिपाही उम्कने छैन,
र घोड़चढ़ीले त्यसको प्राण बचाउने
छैन ।
१६ बहादुर योद्धाहरू पनि त्यो दिन नाङ्गै
भाग्नेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

**इस्राएलको विरुद्धमा साक्षीहरू बोलाइएका**

३ हे इस्राएलका मानिसहरू– परमप्रभुले
तिमीहरूका विरुद्धमा बोल्नुभएको वचनलाई
सुन, मिश्रदेशबाट मैले निकालिल्याएका सारा
घरानाको विरुद्धमा:
२ "पृथ्वीका सारा घरानाबाट
मैले केवल तिमीहरूलाई मात्र चुनेको छु,
यसकारण म तिमीहरूलाई तिमीहरूका
सारा पापहरूको निम्ति दण्ड दिनेछु ।"
३ के सहमत नभएसम्म दुई जना एकसाथ
हिँड्छन् ?
४ शिकार नहुँदा सिंह भाड़ीमा गर्जन्छ र ?
केही नपक्रदाँ पनि त्यो आफ्नो
गुफामा ड्डूर्रड्डूर्र गर्छ र ?
५ जहाँ पासो नै थापिएको छैन,
के एउटा चरो जमिनको पासोमा खस्छ ?
त्यहाँ केही नपरीकनै,
के पासो जमिनबाट आफै उफ्रन्छ र ?
६ शहरमा तुरही फूकिँदा,
के मानिसहरू काम्दैनन् र ?
जब शहरमा विपत्ति आउँछ,
के त्यो परमप्रभुले ल्याउनुभएको होइन
र ?
७ आफ्नो योजना उहाँको सेवक अर्थात्
अगमवक्ताहरूलाई प्रकट नगरी
निश्‍चय नै पराक्रमी परमप्रभुले कुनै
कुरो गर्नुहुन्न ।
८ सिंह गर्जेको छ–
को डराउँदैन र ?
पराक्रमी परमप्रभु बोल्नुभएको छ–
कसले अगमवाणी बोल्दैन र ?
९ अश्दोदका किल्लाहरूलाई घोषणा गर,
र मिश्रदेशका किल्लाहरूलाई पनि:
"तिमीहरू सामरियाको पहाड़हरूमा भेला
होओ;
त्यस भित्र भएको ठूलो अशान्ति
र त्यसका आफ्नै मानिसहरूका बीचमा
भएको थिचोमिचो हेर ।"

---

**२:९**–व्यवस्था ३:८-११.

१० परमप्रभु घोषणा गर्नुहुन्छ, "कसरी उचित
गर्ने तिनीहरू जान्दैनन्,
जसले खोसेको र लुटेको मालहरू
आफ्ना किल्लाहरूमा थुपार्छन् ।"

११यसकारण सर्वोच्च परमप्रभु यसो भन्नुहुन्छ:

"एउटा शत्रुले देशमाथि आक्रमण गर्नेछ;
त्यसले तिमीहरूका बलिया गढ़हरूलाई
तोड़नेछ
अनि तिमीहरूका किल्लाहरूलाई
लुट्नेछ ।"

१२परमप्रभु यही भन्नुहुन्छ:

"एउटा गोठालोले सिंहको मुखबाट
बचाएजस्तै केवल दुई खुट्टाका
हड्डीहरू अथवा एउटा कानको टुक्रा,
यसरी नै इस्राएलीहरू बचाइनेछन्,
तिनीहरू जो सामरियामा
तिनीहरूका पलङ्गहरूका किनारमा
र तिनीहरूका गद्दीहरूमा बस्छन् ।"

१३"यो सुन, र याकूबको घरानाको विरुद्धमा
यो साक्षी देऊ," परमप्रभु सर्वशक्तिमान्
परमेश्वर घोषणा गर्नुहुन्छ ।

१४ "इस्राएललाई त्यसको पापहरूका निम्ति
दण्ड दिएको दिनमा,
म बेथेलका वेदीहरू ध्वंस गरिदिनेछु;
वेदीका सीङ्हरू काटिने छन्
र जमिनमा ढल्नेछन् ।
१५ म ग्रीष्मका महलसँगसँगै
हिउँदका महललाई भत्काउनेछु;
हात्तीका दाँतहरूले सजिएका घरहरू ध्वंस
पारिनेछन् र महलहरू भत्काइनेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

## इस्राएल परमेश्वरतिर फर्केको छैन

४ यो वचन सुन, सामरिया पहाड़माथि
बाशानका गाईहरू,
तिमी स्त्रीहरू जसले गरीबहरूलाई
थिचोमिचो गर्दैछौ,
र खाँचोमा परेकालाई कुल्चँदछौ
र आफ्ना लोग्नेहरूलाई भन्दछौ,
"हाम्रो निम्ति केही पिउने कुरा
ल्याइदिनुहोस् !"
२ सर्वोच्च परमप्रभुले आफ्नो पवित्रताको
शपथ खानुभएको छ:
"निश्चय समय आउनेछ
जब तिमीहरू अङ्कुसेहरूले निकालिनेछौ
तिमीहरू बाँकी रहेकाहरूलाई बल्छीहरूले
समातेर लैजानेछन् ।
३ तिमीहरू हरेक पर्खालका चिराहरूबाट
सोझै निस्कनेछौ,
र तिमीहरू हर्मोनतिर फ्याँकिनेछौ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

४ "बेथेलमा जाऊ र पाप गर;
गिलगालमा जाऊ र अरू बढी पाप गर ।
तिमीहरूका बलिदानहरू हरेक बिहानी
ल्याओ,
हरेक तीन वर्षमा तिमीहरूका दशांश
भेटी ल्याओ ।
५ खमीर हालेको रोटीलाई धन्यवादको बली
स्वरूप चढ़ाओ र स्वेच्छा भेटीहरूका
निम्ति तिमीहरू घमण्ड गर–
हे इस्राएलीहरू, तिनीहरूका लागि गर्व
गर,
किनकि तिमीहरू यसै गर्न रुचाउँछौ,"
सर्वोच्च परमप्रभु घोषणा गर्नुहुन्छ ।
६ "हरेक शहरमा मैले तिमीहरूलाई रित्तो
पेटहरू र हरेक नगरमा रोटीको अभाव
गरिदिएँ,
तापनि तिमीहरू मकहाँ फर्केर आएका
छैनौ,"

परमप्रभु घोषणा गर्नुहुन्छ ।
७ "मैले तिमीहरूदेखि वर्षा पनि थामिदिएँ
त्यस बेला कटनीको समय अझै तीन
महिना टाढ़ै थियो ।

---

**३:१४**–२ राजा २३:१५.

मैले एउटा शहरमा वर्षा पठाएँ,
तर अर्को शहरको निम्तिचाहिँ थामिदिएँ।
एउटा खेतले वर्षा पायो;
र अर्कोले पाएन अनि त्यो सुक्यो।
८ मानिसहरू पानीको निम्ति एउटा
शहरदेखि अर्को शहर धरमरिँदै हिँडे
तर पिउनलाई प्रशस्त पाएनन्
तापनि तिमीहरू मकहाँ फर्किआएका छैनौ,"
परमप्रभु घोषणा गर्नुहुन्छ।
९ "धेरैपल्ट मैले तिमीहरूका बगैँचाहरू
र दाखबारीहरूलाई नाश गरें,
मैले तिनीहरूलाई रोग र ढुसीले नाश
गरें।
सलहहरूले तिमीहरूका नेभारा र
भद्राक्षका रूखहरूलाई सखाप पारें
तापनि तिमीहरू मकहाँ फर्किआएका छैनौ,"
परमप्रभु घोषणा गर्नुहुन्छ।
१० "मैले तिमीहरूका बीचमा महामारी पठाएँ
जस्तो मैले मिश्रदेशमा पठाएको थिएँ।
मैले तिमीहरूका जवानहरूलाई
तरवारले मारें,
तिमीहरूले पक्रेका घोड़ाहरू समेत।
मैले तिमीहरूका नाकमा
तिमीहरूका छाउनीका दुर्गन्धले भरिदिएँ,
तापनि तिमीहरू मकहाँ फर्केर आएका
छैनौ,"
परमप्रभु घोषणा गर्नुहुन्छ।
११ "मैले तिमीहरूमध्ये कतिलाई ध्वंस पारें
जसरी मैले सदोम र गमोरालाई ध्वंस
पारेको थिएँ।
तिमीहरू एउटा जल्दै गरेको अगुल्टोजस्तै
थियौ,
आगोदेखि निकालिएको झैँ,
तापनि तिमीहरू मकहाँ फर्किआएका
छैनौ,"
परमप्रभु घोषणा गर्नुहुन्छ।
१२ "यसकारण हे इस्राएली हो,
म तिमीहरूलाई यसो गर्नेछु, मैले यसो
गर्न लागेको कारणले,
हे इस्राएली हो, तिमीहरूका परमेश्वरसित
भेट गर्न तिमीहरू तयार होओ।"
१३ उहाँ जसले पर्वतहरू बनाउनुहुन्छ,
बतासलाई सृजनुहुन्छ,
र आफ्ना विचारहरू मानिसलाई प्रकट
गर्नुहुन्छ,
उहाँ जसले बिहानीलाई अन्धकारमा
परिवर्तन गर्नुहुन्छ,
र पृथ्वीका अग्ला स्थानहरूमा हिड्नुहुन्छ–
परमप्रभु सर्वशक्तिमान् परमेश्वर उहाँको
नाउँ हो।

## विलाप र पश्चात्तापको निम्ति आह्वान

५ हे इस्राएलको घराना यो वचनलाई सुन,
यो विलाप मैले तिमीहरूका सम्बन्धमा
लिएको छु:

२ "कन्ये इस्राएल फेरि कहिल्यै नउठ्ने
गरी लड़ेकी छे,
आफ्नै देशमा त्यागिएकी छे,
त्यसलाई उठाउने कोही छैन।"

३सर्वोच्च परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ:

"जब शहरबाट हजार जना बलिया
इस्राएलको निम्ति निस्कन्छन्
केवल एक सय मात्र छोड़िनेछन्;
शहर जहाँबाट एक सय जना बलिया
निस्किआउँछन्,
केवल दस जना मात्र छोड़िनेछन्।"

४यही नै परमप्रभुले इस्राएलको घरानालाई
भन्नुहुन्छ:

"मलाई खोज र बाँच;
५ बेथेललाई नखोज,
गिलगालमा नजाओ,
बेर्शेबातिर नजाओ।
किनकि गिलगाल निर्वासनमा लगिनेछ,
र बेथेल काम नलाग्ने बनाइनेछ।"

**४:११**–उत्पत्ति १९:२४.

६ परमप्रभुलाई खोज र बाँच,
नत्रता उहाँ यूसुफको घरानाबाट
आगोझैँ दन्किएर आउनुहुनेछ;
यसले भस्म पार्नेछ,
र यसलाई निभाउन बेथेलमा कोही
हुनेछैन ।
७ तिमीहरू जसले न्यायलाई तीतो बनाउँछौ
र धार्मिकतालाई जमिनमा फ्याँक्छौ
८ (उहाँ जसले किरकिटी र मृगशिरा
तारागणहरूलाई बनाउनुभयो,
जसले अन्धकारलाई उज्यालोमा परिवर्तन
गर्नुहुन्छ,
र दिनलाई रात बनाउनुहुन्छ,
जसले समुद्रको पानीलाई बोलाउनुहुन्छ
र तिनीहरूलाई जमिनमाथि खन्याउनुहुन्छ–
परमप्रभु उहाँको नाउँ हो ।
९ उहाँले बलियाको विरुद्धमा एक्कासि
सर्वनाश ल्याउनुहुन्छ,
र किल्लाबन्दी गरिएको शहरमा नाश
ल्याउनुहुन्छ ।)
१० तिमीहरू त्यसलाई घृणा गर्छौ जसले
अदालतमा डाँट्दछ,
र त्यसलाई तुच्छ ठान्छौ जसले सत्य
बोल्छ ।
११ तिमीहरू गरीबलाई कुल्चन्छौ
र त्यसलाई तिमीहरू अन्न दिन कर
लाउँछौ ।
यसकारण, यद्यपि तिमीहरूले ढुङ्गाका
भवनहरू बनाएका छौ,
तिमीहरू तिनमा बस्ने छैनौ;
यद्यपि तिमीहरूले सुन्दर दाखबारी
लगाएका छौ,
तिमीहरूले त्यसका दाखमद्य पिउनेछैनौ ।
१२ किनकि म जान्दछु,
तिमीहरूका अपराधहरू कति धेरै छन्
र तिमीहरूका पापहरू कति धेरै छन् ।
तिमीहरू धर्मीहरूलाई सताउँछौ र
घूस लिन्छौ,
अनि तिमीहरू गरीबलाई अदालतहरूका
न्यायदेखि वञ्चित राख्छौ ।
१३ यसकारण यस्ता समयहरूमा बुद्धिमान्
चुप लाग्छ,
किनकि समयहरू दुष्ट छन् ।
१४ असलको खोजी गर, दुष्टको होइन,
ताकि तिमीहरू बाँच्न सक ।
त्यसपछि सर्वशक्तिमान् परमप्रभु
परमेश्वर तिमीहरूसित हुनुहुनेछ,
जस्तो तिमीहरू भन्छौ उहाँ तिमीहरूसँग
हुनुहुन्छ ।
१५ दुष्टलाई घृणा गर, असललाई प्रेम गर;
न्यायलाई अदालतहरूमा कायम राख ।
सायद सर्वशक्तिमान् परमप्रभु परमेश्वरले
यूसुफका बाँचेकाहरूमाथि अनुग्रह
गर्नुहुनेछ ।
१६ यसकारण परमप्रभु सर्वशक्तिमान्
परमेश्वर भन्नुहुन्छ:
"त्यहाँ सबै सड़कहरूमा रुवाबासी
र असहाय वेदनाका स्वरहरू हरेक
सार्वजनिक चोकहरूमा हुनेछ ।
खेती गर्नेहरूलाई रुन
र शोक गर्नेहरूलाई बिलौना गर्न
बोलाइनेछन् ।
१७ सबै दाखबारीहरूमा त्यहाँ रुवाबासी हुनेछ,
किनकि म तिमीहरूका बीचबाट भएर
जानेछु,"

परमप्रभु भन्नुहुन्छ ।

### परमप्रभुको दिन

१८ धिक्कार तिमीहरू जसले परमप्रभुको
दिनको इच्छा राख्दछौ !
किन तिमीहरू परमप्रभुको दिनको इच्छा
गर्दछौ ?
त्यो दिन अन्धकारमय हुनेछ, उज्यालो
होइन ।
१९ यो एउटा मान्छे सिंहदेखि भागेर
केवल एउटा भालुलाई भेटेझैँ हुनेछ,

**५:८**–अय्यूब ९:९; ३८:३१.

जसै त्यो घरभित्र पस्यो,
र भित्तामा हात राखी विश्राम गर्दा
एउटा सर्पले त्यसलाई डसेजस्तै त्यो दिन हुनेछ ।
२० के परमप्रभुको दिन उज्यालो होइन तर अन्धकार हुने छैन र–
घोर अन्धकार, उज्यालोको बिन्दुरहित ?
२१ "तिमीहरूका धार्मिक-उत्सवहरू
म घृणा गर्छु र तुच्छ ठान्छु,
म तिमीहरूका सभाहरू सहन सक्दिनँ ।
२२ तिमीहरूले होमबलि र अन्नबलिहरू
ल्याए तापनि म ती ग्रहण गर्नेछैन ।
यद्यपि तिमीहरूले असल मेलबलिहरू ल्याए
तापनि तिनीहरूप्रति मेरो कुनै रुचि हुनेछैन ।
२३ तिमीहरूका गीतका हल्ला मदेखि टाढ़ा लैजाओ !
तिमीहरूका वीणाका गीत म सुन्ने छैनँ ।
२४ तर न्यायलाई एउटा नदीझैँ बग्न देओ,
र धार्मिकताचाहिँ कहिल्यै नसुक्ने खोलाझैँ बगिरहोस् !
२५ "हे इस्राएलका घराना हो, मरुभूमिमा चालीस वर्षसम्म,
के तिमीहरूले मेरो निम्ति बलिदानहरू र भेटीहरू ल्यायौ ?
२६ तिमीहरूले आफ्ना राजाको मन्दिर खड़ा गरेका छौ,
तिमीहरूका मूर्तिहरूको मञ्च,
तिमीहरूका देवताको तारा–
जो तिमीहरूले आफ्नै निम्ति बनाएका छौ ।
२७ यसकारण म तिमीहरूलाई दमस्कसदेखि
पारी निर्वासनमा पठाउनेछु,"
परमप्रभु भन्नुहुन्छ, जसको नाउँ
सर्वशक्तिमान् परमेश्वर हो ।

### वेवास्ता गर्नेहरूलाई धिक्कार

**६** धिक्कार तिमीहरूलाई जो सियोनमा निर्धक्क छौ,
र तिमीहरूलाई जो सामरियाको पर्वतमाथि
आफूलाई सुरक्षित ठान्छौ,
तिमीहरू प्रमुख राष्ट्रको प्रसिद्ध मानिसहरू,
जसकहाँ इस्राएलका मानिसहरू आउँछन् !
२ कल्नेहमा जाओ र त्यसलाई हेर;
त्यहाँबाट महान् हमातमा जाओ,
र तल पलिश्तीको गातमा जाओ ।
के तिमीहरूका दुई राज्यहरूभन्दा ती असल छन् र ?
के तिनीहरूका देश तिमीहरूको भन्दा ठूलो छ ?
३ तिमीहरू दुर्दिन हटाउँछौ
र एउटा आतङ्कको शासन नजीक ल्याउँछौ ।
४ तिमीहरू हस्तिहाड़ले जड़ेको पलङ्गमा
सुत्छौ र गद्दीहरूमा ढल्कन्छौ ।
तिमीहरू असल भेड़ाका पाठाहरू
र मोटा बाछाहरू खान्छौ ।
५ तिमीहरू दाऊदले झैँ वीणा बजाउँछौ,
र सङ्गीतका बाजाहरूमा तत्कालै धुन रच्दछौ ।
६ तिमीहरू कचौराभरि दाखमद्य पिउँछौ
र उत्तम सुगन्धित तेलहरू प्रयोग गर्छौ,
तर यूसुफको विनाशमाथि शोक गर्दैनौ ।
७ यसकारण निर्वासनमा जानेहरूमध्ये
तिमीहरू पहिलो हुनेछौ;
तिमीहरूका भोज र आरामको अन्त हुनेछ ।

### परमप्रभुले इस्राएलको घमण्डलाई घृणा गर्नुभएको

**८**सर्वोच्च परमप्रभुले आफ्नै नाउँमा
शपथ खानुभएको छ– परमप्रभु सर्वशक्तिमान्
परमेश्वर घोषणा गर्नुहुन्छ:

"म याकूबको घमण्डलाई घृणा गर्छु
र त्यसका किल्लाहरूदेखि घिनाउँछु;
म यस शहर र यसमा भएका हरेकलाई
शत्रुको हातमा सुम्पिदिनेछु ।"

**९**यदि एउटा घरमा दश जना मानिसहरू
बाँकी रहेका छन् भने, तिनीहरू पनि मर्नेछन् ।

१०यदि एउटा आफन्त मूर्दाहरू जलाउन र
घरबाट बाहिर निकाल्नलाई आउँछ अनि अझ
कोही लुकिरहेको छ कि भनेर सोध्छ, "तिमीसित
कोही छ ?" र तिनले भन्छन्, "कोही छैन," र
त्यसले भन्नेछ, "चुप लाग ! हामीले परमप्रभुको
नाउँ लिनुहुँदैन ।"

११ किनकि परमप्रभुले आज्ञा दिनुभएको छ,
र उहाँले विशाल भवनहरू चकनाचूर
अनि साना घरहरू टुक्रैटुक्रा पार्नुहुनेछ ।

१२ के घोड़ाहरू चट्टानहरूमाथि दगुर्छन् ?
के कसैले त्यहाँ गोरुहरू जोत्छन् ?
तर तिमीहरूले त न्यायलाई विषमा
र धार्मिकताका फलहरूलाई तीतोमा
परिवर्तन गरेका छौ–
१३ तिमीहरू जसले लो-देबारलाई जितेकोमा
आनन्द मनाउँछौ
र भन्छौ, "के हामीले आफ्नै बलले
कार्नैमलाई लिएनौं र ?"

१४ किनकि परमप्रभु घोषणा गर्नुहुन्छ,
"हे इस्राएलका घराना,
म एउटा राष्ट्रलाई तिमीहरूका विरुद्धमा
उठाउनेछु,
त्यसले तिमीहरूलाई लेबो-हमातदेखि
अराबाको बेँसीसम्मै सताउनेछ ।"

## सलह, आगो र साहुल

७ सर्वोच्च परमप्रभुले मलाई यही नै
देखाउनुभयो: राजाको भागको कटनी
भइसके पश्चात उहाँले सलहहरूका बथान
तयार पार्दै हुनुहुन्थ्यो र भर्खरै मात्र दोस्रो बाली
उम्रदै थियो । २तिनीहरूले जमिनलाई नाङ्गै
पारीसकेपछि, मैले कराएँ, "सर्वोच्च परमप्रभु,
क्षमा गर्नुहोस् ! कसरी याकूब बाँच्न सक्छ ?"
त्यो साह्रै सानो छ !

३यसर्थ, परमप्रभु कोमल हुनुभयो ।
"यसो हुनेछैन," परमप्रभुले भन्नुभयो ।
४सर्वोच्च परमप्रभुले मलाई यही
देखाउनुभयो: सर्वोच्च परमप्रभुले आगोद्वारा
न्यायको निम्ति बोलाउँदै हुनुहुन्थ्यो; यसले
विशाल गहिराइलाई सुकायो, जमिनलाई भस्म
पाऱ्यो । ५त्यसपछि मैले कराएर भनें, "सर्वोच्च
परमप्रभु, म तपाईंलाई बिन्ती गर्छु, रोक्नुहोस् !
कसरी याकूब खड़ा रहन सक्छ ? त्यो साह्रै
सानो छ ।"

६यसर्थ परमप्रभु कोमल हुनुभयो ।
"यसो पनि हुनेछैन," सर्वोच्च परमप्रभुले
भन्नुभयो ।

७परमप्रभुले मलाई यो देखाउनुभयो: परमप्रभु
हातमा एउटा साहुल लिएर एउटा पर्खालको
छेउमा खड़ा हुनुहुन्थ्यो जुन पर्खाल साहुलअनुसार
बनाइएको थियो । ८अनि परमप्रभुले मलाई
सोध्नुभयो, "आमोस, तँ के देख्दैछस् ?"
"एउटा साहुल," मैले जवाफ दिएँ ।
त्यसपछि परमप्रभुले भन्नुभयो, "हेर्, म
मेरो मानिस इस्राएलका बीचमा एउटा साहुल
लगाउँदैछु; अबदेखि उसो म तिनीहरूलाई
छोड़नेछैन ।

९ "इसहाकका अल्गा-अल्गा ठाउँहरू
ध्वंस गरिनेछन्,
र इस्राएलका पवित्रस्थानहरू भग्नावशेष
हुनेछन्;
म मेरो तरवार लिएर यारोबामका
घरानाको विरुद्धमा खड़ा हुनेछु ।"

## आमोस र अमस्याह

१०त्यसपछि बेथेलका पूजाहारी अमस्याहले
इस्राएलका राजा यारोबामलाई एउटा सन्देश
पठाए: "आमोसले इस्राएलको बीचमा एउटा
षड़यन्त्र तपाईंको विरुद्धमा रच्दैछन् । यो देशले
तिनको सबै वचनहरू सहन सक्दैन । ११किनकि
आमोसले यसो भन्दैछन्:

"यारोबाम तरवारद्वारा मारिनेछन्,
र इस्राएल निश्चय नै तिनीहरूका
स्वदेशदेखि टाढ़ो निर्वासनमा
जानेछन् ।"

१२त्यसपछि अमस्याहले आमोसलाई भने,
"तँ दर्शन देख्ने यहाँबाट निस्की यहूदाको देशमा

फर्केर जा। त्यहाँनै आफ्नो कमाइको रोटी खा,
र भविष्यवाणी गर्ने काम गर्। **१३**अबदेखि उसो
बेथेलमा भविष्यवाणी नगर्, किनकि यो राजाको
पवित्र स्थान हो र राज्यको मन्दिर हो।"

**१४**आमोसले अमस्याहलाई जवाफ दिए, "म
न अगमवक्ता थिएँ नता अगमवक्ताको छोरो नै
थिएँ, तर म एउटा गोठालो थिएँ र अञ्जीरका
रूखहरूका हेरचाह गर्थें। **१५**तर परमप्रभुले
मलाई भेड़ाहरू चराउनदेखि बोलाएर भन्नुभयो,
'जाऊ, मेरा मानिस इस्राएललाई अगमवाणी
गर।' **१६**यसकारण अब, परमप्रभुको वचन
सुन। तिमी भन्छौ,

"'इस्राएलको विरुद्धमा अगमवाणी नगर
र इसहाकको घरानाको विरुद्धमा प्रचार
गर्न बन्द गर।'

**१७** "यसकारण परमप्रभु यसो भन्नुहुन्छ:
"'तिम्री स्वास्नी शहरमा एउटी वेश्या
हुनेछ,
र तिम्रो छोराछोरीहरू तरवारद्वारा
काटिनेछन्।
तिम्रो देश नापिनेछ र विभाजित गरिनेछ,
अनि तिमी आफै एउटा मूर्तिपूजकको
देशमा मर्नेछौ।
र इस्राएलचाहिँ निश्चय नै आफ्नो
देशबाट टाढ़ा निर्वासनमा लगिनेछ।'"

## पाकेका फलको डालो

**८** सर्वोच्च परमप्रभुले मलाई यो देखाउनुभयो:
पाकेका फलको एउटा डालो। **२**" उहाँले
मलाई सोध्नुभयो, "आमोस, तँ के देख्दैछस्?"

"पाकेका फलको एउटा डालो," मैले जवाफ
दिएँ।

त्यसपछि परमप्रभुले मलाई भन्नुभयो,
"मेरा मानिस इस्राएलको निम्ति समय पूरा
भएको छ; म तिनीहरूलाई अब छोड्नेछैन।

**३**"त्यस दिनमा," सर्वोच्च परमप्रभुले घोषणा
गर्नुहुन्छ, "मन्दिरका स्तुतिहरू रूवाइमा परिवर्तन
हुनेछन्। लाशहरू जताततै फालिनेछन्!
सुनसान छ!"

**४** खाँचोमा परेकाहरूलाई कुल्चनेहरू
र देशका गरीबहरूलाई त्याग्नेहरू यो
सुन,
**५** तिमीहरू यसो भन्छौ,
"कहिले औंसी बित्छ र हामी अन्न
बेच्न सक्छौं,
अनि विश्राम-दिन कहिले बित्छ
र हामी गहुँ बेच्न सक्छौं?"
तौलमा ठगेर, मूल्य बढाएर र छली ढक
तराजू चलाएर ठग्न सकौंला,
**६** गरीबलाई चाँदीले किनेर
र खाँचोमा परेकालाई एक जोड़ा जुत्तामा,
कसिङ्गरसहितको गहूँ बेच्न सकौंला।

**७**परमप्रभुले याकूबको घमण्डको शपथ
खानुभएको छ: "तिनीहरूले गरेको

हरेक कुरोलाई म बिर्सनेछैन।
**८** "के यसको निम्ति देश काम्ने छैन र,
अनि सबै जो यहाँ बस्छन् विलाप
गर्दैनन् र?
सारा देश नील नदीझैँ उठ्नेछ; हल्लाइनेछ
र मिश्रको नदीझैँ घट्नेछ।

**९**"त्यस दिनमा," सर्वोच्च परमेश्वरले
घोषणा गर्नुहुन्छ,

"मध्यदिनमै म घामलाई अस्ताइदिनेछु,
र दिनको उज्यालोमै पृथ्वीलाई अन्धकार
बनाइदिनेछु।
**१०** म तिमीहरूका धार्मिक चाड़हरूलाई
रूवाबासीमा परिवर्तन गरिदिनेछु
र तिमीहरूका सबै गीतहरू पनि
बिलौनामा।
तिमीहरू सबैलाई म भाङ्ग्रा लगाउने
र कपाल खौरने बनाइदिनेछु।
म त्यस समयलाई एउटै छोराको निम्ति
शोक गरेझैँ बनाइदिनेछु
र यसको अन्त्यको दिनचाहिँ तीतो
हुनेछ।
**११** "ती दिनहरू आउँदैछन्," सर्वोच्च
परमप्रभुले घोषणा गर्नुहुन्छ,
"जब म देशमा एउटा अनिकाल

पठाउनेछु–
अन्नको अनिकाल होइन न पानीको तिर्खा हो,
तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ ।
१२ परमप्रभुको वचनको खोजीमा
मानिसहरू एउटा समुद्रदेखि अर्को समुद्र धरमराउँदै जानेछन्
र उत्तरदेखि पूर्व घुमफिर गर्नेछन्,
तर तिनीहरूले पाउनेछैनन् ।
१३ "त्यस दिनमा सुन्दरी युवतीहरू
र बलिया युवाहरू तिर्खाले मूर्च्छा खानेछन् ।
१४ तिनीहरू जसले सामारियाको मूर्तिको नाउँमा शपथ खान्छन्,
अथवा यसो भन्छन्, 'हे दान, तेरो देवता जीवित भएझैँ'
अथवा, 'बेर्शेबाको देवता जीवित रहेझैँ'–
तिनीहरू सबै ढल्नेछन्,
फेरि कहिल्यै उठ्ने छैनन् ।"

### इस्राएल ध्वंस पारिने छ

९ मैले परमप्रभुलाई वेदीको छेउमा
उभिरहनुभएको देखें, र उहाँले भन्नुभयो:
"खम्बाहरूका टुप्पाहरूमा हिर्का ताकि सँघारहरू हल्लिऊन् ।
सबै मानिसहरूका शिरहरू माथि ती ढालिदे–
बचेकाहरूलाई म तरवारले मार्नेछु ।
एउटै पनि भाग्न पाउनेछैन,
अँ एउटै पनि उम्कन पाउनेछैन ।
२ यद्यपि तिनीहरू चिहान खनेर त्यसको गहिराइमा गए तापनि,
त्यहाँबाट मेरो हातले तिनीहरूलाई निकाल्नेछ ।
यद्यपि स्वर्गमा चढ़ी गए तापनि
त्यहाँबाट म तिनीहरूलाई तल खसाल्नेछु ।
३ यदि कर्मेलको टुप्पोमा तिनीहरू लुके तापनि,
त्यहाँ म तिनीहरूलाई खेद्नेछु र पक्रिनेछु ।
यद्यपि तिमीहरू मबाट समुद्रको पीधमा लुके तापनि,
म तिमीहरूलाई टोक्न सर्पहरूलाई आज्ञा दिनेछु ।
४ यदि तिनीहरूलाई शत्रुहरूले निर्वासनमा लगे तापनि,
त्यहाँ म तरवारलाई तिनीहरूलाई मार्ने आज्ञा दिनेछु ।
म मेरो दृष्टि तिनीहरूमाथि राख्नेछु
भलाइको निम्ति होइन तर खराबीको निम्ति ।"
५ परमप्रभु, सर्वशक्तिमान् परमप्रभु,
उहाँ जसले पृथ्वीलाई छुनुहुन्छ र त्यो पग्लन्छ,
र जति जना त्यहाँ बस्तछन् बिलौना गर्छन्–
सारा देश नील नदीझैँ बढ्छ,
सारा मिश्रदेश नील नदीझैँ घट्छ–
६ उहाँ जसले भव्य दरवार आकाशमा बनाउनुहुन्छ,
र यसको जग पृथ्वीमा बसाल्नुहुन्छ,
जसले समुद्रको पानीलाई बोलाउनुहुन्छ
र भूमिमाथि खन्याउनुहुन्छ–
परमप्रभु उहाँको नाउँ हो ।
७ "के तिमी इस्राएलीहरू
मेरो निम्ति कूशका सन्तानसमान छैनौ ?"
परमप्रभुले घोषणा गर्नुहुन्छ ।
"के मैले इस्राएललाई मिश्रदेशबाट,
पलिश्तीहरूलाई कप्तोरबाट
र अरामीहरूलाई कीरबाट निकालेर ल्याएको होइन र ?
८ "निश्चय नै सर्वोच्च परमप्रभुको दृष्टि
यो दुष्ट राज्यमाथि छ
म यसलाई पृथ्वीको सतहदेखि नै ध्वंस गर्नेछु–
तरै पनि म याकूबको घरानालाई
सम्पूर्ण तवरले नाश गर्नेछैनँ,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

९ “किनकि म आज्ञा गर्नेछु
र इस्राएलको घरानालाई सबै राष्ट्रहरूका
बीचमा नाङ्लोमा अन्नलाई निफनेझैं
निफन्नेछु,
र एउटै अन्नको दाना पनि भूइँमा
खस्नेछैन ।
१० मेरा मानिसहरूका बीचमा भएका सबै
पापीहरू तरवारले मारिनेछन्,
तिनीहरू सबै जसले भन्छन्,
‘विपत्तिले हामीलाई छोप्नेछैन
नता हामीलाई भेट्ने नै छ ।’

### इस्राएलको पुनर्स्थापन

११ “त्यस दिनमा म दाऊदको ढलेको
तम्बुलाई फेरि स्थापित गर्नेछु ।
म यसका भत्केका ठाउँहरू मरम्मत गर्नेछु;
यसका भग्नावशेषहरूलाई फेरि बनाउनेछु,
र यसलाई अघि जस्तो थियो त्यस्तै
बनाउनेछु,
१२ ताकि तिनीहरूले एदोमका
बाँचेकाहरूमाथि र मेरो नाउँ लिने
सबै जाति-जातिहरूमाथि अधिकार
गरून्,”
परमप्रभु घोषणा गर्नुहुन्छ;
जसले यी कुराहरू गर्नुहुन्छ ।
१३ “ती दिनहरू आउँदैछन्,” परमप्रभु घोषणा
गर्नुहुन्छ,
“कटनी गर्नेलाई जोत्नेले उछिन्नेछ,
र रोप्नेलाई दाखमद्य पेल्नेले उछिन्नेछ ।
पर्वतहरूदेखि नयाँ दाखमद्य चुहुनेछ
र सबै डाँड़ाहरूदेखि बग्नेछ ।
१४ म मेरो निर्वासनमा लगिएका जाति
इस्राएललाई फर्काएर ल्याउनेछु;
तिनीहरूले भत्केका शहरहरू फेरि
बनाउनेछन्,
र तिनमा वास बस्नेछन् ।
तिनीहरूले बारीमा दाख रोप्नेछन्
र तिनीहरूका दाखमद्य पिउनेछन्;
तिनीहरूले बगैंचाहरू बनाउनेछन्
र त्यहाँका फलहरू खानेछन् ।
१५ म इस्राएललाई तिनीहरूका आफ्नै भूमिमा
बसाल्नेछु,
मैले तिनीहरूलाई दिएको भूमिबाट फेरि
कहिल्यै नउखेलिने गरी बसाल्नेछु,”
परमप्रभु तिमीहरूका
परमेश्वर भन्नुहुन्छ ।

---

**९:११-१२**–प्रेरित १५:१६-१८.

# ओबदियाको पुस्तक

१ ओबदियाको दर्शन ।
सर्वोच्च परमप्रभुले एदोमको बारेमा यही भन्नुहुन्छ–
हामीले परमप्रभुदेखि एउटा सन्देश सुनेका छौं:
एउटा दूतलाई जाति-जातिकहाँ यसो भन्न पठाइएको थियो,
"उठ, र हामी त्यसको विरुद्धमा लड़ाइँ गर्नलाई जाऔं"–
२ "हेर्, म तँलाई अरू जातिहरूका बीचमा सानो बनाउनेछु;
तँ ज्यादै घृणित हुनेछस् ।
३ तेरो हृदयको अहङ्कारले तँलाई धोका दिएको छ,
तँ जो चट्टानहरूका आड़हरूमा बस्छस्,
र आफ्ना घर अल्गा-अल्गा स्थानहरूमा बनाउँछस्,
तँ जो आफैलाई भन्छस्,
'कसले मलाई जमिनमा खसाल्न सक्छ ?'
४ यदि तँ चीलझैँ उँभो उड़ेर गइस्
र ताराहरूका बीचमा गुँड़ बनाइस् भने
पनि त्यहाँबाट म तँलाई तल खसाल्नेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
५ "यदि चोरहरू तँकहाँ आए,
यदि डाँकूहरू रातमा आए भने–
ओहो ! कस्तो विनाशले तँलाई पर्खिरहेको छ–
के तिनीहरूले चाहेको जति मात्र लुट्दैनन् र ?
यदि दाख टिप्नेहरू तँकहाँ आए भने,
के तिनीहरूले केही छोड्दैनन् र ?
६ तर कसरी एसाव लुटिनेछ,
त्यसका लुकाइएका सम्पत्तिहरू कसरी लुटिने छ !
७ तेरा सबै मित्रहरूले तँलाई
सिमानासम्मै जान लाउनेछन्;
तेरा साथीहरूले तँलाई धोका दिनेछन्
अनि तँलाई अधीनमा पार्नेछन्;
तिनीहरू जसले तेरो रोटी खान्छन्
तिनीहरूले तेरो निम्ति एउटा पासो थाप्नेछन्,
तर तैंले थाहा पाउनेछैनस् ।
८ "त्यस दिनमा," परमप्रभुले घोषणा गर्नुहुन्छ,
"के म एदोमका ज्ञानी मानिसहरूलाई,
एसावका पर्वतहरूमा समझदार
मानिसहरूलाई नाश गर्ने छैन र ?
९ हे तेमान, तेरा योद्धाहरू भयभीत हुनेछन्,
र एसावको पर्वतहरूमा भएका हरेक
मानिस काटमारमा परेर मारिनेछ ।
१० तेरो भाइ याकूबको विरुद्धमा भएको
हिंसाले गर्दा तँलाई शर्मले ढाक्नेछ;
तँ सदाको लागि नष्ट पारिनेछस् ।
११ जुन दिनमा तँ अलग्गै खड़ा भइस्
त्यसबेला परदेशीहरूले त्यसको सम्पत्ति खोसेर लगे,
र विदेशीहरू त्यसको ढोकाभित्र पसे
अनि यरूशलेमको लागि चिट्ठा हालेथे,
तँचाहिँ तिनीहरूमध्येको एउटा झैँ थिइस् ।
१२ तैंले आफ्नो भाइलाई त्यसको दुर्भाग्यको
समयमा तुच्छ ठान्नुहुन्न,
न यहूदाका मानिसहरूका विनाशमाथि

**१–१४**–यशैया ३४:५-१७; ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल २५:१२-१४; ३५:१-१५; आमोस १:११-१२; मलाकी १:२-५.

रमाउनुहुन्छ,
नता तिनीहरूका विपत्तिको दिनमा यति
बिघ्न घमण्ड नै गर्नुहुन्छ ।
१३ तिनीहरूको विपत्तिको दिनमा मेरा
मानिसहरूका ढोकाहरूबाट तैंले
हिँड्न हुनेछैन,
नता तिनीहरूको विनाशको दिन
तिनीहरूको दुर्दशामा तिनीहरूको
अवहेलना गर्नुहुन्छ,
नता तिनीहरूको विनाशको दिन
तिनीहरूको सम्पत्ति खोसिलानुहुन्छ ।
१४ तिनीहरूका भाग्नेहरूलाई काटी ढाल्नलाई
तैंले दोबाटोमा ढुक्नुहुँदैन,
नता तिनीहरूका सङ्कटको दिनमा
तिनीहरूका बाँचेकाहरूलाई पक्रनु नै
हुन्छ ।
१५ "परमप्रभुको दिन सबै जातिको निम्ति
नजीकै आइपुगेको छ ।
जस्तो तैंले गरेको छस्, त्यस्तै तँलाई
पनि गरिनेछ,
तेरा कार्यहरू तेरै शिरमाथि फर्केर
आउनेछन् ।
१६ जसरी तैंले मेरो पवित्र डाँड़ामा पिइस्
त्यसरी नै सबै जातिहरूले लगातार
पिउनेछन्;
तिनीहरूले पिउनेछन् र पिइरहनेछन्
अनि तिनीहरू कहिल्यै नभएझैँ हुनेछन् ।
१७ तर सियोनको पर्वतमाथि छुट्कारा हुनेछ;
यो पवित्र रहनेछ,
अनि याकूबको घरानाले आफ्नै
सम्पत्तिमाथि अधिकार गर्नेछ ।
१८ याकूबको घराना एउटा आगो हुनेछ
र यूसुफको घराना एउटा ज्वाला बन्नेछ;
एसावको घराना एउटा ठोसा हुनेछ,
अनि तिनीहरूले यसलाई आगोमा
फाल्नेछन्
अनि यसलाई भस्म पार्नेछन् ।
एसावको घरानाबाट बाँचेको एउटै पनि
हुनेछैन ।"
परमप्रभुले यसै भन्नुभएको छ ।
१९ नेगेवका मानिसहरूले एसावका पर्वतहरू
कब्जा गर्नेछन्,
र बेँसीका मानिसहरूले पलिश्तीहरूका
देश अधिकार गर्नेछन् ।
तिनीहरूले एफ्राइम र सामरियाका
भूमिहरू कब्जा गर्नेछन्,
अनि बेन्यामीनले गिलादलाई अधिकार
गर्नेछ ।
२० कैदमा रहेका इस्राएलीका फौज जो
कनानमा छन्
तिनीहरूले सारपतसम्मको भूमिमाथि
अधिकार गर्नेछन्;
यरूशलेमदेखिका कैदीहरू जो सपारादमा
छन्
तिनीहरूले नेगेवको शहरहरू अधिकार
गर्नेछन् ।
२१ एसावका पर्वतहरूलाई शासन गर्न
छुट्कारा दिनेहरू सियोन पर्वतमाथि
जानेछन्,
र राज्यचाहिँ परमप्रभुकै हुनेछ ।

# योनाको पुस्तक

### योना परमप्रभुबाट भागेका

**१** परमप्रभुको यो वचन अमित्तैको छोरो
योनाकहाँ आयो: **२**"निनवेको ठूलो शहरमा
जा र त्यसको विरुद्धमा प्रचार गर्, किनकि
त्यसको दुष्टता मेरो सामुन्ने आएको छ ।"
**३**तर योना परमप्रभुदेखि भागेर तर्शीशतिर
लागे । तिनी तल जोप्पामा गए, त्यहाँ तिनले
तर्शीशमा जाने एउटा जहाज फेला पारे ।
परमप्रभुदेखि भाग्न भाड़ा तिरी तिनी जहाजमा
चढ़ेर तर्शीशतिर लागे ।
**४**तब परमप्रभुले समुद्रमा एउटा ठूलो बतास
पठाउनुभयो, र यति प्रचण्ड आँधी चल्यो कि
त्यसबाट जहाज भत्केला जस्तै भयो । **५**सबै
नावीकहरू डराए र हरेकले आफ्नो देवतालाई
पुकारे । अनि तिनीहरूले जहाजलाई हलुङ्गो
बनाउन व्यापारका सामानहरू समुद्रमा फाले ।
तर योना जहाजको तल्लो तलामा गएका
थिए, त्यहाँ तिनी ढल्के र गहिरो निद्रामा परे ।
**६**कप्तान तिनकहाँ आएर भने, "तिमी कसरी
निदाउन सकेको ? उठेर आफ्ना ईश्वरलाई
पुकार ! सायद उहाँले हाम्रो ख्याल गर्नुहुनेछ र
हामी नष्ट हुनेछैनौं ।"
**७**तब नावीकहरूले एका-अर्कालाई भने,
"आउनुहोस्, यस आपत्को निम्ति को जिम्मेवार
रहेछ चिट्ठा हालेर हामी पत्ता लगाऔं ।"
तिनीहरूले चिट्ठा हाले र चिट्ठा योनाको
नाउँमा पऱ्यो ।
**८**यसकारण तिनीहरूले तिनलाई सोधे, "भन,
हामीमाथि आएका यी सबै आपत्को निम्ति
को दोषी छ ? तिमी के गर्छौ ? तिमी कहाँबाट
आएका हौ ? तिम्रो देश कुन हो ? तिमी कुन
जातिका हौ ?"
**९**तिनले जवाफ दिए, "म एक हिब्रू हुँ, र
परमप्रभु स्वर्गका परमेश्वर, जसले समुद्र र
जमिन दुवै बनाउनुभयो, उहाँलाई म आराधना
गर्दछु ।"
**१०**यस कुराले तिनीहरू भयभीत भए र
तिनीहरूले सोधे, "तिमीले के गरेका छौ ?"
(तिनी परमप्रभुदेखि भागिरहेका थिए भन्ने
कुरा तिनीहरूले थाहा पाए, किनकि तिनले
तिनीहरूलाई पहिले नै यो कुरा बताइसकेका
थिए ।)
**११**समुद्रका छालहरूले झन्झन् उग्र रूप
लिँदैथिए । यसकारण तिनीहरूले तिनलाई सोधे,
"हाम्रो निम्ति यस समुद्रलाई शान्त गर्न तिमीलाई
हामी के गरौं ?"
**१२**तिनले जवाफ दिए, "मलाई उठाउनुहोस्
र समुद्रमा फ्याँकिदिनुहोस्, र यो शान्त हुनेछ ।
म जान्दछु, यो ठूलो आँधी तपाईंहरूमाथि मेरै
दोषको कारणले आएको हो ।"
**१३**तरै पनि, मानिसहरूले जहाजलाई किनार
सम्म पुऱ्याउने भरमग्दूर कोशिश गरे । तर
तिनीहरूले सकेनन्, किनकि समुद्र अघिको भन्दा
पनि अझ उग्र हुँदै थियो । **१४**त्यसपछि तिनीहरूले
परमप्रभुलाई पुकारे, "हे परमप्रभु, यो मान्छेको
प्राण लिँदा दया गरी हामीलाई मर्न नदिनुहोस् ।
एउटा निर्दोष मान्छेको प्राण लिँदा त्यसको
निम्ति हामीलाई जिम्मेवार नठहराउनुहोस्,
किनकि हे परमप्रभु, तपाईंलाई जे उचित लागेको
छ त्यही गर्नुभएको छ ।" **१५**त्यसपछि तिनीहरूले
योनालाई उठाएर जहाज बाहिर फालिदिए, र
उर्लिएको समुद्र शान्त भयो । **१६**यसले गर्दा
मानिसहरू परमप्रभुसित साह्रै डराए र तिनीहरूले
परमप्रभुलाई एउटा बलिदान चढ़ाए र उहाँलाई
भाकलहरू गरे ।
**१७**तर परमप्रभुले योनालाई निल्न एउटा

---

**१:१**–२ राजा १४:२५. **१:१७**–मत्ती १२:४०.

विशाल माछाको व्यवस्था गर्नुभयो, र योना
माछाको पेटभित्र तीन दिन र तीन रातसम्म
रहे ।

## योनाको प्रार्थना

२ योनाले माछाको पेटभित्रबाट परमप्रभु
आफ्ना परमेश्वरलाई प्रार्थना गरे। २तिनले
भने:

"मेरो सङ्कष्टमा मैले परमप्रभुलाई
पुकारा गरें,
र उहाँले मलाई जवाफ दिनुभयो ।
पातालको गहिराइबाट मैले सहायताको
निम्ति पुकारें,
र तपाईंले मेरो क्रन्दन सुन्नुभयो ।
३ तपाईंले मलाई गहिरोमा फालिदिनुभयो,
समुद्रको मुटुभित्र फ्याँकिदिनुभयो,
अनि तपाईंका सबै पानीका छालहरू
र लहरहरू ममाथि उर्लेर आए
सबै छालहरूले मलाई डुबाए ।
४ मैले भनें, 'म तपाईंको दृष्टिबाट
निकालिएको छु;
अझै पनि म तपाईंको पवित्र मन्दिरतिर
फेरि हेर्नेछु ।'
५ डुबाउने पानीले मलाई भयभीत तुल्यायो,
गहिराइले मलाई चारैतिर घेर्‍यो;
समुद्रका झ्याउहरू मेरो टाउको
वरिपरि बेहेरिएका थिए ।
६ पर्वतहरूका फेदीसम्म म डुबेको थिएँ;
पृथ्वीले तल मलाई सदाको निम्ति
थुनिदियो ।
तैपनि हे परमप्रभु मेरो परमेश्वर,
तपाईंले खाल्डोबाट मेरो प्राणलाई
निकालिल्याउनुभयो ।

७ "मेरो शरीर गल्दै जाँदा,
मैले हे परमप्रभु तपाईंलाई सम्झें,
र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो,
तपाईंको पवित्र मन्दिरसम्मै पुग्यो ।
८ "ज-जसले व्यर्थका मूर्तिहरूतिर मन
लगाउँछन्,
तिनीहरूले पाउनुपर्ने अनुग्रहबाट
तिनीहरू वञ्चित हुन्छन् ।
९ तर म, धन्यवादको स्तुतिसाथ तपाईंलाई
बलिदान चढ़ाउँनेछु ।
मैले जे भाकल गरेको छु, त्यो म पूरा
गर्नेछु ।
उद्धार परमप्रभुबाट नै आउँछ ।"

१०अनि परमप्रभुले माछालाई आज्ञा दिनुभयो,
र त्यसले योनालाई सुखा जमिनमा उकेलिदियो ।

## योना निनवेमा गएका

३ तब परमप्रभुको वचन योनाकहाँ दोस्रोपल्ट
आयो: २"त्यो ठूलो शहर निनवेमा जा, र
मैले तँलाई दिने समाचार जे छ, त्यसलाई
घोषणा गर् ।"

३योनाले परमप्रभुको वचन पालन गरे र
निनवेमा गए । अब निनवे एउटा ठूलो शहर
थियो– यसलाई घुम्न र सबैतिर हेर्न तीन दिन
लाग्थ्यो । ४योना शहरभित्र पसे र एकदिनको
बाटोसम्म गए, र तिनले घोषणा गरे: "अब
चालीस दिनपछि निनवे नष्ट पारिनेछ ।"
५निनवेका मानिसहरूले परमेश्वरलाई विश्वास
गरे । तिनीहरूले एउटा उपवासको घोषणा
गरे, र ठूलोदेखि सानोसम्म सबैले भाङ्ग्रा लगाए ।
६जब यो खबर निनवेका राजाकहाँ पुग्यो,
तिनी आफ्नो सिंहासनबाट उठे, आफ्नो राजकीय
पोशाक फुकाले, र भाङ्रा ओढ़े अनि धूलोमा
बसे । ७त्यसपछि तिनले निनवेमा एउटा घोषणा
जारी गरे:

"राजा र उनका भारादारहरूका उर्दीद्वारा:

मान्छे वा पशु, गाई-गोरु या भेड़ा-बाख्रा,
कसैले पनि केही नचाखोस्; तिनीहरूलाई
खान वा पिउन नदिइओस् । ८तर मान्छे
र पशुले भाङ्ग्रा लगाऊन् । हरेकले तुरुन्तै
परमेश्वरलाई पुकारोस् । तिनीहरूले

**३:४–५**–मत्ती १२:४१; लूका ११:३२.

आफ्ना दुष्ट चाल छोडून् र तिनीहरूका हिंसा त्यागून् । **९**कसले जान्दछ ? परमेश्वर अझै पनि कोमल बन्न सक्नुहुन्छ र दयाले भरिएर आफ्नो डर लाग्दो क्रोधबाट फर्कनुहुन्छ, ताकि हामी नाश हुनेछैनौं ।"

**१०**परमेश्वरले तिनीहरूले के गरे अनि तिनीहरू कसरी आफ्ना दुष्ट चालदेखि फर्के त्यो देख्नुभयो, र उहाँ दयाले भरिनुभयो अनि उहाँले चाहनुभएको सर्वनाशको धम्की तिनीहरूमाथि ल्याउनुभएन ।

## परमप्रभुको दयामा योनाको रीस

**४** तर योना एकदमै बेखुसी भए र रिसाए । **२**"तिनले परमप्रभुलाई यसो भनेर आफ्नो प्रार्थना गरे, "हे परमप्रभु, म घरमा हुँदा नै मैले यो कुरा भनेको थिइनँ र ? यसैकारणले म तर्शीशतिर भागेर जान हतारिएको थिएँ । मलाई थाहा थियो कि तपाईं एक अनुग्रही र दयाले पूर्ण, रीस गर्नमा ढिलो र प्रेममा प्रशस्त परमेश्वर हुनुहुन्छ जो विपत्ति पठाउँदा खुशी हुनुहुन्नँ । **३**अब, हे परमप्रभु, मेरो प्राण लिनुहोस्, किनकि मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ ।"

**४**तर परमप्रभुले जवाफ दिनुभयो, "के तँलाई रीस गर्ने कुनै अधिकार छ ?"

**५**योना बाहिर निस्के र शहरको पूर्वको एउटा ठाउँमा गएर बसे । त्यहाँ तिनले एउटा छाप्रो बनाए अनि त्यसको छायाँमा बसे र शहरलाई के हुँदोरहेछ भनी पर्खिबसे । **६**त्यसपछि परमप्रभुले एउटा दाखको बोटको प्रबन्ध गर्नुभयो र योनाको शिरलाई छायाँ दिएर सजिलो पार्न त्यसलाई योना माथिबाट उमार्नुभयो, र योना त्यस दाखको बोट देखेर अत्यन्त खुशी भए । **७**तर अर्को दिन बिहान परमेश्वरले एउटा कीराको प्रबन्ध गर्नुभयो, जसले दाखको बोटलाई खाइदियो र त्यो ओइलाइहाल्यो । **८**घाम उदाउँदा, परमेश्वरले पूर्वबाट तातो बतासको बेगको व्यवस्था गर्नुभयो र घाम योनाको थाप्लोमा रन्कियो र तिनी मूर्छा परे । तिनी मर्न चाहन्थे र भने, "मेरो लागि बाँच्नुभन्दा त मर्नु नै असल हुनेछ ।"

**९**तर परमेश्वरले योनालाई भन्नुभयो, "के तँलाई दाखको बोटको विषयमा रिसाउने अधिकार छ ?"

"मलाई छ," तिनले भने । "मलाई मरुञ्जेलसम्म रीस उठेको छ ।"

**१०**तर परमप्रभुले भन्नुभयो, "तैंले यस दाखको बोटको बारेमा फिक्री गरिराखेको छस्, यद्यपि तैंले यसलाई बढाउनको लागि हेरचाह गरिनस् वा तैंले यसलाई उमारिनस् । यो एकै रातमा उम्रेर बढ्यो र एकै रातमा नष्ट पनि भयो । **११**तर निनवेमा एक लाख बीस हजार मानिसहरू छन् जसले दाहिने र देब्रे हात छुटचाउन सक्दैनन्, र धेरै गाईबस्तु पनि छन् । के म यो ठूलो शहरको निम्ति चिन्तित नहूँ ?"

---

**४:२**–प्रस्थान ३४:६. **४:३**–१ राजा १९:४.

# मीकाको पुस्तक

१ यहूदाका राजाहरू योताम, आहाज र
हिजकियाका शासनकालमा परमप्रभुको
वचन मोरेशेतको मीकाकहाँ आयो– यो दर्शन
तिनले सामरिया र यरूशलेमको विषयमा देखेका
थिए ।

२ हे जाति-जातिका मानिस हो, तिमीहरू
सबैले सुन,
हे पृथ्वी र त्यसमा भएका सबै,
ध्यानसित सुन, कि परमप्रभु आफ्नो
पवित्र मन्दिरबाट, परमप्रभु परमेश्वर
नै तिमीहरूका विरुद्धमा साक्षी होऊन् ।

### सामरिया र यरूशलेमका विरुद्धमा न्याय

३ हेर ! परमप्रभु आफ्नो वासस्थानबाट
आउँदैहुनुहुन्छ;
उहाँ तल आउनुहुन्छ र पृथ्वीका उच्च
स्थानहरूलाई कुल्चनुहुन्छ ।
४ उहाँको मुनि पर्वतहरू पग्लन्छन्
र आगोको अगि मैनजस्तै बेँसीहरू
चिरिन्छन्,
भिरालो जमिनबाट पानी बगेजस्तै ।
५ यो सबै याकूबको अपराधले गर्दा हो,
इस्राएलको घरानाका पापहरूले गर्दा हो ।
याकूबको अपराध के हो त ?
के यो सामरिया होइन ?
यहूदाको उच्च स्थान के हो ?
के त्यो यरूशलेम होइन ?

६ "यसकारण म सामरियालाई
ढुङ्गाहरूको एउटा राश बनाउनेछु,
दाख रोप्ने एउटा खेत ।
म त्यसका ढुङ्गाहरू तल बेँसीमा
खन्याइदिनेछु,
र त्यसका जगहरूलाई नाङ्गै बनाइदिनेछु ।
७ त्यसका सबै मूर्तिहरू टुक्राटुक्रा पारिनेछन्;
त्यसका मन्दिरका सबै सौगातहरू आगोले
जलाइनेछन्;
म त्यसका सबै मूर्तिहरूलाई ध्वंस
पारिदिनेछु ।
किनकि त्यसले आफ्ना सौगातहरू
वेश्याहरूको ज्यालाहरूदेखि जम्मा
गरेकी थिई,
वेश्याहरूका ज्यालाजस्तै तिनीहरू
फेरि प्रयोग गरिनेछन् ।"

### रूवावासी र विलाप

८ यसैकारणले म रुनेछु र विलाप गर्नेछु;
म खाली खुट्टा र नाङ्गै हिँड्नेछु ।
म स्यालझैँ कराउनेछु र लाटोकोसेरोझैँ
विलौना गर्नेछु ।
९ किनकि त्यसको चोट निको हुनेछैन;
त्यो यहूदासम्म आएको छ ।
त्यो मेरो मानिसहरूका ढोकासम्मै
आइपुगेको छ,
अर्थात् यरूशलेमसम्मै ।
१० गातमा यो नसुनाओ, रुँदै नरोओ ।
बेथ-ओप्रामा धूलोमा लडीबडी गर ।
११ तिमीहरू जो शाफीरमा बस्नेहरू हो,
नाङ्गोपना र शर्म लिएर निस्किजाओ ।
तिनीहरू जो सानानमा बस्छन्,
बाहिर निस्किआउने छैनन् ।
बेथ-एजेल शोकमा छ;
त्यसको सुरक्षा तँबाट खोसिएको छ ।
१२ तिनीहरू जो मारोतमा बस्छन्
पीड़ाले छटपटाइरहेछन्, छुटकाराको
प्रतिक्षा गर्दै,

**१:१**–२ राजा १५:३२-१६:२०; १८:१-२०:२१; २ इतिहास २७:१-७; २८:१.

किनकि यरूशलेमको ढोकासम्म नै
परमप्रभुबाट विपत्ति आएको छ ।
१३ तिमीहरू जो लाकीशमा बस्छौ,
घोड़ाहरूका दल रथमा कस ।
सियोनकी छोरीको पापको शुरु तिमीहरू
नै थियौ,
किनकि इस्राएलका अपराधहरू
तिमीहरूमा नै भेट्टाइए ।
१४ यसकारण, मोरेशेत-गातलाई
बिदाका सौगातहरू तिमीहरूले दिनेछौ ।
अक्जीबको शहर इस्राएलका राजाहरूका
निम्ति धोका दिने प्रमाणित हुनेछ ।
१५ तिमीहरूको विरुद्धमा विजय गर्ने म एक
जनालाई ल्याउनेछु,
जो मोरेशामा बस्छन् ।
तिनी अदुल्लाममा आउनेछन्,
जो इस्राएलको महिमा हुन् ।
१६ आफ्ना प्यारा बालकहरूका निम्ति
तिमीहरूको केश खौर जसमा
तिमीहरू रमाउँछौ,
तिमीहरू आफैलाई गिद्धजस्तै केशविनाको
बनाओ,
किनकि तिनीहरू तिमीहरूदेखि कैदमा
लगिनेछन् ।

## मानिस र परमेश्वरका योजनाहरू

२ धिक्कार तिनीहरूलाई, जसले अधर्मको
योजना बनाउँछन्,
तिनीहरू जसले ओछ्यानहरूमा खराब
षड्यन्त्र रच्दछन् !
बिहानको उज्यालोमा त्यो काम तिनीहरू
गरिहाल्दछन्
किनकि तिनीहरूमा त्यो गर्ने शक्ति छ ।
२ तिनीहरूले खेतहरूका लोभ गर्छन् र
खोस्छन्,
अनि घरहरू पनि लान्छन् ।
तिनीहरूले घरको लागि मान्छेलाई धोका
दिन्छन्,
साथीलाई त्यसको पैतृकधनविहीन
पार्छन् ।
३ यसैकारण, परमप्रभु भन्नुहुन्छः
"यी मानिसहरूका विरुद्धमा म विनाश
रच्दैछु,
जसबाट तिमीहरू आफूलाई बचाउन
सक्दैनौ ।
तिमीहरू अबदेखि गर्वसाथ हिड्नेछैनौ,
किनकि यो एउटा सङ्कष्टपूर्ण समय
हुनेछ ।
४ त्यो दिनमा मानिसहरूले तिमीहरूलाई
खिसी गरेर हाँस्नेछन्,
तिनीहरूले तिमीहरूलाई यो शोकपूर्ण
गीत गाएर गिल्ला गर्नेछन्:
हामी पूर्ण रूपले विनाश भयौं;
मेरा मानिसहरूका अंश बाँड़िएको छ ।
उहाँले यो मबाट खोस्नुहुन्छ !
उहाँले हाम्रा खेतहरू हामीलाई धोका
दिनेहरूलाई बाँड़िदिनुहुन्छ ।'"
५ यसकारण, चिट्ठा हालेर जमिन बाँड्न
परमप्रभुको सभामा तिमीहरूका निम्ति
कोही पनि हुनेछैन ।

## झूटा अगमवक्ताहरू

६ "अगमवाणी नबोल" तिनीहरूका
अगमवक्ताहरू भन्छन् ।
"यी विषयहरूका बारेमा अगमवाणी
नगर;
अपमानले हामीलाई छोप्नेछैन ।"
७ "के यो भनिनुपर्ने हो,
हे याकूबको घराना:
"के परमप्रभुको आत्मा क्रोधित
हुनुहुन्छ ?"
के उहाँले यस्ता कुराहरू गर्नुहुन्छ ?"
"जसका चालहरू सोझा छन्, के मेरा
वचनले तिनीहरूलाई भलाइ गर्दैन र ?
८ भर्खरै मेरा मानिसहरू एउटा शत्रुझैँ खड़ा
भएका छन् ।
केही परवाह नगरी छेउबाटै
जानेहरूबाट तिमीहरूले युद्धबाट
फर्किरहेका मानिसहरूले जस्तै,
मूल्यवान् खाष्टाहरू खोसेर लैजान्छौ ।

९ मेरा मानिसहरूका स्त्रीहरूलाई
तिनीहरूका आनन्दमय घरहरूबाट
निकालिदिन्छौ ।
तिमीहरूले मेरा आशिष् तिनीहरूका
बालकहरूदेखि सदाको निम्ति
खोसिदिन्छौ ।
१० उठ, गइहाल !
किनकि यो तिमीहरूको विश्राम-स्थल
होइन,
यो अपवित्र पारिएको छ,
कहिल्यै नबनिने गरी यो नष्ट पारिएको
छ ।
११ यदि झूट बोल्ने र छली मानिस
आउँछ अनि यसरी भन्छ भने,
'म तिम्रो निम्ति प्रशस्त
जाँड़ र दाखमद्यको विषयमा अगमवाणी
कहनेछु;
त्यो नै यी मानिसहरूका निम्ति ठीक
अगमवक्ता हुनेछ !

### उद्धारको प्रतिज्ञा

१२ हे याकूब, "म निश्चय नै तिमीहरू
सबैलाई भेला गर्नेछु;
म साँच्चै इस्राएलका बाँकी रहेकाहरूलाई
एक ठाउँ भेला गर्नेछु ।
भेड़ाहरूलाई गोठमा बटुले झैँ,
म तिनीहरूलाई एकसाथ ल्याउनेछु;
भेड़ाहरू चरनमा थुप्रेझैँ त्यस ठाउँमा
मानिसहरूको भीड़ हुनेछ ।
१३ एक जना जसले बाटो बनाउनुहुन्छ,
तिनीहरूका अगि जानुहुनेछ;
तिनीहरू मूल-ढोका भत्काएर बाहिर
निस्केर जानेछन् ।
तिनीहरूका राजा तिनीहरूका अगि
जानेछन्,
परमप्रभु तिनीहरूका शिर हुनुहुनेछ ।"

### अगुवाहरू र अगमवक्ताहरूलाई हप्की

३ त्यसपछि मैले भनें,
"सुन, तिमी याकूबका अगुवाहरू,
इस्राएलका घरानाका शासकहरू हो ।
के तिमीहरूले न्याय जान्नु पर्दैन,
२ तिमीहरू जो भलाइलाई घृणा गर्छौ र
दुष्टतालाई प्रेम गर्छौ;
जसले मेरा मानिसहरूका छाला काढ्दछौ
र तिनीहरूका हड्डीहरूबाट मासु
निकाल्दछौ;
३ तिमीहरू जसले मेरा मानिसहरूका मासु
खान्छौ,
तिनीहरूका छाला काढ्दछौ र तिनीहरूका
हाड़हरू टुक्राटुक्रा गरी भाँच्दछौ;
अनि भाँड़ामा हाल्ने र खड्कुँलोमा
पकाउने मासुलाई झैं तिनीहरूलाई
टुक्रा-टुक्रा पार्दछौ ?"
४ त्यसपछि तिनीहरूले परमप्रभुलाई
पुकारा गर्नेछन्,
तर उहाँले तिनीहरूलाई जवाफ दिनुहुने
छैन ।
त्यस समयमा उहाँले आफ्नो मुहार
तिनीहरूदेखि लुकाउनुहुनेछ, किनकि
तिनीहरूले दुष्ट काम गरेका छन् ।
५ परमप्रभु यसो भन्नुहुन्छः
"ती अगमवक्ताहरू,
जसले मेरा मानिसहरूलाई कुमार्गमा
डोऱ्याउँछन्,
यदि कसैले तिनीहरूलाई खुवाउँछ भने,
तिनीहरूले 'शान्ति होस्' भनी घोषणा
गर्छन्;
यदि त्यसले गर्दैन भने,
तिनीहरू त्यसको विरुद्धमा युद्धको
तयारी गर्छन् ।
६ यसकारण रात तिमीहरूकहाँ आउँछ
तर दर्शनरहित हुनेछ,
अन्धकार हुनेछ तर अगमवाणी हुनेछैन ।
अगमवक्ताहरूका लागि घाम अस्ताउनेछ,
र दिन तिनीहरूका लागि अध्याँरो हुनेछ ।
७ दर्शन देख्नेहरू लज्जित हुनेछन्,
र जोखना हेर्नेहरू अपमानित हुनेछन् ।
तिनीहरू सबैले आफ्ना अनुहारहरू
छोप्नेछन्,

किनकि तिनीहरूले परमेश्वरबाट कुनै
जवाफ पाउनेछैनन् ।"
८ तर म त याकूबलाई तिनको अपराध,
इस्राएललाई तिनको पाप जनाइदिनलाई
परमप्रभुका आत्माद्वारा शक्ति, न्याय र
पराक्रमले पूर्ण छु ।
९ यो सुन, तिमीहरू याकूबका घरानाका
अगुवाहरू,
तिमीहरू इस्राएलका घरानाका शासकहरू,
जसले न्यायलाई घृणा गर्छन् र सत्यलाई
पूर्णरुपले बिगार्छन्;
१० जसले रगत बगाई सियोनलाई
र दुष्टताद्वारा यरुशलेमलाई निर्माण
गर्दछौ ।
११ त्यसका अगुवाहरूले घूस लिएर न्याय
गर्छन्,
त्यसका पूजाहारीहरूले ज्यालामा
सिकाउँदछन्,
र त्यसका अगमवक्ताहरूले रुपियाँमा
भाग्य बताउँछन् ।
तरै पनि तिनीहरू परमप्रभुमा आड़ लिएर
भन्छन्,
"के परमप्रभु हाम्रो बीचमा हुनुहुन्न र ?
कुनै आपत्ति हामीमाथि आउनेछैन ।"
१२ यसैकारण, तिमीहरूले गर्दा,
सियोन खेत जस्तै जोतिनेछ,
यरूशलेम ढुङ्गाहरूका थुप्रो बनिनेछ,
र मन्दिरको डाँड़ाचाहिँ झाड़ीहरू बढ़ेर
आएको ढिस्कोझैँ हुनेछ ।

### परमप्रभुको पर्वत

४ अन्तका दिनहरूमा परमप्रभुको मन्दिरको
पर्वत स्थापित गरिनेछ,
पर्वतहरूका बीचमा मुख्य पर्वतजस्तै,
यसलाई डाँड़ाहरूभन्दा अझमाथि उठाइनेछ,
र मानिसहरूको त्यहाँ भीड़ लाग्नेछ ।
२ धेरै जातिहरू आउनेछन् र भन्नेछन्,
"आओ, हामीहरू परमप्रभुको पर्वतमाथि
जाऔं,
याकूबका परमेश्वरको भवनमा जाऔं ।
उहाँले हामीलाई उहाँको मार्ग
सिकाउनुहुनेछ,
ताकि हामी उहाँको मार्गमा हिँड्न सकौं ।"
व्यवस्था सियोनबाट र परमप्रभुको
वचनचाहिँ यरूशलेमबाट निस्कनेछन् ।
३ उहाँले धेरै मानिसहरूका बीचमा न्याय
गर्नुहुनेछ,
र टाढ़ा-टाढ़ाका बलिया जातिहरूका
निम्ति झगड़ाहरू मिलाउनुहुनेछ ।
तिनीहरूले आफ्ना तरवारहरू पिटेर
हलोका फालीहरू र भालाहरू पिटेर
हँसियाहरू बनाउँछन् ।
एउटा जातिले अर्को जातिको विरुद्धमा
तरवार उठाउनेछैन,
नता तिनीहरूले फेरि कहिल्यै लड़ाइँ गर्न
तालिम लिनेछन् ।
४ हरेक मान्छे आफ्नै दाखको बोटमुनि
र आफ्नै नेभाराको रूखमुनि बस्नेछ,
अनि कसैले तिनीहरूलाई भयभीत
तुल्याउनेछैन,
किनकि परमप्रभु सर्वशक्तिमान् नै
बोल्नुभएको छ ।
५ सबै जातिहरू तिनीहरूका देवताहरूका
नाउँमा हिँडून्;
तर हामीचाहिँ परमप्रभुको नाउँमा,
हाम्रो परमेश्वरको नाउँमा सदासर्वदै
हिँड्नेछौं ।

### परमप्रभुको योजना

६ परमप्रभुले घोषणा गर्नुहुन्छ,
"त्यस दिनमा म लङ्गड़ाहरूलाई भेला
गर्नेछु;
म कैदीहरूलाई जम्मा गर्नेछु
र निर्वासितहरूलाई अनि जसलाई मैले
शोकमा पारेको थिएँ,
७ म लङ्गड़ालाई एउटा बचेको भाग,

**३:१२**–यर्मिया २६:१८. **४:३**–योएल ३:१०. **४:४**–जकरिया ३:१०.

र खेदिएकाहरूलाई एउटा बलियो जाति
बनाउनेछु ।
परमप्रभुले तिनीहरूमाथि सियोन
पर्वतमा त्यस दिनदेखि उसो सदासर्वदा
राज्य गर्नुहुनेछ ।
८ तेरो विषयमा चाहिँ, हे बगालको धरहरा,
हे सियोनकी छोरीको बलियो किल्ला,
पहिलेको अधिकार तँलाई फेरि फर्काइनेछ;
यरूशलेमकी छोरीकहाँ राज्य फेरि
आउनेछ ।"
९ अब तँ किन चिच्च्याई-चिच्च्याई रुन्छस्–
के तेरो कुनै राजा छैनन् ?
के तेरो सल्लाहकार नष्ट भएको छ,
र तँलाई यस्तो पीड़ाले पक्रेको छ
कि एउटी स्त्री प्रसव वेदनामा परेकीजस्तै ?
१० हे सियोनकी छोरी,
एउटी स्त्री प्रसववेदनामा परेजस्तै पीड़ामा
छटपटा,
किनकि अब तैंले यो शहर छोड़नैपर्छ
र तैंले खुला मैदानमा तम्बु टाँग्नुपर्छ ।
तँ बेबिलोनमा जानेछस्;
त्यहाँ तँलाई छुट्कारा दिइनेछ ।
त्यहाँ परमप्रभुले तँलाई
तेरा शत्रुहरूका हातदेखि मुक्त गर्नुहुनेछ ।
११ तर अहिले धेरै जातिहरू
तेरो विरुद्धमा भेला भएका छन् ।
तिनीहरू भन्छन्, "त्यो अशुद्ध पारियोस्,
र हाम्रा आँखाहरूले सियोनलाई नियाल्न
पाओस् ।"
१२ तर तिनीहरूलाई परमप्रभुका विचारहरू
थाहा छैन;
उहाँको योजनाहरू तिनीहरूले बुझ्दैनन्,
उहाँ जसले तिनीहरूलाई अन्नका
बिटाहरूझैँ खलामा जम्मा गर्नुहुनेछ ।
१३ हे सियोनकी छोरी, उठ् र दाइँ गर्,
किनकि म तँलाई फलामका सिङहरू
दिनेछु;
म तँलाई पीतलका खुरहरू दिनेछु
र तैंले धेरै जातिहरूलाई चकनाचूर
पार्नेछस् ।"
अर्धमले कमाएका तिनीहरूका धन,
तिनीहरूका सम्पत्ति तैंले सारा
पृथ्वीका परमप्रभुलाई चढाउनेछस् ।

### बेतलेहेमबाट प्रतिज्ञा गरिएको शासक

५ हे फौजका शहर, तेरो फौजलाई मिलाएर
राख्,
किनकि हाम्रो विरुद्धमा घेरा हालिएको
छ ।
तिनीहरूले इस्राएलको शासकको गालामा
एउटा डण्डाले हिर्काउनेछन् ।
२ "तर तँ बेथलेहेम एप्राता,
यद्यपि तँ यहूदाको घरानामा सानो छस्,
तँदेखि मेरो निम्ति एक जना
निस्किआउनुहुनेछ,
जो इस्राएलका शासक हुनुहुनेछ,
जसको शुरु पुरानो समयदेखि अर्थात्
प्राचीन कालदेखि नै छ ।
३ त्यसकारण जबसम्म प्रसववेदनामा
परेकीले जन्माउँदिन
र तिनका बाँकी रहेका दाज्यूभाइहरू
इस्राएलीहरूसित मिल्न आउँदैनन्, त्यस
समयसम्म इस्राएल त्यागिनेछ ।
४ उहाँले परमप्रभुको शक्तिमा, परमप्रभु
आफ्ना परमेश्वरको महिमाको नाउँमा
खड़ा हुनुहुनेछ र आफ्ना बगाललाई
चराउनुहुनेछ ।
अनि तिनीहरू सुरक्षित रहनेछन्
किनकि त्यसपछि उहाँको महानता
पृथ्वीको अन्तसम्म पुग्नेछ ।
५ अनि उहाँ तिनीहरूका शान्ति हुनुहुनेछ ।

### छुटकारा र विनाश

जब अश्शूरीहरूले हाम्रो देशमाथि
आक्रमण गर्छन्
र हाम्रा किल्लाहरूबाट भएर जानेछन्,

---

**५:२**–मत्ती २:६; यूहन्ना ७:४२.

हामी त्यसका विरुद्धमा सात जना
गोठालाहरू उठाउनेछौं
र मानिसहरूका आठ जना अगुवाहरूलाई
पनि खड़ा गर्नेछौं ।
६ तिनीहरूले तरवारद्वारा अश्शूर देशलाई
शासन गर्नेछन्;
निम्रोदको देशलाई नाङ्गो तरवारले शासन
गर्नेछन् ।
जब अश्शूरीहरू हाम्रो देशलाई आक्रमण
गर्न आउँछन्,
र हाम्रा सिमानाहरू कुल्चन्छन्,
तब उहाँले हामीलाई अश्शूरीहरूका
हातबाट छुटकारा दिनुहुनेछ ।
७ याकूबका बाँकी रहेकाहरू धेरै
मानिसहरूका बीचमा हुनेछन्
परमप्रभुबाटको शीतजस्तै,
घाँसहरूमाथि पानी झरीझैँ हुनेछन्,
जसले नता कुनै मानिसलाई
न मानिस जातिलाई पर्खन्छ ।
८ याकूबका बाँकी रहेकाहरू जातिहरूका
बीचमा हुनेछन्,
धेरै मानिसहरूका बीचमा,
जङ्गलका पशुहरूका बीचमा एउटा सिंह
र भेड़ाको बथानको बीचमा एउटा जवान
सिंहजस्तै हुनेछन्,
जसले लतार्दै फहराउँदै हिँड्छन्
र कसैले पनि छुटाउन सक्दैन ।
९ तिम्रो हात तिम्रा शत्रुहरूमथि विजयमा
उठाइनेछ,
र तिम्रा सबै शत्रुहरू नष्ट पारिनेछन् ।
१० परमप्रभु घोषणा गर्नुहुन्छ, “त्यस दिनमा
तिमीहरूका बीचमा तिमीहरूका
घोड़ाहरूलाई नाश गर्नेछु,
र तिमीहरूका रथहरू ध्वंस गर्नेछु ।
११ म तिमीहरूका देशको शहरहरूलाई नाश
पार्नेछु,
र तिमीहरूका सबै बलिया किल्लाहरू
भत्काइदिनेछु ।
१२ म तिमीहरूका तन्त्रमन्त्र नाश गर्नेछु
र तिमीहरूका जादूहरू अबदेखि काम
लाग्नेछैन ।
१३ म तिमीहरूका खोपिएका मूर्तिहरू
र तिमीहरूका बीचबाट तिमीहरूका
पवित्र मानेका ढुङ्गाहरू नष्ट गर्नेछु;
अबदेखि उसो तिमीहरूले आफ्ना
हातहरूद्वारा बनाएका थोकहरूका
अगि शिर झुकाउने छैनौ ।
१४ म तिमीहरूका बीचबाट अशेराका
देवताहरू उखेलिदिनेछु,
र तिमीहरूका शहरहरूलाई
भत्काइदिनेछु ।
१५ मेरो आज्ञा नमान्ने जातिहरूलाई म
मेरो रीस र क्रोधमा बदला लिनेछु ।”

### इस्राएलको विरुद्धमा परमप्रभुको मुद्दा

६ सुन, परमप्रभुले के भन्नुहुन्छ:
“खड़ा होओ, पर्वतहरूका अगि आफ्नो
उजुर पेश गर;
तिमीहरू के भन्छौ डाँडाहरूले सुनून् ।
२ सुन, हे पर्वतहरू हो, हे पृथ्वीका अनन्त
रहने जगहरू हो,
परमप्रभुको आरोप ध्यानसित सुन ।
किनकि आफ्ना मानिसहरूका विरुद्धमा
परमप्रभुको एउटा मुद्दा छ;
उहाँले इस्राएलका विरुद्धमा एउटा
अपराधको दोष लाउँदै हुनुहुन्छ ।
३ “हे मेरा मानिसहरू, मैले तिमीहरूलाई
के गरेको छु ?
कसरी मैले तिमीहरूलाई भारी बोकाएँ ?
मलाई जवाफ देओ ।
४ मैले तिमीहरूलाई मिश्रदेशदेखि ल्याएँ,
र तिमीहरूलाई दासत्वको देशबाट मोल
तिरेर छुटाएँ,
मैले तिमीहरूका अगुवा हुनलाई,
मोशालाई पठाएँ साथै हारून
र मिरियमलाई पनि ।

---

**५:६**–उत्पत्ति १०:८-११. **६:४**–प्रस्थान ४:१०-१६; १२:५०-५१; १५:२०.

५ मेरा मानिसहरू हो,
मोआबको राजा बालाकले के सल्लाह गरेको थियो,
र बओरको छोरा बालामले त्यसलाई कस्तो जवाफ दियो, त्यो याद गर ।
याद गर, शित्तीमदेखि गिलगालसम्मको यात्रालाई सम्झ
र तिमीहरूले परमप्रभुको धार्मिक कामहरूलाई जान्न सक ।"
६ के लिएर म परमप्रभुको सामुन्ने आऊँ
र उच्च परमेश्वरको अगि शिर झुकाऊँ ?
के एक वर्षे बाछो लिएर उहाँकहाँ होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ ?
७ के परमप्रभु हजारौं भेड़ाहरू,
दश हजार तेलका खोलाहरूसित रमाउनुहुन्छ र ?
के म आफ्नो पापको निम्ति मेरो पहिले जन्मेकोलाई चढ़ाऊँ,
मेरो प्राणको पापको निम्ति मेरो शरीरको फल चढ़ाऊ ?
८ हे मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ ।
र परमप्रभुले तँबाट के चाहनुहुन्छ ?
केवल यति कि न्यायपूर्वक काम गर्नू
र दयालाई प्रेम गर्नू,
अनि नम्र भएर तेरा परमेश्वरसित हिँड्नू ।

### इस्राएलको दोष र सजाय

९ सुन ! परमप्रभुले शहरलाई बोलाउँदै हुनुहुन्छ–
र तपाईंको नाउँको भय मान्नु बुद्धि हो–
"लाठो र यसलाई नियुक्त गर्नेलाई ध्यान देऊ ।
१० हे दुष्ट घराना, के म अझै बिर्सनु,
तैंले अनुचित तरिकाले कमाएको धन
र तौलमा छलेको कुरो- जो श्रापित छ ?
११ के म छलको ढक तराजु चलाउनेलाई छोडिदिऊँ,
झूटा ढकहरू राख्ने झोलालाई म निर्दोष तुल्याऊँ ?
१२ त्यसका धनी मानिसहरू उपद्रवले भरिएका छन्,
त्यसका मानिसहरू झूट बोल्छन्
र तिनीहरूका जिब्राहरूले छलका कुरा बोल्छन् ।
१३ यसकारण मैले तेरा पापहरूको कारण तँलाई नाश गर्न थालेको छु ।
१४ तिमीहरूले खानेछौ तर अघाउने छैनौ;
तिमीहरूका पेट अझै पनि भोकै रहनेछ ।
तिमीहरू राख्न त राख्छौ तर बचाउनसक्दैनौ,
किनकि तिमीहरूले जे बचाएका हुन्छौ म त्यो तरवारलाई दिइहाल्नेछु ।
१५ तिमीहरू रोप्नेछौ तर कटनी गर्नेछैनौं;
तिमीहरू जैतूनहरू पेल्नेछौ तर त्यसको तेल आफ्नै निम्ति प्रयोग गर्नेछैनौ,
दाख पेल्न त पेल्छौ तर दाखमद्य पिउनेछैनौ ।
१६ तिमीहरूले ओम्रीका नियमहरू
र आहाबका घरानाको सबै विधिहरू पालन गरेका छौ,
अनि तिमीहरूले तिनीहरूका परम्पराहरूलाई पछ्याएका छौ ।
यसकारण म तिमीहरूलाई नाश गर्नेछु
र तिमीहरूका मानिसहरू गिल्लाको निम्ति दिनेछु;
तिमीहरूले जाति-जातिहरूका तिरस्कार सहनुपर्नेछ ।"

### इस्राएलको कष्ट

७ मलाई कस्तो कष्ट आइलागेको छ !
म एउटा ग्रीष्म ऋतुको फल बटुल्नेजस्तै छु
दाखबारीमा फल टिपिसकेको समयमा,

---

**६:५**–गन्ती २२:२-२४:२५; यहोशू ३:१-४:१९. **६:१६**–१ राजा १६:२३-३४; २१:२५-२६.

खानलाई त्यहाँ दाखका झुप्पा छैन
मैले चाहेको पहिलो नेभाराको एउटै फल
पनि छैन ।
२ भक्तहरू देशबाट हटाइएका छन्;
एउटै सोझो मान्छे पनि छैन ।
सबै मानिसहरू रगत बगाउन
ढुकिबस्छन्;
हरेकले आफ्नो भाइलाई जाल लिएर
शिकार गर्छन् ।
३ दुवै हातहरू दुष्ट काम गर्न निपुण छन्;
शासकहरूले सौगातको माग गर्छन्,
न्यायकर्ताहरू घूस स्वीकार गर्छन्;
शक्तिशालीहरूले आफूले इच्छा
गरेअनुसार हुकुम चलाउँछन्–
तिनीहरू सबै मिलेर षड्यन्त्र रच्दछन् ।
४ तिनीहरूमा सबैभन्दा असल भनेको एउटा
तीखो काँढ़ाजस्तै छ,
सबैभन्दा सोझो भनेको झाड़ीको
काँढ़ाभन्दा खराब छ ।
तिमीहरूका पहरादारको समय आएको
छ,
अर्थात् त्यो समय जब परमेश्वर
तिमीहरूलाई भेट गर्न आउनुहुन्छ ।
अहिले तिनीहरूका अन्योलको समय हो ।
५ छिमेकीमाथि भरोसा नगर;
मित्रमाथि विश्वास नगर
त्यससित पनि जो तिम्रो अँगालोमा सुत्छे
आफ्नो वचनहरूसित होशियार गर ।
६ किनकि एउटा छोरोले बाबुलाई
अनादर गर्छ,
एउटी छोरी आमाको विरुद्धमा उठ्छे,
एउटी बुहारी सासूको विरुद्धमा–
मानिसका शत्रुहरू आफ्नै घरका
सदस्यहरू हुन्छन् ।
७ तर म त, परमप्रभुको आशा लिएर प्रतिक्षा
गर्छु,
म मेरो परमेश्वर उद्धाकर्तालाई पर्खन्छु;
मेरा परमेश्वरले मेरो बिन्ती सुन्नुहुनेछ ।

### इस्राएल खड़ा हुनेछ

८ हे मेरो शत्रु, मलाई खिसी नगर् !
यद्यपि म लड़ेको छु, म खड़ा हुनेछु ।
यद्यपि म अध्याँरोमा बस्छु;
परमप्रभु मेरो ज्योति हुनुहुनेछ ।
९ किनकि मैले उहाँको विरुद्धमा पाप
गरेको छु,
म परमप्रभुको क्रोधलाई सहनेछु,
जबसम्म उहाँले मेरो निम्ति मुद्दा लड्नुहुन्न
र मेरो अधिकार स्थापित गर्नुहुन्न ।
उहाँले मलाई ज्योतिमा निकालेर
ल्याउनुहुन्छ;
म उहाँको धार्मिकतालाई देख्नेछु ।
१० त्यसपछि मेरो शत्रुले त्यसलाई देख्नेछ
र त्यसलाई लाजले ढाक्नेछ,
जसले मलाई भनेकी थिई,
"तेरो परमप्रभु परमेश्वर कहाँ छ ?"
मेरो आँखाले त्यसको पतन देख्नेछ;
अहिले पनि त्यो हिलोझैँ खुट्टामुनि
गल्लीहरूमा कुल्चिइन्छे ।
११ तिमीहरूका पर्खालहरू बनाउने समय
आउनेछ,
तिमीहरूका सिमानाहरू टाढासम्म
बढ़ाउने दिन आउनेछ ।
१२ त्यस दिन मानिसहरू तिमीहरूकहाँ
आउनेछन्,
अश्शूर र मिश्रका शहरहरूबाट
मिश्रदेखि लिएर यूफ्रेटिससम्मका,
र समुद्रदेखि लिएर समुद्रसम्मका
अनि पर्वतदेखि लिएर पर्वतसम्मका
मानिसहरू तिमीहरूकहाँ आउनेछन् ।
१३ तिनीहरूका कामका प्रतिफलस्वरूप
बासिन्दाहरूले गर्दा पृथ्वी उजाड़
बन्नेछ ।

### प्रार्थना र प्रशंसा

१४ तपाईंका प्रजाहरूलाई तपाईंको लौरोले
चराउनुहोस्,

**७:६**–मत्ती १०:३५-३६; लूका १२:५३.

तपाईंकै अधिकारका भेड़ाहरूका
बगाललाई जो एउटा आफै जङ्गलमा,
एउटा मलिलो चरन भूमिमा बस्तछन् ।
तिनीहरूलाई उहिलेका दिनमा झैँ
बाशान र गिलादमा चरेर खान
दिनुहोस् ।

१५ "मिश्रदेशबाट निस्केर आएका दिनहरूमा
जस्तै,
म तिनीहरूलाई मेरा अचम्मका कामहरू
देखाउनेछु ।"

१६ जाति-जातिहरूले देख्नेछन् र लज्जित
हुनेछन्,
तिनीहरू पूरै शक्तिहीन हुनेछन् ।
तिनीहरूले आफ्ना हातहरूले मुख
छोप्नेछन्,
र तिनीहरूका कानहरू बहिरा हुनेछन् ।
१७ तिनीहरू एउटा सर्पले जस्तै,
जमिनमा घस्रने प्राणीहरूले जस्तै धूलो
चाट्नेछन् ।
तिनीहरू आफ्ना गुफाहरूबाट थरथर
काम्दै निस्किआउनेछन्;
परमप्रभु हाम्रा परमेश्वरकहाँ तिनीहरू
भयमा आउनेछन्,
र तिनीहरू तिमीहरूसित डराउनेछन् ।
१८ तपाईंजस्तो परमेश्वर को छ र,
जसले उहाँका उत्तराधिकारका
बचेकाहरूका पाप क्षमा गर्नुहुन्छ अनि
अपराधहरू बिर्सिदिनुहुन्छ ?
तपाईं सधैँ रीस गर्नुहुन्न,
तर कृपा गर्नमा खुशी हुनुहुन्छ ।
१९ तपाईंको दया हामीमाथि फेरि हुनेछ;
तपाईंले हाम्रा पापहरूलाई खुट्टामुनि
कुल्चनुहुनेछ,
र हाम्रा अधर्महरू समुद्रको गहिराइमा
फालिदिनुहुनेछ ।
२० तपाईं याकूबप्रति विश्वासयोग्य
रहनुहुनेछ,
र अब्राहामलाई अनुग्रह देखाउनुहुनेछ,
जसरी तपाईंले धेरै अघिका दिनहरूमा
शपथ खाएर हाम्रा पुर्खाहरूलाई
प्रतिज्ञा गर्नुभएको थियो ।

# नहूमको पुस्तक

१ निनवेको बारेमा ईश्वर-वाणी। एल्कोशी
नहूमले देखेका दर्शनको पुस्तक।

### निनवे-विरुद्ध परमप्रभुको क्रोध

२ परमप्रभु एक डाही र बदला लिने
परमेश्वर हुनुहुन्छ;
परमप्रभुले बदला लिनुहुन्छ र क्रोधले
भरपूर हुनुहुन्छ।
परमप्रभुले आफ्ना दुश्मनलाई बदला
लिनुहुन्छ,
र शत्रुहरूमाथि क्रोध राखिछोड्नुहुन्छ।
३ परमप्रभु रीस गर्नमा धिरजी र पराक्रममा
महान् हुनुहुन्छ;
परमप्रभुले दोषीलाई दण्ड नदिई
छोड्नुहुन्न।
भुमरी र आँधी उहाँको मार्ग,
अनि बादल उहाँका पाउका धूला हुन्।
४ उहाँले समुद्रलाई हकार्नुहुन्छ र
सुकाइदिनुहुन्छ,
उहाँले सारा नदीहरू सुक्खा पार्नुहुन्छ।
बाशान र कर्मेल ओइलाउँछन्,
र लबानोनका फूलको रङ्ग उड़िजान्छ।
५ उहाँको सामुन्नेमा पर्वतहरू काँप्छन्
र डाँड़ाहरू पग्लेर जान्छन्,
उहाँको उपस्थितिमा पृथ्वी,
संसार र यहाँका सम्पूर्ण बासिन्दाहरू
थरथर काँप्छन्।
६ उहाँको रीसको अगि को उभिन सक्छ ?
उहाँको भयानक क्रोध कसले सहन
सक्छ ?
उहाँको रीस आगोझैँ खन्याइन्छ;
उहाँको सामु चट्टानहरू टुक्रा-टुक्रा
हुन्छन्।
७ परमप्रभु भला हुनुहुन्छ,
दु:खको समयमा उहाँनै शरणस्थान
हुनुहुन्छ।
आफूमाथि भरोसा राख्नेहरूलाई उहाँले
वास्ता गर्नुहुन्छ।
८ तर उहाँले उर्लंदो भलले निनवेलाई अन्त्य
गराउनुहुनेछ;
उहाँले आफ्ना दुश्मनलाई खेदेर
अन्धकारमा पुऱ्याइदिनुहुनेछ।
९ परमप्रभुका विरुद्धमा तिनीहरूले रचेका
सारा षड्यन्त्र उहाँले खतम पारिदिनुहुनेछ;
दु:ख-कष्ट दोस्रो पल्ट आउनेछैन।
१० तिनीहरू दाखमद्यले मातेर काँड़ाघारीमा
अल्मलिनेछन्;
तिनीहरू सुक्खा ठुटाझैँ भस्म हुनेछन्।
११ हे निनवे,
तँबाट परमप्रभुका विरुद्धमा युक्ति र
खराब सल्लाह दिने,
एक जना निस्केको छ।
१२ परमप्रभु यसो भन्नुहुन्छ:
"तिनीहरू अनगिन्ती र धेरै मित्रहरूका
साथ भए पनि,
तिनीहरू काटिनेछन् र बितिजानेछन्।
हे यहूदा, मैले तँलाई दु:ख दिए तापनि,
म अब उसो फेरि दु:ख दिनेछैन।
१३ अब तिमीहरूका काँधबाट म तिनीहरूका
जूवा भाँचिदिनेछु।
र तिनीहरूका बन्धनका साङ्गलाहरू
चुँड़ाई फालिदिनेछु।"
१४ हे निनवे, परमप्रभुले तेरोबारे एउटा आज्ञा
गर्नुभएको छ;
"तेरो नाउँ खड़ा राख्नलाई तेरा कोही
सन्तान रहनेछैन।

---

**१:१–३:१९**–यशैया १०:५-३४; १४:२४-२७; सपन्याह २:१३-१५.

तेरा मन्दिरमा भएका कुँदिएका र ढालेर बनाइएका तेरा देवताका मूर्तिहरू म नष्ट पार्नेछु ।
म तेरो चिहान तयार पार्नेछु,
किनकि तँ दुष्ट छस् ।"
१५ एक जना सुसमाचार ल्याउने मानिस,
जसले शान्तिको प्रचार गर्दछ,
पर्वतमाथि तिनका खुट्टाहरू हेर !
हे यहूदा, तेरा चाड़हरू मना,
र भाकलहरू पूरा गर् ।
दुष्टहरूले तँमाथि फेरि कहिले हमला गर्नेछैनन्;
तिनीहरू सम्पूर्ण नाश भएर जानेछन् ।

## निनवेको पतन

२ हे निनवे, तँमाथि हमला गर्ने एक जना आइरहेको छ ।
किल्लाको रक्षा गर्,
बाटो राम्ररी हेर्, कम्मर कस्,
तेरो पूरा बल लगा !
२ विनाशकारीहरूले तिनीहरूलाई उजाड़ पारेर,
तिनीहरूका दाखबारीहरू नष्ट गरिदिएका भएपनि,
परमप्रभुले याकूबको प्रतापी शोभा,
अघि इस्राएलको जस्तै गरी पुनर्स्थापन गर्नुहुनेछ ।
३ त्यसका सैनिकहरूका ढाल राता छन्;
त्यसका योद्धाहरूले रातै पोशाक पहिरेका छन्,
रथका फलाम ती तयार पारिएका दिनमा जस्तै चम्किरहेका छन्,
र सल्लाका काठका भालाहरू घुमाइराखेका छन् ।
४ त्यसका रथहरू सड़कमा बड़ो वेगले दगुरिजान्छन्,
चोकको बीचबाट, ती वारपार गर्दै अगि-पछि गरिरहन्छन्,
तिनीहरू ज्वलन्त राँकाजस्तै देखिन्छन्,
तिनीहरू बिजुलीझैँ वेगले कुद्छन् ।
५ त्यसले आफ्ना चुनिएका सैनिकहरू बोलाउँछ,
तर बाटैमा तिनीहरू ठोक्कर खाएर लड्छन् ।
तिनीहरू शहरका पर्खालतिर दगुरिजान्छन्,
रक्षा गर्ने ढाल ठीक ठाउँमा राखिएको छ ।
६ थुनिराखेका नदीका मूलढोकाहरू खोलिन्छन्,
र राजमहल ढल्छ ।
७ यस्तो आज्ञा भएको छ कि शहरबासीहरू निकालाबास गरी कैदमा लगिनेछन् ।
र त्यसका दासीहरू छाती पिट्दै ढुकुर झैँ विलाप गर्नेछन् ।
८ निनवे एउटा पोखरीजस्तै छ,
त्यसका पानी चुहेर जाँदैछ ।
पख ! पख ! भन्दै तिनीहरू कराउँछन्,
तर पनि कसैले पछि फर्केर हेर्दैन ।
९ चाँदी लुट ! सुन लुट !
असिमित धनले त्यसका ढुकुटीहरू भरीभराऊ छन् !
१० त्यो लुटिन्छ, नाङ्गै पारिन्छ !
हृदयहरू पग्लन्छन्, घुँड़ाहरू खुस्कन्छन्,
शरीरहरू काँप्छन् र हरेक अनुहार पहेंलो भएर जान्छ ।
११ सिंहका गुफाहरू कहाँ छन्,
जहाँ तिनीहरूले आफ्ना डमरूहरूलाई खुवाउँथे ?
जहाँ सिंह र सिंहनी डमरुहरूसमेत नडराई हिँड्दथे ।
१२ सिंहले डमरूहरूको निम्ति प्रशस्त शिकार माथ्र्यो,
अनि सिंहनीको निम्ति पशुहरूको घाँटी अठ्याएर मुण्टो भाँच्दथ्यो ।
त्यसले आफ्ना ओढ़ारहरू शिकारमा मारेका पशुहरूले

**१:१५**–यशैया ५२:७.

र गुफाहरू मारेको जनावरको मासुले
भर्दथ्यो ।
१३ "म तेरा विरुद्धमा छु,"
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।
"म तेरा रथहरू धूवैं-धूवाँ पारेर
जलाइदिनेछु,
तेरा जवान सिंहहरू तरवारले काटिएर
नाश हुनेछन् ।
पृथ्वीमा म तेरो निम्ति केही शिकार
छोड़िदिनेछैन ।
तेरा दूतहरूका सोर अब उप्रान्त
सुनिनेछैन ।"

### निनवेको दुर्गति

३ हत्याले भरिएको शहरलाई धिक्कार !
त्यो झूट र लुटका धनले भरिएको छ,
त्यसलाई शिकारको अभाव छैन !
२ कोर्राहरूको आवाज, गाढ़ाका पाङ्ग्राको
आवाज,
घोड़ा दगुरेका, रथ कुदेका !
३ घोड़-चढ़ीहरूको हमला,
झल्कने तरवार र चम्किला भालाहरू !
मारिएकाहरूको लाश,
मुर्दाहरूको राश,
अनगिन्ती लाशहरू,
ती लाशहरूमा मानिसहरू ठोकर खाँदै
हिँड्छन् ।
४ ती सब एउटी वेश्याको विवेचनारहित
कामुकताले गर्दा हो;
त्यो एक मनलाई मुग्ध पार्ने,
टुनामुनाकी स्वामिनी जसले आफ्नो
वेश्यापनाले जाति-जातिहरूलाई र
आफ्नो जादूले मानिसहरूलाई कमारा
बनाउँथी ।
५ "म तेरो विरुद्धमा छु" सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ ।
"म तेरा फरिया उचालेर तेरा मुखमाथि
पुऱ्याइदिनेछु ।
म तेरो नाङ्गोपना जाति-जातिहरूलाई
र तेरो लाज राज्य-राज्यलाई
देखाइदिनेछु ।
६ म तँलाई फोहोरको झटारो हान्नेछु,
तँसित घृणाको व्यवहार गर्नेछु ।
अनि तँलाई मानिसअगि एक तमासा
बनाउनेछु ।
७ तँलाई देख्नेहरू तँदेखि भाग्नेछन् र
भन्नेछन्,
'निनवे ध्वस्त भएको छ– त्यसको लागि
कसले शोक गर्ने ?'
तँलाई सान्तवना दिने व्यक्ति, मैले कहाँ
पाउने ?"
८ नील नदीका किनारामा अवस्थित,
चारैपट्टि पानीले घेरेको,
यी नो शहरभन्दा के तँ ज्यादा असल
छस् ?
नदी त्यसको बचाउ-किल्ला थियो
अनि पानी त्यसको पर्खाल ।
९ कूश र मिश्रदेश त्यसको असीम शक्ति
थिए,
पूत र लिबिया त्यसका मित्र देशहरू
थिए ।
१० तापनि त्यो कैदमा लगियो,
त्यसको देशबाट निकालाबास भयो ।
त्यसका साना बालक बालिकाहरू
सड़कका सिरानमा टुक्रा-टुक्रा पारिए ।
त्यसका कुलिन भारादारहरूमाथि चिट्ठा
हालियो,
र ठूला-ठूला व्यक्तिहरू सबै साङ्गलाले
बाँधिए ।
११ तँ पनि मात्तिनेछस्,
र लुक्नेछस् अनि शत्रुहरूबाट भागि
शरण खोज्नेछस् ।
१२ तेरा सबै किल्लाहरू पाकेका फलले
लादिएका नेभाराका रूखझैँ छन्
जब ती हल्लाइन्छन्,
तब त्यसका फल खानलाई मुख बाएर
बस्नेहरूका मुखैमा झर्दछन् ।
१३ तेरा सेनालाई हेर,
त्यसमा त स्त्रीहरू मात्र छन् !
तेरा देशका मूल ढोकाहरू तेरा शत्रुअगि

उदाङ्गै खुलिएका छन्,
तिनका बारहरू आगोले भस्म पारेको
छ ।
१४ घेरामा पर्ने दिनको निम्ति पानी भरिराख,
तेरा बचाउ व्यवस्था बलियो गर् !
माटोको हिलो तयार गर,
पर्खाल बनाउने हिलो खुट्टाले माड़ेर तयार
बना,
इँटाका पर्खालको मर्मत गर् !
१५ त्यहाँ तँलाई आगोले भस्म पार्नेछ,
तरवारले टुक्राउनेछ र फटेँग्राझैँ तँलाई
स्वाहा पार्नेछ ।
फटेँग्रासरी आफ्नो सङ्ख्या बढ़ा,
सलहसरी आफ्नो सङ्ख्या बढ़ा !
१६ आकाशका ताराहरूभन्दा पनि बढ़ी
सङ्ख्यामा तैंले आफ्ना व्यापारीहरूलाई
बढ़ाइस्,
तर सलहले झैँ तिनीहरू देशलाई नाङ्गो
पारेर उड़िजानेछन् ।
१७ तेरा पहरादारहरू सलहझैँ छन्,
तेरा भारादारहरू सलहका बथानझैँ छन्,
जुनहरू जाड़ोका दिन पर्खालमा टाँसेर
बस्छन्,
तर जब घाम लाग्दछ,
तिनीहरू उड़ेर जान्छन्,
र कहाँ जान्छन् कसैले जान्दैन ।
१८ हे अश्शूरको राजा, तेरा गोठालाहरू
सुत्दछन् ।
तेरा उच्च भारादारहरू आराम गरेर
बस्दछन् ।
तेरा प्रजाहरू पहाड़हरू हुँदो छरपुस्ट छन्,
तिनीहरूलाई जम्मा गर्ने कोही छैन ।
१९ कुनै कुराले तेरो चोट निको
पार्नसक्नेछैन ।
तेरो घाउ प्राण घातक छ ।
जसले तेरो विषयमा सुन्नेछन्
तेरो पतनमा आफ्नो हातले ताली
बजाउनेछन्,
किनकि तेरो अन्त्यै नहुने निष्ठुरता कसले
भोगेको छैन र ?

# हबकूकको पुस्तक

१ हबकूक अगमवक्ताले प्राप्त गरेका
ईश्वर-वाणी ।

### हबकूकको अभियोग

२ हे परमप्रभु, कहिलेसम्म सहायताको
निम्ति मैले पुकार गर्ने,
तर तपाईं भने सुन्नहुन्न ?
अथवा, "उपद्रव !" भनी म तपाईंमा
कहिलेसम्म पुकारा गर्ने,
तर तपाईं बचाउनुहुन्न ?
३ किन तपाईं मलाई अन्याय हेर्न
लाउनुहुन्छ ?
किन तपाईं अधर्म सहनुहुन्छ ?
मेरो सामु उपद्रव र विनाश छन्,
भैँ-भगड़ा र विवाद प्रशस्त छन् ।
४ यसर्थ व्यवस्था कमजोर, अर्थहिन छ,
न्यायको कहिल्यै विजय हुन्न ।
दुष्टहरूले धर्मीहरूलाई घेर्छन्,
यसैकारण इन्साफ बिगारिदिन्छन् ।

### परमप्रभुको जवाफ

५ "जाति-जातिहरूलाई हेर्, नियालेर हेर्–
अनि छक्क पर्,
किनकि तेरा समयमा यस्तो एक काम
गर्नेछु,
जो तँलाई भनियो भने तैंले विश्वास
गर्नेछैनस् ।
६ म बेबिलोनीहरूलाई खड़ा गर्नेछु,
जो निर्दयी र उग्रस्वभावका छन्
र अर्काका वासस्थान हात पार्नलाई
सारा पृथ्वीभर नै पुग्दछन् ।
७ तिनीहरू भयानक र डरलाग्दा मानिसहरू
हुन्;
तिनीहरू आफै आफ्ना निम्ति कानून हुन्,
र आफ्नै इज्जत बढ़ाउँछन् ।
८ तिनीहरूका घोड़ाहरू चितुवाभन्दा चाँड़ो
कुद्ने,
र बेलुकी निस्कने ब्वाँसाहरूभन्दा भयानक
छन् ।
तिनीहरूका घोड़चढ़ी सेना एकोहोरो अगि
बढ़्छन् ।
र घोड़सवारहरू टाढ़ाबाट आएका
हुन्छन् ।
शिकार टिप्नलाई वेग हानेर आउने
चीलझैँ तिनीहरू वेगले उड्दछन्;
९ तिनीहरू सबै उपद्रव मच्चाउने
अभिप्रायले आउँछन् ।
तिनीहरूको फौज मरूभूमिको बतासझैं
अगि बढ्छ,
र बालुवासरी कैदीहरू जम्मा गर्दछ ।
१० तिनीहरू राजाहरूको हाँसो उड़ाउँछन्
र शासकहरूको ठट्टा गर्दछन् ।
किल्ला भएका शहरहरूको हाँसो गर्छन्
र माटोको घेरा-पर्खाल बनाई ती कब्जा
गर्दछन् ।
११ त्यसपछि तिनीहरू बतासझैँ छेउबाट
भएर हानिएर जान्छन्
र अगि बढ़िरहन्छन्–
ती दोषी मानिसहरू हुन्,
जसको सामर्थ्य तिनीहरूको देवता हो ।"

### हबकूकको दोस्रो अभियोग

१२ हे परमप्रभु, के तपाईं सनातन देखिनै
हुनुहुन्न र ?
हे मेरा परमेश्वर, पवित्र परमेश्वर,
हामी मर्नेछैनौं ।

---

**१:५**–प्रेरित १३:४१. **१:६**–२ राजा २४:२.

हे परमप्रभु, तपाईंले तिनीहरूलाई न्याय
कायम गर्नलाई खटाउनुभएको हो ।
हे चट्टान, दण्ड दिलाउनको निम्ति तपाईंले
तिनीहरूलाई नियुक्त गर्नुभएको हो ।
१३ तपाईंका आँखा यति पवित्र छन्
कि तिनले दुष्ट कुरा हेर्न सक्दैनन्
तपाईं दुष्कर्म सहन सक्नुहुन्न ।
त्यसोभए किन तपाईं विश्वासघात
गर्नेहरूलाई सहनुहुन्छ ?
जब दुष्टहरूले आफूभन्दा धर्मीहरूलाई
निल्दछ,
तब किन तपाईं चूप भई बस्नुहुन्छ ?
१४ तपाईंले मानिसहरूलाई समुद्रका माछा
र शासकविनाका समुद्रका जन्तुहरू
समान बनाउनुभएको छ ।
१५ दुष्ट शत्रुले तिनीहरूलाई बल्छीले उनेर
बाहिर निकाल्छ,
र तिनलाई आफ्ना जालमा पक्रन्छ;
आफ्नो महाजालमा त्यसले तिनलाईं जम्मा
गर्छ,
अनि त्यो रमाउँछ र आनन्द मनाउँछ ।
१६ त्यसैले, त्यसले आफ्नो जाललाई बलि
चढ़ाउँछ ।
र महाजालको लागि धूप जलाउँछ,
किनकि त्यो जालको कमाइले सुख-चैनमा
बाँच्दछ ।
र उत्तम-उत्तम भोजनको स्वाद
लिँदछ ।
१७ के त्यसले आफ्नो जाल रित्याइरहने,
र जाति-जातिलाई निर्दयतापूर्वक नष्ट
गरिरहने हो त ?

२ म पहरा दिई उभिरहनेछु,
किल्लाको पर्खालमा खड़ा रहनेछु;
उहाँले मलाई के भन्नुहुन्छ सो सुन्नलाई,
र यस उजूरबारे मैले कस्तो जवाफ
दिनुपर्ने हो त्यसको निम्ति म
हेरिबस्नेछु, ।

**परमप्रभुको जवाफ**

२ तब परमप्रभुले जवाफ दिनुभयो:

"यो प्रकाश लेख्
र सरल गरी पाटीहरूमा स्पष्टसँग लेख्,
अनि समाचारवाहक त्यो लिएर दौड़ेर
जाओस् ।
३ किनकि यो प्रकाश नियुक्त गरिएको
समयलाई पर्खेर बसेको छ,
यसले अन्तको समयबारे बताउँदछ र
झूटो ठहरिनेछैन ।
त्यो पूरो हुन केही समय ढीलो भए तापनि
पर्खी;
त्यो निश्चय पूरो हुनेछ, ढीलो हुनेछैन ।

४ "हेर्, त्यो घमण्डले फुलिएको छ,
त्यसका इच्छाहरू सोझा छैनन्–
तर धर्मीचाहिँ आफ्नो विश्वासद्वारा
जिउनेछ–
५ साँच्चै, दाखमद्यले त्यसलाई धोका दिन्छ;
त्यो घमण्डी छ र त्यो कहिल्यै शान्तिसँग
बस्दैन ।
सारा जातिहरूलाई त्यसले आफू कहाँ
बटुल्छ र सारा मानिसहरूलाई कैद गर्छ,
किनकि त्यो चिहानजस्तै लोभी
र मृत्युजस्तै कहिल्यै नअघाउने छ ।

६"के सबैले त्यसलाई गिल्ला र अवहेलना
गर्दै, यसो भनेर खिसी गर्दैनन् र–

"'चोरीको सामान थुपारेर
र अर्कोको धन खोसेर आफू धनी
हुनेहरूलाई धिक्कार !
यो कहिलेसम्म चल्ने हो ?'
७ के तँलाई कर्जा दिनेहरू अचानक
उठ्नेछैनन् र ?
के तिनीहरू जागेर तँलाई थुरथुर
नपार्लान् ?
तब तँ तिनीहरूको शिकार बन्नेछस् ।
८ किनकि तैंले धेरै जातिहरूलाई लुटेको छस्,

**२:३**–हिब्रू १०:३७. **२:४**–रोमी १:१७; गलाती ३:११; हिब्रू १०:३८.

बाँकी रहेका मानिसहरूले तँलाई लुट्ने छन् ।
किनकि तैंले मानिसको रगत बहाएको छस्,
तैंले देश र शहरहरू अनि त्यहाँका सबै प्राणीलाई नष्ट पारेको छस् ।

९ "जसले आफ्नो गुँड़ अल्गोमा बनाई,
आफू विनाशबाट बाँचू भनी,
अधर्मको धन लाभ गरी, आफ्नो संसार बनाउँछ त्यसलाई धिक्कार छ !
१० तैंले धेरै जातिहरूको सर्वनाश गर्न जाल रचिस्,
आफ्नो घर-परिवारलाई शर्ममा पारिस् र आफ्नो प्राणचाहिँ गुमाइस् ।
११ पर्खालका ढुङ्गाले कराई सोर उठाउने छन्,
चौकोस् र दलिनले त्यसको प्रतिध्वनि गर्नेछन् ।

१२ "जसले रगत बहाएर नगर निमार्ण गर्दछ,
र अपराधद्वारा शहर बसाल्दछ, त्यसलाई धिक्कार !
१३ के परमसामर्थी प्रभुले यो निश्चय गरिसक्नुभएन कि मानिसका मिहिनेत
आगोमा भस्म हुनलाई मात्र हुन्छ,
र जाति-जातिहरू व्यर्थमा परिश्रम गरेर आफै थाक्दछन् ?
१४ किनकि पृथ्वी परमप्रभुका गौरवको ज्ञानले त्यसरीनै भरिनेछन्,
जसरी समुद्र पानीले ढाकिएको छ ।

१५ "धिक्कार त्यसलाई,
जसले आफ्ना छिमेकीहरूको नाङ्गो शरीर हेर्नलाई,
तिनीहरूलाई आफ्ना छालाका मशकबाट मात्तिन्जेल मद्य पिउन दिन्छ ।
१६ तँ गौरवका सट्टामा शर्मले ढ़ाकिनेछस् ।
अब तेरो पालो आएको छ ! पी र उदाङ्गो हो !
परमप्रभुको दाहिने हातबाट कचौरा तँतिर आउँदैछ,
र तेरो गौरवलाई अपमान्ले ढाक्नेछ ।
१७ तैंले लबानोनमाथि गरेको उपद्रवले तँलाई व्याकुल पार्नेछ;
तैंले पशुहरूको सत्यनाश गरेकोले तँलाई भयभीत पार्नेछ,
किनकि तैंले मानिसको रगत बहाएको छस्;
देशहरू र शहरहरू अनि त्यहाँका सबै प्राणीलाई नाश पारेको छस् ।

१८ "मूर्तिको के मूल्य छ र ? त्यो त मान्छेले खोपेर बनाएको हो ।
अथवा, एउटा प्रतिमा जसले झूटो कुरो सिकाउँछ,
किनकि त्यो बनाउने कारीगरले आफ्नै हातको काममा भरोसा राख्तछ;
उसले बोल्न नसक्ने मूर्तिहरू बनाउँछ ।
१९ काठलाई, "जीवित हो !"
अथवा निर्जीव ढुङ्गालाई "उठ् !" भन्ने मान्छेलाई धिक्कार !
के त्यसले केही मार्ग निर्देशन दिनसक्छ ?
त्यो सुन र चाँदीले मोहोरिएको छ;
अनि त्यसमा सास नै छैन ।
२० तर परमप्रभु आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ;
सारा पृथ्वी उहाँको सामुन्ने चूपचाप रहोस् ।"

## हबकूकको प्रार्थना

३ शिग्गिओनोथको रागमा हबकूक अगमवक्ताको प्रार्थना ।

२ हे परमप्रभु, मैले तपाईंको कीर्ति सुनेको छु;
हे परमप्रभु, म तपाईंका कामबारे सुनेर भयभीत भएको छु !
हाम्रो समयमा नै तिनीहरूलाई फेरि नयाँ

**२:१४**–यशैया ११:९.

तुल्याउनुहोस्,
हाम्रो समयमा नै ती प्रकट गर्नुहोस्;
क्रोधमा दयाको सम्झना रहोस् ।

३ परमेश्‍वर तेमानबाट आउनुभयो,
पारान पर्वतबाट पवित्र परमप्रभु
आउनुभयो । *सेला*
उहाँको गौरवले आकाशमण्डल ढाक्यो,
अनि उहाँको प्रशंसाले सारा पृथ्वी
भरियो ।
४ उहाँको गौरव सूर्योदयझैं थियो;
उहाँका हातबाट किरण चम्केर आए,
जहाँ उहाँको शक्ति लुकेको थियो ।
५ उहाँको अगि महामारी हिँड्यो;
रुढ़ी उहाँको पछिपछि लाग्यो ।
६ उहाँले उभिएर पृथ्वीलाई हल्लाउनुभयो;
उहाँले हेर्नुभयो, र जाति-जातिहरूलाई
थरथर पार्नुभयो ।
प्राचीन पर्वतहरू चक्नाचूर भए–
पुराना डाँड़ाहरू ध्वँस भए ।
उहाँका चाल अनन्तका छन् ।
७ मैले कूशनका पालहरू दु:खमा परेका
देखें,
मिद्यानका निवासस्थान वेदनामा परेको
देखें ।

८ हे परमप्रभु के तपाईं नदीहरूसित
रिसाउनुभयो ?
के तपाईंको क्रोध खोला-नालाको विरुद्धमा
थियो ?
जब तपाईं आफ्ना घोड़ाहरू
र विजयका रथमा सवार हुनुहुन्थ्यो,
के तपाईं समुद्रको विरुद्धमा क्रोधित
हुनुहुन्थ्यो ?
९ तपाईंले आफ्नो धनु निकाल्नुभयो,
धेरै वाणहरू ल्याउन लाउनुभयो । *सेला*
तपाईंले नदीद्वारा पृथ्वीलाई विभाजन
गर्नुभयो;
१० तपाईंलाई देखेर पर्वतहरू मड़ारिए ।
प्रचण्ड जल-श्रोतहरू वेगले बगेर गए;
समुद्र गर्ज्यो र आफ्नो छालमाथिसम्म
उठायो ।
११ आकाशमा सूर्य र चन्द्रमा अड़िए,
जब वेगले उड़ेका तपाईंका वाणको चमक
र तपाईंको चम्किलो भाला बिजुलीझैं
झलक चम्केका थिए ।
१२ क्रोधमा तपाईं पृथ्वी पार गर्दै हिड्नुभयो
र रीसमा तपाईंले जाति-जातिलाई दाइँ
गर्नुभयो ।
१३ आफ्ना मानिसहरूलाई छुटकारा दिन
र आफ्ना अभिषिक्तजनलाई उद्धार गर्न
तपाईं निस्किआउनुभयो ।
दुष्टताको देशका नेतालाई तपाईंले चूर
पार्नुभयो,
र त्यसलाई शिरदेखि पाउसम्म नाङ्गो
पार्नुभयो । *सेला*
१४ जब त्यसका लड़ाकूहरू हामीलाई
छरपष्ट पार्नलाई वेगले हानिएर आए,
र लुकिबसेका दु:खीहरूलाई निलौंलाजस्तो
गरी रमाउँदै आए,
तब त्यसको आफ्नै भालाले त्यसको शिर
तपाईंले छेड़िदिनुभयो ।
१५ तपाईंले महा-समुद्रलाई मन्थन गर्दै,
आफ्ना घोड़ाहरूले समुद्रलाई
कुल्चनुभयो ।
१६ मैले सुनें, र मेरो मुटुको ढुक्‌ढुकी बढ्यो,
त्यो सोर सुन्दा मेरा ओठ कामे,
मेरा हाड़हरू भित्रभित्रै मकिए,
र मेरा खुट्टाहरू काम्न थाले ।
तरैपनि धैर्यसाथ म त्यो विपत्तिको दिनलाई
पर्खनेछु,
जुन दिन हामीलाई आक्रमण गर्ने
जातिमाथि आउनेछन् ।
१७ चाहे नेभाराका रुखमा फूल नफुलोस्,
र दाखको बोटमा फल नफलोस्,
चाहे भद्राक्षको रूखमा फल नलागोस्,
र खेतबारीले अन्न नउब्जाओस्,
चाहे खोरमा भेड़ा-बाखा नरहोस्
अनि गोठमा गाई-भैंसी नभए पनि
१८ म परमप्रभुमा रमाहट गर्नेछु,
मेरो उद्धारकर्ता परमेश्‍वरमा आनन्द

मनाउनेछु ।

१९ परमप्रभु परमेश्वर मेरो बल हुनुहुन्छ,
मेरा पाउलाई उहाँले हरिणका पाउझैँ
बलियो पार्नुहुनेछ,
र उहाँले मलाई अल्गा स्थानमा जान
सम्भव गराउनुहुन्छ ।

सङ्गीत-निर्देशकको निम्ति–
मेरो तार-बाजामा बजाइने राग ।

**३:१९**–२ शमूएल २२:३४; भजनसंग्रह १८:३३.

# सपन्याहको पुस्तक

१ अमोनको छोरो, यहूदाका राजा, योशियाहको शासनकालमा हिजकियाहका खनाति, अमर्याहको पनाति, गदल्याहको नाति, कूशीका छोरा सपन्याहकहाँ परमप्रभुको यो वचन आयो:

### आउने विनासको चेतावनी

२ “पृथ्वीबाट म सबै थोक नाश पार्नेछु,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।
३ “म मानिस र पशु दुवैलाई नाश पार्नेछु;
म आकाशका पक्षीहरू र समुद्रका
माछाहरू जम्मैलाई नाश पार्नेछु ।
म मानिसको अनुहार पृथ्वीबाट मेटिदिनेछु,
तब दुष्टका हातमा केवल ढुङ्गाको रास
मात्र हुनेछ,”
परमप्रभु घोषणा गर्नुहुन्छ ।

### यहूदाको विरुद्ध

४ “म यहूदा र यरूशलेममा बास गर्नेहरूका
विरुद्धमा मेरो हात पसार्नेछु ।
यस ठाउँबाट बाल देवताका बचेको
अवशेष्लाई,
त्यसका मूर्तिपूजक पूजाहारीहरूका
नाउँसमेत मेटिदिनेछु—
५ घरका छानामाथि तारामण्डललाई
दण्डवत् गर्नेहरू,
दण्डवत् गर्दै परमप्रभुको शपथ खानेहरू
र मोलोखको नाउँमा पनि शपथ खानेहरू,
६ परमप्रभुको पछि लाग्न छोड़ेर
फर्किजानेहरूलाई,
परमप्रभुको खोजी पनि नगर्ने नता उहाँको
सोधपूछ गर्नेहरूलाई मेटिदिनेछु ।
७ परमप्रभुको परमेश्वरको सामुन्ने चूप
लाग,
किनकि परमप्रभुको दिन नजीकै छ ।
परमप्रभुले एउटा बलिदान तयार
पार्नुभएको छ
र आफूले निम्त्याउनुभएका पाहुनाहरूलाई
पवित्र पार्नुभएको छ ।
८ परमप्रभुको बलिदानको दिन,
म राजकुमारहरू र राजाका छोराहरू,
अनि विदेशी लुगा लगाउनेहरू सबैलाई
दण्ड दिनेछु ।
९ त्यस दिन, सँघार नाघ्न पछि सर्नेहरू,
आफ्ना देवताहरूका मन्दिर हिँसा र छलले
भर्नेहरूलाई म दण्ड दिनेछु ।
१० परमप्रभु भन्नुहुन्छ, “त्यस दिन”,
“माछा-मूलढोकाबाट रुवाबासी, नयाँ
टोलबाट विलाप
र डाँड़ाहरूबाट चर्को भयानक आवाज
सुनिनेछ ।
११ विलाप गर, तिमी बजारमा बास
गर्नेहरू !
तिम्रा सारा व्यापारीहरूको नामनिशान
मेटिनेछ,
जसजसले चाँदीका व्यापार गर्छन् ती नाश
हुनेछन् ।
१२ त्यस बेला म बत्ती बालेर यरूशलेमलाई
खोज्नेछु,
र ढुक्क भएर बस्नेहरूलाई,
जो छाड़ेका, जुठा मद्यजस्ता हुनेहरूलाई;
र ‘परमप्रभुले नता असल न खराब
गर्नुहुन्छ, भनी विचार गर्नेहरूलाई म
सजाय दिनेछु ।’
१३ तिनीहरूका धन-सम्पत्ति लुटिनेछन्,
तिनीहरूका घर भत्काइनेछन् ।
तिनीहरूले घर बनाउनेछन्

---

**१:१**–२ राजा २२:१-२३:३०; २ इतिहास ३४:१-३५:२७.

तर तिनमा बास गर्न पाउनेछैनन्;
तिनीहरूले दाखबारी लाउनेछन्
तर दाखमद्य पिउन पाउनेछैनन् ।

### परमप्रभुको महादिन

१४ "परमप्रभुको महादिन नजीकै छ–
नजीक छ, र त्यो चाँड़ै आउँदैछ ।
ध्यानसित सुन ! परमप्रभुको दिनमा
नमीठो सोर सुनिनेछ,
त्यहाँ वीर पुरुषहरू चिच्च्याउनेछन् ।
१५ त्यो दिन क्रोधको दिन हुनेछ,
संकष्ट र वेदनाको दिन,
अन्धकार र निराशाको दिन,
कष्ट र बर्बादीको दिन,
बादल र घोर अन्धकारको दिन,
१६ तुरही र लड़ाइँको सोर सुनिने दिन,
जुन सोर बचाउको किल्ला भएका
शहरहरू,
र कुनाहरूमा अवस्थित धरहराहरूको
विरुद्धमा उचालिनेछ ।
१७ म मानिसहरूमाथि संकष्ट ल्याउनेछु
र तिनीहरू अन्धा मानिस समान् हिंड्नेछन्,
किनकि तिनीहरूले परमप्रभुको विरुद्धमा
पाप गरेका छन् ।
तिनीहरूको रगत धूलोझैँ र आन्द्रा-भुँड़ी
फोहोरसरि फ्याँकिनेछन् ।
१८ तिनीहरूलाई परमप्रभुका क्रोधको दिन
नता तिनीहरूका सुनले न त चाँदीले
बचाउनसक्नेछ ।
उहाँको ईर्ष्याको आगोमा सारा संसार
भस्म पारिनेछ,
किनकि यस पृथ्वीका समस्त
बासिन्दाहरू सबैलाई उहाँले अचानक
भस्म पार्नुहुनेछ ।"

२ ए लाज नभएको जाति हो,
तिमीहरू एकसाथ जम्मा होओ, एकसाथ
भेला होओ,
२ त्यो नियुक्त गरिएको समय आउन
अघि नै,
र भुसझैँ त्यो दिन बितेर जान अघि,
तिमीहरूमाथि परमप्रभुको भयङ्कर क्रोध
आउनुअघि
र परमप्रभुको क्रोधको दिन तिमीहरूमाथि
आइपर्न अघि नै ।
३ देशमा जो नम्र र दीन छन्, जसले उहाँका
आज्ञाहरू पालन गर्दछन्,
तिमीहरूले परमप्रभुको खोजी गर ।
धार्मिकता र नम्रताको खोजी गर,
शायद परमप्रभुको क्रोधको दिनमा
तिमीहरूले शरण पाउनेछौ ।

### पलिश्तीहरूका देशको विरुद्धमा

४ गाजा निर्जन हुनेछ,
र अश्कलोन उजाड़ पारिनेछ ।
मध्यदिनमा अश्दोद खाली पारिनेछ
र एक्रोनचाहिँ उखेलिनेछ ।
५ समुद्रका छेउमा बास गर्नेहरू,
हे करेतीहरू हो, तिमीहरूलाई धिक्कार,
हे पलिश्तीहरूका देश, कनान,
परमप्रभुका यी वचन तिमीहरूका विरुद्ध
छन्,
"म तँलाई नाश पार्नेछु,
एउटै पनि छोड़िने छैन ।"
६ समुद्र किनारको देश, जहाँ करेतीहरू
बास गर्छन्,
त्योचाहिँ एक गोठालाहरूको चरन र
भेड़ी-गोठ बन्नेछ ।
७ यहूदा वंशका बाँकी रहेकाहरूले त्यसलाई
अधीन पार्नेछन्;
त्यहाँ तिनीहरूले खर्क पाउनेछन् ।
साँझमा अश्कलोनका घरहरूमा तिनीहरू
सुत्नेछन् ।
परमप्रभु, तिनीहरूका परमेश्वरले

---

**२:४-७**–यशैया १४:२९-३१; यर्मिया ४७:१-७; इजकिएल २५:१५-१७; योएल ३:४-८; आमोस १:६-८; जकरिया ९:५-७.

तिनीहरूको वास्ता गर्नुहुनेछ ।
उहाँले तिनीहरूका सुदिन
फर्काउनुहुनेछ ।

### मोआब र अम्मोनको विरुद्ध

८ "मोआबले गरेको अपमान्
र अम्मोनीहरूले गरेको निन्दा मैले
सुनेको छु,
उनीहरूले मेरो प्रजालाई अपमान् गरे
र तिनीहरूको देशको विरुद्धमा धम्की
दिएका छन् ।

९ यसैकारण, "म जीवित रहेझैँ",
सर्वशक्तिमान् परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ,
"निश्चय मोआब सदोमझैँ र अम्मोनीहरू
गमोराजस्तै–
झारपात र नूनका खाल्डाभएको ठाउँ
सदासर्वदाको निम्ति रुखो जमिन
हुनेछन् ।
मेरा बाँकी रहेका प्रजाले तिनीहरूलाई
लुटनेछन्,
मेरा जातिका बाँकी रहेकाहरूले
तिनीहरूको देश अधिकार गर्नेछन् ।"

१० आफ्ना घमण्डको,
र सर्वशक्तिमान् परमप्रभुका प्रजालाई
अपमान र खिसी गरेको सट्टामा त्यही
कुरा तिनीहरूले फिर्ता पाउनेछन् ।

११ परमप्रभुले जब त्यस देशका
देवताहरूलाई नाश गर्नुहुनेछ
तब उहाँ तिनीहरूप्रति भययुक्त
हुनुहुनेछ ।
समुद्र किनारको हरेक जातिले उहाँलाई
दण्डवत् गर्नेछ,
त्यस देशका हरेकले उहाँलाई दण्डवत्
गर्नेछ ।

### कूशको विरुद्धमा

१२ "हे कूशी हो, तिमीहरू पनि
तरवारले काटिनेछौ ।"

### अश्शूरको विरुद्धमा

१३ उत्तरतिर आफ्ना हात पसार्नुभएर
उहाँले अश्शूरलाई नाश पार्नुहुनेछ,
निनवेलाई पूरा उजाड़ र मरुभूमिझैँ सुक्खा
पारी छोड़िदिनुहुनेछ ।

१४ त्यहाँ सबै किसिमका जीवजन्तुका हुल
र बगाल बास गर्नेछन्,
मरुभूमिका लाटोकोसेरो र कराउने
लाटोकोसेराहरूले त्यहाँ गुँड़
बनाउनेछन् ।
तिनीहरूको कराएको आवाजको प्रतिध्वनि
झ्यालहरूबाट गुञ्जायमान हुनेछ,
ढोकामा रोड़ाहरू पड़िरहनेछन्
र देवदारुका लामा दलिनहरू उदाङ्गो
पारिनेछन् ।

१५ यो त्यही निर्धक्क शहर हो,
जुन सुरक्षासाथ बास गर्दथ्यो ।
त्यसले आफैलाई भनेको थियो,
"म मै हुँ, मबाहेक अरू कोही छैन ।"
अब त्यसको कस्तो विनाश भएको छ !
जङ्गली जनावरहरूको गुफा भएको छ ।
त्यसबाट भएर जानेहरू, सबैले त्यसलाई
गिल्ला गर्दै मुक्का देखाउँछन् ।

### यरूशलेमको भविष्य

३ धिक्कार त्यस अत्याचारी,
विद्रोही र अशुद्ध शहरलाई !

२ त्यसले कसैको कुरा मान्दैन,
भूल सुधार गर्न त्यसले स्वीकार
गर्दैन ।
परमप्रभुमा त्यसले भरोसा राख्दैन,
त्यो आफ्नो परमेश्वरको छेउ आउँदैन ।

३ त्यसका अधिकारीहरू गर्जने सिंहहरू

**२:८–११**–यशैया १५:१-१६:१४; २५:१०-१२; यर्मिया ४८:१-४९:६; इजकिएल २१:२८-३२; २५:१-११; आमोस १:१३-१५. **२:९**–उत्पत्ति १९:२४. **२:१२**–यशैया १८:१-७. **२:१३–१५**–यशैया १०:५-३४; १४:२४-२७;

र त्यसका शासकहरूचाहिँ साँझका
ब्वाँसाहरू हुन्,
जसले बिहान खानलाई केही बाँकी
राख्दैनन् ।
४ त्यसका अगमवक्ताहरू अहँकारी छन्,
तिनीहरू धोकेबाज मानिस हुन् ।
त्यसका पूजाहारीहरू पवित्र-स्थानलाई
अपवित्र पार्दछन्
र व्यवस्थालाई बिगारिदिन्छन् ।
५ त्यसका बीचमा रहनुभएको परमप्रभु धर्मी
हुनुहुन्छ,
उहाँले खराबी गर्नुहुन्न ।
बिहान बिहान उहाँले आफ्नो न्याय
प्रकट गर्नुहुन्छ,
प्रत्येक नयाँ दिन उहाँ चुक्नुहुन्न,
तापनि, अधर्मीलाई लाज लाग्दैन ।
६ "मैले जाति-जातिलाई नाश पारेको छु,
तिनीहरूका किल्लाहरू ध्वस्त भएका
छन् ।
तिनीहरूका सड़कहरू मैले निर्जन
पारिदिएको छु,
तीबाट भएर कोही जाँदैन ।
तिनीहरूका शहरहरू नष्ट भएका छन्,
कोही पनि छोड़िनेछैन्,
एक जना पनि छोड़िनेछैन ।
७ मैले शहरलाई भनें,
तैंले "निश्चय नै मेरो भय मान्नेछस्,
र मेरो भूल सुधार ग्रहण गर्नेछस् ।"
तब त्यसका वासस्थान नाश पारिनेछैन,
नता मेरा सबै दण्डहरू त्यसमाथि
पर्नेछन् ।
तर तिनीहरू आफ्ना सबै कामहरू भ्रष्ट
गर्न
अझै पनि उत्सुक थिए ।
८ "यसकारण मलाई पर्ख", परमप्रभु
भन्नुहुन्छ,
"त्यसदिनको लागि जब साबित गर्न म
खड़ा हुनेछु,
मैले जाति-जातिलाई भेला गर्ने र राज्य
राज्यलाई जम्मा गर्ने
अनि मेरो क्रोध तिनीहरूमाथि खन्याउने
निर्णय गरेको छु,
मेरो सम्पूर्ण भयानक क्रोध पूरा खन्याउन
मैले निर्णय गरेको छु,
सम्पूर्ण पृथ्वी मेरो डाहको आगोले भस्म
हुनेछ ।
९ "तब म मानिसहरूका ओठ शुद्ध पार्नेछु,
ताकि तिनीहरू सबैले परमप्रभुका नाउँको
पुकारा गरून्,
र काँधमा काँध मिलाएर उहाँको सेवा
गरून् ।
१० कूश देशका नदीहरूको पारिबाट
मेरा भक्तहरू छरपुष्ट भएका मेरा प्रजाले,
मेरो निम्ति भेटी ल्याउनेछन् ।
११ त्यस दिन तिमीहरूले मेरा विरुद्धमा
गरेका सारा दुष्कर्मको निम्ति तिमीहरू
शर्ममा पर्नेछैनौ,
किनकि यस शहरबाट आफ्नो
घमण्डहरूमा आनन्द मनाउनेहरूलाई
म निकाल्नेछु ।
फेरि कहिल्यै तिमीहरू मेरा पवित्र
पहाड़मा अहङ्कारी हुनेछैनौ ।
१२ तर म तेरोबीचमा नम्र र दीनहरूलाई
छोड़िराख्नेछु,
जसले परमप्रभुका नाउँमा भरोसा
गर्छन् ।
१३ इस्राएलका बाँकी रहेकाहरूले कुनै अधर्म
गर्नेछैनन्,
तिनीहरूले झूट बोल्नेछैनन्,
न तिनीहरूका मुखमा कुनै छलका
कुरा पाइनेछ ।
तिनीहरू खानेछन्, पल्टेर बस्नेछन्
र कसैले तिनीहरूलाई भयभीत
पार्नेछैन ।"
१४ हे सियोनकी छोरी, गीत गा;
हे इस्राएल, उच्च सोर उठा !

---

**३:१३**–प्रकाश १४:५.

हे यरूशलेमकी छोरी,
आफ्नो सारा हृदयले आनन्द गर् र रमा !
१५ परमप्रभुले तेरो दण्ड हटाइदिनुभएको छ,
तेरा शत्रुहरूलाई फर्काइ पठाउनुभएको
छ ।
परमप्रभु, इस्राएलका महाराजा, तँसित
हुनुहुन्छ ।
फेरि अब तँ कुनै जोखिमबाट
डराउनेछैनस् ।
१६ त्यसदिन यरूशलेमलाई तिनीहरू भन्नेछन्,
"हे सियोन, नडरा:
तेरा हात लुला हुन नदे ।
१७ परमप्रभु, तेरा परमेश्वर तँसित हुनुहुन्छ,
जो बचाउनलाई सामर्थी हुनुहुन्छ ।
उहाँले तँमा ठूलो आनन्द पाउनुहुन्छ,
आफ्नो प्रेमले उहाँले तँलाई शान्त
गराउनुहुनेछ,
गीत गाएर उहाँले तँमा आनन्द
गर्नुहुनेछ ।"
१८ "नियुक्त गरिएका चाड़हरूको शोक म
तँबाट हटाइदिनेछु,
ती तेरा निम्ति भार र लाज भएका
छन् ।
१९ त्यस बेला तँलाई सताउनेहरूसित म
बदला लिनेछु,
म लङ्गड़ाहरूलाई बचाउनेछु,
र छरपस्ट पारिएकाहरूलाई एकत्रित
गर्नेछु ।
जुन जुन देशमा तिनीहरू शर्ममा परेका
थिए,
त्यहाँ म तिनीहरूलाई प्रशंसा र सम्मान
दिनेछु ।
२० त्यस बेला म तिनीहरूलाई एकत्रित गर्नेछु
म त्यस बेला तिमीहरूलाई घर
ल्याउनेछु ।
जब म तिमीहरूका सुदिन,
तिमीहरूकै नजरको सामु फर्काएर
ल्याउनेछु,
तब म तिमीहरूलाई पृथ्वीका सम्पूर्ण
जातिहरूका बीचमा
प्रशंसा र सम्मान दिनेछु,"
परमप्रभु भन्नुहुन्छ ।

# हाग्गैको पुस्तक

### परमेश्‍वरको भवन बनाउने आह्वान

**१** दारा राजाको शासनकालको दोस्रो वर्ष,
छैटौँ महिनाको पहिलो दिन, परमप्रभुको यो
वचन हाग्गै अगमवक्ताद्वारा यहूदाका राज्यपाल,
शालतिएलको छोरो यरुबाबेल र प्रधान पूजाहारी,
यहोसादाकको छोरो यहोशूकहाँ आयो:

**२**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"यी मानिसहरू भन्छन्, 'परमप्रभुको भवन
निर्माण गर्ने समय अझै आएको छैन ।'"

**३**तब परमप्रभुको यो वचन हाग्गै
अगमवक्ताद्वारा आयो: **४**"यो भवन उजाड़
भइरहेको बेला, के तिमीहरू आफूचाहिँ बुट्टेदार
काठद्वारा सजिएको घरमा बस्ने समय हो र ?"

**५**अब सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ: "तिमीहरूले आ-आफ्ना चालहरूलाई
होशियारीसाथ विचार गर । **६**तिमीहरूले धेरै
छरेका छौ, तर थोरै मात्र कटनी गरेका छौ ।
तिमीहरू खान्छौ, तर अघाइन्जेल पाउँदैनौ ।
तिमीहरू पिउँदछौ, तर तिमीहरूको तिर्खा
मेटिँदैन । तिमीहरू लुगा त लगाउँछौ, तर
तिमीहरूलाई न्यानो हुँदैन । तिमीहरू कमाइ त
गर्छौ, तर ती प्वाल परेको थैलीमा राख्दछौ ।"

**७**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"तिमीहरूले आफ्ना चालको होशियारीसाथ
विचार गर । **८**परमप्रभु भन्नुहुन्छ: डाँड़ा-
डाँड़ा उक्ल र काठपात लिएर मेरो भवन बनाओ,
अनि म त्यसमा खुशी हुन सकूँ र सम्मान
पाऊँ ।" **९**"तिमीहरूले धेरै आशा गरेका थियौ,
तर हेर, त्यो थोरै हुनआयो । तिमीहरूले
घरमा जे ल्यायौ, त्यो मैले उड़ाइदिएँ; किन ?"
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । "किनकि
मेरो भवनचाहिँ जीर्ण भएको छ, जब कि
तिमीहरू हरेक आफ्नो घर बनाउनमा व्यस्त
छौ । **१०**यसर्थ, तिमीहरूले गर्दा नै आकाशबाट
शीत पर्न र पृथ्वीबाट अन्न उब्जन बन्द भएका
छन् । **११**मैले जमिन, पर्वत, अन्न, नयाँ दाखमद्य,
तेल र जमिनको अन्य उब्जनी, मानिस, पाल्तु
पशुहरू र तिमीहरूका हातका परिश्रममा
अनिकाल ल्याइदिएको छु ।"

**१२**तब शालतिएलको छोरो यरुबाबेल र
यहोसादाकको छोरो यहोशू प्रधान पूजाहारी,
अनि बाँकिरहेका मानिसहरूले परमप्रभु आफ्ना
परमेश्‍वरको वचन र हाग्गै अगमवक्ताको
कुरा पालन गरे, किनकि हाग्गैलाई परमप्रभु
तिनीहरूका परमेश्‍वरले पठाउनुभएको थियो ।
अनि ती मानिसहरूले परमेश्‍वरको डर माने ।

**१३**तब परमप्रभुको समाचारवाहक हाग्गैले
परमप्रभुको यो समाचार मानिसहरूलाई
दिए: "म तिमीहरूका साथमा छु," परमप्रभु
भन्नुहुन्छ । **१४**अनि यसरी परमप्रभुले शालतिएलको
छोरा, यहूदाका राज्यपाल, यरुबाबेल र
यहोसादाकको छोरा, यहोशू प्रधान पूजाहारीका,
अनि बाँकीरहेका समस्त मानिसहरूका
आत्मालाई उत्तेजित पार्नुभयो । तिनीहरू आएर
सर्वशक्तिमान् परमप्रभु आफ्ना परमेश्‍वरको
भवन निर्माण गर्न थाले । **१५**यो काम दारा
राजाको शासनकालको दोस्रो वर्षको छैटौँ
महिनाको चौबीसौँ दिनमा शुरु भयो ।

### प्रतिज्ञा गरिएको नयाँ भवनको महिमा

**२** सातौँ महिनाको एक्काईसौँ दिनमा
परमप्रभुको वचन अगमवक्ता हाग्गैद्वारा
आयो: **२**"शालतिएलको छोरा, यहूदाका राज्यपाल,
यरुबाबेल, यहोसादाकको छोरा, प्रधान पूजाहारी,
यहोशू र बाँकिरहेका मानिसहरूलाई सोध्, **३**कि
'तिमीहरूमध्ये यहाँ को छ जसले यस भवनको

---

**१:१**–एज्रा ४:२४-५:२; ६:१४. **२:३**–एज्रा ३:१२.

अघिको महिमा देखेको थियो ? अहिले तिमीहरू
कस्तो देख्छौ ? तिमीहरूलाई यो त केही पनि
होइन जस्तो लाग्दैन ? **४**ए यरुबाबेल, अब
साहस गर,' भनी परमप्रभु भन्नुहुन्छ । 'ए
यहोसादाकको छोरा, प्रधान पूजाहारी, यहोशू,
साहस गर, ए यस देशका बाँकी बासिन्दाहरू
हो', साहस गर अनि 'काम गर, किनकि म
तिमीहरूसित छु,' सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ । **५**'तिमीहरू मिश्रदेशबाट निस्किआउँदा
मैले तिमीहरूसित यही करार बाँधेको थिएँ ।
अनि मेरो आत्मा तिमीहरूबीच रहेको छ ।
तिमीहरू नडराओ ।'

**६**"सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
'केही बेरपछि म फेरि एकपल्ट आकाश र पृथ्वी,
समुद्र अनि सुख्खा जमिनलाई हल्लाउनेछु । **७**म
जाति जातिहरूलाई हल्लाउनेछु, र ती जातिबाट
आफूलाई इच्छा लागेका मानिसहरू आउनेछन्,
र म यस घरलाई महिमाले भर्नेछु,' भनी
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । **८**'चाँदी
मेरो हो, सुन पनि मेरो हो,' सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ । **९**'यो वर्तमान् भवनको
महिमा पहिलेको भवनको भन्दा बढ़ी हुनेछ,'
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । 'अनि यस
ठाउँमा म शान्ति दिनेछु,' सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ ।

### बिटुलिएका मानिसहरूका निम्ति आशिष्

**१०**दारा राजाको शासनकालको दोस्रो वर्ष,
नवौं महिनाको चौबीसौं दिनमा परमप्रभुको
यो वचन हाग्गै अगमवक्ताकहाँ आयो:
**११**"सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
'व्यवस्थाले के बताउँछ पूजाहारीहरूलाई सोध्:
**१२**यदि कसैले आफ्नो लुगाको किनारामा पवित्र
गरिएको मासु बाँधेको छ र त्यस लुगाको
किनारले रोटी वा सुरुवा वा दाखमद्य, तेल वा
अन्य कुनै खानेकुरा छोयो भने, के त्यो
खानेकुरा पवित्र हुन्छ र ?'"

पूजाहारीले जवाफ दिए, "हुँदैन !"

**१३**तब हाग्गैले सोधे, "यदि कुनै मुर्दा छोएर
अपवित्र भएको मानिसले यस्तो कुनै एउटा
चीज छोयो भने, के त्यो अशुद्ध हुन्छ ?"

पूजाहारीले जवाफ दिए, "ज्यू, त्यो अशुद्ध
हुन्छ ।"

**१४**तब हाग्गैले भने, "'मेरो नजरमा यो
जातिका मानिसहरू पनि त्यस्तै छन्,' सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ । 'यिनीहरूको हरेक
काम र यिनीहरूले चढ़ाएको हरेक थोक अशुद्ध
छ ।

**१५**"'अब, आजदेखि उसो यस कुरामा
सावधानीसाथ विचार गर– परमप्रभुको मन्दिर
बनाउँदा, एक ढुङ्गामाथि अर्को ढुङ्गा राख्नअघि,
कस्तो अवस्था थियो, सोच । **१६**ती दिनमा कोही
बीस मुरी अन्न लिन आयो भने, दश मुरीमात्र
पाउँदथ्यो । दाखमद्यको कोलमा गई कसैले
पचास लिटर लिन चाहन्थ्यो भने, केवल बीस
लिटर मात्र पाउँदथ्यो । **१७**मैले तिमीहरूका
हातबाट गरेका काममाथि रोग, ढुसी र असिनाले
प्रहार गरें, तरै पनि तिमीहरू मतिर फर्केनौ,'
भनी परमप्रभु भन्नुहुन्छ । **१८**होशियारसित
'आजदेखि उसो, यो नवौं महिनाको चौबीसौं
दिनदेखि उसो, सावधानीसाथ त्यस दिनमाथि
विचार गर, जुन दिन परमप्रभुको मन्दिरको
जग बसालिएको थियो । सावधानीसित सोच:
**१९**के अझै भकारीमा केही बीउ बाँकी रहेको
छ ? आजसम्म दाखको लहरा, नेभाराको बोट,
अनार र जैतूनका बोटले फल फलाएको छैन ।

"'आजको दिनदेखि उसो म तिमीहरूलाई
आशिष् दिनेछु ।'"

### यरुबाबेल परमप्रभुको औंठी-छापजस्तै बनाइएको

**२०**त्यही महिनाको चौबीसौं दिन, दोस्रोपटक
परमप्रभुको वचन हाग्गैकहाँ आयो: **२१**"'यहूदाका
राज्यपाल यरुबाबेललाई भन् कि म स्वर्ग र
पृथ्वीलाई हल्लाउनेछु । **२२**म राजगद्दीहरू
पल्टाइदिनेछु र परदेशी राज्यहरूका शक्ति

---

**२:५**–प्रस्थान २९:४५-४६. **२:६**–हिब्रू १२:२६. **२:१३**–गन्ती १९:११-२२.

चूर-चूर पारिदिनेछु । म रथ र सारथीहरू
पल्टाइदिनेछु; अनि घोड़ा र तिनका सवारहरू,
आफ्नै भाइका तरवारले काटिनेछन् ।
**२३**“सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, ‘त्यस
दिन, तँ, मेरो सेवक, शालतिएलको छोरो,
यरुबाबेललाई म लिनेछु र तँलाई मेरो औँठी-
छापझैँ बनाउनेछु, किनकि मैले तँलाई रोजेको
छु,’ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।”

# जकरियाको पुस्तक

### परमप्रभुकहाँ फर्कने आह्वान

**१** दारा राजाको शासनकालको दोस्रो वर्षको
आठौँ महिनामा परमप्रभुको वचन इद्दोका
नाति, बेरेक्याहका छोरा जकरियाकहाँ आयो:
**२**“परमप्रभु तेरा पिता-पुर्खाहरूसित अति
क्रोधित हुनुभएको थियो । **३**त्यसैकारण
मानिसहरूलाई भन्: सर्वशक्तिमान् परमप्रभु
यसो भन्नुहुन्छ: ‘मकहाँ फर्क,’ सर्वशक्तिमान्
परमप्रभु घोषणा गर्नुहुन्छ, ‘अनि म तिमीहरूकहाँ
फर्कनेछु,’ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।
**४**तिमीहरूका पिता-पुर्खाहरूजस्ता नहोओ,
जसलाई पहिलेका अगमवक्ताहरूले घोषणा
गरेका थिए: सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ: ‘तिमीहरूका दुष्ट चालहरूबाट अनि
तिमीहरूका दुष्ट कामहरूबाट फर्क ।’ तर
तिनीहरूले सुन्न चाहेनन् अथवा मेरा कुरामा
ध्यान दिन चाहेनन्, परमप्रभु घोषणा गर्नुहुन्छ ।
**५**अहिले तिमीहरूका पिता-पुर्खाहरू कहाँ
छन् ? अनि ती अगमवक्ताहरू, के तिनीहरू
सदाको निम्ति जिउँछन् ? **६**तर मैले आफ्ना
दास, अगमवक्ताहरूलाई आज्ञा दिएका मेरा
वचनहरू र आदेशहरू के तिमीहरूका पिता-
पुर्खाहरूमाथि आइलागेनन् ?
“तब तिनीहरूले पश्चाताप गरे र भने,
‘आफूले निश्चय गर्नुभएझैं सर्वशक्तिमान्
परमप्रभुले हाम्रा चालहरू र कामहरूलाई
सुहाउने गरी हामीसित गर्नुभएको छ’ ।”

### मेहंदीका रूखहरूको बीचमा भएका मानिस

**७**दारा राजाको शासनकालको दोस्रो वर्षको
एघारौँ महिना, शबात महिनाको चौबीसौँ
दिनमा, परमप्रभुको वचन इद्दोका नाति,
बेरेक्याहका छोरा जकरियाकहाँ आयो ।
**८**रातको समयमा मैले दर्शन देखें– अनि
त्यहाँ मेरो सामुन्ने रातो घोड़ामाथि सवार
भएका एक जना मानिस थिए ! तिनी खोल्साका
मेहंदीका रूखहरूका बीचमा उभिरहेका थिए ।
तिनको पछि राता, खैरा र सेता घोड़ाहरू
थिए ।
**९**मैले सोधें, “मेरा प्रभु, यी के हुन् ?”
मसित कुरा गरिरहेका दूतले जवाफ दिए,
“ती के हुन् म तिमीलाई बताउनेछु ।”
**१०**तब मेहंदीका रूखहरूका बीचमा
उभिरहेका मानिसले बताए, “ती परमप्रमभुद्वारा
पृथ्वीभरि जानु भनी पठाइएकाहरू हुन् ।”
**११**अनि तिनीहरूले मेहंदीका रूखहरूका
बीचमा उभिरहेका परमप्रभुका दूतलाई बताए,
“हामी पृथ्वीभरि गएका छौं, अनि सारा संसार
विश्राम र शान्तिमा छ ।”
**१२**तब परमप्रभुका दूतले भने, “हे
सर्वशक्तिमान् परमप्रभु, तपाईं यी सत्तरी
वर्षसम्म रिसाइरहनुभएको यरूशलेमलाई अनि
यहूदाका शहरहरूलाई तपाईंले कहिलेसम्म कृपा
रोकिराख्नुहुनेछ ?” **१३**यसकारण परमप्रभुले
मसित बोल्ने ती दूतसित दयालु अनि सान्त्वनाका
वचनहरू बोल्नुभयो ।
**१४**तब मसित कुरा गरिरहने दूतले भने,
“यो वचन घोषणा गर्: सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ: ‘म यरूशलेम र सियोनको निम्ति
अति डाही भएको छु, **१५**तर सुरक्षित छौं भन्ने
ठानिरहेका ती जातिहरूप्रति म अति क्रोधित
छु । म त अलिकता मात्र रिसाएको थिएँ, तर
तिनीहरूले सङ्कष्टलाई झन् बढ़ाइदिए ।’
**१६**“यसकारण, परमप्रभु यसो भन्नुहुन्छ:
‘म कृपासाथ यरूशलेममा फर्कनेछु, अनि
त्यहाँ मेरो भवनको पुनर्निर्माण हुनेछ ।

---

**१:१**–एज्रा ४:२४-५:१; ६:१४. **१:८**–प्रकाश ६:२-८.

अनि यरूशलेममाथि नाप्ने टाँगो तेर्साइनेछ,'
सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ ।
**१७**"अझ यो घोषणा गर: सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छ: 'मेरा शहरहरू फेरि
प्रशस्त गरी उन्नतशील हुनेछन्, अनि परमप्रभुले
फेरि सियोनलाई सान्त्वना दिनुहुनेछ र
यरूशलेमलाई चुन्नुहुनेछ' ।"

## चारओटा सीङहरू र चार जना कारीगरहरू

**१८**त्यसपछि मैले माथि हेरें– अनि त्यहाँ
मेरो सामुन्ने चारओटा सीङहरू थिए ! **१९**मसित
कुरा गरिरहने दूतलाई मैले सोधें, "यी के हुन् ?
तिनले मलाई जवाफ दिए, यी ती सीङहरू हुन्,
जसले यहूदा, इस्राएल र यरूशलेमलाई
तितरबितर पारिदिए ।"
**२०**तब परमप्रभुले मलाई चार जना
कारीगरहरू देखाउनुभयो । **२१**मैले सोधें,
"यिनीहरू के गर्न आउँदैछन् ?"
उहाँले मलाई जवाफ दिनुभयो, "कसैले
आफ्नो शिर उठाउन नसकोस् भनेर यहूदालाई
तितरबितर पारिदिने सीङहरू यिनै हुन्, तर
यहूदाका मानिसहरूलाई तितरबितर पारिदिन
यहूदाको देशको विरुद्धमा आफ्ना सीङहरू
उठाउने जातिहरूलाई आतङ्कित तुल्याउनलाई
अनि फ्याँकिदिनलाई कारीगरहरू आएका हुन् ।"

## नाप्ने फिता लिएका मानिस

**२** त्यसपछि मैले माथि हेरें– अनि त्यहाँ
मेरो अगाडि आफ्नो हातमा एउटा नाप्ने
फिता लिएका एउटा मानिस थिए ! **२**मैले सोधें,
"तपाईं कहाँ जानुहुन्छ ?"
तिनले जवाफ दिए, "यरूशलेमलाई नाप्न,
त्यसको चौड़ाइ र लमाइ कति रहेछ हेर्न जाँदैछु ।"
**३**तब मसित कुरा गरिरहने दूत गइहाले,
अनि अर्को दूत तिनलाई भेट्न आए, **४**अनि
तिनलाई भने: "दगूर, त्यस जवान मानिसलाई
भन, 'त्यसमा भएका धेरै सङ्ख्याका मानिसहरू
र पशु-प्राणीहरूको कारण यरूशलेम पर्खाल
नभएको एउटा शहर हुनेछ । **५**अनि म आफै,
त्यसको चारैतिर एउटा आगोको पर्खाल हुनेछु,'
परमप्रभु घोषणा गर्नुहुन्छ, 'अनि म त्यसभित्र
त्यसको महिमा हुनेछु ।'
**६**"आओ ! आओ ! उत्तरको देशबाट
भागिहाल," परमप्रभु घोषणा गर्नुहुन्छ, "किनकि
मैले तिमीहरूलाई आकाशका चारै दिशातिर
तितरबितर पारिदिएको छु," परमप्रभु घोषणा
गर्नुहुन्छ ।
**७**"हे सियोन, आइज ! भाग्, तँ जो
बेबिलोनकी छोरीकहाँ बस्छेस् !" **८**किनकि
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ: "त्यसले
मलाई आदर गरेर तँलाई लुट्ने जातिहरूको
विरुद्धमा मलाई पठाएपछि– किनकि तँलाई
छुने जो कसैले पनि मेरो आँखाको नानीलाई
छुन्छ– **९**म निश्चय आफ्नो हात तिनीहरूको
विरुद्धमा उठाउनेछु र तिनीहरूका चाकरहरूले
तिनीहरूलाई लुट्नेछन् । तब तिमीहरूले
सर्वशक्तिमान् परमप्रभुले नै मलाई पठाउनुभएको
हो भनी जान्नेछौ ।
**१०**"हे सियोनकी छोरी, जोरसित करा अनि
आनन्दित हो, किनकि म आउँदैछु, अनि म
तिमीहरूको बीचमा बस्नेछु", परमप्रभु घोषणा
गर्नुहुन्छ । **११**"त्यस दिन धेरै जातिहरू परमप्रभुसित
मिल्नेछन्, र मेरा मानिसहरू हुनेछन् । म
तिमीहरूका बीचमा बस्नेछु र तिमीहरूले
परमप्रभुले नै मलाई तिमीहरूकहाँ पठाउनुभएको
हो भनी जान्नेछौ । **१२**परमप्रभुले यहूदालाई
पवित्र देशमा आफ्नो भागझैं अधिकार गर्नुहुनेछ,
अनि यरूशलेमलाई फेरि चुन्नुहुनेछ । **१३**हे सबै
मानिस-जाति हो, परमप्रभुको सामुन्ने चुपचाप
रहो, किनकि उहाँले आफ्नो पवित्र वासस्थानबाट
आफैलाई जागृत तुल्याउनु भएको छ ।"

## प्रधान पूजाहारीको निम्ति सफा वस्त्रहरू

**३** तब तिनले मलाई परमप्रभुका दूतको
सामुन्ने उभिरहेका प्रधान पूजाहारी

---

**३:१**–एज्रा ५:२; प्रकाश १२:१०.

यहोशूलाई देखाए, अनि शैतान तिनलाई
दोष्याउन तिनकै दाहिनेतिर उभिरहेको थियो ।
२परमप्रभुले शैतानलाई भन्नुभयो, "हे शैतान,
परमप्रभुले तँलाई हकारून् ! यरूशलेमलाई
चुन्नुहुने परमप्रभुले तँलाई हकारून् ! के यो
मानिस नै आगोबाट थुतेर निकालिएको अगुल्टो
होइन ?"

३अब यहोशू दूतको सामुन्ने उभिँदा
मैला लुगामा थिए । ४आफ्नो सामुन्ने
उभिरहेकाहरूलाई दूतले भने, "त्यसका मैला
लुगाहरू निकालिदेओ ।"

तब तिनले यहोशूलाई भने, "हेर, मैले तिम्रो
पाप हटाइदिएको छु, अनि म तिमीलाई बहुमूल्य
पोशाक पहिऱ्याइदिनेछु ।"

५तब मैले भनें, "यसको शिरमा एउटा
सफा फेटा लगाइदेऊ ।" यसकारण तिनीहरूले
तिनको शिरमा एउटा सफा फेटा लगाइदिए र
लुगा पहिऱ्याइदिए, अनि परमप्रभुको दूत छेउमै
उभिरहेका थिए ।

६तब परमप्रभुका दूतले यहोशूलाई यो आज्ञा
दिए: ७"सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
'यदि तँ मेरो मार्गमा हिँडिस्, अनि मैले चाहेका
कुराहरू पालन गरिस् भने, तैंले मेरो भवनमा
शासन गर्नेछस् र मेरा चोकहरूको जिम्मा
लिनेछस्, अनि म तँलाई यहाँ उभिरहेका
यिनीहरूका बीचमा ठाउँ दिनेछु ।

८"हे प्रधान पूजाहारी यहोशू र तेरो सामुन्ने
बसेका तेरा सहयोगीहरू, जुनहरू आउने
कुराहरूका चिन्हस्वरुप हुन्, सुन: म आफ्नो
दास, हाँगालाई ल्याउन लागेको छु । ९मैले
यहोशूको सामुन्ने राखेको ढुङ्गालाई हेर ! त्यस
एउटा ढुङ्गामा सातओटा आँखाहरू छन्,
अनि म त्यसमाथि एउटा लेखोट खोप्नेछु,'
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, 'अनि म यस
देशको पाप एकै दिनमा हटाइदिनेछु ।'

१०"'त्यस दिन तिमीहरू हरेकले आफ्ना
दाख र नेभाराको बोटमुनी बस्नलाई आफ्नो
छिमेकीलाई निम्तो दिनेछौ', सर्वशक्तिमान्
परमप्रभु घोषणा गर्नुहुन्छ ।"

## सुनको सामदान र दुईओटा जैतुनका रूखहरू

४ त्यसपछि मसित कुरा गर्ने दूत फर्के, अनि
कुनै सुतिरहेको मानिसलाई उठाएझैं तिनले
मलाई उठाए । २तिनले मलाई सोधे, "तिमी के
देख्छौ ?"

मैले जवाफ दिएँ, "म ठोस? सुनको एउटा
सामदान देख्छु, जसको टुप्पोमा एउटा
कचौरा र त्यसमा सातओटा बत्तीहरू छन्, अनि
ती बत्तीहरूमा सातओटा नलीहरू गाँसिएका
छन् । ३यसका छेउमा दुईओटा जैतुनका रूखहरू
पनि छन्, एउटा कचौराको दाहिनेतिर अनि
अर्को देब्रेतिर ।"

४मसित कुरा गर्ने दूतलाई मैले सोधें,
"मेरा प्रभु, यी के हुन् ?"

५तिनले जवाफ दिए, "यी के हुन् भनी
तिमी जान्दैनौ ?"

मैले जवाफ दिएँ, "जान्दिनँ, मेरा प्रभु ।"

६यसकारण तिनले मलाई भने, "यो
यरूबाबेलको निम्ति परमप्रभुको वचन हो:
'नता शक्तिले, नता बलले, तर मेरो आत्माले,'
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

७"ए शक्तिशाली पर्वत, तँ के होस् ?
यरूबाबेलको सामुन्ने तँ समतल भूमि हुनेछस् ।
तब त्यसले शिरको ढुङ्गालाई, 'परमेश्वरले
यसलाई आशिष् दिऊन् ! परमेश्वरले यसलाई
आशिष् दिऊन् !' भन्दै चर्को आवाजसाथ
निकालेर ल्याउनेछ !"

८तब परमप्रभुको यो वचन मकहाँ आयो:
९"यरूबाबेलका हातहरूले यस मन्दिरको जग
बसालेको छ; त्यसको हातले यसलाई पूरा पनि
गर्नेछ । तब सर्वशक्तिमान् परमप्रभुले नै मलाई
तँकहाँ पठाउनुभएको हो भनी, तैंले जान्नेछस् ।

१०"साना कुराहरूको दिनलाई कसले तुच्छ

---

**३:८**–यर्मिया २३:५; ३३:१५; जकरिया ६:१२. **३:१०**–मीका ४:४. **४:३**–प्रकाश ११:४. **४:६**–एज्रा ५:२.
**४:१०**–प्रकाश ५:६.

ठान्छ ? यरूबाबेलका हातमा साहुल देखेर
मानिसहरू रमाउनेछन् ।

"(यी सातओटा परमप्रभुका आँखाहरू हुन्,
जसले पृथ्वीभरि यताउता हेरिरहन्छन्) ।"

**११**त्यसपछि मैले दूतलाई सोधें, "सामदानका
दाहिने र देब्रेतिरका यी दुई जैतुनका रूखहरू
के हुन् ?"

**१२**त्यसपछि मैले स्वर्गदूतलाई फेरि सोधें,
"सुनको तेल खन्याउने यी दुई सुनका नलीहरूका
छेउका दुईओटा जैतुनका हाँगाहरू के हुन् ?"

**१३**तिनले जवाफ दिए, "यी के हुन् भनी, के
तिमीलाई थाहा छैन ?"

मैले भनें, "म जान्दिनँ मेरा प्रभु ।"

**१४**यसकारण तिनले भने, "यी ती दुई हुन्,
जुनहरू सारा पृथ्वीका परमप्रभुको सेवा गर्नलाई
अभिषेक गरिएका छन् ।"

### उड्दै गरेको चर्मपत्र

**५** मैले फेरि हेरें– अनि त्यहाँ मेरो सामुन्ने
उड्दै गरेको चर्मपत्र थियो !

**२**तिनले मलाई सोधे, "तिमी के देख्छौ ?"
मैले जवाफ दिएँ, "म तीस फूट लामो र पन्ध्र
फूट चौडा एउटा उड़िरहेको चर्मपत्र देख्छु ।"

**३**अनि तिनले मलाई भने, "यो देशभरि
आइपर्ने एउटा श्राप हो; किनकि यसको एकातिर
लेखिएअनुसार, हरेक चोर देशबाट निकालिनेछ,
अनि अर्कोतिर लेखिएअनुसार झूटा शपथ खाने
हरेक देशबाट निकालिनेछ । **४**सर्वशक्तिमान्
परमप्रभु घोषणा गर्नुहुन्छ, 'म यसलाई बाहिर
पठाउनेछु र यो चोरको घरमा अनि मेरो नाउँमा
झूटा शपथ खानेको घरमा पस्नेछ । यो त्यसको
घरमा रहनेछ, अनि यसले त्यसलाई नष्ट गर्नेछ,
अर्थात् काठहरू र ढुङ्गाहरू दुवैलाई' ।"

### डालोमा एउटी स्त्री

**५**तब मसित कुरा गर्ने दूत अगि आएर तिनले
मलाई भने, "मास्तिर हेर, अनि देखापरिरहेको
कुरो के हो सो हेर ।"

**६**मैले सोधें, "यो के हो ?"

तिनले जवाफ दिए, "यो एउटा नाप्ने डालो
हो ।" अनि तिनले थपेर भने, "यो देशभरिका
मानिसहरूको अधर्म हो ।"

**७**तब सीसाको ढकनी उठाइयो, अनि त्यहाँ
डालोभित्र एउटी स्त्री बसेकी थिइन् ! **८**तिनले
भने, "यो दुष्टता हो," अनि तिनले उसलाई
डालोभित्र घचेटिदिए, अनि सीसाको ढकनी त्यस
डालोको मुखमा लगाइदिए ।

**९**तब मैले मास्तिर हेरें– अनि त्यहाँ मेरो
सामुन्ने आफ्ना पखेटाहरूमा बतास भएका
दुईवटी स्त्रीहरू थिए ! तिनीहरूसित सारसका
झैं पखेटा थिए, अनि तिनीहरूले त्यस डालोलाई
आकाश र पृथ्वीको बीचमा जुरूक्कै उचाले ।

**१०**मसित कुरा गर्ने दूतलाई मैले सोधें,
"तिनीहरूले डालो कहाँ लगिरहेका छन् ?"

**११**तिनले जवाफ दिए, "बेबिलोनिया देशमा
त्यसको घर बनाउनलाई लगिरहेका छन् । त्यो
तयार भएपछि, त्यो डालो त्यसको आफ्नै ठाउँमा
त्यहाँ राखिनेछ ।"

### चारओटा रथहरू

**६** मैले फेरि मास्तिर हेरें– अनि त्यहाँ मेरो
सामुन्ने चारओटा रथहरू, दुईओटा
पर्वतहरू, काँसाका पर्वतहरूको बीचबाट
आइरहेका थिए ! **२**पहिलो रथका घोडाहरू
राता थिए, अनि दोस्रोका काला, **३**तेस्रोका सेता,
अनि चौथोका टाटेपाङ्ग्रे थिए– ती सबै
शक्तिशाली थिए । **४**मसित कुरा गरिरहने
दूतलाई मैले सोधें, "यी के हुन्, मेरा प्रभु ?"

**५**तब दूतले मलाई जवाफ दिए, "यी स्वर्गका
चार आत्माहरू हुन्, जुनहरू सारा संसारका
प्रभुको उपस्थितिमा उभिरहेका ठाउँबाट बाहिर
गइरहेका छन् । **६**काला घोडाहरू भएको रथ
उत्तर दिशाको देशतिर गइरहेको छ, सेता
घोडाहरू भएको पश्चिमतिर, अनि टाटेपाङ्ग्रे
घोडाहरू भएको दक्षिणतिर गइरहेको छ ।"

**७**ती शक्तिशाली घोडाहरू गइसकेपछि

---

**४:११**–प्रकाश ११:४. **६:२**–प्रकाश ६:४-५. **६:३**–प्रकाश ६:२. **६:५**–प्रकाश ७:१.

तिनीहरू पृथ्वीका चारैतिर जानलाई
छटपटाइरहेका थिए । अनि तिनले भने,
“पृथ्वीभरि जाओ !” यसकारण तिनीहरू
पृथ्वीभरि गए ।
**८**तब तिनले मलाई कराएर भने, “हेर, ती
उत्तरका देशतिर जानेहरूले उत्तरको देशमा
मेरो आत्मालाई विश्राम दिएका छन् ।”

### यहोशूको निम्ति एउटा मुकुट

**९**परमप्रभुको यो वचन मकहाँ आयो:
**१०**“बेबिलोनबाट आइपुगेका प्रवासीहरू हेल्दै,
तोबियाह र यदायाहबाट चाँदी र सुन ली ।
त्यही दिन सपन्याहका छोरा योशियाहको
घरमा जा । **११**त्यो चाँदी र सुन लिएर एउटा
मुकुट बना, अनि यहोयादाकका छोरा प्रधान
पूजाहारी यहोशूको शिरमा त्यो लगाइदे ।
**१२**त्यसलाई भन्, सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ: ‘हाँगा नाउँ भएका मानिस यिनै
हुन्, अनि तिनी आफ्नो ठाउँबाट फैलिएर तिनले
परमप्रभुको मन्दिर बनाउनेछन् । **१३**परमप्रभुको
मन्दिर बनाउने तिनी नै हुन्, अनि तिनलाई
ऐश्वर्यको पोशाक पहिऱ्याइनेछ, र तिनी आफ्नो
सिंहासनमा बस्नेछन् अनि शासन गर्नेछन् ।
तिनी आफ्नो सिंहासनमा बस्ने पूजाहारी हुनेछन्
र दुवैको बीचमा मिलाप हुनेछ ।’ **१४**त्यो मुकुट
परमप्रभुको मन्दिरमा सम्भनास्वरूप हेल्दै,
तोबियाह, यदायाह र सपन्याहको छोरा हेनलाई
दिइनेछ । **१५**अति टाढ़ामा रहेकाहरू आउनेछन्
अनि परमप्रभुको मन्दिर बनाउन सहायता
गर्नेछन् र सर्वशक्तिमान् परमप्रभुले नै मलाई
तिमीहरूकहाँ पठाउनुभएको हो भनी तिमीहरूले
जान्नेछौ । यदि तिमीहरूले मन लगाएर
परमप्रभु आफ्ना परमेश्वरको आज्ञा पालन गऱ्यौ
भने सो हुनेछ ।”

### उपवास होइन, न्याय र कृपा

**७** दारा राजाको शासनकालको चौथो वर्षको
नवौं महिना, अर्थात् किसलेव महिनाको
चौथो दिन परमप्रभुको वचन जकरियाकहाँ
आयो । **२**बेतेलका मानिसहरूले सरेसेर र
रेगेम-मेलेकलाई तिनीहरूका मानिसहरूसित
परमप्रभुलाई बिन्ती गर्न पठाए, **३**कि तिनीहरूले
सर्वशक्तिमान् परमेश्वरको भवनका पूजाहारीहरू
र अगमवक्ताहरूलाई यसो भनेर सोधून्, “मैले
धेरै वर्षदेखि गर्दै आएझैं, के पाँचौं महिनामा
मैले शोक गर्दै उपवास बस्नुपर्छ ?”
**४**तब सर्वशक्तिमान् परमप्रभुको वचन
मकहाँ आयो: **५**“देशवासीहरू र पूजाहारीहरूलाई
सोध्, ‘बितेका सत्तरी वर्षहरूमा तिमीहरूले
पाँचौं र सातौं महिनामा उपवास बसेर शोक
गर्दा, के तिमीहरूले साँच्चै मेरै निम्ति उपवास
बस्यौ ? **६**अनि तिमीहरूले खाँदा र पिउँदा के
तिमीहरूले आफ्नै निम्ति भोज खाइरहेका
थिएनौ ? **७**यरूशलेम र त्यसका छेउछाउका
शहरहरू विश्राममा र उन्नतिमा हुँदा, अनि नेगेव
र पश्चिम तराईका ठाउँहरू स्थापित भइरहँदा
परमप्रभुले आफ्ना पहिलेका अगमवक्ताहरूद्वारा
घोषणा गर्नुभएका वचनहरू के यही होइनन् ?”
**८**अनि परमप्रभुको यो वचन फेरि जकरियाकहाँ
आयो: **९**“सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
‘साँचो न्याय गर; आपसमा कृपा र दया
देखाऊ । **१०**विधवा, अनाथ, परदेशी अथवा
गरीबमाथि अत्याचार नगर । तिमीहरूका
हृदयमा एका-अर्काप्रति दुष्ट कुरा नसोच ।’
**११**“तर तिनीहरूले ध्यान दिन अस्वीकार
गरे; हठी भएर तिनीहरूले पिठिउँ फर्काएर
आफ्ना कानहरू बन्द गरे । **१२**तिनीहरूले आफ्ना
हृदय दर्शन ढुङ्गाझैं कड़ा बनाएर तिनीहरूले
व्यवस्था अनि सर्वशक्तिमान्द्वारा आफ्नो
आत्माबाट पठाउनुभएका वचनहरू सुन्न
चाहेनन् । यसकारण सर्वशक्तिमान् परमप्रभु
अति क्रोधित हुनुभयो ।
**१३**“‘मैले बोलाउँदा तिनीहरूले सुनेनन्;
यसकारण तिनीहरूले बोलाउँदा मैले सुनिनँ,’
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । **१४**‘मैले
तिनीहरूलाई सबै जातिहरूको बीचमा

---

**६:१२**–यर्मिया २३:५; ३३:१५; यर्मिया ३:८.

आँधीबेहरीले तितरबितर पारिदिएँ, जहाँ तिनीहरू
परदेशी भए । तिनीहरूको पछि देश यति
साह्रो उजाड़ भयो कि, कोही आउन र जान
सक्दैनथे । यसरी नै तिनीहरूले सुन्दर देशलाई
उजाड़ पारिदिए ।'"

## यरूशलेमलाई आशिष् दिने परमप्रभुको प्रतिज्ञा

**८** फेरि मकहाँ सर्वशक्तिमान् परमप्रभुको
वचन आयो । **२**सर्वशक्तिमान् परमप्रभु
यसो भन्नुहुन्छ: "म सियोनको निम्ति अति डाही
भएको छु; म त्यसको निम्ति डाहले जलिरहेछु ।"
**३**परमप्रभु यसो भन्नुहुन्छ: "म सियोनमा
फर्कनेछु र यरूशलेममा वास गर्नेछु । तब
यरूशलेम सत्यको शहर भनिने छ र
सर्वशक्तिमान् परमप्रभुको पर्वतचाहिँ पवित्र पर्वत
भनिनेछ ।"
**४**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"फेरि पनि उमेर ढल्केका पुरुष र स्त्रीहरू
आफ्ना उमेरको कारण हातमा लहुरो लिएर
यरूशलेमका सडकहरूमा बसिरहनेछन् ।
**५**शहरका सडकहरू खेल्ने केटाकेटीहरूले
भरिएका हुनेछन् ।"
**६**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"त्यस बेला बाँचिरहेका मानिसहरूको निम्ति
त्यो कुरा उत्तम देखिएला, तर के त्यो मेरो
निम्ति उत्तम देखिएला ?" सर्वशक्तिमान्
परमप्रभु घोषणा गर्नुहुन्छ ।
**७**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"म पूर्वका र पश्चिमका देशहरूबाट मेरा
मानिसहरूलाई बचाउनेछु । **८**म तिनीहरूलाई
यरूशलेममा बस्न फर्काइल्याउनेछु; तिनीहरू
मेरा प्रजा हुनेछन्, अनि म तिनीहरूका
परमेश्वरको रूपमा तिनीहरूप्रति विश्वासयोग्य
र धार्मिक हुनेछु ।"
**९**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"सर्वशक्तिमान् परमप्रभुको भवनको निम्ति जग
बसालिँदा त्यहाँ भएका अगमवक्ताहरूद्वारा
बोलिएका वचनहरू अहिले सुन्ने तिमीहरू,
मन्दिर बनिऊन् भनेर तिमीहरूका हातहरू
बलिया बनाओ । **१०**त्यस समयभन्दा अघि
मानिसहरू र पशुहरूको निम्ति ज्याला
थिएन । आफ्नो शत्रुको कारण कोही पनि आफ्नो
व्यवसायमा सुरक्षापूर्वक जान सक्दैनथे, किनकि
मैले हरेक मानिसलाई त्यसको छिमेकीको
विरुद्धमा खड़ा गरेको थिएँ । **११**तर अब म यी
मानिसहरूका बचेको भागलाई बितेको समयमा
गरेझैँ व्यवहार गर्नेछैनँ," सर्वशक्तिमान् परमप्रभु
घोषणा गर्नुहुन्छ ।
**१२**"बीउ राम्रो गरी उम्रने छ, दाखले आफ्नो
फल दिनेछ, जमिनले आफ्नो अन्न फलाउनेछ
र आकाशले शीत खसाउनेछ । म यस जातिको
बचेको भागलाई यी सबै कुराहरू पैतृक-
सम्पत्तिस्वरूप दिनेछु । **१३**हे यहूदा र इस्राएल,
जसरी तिमीहरू जातिहरूको बीचमा श्रापको
पात्र भएका थियौ, त्यसरी नै म तिनीहरूलाई
बचाउनेछु र तिमीहरू एउटा आशिष्‌को
कारण हुनेछौ । नडराओ, तर तिमीहरूका
हातहरू बलिया होऊन् ।"
**१४**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"जसरी तिमीहरूका पिता-पुर्खाहरूले मलाई
रीस उठाउँदा मैले तिमीहरूमाथि विपत्ति ल्याउने
निश्चय गरें, अनि कुनै दया देखाइनँ,"
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, **१५**"त्यसरी
नै अब मैले यरूशलेम र यहूदासित फेरि असल
गर्ने निश्चय गरेको छु; नडराओ । **१६**तिमीहरूले
गर्नुपर्ने कामहरू यिनै हुन्: अरूलाई सिकाउँदा
सत्य बोल, अनि तिमीहरूको अदालतमा साँचो
र ठीक न्याय गर; **१७**आफ्नो छिमेकीको
विरुद्धमा दुष्ट षड्यन्त्र नरच, अनि झूटो शपथ
खान मन नपराओ । म यी सबै घृणा गर्छु,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।
**१८**फेरि मकहाँ सर्वशक्तिमान् परमप्रभुको
वचन आयो । **१९**सर्वशक्तिमान् परमप्रभु यसो
भन्नुहुन्छ: "यहूदाको निम्ति चौथो, पाँचौँ, सातौँ
र दशौँ महिनाका उपवासहरू आनन्दमय,

---

**८:१६**–एफिसी ४:२५.

हर्षमय र सुखमय चाड़हरू हुनेछन्। यसकारण
सत्यता र शान्तिलाई प्रेम गर।"
**२०**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"धेरै शहरहरूका धेरै मानिसहरू र बासिन्दाहरू
अझ आउनेछन्, **२१**अनि एउटा शहरका
बासिन्दाहरू अर्को शहरका बासिन्दाहरूकहाँ
गएर भन्नेछन्, 'हामी परमप्रभुकहाँ बिन्ती गर्न
र सर्वशक्तिमान्लाई खोज्न जाऊँ । म
आफै पनि जाँदैछु।' **२२**अनि धेरै मानिसहरू र
शक्तिशाली जातिहरू सर्वशक्तिमान् परमप्रभुलाई
खोज्न र उहाँसित बिन्ती गर्न यरूशलेममा
आउनेछन्।"
**२३**सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ:
"ती दिनहरूमा सबै भाषाहरू र जातिहरूबाट
दश जना मानिसहरूले एक जना यहूदीको
लबेदाको किनार पक्रेर यसो भन्नेछन्, 'हामीलाई
तपाईंसित जानदिनुहोस्, किनकि तपाईंसित
परमेश्वर हुनुहुन्छ भनेर हामीले सुनेका छौं।'"

### इस्राएलका शत्रुहरूमाथि इन्साफ
### एउटा ईश्वरवाणी

**९** परमप्रभुको वचन हद्राक देशको विरुद्धमा छ,
अनि दमस्कसमा गएर त्यो बिसाउनेछ—
किनकि मानिसहरूका अनि इस्राएलका कुलहरूका आँखा
परमप्रभुमाथि नै छन्—
२ अनि हमातमाथि पनि छन्,
जो त्यसको सिमानामा छ,
अनि टायर र सीदोनमाथि छन्, यद्यपी ती निपूण छन्।
३ टायरले आफैलाई एउटा किल्ला बनाएकी छ;
त्यसले चाँदीलाई धूलोझैं,
अनि सुनलाई सड़कका मैलाझैं थुप्रो लगाएकी छ।
४ तर परमप्रभुले त्यसका सम्पत्तिहरू लैजानुहुनेछ,
अनि समुद्रमा त्यसको शक्तिलाई नाश गरिदिनुहुनेछ,
र त्यो आगोद्वारा भष्म हुनेछे।
५ अश्कलोन त्यो देखेर डराउनेछ;
गाजा कष्टमा छट्पटाउनेछ,
अनि एक्रोनले पनि त्यसै गर्नेछ,
किनकि त्यसको आशा ओइलाएर जानेछ।
गाजाले आफ्नो राजा गुमाउनेछ र
अश्कलोन त्यागिनेछ।
६ परदेशीहरूले अश्दोदलाई दखल गर्नेछन्,
अनि म पलिश्तिहरूको अहङ्कार नाश गरिदिनेछु।
७ म तिनीहरूका मुखबाट रगत
र तिनीहरूका दाँतहरूका बीचबाट
मनाही गरिएको भोजन निकालिदिनेछु।
छोडिएका जतिचाहिँ हाम्रा परमेश्वरका हुनेछन्,
र यहूदामा अगुवाहरू हुनेछन्, एक्रोनचाहिँ यबूसीहरूझैं हुनेछ।
८ तर म आफ्नो भवनलाई लूटपिट गर्ने दलहरूबाट रक्षा गर्नेछु।
फेरि कुनै अत्याचार गर्नेहरूले मेरा
मानिसहरूमाथि कहिल्यै आक्रमण गर्नेछैनन्,
किनकि अहिले मैले रखवाली गरिरहेको छु।

### सियोनका राजाको आगमन

९ हे सियोनकी छोरी ठूलो रमाहट गर्!
यरूशलेमकी छोरी जोरसित करा!
हेर्, तेरा राजा तँकहाँ आउँदैहुनुहुन्छ।
उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ।
उहाँ भला हुनुहुन्छ र गधामाथि,
अर्थात् गधाको एउटा बछेड़ामाथि
सवार भएर आउँदैहुनुहुन्छ।

---

**९:१**—यशैया १७:१-३; यर्मिया ४९:२३-२७; आमोस १:३-५. **९:१-४**—यशैया २३:१-१८; इजकिएल २६:१-२८:२६; योएल ३:४-८; आमोस १:९-१०; मत्ती ११:२१-२२; लूका १०:१३-१४. **९:५-७**—यशैया १४:२९-३१; यर्मिया ४७:१-७; इजकिएल २५:१५-१७; योएल ३:४-८; आमोस १:६-८; सपन्याह २:४-७.
**९:९**—मत्ती २१:५; यूहन्ना १२:१५.

१० म एप्रेमबाट रथहरू,
र यरूशलेमबाट लड़ाइँका घोड़ाहरू
लगिहाल्नेछु,
अनि लड़ाइँको धनु भाँचिनेछ ।
उहाँले जाति-जातिहरूलाई शान्ति घोषणा
गर्नुहुन्छ ।
उहाँको शासन समुद्रबाट समुद्रसम्म,
अनि यूफ्रेटिस नदीदेखि पृथ्वीको
किनारसम्म फैलिनेछ ।
११ तेरो विषयमा चाहिँ,
तँसित भएको मेरो रगतको करारको
कारण,
म तेरा कैदीहरूलाई पानीविनाको
खाड़लबाट स्वतन्त्र गरिदिनेछु ।
१२ हे आशावादी कैदीहरू आफ्ना किल्लातिर
फर्क;
म तिमीहरूलाई दोब्बर गरी फर्काइदिनेछु
भनी अहिले पनि म घोषणा गर्छु ।
१३ म यहूदालाई मैले आफ्नो धनु दोबारेझैँ
दोबार्नेछु,
अनि त्यसलाई एप्रेमले भरिदिनेछु ।
हे सियोन, म तेरा छोराहरूलाई,
ग्रीसका छोराहरूको विरुद्धमा सुच्चाउनेछु,
अनि तँलाई एउटा योद्धाको तरवारझैँ
बनाउनेछु ।

## परमप्रभु देखा पर्नुहुनेछ

१४ त्यसपछि परमप्रभु तिनीहरूमाथि देखा
पर्नुहुनेछ;
उहाँको तीर बिजुलीझैँ चम्कनेछ ।
सर्वशक्तिमान् परमप्रभुले तुरही फुक्नुहुनेछ;
उहाँ दक्षिणका आँधीहरूमा हिँड्नुहुनेछ,
१५ अनि सर्वशक्तिमान् परमप्रभुले
तिनीहरूलाई रक्षा गर्नुहुनेछ ।
तिनीहरूले नाश गर्नेछन्,
अनि घुँयेत्रोका ढुङ्गाहरूले परास्त गर्नेछन् ।
तिनीहरूले पिउनेछन् र मद्य पिएकाझैँ
गर्जनेछन्;
तिनीहरू वेदीका कुनाहरूमा छर्कने
कचौराझैँ भरिनेछन् ।
१६ परमप्रभु तिनीहरूका परमेश्वरले त्यस
दिन तिनीहरूलाई आफ्ना
मानिसहरूका बगालझैँ बचाउनुहुनेछ ।
तिनीहरू मुकुटमा चम्केका रत्नझैँ
उहाँको देशमा चम्कनेछन् ।
१७ तिनीहरू कति आकर्षित र सुन्दर
हुनेछन् !
अन्नले जवान मानिसलाई,
अनि नयाँ दाखमद्यले चाहिँ जवान
स्त्रीहरूलाई हृष्टपुष्ट पार्नेछ ।

## परमप्रभुले यहूदाको वास्ता गर्नुहुनेछ

१० वसन्त ऋतुको समयमा परमप्रभुसित
झरी माग;
परमप्रभुले नै आँधीबेहरीलाई बादल
बनाउनुहुन्छ ।
उहाँले मानिसहरूलाई पानीको झरी
बर्साइदिनुहुन्छ,
अनि हरेकलाई खेतमा बोट-बिरुवाहरू
दिनुहुन्छ ।
२ मूर्तिहरूले छलका कुरा गर्छन्,
जोखना हेर्नेहरूले झूटा दर्शन देख्छन्;
तिनीहरूले झूटा सपना भन्छन्,
तिनीहरूले व्यर्थका सान्त्वना दिन्छन् ।
यसकारण गोठालाको कमीले गर्दा
अत्याचारमा परेका भेड़ाझैँ मानिसहरू
बरालिन्छन् ।
३ "मेरो रीस गोठालाहरूको विरुद्धमा बल्छ,
अनि म अगुवाहरूलाई दण्ड दिनेछु;
किनकि सर्वशक्तिमान् परमप्रभुले आफ्नो
बगाल,
यहूदाको घरानालाई हेरचाहा गर्नुहुनेछ
र तिनीहरूलाई लड़ाइँमा भएका तेजिलो
घोड़ासमान तुल्याउनुहुनेछ ।
४ यहूदाबाट कुने-ढुङ्गा आउनेछ,
तिनीबाट पालको कीला,

**९:१०**–भजनसंग्रह ७२:८. **९:११**–प्रस्थान २४:८.

तिनीबाट लड़ाइँको धनु, तिनीबाटै हरेक शासक ।
५ तिनीहरू मिलेर लड़ाइँमा हिले सडक कुल्चने पराक्रमी मानिसहरूझैं हुनेछन् ।
तिनीहरूसित परमप्रभु हुनुभएकोले
तिनीहरूले लड़ाइँ गरेर घोड़चढीहरूलाई परास्त गर्नेछन् ।
६ "म यहूदाको घरानालाई सुदृढ़ बनाउनेछु
अनि यूसुफको घरानालाई बचाउनेछु ।
म तिनीहरूलाई पुनर्स्थापित गर्नेछु,
किनकि म तिनीहरूमाथि दया गर्छु,
तिनीहरू मैले नत्यागेका जस्तै भइजानेछन्,
किनकि म परमप्रभु तिनीहरूका परमेश्वर हुँ,
अनि म तिनीहरूलाई जवाफ दिनेछु ।
७ एप्रेमीहरू सामर्थी मानिसहरूझैं हुनेछन्,
अनि तिनीहरूका हृदय मद्य पिएर आनन्दित भएझैं हुनेछन् ।
तिनीहरूका छोराछोरीहरू त्यो देखेर आनन्दित हुनेछन्;
तिनीहरूका हृदय परमप्रभुमा हर्षित हुनेछन् ।
८ म तिनीहरूलाई इशारा गर्नेछु र
तिनीहरूलाई भित्र बटुल्नेछु ।
निश्चय म तिनीहरूलाई बचाउनेछु;
तिनीहरू पहिलेका झैं सङ्ख्यामा धेरै हुनेछन् ।
९ मैले तिनीहरूलाई मानिसहरूको बीचमा तितरबितर पारिदिएँ
तापनि टाढ़ा देशहरूमा तिनीहरूले मलाई सम्झनेछन् ।
तिनीहरू र तिनीहरूका छोराछोरीहरू बाँच्नेछन्,
अनि तिनीहरू फर्कनेछन् ।
१० म तिनीहरूलाई मिश्रदेशबाट फर्काइल्याउनेछु,
अनि तिनीहरूलाई अश्शूरबाट भेला गराउनेछु ।
म तिनीहरूलाई गिलाद र लबानोनमा ल्याउनेछु,
अनि तिनीहरूको निम्ति प्रशस्त ठाउँ हुनेछैन ।
११ तिनीहरू विपत्तिको समुद्र भएर जानेछन्;
तरङ्ग उठेको समुद्र शान्त गराइनेछ,
अनि नील नदीका सबै गहिराइहरू सुकिजानेछन् ।
अश्शूरको अहङ्कार चूर पारिनेछ,
अनि मिश्रको राजदण्ड़ बितिजानेछ ।
१२ म तिनीहरूलाई परमप्रभुमा बलियो बनाउनेछु,
अनि उहाँकै नाउँमा तिनीहरू हिँड़नेछन्,"
परमप्रभु घोषणा गर्नुहुन्छ ।

११ हे लबानोन, तेरा ढोकाहरू खोलिदे,
अनि आगोले तेरा देवदारुहरू भष्म पारिदेओस् !
२ हे सल्लाको रूख, विलाप गर, किनकि देवदारु ढालिएको छ;
मूल्यवान रूखहरू ध्वंस भइगए !
हे बाशानका फलाँटहरू हो; विलाप गर,
घना वन काटेर ढालिएको छ !
३ गोठालाहरूका विलौना सुन;
तिनीहरूका असल खर्कहरू नष्ट भइगए !
सिंहहरूका गर्जन सुन;
यर्दनको रसिलो झाडी नष्ट भइगयो !

### दुई गोठालाहरू

४परमप्रभु मेरा परमेश्वर यसो भन्नुहुन्छः
"मारिनको निम्ति छाप लगाएको बगाललाई
खर्कमा लैजा । ५तिनीहरूलाई किन्नेहरूले
तिनीहरूलाई मारेर दण्ड नपाई जान्छन् ।
तिनीहरूलाई बेच्नेहरूले भन्छन्, 'परमप्रभुको
प्रशंसा होस्, म धनी छु !' तिनीहरूका आफ्नै
गोठालाहरूले तिनीहरूलाई बाँकी राख्दैनन् ।
६किनकि अब उसो म देशवासीहरूमाथि दया
देखाउनेछैनँ" परमप्रभु घोषणा गर्नुहुन्छ ।
"म हरेकलाई त्यसको छिमेकी अनि त्यसको
राजाकहाँ सुम्पिदिनेछु । तिनीहरूले देशमाथि
अत्याचार गर्नेछन्, अनि म तिनीहरूलाई
उनीहरूका हातबाट छुटाउनेछैनँ ।"

**७**यसकारण मैले मारिनलाई छाप लगाएको
बगाललाई खर्कमा राखें, खास गरी बगालका
अत्याचारमा परेकाहरूलाई । तब मैले दुईओटा
लहुरो लिएँ, अनि एउटालाई अनुग्रह र अर्कोलाई
एकता भनें, अनि बगाललाई चराएँ । **८**एक
महिनामा मैले तीन जना गोठालाहरूलाई
खारेज गरिदिएँ ।

बगालले मलाई घृणा गऱ्यो र म
तिनीहरूदेखि वाक्क भएँ, **९**अनि मैले भनें, "म
तिमीहरूका गोठाला हुनेछैनँ । मर्ने मरून्, अनि
नाश हुने होऊन् । जो रहेका छन्, तिनीहरूले
एका-अर्काका मासु खाऊन् ।"

**१०**तब मैले अनुग्रह नाउँको लहुरो लिएर
त्यसलाई भाँचिदिएँ अनि मैले सबै जातिहरूसित
गरेको करार रद्द गरिदिएँ । **११**त्यस दिन त्यो
रद्द गरियो, अनि यसरी मलाई हेरिरहेका
बगालका कष्ट पाएकाहरूले यो परमेश्वरको
वचन रहेछ भनी जाने ।

**१२**मैले तिनीहरूलाई भनें, "यदि तिमीहरूलाई
उचित लागे, मेरो ज्याला मलाई देऊ; तर यदि
होइन भने, आफै राख ।" यसकारण तिनीहरूले
मलाई तीस टुक्रा चाँदी दिए ।

**१३**अनि परमप्रभुले मलाई भन्नुभयो, "यसलाई
कुमालेको अगि फालिदे"– तिनीहरूले मेरो
मूल्य तोकेको ठूलो दाम ! यसकारण मैले त्यो
तीस टुक्रा चाँदी लिएर ती कुमालेको निम्ति
परमप्रभुको भवनभित्र फालिदिएँ ।

**१४**तब यहूदा र इस्राएलका बीचका
दाज्यूभाइको नाता टुटाइदिनलाई मैले एकता
नाउँ भएको अर्को लहुरो भाँचिदिएँ ।

**१५**तब परमप्रभुले मलाई भन्नुभयो, "फेरि
एउटा मूर्ख गोठालोको हतियार ली । **१६**किनकि
म देशमाथि एउटा गोठाला खड़ा गर्न
लागेको छु, जसले हराएकालाई वास्ता गर्दैन,
अथवा सानाहरूलाई खोज्दैन, अथवा चोट
लागेकाहरूलाई निको पार्दैन, अथवा स्वस्थलाई
खुवाउँदैन, तर असल भेड़ाहरूलाई तिनीहरूलाई
खुर च्याप्दै तिनीहरूका मासु खान्छन् ।

**१७** "धिक्कार ती बेकामे गोठालालाई,
जसले बगाललाई त्यागिदिन्छ !
तरवारले त्यसको पाखुरा,
अनि त्यसको दाहिने आँखामा प्रहार
गरोस् !
त्यसको पाखुरा पूर्ण रूपले सुकिजाओस,
अनि त्यसको दाहिने आँखा पूर्ण रूपले
अन्धा भइजाओस् !"

### यरूशलेमका शत्रुहरू नाश हुने एउटा अगमवाणी

**१२** इस्राएलको विषयमा परमप्रभुको यो
वचन छ । आकाशलाई फैलाउनुहुने,
पृथ्वीको जग बसाल्नुहुने, अनि मानिसभित्र
त्यसको आत्मा रच्नुहुने, परमप्रभु घोषणा
गर्नुहुन्छः **२**"म यरूशलेमलाई त्यसको
चारैतिरका मानिसहरूको निम्ति एउटा
धरमराइदिने कचौरा बनाउनेछु । यहूदा र
यरूशलेम घेरामा पर्नेछन् । **३**त्यस दिन, पृथ्वीका
सारा जातिहरू त्यसको विरुद्धमा भेला हुँदा म
यरूशलेमलाई सबै जातिहरूको निम्ति एउटा
नहल्लिने चट्टान बनाइदिनेछु । त्यसलाई हटाउन
चाहने सबैले आफैलाई चोट पार्नेछन् । **४**त्यस
दिन म प्रत्येक घोड़ालाई डरले अनि त्यसमाथि
सवार हुनेलाई पागलपनले प्रहार गर्नेछु,"
परमप्रभु घोषणा गर्नुहुन्छ । "म यहूदाको
घरानामाथि नजर लगाइराख्नेछु, तर म
जाति-जातिहरूका सबै घोड़ाहरूलाई अन्धा
तुल्याइदिनेछु । **५**तब यहूदाका अगुवाहरूले
आफ्ना हृदयमा भन्नेछन्, 'सर्वशक्तिमान्
परमप्रभु तिनीहरूका परमेश्वर हुनुभएकोले
यरूशलेमका मानिसहरू बलिया छन् ।'

**६**"त्यस दिन म यहूदाका अगुवाहरूलाई
दाउराको थाकमा आगोको कराहीझैं र बिटाहरूको
बीचमा ज्वाला भएको राँकोझैं बनाउनेछु ।
तिनीहरूले चारैतिरका सबै मानिसहरूलाई
दाहिने-देब्रेतिर भष्म पार्नेछन्, तर यरूशलेमचाहिँ
आफ्नो स्थानमा अखण्ड रहनेछ ।

**११:१२**–मत्ती २६:१५. **११:१२-१३**–मत्ती २७:९-१०.

७"दाऊदको घरानाको अनि यरूशलेमका
बासिन्दाहरूको सम्मान यहूदाको भन्दा बढी
नहोस् भनेर, परमप्रभुले पहिले यहूदाका
पालहरूको उद्धार गर्नुहुनेछ । ८त्यस दिन
परमप्रभुले यरूशलेममा बस्नेहरूको रक्षा
गर्नुहुनेछ र तिनीहरूमध्ये अति दुर्बल दाऊदझैँ
हुनेछन् र दाऊदको घरानाचाहिँ परमेश्वरझैँ,
तिनीहरूका सामुन्ने गइरहेका परमप्रभुका
दूतझैँ हुनेछ । ९यरूशलेमलाई आक्रमण गर्ने
सबै जाति-जातिहरूलाई नाश गर्न म त्यस
दिन निस्कनेछु ।

### तिनीहरूले घोचेकाको निम्ति शोक

१०"अनि म दाऊदको घराना र यरूशलेमका
बासिन्दाहरूमाथि अनुग्रह र प्रार्थनाको आत्मा
खन्याइदिनेछु । तिनीहरूले मलाई हेर्नेछन्,
जसलाई तिनीहरूले घोचेथे, अनि कसैले आफ्नो
एउटै बालकको निम्ति बिलौना गरेझैँ, तिनको
निम्ति बिलौना गर्नेछन्, अनि कसैले आफ्नो
पहिले जन्मेको पुत्रको निम्ति दु:खसित शोक
गरेझैँ, तिनीहरूले तिनको निम्ति दु:खसित शोक
गर्नेछन् । ११त्यस दिन यरूशलेममा भएको
रुवाइ मगिद्दोको मैदानमा हदद रिम्मोनको
रुवाइजस्तै ठूलो हुनेछ । १२देशभरि प्रत्येक
घरानाले, त्यसका पत्नीहरूले सहित अलग-
अलग्गै शोक गर्नेछन्, दाऊदका घरानाकाहरू
र तिनका पत्नीहरू, नातानका घरानाकाहरू
र तिनका पत्नीहरू, १३लेवीका घरानाको वंश
अनि तिनीहरूका पत्नीहरू, शिमीका घरानाको
वंश अनि तिनीहरूका पत्नीहरू, १४अनि बाँकी
रहेका सबै वंशहरू र तिनीहरूका पत्नीहरू ।

### पापबाट शुद्ध हुनु

**१३** "त्यस दिन तिनीहरूलाई पाप र
अशुद्धताबाट शुद्ध गर्नलाई दाऊदको
घराना र यरूशलेमका बासिन्दाहरूको निम्ति
एउटा पानीको मूल फुटेर निस्कनेछ ।
२"त्यस दिन, म मूर्तिहरूका नाउँहरूलाई
देशबाट निकालिदिनेछु र फेरि तिनीहरूको
सम्झना हुनेछैन," सर्वशक्तिमान् परमप्रभु
घोषणा गर्नुहुन्छ । "म देशबाट अगमवक्ताहरू
र अशुद्धताको आत्मा दुवैलाई हटाइदिनेछु ।
३अनि कसैले अझ अगमवाणी गर्छ भने, त्यसलाई
जन्म दिने बाबु र आमाले त्यसलाई भन्नेछन्,
'तँ मर्नै पर्छ, किनकि तैंले परमप्रभुको नाउँमा
झूट भनेको छस् ।' त्यसले अगमवाणी गर्दा
त्यसका आफ्नै माता-पिताले त्यसलाई छुरीले
रोपिदिनेछन् ।
४"त्यस दिन हरेक अगमवक्ता आफ्नो
अगमवाणीको दर्शनको कारण शर्ममा पर्नेछ ।
छल गर्नको लागि त्यसले अगमवक्ताको केशको
लुगा लगाउने छैन । ५त्यसले भन्नेछ, 'म
अगमवक्ता होइनँ । म एउटा किसान हुँ; मेरो
युवाकालदेखि नै जमिन मेरो कमाइको साधन
रहेको छ ।' ६यदि कसैले त्यसलाई, 'तिम्रो
शरीरमा भएका यी चोटहरू के हुन् ?' भनी
सोधे त्यसले जवाफ दिनेछ, 'मेरो मित्रहरूको
घरमा मलाई दिइएका चोटहरू हुन् ।'

### गोठालालाई हिर्काइएको, भेड़ाहरू तितरबितर भएका

७ "हे तरवार, मेरो गोठालाको विरुद्धमा उठ,
मेरो नजीक भएको मानिसको विरुद्धमा !"
सर्वशक्तिमान् परमप्रभु घोषणा
गर्नुहुन्छ ।
"गोठालोलाई हिर्का र भेड़ाहरू तितर-
बितर हुनेछन्,
अनि म आफ्ना हात साना पाठाहरूको
विरुद्धमा फर्काउनेछु ।
८ परमप्रभु घोषणा गर्नुहुन्छ,
"देशभरिमा दुई-तिहाइमाथि प्रहार
गरिनेछ अनि नाश हुनेछन्;
तापनि त्यसमा एक-तिहाइ छोड़िनेछन् ।
९ यस एक-तिहाइलाई म आगोमा
हालिदिनेछु;
म तिनीहरूलाई चाँदीझैँ निर्मल पार्नेछु

---

**१२:१०**–यूहन्ना १९:३७; प्रकाश १:७. **१२:१०–१४**–मत्ती २४:३०; प्रकाश १:७. **१३:७**–मत्ती २६:३१; मर्कूस १४:२७.

अनि तिनीहरूलाई सुनझैँ जाँच्नेछु ।
तिनीहरूले मेरो नाउँको पुकारा गर्नेछन्,
अनि म तिनीहरूलाई जवाफ दिनेछु;
म तिनीहरूलाई, 'तिनीहरू मेरा प्रजा
हुन्' भन्नेछु,
अनि तिनीहरूले भन्नेछन्, 'परमप्रभु हाम्रा
परमेश्वर हुनुहुन्छ' ।"

## परमप्रभु आउनुहुन्छ र राज्य गर्नुहुन्छ

**१४** परमप्रभुको एउटा दिन आउँदैछ, जब
तिमीहरूका लुटका माल तिमीहरूका
बीचमा बाँड़िनेछ ।
**२**म सबै जातिहरूलाई यरूशलेमको
विरुद्धमा लड़ाइँ गर्न त्यहाँ भेला गराउनेछु; शहर
कब्जा गरिनेछ, घरहरू लुटिनेछन् र स्त्रीहरू
बलात्कार गरिनेछन् । आधा शहर निर्वासन
गरिनेछ, तर बाँकी रहेका मानिसहरूचाहिँ
शहरबाट लगिनेछैनन् ।
**३**तब परमप्रभु निस्कनुहुनेछ र उहाँ लड़ाइँको
दिनमा युद्ध गर्नुभएझैँ उहाँले जाति-जातिहरूको
विरुद्धमा युद्ध गर्नुहुनेछ । **४**त्यस दिन उहाँका
खुट्टाले यरूशलेमको पूर्वपट्टिको जैतून पर्वतमा
टेक्नेछन्, र जैतून पर्वत पूर्वदेखि पश्चिमसम्म
दुई भाग हुनेछ, अनि एउटा ठूलो बेँसी तयार
हुनेछ, जसमा पर्वतको आधा भाग उत्तरतिर
सर्नेछ, र आधाचाहिँ दक्षिणतिर सरिजानेछ ।
**५**तिमीहरू मेरो पर्वतको बेँसीबाट भएर भाग्नेछौ,
किनकि त्यो आसेलसम्म फैलिनेछ । जसरी
तिमीहरू यहूदाको राजा उज्जियाहको दिनहरूमा
भैंचालोबाट भागेका थियौ, त्यसरी नै तिमीहरू
भाग्नेछौ । तब परमप्रभु मेरा परमेश्वर सबै
पवित्र जनहरूसँग आउनुहुनेछ ।
**६**त्यस दिन उज्यालो हुनेछैन, ठण्डा अथवा
तुसारो हुनेछैन । **७**त्यो दिउँसो र राती नभएको
एउटा अद्वितीय दिन हुनेछ– एउटा दिन, खालि
परमप्रभुलाई मात्र थाहा भएको । साँझ पर्दा
त्यहाँ उज्यालो हुनेछ ।
**८**त्यस दिन यरूशलेमबाट जिउँदो पानी
बग्नेछ, आधा पूर्वीय समुद्रतिर र आधा पश्चिमी
समुद्रतिर बगिनिस्कनेछ, हिउँद र वर्षामा नित्य
बगिरहनेछ ।
**९**परमप्रभु सारा पृथ्वीमा राजा हुनुहुनेछ ।
त्यस दिन एउटै परमप्रभु हुनुहुनेछ, अनि उहाँको
नाउँ मात्र हुनेछ ।
**१०**सम्पूर्ण देश, गेबादेखि लिएर यरूशलेमको
दक्षिणको रिम्मोनसम्मै अराबाजस्तै भइजानेछ ।
तर यरूशलेमचाहिँ अल्गाइनेछ र आफ्नै ठाउँमा
रहनेछ, अर्थात् बेन्यामीनको मूलढोकादेखि पहिलो
मूलढोकाको स्थान, बीचको मूलढोकासम्म,
अनि हननेलको धरहरादेखि शाही दाखको
कोलसम्म । **११**त्यो आबाद हुनेछ; त्यो फेरि कहिल्यै
नाश हुनेछैन । यरूशलेम सुरक्षित रहनेछ ।
**१२**यरूशलेमको विरुद्धमा लड़ाइँ गर्ने सबै
जातिहरूलाई परमप्रभुले यस्तो रूढीले प्रहार
गर्नुहुनेछ: तिनीहरू उभिएकै बेला तिनीहरूका
मासु कुहिजानेछन्, तिनीहरूका टोड्काभित्र
आँखा कुहिजानेछन्, अनि तिनीहरूका मुखभित्र
तिनीहरूका जिब्रा कुहिजानेछन् । **१३**त्यस दिन
परमप्रभुद्वारा मानिसहरूमा घबराहट फैलिनेछ ।
हरेक मानिसले अर्काको हात पक्रनेछन् र
तिनीहरू एउटाले अर्कोमाथि आक्रमण गर्नेछन् ।
**१४**यहूदाले पनि यरूशलेममा लड़ाइँ गर्नेछ ।
चारैतिरका जातिहरूका धन, सुन, चाँदी र
लुगाहरूको थुप्रो जम्मा गरिनेछ । **१५**त्यस्तै
किसिमको रूढ़ीले घोडाहरू, खच्चरहरू,
ऊँटहरू, गधाहरू र शिविरहरूमा भएका सबै
पशुहरूलाई प्रहार गर्नेछ ।
**१६**त्यसपछि यरूशलेममाथि आक्रमण
गर्ने सबै जातिहरूबाट बचेकाहरू महाराजा,
सर्वशक्तिमान् परमप्रभुलाई दण्डवत् गर्न र छाप्रो-
वासको चाड़ मनाउन प्रति वर्ष जानेछन् ।
**१७**पृथ्वीको कुनै जाति महाराजा, सर्वशक्तिमान्
परमप्रभुलाई दण्डवत् गर्न यरूशलेममा जादैनन्
भने, त्यसले वृष्टि पाउनेछैनन् । **१८**यदि मिश्री
जातिहरू माथि गएर सहभागी भएनन् भने
तिनीहरूले वृष्टि पाउनेछैनन् । परमप्रभुले

---

**१४:८**–इजकिएल ४७:१; यूहन्ना ७:३८; प्रकाश २२:१. **१४:११**–प्रकाश २२:३.

तिनीहरूमाथि त्यो रूढ़ी लगाइदिनुहुनेछ, जुन
उहाँले छाप्रो-वासको चाड़ मनाउन उक्लिनजाने
जातिहरूमाथि लगाउनु हुन्छ। **१९**छाप्रो-वासको
चाड़ मनाउन उक्लेर नजाने मिश्र र सबै
जातिहरूको निम्ति यही दण्ड हुनेछ ।

**२०**त्यस दिन घोड़ाहरूका घण्टीहरूमा
परमप्रभुको निम्ति पवित्र भनी खोपिएका हुनेछन्,
अनि परमप्रभुको भवनमा भएका पकाउने
भाँड़ाहरूचाहिँ वेदीको सामुन्नेका पवित्र
कचौराहरूझैँ हुनेछन्। **२१**यरूशलेम र यहूदामा
भएका प्रत्येक भाँड़ा सर्वशक्तिमान् परमप्रभुको
निम्ति पवित्र हुनेछ, अनि बलिदान चढ़ाउन
आउने सबैले केही भाँड़ाहरू लिएर त्यसैमा
पकाउनेछन् । अनि त्यस दिन सर्वशक्तिमान्
परमप्रभुको भवनमा फेरि कहिल्यै पनि एउटै
कनानी हुनेछैन ।

# मलाकीको पुस्तक

**१** इस्राएललाई मलाकीद्वारा परमप्रभुको
अगमवाणी–

### याकूबलाई प्रेम एसावलाई घृणा

**२**“मैले तिमीहरूलाई प्रेम गरेको छु,”
परमप्रभु भन्नुहुन्छ ।
“तर तिमीहरू सोध्दछौ, ‘कसरी तपाईंले
हामीलाई प्रेम गर्नुभयो ?’
“के एसाव याकूबको दाजु थिएन र ?”
परमप्रभु भन्नुहुन्छ । “तापनि मैले याकूबलाई
प्रेम गरेको छु, **३**तर एसावलाई घृणा गरेको छु
र त्यसको पहाड़ी देश उजाड़ पारिदिएको छु
र त्यसको पैत्रृक सम्पत्ति वनका स्यालहरूलाई
छोड़िदिएको छु ।”
**४**एदोमले भन्ला, “हामी नाश पारिएका छौं,
तापनि ध्वस्त ठाउँहरू हामी फेरि बनाउनेछौं ।”
तर सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः
“तिनीहरूले बनाउलान्, तर म भत्काइदिनेछु ।
तिनीहरूलाई ‘दुष्ट देश’ भनिनेछ, यस्तो जाति
जो माथि सधैं परमप्रभुको क्रोध रहेको हुन्छ ।
**५**त्यो तिमीहरू आफ्ना आँखाले देख्नेछौ र
भन्नेछौ, “परमप्रभु, इस्राएलको सिमाना बाहिर
पनि महान् हुनुहुन्छ !’

### खोट भएको बलि

**६**“छोराले बाबुलाई र चाकरले मालिकलाई
मान गर्दछन् । म बाबु हुँ भने, मेरो मान खोइ ? म
मालिक हुँ भने, मैले पाउनुपर्ने सम्मान खोइ ?”
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । “ए
पूजाहारी हो, तिमीहरू नै हौ जसले मेरो नाउँको
अवहेलना गर्दछौ ।
“तर तिमीहरू मलाई सोध्दछौ, ‘कसरी
हामीले तपाईंको नाउँको अवहेलना गर्‍यौं ?’
**७**“तिमीहरू मेरो वेदीमा अशुद्ध रोटी
चढ़ाउँदछौ ।
“तर तिमीहरू प्रश्न गर्छौ, ‘कसरी हामीले
तपाईंलाई अशुद्ध गर्‍यौं र ?’
“परमप्रभुको टेबुललाई अवहेलना गरे हुन्छ
भनेर त्यसो गर्‍यौ । **८**जब तिमीहरू अन्धा पशु
बलि चढ़ाउन ल्याउँछौ, के त्यो दोष भएन ?
जब तिमीहरू लङ्गड़ा र रोगी पशु बलिदान
चढ़ाउँदछौ, के त्यो गलत भएन ? ती
तिम्रा बड़ाहाकिमलाई चढ़ाऊ त ! के तिनी
तिमीहरूसित खुशी होलान् ? के तिनले
तिमीहरूलाई ग्रहण गर्लान् ?” सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ ।
**९**“परमप्रभुले हामीमाथि अनुग्रह गरून् भनी
प्रार्थना गर । तिम्रा हातबाट त्यस्ता बलि
चढ़ाइएपछि, के उहाँले तिमीहरूलाई ग्रहण
गर्नुहुन्छ र ?” सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ ।
**१०**“अहो, तिमीहरूमध्ये कसैले मन्दिरका
ढोकाहरू थुनिदिए त हुन्थ्यो, र तिमीहरूले
मेरो वेदीमा व्यर्थको आगो बाल्ने थिएनौ ! म
तिमीहरूसित खुशी छैनँ,” सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ, “र म तिमीहरूका हातबाट
केही भेटी ग्रहण गर्नेछैनँ । **११**सूर्योदयदेखि
सूर्यास्तसम्म मेरो नाउँ, जाति-जातिहरूका
बीचमा महान् हुनेछ । हरेक ठाउँमा मेरो नाउँमा
धूप र शुद्ध बलि चढ़ाइनेछन्, किनकि जाति-
जातिहरूबीच मेरो नाउँ महान् हुनेछ,”
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।
**१२**“तर तिमीहरू त परमप्रभुका टेबुलबारे,
‘त्यो अशुद्ध छ,’ अनि त्यसमा भएको

---

**१:२-३**–रोमी ९:१३. **१:२-५**–यशैया ३४:५-१७; ६३:१-६; यर्मिया ४९:७-२२; इजकिएल २५:१२-१४; ३५:१-१५; आमोस १:११-१२; ओबदिया १:१-१४. **१:८**–व्यवस्था १५:२१.

भोजनबारे, 'त्यो तुच्छ छ' भनेर मेरो नाउँ अपवित्र गर्दछौ । **१३**अनि तिमीहरू भन्दछौ, 'यो के दिक्क लाग्दो बोझ हो !' अनि साथै हेलासाथ त्यसप्रति आफ्ना नाक चेप्राउँछौ," भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

"जब तिमीहरू चोट लागेका, लङ्गड़ा वा रोग लागेका पशुहरू ल्याई मलाई भेटी चढ़ाउँछौ, के मैले ती तिम्रा हातबाट ग्रहण गर्नुपर्छ र ?" परमप्रभु भन्नुहुन्छ । **१४**"त्यो ठग श्रापित हो, जोसित एउटा ग्रहणयोग्य नर-पशु आफ्नो बगालमा छ र त्यो भेटी चढ़ाउने भाकल पनि गर्छ, तर पछिबाट परमप्रभुलाई एक खोट भएको पशु बलि चढ़ाउँदछ । किनकि म एक महान् राजा हुँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "अनि जाति-जातिहरूबीच मेरो नाउँको भय मानिनुपर्छ ।

### पूजाहारीहरूलाई चेतावनी

**२** "अब, हे पूजाहारीहरू हो, यो चेतावनी तिमीहरूको निम्ति हो । **२**तिमीहरूले मेरा कुरा सुनेनौ, र आफ्ना हृदय मेरो नाउँको आदर गर्नमा लाएनौ भने," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म तिमीहरूलाई सराप दिनेछु, र तिमीहरूका आशिष्हरूमाथि सराप पठाउनेछु । अँ, मैले तीमाथि सराप दिइसकेको छु, किनकि तिमीहरूले आफ्ना हृदय मलाई आदर गर्नमा लाएका छैनौ ।

**३**"तिमीहरूको कारणले म तिमीहरूका सन्तानलाई हप्काउनेछु; तिमीहरूका चाड़मा बलि चढ़ाएका पशुहरूको मल म तिमीहरूका मुखमा दलिदिनेछु, र तिमीहरू त्योसँगै बाहिर फालिनेछौ । **४**अनि तिमीहरूले थाहा पाउनेछौ कि मैले लेवीसित गरेको करार स्थिर होइरहोस् भनी यो चेतावनी तिमीहरूलाई दिएको हुँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । **५**"त्योसित मेरो करार जीवन र शान्तिको करार थियो, मैले ती त्यसलाई दिएँ; जसको निम्ति मैले आदर पाउन पर्थ्यो, अनि त्यसले मलाई आदर दियो र मेरो नाउँको श्रद्धापूर्ण भय मान्यो । **६**त्यसको मुखमा सत्य अर्तीका कुरा थिए र ओठबाट कुनै झूटो कुरो निस्केको भेट्टाइएन । त्यो मसित शान्ति र सोझोपनमा हिँड्यो र धेरैलाई पापबाट फर्कायो ।

**७**"पूजाहारीका ओठले ज्ञानका कुराको रक्षा गर्नुपर्दछ, अनि मानिसले त्यसैका मुखबाट अर्तीका कुरा लिनुपर्दछ, किनकि त्यो सर्वशक्तिमान् परमप्रभुको समाचारवाहक हो । **८**तर तिमीहरू आफ्नो बाटो छोड़ेर हिँड़ेका छौ र आफ्ना शिक्षाले धेरैलाई ठोकर खुवाएका छौ; लेवीसित बाँधेको करारलाई तिमीहरूले उल्लङ्घन गरेका छौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । **९**"यसैकारण मैले तिमीहरूलाई सबै मानिसहरूका अगि निन्दित र अपमानित बनाएको छु, किनकि तिमीहरूले मेरो बाटो पछ्याएका छैनौ, तर व्यवस्थाका कुरामा पक्षपात गरेका छौ ।"

### यहूदाको अविश्वासीपन

**१०**के हामी सबैका एउटै पिता हुनुहुन्न र ? के एउटै परमेश्वरले हामीलाई बनाउनुभएको होइन र ? किन हामी आपसमा विश्वासघात गरेर हाम्रा पिता-पुर्खाको करारलाई अनादर गर्दछौं त ?

**११**यहूदाले विश्वासघात गरेको छ । इस्राएल र यरूशलेममा घिनलाग्दो काम भएको छ: पराई देवताकी छोरीलाई विवाह गरेर यहूदाले परमप्रभुले प्रेम गर्नुभएको उहाँको पवित्र भवनलाई अपवित्र तुल्याएको छ । **१२**त्यसो गर्ने मान्छे, त्यो जो सुकै होस्, त्यसले सर्वशक्तिमान् परमप्रभुकहाँ भेटी ल्याएर चढ़ाएको भए तापनि, त्यसलाई परमप्रभुले याकूबको पालबाट बहिष्कृत गरिदिऊन् ।

**१३**तिमीहरू अर्को एक काम गर्छौ: परमप्रभुका वेदी आफ्ना आँशुले भिजाइदिन्छौ । तिमीहरू रुन्छौ र विलाप गर्छौ, किनकि तिम्रा भेटीतिर उहाँले कहिल्यै ध्यानै दिनुहुन्न, नता ती भेटी

---

**२:४**–गन्ती ३:१-१३. **२:५**–गन्ती २५:१२.

तिम्रा हातबाट उहाँले खुशीसित ग्रहण नै गर्नु हुनेछ । **१४**तिमी सोध्दछौ, "किन ?" किनकि परमप्रभु तिमी र तिम्री जवानीपनकी स्वास्नीबीच साक्षी हुनुहुन्छ, किनकि आफ्नी स्वास्नीलाई तिमीले धोका दिएका छौ, यद्यपि तिनी जीवन साथी र एक करारमा बाँधिएकी स्वास्नी हुन् ।

**१५**के परमप्रभुले ती दुईलाई एक बनाउनुभएको होइन र ? तिनीहरूका शरीर र आत्मामा ती दुई उहाँकै हुन् । अनि किन एउटै ? किनकि उहाँले एक पवित्र सन्तानको चाहना गर्नुहुन्थ्यो । यसर्थ, आफ्नो आत्मामा आफू सचेत रहो र आफ्नो जवानीपनकी स्वास्नीसित धोकेबाजी नगर ।

**१६**"सम्बन्ध-विच्छेदलाई म घृणा गर्दछु," परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, "अनि मानिस आफैलाई आफ्नो वस्त्रले झैं अत्याचारले ढाक्ने कामलाई पनि म घृणा गर्दछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

यसैले आफ्नो आत्मामा सचेत रहो र विश्वासघात नगर ।

## न्यायको दिन

**१७**आफ्ना कुराले तिमीले परमप्रभुलाई दिक्क बनाइ सक्यौ ।

"कसरी हामीले दिक्क बनायौं ?" भनी तिमीहरू सोध्दछौ ।

यसो भनेर "दुष्कर्म गर्नेहरू पनि परमप्रभुका दृष्टिमा असल छन् र उहाँ तिनीसित प्रसन्न हुनुहुन्छ" अथवा "न्याय गर्ने परमेश्वर कहाँ हुनुहुन्छ ?"

**३** हेर, म आफ्नो दूत पठाउनेछु, जसले मेरो अगि बाटो तयार पार्नेछ । तब तिमीहरूले खोजेका परमप्रभु एक्कासि आफ्ना मन्दिरमा आउनुहुनेछ; तिमीहरूले चाहेका करारका दूत आउनुहुनेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

**२**तर उहाँको आगमनको दिन कसले खप्न सक्छ ? उहाँ देखा पर्नुहुँदा को खड़ा रहन सक्छ ? किनकि, उहाँ सुनारको आगोजस्तो अथवा धोबीको साबुनजस्तो हुनुहुन्छ, **३**उहाँ चाँदी खार्ने र सफा गर्ने व्यक्तिझैं बस्नु हुनेछ; र लेवीहरूलाई खारेर सुन र चाँदीझैं शुद्ध पार्नुहुनेछ । तब धार्मिकतासित भेटी चढ़ाउने मानिसहरू प्रभुकहाँ आउनेछन्, **४**अनि यहूदा र यरूशलेमका भेटीहरू बितेका दिन र वर्षमा झैं परमप्रभुकहाँ ग्रहणयोग्य हुनेछन् ।

**५**"यसरी म न्याय गर्नलाई तिमीहरूको नजीक आउनेछु । म मन्त्रतन्त्र गर्नेहरू, व्यभिचारीहरू, झूटा साक्षी दिनेहरूको विरुद्ध अनि मजदूरहरूलाई ज्यालामा ठग्नेहरू, विधवा र पितृहिनमाथि अत्याचार गर्नेहरू र परदेशीहरूलाई न्यायबाट बञ्चित गर्नेहरू अनि मेरो भय नमान्नेहरूको विरुद्धमा गवाही दिनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

## परमेश्वरलाई लुट्ने काम

**६**"म परमप्रभु कहिल्यै परिवर्तन हुँदिनँ । यसैले, हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ । **७**तिमीहरूका पिता-पुर्खाका समयदेखि नै तिमीहरू मेरा धार्मिक विधानबाट तर्केका छौ र ती पालन गरेका छैनौ । मतिर फर्क र म तिमीहरूकहाँ फर्कनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

"तर तिमीहरू प्रश्न गर्दछौ, 'हामी कसरी फर्कनुपर्छ ?'

**८**"के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तर तिमीहरूले मलाई लुटेका छौ ।

"तर तिमीहरू प्रश्न गर्दछौ, 'हामीले कसरी तपाईंलाई लुटचौं र ?'

"दशांश र भेटीहरूमा लुटेका छौ । **९**तिमीहरू सारा जातिहरू बीच सराप परेको छ, किनकि तिमीहरूले मलाई लुटिरहेका छौ । **१०**जम्मै दशांश भण्डारमा ल्याओ र मेरो भवनमा

---

**३:१**–मत्ती ११:१०; मर्कूस १:२; लूका १:७६; ७:२७. **३:२**–योएल २:११; प्रकाश ६:१७. **३:१०**–लेवी २७:३०; गन्ती १८:२१-२४; व्यवस्था १२:६; १४:२२-२९; नहेम्याह १३:१२.

भोजन रहोस् । यस कुरामा मलाई जाँच,”
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, “अनि हेर
कि म स्वर्गका ढोकाहरू खोलेर तिमीहरूका
भण्डारमा नअटाउने गरी, यति धेरै आशिष्को
भल तिमीहरूकहाँ पठाउँछु कि पठाउँदिनँ ।
**११**तिमीहरूका अन्नहरू म कीराहरूलाई नष्ट
गर्न दिने छैन, र तिमीहरूका दाखका फल
दाखबारीमा झर्ने छैनन्,” सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ । **१२**“तब सारा जातिहरूले तिमीहरूलाई
धन्यका भन्नेछन्, किनकि तिमीहरूको देश
एक सुखमय देश हुनेछ,” सर्वशक्तिमान्
परमप्रभु भन्नुहुन्छ ।

**१३**“मेरो विरुद्धमा तिमीहरूले कठोर कुरा
बोलेका छौ,” परमप्रभु भन्नुहुन्छ ।

“तिमीहरू सोध्दछौ, ‘हामीले तपाईंका
विरुद्धमा के भन्यौं र ?’

**१४**“तिमीहरूले भनेका छौ, ‘परमेश्वरको
सेवा गर्नु व्यर्थ छ । उहाँका आज्ञाअनुसार गरेर
र सर्वशक्तिमान् परमप्रभुको सामुन्ने बिलौना
गर्नेहरूजस्ता भएर गएकोले हामीलाई के लाभ
भयो र ? **१५**तर अब अहङ्कारीलाई हामी धन्यका
भन्छौं । अवश्य, दुष्कर्मीहरू उन्नत हुन्छन् र
परमेश्वरलाई चुनौती दिनेहरू पनि सकुशल
उम्कछन् ।’”

**१६**तब परमप्रभुको डर मान्नेहरूले आपसमा
कुरा गरे, परमेश्वरले कान थापेर तिनीहरूका
कुरा सुन्नुभयो । जसजसले परमप्रभुको
भय मान्दथे र उहाँको नाउँको आदर गर्दथे,
तिनीहरूका सम्बन्धमा एउटा सम्झनाको लेखोट
उहाँको उपस्थितिमा तयार गरियो ।

**१७**सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, “त्यस
दिन म तिनीहरूलाई आफ्नो निज धन बनाउनेछु,
तिनीहरू मेरा हुनेछन् । आफ्नो सेवा गर्ने
छोरालाई कुनै मानिसले जसरी जोगाउँछ,
त्यसरी नै म तिनीहरूलाई जोगाउनेछु ।
**१८**फेरि तिमीहरूले धर्मी र अधर्मीको बीच र
परमेश्वरको सेवा गर्ने र नगर्नेको बीच के
भिन्नता छ, त्यो देख्नेछौ ।

## परमप्रभुको दिन

**४** “भट्टीझैँ आगो दन्कने त्यो दिन निश्चय
आउँदैछ । सबै अहङ्कारी र दुष्कर्मीहरू
ठुटासमान हुनेछन् र त्यो आउँदै गरेको दिनमा,
ती आगोमा जल्नेछन्,” सर्वशक्तिमान् परमप्रभु
भन्नुहुन्छ । “तिनीहरूको एउटै हाँगा वा जरा
पनि बाँच्नेछैन । **२**तर तिमीहरू जसले मेरो
नाउँको आदर गर्दछौ, तिमीहरूमाथि धार्मिकताको
सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदय
हुनेछ अनि तिमीहरू बाहिर जानेछौ र गोठबाट
निस्केका बाछाझैँ खुशीले उफ्रनेछौ । **३**तब
तिमीहरूले दुष्टहरूलाई कुल्चनेछौ; अनि जुन
दिन म यो काम गर्नेछु, त्यो दिन तिमीहरूका
पैतालामुनि तिनीहरू खरानीजस्तै हुनेछन्,”
सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।

**४**“मेरो सेवक मोशाको व्यवस्था-विधि,
आदेश र व्यवस्था जुन होरेब पर्वतमा मैले
सारा इस्राएलीहरूको निम्ति त्यसलाई दिएँ,
तिनको सम्झना गर ।

**५**“परमप्रभुको त्यो महान् र डरलाग्दो
दिन आउन अघि म तिमीहरूकहाँ एलिया
अगमवक्तालाई पठाउनेछु । **६**त्यसले बाबुहरूका
हृदय तिनका छोराहरूतर्फ र छोराहरूका हृदय
तिनका बाबुहरूतर्फ फर्काउनेछ; नत्रता म आएर
देशलाई श्रापले नाश गर्नेछु ।”

---

**४:५**–मत्ती ११:१४; १७:१०-१३; मर्कूस ९:११-१३; लूका १:१७; यूहन्ना १:२१.